धर्म्मपोस्तक्को

पुरांनु नियम् ।

इब्रानी भाषा देखि नेपाली भाषामां

उल्था गरीयो ।

कलिकत्ता

ब्रिटिश् र फरेन् बाइबल् सोसाइटी

२३ चौरङ्गी

१९१४

THE OLD TESTAMENT IN NEPALI.

1st Edition. 4500 *Copies.*

पुरांनु नियम्का पोस्तक्हरुको सूचीपत्र।

उत्पत्ति देखि मलाकी सम्म।

पोस्तक्को नांउ	अध्याय्	पृष्ठ।
उत्पत्ति	५० ...	१
निक्लिहिंड़ाई	४० ...	८७
लैव्यव्यवस्था	२७ ...	१५६
गन्ति	३६ ...	२०५
व्यवस्था वखान्	३४ ...	२७५
यहोशूअ	२४ ...	३३८
विचारीहरू	२१ ...	३७८
रूत्	४ ...	४२१
१ शमूएल्	३१ ...	४२६
२ शमूएल्	२४ ...	४८२
१ राजा	२२ ...	५३०
२ राजा	२५ ...	५८४
१ इतिहास्	२९ ...	६३७
२ इतिहास्	३६ ...	६८४
एज्रा	१० ...	७४२
नहेम्याह्	१३ ...	७५८
एस्तेर्	१० ...	७८२
अय्यूब्	४२ ...	७९४
गीत्	१५० ...	८५७
उखान्	३१ ...	१०२१
उपदेशक्	१२ ...	१०७४
गीतागीत्	८ ...	१०८६
यशायाह्	६६ ...	१०९७
यिर्मयाह्	५२ ...	११७८
विलापी गीत्	५ ...	१२०३

पोस्तक्को नांउ	अध्याय्	पृष्ठ ।
यहेजकेल्	४८ ...	१२८४
दानिय्येल्	१२ ...	१३६८
होशेअ	१४ ...	१३९४
योएल्	३ ...	१४०६
आमोस्	९ ...	१४११
ओबद्याह्	१ ...	१४२१
योना	४ ...	१४२२
मीका	७ ...	१४२६
नहूम्	३ ...	१४३३
हबक्कूक्	३ ...	१४३६
सपन्याह्	३ ...	१४४०
हाग्गै	२ ...	१४४४
जकर्याह्	१४ ...	१४४७
मलाकी	४ ...	१४६१

उत्पत्तिको पोस्तक् ॥

(सृष्टिको बखान्)

आदिमां ईश्वर्ले स्वर्ग र पृथिवीलाइ सिर्ज्यो । अनि पृथिवी उजार् र १
सुन्सान् थियो अनि गहोरो मांथि अंध्यारो थियो . अनि ईश्वर्को आत्मा
पानीहरु मांथि मांथि घुमि उड्द थियो । अनि ईश्वर्ले भन्यो उज्यालो २
हवस् . त उज्यालो भइ गयो । अनि ईश्वर्ले उज्यालोलाइ हेरि जाति ३
भयो भनि देख्यो . अनि ईश्वर्ले उज्यालो र अंध्यारो अलग् अलग् गर्यो ।
अनि ईश्वर्ले उज्यालोलाइ दिन् भन्यो अनि अंध्यारोलाइ रात् भन्यो । ५
अनि सांझ् भयो अनि बिहान् भयो एक् दिन् ॥

अनि ईश्वर्ले भन्यो पानीहरुको बीच्मां आकाश् हवस् अनि त्येसे ६
पानीहरु पानीहरु देखि अलग् अलग् गरोस् । अनि ईश्वर्ले आकाश् बनायो ७
अनि आकाश् मुनि भयेका पानीहरु र आकाश् मांथि भयेका पानीहरु
अलग् अलग् गयो . त त्येसैने भइ गयो । अनि ईश्वर्ले आकाशलाइ स्वर्ग ८
भन्यो । अनि सांझ् भयो अनि बिहान् भयो येउटा दोस्रो दिन् ॥

अनि ईश्वर्ले भन्यो स्वर्ग मुनि भयेका पानीहरु एका ठांउमां जमा ९
होउन् अनि ओभानो भूमि देखाहा परोस् . त त्येसैने भइ गयो । अनि १०
ईश्वर्ले ओभानो भूमिलाइ पृथिवी भन्यो अनि जमा भयेका पानीहरुलाइ
समुन्द्र भन्यो . अनि ईश्वर्ले हेरि जाति भयो भनि देख्यो । अनि ईश्वर्ले ११
भन्यो पृथिवीले घांस् र बिउ हुने साकपात् र आफ्नु आफ्नु जात् अनुसार्
आफ्नु आफ्नु बिउ हुने फल् फल्ने रुखे पृथिवी मांथि उम्राइ देवस् . त
त्येसैने भइ गयो । अनि पृथिवीले घांस् र आफ्नु आफ्नु जात् अनुसार् १२
बिउ हुने साकपात् र आफ्नु आफ्नु जात् अनुसार आफ्नु आफ्नु बिउ
हुने फल् फल्ने रुखे उम्रायो . अनि ईश्वर्ले हेरि जाति भयो भनि देख्यो ।
अनि सांझ् भयो अनि बिहान् भयो येउटा तीस्रो दिन् ॥ १३

अनि ईश्वर्ले भन्यो स्वर्गको आकाशमां दिन् र रात् अलग् अलग् १४
गर्नुलाइ ज्योतिहरु होउन् अनि ति चिंनुहरु र ठहराईयेका समयहरु र
दिनहरु र वर्षहरुको कारण् होउन् . अनि ति स्वर्गको आकाशमां पृथिवी १५
मांथि प्रकाश् दिंनुलाइ ज्योतिहरु होउन् . त त्येसैने भइ गयो । अनि १६
ईश्वर्ले दुवे महा ज्योतिहरु बनायो तुलो चइं ज्योति दिन् मांथि प्रभुतेइं
गर्नुलाइ अनि सानु चइं ज्योति रात् मांथि प्रभुतेइं गर्नुलाइ . तारागहरु पनि
बनायो । अनि ईश्वर्ले तिनलाइ स्वर्गको आकाशमां राख्यो पृथिवी मांथि १७

८ प्रकाश् दिंनुलाइ अनि दिन् र रात् मांथि प्रभुतेइँ गर्नुलाइ अनि
उज्यालो र अंध्यारो अलग् अलग् गर्नुलाइ. अनि ईश्वर्ले हेरि जाति भयो
१९ भनि देख्यो। अनि सांझ् भयो अनि बिहान् भयो येउटा चौथो दिन्॥
२० अनि ईश्वर्ले भन्यो पानीहरु प्राण् हुंने चलजन्तुहरुले औधिगरि
भरीउन् अनि पंषीहरु पृथिवी देखि मांथि मांथि स्वर्गको अकाश् हुंदो
२१ उहुन्। अनि ईश्वर्ले समुन्द्रका अग्घोर् ठुला ठुला जन्तुहरुलाइ सिर्ज्यो अनि
चल्ने सबै प्राणीलाइ जुन्हरुलाइ पानीहरुले तिनका जात् जात् अनुसार्
औधिगरि उत्पन्न गर्ये अनि त्येस्को जात् अनुसार् पखेटा हुंने सबै पंषीलाइ.
२२ अनि ईश्वर्ले हेरि जाति भयो भनि देख्यो। अनि ईश्वर्ले तिनलाइ येसो
भन्दै आशीष् दियो फल्दै र बढ्दै र समुन्द्रका पानीहरुमां भरींदै जाव अनि
२३ पंषीहरु पृथिवीमां बढ्दै जाउन् भनि। अनि सांझ् भयो अनि बिहान्
भयो येउटा पांचौं दिन्॥
२४ अनि ईश्वर्ले भन्यो पृथिवीले प्राणीहरुलाइ तिनका जात् जात् अनुसार्
उत्पन्न गरोस् अर्थात् जात् जात् अनुसारका घरपशुहरु र बगि हिंड्ने जन्तुहरु
२५ र पृथिवीका बनपशुहरुलाइ. त त्येसैने भइ गयो। अनि ईश्वर्ले पृथिवीका
बनपशुहरुलाइ तिनका जात् जात् अनुसार् बनायो अनि घरपशुहरुलाइ
तिनका जात् जात् अनुसार् अनि भूमिमां बगि हिंड्ने सबै जन्तुलाइ त्येस्को
२६ जात् अनुसार्. अनि ईश्वर्ले हेरि जाति भयो भनि देख्यो। अनि ईश्वर्ले
भन्यो मान्छेलाइ आफ्नु स्वरूपमां आफ्नु अनुवार् अनुसार् बनाऊं. अनि
तिनले समुन्द्रका माच्छाहरु र अकाशका पंषीहरु र घरपशुहरु र सिंगे
पृथिवी र पृथिवीमां बगि हिंड्ने सबै बगि हिंड्ने जन्तुहरु मांथि अधिकार्
२७ चलाउन्। अनि ईश्वर्ले मान्छेलाइ आफ्नुइ स्वरूपमां सिर्ज्यो ईश्वरेको
स्वरूपमां उस्ले त्येस्लाइ सिर्ज्यो. नर् र नारीने गरि उस्ले तिनलाइ सिर्ज्यो।
२८ अनि ईश्वर्ले तिनलाइ आशीष् दियो. अनि ईश्वर्ले तिनलाइ भन्यो फल्दै
र बढ्दै र पृथिवीमां भरींदै र त्येस्लाइ आफ्नु तावेमां पार्दै जाव अनि
समुन्द्रका माच्छाहरु र अकाशका पंषीहरु र पृथिवीमां चल्ने सबै प्राणी
२९ मांथि अधिकार् चलाव। अनि ईश्वर्ले भन्यो हेर मैंले तिमिहरुलाइ सिंगे
पृथिवीको मुख् मांथि भयेका सबै बिउ हुंने साकपात् र बिउ हुंने रुखको
३० फल् हुंने सबै रुख दियें ति तिमिहरुको भोजनको लागि हुंछन्. अनि मैंले
सबै हरीयो साकपात् पृथिवीको सबै पशुलाइ र अकाशको सबै पंषीलाइ
र पृथिवीमां बगि हिंड्ने सबै जन्तुलाइ पनि जस् जसमां जीउंने प्राण छ
३१ आहाराको लागि दियें. त त्येसैने भइ गयो। अनि ईश्वर्ले जे जे बनायेको
थियो ति सब्बैलाइ हेर्यो त हेर अग्घोरै जाति भयो। अनि सांझ् भयो
अनि बिहान् भयो छैठो दिन्॥
२ १ अनि स्वर्ग र पृथिवी र तिनको सिंगे सेना बनीयेर सिद्ध भये। अनि
सातौं दिनमां ईश्वर्ले आफुले गर्येका आफ्ना कामकाज सिद्ध्यायो अनि
सातौं दिनमां उस्ले आफुले गर्येका आफ्ना सबै कामकाज देखि बिश्राम्

गय्यो । अनि ईश्वर्ले सातौं दिन्लाइ आशीष् दियो अनि त्येस्लाइ पवित्र ३
गय्यो. किनभन्ये त्येसां उस्ले आफ्ना सबै काम्काज् देखि जे जे ईश्वर्ले
सिर्जि बनायेको थियो विश्राम् गय्यो ॥

(मान्छेको उत्पत्ति)

स्वर्ग र पृथिवी सिर्जौंदामां अर्थात् जस् दिन्मां यहुवे ईश्वर्ले ४
पृथिवी र स्वर्ग बनायो तिनका पुस्ता यि हुन् । त ऐले सम्म भूमिको कुनै ५
झार्पात् पृथिवीमां भयेको थियेन अनि न भूमिको कुनै साक्पात् उम्य्येको
थियो. किसोगरिभन्ये यहुवे ईश्वर्ले पृथिवी मांथि पानी बर्सायेको
थियेन अनि भूमिको खेतिकिसान् गर्नुको लागि कोई मान्छे थियेन तर ६
ऐउटा कुइरोले पृथिवी देखि उठि उठिकन भूमिको सिंगै मुख् भिजाउंद
थियो । अनि यहुवे ईश्वर्ले मान्छेलाइ भूमिको मांटोको बनायो अनि ७
त्येको नाक्मां जीवन्को सास् फुकि दियो अनि मान्छे जीउंने प्राणी भयो ।
अनि यहुवे ईश्वर्ले पूर्व तिर एदेन् देस्मां ऐउटा बारी लगायो अनि त्यहां ८
त्येस् आफुले बनायेको मान्छेलाइ राखि दियो । अनि यहुवे ईश्वर्ले भूमि ९
देखि सबै रकम्का हेर्दामां खुशिलाग्दा र खांदामां जाति लाग्ने वृक्षहरु
उप्जायो अनि जीवन्को वृक्ष पनि बारीको बीच्मां अनि भलो बुरोको
ज्ञान्को वृक्ष पनि । अनि बारी भिजाउंनुको लागि एदेन् देखि ऐउटा नदी १०
निक्लंद थियो अनि त्यहां देखि भाग् भाग् पर्थेर चार् अलग् अलग् मूल्
भइ गयो । पहिलोचइंको नांउ पीशोन् हो. यो त्येइ हो जस्ले सुन् पाईंने ११
हवीलाको सिंगै देस् घेर्द छ अनि त्येस् देस्को चइं सुन् अस्सल् छ. १२
त्यहां गूगल् र सुलैमानी जात्कुंगा छन् । अनि दोस्रो नदीको नांउ गीहोन् १३
हो. यो त्येइ हो जस्ले कूशको सिंगै देस् घेर्द छ । अनि तीस्रो नदीको १४
नांउ हिद्देकेल् हो . यो त्येइ हो जो अश्शूरको पूर्व तिर बहंद छ । अनि
चौथो नदी परात् हो । अनि यहुवे ईश्वर्ले मान्छेलाइ लग्येर एदेन्को १५
बारीमां राखि दियो त्यो गोड्नोस् अनि रूड्नोस् भन्येर । अनि यहुवे ईश्वर्ले १६
मान्छेलाइ येसो भन्दै आज्ञा दियो बारीको सबै वृक्षको फल् बिना धुक्चुक्
खांनु सक्कस्. तर भलो बुरोको ज्ञान्को वृक्षको चइं फल् न खांनु. १७
किनभन्य जस् दिन्मां त्येस्को चइं फल् खालास् त्येसै दिन् अवस्से मर्कस् ॥

अनि यहुवे ईश्वर्ले भन्यो मान्छे येक्ले रहंनु जाति केन त्येस्को लागि १८
माफिक्की गोहारेनी बनाउंछु । अनि यहुवे ईश्वर्ले भूमि देखि सबै १९
बन्पशु र आकाशको सबै पंछीलाइ बनायेर मान्छे पांइ ल्यायो तिनको नांउ
के के राख्दा रछ हेर्न भन्येर . अनि जुन् जुन् प्राणीको जे जे नांउ मान्छेले
राख्यो त्येइ त्येस्को नांउ भइ गयो । अनि मान्छेले सबै घर्पशुहरुको र २०
आकाशका पंछीहरुको र सबै बन्पशुको नांउ राख्यो तर मान्छेको लागि त्यो
माफिक्की कोई गोहारेनी पाईंदैन । अनि यहुवे ईश्वर्ले मान्छेलाइ २१
अगाध निंद्रामां हालि दियो अनि त्यो निंदाइ गयो अनि उस्ले त्येका

२२ करङ्गमांको येउटा निकाल्येर त्येस्को साटो मांसु भरि दियो. अनि जुन् करङ्ग्
यह्वे ईश्वर्ले मान्छे देखि निकाल्यो त्यो उस्ले स्त्री बनायेर त्येस्लाइ मान्छे
२३ थांइ ल्यायो। अनि मान्छेले भन्यो यो ता अब मेरै हाड्मांको हाड् र मेरै
मांसुमांको मांसु हो. त्येस्को नांउ नारी हुंछ किनभन्ये नर् देखि निकालीई
२४ भनि। येस्कारण् मान्छेले आफ्ना माता पितालाइ छोड्छ अनि आफ्नी
२५ स्वास्नी सित टांसीइ रहंछ. अनि ति एक् जीउ हुंछन्। अनि मान्छे र
त्येस्की स्वास्नी दुवै नांगै थिये अनि लजाउंदैन थिये॥

(मान्छे पापी भयेको बखान्)

३ १ अब यह्वे ईश्वर्ले बनायेका बन्पशुहरुमांको सब्बै भन्दा छुल्याहा
साप् चइं थियो। अनि त्येस्ले स्त्रीलाइ भन्यो ईश्वर्ले बारीको कुनै वृक्षेको
२ फल् न खांनु भन्येको छ भन्येको क्ये सांचै हो। अनि स्त्रीले साप्लाइ भनी
३ बारीका वृक्षेको फल् हांमिहरु खांनु ता खांद छौं. तर बारीको बीच्मां
भयेको चइं वृक्षेको फल्को बिषय्मां ईश्वर्ले भन्येको छ त्यो चइं न खांनु
४ अनि न छुंनु होइन भन्ये ता मंरि जांछौ। अनि साप्ले स्त्रीलाइ भन्यो
५ निस्से मंदैनि. किनभन्ये ईश्वर्ले जान्द छ तिमिहरुले त्यो खायेको दिनैमां
तिमिहरुका आंखा खोलींछन् अनि भलो बुरोको ज्ञान् पाइ ईश्वर् जस्तो
६ हुंछौ। अनि जसै स्त्रीले त्यो वृक्षे खांनुमां जाति हेर्नुमां रहर्लाग्दो अनि
ज्ञानी तुल्याउंनुको लागि चाहा माफिक्को रछ भनि थाहा पाई तब स्त्रीले
त्येस्को फल्मांको टिप्येर खाई अनि आफ्नु पुरुष्लाइ पनि दिई अनि त्येस्ले
७ खायो। अनि दुवैका आंखा खोलीये अनि थाहा पाये नांगै रांछौं भनि त
नेभाराका पात् सीइ सीइकन आफ्नु आफ्नु लागि कम्मर्कपरा बनाये।
८ अनि यह्वे ईश्वर् दिन् सित्तल् हुंने बेलामां बारीमां डुल्दाखेरि तिनिहरुले
उस्को सोर् सुन्ये. अनि मान्छे र त्येस्की स्वास्नीले बारीका वृक्षेहरुमां
९ आफुलाइ यह्वे ईश्वर्को सांमु देखि लुकाये। तब यह्वे ईश्वर्ले
१० मान्छेलाइ हापाट्येर त्येस्लाइ भन्यो कहां छस्। अनि त्येस्ले भन्यो तपांइको
११ सोर् बारीमां सुन्येर नांगै छु भनि डरायें त आफुलाइ लुकायें। अनि उस्ले
भन्यो कस्ले तंलाइ नांगो छस् भनि जनायो. जुन् वृक्षेको फल् न खांनु भनि
१२ मैंले तंलाइ आज्ञा दियें क्ये खाइस्। अनि मान्छेले भन्यो जुन् स्त्री तपांइले
मं सङ रहंनुलाइ दिंनु भयो त्येसैले मंलाइ त्येस् वृक्षेको फल् दिई त खायें।
१३ अनि यह्वे ईश्वर्ले स्त्रीलाइ भन्यो तैंले यो क्ये गर्‍येकी। अनि स्त्रीले
१४ भनी साप्ले मंलाइ भुल्यायो त खायें। तब यह्वे ईश्वर्ले साप्लाइ भन्यो
तैंले यो गरिस् येस्कारण् तं सबै घर्पशु र सबै बन्पशु भन्दा ज्यास्ति
स्वापित् छस् पेट्को बल्ले हिंड्छस् अनि जीउंनिभरि मांटो चाटि रहंछस्.
१५ अनि मं तेरो र स्त्रीको बीच्मां अनि तेरो बंश र त्येस्को बंशको बीच्मां
दुश्मनी हाल्छु. त्येस्ले तेरो टाउको कुच्याउंछ अनि तैंले चइं त्येस्को कुर्कुचा
१६ कुच्याउंछस्। स्त्रीचइलाइ उस्ले भन्यो मं तेरो पीरा र तेरो गर्भिणी

हुंने दुक्ख अरघोर् बढाउंकु पौरा सङ बालख जन्माउंकुस् अनि तेरो लालसा
तेरो लोग्ने तिर हुंकु अनि त्येस्ले तं मांथि प्रभुतेईं गर्कु। अनि आदम्चइंलाइ १७
उस्ले भन्यो तैले आफ्नी स्वास्नीको कुरो सुनिकन जुन् वृक्षको विषयमां मैंले
तंलाइ त्येको फल् न खांनु भन्दै आज्ञा दियें त्यो खाइस्. येस्कारण् भूमि
तेरो कारण् स्रापित् कु त्येको उप्जनि आफ्नु जीउनिभरि दुखभराई सङ
खांकुस् त्येस्ले तेरो लागि कांड़ा पनि अनि लोहेंड़िका कांड़ा उमार्कु अनि १८
खेत्को साकपात् खांकुस् आफ्नु मुखको पसीनैले रोटी खांकुस् भूमिमां १९
तं न फर्कुंज्याल् सम्म किनभन्ये त्येइ देखि निकालीइस्. किनभन्ये मांटो
होस् अनि मांटोमां फर्कुंकुस्। अनि मान्केले आफ्नी स्वास्नीको नांउ हव्वा[1] २०
राख्यो किनभन्ये सबै जीउंदाहरुकी माता भई। अनि यहवे ईश्वर्ले आदम् २१
र त्येकी स्वास्नीको लागि छालाका दौरा बनाइकन तिनिहरुलाइ पहिन्यायो॥

अनि यहवे ईश्वर्ले भन्यो हेर मान्के भलो बुरोको ज्ञान् पाइ २२
हांमिहरुमांको एक् जस्तो भयो त अब येसो न हवस् त्येस्ले हात् हाल्येर
जीवन्को वृक्षको फल् पनि टिपि खायेर सधैं सम्म जीइ रहला. येस्कारण् २३
यहवे ईश्वर्ले त्येस्लाइ एदेन्को बारी देखि निकालि दियो जुन् भूमि देखि
त्यो निकालीयो त्येको खेतिकिसान् गरोस् भन्येर। त उस्ले मान्केलाइ २४
धपाइ दियो. अनि जीवन्को वृक्षको बाटो रुङ्नुको लागि उस्ले
एदेन्को बारीको पूर्व तिर करुबहरुलाइ र चारैं तिर घुमि रहने
जुवालारूपी तरवार्लाइ राखि दियो॥

(कयिन् र हाबिल्को बखान्)

अनि मान्केले आफ्नी स्वास्नी हव्वालाइ जान्यो अनि त्येस्ले गर्भिणी ४१
भयेर कयिन्लाइ जन्माई अनि भनी यहवेको गोहार्ले येउटा पुरुष् प्राप्त
गर्यें। अनि फेरि त्येस्ले त्येको भाई हाबिल्लाइ जन्माई। अनि हाबिल् २
भेंड़ाबाख्राको गोठाला भयो तर कयिन् चइं भूमिको खेतिकिसान् गर्ने भयो।
अनि कति दिन् बित्ये पछि येसो भयो कयिन्ले यहवे पांइ भूमिको ३
उप्जनिमांको केइ बलि ल्यायो। अनि हाबिल्चइंले पनि आफ्ना ४
भेंड़ाबाख्रामांका अलिकता जेठा जेठा पाठाहरु र तिनको बोसोमांको ल्यायो।
अनि यहवेले हाबिल् र त्येको बलि तिर आंखा लायो. तर कयिन् र ५
त्येको बलि तिर उस्ले आंखा लायेन। अनि कयिन् अरघोर् क्रोधित् भयो
अनि त्येको मुख बिग्र्यो। अनि यहवेले कयिन्लाइ भन्यो किन क्रोधित् ६
भइस् अनि तेरो मुख किन बिग्र्यो। भलो गर्इ कुस् त को ग्रहण् ७
गरीदैनस् अनि भलो गर्इनस् त पाप् दुवार् निर दुम्कि रहंद कु. अनि
त्येको लालसा तं तिर हुंकु अनि तैंले त्यो मांथि प्रभुतेईं गर्कुस्।
अनि कयिन्ले आफ्नु भाई हाबिल्लाइ भनि दियो। अनि येसो भयो जब ८

---

[1] अर्थात् जीउंनि।

तिनिहरू खेतमां थिये तब कायिन्ले आफ्नु भाई हाबिल्को बिरुद्धमां उठेर त्येस्लाइ मार्‍यो । अनि यहूवेले कायिन्लाइ भन्यो तेरो भाई हाबिल् कहां छ । अनि त्येस्ले भन्यो मं जान्दीन . को मं आफ्नु भाईको रखुवारे
१० हुं र । अनि उस्ले भन्यो के गरिस् तेरो भाईको लोहूले भूमि देखि मं तिर
११ चिच्याइ चिच्याइकन मेरो दोहाई दिइ रह्यको छ । अनि अब तं त्यो भूमि मांथि देखि खापित् छस् जस्ले तेरो भाईको लोहू तेरो हात् देखि
१२ पाउंलुलाइ आफ्नु मुख् उघार्‍यो तैंले भूमिको खेतिकिसान् गर्दा त्येस्ले अब देखि येसो तंलाइ आफ्नु बल् दिंदैन पृथिवीमां भगुवा र बहेतुवा
१३ हुंछस् । अनि कायिन्ले यहूवेलाइ भन्यो मेरो दण्ड मैंले सहंनु न सक्ने छ ।
१४ हेर्नु हस्स् आजुको दिन् मंलाइ भूमिको मुख् मांथि देखि धपाइ दिंनु भयो अनि तपांइको मुखैंजि देखि लुक्यको भइ रहंछु अनि पृथिवीमां भगुवा र बहेतुवा भइ रहंछु अनि येसो हुंछ मंलाइ भेटाउंने जुन्सुकैले पनि मंलाइ
१५ मार्छ होला । अनि यहूवेले त्येस्लाइ भन्यो येस्कारण् जस्ले कायिन्लाइ मार्ला त्यो सित साटो सात् गुणा गरि लिइंछ । अनि यहूवेले कायिन्को लागि कसैले त्येस्लाइ भेटायेर न मारोस् भन्येर येउटा चिंनु ठहरायो ॥

१६ अनि कायिन् यहूवेको मुखैंजि देखि निक्लि गयेर एदेन्को पूर्व तिर
१७ भयेको नोद् देसमां बस्न लाग्यो । अनि कायिन्ले आफ्नी स्वास्नीलाइ जान्यो अनि त्येस्ले गर्भिणी भयेर हनोक्लाइ जन्माई . अनि त्येस्ले येउटा सहर् बनाउंनु लाग्यो अनि आफ्नु छोरोको नांउ जस्तो सहर्को नांउ
१८ पनि हनोक् राख्यो । अनि हनोक् देखि ईराद् जन्म्यो . अनि ईराद्ले महूयाएल्लाइ जन्मायो . अनि महूयाएल्ले मतूशाएल्लाइ जन्मायो . अनि
१९ मतूशाएल्ले लेमेक्लाइ जन्मायो । अनि लेमेक्ले दुवटी स्वास्नी पाय्यो .
२० येउटीको नांउ आदा अनि अर्कीको नांउ सिल्ला थियो । अनि आदाले याबाल्लाइ जन्माई . त्येइ पाल्मां बस्नेहरु र पशुपालाहरुको पित्र भयो ।
२१ अनि त्येस्को भाईको नांउ यूबाल् थियो . त्येइ बीणा र बांसुली
२२ बजाउंनेहरु सबैको पित्र भयो । अनि सिल्लाचइंले पनि तूबल्कायिन्लाइ जन्माई जो ताम्बा र फलम्का सबै धार् हुंने हतियार् कमाउंने भयो .
२३ अनि तूबल्कायिन्को बैंनी नामा थिई । अनि लेमेक्ले आफ्नी स्वास्नीहरुलाइ भन्यो

ए आदा अनि ए सिल्ला मेरो कुरो सुन
ए लेमेक्की स्वास्नीहरु हो मेरो बाकीमां कान् लगाव .
किनभन्ये येउटा पुरुषलाइ जस्ले मंलाइ चोट् लाउंण्यो मार्‍यं
अं येउटा जुवान्लाइ जस्ले मंलाइ घायेल् पार्‍यो .

२४ कायिन्को साटो सात् गुणा गरि लिइंछ
त लेमेक्को चइं सतहत्तर् गुणा गरि ॥

२५ अनि आदमले आफ्नी स्वास्नीलाइ फेरि जान्यो अनि त्येस्ले छोरो जन्माई अनि त्येस्को नांउ सेत् राख्यो . किनभन्ये ईश्वरले मेरो लागि कायिन्ले

यैको हाबिल्को साटो येउटा अरु बंश ठहराइ दियो भनिकन । अनि २६
सको पनि येउटा छोरो जन्मायो अनि त्येस्ले त्येस्को नांउ एनोश् राख्यो .
सा बेखि लोगले यहूवेको नांउ लिंनु लाग्ये ॥

(आदम्को बंशावली)

आदम्का पुस्ताको पोस्तक् येइ हो । ईश्वर्ले मान्छेलाइ सिर्जेंदा ५ १
श्वर्के अनुवार्मां उस्ले त्येस्लाइ बनायो नर् र नारीनै गरि उस्ले २
तिनलाइ सिर्ज्यो अनि सिर्जीयेको दिन्मां तिनलाइ आशीष् दियो अनि
तिनको नांउ आदम्[१] राख्यो । अनि आदम्को उमेर् एक् सै र तीस् बर्षको ३
दा त्येस्ले आफ्नु अनुवार्मां आफ्नु स्वरूप् अनुसार्को येउटा छोरो जन्मायेर
यस्को नांउ सेत् राख्यो । अनि सेत् जन्म्ये पछि आदम् आठ् सै बर्ष जीइ ४
रह्यो . अनि त्येस्का छोराछोरी जन्म्ये । त आदम्को सबै उमेर् नौ सै तीस् ५
र्षको भयो . तब त्यो मंर्‍यो ॥

अनि सेत्को उमेर् एक् सै पांच् बर्षको हुंदा त्येस्ले एनोश्लाइ ६
जन्मायो . अनि एनोश् जन्म्ये पछि सेत् आठ् सै सात् बर्ष जीइ रह्यो अनि ७
त्येस्का छोराछोरी जन्म्ये . त सेत्को सबै उमेर् नौ सै बारह् बर्षको भयो ८
तब त्यो मंर्‍यो ॥

अनि एनोश्को उमेर् नब्बे बर्षको हुंदा त्येस्ले केनान्लाइ जन्मायो . ९
अनि केनान् जन्म्ये पछि एनोश् आठ् सै पन्द्रह् बर्ष जीइ रह्यो अनि त्येस्का १०
छोराछोरी जन्म्ये . त एनोश्को सबै उमेर् नौ सै पांच् बर्ष को भयो . तब ११
त्यो मंर्‍यो ॥

अनि केनान्को उमेर् सत्तर् बर्षको हुंदा त्येस्ले महललेल्लाइ १२
जन्मायो . अनि महललेल् जन्म्ये पछि केनान् आठ् सै चालीस् बर्ष जीइ १३
रह्यो अनि त्येस्का छोराछोरी जन्म्ये . त केनान्को सबै उमेर् नौ सै दस् १४
बर्षके भयो . तब त्यो मंर्‍यो ॥

अनि महललेल्को उमेर् पैंसठ् बर्षको हुंदा त्येस्ले येरेद्लाइ जन्मायो. १५
अनि येरेद् जन्म्ये पछि महललेल् आठ् सै तीस् बर्ष जीइ रह्यो अनि त्येस्का १६
छोराछोरी जन्म्ये . त० महललेल्को सबै उमेर् आठ् सै पंचानबे बर्षको १७
भयो . तब त्यो मंर्‍यो ॥

अनि येरेद्को उमेर् एक् सै बासठ् बर्षको हुंदा त्येस्ले हनोक्लाइ १८
जन्मायो . अनि हनोक् जन्म्ये पछि येरेद् आठ् सै बर्ष जीइ रह्यो अनि त्येस्का १९
छोराछोरी जन्म्ये . त येरेद्को सबै उमेर् नौ सै बासठ् बर्षको भयो . २०
तब त्यो मंर्‍यो ॥

अनि हनोक्को उमेर् पैंसठ् बर्षको हुंदा त्येस्ले मतूशेलह्लाइ जन्मायो . २१
अनि मतूशेलह् जन्म्ये पछि हनोक् तीन् सै बर्ष सम्म ईश्वर्को साथ्मां २२

---

[१] अर्थात् मान्छे ।

२३ हिंडूदै रह्यो अनि त्येस्का छोराछोरी जन्म्ये. त हनोक्को सबै उमेर् तीन
२४ पैंसठ् बर्षको भयो. अनि हनोक् ईश्वर्को साथ्मां हिंडूदै रह्यो. अनि त
रह्येन कसोगरिभन्ये ईश्वर्ले त्येस्लाइ उठाइ लग्येको थियो ॥
२५ अनि मतूशेलह्को उमेर् एक् सै सतासी बर्षको हुंदा त्येस्ले लेमेक्ला
२६ जन्मायो. अनि लेमेक् जन्म्ये पछि मतूशेलह् सात् सै बयासी बर्ष जीइ रह्यो
२७ अनि त्येस्का छोराछोरी जन्म्ये. त मतूशेलह्को सबै उमेर् नौ सै उनहत्तर्
बर्षको भयो. तब त्यो मंऱ्यो ॥
२८ अनि लेमेक्को उमेर् एक् सै बयासी बर्षको हुंदा त्येस्ले येउटा छो
२९ जन्मायो. अनि त्येस्ले येसो भनिकन त्येस्को नांउ नूह् राख्यो येस्ले
यह्वेले पृथिवीलाइ स्राप् दियेको बिषय्मां हांमिहरुलाइ हांमिहरु
३० काम्मां र हांमिहरुका हातको दुखभराईमां शान्ति देला। अनि हनोक् जन्म
पछि लेमेक् पांच् सै पंचानबे बर्ष जीइ रह्यो अनि त्येस्का छोराछोरी जन्म्ये
३१ त लेमेक्को सबै उमेर् सात् सै सत्हत्तर् बर्षको भयो. तब त्यो मंऱ्यो ॥
३२ अनि नूह् पांच् सै बर्षको भयो. अनि नूह्ले शेम् हाम् र येपेत्ला
जन्मायो ॥

(जल्प्रलय्को बखान्)

६ १ अनि येसो भयो जब मान्छेहरु भूमिको मुख् मांथि बढ्दै जां
२ लाग्ये अनि तिनिहरुको छोरीहरु जन्मिन् तब ईश्वर्का छोराहरुले हेरि
मान्छेहरुकी छोरीहरुलाइ राम्री राम्री छन् भनि देख्ये अनि जत्तिला
३ छान्ये तत्तिनैलाइ आफ्नी आफ्नी स्वास्नी तुल्याये। अनि यह्वेले भन्ये
मेरो आत्माले मान्छे सित सदा बिबाद् गरि रहंदैन किनभन्ये त्यो पनि
४ शरीरै छ. तै त्येस्को समय् एक् सै बीस् बर्षको हुंछ। ति दिनमां नपील्हरु
पृथिवीमां थिये अनि त्येस् उप्रान्त पनि जब ईश्वर्का छोराहरु मान्छेहरुको
छोरीहरुकां गये अनि यिनले तिनिहरुको लागि छोरा जन्माइन्. नां
५ चल्येका तादिका बीर्हरु यिनै थिये। अनि यह्वेले हेरि मान्छेको दुष्ट
पृथिवीमां ठुलो भयेको र त्येस्को हिर्दय्का बिचार्को जुन्सुकै पनि सोच
६ निरन्तर् बुरै भयेको देख्ये। अनि यह्वे मान्छेलाइ पृथिवीमां बनाउंदा
७ देखि पछ्तायो अनि आफ्नु मन्मां अरघोर् कष्टित् भयो। अनि यह्वे
भन्यो मं मैले सिर्ज्येको मान्छेलाइ पृथिवीको मुख् मांथि देखि मेटि दिं
क्ये मान्छे क्ये पशु क्ये बगि हिन्ने जन्तु क्ये अकाश्को पंषी सब्बैलाइ
८ दिंछु किनभन्ये तिनलाइ बनायेकोले पछ्ताउंद छु। तर नूह्चाइं मांथि
यह्वेको अनुग्रह् भयो ॥
९ नूह्का पुस्ता यि हुन्। नूह् धर्म्मी जन् अनि आफ्नु पुस्तामां सिद्ध
१० थियो. नूह् ईश्वर्को साथ्मां हिंडूदै रह्यो। अनि नूह्ले तीन् भाई छोराहरु

१ अर्थात् अल्गा २ मान्छेहरु।

जन्मायो अर्थात् शेम् हाम् र येपेत्। अनि पृथिवी ईश्वरको सांमु बिग्रि गयेको थियो अनि पृथिवी उपद्रेइँले भरि गयेको थियो। अनि ईश्वरले १
पृथिवी मांथि हेर्यो त हेर त्यो बिग्रि गयेको थियो कसोगरिभन्ये सब्बे शरीरले पृथिवीमां आफ्नु चाल्चलन् बिगारि दियेको थियो॥

तब ईश्वरले नूहलाइ भन्यो सबै शरीरको अन्त मेरो सांमु आइ पुग्यो कसोगरिभन्ये तिनिहरुको बाटोले पृथिवी उपद्रेइँले भरीयो त हेर् मं तिनिहरुलाइ पृथिवी समेत् बिनास् पार्छु। तैंले आफ्नु लागि गोपि- नाद्को येउटा जहाज् बना जहाज्मां खोपा खोपा बनाउंनु अनि त्येसां भित्र बाइर रोकन् लगाउंनु। अनि त्यो यसै ढप्को बनाउंनु. जहाज्को १
लंम्ड तीन् सै हात् अनि त्येस्को गज् पचास् हात् अनि त्येस्को अल्गो तीस् हात्को हुवस्। जहाज्मां येउटा झ्याल् बनाउंनु अनि त्यो ऊंभो तिर १
एक् हात्को गरि टुङ्याउंनु अनि जहाज्को दुवार् त्येस्को एका तिर राख्नु त्यो पहिलो दोस्रो तीस्रो तला भयेको बनाउंनु। अनि मं चइं हेर् मैले १
जीवन्को सास् हुंने सब्बै शरीरलाइ स्वर्गको मुनि देखि बिनास् पार्नुलाइ पृथिवीमां जल्प्रलय् गर्नु आंटेको छु. पृथिवीमां भयेका सब्बैका प्राण मिल्कि जांछ। तर मं तं चइं सङ आफ्नु नियम् ठहराइ बान्धछु अनि १
तं तेरा छोराहरु तेरी स्वास्नी र तेरी बुहारीहरु समेत् जहाज्मां आउंछस्। अनि सबै शरीरमांको गोटै पिच्छे प्राणीको एक् एक् जात्का दुइ दुइ गरि १
जहाज्मां ल्याउंनु र ति तं सङ जीइ रहुन्. ति नर् र नारी हुंनु पर्छ। पंषीहरुमांका तिनका जात् जात् अनुसार् अनि घरपशुहरुमांका तिनका जात् २
जात् अनुसार् अनि भूमि मांथिका सबै बगि हिन्नेहरुमांका तिनका जात् जात् अनुसार् सबै जात्मांको दुइ दुइवटा तिनिहरुलाइ जीउंदो राख्नुको लागि तं थांइ आउंछस्। अनि खाईने सबै भांति भांतिको आहारा तैंले २
त्यो बटुल्येर आफुकां राख्नु अनि त्यो तेरो र तिनिहरुको खानुको लागि हुंछ। अनि नूहले त्येसै गर्यो अं ईश्वरले त्येस्लाइ दियेका सबै आज्ञा ५
अनुसार् त्येस्ले गर्यो॥

अनि यहवेले नूहलाइ भन्यो तं र तेरो सिंगै जहान् जहाजमां १
आव किनभन्ये मैले हेरि येस् पुस्तामांको खालि तैंलाइ मांत्रै मेरो सांमु धर्मी भयो भनि देख्यें। सबै जात्का शुद्ध पशुहरुमांका सात् सात्वटा अर्थात् नर् र त्येस्को जोड़ो अनि जुन् जुन् पशु शुद्ध कैनन् तिनिहरुमांका दुइ दुइवटा अर्थात् नर् र त्येस्को जोड़ो ल्याउंनु आकाशका पंषीहरुमांका पनि सात् सात्वटा अर्थात् नर् र नारी सिंगै पृथिवीको मुख् मांथि कोइ बंशलाइ जीउंदो राख्नुको लागि लिंनु। किनभन्ये अब अरु सात् दिन् बित्छन् तब मं पृथिवीमां पानी चालीस् दिन् र चालीस् रात् सम्म बर्साउंछु अनि जस्ति प्राणी मैले बनायें सब्बैलाइ भूमिको मुख् मांथि देखि मेटाउंछु। अनि नूहले यहवेले त्येस्लाइ दियेका सबै आज्ञा अनुसार् गर्यो॥

अनि नूह छ सै बर्षको हुंदा जल्प्रलय् पृथिवीमां हुंनु लाग्यो। २

७ अनि नूह् त्येका छोराहरु त्येकी स्वास्नी र त्येकी बुहारीहरु समेत् प्रलयका
८ पानीहरुको कारणले जहाजमां आयो । शुद्ध र अशुद्ध पशुहरु र पंषीहरु र
९ भूमिमां सबै बगि हिन्ने जन्तुहरुमांका ईश्वरको आज्ञा अनुसार् दुइ
१० दुइवटा अर्थात् नर् र नारी जहाजमां नूह् पांइ आये । अनि ठीक् सात् दिन्
११ पछि येसो भयो प्रलयका पानीहरु पृथिवीमां हुंनु लाग्ये । नूहको उमेरको
छ सैयं वर्षको दोस्रो मासको सत्रौं तिथिमां त्येसै दिनमां तुला तुला
गहीराहरुका सब्बै मूलहरु फुटाइ दिईये अनि अकाशका खिर्कीहरु उघारीये ।
१२ अनि वृष्टि चालीस् दिन् र चालीस् रात् सम्म पृथिवीमां होइ रह्यो ।
१३ ठीक् त्येसै दिनमां नूह् त्येका छोराहरु शेम् हाम् येपेत् र त्येकी स्वास्नी र
१४ त्येकी तीनैवटी बुहारीहरु समेत् जहाजमां आयो अं तिनिहरु र सबै
बनपशु आफनु जात् अनुसार् र सबै घरपशुहरु आफनु आफनु जात् अनुसार्
र पृथिवीमां बगि हिन्ने सबै जन्तु आफनु जात् अनुसार् र सबै भांतिको
१५ सबै चरा गरि सबै पंषी आफनु जात् अनुसार् । अनि जीवनको सास् हुंने
१६ सब्बै शरीरमांका दुइ दुइवटा गरि ति जहाजमां नूह् पांइ आये । अनि
आयेकाहरु ईश्वरको आज्ञा अनुसार् सबै शरीरमांका नर् र नारी गरि आये ।
१७ तब यहोवले नूहलाइ भित्र थुनि दियो । अनि जलप्रलय् पृथिवीमां
चालीस् दिन् सम्म होइ रह्यो अनि पानीहरुले बढेर जहाजलाइ उचालनु
१८ लाग्ये अनि त्यो पृथिवी देखि ऊंभो उचालीयो । अनि पानीहरु जिताहा
भये अनि पृथिवीमां अरघोरै बढि गये अनि जहाज पानीहरुको मुख् मांथि
१९ मांथि जांद थियो । अनि पानीहरु पृथिवीमां अरघोरै जिताहा भये अनि
२० सिंगे अकाश् मुनिका सब्बै तुला तुला डांड़ा ढाकीये । पानीहरु पन्द्रह् हात्
२१ ऊंभो सम्मका जिताहा भये अनि डांड़ाहरु ढाकीये । अनि पृथिवीमां चल्ने
सबै शरीर् को पंषी को घरपशु को बनपशु अनि पृथिवीमां बगि हिन्ने सबै
२२ जन्तु अनि सबै मान्छेको प्राण् निस्कि गयो । ओबानो भूमिमां भयेका
२३ जत्तिका नाकमां जीवनको आत्माको सास् थियो ति सब्बै मरि गये । अनि
जत्ति प्राणी भूमिको मुख् मांथि थिये को मान्छे को घरपशु को बगि हिन्ने
जन्तु को अकाशको पंषी सब्बै मेटीये । अनि ति पृथिवी मांथि देखि
मेटीये । अनि खालि नूह् र जत्ति त्यो सङ जहाजमां थिये तिने मात्रै
१ बांचि रह्ये । अनि पानीहरु पृथिवीमां एक् से र पचास् दिन् सम्म
जिताहा भये ॥

८ १ अनि ईश्वरले नूहलाइ र जत्ति प्राणी र जत्ति घरपशु त्यो सङ
जहाजमां थिये ति सबैलाइ सम्झ्यो । अनि ईश्वरले पृथिवीमां बताश्
२ चलाइ दियो त पानीहरु थामींनु लाग्ये अनि गहीरा गहीराका
मूलहरु र अकाशका खिर्कीहरु थुनीये अनि अकाश् देखिको वृष्टि
३ अड़्याईयो अनि पानीहरु पृथिवी मांथि देखि निरन्तर फर्कंदै रह्ये ।
४ अनि एक् से पचास् दिन् जित्ये पछि पानीहरु घटि गये । अनि सातौं
१ मासको सत्रौं तिथिमां जहाज आरारातका डांड़ाहरुमां अड़ीयो । अनि

पानीहरु दसौं मास् सम्म निरन्तर् घट्दै घट्दै गये . दसौं मासको पहिलो
तिथिमां डांड़ाहरुका थाम्नि थाम्नि देखाहा पर्ये । अनि चालीस् दिन् पछि ६
येसो भयो नूह्ले आफुले बनायेको जहाज्को झ्याल् उघार्यो . अनि येउटा ७
काग्लाइ निकालि पठायो अनि त्यो पानीहरु पृथिवी मांथि देखि न
सुकुंज्याल् सम्म येताउति डुलि रह्यो । अनि त्येस्ले पानीहरु भूमि देखि ८
घटि गये कि हेर्न भन्येर येउटो ढुकुर्लाइ निकालि पठाइ दियो तर ९
ढुकुर्ले आफ्नु नंग्राले टेक्ने ठांउ पनि पाईन अनि त्यो थांइ जहाज्मां
फर्कि आई किनभन्ये पानीहरु सिंगै पृथिवीको मुख् मांथि होइ होइ
रहंद थिये . त त्येस्ले हात् पसार्येर त्येस्लाइ लियेर आफु थांइ जहाज्मां
ल्यायो । अनि त्येस्ले अरु सात् दिन् सम्म अड़ीयेर जहाज् देखि ढुकुर्लाइ १०
फेरि निकालि पठाइ दियो अनि ढुकुर् बेलुका त्यो थांइ आई अनि ११
हेर त्येस्को चुचोमां येउटा टिप्येको भद्रात्तेको पात् रछ . त नूह्ले पानीहरु
पृथिवी देखि घटेर छन् भनि थाहा पायो । अनि त्यो अरु सात् दिन् सम्म १२
अड़ीयेर ढुकुर्लाइ फेरि निकालि पठाइ दियो अनि त्यो फेरि कैलेपनि त्यो
थांइ फर्कि आईन । अनि छ सै पहिलो वर्षको पहिलो मासको पहिलो १३
तिथिमां येसो भयो पानीहरु पृथिवी देखि सुकि गयेका थिये . अनि नूह्ले
जहाज्को छाना उघार्येर हेर्यो त हेर भूमिको मुख् सुकेर छ । अनि दोस्रो १४
मासको सताईसौं तिथिमां पृथिवी सुकेको भयो ॥

(ईश्वर्को नियम् नूह् सङ)

अनि ईश्वर्ले येसो भन्दै नूह्लाइ भन्यो तं तेरी स्वास्नी तेरा छोराहरु १५
र तेरी बुहारीहरु समेत् जहाज् देखि निक्लि आ । सबै शरीर्मांका गोटै १७
पिच्छे प्राणी जो तं सङ छन् को पंषी को घरपशु को पृथिवीमां बगि हिन्ने
सबै बगि हिन्ने जन्तु ति सब्बैलाइ आफु सङ निकालि ल्या र तिनिहरुले
पृथिवीमां धेरै सन्तान् जन्माउन् अनि फल्दै र पृथिवीमां बढ़्दै जाउन् ।
अनि नूह् त्येका छोराहरु त्येस्की स्वास्नी र त्येस्की बुहारीहरु समेत् निक्लि १८
आयो . सबै बनपशु र सबै बगि हिन्ने जन्तु र सबै पंषी जे जे पृथिवीमां १९
चल्ने छन् आफ्नु आफ्नु जात् अनुसारका गरि जहाज् देखि निक्लि
आये । अनि नूह्ले यहुवेको लागि येउटा बेदि बनायो अनि सबै शुद्ध २०
पशुहरुमांका र सबै शुद्ध पंषीहरुमांका लियेर बेदिमां होम्चलि गर्यो । तब २१
यहुवेले बास्ना सूंघ्यो अनि यहुवेले आफ्नु हिर्दयमां भन्यो मं मान्छेको
कारण फेरि भूमिलाइ अरु स्राप् दिन्न किनभन्ये मान्छेको हिर्दयको सोच्
त्येस्को बालखैनै देखि बुरो हुंद छ अनि न फेरि सबै प्राणीलाइ येसोरि अरु
मार्छु जसोरि यो खेप् मार्यें । पृथिवी छउंज्याल् सम्म छर्ने र काट्ने समय् २२
जाड़ो र गर्मी वर्षा र हिउंदो दिन् र रात् हुंदु देखि थामीदेनन् । अनि ९ १
ईश्वर्ले नूह् र त्येका छोराहरुलाइ आशीष् दियो अनि तिनलाइ भन्यो
फल्दै र बढ़्दै र पृथिवीमां भरीदै जाउ । अनि तिमिहरुको डर् र तिमिहरुको २

भए पृथिवीका सबै पशुहरु र आकाशका सबै पंषीहरु मांथि पर्छ भूमिक
सबै बगि हिन्ने जन्तुहरु र समुद्रका सबै माछाहरु समेत् ति सब्बै
३ तिमिहरुका हातमां सुम्पि दिईयेका छन्। जीउंने सबै चल्ने जन्तुहरु
तिमिहरुको खानुको लागि हुंछन् जसोरि हरीयो साकपात् तिमिहरुलाइ
४ दियें त्येसेरि सब्बै थोक् दियेको छु। तर मांसु त्येस्को प्राण् समेत् ता जो
५ त्येस्को रगत् हो न खाव। अनि निस्से तिमिहरुको चइं रगत् अर्थात्
तिमिहरुका प्राणको रगत्को मं साटो लिंछु सबै पशु देखि त्यो लिंछु. अनि
मान्छेने देखि अं जुन्सुकै पनि मान्छेको भाई देखि मान्छेको प्राणको साटो
६ लिंछु। जुन्सुकैले पनि मान्छेको रगत् बहाउला मान्छेको हात् देखि त्येस्को
७ रगत् बहाईंछ. किनभन्ये ईश्वरेको स्वरूपमां उस्ले मान्छेलाइ बनायो। अनि
तिमिहरु चइं अं तिमिहरु फलदै र बढ्दै जाव पृथिवीमां अधिगारि
जन्माउंदै जाव अनि त्येस्मां बढ्दै जाव॥

८ अनि ईश्वर्ले येसो भन्दै नूह्लाइ त्येस्का छोराहरुलाइ समेत्
९ भन्यो अनि मं चइं हेर मंले तिमिहरु सङ र तिमिहरु पछि हुंने
१० तिमिहरुको बंश सङ आफ्नु नियम् ठहराइ बान्धेद छु अनि तिमिहरुको
साथ भयेका सबै प्राणीहरु सङ को पंषी को घर्पशु को पृथिवीका सबै
बन्पशु सङ अं जहाज् देखि तिमिहरुको साथ जति निक्लि आये तिनमांका
११ पृथिवीका सब्बै जीवाजन्तु सङ। अनि मं तिमिहरु सङ आफ्नु नियम्
ठहराइ बान्धु छु सबै शरीर् फेरि प्रलयका पानीहरुले मेटौंदैन अनि न
१२ पृथिवीलाइ बिनास् पार्नेको लागि फेरि प्रलय् हुंछ। अनि ईश्वर्ले भन्यो
जुन् नियम् मं आफ्नु र तिमिहरु र तिमिहरुको साथ भयेका सबै
प्राणीहरुको बीचमां जुगजुग् पुस्ता पुस्ता सम्मको लागि बान्धेद छु त्येस्को
१३ चिंनु येइ हो. मं बादलमां आफ्नु धनु राखेद छु अनि त्यो मेरो र
१४ पृथिवीको बीचमां नियमको चिंनु हुंछ। अनि येसो हुंछ जब मं पृथिवी
१५ मांथि बादल फिंजाउंछु तब बादलमां धनु देखाइदा पर्छ अनि मं आफ्नु
जुन् नियम् मेरो र तिमिहरुको र सबै शरीरमांको गोटै पिच्छे प्राणीको
बीचमां छ त्यो सम्झंछु अनि पानीहरु फेरि सबै शरीरलाइ बिनास् पार्न
१६ प्रलय् हुंदैनन्। अनि धनु बादलमां हुंछ अनि मं त्यो मांथि हेर्छु र त्यो
सधैंको नियम् सम्झु जुन् नियम् ईश्वरको र पृथिवीमां हुंने सबै शरीरमांको
१७ गोटै पिच्छे प्राणीको बीचमां छ। अनि ईश्वर्ले नूह्लाइ भन्यो जुन्
नियम् मैले आफ्नु र पृथिवीमां हुंने सबै शरीरको बीचमां ठहराइ
बान्धेको छु त्येस्को चिंनु येइ हो॥

(नूह्का तीन् भाई छोराहरु)

१८ अनि नूह्का जहाज् देखि निकल्येका छोराहरु शेम् हाम् र येपेत्
१९ थिये. अनि हाम् चइं कनानको बाबु हो। नूह्का छोराहरु थिने तीनै भाई
थिये. अनि थिने देखि सिंने पृथिवी भरीयो॥

अनि नूह्ले खेतिकिसान् गर्नु लाग्यो अनि दाख्को बारी लगायो. २०
अनि त्येको दाख्रसमांको खायेर माच्यो अनि त्यो आफ्नु पाल् भित्र नांगो २१
भइ बस्यो। अनि कनान्को बाबु हाम्ले आफ्नु बाबुको नांगो देख्येर २२
बाहिर आयेर आफ्ना दुवै दाज्युहरुलाइ कहि दियो। अनि शेम् र येपेत्ले २३
येउटा लुगा लियेर दुवैले आफ्नु आफ्नु कांध् मांथि हाल्येर पछिल् तिर
सर्दै गयेर आफ्नु बाबुको नांगो ढाकि दिये अनि तिनका मुख् पछिल् तिर
थिये त तिनले ता आफ्नु बाबुको नांगो देख्येनन्। अनि नूह्ले आफ्नु मात् २४
देखि जागि उठेर मेरो काम्को कोरोले मं सङ को गर्यो भनि थाहा
पायो। अनि त्येस्ले भन्यो २५

स्रापित् हवस् कनान्
त्यो आफ्ना दाज्युहरुको लागि कमांराहरुको कमांरो हुंछ।

फेरि त्येस्ले भन्यो २६

धन्न हवस् शेम्को ईश्वर् यहुवे
अनि कनान् त्येस्को कमांरो हवस्।
ईश्वरले येपेत्लाइ बढाइ देवस् २७
अनि त्यो शेम्का पालमां बसि जावस्
अनि कनान् त्येस्को कमांरो हवस्॥

अनि नूह् जलप्रलय् पछि साढे तीन् सै वर्ष जीइ रह्यो। त नूह्को २८ २९
सबै उमेर् साढे नौ सै वर्षको भयो. तब त्यो मर्‍यो॥

अब नूह्का छोराहरुका पुस्ता थिनै हुन् शेम् हाम् र येपेत्. अनि १०१
जलप्रलय् पछि तिनिहरुका छोराहरु उत्पन्न भये॥

येपेत्का छोराहरु. गोमेर् मागोग् मादै यावान् तूबल् मेशेक् र २
तीरास्। अनि गोमेर्का छोराहरु. अश्कनज् रीफत् र तोगर्मा। अनि ३
यावान्का छोराहरु. एलीशा तर्शीश् कित्तीम् र दोदानीम्। थिनै देखि देस् ४
देसका लोगहरुका द्वीप् द्वीप् तिनका देस् देसमां गोटै पिच्छे आफ्नु आफ्नु
भाषा अनुसार् तिनका कुल् अनुसार् तिनका देस् देसका लोग् गरि बांड्दीये॥

अनि हाम्का छोराहरु. कूश् मिस्र पूत् र कनान्। अनि कूश्का ६
छोराहरु. सबा हवीला सब्ता रामा र सब्तका. अनि रामाका छोराहरु.
शबा र ददान्। अनि कूश्ले निम्रोद्लाइ जन्मायो. यो ता पृथिवीमां बीर ८
जन् हुंनु लाग्यो। त्यो यहुवेको सांमु मापाको सिकारी थियो. येस्कारण् यो ९
कहंनी भयो निम्रोद् जस्तो यहुवेको सांमु पराक्रमी सिकारी भयो। अनि १०
त्येस्को राज्को पालनि बाबेल् र एरेक् र अक्कद् र कल्ने भयो जो शिनार्
देसमां छन्। त्यो देस् देखि त्येस्ले अश्शूरमां निक्लि गयेर नीनवे र ११
रहोबोतीर् र कालह् अनि नीनवे र कालहको बीचमां रेसेन् बनायो १२
(महा सहर् येइ हो)। अनि मिस्रले लूदीम् अनामीम् लहाबीम् र १३
नप्तूहीम् र पत्रुसीम् र कस्लूहीम्लाइ (जो देखि पलिश्ती लोग् १४
निक्ल्ये) र कप्तोरीम्लाइ जन्मायो॥

१५ १६ अनि कनान्ले सीदोन् आफ्नु जेठोलाइ र हेत्लाइ अनि यबूसी
१७ १८ एमोरी र गिर्गाशीलाइ अनि हिव्वी र अर्की र सीनीलाइ अनि अर्वादी
समारी र हमातीलाइ जन्मायो. अनि त्येस्पछि कनानीका कुल् फैलीये।
१९ अनि कनानीको सिमाना सीदोन् देखि येसो गरार् जांने बाटो हुंदो
निक्लि अज्जा सम्म अनि सदोम् अमोरा अदमा र सबोयीम्को जांने
२० बाटो हुंदो निक्लि लाशा सम्म भयो। हाम्का क्रोराहरु तिनका कुल्
अनुसार् तिनका भाषा अनुसार् तिनका देसमां तिनका देस् देसका लोगहरु
गरि यिनै हुन्॥

२१ अनि शेम्का पनि जो एबेर्का सबै सन्तानको पित्र र येपेत्को जेठो
२२ दाज्यु थियो क्रोराहरु उत्पन्न भये। शेम्का क्रोराहरु. एलाम् अश्शूर् अर्पक्षद्
२३ लूद् र अराम्। अनि अराम्का क्रोराहरु. ऊज् हूल् गेतेर् र मश्। अनि
२५ अर्पक्षदले शेलहलाइ जन्मायो. अनि शेलहले एबेर्लाइ जन्मायो। अनि
एबेर्का दुइ भाई क्रोरा जन्म्ये येउटाको नांउ पेलेग[1] थियो किनभन्ये त्येका
दिनमां पृथिवी अलग् अलग् भाग् गरि बांड्यो. अनि त्येस्को भाईको
२६ नांउ योक्तान् थियो। अनि योक्तान्ले अल्मोदाद् शेलेप् हसर्मावेत् र
२७ २८ येरहलाइ अनि हदोराम् ऊजाल् र दिक्लालाइ अनि ओबाल्
२९ अबीमाएल् र अबालाइ अनि ओपीर् हवीला र योबाब्लाइ जन्मायो.
३० यि सबै योक्तान्का क्रोराहरु थिये। अनि तिनको बासेदेस् मेशा देखि येसो
३१ पूर्वको पर्वते देस् सपारा जांने बाटो हुंदो सम्म भयो। शेम्का क्रोराहरु
तिनका कुल् अनुसार् तिनका भाषा अनुसार् तिनका देसमां तिनका देस्
देसका लोगहरु अनुसार् थिने हुन्॥

३२ नूह्का क्रोराहरुका कुल् तिनका पुस्ता अनुसार् तिनका देस् देसका
लोगहरु गरि थिने हुन्. अनि थिने देखि देस् देसका लोगहरु जलप्रलय्
पछि पृथिवीमां अलग् अलग् भइ बांड्यो॥

(भाषाको खल्बल्याई हुंनु)

११ १ अनि सिंगे पृथिवी एकै भाषा र एकै बोलीको थियो। अनि पूर्व तिर
हिंड्दा हिंड्दा येसो भयो तिनिहरुले शिनार् देसमां येउटा मैदान् पाये
३ अनि तिहीं बास् गर्ये। अनि तिनिहरुले आपसमां भन्ये लु इंट् बनाउ
बनाइकन भलिभांति पोलूं। त तिनिहरुलाइ ढुंगाको साटो इंट् अनि
४ हिलोको साटो कालो रोकन् भयो। अनि तिनिहरुले भन्ये लु आफ्नु
लागि येउटा सहर् र स्वर्ग सम्मको टुप्पो भयेको येउटा धरारा बनायेर
५ आफ्नु नांउ गरूं होइन भन्ये ता सिंगे पृथिवीमां कुरपुट्ट हुंनु पर्ला। अनि
यहुवे आदमबंशीले बनाउंदै गर्येको त्यो सहर् र त्यो धरारा हेर्नुलाइ
६ उत्रि आयो। अनि यहुवेले भन्यो हेर एकै लोग् हुन् अनि सि सबैको

[1] अर्थात भाग।

एकै भाषा कर येसै गर्नु लाग्ये. अब ज्ये ज्ये गर्नु जुक्ति गर्नन् त्येस्मांको
कोइ तिनिहरु देखि पुनिरखाई हुंने कैन। लु उत्रि गयेर तिहींनै तिनको ७
भाषामां खल्बल्याई पारि दिऊं र एकाले अर्काको बोली न बूझुन्। त ८
यहवेले तिहीं बाटो तिनलाइ सिंगै पृथिवीमां करपुट्ट पारि दियो. अनि
तिनले सहर् बनाउंनु छोड़ि दिये। येस्कारण् त्येस्को नांउ बाबेल् राखीयो ९
कसोगरिभन्ये तिहीं यहवेले सिंगै पृथिवीको भाषा खल्बल्याइ दियो
अनि तिहीं बाटो यहवेले तिनलाइ सिंगै पृथिवीमां करपुट्ट पारि दियो॥

(शेम्को बंशावली)

शेम्का पुत्ता यिनै हुन्। शेम्ले एक् सै बर्षको हुंदा जल्प्रलयको १०
दुइ बर्ष पछि अर्पक्षद्लाइ जन्मायो। अनि अर्पक्षद् जन्म्ये पछि शेम् पांच् ११
से बर्ष जीइ रह्यो अनि त्येस्का छोराछोरी जन्म्ये॥

अनि अर्पक्षद्को उमेर् पैंतीस् बर्षको हुंदा त्येस्ले शेलहलाइ जन्मायो. १२
अनि शेलह् जन्म्ये पछि अर्पक्षद् चार् सै तीन् बर्ष जीइ रह्यो अनि त्येस्का १३
छोराछोरी जन्म्ये॥

अनि शेलहको उमेर् तीस् बर्षको हुंदा त्येस्ले एबेर्लाइ जन्मायो. १४
अनि एबेर् जन्म्ये पछि शेलह् चार् सै तीन् बर्ष जीइ रह्यो अनि त्येस्का १५
छोराछोरी जन्म्ये॥

अनि एबेरको उमेर् चौंतीस् बर्षको हुंदा त्येस्ले पेलेग्लाइ जन्मायो. १६
अनि पेलेग् जन्म्ये पछि एबेर् चार् सै तीस् बर्ष जीइ रह्यो अनि त्येस्का १७
छोराछोरी जन्म्ये॥

अनि पेलेगको उमेर् तीस् बर्षको हुंदा त्येस्ले रऊलाइ जन्मायो. १८
अनि रऊ जन्म्ये पछि पेलेग् दुइ से नौ बर्ष जीइ रह्यो अनि त्येस्का १९
छोराछोरी जन्म्ये॥

अनि रऊको उमेर् बत्तीस् बर्षको हुंदा त्येस्ले सरुग्लाइ जन्मायो. २०
अनि सरुग् जन्म्ये पछि रऊ दुइ से सात् बर्ष जीइ रह्यो अनि त्येस्का २१
छोराछोरी जन्म्ये॥

अनि सरुगको उमेर् तीस् बर्षको हुंदा त्येस्ले नाहोर्लाइ जन्मायो. २२
अनि नाहोर् जन्म्ये पछि सरुग् दुइ से बर्ष जीइ रह्यो अनि त्येस्का २३
छोराछोरी जन्म्ये॥

अनि नाहोरको उमेर् उनन्तीस् बर्षको हुंदा त्येस्ले तेरहलाइ २४
जन्मायो. अनि तेरह् जन्म्ये पछि नाहोर् एक् सै उनीस् बर्ष जीई रह्यो २५
अनि त्येस्का छोराछोरी जन्म्ये॥

अनि तेरहको उमेर् सत्तर् बर्षको हुंदा त्येस्ले अब्राम् नाहोर् र २६
हारान्लाइ जन्मायो॥

अब तेरहका पुत्ता यिनै हुन्। तेरहले अब्राम् नाहोर् र हारान्लाइ २७
जन्मायो. अनि हारान्ले लूत्लाइ जन्मायो। अनि हारान् आफ्नु बाबु २८

२९ तेरहको मुखेंजि आफ्नु जन्मदेसमां कल्दीहरुको ऊरमां मंत्यो। अनि
अब्राम् र नाहोर्ले स्वास्नीहरु ल्याये अनि अब्रामकी स्वास्नीको नांउ सारइ
अनि नाहोरकी स्वास्नीको नांउ मिल्का थियो यो मिल्काको बाबु र
३० यिस्काको बाबु हारानकी छोरी थिई। अनि सारइ चइं बांझी थिई. त्यो
३१ निसन्तान् थिई। अनि तेरहले आफ्नु छोरो अब्राम्लाइ अनि हारानको
छोरो आफ्नु नाति लूत्लाइ अनि आफ्नु छोरो अब्रामकी स्वास्नी आफ्नी
बुहारी सारइलाइ लियो अनि ति तिनिहरु सङ कल्दीहरुको ऊर् बाटो
कनान् देसमां जांनुलाइ निकल्ये. अनि हारान् सम्म पुग्येर तिहां बास्
३२ गर्ये। अनि तेरहको उमेर् दुइ सै पांच् बर्षको भयो. अनि तेरह्
हारानमां मंत्यो॥

(अब्रामको बखान्)

१२ १ अब यहुवेले अब्रामलाइ भनो आफ्नु देस् र आफ्ना कुटुम्ब र
आफ्नु बाबुको जहान् देखि निकल्येर जुन् देस् मं तंलाइ देखाउंकु त्यो
२ सम्म जाइ जा. अनि मं तं देखि येउटा तुलो लोग् बनाउंकु अनि मं
तंलाइ आशीष् दिंकु अनि तेरो नांउ बड़ा तुल्याउंकु अनि तं आशीषको
३ कारण् भयेस्. अनि मं तंलाइ आशीष् दिंनेहरुलाइ आशीष् दिंकु
अनि तंलाइ स्रापनेलाइ मं स्रापकु. अनि तंमां पृथिवीका सबै कुलले
४ आशीष् पाउंकुन्। त अब्राम् यहुवेले त्येस्लाइ भन्येको अनुसार् गइ गयो
अनि लूत् त्यो सङ गयो. अनि अब्राम् हारान् बाटो निकलंदा पक्कत्तर्
५ बर्षको थियो। अनि अब्रामले आफ्नो स्वास्नी सारइ र आफ्नु भतीजा
लूत् र तिनले बटुल्येको तिनको सबै धनसम्पत्ति र तिनले हारानमां प्राप्त
गर्येका तिनका प्राणलाइ लियो अनि तिनिहरु कनान् देसमां जांनुलाइ
६ निकलि गये. अनि तिनिहरु कनान् देसमां आइ पुग्ये। अनि अब्राम् त्यो
देस् हुंदो हिंड्दा हिंड्दा शेकेमको ठांउमां मोरेको बजरांठ् निर सम्म
७ पुग्यो। अनि देसमां त्येस् समयमां ता कनानीहरु थिये। अनि यहुवेले
अब्रामलाइ दर्शन् दिई भन्यो मं तेरो वंशलाइ यो देस् दिंकु. अनि त्येले
८ त्येस्लाइ दर्शन् दिने यहुवेको लागि त्यहां येउटा बेदि बनायो। अनि त्येले
त्यहां बाटो हिंड़ेर जुन् डांड़ा बेतेलको पूर्व तिर छ त्येमां आयेर आफ्नु
पाल् येस्तो ठांउमां हाल्यो बेतेल् पच्छिउं तिर ऐ पूर्व तिर भयो. अनि त्येले
९ त्यहां यहुवेको लागि येउटा बेदि बनायेर यहुवेको नांउ लियो। अनि
अब्राम् हिंड़ि हिंड़ि दक्खिन् तिर अघि अघि बढ़दै गयो॥

१० तब देसमां अनिकाल् पर्यो. अनि अब्राम् मिस्रमां तिहीं प्रवास्
११ गर्नुलाइ उत्रि गयो किनभन्ये देसमां अनिकाल् भारे पर्येको थियो। अनि
त्यो मिस्रको छेउ पुग्दा येसो भयो त्येले आफ्नी स्वास्नी सारइलाइ भन्यो
१२ लु हेर् मैं जान्द कु तं राम्री छस् अनि येसो हुंकु जब मिस्रीहरुले
तंलाइ देखनन् तब यो त्येको स्वास्नी हो भन्नन्. अनि मंलाइ मार्नन् तर

तंलाइ चइं जीउंनु दिनन्। लु येसो भन्न् मं तिन्‌की बैंनी हुं भनि. र तेरो १३
कारणमां मेरो भलो हवस् अनि तेरो कारणले मेरो प्राण् बांचोस्। अनि १४
अब्राम् मिसमां आयेमां येसो भयो मिस्रीहरुले त्यो औधि राम्री रछ भनि
देखे। अनि फिरऊन्‌का मालिक्हरुले त्येस्लाइ देखेर फिरऊन्‌को सांमु १५
त्येस्को सर्काई गर्‍ये. अनि स्त्री फिरऊन्‌को घर्‌मां लगाई। अनि त्येस्ले १६
त्येस्को कारणमां अब्राम्‌को भलाई गर्‍यो. त्येस्लाइ भेंड़ा गोरु गदाहा
कमांरा कमांरी गदही र ऊंट्हरु मिल्ये। अनि यह्‌वेले फिरऊन् र त्येस्को १७
जहान् मांथि अब्राम्‌की स्वास्नी सारइको कारणले अग्घोरका विपत्ति
पठायो। अनि फिरऊन्‌ले अब्राम्‌लाइ बोलायेर भन्यो एइ तैंले मं सित १८
को गरिस् तैंले मंलाइ किन मेरी स्वास्नी हो भन्येर भनिनस् किन मेरी १९
बैंनी हो भनिस् येसो भयेकोले ता मैंले त्येस्लाइ आफ्‌नी स्वास्नी तुल्याउं
भन्येर ल्यायेको थियें. त अब आफ्‌नी स्वास्नीलाइ हेर् त्येस्लाइ लियेर जाइ
जा। अनि फिरऊन्‌ले त्येस्को विषयमां कत्ति जनालाइ आज्ञा दियो. अनि २०
तिनले त्येस्लाइ त्येस्की स्वास्नी र त्येस्कां भयेका त्येस्का सबै थोक् समेत्‌लाइ
अलिक् पर सम्म पुर्‍याइ दिये॥

(अब्राम् र लूत्‌को बखान्)

अनि अब्राम् आफ्‌नी स्वास्नी र आफ्‌नां भयेका सबै थोक् समेत् १३१
मिस्र बाटो चढ़ि दक्खिनमां आयो अनि लूत् त्येस्को साथ थियो। अनि २
अब्राम् घर्‌पशु रुपिया सुन्‌मां औधि धनी थियो। अनि त्यो दक्खिन् ३
बाटो हिंड्‌दा हिंड्‌दा बेतेल् सम्म त्येइ ठांउ सम्म पुग्यो जहां अगाड़ि त्येस्को
पाल् भयेको थियो बेतेल् र ऐको बीच्‌मां जुन् बेदि पहिले त्यहां बनायेको ४
थियो त्येस्को ठांउ सम्म. अनि त्यहां अब्राम्‌ले यह्‌वेको नांउ लियो।
अनि अब्राम्‌को साथ हिंड्‌ने लूत्‌का पनि बगाल् बथान् पाल् थिये। ५
अनि देस्‌ले तिनलाइ सङ् सङै बास् गर्नुलाइ थाम्‌नु सक्दैन थियो. ६
कसोगरिभन्ये तिनको धन्‌सम्पत्ति धेरै थियो यहां सम्म थियो सङ् सङै
बास् गर्नु सक्दैनन्। अनि अब्राम्‌का घर्‌पशुका गोठालाहरुमां र लूत्‌का ७
गोठालाहरुमां झगरागराई पर्‍यो. अनि त्येस् समय् कनानी र परिज्जीहरु
देस्‌मां बस्द थिये। अनि अब्राम्‌ले लूत्‌लाइ भन्यो लु मेरो र तेरो बीच्‌मां ८
अनि मेरा गोठालाहरु र तेरा गोठालाहरुको बीच्‌मां झगरागराई न परोस्
किनभन्ये हांमिहरु भाईबन्द् हौं। को सिंगै देस् तेरो सांमु छैन लु मं देखि ९
अलग् हो तं बांउ तिर गइस् त मं दाहींनो तिर जांकु कि तं दाहींनो
तिर गइस् त मं बांउ तिर जांकु। अनि लूत्‌ले आफ्‌ना आंखा उचाल्येर १०
यर्दन् नदीको सिंगै गेर्‍यो टार् हेरि (यह्‌वेले सदोम् र अमोरा बिनाश्
पार्‍येको भन्दा अगाड़ि) सम्म तिर बाटो भलिभांति भिजीयेको थं यह्‌वेको
बारीने जस्तो र सोअर् जांने बाटो हुंदी मिस्रमे देस् जस्ते रछ भनि
देख्यो। त लूत्‌ले आफ्‌नु लागि यर्दनको सिंगै गेर्‍यो टार् छान्यो अनि लूत् ११

हिंड्दा हिंड्दा पूर्व तिर गयो. अनि ति एका अर्का देखि अलग् भयो।
१२ अब्राम् चइंले कनान् देसमां बास् गर्यो अनि लूत् चइंले गैह्री टारका
सहर्हरुमां बास् गर्यो अनि आफ्नु पाल् सदोम् सम्म सार्यर हाल्यो।
१३ अब सदोम्का मान्छेहरु दुष्ट अनि यहूवेको बिरुद्धमां अग्घोरका पापीहरु
१४ थिये। अनि यहूवेले अब्राम्लाइ लूत् त्यो देखि अलग् भये पछि भन्यो
आफ्ना आंखा अब उचाल्येर तं भयेको ठांउ देखि उत्तर् दक्खिन् पूर्व र
१५ पच्छिउं तिर हेर्. किनभन्ये जत्ति देस् देख्द कुस् त्यो सिंगै तंलाइ र तेरो
१६ बंशलाइ जुग्नजुग्को लागि दिंकु। अनि मं तेरो बंश पृथिवीको धूलो
जस्तो बढ़ाउंकु. यहां सम्म बढ़ाउंकु कसैले पृथिवीको धूलो गनि सक्द छ
१७ त तेरो बंश पनि गनीयेला। उठ् देसको लंमइ र गज् भरि हिंड्डुल् गर्
१८ किनभन्ये त्यो मं तंलाइनै दिंकु। तब अब्राम्ले आफ्नु पाल् सार्यर
हेब्रोन्मां भयेका मम्रेका बज्रांठ् निर आयेर बास् गर्यो अनि यहूवेको
लागि त्यहां येउटा बेदि बनायो॥

(अब्राम् र मल्कीसेदेक्को भेट्)

१४ १ अनि शिनार्को राजा अम्रापेल् र एल्लासार्को राजा अर्योक् र
एलाम्को राजा कदोर्लाओमेर् र गोयीम्को राजा तिदाल्को पालामां येसो
२ भयो तिनिहरुले सदोम्को राजा बेरा र अमोराको राजा बिर्शा र
अद्माको राजा शिनाब् र सबोयीम्को राजा शेमेबेर् र बेलाको (जो
३ सोअर् हो) राजा सित लड़ाईं गर्ये। यि सबैले सिद्दीम्को तरिमां (जो
४ नुनीलो समुन्द्र हो) संगृहात् गर्ये। बारह् बर्ष सम्म ता कदोर्लाओमेर्को
५ तावेमां रह्ये तर तेह्रौं चइं बर्षमां बागि भये। अनि चौधौं बर्षमां
कदोर्लाओमेर् र त्येका साथी राजाहरु आयेर अश्तरोत्कर्णैममां रपाईहरुलाइ
६ अनि हाम्मां जूजीहरुलाइ अनि शावेकिर्यातैममां एमीहरुलाइ अनि
तिनको सेईर् पहाड़मां होरीहरुलाइ बन् निर भयेको एल्पारान् सम्म मार्ये।
७ अनि फर्कर एन्मिश्पात्मां (जो कादेश् हो) आयेर अमालेकीहरुको सिंगै
जग्गालाइ अनि हससोन्तामार्मां बस्ने एमोरीहरुलाइ पनि मारि दिये।
८ अनि सदोम् अमोरा अद्मा सबोयीम् र बेलाका (जो सोअर् हो) राजाहरु
निकल्ये अनि सिद्दीम्को तरिमां ति सित लड़ाईं गर्नुको लागि पांक्ति पांक्ति
९ बान्धे एलाम्को राजा कदोर्लाओमेर् गोयीम्को राजा तिदाल् शिनार्को
राजा अम्रापेल् र एल्लासर्को राजा अर्योक् सित. अर्थात् पांचै राजा सित
१० चार् राजा। अब सिद्दीम्को तरिको बीचमां कालो रोकनका थाप् मांत्रे
थिये अनि सदोम् र अमोराका राजाहरु भाग्येर तिहीं लड़ि पर्ये अरु
११ रह्येकाहरु चइं पहाड़मां भाग्ये। अनि सदोम् र अमोराको सबै धनसम्पत्ति र
१२ तिनका सबै खाने थोक् लियेर गइ गये। अनि अब्राम्को भतीजो लूतलाइ
१३ जो सदोम्मां बस्द थियो र त्येको धनसम्पत्ति लियेर हिंड़ि गये। अनि एक्
जना भाग्येर आंच्नेले आयेर इब्रानी अब्राम्लाइ जनाइ दियो. अब त्यो

चइं एश्कोल् र आनेर्को भाई एमोरी मम्रेका बज्रांठ् निर बस्द थियो
अनि ति लोग् अब्राम् सङ बाचा बान्धीयेकाहरु थिये । अनि अब्राम्ले मेरो १४
भाई बन्धुवा गरीयो अरे भन्येको सुन्येर आफ्नु घर्मां जन्म्येका आफ्ना
सिक्येका तीन् सै अठारह् जना दास्लाइ निकाल्येर दान् सम्म खेद्यो। अनि १५
आफ्ना दास्हरु समेत् राति भाग् भाग् भइ ति मांथि जाइ लाग्येर मांरि
दिइ दमिश्कको उत्तर् तिर भयेको होबा सम्म तिनलाइ खेद्यो । अनि सबै १६
धन्सम्पत्ति फर्काइ ल्यायो अनि आफ्नु भाई लूत्लाइ पनि र त्येस्को
धन्सम्पत्ति र आइमाइहरुलाइ पनि र लोगलाइ फर्काइ ल्यायो । अनि त्यो १७
कदोर्लाओमेर् र त्येस्का साथी राजाहरुलाइ मांरि सक्येर फर्कि आये पछि
सदोम्को राजा आवेको तरि सम्म (जो राजाको तरि हो) त्येस्लाइ भेट्
गर्नुलाइ निकल्यो । अनि शालेम्को राजा मल्कीसेदेक्ले रोटी र दाख्रस् १८
बाहर ल्यायो . अनि त्यो परम् ईश्वर्को पूजाहारी थियो । अनि त्येस्लाइ येसो १९
भनिकन आशीष् दियो स्वर्ग र पृथिवीको धनी परम् ईश्वर्को पठि बाटो
अब्राम् धन्य हवस् . अनि परम् ईश्वर् धन्य हवस् जस्ले तिम्रा सत्रुहरुलाइ २०
तिम्रो ताबिमां पारि दियो। अनि अब्राम्ले त्येस्लाइ सब्बै थोक्को दसौं अंश
दियो । अनि सदोम्को राजाले अब्राम्लाइ भन्यो मान्छेहरु ता मंलाइ दिनु २१
हवस् अनि धन्सम्पत्ति चइं आफै लिनु हवस् । अनि अब्राम्ले सदोम्को २२
राजालाइ भन्यो स्वर्ग र पृथिवीको धनी परम् ईश्वर् यह्वेको किरिया
हात् उचालिकन येसोरि खायेको कु आफुको जत्ति कु त्येस्मांको न २३
येउटा धागो न येउटा जुत्ताको बन्धन् न आफुको कोइ पनि लिंकु होइन
भन्ये ता आफुले मैंले अब्राम्लाइ धनी तुल्यायें भन्येर भन्नु होला भनि .
त्येति मांत्रै कांड़ि जुवान्हरुले जति खाइ सकि हाल्ये अनि जो जो मं सङ २४
गये तिनको भाग् भाग् जति . आनेर् एश्कोल् र मम्रेले ता आफ्नु आफ्नु
भाग् लिउन् ॥

(यह्वेले अब्राम् सित बांध्येको नियम्)

यि कुरा पछि यह्वेको बचन् येसो भन्दै दर्शनमां अब्राम्कां पुग्यो १५ १
ए अब्राम् न डरा . तेरो ढाल् र तेरो अग्घोर् ठुलो प्रतिफल् मैं हुं । अनि २
अब्राम्ले भन्यो हे प्रभु यह्वे मं ता निबँश हुंदै जांदै कु अनि जो मेरो
घर्को धनी होला त्यो येइ दमिश्की एलीएजर् हो त मंलाइ के दिनु हुंछ
र । फेरि अब्राम्ले भन्यो हेर्नु हवस् मंलाइ ता कोइ बंश दिनु भयेन . अनि ३
हेर्नु हवस् मेरो घर्मां जन्म्येको त्येइ मेरो अधिकारी हो। अनि हेर यह्वेको ४
बचन् येसो भन्दै त्येस्कां पुग्यो तेरो अधिकारी येइ हुंदैन तर जो तेरो आफ्नु
निज् कोरो हुंछ त्येइ तेरो अधिकारी हुंछ । अनि उस्ले त्येस्लाइ बाहर लग्येर ५
भन्यो स्वर्ग तिर हेर्येर ताराहरु गन्नु सक्छ कस् भन्ये देखि ति गन् . अनि
उस्ले त्येस्लाइ तेरो बंश त्येस्ले हुंछ भन्यो । अनि त्येस्ले यह्वेको बिश्वास् ६
गर्यो अनि उस्ले यो त्येस्को लागि धर्म्म गन्यो । अनि उस्ले त्येस्लाइ भन्यो ७

यहूवे मैं हुं जस्ले तंलाइ कल्दीहरुको ऊर् देखि बाहिर ल्यायो तंलाइ यो
८ देस् त्येस्को अधिकारी हुंनुलाइ दिउं भन्येर। अनि त्येस्ले भन्यो हे प्रभु यहूवे
९ त्येस्को अधिकारी हुंकु भनि कसोरि थाहा पाउं। अनि उस्ले त्येस्लाइ भन्यो
मेरो लागि तीन् वर्षको येउटी कोरलि र तीन् वर्षको येउटी बाख्री र तीन्
१० वर्षको येउटा थुमा र येउटा कुकुर् र येउटा परेवाको बचरा ले। अनि त्येस्ले
यि सबै लियेर मांझ् मांझमां दुइ दुइ फ्याक् पाच्यो अनि फ्याक् फ्याक्
११ सांमु सांमु राख्यो. तर पंषीहरुलाइ चइं फ्याक् फ्याक् पाचेन। अनि सिंनुभत्ती
पंषीहरुले लोषलाइ झम्टंदा झम्टंदा अब्राम्ले तिनलाइ उड़ाइ दियो।
१२ अनि सूर्ज अस्ताउंदा अब्राम्लाइ अग्घोर् निन्द्रा लाग्यो अनि हेर अग्घोरको
१३ अंध्यारो भयेको भय् त्येस्लाइ लाग्यो। अनि उस्ले अब्राम्लाइ भन्यो निस्से
थाहा पा तेरो बंश तिनैको न हुंने देसमां पर्देसी हुंकुन् अनि देसकाहरुका
दास् हुंकुन् अनि तिनिहरुले तिनलाइ चार् सै वर्ष सम्म कष्ट दिइ रहंकुन्
१४ अनि जुन् लोगका ति दास् हुंकुन् त्येस्को पनि मं बिचार गर्कु. अनि त्येस्
१५ पछि ति बड़ो धनसम्पत्ति लिइ निकलि आउंकुन्। तर तं चइं आफ्ना
पित्रहरु थांइ कुशल् सङ जांकुस् तं पूरो बूढ़ेसकाल्मां चिहान्मां राखींकुस्।
१६ अनि चौथो पुस्तामां ति यहां फेरि आउंकुन्. किनभन्ये ऐले सम्म ता
१७ एमोरीहरुको अधर्म्म पूरो भयेको कैन। अनि येसो भयो जसै सूर्ज अस्ताइ
गयो अनि अंध्यारो भयो तब हेर येउटा धुवां उठ्ने अंगेठी र येउटा फ्याक्
१८ फ्याक्को बीच् बाटो निकलि जांने रांको। त्येसै दिन् यहूवेले येसो भन्दै
अब्राम् सङ नियम् बान्ध्यो तेरो बंशलाइ यो देस् मिस्रको नदी देखि येसो
१९ महानदी अर्थात् परात् नदी सम्म मैंले दियें. अर्थात् केनीहरु कनिज्जीहरु
२१ कद्मोनीहरु हित्तीहरु परिज्जीहरु रपाईहरु एमोरीहरु कनानीहरु
गिर्गाशीहरु र यबूसीहरुको देस्॥

(इश्माएल्को जन्म)

१६ १ अब सारइ अब्राम्की स्वास्नीले त्येस्को लागि कोई सन्तान् जन्माईन.
२ अनि त्येस्की येउटी मिस्री कमांरी थिई जस्को नांउ हागार् थियो। अनि
सारइले अब्राम्लाइ भनी हेर यहूवेले मंलाइ जन्माउंनु देखि थुन्यो त यु
मेरी कमांरीकां जाउ कोनि कतै त्येस्को बाटोले मेरो जहान् बनीयेला।
३ अनि अब्राम्ले सारइका कुरा मान्यो। अनि अब्राम् कनान् देसमां रह्नेको
दस् वर्ष भयो तब त्येस्की स्वास्नी सारइले आफ्नी कमांरी मिस्री हागार्लाइ
४ लग्येर आफ्नु लोग्ने अब्राम्लाइ त्येस्की स्वास्नी हुंनुलाइ दिहाली। अनि त्यो
हागार्का गयो अनि त्यो गर्भिणी भई. अनि जसै गर्भिणी भयें भनि थाहा
५ पाई तब त्येस्की स्वामिनी त्येस्को दृष्टिमां तुच्छ भई। अनि सारइले अब्राम्लाइ
भनी मेरो अन्यें तिम्रै सिरमां हवस्. आफ्नी कमांरीलाइ तिम्रो काखमां
दिहाल्यें अनि जब गर्भिणी भयें भनि देखी तब मं त्येस्को दृष्टिमां तुच्छ
६ भयें. यहूवेले मेरो र तिम्रो बीचमां बिचार गरोस्। तर अब्राम्ले

सारइलाइ भन्यो हेर् तेरी कमांरी तेरै हात्मां छ जस्तो तेरो दृष्टिमां जाति लाग्द छ त्यो सित त्येस्लै गर्। अनि सारइले त्यो सित कठोर् बेहोरा
गर्नु लागी त त्यो त्येस्को सांमु देखि भागी। अनि यह्वेको दूतले त्येस्लाइ ७
बन्मां पेउटा जरुवापानी निर भेटायो जुन् पानी शूर् जांने बाटो हुंदो छ।
अनि त्येस्ले ए सारइकी कमांरी हागार् कहां बाटो आइस् अनि कता तिर ८
जांकुस् भन्यो। त त्येस्ले भनी आफ्नी स्वामिनी सारइको सांमु देखि भागि
आयें। अनि यह्वेको दूतले त्येस्लाइ भन्यो आफ्नी स्वामिनीकां फर्कि ९
गयेर त्येस्को ऐंचोमां बस्। अनि यह्वेको दूतले त्येस्लाइ भन्यो मं तेरो १०
बंशलाइ पेस्तो धेरै बढाउंकु त्यो धेर् हुनाको कारणले गनीने हुंदैन। अनि ११
यह्वेको दूतले त्येस्लाइ भन्यो हेर् तं गर्भिणी छस् अनि छोरो जन्माउंकुस्.
अनि त्येस्को नांउ इश्माएल्[१] राख्येस् किनभन्ये यह्वेले तेरो कष्ट सुन्यो।
अनि त्यो मान्छेहरुमां बनगदाहा जस्तो हुंछ त्येस्को हात् सबै मान्छेको १२
बिरुद्धै हुंछ अनि सबै मान्छेको हात् त्येस्को बिरुद्धै अनि त्येस्ले आफ्ना सबै
भाईहरुको सांमु बास् गर्छ। अनि त्येस्ले त्यो सित बात् गर्ने यह्वेको नांउ १३
तपांइ देख्ने ईश्वर् छौ गरि राखी. कसोगरिभन्ये त्येस्ले भनी को मैंले यहां
पनि मंलाइ देख्नेको पछि हेर्दै रह्यें भनि। येस्कारण् कुवाको नांउ १४
बेरलहैरोइ[२] राखीयो हेर त्यो कादेश् र बेरेद्को बीच्मां छ। अनि १५
हागार्ले अब्रामको लागि पेउटा छोरो जन्माई अनि अब्रामले हागार्ले
जन्मायेको आफ्नु छोरोको नांउ इश्माएल् राख्यो। अनि हागार्ले अब्रामको १६
लागि इश्माएल्लाइ जन्माउंदा अब्राम् छियासी बर्षको थियो॥

(खत्नाको नियम्)

अनि अब्राम् उनन्सै बर्षको हुंदा यह्वेले अब्राम्लाइ दर्शन् दिइ १७१
त्येस्लाइ भन्यो मं सर्वशक्तिमान् ईश्वर् हुं मेरो सांमु हिंड्डुल् गर् अनि
खिद्द हो। अनि मं आफ्नु र तेरो बीच्मां आफ्नु नियम् बान्धकु अनि २
तंलाइ अग्घोरै बढाउंकु। अनि अब्राम् घोप्टो पर्यो. अनि ईश्वर्ले त्यो सित ३
येस्तो भन्दै बात् गर्यो मं चइं हेर् मेरै नियम् तं सङ छ अनि तं धुइरै ४
लोगहरुको पिता हुंकस्। अनि तेरो नांउ अब देखि येस्तो अब्राम् हुंदैन तर ५
तेरो नांउ अब्राहाम् हुंछ किनभन्ये तंलाइ धुइरै लोगहरुको पिता बनायें।
अनि मं तंलाइ अग्घोरै फलवन्त गराउंकु अनि तं देखि लोगहरु बनाउंकु ६
अनि तं देखि राजाहरु निस्कंकन्। अनि मं तेरो र तेरो पछि तेरो बंशको ७
ईश्वर् हुनुलाइ आफ्नु नियम् आफ्नु र तेरो र तेरो पछि तिनको पुस्ता
पुस्ताभरि तेरो बंशको बीच्मां जुगनजुगको नियम् हुंनुलाइ ठहराइ बान्धकु।
अनि मं तंलाइ र तेरो पछि तेरो बंशलाइ तेरा प्रवासगराईको देस् अर्थात् ८

---

[१] अर्थात् ईश्वरले सुन्छ छ। [२] अर्थात् जीउंदो देख्नेको कुवा।

सिंगै कनान् देस् जुगनजुग् अधिकार् हुंनुलाइ दिंकु अनि मं तिनको ईश्वर्
८ हुंकु। फेरि ईश्वर्ले अब्राहाम्लाइ भन्यो अनि तं चइं अं तैंले मेरो नियम्
१० मान्नु क्यै तैंले क्यै तेरो पछि तेरो बंशले तिनका पुस्ता पुस्ताभरि। तिमिहरुले
मान्नु पर्ने मेरो जुन् नियम् मेरो र तिमिहरुको र तेरो पछि तेरो बंशको
बीचमां क्व त्यो येइ हो अर्थात् तिमिहरुमांको एक् एक् नर् खत्ना हुवस्।
११ अनि तिमिहरु आफ्नु आफ्नु खलड़ीको मांसुमां खत्ना हुंकौ अनि त्यो
१२ मेरो र तिमिहरुको बीचमां भयेको नियमको चिंनुको लागि हुंकु। अनि
तिमिहरुमां जो आठ् दिन्को उमेर्को क्व त्यो खत्ना हुंकु अर्थात् तिमिहरुका
पुस्ता पुस्ताभरिको जुन्सुकै पनि नर् क्यै तेरो घर्मां जन्म्येको क्यै तेरो बंश
१३ देखिको होइन रुपियामां पर्देसी मित किनीयेको हुवस्। जो तेरो घर्मां
जन्मोस् अनि जो तेरो रुपियामां किनीओस् त्यो अवस्से खत्ना हुंकु. अनि
१४ मेरो नियम् तिमिहरुको मांसुमां जुगनजुगको नियमको लागि हुंकु। अनि
जुन् बिखत्ने नर् आफ्नु खलड़ीको मांसुमां खत्ना होवैन त्यो प्राणी
आफ्नु लोगकां देखि काटि दिइंकु त्येस्ले मेरो नियम् भङ्ग गर्यो॥
१५ अनि ईश्वर्ले अब्राहाम्लाइ भन्यो तेरी स्वास्नी सारइ चइं त्येस्को नांउ
१६ फेरि सारइ न राख्येस् तर त्येस्को नांउ सारा हुंकु। अनि मं त्येस्लाइ आशीष्
दिंकु अनि पनि तंलाइ त्येस्को बाटोले येउटा क्वोरो दिंकु. अं मं त्येस्लाइ
आशीष् दिंकु अनि त्यो लोगहरुको माता हुंकु लोग् लोगका राजाहरु त्यो
१७ देखि बनौंकुन्। तब अब्राहाम्ले घोप्टो पर्यर हांसि आफ्नु मनमां भन्यो सै
बर्ष भयेकोको क्यै सन्तान् जन्मला अनि नब्बे बर्ष भयेकी सारालै क्यै
१८ जन्माउली। अनि अब्राहाम्ले ईश्वर्लाइ भन्यो इश्माएलै तपांइको बांसु
१९ जीइ रह्यो ता हुंथ्यो। अनि ईश्वर्ले भन्यो यैसो होइन तर तेरी स्वास्नी
सारालेनै तेरो लागि येउटा क्वोरो जन्माउंकु अनि त्येस्को नांउ इसहाक्
राख्कुम्. अनि मं आफ्नु नियम् त्यो सङ ठहराइ बान्धकु त्येस्को पछि त्येस्को
२० बंशको लागि जुगनजुगको नियम् हुंनुलाइ। अनि इश्माएल् चइं त्येस्को
बिषयमां तेरो सुन्यें. हेर् मैंले त्येस्लाइ आशीष् दियें अनि त्येस्लाइ फलवन्त
गराउंकु अनि अरघोरै बढ़ाइ दिंकु बारह् जना मालिकलाइ जन्माउंकु अनि
२१ मं त्यो देखि येउटा ठुलो लोग् बनाउंकु। तर मं आफ्नु नियम् ता इसहाकै
सङ ठहराइ बान्धकु जस्लाइ सारालै आउंदो बर्षको येसै ठहरायेको समयमां
२२ तेरो लागि जन्माउंकु। अनि उस्ले त्यो सित बात् गर्नु छोड़्यो अनि ईश्वर्
२३ अब्राहाम्कां देखि ऊंभो चढ़ि गयो। अनि अब्राहाम्ले आफ्नु छोरो
इश्माएल्लाइ र जत्ति आफ्नु घर्मां जन्म्येका थिये अनि जत्ति आफ्ना
रुपियामां किनीयेका थिये अं अब्राहाम्को घर्मां जत्ति नर् थिये सबैलाइ
लियेर त्येसै दिन्मां तिनको खलड़ीको मांसुमां खत्ना गर्यो ईश्वर्ले
२४ त्येस्लाइ भन्येको अनुसार्। अनि अब्राहाम् आफ्नु खलड़ीको मांसुमां
२५ खत्ना हुंदा उनन्सै बर्षको थियो। अनि त्येस्को क्वोरो इश्माएल् चइं
२६ आफ्नु खलड़ीको मांसुमां खत्ना हुंदा तेरह् बर्षको थियो। त्येसै दिन्मां

अब्राहाम् र त्येस्को क्रोरो इश्माएल् खत्ना भये। अनि त्येस्को घर्मां जत्ति २७
पुरुष् थिये को घर्मां जन्मेका को मपियामां पर्देसी सित किनौयेका सब्बै
जना त्यो सङ्गै खत्ना भये॥

(ईश्वर्ले अब्राहाम्लाइ दियेको करहार्)

अनि यह्वेले त्येस्लाइ मम्रेका बज्रांठ् निर त्यो चर्को घाम्को १८ १
बेलामां आफ्नु पाल्को दैलो हुंदो बसि रहंदा दर्शन् दियो अनि त्येस्ले २
आंखा उचाल्येर हेर्यो त हेर त्येस्को क्रेउ तीन् पुरुष् उभीइ रह्येका थिये.
अनि त्येस्ले तिनलाइ देख्येर पाल्को दैलो देखि ति सित भेट् गर्नु दुगुर्येर
भूंइ सम्म निउंरि भन्यो हे प्रभु मं मांथि तपांइको अनुग्रह् भयो ३
भन्ये त कृपा गरि आफ्नु दास् थांइ देखि त्येसै जाइ न जांनु हवस्. इच्छे ४
भयो भन्ये अलिकता पानी ल्याईग्रोस् अनि आफुहरुले आफ्ना आफ्ना
पाउ धुंनु हवस् अनि वृक्षे मुनि अड़ेस् लागनु हवस्. अनि मं एक् गांस् ५
रोटी ल्याउंकु अनि आफुहरुले आफ्नु आफ्नु हिर्दय्लाइ ठाड़स् गर्नु हवस्
त्येस्पछि ता जाइ जांनु होला. किनभन्ये यैसै लागि आफ्नु दास् थांइ
आउंनु भयो होला। अनि उनिहरुले भन्ये आफुले भन्ये झैं गर्नु। अनि ६
अब्राहाम्ले पाल्मां क्विटोगरि साराथांइ गयेर भन्यो तीन् माना पिठो क्विट्टे
तियार् पारि मुक्येर फुलौरा बना। अनि अब्राहाम्ले बथान्मां दुगुरि गयेर ७
बढ़ालु र अस्सल् येउटा बाच्छो ल्याएर चाकरेलाइ दियो अनि त्येस्ले त्यो
क्विटोगरि पकायो। अनि त्येस्ले दही र दुद् र त्यो पकायेको बाच्छो लगि ८
तिनको सांमु राखि दियो अनि आफु चइं वृक्षे मुनि तिनको सांमु उभीइ
रह्यो अनि तिनले खाये। अनि तिनले त्येस्लाइ भन्ये तेरी स्वास्नी सारा ९
कहां छ। अनि त्येस्ले भन्यो हेर्नु हवस् पाल्मां छ। अनि उस्ले भन्यो निस्से १०
मं ऋतु घुमि आउंदा तेरां फर्कि आउंकु अनि हेर् तेरी स्वास्नी साराले
येउटा क्रोरो जन्माउंछ। अनि साराले त्येस्को पछिल् तिर पाल्को दैलो
बाटो सुन्द थिई। अब अब्राहाम् र सारा बूढ़ा र दिन् धेरै खायेका थिये. ११
स्त्रीहरुको अनुसारको गत् साराको फेरि हुंदैन थियो। अनि सारा आफुमां १२
येसो भन्दै हांस्नु लागी को मं बूढ़ी भइ गये पछि मलाइ मेरा खसम् पनि
बूढ़ा भयेमां सुख होला। अनि यह्वेले अब्राहाम्लाइ भन्यो सारा १३
को मं बूढ़ी भइकन सांचिनै जन्माउंलो भन्दै किन हांसी। को यह्वे देखि १४
कोई काम् हुंनु न सक्ने गरि कठिन् छ। ठहराईयेको समयमां ऋतु घुमि
आउंदा मं तेरां फर्कि आउंकु अनि साराले येउटा क्रोरो जन्माउंछ। तब १५
साराले येसो भन्दै अस्वीकार् गरी हांसिंन भनि किनभन्ये डराउंद थिई।
अनि उस्ले भन्यो होइन तर हांसिस्नै॥

अनि ति पुरुषहरुले त्यहां बाटो उठेर सदोम् तिर हेर्नु लाग्ये. अनि १६
अब्राहाम् ति सङ्ग तिनलाइ अलिक् पर सम्म पुग्याउंनुलाइ हिंड़यो। अनि १७
यह्वेले भन्यो को मं जे गर्दै छु अब्राहाम् देखि लुकाइ राखुं किनभन्ये १८

अब्राहाम् ता येउटा तुलो र सामर्थी लोग् बनौंने छ अनि त्येस्मां पृथिवीका
१९ सबै लोगहरुले आशीष् पाउंने छन्। किनभन्ये मैंले येस्खातिर् त्येस्लाइ जान्यें
त्येस्ले आफ्नु पछि आफ्ना छोराछोरी र जहान्लाइ धर्म्म र निया गर्नुलाइ
यहूवेको बाटो जानुन् भनि आज्ञा गरोस्. र यहूवेले अब्राहाम् मांथि
२० उये त्येस्को विषयमां भन्येको छ त्यो पुऱ्याइ देवस्। अनि यहूवेले भन्यो
सदोम् र अमोराको चिच्याई बढ्यो अनि तिनको पाप् अरुघोर् भारी भयो
२१ त अब उत्त्येर हेर्नु त्येस्को मं थांइ पुग्येको चिच्याई अनुसार् भरिनै येस्तो
२२ काम् गऱ्ये कि. अनि गयेनन् त चाल् पाउंला। अनि ति पुरुषहरु त्यहां
बाटो फर्क्यर सदोम् तिर जांनु लाग्ये. तर अब्राहाम् चइं अझै यहूवेको सांमु
२३ उभीइ रह्यो। अनि अब्राहामले नजिक् गयेर भन्यो दुष्ट सङ्ग को धर्म्मीलाइ
२४ पनि सत्येनास् पार्नु हुंछ। कथंकाल् सहरमां पचास् जना धर्म्मी हुनन्. त
को त्यो ठांउ सत्येनास् पार्नु हुंछ अनि त्येस्मांका पचासै जना धर्म्मीहरुको
२५ कारण् छोड़ि दिंनु हुन्न। येस् अनुसार् गर्नु ता तपांइ देखि पर रहोस् दुष्ट
सङ्ग धर्म्मीलाइ पनि मांर्नु धर्म्मीलाइ दुष्ट जस्तै हुंने गरि येस् अनुसार् गर्नु
ता तपांइ देखि पर रहोस्. सिंगै पृथिवीको बिचारीले को नियां न गरोस्।
२६ अनि यहूवेले भन्यो सदोममां पचास् जना धर्म्मीलाइ सहर् भित्र
२७ पायें भन्ये देखि तिनिहरुको कारण् सिंगै ठांउ छोड़ि दिंकु। अनि अब्राहामले
उत्तर् दिइ भन्यो लौ हेर्नु हवस् मैंले खालि मांटो र खरानि मांत्रै भइ
२८ पनि प्रभु सित कुरा गर्नु हात् हाल्यें. कथंकाल् पचासै जना धर्म्मीहरुमां
पांच् घट्नन्. त को सिंगै सहर् खालि पांच् मांत्रै घटेयको कारणले नास्
पार्नु हुंछ। अनि उस्ले भन्यो त्यहां पैंतालीस् पायें भन्ये त्यो नास्
२९ पार्दौंन। अनि त्येस्ले उ सित फेरि पनि भन्यो कथंकाल् त्यहां चालीस्
३० पाईनन्। अनि उस्ले भन्यो चालीसैको कारणले येसो गर्दौंन। अनि त्येस्ले
भन्यो प्रभु न रिसाउंनु हवस् त बोल्कु. कथंकाल् त्यहां तीस् पाईनन्।
३१ अनि उस्ले भन्यो त्यहां तीस् पायें भन्ये येसो गर्दौंन। अनि त्येस्ले भन्यो लौ
हेर्नु हवस् प्रभु सित कुरा गर्नु हात् हाल्यें. कथंकाल् त्यहां बीस् पाईनन्।
३२ अनि उस्ले भन्यो बीसैको कारण् त्यो नास् पार्दौंन। अनि त्येस्ले भन्यो प्रभु
न रिसाउंनु हवस् त अब खालि एक् खेप् मांत्रै बोल्कु. कथंकाल् त्यहां दस्
३३ पाईनन्। अनि उस्ले भन्यो दसैको कारण् त्यो नास् पार्दौंन। अनि यहूवे
जसै अब्राहाम् सङ बात् गरि सक्यो तब हिंड़ि गयो. अनि अब्राहाम् चइं
आफ्नु ठांउमां फर्कि गयो॥

सदोम् र अमोराको सत्येनास्।

१९ १ अनि दुवै दूत् सांझ् पुंड़ो सदोममां आये अनि लूत् सदोमको ढोका
निर बसि रह्येको थियो. अनि लूत् तिनलाइ देख्येर ति सित भेट् गर्नुलाइ
२ उठ्यो अनि भूइं सम्म निउंरि दण्डवत् गऱ्येर भन्यो हे मेरा प्रभुहरु हो
लौ हेर्नु हवस् आफ्नु दासको घरमां फिर्नु हवस् यहां रात् बिताउंनु

हवस् अनि आफ्ना पाउ धुंनु हवस् अनि बिहान सखारै उठ्येर आफ्नु बाटो
लाग्नु होला। अनि तिनले भन्ये होइन तर सटकैमां रात् बिताउंछौं।
अनि त्येस्ले तिनलाइ अग्घोर् बिन्ति गरि गरिकन ढिपि लगायो अनि ति ३
त्येस्कां फिर्येर त्येस्को घर्मां पसि आये अनि त्येस्ले तिनको लागि भोज् लगायो
अनि अखमीरे रोटी पोल्नु लगायो अनि तिनले खाये। तर ति सुत्नु भन्दा ४
पहिले सहर् अर्थात् सदोम्का पुरुष्हरुले क्ये जुवान् क्ये बूढ़ा चारै तिरका
सब्बै लोगले आयेर घर् घेर्ये अनि लूत्लाइ हापार्येर त्येस्लाइ भन्ये ५
आजु बेलुका तेरां आयेका पुरुष्हरु कहां छन् तिनलाइ बाइर हांमिहरुकां
ल्याइ दे र तिनलाइ जानूं। अनि लूत् तिनिहरुकां दैलो देखि बाइर गयो ६
अनि दैलो आफ्नु पछिल् तिर थुनि दियो अनि त्येस्ले भन्यो हे मेरा ७
भाईहरु हो कृपा गरिकन येस्तो दुष्टेईं न गर्नु हवस्। हेर्नु हवस् मेरी दुइ ८
बैंनी छोरीहरु छन् जुन्हरुले पुरुष्लाइ जान्येकी छैनन् इच्छे छ भन्ये ता
तिनिहरुचइंलाइ बाइर तिमिहरुकां ल्याइ दिंछु त जस्तो जाति लाग्छ त्येस्तै
बेहोरा तिनिहरु सित गर्नु. खालि यि पुरुष्हरु सित क्येइ न गरि दिंनु हवस्
किनभन्ये येसैकारण्ले मेरो छाना मुनि आयेका छन्। अनि तिनिहरुले ९
भन्ये छड़ू। अनि तिनिहरुले भन्ये यो एक् जना मान्छे हांमिहरुकां प्रबास्
गर्नु आयो अनि बिचारी पो हुंनु खोज्द रछ. अब ति सित भन्दा बेसि
बुराई तैं सित गर्छौं। अनि तिनिहरुले त्यो पुरुष् लूत्लाइ अग्घोर् चेप्नु
लाग्ये अनि दैलो फोर्नुको लागि नजिक् आये। तर ति पुरुष्हरुले आफ्ना १०
हात् पसार्येर लूत्लाइ आफु थांइ घर्मां तानि ल्यायेर दैलो थुनि दिये।
अनि तिनले ति घर्को दैलो निर भयेका पुरुष्हरुलाइ सांनु ठुलो सब्बैलाइ ११
अन्धा पारि दिये. त तिनिहरु दैलो खोज्दा खोज्दा थाकि गये। अनि ति १२
पुरुष्हरुले लूत्लाइ भन्ये यहां तेरां अरु कोई छन् जुवंई कि छोराछोरीहरु
कि सहर्मां तेरो जोसुकै हवस् तिनलाइ लियेर यो ठांउ देखि निस्कि जा.
किनभन्ये यो ठांउ नष्टै पार्ने छौं किनभन्ये त्येस्काहरुको चिच्याई यह्वेको १३
सांमु बढ़्यो अनि यह्वेले हांमिहरुलाइ त्यो नष्टै पार्नु पठाइ दियो।
अनि लूत्ले निस्कि गयेर त्येस्की छोरीहरुलाइ ब्याहा गर्नु आंट्ने आफ्ना १४
जुवंईहरुलाइ कुरा गर्येर भन्यो उठ यो ठांउ देखि निक्ल किनभन्ये
यह्वेले सहर् नष्ट पार्छ। तर त्यो ता आफ्ना जुवंईहरुलाइ हंसेउली गरि
हिंड्ने जस्तो पो लाग्यो। अनि बिहान् हुंदै आउंदा दूत्हरुले लूत्लाइ येसो १५
भनिकन हतार् लगायो उठ् आफ्नी स्वास्नीलाइ र यहां भयेकी आफ्नी दुवै
बैंनी छोरीहरुलाइ ले होइन भन्ये ता तं येस् सहर्को अधर्म्ममां बिनास्
पारींछस्। तर त्येस्ले अझै पनि बियांलो गरि रह्यो अनि ति पुरुष्हरुले १६
त्येस्को हात् र त्येस्की स्वास्नीको र दुवै छोरीहरुका हात् समात्ये किनभन्ये
यह्वे त्यो मांथि दयालु थियो. अनि तिनले त्येस्लाइ निकाल्येर सहर् देखि
बाइर उभ्याइ दिये। अनि तिनले तिनिहरुलाइ बाइर निकालि सक्येमां येसो १७
भयो उस्ले भन्यो आफ्नु प्राण् लियेर भागि जा पछि फर्क्येर न हेर्यो तनि यो

गैह्री टार्भरिमां कत्तै पनि न अड्दोइ डांड़ामां भागि जा होइन भन्ये ता
१८ विनास् पारौंकुस्। अनि लूतले तिनलाइ भन्यो हे प्रभु येसो न हवस्.
१९ चेर्नु हवस् तपांइको दास् मांथि तपांइको अनुग्रह् भयो अनि तपांइले मेरो प्राण् बचाइ दिइ मं तिर देखायेको आफ्नु दयाको बड़ाई गर्नु भयो अनि मं डांड़ामां भाग्नु सक्दौंन होइन भन्ये ता विपत्ति मं मांथि आइ
२० लाग्ला अनि मंरि जाउंला. चेर्नु हवस् यो सहर् ता भाग्नु नजिक् छ अनि त्यो ता सांनु पनि छ. मंलाइ तिहींनै (को सांनै कैन) भागि जांनु
२१ दिंनु हवस् र मेरो प्राण् जोइ रहला। अनि उस्ले त्येस्लाइ भन्यो हेर् येस् विषयमां पनि तंलाइ ग्रहण् गर्यें तेंले चर्चा गर्येको चइं सहर् उल्टाइ दिन्न
२२ भन्ये। छिटो गर्येर तिहीं भागि जा किनभन्ये तं त्यहां न पुगुंज्याल् सम्म मं
२३ केइ गर्नु सक्दौंन। येस्कारणले त्येस् सहर्को नांउ सोअर्[1] राखीयो। लूत्
२४ सोअर् सम्म पुग्येमां सूर्ज पृथिवी मांथि उदाउंनु लाग्येको थियो। तब यहूवेले स्वर्ग बाटो सदोम् र अमोरा मांथि यहूवे पट्टि बाटो गन्धक्
२५ र आगो बर्षायो अनि उस्ले ति सहर्हरु र त्यो सिंगै गैह्री टार् र सहर्हरुका स्यांठै बासीहरु र भूमिका सब्बै उद्भिज् थोक्लाइ उल्टाइ
२६ दियो। तर त्येस्की स्वास्नीचइंले त्येस्को पछिल् तिर आंखा फर्कायेर हेरी
२७ अनि नुन्को देउलि भइ गई। अनि अब्राहाम् बिहान सखारै उठेर त्येसै
२८ ठांउमां गयो जहां यहूवेको सांमु उभौयेको थियो. अनि सदोम् र अमोरा र गैह्री टार्को सिंगै देस् तिर हेर्यो त हेर देस्को धुवां भट्टीको धुवां जस्तो पो उठि रह्येको रछ॥
२९ अनि ईश्वर्ले गैह्री टार्का सहर्हरु नष्ट पार्दा येसो भयो ईश्वर्ले अब्राहाम्लाइ सम्झ्यो अनि लूत्लाइ ता लूत् बस्येका सहर्हरु उल्टाइ दिंदा उल्टाईको मांझ बाटो निकालि पठायो॥
३० अनि लूत् आफ्नी दुवै बैंनी छोरीहरु समेत् सोअर् बाटो चढ़ि गयेर डांड़ामां बस्नु लाग्यो किनभन्ये सोअर्मां बस्नु डराउंद थियो. अनि त्यो र
३१ त्येस्की दुवै बैंनी छोरीहरु येउटा ओढ़ारमां बस्नु लाग्ये। अनि जेठीचइंले कान्छीलाइ भनी हांमिहरुको बाबु बूढ़ा छन् अनि पृथिवीमां हांमिहरुकां
३२ सिंगे पृथिवीको रीत् अनुसारको आउंने कुनै पनि पुरुष् छैन. लु आफ्नु बाबुलाइ दाखरस् खुवायेर तिनि सित सुतूं र आफ्नु बाबु देखि बंश जगाइ
३३ राखूं। अनि त्येसै रात् आफ्नु बाबुलाइ दाखरस् खुवाइन्. अनि जेठी चइं आफ्नु बाबुकां गयेर सुती अनि त्येस्लाइ ता न त्येस्को सुत्येको न त्येस्को
३४ उठेरको बेलाको केइ पनि चेत् भयो। अनि भोलि पल्टो येसो भयो जेठीले कान्छीलाइ भनी हेर् हिजो राति मं आफ्नु बाबु सित सुत्यें. आजु राति पनि तिनिलाइ दाखरस् खुवाऊं अनि तं गयेर तिनि सित सुत् र

---

[1] अर्थात् सांनु।

आफ्नु बाबु देखि बंश जगाइ राखूं । अनि त्येस् रात् पनि आफ्नु बाबुलाइ २५
दाखरस् खुवाइन्. अनि कान्छी चइं उठेपर त्यो सित सुती अनि त्येस्लाइ ता
न त्येस्को सुत्येको न त्येस्को उठेको बेलाको केइ पनि चेत् भयो । येस्तोरि २६
लूत्को दुवै बैंनी क्रोरीहरु आफ्नै बाबु देखि गर्भिणी भइन् । अनि जेठीचइंले २७
येउटा क्रोरो जन्माई अनि त्येस्को नांउ मोआब् राखी. मोआबौहरुको पित्र
आजुको दिन् सम्म त्येइनै हो । अनि कान्छीचइंले पनि येउटा क्रोरो जन्माई २८
अनि त्येस्को नांउ बेनम्मी राखी. अम्मोन्वंशीको पित्र आजुको दिन् सम्म
त्येइनै हो ॥

(अब्राहाम् र अबीमेलेक्)

अनि अब्राहाम् त्यहां बाटो दक्खिन् देस् तिर हिंड्येर कादेश् र २०१
शूर्को बीच्मां बस्यो अनि त्येस्ले गरार्मां प्रवास् गर्नु लाग्यो । अनि २
अब्राहाम्ले आफ्नी स्वास्नी साराको बिषयमां भन्नु लाग्यो त्यो मेरी बैंनी
हो भनि. अनि गरार्को राजा अबीमेलेक्ले सारालाइ झिकाइ पठायो ।
तर ईश्वर्ले रात्को सपनामां अबीमेलेक्कां आयेर त्येस्लाइ भन्यो हेर् तैंले ३
झिकायेकी त्येस् स्त्रीको कारणले मर्नु आंटिस् कसोगरिभन्ये त्यो पराय्
परेली हो । अब अबीमेलेक् त्येस्कां गयेको ता थियेन. अनि त्येस्ले भन्यो ४
हे प्रभु के धर्म्मी लोगलाइ पनि मार्नु हुंछ । के त्येस्लेनै मंलाइ भन्येन त्यो ५
मेरी बैंनी हो भनि अनि आइमाइ आफैले पनि भनी त्यो मेरो दाज्यु हो
भनि. मैंले ता आफ्नु हिर्दयको निखरेर्ले र हातको निर्दोषेर्ले सङ यो गर्यें ।
अनि ईश्वर्ले त्येस्लाइ सपनामां भन्यो हो मं जान्द छु आफ्नु हिर्दयको ६
निखरेर्ले सङ यो गरिस् भनि अनि मैंलेनै तैंले मेरो बिरुद्धमां पाप् गर्न
देखि तंलाइ थुनि राख्यें पनि. येसैकारणले मैंले तंलाइ त्येस्लाइ छुंनु दिइंन ।
त अब त्येस् पुरुषको स्त्रीलाइ त्येस्लाइ फर्काइ दे किनभन्ये त्यो अगमवक्ता ७
हो अनि तेरो लागि प्रार्थना गर्ले अनि जीइ रहंलस्. अनि त्येस्लाइ फर्काइ
दिइनस् भन्ये थाहा पा तं अं तं र तेरा जत्ति कुन् सबै अवस्सेइ मर्ल्यौ ।
अनि बिहान अबीमेलेक्ले सबार्ं उठि आफ्ना सब्बै चाकरेहरुलाइ बोलायेर ८
तिनका कानमां यि सबै कुरा सुनाइ दियो. अनि ति अोधि डराये । तब ९
अबीमेलेक्ले अब्राहाम्लाइ बोलायेर त्येस्लाइ भन्यो तिमिले हांमिहरु सित
यो के गर्येको अनि मैंले तिम्रो के बिगार्येको थियें र तिमिले मं र मेरो
राज् मांथि येस्तो पाप् ल्यायौ मं सित गर्नु न पर्ने काम् गर्यौ । अनि १०
अबीमेलेक्ले अब्राहाम्लाइ भन्यो तिमिले के देख्येर येस्तो काम् गर्यौ ।
अनि अब्राहाम्ले भन्यो किनभन्ये येस् ठांउमां ईश्वर्को डर् कैन होला ११
अनि मेरी स्वास्नीको कारणले मंलाइ मार्छन् भनि ठान्यें । अनि छुंनु पनि १२
सांचिनै त्यो मेरी बैंनी हो त्यो मेरो बाबुकी छोरी हो तर मेरी आंमाकी
छोरी होइन अनि त्यो मेरी स्वास्नी भई . अनि जब ईश्वर्ले मंलाइ आफ्नु १३
बाबुको घर् कोड्किन डुलि हिंड्नै आज्ञा दियो तब येसो भयो मैंले त्येस्लाइ

भन्यें तैंले मं मांथि येति कृपा गर्नु पर्छ मं र तं गयेका सबै ठांउमां यिनि मेरा
१४ दाज्यु हुन् भन्नु। अनि अबीमेलेक्ले भेंड़ाबाख्रा गाईगोरु कमांरा कमांरीहरु
ल्यायेर अब्राहाम्लाइ दियो अनि त्येस्की स्वास्नी सारालाइ त्येस्लाइ फर्काइ
१५ दियो। अनि अबीमेलेक्ले भन्यो हेर मेरो देस् तिम्रो सांमु छ. जहां
१६ तिमिलाइ मन् पर्छ त्यहां बस। अनि सारालाइ त्येस्ले भन्यो हेर मैंले तिम्रो
दाज्युलाइ हजार् टुक्रा चांदो दियेको छु. हेर त्यो तिमि सङ हुंनेहरु सबैको
लेखि तिम्रो लागि आंखाको छेल्ने हो त सबैको बिषय् तिम्रो लागि
१७ निया गरीयो। अनि अब्राहाम्ले ईश्वर् सित प्रार्थना गर्‍यो. अनि ईश्वर्ले
अबीमेलेक् र त्येस्की स्वास्नी र त्येस्की कमांरीहरुलाइ निको पारि दियो अनि
१८ तिनिहरुले जन्माउंनु थालिन्। कसोगरिभन्ये यह्वेले अबीमेलेक्को जहान्का
गर्भ अब्राहाम्की स्वास्नी साराको कारण्ले स्यांट्ठै थुनि दियेको थियो॥

(इस्हाक्को जन्म)

२१ १ अनि यह्वेले साराको हेर्चाहा गर्‍यो जसो भन्येको थियो अनि
२ यह्वेले सारा सित त्येसै गर्‍यो जसो कह्येको थियो। अनि साराले गर्भिणी
भयेर अब्राहाम्को बूढ़ेस्काल्मां त्येस्को लागि ईश्वर्ले त्येस्लाइ भन्येकै
३ ठहरायेको समय्मां येउटा छोरो जन्माई। अनि अब्राहाम्ले त्येस्को लागि
जन्मायेको आफ्नु छोरोको नांउ जस्लाइ साराचइंले त्येस्को लागि जन्माई
४ इस्हाक् राख्यो। अनि अब्राहाम्ले आफ्नु छोरो इस्हाक्लाइ जब आठ्
५ दिन्को भयो तब ईश्वर्को आज्ञा अन्सार् खत्ना गर्‍यो। अनि अब्राहाम्
६ त्येस्को छोरो इस्हाक् जन्मंदा एक् सै बर्षको थियो। अनि साराले भनी
७ ईश्वर्ले मंलाइ हांस्नु लायो सुन्ने जनंगे मं सङ मिलि हांस्छ। अनि त्येस्ले
भनी कस्ले कैले अब्राहाम्लाइ भन्ने थियो साराले बालख्हरुलाइ दुद् खुवाउंछ
भनि कसोगरिभन्ये तिन्को बूढ़ेस्काल्मां तिन्को लागि छोरो जन्मायें॥
८ अनि बालख बढ़्दै गयो अनि त्येस्को दुद् छोड़ाईयो. अनि इस्हाक्को
९ दुद् छोड़ाईंने दिन्मां अब्राहाम्ले ठुलो भोज् लायो। अनि साराले मिस्री
हागार्ले अब्राहाम्को लागि जन्मायेको छोरोले ठट्ठा गर्दै गर्‍येको देखी।
१० येस्कारण् त्येस्ले अब्राहाम्लाइ भनी येस् कमांरीलाइ छोरै समेत् बाइर
आफाल्नु. किनभन्ये येस् कमांरीको छोरो मेरो छोरो अर्थात् इस्हाक् सङ
११ अधिकारी हुंदैन। अनि यो कुरो अब्राहाम्को दृष्टिमां त्येस्को छोरोको
१२ कारण् सारै नजाति लाग्यो। अनि ईश्वर्ले अब्राहाम्लाइ भन्यो केटोको
कारण् र आफ्नी कमांरीको कारण् तेरो दृष्टिमां नजाति न लागोस् साराले
तंलाइ ज्ये ज्ये भन्छ त्येस्को बिषय्मां त्येस्को सुन् किनभन्ये इस्हाकैमां तेरो
१३ बंश भनींने हुंछ। अनि कमांरीको छोरो देखि पनि मं येउटा लोग् बनाउंछु
१४ किनभन्ये त्यो तेरै बंश हो। अनि अब्राहाम्ले बिहान सखारै उठ्येर रोटी र
पानीको येउटा मशक् ल्यायेर हागार्लाइ दिइ त्येस्को कांध् मांथि राखि
दियो अनि बालख पनि त्येस्लाइ दियेर त्येस्लाइ बिदा गर्‍यो. अनि त्यो

हिंड़ि गयेर बेर्शेबाको बनमां डुलि हिंड्नु लागी। अनि मशक्को पानी १५
सक्कीयो अनि त्येस्ले बालखलाइ येउटा पोथ्रा मुनि क्रोड़ि दिई। अनि त्यो १६
आफु चइं पल्लो पट्टि कांड़को दरेस्भरि जस्तो टाड़ोमां बसि गई. किनभन्ये
मैंले बालख मंर्दा हेर्नु न परोस् भन्येर भनी। अनि त्यो पल्लो पट्टि बस्येर
डाको क्रोड़ि क्रोड़ि रुंनु लागी। अनि ईश्वर्ले केटोको शब्द सुन्यो अनि १७
ईश्वर्को दूत्ले स्वर्ग बाटो हागार्लाइ हापाय्येर त्येस्लाइ भन्यो ए हागार्
तंलाइ के भयो न डरा किनभन्ये केटो भयेको ठांउ बाटो ईश्वर्ले त्येस्को
शब्द सुन्यो। उठ् केटोलाइ उठायेर आफ्ना हातले थाम् किनभन्ये मं त्यो १८
देखि येउटा तुलो लोग् बनाउंछु। अनि ईश्वर्ले त्येस्का आंखा उघारि दियो १९
अनि त्येस्ले येउटा पानीको कुवा देखी अनि त्येस्ले मशक्मां पानी भरि
ल्यायेर केटोलाइ खुवाइ दिई। अनि ईश्वर् केटो सङ रह्यो अनि त्यो बढ्दै २०
गयो अनि बनमां बस्यो अनि धनु खेलाउंने भयो। अनि त्यो पारान्को २१
बनमां बस्यो. अनि त्येस्की आंमाले त्येस्को लागि मिस्र देस् बाटो येउटी
स्वास्नी मंगाइ दिई॥

अनि त्यो ताक येसो भयो अब्रीमेलेक् र त्येस्को सेनापति पीकोल्ले २२
अब्राहाम्लाइ भन्ये आफुले जति गर्नु हुंद क्र त्येस् सबैमां ईश्वर् आफु सङ
रहंद रक्र. त अब मं सित यहां ईश्वर्को यो किरिया खांनु हवस् मं सित २३
क्रल् गर्नु हुन्न अनि न मेरो क्रोरो सित अनि न मेरो क्रोरोको क्रोरो सित भन्ये.
तर मैंले आफु सित गर्येको अनुग्रह् अनुसार् मं सित र आफुले प्रवास् गर्येको
मेरो देस् सित आफुले गर्नु होला। अनि अब्राहाम्ले भन्यो हुंक्र किरिया २४
खांक्रु। अनि अब्राहाम्ले अब्रीमेलेक्लाइ त्येस्का दास्हरुले बल्जबत् गरि २५
खोसि लियेको पानीको कूप्को बिषय्मां दोष् दियो। अनि अब्रीमेलेक्ले २६
भन्यो यो काम् कस्ले गर्यो जान्दीन. अनि न आफुले पनि मंलाइ जनाउंनु
भयेको थियो अनि न मैंले सुन्येको थियें खालि आजु मात्रै। अनि २७
अब्राहाम्ले भेंड़ा गोरु ल्यायेर अब्रीमेलेक्लाइ दियो अनि ति दुवैले नियम्
बान्धे। अनि अब्राहाम्ले बगाल्मांको सात्वटी क्रतौरी अलग् गरि २८
राख्यो। अनि अब्रीमेलेक्ले अब्राहाम्लाइ भन्यो यि आफुले अलग् गरि २९
राख्येको सात्वटी क्रतौरीले के हुंक्र। अनि त्येस्ले भन्यो आफुले यि सात्वटी ३०
क्रतौरी मेरो हात् देखि यो कूप् मैंले खन्येको हो भन्ये मेरो लागि साक्षी
हुंनुलाइ लिंनु हवस्। येस्कारण् त्येस्ले त्येस् ठांउको नांउ बेर्शेबा[1] राख्यो ३१
किनभन्ये त्यहां ति दुवैले आपस्तमां किरिया खाये। त बेर्शेबामां तिनिहरुले ३२
आपस्तमां नियम् बान्धे. अनि अब्रीमेलेक् र त्येस्को सेनापति पीकोल् उठेर
पलिश्तीहरुको देस्मां फर्कि गये। अनि अब्राहाम्ले बेर्शेबामां येउटा झाऊको ३३
रुख् लगायो अनि त्यहां सनातन्को ईश्वर् यह्वेको नांउ लियो। अनि ३४
अब्राहाम्ले पलिश्तीहरुको देस्मां धेरै दिन् प्रवास् गर्यो॥

---

[1] अर्थात् किरियाको कुवा।

(अब्राहाम्को ठुलो परीक्षा)

२२१ अनि यि कुरा पछि येसो भयो ईश्वर्ले अब्राहाम्को परीक्षा गर्यो
२ अनि त्येस्लाइ भन्यो ए अब्राहाम् अनि त्येस्ले भन्यो यहां कु। अनि उस्ले
भन्यो लु आफ्नु क्रोरोलाइ अं आफ्नु एक्ले क्रोरोलाइ जस्लाइ प्यारो गर्द कुस्
अर्थात् इस्हाक्लाइ लिइ मोरिय्याह्को देस्मां गयेर त्यहां त्येस्लाइ येउटा
३ डांड़ामां जो तंलाइ देखाउंकु होम्बलि गर्। तब बिहान अब्राहाम्ले
सखारै उठि आफ्नु गदाहा मांथि जीन् कस्येर आफ्ना जुवान्हरुमांका दुइ
जना र आफ्नु क्रोरो इस्हाक्लाइ साथ लियो अनि होम्बलिको लागि
४ दाउरा चीर्येर उठि त्येस् ईश्वर्ले त्येस्लाइ भन्येको ठांउमां गयो। तीस्रो
५ दिनमां अब्राहाम्ले आंखा उचाल्येर त्यो ठांउ टाढ़ो बाटो देख्यो। अनि
अब्राहाम्ले आफ्ना जुवान्हरुलाइ भन्यो यहां गदाहा क्रेउ बस त मं र यो
केटो त्यहां सम्म गइ ईश्वर्लाइ दण्डवत् गर्येर तिमिहरु थांइ फर्कि आउंकौं।
६ अनि अब्राहाम्ले होम्बलिको दाउरा लियेर आफ्नु क्रोरो इस्हाक्लाइ
बोकायो अनि आगो र खुकुरि आफ्नु हात्मां लियो अनि ति दुवै सङ् सङै
७ हिंड़ेग। अनि इस्हाक्ले आफ्नु बाबु अब्राहाम्लाइ भन्यो ए बाबै. अनि
त्येस्ले भन्यो क्रोरा यहां कु। अनि त्येस्ले भन्यो इ आगो र दाउरा ता कुन्. तर
८ होम्बलिको लागि पाठा खोइ। तब अब्राहाम्ले भन्यो ए क्रोरा ईश्वर् आफैले
९ होम्बलिको लागिको पाठाको जोहो गर्कु. त दुवै सङ् सङै हिंड़ेग। अनि
ईश्वर्ले त्येस्लाइ भन्येको ठांउमां पुग्ये अनि अब्राहाम्ले त्यहां बेदि बनायेर
दाउरा पांजि राख्येर आफ्नु क्रोरो इस्हाक्लाइ बान्धिकन दाउरा मांथि
१० बेदिमां बसाल्यो। अनि अब्राहाम्ले आफ्नु हात् पसारि आफ्नु क्रोरोलाइ
११ बलि गर्नुको लागि खुकुरि लियो। अनि यहुवेको दूतले स्वर्ग बाटो त्येस्लाइ
हाप्साय्येर भन्यो ए अब्राहाम् ए अब्राहाम्. अनि त्येस्ले भन्यो यहां कु।
१२ अनि उस्ले भन्यो आफ्नु हात् केटो मांथि न लगा अनि न त्येस्लाइ कोइ
गर्. किनभन्ये अब पाहा पायें ईश्वर् देखि डराउंद रैकुस् कसोगरिभन्ये
१३ आफ्नु क्रोरोलाइ अं आफ्नु एक्ले क्रोरोलाइ मं देखि राखि क्रोड़िनस्। अनि
अब्राहाम्ले आंखा उचाल्येर हेर्यो त हेर त्येस्को पछिल् तिर येउटा घुमा
आफ्ना सींगले येउटा झोरमां अल्झीइ रह्येको रछ. अनि अब्राहाम्ले
गयेर त्येस् घुमालाइ ल्यायेर त्येस्लाइ आफ्नु क्रोरोको साटोमां होम्बलि
१४ गर्यो। अनि अब्राहाम्ले त्येस् ठांउको नांउ यहुवेयिरे[1] राख्यो. जसो
१५ आजु सम्म पनि भनींद कु यहुवेको डांड़ामां जोहो गरींकु। अनि यहुवेको
१६ दूतले दोस्रो खेप् स्वर्ग बाटो अब्राहाम्लाइ हाप्साय्येर भन्यो तेंले यो
काम् गरिस् अनि आफ्नु क्रोरोलाइ अं आफ्नु एक्ले क्रोरोलाइ राखि क्रोड़िनस्
१७ येस्कारण् यहुवेको यो बाणी कु मैंले आफ्नै किरिया खायें मं निस्से

---

[1] अर्थात् यहुवेले जोहो गर्ने।

तंलाइ आशीष् दिंकुनै अनि तेरो बंशलाइ अकाशका ताराहरु र समुन्द्रको
तीरका बालुवा जत्तिकै बढ़ाउंकुनै अनि तेरो बंश आफ्ना सत्रुहरुको
ठोकाको अधिकारी हुंछ अनि तेरो बंशमां पृथिवीका सबै लोगहरुले १८
आशीष् पाउंछन् किनभन्ये तैंले मेरो शब्द मानिस्। त अब्राहांम् आफ्ना १९
जुवानहरुकां फर्कि आयो अनि उठेर बेर्शेबामां सङ् सङै गये अनि अब्राहाम्
बेर्शेबामां बस्यो॥

अनि यि कुरा पछि येसो भयो अब्राहाम्लाइ येसो भनि दिईयो हेर २०
मिल्काचइंले पनि आफुको भाई नाहोरको लागि छोरा जन्माई अर्थात् २१
त्येको जेठो ऊज् र त्येको भाई बूज् र अराम्को पित्र कमूएल् अनि २२
केसेद् हजो पिल्दाश् यिद्लाप् र बतूएल्। अनि बतूएलले रिब्कालाइ २३
जन्मायो. यि आठै जना मिल्काले अब्राहामको भाई नाहोरको लागि
जन्माई। अनि त्येकी येउटी रूमा नांउ भयेकी रखैलीले चइं पनि तेबह् २४
गहम् तहश् र माकालाइ जन्माई॥

(साराको मंरण् र त्येस्को गड़ाई)

अनि साराको उमेर् एक् सै सत्ताईस् वर्षको भयो. साराको सबै २३ १
उमेर् येत्तिनै भयो। अनि सारा कनान् देसमां भयेको किर्यतर्बामां (जो २
हेब्रोन् हो) मंरि गई. अनि अब्राहाम् साराको लागि बिलाप् गर्नुलाइ र
त्येको लागि रुवाब्रासि गर्नुलाइ आयो। अनि अब्राहाम्ले आफ्नु मुर्दा ३
भयेको ठांउ देखि उठेर हेत्बंशीहरुलाइ भन्नु लाग्यो मं तिमिहरुकां ४
पर्देसी र प्रवासी कु. मंलाइ आफुहरुकां येउटा चिहानेठांउ मेरो अधिकारमां
दिंनु हवस् र आफ्नु मुर्दालाइ आफ्नु सांमु देखि गाड़ि दिउं। अनि ५
हेत्बंशीहरुले येसो भन्दै अब्राहाम्लाइ उत्तर् दिये हे हांम्रा प्रभु हांम्रो ६
सुन्नु हवस्. आफु हांमिहरुको बीचमां ईश्वरी मालिक् हुंनु हुंद कु. हांम्रा
चिहान्मांको रोजाचइंमां आफ्नु मुर्दालाइ गाड्नु हवस् हांमिहरु मांको
कसैले आफुले आफ्नु मुर्दालाइ गाड्नु न पाउन् भनि आफ्नु चिहान् आफु
देखि पुनि राख्दैन। अनि अब्राहाम्ले उभीयेर त्येस् देसका मान्छेहरु ७
अर्थात् हेत्बंशीहरुको सांमु दण्डवत् गर्यो। अनि त्येले तिनिहरु सित ८
येसो भन्दै बात् गर्यो मैंले आफ्नु मुर्दालाइ आफ्नु सांमु देखि गाड़ि दिउं
भन्ये आफुहरुको इच्छे कु त मेरो सुन्येर सोहरको छोरो एफ्रोन् सित मेरो
लागि बिन्ति गरि दिंनु हवस् तिन्ले मकपेलाको जुन् ओढ़ार् तिन्को ९
कु जुन् चइं तिन्को जग्गाको छेउमां कु त्यो मंलाइ दिउन् त्येको पूरो दाम्
लिइकन त्यो मंलाइ आफुहरुको बीचमां चिहानेठांउको अधिकारको लागि
दिउन्। अब एफ्रोन् हेत्बंशीहरुको बीचमां बसि रह्येको थियो. अनि १०
एफ्रोन् हित्तीले हेत्बंशीहरुले अं जत्ति जना त्येको सहरको ठोका बाटो
भइ भित्र जांद थिये ति सब्बैले सुन्ने गरि अब्राहाम्लाइ येसो भन्दै उत्तर्
दियो होइन मेरा प्रभु मेरो सुन्नु हवस्. त्यो जग्गा मं आफुकन दिंद कु ११

अनि त्येस्मां भयेको ओढ़ार् पनि मं आफुकन दिंद कु आफ्ना जात्भाईहरुको
१२ मुखेंजि मं त्यो आफुकन दिंद कु . आफ्नु मुर्दालाइ गाड्नु हवस् । अनि
१३ अब्राहाम्ले त्येस् देस्का लोगको सांमु दण्डवत् गर्‍यो । अनि त्येस्ले देस्का
लोगले सुन्ने गरि एफ्रोन् सित कुरा गरि भन्यो तर आफुले येस्तो कृपा गर्नु
हुंद कु भन्ये मेरो सुन्नु हवस् . जग्गाको दाम् दिंकु त्यो मं देखि लिंनु हवस्
१४ त मं आफ्नु मुर्दा गाड्कु । अनि एफ्रोन्ले येसो भनि अब्राहाम्लाइ उत्तर्
१५ दियो हे मेरा प्रभु मेरो सुन्नु हवस् . जग्गाको दाम् रुपियाका चार् सै
शेकेल् हो तर मेरो र आफुको बीच्मां यो के हो र . त आफ्नु मुर्दा
१६ गाड्नु हवस् । अनि अब्राहाम्ले एफ्रोन्को बात् मान्यो अनि अब्राहाम्ले
एफ्रोन्लाइ ति त्येस्ले हेतब्रंशीहरुले सुन्ने गरि भन्येका रुपिया जोखि
जोखिकन दियो अर्थात् रुपियाका चार् सै येस्ता शेकेल् जो बेपारीहरुमां
१७ चलित् थिये । त एफ्रोन्को मक्पेलामां मम्रेको सांमु भयेको जग्गा त्येस्मां
भयेको ओढ़ार् समेत् र जग्गामां त्येस्का चारै तिर त्येस्का सबै सिमानामां
१८ भयेका सब्बै रुख्हरु समेत् हेतब्रंशीहरुको अं जत्ति जना त्येस्को
सहर्को ठोका बाटो भइ भित्र जांद थिये ति सब्बैको मुखेंजि अब्राहाम्को
१९ अधिकार्मां दयाइ दिईयो । त येस्पछि अब्राहाम्ले आफ्नो स्वास्नी
सारालाइ कनान् देस्मां मम्रेको सांमु (जो हेब्रोन् हो) भयेको मक्पेलाको
२० जग्गाको ओढ़ार्मां गाड़्यो । अनि त्यो जग्गा त्येस्मां भयेको ओढ़ार् समेत्
हेतब्रंशीहरुको पट्टि बाटो चिहानेठांउको अधिकार्को लागि अब्राहाम्लाइ
दयाइ दिईयो ॥

(इस्हाक्को ब्याहा)

२४ १ अनि अब्राहाम् बूढ़ा र दिन् धेरै खायेको थियो . अनि यहूवेले
२ सब्बै कुरामां अब्राहाम्लाइ आशीष् दियेको थियो । अनि अब्राहाम्ले
आफ्नु घर्को पुराने र सबै धनसम्पत्ति मांथि अधिकार् हुंने चइं दास्लाइ
३ भन्यो लु आफ्नु हात् मेरो जाङ् मुनि राख् . त तंलाइ स्वर्गको ईश्वर् र
पृथिवीको ईश्वर् यहूवेको यो किरिया खुवाउंकु मं आफुको छोरोको लागि
जुन्हरुको बीच्मां आफु रहंनु भयेको छ ति कनानीहरुकी केटीहरुमांकी
४ कसैलाइ ल्याइ दिन्न . तर आफुको देस्मां र आफुका कुटुम्बहरुकां
५ गइ आफुको छोरो इस्हाक्को लागि स्वास्नी ल्याइ दिंकु भन्ये । अनि
दास्ले त्येस्लाइ भन्यो कोनि कतै केटीले येस् देस्मां मेरो पछि पछि आउंने
इच्छे गरोइन . त के मैंले आफुको छोरोलाइ जुन् देस् देखि आफु आउंनु
६ भयेको थियो त्येस्मां फर्काइ लैजांनु पर्छ । अनि अब्राहाम्ले त्येस्लाइ भन्यो
७ तैंले मेरो छोरोलाइ वहां फर्काइ न लैजांनुलाइ चंख रह् । स्वर्गको ईश्वर्
यहूवेले जस्ले मंलाइ मेरो बाबुको घर् देखि र मेरो जन्मदेस् देखि ल्याथो
अनि जस्ले मं सित कह्यो अनि जस्ले मं सित येसो भन्दै किरिया खायो मं तेरो
बंशलाइ यो देस् दिंकु भनि उसैले आफ्नु दूतलाइ तेरो अघि अघि पठाउंछ

अनि मेरो क्रोरोको लागि वहां बाटो येउटी स्वास्नी ल्याइ दिनु पाउंछस्।
अनि येलीले तेरो पछि आउंने इच्छे गरीन भन्ये देखि तं मेरो यो किरिया ८
देखि कुटछस् खालि मेरो क्रोरोलाइ वहां फर्काइ ता न लांनु। त दास्ले ९
अब्राहाम् आफ्नु स्वामीको जाङ् मुनि आफ्नु हात् राखिकन येस् विषयमां
त्यो सित किरिया खायो। अनि दास् आफ्नु स्वामीका ऊंट्हरुमांका दस्वटा १०
ऊंट् लियेर हिंड्यो आफ्नु स्वामीका सब्बै अस्सल् अस्सल् योक्मांका हात्मां
लिइ. त उठेपर अरम्नहरैम्मां नाहोर्को सहर् क्रेउ गयो। अनि त्येस्ले ११
ऊंट्हरुलाइ सहर् देखि बाइर येउटा पानी भयेको कूप् निर घुंड़ा टेकनु लायो
त्यो बेलुकाखेरि थियो जुन् बेला आइमाइहरु पानी भर्नु निक्लंदै गर्द क्रन्।
अनि त्येस्ले भन्यो हे मेरा स्वामी अब्राहाम्को ईश्वर् यहवे कृपा गरिकन आजु १२
मेरो कार्ज सिद्ध गरि दिनु हवस् अनि मेरा स्वामी अब्राहाम् मांथि अनुग्रह्
देखाउंनु हवस्। हेर्नु हवस् यो पानी पन्धेरा निर उभीइ रह्येको छु अनि १३
सहरका मान्छेहरुकी क्रोरीहरु पानी भर्नु निक्लंदै गर्द छन्. त येसो हवस् १४
जस् कन्येलाइ मं भनुंला आफ्नु घड़ा मं तिर निउंराइ देउ मं पानी खांकु
भनि अनि त्येस्ले भन्ली खांनु हवस् मं आफुका ऊंट्हरुलाइ पनि खुवाइ
दिंकु भनि. त त्येइ हवस् जस्लाइ तपांइले इस्हाक् आफ्नु दास्को लागि
ठहराउंनु भयो अनि येसै गरि थाहा पाउंला तपांइले मेरा स्वामी मांथि
अनुग्रह् देखाउंनु भये छ। अनि त्येस्ले भनि सक्येको थियेन येसो भयो हेर १५
अब्राहाम्को भाई नाहोर्की स्वास्नी मिल्काको क्रोरो बतूएल्की क्रोरी रिब्का
आफ्नु घड़ा कांध्मां हाल्येर निक्लंद रछ। अनि कन्ये अरघोरै राम्री अनि १६
कुंवारी पनि थिई कसै पुरुषले त्येस्लाइ जान्येको थियेन. अनि त्यो पन्धेरामां
ओह्ली अनि आफ्नु घड़ा उघायेर फेरि मांथि आई। अनि त्येस् दास्ले १७
त्यो सित भेट् गर्नुलाइ दुगुत्येर भन्यो मंलाइ आफ्नु घड़ा देखि अलिकता
पानी खुवाइ देउ। अनि त्येस्ले भनी मेरा प्रभुज्यु खांनु हवस्. त त्येस्ले १८
फुर्ति गरि आफ्नु घड़ा उतारि आफ्नु हातमां लियेर त्येस्लाइ खुवाइ दिई।
अनि त्येस्लाइ खुवाइ सक्येर भनी आफुका ऊंट्हरुको लागि पनि खाइ न १९
सक्नुञ्जेल सम्म उघाउंदै रहंकु। त त्येस्ले फुर्ति गरि आफ्नु घड़ाको पानी २०
डोंकूमां खन्यायेर फेरि उघाउंनुलाइ कूपमां दुगुरी अनि त्येस्का सब्बै
ऊंट्हरुको लागि उघाइ दिई। अनि त्यो मान्छेले त्येस्लाइ डिठ् लाइ हेरि २१
रह्यो अनि यहवेले मेरो गंवन् सुफल् गर्यो होला कि भनि थाहा पाउंनु
चुप् रह्यो। अनि येसो भयो जसै ऊंट्हरुले खाइ सक्ये तब त्यो मान्छेले आधा २२
शेकेल्को येउटा सुन्को नत्थ र त्येस्का हातको लागि दस् शेकेल् सुन्का चुरा
लगाइ दियेर भन्यो तिमि कस्की क्रोरी हौ लु मंलाइ भनि देउ। को २३
तिम्रो बाबुको घरमां हांमिहरुको लागि बास् बस्ने ठाउं छ। अनि त्येस्ले २४
त्येस्लाइ भनी मिल्काले नाहोर्को लागि जन्मायेको क्रोरो बतूएल्की क्रोरी
हुं। फेरि त्येस्ले त्येस्लाइ भनी हांमिहरुका धेरै पराल् र आहारा पनि छ २५
अनि बास् बस्ने ठांउ पनि छ। अनि त्यो मान्छेले आफ्नु सिर् निउंरायेर २६

२७ यहवेलाइ प्रणाम् गर्‍यो। अनि त्येस्ले भन्यो धन्न मेरा स्वामी अब्राहामको
ईश्वर् यहवे जस्ले मेरा स्वामी तिर भयेको आफ्नु दया र सच्चैं छोड्दैन.
यहवेले मंचइंलाइ बाटोमां मेरा स्वामीका भाईहरुको घरमां डोच्याइ
२८ दियो। अनि कन्येले दुगुर्‍येर आफ्नी आंमाको घरमां ति कुरा अनुसार्
२९ कहि सुनाई। अनि रिब्काको लाबान् नांउ भयेको येउटा हाज्रु थियो.
३० अनि लाबान् निस्केर पन्धेरामां त्यो मान्छे भयेठांउ दुगुरि गयो। अनि येसो
भयो जसै त्येस्ले त्यो नत्थ र आफ्नी बैंनीका हातमां ति चुराहरु देख्यो अनि
त्येस् मान्छेले मंलाइ येसो येसो भन्यो भन्ये आफ्नी बैंनी रिब्काका कुरा
पनि सुन्यो तब त्यो मान्छे थांइ गयो त हेर त्यो पन्धेरा निर ऊंट्हरुको
३१ छेउमां उभीइ रह्येको रछ। अनि त्येस्ले भन्यो हे यहवेका धन्नका भित्र आउनु
हवस् किन बाइरै उभीइ रहनु हुंद छ. किनभन्ये घर् अनि ऊंट्हरुको
३२ लागि ठांउ तियार् पार्येको छु। त त्यो मान्छे घरमां आयो अनि त्येस्ले
ऊंट्हरुका जौन्सौन् फुकायेर ऊंट्हरुको लागि पराल् र आहारा अनि त्येस्का
३३ र त्येस्का साथीहरुका पाउ धुनुको लागि पानी दियो। अनि त्येस्को सांमु
खांने खाजा राखि दिईयो. तर त्येस्ले भन्यो जब सम्म आफ्नु खांचोकुरो
३४ भनि दिन्न तब सम्म खान्न। त त्येस्ले भन्यो भनि दिनु हवस्। त त्येस्ले भन्यो
३५ मं अब्राहाम्को दास् हुं। अनि यहवेले मेरा स्वामीलाइ खूब् आशीष्
दियेको छ त तिनि बड़ा आदमी भयेका छन्. अनि ईश्वर्ले तिन्लाइ बगाल्
३६ बथान् सुन् चांदी कमांरा कमांरी ऊंट् गदाहा दियेको छ। अनि मेरा
स्वामीकी सुखैंनी साराले तिन्को लागि आफ्नु बूढ़ेसकालमां येउटा छोरो
३७ जन्माइ दिइन्. अनि यिनिलाइ तिन्ले ज्यावत् थोक् दियेका छन्। अनि मेरा
स्वामीले मं सित किरिया लियेका छन् मं आफुको छोरोको लागि कनानबंशी
३८ केटीहरुमांकी जुन्हरुको देसमां मं रहंद छु कोई स्वास्नी ल्याइ दिन्न. तर मं
आफुको बाबुको घर् र कुटुम्बहरुकां गयेर आफुको छोरोको लागि स्वास्नी
३९ ल्याइ दिंछु भन्ये। अनि मैंले आफ्ना स्वामीलाइ भन्यें कोनि कर्ते केटीले
४० मेरो पछि आउंने इच्छे गरोइन भनि। अनि तिन्ले मंलाइ भन्यें तुन्
यहवेको सांमु मं हिंड्डुल् गर्द छु उसैले तं सङ आफ्नु दूतलाइ पठाइ
दिंछु अनि तेरो गंवन् सुफल् गरि दिंछु त तैंले मेरा कुटुम्बहरु र मेरो बाबुको
४१ जहान् देखि मेरो छोरोको लागि येउटी स्वास्नी ल्याउंनु पाउंछस्. तं मेरो
किरिया देखि छुट्छस् जसै मेरा कुटुम्बहरुकां पुगलास् अनि तिनिहरुले
४२ केटी तंलाइ दियेनन् भन्ये मेरो किरिया देखि छुट्छस् भनि। अनि मैंले
आजु पन्धेरा निर आयेर भन्यें हे यहवे मेरा स्वामी अब्राहाम्को ईश्वर्
४३ तपांइले मेरो गंवन् सुफल् गराइ दिनु भयो भन्ये देखि. हेर्नु हवस् पानी
पन्धेरा निर उभीइ रह्येको छु त येसो हवस् जुन् कुंवारी पानी भर्नु आउली
अनि मं त्येस्लाइ भनुला आफ्नु घड़ा देखि मंलाइ अलिकता पानी खुवाउ
४४ भनि अनि त्येस्ले मंलाइ भनली आफुले पनि खांनु हवस् अनि मं
आफुका ऊंट्हरुले पनि खांने उचाउंछु भनि. त यहवेले मेरा स्वामीको

छोरोको लागि ठहरायेकी स्त्री त्येइ हवस् भनि । अनि मैंले यो मन् मनैमां ४
भनि रह्येको थियें त हेर्नु हवस् रिबका आफ्नु घड़ा कांधमां हाल्येर
निकलंद रछ अनि त्येस्ले पन्धेरामां ओह्ल्येर उघाई . अनि मैंले त्येस्लाइ
कृपा गरि मंलाइ खुवाइ देउ भन्यें । अनि त्येस्ले फुर्ति गरि आफ्नु घड़ा कांध् ४६
देखि उताय्येर भनी खांनु हवस् अनि आफुका ऊंट्हरुलाइ पनि खुवाउंकु
भनि त मैंले खायें अनि त्येस्ले ऊंट्हरुलाइ पनि खुवाइ दिई । अनि मैंले ४७
त्येस्लाइ सोध्यें तिमि कस्की छोरी हौ भनि अनि त्येस्ले भनी मं मिल्काले
नाहोर्को लागि जन्मायेको छोरो बतूएल्की छोरी हुं भनि . अनि मैंले त्येस्को
नाकमां नत्थ र त्येस्का हातमां चुरा लगाइ दियें । अनि मैंले आफ्नु सिर् ४८
निउंरायेर यहूवेलाइ प्रणाम् गर्यें अनि आफ्नु स्वामी अब्राहाम्को ईश्वर्
यहूवेलाइ धन्न मान्यें किनभन्ये उस्ले मंलाइ ठीक् बाटो बाड़ो डोय्याइ ल्यायो
मैंले आफ्ना स्वामीको छोरोको लागि आफ्ना स्वामीको भाईकी छोरीलाइ
लैजांनु भन्येर । त अब आफुहरुले मेरा स्वामी सित अनुग्रह् र सच्चेईं सित ४९
बेहोरा गर्नु हुंछ भन्ये मंलाइ भन्नु हवस् . होइन गर्नु हुन्न भन्ये मंलाइ भन्नु
हवस् , र मं दाहींनो तिर कि ता बांउ तिर फर्कि जाउं । तब लाबान् र ५०
बतूएल्ले उत्तर् दिइ भन्ये यो कुरो यहूवेकै पर्ठि बाटो भयेको हो .
हांमिहरु ता आफुलाइ न भला न बुरा भन्न सक्द छौं । हेर्नु हवस् रिबका ५१
आफुको सांमु छ त्येस्लाइ लिइ जांनु हवस् अनि त्यो यहूवेले भन्येको
अनुसार् आफुको स्वामीको छोरीको स्वास्नी हवस् । अनि येसो भयो ५२
अब्राहाम्को दास्ले तिनिहरुका बचन् सुन्दा भूंइमां निउंर्येर यहूवेलाइ
दण्डवत् गर्यो । अनि दास्ले चांदीका र सुनका गहना अनि बस्त्र निकाल्येर ५३
रिबकालाइ दियो . अनि त्येस्को दाजु र आंमाचइंलाइ पनि त्येस्ले अमोल्
अमोल् थोक् दियो । यहांदेखि त्येस्ले आफ्ना साथीहरु समेत्ले खांनु पीउंनु ५४
लाग्यो अनि तिहींने रात् बिताये अनि सबारै उठेर अनि त्येस्ले भन्यो
मंलाइ मेरा स्वामीकां जांनुलाइ बिदा दिंनु हवस् । अनि त्येस्को दाजु र ५५
आंमाचइंले भन्ये कन्येलाइ हांमिहरुकां अलिक् दिन् कम्को कम् दस् दिन्
ता रहंनु दिंनु हवस् त्येस्पछि त्यो जाइ जावस् । अनि त्येस्ले तिनिहरुलाइ ५६
भन्यो मंलाइ न थुन्न हवस् किनभन्ये यहूवेले मेरो गंवन् सुफल् गरि
दियेको छ मंलाइ मं आफ्ना स्वामीकां जांनुलाइ बिदा गरि दिंनु हवस् । त ५७
तिनिहरुले भन्ये कन्येलाइ बोलायेर सोध्छौं त्येस्ले को भन्छ । अनि तिनिहरुले ५८
रिबकालाइ बोलायेर त्येस्लाइ को यो मान्छे सङ जांछस् भनि सोध्ये । अनि
त्यस्ले भनी अं जांछु । त तिनिहरुले आफ्नो बैंनी रिबका र त्येस्की दुदांमालाइ ५९
अनि अब्राहाम्को दास् र त्येस्का मान्छेहरुलाइ बिदा गरि दिये । अनि ६०
तिनिहरुले रिबकालाइ आशीष् दिइ भन्ये हे हांमिहरुकी बैंनी तं लाखौं
लाखकी आंमा भयेस् अनि तेरो बंश आफ्ना सत्रुहरुका ठोकाको अधिकारी
हवस् । त रिबका आफ्नी सखीनिहरु समेत् उठेर ऊंट्हरु मांथि सवारी ६१
भइ त्येस् मान्छेको पछि पछि हिंड्यो . त त्यो दास् रिबकालाइ साथ लियेर

६२ बाटो लाग्यो । अनि इस्हाक् बेरलहैरोई को बाटो बाड़ो आउंदै थियो
६३ कसोगरिभन्ये दक्खिन् देसमां बास् गर्द थियो । अनि इस्हाक् सांझ्
बेलामां ध्यान् गर्नुलाइ बाहिर मैदान्मां निकल्यो . अनि आंखा उचाल्येर
६४ को देख्यो भन्ये हेर ऊंट्हरु आउंदै राक्तन् । अनि रिब्काले आफ्ना आंखा
उचाल्येर इस्हाक्लाइ देखी अनि देख्नु बित्तिकै ऊंट् देखि ओह्ल्ली ।
६५ अनि त्येस्ले दास्लाइ त्यो मैदान्मां हांमिहरुलाइ भेट्नु आउंने मान्छे को
हो भनी । अनि दास्ले भन्यो मेरा स्वामी हुन् . अनि त्येस्ले पछ्येरा लिइ
६६ आफुलाइ ढाकी । अनि दास्ले इस्हाक्लाइ आफ्ना सब्बै वृत्तान्त कहि
६७ दियो । अनि इस्हाक्ले रिब्कालाइ आफ्नी आंमा सारांको पाल्मां लग्यो
अनि त्येस्लाइ लियो त त्यो त्येस्की स्वास्नी भई अनि त्येस्ले त्येस्लाइ प्यारो
गर्‍यो . त इस्हाक्लाइ त्येस्की आंमाको मरणको शोक् देखि शान्ति भयो ॥

(अब्राहाम्को मरण्)

२५ १ अनि अब्राहाम्ले फेरि येउटी स्वास्नी ल्यायो जस्को नांउ कतूरा
२ थियो । अनि त्येस्ले त्येस्को लागि जिम्रान् योक्तान् मदान् मिद्यान् यिश्बाक्
३ र शूह्लाइ जन्माई । अनि योक्तान्ले शबा र ददान्लाइ जन्मायो । अनि
४ ददान्का सन्तान् अश्शूरीम् लतूशीम् र लउम्मीम् भये । अनि मिद्यान्का
५ सन्तान् एपा एफेर् हनोक् अबीदा र एल्दाआ भये । यि सब्बै कतूरा देखि
उत्पन्न भये । अनि अब्राहाम्ले आफ्ना ज्यावत् थोक् इस्हाकैलाइ दियो ।
६ तर अब्राहाम्की जो जो रखैलीहरु थिइन् तिनका छोराहरुलाइ त्येस्ले दाम्
मांत्रै दियेर आफु जीउंदो कुंदैखेरि आफ्नु छोरो इस्हाक् देखि पर सारि
७ पूर्व तिर पूर्व देसमां पठाइ दियो । अनि अब्राहाम् जीयेको उमेरका वर्षका
८ दिन् एक सै र पछत्तर् वर्षका भये । अनि अब्राहाम्ले पूरो बूढेस्कालमां
९ दीर्घायु भइ प्राण् छोड्यो अनि आफ्ना लोगमां गइ मिसीयो । अनि
त्येस्का छोराहरु इस्हाक् र इश्माएल्ले त्येस्लाइ मम्रेको सांमु भयेको
मक्पेलाको ओढारमां हित्ती सोहरको छोरो एप्रोनको जग्गामां चिहानमां
१० गाड़ेर जुन् जग्गा अब्राहाम्ले हेत्वंशीहरु देखि किन्येको थियो .
११ तहीं अब्राहाम् र त्येस्की स्वास्नी सारा दुवै चिहानमां गाड़ीये । अनि
अब्राहाम् मर्ये पछि येसो भयो ईश्वरले त्येस्को छोरो इस्हाक्लाइ आशीष्
दियो अनि इस्हाकले बेरलहैरोई निर बास् गर्‍यो ॥

१२ अब अब्राहाम्को सारांकी कमांरी मिस्री हागार्ले अब्राहाम्को लागि
१३ जन्मायेको छोरो इश्माएल्का पुस्ता यि हुन् . अनि इश्माएल्का सन्तानहरुका
नांउ तिनका पुस्ता अनुसार् तिनका नांउ काढि काढि यि हुन् . इश्माएल्को
१४ जेठो छोरो नबायोत् फेरि केदार् अदबेल् मिब्साम्
१५ मिश्मा दुमा मस्सा
१६ हदद् तेमा यतूर् नापीश् र केदमा . इश्माएल्का छोराहरु यिनै हुन् अनि
तिनका गांउ र छाउंनीहरु गरि तिनका नांउ यिनै हुन् अर्थात् तिनका देश्
१७ देसका लोग् अनुसार बाह्र मालिक् । अनि इश्माएल्को उमेरका वर्ष एक सै

सैंतीस् बर्ष भये. अनि त्येस्ले प्राण् छोड्यो अनि आफ्ना लोगमां गइ
मिसीयो। अनि तिनिहरु हवीला देखि मिस्रको सांमु अश्शूर्को बाटोमां १८
भयेको शूर् सम्म बस्दै गये. त्येस्ले आफ्ना सबै भाईहरुको सांमु बास् गर्‍यो॥

(इस्हाक्को बंशावली)

अनि अब्राहाम्को छोरो इस्हाक्का पुस्ता यि हुन्. अब्राहाम्ले १९
इस्हाक्लाइ जन्मायो. अनि इस्हाक्ले चालीस् बर्षको उमेर्मां पद्दनराम्को २०
अरम्मी बतूएल्को छोरी अरम्मी लाबान्की बैंनी रिब्कालाइ ब्याहा गरि
ल्यायो। अनि इस्हाक्ले आफ्नी स्वास्नीको लागि यह्वे सित बिन्ति २१
गर्‍यो किनभन्ये त्यो बांझी थिई. अनि त्यो देखि यह्वे सित बिन्ति
गरीयो त त्येस्की स्वास्नी रिब्का गर्भिणी भई। अनि बालखले त्येस्को २२
गर्भमां आपस्तमां लड़ालड़ गर्‍ये अनि त्येस्ले भनी येस्तै हो भन्ये ता
क्ये काम् जीउंद छु। अनि त्यो यह्वे सित सोध्नु गई। अनि यह्वेले २३
त्येस्लाइ भन्यो

तेरो गर्भमां दुइ देसका लोग् छन्
अनि तेरा आन्द्रा देखि निक्लंदैखेरि दुइ लोग्हरु अलग्
अलग् हुंछन्.
अनि एक् लोग् अर्को लोग् भन्दा बेसि सामर्थी हुंछ
अनि जेठो चइं कान्छोको दास् हुंछ।

अनि त्येस्को सुत्केरि हुंने बेलाको भरना हुंदा हेर त्येस्को गर्भमां जस्ले २४
बालखहरु राछन्। अनि पहिलो चइं रातो रातो पर्‍येको निक्ल्यो सिंगै २५
जीउमां रऊं भयेको नम्बू जस्तो पर्‍येको त त्येस्को नांउ एसाव् राख्ये। अनि २६
पछाड़ि त्येस्को भाई चइं एसाव्को कुर्कुचा हात्ले समात्येको भइ निक्ल्यो.
त त्येस्को चइं नांउ याकूब्[1] राखीयो. अनि रिब्काले यिनिहरुलाइ जन्माउंदा
इस्हाक् साठि बर्षको भयेको थियो। अनि केटाहरु बढ्दै गये. अनि एसाव् २७
चइं सिपालु सिकारी अनि बन्बासी भयो तर याकूब् चइं साधु मान्छे अनि
पाल्मां रहंने भयो। अब इस्हाक्ले एसाव्चइंलाइ प्यारो गर्द थियो २८
किनभन्ये त्येस्को सिकार्को मांसु खांने गर्द थियो. अनि रिब्काचइंले
याकूब्लाइ प्यारो गर्द थिई। अनि याकूब्ले खोले जस्तो क्येइ पकाउंदै थियो. २९
त्येतिमां एसाव् बन् बाटो थाकिमंरि आयो. अनि एसाव्ले याकूब्लाइ ३०
भन्यो लु मंलाइ त्यो रातो रातो थोक् खांनु दे किनभन्ये थाकिमंर्दै छु.
येस्कारण् त्येस्को नांउ एदोम्[2] राखीयो। त याकूब्ले भन्यो मंलाइ आजु ३१
आफ्नु जेठाधिकार् बेचि देउ। अनि एसाव्ले भन्यो हेर मंर्नै आंद्येको छु. ३२
त जेठाधिकार् भन्ये मंलाइ क्ये काम् लाग्छ। अनि याकूब्ले मं सित आजु ३३
किरिया खाउ भन्यो त त्येस्ले त्यो सित किरिया खायो. त त्येस्ले आफ्नु

---

[1] अर्थात् ठांउ ठगि लिंने। [2] अर्थात् रातो।

३४ जेठाधिकार् याकूबलाइ बेचि दियो । यहांदेखि याकूबले एसावलाइ रोटी
र मसूरको खोले दियो अनि त्येस्ले खायो पीयो तब उठेर हिंड्यो ।
येसैरिकन एसावले आफ्नु जेठाधिकारलाइ तुच्छ जान्यो ॥

(इस्हाक्को बखान्)

२६ १ अनि त्येस् देसमां अनिकाल् पर्‍यो त्यो अब्राहामको पालामां पर्‍येको
पहिलो अनिकाल् देखि बाहिक् । अनि इस्हाक् पलिश्तीहरुको राजा
२ अबीमेलेक् थांइ गरारमां गयो । अनि यहूवेले त्येस्लाइ दर्शन् दिइ भन्यो
३ मिस्रमां उत्रि न जा जुन् देस् मं तंलाइ देखाउंकु त्येसैमां रह् । येसै देसमां
प्रवास् गर् अनि मं तं सङ रहंकु अनि तंलाइ आशीष् दिंकु किनभन्ये
यि सब्बै देस् मं तंलाइ र तेरो बंशलाइ दिंकु अनि मैंले तेरो बाबु अब्राहाम्
४ सित खायेको किरिया पूरो गर्कु अनि तेरो बंशलाइ अकाशका ताराहरु
झैं बढ़ाउंकु अनि तेरो बंशलाइ यि सब्बै देस् दिंकु अनि तेरो बंशमां
५ पृथिवीका सब्बै लोगहरुले आशीष् पाउंकुन् किनभन्ये अब्राहाम्ले
मेरो शब्द मान्यो मेरो त्येस्को जिम्मामां दियेको र मेरा आज्ञाहरु र मेरा
६ बिधिहरु र मेरा व्यवस्थाहरु मानि मानिकन । त इस्हाक्ले गरारमां
७ बास् गर्‍यो । अनि त्येस् ठांउका लोगले त्येस्की स्वास्नीको बिषयमां सोधनु
लाग्ये अनि त्येस्ले मेरी बैनी हो भन्यो । किनभन्ये मेरी स्वास्नी हो भनु देखि
डराउंद थियो कोनि यहांका लोगले रिब्काको कारणले मंलाइ मार्नन्
८ भनि । किनभन्ये त्यो रास्री थिई । अनि त्यो त्यहां धेरै दिन् रह्योको हुंदा
येसो भयो पलिश्तीहरुको राजा अबीमेलेक्ले झ्याल् बाटो चियाइ हेर्‍यो त
९ हेर इस्हाक्ले रिब्का आफ्नी स्वास्नी सित खेलठट्टा गर्दै रक्ष । तब
अबीमेलेक्ले इस्हाक्लाइ बोलायेर भन्यो हेर त्यो ता साँच्चिकै तिम्री
स्वास्नी रक्ष त तिमिले मेरी बैनी हो भनि किन भन्यौ । अनि इस्हाक्ले
१० उत्तर् दियो किनभन्ये त्येस्को कारणले न मरुं भनि भन्येको थियें । अनि
अबीमेलेक्ले भन्यो तिमिले यो हांमिहरु सित को गर्‍येको । रयेत्मांको
कसैले तिम्री स्वास्नी सित कुकर्म्म गर्द हो त कोइ उदेक् हुंने थियेन अनि
११ येसोरिकन तिमिले हांमिहरुलाइ दोषमां फंसाउंने थियौ । त अबीमेलेक्ले
आफ्ना सब्बै रयेतहरुलाइ येसो भनिकन आज्ञा दियो जस्ले येस् पुरुषलाइ
१२ कि त्येस्की स्वास्नीलाइ छोला त्यो अवस्से मारींछ । अनि इस्हाक्ले त्येस्
देसमां जोत्येर बालिनालि लगायो अनि सै गुणा फल् प्राप्त गर्‍यो । अनि
१३ यहूवेले त्येस्लाइ आशीष् दियो । अनि त्यो पुरुष् बढ़ि गयो अं त्येस्को
१४ बढ़ती यहां सम्म हुंदै गयो त्यो अगाधोर् बड़ा आदमी भइ गयो । अनि
त्येस्का भेंड़ाबाख्रा र गाईगोरु अनि धेरै धेरै कमांरा कमांरीहरु पनि थिये ।
१५ अनि पलिश्तीहरुले त्येस्लाइ डाहाले हेर्नु लाग्ये । अब्र जत्तिवटा कूप्
त्येस्को बाबु अब्राहाम्का कमांराहरुले त्यो जीउंदो कुंदैखेरि खन्येका थिये
१६ ति पलिश्तीहरुले मांटो हालि हालिकन पुरि दियेका थिये । अनि

अबीमेलेक्ले इस्हाक्लाइ भन्यो हांमिहरुकांटो जाउ किनभन्ये तिमि
हांमिहरु भन्दा धेरै सामर्थी भइ गयौ। त इस्हाक् त्यहां बाटो हिंड्यर १७
गरारको गर्तिरमां आफ्नु पाल् टांग्येर त्यहां रहंनु लाग्यो। अनि जुन् जुन् १८
कूप् त्येको बाबु अब्राहाम्को पालामां खनीयेका थिये अनि अब्राहाम्को
मरण् पछि पलिश्तीहरु देखि पुरीयेका थिये ति इस्हाक्ले फेरि खन्यो.
अनि तिनका नांउ जे जे त्येको बाबुले राख्येको थियो त्येइ त्येइ राख्यो।
अनि इस्हाक्का कमांराहरुले त्येस् गर्तिरमां खन्येर जरुवापानीको येउटा १९
कूप् भेट्टाये। अनि गरारका गोठालाहरुले इस्हाक्का गोठालाहरु सित २०
झगरा गरि यो पानी हांम्रै हो भन्ये. त त्येस्ले कूपको नांउ एसेक्[1] राख्यो
किनभन्ये तिनिहरुले त्यो सित झगरा गर्ये थे। अनि अर्को कूप् खन्ये अनि २१
तिनिहरुले त्येको लागि पनि झगरा गर्ये. त त्येस्ले त्येको नांउ सित्ना[2]
राख्यो। तब त्येस्ले त्यहां बाटो सरि गयेर अरु येउटा कूप् खन्यो अनि २२
त्येस्चइंको लागि ता तिनिहरुले झगरा गर्येनन्. त त्येस्ले त्येको नांउ
येसो भनिकन रहोबोत्[3] राख्यो अब ता यहुवेले हांमिहरुको लागि धेरै
ठांउ दियो अनि हांमिहरु येस् देसमां फलवन्त हुंकौं। तब त्यो त्यहां बाटो २३
बेर्शेबामां चढ़ि गयो। अनि त्येसै दिन् राति यहुवेले त्येस्लाइ दर्शन् दिइ २४
भन्यो मं तेरो बाबु अब्राहाम्को ईश्वर् हुं. न डरा किनभन्ये मं तं सङ हुं
अनि तंलाइ आशीष् दिंकु अनि आफ्नु दास् अब्राहाम्को कारण्ले तेरो बंश
बढ़ाउंकु। अनि त्येस्ले त्यहां येउटा बेदि बनाइ यहुवेको नांउ लियो अनि २५
त्यहां आफ्नु पाल् टांग्यो. अनि त्यहां इस्हाक्का कमांराहरुले येउटा कूप्
खन्ये। तब अबीमेलेक् आफ्नु मित्र अहुज्जत् र आफ्नु सेनापति पीकोल्लाइ २६
साथ लिइ गरार् बाटो त्येस्कां गयो। अनि इस्हाक्ले तिनिहरुलाइ भन्यो २७
किन मं पांइ आयौ जब मं देखि दुश्मनी गर्इ हौ अनि मंलाइ आफ्नु
बीच् देखि निकालि दियौ। अनि तिनिहरुले भन्ये कुर्लङ्गै देख्यूं यहुवे २८
आफु सङ रहंद रछ. अनि भन्यूं हांमिहरुको बीचमां अर्थात् हांमिहरुको
र आफुको बीचमां किरिया खाईयोस् अनि हांमिहरुले आफु सित बाचा
बान्धूं जसोरि हांमिहरुले आफुलाइ छोयून अनि आफु सित खालि २९
भलाईनै मांत्रै गर्ये अनि आफुलाइ कुशलत्तेम् सित बिदा गर्यूं त्येइ अनुसार्
आफ्ले पनि हांमिहरु सित कोइ बुराई न गर्नु भन्ये. आफु ता अब
यहुवेको धन्यका हुंनु हुंद रछ। अनि त्येस्ले तिनिहरुको लागि भोज् लायो ३०
अनि तिनिहरुले खाये पीये। अनि बिहान सबारै उठेर तिनिहरुले आपस्तमां ३१
किरिया खाये. अनि इस्हाक्ले तिनिहरुलाइ बिदा गर्यो अनि तिनिहरु
कुशलत्तेम् सित त्येस्कांटो हिंड्ये। अनि त्येसै दिन् येसो भयो इस्हाक्का ३२
कमांराहरुले आयेर त्येस् आफैले खन्येको कूपको वृत्तान्त सुनाइ पानी
भेट्टायूं भन्ये। अनि त्येस्ले त्येको नांउ शिबा राख्यो येस्कारण् त्येस् सहरको ३३
नांउ आजु सम्म बेर्शेबा हो॥

[1] अर्थात् झगरा। [2] अर्थात् सतुरेई। [3] अर्थात् ठांउ।

३४ अनि जब एसाव् चालीस् बर्षको भयो तब येस्ले हित्ती बेरीकी छोरी
३५ यहूदीत् र हित्ती एलोन्‌की छोरी बाशमत्‌लाइ आफ्नी स्वास्नी तुल्यायो। अनि
यि स्त्रीहरु इसहाक् र रिबकाको मनको तीतेडैंको कारण् भइन् ॥

(याकूब्‌ले छल् सित आशीष् लिंनु)

२७१ अनि जब इसहाक् बूढो भयो अनि येस्का आंखा येस्तोरि
धमौलीयेका थिये येस्ले देख्नै सक्दैन थियो तब येसो भयो येस्ले आफ्नु जेठो
छोरो एसाव्‌लाइ बोलायेर येस्लाइ भन्यो ए मेरो छोरा . अनि येस्ले येस्लाइ
२ भन्यो यहां छु । तब येस्ले भन्यो हेर् मं ता बूढो भइ गयें अनि जान्दीन
३ मेरो मरण्‌को दिन् कैले होला । त अब लु आफ्ना हतियार् अर्थात् आफ्ना
४ धनु ठोक्को लियेर बन्‌मां गयेर मेरो लागि सिकार् मारि ले अनि मेरो
रुचाको स्वादीलो भोजन् बनायेर मं थांइ ले मं त्यो खांकु र मेरो मरण् भन्दा
५ पहिले मेरो प्राण्‌ले तंलाइ आशीष् देवस् । अनि इसहाक्‌ले एसाव् सित यि
कुरा गर्दा रिबकाले सुनि रह्येकी थिई । त एसाव् सिकार् मारि ल्याउंनुलाइ
६ बन्‌मां गयो । तब रिबकाले आफ्नु छोरो याकूब्‌लाइ भनी हेर् मैंले तेरो
७ बाबुले तेरो दाज्यु एसाव्‌लाइ येसो भन्दै गयेको सुन्यें मेरो लागि सिकार्
मारि ल्याएर येस्को स्वादीलो भोजन् बना र त्यो खायेर तंलाइ यहुवेको सांमु
८ आफ्नु मरण् भन्दा पहिले आशीष् दिउं भनि । त अब ए मेरो छोरा मेरो कुरो
९ सुन् अनि मं ज्ये आज्ञा दिंइ छु त्यो अनुसार् गर् । लु बगाल्‌मां गयेर त्यहां
बाटो बाख्राका दुवटा जाति जाति चइं पाठा लिइ आइज त मं तिनको
मांसुको तेरो बाबुको लागि तिनको रुचाको अनुसार् स्वादीलो भोजन्
१० पकाउंछु . अनि तैंले त्यो आफ्नु बाबुकां लैजा तिन्‌ले त्यो खाउन् र आफ्नु
११ मरण् भन्दा पहिले तंलाइ आशीष् दिउन् । तर याकूब्‌ले आफ्नी आंमा
रिबकालाइ भन्यो हेर मेरो दाज्यु एसाव् ता रुंछ भयेको मान्छे छ अनि मं
१२ चइं चिल्लो । कोनि कतै मेरो बाबुले मंलाइ छामला त मं तिनको लेखिमां
ठगहार् जस्तो लागुंला अनि आफु मांथि आशीष् होइन तर स्राप् पो ल्याउंला ।
१३ तर येस्की आंमाले येस्लाइ भनी ए मेरो छोरा तेरो स्राप् मैं मांथि परोस् .
१४ तैंले खालि मेरो कुरो मान् मांत्रै अनि गयेर ति थोक् मं थांइ ल्याइ दे । त
येस्ले गयेर ति आफ्नी आंमाकां ल्यायो . अनि येस्की आंमाले येस्को बाबुको
१५ रुचाको भोजन् बनाइ दिई । अनि रिबकाले आफ्नु जेठो छोरो एसाव्‌का
आफ्नां घरमां भयेका राम्रा राम्रा लुगा झिकि ल्यायेर आफ्नु कान्छो छोरो
१६ याकूब्‌लाइ लगाइ दिई . अनि बाख्राका पाठाहरुका छाला येस्का हातमां
१७ र येस्को चिल्लो घिउंमां बेहेरि दिई . अनि त्यो आफुले पकायेका
१८ स्वादीलो भोजन् र रोटी आफ्नु छोरो याकूब्‌को हातमां दिहाली । तब
येस्ले आफ्नु बाबुकां गयेर हे मेरा बाबै भन्यो . येसचइंले भन्यो यहां छु ए
१९ मेरो छोरा तं कुन् चइं होस् । अनि याकूब्‌ले आफ्नु बाबुलाइ भन्यो मं
तिम्रो जेठो छोरो एसाव् हुं जसो तिमिले मंलाइ भन्यैका थियो त्यसै गर्यें .

उठेपर बस अनि मेरो सिकारको मांसु खाउ र तिम्रो प्राणले मंलाइ आशीष्
देवस्। तर इसहाकले आफ्नु छोरोलाइ भन्यो ए मेरो छोरा येस्को के कारण २०
हो तैंले त्यो येति छिट्टो पाइ हालिस्। त्येस्ले उत्तर दियो येस्कारणले हो तिम्रो
ईश्वर यहुवेले त्यो मेरो सांमु पारि दियो। फेरि इसहाकले याकूबलाइ भन्यो २१
ए मेरो छोरा नजिक् आइज मं तंलाइ छाम्येर थाहा पाउं तं सांचिनै मेरो
छोरो एसाव् होस् कि होइनस्। तब याकूब् आफ्नु बाबु इसहाकको नजिक् २२
गयो अनि त्येस्ले त्येस्लाइ छाम्येर भन्यो सोर् ता याकूबको हो तर हात् चइं
ता एसावैका। अनि त्येस्ले त्येस्लाइ चिन्येन कसोगरिभन्ये त्येस्का हात् त्येस्को २३
दाजु एसावका हात् जस्ता रऊं भयेका थिये, त त्येस्ले त्येस्लाइ आशीष्
दियो। अनि त्येस्ले भन्यो के तं सांचै मेरो छोरो एसावनै होस्। अनि २४
त्येस्ले भन्यो अं मं हुं। तब त्येस्ले भन्यो त्यो मेरो कुंउ ले आफ्नु छोराको २५
सिकारको मांसु खांकु र मेरो प्राणले तंलाइ आशीष् देवस्। त त्येस्ले त्यो
त्येस्को कुंउ लग्यो अनि त्येस्ले खायो, अनि त्येस्ले त्येस्कां दाखरस् पनि लग्यो
अनि त्येस्ले पीयो। अनि त्येस्को बाबु इसहाकले त्येस्लाइ भन्यो ए मेरो छोरा २६
नजिक् आयेर मंलाइ चूमा खा। अनि त्येस्ले नजिक् गयेर त्येस्लाइ चूमा २७
खायो, अनि त्येस्ले त्येस्का लुगाको गन्ध पायेर त्येस्लाइ आशीष् दिइ भन्यो

हेर मेरो छोराको बास्ना
यहुवेले आशीष् दियेको खेतको बास्ना जस्तो छ,
अनि ईश्वरले तंलाइ अकाशको शीतमांको देवस् २८
अनि पृथिवीको सुरसीलेईंमांको
अनि धेरै धेरै अन्न र दाखरस्,
लोगहरु तेरा दास् होउन् २९
अनि देस् देसका लोगले तंलाइ दण्डवत् गरुन्,
आफ्ना भाईहरु मांथि प्रभुतेईं गर्येस्
अनि तेरी आंमाका छोराहरुले तंलाइ दण्डवत् गरुन्,
तंलाइ स्राप्नेहरु सबै स्रापित् होउन्
अनि तंलाइ आशीष् दिनेहरु सबैले आशीष् पाउन्।

अनि येसो भयो इसहाकले याकूबलाइ आशीष् दिइ सकनु बित्तिकै र याकूब ३०
चइं आफ्नु बाबु इसहाकको सांमु देखि निकलि जांनु बित्तिकै त्येस्को दाजु
एसाव् सिकार लियेर आइ पुगि हाल्यो। अनि त्येस्ले पनि स्वादीलो भोजन् ३१
पकायेर आफ्नु बाबुकां ल्यायो अनि आफ्नु बाबुलाइ भन्यो मेरा बाबुले
उठेपर आफ्नु छोरोको सिकारको मांसु खाउन् र तिम्रो प्राणले मंलाइ
आशीष् देवस्। अनि त्येस्को बाबु इसहाकले त्येस्लाइ भन्यो तं कुन् चइं होस्। ३२
अनि त्येस्ले भन्यो मं तिम्रो छोरो तिम्रो जेठो एसाव् हुं। अनि इसहाकले ३३
अघोर थरथर काम्दै भन्यो उसो भये ता त्यो को थियो जस्ले सिकार मांरि
मं थांइ ल्यायो अनि मैले तं आउंनु भन्दा पहिले सब थोक् खाइ हाले अनि
त्येस्लाइ आशीष् दिइ सकें अं अनि त्येस्लाइ आशीष् प्राप्त रहि रहंछ पनि।

३४ आफ्नु बाबुको यो कुरो सुन्नु बित्तिकै एसाव्ले ओधि बड़ो र नीतो चिच्याईले
चिच्याइकन आफ्नु बाबुलाइ भन्यो हे मेरा बाबै मलाइ अं मैलाइ पनि
३५ आशीष् देउ । अनि त्येस्ले भन्यो तेरो भाईले ठगेईं सित आइकन तेरो आशीष्
३६ लियेर गइ गयेक्र । अनि त्येस्ले भन्यो को त्येस्को नांउ ठीक् याकूब् राखीयेन
किनभन्ये त्येस्ले यि दुवै खेप् मेरो ठांउ ठगि लियो . मेरो जेठाधिकार्
लिहाल्यैकै थियो अनि अब हेर मेरो आशीष् पनि लियेर गइ गये क्र । अनि
त्येस्ले भन्यो को तिमिले मेरो लागि कोई आशीष् राखि क्रोड़ेका क्रौन ।
३७ अनि इस्हाक्ले एसाव्लाइ उत्तर् दिइ भन्यो हेर् त्येस्लाइ तेरो प्रभु बनायें
अनि त्येस्का सबै भाईहरुलाइ त्येस्का दास् पारि दियें अनि अन्न र दाख्रस्ले
३८ त्येस्लाइ सम्माल्यें त अब ए मेरो क्रोरा तंचइंको लागि को गरुं । अनि एसाव्ले
आफ्नु बाबुलाइ भन्यो हे मेरा बाबै को तिम्रा एक्रैवटा मांत्रै आशीष् क्र हे
मेरा बाबै मलाइ अं मैलाइ पनि आशीष् देउ । तब एसाव् आफ्नु शब्द
३९ उचालि रोयो । तब त्येस्को बाबु इस्हाक्ले त्येस्लाइ उत्तर् दिइ भन्यो

हेर् तेरो बास् पृथिवीको सुरमीलेईंमांको हुंक्र
अनि मांथि बाटो अकाशको शीतमांको
४० अनि तं आफ्नु तरवार्को बल्ले जीउंक्रस्
अनि आफ्नु भाईको दास् हुंक्रस्
अनि तं नुहि जांदा येसो हुंक्र
त्येस्को जूवा आफ्नु कांध् देखि हल्लाइ फ्यांक्रक्रस् ।

४१ अनि एसाव्ले याकूब् देखि त्येस् त्येस्को बाबुले त्येस्लाइ दियेको आशीष्को
कारणले दुश्मनी राख्यो . अनि एसाव्ले आफ्नु मनमां भन्यो मेरो बाबुको
४२ मृतसंस्कारका दिन नजिक् क्रन् तब मं आफ्नु भाई याकूब्लाइ मार्क्रं । त
त्येस्को जेठो क्रोरोका यि कुरा रिब्कालाइ प्रगट् गरीये तब त्येस्ले आफ्नु
कान्क्रो क्रोरो याकूब्लाइ बोलाइ पठायेर त्येस्लाइ भनी हेर् तेरो दाज्यु
४३ एसाव्ले तंलाइ मार्ने बिचार् गरि मन् पाम्दै क्र । त अब ए मेरो क्रोरा मेरा
४४ कुरा मानि उठेर मेरो दाज्यु लाबानकां हारानमां भागि जा अनि
अलिक् दिन सम्म अर्थात् तेरो दाज्युको बल्दो रिस् न हराउंज्याल् सम्म
४५ तिनैकां रह् अं तेरो दाज्युको क्रोध् तं देखि न फर्कुंज्याले सम्म अनि
त्येस्ले तेंले त्यो सित गर्येको काम् न बिर्सुंज्याल् सम्म . त्यसपछि मं तंलाइ वहां
बाटो बोलाइ पठाउंला . मं किन एक्रै दिनमां तिमि दुवैलाइ खोसाइ मांगुं ॥

४६ अनि रिब्काले इस्हाक्लाइ भनी हेतब्रंशी केटीहरुको कारणले मं
आफ्नु जीउंनी देखि घिनाउंद क्रु . येस्ती हेतब्रंशी केटीहरुमांकी जो येस्
देस्की केटीहरु क्रन् येउटीलाइ याकूब्ले ल्यायो भन्ये देखि ता मलाइ
२८ १ जीयेकोले को नाफा हुंक्र । तब इस्हाक्ले याकूब्लाइ बोलायेर
आशीर्बाद् दियेर त्येस्लाइ अह्राइ भन्यो तेंले कनानी केटीहरुमांकी कसैलाइ
२ आफ्नी स्वास्नी न तुल्यायेस् । उठेर पद्नराममां आफ्नु बाज्ये बतूएल्को
घरमां गयेर वहां बाटो आफ्नु मामा लाबानकी क्रोरीहरुमांकी येउटीलाइ

ब्याहा गरि ले। अनि सर्वशक्तिमान् ईश्वरले तंलाइ आशीष् देवस् अनि ३
फलवन्त गरि बढ़ावस् तं लोगहरुको मंडली बनौंनुलाइ अनि तंलाइ ४
अर्थात् तंलाइ अनि तं सङ तेरो बंशलाइ अब्राहाम्को आशीष् देवस् र येस् तं
प्रवासी भइ रह्येको देस्को जो ईश्वरले अब्राहाम्लाइ दियो अधिकारी हो।
त इस्हाक्ले याकुब्लाइ बिदा गऱ्यो. अनि त्यो पद्दनराम्मां अरम्मी ५
बतूएल्को क्रोरो लाबान् थांइ हिंड़्यो जो याकूब् र एसाव्की आंमा रिब्काको
दाजु थियो। अब एसाव्ले यो थाहा पायो कि भन्ये इस्हाक्ले याकूब्लाइ ६
आशीष् दिइ पद्दनराम्मां त्येस्ले उहीं बाटो स्वास्नी ल्याउंनुलाइ पठायेको
अनि त्येस्लाइ आशीष् दिंदा त्येस्लाइ कनानी केटीहरुमांकी कसैलाइ आफ्नो
स्वास्नी न तुल्यायेस् भनि अज्ञायेको अनि याकूब् आफ्ना आंमा ७
बाबुको आज्ञा मानि पद्दनराम्मां गयेको रछ भनि. त एसाव्ले कनानी ८
केटीहरु मेरो बाबु इस्हाक्लाइ नजाति लाग्द राछन् भनि थाहा पायो
त इश्माएल्कां गयेर अब्राहाम्को क्रोरो इश्माएल्की क्रोरी महलत्लाइ जो ९
नबायोत्की बैंनी थिई स्वास्नी गरि आफ्नी स्वास्नीहरुको खाल्मां मिसायो॥

त याकूब् बेर्शेबा बाटो निकल्येर हारान् तिर गयो। अनि एका ठांउमां १०
पुग्येर त्येस्ले त्यहां रात् बितायो किनभन्ये सूर्ज अस्ताइ हाल्येको थियो त ११
त्येस्ले त्येस् ठांउका ढुंगाहरुमांको येउटा ल्याएर आफ्नु सिरानि तुल्यायो
अनि त्येस् ठांउमां सुति गयो। अनि त्येस्ले सपना देख्यो त हेर येउटा भऱ्याङ् १२
पृथिवीमां ठड़ीयेको रछ अनि त्येको थाप्नि चइं स्वर्ग सम्म पुग्येको रछ.
अनि हेर ईश्वरका दूतहरु त्यो मांथि चढ़्द र ओह्लंद राछन्। अनि हेर १३
यहवेले त्यो मास्तिर देखि उभीइ भन्द रछ मं तेरो पिता अब्राहाम्को
ईश्वर अनि इस्हाक्को ईश्वर यहवे हुं. तं पस्वीइ रह्येको देस् मं तंलाइ र
तेरो बंशलाइ दिंछु अनि तेरो बंश भूंइको धूलो सरि हुंछ अनि तं १४
पच्छिउं पूर्व उत्तर र दक्खिन् तिर फैलि जांछस्. अनि तंमां र तेरो बंशमां
पृथिवीका सबै कुलले आशीष् पाउंछन्। अनि हेर मं चइं तं सङ छु अनि १५
तं जहांसुकै गये पनि तेरो रक्षे गर्छु अनि तंलाइ फेरि येस् देसमां फर्काइ
ल्याउंछु कसोगरिभन्ये मं आफैले तंलाइ कह्येको अनुसार पूरो न गरंज्याल् सम्म
तंलाइ छोड़्दीन। तब याकूब् नींद् देखि बिउंझि उठ्यो अनि भन्यो अवस्से १६
येस् ठांउमां यहवे रछ अनि मं यो जान्दैन थियें। त त्येस्ले डराएर भन्यो १७
यो कि डरलाग्दो ठांउ रछ यो ईश्वरको घर् छोड़ि अरु कोइ छोइन अनि
यो स्वर्गको ढोकै हो। अनि बिहान याकूब्ले सबारै उठेर त्यो आफ्नु १८
सिरानि तुल्यायेको ढुंगो लियेर त्यो मुड़्का गरि ठड़ायेर त्येस्को थाप्नोमां तेल्
खन्याइ दियो। अनि त्येस् ठांउको नांउ त्येस्ले बेतेल्[1] राख्यो. तर सहरको १९
नांउ पहिले ता लूज् थियो। अनि याकूब्ले येसो भनिकन भाकल् गऱ्यो २०
ईश्वर मं सङ रह्यो अनि मेरो येस् बाटोहिंड़ाईमां मेरो रक्षे गऱ्यो भन्ये अनि

[1] अर्थात् ईश्वरको घर।

२१ मंलाइ खांनुको लागि रोटी र लाउंनुको लागि लुगा दियो अनि मं
येस्तोरि आफ्नु बाबुको घरमां कुशलत्तेम् सित फर्कि आयें भन्ये देखि
२२ ता यहवे मेरो ईश्वर् हुंछ अनि यो मैंले ठड्याएको सुङ्का ढुंगो
ईश्वरको घर् हुंछ. अनि तपांइले मंलाइ जति दिंनु होला त्येस्को दसौं
हिस्सा मं तपांइलाइ अवस्से दिंने गर्छु ॥

(याकूबको ब्याहा)

२९ १ तब याकूब् आफ्नु बाटो लाग्यो अनि पूर्वबासीहरुको देसमां
२ आयो। अनि हेर्यो त हेर बनमां येउटा कूप् रछ अनि हेर त्येस्को छेउमां
भेंड़ाबाख्राका तीन् बगाल् खर्कि राका राछन् किनभन्ये त्येइ कूप् देखि
बगाल्लाइ पानी खुवाईंथ्यो. अनि कूपको मुख् ठाकीयेको ढुंगो ठुलो
३ थियो। अनि सब्बै बगाल् त्यहां भेला हुंथ्ये. अनि ढुंगो कूपको मुख् बाटो
पल्टाइ दियेर भेंड़ाबाख्राहरुलाइ खुवाइ सक्येर फेरि ढुंगो कूपको मुखैमां
४ जस्तोको तस्तो पारि दिंथ्ये। अनि याकूबले तिनिहरुलाइ हे मेरा भाईहरु हो
५ कहांकाहरु हौ भन्यो। अनि तिनिहरुले भन्ये हारानकाहरु हौं। तब
त्येस्ले तिनिहरुलाइ भन्यो को नाहोरको छोरो लाबानलाइ चिन्द छौ।
६ अनि तिनिहरुले भन्ये चिन्द छौं। फेरि त्येस्ले तिनिहरुलाइ भन्यो को त्यो
कुशल् छ। अनि तिनिहरुले भन्ये कुशलै छ. अनि हेर त्येस्को छोरी राहेल्
७ भेंड़ाबाख्राहरु लियेर हिंड़ि आउंदै छ। तब त्येस्ले भन्यो हेर ऐले ता दिन्
धेरै छ बगालको भेला हुने बेला भयेको छैन. त भेंड़ाबाख्राहरुलाइ पानी
८ खुवायेर लग्येर चराव। अनि तिनिहरुले भन्ये येसो गर्नु सक्दौंन तर जब
सब्बै बगाल् भेला हुंछन् तब ढुंगो कूपको मुख् बाटो पल्टाइ दियेर
९ भेंड़ाबाख्राहरुलाइ खुवाउंछौं। त्येस्ले तिनिहरुलाइ येसो भन्दैनै थियो राहेल्
आफ्नु बाबुका भेंड़ाबाख्रा लियेर आइ पुगी कसोगि भन्ये त्येस्ले ति चराउंद
१० थिई। अनि येसो भयो जसै याकूबले आफ्नु मामा लाबानको छोरी
राहेल्लाइ र आफ्नु मामा लाबानका भेंड़ाबाख्राहरु देख्यो तब याकूबले
नजिक् गयेर ढुंगो कूपको मुख् बाटो पल्टाइ दियेर आफ्नु मामा लाबानका
११ भेंड़ाबाख्राहरुलाइ पानी खुवाइ दियो। तब याकूबले राहेल्लाइ चूमा खायो
१२ अनि शब्द उचालि रोयो। फेरि याकूबले राहेल्लाइ कहि दियो मं तेरो
१३ बाबुको भाई हुं अनि रिब्काको छोरो हुं. त त्येस्ले दुगुरि गयेर आफ्नु
बाबुलाइ भनि दिई। अनि येसो भयो जसै लाबानले आफ्नु भांनिज्
याकूबको समाचार् पायो तब त्येस्लाइ भेट्नुलाइ दुगुर्यो अनि त्येस्लाइ अङ्गालो
१४ मांग्येर चूमा खायो अनि आफ्नु घरमां ल्यायो। त त्येस्ले लाबानलाइ ति सब
कुरा भनि दियो। तब लाबानले त्येस्लाइ भन्यो सांचिनै तिमि मेरो हाड् र
१५ मांसु हौ। अनि त्यो त्येस्कां महीना दिन् रह्यो। तब लाबानले याकूबलाइ
भन्यो को तिमि मेरो हाड् हौ भन्येर मेरो चाकरी सित्तैमां गरि दिंनु
१६ उचित् छ त भन मं तिमिलाइ को दर्माहा दिउं। अनि लाबानको दुइ छेंनी

क्रोरीहरु थिइन्. जेठीचइंको नांउ लेआ अनि कान्छीचइंको नांउ राहेल् थियो। लेआचइंका ता आंखा रतङ्गे लाग्येका थिये तर राहेल् सुरूपवन्ती १७
र सुन्दरी थिई। अनि याकूबले राहेल् सित पिर्ति राख्द थियो त येस्ले १८
भन्यो मं आफुको कान्छी क्रोरी राहेलको लागि सात् वर्ष सम्म आफुको
चाकरी गर्छु। अनि लाबानले भन्यो येस्लाइ पराय् पुरुषलाइ दिये चइं ता १९
तिमिलाइनै दिंनु जाति हुंछ. मेरां बस। त याकूबले राहेलको लागि २०
सात् वर्ष सम्म चाकरी गर्यो अनि येस्ले त्यो सित राख्येको येस् पिर्तिको
कारणले येस्लाइ ति थोरै दिन् जस्तो लाग्ये। तब याकूबले लाबानलाइ २१
भन्यो मेरो केटी मंलाइ दिंनु हवस् किनभन्ये मेरो समय् पूरो भयो मं
येस्कां जांकु भनि। त लाबानले येस् ठांउका सबै मान्छेहरुलाइ भेला गराएर २२
भोज् लायो। अनि बेलुका येसो भयो येस्ले आफ्नी क्रोरी लेआलाइ त्यो २३
थांइ लगि दियो अनि त्यो येस्कां गयो। अनि लाबानले आफ्नी क्रोरी २४
लेआलाइ आफ्नी दासी जिल्पा येस्की दासी हुंनुलाइ दियो। अनि बिहान २५
येसो भयो हेर लेआ पो रछ. तब येस्ले लाबानलाइ भन्यो यो आफुले मं
सित को गर्नु भयो को मैंले आफुकां बसि आफुको चाकरी राहेलचइंको
लागि गर्येको हुइंन त आफुले मं सित किन छल् गर्नु भयो। तर लाबानले २६
भन्यो हांमिहरुकां जेठीको भन्दा पहिले कान्छीको ब्याहा गरि दिंनु येस्तो
रीत् छैन। अब येस्को साता पूरो गर त येस् अर्कीलाइ पनि जुन् चाकरी २७
तिमिले मेरां बसि अरु सात् वर्ष गरौला त्येस्को साटोमां पाउंकौ। तब २८
याकूबले येसैनै गर्यो अनि त्येस्को साता पूरो गर्यो. अनि येस्ले आफ्नी क्रोरी
राहेललाइ येस्लाइ दियो त्यो त्येस्की स्वासी हुंनुलाइ। अनि लाबानले २९
आफ्नी क्रोरी राहेललाइ आफ्नी दासी बिल्हा येस्की दासी हुंनुलाइ दियो।
तब याकूब राहेलकां पनि गयो अनि लेआ सित भन्दा बसि पिर्ति त्यो सित ३०
गर्यो अनि लाबानकां बसि अरु सात् वर्ष सम्म त्येस्को चाकरी गर्यो॥

जसै यहूवेले लेआ अप्रिया भयेकी देख्यो तब उस्ले त्येस्को चइं गर्भ ३१
खोलि दियो. तर राहेल् बांझी रही। त लेआ गर्भिणी भई अनि येउटा
क्रोरो जन्माई अनि त्येस्को नांउ येसो भन्येर रूबेन्[1] राखी निस्से यहूवेले
मेरो कष्ट देख्यो कसोगरिभन्ये अब मेरा खसमले मं सित पिर्ति गर्नन्। अनि ३३
येस्ले फेरि गर्भिणी भयेर येउटा क्रोरो जन्माई अनि भनी यहूवेले सुन्यो मं
अप्रिया कु भनि येस्कारण उस्ले मंलाइ यो क्रोरो पनि दियो. त त्येस्को नांउ
शिमोन्[2] राखी। अनि फेरि त्येस्ले गर्भिणी भयेर येउटा क्रोरो जन्माई अनि ३४
भनी येस् खेप् ता मेरा खसमको मन् मं सित गांसौंछ किनभन्ये मैंले तिनको
लागि तीन् भाई क्रोराहरु जन्मायें. येस्कारण् त्येस्को नांउ लेवी[3] राखी।
अनि फेरि त्येस्ले गर्भिणी भयेर क्रोरो जन्माई अनि भनी येस् खेप् ता यहूवेको ३५
स्तुति गर्छु. येस्कारण् त्येस्को नांउ यहूदा[4] राखी. तब त्येस्ले जन्माउंनु छोड्यो॥

---

[1] अर्थात् हेर क्रोरो। [2] अर्थात् सुन्। [3] अर्थात् गांसौंनु। [4] अर्थात् स्तुति।

३०१ अनि जब राहेल्ले याकूबको लागि मं देखि सन्तान् भयेन भनि
देखी तब त्येस्ले आफ्नी दिदी देखि डाहा गरी अनि याकूबलाइ भनी
२ मंलाइ सन्तान् देउ होइन भन्ये ता मं मर्कु। तब याकूबले राहेल् देखि
रिसायेर भन्यो के मं ईश्वरको ठांउमां कु जस्ले तं देखि कोखको फल् थुनि
३ राख्येको कु। अनि त्येस्ले भनी मेरी दासी बिल्हालाइ हेर त्येस्कां जाउ त्येस्ले
मेरा घुंड़ामां जन्माउली त येसोरि त्येस्को बाटोले मेरा पनि सन्तान् उभीउन्।
४ त त्येस्ले त्येस्लाइ आफ्नी दासी बिल्हालाइ दिई त्यो त्येस्की स्वास्नी हुंनुलाइ
५ अनि याकूब् त्येस्कां गयो। तब बिल्हाले गर्भिणी भइ याकूबको लागि
६ येउटा क्रोरो जन्माई। तब राहेलले भनी ईश्वरले मेरो बिचार् गर्‌यो अनि
मेरो शब्द सुनिकन पनि मंलाइ येउटा क्रोरो दियो, येस्कारण् त्येस्ले त्येस्को
७ नांउ दान्[१] राखी। अनि राहेलकी दासी बिल्हाले फेरि गर्भिणी भइ
८ याकूबको लागि अरु येउटा क्रोरो जन्माई। तब राहेलले भनी अग्घोरका
लाकपाकले आफ्नी दिदी सित लाकपाक् खेल्यें अनि जीत्यें, त त्येस्ले त्येस्को
९ नांउ नप्ताली[२] राखी। जब लेआले मैले जन्माउंनु क्रोड़ेर भनि देखी तब
त्येस्ले आफ्नी दासी जिल्पालाइ ल्यायेर याकूबलाइ दिई त्यो त्येस्की
१० स्वास्नी हुंनुलाइ। अनि लेआकी दासी जिल्पाले याकूबको लागि येउटा
११ क्रोरो जन्माई। तब लेआले भनी भाग्येमानि भयो, त त्येस्ले त्येस्को नांउ
१२ गाद्[३] राखी। फेरि लेआकी दासी जिल्पाले याकूबको लागि अरु येउटा क्रोरो
१३ जन्माई। तब लेआले भनी धन्नकी हुं किनभन्ये सन्तानले मंलाइ धन्नकी
१४ भन्कन्, त त्येस्ले त्येस्को नांउ आशेर[४] राखी। फेरि गहूंकटाईका दिनमां
रूबेनले बनमां गयेर दूदा भनींने फल् पाइ ल्यायो अनि ति आफ्नी आंमा
लेआकां लग्यो। तब राहेलले लेआलाइ भनी कृपा गरि आफनु क्रोरोका दूदा
१५ भनींने फलमांको मंलाइ देउ। तर त्येस्ले त्येस्लाइ भनी तैंले मेरा खसमलाइ
लिहालिस् के यो सांनु कुरो हो अनि के मेरो क्रोरोका दूदा भनींने फल् पनि
लिंनु खोज्केस्। तब राहेलले भनी येस्कारण् तिम्रो क्रोरोका दूदा भनींने फलको
१६ साटो तिनि आजु राति तिमि सित सुतून्। बेलुका जब याकूब् बन बाटो
आउंदै थियो तब लेआ त्यो सित भेट् गर्नुलाइ निक्ली अनि त्येस्लाइ भनी
मेरांने आउ किनभन्ये मैले सांचि सांचि तिमिलाइ आफनु क्रोरोका दूदा भनींने
१७ फल् दिइ बंनि लगायें। त त्यो त्येस् रात् त्येसैकां सुत्यो। तब ईश्वरले लेआको
१८ सुन्यो त त्येस्ले गर्भिणी भइ याकूबको लागि पांचौं क्रोरो जन्माई। तब
लेआले भनी मैले आफना खसमलाइ आफनी दासी दियें त त्येस्को साटो
ईश्वरले मंलाइ मेरो बंनि दियो, त त्येस्ले त्येस्को नांउ इस्साकार[५] राखी।
१९ लेआले फेरि गर्भिणी भइ याकूबको लागि छैठो क्रोरो जन्माई। तब लेआले

---

[१] अर्थात् बिचार्। [२] अर्थात् ईश्वरका लाकपाक्। [३] अर्थात् भाग्येमान्।
[४] अर्थात् धन्न। [५] अर्थात् बंनि।

भनी ईश्वरले मंलाइ जाति दाइजो दियो अब ता मेरा खसम् मं सित रहि
रहंकन् किनभन्ये मैले तिनको लागि क भाई क्रोरा जन्मायें. त त्येस्ले त्येस्को
नांउ जबूलून्[१] राखी। अनि येसपछि त्येस्ले येउटी क्रोरी जन्माई अनि त्येस्को २१
नांउ दीना राखी। तब ईश्वरले राहेललाइ सम्झ्यो अनि ईश्वरले त्येस्को २२
सुन्यो अनि त्येस्को कोख् खोलि दियो। त त्येस्ले गर्भिणी भइ क्रोरो जन्माई. २३
अनि भनी ईश्वरले मेरो निन्दा उठाइ दियो. अनि त्येस्ले त्येस्को नांउ २४
यूसुफ्[२] राखी यहवेले मंलाइ अरु पनि क्रोरो देवस् भनिकन ॥

जब राहेलले यूसुफलाइ जन्माई तब येसो भयो याकूबले लाबानलाइ २५
भन्यो मंलाइ बिदा गरि दिनु हवस् र आफनु ठांउ र देसमां जाउं। मेरी २६
स्वास्नीहरु र मेरा नानीहरु जुनहरुको लागि आफुको चाकरी गर्यें मंलाइ
दिएर जांनु दिनु हवस्. किनभन्ये जान्नु हुंद क आफुको कस्तो चाकरी गर्यें।
तर लाबानले त्येस्लाइ भन्यो मं मांगि तिम्रो अनुग्रह् भयो भन्ये रहि २७
जाउ. किनभन्ये चिन्ने पायें यहवेले तिम्रो कारणले मंलाइ आशीष् दियो
भन्ये। फेरि त्येस्ले भन्यो अब मंलाइ ठीक् ठीक् भन मैले तिमिलाइ को बंनि २८
दिनु पर्छ भनि त त्यो दिंछु। त्येस्ले त्येस्लाइ भन्यो जान्नु हुंद क आफुको कस्तो २९
चाकरी गर्यें अनि आफुका बगालहरु मेरां कसोगरि रह्ये। कसोगरिभन्ये मं ३०
आउंनु भन्दा पहिले आफुकां थोरै मांत्रै थियो अनि अब ता त्यो बढेर
बगालै भइ गयो अनि यहवेले मं जतासुकै फर्कंदा आफुलाइ आशीष् दियो.
अनि अब मं आफनै घरको लागि पनि कैले बन्दबस्त गर्नु पाउंला। त्येस्ले ३१
भन्यो तिमिलाइ को दिउं। अनि याकूबले भन्यो आफुले मंलाइ केइ न
दिनु हवस्. तर आफुले मेरो लागि येइ ता गर्नु भयो भन्ये फेरि आफुको
बगाल चराइ रक्षे गर्छु आजु आफुको गैरु बगालको बीच् देखि क्रिरि ३२
गइ त्यो देखि सब्बै क्रिर्का र पेटारे पत्येकोलाइ अनि भेंड़ाहरुमांको सब्बै कालो
पत्येकोलाइ अनि बाख्राहरुमांका पेटारे र क्रिर्का पत्येकाहरुलाइ कुटगाउंछु.
अनि येस्तैहरु ता मेरो बंनि हुंछन्। येस् अनुसार ता मेरो धर्म्मले पक्कि पक्कि ३३
जब आफु मेरो आफुको सांमु देखायेको बंनिको बिषयमां आउंनु होला तब
मेरो लागि उत्तर दिंछ. बाख्राहरुमांको सब्बै क्रिर्का कि पेटारे न पत्येको
अनि भेंड़ाहरुमांको सब्बै कालो न पत्येको मेरां पाईयो भन्ये चोर्येकै गनींछ।
तब लाबानले भन्यो हेर तिमिले भन्येको जस्तो भये ता जाति हुंण्यो। अनि ३४
त्येस्ले त्येसै दिन् सब्बै धर्काधर्की र पेटारे पत्येका बोका र सब्बै क्रिर्का र ३५
पेटारे पत्येकी बाख्री अर्थात् जातिमां केइ पनि सेतो सेतो पत्येको थियो
तिनलाइ र सब्बै काला काला भेंड़ा भेंड़ौहरुलाइ कुटगायेर त्येस्का क्रोराहरुका
हातमां सुम्पि दियो अनि आफुनु र याकूबको बीचमां तीन् दिनको बाटोको ३६
अन्तर पार्यो. अनि याकूबले लाबानका शेष् रह्येका चड़ं भेंड़ाबाख्राहरु
चराउंनु लाग्यो। अनि याकूबले ताजा चिनार् र बादाम् र कटुजका रुखका ३७

[१] अर्थात् रह्यो। [२] अर्थात् अब दिनु।

लउरा लियेर तिनमां सेता धर्का ताक्कि ताक्कि लउरामां भयेको सेतो सेतो
३८ देखाहा पर्नु लायो। अनि त्येस्ले आफुले ताक्नेका ति लउराहरु भेंड़ाबाख्राहरुको
सांमु सांमु भेंड़ाबाख्राले पानी खांने डोंड़मां कुलो कुलोमां गरि उभ्याइ
३९ दियो अनि तिनिहरु पानी खांनु आउंदा गाभींने हुंण्यिन्। त भेंड़ाबाख्रा
लउराहरुको सांमु गाभींने भइ गइन् अनि धर्काधर्की र क्रिकाक्रिकी र
४० पेटारे पर्यका पाठापाठी ब्रिहाइन्। अनि याकूबले पाठापाठी अलग् अलग्
गर्यो अनि भेंड़ाबाख्राका मुख् लाबानको बगाल्मांका धर्काधर्की र सब्
काला काला पर्यकाहरु तिर फर्काइ दियो अनि त्येस्ले आफ्ना आफ्ना चइं
४१ बगाल् अलग् राख्यो अनि लाबान्का भेंड़ाबाख्रामां मिसींनु दियेन। अनि
येसो भयो जब जब भेंड़ाबाख्रामांकी बल्लिया बल्लियाहरु गाभींने हुंण्यिन्
तब याकूबले ति लउराहरु कुलो कुलोमां भेंड़ाबाख्राको सांमु राखि दिंण्यो
४२ लउराको सांमु गाभींने होउन् भन्येर तर जब जब दुब्लीदाब्लीहरु
हुंण्यिन् तब राख्दैन थियो. येसोरि दुब्लादाब्लाहरु लाबान्का भये अनि
४३ बल्लिया बल्लियाहरु चइं याकूबका। त त्यो पुरुष् अरघोर् बढ्दै बढ्दै गयो
अनि त्येस्का धेरै भेंड़ाबाख्रा कमांरी कमांरा ऊंट् गदाहा भये॥

(याकूब्को हारान् देखि भागिजवाई)

३१ १ तब त्येस्ले लाबान्का छोराहरुले येसो भन्येका कुरा सुन्यो याकूबले
हांम्रा बाबुका सबै थोक् खोस्यो अनि हांम्रा बाबुको जो धन् थियो त्येइ
२ देखि आफ्नु यो सबै महिमा तुल्यायो भन्ये। अनि याकूबले लाबान्को
३ मोंहोड़ा देख्यो त हेर त्यो अगाड़ि जस्तो त्यो तिर दैनछ। तब यहुवेले
याकूबलाइ भन्यो आफ्ना पित्रहरुको देस् र आफ्ना कुटुम्बहरुमां फर्कि जा
४ मं चइं तं सङ रहंकु। त याकूबले राहेल् र लेआलाइ बनैमां आफ्ना
५ भेंड़ाबाख्राहरु भयेठांउमां बोलाइ पठायेर तिनलाइ भन्यो तिमिहरुको
बाबुको मोंहोड़ा देख्दः कु त्यो अगाड़ि जस्तो मं तिर दैन तर मेरो बाबुको
६ ईश्वर मं सङ रह्येको छ। अनि याहा पाउंछउ मैले तिमिहरुको बाबुको
७ चाकरी सक्दोभर् ता गर्यं। अनि तिमिहरुको बाबुले मं सित छल् गरि
गरिकन दस् खेप् मेरो इमांहा फेरि दियो तर ईश्वरले तिनलाइ मेरो हानि
८ गर्नु दियेन। जब तिन्ले क्रिकाक्रिकी पर्यका चइं तिम्रो बंनि हुंकन् भन्ये
तब सबै भेंड़ीबाख्रीले क्रिकाक्रिकी पर्यकाहरु ब्रिहाइन्. अनि जब तिन्ले
धर्काधर्की पर्यका चइं तिम्रो बंनि हुंकन् भन्ये तब सबै भेंड़ीबाख्रीले
९ धर्काधर्की पर्यकाहरुने ब्रिहाइन्। येसै गरिकन ईश्वरले तिमिहरुको बाबुको
१० बगाल् खोसि खोसिकन मंलाइने दियो। अनि येसो भयो भेंड़ीबाख्री गाभींने
हुंने बेलामां मैले आफ्ना आंखा उचालि सपनामां चेयेर को देख्यं भन्ये
बाख्रीहरु मांथि उकलंने बोकाहरु सबै धर्काधर्की र क्रिकाक्रिकी र
११ तिल्चाम्ले पर्यकाहरु मांत्रै राकन्। अनि ईश्वरको दूतले सपनामां मंलाइ ए
१२ याकूब् भन्यो. तब मैले भन्यं यहां कु। अनि उस्ले भन्यो आफ्ना आंखा

उचाल्येर बाख्रीहरु मांथि उक्लंने सब्बै बोकाहरुलाइ हेर् तिनिहरु
धर्काधर्की र क्किर्काक्किर्की र तिल्चाल्ने पर्येकाहरु मांत्रै कुन्. किनभन्ये
लाबान्ले तं सित ज्ये ज्ये गर्द कु सब्बै मैंले देख्यें। मं त्येस् बेतेल्को १३
ईश्वर् हुं जहां तैंले मुड्का मांथि तेल् खन्यायेको थिइस् जहां तैंले मेरो
लागि भाकल् गर्येको थिइस्. अब उठ् र यो देस् देखि निकल्येर आफ्नु
जन्मदेसमां फर्कि जा। तब राहेल् र लेआले त्येस्लाइ उत्तर् दिइ भनिन् को १४
त अब हांमिहरुको बाबुको घर्मां हांमिहरुको कोइ भाग् कि अधिकार्
रह्येको कु. को तिन्को लेखिमां पराय्को गनींदौंन कसोगरिभन्ये तिन्ले १५
हांमिहरुलाइ बेचि हाल्ये अनि हांमिहरुको रुपिया खांट्टै खाइ हाल्ये
पनि। कसोगरिभन्ये ईश्वर्ले हांम्रो बाबुको धन् जति खोस्येको कु त्यो १६
हांमिहरुको र हांमिहरुका बाल्बच्चैको हो. त अब ज्ये ज्ये ईश्वर्ले
तिमिलाइ भन्येको कु त्यो गर। तब याकूब्ले उठेर आफ्ना बाल्बच्चाहरु र १७
स्वास्नीहरुलाइ ऊंट्हरु मांथि चढायो अनि त्येस्ले आफ्ना सब्बै बगाल्हरु र १८
जत्ति धन् त्येस्ले बटुल्येको थियो अर्थात् जत्ति बगाल्हरु त्येस्ले हात् लगाइ
पद्दनराम्मां बटुल्येको थियो सब्बै साथ लियेर कनान् देस्मां आफ्नु बाबु
इस्हाक्कां जांनुलाइ। अब लाबान् आफ्ना भेंड़ाबाख्राका ऊण् कत्रंनुलाइ १९
गयेको थियो. त राहेल्ले आफ्नु बाबुका घर्देव्हरु चोरि लगी। येसोरिकन २०
याकूब् अरम्मी लाबान्कांटो लुकि लुकिकन गइ गयो अर्थात् त्येस्ले मं भागि
जांद कु भनि भन्येन। त त्यो आफ्ना सब्बै थोक् लियेर भागि गयो अनि २१
उठेर महानदी तरि गयो अनि आफ्नु मुख् गिलाद् पहाड़् तिर फर्कायो॥

अनि तीस्त्रो दिनमां लाबान्लाइ खबर् भयो याकूब् भागि गये कु २२
भन्ये। त त्येस्ले आफ्ना भाईहरुलाइ साथ लियेर त्येस्लाइ खेद्दो अनि २३
त्येस्लाइ सात् दिन् सम्म खेद्दा खेद्दा गिलाद् पहाड़्मां त्येस्लाइ गइ भेट्टायो।
तब ईश्वर्ले राति सपनामां अरम्मी लाबान्कां आयेर त्येस्लाइ भन्यो चंख रह् २४
याकूब्लाइ न भलो न बुरो भन्येस्। त लाबान्ले याकूब्लाइ गइ भेट्टायो। २५
अब याकूब्ले आफ्नु पाल् पहाड़्मां टांग्येको थियो. त लाबान्ले पनि
आफ्ना भाईहरु सङ आफ्नु पाल् गिलाद् पहाड़्मां टांग्यो। वहांदेखि २६
लाबान्ले याकूब्लाइ भन्यो तिमिले को गर्येको किन मं देखि लुकि
लुकिकन हिंड़्यौ अनि मेरी क्रोरीहरुलाइ तरवार्का बन्धुवालाइ झैं ल्याइ
हाल्यौ। किन चुपै लागिकन भागि आयौ अनि मेरांटो लुकि लुकिकन २७
हिंड़्यौ अनि मंलाइ कोइ पनि भन्यौन भन्येको भये देखि तिमिलाइ
हर्ष र गान् सित मृदंग् र बीणा सङ बिदा दिंने थियें अं आफ्ना २८
क्रोराक्रोरीहरुलाइ चूमा खांने बेला समेत् पनि दियौन ऐले ज्ये गर्येका क्यौ
त्यो मूर्खैंनै सित गर्येका क्यौ। तिमिहरुको हानि गर्ने शक्ति ता मेरो २९
हातमां कु. तर तिमिहरुको बाबुको ईश्वर्ले मंलाइ बित्ये रातमां भन्यो चंख
रह् तैंले याकूब्लाइ न भलो न बुरो भन्नु। अनि अब ता आफ्नु बाबुको ३०
घर्को अगाधोर् इच्छुक् भयेकोले हिंड्नु पर्यो पनि मेरा देवताहरु किन

३१ चोरि ल्यायौ। तब याकूब्ले लाबान्लाइ उत्तर् दिइ भन्यो किनभन्ये मं
डरायेको थियें कोनि कतै लाबान्ले आफ्नी छोरीहरुलाइ मं देखि बल्जबत्
३२ गरि खोस्छन् कि क्या हो भनिकन। आफुले जस्कां आफ्ना देव्ताहरु पाउंनु
हुंछ त्यो जीउंदो न रहोस्. हांम्रा भाईहरुको सांमु आफुका मेरां ज्ये ज्ये
निक्लंछ त्यो चिन्येर लगि हाल्नु हवस्। किनभन्ये राहेल्ले ति चोरि
३३ ल्यायेकी छ भनि याकूब्ले जान्दैन थियो। त लाबान् याकूब्को र लेआको
र दुवैवटी दासीहरुका पालमां पसि गयो तर क्येइ पनि पायेन। तब त्यो
३४ लेआको पाल् बाटो निक्ल्येर राहेल्को पाल्मां गयो। अब राहेल्
घर्देव्ताहरु लियेर ऊंट्को हौदमां राखिकन ति मांथि बसि रह्येकी थिई।
३५ त लाबान्ले स्यांट्टै पाल्मां खोजि सक्यो तर ति पायेन। अनि त्येस्ले आफ्नु
बाबुलाइ भनी मेरा प्रभु यो देखि न रिसाउन् मं तिम्रो सांमु उठ्नु सक्दींन
कसोगरिभन्ये मंलाइ स्त्रीहरुलाइ हुंने रीत् हुंदै छ। त त्येस्ले खोदल्खादल्
३६ गरि सक्यो तरै पनि घर्देव्हरु पायेन। तब याकूब् झोंकीयेर लाबान् सित
बाझ्नु लाग्यो. अनि याकूब्ले लाबान्लाइ उत्तर् दिइ भन्यो मेरो क्ये अ[illegible]ध्
३७ छ मेरो क्ये पाप् छ र आफुले येत्ति चुरीदै मंलाइ खेद्नु भयो। आफुले [illegible]रा
स्यांट्टै चीज्बीज् चाहार्नु भयो त आफ्नु घर्का स्यांट्टै चीज्मांको क्ये पाउंनु
भयो। त्यो आफ्नै र मेरा भाईहरुको सांमु यहां राखि देउ र तिनिहरुले
३८ हांमिहरु दुवैको बीच्मां बिचार् गरुन्। यि बीस् बर्ष देखि मं आफुकां छ
आफुकी भेंड़ीहरु र बाख्रीहरुका गर्भ तुह्येनन् अनि मैंले आफुका [illegible]
३९ र बाख्राहरुको मांसु खाइंन। अनि बन्जन्तुहरु देखि फहराईयेक[illegible]
आफुकां ल्याउंदैन थियें त्येस्को खति मैं सहंद थियें दिउंसो चोरीयेको हवस्
४० कि राति चोरीयेको हवस् त्यो आफुले मेरै हात् देखि लिंनु हुथ्यो। मेरो
चइं गत् येस्तो हुंथ्यो दिउंसो घाम्ले राति तुसारोले मंलाइ भस्म पार्थ्यो
४१ अनि मेरा आंखा देखि निन्द्रा चइं गइ गयेको हुंथ्यो। यि बीस् [illegible]
आफुको घर्मां रहिकन आफुको चाकरी गर्यें चौदह् बर्ष चइं आफुकी दुवै
बैंनी छोरीहरुको अनि छ बर्ष आफुका भेंड़ाबाख्राहरुको लागि आफु[illegible]
४२ चाकरी गर्यें. अनि आफुले मेरो दर्माहा दस् खेप् फेरि दिंनु भयो। मेरो
बाबुको ईश्वर् जो अब्राहाम्को ईश्वर् अनि इस्हाक्को भय् हो मं [illegible] न
हुंदो हो त निस्से आफुले अब मंलाइ रित्तै हात् पठाउंनु हुंने थियो।
ईश्वर्ले मेरो कष्ट र मेरा हातको दुखभराई देख्येर बित्ये रात्मां आफुलाइ खै
४३ गर्‍यो। तब लाबान्ले याकूब्लाइ उत्तर् दिइ भन्यो यि छोरीहरु मेरी छोरीहरु
हुन् अनि यि बालखहरु पनि मेरै बालखहरु हुन् अनि यि भेंड़ाबाख्राहरु
मेरै भेंड़ाबाख्राहरु हुन् अनि ज्ये ज्ये तिमिलाइ देखाहा पर्द छ सब्बै मेरै
हो. अनि अब मं यि आफ्नी छोरीहरु र तिनले जन्मायेका बालखहरुलाइ
४४ क्ये गर्नु सक्द छु। त अब लु मं र तिमि आपस्तमां बाचा बान्धूं र त्यो मेरो र
४५ तिम्रो बीच्मां साक्षी रहोस्। तब याकूब्ले येउटा ढुंगो ल्यायेर मुड्का गरि
४६ ठड्यायो। अनि याकूबले आफना भाईहरुलाइ ढुंगाहरु बटुल भन्यो त

तिनिहरुले ढुंगाहरु ल्यायेर येउटा थुप्रो लगाये. वहांदेखि ति सब्बैले
तिहीं थुप्रो ढेउ आपस्तमां खाये पीये। अनि लाबान्ले ता त्येस्को नांउ ४७
यगर्सहदूता[१] राख्यो तर याकूब्चइंले त्येस्लाइ गलेद्[१] भन्यो। वहांदेखि ४८
लाबान्ले यो थुप्रो आजु देखि येसो मेरो र तिम्रो बीच्मां साक्षी रहंछ
भन्यो। येस्कारण् त्येस्को नांउ गलेद् राख्योयो. अनि त्येस्को नांउ मिज्पा[२] ४९
पनि भयो किनभन्ये त्येस्ले भन्यो जब एका अर्का देखि अलग् अलग् हुंकौं
तब यहूवे हांमिहरुको बीच्मां पहराचौकी बसोस्। तिमिले मेरी ५०
छोरीहरुलाइ दुख दियौ कि ति देखि बेसि अरु स्वास्नीहरु ल्यायौ भन्ये
देख्ने हांमिहरु सित कोई मान्छे ता छैन हेर मेरो र तिम्रो बीच्मां ईश्वरै
साक्षी छ। फेरि लाबान्ले याकूब्लाइ भन्यो यो थुप्रो हेर अनि यो मुड्का ५१
हेर जुन्हरु मैंले आफ्नु र तिम्रो बीच्मां ठड्यायें। यो थुप्रो र यो मुड्का ५२
दुवै येस् कुरोको साक्षी रहोस् न मं यो थुप्रो देखि पुंड़ो तिमि थांइ आउंछु
न तिमि यो थुप्रो र यो मुड्का देखि वड़ हानि गर्नुको लागि मं थांइ
आउंछौ। अब्राहाम्को ईश्वर् अनि नाहोर्को ईश्वर्ले जो तिनको बाबुको ५३
ईश्वर् हो हांमिहरु दुवैको बीच्मां बिचार् गरोस्। अनि याकूब्ले आफ्नु ५४
बाबु इस्हाक्को नांउमां किरिया खायो। वहांदेखि याकूब्ले पहाड़्मां
बलिदान् चढ़ायो अनि आफ्ना भाईहरुलाइ रोटी खांनु बोलायो.
त तिनिहरुले रोटी खाये अनि पहाड़्मां रात् बिताये। अनि बिहान ५५
लाबान्ले सबारै उठेर आफ्ना छोराछोरीलाइ चूमा खायेर तिनिहरुलाइ
आशीष् दियो. अनि लाबान् हिंड़ि गयो अनि आफ्नु ठांउमां फर्क्यो।
अनि याकूब् आफ्नु बाटो लाग्यो अनि ईश्वर्का दूत्हरुले आइ त्येस्लाइ ३२ १
भेटे। तब याकूब्ले तिनलाइ देख्नु बित्तिकै भन्यो यो ईश्वर्को छाउंनी २
हो. त त्येस्ले त्येस् ठांउको नांउ महनेम्[१] राख्यो॥

(याकूब्को प्रार्थना)

अनि याकूब्ले आफ्नु अघि अघि सेईर् देस्मां अर्थात् एदोम्को ३
बन्मां आफ्नु दाजु एसाव्कां दूत् पठाइ दियो। अनि त्येस्ले तिनिहरुलाइ ४
ये आज्ञा दियो मेरा प्रभु एसाव्लाइ येसो भन आफ्नो दास् याकूब्ले येसो
भन्छ मं लाबान्कां प्रवासी गरि बस्यें अनि ऐले सम्म उहीं अल्मलीइ
रह्यें. अनि मेरा गाईगोरु गदाहा भेंड़ाबाख्रा अनि कमारा कमारीहरु छन्. ५
अनि आफ्ना प्रभुकन यो भनि पठाउंदै छु मं आफ्नो दृष्टिमां अनुग्रह् पाउं
भनि। अनि ति दूत्हरुले याकूब्कां फर्कि आयेर भन्ये हांमिहरु आफ्नो ६
दाजु एसाव्कां गयूं अनि तिनि पनि आफु सित भेट् गर्नुलाइ चार् सै पुरुष्
सित आउंदै छन्। तब याकूब् अरघोर् डरायो अनि अन्योल्मां पर्‍यो. अनि ७

---

[१] अर्थात् साक्षीको थुप्रो। [२] अर्थात् पहराघर्।
[३] अर्थात् दुइ छाउंनी।

आफ्नु साथ्मां हुंनेहरुलाइ अनि बगाल् र बथान् र ऊंट्हरुलाइ दुइ
८ क्वाउंनी गरि भाग् पाथ्यो अनि भन्यो एसाव्ले आयेर एक् क्वाउंनीलाइ
९ मांथ्ये पनि अर्को रह्येको चइं ता भाग्येर बांच्ला। फेरि याकूब्ले भन्यो
हे मेरो पिता अब्राहाम्को ईश्वर् हे मेरो बाबु इस्हाक्को ईश्वर् हे यहवे
जस्ले मंलाइ भन्नु भयो आफ्नु देस् र कुटुम्बहरुमां फर्कि जा अनि मं तेरो
१० भलाई गर्कु भनि. तपांइले जत्ति दया र जत्ति सचेंइं आफ्नु दास्लाइ
देखाउंनु भयो ति सबैमांको सबै भन्दा सांनुको पनि मं चइं ता योग्य् कुइंन.
कसोगरिभन्ये मं आफ्नु लउरो मांत्रै लिइ येस् यर्दन् वारि तरि आये थ्यें तर
११ अब ता दुइ क्वाउंनी भइ रांकु। कृपा गरि मंलाइ मेरो दाज्यु एसाव्को हात्
देखि बचाउंनु हवस्. किनभन्ये त्यो देखि त्येस्ले मंलाइ अं बाल्बच्चाहरुलाइ
तिनको आंमाहरु समेत्लाइ मांरि दिंकु कि क्या हो भन्येर डराउंद कु।
१२ अनि तपांइले भन्नु भयेको कु मं निस्से तेरो भलाई गर्कु अनि तेरो बंशलाइ
समुन्द्रको बालुवाका कनिका सरि बनाइ दिंकु जो धेर् हुंनाको कारण्ले
१३ गनीने कैन भनि। वहांदेखि त्येस्ले त्येस् रात् तिहीं बितायो अनि आफ्नां
भयेको सब्बै गोक्मांको आफ्नु दाज्यु एसाव्को लागि सौगात् कुटगायो
१४ अर्थात् दुइ सै बाख्री र बीस्वटा बोका दुइ सै भेंड़ी र बीस्वटा सांड़
१५ भेंड़ा तिनका क्वावा समेत् तीस्वटा दुहुंना ऊंट्नी चालीस्वटा गाई र
१६ दस्वटा बहरगोरु बीस्वटा गदही र दस्वटा गदाहाबच्चा। अनि त्येस्ले
ति बगाल् बगाल् गरि आफ्ना कमांराहरुलाइ सुम्प्यो अनि आफ्ना
कमांराहरुलाइ भन्यो मं भन्दा अघि अघि पारि जाव अनि बगाल् बगाल्को
१७ बीच् बीच्मां अन्तर् पारि राख। फेरि त्येस्ले अघिल्लोचइंलाइ येसो भनि
अह्रायो जब मेरो दाज्यु एसाव्ले तंलाइ भेट्येर सोध्ला तं कस्को होस्
अनि कहां जांकस् अनि यि तेरा अघि अघि भयेका कस्का हुन् भनि
१८ तब भन्येस् आफ्नको दास् याकूब्का हुन् मेरा प्रभु एसाव्कन सौगात्को
लागि पठाईयेका अनि हेर्नु हवस् तिनि आफै पनि हांम्रो पछि पछि आउंदै
१९ छन्। अनि त्येस्ले दोस्रो र तेस्रोलाइ पनि अं बगाल् बगाल् पछि पछि जांने
सब्बैलाइ पनि येसै भनि अह्रायो एसाव्ले तिमिहरुलाइ भेट्दा तिन्लाइ
२० येसै परिले भन अनि येसो पनि भन अरु पनि हेर्नु हवस् आफ्नको दास्
याकूब् हांमिहरुको पछि पछि छ। किनभन्ये त्येस्ले मेरो अघि अघि गयेको
सौगात्को बाटोले तिन्को रिस्लाइ सांगे गरायेर त्येसपछि तिन्को मुखको
२१ दर्शन् गर्कु कोनि तिनि मं देखि खुशि हुनन् भन्यो। त त्यो सौगात् त्येस्को अघि
अघि पारि तरि गयो. अनि त्यो आफुले चइं त्येस् रात् क्वाउंनीमां बितायो॥
२२ फेरि त्यो त्येसै रात् उठेर आफ्नी दुवै स्वास्नीहरुलाइ र दुवै
दासीलाइ र एघारै भाई क्वोरालाइ लिइ यब्बोक्को घाट् देखि पारि तरि
२३ गयो। त त्येस्ले तिनलाइ लग्येर त्यो खोला तार्यो अनि त्येस्को जे जे
२४ थियो त्यो पनि तार्यो। अनि याकूब् चइं येक्लै क्वोड़ीयो तब कसै पुरुषले
२५ आयेर त्यो सित रात् बिहाउंन्याल् सम्म कुस्ती खेलि रह्यो। अनि जब उस्ले

मं यो मांथि जिताहा हुंने रैनकु भनि देख्यो तब त्येस्को जाङ्को खोपिल्टा
क्रोइ दियो तब याकूबको जाङ्को खोपिल्टा उ सित कुश्ती खेल्दाखेरि
चङ्काईयो। तब उस्ले भन्यो मलाइ जांनु दिनु किनभन्ये रात् बिहाउंदै छ। २६
अनि त्येस्ले भन्यो आफुले मलाइ आशीष् न दिउंज्याल् सम्म आफुलाइ
जांनु दिन्न। तब उस्ले त्येस्लाइ तेरो नांउ क्या हो भनि सोध्यो त्येस्ले भन्यो २७
याकूब्। उस्ले भन्यो तेरो नांउ अब देखि याकूब् हुंदैन तर इस्राएल्[1] हुंछ. २८
किनभन्ये तं ईश्वर् सित र मान्छेहरु सित लड़ाईं गरिकन जिताहा भइस्। तब २९
याकूबले सोधि भन्यो कृपा गरि आफ्नु नांउ मलाइ कहनु हवस्। तर उस्ले
भन्यो तं मेरो नांउ को कारणले सोध्द छस्। त उस्ले त्येस्लाइ तिहीं आशीष्
दियो। अनि याकूबले त्येस् ठांउको नांउ पनीएल्[2] राख्यो. किनभन्ये त्येस्ले ३०
भन्यो ईश्वरलाइ आफ्नु सांमु सांमु भयेको देखें र पनि मेरो प्राण् बांच्यो।
अनि याकूब् पनूएल् देखि पारि तर्दा घाम् त्यो मांथि झुल्को अनि त्यो आफ्नु ३१
जाङ्ले खोच्याउंदै गयो। येस्कारण् इस्राएलबंशीले जाङ्को खोपिल्टामां ३२
भयेको चाक्को नसा आजुको दिन् सम्म खांदैनन् किनभन्ये उस्ले याकूबको
जाङ्को खोपिल्टाको चाक्को नसामां क्रोइ दियो॥

वहांदेखि याकूबले आफ्ना आंखा उचाल्येर को देख्यो भन्ये न हेर ३३ १
एसाव् चार् सै पुरुष् साथ लियेर आउंदै रछ। त त्येस्ले नानीहरुलाइ बांड़ि
बांड़िकन लेआ र राहेल् र दुवै दासीहरुलाइ सुम्पि दियो। अनि त्येस्ले २
दासीहरुलाइ र तिनका नानीहरुलाइ सबै भन्दा अगाड़ि लायो अनि ति पछि
लेआ र त्येका नानीहरुलाइ अनि राहेल् र यूसुफ्लाइ सबै भन्दा पछाड़ि।
वहांदेखि त्यो आफै चइं तिनिहरुको अघि गयो अनि सात् खेप् भूइंमां ३
अधाङ्गप्रणाम् गर्यो अनि येसो गर्दै गर्दै आफ्नु दाज्युकां पुग्यो। तब एसाव् ४
त्यो सङ् भेट् गर्नुलाइ दुगुर्यो अनि त्येस्लाइ क्वातीमां टांस्येर तेस्लाइ अङ्वालो
मांरिकन त्येस्लाइ चूमा खायो. अनि ति दुवै रोये। वहांदेखि त्येस्ले आंखा ५
उचाल्येर स्त्रीहरु र नानीहरुलाइ देख्येर यि तेरा को हुन् भनि सोध्यो। त्येस्ले
भन्यो यि ईश्वरले अनुग्रह् गरिकन आफुको दास्लाइ दियेका नानीहरु
हुन्। तब दासीहरुले आफ्ना नानीहरु समेत्ले क्रोउ आयेर ढोक् दिइन्। ६
फेरि लेआले आफ्ना नानीहरु समेत्ले नजिक् आयेर ढोक् दिई अनि सबै ७
भन्दा पछाड़ि यूसुफ् र राहेल्ले नजिक् आयेर ढोक् दिये। तब त्येस्ले ८
सोध्यो जुन् सबै क्राउंनी मैंले पायें त्येस्ले तेरो को मनसूबा छ. अनि त्येस्ले
भन्यो मं आफ्नु प्रभुको अनुग्रह् पाउं भन्ये। तर एसाव्ले भन्यो मेरां धेरै ९
छन् ए मेरो भाई तेरा तेरै रहुन्। तर याकूबले भन्यो होइन होइन मं मांथि १०
आफुको अनुग्रह् भयो भन्ये मेरो सौगात् मेरो हात् देखि ग्रहण् गर्नु हवस्.
किनभन्ये मैंले आफुको दर्शन् पायें त ईश्वरकै दर्शन् पाये जस्तो भयो अनि

---

[1] अर्थात् ईश्वर् सित लड़ाईं गर्ने।

[2] अर्थात् ईश्वरको दर्शन।

११ आफु मं देखि खुशि हुंनु भयो । मेरो यो आफुकां पुग्याईयेको बरदान् कृपा
गरि ग्रहण् गर्नु हवस् किनभन्ये ईश्वरले मं मांथि अनुग्रह् गर्यो अनि मेरो
खांचोभरिको सब्बै थोक् मेरां छ । अनि त्येस्ले त्यो सित बिन्ति गरि
१२ गरिकन ढिपि लायो त त्येस्ले त्यो ग्रहण् गर्यो । बहांदेखि एसाव्ले भन्यो
१३ बाटो लागि हिंडूं अनि मं चइं तेरो अघि अघि हिंडूंकु । तर त्येस्ले भन्यो
मेरा प्रभुले जान्नु हुंद छ नानीहरु कलीला कलीला छन् अनि मेरा बगाल्र
बथान्हरु लैंना छन्. अनि एक् दिन् मांत्रै पनि बेसि धपाईये भन्ये भुसुक्कै
१४ मरि जांछन् । मेरा प्रभु कृपा गरि आफ्नु दास् भन्दा अघि अघि जाउन्. मं
चइं ता यि मेरो अघि हुंने बस्तुहरु हिंडूनु सक्ये अनुसार् अनि नानीहरु
हिंडूनु सक्ये अनुसार् बिस्तार् बिस्तार् लिहिंड़ालकु आफ्ना प्रभु थांइ
१५ सेईरमां आइ न पुगुंज्याल् सम्म । तब एसाव्ले भन्यो इच्छे भयो भन्ये मं
सङ भयेका लोगमांका कत्तिलाइ तं सित छोड़ि जांकु । तर त्येस्ले भन्यो
आफुले किन येसो गर्नु हुंछ खालि येत्ति मांत्रै हवस् मं मांथि मेरो प्रभुको
१६ अनुग्रह् हवस् । त एसाव्ले त्येसै दिन् सेईरमां फर्कि जांनुलाइ आफ्नु बाटो
१७ समात्यो । अनि याकूब् चइं हिंड़ेर सुक्कोत्मां पुग्यो अनि त्यहां आफ्नु
लागि येउटा घर् र बस्तुहरुको लागि झाप्रा बनायो. येसैकारण् त्येस् ठांउको
नांउ सुक्कोत्[1] भयो ॥

(याकूब् शकेम्मां बस्नु)

१८ बहांदेखि याकूब् पद्दनराम् देखि हिंड़ेर कनान् देसको शकेम् भनींने
येउटा सहर् निर कुशलत्तेम् सित पुग्यो अनि त्येस् सहरको सांमु डेरा
१९ हाल्यो । अनि त्येस्ले आफ्नु पाल् टांग्येको जग्गाको खण्ड शकेम्को बाबु
२० हमोरका छोराहरुको हात् देखि एक् सै चांदीका टुक्रामां किन्यो । अनि
त्येस्ले त्यहां येउटा बेदि बनायेर त्येस्को नांउ एलेलोहे इस्राएल्[2] राख्यो ॥

३४ १ अब लेआले याकूब्को लागि जन्माएकी छोरी दीना त्येस् देसकी
२ केटीहरु सित भेट् हुंनुलाइ निक्ली । तब त्येस् देसको मालिक् हिव्वी
हमोरको छोरो शकेमले त्येस्लाइ देख्यो अनि त्येस्लाइ लग्येर त्यो सित सुत्यो
३ अनि त्येस्को पत् लियो । अनि त्येस्को मन् याकूब्की छोरी दीना सित टांसीयो
४ अनि त्येस्ले त्यो कन्ये सित पिर्ति गरि त्येस्लाइ बुझायो । अनि शकेमले
आफ्नु बाबु हमोरलाइ भन्यो मलाइ यो केटी मेरी स्वास्नी हुंनुलाइ
५ गराइ देउ । येतिमां याकूबले सुन्यो त्येस्ले मेरी छोरी दीनालाइ अशुद्ध गरि
दियो भनि अनि त्येस्का छोराहरु चइं बस्तु सङ बनमां थिये. त याकूब्
६ तिनिहरु आउंज्याल् सम्म चुप लागि रह्यो । तब शकेम्को बाबु हमोर्
७ याकूब् सित कुरा गर्नुलाइ त्यो थांइ निकलि आयो । अनि याकूब्का
छोराहरु सुन्न बित्तिकै बन् बाटो आये. अनि ति पुरुषहरु अरघोर् चदाम्

---

[1] अर्थात् झाप्राहरु । [2] अर्थात् इस्राएलको ईश्वर परमेश्वर ।

अनि बिघन रिसायेका थिये किनभन्ये याकूबकी छोरी सित सुत्येकोले
इस्राएलमां मूर्खेइं गर्येको थियो जुन् काम् कैलेइ गर्नु हुंदैन । त हमोर्ले ८
तिनिहरु सित कुरा गरि भन्यो मेरो छोरो शकेमको प्राण् आफुहरुको छोरी
सित अग्घोर् टांसीयेको छ . त कृपा गरिकन त्येस्लाइ त्येस्की स्वास्नी हुंनु
त्येस्लाइ दिंनु हवस् । अनि हांमिहरु सित कुटुम्बेरी गर्नु हवस् आफ्नी ९
छोरीहरु हांमिहरुलाइ दिंनु अनि हांम्री छोरीहरु आफ्नु लागि लिंनु
हवस् । अनि हांमिहरु सङ बस्नु हवस् . अनि यो देस् आफुहरुको सांमु १०
रहंछ त त्येस्मां बस्नु अनि बेपार् गर्नु अनि जग्गा जिमीन्का धनी हुंनु
हवस् । अनि शकेम् आफैचइंले त्येस्को बाबु र दाज्युहरुलाइ भन्यो आफुहरुको ११
अनुग्रह् मं मांथि हवस् अनि मं सित जे भन्नु हुंछ त्यो दिंकु । मं सित १२
जत्तिसुकै सोत् कि ठोक्भेटि मांगनु भयो भन्ये पनि जसो मंलाइ भन्नु हुंछ
त्येसै गरि दिंकु . तर खालि येत्ति हवस् कन्येलाइ मंलाइ मेरी स्वास्नी हुंनु
दिंनु हवस् । तब याकूबका छोराहरुले शकेम् र त्येस्को बाबु हमोर्लाइ १३
हांमिहरुकी बैंनी दीनालाइ अशुद्ध गर्यो भन्येर छल् सित उत्तर् दिइ
तिनलाइ भन्ये हांमिहरु येस्तो काम् गर्नु अर्थात् कसै बिखत्नेलाइ १४
आफ्नी बैंनी दिंनु सक्दैन कसोगरिभन्ये त्यो देखि हांम्रो गिल्ला हुंथ्यो .
खालि येसैमां मांत्रै तिमिहरुको मान्छौं तिमिहरु हांमिहरु जस्ता भयौ १५
भन्ये अर्थात् तिमिहरुमांको सब्बै पुरुष् खत्ना भयो भन्ये तब मांत्रै १६
हांमिहरु आफ्नी छोरीहरु तिमिहरुलाइ दिंछौं अनि तिमिहरुकी छोरीहरु
आफ्नु लागि लिंछौं अनि तिमिहरु सङ बस्छौं अनि दुवै एक् लोग् होइ
जांछौं । तर हांमिहरुको सुन्यौन अर्थात् खत्ना भयौन भन्ये देखि आफ्नी १७
छोरीलाइ लियेर जाइ जांछौं । अनि तिनिहरुका यि कुरा हमोर् र त्येस्को १८
छोरो शकेमलाइ जाति लाग्ये । अनि त्येस् तन्हेरिले त्येसो गर्नुमां बियांलो १९
गर्येन किनभन्ये याकूबकी छोरीलाइ मन् पर्येको थियो . अनि त्यो चइं
आफ्नु बाबुको सिंगे जहानमां बेसि मानको थियो । त हमोर् र त्येस्को छोरो २०
शकेमले आफ्नु सहरको ठोका निर गयेर सहरबासी सित कुरा गरि भन्ये
यि मान्छेहरुले हांमिहरु सङ मेल् सित रहंनु खोज्द छन् त तिनिहरुले २१
येस् देसमां रहि त्येस्मां बेपार् गर्नु पाउन् किनभन्ये हेर देस् तिनिहरुको
लागि खूब् फराक् छ तिनकी छोरीहरुलाइ आफ्नी स्वास्नी तुल्याऊं अनि
आफ्नी छोरीहरुलाइ तिनलाइ दिऊं । तर खालि येस् कुरोमां ति मान्छेहरु २२
हांमिहरु सङ रहंनु र एकै लोग् होइ जांनुलाइ हांमिहरु सङ एक् मत्का
हुंछन् हांम्रो सब्बै पुरुष् खत्ना हुंनु जस्तो ति आफै हुंद छन् भन्ये । की २३
तिनका धन्सम्पत्ति भेंड़ाबाख्रा गाईगोरु र तिनका सब्बै बस्तु हांम्रै होइ
जांदैनन् येत्ति मांत्रै हुंनु पर्छ हांमिहरुले तिनको मान्नु त तिनिहरु
हांमिहरु सङ रहंछन् । त त्येस्को सहरको ठोका बाटो निकलंने सब्बैले २४
हमोर् र त्येस्को छोरो शकेमको मान्ये अनि त्येस्को सहरको ठोका बाटो
निकलंने सब्बै पुरुषहरु खत्ना भये । अनि तेस्रो दिनमां तिनिहरु पीरामां २५

हुंदा येसो भयो याकूबका छोराहरुमांका दीनाका दुइ जना दाज्युहरु
शिमोन् र लेवीले आफ्नु आफ्नु तरवार् लियेर सहर् मांथि धड़ाधड़् जाइ
२६ लाग्येर सब्बै पुरुषहरुलाइ काटेर । अनि हमोर् र त्येस्को छोरो शकेम्लाइ
तरवार्को धार्ले काटेर दीनालाइ शकेम्को घर् देखि लियेर निक्लि गये ।
२७ याकूबका छोराहरुले मांरीयेकाहरु मांथि जाइ लाग्येर सहर् लूटेर किनभन्ये
२८ तिनिहरुकी बैंनीलाइ अशुद्ध पार्येका थिये । तिनिहरुले तिनका भेंड़ाबाख्रा
गाईगोरु र गदाहाहरु र जे जे सहरमां थिये र जे जे बनमां थिये सब्बै
२९ लग्ये । अनि तिनका सब्बै धन् अनि तिनका लालाबालाहरु अनि तिनकी
स्त्रीहरुलाइ अं घरमां जत्ति थियो तिनिहरुले सब्बै बन्धुवा गरि लूटि
३० लग्ये । तब याकूबले शिमोन् र लेवीलाइ भन्यो तिमिहरुले मंलाइ कष्टमां
हाल्यौ कसोरिभन्ये मंलाइ येस् देसका बासी कनानीहरु र परिज्जीहरुमां
घिनलाग्दो तुल्यायौ . अनि मेरा भन्ये थोरै मान्छेहरु छन् त तिनले भेला
भयेर मं मांथि आइ लागि मंलाइ मार्छन् त मं आफ्नु जहानै समेत् नष्ट
३१ होइ जांकु । तर तिनिहरुले भन्ये कि तब हांमि आफ्नी बैंनीलाइ बेश्येको
जस्तो बेहोरा गरीदै गर्येको हेर्नु सक्द थियूं ॥

(याकूब् बेतेल्मां जांनु अनि राहेल्को मंरण्)

३५ १ फेरि ईश्वर्ले याकूबलाइ भन्यो उठेर बेतेल्मां चढ़ि गयेर उहीं रह् .
अनि त्यहां उस् ईश्वर्को लागि येउटा बेदि बना जस्ले तंलाइ तं आफ्नु
दाज्यु एसाव्को डर्ले भागि जांदै गर्येको बेलामां दर्शन् दियेको थियो ।
२ तब याकूबले आफ्नु जहान् र आफ्ना सबै साथीहरुलाइ भन्यो तिमिहरुको
बीचमां जत्ति पराय् देवताहरु छन् सब्बै निकालि फ्यांक अनि शुद्ध भइ
३ आफ्ना आफ्ना लुगाफाटा फेर . अनि उठेर बेतेल्मां चढ़ि जाऊं अनि मं
त्यहां उस् ईश्वर्को लागि येउटा बेदि बनाउंकु जस्ले मंलाइ मं मांथि संकष्ट
४ परि आयेको दिनमां उत्तर दियो अं मं हिंड़ेको बाटोमां मं सङ रह्यो । त
तिनले याकूबलाइ ति तिनिहरुकां भयेका सब्बै पराय् देवताहरु र तिनका
कानमां भयेका कुंडलहरु दिये अनि त्येस्ले ति सब्बै शकेम् निर भयेको
५ बांजबृक्षे मुनि गाड़ि दियो । यहांदेखि तिनिहरु हिंड़ेर . अनि तिनका
वरिपरिका सहरहरु मांथि बड़ो डर पर्यो त याकूबका छोराहरुलाइ
६ खेद्दीनन् । त याकूब् आफ्ना सबै साथीहरु समेत् कनान् देसको लूज्
७ सहरमां (जो बेतेल् हो) आयो । त्यहां त्येस्ले येउटा बेदि बनायो अनि
त्येस् ठांउको नांउ एलबेतेल्[1] राख्यो किनभन्ये जब त्यो आफ्नु दाज्युको
८ डर्ले भागि जांद थियो तब तिहीं ईश्वर् त्येस्कां प्रगटो भयेको थियो । तब
रिबकाकी दुद्आमा दब्बोरा मरी अनि त्येस्को चिहान् बेतेल्को मुन्तिर
बांजबृक्षे मुनि बनाईयो . अनि त्येस्को नांउ अल्लोनबकुत्[2] राखीयो ॥

---

[1] अर्थात् बेतेल्को ईश्वर् । [2] अर्थात् रुवाईको बांजबृक्षे ।

अनि याकूब् पद्दनराम् देखि आये पछि ईश्वरले त्येस्लाइ फेरि दर्शन् दिइ ९
आशीष् दियो। अनि ईश्वरले त्येस्लाइ भन्यो तेरो नांउ ता याकूब् हो. तर १०
अब तेरो नांउ याकूब् हुंदैन तर तेरो नांउ इस्राएल् हुंछ. त उस्ले त्येस्को
नांउ इस्राएल् राख्यो। फेरि ईश्वरले त्येस्लाइ भन्यो मं सर्वशक्तिमान् ईश्वर् ११
हुं. फल्दै र बढ्दै जा अनि तं देखि येउटा लोग् अं लोग् लोग्को मंडली
समेत् उत्पन्न हुंछ अनि तेरो कम्मर् देखि राजा राजाहरू निक्लंछन् अनि १२
जुन् देस् अब्राहाम् र इस्हाक्लाइ दियेको थियें त्येइ देस् तंलाइ र तेरो
पछि तेरो बंशलाइ दिंछु। तब ईश्वर् त्यो ठांउ निर देखि जंभो गयो जुन् १३
ठांउमां याकूब् सित बात् गर्येको थियो। अनि जुन् ठांउमां उस्ले त्यो सित १४
बात् गर्येको थियो त्येसैमां त्येस्ले ढुंगाको मुड्का ठड्यायो. अनि त्येस्मां
खन्याईबलि खन्यायेर तेल् पनि खन्यायो। अनि जहां ईश्वरले याकूब् सित १५
बात् गर्यो त्येस् ठांउको नांउ त्येस्ले बेतेल् राख्यो। फेरि तिनिहरू बेतेल् १६
देखि हिंड्ेर अनि जब तिनिहरू एफ्रातमां पुगनु थोरै टाढो मांत्रै रह्येको
थियो तब राहेल्को सुत्केरि हुंने बेला भयो अनि त्येस्लाइ अग्घोरको पीरा
भयो। अनि त्येस्लाइ अग्घोरको पीरा हुंदा येसो भयो सुंड्निले त्येस्लाइ १७
भनी न डराउ ऐलेको खेप् पनि तिम्रो क्रोरै हुंछ। अनि त्येस्को प्राण् १८
निस्कंदा न निस्कंदा (कसोगरिभन्ये मंरि गई) येसो भयो त्येस्ले त्येस्को
नांउ बेनोनी[1] राखी तर त्येस्को बाबु चइंले त्येस्को नांउ बिन्यामीन्[2] राख्यो।
त राहेल् मंरि गई अनि एफ्रात् (जो बेत्लेहेम् हो) जांने बाटोमां त्येस्को १९
चिहान् बनाईयो। तब याकूबले त्येस्को चिहानमां येउटा मुड्का ठड्यायो. २०
त्यो राहेल्को चिहान्को मुड्का अझ सम्म कुंदै छ। फेरि इस्राएल् हिंड्यो २१
अनि एदेरको धरारा देखि पुंड्रो बढेर आफनु पाल् टांग्यो। अनि इस्राएल् २२
त्येस् देसमां बस्दा येसो भयो रूबेनले आफनु बाबुकी रखैली बिल्हा सित
कुकर्म गर्यो. अनि इस्राएलले सुन्यो॥

अब याकूबका बारह् भाई क्रोराहरू भये. लेआका क्रोराहरू याकूबको २३
जेठो रूबेन् फेरि शिमोन् लेवी यहूदाह् इस्साकार् अनि जबूलून्. अनि २४
राहेलका क्रोराहरू यूसुफ् र बिन्यामीन्. अनि राहेलकी दासी बिल्हाका २५
क्रोराहरू दान् र नप्ताली. अनि लेआकी दासी जिल्पाका क्रोराहरू गाद् २६
र आशेर्. याकूबका क्रोराहरू थिने हुन् जुन्हरू त्येस्को लागि पद्दनराममां
जन्म्ये। तब याकूब् मम्रेमां आफनु बाबु इस्हाक्कां आयो अर्थात् २७
किर्यतर्बामां (जो हेब्रोन् हो) जहां अब्राहाम् र इस्हाक्ले प्रबास् गर्येथे। अनि इस्हाक्को सबै उमेर् एक् सै र अस्सी बर्षको भयो। तब २८
इस्हाक्ले पूरो बूढेसकालमां दीर्घायु भइ प्राण् क्रोड्यो अनि आफना २९

[1] अर्थात् मेरो पीराको क्रोरो।

[2] अर्थात् मेरो दाहीनो हातको क्रोरो.

लोगमां गइ मिसीयो . अनि त्येस्का क्रोराहरु एसाव् र याकूबले त्येस्को चिहान् बनाये ॥

(एसाव्को बंशावली)

३६ १ अब एसाव्का (जो एदोम् हो) पुस्ता यि हुन् । एसाव्ले कनानी
२ केटीहरुमांकोलाइ स्वास्नी तुल्यायो अर्थात् हित्ती ऐलोन्की क्रोरी आदालाइ
३ र हिव्वी सिब्रोन्की क्रोरी अनाकी क्रोरी ओहोलीबामालाइ अनि
४ एश्माएल्की क्रोरी बासमत्लाइ जो नबायोत्की बैनी थिई । अनि आदाले
एसाव्को लागि एलीपज्लाइ जन्माई अनि बासमत्ले रूएल्लाइ जन्माई
५ अनि ओहोलीबामाले यऊश् यालाम् र कोरह्लाइ जन्माई . एसाव्का
६ यिनै क्रोराहरु कनान् देस्मां जन्म्ये । तब एसाव् आफ्नी स्वास्नीहरु र
क्रोराक्रोरीहरु र आफ्नु घर्का सब्बै प्राणीहरु र आफ्ना भेंड़ाबाख्राहरु र
गाईगोरुहरु र सबै बस्तुहरु अं त्येस्ले कनान्को देस्मां जे जे उपार्जन्
गर्येको थियो ति सब्बै सम्पत्ति लियेर आफ्नु भाई याकूब्को सांमु देखि
७ पर्देस् गइ गयो । किनभन्ये तिनिहरुको पैत्ति सम्पत्ति थियो तिनिहरु एका
ठांउमां रहंनु सक्दैन थिये अनि तिनिहरुका बस्तु धेर् हुंनाको कारणले
८ तिनिहरुले प्रबास् गर्येको देस्ले तिनिहरुलाइ थाम्नु सक्दैन थियो । त
९ एसाव् चइं सेईर् पहाड़मां रहंनु लाग्यो . एसाव् एदोम् हो । अनि सेईर्
१० पहाड़मां बस्ने एदोमीहरुको पित्र एसाव्का पुस्ता यिनै हुन् . एसाव्का
क्रोराहरुका नांउ यिनै हुन् अर्थात् एसाव्की स्वास्नी आदाको क्रोरो एलीपज्
११ अनि एसाव्की स्वास्नी बासमत्को क्रोरो रूएल् । अनि एलीपज्का क्रोराहरु
१२ थि भये अर्थात् तेमान् ओमार् सपो गाताम् र कनज् । अनि एसाव्को क्रोरो
एलीपज्की तिम्ना नांउ भयेकी रखेली पनि थिई त त्येस्ले एलीपज्को
लागि अमालेक्लाइ जन्माई . एसाव्की स्वास्नी आदाका यिनै क्रोराहरु
१३ भये । अनि रूएल्का यिनै क्रोराहरु भये अर्थात् नहत् जेरह् शम्मा र
१४ मिज्जा . एसाव्की स्वास्नी बासमत्का यिनै क्रोराहरु भये । अनि सिब्रोन्की
क्रोरी अनाकी क्रोरी एसाव्की स्वास्नी ओहोलीबामाका क्रोराहरु थि भये .
१५ त्येस्ले एसाव्को लागि यऊश् यालाम् र कोरह्लाइ जन्माई । एसाव्का
सन्तानमां अधिपतिहरु थि हुन् . एसाव्को जेठो एलीपज्का क्रोराहरु तेमान्
१६ अधिपति ओमार् अधिपति सपो अधिपति कनज् अधिपति कोरह्
अधिपति गाताम् अधिपति अमालेक् अधिपति . एलीपज् देखि एदोम्
देस्मां भयेका अधिपतिहरु यिनै हुन् . थि चइं आदाका क्रोराहरु हुन् ।
१७ अनि एसाव्को क्रोरो रूएलका क्रोराहरु थि हुन् नहत् अधिपति जेरह्
अधिपति शम्मा अधिपति मिज्जा अधिपति . रूएल् देखि एदोम् देस्मां
भयेका अधिपतिहरु यिनै हुन् . थि चइं एसाव्की स्वास्नी बासमत्का क्रोराहरु
१८ हुन् । अनि एसाव्की स्वास्नी ओहोलीबामाका क्रोराहरु थि हुन् यऊश्
अधिपति यालाम् अधिपति कोरह् अधिपति . अनाकी क्रोरी एसाव्की

स्वास्नी ओहोलीबामा देखि भयेका अधिपतिहरु यिनै हुन् । एसावका जो १९
एदोम् हो सन्तान् यिनै हुन् अनि तिनका अधिपतिहरु यिनै हुन् ॥

होरी सेईरका त्यस् देसका बासी क्रोराहरु यि हुन् लोतान् शोबाल् २०
सिब्रोन् अना दीशोन् एसेर् र दीशान् . सेईरका एदोम् देसका होरी २१
सन्तानहरु देखि भयेका अधिपतिहरु यिनै हुन् । अनि लोतानका सन्तानहरु २२
होरी र हेमाम् भये अनि लोतानकी बैनी तिम्ना थिई । अनि शोबालका २३
सन्तानहरु यि हुन् अल्वान् मानहत् एबाल् शपो र ओनाम् । अनि सिबोनका २४
सन्तानहरु यि हुन् अय्या र अना . यो त्येइ अना हो जस्ले आफ्नु बाबु
सिबोनका गदाहाहरुलाइ चराउंदाखेरि बनमां तातो पानीको कुवा पायो ।
अनि अनाका सन्तानहरु यि हुन् दीशोन् अनि अनाकी क्रोरी ओहोलीबामा । २५
अनि दीशोनका सन्तानहरु यि हुन् हेम्दान् एश्बान् यित्रान् र करान् । २६
एसेरका सन्तानहरु यि हुन् बिल्हान् जावान् र अकान् । दीशानका २७ २८
सन्तानहरु यि हुन् ऊज् र अरान् । होरीहरु देखि भयेका अधिपतिहरु २९
यि हुन् अर्थात् लोतान् अधिपति शोबाल् अधिपति सिब्रोन् अधिपति
अना अधिपति दीशोन् अधिपति एसेर् अधिपति दीशान् अधिपति . ३०
सेईर् देसमां भयेका तिनका अधिपतिहरुको अनुसार् गरि होरीहरु देखि
भयेका अधिपतिहरु यिनै हुन् ॥

फेरि इस्राएलबंशीहरुको प्रथम् राजा हुंनु भन्दा पहिले यि राजाहरुले ३१
एदोम् देसमां राज् गर्दे थिये । अनि बओरको क्रोरी बेलाले एदोममां राज् ३२
गर्यो अनि त्येस्को राजधानीको नांउ दिन्हाबा थियो । तब बेला मर्यो ३३
अनि जेरहको क्रोरी बोस्रा सहरको योबाबले त्येस्को साटो राज् गर्यो ।
तब योबाब् मर्यो अनि तेमानीहरुको देसको हूशामले त्येस्को साटो राज् ३४
गर्यो । तब हूशाम् मर्यो अनि बददको क्रोरी हददले जस्ले मिद्यानलाइ ३५
मोआबको बनमां मार्यो त्येस्को साटो राज् गर्यो . अनि त्येस्को राजधानीको
नाउं अवीत् थियो । तब हदद् मर्यो अनि मस्रेकाको सम्राले त्येस्को साटो ३६
राज् गर्यो । तब सम्रा मर्यो अनि महानदीको तीरको रहोबोत् सहरको ३७
शाऊलले त्येस्को साटो राज् गर्यो । तब शाऊल् मर्यो अनि अक्बोरको ३८
क्रोरी बाल्हानानले त्येस्को साटो राज् गर्यो । तब अक्बोरको क्रोरी ३९
बाल्हानान् मर्यो अनि हदरले त्येस्को साटो राज् गर्यो . अनि त्येस्को
राजधानीको नांउ पाऊ थियो अनि त्येस्की मुखेंनीको नांउ महेतबेल् थियो
जो मेजाहाबकी क्रोरी मत्रेदकी क्रोरी थिई । अनि तिनका कुल् अनुसार् ४०
तिनका ठांउ गरि तिनका नांउ काड़ि एसाव् देखि भयेका अधिपतिहरु
यिनै हुन् तिम्ना अधिपति अल्वा अधिपति यतेत् अधिपति ओहोलीबामा ४१
अधिपति एला अधिपति पीनोन् अधिपति कनज् अधिपति तेमान् ४२
अधिपति मिब्मार् अधिपति मग्दीएल् अधिपति ईराम् अधिपति . ४३
तिनको पाल्यको देसमां तिनका बासेसहर् अनुसार् गरि एदोमका अधिपतिहरु
यिनै हुन् । एदोमीहरुको पिता एसाव् येइ हो ॥

(यूसुफ्को बखान्)

३७ १ अनि याकूब् आफ्नु बाबुले प्रबास् गर्येको कनान् देसमां रहंद
२ थियो । याकूबका पुस्ता पुस्ता यि हुन् । यूसुफ्ले जो सत्रह् बर्षको थियो
आफ्ना दाज्युहरु सङ भेंड़ाबाख्रा चराउंद थियो अनि केटो हुंदा आफ्नु
बाबुकी स्वास्नीहरु बिल्हा र जिल्पाका छोराहरुको साथ थियो. अनि
३ यूसुफ्ले तिनको बिषयको बुरो सोहोरा तिनको बाबुकां ल्यायो । अब
इस्राएल्ले आफ्ना सब्बै छोराहरु भन्दा बेसि यूसुफ्चइंलाइ प्रिय जान्यो
किनभन्ये त्यो त्येस्को बूढेसकालको छोरो थियो. अनि त्येस्ले त्येस्को लागि
४ रंगाबिरंगको पेउटा बक्खू बनाइ दियो । त जसै त्येस्का दाज्युहरुले हांम्रो
बाबुले हांमि सब्बै भाई भन्दा बेसि त्यो सित पिर्ति राख्द छ भनि देख्यें
तब त्यो देखि इबि राख्यें अनि त्यो सित मेलका कुरा गर्नु सक्दैन थिये ।
५ अनि यूसुफ्ले पेउटा सपना देख्येर त्येस्को बखान् आफ्ना दाज्युहरु सित
६ कह्यो. त तिनिहरुले त्यो देखि अरु पनि बेसि इबि राख्यें । त त्येस्ले
७ तिनिहरुलाइ भन्यो कृपा गरि सुन मैंले कस्तो सपना देख्यें. कस्तो भन्ये
हांमिहरु खेतमां बिटा बान्धद राकौं फेरि को देख्यें भन्ये मेरो चइं बिटा
ठाड़ो उभीयो अनि हेर तिमिहरुका चइं बिटाले मेरो बिटालाइ घेर्येर
८ दण्डवत् गर्ये । तब त्येस्का दाज्युहरुले त्येस्लाइ भन्ये को तैंले सांचि सांचिनै
हांमिहरु मांथि राज् र प्रभुतेइं गर्कस्. त तिनिहरुले त्येस्का सपनाको र
९ त्येस्का कुराको कारणले त्यो देखि झन् बेसि इबि राख्यें । फेरि त्येस्ले अरु
पेउटा सपना देख्यो अनि आफ्ना दाज्युहरुलाइ त्येस्को बखान् गरि भन्यो
हेर मैंले अरु पेउटा सपना देख्यें को भन्ये घाम् र जून् र एघारै ताराहरुले
१० मंलाइ दण्डवत् गरि रह्येका राकुन् । त त्येस्ले यो सपना आफ्नु बाबु
र दाज्युहरुलाइ बखान् गर्यो तब त्येस्को बाबुचइंले त्येस्लाइ हकारि भन्यो
यो तैंले देख्येको कस्तो सपना हो. को सांचि सांचिनै मं र तेरी आंमा र
तेरा दाज्युहरुले आयेर तेरो सांमु भूइं सम्म निउंरि अगाडुप्रणाम् गर्कं ।
११ त त्येस्का दाज्युहरुले ता त्यो देखि डाहा गर्ये तर त्येस्को बाबुचइंले त्यो
१२ बचन् आफ्नु मनमां जोगाइ राख्यो । अनि त्येस्का दाज्युहरु आफ्नु
१३ बाबुका भेंड़ाबाख्रा शकेममां चराउंनुलाइ गये । तब इस्राएल्ले यूसुफ्लाइ
भन्यो को तेरा दाज्युहरुले शकेममां गोठ् चराउंदैनन् आइज मं तंलाइ
१४ तिनिहरु थांइ पठाउंकु भनि अनि त्येस्ले त्येस्लाइ भन्यो ज्यु । फेरि त्येस्ले
त्येस्लाइ भन्यो गयेर आफ्ना दाज्युहरु र भेंड़ाबाख्राको कुशल् हेर्येर
मं थांइ समाचार् ले । त त्येस्ले त्येस्लाइ हेब्रोनको तरि देखि पठाइ दियो
१५ अनि त्यो शकेम् निर पुग्यो । तब पेउटा मान्छेले त्येस्लाइ बनमां हराईदै
१६ हिंड़ेको पायेर त्येस्लाइ भन्यो को खोज्द छौ । तब त्येस्ले भन्यो
आफ्ना दाज्युहरुलाइ खोज्द छु. कृपा गरि भनि देउ तिनिहरुले कहां
१७ चराउंद छन् । त्येस् मान्छेले भन्यो तिनिहरु ता यहां बाटो हिंड़ेर.

कमोगरिभन्ये तिनिहरुको सुन्ये पछि लु दोतान्मां जाऊं भन्ये । त यूसुफ्
आफ्ना दाज्युहरुको पछि पछि गयो अनि तिनिहरुलाइ दोतान्मां भेटायो ।
जबै तिनिहरुले त्येस्लाइ टाढ़ो बाटो देख्ये तब त्यो आइ पुगनु भन्दा १८
अघिउंदै त्येस्लाइ कुल् गरिकन मांर्ने जुक्तिको बिचार् गर्ये । अनि १९
तिनिहरुले आपस्तमां भन्नु लाग्ये हेर त्यो सपना देखैया आउंदै छ । त लु २०
अब त्येस्लाइ मांर्येर येउटा कूप्मां हालि दिऊं अनि भनूं कोई दुष्ट जन्तुले
त्येस्लाइ खायो होला भनि . वहांदेखि हेर्नु पर्ला त्येस्का सपनाको के फल्
हुंने रछ । तर जबै रूबेन्ले यो सुन्यो तब त्येस्लाइ तिनिहरुको हात् २१
देखि बचायेर भन्यो त्येस्को प्राण् चइं मांरि न हालूं । फेरि रूबेन्ले २२
तिनिहरुलाइ भन्यो कोइ लोहू न बहाव बरु त्येस्लाइ बन्को येस् कूप्मां
हालि देव तर त्यो मांथि हात् न हाल . त्येस्लाइ तिनको हात् देखि
छोड़ाइ त्येस्को बाबुकां फर्काइ पुर्याइ दिउं भन्येर । त येसो भयो जब २३
यूसुफ् आफ्ना दाज्युहरु पांइ आइ पुगि हाल्यो तब तिनिहरुले त्येस्को
बकबू अर्थात् त्येस्ले लायेको त्यो रंगबिरंगको बकबू काड़ि लग्येर त्येस्लाइ २४
कूप्मां हालि दिये . अनि त्यो कूप् सुकेको थियो त्येस्मां पानी कोइ थियेन ।
वहांदेखि तिनिहरु खाजा खांनु बस्ये . अनि आंखा उचाल्येर के देखे २५
इश्माएलीहरुको येउटा बटौरे गट्ठा गिलाद् बाटो आउंदै रछ आफ्ना
ऊंट्हरु मांथि सुगन्ध् द्रव्य बल्सान् र मुर् बोकायेर मिस्रमां जांनुलाइ ।
तब यहूदाले आफ्ना दाज्युभाईहरुलाइ भन्यो आफ्नु भाईलाइ मांरि त्येस्को २६
लोहू लुकायेकोले के नाफा हुंछ । बरु लु त्येस्लाइ थि इश्माएलीहरुको २७
हात्मां बेचि दिऊं अनि त्यो मांथि आफ्नु हात् न हालूं किनभन्ये
हांमिहरुको भाई हांमिहरुको हाड्मांसु हो । त त्येस्का दाज्युभाईहरुले
त्येस्को मान्ये । अनि मिद्यानी बेपारीहरु येता बाटो जांदै थिये त २८
तिनिहरुले यूसुफ्लाइ कूप् देखि तानि निकाल्येर त्येस्लाइ इश्माएलीहरुको
हात्मां चांदीका बीस् रुपियामां बेचि दिये । त तिनले यूसुफ्लाइ मिस्रमां
लग्ये । येतिमां रूबेन्ले फेरि गयेर कूप्मां के देख्यो यूसुफ् ता कूप्मां २९
रैनछ तब त्येस्ले आफ्नु लुगा फाट्यो । अनि आफ्ना भाईहरुकां फर्कि ३०
आयेर भन्यो केटो ता रैनछ त अब मं चइं मं कता जाउं । वहांदेखि ३१
तिनिहरुले यूसुफ्को बकबू लियेर येउटा बाख्रा काटि बकबू रगत्मां चोभल्ये
अनि त्यो रंगबिरंगको बकबू पठायेर आफ्नु बाबुकां येसो भन्दै ल्याइ दिये ३२
यो हांमिहरुले पायूं . हेर्येर चिन्नु तिम्रो छोरोको बकबू हो कि होइन ।
अनि त्येस्ले त्यो चिनि हाल्यो अनि भन्यो अं मेरो छोरैको बकबू ता हो ३३
कोई दुष्ट जन्तुले त्येस्लाइ खायो होला निस्से यूसुफ् फहराईयो । तब ३४
याकूबले आफ्नु लुगा फाट्येर आफ्नु कम्मर्मां भाड्रा लायो अनि आफ्नु
छोरोको लागि धेरै दिन् सम्म शोक् गरि रह्यो । अनि त्येस्का सबै छोराहरु ३५
अनि छोरीहरुले त्येस्लाइ शान्ति दिंने फिक्रि ता गर्नु लाग्ये तर त्येस्ले शान्त
हुंनु मान्येन तर भन्यो होइन मं बिलाप् गर्दै आफ्नु पुत्र पांइ पत्तालमां

३६ उत्रि जांकु । त येस्को बाबु येस्को लागि रोइ रह्यो । अनि मिद्यानीहरुले
येस्लाइ मिस्रमां लग्येर पोतीपर्‌को हातमां बेचि दिये जो फिरऊन्‌कांको
येउटा मालिक् अर्थात् पहरूको कप्तान् थियो ॥

(यहूदाको बखान्)

३८ १ त्यो ताक येसो भयो यहूदा आफ्‌ना दाज्युभाईहरु थांइ देखि
उत्रि गयेर हीरा नांउ भयेको एक् जना अदुल्लामी तिर फर्क्येर पाल्
२ टांग्यो । त्यहां यहूदाले शू नांउ भयेको एक् जना कनानीको क्वोरीलाइ
३ देख्यो अनि त्येस्लाइ ल्यायेर त्येस्कां गयो । त्येस्ले गर्भिणी भइ येउटा क्वोरो
४ जन्माई अनि यहूदाले त्येस्को नांउ एर् राख्यो । अनि त्येस्ले फेरि गर्भिणी
५ भइ येउटा क्वोरो जन्माई अनि त्येस्को नांउ ओनान् राख्यो । अनि फेरि
त्येस्ले अरु येउटा क्वोरो जन्माई अनि त्येस्को नांउ शेला राख्यो . अनि त्येस्ले
६ येस्लाइ जन्मायेको बेलामां यहूदा कजीब्‌मां रहंद थियो । फेरि यहूदाले
आफ्‌नु जेठो क्वोरो एर्‌को ब्याहाको लागि येउटी तामर् नांउ भयेकी
७ स्त्रीलाइ ल्यायो । तर यहूदाको जेठो क्वोरो एर् यह्वेको मुखेंजि दुष्ट
८ थियो येस्कारण यह्वेले त्येस्लाइ मांर्‍यो । त यहूदाले ओनान्‌लाइ भन्यो
आफ्‌नी भाउज्युकां गयेर त्यो सित देवर्‌को धर्म्म गरि आफ्‌नु दाज्युको
९ लागि बंश उप्‌जा । तर ओनान्‌ले जान्द थियो बंश मेरो ठहर्दैन भनि त
येसो भयो त्यो आफ्‌नी भाउज्युकां जांदा भूंइमां पोखाइ नष्ट गर्‍यो आफ्‌नु
१० दाज्युको लागि बंश न दिउं भन्येर । तर त्येस्ले गर्‍येको काम् यह्वेको
११ मुखेंजि दुष्ट भयो . त उस्ले त्येस्लाइ पनि मांर्‍यो । तब यहूदाले आफ्‌नी
बुहारी तामर्‌लाइ भन्यो मेरो क्वोरो शेला बढ्येको न होउंज्याल् सम्म
आफ्‌नु बाबुको घर्‌मां बिधुवीनै भइ रह् . किनभन्ये होइन भन्ये ता त्यो
पनि आफ्‌ना दाज्युहरु झैं मंर्ला भनि ठान्यो । त तामर् आफ्‌नु बाबुको
१२ घर्‌मां गइ बसि रही । जसै धेरै दिन् बिति गये तब शूकी क्वोरी यहूदाकी
स्वास्नी मंरी अनि यहूदा शोक् देखि कुटि आफ्‌नु मित्र हीरा अदुल्लामी
१३ सङ तिम्नामां आफ्‌ना भेंड़ाब्राख्राका ऊण् कत्रंनेहरुकां चढ़ि गयो । तब
तामर्‌लाइ यो खबर् पुर्‍याईयो हेर् तेरो ससुरा तिम्नामां आफ्‌ना
१४ भेंड़ाब्राख्राका ऊण् कत्रंनुलाइ चढ़ि जांदै छ भन्ये । त त्येस्ले आफ्‌नु
बिधुवीपहिरन् झिकि राख्येर आफ्‌नुलाइ पछ्येउराले ढाक्येर आफ्‌नुलाइ बेहेरि
तिम्नाको बाटोमां भयेको एनेम्‌को ढोकामां गइ बसी . किनभन्ये त्येस्ले
१५ शेला बढ्येको भयो र पनि त्येस्की स्वास्नी हुंनु पाइंन भनि देख्यो । जसै
यहूदाले त्येस्लाइ देख्यो तब त्येस्लाइ कोई बेश्ये हो भनि ठान्यो किनभन्ये
१६ त्येस्ले आफ्‌नु मुख् ढाक्येकी थिई । त त्येस्ले बाटैमां त्यो तिर फर्क्येर भन्यो लु
मंलाइ आउंनु दे . किनभन्ये मेरी बुहारी हो भनि जान्दैन थियो । तब
१७ त्येस्ले भनी तिमिलाइ आउनु दियें भन्ये मंलाइ के दिंकी । त्येस्ले भन्यो
मं आफ्‌नु गोठ् देखि येउटा बाख्राको पाठो तेरां पठाइ दिंकु । फेरि त्येस्ले

भनी त यो न पठाउँज्याल् सम्म मेरां को बन्धक् राखि जांक्नो । त्येस्ले तेरां १८
को बन्धक् राखि जाउं भनि सोध्यो । त्येस्ले भनी आफ्नु क्वाप् र डोरी र
हात्को लउरो देउ । त त्येस्ले त्येस्लाइ ति दियेर त्येस्कां गयो त यो त्यो देखि
गर्भिणी भइ गई । तब त्यो उठेर गई अनि आफ्नु पक्षेउरा उतारि राख्येर १९
आफ्नु विधुवीपहिरन् लगाई । तब यहूदाले त्यो बाख्राको पाठो आफ्नु २०
मित्र अदुल्लामीको हात्मां पठाइ दियो आइमाइको हात् देखि बन्धक्
निखनि ल्याउंनुलाइ . तर त्येस्ले त्येस्लाइ भेटेन । तब त्येस्ले त्येस्को ठांउका २१
लोगलाइ सोध्यो त्यो एनैम्को बाटोको क्वेउमां बसि रहंने बेश्ये कहां छ ।
तर तिनिहरुले भन्ये यहां ता कोई बेश्ये थिईन । तब त्येस्ले यहूदाकां २२
फर्कि आयेर भन्यो मैंले ता त्येस्लाइ भेटिंन अं त्येस् ठांउका मान्छेहरुले पनि
भन्ये यहां ता कोई बेश्ये थिईन । तब यहूदाले भन्यो हुंछ त्येसैकां राखि २३
क्वेड़ीओस् होइन भन्ये ता हांमिहरु लाज्मां पारीऊंला मांत्रे . हेर मैंले ता
बाख्राको पाठो पठायेकै थियें तर तिमिले त्येस्लाइ भेटाउन । तीन् महीना २४
पछि येसो भयो यहूदाकां यो खबर् पुग्याईयो तिम्रो बुहारी बेश्ये भई अं
त्यो बेश्येको काम् गर्येकोले गर्भिणी पनि भयेकी छ भन्ये । तब यहूदाले भन्यो
त्येस्लाइ बाइर ल्याव त्यो डड़ाईओस् । जब त्येस्लाइ निकाल्दै थिये तब त्येस्ले २५
आफ्नु ससुराकां भनि पठाई जस् पुरुषका यि थोक् हुन् त्येइ देखि गर्भिणी
भयें . फेरि त्येस्ले भनी लौ चिनि हेर त यो क्वाप् र डोरी र लउरो कस्का
हुन् । तब यहूदाले ति चिनि स्वीकार् गरि भन्यो त्यो मं भन्दा धर्म्मिनी २६
रछ कसोगरिभन्ये मैंले आफ्नु क्वोरो शेलालाइ त्येस्लाइ दिइंन । अनि त्येस्ले
त्येस्लाइ फेरि जान्येन । जब त्येस्को सुत्केरि हुंने बेला आयो तब को पाहा २७
भयो भन्ये त्येस्को गर्भमां जस्ले राछन् । अनि त्येस्ले जन्माउंदा येसो भयो येउटाको २८
हात् निकल्यो . तब सुंड़ेनिले सिंदूरे रंगको धागो लियेर त्येस्को हात्मां
बान्धि दिई पहिले निकल्येको येइ हो भन्दै । फेरि जब त्येस्ले आफ्नु हात् २९
थुति लग्यो तब येसो भयो त्येस्को भाई चइं पो निस्कि आयो . अनि त्येस्ले
भनी तैंले किन फोरिकन आफ्नु लागि क्वेड़ बनाइस् . त त्येस्को नांउ पेरेस्
राखीयो । अनि पछाड़ि त्येस्को दाजु चइं जस्को हात्मां त्यो सिंदूरे रंगको ३०
धागो थियो निकल्यो . अनि त्येस्को नांउ जेरह् राखीयो ॥

(यूसुफ् झेल्खान्मां पर्नु)

जब यूसुफ्लाइ मिस्रमां लग्ये तब पोतीपर् भन्ने एक् जना मिस्रीले ३९ १
जो फिरऊन्कांको येउटा मालिक् अर्थात् पहरूको कप्तान् थियो त्येस्लाइ
ल्याउंने इश्माएलीहरुको हात् देखि किन्यो । तर यहवे यूसुफ् सङ रह्यो २
अनि त्यो भाग्येमान् मान्छे भयो . अनि आफ्नु ठाकुर् त्येस् मिस्रीको
घरमां रहंने गई थियो । अनि त्येस्को ठाकुरले देख्यो यहवे त्यो सङ ३
रहंद रछ अनि सुन् काम् त्येस्ले गर्द छ त्येस्मां यहवेले त्येस्को हात् देखि
सुफल् गराइ दिंद रछ भनि । तब त्येस्को अनुग्रह् यूसुफ् मांथि भयो ४

अनि त्यो त्येस्को टहलुवा भयो. फेरि पोतीपर्ले त्येस्लाइ आफ्नु घराधिकारी
५ तुल्यायो अनि आफ्ना ज्यावत् थोक् त्येस्को हात्मां सुम्पि दियो। त येसो
भयो जब देखि त्येस्ले त्येस्लाइ आफ्नु घर् र आफ्ना ज्यावत् थोकको
अधिकारी तुल्यायो तब देखि यहूवेले यूसुफ्को कारणले त्येस् मिस्रीको
घर्मां आशीष् दिंनु लाग्यो अनि को घर्मां को बन्मां त्येस्को जे जे थियो
६ सबै मांथि यहूवेको आशीष् थियो। त त्येस्ले आफ्ना ज्यावत् थोक्
यूसुफ्को हात्मां छोड़ि दियो अनि आफ्नु खांने रोटी बाहिक् त्येस्ले त्येस्कां
भयेको सम्पत्तिको बिषय्मां केइ जान्दैन थियो। अनि यूसुफ् सुरूपवन्त
७ र सुन्दर् थियो। यि कुरा पछि येसो भयो यूसुफ्को ठाकुर्की मुखेंनीले
८ त्यो तिर आंखा लगाई अनि भनी मं सित सुत्। तर त्येस्ले अस्वीकार् गरि
आफ्नु ठाकुर्की मुखेंनीलाइ भन्यो हेर्नु हवस् घर्मां जे जे मेरां छ त्येस्को
बिषय्मां मेरा ठाकुर्ले केइ जान्दैनन् अनि तिन्ले आफ्ना ज्यावत् थोक्
९ मेरो हात्मां सुम्पि दियेका छन् येस् घर्मां मं भन्दा बड़ा कोई छैन
अनि तिन्ले मंलाइ न दिइ केइ कुरो राखि छोड़ियका छैनन् खालि
आफुलाइ मांत्रै किनभन्ये आफु तिन्की मुखेंनी हौ. त मं कसोगरि
१० यो ठुलो दुष्टैं गरिकन ईश्वर्को अपराधी होइ जांउ। अनि येसो भयो
त्येस्ले यूसुफ्लाइ दिनहूं भन्दै रही र पनि त्येस्ले त्येस्को त्यो सङ ठल्कंनु कि
११ त्यो सित हुंनुलाइ सुन्येन। तर एक् दिन् येसो भयो त्यो आफ्नु काम्काज्
गर्नुलाइ घर्मां गयो अनि त्यहां भित्र घर्का चाकरेहरूमांको कोई थियेन।
१२ तब त्येस्ले त्येस्को लुगामां समात्येर मं सित सुत् भनी. तब त्यो आफ्नु लुगा
१३ त्येस्को हात्मां छोड़ेर भागि बाइर निक्लि गयो। तब येसो भयो जब
त्येस्ले देखी आफ्नु लुगा मेरो हात्मां छोड़ि राखि बाइर निक्लि भागि
१४ गयो भनि तब त्येस्ले घर्का चाकरेहरूलाइ बोलायेर तिनलाइ भनी
हेर तिन्ले येउटा इब्रानीलाइ हांमि सित ठट्टा गर्नुलाइ हांमिहरूकां
ल्यायेका छन् त्यो मं सित सुत्ने मत्लब्ले मं यांइ आयो तब मं सारो
१५ चिच्याइ उठें. अनि येसो भयो जसै त्येस्ले मंलाइ कंकलास् शब्दले
चिच्यायेको सुन्यो तब त्यो आफ्नु लुगा मेरां छोड़ि राख्येर भागि बाइर
१६ निक्लि गयो। फेरि त्येस्ले त्येस्को ठाकुर् घर न आउंज्याल् सम्म त्येस्को
१७ लुगा आफुकां राखि छोड़ी। तब त्येस्ले त्येस्लाइ येस्तो काम्का कुरा भनी
त्यो तिमिले हांमिहरूकां ल्यायेको इब्रानी कमांरो मं सित ठट्टा गर्नुलाइ
१८ मेरां आयो. अनि येसो भयो जसै मं कंकलास् शब्दले चिच्याइ उठें
१९ तब त्यो आफ्नु लुगा मं केउ छोड़ि राख्येर बाइर भागि गयो। त येसो
भयो जसै त्येस्को ठाकुर्ले आफ्नी मुखेंनीका कुरा सुन्यो जुन् त्येस्ले त्येस्लाइ
भनी तिम्रो कमांरोले मं सित येस्तोरि गर्यो भन्ये तब त्येस्को क्रोध् बलि
२० उठ्यो। तहांदेखि यूसुफ्को ठाकुर्ले त्येस्लाइ लग्येर भेल्खानमां हालि
दियो जहां राजाका बन्धुवाहरू बान्धि राखींद थिये. त त्यो त्यहां
२१ भेल्खानमां पर्रि रह्यो। तर यहूवे यूसुफ् सङ रह्यो अनि त्यो मांथि

कृपा गरि भेलखाने सुब्बिदार्‌को मुखेंजि त्येस्लाइ अनुग्रह् गराइ दियो ।
अनि भेलखाने सुब्बिदार्‌ले भेलखान्‌मां भयेका सब्बै बन्धुवाहरुलाइ २२
यूसुफ्‌को हात्‌मां सुम्पि दियो अनि त्यहां जे जे गर्‍यो त्यो सबै गराउंने त्येइ
हुंथ्यो । त्येस्को ताब्बिमां जे जे थियो त्येसांको कुनै कुरो भेलखाने २३
सुब्बिदार्‌ले हेर्नु पर्दैन थियो कसोगरिभन्ये यहूवे त्यो सङ थियो अनि
जे जे त्येस्ले गर्‍यो यहूवेले त्यो सुफल् गराइ दिंथ्यो ॥

पि कुरा पछि येसो भयो मिस्रको राजाका पियाउंने र पकाउंनेले ४० १
आफ्नु स्वामी मिस्रको राजाको अपराध् गर्‍ये । तब फिरऊन् आफ्ना दुवै २
मालिकहरु अर्थात् पियाउंनेहरुको मूल् र पकाउंनेहरुको मूल् मांथि
रागीयो । त त्येस्ले तिनिहरुलाइ पहरुको कप्तान्‌को घर्‌मां अर्थात् त्येसै ३
भेलखान्‌मां जहां यूसुफ् बन्धुवा थियो पहरामां हालि दियो । तब पहरुको ४
कप्तान्‌ले तिनिहरुलाइ यूसुफ्‌को हात्‌मां सुम्पि दियो अनि येस्ले तिनिहरुको
हेरटहल् गर्‍यो . अनि तिनिहरु अलिक् दिन् सम्म पहरामां रह्ये । अनि ५
ति दुवैजे एक् एक् गरि एकै रात्‌मां आफ्नु आफ्नु सपनाको अर्थखोलाई
अन्‌सारका सपना देख्ये अर्थात् भेलखान्‌मां बन्धुवा भइ रहंने मिस्रको राजाका
पियाउंने र पकाउंनेले । त बिहान यूसुफ् तिनिहरुकां गयो अनि तिनिहरुलाइ ६
हेरि को देख्यो भन्ये तिनिहरु उदास् उदास् राकुन् । त त्येस्ले त्यो सङ ७
त्येस्को स्वामीको घर्‌को पहरामां हुंने फिरऊन्‌का मूल् चाकरेहरुलाइ आजु
तिमिहरुका मुख् किन सुक्योका कुन् भनि सोध्यो । तब तिनिहरुले त्येस्लाइ ८
भन्ये हांमिहरुले येउटा येउटा सपना देख्येका छौं अनि तिनका अर्थ खोल्ने
कोई छैन । तब यूसुफ्‌ले तिनलाइ भन्यो के सपनाको अर्थ खोल्नु ईश्वरैको
काम् होइन . कृपा गरि मंलाइ आफ्नु आफ्नु सपना कह । त मूलपियाउंनेले ९
यूसुफ्‌लाइ आफ्नु सपना भन्नु लाग्यो अनि त्येस्लाइ भन्यो मेरो सपनामां के
देखाहा पर्‍यो भन्ये येउटा दाख्‌को बोट् मेरो सांमु रछ अनि दाख्‌को १०
त्येस् बोट्‌मां तीन्‌वटा डाला राछन् . अनि त्येस्मां कोपिला लाग्ये जस्तो भयो
अनि त्येस्का फूल् निकल्ये अनि त्येस्का झुप्पामां दाख् फल्येर पाके पनि .
अनि फिरऊन्‌को कटौरा मेरो हात्‌मां रछ त मैंले दाखहरु लियेर ११
फिरऊन्‌को कटोरामां निचर्‍यें अनि कटौरा फिरऊन्‌को हात्‌मां दियें । तब १२
यूसुफ्‌ले त्येस्लाइ भन्यो येस्को अर्थखोलाई यो हो . तीन् डाला चइं ता तीन्
दिन् हुन् अबको तीनै दिन् बित्‌दोमां फिरऊन्‌ले तिम्रो सिर् उठायेर १३
तिमिलाइ तिम्रो काम्‌मां फेरि राख्‌कुन् . अनि तिमिले अगाडि फिरऊन्‌को
पियाउंने कंदाखेरि भैं तिन्‌को हात्‌मां तिन्‌को कटौरा फेरि दिंने गर्‍यौ ।
तर जब तिम्रो भलो होला तब मंलाइ समझि राख्नु अनि मं मांथि १४
ठिठालु भइ फिरऊन् सित मेरो चर्चा गरि मंलाइ यो घर् देखि छोड्राइ
दिनु . किनभन्ये मांचि मांचिनै मं इब्रीहरुको देस् देखि चोरीयें . अनि १५
यहां पनि मैंले येस्तो कोइ गर्‍यको कुइंन जस्को कारणले मं येस् कैदीकूप्‌मां
हालौंनु पर्‍यो । जसे मूलपकाउंनेले त्येस् सपनाको अर्थ जाति निकल्येको १६

देख्यो तब त्येस्ले यूसुफ्लाइ भन्यो मैंले पनि येउटा सपना देख्येको कु त
को देख्यें भन्ये मेरो सिर् मांथि सेता सेता रोटीका तीन्वटा डालोहरू
१७ थिये. अनि माथिल्लो चङ्ग डालोमां फिरऊन्को लागि रकम् रकम्का
पकायेका भोजन् राछन् अनि पंषीहरूले त्येस् मेरो सिर् मांथि भयेको
१८ डालोमां बस्येर ति तुडि तुडि खाइ रह्येका राछन्। तब यूसुफ्ले उत्तर्
दिइ भन्यो येस्को अर्थखोलाई यो हो. तीन्वटा डालोहरू तीन् दिन् हुन्
१९ अबको तीनै दिन् बित्दोमां फिरऊन्ले तिम्रो सिर् तिमि देखि उठायेर
तिमिलाइ येउटा रुखमां झुंड्याइ दिंछ अनि पंषीहरूले तिम्रै जीउमां तिम्रो
२० मांसु तुडि तुडि खांछन्। त तीस्रो दिनमां जो फिरऊन्को जन्मदिन्
थियो येसो भयो त्येस्ले आफ्ना सब्बै चाकरेहरूको लागि भोज् लायो.
अनि आफ्ना चाकरेहरूमां मूलथियाउंनेको र मूलपकाउंनेको सिर् उठायो।
२१ अनि त्येस्ले मूलथियाउंनेलाइ पियाउंनेकाम् फेरि दियो त त्येस्ले फिरऊन्को
२२ हातमां कटोरा दिंने गयो. तर मूलपकाउंनेचङ्गेलाइ झुंड्याइ दियो.
२३ जसो यूसुफ्ले तिनलाइ अर्थ खोलि दियेको थियो। तैपनि मूलथियाउंनेले
यूसुफ्को सम्झना राख्येन तर त्येस्लाइ बिर्स्यो॥

(यूसुफ्को छुट्कारा)

४१ १ फेरि पूरा दुइ बर्ष बित्ये पछि येसो भयो फिरऊन्ले सपना देख्यो.
२ त को देख्यो भन्ये मं नील् नदीको तीरमां उभोइ रह्येको रांकु। त हेर
नील् नदी देखि सात्वटी राम्री राम्री अनि मोटी मोटी गाई निकल्येर
३ निङालोको घांसमां चर्नु लागिन्। अनि हेर अरू सात्वटी गाई जुन्हरू
नराम्री र दुब्ली थिइन् तिनको पछि पछि निकलिन् अनि तिनिहरूको
४ कोछमां नदीको तीरमां उभीइन्। वहांदेखि नराम्री र दुब्ली गाईहरूले
सातै राम्री अनि मोटी गाईहरूलाइ खाइ हालिन्। येतिमां फिरऊन्
५ बिउंझ्यो। फेरि त्येस्ले सुत्येर अर्को सपना देख्यो को भन्ये एकैवटा डांठमां
६ सात्वटा भरीला भरीला र जाति जाति बाला निकल्ये। अनि हेर सात्वटा
बाला सेप्रा सेप्रा र पूर्व बतासले ओइल्याईयेका तिनको पछि पलाये।
७ वहांदेखि सेप्रा सेप्रा बालाहरूले सातै भरीला भरीला र अन्नले भरीयेका
बालाहरूलाइ निलि हाल्ये। तब फिरऊन्ले बिउंझेर सपना पो रहेछ भनि
८ थाहा पायो। बिहान येसो भयो फिरऊन्को आत्मा व्याकुल् भयो वहांदेखि
त्येस्ले मिस्रका सब्बै नैसिहरूलाइ र पण्डितहरूलाइ बोलायेर तिनिहरूलाइ
आफ्ना सपना कह्यो तर फिरऊन्लाइ तिनको अर्थ खोलन्नु सक्ने कोई
९ थियेन। तब मूलथियाउंने फिरऊन्लाइ येसो भन्दै बोलि उठेछ मं आजुको
१० दिन् आफ्ना अपराध् सम्झंछु. फिरऊन् आफ्ना चाकरेहरू देखि
रिसायेका थिये अनि मंलाइ र मूलपकाउंनेलाइ पहरूको कप्तान्को घरमां
११ पहरामां हालि दिंनु भयेको थियो. वहां हामि दुवै जनाले एकै
रातमां आफ्नु आफ्नु सपनाको अर्थखोलाई अनुसार् एक् एकवटा सपना

देख्यूं । अनि त्यहां हांमिहरु सङ येउटा पहराको कप्तान्को कमांरो इब्रानी १२
जुवान् थियो त आफ्नु आफ्नु सपना त्येस्लाइ कह्यूं अनि त्येस्ले तिनको
अर्थ हांमिहरुलाइ खोल्यो एक् एकलाइ त्येको सपनाको अर्थ अनुसार्
खोलि दियो । अनि येसो भयो त्येस्ले हांमिहरुलाइ जस्तो अर्थ खोलि १३
दियेको थियो त्येस्तै निकल्यो पनि मंलाइ ता मेरो मान् फेरि दियो तर
त्येसचइंलाइ झुंड्याइ दियो । तब फिरऊन्ले यूसुफ्लाइ बोलाइ पठायो १४
अनि त्यो फुर्ति सित कैदीकूप् देखि निकालीयो . त त्यो कपाल् खौरायेर
लुगा फेर्यर फिरऊन् थांइ गयो । तब फिरऊन्ले यूसुफ्लाइ भन्यो मैंले १५
येउटा सपना देख्यें अनि त्येस्को अर्थ खोलुनु सक्ने कोई कैन . अनि मैंले
तेरो बिषयमां सुन्यें तैंले सपनाको मर्म येस्तो गरि जान्द कुस् अरे तिनको
अर्थ खोलुनु सक्कुस् अरे । तर यूसुफ्ले फिरऊन्लाइ भन्यो मं ता कोइ १६
पनि गर्नु सक्दीन . ईश्वरैले फिरऊन्लाइ शुभ उत्तर् देवस् । त फिरऊन्ले १७
यूसुफ्लाइ भन्यो मैंले आफ्नु सपनामां को देख्यें भन्ये नील् नदीको तीरमां
उभीयेको रांकु . फेरि को देख्यें भन्ये नदी देखि सात्वटी मोटी मोटी र १८
राम्री राम्री गाईहरु निकल्येर निङालोको घांस्मां चर्नु लागिन् . फेरि को १९
देख्यें भन्ये तिनका पछि अरु सात्वटी गाईहरु निकलिन् जुन्हरु निर्धो र
अघोर् नराम्रीहरु र दुब्लो दुब्लो थिइन् मैंले ता येस्तो अभागिनी
गाईहरु सिंगै मिस्र देस्मां कैले पनि देखिंन . अनि दुब्लो र नराम्री २०
गाईहरुले अघिल्ली सातै मोटी मोटी गाईहरुलाइ खाइ हालिन् . अनि २१
तिनलाइ खाइ हाल्ये पछि तिनलाइ खाइ हालिन् भन्ये थाहा हुनु सक्दैन
थियो जस्तोको तस्तो नराम्रीकी नराम्रीनै रहिन् . तब मं बिउंझ्यं । फेरि २२
सपनामां को देख्यें भन्ये एकैउटा डांठ्मां सात्वटा अन्नले भरीयेका जाति
जाति बाला पसाये . फेरि को देख्यें भन्ये सात्वटा बाला खाली खाली र २३
सेप्रा सेप्रा र पूर्व बतास्ले ओइल्याईयेका ति पछि पसाये . अनि सेप्रा २४
बालाहरुले सातै जाति बालाहरुलाइ निलि हाल्ये . अनि मैंले जैसिहरुलाइ
येको बखान् गर्यें तर त्यो मंलाइ बुझाउनु सक्ने कोई थियेन । तब २५
यूसुफ्ले फिरऊन्लाइ भन्यो फिरऊन्का दुवै सपना एकै हुन् . ईश्वरले जे
गर्नु आंटेको छ त्यो उस्ले फिरऊन्कन जनाये छ । सातै जाति जाति २६
गाईहरु सात् बर्ष हुन् अनि सातै जाति जाति बालाहरु सात् बर्ष हुन् . दुवै
सपना एकै हुन् । अनि ति पछि निकलने सातै दुब्लो र नराम्रो २७
गाईहरु सात् बर्ष हुन् अनि सातै रित्तो र पूर्व बतास्ले ओइल्याईयेका
बालाहरु पनि . यि ता अनिकालका सात् बर्ष हुनेका हुन् । यो २८
त्येइ कुरो हो जुन् मैंले फिरऊन्कन भनि सक्यें . ईश्वरले जे गर्नु आंटेको
छ त्यो उस्ले फिरऊन्कन देखाये छ । हेर्नु हवस् सिंगै मिस्र देस्मां २९
अघोर् सहकाले सात् बर्ष आउंनु आंटेका छन् . अनि ति पछि ३०
अनिकाले सात् बर्ष आउंछन् अनि मिस्र देस्मां त्यो सिंगै सहकाल्
बर्साईंछ अनि अनिकाल्ले देस् नष्ट पार्छ अनि पछाडि आउंने ३१

अनिकाल्को कारणले देसमां सहकाल् भयेको थाहा रहंदैन कसोगरिभन्ने
२२ अग्घोरै सारो हुंछ । अनि फिरऊन्ले यो सपना दुइ खेप् गरि दोहोऱ्यायेर
देख्नु भयो त येस्को भेद् येइ हो यो कुरो ईश्वर् पट्टि बाटो ठहराइ स्थिर्
२३ भइ सक्कीयो अनि ईश्वरले त्यो छिट्टै पूरो गर्छ । त अब फिरऊन्ले कोई चतुर्
र ज्ञानी पुरुष्को जोहो गरि त्येस्लाइ मिस्र देस् मांथि खटाउंनु हवस् ।
२४ यो देखि उप्रान्त फिरऊन्ले देसमां कामदारी खटायेर सहकाले सात् वर्ष
रहुंज्याल् सम्म मिस्र देस्को उप्जनिमांको पांचौं पांचौं हिस्सा उठाउंने
२५ गराउंनु हवस् । अनि तिनिहरुले यि आउंने जाति वर्षका सबै रकम्का
खांने थोक् बटुल्येर सहर् सहरमां फिरऊन्को कारमां अन्नका ढुकुटि
२६ भोजन्को लागि बनायेर ति बचाइ राखुन् । अनि यो भोजन् मिस्र
देसमां आउंने ति अनिकाले सात् वर्षको लागि कोइ रखाई हुंछ येस्ले
२७ देस् अनिकाल्ले उग्लंने छैन । यो बचन् फिरऊन् र त्येस्का सब्बै
२८ चाकरेहरुलाइ जाति लाग्यो । त फिरऊन्ले आफ्ना चाकरेहरुलाइ भन्यो
२९ को येइ पुरुष् जस्तो ईश्वर्को आत्मा भयेको अरु कोई पाईंछ । अनि
फिरऊन्ले यूसुफलाइ भन्यो ईश्वरले तंलाइ यो सबै जनाये छ त तं
३० जस्तिको चतुर् र ज्ञानी कोई छैन, तैं मेरो घर् मांथि हुंछस् तेरै
आज्ञा अनुसार् मेरा सबै पर्जाको बन्दबस्त गरौंछ, खालि सिंहासन्को
३१ विषयमां मात्रै मं तं भन्दा बड़ा हुंछु । फेरि फिरऊन्ले यूसुफलाइ भन्यो
३२ हेर् मैंले तंलाइ मिस्रको सिंगै देस् मांथि बसाल्यें । यहांदेखि फिरऊन्ले
आफनु हात् देखि छापौंठो निकालि यूसुफ्को हातमां लगाइ दियो अनि
त्येस्लाइ मलमल् पोशाक् पहिराइ दियो अनि त्येस्को गलामां येउटा
३३ सुन्को सिक्री पहिराइ दियो । अनि त्येस्लाइ आफ्नु अर्को रथ्मां चढ़ायो
अनि घुड़ा टेक घुड़ा टेक भन्दै त्येस्को अघि अघि कराउंदै हिंड्ये । त त्येस्ले
३४ त्येस्लाइ मिस्रको सिंगै देस् मांथि बसाल्यो । फेरि फिरऊन्ले यूसुफलाइ
भन्यो फिरऊन् मैं हुं अनि तैं बिना सिंगै मिस्र देसमां कस्लैले हात् गोड़ा
३५ चलाउंदैन । अनि फिरऊन्ले यूसुफ्को नांउ साप्रत्यानेह् राख्यो अनि त्येस्लाइ
ओन्को पूजाहारी पोतीपेराको छोरी आसनत्लाइ त्येस्को स्वास्नी हुंनुलाइ
३६ दियो । अनि यूसुफ् निस्केर मिस्रको देसभरि डुल्नु फिर्नु लाग्यो । अब
यूसुफ् मिस्रको राजा फिरऊन्को सांसु उभौंदा तीस् वर्षको थियो । अनि
यूसुफ् फिरऊन्को सांसु देखि निकलि मिस्रको सिंगै देसभरि ओहरदोहर्
३७ गर्नु लाग्यो । न भन्दै सहकाल्का सातै वर्षमां भूमिले मुट्ठि भरि भरि गरि अन्न
३८ उप्जाउंदै रह्यो । अनि त्येस्ले ति सातै वर्षका मिस्र देसमां हुंने सबै खांने
३९ थोक् बटुलि बटुलिकन सहर् सहर् हुंदो राख्दै गयो, एक एक सहर्को
वरिपरिका बालिका खांने थोक् त्येस्ले त्येसै सहरमां राख्यो । त यूसुफले
अन्न समुन्द्रको बालुवा झैं अग्घोरै विघ ढुकुटिको ढुकुटि गरि राख्यो यहां
सम्म राख्यो हिसाप् राख्नु छोड़ि दियो किनभन्ना त्यो बिहिसाप् थियो ।
४० अनि अनिकाल्को वर्ष थालौंनु भन्दा पहिले यूसुफका दुइ भाई छोराहरू

ओन्को पूजाहारी पोतीपेराको छोरी आसनत् देखि जन्म्ये। अनि ५१
यूसुफ्ले जेठोचइंको नांउ ईश्वर्ले मंलाइ मेरा सब्बै दुख्भराई र मेरो
बाबुको सबै जहान् बिर्साइ दियो भनि मनश्शे[1] राख्यो। अनि अर्कोको ५२
नांउ त्येस्ले ईश्वर्ले मेरो कष्टको देस्मां मंलाइ फलवन्त तुल्यायो भनि
एफ्रैम्[2] राख्यो। अब मिस्र देस्मां सहकाल्का सातै बर्ष सक्कीये। अनि ५३ ५४
अनिकाल्का सात् बर्ष यूसुफ्ले भन्ये झैं आउंनु लाग्ये. अनि सबै देस् देस्मां
अनिकाल् पर्यो तर मिस्रको चइं ता सिंगै देस्मां रोटी थियो। अनि जसै ५५
मिस्रको सिंगै देस् भोकले मर्नु लाग्यो तब पर्जाहरुले फिरऊन् सित कराइ
कराइकन रोटी मांग्नु लाग्ये. तर फिरऊन्ले सब्बै मिस्रीहरुलाइ भन्यो
यूसुफ् थांइ जाव अनि त्येस्ले तिमिहरुलाइ जे भन्छ त्येइ गर। त ५६
अनिकाल् पृथिवीको स्यांइ मुख् मांथि थियो, तब यूसुफ्ले सबै ढुकुटि
खोलि खोलिकन मिस्रीहरुको हात्मां बेच्नु लाग्यो. अनि अनिकाल्
मिस्र देस्मां सारो सारो हुंदै गयो। अनि सबै देस्हरुका लोग् अन्न किन्नु ५७
मिस्रमां यूसुफ् थांइ आउंनु लाग्ये किनभन्ये अनिकाल् सबै पृथिवीमां
सारो थियो॥

(यूसुफ्का दाज्युहरु मिस्रमां जांनु)

अब याकूब्ले मिस्रमां अन्न भयेको देख्यो त त्येस्ले आफ्ना ४२ १
छोराहरुलाइ भन्यो किन एकाले अर्काको मुख् हेराहेर् गर्दै छौ। अनि २
त्येस्ले भन्यो सुन्येको छु मिस्रमां अन्न छ अरे. त उता उत्रि गयेर उता बाटो
हांमिहरुको लागि अन्न किनि ल्याव र न मरूं तर बांचि रहूं। त यूसुफ्का ३
दसै जना दाज्युहरु अन्न किनि ल्याउंनुको लागि मिस्रमां उत्रि गये। तर ४
यूसुफ्को भाई बिन्यामीन्चइंलाइ याकूब्ले त्येका दाज्युहरु सित पठायेन
किनभन्ये त्येस्ले भन्यो क्या हो क्या हो त्यो मांथि कोइ बिपत्ति आइ
लाग्ला। त अरु अरु आउंनेहरु सित इस्राएल्का छोराहरु पनि अन्न ५
किनि ल्याउंनुको लागि आये. किनभन्ये कनान् देस्मां अनिकाल् थियो।
अनि यूसुफ् देश् मांथि हुकुम् चलाउंने थियो देस्का सब्बै लोगको हातमां ६
बेच्नु लाउंने त्येइ थियो. त यूसुफ्का दाज्युहरुले आयेर त्येस्लाइ
अष्टाङ्गप्रणाम् गर्ये। तब यूसुफ्ले आफ्ना दाज्युहरुलाइ देख्येर चिनि ७
हाल्यो तर तिनिहरुको मांसु आफुलाइ न चिन्ने जस्तो तुल्यायो अनि
तिनिहरु सित कठोरेइं सङ बोल्यो अनि तिनिहरुलाइ तिमिहरु कहां
देखि आउंद छौ भन्यो. तब तिनिहरुले कनान् देस् देखि अन्न किन्नु
आयेकाहरु हौं भन्ये। यूसुफ्ले ता आफ्ना दाज्युहरुलाइ चिनि हाल्यो तर ८
तिनिहरुले त्येस्लाइ चिन्येनन्। तब यूसुफ्लाइ त्येस्ले तिनिहरुको बिषयमां ९
देख्येका त्येका सपनाको सम्झना आयो तब त्येस्ले भन्यो तिमिहरु
भेदियाहरु हौ देस्को नंगेइं बूझ्नु आयौ। तर तिनिहरुले त्येस्लाइ भन्ये १०

[1] अर्थात् बिर्साइदियो। [2] अर्थात् फलवन्त।

हे प्रभु त्येसो कैन तर खांने थोक् किनु आफुका कमांराहरु आये।
११ हांमिहरु सब्बै जना एक्के पुरुषका क्रोराहरु हौं सीधा मान्छेहरु हौं आफुका
१२ कमांराहरु कुनै भेडिया होइनन्। तर त्येस्ले तिनिहरुलाइ भन्यो होइन
१३ तर देसको नंगेडैं बूझ्नुलाइ आयौ। तब तिनिहरुले भन्ये हांमि आफुका
कमांराहरु बारह् भाई अनि कनान् देसवासी एक्के पुरुषका क्रोराहरु हौं
अनि हेनुं हवस् कान्छो चइं जो छ त्यो आजु आफ्नु बाबु सङ छ अनि
१४ येउटा जो थियो त्यो चइं कैन। तर यूसुफले तिनिहरुलाइ भन्यो मैले
१५ तिमिहरुलाइ भेडियाहरु हौ भन्येको कुरो अब सांचो ठहरौंछ. येसैले
जांचौंछौ फिरऊनको जीवनको किरिया निस्से जब सम्म तिमिहरुको
कान्छो भाई यहां आउंदैन तब सम्म यहां देखि निक्लंनु पाउंदौन।
१६ आफुमांको येउटालाइ पठाइ देव त्येस्ले तिमिहरुको भाईलाइ ल्यावस् अनि
तिमिहरु चइं बन्धनमां रहंछौ येसोरिकन तिमिहरुका कुरा जांचौंछन्
तिमिहरु सांचोलाहरु हो राछौ कि रैनछौ. होइन भन्ये ता फिरऊनको
१७ जीवनको किरिया निस्से तिमिहरु भेडियाहरुइ हौ। त त्येस्ले तिनिहरुलाइ
१८ एकै साथ् पहरामां तीन् दिनभरि हालि राख्यो। तीस्रो दिनमां यूसुफले
तिनिहरुलाइ भन्यो अब येसो गर त जीइ रहौला किनभन्ये मं ईश्वरको
१९ डर् मान्छु. तिमिहरु सीधाहरु हौ भन्ये देखि तिमिहरुको येस्
भेलखानमां तिमि सब्बै भाईहरुमांको एक् जना बन्धनमां रहोस् अनि
२० तिमिहरुले गयेर आफ्ना घरकाहरुको भोक् मार्नुलाइ अन्न लैजाव. अनि
आफ्नु कान्छो चइं भाईलाइ मं थांइ ल्याव येसोरिकन तिमिहरुका कुरा
सांचो ठहरोनन् अनि तिमिहरु मर्ने छौन। त तिनिहरुले त्येसै गर्ये।
२१ तब तिनिहरुले आपस्तमां भन्ये निस्से हांमिहरु आफ्नु भाईको विषयमां
दोषी छौं जब त्येस्ले हांमिहरु मित बिन्ति गर्दा त्येस्को मनलाइ कस्तो
संकटमां पर्येको देख्येका थियूं तब त्येस्को सुन्यूंन येसैकारणले अब येस्
२२ संकटमां पर्यूं। तब रूबेनले तिनिहरुलाइ उत्तर् दिइ भन्यो को मैले
तिमिहरुलाइ भनिंन केटाका अपराधी न हव भनि तर तिमिहरुले सुन्योभ
२३ त हेर अब त्येस्को लोहूको साटो पनि लिईंद छ। अनि तिनिहरुले यूसुफले
हांमिहरुको कुरो बूझ्द छ भनि जान्देन थिये कसोगरिभन्ये तिनिहरुको
२४ बीचमां दोभाषे थियो। तब त्यो तिनिहरुको पीठ देखि मुख फर्काएर रुनु
लाग्यो फेरि तिनिहरु तिर फर्क्यर तिनिहरु मित बात् गर्यो तहांदेखि
तिनिहरुमांको शिमोन्चइंलाइ समाल्यर तिनिहरुको मुखैजि बान्धि हाल्यो।
२५ तहांदेखि यूसुफले आज्ञा गर्यो तिनिहरुका बोरामां अन्न भरि भरि हाल
अनि तिनिहरुमांको जनंगेको बोरामां त्येस्को रुपिया फेरि हालि देव अनि
तिनलाइ बाटोको लागि सांमलतुमल् देव. त तिनिहरु मित यस्ले बेहोरा
२६ गरीयो। तब तिनिहरु आफ्नु आफ्नु अन्न आफ्ना गदाहाहरु मांथि
२७ बोकायेर त्यहां बाटो हिंड्ये। अनि बासमां जसै येउटाले आफ्नु
गदाहालाइ आहारा दिनुलाइ आफ्नु बोरा फुकायो तब आफ्नु रुपिया

त्यो मेरो बोराको मुखैमां रक्ष भनि देख्यो। तब त्येस्ले आफ्ना २८
दाज्युभाईहरुलाइ भन्यो मेरो रुपिया ता फर्काइ दिईये क्ष हेर त्यो मेरो
बोरैमां रक्ष भनि. तब तिनिहरुको हंसले ठांउ क्षाड्यो अनि तिनिहरुले
एकाले अर्कालाइ कांम्दै कांम्दै येसो भन्दै हेराहेर् गर्नु लाग्ये ईश्वरले यो
हांमिहरु सित को गर्यो। निदान्मां तिनिहरु कनान् देस्मां आफ्नु बाबु २९
याकूब्कां आइ पुग्ये अनि जे तिनिहरु मांथि बित्येको थियो त्येस्को बखान्
त्येस्लाइ येसो भन्दै कह्ये जुन् पुरुष् त्येस् देस्को प्रभु रक्ष त्येस्ले हांमिहरु ३०
सित कठोरैइं सित बात् गर्यो अनि हांमिहरुलाइ देस्का भेदिया जान्यो।
तर हांमिहरुले त्येस्लाइ भन्यं हांमिहरु ता सीधा मान्छे हौं भेदियाहरु ३१
हौंन. बारह् दाज्युभाईहरु क्षौं आफ्नु बाबुका क्षोराहरु येउटा ता क्षैन ३२
अनि कान्छो चइं जो क्ष त्यो ता कनान् देस्मां हांस्रो बाबु सित क्ष। तर ३३
त्येस् देस्को प्रभु हुंने पुरुषले हांमिहरुलाइ भन्यो येसैले मं तिमिहरु सीधा
मान्छे राक्षौ भनि थाहा पाउंला आफ्ना भाईहरुमांको येउटालाइ मेरा
क्षोड़ि आफ्ना आफ्ना घरकाहरुको भोक् मार्नुलाइ अन्न लैजाव. अनि ३४
आफ्नु कान्छो भाईलाइ मं थांइ ल्याव. तब मं तिमिहरु भेदियाहरु
रैनक्षौ तर सीधाहरु राक्षौ भनि थाहा पाउंला. अनि तब मं तिमिहरुको
भाईलाइ तिमिहरुलाइ क्षोड़ाइ दिउंला अनि तिमिहरुले येस् देस्मां
लेन्देन् गर्नु पाग्रौला। फेरि जसै तिनिहरुले आफ्ना आफ्ना बोरा देखि ३५
अन्न खन्याउंनु लाग्ये तब को देख्ये भन्ये जनंगेका रुपियाको थैलौ त्येस्को
बोरैमां रक्ष. अनि तिनिहरु र तिनिहरुको बाबु तिनिहरुका रुपियाका
थैलोहरु देखिकन डराये। तब तिनिहरुको बाबु याकूब्ले तिनिहरुलाइ ३६
भन्यो तिमिहरुले ता मंचइंलाइ निर्वंश तुल्यायौ. यूसुफ् क्षैन अनि शिमोन्
पनि क्षैन अनि अब बिन्यामीन्लाइ पनि लैजांनु खोज्द क्षौ. यि सबै कुरा
मं चइं मांथि आइ लाग्ये। तब रूबेन्चइंले आफ्नु बाबुलाइ भन्यो मैंले ३७
त्येस्लाइ तिमि थांइ ल्याइंन भन्ये तिमिले मेरा दुवै भाई क्षोराहरुलाइ मार.
तिमिले त्येस्लाइ मेरो हातमां सुम्पि देउ मं त्येस्लाइ फेरि तिमि थांइ ल्याइ
पुऱ्याउंक्षु। तर त्येस्ले भन्यो नाहीं मेरो क्षोरो तिमिहरु सङ उत्रि जांदैन ३८
किनभन्ये त्येस्का दाज्यु चइं मरि गयो अनि त्यो मात्रै रह्येको क्ष. तिमिहरु
जांने बाटोमां त्यो मांथि कोइ बिपत्ति आइ लाग्यो भन्ये ता मेरा पाकेका
केस् शोक् सित पत्तालमां उतारि ल्याउंक्षौ॥

(यूसुफ्का दाज्युभाईहरु दोस्रो खेप् मिस्रमां जांनु)

येतिमां देस्मां अनिकाल् झारो भइ गयो। त येसो भयो जसै ४३
तिनिहरुले मिस्र देखि ल्याथेका अन्न खाइ सक्ये तब तिनिहरुको बाबुले
तिनिहरुलाइ भन्यो फेरि गयेर हांमिहरुको लागि अलिकता खांने थोक्
किनि ल्याव। तर यहूदाचइंले त्येस्लाइ भन्यो त्येस् पुरुषले हांमिहरुलाइ ३
चेतावनि चेताइकन तिमिहरुको भाई तिमिहरु सित आयेन भन्ये तिमिहरु

४ मेरो सांसु आउंनु पाउंने कौन भन्येको क्र । त तिमिले हांम्रो भाईलाइ
हांमि सित पठाइ दियौ भन्ये उत्रि गयेर तिम्रो लागि खांने थोक् किनि
५ ल्याउंक्यौं . तर येस्लाइ पठायौन भन्ये उत्रि जांदौंन . किनभन्ये येस् पुरुषले
हांमिहरुलाइ तिमिहरुको भाई तिमिहरु सित कैन भन्ये तिमिहरु मेरो
६ सांसु आउंनु पाउंने कौन भन्येको क्र । तब इस्राएलले येस् पुरुषलाइ हांम्रो
७ अरु येउटा भाई क्र भनि जनायेर किन मेरो येस्तो हानि गर्यौ । तिनिहरुले
भन्ये येस् पुरुषले हांम्रो र हांम्रा कुटुम्बहरुको गत् येसो भनिकन बल्लियो
गरि सोध्यो को तिमिहरुको बाबु अझ सम्म जीउंद क्र को तिमिहरुको कोई
भाई अरु क्र भनि . त यि सोधनि अनुसार् येस्लाइ बखान् गरि दियूं . को
येस्ले आफ्नु भाईलाइ यहां ल्याव भन्क्र भनि कोई परिले जान्द थियूं र ।
८ फेरि यहूदाचइंले आफ्नु बाबु इस्राएलुलाइ भन्यो केटालाइ मं सित पठाइ
देउ उठेर हांमि जाइ जांक्यौं येस्ले हांमि र तिमि र हांम्रा बालबच्चा मंक्यौं
९ होइन तर जीइ रहंक्यौं । मं येस्को जमानि हुंद क्रु मेरै हात् देखि तिमिले
येस्को खोज् गर . येस्लाइ तिम्रां पुर्याइ तिम्रो सांसु उभ्याउंनु सकिंन भन्ये
१० सदाको लागि तिम्रो अपराधी ठहर्क्रु . किनभन्य ढियांलो न र दी हौं त
११ अब सम्म दोस्रो खेप् पनि फर्कि आइ सक्न थियूं । तब तिनिहरुको बाबु
इस्राएलले तिनिहरुलाइ भन्यो सांचि सांचनै कुरो येसैनै हो भन्ये देखि
येउटा काम् गर आफ्ना भांडामां येस् देशका जात्ति जाति फलहरु अलि
अलि येस् पुरुषको लागि सौगात लैजाव अर्थात् अलिकता बलसान् र
१२ अलिकता मह र सुगन्ध् द्रव्य र मुर् र पिस्ते र बादाम् . अनि आफ्ना
हातमां दोबर् रुपिया लैजाव अनि जुन् रुपिया तिमिहरुका बोराका मुख्
मुखमां थियो त्यो आफ्ना हातमां लिंदै जाव कोनि यो भूलले भयेको होला
१३ हो . आफ्नु भाईलाइ पनि साथ लिइ उठ अनि त्यो पुरुष् थांइ फेरि जाव .
१४ अनि सर्वशक्तिमान् ईश्वरले येस् पुरुषलाइ तिमिहरु मांथि दयालु गराइ
देवस् र येस्ले तिमिहरुको अर्को भाईलाइ अनि बिन्यामीनलाइ पनि छोड़ि
देवस् । अनि मं चइं निर्वंश भयें त भयें ॥
१५ त ति मान्छेहरुले त्यो सौगात् र दोबर् रुपिया आफ्नु आफ्नु
हातमां लिये अनि बिन्यामीनलाइ पनि अनि उठेर मिस्रमां उत्रि
१६ यूसुफको सांसु गइ उभीये । जसै यूसुफले तिनिहरु सित बिन्यामीनलाइ
देख्यो तब आफ्नु घरको कारन्दारिलाइ भन्यो ति मान्छेहरुलाइ घरमां
ल्याइ बसा वहांदेखि कोइ मांर्यर भोज् तियार् पार् किनभन्ये तिनिहरुले
१७ दोपहरिमां मं सित भान्सा गर्क्रन् । त येस्ले यूसुफले भन्ये झैं गर्यर ति
१८ मान्छेहरुलाइ यूसुफको घरमां लग्यो । तर ति मान्छेहरु यूसुफको घरमां
पुर्याईंदा डराये अनि भन्ये हो न हो ति अघिल्लोखेप् हांमिहरुका बोरामां
फर्काइ दिईयेका रुपियाको कारणले भित्र पुर्याईयेका हौं येस्ले हांमिहरुलाइ
कोई कारण् खोजि सेप्यैर आफ्ना कमारा पार्नु अनि हांमिहरुका
१९ गदाहाहरु खोस्नुलाइ । त तिनिहरुले यूसुफको घरको कारन्दारिको छेउमां

गयेर घरको दैलोमां त्यो सित कुरा गर्‍ये अनि भन्ये हे मेरा प्रभु २०
बिन्ति यो कृ हांमिहरु ता अघिल्लो खेप् अन्न किन्नुलाइ आयेका थियूं.
अनि ऐसो भयो जसै बास्मां पुग्येर आफ्ना बोरा खोल्यूं तब को देख्यूं २१
भन्ये जनंगेको रुपिया त्येस्को बोराको मुख् मुखैमां रक्ष हांमिहरुको रुपिया
पूरापूरै थियो. त त्यो आफ्नु हात्मां फेरि ल्याये का कौं। अनि अर्को २२
रुपिया पनि खांने थोक् किनि लांनुको लागि आफु आफु सङ ल्याये का कौं.
जान्दौंन कस्ले हांस्रो रुपिया हांस्रा बोरा बोरामां हालि दिये कृ। तब त्येस्ले २३
भन्यो तिमिहरुको कुशल् हवस् न डराव तिमिहरुको ईश्वर्ले जो
तिमिहरुको बाबुको पनि ईश्वर् हो उसैले तिमिहरुलाइ तिमिहरुका बोरा
बोरामां धन् दियो. तिमिहरुको रुपिया मैंले पाइ सक्येको थियें। ऐसो
भनिकन त्येस्ले शिमोन्लाइ निकालि ल्याइ तिनिहरु सित भेट् गराइ २४
दियो। त त्येस् मान्छेले यि मान्छेहरुलाइ यूसुफ्को घर्मां लग्येर पानी
दियो अनि तिनिहरुले आफ्ना गोड़ा धोये अनि त्येस्ले तिनका
गदाहाहरुलाइ आहारा दियो। वहांदेखि तिनिहरुले यूसुफ् दोपहरि २५
आउंने बेला सम्ममां त्यो सौगात् तियार् पारि राख्ये. किनभन्ये यिहीं
रोटी खांनु पर्छ भनि सुन्येका थिये। जसै यूसुफ् घर आयो तब तिनिहरुले २६
आफ्ना हातमां भयेको सौगात् त्येस्को सांमु घर्मां ल्याये अनि भूइं सम्म
निउंरि त्येस्लाइ अष्टाङ्गप्रणाम गर्‍ये। त्येस्ले तिनिहरुको कुशल् क्षेम् सोधि २७
भन्यो को तिमिहरुको बाबु त्यो तिमिहरुले चर्चा गर्‍येको बुढ़ो कुशलै कृ
को त्यो अब सम्म जीयेकै कृ। तिनिहरुले भन्ये ज्यु आफ्नको कमांरो २८
हांमिहरुको बाबु कुशलै कृ अनि अब सम्म जीउंद कृ। अनि तिनिहरुले
आफ्ना सिर् निउंराइ दण्डवत् गर्‍ये। फेरि त्येस्ले आफ्ना आंखा उचालि २९
आफ्नु आंत्को चइं भाई बिन्यामीन्लाइ देख्येर भन्यो को तिमिहरुको
त्यो कान्छो भाई जस्को चर्चा मं सित गर्‍ये थ्यौ येइ हो। वहांदेखि त्येस्ले
फेरि भन्यो ए मेरो क्रोरा ईश्वर्ले तं मांथि अनुग्रह् गरोस्। तब यूसुफ्ले ३०
छिट्टो गर्‍यो किनभन्ये त्येस्को भाईको माया लाग्येर मन् भरीदै आयो. त
त्येस्लाइ रुंनु आयो अनि आफ्नु कोठामां गयेर त्यहां रोइ हाल्यो। फेरि ३१
त्यो आफ्नु मुख् धोइधाइ गर्‍येर निस्कि आयेर आफुलाइ थामिकन भन्यो
भात् पस्क। त त्येस्को लागि अलग् र तिनिहरुको लागि अलग् र त्यो ३२
सित खांने मिस्रीहरुको लागि अलग् गरि पस्क्ये. किनभन्ये मिस्रीहरुले
इब्रानीहरु सित भात खांनु हुंदैन थियो कसोगरिभन्ये मिस्रीहरुले यो
देखि घिन् गर्ने कृन्। अनि तिनिहरु त्येस्को सांमु बस्ये जेठो चइं आफ्नु ३३
जेठाधिकार् अनुसार् गरि अनि कान्छो चइं आफ्नु उमेर् अनुसार् गरि.
अनि तिनिहरुले उदेक् मानिकन एकाले अर्कालाइ हेर्नु लाग्ये। तब त्येस्ले ३४
आफ्नु सांमु देखि भाग् उठाइ उठाइकन तिनिहरुकां पठाउंनु लाग्यो. तर
बिन्यामीन्को चइं भाग् तिनिहरुमांको एक् एक्को भन्दा पांचगुणा बेसि
थियो। त तिनिहरुले पीइ पीइकन त्यो सङ आनन्द गर्‍ये॥

४४१ वहांदेखि त्येस्ले आफ्नु घर्को कारन्दारिलाइ भन्यो यि मान्छेहरुका बोरामां खाने थोक् तिनले बोक्नु सक्ने सम्म अनि जनंगेको
२ रुपिया त्येस्को बोराको मुखमां राखि दे। अनि मेरो बडुको अं चांदी चइंको बडुको कान्छोचइंको बोराको मुखमां त्येस्को अन्नको रुपिया समेत्
३ हालि राखि दे। त त्येस्ले यूसुफ्को भनाई अनुसार् गर्यो। बिहान उजियालो हुंदा हुंदै ति मान्छेहरु आफ्ना गदाहाहरु समेत् बिदा भये।
४ तिनिहरु सहर् देखि निकल्येका थिये तर मनाक् टाढो गयेका थियेनन् त्येतिमां यूसुफ्ले आफ्नु कारन्दारिलाइ भन्यो गयेर ति मान्छेहरुलाइ खेद्
अनि तिनलाइ भेटि तिनलाइ भन् भलाईको साटो किन बुराई गर्यौ।
५ को यो त्यइ होइन जस्मां मेरा प्रभुले पीउंद छन् अनि ज्येले तिनले आर्ज
६ पनि हेर्द छन्. ज्ये गर्यो तिमिहरुले त्यो बुरानै गर्यौ। त त्येस्ले गइ
७ तिनिहरुलाइ भेट्यो अनि तिनलाइ यि कुरा भन्यो। तर तिनिहरुले त्येस्लाइ भन्ये हांस्रा प्रभुले किन येस्तो कुरो भन्द छन् येस्तो काम् गर्नु ता
८ आफुका कमांराहरु देखि अलग् रहोस्। हेर्नु हवस् जुन् रुपिया हांस्रा बोराका मुख मुखमां निकल्येका थिये त्यो हांमिहरुले कनान् देस् देखि फर्काइ ल्यायेर आफुलाइ दियूं। त आफुका प्रभुको घर् देखि चांदी कि सुन्
९ कसोगरि चोरि ल्याउंथ्यूं। आफुका कमांराहरुमांको जस्का त्यो निकलला त्यो मांरीग्रास् अनि हांमिहरु चइं पनि आफ्नु प्रभुका कमांरा होइ जाऊं।
१० तब त्येस्ले भन्यो हुंछ तिमिहरुले भन्येको जस्ले हवस् जस्का त्यो निकलला
११ त्यो चइं मेरो कमांरो हुंछ तर तिमिहरु चइं निरपराधी ठहरौला। त तिनिहरुले हत्तरपत्त गरि आफ्नु आफ्नु बोरा भूइंमां उतारि ति खोल्नु
१२ लाग्ये। तब त्येस्ले खोदलखादल् गर्नु लाग्यो जेठाको बोरा देखि थालि कान्छोको बोरा सम्म. अनि बडुको बिन्यामीन्को चइं बोरामां भेट्टाईयो।
१३ तब तिनिहरुले आफ्नु आफ्नु लुगा च्यात्ये अनि आफ्नु आफ्नु
१४ गदाहाहरुलाइ बोकायेर सहरमां फर्कि आये। अनि यहूदा र त्येस्का दाज्युभाईहरु यूसुफ्को घरमां आये अनि त्यो चइं अब सम्म तिहींनै थियो.
१५ अनि तिनिहरु त्येस्को सांमु भूंइमां घोप्टो पर्ये। तब यूसुफ्ले तिनिहरुलाइ भन्यो यो तिमिहरुले कां काम् गर्यो कां मंलाइ जान्दैन थियौ येस्तो मान्छेले
१६ आर्ज हेर्नु सकद छ भनि। तब यहूदाले भन्यो हांमि मेरा प्रभुकन कां भनूं कां बोलूं अनि कसोगरि आफुलाइ धर्म्मी ठहराऊं। ईश्वरले हजूरका कमांराहरुको अधर्म्म पायो. हेर्नु मेरा प्रभुका कमांराहरु हौं हांमिहरु पनि
१७ अनि जस्का बडुको निकल्यो त्यो पनि। तर त्येस्ले भन्यो येसो गर्नु मं देखि अलग् रहोस्. जस्का बडुको निकल्यो त्येइ चइं मेरो कमांरो हुंछ अनि तिमिहरु चइं आफ्नु बाबुकां कुशल् क्षेम् सित चढि जाव॥
१८ तब यहूदाले नजिक् गयेर भन्न लाग्यो हे मेरा प्रभु बिन्ति सुन्नु हवस् हजूरको कमांरोलाइ मेरा प्रभुका कानमां थेउटा कुरो भन्न औसर् माफ् हवस् अनि हजूरको कमांरो मांथि हजूरको रिस् न बढोस्. किनभन्ये हजूर्

फिरऊन्कै बराबर् हुनु हुंद क्र । मेरा प्रभुले आफ्ना कमांराहरुलाइ सोध्नु १९
भयेको थियो को तिमिहरुको बाबु कि भाई पनि क्र भनि । अनि हांमिले २०
मेरा प्रभुकन भन्यूं हांम्रा एक् वृद्ध बाबु क्र अनि तिन्को बूढेम्कालको
ऐउटा बालख क्र त्यो सांनै क्र अनि त्येस्को दाज्यु चइं मरि गयो त आफ्नी
आंमा देखिको त्येइ ऐउटा रह्योको क्र अनि त्येस्को बाबुले त्येस्लाइ प्रिय
जान्द क्र । अनि हजूर्ले आफ्ना कमांराहरुलाइ भन्नु भये थ्यो त्येस्लाइ मं २१
थांइ ल्याव मं त्यो मांथि दृष्टि पुर्याउंकु भनि । अनि हांमिहरुले मेरा २२
प्रभुकन भन्यूं केटोले आफ्नु बाबुलाइ छोड्नु सक्दैन कसोगरिभन्ये त्येस्ले
आफ्नु बाबुलाइ छोड्यो भन्ये देखि ता त्येस्को बाबु चइं मरि जांक्र भनि ।
अनि हजूर्ले आफ्ना कमांराहरुलाइ भन्नु भयो तिमिहरुको कान्छो भाई २३
तिमिहरु सङ आयेन भन्ये फेरि मेरो मुख् देख्नु पाउंने छौन भनि । त २४
येसो भयो आफ्नु बाबु हजूर्को कमांरोकां चढि गयूं अनि उस्लाइ मेरा
प्रभुका कुरा भनि दियूं । अनि हांम्रो बाबुले भन्यो फेरि गयेर हांम्रो लागि २५
अलिकता खांने थोक् किनि ल्याव भनि । तब हांमिहरुचइंले भन्यूं २६
हांमिहरु उत्रि जांनु सक्दौंन हांम्रो कान्छो भाई हांमिहरु सङ गयो
भन्ये ता हांमि उत्रि जान्कौं . किनभन्ये हांम्रो कान्छो भाई हांमिहरु सङ
भयेन भन्ये ता तिनि पुरुषको मुख् देख्नु पाउंने छौंन भनि । फेरि मेरो २७
बाबु हजूर्को कमांरोले हांमिहरुलाइ भन्ये जान्द क्रौ मेरी स्वास्नीले मेरो
लागि दुइ भाई छोरा जन्माई . अनि तिनमांको ऐउटा चइं मं थांइ २८
देखि निक्लि गयो अनि मैंले भन्यें त्यो निस्से फहराईयो अनि मैंले
त्येस्लाइ अब सम्म देख्योको छुइंन . त येस्चइंलाइ पनि मं थांइ देखि २९
लग्यो अनि त्यो मांथि कोइ विपत्ति आइ लाग्यो भन्ये देखि ता मेरा
पाक्योका केस् शोक् सित पत्तालमां उतारि ल्याउंक्रौ भनि । त अब मं ३०
आफ्नु बाबु हजूर्को कमांरोकां पुग्यें अनि यो केटो हांमिहरु सङ भयेन
भन्ये तिन्को प्राण् केटोको प्राण् सित बान्धीयेको भयेकोले येसो हुंक ३१
तिन्ले केटो नैनक्र भनि देखुनु विर्त्तिकै मरिनै जानन् . त हजूर्का
कमांराहरुको कारण्ले हजूर्को कमांरो हांमिहरुको बाबुका पाक्योका केस्
शोक् सित पत्तालमां उत्रनन् । किनभन्ये हजूर्को कमांरो आफ्नु बाबुकां ३२
येसो भनिकन केटोको जमानि भयेको क्र त्येस्लाइ तिम्रां ल्याइ पुर्याउंनु
सकिंन भन्ये मं सदाको लागि आफ्नु बाबुको अपराधी ठहर्क्रु भनि ।
त अब बिन्ति यो क्र हजूर्को कमांरोले येस् केटोको साटोमां आफ्ना ३३
प्रभुको कमांरो होइ रहंनु पावस् अनि केटोचइंले आफ्ना दाज्युहरु सङ
चढि जांनु पावस् भन्ये । किनभन्ये केटो मं सङ कैन भन्ये मं कसोगरि ३४
आफ्नु बाबुकां चढि जाउं . होइन भन्ये ता मेरो बाबु मांथि जे कए आइ
लाग्ला त्यो देख्ंला ॥

तब यूसुफले आफ्नु कैउकाउ भयेका सबैको सांमु आफुलाइ अरु ४५ १
थामनु सकेन त्येस्ले कराएर भन्यो मं कैउ देखि सबैलाइ निकालि देउ ।

त यूसुफ्ले आफुलाइ आफ्ना दाज्युभाईहरु मांथि प्रगटो गर्दा त्येस्कां कोई
२ रहेन । तब त्यो डाको क्रोड़िकन रुंनु लाग्यो अनि मिस्रीहरुले सुन्ये
३ अनि फिरऊन्को घर्काहरुले पनि सुन्ये । यहांदेखि यूसुफ्ले आफ्ना
दाज्युभाईहरुलाइ भन्यो मं यूसुफ् हुं को मेरो बाबु अब सम्म जीउंद छ ।
तर त्येस्का दाज्युभाईहरुले त्येस्लाइ उत्तर् दिंनु सक्येनन् कसोगरिभन्ये त्येस्को
४ सांमु घब्रायेका थिये । फेरि यूसुफ्ले आफ्ना दाज्युभाईहरुलाइ भन्यो मेरो
नजिक् नजिक् आव । तब तिनिहरु नजिक् नजिक् गये । फेरि त्येस्ले भन्यो
मं तिमिहरुको भाई यूसुफ् हुं जस्लाइ तिमिहरुले मिस्रमां जानेहरुको
५ हातमां बेच्येका थियौ । त अब न सुतौव अनि न आफै मांथि रिसाव
तिमिहरुले मंलाइ बेचि येता पठायेकोले । किनभन्ये ईश्वर्ले मंलाइ
६ तिमिहरुको अघि प्राण् बचाउंनुलाइ पठायेको हो रछ । कसोगरिभन्ये अब
दुइ बर्ष भयो देस्मां अनिकाल् लाग्येको । अनि अझै पांच् बर्ष बांकि छन्
७ तिनमां न हलो जोतींछ न अन्न काटींछ । अनि ईश्वर्ले तिमिहरुको अघि
मंलाइ तिमिहरुको लागि पृथिवीमां येउटा बच्तीभाग् राख्नु अनि
८ तिमिहरुलाइ बड़ो क्रोड़ाईले जीउंदा बचाउंनु भन्येर पठाये छ । त अब
जस्ले मंलाइ यहां पठाइ दियो त्यो तिमिहरु होइन ईश्वर् हो रछ । अनि
उस्ले मंलाइ फिरऊन्को बाबु र त्येस्को सब्बै घर्को प्रभु र मिस्रको सिंगै
९ देस्को अधिपति ठहरायेको छ । छिट्टो गरिकन मेरो बाबुकां चढ़ि जाव
अनि तिन्लाइ भन तिम्रो क्रोरो यूसुफ्ले येसो भन्द छ ईश्वर्ले मंलाइ सिंगै
१० मिस्रको प्रभु ठहरायेको छ । मं थांइ उत्रि आउ बियांलो न गर । अनि
तिम्रो बास् गोशेन् देस्मां हुंछ अनि तिमि र तिम्रा क्रोरा नाति र बगाल्
११ बथान् र ज्ये ज्ये तिम्रो छ मेरो क्रेउ बस्छन् । अनि त्यहां मं तिम्रो
पालन्पोषण् गर्छु किनभन्ये अनिकाल्का अरु पनि पांच् बर्ष हुंछन् होइन
भन्ये ता तिमि र तिम्रा जहान् र ज्ये ज्ये तिम्रो छ दरिद्रेइंमां परौला भनि ।
१२ अनि हेर तिमिहरुले आफ्ना आंखाले देख्द छौ अनि मेरो भाई
बिन्यामीन्ले पनि आफ्ना आंखाले देख्द छ जो आफ्नु मुखले तिमिहरु
१३ सित बोल्द छ त्यो मैंने हुं । अनि मिस्रमां भयेको मेरो सब्बै बड़ाई र
ज्ये ज्ये देख्यौ त्येस्को बखान् मेरो बाबु सित गर अनि छिट्टो गरिकन मेरो
१४ बाबुलाइ येता ल्याव । यहांदेखि आफ्नु भाई बिन्यामीन्लाइ अङालो
मांथेर रोयो अनि बिन्यामीन् चइं पनि त्येस्लाइ अङालो मांरि रोयो ।
१५ फेरि आफ्ना सब्बै दाज्युहरुलाइ चूमा खाइ खाइ ति मांथि रोयो । अनि
त्येसपछि त्येस्का दाज्युभाईहरुले त्यो सित कुराकहनी गर्नु लाग्ये ॥
१६ तब यूसुफ्का दाज्युभाईहरु आये छन् भन्ये कुरोको सोहोरा फिरऊन्को
घर्मां पुग्यो । अनि यो सुनिकन फिरऊन् र त्येस्का चाकरेहरु खुशि भये ।
१७ त फिरऊन्ले यूसुफ्लाइ भन्यो आफ्ना दाज्युभाईहरुलाइ भन् यो काम् गर
१८ आफ्ना पशुहरुलाइ बोकायेर कनान् देस्मां जाव यहांदेखि आफ्नु
बाबु र आफ्ना आफ्ना घरका लोगलाइ लियेर मं थांइ आव । मं मिस्र देस्मां

भयेको जाति जाति चइं तिमिहरुलाइ दिंकु अनि तिमिहरुले देस्का अस्सल्
अस्सल् थोक् खाओला । अब तंलाइ यो काम् गर्न आज्ञा क्र मिस्र देस् १९
देखि आफ्ना बाल्बच्चाहरु र स्त्रीहरुको लागि गाड़ीहरु लैजाव अनि
आफ्नु बाबुलाइ लिइ आव । अनि आफ्ना आल्मालको फिक्रि न गर २०
किनभन्ये सिंगै मिस्रमां जे जे जाति थोक् क्र त्यो तिमिहरुकै हो । त २१
इस्राएल्का क्रोराहरुले त्येसै गर्ये अनि यूसुफ्ले फिरऊन्को आज्ञा अनुसार्
तिनिहरुलाइ गाड़ीहरु दिहाल्यो अनि बाटोको लागि सांमल्तुमल् पनि ।
तिनिहरुमांको जनंगेलाइ ता त्येस्ले एक् एक्लाइ जोड़ा लुगा दियो तर २२
बिन्यामीन्चइंलाइ त्येस्ले तीन् सै रुपिया र पांच् जोड़ा लुगा दियो । अनि २३
आफ्नु बाबुकां त्येस्ले येस्तोरि पठायो अर्थात् मिस्रका जात्ति जाति थोक्
बोकाईयेका दस् गद्दाहा अनि अन्न र रोटी र त्येस्को बाबुको बाटोको लागि
खांने थोक् बोकाईयेकी दस्वटी गद्दही । त त्येस्ले आफ्ना दाज्युभाईहरुलाइ २४
बिदा गरि दियो अनि तिनिहरु हिंड़्ये . अनि त्येस्ले तिनिहरुलाइ भन्यो
बाटोमां कतै झगरासगरा न गर । त तिनिहरु मिस्र देखि चढ़ि गयेर २५
कनान् देस्मां आफ्नु बाबु याकूब्कां पुग्ये । वहांदेखि तिनिहरुले येसो २६
भनिकन त्येस्लाइ बझान् गर्ये यूसुफ् ता ऐले सम्म जीउंदै रहु अं त्येहनै
मिस्रको सिंगै देस् मांथि अधिपति हो रहु । तर यो सुन्येर त्येस्को चेत्
ठिकानामां रह्यन कसोगरिभन्ये त्येस्ले तिनिहरुको पत्यायेन । तब २७
तिनिहरुले त्येस्लाइ यूसुफ्ले तिनिहरुलाइ भन्येका सब्बै कुरा कहि दिये
अनि जसै त्येस्ले यूसुफ्ले त्येस्लाइ लैजांनुलाइ पठाइ दियेका गाड़ीहरु देख्यो
तब तिनिहरुको बाबु याकूब्को हंस ठिकानामां फर्कि आयो . वहांदेखि २८
इस्राएल्ले भन्यो भयो यूसुफ् मेरो क्रोरो जीउंदै रहु . गयेर त्येस्लाइ आफ्नु
मृत्यु भन्दा पहिले हेर्कु ॥

(याकूब् जहान् समेत् मिस्रमां जांनु)

तब इस्राएल् आफ्नु ज्यावत् थोक् लियेर बाटो समाति बेर्शेबामां ४६ १
आयो अनि आफ्नु बाबु इस्हाक्को ईश्वरको लागि बलिदान् चढ़ायो ।
तब ईश्वरले इस्राएल्लाइ रातका दर्शनमां ए याकूब् ए याकूब् भन्यो । २
त्येस्ले यहां क्र भन्यो । उस्ले भन्यो मं ईश्वर् अर्थात् तेरो बाबुको ईश्वर् हुं .
मिस्रमां उत्रि जांनु देखि न डर किनभन्ये मं तं देखि वहां येउटा ठुलो
लोग् बनाउंकु . मं तं सङ मिस्रमां उत्रि जांकु अनि मं तंलाइ वहां देखि ४
निस्से फेरि चढ़ाइ ल्याउंकु पनि . अनि यूसुफ्ले आफ्नु हात् तेरा आंखा
मांथि राख्कु । अनि याकूब् बेर्शेबा देखि उठ्यो . अनि इस्राएल्का ५
क्रोराहरुले आफ्नु बाबु याकूब् र आफ्ना बाल्बच्चाहरु र आफ्नी
स्त्रीहरुलाइ फिरऊन्ले त्येस्लाइ चढ़ाइ ल्याउंनुलाइ पठायेका गाड़ीहरुमां
चढ़ाइ लग्ये । अनि तिनिहरु आफ्ना भेंड़ाबाख्रा गाईगोरु अनि कनान् ६
देस्मां हात पार्येका आफ्ना सब्बै धन् लियेर मिस्र देस्मां आपि अर्थात्

७ याकूब् र त्यो सङ त्येका सब्बै बंश पनि . त्येस्ले आफ्ना छोराहरु छोरीहरु र
नाति नतिनीहरुलाइ र आफ्ना सब्बै बंशलाइ आफु सङ मिस्रमां लग्यो ॥
८ मिस्रमां आयेका इस्राएल्का सन्तान्हरु अर्थात् याकूब् र त्येका
९ छोराहरुका नांउ यि हुन् . याकूबको जेठो रुबेन् । अनि रूबेन्का छोराहरु
१० हनोक् पल्लू हेस्रोन् र कर्मी । अनि शिमोन्का छोराहरु यमूएल् यामीन्
ओहद् याकीन् र सोहर् अनि येउटी कनानी स्वास्नी पट्टिको छोरो
११ १२ शाऊल् । अनि लेवीका छोराहरु गेर्शोन् कहात् र मरारी । अनि यहूदाका
छोराहरु एर् ओनान् शेला पेरेस् र जेरह् . तर एर् र ओनान् कनान् देसैमां
१३ मरि गये । अनि पेरेसका छोराहरु हेस्रोन् र हामूल् थिये । अनि
१४ इस्साकार्का छोराहरु तोला पुव्वा योब् र शिम्रोन् । अनि जबूलूनका
१५ छोराहरु सेरेद् एलोन् र यहलेल् । लेआले याकूबको लागि पद्दनराममां
जन्मायेकाहरु यिनै हुन् अनि यि बाहिक् त्येको छोरी दीना पनि थिई .
१६ याकूबका यि छोरा छोरीहरु सब्बै तेंतीस् प्राणी भये । अनि गादका
१७ छोराहरु सिप्योन् हाग्गी शूनी एस्बोन् एरी अरोदी र अरेली । अनि
आशेरका छोराहरु यिम्ना यिश्वा यिश्वी र बरीआ अनि तिनको बैंनी सेरह् .
१८ अनि बरीआका छोराहरु हेबेर् र मल्कीएल् । जुन् जिल्पालाइ लाबानले
आफ्नी छोरी लेआलाइ दियेको थियो त्येका छोराहरु यिनै हुन् त त्येस्ले
१९ याकूबको लागि यिनैलाइ अर्थात् सोरह् प्राणी जन्माई । याकूबकी स्वास्नी
२० राहेलका छोराहरु यूसुफ् र बिन्यामीन् । अनि मिस्र देसमां यूसुफका
छोराहरु मनश्शे र एप्रैम् जन्मे जुन्हरुलाइ ओनको पूजाहारी पोतीपेराकी
२१ छोरी आसनतले त्येको लागि जन्माई । अनि बिन्यामीनका छोराहरु बेला
२२ बेकर् अश्बेल् गेरा नामान् एही रोश् मुप्पीम् हुप्पीम् र आर्द् । राहेलले
याकूबको लागि जन्मायेका छोराहरु यिनै हुन् . सबै चौदह् प्राणी भये ।
२३ २४ अनि दानका छोराहरु हूशीम् । अनि नप्तालीका छोराहरु यहसेल् गूनी
२५ येसेर् र शिल्लेम् । जुन् बिल्हालाइ लाबानले आफ्नी छोरी राहेललाइ
दियेको थियो त्येका छोराहरु यिनै हुन् त त्येस्ले याकूबको लागि यिनैलाइ
२६ जन्माई . सबै सात् प्राणी भये । याकूबका जुन प्राणीहरु त्येका निज् बंशी
भइ मिस्रमां आये ति त्येको बुहारीहरुलाइ छाड़ि सबै छियासठ् प्राणी
२७ थिये अनि यूसुफका त्येको लागि मिस्रमां जन्मेका छोराहरु दुइ प्राणी
थिये . याकूबका मिस्रमां आयेका सब्बै प्राणी मिलि सत्तर् जना थिये ॥
२८ अनि त्येस्ले यहूदालाइ आफनु अघि अघि यूसुफकां पठायो गोशेनको
२९ बाटो देखाइ देउस् भनि त गोशेन् देसमां आये । तहांदेखि यूसुफ् आफ्नो
आफनु रथ् तयार आफनु बाबु इस्राएल् सित भेट् गर्नुलाइ गोशेन् मां
चढ़ि गयो अनि जब भेट् भयो तब त्येस्लाइ अङालो मांगेर निकै बेला
३० सम्म त्येस्लाइ अङालो मांरि रहि रोइ रह्यो । तहांदेखि इस्राएलले
यूसुफलाइ भन्यो मैले तेरो मुख् देख्यं तं अब मम्म जीउंद रैकस् भनि त
३१ अब मं मर्नुलाइ खुशि छु । तहांदेखि यूसुफले आफ्ना दाजुभाईहरु र

आफ्नु बाबुको जहान्लाइ भन्यो मं चढि गयेर फिरऊन्लाइ खबर् दिंकु
अनि त्येस्लाइ भन्कु कनान् देस्मां भयेका मेरा दाज्युभाईहरू र मेरो बाबुका
जहान्हरू मं यांइ आये तर तिनिहरू गोठालाहरू कुन् कसोगरिभन्ये ३२
उइलेइ देखि पशुपालाहरू कुन् अनि आफ्ना भेंड़ाबाख्रा गाईगोरू र जे जे
तिनिहरूको कु सबै लिइ आयेका कुन्। त फिरऊन्ले तिमिहरूलाइ बोलायेर ३३
तिमिहरूको कर्खना के कु भनि सोध्यो भन्ये भन्नु हजूरका कमांराहरू ३४
बालख देखि ऐले सम्म पशुपालाहरू कुर् अं हांमिहरू पनि अनि हांमिहरूका
पितापुर्खाहरू पनि भनि. तिमिहरूलाइ गोशेन् देस्मां बस् दिईओस् भन्ये
खातिर्ले किनभन्ये मिस्रीहरूले सबै गोठालाहरू देखि घिन् गर्द कुन्॥

तब यूसुफ्ले गयेर फिरऊन्लाइ खबर् दिइ भन्यो मेरो बाबु र मेरा ४७१
दाज्युभाईहरू र तिनका भेंड़ाबाख्रा गाईगोरू र तिनको जे जे कु सबै
कनान् देस् देखि आइ हाल्ये अनि हेर्नु हुन्स् ऐले तिनिहरू गोशेन् देशमां
कुन्। फेरि त्येस्ले आफ्ना दाज्युहरूमांका पांच् जनालाइ ल्यायेर फिरऊन्को २
सांमु उभ्यायो। तब फिरऊन्ले त्येस्का दाज्युहरूलाइ तिमिहरूको कर्खना के ३
कु भनि सोध्यो। तिनिहरूले फिरऊन्लाइ भन्ये हजूरका कमांराहरू
गोठालाहरू हुन् अं हांमि पनि र हांम्रा पितापुर्खाहरू पनि। फेरि ४
तिनिहरूले फिरऊन्लाइ भन्ये हांमिहरू येस् देस्मां प्रवास् गर्नु आयूं
किनभन्ये कनान देस्मां अगघोरूको अनिकाल् पर्येको कारणले हजूरका
कमांराहरूका भेंड़ाबाख्राको लागि खर्क रहेन. त अब कृपा गरिकन आफ्ना
कमांराहरूलाइ गोशेन् देशमां बास् गर्नु दिंनु हुन्स्। तब फिरऊन्ले ५
यूसुफ्लाइ भन्यो तेरो बाबु र तेरा दाज्युभाईहरू तं यांइ आये कुन्. त ६
मिस्र देस् तेरो सांमु कु देसको जुन् चइं खण्ड सबै भन्दा जात्ति कु त्येसैमां
आफ्नु बाबु र दाज्युभाईहरूलाइ बसाइ दे तिनिहरू गोशेन् देसैमां रहुन्.
अनि याहा पाउंड़ होलास् तिनिहरूमांका फुर्तीला र चंखहरूलाइ त
तिनिहरूचड़ंलाइ मेरा पशुहरू मांथि सुखिया तुल्याइ दे। फेरि यूसुफ्ले ७
आफ्नु बाबु याकूबलाइ ल्यायेर फिरऊन्को सांमु उभ्यायो. अनि याकूबले
फिरऊन्लाइ आशीष् दियो। तब फिरऊन्ले याकूबलाइ तिम्रो उमेर् कति ८
दिन्को भयो भनि सोध्यो। याकूबले फिरऊन्लाइ भन्यो मैंले ता एक् सै ९
र तीस् बर्ष प्रवासी भइ आफ्नु जाउंनि बिताइ सक्यें मेरो जीउंनीका दिन्
थोरै र बुरा भये अनि मेरा पितापुर्खाहरू प्रवासी भइ जति दिन् सम्म
जीउंद थिये त्येति दिन्को मं ऐले भयेको कुइंन। तहांदेखि याकूब १०
फिरऊन्लाइ आशीष् दिइ राख्यर त्येस्को सांमु देखि निस्कि गयो। त ११
यूसुफ्ले आफ्नु बाबु र दाज्युभाईहरूलाइ बसाइ दियो अनि फिरऊन्को
आज्ञा अनुसार मिस्र देसको सबै भन्दा जात्ति खण्डमां अर्थात् रामसेस्
भनींने देसमां जग्गा अधिकारमां दियो। त यूसुफ्ले आफ्नु बाबु र १२
दाज्युभाईहरू र बाबुको घरकाहरू सबैको तिनका बालबच्चाहरूको गन्ति
अनुसार रोटो गराइ दिइ पालनपोषण गर्यो॥

(यूसुफ् मिस्रको अधिपति हुंनु)

१३ फेरि सिंगै देस्मां कोइ रोटी थियेन कसोगरिभन्ये अनिकाल् यहां
सम्म अरघोर् सारो थियो मिस्र र कनान् दुवै देस् अनिकाल्को कारणले
१४ अरघोरै हरान् पर्ये। अनि मिस्र र कनान् देस्मांका जत्ति भयेका रुपिया
यूसुफ्ले तिनले किन्येको अन्नको साटोमां टिपि टिपि रख्यायो. अनि यि
१५ रुपिया फिरऊन्को घर्मां पुर्‍यायो। अन्तमां मिस्र र कनान् दुवै देसका
रुपिया सक्कीये तब जत्ति भयेका मिस्रीहरुले यूसुफ्कां आयेर भन्नु लाग्ये
हांमिहरुलाइ रोटी देउ. हजूर्को सांमु किन मर्‍यं किनभन्ये हांस्रा रुपिया
१६ ता घटेर। तब यूसुफ्ले भन्यो आफ्ना पशु दिहाल त रुपिया घटेर भन्ये
१७ देखि तिस्रा पशुहरुको साटो तिमिहरुलाइ दिंद कु। त तिनिहरुले आफ्ना
आफ्ना पशु यूसुफ्कां लग्ये. त यूसुफ्ले तिनिहरुलाइ तिनिहरुका
घोड़ाहरु भेंड़ाबाख्राहरु गाईगोरुहरु र गदाहाहरुको साटो रोटी दियो. त
येस् वर्षमां त्येस्ले तिनका सब्बै पशुहरुको साटोमां रोटी खुवाइ पाल्यो।
१८ जसै त्यो वर्ष टुङ्गोयो तब अर्को वर्षमां तिनिहरुले त्यो पांइ आयेर त्येस्लाइ
भन्ये हांमिहरुले आफ्ना प्रभु सित खोलिकन भन्नु कु हांमिहरुका रुपिया
सक्कीये अनि हांस्रा सब्बै रकम्का पशुहरु पनि हांस्रा प्रभुकांने कुन् हांस्रा
प्रभुको सांमु हांमिहरुका जोउ र हांमिहरुका जिमीन् बाहिक् कोइ केन.
१९ हांमिहरु जिमीन् समेत् किन हजूर्को सांमु मर्‍यं हांमिहरुलाइ र हांमिहरुका
जिमीन् रोटीको साटो किनु हवस् अनि हांमिहरु जिमीन् समेत् फिरऊन्का
निज् धन् भइ तिन्को सेवा गर्छौं. अनि हांमिहरुलाइ बिउ दिनु हवस् र
२० हांमिहरु न मर्‍यं तर जोइ रहूं अनि जिमीन् न बंझोग्रोस्। त यूसुफ्ले
मिस्रको सिंगै जिमीन् फिरऊन्को लागि किन्यो कसोगरिभन्ये त्यो कठिन्
अनिकाल् पर्येकोले मिस्रीहरुले आफ्नु आफ्नु जरगा बेचूद थिये. त येसोरि
२१ देसै फिरऊन्को भइ गयो। अनि पर्जाहरुलाइ त्येस्ले मिस्रको यो कुना
२२ देखि उ कुना सम्म सहरहरुमां ल्याइ ल्याइकन बसाल्यो। खालि
पूजाहारीहरुको जिमीन् चइं त्येस्ले किन्येन. कसोगरिभन्ये पूजाहारीहरुको
लागि फिरऊन्के पट्टि साटो भोजन्को बन्दबस्त थियो त जुन् भोजन्
फिरऊन्ले तिनिहरुलाइ दिंद थियो त्येइ तिनिहरुले खांद थिये येसैकारणले
२३ तिनिहरुले आफ्नु जिमीन् बेचनु पर्येन। तब यूसुफ्ले पर्जाहरुलाइ भन्यो
हेर आजुको दिन् मैले तिमिहरुलाइ अनि तिमिहरुको जिमीन् फिरऊन्को
लागि किन्यं. हेर तिमिहरुको लागि यहां बिउ कु त त्यो जिमीनमां कुर।
२४ अनि येसो हुंकु जब जब उप्जनि हुंकु तब तब पांच् हिस्सामां एक् हिस्सा
फिरऊन्लाइ दिंनु पर्कु अनि चार् हिस्सा चइं तिमिहरुकां रहंकुन् खेत्को
बिउको लागि र तिस्रो भोजन्को लागि र तिस्रा घरकाहरुको लागि र

तिम्रा बालबच्चाहरूको भोजनको लागि। तब तिनिहरूले भन्ये हजूरले २५
हांमिहरूका प्राणलाइ बचाउंनु भयो. हांम्रा प्रभुको अनुग्रह हांमिहरू
मांथि रह्यो भन्ये देखि हांमिहरू फिरऊनका कमांरा हुंकौं। त यूसुफले २६
मिस्रको जिमानको विषयमां यो आजुको दिन सम्मको ऐनलै ठहरायो
पांचौं हिस्सा फिरऊनले पाउंने गरोस् भन्ये खालि पूजाहारीहरूबाहेक
जिमान मांत्रै फिरऊनको भइ गयेन। अनि इस्राएलवंशीले मिस्र देसमां २७
अर्थात् गोशेन देसमां बास गर्ये अनि त्येसां जग्गाजिमानका धनी भये
अनि फल्दै र अगघोर बढ्दै गये॥

(याकूबले यूसुफका छोराहरूलाइ आशीर्वाद् दिंनु)

अनि याकूब मिस्र देसमां सत्रह वर्ष सम्म जीइ रह्यो. त याकूबको २८
उमेरका वर्ष एक सै सैंतालीस वर्ष भये। अनि इस्राएलको मर्नु पर्ने दिन २९
आइ पुगि हाल्यो. त त्येसले आफ्ना छोरो यूसुफलाइ बोलायेर त्येसलाइ भन्यो
तेरो अनुग्रह मं मांथि छ भन्ये देखि बिन्ति गर्द छु आफ्नु हात मेरो जाङ्
सुनि राख् अनि मं सित अनुग्रह र सच्चैई सङ बेहोरा गर् मेरो चिहान्
मिस्रमां न बनाएम्. तर जब मं आफ्ना पित्रहरू सित सुति जाउंला तब ३०
तैंले मंलाइ मिस्र देखि बोकि लग्येर तिनिहरूको चिहानेठांउमां राख्येम्।
तब त्येसले मं तिमिले भन्यकै अनुसार गर्छु भन्यो। फेरि त्येसले भन्यो मं ३१
सित किरिया खा. त त्येसले त्यो सित किरिया खायो। तब इस्राएलले
खाटको सिरान तिर फर्कर दण्डवत् गर्यो॥

यि कुरा पछि यसो भयो कसैले यूसुफलाइ हेर्नु हुवम् आफुको ४८ १
बाबु दुख्योको छ भनि सुनाइ दियो. त त्यो मनशे र एफ्रैम् आफ्ना दुवै भाई
छोराहरूलाइ साथ लियेर गयो। तब कसैले याकूबलाइ हेर्नु हुवम् आफुको २
छोरो यूसुफ आफ्कां आउंदै छ भनि सुनाइ दियो. तब इस्राएल हूप्
बाँधिकन खाटमां उठि बस्यो। तब याकूबले यूसुफलाइ भन्यो सर्वशक्तिमान् ३
ईश्वरले कनान् देसको लूज सहरमां मंलाइ दर्शन दियेर मंलाइ आशीष
दिइकन मंलाइ भन्यो हेर् मं तंलाइ फलवन्त तुल्याइ बढाउंछु अनि तं ४
देखि लोगहरूको मंडली बनाउंछु अनि तेरो पछि तेरो वंशलाइ यो देस
सुगनसुग् अधिकार हुंनलाइ दिंछु। अनि अब मं मिस्रमां आउंनु भन्दा ५
पहिले यहां जन्मेका तेरा दुइ भाई छोराहरू मेरै हुन् एफ्रैम् र शिमोन्
जस्ते एफ्रैम् र मनशे पनि मेरा हुंछन्। अनि जुन् सन्तान् तैंले तिनको ६
पछि जन्माउलास् ति चाहिं तेरा हुंछन् भाग् पाउंने बेलामां तिनिहरू
आफ्ना दाज्युहरूका नांघले बोलाइंछन्। अनि मं चाहिं जब पद्दान् देखि ७
आउंदा थिएं तब एफ्रातमां पुगनु अलिकता टाढो रहंनु भन्दा पहिले राहेल्
कनान् देसमां बाटैमां मेरो सांमु मरी. अनि मैंले यहां एफ्रात् (अर्थात्

८ बेत्लेहेम्) जांने बाटैमां त्येस्को चिहान् बनायें। वहांदेखि इस्राएल्ले
९ यूसुफ्का क्रोराहरुलाइ देख्येर यिनिहरु को हुन् भनि सोध्यो। यूसुफ्ले
आफ्नु बाबुलाइ भन्यो यि ईश्वर्ले यहां मलाइ दियेका मेरा क्रोराहरु हुन्,
तब त्येस्ले भन्यो कृपा गरि तिनलाइ मं क्रेउ ले मं तिनलाइ आशीष् दिंकु।
१० अब इस्राएल्का आंखाहरु बूढो हुंनाले यहां सम्म धमीलीयेका थिये त्येस्ले
देख्नु सक्दैन थियो। त त्येस्ले तिनलाइ त्यो क्रेउ लग्यो अनि त्येस्ले
११ तिनलाइ चूमा खाइकन अङालो मांग्यो। वहांदेखि इस्राएल्ले यूसुफ्लाइ
भन्यो मेरो विचारमां ता तेरो मुख् फेरि देख्ंला भन्ने विचारै पनि थियेन,
१२ तर हेर् ईश्वर्ले तेरो बंश समेत् देख्नु दियो। अनि यूसुफ्ले तिनलाइ
त्येस्का घुड़ाको बीच् देखि निकाल्येर भूइं सम्म निउंयेर अष्टाङ्गप्रणाम् गर्यो।
१३ तब यूसुफ्ले ति दुवैलाइ एफ्रैम्लाइ आफ्नु दाहीनो हातमां इस्राएल्को देब्रे
हात् तिर अनि मनश्शेलाइ आफ्नु देब्रे हातमां इस्राएल्को दाहीनो हात्
१४ तिर गरि त्यायेर त्यो क्रेउ लग्यो। तब इस्राएल्ले आफ्नु दाहीनो हात्
पसायेर एफ्रैम्को सिर् मांथि जो कान्छो चइं थियो राख्यो अनि आफ्नु
देब्रे चइं हात् मनश्शेको सिर् मांथि अर्थात् आफ्ना हात् जानि बुझिकनै
१५ येसोरि राख्यो किनभन्ये जेठो ता मनश्शे थियो। फेरि त्येस्ले यूसुफ्लाइ
आशीष् दिइ भन्यो जुन् ईश्वर्को सांमु मेरा पित्र अब्राहाम् र इस्हाक्
हिंड्नु थिये जुन् ईश्वर् मेरो जन्म देखि येसो आजुको दिन् सम्म मेरो
१६ गोठाला भइ रह्यो जुन् दूतले मलाइ सब्बै बुराई देखि उद्धार् गर्यो
उसैले यि नानीहरुलाइ आशीष् देउस् अनि यिनिहरु मेरो नांउले र मेरा
पित्र अब्राहाम् र इस्हाक्को नांउले बोलाईउन् अनि पृथिवीको मांझमां
१७ बढ्दै बढ्दै बगालै होइ जाउन्। तर जसै यूसुफ्ले मेरो बाबुले आफ्नु
दाहीनो हात् एफ्रैम्को चइं सिर् मांथि राख्येको देख्यो तब यो त्येस्लाइ
नजाति लाग्यो, त त्येस्ले आफ्नु बाबुको हात् त्यो एफ्रैम्को सिर् देखि
१८ मनश्शेको सिरमां सारि दिउं भन्येर उठायो। अनि यूसुफ्ले आफ्नु बाबुलाइ
भन्यो बाबै त्येसो होइन, कमोगरिभन्ये जेठो चइं ता येइनै हो आफ्नु
१९ दाहीनो हात् येसैको सिर् मांथि राखि देउ। तर त्येस्को बाबुले येसो
भनिकन अस्वीकार् गर्यो जान्दु म मेरो क्रोरा जान्दु, यो पनि एक् लोग्
बनौंछ अनि यो पनि बड़ो हुंछ, तैपनि त्येस्को कान्छो चइं भाई यो भन्दा
२० बड़ा हुंछ अनि त्येस्चइंका बंश लोगहरुको मंडलो बनौंछन्। फेरि त्येस्ले
त्यसै दिन् येसो भनिकन आशीष् दियो इस्राएल्बंशीले तंमां गरि आशीर्वाद्
दिंने गर्छन् ईश्वर्ले तंलाइ एफ्रैम् र मनश्शे जस्तो बनाउस् भनि, त त्येस्ले
२१ मनश्शे भन्दा अगाड़ि एफ्रैम्लाइनै राख्या। वहांदेखि इस्राएल्ले यूसुफ्लाइ
भन्यो हेर् मं ता मंर्दु, तर ईश्वर् तिमिहरु सङ रहंछ अनि तिमिहरुलाइ
२२ तिमिहरुका पित्रहरुको देसमां फेरि पुग्याइ दिंछ। अनि मैंले तंचइंलाइ
तेरा दाजुभाईहरुलाइ भन्दा बेसि एक् खण्ड दियेको छु जो एमोरीको हात्
देखि आफ्नु तरवार् र धनुले लियें॥

(याकूब्ले आफ्ना छोराहरुलाइ आशीर्वाद् दिंनु)

फेरि याकूब्ले आफ्ना छोराहरुलाइ बोलाइ पठायेर भन्यो भेला ४९ १
हुन् र मं तिमिहरुलाइ अन्तका दिनमां तिमिहरु मांथि के के बित्छ
कहि दिंछु ।

ए याकूब्का छोराहरु हो भेला भयेर सुन २
आफ्नु बाबु इस्राएल् तिर कान् लगाव ॥
ए रूबेन् तं मेरो जेठो होस् मेरो बूता र मेरो सामर्थको अगौटेफल् ३
बड़ाईको र बल्को अगघोरेईं ।
पानी झैं चंचले भइ अगघोरेईं राख्दैनस्
किनभन्ये आफ्नु बाबुको खाट्मां चढ़िस् .
तब त्यो अशुद्धै गरिस् . चढ़्यो मेरो ओछ्यान्मां ॥
शिमोन् र लेवी दाज्युभाई हुन् ५
तिनका तरवार् उपद्रेईंका हतियार् हुन् ।
ए मेरो प्राण् तिनको मर्ममां न आ ६
ए मेरो मान् तिनको समाज्मां टांसीदै न जा
किनभन्ये आफ्नु रिस्ले मान्छेलाइ मांच्ये
अनि आफ्नै खुशिले गोरुका धर्नासा काटेर ।
धिक्कार् तिनको रिस्लाइ किनभन्ये बल्लियो थियो ७
अनि तिनको क्रोध्लाइ किनभन्ये कठिन् थियो .
तिनलाइ याकूब्मां अलग् अलग् गर्छु
अनि इस्राएल्मां छरपुष्ट पार्छु ॥
ए यहूदा तंचइंको तेरा दाज्युभाईहरुले स्तुति गर्छन् . ८
तेरो हात् तेरा सत्रुहरुको गर्दन् मांथि हुंछ
तेरो बाबुका छोराहरुले तंलाइ दण्डवत् गर्छन् ।
यहूदा सिंहको डम्मरू हो ९
ए मेरो छोरा सिकार् बाटो चढ़ि गइस् .
निउंत्यो सिंह झैं दुम्कि बस्यो
अनि सिंहनी झैं . कस्ले त्येस्लाइ उठाउंछ ।
राजदण्ड यहूदा देखि तर्कि जांदैन १०
अनि न हुकुम् चलाउंनेको छरी त्येस्का चरणको बीच् देखि
शीलो न आउंज्याल् सम्म ता
अनि लोगहरुको आज्ञामनाई त्यसैलाइ हुंछ ।
दाख्को बोट्मां आफ्नु जुवान् गदाहालाइ बान्धछ ११
अनि अस्सल् दाख्को बोट्मां आफ्नु गदाहाबच्चालाइ
दाख्रसमां आफ्ना वस्त्र धोयो
अनि दाख्को रगत्मां आफ्नु पहिरन् .

१२ त्येस्का आंखा दाख्रस्ले राता राता हुंछन् .
अनि त्येस्का दांत् दुद्ले सेता सेता ॥
१३ जबूलून्ले समुन्द्रको तीर्मां बास् गर्छ .
अनि जहाज्हरुको बन्दर्को काम् आउंछ
अनि त्येस्को छउ सीदोन् सम्मको हुंछ ॥
१४ इस्साकार् बल्लियो गदाहा हो
भेंड़ाखोर्को बीच्मां दुम्कि बस्ने .
१५ अनि येउटा बिसाना देख्यो जाति भयो भनि
अनि देस्लाइ मन्पर्दो भयो भनि
त बोझा बोक्नु कांध् नुहाइ दियो
अनि किरिया मुनिको दास् भयो ॥
१६ दान् आफ्नु लोग्को बिचारी हुंछ
इस्राएल्का कुल्हरुमांको एक् भइ ।
१७ दान् बाटोमां सर्प हुंछ
अनि मार्गमां सीगेसाप्
जस्ले घोड़ाका कुर्कुचामां डस्द छ
त्येस्को सवार्लाइ पछिल्तिर खस्ने गरि ।
१८ हे यह्वे मं तपांइको मुक्तिको बाटो हेर्दै आयें ॥
१९ गाद् चइं त्यो मांथि येउटा गट्ठा आइ लाग्छ .
तर त्येस्ले ता तिनको कुर्कुचालाइ चेप्छ ॥
२० आशेर् चइं त्यो देखि हुंने रोटी रसीलो हुंछ
अनि त्येस्ले राजाबलि शोख्भोजन् गरि दिंछ ॥
२१ नप्ताली फुकाइ पठाईयेको हरिणी हो .
त्येस्ले राम्रा राम्रा बचन् दिंद छ ॥
२२ यूसुफ् फलबन्त डाला हो
पन्ध्येरा निर भयेको फलबन्त डाला
त्येस्का हांगा भित्ता चढ्दै नांघ्दै पनि जांद छन् ।
२३ धनु हान्नेहरुले त्येस्को मन् मारै तीतो पाऱ्ये
अनि त्येस्लाइ हान्न खोजि सताये ।
२४ तर त्येस्को धनु दर्रोनै रह्यो
अनि त्येस्का हातका बांहा फुर्तीला बनाईये
याकूब्को महाबीर्का हातले
(तिहीं देखि इस्राएल्को ढुंगो गोठाला छ)
२५ अर्थात् तेरो बाबुको ईश्वर् देखि जस्ले तेरो गोहार् गर्छ
अनि सर्वशक्तिमान् देखि जस्ले तंलाइ आशीष् दिंछ
मांथिको अकाश्का आशीष्ले
मुनि दुम्कि बस्ने गहीरोका आशीष्ले

थुन्का र गर्भका आशीष्ले ।
तेरो बाबुका आशीष् २६
मेरा पुर्खाहरुका आशीष् भन्दा बेसि जिताहा भये
सधैंभरिका डांड़ाहरुको छेउको छेउ सम्म .
ति यूसुफैको सिर् मांथि हुंछन्
अनि जो आफ्ना भाईहरु देखि अलग् भयो त्येसैको सिर्को थाप्लो मांथि ॥
बिन्यामीन् फहराउंने बुवांसो हो . २७
बिहान सिकार् भक्षे गर्छ
अनि बेलुका खोस्खास् बांड़ि दिंछ ॥

(याकूब्को मंरण्)

यि सबै इस्राएल्का बाह्रै कुल् हुन् . अनि यो ता तिनको बाबुले २८
तिनलाइ भनिकन आशीष् दियेको हो . जनंगेलाइ त्येस्को आशीष् अन्सार्
गरि त्येस्ले तिनलाइ आशीष् दियो । तब त्येस्ले येसो भनिकन तिनलाइ २९
आज्ञा दियो मं आफ्नु लोर् सित गइ मिसीनु आंटेको छु . मेरा पुर्खाहरु
सित हित्ती एप्रोन्को जग्गामां भयेको ओढ़ार्मां मेरो चिहान् बनाउंनु
अर्थात् त्येस् कनान् देस्मां मग्रेको सांमुचइंको मक्पेलाको जग्गामां भयेको ३०
त्येस् ओढ़ार्मां जो जग्गा समेत् गरि अब्राहाम्ले हित्ती एप्रोन्को हात्
देखि चिहांनेठांउको अधिकार्को लागि किन्यो . तिहीं अब्राहाम्को र ३१
त्येस्की स्वास्नी साराको चिहान् बनाये तिहीं इस्हाक्को र त्येस्की स्वास्नी
रिब्काको चिहान् बनाये अनि तिहीं लेआको चिहान् बनायें अं त्यो ३२
जग्गा र त्येस्मां भयेको ओढ़ार् जो हेत्बंशीहरुको हात् देखि किनीयो ।
वहांदेखि जब याकूब्ले आफ्ना छोराहरुलाइ आज्ञा दिइ सक्यो तब आफ्ना ३३
गोड़ा खाट्मां समेटि प्राण् छोड़्यो अनि आफ्ना पित्रहरुमां गइ मिसीयो ।
तब यूसुफ् आफ्नु बाबुको मुख् मांथि तेर्छीयेर त्यो मांथि रोयो अनि ५०१
त्येस्लाइ चूमा खायो । वहांदेखि यूसुफ्ले आफ्ना चाकरे बैद्यहरुलाइ २
मेरो बाबुको लोथ्मां सुगन्ध द्रव्य भरि देव भनि आज्ञा दियो . त बैद्यहरुले
इस्राएल्को लोथ्मां सुगन्ध द्रव्य भन्ये । अनि त्येस्को लागि चालीस् दिनको ३
भरना गरीयो किनभन्ये सुगन्धद्रव्यभराईका दिनको भरना येस्तो हिसाप्ले
हुंद छ . अनि मिस्राहरु त्येस्को लागि सत्तर् दिन् सम्म रोइ रह्ये ॥
जब त्येस्को लागि रुंने दिन् बिति गये तब यूसुफ्ले फिरऊन्को ४
घर्कालाइ येसो भनिकन कुरा गर्यो मं मांथि तिमिहरुको अनुग्रह् छ
भन्ये देखि कृपा गरिकन मेरो पट्टि बाटो फिरऊन्ले सुन्नेगरि येसो भनि देव
मेरो बाबुले मंलाइ येसो भनिकन किरिया खुवायो हेर् मं मर्दै छु . त जुन् ५
चिहान् मैले कनान् देस्मां आफ्नु लागि खनायें त्येसैमां मेरो चिहान्
बनायेस् भनि । त अब कृपा गरिकन मंलाइ वहां चढ़ि गइ आफ्नु
बाबुको चिहान् बनाउंने आज्ञा दिंनु हवस् अनि मं फेरि फर्कि आउंछु ।

६ तब फिरऊन्ले भन्यो चढि गयेर आफ्नु बाबुको चिहान् बना तिन्ले
७ तंलाइ किरिया खुवायेको भैं। त यूसुफ् आफ्नु बाबुको चिहान् बनाउंनुको
लागि चढि गयो. अनि फिरऊन्को घर्का सबै चाकरेहरु अर्थात् त्येस्को
घर्का प्राचीन्हरु र मिस्र देस्का सबै प्राचीन्हरु त्यो सङ चढि गये
८ अनि यूसुफ्को घर्का सबै जना र त्येस्का दाज्युभाईहरु र त्येस्को बाबुको
घर्काहरु पनि गये. खालि आफ्ना बाल्बच्चा र भेंड़ाबाख्रा र गाईगोरुहरु
९ तिनिहरुले गोशेन् देस्मां छोड़ि गये। अनि रथ् र घ्रुक्सवार्हरु पनि सङ
१० चढि गये. त छाउंनी अरघोर् तुलो भयो। जसै तिनिहरु यर्दन् पारि
भयेको आताद्को खला सम्म पुग्ये तब त्यहां अरघोर् तुलो बिलाप् गर्ये.
अनि त्येस्ले आफ्नु बाबुको लागि सात् दिन् सम्म बिलाप् गरि रह्यो।
११ जसै त्येस् देस्का बासी कनानीहरुले आताद्को खलामां यो बिलाप् देख्ये
तब यो ता मिस्रीहरुको भारी भारी बिलाप् हो भन्ये. येस्कारण् त्येस्
१२ ठांउको नांउ आबेल्मिस्रैम्[1] भयो त्यो यर्दन् पारि छ। त त्येस्का छोराहरुले
१३ त्यो सित त्येस्ले तिनलाइ आज्ञा दियेको भैं गर्ये. कसोगरिभन्ये त्येस्का
छोराहरुले त्येस्लाइ कनान्को देस्मां लग्येर मक्पेलाको जग्गामां भयेको
त्येस् ओढ़ार्मां त्येस्को चिहान् बनाये जो अब्राहाम्ले जग्गा समेत् सम्झेको
सांसु हित्तौ एफ्रोन्को हात् देखि चिहानेठाउंको अधिकार्को लागि
किन्येको थियो॥

(यूसुफ्को मंरण्)

१४ यहांदेखि यूसुफ् आफ्नु बाबुको चिहान् बनाये पछि आफ्ना
दाज्युभाईहरु र ति त्येस्को बाबुको चिहान् बनाउंनुलाइ त्यो सङ चढि जांने
१५ सबै समेत् मिस्रमां फर्कि आयो। तर जसै यूसुफ्का दाज्युहरुले हांम्रो बाबु
मंर्यो भनि देख्ये तब भन्न लाग्ये कोनि कते यूसुफ्ले अब हांमि देखि
दुश्मनी गर्येर जत्ति बुराई गर्येका थियूं सब्बैको साटो हांमिहरु सित लिंछ
१६ होला। त तिनिहरुले यूसुफ्कां येसो भनि पठाये हजूर्को बाबुले आफ्नु
१७ मंरण् भन्दा पहिले यो आज्ञा दियेको थियो तिमिहरुले यूसुफ् सित
येसो भन बिन्ति गर्ं कु कृपा गरिकन आफ्ना दाज्युहरुको अपराध् र पाप्
क्षमा गरि दे किनभन्ये तिनिहरुले ता तं सित बुराई गर्येका थिये भनि.
त अब बिन्ति गर्दै छौं कृपा गरिकन आफ्नु बाबुको ईश्वर्का दास्हरुको
अपराध् क्षमा गरि दिनु हुवस्। तिनले यि कुरा भन्येमां यूसुफ् रोइ
१८ हाल्यो। फेरि त्येस्का दाज्युहरु आफैले पनि गयेर त्येस्को सांमु तेह्रौं पर्येर
१९ भन्ये हेर्नु हुवस् हजूर्का कमांराहरु हौं। तर यूसुफ्ले तिनिहरुलाइ भन्यो
२० न डराव. के मं ईश्वर्को ठांउमां छु र। अनि तिमिहरु चइं तिमिहरुले ता
मेरो लागि बुराईको बिचार् गर्यौ तर ईश्वर्ले त्येस् कुरोमां भलाईको
बिचार् गर्यो धेरै लोगका प्राण् बचाउंनु यो जसो आजुको दिन् छ

[1] अर्थात् मिस्रीहरुको बिलाप्।

त्येसै हुंनु लाउंनुलाइ। त अब न डराव. तिमिहरुको र तिमिहरुका २१
बाल्बच्चाहरुको पालन्पोषण् गर्छु। त त्येस्ले तिनलाइ साधर् दिइ
दिइकन बुझायो॥

त यूसुफ् आफ्नु बाबुको जहान् समेत् मिस्रमां रहि रह्यो. अनि २२
यूसुफ् एक् सै र दस् बर्ष सम्म जीइ रह्यो। अनि यूसुफ्ले एप्रैम्का तीस्रै २३
पुस्ताका सन्तान्हरु सम्म देख्नु पायो अनि मनश्शेको छोरो माकीर्का
छोराछोरीहरु पनि जन्म्येर यूसुफ्का घुंड़ामां हुर्काईये। अनि यूसुफ्ले २४
आफ्ना दाज्युभाईलाइ भन्यो मं ता मंर्दछु. तर ईश्वर्ले तिमिहरुको निस्सेइ
हेर्चाहा गर्छ अनि तिमिहरुलाइ यो देस् देखि चढ़ाइ लग्येर त्येस् देस्मां
पुर्याउंछ जुन् देस् दिंने किरिया अब्राहाम् इस्हाक् र याकूब् सित खायेको
थियो। त यूसुफ्ले इस्राएल्बंशीहरुलाइ येसो भनिकन किरिया हाल्नु २५
लगायो ईश्वर्ले निस्से तिमिहरुको हेर्चाहा गर्छ त तिमिहरुले मेरा हाड़ू
यहां देखि चढ़ाइ लैजांनु। तब यूसुफ् एक् सै र दस् बर्षको भइ मंर्यो. २६
अनि त्येस्को लोथ्मां सुगन्ध द्रव्य भरि दिये अनि त्यो मिस्रमां येउटा
सम्पट्मां राखीयो॥

निक्लिहिंड़ाईको पोस्तक्।

(इस्राएलीहरुको बढ़्ति र तिनिहरुको कष्टको बिषय्)

याकूब्को साथ आफ्नु आफ्नु जहान् लियेर मिस्र देस्मां आउंने १ १
इस्राएल्बंशीहरुका नांउ यि हुन्। रूबेन् शिमोन् लेवी र यहूदा २
इस्साकार् जबूलून् र बिन्यामीन् दान् र नप्ताली गाद् र आशेर्। ३ ४
अनि जुन् जुन् प्राणी याकूब्का कम्मर् देखि निक्ल्ये सबै सत्तर् जना थिये. ५
अनि यूसुफ् चइं ता मिस्रमां आइ सक्येको थियो। अनि यूसुफ् र त्येस्का ६
सबै दाज्युभाईहरु अनि त्येस् चइं पुस्ताका सब्बै जना मंरि सक्ये। अनि ७
इस्राएल्बंशीहरु फलवन्त भइ अग्घोर् गरि बेसि बेसि भइ बढ़ि गये अनि
औधिनै सामर्थी भइ गये अनि देस् तिनिहरुले भरि गयो॥

अब मिस्रमां यूसुफ्लाइ न चिन्ने येउटा नया राजा उठ्यो। त्येस्ले ८ ९
आफ्ना पर्जालाइ भन्यो हेर इस्राएल्बंशी लोग् हांमिहरु भन्दा बेसि र
सामर्थी छन्. लु तिनिहरु सित चतुरेईं सङ बेहोरा गरूं होइन भन्ये ता १०
तिनिहरु धरै होइ जानन् अनि येसो हुंछ कुनै संग्राम् आइ लाग्यो भन्ये देखि
तिनिहरु पनि हांम्रा बैरीहरु सित मिलि हांमि सित लड़ूनन् अनि देस् देखि

११ निक्लि जानन्। त तिनिहरु मांथि काम्दारीहरुलाइ खटाये बोझाले
तिनिहरुलाइ कष्ट दिउन् भन्येर। अनि तिनिहरुले फिरऊन्को लागि पितोम्
१२ र राम्सेस् भनीने भंड़ारेसहर्हरु बनाये। तर जति जति तिनिहरुलाइ कष्ट
दिंद थिये त्येति त्येति तिनिहरु बढ़दै बढ़दै फैलंदै गये। त इस्राएल्बंशीहरु
१३ देखि तिनिहरुले घिन् गर्नु लाग्ये। अनि मिस्रीहरुले इस्राएल्बंशीहरु देखि
१४ कठोरेईं सित दास्ति गराये. अनि तिनिहरुको जीवन्लाइ सारो सारो
दास्तिले हिलो र ईंट्का अनि खेतिपातिका सबै रकम्का काम् गराइ
गराइकन तीतो गरि दिये कसोगरिभन्ये ज्ये ज्ये दास्ति तिनिहरुले गर्थ्ये
तिनिहरु देखि कठोरेईं सित दास्ति गराउंद थिये॥

१५ फेरि मिस्रको राजाले इब्रेनी सुंड़ेनिहरुलाइ जुन्हरुमांकी येउटीको
१६ नांउ शिप्रा अर्कीको नांउ पूआ थियो आज्ञा दिइ भन्यो तिमिहरुले
जब इब्रेनी स्त्रीहरुलाइ सुन्केरि हुंने बेलामां जन्मकुंगामां बस्येकी देख्छौ
तब छोरो हो रछ भन्ये देखि त्येस्लाइ मांरि देव अनि छोरी हो रछ भन्ये
१७ देखि जीइ रहंनु देव। तर सुंड़ेनिहरुले ईश्वर्को डर् मान्द थिइन् येस्कारण्
मिस्रको राजाले आज्ञा दिये अन्सार् गरिनन् तर छोराहरुलाइ पनि जीउंदै
१८ छोड़ि दिंद थिइन्। त मिस्रको राजाले सुंड़ेनिहरुलाइ बोलाइ पठायेर
भन्यो तिमिहरुले छोराहरुलाइ पनि जीउंदै छोड़ि दिई छौ त येसो किन
१९ गर्‍यौ। तब सुंड़ेनिहरुले फिरऊन्लाइ उत्तर् दिइन् इब्रेनी स्त्रीहरु मिस्रेनी
स्त्रीहरु जस्ती छैनन् कसोगरिभन्ये फुर्तीली भइ सुंड़ेनि पुग्नु भन्दा पहिले
२० पहिलेनै जन्माइ सकि हाल्छन्। त सुंड़ेनिहरु सित ईश्वर्ले भलाई गर्‍यो.
२१ अनि इस्राएलीहरु बढ़्येर अरघोर् सामर्थी भये। अनि येसो भयो सुंड़ेनिहरुले
२२ ईश्वर्को डर् मान्येको कारण् उस्ले तिनका घर् बसायो। त फिरऊन्चइंले
आफ्ना सबै पर्जालाइ आज्ञा दियो छोराहरु चइं जत्ति जन्मनन् सब्बैलाइ
नदीमां आफालि देव तर छोरीहरु जत्तिलाइ जीउंदै छोड़॥

(मूसाको विषय्का कुरा)

२ १ फेरि लेवीको कुल्को येउटा मान्छेले गयेर लेवीकै कुल्की येउटी
२ केटीलाइ ब्याहा गरि ल्यायो। अनि त्येस् स्त्रीले गर्भिणी भइ येउटा छोरो
जन्माई. अनि त्येस्ले त्येस्लाइ राम्रो देख्येर तीन् महीना सम्म लुकाइ राखी।
३ अनि जसै त्येस्ले त्येस्लाइ अरु लुकाइ राखनु सकीन तब त्येस्को लागि
मालीङ्गोको येउटा नाउ ल्याइ त्येस्मां लिस्याइलो मांटो र रोकन् लगायेर
बालखलाइ त्येस्मां राखि नील् नदीको तीर्मां कूस्को बीच्मां राखि दिई।
४ तर नानीकी दिदी चइं त्यो क्ये हुंद रछ हेरुं भनि टाड़ो उभीइ रही।
५ येतिमां फिरउन्की मैञा नुहाउंनुको लागि नदीको तीर्मां उत्री अनि
त्येस्की सखीनिहरु नदीको तीर्मां येताउति डुल्द थिइन् अनि त्येस्ले
कूस्को बीच्मां त्यो नाउ देख्येर आफ्नी दासीलाइ त्यो ल्याउंनुलाइ पठाई।
६ तब त्येस्ले त्यो उघारि हेर्दा बालखलाइ देखी. अनि क्ये देखी भन्ये नानी

रोइ रह्येको रछ। तब त्येस्ले त्यो मांथि टिठाइ भनी यो इब्रीहरुको कोई
बालख होला हो। तब नानीकी दिदीले फिरऊन्की मैञालाइ भनी क्ये मं ७
गयेर इब्रेनी स्त्रीहरुमांकी कसै दुद्आंमालाइ आफुकां बोलाइ ल्याउं जस्ले
आफुको लागि बालखलाइ दुद् खुवाउंने गरोस्। तब फिरउन्की मैञाले ८
त्येस्लाइ भनी जा। तब केटीले गयेर बालखैकी आंमालाइ बोलाइ ल्याई। ९
त फिरऊन्की मैञाले त्येस्लाइ भनी तैंले यो बालखलाइ लग्येर मेरो लागि दुद्
खुवाउंने गर् मं तंलाइ दर्माहा दिंछु। तब त्येस् स्त्रीले बालखलाइ लग्येर
दुद् खुवाउंनु लागी। अनि जसै बालख अलिक् ठुलो भयो तब त्येस्ले त्येस्लाइ १०
फिरऊन्की मैञाकां लगि दिई अनि त्यो त्येस्को छोरो भयो। अनि त्येस्ले येसो
भन्येर त्येस्को नांउ मूसा[1] राखी मैंले त्येस्लाइ पानी देखि निकाल्यें भनि॥

जसै मूसा ठुलो भयो तब ति दिनमां येसो भयो त्येस्ले आफ्ना ११
भाईबन्द् थांइ बाइर गयेर तिनका बोझाहरु हेर्नु लाग्यो. तब क्ये देख्यो भन्ये
एक् जना मिस्रीले मेरा इब्री भाईबन्द्मांको येउटालाइ हिर्काउंदै रछ।
अनि त्येस्ले येताउति हेर्येर जब कोई रैनछ भनि देख्यो तब त्येस् मिस्रीलाइ १२
मांथेर बालुवाले पुरि दियो। फेरि अर्कन दिन् बाइर गयेर क्ये देख्यो भन्ये १३
दुइ जना इब्री इब्री आपस्तमां कुटामार् गरि रह्येका राछन्. तब त्येस्ले अन्ये
गर्नेचइंलाइ भन्यो तिमिले आफ्नु साथीलाइ किन हिर्काउंद छौ। त्येस्ले १४
भन्यो कस्ले तिमिलाइ हांमिहरु मांथि मालिक् र बिचारी खटायो. क्ये
मिस्रीलाइ मांथ्येको झैं मंलाइ पनि मांर्नु खोज्द छौ। येस्मां मूसाले
डराइकन भन्यो अबस्से यो कुरो जाहर् भये छ। तब फिरऊन्ले यो कुरो १५
सुन्येर मूसालाइ मांर्नु खोज्यो। तर मूसा फिरऊन्को सांमु देखि भाग्येर
मिद्यान् देस्मां रहंनु लाग्यो. अनि येउटा कुवा निर बसि रह्येको थियो। अब १६
मिद्यान्को पूजाहारीकी सात् बैंनी छोरीहरु थिइन्. त येतिमां तिनिहरुले
त्यहां आयेर पानी तानि डोंडू भराइन् आफ्नु बाबुका भेंड़ाबाख्राहरुलाइ
खुवाउंनुको लागि। येतिमां गोठालाहरुले आयेर तिनिहरुलाइ धपाये. तर १७
मूसाले उठ्येर तिनको गोहार् गर्येर भेंड़ाबाख्राहरुलाइ पानी खुवाइ दियो।
त जसै तिनिहरु आफ्नु बाबु रुएल्कां फर्कि आइन् तब त्येस्ले भन्यो १८
आजु तिमिहरु येस्तो फुर्ति गरि कसोगरि आयौ। तिनिहरुले भनिन् १९
येउटा मिस्रीपुरुष्ले हांमिहरुलाइ गोठालाहरुको हात् देखि छोड़ायो अनि
पनि त्येस्ले हांम्रो लागि पानी तानि भेड़ाबाख्राहरुलाइ खुवाइ दियो र।
तब त्येस्ले आफ्नी छोरीहरुलाइ भन्यो त्यो कहां छ तिमिहरुले त्येस्लाइ किन २०
छोड़ि आयौ त्येस्लाइ बोलाइ ल्याव खाजासाजा खावस्। त मूसा त्येस्कां २१
रहंनुलाइ खुशि भयो अनि त्येस्ले त्येस्लाइ आफ्नी छोरी सिप्पोरा सित ब्याहा
गरि दियो। अनि त्येस्ले छोरो जन्माई तब मूसाले मं अन्यदेस्मां पर्देसी भयें २२
भनि त्येस्को नांउ गेर्शोम्[2] राख्यो॥

---

[1] अर्थात् निकाल्यको। [2] अर्थात् पर्देसी।

(मूसालाइ ईश्वर्को दर्शन् हुंनु)

२३ त्यो त्यहां बस्येको धेरै दिन् बित्ये पछि येसो भयो मिस्रको राजा
मंन्यो. अनि इस्राएल्बंशीहरुले दास्तिको कारण्ले सुस्केरा मांर्नु लाग्ये अनि
चिच्याइ उठ्ये त यो तिनको दास्तिको कारण्ले भयेको दोहाई ईश्वर् सम्म
२४ चढ़ि पुग्यो। अनि ईश्वर्ले तिनको सुस्केरामंराई सुन्येर अब्राहाम् र
२५ इस्हाक् र याकूब् सित बान्धेको आफ्नु नियम् सम्झ्यो। अनि ईश्वर्ले
इस्राएल्बंशीहरु मांथि हेरि तिनिहरुको बिषय् थाहा पायो॥

३ १ अब मूसाले आफ्नु ससुरा यित्रो नांउ भयेको मिद्यान्को पूजाहारीका
भेंड़ाबाख्रा चराउंद थियो. त त्येस्ले तिनलाइ बन्को पल्लो पट्टि ईश्वर्को
२ पर्बत्मां अर्थात् होरेब् सम्म लग्यो। तब यह्वेको दूत् येउटा पोथ्राको
बीच् देखि आगोको जुवालामां त्येस्कां देखाहा पर्‍यो. त त्येस्ले हेरि क्यो
३ देख्यो भन्ये पोथ्रा आगोले बल्दै ता छ तर भस्म ता हुंदैन। तब मूसाले
भन्यो मं सरि गयेर यो महा दर्शन् हेर्छु पोथ्रा कसोगरि भस्म हुंदैन रछ।
४ जसै यह्वेले त्येस्लाइ हेर्नुलाइ सर्दै आयेको देख्यो तब ईश्वर्ले पोथ्राको बीच्
देखि ए मूसा ए मूसा भनिकन त्येस्लाइ हापार्‍यो। त्येस्ले भन्यो यहां छु।
५ तब उस्ले भन्यो येता छेउ न आइज. आफ्ना गोड़ा देखि जुत्ता फुकाल्
६ किनभन्ये यो तं उभीयेको ठांउ पवित्र भूमि छ। फेरि उस्ले भन्यो मं तेरो
बाबुको ईश्वर् अं अब्राहाम्को ईश्वर् इस्हाक्को ईश्वर् र याकूब्को
ईश्वर् हुं। तब मूसाले आफ्नु मुख् छोपि हाल्यो किनभन्ये त्यो ईश्वर्लाइ
७ हेर्नु देखि डराउंद थियो। फेरि यह्वेले भन्यो मैंले मिस्रमां भयेको आफ्नु
लोग्को कष्ट राम्रै देख्यें अनि तिनका काम्दारीहरुको कारण्ले भयेको
तिनको चिच्याइ सुन्यें कसोगरिभन्ये तिनका पीरा मैंले थाहा पायें
८ त मं तिनिहरुलाइ मिस्रीहरुको हात् देखि छोड़ाउंनु र त्यो देस् देखि
चढ़ाइ ल्यायेर येउटा येस्तो देस्मां जुन् जाति र ठुलो छ अनि जस्मां दुद् र
मह बहंद छन् अनि जुन् कनानी हित्ती एमोरी परिज्जी हिव्वी र
९ यबूसीहरुको ठांउ हो पुर्‍याउंनुको लागि ओर्लि आयेको छु। त अब हेर्
इस्राएल्बंशीहरुको दोहाई मं थांइ सम्म पुग्येको छ. अनि मिस्रीहरुले
१० तिनिहरु मांथि गर्‍येको थिचोमिचो मैंले देख्यें। त अब आइज मं तंलाइ
फिरऊन् थांइ पठाउंद छु तैंले मेरो लोग् इस्राएल्बंशीहरुलाइ मिस्र देखि
११ निकालि ल्याउंनुको लागि। तर मूसाले ईश्वर्लाइ भन्यो मं को हुं र
फिरऊन् थांइ गइ इस्राएल्बंशीहरुलाइ मिस्र देखि निकालि ल्याउं।
१२ तर उस्ले भन्यो मं चइं अबस्से तं सङ रहंछु अनि तंलाइ मैंलेनै पठायेको
हो भन्ये कुरोको यो चिंनु हुंछ. जब तैंले तिनिहरुलाइ मिस्र देखि निकालि
१३ सक्लास् तब तिमिहरुले येसै पर्बत्मां ईश्वर्को सेवा गर्छौ। फेरि मूसाले
ईश्वर्लाइ भन्यो हेर्नु हवस् मं इस्राएल्बंशीहरुकां गयेर तिनिहरुलाइ
तिमिहरुका पित्रहरुको ईश्वर्ले मंलाइ तिमिहरुकां पठायो भनुंला अनि

तिनिहरुले मं सित उस्को नांउ क्या हो भनि सोध्नन् तब मं तिनिहरुलाइ
को भनुं। तब ईश्वरले मूसालाइ भन्यो **मं जो हुं उइ हुं**. फेरि १४
उस्ले त्येस्लाइ भन्यो तैंले इस्राएलवंशीहरुलाइ येसो भन्नु **उइ हुं**
भन्नेले मंलाइ तिमिहरुकां पठायो। अनि ईश्वरले फेरि मूसालाइ भन्यो १५
तैंले इस्राएलवंशीहरुलाइ येसो भन् तिमिहरुका पित्रहरुको ईश्वर् अर्थात्
अब्राहामको ईश्वर् इसहाकको ईश्वर् र याकूबको ईश्वर् यहुवेले मंलाइ
तिमिहरुकां पठायो. सधैं सम्म मेरो नांउ येइ रहंछ अनि सब्बै पुस्ता सम्म
मेरो समझना येसैले हुंने गर्छ। तं जा इस्राएलका प्राचीनहरुलाइ भेला १६
गराएर तिनिहरुलाइ येसो भन् तिमिहरुका पित्रहरुको ईश्वर् अर्थात्
अब्राहाम् इसहाक् र याकूबको ईश्वर् यहुवेले मंलाइ दर्शन् दिइ भन्यो मैंले
निस्ले तिमिहरुको र तिमिहरु सितको जुन् चलनगराई मिस्रमां छ त्येस्को
हेरचाहा गर्यें. अनि मैंले भन्येको छु मं तिमिहरुलाइ मिस्रको कष्ट देखि १७
निकालि कनानी हित्ती एमोरी परिज्जी हिव्वी र यबूसीहरुको देसमां
चढ़ाइ लैजांकु अर्थात् येस्तो देसमां जहां दुद् र मह बहंद छन्। अनि १८
तिनिहरुले तेरा कुरा मान्छन्. तहांदेखि तैंले र इस्राएलका प्राचीनहरु
समेतले मिस्रको राजा पांइ गयेर त्येस्लाइ येसो भन्नु इब्रीहरुको ईश्वर्
यहुवेले हांमिहरु सित भेट् गर्यो. त अब कृपा गरिकन हांमिहरुलाइ तीन्
दिनको बाटो सम्म बनमां जांनु दिनु हुवस् आफ्नु ईश्वर् यहुवेको लागि
बलि चढ़ाउंछौं भन्येर। तर मं जान्द छु मिस्रको राजाले तिमिहरुलाइ अं १९
बल्लियो हातले पनि जांनु दिंदैन। त मं आफ्नु हात् पसार्येर आफ्ना ति २०
सब्बै उदेक्का कामले जुन् मं मिस्रको बीचमां देखाउंछु देसलाइ हिर्काउंछु.
अनि त्येसपछि त्येस्ले तिमिहरुलाइ जांनु दिंछ। अनि मं मिस्रीहरु देखि यो २१
लोग् मांथि अनुग्रह् गराउंछु. त येसो हुंछ तिमिहरु निक्लंदा रित्तै हात्
निक्लंने छौन. त र सब्बै स्त्रीहरुले आफ्नी आफ्नी छिमेकिनी सित र २२
आफ्नी आफ्नी प्रबासिनी सित चांदीका र सुन्का गहना अनि लुगाफाटा
पनि मांगुन्. अनि तिमिहरुले ति आफ्ना छोराहरु र छोरीहरुलाइ
लगाइ देउ त येसोगरिकन तिमिहरुले मिस्रीहरुलाइ लूट्छौ। तर मूसाले ४ १
उत्तर् दिइ भन्यो तर हेर्नु हुवस् इस्राएलवंशीहरुले मेरो पत्यारो गर्दैनन्
अनि न मेरो कुरो मान्छन्. किनोगरिभन्ने तिनिहरुले यहुवेले तंलाइ
दर्शन् दियेन भन्छन्। यहुवेले त्येस्लाइ भन्यो तेरो हातमां भयेको क्या २
हो. त्येस्ले भन्यो लउरो। उस्ले भन्यो त्यो भूइंमां आफालि दे। जसै त्येस्ले ३
त्यो भूइंमां आफालि दियो तब त्यो साप् बनीयो अनि मूसा त्येस्को डरले
भाग्यो। तब यहुवेले मूसालाइ भन्यो आफ्नु हात् लम्काएर त्येस्को पुछरमां ४
समात्. (त त्येस्ले हात् लम्काएर चाप्यै समात्यो त त्यो त्येस्को हातमां
लउरो को लउरो भइ गयो.) र तिनिहरुले पत्यारो गरुन् हांमिहरुका ५
पित्रहरुको ईश्वर् अब्राहामको ईश्वर् इसहाकको ईश्वर् र याकूबको ईश्वर्

६ यहूवेले त्येस्लाइ दर्शन् दिये क भनि । यहूवेले त्येस्लाइ फेरि भन्यो तेरो हात्
आफ्नु खोकीलामां हाल् । त त्येस्ले आफ्नु हात् खोकीलामां हाल्यो,
अनि जब निकाल्यो तब को देख्यो भन्ये मेरो हात् ता कोढ़ले हिउं
७ जस्तै सेतो भइ गये क । तब उस्ले भन्यो तेरो हात् आफ्नु खोकीलामां
फेरि हाल् । (त त्येस्ले आफ्नु हात् फेरि खोकीलामां हाल्यो त को देख्यो
८ भन्ये त्यो फेरि सिंगै जीउ जस्तो भइ गये क ।) तब यहूवेले भन्यो यैसो हुंक
तिनिहरुले तेरो पत्यारो गर्येनन् अनि पहिलो चइं चिंनु मान्येनन् भन्ये
९ देख्यो चिंनुको ता पत्यारो गर्नन् । अनि यैसो हुंक तिनिहरुले यि दुवै
चिंनुहरुको पनि पत्यारो गर्येनन् अनि तेरा कुरा मान्येनन् भन्य नील् नदी
देखि अलिकता पानी ल्याएर ओबानो भूइंमां खन्याइ दे, त तैंले नदी देखि
१० ल्याएको पानी ओबानो भूइमां रगत् होइ जांक् । तब मूसाले यहूवे मित भन्यो
हे प्रभु त्रिन्ति यो क मं जो कु मं बोल्नुमां सिपालु कुइंन न ता अगाडि
देखि यैस्तो थियें अनि न ता जब देखि तपांइले आफ्नु कमांगो सित कुरा
११ गर्नु भयो, अं मं मुखको र जिब्रोको लठेग्रो कु । यहूवेले त्येस्लाइ भन्यो
मान्छेको मुख् कस्ले बनायो, कि मान्छेलाइ गोंगा कि बहिरा कि देख्ने कि
१२ अन्धा कस्ले बनाउंद क, को मैं यहूवेले होइन । त अब जा मं तेरो मुखमां
१३ भइ जे जे तैंले भन्नु पर्क त्यो मं तंलाइ सिकाउंदै जाउंला । फेरि त्येस्ले भन्यो
हे प्रभु कृपा गरि जस्लाइ पठाउंनु खोज्नु हुंक त्येसैको हात् देखि पठाउंनु ।
१४ तब मूसा मांथि यहूवेको रिस् उठ्यो अनि उस्ले त्येस्लाइ भन्यो को लेवीअंशी
हारून् तेरो दाज्यु छैन, मं जान्द कु त्यो राम्रो बोल्नु सक्द क । अनि हेर्
त्यो तेरो भेट्को लागि निक्ल आउंदै क पनि, अनि तंलाइ देख्येर मन्मां
१५ रमाउंक । त तैंले त्यो सब कुरा गरि त्येस्को मुखमां यि कुरा हाल्, अनि मं
त्येस्को र तेरो मुखमां भइ जे जे तिमिहरुले भन्नु पर्क त्यो तिमिहरुलाइ
१६ सिकाउंदै जांकु । अनि तेरा लोग् सित कुरा त्यसले गर्नै गर्क, अनि यैसो
१७ हुंक त्यो तेरो मुख् हुंक अनि तं चइं त्येस्को लागि ईश्वर् जस्तो हुंक्स् ।
अनि तैंले यो लउरो आफ्नु हातमां लैजा जेले ति चिनुंहरु देखाउंक्स् ॥

(मूसाले मिस्रमां फर्केर फिरऊन्लाइ ईश्वर्को कुरा जनाउंद छ)

१८ तब मूसाले आफ्नु ससुरा यित्रो यांइ फर्कि आयेर त्येस्लाइ भन्यो
कृपा गरि मंलाइ जानु दिनु हस्म् मं फर्कि गयेर आफ्ना मिस्रमां भयेका
दाज्युभाइहरुलाइ हेर्नु तिनिहरु एन मस्म जीउंदै छन् कि छैनन् । तब
१९ यित्रोले मूसालाइ भन्यो कुशल् सित जाउ । फेरि यहूवेले मिद्यान् देसमां
मूसालाइ भन्यो मिस्रमां फर्कि जा, किनभन्ये तेरो प्राण्का खोजी हुने सबै
२० मान्छेहरु मरि गये । तब मूसा आफ्नी स्वास्नी र छोराहरुलाइ लिइ गदाहा
मांथि चढ़ायेर मिस्र देसमां फर्क्यो, अनि त्येस्ले ईश्वर्को लउरो हातमां

साथै लग्यो। फेरि यह्वेले मूसालाइ भन्यो जब तं मिस्रमां फर्कि जालास् २१
तब चंख रह् जुन् जुन् उदेक्का काम् मैंले तेरो हात्मां पारि दियें ति सबै
फिरऊन्को सांमु गर्‍येस्. तर मं त्येस्को हिर्दय् कठोर् गराइ दिंछु त त्येस्ले
लोग्लाइ जांनु दिंदैन। अनि तैंले फिरऊन्लाइ भन् यह्वेले येसो भन्येको २२
छ इस्राएल् मेरो छोरो अं मेरो जेठै हो. अनि मैंले तंलाइ भन्येको छु २३
मेरो छोरोलाइ जांनु दे त्येस्ले मेरो सेवा गरोस् भनि तर तैंले त्येस्लाइ जांनु
दिंनु मानिनस्. त हेर् मं तेरो छोरो अं तेरो जेठैलाइ मांर्छु। अनि २४
बाटोमां बास्मां येसो भयो यह्वे त्यो सङ भेट् भयो अनि इच्छे गर्‍यो त्येस्लाइ
मांर्छु भन्ये। तब सिप्पोराले येउटा धार् भयेको दल्सिंग् ढुंगो लियेर आफ्नु २५
छोरोको खलड़ी काटि दिई अनि मूसाका गोड़ामां फ्यांकि दियेर भनी
अबस्से तिमि मंलाइ रगत्को ब्याउलो भयौ। तब यह्वेले मूसालाइ छोड़ि २६
दियो. अनि त्येसै घरी त्यो खत्नाको कारण्ले त्येस्ले भनी तिमि रगत्को
ब्याउलो भयौ॥

अनि यह्वेले हारून्लाइ भन्यो मूसालाइ भेट्नुलाइ बन्मां जा। २७
त त्येस्ले गयेर ईश्वर्को पर्बत्मां त्येस्लाइ भेट्यो अनि त्येस्लाइ चूमा खायो।
तब मूसाले हारून्लाइ यह्वेका उस्ले त्येस्लाइ भनि पठायेका सब्बै कुराहरु २८
अनि देखाउंनु भन्येर उस्ले आज्ञा गर्‍येका सब्बै चिंनुहरुका बिषय् पनि भनि
सुनायो। त मूसा र हारून्ले गयेर इस्राएल्बंशीहरुका सब्बै प्राचीन्हरुलाइ २९
भेला गराये अनि हारून्चइंले यह्वेले मूसालाइ भन्येका ति सब्बै कुरा ३०
भनि सुनायो अनि लोगका आंखाको सोजि ति चिंनुहरु पनि देखाइ दियो।
तब लोगले तिनको पत्यारो गर्‍ये. अनि यह्वेले हांमि इस्राएल्बंशीहरुको ३१
हेर्चाहा गर्‍यो अनि हांमिहरुको कष्ट पनि हेर्‍यो भन्येको सुन्येर सिर्हरु
निउंराइ दण्डवत् गर्‍ये। येस् पछि मूसा र हारून्ले गयेर फिरऊन्लाइ भन्ये ५ १
इस्राएल्को ईश्वर् यह्वेले येसो भन्येको छ मेरो लोग्लाइ जांनु दे र तिनिहरुले
बन्मां मेरो येउटा चाड़ मानुन्। तब फिरऊन्ले भन्यो यह्वे भन्ये को हो र २
म उस्को बचन् मानि इस्राएलीहरुलाइ जांनु दिउं मं यह्वेलाइ चिन्दीन.
अनि न मं इस्राएलीहरुलाइ जांनु दिंछु। तिनिहरुले भन्ये इब्रीहरुको ३
ईश्वर्ले हांमिहरु सित भेट् गर्‍यो. त कृपा गरिकन हांमिहरुलाइ बन्मां
तीन् दिन्को बाटो जांनु दिंनु हवस् आफ्नु ईश्वर् यह्वेको सांमु बलि गर्छौं
होइन भन्ये ता उस्ले हांमिहरुलाइ रूढ़ि कि तरवार्ले मांर्ला। तर मिस्रको ४
राजाले तिनिहरुलाइ भन्यो ए मूसा र हारून् तिमिहरुले किन लोगलाइ
तिनका काम् छोड़ाउंनु लाउंछौ. आफ्नु आफ्नु बोझा बोक्नु जाव। फेरि ५
फिरऊन्ले भन्यो हेर देस्को लोग् अब धेरै भइ गयेका छन् अनि तिमिहरुले
तिनिहरुलाइ तिनका बोझा देखि बिश्राम् दिंनु खोज्दछौ। त त्येसै दिन् ६
फिरऊन्ले लोग् मांथि भयेका काम्दारीहरुलाइ र तिनिहरुका बहीदार्हरुलाइ
येसो भन्येर आज्ञा दियो तिमिहरुले ऐले सम्म ईंट् पार्नुको लागि ७
दिंने गर्‍येको पराल् अब देखि येसो ति लोगलाइ न देव. तिनिहरु आफैले

८ गइ गइकन पराल् बटुलुन्। तर ईंट् चइं अब सम्म जत्ति तिनिहरुले
बनाउंनु पर्द थियो उत्तिनै अब देखि येसो पनि तिनिहरु देखि बनाउंनु
लगाव तिनको गन्ति कोइ पनि न घटाव. किनभन्ये तिनिहरु अल्के कुन्
होला येसैकारणले हांमिहरुलाइ जांनु देउ आफ्नु ईश्वरको लागि बलि
९ चढांउकौं भन्दै चिच्याइ रह्यका कुन्। ति मान्छेहरु देखि अरु पनि सारो
सारो काम् गराईओस् र तिनिहरुले त्येस्मां दास्ति गरुन् अनि झुट्टा कुरामां
१० आंखा न लगाउन्। त लोग् मांथि भयेका काम्दारीहरु र तिनका
बहीदार्हरुले बाइर गयेर लोग्लाइ भन्ये फिरऊन्ले येसो भन्द कम
११ तिमिहरुलाइ पराल् दिन्न। तिमिहरुले आफै गयेर जहां पाउंकौ त्यहां
बाटो पराल् खोजि ल्याव. तर तिमिहरुको काम्काज् चइं कोइ पनि
१२ घटाईदैन। त तिनिहरु सिंगै मिस्र देस् भरि फिंजीये परालको लागि
१३ बुचकाबुचकि बटुलूं भन्येर। तब काम्दारीहरुले तिनिहरुलाइ हतार् हतार्
लाइकन भन्दै रह्ये जसोरि तिमिहरुले पराल् पाउंदाखेरि गर्द थियौ त्येसैगरि
आफ्ना काम्काज् आफ्नु दिन् दिन्को खटन् भयेको काम् अबै पनि पूरै गर
१४ भन्दै। अनि फिरऊन्का काम्दारीहरुले इस्राएल्वंशीहरु मांथि ठहराएका
बहीदार्हरुले कुटाइ खाये अनि तिनिहरु देखि सोधीयो हिजो पनि अनि
आजु पनि किन आफ्नु खटन् भयेको पूरो गर्यौन ईंट् अगाडि भैं
१५ बनाइकन। तब इस्राएल्वंशीका बहीदार्हरुले गयेर फिरऊन्लाइ येसो
भनिकन दोहाई दिये हजूर्ले आफ्ना कमांराहरु सित किन येस्तो बेहोरा
१६ गर्नु भयो। हजूर्का कमांराहरुलाइ पराल् भन्ये दिईदैन तैपनि हांमिहरुलाइ
ईंट् पार ईंट् पार भन्दै जांद कुन्. अनि हेर्नु हवस् हजूर्का कमांराहरुले
१७ कुटाइ खाये तर दोष् भन्ये हजूर्कै लोग्को कु। तर त्येस्ले भन्यो तिमिहरु
अल्के को अल्के कौ. येसैकारणले भन्द को हांमिहरुलाइ यहूवेको लागि
१८ बलि चढाउनुको लागि जांनु देउ। त अब गयेर काम् गर तर पराल् चइं
१९ तिमिहरुलाइ दिईदैन तैपनि ईंट्को गन्ति उत्तिकै दिंनु पर्छ। तब
इस्राएल्वंशीहरुका बहीदार्हरुले त्येस्ले तिमिहरुको ईंट्को गन्ति घटदैन
तर दिनहूं उत्तिकै काम् पूरो गर्नु पर्छ भन्यो भन्येर हांमिहरु ना दुर्गत्मां
२० परि मक्ये कौं भनि थाहा पाये। अनि जसै तिनिहरु फिरऊन्को
सांमु देखि निक्लदै थिये तब मूसा र हारूनलाइ बाटोमां उभौइ रह्यका
२१ भेट्यर तिनिहरुलाइ भन्ये यहूवेले तिमिहरु मांथि हेरि तिमिहरुको
निया गरोस् किनभन्ये तिमिहरुले हांमिहरुलाइ फिरऊन् र त्येस्का
चाकरेहरुको दृष्टिमां घिन्लाग्दा तुल्याइ हांमिहरुलाइ काट्नुको लागि
२२ तिनिहरुको हातमां तरवार् दिये भैं गर्यौ। तब मूसाले यहूवे थांइ फर्कि
आयेर भन्यो हे प्रभु तपांइले किन येस् लोग्को बुरो गर्नु भयो तपांइले
२३ किन मलाइ पठाउंनु भयो। कसोगरिभन्ये जब देखि मं तपांइको नांउले
कुरा गर्नुलाइ फिरऊन् थांइ गयें तब देखि त्येस्ले येस् लोग्लाइ थिच्चोमिचो
मांत्रै गर्यको कु अनि तपांइचइंले आफ्नु लोग्लाइ कोइ पनि छोड़ाउंनु

भयेन । तब यहूवेले मूसालाइ भन्यो अब तेंले देखलास् मं फिरऊनलाइ के ६ १
के गर्द रांकु . के भन्ये बल्लियो हातले त्येस्ले तिनिहरुलाइ जांनु दिंकु अनि
बल्लियो हातले तिनिहरुलाइ आफ्नु देस् देखि धपाइ दिंकु ॥

फेरि ईश्वरले मूसालाइ भन्यो मं यहूवे हुं . अनि मं अब्राहाम् २
इस्हाक् र याकूबलाइ सर्वशक्तिमान् ईश्वर् गरि ता दर्शन् दिंद थियें
तर आफ्नु यहूवे नाउंले ता मं तिनिहरुकां जाहर् भइंन । अनि फेरि मैंले ४
तिनिहरु सङ आफ्नु यो नियम् ठहराइ बान्धेको थियें तिमिहरु प्रवासी
भइ रह्येको कनान् देस् मं तिमिहरुलाइ दिंकु भन्ये । अनि फेरि मिस्रीहरुले ५
दास् तुल्याइ राख्येका इस्राएलवंशीहरुको सुस्केरामंराई सुनिकन मैंले आफ्नु
नियम् सम्झें । येस्कारण् तेंले इस्राएलवंशीहरुलाइ येसो भन् मं यहूवे हुं ६
अनि मं तिमिहरुलाइ मिस्रीहरुका बोझाहरु मुनि देखि निकाल्कु अनि
तिनको दास्ति देखि तिमिहरुलाइ छोड़ाउंकु अनि पसारीयेको बांहांले र महा
दंडाज्ञाहरुको बाटोले मं तिमिहरुलाइ उद्धार् गर्कु . अनि मं तिमिहरुलाइ ७
मेरो लोग् हुंनुको लागि ग्रहण् गर्कु अनि मं तिमिहरुको लागि ईश्वर् हुंकु .
अनि तिमिहरुले यो थाहा पाउंने छौ मं तिमिहरुलाइ मिस्रीहरुका बोझा
मुनि देखि निकाल्ने तिमिहरुको ईश्वर् यहूवे हो रांकु भनि । अनि जुन् ८
देस् मैंले आफ्नु हात् उचालिकन अब्राहाम् इस्हाक् र याकूबलाइ
दिंने किरिया खायेको थियें त्येसैमां मं तिमिहरुलाइ ल्याइ पुग्याउंकु अनि
मं त्यो तिमिहरुलाइ अधिकारको लागि दिंकु . मं यहूवे हुं । त मूसाले ९
इस्राएलवंशीहरुलाइ येसैले भनि सुनायो . तर तिनिहरुचइंले हंसको संकट्
र कठिन् दास्तिको कारणले मूसाको मान्येनन् ॥

फेरि यहूवेले मूसालाइ भन्यो तेंले भित्र गयेर मिस्रको राजा ११ १०
फिरऊन् सित कुरा गर् र त्येस्ले इस्राएलवंशीहरुलाइ आफ्नु देस् देखि जांनु
देवस् । तर मूसाले यहूवेको सांमु भन्यो हेर्नु हवस् इस्राएलवंशीहरुले मेरो १२
मान्येनन् त झनसारो मं बोलनुमां बिखत्नाको मान्छेको फिरऊनले के
मान्ला । त यहूवेले मूसा र हारून् सित कुरा गरिकन तिनिहरुलाइ १३
इस्राएलवंशीहरु र मिस्रको राजा फिराउन्को बिषयमां आज्ञा दियो
तिनिहरुले इस्राएलवंशीहरुलाइ मिस्र देस् देखि निकालि लैजाउन् भन्ये ॥

(मूसाको बंशावली)

तिनिहरुका आफ्ना पित्रहरुका घर् घरका मूलहरु यि हुन् . १४
इस्राएलको जेठो रूबेनका छोराहरु . हनोक् पल्लू हेस्रोन् र कर्मी .
रूबेनका जहान् यिने हुन् । अनि शिमोनका छोराहरु . यमूएल् यामीन् १५
ओहद् याकीन् र सोहर् अनि कनानी स्त्रीको छोरो शाऊल् . शिमोनका जहान्
यिने हुन् । अनि लेवीका छोराहरुको नांउ तिनका पुस्ताहरु अनसार् गरि १६
यिने हुन् . गेर्शोन् कहात् र मरारी . अनि लेवीको सबै उमेर् एक् सै र
सैंतीस् बर्षको भयो । गेर्शोनका छोराहरु . लिब्नी र शिमी तिनका जहान् १७

१८ अनसार् गरि। अनि कहात्का क्रोराहरु. अम्राम् यिसहार् हेब्रोन् र उज्जीएल्.
१९ अनि कहात्को सबै उमर् एक् सै र तेंतीस् वर्षको भयो। अनि मरारीका
क्रोराहरु. महली र मूशी. लेवीहरुका जहान् तिनका पुस्ताहरु अनसार् गरि
२० यिने हुन्। फेरि अम्रामले आफ्नी फूपु योकेबेदलाइ ब्याहा गरि ल्यायो
अनि त्येस्ले त्येस्को लागि हारून् र मूसालाइ जन्माई. अनि अम्रामको सबै
२१ उमेर् एक् सै र सैंतीस् वर्षको भयो। अनि यिसहारका क्रोराहरु. कोरह्
२ नेपेग् र जिक्री। अनि उज्जीएल्का क्रोराहरु. मीशाएल् एल्माफान् र सित्री।
२३ अनि हारूनले अम्मीनादाबका क्रोरी नहशोनकी बैनी एलीशेबालाइ ब्याहा
गरि ल्यायो अनि त्येस्ले त्येस्को लागि नादाब् र अबीहू एलाजार् र
२४ ईतामारलाइ जन्माई। अनि कोरहका क्रोराहरु. अस्सीर् एल्काना र
२५ अबिआसाफ्. कोरहीहरुका जहान् यिने हुन्। अनि हारूनको क्रोरी
एलाजारले पतीएलका क्रोरीहरुमांको येउटीलाइ ब्याहा गरि ल्यायो अनि
त्येस्ले त्येस्को लागि फीनहासलाइ जन्माई। लेवीहरुका पितृहरुका घर्
२६ घरका मूलहरु तिनका जहान् जहान् अनसार् गरि यिने हुन्। यि तिने
हारून् र मूसा हुन् जुनहरुलाइ यहूवेले यो आज्ञा दियो इस्राएलवंशीहरुलाइ
२७ तिनका सेना सेना अनसार् मिस्र देस् देखि निकालि ल्याउ भन्ये। यि तिने
हुन् जुनहरुले इस्राएलवंशीहरुलाइ मिस्र देखि निकालि ल्याउंनुको लागि
मिस्रका राजा फिरऊन् सित कुरा गर्ये. यि तिनै मूसा र हारून् हुन्॥

(मिस्रमां भयेको पहिलो बिपत्ति)

२८ अनि येसो भयो जस् दिन् यहूवेले मिस्र देसमां मूसा सित कुरा
२९ गर्‍यो त्येस् दिन् यहूवेले मूसालाइ भन्यो म यहूवे हुं. मैंले तंलाइ जे
३० जे भन्नु आंठेको कु ति सबै मिस्रको राजा फिरऊनलाइ भन्। तब मूसाले
यहूवेको सांमु भन्यो हेनु हजम् मं ता ओलनुमां बिखतनाको मान्छे कु त
७ १ फिरऊनले कसे गरि मेरो मान्छे। तब यहूवेले मूसालाइ भन्यो हेर् मैंले
तंलाइ फिरऊनको लागि ईश्वर जस्तो तुल्याएको कु. अनि तेरो दाजु हारून्
२ तेरो अगमवक्ता हुंछ। जे जे मं तंलाइ आज्ञा दिंकु त्यो तैले भन्नु. अनि तेरो
दाजु हारूनले फिरऊनलाइ भन्नु गरोस् र त्येस्ले इस्राएलवंशीहरुलाइ आफ्नु
३ देस् देखि जान् देजम्। तर मं फिरऊनको हिर्दय मारो गराउंकु तहांदेखि
४ आफ्ना चिनुहरु र उदेकका कामहरु मिस्रमां धेरि गरि देखाउंकु। तर
फिरऊनइंले तिमिहरुको मान्दैन तब मं मिस्र देस् मांथि आफ्नु हात्
हाल्येर मिस्रीहरुलाइ महा दंडाजा दिइकन आफ्ना सेनाहरु इस्राएलवंशीहरु
५ आफ्ना लोरलाइ तिनको बीच् देखि निकालकु। अनि जब मं मिस्र मांथि
आफ्नु हात् पसार्येर इस्राएलवंशीहरुलाइ तिनिहरुको बीच् देखि निकालकु
६ तब मिस्रीहरुले थाहा पाउंकन् मं यहूवे हो रांकु भनि। तब मूसा र हारूनले
त्येसे गर्ये अं यहूवेले तिनिहरुलाइ सबै आज्ञा दियेका अनसार् तिनिहरुले

गये। अनि मूसा र हारूनले फिरऊन् सित कुरा गर्दा मूसाको उमेर् ७
अस्सी वर्षको अनि हारूनको तिरासी वर्षको थियो ॥

फेरि यहवेले मूसा र हारूनलाइ भन्यो जब फिरऊनले तिमिहरुलाइ ८ ९
भनला आफ्नु लागि कोई उदेक्को काम् देखाव भनि. तब तैंले हारूनलाइ
भन्नु आफ्नु लउरो लियेर फिरऊनको सांमु आफालि देउ र त्यो साप्
बनीओस्। त मूसा र हारूनले फिरऊन् थांइ गयेर यहवेको आज्ञा अनुसार् १०
गये. अनि जसै हारूनले आफ्नु लउरो फिरऊन् र त्येस्का चाकरेहरुको सांमु
आफालि दियो तब त्यो साप् बनीयो। तब फिरऊनले पण्डितहरु र ११
मन्तरखेलांउनेहरुलाइ पनि बोलाइ पठायो. त मिस्रका जैसीहरु आफैले पनि
आफ्ना मन्तरतन्तरले त्येसै गये। अर्थात् तिनिहरुले आफ्नु आफ्नु लउरो १२
आफालि दिये अनि ति साप् बनीये. तर हारूनको चंइ लउरोले तिनका
लउराहरुलाइ निलि दियो। तर फिरऊनको हिर्दय् कठोर् गराईयो अनि १३
त्येस्ले तिनिहरुको मान्येन यहवेले भन्ये झैं ॥

तब यहवेले मूसालाइ भन्यो फिरऊनको हिर्दय् सारो भइ गयो त्येस्ले १४
लोगलाइ जांनु दिंनु मान्दैन। बिहान फिरऊन् थांइ जा हेर् त्यो पानी तिर १५
जांदै गयेको हुंदा तं नील् नदीको तीरमां त्येस्लाइ भेट्नुको लागि उभीइ
रह् अनि त्यो साप् बनीयेको लउरो हातमां ले। अनि त्येस्लाइ येसो १६
भन्नु इब्रीहरुको ईश्वर् यहवेले मंलाइ यो भन्नलाइ आफु थांइ पठायो मेरो
लोगलाइ जांनु दिंनु तिनिहरुले बनमां मेरो सेवा गरुन् भनि. तर आफुले
ऐले सम्म मान्नु भयेन। त यहवेले येसो भन्येको कु मं यहवे हो रांकु भनि तैंले १७
येस्मां थाहा पाउंकुम् भनि. जुन् लउरो मेरो हातमां कु येस्ले मं नील् नदीको
पानीमां हिर्काउंकु तब त्यो रगत् बनींकु। अनि नदीमां भयेका माच्छाहरु १८
मंकुन् अनि नदी येस्तोगरि गन्हाउंकु नदीको पानी खांनु मिस्रीहरुले
घिनाउंकुन्। फेरि यहवेले मूसालाइ भन्यो हारूनलाइ भन् आफ्नु लउरो १९
लियेर मिस्रमां जत्ति पानीहरु कुन् अर्थात् त्येस्का नदी खोला पोखरि
तलाउहरु अं जत्ति पानेठांउ कुन् ति सब्बै मांथि आफ्नु हात् पसार ति
रगत् बनीउन् भन्येर त मिस्रको सब्बै देसभरिमां को काठका अनि को
ढुंगाका पानेभांड़ाहरुमां रगत् होइ जांकु। तब मूसा र हारूनले यहवेको २०
आज्ञा अनुसार् गरि त्येस्ले लउरो उचाल्येर फिरऊन् र त्येस्का चाकरेहरुले
देख्दामां नदीका पानीहरुमां हिर्कायो तब नदीमां भयेका सब्बै पानीहरु
रगत् बनीये। अनि नदीमां भयेका सब्बै माच्छाहरु मंये अनि नदी २१
येस्तोगरि गन्हाउंनु लाग्यो नदीको पानी मिस्रीहरुले खांनु सक्येनन् अनि
मिस्रको सिंगै देसभरिमां रगत् भइ गयो। तब मिस्रका जैसिहरुले पनि २२
आफ्ना मन्तरतन्तरले त्येसै गये. त फिरऊनको हिर्दय् कठोर् गराईयो अनि
त्येस्ले तिनिहरुको मान्येन यहवेले भन्ये झैं। तब फिरऊन् फर्केर आफ्नु २३
घरमां गयो अनि यो देखि पनि आफ्नु हिर्दयमां चेताईयेन। अनि सब्बै २४
मिस्रीहरुले खांने पानीको लागि नदीको कुचुक्राउ खन्न लाग्ये किनभन्ये

२५ नदीको पानी खांनु सक्दैन थिये। अनि यहूवेले नदी मांदा सात् दिनको
भरना भयो॥

(दोस्रो बिपत्ति)

८१ फेरि यहूवेले मूसालाइ भन्यो फिरऊन् थांइ गयेर त्येस्लाइ भन् यहूवेले
२ येसो भन्द छ मेरो लोगलाइ जांनु दे र तिनिहरुले मेरो सेवा गरुन्। अनि तं
तिनिहरुलाइ जांनु दिंनुलाइ न मान्दे रहिस् भन्ये देखि हेर् मं भ्यागुता
३ पठायेर तेरो सिंगै देस् ऐले नास् पार्कु. अनि नील् नदी भ्यागुताहरुले औधि
गरि भरींछ अनि ति तेरो घर् र सुत्ने कोठामां र तेरो खाट् मांथि अनि
तेरा चाकरेहरुका घर् घरमां अनि तेरा पर्जाहरु मांथि अनि तेरा तनूरहरु र
४ पिठो मुछने आछिहरुमां चढि चढि आउंछन्. त तं मांथि र तेरा पर्जाहरु
५ मांथि र तेरा सब्बै चाकरेहरु मांथि भ्यागुता चढि चढि आउंछन्। फेरि
यहूवेले मूसालाइ भन्यो हारूनलाइ भन् नदीहरु र खोलाहरु र पोखरिहरु
मांथि आफ्नु हात् लउरो लिइ पसार्येर भ्यागुताहरु मिस्र देस् मांथि चढाइ
६ ल्याउ। त हारूनले मिस्रका पानीहरु मांथि आफ्नु हात् पसार्यो तब
७ भ्यागुताहरुले चढि आयेर मिस्र देस् ढाक्ये। अनि जैसिहरुले पनि आफ्ना
मन्तरतन्तारले त्येसै गर्ये अनि तिनले मिस्र देसमां भ्यागुता चढाइ ल्याये।
८ तब फिरऊनले मूसा र हारूनलाइ बोलाइ पठायेर तिनलाइ भन्यो यहूवे
सित बिन्ति गर र उस्ले भ्यागुताहरुलाइ मं देखि र मेरा पर्जाहरु देखि
लैजाउस् त मं लोगलाइ जांनु दिंकु तिनले यहूवेको सांमु बलि गर्नुलाइ।
९ तब मूसाले भन्यो मं मांथि यो घमंड् गर्नु हुवस्. मं कैलेको लागि आफुको र
आफुका चाकरेहरुको र आफुका पर्जाहरुको निम्तिमां बिन्ति गरुं र भ्यागुताहरु
आफु थांइ देखि र आफुका घरहरु देखि नष्ट होउन् अनि ति खालि
१० नदीमांनै रहुन्। अनि त्येस्ले भन्यो भोलिको लागि। तब मूसाले भन्यो
आफुको बचन् अनुसार हुवस्. र आफुले हांमिहरुको ईश्वर् यहूवे जस्तो
११ कोई रैनछ भनि थाहा पाउंनु हुवस्। अनि भ्यागुता आफु थांइ देखि र
आफुका घरहरु देखि र आफुका चाकरेहरु र पर्जाहरु थांइ देखि फर्कि
१२ गयेर खालि नदीमां मांत्रै रहंछन्। तब मूसा र हारून् फिरऊन् थांइ देखि
निकलि गये. अनि यहूवेले फिरऊन् मांथि पठायेका भ्यागुताहरुको बिषयमां
१३ मूसाले उस्को दोहाई दियो। तब यहूवेले मूसाको बचन् अनुसार गर्यो त
१४ भ्यागुताहरु घर् घर् आघन् आघन् र बन् हुंदो मैरि मेटीये। अनि
मान्छेहरुले ति बटुलि बटुलिकन थुप्रो थुप्रो लगाये. अनि देस् गन्हाउंनु
१५ लाग्यो। तर जसै फिरऊनले छुटनु पाईयेको देख्यो तब त्येस्ले आफ्नु हिर्दय
सारो गर्यो अनि तिनिहरुको मान्यन यहूवेले भन्ये भैं॥

(तीस्रो बिपत्ति)

१६ फेरि यहूवेले मूसालाइ भन्यो हारूनलाइ भन् तिमिले आफ्नु लउरो

उप्जायेर देस्को धूलोमां हिर्काउ र ति मिस्र देस्भरि भुसुनाहरु बनीउन्।
त तिनिहरुले त्येसै गर्ये हारुन्ले लउरो लियेर आफ्नु हात् पसारि देस्को १७
धूलोमां हिर्कायो तब मान्छेहरुमां र पशुहरुमां भुसुनाहरु बनीये सिंगै
मिस्र देस्मां भूइंको धूलोका भुसुनै भुसुना बनीये। तब जैसिहरुले पनि १८
आफ्ना मन्तरतन्तरले त्येसै गरि भुसुनाहरु ल्याउंनु खोज्ये तर सक्दैनन्,
त मान्छेहरुमां र पशुहरुमां भुसुनाहरु भइ रह्ये। तब जैसीहरुले १९
फिरऊन्लाइ भन्ये येस्मां ता ईश्वरैको औंलो थाहा हुंद छ, तर फिरऊन्को
हिर्दय् कठोर् गराईयो अनि त्येस्ले तिनिहरुका सुन्येन यहूवेले भन्ये भैं॥

(चौथो बिपत्ति)

फेरि यहूवेले मूसालाइ भन्यो बिहान् सखारै उठेर फिरऊन्को सांमु २०
उभी हेर् त्यो पानी तिर आउंदै गर्येको भेटींछ त त्येस्लाइ भन् यहूवेले येसो
भन्द छ मेरो लोग्लाइ जांनु दे र तिनिहरुले मेरो सेवा गरुन्। किनभन्ये २१
तैंले मेरो लोग्लाइ जांनु दिईनस् भन्ये देखि हेर् मं तं मांथि र तेरा
चाकरेहरु र तेरा पर्जाहरु मांथि अनि तेरा घर् घरमां औधिका झिङ्गा
पठाउंछु, अनि मिस्रीहरुका घर् र तिनका बस्ने भूइं समेत् औधिका झिङ्गाले
भरींछन्। अनि त्येस् दिनमां मं आफ्नु लोग् भयेको गोशेन् चइं देस्को २२
गत्लाइ कुट्याउंछु र त्येस्मां चइं औधिका झिङ्गा कोइ न होउन् मं पृथिवीको
मांझमां यहूवैनै हो रांकु भनि तैंले थाहा पा भन्ये खातिर्ले। येसोरि मं २३
आफ्नु लोग् र तेरा पर्जामां भेद् पार्कु, यो चिंनु भोलि हुंछ। अनि यहूवेले २४
त्येसै गर्यो अनि फिरऊन्को घर् र त्येस्का चाकरेहरुका घर् घरमां अग्घोर्
औधिका झिङ्गा पसि आये, अनि सिंगै मिस्र देस्मां ति औधिका
झिङ्गाहरुको कारणले देस् बिगारीयो। तब फिरऊन्ले मूसा र हारुन्लाइ २५
बोलाइ पठायेर तिनलाइ भन्यो तिमिहरुले गयेर देसैमां आफ्नु ईश्वर्को
सांमु बलि गर। तर मूसाले उत्तर् दियो येसो गर्नु उचित् कैन कसोगरिभन्ये २६
हांमिहरु आफ्नु ईश्वर् यहूवेको सांमु येस्तो बलि गर्कौं जुन् देखि मिस्रीहरुले
घिण् गर्द छन्, त हेर्नु हवस् हांमिहरुले मिस्रीहरुका आंखाको सोजि
तिनिहरुले घिनायेको बलि गर्यू भन्ये देखि ता के तिनिहरुले हांमिहरुलाइ
लोहोर्याउंदैनन्। हांमिहरु तीन् दिन्को बाटो सम्म बनमां गयेर आफ्नु २७
ईश्वर् यहूवेको सांमु उस्ले हांमिहरुलाइ आज्ञा गर्ये जस्तो बलि गर्कौं। तब २८
फिरऊन्ले भन्यो हुंछ मं तिमिहरुलाइ बनमां जांनु दिंकु तिमिहरुले आफ्नु
ईश्वर् यहूवेको सांमु बलि गर्नुलाइ खालि धेर् टाढो न जाव, मेरो लागि
बिन्तिनै गर। तब मूसाले भन्यो हेर्नु हवस् मं आफु थांइ देखि बाइर गयेर २९
यहूवे सित बिन्ति गर्कु ति औधिका झिङ्गा फिंरऊन् र त्येस्का चाकरेहरु र
पर्जाहरु देखि भोलिनै दूर् होउन् भनि, खालि फिरऊन्ले अझै पनि
यहूवेको सांमु बलि गर्नुको लागि लोग्लाइ जांनु न दिइ छल् न गरुन्। त ३०
मूसाले फिरऊन् थांइ देखि बाइर गयेर यहूवे सित बिन्ति गर्यो। अनि ३१

यहूवेले मूसाले भन्येको अनुसार् गर्‍यो ति औधिका झिङ्गा फिरऊन् र
त्येस्का चाकरेहरु र त्येस्का पर्जाहरु थांइ देखि येस्तोगरि दूर् गर्‍यो येउटा
३२ पनि रह्येन। तर फिरऊन्ले येष् खेप् पनि आफ्नु हिर्दय् सारो गरिकन
लोग्लाइ जांनु दियेन॥

(पांचौं बिपत्ति)

९१ फेरि यहूवेले मूसालाइ भन्यो फिरऊन् थांइ गयेर त्येस्लाइ भन्
इब्रानीहरुको ईश्वर् यहूवेले येसो भन्द छ मेरो लोग्लाइ जांनु दे र
२ तिनिहरुले मेरो सेवा गरुन्। अनि तं तिनिहरुलाइ जांनु दिंनुलाइ न
३ मान्दै रहिस् तर अब पनि समाति रहिस् भन्ये देखि हेर् तेरा बनमां
भयेका पशुहरु मांथि अर्थात् घोड़ाहरु गदाहाहरु ऊंटहरु गाईगोरुहरु
र भेंड़ाबाख्राहरु मांथि यहूवेको हात् पर्छ. अग्घोर् तुलो रुढ़ि हुंछ।
४ अनि यहूवेले इस्राएल्का पशुहरुमां र; मिस्रीका पशुहरुमां येस्तो भेद्
५ कुट्याउंछ इस्राएल्वंशीहरुका पशुहरुमांको कुनै पनि मंदैन। फेरि यहूवेले
भोलिनै यहूवेले देसमां यो काम् गर्छ भनिकन बेलाको खटन् टहरायो।
६ त भोलि पल्टो यहूवेले यो काम् गर्‍यो मिस्रका सब्बै पशु मर्‍ये. तर
७ इस्राएल्वंशीहरुका पशुहरुमांको येउटा पनि मर्‍येन। अनि फिरऊन्ले पठायो
त हेर इस्राएलीहरुका पशुहरुमांको येउटा सम्म पनि मर्‍येको रैनछ। तर
फिरऊन्को हिर्दय् सारो भयो अनि त्येस्ले लोग्लाइ जांनु दियेन॥

(छैठो बिपत्ति)

८ फेरि यहूवेले मूसा र हारून्लाइ भन्यो भट्टी देखि आफ्नु आफ्नु
मुठि भरि भरि खरानि लेउ र मूसाले त्यो फिरऊन्को सांमु अकाश् तिर
९ छ्यरि देउस्। त त्यो सिंगै मिस्र देसमां मसींनो धूलो भइ सिंगै मिस्र देसमां
१० मान्छे र पशुका जीउमां पीलो फुटिउठ्ने बनौंछन्। त तिनिहरु भट्टीको
खरानि लियेर फिरऊन्को सांमु उभीये अनि मूसाले त्यो अकाश् तिर छ्यरि
११ दियो त त्यो मान्छेहरु र पशुहरुका जीउमां पीलो फुटि निकल्ये। अनि ति
पीलोको कारणले जैसिहरु मूसाको सांमु उभीनु सक्येनन् किनभन्ये ति
पीलो जैसिहरुका जीउमां र सब्बै मिस्रीहरुका जीउमां निकल्येका थिये।
१२ तर यहूवेले फिरऊन्को हिर्दय् कठोर् गरायो अनि त्येस्ले तिनिहरुको
मान्येन यहूवेले मूसालाइ भन्ये झैं॥

(सांतौं बिपत्ति)

१३ फेरि यहूवेले मूसालाइ भन्यो बिहान् सबारै उठेर फिरऊन्को सांमु
उभीइ त्येस्लाइ भन् इब्रीहरुको ईश्वर् यहूवेले येसो भन्द छ मेरो लोग्लाइ

जांनु दे र तिनिहरुले मेरो सेवा गरुन्। किनभन्ये येस् खेप् ता मं तेरो १४
हिर्दयमां अनि तेरा चाकरेहरु र तेरा पर्जाहरु मांथि आफ्ना सबै
विपत्तिहरु पठाइ हाल्कु त्यहां देखि तैंले सिंगै पृथिवीमां मैं जस्तो कोई
रैनक्क भनि थाहा पाउलास्। कसोगरिभन्ये मैंले अब आफ्नु हात् पसार्थेर १५
तंलाइ र तेरा पर्जाहरुलाइ रुढ़िले मार्थेको भये देखि तं पृथिवी मांथि
देखि मेटींने थिइस्. तर सांचिनै मैंले तंलाइ येस्कारण् उभ्याइ राख्येको कु १६
तंलाइ आफ्नु शक्ति देखाउं अनि मेरो नांउको समाचार् सिंगै पृथिवीमां
फिंजीओस् भन्ये खातिर्ले। को तं अबै पनि आफुलाइ मेरो लोग्लाइ १७
जांनु न दिंनुलाइ अल्ग्याउंकस्। हेर् मं भोलि येइ बेला गरि येस्तो १८
औधिको असीना पार्कु मिस्रको जग् पर्येको दिन् देखि येसो अब सम्म
येस्तो कैलेइ भयेन। त ऐले मान्छे पठायेर आफ्ना बस्तुहरुलाइ र बन्मां १९
तेरा जे जे कुन् सब्बैलाइ हतार् हतार् गरि भित्र्या किनभन्ये जत्ति
मान्छे कि पशु बन्मां पाइनन् अनि घर्मां भेला गरीवैनन् तिनिहरु मांथि
असीना पर्कु अनि ति मंर्कन्। फिरऊन्का चाकरेहरुमांका यह्वेको बचन्को २०
डर् मान्नेहरु जत्तिले आफ्ना आफ्ना चाकरे र बस्तुहरुलाइ घर्मां भगाइ
ल्याये. तर यह्वेको बचन्मां मन् न लाउंनेहरु जत्तिले आफ्ना चाकरेहरु २१
र बस्तुहरुलाइ बनैमां रहंनु दिये॥

तब यह्वेले मूसालाइ भन्यो आफ्नु हात् अकाश् तिर पसार् सिंगै २२
मिस्र देस्मांका मान्छेहरु र पशुहरु र सब्बै बारीका साक्पात् मांथि सिंगै
मिस्र देस् भरि असीना परोस्। त मूसाले आफ्नु लउरो अकाश् तिर पसार्यो. २३
तब यह्वेले गर्जन् र असीना पार्नु थाल्यो अनि आगो भूमिमां दुगुरि
उत्र्यो त यह्वेले मिस्र देस्मां असीना पार्यो। त असीना पर्यो अनि २४
असीनामां आगो येस्तो औधिको मलाक्मिलीक् गरि दुगुर्द थियो त्येस्तो
असीना ता सिंगै मिस्र देस्मां त्यो बनीयेको देखि कैलेइ पर्येको थियेन।
अनि सिंगै मिस्र देस्को बन्मां भयेका को मान्छे को पशु सब्बैलाइ असीनाले २५
मार्यो अनि असीनाले बारीका सब्बै साक्पात् मार्यो अनि बन्का सब्बै
रुखहरु पनि भांच्यो। खालि इस्राएल्बंशी बस्येको गोशेन् देस्मां मात्रै २६
असीना कोइ पनि पर्येन। तब फिरऊन्ले मूसा र हारून्लाइ बोलाइ पठायेर २७
तिनिहरुलाइ भन्यो येस् खेप् ता मैंले पाप् गर्यें. यह्वे धर्म्मी रक्क अनि मं र
मेरा पर्जा दुष्ट। यह्वे सित बिन्ति गर किनभन्ये ईश्वरले गर्जाउंनु र असीना २८
पार्नु जो भयो त्यो औधिनै भयो त मं तिमिहरुलाइ जांनु दिंकु अनि
तिमिहरु अब देखि रहंने कोन। तब मूसाले उत्तर् दियो सहर् देखि निक्लंदा २९
निक्लंदै मं यह्वे तिर आफ्नु हात् पसार्कु तब गर्जन् थुनींकन् अनि असीना
फेरि पर्दैन र आफुले पृथिवी यह्वेकै हो रक्क भनि थाहा पाउंनु हुवस्। तर ३०
आफु र आफुका चाकरेहरु जो हुंनु हुंद क्क मं जान्द कु अझै सम्म आफुहरुले
यह्वेको डर् मान्नु हुंन्न। त सुनपाट् र जउ मारीये. किसोगरिभन्ये जउका ३१
बाला पसाइ सकेका थिये अनि सुनपाट् चइं फुलि सकेको थियो। तर गहूं ३२

र मुकुलागछु चइं मांरीयेनन्. कसोगरिभन्ये ति बढि सक्येका थियेनन्।
१३ अनि मूसाले फिरऊन् थांइ देखि सहर् देखि बाइर निकल्येर यहूवे तिर
आफ्ना हात् पसार्यो. तब गर्जन् र असीना पर्नु थामीयो अनि पानी
१४ भूमिमां अरु झारीयेन। तर जसै फिरऊनले पानी र असीना र गर्जनु
थामीयेका देख्यो तब त्येस्ले फेरि पाप् गर्यो अनि आफ्ना चाकरेहरु समेतले
१५ आफ्नु हिर्दय् सारो गर्यो। त फिरऊन्को हिर्दय् कठोर् गराईयो अनि
त्येस्ले इस्राएल्वंशीहरुलाइ जांनु दियेन यहूवेले मूसाको बाटोले भन्ये झैं॥

(आठौं बिपत्ति)

१०१ फेरि यहूवेले मूसालाइ भन्यो फिरऊन् थांइ जा. किनभन्ये मैले
त्येस्को र त्येस्का चाकरेहरुका हिर्दय् सारो गराइ दियें मं तिनिहरुको
२ बीचमां आफ्ना यि चिनुंहरु देखाउं भन्ये खातिरले. अनि तैंले मं यहूवेले
मिस्र मांथि कस्ता कस्ता काम् गर्यें अनि मैले तिनको बीचमां कुन् कुन्
चिनु प्रगटो गर्यें भनि आफ्ना छोरा र छोराका छोराहरुलाइ बखान्
गर्येस् तिमिहरुले यहूवे मंनै हो रांकु भनि थाहा पाव भन्ये खातिरले।
३ तब मूसा र हारूनले फिरऊन् थांइ गयेर त्येस्लाइ भन्यो इब्रीहरुको ईश्वर्
यहूवेले येसो भन्द छ तं कैले सम्म मेरो सांमु खुम्चींनुलाइ मान्दैनस्. मेरो
४ लोग्लाइ जांनु दे र तिनिहरुले मेरो सेवा गरून्। किनभन्ये तं मेरो
लोग्लाइ जांनु दिंनु देखि न मान्दै रहिस् भन्ये देखि हेर् मं भोलि तेरा
५ सिमाना भित्र सलहहरु ल्याउंछु. अनि तिनले भूमिलाइ येस्तोगरि टाकछन्
भूइं देखाहा पर्दैन. अनि तिमिहरुको जे असीना देखि बांचि रह्यो
उन्रेका छन् ति पनि तिनले खाइ हाल्छन् अनि तिमिहरुका जत्ति
रुख बृक्षहरु बनमां उम्रिइ रह्येका छन् ति पनि तिनले खाइ हाल्छन्.
६ अनि तेरा घरमां र तेरा सब्बै चाकरेहरुका घरमां र सिंगै मिस्रीहरुका
घरमां भरौंछन् येत्ति बिघ्न सलहहरु ता तेरो बाबु अं तेरो बाबुका
पितापुर्खाहरुले पनि पृथिवीमां जन्म्येको देखि वढ़ आजु सम्म कैलेइ
७ देख्येनन्। येति भन्येर त्यो फर्क्यर फिरऊन् थांइ देखि बाइर गयो। तब
फिरऊनका चाकरेहरुले त्येस्लाइ भन्नु लाग्ये यो पुरुष् कैले सम्म हांमिहरुको
लागि पासो भइ रहंछ ति मान्छेहरुलाइ जांनु दिंनु हुन्छस् र तिनले आफ्नु
ईश्वर् यहूवेको सेवा गरून्. के हजूरले अझ सम्म यो थाहा पाउंनु भयेको
८ छैन मिस्र नष्ट भइ सक्कीयो। तब मूसा र हारून् फिरऊन् थांइ फर्काईये.
अनि त्येस्ले तिनिहरुलाइ भन्यो हिंड़ आफ्नु ईश्वर् यहूवेको सेवा गर.
९ तर जांनेहरु को को हुन्। तब मूसाले भन्यो हांमिहरु आफ्ना जुवान्हरु
र आफ्ना बूढ़ाहरु लिइ जांकौं आफ्ना छोराहरु छोरीहरु आफ्ना भेंड़ाबाख्रा
गाईगोरुहरु लिइ जांकौं किनभन्ये हांमिहरुले यहूवेको लागि येउटा चाड़
१० मान्न छ। तर त्येस्ले तिनिहरुलाइ भन्यो जसो मं तिमिहरुलाइ बालबच्चा
समेत् जांनु दिंकु त्येसै यहूवे तिमिहरु सङ हुन्छस्. खबर्दार तिमिहरुको

सांपु बुराई क्र। त त्येसो होइन. तिमिहरु पुरुष् पुरुष् जत्ति क्रो तिमिहरुले ११
मात्रै गयेर यहूवेको सेवा गर किनभन्ये तिमिहरुले ज्ये गर्नु खोज्क्रो येइने
हो। वहांदेखि तिनिहरु फिरऊन् थांइ देखि धपाइ दिईये ॥

तब यहूवेले मूसालाइ भन्यो मिस्र देस् मांथि सलहहरुको लागि १२
आफ्नु हात् पसार् र ति मिस्र देसमां चढ़ि आउन् अनि अंशीना देखि ज्ये
ज्ये बांच्येको क्र अर्थात् भूमिका सब्बै साक्पात् खाइ हालुन्। त मूसाले १३
आफ्नु लउरो मिस्र देस् मांथि पसाय्यो तब यहूवेले त्येस् दिनभरि र
रातभरि देसमां पूर्व बतास् चलायो अनि जसै बिहान् भयो त त्येस् पूर्व
बतासले सलहहरु ल्यायो। अनि सलहहरु सिंगै मिस्र देसमां चढ़ि आयेर १४
त्येका सब्बै सिमाना भित्र बस्से गर्थे ति अग्घोर् औधि थिये ति भन्दा
अगाड़ि येस्ता सलहहरु आयेका थियेनन् अनि न ति पछि फेरि येस्तो
आउंक्न्। किनभन्ये तिनिहरु स्यांठै भूइंमां यहां सम्म गरि क्रापीये देसै १५
अंध्यारो भइ गयो अनि देसका सब्बै साक्पात् र रुखका सब्बै फल्हरु
अं ज्ये ज्ये अंशीना देखि बांच्येका थिये सब्बै तिनले खाइ हाल्थे. त मिस्र
देसभरि जत्ति भयेका रुखबृक्षेहरु र बारीका साक्पात्हरुमांको केइ पनि
हरीयो थोक् बांच्येन। तब फिरऊनले हतार् हतार् गरि मूसा र हारूनलाइ १६
बोलाइ पठायेर तिनिहरुलाइ भन्यो मैंले ता तिमिहरुको ईश्वर् यहूवेको र
तिमिहरुको पनि अपराध् गर्थें। त अब कृपा गरि खालि येस् खेप् मेरो १७
अपराध् क्षमा गर अनि आफ्नु ईश्वर् यहूवे सित बिन्ति गर र उस्ले मं
मांथि देखि खालि येस् काललाइ टुर गरि देवस्। त मूसाले फिरऊन् थांइ १८
देखि निक्लि गयेर यहूवे सित बिन्ति गर्‌यो। अनि यहूवेले उल्टो अग्घोर् १९
तुलो पच्छिमे बतास् बहायो जस्ले सलहहरुलाइ उठायेर लाल् समुन्द्रमां
उड़ाइ हालि दियो त मिस्रको सिंगै सिमाना भित्र येउटै पनि सलह रह्येन।
तर यहूवेले फिरऊनको हिर्दय् कठोर् गरायो अनि त्येस्ले इस्राएलबंशीहरुलाइ २०
जांनु दियेन ॥

(नवं बिपत्ति)

फेरि यहूवेले मूसालाइ भन्यो आफ्नु हात् आकाश् तिर पसार् र २१
मिस्र देस् मांथि येस्तो अंध्यारो हवस् अं जस्को क्रमाई पनि हुंनु सक्ला
भन्ये जस्तो। त मूसाले आफ्नु हात् आकाश् तिर पसाय्यो तब सिंगै मिस्र २२
देस् तीन् दिन् सम्म बाक्लो अंध्यारो भइ रह्यो तीन् दिन् सम्म न २३
कसैले कसैलाइ देख्यो अनि न कोई आफ्नु ठांउ देखि उठ्यो. तर सब्बै
इस्राएलबंशीहरुको लागि तिनिहरु बस्येका ठांउहरुमां उज्यालोनै रह्यो।
तब फिरऊनले मूसालाइ बोलाइ पठायेर त्येस्लाई भन्यो जाव यहूवेको सेवा २४
गर तर खालि आफ्ना भेंड़ाबाख्रा र गाईगोरुचइंलाइ क्रोड़ि जाव. अं
आफ्ना बालबच्चाहरुलाइ पनि सङ लैजाव। तब मूसाले भन्यो आफुले २५
होमिहरुको हातमां बलिदान् र होमबलिहरु पनि दिनु पर्छ होमिहरुले

२६ आफ्नु ईश्वर् यहूवेको सांमु बलि गर्नुलाइ । हांमिहरुका पशुहरु पनि
हांमिहरु सङ जांकन् येउटा खुर् समेत् पनि छोड़ींदैन किनभन्ये तिनैमांको
हांमिहरुले आफ्नु ईश्वर् यहूवेको सेवा गर्नुको लागि कोई कोई लिंनु पर्छ
अनि हांमिहरु त्यहां न पुगुंज्याल् सम्म जान्दौंन कि के लियेर ईश्वरको सेवा
२७ गर्नु पर्छ । तर यहूवेले फिरऊन्को हिर्दय् कठोर् गरायो अनि त्येस्ले
२८ तिनिहरुलाइ जांनु दिंनु मान्येन । त फिरऊन्ले मूसालाइ भन्यो मेरो सांमु
देखि जाइ जा आफ्नु बिषयमां चंख रहू मेरो मुख् फेरि कैलेइ न हेर्येस्
२९ किनभन्ये जस् दिन्मां मेरो मुख् हेर्लास् त्येसै दिन् मर्छस् । मूसाले
उत्तर् दियो आफुले ठीक् भन्नु भयो मं फेरि कैलेइ आफुको मुख् हेर्दौंन ॥

(दसौं बिपत्तिको धम्कि)

११ १ फेरि यहूवेले मूसालाइ भन्यो अरु येउटा बिपत्ति मं फिरऊन् र मिस्र
मांथि ल्याउंछु त्येस् पछि त्येस्ले तिमिहरुलाइ यहां देखि जांनु दिंछ.
अनि जब त्येस्ले जांनु दिंछ तब तिमिहरु सब्बैलाइ निस्से निकालि
२ धपाउंछ । अब लोग्लाइ यो आज्ञा सुनाइ दे पुरुष्हरुले आफ्नु आफ्नु
छिमेकि सित अनि स्त्रीहरुले आफ्नी आफ्नी छिमेकिनी सित सुन्
३ चांदीका गहना मांगुन् । तब यहूवेले लोग्लाइ मिस्रीहरुको मुखेंजि
अनुग्रह् हुंनु गराइ दियो । उप्रान्त त्यो पुरुष् मूसा चइं मिस्र देस्मां
फिरऊन्का चाकरेहरु र लोगको दृष्टिमां अग्घोर् महा भयेको थियो ॥

४ फेरि मूसाले भन्यो यहूवेले येसो भन्द छ आधा रात् पुंड़ो मं
५ मिस्रको मांझमां निक्लि जांकु . तब सिंहासन्मां बिराज्ने फिरऊन्को
जेठो देखि येसो जांतो पछि लागीइ रहंने कमारीको जेठो सम्म मिस्र
देस्का सब्बै जेठाहरु अं पशुहरुका सब्बै जेठाहरु समेत् मरि जांकुन् ।
६ अनि सिंगै मिस्र देस्मां येस्तो औधिको कोहोलो मच्चींछ त्यो जस्तो कैलेइ
७ भयेको थियेन न फेरि कैलेइ हुंछ । तर इस्राएल्वंशीहरुमांको को मान्छे
को पशु मांथि कोई कुकुर्ले पनि आफ्नु जिब्रो चलाउंदैन . तिमिहरुले
यहूवेले मिस्रीहरु र इस्राएल्वंशीहरुको बीच्मां भेद् पाथ्यो भनि थाहा
८ पाव भन्ये खातिर्ले । तब आफुका थि सबै चाकरेहरुले मं थांइ आयेर
मंलाइ दण्डवत् गरि येसो भन्कुन् आफु आफुलाइ पछ्याउंने सबै लोग् समेत्
निक्लि जांनु हवस् भनि . तब त्येस्पछि मं निक्लि जाइ जांकु । येतिमां मूसा
रिस्ले रन्कंदै फिरऊन् थांइ देखि निक्लि गयो ॥

९ अनि यहूवेले मूसालाइ भन्येको थियो फिरऊन्ले तिमिहरुको मान्दैन .
१० मिस्र देस्मां मेरा उदेक्का काम् औधि गरि देखाईंनुलाइ । त मूसा र
हारुन्ले फिरऊन्को सांमु थि सब्बै चिंनुहरु देखायेका थिये . तर यहूवेले
फिरऊन्को हिर्दय् कठोर् गरायेको थियो अनि त्येस्ले इस्राएल्वंशीहरुलाइ
आफ्नु देस् देखि निक्लि जांनु दियेको थियेन ॥

(निस्तार् चाड़को स्थापित्हुवाई)

फेरि यह्वेले मिस्र देस्मां मूसा र हारुन्लाइ येसो भन्यो यो १२
महीना तिमिहरुको लागि महीनाहरुको थाल्नि हवस्. वर्षका महीनामां
यो चइं तिमिहरुको लागि पहिलो हवस्। इस्राएल्को सब्बै मंडलीलाइ ३
येसो भन येस् महीनाको दसौं तिथिमां तिनिहरु जनंगेले आफ्ना आफ्ना
पित्रहरुका घर् अनुसार् गरि एक् एक् जहान्को लागि एक् एक् पाठो ल्याइ
राखुन्. अनि कसैको जहान्मां येउटा पाठोको लागि मान्के कम्ति ४
क भन्ये देखि त्येस्ले आफ्नु केउको त्तिमेकि सङ मिलि प्राणीहरुको गन्ति
अनुसार् गरि येउटा ल्यावस्. जनंगेले खांने अनुसार्को पाठोको लेखा गर।
तिमिहरुको पाठो निष्कलङ्क हवस् पहिलो वर्षको नर् गरि. भेंड़ामांको ५
कि बाख्रामांको ल्याउंनु. अनि त्येस्लाइ त्येसै महीनाको चौधौं तिथि ६
सम्म पालि राख. अनि सांझमां इस्राएल्को मंडलीको गैह्र समाज्ले
त्येस्लाइ मांरोस्। अनि त्येस्को रगत्मांको लियेर जुन् घर्मां पाठो खानन् ७
तिनका दैलाका दुवै पट्टिका सङारमां र माथिल्लो सङार्मां लगाउन्। अनि ८
त्येसै रात्मां त्येस्को मांसु आगोमां पोल्येको गरि र अखमीरे रोटी गरि
खाउन् तीतै साक् सित त्यो खाउन्। कांचै कि पानीमां कोइ पनि उसीन्येको ९
गरि होइन तर आगोमां पोल्येको गरि मांत्रै त्यो खाउन् टाउको खुट्टा
र आन्द्राहरु समेत् त्यो खाव। अनि त्येस्मांको कोइ पनि बिहान् सम्म रहंनु १०
न देव तर त्येस्मांको कोइ बिहान सम्म रह्यो भन्ये देखि त्यो आगोमां डड़ाइ
देव। अनि येस्ते रीत्ले त्यो खाव कम्मर् बांधि गोड़ामां जुत्ता लाइ हातमां ११
लउरो लिइकनै. अनि हतार् हतार् गरि त्यो खाव. यह्वेको निस्तार्
चाड़ हो। किनभन्ये त्येस् रात्मां मं मिस्र देस्को मांझ बाटो छिरि गयेर १२
मिस्र देस्भरिका सब्बै जेठा जेठा को मान्केका को पशुकालाइ मार्कु अनि
मिस्रका सब्बै देवहरु मांथि मं बिचार्ले दण्ड गर्कु. मं यह्वे हुं। अनि १३
तिमिहरु चइं रह्येका घरमां त्यो रगत् तिमिहरुको लागि चिंनु हुंछ. अनि
मं त्यो रगत् देख्येर तिमिहरुलाइ चइं छोड़ि निस्तार् गर्कु अनि मैंले मिस्र
देस् मांर्दा तिमिहरुलाइ नास् पार्ने कोई बिपत्ति तिमिहरु मांथि पर्दैन।
अनि यो दिन् तिमिहरुलाइ सम्झना गराउंने दिन् हुंछ अनि तिमिहरुले १४
त्येस्लाइ यह्वेको लागि चाड़ गरि मान्को. आफ्ना सब्बै पुस्ताभरि सदाको
बिधि जानिकन त्येस्लाइ चाड़ गरि मान्को। सात् दिन् सम्म अखमीरे रोटी १५
खांको अघिल्लो दिन्मां आफ्ना घर् देखि खमीर् निकालि दिंको. किनभन्ये
जस्ले पहिलो दिन् देखि सातौं दिन् सम्म खमीरे रोटी खाला त्यो प्राणी
इस्राएल्का देखि काटि दिईंछ। अनि पहिलो दिन्मां तिमिहरुलाइ पवित्र १६
सभा हुंछ अनि सातौं दिन्मां पनि पवित्र सभा ति दिनमां कोइ काम् न
गरीओस् खालि जति जनंगे प्राणीले खांनु पर्दै छ त्येतिनै मांत्रै गरीओस्।
अनि अखमीरे रोटीको चाड़ मान्को किनभन्ये येसै दिन्मां मैंले तिमिहरुका १७

सेनाहरुलाइ मिस्र देस् देखि निकालि ल्याये. येस्कारण् आफ्ना सब्बै
१८ पुस्ताभरि येस् दिन्लाइ सदाको बिधि जानि मान्को। पहिलो महीनामां
त्येस्को चौधौं तिथिको सांझ्मां तिमिहरुले अखमीरे रोटी खांको महीनाको
१९ एकाइसौं तिथिको सांझ् सम्म। सात् दिन् सम्म तिमिहरुका घरमां कोइ
पनि खमीर् पाइँदैन. किनभन्ये जस्ले कोइ खमीर् भयेको खाला त्यो प्रबासी
हवस् कि देस्मां जन्म्येकै हवस् त्यो चइं प्राणी इस्राएल्को मंडलीकां देखि
२० काटि दिइँछ। कोइ खमीर् भयेको खांदौन आफ्ना सब्बै बासेठाउंमां
अखमीरे रोटी खांको॥

२१ तब मूसाले इस्राएल्का सब्बै प्राचीन्हरुलाइ बोलाइ पठायेर
तिनलाइ भन्यो तिमिहरुले गयेर आफ्ना आफ्ना जहान् अनुसार् येउटा
२२ येउटा पाठो निकाल अनि निस्तार्चाडूको बलिदान् मार। अनि एसोब्को
आंटि लिइ भांड़ामां भयेको रगत्मां चोबल्येर भांड़ामां भयेको रगत्ले
माथिल्लो सडार् र दुवै पट्टिका सडार् सडार्मां छिर्काव अनि बिहान् सम्म
तिमिहरुमांको कोई आफ्नु घर्को देलो देखि बाइर न निक्लोस्।
२३ किनभन्ये यहूवे मिस्रीहरुलाइ मार्नुको लागि देस्को मांझ देखि छिरि जांछ
त जब उस्ले माथिल्लो सडार् र दुवै पट्टिका सडार् सडार्मां रगत् देख्छ
तब यहूवे त्यो देलो छोड़ि निस्तार् गर्येर बिनास् पार्नेलाइ तिमिहरुचइंका
२४ घरमां मार्नुलाइ भित्र पस्नु दिंदैन। अनि तिमिहरुले यो कुरो आफ्नु र
२५ आफ्ना सन्तानको लागि सदाको बिधि जानि मान्को। अनि येसो हुंछ
जब तिमिहरु त्येस् यहूवेले तिमिहरुलाइ आफ्नु नियम् अनुसार् दिंने
२६ देस्मां पस्को तब तिमिहरुले यो सेवा मान्को। अनि येसो हुंछ जब
तिमिहरुका छोराहरुले तिमिहरुलाइ सोधुनन् तिमिहरुले यो सेवा
२७ गर्येकोको अर्थ क्या हो भनि तब तिमिहरुले भन्को यहूवेको
निस्तार्चाडूको बलिदान् हो कसोरिभन्ये उस्ले मिस्रीहरुलाइ मारि अनि
हांमिहरुका घर् चइं बचाइ मिस्रमां इस्राएल्बंशीहरुका घर् छोड़ि
निस्तार् गर्येको थियो भनि। तब लोग्ले सिर् निउंराइ दण्डवत् गर्ये।
२८ अनि इस्राएल्बंशीहरुले गयेर त्येसै गर्ये अं यहूवेले मूसा र हारुनलाइ
दियेका आज्ञा अनुसार् तिनले गर्ये॥

(दसौं बिपत्ति)

२९ अनि आधा रातमां येसो भयो यहूवेले मिस्र देस्मां सिंहासनमां
बिराजने फिरऊनको जेठो देखि येसो कैदीकूपमां पर्येको बन्धुवाको जेठो
सम्म सब्बै जेठा जेठाहरुलाइ अं पशुहरुका सबै जेठा जेठाहरुलाइ पनि
३० मार्यो। तब फिरऊन् आफ्ना सब्बै चाकरेहरु सब्बै मिस्रीहरु समेत् राति
उठ्यो अनि मिस्रमां अरघोरको कोहोलो मच्चीयो किनभन्ये कोई येसो
३१ घर् थियेन जस्मां कोई न कोई मर्येको थियेन। तब त्येस्ले रातिनै मूसा र
हारुनलाइ बोलाइ पठायेर तिनलाइ भन्यो तिमिहरु इस्राएल्बंशीहरु समेत्

उठेर मेरा पर्जाको बीच् देखि निक्लि जाव अनि आफुलै भन्ये अनुसार् गर्नेर
यहूवेको सेवा गर। अनि आफ्ना भेंड़ाबाख्रा र गाईगोरु पनि आफुले भन्ये ३२
अनुसार् साथ लिइ जाव अनि मलाइ पनि आशीर्वाद् दिइ जाव। अनि ३३
मिस्रीहरुले लोगलाइ गल्चेप् लाइकन भन्ये छिटोगरि देस् देखि निक्लि
जाव भनि किनभन्ये तिनिहरुले आपस्तमां भन्द थिये हांमिहरु सबै मरि
मेटीयूं। अनि इस्राएलीहरुले आफ्नु आफ्नु मुक्कीको पिठो खमीर् हालनु ३४
भन्दा पहिलेइ लिये कसोरिभन्ये आफ्ना मुक्कुने आच्छिहरु लुगामां बान्धेर
कांधमां भिर्येका थिये। अनि इस्राएलवंशीहरुले मूसाको बचन् अनुसार् गर्ये ३५
अनि मिस्रीहरु सित सुन् चांदीका गहनाहरु र लुगाफाटाहरु मांग्ये. अनि ३६
यहूवेले लोगलाइ मिस्रीहरुको मुखेंजि यस्तो अनुग्रह् हुनु गराइ दियो जे
जे मांग्ये त्यो त्यो दिये। येसोगरि तिनिहरुले मिस्रीहरुलाइ लूटेर॥

(इस्राएलीहरुको निक्लिहिंड़ाई)

त इस्राएलवंशीहरु रामसेस् देखि हिंड़ि सुक्कोत्मां आये त जहान् ३७
छाड़ि कोई छ लाख् पैदल् हिंड़ने पुरुष् थिये। अनि तिनिहरुको साथमां ३८
मिसौंरे भयेको येउटा धुइरो पनि चढ़ि गयो अनि भेंड़ाबाख्रा गाईगोरु अं
अरुघोरै पशुहरु। अनि तिनिहरुले मिस्र देखि आफु सङ ल्याथेको मुक्कीको ३९
पिठोका अखमीरे फुलौरा पोल्ये किनभन्ये त्यो खमीरी भयेको थियेन
कसोगरिभन्ये तिनिहरु मिस्र देखि येस्तोगरि धपाईयेका थिये बियांलो गर्नु
सक्येका थियेनन् अनि न आफ्ना लागि कोइ बाटोको खाजा तियार्
पार्येका थिये। अब इस्राएलवंशीहरुलाइ मिस्रमां प्रवास् गर्येको चार् सै ४०
तीस् बर्ष भयेको थियो। त चार् सै तीस् बर्ष बित्येमां येसो भयो अं ठीक् ४१
त्येसै दिनमां येसो भयो यहूवेका स्यांट्टै सेना मिस्र देस् देखि निक्लि गये।
यहूवेले तिनिहरुलाइ मिस्र देस् देखि निकालि ल्याथेको कारणले त्यो रात् ४२
उस्को लागि अरुघोरै मान्नु पर्ने छ. सबै इस्राएलवंशीहरुले यहूवेको लागि
आफ्ना सब्बै पुस्ताभरि अरुघोरै मान्नु पर्ने रात् येइने हो॥

फेरि यहूवेले मूसा र हारूनलाइ भन्यो निस्तार् चाड़को बिधि येइ हो. ४३
कसै पर्देसीले त्यो देखि न खावस्. तर कसैको रुपियाले किन्येको कमारो ४४
जो छ त्येस्ले तेंले त्येस्लाइ खत्ना गर्ये पछि ता त्यो देखि खावस्।
प्रवासे र बंनि गर्नेले त्यो देखि न खाउन्। त्यो एकै घर्मां खाईयोस् ४५ ४६
त्येस्को मांसुमांको कोइ पनि घर् देखि बाहर न लैजांनु अनि न त्येस्को कुनै
हांड् भांच्नु। इस्राएलको सिंगै मंडलीले त्यो मानोस्। अनि कसै पर्देसीले ४७ ४८
तिमिहरुको प्रवास् गरि यहूवेको निस्तार् चाड् मान्नु खोज्यो भन्ये देखि
त्येस्का सब्बै नरहरु खत्ना होउन् तबांदेखि त्येस्ले नजिक् आयेर मानोस्
अनि त्यो देस्मां जन्म्येको जस्तो ठहरीयोस्. तर कसै बिखत्ने मान्छेले
त्यो देखि न खावस्। स्वदेसी अनि तिमिहरुको बीचमां प्रवास् गर्ने पर्देसी ४९
हुनेको लागि एकै व्यवस्था हुवस्। त सब्बै इस्राएलवंशीहरुले त्येसै गर्ये ५०

५१ अं यहूवेले मूसा र हारूनलाइ दियेका आज्ञा अनुसार् तिनले गर्ये। अनि
ठीक् त्येसै दिन् येसो भयो यहूवेले इस्राएलवंशीहरुलाइ तिनका सेना सेना
गरि मिस्र देस् देखि निकालि ल्यायो॥

१३ १ फेरि यहूवेले मूसालाइ येसो भन्यो इस्राएलवंशीहरुमांका जत्ति
गर्भ खोल्ने जेठा जेठा हुंनन् मान्छेका कि पशुका तिनलाइ मेरो लागि
पवित्र गर. जेठो चइं मेरै हो॥

२ फेरि मूसाले लोगलाइ भन्यो येस् तिमिहरु बन्धुवाईको घर् अर्थात्
मिस्र देखि निक्लि आयेको दिनलाइ सम्झना राख किनभन्ये यहूवेले
तिमिहरुलाइ वहां देखि हातको बलले निकालि ल्यायो. कोइ पनि
४ खमीरे रोटी न खाईओस्। आबीब् महीनाको आजैको दिनमां निक्लि
५ जाने छौ। त येसो हवस् जब यहूवेले तंलाइ कनानी हित्ती एमोरी हिव्वी
र यबूसीहरुको देसमां पुर्याउंछ जस्को विषयमां खल्ले तेरा पित्रहरु सित
तंलाइ दुद् र मह बहंने देस् दिंने किरिया खायो तब येस् महीनामां यो
६ सेवा मान। सात् दिन् सम्म अखमीरे रोटी खा अनि सातौं दिनमां
७ यहूवेको लागि चाड् हवस्। साते दिन् सम्म अखमीरे रोटी खाईओस्
अनि तेरां तेरा सब्बै सिमाना भित्र कोइ खमीरे रोटी न देखीओस् अनि
८ तेरां कोइ खमीर् पनि न देखीओस्। अनि त्येस् दिन् आफ्नु छोरोलाइ
येसो भन्येर बुझाइ देव जे यहूवेले मं जब मिस्र देखि निक्लि आयें मेरो
९ लागि गर्यो त्येसैको कारणले हो भनि। अनि त्यो तेरो लागि तेरो हातमां
भयेको चिंनु अनि तेरा आंखाको बीचमां भयेको सम्झना हवस् यहूवेको
व्यवस्था तेरो मुखमां हवस् भन्ये खातिर्ले. किनभन्ये यहूवेले तंलाइ
१० बलियो हातले मिस्र देखि निकालि ल्यायेको छ। त यो विधि वर्ष वर्ष
त्येस्को ठहराईयेको समयमां मान्ने गर॥

११ अनि येसो हवस् जब यहूवेले तंलाइ त्येस् तं र तेरा पित्रहरु सित
खायेको किरिया अनुसार् कनानीहरुको देसमां पुर्याइ त्यो तंलाइ दिंछ
१२ तब तैंले गर्भ खोल्ने सब्बै अं तेरा पशुहरुमांका पनि जो जो जेठा छन् ति
१३ यहूवेको लागि हिंड़ालुनु. नर्चइंहरु यहूवेकै होउन्। अनि गदहीको चइं
गोटै पिच्छे जेठोको साटो पाठो दिकन त्येस्लाइ छोड़ाउंनु अनि छोड़ाइनस्
भन्ये त्येस्को मण्टो भांचि दिंनु. अनि आफ्ना छोराहरुमांका सब्बै
१४ जेठाहरुलाइ चइं साटो दिकन छोड़ाउंनु। अनि येसो हवस् आउंदो दिनमां
जब तेरो छोरोले तं सित यो के हो भनि सोधला तब त्येस्लाइ भनि पै
यहूवेले हांमिहरुलाइ बन्धुवाईको घर् देखि मिस्र देखि हातको बलले
१५ निकालि ल्यायो. अनि येसो भयो जसै फिरऊन्ले आफुलाइ कठोर्
गरि हांमिहरुलाइ जांनु दियेन तब यहूवेले मान्छेको जेठो देखि येसो
पशुको जेठो सम्म मिस्र देसका सब्बै जेठा जेठाहरुलाइ मारि दियो. येसै
कारणले गर्भ खोल्ने चइं सब्बै नर्हरुलाइ यहूवेको सांमु बलि गर्द छु तर
आफ्ना छोराहरुचइंमांका सब्बै जेठाहरुलाइ साटो दिइ छोड़ाउंद छु।

अनि यो तेरा हात्मां भयेको चिंनु र तेरा आंखाको बीच [illegible] भयेको १६
टीका जस्तो हवस्. किनभन्ये यह्वेले हांमिहरुलाइ मिस्र [illegible] हातको
बल्ले निकालि ल्यायो ॥

फेरि येसो भयो जब फिरऊन्ले लोग्लाइ जानु दियो तब १७
पलिश्तीहरुको देस्को बाटो बाड़ो नजिक् थियो र पनि ईश्वर्ले
तिनिहरुलाइ त्यो बाटो बाड़ो डोऱ्याइ दियेन किनभन्ये ईश्वर्ले भन्यो लोग्
लड़ाईं देख्येर पछ्ताइ मिस्रमां फर्कि जानन् भनि. तर ईश्वर्ले लोग्लाइ १८
घुमायेर लाल् समुन्द्र निरको बन्को बाटो बाड़ो लग्यो. अनि इस्राएल्बंशी
हतियार् भिऱ्येका भइ मिस्र देस् देखि चढ़ि गये। अनि मूसाले युसुफका १९
हाड़ू साथ लग्यो. किनभन्ये त्येस्ले इस्राएल्बंशीहरुलाइ येसो भनि पूरो गरि
किरिया खुवायेको थियो ईश्वर्ले निस्सेइ तिमिहरुको हेर्चाहा गर्छ त मेरा
हाड़ू यहां देखि आफ्नु साथ्मां लैजाव भन्ये। फेरि सुक्कोत् बाटो हिंड़ि २०
तिनिहरुले बन्को छेउमां एताम्मां डेरा हाल्ये। अनि यह्वे दिउंसो चइं २१
तिनिहरुलाइ बाटोमां डोऱ्याउंनुको लागि मुड़्का जस्तो ठड़ीयेको मेघ्मां
अनि राति तिनिहरुलाइ उज्यालो पारि दिंनुको लागि मुड़्का जस्तो ठड़ीयेको
आगोमां तिनिहरुको अघि अघि हिंड़्द थियो तिनिहरु दिन् र रात् दुवैमां
हिंड़्नु सकुन् भन्येर. दिउंसो मुड़्का जस्तो ठड़ीयेको मेघ् राति मुड़्का २२
जस्तो ठड़ीयेको आगो लोग्को अघि देखि हिंड़्नु छोड़्येन ॥

फेरि यह्वेले मूसालाइ येसो भन्यो इस्राएल्बंशीहरुलाइ आज्ञा १४ १/२
दे फर्क्येर मिग्दोल् र समुन्द्रको बीच् पीहहीरोत्को सांमु बाल्सपोन्को
अगाड़ि आफ्ना डेरा हाल. त्येसैको सांमु समुन्द्र निर डेरा हाल। तब ३
फिरऊन्ले इस्राएल्बंशीहरुको बिषय्मां भन्छ तिनिहरु देस्मां अल्झ्येर बन्ले
तिनिहरुलाइ थुनि दियो। अनि मं फिरऊन्को हिर्दय् कठोर् गराउंछु त त्येस्ले ४
तिनिहरुलाइ खेद्छ अनि मं फिरऊन् र त्येस्को समस्त लस्कर् देखि महिमा
पाउंछु तब मिस्रीहरुले मं यह्वे हो रांछु भनि थाहा पाउंछन्। त तिनिहरुले
त्येसै गऱ्ये। फेरि मिस्रको राजालाइ यो खबर् भयो लोग् ता भागि गये भन्ये. ५
तब फिरऊन् र त्येस्का चाकरेहरुको हिर्दय् लोग्को बिषय्मां फेरीयो अनि
तिनिहरुले भन्नु लाग्ये इस्राएलीहरुलाइ हांमिहरुका दास्ति गर्नु देखि
छुट्कारा दिइ जांनु दियूं त क्ये गऱ्यूं। त त्येस्ले आफ्नु रथ् नाऱ्येर आफ्ना ६
पर्जाहरुलाइ साथ लियो. अनि त्येस्ले छ सै रोजा रथ् अं मिस्रका सबै रथ् ७
लियो सबै मांथि मूल् रथेहरु बसालि बसालि। अनि यह्वेले मिस्रको राजा ८
फिरऊन्को हिर्दय् कठोर् गरायो त त्येस्ले इस्राएल्बंशीहरुलाइ खेद्यो.
किनभन्ये इस्राएल्बंशीहरु अल्गो हात्ले निक्लि गये। त मिस्रीहरुले ९
अर्थात् त्रुक्सवार्हरु र पल्टन् समेत्ले फिरऊन्का सब् घोड़ाहरु र रथ्हरुले
तिनिहरुलाइ खेदि तिनिहरुलाइ पीहहीरोत् पट्टि बाल्सपोन्को अगाड़ि
समुन्द्र निर डेरा हाल्येका भेट्टाइ लग्ये। जसै फिरऊन् नजिक् आयो तब १०
इस्राएल्बंशीहरुले आंखा उचालि क्ये देख्ये भन्ये मिस्रीहरु हांमिहरुको पछि

पछि [illegible] आउंदा राछन् त इस्राएल्बंशीहरुले अग्घोर् डरायेर चिच्याइ
११ चिच्याइकन [illegible]ह्वेको दोहाई दिये। अनि तिनिहरुले मूसालाइ भन्नु लाग्ये
क्ये मिस्रमां म[illegible]हान्हरु थियेनन् र हांमिहरुलाइ बन्मां मंर्नुलाइ वहां
देखि निकालि [illegible]यायो. हांमिहरुलाइ मिस्र देखि निकालि ल्याइ हांमिहरु
१२ सित किन येसो गर्‍यो। क्ये मिस्रमां तिमिलाइ येइ कुरा भन्येका थियून
हांमिहरुलाइ छोड़ि देउ हांमि मिस्रीहरुको दास्ति गर्छौं भन्ये. किनभन्ये
हांमिहरुको लागि बन्मां मंर्नु भन्दा बरु मिस्रीहरुको दास्ति गर्नु जाति
१३ थियो। तब मूसाले लोग्लाइ भन्यो न डराव अड़ीयेर यह्वेको मुक्ति हेर जुन्
आजु तिमिहरुको लागि गराइ दिंछ. कसोगरिभन्ये आजु यि मिस्रीहरुलाइ
१४ देख्येका छौ फेरि तिनिहरुलाइ सधैं सम्म कैलेइ देख्दौन। यह्वेलेनै
तिमिहरुको लागि लड़ाईं गर्छ अनि तिमिहरु चइं चुप लागि रहंछौ॥
१५ तब यह्वेले मूसालाइ भन्यो किन चिच्याइ चिच्याइकन मेरो दोहाई
१६ दिंद छस् इस्राएल्बंशीहरुलाइ अघि हिंड़ भनि आज्ञा दे। अनि तं चंइले
आफ्नु लउरो उठाइ आफ्नु हात् समुन्द्र मांथि पसार्‍येर त्यो दुइ भाग् पारि
१७ चिरि दे. त इस्राएल्बंशी समुन्द्रको मांझ बाटो ओबानो भूइंमां हिंड़ि
जांछन्। अनि मं जो छु हेर् मं मिस्रीहरुका हिर्दय् कठोर् गराउंछु त
तिनिहरु तिनको पछि पछि पसि आउंछन्. अनि मं फिरऊन् र त्येस्का
१८ समस्त लस्कर् त्येस्का रथ्हरु र त्रुक्सवार्हरु देखि महिमा पाउंछु। त जब
मं फिरऊन् र त्येस्का रथ्हरु र त्रुक्सवार्हरु देखि महिमा पाउंछु तब
१९ मिस्रीहरुले मं यह्वे हो रांछु भनि थाहा पाउंछन्। वहांदेखि ईश्वर्को
इस्राएली छाउंनीको अघि अघि हिंड़ने दूत् सर्‍येर तिनिहरुको पछिलै तिर
हिंड़्यो अनि मुड़्का जस्तो ठड़ीयेको मेघ् तिनिहरुको अघिल्तिर बाटो
२० सर्‍येर तिनिहरुको पछिलै तिर ठड़ीयो. त त्यो मिस्रको छाउंनी र
इस्राएल्को छाउंनीको बीच्मां आयो त मेघ् र अंध्यारो भयो तैपनि राति
त्येस्ले उज्यालो पारि दियो. त तिनिहरु रात्भरि एका अर्काको नजिक्
२१ आयेनन्। त मूसाले आफ्नु हात् समुन्द्र मांथि पसार्‍यो तब यह्वेले रात्भरि
अग्घोर्को पूर्वे बतास् चलायेर समुन्द्रलाइ येस्तो गरि पन्साइ दियो समुन्द्र
२२ ओबानो भूइं भइ गयो अनि पानीहरु चीरीये। त इस्राएल्बंशी समुन्द्रको
मांझ बाटो ओबानो भूइंमां हिंड़ि गये. अनि पानीहरु तिनिहरुका
२३ दाहींनो र बांउ तिर भित्ता भइ रह्ये। तब मिस्रीहरु अं फिरऊन्का
सबै घोड़ा रथ् र त्रुक्सवार् तिनिहरुलाइ खेद्दै समुन्द्रको मांझमां पसि
२४ गये। अनि येसो भयो रात्को पछिल्लो पहर्मां खूब् सखारै यह्वेले मुड़्का
जस्तो ठड़ीयेको आगो र मेघ्को मुड़्का बाटो मिस्रीहरुको पल्टन् मांथि
२५ दृष्टि गरि तिनिहरुलाइ धंस पार्‍यो अनि उस्ले तिनिहरुका रथ्का चक्का
निकालि हाल्यो त तिनिहरुले तिनलाइ कठिन् सङ चलाउंनु लाग्ये. तब
मिस्रीहरुले भन्नु लाग्ये हांमिहरु इस्राएल्को सांमु देखि भागूं किनभन्ये
यह्वेलेनै तिनिहरुको पट्टि बाटो मिस्रीहरु सित लड़ाईं गर्द रछ॥

फेरि यहूवेले मूसालाइ भन्यो आफ्नु हात् समुन्द्र मांथि पसार् र २६
पानीहरु मिस्रीहरु र तिनिहरुका रथ्हरु र त्रुक्सवार्हरु मांथि फेरि बहि
आउन्। त मूसाले आफ्नु हात् समुन्द्र मांथि पसार्यो तब उज्यालो हुंदा न २७
हुंदा समुन्द्र फेरि आफ्नु बहाईमां फर्क्यो अनि मिस्रीहरु त्येस्को बिरुद्धमां
भागनु लाग्दे तर यहूवेले मिस्रीहरुलाइ समुन्द्रको बीचमां झड्कारि दियो।
तब पानीहरु फर्किं आये अनि जत्ति रथ् र त्रुक्सवार् इस्राएलीहरुको पछि २८
पर्छ समुन्द्रमां आयेका थिये ति सबै अं फिरऊन्को सबै लस्कर्लाइ क्रोपि
हाल्ये तिनिहरुमांको येउटा पनि बांच्येन। तर इस्राएलबंशी चइं समुन्द्रको २९
मांझ बाटो ओबानो भूइंमां हिंड़ि गये अनि पानीहरु तिनिहरुका दाहीनो
र बांउ तिर भित्ता भइ रह्ये। त येस्तोरि त्येस् दिन् यहूवेले इस्राएल्लाइ ३०
मिस्रीहरुको हात् देखि क्रोड़ायो अनि इस्राएल्ले मिस्रीहरुलाइ समुन्द्रको
तीरमां मरि पस्रीइ रह्येका देख्यो। अनि यहूवेले मिस्रीहरु मांथि जुन् ३१
बल्लियो हात् देखायेको थियो त्यो इस्राएल्ले देख्यो अनि लोगले यहूवेको
डर् मान्ये. अनि तिनिहरुले यहूवेको र उस्को दास् मूसाको बिश्वास् गर्ये॥

(इस्राएलीहरुको जय्गान्)

त्येस् बेला मूसा र इस्राएल्बंशीहरुले यहूवेको नांउमां येसो भन्दै १५ १
यो गान् गाये

मं यहूवेको गीत् गाउंकु किनभन्ये उस्ले महाजय् गर्यो.
घोड़ा सवार् समेत्लाइ उस्ले समुन्द्रमां हालि दियो।
यहूवे मेरो बल् र गीत् हो २
अनि उ मेरो मुक्ति भइ गयो.
मेरो ईश्वर् येइ हो त मं उस्को स्तुति गर्कु
मेरो बाबुको ईश्वर् त उस्लाइ सर्काउंकु।
यहूवेनै योद्धाहा छ. ३
उस्को नांउ यहूवेनै हो।
फिरऊन्का रथ्हरु त्येस्को लस्कर् समेत्लाइ उस्ले समुन्द्रमां हालि दियो. ४
अनि त्येस्का मूल् रथ्हरु लाल् समुन्द्रमां डुबि गये।
गहीरा गहीराले तिनिहरुलाइ क्रोपि हाल्ये. ५
ढुंगा झैं गम्भीर् गम्भीरमां डुबि गये।
तपांइको दाहीनो हात् हे यहूवे शक्तिमां प्रतापी रहु ६
तपांइको दाहीनो हात्ले हे यहूवे सत्रुलाइ चकनाचूर् पारि दिंद छ।
अनि आफ्नु श्रेष्ठताईको बड़ाइबाईले तपांइले आफ्नु बिरुद्धमां ७
उठ्नेहरुलाइ लड़ाइ दिनु हुंद छ.
तपांइले आफ्नु क्रोध निकालि पठाउंनु हुंद छ त्येस्ले तिनिहरुलाइ
बुच्का झैं भस्म पार्द छ।
अनि तपांइका नाकको पवन्ले पानीहरुको रास् भइ गयो ८

खोलाहरु पुग्यो भैं उभौंये
समुन्द्रको मांझमां गहीराहरु जामीये ।
९ सत्तरले भन्यो
खेदकु भेट्टाइ लांकु लूट् बांड्कु.
ति मांथि मेरो मन् सन्तुष्ट हुंछ
आफ्नु तरवार् झिक्कु मेरो हातले तिनलाइ नष्ट पार्छ भनि ।
१० तपाइंले आफ्नु पवनले फुकि दिंनु भयो समुन्द्रले तिनलाइ कोपि हाल्यो.
सीसा सरि प्रतापी पानीहरुमां डुबि गये ।
११ तपांइनै जस्तो छे यहुवे देवताहरुमां को छ
तपांइ जस्तो को छ जो पवित्रतेईमां प्रतापी
स्तुतिगराईमां डरयोग्य आश्चर्य्यकर्म्मका कर्त्ता छौ ।
१२ तपाइंले आफ्नु दाहौंनो हात् पसार्नु भयो
पृथिवीले तिनलाइ निलि दियो ।
१३ आफ्नु दयाले तपाइंले आफ्नु उद्धार्येको लोग्लाइ डोऱ्याउंनु भयो.
आफ्नु बलले तिनिहरुलाइ आफ्नु पवित्र धाम्मां लिहिंड्नु भयो ।
१४ लोग्हरु सुन्येर कांम्कन्.
पलिश्तेबासीहरुलाइ पीराले समात्ये ।
१५ तबै एदोम्का अधिपतिहरु घबराये
मोआबका महाबलि जो कन् तिनलाइ थरथरेले समात्ये .
सबै कनानबासी बिलिइ गये ।
१६ त्रास् र भय् तिनिहरु मांथि पर्दै छ
तपाइंको बांहाको ठुलेइंले ढुंगा झैं चाम्चुम् हुंद छन्
तपांइको लोग् छे यहुवे पार् न होउंज्याल् सम्म
त्यो तपांइले किन्येको लोग् पार् न होउंज्याल् सम्म ।
१७ तपाइंले तिनिहरुलाइ भित्र ल्याएर आफ्नु अधिकारको पर्वतमां
रोपनु हुंछ
त्येस् ठांउमां छे यहुवे जो तपांइले आफ्नु बासको लागि बनाउंनु भयो
त्येस् पवित्र स्थानमां छे प्रभु जो तपांइको हातले स्थापित् गर्यो ।
१८ यहुवेले सधैं सर्बदै राज् गर्दै रहंछ ॥
१९ किनभन्ये फिरऊनका घोड़ा त्येका रथ् र त्रुकसवार् समेत् समुन्द्रको
मांझमां पसि गये अनि यहुवेले ति मांथि समुन्द्रको पानी फर्काइ ल्यायो तर
२० इस्राएलबंशीहरु समुन्द्रको मांझमां ओबानो भूइंमां हिंड़ि गये । फेरि हारूनकी
दिदी मरियम् अगमबक्तानीले हातमां येउटा मृदङ्ग लिई अनि सबै स्त्रीहरु
२१ पनि मृदङ्ग लियेर नाच्दै नाच्दै त्येस्को पछि पछि निक्लि गइन् । अनि
मरियम् तिनिहरुलाइ जुवारि गरि येसोरि गाउंदै गई
यहुवेको गीत् गाव किनभन्ये उस्ले महाजय् गर्यो
घोड़ा सवार् समेतलाइ उस्ले समुन्द्रमां हालि दियो ॥

(यह्वेले तिनिहरुलाइ बन्मां खानापीना दिंद छ)

फेरि मूसाले इस्राएलीहरुलाइ लाल् समुन्द्र देखि लिहिंड़ाल्यो अनि २२
तिनिहरु शूरको बन्मां निक्लि आये अनि तीन् दिन् सम्म बन्मां हिंड़ि पानी
पायेनन्। अनि मारा भनीने ठांउमां आयेर माराका पानी कोइ पनि खांनु २३
सक्येनन् कसोगरिभन्ये तीता थिये. येस्कारणले ता त्येस्को नांउ मारा[1] भनीयो।
तब लोग् हांमि के खाऊं भन्येर मूसा मांथि गन्गनाउंनु लाग्ये। तब २४
त्येस्ले कराइकन यह्वेको दोहाई दियो अनि यह्वेले त्येस्लाइ येउटा रुख् २५
देखाइ दियो जुन् रुख् जब त्येस्ले पानीमां हाल्यो तब पानी मीठा भइ गये।
तिहींनै त्येस्ले तिनिहरुको लागि येउटा बिधि र निया ठहरायो अनि
तिहींनै त्येस्ले तिनिहरुलाइ जांच्यो अनि भन्यो तैंले आफ्नु ईश्वर् २६
यह्वेका कुरा ध्यान् सित सुनिस् अनि जे उस्को दृष्टिमां सोजो छ त्येइ गरिस्
अनि उस्का आज्ञाहरुमां कान् लगाइस् अनि उस्का सबै बिधिहरु मानिस्
भन्ये देखि त जुन् बेथा मैंले मिस्रीहरु मांथि हाल्ये थें ति सबैमांको येउटा
पनि तं मांथि हाल्ने छुइंन. किनभन्ये तंलाइ निको पार्ने यह्वे मैंनै हुं॥

बहांदेखि तिनिहरु एलीम्मां आये जहां बारह्वटा जरुवा पानी र २७
सत्तरीवटा खज्रका बोट्हरु थिये. अनि त्यहां तिनिहरुले पानी निर
आफ्ना डेरा हाल्ये। फेरि इस्राएल्वंशीहरुको सबै मंडली एलीम् देखि १६:१
हिंड़ि मिस्र देस् देखि निक्ल्येको दोस्रो महीनाको पन्ध्रौं तिथिमां
एलीम् र सीनैको बीच्मां हुंने सीन्को बन्मां आइ पुग्यो। तब बन्मां २
इस्राएल्वंशीहरुको सबै मंडली मूसा र हारून् मांथि गन्गनाउंनु लाग्यो.
अनि इस्राएल्वंशीहरुले तिनलाइ भन्ये जब मिस्र देस्मां मांसुका भांड़ा ३
छेउ बस्येर रोटी अघाउंजि खांइ थियूं तबै हांमिहरु यह्वेको हात् देखि
मर्येका भये देखि ता जाति हुंथ्यो किनभन्ये तिमिहरुले हांमिहरुलाइ येस्
बन्मां निकालि ल्यायौ येस् सबै समाज्लाइ भोकले मार्नुको लागि। तब ४
यह्वेले मूसालाइ भन्यो हेर् मैंले तिमिहरुको लागि स्वर्ग बाटो रोटी
बर्साउंनु आंटेको छु अनि लोगले दिनहु बाहर गइ गइकन दिन् दिनैको
खुराक् बटुल्नुन् मैंले तिनिहरुलाइ मेरो व्यवस्थामां हिंड्ने छन् कि छैनन्
भनि जांच्नुको लागि। अनि छैठो चइं दिनमां येसो हुवम् जाति बटुल्नुन् त्यो ५
तियार् पारि राखुन् अनि त्यो अरु दिन् भन्दा दोबर् हुंछ। तब मूसा र हारूनले ६
सबै इस्राएल्वंशीहरुलाइ भन्ये बेलुका पाहा पाउंलौ जस्ले तिमिहरुलाइ
मिस्र देस् देखि निकालि ल्यायो उ यह्वे हो रछ भनि. फेरि बिहान् यह्वेको ७
महिमा देख्लौ किनभन्ये उस्ले यह्वे मांथि गर्येको तिमिहरुका गन्गनाईहरु

[1] अर्थात् तीतेरी।

सुन्द छ. तर हांमिहरु को हौं र तिमिहरु हांमिहरु मांथि गन्‌गनाउंद छौ।
८ अनि मूसाले भन्यो जब यहूवेले बेलुका तिमिहरुलाइ मांसु खांनु र बिहान्
रोटी अघाउंजि दिंछ. तब यहूवे मांथि भयेको तिमिहरुको गन्‌गनाई
उस्ले सुन्द छ. तर हांमिहरु को हौं. तिमिहरुका गन्‌गनाईहरु हांमिहरु
९ मांथि होइन तर यहूवे मांथि हुंद छन्। तब मूसाले हारून्‌लाइ भन्यो
इस्राएल्‌वंशीहरुको सबै मंडलीलाइ भनि देउ यहूवेको सांमु नजिक् आव.
१० किनभन्ये उस्ले तिमिहरुका गन्‌गनाईहरु सुन्यो। अनि यैसो भयो हारून्‌ले
इस्राएल्‌वंशीहरुको सबै मंडली सित कुरा गर्दै गर्‌येकोमां तिनिहरुले बन्
११ तिर हेरि को देख्यो भन्ये मेघ्‌मां यहूवेको महिमां देखाहा पर्‌द रह्छ। तब
१२ यहूवेले मूसालाइ भन्यो इस्राएल्‌वंशीहरुका गन्‌गनाई मैंले सुन्यें. त
तिनलाइ भनि दे बेलुका मांसु खांनु पाउंछौ अनि बिहान् चइं रोटीले
अघाउंछौ तब यो पाहा पाओला तिमिहरुको ईश्वर् यहूवे मैंने हा रांकु भनि।
१३ त यैसो भयो बेलुका बटेरचराहरुले आइ आइकन खांट्टै छाउंनी ढाकि दिये.
१४ फेरि बिहान् चइं छाउंनीका चारै तिर शीत् परि रह्यो। अनि जसै परि रह्येको
शीत् सुकि चढ्यो त को देख्ये भन्ये बन्‌को मुख् मांथि कोइ थोक् भूइंमां
१५ पर्‌येको तुसारो जस्ता सांना सांना डल्ला डल्ला राछन्। तब इस्राएल्‌वंशीहरुले
त्यो देख्यर आपस्तमां भन्न लाग्ये मन्न[1] हो भनि किनभन्ये जान्दैन थिये को थोक्
हो भनि। तब मूसाले तिनिहरुलाइ भन्यो यो त्येइ यहूवेले तिमिहरुलाइ
१६ दिंयेको खांने रोटी हो। यहूवेले आज्ञा गर्‌येको कुरो येइ हो त्येस्मांको
जनंगेले आफ्‌नु आफ्‌नु खांने अनुसार् बटुल्‌ने गर्नु आफ्‌ना आफ्‌ना
प्राणीहरुको गन्ति अनुसार् मान्छे पिच्छे एक् ओमेर् बटुल्‌नु पर्छ जनंगेले
१७ आफ्‌नु आफ्‌नु डेरामां हुंनेहरुको लागि गरि भन्ये। त इस्राएल्‌वंशीहरुले
१८ त्येसैगरि कसैले धेर् कसैले थोर् बटुलि ल्याये। त जसै त्यो ओमेरले भरि
थिये तब धेरै बटुल्‌नेका बेसि भयेन अनि न थोर् बटुल्‌नेका कम् भयो
१९ जनंगेले आफ्‌नु आफ्‌नु खांनेइ अनुसार् बटुल्ये। फेरि मूसाले तिनलाइ
२० भन्यो कसैले त्येस्मांको कोइ बिहान् सम्म राखि न छोड्रोस्। तरैपनि
तिनिहरुले मूसाको मान्येनन् तर कत्तिले बिहान् सम्म अलि अलि राखि छोड्रे
त त्येस्मां कीरा पर्‌येर गन्हाउंनु लाग्ये छ. तब मूसाले तिनिहरु मांथि रिस्
२१ गर्‌यो। त बिहान् बिहान् आफ्‌नु आफ्‌नु खांने अनुसार् त्यो बटुल्‌द थिये.
२२ अनि घाम् लाग्दा त्यो पगलि जांथ्यो। अनि यैसो भयो छैठो चइं दिनमां
दोबर् अर्थात् मान्छे पिच्छे दुइ दुइ ओमेर् बटुल्ये. त मंडलीका सबै
२३ मालिकहरुले आइ मूसालाइ यो कुरो कहि दिये। तब त्येस्ले तिनलाइ भन्यो
यहूवेले भन्येको कुरो येइ हो भोलि महाबिश्राम् अर्थात् यहूवेको लागि
पबित्र बिश्रामदिन् हुंछ. त जे भुन्‌नु छ त्यो भुट अनि जे पकाउंनु छ त्यो

[1] अर्थात् यो के हो।

पकाव अनि त्येस्को जस्ति उब्रंछ त्यो आफ्नु लागि बिहान्को लागि राखि
छोड़ भन्ये। त मूसाको आज्ञा अनुसार् त्यो बिहान् सम्म राखि छोड़्यि. २४
अनि त्यो चइं ता न गन्हायो अनि न त्येस्मां कौरा पर्ये। तब मूसाले भन्यो २५
आजु त्यो खाव किनभन्ये आजु यहूवेको लागि बिश्राम्दिन् हो. आजु ता
त्यो बन्मां पाउंदौन। छ दिन् त्यो बटुलुनु पाउंछौ तर सातौं चइं दिन् २६
बिश्राम्दिन् हो त्येस्मां ता कोइ पाउंदौन। अनि येसो भयो सातौं दिन्मां २७
लोग्मांका कोई कोई बटुलुनु बाइर गये तर कोइ पायेनन्। तब यहूवेले २८
मूसालाइ भन्यो कैले सम्म मेरा आज्ञा र मेरा व्यवस्थाहरु मान्नु मान्दौन।
हेर यहूवेले तिमिहरुलाइ बिश्राम्दिन् दियेको छ येसैकारणले उस्ले २९
तिमिहरुलाइ छैठो चइं दिन्मां दुइ दिन्को भोजन् दिंद छ आफ्नु आफ्नु
ठांउमां बसि रह सातौं चइं दिन्मां कोई आफ्नु ठांउ देखि बाइर न
जावस्। त लोग्ले सातौं दिन्मां बिश्राम् गर्ये। अनि इस्राएल्को जहान्ले ३१
त्येस् थोक्को नांउ मन्न राख्ये. अनि त्यो धनिया जस्तो र सेतो थियो अनि
त्येस्को स्वाद महमां बनायेका बाबर् जस्तो थियो। अनि मूसाले भन्यो ३२
यहूवेले आज्ञा गर्येको कुरो येइ हो त्येस्मांको एक् ओमेर्भरि तिमिहरुका
पुस्ताहरुको लागि राखायेको रहोस् र तिनिहरुले जुन् भोजन् मैले
तिमिहरुलाइ मिस्र देस् देखि निकालि ल्यायेको बेलामां तिमिहरुलाइ
खुवायें त्यो देखुन् भन्ये। त मूसाले हारूनलाइ भन्यो येउटा भांड़ा ल्यायेर ३३
त्येस्मां एक् ओमेर्भरि मन्न हाल र त्यो यहूवेको सांमु तिमिहरुका पुस्ता
पुस्ताको लागि राखीयेको रहोस्। यहूवेले मूसालाइ आज्ञा दिये झैं हारूनले ३४
त्यो साक्षीपाटीको सांमु राखि दियो त्यो रहि रहोस् भन्यैर। अनि ३५
इस्राएल्वंशीहरुले मन्न चालीस् बर्ष सम्म अर्थात् तिनिहरु मान्छे बास्
बस्येको हुंने देस्मां न पुगुंज्याल् सम्म खाइ रह्ये तिनिहरु कनान् देस्का
सिमानामां न पुगुंज्याल् सम्म त्यो मन्न खांदै रह्ये। अब ओमेर् एपाको दसौं ३६
हिस्सा हो॥

फेरि इस्राएल्वंशीहरुको सबै मंडलीले यहूवेको आज्ञा अनुसार् १७१
हिंड्दै हिंड्दै सीन्को बन् बाटो हिंड़ि रपीदीम्मां डेरा हाल्ये. अनि
त्यहां लोग्को लागि खांने पानी थियेन। त लोग्ले मूसा सित झगरा गरि २
हांमिहरुलाइ खांने पानी देउ भनि भन्न लाग्ये. तब मूसाले तिनलाइ भन्यो
मं सित किन झगरा गर्द छौ यहूवेको परीक्षा किन गर्द छौ। त त्यहां ३
लोग्लाइ पानीको तिर्खा लाग्यो अनि येसो भन्यैर मूसा मांथि गनगनाये
हांमिहरुलाइ बालबच्चा र पशुहरु समेत्लाइ तिर्खाले मांनुको लागि मिस्र
देखि किन चढ़ाइ ल्यायौ। तब मूसाले येसोरि चिच्यायेर यहूवेको ४
दोहाई दियो यि लोग्लाइ के गरूं तिनिहरुले मंलाइ लोहोऱ्याउंनु
आंटीका छन्। तब यहूवेले मूसालाइ भन्यो इस्राएलका प्राचीनहरुमांकालाइ ५
साथ लिइ लोग्को अघि लाग्यैर हिंड्. अनि तैंले नील् नदीलाइ हिर्कायेको
आफ्नु लउरो हातमां लियैर जा। हेर मं त्यहां होरेब्मां भयेको पहरा ६

मांथि तेरो सांसु उभीकु तब तेंले पहरामां हिर्काउंनु त त्यो देखि पानी
निक्लंछ अनि लोग्ले खांछन्। त मूसाले इस्राएल्का प्राचीन्हरुको सांसु
७ त्येसै गर्‍यो। अनि इस्राएल्वंशीहरुले झगरा गर्‍येर यहूवे हांमिहरुको
बीच्मां रछ कि रैनछ भनि यहूवेको परीक्षा गर्‍येका थिये येस्कारणले मूसाले
त्येस् ठांउको नांउ मस्साह्[१] अनि मरिबा[२] राख्यो॥

(अमालेक्हरुको विरुद्धमां लड़ाईं)

८ तब अमालेकीहरुले आइ रपीदीम्मां इस्राएलीहरुको विरुद्धमां लड़ाईं
९ गर्नु लाग्ये। त मूसाले यहोशूअलाइ भन्यो हांमिहरुको लागि मान्छे छान्येर
निस्कि अमालेकीहरु सित लड़ाईं गर्, भोलि मं ईश्वर्को लउरो हात्मां
१० लियेर डांडाको थाम्निमां उभीकु। त यहोशूअ मूसाले भन्ये झैं अमालेकीहरु
सित लड़ाईं गर्नु लाग्यो, अनि मूसा हारून् र हूर् डांड़ाको थाम्निमां चढ़ि
११ गये। अनि येसो भयो मूसाले आफ्नु हात् उचालि राख्दा राख्दा चइं
इस्राएल्ले जीत्द थियो, तर तेस्ले आफ्नु हात् ओह्राल्दा चइं अमालेक्चइंले
१२ जीत्द थियो। तर मूसाका हात् गह्रुङ् भये येस्कारण येउटा ढुंगा ल्यायेर
त्येस्को मुनि राखि दिये अनि त्यो त्यो मांथि बसि गयो अनि हारून् र हूर्
दुवैले एक् एक् पट्टि भइ त्यस्का हात् थाम्न रह्ये त त्यस्का हात् थाम्न
१३ अस्ताउंज्याल् सम्म स्थिर् भइ रह्ये। अनि यहोशूअले अमालेक्लाइ त्येस्का
१४ सबै लोग् समेत्लाइ तरवार्को धार्ले लड़ाइ दियो। तब यहूवेले
मूसालाइ भन्यो यो कुरो सम्झना गराउंनुको लागि पोस्तक्मां लेखि राख्
अनि यहोशूअको कान्मां सुनाइ पनि दे, मं अमालेक्को सम्झना
१५ आकाश्को मुनि देखि खांट्टे मेटि दिंकु भन्ये। अनि मूसाले येउटा बेदि
१६ बनायेर त्येस्को नांउ यहूवेनिस्सी[३] राख्यो, अनि भन्यो यहूवेले किरिया
खायो, यहूवेले अमालेक् सित पुस्ता पुस्ता सम्म लड़ाईं गर्दै[४] रहंछ॥

(मूसाको ससुरा थित्रोको सल्लाह्)

१८ १ अब ईश्वर्ले मूसा र आफ्नु लोग् इस्राएल्को लागि जे गर्‍येको
थियो त्यो मिद्यान्को पूजाहारी मूसाको ससुरा थित्रोले सबै सुन्यो अर्थात्
कसोगरि यहूवेले इस्राएल्लाइ मिस्र देखि निकालि ल्याथेको थियो भन्ये।
२ त मूसाको ससुरा थित्रो मूसाकी सुखेंनी सिप्पोरालाइ त्यो माईंत पठाइथेकी
३ थिई त्येस्पछि लिइ आयो अनि त्येस्का दुइ भाई छोराहरुलाइ पनि
ल्यायो जुन्हरुमां येउटाको नांउ गेर्शोम्[५] थियो किनभन्ये मूसाले भन्येको

---

[१] अर्थात् परीक्षा। [२] अर्थात् झगरा।
[३] अर्थात् यहूवे मेरो झण्डी। [४] अर्थात् पर्दैसो।

थियो अन्यदेसमां पर्देसी भयें . अनि अर्कोचइंको नांउ एलिएजेर्[1] थियो ४
किनभन्ये मूसाले भन्येको थियो मेरो बाबुको ईश्वर्ले मेरो गोहारे भइ
मंलाइ फिरऊन्को तरवार् देखि बचायो . त मूसाको ससुरा यित्रो त्येस्को
मुखेंनी र छोराहरुलाइ साथ लियेर मूसा थांइ बन्मां आयो जहां ईश्वर्को ५
पर्वत् निर त्येस्को डेरा हालीयेको थियो . अनि त्येस्ले मूसालाइ भनि पठायो ६
मं तिम्रो ससुरा यित्रो तिम्रो मुखेंनो र त्येस्का दुवै भाई छोराहरु समेत्
तिमि थांइ आयेको कु । तब मूसा आफ्नु ससुरालाइ भेट्नु निक्लि आयो ७
अनि त्येस्लाइ दण्डवत् गर्येर त्येस्लाइ चुमा खायो अनि तिनिहरु कुशल् क्षेम्
सोधासोध् गर्दै डेरामां आये । अनि मूसाले आफ्नु ससुरालाइ सुनायो ८
यहुवेले इस्राएल्को निम्तिमां फिरऊन् र मिस्रीहरुलाइ को को गर्यो अनि
तिनिहरु मांथि बाटोमां को को विपत्ति पर्यो अनि यहुवेले तिनिहरुलाइ
कसो कसोगरि छोड़ाउंदै ल्यायो । तब यित्रोले यहुवेले इस्राएल्लाइ ९
मिस्रीहरुको हात् देखि छोड़ाइ ल्यायेको त्यो सबै भलाईको कारण्ले
रमाइट् गर्यो । अनि यित्रोले भन्यो धन्य यहुवे जस्ले तिमिहरुलाइ मिस्रीहरु १०
र फिरऊन्को हात् देखि छोड़ायो अनि आफ्नु लोग्लाइ मिस्रीहरुको
हात् मुनि देखि छोड़ाइ ल्यायो । अब मैंले थाहा पायें यहुवे सबै देव्हरु ११
भन्दा बड़ा रहु . अं जस् विषय्मां तिनिहरुले यिनिहरुको विरुद्धमां अहंकार्
गर्येका थिये त्यसैमां पनि । अनि मूसाको ससुरा यित्रोले ईश्वर्को लागि १२
पोउटा होमबलि र बलिदानहरु लियो . अनि हारून् इस्राएलीहरुका सबै
प्राचीनहरु समेत् मूसाको ससुरा यित्रो सङ ईश्वर्को सांमु रोटी खांनु आये ।
अनि भोलि पल्टो येसो भयो मूसा लोग्को निया गर्नुलाइ बस्यो . अनि १३
बिहानै देखि सांझै सम्म लोग् मूसाका वरिपरि उभीइ रह्ये । जसै मूसाको १४
ससुराले लोग्को लागि जे जे गर्यो त्यो देख्यो तब भन्यो यो तिमिले लोग्को
लागि गर्येको को काम् हो येसको को कारण् हो तिमि एक्लै बसि रहंद छौ
अनि लोग् चइं बिहानै देखि सांझै सम्म तिम्रा वरिपरि उभीइ रहंद छन् ।
तब मूसाले आफ्नु ससुरालाइ भन्यो कारण् यो हो लोग् मं थांइ ईश्वर् १५
सित सोधनी गर्नुलाइ आउंद छन् . तिनको कुरो हुंदा हुंदा मं थांइ आउंद १६
छन् अनि मं चइंले मान्छेको र त्येस्को बीचमां निया गर्दै छु अनि
ईश्वर्का विधिहरु र व्यवस्थाहरु तिनलाइ जनाइ दिंद छु । तब मूसाको १७
ससुराले त्येस्लाइ भन्यो जे गर्द छौ त्यो जाति होइन । तिमि अं तिमि र १८
तिमि सङ भयेको लोग् पनि अवस्से घोटीछौ . कसोगरिभन्ये यो विषय् तिम्रो
लागि अरघोर् भारी छ त्यो एक्लैले गर्नु सक्दोन । त अब मेरो बचन् सुनि १९
लेउ तिमिलाइ सल्लाह् दिंछु अनि तिमि सित ईश्वर् हवस् . तिमि चइं

[1] अर्थात् ईश्वर् गोहारे ।

लोग्को लागि ईश्वर्को सांमु भइ रहंनु अनि तिनका कुरा ईश्वर्कां
२० तिमिलेनै पुऱ्याउंने गर्नु. अनि तिमिले बिधिहरु र व्यवस्थाहरु तिनिहरुलाइ
सिकाउंने गर्नु अनि तिनिहरु हिंड़नु पर्ने बाटो र तिनिहरुले गर्नु पर्ने काम्
२१ तिनिहरुलाइ जनाउंने गर्नु। फेरि यि सबै लोग्मांका येस्ता सामर्थी
मान्छेहरुलाइ हेरि हेरिकन छानि लेउ जो ईश्वर्को भय् मान्ने सच्चेईंका मान्छे
अनि अन्येको हातपराई देखि घिनाउंनेहरु होउन् अनि येस्ताहरुलाइ
हजार् हजार् सै सै पचास् पचास् र दस् दस् मांथि मालिक् हुंनुलाइ
२२ लोग् मांथि ठहराउ. अनि तिनिहरुले बेला बेलामां लोग्को निया गर्ने
गरुन्. अनि येसो हवस् सबै तुला तुला चइं कुरा तिमि थांइ ल्याउंने गरुन्
तर सबै ससांना चइं कुरा आफैले गर्ने गरुन्. येसोरि तिम्रो भारि हलुङ्
२३ हुंछ कसोगरिभन्ये तिनिहरुले त्यो तिमि सित बोक्छन्। यो उपाय् गऱ्यौ
अनि ईश्वर्ले पनि तिमिलाइ यो आज्ञा दियो भन्ये देखि तिमि पनि ठहर्नु
सक्छौ अनि यि समस्त लोग् पनि आफ्ना आफ्ना ठाउंमां कुशल् सित
२४ जांछन्। त मूसाले आफ्नु ससुराको बचन् मानि त्येस्का सबै कुरा अन्सार्
२५ गऱ्यो। अनि मूसाले सबै इस्राएल्मांका सामर्थी सामर्थी मान्छेहरुलाइ
छानि छानि तिनलाइ लोग् मांथि मूल् मूल् ठहरायो अर्थात् हजार् हजार्
२६ सै सै पचास् पचास् दस् दस्का मालिक्हरु। अनि तिनले बेला बेलामां
लोग्को निया गर्नु लाग्ये सारो चइं कुरा मूसा थांइ ल्याउंद थिये तर सबै
२७ ससांना चइं कुराको निया तिनिहरु आफैले गर्द थिये। वहांदेखि मूसाले
आफ्नु ससुरालाइ बिदा गऱ्यो अनि त्यो चइं आफ्नु देस्मां हिंड़ि गयो॥

(इस्राएलीहरु सीनै पर्बत्मां पुग्नु)

१९ १ इस्राएल्बंशीहरु मिस्र देस् देखि निक्ल्येको तीन् महीना बित्येकै
२ दिन्मां सीनैको बन्मां आये। अनि जब रपीदीम् देखि हिंड़ि सीनैको
बन्मां आये तब तिनिहरुले बन्मां डेरा हाल्ये अं तिहीं पर्बत्को सांमु
३ इस्राएल्ले छाउंनी हाल्यो। तब मूसा ईश्वर् थांइ चढ़ि गयो अनि यह्वेले
पर्बत् देखि त्येस्लाइ हापाऱ्येर भन्यो याकूब्को जहान्लाइ येसो भन् अनि
४ इस्राएल्बंशीहरुलाइ सुना तिमिहरुले देख्यौ मैंले मिस्रीहरुलाइ क्यो
गऱ्यें अनि तिमिहरुचइंलाइ गिद्धका पखेटा मांथि झैं चढ़ाइ आफुकां
५ ल्यायेको छु। त अब निस्से मेरा बचन् मान्यौ अनि मेरा नियम् पूरा गऱ्यौ
भन्ये देखि समस्त लोग्मांका तिमिहरु चइं मेरो निज् धन् ठहरींछौ.
६ किनभन्ये सिंगै पृथिवी मेरो हो. अनि मेरो लागि पूजाहारे राज् र पवित्र
जात्का लोग् हुंछौ। जुन् कुरा तैंले इस्राएल्बंशीहरुलाइ भन्नु छ ति यिनै
७ हुन्। तब मूसाले आयेर लोग्का प्राचीन्हरुलाइ बोलाइ पठायेर यह्वेले

त्येस्लाइ आज्ञा दियेका ति सबै कुरा तिनिहरुलाइ कहि सुनायो । तब सबै ८
लोग्ले मिलि यह्वेले भन्येका सबै कुरा गर्छौं भनि उत्तर् दिये । तब मूसाले
फर्क्येर लोग्का कुरा यह्वेलाइ सुनायो । तब यह्वेले मूसालाइ भन्यो हेर् मं ९
बादल्को अंध्यारोमां तं थांइ आउंदै छु मैंले तं सित कुरा गर्दा लोग्ले
सुनुन् अनि सधैं तंलाइ पत्याउन् पनि भन्ये खातिर्ले । तब मूसाले
यह्वेलाइ लोग्का कुरा सुनायो । फेरि यह्वेले मूसालाइ भन्यो लोग् थांइ १०
गयेर आजु र भोलि तिनिहरुलाइ शुद्ध गर् अनि तिनिहरुले आफ्ना
आफ्ना लुगा धोउन् अनि तीस्रो दिन् सम्ममां तियार् भइ सकुन् . ११
किनभन्ये तीस्रो दिन् यह्वे सब्बै लोग्को सांमु सीनै पर्बत्मां उत्रि आउंछ ।
अनि लोग्को लागि चारै तिर बार् बारिकन तिनिहरुलाइ भन् चंख रह १२
पर्बत् मांथि न चढ़ अनि न त्येस्को सिमाना छोव . जस्ले पर्बत् छोला त्यो
निस्से मांरींछ . कोई हात्ले त्यो प्राणीलाइ छुंदैन तर त्यो निस्से १३
लोहोत्याइंछ कि हांनि मारींछ पशु हवस् कि मान्छे हवस् जीउंदो रहंदैन .
जब तुरही अबेरा सम्म बज्छ तब तिनिहरु पर्बत् निर चढ़ि आउन् ।
त मूसाले पर्बत् देखि उत्रि लोग् थांइ आइ तिनिहरुलाइ शुद्ध गर्‍यो अनि १४
तिनिहरुले आफ्ना आफ्ना लुगा धोये । अनि त्येस्ले लोग्लाइ भन्यो तीस्रो १५
दिन् सम्ममां तियार् भइ सक . कोई स्त्रीकां न जांनु । त तीस्रो दिन्मां येसो १६
भयो बिहानै गर्जन् र बिजुलि भये अनि पर्बत् मांथि कालो बादल् छाईयो
अनि तुरहीको सोर् अग्घोर् ठुलो भयो अनि छाउंनीमां भयेका सब्बै लोग्
कांम्ये । तब मूसाले लोग्लाइ ईश्वर् सित भेट् गराउंनुको लागि छाउंनी १७
देखि निकालि ल्यायो अनि तिनिहरु पर्बत्को फेदीमां उभीये । अनि सिंगै १८
सीनै पर्बत् देखि धुवां उठ्यो कसोगरिभन्ये यह्वे आगोमां भइ त्येस्मां
उत्र्येको थियो . अनि त्येस्को धुवां भट्टीको धुवां जस्तो उठ्द थियो अनि
सिंगै पर्बत् अग्घोर् कांम्यो । फेरि जब तुरहीको सोर् औधि बढ्दै बढ्दै १९
जांदै थियो तब मूसा बोल्द थियो अनि ईश्वर्ले त्येस्लाइ बाणीले उत्तर् दिंद
थियो । तब यह्वे सीनै पर्बत्मां अर्थात् त्येस्को थाप्लिमां उत्र्यो . अनि यह्वेले २०
मूसालाइ पर्बत्को थाप्लिमां बोलायो तब मूसा चढ़ि गयो । तब यह्वेले २१
मूसालाइ भन्यो तल ओह्ल्येर लोग्लाइ चेता होइन भन्ये ता तिनिहरु
बार् भत्कायेर यह्वे छेउ हेर्नु आउंनन् अनि तिनिहरुमांका धेरै जना नष्ट
हुंनन् । अनि यह्वे थांइ आउंने पूजाहारीहरुले पनि आफु आफुलाइ पवित्र २२
गरुन् होइन भन्ये ता यह्वेले तिनिहरुलाइ झम्टला । अनि मूसाले यह्वेलाइ २३
भन्यो लोग् सीनै पर्बत् मांथि चढ्नु सक्दैनन् . कसोगरिभन्ये तपांइले
हांमिहरुलाइ पर्बत्मां बार् बारिकन त्येस्लाइ पवित्र गर भन्ये आज्ञा दिनु
भयेको थियो । तब यह्वेले त्येस्लाइ भन्यो जा ओह्लि जा अनि तं हारुन् २४
समेत् फेरि चढ़ि आ . तर पूजाहारीहरु र लोग् चइं यह्वे थांइ चढ़ि
आउंनुलाइ बार् भत्काइकन न आउन् होइन भन्ये ता उस्ले तिनिहरुलाइ
झम्टला । त मूसाले लोग् थांइ उत्रि तिनलाइ यि कुरा सुनायो ॥ २५

(दस् आज्ञा)

२०१ अनि ईश्वरले यि सबै कुरा भन्यो अर्थात्

२ मं तेरो ईश्वर यहुवे हुं जस्ले तंलाइ मिस्रको देस् देखि अं बन्धुवाईको घर् देखि निकालि ल्यायो ॥

३ मेरो सांमु तेरा अरु कोई ईश्वर् हुंदैनन् ॥

४ तंले आफ्नु लागि कोई खोपीयेको मूर्त्ति न बना अनि न कसै रूपको अनुवार् जे सांपि स्वर्गमां अनि जे तल पृथिवीमां अनि जे पृथिवी मुनि

५ भयेको पानीमां छ, तंले आफुलाइ तिनिहरुको सांमु न निउंरा अनि न तिनिहरुको सेवा गर्, किनभन्ये मं तेरो ईश्वर् यहुवे रापीलो ईश्वर् छु पित्रहरुका दुष्टईंका दण्ड सन्तानहरु मांपि मंलाइ घियाउंनेहरुको तीस्रो र

६ चौथो पुस्ता मांपि पुऱ्याइ दिन्ये अनि मं सङ प्रेम् गर्नेहरु र मेरा आज्ञा मान्नेहरुका सहस्र सहस्र (पुस्ता) मांपि दया गर्ने ॥

७ तंले आफ्नु ईश्वर् यहुवेको नांउ व्यर्थमां न ले किनभन्ये यहुवेले उस्को नांउ व्यर्थमां लिन्येलाइ निर्दोष् ठहराउंदैन ॥

८ बिश्रामको दिनलाइ सम्झना राख त्येस्लाइ पवित्र राख्नुको लागि ।

९ तंले छ दिनभरि कामकाज् गर्ये आफ्ना सबै काम् गर्, तर सातौं चइं दिन् मेरो ईश्वर् यहुवेको लागि बिश्राम् हो, तंले त्येस्मां कोइ काम् न गर् तंले न तेरो छोगेले न तेरी छोरीले तेरो चाकरेले न तेरी चाकरेनीले न

११ तेरा पशुले न तेरा ढोका भित्र भयेको पर्देसीले किनभन्ये छ दिनमां यहुवेले स्वर्ग र पृथिवी र समुन्द्र र तिनिहरुमां भयेका सबै थोक्लाइ बनायेर सातौं दिनमां बिसायो, येस्कारण यहुवेले बिश्रामको दिनलाइ आसिक् दियो अनि त्येस्लाइ पवित्र गर्यो ॥

१२ तंले आफ्नु बाबु र आफ्नी आंमालाइ सान्मनीको गर्, र जुन् भूमि तेरो ईश्वर् यहुवेले तंलाइ दिंद छ त्येसमां तेरा दिन् बढाईयुन् ॥

१३ तंले हत्या न गर् ॥

१४ तंले व्यभिचार् न गर् ॥

१५ तंले चोरी न गर् ॥

१६ तंले आफ्नु छिमेकि मांपि झुठो साक्षी न दे ॥

१७ तंले आफ्नु छिमेकिको घरको लालच न गर् तंले आफ्नु छिमेकिको स्वास्नीको लालच् न गर् न त्येको कमांराको न त्येको कमांरीको न त्येको गोरुको न त्येको गदाहाको न कसै पनि थोकको जे तेरो छिमेकिको छ ॥

१८ अनि सबै लोग् गर्जनहरु र बिजुलिहरु र सरहीको सोर् र धुवां उठ्दै गर्येको पर्वत् हेर्दै थिये, अनि लोग् देख्यर कांप्दै टाढो बसीये ।

१९ तहांदेखि मूसालाइ भन्ये आफुने हांमिहरु सित बोल्नु हवस् त हांमिहरु

२० सुन्छौं, तर ईश्वर् हांमिहरु सित न बोलोस् होइन भन्ये ता मंछां । त

मूसाले लोगलाइ भन्यो न डराव. किनभन्ये ईश्वर् तिमिहरुलाइ जांचनुलाइ आयेको छ अनि उस्को भय् तिमिहरुको सांमु रहोस् र तिमिहरुले पाप् न गर भन्ये खातिरले। त लोग् टाढो उभीइ रह्ये तर मूसा चइं त्यो बाक्लो २१
अंधारो निर गइ पुग्यो जहां ईश्वर् थियो॥

(अरु कत्ति व्यवस्थाहरु)

तब यहूवेले मूसालाइ भन्यो इस्राएलवंशीहरुलाइ येसो भन् २२
तिमिहरु आफैले मं तिमिहरु सित स्वर्ग देखि बोल्यें भनि देख्यौ।
तिमिहरुले मेरो बराबर् कोइ पनि न बनाव चांदीको देवता कि सुन्को २३
देवता आफ्नु लागि न बनाव। मेरो लागि मांटोको बेदि बनायेर त्यसैमां २४
आफ्नु होमबलिहरु र आफ्नु मिलापबलिहरु आफ्ना भेंड़ाबाख्राहरु र
आफ्ना गाईगोरुहरु चढ़ाव. जहां जहां मं आफ्नु नांउको सम्झना गराउंछु
त्यहां त्यहां मं तं थांइ आयेर तंलाइ आशीष् दिंछु। अनि मेरो लागि २५
ढुंगाको बेदि बनाइस् भन्ये त त्यो कुंदेका ढुंगाहरुको न बना. किनभन्ये
त्यस् मांथि आफ्नु हतियार् उब्जायेको छस् भन्ये देखि त्यो अपवित्र गरिस्।
फेरि मेरो बेदिमां खड़किला खड़किला बनायेर त्यस् बाटो न चढ़ होइन २६
भन्ये ता त्यसमां तेरो नंगेइं देखाहा पर्ला॥

अब तैंले तिनिहरुको सांमु राख्ने निया थिने हुन्॥ २१ १

तैंले इब्री कमांरा किनिस् भन्ये देखि त्यस्ले छ बर्ष सम्म सेवा गरोस्, २
अनि सातौं चइं बर्षमां निर्बन्ध् भइ सित्तेइंमां जावस्। पेक्ले आयेको छ भन्ये ३
पेक्लैने जानस्. ब्याहा गरीयेको छ भन्ये त्यस्को साथ्मां त्यस्की स्वास्नी पनि
जावस्। त्यस्को स्वामीले त्यस्लाइ स्वास्नी दियेको छ अनि त्यस्ले त्यस्को लागि ४
छोराछोरी जन्मायेकी छ भन्ये त्यो स्वास्नी र नानीहरु चइं त्यस्को स्वामीका
रहून् अनि त्यो चइं पेक्ले जावस्। तर त्यस् कमांरोले भंलाइ आफ्नु स्वामी ५
र आफ्नी स्वास्नी र आफ्ना बालबच्चाहरुको माया लाग्छ सो मं निर्बन्ध् भइ
जानु भनि खोलिकन भन्यो भन्ये देखि. त त्यस्को स्वामीले त्यस्लाइ ईश्वर् ६
थांइ लैजावस् त्यसपछि त्यस्लाइ देला कि सडारमां त्यायेर त्यस्को
स्वामीचइंले त्यस्का कान् सुतारीले कोंड़ पारोस् तब त्यस्ले सधैं सम्म त्यस्को
सेवा गरोस्॥

अनि कोई मान्छेले आफ्नी छोरी कमांरी हुंनुलाइ बेच्यो भन्ये त्यो ७
कमांराहरु झैं बाहिर न जावस्। त्यो त्यस्को स्वामीलाइ जस्ले त्यस्लाइ स्वास्नी ८
तुल्यायो जाति लाग्येन भन्ये देखि त्यस्लाइ छोड़ाईंनु देवस् तर त्यस्ले त्यो
सित छल् गर्यो पेक्षारण त्यस्लाइ अन्यदेसीहरुको हातमां बेच्ने त्यस्लाइ
अधिकार् छैन। अनि त्यस्लाइ आफ्नु छोरोको लागि स्वास्नी तुल्याइ दियेको ९
छ भन्ये त्यो सित छोरी सितको जस्तो बेहोरा गरोस्। अर्को पनि स्वास्नी १०
ल्यायो भन्ये त्यस्को भोजन् लुगा र ब्याहाको बेहोरा न घटावस्। अनि यि ११
तीने काम् त्यो सित गर्येन भन्ये त्यो चइं सित्तेइंमां बिना दामे जाइ जावस्॥

१२ जस्ले मान्छेलाइ त्यो मंर्न सम्म गरि कुट्ला त्यो कुट्ने चइं निस्से
१३ मारीग्रोस्। तर त्यो घात्मां बस्येको रैन क् तर ईश्वर्ले त्येस्लाइ त्येस्को
हात्मां पारि दियेको रक् भन्ये देखि मं त्येस्लाइ भागुनुको लागि तंलाइ
१४ ठांउ खटाइ दिंकु। तर जो आफ्नु छिमेंक मांथि आंठिले त्येस्लाइ कुल्
सित मांर्नुलाइ जाइ लाग्ला त्येस्लाइ मेरो बेंदि देखि पनि मांर्नुको
लागि लैजा॥

१५ जस्ले आफ्नु बाबु कि आंमालाइ कुट्ला त्यो निस्से मांरीग्रोस्॥

१६ जस्ले मान्छेलाइ चोय्येर बेच्ला कि त्येसैको हात्मां पाईयेला त्यो
निस्से मांरीग्रोस्॥

१७ जस्ले आफ्नु बाबु कि आंमालाइ खाप्ला त्यो निस्से मांरीग्रोस्॥

१८ मान्छेहरुले झगरा गर्ये अनि एकाले अर्कालाइ ढुंगा कि मुड्किले
ऐस्तोरि हिर्कायो त्यो मंर्नु ता मंर्यन तर ग्रोक्खान् पर्यो भन्ये देखि.
१९ त्यो उठेर लउरो टेकि टेकि डुलुक् भन्ये देखि त त्यो हिर्काउंने निर्दोषी
ठहरोस्. खालि त्येस्को पस्कीइ रह्योको बेलाको हानि मांर्नै भरि देवस्
अनि त्येस्लाइ पूरो निको पारि देवस्॥

२० कसैले आफ्नु कमांरा कि कमांरीलाइ लउरोले ऐस्तोरि हिर्कायो र
२१ त्यो त्येस्को हात् मुनि मंर्यो भन्ये देखि त्येस्लाइ निस्से दण्ड दिईग्रोस्। तै
पनि त्यो एक् दुइ दिन् जीइ रह्यो भन्ये देखि स्वामीलाइ दण्ड न दिईग्रोस्.
किनभन्ये त्यो त्येस्को धन् हो॥

२२ मान्छेहरुले आपस्तमां कुटामार् गर्दा कसै गर्भिणीलाइ ऐस्तो घच्च
दियो त्येस्को गर्भ चइं तुह्यो तर अरु कोइ हानि भयेन भन्ये. त्येस्लाइ
त्यो स्त्रीको लोग्ने्ले भन्येको र बिचारीहरुले बिचार्येको अनुसार् दण्ड
२३ दिईग्रोस्। तर त्येस्को अरु कोइ हानि भयो भन्ये देखि प्राण्को साटो प्राण्
२४ आंखाको साटो आंखा दांत्को साटो दांत् हात्को साटो हात् गोड़ाको
२५ साटो गोड़ा डाम्को साटो डाम् घाउको साटो घाउ कुटाईको साटो
कुटाई दियेस्॥

२६ कसैले आफ्नु कमांरो कि कमांरीलाइ आंखामां हिर्कायेर त्यो
बिगार्यो भन्ये देखि त्येस्को आंखाको साटोमां त्येस्लाइ निर्बन्ध् पारि जांनु
२७ देवस्। अनि त्येस्ले आफ्नु कमांरो कि कमांरीको दांत् हिर्कायेर झार्यो
भन्ये देखि त्येस्को दांत्को साटो त्येस्लाइ निर्बन्ध् पारि जांनु देवस्॥

२८ कुनै गोरुले कोई पुरुष् कि स्त्रीलाइ सींगले ऐस्तोरि हान्यो र
त्यो मंर्यो भन्ये देखि त्यो गोरु निस्से लोहोर्याइ मांरीग्रोस् अनि त्येस्को
२९ मांसु न खाईग्रोस् तर गोरुको धनी चइं निर्दोष् ठहरोस्। तर त्यो गोरुको
अगाड़ि देखि हान्ने बानि थियो अनि त्येस्को धनीचइंले जनाईये पर्छि पनि
त्येस्लाइ बांधि न राख्योको हुवस् अनि त्येस्ले कसै पुरुष् कि स्त्रीलाइ मार्यो
३० भन्ये देखि त्यो गोरु लोहोर्याईग्रोस् अनि त्येस्को धनी पनि मांरीग्रोस्। तर
त्येस् मांथि क्रोड़ाउंनि ठहराईयो भन्ये जति त्येस् मांथि ठहराईयेला त्येह

आफ्नु छोड़ाउंनुको लागि त्येत्तिनै देवस्। छोरोलाइ कि छोरीलाइ ३१
हान्येको हवस् येइ निया अन्सार् त्येस्लाइ गरीओस्। गोरुले कोई कमांरो ३२
कि कमांरीलाइ हान्यो भन्ये देखि त्येस्को धनीले तिनको स्वामीलाइ तीस्
शेकेल् चांदी देवस् अनि त्यो गोरु चइं लोहोत्याईओस्॥

कसैले खाड़ल् खोदल्यो कि खन्यो अनि त्यो ढाक्येन अनि त्येस्मां ३३
कोई गोरु कि गदाहा खस्यो भन्ये देखि त्यो खाड़ल्को धनीले साटो ३४
फर्काइ देवस् कि तिनको धनीलाइ त्येस्को दाम् देवस् अनि लोथ् चइं
त्येस्को हवस्॥

कसैको गोरुले अर्काको गोरुलाइ येस्तोरि हान्यो र त्यो मंत्यो भन्ये ३५
देखि जीउंदो चइं गोरुलाइ बेच्येर त्येस्को दाम् आपस्तमां बांड़ि लिउन्
अनि लोथ् चइं पनि बांड़ुन्। तर त्यो गोरुको अगाड़ि देखि हान्ने ३६
बानि थियो भनि जानीयेको थियो तरैपनि त्येस्को धनीले त्येस्लाइ बांधि
राख्येन भन्ये निस्से त्यो गोरुको साटो गोरुनै फर्काइ देवस् तर लोथ् चइं
त्येस्को हवस्॥

कसैले गोरु कि भेड़ांबाख्रा चोत्येर त्येस्लाइ मांत्यो कि बेच्यो भन्ये २२१
त्येस्ले गोरुको साटो पांच्वटा गोरु अनि भेंड़ाबाख्राको साटो चार्वटा
भेंड़ाबाख्रा फर्काइ देवस्। त्यो चोर् घर् फोर्दै गर्दाखेरि भेट्टाईयो अनि २
येस्तोरि हिर्काईयो र त्यो मंत्यो भन्ये त्येस्को लागि रगत् बहाउंनु पर्दैन।
तर त्येस् मांथि घाम् झुल्क्यो भन्ये त्येस्को लागि रगत् बहाउंनु पर्छ. त्येस्ले ३
निस्से साटो फर्काइ दिंनु पर्थ्यो अनि त्येस्कां क्येइ छैन भन्ये त्यो चोरीको
कारण्मां बेचीनु पर्छ। चोरीको पशु गोरु हवस् कि गदाहा कि ४
भेंड़ाबाख्रा हवस् त्येस्को हात्मां जीउंदै पाईयो भन्ये त्येस्ले त्येस्को साटो
दोबर् फर्काइ देवस्॥

कसैले येसोरि खेत् कि दाख्को बारीमां आफ्नु पशुलाइ छोड़ि दियो ५
र त्यो अर्काको खेत्मां चत्यो अनि खांने गरायो भन्ये त्येस्ले आफ्नु खेत् र
आफ्नु दाख्को बारीको सब्बै भन्दा अस्सल् उप्जनि देखि त्येस्को साटो
फर्काइ देवस्॥

आगो बलि निस्क्यो अनि झोर्मां लागि अन्नको बिटा कि ठाड़ो ६
अन्न कि खेत् डड़्यो भन्ये जस्ले आगो फुक्येको थियो त्येस्ले निस्से साटो
फर्काइ देवस्॥

कसैले आफ्नु क्षिमेकिलाइ रुपिया कि आल्माल् राखि दिंनुलाइ ७
सुम्प्यो अनि त्यो त्येस्को घर् देखि चोरीयो भन्ये देखि अनि चोर् पक्रीयो
भन्ये देखि त्येस्ले दोबर् भरि देवस्। तर चोर् पक्रीयेन भन्ये घर्को धनी ८
ईश्वर् थांइ आवस् त्येस्ले आफ्नु क्षिमेकिको सम्पत्ति मांथि हात् हाल्ये छ
कि हाल्येन छ भनि थाहा हुंनु को लागि। अपराध् जुन्सुकै बिषय्को हवस् ९
गोरु कि गदाहा भेंड़ाबाख्रा कि लुगा कि कोई प्रकार्को हरायेको थोक्
हवस् जस्को बिषय्मां येउटाले येइ हो भनि भन्नु सक्द छ त दुवै पट्टिको

कुरा ईश्वर् यांइ आवस् अनि जस्लाइ ईश्वर्ले दोषी ठहराउला त्येस्चइंले आफ्नु त्तिमेकिलाइ दोवर् भरि देवस् ॥

१० कसैले आफ्नु त्तिमेकिलाइ गदाहा कि गोरु कि भेंड़ाबाख्रा कि कोई
पशु राखि दिंनुको लागि सुम्प्यो अनि त्यो कसैले न देखिकन मंत्यो कि चोट्
११ लाग्यो कि धपाईयो भन्ये देखि . त ति दुवैको बीच्मां यहूवेको किरिया
खुवाईयोस् मैले आफ्नु त्तिमेकिको सम्पत्ति मांथि हात् लगाइंन भन्ये
१२ विषयमां त त्येस्को धनीचइंले यो मानोस् अनि साटो फर्काइ दिंनु पर्दैन। तर
१३ त्यो त्येस्कांटो चोरीयो भन्ये त्येस्को धनीलाइ साटो फर्काइ देवस्। त्यो निस्से
फहराईयो भन्ये देखि त्यो मात्तीको लागि ल्यावस् त त्येस्ले त्यो फहराईयेकोको
साटो फर्काइ न देवस् ॥

१४ कसैले आफ्नु त्तिमेकि सङ कोइ पर्ममां ल्यायो अनि त्येस्को धनी
साथ न रहंदा त्येस्लाइ चोट् लाग्यो कि मंत्यो भन्ये देखि त्यस्ले निस्से त्येस्को
१५ साटो फर्काइ देवस्। तर त्येस्को धनी साथै थियो भन्ये देखि त्येस्को हानि
भरि दिंनु पर्दैन . त्यो ज्यालाको हो भन्ये ज्यालैमां जांकु ॥

१६ कोई पुरुष् मंगनी न भयेको कन्ये केटोलाइ फकायेर त्यो सङ सुत्यो
१७ भन्ये त्येस्ले निस्से त्येस्को सोत् दिकन त्येस्लाइ स्वास्नी तुल्यावस्। तर त्येस्
केटोको बाबुचइंले त्येस्लाइ दिंनुलाइ मान्दैमान्येन भन्ये त्येस्चइंले कन्येहरुको
सोत् अनुसार् गनि रुपिया देवस् ॥

१८ ब्रोकशीलाइ जीइ रहंनु न दे ॥

१९ जस्ले पशु सङ कुकर्म्म गर्यो त्यो निस्से मांरीग्रोस् ॥

२० जस्ले यहूवेलाइ छाड़ि अरु ईश्वरलाइ बलिदान् चढ़ाउला त्यो भाकल
२१ गरीयेको थोक् भैं नास् पारीग्रोस्। अनि पर्देसीलाइ न सताउंनु न
२२ थिचोमिचो गर्नु . किनभन्ये तिमिहरु मिस्र देसमां पर्देसी थियौ। कसै
२३ विधुवी कि टुहुरा टुहुरीलाइ कष्ट न दिंनु। तिनलाइ कोई परिले कष्ट
दिइस् अनि तिनले कोइ पनि मेरो दोहाई दिये भन्ये देखि निस्से मं
२४ तिनको दोहाई सुनकु अनि मेरो रिस् उठ्कु अनि मं तिमिहरुलाइ
तरवारले काट्कु यहांदेखि तिमिहरुकी स्वास्नीहरु विधुवी अनि तिमिहरुका
बालख टुहुरा होइ जांकुन् ॥

२५ मेरो लोगमांको तं सित हुंने कोई कंगालिलाइ रुपिया ऋण् दिइस्
२६ भन्ये त्येस् मांथि साहू जस्तो न हुंनु अनि न त्यो सित ब्याज् लिंनु। आफ्नु
त्तिमेकिको लुगा बन्धकमां राखिस् भन्ये घाम् अस्ताउंन्याल् सम्ममां त्येस्लाइ
२७ फर्काइ दे . किनभन्ये त्येस्को ओढ्ने त्येइ येउटा मात्रै हो त्येस्को आकुंने
लुगा हो . त्यो कोमां सुतकु . त येसो हुंकु त्येस्ले मेरो दोहाई दियो भन्ये मं
त्येस्को सुनकु किनभन्ये मं अनुग्रही कु ॥

२८ ईश्वरलाइ न धिक्कानु न आफ्ना लोगको मालिकलाइ स्रापनु।
२९ आफ्ना फलका बढ़ति र तिनका रसमांको केइ दिंनुमां ढिपांलो न गर्नु।
३० आफ्ना छोराहरुमांको जेठोचइंलाइ मंलाइ दिंनु। त्येसैगरि आफ्ना गोरु

अनि भेंड़ाबाख्राहरुमांको पनि दिंनु. सात् दिन् सम्म आफ्नु माऊ सङ्ग
रहोस् अनि आठौं चइं दिन्मां मंलाइ दिंनु। अनि तिमिहरु मेरो लागि ३१
पवित्र मान्के हुंक्नो. येस्कारण् बन्मां जन्तुहरु देखि फहराइ मांरीयेकोको
मांसु न खांनु त्यो कुकुरहरुलाइ आफालि दिंनु॥

भूठो चुरिल न गर्नु. अधर्म्मको साक्षी हुंनुको लागि दुष्ट सङ्ग न २३ १
लागनु। दुष्टले गर्नुको लागि धुइरोलाइ न पछ्याउंनु न निया बिगार्नुलाइ २
धुइरो तिर तर्कनुको लागि साक्षी दिंनु. न कंगालिको फिरात्मां पनि ३
त्येस्को पनपक्षनु॥

आफ्नु सत्रुको गोरु कि गदाहा हराइ हिंड़दै गर्यको भेटिस् भन्ये त्यो थांइ ४
निस्से फर्काई ल्याइ दिंनु। आफ्नु बैरीको गदाहालाइ भारिले मिचीयेको ५
देखिस् अनि त्येस्लाइ छोड़ून् खोजिस् भन्ये पनि निस्से त्यो सङ्ग त्येस्लाइ छोड़ाउंन॥

आफ्नु द रद्दको फिरात्मां त्येस्को निया न बिगारनु। भूठो फिरात् देखि ६
टाड़ो रहंनु अनि निर्दोषी र धर्म्मीलाइ न मांर्नु. किनभन्ये मं दुष्टलाइ ७
धर्म्मी ठहराउंदीन। घुस न खांनु. किनभन्ये घुस्ले देखनेलाइ पनि अंधा ८
पारि दिंछ अनि धर्म्मीहरुका करा फर्काई दिंछ। परदेसीहरु मांणि ९
पिचोमिचो न गर्नु. किनभन्ये परदेसीहरुको मन् जान्छौ कसोगरिभन्ये
तिमिहरु पनि मिस्र देस्मां परदेसी थियौ॥

छ बर्षभरि आफ्नु जिमीन्मां बिउ छर्ये त्येस्को उपजनि बटुलनु. १०
तर सातौं चइं बर्षमां त्यो बांझै छोड़ि दिंनु र तेरो लोगमांका दरिद्रहरुले ११
खाउन्. अनि ति देखि उब्र्येका बनका पशहरुले खाउन्। त्येसै आफ्नु
दाखको बारी र भट्टाक्को बारी देखि पनि गर्नु। छ दिन्भरि आफ्ना काम् १२
काज् गर्नु तर सातौं चइं दिन्मां बिश्राम् गर्नु. र तेरा गोरु र गदाहाले
बिसाउन् अनि तेरो कमारीको छोरो र परदेसीले नया बल् पाउन्। अनि ज्ये १३
ज्ये मैंले तिमिहरुलाइ भन्ये त्येसमां चंख रहंनु. अनि अरु देवताहरुको नांवे
पनि न लिंनु अं त्यो तेरो मुख् देखि न सुनीओस्॥

बर्षमां तीन् खेप् मेरो लागि चाड् मान्नु। अखमीरे रोटीको चाड् १५
मान्नु. मैंले तंलाइ आज्ञा दियेको अनुसार् आबीब् महीनाको खटाईयेको
बेलामां सात् दिन् सम्म अखमीरे रोटी खांदै रहंनु किनभन्ये त्येसै महीनामां
मिस्र देख निक्लि आइस् अनि मेरो मांसु कोई रित्ते हात् देखाइ न
परोस्. फेरि कटनीको चाड् अर्थात् ज्ये ज्ये खेतमां छर्यिस् तिनको अगौटे १६
फल्को चाड्. फेरि अन्नभित्र्याइंको चाड् अर्थात् बर्षको अन्तमां जब
आफ्ना बालिनालि खेत् देखि बटुलि सकिस्। बर्षदिन्मां तीन् खेप् तेरा १७
सब्बै पुरुषहरु प्रभु यहूवको मांसु देखाइ पर्नु॥

मेरो बलिदान्को रगत् खमीरे रोटी सङ्ग न चढ़ाउंनु न मेरो चाड्को १८
बोसो रात् भरि बिहान् सम्म रहोस्। आफ्नु जिमीन्को अगौटे फल्मांको १९
पहिलो चइं फल आफ्नु ईश्वर यहूवको घरमां ल्याउंनु। बाख्राको पाठा
त्येस्को माऊको दुध्मां न पकाउंनु॥

(नियम् स्थापित् गर्नु)

२० हेर् मं येउटा दूतलाइ तेरो अघि अघि पठाउंद कु बाटोमां तेरो रक्षे
२१ गर्नुलाइ अनि तंलाइ मैले तियार् पार्येको ठांउमां पुऱ्याउंनुलाइ। उस्को
सांमु चंख रह् अनि उस्को कुरा सुन् उस्को विरुद्ध न गर्. किनभन्ये उस्ले
२२ तिमिहरुको अपराध् क्षमा गर्दैन कसोगरिभन्ये मेरो नांउ उस्मां छ। तर
सांचिसांचने उस्को कुरो सुनिस् अनि जे जे मं भन्छु ति गरिस् भन्ये मं
२३ तेरा सत्रुहरुको सत्रु अनि तेरा बैरीहरुको बैरी हुंछु। कसोगरिभन्ये मेरो
दूतले तेरो अघि अघि गयेर तंलाइ एमोरी हित्तौ पारिज्जी कनानी हिव्वी र
२४ यबूसीहरुकां पुऱ्याउंछ. अनि मं तिनिहरुलाइ काटि दिंछु। तिनिहरुका
देवताहरुलाइ दण्डवत् न गर् न तिनको सेवा गर् न तिनिहरुको काम्
अनुसार् गर्. तर तिनिहरुलाइ स्यांट्टै उल्टाइ दियेस् अनि तिनिहरुका
२५ मुड्काहरु टुक्रै टुक्रा पार्येस्। तर तिमिहरुले आफ्नु ईश्वर् यहूवको सेवा
गर्नु त उस्ले तेरो अन्नपानीमां आशीष् दिंछ अनि मं तिमिहरुको बीच् देखि
२६ बेथा लैजांकु। तेरो देसमां कोई गर्भ तुहाउंने कि बांझी हुंदैन. मं तेरो आयू
२७ पूरो गर्छु। मं आफ्नु भय् तेरो अघि अघि पठाउंछु अनि तं जत्ति लोगकां
जांछस् ति सबैलाइ मं नास् पार्छु अनि मं तेरा सबै सत्रुहरुको पिठिउं तं
२८ तिर फर्काउंने गराउंछु। फेरि मं तेरो अघि अघि बर्च्छिउं पठाउंछु तिनिहरुले
२९ हिव्वी कनानी र हित्तीहरुलाइ तेरो सांमु देखि धपाइ दिंछन्। मं
तिनिहरुलाइ तेरो सांमु देखि एकै वर्षमां धपाउंदौंन होइन भन्ये ता देस्
३० उजार् होला अनि बनका पशुहरु तेरो विरुद्धमां बढ़नन्। मं तिनिहरुलाइ
तेरो सांमु देखि अलि अलिगरि धपाउंछु तैंले फलवन्त भइ देसलाइ
३१ आफ्नु अधिकारमां न पारुंज्याल् सम्म। अनि मं तेरा सिमांना लाल् समुन्द्र
देखि येसो पलिश्तीहरुको समुन्द्र सम्म अनि बन् देखि येसो महानदी सम्म
ठहराउंछु. कसोगरिभन्ये मं देसका बासीहरुलाइ तिमिहरुको तावेमां पारि
३२ दिंछु अनि तैंले तिनिहरुलाइ आफ्नु सांमु देखि धपाउंछस्। न तिनिहरु
सित न तिनिहरुका देवताहरु सित बाचा बांध्नु। ति तेरो देसमां न बसुन्
होइन भन्ये ता तिनले तंलाइ मेरो विरुद्धमां पाप् गर्नु लगाउंछन्. किनभन्ये
तिनका देवताहरुको सेवा गरिस् भन्ये निस्से यो तेरो लागि पासो हुंछ॥

२४ १ फेरि उस्ले मूसालाइ भन्यो तं हारून् नादाब् र अबीहू अनि
इस्राएलका प्राचीनहरुमांका सत्तरी जना यहूवे पांइ चढ़ि आव अनि टाढो
२ बाटा दण्डवत् गर. अनि मूसा मांत्रे यहूवे निर आवस् तर तिनिहरु चहं
३ नजिक् न आउन् न लोग् त्यो सङ्ग चढ़ि आउन्। तब मूसाले आयेर लोग्
लाइ यहूवका सबै कुरा र सबै नियाहरु सुनायो. तब सबै लोगले एकै
४ शब्दले उत्तर् दिइ भन्ये यहूवले भन्येका सबै कुरा हांमिहरु गर्छौं। त
मूसाले यहूवेका सबै कुरा लेख्यो अनि बिहान सखारै उठेर पर्वत् मुनि
येउटा बेदि र इस्राएलका बाह्रै कुल् अनुसार् बाह्रवटा मुड्का उभ्यायो।

अनि त्येस्ले इस्राएल्बंशीहरुमांका जुवान्हरुलाइ पठायो अनि तिनिहरुले ५
यह्वेको लागि होम्बलि र गोरुहरुको मिलाप् बलिदान् चढ़ाये। तब मूसाले ६
आधा रगत् लियेर भांड़ाहरुमां हाल्यो अनि आधा चइं रगत् बेदिमां छर्क्यो।
वहांदेखि नियम्को पोस्तक् लियेर लोग्ले सुन्नेगरि पर्‍यो. तब तिनिहरुले ७
भन्ये यह्वेले भन्येका सबै कुरा हांमिहरु गर्छां अनि मान्छौं। तब मूसाले ८
रगत् लियेर लोग् मांथि छर्क्यो अनि भन्यो यह्वेले सबै कुराको विषय्मां
तिमिहरु सित बांध्येको नियम्को रगत् हेर। तब मूसा हारून् नादाब् ९
अबीहू र इस्राएल्का प्राचीन्हरुमांका सत्तरी जनाले मांथि चढ़ि गयेर
इस्राएलको ईश्वर्को दर्शन् पाये अनि उस्का चरण् मुनि नील्मणिको चौतरा १०
जस्तो थियो अनि अकाशै जस्तो छर्लङ्ग पर्‍येको थियो। तरैपनि उस्ले ११
इस्राएल्बंशीहरुका मालिक्हरु मांथि हात् पसार्‍येन. तर तिनिहरुले ईश्वर्को
दर्शन् पाइ खांद पीउंद थिये॥

अनि यह्वेले मूसालाइ भन्यो मं थांइ पर्बत्मां चढ़ि आयेर यहां रह्. १२
मं तंलाइ मं आफैले लेख्येका आज्ञा र व्यवस्थाहरुको ढुंगाका पाटी दिंछु
तैंले तिनिहरुलाइ सिकाउंनुको लागि। त मूसा त्येस्को सेवाइते यहोशूअ १३
समेत् उठ्यो. अनि मूसा चइं ईश्वर्को पर्बत्मां चढ़ि गयो। अनि त्येस्ले १४
प्राचीन्हरुलाइ भन्यो हांमिहरु तिमिहरु थांइ फर्कि न आउंज्याल् सम्म
यिहीं हांमिहरुको लागि पर्खि बस. अनि हेर हारून् र हूर् तिमिहरु सङ
छन्. कसैको फिरात् छ भन्ये तिनिहरुकां जावस्। तब मूसा पर्बत्मां चढ़ि १५
गयो अनि बादल्ले पर्बत् छोप्यो। तब यह्वेको महिमा सीनै पर्बत् मांथि १६
रह्यो अनि बादल्ले त्यो छ दिन सम्म छोपि रह्यो. तब सातौं दिन्मां उस्ले
मुसालाइ बादल्को बीच् देखि बोलायो। अनि इस्राएल्बंशीहरुको दृष्टिमां १७
यह्वेको महिमा पर्बत्को थाप्लिमां भस्म पार्ने आगो जस्तो देखाहा पर्‍यो।
त मूसा बादल्को बीच्मां पसि पर्बत्मां चढ़ि गयो. अनि मूसा पर्बत्मां १८
चालीस् दिन् र चालीस् रात् रह्यो॥

(पवित्रबास् त्येस्का सार्दाम् समेत्को बिषय्मां सिकाउंनु)

अनि यह्वेले मूसालाइ भन्यो इस्राएल्बंशीहरुलाइ भन् मेरो २५ १
लागि भेटि ल्याउन् (जति आफनु इच्छेले दिंनु खोजद छन् त्येति ति सबै
देखि मेरो भेटि लेव।) अनि ज्ये भेटि तिमिहरुले तिनिहरु देखि लेऔला ३
यिनै हुन् अर्थात् सुन् चांदी र पीतल् नीलो बैगुने र सिंदुरे र मसीनो ४
पाट्कपरा र बाख्राका रऊं अनि सांड्भेंड़ाको रातो रंगायेका छालाहरु ५
र सूइस्का छालाहरु र बबूल्काठ् अनि उज्यालोको लागि तेल् र ६
अभिषेक् गर्न तेल् र धूप्को लागि सुगन्धद्रव्य अनि एपोद् र चप्रास्को ७
लागि सुलैमानी जातढुंगा र जड़नुको लागि मणि। अनि तिनले मेरो लागि ८
येउटा पवित्रस्थान् बनाउन् र तिनको बीच्मां बास् गरुं। जस्तो मं तंलाइ ९

देखाउंद कु अर्थात् बासस्थानको नपना र त्येका सबै सादीमको नपना त्येले तिमिहरुले त्यो बनाव ॥

१० अनि तिनिहरुले बबूलकाठको येउटा सम्पट् बनाउन्. त्येको लंमइ
११ अढ़ाई हात् र त्येको गज् डेढ़ हात् र त्येको अलगेइं डेढ़ हात्। अनि त्यो
निखरा सुनले मोहोरनु अं त्यो भित्र बाइर मोहोरनु अनि त्येसमां रिंगे
१२ सुनको बिट् बनाउंनु। अनि त्येको लागि सुनका चारवटा कड़ा ढाल्येर
त्येका चारै खुट्टामां लगाउंनु दुवटा कड़ा एका पट्टि अनि दुवटा कड़ा अर्का
१३ पट्टि होउन्। फेरि बबूलकाठका डांड़ीहरु बनायेर ति सुनले मोहोरनु।
१४ अनि ति डांड़ीहरु सम्पटका दुवै पट्टिका कड़ाहरुमां त्यो बोकनुलाइ हालनु।
१५ ति डांड़ीहरु सम्पटका कड़ा कड़ैमां रहुन्. ति त्येस् देखि न लगीउन्।
१६ अनि जुन् सात्तीपाटी मं तंलाइ दिंकु त्यो त्येइ सम्पटमां राखनु। फेरि
१७ निखरा सुनको येउटा प्रायश्चित्ते[1] बनाउंनु. त्येको लमइ अढ़ाई हात् गज्
१८ डेढ़ हात्। अनि सुनका दुवटा करूवहरु बनाउंनु. ति कमायेर बनाउंनु
१९ प्रायश्चित्तेको दुवै कुंडमां। एक करूव एक कुंडमां अनि अर्को करूव अर्को
कुंडमां बनाउंनु. ति करूवहरु प्रायश्चित्तेमां त्येको दुइ कुंडमां बनाउंनु।
२० अनि ति करूवहरुले आफ्ना आफ्ना पखेटा ऊंभो तिर फिंजाउन् पखेटाले
प्रायश्चित्ते मांथि छाया पार्नगरि करूवहरुको मुख सांमु सांमु भइ प्रायश्चित्ते
२१ तिर फर्क्यका होउन्। अनि प्रायश्चित्ते सम्पट् मांथि राखनु अनि जुन्
२२ सात्तीपाटी मं तंलाइ दिंकु त्यो सम्पट् भित्र राखनु। अनि त्यहां मं नं सित
भेट्ने गर्कु अनि इस्राएलवंशीहरुको लागि जक्ति आज्ञाहरु मं तंलाइ दिंकु
सबैको बिषयमां मं प्रायश्चित्ते मांथि बाटो ति सात्तीपाटीको सम्पट् मांथि
हुंने दुइ करूवहरुको बीच् बाटो तं सित बात् गर्ने गर्कु ॥

२३ फेरि बबूलकाठको येउटा मेज् बनाउंनु. त्येको लंमइ दुइ हात् गज्
२४ एक हात् र अलगेइं डेढ़ हात्। त्यो निखरा सुनले मोहोरनु अनि त्येको
२५ रिंगे सुनको येउटा बिट् बनाउंनु। अनि त्येको लागि रिंगे चार अंवल् गज्
२६ भयेको येउटा पाता बनाउंनु अनि पाताको रिंगे सुनको येउटा बिट् बनाउंनु।
अनि त्येको लागि सुनका चारवटा कड़ा बनायेर ति कड़ाहरु त्येका चारै
२७ खुट्टाका चारै कुनामां लगाउंनु। ति कड़ाहरु मेज् बोकने डांड़ीहरुको लागि
२८ घर हुंनुलाइ ति पाता निर होउन्। अनि ति डांड़िहरु बबूलकाठका
२९ बनायेर सुनले मोहोरनु र मेज् तिनैले बोकीगोस्। अनि त्येका थालहरु
३० र धुपौराहरु र सुरहीहरु र खन्याउंनुको लागि कटौराहरु सबै निखरा सुनका
बनाउंनु। अनि तैंले मेजमां सदा मेरो सांमु भेटिरोटी राखनु ॥

३१ फेरि तैंले निखरा सुनको येउटा पांनम् बनाउंनु. त्यो पांनम् कमायेर
बनाईगोस् त्येका बैठक् डांका समेत्. त्येका कोपीलाहरु गांठाहरु र
३२ फूलहरु सबै उइ येउटै टुकरा देखि होउन्. अनि त्येका दुवै पट्टि बाटो

[1] अथवा क्रिपाबैठक्।

छवटा हांगा निक्लुन् तीन्वटा हांगा पांनस्को एका पट्टि बाटो अनि
तीन्वटा हांगा आर्को पट्टि बाटो. एक् हांगामां बादाम्को फूल् जस्तो ३३
तीन्वटा कोपीला येउटा गांठा र येउटा फूल् गरि होउन् अनि अर्को
हांगामां पनि बादाम्को फूल् जस्तो तीन्वटा कोपीला येउटा गांठा र
येउटा फूल गरि. पांनस् देखि निक्ल्येका ति छवै हांगाका येस्तै होउन्.
अनि पानस्मां बादाम्को फूल् जस्तो चार्वटा कोपीला आफ्नु आफ्नु ३४
गांठा र फूल् समेत् होउन्. अनि पांनस् देखि निक्ल्येका छवटा ३५
हांगाहरुमांका दुवटा हांगा मुनि एक् गांठा उइ येउटै टुक्रा देखि हवस्
फेरि अर्को दुवटा हांगा मुनि एक् गांठा उइ येउटै टुक्रा देखि फेरि पनि
अरु दुवटा हांगा मुनि एक् गांठा उइ येउटै टुक्रा देखि हवस्। तिनका ३६
गांठा र हांगाहरु उइ येउटै टुक्रा देखि होउन्. सिंगै पांनस् निखरा
सुन्को उइ येउटै टुक्राको कमायेको हवस्। अनि त्येस्का दीयाहरु ३७
सात्वटा बनाउंनु अनि त्येस्का दीयाहरु त्येस्को सांमु उज्यालो दिंनुलाइ बालि
राख्नु। अनि त्येस्का चिम्टाहरु अझेरुदानि सबै निखरा सुन्का होउन्। त्यो यि ३८ ३९
सबै सादाम् समेत् एक् तोड़ा निखरा सुन्को बनीओस्। अनि हेर् तंलाइ ४०
पर्वत्मां देखाईयको नपना अन्सार् बनाउंनु॥

फेरि बास्स्थान् दस्वटा पाटाको बनाउंनु ति मसीनो बाट्येको २६ १
पाट्कपराको र नीलो बैगुने र सिंदुरेको सिपालु बुट्टा काढ्नेको काम्ले
करुब्हरु भयेका बनाउंनु। एक् पाटाको लंमइ अठाईस् हात् अनि गज् चार् २
हात्को हवस्. सबै पाटा एकै नाप्का होउन्। पांच् पाटा एका अर्का सङ ३
गांसाउन् अनि अरु पांच् पाटा पनि एका अर्का सङ गांसीउन्। अनि ४
पहिलो गांसायेको पर्दाको छेउचइंका पाटाको छेउ छेउमां नीलाको घुंड़िघर्
बनाउंनु अनि त्येसैगरि अर्को गांसीयेको पर्दाको छेउचइंको पाटाको छेउ
छेउमां पनि बनाउंनु। एक् पर्दामां पचास्वटा घुंड़िघर् बनाउंनु अनि अर्को ५
गांसीयेको पर्दाको छेउचइंको पाटाको छेउ छेउमां पनि पचास्वटा घुंड़िघर्
बनाउंनु. ति घुंड़िघर्हरु एका अर्काको सांमु सांमु होउन्। अनि सुन्का ६
पचास्वटा घुंड़िहरु बनायेर पर्दाहरु एका अर्का सङ ति घुंड़िहरुले जोर्नु र
येसोरि बास्स्थान् एक् होइ जावस्। अनि बास्स्थान् मांथि येउटा पाल्को ७
लागि बाख्राका रऊंका पाटाहरु अर्थात् एघारवटा पाटाहरु बनाउंनु। गोटै ८
पिच्छे पाटाको लंमइ तीस् हात् अनि गज् चार् हात्को हवस्. ति एघारैवटा
पाटा एकै नाप्का होउन्। अनि पांच् पाटा एक् सङ् अलग् फेरि छ पाटा ९
एक् सङ् अलग् गांस्नु अनि छैठो चइं पाटा पाल्को अघिल्तिर दोब्याउंनु।
अनि पहिलो गांस्येको पर्दाको छेउचइंको पाटाको छेउ छेउमां पचास्वटा १०
घुंड़िघर् बनाउंनु अनि अर्को गांस्येको पर्दाको छेउचइंको पाटाको छेउ छेउमां
पनि पचास्वटा घुंड़िघर् बनाउंनु। फेरि पीतल्का पचास्वटा घुंड़ि बनाउंनु ११
अनि घुंड़िहरु घुंड़िघर्मां लगायेर पाल्लाइ जोर्नु त्यो एकै पार्नुलाइ।
अनि पाल्का पर्दाहरुका उब्येको झुंडि रह्येको भाग् अर्थात् उब्येको आधा १२

१३ पर्दा चइं बास्स्थान्को पछिल्तिर झुंडि रहोस्। अनि पाल्का पर्दाहरुको
लंमइमांको उब्येको हात्भरि येता तिर अनि हात्भरि उता तिर बास्स्थान
१४ ढाक्नुको लागि त्येस्का दुवै छेउ छेउमां झुंडीइ रहुन्। फेरि पाल्को लागि
सांड्भड़ाको रातो रंगायेका छालाहरुको येउटा छाना बनाउंनु अनि त्येस्
मांथि सूइस्का छालाहरुको अर्को येउटा छाना बनाउंनु ॥
१५ अनि बास्स्थान्को लागि बबूल्काठ्का फल्याक्हरु उभ्याउंनुको
१६ लागि बनाउंनु। एक् एक् फल्याक्को लंमइ दस् हात् अनि गज् डेढ्
१७ हात्को हवस्। एक् ए फल्याक्मां दुइ दुइवटा चूर्हरु होउन् एका अर्का
१८ सङ जोरीयेका. बास्स्थान्का सब्बै फल्याक्हरु येसैगरि बनाउंनु। त
बास्स्थान्को लागि फल्याक्हरु बनाउंनु दक्खिन् पट्टिको दक्खिने छेउको
१९ लागि बीस्वटा फल्याक् होउन्। अनि बीसै फल्याक्को तल चांदीका
चालीस्वटा चूर्घर् बनाउंनु एक् फल्याक्को तल त्येस्का दुवै चूर्हरुको लागि
दुवटा चूर्घर् अनि अर्को फल्याक्को तल त्येस्का दुवै चूर्हरुको लागि
२० दुवटा चूर्घर्. अनि बास्स्थान्को अर्को पट्टि अर्थात् उत्तर् पट्टिको लागि
२१ बीस्वटा फल्याक्. अनि तिनका चांदीका चालीस्वटा चूर्घर् एक्
फल्याक्को तल दुवटा चूर्घर् अनि अर्को फल्याक्को तल दुवटा चूर्घर्
२२ अनि बास्स्थान्को पच्छिउं तिर पछाड़ि पट्टिको लागि छवटा फल्याक्
२३ बनाउंनु। अनि पछाड़ि पट्टि बास्स्थान्का कुंनाहरुको लागि दुवटा फल्याक्
२४ बनाउंनु। अनि ति दुवै तल देखि खप्टीयेका होउन् अनि येसोरि मांथि
सिरान् सम्म एक् कड़ामां जोरीउन्. येसोरि दुवैको लागि हवस्. ति दुवै
२५ कुंनाको लागि होउन्। त ति आठ्वटा फल्याक् होउन् अनि तिनका
चांदीका सोह्रवटा चूर्घर् होउन् एक् फल्याक्को तल दुवटा चूर्घर्।
२६ अनि अर्को फल्याक्को तल दुवटा चूर्घर्। फेरि बबूल्काठ्का साटाहरु
बनाउंनु बास्स्थान्को एका पट्टिका फल्याक्हरुको लागि पांच्वटा
२७ अनि बास्स्थान्को अर्का पट्टिका फल्याक्हरुको लागि पांच्वटा साटा
अनि बास्स्थान्को पच्छिउं तिर पछाड़ि पट्टिका फल्याक्हरुको लागि
२८ पांच्वटा साटा। अनि फल्याक्हरुको मांझमां हुंने बीच्को चंइ साटा एका
२९ उ देखि अर्का छेउ सम्म पुगोस्। अनि फल्याक्हरु सुन्ले मोहोर्नु अनि
साटाहरुको घर्को लागि तिनका कड़ाहरु सुन्का बनाउंनु अनि साटाहरु
३० पनि सुन्ले मोहोर्नु। अनि बास्स्थान् तंलाइ पर्वत्मां देखाईयेको
हिसाप् अन्सार उभ्याउंनु ॥
३१ फेरि नीलो बैगुने सिंदुरे र मसीनो बाढ्येको पाट्कपराको येउटा पर्दा
३२ बनाउंनु. त्यो सिपालु बुट्टा काढ्नेको काम्ले कसबहरु भयेका बनाउंनु। त्यो
सुन्ले मोहोर्येको बबूलकाठ्का चार्वटा खांबामां झुंड्याउंनु तिनका
३३ आंकुसहरु सुन्का होउन् चांदीका चार्वटा चूर्घर् मांथि। अनि पर्दा
घुंड़िहरु मुनि झुंड्याउंनु वहांदेखि पर्दाको भित्र साक्षीपाटीको सम्पट् येता
ल्याउंनु अनि त्यो पर्दाले तिमिहरुको लागि पवित्रस्थान्लाइ महापवित्रस्थान्

देखि अलग् गरोस् । अनि महापवित्रस्थान्मां साल्तीपाटीको सम्पट् मांथि ३४
प्रायश्चित्ते चइं राख्नु । अनि पर्दाको बाहिर पट्टि मेज् राख्नु अनि बास्स्थान्को ३५
दक्खिन् पट्टि मेजको सांमु पांनस् चइं राख्नु . अनि मेज् चइं उत्तर् पट्टि
राख्नु । अनि डेराको दैलोको लागि नीलो बैगुने सिंदुरे र मसीनो बाटेयको ३६
पाट्कपराको बुट्टा काढ्नेको काम् भयेको येउटा पर्दा बनाउंनु । यैस् पर्दाको ३७
लागि बबूल्काठ्को पांच्वटा खांबा बनाउंनु अनि ति सुन्ले मोहोर्नु
तिनका आंकुसेहरु सुन्का होउन् . अनि तिनिहरुको लागि पीतल्का
पांच्वटा चूर्घर् ढाल्नु ॥

अनि बबूल्काठ्को पांच् हात् लंमइ र पांच् हात् गज्को येउटा २७१
बेदि बनाउंनु बेदि चार्कुंने हुवस् . अनि त्येस्को अल्गेइं तीन् हात्को
हुवस् । अनि त्येस्का चारै कुंनामां चार्वटा सींग् बनाउंनु त्येस्का सींग् उइ २
येउटै टुक्रा देखि होउन् . अनि त्यो पीतल्ले मोहोर्नु । अनि त्येस्को ३
खांनि उठाउंनुको लागि भांड़ाहरु र बेल्चाहरु र कटौराहरु र कांटाहरु र
आगोका धुपौराहरु बनाउंनु . त्येस्का सबै सादामै पीतल्का बनाउंनु । अनि ४
त्येस्को लागि पीतल्को जाल्को येउटा झिंझ्रि बनाउंनु अनि जाल् मांथि
त्येस्का चारै कुंनामां पीतल्का चार्वटा कड़ा लगाउंनु । अनि यो चइं बेदिको ५
तल चारै पट्टिको बिट् मुनि राख्नु र जाल् बेदिको मांझ सम्म पूगोस् ।
अनि बेदिको लागि डांड़ि अं बबूल्काठ्का डांड़ि बनाउंनु अनि ति पीतल्ले ६
मोहोर्नु । अनि त्येस्का डांड़ि कड़ामां हालौउन् त्यो उठाउंदाखेरि ति डांड़ि ७
बेड़िको दुवै पट्टि होउन् । त्यो फल्याक्को खोक्रे बनाउंनु पर्बत्मां तंलाइ ८
देखाईयेको जस्तो त्यो तिनिहरुले बनाउन् ॥

फेरि बास्स्थान्को आघन् बनाउंनु . त्येस्को दाँक्खर् तिरको दक्खिन् ९
पट्टिको लागि आघन्का पर्दाहरु मसीनो बाटेयका पाट्कपराका होउन् एक्
पट्टिको लागि एक् सै हात् लांमो . अनि तिनका खांब्राहरु बीस्वटा अनि १०
तिन्का चूर्घर्हरु पनि बीस्वटा पीतल्का होउन् तर खांब्राका आंकुसेहरु
र तिनका जोर्नेहरु चइं चांदीका होउन् । अनि त्येसैगरि उत्तर् पट्टिको लागि ११
पनि लंमहमां सै हात् लांमा पर्दा होउन् अनि तिनका खांब्राहरु बीस्वटा
अनि तिनका चूर्घर्हरु बीस्वटा होउन् सबै पीतल्का तर खांब्राहरुका
आंकुसेहरु र तिनका जोर्नेहरु चइं चांदीका होउन् । फेरि आघन्को गज्को १२
लागि पच्छिउं पट्टि पचास् हात्का पर्दाहरु होउन् . तिनका खांब्राहरु दस्वटा
र तिनका चूर्घर्हरु दस्वटा । अनि आघन्को गज् पूर्व तिरको पूर्व पट्टि १३
पचास् हात्को हुवस् । अनि दैलोको एक् पाट्का लागि पन्द्रह् हात्का १४
पर्दा होउन् . तिनका खांब्राहरु तीन्वटा र तिनका चूर्घर्हरु तीन्वटा
अनि अर्का पट्टिको लागि पन्द्रह् हात्का पर्दा होउन् . तिनका खांब्राहरु १५
तीन्वटा र तिनका चूर्घर्हरु तीन्वटा । अनि आघन्को दैलोको लागि १६
नीलो बैगुने र सिंदुरे र मसीनो बाटेयको पाट्कपराको बुट्टा काढ्नेको
कामको येउटा पर्दा हुवस् . तिनका खांब्राका चार्वटा र तिनका चूर्घर्हरु

१७ चारवटा । आघनको चारै पट्टिका सबै खांबाहरु चांदीले जोगीयेका होउन्
१८ तिनका आंकुसे चांदीका र तिनका चूरघरहरु पीतलका । आघनको लंमइ
सै हातको अनि त्येको गज् सबै ठांउमां पचास् हातको अनि त्येको
अलगैं पांच् हातको हवस् मसीनो बाटेको पाटकपराको र तिनका
१९ चूराघरहरु पीतलका । बासस्थानको सबै सेवागराईका सबै सादाम् र त्येका
सबै कोलाहरु र आघनका सबै कोलाहरु पीतलका होउन् ॥
२० अनि तैंले इस्राएलवंशीहरुलाइ आज्ञा दिनु तिनिहरुले उज्यालोको
लागि कुटेको भद्दातेको निखरा तेल तेरां ल्याउन् र दीयो नित्ये
२१ बलने गरोस् । भेट् हुने डेरामां साक्षीपाटीको सांमु भयेको पर्दा देखि
बाहिर हारुन् र त्येका छोराहरुले त्यो सांझ् देखि बिहान् सम्म यहोवाको
सांमु सच्याउने गरुन् . यो इस्राएलवंशीहरुको लागि तिनका पुस्ता पुस्ता
सम्मलाइ सनातनका बिधि हवस् ॥

(पूजाहारीहरु स्थापन्गराईने आज्ञा)

२८ १ अनि तैंले इस्राएलवंशीहरुको बीच् देखि आफ्नु दाज्यु हारुनलाइ
र त्येका छोराहरुलाइ आफु पांइ ल्या र त्येस्ले मेरो लागि पूजाहारीगिरिको
सेवा गरोस् भं हारुन् त्येका छोराहरु नादाब् अबीहू एलाजार् र इतामार्ले ।
२ अनि आफ्नु दाज्यु हारुनको लागि महिमा र शोभाको हुंनुलाइ
३ पवित्र बस्त्र बनाउंनु । अनि जत्ति ज्ञानीहरु छन् जस् जसलाइ मैंले ज्ञानको
आत्माले परिपूर्ण पार्येको छु तिनलाइ भन्नु र तिनिहरुले हारुनका बस्त्र
त्येलाइ पवित्र गर्नुलाइ बनाउन् त्येस्ले मेरो लागि पूजाहारीगिरिको सेवा
४ गर्नका लागि । अनि तिनले बनाउंनु पर्ने बस्त्र यिने हुन् अर्थात् चप्रास् र
एपोद् र डोरा र चारखांम कांचुर पगरी र पटुका . त तिनले मेरो दाज्यु
हारुन् र त्येका छोराहरुको लागि पवित्र बस्त्र बनाउन् त्येस्ले मेरो लागि
५ पूजाहारीगिरिको सेवा गर्नुको लागि । अनि तिनिहरुले ति सुन् नीलो
बैगुने सिंदुरे र मसीनो पाटकपरा लिउन् ॥
६ त तिनिहरुले सुन् नीलो बैगुने सिंदुरे र मसीनो बाटेको पाटकपराको
७ एपोद् बनाउन् सिपालु बुट्टा काढ्नेको काम् भयेको । त्येका दुवै छेउ छेउमां
८ दुवै कांधबन्धन् गांस्येका होउन् त्यो गांसानुलाइ । फेरि त्येस् मांथि भयेको
त्यो ब्राम्हनुलाइ बुट्टा काढ्येको पटुका त्येको बनाई जस्तो र उइ येउटै
टुक्राको हवस् . त्यो सुन् नीलो बैगुने सिंदुरे र मसीनो बाटेको
९ पाटकपराको हवस् । अहांर ख दुवटा सुलैपानो मणि ल्याएर तिनमां
१० इस्राएलवंशीहरुका नांउहरु खोप्नु . येउटा मणिमां तिनिहरुका नांउमांका
छवटा अनि अर्को मणिमां तिनिहरुका रहेका छवटा नांउ तिनिहरुको
११ जन्म जन्म अनुसार् । मणिखोपाईको काम् जसोरि मोहर् खोपींद छ
त्येसैगरि ति दुवै मणिमां खोप्नु इस्राएलवंशीहरुका नांउ अनुसार् . ति

सुन्का घर्मां जड़नु लगाउंनु । अनि ति दुवै मणि एपोद्को कांध्बन्धन्मां १२
लगाउंनु ति इस्राएल्बंशीहरुको लागि सम्झाठे मणि हुंनुलाइ . त हारून्ले
तिनका नांउ यह्वेको सांमु आफ्ना दुवै काध्मां सम्झनाको लागि
बोक्ने गरोस् ॥

अनि सुन्को मणिघर् बनाउंनु . अनि निखरा सुन्का दुवटा सिक्रि १३ १४
ति डोरी जस्तो बाट्येको बनाउंनु अनि ति बाट्येका सिक्रि ति घर्हरुमां
लगाउंनु । वहांदेखि नियाको चप्रास् सिपालु बुट्टा काढ्नेको काम्को बनाउंनु १५
एपोद्को बनाई जस्तो त्यो पनि बनाउंनु अर्थात् सुन् नीलो बैगुने सिंदुरे र
मसीनो बाट्येको पाट्कपराको । त्यो चार्कुने अनि दोहोरा हवस् त्येस्को १६
लंमइ एक् बित्ता र गज् एक् बित्ताको हवस् । अनि त्येस्मां मणि जड़नु १७
माणिक्य चार् लहर् गरि लगाउंनु पहिलो लहर् माणिक्य पुख्राज् र
लाल्ड़ीको लहर् हवस् अनि दोस्रो लहर् मर्कत् नील्मणि र हीराको १८
अनि तीस्रो लहर् लशम् सूर्य्यकान्त र नीलम्को अनि चौथो लहर् १९ २०
फीरोजा सुलैमानी र यशब्को हवस् . यि सबै सुन्का घर्हरुमां जड़ीउन् ।
अनि ति मणिहरु इस्राएल्बंशीहरुका नांउ अन्सार् अं तिनका नांउ अन्सार् २१
बाह्रवटा होउन् मोहर्को खोपाई भयेको अन्सार् ति बाह्र कुल्को लागि
होउन् गोटै पिच्छे त्येस्को नांउ अन्सार् । फेरि चप्रास्मां डोरी जस्तो २२
बाटीयेको निखरा सुन्को सिक्रि बनाउंनु । अनि चप्रास्मां सुन्का दुवटा २३
मुन्द्री बनाउंनु अनि द्रवै मुन्द्री चप्रास्का दुवै छेउमां लगाउंनु । अनि सुन्का २४
बाटीयेका दुवटा सिक्रि चप्रास्को छेउ छेउमां भयेका ति दुइ मुन्द्रीमां
लगाउंनु । अनि बाटीयेका दुवै सिक्रिका अर्को दुइ छेउ छेउ ति दुवै २५
मणिघर् जोरीयेर एपोद्का कांध्बन्धन्मां त्येस्को सांमु पट्टि लगाउंनु ।
फेरि सुन्का दुवटा मुन्द्री बनायेर चप्रास्का दुवै छेउमां एपोद् पट्टि २६
लाग्नेको भित्र पट्टि बिट्मां लगाउंनु । फेरि सुन्का दुवटा मुन्द्री बनायेर २७
एपोद्का दुवै कांध्बन्धन्मां मुनि बाटो त्येस्को सांमु पट्टि र त्येस्को जोर्नी
निर एपोद्को बुट्टा काढ्येको पठुका मांथि लगाउंनु । अनि चप्रास् त्येस्का २८
मुन्द्रीहरुको बाटोले एपोद्का मुन्द्रीहरुमां नीलो सेप्टिले येस्तोरि बांधन्
त्यो एपोद्को बुट्टा काढ्येको पठुकामां रहोस् र चप्रास् एपोद् देखि सर्नु न
पावस् । अनि जब जब हारून् पवित्रस्थान्मां पस्ला तब तब त्येस्ले नियाको २९
चप्रास्मां आफ्नु हिर्दय् मांथि इस्राएल्बंशीहरुका नांउ बोकोस् यह्वेको
सांमु नित्ये सम्झनाको लागि । अनि तैंले नियाको चप्रास्मां ऊरीम् र ३०
तुम्मीम्[1] राख्नु अनि जब जब हारून् यह्वेको सांमु पस्ला तब तब ति त्येस्को
हिर्दय् मांथि होउन् . अनि हारून्ले इस्राएल्बंशीहरुको निया आफ्नु
हिर्दय् मांथि यह्वेको सांमु नित्ये बोकोस् ॥

---

[1] अर्थात् ज्योतिहरु र सिद्धहुवाईहरु ।

३१ ३२ फेरि एपोद्को दौरा सिंगै निलोको बनाउंनु। अनि त्येस्को मांझमां
कपाल् हाल्ने छेंड़ हवस्. अनि त्यो छेंड़को रिंगै झिलम्को छेंड़को जस्तो
३३ बुनीयेको बिट् हवस् र त्यो न फटाईओस्। अनि त्येस्को तल फेरोमां चई
रिंगै निलो बैगुन र सिंदुरेका दारीम्हरु बनाउंनु अनि बीच् बीच्मां रिंगै
३४ सुन्का घंटीहरु लगाउंनु. अर्थात् येउटा सुन्को घंटी र येउटा दारीम्
तब फेरि येउटा सुन्को घंटी र येउटा दारीम् गरि दौराको फेरोमां रिंगै
३५ हवस्। अनि त्यो हारून्मां हवस् सेवा गर्नुको लागि. त जब जब त्यो
पवित्रस्थान् भित्र यह्वेको सांमु पस्ला कि बाइर निस्कला तब तब त्येस्को
शब्द सुनींछ र त्यो न मंरोस्॥

३६ फेरि निखरा सुन्को येउटा पत्र बनायेर त्येस्मां मोहर्को खोपायेको
३७ झैं यो कुरो खोप्नु अर्थात् **यह्वेको लागि पवित्र।** अनि त्यो
नीलो सेप्रिमां बांध्नु अनि त्यो पगरीमां बांध्नु अनि त्यो पगरीमां
३८ हवस् पगरीको सांमु पट्टि हवस्। अनि त्यो हारून्को मांथ्मां हवस् र
इस्राएल्वंशीले ज्ये ज्ये पवित्र ठहराउंनन् तिनिहरुका सबै पवित्र भेटिमां
ति पवित्र थोक्हरुको दोष् हारून्ले बोकोस् अनि त्यो नित्ये त्येस्को मांथ्मां
३९ रहंछ र तिनिहरु यह्वेको सांमु ग्रहण् गरीउन्। अनि दौरा चइं मसीनो
पाट्कपराको चार्खाने पर्‍येको बनाउंनु अनि येउटा पगरी पनि मसीनो
पाट्कपराको बनाउंनु अनि बुट्टाकाढ्नेको काम् भयेको येउटा पटुका बनाउंनु।
४० फेरि हारून्का छोराहरुको लागि दौराहरु बनाउंनु अनि तिनिहरुको लागि
पटुकाहरु बनाउंनु अनि तिनिहरुको लागि टोपीहरु बनाउंनु महिमा र
४१ शोभाको लागि। अनि ति आफ्नु दाज्यु हारून् र त्येस्का छोराहरुलाइ
समेत् पहिर्‍याउंनु अनि तिनिहरुलाइ अभिषेक् गर्‍येर स्थापन् गर्नु अनि
तिनिहरुलाइ पवित्र गर्नु र तिनिहरुले मेरो लागि पूजाहारीगिरिको सेवा
४२ गरुन्। अनि तिनिहरुको लागि पाट्कपराको जाङेहरु बनाउंनु तिनिहरुको
४३ नंगेईं ढाक्नुलाइ कम्मर् देखि जाङ् सम्म पुग्ने. अनि जब जब हारून्
कि त्येस्का छोराहरु भेट् हुंने डेरामां पस्नन् कि पवित्रस्थान्मां सेवाको
लागि बेदी छेउ आंउनन् तब तब ति तिनिहरुमां होउन् होइन भन्ये ता
तिनिहरु दोष् बोक्येर मर्नन्. यो त्येस्को लागि र त्येस् पछि त्येस्का
सन्तानको लागि सदाको बिधि हवस्॥

२९ १ अनि तिनिहरुलाइ पवित्र गर्नुलाइ तिनिहरुले मेरो लागि
पूजाहारीगिरिको सेवा गरुन् भन्ये खातिर्ले तैंले तिनिहरुलाइ गर्ने काम्
२ येइ हो. अर्थात् येउटा बाच्छा र दुवटा निष्खोट् थुमा र अखमीरे
रोटी र मछि तेल्मां पोल्येको अखमीरे फुलौरा र तेल् घस्येको अखमीरे बाबर्
३ लिंनु. यि गहूंको अस्सल् पिठोको बनाउंनु। अनि यि येउटा डालोमां
४ हाल्येर त्यो डालो र त्यो बाच्छा र ति दुवै थुमा ल्याउंनु। वहांदेखि हारून् र
त्येस्का छोराहरुलाइ भेट् हुंने डेराको दैला निर ल्यायेर पानीले नुहाउंनु।

अनि ति बस्त्र ल्यायेर हारून्लाइ दौरा एपोद्को क्वांच् र एपोद् र चप्रास् ५
पहिन्याउंनु अनि एपोद्को बुट्टा काढ्यको पटुका त्येस्मां बांध्नु। अनि ६
त्येस्को सिर्मां त्यो पगरी लगाउंनु अनि पगरीमां पवित्र मुकुट् लगाउंनु। तब ७
अभिषेक् गर्ने तेल् लिइ त्येस्को सिर्मां खन्याइ त्येस्लाइ अभिषेक् गर्नु। फेरि ८
त्येस्का छोराहरुलाइ ल्यायेर तिनलाइ दौरा पहिन्याउंनु। अनि तिनलाइ ९
अर्थात् हारून् र त्येस्का छोराहरुलाइ पटुका बांधि दिंनु अनि तिनका
सिर्मां टोपीहरु लगाउंनु. त पूजाहारीगिरि सदाको बिधि गरि तिनिहरुको
हवस्. वहांदेखि हारून् र त्येस्का छोराहरुलाइ स्थापन् गर्नु। अनि त्यो १०
बाच्छालाइ भेट् हुंने डेराको सांमु ल्याउंनु. अनि हारून् र त्येस्का छोराहरुले
बाच्छाको सिर् मांथि आफ्ना आफ्ना हात् राखुन्। अनि त्यो बाच्छा ११
यह्वेको सांमु भेट् हुंने डेराको दैला निर बलि गर्नु। अनि बाच्छाको १२
रगत्मांको लियेर आफ्नु औंलाले बेदिका सीग्हरुमां लगाउंनु अनि अरु
सबै रगत् बेदिको जग्मां खन्याउंनु। अनि आन्द्राहरु ढाक्ने सबै बोसो र १३
कलेजो मांथिको जाला र दुवै मिर्गउला र ति मांथिको बोसो समेत् लियेर
बेदिमां डड़ाउंनु। तर बाच्छाको मांसु र त्येस्को छाला र त्येस्को गोबर् छाउंनी १४
देखि बाइर आगोमां डड़ाउंनु. त्यो पाप्बलि हो। फेरि येउटा थुमा लिंनु र १५
हारून् र त्येस्का छोराहरुले थुमाको सिर् मांथि आफ्ना आफ्ना हात् राखुन्।
अनि थुमालाइ बलि गरि त्येस्को रगत् लियेर बेदिमां रिंगै छर्कनु। अनि त्यो १६ १७
थुमालाइ टुक्रै टुक्रा पार्नु अनि त्येस्का आन्द्राहरु र खट्टाहरु धोयेर
त्येस्का टुक्राहरु र टाउको मांथि राख्नु। अनि त्यो सिंगै थुमा बेदिमां १८
डड़ाउंनु. त्यो यह्वेको लागि होम्बलि हो. त्यो बास्ना हो यह्वेको लागि
अग्निबलिदान् हो। अनि अर्को थुमा लिंनु त हारून् र त्येस्का छोराहरुले १९
थुमाको सिर् मांथि आफ्ना आफ्ना हात् राखुन्। तब थुमालाइ बलि गरि २०
त्येस्को रगत्मांको हारून्को दाहींनो कान्को लोतिमां र त्येस्का छोराहरुका
दाहींनो दाहींनो कान्को लोति लोतिमां अनि तिनका दाहींनो दाहींना
हातका बुड़िऔंला बुड़िऔंलामां र दाहींना दाहींना गोड़ाका बुड़िऔंठा
बुड़िऔंठामां लगाउंनु अनि रगत् बेदिमां रिंगै छर्कनु। फेरि बेदिमां भयेको २१
रगत् र अभिषेक् गर्ने तेल्मांको अलि अलि लियेर हारून् मांथि र त्येस्का
बस्त्रहरु मांथि र त्येस्का छोराहरु मांथि र त्यो सित भयेका त्येस्का छोराहरुका
बस्त्रहरु मांथि छर्कनु. येसैगरि त्यो आफ्ना बस्त्रहरु समेत् अनि त्येस्का
छोराहरु र त्यो सङ भयेका त्येस्का छोराहरुका बस्त्रहरु पवित्र गरीउन्।
तब थुमाको बोसो र पुछरे र आन्द्राहरु ढाक्ने बोसो र कलेजो मांथिको २२
जाला र बोसो समेत् दुवै मिर्गउला र दाहींनो पीड़ो लिंनु किनभन्ये त्यो
चइं पूजाहारी स्थापन् गर्नको थुमा हो. अनि यह्वेको सांमु भयेको अखमीरे २३
रोटीको डालो देखि येउटा रोटी र तेल्मां पोल्येको येउटा फुलौरो र येउटा
बाबर् लियेर. ति सबै हारून्का हातमां र त्येस्का छोराहरुका हातमां राख्नु २४
अनि ति यह्वेको सांमु हल्लाईंने भेटि गरि हल्लाउंनु। अनि ति तिनका २५

हात् देखि लियेर होम्बलि मांथि बेदिमां डड़ाइ दिंनु यह्वेको सांमु बास्ना
२६ हुंनुको लागि. त्यो यह्वेको लागि अग्निहोम् हो। अनि हारून्को
स्थापन्गर्ने थुमाको ह्याक्ला लियेर यह्वेको सांमु हल्लाईने भेटि गरि हल्लाउंनु.
२७ त्यो चइं तेरै भाग् हुंछ। अनि स्थापन्गर्ने थुमा अं हारून्चइंको लागि र
त्येस्का छोराहरुका लागि त्येस्मांको हल्लाईयेको भेटिको ह्याक्लो जो
हल्लाईयेको छ अनि उचालीयेको भेटिक पीड़ो जो उचालीयेको छ यि
२८ दुवै पवित्र गर्नु. अनि हारून् र त्येस्का छोराहरुको लागि इस्राएल्बंशीहरु
देखि सदा दिंनु पर्ने बिधि हवस्. किनभन्ये यो उचालीयेको भेटि हो.
अनि त्यो इस्राएल्बंशीहरु देखि तिनका मिलाप्बलिदान्हरुको उचालीयेको
२९ भेटि हुंछ अं यह्वेको लागि तिनिहरुको उचालीयेको भेटि। अनि हारून्का
जुन् जुन् पवित्र बस्त्र हुंनन् कि त्येस्को पछि त्येस्का छोराहरुको लागि होउन्
३० र तिनिहरु तिनै पहिरिकन अभिषिक्त गरि स्थापित् गरीउन्। त्येस्को
साटोमां पूजाहारीगिरि गर्ने चइं छोरो जब भेट् हुंने डेरामां पवित्रस्थान्मां
३१ सेवा गर्नुलाइ आउला तब सात् दिन् सम्म पहिरोस्। अनि स्थापन् गर्ने
३२ थुमा लियेर त्येस्को मांसु पवित्रस्थान्मां पकाउंनु। वहांदेखि हारून् र त्येस्का
छोराहरुले त्येस् थुमाको मांसु र डालोमां भयेको रोटी भेट् हुंने डेरा निर
३३ खाउन्। अनि जुन् जुन् थोक् तिनको स्थापन् र पवित्र गर्नुको लागि
प्रायश्चित्त गरीयेको थियो ति तिनिहरुले खाउन्. तर पर्देसीले न खावस्
३४ किनभन्ये ति पवित्र हुन्। अनि स्थापन्गर्नेको मांसु कि रोटीमांको क्येइ
बिहान् सम्म उब्न्यो भन्ये त्यो उब्न्येको आगोमां डड़ाउंनु. त्यो न खाईओस्
३५ किनभन्ये त्यो पवित्र छ। अनि मैले तंलाइ दियेका सबै आज्ञा अन्सार्
हारून् र त्येस्का छोराहरुलाइ गर्नु. तिनिहरुलाइ सात् दिन् सम्म स्थापन्
३६ गर्दै रहंनु। त पाप्बलिको बाच्छा प्रायश्चित्तको लागि दिनहूं चढ़ाउंनु. अनि
जब त्येस्को लागि प्रायश्चित्त गर्लास् तब पवित्र गर्नुको लागि त्यो अभिषेक्
३७ गर्नु। सात् दिन् सम्म बेदिको लागि प्रायश्चित्त गरि त्यो पवित्र गर्दै
रहंनु त बेदि महापवित्र ज्ये ज्येले त्यो बेदि छोला त्यो पवित्र हुंछ॥

(दिन् दिन् चढ़ाउंनु पर्ने बलिदान्)

३८ त अब तैंले बेदिमां चढ़ाउंनु पर्ने येइ हो अर्थात् दिनहूं दुवटा
३९ पहिलो बर्षका पाठाहरु नित्ये चढ़ाउंनु। येउटा चइं पाठो बिहान् चढ़ाउंनु
४० अनि अर्को चइं बेलुका. अनि येउटा पाठो सङ एक् पावा हीन्
कुटेयको तेल्मां मुछ्येको एपाको दसौं हिस्सा निखरा पिठो र खन्याईबलिको
४१ लागि एक् पावा हीन् दाख्रस् चढ़ाउंनु। अनि अर्को चइं पाठो बेलुका
चढ़ाउंनु अनि त्यो सङ बिहान्को अन्नबलि र खन्याईबलि अन्सार् गर्नु
४२ बास्ना हुंनुलाइ यह्वेको लागि अग्निहोम् हवस्। यो तिमिहरुका पुस्ता
पुस्ताको लागि यह्वेको सांमु भेट् हुंने डेराको दैला निर नित्येको होम्बलि
हवस्. त्येस् ठांउमां जहां मं तं सित बात् गर्नुलाइ तिमिहरु सित भेट्

गर्कु। अनि मं इस्राएलवंशीहरू सित तिहींने भेट् गर्कु अनि त्यो मेरो ४३
महिमाले पवित्र गरीक्क। अनि मं भेट् हुने डेरा र वेदि पवित्र गर्कु. ४४
अनि हारून् र त्येका कोराहरूलाइ पनि मेरो लागि पूजाहारीगिरिको सेवा
गर्नुलाइ पवित्र गर्कु। अनि मं इस्राएलवंशीहरूको बीचमां बास् गर्कु ४५
अनि तिनिहरूको ईश्वर् हुंकु। तब तिनिहरूले थाहा पाउंकन् मं यहूवे ४६
तिनिहरूको ईश्वर् तिनिहरूलाइ मिस्र देस् देखि मं तिनिहरूको बीचमां
रहंनुलाइ निकालि ल्याउंने हो रांकु भनि। मं तिनिहरूको ईश्वर् यहूवे हुं॥

(बास्स्थान्का सार्दाम्को बिषय्)

अनि धूप् पोलनुको लागि पेउटा वेदि बनाउंनु त्यो बबूलकाठको ३०१
बनाउंनु। त्येको लंमइ एक् हात् र गज् एक् हात्को हुवस्. त त्यो चारकुंने २
हुवस् अनि त्येको अलगेइं दुइ हात्को हुवस्. अनि त्येका सींगहरू त्यइ
पेउटै टुक्रा देखि होउन्। अनि त्येको माथिल्लो पट्टि र त्येका चारै पट्टिका ३
पाटाहरू त्येका सींगहरू समेत् निखरा सुनले मोहोर्नु अनि त्येको लागि
रिंगे सुनको पेउटा बिट् बनाउंनु। अनि त्येको बिट् मुनि त्येका दुवै ४
पाटामां सुनका दुवटा कड़ा बनायेर त्येका दुवै पट्टि लगाउंनु ति त्यो बोक्ने
डांड़िहरूका घर् होउन्। अनि डांड़िहरू बबूलकाठको बनायेर् सुनले ५
मोहोर्नु। अनि त्यो साक्षीपाटीको सम्पट् निर भयेको पर्दाको सांमु राख्नु ६
अर्थात् साक्षीपाटी मांथि भयेको प्रायश्चित्तको सांमु जहां मं तं सित भेट्
गर्कु। अनि त्येमां हारूनले सुगन्धद्रव्यको धूप् पोलोस्. बिहाने पिच्छे ७
त्येले बत्ती सच्याउंदा सच्याउंदा त्यो पोलोस्। फेरि बेलुका हारूनले ८
बत्तीहरू बाल्दा त्यो पोलोस् त त्यो तिमिहरूका पुस्ता पुस्तामां यहूवेको
सांमु नित्ये धूप् हुंकु। त्येमां तिमिहरूले अन्यधूप् न होम्बलिदान् न
अन्नबलिदान् चढ़ाउंनु अनि न त्येमां खन्याईबलि चढ़ाउंनु। अनि हारूनले ९ १०
वर्ष दिनमां एक् खेप् त्येका सींगहरूमां प्रायश्चित्त गरोस् अर्थात् तिमिहरूका
पुस्ता पुस्तामां वर्षदिनमां एक् खेप् त्येस् प्रायश्चित्तको पापबलिको रगतले
त्येको प्रायश्चित्त गरोस्. यो यहूवेको लागि महापवित्र हो॥

अनि यहूवेले मूसालाइ भन्यो जब तैंले इस्राएलवंशीहरूको ११ १२
गन्ति अनुसार गन्नाप् तब तैंले तिनलाइ गन्ने बेल मां तिनिहरू मांथि
कोई बिपत्ति आइ न लागनुलाइ तिनिहरूमांको जीउ जनंगेले आफनु
आफनु प्राणको उद्धारको लागि यहूवेलाइ पैसोरि दिउन् तैंले तिनिहरूलाइ
गन्ने बेलामां। गनौयेका लोगमां जत्ति जांनन् तिनले यो दिउन् अर्थात् १३
पवित्रस्थानको शेकेलको हिसाबले आधा शेकेल्. (एक् शेकेल् बीस् गेराको
हो.) त यहूवेको भेटि आधा शेकेल् हुवस्। गनौयेका लोगमां जत्ति जांनन् १४
अर्थात् बीस् वर्षको र त्यो देखि बेसिको जनंगेले यहूवेको भेटि देवस्। जब १५
तिमिहरूका प्राणको प्रायश्चित्तको लागि यहूवेको भेटि दिईयेला तब धनी
बढ़ेले आधा शेकेल् देखि कंभो कंगालिले त्यो देखि कंधो न देवस्। अनि १६

इस्राएलवंशीहरु देखि प्रायश्चित्तको रुपिया लियेर भेट् हुंने डेराको
सेवागराईको लागि खटाउंनु र त्यो यहूवेको सांमु इस्राएलवंशीहरुको
सम्झनाको लागि हुवस् तिनिहरुका प्राणको प्रायश्चित्त गर्नुलाइ ॥
१७ १८ अनि यहूवेले मूसालाइ यसो भन्यो धुंनुको लागि पीतलको
पैउटा स्नानभांड़ा त्यसको बैठक् समेत् पीतलको बनाउंनु. अनि त्यो भेट् हुंने
१९ डेरा र बेदिको बीचमां राख्यि त्यसमां पानी हालनु । अनि त्यसमां हारुन् र
२० त्यसका छोराहरुले आफ्ना आफ्ना हात् गोड़ा धोउन्. जब जब तिनिहरु
भेट् हुंने डेरामां पस्न् कि बेदि निर सेवा गर्नुलाइ यहूवेको लागि
आगुहोम् डड़ाउंनुलाइ आउंनन् तब तब तिनिहरुले पानीले धोउन् र
२१ तिनिहरु न मरुन्. त तिनिहरुले आफ्ना आफ्ना हात् गोड़ा धोउन् र न
मरुन् अनि यो तिनिहरुको लागि अं त्यसको र त्यसका सन्तानको लागि
तिनको सबै पुस्तामां सदाको विधि हुवस् ॥
२२ २३ फेरि यहूवेले मूसालाइ यसो भन्यो तैंले आफु पांइ अस्सल्
अस्सल् सुगन्ध द्रव्य अर्थात् पांच् सै शेकेल् आफै बहंने मुर् र त्यसको आधा
अं अढ़ाई से शेकेल् सुगन्धित् सिन्कोलि र अढ़ाई से शेकेल् सुगन्धी निङालो
२४ र पवित्रस्थानको शेकेलको हिसाबले पांच् सै शेकेल् जात् सिन्कोलि र
२५ एक् हीन् भट्टातको तेल् लियेर. त्यसको अभिषेक् गर्ने पवित्र तेल् अर्थात्
बाखाको काम् गरीयेको सुगन्ध द्रव्य बनाउंनु. यो अभिषेक् गर्ने पवित्र
२६ २७ तेल् हुवस् । अनि त्यसले भेट् हुंने डेरा र साक्षीपाटीको सन्दुक् र मेज्
२८ त्यसका सबै सादाम् समेत् र पांनस् त्यसका सादाम् समेत् र धूपबेदि र
होमबेदि त्यसका सबै सादाम् समेत् र स्नानभांड़ा त्यसका बैठक् समेत्
२९ अभिषेक् गरनु । यसैगरि यिनलाइ पवित्र गरनु र ति महापवित्र होउन् जे
३० जेले तिनलाइ छोला त्यो पवित्र हुंछ । अनि हारुनलाइ त्यसका छोराहरु
समेतलाइ अभिषेक् गरि पवित्र गरनु र तिनले मेरो लागि पूजाहारीगिरिको
३१ सेवा गरुन् । अनि इस्राएलवंशीहरुलाइ यसो भन् त्यो तिमिहरुका पुस्ता
३२ पुस्तामां मेरो लागि पवित्र अभिषेक् गर्ने तेल् हुवस् । त्यो कोई मान्छेको
जीउमां न खन्याईयोस् अनि न त्यो जस्तो त्यसको मिसाई भैं अरु कोइ
३३ बनाउंनु. त्यो चइं पवित्र हो त तिमिहरुको लागि पवित्र हुंछ । जसले त्यो
जस्तो कोइ मिसाउला अनि जसले त्यसमांको कोइ अरु मान्छेमां लगाउला
त्यो आफनु लोगाकां देखि काटि दिईंछ ॥
३४ फेरि यहूवेले मूसालाइ भन्यो सुगन्ध द्रव्य अर्थात् मुर्को रस् नखी र
कुन्दरु यि सुगन्ध द्रव्य निखरा मालधूप् समेत् लिनु जोखाईमां यि सबै
३५ बराबर् होउन् यहांदेखि त्यो धूप् बनाउंनु अर्थात् नुन् मिसायेर
३६ बाखाको काम् गरीयेको निखरा र पवित्र सुगन्ध द्रव्य बनाउंनु. फेरि
त्यसमांको अलिकता कुटेर मसीनो पार्नु अनि त्यसमांको अलिकता भेट्
हुंने डेरामां साक्षीपाटीको सांमु जहां मं तं सित भेट् गर्कु राखनु. त्यो
३७ तिमिहरुको लागि महापवित्र हुवस् । अनि जुन् धूप् तैंले बनाउंछस्

त्येको मिसाई जस्तो तिमिहरुले आफ्नु लागि न बनाउनु. त्यो तेरो
लेखिमां यहूवेको लागि पवित्र हुनस्. जस् जस्ले सूंघ्नु को लागि त्यो ३८
जस्तो बनाउला त्यो आफ्नु लोगकां देखि काटि दिइनेछ ॥

फेर यहूवेले मूसालाइ येसो भन्यो हेर् मैले यहूदाको कुलको ३१ १
हूरको छोरो ऊराको छोरो बजलेल्लाइ नांउ कार्डिकन बोलायेको छु.
अनि मैले त्येस्लाइ ईश्वरको आत्माले अर्थात् बुद्धिको र बूझको र ज्ञानको ३
र सबै प्रकारको बनाईको आत्माले परिपूर्ण पार्येको छु त्येस्ले आफ्नु ४
ज्ञानले जुक्ति निकालोस् अनि सुन् चांदी र पीतलमां र जड्नुको ५
लागि मणि काट्नुमां र काठ् खोप्नुमां अं सबै प्रकारका बनाईमां काम्
गरोस् भन्येर। अनि हेर् मं आफैले दानको कुलको अहोसामाकको छोरो ६
ओहोलीआब्लाइ त्यो सङ खटायेको छु अनि जत्ति ज्ञानीहरु छन् ति सबैको
हिर्दयमां मैले बुद्धि हाल्येको छु जे जे आज्ञा मैले तंलाइ दियेको छु
तिनिहरुले ति सबै बनाउन् भन्येर. अर्थात् भेट् हुने डेरा साक्षीपाटीको ७
सम्पट् त्येस् मांथि हुने प्रायश्चित्त र त्येस् डेराका सबै सार्दाम् अनि मेज् ८
र त्येका सार्दाम् र निखरा पांनस् र त्येका सबै सार्दाम् र धूपबेदि अनि ९
होमबेदि त्येका सबै सार्दाम् समेत् र त्येको बेठक् समेत् स्नानभांड़ा
अनि सेवा गराईका बस्त्रहरु र हारून् पूजाहारीको लागि पवित्र बस्त्रहरु र १०
त्येका छोराहरुका पूजाहारीगिरिको सेवा गर्ने बस्त्रहरु अनि अभिषेक् ११
गर्ने तेल् र पवित्रस्थान्को लागि सुगन्ध द्रव्यको धूप् बनाउन्. मैले तंलाइ
दियेका सबै आज्ञा अनुसार् गरुन् ॥

फेरि यहूवेले मूसालाइ येसो भन्यो तैंले इस्राएलबंशीहरुलाइ १२ १३
येसो पनि भन् अवस्से तिमिहरुले मेरा बिश्रामदिनलाइ मान्नु. किनभन्ये
तिमिहरुका पुस्ता पुस्ताको लागि मेरो र तिमिहरुको बीचमां यो येउटा
चिंनु हो मं यहूवे तिमिहरुको पवित्र गर्ने हुं भन्ये कुरो थाहा पाउ भन्ये
खातिरले। येकारण तिमिहरुले बिश्रामदिनलाइ मानु किनभन्ये १४
तिमिहरुको लागि त्यो पवित्र हो. त त्यो अपवित्र गर्ने निस्से मांगीथोस्.
किनभन्ये जस् जस्ले त्यसमां केइ कामकाज् गर्ला त्यो प्राणी आफ्नु
लोगकां देखि काटि दिइनेछ। छ दिन् कामकाज् गरीथोस् तर सातौं चइं १५
दिन् महाबिश्रामदिन् यहूवेको लागि पवित्र हो. जस् जस्ले बिश्रामदिनमां
केइ कामकाज् गर्ला त्यो निस्से मांगीथोस्। त इस्राएलबंशीहरुले १६
बिश्रामदिनलाइ मानुन् अनि त्यो आफ्ना पुस्ता पुस्तामां सनातनको
नियमको लागि बिश्रामदिन मानुन्। त्यो मेरो र इस्राएलबंशीहरुको १७
बीचमां सदाको लागि येउटा चिंनु हो. कसोगरिभन्ये छ दिनमां यहूवेले
स्वर्ग र पृथिवी बनायो तर सातौं चइं दिनमां उस्ले बिश्राम लिइ जिमायो ॥

तब जसै उस्ले मूसा सित सीनै पर्वतमां बात् गरि सक्यो तब उस्ले १८
ईश्वरको औंलाले लेख्येको ढुंगाका पाटीहरु अर्थात् साक्षीका दुवटा पाटीहरु
येस्लाइ दियो ॥

(इस्राएल्ले गर्‍येको मूर्त्तिपूजा अनि मूसाको रिस्)

३२१ अनि जसै लोग्ले मूसाले पर्वत् देखि उत्रनुमां ढियांला गर्‍येको
देख्यो तब हारून् पांइ भेला भएर त्येस्लाइ भन्नु लाग्ये उठेर हांम्रो लागि
हांमिहरूको अघि अघि हिंड्ने देवताहरू बनाउ किनभन्ये त्यो मूसा चहं जस्ले
हांमिहरूलाइ मिस्र देस् देखि निकालि ल्यायो कोनि त्येस् मांथि के पर्‍यो
२ हांमिहरू जान्दौंन । त हारून्ले तिनिहरूलाइ भन्यो तांमिहरूको स्वास्नीहरू
र छोराछोरीहरूका कानमां भएका कुण्डलहरू भांचि फुकाल्येर मं पांइ
३ ल्याउ । त सबै लोग्ले आफ्ना आफ्ना कानमां भएका सुन्का कुण्डलहरू
४ भांचि भांचि फुकाल्येर हारून् पांइ ल्याये । अनि त्येस्ले त तिनका हात्
देखि लिइ टाल्येर खोप्ने हतियारले खोपि बाच्छो बनायो . अनि तिनिहरूले
भन्ये ए इस्राएल् तंलाइ मिस्र देस् देखि निकालि ल्याउंने तेरो ईश्वर् येइ
५ हो । अनि हारून्ले यो देख्येर त्येस्को सांमु येउटा बेदि बनायो अनि भोलि
६ यहूवेको लागि चाड् हुंछ भन्ने उद्दी दियो । त तिनिहरूले भोलि पल्टो
बिहानै उठेर होमबलि चढ़ाये अनि मिलापबलिदान् पनि ल्याये त्येस् पछि
लोग् खानु पीउंनु बस्ये अनि लीला गर्नु उठे ॥
७ तब यहूवेले मूसालाइ भन्यो तं उत्रि जा किनभन्ये तैंले मिस्र देस्
८ देखि निकालि ल्याएको तेरो लोग्ले आफुलाइ भरष्ट पार्‍यो . जुन् बाटोको
आज्ञा मैंले तिनलाइ दियेको थिएं त्यो देखि छिट्टै तार्क गए . तिनले
आफ्नु लागि येउटा ढालीयेको बाच्छो बनायेर त्येस्लाइ दण्डवत् गर्‍ये अनि
त्येस्को लागि बलिदान् चढ़ाये अनि येसो भन्ये ए इस्राएल् तंलाइ मिस्र देस्
९ देखि निकालि ल्याउंने तेरो ईश्वर् येइ हो भनि । अनि यहूवेले मूसालाइ
भन्यो यि लोग्लाइ मैंले हेर्‍यें त हेर् तिनिहरू कठोर् गर्दनका लोग् राछन् .
१० त अब मंलाइ छोड़ि दे र तिनिहरू मांथि मेरो रिस् अघोर् उठोस् अनि
मं तिनिहरूलाइ नष्ट पारि दिउं . अनि मं तैं देखि येउटा ठुलो लोग्
११ बनाउंछु । तब मूसाले आफ्नु ईश्वर् यहूवे सित बिन्ति गरि भन्यो हे यहूवे
तपांइको रिस् आफ्नु लोग् मांथि किन अघोर् उठ्द छ जस्लाइ तपांइले
ठुलो सामर्थ र बलियो हात् गरि मिस्र देस् देखि निकाल ल्याउंनु भयो ।
१२ मिस्रीहरूले यो किन भनुन् बुराईको लागि उस्ले तिनिहरूलाइ निकालि लग्यो
पहाड़ हुंदो तिनिहरूलाइ मार्न अनि तिनिहरूलाइ भूमि देखि नष्ट पार्नु
भनि . त तपांइ आफ्नु बल्दो रिस् देखि फर्कनु हुदस् अनि आफ्नु लोग्
१३ मांथिको य बुराई देखि पछुताउंनु हुदस् । आफ्ना दास् अब्राहम् इस्हाक्
र याकूबको सम्झना गर्नु हुदस् जो सित तपांइले आफ्नै किरिया खाइ
येसो भन्नु भयो मं तिमिहरूको बंशलाइ आकाशका तारादेख झैं बढ़ाउंछु
अनि मैंले भन्नेको यो मिंगे देस् तिमिहरूको बंशलाइ दिंछु अनि तिनिहरू
१४ सधं सम्म त्येस्को अधिकारी हुंछन् भनि । तब यहूवे आफ्नु लोग् मांथि
गर्नु आंठेको बुराई देखि पछुतायो ॥

अनि मूसा फर्क्यर आफ्नु हात्मां साक्षीका दुवै पाटी लियेर पर्वत् १५
देखि उत्रि आयो ति पाटी दुवै पट्टि लेखीयेका थिये अं येता पट्टि उता
पट्टि लेखीयेका थिये। अनि ति पाटी चइं ईश्वर् देखि बनाईयेका थिये १६
अनि तिनमां लेखीयेको पनि ईश्वरै देखि लेखीयेको थियो अं पाटीहरुमां
खोपीयेको थियो। तब यहोशूअले लोग्को खैलाबैलाको सोर् सुन्येर १७
मूसालाइ भन्यो छाउंनीमां लड़ाईको जस्तो शब्द सुनींद छ। तर त्येस्ले भन्यो १८
यो सोर् न ता जीत्नेहरुको न ता हार्नेहरुको हो. तर मं ता गाउंनेहरुको
सोर् पोसुन्द छु। अनि येसो भयो छाउंनी निर आउंदा आउंदै त्येस्ले बाच्छो १९
र नचाई देख्यो. तब मूसाको अरघोर् रिस् उठ्यो अनि त्येस्ले ति पाटीहरु
आफ्ना हात् देखि फ्यांक्येर पर्वत् मुनि फुटाइ दियो। वहांदेखि तिनिहरुले २०
बनायेको बाच्छो लिइ आगोमां डड़ायेर पीठो पारि पीन्येर पानीमां छरि
इस्राएल्बंशीहरुलाइ खुवायो। त्येस् पछि मूसाले हारून्लाइ भन्यो यो २१
लोग्ले तिमि सित क्यो गर्न्येको थियो र तिनिहरु मांथि येत्ति ठूलो पाप्
ल्यायौ। तब हारून्ले भन्यो मेरा प्रभुको रिस् अरघोर् न उठोस् यि २२
लोग्लाइ चिन्येकै छौ तिनिहरु दुष्टेमां लाग्येका छन्। कसोगरिभन्ये २३
तिनिहरुले मंलाइ भन्ये हांमिहरुको लागि हांमिहरुको अघि अघि हिंड्ने
देव्ताहरु बनाउ. किनभन्ये त्यो मूसा चइं जस्ले हांमिहरुलाइ मिस्र देस्
देखि निकालि ल्यायो कोनि त्येस् मांथि क्यो पर्न्यो हांमिहरु जान्दौंन। तब २४
मैंले तिनिहरुलाइ भन्यें जस् जस्कां सुन् छन् ति भांचुन् भनि त तिनिहरुले
ति मंलाइ दिये. अनि तिनलाइ आगोमां हालि दियें तब निस्क्यो यो
बाच्छो। जसै मूसाले लोग्लाइ तिनिहरु निरंकुस् रोछन् भनि देख्यो २५
कसोगरिभन्ये हारून्ले तिनलाइ निरंकुस् पारि दियेको थिय जस्कारण्ले
तिनिहरुका बैरीहरुको सांमु तिनिहरुको हांसो भयो. तब मूसाले २६
छाउंनीको दैलो निर उभीयेर भन्यो यह्वे पट्टि हुंने हुंने मं थांइ आउन्
भनि तब सब्बै लेवीबंशी त्यो थांइ भेल भये। अनि त्येस्ले तिनलाइ भन्यो २७
इस्राएल्को ईश्वर् यह्वेले येसो भन्द छ आफ्न आफ्नु जाड्मां आफ्नु
आफ्नु तरवार् झुंड्यायेर छाउंनीको दैलो देखि दैलो सम्म येता उता
गयेर जनंगेले आफ्ना भाईहरु संगीहरु र छिमेकिहरुलाइ मार भनि। त २८
लेवीबंशीहरुले मूसाको बचन् अनुसार् गर्ये. अनि त्येस् दिन् लोग्मांका तीन्
हजार्को अड्कल् पुरुष्हरु मार्ये। अनि मूसाले भन्यो आजु यह्वेको २९
लागि आफु आफुलाइ स्थापन् गर अं जनंगे आफ्नु आफ्नु छोरा र आफ्नु
आफ्नु भाईको बिरुद्धमां र उस्ले आजु तिमिहरुलाइ आशीष् देवस्॥

(मूसाले अन्तर्बिन्ती गर्नु)

भोलि पल्टो येसो भयो मूसाले लोग्लाइ भन्यो तिमिहरुले बड़ा पाप् ३०
गर्यौ. तर अब मं यह्वे थांइ चढ़ि जांद छु कोनि कतै तिमिहरुको पाप्को
साटो प्रायश्चित्त गर्नु सक्छु कि। वहांदेखि मूसाले यह्वे थांइ फर्क्यर येसो ३१

भन्यो हाय् हाय् यो लोग्ले ता बड़ा पाप् गर्ये कुन् सुन्को देवता बनाये
३२ कुन्। तर अब तपांइले तिनको पाप् क्षमा गर्नु हुंछ भन्ये—. होइन
भन्ये आफ्नु लेख्येको पोस्तक् देखि कृपागरि मेरे नांउ मेटि दिनु हुक्।
३३ तर यहूवेले मूसालाइ भन्यो जस्ले मेरो बिरुद्धमां पाप् गर्येको कुं त्येस्लाइ
३४ मं आफ्नु पोस्तक् देखि मेटि दिंकु। त गयेर यि लोगलाइ मेरो
तंलाइ भन्येको ठांउमां डोऱ्या. हेर् मेरो दूत् तेरो अघि अघि हिंड्छ. तर
जस् दि मां मं तिनिहरुलाइ भेट्कु त्येस् दिन् तिनिहरुको पाप्को बिषयमां
३५ पनि भेट्कु। त यहूवेले लोग्लाइ मांर्यो किनभन्ये हारूनल बनायेको बाछो
तिनिहरुले बनाउंनु लगायेका थिये॥

३३। फेरि यहूवेले मूसालाइ भन्यो तं यि तेंले मिस्र देस् देखि चढाइ
ल्यायेको लोग् समेत् हिंड़ि त्येस् देसमां चढ़ि जा जस्को बिषयमां मेंले
अब्राहाम् इसहाक् र याकूब् सित येसो भनि किरिया खायेको थियें मं त्यो
२ तेरो बंशलाइ दिंकु भनि. त मं तेरो अघि अघि पंउटा दूत् पठाइ दिंकु
अनि मं कनानी एमोरी र हित्ती परिज्जी हिव्वी र यबूसीहरुलाइ धपाइ
३ दिंकु. जुन् देसमां दुद् र मह बहंद छ. तर तं कठोर् गर्दनको लोग्
छस् येस्कारण् मं तेरो बीचमां हिंड्दीन. होइन भन्ये ता बाटैमां मेंले तंलाइ
४ नष्ट पार्ंला। त लोग्ले यो बुरो समाचार् सुनि बिलाप् गर्ये. अनि कसैले
५ आफ्नु गहंना लगायेन। अनि यहूवेले मूसालाइ भन्यो इस्राएलबंशीहरुलाइ
येसो भन् तिमिहरु कठोर् गर्दनका लोग् छौ. मं पलभरिको लागि तिमिहरुको
बीचमां चढ़ि गयें भन्ये देखि मं तिमिहरुलाइ भस्म पार्छु. त अब आफ्नु
आफ्नु गहना आफु देखि फुकाल र मं याहा पाउं मेंले तिमिहरु सित को
६ गर्नु पर्छ भनि। त इस्राएलबंशीहरुले आफ्ना आफ्ना गहना फुकाल्ये
होरेब पर्वत देखि त्येसै रह्ये॥

७ त मूसाले डेरा लियेर छाउंनी देखि बाहिर अं छाउंनी देखि टाढ़ो
हालने गर् थियो अनि त्येस्को नांउ भेट् हुने डेरा राख्यो। अनि येसो हुंद
थियो यहूवेको खोज् गर्न चहं त्यो छाउंनी देखि बाहिर भयेको भेट् हुने
८ डेरामां निकलि जांद थियो। अनि येसो हुंद थियो जब जब मूसा निकलि
त्यो डेरामां जांद थियो तब तब सबै लोग् उठेर आफ्नु आफ्नु पालका
दैलो दैलोमां उभीयेर मूसा त्यो डेरामां न पसुंज्याल् सम्म त्यो तिर हेरि
९ रहंद थिये। अनि येसो हुंद थियो मूसा त्येस् डेरामां पस्दा त्यो मुढ़को
जस्तो ठड़ौने मेघ् उत्रि त्येस् डेराको दैलोमां अड़ौंथ्यो. अनि यहूवेले
१० मूसा सित बात् गर्द थियो। अनि सबै लोग्ले मुढ़का जस्तो ठड़ीयेको मेघ्
त्येस् डेराको दैलामां अड़ीयेको देख्द थिये. तब सबै लोग्ले उठेर आफ्ना
११ आफ्ना पालको दैला दैलामां दण्डवत् गर्द थिये। अनि यहूवेले मूसा सित
येसोरि सांम् सांमुह बात् गर्द थियो जसोरि कसैले आफ्नु मित्र सित बात्
गर्द छ। बहांर्ख त्यो फर्कि छाउंनीमां आउंद थियो. तर त्येस्को सेवाइते
नून्को छोरो यहोशूअ पंउटा जुवान् त्येस् डेरा देखि निकलंदैन थियो॥

त मूसाले यहूवेलाइ भन्यो हेर्नु हवस् तपांइले मंलाइ यो भन्नु हुंद क्व १२
यो लोगलाइ चढ़ाइ ले भनि . तरेपनि तपांइले मंलाइ पाहा दिनुं भयेन मं
सङ कसलाइ पठाउंनु हुंक्व भनि । तपांइले मंलाइ मं तंलाइ नांउ समेत्
जान्द कु अनि तं मांथि मेरो अनुग्रह् पनि भयेको क्व भनि भन्नु भयेको
क्व र पनि । त अब तपांइको अनुग्रह् मं मांथि भयेको क्व भन्ये कृपागरि १३
आफ्ना मार्ग मंलाइ जनाउंनु हवस् र मं तपांइलाइ जानुं तपांइको
अनुग्रह् मं मांथि भयो भन्ये खातिरले . अनि ठान्नु हवस् यो लोग्
तपांइके लोग् हो भनि । तब उस्ले भन्यो मेरै सामेलहुलाई तं सङ १४
हिंड़क्व अनि मं तंलाइ विश्राम् दिंकु । अनि त्येस्ले उस्लाइ भन्यो तपांइके १५
सामेलहुवाई मं सङ हिंड़्यन भन्ये हांमिहरूलाइ यहां देखि चढ़ाइ न
लैजांनु हवस् । अब यो मं मांथि अं मं मांथि तपांइको लोग् समेत् मांथि १६
तपांइको अनुग्रह् भयो भनि कसोगरि जानीओस् । को येसैगरि होइन
तपांइ हांमिहरू सङ हिंड़दै क्यौ येसैगरि हांमिहरू अर्थात् मं तपांइको
लोग् समेत् सिंगै भूमि मांथिका सबै लोग् देखि भेद पारीयेको हुंकु ॥

अनि यहूवेले मूसालाइ भन्यो तैंले भन्येको कुरो पनि मं गर्कु . १७
किनभन्ये मेरो अनुग्रह् तं मांथि भयो अनि तैंले तंलाइ नांउ समेत्
जान्येको कु । अनि त्येस्ले भन्यो कृपागरि मंलाइ आफ्नु महिमा देखाउंनु १८
हवस् । तर उस्ले भन्यो मं तेरो सांमु आफ्नु सबै भलाई हिंड़ाल्कु अनि १९
तेरो सांमु यहूवेको नाउंको प्रचार् गर्कु अनि मं जोसुकै मांथि अनुग्रह् गर्
कु त्यो मांथि अनुग्रह् गर्कु अनि जोसुकै मांथि दया गर्ं कु त्यो मांथि
दया गर्कु । फेरि उस्ले भन्यो तैंले मेरो मुख् हेर्न सक्दैनस् . कुसोगरिभन्ये २०
मान्छेजात मंलाइ हेरि जीइ रहंनु सकदैन । तर यहूवेले भन्यो हेर् मं कुंउ २१
येउटा ठांउ क्व त तं लोस् पहरा मांथि उभी . अनि येस्तो हुंक्व जसै मेरो २२
महिमा हिंडि जांदै क्व तसै मं तंलाइ त्यो पहराको धांदोमां राख्कु अनि
मं हिंदुंज्याल सम्म तंलाइ आफ्नु हातले ढाकोइ रहंकु . फेरि मं आफ्नु २३
हात उठाउंकु अनि तैंले मेरो पछिल् तिर देख्कुस् तर मेरो मुख् चहं
देखीदैन ॥

(फेरि व्यवस्था दिंनु)

अनि यहूवेले मूसालाइ भन्यो पहिलेका जस्ता दुंगाका दुवटा ३४ १
पाटीहरू काटि ल्या . तब मं ति पहिलेका तैंले फुटायेका पाटीहरूमां
लेखायेका कुरा ति पाटीहरूमां लेख्कु । अनि बिहान् तियार् भयेर सखारे २
मानै पर्वतमां चढ़ि तहां पर्वतको टाप्पिमां मेरो सांमु सामेल् हो । अनि ३
कोई तं सङ चढ़ि न आवस् अं कोई मान्छे मिंगै पर्वतमां देखाहा न परोस्
अनि न भेड़ाबाख्रा गाईगोरूले पनि यो पर्वतको सांमु चर्नु पाउन् । त त्यस्ले ४
पहिलेका जस्ता दुंगाका दुवटा पाटी काट्यो अनि मूसा बिहान सखारे
उठेर आफ्ना हातमां दुंगाका ति दुवटा पाटी लियेर यहूवेको आज्ञा

५ अनुसार् सौने पर्वतमां चढ़ि गयो। तब यहूवेले बादलमां उत्रेर यो
६ सित यहां उभीइ यहूवे नांउको प्रचार् गर्यो। अनि यहूवेले येस्को सांमु
सांमु हिंड्दै येसो भन्दे प्रचार् गर्यो

यहूवे यहूवेने
दयालु र अनुग्रह् गर्ने ईश्वर्
रिस् गर्नुमां धीरजी अनि टिठाई र सच्चेईमां भरपूर्
७ हजार् हजार् पुस्ता सम्म टिठाउंने
दुर्इ र अपराध् र पापको क्षमा गर्ने
अनि दोषीलाइ कोई परिले निर्दोषी न ठहराउंने
पित्रहरुका दुर्इकों दण्ड
तिनका छोराहरु
र छोराहरुका छोराहरु
अं तिनको तेस्रो र चौथो पुस्ता मांथि पुर्याइ दिंन्ये॥

८ तब मूसाले हत्तरपत्त भूइं तिर सिर् निउंराइ दण्डवत् गर्यो।
९ अनि भन्यो हे प्रभु मं मांथि तपांइको अनुग्रह् भयेको छ भन्ये प्रभु
कृपागरि हांमिहरुको बीचमां हिंड्नु किनभन्ये यो कठोर् गर्दनको लोग् छ
तेपनि हांमिहरुका दुर्इहैं र पाप् क्षमा गरि हांमिहरुलाइ आफ्नु निज्
१० अधिकार् गरि ग्रहण् गर्नु हवस्। अनि उस्ले भन्यो हेर् मं येउटा बाचा
बांध्द छु. तेरा सबै लोगको सांमु मं येस्ता आश्चर्य्यकर्म्महरु गर्छु जो सिंगे
पृथिवीमां अनि सबै लोगमां कैलेइ गरीयेनन्. अनि जुन्हरुको बीचमां तं
रहद छस् ति सबै लोगले यहूवेको कार्य्य देख्नेछन् किनभन्ये ज्ये मं तं सित
११ गर्द छु त्यो डलौंदो काम् छ। जुन् आज्ञा आजु मं तंलाइ दिंद छु त्यो मान्नु.
हेर् तेरो सांमु देखि एमोरी कनानी हित्ती परिज्जी हिव्वी र
१२ यबूबीहरुलाइ धपाउंद छु। त तं चंख रह् जुन् देसमां तं जांद छस् त्येका
बासीहरु सित बाचा न बांध्नु होइन भन्ये ता त्यो तिमिहरुको बीचमां
१३ पासो हुंछु. तर तिनका यानहरु भत्काइ दिंनु तिनका मूढ्काहरु भांचि
१४ दिंनु अनि तिनका अशेरा भनींने मूर्त्तिहरु काटि टालि दिंनु. तैंले अरु
कोई ईश्वरलाइ दण्डवत् न गर्नु. किनभन्ये यहूवे जल्को नांउ राणीलो हो
१५ रापालो ईश्वरनै छ. होइन भन्ये ता तैंले त्येस देशका बासीहरु सित बाचा
बांध्लाम् अनि तिनिहरुले आफ्ना देवताहरुको पछि लागि व्यभिचार्
जस्तो गर्दा अनि आफ्ना देवताहरुको लागि बलिदान् गर्दा कसैले
१६ तंलाइ निम्तो देला त तैंले त्येस् देशका बलिदानमांको केइ खालाम् अनि
तिनकी छोरीहरुमांको कत्तिलाइ आफ्ना छोराहरुको लागि ल्याउलाम् अनि
तिनकी छोरा आफ्ना देवताहरु पछि लागि व्यभिचार् जस्तो गर्द तिनले
तेरा छोराहरुलाइ आफ्ना देवताहरु पछि व्यभिचार् जस्तो गराउंनेन्।
१७ तैंले आफ्नु लागि ढाल्येको देवता न बनाउंनु। अखमीरे रोटीको चाड्
मान्नु. मेरो आज्ञा अनुसार् आबीब् महीनाको ठहराईयेको बेलामां सात्

दिन् सम्म अखमौरे रोटी खांदै रहंनु. किनभन्ये आबीव् महीनामां तं मिस्र
देखि निकलि आइस्। गर्भ खोल्ने सबै मेरा हुन् अनि तेरा बस्तुमांका १९
सबै नरहरुमांका को जेठाबाच्छा को जेठापाठा ति मेरा हुन्। अनि गदहीको २०
जेठाको साटो पाठो दिकन छोड़ाउंनु. अनि त्येस्लाइ छोड़ाइनस् भन्ये त्येस्को
मण्डो भांचि दिंनु। आफ्ना छोराहरुमांका सबै जेठाहरुलाइ साटो दिकन
छोड़ाउंनु। मेरो सांमु कोई रित्ते हात् देखाहा न परोस्। छ दिन् आफ्ना २१
कामकाज् गर्दै रहंनु तर सातौं चइं दिनमां बिश्राम् गर्नु. अं हलो जोत्ने र
कटनी गर्ने बेलामां पनि बिश्राम् गर्नु। फेरि तैंले साताहरुको अर्थात् २२
गहूंको अगौटेफलको चाड् र बर्षको अन्तमां अन्नभित्याईको चाड् मान्नु।
बर्ष दिनमां तीन् खेप् तेरा सबै पुरुषहरु इस्राएलको ईश्वर् प्रभु २३
यहूवेको सांमु देखाहा परुन्. किनभन्ये मं लोग् लोगलाइ तेरो सांमु देखि २४
निकालि दिंकु अनि तेरा सिमानाहरु बढ़ाउंकु. अनि जब तं आफ्नु ईश्वर्
यहूवेको सांमु बर्ष दिनमां तीन् खेप् देखाहा पर्लास् तब कसैले तेरो भूमिको
लालच् गर्दैन। मेरो बलिदान्को रगत् खमीर रोटी सङ न चढ़ाउंनु अनि २५
न निस्तार् चाड्को बलिदानमांको कोइ बिहान् सम्म छोड़ीग्रोस्। आफ्नु २६
जिमीनको अगौटेफलमांको पहिलो चइं फल् आफ्नु ईश्वर् यहूवेको
घरमां ल्याउंनु। बाख्राको पाठा त्येस्को माऊको दुधमां न पकाउंनु। अनि २७
यहूवेले मूसाल्लाइ भन्यो यि कुरा लेख्. किनभन्ये यिनै कुरा अनुसार् मैले तं
र इस्राएल् सित नियम् बांधेको कु। अनि मूसा त्यहां यहूवे सङ चालीस २८
दिन र चालीस रात रह्यो अनि त्येस्ले न रोटी खायो न पानी पीयो। अनि
उस्ले ति पाटीहरुमां त्यो नियमका कुरा अं ति दस आज्ञा लेख्यो॥

अनि येसो भयो जसै मूसा साक्षीका दुवै पाटीहरु आफ्ना हातमां २९
लिइ सीनै पर्वत् देखि उत्रि आयो तब त्येस्ले उस्ले मं सित बात् गर्येको
कारणले मेरो मुख चम्कंद रहु भनि थाहा पायेन। तर जब हारून् र सबै ३०
इस्राएलबंशीहरुले मूसालाइ देखे त हेर त्येस्को मुखको छाला चम्कंद
रहु त तिनिहरु त्यो छेउ आउंनु डराये। तब मूसाले तिनिहरुलाइ बोलायो ३१
अनि हारून् मंडलीका सब्बै मालिकहरु समेत् त्यो थांइ फर्कि आयो. अनि
मूसाले तिनिहरु सित कुरा गर्यो। अनि त्येस् पछि सबै इस्राएलबंशीहरु ३२
पनि छेउ आये. अनि जे जे यहूवेले त्यो सित सीनै पर्वतमां भन्येको
थियो ति त्येस्ले तिनिहरुलाइ आज्ञा गरि सुनायो। अनि जब मूसाले ३३
तिनिहरु सित कुरा गरि सक्यो तब त्येस्ले आफ्नु मुखमां टाक्ने लुगा
लगायो। तर मूसा यहूवेको सांमु उ सित कुरा गर्नुलाइ भित्र पस्दा त्यो न ३४
निकलुंञ्जाल् सम्म त्येस्ले त्यो टाक्ने लुगा उतार् थियो फेरि बाहिर आयेर
जे आज्ञा त्येस्ले पाउंद थियो त्यो इस्राएलबंशीहरुलाइ सुनाउंद थियो
अनि इस्राएलबंशीहरुले मूसाको मुखको छाला चम्कंको देख् थिये. त ३५
मूसाले उ सित कुरा गर्नुलाइ भित्र न जाउंञ्जाल् सम्म त्यो टाक्ने लुगा
आफ्नु मुखमां फेरि लगाउंद थियो॥

(बासस्थानको लागि इस्राएलीहरुले दियेका थोक)

३५ १ अनि मूसाले इस्राएलवंशीहरुका सबै मंडली भेला गराएर
तिनलाई भन्यो तिमिहरुले गर्नु पर्ने यहूवेले गर्नेका आज्ञाका कुरा यिनै हुन्।
२ छ दिन् काम्काज् गरीओस् तर सातौं चइं दिन् तिमिहरुको लागि पवित्र
अनि यहूवेको लागि महाविश्राम्दिन् हुवस्. जस् जसले त्येस्मां काम्काज्
३ गर्ला त्यो मारीओस्। विश्राम्को दिनमां आफ्नु कुने बासेठांउमां आगो
न फुकनु॥
४ अनि मूसाले इस्राएलवंशीहरुका सबै मंडलीलाई येसो भन्यो
५ यहूवेले गर्नेको आज्ञाको कुरो येइ हो आफ्नु बीच् देखि यहूवेको
लागि भेटि ल्याउ. जति आफ्नु इच्छेले दिनु खोज्द छन् त्येति त्यो अं
६ यहूनेको भेटि ल्याउन् अर्थात् सुन् चांदी र पीतल् नीलो बैगुने र
७ सिंदुरे र मसीनो पाट्कपरा र बाख्राका रऊं अनि सांढूभेंड़ाका
८ रातो रंगाएका छालाहरु र सूइसका छालाहरु र बबूल्काठ् अनि
उज्यालोको लागि तेल् र अभिषेक् गर्न तेल् र धूप्को लागि सुगन्ध
९ द्रव्य अनि एपोद् र चप्रास्को लागि सुलैमानी जात्कुंगा र जड्नुको
१० लागि मणि। अनि तिमिहरुमांका जति ज्ञानीहरु छन् ति सबैले
आएर ज्ये ज्ये थोक्को यहूवेले आज्ञा गर्नेको छ ति सबै थोक् बनाउन्
११ अर्थात् बासस्थान् त्येस्को पाल् र छाना घुंड़िहरु र फल्याक्हरु त्येस्का
१२ साटाहरु खांब्राहरु र चूरघरहरु सम्पट् त्येस्का डांड़ि समेत् प्रायश्चित्त
१३ र छेल्ने पर्दा मेज् र त्येस्का डांड़ि र सबै सादाम् समेत् र भेटी
१४ रोटीहरु पांनस् पनि उज्यालोको लागि त्येस्का सादाम् समेत् र
१५ त्येस्का दीयाहरु र उज्यालोको लागि तेल् अनि धूप्वेदि र त्येस्का
डांड़ि अभिषेक् गर्न तेल् अनि सुगन्धद्रव्यको धूप् अनि बासस्थानको
१६ देलोमां देलोको लागि पर्दा होमवेदि त्येस्को भिंभ्रि डांड़ि र
१७ सबै सादाम् समेत् स्नानभांड़ा त्येस्को बैठक् समेत् आंगनका पर्दाहरु
त्येस्का खांब्रा र तिनका चूरघर् र आंगनको देलोको लागि पर्दा
१८ बासस्थानका कीला र आंगनका कीला तिनका डोरीहरु समेत् अनि
१९ सेवागराईंका वस्त्रहरु पवित्रस्थानमां सेवा गर्नुको लागि हारून्
पूजाहारीको लागि पवित्र वस्त्रहरु र त्येस्का छोराहरुका पूजाहारीगिरिको
सेवा गर्न वस्त्रहरु॥
२० तहांदेखि इस्राएलवंशीहरुका सबै मंडली मूसाको सांमु देखि गये।
२१ अनि जस् जसलाई तिनिहरुको हृदयले उठायो अनि जस् जसलाई तिनको
आत्माले दिंने इच्छे गरायो ति सबैले आइकन भेट् हुंने डेराको काम्को र
त्येस्का सबै सेवागराईंको काम्को र पवित्र वस्त्रहरुको लागि यहूवेको
२२ लागि भेटि ल्याये। अनि दिंने इच्छे गर्न जति थिये तिनिहरु को पुरुष् को
स्त्रीले आइकन चूरा कुण्डल् औंठी र तावीज् सबै सुनका गहंना ल्याये अं

जति मान्छेले यह्वेको लागि सुन्को भेटि चढ़ाउंद थिये। अनि जुन् जुन् २३
पुरुष्हरुकां नीलो बैगुने र सिंदुरे र मसीनो पाट्कपरा र बाख्राका रऊं र
सांड्भेंड़ाका रातो रंगायेका छालाहरु र सूइस्का छालाहरु थिये ति तिनले
ल्याये। जति जना चांदी कि पीतल्को भेटि चढ़ाउंनेहरु थिये तिनले २४
यह्वेको लागि भेटि ल्याये. अनि जस् जस्कां सेवागराईको जुन्सुकै पनि
काम्को लागि बबूल्काठ् थियो त्यो तिनले ल्याये। अनि जत्ति स्त्रीहरु २५
ज्ञानी थिइन् तिनले आफ्ना हातले कात्द थिइन् त तिनिहरु देखि
कातीयेका नीलो बैगुने र सिंदुरे र मसीनो पाट्कपरा ल्याइन्। अनि जुन् २६
जुन् स्त्रीहरुलाइ तिनको मन्को बुद्धिले उठायो तिनिहरुले बाख्राका रऊं
कातिन्। अनि मालिक्हरुले एपोद् र चप्रास्को लागि सुलैमानी र जड़नुको २७
लागि मणि ल्याये अनि उज्यालोको लागि र अभिषेक् गर्ने तेल् र २८
धूप्को लागि सुगन्धद्रव्य र तेल् ल्याये। इस्राएल्बंशीहरुले यह्वेको लागि २९
मनमानीभेटि ल्याये अर्थात् यह्वेले मूसाको बाटोले आज्ञा दियेका सबै
कामको लागि ल्याउंनु इच्छे तिनका मनले गरायेको अन्सार् सबै पुरुष् र
स्त्रीले ल्याये॥

तब मूसाले इस्राएल्बंशीहरुलाइ भन्यो हेर यह्वेले यहूदाको कुल्को ३०
हूर्को छोरो ऊरीको छोरो बजलेल्लाइ नांउ काड़िकन बोलायेको छ
अनि उस्ले त्येस्लाइ ईश्वर्को आत्माले अर्थात् बुद्धिको र बूझ्को र ज्ञान्को र ३१
सबै प्रकार्को बनाईको आत्माले परिपूर्ण पार्‍येको छ त्येस्ले आफ्नु ३२
ज्ञान्ले जुक्ति निकालोस् अनि सुन् चांदी र पीतल्मां र जड़नुको ३३
लागि मणि काट्नुमां र काठ् खोप्नुमां अं सबै प्रकार्को सिप्को बनाईमां
काम् गरोस् भन्येर। अनि उस्ले त्येस्को र दान्को कुल्को अहीसामाक्को ३४
छोरो ओहोलीआब्को मन्मां यो हालि दियेको छ त्यो सिकावस् भन्येर।
तिनलाइ उस्ले मनको बुद्धिले परिपूर्ण पार्‍येको छ तिनले सबै प्रकार्को ३५
बनाईमां अर्थात् खोप्ने काम् र नीलो बैगुने सिंदुरे र मसीनो पाट्कपरामां
सिप्ले जुक्ति निकाल्ने र बुट्टा काढ्ने काम् र बुन्ने काम्मां अं सबै प्रकार्को
बनाईमां काम् गर्नेहरु र सिप्ले जुक्ति निकाल्ने काम् गरुन् भन्ये खातिर्ले।
त बजलेल् र ओहोलीआब्ले अनि पवित्रस्थान्को सेवागराईको लागि ३६ १
सब् प्रकार्को काम् गर्नु जान्नुलाइ यह्वेले बुद्धि र बूझ् दियेका सब्बै
ज्ञानीहरुले यह्वेको सब्बै आज्ञा अन्सार् काम् गरुन्॥

(बास्स्थान् त्येस्का सबै सार्दाम् समेत् बनाउंनु)

तब बजलेल् र ओहोलीआब् र यह्वेले हिर्दय्मां बुद्धि दियेका सब्बै २
ज्ञानीहरुलाइ अर्थात् जस् जस्लाइ तिनको हिर्दय्ले काम् गर्नुलाइ छेउ
आउनुको लागि उठायो ति सब्बैलाइ मूसाले बोलायो अनि ३
इस्राएल्बंशीहरुले ज्ये ज्ये भेटि पवित्रस्थान्को सेवागराईको काम्को लागि
र बनाउंनुको लागि ल्यायेका थिये तिनिहरुले ति सबै भेटि मूसाको सांमु

देखि लिये। अनि तिनिहरुले बिहान् बिहान् त्यो थांइ अरु पनि मनमानी
४ मेटि ल्याउंद थिये। त जत्ति जना ज्ञानीहरुले पवित्रस्थान्का सबै काम् गर्द
थिये ति सबैले आफ्नु आफ्नु गर्ने काम् देखि मूसा थांइ आयेर
५ त्येस्ताइ येसो भन्ये लोगले यहुवेले दियेको आज्ञाको कामको सेवागराईको
६ लागि चाहियेको भन्दा धेरै बेसि बेसि ल्याउंदै छन्। त मूसाले आज्ञा
दियो त तिनिहरुले छाउंनोमां यो सुनाउंनु लगाये अर्थात् को पुरुष् को
स्त्री कसैले पवित्रस्थान्को भेटिको लागि अरु कोइ थोक् न बनाउंनु। त
७ लोग् अरु ल्याउंनु देखि रोकीये। किनभन्ये सबै थोक् बनाउंनुको लागि
चाहिंदो भरि अं त्यो भन्दा बढ्ता पनि सादाम् थियो॥

८ त काम् गर्नेहरुमांका जत्ति जना ज्ञानी थिये तिनिहरुले बासस्थान्
दस् दम्वटा पाटाको बनाये ति मसीनो बाटेको पाट्कपराको र नीलो
बैगुने र सिंदुरेको सिपालु बुट्टा काढ्नेको काम्ले करूबहरु भयेका बनाये।
९ एक् पाटाको लंमइ अठाईस् हात् अनि गज् चार् हातको थियो, सबै पाटा
१० एकै नापका थिये। अनि त्येस्ले पांच् पाटा एका अर्का सङ गांस्यो, अनि अरु
११ पांच् पाटा पनि एका अर्का सङ गांस्यो। अनि पहिलो गांसीयेको पर्दाको
छेउचइंको पाटाको छेउ छेउमां त्येस्ले नीलोको घुंड़िघर् बनायो, अनि त्येसै
१२ गरि अर्का गांसीयेको पर्दाको छेउचइंको पाटाको छेउ छेउमां पनि। एक्
पर्दामां त्येस्ले पचास्वटा घुंड़िघर् बनायो अनि अर्का गांसीयेको पर्दाको
छेउचइंको पाटाको छेउ छेउमां पनि पचास्वटा घुंड़िघर् बनायो, ति
१३ घुंड़िघरहरु एका अर्कोको सांमु सांमु थिये। अनि त्येस्ले सुन्का पचास्वटा
घुंड़िहरु बनायेर पर्दाहरु एका अर्का सङ ति घुड़िहरुले जोड्यो, येसोरिकन
१४ बासस्थान् एक् भइ गयो। अनि बासस्थान् मांथि येउटा पाल्को लागि
१५ त्येस्ले बाख्राका रऊंका पाटाहरु अर्थात् एघारवटा पाटाहरु बनायो। गोटै
पिच्छे पाटाको लंमइ तीस् हात् अनि गज् चार् हातको थियो, ति एघारैवटा
१६ पाटा एकै नापका थिये। अनि त्येस्ले पांच् पाटा एक् सङ् अलग् फेरि छ
१७ पाटा एक् सङ् अलग् गांस्यो। अनि पहिलो गांस्येको पर्दाको छेउचइंको
पाटाको छेउ छेउमां त्येस्ले पचास्वटा घुंड़िघर् बनायो, अनि अर्का
गांस्येको पर्दाको छेउचइंको पाटाको छेउ छेउमां पनि पचास्वटा घुंड़िघर्
१८ बनायो। फेरि त्येस्ले पाल् जोर्नुको लागि पीतलका पचास्वटा घुंड़ि
१९ बनायो त्यो एकै पार्नुलाइ। फेरि पाल्को लागि त्येस्ले मांड्भेंड़ाको रातो
रंगायेका छालाहरुको येउटा छाना बनायो अनि त्येस् मांथि सूइसका
छालाहरुको अर्को येउटा छाना बनायो॥

२० अनि फेरि त्येस्ले बासस्थान्को लागि बबूलकाठका फल्याकहरु
२१ सम्याउंनुको लागि बनायो। एक् एक् फल्याकको लंमइ दस् हात् अनि गज्
२२ डेढ् हातको थियो। एक् एक् फल्याकमां दुइ दुइवटा चूराहरु एका अर्का
सङ जोरीयेका थिये, बासस्थान्का सबैचे फल्याकहरुको लागि त्येस्ले येसैगरि
२३ बनायो। त त्येस्ले बासस्थान्को लागि फल्याकहरु बनायो दक्खिन् पांट्को

दक्खिने ढेउको लागि बीस्वटा फल्याक्. अनि बीसै फल्याक्को तल २४
चांदीका बालीस्वटा चूरघर् बनायो एक् फल्याक्को तल त्येस्का दुवै चूरहरुको
लागि दुवटा चूरघर् अनि अर्को फल्याक्को तल त्येस्का दुवै चूरहरुको लागि
दुवटा चूरघर् बनायो। अनि बास्स्यान्को अर्को पट्टि अर्थात् उत्तर २५
पट्टिको लागि त्येस्ले बीस्वटा फल्याक् बनायो अनि तिनका चांदीका २६
बालीस्वटा चूरघर् एक् फल्याक्को तल दुवटा चूरघर् अनि अर्को फल्याक्को
तल दुवटा चूरघर्। अनि बास्स्यान्को पच्छिउं तिर पक्काड़ि पट्टिको लागि २७
दुवटा फल्याक् बनायो। अनि पक्काड़ि पट्टि बास्स्यान्का कुंनाहरुको लागि २८
दुवटा फल्याक् बनायो। अनि ति दुवै तल देखि खप्टीयेका थिये अनि २९
येसोरि मांथि सिरान् सम्म एक् कड़ामां जोरीये. येसोरि त्येस्ले ति दुवै कुंनामां
ति दुवटा बनायो। त ति आठ्वटा फल्याक् भये अनि तिनका चांदीका ३०
सोह्वटा चूरघर् भये एक् एक् फल्याक्को तल दु दुवटा चूरघर्। फेरि ३१
त्येस्ले बबूल्काठ्का साटाहरु बनायो बास्स्यान्को एका पट्टिका फल्याक्हरुको
लागि पांच्वटा अनि बास्स्यान्को अर्को पट्टिका फल्याक्हरुको लागि ३२
पांच्वटा साटा अनि बास्स्यान्को पच्छिउं तिर पक्काड़ि पट्टिका फल्याक्हरुको
लागि पांच्वटा साटा बनायो। अनि त्येस्ले फल्याक्हरुको मांझमां हुंने ३३
बीच्को चइं साटा एका ढेउ देखि अर्को ढेउ सम्म पुग्ने बनायो। अनि ३४
त्येस्ले फल्याक्हरु सुन्ले मोहोर्‍यो अनि साटाहरुका घर्को लागि तिनका
कड़ाहरु सुन्का बनायो अनि साटाहरु पनि सुन्ले मोहोर्‍यो॥

फेरि त्येस्ले नीलो बैगुने सिंदुरे र मसीनो बाटेराको पाट्कपराको येउटा ३५
पर्दा बनायो. त्यो सिपालु बुट्टा काढ्नेको काम्ले करूब्हरु भयेको बनायो।
अनि त्येस्ले त्येस्को लागि बबूल्काठ्का चार्वटा खांबा बनायेर सुन्ले ३६
मोहोर्‍यो. तिनका आंकुसेहरु सुन्का थिये अनि त्येस्ले तिनको लागि चांदीका
चार्वटा चूरघर् ढाल्यो। फेरि त्येस्ले डेराको दैलोको लागि नीलो बैगुने ३७
सिंदुरे र मसीनो बाटेराको पाट्कपराको बुट्टा काढ्नेको काम् भयेको येउटा
पर्दा बनायो अनि त्येस्का पांच्वटा खांबा तिनका आंकुसेहरु समेत् ३८
बनायो. अनि त्येस्ले तिनका थाप्लिहरु र जोर्नेहरु सुन्ले मोहोर्‍यो. तर
तिनका पांच्वटा चूरघर् चइं पीतल्का थिये॥

फेरि बज्रेल्ले बबूल्काठ्को सम्पट् बनायो. त्येस्को लंमइ अढ़ाई ३७।१
हात् र त्येस्को गज् डेढ़ हात् र त्येस्को अल्गेहैं डेढ़ हात्को थियो. अनि २
त्येस्ले त्यो भित्र बाहिर निखरा सुन्ले मोहोर्‍यो अनि त्येस्ले त्येसमां रिंगे
सुन्को सिट् बनायो। अनि त्येस्ले त्येस्का चारै खुट्टामां लगाउंनुको लागि ३
सुन्का चार्वटा कड़ा ढाल्यो अर्थात् दुवटा कड़ा एका पट्टि अनि दुवटा
कड़ा अर्को पट्टि। फेरि बबूल्काठ्का डांड़िहरु बनायेर ति सुन्ले मोहोर्‍यो। ४
अनि त्येस्ले ति डांड़िहरु सम्पट्का दुवै पट्टिका कड़ाहरुमां त्यो ढोक्नुलाइ ५
ढाल्यो। फेरि त्येस्ले निखरा सुन्को येउटा प्रायश्चित्ते बनायो. त्येस्को लंमइ ६
अढ़ाई हात् र गज् डेढ़ हात्को थियो। अनि त्येस्ले सुन्का दुवटा ७

कस्वह्रु बनायो ति त्येस्ले कमायेर बनायो प्रायश्चित्तका दुवै क्वेउमां बनायो
८ एक् कस्व् एक् क्वेउमां अनि अर्को कस्व् अर्को क्वेउमां. ति प्रायश्चित्ते सित
९ एकै टुक्राको पारि त्येस्का दुवै क्वेउमां बनायो। अनि ति कस्वह्रुले आफ्ना
आफ्ना पखेटा उंभो तिर फिंजायेर पखेटाले प्रायश्चित्ते मांथि क्वाया पार्येका
थिये अनि तिनका मुख चइं सांमु सांमु भइ प्रायश्चित्ते तिर फर्केका थिये॥
१० फेरि त्येस्ले बबूल्काठ्को मेज् बनायो. त्येस्को लंमइ दुइ हात् गज्
११ एक् हात् र अल्गेइं डेढ् हात्को थियो. अनि त्येस्ले त्यो निखरा सुन्ले
१२ मोहोन्यो अनि त्येस्को रिंगे सुन्को येउटा बिट् बनायो। अनि त्येस्को
लागि रिंगे चार् अंवल् गज् भयेको येउटा पाता बनायो अनि पाताको
१३ रिंगे सुन्को येउटा बिट् बनायो। अनि त्येस्को लागि सुन्का चार्वटा कड़ा
१४ ठालि ति कड़ाहरु त्येस्का चारै खुट्टाका चारै कुनामां लगायो। ति कड़ाहरु
१५ मेज् बोक्ने डांड़हरुको लागि घर् हुंनुलाइ ति पाता निर थिये। अनि ति
डांड़ि बबूल्काठ्का बनायेर सुन्ले मोहोन्यो ति देखि मेज् बोकीग्रोस्
१६ भन्येर। अनि मेज् मांथिका सादाम् अर्थात् त्येस्का थाल्हरु धुपौराहरु
कटौराहरु र खन्याउंनुको लागि सुरहीहरु सबै निखरा सुन्को बनायो॥
१७ फेरि त्येस्ले निखरा सुन्को पांनस् बनायो. त्यो पांनस् त्येस्ले कमायेर
बनायो त्येस्को बैठक् डांक्ला समेत्. त्येस्का कोपीलाहरु गांठाहरु र फूल्हरु
१८ सबै उइ येउटै टुक्रा देखि थिये. अनि त्येस्का दुवै पट्टि बाटो छवटा
हांगा निकल्येका थिये तीन्वटा हांगा पांनस्को एका पट्टि बाटो अनि
१९ तीन्वटा हांगा अर्को पट्टि बाटो. एक् हांगामां बादाम्को फूल् जस्तो
तीन्वटा कोपीला येउटा गांठा र येउटा फूल् गरि थिये अनि अर्को हांगामां
पनि बादाम्को फूल् जस्तो तीन्वटा कोपीला येउटा गांठा र येउटा
२० फूल् गरि. पांनस् देखि निकल्येका ति छवै हांगाका येस्तै थिये। अनि
पांनस्मां बादाम्को फूल् जस्तो चार्वटा कोपीला आफ्नु आफ्नु गांठा र
२१ फूल् समेत् थिये. अनि पांनस् देखि निकल्येका छवटा हांगामांका
दुवटा हांगा सुनि एक् गांठा उइ येउटै टुक्रा देखि भयेका फेरि अर्को
दुवटा हांगा सुनि एक् गांठा उइ येउटै टुक्रा देखि फेरि पनि अरु दुवटा
२२ हांगा सुनि एक् गांठा उइ येउटै टुक्रा देखि भयेका। तिनका गांठा र
हांगा उइ येउटै टुक्रा देखि थिये. सिंगे पांनस् निखरा सुन्को उइ येउटै
२३ टुक्राको कमायो। अनि त्येस्ले त्येस्का सातवटा दीया र त्येस्का चिम्टा
२४ र त्येस्का अमोरुदानी निखरा सुन्को बनायो। त्यो थि सबै सादाम् समेत्
बनायो एक् तोड़ा निखरा सुन्को॥
२५ अनि त्येस्ले बबूल्काठ्को धूपबेदि बनायो. त्येस्को लंमइ एक् हात् र
गज् एक् हात्को थियो त त्यो चार्कुने थियो अनि त्येस्को अल्गेइं दुइ हात्को
२६ थियो अनि त्येस्का सींग्हरु त्येइ येउटै टुक्रा देखि थिये। अनि त्येस्को
माथिल्लो पट्टि र त्येस्का चारै पट्टिका पाटाहरु त्येस्का सींग्हरु समेत् निखरा
२७ सुन्ले मोहोन्यो अनि त्येस्को लागि रिंगे सुन्को येउटा बिट् बनायो। अनि

त्येको बिट् मुनि त्येका दुवै पाटामां सुनका दुवटा कड़ा बनायेर त्येका दुवै
पट्टि लगायो ति त्यो बोकुने डांड़िहरुका घर्को लागि। अनि डांड़िहरु २८
बबूलकाठको बनायेर सुनले मोहोऱ्यो। अनि त्येसे अभिषेक् गर्ने पवित्र २९
तेल् र बाखाको काम् गरायेको सुगन्धद्रव्यको निखरा धूप् बनायो।'

अनि त्येसे बबूलकाठको होमवेदि बनायो. त्येको लंमइ पांच् ३८१
हात् र गज् पांच् हात् चार्कुंने अनि त्येको अलगेइँ तीन् हातको थियो।
अनि त्येका चारै कुंनामां चारवटा सींग् बनायो त्येका सींग् उइ येउटै टुक्रा २
देखि थिये. अनि त्यो पीतलले मोहोऱ्यो। अनि त्येसे वेदिका सबै सादीम् ३
अर्थात् त्येका भांड़ाहरु बेलचाहरु कटौराहरु कांटाहरु र आगोका धुपौराहरु
बनायो. त्येका सबै सादीम् पीतलका बनायो। अनि त्यो वेदिको लागि त्येको ४
तल चारै पट्टिको बिट् मुनि त्येको मांझ सम्म पुगने पीतलको जालिको
येउटा झिंझ्रि बनायो। अनि पीतलको झिंझ्रिको चार्कुनाको लागि ५
डांड़िहरुको घर् हुंनुलाइ चारवटा कड़ा ढाल्यो। अनि डांड़िहरु बबूल- ६
काठको बनायेर पीतलले मोहोऱ्यो। अनि ति डांड़िहरु वेदिका पाटा पाटाका ७
कड़ाहरुमां त्यो बोकुनुको लागि हाल्यो त्यो फल्याकको खोके बनायो॥

फेरि त्येसे भेट् हुंने डेराको दैलोमां सेवा गर्ने स्त्रीहरुका दर्पणहरुको ८
पीतलले पीतलको स्नानभांड़ा र त्येको बैठक् पनि पीतलको बनायो॥

फेरि त्येसे आघन् बनायो. त्येको दक्खिन् तिरको दक्खिन् पट्टिको ९
लागि आघनका पर्दाहरु मसीनो बाटेराको पाटकपराको एक् सै हातको
थियो. तिनका खांबाहरु बीसवटा अनि तिनका चूरघराहरु पनि बीसवटा १०
पीतलका थिये तर खांबाका आंकुसेहरु र तिनका जोर्नेहरुचइं चांदीका थिये।
अनि उत्तर् पट्टिको लागि पनि सै हातका पर्दा तिनका खाबाहरु बीसवटा ११
अनि तिनका चूरघराहरु बीसवटा सबै पीतलका थिये तर खांबाहरुका
आंकुसेहरु र तिनका जोर्नेहरु चइं चांदीका थिये। अनि पच्छिउं पट्टिको लागि १२
पचास् हातका पर्दा थिये तिनका खांबाहरु दसवटा अनि चूरघराहरु दसवटा
तर खांबाहरुका आंकुसे र तिनका जोर्नेहरु चांदीका थिये। अनि पूर्व तिरको १३
पूर्व पट्टि पचास् हातको थियो। अनि दैलोको एक् पट्टिको लागि पन्द्रह् १४
हातका पर्दा थिये तिनका खांबाहरु तीनवटा अनि तिनका चूरघराहरु तीनवटा
अनि अर्को पट्टिका पनि येस्तै. आघनको दैलोको येता उता पन्द्रह् पन्द्रह् १५
हातका पर्दाहरु थिये तिनका खांबाहरु तीनवटा र तिनका चूरघराहरु
तीनवटा। रिंगे आघनका सबै पर्दा मसीनो बाटेराको पाटकपराका थिये। १६
अनि खांबाहरुका चूरघराहरु पीतलका थिये तर खांबाका आंकुसेहरु र १७
तिनका जोर्नेहरु चांदीका थिये अनि तिनका थाप्नि थाप्नि चांदीले मोहोऱ्येका
थिये अनि आघनका सबै खांबाहरु चांदीले जोऱ्येका थिये। अनि आघनको १८
दैलोको पर्दा बुट्टा काढ्नेको काम् भयेको नीलो बैगुने र सिंदुरे र मसीनो
बाटेराको पाटकपराको बनोयेको थियो. अनि त्येको लंमइ बीस् हात् अनि
गज् अर्थात् अलगो आघनको पर्दा बराबर् पांच् हातका थिये। अनि १९

तिनका खांबाहरु चार्‌वटा अनि तिनका चूर्‌घर्‌हरु चार्‌वटा पीतल्‌का थिये
तिनका आंकुसेहरु चांदीका र तिनका थाप्लिहरु चांदीले मोहोरीये अनि
२० तिनका जोर्न चांदीका थिये। अनि बास्‌स्थान्‌का र चारै पट्टिको आघन्‌का
सब्बै कीलाहरु पीतल्‌का थिये॥

२१ बास्‌स्थान्‌को अर्थात् साक्षीपाटीको बास्‌स्थान्‌का सार्दाम्‌को जुन् गन्ति
हारुन् पूजाहारीको छोरो ईतामार्‌को बाटोले लेवीहरुले गर्न सेवागराईको
२२ लागि मूसाको आज्ञा अन्‌सार् भयो त्येस्को बखान् येइ हो। यहूदाको कुल्‌को
हूर्‌को छोरो ऊरीको छोरो बजलेल्‌ले यह्‌वेले मूसालाइ आज्ञा दियेका सबै
२३ थोक् बनायो। अनि यो सङ दान्‌को कुल्‌को अहीसामाक्‌को छोरो
ओहोलीआब् चइं खोप्‌ने र बुट्टा काढ्‌ने र नीलो बैगुने र सिंदुरेको र
मसीनो पाट्‌कपरामां बुट्टा काढ्‌ने सिपालु थियो॥

२४ पवित्रस्थान्‌को जति काम् थियो त्यो सबै काम्‌को लागि जुन् सुन्
अर्थात् भेटिको सुन् लाग्यो त्यो उनन्‌तीस् तोड़ा र पवित्रस्थान्‌को शेकेल्‌को
२५ हिसाप्‌ले सात् सै तीस् शेकेल् थियो। अनि मंडलीका गनीयेका लोगका
चांदी एक् सै तोड़ा थिये र पवित्रस्थान्‌को शेकेल्‌को हिसाप्‌ले सत्रह् सै पछत्तर्
२६ शेकेल् थियो. अर्थात् जति जना बीस् बर्षका र यो भन्दा बेसि उमेर्‌का
गनीयेका लोगमां आयेका थिये ति छ लाख् तीन् हजार् पांच् सै पचास्
मान्छेहरुमांका जीउ जनंगेको पट्टि देखि एक् एक् बेका अर्थात् पवित्रस्थान्‌को
२७ शेकेल्‌को हिसाप्‌ले आधा शेकेल् पाईयो। अनि चांदीका ति सै तोड़ा
पवित्रस्थान्‌का चूर्‌घर्‌हरु र पर्दाको लागि चूर्‌घर्‌हरु ढाल्‌नुको लागि थिये
अर्थात् सै चूर्‌घर्‌हरु सै तोड़ाको लागि गोटैपिच्छे चूर्‌घर्‌को लागि एक्
२८ एक् तोड़ा गरि। अनि ति सत्रह् सै पछत्तर् शेकेल्‌को त्येस्ले खांबाहरुको
लागि आंकुसे बनायो अनि तिनका थाप्लिहरु मोहोर्‌यो अनि तिनको लागि
२९ जोर्न बनायो। अनि भेटिको पीतल् सत्तर् तोड़ा र दुइ हजार् चार् सै शेकेल्
३० थियो। त्येस्ले त्येस्को भेट् हुंने डेराको दैलोको लागि चूर्‌घर्‌हरु र पीतल्‌को
३१ बेदि त्येस्को पीत्‌ले झिंझ्‌रि समेत् र बेदिका सबै सार्दाम् र चारै
तिरको आघन्‌का चूर्‌घर्‌हरु र आघन्‌को दैलोका चूर्‌घर्‌हरु र बास्‌स्थान्‌का
सबै कीलाहरु र आघन्‌का चारै तिरका सबै कीलाहरु बनायो॥

३९ १ अनि तिनिहरुले नीलो बैगुने र सिंदुरेको पवित्रस्थान्‌मांको सेवाको
लागि सेवागराईका मसीना मसीना बस्त्रहरु बनाये अनि हारुन्‌को लागि
पवित्र बस्त्रहरु बनाये. जस्तो यह्‌वेले मूसालाइ आज्ञा दियेको थियो॥

२ अनि एपोद् चइं त्येस्ले सुन् नीलो बैगुने र सिंदुरे र मसीनो बाट्येको
३ पाट्‌कपराको बनायो। अनि तिनिहरुले सुन् पीट्येर पातला पाताहरु बनाइ
काट्येर तार् बनाये ति नीलो बैगुने र सिंदुरे र मसीनो पाट्‌कपरामां र
४ सिपालु बुट्टा काढ्‌नेको काम्‌मां मिलाउंनुलाइ। त्येस्को लागि तिनिहरुले
५ गांस्येका कांध्‌बन्धन् बनाये. दुइ छेउ छेउमां त्यो गांस्येको थियो। फेरि
त्येस् मांथि भयेका त्यो बान्ध्‌नुलाइ बुट्टा काढ़ीयेको पटुका उइ येउटै

ठुक्राको र त्येस्को बनाई जस्तो थियो अर्थात् सुन् नीलो बैगुने र सिंदुरे र मसीनो बाट्येको पाट्कपराको थियो. जस्तो यह्वेले मूसालाइ आज्ञा दियेको थियो ॥

फेरि इस्राएल्बंशीहरुको नांउ अन्सार् जसोरि मोहर् खोपींद छ त्येस्तै ६
गरि तिनिहरुले सुन्का घर्हरुमां जड़्येका सुलैमानी मणि खोप्ये। अनि ७
त्येस्ले ति एपोद्का कांध्बन्धन्मां इस्राएल्बंशीहरुको लागि सम्झौटे मणि हुंनुलाइ लगायो. जस्तो यह्वेले मूसालाइ आज्ञा दियेको थियो ॥

फेरि त्येस्ले एपोद्को बनाई जस्तो सिपालुले बनायेको काम्को चप्रास् ८
बनायो सुन्को र नीलो बैगुने र सिंदुरे र मसीनो बाट्येको पाठ्कपराको।
त्यो चार्कुंने थियो चप्रास् दोहोरा बनाये. अनि त्यो दोहोरो भइ एक् बित्ता ९
लांमो र एक् बित्ता गज्को थियो। अनि त्येस्मां मणिहरुका चार् लहर् जड़्ये. १०
पहिलो लहर् माणिक्य पुख्राज् र लाल्ड़ीको लहर् थियो। अनि दोस्रो ११
लहर् मर्कत् नील्मणि र हीराको। अनि तीस्रो लहर् लशम् सूर्य्यकान्त १२
र नीलम्को। अनि चौथो लहर् फीरोजा सुलैमानी र यशब्को. यि सबै १३
सुन्का घर्हरुमां जड़ीये। अनि ति मणिहरु इस्राएल्बंशीहरुका नांउ १४
अन्सार् अं तिनका नांउ अन्सार् बारह्वटा थिये मोहर्को खोपाई भयेको
अन्सार् ति बारह् कुल्को लागि थिये गोटै पिच्छे त्येस्को नांउ अन्सार्। फेरि १५
चप्रास्मां डोरी जस्तो बाटीयेको निखरा सुन्को सिक्रि बनाये। अनि सुन्का १६
दुवटा मणिघर्हरु र सुन्का दुवटा मुन्द्री बनायेर दुवै मुन्द्रीहरु चप्रास्का दुवै
छेउमां लगाये। अनि सुन्का बाटीयेका दुवटा सिक्रि चप्रास्को छेउ छेउमां १७
भयेका ति दुइ मुन्द्रीहरुमां लगाये। अनि बाटीयेका दुवै सिक्रिका अर्को १८
दुइ छेउ छेउ ति दुवै मणिघर्मां जोरीयेर एपोद्का कांध्बन्धन्मां त्येस्को
सांमु पट्टि लगाये। फेरि सुन्का दुवटा मुन्द्री बनायेर चप्रास्का दुवै १९
छेउमां एपोद् पट्टि लाग्नेको भित्र पट्टि बिट्मां लगाये। फेरि सुन्का २०
दुवटा मुन्द्री बनायेर एपोद्का दुवै कांध्बन्धन्मां मुनि बाटो त्येस्को सांमु
पट्टि र त्येस्को जोर्नी तिर एपोद्को बुट्टा काढ़्येको पठुका मांथि लगाये।
अनि चप्रास् त्येस्का मुन्द्रीहरुको बाटोले एपोद्का मुन्द्रीहरुमां नीलो सेप्टिले २१
येस्तोरि बांध्ये त्यो एपोद्को बुट्टा काढ़्येको पठुकामां रहोस् र चप्रास् एपोद्
देखि सर्नु न पावस्. जस्तो यह्वेले मूसालाइ आज्ञा दियेको थियो ॥

फेरि त्येस्ले एपोद्को दौरा सिंगै नीलो रंगको बुनीयेको बनायो २२
अनि त्येस्को मांझमां झिलमको छेंड़ू जस्तो दौराको छेंड़ू बनायो अनि २३
छेंड़ूको रिंगै बिट् बुनि दियो र त्यो न फटाईओस्। अनि त्येस्को तल २४
फेरोमां चइं नीलो बैगुने र सिंदुरे र बाट्येको पाट्कपराका दारीम्हरु
बनाये। अनि निखरा सुन्का घंटीहरु बनायेर ति तलको फेरोमां रिंगै २५
दारीम्को बीच् बीच्मां लगाये अर्थात् सेवा गर्न दौराको तल फेरोमां २६
रिंगै येउटा घंटी र येउटा दारीम् फेरि येउटा घंटी र येउटा दारीम् गरि
लगाये. जस्तो यह्वेले मूसालाइ आज्ञा दियेको थियो ॥

२७ फेरि हाडन् र त्येका क्रोराहरुको लागि बुन्येका पाट्कपराका दोरा
२८ अनि मसौनो पाट्कपराको पगरा र मसौनो पाट्कपरा का राखा राखा
२९ टोपीहरु अनि मसौनो बाटेराको पाट्कराका जाङेहरु अनि मसौनो बाटेराको पाट्कपराको र नीलो बेगुने र सिंदुरे बुट्टा काढ्नेको काम् भयेको पहुका पि सबै बनाये. जस्तो यह्वेले मूसालाइ आज्ञा दियेको थियो ॥

३० फेरि पवित्र मुकुट्को पत्र निखरा सुन्को बनाये अनि मोहर् खोपीयेको भैं त्येसां यो कुरा खोप्ये अर्थात् **यह्वेको लागि पवित्र।**

३१ अनि त्यो नीलो सेप्रिले पगरीमां लगाउंनुलाइ बांधे. जस्तो यह्वेले मूसालाइ आज्ञा दियेको थियो ॥

३२ येसोरि भेट् हुंने डेराको बासस्थान्का सबै काम् सिद्धीये. अनि जे जे यह्वेले मूसालाइ आज्ञा दियेको थियो इस्राएलवंशीहरुले येह अनुसार् गर्ये ॥

३३ अनि तिनिहरुले बासस्थान् मूसा थांइ ल्याये अर्थात् पाल् त्येका सबै सार्दाम् समेत् त्येका घुंड़िहरु फल्याक्हरु साटाहरु खांबाहरु
३४ चूर्घर्हरु अनि सांढूभेंड़ाका रातो गायेका क्यालाहरुको क्याना र
३५ सूइसका क्यालाहरुको क्याना र क्येल्ने पर्दा साक्षीपाटीको सम्पट् त्येका
३६ डांड़िहरु र प्रायश्चित्ते मेज् त्येका सबै सार्दाम् समेत् र भेटिका
३७ रोटीहरु निखरा पांनस् त्येका दीयाहरु अं बत्ती सच्याउंने र त्येका
३८ सबै सार्दाम् समेत् र उज्यालोको लागि तेल् अनि सुन्को बेदी र
३९ अभिषेक् गर्ने तेल् र सुगन्धधूप् र पाल्को दैलाको लागि पर्दा पीतलको बेदि त्येको पित्ले भिंभ्रि त्येका डांड़ि र त्येका सबै सार्दाम् समेत्
४० स्नानभांड़ा र त्येको बैठक् आघन्का पर्दाहरु त्येका खांबाहरु र चूर्घर्हरु अनि आघनको दैलोका पर्दा त्येका डोरीहरु र कीलाहरु र भेट् हुंने डेराको लागि अं बासस्थान्को सेवागरार्दका सबै सार्दाम्
४१ पवित्रस्थानमां सेवाको कामको लागि बुट्टा काढ्येका लुगाहरु अनि हाडन् पूजाहारीका पवित्र बस्त्रहरु र त्येका क्रोराहरुका बस्त्रहरु पूजाहारीगिरिको
४२ सेवा गर्नुलाइ । यह्वेले मूसालाइ दियेका सबै आज्ञा अनुसार् ति सबै
४३ काम् इस्राएलवंशीहरुले त्येसै गर्ये । तब मूसाले ति सब्बै काम् हेर्यो त हेर तिनिहरुले ति गर्येका थिये अं जस्तो यह्वेले आज्ञा दियेको थियो तिनिहरुले त्येसै गर्ये क्न्. त मूसाले तिनिहरुलाइ आशीर्वाद् गर्यो ॥

(बासस्थान् उभ्याउंनु अनि त्यो स्थापन् गर्नु)

४०१ फेरि यह्वेले मूसालाइ येसो भन्यो पहिलो महीनाको पहिलो
३ तिथिमां भेट् हुंने डेराको बासस्थान् उभ्याउंनु । अनि त्येसां साक्षीपाटीको
४ सम्पट् राखि त्येस्लाइ पर्दाले क्येलनु । फेरि मेज् भित्र ल्याएर त्येस् मांथि हुंने पोक्हरु सजाउंनु अनि पांनस् भित्र ल्याएर त्येका बत्तीहरु बालनु ।

फेरि सात्तौपाटीको सम्पट्को सांमु सुन्को धूप्को बेदि राख्नु अनि ५
बास्स्यान्को दैलोको पर्दा लगाउंनु । फेरि भेट् हुंने डेराको बास्स्यान्को ६
दैलोको सांमु होम्बेदि राख्नु । वहांदेखि भेट् हुंने डेरा र बेदिको ७
बीचमां स्नानभांड़ा राख्येर त्येसां पानी हाल्नु । वहांदेखि आघन्को ८
घेरा तिंगे उभ्याउंनु अनि त्यो आघन्को दैलोको पर्दा टांगनु । वहांदेखि ९
अभिषेक् गर्न तेल् लियेर बास्स्यान् र त्येसां भयेका सबै थोक्लाइ अभिषेक्
गर्नु अनि त्येका सबै सादाम् समेत् त्यो पवित्र गर्नु . त त्यो पवित्र हुंछ ।
फेरि होम्बेदि त्येका सबै सादाम् समेत्लाइ अभिषेक् गरि त्येलाइ पवित्र १०
गर्नु, त त्यो बेदि महापवित्र हुंछ । अनि स्नानभांड़ा त्येको बैठक् ११
समेत्लाइं अभिषेक् गरि पवित्र गर्नु । फेरि हारून् र त्येका छोराहरुलाइ १२
भेट् हुंने डेराको दैलोमां ल्यायेर तिनलाइ पानीले नुहाउंनु । वहांदेखि १३
हारुन्लाइ पवित्र बस्त्र पहिर्याउंनु अनि त्येलाइ अभिषेक् गरि पवित्र
गर्नु र त्येस्ले मेरो लागि पूजाहारीगिरिको सेवा गरोस् । फेरि त्येका १४
छोराहरुलाइ ल्यायेर तिनिहरुलाइ दौरा पहिर्याउंनु . वहांदेखि तैंले १५
तिनिहरुको बाबुलाइ अभिषेक् गर्येको झैं तिनिहरुलाइ पनि अभिषेक्
गर्नु र तिनले मेरो लागि पूजाहारीगिरिको सेवा गरुन् . अनि तिनको
अभिषेक्गराई तिनिहरुका पुस्ता पुस्तामां तिनिहरुको सदाको
पूजाहारीगिरिको लागि हुंछ । त मूसाले त्येसै गर्यो . अं यहूवेले त्येलाइ १६
दियेको सब् आज्ञा अनुसार् त्येस्ले गर्यो ॥

त येसो भयो दोस्रो बर्षको पहिलो महीनाको पहिलो तिथिमां १७
बास्स्यान् उभ्याईयो । अं मूसाले बास्स्यान् उभ्यायो अनि त्येका १८
चूघर् राखि त्येका फल्याक् लगाइ तिनमां साटा हाल्यो अनि त्येका
खांबा उभ्यायो । वहांदेखि त्येस्ले बास्स्यान् मांथि पाल् फिंजायो फेरि पाल् १९
मांथि त्येस्ले छाना लगायो . जस्तो यहूवेले मूसालाइ आज्ञा दियेको थियो ।
वहांदेखि त्येस्ले सात्तौपाटी ल्याइ सम्पट् भित्र राख्येर डांड़िहरु सम्पट्मां २०
हाल्यो अनि प्रायश्चित्ते सम्पट् मांथि राख्यो . तब त्येस्ले सम्पट् बास्स्यान्मां २१
ल्यायो अनि छेल्ने पर्दा टांग्येर सात्तौपाटीको सम्पट् छेल्यो . जस्तो यहूवले
मूसालाइ आज्ञा दियेको थियो । फेरि त्येस्ले भेट् हुंने डेरामां बास्स्यान्को २२
उत्तर् तिर पर्दाको बाइर पट्टि मेज् राख्यो । वहांदेखि त्येस्ले त्येस् मांथि २३
यहूवेको सांमु रोटी सजायेर राख्यो . जस्तो यहूवेले मूसालाइ आज्ञा दियेको
थियो । फेरि त्येस्ले भेट् हुंने डेरामां मेज्को सांमु बास्स्यान्को दक्षिवन् तिर २४
पानस् राख्यो । अनि त्येस्ले यहूवेको सांमु बत्तीहरु बाल्यो . जस्तो यहूवेले २५
मूसालाइ आज्ञा दियेको थियो । फेरि त्येस्ले भेट् हुंने डेरामां पर्दाको २६
सांमु सुन्को बेदि राख्यो . अनि त्येसां सुगन्ध धूप् पोल्यो . जस्तो यहूवेले २७
मूसालाइ आज्ञा दियेको थियो । फेरि त्येस्ले बास्स्यान्को दैलोमां पर्दा २८
टांग्यो । तब त्येस्ले भेट् हुंने डेराको बास्स्यानको दैलोमां होम्बेदि राखि २९
त्येका होम्बलि र अन्नबलि चढ़ायो . जस्तो यहूवेले मूसालाइ आज्ञा

३० दियेको थियो। फेरि त्येस्ले भेट् हुंने डेरा र वेदिको बीचमां स्नानभांड़ा
३१ राख्येर धुनुंलाइ पानी हाल्यो। अनि मूसा र हारून् र त्येस्का छोराहरुले
३२ त्येस्मां आफ्ना आफ्ना हात् गोड़ा धोये जब जब तिनिहरु भेट् हुंने
डेरामां पस्द थिये कि वेदि निर जांद थिये तब तब तिनिहरुले धुंने गर्द
३३ थिये. अस्तो यहूवेले मूसालाइ आज्ञा दियेको थियो। अनि त्येस्ले
बास्स्थान् र वेदिको रिंगै आघन्को घेरा उभ्यायो अनि आघन्को देलोका
पर्दा टांग्यो। येसैगरि मूसाले काम् सिध्यायो॥

३४ तब भेट् हुंने डेरा बादल्ले छोप्यो अनि यहूवेको महिमाले
३५ बास्स्थान् भरीयो। अनि मूसा भेट् हुंने डेरामां पस्नु सक्येन कसैगरि
भन्ये त्यो बादल् त्येस्मां अड़ीइ रह्यो अनि यहूवेको महिमाले बास्स्थान्
३६ भरीयो। अनि जब जब त्यो बादल् बास्स्थान् मांथि देखि उठाईंद थियो
तब तब इस्राएल्वंशीहरु आफ्ना सबै हिंड़ाईमां अघि अघि हिंड्द थिये.
३७ तर त्यो बादल् उठाईयेन भन्ये जुन् दिन् सम्म त्यो उठाईंदैन त्येस् दिन्
३८ सम्म तिनिहरु हिंड्दैन थिये। कसैगरिभन्ये इस्राएल्को सबै जहान्को
सांमु तिनिहरुको सबै हिंड़ाईमां दिउंसो यहूवेको बादल् बास्स्थान् मांथि
थियो अनि राति त्येस्मां आगो थियो॥

लैव्यव्यवस्थाको पोस्तक्॥

(होम्बलिको बिधि)

१ अनि यहूवेले भेट् हुंने डेरा देखि मूसालाइ बोलायेर त्येस्लाइ येसो
२ भन्यो इस्राएल्वंशीहरुलाइ येसो भन् तिमिहरुमांको कसैले यहूवेको
लागि भेटि चढ़ाउंने इच्छे गर्यो भन्ये पशुहरुमांको अर्थात् गाईगोरुहरु कि
भेंड़ाबाख्राहरुमांको आफ्नु भेटि चढ़ावस्॥

३ त्येस्को भेटि गाईगोरुमांको होम्बलि छ भन्ये देखि निष्खोट् नरको
चढ़ावस्. त्येस्ले त्यो भेट् हुंने डेराको देलो निर चढ़ावस् यहूवेको सांमु
४ ग्रहण् होस् जाउं भनि। अनि त्येस्ले आफ्नु हात् होम्बलि पशुको शिरमां
५ राखोस् त त्यो त्येस्को लागि प्रायश्चित्त गर्नुलाइ त्येस्को लागि ग्रहण् गरीछ। अनि
बाच्छालाइ यहूवेको सांमु बलि गरोस्. अनि हारूनका छोरा पूजाहारीहरुले
रगत् छेउ ल्याएर त्येस् भेट् हुंने डेराको देलो निर भएको वेदिको चारै पट्टि
६ रगत् छर्कुन्। अनि त्येस्ले होम्बलिको पशुको छाला काढ़ेर पशुला ई

ठुक्यावस्। अनि हारून् पूजाहारीका क्रोराहरुले बेदिमां आगो हाल्येर ७
आगो मांथि दाउरा पांजुन्. अनि हारूनका क्रोरा पूजाहारीहरुले त्येस्का ८
ठुक्राहरु टाउको र बोसो समेत् बेदिमां भयेको आगोको दाउरा मांथि
पांजि पांजि राखुन्. तर त्येस्ले त्येस्का आन्द्रा र खुट्टाहरु पानीले धोवस्. ९
अनि पूजाहारीले बेदिमां सबै डड़ावस् होम्बलिको लागि अं अग्निहोम्
यहूवेको लागि बास्ना हुंनुलाइ ॥

अनि त्येस्को भेटि बगालको भेंड़ाहरु कि बाख्राहरुमांको होम्बलि क्र १०
भन्ये देखि निष्खोट् नरको चढ़ावस्। अनि त्येस्ले त्यो यहूवेको सांमु बेदिको ११
उत्तर् पट्टि बलि गरोस्. अनि हारूनका क्रोरा पूजाहारीहरुले त्येस्को रगत्
बेदिका चारै पट्टि क्रुर्कुन्। अनि त्येस्ले त्यो त्येस्को टाउको र बोसो समेत् १२
ठुक्यावस्. अनि पूजाहारीले तिनलाइ बेदिमां भयेको आगोको दाउरा
मांथि पांजि पांजि राखोस्. तर त्येस्ले त्येस्का आन्द्रा र खुट्टाहरु पानीले १३
धोवस्. अनि पूजाहारीले सब्बै चढ़ायेर बेदिमां डड़ावस्. यो होम्बलि
हो अं अग्निहोम् यहूवेको लागि बास्ना हुंनुलाइ ॥

अनि यहूवेको लागि त्येस्को भेटि पंषीहरुमांको होम्बलि क्र भन्ये देखि १४
ढुकुरहरु कि परेवाका बचराहरुको भेटि चढ़ावस्। अनि पूजाहारीले त्यो १५
बेदि निर ल्यायेर त्येस्को टाउको निमठि चुंड़ायेर त्यो बेदिमां डड़ावस् अनि
त्येस्को रगत् बेदिको क्रेउमां चुहाईग्रोस्. अनि त्येस्ले त्येस्को आन्द्राभुंड़ि १६
मलै समेत् निकालि बेदिको पूर्व पट्टि खरानि हाल्ने ठांउमां आफालि
देवस्. अनि त्येस्ले त्येस्लाइ पखेटाको मांझै देखि फोरोस् तर त्येस्लाइ १७
अलग् अलग् पारि न हालोस्. अनि पूजाहारीले त्यो बेदिमां भयेको
आगोको दाउरा मांथि डड़ावस्. यो होम्बलि हो अं अग्निहोम्
यहूवेको लागि बास्ना हुंनुलाइ ॥

(अन्नबलिको बिधि)

अनि कसैले यहूवेको लागि अन्नबलिको भेटि चढ़ाउंने इच्छे गर्यो २१
भन्ये देखि त्येस्को भेटि पिठोको हवस् अनि त्येस्ले त्येस्मां तेल् खन्याइ गन्धरस्
राखोस्. त्यो हारूनका क्रोरा पूजाहारीहरु पांइ ल्यावस्. अनि त्येस्को २
पिठो र तेलमांको आफनु मुठिभरि र गन्धरस् चइं स्यांठु निकालोस्
अनि पूजाहारीले पि समझाटे हुंनुको लागि बेदिमां डड़ावस् अर्थात्
अग्निहोम् यहूवेको लागि बास्ना हुंनुलाइ. अनि अन्नबलिमांको उब्र्येको ३
चइं हारून् र त्येस्का क्रोराहरुको हवस्. त्यो यहूवेको अग्निहोममांको
महापवित्र भोक् हो ॥

अनि तनूरमां पकायेको भेटि अन्नबलि गरि चढ़ाउंने इच्छे गरिस् भन्ये ४
देखि त्यो तेलमां मुछ्योको अखमौरे पिठोका फुलौरा कि तेल् नखेको
अखमौरे बाबाको हवस्। अनि तेरो भेटि ताईमां पाल्येको अन्नबलि क्र भन्ये ५
देखि तेलमां मुछ्योको अखमौरे पिठोको हवस्। त्यो टुक्यायेर त्येस्मां तेल् ६

• खन्याउंनु. त्यो अन्नबलि हो। अनि तेरो भेटि तापकेमां पोल्येको अन्नबलि
८ कु भन्ये देखि त्यो तेलमां पोल्येको पिठोको हवस्। अनि ति थोकले बनौ-
येका अन्नबलि यहूवे थांइ ल्याउंनु. अनि जब त्यो पूजाहारी थांइ ल्याईयेला
९ तब त्येस्ले त्यो अंशि कुेइ ल्यावस्। अनि पूजाहारीले अन्नबलिमांको समझौटे
भाग् उठाइ बेदिमां डड़ावस्. अग्निहोम् यहूवेको लागि बास्ना हुंनुलाइ।
१० अनि अन्नबलिमांको उब्येको चइं हारून् र त्येस्का छोराहरुको हवस्. त्यो
११ यहूवेका अग्निहोममांको महापवित्र थोक् हो। कुनै पनि अन्नबलि जे
तिमिहरुले यहूवेको लागि चढ़ाग्रौला खमीर् सित न बनाईग्रोस्. यहूवेको
१२ कुनै अग्निहोममां खमीर् कि मह न डड़ाउंनु। ति अगौटेफलका भेटि
जानि यहूवेको लागि चढ़ाउंनु. तर ति बास्नाको लागि बेदिमां न
१३ चढ़ाईउन्। अनि आफ्ना सबै अन्नबलिको भेटि नुनले नुनौलो तुल्याउंनु
अनि आफ्नु कुनै पनि अन्नबलि आफ्नु ईश्वरको नियमको नून् बिनाको हुंनु
न दिंनु. अं आफ्ना सब्बै भेटिको साथमां नुन् पनि चढ़ाउंनु॥
१४ अनि यहूवेको लागि अगौटेफलहरुको अन्नबलि चढ़ाउंने इच्छे गरिस्
भन्ये देखि आफ्ना अगौटेफलको अन्नबलिको लागि आगोमां पोल्येका हरीयां
१५ बालाहरु अर्थात् हरीया बालाहरुको दल्येको अन्न चढ़ाउंनु। अनि त्येका
१६ तेल् हालनु अनि गन्धरस् राखनु. त्यो अन्नबलि हो। अनि पूजाहारीले
त्येको दल्येको अन्नमांको र त्येको तेलमांको अलिकता र त्येको सबै गन्धरस्
समझौटे भाग् जानि डड़ावस्. त्यो यहूवेको लागि अग्निहोम् हो॥

(मिलाप्बलिदान्को बिधि)

३१ अनि त्येको भेटि मिलाप्बलिदान् कु अनि त्येस्ले त्यो गाईगोरुमांको
चढ़ाउंने इच्छे गर्यो भन्ये देखि त्यो पशु नर् कि नारी हवस् त्येस्ले निषखोट् चइं
२ यहूवेको लागि चढ़ावस्। अनि त्येस्ले आफ्नु हात् आफ्नु भेटिको सिरमां
राखोस् अनि त्येस्लाइ भेट् हुंने डेराको देलो निर बलि गरोस्. अनि हारूनका
३ छोरा पूजाहारीहरुले त्येको रगत् बेदिका चारै पाटु छर्कुन्। अनि मिलाप्-
बलिदानमांको त्येस्ले यहूवेको लागि अग्निहोम् चढ़ावस् अर्थात् आन्द्राहरु
४ ढाक्ने बोसो र आन्द्राहरु मांथिको सबै बोसो र दुवै मिर्गौला र ति
मांथि र कम्मर् निर भयेको बोसो र मिर्गौला समेत कलेजो मांथिको
५ जाला थि सबै त्येस्ले निकालोस्। त हारूनका छोराहरुले त्यो बेदिमां
आगोको दाउरा मांथि भयको होमबलि मांथि डड़ाउन्. त्यो अग्निहोम् हो
यहूवेको लागि बास्ना हुंनुनाइ॥
६ अनि यहूवेको मिलाप्बलिदानको लागि त्येको भेटि भेंड़ाबाख्रामांको
७ कु भन्ये देखि त्येस्ले नर् कि नारी निषखोट् चइं चढ़ावस्। त्येस्ले आफ्नु
८ भेटिको लागि घुमा चढ़ायो भन्ये देखि यहूवेको सांमु चढ़ावस्. अनि त्येस्ले
आफ्नु भेटिको सिरमां आफ्नु हात् राखोस् अनि त्यो भेट् हुंने डेराको
सांमु बलि गरोस्. अनि हारूनका छोराहरुले त्येको रगत् बेदिका चारै

पट्टि छर्कुन्। अनि मिलाप्बलिदान्मांको त्येस्ले यह्वेको लागि अग्निहोम् ९
चढ़ावस् अर्थात् त्येस्को बोसो र सिंगै पुछ्रे त्यो डंड़ाल्नो निरै देखि
छुट्यावस् अनि आन्द्राहरु ढाक्ने बोसो र आन्द्राहरु मांथिको सबै बोसो
र दुवै मिर्गउला र ति मांथि र कम्मर् निर भयेको बोसो र मिर्गउला १०
समेत् कलेजो मांथिको जाला ति सबै निकालोस्। अनि पूजाहारीले त्यो ११
बेदिमां डड़ावस्. यो यह्वेको लागि अग्निहोम्को भोजन् हो॥

अनि त्येस्को भेटि बाख्राको छ भन्ये देखि त्यो यह्वेको सांमु चढ़ावस्. १२
अनि त्येस्ले आफ्नु हात् त्येस्को सिर्मां राखोस् अनि भेट् हुंने डेराको सांमु १३
बलि गरोस्. अनि हारुन्का छोराहरुले त्येस्को रगत् बेदिका चारै पट्टि
छर्कुन्। अनि त्येस्ले त्येस्मांको आफ्नु भेटि यह्वेको लागि अग्निहोम् चढ़ावस् १४
अर्थात् आन्द्राहरु ढाक्ने बोसो र आन्द्राहरु मांथिको सबै बोसो र दुवै १५
मिर्गउला र ति मांथि र कम्मर् निर भयेको बोसो र मिर्गउला समेत् कलेजो
मांथिको जाला ति सबै निकालोस्। अनि पूजाहारीले ति बेदिमां १६
डड़ावस्. यो अग्निहोम्को भोजन् हो बास्ना हुंनुलाइ. सबै बोसो यह्वेको
हो। यो तिमिहरुको सिंगै पुस्ताको लागि तिमिहरुको सबै बास् बास्मां १७
सनातन्को बिधि हवस् तिमिहरुले न बोसो न रगत् खाव भन्ये॥

(पाप्बलिको बिधि)

फेरि यह्वेले मूसालाइ येसो भन्यो इस्राएल्बंशीहरुलाइ येसो ४ १/२
भन् यह्वेले थुन्येको कुनै काम्मां कसैले भूल्ले पाप् गर्‍यो अनि येस्तो काम्
गर्‍यो भन्ये. अं कोई अभिषिक्त पूजाहारीले लोग्मां दोष् लाग्ने गरिको ३
पाप् गर्‍यो भन्ये देखि त्येस्ले गर्‍यको त्यो पाप् मेट्नुलाइ त्येस्ले येउटा निष्खोट्
बाच्छा यह्वेको लागि पाप्बलि् गरि चढ़ावस्। अनि त्येस्ले त्यो बाच्छा ४
भेट् हुंने डेराको दैलो निर यह्वे थांइ ल्यायेर बाच्छाको सिर्मां आफ्नु
हात् राखोस् अनि बाच्छालाइ यह्वेको सांमु बलि गरोस्। तब अभिषिक्त ५
पूजाहारीले बाच्छाको रगत्मांको लियेर भेट् हुंने डेरामां ल्यावस्.
अनि पूजाहारीले आफ्नु औंला रगत्मां डुबायेर पवित्रस्थान्को छेल्ने ६
पर्दाको अघिल्तिर यह्वेको सांमु त्येस्मांको सात् खेप् छर्कोस्। तब ७
पूजाहारीले भेट् हुंने डेरामां यह्वेको सांमु भयेको सुगन्धधूप्को बेदिका
सींग्हरुमां त्यो रगत्मांको लगावस् अनि बाच्छाको अरु सबै रगत् त्यो
भेट् हुंने डेराको दैलो निर भयेको होम्बेदिको जग्मां खन्यावस्। अनि ८
त्येस्ले पाप्बलिको बाच्छाको सबै बोसो त्यो देखि निकालोस् अर्थात्
आन्द्राहरु ढाक्ने बोसो र आन्द्राहरु मांथिको सबै बोसो र दुवै ९
मिर्गउला र ति मांथि र कम्मर् निर भयेको बोसो र मिर्गउला समेत्
कलेजो मांथिको जाला ति त्येस्ले त्येसैगरि निकालोस् जसोगरि १०
मिलाप्बलिदान् चढ़ाईंने बाच्छाको गरींद छ. वहांदेखि पूजाहारीले ति
होम्बेदिमां डड़ावस्। तर बाच्छाको छाला त्यस्का सबै मांसु र टाउको ११

१२ खुट्टा आन्द्राहरु गोबर् समेत् अं सिंगै बाच्छा क्राउंनो देखि बाहर
चोक्षो ठांउमां खरानि आफालींने ठांउमां लग्येर दाउरा सांथि राखि
आगोमां डड़ावस्. जहां खरानि आफालींद क्र तिहीं त्यो डड़ाईओस्॥
१३ फेरि इस्राएल्को सिंगै मंडलीले भूल् गर्यो अनि त्यो कुरो त्येस्
सभाका आंखा देखि लुक्येको भइ रह्यो अनि यहूवेले गर्न्येको कुनै काम्
१४ गरि दोषी भयो भन्ये देखि तिनिहरुले गर्येको त्यो पाप् प्रगटो हुंदा
सभाले येउटा बाच्छा पापबलि गरि चढ़ावस् अनि त्येस्लाइ भेट् हुंने डेराको
१५ सांमु ल्यावस्। अनि मंडलीका प्राचीन्हरुले आफ्ना आफ्ना हात्
बाच्छाको सिरमां यहूवेको सांमु राखुन्. तब त्यो बाच्छा यहूवेको सांमु बलि
१६ गरीओस्। अनि अभिषिक्त पूजाहारीले भेट् हुंने डेरामां बाच्छाको
१७ रगतमाको ल्यावस्. अनि पूजाहारीले आफ्नु औंला रगतमां डुबाएर
१८ क्रेल्ने पर्दाको अघिल्तिर यहूवेको सांमु सात् खेप् क्रकोंस्। फेरि भेट् हुंने
डेरामां यहूवेको सांमु भयेको बेदिका सींगहरुमां त्येस्ले रगतमांको लगावस्
अनि अरु सबै रगत् भेट् हुंने डेराको देलो निर भयेको होमबेदिको जगमां
१९ खन्यावस्। तर बाच्छाको सबै बोसो चर्इ त्यो देखि निकाल्येर बेदिमां
२० डड़ावस्। बाच्छालाइ येसो गरोस् अं त्येस्ले पापबलिको बाच्छालाइ जसो
गर्यो त्येसै यो पनि गरोस्. येसोरि पूजाहारीले तिनको लागि प्रायश्चित्त
२१ गरोस् तब तिनिहरु क्षमा गरींक्न्। अनि बाच्छालाइ क्राउंनो देखि
बाइर लग्येर त्येस्ले त्यो पनि पहिलो बाच्छालाइ झैं डड़ावस्. यो सभाको
लागि पापबलि हो॥
२२ जब कोई मालिक्ले पाप् गर्ला अर्थात् आफ्नु ईश्वर् यहूवेले
२३ गर्न्येको कुनै काम् गरि दोषी होला अनि त्येस्ले गर्न्येको पाप् त्येस्लाइ
थाहा गराईयला तब त्येस्ले येउटा निष्खोट् बाख्रा आफ्नु भेटिको लागि
२४ ल्यावस् अनि त्येस्ले बाख्राको सिरमां आफ्नु हात् राखोस्, अनि
यहूवेको सांमु जहां होमबलिको पशु बलि गरींद क्र तहां त्येस्लाइ बलि
२५ गरोस्. त्यो पापबलि हो। तब पूजाहारीले आफ्नु औंलाले पापबलिको
रगतमांको लिएर होमबेदिका सींगहरुमां लगावस् अनि त्येको उब्र्येको
२६ रगत् होमबेदिको जगमां खन्यावस्। अनि त्येस्ले त्येका सबै बोसो
मिलापबलिहरुको बोसो झैं बेदिमां डड़ावस्. येसोरि पूजाहारीले त्येको
पापको विषयमां त्येको लागि प्रायश्चित्त गरोस् तब त्यो क्षमा गरींक्न॥
२७ फेरि साधारण् लोगमांको कसैले भूल्ले पाप् गर्यो भन्ये अर्थात्
२८ यहूवेले गर्न्येको कुनै काम् गरि दोषी भयो अनि त्यो त्येस्ले गर्येको
पाप् त्येस्लाइ थाहा गराईयो भन्ये देखि त्येस्ले गर्येको त्यो पाप् भेट्नुको
२९ लागि येउटा निष्खोट् बाख्रो आफ्नु भेटिको लागि ल्यावस्। अनि त्येस
पापबलिको सिरमां आफ्नु हात् राखोस् अनि होमबलिको ठांउमां
३० पापबलिलाइ बलि गरोस्। तब पूजाहारीले त्येको रगतमांको आफ्नु
औंलाले लिएर होमबेदिका सींगहरुमां लगावस् अनि त्येको अरु सबै

रगत् बेदिको जगमां खन्यावस्। अनि त्येस्ले त्येस्को सबै बोसो मिलाए- २१
बलिदान्को बोसो भैं निकालोस् वहांदेखि पूजाहारीले त्यो बेदिमां
डढ़ावस् यहवेको लागि बास्ना हुंनुलाइ. येसोगरि पूजाहारीले त्येस्को
लागि प्रायश्चित्त गरोस् तब त्यो क्षमा गरींछ॥

अनि त्येस्ले पापबलिको लागि येउटा पाठा आफ्नु भेटि गरि ल्यायो २२
भन्ये देखि त्यो निषखोट् पाठो ल्यावस्। तब त्येस्ले पापबलिको सिरमां २३
आफ्नु हात् राखोस् अनि जहां तिनिहरुले होमबलिलाइ बलि गर्द छन्
त्यहां त्यो पापबलिको लागि बलि गरोस्। तब पूजाहारीले आफ्नु २४
औंलोले पापबलिको रगतमांको लिएर होमबेदिका सींगहरुमां लगावस्
अनि त्यस्को अरु सबै रगत् बेदिको जगमां खन्यावस् अनि २५
मिलापबलिदान्को पाठाको बोसो भैं त्येस्को सबै बोसो निकालोस् अनि
पूजाहारीले ति यहवेको अग्निहोमहरु मांथि बेदिमां डढ़ावस्. येसोरि
त्येस्ले गर्येको पाप्को लागि पूजाहारीले त्येस्को लागि प्रायश्चित्त गरोस्
तब त्यो क्षमा गरींछ॥

(दोषबलिको बिधि)

फेरि कसैले साती भइ येस्तो पाप् गर्यो अर्थात् किरिया खुवाईये ५ १
पछि को तैंले कोइ देख्येको कि जान्येको कुस् भन्ये सोधीयो अनि त्येस्ले
झुठो जाहर् गर्येन भन्ये देखि त्येस्ले आफ्नु अधर्म्म बोक्छ. कि कसैले २
कोइ अशुद्ध चीज् छोयो अशुद्ध बनपशुको कि अशुद्ध घरपशुको कि
अशुद्ध बगिहिंने जीवाजन्तुको मिंनु हुवस् त्यो त्येस्को अजानमां भयेको
अनि अशुद्ध भयेको भये पनि त्यो दोषी हुंछ. कि त्येस्ले मान्छेको कोइ ३
अशुद्धैंइं छोयो त्यो अशुद्धैंइं जेसुकै भये पनि अनि यो त्यो देखि लुक्येको
भये पनि त्येस्ले त्यो जान्ये पछि दोषी ठहर्छ. कि कसैले कुभलो कि भलो ४
गर्नुलाइ बिचार् न गरि आफ्ना ओंठले किरिया खायो जेसुकै हुवस्
मान्छेले बिचार् न गरि किरिया खाइ भन्यो अनि यो त्यो देखि
लुक्येको भयो भन्ये देखि. त्येस्ले त्यो जान्ये पछि येस्ता येस्ता कुरामां
दोषी हुंछ. अनि येसो हुंछ जब त्यो येस्ता येस्ता कुराको येउटामां दोषी ५
होला तब जस् बिषयमां त्येस्ले पाप् गर्येको होला त्येस्को त्यो कारण् हुवस्.
अनि त्येस्ले यहवे यांइ दोषबलि त्येस्ले गर्येको त्येस् पापको कारणले ६
भेंड़ा कि बाख्रामांको येउटी पाठी पापबलिको लागि ल्यावस् अनि
पूजाहारीले त्येस्को पापको कारणले त्येस्को लागि प्रायश्चित्त गरोस्। त्येस्को ७
पाठो ल्याउंने पुंजि कैन भन्ये देखि त्येस्ले आफ्नु पापको कारण् दुवटा कुकुर्
कि परेवाका दुवटा बचरा दोषबलिगरि यहवे यांइ ल्यावस् येउटा पापबलि
र अर्को होमबलिको लागि। अनि त्येस्ले ति पूजाहारी यांइ ल्यावस् जस्ले ८
पहिले पापबलि चढ़ं चढ़ावस् अनि त्येस्को टाउको गला देखि निमठोस्
तर त्यो कुट्याइ न हालोस्. अनि बेदिको पाटामां पापबलिको रगतमांको ९

कुर्कोस् अनि उब्येको चइं रगत् बेदीको जगमां चुहावस्. त्यो पापबलि
१० हो। अनि अर्को चइं त्येस्ले बिधि अनुसार् होमबलि गरि चढ़ावस्. येसोरि पूजाहारीले त्येस्ले गर्येको त्येस् पापको कारणले प्रायश्चित्त गरोस् तब त्यो
क्षमा गरींछ॥

११ तर त्येस्का दुवटा ढुकुर् कि परेवाका दुवटा बचारा ल्याउंने पनि पुंजि कैन भन्ये देखि त्येस्ले आफ्नु पापको कारणले आफ्नु भेटि अर्थात् एपाको दसौं हिस्सा पिठो पापबलिको लागि ल्यावस् त्येस्ले त्येस्मां तेल् न हालोस् न
१२ गन्धरस्. किनभन्ये त्यो पापबलि हो। अनि त्येस्ले त्यो पूजाहारी थांइ ल्यावस् अनि पूजाहारीले त्येस्मांको आफ्नु मुठिभरि सम्झौटे भाग् गरि लियेर त्यो यहुवेका अग्निहोमहरु मांथि बेदीमां डढ़ावस्. त्यो पापबलि
१३ हो। त्येस्ले ति कुरापांको कुनैको बिषयमां जे पाप् गर्यको छ पूजाहारीले त्येस्को लागि प्रायश्चित्त गरोस् तब त्यो क्षमा गरींछ. अनि उब्येको चइं अन्नबलि झैं पूजाहारीको हुंछ॥

१४ १५ फेरि यहुवेले मूसालाइ येसो भन्यो कसैले अपराध् गरि यहुवेका पवित्र थोकको बिषयमां भूलले पाप् गर्यो भन्ये देखि त्येस्ले यहुवे थांइ आफ्नु दोषबलि अर्थात् पवित्रस्थानको शेकेलको हिसाबमां शेकेलहरुका रुपियाको तैंले ठहरायेको दामका भेंड़ाबाखाहरुमांका येउटा निष्खोट्
१६ थुमा दोषबलि गरि ल्यावस्. अनि त्येस्ले पवित्र थोकमां जुन् पाप् गर्येको थियो त्येस्को साटो त्येस्को पांचौं हिस्सा अरु बढ़ाइकन त्यो पूजाहारीलाइ देवस्. अनि पूजाहारीले दोषबलिको थुमाले त्येस्को लागि प्रायश्चित्त गरोस् तब त्यो क्षमा गरींछ॥

१७ फेरि कसैले पाप् गर्यो अर्थात् यहुवेले थुन्येको कुनै काम् गर्यो भन्ये देखि अं त्यो न जान्येको भये पनि त्यो दोषी हुंछ अनि आफ्नु अधर्म्म
१८ बोक्छ। त त्येस्ले तैंले ठहरायेको दामको भेंड़ाबाखामांको येउटा निष्खोट् थुमा दोषबलिको लागि पूजाहारी थांइ ल्यावस् अनि पूजाहारीले त्येस्को लागि त्येस्ले त्यो अजानमां गर्येको भूलको लागि प्रायश्चित्त गरोस् तब त्यो
१९ क्षमा गरींछ। यो दोषबलि हो. यहुवेको सांमु निस्से दोषी छ॥

६ १ फेरि यहुवेले मूसालाइ येसो भन्यो कसैले येस्तो पाप् गर्यो अनि यहुवेको बिरुद्धमां अपराध् गर्यो अर्थात् राखनु दियेको थोकको बिषयमां कि बन्धकको बिषयमां कि लूटको बिषयमां आफ्नु छिमेकि सित
२ छल् गर्यो कि त्यो मांथि मिचेइं गर्यो कि हराएको थोक् पायेर त्येस्को बिषयमां झूठ् बोल्यो कि झूठो किरिया खायो ति मध्ये बिषयमां जुनसुकै काम्
३ गरिकन पापी भयो भन्ये देखि त येसो हुवस् त्यो पाप् गरिकन दोषी भयो त जुन् थोक् त्येस्ले लूटेर कि मिचेइं गर्येर लियेको छ कि त्येस्लाइ राखनु
४ दियेको थोक् कि हराएको थोक् जो त्येस्ले पायो कि कोइ थोक् जस्को
५ बिषयमां त्येस्ले झूठो किरिया खायेको छ भन्ये देखि त त्येस्ले त्यो पूरोगरि फर्काइ देवस् अं त्येस्को पांच् हिस्सा बढ़ाइकन पनि देवस्. जस् दिन् त्यो

दोषी ठहराईयो त्येसै दिन् त्येस्ले त्यो थोक् त्येस्को धनीलाइ दिहालोस्।
फेरि त्येस्ले यहूवे थांइ आफ्नु दोषबलि ल्यावस् अर्थात् भेंड़ाबाख्राहरुमांको ६
तैंले ठहराएको दाम्को येउटा निष्खोट् थुमा दोषबलिको लागि पूजाहारी
थांइ ल्यावस् तब पूजाहारीले त्येस्को लागि यहूवेको सांमु प्रायश्चित्त ७
गरोस् तब जुन् काम्को कारणले त्यो दोषी भयेको छ त्यो क्षमा गरींछ॥

(नानाप्रकार्का बलिदान्को विधि)

फेरि यहूवेले मूसालाइ येसो भन्यो हारून् र त्येस्का छोराहरुलाइ ८
येस्तो आज्ञा दे होमबलिको व्यवस्था येइ हो. होमबलि दाउरा मांथि
बिहान् सम्म रातभरि बेदिमां रहोस् अनि बेदिको आगो त्यसैमां सल्कीइ
रहोस्। अनि पूजाहारीले आफ्नु पाटकपराको वस्त्र र आफ्नु पाटकपराको १०
जाङे पनि आफ्नु जीउमां लगाइ बेदिमां भयेको होमबलि आगोले
खाइकन बेदीमां रह्योको खरानि झिक्येर बेदि निर राखोस्। वहांदेखि ११
त्येस्ले ति वस्त्र काढ़ेर अर्को लुगा लायेर खरानि छाउंनी देखि बाहिर येउटा
चोक्खो ठांउमां बोकि लैजावस्। अनि बेदिको आगो सल्कीइनै रहोस् १२
त्यो निभ्नु न पावस् अनि बिहान् बिहान् पूजाहारीले त्येस्मां दाउरा
सल्काएर होमबलि सच्याइकन राखि देवस् अनि त्येस् मांथि मिलाप्-
बलिको बोसो डढ़ावस्। बेदिमां आगो निरन्तर् सल्कीइ रहोस् त्यो १३
कैलेइ निभ्नु न पावस्॥

फेरि अन्नबलिको व्यवस्था येइ हो. हारूनका छोराहरुले त्यो यहूवेको १४
सांमु बेदिको अघिल्तिर चढ़ाउन्। अनि त्येस्ले अन्नबलिको पिठो र त्येस्को १५
तेल्मांको आफ्नु मुठिभरि र अन्नबलिमां भयेको सब् गन्धरस् निकाल्येर
अन्नबलिको सम्झौटे भाग् गरि बेदिमां डढ़ावस् यहूवेको सांमु बास्ना
हुंनुलाइ। अनि उब्र्येको चइं हारून् र त्येस्का छोराहरुले खाउन्. त्यो १६
बिना खमीर् कहीं चोक्खो ठांउमां खाईग्रोस् तिनिहरुले त्यो भेट् हुंने
डेराको आंगनमां खाउन्। त्यो खमीर् सित न पकाईग्रोस्। मैंले आफ्ना १७
अग्निहोम्हरुमांको त्यो तिनको भाग् हुंनुको लागि दियें पापबलि र
दोषबलि झैं त्यो पनि महापवित्र हो। हारूनबंशीहरुमांका सब्बै पुरुषले १८
त्यो खाउन् तिमिहरुका सबै पुस्तामां यहूवेका अग्निहोम्हरुमांको यो
तिनिहरुको येउटा बिधि सदा सम्म रहोस्. ति कुंने सबै पवित्र हुंछन्॥

फेरि यहूवेले मूसालाइ येसो भन्यो हारून् अभिषिक्त भयेको १९
दिनमां त्येस्ले आफ्ना छोराहरु समेतले चढ़ाउंनु पर्ने भेटि येइ हो अर्थात्
एपाको दसौं हिस्सा पिठो बिहान आधा बेलुका आधा निरन्तर् अन्नबलिको
लागि चढ़ावस्। त्यो ताईमां तेल्मां बनाईग्रोस् जब त्यो तेल्मां फुलींछ २१
तब ल्याउंनु. अनि त्यो अन्नबलिको टुक्रा पोल्येर यहूवेको सांमु बास्नाको
लागि चढ़ाउंनु। अनि त्येस्का छोराहरुमांको जो त्येस्को ठकानमां अभिषिक्त २२
पूजाहारी होला त्येस्ले पनि त्यो चढ़ावस्. सदाको बिधि गरि त्यो यहूवेको

२३ लागि स्यांठ्ठे डड़ाईश्रोस्। अनि पूजाहारीका सबै अन्नबलि स्यांठ्ठे डड़ाईउन्. ति न खाईउन्॥

२४ २५ फेरि यहूवेले मूसालाइ ऐसो भन्यो हारून् र त्येका क्रोराहरूलाइ ऐसो भन् पापबलिको व्यवस्था ऐह हो. जुन् ठांउमां होमबलि बलि गरींछ क त्येसैमां पापबलि पनि यहूवेको सांमु बलि गरीश्रोस्. त्यो महापवित्र

२६ हो। जुन् पूजाहारी पापको लागि त्यो चढ़ाउंने हुंक त्येसैले त्यो खाबस्.

२७ त्यो कहीं चोकखो ठांउमां भेट् हुंने डेराको आघनमां खाईश्रोस्। जस् जस्ले त्येको मांसु क्रोला त्यो पवित्र हुंक. अनि त्येको रगतमांको कोइ छिर्का कोई लुगामां पर्यो भन्ये देखि त्यो छिर्का पर्येको लुगा कहीं चोकखो

२८ ठांउमां धोईश्रोस्। तर जुन् मांटोको भांड़ामां त्यो उसीनीयो त्यो फोरीश्रोस्. अनि त्यो पीतलको भांड़ामां उसीनीयो भन्ये देखि त्यो मांझीश्रोस् अनि

२९ पानीले पखालीश्रोस्। पूजाहारीमांका सबै पुरुषहरुले त्येसमांको खाउन्.

३० त्यो महापवित्र हो। तर जुन् पापबलिको रगतमांको भेट् हुंने डेराको भित्र पवित्रस्थानमां प्रायश्चित्त गर्नुको लागि ल्याईंछ त्यो न खाईश्रोस्. तर आगोमां डड़ाईश्रोस्॥

७ १ फेरि दोषबलिको व्यवस्था ऐह हो. त्यो महापवित्र हो। जुन् ठांउमां

२ होमबलिलाइ बलि गर्ई छन् त्येसैमां दोषबलि पनि बलि गरुन्. अनि त्येको

३ रगत् त्येस्ले बेदिमां चारै तिर छर्कीस्। अनि त्येस्ले त्येसमांको सबै बोसो

४ चढ़ाबस् अर्थात् पुछरे र आन्द्राहरु ढाक्ने बोसो र दुवै मिर्गौला र ति मांथि र कम्मर् निर भयेको बोसो र मिर्गौला समेत् कलेजो मांथिको

५ जाला ति सबै त्येस्ले निकालीस्. अनि पूजाहारीले ति बेदिमां यहूवेको

६ लागि अग्निहोम् गरि डड़ाबस्. त्यो दोषबलि हो। पूजाहारीमांका जत्ति पुरुष हुंनन् तिनले त्यो देखि खाउन्. त्यो कह चोकखो ठांउमां खाईश्रोस्.

७ त्यो महापवित्र हो। जस्तो पापबलि त्यस्ते दोषबलि. ति दुवैको एकै व्यवस्था छ. जस् पूजाहारीले त्यो चढ़ाइकन प्रायश्चित्त गर्ला त्यो त्येसैको

८ हुबस्। अनि जस् पूजाहारीले कसैको होमबलि चढ़ाउला त्येस्ले चढ़ायेको

९ होमबलिको छाला त्येह पूजाहारीको हुबस्। अनि तनूरमां पोल्येको कि तापके कि ताईमां पकायेको सबै अन्नबलि चढ़ाउंने पूजाहारीकै होउन्।

१० तर तेलमां मुछ्योको हुबस् कि सुको हुबस् सबै अन्नबलि हारूनका सबै छोराहरुले बराबर् गरि पाउन्॥

११ फेरि यहूवेको लागि चढ़ाईंने मिलापबलिदानको व्यवस्था ऐह हो।

१२ त्येस्ले त्यो धन्यबादको लागि चढ़ायो भन्ये देखि धन्यबादी बलिदान् सित तेलले मुछ्योको अखमीरे फुलौरो तेल् घस्येको अखमीरे बाबर् र तेलमां

१३ भिजायेको पिठेको फुलौरो चढ़ाबस्। फेरि त्येस्ले आफनु धन्यबादी मिलाप्

१४ बलिदानहरु सित खमीरी रोटीहरु पनि चढ़ाबस्। अनि त्यो चढ़ाउंने चोकमांको ऐवटा ऐवटा गरि त्येस्ले यहूवेको लागि उचालीयेको भेटि गरि

१५ चढ़ाबस् त्यो चह्रं मिलापबलिको रगत् छर्कने पूजाहारीको हुबस्। अनि

त्येस्को धन्यवादी मिलाप्बलिदान्को मांसु त्यो चढाईंने दिनैमां खाईग्रोस्
त्येसमांको त्येस्ले बिहान् सम्म केइ रहंनु न देवस्। तर त्येस्को चढाईंने १६
बलिदान् भाकल्को कि मनमानी हो भन्ये देखि त त्येस्ले जस् दिन् आफ्नु
बलिदान् चढाउला त्यो त्येसै दिनमां खाईग्रोस्. अनि त्येसमांको उब्येको
भोलिपल्टो खाईग्रोस्. तर बलिदान्को मांसुमांको पर्सिपल्टो सम्मलाइ १७
उब्येको आगोमां डढाईग्रोस्। अनि त्येस्का मिलाप्बलिदान्हरुको मांसुमांको १८
पर्सिपल्टो पनि खाईयो भन्ये देखि त्यो ग्रहण् गरीदैन न चढाउंनेको लागि
गनींछ. तर त्यो घिन्लाग्दो हुंछ अनि त्येसमांको खांने प्राणीले आफ्नु
अधर्म्म बोक्छ। फेरि जुन् मांसु केइ अशुद्ध थोक् देखि छोईयेको छ त्यो न १९
खाईग्रोस् तर आगोमां डढाईग्रोस्। अनि मांसुको बिषयमां जति जना शुद्ध
छन् तिनले त्यो खाउन्. तर जून् प्राणीले यहूवेलाइ पर्ने मिलाप्बलिदान्- २०
हरुको मांसुमांको केइ अशुद्ध भइ खाला त्यो प्राणी आफ्ना लोगकां देखि
काटि दिईंछ। अनि कसैले केइ अशुद्ध थोक् को मान्छेको अशुद्धिई कि २१
अशुद्ध पशु कि केइ पनि अशुद्ध घिन्लाग्दो थोक् छोइकन यहूवेलाइ
पर्ने मिलाप्बलिदान्हरुमांको मांसुमांको खाला त्यो आफ्ना लोगकां देखि
काटि दिईंछ॥

फेरि यहूवेले मूसालाइ येसो भन्यो इस्राएल्बंशीहरुलाइ येसो २२
भन् तिमिहरुले गोरु कि भेंडा कि बाख्राको केइ बोसो न खांनु। अनि २३
आफै मंर्येको कि बनजन्तु देखि फहराइ मांरीयेकोको बोसो अरु केइ
काममां लगाउंनु सक्छौ. तर त्यो तिमिहरुले कोई परिले न खांनु। किनभन्ये २४
यहूवेको लागि अग्निहोममां चढाईंने माफिक्को पशुको बोसो जस्ले खाला
त्यो खांने प्राणी आफ्ना लोगकां देखि काटि दिईंछ। फेरि तिमिहरुले २५
आफ्नु कुनै बासमां कोई परिको पंक्षीको कि पशुको रगत् न खांनु।
बोसुकैले कुनै रगत् खाला त्यो प्राणी आफ्ना लोगकां देखि काटि दिईंछ॥ २६

फेरि यहूवेले मूसालाइ येसो भन्यो इस्राएल्बंशीहरुलाइ येसो २७
भन् जस्ले आफ्ना मिलाप्बलिदान्हरु यहूवेको लागि चढाउला त्येस्ले आफ्ना
मिलाप्बलिदान्हरुमांको आफ्नु भेटि यहूवे पांइ ल्यावस्. त्येस्ले आफ्नै २८
हातले यहूवेको अग्निहोम् ल्यावस् अर्थात् छाक्को बोसो समेत् ल्यावस् र
छाक्को यहूवेको सांमु हल्लाईंने भेटि गरि हल्लाईग्रोस्। अनि पूजाहारीले २९
बोसो चइं बेदिमां डढावस्. तर छाक्को चइं हारून् र त्येस्का छोराहरुको
हुंछ। फेरि तिमिहरुले आफ्ना मिलाप्बलिदान्हरुमांको दाहींनो पौंडो पनि ३०
उचालीयेको भेटि गरि पूजाहारीलाइ दिंनु। हारूनका छोराहरुमांको जस्ले ३१
मिलाप्बलिदान्हरुमांको रगत् र बोसो चढाउला दाहींनो पौंडो त्येसैको
भाग् हुंछ। कसोगरिभन्ये इस्राएल्बंशीहरुका मिलाप्बलिदान्हरुमांको मैले ३२
हल्लाईयेको छाक्को र उचालीयेको पौंडो तिनिहरु देखि लिइ हारून्
पूजाहारी र त्येस्का छोराहरुलाइ इस्राएल्बंशीहरुको पट्टि बाटो सदाको
बिधिको लागि दियें॥

२५ हारून् र त्येस्का छोराहरु जस् दिन् यहुवेको पूजाहारीगिरिको सेवा
गर्नुलाइ नजिक् ल्याईये त्येसै दिन् यहुवेका अग्निहोमहरुमांको यो तिनको
२६ अभिषेकीभाग् ठहराईयो जस् दिन् यहुवेले तिनिहरुलाइ अभिषेक्
गर्‍यो त्येस् दिन् उस्ले तिनलाइ इस्राएलवंशीहरु पट्टि बाटो पेइ भाग्
मिल्ने आज्ञा दियो। तिनिहरुका सन्तै पुस्ताहरु सम्म यो सदाको विधि
२७ हो। होमबलि र अन्नबलि र पापबलि र दोषबलि र स्थापन् गर्ने
२८ बलि र मिलापबलिदानहरुको व्यवस्था पेइ हो जुन् दिनमां उस्ले
सीनैको बनमां इस्राएलवंशीहरुलाइ तिमिहरुले मेरो लागि भेटि चढाउनु
पर्छ भनि आज्ञा दियो त्येस् दिन् यहुवेले सीनै पर्वतमां मूसालाइ यो
व्यवस्थाको आज्ञा दियो॥

(हारून् र त्येस्का छोराहरुको स्थापनगराई)

८ १ फेरि यहुवेले मूसालाइ येसो भन्यो तैंले हारूनलाइ त्येस्का छोरा-
हरु समेत् र बस्त्रहरु र त्यो अभिषेक् गन तेल् र पापबलिको त्यो बाच्छा
३ ति दुवै गुमा र अखमौरे रोटीको त्यो डालो लियेर सिंगै मंडलीलाइ
४ भेट् हुंने डेराको देलो निर भेला गरा। त मूसाले यहुवेले त्येलाइ
गर्‍येको आज्ञा अनुसार् गर्‍यो अनि भेट् हुंने डेराको देलो निर मंडली भेला
५ गराईयो। तब मूसाले मंडलीलाइ भन्यो गर्नु पर्ने काम् गर्नुलाइ यहुवेले
६ दियेको आज्ञा येइ हो। त मूसाले हारून् र त्येस्का छोराहरुलाइ कुंउ ल्यायेर
७ पानीले नुहायो। अनि त्येस्ले हारूनलाइ दौरा लगाइ दियेर पटुका बांधि
कांच् पहिर्‍यायो अनि एपोद् लगायो अनि एपोदको बुट्टा काढ्नेको पटुकाले
८ एपोद् बांधि दियो। फेरि त्येस्ले हारून् मांथि चप्रास् लगायो. चप्रासमां
९ ऊरीम् र तुम्मीम् लगाइ दियो. अनि त्येस्ले त्येस्को सिरमां पगरी लगायो
अनि पगरी मांथि त्येस्को अघिलतिर सुनको पत्र अर्थात् पवित्र मुकुट्
१० लगायो. जस्तो यहुवेले मूसालाइ आज्ञा दियेको थियो। तहांदेखि मूसाले
अभिषेक् गर्ने तेल् लियेर बासस्थानलाइ र जे जे त्येसमां थिये सब्बैलाइ
११ अभिषेक् गरि तिनलाइ पवित्र गर्‍यो। अनि त्येसमांको त्येस्ले बेदिमां सात्
खेप् छर्क्यो अनि बेदि त्येस्को सब्बै सादांम समेतलाइ र स्नानभांड़ा त्येस्को
१२ बैठक् समेतलाइ अभिषेक् गर्‍यो ति पवित्र गर्नुलाइ। फेरि त्येस्ले अभिषेक्
गर्ने तेलमांको हारूनको सिर् मांथि खन्याइ त्येस्लाइ अभिषेक् गर्‍यो त्येस्लाइ
१३ पवित्र गर्नु लाइ। फेरि मूसाले हारूनका छोराहरुलाइ ल्यायेर दौरा
लगाइ दिइ तिनका पटुका बांधि दिइ टोपीहरु लगाइ दियो. जस्तो
१४ यहुवेले मूसालाइ आज्ञा दियेको थियो। तहांदेखि त्येस्ले पापबलिको
बाच्छा ल्यायो. अनि हारून् र त्येस्का छोराहरुले आफ्ना आफ्ना हात्
१५ पापबलिको बाच्छाको सिरमां राख्ये। तब त्येस्ले त्यो बलि गर्‍यो अनि
मूसाले रगत् लियेर औंलाले बेदिका सींगहरुका चारै पट्टि लगायेर त्यो
पवित्र गर्‍यो अनि अरु रगत् बेदिको जगमां खन्यायेर बेदिलाइ पवित्र

गर्‍यो त्येस्को लागि प्रायश्चित्त गर्नुलाइ । अनि त्येस्ले आन्द्राहरु टाक्ने सबै १६
बोसो र कलेजो मांथिको जाला र बोसो समेत् दुवै मिर्गौला लियेर
बेदिमां डड्यायो । तर बाच्छा त्येस्को छाला मांसु गोबर् समेत् त्येस्ले छाउंनी १७
देखि बाइर आगोम डड्यायो, जस्तो यह्वेले मूसालाइ आज्ञा दिएको
थियो । अनि त्येस्ले होमबलिको थुमा ल्यायो, अनि हारून् र त्येस्का १८
छोराहरुले आफ्ना आफ्ना हात् थुमाको सिर्मां राख्ये । तब त्येस्ले त्यो १९
बलि गर्‍यो, अनि मूसाले त्येस्को रगत् बेदिमां रिंगै छर्क्यो । तब त्येस्ले २०
थुमा टुक्रा टुक्रा पार्‍यो अनि मूसाले टाउको टुक्राहरु बोसो समेत्
डड्यायो । अनि त्येस्ले आन्द्रा र खट्टाहरु पानीले धोयो अनि मूसाले सिंगै २१
थुमा बेदिमां डड्यायो, त त्यो बास्ना आउंने होमबलि भयो, यह्वेको लागि
अग्निहोम् भयो, जस्तो यह्वेले मूसालाइ आज्ञा दिएको थियो । फेरि त्येस्ले २२
अर्को थुमा अर्थात् स्थापन् गर्ने थुमा नजिक् ल्यायो, अनि हारून् र त्येस्का
छोराहरुले आफ्ना आफ्ना हात् त्यो थुमाको सिर्मां राख्ये । तब त्येस्ले २३
त्यो बलि गर्‍यो अनि मूसाले त्येस्को रगतमांको लियेर हारूनको दाहींनो
कानको लोतिमां र त्येस्को दाहींनो हातको बुढिऔंलामां र दाहींनो गोडाको
बुढिऔंठामां लगाइ दियो । फेरि त्येस्ले हारूनका छोराहरुलाइ नजिक् ल्यायो २४
अनि मूसाले त्येस्को रगतमांको तिनिहरुको दाहींनो दाहींनो कानको लोति
लोतिमां र दाहींनो दाहींनो हातका बुढिऔंला बुढिऔंलामां र दाहींनो
दाहींनो गोडाको बुढिऔंठा बुढिऔंठामां लगाइ दियो, त्येसपछि मूसाले
त्येस्को रगत् बेदिमां रिंगै छर्क्यो । तब त्येस्ले बोसो र पुक्रे र आन्द्राहरु २५
ढाक्ने सबै बोसो र कलेजो मांथिको जाला र बोसो समेत् दुवै मिर्गौला
र दाहींनो पींड्रो र यह्वेको मांसु भयेको अखमीरे रोटीको डालोको २६
येउटा अखमीरे रोटी र तेलमां पोल्येको येउटा फुलौरो र येउटा बाबर्
लियेर ति बोसोमां र दाहींनो पींड्रोमां राखि ति सबै हारूनको २७
हातमां र त्येस्का छोराहरुका हातमां राखि दियो अनि यह्वेको मांसु
हल्लाईने भेटि गरि हल्लायो । त्येसपछि मूसाले ति तिनिहरुका हात् देखि २८
लियेर होमबलि मांथि बेदिमां डड्यायो, त बास्ना आउंने स्थापनको भेटि
भयो, यह्वेको लागि अग्निहोम् भयो । त्येसपछि मूसाले छाक्को लियेर २९
हल्लाईयेको भेटि गरि यह्वेको मांसु हल्लायो, त्यो चइं स्थापनको थुमाको
मूसाको भाग् भयो, जस्तो यह्वेले मूसालाइ आज्ञा दिएको थियो । फेरि ३०
मूसाले अभिषेक् गर्ने तेल् र बेदि मांथि भयेको रगत् दुवैमांको लियेर
हारून् र त्येस्का वस्त्रहरु मांथि र त्यो सङ त्येस्का छोराहरु मांथि र तिनका
वस्त्रहरु मांथि पनि छर्क्यो अनि त्येस्ले वस्त्रै समेत् हारून् र वस्त्रै समेत्
त्येस्का छोराहरुलाइ पनि पवित्र गर्‍यो । तब मूसाले हारून् र त्येस्का ३१
छोराहरुलाइ भन्यो मांसु चइं भेट् हुंन डेराको दैलो निर पकाव, अनि
त्यो स्थापनको डालोमां भयेको रोटी समेत् उहीं खाव जसो मैले हारूनले
आफ्ना छोराहरु समेतले त्यो खावस् भन्येर आज्ञा गर्‍येको थियें । अनि ३२

३३ मांसु र रोटीमांको उब्येको आगोमां डड़ाइ देव। अनि सात् दिन् सम्म
अर्थात् तिमिहरुको स्थापन् हुंने दिनको भरना न होउंज्याल् सम्म भेट् हुंने
डेराको देलो देखि बाइर न जांनु. किनभन्ये उस्ले तिमिहरुलाइ सात् दिन्
३४ सम्म स्थापन् गर्दै रहंछ। जस्तो आजु गरीयो त्येसै तिमिहरुको प्रायश्चित्त
३५ गर्नुको लागि यहूवेले आज्ञा दियेको छ। त तिमिहरु भेट् हुंने डेराको
देलो निर सात् दिन् सम्म दिन् रात् बसि रह अनि यहूवेले जिम्मामां
दियेको आज्ञा मान्दै रह होइन भन्ये ता मरौला. किनभन्ये मलाइ येस्ले
३६ आज्ञा दिईयेको छ। त यहूवेले जे जे आज्ञा मूसाको बाटोले दियेको
थियो हारून् र त्येस्का छोराहरुले सबै त्येसै गर्ये॥

९ १ फेरि आठौं दिनमां येसो भयो मूसाले हारून् र त्येस्का छोराहरुलाइ
२ र इस्राएलका प्राचीनहरुलाइ बोलायेर हारून्लाइ भन्यो आफ्नु लागि
येउटा बाच्छा पाप्बलिको लागि र येउटा घुमा होम्बलिको लागि दुवै
३ निघखोट् लियेर यहूवेको सांमु चढाउ। अनि इस्राएलबंशीहरुलाइ येसो भन
पाप्बलिको लागि येउटा बाख्रा र होम्बलिको लागि बर्ष बर्षदिन्को येउटा
४ बाच्छा र येउटा पाठा ल्याव दुवै निघखोट् होउन् अनि यहूवेको सांमु
बलि गर्नुलाइ मिलाप्बलिको येउटा बाच्छा र येउटा घुमा र तेल्ले मुछ्योको
येउटा अन्नबलि पनि ल्याव. किनभन्ये आजु यहूवेले तिमिहरुलाइ दर्शन्
५ दिंछ भनि। तब तिनिहरुले मूसाले आज्ञा गर्ये को सबै थोक् भेट् हुंने
डेराको सांमु ल्याये. अनि सिंगै मंडली कुंउ आइ यहूवेको सांमु उभीयो।
६ तब मूसाले भन्यो तिमिहरुलाइ जुन् काम् गर्नु यहूवेले आज्ञा दियेको छ
७ त्यो येइ हो. त यहूवेको महिमाले तिमिहरुलाइ दर्शन् दिंछ। फेरि मूसाले
हारून्लाइ भन्यो वेदि कुंउ आयेर आफ्नु पाप्बलि र होम्बलि चढाइ
आफ्नु र लोगको लागि प्रायश्चित्त गर. अनि लोगको भेटि चढाइ तिनको
८ लागि प्रायश्चित्त गर. जस्तो यहूवेले आज्ञा दियेको छ। त हारून्ले वेदि
९ कुंउ गयेर पाप्बलिको बाच्छा जो आफ्नै लागि थियो बलि गर्यो। अनि
हारून्का छोराहरुले रगत् त्येस्को कुंउमां ल्याये. तब त्येस्ले आफ्नु औंला
रगत्मां डुबायेर त्यो वेदिका सींगहरुमां लगाइ दियो अनि अरु रगत्
१० वेदिको जगमां खन्यायो. तर त्येस्ले पाप्बलिमांको बोसो र मिर्गौला र
कलेजो मांथिको जाला वेदिमां डड़ायो. जस्तो यहूवेले मूसालाइ आज्ञा
११ दियेको थियो। तर मांसु र छाला चइं त्येस्ले छाउंनी देखि बाइर आगोमां
१२ डड़ायो। तब त्येस्ले होम्बलिलाइ बलि गर्यो तहांदेखि हारून्का
१३ छोराहरुले रगत् त्येस्लाइ दिये अनि त्येस्ले त्यो वेदिमां सिंगै छर्क्यो। तब
तिनिहरुले होम्बलि टुक्रा टुक्रा गरि टाउकै समेत् त्येस्लाइ दिये. अनि
१४ त्येस्ले त्यो वेदिमां डड़ायो। तब त्येस्ले आन्द्रा र खुट्टाहरु धोयेर वेदिमां
१५ होम्बलि मांथि डड़ायो। फेरि लोगको भेटि कुंउ ल्यायेर त्यो लोगको
लागिको पाप्बलिको बाख्रा लिइ बलि गर्यो अनि अघिल्लो झैं त्यो पनि
१६ पाप्को लागि चढ़ायो। फेरि त्येस्ले होम्बलि कुंउ ल्यायेर बिधि अनुसार्

चढ़ायो। तब अन्नबलि केउ ल्यायेर त्येसमांको मुठिभरि लियेर बिहानको १७
होमबलि बाहिक् त्यो पनि बेदिमां डड़ायो। फेरि त्येस्ले बाच्छा र घुमा १८
अर्थात् लोगको लागिको मिलापबलिदान् पनि बलि गर्‍यो. अनि हारूनका
छोराहरुले रगत् त्येस्लाइ दिये अनि त्येस्ले त्यो बेदिमां रिंगे छर्क्यो फेरि १९
तिनिहरुले बाच्छाको बोसो र घुमाको पुछ्रे र आन्द्राहरु ढाक्ने बोसो र
मिर्गौला र कलेजो मांथिको जाला पनि दिये. फेरि तिनिहरुले बोसो २०
छाक्तो छाक्तोमां राखे अनि त्येस्ले बोसो चइं बेदिमां डड़ायो. तर २१
छाक्ताहरु समेत् दाहींनो पींड़ो हारूनले मूसाको आज्ञा अनुसार् हल्लाईने
भेटि गरि यहूवेको सांमु हल्लायो। तब हारूनले लोग् तिर आफ्ना हात् २२
उठायेर तिनलाइ आशीर्वाद् गर्‍यो वहांदेखि पापबलि होमबलि
मिलापबलि चढ़ाइ सकेर त्यो उत्रि आयो। तब मूसा र हारून् भेट् हुंने २३
डेरामां गये अनि फेरि निकल्येर लोगलाइ आशीर्वाद् गर्‍ये. तब सबै
लोगलाइ यहूवेको महिमाको दर्शन् भयो। तब यहूवेको सांमु देखि २४
आगोले निस्कि आयेर बोसै समेत् होमबलि बेदिमां भस्म पार्‍यो. अनि
सबै लोग त्यो देख्येर कराइकन घोप्टो पर्‍ये॥

(नादाब् र अबीहूको पाप्)

तर हारूनका छोराहरु नादाब् र अबीहूले आफ्नु आफ्नु धुपौरो १०१
लिइ त्येसमां आगो हालि आगोमां धूप् हालि यहूवेको सांमु अन्यआगो
चढ़ाये जस्को आज्ञा उस्ले तिनलाइ दियेको थियेन। तब यहूवेको सांमु २
देखि आगो निकल्यो अनि तिनलाइ भस्म पार्‍यो त तिनिहरु यहूवेको सांमु
मरि गये। तब मूसाले हारूनलाइ भन्यो यहूवेले मं आफ्नु नजिकाहरु ३
देखि पवित्र गरींकु अनि सिंगे लोगको सांमु मं महिमित् गरींकु भन्येको
कुरो येइ हो। त हारून् चुप लागि रह्यो। अनि मूसाले हारूनको काक्का ४
बाबु उज्जीएलका छोराहरु मीशाएल् र एल्साफानलाइ बोलायेर भन्यो केउ
आयेर आफ्ना भाईहरुलाइ पवित्रस्थानको सांमु देखि उठायेर छाउंनी
देखि बाहिर बोकि लैजाउ। त तिनिहरुले मूसाले भन्येको अनुसार् केउ ५
आयेर तिनिहरुलाइ तिनका लाग्यका दौरैमां उठाइ छाउंनी देखि बाहिर
लग्ये। तब मूसाले हारूनलाइ र त्येका छोराहरु एलाजार् र ईतामारलाइ ६
भन्यो तिमिहरुले आफ्नु सिरका केस् न छोड़ न आफ्ना लुगा फार होइन
भन्ये ता मरौला अं सिंगे मंडली मांथि यहूवे रिसाउंछ. तर तिमिहरुका
दाजुभाई अं इस्त्राएलको सिंगे जहानले यहूवेले बाल्येको आगो मांथि
बिलाप् गर्नु। तर तिमिहरु भेट् हुंने डेराको देलो देखि बाहिर न जांनु ७
होइन भन्ये ता मरौला. किनभन्ये यहूवेको अभिषेक् गर्ने तेल् तिमिहरु
मां छ। त तिनिहरुले मूसाको बचन् अनुसार् गर्‍ये॥

फेरि यहूवेले हारूनलाइ येसो भन्यो जब तिमिहरु भेट् हुंने ८
डेरामां जाओला तब तैंले कि तं मड भयेका तेरा छोराहरुले न दाखरस् न

मद्य पीउंनु होइन भन्य ता मंरौला. तिमिहरुका सबै पुस्ताहरुको लागि
१० येइ बिधि हुंछ. तिमिहरुले पवित्र अपवित्रमां र शुद्ध अशुद्धमां भेद् गर
११ भन्ये खातिरले अनि जन्ति बिधिहरु यहूवेले इस्राएलबंशीहरुलाइ
मूसाको बाटोले भन्येको छ ति सबै तिनिहरुलाइ सिकाव भन्ये खातिरले ॥
१२ फेरि मूसाले हारूनलाइ र त्येका बांच्येका छोराहरुलाइ अर्थात्
एलाजार् र ईतामारलाइ पनि भन्यो यहूवेका अग्निहोम्हरुमांको बांच्येको
अन्नबलि लियेर बिना खमीर् बेदिको छेउमां खाव. किनभन्ये त्यो महा
१३ पवित्र हो. त तिमिहरुले त्यो कहीं चोक्खो ठांउमां खाव किनभन्ये यो
यहूवेका अग्निहोम्हरुमांको तिम्रो र तिम्रा छोराहरुको भाग् हो.
१४ किनभन्ये मैंले येस्तै आज्ञा पायें। अनि हल्लाईंने छाक्को र उचालींने
पौंड्रो तिमिहरुले अर्थात् तिमिले आफ्ना छोराछोरी समेतले चोक्खो
ठांउमां खाउ. किनभन्ये ति इस्राएलबंशीहरुका मिलाप्बलिका
बलिदान्हरुमांका तिम्रा र तिम्रा छोराहरुको भाग् गरि दिईयेका छन्।
१५ तिनिहरुले बोसोको अग्निहोम् समेत् उठाईंने पौंड्रो र हल्लाईंने छाक्को
यहूवेको सांमु हल्लाईंने भेटि गरि हल्लाउंनुको लागि ल्याउन्. त ति
भाग् सदाको बिधि गरि तिम्रो र तिमि सङ्का तिम्रा छोराहरुको लागि
पनि होउन्. जस्तो यहूवेले आज्ञा दियेको छ ॥
१६ अनि मूसाले पाप्बलिको बाख्राको लागि खोज्खाज् गर्यो त हेर
त्यो डड्राईयेछ. तब हारून्का बांच्येका छोराहरु एलाजार् र ईतामारलाइ
१७ त्येस्ले रिसायेर भन्न लाग्यो किन तिमिहरुले पाप्बलि पवित्रस्थान्को
ठांउमां खायेका छौन किनभन्ये त्यो महापवित्र हो अनि उस्ले
तिमिहरुलाइ यहूवेको सांमु तिमिहरुको लागि प्रायश्चित्त गर्नुलाइ
१८ मंडलीको अधर्म्म बोक्नु भन्येर दियेको छ। हेर त्येको रगत् पवित्रस्थान्मां
भित्र ल्याईयेन छ. त तिमिहरुले निस्से मेरो आज्ञा अनुसार् त्यो
१९ पवित्रस्थान्मां खांनु उचित् थियो। तब हारून्ले मूसालाइ भन्यो हेर
आजु तिनिहरुले आफ्नु पाप्बलि र होम्बलि यहूवेको सांमु चढ्यायेका
छन् अनि मं मांथि येस्तो येस्तो पर्येको छ त आजु मैंले पाप्बलि खायेको
२० भये देखि ता को त्यो यहूवेको सांमु जाति लाग्ने थियो। जब मूसाले
यो कुरो सुन्यो तब त्यो त्येको सांमु जाति लाग्यो ॥

(शुद्ध अशुद्ध पशुहरुको बिषय्)

११ १ फेरि यहूवेले मूसा र हारून्लाइ येसो भन्यो इस्राएलबंशीहरुलाइ
येसो भन जन्ति पशु भूमिमां छन् ति सबैमांका तिमिहरुले थि जीवधारीहरु
२ खांनु हुंछ। पाउ भाग् भाग् भयेका र चिरीयेका खुर् भयेका र उगेरा गर्ने
३ पशुहरुमांका जति छन् ति खांनु हुंछ। तेपनि उगेरा गर्ने कि खुर् चिरा
भयेकाहरुमांका यिनिहरु खांनु हुंदैन अर्थात् ऊंट् जस्ले उगेरा त गर्द छ
तर खुर् चिरा भयेको छैन येकारण् त्यो तिमिहरुको लागि अशुद्ध हो।

अनि आपान्[1] जस्ले उगेरा ता गर्द क तर खुर् चिरा भयेको क्वैन त त्यो ५
पनि तिमिहरुको लागि अशुद्ध हो। अनि खरायो जस्ले उगेरा ता गर्द ६
क तर खुर् चिरा भयेको क्वैन येस्कारण् त्यो पनि तिमिहरुको लागि
अशुद्ध हो। अनि सुंगुर् जस्को पाउ भाग् भाग् भयेको र खुर् चिरा भयेको ७
ता क तर उगेरा गर्दैन येस्कारण् त्यो पनि तिमिहरुको लागि अशुद्ध हो।
यिनको मांसु न खानु अनि न यिनको सिंनु कुंनु ति तिमिहरुको लागि ८
अशुद्ध हुन्॥

फेरि पानीमां रहंने सबैमांका यिनिहरु तिमिहरुले खानु हुंक्व अर्थात् ९
पानीहरुमां र समुन्द्रहरुमां र नदीहरुमां जत्तिका पखेटा र कत्ला क्वन्
ति खानु हुंक्व। तर पानीमां सबै चलहल गर्नमांका र पानीमां भयेका सबै १०
जीवधारी प्राणीहरुमांका जो समुन्द्रहरु र नदीहरुमां क्वन् जस् जस्का
पखेटा र कत्ला क्वैनन् ति तिमिहरुको लागि घिन्लाग्दा हुन् त ति ११
तिमिहरुको लागि घिन्लाग्दानै होउन् तिमिहरुले तिनका मांसुमांको क्वेइ
पनि न खानु अं तिनका सिंनु घिन्लाग्दा जान। पानीमां हुंने ज्येका पखेटा १२
कि कत्ला हुंदैनन् ति तिमिहरुको लागि घिन्लाग्दा हुंक्वन्॥

फेरि पंछीहरुमांका यिनलाइ घिन्लाग्दा जान तिनिहरु घिन्लाग्दा १३
भइ न खाईउन् अर्थात् गिद्ध हाड्फोरा माच्छा खांने गिद्ध र चील् १४
र भांति भांतिका बाज् भांति भांतिका काग् अनि शुतर्मुर्ग हुइचील् १५ १६
जलकुक्कुट् र भांति भांतिका बडटै लाट्कोसेरा हाड्गील् कोइगालो १७
राजहांस् धनेस् सांनु गिद्ध सारस् भांति भांतिका बकुल्ला फापेचरा १८ १९
र चमेरो॥

फेरि पखेटा भयेका कीराफटेंग्राहरुमां जत्ति चारखुट्टाले हिंड्द २०
क्वन् ति सबै तिमिहरुको लागि घिन्लाग्दा होउन्। तैपनि सबै पखेटा २१
भयेका कीराफटेंग्रा चार् खुट्टाले हिंड्नेहरुमां यिनिहरु खानु हुंक्व अर्थात्
जस् जस्का गोड़ा देखि माथिर खुट्टा पनि क्वन् भूइं देखि उफ्रनुको लागि
तिनिहरुमांका यिनेहरु खानु हुंक्व भांति भांतिका सलहहरु भांति २२
भांतिका अर्को रकम्का सलहहरु भांति भांतिका जउकीरा जस्ता सलहहरु
र भांति भांतिका फटेंग्राहरु। तर अरु सबै पखेटा भयेका कीराफटेंग्राहरु २३
जो चार् खुट्टाले हिंड्द क्वन् तिमिहरुको लागि घिलाग्दा होउन्॥

त तिमिहरु ति देखि अशुद्ध होइ जांक्वौ. अं तिनको सिंनु कसैले २४
छोयो भन्ये देखि सांझ् सम्म अशुद्ध होइ रहंक्व. अनि कसैले तिनको २५
सिंनुमांको उठायो भन्ये देखि आफ्नु लुगा धोयेर सांझ् सम्म अशुद्ध
रहंक्व। पाउ भाग् भाग् भयेका तर खुर् चिरा न भयेका अनि न उगेरा २६
गर्ने ति सबै पशु तिमिहरुको लागि अशुद्ध हुन्. ति कुंने सबै अशुद्ध
हुंक्वन्। अनि चार् खुट्टाले हिंड्ने सबै पशुहरुमांका ज्ये ज्ये पौंजाले टेकि २०

[1] अर्थात् एक् रकम्को भौरखरायो।

हिंड्नेहरु कुन् ति तिमिहरुको लागि अशुद्ध हुन् तिनको सिंनु कुने सबै
२८ सांझ् सम्म अशुद्ध रहंकुन्। अनि कसैले तिनको सिंनु उठायो भन्ये देखि
त्येले आफ्नु लुगा धोवस् अनि सांझ् सम्म अशुद्ध रहंकु. ति तिमिहरुको
लागि अशुद्ध हुन्॥

२४ लागि त्यो ग्रहण् हुंदैन । जुन् पशुको राजखानि कुच्याईयेको कि चूर् पारीयेको
कि फुटेको कि काटि निकाल्येको छ त्यो यहूवेको लागि न चढ़ाउंनु अनि
२५ न आफ्नु देसमां येसो गर्नु । अनि यि सबैमांको तिमिहरुले आफ्नु
ईस्वर्को भोजन् गरि कोई पर्देसीको हात् देखि पनि लिइ न चढ़ाउंनु
किनभन्ये तिनमां जे बिग्रेयेको छ त्यो तिनको खोट् हो . ति तिमिहरुको
लागि ग्रहण् हुंदैनन् ॥

फेरि यहूवेले मूसालाइ येसो भन्यो जब बाच्छा कि भेंड़ा कि २६
बाख्राको पाठा बिहाईयेला तब त्यो सात् दिन् सम्म आफ्नु माऊ सङ रहोस
अनि आठौं दिन् देखि येसो त्यो यहूवेको अग्निहोम्को चढ़ाउंने हुंनुको
लागि ग्रहणयोग्य हुंछ। गाई हवस् कि भेंड़ी बाख्री हवस् त्येस्लाइ त्येस्को २८
बच्चा समेत् एकै दिन्मां बलि न गर्नु। अनि जब तिमिहरुले यहूवेको लागि २९
धन्यबादी बलि चढ़ाऔला तब तिमिहरु ग्रहण् गरौंनुको लागि त्यो बलि गर।
त्यो उसै दिन् खाईयोस् त्येस्मांको कोइ बिहान सम्म राखि न छोड़. मं ३०
यहूवे हुं। येस्कारण् तिमिहरुले मेरा आज्ञाहरु मानि ति गर्नु. मं यहूवे हुं। ३१
अनि मेरो पवित्र नांउ अपवित्र न गर्नु तर मं चइं ता इस्राएल्वंशीहरुको ३२
बीच्मां पवित्र गरौंकु. मं तिमिहरुलाइ पवित्र गर्ने यहूवे हुं जस्ले ३३
तिमिहरुलाइ मिस्रको देस् देखि तिमिहरुको ईश्वर् हुंनुलाइ निकालि
ल्याथो. मं यहूवे हुं॥

(कत्ति चाड़हरुको बिषय्को नियम्)

फेरि यहूवेले मूसालाइ येसो भन्यो इस्राएल्वंशीहरु सित २३ १
कुरा गरि येसो भन् यहूवेका ठहराईयेका बेलाहरु जो तिमिहरुले पवित्र
सभा हुंनुलाइ प्रचार् गरौला ति चइं मेरा ठहराईयेका बेलाहरु हुन्।
छ दिन् सम्म काम्काज् गरौउन्. तर सातौं दिन् महाबिश्राम्को र ३
पवित्र सभाको दिन् हो त्येस्मां कोइ पनि काम्काज् न गर्नु. त्यो चइं
तिमिहरुका सब्जै बास् बास्मां यहूवेको लागि बिश्राम्दिन् हो॥

यहूवेका ठहराईयेका बेलाहरु अं ठहराईयेका बेला बेलामां तिमिहरुले ४
प्रचार् गर्ने पवित्र सभाहरु यिनै हुन्। पहिलो महीनाको चौधौं तिथिको ५
सांझमां यहूवेको निस्तार् चाड़ हो। अनि त्येसै महीनाको पन्ध्रौं तिथिमां ६
यहूवेको लागि अखमीरे रोटीको चाड़ हो. सात् दिन् सम्म अखमीरे
रोटी खांने गर्नु। पहिलो दिन्मां तिमिहरुको पवित्र सभा हवस्. त्येस्मां ७
दास्तिको कोइ काम् न गर्नु। तर सात् दिन् सम्म तिमिहरुले यहूवेको लागि ८
अग्निहोम् चढ़ाउंनु. सातौं दिन्मां पवित्र सभा हवस् त्येस्मां कोइ दास्तिको
काम् न गर्नु॥

फेरि यहूवेले मूसालाइ येसो भन्यो इस्राएल्वंशीहरु सित कुरा १०
गरि येसो भन् जब तिमिहरुले त्यो मैंले तिमिहरुलाइ दिंनु आंटेकको देस्मां
पुग्येर त्यहांको खेतको कटनी गरौला तब आफ्नु कटनीको अगौटेफलको
एक् बिटा पूजाहारी थांइ ल्याउंनु. अनि त्येस्ले त्यो बिटा यहूवेको सांमु ११
हल्लाउस् त्यो तिमिहरुको लागि ग्रहण् हुंनुलाइ. पूजाहारीले त्यो बिश्राम्
दिनको भोलि पल्टो हल्लाउंने गरोस्। अनि तिमिहरुले बिटा हल्लाउंनु १२
लगायेको दिन्मां येउटा बर्ष दिनको निषखोट् घुमा यहूवेको लागि होम्बलि
गरि चढ़ाउंनु। अनि त्यो सङको अन्नबलि एपाको दुइ दसौं हिस्सा तेल्ले १३
मुछ्योको पिठो हवस् अग्निहोम यहूवेको लागि बास्ना हुंनुलाइ. अनि त्यो सङ

१४ खन्याईबलि हौन् भरिको चौथो हिस्सा दाख् हवस्। अनि तिमिहरुले यो
मेटि आफ्नु ईश्वर् थांइ न ल्याथेको दिन् सम्मनै तिमिहरुले न रोटी न
भुटेयको अन्न न हरीयो बाला खांनु. यो तिमिहरुका पुस्ता पुस्ताको लागि
तिमिहरुका सबै बास् बासमां सनातन्को बिधि हुंछ॥

१५ फेरि तिमिहरुले त्येस् बिश्राम्दिन्को भोलि पल्टो देखि अर्थात्
जुन् दिन् तिमिहरुले हल्लाईंने भेटिको बिटा ल्याओला त्येसै दिन् देखि
१६ दिन् गन्ति गर्नु लाग त सात् बिश्राम्दिन् पूरा होउन्. अं सातौं बिश्राम्
दिन्को भोलि पल्टो सम्म पचास् दिन् गन्नु अनि त्येइ दिनमां यहूवेको लागि
१७ नया अन्नबलि चढ़ाउंनु। तिमिहरुले आफ्ना बासेठांउ देखि एपाका दुइ दसौं
हिस्सा दुवटा हल्लाईंने रोटी ल्याउंनु. ति पिठोका होउन् खमीर् सित
१८ पोलीउन् यहूवेको लागि अगौटेफल् हुंनुलाइ। अनि ति रोटी सङ
बर्ष बर्ष दिन्का सातवटा निष्खोट् पाठा र येउटा बाच्छा र दुवटा घुमा
चढ़ाउंनु. ति ति सङका अन्नबलि खन्याईबलि समेत् यहूवेको लागि
होमबलि होउन् अर्थात् ति अग्निहोम् हुन् यहूवेको लागि बासा हुंनुलाइ।
१९ फेरि तिमिहरुले पापबलिको लागि येउटा बाख्रा र मिलाप्बलिको लागि
२० बर्ष बर्ष दिन्का दुवटा पाठा चढ़ाव। तब पूजाहारीले तिनलाइ अगौटे
फलको रोटी समेत् यहूवेको सांमु हल्लाईयेको भेटि गरि हल्लावस् ति दुवटा
पाठा समेत्. ति यहूवेको लागि पवित्र होउन् पूजाहारीको भाग्
२१ हुंनुलाइ। अनि तिमिहरुले त्येइ दिन्को प्रचार् गर्नु त्येसमां तिमिहरुको
येउटा पवित्र सभा हवस्. दास्तिको कोइ काम् न गर्नु. यो तिमिहरुका
सबै बास् बासमां तिमिहरुका पुस्ता पुस्ताको लागि सनातन्को बिधि हुंछ॥

२२ फेरि जब तिमिहरुले आफ्नु देसको कटनी गरौला तब आफ्ना खेतका
कुनाकांनि खांटु न काट्नु न आफ्ना कटनीको सीला बटुल्नु. ति कंगालि
र पर्देसीको लागि छोड़ि दिंनु. मं यहूवे तिमिहरुको ईश्वर् हुं॥

२३ २४ फेरि यहूवेले मूसालाइ येसो भन्यो इस्राएलबंशीहरुलाइ येसो भन्
सातौं महीनाको पहिलो तिथिमां तिमिहरुको लागि महाबिश्राम् हुंछ अं
२५ तुरही बजाउंदै सम्झाउंने दिन् र पवित्र सभा हुंछ। त्येस् दिनमां तिमिहरुले
दास्तिको कोइ काम् न गर्नु. अनि यहूवेको लागि येउटा अग्निहोम् चढ़ाउंनु॥

२६ २७ फेरि यहूवेले मूसालाइ येसो भन्यो त्येस् सातौं महीनाको
दसौं तिथिमां अबस्से प्रायश्चित्तको दिन् हवस्. तिमिहरुको लागि पवित्र
सभा हवस् अनि त्येसमां तिमिहरुले आफ्नु आफ्नु प्राणलाइ कष्ट दिंनु अनि
२८ यहूवेको लागि अग्निहोम् चढ़ाउंनु। त्येस् दिन् तिमिहरुले कोई प्रकारको
कामकाज् न गर्नु. किनभन्ये त्यो प्रायश्चित्तको दिन् हो तिमिहरुको
२९ ईश्वर् यहूवेको सांमु तिमिहरुको लागि प्रायश्चित्त गर्नुलाइ। किनभन्ये
जुन् प्राणी त्येस् दिनमां कष्टिन् हुंदैन त्यो आफ्ना लोगकां देखि काटि
३० दिइंछ। अनि जस् प्राणीले त्येस् दिनमां कोइ पनि काम् गर्ला त्यो
३१ प्राणीलाइ मं त्येका लोगकां देखि काटि दिंछु। तिमिहरुले कोई

प्रकारको काम्काज् न गर्नु. यो तिमिहरुका पुस्ता पुस्ताको लागि
तिमिहरुका सबै बास् बास्मां सनातन्को बिधि हुंछ। त्यो तिमिहरुको ३२
लागि महाबिश्राम्को दिन् हबस् त्येस्मां तिमिहरुले आफ्नु आफ्नु
प्राणलाइ कष्ट दिंनु. त्येस् महीनाको नवं तिथिको सांझ् देखि थालि
भोलि पल्टो सांझ् सम्म तिमिहरुले आफ्नु बिश्राम्मा मान्दै रहंनु ॥

फेरि यहुवेले मूसालाइ येसो भन्यो इस्राएल्बंशीहरुलाइ येसो ३३
३४
भन् त्येस् सातौं महीनाको पन्ध्रौं तिथि देखि सात् दिन् सम्म यहुवेको
लागि डेराबासे चाड् हुबस्। पहिलो दिन् पबित्र सभा हुबस्. त्येस्मां ३५
दास्तिको कोइ काम् न गर्नु। सात् दिन् सम्म यहुवेको लागि अग्निहोम् ३६
चढ़ाउंदै रहंनु. आठौं दिनमां तिमिहरुको पबित्र सभा हुबस् अनि
यहुवेको लागि येउटा अग्निहोम् चढ़ाउंनु. शेष् चाड् येइ हो. दास्तिको
कोइ काम् न गर्नु ॥

यहुवेका ठहराईयेका बेलाहरु जो तिमिहरुले पबित्र सभा हुंनुलाइ ३७
प्रचार् गरौला ति यिनै हुन् तिनमां तिमिहरुले अग्निहोम् अं होम्बलि
अन्नबलि मेल्बलि र खन्याईबलि एक् एक् तिनको आफ्नु आफ्नु दिनमां
चढ़ाउंनुलाइ तिमिहरुले यि सबै मान्नु. यहुवेका बिश्राम्दिन् बाहिक् र ३८
आफ्ना आफ्ना भेटिहरु बाहिक् र आफ्ना आफ्ना सबै भाकलहरु बाहिक्
र यहुवेलाइ दिंने गर्येका आफ्ना आफ्ना सबै मनमानी भेटिहरु बाहिक् ॥

सातौं महीनाको पन्ध्रौं तिथिमां जब तिमिहरुले देसको उपजनि ३९
बटुलि सकौला तब निस्से सात् दिन् सम्म यहुवेको चाड् मान्नु. पहिलो दिन्
महाबिश्राम् हुबस् अनि फेरि आठौं दिनमां पनि महाबिश्राम् हुबस्। त ४०
पहिलो दिन् तिमिहरुले राम्रा राम्रा रुखहरुका फल खजूरका डालाहरु र
झाप्रुल्ला रुखहरुका हांगाहरु र खोल्चाखाल्चिका बंइसका रुखहरु लिलिक्नु
आफ्नु ईश्वर यहुवेको सांमु सात् दिन् सम्म रमाहट गर्नु। अनि बर्ष बर्ष ४१
दिनमां सात् दिन् सम्म यहुवेको लागि यो चाड् मान्नु. यो तिमिहरुका पुस्ता
पुस्ताको लागि सनातन्को बिधि हुंछ. सातौं महीनामांनै यो मान्नु। सात् दिन् ४२
सम्म तिमिहरु झाप्रामां बास् बस्ने गर्नु जस्ति स्वदेसी इस्राएलमां क्नु ति सबैले
झाप्रैमां बास् बस्ने गरुन्. र तिमिहरुका पुस्ता पुस्ताले मैले इस्राएलबंशी- ४३
हरुलाइ मिस्रको देस् बाटो निकालि ल्याएको बेलामां तिमिहरुलाइ
झाप्रामां बसाएको थियें भनि जानुन्. मं यहुवे तिमिहरुको ईश्वर् हुं। त ४४
मूसाले इस्राएलबंशीहरुलाइ यहुवेका ठहराईयेका बेलाहरु कहि सुनायो ॥

(अनेक् बिषयका आज्ञाहरु)

फेरि यहुवेले मूसालाइ येसो भन्यो इस्राएलबंशीहरुलाइ आज्ञा २४ १
दे तिनिहरुले तेरां उज्यालोको लागि कुटेको भट्टाक्को निखरा तेल्
ल्याउंने र बत्ती नित्ये बल्ने गरोस्। हारून्ले त्यो भेट् हुंने डेरामां साक्षीको २
पाटोको सांमु भयेको पर्दा देखि बाहिर यहुवेको सांमु सांझ् देखि बिहान्

सम्म नित्ये सच्याउंने गरोस्. यो तिमिहरुका पुस्ता पुस्ताको लागि
४ सनातन्को विधि हवस्। त्येस्ले बत्तीहरु निखरा पांनसम्मां यहूवेको सांमु
नित्ये सच्याउंने गरोस्॥
५ फेरि पिठो लियेर त्येका बारहवटा रोटी पोलुनु. एक् एक् रोटीमां
६ एपाको दुइ दसौं हिस्सा पिठो हवस्। वहांदेखि ति दुइ थाक् गरि
राखुनु एक् एक् थाक्मां क्क्वटा गरि पवित्र मेज् मांथि यहूवेको सांमु राखुनु।
७ फेरि एक् एक् थाक्मां निखरा सालधूप् राखुनु र त्यो रोटी मांथि सम्झना
८ गराउंने थोक् र यहूवेको लागि अग्निहोम् हवस्। विश्राम् विश्राम्
दिनमां पूजाहारीले यहूवेको सांमु त्यो सजायेर नित्ये राख्ने गरोस् यो
९ सनातन्को नियम् गरि इस्राएलवंशीहरुको पट्टि बाटो हुंने गरोस्। अनि
ति रोटीहरु हारून् र त्येका छोराहरुका होउन् अनि तिनिहरुले त्यो
कहीं चोक्खो ठांउमां खांने गरुन्. किनभन्ये त्यो यहूवेको अग्निहोम्मांका
सनातन्को विधि अनुसार् उस्को लागि महापवित्र थोक् हो॥
१० ति दिनमां येउटी इस्राएली आइमाइको छोरो जस्को बाबु मिस्री
थियो त्यो निकल्येर इस्राएलवंशीहरुको बीच्मां आयो. अनि त्येस्
इस्राएली आइमाइको छोरो र येउटा इस्राएली पुरुष् छाउंनी भित्र आपस्तमां
११ कुटामार् गर्नु लाग्ये तब त्येस् इस्राएली आइमाइको छोरोले नांउको[1]
निन्दा गरि सरापनु लाग्यो. तब त्येस्लाइ मूसा थांइ ल्याये। त्येको
आंमाको नांउ शलोमीत् थियो जो दानको कुल्को दिब्रीको छोरी थिई।
१२ तब तिनिहरुले त्येस्लाइ पहरामां पुन्ये तिनिहरुले जे गर्नु छ त्यो
तिनिहरुलाइ यहूवेको मुख् देखि कहीं आओस् भनि॥
१३ १४ त यहूवेले मूसालाइ येसो भन्यो त्येस् सरापनेलाइ छाउंनी देखि
बाइर लैजानु अनि जत्तिले त्यो निन्दा सुन्येका छन ति सबैले आफ्नु आफ्नु
हात् त्येस्को सिरमां राखुन् वहांदेखि सिंगै मंडलीले त्येस्लाइ लोहोऱ्याउन्।
१५ अनि इस्राएलवंशीहरुलाइ येसो भन् जस् जस्ले ईश्वरलाइ सरापला त्येस्ले
१६ आफ्नु पाप् बोक्छ। अनि यहूवेको नांउको निन्दा गर्ने निस्से मारीओस्
सिंगै मंडलीले निस्से त्येस्लाइ लोहोऱ्याउन्. स्वदेसी हवस् कि बिदेसी
१७ हवस् त्येस्ले नांउको[1] निन्दा गऱ्यो भन्ये त्यो अवस्से मारीओस्। फेरि
१८ जस्ले कसैलाइ मार्ला त त्यो निस्से मारीओस् अनि जस्ले बस्तुलाइ
१९ मार्ला त त्येस्ले त्येको साटो फर्काइ देवस्. प्राणको साटो प्राण्। फेरि
कसैले आफ्नु छिमेकिलाइ खोटी पारि दियो भन्ये जसो त्येस्ले गऱ्येको छ
२० त्येसै त्यो सित गरीओस् भंचाईको साटो भंचाई आंखाको साटो
आंखा दांतको साटो दांत. जस्तो त्येस्ले कसैलाइ खोटी पाऱ्यो त्येस्ले
२१ त्येस्लाइ पारीओस्। अनि बस्तु मार्नेले त्येको साटो फर्काइ देवस्. तर
२२ मान्छे मार्ने चइं मारीओस्। तिमिहरुको नियाको येउटै रीत् हवस

[1] अर्थात् यहूवेको नाउंको।

स्वदेशीको लागि विदेशीको लागि. किनभन्ये मं यहूवे तिमिहरुको ईश्वर्
हुं। त मूसाले इस्राएल्वंशीहरुलाइ यो भन्यो वहांदेखि तिनिहरुले २३
सराप्नेलाइ क्राउंनो देखि बाहर लग्येर ढुंगाले लोहोत्याये। येसोरि
इस्राएल्वंशीहरुले यहूवेले मूसालाइ दियेको आज्ञा अनुसार् गर्ये॥

(बिश्राम्को बर्ष र जुबिलिको बर्षको बिधि)

फेरि यहूवेले सीनै पर्वत्मां मूसालाइ येसो भन्यो इस्राएल्- २५ १
वंशीहरु भित कुरा गरि येसो भन् जब तिमिहरु त्यो मैले तिमिहरुलाइ
दिंनु आंटेको देस्मां पुगोला तब भूमिले यहूवेको लागि बिश्राम् मानोस्।
छ बर्ष आफ्नु आफ्नु खेत्मां छर्नु अनि छ बर्ष आफ्नु आफ्नु दाख्को ३
बारीको कलम् काट्नु अनि उपजनि बटुलनु तर सातौं बर्षमां भूमिको ४
लागि महाबिश्राम् अं यहूवेको लागि बिश्राम् हुंछ. त्येस्मां न आफ्नु खेत्मां
छर्नु न आफ्नु दाख्को बारीको कलम् काट्नु। कटनी भयेकोमां आफै ५
उम्र्येको नाबो न काट्नु अनि आफ्नु न छांटेको दाख् न टिप्नु. त्यो
भूमिको लागि महाबिश्राम्को बर्ष हुंछ। अनि तिमिहरुको लागि भूमिको ६
बिश्राम् भोजनको लागि हुंछ अर्थात् तेरो र तेरा दास् दासी र बंनि गर्नेको र
तं सङ प्रवास् गर्ने पर्देसीको लागि अनि तेरा पशुहरुको र तेरो देस्मां ७
भयेका जीवाजन्तुहरुको लागि त्येस्को सबै उपजनी खांनुको लागि हुंछ॥

फेरि तैंले आफ्नु लागि सात् बिश्राम् बिश्राम्का बर्ष अर्थात् सातगुणा ८
सात् बर्ष गन्नु त सात् बिश्राम्का बर्षको दिन् अं उनन्चास् बर्ष तेरो लागि
हुंछ्र। तब सातौं महीनाको दसौं तिथिमां खूब् बजने तुरही बजाव ९
अर्थात् प्रायश्चित्तको दिनमां आफ्नु सिंगै देस्मां त्यो तुरही बजाव। अनि १०
त्यो पचासौं चइं बर्षलाइ पबित्र गरि मान्नु अनि सिंगै देस्मां त्येस्का सबै
बासीहरुको लागि निबँधेईंको प्रचार् गर्नु. त्यो तिमिहरुको लागि जुबिलि[१]
हुन्छ त तिमिहरु आफ्नु आफ्नु अधिकार् र आफ्नु आफ्नु जहान्मां
फर्कौंको। तिमिहरुको लागि त्यो पचासौं चइं बर्ष जुबिलि[१] हुंछ. त्येस्मां ११
तिमिहरुले न छर्नु अनि न नाबो काट्नु अनि न आफ्ना न छांटीयेका
दाख् टिप्नु। किनभन्ये त्यो जुबिलि[१] हो त त्यो तिमिहरुको लागि १२
पबित्र हुंछ. त्येस्को उपजनि खेते बाटो खांनु। त्येस् जुबिलिको[१] १३
बर्षमां तिमिहरु आफ्नु आफ्नु अधिकारमां फर्कि जांनु। अनि आफ्नु १४
छिमेकिका हातमां केइ बेचिस् भन्ये कि त्यो देखि केइ किनिस् भन्ये
एकाले अर्का सङ मिचेईं न गर्नु. जुबिलि[१] पछि बित्येका बर्षको गन्ति १५
अनुसार् आफ्नु छिमेकि सङ किन् अं बांकि बर्षका उपजनि अनुसार् त्येस्ले
तंलाइ बेचि देवस्। बर्ष जति धेर् रह्योको होला उतिकै बेसि दाम् बढ़ा १६
अनि बर्ष जति कम् रह्योको होला उतिकै दाम् घटा किनभन्ये उपजनिको

[१] अर्थात् हर्षकराई कि उत्सव।

१७ हिसाप् अनुसार् त्येस्ले तंलाइ बेचि दिंछ । त तिमिहरु एकाले अर्का माँथि
मिचेईं न गर्नु तर आफ्नु ईश्वरको भय् मान् . किनभन्ये मं यहुवे
१८ तिमिहरुको ईश्वर् हुं । येस्कारण् तिमिहरुले मेरा विधि मान अनि मेरा
नियावचन् मानि ति गर्नु त तिमिहरु येसोरि देसमां निडर् सङ
१९ बसौला । अनि भूमिले आफ्नु उप्जनि उप्जाउंने गर्छ अनि तिमिहरुले पेट्
२० भरि भरि खाओला अनि त्येस्मां निडर् भइ बसौला । अनि तिमिहरुले
सातौं बर्षमां हांमिहरु को खाऊंला हेर हांमिहरुले ता न छर्द छौं न उप्जनि
२१ बटुल्द छौं भन्यौ भन्ये देखि . त मं तिमिहरुलाइ छैठो बर्षमां आफ्नु आसिकै
२२ दिंकु त त्येस्को उप्जनि तीन् बर्ष सम्म पुगछ । अनि तिमिहरुले आठौं चइं
बर्षमां छरि त्यो उप्जनि अर्थात् पुरांनु अन्न खांदै रहंनु तिमिहरुले त्येस्को
उप्जनि न पाउंज्याल् सम्म अर्थात् नवं बर्ष सम्म तिमिहरु त्येइ पुरांनु
२३ अन्नने खांदै रहंछौ । भूमि सदाको लागि न बेचीओस् किनभन्ये भूमि तां
२४ मेरै हो . अनि तिमिहरु मं सङ पर्देसी र प्रवासी हुंद छौ । त तिमिहरुले
आफ्नु अधिकारको सबै देसमां भूमिलाइ छुट्कारा दिंने गर्नु ॥

२५ तेरो भाईले कंगालि भइ आफ्नु अधिकारमांको बेच्यो भन्ये देखि
त्येस्को नजिक् सांइनुकोचइंले आयेर आफ्नु भाईले बेच्येको भाग् छोड़ावस् ।
२६ अनि कोई मान्छेको लागि कोई छोड़ाउंने रैनछ अनि त्यो आफै आफ्नु
२७ भाग् छोड़ाउंनु सकने सम्मको धनी भयेको छ भन्ये देखि त्येस्ले त्यो
बेच्येको बेला देखि बर्ष गन्येर तिनको उप्जनिको दाम् त्यो किन्नेलाइ
२८ फर्काइ देवस् बहांदेखि त्यो आफ्नु अधिकारमां फर्कि जावस् । तर त्येस्को
त्यो फेरि आफ्नु पार्नु सम्मको पुंजि छैन होला त त्येस्को बेच्येको जग्गा त्यो
किन्नेके हातमां जुबिलिको बर्ष सम्म रहोस् . तर जुबिलिमां छुटोस् अनि
त्यो आफ्नु अधिकारमां फर्कि जावस् ॥

२९ फेरि कसैले घेरा भयेको सहरमां बस्ने घर् बेच्यो भन्ये देखि त्येस्ले त्यो
बेच्येको बर्ष दिनमां छोड़ाउंनु पाउंछ अं पूरा बर्ष सम्म त्येस्को छोड़ाउंने
३० अधिकार् रहंछ । तर त्यो बर्ष पूरा हुंने दिन् सम्म पनि छोड़ाईयेन भन्ये देखि
त्यो घेरा भयेको सहरमां भयेको घर् किन्नेका सक्कै पुस्तामां त्येसैके नित्यैके भइ
३१ जावस् . जुबिलिमां पनि न छुटोस् । तर घेरा बिनाको गांउका घरहरु चइं
देसका जग्गाहरु झैं गनीउन् . अर्थात् तिनको छोड़ाई हुंनु सकछ अनि ति
३२ जुबिलिमां छुटुन् । तैपनि लेवीहरुका सहर् अर्थात् तिनको अधिकारका
३३ सहरका घरहरु लेवीहरुले ता कुनै पनि बेलामां छोड़ाउंनु पाउन् । अनि कसैले
लेवीहरु देखि छोड़ायो भन्ये देखि त्यो बेच्येको घर् र त्येस्को अधिकारको
सहर् जुबिलिमां छुटोस् . किनभन्ये इस्राएलवंशीहरुको बीचमां लेवीहरुका
३४ सहरका घरहरु तिनको अधिकारका छन् । तर तिनका सहरको छेउछाउका
खर्काहरु न बेचीउन् किनभन्ये यि ता तिनको सदाको अधिकारका हुन् ॥

३५ फेरि तेरो भाई कंगालि भइ तेरो सांमु त्येस्को हात् खस्यो भन्ये देखि
३६ त्येस्लाइ संभाल् . त्यो पर्देसी कि प्रवासी जस्तो तं सङ बसोस् । त्यो देखि

ब्याज् कि बढ्ति न लिंनु तर आफ्नु ईश्वरको भय् मान्. र तेरो भाई तं
सङ बसोस्। त्येस्लाइ ब्याजमां आफ्नु रुपिया न दिंनु अनि न त्येस्लाइ खांने ३७
थोक् बढ्तिको लालचले दिंनु। मं यहवे तिमिहरुको ईश्वर् हुं जस्ले ३८
तिमिहरुलाइ कनान्को देस् दिंनु र तिमिहरुको ईश्वर् हुंनुलाइ तिमिहरुलाइ
मिस्रको देस् बाटो निकालि ल्यायो॥

फेरि तेरो भाई तेरो मुखेंजि कंगालि भयो अनि आफुलाइ तेरो ३९
हातमां बेच्यो भन्ये देखि त्येस्लाइ कमांरालाइ झैं काम् न लगा. त्यो तं ४०
सङ बंनि गर्ने कि प्रवासी जस्तो रहोस् अनि जुबिलिको बर्ष सम्म तं सङ
रहि चाकरी गरोस्. तब त्यो आफ्ना बालबच्चा समेत् तेरांटो निस्कि गयेर ४१
आफ्नु जहानमां र आफ्ना पित्रहरुको अधिकारमां फर्कि जावस्।
किनभन्ये तिनिहरु मैंले मिस्र देस् बाटो निकालि ल्यायेका मेरा दास् हुन्. ४२
त तिनिहरु कमांरा झैं न बेचीउन्। आफ्नु भाई मांथि कठोरेइं सित ४३
प्रभुतेइं न गर् तर आफ्नु ईश्वरको भय् मान्। तिमिहरुका जो जो कमांरा ४४
कमांरी हुंनन् ति तिमिहरुका चारे तिर भयेका अन्यदेशीहरुमांकानै होउन्
कमांरा कमांरी तिनिहरु देखिनै किनि ल्याउंनु। येस् उप्रान्त तिमिहरुको ४५
बीचमां प्रवास् गर्ने पर्देसीहरुका क्रोराक्रोरीमांका र तिमिहरु सङ
तिमिहरुको देसमां जन्म्येका जहानमांका ति देखि किन. र तिनिहरु
तिमिहरुका अधिकार् होउन्। अनि तिमिहरु पक्कि हुंने तिमिहरुका ४६
क्रोराहरुलाइ पनि अधिकारी तुल्याउंनु ति तिनका अधिकारी हुंनुलाइ
तिनिहरुमांका ता सदाको लागि कमांरा लिंनु. तर आफ्ना इस्राएलबंशी
दाजुभाईहरु मांथि एकाले अर्का मांथि कठोरेइं सित प्रभुतेइं न गर्नु॥

फेरि तेरो क्रेउको कोई पर्देसी कि प्रवासी धनी भइ गयो अनि त्येस्को ४७
सांमु तेरो भाई कंगालि भइ आफुलाइ तेरै क्रेउको पर्देसी कि प्रवासी कि
त्येस्का जहानको बंशको हातमां बेच्यो भन्ये देखि. त्यो बेचीये पक्कि फेरि ४८
क्रोड़ाईंनोस् त्येस्का दाजुभाईहरुमांको कसैले त्येस्लाइ क्रोड़ावस्. कि त्येस्को ४९
काक्काबाबुले कि काक्काबासुको क्रोरोले त्येस्लाइ क्रोड़ावस् अं त्येस्को कुलको
कोई नजिक् सांइनुकोले त्येस्लाइ क्रोड़ावस् कि त्येइनै धनी भयो भन्ये
आफुलाइ त्यो आफैले क्रोड़ावस्। अनि त्येस् किन्ने सङ आफु बिक्रि भयेको ५०
बर्ष देखि जुबिलिको बर्ष सम्म गनोस्. अनि त्यो बेचीयेको दाम् बेचीयेको
गन्ति अनुसार हुंक अं बंनि गर्नका दिन् अनुसार् त्यो सङ रहंक्। अनि धेरै ५१
बर्ष बांकि रह्यो भन्ये जस्ति मपियाले त्यो किनीयेको होला त्यो त्येस्ले आफु
क्रोड़ाईंनेको दाम् अनुसार् फर्काइ देवस्। अनि जुबिलिको बर्ष सम्म थोरै ५२
बर्ष मांत्रै बांकि रह्यो भन्ये त्येस्ले त्यो सङ गन्येर आफु क्रोड़ाईंनेको दाम्
ति बर्ष अनुसार् फर्काइ देवस्। त्यो आफ्नु स्वामी सङ बर्ष बर्षको बंनि ५३
गर्ने झैं रहोस्. अनि त्येस्ले येस् मांथि तेरो मुखेंजि कठोरेइं सङ प्रभुतेइं न
गरोस्। अनि त्यो येसोरि कोई परिले क्रोड़ाईंयेन भन्ये जुबिलिको बर्षमां ५४
आफ्ना बालबच्चा समेत् कुटोस्। किनभन्ये इस्राएलबंशीहरु मेरै दास् हुन् ५५

तिनिहरु मिस्र देस् देखि मैले निकाल्येका मेरा दास् हुन्. मं यहवे तिमिहरुको ईश्वर् हुं॥

(आज्ञामनाई मांथि आशीष् अनि आज्ञा भङ्गगराई मांथि स्राप्)

२६ १ तिमिहरुले आफ्नु लागि कोइ पुत्ला न बनाव अनि न कोई खोपीयेको मूर्त्ति कि मुडूका उभ्याउंनु अनि न आफ्नु देसमां दण्डवत् गर्नुको २ लागि अंसेकुंगो उभ्याउंनु. किनभन्ये मं यहवे तिमिहरुको ईश्वर् हुं। मेरा बिश्राम्दिनको मान् गर्नु अनि मेरो पवित्रस्थानको भय् मान्नु. मं यहवे हुं॥ ३ तिमिहरु मेरा बिधिमां हिंड्यौ अनि मेरा आज्ञा मानि ति पूरा गर्यौ ४ भन्ये देखि मं तिमिहरुको लागि ऋतु ऋतुमां पानी बर्षाउंकु अनि भूमिले आफ्नु उपजनि उपजाउंकु अनि बारीका रुखहरुले आफ्नु आफ्नु ५ फल् फल्ने गर्कुन् तिमिहरुको दांइ दाख् टिप्ने बेला सम्म पुगकु अनि तिमिहरुको दाखटिपाई कुर्ने बेला सम्म पुगकु. अनि तिमिहरुले अघाउंजि अघाउंजि आफ्नु रोटी खाग्यौला अनि आफ्नु देसमां निडर् ६ भइ बास् गरौला। अनि मं देसमां चैन् दिंकु अनि तिमिहरु ढलकंकौ अनि तिमिहरुलाइ डर् देखाउंने कोई हुंदैन. अनि मं देस् देखि दुष्ट जन्तुहरुलाइ निकालि दिंकु अनि तरवार् तिमिहरुको देसमां चलाईदैन। ७ अनि तिमिहरुले आफ्ना सत्रुहरुलाइ खेदकौ अनि तिनिहरु तिमिहरुको ८ सांमु तरवारले काटीयेर लड्कुन्। तिमिहरुमांका पांच् जनाले सै जनालाइ खेदकुन् अनि तिमिहरुमांका सै जनाले दस् हजारलाइ खेदकुन्. अनि ९ तिमिहरुका सत्रुहरु तिमिहरुको सांमु तरवारले मारीयेर लड्कुन्। अनि मं तिमिहरु तिर फर्कर तिमिहरुलाइ फलवन्त तुल्याउंकु अनि बढाउंकु अनि १० तिमिहरु सङ आफ्नु नियम् ठहराइ बान्धकु। अनि तिमिहरुले धनकाईयेका ११ पुरांना पुरांना अन्न खांकौ अनि नयाको कारणले पुरांनु निकालकौ। अनि मं आफ्नु बासस्थान् तिमिहरुको बीचमां राखकु. अनि मेरो मनले तिमिहरु १२ देखि घिनाउंदैन। ता मं तिमिहरुको बीचमां हिंड्डुल् गर्कु अनि १३ तिमिहरुको ईश्वर् हुंकु अनि तिमिहरु मेरो लोग् हुंकौ। मं यहवे तिमिहरुको ईश्वर् हुं जस्ले तिमिहरुलाइ तिमिहरु मिस्रीहरुका दास् होइ न रहंनुलाइ मिस्र देस् देखि निकालि ल्यायो अनि मैले तिमिहरुको जूवाका काठ् भांच्येर तिमिहरुलाइ सोझो उभ्याइ हिंड्याल्यें॥

१४ १५ तर तिमिहरुले मलाइ न टेरि यि सब् आज्ञा मान्योन अनि तिमिहरुले मेरा बिधि तुच्छ जान्यौ अनि तिमिहरुको मनले मेरा नियमबचन् देखि घिनायो मेरा सबै आज्ञा न मान्ने गरि मं मेरो नियम् भङ्ग १६ गर्यौ भन्ये देखि त मं पनि तिमिहरु सित यैसो गर्कु मं तिमिहरुको

लागि डर्लाग्दो क्षय्रोग् र महाजरो खटाउंछु जुन्हरुले आंखा नष्ट पार्छन्
अनि प्राण् ओइल्हयाउंछन्. अनि तिमिहरुले आफ्ना बिउ व्यर्थै छर्छौ
कसोगरिभन्ये ति तिमिहरुका सत्तुर्हरुले खांछन्। फेरि मं आफ्नु मुख् १७
तिमिहरुको बिरुद्ध गर्छु अनि तिमिहरु आफ्ना सत्तुर्हरुको सांमु देखि
मांरींछौ. अनि तिमिहरुका बैरीहरुले तिमिहरु मांथि प्रभुतेईं गर्छन् अनि
तिमिहरुलाइ कसैले न खेद्दै पनि तिमिहरु भाग्छौ। अनि तिमिहरुले १८
यि कुरामां पनि मंलाइ टेर्‍यौन भन्ये देखि मं तिमिहरुका पापको कारण्
सात् गुणा दंड अरु पनि तिमिहरुलाइ दिंछु। अनि मं तिमिहरुको बल्को १९
अहंकार् भांचि दिंछु अनि तिमिहरुको अकाश् फलम् जस्तो र तिमिहरुको
पृथिवी पीतल् जस्तो तुल्याउंछु. त तिमिहरुले आफ्नु बल् व्यर्थै खर्चंछौ. २०
कसोगरिभन्ये तिमिहरुको भूमिले आफ्नु उप्जनि उप्जाउंदैन अनि देस्का
रुख्हरुले फल् दिंदैनन्। अझै पनि तिमिहरु मेरो बिरुद्धै हिंड्दै रह्यौ २१
अनि मंलाइ टेर्‍यौन भन्ये देखि मं तिमिहरुका पाप् अन्सार् सात् गुणा
तिमिहरु मांथि अरु पनि रूढ़ि ल्याउंछु। अनि मं तिमिहरुको बीच्मां २२
बन्जन्तुहरुलाइ पठाइ दिंछु जुन्हरुले तिमिहरुलाइ निर्वंश तुल्याउंछन्
अनि तिमिहरुका पशुहरुलाइ नष्ट पारि दिंछन् अनि तिमिहरुलाइ पनि
थोरै पार्छन् अनि तिमिहरुका सटक्हरु सुन्ने भइ जांछन्। फेरि तिमिहरु २३
यि कुराले पनि मेरो लागि सुध्रीयान तर मेरो बिरुद्धैमां हिंड्दै रह्यौ भन्ये
देखि मं आफै पनि तिमिहरुको बिरुद्धमां हिंड्छु अनि तिमिहरुका २४
पापको कारण्ले मं आफै तिमिहरुलाइ सात् गुणा हिर्काउंछु। त मं २५
तिमिहरु मांथि तरवार् चलाउंछु ज्येले नियम् तोड़ीयेको साटो लिईंछ
अनि तिमिहरु आफ्ना आफ्ना सहर्मां भेला गराईंछौ. त मं तिमिहरुको
बीच्मां रूढ़ि पठाउंछु अनि तिमिहरु आफ्ना सत्तुर्हरुको ताबिमां सुम्पि
दिईंछौ। जब मैंले तिमिहरुको रोटीको टेवा भांचि दियेको हुंछु त दस्वटी २६
स्त्रीहरुले तिमिहरुको रोटी एकै अघेनामां पोल्येर जोखि जोखिकन
तिमिहरुलाइ बांड़ि दिंछन्. अनि तिमिहरु खांछौ तर अघाउंदौन॥

फेरि येतिमां पनि तिमिहरुले मंलाइ टेर्‍यौन तर मेरो बिरुद्धै हिंड्दै २७
रह्यौ भन्ये देखि मं तिमिहरुको बिरुद्धमां बल्दै हिंड्छु अनि तिमिहरुका २८
पापको कारण्ले मं आफै तिमिहरुलाइ सात् गुणा शिक्षादण्ड दिंछु। अनि २९
तिमिहरुले आफ्ना छोराहरुको मांसु खांछौ अं आफ्नी छोरीहरुको मांसु
खांछौ। फेरि मं तिमिहरुका अल्गा ठांउहरु भत्काइ दिंछु अनि तिमिहरुका ३०
सूर्जका जो मूर्त्ति हुंनन् ति भांचि दिंछु अनि तिमिहरुका मुर्दाहरु
तिमिहरुका पुत्लाहरुका सिंनुहरु मांथि आफालि दिंछु अनि मेरो मन्ले
तिमिहरु देखि घिनाउंछ। अनि मं तिमिहरुका सहर्हरु उजार्छु अनि ३१
तिमिहरुका पवित्रस्थान्हरु सुन्ने गराइ दिंछु अनि तिमिहरुका बास्ना आउंने
धूप्हरु सूंघ्दीन। अनि मं आफै तिमिहरुको देस् सुन्ने गराइ दिंछु. अनि ३२
त्येस्मां बस्ने तिमिहरुका सत्तुर्हरुले येस्को कारण्ले उदेक् मान्छन्। अनि ३३

मं चइं तिमिहरुलाइ अन्यदेसीहरुमां कुरपुट्ट पार्कु अनि तिमिहरुलाइ
तरवार् झिकेर खेदकु. अनि तिमिहरुको देस् सुन्ने हुंक अनि तिमिहरुका
३४ सहर् उजार् होइ जांकुन्। तब त्येस् पछि देस्ले आफ्ना विश्रामदिनमां
रमाइट् गर्कु जत्ति दिन् त्यो सुन्ने भइ रहंक अनि तिमिहरु आफ्ना सत्रु-
हरुको देसमां रहंकौ ति सबै दिनमां देस्ले विश्राम् गरि रहंक अनि आफ्ना
३५ विश्रामदिनमां रमाइट् गर्कु। अं जत्ति दिन् त्यो सुन्ने रहंक त्येस्ले विश्राम्
पाउंक अर्थात् जुन् विश्राम् तिमिहरुका विश्रामदिनमां तिमिहरु त्येसमां
३६ बस्येको बेलामां त्येस्ले पाउंदैन थियो त्यो अब त्येस्ले पाउंकु। अनि तिमि-
हरुमांका जो जो बांकि रहंनन् तिनका हिर्दयमां मं तिनका सत्रुहरुको
देसमां घबराहट् हाल्कु. अनि पत्केराको खोस्याक्क गर्येको सोरले
तिनिहरुलाइ खेदकु अं तिनिहरु भागकुन् तरवार् देखि भागनेहरु झैं अनि
३७ कसैले न खेदिकने पनि तिनिहरु लड्कुन्। अनि जब कोई खेदने हुवैन
तबै पनि तिनिहरु तरवारको सांमु झैं एका अर्का मांथि लड्कुन्. अनि
३८ तिमिहरुलाइ आफ्ना सत्रुहरुको सांमु उभीने शक्ति हुंदैन। त तिमिहरु
अन्यदेसीहरुको बीचमां नष्ट होइ जांकौ अनि तिमिहरुका सत्रुहरुको
३९ देस्ले तिमिहरुलाइ खाइ हाल्कु। अनि तिमिहरुमांका जो जो बांच्कुन्
ति आफ्ना सत्रुहरुको देसमां आफ्ना अधर्म्ममां ओइल्हीकुन् अनि
४० आफ्ना पित्रहरुका अधर्म्ममां पनि तिनिहरु सङ ओइल्हीकुन्। तब तिनिहरु
आफ्ना र आफ्ना पित्रहरुका अधर्म्मको काएल हुंकुन् अर्थात् तिनिहरुले
४१ मं सित गर्येका अधर्म्म अं तिनिहरु मेरो विरुद्ध हिंड्येको कारण मैले
पनि तिनिहरुको विरुद्ध भइ तिनिहरुलाइ तिनिहरुका सत्रुहरुको
देसमां ल्याये. अनि त्येस् बेलामां तिनिहरुको बिखतने हिर्दय होंचीयो
अनि तिनिहरुले त्येस् बेलामां आफ्ना अधर्म्मको दण्ड स्वीकार् गर्ये
४२ भन्ये देखि त मं याकूब् सित बांधेको आफ्नु नियम् सम्झंकु अनि
इसहाक् सित बांधेको आफ्नु नियम् पनि सम्झंकु अनि अब्राहाम् सित
४३ बांधेको आफ्नु नियम् पनि सम्झंकु अनि देस् पनि मं सम्झंकु। अं देस्
चइं तिनिहरु देखि कुटेरको हुंक अनि त्येस्ले तिनिहरु बिना सुन्ने रहि
आफ्ना विश्रामदिनमां रमाइट् गर्कु अनि तिनिहरुले आफ्नु अधर्म्मको
दण्ड स्वीकार् गर्कुन्. किनभन्ये अं किनभन्ये तिनिहरुले मेरा नियाब्चन्
४४ तुच्छ जान्ये अनि तिनका मनले मेरा बिधि देखि घिनाये। तरैपनि येतिमां
पनि जब तिनिहरु आफ्ना सत्रुहरुको देसमां हुंनन् तब मं तिनिहरुलाइ
आफालदींन न तिनिहरुलाइ स्यांट्ने नाम् पार्नुलाइ न तिनिहरु सङ
बांधेको आफ्नु नियम् भङ्ग गर्नुलाइ तिनिहरु देखि घिनाउंकु. किनभन्ये
४५ मं यहवे तिनिहरुको ईश्वर हुं. तर मं तिनिहरुको लागि ति मैले
मिस्र देस् देखि अन्यदेसीहरुको सांमु देखि तिनिहरुको ईश्वर हुंनलाइ
निकालि ल्याथेका तिनिहरुका पित्रहरु सङ बांधेको नियम् सम्झंकु.
मं यहवे हुं॥

जो जो बिधि र नियाबचन् र व्यवस्था यहूवेले आफ्नु र इस्राएलबंशी- ४६
हरुको बीचमां सीनै पर्वतमां मूसाको बाटोले बांध्यो ति यिनै हुन् ॥

(भाकल् गरीयेका थोक्का बिधिहरु)

फेरि यहूवेले मूसालाइ येसो भन्यो इस्राएलबंशीहरु सित २७१
कुरा गरि येसो भन् जब कसैले कोइ फाल्टु भाकल् गर्ला तब यहूवेको
लागि प्राणीको दाम् ठहराउंनुको बिषय् तेरो ठहराई येस्तो ३
हुंछ अर्थात् नर् बीस् बर्ष देखि साठी बर्ष सम्मको उमेर्को लागि
पवित्रस्थानको शेकेलको हिसाप् अनसार् पचास् शेकेलको चांदी ठहराउंनु ।
तर त्यो नारी क हुन्थे देखि तीस् शेकेल् ठहराउंनु । फेरि पांच् बर्ष देखि ४
बीस् बर्ष सम्मको उमेर्को क हुन्थे देखि नर्को लागि बीस् शेकेल् अनि ५
नारीको लागि दस् शेकेल् ठहराउंनु । अनि एक् महीना देखि पांच् बर्ष ६
सम्मको उमेर्को क हुन्थे देखि नर्को लागि चांदीको पांच् शेकेल् अनि
नारीको लागि चांदीको तीन् शेकेल् ठहराउंनु । फेरि साठी बर्षको उमेर्को ७
कि त्यो भन्दा बेसि उमेर्को क हुन्थे देखि नर्को लागि पन्द्रह् शेकेल् अनि
नारीको लागि दस् शेकेल् ठहराउंनु । तर कोई तैंले ठहरायेको दाम् ८
दिंनु न सक्ने सम्मको कंगालि क हुन्थे देखि त्यो पूजाहारीको सांमु
उभ्याईन्थोस् अनि पूजाहारीले त्येस्को पूंजि ठहरावस् भाकल् गर्ने देखि जति
हुंनु सक्छ त्येइ अनसार् पूजाहारीले ठहरावस् ॥

फेरि मान्छेले यहूवेको लागि जुन् पशु भेटि चढाउला त्यो देखि ९
जत्तिलाइ कसैले यहूवेको लागि देला त्यो पवित्र हुंनु पर्छ । त्येस्ले त्यो न १०
फेरोस् न साटोस् नजातिको लागि जाति न जातिको लागि नजाति . अनि
कतै त्येस्ले पशुको साटो अर्को पशु दियो भन्थे त्यो र त्येस्को सट्टा दुवै पवित्र
हुंछन् . तर जुन् अशुद्ध पशु लोगले यहूवेको लागि भेटि चढाउंदैनन् त्येस्ले ११
त्यो पूजाहारीको सांमु उभ्यावस् . तब त्यो पशु जाति हुवस् कि नजाति हुवस् १२
पूजाहारीले त्येस्को साटो दाम् ठहरावस् . अनि तं पूजाहारीले जति त्येस्को
दाम् ठहराउंछस् त्येतिकै ठहरोस् । अनि त्येस्ले त्यो छोड़ाउंनु खोज्यो भन्थे देखि १३
त्येस्ले तैंले ठहरायेको दाम् भन्दा पांचौं हिस्सा बेसि बढाइकन देवस् ॥

फेरि कसैले आफ्नु घर् यहूवेको लागि भाकल् गर्ला त त्यो घर् १४
जाति हुवस् कि नजाति हुवस् पूजाहारीले त्येस्को दाम् ठहरावस् अनि
पूजाहारीले जति ठहराउंछ त्येस्को दाम् त्येतिकै ठहरोस् । तर घर् भाकल् १५
गर्नेले त्यो छोड़ाउंनु खोज्यो भन्थे देखि त्येस्ले तैंले ठहरायेको दाम् भन्दा
पांचौं हिस्सा बेसि बढाइकन देवस् त घर् त्येसैको हुंछ ॥

फेरि कसैले आफ्नु अधिकारको जग्गामांको यहूवेको लागि भाकल् १६
गर्यो भन्थे देखि त्येस्को दाम् बिउ जति जांक्छ त्यो अनसार् तैंले दाम् ठहराउंनु .
अर्थात् एक् ओमेर् जउको बिउ जांनेको दाम् चांदीको पचास् शेकेल् हुंछ ।
त्येस्ले आफ्नु जग्गा जुबिलिको बर्ष देखि भाकल् गर्यो भन्थे देखि त्येस्को १७

१८ दाम् तैंले ठहरायेको अनुसार् हवस्। तर त्येस्ले आफ्नु जग्गा जुबिलि
पछि भाकल् गर्यो भन्ये देखि जुबिलिको बर्ष सम्म जति बर्ष बांकि रहनन्
तिनेको अनुसार् पूजाहारीले त्येस्को लागि दाम्को लेखा गरोस् त तैंले
१९ ठहरायेको दाम् देखि घटाईंछ। तर जग्गा भाकल् गर्नेले त्यो निस्से छोड़ाउंनु
खोज्यो भन्ये देखि तैंले ठहरायेको दाम् भन्दा पांचौं हिस्सा बेसि बढ़ाइकन
२० देवस्। तर त्येस्ले त्यो जग्गा छोड़ाउंनु खोज्येन कि अर्काको हातमां बेच्येको
२१ छ भन्ये देखि अब देखि उसो छोड़ाईंदैन. तर जब त्यो जग्गा जुबिलिमां
छुट्ला तब भाकल् गर्येको जग्गा अनुसार् यहूवेको लागि पवित्र ठहरोस्
२२ भनि त्यो पूजाहारीको निज् अधिकार् हुंछ। फेरि कसैले आफ्नु
अधिकारको होइन तर आफ्नु किन्येको जग्गा यहूवेको लागि भाकल्
२३ गर्यो त पूजाहारीले जुबिलिको बर्षको लेखा गरि त्येस् मान्छेको
लागि जति ठहराउला त्येति त्येस्ले यहूवेको लागि पवित्र जानि त्येसै दिन्
२४ देवस्। जुबिलिको बर्षमां त्यो जग्गा त्येस्को ताबिमां फेरि आवस् जो
देखि त्येस्ले त्यो किन्येको थियो अर्थात् त्यो जस्को अधिकारको थियो
२५ त्येसैको फेरि होइ जावस्। अनि तैंले ठहरायेका सब् दाम्हरु पवित्रस्थानको
शेकेल् अनुसार् हुंछ. बीस् गेरा एक् शेकेल् हो॥

२६ तर पशुहरुका जेठाहरु जो यहूवेको लागि जेठो ठहराईयो त्येस्लाइ
कसैले भाकल् न गरोस् त्यो गोरु हवस् कि भेंड़ाबाख्रा हवस् यहूवेकै हो।
२७ तर त्यो अशुद्ध पशुको जेठो छ भन्ये देखि कसैले त्येस्लाइ तैंले ठहरायेको
दाम् अनुसार् त्येस्को पांचौं हिस्सा बेसि बढ़ाइकन त्यो पशुलाइ छोड़ावस्.
तर त्यो छोड़ाईयेन भन्ये देखि त्यो तैंले ठहरायेको दाममां बेचीयोस्॥

२८ तैपनि जे कसैले आफ्ना सब्बै थोक्मांको यहूवेको लागि भाकल्
गर्यो मान्छे हवस् कि पशु कि त्येस्को निज् अधिकारको जग्गा हवस्
भाकल् गरीयेको येस्तो कोइ थोक् न बेचीयोस् न छोड़ाईयोस्. जे भाकल्
२९ गरीछ त्यो यहूवेको लागि महापवित्र हुंछ। मान्छेमांको जो भाकल्
गरीयेला त्यो न छोड़ाईयोस् त्यो निस्से मारीयोस्॥

३० फेरि भूमिको उपजनिको सब्बै दसौं हिस्सा त्यो भूमिको बिउ हवस् कि
३१ रूखको फल् हवस् यहूवेकै हो. यहूवेके लागि पवित्र छ। तर कसैले
आफ्नु दसौं हिस्सामांको कोइ छोड़ाउंनु खोज्यो भन्ये देखि त्येस्को पांचौं
३२ हिस्सा बेसि बढ़ाइकन त्यो छोड़ावस्। अनि गाइगोरु कि भेंड़ाबाख्राका अं
ज्ये ज्ये तगारो मुनि छिर्ने छन् तिनको दसौं हिस्सा अर्थात् दसौं चइं पशु
३३ यहूवेको लागि पवित्र हुंछ। त्यो जांति कि नजांति छ भनि कसैले न
खोजोस् न त्यो साटोस्. अनि कसैले त्यो साट्यो भन्ये पनि त्यो र त्येस्को
सट्टा हुवे पवित्र हुंछन् न छोड़ाईयोस्॥

३४ जुन् जुन् आज्ञा यहूवेले इस्राएलबंशीहरुको लागि सीनै पर्वतमां
मुसालाइ दियो ति यिने हुन्॥

गन्तिको पोस्तक् ॥

(इस्राएल्का कुलको गन्ति गराई)

फेरि इस्राएल्वंशीहरु मिस्र देस् देखि निक्ल्येको दोस्रो वर्षको १
दोस्रो महीनाको पहिलो तिथिमां यहूवेले सीनैको वन्मां भेट् हुंने
डेरामां मूसालाइ येसो भन्यो इस्राएल्वंशीहरुको सिंगै मंडलीको २
गन्ति गर् तिनका जहान् र तिनका पित्रहरुका घर् घर् अनुसार् एक् एक्
पुरुषको नांउ नांउ गरि तिनको सिर् सिर् गरि गन्ति गर् बीस् ३
वर्षका कि त्यो भन्दा वेसि उमेर्का हुंने सवै अर्थात् इस्राएल्मां जो जो
लड़ाईं गर्नुलाइ निक्लंने माफिक्का हुंनन् ति सवैलाइ सेना सेना गरि तं र
हारूनले गनु। अनि तिमिहरु सङ कुल् पिच्छेको एक् एक् जना हवस् ४
अर्थात् आफ्नु पित्रको घर्को मूल् चइं। त तिमिहरु सङ उभौनेहरुको ५
नांउ पि हुन् अर्थात् रूबेन्मांको शदेऊर्को छोरो एलीसूर्। शिमोन्मांको ६
सूरीशद्दैको छोरो शलूमीएल्। यहूदामांको अम्मीनादाब्को छोरो नह्शोन्। ७
इस्साकार्मांको सूआर्को छोरो नतनेल्। जबूलून्मांको हेलोन्को छोरो ८
एलिआब्। यूसुफ्वंशीमांको एफ्रैम्मांको अम्मीहूद्को छोरो एलीशामा. अनि १०
मनश्शेमांको पदासुर्को छोरो गम्लिएल्। बिन्यामीन्मांको गिदोनीको ११
छोरो अबीदान्। दान्मांको अम्मीशद्दैको छोरो अहिएजेर्। आशेर्मांको १२
ओक्रान्को छोरो पगीएल्। गाद्मांको दूएल्को छोरो एल्यासाप्। नप्तालीमांको १३
एनान्को छोरो अहीरा। मंडलीको बीच् देखि बोलाईयेका र आफ्ना १४
आफ्ना पित्रहरुका कुल्हरुका मालिक् थिने थिये थिनैहरु इस्राएल्का १५
जहान्हरुका मूल्हरु थिये। त जुन् जुन् पुरुष्हरुको नांउ मांथि लेखीयेका १६
छन् तिनलाइ लियेर मूसा र हारूनले दोस्रो महीनाको पहिलो १७
तिथिमां सिंगै मंडलीलाइ भेला गराये वहांदेखि तिनिहरुले आफ्ना
आफ्ना जहान्हरु र आफ्ना आफ्ना पित्रहरुका घर् घर् अनुसार् बीस्
वर्षका कि त्यो भन्दा वेसि उमेर्का हुंनेहरुका नांवको गन्ति तिनको सिर्
सिर् गरि आफ्नु आफ्नु वंशावली लेख्नु लाग्ये। जस्तो यहूवेले मूसालाइ १९
आज्ञा दियो त्यस्तै त्यस्ले सीनैको वन्मां तिनिहरुलाइ गन्यो ॥

इस्राएल्को जेठो छोरो रूबेन्को वंश तिनका पुस्ता गरि तिनका २०
जहान् र तिनका पित्रहरुका घर् घर् अनुसार् जति पुरुष् बीस् वर्षका कि
त्यो भन्दा वेसि उमेर्का अनि लड़ाईं गर्नुलाइ निक्लंने माफिक्का सवै
तिनका नांवको गन्ति अनुसार् तिनका सिर् सिर् गरि गनीये रूबेन्को २१
कुल्का गनीयेका लोग् छियालीस् हजार् र पांच् सै जना थिये ॥

२२ शिमोन्को बंश तिनका पुस्ता गरि तिनका जहान् र तिनका पित्रहरुका घर् घर् अनुसार् बीस् बर्षका कि त्यो भन्दा बेसि उमेर्का अनि लड़ाईं गर्नुलाइ निक्लंने माफिक्का सबै तिनका नांवको गन्ति अनुसार्
२३ तिनका सिर् सिर् गरि गनीये शिमोन्को कुल्का गनीयेका लोग् उनसठ् हजार् र तीन् सै जना थिये ॥

२४ गादको बंश तिनका पुस्ता गरि तिनका जहान् र तिनका पित्रहरुका घर् घर् अनुसार् बीस् बर्षका कि त्यो भन्दा बेसि उमेर्का अनि लड़ाईं गर्नुलाइ निक्लंने माफिक्का सबै तिनका नांवको गन्ति अनुसार् गरि
२५ गनीये गादको कुल्का गनीयेका लोग् पैंतालीस् हजार् र छ सै पचास् जना थिये ॥

२६ यहूदाको बंश तिनका पुस्ता गरि तिनका जहान् र तिनका पित्रहरुका घर् घर् अनुसार् बीस् बर्षका कि त्यो भन्दा बेसि उमेर्का अनि लड़ाईं गर्नुलाइ निक्लंने माफिक्का सबै तिनका नांवको गन्ति अनुसार् गनीये
२७ यहुदाको कुल्का गनीयेका लोग् चौहत्तर् हजार् र छ सै जना थिये ॥

२८ इस्साकार्को बंश तिनका पुस्ता गरि तिनका जहान् र तिनका पित्रहरुका घर् घर् अनुसार् बीस् बर्षका कि त्यो भन्दा बेसि उमेर्का अनि लड़ाईं गर्नुलाइ निक्लंने माफिक्का सबै तिनका नांवको गन्ति अनुसार्
२९ गरि गनीये इस्साकार्को कुल्का गनीयेका लोग् चौवन् हजार् र चार् सै जना थिये ॥

३० जबलूनका बंश तिनका पुस्ता गरि तिनका जहान् र तिनका पित्रहरुका घर् घर् अनुसार् बीस् बर्षका कि त्यो भन्दा बेसि उमेर्का अनि लड़ाईं गर्नुलाइ निक्लंने माफिक्का सबै तिनका नांवको गन्ति
३१ अनुसार् गरि गनीये जबूलूनको कुल्का गनीयेका लोग् सन्तावन् हजार् र चार् सै जना थिये ॥

३२ यूसुफका बंश अर्थात् एप्रैमका बंश तिनको पुस्ता गरि तिनका जहान् र तिनका पित्रहरुका घर् घर् अनुसार् बीस् बर्षका कि त्यो भन्दा बेसि उमेर्का अनि लड़ाईं गर्नुलाइ निक्लंने माफिक्का सबै तिनका नांवको
३३ गन्ति अनुसार् गरि गनीये एप्रैमको कुल्का गनीयेका लोग् चालीस् हजार् र पांच् सै जना थिये ॥

३४ मनश्शेका बंश तिनको पुस्ता गरि तिनका जहान् र तिनका पित्रहरुका घर् घर् अनुसार् बीस् बर्षका कि त्यो भन्दा बेसि उमेर्का अनि लड़ाईं गर्नुलाइ निक्लंने माफिक्का सबै तिनका नांवको गन्ति
३५ अनुसार् गरि गनीये मनश्शेको कुल्का गनीयेका लोग् बत्तीस् हजार् र दुइ सै जना थिये ॥

३६ बिन्यामीनको बंश तिनको पुस्ता गरि तिनका जहान् र तिनका पित्रहरुका घर् घर् अनुसार् बीस् बर्षका कि त्यो भन्दा बेसि उमेर्का अनि लड़ाईं गर्नुलाइ निक्लंने माफिक्का सबै तिनका नांवको गन्ति अनुसार्

गरि गनीये बिन्यामीन्को कुल्का गनीयेका लोग् पैंतीस् हजार् र ३७
चार् सै जना थिये ॥

दान्को बंश तिनका पुस्ता गरि तिनका जहान् र तिनका पित्रहरुका ३८
घर् घर् अनुसार् बीस् बर्षका कि त्यो भन्दा बेसि उमेर्का अनि लड़ाईं
गर्नुलाइ निकुलंने माफिक्का सबै तिनका नांवको गन्ति अनुसार् गरि गनीये
दान्को कुल्का गनीयेका लोग् बाबठ् हजार् र सात् सै जना थिये ॥ ३९

आशेर्को बंश तिनका पुस्ता गरि तिनका जहान् र तिनका पित्रहरुका ४०
घर् घर् अनुसार् बीस् बर्षका कि त्यो भन्दा बेसि उमेर्का अनि लड़ाईं
गर्नुलाइ निकुलंने माफिक्का सबै तिनका नांवको गन्ति अनुसार् गरि गनीये
आशेर्को कुल्का गनीयेका लोग् एक्चालीस् हजार् र पांच् सै जना थिये ॥ ४१

नप्तालीको बंश तिनका पुस्ता गरि तिनका जहान् र तिनका ४२
पित्रहरुका घर् घर् अनुसार् बीस् बर्षका कि त्यो भन्दा बेसि उमेर्का अनि
लड़ाईं गर्नुलाइ निकुलंने माफिक्का सबै तिनका नांवको गन्ति अनुसार्
गरि गनीये नप्तालीको कुल्का गनीयेका लोग् तिरपन् हजार् र ४३
चार् सै जना थिये ॥

मूसा र हारून् र इस्राएल्का मालिकहरु अर्थात् आफ्ना आफ्ना ४४
पित्रहरुका घर् घर् पिच्छे येउटा येउटा मालिक् मालिक् गरि बारह् जनाले
गन्येका सबै गनीयेकाहरु थिने हुन् । त इस्राएलबंशीहरुमांका जो जो ४५
आफ्ना आफ्ना पित्रहरुका घर् घर् अनुसार् बीस् बर्षका कि त्यो भन्दा बेसि
उमेर्का गनीये अनि इस्राएलमां लड़ाईं गर्नुलाइ निकुलंने माफिक्का थिये
ति सबै गनीयेका लोग् छ लाख् तीन् हजार् र पांच् सै पचास् जना थिये ॥ ४६

तर लेवीहरु आफ्ना आफ्ना पित्रको कुल् अनुसार् अरु सङ ४७
गनीयेनन् । किनभन्ये यहुवेले मूसालाइ येसो भन्येको थियो खालि ४८ ४९
लेवीको कुल्को गन्ति न लिंनु अनि इस्राएलबंशीहरुको बीचमां तिनको
गनाई न गर्नु . तर लेवीहरुलाइ साक्षीपाटीको बासस्थानमां र त्येका सबै ५०
सादांममां अनि जे जे त्येका छन् ति मांथि खटा . बासस्थान् त्येका सब्बै
सादांम् समेत् तिनिहरुलेनै बोकुन् अनि त्येको सेवाटहल् तिनिहरुले गरुन्
अनि बासस्थानको वरिपरि आफ्ना आफ्ना डेरा हालुन् । त जब जब ५१
बासस्थान् अघि हिंडूला तब तब लेवीहरुले त्यो ओह्रालुन् . अनि जब जब
बासस्थान् उभ्याउंनु पर्ला तब तब लेवीहरुलेनै त्यो उभ्याउन् . अनि
परायकुलको मान्छे जो नजिक् आउला त्यो मांरीगोस् । अनि इस्राएलबंशी- ५२
हरु जनंगेले आफ्नु आफ्नु सेना अनुसार् आफ्नु आफ्नु छाउंनी र आफ्नु
आफ्नु झण्डा छेउ आफ्नु आफ्नु डेरा उभ्याउन् । तर लेवीहरुले आफ्नु ५३
डेरा साक्षीपाटीको बासस्थानको वरिपरि उभ्याउन् होइन भन्ये ता
इस्राएलबंशीहरुको मंडलो मांथि रिस् खनीयेला . येसोरिकन लेवीहरुले
साक्षीपाटीको बासस्थानको रुजाई गरुन् । त इस्राएलबंशीहरुले त्येसै गर्ये ५४
अं यहुवेले मूसालाइ दियेका सबै आज्ञा अनुसार तिनिहरुले गर्ये ॥

(छाउंनीमां रहाई र बाटोमां हिंड़ाईको व्यवस्था)

२१ १ फेरि यहूवेले मूसा र हारूनलाइ येसो भन्यो इस्राएलवंशीहरू
जनंगेले आफ्नु आफ्नु झण्डा केउ आफ्ना पित्रहरूका घर् घरको चिंनुधजा
सङ्ग डेरा उभ्याउन्. तिनिहरूले भेट् हुंने डेराको सांमु रिंगे आफ्ना आफ्ना
३ डेरा हालुन्। अनि पूर्व तिर सूर्ज उदाउंने पट्टि डेरा उभ्याउंने यहूदाको
छाउंनीको झण्डाका लोग् तिनको सेना अनुसार् होउन्. अनि यहूदावंशीको
४ मालिक् अम्मिनादाबको छोरो नहशोन् हवस्. अनि त्येको सेना अर्थात्
५ त्येका गनीयेका लोग् चौहत्तर् हजार् र छ सै जना थिये।✓अनि त्येको
केउमां डेरा उभ्याउंने इस्साकारको कुल् हवस्। इस्साकारवंशीहरूको
६ मालिक् सूआरको छोरो नतनेल् हवस्. अनि त्येको सेना अर्थात् त्येका
७ गनीयेका लोग् चौवन् हजार् र चार् सै जना थिये।✓फेरि जबूलूनको कुल्.
८ अनि जबूलूनवंशीहरूको मालिक् हेलोनको छोरो एलिआब् हवस्. अनि
त्येको सेना अर्थात् त्येका गनीयेका लोग् सन्तावन् हजार् र चार् सै जना
९ थिये। ✓त यहूदाको छाउंनीका जत्ति गनीयेका लोग् थिये ति सबै आफ्ना
आफ्ना सेना अनुसार् एक् लाख् छियासी हजार् र चार् सै जना थिये.
पहिले यिनिहरू हिड्ने गरून्॥
१० दक्खिन् तिर रूबेनको छाउंनीको झण्डा तिनको सेना अनुसार् हवस्.
११ रूबेनवंशीहरूको मालिक् शदेऊरको छोरो एलीसूर् हवस्. अनि त्येको
सेना अर्थात् त्येका गनीयेका लोग् छियालीस् हजार् र पांच् सै जना
१२ थिये।✓अनि त्येको केउमां डेरा उभ्याउंने शिमोनको कुल् हवस्. अनि
१३ शिमोनवंशीहरूको मालिक् सुरीशद्दैको छोरो शलूमीएल् हवस्. अनि
त्येको सेना अर्थात् त्येका गनीयेका लोग् उनसठ् हजार् र तीन् सै जना
१४ थिये.✓फेरि गादको कुल्. अनि गादवंशीहरूको मालिक् रूएलको छोरो
१५ एल्यासाप् हवस्. अनि त्येको सेना अर्थात् त्येका गनीयेका लोग् पैंतालीस्
१६ हजार् र छ सै पचास् जना थिये।✓रूबेनको छाउंनी जत्ति गनीयेका थिये
ति सबै आफ्ना सेना अनुसार् एक् लाख् एकावन् हजार् र चार् सै पचास्
जना थिये. ढोस्को यिनिहरू हिड्ने गरून्॥
१७ ति पछि सबै छाउंनीहरूको बीचमां लेवीहरूको छाउंनी समेत् भेट्
हुंने डेरा अघि हिंड़ोस्. जसोरि तिनिहरूले डेरा उभ्याउंने गर्नन् त्येसोरि
तिनिहरू आफ्नु आफ्नु झण्डा केउ केउमां जनंगे आफ्नु आफ्नु ठांउमां
अघि हिंड्नु॥
१८ पश्चिउं तिर एप्रैमको छाउंनीको झण्डा तिनका सेना अनुसार् हवस्.
अनि एप्रैमवंशीहरूको मालिक् अम्मीहूदको छोरो एलिशामा हवस्.
१९ अनि त्येको सेना अर्थात् त्येका गनीयेका लोग् चालीस् हजार् र पांच् सै ✓
२० जना थिये। अनि त्येको केउमां मनश्शेको कुल् हवस्. अनि मनश्शेवंशीको
२१ मालिक् पदासूरको छोरो गमलिएल् हवस्. अनि त्येको सेना अर्थात् त्येका

गनीयेका लोग् बत्तीस् हजार् र दुइ सै जना थिये । फेरि बिन्यामीन्को कुल् . १२
अनि बिन्यामीनबंशीको मालिक् गीदोनीको छोरो अबीदान् हवस् . अनि १३
त्येस्को सेना अर्थात् त्येस्का गनीयेका लोग् पैंतीस् हजार् र चार् सै जना थिये ।
एप्रैमको छाउंनीका जति जना गनीयेका थिये ति सबै आफ्ना सेना अनुसार् २४
एक् लाख् आठ् हजार् र एक् सै जना थिये । तीस्रो थिनैहरु हिंड्ने गरून् ॥

उत्तर् तिर दान्को छाउंनीको झण्डा तिनको सेना अनुसार् हवस् . २५
अनि दानबंशीहरुको मालिक् अम्मीशद्दैको छोरो अहीएजेर् हवस् . अनि २६
त्येस्को सेना अर्थात् त्येस्का गनीयेका लोग् बासठ् हजार् र सात् सै जना
थिये । अनि त्येस्को छेउमां डेरा उभ्याउंने आशेर्को कुल् हवस् . अनि २७
आशेरबंशीहरुको मालिक् ओक्रान्को छोरो पगीएल् हवस् . अनि त्येस्को २८
सेना अर्थात् त्येस्का गनीयेका लोग् एकचालीस् हजार् र पांच् सै थिये । फेरि २९
नप्तालीको कुल् . अनि नप्तालीबंशीहरुको मालिक् एनान्को छोरो अहीरा
हवस् . अनि त्येस्को सेना अर्थात् त्येस्का गनीयेका लोग् तिरपन् हजार् र ३०
चार् सै जना थिये । दान्को छाउंनीका जति गनीयेका लोग् थिये ति एक् ३१
लाख् सत्तावन् हजार् र छ सै जना थिये । सबै भन्दा पछाडि थिनिहरु
आफ्नु आफ्नु झण्डा छेउ हिंड्ने गरून् ॥

इस्राएलबंशीहरुका आफ्ना आफ्ना पित्रहरुका घर् घर् अनुसार् ३२
गनीयेका येत्ति थिये . आफ्नु आफ्नु सेनामां छाउंनी छाउंनीका गनीयेका
लोग् सब् गरि छ लाख् तीन् हजार् र पांच् सै पचास् जना थिये । तर ३३
लेवीहरु इस्राएलबंशीहरुमां गनीयेनन् जसो यहूवेले मूसालाइ आज्ञा
दियेको थियो । इस्राएलबंशीहरुले त्येसै गरे . यहूवेले मूसालाइ जे जे ३४
आज्ञा दियेको थियो ति अनुसार् तिनिहरुले आफ्नु आफ्नु झण्डा निर निर
डेरा उभ्याये अनि त्येसै गरि आफ्ना आफ्ना पित्रहरुका घर् घर् अनुसार् र
आफ्ना आफ्ना जहान् अनुसार् तिनिहरु अघि अघि हिंड्दै हिंड्दै गये ॥

(लेवीहरुलाइ दिईयेका जिम्मा)

जस् दिन् यहूवेले सीनै पर्वतमां मूसा सित बात् गर्यो त्येस् दिन् ३ १
हारून् र मूसाका पुस्ता यिनै हुन् । हारूनका छोराहरुका नांव यि हुन् जेठो २
छोरो नादाब् र अबीहू एलाजार् र ईतामार् । हारूनका अभिषिक्त गरीयेका ३
पूजाहारी छोराहरु जो पूजाहारीगिरिको सेवा गर्नुलाइ स्थापन् गरीयेका
थिये तिनका नांव यिनै हुन् । तर नादाब् र अबीहूले जस् बेलामां सीनैको ४
बनमां यहूवेको सांमु अन्यआगो चढ़ायेका थिये तब यहूवेको सांमु निर्बंश्
भइ मर्ये . त एलाजार् र ईतामारले आफ्नु बाबु हारूनको सांमु
पूजाहारीगिरिमां सेवा गर्दै थिये ॥

फेरि यहूवेले मूसालाइ येसो भन्यो लेवीको कुललाइ नजिक् ५ ६
ल्याएर हारून् पूजाहारीको सांमु उभ्या र तिनिहरुले त्येस्को सेवा गरून् ।
अनि त्यो देखि र सिंगे मंडली देखि तिनको जिम्मामां सुम्पीयेका थोकको ७

८ भेट् हुंने डेराको सांमु रुङाई गरुन् बास्स्थान्को सेवागराई गर्नुलाइ। त
तिनिहरुले भेट् हुंने डेराका सबै सार्दाम्को र इस्राएल्बंशीहरु देखि
सुम्पीयेका थोकको पनि रुङाई गरुन् बास्स्थान्को सेवागराई गर्नुलाइ।
९ त तैंले लेवीहरुलाइ हारून् र त्येस्का छोराहरुलाइ दिहाल्. तिनिहरु
१० इस्राएल्बंशीहरुको पट्टि बाटो स्यांट्ठै दिईयेका छन्। अनि हारून् र त्येस्का
छोराहरुलाइ खटा र तिनिहरुले आफ्नु पूजाहारीगिरिको रक्षे गरुन्.
अनि पराय् कुल्को मान्छे जो नजिक् आउला त्यो मांरीओस्॥

११ १२ फेरि यह्वेले मूसालाइ येसो भन्यो हेर् इस्राएल्बंशीहरुमांका
गर्भ खोल्ने सबै जेठाहरुको साटोमां मं आफैले लेवीहरुचइंलाइ
१३ इस्राएल्बंशीहरुको बीच् देखि लियें त लेवीहरु मेरै हुन्. कसोगरिभन्ये सबै
जेठा जेठाहरु मेरा हुन् जस् दिन् मैंले मिस्र देस्मांका सबै जेठाहरुलाइ मांर्यें
त्येस् दिन् मैंले इस्राएल्मांका जेठाहरुलाइ क्ये मान्छेका क्ये पशुका सबैलाइ
आफ्नु लागि पवित्र ठहरायें. त तिनिहरु मेरैनै हुंछन् मं यह्वे हुं॥

१४ १५ फेरि यह्वेले सीनैको बन्मां मूसालाइ येसो भन्यो लेवीबंशी-
हरुलाइ तिनका पित्रहरुका घर् घर् र तिनका जहान्हरु अन्सार् गन्.
जति पुरुष् एक् महीनाका कि त्यो भन्दा बेसि उमेर्का हुंनन् ति सबैलाइ
१६ गन्। त मूसाले जस्तो आज्ञा पायेको थियो त्येसैगरि यह्वेको कुरा
१७ अन्सार् तिनिहरुलाइ गन्यो। त लेवीका छोराहरु आफ्ना आफ्ना नांव
१८ अन्सार् यिनै हुन् अर्थात् गेर्शोन् कहात् र मरारी। अनि गेर्शोन्का
छोराहरुका नांव तिनका जहान् अन्सार् यिनै हुन् अर्थात् लिब्नी र शिमी।
१९ अनि कहात्का छोराहरु आफ्ना आफ्ना जहान् अन्सार् यि हुन् अर्थात्
२० अम्राम् र यिस्हार् हेब्रोन् र उज्जीएल्। अनि मरारीका छोराहरु आफ्ना
आफ्ना जहान् अन्सार् यि हुन् अर्थात् मह्ली र मूशी। लेवीहरुका
जहान्हरु आफ्ना आफ्ना पित्रहरुका घर् घर् अन्सार् यिनै हुन्॥

२१ गेर्शोन् देखि लिब्नीहरु र शिमीहरुका जहान् जहान् थिये.
२२ गेर्शोनीहरुका जहान् यिनै हुन्। यिनिहरुमांका जत्ति जत्ति पुरुष्हरुको उमेर्
एक् महीनाका कि त्यो भन्दा बेसि उमेर्का थिये ति सबैको गन्ति अन्सार्
२३ तिनका गनीयेका लोग् सात् हजार् र पांच् सै जना थिये। गेर्शोनीहरुका
२४ जहान्हरुले बास्स्थान्को पछाड़ि पच्छिउं तिर आफ्ना डेरा उभ्याउन्। अनि
गेर्शोनीहरुका मूल् पित्रहरुका घर्को मालिक् लाएल्को छोरो एल्यासाप्
२५ हवस्। अनि भेट् हुंने डेरामां गेर्शोन्बंशीहरुले रुङ्नु पर्ने थोक् यिनै होउन्
अर्थात् बास्स्थान् र पाल् र त्येस्को छाना र भेट् हुंने डेराको दैलोको पर्दा
२६ अनि बास्स्थान् र बेदिको रिंगैको आघन्का पर्दा र त्येस्को दैलोको पर्दा
पनि अनि त्येस्को सबै काम्को लागि त्येस्का सबै डोरीहरु॥

२७ फेरि कहात् देखि अम्रामीहरु यिस्हारीहरु हेब्रोनीहरु र उज्जीएली-
२८ हरुका जहान् जहान् थिये. कहातीहरुका जहान् यिनै हुन्। यिनिहरुमांका
पवित्रस्थान्को रुङाई गर्ने पुरुष्हरु जत्तिको उमेर् एक् महीनाको कि त्यो

भन्दा बेसि थियो ति सबैको गन्ति अनुसार् आठ् हजार् र छ सै जना थिये ।
कहातबंशीहरुका जहान्हरुले बास्स्यान्को छेउमां दक्खिन् तिर आफ्ना २९
डेरा उभ्याउन् । अनि कहातीहरुका जहान्हरुका मूल् पित्रहरुको घर्को ३०
मालिक् उज्जीएल्को छोरो एलीसाफान् हुवस् । अनि तिनले गड्नु पर्ने थोक् ३१
थिनै हुन् अर्थात् सम्पट् मेज् पांनस् बेदीहरु र पवित्रस्यान्का सेवाका
सादांमहरु र छेलने पर्दा त्येस्को सबै काम्को लागि । अनि लेवीहरुका ३२
मालिकहरुको मालिक् हारून् पूजाहारीको छोरो एलाजार् हुवस् अनि त्यो
पवित्रस्यान्को गड्राई गर्नेहरुको काम् हेर्ने हुवस् ॥

फेरि मरारी देखि महलीहरु र मूशीहरुका जहान् जहान् थिये . ३३
मरारीका जहान् थिनै थिये । थिनिहरुमांका जति जति पुरुषहरुको उमेर् ३४
एक् महीनाको कि त्यो भन्दा बेसि थियो ति सबैको गन्ति अनुसार् छ
हजार् र दुइ सै जना थिये । अनि मरारीका जहान्का मूल् पित्रहरुका घरको ३५
मालिक् अबिहैलको छोरो सूरीएल् हुवस् . थिनिहरुले बास्स्यान्को छेउमां
उत्तर् तिर आफ्ना डेरा उभ्याउन् । अनि मरारीबंशीहरुलाइ गड्राई गर्नुलाइ ३६
सुम्पीइंने थोक् थिनै हुन् अर्थात् बास्स्यान्का फल्याकहरु तिनका साटाहरु
खांबाहरु चूरघरहरु अनि तिनका सबै सादांम् अं त्येस्को सबै काम्को
लागि अनि रिंगैका आघनका खांबाहरु र तिनका चूरघरहरु र ३७
कीलाहरु र तिनका डोरीहरु । अनि बास्स्यान्को सांमु पूर्व तिर अर्थात् ३८
भेट् हुंने डेराको सांमु सूर्ज उदाउंने तिर आफ्नु डेरा हाल्ने थि होउन्
मूसा हारून् र त्येस्का छोराहरु इस्राएलबंशीहरु देखि सुम्पीयेको भैं गरि
पवित्रस्यान्को गड्राई गर्नुलाइ तर परायकुलको मान्छे जो नजिक् आउला
त्यो मारीयोस् । लेवीहरुमांका जम्माइ मूसा र हारूनले यहूवेको आज्ञा ३९
अनुसार् तिनका कुल् अनुसार् गन्ये अर्थात् तिनिहरुमांका जति पुरुषको उमेर्
एक् महीनाको कि त्यो भन्दा बेसि थियो ति सबै बाईस् हजार् जना थिये ॥

फेरि यहूवेले मूसालाइ भन्यो इस्राएलबंशीहरुका जति जेठा पुरुष- ४०
हरुको उमेर् एक् महीनाको कि त्यो भन्दा बेसि छ ति सबैलाइ गन् अनि
तिनका नांव गन् । अनि मेरो लागि (मं यहूवे हुं) अं मेरो लागि ४१
इस्राएलबंशीहरुका सबै जेठाहरुको साटोमां लेवीहरुचइंलाइ अनि
इस्राएलबंशीहरुका सबै पशुहरुका सबै जेठाहरुको साटोमां लेवीहरुचइंका
पशुहरु लो । त यहूवेले मूसालाइ आज्ञा गर्यको भैं त्येसले इस्राएलबंशीहरुका ४२
सबै जेठाहरुलाइ गन्यो । अनि उमेर् एक् महीनाको कि त्यो भन्दा बेसि हुंने ४३
सबै जेठो पुरुष आफ्ना आफ्ना नांवको गन्ति अनुसार् बाईस् हजार् र
दुइ सै तिहत्तर् जना थिये ॥

तब यहूवेले मूसालाइ भन्यो इस्राएलबंशीहरुका सबै जेठाहरुको ४५
साटोमां लेवीहरुचइंलाइ अनि तिनका पशुहरुको साटोमां लेवीहरुचइंका
पशुहरु लो . त लेवीहरु मेरै होउन् मं यहूवे हुं । अनि इस्राएलबंशीहरुका ४६
जेठाहरुमांका जो गन्तिमां लेवीहरु भन्दा दुइ सै र तिहत्तर् जना बेसि छन्

४७ तिनलाइ क्रोड़ाउंनुको लागि एक् एक् जनाको लागि सिर् सिर् गरि
पांच् पांच् शेकेल् लौ ति पवित्रस्थानको शेकेल्को हिसाप् अनुसार् होउन्
४८ (बीस् गेरा एक् शेकेल् हो). अनि जुन् रुपिया ति बेसि जेठाहरुको
४९ क्रोड़ाउंनी हुंक् त्यो हारून् र त्येस्का क्रोराहरुलाइ दिंनु। त जो जो पुरुष्
लेवीहरुको बाटोले क्रोड़ाईयेकाहरु देखि बेसि थिये ति देखि मूसाले
५० क्रोड़ाउंनी रुपिया लियो. इस्राएल्वंशीहरुका जेठाहरु देखि त्येसले त्यो
रुपिया लियो त एक् हजार् र तीन् सै पैंसठ् शेकेल् पवित्रस्थानको शेकेल्को
५१ हिसापको भयो. त मूसाले यहूवेको आज्ञा अनुसार् ति क्रोड़ाउंनी रुपिया
हारून् र त्येस्का क्रोराहरुलाइ दियो. जसो यहूवेले मूसालाइ आज्ञा
दियेको थियो॥

४ १ फेरि यहूवेले मूसा र हारून्लाइ येसो भन्यो लेवीवंशीहरुमांका
२ कहात्वंशीको गन्ति गर् तिनका जहान् जहान् गरि तिनका पित्रहरुका घर्
३ घर् अनुसार् तीस् वर्ष देखि पचास् वर्ष सम्म जति जना भेट् हुंने
डेरामां काम् गर्नुलाइ सेनामां भर्ति हुंनन् ति सबैको गन्ति गर्।
४ भेट् हुंने डेरामां महापवित्र थोकको विषयमां कहात्वंशीहरुको सेवागराई
५ येइ हो. अर्थात् जब जब क्राउंनी अघि हिंड्ला तब तब हारून्ले
आफ्ना क्रोराहरु समेत्ले भित्र पसि क्रेल्ने पर्दा उतारि साक्षीपाटीको
६ सम्पट् ढाकि देवस्. वहांदेखि तिनिहरुले त्यो मांथि सूइसको क्रालाको
क्राना हालि दिउन् अनि त्येस् मांथि पूरो नीलो रङ्को कपरा फिंजाइ
७ दिउन् अनि सम्पट्मां डांड़िहरु हालुन्। फेरि भेटिरोटीहरुको मेज् मांथि
येउटा नीलो कपरा ओछ्यायेर त्येसमां थालहरु र धुपौराहरु र कटौराहरु र
खन्याउंनुको लागिका सुरहीहरु राखुन्. अनि नित्येको रोटी पनि त्येसमां
८ हुवस्. वहांदेखि तिनिहरुले तिनिहरु मांथि सिंदुरे रङ्को येउटा कपराले
क्रोपि दियेर त्येस्माइ सूइसको क्रालाको ढाकनेले ढाकि दिउन् अनि मेजका
९ डांड़िहरु हालुन्। फेरि तिनिहरुले येउटा नीलो रङ्को कपरा ल्याएर
ज्योति दिंने पांनस् र दियाहरु चिम्टाहरु अभेरदानीहरु समेत् अनि त्येस्को
तेलका सबै भांड़ाहरु जुनहरु देखि सेवा गर्द क्रन् ढाकि दिउन्.
१० वहांदेखि तिनिहरुले पांनस् सबै सादांम् समेत् सूइसको क्रालाको ढाकनेले
११ भित्र राख्येर डांड़ि मांथि राखुन्। फेरि तिनिहरुले सुनको वेदि मांथि
येउटा नीलो कपरा ओढ़ाइ दिउन् अनि त्येस्माइ सूइसको क्रालाको
१२ ढाकनेले ढाकुन् अनि त्येस्का डांड़िहरु हालुन्. अनि तिनिहरुले
सेवागराईका सबै सादांम् जुन् देखि तिनिहरुले पवित्रस्थानमां सेवा गर्द
क्रन् ति लियेर नीलो कपरा भित्र राख्येर सूइसको क्रालाको ढाकनेले
१३ ढाकि दियेर डांड़ि मांथि राखुन्। फेरि तिनले वेदि देखि सबै खरानि
१४ झिक्येर त्येस्माइ बैगुने रङ्को कपराले ढाकि दिउन्. तब वेदिको सेवाका
सबै सादांम् अर्थात् आगोका धुपौराहरु र कांटाहरु र बेलचाहरु र
कटौराहरु र वेदिका सबै सादांम् मांथि त्येइ सूइसको क्रालाको ढाकने र

बेदिमां डांड़िहरु हालुन् । अनि जब छाउंनी अघि हिंड्ने बेलामां हारून् र १५
त्येस्का छोराहरुले पवित्रस्थान् र त्येस्का सबै सादाँम् ढाकि सकुनन् तब
त्येस् पछि कहात्बंशीहरु त्यो बोक्नुको लागि आउन् . तर तिनिहरुले
पवित्र थोक्हरु न छोउन् होइन भन्ये ता मर्छन् । भेट् हुंने डेरामां
कहात्बंशीहरुका भारि यिनै हुन् । अनि हारून् पूजाहारीको छोरो एलाजार् १६
पूजाहारीलाइ रुडाई गर्नुको लागि सुम्पीयेका थोक् यि हुन् अर्थात् ज्योतिको
लागि तेल् र सुगंध द्रव्यको धूप् र नित्येको अन्नबलि अभिषेक् गर्ने तेल् र
सिंगै बासस्थान् अनि जे जे त्येसमां छन् अर्थात् पवित्रस्थान् त्येस्को
सादाँम् समेत् ॥

फेरि यहुवेले मूसा र हारूनलाइ येसो भन्यो तिमिहरुले १७
१८
कहातीहरुका जहानको कुलुलाइ लेवीहरुको बीच् देखि काटि न देव .
तर तिनिहरुलाइ तिनिहरु महापवित्र थोक् निर निर आउंदा न मर्नु तर १९
जोइ रहंनुको लागि येसो गर . अर्थात् हारून् र त्येस्का छोराहरुले भित्र
गयेर तिनिहरुमांको जनंगेलाइ काम् र भारि खटाइ दिउन् . तर तिनिहरु २०
पवित्र थोक् हेर्नुलाइ एक्छिन्को लागि पनि भित्र न पसुन् होइन
भन्ये ता मर्छन् ॥

फेरि यहुवेले मूसालाइ येसो भन्यो गेर्शोनबंशीको पनि गन्ति २१
२२
गर् तिनका मूल् पित्रहरुका तिनका जहान् जहान् गरि तीस् बर्ष २३
देखि पचास् बर्ष सम्म जति जना भेट् हुंने डेरामां काम् गर्नुलाइ सेनामां
भर्ति हुनन् ति सबैको गन्ति गर् । काम् गर्नु र भारि बोक्नुमां गेर्शोनीहरुका २४
जहानहरुको सेवागराई येइ हो अर्थात् तिनिहरुले बासस्थानका २५
पर्दाहरु र भेट् हुंने डेरा र त्येस्को छाना र त्यो मांथि ढाक्ने सूइस्का
छालाहरु र भेट् हुंने डेराको पर्दा बोकुन् फेरि बासस्थान् र बेदिको २६
रिंगे भयेको आघनका पर्दाहरु र आघनको दुवार्को पर्दा र तिनका डोरीहरु
र तिनिहरुको काम्को सबै सादाँम् अं जे जे तिनको लागि बनीयेका छन्
तिनको काम् तिनैहरुले गरुन् । गेर्शोनबंशीहरुको सबै सेवागराई अं २७
तिनको सबै भारि र तिनको सबै काम् हारून् र त्येस्का छोराहरुको आज्ञाले
हुवस् . अनि तिमिहरुले तिनिहरुको रुडाईमां सबै भारि खटाव । भेट् हुंने २८
डेरामां गेर्शोनबंशीहरुका जहानहरुको सेवागराई येइ हुवस् . अनि तिन
को रुडाई हारून् पूजाहारीको छोरो ईतामार्को अधिकारमां हुवस् ॥

फेरि मरारीबंशीहरुचइंको तिनका जहान् जहान् गरि तिनका पित्रहरुका २९
घर् घर् अनुसार् गन्नु तीस् बर्ष देखि पचास् बर्ष सम्म जति भेट् हुंने ३०
डेराको काम् गर्नुलाइ भर्ति हुनन् ति सबैलाइ गन्नु । अनि भेट् हुंने ३१
डेरामां तिनको सबै काम् अनुसार् अर्थात् तिनको रुडाईमां दिईने
भारि येइ हो बासस्थानका फल्याकहरु खांबाहरु र चूरघरहरु
अनि चारै तिरका आघनका खांबाहरु र चूरघरहरु तिनका कीलाहरु ३२
डोरीहरु तिनका सब् सादाँम् समेत् र सबै काम् समेत् . अनि तिनको

३३ लडाईमां दिईंने भारिका सादीमहरू नांउ नांउ गरि खटाउंनु । भेट् हुंने डेरामां मरारीवंशीहरूका जहान्हरूको सेवागराई तिनका सबै काम् अनुसार् हारून् पूजाहारीको छोरो ईतामार्को अधिकार्मां हुंने येइ हो ॥

३४ त मूसा र हारून् र मंडलीका मालिक्हरूले कहात्वंशीहरूलाइ

३५ जहान् जहान् गरि तिनका पित्रहरूका घर् घर् अनुसार् तीस् वर्ष देखि पचास् वर्ष सम्म जति जना भेट् हुंने डेराको काम्मां सेवा गर्नुलाइ

३६ भर्ति हुंद थिये ति सबैलाइ गन्ये. अनि तिनिहरूमांका आफ्ना आफ्ना जहान् अनुसार् गनीयेका दुइ हजार् र सात् सै पचास् जना थिये ।

३७ कहातीहरूका जहान्मांका जो जो गनीये अर्थात् जतिले भेट् हुंने डेरामां सेवागराई गर्द थिये जुन्हरूलाइ मूसा र हारून्ले यहूवेले मूसाको बाटोले दियेको आज्ञा अनुसार् गन्ये यिनै हुन् ॥

३८ अनि गेर्शोन्वंशीहरूमांका जति गनीयेका थिये तिनका जहान् जहान्

३९ गरि तिनका पित्रहरूका घर् घर् अनुसार् तीस् वर्ष देखि पचास् वर्ष सम्म जति जना भेट् हुंने डेराको काम्मां सेवा गर्नुलाइ भर्ति हुंद थिये

४० अं तिनका जहान् जहान् गरि तिनका पित्रहरूका घर् घर् अनुसार्

३२ इस्राएलवंशीहरु बनमां भयेको बेलामां तिनले येउटा माग्छेलाइ
३३ विश्राम्को दिनमां दाउरा बटुल्दै गर्येको भेटाये। अनि त्येस्लाइ दाउरा
बटुल्दै गर्येको भेटाउनेहरुले त्येस्लाइ मूसा र हारून् र सिंगै मंडली थांइ
३४ ल्याये तब तिनिहरुले त्येस्लाइ पहरामां थुन्ये किनभन्ये त्येस्लाइ के गर्नु
३५ पर्छ भनि प्रगटो गरीयेको थियेन। तब यहूवेले मूसालाइ भन्यो त्यो माग्छे
निस्से मारीग्रोस्. सिंगै मंडलीले छाउंनी देखि बाइर त्येस्लाइ ढुंगाले
३६ लोहोऱ्याउन्। त सिंगै मंडलीले त्येस्लाइ छाउंनी देखि बाइर लग्येर ढुंगाले
लोहाऱ्याये त त्यो मऱ्यो. जसो यहूवेले मूसालाइ आज्ञा दियो॥

३७ फेरि यहूवेले मूसालाइ येसो भन्यो इस्राएलवंशीहरु सित कुरा
गरि तिनलाइ येसो भन् आफ्ना पुस्ता पुस्तामां आफ्ना वस्त्रहरुको फेरोमां
झुम्का बनाउंने गर्नु अनि एक् एक् फेरोको झुम्कामां येउटा येउटा नीलो
३९ संजाप् लाउंने गर्नु. त त्यो तिमिहरुको लागि झुम्का हुंछ र तिमिहरुले
त्यो देख्दा यहूवेको सिंगै आज्ञा सम्झेर मान. र तिमिहरुले
आफ्नु आफ्नु मनले र आफ्ना आफ्ना आंखाले भेद् न लेउ जसोरि
४० तिमिहरुले व्यभिचारीले झैं गर्दै रह्येका छौ. तिमिहरुले मेरा सबै आज्ञा
४१ सम्झि मान्नु अनि आफ्नु ईश्वरको लागि पवित्र हुंनु। मं यहूवे
तिमिहरुको ईश्वर् हुं जस्ले तिमिहरुलाइ मं तिमिहरुको ईश्वर् होउं भनि
मिस्रको देस् देखि निकालि ल्यायो मं यहूवे तिमिहरुको ईश्वर् हुं॥

(कोरह् इत्यादिको बिरोध्गराई र तिनिहरुको नष्ट हुवाई)

१६ १ अनि लेवीको छोरो कहात्को छोरो यिस्हार्को छोरो कोरह् र
रूबेनवंशी एलीआब् का छोराहरु दातान् र अबीराम् अनि पेलेथ्को छोरो
२ ओन्ले कत्ति जनालाइ लियेर मूसाको सांमु उठेर इस्राएलवंशीहरुका
कत्ति जना मंडलीमां बोलाईयेका नांउ चल्येका अं मंडलीका दुइ सै र पचास्
३ जना मालिक्हरु पनि उठेर. अनि यि सबैले मूसा र हारून्को बिरुद्धमां
भेला भइ तिनलाइ भन्ये भयो तिमिहरुलाइ किनभन्ये सिंगै मंडली अं
त्येस्मांको जनंगे पवित्र छ अनि यहूवे तिनको बीच्मां छ. त आफुलाइ
४ किन यहूवेको मंडलो मांथि अल्ग्याउंद छौ। यो कुरो सुनि मूसा घोप्टो
५ पऱ्यो. तहांदेखि त्येस्ले कोरह् र त्येस्को सिंगै गट्ठालाइ भन्यो भोलि
बिहान यहूवेले मेरो कुन् हो अनि पवित्र को छ भनि जनाइ दिंछ अनि
त्येस्चइंलाइ आफु छेउ आउंनु लगाउंछ. अं जस्लाइ उस्ले छान्छ त्येस्चइंलाइ
६ उस्ले आफु छेउ आउंनु लगाउंछ। यो गर् ए कोरह् तैंले तेरा सबै गट्ठा
७ समेत्ले धूपौरो ले तिनमां आगो हाल्येर भोलि यहूवेको सांमु धूप्
हाल. त येसो हुंछ जस्लाइ यहूवेले छान्छ त्येइ चइं पवित्र हुंछ हे
८ लेवीवंशीहरु हो भयो तिमिहरुचइंलाइ। अनि मूसाले कोरहलाइ भन्यो

हे लेवीवंशीहरु हो कृपा गरि सुन . इस्राएल्को ईश्वर्ले तिमिहरुलाइ ९
इस्राएल्को मंडली देखि कुद्याइ यहूवेको बास्स्यान्को काम् गर्नु र मंडलीको
सांमु उभीयेर तिनको लागि सेवागराई गर्नुलाइ आफु कुेउ ल्यायो .
को यो तिमिहरुको लागि सांनु कुरो हो उस्ले तंलाइ तं सङ तेरा सबै १०
लेवीवंशीभाईहरुलाइ पनि आफु कुेउ ल्यायेको कु . को अब पूजाहारीगिरि
पनि खोज्द कौ । येस्कारण् तं आफ्नु सिंगै गट्ठा समेत् यहूवेको बिरुद्धमां ११
भेला भयेको कुस् अनि हारून् चइं त्यो को हो र तिमिहरु त्यो मांथि
गन्गनाउंद कौ र । अनि मूसाले एलिआब्का कोराहरु दातान् र अब्बीराम्लाइ १२
बोलाइ पठायो . तर तिनिहरुले भन्ये आउंदौंन . तैंले हांमिहरुलाइ दुद् र १३
मह बहंने देस् देखि बन्मां मार्नुलाइ निकालि ल्याइस् त को यो सांनु कुरो
हो अझ हांमिहरु मांथि आफुलाइ मालिक् पनि तुल्याउंकुस् । फेरि तैंले १४
हांमिहरुलाइ दुद् र मह बहंने देसमां लगीनस् अनि न हांमिहरुलाइ
खेतबारीको र दाखबारीको अधिकारी तुल्याइस् . को तं यिनिहरुका आंखा
कोट्याइ निकाल्कुस् . आउंदौंन । तब मूसाले औधि रिसायेर यहूवेलाइ १५
भन्यो तिनिहरुको भेटि तिर आंखा न लाउंनु हवस् . मैंले तिनिहरु देखि
येउटा गद्हा पनि लियेको कुइंन अनि न तिनिहरुमांको कसैको हानि
गर्येको कु । तब मूसाले कोरह्लाइ भन्यो तं आफ्नु सिंगै गट्ठा समेत् १६
हारून्लाइ पनि लियेर भोलि यहूवेको सांमु आइज . अनि तिमिहरु १७
सबैले आफ्नु आफ्नु धुपौरो लियेर तिनमां धूप् हाल फेरि आफ्नु आफ्नु
धुपौरो अर्थात् दुइ सै र पचास् धुपौरा यहूवेको सांमु ल्याव तं आफै र
हारून् पनि जनंगेले आफ्नु आफ्नु धुपौरो ल्याव । त तिनिहरुले आफ्नु १८
आफ्नु धुपौरो लिइ तिनमां आगो हालि धूप् हाल्येर मूसा र हारून् सङ
भेट् हुंने डेराको दैलोमां उभीये । अनि कोरह्ले सिंगै मंडलीलाइ तिनको १९
बिरुद्धमां भेट् हुंने डेराको दैलोमां भेला गरायो . तब यहूवेको महिमा
सिंगै मंडलीकां देखाहा पर्यो ॥

तब यहूवेले मूसा र हारून्लाइ येसो भन्यो येस् मंडलीको बीच् २०
देखि कुट्टीयौ मं तिनलाइ पल्भरमां भस्म पार्कु । तब तिनिहरुले घोप्टो २१
पर्येर भन्ये हे ईश्वर् हे सबै जीवधारीहरुका आत्माहरुको ईश्वर् एक्
जनाले पाप् गरोस् अनि को तपाइं सिंगै मंडली मांथि रिसाउंनु हुंक्र ।
तब यहूवेले मूसालाइ येसो भन्यो मंडलीलाइ भन् कोरह् दातान् र २३
अब्बीराम्को बास्स्यान्को कुेउकाउ देखि जाइ जाव भनि । त मूसा उठेर २४
दातान् र अब्बीराम् थांइ गयो अनि इस्राएल्का प्राचीनहरुले त्येस्लाइ
पछ्याये । अनि त्येस्ले मंडलीलाइ भन्यो कृपा गरि तिमिहरु यि दुष्ट २६
मान्छेहरुका डेराहरु देखि हिंड़ि जाव अनि तिनिहरुका कोइ चीज् न कोव
छोइन भन्ये ता तिमिहरु पनि तिनिहरुका सबै पापमां बिनास् पारींकौ ।
त तिनिहरु कोरह् दातान् र अब्बीराम्को बास्स्यानको कुेउकाउ देखि २७
गइ गये . तर दातान् अब्बीराम् आफ्नी आफ्नी स्त्रीहरु कोराहरु र

२८ बालबच्चाहरु समेत् आफ्नु आफ्नु डेरा डेराको दैलो दैलोमां उभीये। तब
मूसाले भन्यो येसैले तिमिहरुले थाहा पाउनेला यहूवेले मलाइ यि सबै
काम् गर्नुलाइ पठायेको हो रक्ष भनि किनभन्ये ति मैंले आफ्नै मनले
२९ गरीन। यि मान्छेहरु सबै मान्छेहरु मध्ये झैं मर्ये अनि तिनिहरुको दण्ड
सबै मान्छेहरुको जस्तो भयो भन्ये देखि यहूवेचइंले मलाइ पठायेन क्ष।
३० तर यहूवेले नया काम् रच्यो अनि धर्तिले आफ्नु मुख् बायेर तिनलाइ
र तिनका सब्बै पोकलाइ पनि निल्यो अनि तिनिहरु जीउंदैनै पत्तालमां
खस्ये भन्ये देखि त यि मान्छेहरुले यहूवेको निन्दा गर्ये क्षन् भनि थाहा
३१ पाव। तब येसो भयो त्येस्ले यि सबै कुरा भनि सकनु बित्तिकै तिनिहरु
३२ मुनिको धर्ति फाट्यो, अनि पृथिवीले आफ्नु मुख् बायेर तिनलाइ
तिनका जहान्हरु अनि कोरह्मांका सबै मान्छेहरुलाइ तिनका सबै
३३ सम्पत्तिहरु समेत् निलि दियो। त तिनिहरु र जत्ति तिनिहरुकां थिये
तिनिहरु जीउंदैनै पत्तालमां खस्ये, अनि पृथिवी तिनिहरु मांथि पुनोयो
३४ अनि तिनिहरु सभाको बीच् देखि बिनास् भये। अनि तिनिहरुका वरिपरि
भयेका सबै इस्राएल् तिनिहरुका चिच्याई सुनिकन भाग्ये होइन भन्ये ता
३५ पृथिवीले हांमिहरुलाइ पनि निलुक्ष भन्दे। अनि यहूवे पट्टि बाटो आगोले
निकल्येर ति दुइ सै र पचास् जना धूप् हाल्नेहरुलाइ भस्म पार्यो॥
३६ तब यहूवेले मूसालाइ येसो भन्यो हारून् पूजाहारीको छोरो
३७ एलाजरलाइ भन् धुपौराहरु डढ़ाई देखि निकाल्येर आगो चइं वहां
३८ क्रपुट्ठ पार् किनभन्ये ति पवित्र क्षन् अं ति आफ्नै प्राणहरुको बिरुद्ध
पाप् गर्नेहरुका धुपौराचइं बेदी मोहोर्नुको लागि पाता पिटीउन्, किनभन्ये
तिनिहरुले यहूवेको सांमु चढ़ायेका थिये येस्कारण् ति पवित्र क्षन्, त ति
३९ इस्राएलबंशीहरुको लागि चिंनु हुंक्षन्। त एलाजार् पूजाहारीले ति
डढ़ेकाहरुले चढ़ायेका पीत्ले धुपौराहरु लियो अनि तिनिहरुले ति बेदी
४० मोहोर्नुलाइ पाता पिटि राख्ये, यो भयो इस्राएलबंशीहरुइको लागि
हारुनको बंश न हुंने कोई पराय् चइं यहूवेको सांमु धूप् हाल्नुलाइ
नजिक् न आवस् होइन भन्ये ता त्यो कोरह् र त्येस्को गट्ठा जस्तो होला
भन्ये कुरोको समझना रहोस् भन्ये खातिरले, जसो यहूवेले एलाजारलाइ
मूसाको बाटोले भन्यो॥
४१ तर भोलि पल्टो इस्राएलबंशीहरुको सिंगै मंडली येसो भन्दै मूसा र
हारुनको बिरुद्धमां तिमिहरुले यहूवेका लोगलाइ मांयो भनि गनगनाउंनु
४२ लाग्ये। अनि येसो भयो मंडली मूसा र हारुनको बिरुद्धमां भेला भयेको
थियो त भेट् हुंने डेरा तिर हेर्ये, त हेर बादलले त्यो छोप्ये क्ष अनि
४३ यहूवेको महिमा देखाइ पर्ं रक्ष। तब मूसा र हारून् भेट् हुंने डेराको
४४ ४५ सांमु आये। अनि यहूवेले मूसालाइ येसो भन्यो तिमिहरु येस्
मंडलीको बीच् देखि निकलि जाव र मं तिनलाइ पलभरिमां भस्म पार्ं।
४६ तब तिनिहरु घोप्टो पर्ये। अनि मूसाले हारुनलाइ भन्यो आफ्नु धुपौरो

लियेर त्येस्मां बेदिको आगो हालि त्येस्मां धूप् हाल र मंडली थांइ छिट्टो
जाउ तिनिहरुको लागि प्रायश्चित्त गर. किनभन्ये यहूवेको पट्टि बाटो रिस्
खनीयो रूढ़ि थालीयो भनि। तब मूसाको कुरो अनुसार् हारून् धुपौरो ४७
लियेर सभाको बीचमां दुगुरि गयो त हेर लोगमां रूढ़ि थालीये छ. त
त्येह्ले धूप् हाल्येर लोगको लागि प्रायश्चित्त गर्यो। अनि त्यो मंर्येका र ४८
जीउंदाहरुको बीचमां उभीयो त रूढ़ि थामीयो। त कोरह्को विषयमां ४९
मंर्येकाहरु बाहिक् खालि रूढ़िले मंर्येकाहरु चौध हजार् र सात् सै जना
थिये। अनि रूढ़ि थामीये पछि हारून् भेट् हुंने डेराको दैलोमां मूसा थांइ ५०
फर्कि आयो॥

(लेवीहरु र पूजाहारीहरुको लागि बिधीहरु)

तब यहूवेले मूसालाइ येसो भन्यो इस्राएल्बंशीहरु सित कुरा गरि १७:१
तिनिहरु देखि तिनिहरुका पित्रहरुका घर् घर् अनुसार् येउटा येउटा लउरो
ली अर्थात् तिनका सब् मालिक् मालिक्हरु देखि तिनिहरुका पित्रहरुका
घर् घर् अनुसार् बारह्वटा लउरा ली. जनंगेको नांउ त्येस्को लउरोमां लेख्।
अनि लेवीचइंको लउरोमां हारून्को नांउ लेख्. किनभन्ये तिनिहरुका ३
पित्रहरुका घर् घरको एक् एक् मूलको लागि येउटा येउटा लउरो हुवस्।
अनि ति लउराहरु भेट् हुंने डेरामां मैंले तं सित् भेट् गर्ने साक्षीपाटीको ४
सांमु राख्। त येसो हुंछ जुन् मान्छेलाइ मं छान्छु त्येस्को लउरोमां कोपीला ५
निस्कंछ. अनि मं इस्राएल्बंशीहरुको गनगनाई जो तिनिहरुले तिमिहरु
मांथि गर्द छन् छोड़ाउंछु। त मूसाले इस्राएल्बंशीहरुलाइ भन्यो अनि तिनका ६
सबै मालिक्हरुले त्येस्लाइ लउरो दिये जनंगे मालिक्ले येउटा येउटा अं
बारह्वटा लउरा तिनिहरुका पित्रहरुका घर् घर् अनुसार. अनि तिनिहरुका
लउराहरुको खाल्मां हारून्को लउरो पनि थियो। अनि मूसाले ति ७
लउराहरु साक्षीपाटीको डेरामां यहूवेको सांमु राखि छोड़्यो। अनि भोलि ८
पल्टो येसो भयो मूसा साक्षीपाटीको डेरामां पस्यो त हेर लेवीको घरको
लागि भयेको हारूनको चइं लउरोमां कोपीला लाग्ये छ अनि कोपीला
फुटि निस्क्ये छ अनि फूल् फूल्ये छ अनि पाक्येको बादाम् पनि फल्ये छ।
तब मूसाले ति सबै लउराहरु यहूवेको सांमु देखि सबै इस्राएल्बंशीहरु ९
थांइ निकालि ल्यायो. अनि तिनिहरुले ति देखिकन जनंगेले आफ्नु
आफ्नु लउरो लिये। फेरि यहूवेले मूसालाइ भन्यो हारून्को लउरो फेरि १०
साक्षीपाटीको सांमु राख् त्यो येस् झगरे बंशको बिरुद्धमां चिंनु हुंनुको
लागि रहि रहोस् त तैंले तिनको मं मांथिको गनगनाई पुन् होइन भन्ये
ता तिनिहरु मर्नेन्। त मूसाले त्येसै गर्यो. अं यहूवेले त्येस्लाइ दियेका ११
आज्ञा अनुसार् त्येस्ले गर्यो॥

तब इस्राएल्बंशीहरुले मूसालाइ भन्ये हेर हामिहरुको प्राण् निस्क्यो १२
हामिहरु नष्ट भयूं अं सबै नष्ट भयूं. नजिक् आउंने सबै अं यहूवेको १३

बास्स्थान्को नजिक् आउंने मंरि जांद कु. को हांमिहरु सबैको प्राण् निस्कि सकोस् ॥

१८ १ तब यहूवेले हारून्लाइ भन्यो पवित्रस्थान्को अधर्म्म तैंले आफ्ना क्रोराहरु र आफ्ना पित्रहरुको घर् समेत्ले बोक्नु. अनि आफ्नु
२ पूजाहारीगिरिको अधर्म्म तैंले आफ्ना क्रोराहरु समेत्ले बोक्नु। अनि लेवीको कुल् अर्थात् तेरा पित्रहरुको कुल् जो तेरा दाज्युभाई हुन् तिनलाइ पनि आफु सङ नजिक् ले र तिनिहरु पनि तं सित गांसीउन् अनि तेरो सेवागराई गरून्. तर साक्षीपाटीको डेराको सांमु खालि तं आफ्ना क्रोराहरु
३ समेत् आउंन गर्नु। अनि ज्यै तंलाइ तेरो जिम्मामां सुम्पोयेको कु त्यस्को र सिंगै डेराको पनि तिनले सुडाई गर्न गरून्. खालि पवित्रस्थान्का सार्दामहरु र बेदिको क्रेउमां तिनिहरु न आउन् होइन भन्ये ता तिनिहरु र तिमिहरु दुवै
४ मंर्कौ। त तिनिहरु तं सित गांसीइ रहुन् अनि डेराको सबै सेवागराईको विषयमां भेट् हुंने डेराको सुडाई गर्न गरून्. पराय् चइं कोई तिमिहरुको
५ क्रेउ आउंनु न पावस्। त तिमिहरुले पवित्रस्थान् र बेदिको सुडाई गर्न
६ गर्नु. र इस्राएल्वंशीहरु मांथि फेरि रिस् न परोस्। अनि हेर् मंचइंले तिमिहरुका दाज्युभाई लेवीहरुलाइ इस्राएल्वंशीहरुको बीच् देखि लियेको कु. तिमिहरुको लागि तिनिहरु यहूवेको लागि दिईयेका दान् हुन् भेट्
७ हुंने डेरामां काम् गर्नुलाइ। अनि तंचइंले आफ्ना क्रोराहरु समेत्ले बेदिका सबै विषयमां र क्रेलुने पर्दा देखि भित्रको विषयमां आफ्नु पूजाहारीगिरि मान्नु त तिमिहरुले सेवा गर्न गर्नु. मं तिमिहरुलाइ पूजाहारीगिरिको सेवाको लागि दान् गरि दिंद कु. अनि क्रेउ आउंने पराय् मान्छे मांरीयोस् ॥

८ फेरि यहूवेले हारून्लाइ भन्यो हेर मंचइंले अं मैंले तेरो जिम्मामां आफ्ना उचालीयेका भेटिहरु सुम्पि दियें अं इस्राएल्वंशीहरुका सबै पवित्र
९ गरीयेका थोकहरु मैंले तेरो अभिषेक्को कारणले तंलाइ र तेरा क्रोराहरुलाइ पनि सदाको विधिको लागि दिहाल्येको कु। आगो देखि बांच्येका महापवित्र थोकहरुमांका यि चइं तेरा हुन् अर्थात् तिनिहरुका सबै भेटि अं तिनिहरुका सबै अन्नबलिहरु सबै पापबलिहरु र सबै दोषबलिहरु ज्यै तिनिहरुले मंलाइ साटो दिंकन् ति तेरो र तेरा क्रोराहरुको लागि महापवित्र
१० होउन्। ति महापवित्र थोक् गरि खांने गर्नु. ति जनंगे पुरुषले खाउन् ति
११ तेरो लागि पवित्र होउन्। अनि यि तेरा हुन् अर्थात् तिनका दान्का उचालीयेका भेटिहरु अं इस्राएल्वंशीहरुका सबै हल्लाईंने भेटिहरु. ति मैंले तंलाइ र तं सङ तेरा क्रोराहरु र तेरी क्रोरीहरुलाइ पनि सदाको विधिको लागि दियेको कु. तेरो जहान्मांका जत्ति शुद्ध हुंनन् तिनले ति खाउन्।
१२ फेरि तिनिहरुले यहूवेलाइ दियेका सबै अस्सल् तेल् र सबै अस्सल् दाखरस् र
१३ गहूं र अगौटेफल् ति मैंले तंलाइ दियें। तिनिहरुले यहूवेको लागि ल्याएका तिनिहरुको देसका सबै अगौटेफल् तेरा होउन् तेरो जहान्मांका जत्ति
१४ शुद्ध हुंनन् तिनले ति खाउन्। इस्राएल्मां सबै भाकल् गरीयेका थोक् तेरा

होउन्। यहूवेको लागि चढ़ाईंने सबै जीवधारीहरुका गर्भ खोल्ने मान्छेको १५
हवस् कि पशुको हवस् सबै तेरा होउन्. तैपनि तैंले मान्छेको जेठोलाइ
अवश्य छोड़ा अनि अशुद्ध पशुको जेठोलाइ पनि छोड़ा। अनि जस् जस्लाइ १६
छोड़ाउंनु छ तिनिहरु महीना दिन्का हुंदा छोड़ाउंनु तिनको लागि आफुले
ठहरायेको दाम् अनुसार् पवित्रस्थान्को अर्थात् बीस् गेराको शेकेल्को
हिसाप्ले पांच् शेकेल् रुपिया दिइ तिनलाइ छोड़ाउंनु। तर गाईको कि १७
भेड़ाको कि बाख्राको जेठो न छोड़ाउंनु ति पवित्र छन्. तिनको रगत्
बेदिमां छर्कनु अनि तिनको बोसो अग्निहोम् गरि डड़ाउंनु यहूवेको लागि
बास्ना हुंनुलाइ। तर तिनको मांसु तेरो हवस् हल्लाईयेको छाक्को र दाहींनो १८
पौंड़ो जस्तो त्यो पनि तेरो हवस्। इस्राएल्बंशीहरुले यहूवेको लागि १९
चढ़ायेका पवित्र थोकका उचालीयेका सबै भेटिहरु मैंले तंलाइ र तं सङ
तेरा छोराहरु र तेरी छोरीहरुलाइ पनि सदाको बिधिको लागि दिहाल्येको
छु. यो यहूवेको सांसु तेरो र तं सङ तेरा सन्तानको लागि पनि सनातन्को
लागि नुनब्राचा हुंछ। फेरि यहूवेले हारूनलाइ भन्यो यिनिहरुको देसमां २०
तेरो कोइ अधिकार् हुंदैन अनि न तिनको बीचमां तेरो कोई भाग्
हुंछ. इस्राएल्बंशीहरुको बीचमां तेरो भाग् र तेरो अधिकार् मैं हुं॥

फेरि हेर् लेवीबंशीहरुचइंलाइ मैंले इस्राएलमांका सबै दसौं अंश २१
तिनको अधिकार्को लागि तिनिहरुले गर्ने काम् अं भेट् हुंने डेराको
सेवागराईको साटोमां दियें। अनि अब देखि येसो इस्राएल्बंशीहरु भेट् २२
हुंने डेराको नजिक् न आउन् होइन भन्ये ता तिनिहरु पाप् बोकि मंर्नन्।
तर लेवीहरुचइंले भेट् हुंने डेराको सेवागराई गर्ने गरुन् अनि तिनैले २३
तिनको अधर्म्म बोक्ने गरुन्. यो तिमिहरुका पुस्ताहरुमां सनातन्को
बिधि हवस् अनि इस्राएल्बंशीहरुको बीचमां तिनको अधिकार् हुंदैन।
किनभन्ये इस्राएल्बंशीहरुले जुन् दसौं अंश यहूवेलाइ उचालींने भेटिगरि २४
चढ़ाउंछन् तिनै मैंले लेवीहरुलाइ अधिकार्को लागि दियेको छु. येसैकारण्
मैंले तिनलाइ इस्राएल्बंशीहरुको बीचमां तिमिहरुको कोई अधिकार्
हुंदैन भनि भन्येको छु॥

फेरि यहूवेले मूसालाइ येसो भन्यो येस् उप्रान्त तैंले लेवीहरुलाइ २५ २६
कुरा गरि येसो भन् जब जब तिमिहरुले इस्राएल्बंशीहरुको हात् देखि
मैंले तिमिहरुलाइ तिमिहरुको अधिकार्को लागि तिनिहरुको पट्टि बाटो
दियेको दसौं अंश लिंछौ तब तब तिनमांको यहूवेको लागि येउटा
उचालींने भेटि अर्थात् दसौं अंशको दसौं अंश चढ़ाउंनु। अनि यो २७
तिमिहरुको उचालींने भेटि तिमिहरुको लागि खलाको अन्न कि दाखको
कोलको बढ़ति जस्तै गनीओस्। येसै गरि इस्राएल्बंशीहरुको पट्टि बाटो २८
लियेका आफ्ना सबै दसौं अंशको यहूवेलाइ येउटा उचालींने भेटि
तिमिहरुले पनि चढ़ाउंनु अनि तिनमांको यहूवेको उचालींने भेटि हारून्
पूजाहारीलाइ दिंने गर्नु। जति दान् तिमिहरुले पाउंछौ ति सबैमांको २९

गोटै पिच्छेको सबै भन्दा अस्सल् भाग् जो पवित्र ठहरीयो त्येस्मांको
३० तिमिहरुले यहूवेलाइ सबै उचालींने भेटि चढ़ाउंनु। येस्कारण् तैंले
तिनलाइ भन् जब तिमिहरुले त्येस्मांको सबै भन्दा अस्सल् भाग् उचालौला
तब त्यो लेवीहरुको लागि खलाको बढ़ति र दाख्को कोल्को बढ़ति
३१ जस्तै गनीग्रोस्। अनि तिमिहरु आफ्ना जहानै समेत्ले सबै ठांउमां त्यो
खांनु. किनभन्ये यो तिमिहरुले भेट् हुंने डेरामां गर्यंको सेवागराईको
३२ प्रतिफल् हो। त जब तिमिहरुले त्येस्मांको त्येस्को सबै भन्दा अस्सल् भाग्
उचालौला त त्येस्को कारणले तिमिहरुले कोइ पाप् न बोक्नु. अनि
तिमिहरुले इस्राएल्वंशीहरुको पवित्र चोक् अपवित्र न गर्नु होइन भन्ये
ता मर्कौ॥

पविच गर्ने पानीका बिधिहरु।

१९ १ फेरि यहूवेले मूसा र हारूनलाइ येसो भन्यो व्यवस्थाको
बिधिको यहूवेले जो आज्ञा दियो त्यो येइ हो इस्राएल्वंशीहरुलाइ भन्
येउटा निपुट् रातो बिना खोट्की कोरलि जस् मांथि जूवा कैले पनि छैन
३ हालीयेको मं यांइ ल्याव भनि. अनि त्यो एलाजार् पूजाहारीलाइ दिंनु
अनि त्येस्ले त्यो छाउंनी देखि बाइर लैजावस् अनि कसैले त्यो त्येस्को सांमु
४ बलि गरोस्. वहांदेखि एलाजार् पूजाहारीले आफ्नु औंलाले त्येस्को
५ रगत्मांको लियेर भेट् हुंने डेराको अघिल् तिर सात् खेप् छर्कि देवस्. अनि
कसैले त्यो कोरलिलाइ त्येस्को सांमु डड़ावस् त्येस्को छाला मांसु रगत् र
६ गोबर् समेत् डड़ावस्. अनि पूजाहारीले देवदारु काठ् र एसोब् र सिंदुरे
रङको धागो लियेर त्यो डड़ैं गर्यंको कोरलिको बीच्मां हालि देवस्।
७ वहांदेखि पूजाहारीले आफ्नु लुगा धोवस् अनि आफ्नु जीउ पानीमां
नुहावस् त्येस् पछि छाउंनीमां आवस् तर पूजाहारी सांझ् सम्म अशुद्ध
८ रहोस्। अनि जस्ले कोरलि डड़ाउंछ त्येस्ले पनि पानीले आफ्नु लुगा
धोवस् अनि आफ्नु जीउ पानीमां नुहावस् अनि सांझ् सम्म अशुद्ध
९ रहोस्। फेरि कोई शुद्ध पुरुस्ले कोरलिको खरानि बटुल्येर छाउंनी देखि
बाइर कुनै बोकवो ठांउमां राखि देवस् त त्यो इस्राएल्वंशीहरुको मंडलीको
लागि अशुद्धैंई देखि छोड़ाउंने पानीको लागि राखीग्रोस्. त्यो पाप्बलि
१० हो। अनि कोरलिको खरानि बटुल्नेले आफ्नु लुगा धोवस् अनि सांझ्
सम्म अशुद्ध रहोस्. अनि यो इस्राएल्वंशीहरुको लागि र तिनको बीच्मां
११ प्रवास् गर्ने पर्देसीको लागि पनि सनातन्को बिधि हवस्। जस्ले कोई
१२ मान्छेको लोथ् छोला त्यो सात् दिन् सम्म अशुद्ध रहोस्. त्येस्ले तीस्रो
दिन्मां त्यो पानीले आफुलाइ पवित्र गरोस् अनि सातौं दिन्मां शुद्ध
हवस्. तर त्येस्ले तीस्रो दिन्मां आफुलाइ पाप् देखि पवित्र गर्यंन भन्ये
१३ सातौं दिन्मां शुद्ध हुंदैन। जस्ले कोई मर्यंको मान्छेको लोथ् छोइकन
आफुलाइ पाप् देखि शुद्ध गर्दैन त्येस्ले यहूवेको बासस्थान् अशुद्ध गर्द छ

अनि त्यो प्राणी इस्राएल्कां देखि काटि दिईओस्. अशुद्धेईं छोड़ाउंने
पानी त्यो मांथि छर्काईयेन येस्कारण् त्यो अशुद्ध हुंछ त्येस्को अशुद्धेईं
अझै रहि रहंद छ। डेरामां मंत्र्येको मान्छेको बिषय्को व्यवस्था येइ १४
हो. जत्ति त्येस् डेरामां आउंनन् अनि जो जो त्येस् डेरामां हुंनन् ति सबै
सात् दिन् सम्म अशुद्ध रहुन्। अनि ढकनि न लगाइ मुख् खोला रह्येका १५
सबै भांड़ा अशुद्ध होउन्। अनि बन्मां तरवार्ले मांरीयेकोलाइ कि कोई १६
मुर्दा कि मान्छेको हाड़ कि कोई चिहान् कसैले छोयो भन्ये त्यो सात् दिन्
सम्म अशुद्ध होइ रहोस्। त अशुद्ध मान्छेको लागि डड़ायेको पाप्बलिको १७
खरानिमांको लियेर भांड़ामां हालि त्येस्मां बग्दो पानी हालुन्. तब १८
कोई शुद्ध मान्छेले एसोब् लिइ त्यो पानीमां चोबल्येर पानी त्यो डेरामां र
जति भांड़ाबर्तन् र त्येस्मां हुंने सबै प्राणी मांथि अनि हाड़ कि
मांरीयेकोलाइ कि मुर्दालाइ कि चिहान् छुंने मांथि छर्कोस्. त्यो शुद्ध १९
मान्छेले तीस्रो र सातौं दुवै दिन् त्येस् अशुद्ध मान्छे मांथि छर्कोस्. अनि
सातौं दिन्मां त्येस्ले त्येस्लाइ पवित्र गरोस् तब येस्चइंले आफ्ना लुगा
धोवस् अनि पानीले नुहावस् अनि सांझ्मां शुद्ध हवस्। तर कोई अशुद्ध २०
भयेर त्येस्ले आफुलाइ पवित्र गर्‍येन भन्ये त्यो प्राणी सभाको बीच् देखि काटि
दिईओस् किनभन्ये त्येस्ले यह्वेको पवित्रस्थान् अपवित्र गर्‍येको छ. अशुद्धेईं
देखि छोड़ाउंने पानी त्येस् मांथि छर्काईयेको छैन त्यो अशुद्ध हो। अनि २१
यो तिनिहरुको सनातन् बिधि हवस्. अनि अशुद्धेईं देखि छोड़ाउंने पानी
छर्कनेले आफ्नु लुगा धोवस् अनि अशुद्धेईं छोड़ाउंने पानी छुंने पनि सांझ्
सम्म अशुद्ध रहोस्। अनि त्यो अशुद्ध मान्छेले ज्ये छोला त्यो अशुद्ध हवस् २२
अनि जस् प्राणीले त्यो चइं थोक् छोला त्यो पनि सांझ् सम्म अशुद्ध रहोस्॥

पानी न भयेको कारण्ले इस्राएलीहरुको गन्गनाई अनि पानी पहरा देखि निकालींनु।

फेरि इस्राएल्बंशीहरु अं तिनको सिंगै मंडली पहिलो महीनामां २०१
सीन् भनींने बन्मां आये. अनि तिनिहरु कादेश्मां रह्ये अनि त्यहां मरियम्
मंरी अनि त्येस्लाइ तिहीं गाड़ेर। अनि मंडलीको लागि पानी थियेन. २
त तिनिहरु मूसा र हारून्को बिरुद्धमां भेला भये। अनि लोगले मूसा सित ३
झगरा गरि भन्नु लाग्ये हांम्रा दाज्युभाईको यह्वेको सांमु प्राण् निस्क्येको
बेलामां हांमिहरुको प्राण् पनि निस्क्येको भये देखि ता जाति हुंथ्यो।
अनि तिमिहरुले किन यह्वेको सभालाइ येस् बन्मां ल्यायौ हांमिहरु ४
आफ्ना बस्तुहरु समेत् यहां मंर्नुलाइ। अनि तिमिहरुले किन हांमिहरुलाइ ५
मिस्र देखि चढ़ाइ ल्यायौ येस् नजाति ठांउमां पुर्‍याउंनुलाइ जो बिउ कि
नेभारा कि दाख् कि दारीम्को ठांउ होइन अं क्येइ खांने पानी पनि
छैन। तब मूसा र हारून् सभाको सांमु देखि भेट् हुंने डेराको दैलोमां ६

७ गयेर घोप्टो पऱ्यो . अनि यहूवेको महिमा तिनिहरुकां देखाइ पऱ्यो । अनि
८ यहूवेले मूसालाइ येसो भन्यो लउरो लियेर तैंले आफ्नु दाज्यु हारून्
समेत् मंडलीलाइ भेला गराये र तिनको सांमु येस् पहरालाइ भन् त त्येस्ले
आफ्नु पानी निकालि दिंछ येसोरि तैंले पहरा देखि तिनको लागि पानी
९ निकालि दिंछस् . मंडली र त्येका पशुहरुलाइ खांनु दिंनुलाइ । त मूसाले
१० यहूवेको आज्ञा अनुसार् उस्को सांमु देखि लउरो लग्यो । अनि मूसा र
हारून्ले सभालाइ पहराको सांमु भेला गराये अनि मूसाले तिनिहरुलाइ
है झगरेहरु हो सुन को हांमिहरु यो पहरा देखि तिमिहरुको लागि पानी
११ निकालूं भन्यो । तब मूसाले आफ्नु हात् उचालि आफ्नु लउरोले दुइ खेप्
पहरामां हिकांयो . तब पानी धेरै गरि फुटि निकल्यो अनि मंडलीले
१२ आफ्ना आफ्ना पशुहरु समेत्ले खाये । तर यहूवेले मूसा र हारून्लाइ
भन्यो तिमिहरुले मंलाइ इस्राएल्वंशीहरुको दृष्टिमां पवित्र गर्नुलाइ मं
मांथि विश्वास् गर्यौन येस्कारण् तिमिहरुले यो सभालाइ मैले तिनिहरुलाइ
१३ दियेको देसमां पुऱ्याउंनु पाउंदौन । मरीबाको[1] पानी येइ हो किनभन्ये
इस्राएल्वंशीहरुले यहूवे सित झगरा गर्ये अनि उ तिनिहरुको बीचमां
पवित्र ठहरीयो ॥
१४ अनि मूसाले कादेश् देखि एदोम्को राजा थांइ दूतहरुलाइ
येसो भनि पठायो आफुको भाई इस्राएल्ले येसो भन्द छ हांमिहरु मांथि
१५ को को विपत्ति पऱ्यो ति आफुले जान्न हुंद छ . हांम्रा पित्रहरु मिस्रमां उत्रि
गयेका थिये अनि हांमिहरु मिस्रमां धेरै दिन् रह्यौं अनि मिस्रीहरुले
१६ हांमिहरु सित र हांम्रा पित्रहरु सित कस्तो कस्तो बुरो बेहोरा गर्ये . तर
जब हांमिहरुले यहूवेलाइ दोहाई दियौं तब उस्ले हांमिहरुको शब्द सुन्यो
अनि येउटा दूतलाइ पठायेर हांमिहरुलाइ मिस्र देखि निकालि ल्यायो
भनि . अनि हेर्नु हवस् हांमिहरु आफुको सिमाना निर भयेको कादेश्
१७ सहरमां छौं . त कृपा गरिकन हांमिहरुलाइ आफुको देस् बाढ़ी हिंड़ि जांनु
दिंनु हवस् . हांमिहरु कोई खेत् बाटो कि दाख्को बारी बाटो हिंड़ि
जांदौंन अनि न कुवाहरुको पानी खांकौं . हांमिहरु सर्कारी मूलबाटैबाट्
हिंड़ि जांकौं अनि जब सम्म आफुको सिमाना देखि बाहर पुग्दौंन तब
१८ सम्म हांमिहरु न दाहीनो न बांउ फर्कंकौं भनि । तर एदोम्ले त्येस्लाइ
भन्यो तं मं थांइ देखि जांनु हुंदैन होइन भन्ये ता मं तरवार् लियेर
१९ तेरो विरुद्धमां निक्लंछु । तब इस्राएल्वंशीहरुले त्येस्लाइ भन्ये हांमिहरु
मूलबाटैबाट् जांकौं . अनि हांमिहरुले र हांम्रा बस्तुहरुले आफुको पानी
खायूं भन्ये हांमि त्येको दाम् दिंकौं . हांमिहरुलाइ अरु कोइ होइन
२० खालि पैदल् हिंड़ि जांनु मांत्रै दिंनु हवस् । तर त्येस्ले तं जांनु पाउंदैनस्
भन्यो । अनि एदोम् धेरै लोगलाइ लिइ बलियो हात् सङ त्येको

---

१ अर्थात् झगराको ।

विरुद्धमां निकल्यो। येसोरि एदोम्ले इस्राएल्लाइ आफ्नु सिमाना २१
भित्र देखि फिरि जांनु दिनु मान्येन. येस्कारण् इस्राएल् त्यो तिर बाटो
फर्फि गयो ॥

हारून्को मंरण्।

तब तिनिहरु कादेश् देखि हिंड़्या. अनि इस्राएल्वंशीहरु अं तिनको २२
सिंगै मंडली होर् भनीने पर्वत्को कुंडमां आये। अनि यहुवेले एदोम् देश्को २३
सिमानामां होर् पर्वत् निर मूसा र हारून्लाइ येसो भन्यो हारून् २४
आफ्ना पित्रहरुमां गइ मिसींछ. किनभन्ये तिमिहरुले मरीबाको पानीमां
मेरो बचनको विरुद्धमां झगरा गर्यौ येस्कारण् मैंले इस्राएल्वंशीहरुलाइ
दियेको देशमां त्यो पसु पाउंदैन। हारून् र त्येस्को छोरो एलाजार्लाइ होर् २५
पर्वतमां चढ़ाइ लैजा. वहांदेखि हारूनको बस्त्र उतार्येर त्येस्को छोरो २६
एलाजार्लाइ पहिर्या. वहांदेखि हारून् आफ्ना पित्रहरुमां गइ मिसींछ
अनि उहीं मंर्छ। त मूसाले यहुवेको आज्ञा अनुसार् गर्यो. अनि तिनिहरु २७
सिंगै मंडलीले देख्ने गरि होर् पर्वतमां चढ़ि गये। तब मूसाले हारून्को २८
बस्त्र उतार्येर त्येस्को छोरो एलाजार्लाइ पहिर्यायो अनि हारून् त्यहां
पर्वत्को थाप्लामां मंर्यो. तब मूसा र एलाजार् पर्वत् बाटो उत्रि आये।
अनि जब सिंगै मंडलीले हारून्ले प्राण् छोड़्याको देख्यो तब देखि तिनिहरु २९
अं इस्राएल्को सिंगै घर् हारून्को कारण्ले तीस् दिन् सम्म रोइ रह्ये ॥

अग्निसर्प र पीतल्को साप्।

अनि दक्खिन् देशमां बस्ने कनानी मान्छे अराद्को राजाले २१ १
इस्राएल् अटारीम्को बाटो बाड़ेा आयो अरे भनि सुन्यो तब त्येस्ले इस्राएल्
सित लड़ाईं गर्यो अनि तिनिहरुमांको कत्तिलाइ बन्धुवा तुल्यायो। तब २
इस्राएल्ले यहुवेलाइ तपांइले यि लोगलाइ सांच्चै मेरो हातमां सुम्पि दिनु
हुंछ भन्ये मं तिनका सहरहरु भाकल् गरीयेको थोक् झैं नास् पार्छु भन्ये
भाकल् गर्यो। तब यहुवेले इस्राएल्को शब्द सुनि कनानीहरुलाइ सुम्पि ३
दियो त तिनिहरुले तिनिहरुलाइ सहरै समेत् भाकल् गरीयेको थोक् झैं
नास् पार्ये वहांदेखि त्येस् ठांउको नांउ होर्मा[1] राख्यो ॥

फेरि तिनिहरुले होर् पर्वत् बाटो एदोम् देस् फेरो मार्नुलाइ हिंड़ि ४
लाल् समुन्द्रको बाटो समात्ये. अनि लोगको मन् बाटोको कारण्ले छोटा
भयो। तब लोग् ईश्वरको र मूसाको विरुद्धमां बोल्नु लाग्ये तिमिहरुले ५
हांमिहरुलाइ किन मिस्र देखि चढ़ाइ ल्यायौ बनमां मर्नुलाइ. किनभन्ये
यहां न ता रोटी छ न ता पानी अनि हांमिहरुको प्राण् येस् तुच्छ रोटी देखि
दिग्मिगाउंद छ। तब यहुवेले लोगको बीचमां अग्निसर्प पठाइ दियो ६

[1] अर्थात् भाकल् गरीयेको थोक्।

७ जुन्हरुले लोगलाइ डस्ये अनि इस्राएल्मांका धेरै जना मर्ये। तब लोगले
मूसा थांइ आयेर हांमिहरुले यहूवेको र तपांइको बिरुद्धमां बोलि पाप्
गर्यूं. यहूवे सित बिन्ति गर्नु हवस् र उस्ले हांमिहरु देखि साप् दूर् गरि
८ देवस् भन्ये। त मूसाले लोगको लागि प्रार्थना गर्यो। तब यहूवेले मूसालाइ
भन्यो येउटा अग्निसर्प बनायेर येउटा खांबोमां लगा. अनि येसो हुंछ
९ डसोयेका सबै जना त्यो हेर्दै जीउंछन्। त मूसाले पीतल्को येउटा साप्
बनायेर खांबोमां लगायो, तब येसो भयो साप्ले डस्येका सबै त्यो पीतल्को
१० साप्लाइ हेर्दै जीये। फेरि इस्राएल्बंशीहरुले हिंड्येर ओबोत्मां डेरा
११ हाल्ये। अनि ओबोत् देखि हिंड्येर सूर्ज उदाउंने तिर मोआब्को सांमु
१२ भयेको बन्मां इय्ये अबारीम्मां डेरा हाल्ये। त्यहां बाटो हिंड्येर जेरेद् नांउ
१३ भयेको खोल्चामां डेरा हाल्ये। त्यहां बाटो हिंड्येर बन्मां बहंने एमोरीहरुको
सिमाना बाटो निक्लंने अर्नोन् नदीको पारि पट्टि डेरा हाल्ये. किनभन्ये
१४ अर्नोन् मोआबी र एमोरीहरुको बीच्को मोआब्को सिमाना हो। येस्कारण्
यहूवेका संग्रामको पोस्तक्मां येसोरि लेख्येको छ

सूपामां वाहेब्
अनि अर्नोन्का खोल्चा
१५ अनि ति खोल्चाहरुको दुम्सीलो पाखा
जो आर्को बास् सम्म ओह्लंद छ
अनि मोआब्को सिमानामां अड़िस् लागद छ।

१६ फेरि तिनिहरु त्यहां बाटो बेर्मां[1] हिंड्ये. त्यो त्येइ कुवा हो जस्को
बिषयमां यहूवेले मूसालाइ लोगलाइ भेला गरा मं तिनिहरुलाइ पानी दिंछु
भन्येर भन्येको थियो॥

१७ त्येस् बेला इस्राएल्ले यो गान् गायो
ए कुवा उम्रि त्यो सब जुवारि गाव.
१८ जुन् कुवा अधिपतिहरुले खन्ये
अनि लोगका भागदारहरुले खोदल्ये
राजदण्डले र आफ्नु आफ्नु लउरोले खन्ये।

१९ फेरि तिनिहरु बन् देखि मत्तानामा सम्म हिंड्ये. अनि मत्तानामा देखि
२० नहलीएल् सम्म. अनि नहलीएल् देखि बामोत् सम्म. अनि बामोत् देखि
मोआब्को बन्मां भयेको तरि सम्म अं यशीमोन् देखींने पिस्गाको
थाम्नि सम्म॥

२१ तब इस्राएल्ले एमोरीहरुको राजा सीहोन् थांइ दूतहरुलाइ येसो
२२ भनि पठायो कृपा गरिकन हांमिहरुलाइ आफ्नुको देस् बाट्टो हिंड्नु जांनु
दिनु हवस्. हांमिहरु कोई खेत् कि दाख्को बारी तिर फर्कि जांदौंन न
कुवाहरुका पानी खांकौं. अनि आफ्नुको सिमाना देखि बाहर न पुगुञ्जाल्

[1] अर्थात् कुवामां।

सम्म सर्कारी मूलबाटैबाट् जांकौं भनि। तर सीहोन्ले इस्राएल्लाइ आफ्नु २३
सिमाना भित्र बाटो बांड़ो हिंड़ि जांनु दियेन. तर सीहोन् आफ्ना सबै
लोगलाइ भेला गरायेर इस्राएल्को बिरुद्धमां बन्मां यहस् सम्म निस्कि
आइ पुग्यो. अनि इस्राएल् सित लड़ाईं गर्यो। अनि इस्राएल्ले त्येस्लाइ २४
तरवार्को धार्ले काट्यो अनि अर्नोन् देखि यब्बोक् सम्म अं अम्मोन्-
बंशीहरुको सिमाना सम्म त्येस्को देस् आफ्नु अधिकारमां पार्यो. किनभन्ये
अम्मोन्बंशीहरुको सिमाना बल्लियो थियो। त इस्राएल्ले ति सबै सहर् २५
लिहाल्यो. अनि इस्राएल् एमोरीहरुका सबै सहरमां हेश्बोन्मां र
त्येस्का सबै बस्तीमां बस्यो। कसोगरिभन्ये हेश्बोन् एमोरीहरुको राजा २६
सीहोन्को सहर् थियो त्येस्ले मोआब्को अगाड़िको राजा देखि त्येस्को सिंगै
देस् अं अर्नोन् सम्म त्येस्को हात् देखि लियेको थियो। येस्कारण् कहंनि २७
गर्नेहरुले भन्ने गर्द छन्

हेश्बोन्मां आव
सीहोन्को सहर् बनीओस् अनि बल्लियो गराईओस्.
किनभन्ये हेश्बोन् देखि आगो निक्ल्यो २८
सीहोन्को सहर् देखि ज्वाला.
त्येस्ले मोआब्को आर् भस्म पार्यो
अर्नोन्का अल्गा ठाउंहरुका धनीहरु।
ए मोआब् तं मांथि हाय् २९
ए कमोश्को पर्जा तं नष्ट भइस्.
त्येस्ले आफ्ना छोराहरुलाइ भगुवा भैं
र आफ्नी छोरीहरुलाइ बन्धुवाईमां दियो
एमोरीहरुको राजा सीहोन्लाइ।
हांमिहरुले तिनिहरुलाइ हांन्यूं दीबोन् सम्म पनि हेश्बोन् ३०
नष्ट भयो
हांमिहरुले उजारि दियूं
मेदबा सम्म पुग्ने नोपह् सम्म पनि॥

त इस्राएल् एमोरीहरुको देसमां बस्यो। तब मूसाले याजेर्को भेद् ३१ ३२
लिंनुलाइ पठायो अनि तिनिहरुले त्येस्का बस्तीहरु लिये अनि त्यहां भयेका
एमोरीहरुलाइ धपाइ दिये। यहांदेखि तिनिहरु फर्कर बाशान् बाड़ो ३३
चढ्ये. अनि बाशान्को राजा ओग् त्यो आफ्ना सबै लोग् समेत् तिनको
बिरुद्धमां एड्रेईमां लड़ाईं गर्नुलाइ निस्कि आयो। तब यहुवेले मूसालाइ ३४
भन्यो त्यो देखि न डरा. किनभन्ये मैंले त्येस्लाइ त्येस्का सिंगै लोगलाइ र
त्येस्को देस् पनि तेरो हातमां सुम्पि दियें अनि जसो तैंले एमोरीहरुको
राजा हेश्बोन्मां बस्ने सीहोन्लाइ गरिस् त्येसै तैंले त्येस्लाइ पनि गर्नुस्।
त तिनिहरुले त्येस्लाइ र त्येस्का छोराहरुलाइ र सबै लोगलाइ बांच्येको ३५
कोई न रहुंज्याल् गरि मांर्ये. अनि त्येस्को देस् आफ्नु अधिकारमां पार्ये।

२२१ अनि इस्राएल्वंशीहरुले हिंड्दा यरीहोको छेउ यर्दन् नदी पारि मोआब्को मैदानमां डेरा हाल्ये ॥

बालाक् र बिलाम्को बखान्।

२ अनि सिप्पोरको छोरो बालाकले इस्राएलले एमोरीहरु सित जे
३ गर्येको थियो त्यो देख्यो। त मोआबीहरु इस्राएलको सांसु आधि डराये
किनभन्ये तिनिहरु धेरै थिये. अनि मोआबीहरु इस्राएलवंशीहरुको कारणले
४ अरघोरै जर्के। अनि मोआबीहरुले मिद्यानीहरुका प्राचीनहरुलाइ भन्ये
अब ता योचइं धुइरोले हांमिहरुको वरिपरिका सबै लोगलाइ गोरुले बनको
घांस् चाट्चुट् पारि गयेको झैं चाट्चुट् पारि जांकु. त्येस् बेलामां सिप्पोरको
५ छोरो बालाक् मोआबको राजा थियो। त त्येस्ले महानदी निर भयेको
पतोरमां बओरको छोरो बिलाम् थांइ त्येका दाज्युभाईहरुको देसमां
दूतहरुलाइ त्येस्ताइ येसो भनि डाकि ल्याउंनुलाइ पठायो हेर्नु हवस् येउटा
लोग् मिस्र बाटो निस्कि आयेको छ. हेर्नु हवस् भूमिमां छापीयेका छन्
६ अनि मेरै सांसु आइ बस्येका छन्. त अब कृपा गरिकन आयेर यि
लोगलाइ मेरो लागि स्राप् दिंनु हवस् किनभन्ये तिनिहरु मेरो सांसु धेरै
सामर्थी छन्. कोनिकतै मं जिताहा भयेर तिनिहरुलाइ मारि देस् देखि
धपाइ दिंनु सक्कु कि. किनभन्ये आफुले आशीर्वाद् गर्येकोले आशीष्
७ पाउंद छ अनि आफुले स्राप्येको चइं स्रापित् हुंद छ भनि मं जान्द छु। त
मोआबीहरुका र मिद्यानीहरुका प्राचीनहरु आफ्ना हातमां अगम्
कहाईको दान् दक्षिणा लियेर हिंड्दै अनि बिलाम् थांइ आयेर त्येस्ताइ
८ बालाक्का कुरा कांहि सुनाये। अनि त्येस्ले तिनिहरुलाइ भन्यो आजु राति
यहीं बस अनि जस्तो कुरा यहोवेले मंलाइ भन्ला त्येस्तै मं तिमिहरुलाइ
९ भनि दिउंला. त मोआबका मालिकहरु बिलामकां रहे। तब ईश्वरले
१० बिलाम् थांइ आयेर त्येस्ताइ भन्यो तं सङ यि मान्छेहरु को हुन्। त
बिलामले ईश्वरलाइ भन्यो मोआबको राजा सिप्पोरको छोरो बालाकले
११ मंलाइ भनि पठायो हेर्नु हवस् येउटा लोग् जो मिस्र बाटो निस्कि
आयेको छ तिनिहरु भूमिमां छापीयेका छन्. त अब आयेर मेरो लागि
तिनलाइ स्राप् दिंनु हवस् कोनिकतै मं तिनिहरु सित लडि तिनलाइ
१२ धपाइ दिंनु सक्कु कि भनि। तब ईश्वरले बिलामलाइ भन्यो तं तिनिहरु
सित न जा त्यो लोगलाइ न स्राप्. किनभन्ये तिनिहरु आशीर्वादी छन्।
१३ त बिलामले बिहान उठेर बालाकका मालिकहरुलाइ भन्यो आफ्नु
देसमां जाइ जाव. किनभन्ये यहोवेले मंलाइ तिमिहरु सङ जांनु दिंनु
१४ मान्येन। त मोआबका मालिकहरुले उठि बालाककां गयेर बिलाम्
१५ छांमिहरु सित आउंनु मान्येन भनि दिये। तब बालाकले फेरि तिनिहरु
१६ भन्दा धेरै जना र बेसि मानका अधिपतिहरुलाइ पठायो। अनि तिनिहरुले
बिलाम् थांइ आयेर त्येस्ताइ भन्ये सिप्पोरको छोरो बालाकले येसो भन्छ

क्क मं बिन्ति गर्द क्कु मं यांइ आउंनुलाइ आफुलाइ कोइले न पुनोस्.
किनभन्ये मं निस्से आफुलाइ ओधि मान्मां बढाउंकु अनि जे जे आफुले १७
मंलाइ भन्नु हुंक्क त्येइ गर्कु. त अब कृपा गरि आयेर यि लोगलाइ मेरो
लागि खाप् दिंनु हवस् भनि। तर बिलाम्ले येसो भनिकन बालाक्का १८
चाकरेहरुलाइ उत्तर् दियो बालाक्ले आफ्नु घर् भरि सुन् चांदी मंलाइ
दियो भन्ये पनि मं आफ्नु ईश्वर् यहूवेले भन्येको बाहिक् न घटि न बढि
गर्नु सक्कु। तर अब कृपा गरि तिमिहरु पनि आजु राति यहां रह र मं १९
जानुं यहूवेले मंलाइ अरु के भन्ला। त राति ईश्वर्ले बिलाम् यांइ आयेर २०
त्येस्लाइ भन्यो ति मान्छेहरु तंलाइ बोलाउंनु आयेका हुन् भन्ये उठेर
तिनिहरु सङ जा तर खालि जुन् कुरा मं तंलाइ भन्कु त्यो मात्रै
गर्। त बिलाम् बिहान उठेर आफ्नो गदहो मांथि जीन् कस्यो २१
मोआब्का अधिपतिहरु सङ हिंड्यो। तर त्यो गयेकोले ईश्वर्को रिस् २२
उठ्यो. अनि यहूवेको दूत् त्यो सङ बिरोध् गर्नुलाइ बाटोमां उभीयो।
अनि त्यो आफ्नो गदहो मांथि चढेर जांद थियो अनि त्यो सङ त्येस्का
दुइ जना चाकरेहरु पनि थिये। तब गदहीले यहूवेको दूत्लाइ दाप् २३
बाटो झिक्येको तरवार् हात्मां लिइ बाटोमां उभीइ रह्येको देखी. त
गदहो बाटो छोड़ेर बन् तिर लागी. तब बिलाम्ले गदहीलाइ बाटोमां
फर्काइ ल्याउंनुलाइ हिर्कायो। तब यहूवेको दूत् दाख्का बारीहरुको २४
बीच्को गौंड़ामां जस्का दुवै पट्टि बार् थियो त्यहां उभीयो। त गदहो २५
दूत्लाइ देख्येर भित्तामां टांसीई अनि बिलाम्को गोड़ा भित्तामां चेपी.
त त्येस्ले त्येस्लाइ फेरि हिर्कायो। फेरि यहूवेको दूत् अघि गयेर येउटा २६
सांगुरो गौंड़ामां उभीयो जहां न दाहीनो न बांउ तिर सर्ने ठांउ थियो।
अनि गदहो यहूवेको दूत्लाइ देख्येर बिलाम् मुनि बसि गई. त बिलाम्को २७
रिस् उठ्यो अनि त्येस्ले गदहीलाइ लउरोले हिर्कायो। तब यहूवेले २८
गदहीको मुख् खोल्यो अनि त्येस्ले बिलाम्लाइ मैंले तिम्रो के गर्यें र
तिमिले मंलाइ यि तीन् खेप् हिर्कायौ भनी। बिलाम्ले गदहीलाइ २९
भन्यो किनभन्ये तैंले मं सित टठ्ठा गरिस्. मेरो हात्मां तरवार् हुंदो हो
त मं तंलाइ ऐले काटि दिंने थियें। अनि गदहीले बिलाम्लाइ भनी के ३०
मं आफ्नु जीउंनि भरि आजु सम्म तिमि चढेकी तिम्रो गदहो हुंइन के
मैंले तिमिलाइ कैलेइ येसो गर्द थियें. अनि त्येस्ले अहं भन्यो। तब ३१
यहूवेले बिलाम्का आंखा खोल्यो अनि त्येस्ले यहूवेको दूत्लाइ दाप् बाटो
झिक्येको तरवार् हात्मां लिइ बाटोमां उभीइ रह्येको देख्यो. तब त्येस्ले
घोप्टो परि दण्डवत् गर्‍यो। तब यहूवेको दूत्ले त्येस्लाइ भन्यो तैंले किन ३२
आफ्नो गदहीलाइ तीन् खेप् हिर्काइस् हेर् मैं तेरो बिरोध् गर्नुलाइ आयें
किनभन्ये तेरो चाल् मेरो सांमु अट्टेरि छ. अनि यो गदहो मंलाइ देख्येर ३३
मेरो सांमु देखि यि तीन् खेप् तर्कि गई. त्यो मेरो सांमु देखि तर्कि गयेको
न हुंदो हो त सांचिने अब सम्ममां मं तंलाइ मारि सक्ने थियें तर त्येस्

३४ चइंलाइ जीउंदो बचाउंने थियें । अनि बिलाम्ले यहूवेको दूतलाइ भन्यो
मैले पाप् गर्यें कसोगरिभन्ये तपांइ मेरो बिरोध् गर्नुलाइ बाटोमां
उभीनु भयेको छ भनि मं जांदौंन थियें. त अब तपांइलाइ नजाति लाग्छ
३५ भन्ये मं फर्कि जांछु । त यहूवेको दूतले बिलाम्लाइ भन्यो यि मान्छेहरु
सङ जानु ता जा. तर खालि जुन् कुरा मं तंलाइ भन्छु त्यो मात्रै
३६ भन् । त बिलाम् बालाक्का अधिपतिहरु सङ गयो । अनि जब बालाक्ले
बिलाम् आइ पुग्यो भन्येको सुन्यो तब त्यो त्येस्लाइ भेट्नुलाइ अर्नोन्को
सिमानाको वल्लो छेउमां भयेको मोआब्को सहर् सम्म निस्कि गयो ।
३७ तब बालाक्ले बिलाम्लाइ भन्यो के मैले आफुलाइ ओधि बिन्ति सित
आउंनु भन्येर बोलाइ पठायेको थिइँन आफु किन मं पांइ आउंनु भयेको
३८ थियेन के सांच्चिनै मं आफुलाइ मान्मां बढाउंनु सक्ने थिइँन । अनि
बिलाम्ले बालाक्लाइ भन्यो हेर्नु हवस् मं तपांइ पांइ आयेको ता छु .
तर के ऐले मेरो कोइ पनि भन्ने शक्ति छ जुन् कुरो ईश्वर्ले मेरो मुखमां
३९ हाल्ला मैले त्येइ भन्न पर्छ । तब बिलाम् बालाक् सङ गयो अनि तिनिहरु
४० किर्यथूसोत्मां आये । वहांदेखि बालाक्ले गोरु र भेंड़ाबाख्रा बलि गरि
४१ बिलाम् र त्यो सङका अधिपतिहरु पांइ पठाइ थियो । अनि बिहान
भयेपछी बालाक्ले बिलाम्लाइ बाल्का अल्गा ठांउमां चढ़ाइ लग्यो
अनि त्येस्ले त्यहां बाटो इस्राएली लोगको वल्लो छेउ देख्यो ॥

२३ १ तब बिलाम्ले बालाक्लाइ भन्यो यहां मेरो लागि सात्वटा बेदि
बनाउंनु हवस् अनि सात्वटा बाच्छा र सात्वटा घुमा तियार् पार्नु हवस् ।
२ त बालाक्ले बिलाम्ले भन्येको जस्तो गर्यो तब बालाक् र बिलाम्ले एक्
३ एक् बेदिमां एक् एक् बाच्छा र एक् एक् घुमा चढ़ाये । तब बिलाम्ले
बालाक्लाइ भन्यो आफ्नु होमबलि निर उभीइ रहंनु हवस् तर मं
चइं जांछु कोनि यहूवे मं सित भेट् गर्नुलाइ आउंछ कि. अनि जे उस्ले
मंलाइ देखाउला त्येइ मं आफुलाइ कहुंला । तब त्यो नांगो डांड़ामां चढ़ि
४ गयो । तब ईश्वर् बिलाम् सित भेट् भयो. तब त्येस्ले उस्लाइ भन्यो मैले
सात् बेदि तियार् पार्येको छु अनि एक् एक् बेदिमां एक् एक् बाच्छा र एक्
५ एक् घुमा चढ़ायेको छु । तब यहूवेले बिलाम्को मुखमां कुरा हाल्येर भन्यो
६ बालाक् पांइ फर्कि गयेर येसो भन् । त त्यो त्यो पांइ फर्कि आयो त हेर
बालाक् मोआब्का सबै अधिपतिहरु समेत् आफ्नु होमबलि निर उभीइ
७ रह्येको रछ । तब बिलाम्ले आफ्नु उखान् गरि भन्यो

बालाक्ले मंलाइ अराम् देखि ल्यायो
अं मोआब्को राजाले मंलाइ पूर्वका डांड़ाहरु देखि .
आउंनु हवस् मेरो लागि याकूबलाइ स्राप्नु हवस्
अनि आउंनु हवस् इस्राएललाइ रिस् देखाउंनु हवस् भनि ।

८ तर जस्लाइ ईश्वर्ले स्राप् दियेन तिनलाइ मं कसोरि स्राप् दिउं
अनि जस्लाइ यहूवेले रिस् देखायेन तिनलाइ मं कसोरि रिस् देखाउं ।

किनभन्ये पहराहरुको थाप्नि बाटो मं त्येस्लाइ देख्द कु ९
अनि डांड़ाहरु देखि त्येस् मांथि हेर्द कु.
हेर त्यो येक्ले बस्से लोग् कु
अनि अन्यदेसीहरुमां गनीदैन ।
याकूबको धूलो को गन्न सक्कु. १०
कि इस्राएल्को चौथो हिस्साको पनि गन्ति लिंनु सक्कु
मेरो मृत्यु धर्म्मीको मृत्यु जस्तो हवस् अनि मेरो अन्त त्येसैको जस्तो।
तब बालाक्ले बिलाम्लाइ भन्यो आफुले मं सित को गर्नु भयो. मैंले ११
ता आफुलाइ मेरा सत्रुहरुलाइ स्राप् दिंनुलाइ बोलायें तर हेर आफुले
ता तिनलाइ आशीषै मांत्रै दिइ रहंनु भयो। त्येस्ले जुन् कुरो यहूवेले मेरो १२
मुखमां हाल्ला को मैंले त्येइ कुरो खबर्दारी सित भन्नु पर्दैन भनि उत्तर्
दियो। तब बालाक्ले त्येस्लाइ भन्यो कृपा गरि मं सङ अर्को ठांउमां हिंड्नु १३
हवस् जहां देखि आफुले तिनलाइ देखनु पाउ एका क्रेउ मांत्रै देखनु पाउ
ति सबैलाइ होइन. तब त्यहां बाटो तिनिहरुलाइ मेरो लागि स्राप् दिंनु
हवस्। त त्येस्ले त्येस्लाइ सोफीम्को मैदान्मां पिस्गाको थाप्निमां लग्येर १४
त्यहां सात्वटा बेदि बनायेर एक् एक् बेदिमां एक् एक् बाच्छा र एक् एक्
पुमा चढ़ायो। फेरि त्येस्ले बालाक्लाइ भन्यो मं वहां उस्लाइ भेट्दा आफु १५
आफनु होम्बलि निर यहां उभीइ रहंनु हवस्। तब यहूवेले बिलाम् सित १६
भेट् गरि त्येस्को मुखमां कुरा हाल्येर भन्यो बालाक् थांइ फर्क्येर येसो भन्।
त त्यो त्यो थांइ आयो त हेर बालाक् मोआब्का अधिपतिहरु समेत् आफनु १७
होम्बलि निर उभीइ रह्येको रक्. तब बालाक्ले त्येस्लाइ यहूवेले के १८
भन्येको क् भनि सोध्यो। तब बिलाम्ले आफनु उखान् गरि भन्यो

हे बालाक् उठेर सुन
हे सिप्पोरका क्रोरा मेरा कुरामां कान् लगाउ.
ईश्वर् ता मान्छे होइन र उ झूठ् बोलोस् १९
अनि न मान्छेको क्रोरो र उ पछुतावस्.
को उस्ले भन्येको क् अनि गर्दैन
को उ बोल्येको क् अनि पूरो गर्दैन ।
हेर आशीर्बादै दिंनु मैंले पाय्येको कु. २०
उचइंले आशीष् दिंयेको क् त मं त्यो उल्टाउंनु सक्दीन.
उस्ले ता याकूबमां अधर्म्म पाय्येको छैन २१
अनि न इस्राएल्मां अट्रेरैं देख्येको क्.
त्यो सङ त्येसको ईश्वर् यहूवे क्
तिनिहरुको बीचमां राजाको कराई क्।
तिनलाइ मिस्र देखि ईश्वरेले निकालि ल्याउंद क् २२
त्येस्को बल् अर्नाको जस्तो क्।
निस्से कोई मन्तर् याकूब् मांथि चलनु सक्दैन २३

न इस्राएल्को बिरुद्धमां कोई अगम्.
ठीक् समयमां याकूब् र इस्राएल्को बिषयमां येसो भनीछ
ईश्वर्ले के गर्यो भनि ।

२४ हेर यो लोग् सिंहनी झैं उठ्छ
अनि सिंह झैं उभीछ .
त्येस्ले सिकार् न खाउंज्याल्
अनि मारीयेकोको रगत् न पिउंज्याल् सम्म ढल्कंदैन ।

२५ तब बालाक्ले बिलाम्लाइ भन्यो तिनलाइ न ता स्राप् न ता आशीष्
२६ दिंनु। तर बिलाम्ले बालाक्लाइ उत्तर् दिइ भन्यो के मैंले आफुलाइ
येसो भन्येको थिईन जे यहूवेले भंलाइ भन्ला त्येइ मैंले गर्नु पर्छ भनि।
२७ तब बालाक्ले बिलाम्लाइ भन्यो कृपा गरिकन आउंनु हवस् मं आफुलाइ
येउटा अर्को ठांउमां पनि लैजाउं कोनि ईश्वर्लाइ वहां बाटो आफुले
२८ तिनिहरुलाइ मेरो लागि स्राप् दिंनु मन् पर्छ कि। त बालाक्ले बिलाम्लाइ
२९ पेश्गीमोन् देखिने पोर्को थाम्निमां लग्यो । तब बिलाम्ले बालाक्लाइ यहां
मेरो लागि सात्वटा बेदी बनायेर सात्वटा बाच्छा र सात्वटा घुमा यहां
३० मेरो लागि तियार् पार्नु हवस् भन्यो । त बालाक्ले बिलाम्ले भन्ये झैं
२४ १ गर्यर एक् एक् बेदिमां एक् एक् बाच्छा र एक् एक् घुमा चढायो । तब
बिलाम्ले यहूवेको दृष्टिमां इस्राएल्लाइ आशीष् दिंनुनै जाति लाग्द रहे
भनि देख्यो तब अरु अरु बेला झैं मन्तर् गर्नु गयेन तर आफ्नु मुख् बन्
२ तिर गर्यो । तब बिलाम्ले आंखा उचाल्येर इस्राएल्लाइ कुल् कुल्
गरि बास् गरि रह्येको देख्यो अनि ईश्वर्को आत्मा त्येस् मांथि उत्र्यो।
३ अनि त्येस्ले आफ्नु उखान् गरि भन्यो
बयोर्को छोरो बिलाम्को बाणी
जस् पुरुषका आंखा घुनीयेका थिये त्येस्को बाणी
४ ईश्वर्को बचन् सुन्नेको बाणी
सर्वशक्तिमान्को दर्शन् पाउंनेको
लड्येर उघ्र्येका आंखा पाउंनेको .
५ हे याकूब् तेरो डेरा कत्ति राम्रा
हे इस्राएल् तेरा बासहरु ।
६ ति खोल्चा जस्ता फिजीयेका छन्
खोल्वाको छेउको बारी जस्तो
यहूवेले रोप्येका अगरका रुखहरु जस्ता
अनि पानी निरका देवदारुहरु जस्तो ।
७ पानी त्येका कुङ्गाहरु देखि उम्रि बहंद छ
अनि त्येस्को बीउ धेरै पानीमां हुंछ
अनि त्येस्को राजा अगाग् भन्दा महा हुंछ
अनि त्येस्को राज् अल्ग्याईंछ ।

त्येस्लाइ मिस्र देखि ईश्वरैले निकालि ल्याउंद क्
त्येस्को बल् अर्नाको जस्तो क्
त्येस्ले आफ्नु बैरी अन्यदेसीहरुलाइ खाइ हाल्क्
अनि तिनका हाड्हरु चूर्ण पार्क्
अनि आफ्ना कांड़ले तिनलाइ घोचि मार्क्।
त्यो दुम्क्यो अं सिंहे झैं ढल्क्यो
अनि सिंहनी झैं. कस्ले त्येस्लाइ उठाउंक्
तंलाइ आशीष् दिनेहरु सबै आशीर्बादी होउन्
तंलाइ स्राप्नेहरु सबै स्रापित् होउन्।

तब बिलाम् मांथि बालाक्को रिस् उठ्यो अनि त्येस्ले तालि मांग्यो. अनि बालाक्ले बिलाम्लाइ भन्यो मैंले ता तिमिलाइ मेरा सत्तुरहरुलाइ स्राप् दिनुलाइ पो बोलायें तर हेर अब यि तीन् खेप् आशीर्बादै पो दियौ। येस्कारण् अब आफ्नु ठांउमां भागि जाउ. मैंले तिमिलाइ औधि मान्मां बढ़ाउंकु भनि ठान्येको थियें तर हेर यहोवेले तिमिलाइ मान् पाउंनु देखि पुनि राख्यो। त बिलाम्ले बालाक्लाइ भन्यो जुन् दूतहरुलाइ आफ्ले मं पांइ पठाउंनु भयेको थियो क्यै मैंले तिनलाइ पनि येसो भन्येको थिइँन बालाक्ले आफ्नु घर् भरि सुन् चांदी मंलाइ दियो भन्ये पनि मं यहोवेले भन्येको बाहिक् आफ्नु मन् देखि न भलो न बुरो गर्नु सक्कु तर ज्यै यहोवेले भन्ला मं त्येइ भन्कु भनि। त अब हेर्नु हवस् मं आफ्ना लोग् भयेठांउ जांद कु. तर सुन्नु हवस् मं आफुलाइ अन्तका दिनमां यो लोगले आफुका लोगलाइ क्यै गर्छ भनि मतो दिइ कहि दिंद कु। त त्येस्ले आफ्नु उखान् गरि भन्यो

बओर्को छोरो बिलाम्को बाणी
जस् पुरुषका आंखा खुनीयेका थिये त्येस्को बाणी.
ईश्वरको बचन् सुन्नेको बाणी
अनि परम् ईश्वरको ज्ञान् जान्ने
सर्बशक्तिमान्को दर्शन् पाउंनेको
लड़ेर उघ्र्येका आंखा पाउंनेको.
उस्लाइ देख्कु तर ऐले होइन.
उस्लाइ हेर्कु तर नजिक् होइन.
याकूब् देखि येउटा तारा झुल्कंक्
अनि इस्राएल् देखि येउटा राजदण्ड उठ्क्
जस्ले मोआबका कुंनाकांनी मारि सक्क्
अनि सबै झगरेबंशीहरुलाइ पछारि दिंक्।
एदोम् त्येस्को अधिकारमां पर्क्
त्येस्को सत्तुर् सईर् पनि अधिकारमां पर्क्
त्येस् बेला इस्राएल् बल् गर्दै रहंक्।

१९ अनि याकूबमांको कसैले प्रभुतेईं गर्छ
अनि सहर् देखि बांच्येकाहरुलाइ पनि नास् पार्छ ।
२० फेरि त्येस्ले अमालेक् मांथि हेरि आफ्नु उखान् गरि भन्यो
अमालेक् अन्यदेशीहरुमांको पहिलो थियो
तर त्येस्को अन्त बिनासै हुंछ ।
२१ फेरि त्येस्ले केनीहरु मांथि हेरि आफ्नु उखान् गरि भन्यो
तेरो बास् बल्लियो छ
अनि तेरो गुंडू पहरामां बनीयेको छ ।
२२ तैपनि केनीहरु उजारींछन्
कैले सम्म अश्शूरले तंलाइ बंधुवाईमां लैजांछ ।
२३ फेरि त्येस्ले आफ्नु उखान् गरि भन्यो
हाय् जब ईश्वरले यो गर्छ तब को बांच्छ ।
२४ तर कित्तीम् पट्टि बाटो जहाज् आउंछन्
अनि अश्शूरलाइ र एबेरलाइ पनि दुक्ख दिंछन्
अनि त्यो पनि नास् हुंछ ।
२५ तब बिलाम् उठेर आफ्नु ठांउमां फर्कि गयो. अनि बालाकले पनि आफ्नु बाटो समात्यो ॥

इस्राएलीहरुले गर्येको मूर्त्तिपूजा ।

२५ १ इस्राएल् शित्तीममां रहंद थियो त लोगले मोआबी केरीहरु
२ सित व्यभिचार् गर्नु लाग्ये. कसैगरिभन्ये तिनिहरुले लोगलाइ आफ्ना
देव्ताका बलिदानमां निम्तो दिइन् त लोगले खायेर तिनका देव्तालाइ
३ दण्डवत् गर्नु लाग्ये । त इस्राएल् बालपोर् सित बांधीयो. तब इस्राएल्
४ मांथि यहूवेको रिस् उठ्यो । अनि यहूवेले मूसालाइ भन्यो लोगका सबै
मूलहरुलाइ लियेर यहूवेको लागि घाम्को सांमु झुंड्याइ दे र यहूवेको
५ उठेको रिस् इस्राएल् देखि फर्कोस् । अनि मूसाले इस्राएलका
बिचारीहरुलाइ तिमिहरुले बालपोर् सित बांधीयेका आफ्ना आफ्ना
६ लोगलाइ काट भन्यो । अनि हेर इस्राएलबंशीहरुमांको एक् जनाले आयेर
मूसा र भेट् हुंने डेराको देलो निर मंदै गर्ने इस्राएलबंशीहरुको सिंगे
मंडलीको सांमु मिद्यानी आइमाइलाइ आफ्ना दाज्युभाईहरु पांह
७ ल्याउंदै रछ । अनि जसै हारून् पूजाहारीको छोरो एलाजारको छोरो
पीनहासले येसो गर्येको देख्यो त त्यो मंडलीको मांझ देखि उठेर आफ्नु
८ हातमां भाला लियेर डेरामां त्येस् इस्राएली पुरुषको पछि जाइ
लाग्येर ति दुवैलाइ छेंड़ि दियो त्येस् इस्राएली पुरुषलाइ र त्येस् आइमाइ
चइंलाइ त्येस्को पेटमां । येसोरि इस्राएलबंशीहरु देखि रुढ़ि थामीयो ।
९ रुढ़िले मर्येका मान्छेहरु चौब्बीस् हजार् जना थिये ॥
१० ११ तब यहूवेले मूसालाइ येसो भन्यो हारून् पूजाहारीको छोरो

एलाजारको छोरो पीनहासले इस्राएलवंशीहरुको बीचमां मं रापीयेको
भै रापीयो अनि त्यो देखि त्येस्ले मेरो क्रोध् तिनिहरु देखि फर्काई दियो
मैले आफ्नु रापीलो मनले इस्राएलवंशीहरुलाइ नष्ट न पारंज्याल् सम्म ।
येस्कारण् येसो भन् सुन् मं त्यो सित आफ्नु मिलाप्को नियम् बांध्द कु . १२
त त्येको लागि र त्येस् पछि त्येका वंशको लागि सनातन् पूजाहारीगिरिको १३
नियम् हुंछ किनभन्ये त्यो आफ्नु ईश्वर्को लागि रापीलो भयो अनि
इस्राएलवंशीहरुको लागि प्रायश्चित्त गर्यो । जुन् इस्राएली पुरुष् मारीयो १४
अर्थात् जो मिद्यानी आइमाइ सित मारीयो त्येको नांउ जिम्री थियो
त्यो सालूको छोरो र शिमोनवंशीमांको पित्रहरुको घर्को मालिक् थियो ।
अनि मारीयेकी मिद्यानी आइमाइको नांउ सूर्की छोरी कोज्बी थियो १५
जो मिद्यान्मां पित्रहरुको घर्मां लोगको मूल् थियो ॥

फेरि यहुवेले मूसालाइ येसो भन्यो मिद्यानीहरुलाइ सता अनि १६ १७
तिनलाइ मार् . किनभन्ये पोर्को विषय् र कोज्बीको विषय् जो १८
मिद्यान्को येउटा मालिक्की छोरी र तिनिहरुकी बैंनी थिई अनि पोर्को
विषय्को रुढ़ि चल्येको बेलामां मारीई तिनिहरुले तिमिहरु सित छल्
गरि गरिकन सताउंद छन् ॥

इस्राएलीहरुको दोसो गनाई ।

फेरि त्येस् रुढ़ि पछि येसो भयो यहुवेले मूसालाइ र हारून् २६ १
पूजाहारीको छोरो एलाजार्लाइ येसो भन्यो इस्राएलवंशीहरुको सिंगै २
मंडलीको जत्तिको उमेर् बीस् वर्षको कि त्यो भन्दा बेसि होला अर्थात्
इस्राएल्मां जो जो लड़ाईं गर्नुलाइ निक्लंने माफिक्का हुंनन् तिनका
पित्रहरुका घर् घर् अनुसार् गन्ति गर् । त मूसा र एलाजार् पूजाहारीले ३
यरीहो निर यर्दन् नदीको तीरमां मोआब्को मैदान्मां तिनिहरु सित
कुरा गरि भन्यो बीस् वर्ष र त्यो भन्दा बेसि उमेर्का हुंनेहरुलाइ ४
गन् जसो यहुवेले मूसालाइ मिस्र देखि निस्कि आयेका इस्राएलवंशी-
हरुलाइ आज्ञा दियेको थियो ॥

रूबेन् इस्राएल्को जेठो . रूबेन्का छोराहरु हनोक् जो देखि ५
हनोकीहरुका जहान् . पल्लू जो देखि पल्लूइहरुका जहान् . हिस्रोन् जो ६
देखि हिस्रोनीहरुका जहान् . कर्म्मी जो देखि कर्म्मीहरुका जहान् ।
रूबेनीहरुका जहान् थिने हुन् . अनि तिनिहरुमांका गनीयेकाहरु तेंतालीस् ७
हजार् र सात् सै तीस् जना थिये । अनि पल्लूवंशीको एलीआब् । अनि ८
एलिआब्का छोराहरु नमूएल दातान् र अबीराम् । तिनिहरु तिने मंडलीमां
बोलाईयेका दातान् र अबीराम् हुन् जस्ले कोरह्को गट्टामां मूसा र
हारून् सित झगरा गर्यो जब यहुवे सित झगरा गर्योका थिये . अनि जब त्यो १०
गट्टा मरि गयो अनि दुइ सै र पचास् जना आगोले भस्म भये तब पृथिवीले
आफ्नु मुख् बायेर तिनिहरुलाइ कोरह् समेत्लाइ निलि दियो

११ अनि तिनिहरु येउटा चिंनुइ भइ गये। तैपनि कोरह्का छोराहरु ता
मंन्येनन् ॥

१२ शिमोन्बंशीहरु तिनिहरुका जहान् जहान् अन्सार्. नमूएल् जो
देखि नमूएलीहरुका जहान्. यामीन् जो देखि यामीनीहरुका जहान्.
१३ याकीन् जो देखि याकीनीहरुका जहान्. जेरह् जो देखि जेरहीहरुका
१४ जहान्. शाऊल् जो देखि शाऊलेहरुका जहान्। शिमोनीहरुका जहान्
यिनै हुन् बाईस् हजार् र दुइ सै जना ॥

१५ गाद्बंशीहरु तिनिहरुका जहान् जहान् अन्सार्. सपोन् जो देखि
१६ सपोनीहरुका जहान्. हाग्गी जो देखि हाग्गीहरुका जहान्. शूनी जो देखि
शूनीहरुका जहान्. ओज्नी जो देखि ओज्नीहरुका जहान्. एरी जो
१७ देखि एरीहरुका जहान्. अरोद् जो देखि अरोदीहरुका जहान्. अरेली
१८ जो देखि अरेलीहरुका जहान्। गाद्बंशीहरुमांका जो जो गनीये तिनका
जहान् यिनै हुन् चालीस् हजार् र पांच् सै जना ॥

१९ यहूदाबंशीहरु एर् र ओनान्. तर एर् र ओनान् कनान् देस्मां
२० मंरि गये। त यहूदाका छोराहरु तिनिहरुका जहान् जहान् अन्सा
यिनिहरु थिये शेला जो देखि शेलानीहरुका जहान्. पेरेस् जो देखि
२१ पेरेसीहरुका जहान्. जेरह् जो देखि जेराहीहरुका जहान्। अनि पेरेस्का
छोराहरु यिनिहरु थिये हेस्रोन् जो देखि हेस्रोनीहरुका जहान्. हमूल्
२२ जो देखि हमूलीहरुका जहान्। यहूदाका जो जो गनीये तिनका जहान्
यिनै हुन् छिहत्तर् हजार् र पांच् सै जना ॥

२३ इस्साकार्बंशीहरु तिनका जहान् जहान् अन्सार्. तोला जो देखि
२४ तोलाहीहरुका जहान्. पुव्वा जो देखि पूनीहरुका जहान्. याशूब् जो
देखि याशूबीहरुका जहान्. शिम्रोन् जो देखि शिम्रोनीहरुका जहान्।
२५ इस्साकार्का जो जो गनीये तिनका जहान् यिनै हुन् चौंसठ् हजार् र
तीन् सै जना ॥

२६ जबूलून्बंशीहरु तिनका जहान् जहान् अन्सार्. सेरेद् जो देखि
सेरेदीहरुका जहान्. एलोन् जो देखि एलोनीहरुका जहान्. यह्लेल् जो
२७ देखि यह्लेलीहरुका जहान्। जबूलूनीहरुका जो जो गनीये तिनका
जहान् यिनै हुन् साठ् हजार् र पांच् सै जना ॥

२८ यूसुफ्बंशीहरु तिनका जहान् जहान् अन्सार्. मनश्शे र एप्रैम्।
२९ मनश्शेका छोराहरु. माकीर् जो देखि माकीरीहरुका जहान्. माकीर्
३० देखि गिलाद् जन्म्यो. गिलाद् देखि गिलादीहरुका जहान्। गिलाद्का
छोराहरु यिनै हुन् ईएजेर् जो देखि ईएजेरीहरुका जहान्. हेलेक् जो
३१ देखि हेलेकीहरुका जहान्. अस्रीएल् जो देखि अस्रीएलीहरुका जहान्.
३२ शेकेम् जो देखि शेकेमीहरुका जहान्. शमीदा जो देखि शमीदीहरुका
३३ जहान्. हेपेर् जो देखि हेपेरीहरुका जहान्। अनि हेपेर्को छोरो
सलोफाद्का छोराहरु होइन तर खालि छोरीहरु थिइन्. अनि सलोफाद्

की छोरीहरुका नांवहरु महला नोआ होग्ला मिल्का र तिर्सा थिये ।
मनश्शेका जहान् थिने थिये . अनि तिनिहरुमांका जो जो गनीये बाबन् ३४
हजार् र सात् से जना थिये ॥

एफ्रैम्वंशीहरु तिनका जहान् जहान् अनुसार् थिने हुन् . शूतेलह् ३५
जो देखि शूतेलीहरुका जहान् . बेकेर् जो देखि बेकेरीहरुका जहान् .
तहन् जो देखि तहनीहरुका जहान् । अनि शूतेलह्का छोराहरु थि हुन् . ३६
एरान् जो देखि एरानीहरुका जहान् । एफ्रैम्वंशीहरुमांका जो जो गनीये ३७
तिनका जहान् थिने हुन् बत्तीस् हजार् र पांच् से जना । यूसुफ्वंशीहरु
तिनका जहान् अनुसार् थिने हुन् ॥

बिन्यामीन्वंशीहरु तिनका जहान् जहान् अनुसार् . बेला जो देखि ३८
बेलईहरुका जहान् . अश्बेल् जो देखि अश्बेलीहरुका जहान् . अहीराम्
जो देखि अहीरामीहरुका जहान् . शपूपाम् जो देखि शपूपामीहरुका जहान् . ३९
हूपाम् जो देखि हूपामीहरुका जहान् । अनि बेलाका छोराहरु अर्द र ४०
नामान् . अर्द् देखि अर्दीहरुका जहान् . नामान् देखि नामानीहरुका
जहान् । बिन्यामीन्वंशीहरु थिने हुन् तिनिहरुका जहान् जहान् अनुसार् . ४१
अनि तिनिहरुमांका जो जो गनीये सैंतालीस् हजार् र छ से जना थिये ॥

दान्वंशीहरु तिनका जहान् जहान् अनुसार् थिने हुन् . शूहाम् ४२
जो देखि शूहामीहरुका जहान् । दान्का जहान् तिनका जहान् जहान्
अनुसार् थिने हुन् । शूहामीहरुमांका जो जो गनीये तिनका सबै जहान् ४३
चौंसठ् हजार् र चार् से जना थिये ॥

आशेर्वंशीहरु तिनका जहान् जहान् अनुसार् . यिम्ना जो देखि ४४
यिम्नीहरुका जहान् . यिश्वी जो देखि यिश्वीहरुका जहान् . बरीया जो
देखि बरीयीहरुका जहान् । बरीयाका छोराहरु देखि . हेबेर् जो देखि ४५
हेबेरीहरुका जहान् . मल्कीएल् जो देखि मल्कीएलीहरुका जहान् । अनि ४६
आशेर्की छोरीको नांउ सेरह् थियो । आशेर्वंशीहरुमांका जो जो गनीये ४७
तिनका जहान् थिने थिये तिर्पन् हजार् र चार् से जना ॥

नप्तालीवंशीहरु तिनका जहान् जहान् अनुसार् . यह्सेल् जो देखि ४८
यह्सेलीहरुका जहान् . गूनी जो देखि गूनीहरुका जहान् . येसेर् जो ४९
देखि येसेरीहरुका जहान् . शिल्लेम् जो देखि शिल्लेमीहरुका जहान् ।
नप्तालीका जहान् तिनका जहान् जहान् अनुसार् थिने हुन् . अनि ५०
तिनिहरुमांका जो जो गनीये ति पैंतालीस् हजार् र चार् से जना थिये ॥

गनीयेका सबै इस्राएल्वंशीहरु येति हुन् छ लाख् एक् हजार् सात् ५१
से र तीस् जना ॥

फेरि यह्वेले मूसालाइ येसो भन्यो थिनेको बीचमां तिनका ५२
५३
नांउको गन्ति अनुसार् देस् तिनिहरुको अधिकारको लागि बांडू । बेसि ५४
हुनेहरुलाइ बेसि भाग् अनि कम् हुनेहरुलाइ कम् भाग् दिनु . एक्
एकलाइ त्येका गनीयेका लोग् अनुसार् त्येको भाग् दिइनोस् । तैपनि देस् ५५

चिट्ठा हालि हालि बांड़ौंओस्. तिनिहरुले आफ्ना आफ्ना कुल्हरुका
५६ नांउ अनुसार् आफ्ना आफ्ना अधिकार् पाउन्। धेरैहरु र थोरैहरुको
बीचमां अधिकार् चिट्ठा हालीयेको अनुसार् बांड़ौंओस्॥

५७ फेरि लेवीहरुमांका जो जो गनीये तिनका जहान् जहान् अनुसार्
यिने हुन्. गेर्शोन् जो देखि गेर्शोनीहरुका जहान्. कहात् जो देखि
५८ कहातीहरुका जहान्. मरारी जो देखि मरारीहरुका जहान्। लेवीहरुका
जहान् यिने हुन्. लिब्निहरुका जहान् हेब्रोनीहरुका जहान् महलीहरुका
जहान् मूशीहरुका जहान् कोरहीहरुका जहान्. अनि कहात् देखि
५९ अम्राम् जन्म्यो। अनि अम्रामको स्वास्नीको नांउ योकेबेद् थियो त्यो
लेवीको छोरी थिई जस्लाइ लेवीको लागि मिस्रमां जन्माईयेकी थिई.
अनि त्येस्ले अम्रामको लागि हारून् र मूसा र तिनकी दिदी मरियम्लाइ
६० जन्माई। अनि हारूनको लागि नादाब् र अबीहू एलाजार् र ईतामार् जन्म्ये।
६१ तर नादाब् र अबीहू त्येस् बेला मरि गये जब तिनिहरुले यहूवेको सांमु
६२ अन्यआगो चढ़ायेका थिये। अनि तिनका गनीयेका जत्ति पुरुष् एक्
महीनाका कि त्यो भन्दा बेसिका थिये ति सबै तेईस् हजार् थिये.
कसोगरिभन्ये तिनिहरु इस्राएल्वंशीहरुको बीचमां गनीयेनन् किनभन्ये
तिनिहरुलाइ इस्राएल्वंशीहरुको बीचमां कोई भाग् थियेन॥

६३ त मूसा र एलाजार् पूजाहारी देखि गनीयेकाहरु यिने हुन् जस्ले
इस्राएल्वंशीहरुलाइ यरीहोमां यर्दन् नदीको तीरमां मोआबको मैदानमां
६४ गन्ये। तर तिनिहरुको बीचमां मूसा र हारून् पूजाहारी देखि
गनीयेकाहरुमांको कोई पनि थियेन जस्ले इस्राएल्वंशीहरुलाइ सीनैको
६५ बनमां गन्येका थिये। किनभन्ये यहूवेले तिनिहरुको विषयमां तिनिहरु निस्से
बनमां मर्छन् भन्येको थियो। त यपुन्नेको छोरो कालेब् र नूनको छोरो
यहोशूअ छाड़ि ति लोगमांको येउटा मान्छे पनि बांचि रह्येको थियेन॥

(छोरीहरु बाबुहरुको धनसम्पत्तिको अधिकारीनी हुंनु)

२७ १ तब यूसुफको छोरो मनश्शेका जहानहरुमांको मनश्शेको छोरो
माकीरको छोरो गिलादको छोरो हेफेरको छोरो सलोफादकी छोरीहरु छेउ
आइन्. अनि त्येस्की छोरीहरुका नांउ यिने हुन् अर्थात् महला नोआ
२ होग्ला मिल्का र तिर्सा। अनि तिनिहरुले मूसा र एलाजार् पूजाहारी र
मालिकहरु र सिंगै मंडलीको मांसु भेट् हुंने डेराको दैलो निर उभीयेर
३ भन्न लागिन् हांमिहरुका बाबु बनमां मरि गये अनि उनि त्यो
कोरहको गट्ठा सङ भयेर यहूवेको बिरुद्धमां भेला गराईयेको गट्ठाको
खालमां थियेनन्. तर उनि आफ्नु पापमां मर्‍ये अनि उनको कोई छोरा
४ थियेन। त हांमिहरुका बाबुको नांउ किन उनको सन्तान् देखि उनको कोई

छोरा छैन भन्येर मेटीग्रोस्। त हांमिहरुका बाबुका दाज्युभाईहरुको बीचमां
हांमिहरुलाइ भाग् दिनु हवस्। तब मूसाले तिनको कुरा यहूवेको सांमु ५
लग्यो। अनि यहूवेले मूसालाइ येसो भन्यो सलोफादको छोरीहरुले ६
ठीक् भन्द छिन्, तेंले तिनिहरुको बाबुका दाज्युभाईहरुको बीचमां तिनलाइ
अबस्से भागको अधिकार् गरि दे अनि तिनको बाबुको भाग् तिनिहरुलाइ
पर्ने गरा। अनि इस्राएलबंशीहरुलाइ येसो भन् कोई मान्छे अपुत्र भइ ८
मंर्यो भन्ये त्येस्को भाग् त्येस्की छोरीलाइ पर्ने गराउनु। अनि त्येस्की कोई ९
३७ ईश्वर् यहूवेले सबैलाइ हांम्रो सांमु हांम्रा हातमां पारि दियो. खालि अम्मोन्बंशीहरुको देस् छेउमां मांत्रै आइनस् अर्थात् यब्बोक् खोलाको छेउछाउको सिंगै देस् र पहाड़े देसका सहर्हरु अनि हांमिहरुको ईश्वर् यहूवेले हांमिहरुलाइ थुन्येको सबै देस्॥

३ १ तब हांमिहरु फर्केर बाशान्को बाटो बाड़ो चढ़ि गयूं. अनि बाशान्को ओग् भन्ये राजा आफ्ना सिंगै लोग् समेत् हांमिहरु सित लड़ाईं
२ गर्नुलाइ हांमिहरुको बिरुद्धमां एद्रेईमां निक्लि आयो। त यहूवेले मंलाइ त्यो देखि न डरा. किनभन्ये मैंले त्येस्लाइ त्येस्का सिंगै लोग्लाइ र त्येस्को देस् पनि तेरो हातमां सुम्पि दियेको छु त जसो तैंले एमोरीहरुको राजा हेश्बोनमां बस्ने सीहोन् सित गरिस् त्येसै त्यो सित पनि गर् भन्येर भन्यो।
३ त हांमिहरुको ईश्वर् यहूवेले बाशान्को राजा ओग्लाइ पनि त्येस्का सिंगै लोग्लाइ समेत् हांमिहरुको हातमां सुम्पि दियो. अनि हांमिहरुले त्येस्लाइ
४ बांच्येको कोई न रहुंज्याल् गरि मांर्यूं। अनि त्येसै बेलामां हांमिहरुले त्येस्का सब्बै सहर् लिहाल्यूं हांमिहरुले तिनिहरु देखि न लियेको कोई येस्तो किल्ला न रहंने गरि अर्थात् साठी सहर् अं ओगौंब्को सिंगै देस् जो
५ बाशान्मां ओग्को राज् थियो। यि सबै सहर् ठोकाहरु र आगलाहरु समेत् भयेका अलग्गा अलग्गा भित्ताले घेरीयेका सहर् थिये अनि यि बाहिक्
६ बिना घेराका पनि धेरै सहर् थिये। अनि जसो हांमिहरुले हेश्बोन्को राजा सीहोन् सित गर्येका थियूं त्येसै गरि हांमिहरुले यिनिहरुलाइ पनि भाकल् गरीयेको थोक् भैं नास् पारि दियूं अनि सबै बस्तीका सहर्हरुलाइ

स्त्रीहरु बालबच्चाहरुलाइ समेत् भाकल् गरीयेका थोक्हरु भैं नास् पार्यूं।
तर सबै बस्तुहरु चइं र सहरको लूट् सिकार् जस्तो गरि हांमिहरुले ७
आफ्नु पार्यूं। त त्येस् बेलामां हांमिहरुले यर्दन् वारि रहंने एमोरीहरुका दुवै ८
राजाहरुको हात् देखि अर्नोन्को खोला देखि हेर्मोन् डांड़ा सम्मको देस्
लिहाल्यूं (त्यो हेर्मोन्चइं सीदोनीहरुले सिर्योन् अनि एमोरीहरुले ९
चइं सनीर् भन्द कुन्।) त मैदानका सबै सहरहरु अर्थात् सल्का र एद्रेई १०
सम्म जुन् जुन् सहर् बाशानमां ओग्को राजका सहर् थिये सिंगै गिलाद् र
सिंगै बाशान् हांमिहरुको तावेमां आये। (किनभन्ये रपाईहरु बांच्येकोमांको ११
खालि बाशान्को राजा ओग् मांत्रै बांचि रह्यो. हेर त्येस्को खाट् फलम्को
थियो कि त्यो अम्मोन्बंशीहरुको रब्बा सहरमां कैन मान्छेहरुको हात्को
नापले त्येस्को लम्ब नौ हात्को अनि गज् चार् हात्को थियो।) त त्येस् १२
बेलामां हांमिहरुले यो देस् आफ्नु अधिकारमां लिहाल्यूं. अर्नोन्को
खोला निरको अरोएर् सहर् देखि सबै सहर समेत् गिलाद्को पहाड़े देस्को
आधा भाग् मैंले रुबेनीहरु र गादीहरुलाइ दियें. अनि गिलाद्को बांकिको १३
भाग् र ओग्को राज् अर्थात् सिंगै बाशान् अं अर्गोब्को सिंगै देस् अं सिंगै
बाशान् मैंले मनश्शेको आधा कुल्लाइ दियें। (यो चइं रपाईहरुको देस्
भनींद कु। मनश्शेबंशी याईर्ले गशूरीहरु र माकातीहरुका सिमाना सम्म १४
अर्गोब्को सिंगै देस् लिहाल्यो अनि बाशान्का सहरहरुको नांउ आफ्नु
नांउमां हव्वोतयाईर्[1] राख्यो त्येइ नांउ आजु सम्म चल्दै कु।) अनि मैंले १५
गिलाद् देस् माकीर्लाइ दियें। अनि रुबेनीहरु र गादीहरुलाइ मैंले गिलाद् १६
देखि अर्नोन्को खोला सम्म अर्थात् त्येस् खोलाको बीच् सम्म त्येस्को सिमाना
समेत् दियें अं अम्मोन्बंशीहरुको सिमाना सम्म अर्थात् यब्बोक् नदी सम्म
अनि अराबा पनि अनि किन्नेरेत् देखि अराबाको समुन्द्र सम्म अर्थात् १७
नुनीलो समुन्द्र सम्म अं पूर्व तिर पिस्गाको उकालि देखि सुनि सुनि यर्दन्
पनि त्येस्को सिमाना समेत्॥

त्येस् बेलामां मैंले येसो भन्येर तिमिहरुलाइ आज्ञा दियें तिमिहरुको १८
ईश्वर् यहवेले येस् देस् तिमिहरुको अधिकार्को लागि दियेको कु.
तिमिहरुमांको जत्ति लड़ाईं गर्न माफिक्का कौ ति सबै हतियार् भिर्येर
आफ्ना दाज्युभाई इस्राएल्बंशीहरुको अघि अघि पारि जाउन्। तर १९
तिमिहरुकी स्त्रीहरु र बालबच्चाहरु र बस्तुहरु मैंले तिमिहरुलाइ दियेका
तिमिहरुका सहरहरुमां रहुन् किनभन्ये तिमिहरुका पशुहरु अग्घोर् कुन्
भनि जान्द कु जब सम्म यहवेले तिमिहरुलाइ भैं तिमिहरुका २०
दाज्युभाईहरुलाइ पनि विश्राम् दि सक्दैन अनि तिनिहरु पनि त्यो तिमिहरुको
ईश्वर् यहवेले तिनिहरुलाइ यर्दन् पारि दिंनु आंटेको देसका अधिकारी
हुंदैनन्. त्येस् पछि तिमिहरु जीउ जनंगे आफ्नु आफ्नु त्यो मैंले

[1] अर्थात् यादरका बस्तीहरु।

२१ तिमिहरुलाइ दियेको अधिकार्मां फर्कि जांनु भनि फेरि मैंले त्येसै
बेलामां यहोशूअलाइ येसो भन्येर आज्ञा दियें ज्ये तिमिहरुको ईश्वर् यह्वेले
यि दुवै राजाहरुलाइ गर्‍यो ति सबै तैंले आफ्ना आंखाले देखिस्. तं पारि
२२ तर्‍येर जांनु आंट्येका सबै राज्हरुलाइ पनि यह्वेले येसै गर्छ। त तिनिहरु
देखि न डराव. किनभन्ये तिमिहरुको ईश्वर् यह्वे चइं उइ तिमिहरुको
लागि लड़ाइँ गर्ने छ॥

१३ १४ अनि त्येसै बेलामां मैंले यह्वेलाइ येसो भन्येर बिन्ति गर्‍यें हे प्रभु
यह्वे तपांइले आफ्नु दास्लाइ आफ्नु बड़ाहुवाई र बल्लियो हात् देखाउंनु
थाल्नु भयो. कसोगरिभन्ये स्वर्गमां कि पृथिवीमां येस्तो ईश्वर् को छ जस्ले
२५ तपांइको काम् र तपांइको प्रतापी कार्जे अन्सार् गर्नु सक्द छ। त कृपा
गरि मंलाइ पारि जांनु दिंनु हवस् र यर्दन् पारिको त्यो जाति देस् अर्थात्
२६ त्यो राम्रो पहाड़ू र लबानोन् पनि देख्नु पाउं भनि। तर यह्वे तिमिहरुको
कारण्ले मं देखि अग्घोर् रिसायो अनि मेरो सुन्येन. अनि यह्वेले मंलाइ
२७ भन्यो भयो येस्को बिषय्मां फेरि मं सित कुरा न गर्। पिस्गाको थाप्लिमां
चढ़ि जा अनि पूर्व पच्छिउं उत्तर् दक्खिन् तिर आफ्ना आंखा उचाल्येर त्यो
२८ देस् हेर्. किनभन्ये तं येस् यर्दन् पारि जांदेनस्। तर यहोशूअलाइ आज्ञा
दे अनि त्येस्लाइ आंटीलो गराइ बल्लियो गरा. किनभन्ये त्येइ यि लोगको
अघि अघि पारि जांछ अनि जुन् देस् तैंले देख्छस् त्येसैले तिनको अधिकारी
२९ तुल्याउंछ भनि। त हांमिहरु बेत्पोर्को सांमुको तरिमां रह्यूं॥

(मूसाको उपदेस्)

४ १ त अब हे इस्राएल् जुन् जुन् बिधि र नियाबचन् मं तिमिहरुलाइ
सिकाउंद छु ति गर्नुलाइ सुन र तिमिहरु जीइ रह र जुन् देस् तिमिहरुका
पित्रहरुको ईश्वर् यह्वेले तिमिहरुलाइ दिंनु आंट्येको छ त्येस्मां पस्येर
२ त्येस्का अधिकारी हव। जुन् आज्ञा मं तिमिहरुलाइ सुनाउंद छु त्येस्मां
क्येइ न बढ़ाव न घटाव र तिमिहरुको ईश्वर् यह्वेका जुन् जुन् आज्ञा म
३ तिमिहरुलाइ आज्ञा गर्द छु ति तिमिहरुले मान्ने गर। यह्वेले
बाल्पोर्को कारण्ले ज्ये ज्ये गर्‍यो त्यो तिमिहरुका आंखाले देख्ये.
किनभन्ये बाल्पोर्लाइ पछ्याउंने सबै मान्छेहरुलाइ तेरो ईश्वर् यह्वेले
४ तेरो बीच् देखि नास् पार्‍यो। तर तिमिहरुमांका जति जना आफ्नु
ईश्वर् यह्वे पट्टि भइ टांसीइ रह्यौ सब्बै जना आजु जीउंद छौ।
५ हेर मेरो ईश्वर् यह्वेले मंलाइ आज्ञा गर्‍येको अन्सार् बिधि र नियाबचन्
मैंले तिमिहरुलाइ सिकायें जुन् देस्का अधिकारी हुंनु तिमिहरु जांद
६ छौ त्येस्को बीच्मां तिमिहरुले त्येसै गर भन्ये खातिर्ले। त तिमिहरुले
ति मान अनि गर किनभन्ये अरु लोगको सांमु तिमिहरुको बुद्धि र बूझ्
येइ हुंछ अर्थात् यि सबै बिधि सुन्येर तिनिहरुले भन्छन् निस्से यो ठुल
७ लोग् बुद्धिमान् र बुझकि रछ भनि। कसोगरिभन्ये येस्तो ठुलो लोग् को

छ जस्को ईश्वर् तिनिहरुको येति नजिक् छ जसोरि हांमिहरुको ईश्वर् यहुवे
हांमिहरुले उस्लाइ हाप्दा हांमिहरुको नजिक् छ । फेरि येस्तो ठुलो ८
लोग् को छ जस्का विधि र नियाव्वचन् येस्तो धर्म्मको छन् मैंले आजुको दिन्
तिमिहरुको सांमु राख्दछु कि सबै व्यवस्था जस्तो । खालि आफ्नु ९
विषयमां चंख रह् अनि आफ्नु आफ्नु प्राण्को खबर्दारी गर् होइन भन्ये
ता तेरा आंखाले देख्दछ कुरा विर्सलास् अनि तेरो जीवन्भरिमां तेरो मन
देखि जाइ जानन् त ति आफ्ना छोराहरु र छोराहरुका छोराहरुलाइ सुना
जस् दिन् तं होरेब् छेउ आफ्नु ईश्वर् यहुवेको सांमु उभीयेको थिइस् त्येस् १०
दिन् यहुवेले मलाइ भन्यो लोग्लाइ मं छेउ भेला गर् त मं आफ्ना कुरा
तिनिहरुलाइ सुनाउंछु र तिनिहरु पृथिवीमां जीयेका सबै दिनमां मेरो
भय् मान्नुलाइ सिकुन् अनि आफ्ना छोराहरुलाइ पनि सिकाउन् भनि । त ११
तिमिहरु छेउ आयेर पर्व्वत्को फेदिमां उभीयो अनि त्यो पर्व्वत् आकाश्को
बीच् सम्म अंध्यारो र बादल् र बाक्लो अंध्यारो भइ आगो बलि रह्यको
थियो । अनि यहुवेले तेइ आगोको बीच् देखि तिमिहरु सित बात् गर्यो. १२
तिमिहरुले कुराको शब्द ता सुन्यौ तर रूप् कोइ देख्यौन खालि शब्द मात्रै
सुन्यौ । अनि उस्ले आफ्नु नियम् तिमिहरुलाइ जनायो जो मान्नु भनि १३
तिमिहरुलाइ आज्ञा दियो अर्थात् दस् आज्ञाहरु अनि उस्ले ढुंगाका दुवटा
पाटीहरुमां लेखि दियो । अनि यहुवेले मलाइ त्येसै बेलामां तिमिहरुलाइ १४
विधि र नियाव्वचन् सिकाउंने आज्ञा दियो र जुन् देश्का अधिकारी हुंनुको
लागि तिमिहरु जांनु आंटेका छौ त्येस्मां तिमिहरुले ति मान्नु गर ।
येस्कारण् तिमिहरु आफु आफु औधि चंख रह किनभन्ये जस् दिन् यहुवेले १५
तिमिहरु सित होरेब्मां आगोको बीच् देखि कुरा गर्यो त्येस् दिन् तिमिहरुले
कोई रकम्को रूप् देख्यौन . होइन भन्ये ता तिमिहरुले आफुलाइ बिगार्नौ १६
अनि आफ्नु लागि कोई खोपीयेको मूर्त्ति अर्थात् कोइ थोक्को रूप्
बनाउंछौ त्यो पुरुष्को रूप् हवस् कि स्त्रीको हवस् पृथिवीको कोई १७
पशुको कि आकाश्मां उड्ने कोई पंक्षीको रूप् हवस् कि भूमिमां बगि १८
हिंड्ने कोइको रूप् कि पृथिवी मुनिको पानीमांको कोई माच्छाको रूप्
हवस् . अनि होइनभन्ये ता जब तैंले आकाश् तिर आंखा उचालि सूर्ज १९
चन्द्र र ताराहरु अं आकाश्का सिंगे सेनालाइ देख्लास् तब तैंले तानीयेर
तिनलाइ दण्डवत् र तिनको सेवा गर्नु लाग्लास् जुन्हरुलाइ तेरो.
ईश्वर् यहुवेले सिंगे आकाश् मुनिका सबै लोग् लोग्को लागि बांडि
दियेको छ । तर तिमिहरुचाहिंलाइ यहुवेले लियेर त्येस् फलम्को भट्टी देखि २०
अर्थात् मिस्र देखि निकालि ल्यायो तिमिहरु निज् भाग्को एक् लोग्
हव भन्यर जस्तो आजु छ । येस् उप्रान्त यहुवेले तिमिहरुको कारण्ले मं २१
देखि रिसायेर तं यर्दन् पारि जांनु पाउंदैनस् अनि जुन् जाति देस् इस्राएल्को
ईश्वर् यहुवेले त्यो त्येस्को अधिकार् गरि दिंनु आंटेको छ त्येस्मां तं
पस् पाउंदैनस् भन्यर किरिया खायो . तर मैंले येसै देस्मां मंनु पर्यको छ २२

मं यर्दन् पारि जांनु पाउंदींन. तर तिमिहरु पारि गयेर त्येस् जाति देस्का
२३ अधिकारी हुंछौ। तर आफु आफु चंख रह होइन भन्ये ता तिमिहरुले
आफ्नु ईश्वर् यह्वेले त्यो तिमिहरु सित बांध्येको उस्को नियम् बिर्स्येर
कोई खोपीयेको मूर्त्ति अर्थात् कोई थोक्को रूप् बनाऔला जो तेरो ईश्वर्
२४ यह्वेले तंलाइ थुन्येको छ। कसोगरिभन्ये तेरो ईश्वर् यह्वे भस्म पार्ने
आगो अं बल्ने ईश्वर् छ॥

२५ तिमिहरुले छोराहरु र छोराहरुका छोराहरु जन्माउंछौ अनि त्येस् देस्मां
धेरै दिन् रह्येका हुंछौ अनि आफुलाइ बिगार्‍यौ अनि खोपीयेको मूर्त्ति अर्थात्
क्येइ थोक्को अनुवार् गरि खोपीयेको मूर्त्ति बनायेर आफ्नु ईश्वर् यह्वेको
२६ सांमु बुराई गरि उस्को रिस् उठाइ दियौ भन्ये देखि. मं आजुको दिन्
स्वर्ग र पृथिवीलाइ तिमिहरुको बिरुद्धमां साक्षी राख्द छु जस् देस्का
अधिकारी हुंनुलाइ तिमिहरु यर्दन् पारि जांनु आंट्येका छौ त्येस् देखि
छिट्टै स्यांट्टै नास् होइ जांछौ त्येस्मां तिमिहरुको दिन् बढ़ाईंदैन तर स्यांट्टै
२७ नास् पारींछौ। अनि यह्वेले तिमिहरुलाइ अन्येदेसीहरुको बीच्मां
छरपुट्ट पार्छ अनि जहां यह्वेले तिमिहरुलाइ लैजांछ त्यहांका लोगको
२८ बीच्मां तिमिहरु थोर मांत्रै रहंछौ। अनि वहां तिमिहरुले मान्छेहरुका
हातले बनायेका काठ् र ढुंगाका देव्ताहरुको सेवा गर्छौ जुन्हरुले न देख्द
२९ न सुन्द न खांद न सूंघ्द छन्। तर तैंले वहां पनि आफ्नु ईश्वर्
यह्वेलाइ खोज्यिस् भन्ये देखि त आफ्नु पूरो मन् र आफ्नु पूरो प्राण्ले
३० उस्लाइ खोजिस् भन्ये उस्लाइ पाउंछस्। तं कष्टमां पर्दा अनि यि सबै कुरा तं
मांथि आइ लाग्दा अन्तका दिनमां आफ्नु ईश्वर यह्वे तिर फर्कंछस् अनि
३१ उस्को कुरा सुन्छस्. किनभन्ये तेरो ईश्वर् यह्वे दयालु ईश्वर् छ उस्ले तंलाइ
त्यागि दिंदैन न नास् पार्छ अनि उस्ले तेरा पित्रहरु सित खायेको किरिया
३२ नियम् बिर्सँदैन। कसोगरिभन्ये जो दिन् तं भन्दा पहिले बिति गये अं
ईश्वर्ले मान्छेलाइ पृथिवीमां सिर्ज्येको दिन् सित र अकाश्को एक् छेउ
देखि अर्को छेउ सम्म सित पनि क्ये येस्तो तुलो कुरो कैलेइ भयेको छ कि
३३ त्यो जस्तो सुनीयेको छ भनि सोध्। कि कैलेइ कुनै लोग्ले ईश्वर्को
शब्द आगोको बीच् देखि बोल्दै गर्‍येको सुन्यो जस्तो तैंले सुनिस् अनि
३४ जीउंद छस्। कि क्ये ईश्वर्ले कैलेइ कोई लोग्लाइ परीक्षा र चिंनु र
आश्चर्ज्यकर्म्म र लड़ाईं र बल्लियो हात् र पसार्‍येको बांहां र तुला डर्हरुको
बाटोले अरु कोई लोगको बीच् देखि निकाल्नु खोज्यो जस्तो तिमिहरुको
ईश्वर् यह्वेले तिमिहरुको आंखाको सोजि तिमिहरुको लागि मिस्र
३५ देस्मां गर्‍यो। तंचइंलाइ जनाईयो यह्वे चइं उ ईश्वरै हो रछं उ
३६ बाहिक् अरु कोई ईश्वर् रैनछ भनि तैंले थाहा पाउंनुलाइ। स्वर्ग बाटो
उस्ले तंलाइ आफ्नु शब्द सुनायो तंलाइ शिक्षा दिंनुलाइ. अनि पृथिवीमां
उस्ले तंलाइ आफ्नु तुलो आगो देखायो अनि तैंले आगोको बीच् देखि
३७ उस्का बचन्हरु सुनिस्। अनि उस्ले तेरा पित्रहरु सित प्रेम् राख्येक

कारणले उस्ले तिनिहरुको पक्षि पनि तिनका बंशलाइ क्षन्यो अनि आफै
सामेल् भइ आफ्नु बढ्दो सामर्थले तंलाइ मित्र देखि निकालि ल्यायो
उस्ले यो तं भन्दा बढ्दो र सामर्थी लोग्लाइ तेरो सांमु देखि धपाउंनुलाइ ३८
अनि तंलाइ भित्र ल्याउंनुलाइ तिनिहरुको देस् तंलाइ अधिकार् गरि
दिंनुलाइ जस्तो आजु क्ष । त्येस्कारण् आजु जान् अनि आफ्नु मन्मां बिचार् ३९
गर् यहुवे चइं उह मांथि स्वर्गमां र तल पृथिवीमां ईश्वर् क्ष. अरु कोई
क्षैन । येस्कारण् मैले आजु तंलाइ सुनायेका उस्का बिधि र आज्ञाहरु मान् ४०
र तेरो र तेरो पक्षि तेरा क्षोराहरुको पनि भलो हुवस् अनि जुन् देस् तेरो
ईश्वर् यहुवेले तंलाइ दिंद क्ष त्येस्मां तेरा दिन् बढ्दाईउन् सदाको लागि ॥

तब मूसाले यर्दन् पारि सूर्ज उदाउंने तिर तीन्वटा सहर् छुट्यायो ४१
उस्ले अजान्मां र अगाडि देखि दुश्मनि न राखि आफ्नु त्तिमेकिलाइ ४२
मार्ला त्यो उता भागोस् अनि यि सहर्हरुमांको येउटामां भागि गयेर
जीउंदो बांचोस् भन्येर. अर्थात् रुबेनीहरुको लागि बन्मां भयेको तरिको ४३
बेसेर् अनि गादीहरुको लागि गिलाद्मां भयेको रामोत् अनि मनश्शेको
लागि बाशान्मां भयेको गोलान् ॥

(सीनै पर्बत्मां दिईयेको व्यवस्थाबखान्)

फेरि मूसाले इस्राएल्बंशीहरुलाइ कहि सुनायेको व्यवस्था येइ हो. ४४
मूसाले इस्राएल्बंशीहरुलाइ मित्र देखि निक्षि आये पक्षि भन्येका साक्षि- ४५
बचन् र बिधि र नियाबचन्हरु यिनै हुन्. यर्दन् वारि एमोरीहरुको राजा ४६
हेश्बोन्मां बस्ने सीहोन्को देस्मां बस्पोर्को सांमु भयेको तरिमां बस्ने
उस् राजालाइ मूसा र इस्राएल्बंशीहरुले मित्र देखि निक्ल्ये पक्षि मार्ये.
अनि त्येस्को देस्का र बाशान्को राजा ओगको देस्का अधिकारी भये जो ४७
यर्दन् वारि घाम् झुल्कने तिर एमोरीहरुका दुइ राजा थिये अर्थात् ४८
अर्नोन्को खोला क्षेउमां भयेको अरोएर् देखि सीओन् अर्थात् हेर्मोन् पर्बत्
सम्म अनि यर्दन् वारि पूर्व तिर अराबाको समुन्द्र सम्म पिस्गाको ४९
उकालो मुनि मुनि सिंगै अराबाका पनि अधिकारी भये ॥

तब मूसाले सिंगै इस्राएल्लाइ बोलायेर तिनिहरुलाइ भन्यो हे ५ १
इस्राएल् जुन् जुन् बिधि र नियाबचन् मं आजु तिमिहरुका कानमां सुनाउंद
क्षु ति सुन र ति सिक र गर्नुलाइ मान । हांमिहरुको ईश्वर् यहुवेले २
होरेब्मां हांमिहरुम सित नियम् बांध्यो । यहुवेले यो नियम् हांम्रा पित्रहरु ३
सित होइन तर हांमिहरुम सित जो सबै आजु यहां जीइ रह्येका क्षौं अं
हांमिहरुइ सित बांध्यो । पर्बत् मांथि आगोको बीच् देखि यहुवेले तिमिहरु ४
सित सांमु सांमु बात् गर्यो । त्येस् बेलामां मैंने यहुवेको र तिमिहरुको ५
बीच्मां यहुवेको बचन् तिमिहरुलाइ जनाउंनुलाइ उभीइ रह्यें. किनभन्ये
तिमिहरु त्यो आगो देखि डराइ पर्बत् मांथि चढ्दैन तब यहुवेले
तिमिहरुलाइ येसो भन्यो अर्थात्

६ मं तेरो ईश्वर् यह्वे हुं जस्ले तंलाइ मिस्रको देस् देखि अं बंधुवाईको घर् देखि निकालि ल्यायो ॥

७ मेरो सांमु तेरा अरु कोई ईश्वर् हुंदैनन् ॥

८ तैंले आफ्नु लागि कोई खोपीयेको मूर्त्ति न बना न कसै रूप्को अनुवार् ज्ये मांथि स्वर्गमां अनि ज्ये तल पृथिवीमां अनि ज्ये पृथिवी मुनि
९ भयेको पानीमां छ. तैंले आफुलाइ तिनिहरुको सांमु न निउंरा अनि न तिनिहरुको सेवा गर्. किनभन्ये मं तेरो ईश्वर् यह्वे रापीलो ईश्वर् हुं पित्रहरुको दुष्टेईंको दण्ड सन्तानहरु मांथि मंलाइ हियाउंनेहरुका तीस्रो र
१० चौथो पुस्ता मांथि पुऱ्याइ दिंने अनि मं सङ प्रेम् गर्नेहरु र मेरा आज्ञा मान्नेहरुका सहस्र सहस्र (पुस्ता) मांथि दया गर्ने ॥

११ तैंले आफ्नु ईश्वर् यह्वेको नांउ व्यर्थैमां न ले. किनभन्ये यह्वेले उस्को नांउ व्यर्थैमां लिंनेलाइ निर्दोष् ठहराउंदैन ॥

१२ आफ्नु ईश्वर् यह्वेको आज्ञा अन्सार् बिश्राम्को दिन् मान्ने गर्नु।
१३ १४ तैंले छ दिन्भरि काम्काज् गऱ्येर आफ्ना सबै काम् गर्. तर सातौं चइं दिन् तेरो ईश्वर् यह्वेको लागि बिश्राम् हो. तैंले त्येस्मां केइ काम् न गर् तैंले न तेरो छोरोले न तेरी छोरीले न तेरो चाकरेले न तेरी चाकरेनीले न तेरो गोरुले न तेरो गदाहाले न तेरो कोई पशुले न तेरा ढोका भित्र भयेको
१५ पर्देसीले र तेरा चाकरे र चाकरेनीले पनि तैंले झैं बिसाउन्। अनि तं मिस्र देस्मां दास् थिइस् अनि तेरो ईश्वर् यह्वेले तलाइ बल्लियो हात् र पसाऱ्येको बांहांले निकालि ल्यायो भनि सर्झना राख्. येसैकारण् तेरो ईश्वर् यह्वेले तंलाइ बिश्राम्को दिन् मान्ने आज्ञा दियो ॥

१६ आफ्नु ईश्वर् यह्वेको आज्ञा अन्सार् आफ्नु बाबु र आफ्नी आंमालाइ मानमनीतो गर्. र जुन् भूमि तेरो ईश्वर् यह्वेले तंलाइ दिंद छ त्येस्मां तेरा दिन् बढाईउन् अनि तेरो भलो हवस् ॥

१७ तैंले हत्या न गर् ॥

१८ न व्यभिचार् गर् ॥

१९ न चोरी गर् ॥

२० न आफ्नु क्षिमेकि मांथि झूठो साक्षी दे ॥

२१ न आफ्नु क्षिमेकिकी स्वास्नीको लालच् गर् अनि न आफ्नु क्षिमेकिको घर्को न त्यस्को खेत्को न त्येस्को कमांरोको न त्येस्की कमांरीको न त्येस्को गोरुको न त्येस्को गदाहाको न कसै पनि थोक्को ज्ये तेरो क्षिमेकिको छ इच्छे गर् ॥

२२ यि बचन् यह्वेले त्येस् पर्वत् मांथि आगो र बादल र बाक्लो अंध्यारोको बीच् देखि बड़ो शब्द गरि तिमिहरुको सिगै सभालाइ भन्यो. तर अरु
२३ थप्येन। अनि उस्ले ढुंगाका दुवटा पाटीहरुमां ति लेख्येर मंलाइ दियो। अनि येसो भयो पर्वत् आगोले बल्दै गर्दा जब तिमिहरुले त्यो शब्द अंध्यारोको बीच् देखि आउंदै गऱ्येको सुन्यौ तब तिमिहरु अर्थात् तिमिहरुका कुलका

सबै मूलहरु र तिमिहरुका प्राचीनहरुले मं यांइ आयेर भन्नु लाग्ये २४
हेर हांमिहरुको ईश्वर् यहूवेले हांमिहरुलाइ आफ्नु महिमा र बड़ाइवाई
देखायेको छ अनि हांमिहरुले उस्को शब्द आगोको बीच् देखि आउंदै गर्यको
सुन्येका छौं . हांमिहरुले आजु देख्येका छौं ईश्वर्ले मान्छेहरु सित बात् गर्यो
र पनि तिनिहरु जीइ रह्येका । त अब हांमिहरु किन मरूं कसोगरिभन्ये २५
येस् बड़ो आगोले हांमिहरुलाइ भस्म पार्छ . हांमिहरुले आफ्नु
ईश्वर् यहूवेको शब्द अब फेरि सुन्यूं भन्ये देखि ता मर्छौं । किनभन्ये सिंगै २६
जीवधारीहरुमांको को येस्तो छ जस्ले हांमिहरुले झैं आगोको बीच्
देखि बोल्दै गर्न जीउंदो ईश्वर्को शब्द सुनिकन जीइ रह्येको छ ।
आफुने नजिक् जांनु हवस् र जे जे हांमिहरुको ईश्वर् यहूवेले भन्छ सुन्नु २७
हवस् . फेरि जे जे हांमिहरुको ईश्वर् यहूवेले आफुलाइ भन्छ त
हांमिहरुलाइ भन्नु हवस् हांमिहरु ति सुनि मान्छौं । त जब तिमिहरुले २८
यि कुरा मंलाइ भन्यौ तब यहूवेले तिमिहरुका कुराको शब्द सुनि मंलाइ
भन्यो तिनिहरुले तं सित भन्येका यि लोगका कुराको शब्द मैले सुन्येको छु .
तिनले जे भन्ये ति सबै जातिनै भन्ये । हाय् मेरो भय् मान्ने र मेरा सबै २९
आज्ञा गर्ने मन् सबै दिन् तिनिहरुको हवस् र सदाभरि तिनिहरुको र
तिनिहरुका छोराहरुको भलो हवस् । गयेर तिनलाइ आफ्नु आफ्नु ३०
डेरामां फर्कि जाव भन् । तर तं चइं यहां मं छेउ उभीइ रह् मं तंलाइ तैंले ३१
तिनिहरुलाइ सिकाउंनु पर्ने सबै आज्ञा र बिधि र नियाव्चन् कहंकु र
ति तिनिहरुले मैंले तिनिहरुलाइ अधिकारी तुल्याउंनु आंटेको देसमां
गरून् । त तिमिहरु आफ्नु ईश्वर् यहूवेको आज्ञा अनुसार् गर्नुलाइ मान . ३२
न दाहीनो न बांउ फर्कं । जुन् बाटोमां हिड्नु आज्ञा तिमिहरुको ईश्वर् ३३
यहूवेले तिमिहरुलाइ दियेको छ त्येसमां हिंड्दै रह र जीइ रह अनि
तिमिहरुको भलो हवस् अनि जुन् देसका अधिकारी तिमिहरु हुंकौ
त्येसमां तिमिहरुका दिन् बढ़ाईउन् ॥

(आज्ञाकारी हुंनुलाइ चेताउंनी)

अब तिमिहरुको ईश्वर् यहूवेले जुन् आज्ञा बिधि र नियाव्चन् ६ १
तिमिहरुलाइ सिकाउंने आज्ञा दियेको छ जो तिमिहरुले तिमिहरु
अधिकारी हुंनुलाइ पारि जांनु आंटेको देसमां गरौला ति यिने हुन् .
तैंले अं तैंले र तेरा छोरोले र तेरो छोरोको छोरोले आफ्नु ईश्वर् यहूवेको २
भय् मानि उस्का ति सबै बिधि र आज्ञा जो मं तंलाइ आज्ञा दिंद छु
आफ्नु जाउंनो भरि मान्नुलाइ अनि येमोर तेरा दिन् बढ़ाईउन् भन्ये
खातिर्ले । त हे इस्राएल् मन् अनि त्यो गर्नुलाइ मान् र तेरो भलो ३
हवस् अनि तेरा पित्रहरुको ईश्वर् यहूवेको बचन् अनुसार् त्यो हुद् र
मह बहने देसमां तिमिहरु बेधि बढ़ ॥

४ सुन् हे इस्राएल्. हांमिहरुको ईश्वर् यहूवे एकैवटा यहूवे छ.
५ त तैंले आफ्नु ईश्वर् यहूवे सङ आफ्नु पूरो मनले अनि आफ्नु पूरो
६ प्राणले अनि आफ्नु पूरो शक्तिले प्रेम् गर्। अनि यि बचनहरु जो मं आजु
७ तंलाइ आज्ञा दिइ भन्द छु ति तेरा मनमां रहुन्. अनि तैंले ति आफ्ना
छोराहरुलाइ बलैले सिकाइ दे अनि घरमां बस्दा र बाटोमां हिंड्दा र
८ ढल्कंदा र उठ्दा तिनको चर्चा गर्न गर्। अनि ति आफ्ना हातमां
चिंनु गरि बांध् अनि ति तेरा आंखाको बीचमां टीका जस्ता होउन्।
९ अनि ति आफ्नु घरका सहारहरुमां र ढोका ढोकामां लेख्॥
१० अनि येसो हुंछ जब तेरो ईश्वर् यहूवेले तंलाइ त्येस् देसमां पुऱ्याउंछ
जस्को बिषयमां उस्ले तेरा पित्रहरु अब्राहाम् इस्हाक् र याकूब् सित
११ किरिया खायो अर्थात् तैंले न बनायेका ठुला र राम्रा सहरहरु अनि
तैंले न भर्येका सबै जाति थोकले भरीयेका घरहरु र तैंले न खन्येका
१२ पोखरिहरु र तैंले न रोप्येका दाख् र भट्टाले खाइ तं अघाउंछस् त
चंख रह् होइन भन्ये ता तैंले तंलाइ मिस्र देस् अं बन्धुवाईको घर् देखि
१३ निकालि ल्याउंने यहूवेलाइ बिर्सलास् आफ्नु ईश्वर् यहूवेकै भय् मान्
१४ उसैको सेवा गर् अनि उसैको नांउको किरिया खा। तिमिहरुले
परायदेवताहरु अर्थात् तिमिहरुका वरिपरिका लोगका देवताहरुलाइ न
१५ पछ्याव। किनभन्ये तेरो ईश्वर् यहूवे जो तेरो बीचमां छ उ रापीलो
ईश्वर् छ होइन भन्ये ता तेरो ईश्वर् यहूवेको रिस् तं मांथि उठ्छ र
उस्ले तंलाइ पृथिवीको मुख् मांथि देखि नास् पार्छ॥
१६ जसोरि तिमिहरुले मस्सामां आफ्नु ईश्वर् यहूवेको परीक्षा गऱ्यौ
१७ त्येसोरि उस्को परीक्षा न गर। आफ्नु ईश्वर् यहूवेको आज्ञा उस्का
साक्षीबचन् र बिधिहरु जो उस्ले तिमिहरुलाइ आज्ञा दिएको छ खबरदारी
१८ सङ मान। अनि यहूवेको दृष्टिमां जे जे सोजो र जाति छ त्येइ
गर्. र तेरो भलो हुवस् अनि जुन् जाति देसको बिषयमां यहूवेले
तेरा पित्रहरु सित किरिया खायो त्येसमां पसि त्येस्का अधिकारी हो
१९ अनि उस्ले आफ्नु बचन् अनुसार् तेरा सबै सत्रुहरुलाइ तेरो सांमु देखि
निकालि देवस्॥
२० जब आउंदो दिनमां तेरो छोरोले तं सित हांमिहरुको ईश्वर् यहूवेले
तिमिहरुलाइ आज्ञा दिएका ति साक्षीबचन् र बिधि र नियाबचनको अर्थ
२१ क्या हो भनि सोध्छा तब आफ्नु छोरोलाइ भन् हांमिहरु मिस्रमां
फिरऊनका दास थियौं तर यहूवेले हांमिहरुलाइ बलियो हातले मिस्र देखि
२२ निकालि ल्याएो. अनि यहूवेले हांमिहरुका आंखाको सांमु ठुला ठुला र
दुख्ख दिने चिंनु र आश्चर्यकर्म मिस्र मांथि फिरऊन् र त्येका सबै जहान्
२३ मांथि प्रगट् गऱ्यो. अनि हांमिहरुलाइ यहूं उस्ले यहां बाटो निकालि
ल्याएो हांमिहरुलाइ यहां ल्याउंनु र उस्ले हांमिहरुका पित्रहरु सित
२४ किरिया खायेको देस् हांमिहरुलाइ दिंनुलाइ। अनि यहूवेले हांमिहरुलाइ

यि सबै बिधि मान्नुलाइ र आफ्नु ईश्वर् यहूवेको भय् मान्ने आज्ञा दियो
सबै दिन् हांमिहरुको भलो हवस् र उस्ले हांमिहरुलाइ जीउंदो बचावस्
जस्तो आजु छ। अनि हांमिहरुले आफ्नु ईश्वर् यहूवेको सांसु जस्तो २५
उस्ले हांमिहरुलाइ आज्ञा दियेको छ त्येसै यि सबै आज्ञा गर्नु मान्यूं त
येइ हांमिहरुको लागि धर्म्म गनींछ भन्येर ॥

(कनानीहरु देखि अलग् रहंने आज्ञा)

जब तेरो ईश्वर् यहूवेले तंलाइ त्यो तं अधिकारी हुंनुलाइ जांनु ७१
आंटेयको देसमां पुग्याउंछ अनि धेरै लोगलाइ तेरो सांमु देखि धपाउंछ
अर्थात् तं भन्दा ठुला र सामर्थी यि सात् लोगलाइ अर्थात् हित्ती गिर्गाशी
एमोरी कनानी परिज्जी हिव्वी र यबूसीहरुलाइ अनि जब तेरो २
ईश्वर् यहूवेले तिनिहरुलाइ तेरो तावेमां पारि दिंछ तब तेंले तिनलाइ
भाकल् गरीयेको थोक् झैं नास् पार्छस् तिनिहरु सित बाचा न बांध्नु न
तिनिहरु मांथि दया गर्नु. अनि न तिनिहरु सित कुटुम्बेरी गर्नु न ता ३
आफ्नी छोरी त्येस्को छोरालाइ दिंनु अनि न ता त्येस्की छोरी आफ्नु छोराको
लागि लिंनु। किनभन्ये त्येस्ले तेरो छोरोलाइ मंलाइ पछ्याउंनु देखि पराय् ४
देवताहरुलाइ पूजनुलाइ फर्काउंछ. येसोरि यहूवेको रिस् तिमिहरु मांथि
उठ्छ अनि उस्ले छिट्टै तंलाइ नास् पार्छ। तर तिनिहरु सित येस्तो बेहोरा ५
गर्नु तिनका थानहरु भत्काइ दिंनु तिनका मुढ्काहरु भांचि दिंनु अनि
तिनको अशेरीम् भनींने मूर्त्तिहरु काटि ठालि दिंनु अनि तिनका खोप्येका
मूर्त्तिहरु आगोमां डढ्राइ दिंनु। किनभन्ये तं आफ्नु ईश्वर् यहूवेको लागि ६
पवित्र लोग् होस्. तेरो ईश्वर् यहूवेले पृथिवीको मुख् मांथिका सबै लोग्
लोगमांका तंवइंलाइ छान्यो उस्को निज् लोग् हुंनुको लागि। तिमिहरु ७
गन्तिमां अरु सबै लोग् भन्दा बेसि भयेको कारणले यहूवेले तिमिहरु
सित प्रेम् गर्येन न तिमिहरुलाइ छान्यो कसोगरिभन्ये तिमिहरु ता सबै
लोग् भन्दा गन्तिमां थोरै थियौ. तर यहूवेले तिमिहरुलाइ बलियो हातले ८
निकालि ल्याएको अनि बन्धुवाईको घर् अं मिस्रको राजा फिरऊनको हात्
देखि छोड्राइ ल्याएको कारण् यो छ यहूवेले तिमिहरु सित प्रेम् गर्द छ
अनि तिमिहरुका पित्रहरु सित खाएको किरिया पूरो गर्नु खोज्द छ।
त थाहा पाउंनु तेरो ईश्वर् यहूवे उइ ईश्वर् हो अं बिश्वास्योग्य् ईश्वर् जस्ले ९
आफ्ना प्रेम् राख्नेहरु र आज्ञा मान्नेहरु सित सहस्र पुस्ता सम्म आफ्नु
नियम् मान्दे र आफ्नु टिठाई गर्दै रहंद छ तर उस्लाइ घियाउंनेहरुलाइ १०
तिनको आंखाको सांमु साटो फर्काइ दिंद छ तिनलाइ नास् पार्नुलाइ.
आफुलाइ घियाउंनेहरुको बिषयमां उस्ले अबेर् गर्दैन तर त्येस्का आंखाको
सांमु त्येसलाइ साटो दिंछ। येस्कारण् यो आज्ञा र यि बिधिहरु र नियम ११
बचनहरु जो मं आजु तंलाइ आज्ञा दिंद छु गर्नुलाइ मान्॥

१२ अनि येसो हुंक तिमिहरुले यि नियाबचन्हरु सुनि मान्येको कारणले
जुन् नियम् र टिठाईको किरिया तेरो ईश्वर् यहूवेले तेरा पित्रहरु सित
१३ खायेको क् ति उस्ले मान्क्. अनि उस्ले तं सित प्रेम् गर्क् अनि तंलाइ आशीष्
दिंक् अनि बढ़ाउंक्. अनि उस्ले तेरा पित्रहरु सित किरिया खाइकन
तंलाइ दिंनुलाइ भन्येको देसमां उस्ले तेरा शरीरको फल् भूमिका फल्
अन्न दाखरस् र तेलमां आशीष् दिंक् तेरो गाईगोरुको बढ़ति र भेंड़ा
१४ बाख्राका पाठाहरुमां पनि आशीष् दिंक्। तं सबै लोग् भन्दा बेसि
आशीषित् हुंक्स्. तिमिहरुको बीचमां न तिमिहरका पशुहरुमां कोई नर्
१५ कि नारी बांझो हुंक्। अनि यहूवेले तं देखि सबै प्रकारको रोग् लैजांक्
अनि तैंले थाहा पायेका मिस्रका बुरा बेथाहरुमांको कुनै तं मांथि हाल्दैन
१६ तर ति तेरा सब् बैरीहरु मांथि हाल्क्। अनि जाति लोगलाइ तेरो ईश्वर्
यहूवेले तेरो ताबिमां पारि दिंक् ति सबैलाइ तैंले नास् पार्नु तेरा आंखाले
तिनलाइ न टिठाउंनु. न तिनका देवताहरुको सेवा गर्नु किनभन्ये यो तेरो
१७ लागि पासो हुंक्। तैंले आफ्नु मनमां यि लोगहरु मं भन्दा बेसि क्नु
१८ तिनलाइ कसोगरि देस् देखि निकालनु सक्कुं भनिस् भन्ये देखि तिनिहरु
देखि न डरा. तर तेरो ईश्वर् यहूवेले ज्ये ज्ये फिरऊन् सित अं हिंगे मिस्र
१९ सित गर्यो त्यो राम्रोगरि सम्झना गर् अर्थात् तैंले आफ्ना आंखाले
देख्येका बड़ा बड़ा परीक्षाहरु र चिंनुहरु र आश्चर्यकर्महरु र बल्लियो हात् र
पसार्येको बांहां जुन्हरुको बाटोले तेरो ईश्वर् यहूवेले तंलाइ निकालि
ल्यायो. जुन् लोगहरु देखि तं डराउंद क्स् ति सबैलाइ तेरो ईश्वर् यहूवेले
२० त्येसै गर्क्। येस् उप्रान्त तेरो ईश्वर् यहूवेले तिनको बीचमांका जति बांच्येका
र तं देखि लुक्येका हुंक्न् ति न मेटिउंज्याल् सम्म बल्छिउंलाइ पठाइ दिंक्।
२१ त तिनिहरु देखि न डरा. किनभन्ये तेरो ईश्वर् यहूवे तेरो बीचमां क
२२ बड़ा र डरलाग्दो ईश्वर्। अनि तेरो ईश्वर् यहूवेले यि लोगलाइ तेरो
सांमु देखि बिस्तार् बिस्तार् निकालि दिंक्. तैंले तिनिहरलाइ एकै चोटि नास्
२३ पार्नु सक्दैनस् होइन भन्ये ता तं मांथि बनपशुहरु बढ़्नन्। तर तेरो ईश्वर्
यहूवेले तिनलाइ तेरो ताबिमां पारि दिंक् अनि तिनिहरु सत्यनास् न
२४ पारि सक्कुंज्याल् सम्म तिनिहरलाइ नास् गर्दै रहंक्। अनि उस्ले तिनिहरुका
राजाहरुलाइ तेरो हातमां सुम्पि दिंक् अनि तैंले तिनिहरको नावे समेत्
आकाश मुनि देखि मेटि दिंक्स्. तैंले तिनिहरलाइ सत्यनास् न पारंज्याल्
२५ सम्म कोई पनि तेरो सांमु उभीइ रहंनु सक्दैन। तिनका देवताका खोपीयेका
मूर्तिहरु आगोमां डढ़ाइ दिंनु. ति मांथि भेट्याएका चांदी सुनको लालच्
न गर्नु अनि त्यो न लिंनु होइन भन्ये ता तं त्येस्ले फांसीयेलाइ. किनभन्ये
त्यो तेरो ईश्वर् यहूवेका लागि घिनलाग्दो क्. अनि आफ्नु घरमां पनि
२६ कोई येस्तो घिनलाग्दो चीज् न ल्याउंनु होइन भन्ये ता तं पनि त्यो जस्तो
भाकल् गरीयेको चीज् होइ जांक्स्. तर त्यो देखि खांट्टै घिन्ने राख्नु
अनि खांट्टै डर्ने राख्नु किनभन्ये त्यो ता भाकल् गरीयेको चीज् हो॥

(इस्राएल् तिर ईश्वर्को करुणा)

जो आज्ञा मं आजु तंलाइ आज्ञा गर्द कु ति सबै गर्नुलाइ मान्नु ८१
र तिमिहरु जीइ र बढ्दै रह अनि जुन् देस्को विषयमां यहूवेले
तिमिहरुका पित्रहरु सित किरिया खायेको छ त्येस्मां पस अनि त्यो
आफ्नु अधिकार्मां पार । अनि तेरो ईश्वर् यहूवेले तंलाइ दीन् तुल्याउंनु २
र तंलाइ जांचनु र तैंले उस्को आज्ञा मान्छस् कि मान्दैनस् भनि तेरो मन्
थाहा पाउंनुलाइ यि चालीस् बर्ष बन्मां तंलाइ लिहिंड्येको सबै बाटोको
सम्झना राख् । त उस्ले तंलाइ दीन् तुल्यायो अनि भोकै रहंनु दियो ३
अनि तंलाइ त्यो न तैंले न तेरा पित्रहरुले जान्येको मन्न खुवायो उस्ले
तंलाइ मान्छे खालि रोटीले मात्रै होइन तर यहूवेको मुख् देखि निकुलंने
सबै कुराले जीउंद छ भनि सिकाउंनुलाइ । ति चालीसै बर्ष भरि तेरा ४
लुगा तेरो जीउमां पुरानु भइ गयेनन् न तेरा गोड़ा सुनीये । फेरि आफ्नु ५
मन्मां बिचार् गर् तेरो ईश्वर् यहूवेले तंलाइ मान्छेले आफ्नु छोरालाइ
झैं शिक्षादण्ड दिंद छ । त आफ्नु ईश्वर् यहूवेका आज्ञाहरु मान् उस्का ६
बाटामां हिंड्नुलाइ र उस्को भय् मान्नुलाइ । किनभन्ये तेरो ईश्वर् यहूवेले ७
तंलाइ येउटा जाति देस्मां पुऱ्याउंद छ अर्थात् पहाड़ र तरि देखि निकुलंने
पानीका गहीरा गहीरा र खोल्चा र कुवा भयेको देस् गहूं जऊ ८
दाख् नेभारा र दारीम् भयेको देस् तेलभद्राते र मह भयेको देस् जुन् ९
देस्मां महंगो न भयेको रोटी खांकुस् अनि जस्मां तेरो केइ थोक्को
घटि हुंदैन जस् देस्का ढुंगा फलमै छन् जस्का पहाड़ देखि तैंले तांबा
खन्न पाउंछस् । त जब तं खायेर अघाउंछस् तब तेरो ईश्वर् यहूवेले १०
तंलाइ दियेको त्येस् जाति देस्को लागि उस्को धन्यबाद् गर् । चंत रह ११
होइन भन्ये ता आफ्नु ईश्वर् यहूवेलाइ बिर्स्यर आजु मैंले तंलाइ आज्ञा
दियेका उस्का आज्ञा र नियाबचन् र बिधिहरु मानोईनस् . होइन भन्ये ता १२
जब तं खायेर अघाउलास् अनि जाति जाति घर् बनायेर तिनमां बस्लास्
अनि जब तेरा गाईगोरुहरु र भेंड़ाबाख़ाहरु बढ्नन् अनि तेरा सुन् चांदी १३
बढ्नन् अं तेरो जे जे छन् सब् थोक् बढ्नन् तब तेरो मन् फुलीयेला १४
अनि तैंले तंलाइ मिस्रको देस् अं बन्धुवाईको घर् देखि निकालि ल्याउंने
आफ्नु ईश्वर् यहूवेलाइ बिर्सलास् जस्ले त्यो तुलो र डरलाग्दो बन् १५
बाटो जहां अग्निसर्प र बिच्छु थिये अनि पानी बिना निस्कायेको भूमि
थियो तंलाइ लिहिंड्यो . जस्ले तेरो लागि पानी टल्सींग ढुंगा देखि पनि
निकाल्यो जस्ले तंलाइ बन्मां तेरा पित्रहरुले न जान्येको मन्न १६
खुवाउंदै रह्यो तंलाइ दीन् तुल्याउंनुलाइ अनि तंलाइ जांचनुलाइ अन्तमां
तेरो भलो गर्नुलाइ . अनि तैंले आफ्नु मनमां मेरो सामर्थ र मेरो हातको १७
बलले मंलाइ यो धन् गरायो भन्लास् । तर आफ्नु ईश्वर् यहूवेलाइ १८
सम्झनु किनभन्ये उह हो जस्ले तंलाइ धन् प्राप्त हुंने सामर्थ दिंद छ उस

तेरा पित्रहरु सित किरिया खायेको नियम् ठहराइ बांध्नुलाइ जस्तो आजु
१९ कु। अनि येसो हुंकु तैंले आफ्नु ईश्वर् यहूवेलाइ कैलेइ बिर्सिस् अनि पराय्
देवताहरु पक्कि हिंड़ि तिनको सेवा र तिनलाइ दण्डवत् गरिस् भन्ये मं आजु
२० तिमिहरुलाइ साक्षी राख्द कु तिमिहरु नष्ट ता नष्ट हुंकौ। जुन् लोगलाइ
यहूवेले तिमिहरुको सांमु देखि नष्ट पार्नु आंटेयको कु तिनैहरुलाइ झैं
आफ्नु ईश्वर् यहूवेको शब्द न मान्येको कारणले तिमिहरु नष्ट हुंकौ॥

(इस्राएलीहरुले गर्‍येको गन्गनाई र आज्ञा न मनाई)

९ १ हे इस्राएल् सुन्. आजु यर्दन् पारि जांनु आंटेयको कुस् तं भन्दा
बड़ा र सामर्थी लोगलाइ र अकाश् सम्म घेरा भयेका ठुला ठुला सहर्
२ आफ्नु अधिकारमां पार्नुलाइ अं बड़ा र अलगा अलगा एक् लोग्
अनाकूबंशीहरु जस्ताइ तं चिन्द कुस् जस्को बिषयमां तैंले अनाकूबंशीहरुको
३ सांमु को उभौंनु सक्कु भन्येको सुन्येको कुस्। त आजु जानि राख् तेरो ईश्वर्
यहूवे उइ हो जो भस्म पार्ने आगो जस्तो तेरो अघि अघि पारि जांद कु
उसैले तिनिहरुलाइ नास् पार्कु अनि उसैले तिनिहरुलाइ तेरो सांमु
निउंराउंकु. येसोरि तैंले तिनिहरुलाइ यहूवेले तंलाइ भन्येको अनुसार्
४ धपाउंकुस् अनि एकै चोटि नास् पार्कुस्। जब तेरो ईश्वर् यहूवेले
तिनिहरुलाइ तेरो सांमु देखि निकालि सक्कु तब आफ्नु मनमां मेरो
धर्म्मको कारणले यहूवेले मंलाइ येस् देसको अधिकारी हुंनुलाइ ल्यायो
भन्येर न भन्. तर ति लोगको दुष्टैंको कारणले यहूवेले तिनलाइ तेरो
५ सांमु देखि धपाउंदै कु। तं आफ्नै धर्म्मको कि आफ्नै मनको सोजैंको
कारणले तिनको देश् अधिकारमां पार्नुलाइ पस्दैनस्. तर यि लोगको
दुष्टैंको कारणले तेरो ईश्वर् यहूवेले तिनिहरुलाइ तेरो सांमु देखि
धपाउंनु आंटेयको कु अनि जुन् बचन् यहूवेले तेरा पित्रहरु अर्थात्
अब्राहाम् इसहाक् र याकूब् सित किरिया खायेको थियो त्यो स्थिर्
६ गराउंनुको लागि पनि हो। त यो जानि राख् तेरो ईश्वर् यहूवेले तंलाइ तं
यो जाति देसको अधिकारी हुंनुलाइ दिंद कु त तेरो धर्म्मको कारणले होइन
७ किनभन्ये तं ता कठोर् गर्धनको लोग् कुस्। सम्झना राख् अनि कैलेइ न
बिर्सि तैंले कसोगरि बनमां आफ्नु ईश्वर् यहूवेलाइ रिस् उठाइस्. तं मिस्र
देस् देखि निकल्येको दिन् देखि यो ठाउंमां न पुर्‍यञ्जाल् सम्म तिमिहरु
८ यहूवे सित झगरे हुंदै रह्यौ। फेरि होरेबको कुउमां पनि तिमिहरुले
यहूवेलाइ रिसै उठायौ अनि यहूवे तिमिहरुलाइ नास् पार्नु सम्म गरि
९ तिमिहरु मांथि रिसायो। जब मं ढुंगाका पाटीहरु अर्थात् यहूवेले तिमिहरु
सित बांध्येका नियमका पाटीहरु पाउंनुलाइ त्येस् पर्वतमां चढ़ि गयेको
थियें तब मं रोटी न खाइ अनि पानी न पीइ चालीस् दिन् र चालीस्

रात् पर्वतमां रह्यें । अनि यहूवेले मंलाइ ईश्वरको औंलाले लेख्येका दुंगाका १०
दुवटा पाटी सुम्प्यो अनि जति बचन् यहूवेले पर्वत् मांथि आगोको बीच्
देखि सभाको दिनमां तिमिहरुलाइ भन्येको थियो ति सबै तिनैमां लेख्येका
थिये। अनि येसो भयो चालीस् दिन् र चालीस् रात् बित्येकोमां यहूवेले ११
दुंगाका दुवटा पाटी अर्थात् नियमका पाटी मंलाइ दियो । तब यहूवेले १२
मंलाइ भन्यो उठ् छिट्टो यहां बाटो उत्रि जा किनभन्ये तेंले मिस्र देखि
ल्याथेका तेरा लोगले आफुलाइ भरष्ट पार्ये जुन् बाटोको आज्ञा मैंले
तिनलाइ दियेको थियें त्यो देखि तिनिहरु छिट्टै तर्कि गये आफ्नु लागि
येउटा मूर्त्ति ढालि बनाये भनि । फेरि यहूवेले मंलाइ भन्यो यि लोगलाइ १३
मैंले हेर्यें त हेर यिनिहरु कठोर् गर्दनका लोग् राछन् . मंलाइ छोड़ि दे १४
मं तिनिहरुलाइ नास् पार्छु अनि स्वर्ग मुनि देखि तिनिहरुको नांउ मेटि
दिंछु . अनि मं तिनिहरु भन्दा तुलो र सामर्थी येउटा लोग् तें देखि
बनाउंछु भनि । तब मं फर्कर पर्वत् बाटो उत्रि आयें अनि पर्वतमां आगो १५
बलि रह्येको थियो . अनि मेरा दुवै हातमां नियमका दुवटा पाटी
थिये । अनि मैंले हेर्यें त हेर तिमिहरुले आफ्नु ईश्वर् यहूवेको बिरुद्धमां १६
पाप् गर्ये छौ अर्थात् तिमिहरुले आफ्नु लागि ढाल्येको बाच्छा बनाये छौ .
यहूवेले तिमिहरुलाइ आज्ञा दियेको बाटो देखि तिमिहरु छिट्टै तर्कि
गये छौ । त मैंले दुवै पाटी समात्येर आफ्ना दुवै हात् देखि फ्यांक्येर १७
तिमिहरुका आंखाको सांमु फुटाइ दियें । तब मं पहिले झैं यहूवेको सांमु १८
चालीस् दिन् र चालीस् रात् घोप्टो परि रह्यें अनि न रोटी खायें न पानी
पीयें तिमिहरुले गर्येका तिमिहरुका सबै पापको कारणले जब तिमिहरुले
यहूवेको सांमु उस्को रिस् उठाउंनुलाइ दुष्टैं गर्येका थियौ । किनभन्ये मं १९
यहूवेको त्यो क्रोध् र बल्दो रिस् देखि डराउंद थियें ज्येले उ तिमिहरुलाइ
नास् पार्नुलाइ रिसायेको थियो । तर त्येस् खेप् पनि यहूवेले मेरो सुन्यो ।
अनि यहूवे हारून् देखि पनि त्येस्लाइ नास् पार्नुलाइ औधि रिसायो . त त्येति २०
बेला मैंले हारूनको लागि पनि बिन्ति गर्यें । त्यहांदेखि मैंले तिमिहरुले २१
बनायेको बाच्छा अर्थात् तिमिहरुको पाप् लियेर आगोमां डड़ायें अनि
मसौनो धूलो होउंज्याल् सम्म मसौनो चूर्ण पारि कुटेंर . त्यहांदेखि मैंले
त्येस्को धूलो त्यो पर्वत् बाटो झर्ने खोल्चामां हालि दियें । फेरि तबेरामां २२
र मस्सामां र किब्रोथत्ताबामां पनि तिमिहरुले यहूवेको रिस् उठायौ । फेरि २३
जब यहूवेले तिमिहरुलाइ कादेशबर्ने देखि त्यो मैंले तिमिहरुलाइ दियेको
देशमां चढ़ि गयेर अधिकारमां लेव भनि पठायें तब पनि तिमिहरुले
आफ्नु ईश्वर् यहूवेको आज्ञाको बिरुद्धमां झगराझगराई गर्यौ अनि न
उस्लाइ पत्यायौ न उस्को कुरा मान्यौ । जस् दिन् देखि मं तिमिहरुलाइ २४
जान्न छु त्येस दिन् देखि तिमिहरुले यहूवेको बिरुद्धमां झगराझगराई गर्न
गर्यौ । त मं यहूवेको सांमु घोप्टो पर्येर ति चालीस् दिन् र चालीस् रात् २५
घोप्टो परि रह्यें किनभन्ये यहूवेले तिमिहरुलाइ नास् पार्नु भन्येको थियो । त २६

मैंले येसो भन्येर यहूवे सित बिन्ति गर्यें कि प्रभु यहूवे आफ्नु लोग् र आफ्नु
निज् भाग् जस्ताइ तपांइले आफ्नु बड़ाहुवाईले छोड़ाउंनु भयो अनि
बलियो हातले मिस्र देखि निकालि ल्याउंनु भयो त्येस्ताइ नास् न पार्नु
२७ हुवस् । आफ्ना दास्हरु अब्राहाम् इस्हाक् र याकूब्लाइ सम्झनु हुवस्
२८ तर यि लोग्को अट्टेरईं र दुष्टेईं र पाप् मांथि न हेर्नु हुवस् . होइन भन्ये
ता त्यो तपांइले हामिहरुलाइ निकालि ल्याएको देस्ले येसो भन्छ
तिनिहरुलाइ त्यो देस् दिंनुलाइ बचन् दिंने यहूवेले तिनिहरुलाइ त्येस्मां
पुग्याउंनु सक्येन अनि तिनिहरु देखि इष् पनि राख्द थियो येइ कारण्
उस्ले तिनिहरुलाइ बन्मां मार्नुलाइ तिनिहरुलाइ निकालि ल्याएको छ
२९ भनि । तै पनि यिनिहरु तपांइका लोग् र तपांइको निज् भाग् हुन्
जस्ताइ तपांइले आफ्नु ठुलो सामर्थले र आफ्नु पसार्येको बांहांले
निकालि ल्याउंनु भयो ॥

१० १ त्येस् बेला यहूवेले मंलाइ भन्यो पहिलेका जस्ता ढुंगाका दुवटा
पाटी काटेर मं यांइ पर्वत्मां चढ़ि आ अनि येउटा काठ्को सम्पट्
२ पनि बना । तब तैंले फुटायेका पहिलेका पाटीमां भयेका बचन्हरु मं ति
३ पाटीमां लेख्कु वहांदेखि ति तैंले सम्पट्मां राख् । त मैंले बबूल्काठ्को
येउटा सम्पट् बनायें अनि पहिलेका जस्ता ढुंगाका दुवटा पाटी काटेर
४ अनि मं आफ्ना हातमां ति दुवै पाटि लियेर पर्वत्मां चढ़ि गयें । अनि
जुन् दस् आज्ञाहरु यहूवेले सभाको दिन्मां पर्वत्मां आगोको बीच् देखि
तिमिहरुलाइ भन्येको थियो तिने पहिले लेख्येको भैं उस्ले यि पाटीमां
५ लेख्यो . वहांदेखि यहूवेले ति मंलाइ दियो । तब मं फर्केर पर्वत् बाटो
ओह्लि आयें अनि ति पाटीहरु त्यो मैंले बनायेको सम्पट्मां राख्यें त
६ तिनिहरु यहूवेले मंलाइ गर्येको आज्ञा अनुसार त्येस्मां छन् । (अनि
इस्राएल्वंशीहरु याकान्वंशीहरुका कुवाहरु देखि हिंड़ि मोसेरा सम्म
आये . वहां हारून् मर्यो अनि वहां गाड़ीयो अनि त्येस्को छोरो एलाजार्ले
७ त्येस्को ठांउमां पूजाहारीगिरीमां काम् गर्नु लाग्यो । त्यहां बाटो तिनिहरु
गुद्गोदा सम्म हिंड़ेर अनि गुद्गोदा बाटो योत्बातामां गये जो पानीका
८ खोल्चाहरुको देस् थियो । त्येस् बेलामां यहूवेले लेवीको कुल्लाइ अलग्
गर्यो यहूवेको नियम्को सम्पट् बोक्नुलाइ यहूवेको सांमु उभीइ
रहंनुलाइ उस्को सेवा गर्नुलाइ अनि उस्को नांउले आशीर्वाद् दिंनुलाइ
९ जसो आजु गर्दै छन् । येसे कारणले लेवीहरुलाइ आफ्ना दाज्युभाईहरु सङ्
कोइ भाग् कि अधिकार् छैन मेरो ईश्वर् यहूवेको बचन् अनुसार यहूवेनै
१० त्येस्को निज् भाग् हो ।) त पहिले भैं मं पर्वत्मां चालीस् दिन् र चालीस्
रात् रह्यें . अनि त्येस् खेप् पनि यहूवेले मेरो सुन्यो अनि तंलाइ नास् पार्नु
११ खोज्येन । त यहूवेले मंलाइ भन्यो उठेर लोगको अघि अघि हिंड् र मैंले
तिनिहरुलाइ दिंनु भनि तिनिहरुका पित्रहरु सित किरिया खायेको देस्मां
पस्येर तिनिहरुले त्येस्लाइ आफ्नु अधिकारमां पारुन् ॥

(आज्ञा मान्ने विषयको शिक्षा)

त अब हे इस्राएल् तेरो ईश्वर् यहूवेले तं देखि को मांगद्द क खालि १२
येति मांत्रे अर्थात् आफ्नु ईश्वर् यहूवेको भय् मान् उस्का सबै बाटामां
हिंड्नु उ सित प्रेम् राख्नु अनि आफ्नु पूरो मन्ले र आफ्नु पूरो
प्राण्ले आफ्नु ईश्वर् यहूवेको सेवा गर्नु अनि यहूवेका जुन् जुन् आज्ञा १३
र बिधि मं आजु तेरो भलाईको लागि तंलाइ आज्ञा दिंद कु ति मान्नु ।
हेर् स्वर्ग र स्वर्गहरुको स्वर्ग र पृथिवी पनि अनि त्येस्मां जे जे कुन् ति १४
सबै तेरो ईश्वर् यहूवैकै हुन् । तैपनि यहूवेले तिमिहरुका पित्रहरुलाइ प्यार् १५
गर्नुलाइ मन् पर्‍यो अनि तिनको पछि तिनिहरुका बंश अर्थात् तिमिहरुलाइ
सबै लोग् देखि कान्यो जस्तो आजु क । त अब आफ्नु हिर्दयको १६
खलड़ीको खत्ना गर् अनि अब देखि येसो अट्ठेरी न हव । किनभन्ये १७
तिमिहरुको ईश्वर् यहूवे उइ ईश्वर्हरुको ईश्वर् अनि प्रभुहरुको प्रभु महा
ईश्वर् शक्तिमान् र डरलाग्दो कु जस्ले पन्पक्षाई गर्दैन अनि न घूस् लिंद
कु । उस्ले टुहुरादुहुरीहरु र बिधवीहरुको निया गर्द कु अनि पर्देसीहरुलाइ १८
भोजन् वस्त्र दिइ तिनिहरु सित प्रेम् गर्द कु । त तिमिहरुले पर्देसीहरु १९
सित प्रेम् राख . किनभन्ये मिस्र देस्मां तिमिहरु पनि पर्देसी थियौ ।
आफ्नु ईश्वर् यहूवेको भय् मान् उसैको सेवा गर्नु उसै सित टांसीइ रहंनु २०
अनि उसैको नांउको किरिया खांनु । उइ तेरो स्तुति कु अनि उइ तेरो २१
ईश्वर् कु जस्ले तेरो लागि ति तेरा आंखाले देख्येका तुला तुला र डरलाग्दा
कर्म्महरु गर्‍येको कु । तेरा पित्रहरु ता खालि सत्तरी जना मांत्रे भइ मिस्रमां २२
उत्र्‍येका थिये तर अब तेरो ईश्वर् यहूवेले तंलाइ गन्तिमां आकाशका
ताराहरु झैं पार्‍येको कु ॥

येस्कारण तैंले आफ्नु ईश्वर् यहूवे सित प्रेम् राख् अनि जे उस्ले तेरो ११ १
जिम्मामां दिंयेको कु त्यो र उस्का बिधि र नियावचन् र उस्का आज्ञा सदा
मान् । अनि तिमिहरुले आजु याहा पाव . किनभन्ये मं तिमिहरुका छोराहरु २
सित बोल्दैन जस्ले तिमिहरुको ईश्वर् यहूवेको शिक्षाइगड र बड़ाइवाई र
बलियो हात् र पसार्‍येको बांहां र उस्का चिंनुहरु र मिस्रको बीचमां ३
मिस्रको राजा फिरऊन् र त्येस्को सिंगे देस् सित गर्‍येको उस्का कार्जहरु न
जान्द कुन् न देख्येका कुन् अनि उस्ले मिस्रको पल्टन् र घोड़ाहरु र ४
रथ्हरु सित के गर्‍यो अर्थात् जब तिनिहरुले तिमिहरुलाइ खेद्येका थिये
तब उस्ले कसोगरि लाल् समुन्द्रको पानी तिनिहरु माथि बहायो अनि
कसोगरि यहूवेले तिनलाइ नास् पार्‍यो आजु सम्म फेरि तिमिहरु यहां ५
पुग्ने सम्ममां उस्ले तिमिहरु सित बनमां के के गर्‍यो अनि उस्ले ६
रूबेन्बंशी एलीआबका छोराहरु दातान् र अबिरामलाइ के गर्‍यो अर्थात्
कसोगरि पृथिवीले आफ्नु मुख् बायेर तिनलाइ जहान्हरु डेराहरु र
तिनका पछि पछि लाग्ने सबै जीवधारी समेत् सिंगे इस्राएलको मांझमां

७ निलि दियो. (ति सबै तिमिहरुका क्रोराहरुले देख्नेनन्)। तर तिमिहरुका
चइं आंखाले यहुवेले गर्नेका उस्का सब् बड़ा बड़ा काम् देख्नेका कुन्।
८ येस्कारण् जति आज्ञा आजु मं तिमिहरुलाइ आज्ञा दिंद कु ति सबै मान र
तिमिहरु सामर्थी हुव अनि त्यो तिमिहरु अधिकारी हुंनुको लागि पारि
९ जांनु आंटेयको देस्मां पस्नेर त्येस्का अधिकारी भइ जाव अनि जुन्
देस्को विषयमां यहुवेले तिमिहरुका पित्रहरु सित् त्यो तिनलाइ र तिनका
वंशलाइ दिंकु भनि किरिया खायेको थियो अं दुद् र मह बहंने देस् त्येस्मां
१० तिमिहरुले आफ्नु दिन् बढ़ाव। कसोगरिभन्ये जुन् देस्को अधिकारी
हुंनुलाइ तं जांनु आंटेयको कुस् त्यो देस् मिस्र देस् जस्तो कुन जहां देखि
तिमिहरु निक्लि आयौ जहां तेंले बिउ कुयेर साक्बारी झैं आफ्ना गोड़ाले
११ पानी निकालि भिजाउंद थिइस्. तर जुन् देस्को तिमिहरु अधिकारी
हुंनुलाइ जांनु आंटेयका कौ त्यो डांड़ा र तरिको देस् कु अनि अकाश् बाटो
१२ पर्येको पानी पीउंद कु. अनि त्यो तेरो ईश्वर् यहुवेले धन्दा मान्ने देस् कु
वर्षको थालनि देखि अं त्येस्को अन्त समम तेरो ईश्वर् यहुवेको आंखा त्येस्मां
सदा लागीइ रहंकु॥
१३ अनि येसो हुंकु तिमिहरुले आजु मैंले तिमिहरुलाइ आज्ञा दियेका
मेरा आज्ञाहरु ध्यान् सित सुनि आफ्नु ईश्वर् यहुवे सित प्रेम् राख्यौ अनि
१४ आफ्नु पूरो मनले र आफ्नु पूरो प्राणले उस्को सेवा गर्यौ भन्ये देखि त
मं तिमिहरुको देस्को पानी त्येस्को ऋतु अनुसार् दिंकु अर्थात् थालनि र
टुङ्नि झरि तेंले आफ्ना अन्न दाख्रस् र तेल् भित्र्याउंनुको लागि।
१५ अनि मं तेरा पशुहरुको लागि पनि तेरो खर्कमां घांस् दिंकु त तं खायेर
१६ अघाउंकुस्। त आफ्नु विषयमां चंख रह होइन भन्ये ता तिमिहरुको
मनले धोका खांकु अनि तिमिहरुले तर्कर पराय् देवताहरुको सेवा
१७ गरि तिनलाइ दण्डवत् गर्यौ अनि यहुवेको रिस् तिमिहरु मांथि
उठकु अनि उस्ले पानी न पर्नुलाइ र भूमिले आफ्नु फल् न उप्जाउंनुलाइ
अकाश् थुनि दिंकु अनि यहुवेले तिमिहरुलाइ दिंनु आंटेयको त्येस् जाति
१८ देस् देखि तिमिहरु छिट्टै नष्ट होइ जांकौ। येस्कारण् तिमिहरुले मेरा यि
बचन् आफ्नु मन् र आफ्नु प्राणले समात अनि ति आफ्ना हातमां चिंनु
जस्तो गरि बांधनु अनि ति तिमिहरुका आंखाको बीचमां टीका जस्ता
१९ होउन्। अनि तिमिहरुले घरमां बस्दा र बाटोमां हिंड्दा र ढल्कंदा र
उठ्दा तिनको विषयमां बात् गरि ति आफ्ना क्रोराहरुलाइ सिकाइ देव।
२० अनि आफ्नु आफ्नु घरका सडारहरुमां र आफ्ना ढोका ढोकामां
२१ लेख्नु. र जुन् देस्को विषयमां यहुवेले तिमिहरुका पित्रहरु सित तिनलाइ
दिंने किरिया खायेको कु त्येस्मां तिमिहरुका दिन् र तिमिहरुका क्रोराहरुका
२२ दिन् बढ़ाईउन् अं पृथिवी मांथिको अकाश्का दिन् जस्ता होउन्। किनभन्ये
तिमिहरुले मैंले तिमिहरुलाइ आज्ञा दियेका यि सबै आज्ञा अर्थात्
आफ्नु ईश्वर् यहुवे सित प्रेम् राख्नुलाइ उस्का सबै बाटामां हिंड्नुलाइ

अनि उसै सित टांसीइ रहंनु ति सब् गर्नुको लागि खबर्दारी गरि मान्यौ
भन्ये देखि त यह्वेले यि सबै लोगलाइ तिमिहरुको सांमु देखि २३
धपाउंछ अनि तिमिहरु आफु भन्दा बड़ा र सामर्थी लोगका अधिकारी
हुंछौ। जुन् जुन् ठांउमां तिमिहरुका पैतलाले टेक्छन् ति तिमिहरुकै होइ २४
जांछन्. बन् र लबानोन् देखि र महानदी देखि अर्थात् परात् नदी
देखि पच्छिउंको समुन्द्र सम्म तिमिहरुको सिमाना हुंछ। तिमिहरुको सांमु २५
कोई पनि उभींनु सक्दैन. कसोगरिभन्ये तिमिहरुको ईश्वर् यह्वेले आफ्नु
बचन् अन्सार् तिमिहरुले टेक्येको सिंगो देस्मां तिमिहरुको कारण्ले डर्
र थर्थरेईं लगाउंछ॥

हेर आजुको दिन् मं तिमिहरुको सांमु आशीष् र स्राप् राख्द छु. २६
अर्थात् तिमिहरुले आजु मैंले तिमिहरुलाइ आज्ञा गर्‍येका आफ्नु ईश्वर् २७
यह्वेका यि आज्ञाहरु मान्यौ भन्ये देखि ता आशीषै. तर तिमिहरुले २८
आफ्नु ईश्वर् यह्वेका यि आज्ञाहरु न सुनिकन त्यो आजु मैंले तिमिहरुलाइ
आज्ञा गर्‍येको बाटो देखि तर्क्यौ तिमिहरुले न जान्येका पराय् देव्ताहरुलाइ
पछ्याउंनुलाइ भन्ये देखि ता स्रापै॥

अनि येसो हुंछ जब तेरो ईश्वर् यह्वेले त्यो तं अधिकारी हुंनुलाइ २९
जांनु आंट्येको देस्मां पुर्‍याउंछ तब तैंले आशीष् चइं गरिज्जीम् डांड़ा
मांथि अनि स्राप् चइं एबाल् डांड़ा मांथि राख्। क्ये यि दुइ डांड़ा यर्दन् ३०
पारि घाम् डुब्ने ठांउको पछिल्तिर अराबाका बासी कनानीहरुको देस्मां
गिल्गाल्को सांमु मोरेका बांझ्वृक्षेहरुको छेउमां छैनन्। कसोगरिभन्ये ३१
तिमिहरु यर्दन् पारि जुन् देस् तिमिहरुको ईश्वर् यह्वेले तिमिहरुलाइ
दिंनु आंट्येको छ त्येस्का अधिकारी हुंनु जांद छौ तब तिमिहरु त्येस्का
अधिकारी भयेर त्येस्मां बस्छौ। येस्कारण् जति बिधि र नियाबचन् मं ३२
आजु तिमिहरुको सांमु राख्द छु ति सबै गर्नुलाइ मान॥

(ईश्वर्को सेवा गर्नुको लागि ठहरायेको ठांउ)

जुन् जुन् बिधि र नियाबचन् तिमिहरुका पित्रहरुको ईश्वर् यह्वेले १२ १
तिमिहरुलाइ अधिकारी हुंनुलाइ दियेको देस्मां पृथिवीमां जति दिन् सम्म
जीइ रहौला त्येति सम्म गर्नुलाइ मानौला ति बिधि र नियाबचन् यिनै हुन्।
छुन् लोगको तिमिहरु अधिकारी हुंनुलाइ जांद छौ तिनका देव्ताहरुको २
सेवा गर्ने ठांउ अर्थात् तिनका अल्गा ठांउ मांथि कि डांड़ा मांथि कि सबै
हरीया रुख्हरु मुनिका ठांउहरु निस्से नास् पार्नु. अनि तिनका थान्हरु ३
भत्काइ दिंनु तिनका मुड्काहरु भांचि दिंनु तिनका अशेरीम् भनींने मूर्त्तिहरु
आगोमां डड़ाइ दिंनु अनि तिनका देव्ताहरुका खोप्येका मूर्त्तिहरु ढालि
दिंनु अनि त्यो ठांउ देखि तिनको नांउ मेटि दिंनु। तिमिहरुले आफ्नु ईश्वर् ४
यह्वेको लागि येस्तो क्येइ न गर्नु। तर जुन् ठांउ तिमिहरुको ईश्वर् यह्वेले ५

तिमिहरुका सब् कुलको बीच् देखि आफ्नु नांउ वहां राख्नुको लागि
६ क्रान्क् उस्को त्येइ धाम् सोधुनु अनि उहीं आउंने गर्नु. अनि उहींने
तिमिहरुले आफ्नु होम्बलि र आफ्नु बलिदान् र आफ्नु दसौं अंश र
आफ्ना हात् उचालीयेका भेटिहरु र भाकलका थोक्हरु र मनमानी
७ बलि र आफ्ना गाईगोरु र भेंड़ाबाख्राका जेठा जेठा ल्याउंने गर्नु. अनि
तिमिहरुले उहीं आफ्नु ईश्वर् यहूवेको सांमु खांने गर्नु अनि तिमिहरुले
आफ्ना आफ्ना जहान् समेत्ले तिमिहरुले हात् लगायेका ति सबै काम्
जस्मां तिमिहरुको ईश्वर् यहूवेले तिमिहरुलाइ आशीष् दियेको क्र तिनमां
८ रमाहट् गर्नु। जसो आजु हांमिहरु यहां जे जे आफ्नु आफ्नु दृष्टिमां ठीक्
९ लाग्द क्र त्येइ त्येइ गर्द छौं त्येसो न गर्नु. कसोगरिभन्ये जुन् बिश्राम् र भाग्
तिमिहरुको ईश्वर् यहूवेले तंलाइ दिंनु आंटेको क्र त्यहां तिमिहरु अब
१० सम्म पुग्येका क्रौन। तर जब तिमिहरु यर्दन् पारि गयेर तिमिहरुको ईश्वर्
यहूवेले तिमिहरुलाइ अधिकारी तुल्याउंनु आंटेको देस्मां बस्न लागौला
अनि उस्ले तिमिहरुलाइ तिमिहरुका सबै सत्रुहरु देखि तिमिहरु निडर् भइ
११ रहंनुलाइ बिश्राम् दिंक्र तब येसो हुंक्र जुन् ठांउ तिमिहरुको ईश्वर्
यहूवेले आफ्नु नांउ वहां बास् गराउंनुको लागि क्रान्क् त्येस् ठांउमां मैंले
आज्ञा गर्येका सबै थोक् अर्थात् आफ्ना होम्बलि बलिदान् दसौं अंश हात्
उचालीयेका भेटि अनि भाकलका सबै क्रानीयेका थोक् जो तिमिहरुले
१२ यहूवेलाइ भाकल् गरौला. अनि तिमिहरुले र तिमिहरुका क्रोराक्रोरीहरुले
र तिमिहरुका दास् दासीहरुले र तिमिहरुको ठोका भित्र भयेको लेवीले
समेत् किनभन्ये त्येस्को तिमिहरु सङ भाग् कि अधिकार् क्रैन आफ्नु ईश्वर्
१३ यहूवेको सांमु रमाहट् गर्नु। चंख रह् तैंले आफ्ना होम्बलि तैंले
१४ देख्येका सबै ठांउमां न चढ़ा. तर जुन् ठांउ तेरो कुल्मांको येउटामां
यहूवेले क्रान्क् उहीं आफ्ना होम्बलिहरु चढ़ाउंने गर् अनि मैंले तंलाइ
१५ आज्ञा गर्येका सबै कुरा उहीं गर्। तैपनि आफ्नु ईश्वर् यहूवेको त्यो उस्ले
तंलाइ दिंने गर्येको आशीष् अनुसार् मन् पर्येको अनुसार् आफ्नु सबै
ठोका भित्र मांस्येर मांसु खांनु सक्क्रस्. अशुद्ध र शुद्ध दुवैले खांनु
१६ सक्क्रन् जस्ले मृगुलि मिर्गा र हरिण्। खालि येति मांत्रै रगत् चइं न खांनु
१७ त्यो पानी झैं भूइंमां बहाइ दिंनु। तर आफ्नु अन्नको कि दाख्रसको कि
तेलको दसौं अंश र आफ्ना गाईगोरु कि भेंड़ाबाख्राका जेठा जेठा र
आफ्ना कोई भाकल् गरीयेका थोक् र आफ्नु मनमानीबलि र आफ्ना
१८ हात् उचालीयेका भेटि आफ्ना सबै ठोकाहरु भित्र न खांनु. तर यि
आफ्नु ईश्वर् यहूवेको सांमु त्येइ ठांउमां खांनु जुन् ठांउ तेरो ईश्वर
यहूवेले क्रान्क् तैंले आफ्ना क्रोराक्रोरी दास् दासी र तेरो ठोका भित्र भयेको
लेवीले पनि ति खांनु. त जति काम्मां तैंले आफ्ना हात् लगाउंक्रस् ति
१९ सबैमां आफ्नु ईश्वर् यहूवेको सांमु रमाहट् गर्नु। चंख रह् जब सम्म तं
भूमि मांथि जीइ रहलास् तब सम्म लेवीलाइ न बिर्सि॥

जब तेरो ईश्वर् यहूवेले आफ्नु बचन् अनुसार् तेरो सिमाना बढ़ाउंछ २०
अनि तेरो मनले मांसु खांनु मांग्येको कारणले मांसु खांछु भन्छस् त
आफ्नु मन् पर्येको अनुसार् मांसु खांनु सक्छस्। जुन् ठांउ तेरो ईश्वर् २१
यहूवेले आफ्नु नांउ वहां राख्नुको लागि छान्छ त्यो ठांउ तं देखि टाढ़ो छ
भन्ये देखि त मेरो आज्ञा अनुसार् आफ्ना गाईगोरु भेंड़ाबाख्रा ज्ये ज्ये
तेरो यहूवेले तंलाइ दियेको छ तिनिहरुमांका आफ्नु मन् पर्येको अनुसार्
मांयेर आफ्नु ठोका भित्र खा। मुडुलि मिर्गा र हरिण् खाईयेको झैं ति पनि २२
खांनु. अशुद्ध र शुद्ध दुवैले ति खांने गर्नु। खालि येति मांत्रै रगत् चइं २३
न खांनुलाइ बल्लियो भइ चंख रह्. किनभन्ये रगत् चइं प्राण् हो अनि
मांसु सङ्ग प्राण् न खांनु। त तैंले त्यो न खांनु तर त्यो पानी झैं भूइंमां बहाइ २४
दिंनु। त तैंले त्यो न खांनु र जब तैंले यहूवेको दृष्टिमां ज्ये सोजो छ त्येइ २५
गर्लास् तब तेरो र तं पछि तेरा सन्तानको भलो हुवस्। खालि आफ्ना २६
पवित्र थोक् र भाकलका थोक् लियेर यहूवेले छान्येको ठांउमां जा. अनि २७
आफ्नु होमबलि मांसु र रगत् दुवै आफ्नु ईश्वर् यहूवेको बेदिमां चढ़ा.
अनि तेरो बलिदानको रगत् आफ्नु ईश्वर् यहूवेको बेदिमां खन्याईश्रोस्
अनि मांसु चइं खा। मैंले तंलाइ आज्ञा गर्येका यि सबै कुरा सुन् अनि २८
मान् र जब तैंले आफ्नु ईश्वर् यहूवेको सांमु ज्ये ज्ये जाति र ठीक् छ त्येइ
गर्लास् तब तेरो र तं पछि तेरा सन्तानको सदाको भलो हुवस्॥

जब तेरो ईश्वर् यहूवेले तं अधिकारी हुंनुलाइ जांनु आंटेका २९
लोगलाइ तेरो सांमु देखि काटि दिंछ अनि तं तिनको अधिकारी भइ
तिनको देसमां बस्नु लागछस् तब चंख रह् जब तिनिहरु तेरो सांमु ३०
देखि नास् हुंनन् त्येस् पछि तं तिनलाइ पछ्याउंनुमां न फांसीइ अनि यि
लोगले कसागरि आफ्ना देवताहरुको सेवा गर्दै छन् मं पनि त्येसै गर्छु
भनि तिनका देवताहरुको बिषयमां न सोध्। तैंले आफ्नु ईश्वर् यहूवे ३१
षित येसो न गर्नु. किनभन्ये यहूवलाइ घिन् लाग्ने र उस्ले घृ राख्ने
सबै काम् तिनिहरुले आफ्ना देवताहरुको लागि गर्ये कसोगरिभन्ये
आफ्ना छोराछोरीहरुलाइ पनि तिनिहरुले आफ्ना देवताहरुको लागि
आगोमां डढ़ाउंद छन्॥

जत्ति कुराको मं तिमिहरुलाइ आज्ञा गर्दै छु ति गर्नुलाइ मान. ३२
त्येस्मां न कोइ बढ़ाउंनु न कोइ घटाउंनु॥

(मूर्त्तिपूजा र अभक्षेथोक् देखि अलग् रहंने आज्ञा)

तेरो बीचमां कोई अगमवक्ता कि सपना देखनेले उठेर तंलाइ १३ १
कोइ चिंनु कि आश्चर्यकर्म्म देखायो अनि ति चिंनु कि आश्चर्यकर्म्म २
पूरा हुंछन् जस्को बिषयमां त्येस्ले तंलाइ डांमिहरु तैंले न जान्येको पराए
देवताहरुलाइ पछ्याएर तिनको सेवा गरूं भन्यो भन्ये देखि तेपनि तैंले ३

त्येस् अगम्बक्ता कि सपना देख्नेका बचन् न सुन्नु. किनभन्ये तिमिहरुको ईश्वर् यहुवेले तिमिहरुलाइ जांचुद क तिमिहरुले आफ्नु ईश्वर् यहुवे सित आफ्नु पूरो मन् र पूरो प्राण्ले प्रेम् राख्दा राक्नो कि रैनक्नो ४ भन्येर थाहा पाउंनुलाइ। आफ्नु ईश्वर् यहुवेकै पछि पछि हिंड्नु अनि उसैको भय् मान्नु अनि उसैका आज्ञाहरु पूरो गर्नु अनि उसैको बचन् मान्नु ५ अनि उसैको सेवा गर्नु अनि उइ सित टांसीइ रहंनु। त त्येस्तो अगम्बक्ता कि सपना देख्ने मांरीश्रोस् किनभन्ये तिमिहरुको ईश्वर् यहुवे जस्ले तिमिहरुलाइ मिस्रको देस् देखि निकाल्यो अनि बंधुवाईको घर् देखि छोड़ायो उइ देखि त्येस् मान्छेले हट्ने कुरा गर्यो त्येस्ले तंलाइ तेरो ईश्वर् यहुवेले हिंड्नु भन्येर दियेको आज्ञाको बाटो देखि बहकाइ दिंनुलाइ। येसोरि तैंले येस्तो बुराई आफ्नु बीच् देखि आफाल्॥

६ तेरा साक्वे दाज्युभाई तेरी आंमाको छोरो कि तेरो छोरो कि तेरी छोरी कि तेरो काखको स्वास्नी कि तेरो मित्र जो तेरो आफ्नै प्राण् जस्तो क त्येस्तो कसैले आउ हांमिहरु पराय् देवताहरुको सेवा गरूं भन्येर गुप्तमां तंलाइ फकाउला जुन् देवताहरुलाइ न तैंले न तेरा पित्रहरुले जान्द थिये ७ ति देवताहरु तिमिहरुको छेउमां तेरो नजिक् रहंने लोगहरुका होउन् कि पृथिवीको एक् छेउ देखि अर्को छेउ सम्म तं देखि टाढ़ोका होउन् ८ त तैंले येस्ता मान्छेहरुको न मान्नु अनि न सुन्नु न तेरा आंखाले त्येस्लाइ ९ ठिठाउंनु अनि न त्येस्लाइ छोड्नु न त्येस्लाइ लुकाउंनु. तर तैंले निस्से त्येस्लाइ काट्नु त्येस्लाइ मार्नुमां तेरै हात् पहिले परोस् त्येस् पछि सबै १० लोगका हात्। अनि तैंले त्येस्लाइ मर्नुज्याल् सम्म लोहोऱ्याउंनु किनभन्ये त्येस्ले तंलाइ मिस्रको देस् बंधुवाईको घर् देखि निकालि ल्याउंने ईश्वर् ११ यहुवे देखि बहकाउंने फिक्रि गर्यो। त सिंगै इस्राएल् सुन्येर डराउंछ् यहांदेखि तेरो बीचमां भयेको येस्तो बुराई फेरि फेरि गर्दैन॥

१२ तैंले ति तेरो ईश्वर् यहुवेले तंलाइ दिंनु आंठैका सहरहरुमांको १३ येउटाको बिषयमां येसो भन्येको सुनिस् अर्थात् कति बिकामे फक्कड़हरुले तेरो बीच् देखि निक्लि गयेर आफ्नु सहरका बासीहरुलाइ आव हांमिहरु तिमिहरुले न जान्येका पराय् देवताहरुको सेवा गरूं भनि १४ बहकायो भन्ये देखि त सोध्येर खोजनु अनि भलिभांति सङ ठुल्नु त हेर त्यो कुरो सांचो र निस्से हो रछ तेरो बीचमां येस्तो घिन्लागदो काम् १५ गरीयेको रछ भन्ये देखि त तैंले अवस्से त्येस् सहरका बासीहरुलाइ तरवारको धारले काट्नु अं त्येसमां भयेका सबैलाइ र त्येका पशुहरुलाइ १६ भाकल् गरीयेको थोक् भं तरवारको धारले नास् पार्नु। अनि त्येसमांको सिंगै लूट् त्येको चोकबजारको बीचमां जमायेर त्येस् सहरलाइ त्येका लूट् समेत् आफ्नु ईश्वर् यहुवेको लागि आगो लगायेर सिंगो बलिदान् जस्तो डढ़ाउंनु. १७ र त्यो सदा सम्म थुप्रो भइ रहोस् त्यो फेरि न बनीश्रोस्। अनि भाकल् गरीयेको थोकमांको तेरो हातमां न कोइ टांसीश्रोस्. र यहुवे आफ्नु

रिस्को बलाई देखि फर्कोस् अनि तं मांथि दया गरोस् अनि तंलाइ
ठिठावस् अनि तंलाइ बढ़ावस् जसो उस्ले तेरा पित्रहरु सित किरिया
खायेको थियो. जब तैंले आफ्नु ईश्वर् यहूवेको शब्द सुन्छस् उस्का मैंले १८
आजु तंलाइ सुनायेका उस्का सबै आज्ञा मान्नुलाइ आफ्नु ईश्वर् यहूवेको
दृष्टिमां जे जे सोजो छ त्येइ गर्नुलाइ ॥

तिमिहरु आफ्नु ईश्वर् यहूवेका पुत्रहरु हौ. त मुर्दाहरुको १४ १
कारणले आफुलाइ चिराई न गर अनि न आंखिभूंइ खौराव। किनभन्ये २
तं आफ्नु ईश्वर् यहूवेको लागि पवित्र लोग् होस् अनि यहूवेले
पृथिवीको मुख् मांथिका सबै लोग् लोग्मांका तंचइंलाइ आफ्नु निज्
लोग् हुंनुको लागि छान्येको छ ॥

तैंले कोइ घिन्लाग्दो थोक् न खांनु। तिमिहरुले खांनु हुंने ३
पशुहरु यिनै हुन्. गोरु भेंड़ा बाख्रा हरिण् मुड्डुलिमिर्गा कौड़ेमिर्गा ५
घोरल् साबर् नीलगाव् र थार्। अनि पशुहरुमांका पाउ भाग् भाग् भयेर ६
चिरीयेका खुर् भयेका र उगेरा गर्ने ति सबै खांनु हुंछ। तैपनि उगेरा ७
गर्नेहरु कि खुर् चिरीयेकाहरुमांका यिनिहरु खांनु हुंदैन. ऊंट् खरायो
शापान्[1] किनभन्ये तिनले उगेरा ता गर्द छन् तर खुर् चीरा भयेको छैन
येस्कारण् ति तिमिहरुको लागि अशुद्ध हुन्. अनि सुंगुर् जो खुर् ता ८
चिरीयेको छ तर उगेरा गर्दैन येस्कारण् त्यो तिमिहरुको लागि अशुद्ध हो.
तिनको मांसु न खांनु अनि न तिनको सिंनु छुंनु ॥

फेरि पानीमां रहंने सबैमांको यिनिहरु तिमिहरुले खांनु हुंछ. ९
जतिका पखेटा र कत्ला छन् ति खांनु हुंछ. तर जतिका पखेटा र कत्ला १०
छैनन् ति तिमिहरुले न खांनु ति तिमिहरुको लागि अशुद्ध हुन् ॥

सबै शुद्ध पंषीहरु खांनु हुंछ। खांनु न हुंनेहरु यिनै हुन्. गिद्ध ११ १२
हाड्फोरा माच्छा खांने गिद्ध र गड्डुल् बाज् अनि भांति भांतिका १३
चील् अनि भांति भांतिका काग् अनि शुतर्मुर्ग् हूहूचील् १४ १५
जलकुक्कुट् र भांति भांतिका बकटै लाट्कोसेरा कोइरालो र राजहांस् १६
धनेस् सांनुगिद्ध हाड्गिल् अनि सारस् भांति भांतिको बकुल्ला १७ १८
काप्रेचरा र चमेरो अनि पखेटा भयेका कीराफट्येंग्राहरु सबै १९
तिमिहरुको लागि अशुद्ध हुन्. ति न खाईउन्। तर सबै शुद्ध पंषीहरु २०
खांनु हुंछ ॥

जे आफै मर्येको छ त्यो न खांनु. तेरा ढोका भित्र भयेका पर्देशी- २१
हरुलाइ सिंनु सक्छस् र तेस्ले खावस् कि कोई बिदेशीलाइ बेच्नु सक्छस्.
किनभन्ये तं आफ्नु ईश्वर् यहूवेको लागि पवित्र लोग् होस्। बाख्राको
पाठा त्येस्को माऊको दुद्मां न पकाउंनु ॥

---

[1] अर्थात् एक रकम्को भीरखरायो।

(दसौं अंश इत्यादिको व्यवस्था)

२२ तेंले आफ्ना बिउका बर्ष बर्ष भूमि देखि उम्रंने सब् उपजनिमांको
२३ दसौं अंश निस्से अलग् राख्नु । अनि जुन् ठांउ तेरो ईश्वर यहूवेले आफ्नु
नांउ वहां बास् गराउंनुको लागि छान्छ त्येसैमां आफ्नु अन्नको दाख्रस्को
र तेल्को दसौं अंश र आफ्नु गाईगोरु र भेंड़ाबाख्राका जेठा जेठा उस्को
२४ सांमु खांने गर्नु र आफ्नु ईश्वर् यहूवेको भय् नित्ये मान्नु सिक् । तर तेरो
ईश्वर् यहूवेले तंलाइ आशीष् दिंदा त्यहांको बाटो तेरो लागि धेरै टाढ़ो
छ तेंले आफ्नु दसौं अंश वहां बोकि लैजांनु सक्दैनस् किनभन्ये जुन् ठांउ
तेरो ईश्वर् यहूवेले आफ्नु नांउ वहां राख्नुलाइ छान्छ त्यो ठांउ तं देखि
२५ धेरै टाढ़ो छ. त आफ्ना दसौं अंशहरु बेचि त्येस्को रुपिया हातमां लियेर
२६ त्येस् ठांउमां जांनु जो तेरो ईश्वर् यहूवेले छान्छ. अनि ज्ये तेरो मन् पर्छ
अर्थात् गाईगोरु भेंड़ाबाख्रा दाख्रस् मद्य र ज्ये ज्ये तेरो प्राणले तं षित
मांगद्द छ त्येइ रुपियाले किन्येर त्यहां आफ्ना जहान् समेतले आफ्नु
२७ ईश्वर् यहूवेको सांमु खाइकन रमाहट् गर्नु. अनि तेरा ढोका भित्र भयेको
लेवीलाइ पनि न बिर्सनु किनभन्ये तं षित त्येस्को कोइ भाग् कि
अधिकार् छैन ॥

२८ तीन् तीन् बर्ष बित्दा त्येस् बर्षको उपजनिको सबै दसौं अंश
२९ निकाल्येर आफ्ना ढोका भित्र थन्काइ राख्नु. तब तं षित कोइ भाग्
कि अधिकार् न हुंने लेवी र पर्देसी र टुहुरा टुहुरी र बिधुवी जो जो
तेरा ढोका भित्र हुंनन् ति सबैले आयेर अघाउंजि अघाउंजि खाउन्
र तेरो ईश्वर् यहूवेले तेरा हातले गर्यका सबै काममां तंलाइ आशीष्
देवस् ॥

१५ १ सात् सात् बर्ष बित्दा कुट्कारा राख्नु । अनि त्यो कुट्काराको
२ रीत् येस्तो हुवस्. सबै साहूले आफ्नु छिमेकिलाइ सबै ऋण दियेको
बिषयमां कुट्कारा देवस् त्येस्ले आफ्नु छिमेकि कि भाईलाइ त्येस्को
बिषयमां न ऐंचावस् किनभन्य ईश्वर्को कुट्काराको उदौं भयेको छ ।
३ बिदेसीलाइ ऐंचाउंनु सक्छस् तर ज्ये ज्ये तेरा दाजुभाईकां तेरा हुंनन्
४ ति तेरो हातले कुट्कारा देवस् । तर तेरो बीचमां कोई दरिद्र हुंदैन
कसोगरिभन्ये तेरो ईश्वर् यहूवेले तंलाइ अधिकार् हुंनुको लागि जुन्
५ देस् दिंनु आंठेको छ त्येसमां यहूवेले तंलाइ निस्से आशीष् दिंछ खालि
आजु मैले तंलाइ आज्ञा गर्यको यो सिंगै आज्ञा गर्नुलाइ मान्नु ध्यान् षित
६ आफ्नु ईश्वर् यहूवेको बचन् सुनिस् भन्ये देखि येसो हुंछ । कसोगरिभन्ये
तेरो ईश्वर् यहूवेले आफ्नु बचन् अनुसार् तंलाइ आशीष् दिंछ. त तैंले
धेरै लोगलाइ ऋण दिंछस् तर ऋण लिंदैनस् अनि धेरै लोगहरु माथि
प्रभुतइँ गर्छस् तर तिनिहरुले तं माथि प्रभुतइँ गर्दैनन् ॥

७ तेरो ईश्वर् यहूवेले तंलाइ दिंनु आंठेको देसको कोई ढोकामां तेरा

भाईबन्दमांको कोई तेरो बीचमां दरिद्र छ भन्ये देखि आफ्नु हिर्दय् कठोर् न
गर्नु न आफ्नु हात् आफ्नु दरिद्र भाई देखि थुन्नु . तर जुन् थोक्को ८
त्येस्लाइ घटि होला त्येसमां त्येस्लाइ खांचो अनुसार् निस्से आफ्नु हात्
खोलिकन निस्से ऋण् दिंनु । चंख रइ् तेरो मनमां येस्तो नीच् विचार् न हवस् ९
सातौं वर्षमां अर्थात् कुट्काराको वर्ष नजिक् छ भन्येर तेरा आंखा आफ्नु
दरिद्र भाईको विरुद्धमां बुरा हुंनन् अनि तैंले त्येस्लाइ केइ पनि देवैनस्
त त्येस्ले तेरो विरुद्धमां यहुवेको दोहाई देला अनि त्यो तेरो लागि पाप्
होला । तर तैंले निस्से त्येस्लाइ दिंनु अनि त्येस्लाइ दिंदा तेरो मन् गह्रुं १०
पनि न हवस् . किनभन्ये येइ दिवाईको कारणले तेरो ईश्वर् यहुवेले तेरो
सबै काममां र तेरो हात् लगायेको सबै विषयमां तंलाइ आशीष् दिंछ ।
किनभन्ये दरिद्रहरु देसको बीच् देखि कैलेइ पनि सकीन्दैनन् . येस्कारण् मं ११
तंलाइ आज्ञा दिंद छु तैंले आफ्ना भाईबन्द् आफ्नु देसमांका कंगालि
र दरिद्रहरुको लागि आफ्नु हात् निस्से खोलनु ॥

तेरो कोई इब्री भाई कि कोई इब्री बैंनी तेरो हातमां बेचीयो अनि १२
त्येस्ले तेरो चाकरी छ वर्ष सम्म गरि सक्यो भन्ये देखि सातौं चइं वर्षमां त्येस्लाइ
आफुकांटो निर्बन्ध् भइ जांनु दिंनु । अनि जब तैंले त्येस्लाइ निर्बन्ध् गरि १३
आफुकांटो जांनु दिंछस् तब त्येस्लाइ रित्ते हात् जांनु न दिंनु . तर आफ्ना १४
भेंड़ाब्राखा र खला र दाखको कोल् देखि त्येस्लाइ भरिपूर्ण गरि दिहालनु .
जस्तो तेरो ईश्वर् यहुवेले तंलाइ आशीष् दियेको छ त्येस्तै तैंले त्येस्लाइ दिंनु ।
अनि सम्झना राख् तं पनि मिसरमां दास् थिइस् अनि तेरो ईश्वर् यहुवेले १५
तंलाइ छोड़ायो . येसैकारणले मं आजु तंलाइ येसो गर्ने आज्ञा दिंद छु ।
तर त्येस्ले तं सित र तेरो जहान् सित प्रेम् राख्द छ अनि तं सङ खुशि सित १६
रहंद छ अनि येस्कारणले तंलाइ तिमिहरुकांटो जान्न भन्यो भन्ये त येसो
हुंछ त तैंले सुतारि लियेर त्येस्को कान् देलोको सङारमां लगायेर छेंड् १७
पार् तब त्यो सधैं सम्म तेरो कमांरो भइ रहोस् । अनि आफ्नी कमांरी
सित पनि त्येसै गर्नु । जब तैंले त्येस्लाइ आफुकांटो निर्बन्ध् भइ जांनु देलास् १८
तब यो तंलाइ कठिन् न लागोस् किनभन्ये त्येस्ले हिसापमां दुइ जना बनि
गर्नेले भैं छ वर्ष सम्म तेरो सेवा गर्यो . त तैंले ज्ये गर्छस् त्येसमां तेरो
ईश्वर् यहुवेले तंलाइ आशीष् दिंछ ॥

तेरा गाईगोरु र भेंड़ाब्राखा देखि जति जेठा जेठा नर् बिहाईनन् १९
ति सबैलाइ आफ्नु ईश्वर् यहुवेको लागि पवित्र गर् . त आफ्ना गाईगोरुको
जेठा देखि कोई काम् न गराउंनु अनि न आफ्ना भेंड़ाब्राखाका जेठाको
ऊण् कत्रंछ । येस्तो चंइं जुन् ठांउ यहुवेले छान्छ त्येसमां आफ्ना आफ्ना २०
जहान् सम्मेतले वर्ष वर्ष आफ्नु ईश्वर् यहुवेको सांमु खांनु । तर त्येसमां २१
कोइ घोट् होला अर्थात् त्यो खोरंडे कि अन्धा कि अरु कोइ प्रकारका
कोइ नजाति घोट् होला त त्येस्लाइ आफ्नु ईश्वर् यहुवेको लागि बलि न
गर्नु । त्यो आफ्नु ठोका भित्र खांनु . अशुद्ध र शुद्ध दुवैले मृगुलिमिर्गे र २२

२२ हरिण् भैं त्यो खावस्। खालि पेति मांत्रै त्येस्को रगत् चइं न खांनु पानी भैं त्यो भूइंमां बहाइ दिनु॥

(साल् सालका तीन् मूल्चाड्)

१६ १ आबीब् भर्नीने महीनाको सम्झना राखि आफ्नु ईश्वर् यहूवेको लागि निस्तार् चाड् मान्नु. किनभन्ये आबीब् महीनामां तेरो ईश्वर् यहूवेले २ राति तंलाइ मिस्र देखि निकालि ल्यायो। येस्कारण् जुन् ठांउ यहूवेले आफ्नु नांउ वहां राख्नुको लागि छान्क उहीं आफ्नु ईश्वर् यहूवेको लागि ३ भेंड़ाबाख्रा र गाईगोरूमांको निस्तारचाड्गरि बलि गर्नु। त्यो सङ खमीरे रोटी न खांनु सात् दिन् सम्म त्यो सङ अखमीरे रोटी खांने गर्नु जो कष्टको रोटी हो किनभन्ये तं मिस्रको देस् देखि हतार् हतार् गरि निक्लिस्. तेंले मिस्र देस् देखि निक्ल्येको दिन् आफ्नु जीउंनि भरि सम्झना ४ राख्नुको लागि। त सात् दिन् सम्म तेरा सबै सिमाना भित्र तेरां खमीर् कहीं न देखीओस् अनि जुन् पशु तेंले पहिलो दिन्को सांझमां बलि गर्लास् ५ त्येस्को मांसुमांको कोइ रातभरि बिहान् सम्म न रहोस्। तेंले निस्तारचाड्को पशु तेरो ईश्वर् यहूवेले तंलाइ दियेको अरु अरु कुनै ठोका भित्र बलि न ६ गर्नु. तर जुन् ठांउ तेरो ईश्वर् यहूवेले आफ्नु नांउ वहां राख्नुको लागि छान्क उहीं तेंले बेलुका अर्थात् घाम् अस्ताउंदैमां अं मिस्र देस् देखि तं ७ निक्ल्येको बेलामां निस्तारचाड्को बलि गर्नु। वहांदेखि त्यो पोल्येर जुन् ठांउ तेरो ईश्वर् यहूवेले छान्क त्येसमां खांनु. वहांदेखि बिहान् आफ्नु ८ आफ्नु डेरामां फर्कि जांनु। छ दिन् सम्म अखमीरे रोटी खांने गर्नु. अनि सातौं दिन् तेरो ईश्वर् यहूवेको लागि पवित्र सभा हुवस् त्येस् दिन् कोइ काम् न गर्नु॥

९ आफ्नु लागि सात् साता गन्नु. अर्थात् जब देखि तेंले ठाड़ो अन्नमां १० हंसीया लगाउलाम् तबै देखि थालि सात् साता गन्नु। साताहरूको चाड् आफ्नु ईश्वर् यहूवेको लागि आफ्नु हातको मनमानि दान् दिइ मान्नु तेरो ११ ईश्वर् यहूवेले तंलाइ आशीष् दियेको अनुसार्. त जुन् ठांउ तेरो ईश्वर् यहूवेले आफ्नु नांउ वहां बास् गराउंनुको लागि छान्क त्येसमां आफ्ना छोराछोरी दासदासी र तेरो ठोका भित्र भयेको तेरो बीचमां भयेको लेवी र पर्देसी र टुहुराटुहुरी र बिधुवी ति सबैले आफ्नु ईश्वर् यहूवेको सांमु रमाइट् गर्नु। १२ अनि सम्झना राख्नु तं मिस्रमां दास् थिइस्. यि बिधिहरू गरिकन मान्॥

१३ फेरि जब आफ्नु खला र दाख्को कल् देखि सबै थोक् बटुलि १४ सकलास् तब सात् दिन् सम्म डेराबासे चाड् मान्. अनि आफ्नु त्येस् चाड्मां आफ्ना छोराछोरी दासदासी समेतले तिमिहरूले र [redacted] लेवी र पर्देसी र टुहुराटुहुरी र बिधुवी तेरा ठोका भित्र हुंनन् तिनिहरूले पनि १५ रमाइट् गरून्। सात् दिन् सम्म जुन् ठांउ यहूवेले छान्क त्येसमां तेंले चाड् आफ्नु ईश्वर् यहूवेको लागि मान्. किनभन्ये तेरो ईश्वर् यहूवेले तेरो

सबै बढ़ति र तेरो हात्को सबै काम्मां तंलाइ आशीष् दिंछ येस्कारण् तै
रमाहटै रमाहट् गर्नु। जुन् ठांउ तेरो ईश्वर् यहूवेले छान्छ त्येस्मां बर्ष दिन्मां १६
तीन् खेप् तेरा सबै पुरुषहरु उस्को सांमु देखाहा परुन् अर्थात् अखमीरे
रोटीको चाड् र साता साताहरुको चाड् र डेराबासेको चाड्मां. अनि यहूवेको
सांमु कोई रित्तै हात् देखाहा न परोस्. सबै पुरुषहरुले आफ्नु आफ्नु १७
पुंजि र तेरो ईश्वर् यहूवेले तंलाइ आशीष् दियेको अनुसार् दिने गर्नु॥

(बिचारीहरु र राजाहरुको कर्तव्यकर्म्म)

यहूवेले तंलाइ दिंनु आंठेगका सबै ठोकामां आफ्नु आफ्नु कुल् १८
अनुसार् बिचारी र मालिकहरु खटाउंनु. अनि तिनले लोगको निया धर्म्म
सङ गर्न गरुन्। तैंले निया न बिगार्नु कसैको पन् न पक्षु. अनि घूस् न १९
लिंनु किनभन्ये घूसले बुद्धिमान्हरुका आंखा पनि अन्धा पारि दिंछ अनि
धर्म्मीहरुका कुरा कर्काई दिंछ। धर्म्म मांत्रै पछ्याउंदै रहू र जीइ रहू २०
अनि तेरो ईश्वर् यहूवेले तंलाइ दिंनु आंठेगको देस्को अधिकारी हो॥

तैंले आफ्नु ईश्वर् यहूवेको लागि जो बेदि बनाउंछस् त्येस्को छेउमां २१
कोइ रकम्को रुख्को अशेरा भनीनै मूर्त्ति न रोपनु। अनि न कोई मुढ्का २२
उभ्याउंनु जो तेरो ईश्वर् यहूवेलाइ घिन् लागद छ॥

आफ्नु ईश्वर् यहूवेको लागि कोइ गोट् कि कोइ नजाति गोरु १७१
भयेको गाईगोरु कि भेंड़ाबाख्रा बलि न गर्नु. किनभन्ये यो तेरो ईश्वर्
यहूवेलाइ घिन्लाग्दो काम् छ॥

ति तेरो ईश्वर् यहूवेले तंलाइ दिंनु आंठेगका ठोकाहरुमांको कुनैको २
भित्र तेरो बीच्मां कोई पुरुष् कि स्त्री होला जस्ले तेरो ईश्वर् यहूवेको नियम्
देखि तर्कि उस्को सांमु बुराई गर्यको होला अर्थात् त्येस्ले गयेर पराय् ३
देवताहरुको सेवा गर्यको होला जो तिनलाइ कि सूर्ज्ज चन्द्र र आकाशका
सेनाहरुमांको कुनैलाइ दण्डवत् गर्यको होला ज्येको आज्ञा मैंले दियेको
छुइंन अनि यो कुरो तंलाइ कहीयेला त तैंले सुने पछि भलिभांति ४
सङ ठुक्लनु त हेर सांचो र निस्से हो रछ इस्राएल्मां येस्तो घिन्लाग्दो
काम् गरीयेको रछ भन्ये देखि त जस् पुरुष् कि स्त्रीले येस्तो बुरा कर्म्म ५
गर्यको छ त्येस्लाइ अर्थात् त्येस् पुरुष् कि त्येस् स्त्रीलाइ आफ्ना ठोकाहरुको
छेउमां बाहिर लग्येर ठुगाले मर्न गरि लोहोर्याउंनु। जो मारीनै माफिकको ६
छ त्यो हुइ कि तीन् साक्षीहरुको मुख् देखि भनीयेकोमां मारीग्रोस् तर
खालि येउटैको मुख् देखि भनीयेकोमां न मारीग्रोस्। त्येस्लाइ मार्नुको ७
लागि त्यसमांथि सबै भन्दा पहिले साक्षीहरुकै हात् परुन् अनि त्येस् पछि
सबै लोगका हात्। येसोरि तैंले येस्लो बुराई आफ्नु बीच् देखि आफाल्नु॥

तेरा ठोकाहरुको बीच्मां कोइ झगराका कुरा भये अर्थात् ८
लोहूबहाईको बीच्मां कि बिवादहरुको बीच्मां कि कुटामारको बीच्मां
जस्को निया गर्नु तेरो लागि कठिन् पर्यो भन्ये देखि. त उठेर त्येस्

९ ठांउमां चढि जांनु जो तेरो ईश्वर् यहूवेले क्वान्छ वहांदेखि लेवी
पूजाहारी थांइ र ति दिनमां भयेको विचारी थांइ जांनु. अनि तैंले
१० सोधनु त तिनले तंलाइ निर्याको वचन् जनाउंछन्. अनि जुन् ठांउ
यहूवेले क्वान्छ त्येस् ठांउ देखि तिनले तंलाइ जनायेको वचन् अनुसार् तैंले
११ गर्नु अनि तिनले सिकायेका सबै अनुसार् गर्नु मान्नु. तिनले तंलाइ
सिकायेको व्यवस्थाका कुरा अनुसार् र तिनले तंलाइ कह्येको निया
अनुसार् गर्नु. तिनले तंलाइ जनायेको वचन् देखि दाहीनो बांउ न फर्कनु।
१२ अनि जुन् मान्छेले अट्ठेरेइँ गरि त्यहां तेरो ईश्वरको सांमु सेवा गर्नलाइ
उभीइ रहने पूजाहारीको कि विचारीको सांमु सुन्दैन न त्यो मान्छे
१३ मारीओस्. यसोरि तैंले येस्तो बुराई इस्राएल् देखि आफालनु। त सिंगै
लोग् सुन्येर डराउंछन् अनि फेरि फेरि अट्ठेरेइँ गर्दैनन्॥
१४ जब तं त्येस् तेरो ईश्वर् यहूवेले तंलाइ दिनु आंटेको देसमां पुग्येर
त्येस्को अधिकारी हुंछस् अनि त्यो देसमां बस्येर मेरा वरिपरिका सबै
१५ लोगले झैं मं पनि आफु मांथि राजा खटाउंकु भन्नु लाग्लास् त जस्लाइ
तेरो ईश्वर् यहूवेले क्वान्ला अवस्से त्येसैलाइ आफ्नु लागि राजा खटाउंनु.
आफ्ना भाईहरुकै बीच् देखि कसैलाइ आफु मांथि राजा खटाउंनु. कोई
१६ पर्देसी जो तेरो भाई होइन त्येस्लाइ आफु मांथि न बसालनु। खालि त्येस्ले
आफ्नु लागि घोड़ा न बढ़ावस् अनि घोड़ाहरु बढ़ाउंनुको लागि लोगलाइ
मिसरमां न फर्कावस्. किनभन्ये यहूवेले तिमिहरुलाइ भन्येको छ तिमिहरु
१७ त्यो बाटो बाड़ो कैले पनि न फर्कनु। अनि न त्येस्ले आफ्नु लागि धेरै
स्वास्नीहरु बढ़ावस् होइन भन्ये ता त्येस्को मन् फर्कला. अनि न त्येस्ले आफ्नु
१८ लागि सुन् चांदी धेरै बढ़ावस्। अनि त्यो आफ्नु राज्को सिंहासनमां
बस्दा येसो हुवस् लेवी पूजाहारीको सांमु भयेको येस् व्यवस्थाको नकल्
१९ येउटा पोस्तकमां लेखोस्. अनि त्यो त्यो थांइ रहोस् अनि त्येस्ले जीउंनिभरि
त्यसमां पाने गरोस्. र त्येस्ले आफ्नु ईश्वर् यहूवेको भय् मान्नुलाइ सिकोस्
२० यो व्यवस्था र यि विधिहरुका सबै कुरा गर्नुलाइ मान्नुको लागि. र त्येस्को
मन् आफ्ना दाज्युभाईहरु मांथि न फुलीओस् अनि त्यो येस् आज्ञा देखि
दाहीनो बांउ न फर्कोस्. आफ्नु राज्मां त्येस्ले आफ्ना छोराहरु समेतले
इस्राएल्को बीच्मां आफ्नु दिन् बढ़ावस् भन्ये खातिरले॥

(अनेक् आज्ञा)

१८ १ लेवी पूजाहारीलाइ अं सिंगै लेवी कुललाइ इस्राएल् सङ कोइ
भाग् कि अधिकार् न हुवस्. तिनले चढ़ं यहूवेको अग्निहोम् र उस्को
२ अधिकार् खांने गरुन्। त तिनलाइ आफ्ना भाईहरुको बीच्मां कोइ
भाग् न हुवस्. यहूवेनै तिनको निज् भाग् हो भस्ले तिनलाइ कह्ये
३ अनुसार्। अनि लोगको अर्थात् बलिदान् चढ़ाउंनेहरुको पट्टि बाटो
गाईगोरु हुवस् कि भेड़ाबाख्रा हुवस् पूजाहारीहरुलाइ पर्ने भाग् यो हुवस्

अर्थात् पाता दुवै बडगा र भूंडि पूजाहारीलाइ दिंने गर्नु। तैंले आफ्नु ४
अन्नको दाख्रासको र तेलका अगौटेफल् अनि आफ्ना भेंडाहरुका पहिले
कत्यका ऊण् त्येस्लाइ दिंनु। किनभन्ये तेरो ईश्वर् यहूवेल तेरा सबै ५
कुलमांको त्येस्लाइ छान्येको छ त्यो चइं आफ्ना सन्तानहरु समेत् सदा सम्म
यहूवेको नांउले सेवा गर्नुलाइ उभीनुको लागि॥

कोई लेवा सिंगै इस्राएलका ठोकाहरुमांका त्येस्ले प्रवास् गर्येको कुनै ६
ठोका देखि आफ्नु मनको पूरो इच्छेले जुर् ठांउ यहूवेले छान्छ त्येसमां आयो
भन्ये देखि त वहां यहूवेका सांमु उभीने आफ्ना सबै लेवी भाईहरुले झैं त्येस्ले ७
पनि आफ्नु ईश्वर् यहूवेको नांउले सेवा गरोस्। अनि त्येस्ले आफ्ना पित्रहरुको ८
भाग् बेच्येको माल् भन्दा बेसि खांने भाग् तिनिहरुले झैं पाउंने गरोस्॥

जब तं त्येस् तेरो ईश्वर् यहूवेले तंलाइ दिंनु आंटेको देसमां पुगछस् ९
तब वहांका लोगका घिन्लागदा कर्म्म झैं गर्नु न सिकनु। तेरो बीचमां १०
आफ्नु छोरा कि छोरीलाइ आगोको बाटो बाढ़ो हिंड़ाल्ने कि अगम्
चलाउंने कि चिडो हेर्ने कि मन्तरतन्तर् गर्ने कि बोक्शी कि ११
इन्द्रजाली गर्ने कि बिजुवा कि झांक्रि कि मसान् जगाउंने कोई येस्तो
मान्छे न पाईग्रोस्। किनभन्ये जातिले येस्ता येस्ता काम् गर्द छन् ति सबै १२
यहूवेलाइ घिन्लागदा छन्. अनि यिनै घिन्लागदा कामको कारणले
तेरो ईश्वर् यहूवेले तिनलाइ तेरो सांमु देखि धपाइ दिंद छ। तं आफ्नु १३
ईश्वर् यहूवे सङ सिद्ध हो। किनभन्ये यि लोगले जस्को तं अधिकारी १४
हुंछस् चिडो हेर्ने र अगम् चलाउंनेको सुन्द थिये. तर तंचइंलाइ तेरो ईश्वर्
यहूवेले येसो गर्नु पुन्येका छ। तेरो ईश्वर् यहूवेले तेरो लागि तेरो मांझ १५
देखि अर्थात् तेरा भाईहरुको मांझ देखि मं जस्तो एक जना अगम्वक्तालाइ
उठाउंछ तिमिहरुले त्येस्को सुन्न तैंले होरेबमां सभाको दिनमां आफ्नु १६
ईश्वर् यहूवे सित मैंले आफ्नु ईश्वर् यहूवेको शब्द सुन्न र यो तुलो आगो
फेरि देखनु न परोस् होइन भन्ये ता मं मर्छु भन्येर बिन्ति गर्येको अनुसार्।
त्येस् बेलामां यहूवेले मंलाइ भन्यो यिनिहरुले जे भन्ये जातिनै भन्य। १७
त मं तिनको लागि तिनका भाईहरुको मांझ देखि तं जस्तो येउटा १८
अगम्वक्ता उठाउंछु अनि आफ्ना बचनहरु त्येस्को मुखमां हाल्छु अनि मैंले
त्येस्लाइ गर्येका सबै आज्ञा अनुसार् त्येस्ले तिनिहरुलाइ भन्छ। अनि येसो १९
हुंछ त्यस्ले मेरो नांउले भन्यका मेरा बचन् जस् जस्ले मान्दैन मं त्येस्को लेखा
लिंछु। तर जुर् अगम्वक्ताले अट्टेरेइं गरि मैंले त्येस्लाइ आज्ञा न दिंयेको २०
बचन् मेरो नांउले भन्ला कि पराय् देवताहरुको नांउले कोइ भन्ला त्यो
चइं अगम्वक्ता मरोस्। अनि तैंले यहूवेले न भन्यको चइं बचन् २१
हांमिहरुले कसोगरि चिन्नु भनि आफ्नु मनमां भनिस् भन्ये देखि त २२
जान् जब अगम्वक्ताले यहूवेको नांउले जे भन्ला त्यो कुरा आयेन कि भयेन
भन्य देखि त्यो यहूवेले न भन्येको बचन् हो. त्येस् अगम्वक्ताले अट्टेरेइं
गरि यो कुरो भन्ये छ त त्यो देखि न डराउंनु॥

१९ १ जब तेरो ईश्वर् यहूवेले ति लोगलाइ काटि दिंछ जस्को देस्
तेरो ईश्वर् यहूवेले तंलाइ दिंनु आंटेयको छ अनि तं तिनिहरुको ठाउंमां
२ आउंछस् अनि तं तिनका सहर्हरु र घर्हरुमां बस्नु लाग्छस् तब तेरो
ईश्वर् यहूवेले तंलाइ अधिकारी तुल्याउंनु आंटेयको तेरो देस्को बीच्मां
३ आफ्नु लागि तीन्वटा सहर् छुट्याउंनु । तैंले तिनमां पुग्ने बाटो तियार्
पार् अनि तेरो ईश्वर् यहूवेले तंलाइ अधिकारी तुल्याउंनु आंटेयको देस्को
४ सिमाना तीन् भाग्मां छुट्या र जनंगे हत्यारा वहां भागि जावस् । अनि
जुन् हत्यारा जीउंनुलाइ वहां भागि जाला त्येस्को गत् येस्तो हुंछ . जस्ले
अजान्मां कि अगाडि देखि दुश्मनी न राखि आफ्नु छिमेकिलाइ मांच्यो
५ अर्थात् जस्ले कोई आफ्नु छिमेकि सित काठ् काट्नुलाइ जंगल्मां गयेर
रुख् काट्नुलाइ आफ्नु हात्ले बन्चरो उचाल्यायेको थियो त बन्चरो बेंड्
देखि खुस्केर त्येस् छिमेकिलाइ येस्तोरि लाग्यो त्यो मरि गयो भन्ये देखि
येस्तो हत्यारा ति सहर्हरुमांको कुनै सहर्मां भागि गयेर जीउंदो बांचोस् .
६ होइन भन्ये ता बाटो लांमो भयेकाले लोहूको साटो लिनेले त्येस्को
मन् रिस्ले बल्दै रह्यको बेलामां त्येस्लाइ खेद्यो र त्येस्लाइ फेला पार्ला अनि
त्येस्लाइ मर्न गरि हिर्काउला तर त्यो मांरोंने माफिकको थियेन कसोगरिभन्ये
७ अगाडि देखि त्येस्ले त्यो सित दुश्मनी गर्न गरेन थियो । येसैकारण् मं
८ तंलाइ आफ्नु लागि तीन्वटा सहर् छुट्याउंनु भनि आज्ञा दिंद छु । अनि
तेरो ईश्वर् यहूवेले तेरा पित्रहरु सित खायेको किरिया अनुसार् तेरो
सिमाना बढ्ायो अनि त्यो उस्ले तेरा पित्रहरुलाइ दिंनुलाइ कसम् गर्यको
९ थियो त्यो सबै देस् तंलाइ दियो भन्ये देखि अनि तैंले मैले आज्
तंलाइ तेरो ईश्वर् यहूवे सङ प्रेम् गर्न अनि उस्को बाटोमां सधैं हिंड्नु
भनि दियेका यि सिंगै आज्ञा गर्नुलाइ मानिस् भन्ये देखि ति तीन् सहर्
बाहिक् अरु पनि तीन्वटा सहर् आफ्नु लागि बढ्याउंनु . होइन भन्ये ता
१० त्येस् तेरो ईश्वर् यहूवेले तंलाइ तेरो अधिकार्को लागि दिंनु आंटेयको तेरो
देस्को बीच्मां कसै निर्दोषीको लोहू बहाईयेला अनि येसोरि लोहू तं
११ मांथि पर्ला । तर कोई आफ्नु छिमेकि सित दुश्मनीगरि त्येस्को लागि दुकि
बसि त्यो मांथि उठेर त्येस्लाइ हिर्कायो र त्यो मर्यो अनि ति सहर्हरुमांको
१२ कुनैमां भागि गयो भन्ये देखि . त त्येस्को सहर्का प्राचीन्हरुले मान्छे
पठायेर त्येस्लाइ त्यहां बाटो ल्याउन् र लोहूको साटो लिनेको हात्मां सुम्पि
१३ दिउन् र त्यो मरोस् । तेरा आंखाले त्येस्लाइ न टिठाउन् तर निर्दोषीको
लोहू बुझाएर् देखि आफालुन् र तेरो भलो हुवस् ॥
१४ तैंले त्यो तेरो ईश्वर् यहूवेले तंलाइ अधिकारी हुंनुलाइ दिनु आंटेयको
देस्मां आफ्नु पर्ने निज् भाग्मां आफ्नु छिमेकिको सांद् जो अगाडिका
लोगले ठहरायेका छन् न सार्नु ॥
१५ कोई मान्छेको बिरुद्धमां कोई प्रकार्को अधर्म्म कि पाप्को बिषय्मां
त्यो पाप् जेसुकै हुवस् येउटै मांत्रै साक्षी न उठोस् . हुन कि तीन् साक्षी-

हरुको मुख् देखि भनौथेकोमां कुरो स्थिर् गरीओस् । कोई अधर्म्मी साक्षी १६
त्यो हटयो भन्ये साक्षी दिंनुलाइ कसेको विरुद्धमां उठयो भन्ये देखि
त ति आपस्तमां झगरा हुंने हुवे मान्छे ति दिनका पूजाहारीहरु र १७
विचारीहरुको सांमु यहुवेको सांमु उभीउन् तब विचारीहरुले भलिभांति १८
सङ ढुंढ्लुन् . अनि हेर त्यो साक्षीले झूठो साक्षी भइ आफ्नु भाई मांथि
झूठो साक्षी दियेको रछ भन्ये देखि त जस्तो त्येस्ले आफ्नु भाईलाइ १९
गर्छु भन्ये मन् गर्यकेो थियो त्येस्तै तिमिहरुले त्यो सित गर्नु . येसोरि
येस्तो येस्तो बुराई आफ्नु बीच् देखि आफाल्नु । त रह्यकाहरु सुन्येर २०
डराउंछन् अनि त्यहां देखि येसो तेरो बीचमां येस्तो कुनै बुराई गर्दैनन् ।
अनि तेरो आंखाले टिठाउंदैनन् प्राणको साटो प्राण् आंखाको साटो आंखा २१
दांतको साटो दांत् हातको साटो हात् गोड़ाको साटो गोड़ा ॥

(लड़ाईंको विषयको बिधि)

जब तं आफ्ना सत्तुरहरु सित लड़ाईं गर्नुलाइ निक्ललास् तब २० १
घोड़ाहरु र रथहरु र आफु भन्दा बेसि लोगलाइ देख्येर ति देखि न डरा .
किनभन्ये तेरो ईश्वर् यहुवे जस्ले तंलाइ मिस्र देस् देखि चढ़ाइ ल्यायो उइ
तं सङ छ । अनि येसो हुवस् जब तिमिहरु लड़ाईं गर्नुलाइ नजिक् आओला २
तब पूजाहारीले नजिक् आइ लोग् सित कुरा गरि येसो भनोस् हे ३
इस्राएल् सुन् आजु तिमिहरु आफ्ना सत्तुरहरु सित लड़ाईं गर्नुलाइ नजिक्
जांद छौ तिमिहरुको मन् कमलो न हुवस् न डराव थरहरि न हुव
तिनको भय् न मान किनभन्ये जो तिमिहरुको लागि तिमिहरुका ४
सत्तुरहरु सित लड़ाईं गर्नु र तिमिहरुलाइ बचाउंनुलाइ तिमिहरु सङ
जांद छ उ तिमिहरुको ईश्वर यहुवे हो । अनि मालिकहरुले लोगलाइ ५
भनुन् को येस्तो मान्छे छ जस्ले नया घर् बनायेको छ तर त्येस्को घरपेंजो
गर्यकेो छैन त्यो आफ्नु घरमां फर्कि जावस् होइन भन्ये ता त्यो लड़ाईंमां
मांरीयेला अनि अर्कोले त्यो घरपेंजो गर्ला । अनि को येस्तो मान्छे छ जस्ले ६
दाख्को बारी लगायेर त्येस्को फल् अब सम्म खायेको छैन त्यो पनि
आफ्नु घरमां फर्कि जावस् होइन भन्ये ता त्यो लड़ाईंमां मांरीयेला अनि
अर्कोले त्येस्को फल् खाला । फेरि को येस्तो मान्छे छ जस्ले केटीलाइ मंगनी ७
गर्यकेो छ अनि त्येस्लाइ ल्यायेको छैन त्यो पनि आफ्नु घरमां फर्कि जावस्
होइन भन्ये ता त्यो लड़ाईंमां मांरीयेला अनि त्येस्लाइ अर्कोले ल्याउला ।
अनि मालिकहरुले येस् बाहिक लोगलाइ यो पनि भनुन् को येस्तो मान्छे छ ८
जो डराउंने कि काफर छ त्यो पनि आफ्नु घरमां फर्कि जावस् होइन भन्ये
ता त्येस्का भाईहरुको मन् पनि त्येस्को मन् जस्तो बिलीइ जाला । अनि जब ९
लोगले मालिकहरु सित बात् गरि सकुनन् तब येसो हुवस् तिनले सेनाहरुका
मालिकहरुलाइ लोगको अघि अघि हिंड्नुलाइ खटाउन् ॥

जब तं लड़ाईं गर्नुलाइ कुने सहरको छेउ जालास् तब पहिले त्येस्को १०

११ लागि मिलापको उर्दी सुनाउनु । अनि येसो हुवस् त्येस्ले तंलाइ मिलापको
उत्तर दियो अनि तेरो लागि खोलि दियो भन्ये देखि तब येसो हुवस् जत्ति
लोग् त्येसमां पाईकुन् ति सबै तेरो लागि किंया मुनिका दास्हरु होइ जाउन्
१२ अनि तेरो सेवा गरुन् । तर तिनिहरुले तं सित मिलाप् गर्येनन् तर तं सित
१३ लड़ाईं गर्नु लाग्ये भन्ये त्येस् सहर्लाइ घेर् । अनि जब तेरो ईश्वर् यहुवेले
त्यो तेरो हातमां सुम्पि दिंइ तब त्येस्मांका सबै पुरुषहरुलाइ तरवार्को
१४ धार्ले काटि दिनु । तर स्त्रीहरु बालबच्चा र पशु र जे जे त्येस् सहरमां
हुंनन् ति अर्थात् त्येस्को सबै लूट् आफ्नु लागि सिकार् भैं लिनु अनि तेरो
१५ ईश्वर् यहुवेले तंलाइ दियेका आफ्ना सत्रुहरुका लूट् तैंले खानु । जुन् जुन्
सहर् तं देखि धेरै टाढ़ो हुन् अनि यि लोगका सहर् होइनन् ति सबै सित
१६ येसे गर्नु । तर जुन् जुन् सहर् यि लोगका हुन् जुनहरु तेरो ईश्वर् यहुवेले
तेरो अधिकार्को लागि दिंइ हु तिनिहरुमांको कंई सास् फेर्नेलाइ जीउंदो
१७ न छोड़नु । तर तिनलाइ अर्थात् हित्ती एमोरी कनानी परिज्जी
हिव्वी र यबूसीहरुलाइ भाकल् गरीयेको थोक् भैं नास् पार्नु आफ्नु
१८ ईश्वर् यहुवेको आज्ञा अनुसार् । होइन भन्ये ता जत्ति घिन्लागदा काम्
तिनले आफ्ना देवताहरुको लागि गर्नेका हुन् ति सबै अनुसार् तिनिहरुले
तिमिहरुलाइ गर्नु सिकाउंनन् अनि येसोगरि तिमिहरुले आफ्नु ईश्वर्
यहुवेको विरुद्धमां पाप् गरोला ॥

१९ जब कुनै सहर् लिनुलाइ त्यो सित लड़ाईं गर्दै तैंले त्येस्लाइ धेरै
दिन् सम्म घेरि रहलाम् तब त्येस्का रुखहरुमां बन्चरोले हानि ति बिनाश
न पार् किनभन्ये ति तैंले खानु सक्कुम् येस्कारण ति न टालुन् को बनका
२० रुखहरु मान्छे हुम् र तैंले ति घेरि गरुहुम् । खालि ति खानं रुख होइन
राछुन् भनि चिनिम् भन्ये देखि ति टालि बिनाश पार् अनि तं सित लड़ाईं
गर्ने सहर्ले न हातमंज्याल् सम्म त्येस्को सांमु गरि बना ॥

(अनेक् कुराको बिषय्का आज्ञाहरु)

२१ १ त्येस् तेरो ईश्वर् यहुवेले तंलाइ अधिकारी हुंनुको लागि दिनु
आंटियेको देशमां कसैको मारीयेको मुर्दा बन्मां लड़ि रहेको पाईयो अनि
२ त्येस्लाइ कस्ले मार्येको हो भनि जानीयेन भन्ये देखि, त तेरा प्राचीन् र
बिचारीहरुले निकल्येर त्यो मुर्दा भयेको ठांउ देखि चारै पांट्टका सहरहरु
३ सम्म नापुन् . तहांदेखि येसो हुवस् त्यो मुर्दा देखि कछै भन्दा नजिक् भयेको
सहर् त्येइ सहरका प्राचीनहरुले बथा मांको येउटी काममां न लगाईयेको
४ र जूवा गुनि न पर्येको कोर्लि लिउन् अनि त्येस् सहरका
प्राचीनहरुले त्येस् कोर्लिलाइ येउटा बरदो पानी भयेको खोल्चामां
लैजाउन् जस्को पाखा न जोतीयेको न छरीयेको हु अनि त्यहां खोल्चामां
५ त्येस् कोर्लिको मुण्टो भांचि दिउन् . तब लेठीहरुी पूजाहारी नजिक् आउन्
किनभन्ये तिनैहरुलाइ तेरो ईश्वर् यहुवेले छान्येको हु तिनिहरुले उस्को सेवा

गरुन् अनि यह्वेको नांउ लिइ आशीर्वाद् दिंने गरुन् अनि सबै झगरा र
कुटामार्को बिषय् तिनिहरुले भन्येको अन्सार् हवस् भन्येर. वहांदेखि ६
त्यो मुर्दा भयेको ठांउ देखि जुन् सहर् सबै भन्दा नजिक् छ त्येस्का सबै
प्राचीन्हरुले त्येस् खोल्चामां मण्टा भांचीयेकी कोरलि मांथि आफ्ना आफ्ना
हात् धोउन्. अनि उत्तर् दिइ भनुन् यो लोहू हांम्रो हात्ले बहायेको र ७
यो हांम्रा आंखाले देख्यको होइन। त हे यह्वे आफ्नु छोड़ाईयेको इस्राएल् ८
लोग्को प्रायश्चित्त लिइ माफ् गर्नु हवस् अनि आफ्नु इस्राएल् लोग्को
बीच्मां निर्दोषी लोहू रहंनु न दिंनु हवस् भनि। त त्यो लोहू
तिनिहरुलाइ माफ् हुंछ। येसोरि तैंले यह्वेको दृष्टिमां ज्ये सोजो छ त्येइ ९
गर्दा आफ्नु बीच् देखि त्यो निर्दोषी लोहू आफाल्छस् ॥

जब तं आफ्ना सत्तुर्हरु सित लड़ाईं गर्नुलाइ निक्ललास् अनि १०
तेरो ईश्वर् यह्वेले तिनिहरुलाइ तेरो हात्मां पारि देला अनि तैंले
तिनिहरुलाइ बन्धुवा गरि ल्याउलास् अनि बन्धुवाहरुमां कोई राम्रो ११
स्त्रीलाइ देखिकन त्येस्लाइ मन् पर्‍यो अनि त्येस्लाइ स्वास्नी तुल्याउंनु खोजिस्
भन्ये देखि त्येस्लाइ आफ्नु घर्मां ले अनि त्येस्ले आफ्नु सिर् मुड़ावस् १२
अनि नङ् कटावस् अनि आफ्नु बन्धुवाईका लुगा काड़ि तेरो घर्मां १३
रहंदै महीनाभरि आफ्ना आंमा बाबुको लागि बिलाप् गर्दै रहोस्. त्येस्
पछि तं त्येस्कां जांनु सक्छस् र तं त्येस्को लोग्ने हो अनि त्यो तेरी स्वास्नी
हवस्। अनि येसो हवस् तंलाइ त्येस्लाइ मन् पर्‍येन भन्ये देखि त्येस्लाइ जहां १४
जांनु खोज्छे जांनु दे तर त्येस्लाइ रुपिया लियेर कहीं न बेच्नु तैंले त्येस्को
पत् लिइस् त त्यो सित कमांरी सित झैं बेहोरा न गर्नु ॥

कसैकी दुवटी स्वास्नी छन् अनि तिनमां येउटी प्रिया अर्की अप्रिया १५
होली अनि प्रिया र अप्रिया दुवैले छोरा जन्माइन् तर जेठो चइं छोरो
अप्रिया पट्टिको भयो भन्ये देखि त येसो हवस् जस् दिन्मां त्येस्ले १६
आफ्ना छोराहरुलाइ आफ्नु सम्पत्तिको अधिकारी तुल्याउला तब प्रियाको
छोरोको लागि अप्रियाको छोरो जो सांचिनै जेठो छ त्येस्को सांटोमां जेठो
भाग् गर्नु न पावस्. तर त्येस्ले अप्रियाकै छोरोलाइ आफ्नु सिंगै धन्को १७
दोबर् भाग् दिइ जेठो हो भनि चिनावस्. किनभन्ये त्यो चइं त्येस्को
बूताको थाल्नि हो त जेठा अधिकार् त्येसैको हो ॥

कसैको छोरो अट्टेरि र झगरे होला जस्ले आफ्ना आंमा बाबुका कुरा १८
मान्दैन अं शिक्षादण्ड दिंदा पनि तिनको सुन्दैन। त त्येस्का आंमा बाबुले १९
त्येस्लाइ समात्येर त्येस्को सहर्का प्राचीन्हरुकां त्येस्को ठांउको ढोकाको बाइर
लैजाउन् वहांदेखि तिनिहरुले त्येस्को सहर्का प्राचीन्हरुलाइ यो हांम्रो २०
छोरो अट्टेरि र झगरे छ हांम्रो कुरा मान्दैन तर उदासे र मताहा छ भनुन्।
तब त्येस्को सहर्का सबै पुरुष्हरुले त्येस्लाइ मर्न गरि ढुंगाले ले होर्‍याउन्. २१
येसोरि तैंले येस्तो बुराई आफ्नु बीच् देखि आफाल् अनि सिंगै इस्राएल्
सुन्येर डरावस् ॥

२२ फेरि कसैमां मांरीने माफिक्को पाप् पाईयो अनि त्यो मांरीयो अनि
२३ तैंले त्येस्लाइ रुखमां झुंड्याइस् भन्ये देखि त त्येस्को लोथ् रात् भरि
रुखैमां न रहोस् तर त्येस्लाइ निस्से त्येसै दिन् गाड्नु किनभन्ये झुंड्याईंने
चइं ईश्वर् देखि स्रापित् छ होइन भन्ये ता तेरो ईश्वर् यहवेले तंलाइ
अधिकार्को लागि दिंनु आंटेको तेरो देस् तैंले अशुद्ध पार्छस् ॥

२२ १ तैंले आफ्नु भाईको गोरु कि भेंड़ा हराइ हिंड्दै गयेको देख्येर त्यो
२ देखि न लुक्. तर त्येस्लाइ निस्से आफ्नु भाई यांइ फर्काइ ल्याइ दे। तर
तेरो भाई नजिक् छैन कि तैंले त्येस्लाइ चिन्दैनस् भन्ये देखि त्येस्लाइ आफ्नु
घरमां ल्याइ राख् अनि तेरो भाईले त्येस्लाइ न खोजुंज्याल् सम्म त्यो तेरां रहोस्
३ तब त्येस्लाइ फर्काइ दे। अनि त्येस्को गदाहा सित पनि यैसै गर् अनि त्येस्को
लुगाको विषयमां पनि यैसै गर् अं तेरो भाईले हरायेको तैंले पायेको तेरो
भाईको कुनै पनि हरायेको थोक्को विषयमां यैसै गर्. ति देखि न लुक् ॥
४ तैंले आफ्नु भाईको गदाहा कि गोरुलाइ बाटोमां लड्येको देख्येर
ति देखि न लुक्. तर त्येस्लाइ उठाउंनुमां निस्से त्येस्लाइ गोहार् दे ॥
५ कसै स्त्रीले पुरुषको लुगा न लगावस् अनि न कोई पुरुषले स्त्रीको
लुगा लगावस्. किनभन्ये यैस्ता काम् गर्नेहरु सबै तेरो ईश्वर् यहवेलाइ
घिन् छन् ॥
६ कुनै रुखमां कि भूंइमां तेरो सांमु बाटोमां कुनै चराको गुड़ रछ अनि
त्येसमां बचरा भये पनि फुल् भये पनि अनि ति बचराहरु कि फुल्हरुमां
तिनको माऊ बसि रह्येको देखिस् भन्ये देखि त बचरा समेत् माऊलाइ न
७ लैजांनु. तर माऊचइंलाइ निस्से छोड़ि दिंनु तर बचरा चइं आफ्नु लागि
लैजांनु र तेरो भलो हुवस् अनि तेरा दिन् बढ़ाईउन् ॥
८ जब तैंले नया घर् बनाउलास् तब आफ्नु छानामां आंठाघेरा बना
होइन भन्ये ता त्यहां बाटो कोई लड्ला अनि यैसोरि तैंले आफ्नु घर्
९ मांथि लोहूको दोष् ल्याउलास्। आफ्नु दाखको बारीमां दुइ प्रकारको बिउ
न रोप्नु. होइन भन्ये ता त्येस्को सबै उप्जनि अर्थात् तेरो रोप्येको र
दाखको बारीको उप्जनि दुवै खेरो जानन् ॥
१० गोरु र गदाहा दुवै एक् सङ् नारि न जोत्नु। ऊण् र पाट् मिसायेको
११ लुगा न लाउंनु ॥
१२ आफ्नु ओढ्ने लुगाको रिंगै चारै छेउमां झुम्का लाउंने गर्नु ॥
१३ कोई लोग्ले स्वास्नी ल्यायेर त्येस्कां गयो अनि त्यो त्येस्लाइ अप्रिया
१४ लाग्यो अनि त्येस्ले त्येस् मांथि कुकर्म्मको दोष् लगायो अनि त्येस्को
नांउ बिगार्नुलाइ त्येस् स्त्रीलाइ ल्यायें तर जब त्येस्कां गयें त त्येस्मां कन्ये
१५ चिंनु पाइंन भन्यो भन्ये देखि त त्येस् केटीका आंमा बाबु केटीको कन्ये
१६ चिंनु लियेर सहरका प्राचीनहरु थांइ छोकामां जाउन्. तहांदेखि त्येस
केटीको बाबुले प्राचीनहरुलाइ भनोस् मैंले आफ्नी छोरीलाइ त्येस्लाइ ब्याह
१७ दियें तर त्यो त्येस्लाइ अप्रिया लाग्द छ अनि हेर त्येस्ले मैंले तिम्रो

छोरीमां कन्ये चिंनु पाईंन भन्दै त्येस्लाइ कुकर्म्मको दोष् लगायेको छ तर
मेरी छोरीको कन्ये चिंनु यि हुन् भनि । वहांदेखि तिनिहरुले सहरका
प्राचीन्हरुको सांसु त्यो लुगा फिंजाउन् । तब त्येस् सहरका प्राचीन्हरुले १८
त्येस् पुरुषलाइ लियेर शिक्षादण्ड दिउन् अनि त्येस् मांथि सै शेकेल् १९
चांदीको दण्ड पनि लगायेर त्येस् कन्येको बाबुलाइ दिउन् किनभन्ये त्येसले
एक् इस्राएली कन्येको नांउ बिगारि दियो . अनि त्यो त्येस्की स्वास्नीनै भइ
रहोस् त्येसले आफ्नु जीउंनिभरि त्येस्लाइ त्यागनु न पावस् । तर त्यो कुरो २०
सांचो हो छ अर्थात् त्येस् केटीमां कन्ये चिंनु पाईयेनन् भन्ये देखि . त २१
तिनिहरुले त्येस् केटीलाइ त्येस्को बाबुको घरको देलोमां निकालुन् अनि
त्येस्का सहरका पुरुषहरुले त्येस्लाइ मंर्नगरि ढुंगाले लोहोत्याउन् . किनभन्ये
त्येसले आफ्नु बाबुकै घरमां बेश्येको काम् गरि इस्राएलमां मूर्खइं गरी
येसोरि तैंले येस्तो बुराई आफ्नु बीच् देखि आफालनु ॥

कोई पुरुष् अर्को लोग्ने भयेको ब्याहित् स्वास्नी सङ सुत्दै गर्येको २२
पकड़ा पर्यो भन्ये देखि त्यो स्त्री सित सुत्दै गर्ने पुरुष् र त्यो स्त्री दुवै
मांरीउन् . येसोरि तैंले येस्तो बुराई इस्राएल्को बीच् देखि आफालनु ॥

कोई कन्ये केटीको कसै पुरुष् सित मंगनी भयेको छ अनि कोई २३
पुरुषले सहरैमां भेटेर त्यो सित सुत्यो भन्ये देखि त तिमिहरुले ति २४
दुवैलाइ त्येस् सहरको ढोकामां बाइर लग्येर मंर्न गरि ढुंगाले लोहोत्याउंनु
केटीचइंलाइ किनभन्ये सहरमां भइकन पनि चिच्याईन अनि त्येस्
पुरुषचइंलाइ किनभन्ये आफ्नु छिमेकिकी स्वास्नीको पत् लियो . येसोरि
तैंले येस्तो बुराई आफ्नु बीच् देखि आफालनु ॥

तर कोई पुरुषले कोई मंगनी भयेकी कन्येलाइ बनमां भेटि २५
बलजबत् गरि त्येस्लाइ सुतायो भन्ये देखि त खालि त्येसलाइ सुताउंने
पुरुषचइं मांत्रे मांरीग्रोस् . तर त्येस् कन्येलाइ कोइ न गरीग्रोस् त्येस् २६
कन्येमां मांर्गेने माफिकको पाप् छैन . कसोगरिभन्ये जसोरि कसैले आफ्नु
छिमेकि मांथि उठेर त्येस्लाइ मांर्ला यो पनि त्येस्ले कुरो हो . कसोगरिभन्ये २७
त्येस् पुरुषले त्येस् मंगनी भयेकी कन्येलाइ बनमां भेटायो अनि त्यो चइं
चिच्याई पनि तर त्येस्को बचाउंने कोई थियेन ॥

फेरि कोई पुरुषले कोई मंगनी न भयेकी कन्येकेटीलाइ भेटेर त्येस्लाइ २८
समात्येर सुतायो अनि तिनिहरु पकड़ा पर्ये भन्ये देखि . त त्येस्लाइ सुताउंने २९
पुरुषले त्येस् कन्येकेटीको बाबुलाइ पचास् शेकेल् चांदी देवस् अनि त्यो
त्येस्की स्वास्नी हवस् किनभन्ये त्येसले त्येस्को पत् लियो त्येसले त्येस्लाइ आफ्नु
जीउंनिभरि त्यागनु न पावस् ॥

कसैले आफ्नु बाबुकी स्वास्नीलाइ न राखोस् अनि न आफ्नु बाबुको ३०
लुगा उचालोस् ॥

जस्को मन्दि कुचाईयेको कि गुप्ती अङ्ग काटीयेको छ त्यो यहुवेको २३ १
सभामां न पसोस् ॥

२ यह्वेको सभामां कोई बतासे छोरो पस्नु न पावस् अं दसौं पुस्ता सम्म पनि यह्वेको सभामां त्येस्को बंशको कोई पस्नु न पावस् ॥

३ कोई अम्मोनी कि मोआबी यह्वेको सभामां पस्नु न पावस् अं तिनको दसौं पुस्ता सम्म पनि यह्वेको सभामां तिनको बंशको कोई कैलेइ पस्नु न
४ पावस्. किनभन्ये जब तिमिहरु मिस्र देस् बाटो निक्लि आउंद थियौ तब तिनिहरुले रोटी पानी लियेर बाटोमां तिमिहरु सित भेट् गर्‍येनन् अनि येस् बाहिक् तिनिहरुले अरम्नहरैम्को पतोर् सहर्मां बस्ने बओर्को छोरो बिलाम्लाइ तंलाइ स्राप्नुलाइ तेरो बिरुद्धमां रुपिया दियेर बोलायो।
५ तैपनि तेरो ईश्वर् यह्वेले बिलाम्को सुन्ने मन् गर्‍येन तर तेरो ईश्वर् यह्वेले स्राप् आशीष्मां पो फेर्‍यो किनभन्ये तेरो ईश्वर् यह्वेले तं सित प्रेम् राख्द
६ थियो। आफ्नु जीउंनिभरि न तिनको कुशल् न तिनको भलाई खोज्नु ॥

७ कोई एदोमी सित घिन् न गर्नु किनभन्ये त्यो तेरो भाई हो. अनि न
८ कोई मिस्री सित घिन् गर्नु किनभन्ये त्येस्को देस्मां तं पर्देसी थिइस्। तिनका तीस्रो पुस्तामां जन्म्यका सन्तान् यह्वेको सभामां पस्नु पाउन् ॥

९ जब तं आफ्ना सत्तुर्हरुको बिरुद्धमां छाउंनीमां निक्ललास् तब सबै
१० प्रकार्को नजाति थोक् देखि जोगीइ रह्। तिमिहरुको बीच्मां कोई पुरुष् त्यो राति आफै हुंने अशुद्धेईले अशुद्ध भयो भन्ये छाउंनी देखि बाइर जावस्
११ अनि छाउंनी भित्र न पसोस्. तर येसो हवस् सांझ् पर्ने बेलामां त्येस्ले
१२ पानीमां नुहावस्. अनि जब घाम् अस्ताउंछ तब त्यो फेरि छाउंनीमां पसोस्।
१३ छाउंनी देखि बाइर येउटा दिशा फेर्ने ठांउ हवस् तिहीं तं जांने गर्नु. अनि तेरा हतियार्को खाल्मां येउटा खन्ति हवस् अनि येसो हवस् जब तैंले बाइर भइ दिशा फेर्छस् त फर्क्येर आफु देखि गयेका थोक् त्यो खन्तिले
१४ खन्येर ढाकि दे. किनभन्ये तेरो छाउंनीको बीच्मां तेरो ईश्वर् यह्वे डुल्द छ तंलाइ बचाउंनु र तेरा सत्तुर्हरुलाइ तेरो ताबिमां पारि दिंनुको लागि येस्कारण् तेरो छाउंनी पवित्र रहोस्. होइन भन्ये ता तेरो बीच्मां क्येइ अशुद्ध थोक् देख्येर उ तं देखि फर्कि जाला ॥

१५ जुन् दास् आफ्नु स्वामी देखि तं थांइ भागि आउला त्येस्लाइ त्येस्को
१६ स्वामीलाइ फर्काइ सुम्पि न दे. त्येस्ले तेरा ढोकाहरुमांको येउटा भित्र जुन् ठाउं जाति लागि छान्ला त्येसैमां तं सङ रहंने गरोस्. त्येस् मांथि मिचेईं न गर्नु ॥

१७ इस्राएल्बंशिहरुमांकी कोई देव्दासीबेश्ये न हवस् अनि इस्राएल्-
१८ बंशिहरुमांको येस्तो पुरुष् पनि कोई न हवस्। बेश्येको प्राप्ति र कुकुर्को[1] कंमई कुनै भाकल् पूरो गर्नुको लागि आफ्नु ईश्वर् यह्वेको घर्मां न ल्याउंनु. किनभन्ये तेरो ईश्वर् यह्वेलाइ यि दुवै घिन् छन् ॥

[1] अर्थात् पुरुषगामीको।

तैंले आफ्नु भाईलाइ ब्याजमां ऋण् न दे रुपिया हवस् कि खांने १९
थोक् हवस् कि अरु कोइ थोक् ज्ये ब्याजमां दिइँद छ . अन्यदेशीलाइ ब्याजमां २०
ऋण् दिंनु पावस् तर आफ्ना कोई भाईलाइ ब्याजमां ऋण् न दिंनु . र जुन्
देश्को तं अधिकारी हुंनुलाइ जांनु आटेंको छस् वहां जुर् जुन् काममां
हात् लगाउलास् ति सबैमां तेरो ईश्वर् यहूवेले तंलाइ आशीष् देवस् ॥

जब तैंले आफ्नु ईश्वर् यहूवेको लागि भाकल् गर्लास् त त्यो पूरो २१
गर्नुमां अबेर् न गर्नु . किनभन्ये तेरो ईश्वर् यहूवेले निस्से त्यो तं स्वित
मांग्छ अनि येसो गर्येकोले तंलाइ पाप् लाग्छ । तर तैंले भाकल् २२
गर्येको छैनस् भन्ये देखि तंलाइ पाप् लाग्दैन । ज्ये कुरो तेरो मुख् देखि २३
निक्ला त्यो गर्नुलाइ मान् आफ्नु ईश्वर् यहूवेको लागि आफ्नु मुख्ले
मनमानि भाकल् गर्येको अनुसार् ॥

जब तं आफ्नु छिमेकिको दाख्बारीमां पस्लास् त आफ्नु खुशि २४
अनुसार् पेट् भरि खांनु सक्छस् तर आफ्नु भांड़ामां केइ न हाल्नु ॥

जब तं आफ्नु छिमेकिको ठाड़ो अन्नमां पस्लास् त हात्ले बाला २५
टिपुन् सक्छस् तर आफ्नु छिमेकिको ठाड़ो अन्नमां हंसिया न चलाउंनु ॥

जब कोई लोग्ने स्वास्नी ब्याहा गरि ल्यायेको होला त येसो हुंछ २४ १
त्येस्ले त्येस्मां केइ अशुद्धैं पायेको कारणले त्येस मांथि त्येस्को अनुग्रह भयेन
भन्ये देखि त त्येस्को लागि त्यागपत्र लेख्येर त्येस्को हातमां दिइ त्येस्लाइ
आफ्नु घर् देखि निकालि पठावस् । अनि त्यो त्येस्को घर् देखि निकलि गये २
पछि अर्को लोग्नेको हुंनु सक्छे । तर त्यो त्येस् अर्को लोग्नेलाइ पनि अप्रिया ३
लागी अनि त्येस्ले पनि त्यागपत्र लेख्येर त्येस्को हातमां दियेर आफ्नु घर्
देखि निकालि पठायो कि त्यो त्येस्लाइ आफ्नो स्वास्नी गरि राख्ने लोग्ने
मर्यो भन्ये देखि त्येस्लाइ निकालि पठाउंने त्येस्को पहिलो लोग्नेले त्येस्लाइ ४
त्यो अशुद्ध भये पछि फेरि आफ्नो स्वास्नी तुल्याउंनु न पावस् किनभन्ये
येस्तो काम् यहूवेलाइ घिन् छ . येसोरि तैंले त्येस् तेरो ईश्वर् यहूवेले तंलाइ
तेरो अधिकारको लागि दिंनु आंटेंको देसलाइ पाप् गर्न न तुल्याउंनु ॥

कोई लोग्ने भर्खर् स्वास्नी ल्यायेको छ भन्ये देखि त्यो सेनामां भर्ति भयेर ५
बाहिर न जावस् न कोई कामको भार् त्येस् मांथि राखीयोस् . तर त्यो वर्ष
दिन् सम्म सुविस्ता सङ आफ्नु घरमां रहि त्येस्ले आफ्नो ल्यायेको स्वास्नीलाइ
रम्याउस् । कोई मान्छेले जांतो कि जांतोको ऊंभल्लो पल्यांटो बन्धकमां न ६
लेवस् . किनभन्ये यो ता मान्छेको प्राण् बन्धक् लियेको जस्तिकै हो ॥

कोई मान्छे आफ्नु कोई इस्राएल्वंशी भाईलाइ दास् तुल्याउंने कि ७
बेच्ने मन् गरि चोरी गर्येको पक्ड़ा पर्यो भन्ये देखि त येस्तो चोर्
मारीयोस् . येसोरि तैंले येस्तो बुराई आफ्नु बीच् देखि आफालनु ॥

कोढ्को बेथा देखि चंच रहंनु अनि लेवी पूजाहारीहरुले ज्ये ज्ये ८
तिमिहरुलाइ सिकाउंछन् ति सबै अनुसार् खबरदारी सङ सबै विषय् गर्नु .
मैंले तिनिहरुलाइ आज्ञा गर्येको अनुसार् ति गर्नु मान्नु । तिमिहरु मिरि ९

बाटो निकलंदा बाटोमां तेरो ईश्वर् यहूवेले मरियम्लाइ जे गर्येको थियो त्यो समझ ॥

१० जब तैंले आफ्नु छिमेकिलाइ कुइ रकम्को ऋण देलास् तब त्येस्को
११ बन्धक् लिंनुलाइ त्येस्को घर् भित्र न पस्। तं बाइरै उभीइ रह् अनि जस्लाइ
१२ तैंले ऋण् दिंछस् त्यो आफैले बन्धक् बाइर् तं पांइ ल्याइ देवस्। त्यो मान्छे
१३ कंगालि छ भन्ये देखि त्येस्को बन्धक् राखि न सुत्नु. सूर्ज अस्ताउंज्याल् सम्ममां त्यो निस्से फर्काइ दिंनु र त्येस्ले आफ्नै ओढ्नुमां सुति तंलाइ आशीष् देवस्. त यो तेरो ईश्वर् यहूवेको सांमु तेरो धर्म्म गनींछ ॥

१४ बंनि गर्ने जो दरिद्र र कंगालि छ त्यो तेरो भाईमांको हवस् कि तेरो ठोका भित्र भयेको परदेसीमांको तेरो देसमां हवस् त्येस् मांथि मिचेईं न गर्नु.
१५ त्येसै दिन् घाम् डुब्नु भन्दा पहिले तैंले त्येस्को बंनि दिहालनु किनभन्ये त्यो कंगालि छ अनि त्येस्को मन् त्येसमां लागि रहंद छ. होइन भन्ये ता त्येस्ले तेरो बिरुद्धमां यहूवेको दोहाई देला अनि यो तेरो लागि पाप् होला ॥

१६ बाबुहरु आफ्ना छोराहरुको साटो न मारीउन् अनि न छोराहरु बाबुहरुको साटो मारीउन्. जीउजनंगे आफ्नै पापको कारणले मारीओस् ॥

१७ कसै परदेसीको कि टुहुराको निया न बिगार्नु अनि न कसै बिधुवीको
१८ लुगा बन्धकमां लिंनु. तर समझना राखनु तं मिसमां दास् थिइस् अनि तेरो ईश्वर् यहूवेले तंलाइ वहां बाटो छोड़ायो. येसैकारणले मं तंलाइ येसो गर्ने आज्ञा दिंद छु ॥

१९ जब तैंले आफ्नु खेतको कटनी गर्लास् अनि एक् पांजा खेतमां भूल्ले छोड्लास् त त्यो लिंनुलाइ फर्कि न जांनु. परदेसी र टुहुरा र बिधुवीको लागि त्यो हवस्. र ईश्वर् यहूवेले तेरा हातका सबै काममां तंलाइ आशीष्
२० देवस्। जब तैंले आफ्नु भद्राले छिर्काइ झार्लास् तब दोस्रो खेप् डालाहरु
२१ न हल्लाउंनु. परदेसी र टुहुरा र बिधुवीको लागि त्यो हवस्। जब तैंले आफ्नु दाखको बारीको फल् टिप्लास् तब आफ्नु पक्काड़ि निखारिकन न
२२ टिप्नु. परदेसी र टुहुरा र बिधवीको लागि त्यो हवस्। अनि तैंले मं मिस्र देसमां दास् थियें भनि समझना राखनु येसैकारणले मं तंलाइ येसो गर्ने आज्ञा दिंद छु ॥

२५ १ कसै मान्छेहरुको बीचमां झगरा पर्यो अनि तिनिहरु नियाको लागि आये अनि बिचारीहरुले तिनको निया गर्ये भन्ये देखि त तिनिहरुले
२ धर्म्मीलाइ धर्म्मीने अनि दोषीलाइ दोषीने ठहराउन् अनि येसो हवस् दोषी कुटाइखांने माफिकको ठहरीयो भन्ये बिचारीले त्येस्लाइ लड़ाउंनु लाग्येर आफ्नु सांमु त्येस्को दोष् अनुमारको कुटाई गनि गनिकन
३ छिर्काउंनु लगावस्। त्येस्ले त्येस्लाइ चालीस् कोर्रा सम्म छिर्काउंनु लगावस् यहां देखि बेसि होइन. होइन भन्ये ता यो भन्दा बढ्ना धेरै कुटीयेकोले तेरो भाई तं देखि तुच्छ ठानीयेला ॥

४ दाईं गर्ने गोरुलाइ मुहला न लगा ॥

जब दाज्युभाई एकै सङ रहनन् अनि तिनिहरुमांको एक् जना ५
अपुता भइ मर्‌यो त त्येस्को बिधुवीको ब्याहा पराय् कुल् सङ न हुवस्,
तर त्येस्को देवर् त्येस्कां गयेर त्येस्लाइ आफ्नी स्वास्नी तुल्यावस् अनि त्यो
सित देवर्‌ले गर्नु पर्ने कार्ज गरोस्। अनि येसो हुवस् जुन् जेठो त्येस्ले ६
जन्माउली त्यो त्येस् मयेकोको दाज्युको नांउको गनीओस् र त्येस् दाज्युचइंको
नांउ इस्काएल्को बीच् देखि न मेटीओस्। तर देवर्‌चइंले आफ्नी ७
भाउजिउलाइ ल्याउंनु मन् पर्‍येन भन्ये देखि त त्यो भाउजिउचइंले ठोकामां
प्राचीन्हरु पांइ गयेर मेरो लाग्नेको भाईले आफ्नु दाज्युको नांउ
इस्काएल्को लागि उभ्याउंनु मान्दैन अनि देवर्‌ले गर्नु पर्ने कार्ज मं सित गर्नु
मान्दैन भनोस्। तब त्येस्को सहर्‌का प्राचीन्हरुले त्येस्लाइ डाकेर त्येस्लाइ ८
चेताउन्, अनि त्येस्ले उभीयेर आफ्नु कुरामां अड़ीयेर मर्‌लाइ यिन्लाइ
ल्याउंनु मन् पर्दैन भन्यो भन्ये देखि त त्येस्की भाउजिउचइंले ९
प्राचीन्हरुको सांमु त्येस्को कुउमां गयेर त्येस्का जुत्ता त्येस्को गोड़ा देखि
फुकालोस् अनि त्येस्को मुखमां थुकोस् अनि उत्तर् दिइ भनोस् जस्ले आफ्नु
दाज्युको जहान् उभ्याउंदैन त्येस्लाइ येसै गरींछ भनि। त इस्काएल्मां त्येस्को १०
नांउ जुत्ता फुकालीयेको घर् भनींछ॥

माम्छेहरुले आपस्तमां कुटामार् गर्दा तिनिहरुमांको येउटाकी ११
स्वास्नीले आफ्नु लोग्नेलाइ त्येस् कुट्दै गर्नेको हात् देखि छोड़ाउंनुको
लागि नजिक् आयेर आफ्नु हात् पसारि कुट्नेको गुप्ति अङ्ग समाती भन्ये
देखि, त त्येस्को हात् काटि दिंनु त्येस्कां तेरा आंखाले न टिठाउन्॥ १२

आफ्नु थैलीमां येउटा सांनु येउटा ठुलो भिन्दो भिन्दो ठक् न १३
राख्नु। आफ्नु घरमां आफ्नु आफ्नु भर्ने थोक् येउटा सांनु येउटा ठुलो १४
भिन्दो भिन्दो न राख्नु। तर तेरो पूरो र ठीक्को ठक् हुवस् तेरो पूरो र १५
ठीक् भर्ने थोक् हुवस् र जुन् देस् तेरो ईश्वर् यहुवेले तंलाइ दिंद छ त्येस्कां
तेरा दिन् बढाईउन्। किनभन्ये येस्तो काम् गर्ने सबै अर्थात् अधर्म्म गर्ने १६
सबै ईश्वर् यहुवेलाइ घिन् लाग्द छन्॥

तिमिहरु मिस्र बाटो निक्लंदा अमालेक्ले बाटोमां तं सित जे जे १७
गर्‍येको थियो त्यो सम्झि अर्थात् त्येस्ले बाटोमां तं थाकेर हरान् १८
पर्‍येकोमां निर्बल् भयेर पछि पछि आउंनेहरु सबैलाइ कसोगरि मार्‍यो अनि
ईश्वरको भय् मान्येन। येस्कारण् येसो हुवस् जब तेरो ईश्वर् यहुवेले त्येस् १९
उस्ले तेरो भाग् हुंनुलाइ अधिकारमां दिंनु आंटेकको देसमां तंलाइ चारै
पट्टिका सबै सत्रुहरु देखि बिश्राम् दिंछ तब अमालेक्को नावे समेत् स्वर्ग
मुनि देखि मेंटि दे यो न बिर्सि॥

(दसौं अंश र अगौटेफल्को व्यवस्था)

अनि येसो हुवस् जब तं त्येस् तेरो ईश्वर् यहुवेले तंलाइ निज् २६ १
भाग् गरि दिंनु आंटेकको देसमां त्येस्को अधिकारी भइ बसछस् तब त्येस् २

तेरो ईश्वर् यहूवेले तंलाइ दिनु आंटेकको देसमां भूमिका सब् प्रकारका
उपजनि जो तेंले भित्याउंद कुस् तिनका अगौटेफलमांका डालोमां हाल्येर
जुन् ठांउ तेरो ईश्वर् यहूवेले आफ्नु नांउ वहां राख्नुको लागि छान्छ त्येस्
३ ठांउमां लैजा। वहांदेखि ति दिनको पूजाहारी थांइ गयेर त्येस्लाइ जुन् देस्
यहूवेले हांमिहरुलाइ दिनुलाइ हांमिहरुका पित्रहरु सित किरिया खायेको
थियो त्येसमां मं आयें भनि आजु आफुको ईश्वर् यहूवेलाइ स्वीकार् गर्द छु
४ भन्येर भन्नु। तब पूजाहारीले तेरो हात् देखि डालो लियेर तेरो ईश्वर्
५ यहूवेको वेदीको सांमु राखि देवस्। वहांदेखि तेंले उत्तर् दिइ आफ्नु
ईश्वर्को सांमु येसो भन्नु मेरो बाबु ता येउटा नष्ट हुंने अरामी थियो त त्येस्ले
मिस्रमां उत्रि थोरे मान्छे भइ वहां प्रवास् गर्‌यो अनि वहां त्यो येउटा
६ ठुलो र सामर्थी र धेरै मान्छेहरुको लोग् भइ गयो. तर मिस्रीहरुले
हांमिहरु सित बुरा बेहोरा गरि हांमिहरुलाइ कष्ट दियो अनि हांमिहरु
७ मांथि सारो सागे दास्ति गर्नु लगायो. तर जब हांमिहरुले आफ्ना
पित्रहरुको ईश्वर् यहूवेको दोहाई दियूं तब यहूवेले हांमिहरुको शब्द सुन्यो
८ अनि हांमिहरुको कष्ट र दास्ति र मिचेईं मांथि दृष्टि गर्‌यो. अनि यहूवेले
हांमिहरुलाइ बलियो हात् र पसार्येको बांहां र औधि डरलाग्दो रीत्ले
९ चिंनु र आश्चर्य कर्म्म गरि मिस्र देखि निकालि ल्यायो. अनि हांमिहरुलाइ
येस् ठांउमां ल्याइ पुर्‌यायेर येस् देस् अर्थात् दुद् र मह बहंने देस् दियो।
१० त अब हेर्नु हुवस् जुन् भूमि चै यहूवे तपांइले मंलाइ दिनु भयो त्येको
अगौटे उपजनि तपांइ थांइ ल्यायेको छु। अनि त्यो आफ्नु ईश्वर् यहूवेको
११ सांमु राखि आफ्नु ईश्वर् यहूवेको सांमु दण्डवत् गर्नु. त जति जाति
थोक् तेरो ईश्वर् यहूवेले तंलाइ र तेरो घरलाइ दियेको छ तिनको
निम्तिमां तेंले र लेवीले र तेरो बीचको परदेसीले रमाहट् गर्नु॥
१२ जब तेंले तीस्रो बर्षमां अर्थात् दसौं अंश दिने बर्षमां आफ्ना
सबै उपजनिको सबै दसौं अंशको भाग् गरि सकलास् अनि त्यो लेवी र
परदेसी र टुहुरा र बिधुवीलाइ कि सकलास् तिनिहरुले तेरा ठोका भित्र
१३ अघाउंजि अघाउंजि खाउन् भन्ये खातिरले तब तेंले आफ्नु
ईश्वर् यहूवेको सांमु येसो भन्नु मैंले आफ्नु घर् देखि पवित्र थोकहरु
निकाल्यें अनि तपांइले मंलाइ दिनु भयेका सबै आज्ञा अनुसार् ति थोक्
लेवी र परदेसी र टुहुरा र बिधुवीलाइ दिहाल्यें मं तपांइका आज्ञाहरु
१४ देखि न तर्क्येको छु न ति बिर्स्येको छु. मैंले त्येसमांको आफ्नु शोकको
बेलामां खायेको छुइन अनि न मं अशुद्ध हुंदा तिनमांको केहि झिकें अनि
न मृतहरुको लागि केई दियें. तर मैंले आफ्नु ईश्वर् यहूवेको शब्द
१५ सुनिकन तपांइका सबै आज्ञा अनुसार् गर्‌यें। आफ्नु पवित्र धाम् स्वर्ग
देखि दृष्टि गरि आफ्नु लोग् इस्राएललाइ आशीष् दिनु हुवस् अनि
तपांइले हांमा पित्रहरु सित किरिया खायेको अनुसार् हांमिहरुलाइ
दियेको भूमि अं दुद् र मह बहंने देस् त्येसलाइ पनि आशीष् दिनु हुवस्॥

आजुको दिन् तेरो ईश्वर् यहूवेले तंलाइ यिनै बिधि र नियाबचनहरू १६
मान्नलाइ आज्ञा दिंद छ. त यि आफ्नु पूरो मन् र पूरो प्राणले गर्नलाइ
मान्। आजु तैंले यहूवेनै मेरो ईश्वर् हो अनि मं उस्को बाटामां हिंड्नु १७
उस्का बिधि र आज्ञा र नियाबचन् मान्नु अनि उस्को शब्द सुन्नु भनि स्वीकार्
गरिस्. अनि यहूवेले पनि तं मेरो बचन् अनुसार् मेरो निज् लोग् होस् १८
जस्ले मेरा सबै आज्ञा मान्नु पर्छ अनि मं तंलाइ ति मैंले बनायेका सबै १९
लोगलाइ भन्दा स्तुतिगराई र नांउ र मान्को बिषयमां ज्यादि बढाउंछु
अनि तं मैंले भन्येको झैं आफ्नु ईश्वर् यहूवेको लागि पबित्र लोग् होइ
रहंछस् भनि आजु स्वीकार् गर्‍यो ॥

(कनान् देस्मां ब्यवस्था प्रचार्नु)

फेरि मूषाले इस्राएलका प्राचीनहरू सङ लोगलाइ यो आज्ञा २७ १
दियो जति आज्ञा मं आजु तिमिहरूलाइ दिंद छु ति सबै मान। अनि येसो २
हुवस् जस् दिन् तिमिहरू तेरो ईश्वर् यहूवेले तंलाइ दिंनु आंटेको तेस्
यर्दन् पारिको देस्मां जाओला त्येस् दिन् तुला तुला ढुंगाहरू उभ्याएर चुन्ले
लिप्. अनि जब तं पारि जालास् तब तिनमां येस् ब्यवस्थाका सबै बचन् ३
लेख् र तं तेरो पित्रहरूको ईश्वर् यहूवेको बचन् अनुसार् जुन् दुद् र मह
बहंने देस् तेरो ईश्वर् यहूवेले तंलाइ दिंनु आंटेको छ त्येस्मां पस्नु
पाउलास्। अनि येसो हुवस् यर्दन् पारि तर्‍येर आजु मैंले तिमिहरूलाइ आज्ञा ४
गर्‍येका ति ढुंगा एबाल् डांड़ामां उभ्याव अनि नि चुन्ले लिप। बहांदेखि त्यहां ५
तैंले आफ्नु ईश्वर् यहूवेको लागि येउटा बेदि अर्थात् ढुंगाको बेदि बना.
तिनमां फलम न उब्जा। आफ्नु ईश्वर् यहूवेको बेदि न काटेका ढुंगाहरूको ६
बना. अनि आफ्नु ईश्वर् यहूवेको लागि होम्बलि चढा. अनि मिलाप्बलि
पनि चढायेर आफ्नु ईश्वर् यहूवेको सांमु रमाहट् गर्दै उहीं खानु। ति ८
ढुंगाहरूमां यि ब्यवस्थाका सबै बचनहरू खूब् प्रगटोगरि लेख्नु ॥

तब मूषा र लेबी पूजाहारीहरूले सिंगै इस्राएल् सित येसो भनि बात् ९
गर्‍ये कि इस्राएल् चुप लाग्येर सुन् आजुको दिन् तं आफ्नु ईश्वर् यहूवेको
लोग् भइ गइस्। येस्कारण आफ्नु ईश्वर् यहूवेको शब्द मान् अनि उस्का १०
जे जे आज्ञा र बिधि मं आजु तंलाइ आज्ञा गर्दै छु ति पूरा गर् ॥

फेरि त्येसै दिन् मूषाले लोगलाइ येसो भनिकन आज्ञा गर्‍यो ११
जब तिमिहरू यर्दन् पारि तरोला तब यि लोग् अर्थात् शिमोन् लेबी यहूदा १२
इस्साकार् यूसुफ् र बिन्यामीन् गिरिज्जीम् डांड़ामां लोगलाइ आशीर्बाद्
गर्नलाइ उभीउन्. अनि यिनिहरू अर्थात् रूबेन् गाद् आशेर् जबूलून दान् १३
र नप्तालो एबाल् डांड़ामां लोगलाइ स्राप् गर्नलाइ उभीउन्। बहांदेखि १४
लेबीहरूले उत्तर् दिइ इस्राएलका सबै मान्छेहरूलाइ बड़ो शब्दले
येसो भनुन् ॥

१५ खापित् हवस् त्यो मान्छे जस्ले यहुवेलाइ घिन् लाग्ने खोपीयेको कि टालीयेको मूर्त्ति कारिगरका हातले कमायेको बनायेर गुप्तमां उभ्याउला । त सिंगै लोगले उत्तर् दिइ भनुन् आमेन् ॥

१६ खापित् हवस् त्यो जस्ले आफ्नु बाबु कि आफ्नी आंमालाइ अमान् गर्ला । त सबै लोगले भनुन् आमेन् ॥

१७ खापित् हवस् त्यो जस्ले आफ्नु तिमेकिको सांद् मार्ला । त सिंगै लोगले भनुन् आमेन् ॥

१८ खापित् हवस् त्यो जस्ले अंधालाइ बाटो देखि भर्माइ देला । त सिंगै लोगले भनुन् आमेन् ॥

१९ खापित् हवस् त्यो जस्ले परदेसी कि टुहुरातुहुरी कि बिधुवीको निया बिगार्ला । त सिंगै लोगले भनुन् आमेन् ॥

२० खापित् हवस् त्यो जो आफ्नु बाबुकी स्वास्नी सित सुत्ला किनभन्ये त्येस्ले आफ्नु बाबुको लुगा उचाल्यो । त सिंगै लोगले भनुन् आमेन् ॥

२१ खापित् हवस् त्यो जस्ले कोई प्रकारको पशु सित पशुगामी गर्ला । त सिंगै लोगले भनुन् आमेन् ॥

२२ खापित् हवस् त्यो जो आफ्नी बैंनी बाबुकी छोरी हवस् कि आंमाकी छोरी हवस् त्यो सित सुत्ला । त सिंगै लोगले भनुन् आमेन् ॥

२३ खापित् हवस् त्यो जो आफ्नी सासु सित सुत्ला । त सिंगै लोगले भनुन् आमेन् ॥

२४ खापित् हवस् त्यो जस्ले आफ्नु तिमेकिलाइ लुकेर मार्ला । त सिंगै लोगले भनुन् आमेन् ॥

२५ खापित् हवस् त्यो जस्ले निर्दोषीलाइ मार्नुको लागि घूस् लेला । त सिंगै लोगले भनुन् आमेन् ॥

२६ खापित् हवस् त्यो जस्ले यो व्यवस्थाका कुरा ति पूरा गर्नुलाइ स्थिर् गरावेन । त सिंगै लोगले भनुन् आमेन् ॥

(आशीष् र स्राप्)

२८ १ अनि येसो होइ जांक तैंले आफ्नु ईश्वर् यहुवेको शब्द आजु मैंले तंलाइ आज्ञा गर्येका उका सबै आज्ञा गर्नु मानुलाइ ध्यान् सित सुनिस् भन्ये देखि त तेरो ईश्वर् यहुवेले तंलाइ पृथिवीका सबै लोगहरु भन्दा
२ बेसि अलग्याउंछ . अनि तैंले आफ्नु ईश्वर् यहुवेको शब्द सुनिस् भन्ये देखि त
३ यि सबै आशीर्वाद तं मांथि आइ पर्छन् अनि तंलाइ पक्रंछन् । आशीर्वादी
४ हुंछस् तं सहरमां अनि आशीर्वादी हुंछस् तं खेतमां । आशीर्वादी हुंछन् तेरो शरीरको फल् तेरो भूमिको फल् तेरो पशुको फल् तेरा गाईगोरुको
५ बढ्ति र तेरा भेड़ाबाखाका पाठाहरु । आशीर्वादी हुंछन् तेरो डालो र तेरो
६ पिठो सुक्ने आधि । आशीर्वादी हुंछस् तं भित्र आउंदा अनि आशीर्वादी
७ हुंछस् तं बाहर जांदा । यहुवेले तं मांथि उठ्ने तेरा बयुरलाइ तेरो सांघु

मारींने तुल्याउंछ. तिनिहरु एक् बाटो बाड़ो तं मांथि आइ लाग्छन् तर सात् बाटो बाड़ो तं देखि भागि जांछन्। यहूवेले तेरो कुकुटिमां र तैंले हात् हाल्येका सबै काममां आशीष दिंछ अनि जुन् देस् तेरो ईश्वर् यहूवेले तंलाइ दिंद छ त्येसमां उस्ले तंलाइ आशीष् दिंछ। यहूवेले तैंले आफ्नु ईश्वर् यहूवेका आज्ञाहरु मानि उस्का बाटाहरुमां हिंड़िस् भन्ये उस्ले तं सित किरिया खायेको भैं तंलाइ आफ्नु लागि येउटा पवित्र लोग् हुंनुलाइ स्थिर् गर्छ। त पृथिवीको सिंगै लोगले तं यहूवेको नांउले बोलाईंयेको देख्छन् अनि तं देखि डराउंछन्। अनि यहूवेले उस्ले तंलाइ दिंछु भनि तेरा पित्रहरु सित किरिया खायेको देसमां तेरो शरीरको फलमां तेरो पशुको फलमां र तेरो भूमिको फलमां तेरो भलाईको लागि तेरो आधि बढ़ति गराउंछ। यहूवेले तेरो लागि आफ्नु जाति भण्डार् आकाश् उघार्छ तेरो देसमां ऋतु ऋतुमां पानी बर्साउंनुलाइ अनि तेरा हातका सबै काममां आशीष् दिंनुलाइ. त तैंले धेरै लोगलाइ ऋण् दिंछस् तर ऋण् लिंदैनस्। अनि यहूवेले तंलाइ सिर् तुल्याउंछ पूछर् होइन अनि तं मांथिनै मांत्रै हुंछस् तर सुनि हुंदैनस् खालि येति मांत्रै हवस् तेरो ईश्वर् यहूवेका जुन् जुन् आज्ञा मं तंलाइ आजु आज्ञा गर्द छु ति गर्नु र मान्नुलाइ सुन् अनि जुन् बचनको मं आजु तंलाइ आज्ञा गर्द छु तिनमांको कुनै देखि दाहींनो बांउ फर्क्नेर पराय् देवताहरुको सेवा गर्नुलाइ तिनिहरुको पछि न लाग्॥

तर फेरि येसो होइ जांछ तैंले आफ्नु ईश्वर् यहूवेको शब्द आजु मैंले तंलाइ आज्ञा गर्येका उस्का सबै आज्ञा र बिधिहरु गर्नु मान्नुलाइ सुनिनस् भन्ये देखि त यि सबै स्राप् तं मांथि आइ पर्छन् अनि तंलाइ पक्रंछन्। स्रापित् हुंछस् तं सहरमां अनि स्रापित् हुंछस् तं खेतमां। स्रापित् हुंछन् तेरो डालो र तेरो पिठो मुछ्ने आछि। स्रापित् हुंछन् तेरो शरीरको फल् तेरो भूमिको फल् तेरा गाईगोरुको बढ़ति र तेरा भेंड़ाबाखाका पाठा। स्रापित् हुंछस् तं भित्र आउंदा अनि स्रापित् हुंछस् तं बाइर जांदा। यहूवेले तं सत्यनास् न होउंज्याल् सम्म अनि तं छिट्टै नष्ट न होउंज्याल् सम्म तैंले ति गर्नुलाइ हात् हाल्येका सबै काममां तं मांथि स्राप् र धंस र हकराई पठाउंछ तैंले मंलाइ त्याग्येर बुराईको काम् गर्येको कारणले। यहूवेले तं मांथि मरि टांसि दिंछ तं अधिकारी हुंनुलाइ पस्नु आंटेको देस् देखि उस्ले तंलाइ न मेटुंज्याल् सम्म। यहूवेले तंलाइ क्षयीरोग् र महाजरो र झुवाला र अग्घोरको डढ़ाई र खड़ेरि र ओइल्याई र मक्काईले तंलाइ हिर्काउंछ यि सबैले तं नष्ट न होउंज्याल् सम्म तंलाइ खेद्छन्। अनि तेरो सिर् मांथि भयेको आकाश् पीतल् र तेरा पाउ मुनि भयेको पृथिवी फलम् होइ जांछन्। यहूवेले तेरो देसमां पर्ने पानी बालुवा र धुलो तुल्याइ दिंछ. तं सत्यनास् न होउंज्याल् सम्म आकाश् बाटो तं मांथि पर्छ। यहूवेले तंलाइ तेरा सत्रुहरुको सांमु मारींने तुल्याउंछ. तं एक् बाटो बाड़ो तिनिहरु मांथि आइ लाग्छस् तर सात् बाटो बाड़ो

तिनिहरु देखि भागि जांछस्. अनि तं पृथिवीका सबै राज्को बीच्मां
२६ जर्कने कारण् हुंछस्। अनि तेरो मुर्दा अकाश्का सबै पंषीहरु र पृथिवीका
२७ पशुहरुको आहारा हुंछ अनि तिनलाइ धपाउंने कोई हुंदैन। यह्वेले
तंलाइ मिस्रको पीलो र फोका र चाञा र लुतोले तं निको हुंनु न सक्ने
२८ गरि हिर्काउंछ। यह्वेले तंलाइ बौलेहीं र अन्धाहुवाई र मनको घब्राहट्ले
२९ हिर्काउंछ. अनि कसै अन्धाले अंध्यारोमां छाम्येको झैं तैंले मद्धेनिदिन्मां
छामि हिंड्छस् अनि तं आफ्नु गंवन्मां सुफल् हुंदैनस्. अनि तं सधैं
मिचींदै र लूटींदै मांत्रै रहंछस् अनि तंलाइ बचाउंने कोई पनि हुंदैन।
३० तैंले स्त्रीलाइ मंगनी ता गर्छस् तर अर्कोले त्येस्लाइ भरष्ट पार्छ. तैंले घर्
ता बनाउंछस् तर त्येस्मां बस्दैनस्. तैंले दाख्को बारी ता लगाउंछस् तर
३१ त्येस्को फल् खांदैनस्। तेरो गोरु तेरा आंखाको सांमु मांरींछ तर तैंले त्येस्को
मांसु खांदैनस्. तेरो गदाहा तेरो मुख्को सांमु बल्लैले लुटींछ तर तंलाइ
फेरि फर्काइ दिईंदैन. तेरा भेंड़ा तेरा सत्तुर्हरुलाइ दिईंछन् अनि तंलाइ
३२ बचाउंने कोई पनि हुंदैन। तेरा छोराछोरी अरु लोगलाइ दिईंछन् अनि
दिन्भरि तिनको बाटो हेर्दा हेर्दा तेरा आंखा नष्ट हुंछन्. अनि तेरो हात्को
३३ क्येइ हक् चल्दैन। तेरो भूमिको फल् र तेरो सबै कमाई कसै न चिन्येको
३४ लोग्ले खाइ हाल्छ अनि सधैं तं मिचींदै र चूर् पारींदै रहंछस्. येसोरि
३५ आफ्ना आंखाले हेरि रह्येको कारण्ले तं बौलाहा होइ जांछस्। यह्वेले
तंलाइ घुंड़ामां र खुट्टामां असाद्धे फोकाहरुले पेतला देखि टुपि सम्म निको
३६ हुंनु न सक्ने गरि हिर्काउंछ। यह्वेले तंलाइ त्येस् तैंले आफु मांथि
बसाल्येको राजालाइ समेत् न तैंले न तेरा पित्रहरुले चिन्येको लोग्को
बीच्मां पुऱ्याउंछ अनि वहां तैंले काठ् र ढुंगाका पराय् देव्ताहरुको सेवा
३७ गर्छस्। अनि यह्वेले तंलाइ तं पुऱ्याईंने सबै लोगको बीच्मां मुर्छा परींने
३८ र कहंनी र ठट्ठाको कारण् हुंछस्। तैंले खेत्मां बिउ ता धेरै लैजांछस्
३९ तर थोरै मांत्रै बटुल्छस् कसोगरिभन्ये सलहले त्यो खाइ हाल्छ। तैंले
दाख्को बारी लगायेर तिनिहरुको गोड्गाड् ता गर्छस् तर न तिनको
दाख्रस् खांछस् न तिनको फल् बटुल्छस् कसोगरिभिन्ये ति कीराले खाइ
४० हाल्छन्। तेरा सबै सिमाना भित्र भद्राक्षेका रुख् ता हुंछन् तर तैंले आफ्नु
४१ जीउमां तेल् लाउंदैनस् कसोगरिभन्ये तेरा भद्राक्षे झरि जांछन्। तैंले
छोराछोरी ता जन्माउंछस् तर ति तेरै रहंदैनन् कसोगरिभन्ये बन्धुवाईमां
४२ ४३ जांछन्। तेरा सबै रुख् र तेरो भूमिका फल् सलहले खाइ हाल्छन्। जो
पर्देसी तेरो बीच्मां हुंछ त्यो तं भन्दा मांथि मांथिनै अल्गींदै रहंछ तर तं
४४ चइं मुनि मुनिनै झर्दै जांछस्। त्येस्ले तंलाइ ऋण् दिंछ तर तैंले त्येस्लाइ ऋण्
४५ दिंदैनस्. त्यो चइं सिर् हुंछ अनि तं चइं पुछर् हुंछस्। त यि सबै स्राप्
तं सत्येनास् न होउंज्याल् सम्म तं मांथि आइ पर्छन् अनि तंलाइ खेद्छन्
अनि तंलाइ पक्रंछन् किनभन्ये जुन् आज्ञा र बिधि तेरो ईश्वर् यह्वेले
४६ तंलाइ दियेको छ ति मान्नुलाइ तैंले उस्को शब्द सुनिनस्. अनि ति तं

मांथि र तेरा बंश मांथि सदा सम्म चिंनु र आश्चर्ज्य भइ रहंकुन्. किनभन्ये ४७
तैंले सब् थोक्को परमस्तको कारणले रमाहट् र मनको खुशि सङ आफ्नु
ईश्वर् यहुवेको सेवा गरिनस्. येस्कारण् तंलाइ भोक् तिर्खा र नांगोमां र ४८
सबै थोक्को घटिमां यहुवेले तेरो बिरुद्धमां पठायेका तेरा सत्तुरहरुको
सेवा गर्कस्. अनि त्येस्ले तंलाइ सत्यनास् न पारुंज्याल् सम्म तेरो गर्धनमां
फलम्को जूवा हालि राख्कु। यहुवेले तेरो बिरुद्धमां टाढ़ो देखि अं ४९
पृथिवीको अन्त देखि गिद्ध बेग् हान्येर उड़ेझको जस्तो येउटा लोग्लाइ
ल्याउंकु येउटा लोग्लाइ जस्को बोली तैंले बूझ्नु सक्दैनस् निठुर् चेहरा ५०
भयेको लोग् जस्ले न बूढ़ोको पन्पसाई गर्कु न बालखहरु मांथि दया गर्कु.
अनि तं सत्यनास् न होउंज्याल् सम्म त्येस्ले तेरा पशुको फल् र तेरो भूमिको ५१
फल् खाइ हालकु. त्येस्ले तेरो लागि न अन्न न दाखरस् न तेल् न तेरा
गाईगोरुका बढ़ति न तेरा भेंड़ाबाख्राका पाठा तंलाइ सत्यनास् न पारुंज्याल्
सम्म क्षाडुकु। अनि त्येस्ले तैंले भरोसा गर्येका तेरा अलग्गा अलग्गा र ५२
घेर्ने भित्ता सिंगै देसमां भत्काइ न दिउंज्याल् सम्म तेरा सबै ठोकामां तंलाइ
घेरि राख्कु. अनि तेरो ईश्वर् यहुवेले तंलाइ दियेको तेरो सिंगै देसमां
तेरा सबै ठोकामां त्येस्ले तंलाइ घेरि राख्कु। तब त्येस् घेराईमां र जुन् ५३
सकसमां तेरा सत्तुरहरुले तंलाइ हालकुन् त्येसमां तैंले आफ्नु शरीरको
फल् अं आफ्नु ईश्वर् यहुवेले तंलाइ दियेका क्रोराक्रोरीको मांसु पनि खांकुस्।
तिमिहरुमांको जो पुरुष् कमलो र अरघोरको शोखी कु त्येस्का आंखा ५४
आफ्नु साक्वै भाई र आफ्नु काखकी मुखैनी र आफ्नु लागि उब्येका
आफ्ना बालखहरु तिर बुरा हुंकुन्. यहां सम्म हुंकुन् त्येस्ले तिनिहरुमांको ५५
कसैलाइ पनि त्येस्ले खांदै गर्येको आफ्नु बालखको मांसुमांको केइ
दिंदैन किनभन्ये त्येस् घेराईमां र जुन् जुन् सकसमां तेरो सत्तुरले तंलाइ
तेरा सब् ठोकाहरुमां हालकु त्येसमां त्येस्का अरु केइ पनि रहंदैन।
तिमिहरुमां जो स्त्री कमलो र शोखीनी कु जस्ले शोखीनी र कमलेईको ५६
कारणले भूईंमां आफ्ना पैतलाले टेकनु पनि खोज्दैन थिई त्येस्का आंखा
आफ्नु काखका खसम् र आफ्नु क्रोरा र आफ्नी क्रोरी तिर बुरा हुंकुन्
अनि बालख जन्म्ये पछि आफ्ना टांग् मुनि देखि झार्येको कांड़ो तिर र ५७
त्येस्को आफ्नु जन्मायेको बालख तिर पनि त्येस्का आंखा बुरा हुंकुन्. किनभन्ये
त्येस्ले त्येस् घेराईमां र जुन् सकसमां तेरो सत्तुरले तंलाइ तेरा ठोकाहरुमां
हालकु त्येस्ले सबै थोक्को घटिको कारणले ति लुकि लुकि खांकु। तैंले ५८
त्येस् प्रतापी र डरलाग्दो नांउको तेरो ईश्वर् यहुवे त्येइ नांउको
भय् मान्नुलाइ यो व्यवस्थाको पोस्तकमां लेख्येका सबै बचन् गर्नुलाइ
मानौनस् भन्ये देखि त यहुवेले तं मांथि आइ लाग्ने रुढ़ि र तेरा ५९
बंश मांथि आइ लाग्ने रुढ़ि अं महा महा रुढ़ि धेरै दिन् सम्म रहंने र
महा महा बेथा धेरै दिन् सम्म रहंने उदेक्को गराउंकु। अनि उस्ले मिस्रका ६०
ति तं डराएका सबै बेथाहरु फर्काएर तैं मांथि हालि दिंकु अनि ति तंमां

६१ टांसोइ रहंछन् । अं जाति अरु बेथा र अरु रुढि येस् व्यवस्थाको पोस्तकमां
लेखीयेका छैनन् ति सबै पनि तं सत्येनास् न होउंज्याल सम्म यहूवेले त
६२ मांथि हाल्छ । त तिमिहरु अघि गन्तिमां अकाश्का तारा सरि भयेका
थियौ त्येस्को साटोमां तिमिहरु थोरै मांत्रै रहंछौ किनभन्ये तैंले आफ्नु
६३ ईश्वर् यहूवेको शब्द मानीनस् । अनि येसो होइ जांछ जसोरि यहूवे
तिमिहरुको भलाई गर्नु र बढाउंनुलाइ तिमिहरु मांथि रमाउंद थियो
त्येसोरि यहूवे तिमिहरुलाइ नास् पार्नु र तिमिहरुलाइ सत्येनास् गर्नुलाइ
रमाउंछ अनि तिमिहरु अधिकारी हुंनुलाइ पखु आंटेकको देस् देखि
६४ तिमिहरु मेटाईंछौ । अनि यहूवेले तंलाइ सबै लोगको बीचमां पृथिवीको
एक छेउ देखि अर्को छेउ सम्म छरपुट्ट पार्छ अनि वहां तैंले न तैंले न तेरा
पित्रहरुलें जान्येको पराय् देवताहरुको अर्थात् काठ् ढुंगाको सेवा
६५ गर्छस् । अनि ति लोगमां तैंले कैले पनि चैन् पाउंदैनस् न तेरा पाउंको
पेतलाले टेक्ने ठांउ पाउंछ. तर वहां यहूवेले तंलाइ कांम्ने हिर्दय् र
६६ नष्ट हुंने आंखा र ओइल्हीने प्राण् दिंछ. अनि तेरो जीवन् तेरो सांमु
धुक्चुक्मां झुंडीइ रहंछ अनि तं दिन् रात् डराउंदै रहंछस् अनि तेरो
६७ जीवनको कोइ भरोसा रहंदैन. तेरो मनमां लाग्येको त्येस् डरको कारणले
र तेरा आंखाले हेर्येको त्येस् गतको कारणले बिहान भन्छस् जाति हुंन्थ्यो
बेलुका भये ता भनि अनि बेलुका भन्छस् जाति हुंन्थ्यो बिहान् भये ता भनि।
६८ अनि यहूवेले तंलाइ मिसमां त्येस् बाटो बाड्नो नाउहरुमां फर्काउंछ जस्
बाटोको बिषयमां मैंले तंलाइ त्यो तैंले फेरि देख्दैनस् भन्येको थियें.
अनि वहां तिमिहरु आफ्ना सत्रुहरुका हातमां आफुलाइ आफैले दास्
दासी हुंनुको लागि बेच्छौ तर तिमिहरुलाइ किन्ने कोई पनि हुंदैन ॥

(ईश्वरको व्यवस्थाबखान्)

२९ १ होरेबमां तिनिहरु सित बांध्येको नियम् बाहिक् जुन् नियम्
यहूवेले मूसालाइ मोआबको देसमां इस्राएलबंशीहरु सित बांध्नै आज्ञा
दियो त्येस्का बचन् यिनै हुन् ॥

२ अनि मूसाले मिंगे इस्राएललाइ बोलायेर तिनिहरुलाइ येसो भन्यो
यहूवेले मिस्र देसमां तिमिहरुका आंखाको सोजी जे जे फिरऊन् र
त्येस्का सबै चाकरेहरु अं त्येस्को मिंगे देस् सित गर्यो ति तिमिहरुले
३ देख्यौ अर्थात् तिमिहरुका आंखाले देख्येका तुला तुला परीक्षा र
४ चिंनु र ति तुला तुला आश्चर्य्यकर्म्म. तर यहूवेले आजु सम्म पनि
५ तिमिहरुलाइ बूझ्ने मन् र देख्ने आंखा र सुन्ने कान् दियेको छैन । अनि
मैंले तिमिहरुलाइ चालीस् बर्ष सम्म बनमां लिहिंड्ंय. तिमिहरुका
लुगा तिमिहरुको जीउमां पुरांना भइ गयेनन् न तिमिहरुका जुत्ता
६ तिमिहरुका गोड़ामां पुरांना भये । रोटी चइं तिमिहरुले खांनु पायौन
अनि न दाखरस् कि मद्य खांनु पायौ. उइ यहूवे तिमिहरुको ईश्वर् हो

रांक् भनि थाहा पाव भन्ये खातिर्ले । अनि तिमिहरु येस् ठांउमां आइ ७
पुग्दा हेश्बोन्को राजा सीहोन् र बाशानको राजा ओग् लड़ाईं गर्नुलाइ
हांमिहरु मांथि निक्ले आये अनि तिनलाइ मांर्यूं. अनि तिनको देस् ८
लियेर रूबेनीहरु गादीहरु र मनश्शेको आधा कुल्लाइ अधिकार्को लागि
दिहाल्यूं । येस्कारण् येस् नियम्का बचन्हरु गर्नुलाइ मान् र ज्यो ज्यो ९
गरौला तिनमां तिमिहरु सुफले हव ॥

तिमिहरु अं तिमिहरु सबै आजु आफ्नु ईश्वर् यहूवेको सांमु १०
उभीयेका छौ अर्थात् तिमिहरुका मूल्हरु तिमिहरुका कुल्हरु तिमिहरुका
प्राचीन्हरु र तिमिहरुका मालिक्हरु अं इस्राएल्का सिंगै पुरुष्हरु
तिमिहरुका बाल्बच्चाहरु तिमिहरुकी स्त्रीहरु र दाउरे देखि पन्हेरे सम्म ११
तेरो क्वाउंनीको बीच्मां भयेको तेरो पर्देसीहरु . र आफ्नु ईश्वर् यहूवेको १२
नियम्मां र आजु आफ्नु ईश्वर् यहूवेले तं सित बांध्येको किरियामां पसि
जावस् . र त्येस् उल्ले तंलाइ भन्येको अनुसार् र उल्ले तेरा पित्रहरु अब्राहाम् १३
इस्हाक् र याकूब् सित खायेको किरिया अनुसार् उल्ले आजु तंलाइ
आफ्नु लागि निज् लोग् गरि स्थिर् गरोस् अनि उ आफु चइं तेरो
ईश्वर् हवस् । मं यो नियम् र यो किरिया खालि तिमिहरु सित मांत्रे गर्दै १४
कुइंन तर आजु हांमिहरु सङ यहां हांमिहरुको ईश्वर् यहूवेको १५
सांमु उभींनेहरु सङ र आजु यहां न हुंनेहरु सङ पनि . (किनभन्ये १६
हांमिहरु मिस्र देस्मां कसोगरि रह्येका थियूं अनि हांमिहरु कसोगरि
ति लोगको बीच् बाटो क्विरि आयेका थियूं ति सब् तिमिहरुले जान्द छौ
अनि तिनका घिन्लाग्दा थोक्हरु र तिनका तिनिहरुको बीच्मां भयेका १७
काठ् ढुंगा चांदी सुन्का पुत्लाहरु देख्यौ .) होइन भन्ये ता तिमिहरुमां १८
कोई पुरुष् कि स्त्री कि जहान् कि कुल् होला जस्को मन् आजु हांमिहरुको
ईश्वर् यहूवे देखि तर्कर ति लोगका देव्ताहरुको सेवा गर्नुलाइ जाला
अनि तिमिहरुमां बिष् र ऐरेलु फलाउंने जरा होला अनि येसो होइ १९
जाला जब त्येस्ले येस् किरियाको बचन् सुन्ला तब आफ्नु मनमां आफुलाइ
आशीष् दियेर भन्ला मं आफ्नु मनको अट्टेरैमां हिंड़ि भिज्येको[1] र सुक्येको
दुवै मेट्नुलाइ नै पनि मेरो कुशल हुंछ भनि . तर यहूवेले येस्तो मान्छेको पाप् २०
क्षमा गर्न इच्छे गर्दैन तर त्येत्तिनैखेर यहूवेको रिस् र रापको धुवां
त्येस् मान्छे मांथि उठ्छ अनि जत्ति स्राप् येस् पोस्तकमां लेख्येका छन् त्येस्
मांथि सबै आइ लाग्छन् अनि यहूवेले त्येस्को नांउ अकाश् मुनि देखि
मेटि दिंछ । अनि जुन् नियम् व्यवस्थाको त्येस् पोस्तकमां लेख्येको छ २१
त्येका स्राप् अनुसार् यहूवेले त्येस् मान्छेलाइ इस्राएल्का सबै कुल्हरु
देखि त्येस्को बुराईको लागि कुट्याइ राख्छ । त आउंने पुस्ताले अर्थात् २२
तिमिहरु पछि उठ्ने तिमिहरुका सन्तानले र टाढ़ो देस् बाटो

[1] कि तिर्खामां मयखुवाई बढ़ाउंनुलाइ ।

आउंने अन्यदेसीले येस् देसका रुढ़ि र यहूवेले येस् मांथि हाल्ने
२३ वेथाहरु देख्नेर अर्थात् त्येस्को सबै भूमि गन्धक् र नुन् र डड़ाई
रक्त अं न रोपीयेको न उप्जेको न त्येस्मां घांस् उम्न्येको रक्त तर
सदोम् र अमोरा अदमा र सबोयीम्को उल्टाई जस्तो जुनहरुलाइ यहूवेले
२४ रिस् र कोप्लेले उल्टाइ दियो भनि देख्नेर भन्कन्. अं सबै लोगले भन्कन्
यहूवेले किन येस् देसलाइ येसो गर्यो येस् ठुलो रिसले बल्ने कारण क्या
२५ हो भनि। तब मान्छेहरुले भन्कन् किनभन्ये तिनिहरुले आफ्ना पित्रहरुको
ईश्वर् यहूवेले तिनिहरु सङ तिनिहरुलाइ मिस्र देस् बाटो निकालि
२६ ल्याउंदा बांध्येको नियम् बिर्सि पराय् देवताहरुको सेवा गर्नुलाइ गये
अनि तिनिहरुलाइ दण्डवत् गर्ये अं तिनिहरुले न जान्येका अनि उस्ले
२७ तिनिहरुलाइ न खटायेका देवताहरुलाइ. येस्कारणले यहूवेको रिस् येस्
देस् मांथि उठ्यो उस्ले येस् पोस्तकमां लेख्येका सबै स्राप् त्येस् मांथि
२८ हालि दियो. अनि यहूवेले रिस् र कोप्ले र औंधिको क्रोध् गरि तिनलाइ
तिनको देस् देखि उखेल्नेर परायदेसमां आफालि दियो जस्तो आजु छ भनि।
२९ गुप्त चइं कुरा हांमिहरुको ईश्वर् यहूवेका हुंद छन्. तर प्रगट् गरीयेका चइं
कुरा सदा भर् हांमिहरुको र हांम्रा सन्तानका हुंद छन् हांमिहरुले येस
व्यवस्थाका सबै बचन् मान्नुको लागि॥

३० १ अनि येसो होइ जांछ जब यि सबै कुरा अर्थात् मैंले तेरो सांमु
राख्येको आशीष् र स्राप् तं मांथि आइ लाग्छन् अनि तैंले तेरो ईश्वर् यहूवेले
२ तंलाइ धपायेका सबै लोगहरुको बीच्मां यि कुरा समझेर आफ्ना
सन्तान समेतले यो आजु मैंले तंलाइ आज्ञा गर्येको उस्को शब्द सबै आफ्नु
पूरो मन्ले र आफ्नु पूरो प्राणले आफ्नु ईश्वर् यहूवे थांइ फर्कर
३ मान्छस् तब तेरो ईश्वर् यहूवेले तेरो बंधुवाई फर्काइ दिंछ अनि तं
मांथि दया गरि ति उस्ले तंलाइ छरपुट्ट पार्येका सबै लोगको बीच् देखि फर्काइ
४ भेला गराउंछ। तंमांको कोई आकाशको छेउ सम्म आफालीयेको छ भन्ये
पनि तेरो ईश्वर् यहूवेले तंलाइ त्यहां बाटो पनि भेला गराउंछ अनि त्यहां
५ बाटो पनि तंलाइ ल्याउंछ. अनि तेरो ईश्वर् यहूवेले तंलाइ तेरा पित्रहरु
अधिकारी भयेको देसमां पुर्याउंछ अनि तं फेरि त्येस्को अधिकारी हुंछस्
अनि उस्ले तेरो भलाई गर्छ अनि तंलाइ तेरा पित्रहरुलाइ भन्दा बेसि
६ बढ़ाउंछ। अनि तैंले आफ्नु ईश्वर् यहूवे सित आफ्नु पूरो मन् र आफ्नु
पूरो प्राणले प्रेम् राख्नुलाइ तेरो ईश्वर् यहूवेले तेरो र तेरा बंशको मन्को
७ खतना गर्छ तं जीइ रहंनुको लागि। अनि तेरो ईश्वर् यहूवेले यि सबै
८ स्राप् तेरा सत्रुहरु मांथि र तंलाइ सताउंने बैरिहरु मांथि हालि दिंछ। त
तैंले फर्कर यहूवेको शब्द मान्छस् अनि आजु मैंले तंलाइ दियेका सबै
९ आज्ञाहरु पूरो गर्छस्। अनि तेरो ईश्वर् यहूवेले तंलाइ तेरा हातका सबै
कामसां तेरो शरीरको फलमां र तेरा पशुहरुको फलमां र तेरो भूमिको
फलमां तेरो भलाईको लागि तेरो औंधि बढ़ति गराउंछ. किनभन्ये जसोरि

तिमिहरुका पित्रहरु मांथि उ रमायो त्येसोरि यहुवे फेरि तं मांथि तेरो
भलाईको लागि रमाउंछ. खालि येति हुवस् तिमिहरुले आफ्नु ईश्वर् १०
यहुवेको शब्द सुन्येर उस्का आज्ञाहरु र विधिहरु जो व्यवस्थाको येस्
पोस्तक्मां लेखीयेका छन् मान् अनि आफ्नु ईश्वर् यहुवे तिर आफ्नु पूरो
मन् र आफ्नु पूरो प्राणले फिर् ॥

किनभन्ये आजु मैंले तंलाइ आज्ञा गर्येको यो आज्ञा ता तेरो लागि ११
न कठिन् छ न टाढ़ो। त्यो ता स्वर्गमां छैन होइन भन्ये ता तैंले हांम्रो १२
लागि स्वर्गमां को चढ़्छ अनि त्यो हांम्रो लागि ल्याउंछ अनि हांमिहरुले
त्यो मान्नुलाइ हांमिहरुलाइ सुनाउंछ भन्येर भन्ने थिइस्। अनि न ता त्यो १३
समुन्द्र पारि छ होइन भन्ये ता तैंले हांम्रो लागि समुन्द्र पारि को जांछ
अनि त्यो हांम्रो लागि ल्याउंछ अनि हांमिहरुले त्यो मान्नुलाइ हांमिहरुलाइ
सुनाउंछ भन्येर भन्ने थिइस्। तर यो बचन् तेरो अग्घोर् नजिक् छ अं तेरो १४
मुख् र मनैमां छ ति तैंले मान्नको लागि ॥

हेर् आजुको दिन् मैंले तेरो सांमु जीवन् र भलाई मृत्यु र बुराई १५
राख्येको छु को भन्ये आजु मं तंलाइ आज्ञा दिंद छु आफ्नु ईश्वर् १६
यहुवे सित प्रेम् राख् अनि उस्का बाटामां हिंड् अनि उस्का आज्ञा र
विधि र नियाबचनहरु मान् र तं जीइ रह् अनि बढ़्दै जा अनि तेरो ईश्वर्
यहुवेले तं अधिकारी हुंनुलाइ जांनु आंटेयको देसमां तंलाइ आशीष् देवस्।
तर तेरो मन् फर्यो तैंले सुनिनस् तर तानीयेर पराय् देवताहरुलाइ दण्डवत् १७
गरिस् तिनको सेवा गरिस् भन्ये देखि त मं तिमिहरुलाइ आजुको १८
दिन् यो स्वीकार् गर्द छु तिमिहरु निस्से नष्ट हुंछौ. जुन् देसको अधिकारी
हुंनुलाइ तं यर्दन् पारि जांनु आंटेयको छस् त्येस् देसमां तिमिहरुको दिन्
बढ़्दैन। मं आजुको दिन् स्वर्ग र पृथिवीलाइ तिमिहरुको विरुद्धमां साक्षी १९
राख्द छु मैंले तेरो सांमु जीवन् र मृत्यु आशीष् र स्राप् राख्येको छु.
येस्कारण् जीवनलै छान् र तं तेरा बंश समेत् जीइ रह्. त आफ्नु ईश्वर् २०
यहुवे सित प्रेम् राख् अनि उस्को शब्द मान् अनि उ सित टांसीइ रह्.
किनभन्ये तेरो जीवन् र दिनको बढ़्ति त्येइ हो. यहुवेले तेरा पित्रहरु अं
अब्राहाम् इसहाक् र याकूब् सित तिनलाइ दिंने किरिया खायेको
देसमां तं बस्लाइ ॥

(यहोशूअको बिषय्)

त मूसाले गइ थि कुरा सिंगै इस्राएल्लाइ कहि सुनायो। ३१ १
फेरि त्येस्ले तिनिहरुलाइ भन्यो आजु मं एक सै र बीस् बर्षको भयें अब २
मंलाइ बाइर भित्र आइ जाइ गर्ने शक्ति छैन. अनि यहुवेले मंलाइ
भन्यको छ तं येस् यर्दन् पारि जांदैनस्। तेरो ईश्वर् यहुवे उइ चइं तेरो ३
अघि अघि पारि जांछ उमेले ति लोगलाइ तेरो सांमु देखि भस्म पार्छ त

तं तिनिहरुको अधिकारी हुंकुम्. अनि यहोशूअ चइं यहवेले भन्येको
४ अनुसार् तेरो अघि अघि पारि जांकु। अनि यहवेले एमोरीहरुका राजाहरु
सीहोन् र ओग्लाइ र तिनको देस्लाइ जसो गऱ्यो त्येसै तिनिहरुलाइ पनि
५ गर्कु अर्थात् उस्ले तिनिहरुलाइ नास् गऱ्यो। अनि यहवेले तिनिहरुलाइ
तिमिहरुको सांमु तिमिहरुको ताबिमां पारि दिंकु अनि तिमिहरुले मैंले
६ तिमिहरुलाइ आज्ञा गऱ्येका सबै आज्ञा अनुसार् तिनलाइ गर्नु। बल्लियो
हो अनि हूप् बांध् भयमान् न हो तिनिहरु देखि न डरा. किनभन्ये तेरो
ईश्वर् यहवे उइ हो जो तं सङ जांद कु उस्ले न तंलाइ धोखा दिंकु न
७ तंलाइ छोड़ि दिंकु। यहांदेखि मूसाले यहोशूअलाइ बोलायेर सिंगे
इस्राएल्को सांमु त्येस्लाइ भन्यो बल्लियो हो अनि हूप् बांध्. किनभन्ये यि
लोगको साथमां यहवेले तिनका पित्रहरु सित तिनलाइ दिंने किरिया
खायेको देसमां तंने जांकुस् अनि तैंलेने तिनिहरुलाइ अधिकारी गराउंकुस्।
८ अनि यहवे चइं उइ हो जो तेरो अघि अघि जांद कु उइ तं सङ रहंकु उस्ले
तंलाइ न धोखा दिंकु न तंलाइ छोड़ि दिंकु. न डरा थरहरि न हो॥
९ अनि मूसाले यो व्यवस्था लेख्येर यहवेको नियमको सम्पट् बोकने
१० लेवीवंशी पूजाहारीहरु र इस्राएल्का सबै प्राचीनहरुलाइ सुम्पि दियो। तब
मूसाले तिनिहरुलाइ येसो भन्येर आज्ञा दियो सात् सात् वर्ष बितुदा
११ कुट्काराको वर्षको ठहरायेको बेलामां अर्थात् डेराबासे चाडूमां जब
सिंगे इस्राएल् तेरो ईश्वर् यहवेको सांमु जुन् ठांउ उस्ले छान्कु त्येसमां
देखाइहा परुन् तब यो व्यवस्था सिंगे इस्राएल्को सांमु तिनिहरुले सुन्ने गरि
१२ पर्। को पुरुष् को स्त्री को बालबच्चा को तेरा ढोका भित्र भयेको पर्देसी
सबै लोगलाइ भेला गर् र तिनिहरुले सुनिकन सिकुन् अनि तिमिहरुको
ईश्वर् यहवेको भय् मानि येस् व्यवस्थाका सबै बचन् गर्नुलाइ मानुन्
१३ अनि तिनिहरुका यो थाहा न पाउंने बालखहरुले पनि सुन्येर तिमिहरु
अधिकारी हुंनुलाइ यर्दन् पारि जांनु आंटेयको देसमां जति दिन सम्म जीइ
रहौला त्येति दिन् सम्म तिमिहरुको ईश्वर् यहवेको भय् मानु सिकुन्॥
१४ अनि यहवेले मूसालाइ भन्यो हेर् तेरो मर्नु पर्ने दिन् आइ पुगि
हाल्यो. त यहोशूअलाइ बोलायेर भेट् हुंने डेरामां तिमि दुवै आयेर
उभीयो र मं त्येस्लाइ आज्ञा दिउं। त मूसा र यहोशूअ गयेर भेट् हुंने
१५ डेरामां उभीये। तब डेरामां बादल्को मुड्कामां यहवेले दर्शन् दियो. अनि
१६ त्येस् बादल्को मुड्का डेराको दैलोमां अड़ीइ रह्यो। तब यहवेले मूसालाइ
भन्यो हेर् तं आफ्ना पित्रहरु सङ सुतनु आंटेयको कुस् त येस् लोगले
उठेयर जुन् देसको बीचमां जांनु आंटेयका कुन् त्येसका पराय् देवताहरु पछि
लागि व्यभिचार् जस्तो गर्नेन् अनि मंलाइ छोड़ेयर मैंले तिनिहरु सित
१७ बांध्येको नियम् भङ्ग गर्नेन्। तब मेरो रिस् त्येस् दिन् तिनिहरु मांथि उठ्ला
अनि मं तिनिहरुलाइ छोड़ि तिनिहरु देखि आफ्नु मुख् लुकाउंला त
तिनिहरु खाइ हालीनन् अनि धेरै बुराई र कष्टहरु तिनिहरु मांथि आइ

लाग्नन्. त्येस् दिन् तिनिहरुले भन्नन् हांमिहरु मांथि यि बुराईहरु आयेको कारण् क्ये हांमिहरुको बीच्मां हांमिहरुको ईश्वर् न भयेकोले होइन। तर तिनिहरुले पराय् देव्ताहरु तिर फर्क्येर गर्‍येको सबै बुराईको १८ कारण्ले मं निस्से त्येस् दिन् आफ्नु मुख् लुकाउंछु। त अब यो गान् आफ्नु १९ लागि लेख् अनि त्यो इस्राएल्बंशीहरुलाइ सिका. तिनको मुख्मां हालि दे र यो गान् इस्राएल्बंशीहरुको बिरुद्धमां मेरो साक्षी ठहरोस्। किनभन्ये २० जब मं तिनिहरुलाइ त्येस् मैंले तिनिहरुका पित्रहरुलाइ दिंनुलाइ किरिया खायेको देस्मां दुद् र मह बहंने देस्मां पुर्‍याउंला अनि जब तिनिहरु खायेर अघ्याउंनन् अनि तिनिहरु मोटाउंनन् तब तिनिहरुले पराय् देव्ताहरु तिर फर्क्येर तिनको सेवा गर्नन् अनि मेरो निन्दा गरि मेरो नियम् भङ्ग गर्नन्। तब येसो होइ जांछ जब धेरै बुराईहरु र कष्टहरु तिनिहरु मांथि आइ २१ लाग्नन् तब यो गान् तिनिहरुको सांमु तिनिहरु मांथि साक्षी हुंछ कसोगरिभन्ये त्यो तिनिहरुका बंशका मुख् देखि बिर्सिईंदैन. कसोगरिभन्ये तिनिहरुले ऐले अर्थात् मैंले दिंने किरिया खायेको देस्मां तिनलाइ ल्याउंनु भन्दा पहिले तिनले गर्ने सोच् मं जान्द छु। त मूसाले त्येसै दिन् यो गान् २२ लेख्यो अनि इस्राएल्बंशीहरुलाइ सिकायो। अनि उस्ले नून्को छोरो २३ यहोशूअलाइ आज्ञा दिइ भन्यो बल्लियो हो अनि हूप् बांध्. किनभन्ये मैंले तिनिहरुलाइ दिंने किरिया खायेको देस्मां इस्राएल्बंशीहरुलाइ तैंलेनै पुर्‍याउंछस्. अनि मं चइं तं सङ रहंछु॥

अनि येसो भयो जब मूसाले येस् व्यवस्थाका बचन् पोस्तक्मां २४ तुरीउंज्याल् सम्म लेखि सक्यो तब मूसाले यह्वेको नियम्को सम्पट् २५ बोक्ने लेवीहरुलाइ यो आज्ञा दियो व्यवस्थाको येस् पोस्तक् लियेर २६ आफ्नु ईश्वर् यह्वेको नियम्को सम्पट्को छेउमां राखि देव र येसोरि त्यो त्यहां तेरो बिरुद्धमां साक्षी भइ रहोस्। किनभन्ये मं तेरो झगरागराई र २७ कठोर् गर्धन् जान्द छु. हेर मं आजु जीउंदै र तिमिहरु सङ रहंदै पनि तिमिहरुले यह्वे सित झगरागराई गर्‍यौ त मं मंर्‍ये पछि झन्सारो कति ज्यास्ति झगरा गरौला। त आफ्ना आफ्ना कुलका सबै प्राचीन्हरुलाइ र २८ आफ्ना मालिक्हरुलाइ मं थांइ भेला गरा र मं तिनका कानमां यि बचन् सुनाउं अनि तिनको बिरुद्धमां स्वर्ग र पृथिवीलाइ साक्षी तुल्याउं। किनभन्ये मं जांद छु मं मंर्‍ये पछि तिमिहरुले आफुलाइ स्यांट्ठै बिगार्छौ २९ अनि जुन् बाटोमां हिंड्ने आज्ञा मैंले तिमिहरुलाइ सुनायें त्यो देखि तिमिहरु फर्कि तर्कि जांछौ अनि अन्तका दिनमां तिमिहरु मांथि बुराई आइ लाग्छ येस्कारण् येसो हुंछ जुन् काम् यह्वेको सांमु बुरा छन् तिनै तिमिहरुले आफ्ना हातले गरि गरिकन उस्लाइ रिस् उठाउंछौ॥

तब मूसाले इस्राएल्का सिंगै सभाका कानमां येस् गान्का बचन्हरु न ३० सकुंज्याल् सम्म भन्दै रह्यो॥

(मूसाको गान्)

३२ १ कान् लगा हे स्वर्ग र मं बोल्छु
अनि पृथिवीले मेरो मुख्का कुरा सुनोस् .
२ मेरो बिद्ये झरि झैं चुहुंछ
मेरो बाक्ये शीत् झैं पर्छ
हरीयो घांस्मां फुस्फुसे पानी झैं
अनि साक्मां दर्कने पानी झैं .
३ किनभन्ये मं यह्वेको नांउ प्रचार् गर्छु .
हांमिहरुको ईश्वर्लाइ बड़ाहुवाई हवस् भन्ने गर ।
४ पहरा हो उस्को कार्जे दोष् बिनाको छ
कसोगरिभन्ये उस्का सबै चाल् नियाका छन् .
सच्चेईंको ईश्वर् र टेढ़ेईं बिनाको
उ धर्म्मी र सोजो छ ।
५ यिनिहरुले आफुलाइ बिगाऱ्ये तिनिहरु उस्का सन्तान् होइनन् येइ
तिनको दोष् हो
निमोठीयेका र बाङ्गाटेढ़ा पुस्ता ।
६ क्ये तिमिहरुले यह्वेलाइ साटोमां यो दिंद छौ
हे मूर्ख र निर्बुद्धि लोग्हरु हो ।
क्ये उइ प्राप्त गर्ने तेरो पिता होइन
उसैले तंलाइ बनायो अनि तंलाइ स्थिर् गऱ्यो ।
७ उइलेको दिन् सम्झि
धेरै पुस्ताका बर्षहरु बिचार् .
आफ्नु बाबु सित सोध् त त्येस्ले तंलाइ कहि दिंछ
आफ्ना प्राचीन्हरु सित त तिनिहरुले तंलाइ कहि दिंछन् ।
८ जब परम् ईश्वर्ले लोग् लोग्लाइ तिनको अधिकार् बांड़ि दियो
अनि आदम्बंशीहरुलाइ अलग् अलग् पाऱ्यो
तब उस्ले लोग् लोग्का सिमाना
इस्राएल्बंशीहरुको गन्ति अन्सार् राख्यो ।
९ कसोगरिभन्ये यह्वेको भाग् उस्को लोग् हो
याकूब् उस्को नाप्येको अधिकार् हो ।
१० उस्ले त्येस्लाइ बन्को देस्मां पायो
अं उजार् र डुग्रने बन्पशुहरुको देस्मां
उस्ले त्येस्लाइ घेरि जगेरा गऱ्यो
अनि आफ्ना आंखाको नानी झैं त्येस्को रक्षे गऱ्यो
११ जसोरि गिद्धले आफ्नु गुंड्र खल्बल्याउंद छ
आफ्ना बचराहरु मांथि घुमि उड्द छ

त्येसै गरि यह्वेले आफ्ना पखेटा फिंजायेर तिनलाइ लियो
उस्ले तिनलाइ आफ्ना पखेटा मांथि उठायो .
यह्वे एक्लैले त्येस्लाइ डोऱ्यायो १२
अनि उ सङ कोई पनि पराय् देव्ता थियेन
उस्ले त्येस्लाइ पृथिवीका अल्गा अल्गा ठांउमां सवारी गरायो १३
अनि त्येस्ले खेत्को उप्जनि खायो
अनि उस्ले त्येस्लाइ पहरा देखि मह
अनि दल्सींग्ढुंगो देखि तेल् चुसायो
गाईको दही र भेंड़ाको दुद् १४
पाठाको बोसो समेत्
अनि बाशान्को बगाल्का सांडूभेंड़ाहरु र बोकाहरु
अनि सबै भन्दा अस्सल् गहूं मिर्गउलोको बोसो जस्तो अस्सल् समेत्
अनि तैंले दाख्को रगत् अं उम्नंने दाख् मह खांथिस् ।
तर यशूरून्ले मोटायेर लात् हान्नु लाग्यो . १५
तं मोटाइस् तं पुष्ट भइस् तं चिल्लो भइस् .
तब त्येस्ले आफुलाइ बनाउंने ईश्वर्लाइ तेज्यो
अनि आफ्नु त्राण्को पहरालाइ तुच्छ जान्यो ।
तिनले बिराना देव्ताहरुको बाटो उस्लाइ इष् गराये १६
अनि आफ्ना घिन्लाग्दा थोकले उस्लाइ रिस् उठ्नु लाये ।
तिनिहरुले भूत्हरुको लागि बलि चढ़ाये जो ईश्वर् होइनन् १७
तिनले न जान्येका देव्ताहरुलाइ
भर्खर् आयेका नयाहरुलाइ
जो देखि तिमिहरुका पित्रहरु डराउंदैन थिये ।
तंलाइ जन्माउंने पहरालाइ याद् गरीनस् १८
अनि जो देखि तेरो उत्पत्ति भयो उस् ईश्वर्लाइ तैंले बिर्सिस् ।
यो देख्येर यह्वेले तिनलाइ घिनायो १९
उस्का छोराछोरीहरुले झर्कायेको कारण्ले ।
तब उस्ले भन्यो मं यिनिहरु देखि आफ्नु मुख् लुकाउंछु २०
तिनको अन्त क्ये हुंछ मं हेर्छु .
किनभन्ये अग्घोर् अट्टेरि पुस्ता छन्
बालखहरु जस्मां सच्चेईं छैन ।
जो ईश्वर् होइन त्यो देखि तिनिहरुले मंलाइ इष् गराये २१
तिनिहरुले मंलाइ आफ्ना व्यर्थ थोक्हरु देखि रिसाउंनु लाये .
जो लोग् होइनन् ति देखि मं तिनलाइ इष् गराउंछु
मं येउटा मूर्ख लोग् देखि तिनिहरुलाइ रिसाउंनु लाउंछु ।
किनभन्ये मेरो रिस्मां आगो सल्क्यो २२
त पत्ताल् मुनि सम्म बल्दै छ

अनि पृथिवीलाइ त्येस्को उप्जनि समेत् खाइ हाल्दै छ
अं डांड़ाका जगहरु डढ़ाउंदै छ ।

२३ तिनिहरु मांथि मं बुराई पुप्त्याउंछु
तिनिहरु मांथि मं आफ्ना कांड़ू तुर्छु ।

२४ तिनिहरु भोकले क्षय् होइ जांछन् अनि बल्दो आगोले खाइ हालींछन्
अनि तीतो रुढ़िहरुले
अनि पशुहरुका दांत् मं तिनिहरु मांथि पठाउंछु
अनि धुलोमां बगि हिंड्नेहरुको विष् ।

२५ बाइर तरवार्ले लिहाल्छ
अनि कोठामां डर्ले
को कुंवर् को कुंवारी
दुद् खांने पाक्नेको केस् भयेको समेत्लाइ ।

२६ मैंले भन्यें मं तिनलाइ टाड़ो टाड़ो करपुट्टु पार्छु
अनि मान्छेको मांझ देखि तिनको सम्झना मेटि दिंछु ।

२७ तर सर्ुरहरुले जिस्क्याउंछन् यो देखि मं डरायें
होइन भन्ये ता तिनको विरोधीले भूल् गर्छन्
अनि तिनले भन्छन् हांस्नै हात् अल्गीये
अनि यि सबै गर्न यहुवे चइं होइन भनि ।

२८ किनभन्ये यो मंत्र बिनाको लोग् छ
अनि तिनमां बुद्धि कुंदै छैन ।

२९ तिनिहरुले बुद्धिमान् भइकन यो कुरो बूझेथ्
अनि आफ्नु अन्तको विचार् गर्ये भन्ये ता यो जाति हुंथ्यो ।

३० कसोगरि भन्ये एक् जनाले एक् हजार्लाइ खेद्छ
अनि दुइ जनाले दस् हजार्लाइ भगाउंछ
तिनिहरुको पहराले तिनलाइ न बेच्येको भये
अनि यहुवेले तिनलाइ न सुम्प्येको भये ।

३१ कसोगरिभन्ये तिनिहरुको पहरा हांमिहरुको पहरा जस्तो छैन
त हांमिहरुका सत्रुहरु आफै पनि विचारीहरु छन् ।

३२ किनभन्ये तिनको दाख् सदुमको दाखको बोट् छ
अनि अमोराको दाखबारी ।
तिनको दाखको फल् विषका छन्
अनि तिनका गुच्छा तीता छन् ।

३३ तिनको दाखरस् अजिङरहरुको विष्
अनि काला सर्पको कांचो विष् छ ।

३४ को यो मेरा सांचि राखीयेको छैन
मेरो भंड़ारमां छाप् मांरि राखीयेको छैन ।

नियागराई र साटो फर्काई मेरै कुन्
तिनका गोड़ा चिप्लने बेलामां.
किनभन्ये तिनको विपत्तिको दिन् नजिक् छ
अनि तिनिहरु मांथि पर्ने विषय् छिट्टै आउंछन्।
किनभन्ये यहवेले आफ्नु लोग्को निया गर्छ
अनि आफ्ना दासहरुको कारण् पक्तांउछ
जब उस्ले तिनको शक्ति गइ गयेको देख्छ
अनि तिनिहरुमांको कोई थुनीयेको कि छोड़ीयेको रहंदैन।
तब उस्ले भन्छ तिनका देवता कता हुन्
अं तिनले शरण् लियेका पहरा
जुन्हरुले तिनका बलिदानहरुको बोसो खांद थिये
तिनका खन्याईबलिको दाखरस् पीउंद थिये।
तिनले उठेर तिमिहरुको गोहार् गरुन्
अनि तिमिहरुको आड़ होउन्।
अब हेर मं चइं अं मं उइ हुं
अनि मं सङ कोई देवता छैन.
मंले मार्द छु अनि मंले जियाउंद छु
मैले घाउ पाथ्येको छु अनि मंले निको पार्द छु.
अनि मेरो हात् देखि छोड़ाउंनु सक्ने कोई पनि छैन।
किनभन्ये मं आफ्नु हात् स्वर्ग तिर उठाइ भन्द छु
सांचि सांचि मं जीइ रह्येको भैं
मैले आफ्नु चम्कने तरवारमां सान् लगायें
अनि आफ्नु हातले निया समात्यो भन्ये
त आफ्नु विरोधीहरुको नियागराई गर्छु
अनि मंलाइ हियाउंनेहरुलाइ साटो फर्काउंछु।
मं आफ्ना कांड़ रगतले मताउंछु
अनि मेरो तरवारले मांसु खल्काउंछ
मारीयेका र बन्धुवाहरुका रगत् समेत्
सत्तुरका मालिकहरुको सिर् देखि।
हे अन्यदेसीहरु हो उस्का लोग् सङ आनन्द गर.
किनभन्ये उस्ले आफ्ना दासहरुको रगतको साटो लिंछ
अनि आफ्ना विरोधीको नियागराई गर्छ
अनि आफ्नु देस् र आफ्ना लोगको लागि प्रायश्चित्त गर्छ॥

त मूसाले नूनको छोरो यहोशूअ समेतले आयेर येस् गानका सबै ४४
बचन् लोगका कानमां सुनायो। जब मूसाले यि सबै बचन् सिंगै ४५
इस्राएललाइ भनि सक्यो. तब त्येस्ले तिनलाइ भन्यो जस्ति कुरा मं आजु ४६
तिमिहरुलाइ साक्षी राखि भन्द छु ति सबैमां आफ्नु आफ्नु मन् लगाव

अनि ति अर्थात् येस् व्यवस्थाका सबै कुरा गर्नुलाइ मानुको लागि आफ्ना
४७ बालखहरुलाइ पनि आज्ञा दिंने गर । किनभन्ये यो तिमिहरुको लागि
व्यर्थ काम् होइन तर तिमिहरुको जीवन् हो अनि येसै गर्येकोले तिमिहरु
अधिकारी हुंनुलाइ जाने यर्दन् पारिको देसमां तिमिहरुले आफ्ना
दिन् बढ़ाउंछौ ॥

४८ ४९ फेरि त्येसै दिन् यहवेले मूसालाइ येसो भन्यो येस् अबारीम्
डांड़ामां अर्थात् नबो डांड़ामां जो मोआब् देसमां यरीहोको सांमु छ येसमां
चढ़ेर मैंले इस्राएलवंशीहरुलाइ तिनको अधिकारको लागि दिंनु आंटेको
५० कनानको देस हेर् . वहांदेखि जसोगरि तेरो दाज्यु हारून् होर् पर्वतमां
चढ़ेर मंरिकन आफ्ना लोगमां मिसीयो त्येसैगरि तं येइ डांड़ामां जसमां
५१ चढ़ेर मर्य्यर आफ्ना लोगमां मिसीइ . किनभन्ये सीनको वनमां कादेशमां
भयेको मरीब्राको पानीमां तिमि दुवैले इस्राएलवंशीहरुको बीचमां मेरो
बिरुद्धमां अप्राध् गर्यौ किनभन्ये इस्राएलवंशीहरुको बीचमां मंलाइ पवित्र
५२ ठहरायौन । त तैंले त्यो देस् आफ्नु सांमु देख्नु ता पाउंछस् तर मैंले
इस्राएलवंशीहरुलाइ दिंनु आंटेको देसमां तं पस्नु पाउंदैनस् ॥

(मूसाले इस्राएल्लाइ दियेको आशीर्बाद्)

३३ १ अब जुन् आशीर्बाद् ईश्वरको जन् मूसाले आफ्नु मंरण् भन्दा
२ पहिले इस्राएलवंशीहरुलाइ दियो त्यो येइ हो । अनि त्येस्ले भन्यो

यहवे सीनै देखि आयो
अनि सेईर् देखि तिनिहरुको लागि झुल्क्यो
उ पारान् डांड़ा देखि चम्क्यो
अनि लाखौं पवित्र लोग्को बीच् देखि आयो .
उस्को दाहीनो हात् देखि तिनिहरु तिर आगोको व्यवस्था निकल्यो ।

३ अं उस्ले लोग्हरु देखि प्रेम् राख्द छ
उस्का सबै पवित्र लोग् तपांइका हातमां छन्
तिनिहरु तपांइका पाउ निर बसि रह्यका छन्
जनंगेले तपांइको बचन् सुनछन् ।

४ मूसाले हांमिहरुलाइ येउटा व्यवस्थाको आज्ञा दियो
याकूबको सभाको निज् भाग् ।

५ उ यशूरूनमां राजा भइ गयो
जब लोगका मूलहरु मेला भये
इस्राएलका सबै कुलहरु एक् मइ ॥

६ रूबेन् जीइ रहोस् अनि न मरोस्
तैपनि त्येस्का मान्छेहरु थोरै होउन् ॥

७ अनि यहूदाको आशीर्बाद् यो हो . अनि त्येस्ले भन्यो
हे यहवे यहूदाको शब्द सुन् हवस्

अनि त्येस्लाइ त्येस्का लोगमां ल्याउंनु हवस्.
त्येस्ले आफ्नु लागि आफ्ने हातले लड़ाईं गर्यो
त तपांइ त्येस्का बिरोधीहरुको बिरुद्धमां गोहारे हुंनु हवस् ॥
अनि लेवीको बिषयमां त्येस्ले भन्यो ८
तपांइको तुम्मीम् र तपांइको उरीम्
तपांइको येस् भक्तकां रहोस्
जस्लाइ तपांइले मस्सामां जांच्नु भयो
अनि जो सित तपांइले मरीबाको पानीमां झगरा गर्नु भयो ॥
त्येस्ले आफ्ना आंमा बाबुको बिषयमां भन्यो ९
मैले तिनलाइ देखीन
अनि न आफ्ना दाज्युभाईहरुलाइ चिनायो
न आफ्ना क्रोराहरुलाइ चिन्यो.
किनभन्ये तिनिहरुले तपांइको बाक्यो मान्ये
अनि तपांइको नियम् मान्ये ।
तिनिहरुले याकूबलाइ तपांइको नियाबचन् सिकाउंछन् १०
अनि इस्राएल्लाइ तपांइको व्यवस्था.
तिनले तपांइले सूंघ्ने धूप् हाल्छन्
अनि तपांइको बेदिमां होम्बलिदान् ।
हे यहूवे त्येस्को धनमां आशीष् दिंनु हवस् ११
अनि त्येस्का हातको काम् ग्रहण् गर्नु हवस्.
त्येस्को बिरुद्धमां उठ्नेहरुको कम्मरमां हिर्काइ दिंनु हवस्
तिनिहरु फेरि उठ्नु न सकुन् ॥
बिन्यामीनको बिषयमां त्येस्ले भन्यो १२
यहूवेको प्रिय त्येस्ले उ क्रेउ निडर् बास् गर्छ
अनि उस्ले त्येस्लाइ दिनभरि क्रोपि राख्छ
अनि त्यो उस्का दुइ कांधको बीचमां बस्छ ॥
अनि यूसुफ्को बिषयमां त्येस्ले भन्यो १३
त्येस्को देसले यहूवे देखि आशीष् पावस्
अर्थात् अकाशको अमोल् थोक् अं शीत्
अनि मुनि हुस्कि रह्येको गहीरेईं
अनि घामको बाटोले उप्जने अमोल् थोक् १४
अनि जूनको बाटोले उम्रंने अमोल् थोक्
अनि पुराना पहाड़हरुका मूल् मूल् थोक् १५
अनि सर्बंभरिका डांड़ाहरुका अमोल् थोक्
अनि पृथिवी र त्येस्को भरपूरीका अमोल् थोक् १६
अनि पोथ्रामां बस्नेको अनुग्रह.
यि सबैको बिषयमां यूसुफ्को सिरमां आशीष् आवस्

अनि जो आफ्ना भाईहरु देखि अलग् भयो त्येसैको सिर्को
थाप्नो मांथि ।

१७ त्येस्को जेठा गोरु त्येस्को प्रताप् हो
अनि त्येस्का सींग् अर्नाका सींग् हुन् ।
तिनले त्येस्ले लोग् लोग् सबैलाइ पनि
अं पृथिवीको अन्त पनि हानि घचेट्छ ।
त एफ्रैम्का लाखौं यिनै हुन्
अनि मनश्शेका हजारौं यिनै हुन् ॥

१८ अनि जबूलूनको विषयमां त्येस्ले भन्यो
ए जबूलून् आफ्नु निक्लिहिंड्दाईमां रमाहट् गर्
अनि ए इस्साकार् आफ्ना डेरामां ।

१९ तिनिहरुले अन्यदेशीहरुलाइ डांड़ामां निम्तो दिंछन्
वहां धर्म्मका बलिदान् चढ़ाउंछन् ।
कसोगरिभन्ये तिनिहरुले समुन्द्रको अग्घोरेइँ देखि चूस्छन्
अनि त्येस्को बगरमां लुक्येका धन् ॥

२० अनि गादको विषयमां त्येस्ले भन्यो
धन्य हो त्यो जस्ले गादलाइ बढ़ाउंद छ ।
गादले ता सिंहनीले झैं बास् गर्द छ
अनि बांहांलाइ सिर्को थाप्नो समेत् फहराउंद छ ।

२१ अनि त्येस्ले पहिलो अंश आफ्नु लागि छान्यो
किनभन्ये वहां राजदण्डको भाग् राख्येको थियो
त त्येस्ले लोगका मूलहरु सङ आयेर
यहूवेको धर्म्म त्येस्ले पूरो गर्यो
अनि इस्राएल्को साथमां उस्का नियाबचनहरु ॥

२२ अनि दान्को विषयमां त्येस्ले भन्यो
दान् सिंहको डमरु हो जो बाशान् देखि कूद्द छ ॥

२३ अनि नप्तालीको विषयमां त्येस्ले भन्यो
ए नप्ताली अनुग्रहले तृप्त
अनि यहूवेको आशीषले भरपूर् ।
तं पच्छिउं र दक्खिनको अधिकारी हो ।

२४ अनि आशेरको विषयमां त्येस्ले भन्यो
आशेरले छोराहरुको आशीष पात्रम्
त्यो आफ्ना भाईहरुमां अनुग्रहित् रहोस्
अनि आफ्ना गोड़ा तेलमां डुबाउंने गरोस् ।

२५ तेरा आरलाहरु फलम् र पीत्तलका होउन्
अनि तेरो दिन् झैं तेरो बल् पनि हुंछ ।

२६ हे यशूरून् ईश्वर् जस्को कोई छैन

जो तेरो गोहार्को लागि स्वर्गमां चढ़्द छ
अनि अकाश्मां आफ्नु श्रेष्ठेईंमां ।
अनादि ईश्वर् तेरो धाम् हो २७
अनि सनातन्का बांहां मुनि हुन् .
अनि उस्ले सत्तुर्लाइ तेरो सांमु देखि धपायो
अनि उस्ले भन्यो नास् पार् ।
अनि इस्राएल्ले निडर् बास् गर्छ २८
याकूब्को खोल्चा एक्लै
अन्न र दाख्रस्को देस्मां
अं त्येस्को अकाश्ले शीत् पार्छ ।
ए इस्राएल् तं धन्नको होस् . २९
यह्वे देखि मुक्ति पायेको लोग् तं जस्तो को छ .
तेरो गोहार्को ढाल्
अनि तेरो श्रेष्ठेईंको तरवार् येइ हो
त तेरा सत्तुर्हरुले तेरो सांमु घोस्यूंमण्टो लाउंछन्
अनि तैंले तिनका अल्गा अल्गा ठांउ दल्छस् ॥

(मूसाको मंरण्)

येस् पछि मूसा मोआब्को मैदान् देखि यरीहोको सांमु भयेको ३४ १
पिस्गाको थाप्लिमां नबो डांड़ामां चढ़ि गयो । अनि यह्वेले त्येस्लाइ
गिलाद्को सिंगै देस् देखायो अर्थात् दान् सम्म अनि सिंगै नप्ताली २
अनि एप्रैम् र मनश्शेको देस् अनि पच्छिउंको समुन्द्र सम्म यहूदाको सिंगै
देस् अनि दक्खिने देस् र सोअर् सम्म खजूर्का बोट्हरु भयेको सहर् ३
अर्थात् यरीहोको गैह्री टार् सबै देखायो । तब यह्वेले त्येस्लाइ भन्यो जुन् ४
देस्को बिषय्मां मैंले अब्राहाम् इस्हाक् र याकूब् सित किरिया खाइकन
मं त्यो तेरा बंशलाइ दिंछु भन्येको थियें त्यो येइ हो . मैंले त्यो तंलाइ तेरा
आंखाले देख्ने गरि देखायें तर तं वहां पारि जांनु पाउंदैनस् । त यह्वेले ५
भन्येको अन्सार् यह्वेको दास् मूसा वहां मोआब्को देस्मां मंऱ्यो । अनि ६
त्यो मोआब्को देस्मां बेत्पोर्को सांमु भयेको येउटा तरिमां गाड़ीयो .
तर आजुको दिन् सम्म त्येस्को चिहान् कस्सैले जान्दैन । अनि मूसा मंर्ने ७
बेलामां एक् सै र बीस् बर्षको भयेको थियो . तर न त्येस्का आंखा
धमीलीये न पौरख् घट्येको थियो । अनि इस्राएल्बंशीहरु मोआब्को ८
मैदान्मां मूसाको लागि तीस् दिन् सम्म रोइ रह्ये . तब मूसाको लागि रुंने
र बिलाप् गर्ने दिन् पूरा भये । अनि नून्को छोरो यहोशूअ बुद्धिको ९
आत्माले परीपूर्ण थियो कसोगरिभन्ये मूसाले आफ्नु हात् त्येस् मांथि
राख्येको थियो . त इस्राएल्बंशीहरुले त्येस्का कुरा सुनि त्येसै गऱ्ये जसो

१० यहूवेले मूसालाइ आज्ञा गर्‍येको थियो । अनि इस्राएल्मां तब देखि येसो
कोई अगम्वक्ता मूसा जस्तो उठेरको छैन जस्लाइ यहूवेले सांमु सांमुइ
११ चिन्द थियो अनि जस्लाइ यहूवेले फिरऊन् र त्येस्का सबै चाकरेहरुको
सांमु र त्येस्को सिंगै देस्मां ति सबै चिंनु र आश्चर्य्यकर्म्म गर्नुलाइ मिस्र
१२ देस्मां पठायो अनि जस्ले सिंगै इस्राएल्को आंखाको सोजि सबै
बल्लियो हात् र सबै तुलो तुलो भय् देखायो ॥

यहोशूअको पोस्तक् ॥

(यहोशूअलाइ ठहराउंनु)

१ १ जब यहूवेको दास् मूसा मंर्‍यो तब येसो भयो यहूवेले मूसाको सेवाइत
२ नूनको छोरो यहोशूअलाइ भन्यो मेरो दास् मूसा चइं मंर्‍यो त अब तं
उठेर यो सबै लोग् समेत् यो यर्दन् पारि त्येस् देस्मां जा जुन् देस् मं
३ तिनिहरुलाइ अर्थात् इस्राएल्वंशीहरुलाइ दिंद छु । जुन् जुन् ठांउमां
तिमिहरुका पैतलाले टेक्नन् ति सबै तिमिहरुलाइ दियेको छु जसो मैंले
४ मूसालाइ भन्येको छु । बन् र यो लबानोन् देखि येसो महानदी अर्थात्
परात् नदी सम्म हित्तीहरुको सिंगै मुलुक् अनि सूर्ज अस्ताउंने पट्टिको
५ महासमुद्र सम्म तिमिहरुको सिमाना ठहर्छ । तेरो जीउंनीभरि तेरो सांमु
कोई मान्छे ठहर्नु सक्दैन . जसोरि मं मूसा सङ् सङै रह्यें तं सङ पनि रहंछु .
६ न तंलाइ धोखा दिंछु न तंलाइ छोड़ि दिंछु । हूप् बांधि बल्लियो हो .
किनभन्ये यिनिहरुलाइ जुन् देस् दिंनुलाइ मैंले तिनिहरुका पित्रहरु सित
किरिया खायेको थियें तैंले यि लोगलाइ त्येस्को अधिकारी तुल्याउंछस् ।
७ खालि अग्घोर् हूप् बांधि बल्लियो हो र जुन् व्यवस्था मेरो दास् मूसाले
तंलाइ आज्ञा दियेको छ तिनै सबै अनुसार् गर्नुलाइ मान् . त्यो देखि
दाहींनो बांउ न फर्कि र जहां जहां जांछस् वहां वहां सुफले हुंछस् ।
८ व्यवस्थाको यो पोस्तक् तंलाइ मुखागर् भइ तेरो मन् देखि कैलेइ न
जावस् अं दिन् रात् त्येस्मां ध्यान गर् र त्येस्मां ज्ये ज्ये लेख्येयेका छन् ति
सबै अनुसार् गर्नुलाइ मान् . तब तैंले आफ्नु गंवन् सुफले गराउंछस्
९ अनि तब तैंले बुद्धि सित काम् गर्छस् । को मैंलेनै तंलाइ आज्ञा दिइंन .
हूप् बांधि बल्लियो हो न डरा थरहरि न हो . किनभन्ये जहां जहां तं
जालास् वहां वहां तेरो ईश्वर् यहूवे तं सङ रहंछ ॥

तब यहोशूअले लोगका मालिक्हरुलाइ येसो भनि आज्ञा दियो १०
क्राउंनीको बीच्मां गयेर लोगलाइ आज्ञा देव आफ्नु आफ्नु लागि खांने ११
सादाम् तियार् पार किनभन्ये तीन् दिन् भित्र तिमिहरुले यो यर्दन् पारि
जुन् देस् तिमिहरुको ईश्वर् यह्वेले तिमिहरुको अधिकार्मां पारि दिंद क्
त्येस्को अधिकारी हुंनुलाइ तरि जांनु पर्छ ॥

अनि यहोशूअले रूबेनीहरु गादीहरु र मनश्शेको आधा कुल्लाइ १२
येसो भन्यो जुन् कुरो यह्वेको दास् मूसाले तिमिहरुलाइ त्यो तिमिहरुको १३
ईश्वर् यह्वेले तिमिहरुलाइ बिश्राम् दिंद क् अनि तिमिहरुलाइ यो
देस् दिंक् भनि आज्ञा दियेको थियो त्यो कुरो सम्झ । त जुन् देस् मूसाले १४
तिमिहरुलाइ यर्दन्को येता वारि दियेको क् त्येस्मां तिमिहरुकी स्त्रीहरु
बालबच्चाहरु र वस्तुहरु चइं रहुन् तर तिमि सिंगै बीर् बीरहरु चइं हतियार्
भिर्येर आफ्ना दाज्युभाईहरुको अघि अघि पारि तर्येर तिमिहरुले तिनको
गोहार् गर जब सम्म यह्वेले तिमिहरुका भाईहरुलाइ तिमिहरुलाइ १५
झैं बिश्राम् दिंदैन अनि जुन् देस् तिमिहरुको ईश्वर् यह्वेले तिनिहरुलाइ
दिंद क् तिनिहरु पनि त्येस्को अधिकारी हुंदैनन् तैले सम्म . त्येस् पछि
तिमिहरु यह्वेको दास् मूसाले तिमिहरुलाइ यर्दन्को येता वारी सूर्ज
उदाउंने पट्टि दियेको आफ्नु अधिकार्को देस्मां फर्कि आयेर येस्को
अधिकारी भइ रह । तब तिनिहरुले यहोशूअलाइ उत्तर् दिइ भन्ये १६
आफुले हांमिहरुलाइ दिंनु भयेका सबै आज्ञा हांमि मान्कौ अनि जता
जता आफुले हांमिहरुलाइ पठाउंनु हुंक उता उता हांमि जांकौं । जसोरि १७
हांमिहरु सबै कुरामां मूसाका सुन्द थियूं त्येसैगरि आफुको पनि सुन्ने
गर्कौं . खालि आफुको ईश्वर् यह्वे जसोरि मूसा सङ रह्यो त्येसैरि आफु
सङ पनि रहोस् । जस्ले आफुको आज्ञाको झगरागराई गर्ला अनि आफुले १८
दियेका आज्ञाका सबै कुरा सुनोईन त्यो जोसुकै हवस् मांरीग्रोस् . खालि
आफ् हूप् बांधि बल्लियो हुंनु हवस् ॥

(देस्को भेद् लिंने दुइ जनालाइ पठाउंनु)

त्येस् पछि नूनको छोरो यहोशूअले शित्तीम् देखि दुइ जनालाइ २ १
चुप्चाप्गरि भेद् लिंनुलाइ देस् अं यरीहो चइं हेरि आव भनि पठायो .
त तिनिहरु गये अनि राहाब् नांउ भयेकी येउटी बेश्येको घर्मां गयेर
बहां रह्ये । तब यरीहोको राजालाइ भनीयो हेर आजु बेलुका २
इस्राएलबंशीहरुमांका कत्ति पुरुषहरु देस्को भेद् लिंनुलाइ यहां भित्र
आयेका छन् । तब यरीहोको राजाले राहाब् थांइ तं थांइ आयेका तेरो ३
घर् भित्र पस्येका पुरुषहरुलाइ बाइर ल्या . किनभन्ये तिनिहरु सिंगै देस्को
भेद् लिंनुलाइ आयेका छन् भनि पठायो । त त्येस् स्त्रीले दुवै पुरुषलाइ लियेर ४
लुकाई बहांसेखि येसो भनी अं ति मान्छेहरु मं थांइ आयेका ता थिये तर
कहांका थिये यो मं जांदैंन थियें . अनि येसो भयो ढोका पुर्नीने बेलामां ५

जब अंध्यारो भयो तब ति मान्छेहरु निस्कि गये . तिनिहरु कता गये मं
६ जांदींन . छिट्टो गरि तिनिहरुलाइ खेद त तिनिहरुलाइ भेट्टाउंछौ। तर
त्येस्ले तिनिहरुलाइ कौसि मांथि चढ़ाइ लग्येर कौसीमां पांजि राख्येको
७ सुन्पाट्का डांक्लाहरु मुनि लुकाइ राख्येकी थिई। तब मान्छेहरुले यर्दन्
पुग्ने बाटो बाड़ो घाट्हरु सम्म तिनिहरुलाइ खेद्ये . अनि तिनिहरुलाइ
८ खेद्नेहरु निस्कि जांनु बित्तिकै ढोका थुनीयो। अनि तिनिहरु सुत्नु भन्दा
९ पहिले त्येस्ले कौसिमां तिनिहरु भयेठांउ चढ़ि गयेर ति पुरुष्हरुलाइ
भनी मं जान्द छु यह्वेले आफुहरुलाइ यो देस् दियेको छ अनि आफुहरुको
डर् हांमिहरु मांथि पर्‍यो अं देस्का सबै बासीहरु आफुहरुको सांमु गलि
१० जांदै छन्। किनभन्ये जब आफुहरु मिस्र देस् देखि निस्कि आउंनु हुंद
थियो तब यह्वेले लाल् समुन्द्रको पानी आफुहरुको सांमु कसोगरि सुकाइ
दियो अनि एमोरीहरुका दुवै राजाहरु यर्दन् पारि रहंने सीहोन् र ओग्
राजाहरुलाइ कसो कसो गर्नु भयो अर्थात् आफुहरुले तिनिहरुलाइ भाकल्
गरीयेका थोक् झैं नास् पार्नु भयो ति सबै समाचार् हांमिहरुले सुन्यूं।
११ अनि यो सुन्नु बित्तिकै हांमिहरुका हिर्दय् बिलीइ गये अनि आफुहरुको
कारण्ले कस्सैको हंस रह्येन . कसोगरिभन्ये आफुहरुको ईश्वर् यह्वे मांथि
१२ स्वर्ग र तल पृथिवी दुवैमां ईश्वर् उइ छ। त अब मं सित यह्वेको किरिया
खाइ भन्नु हवस् तैंले हांमिहरु मांथि कृपा गरिस् येस्कारण् हांमिहरु पनि
तेरो बाबुको जहान् मांथि कृपा गर्छौं भनि अनि येस्को मंलाइ येउटा सांचो
१३ चिंनु पनि दिंनु हवस् . हांमि तेरा आंमा बाबु दाज्युभाई र दिदीबैंनीहरुलाइ
अनि जति तिनिहरुका छन् ति सबैलाइ जीउंदो बचाउंछौं अनि तिमिहरुका
१४ प्राण् मंरण् देखि बचाउंछौं भनि। तब ति पुरुष्हरुले त्येस्लाइ तिमिले
हांमिहरुको यो कुरो कसैलाइ प्रगटो गर्‍यौन भन्ये देखि तिमिहरुको
प्राण्को साटो हांमिहरुको प्राण् जाला अनि येसो हुंछ जब यह्वेले यो देस्
हांमिहरुलाइ दिंछ तब हांमिहरु तिमि सित अनुग्रह् र सच्चेईं सङ बेहोरा
१५ गर्छौं भनि उत्तर् दिये। तब त्येस्ले तिनलाइ झ्याल् बाटो डोरीले सुर्क्याइ
ओह्रालि दिई . कसोगरिभन्ये त्येस्को घर् सहर्को घेराभित्तैमां थियो अनि
१६ त्यो तिहीं भित्तैमां रहंद थिई। अनि त्येस्ले तिनिहरुलाइ भनी पहाड़ तिर
जांनु हवस् होइन भन्ये ता खेद्नेहरुले आफुहरुलाइ भेट्नन् अनि वहां
तीन् दिन् सम्म लुकि रहंनु हवस् खेद्नेहरु फर्कि न आउंज्याल् सम्म . त्येस्
१७ पछि आफ्नु बाटो समात्नु हवस्। तब ति पुरुष्हरुले त्येस्लाइ भन्ये तिमिले
१८ हांमिहरुलाइ खुवायेको किरियाको बिषय्मां हांमि निर्दोष् रहंछौं। हेर
जब हांमिहरु देस्मां आऊंला तब् जुन् झ्याल् बाटो तिमिले हांमिहरुलाइ
उतारि दियौ त्येस्मां येइ सिंदुरे रंगको धागोको डोरी बांधि राख्नु .
अनि आफ्ना आंमा बाबु दाज्युभाईहरु अं आफ्नु बाबुका सब्बै जहान्लाइ
१९ येसै घर्मां आफु थांइ भेला गराउंनु। अनि येसो हुंछ जो तिम्रो घर् देखि
बाइर गल्लिमां निक्लला त्येस्को लोहू त्येसैको सिर्मां पर्छ अनि हांमिहरु

निर्दोष् हुंछौं तर जो तिमि सङ घर्मां रहला त्यो मांथि कसैको हात् पर्यो भन्ये देखि त्येस्को लोहू हांमिहरुको सिर्मां पर्छ। तर हांमिहरुको यो २०
कुरो तिमिले प्रगटो गर्यौ भन्ये देखि ता तिमिले हांमिहरुलाइ खुवायेको किरिया देखि हांमिहरु निर्दोष् हुंछौं। तब त्येस्ले जस्तो आफुहरुको बचन् २१
त्येस्ले हवस् भनी। त त्येस्ले तिनलाइ बिदा दिई अनि ति हिंड़ि गये. अनि त्येस्ले
त्यो सिंदूरे रंगको डोरी झ्यालमां बांधि राखी। अनि तिनिहरु गयेर पहाडूमां २२
पुग्येर त्यहां तीन् दिन् सम्म रह्ये तिनलाइ खेद्नेहरु न फर्कुंज्याल् सम्म. अनि
खेद्नेहरुले तिनलाइ सबै बाटो बाटो हुंदो खोज्ये तर तिनलाइ पायेनन्।
तब ति दुवै पुरुषहरु फर्क्यर पहाडू बाटो ओह्ल्ये अनि पारि गयेर नून्को २३
क्होरो यहोशूअ थांइ आये अनि तिनिहरुले आफु मांथि पर्येका सबै कुराको
बखान् गर्ये। फेरि तिनिहरुले यहोशूअलाइ भन्ये यह्वेले निस्से त्यो सिंगै २४
देस् हांमिहरुको हातमां सुम्पि दियेको रछ कसोगरिभन्ये देसका सबै
बासीहरु हांमिहरुको सांमु गलि गलि जांदै राछन्॥

(इस्राएलीहरु यर्दन् पारि जांनु)

त बिहान यहोशूअ सबेरै उठ्यो अनि सबै इस्राएलवंशीहरु सङ ३ १
शित्तीम् देखि हिंड़ि यर्दन् सम्म आइ पुग्यो अनि पारि तर्नु भन्दा पहिले
तिनिहरुले त्यहां बास् गर्ये। अनि तीन् दिन् बित्ये पछि येसो भयो २
मालिकहरु छाउंनीको बीचमां गये अनि लोगलाइ आज्ञा दिइ भन्ये ३
जब तिमिहरुले आफ्नु ईश्वर् यह्वेको नियम्को सम्पट् र लेवी पूजाहारी-
हरुले त्यो बोक्दै गर्येको देख्छौ तब तिमिहरु आफ्नु ठांउ देखि हिंड़ि
त्येस्को पछि पछि जाव। तर त्येस्को र तिमिहरुको बीचमां दुइ हजार् ४
हातको अड्कल् अन्तर् रहोस्. त्येस्को कुेउमां न आव र तिमिहरुलाइ कुन्
बाटो बाड़ो हिंड्नु पर्ने रछ भनि थाहा हवस् किनभन्ये अब सम्म तिमिहरु
त्यो बाटो बाड़ो हिंड़्येका छौन। तब यहोशूअले लोगलाइ भन्यो आफु ५
आफुलाइ पवित्र गर. किनभन्ये भोलि यह्वेले तिमिहरुको बीचमां
आश्चर्य्यकर्म्म गर्छ। फेरि यहोशूअले पूजाहारीहरुलाइ येसो भन्यो नियम्को ६
सम्पट् उठाइ बोक्येर लोगको अघि अघि हिंड़। त तिनिहरु नियम्को
सम्पट् उठाइ बोक्येर लोगको अघि अघि हिंड़्ये। तब यह्वेले यहोशूअलाइ ७
भन्यो आजु देखि मं सबै इस्राएलीहरुको सांमु तेरो बड़ाई गर्नु थाल्कु र
तिनले मं जसोगरि मूसा सङ रहंद थियें त्येसैगरि तं सङ पनि रहंद रांकु
भनि थाहा पाउन्। त तेंले नियम्को सम्पट् बोकने पूजाहारीहरुलाइ जब ८
तिमिहरु यर्दनको पानीको तीरमां पुग्छौ तब यर्दनमां अड़ीयौ भनि आज्ञा दे॥

त यहोशूअले इस्राएलवंशीहरुलाइ भन्यो कुेउ आयेर आफ्नु ईश्वर् ९
यह्वेको बचन् सुन। फेरि यहोशूअले भन्यो येस्ले तिमिहरुलाइ थाहा हुंछ १०
जीउंदो ईश्वर् हांमिहरुको बीचमां रछ अनि उस्ले हांमिहरुको सांमु देखि
निस्से कनानीहरु हित्तीहरु हिव्वीहरु परिज्जीहरु गिर्गाशीहरु एमोरीहरु र

११ यबूसीहरुलाइ धपाइ दिंने रछ भनि । हेर पृथिवीभरिको प्रभुको नियमको
१२ सम्पट् तिमिहरुको अघि अघि यर्दन्मां जांदै छ । त अब इस्राएलका
१३ कुलहरुमांका बारह् पुरुष् अर्थात् कुल् पिच्छेको एक् एक् पुरुष् लेव । तब
येसो हुंछ जुन् बेलामां पृथिवीभरिको प्रभु अर्थात् यहूवेको नियमको सम्पट
बोक्ने ति पूजाहारीहरुका पैतला यर्दन्को पानीमां पर्छ न त्येइ बेला यर्दन्को
पानी अर्थात् ऊंभो देखि बहंने चइं पानी थामींछ अनि येउटा थुप्रो लाग्दै
१४ अड़ीइ रहंछ । अनि येसो भयो जब लोग् आफ्ना आफ्ना डेरा देखि यर्दन्
पारि तर्नुलाइ हिंड़्यो अनि पूजाहारीहरु नियमको सम्पट् बोकेर लोगको
१५ अघि अघि हिंड़्यो अनि जब सम्पट् बोक्नेहरु यर्दन्मां पुग्ये अनि
सम्पट् बोक्ने पूजाहारीहरुका पाउ तौरको पानिमां डुब्ये (कसोगरि भन्ये
यर्दन्को पानी कट्नीको सबै बेलाभरि सबै पहरा मांथि मांथि बहंद छ)
१६ तब त्येइ ऊंभो बाटो बहि आउंने चइं पानी थामीयो अनि धेरै टाढो सम्म
अर्थात् सार्तान्को ढेउको आदाम् सहरको ढेउमां थुप्रो लागि अड़ीयो.
अनि अराबाको समुन्द्र अर्थात् नुनीलो समुन्द्रमां बहि जाने पानी खांट्टै
काटीयेर सुकि गयो. तब लोग् यरीहोको ठीक् सांमु पारि उत्रि गये ।
१७ अनि सबै लोग् यर्दन् पारि तरि न सकुंज्याल् सम्म यहूवेको नियमको
सम्पट् बोक्ने पूजाहारीहरु यर्दन्को बीचमां ओबानो भूंइमां स्थिरगरि उभीइ
रहंद थिये अनि सिंगै इस्राएल् ओबानो भूंइमां तर्है तर्है रहंद थिये ॥
४ १ अनि येसो भयो जब सबै लोग् यर्दन् पारि तरि सक्ये तब यहूवेले
२ यहोशूअलाइ भन्यो लोगमांका बारह् पुरुष् अर्थात् कुल् पिच्छेको
३ एक् एक् पुरुषलाइ लियेर· तिनलाइ यो आज्ञा दे तिमिहरुले यर्दन्को
बीच् देखि अर्थात् जुन् ठांउमां पूजाहारीहरुका पाउले स्थिरगरि टेक्ये
त्येस् ठांउ देखि बारहवटा ढुंगा उठायेर यहां बाटो पारि आफु सङ बोकि
लैजाउ अनि आजु राति जहां बास् होला त्येइ बासमां ति राखि छोड़ ।
४ त यहोशूअले ति कुल् पिच्छेको एक् एकगरि इस्राएलवंशीहरु
५ देखि तियार् पारि राख्येका बारह् जनालाइ बोलायो. अनि यहोशूअले
तिनिहरुलाइ भन्यो तिमिहरु आफ्नु ईश्वर् यहूवेको सम्पट्को सांमु
यर्दन्को बीचमां जाव अनि ईस्राएलवंशीहरुको कुलको गन्ति अनुसार्
एक् एकवटा ढुंगा आफ्नु आफ्नु कांध् मांथि उठायेर बोकि ल्याव.
६ र यो तिमिहरुको बीचमां चिंनु रहोस् अनि पछि जब तिमिहरुका
७ छोराछोरीहरुले यि ढुंगाहरुको के अर्थ हो भनि सोधनन्. तब
तिमिहरुले तिनिहरुलाइ किनभन्ये यहूवेको नियमको सम्पट् जब यर्दन् तर्
थियो तब त्येको सांमु यर्दन्को पानी काटीयेको थियो भनि उत्तर् देओला.
अनि यि ढुंगाहरु इस्राएलवंशीहरुको लागि सदाभरको सम्झौटे होक्
८ रहुन् । त इस्राएलवंशीहरुले यहोशूअको आज्ञा अनुसार् गर्ये अर्थात्
जसो यहूवेले यहोशूअलाइ भन्येको थियो त्येसै तिनिहरुले इस्राएलवंशी-
हरुको कुलको गन्ति अनुसार् बारहवटा ढुंगा यर्दन्को बीच् देखि उठाइ

ल्याये अनि लग्येर आफ्नु बास् बस्येको ठांउमां राखि छोड़िर । अनि जुन् ९
ठांउमां नियमको सम्पट् बोक्ने पूजाहारीहरुका पाउले टेक्येका थिये त्येस्
ठांउमां अर्थात् यर्दन्को बीचमां यहोशूअले बारह्वटा ढुंगा उभ्यायो . जो
आजु सम्म वहां छन् । अनि मूसाले यहोशूअलाइ दियेको आज्ञा अनुसार् १०
र यह्वेले यहोशूलाइ लोगलाइ सुनाउंनुलाइ दियेका आज्ञाका सबै कुरा
पूरा न होउंञ्जाल् सम्म सम्पट् बोक्ने पूजाहारीहरु यर्दन्को बीचमां उभीइ
रह्ये . अनि लोग् फुर्त्ति गरि पारि तरि गये । अनि येसो भयो जब सबै ११
लोग् पारि तरि सक्ये तब यह्वेको सम्पट् अं पूजाहारीहरु पनि लोगको सांमु
पारि उत्र्ये । अनि रूबेनबंशीहरु र गादबंशीहरु र मनश्शेको आधा कुल् १२
मूसाले तिनलाइ भन्येको अनुसार् इस्राएलबंशीहरुको अघि अघि हतियार्
भिर्येर पारि तर्ये . अर्थात् लड़ाईंका हतियार् बांध्येका कोई चालीस् हजार् १३
पुरुष् संग्राम् गर्नुलाइ यह्वेको सांमु पारि तर्येर यरीहोको मैदान् तिर
हिंड़िर । त्येस् दिन् यह्वेले सिंगै इस्राएलको सांमु यहोशूअको बड़ाई गर्यो १४
त तिनिहरुले त्येस्को जीउंनिभरि मूसाको झैं त्येस्को पनि डर् मान्दै रह्ये ॥

तब यह्वेले यहोशूअलाइ भन्यो ति साक्षीको सम्पट् बोक्ने १५ १६
पूजाहारीहरुलाइ यर्दन् देखि उक्लि आव भनि आज्ञा दे । येस्कारण् १७
यहोशूअले पूजाहारीहरुलाइ यर्दन् देखि उक्लि आव भनि आज्ञा दियो ।
त येसो भयो यह्वेको नियमको सम्पट् बोक्ने पूजाहारीहरु यर्दनको १८
बीच् देखि उक्लि आउंनु अनि पूजाहारीहरुका पैतलाले ओबानो भूंइमां
टेक्नु बित्तिकै यर्दन्को पानी आफ्नु बाटोमां फर्क्येर अगाड़ि झैं पहरा
मांथि मांथि फेरि बहंनु लाग्यो । अनि लोगले पहिलो महीनाको १९
दशौं तिथिमां यर्दन् देखि उक्ल्येर यरीहोको पूर्व सिमानामां गिल्गालमां
आफ्ना डेरा हाल्ये । अनि तिनिहरुले यर्दन् देखि निकाल्येका ति बारह्वटा २०
ढुंगा यहोशूअले गिल्गालमां उभ्यायो । अनि त्येस्ले इस्राएलबंशीहरुलाइ २१
भन्यो पछि जब तिमिहरुका छोराछोरीहरुले आफ्ना बाबुहरु सित थि
ढुंगाहरुको के अर्थ हो भनि सोधुनन् . तब तिमिहरुले आफ्ना २२
छोराछोरीहरुलाइ जनाइ दिंनु इस्राएल येस् यर्दन् वारि ओबानो भूंइबाटो
आयो । कसोगरिभन्ये जसोगरि तिमिहरुको ईश्वर् यह्वेले लाल् समुन्द्रलाइ २३
गर्येको थियो अर्थात् त्येस्लाइ हांमिहरुको वारितराई सम्म हांमिहरुको सांमु
देखि सुकायो त्येसैगरि तिमिहरुको ईश्वर् यह्वेले तिमिहरुको वारितराई
सम्म तिमिहरुको सांमु देखि यर्दन्को पानी पनि सुकायो . त पृथिवीका २४
सबै लोगले यह्वेको हात् बल्लियो रछ भनि जानुन् अनि तिमिहरुको
ईश्वर् यह्वेको डर् सदाभर् मान्दै रहुन् भन्ये खातिर्ले यो भयो ॥

(इस्राएलीहरुको खत्नागराई र निस्तार्चाड़ूमनाई)

अनि येसो भयो जब यर्दन् वारि पच्छिउं तिर बस्ने एमोरीहरुका ५ १
सबै राजाहरुले र समुन्द्र छेउ बस्ने कनानीहरुका सबै राजाहरुले यहोवेले

इस्राएल्‌वंशीहरुको सांमु देखि तिनिहरु वारि तरि न सकुंज्याल् सम्म यर्दन्‌को पानी कसोगरि सुकायो भनि भन्येको सुन्ये तब इस्राएल्‌वंशीहरुको कारणले तिनका हिर्दय् बिलौइ गये अनि तिनिहरुको हंस रह्यन ॥

२ त्येस् बला यहूवेले यहोशूअलाइ भन्यो दल्‌सींग् ढुंगाका कुराहरु
३ बनायेर फेरि दोस्रो खेप् इस्राएल्‌वंशीहरुको खत्‌ना गर् । त यहोशूअले दल्‌सींग् ढुंगाका कुराहरु बनायेर खलड्डी भन्नेको ढांढांमां इस्राएल्‌वंशीहरुको
४ खत्‌ना गर्‌यो । अनि यहोशूअले खत्‌ना गर्‌येको कारण् यो थियो . जत्ति जना लड़ाईं माफिक्‌का पुरुषहरु मिस्र देखि निक्‌लि आयेका थिये ति सबै
५ वहां बाटो निक्‌ल्ये पछि बन्‌को बाटोमां मरि गयेका थिये । कसोगरिभन्ये मिस्र देखि निक्‌लि आयेका सबैको खत्‌ना भयेको थियो . तर मिस्र बाटो निक्‌ल्ये पछि बन्‌को बाटोमां जन्म्येका सबैको खत्‌ना भयेको थियेन ।
६ किनभन्ये तिनिहरुले यहूवेको कुरा न मान्येको कारण् मिस्र देखि निक्‌ल्येका लड़ाईं माफिक्‌को सिंगै लोग् नष्ट न होइ सकुंज्याल् सम्म इस्राएल्‌वंशीहरु बन्‌मां चालीस् वर्ष सम्म हिंड्‌दै रह्ये . जुन्‌हरु सित यहूवेले जुन् दुद् र मह बहंने देस् तिमिहरुलाइ दिंछु भनि मैंले तिमिहरुका पित्रहरु सित किरिया खायेको थियें त्येस् देस् मं तिमिहरुलाइ
७ देखाउंदीन भनि किरिया खायेको थियो । तिनैका ठांउमां उठाईयेका कोराहरुको खत्‌ना यहोशूअले गर्‌यो . किनभन्ये बाटोमां तिनको खत्‌ना
८ न भयेको कारणले तिनिहरु बिखत्‌ने थिये । अनि येसो भयो जब सिंगै लोगको खत्‌ना भइ सक्कीयो तब तिनिहरु निको न होउंज्याल् सम्म आफ्‌नु
९ आफ्‌नु ठांउमां क्याउंनीमां बसि रह्ये । तब यहूवेले यहोशूअलाइ भन्यो आजु मैंले मिस्रको गिल्ला तिमिहरु देखि पल्टाइ दियें । येस्‌कारण त्येस् ठांउको नांउ आजु सम्म गिल्‌गाल्[1] भनीं दछ ॥

१० न इस्राएल्‌वंशीहरुले गिल्‌गाल्‌मां डेरा हाल्ये अनि चौधौं तिथिको
११ बेलुका यरीहोको मैदानमां निस्तार् चाड् मान्ये । अनि निस्तार् चाड्‌को भोलिपल्टो तिनिहरुले देस्‌को उप्‌जनि अर्थात् अखमीरे रोटी र भुटेको
१२ थोक् त्येइ दिन् खाये । अनि तिनले देस्‌को उप्‌जनि खांनु लाग्येको भोलिपल्टो देखि मन्ना थामीयो अनि त्येस् पछि इस्राएल्‌वंशीहरुलाइ मन्ना कैले पनि मिल्येन तर त्येस् वर्ष देखि तिनिहरुले कनान् देस्‌को अन्न खांनु लाग्ये ॥

(यरीहोको लिवाई)

१३ अनि येसो भयो जब यहोशूअ यरीहो निर थियो त त्येले आंखा उचालि हेर्दा को देख्यो भन्ये हातमां दाप् बाटो झिकेको तरवार् लियेको येउटा पुरुष् सांमु उभीइ रह्येको रछ . तब यहोशूअले छेउमां गयेर तं

[1] अर्थात् पल्टाई ।

हांमिहरु पट्टिको कि हांमिहरुका बैरीहरु पट्टिको होस् भनि सोध्यो।
तब उस्ले उत्तर् दियो होइन तर मं ता यहूवेको सेनाको मालिक् भइ ऐले १४
आयेको कु। तब यहोशूअले भूंइमां घोप्टो पर्‌येर दण्डवत् गरि उल्लाइ भन्यो
मेरा प्रभुले आफ्नु दास्लाइ के भन्नु हुंद कु। तब यहूवेको सेनाको मालिक्ले १५
यहोशूअलाइ भन्यो आफ्ना गोड़ा देखि जुत्ता फुकाल् किनभन्ये तं उभीयेको
ठांउ पवित्र कु। त यहोशूअले त्येसै गर्‌यो। त्येस् बेला इस्राएल्बंशीहरुको ६ १
कारण्ले यरीहो स्यांट्टै पुनीयेको थियो. कोई बाइर जांदैन थियो न कोई
भित्र आउंथ्यो। अनि यहूवेले यहोशूअलाइ भन्यो हेर् मैले यरीहो त्येस्को २
राजा र बीर्‌हरु समेत्लाइ तेरो ताब्बिमां पारि दियेको कु। त तिमि ३
लड़ाईं माफिक्का सबै मान्छेहरु सहर्‌को चारै तिर एक् खेप् घुमि आव।
क दिन् सम्म येसै गर। अनि सात् जना पूजाहारीहरुले सम्पट्को अघि ४
अघि खूब् बज्ने बज्ने तुरही बोकुन्. अनि सातौं चइं दिनमां तिमिहरु
सात् खेप् सहर्‌को चारै तिर् घुम्नु वहांदेखि पूजाहारीहरुले तुरही
बजाउन्। अनि येसो हुंक्क जब तिनिहरुले खूब् बज्ने बज्ने तर्‌ही अबेरा ५
सम्म बजाउंनन् अनि जब तिमिहरुले तिनको शब्द सुनलौ तब सबै लोग्
ओधि सारोगरि कराउन् तब सहर्‌को घेराभित्ता स्यांट्टै लड्क्क अनि
लोग् चढ़ि जाउन् जनंगे आफ्नु आफ्नु सांमु सांमु। तब नूनको ६
छोरो यहोशूअले पूजाहारीहरुलाइ बोलायेर भन्यो नियम्को सम्पट्
उठाव अनि सात् जना पूजाहारीहरु यहूवेको सम्पट्को अघि
अघि खूब् बज्ने बज्ने सात्वटा तुरही बोकि हिंडुन्। फेरि त्येस्ले ७
लोगलाइ भन्यो अघि अघि हिंड़ेर सहर्‌को चारै तिर घुमि आव अनि
हतियार् भिर्‌येका पुरुष्हरु यहूवेको सम्पट्को अघि अघि हिंडुन्।
अनि येसो भयो जब यहोशूअले लोगलाइ यि कुरा भनि सक्यो तब ति सात् ८
जना पूजाहारीहरु सात्वटा खूब् बज्ने बज्ने तुरही लियेर यहूवेको अघि
अघि हिंड़े अनि तुरही बजाये. अनि यहूवेको नियम्को सम्पट् तिनको
पछि पछि लाग्यो। अनि तुरही बजाउंने पूजाहारीहरुको अघि अघि ९
हतियार् भिर्‌येका पुरुष्हरु हिंड़े अनि पछिकाहरु सम्पट्को पछि पछिनै
हिंड़े अनि पूजाहारीहरु तुरही बजाउंदै जांद थिये। अनि यहोशूअले १०
लोगलाइ जुन् दिन् सम्म मं तिमिहरुलाइ कराउंने आज्ञा दिन्न तब सम्म
न कराव तिमिहरुको सोर् न सुनीओस् अनि न कोइ कुरो तिमिहरुको
मुख देखि निक्लोस् आज्ञा पाइकन मांत्रै कराव भनि आज्ञा दियो। त ११
त्येस्ले यहूवेको सम्पट् सहर्‌को चारै तिर एक् खेप् घुमायो. अनि
तिनिहरुले छाउंनीमां आयेर बास् गर्‌ये॥

त यहोशूअ बिहान सबेरै उठ्यो अनि पूजाहारीहरुले यहूवेको सम्पट् १२
उठाये। अनि ति सात् जना पूजाहारीहरु खूब् बज्ने बज्ने सात्वटा तुरही १३
लियेर यहूवेको सम्पट्को अघि अघि हिंड़दै रह्ये अनि तुरही बजाये. अनि
तिनिहरुको अघि अघि हतियार् भिर्‌येका पुरुष्हरु हिंड़े अनि पछिकाहरु

यह्वेको सम्पट्को पछि पछिनै हिंड़्यै अनि पूजाहारीहरु तुरही बजाउंदै
१४ जांद थिये। त दोस्रो दिन् तिनिहरु फेरि सहर्को चारै तिर एक् खेप्
१५ घुम्येर छाउंनीमां फर्कि आये. तिनिहरुले छ दिन् सम्म येसै गर्‍ये। अनि
येसो भयो सातौं चइं दिन्मां तिनिहरु बिहान भूक् भूक् उज्यालो हुंदा उठ्येर
त्येसैगरि सहर्को चारै तिर सात् खेप् घुमि आये. खालि त्येसै दिन् मांत्रै
१६ तिनिहरु सहर्को वरिपरि सातै खेप् घुम्ये। अनि येसो भयो सातौं चइं खेप्मां
जब पूजाहारीहरुले तुरही बजाउंद थिये तब यहोशूअले लोगलाइ आज्ञा
१७ दियो कराव किनभन्ये यह्वेले तिमिहरुलाइ सहर् दियेको छ। अनि सहर्
त्येस्मां भयेका सबै थोक् समेत् यह्वेको लागि भाकल् गरीयेको हुंछ. खालि
राहाब् बेश्ये र त्येस्को साथमां घर्मां जत्ति हुंनन् ति जीइ रहुन् किनभन्ये
१८ त्येस्ले हांम्रा पठाईयेका दूत्हरुलाइ लुकाइ राखी। तर तिमिहरु चइं भाकल्
गरीयेको थोक् देखि बिघ्नै खबर्दारी सङ अलग् रह होइन भन्ये ता जुन्
थोक् तिमिहरुले पहिले भाकल् गर्‍यौ त्येइ भाकल् गरीयेको थोक् देखि
लेऔला र इस्राएल्को छाउंनीलाइ स्रापित् तुल्यायेर त्येस्लाइ कष्टमां
१९ हालौला। तर सबै सुन् चांदी चइं र पीतल् र फलम्का भाड़ाबर्तन् चइं
२० यह्वेको लागि पवित्र छन्. ति यह्वेको भण्डार्मां राखींछन्। त जसै
पूजाहारीहरुले तुरही बजाये तब लोग् कराये अनि येसो भयो जब लोगले
तुरहीको शब्द सुन्ये तब लोग् औधि सारोगरि कराये तब घेराभित्ता स्यांट्ठै
लड़्यो वहांदेखि लोग् सहर्मां चढ़ि गये जनंगे आफ्नु आफ्नु सांमु सांमु
२१ येसोरि तिनिहरुले सहर् लिहाल्ये। अनि क्ये पुरुष् क्ये स्त्री क्ये जुवान् क्ये
बूढ़ा अं गोरु भेंड़ाबाख्रा गदाहा सहर्मां जत्ति थिये ति सबैलाइ भाकल्
२२ गरीयेको थोक् झैं तरवार्को धार्ले काटि नास् पार्‍ये। तर यहोशूअले ति
देस्को भेद् लिंने दुइ जनालाइ भन्यो तिमिहरुले त्यो बेश्ये सित किरिया
खायेको अन्सार् त्येस्को घर्मां गयेर त्येस्लाइ र त्येस्का सबैलाइ त्यहां बाटो
२३ निकालि ल्याव। त ति जुवान् भेदीयाहरुले भित्र गयेर राहाब् त्येस्का बाबु
आंमा दाज्यभाई र त्येस्का जो जो थिये अं सबै कुटुम्बहरुलाइ पनि निकालि
२४ ल्याये अनि तिनलाइ इस्राएल्को छाउंनी देखि बाइर राख्ये। अनि सहर् चइं
र त्येस्मां भयेका सबै थोक्मां तिनिहरुले आगो लगाये. तर सुन् चांदी चइं
र पीतल् र फलम्का भांड़ाबर्तन्हरु चइं मांत्रै तिनिहरुले यह्वेको घर्को
२५ भण्डार्मां राख्ये। तर राहाब् बेश्ये त्येस्को बाबुको जहान् अं त्येस्का
सब्बै लोगलाइ यहोशूअले जीउंदो बचायो अनि आजु सम्म त्येस्को बंश
इस्राएलीहरुको बीच्मां छ किनभन्ये यहोशूअले यरीहोको भेद् लिंनु लाइ
२६ पठायेका ति दूत्हरुलाइ त्येस्ले लुकायेकी थिई। फेरि त्येति बेला यहोशूअले
किरिया दियो जस्ले उठ्येर यो यरीहो सहर् फेरि बनाउला त्यो यह्वेको
सांमु स्रापित् हवस्. जेग् बसाल्दा त्येस्को जेठो छोरो मर्छ अनि ढोका
२७ उभ्याउंदा कान्छो छोरो भन्ये। येसोरि यह्वे यहोशूअ सङ् सङै रह्यो अनि
त्येस्को कीर्त्ति सिंगै देस्मां फिंजीयो॥

(आकान्को पाप्)

तर इस्राएलवंशीहरुले भाकल् गरीयेको थोक्को विषयमां अपराध् ७ १
गर्‍ये. कर्मीगरिभन्ये यहूदाकुलको जेरह्को छोरो जब्दीको छोरो कर्मीको
छोरो आकान्ले भाकल् गरीयेको थोक्मांको अलिकता ल्याये क. त्येस्कारण
यह्वेको रिस् इस्राएलवंशीहरु मांथि उठ्यो ॥

त्येस् पछि यहोशूअले यरीहो देखि बेतावन्को छेउको बेतेल्को पूर्व २
पट्टिको ऐ भन्ये सहरमां पुरुषहरुलाइ चढि गयेर देस्को भेद् ल्याव भनि
पठायो। त ति पुरुषहरुले चढि गयेर ऐको भेद् बूझेर। वहांदेखि ३
यहोशूअ थांइ फर्कि आयेर त्येस्लाइ भन्ये सबै लोग् चढि जांनु खांचो
रैनछ दुइ कि तीन् हजार् पुरुषहरुले मांत्रै गयेर ऐलाइ मांरुन् त सबै
जनाले वहां जांने दुख उठाउंनु पर्दैन किनभन्ये तिनिहरु थोरै मांत्रै
एलाजार् पूजाहारीले र नूनको छोरो यहोशूअले र इस्राएल- ५१
ब्रंशीहरुको घर् घरका मूल् पित्रहरुले शीलोमां यहूवेको सांमु भेट् हुंने डेराको देलोमां चिट्ठा हालिहालिकन बांड्ेयका अधिकार्हरु थिने हुन्। येसोरि तिनिहरुले देस् बांड़ि सक्ये॥

(शरण्सहर्हरुको ठहराई)

अनि यहूवेले यहोशूअलाइ येसो भन्यो इस्राएल्ब्रंशीहरु सित २० १
येसो भनि बोल् मूसाको बाटोले मैंले तिमिहरुलाइ भन्येको अनुसार् आफ्नु लागि शरण्सहर्हरु खटाव. र भूलले कि अज्ञानले कसैलाइ मांर्ने ३
हत्यारा वहां भागि जावस्. येसोरि ति तिमिहरुको लागि लोहूको साटो लिंने देखि बांचनुलाइ शरण् हुंछन्। अनि त्यो ति सहर्हरुमांको येउटामां ४
भाग्येर सहर्को ढोकाको आघनमां उभीयेर त्येइ सहर्का प्राचीन्हरुलाइ आफ्नु कुरा सुनावस् तब तिनिहरुले त्येस्लाइ सहर् भित्र आफु थांइ लिइ त्येस्लाइ ठांउ दिउन् र त्यो तिनिहरुको बीच्मां बसोस्। अनि लोहूको ५
साटो लिंनेले त्येस्लाइ खेद्यो भन्ये देखि तिनिहरुले हत्यारालाइ त्येस्को हात्मां सुम्पि न दिउन् किनभन्ये त्येस्ले आफ्नु छिमेकिलाइ अज्ञानले मांर्यो अनि त्यो भन्दा अगाड़ि त्येस्ले त्यो सित कोइ दुश्मनी राख्दैन थियो। अनि त्यो ६
त्येइ सहर्मां नियाको लागि मंडलीको सांमु न उभीउंज्याल् सम्म अनि ति दिनको मूलपूजाहारी न मर्उंज्याल् सम्म बसि रहोस्. त्येस् पछि त्यो हत्यारा फर्केर आफ्नु सहर्मां आफ्नु घर्मां जुन् सहर् देखि त्यो भाग्येको थियो त्येसमां आवस्। त तिनिहरुले नप्तालीको पहाड़े देस्को गालीलमां भयेको ७
केदेस् र एप्रैम्को पहाड़े देसमां भयेको शकेम् र यहूदाको पहाड़े देसमां भयेको किर्यतर्बा जो हेब्रोन् हो पवित्र ठहराये। अनि यर्दन् पारि ८
यरीहोको पूर्ब पट्टि तिनिहरुले रूबेन्कुल्को बन्मां भयेको तरिको बेसेर् र गाद्कुल्को गिलाद्मां भयेको रामोत् र मनश्शेकुल्को बाशान्मां भयेको गोलान् खटाये। सिंगै इस्राएल्ब्रंशीहरुको लागि र तिनको बीच्मां प्रबास् ९
गर्ने पर्देसीको लागि ठहरायेका सहर्हरु थिने हुन् र जस् जस्ले कसैलाइ भूलले मांर्ो त्यो वहां भाग्येर लोहूको साटो लिंनेको हात् देखि न मारीओस् त्यो मंडलीको सांमु न उभीउंज्याल् सम्म॥

(लेवीहरुको लागिका सहर्)

तब लेवीहरुका मूल् पित्रहरुले एलाजार् पूजाहारी र नूनको २१ १
छोरो यहोशूअ र इस्राएल्ब्रंशीहरुको कुल्का मूल् पित्रहरुको छेउ आयेर तिनिहरुलाइ कनान् देसको शीलोमां भन्ये यहूवेले मूसाको २
बाटोले हांमिहरुलाइ बस्नुको लागि कतिवटा सहर् र हांमिहरुका बस्तुहरुको खर्कको लागि ति सहर्हरुका छेउछाउ समेत् दिंने आज्ञा गर्यो

३ भनि । त इस्राएलबंशीहरुले लेवीहरुलाइ आफ्नु आफ्नु अधिकार् देखि
यहवेको आज्ञा अनुसार् यि सहरहरु तिनको खर्क समेत् दिये ॥
४ अनि चिट्ठा कहातबंशीहरुको लागि निकल्यो. लेवीहरुमांको
हारून् पूजाहारीका बंशले यहूदाकुल् देखि र शिमोनकुल् देखि र
बिन्यामीनकुल् देखि तेरह् सहर् चिट्ठाको बाटोले पाये ॥
५ अनि कहातको बांकि बंशीहरुले एप्रैमकुलको जहान् देखि र दानकुल्
देखि र मनश्शेको आधा कुल् देखि दस् सहर् चिट्ठाको बाटोले पाये ॥
६ अनि गेर्शोनबंशीहरुले इस्साकारकुलको जहान् देखि र आशेरकुल्
देखि र नप्तालीकुल् देखि र बाशानमां भयेको मनश्शेको आधा कुल् देखि
तेरह् सहर् चिट्ठाको बाटोले पाये ॥
७ मरारीबंशीहरुले तिनका जहान् जहान् अनुसार् रूबेनकुल् देखि र
गादकुल् देखि र जबूलूनकुल् देखि बारह् सहर् पाये ॥
८ अनि इस्राएलबंशीहरुले चिट्ठा हालिकन लेवीहरुलाइ ति सहरहरु
तिनको खर्क समेत् दिये यहवेले मूसाको बाटोले गर्नेको आज्ञा अनुसार् ।
९ अनि तिनिहरुले यहूदाबंशीहरुको कुल् देखि र शिमोनबंशीहरुको कुल्
१० देखि यि तल नांउ लेखीयेका सहरहरु दिये . जो लेवीबंशीहरुको
कहातको सन्तानको हारूनबंशीहरुको लागि थिये कसोगरिभन्ने तिनिहरुको
११ चिट्ठा पहिले निकल्यो अर्थात् तिनिहरुले तिनिहरुलाइ यहूदाको
पहाड़े देसमां भयेको अनाकको बाबुको किर्यतर्बा जो हेब्रोन् हो ति
१२ सहर् त्येको खर्क समेत् दिये । तर त्यस् सहरका जरगाहरु त्येका बस्तीहरु
समेत् तिनिहरुले यपुन्नेको छोरो कालेबलाइ अधिकारको लागि दिये ॥
१३ अनि हारूम् पूजाहारीको बंशलाइ तिनिहरुले ति सहर् दिये अर्थात्
हत्याराको लागि शरणसहर् हेब्रोन् त्येको खर्क समेत् लिब्ना त्येको
१४ खर्क समेत् यत्तीर् त्येको खर्क समेत् एश्तमो त्येको खर्क समेत्
१५ १६ होलोन् त्येको खर्क समेत् दबीर् त्येको खर्क समेत् ऐन् त्येको खेउछाउ
समेत् युत्ता त्येको खर्क समेत् र बेतशेमेश् त्येको खर्क समेत् ति दुइ
१७ कुल् देखि नौ सहर् । अनि बिन्यामीनकुल् देखि गिबोन् त्येको खर्क
१८ समेत् गेबा त्येको खर्क समेत् अनातोत् त्येको खर्क समेत् अल्मोन
१९ त्येको खर्क समेत् चार् सहर् । हारूनका पूजाहारी बंशका सबै सहरहरु
तेरह् सहर् थिये तिनका खर्क समेत् ॥
२० अनि लेवीहरुको कहातबंशीहरुको सन्तानले अं कहातको बांकि
२१ बंशीहरुले एप्रैमकुल् देखि ति सहर् चिट्ठाको बाटोले पाये । अनि तिनिहरुले
तिनिहरुलाइ यि सहरहरु दिये अर्थात् एप्रैमको पहाड़े देसमां भयेको
हत्याराको लागि शरणसहर् शकेम् त्येको खर्क समेत् गेजेर् त्येको खर्क
२२ समेत् किब्सैम् त्येको खर्क समेत् बेतहोरोन् त्येको खर्क समेत्
२३ चार् सहर् । अनि दानकुल् देखि एल्तके त्येको खर्क समेत् गिब्बतोन्
२४ त्येको खर्क समेत् अय्यालोन् त्येको खर्क समेत् गत्रिम्मोन् त्येको

खर्क समेत् चार् सहर्। अनि मनश्शेको आधा कुल् देखि तानाक् त्येस्को २५
खर्क समेत् गत्रिम्मोन् त्येस्को खर्क समेत् दुइ सहर्। कहात्को बांकि २६
वंशको जहान्का सबै सहर्हरु दस् थिये तिनका खर्क समेत्॥

लेवीहरुको सन्तान्को गेर्शोनवंशीहरुलाइ तिनिहरुले यि सहर्हरु २७
दिये अर्थात् मनश्शेको आधा कुल् देखि बाशान्मां भयेको हत्याराको लागि
शरणसहर् गोलान् त्येस्को खर्क समेत् बेश्तरा त्येस्को खर्क समेत् दुवटा
सहर्। अनि इस्साकार्कुल् देखि किश्योन् त्येस्को खर्क समेत् दाबरत् त्येस्को २८
खर्क समेत् यर्मूत् त्येस्को खर्क समेत् एन्गान्नीम् त्येस्को खर्क समेत् २९
चार् सहर्। अनि आशेर्कुल् देखि मिशाल् त्येस्को खर्क समेत् अब्दोन् ३०
त्येस्को खर्क समेत् हेल्कात् त्येस्को खर्क समेत् रहोब् त्येस्को खर्क ३१
समेत् चार् सहर्। अनि नप्तालीकुल् देखि हत्याराको लागि शरणसहर् ३२
गालीलमां भयेको केदेश् त्येस्को खर्क समेत् हम्मोत्दोर् त्येस्को खर्क
समेत् कर्तान् त्येस्को खर्क समेत् तीन् सहर्। गेर्शोनवंशीहरुको सबै सहर् ३३
तिनिहरुका जहान् जहान् अनुसार् तेरह् सहर् थिये तिनको खर्क समेत्॥

अनि लेवीहरुका बांकि मरारीवंशीहरुका जहान्लाइ दिईयेका सहर् ३४
थिने हुन् जबूलूनकुल् देखि योक्नाम् त्येस्को खर्क समेत् कर्ता त्येस्को खर्क
समेत् दिम्ना त्येस्को खर्क समेत् नहलाल् त्येस्को खर्क समेत् चार् सहर्। अनि ३५ ३६
रूबेनकुल् देखि बेसेर् त्येस्को खर्क समेत् यहसा त्येस्को खर्क समेत् कदेमोत् ३७
त्येस्को खर्क समेत् मेपात् त्येस्को खर्क समेत् चार् सहर्। अनि गादकुल् ३८
देखि हत्याराको लागि शरणसहर् गिलादमां भयेको रामोत् त्येस्को खर्क
समेत् महनैम् त्येस्को खर्क समेत् हेश्बोन् त्येस्को खर्क समेत् याजेर् ३९
त्येस्को खर्क समेत् जमा चार् सहर्। लेवीहरुको बांकिवंश अर्थात् ४०
मरारीवंशीहरुका सबै सहर् तिनका जहान् जहान् अनुसार् चिट्ठाको बाटोले
पायेका बारह् सहर् थिये॥

इस्राएलवंशीहरुको अधिकारको बीचमां लेवीहरुका सबै सहर् ४१
अड्तालीस् सहर् थिये तिनको खर्क समेत्। यि सहर्हरु तिनका आफ्नु ४२
आफ्नु वरिपरिको खर्क समेत् अं ति सिंगै सहर्हरु यैसै गरि थिये॥

येशोरि यहूवेले इस्राएल्लाइ दिंछु भनि तिनिहरुका पित्रहरु सित ४३
किरिया खायेको सबै देस् दियो अनि तिनिहरुले त्यो आफ्नु अधिकारमां
लियेर त्यसमां बस्ये। अनि यहूवेले तिनिहरुका पित्रहरु सित खायेको सबै ४४
किरिया अनुसार् तिनिहरुलाइ चारै पट्टि देखि बिश्राम् दियो. अनि
तिनिहरुका सबै सत्तुरमांको कोई तिनिहरुको सांमु उभींनु सक्येन यहूवेले
तिनिहरुका सबै सत्तुरहरुलाइ तिनको हातमां सुम्पि दियो। यहूवेले जत्ति ४५
जाति कुरा इस्राएल्को घरलाइ भन्येको थियो तिनिहरुमांको येउटा पनि
खस्येन सबैनै पुरा भये॥

तब यहोशूअले रूबेनीहरु र गादीहरु र मनश्शेको आधा कुल्लाइ २२ १
बोलायेर तिनिहरुलाइ भन्यो जे जे आज्ञा यहूवेको दास् मूसाले २

तिमिहरुलाइ दियेको थियो ति सबै तिमिहरुले मान्येका छौ अनि जे जे
२ मैले तिमिहरुलाइ भन्यें ति तिमिहरुले सुन्येका छौ. यि धेरै दिन् देखि
तिमिहरुले आफ्ना भाईहरुलाइ आजु सम्म छोड़ेराका छौन तर आफ्नु
४ ईश्वर् यहूवेको आज्ञा जिम्मामां लिइ मान्दै रह्यौ। त अब तिमिहरुको
ईश्वर् यहूवेले आफुले भन्येको कुरो अनुसार् तिमिहरुका भाईहरुलाइ बिश्राम्
दियेको छ. ऐस्कारण् तिमिहरु अब फर्कार यहूवेको दास् मूसाले तिमिहरुलाइ
यर्दन् पारि तिमिहरुको अधिकार्को लागि दियेको देसमां आफ्ना आफ्ना
५ डेरामां हिंड़ि जाव। खालि अरघोर् खबर्दारी मांत्रै गर यहूवेको दास्
मूसाले तिमिहरुलाइ आज्ञा गर्येको आज्ञा र व्यवस्था मान अर्थात् आफ्नु
ईश्वर् यहूवे सङ प्रेम् गर उस्का सबै बाटाहरुमां हिंड़ उस्का आज्ञाहरु मान र
सङ टांसीइ रह अनि आफ्नु पूरो मनले अनि आफ्नु पूरो प्राणले उस्को
६ सेवा गर भनि। त यहोशूअले तिनिहरुलाइ आशीष् दियेर तिनिहरुलाइ
बिदा गर्यो. त तिनिहरु आफ्ना आफ्ना डेरामां गये॥

७ मनश्शेको आधा कुलचइंलाइ मूसाले बाशानमां अधिकार् दियेको
थियो. तर अर्को आधाचइंलाइ यहोशूअले यर्दन् वारि पच्छिउं तिर
तिनिहरुका भाईहरुको बीचमां अधिकार् दियो. अनि जब यहोशूअले
तिनिहरुचइंलाइ आफ्ना आफ्ना डेरामां जांने बिदा गर्यो तब त्येस्ले
८ तिनिहरुलाइ आशीष् दियेर तिनिहरुलाइ भन्यो धेरै धनसम्पत्ति र
औधि धेरै बस्तुहरु चांदी सुन् पीतल् फलम् र धेरै धेरै बस्त्रहरु लियेर
आफ्ना आफ्ना डेरामां फर्कि गयेर आफ्ना सत्रुहरु देखि लिईयेका
लूट् आफ्ना भाईहरु सित बांड़ि लेव॥

९ येसोरि रूबेनबंशीहरु गादबंशीहरु र मनश्शेको आधा कुल् फर्कार
कनान् देसको शीलो देखि आफ्नु अधिकार्को देस् अर्थात् मूसाको बाटोले
यहूवेको आज्ञा अनुसार् तिनिहरुको लागि दिईयेको अधिकार् गिलाद्
१० देसमां जांनुलाइ इस्राएलबंशीहरु थांइ देखि हिंड़ि गये। अनि जब
तिनिहरु कनान् देसमां भयेको यर्दनको सिमानामां पुग्ये तब रूबेनबंशीहरु
गादबंशीहरु र मनश्शेको आधा कुलले वहां यर्दनको छेउमां येउटा बेदी
११ बनाये अं हेर्नुमां येउटा ठुलो बेदी। तब इस्राएलबंशीहरुले येसो
भन्येको सुन्ये कि भन्ये हेर रूबेनबंशीहरु गादबंशीहरु र मनश्शेको आधा
कुलले कनान् देसको सांमु यर्दनको छेउ इस्राएलबंशीहरुको पर्येको जग्गामां
१२ बेदी बनाये अरे भन्ये। अनि जब इस्राएलबंशीहरुले यो कुरो सुन्ये तब
इस्राएलबंशीहरुको सिंगै मंडली तिनिहरु सित लड़ाइँ गर्नुलाइ चढ़ि
जांनुको लागि शीलोमां भेला भये॥

१३ तब इस्राएलबंशीहरुले रूबेनबंशीहरु र गादबंशीहरु र मनश्शेका
आधा कुल् थांइ गिलादको देसमां एलाजार् पूजाहारीको छोरो पीनहासलाइ
१४ पठाये अनि त्यो सङ दस् जना मालिकहरु अर्थात् इस्राएलको कुलको
मूल् पित्रहरुका घर् पिच्छेको एक् एक् मालिकला इ पठाये जो जीउ जनेंगे

इस्राएल्का जहान्हरुमां आफ्ना आफ्ना पित्रहरुको घर्का मूल् मूल् थिये ।
अनि तिनिहरुले रूबेन्वंशीहरु र गादवंशीहरु र मनश्शेको आधा कुल् थांइ १५
गिलादको देसमां आयेर तिनलाइ भन्ये यहूवेको सिंगै मंडलीले येसो १६
भन्द छ तिमिहरुले इस्राएल्को ईश्वर्को विरुद्धमां गर्येको यो कस्तो अप्राध्
हो जो आजु तिमिहरुले यहूवेलाइ पछ्याउंनु देखि फर्क्यर आफ्नु लागि
बेदी बनायौ आजु तिमिहरु यहूवेको विरुद्धमां बागि हुंनु भन्ये खातिर्ले ।
के पोर्को अधर्म्म हांमिहरुको लागि थोरै थियो जस् देखि हांमिहरुले १७
आजु सम्म आफुलाइ शुद्ध पार्नु सक्येका कौंन यहूवेको मंडलीमां रुढि पर्यो
रपनि के फेरि तिमिहरु आजु यहूवेलाइ पछ्याउंनु देखि फर्क्या त येसो १८
हुंछ आजु तिमिहरु यहूवेको विरुद्धमां बागि भयौ भन्ये देखि भोलि उ
इस्राएल्को सिंगै मंडली मांथि रिसाउंछ । त तिमिहरुको अधिकार्को देस् १९
अशुद्ध भयो भन्ये देखि तिमिहरु यहूवेको अधिकार्को देस् अर्थात् जहां
यहूवेको बास्स्थान् छ त्यहां तरि आयेर हांमिहरुको बीचमां अधिकार् लेव ।
तर हांमिहरुको ईश्वर् यहूवेको बेदी छाड़ि आफ्नु लागि बेदी बनाउंने गरि
यहूवेको विरुद्धमां र हांमिहरुको विरुद्धमां बागि न हव । के जेरह्को २०
छोरो आकान्ले भाकल् गरीयेको थोक्को विषयमां अप्राध् गर्येन अनि
इस्राएल्को सिंगै मंडली मांथि रिस् पर्येन अं खालि त्येइ मान्छे मांत्रै
आफ्नु अधर्म्ममां नष्ट भयेन ॥

तब रूबेन्वंशीहरु र गादवंशीहरु र मनश्शेको आधा कुल्ले इस्राएल्का २१
जहान्हरुका मूलहरुलाइ उत्तर् दिइ भन्ये ईश्वर्हरुको ईश्वर् यहूवे अं २२
ईश्वर्हरुको ईश्वर् यहूवे उचइंले जान्द छ अनि इस्राएल्चइंले जान्नु पाउंछ
हांमिहरुले बागि भइ कि यहूवेको विरुद्धमां अप्राध् गरि गर्येका रांछौं भन्ये
देखि यहूवेले आजु हांमिहरुलाइ न बचावस् हांमिहरुले यहूवेलाइ २३
पछ्याउंनु देखि फर्कनु आफ्नु लागि बेदी बनायेका छौं कि त्येस् मांथि होम्
बलिदान् कि अन्न बलिदान् कि मेल् बलिदान् चढ़ाउंनुलाइ बनायेका रांछौं
भन्ये देखि यहूवे आफैले त्येस्को खोज् गरोस् होइन भन्ये हांमिहरुले २४
फिक्रि गरि र अर्थ सित यो गर्यूं येसो भन्ने अर्थात् कोनि भोलि तिमिहरुका
बंशले हांमिहरुका बंशलाइ भन्नन् इस्राएल्को ईश्वर् यहूवे सित तिमिहरुको
के काम् छ किनभन्ये हे रूबेन्वंशीहरु र गादवंशीहरु हो हांमिहरुको र २५
तिमिहरुको बीचमां यहूवेले यर्दन् चइं सिमाना राख्यो यहूवेमां तिमिहरुको
कोइ पनि हिस्सा छैन भनि । त येसोरि तिमिहरुका बंशले हांमिहरुका बंशलाइ
यहूवेको डर् मान्न छोड़ाउंछन् । येस्कारण् हांमिहरुले भन्यूं येउटा बेदी २६
बनाउंनुलाइ अब तियार् होऊं होमबलि कि बलिदान्को लागि होइन । तर २७
हांमिहरु र तिमिहरुको र हांमिहरुका पछिका पुस्ताहरुको बीचमां साक्षी
हुंनुको लागि र हांमिहरुले यहूवेको सेवा उस्को सांमु होमबलि र बलिदान् र
मेलबलि गरि गरूं र तिमिहरुका बंशले भोलि हांमिहरुका बंशलाइ यहूवेमां
तमिहरुको कोइ हिस्सा छैन भनि भन्नु सक्दैनन् । येस्कारण् हांमिहरुले २८

भन्यूं येसो हुंक जब तिनिहरुले हांमिहरुलाइ कि हांमिहरुका बंशलाइ पक्कि
येसो भन्नन् तब हांमिहरु भनूंला हेर यहूवेको बेदीको नपना जुन् बेदी
हांमिहरुका पित्रहरुले होमबलि कि बलिदान्को लागि होइन तर हांमिहरु
२९ र तिमिहरुको बीचमां साक्षी हुंनुको लागि बनायेका कुन्। येसो न हवस्
हांमिहरु यहूवेको बिरुद्ध लागि होऊं कि यहूवेलाइ पछ्याउंनु देखि आजु
फकूँ आफ्नु ईश्वर् यहूवेको तम्बो बासस्थान्को सांमु भयेको बेदी छाड़ि
अर्को बेदी होमबलि कि अन्नबलि कि बलिदान्को लागि बनाऊं॥
३० जब पीन्हास् पूजाहारीले र मंडलीका मालिकहरुले अं त्यो सङ
भयेका इस्राएलका जहान्हरुका मूलहरुले रूबेन्बंशीहरु र गादबंशीहरु र
३१ मनश्शेबंशीहरुले भन्येका कुरा सुन्ये तब तिमिहरुलाइ जाति लाग्यो। अनि
एलाजार् पूजाहारीको छोरो पीन्हास्ले रूबेन्बंशीहरु र गादबंशीहरु र
मनश्शेबंशीहरुलाइ येसो भन्यो आजु हांमिहरुले थाहा पायूं यहूवे हांमिहरुको
बीचमां रहु भनि कसोगरिभन्ये तिमिहरुले यहूवेको बिरुद्धमां येइ अपराध्
गर्येका रैन को अब तिमिहरुले इस्राएलबंशीहरुलाइ यहूवेको हात् देखि
३२ बचायौ। अनि एलाजार् पूजाहारीको छोरो पीन्हास् र ति मालिकहरुले
रूबेन्बंशीहरु र गादबंशीहरु थांइ देखि गिलादको देस् बाटो फर्क्यर
३३ कनान्को देसमां इस्राएलबंशीहरु थांइ आयेर समाचार् ल्याये। अनि त्यो
कुरो इस्राएलबंशीहरुलाइ जाति लाग्यो तब इस्राएलबंशीहरुले ईश्वरको
नांउलाइ आशीर्बाद् गर्ये अनि फेरि तिनिहरुको बिरुद्धमां लड़ाईं गर्नुलाइ
चढ़ि जांनुलाइ रूबेन्बंशीहरु र गादबंशीहरुको बस्ने देस् नास् पार्नुलाइ
३४ कुरा गर्येनन्। अनि रूबेन्बंशीहरु र गादबंशीहरुले त्यस् बेदीको नाउं
एड्[1] राख्ये किनभन्ये तिनिहरुले भन्ये हांमिहरुको बीचमां साक्षी येइ हो
अर्थात् यहूवेने ईश्वर् हो भन्ये॥

(यहोशूअको उपदेस्)

२३ १ अनि येसो भयो धेरै दिन् पछि जब यहूवेले इस्राएललाइ
त्येका वरिपरिका सबै सत्तरहरु देखि बिश्राम् दियेको थियो अनि जब
२ यहोशूअ धेरै बूढ़ो र दिन् धेरै खायेको भयो तब यहोशूअले सबै
इस्राएललाइ तिनिहरुका प्राचीनहरु र मूलहरु र बिचारीहरु र
मालिकहरुलाइ बोलायेर तिनिहरुलाइ भन्यो मंचइं ता बूढ़ो र दिन् धेरै
३ खायेको भयें त तिमिहरुले तिमिहरुको ईश्वर् यहूवेले तिमिहरुको
कारणले ति सबै जोग् लोगलाइ कसो कसो गर्यो देख्येका छौ
कसोगरिभन्ये तिमिहरुको ईश्वर् यहूवे उइ छ जस्ले तिमिहरुको लागि
४ लड़ाईं गर्येको छ। हेर मैले चिट्ठा हालिकन थि बांकि लोगलाइ

[1] अर्थात् साक्षी।

तिमिहरुका कुल्हरुको लागि अधिकार् हुंनुलाइ मैंले यर्दन् देखि अं
सूर्ज अस्ताउंने तिरको महासमुन्द्र सम्म काटि दियेका सबै लोग्
लोग् समेत् तिमिहरुलाइ बांड़ि दियें। अनि तिमिहरुको ईश्वर् यहूवेले ५
अं उसैले तिनिहरुलाइ तिमिहरुको सांमु देखि निकालि दिंछ अनि
तिनिहरुलाइ तिमिहरुको दृष्टि देखि धपाइ दिंछ त तिमिहरु तिमिहरुको
ईश्वर् यहूवेले तिमिहरुलाइ भन्येको कुरा अनुसार् तिनिहरुको देस्को
अधिकारी हुंछौ। येस्कारण् मूसाको व्यवस्थाको पोस्तकमां लेख्येका सबै ६
कुरा मान्नु र गर्नुलाइ खूब् बल् गर र त्यो देखि दाहींनो बांउ पट्टि तर्कि
फर्कि न जाव र तिमिहरु तिमिहरुको बीच्मां बांकि रह्येको लोग्को ७
बीच्मां न मिसीयौ तिनिहरुका देवताहरुको नांउ न लेव न तिनको
किरिया खाव न तिनलाइ पूज न तिनको सांमु निउंर. तर आजुको दिन् ८
सम्म गर्येको जस्तो तिमिहरुको ईश्वर् यहूवेमां टांसीइ रह। किनभन्ये ९
यहूवेले तिमिहरुको सांमु देखि ठुला र बल्लिया बल्लिया लोगलाइ धपाइ
सक्येको छ. अनि आजु सम्म तिमिहरुकै सांमु कोई पनि उभीइ रह्येको छैन।
तिमिहरुमांको येउटा मान्छेले हजार् जनालाइ भगाउंनु सक्छ कसोगरिभन्ये १०
तिमिहरुको ईश्वर् यहूवे उस्ले तिमिहरु सित गर्येका कुरा अनुसार् उइ छ
उस्ले तिमिहरुको लागि लड़ाईं गर्द छ। येस्कारण् तिमिहरुको ईश्वर् यहूवे सङ ११
प्रेम् गर्नुलाइ औधि चंख रह। होइन भन्ये तिमिहरु कोई परिले फर्क्यौ १२
ति बांकि लोगमां अं ति तिमिहरुको बीच्मां रह्येकाहरुमां टांसीयेर
तिनिहरु सङ कुटुम्बेरी गरि तिनिहरु सित क्रासमिस् भयौ भन्ये
देखि. त निस्से जान तिमिहरुको ईश्वर यहूवेले तिमिहरुको सांमु १३
देखि ति लोगलाइ फेरि कैले पनि धपाउंदैन तर तिनिहरु तिमिहरुको
लागि पासो र खोर् र तिमिहरुको कोखामां कोर्रा र तिमिहरुका आंखामां
कांडा हुंकुन् तिमिहरुको ईश्वर् यहूवेले दियेको येइ जाति देस् देखि नष्ट
न होउंज्याल् सम्म। हेर आजु मंच इं सिंगै संसारको बाटोमां जांद छु. अनि १४
तिमिहरुले आफ्नु पूरो मन् र आफ्नु पूरो प्राण्ले जान्द छौ तिमिहरुको
ईश्वर् यहूवेले तिमिहरुको विषयमां भन्येको सिंगै जाति कुरामांको येउटा
कुरा पनि घटेन सबै तिमिहरुको लागि पूरो भयो तिनिहरुमांको येउटा
कुरा पनि खस्येन। अनि येसो हुंछ जसोरि तिमिहरुको ईश्वर् यहूवेले १५
तिमिहरुलाइ भन्येका सबै जाति कुरा तिमिहरु मांथि आइ पर्ये त्यैसै गरि
यहूवेले तिमिहरु मांथि सबै नजाति कुरा पनि ल्याउंछ तिमिहरुको ईश्वर्
यहूवेले तिमिहरुलाइ दियेको येइ जाति देस् देखि उस्ले तिमिहरुलाइ
नष्ट न पार्मंज्याल् सम्म। जब तिमिहरुले आफ्नु ईश्वर् यहूवेले तिमिहरुलाइ १६
आज्ञा गर्येको नियम् देखि तर्कि गयेर पराय् देवताहरुलाइ पूजनुलाइ र
तिनिहरुको सांमु निउंरंनुलाइ जाओला तब यहूवेको रिस् तिमिहरु मांथि
उठ्छ अनि तिमिहरु उस्ले तिमिहरुलाइ दियेको जाति देस् देखि
छिट्टै नष्ट हुंछौ॥

(यहोशूअ र एलाजार्को मंरण)

२४ १ तब यहोशूअले इस्राएल्का सबै कुल्लाइ शकेम्मां भेला गराएर इस्राएल्का प्राचीन्हरु र तिनका मूल्हरु र तिनका विचारीहरु र तिनका
२ मालिक्हरुलाइ बोलायो त तिनिहरु ईश्वर्को सांमु उभीये। तहांदेखि यहोशूले सबै लोगलाइ भन्यो इस्राएल्को ईश्वर् यह्वेले येसो भन्द छ
तादिमां तिमिहरुका पित्रहरु अं अब्राहाम् र नाहोर्को बाबु तेरह् महानदी
३ पारि बस्द थिये. अनि पराय् देव्ताहरु पूज्द थिये। तब मैंले तिमिहरुको पित्र अब्राहाम्लाइ महानदी पारि देखि ल्याएर त्येस्लाइ कनान्को सिंगै
४ देस्मां लि हिंड्ए अनि त्येस्को बंश बढ़ायेर त्येस्लाइ इस्हाक् दियें। फेरि मैंले इस्हाक्लाइ याकूब् र एसाव् दियें. अनि एसाव्लाइ मैंले सेईर् पहाड् दियें त्येस्को अधिकारी हुंनुलाइ तर याकूब् आफ्ना क्रोराहरु समेत् मिस्रमां उत्रि
५ गयो। अनि मैंले मूसा र हारूनलाइ पठायेर मिस्रलाइ त्येस्को बीच्मां मैंले
६ गर्येको अनुसार् कढ़िले मार्यें. त्येस् पछि मैंले तिमिहरुलाइ निकालि ल्यायें येसोरि मैंले तिमिहरुका पित्रहरुलाइ मिस्र बाटो निकालि ल्यायें. अनि तिमिहरु समुन्द्र सम्म आइ पुग्यौ अनि मिस्रीहरुले तिमिहरुका पित्रहरुलाइ
७ रथ् र घुक्सवार् गरि लाल्समुन्द्र सम्म खेद्यो। अनि जब तिनिहरुले कराइ कराइकन यह्वेको दोहाई गर्ये तब उस्ले तिमिहरु र मिस्रीहरुको बीच्मां अंधकार् पार्येर तिनिहरु मांथि समुन्द्र फर्काइ ल्यायेर तिनिहरुलाइ क्रोपि दियो अनि मैंले मिस्रमां ज्य ज्ये गर्यें तिमिहरुका आंखाले देख्ये. अनि
८ तिमिहरु बनमां धेरै दिन् रह्यौ। तहांदेखि मैंले तिमिहरुलाइ यर्दन् पारि बस्ने एमोरीहरुको देस्मां ल्यायें अनि तिनिहरुले तिमिहरु सित लड़ाइँ गर्ये. अनि मैंले तिनिहरुलाइ तिमिहरुको तावेमां पारि दियें अनि तिमिहरु तिनिहरुको देस्को अधिकारी भयौ येसोरि मैंले तिनिहरुलाइ तिमिहरुको
९ सांमु देखि नास् पार्यें। तब मोआब्को राजा सिप्पोर्को क्रोरो बालाक्ले उठेर इस्राएल् सित लड़ाइँ गर्यो अनि तिमिहरुलाइ स्राप् दिनुलाइ
१० त्येस्ले बओर्को क्रोरो बिलाम्लाइ बोलाइ पठायो. तर बिलाम्को सुन्नु मंलाइ मन् पर्येन येस्कारण् त्यो तिमिहरुलाइ आशीषै आशीष् दिंदै रह्यो. येसोरि
११ मैंले तिमिहरुलाइ त्येस्को हात् देखि बचायें। त्येस् पछि तिमिहरु यर्दन् वारि तर्येर यरीहो क्रेउ आइ पुग्यौ. अनि यरीहोका मान्छेहरुले अं एमोरी परिज्जी कनानी हित्ती गिर्गाशी हिव्वी र यबूसीहरुले तिमिहरु सित लड़ाइँ
१२ गर्ये. अनि मंचइंले तिनिहरुलाइ तिमिहरुको हात्मां सुम्पि दियें। अनि मैंले तिमिहरुको अघि अघि एमोरीहरुका दुइ राजाहरुलाइ तिमिहरुको सांमु देखि लगार्नुको लागि बुच्छ्युं पठाइ दियें अं तिमिहरुको तरवार् कि तिमिहरुको धनुले होइन। अनि मैंले तिमिहरुलाइ तिमिहरु आफैले दुख न भर्येको देस् र तिमिहरु आफैले न बनायेका सहरहरु दियें अनि तिमिहरु तिनमां बस्दै छौ अं तिमिहरु आफैले न रोप्येको दाख् र

भद्दाले खांद छौ। त अब यहूवेको डर् मान उस्को सेवा सोजेईं र सच्चेईंले १४
गर. अनि तिमिहरुका पित्रहरुले महानदी पारि र मिस्रमां पूज्येका देव्ताहरु
निकालि फ्यांक अनि तिमिहरु चइं यहूवेको सेवा गर्दै रह। अनि यहूवेकै १५
सेवा गर्नु तिमिहरुलाइ नजाति लाग्यो भन्ये देखि त कस्को सेवा गर्छौं आजु
तिमिहरुले छान को तिमिहरुका पित्रहरुले महानदी पारि पूज्येका देव्ताहरु
कि तिमिहरु बस्येको देस्को एमोरीहरुका देव्ताहरुलाइ छान्छौ. तर्
मं र मेरो जहान् चइं ता यहूवेकै सेवा गर्छौं। तब लोगले उत्तर् दिइ भन्ये १६
येसो न हवस् हांमिहरुले यहूवेलाइ छोड़ि पराय् देव्ताहरुलाइ पूजनु
किनभन्ये हांमिहरुको ईश्वर् यहूवे उइनै हो जस्ले हांमिहरुलाइ र हांम्रा १७
पित्रहरुलाइ मिस्रको देस् देखि बन्धुवाईको घर् बाटो निकालि ल्यायो अनि
जस्ले ति तुला तुला आश्चर्य्यकर्म्म हांम्रा आंखाको सोजि गर्यो अनि जुन्
बाटोमां हांमिहरु हिंड्दा थियूं अनि जुन् लोग्को बीच् देखि आउंदा
थियूं तिनिहरु देखि हांमिहरुलाइ उस्ले रक्षे गर्यो. अनि यहूवेले १८
हांमिहरुको सांमु देखि सिंगै लोगलाइ अं देसमां बस्ने एमोरीहरुलाइ
धपाइ दियो. येस्कारण् हांमिहरु पनि यहूवेको सेवा गर्छौं किनभन्ये उइ
हांमिहरुको ईश्वर् हो। तब यहोशूअले लोगलाइ भन्यो तिमिहरुले यहूवेको १९
सेवा गर्नु सक्दौन किसोगरिभन्ये उ पवित्र ईश्वर् छ उ रापीलो ईश्वर् छ
उस्ले तिमिहरुको अपराध् र तिमिहरुको पाप् क्षमा गर्दैन। तिमिहरुले
यहूवे छाड़ि पराय् देव्हरु पूज्यौ भन्ये देखि उस्ले फर्क्यर तिमिहरुको २०
हानि गर्छ अनि तिमिहरुलाइ नष्ट पार्छ उस्ले तिमिहरु सित जाति गर्दै भये
पनि। अनि लोगले यहोशूअलाइ भन्ये होइन तर हांमिहरु यहूवेकै २१
सेवा गर्छौं। तब यहोशूअले लोगलाइ भन्यो तिमिहरु आफै आफ्नु २२
बिरुद्धमां हांमिहरुले आफ्नु लागि यहूवेलाइ उस्को सेवा गर्नुलाइ छान्यूं
भन्ये साक्षी छौ। अनि तिनिहरुले भन्ये अं हांमिहरु साक्षी छौं। त त्येस्ले २३
भन्यो अब तिमिहरुको बीचमां भयेका पराय् देव्हरुलाइ निकालि फ्यांक
अनि इस्राएल्को ईश्वर् यहूवे तिर आफ्ना आफ्ना मन् फर्काव्। तब लोगले २४
यहोशूअलाइ भन्ये हांमिहरु हांमिहरुको ईश्वर् यहूवेकै सेवा गर्छौं अनि
उसेका कुरा सुन्छौं। तब यहोशूअले त्येइ दिन् लोग् सित बाचा बांध्यो २५
अनि तिनिहरुको लागि शकेममां बिधि र व्यवस्था ठहरायो॥

/अनि यहोशूअले यि कुरा ईश्वरको व्यवस्थाको पोस्तकमां लेख्यो अनि २६
त्येस्ले येउटा ठुलो ढुंगो लियेर त्यो त्यहां यहूवेको पवित्र स्थान् निर भयेको
बांज् रुखे मुनि उभ्यायो/ अनि यहोशूअले सबै लोगलाइ भन्यो हेर २७
यो ढुंगो हांमिहरुको बिरुद्ध साक्षी हुंछ कसोगरिभन्ये यहूवेले हांमिहरुलाइ
भन्येका सबै कुरा येस्ले सुन्येको छ येस्कारण् यो तिमिहरुको बिरुद्ध
तिमिहरुले आफ्नु ईश्वरलाइ अस्वीकार् न गर भन्ये साक्षी हुंछ।
येसोरि यहोशूअले लोगलाइ आफ्ना आफ्ना अधिकारमां फर्कि जानुलाइ २८
बिदा दियो॥

२९ अनि यि कुरा पछि येसो भयो यहवेको दास् नूनको छोरो यहोशूअ
३० एक् सै दस् बर्षको भइ मऱ्यो। अनि तिनिहरुले त्येस्लाइ गाश् डांड़ाको
उत्तर पट्टि एप्रैमको पहाड़े देसको तिम्नत्सेरामां त्येस्को आफ्नु अधिकारको
३१ सांद् भित्र गाड़ेर। अनि इस्राएल् यहोशूअका सबै दिन् र यहोशूअ पछि
जीउंने र यहवेले इस्राएलको लागि गर्येका सबै काम् चिन्ने प्राचीनहरुका
३२ सबै दिन् यहवेको सेवा गर्दै रह्ये। अनि इस्राएलवंशीहरुले मिस्र बाटो
ल्याएका यूसुफका हाड़हरु शकेममां गाड़ेर अर्थात् शकेमको बाबु हमोरका
छोराहरु देखि याकूबले एक् सै चांदीका ठुक्राले किन्येको जग्गाको
३३ खण्डमां. त त्यो यूसुफवंशीहरुको अधिकारमां पऱ्यो। अनि हारूनको छोरो
एलाजार् पनि मऱ्यो अनि तिनिहरुले त्येस्लाइ त्येस्को छोरो पीनहासलाइ
एप्रैमको पहाड़े देसमां दियेको डांड़ामां गाड़ेर॥

बिचारीहरुको पोस्तक्॥

(यहूदा र अरु अरु कूल्हरुको बिषय्)

१ १ अब यहोशूअ मऱ्ये पछि येसो भयो इस्राएलवंशीहरुले यहवे सित
येसो भनि सोध्ये कनानीहरु सित लड़ाइँ गर्नुलाइ हांमिहरुको लागि पहिले
२ को चढ़ि जावस्। तब यहवेले भन्यो यहूदा चढ़ि जाओस्. हेर मैले देस् त्येस्को
३ हातमां पारि दियेको छु। तब यहूदाले आफ्नु दाजु शिमोनलाइ भन्यो
मेरो अधिकारमां मं सित चढ़ि आउ र हांमिहरु कनानीहरु सित लड़ाइँ
गरूं अनि येसैगरि मं पनि तिम्रो अधिकारमां तिमिहरु सित जाउंला। त
४ शिमोन् त्यो सित गयो। तब यहूदा चढ़ि गयो अनि यहवेले कनानीहरु
र परिज्जीहरुलाइ तिनिहरुका हातमां पारि दियो. अनि तिनिहरुले
५ तिनिहरुमांका दस् हजार् जना मान्छेहरुलाइ बेजेक्मां मार्ये। अनि
तिनिहरुले अदोनीबेजेक्लाइ बेजेक्मां भेटायेर त्यो सित लड़ाइँ गर्ये अनि
६ कनानीहरु र परिज्जीहरुलाइ मार्ये। तर अदोनीबेजेक् भाग्यो तब तिनिहरुले
त्येस्लाइ खेद्येर अंठ्याइ त्येस्का हातका बूढ़ीऔंला र गोड़ाका बूढ़ीऔंठाहरु
७ काटि दिये। तब अदोनीबेजेक्ले भन्यो हातका बूढ़ीऔंलाहरु र गोड़ाका
बूढ़ीऔंठाहरु काटेका सत्तरी जना राजाहरुले मेरो मेज मुनिका चूरचारहरु
टिपि टिपि खांने गर्दथिये. मैले जसो गर्ये त्येसै ईश्वरले मलाइ साटो दियो।
तहांदेखि तिनिहरुले त्येस्लाइ यरूशलेममां ल्याये अनि त्यो त्यहां मऱ्यो॥

८ अनि यहूदाबंशीहरुले यरूशलेम् सित लड़ाइँ गर्येर त्यो लिहाल्ये
अनि त्येस्लाइ तरवार्को धारले काटेर अनि त्येममां आगो लगाइ दिये।

अनि त्येस् पछि यहूदाबंशीहरु पहाड़े र दक्खिन् र तरि देसमां बस्ने ९
कनानीहरु सित लड़ाईं गर्नुलाइ उत्रे। अनि यहूदा ति हेब्रोन्मां बस्ने १०
कनानीहरु मांथि जाइ लाग्यो. (हेब्रोन्को नांउ अगाड़ि किर्यतर्बा थियो.)
अनि तिनिहरुले शेशै अहीमन् र तल्मैलाइ मार्ये। वहांदेखि त्यो त्यहां ११
बाटो दबीरमां बस्नेहरुको बिरुद्धमां जाइ लाग्यो। दबीरको नांउ अगाड़ि
किर्यतसेपेर थियो। त कालेबले भन्यो जस्ले किर्यतसेपेरलाइ मार्येर लिंछ १२
त्यो सित मं आफ्नी छोरी अक्सालाइ ब्याहा गरि दिंछु। त कालेबको भाई १३
कनजको छोरो ओत्निएलले त्यो लियो. तब त्येस्ले आफ्नी छोरी अक्सालाइ
त्यो सित ब्याहा गरि दियो। अनि येसो भयो जब त्यो पांइ गई तब त्येस्ले १४
त्येसलाइ मेरो बाबु सित येउटा जग्गा मांगनु भनि उत्काई. त त्यो आफ्नु
गदाहा बाटो ओह्ली तब कालेबले त्येसलाइ तं के मांगछेस् भनि सोध्यो। त १५
त्येस्ले उत्तर दिई मंलाइ दाइजो देउ किनभन्ये तिमिले मंलाइ दक्खिन्को
जग्गा दियौ त मंलाइ जरुवा पानी पनि देउ भनि. तब कालेबले त्येसलाइ
माथिल्लो तल्लो दुवै जरुवा पानी दिहाल्यो॥

तब मूषाको ससुराली केनीबंशीहरु यहूदाको सन्तान् सित खजूरहरुको १६
सहर् देखि अरादको दक्खिन् तिर भयेको यहूदाको बनमां चढ़ि गयेर ति
लोग् सित गइ बस्ने। अनि यहूदा आफ्नु दाजु शिमोन् सित गयेर वहांदेखि १७
तिनिहरुले सपत्मां बस्ने कनानीहरुलाइ मार्ये अनि त्येसलाइ भाकल् गरीयेको
थोक् भैं नास् पार्ये। अनि त्येस् सहरको नांउ होरमा राखीयो। अनि १८
यहूदाले अज्जा त्येको सिमाना समेत् र अश्कलोन् त्येको सिमाना समेत् र
एक्रोन् त्येको सिमाना समेत् लिहाल्यो। अनि यहुवे यहूदा सङ थियो अनि १९
त्येस्ले पहाड़े देसमां बस्नेहरुलाइ धपायो कसोगरिभन्ये तरिका बासीहरुलाइ
त्येस्ले निकालनु सक्येन किनभन्ये तिनका फलमका रथ् थिये। तब तिनिहरुले २०
मूषाले भन्यको जस्तो कालेबलाइ हेब्रोन् दिये. अनि त्येस्ले त्यहां बाटो
अनाक्का तीन् भाई छोराहरुलाइ धपाइ दियो। तर यरूशलेममां बस्ने २१
यबूसीहरुचइंलाइ बिन्यामीनबंशीहरुले धपायेनन्. तर यबूसीहरु आजु
सम्म यरूशलेममां बिन्यामीनबंशीहरु सङ रह्नेका छन्॥

अनि यूसुफको जहान् चइं पनि बेतेलको बिरुद्धमां चढ़ि गयो. २२
अनि यहुवे तिनिहरु सङ थियो। अनि यूसुफको जहानले बेतेलको भेद् २३
लिनुलाइ पठायो। (अगाड़ि त्येस् सहरको नांउ लूज् थियो)। अनि २४
भेदियाहरुले सहर् बाटो येउटा मान्छेलाइ बाहर आउंदै गर्येको देख्येर
त्येसलाइ भन्ये कृपा गरिकन सहरमां पस्ने बाटो हांमिहरुलाइ देखाइ देउ त
हांमिहरु तिमि मांथि दया गर्छौं। तब त्येस्ले तिनिहरुलाइ सहरमां पस्ने २५
बाटो देखाइ दियो त तिनिहरुले सहरलाइ तरवारको धारले काटे तर त्येस्
मान्छेचइंलाइ त्येको सिंगै जहान्समेतलाइ छोड़ि दिये। अनि त्येस् २६
मान्छेले हित्तीहरुको देसमां गयेर वहां येउटा सहर् बनायो अनि त्येको
नांउ लूज् राख्यो. जो आजु सम्म त्येको नांउ छ॥

२७ अनि मनश्शेले पनि बेत्शान् र त्येस्का गांउहरु अनि तानाक् र त्येस्का
गांउहरु अनि दोर्का बासीहरु र त्येस्का गांउहरु अनि इब्लाम्का बासीहरु
र त्येस्का गांउहरु अनि मगिद्दोका बासीहरु र त्येस्का गांउहरुलाइ धपायेन ।
२८ तर कनानीहरुले त्येस् देस्मां बलैले बस्ने गर्थे । अनि येसो भयो जब
इस्राएल् बल्लियो भयो तब तिनिहरुले कनानीहरुलाइ किरिया मुनिका
दास् तुल्याये तर तिनिहरुलाइ खांट्टै ता धपायेनन् ॥
२९ अनि एप्रैम्ले ति गेजेर्मां बस्ने कनानीहरुलाइ धपायेन तर कनानीहरु
तिनको बीच्मां गेजेर्मां बस्द थिये ॥
३० जबूलून्ले कित्रोन्का बासीहरुलाइ र नहलोल्का बासीहरुलाइ
धपायेन तर कनानीहरु तिनका बीच्मां रह्ने अनि किरिया मुनिका
दास् भये ॥
३१ आशेर्ले अक्कोका बासीहरुलाइ र सीदोन्का बासीहरुलाइ र अहलाब्
३२ र अक्जीब् र हेल्बा र अफीक् र रहोब्का बासीहरुलाइ धपायेन . तर
आशेरीहरु त्येस् देस्का बासी कनानीहरुको बीच्मां बस्ने . कसोगरिभन्ने
तिनिहरुले तिनिहरुलाइ धपायेनन् ॥
३३ नप्तालीले बेत्शेमेश्का बासीहरु र बेतनात्का बासीहरुलाइ धपायेन
तर त्यो त्येस् देस्का बासी कनानीहरुको बीच्मां बस्यो . तैपनि बेत्शेमेश्
र बेतनात्का बासीहरु तिनिहरुको लागि किरिया मुनिका दास् भये ॥
३४ अनि एमोरीहरुले दान्वंशीहरुलाइ पहाड़े देस्मां लगाये .
३५ कसोगरिभन्ने तिनिहरुले तिनिहरुलाइ तरिमां उत्रनु दियेनन् . तर एमोरीहरु
हेरेस् डांड़ा अय्यालोन् र शाल्बीम्मां बलैले बस्द थिये . तैपनि यूसुफ्को
जहान्को हात् यहां सम्म गरि जिताहा भयो तिनिहरु किरिया मुनिका
३६ दास् भये । एमोरीहरुको सिमाना अक्रब्बीम्को उकालि देखि पहरा देखि
ऊंभो तिर पर्थ्यो ॥

(इस्राएलीहरुको आज्ञालंघन् र दण्ड)

२ १ तब यहूवेंको दूत् गिल्गाल् देखि बोकीम्मां चढ़ि आयो । अनि
उस्ले भन्यो मैंले तिमिहरुलाइ मिस्र देखि उठायेर मैंले तिमिहरुका
पित्रहरु सित किरिया खायेको देस्मां तिमिहरुलाइ ल्याइ पुऱ्यायें अनि
२ मैंले तिमिहरु सित बांध्येको किरिया र कैले पनि भङ्ग गर्दीन अनि
तिमिहरुले येस् देस्का बासीहरु सित बाचा न बांध तिमिहरुले तिनिहरुका
थानहरु भत्काव भनि भन्येको थियें . तर तिमिहरुले मेरो कुरो सुन्येका
३ छौन . तिमिहरुले किन येसो गर्येका छौ । येस्कारण मैंले यो पनि भन्यें मं
तिनिहरुलाइ तिमिहरुको सांसु देखि धपाउंदीन तर तिनिहरु तिमिहरुको
कोखामां कांड़ा जस्ता हुंकुन् अनि तिनिहरुका देवताहरु तिमिहरुको
४ लागि पासो हुंकुन् । अनि येसो भयो जब यहूवेंको दूतले सबै
५ इस्राएलवंशीहरुलाइ यि कुरा भन्यो तब लोग् आफ्नु आफ्नु सोर् उचालि

रोये। त तिनिहरुले त्येस् ठांउको नांउ बोकीम्[1] राख्ये. अनि वहां तिनिहरुले यहूवेको लागि बलि चढ़ाये ॥

अब जब यहोशूअले लोगलाइ बिदा दियो तब इस्राएलबंशीहरुमांको ६
जनंगे आफ्नु आफ्नु भागमां देसको अधिकारी हुंनुको लागि गये। अनि ७
लोग् यहोशूअका सबै दिन् र यहोशूअ पछि जीउंने र यहूवेले इस्राएलको
लागि गर्येका सबै काम् चिन्ने प्राचीनहरुका सबै दिन् यहूवेको सेवा गर्दै
रह्ये। अनि यहूवेको दास् नूनको छोरो यहोशूअ एक् सै र दस् बर्षको भइ ८
मर्यो। अनि तिनिहरुले त्येस्लाइ गाश् डांड़ाको उत्तर् पट्टि एफ्रैमको पहाड़े ९
देस् तिम्नथेरेसमां त्येको नीज् अधिकारको सांद् भित्र गाड़िग। अनि जब १०
त्यो सबै पुस्ता पनि आफ्ना पित्रहरु सित गइ मिसीये तब तिनिहरु पछि
अर्को पुस्ता उठ्यो जस्ले न यहूवेलाइ न उस्ले इस्राएलको लागि गर्येका
काम् चिन्द थिये ॥

त इस्राएलबंशीहरुले यहूवेको सांमु जुन् बेहोरा दुष्ट ठ ठ्यो गर्ये ११
अर्थात् तिनिहरुले बाल् भनींने देवताहरुलाइ पूज्ये. अनि तिनिहरुलाइ १२
मिस्र देस् बाटो निकालि ल्याउंने आफ्ना पित्रहरुको ईश्वर् यहूवेलाइ
छोड़िग्र अरु देवताहरु अर्थात् आफ्ना वरिपरि बस्ने लोगका देवताहरुलाइ
पूजाइ तिनिहरुको सांमु निउंर्ये. येसोरि तिनिहरुले यहूवेको रिस्
उठाये। अं तिनिहरुले यहूवेलाइ छोड़िग्र बाल् र अश्तारोत्लाइ पूज्ये। तब १३ १४
इस्राएल् मांथि यहूवेको रिस् उठ्यो अनि उस्ले तिनिहरुलाइ तिनिहरुलाइ
लूट्नेहरुको हातमां सुम्पि दियो अनि उस्ले तिनिहरुका वरिपरिका
सत्रुहरुका हातमां बेच्यो र तिनिहरु आफ्ना सत्रुहरुको सांमु फेरि
उभौइ रहंनु सक्येनन्। जहां जहां तिनिहरु जांद थिये वहां वहां यहूवेको १५
कुरा र उस्ले तिनिहरु सित खायेको किरिया अनुसार् यहूवेको हात्
तिनिहरुको बिरुद्ध बुराईको लागि थियो. अनि तिनिहरु ओधि अन्योलमां
पर्ये। अनि यहूवेले बिचारीहरुलाइ उठायो जुन्हरुले तिनिहरुलाइ १६
तिनिहरुलाइ लूट्नेहरुको हात् देखि बचाये। तैपनि तिनिहरुले आफ्ना १७
बिचारीहरुको सुन्येनन् कसोगरिभन्ये तिनिहरु व्यभिचारीहरु झैं अरु अरु
देवताहरु पछि लाग्ये अनि तिनिहरुको सांमु निउंर्ये. अं तिनिहरु यहूवेको
आज्ञा मान्ने तिनिहरुका पित्रहरु हिंड़ेको बाटो देखि छिट्टै तर्कि गये अनि
ति मान्येनन्। अनि जब जब यहूवेले तिनिहरुको लागि बिचारीहरुलाइ १८
उठायो तब तब यहूवे त्येस् बिचारी सङ थियो अनि उस्ले तिनिहरुलाइ
तिनिहरुका सत्रुहरुको हात् देखि त्येस् बिचारीको सबै दिन् बचायो.
कसोगरिभन्ये तिनिहरुलाइ सताउंने र दुक्ख दिंनेहरुको कारणले सुस्केरा
मार्येको खातिरले यहूवे पक्तायो। तर येसो हुंद थियो जब जब बिचारी १९

---

[1] अर्थात् रुंनेहरु।

मंदै थियो तब तब तिनिहरु फर्क्यर आफ्ना पितृहरु भन्दा औधि औधि
बिग्रि जांद थिये अर्थात् तिनिहरुले अरु अरु देवताहरुलाइ पक्षायेर
तिनलाइ पूज्ये अनि तिनको सांमु निउंये अनि न आफ्ना काम्कार्ज न
२० आफ्नु अट्टेरि बेहोरा क्रोडूद थिये। त यहूवेको रिस् इस्राएल् मांथि
उठ्यो अनि उस्ले भन्यो येस् लोग्ले मैले तिनिहरुका पितृहरुलाइ आज्ञा
२१ दियेको नियम् भङ्ग गर्ये अनि मेरा कुरा सुन्येनन् येस्कारण् अब देखि
येसो मं कैले पनि तिनिहरुको सांमु देखि यहोशूअले त्येस्को मरणको
२२ बेलामां क्रोड़ियका अन्यदेशी लोग्मांको कसैलाइ पनि धपाउंदीन. र मं
तिनिहरुको बाटोले इस्राएल्लाइ जांचुं तिनिहरु यहूवेको बाटो
२३ तिनिहरुका पितृहरुले भन्ये झैं त्येस्मां हिड्नुलाइ मान्कुन् कि मान्देनन
भनि। त यहूवेले ति लोगलाइ क्रोड़्यो अं तिनिहरुलाइ क्रिट्टै धपायेन
न तिनिहरुलाइ यहोशूअको हातमां सुम्पि दियो॥

३ १ त जुन् जुन लोगलाइ यहूवेले तिनिहरुको बाटोले कनान् देस्मांका
२ सबै संग्राम् न जान्ने इस्राएल्लाइ जांचनुको लागि क्रोड़ियको थियो अं
कम्को कम् येस्को बिषयमां अगाड़ि कोइ पनि न जान्ने इस्राएल्वंशीहरुका
पुस्ताले तिनलाइ सिकायो भन्ये देखि लड़ाइँ गर्नु निस्से याहा पाउंकुन् ति
३ लोग् थिने हुन् अर्थात् पलिश्तीहरुका पांच् मालिक्हरु र सबै
कनानीहरु र सीदोनीहरु र लब्बानोन् डांड़ामां बाल्हेर्मोन् डांड़ा देखि
४ हमात्मां पस्ने गौंड़ा सम्म बस्ने हिव्वीहरु। त तिनिहरु येसैकारणले क्रोड़ीयेका
थिये तिनिहरुको बाटोले इस्राएल्लाइ जांचनुको लागि तिनिहरुले यहूवेले
तिनिहरुका पितृहरुलाइ मूषाको बाटोले दियेको आज्ञा मान्कुन् कि
५ मान्देनन् भन्येर। अनि इस्राएल्वंशीहरु चइं कनानीहरु हित्तीहरु एमोरीहरु
६ परिज्जीहरु हिव्वीहरु र यबूसीहरुको बीचमां बस्द थिये. अनि थिनिहरुले
तिनिहरुकी क्रोरीहरुलाइ स्वास्नी तुल्याये अनि आफ्नी क्रोरीहरुलाइ
तिनिहरुका क्रोराहरुलाइ दिये अनि तिनिहरुका देवताहरुलाइ पूज्ये॥

(ओतिएल्को बिषय्)

७ त इस्राएल्वंशीहरुले यहूवेको सांमु जुन् बेहोरा दुष्ट क त्यो गर्ये
अर्थात् तिनिहरुले आफ्नु ईश्वर् यहूवेलाइ बिर्सि बाल् भनींने देवता र
८ अशेरा भनींने मूर्त्तिहरुलाइ पूज्ये। येस्कारण् यहूवेको रिस् इस्राएल् मांथि
उठ्यो अनि उस्ले तिनिहरुलाइ अरम्नहरैम्को राजा कूशनरिशातैम्को हातमां
बेचि दियो. अनि इस्राएल्वंशीहरुले आठ् बर्ष सम्म कूशनरिशातैम्को
९ सेवा गर्ये। अनि जब इस्राएल्वंशीहरुले यहूवेको दोहाई गर्ये तब यहूवेले
इस्राएल्वंशीको लागि येउटा बचाउने अर्थात् कालेब्को काम्को भाई
१० कनज्को क्रोरो ओतिएल्लाइ उभ्यायो जस्ले तिनिहरुलाइ बचायो। अनि
यहूवेको आत्मा त्येस् मांथि पर्‍यो अनि त्येस्ले इस्राएल्को निया गर्‍यो अनि
लड़ाइँ गर्नुलाइ निस्क्यो अनि यहूवेले अराम्को राजा कूशनरिशातैम्लाइ

त्येको हातमां सुम्पि दियो. अनि त्येको हात् कूश्चनरिशातेम् मांपि जिताहा
भयो। अनि चालीस् बर्ष सम्म देसले बिश्राम् पायो। तब कनजको छोरो १९
ओतिएल् मर्‍यो॥

(एहूदको बिषय्)

फेरि इस्राएल्बंशीहरुले यहवेको सांमु जुन् बेहोरा दुष्ट छ त्यो १२
गर्‍ये. अनि यहवेले मोआबको राजा एग्लोन्लाइ इस्राएलको बिरुद्धमां
बलियो गरायो किनभन्ये तिनिहरुले यहवेको सांमु जुन् बेहोरा दुष्ट
थियो त्यो गर्‍ये। अनि त्येस्ले अम्मोन्बंशीहरुलाइ र अमालेकलाइ मेला १३
गर्‍यो अनि गयेर इस्राएललाइ मार्‍यो अनि खजूरहरुको सहर् लिहाल्यो।
अनि इस्राएल्बंशीहरुले मोआबको राजा एग्लोनको सेवा अठारह् बर्ष सम्म १४
गर्‍ये। तर जब इस्राएल्बंशीहरुले यहवेको दोहाई गर्‍ये तब यहवेले १५
तिनिहरुको लागि येउटा बचाउनेलाइ अर्थात् बिन्यामीनी गेराको छोरो
एहूदलाइ जो बांउहाते थियो त्येस्लाइ उभ्यायो. अनि इस्राएल्बंशीहरुले
त्येको हातमां मोआबको राजा एग्लोन् थांइ येउटा सौगात् पठायो। अनि १६
एहूदले हातभरिको लांमो येउटा दुइधारे चुपि बनायेर त्यो आफ्नु दाहीनो
तिखामां लुगा मुनि झुंड्यायो। अनि त्येस्ले मोआबको राजा एग्लोन् थांइ १७
सौगात् लग्यो. अनि एग्लोन् चइं अोधि मोटो मान्छे थियो। अनि जब १८
त्येस्ले त्यो सौगात् दि सक्यो तब ति सौगात् बोकि ल्याउनेहरुलाइ बिदा
गरि पठायो। तर त्यो आफु चइं गिलगाल् निरको देवताथान् भयेको १९
ठाउं देखि फर्क्यर येसो भन्यो हे राजा मेरां आफुलाइ भन्ये येउटा गुप्त कुरो
छ। अनि त्येस्ले भन्यो चुप लाग। तब त्यो कोउ भयेका सबै जना बाहिर
निक्ल गये। अनि एहूद त्यो थांइ गयो अनि त्यो चइं सितल् तापने २०
कोठामां एक्ले बसि रह्येको थियो। त एहूदले भन्यो मेरां आफुको लागि
ईश्वर् देखि आयेको कुरा छ। तब त्यो आफ्नु बैठक् देखि उठ्यो। तब २१
एहूदले आफ्नु बांइ हात् पसार्‍येर आफ्नु दाहीनो तिखा देखि चुपि
झिक्यर राजाको भूंइमां यहां सम्म रोपि दियो. सिंगै चुपि बेंड्रे समेत् २२
पस्यो अनि बोसोले चुपि कोप्यो कसोगरिभन्ये भूंइ देखि त्येस्ले चुपि
निकाल्येन त त्यो त्येको पछिल् तिर निकल्यो। तब एहूदले दलानमां २३
निस्कयर कोठाको दैलो पुनि आगलो लगाइ दियो। जब त्यो बाहिर २४
निस्क्यो तब त्येका चाकरेहरु आये अनि तिनिहरुले कोठाको दैलो
पुनीयेको देख्येर भन्ये सितल् तापने कोठामां दिशा बस्येका कुन् होला।
अनि तिनिहरु पर्खंदा पर्खंदा लज्जित् भये. तब हेर तिन्ले कोठाको दैलो २५
खोल्येनन् येस्कारण् तिनिहरुले तालचा लियेर खोल्ये त हेर हांम्रा स्वामी
ता भूइमां लडि मंरि रह्येका राछन्। अनि तिनिहरु पर्खंदाखेरि २६
एहूद भागि सक्यो अनि देवताथान् काटेर सीरामां गइ बांच्यो। अनि २७
येसो भयो जब पुग्यो तब त्येस्ले एप्रैमको पहाड़े देसमां तुरही बजायो अनि

इस्राएलवंशीहरु पहाड़े देस् देखि त्यो सित उत्रे अनि त्यो चइं तिनिहरुको
२८ अघि अघि हिंड्यो । अनि त्येस्ले तिनिहरुलाइ भन्यो मेरो पाछि पाछि आव.
किनभन्ये यहूवेले तिमिहरुको मोआबी सत्रुहरुलाइ तिमिहरुको हातमां
सुम्पि दियेको छ । त तिनिहरु त्येस् पछि लाग्य अनि मोआबको सांमुको
२९ यर्दनको घाट् लिहाल्य अनि कस्सैलाइ तर्नु दियेनन् । अनि त्येइ बेला
तिनिहरुले मोआबीहरुमांका दस् हजार् जति बल्लिया बल्लिया र महाबीर्
३० जनंगे मान्छेलाइ मांत्रे येउटा पनि बांच्येन । येसोरि त्यो दिन् मोआब्
इस्राएलको तावेमां पर्यो । अनि देसले अस्सी बर्ष सम्म बिश्राम् प्रायो ॥
३१ अनि एहूद् पछि अनातको छोरो शम्गर् भयो जस्ले पलिश्तीहरुमांका
सै जना मान्छेहरुलाइ गोरु धपाउंने लउरोले मांत्यो. अनि त्यस्ले पनि
इस्राएललाइ बचायो ॥

(दबोरा र बाराकको बिषय्)

४ १ अनि जब एहूद् मर्यो तब इस्राएलवंशीहरुले फेरि यहूवेको सांमु
२ जुन् बेहोरा दुष्ट छ त्यो गर्ये । अनि यहूवेले तिनिहरुलाइ कनानको राजा
याबीनको हातमां बेचि दियो जस्ले हासोरमां राज् गर्द थियो अनि त्येको
सेनापतिको नांउ सीसरा थियो अनि त्यो अन्यदेसीहरुको हरोशेतमां रहंद
३ थियो । तब इस्राएलवंशीहरुले यहूवेको दोहाई गर्ये. किनभन्ये त्येका
फलमका नौ सै रथ् थिये अनि त्येस्ले बीस् बर्ष सम्म इस्राएलवंशीहरुलाइ
सारोगरिकन सतायो ॥
४ अनि त्यो ताक लप्पीदोतको स्वास्नी दबोरा येउटी अगमवक्तानीले
५ इस्राएलको निया गर्द थिई । अनि त्यो एप्रैमको पहाड़े देसमां रामा र
बेतेलको बीचमां भयेको दबोराको खजूरको बोट् मुनि बस्द थिई. अनि
६ नियाको लागि इस्राएलवंशीहरु त्यो पांइ आउंद थिये । तब त्येस्ले केदेश्
नप्तालीको देखि अबीनोअमको छोरो बाराकलाइ बोलाइ पठायेर भनी को
इस्राएलको ईश्वर यहूवेले येस्तो आज्ञा दियेको छैन गयेर तावोर् डांड़ा
. तिर लोगलाइ मेला गर अनि नप्तालीवंशी र जबूलूनवंशीमांका दस्
७ हजार् जनालाइ आफ्नु साथ्मां लेउ। अनि मं चइं कीशोनको खोल्चामां
याबीनको सेनापति सीसरालाइ त्येका रथ् र त्येको धुइरोलाइ तिमि तिर
८ मेला गराउंछु अनि त्येलाइ तिम्रो हातमां पारि दिंछु । अनि बाराकले
त्येलाइ भन्यो आफु मं सङ जांनु भयो भन्ये मं जांछु . तर आफु जांनु भयेन
९ भन्ये मं जान्न । तब त्येस्ले भनी मं निस्से तिमि सङ जांछु . तरै पनि
तिमिले गर्नु आंटेको गर्वन् तिम्रो मानको लागि हुंदैन . कसोगरिभन्ये
यहूवेले सीसरालाइ येउटी आइमाइको हातमां बेचि दिंछ । यहांदेखि
१० दबोरा उठेर बाराक सङ केदेशमां गई । अनि बाराकले जबूलून् र
नप्तालीलाइ केदेशमां बोलायो यहांदेखि त्यो दस् हजार् जनालाइ आफु
११ सङ लियेर चढि गयो. अनि दबोरा पनि त्यो सङ गई । अब हेबर्

केनीले आफुलाइ केनीहरु अं मूसाको ससुरा होबाब्बंशीहरु देखि छुट्यायेर आफ्नु डेरा केदेश्मां भयेको सानन्नीम्को बांज्वृक्षे सम्म सान्येर हाल्यो। अनि अबीनोआम्को छोरो बाराक् डांड़ामां चढ्यो भन्ये कुरो सीसरालाइ १२ सुनाये। तब सीसराले आफ्ना सिंगै रथ् अर्थात् फलम्का नौ सै रथ् र १३ आफु सङ्का सबै लोगलाइ अन्यदेसीहरुको हरोशेत् देखि कीसोन् खोल्चा निर भेला गऱ्यो। तब दबोराले बाराक्लाइ भनी उठ किनभन्ये यो १४ त्येइ दिन् हो जस्मां यह्वेले सीस्रालाइ तिम्रो हात्मां पारि दियेको छ. क्ये यह्वे तिम्रो अघि अघि गयेको छैन। तब बाराक् तबोर् डांड़ा देखि उत्ऱ्यो अनि दस् हजार् जना त्येस्को पछि पछि लाग्ये। अनि यह्वेले १५ सीसरालाइ त्येस्को सबै रथ्हरुलाइ र सबै सेनालाइ बाराक्को सांमु तरवार्को धार्ले धंस पाऱ्यो त सीसरा आफ्नु रथ् बाटो ओह्ल्येर पैदलै भाग्यो। तर बाराक्ले रथ्हरु र सेनालाइ अन्यदेसीहरुको हरोशेत् सम्म १६ खेद्यो. अनि सीसराका सिंगै सेना तरवार्को धार्ले काटीये एक् जना पनि बांच्येन॥

तैपनि सीसरा चइं पैदलै भाग्दै केनी हेबेर्की स्वास्नी याएल्को १७ पाल्मां पस्यो. कसोगरिभन्ये हासोर्को राजा याबीन् र केनी हेबेर्को घर्को बीच्मां मिलाप् थियो। तब याएल्ले सीसरालाइ भेट्नुलाइ १८ निक्ल्येर त्येस्लाइ भनी हे मेरा प्रभु फर्क्येर मेरां आउंनु हवस् न डराउंनु हवस्। अनि जब त्यो त्येस्को पाल्मां आयो तब त्येस्ले त्येस्लाइ येउटा राड़िले ढाकि दिई। तब त्येस्ले त्येस्लाइ भन्यो कृपागरिकन मंलाइ १९ अलिकता पानी खांनु दिंनु हवस् किनभन्ये मं तिर्खायेको छु। त त्येस्ले दुद्को मशक् खोल्येर त्येस्लाइ खांनु दिई वहांदेखि त्येस्लाइ फेरि ढाकि दिई। तब त्येस्ले त्येस्लाइ भन्यो पाल्को दैलोमां उभीइ रहंनु हवस् अनि २० येसो हुंछ जब कसैले आयेर आफु सित यहां कोई पुरुष् छ भनि सोध्ला त छैन भन। तब हेबेर्की स्वास्नी याएल्ले पाल्को येउटा कीला र मुंग्रो २१ हातमां लियेर बिस्तार् बिस्तार् त्येस्को छेउमां गयेर त्यो कीला त्येस्को कन्परामां ठोक्येर भूइंमां गाड़ि दिई कसोगरिभन्ये त्यो थाक्येर तुलो नींद्मां पऱ्येको थियो त त्यो येसोरि मंऱ्यो। अनि हेर जब बाराक् सीसरालाइ २२ खेद्दै आयो त याएल् त्येस्लाइ भेट्नुलाइ निक्ली अनि त्येस्लाइ भनी आउंनु हवस् मं त्यो आफुले खोज्येको मान्छेलाइ देखाउंछु। अनि त्यो भित्र आयो त हेर सीसरा मंरि रह्येको रछ अनि कीला त्येस्को कन्परामां गाड़ीइ रह्येको रछ। येसोरि ईश्वर्ले कनान्को राजा याबीन्लाइ इस्राएल्बंशी- २३ हरुको ताबिमां पारि दियो। अनि इस्राएल्बंशीहरुको हात् कनान्को २४ राजा याबीन्को बिरुद्ध तिनिहरुले कनान्को राजा याबीन्लाइ नास् न पारुंज्याल् सम्म औधि औधि जिताहा भयो॥

(दबोराको गीत्)

५ १ तब दबोरा र अबीनोअमको छोरो बाराकले त्यसै दिन् येसो भनिकन गाये

२ इस्राएलमां अगुवाहरुले गर्येको अगुवाईको लागि
लोग् आफ्ना आफ्ना खुशिराजि सित भर्ति भयेको लागि
यहूवेलाइ धन्न कह ।

३ सुन हे राजाहरु कान् लगाव हे मालिकहरु
मं चइं ता यहूवेको लागि गीत् गाउंकु
यहूवे इस्राएलको ईश्वरको लागि भजन् गाउंकु ।

४ हे यहूवे जब तपांइ सेईर् बाटो निकलनु भयो
जब तपांइ एदोमको बन् बाटो हिंडनु भयो
तब पृथिवी कांप्यो स्वर्ग पनि चुह्यो
अं बादलले पानी चुहायो ।

५ पहाडहरु यहूवेको सांमु बग्ये
अं यो सीनै इस्राएलको ईश्वर् यहूवेको सांमु ।

६ अनातको छोरो शम्गरका दिनमां
याएलका दिनमां मूल् बाटा सुन्ये थिये
अनि बटौरेहरु बाङ्गा बाटा जांद थिये ।

७ इस्राएलमां गांउ सुन्ये थिये अं सुन्ये थिये
मं दबोरा न उठुंज्याल्
मं इस्राएलमां येउटी माता न उठुंज्याल् सम्म ।

८ तिनिहरुले नया देवताहरु छान्ये
तब ठोकाहरुमां लड़ाईं भयो .
के ढाल् कि भाला देखीयो
इस्राएलका चालीस् हजारको बीचमां ।

९ मेरो मन् इस्राएलका मालिकहरु तिर छ
जो जो लोगहरुको बीचमां खुशिराजि सित भर्ति भये
यहूवेलाइ धन्न कह ।

१० तिमि सेता गदाहाहरुमां चढ्नेहरु
तिमि गलैंचाहरुमां बस्नेहरु
अनि तिमि बाटोमां हिंड्नेहरु हो ध्यान् गर ।

११ धनु चलाउंनेहरुको सोर् देखि टाढो पंधेराहरुमां
वहां तिनिहरुले यहूवेका धर्म्मकार्य्यहरुको चर्चा गर्छन्
अं इस्राएलमां उका गांउहरु तिर भयेका उका धर्म्मकार्य्यहरुको
तब यहूवेका लोग् ठोकाहरुमां ओर्लि गये ।

१२ जाग् जाग् हे दबोरा

जाग् जाग् भजन् गा .
हे बाराक् उठ् हे अबीनोअमको छोरो आफ्ना बन्धुवाईलाइ
बन्धुवा गर् ।
तब मालिक्हरुमांका बाँचि रह्येकाहरु र लोग् उत्ये १३
यहूवे मेरो लागि बल्लियाहरुको बिरुद्धमां उत्ये ।
एफ्रेम् देखि तिनिहरु आये जस्को जरा अमालेक्मां छ १४
तं पछि हे बिन्यामीन् तेरा लोगको बीचमां
माकीर् देखि राजदण्ड चलाउनेहरु उत्ये
अनि जबूलून् देखि लेखकको राजदण्ड बोक्ने ।
अनि इस्साकार्का मालिक्हरु दबोरा सङ थिये १५
जस्ता इस्साकार् उस्तो बाराक्
त्येस्को गोड़ामां तिनिहरु तरिमां हुगुरि आये ।
रूबेन्का खोल्चाहरुको छेउमां
मनका ठुला बिचार् भये ।
भेंड़ाखोर्मां किन बसिस् १६
बगाल्को लागि मुरलि बजायेको सुन्नुलाइ हो कि ।
रूबेन्का खोल्चाहरुमां
मनका ठुला जांच् भये ।
गिलाद् यर्दन् पारि बस्यो . १७
अनि दान् चइं किन जहाजमां रह्यो ।
आशेर्ले समुन्द्रको तीर्मां बास् गर्यो
अनि आफ्ना कोल्टाहरुमां रह्यो ।
जबूलून् येस्तो लोग् थियो जस्ले आफ्नु प्राण् मरणको जोखिम् १८
सम्म हाल्यो
अनि नप्तालीले देस्का अलगा डांड़ा डांड़ामां पनि ।
राजाहरुले आयेर लड़ाईं गर्ये १९
तब कनान्का राजाहरुले लड़ाईं गर्ये
मगिद्दोको खोल्चाको छेउको तानाक्मां .
तिनिहरुले चांदीको लूट् लियेनन् ।
आकाश देखि लड़ाईं गर्ये २०
ताराहरुले पनि आफ्ना आफ्ना चक्रमां सीसरा सित लड़ाईं गर्ये ।
कीशोन्को खोल्चाले तिनलाइ बगाइ लग्यो २१
त्यो तादिको खोल्चा कीशोन्को खोल्चाले ।
हे मेरो प्राण् चूप् बांध्दै हिंड् ।
तब घोड़ाका सूमले पीन्ये २२
फर्दवाल्को कारणले तिनका सामर्थीहरुको फर्दवाल् ।
मेरोजलाइ स्राप् भनि यहूवेको दूतले भन्द छ २३

त्येस्का बासीहरुलाइ खाप्ले खाप्
किनभन्ये तिनिहरु यहूवेको गोहार्को लागि आयेनन्
यहूवेको गोहार्को लागि बल्लियाहरुको बिरुद्धमां ।
२४ सबै स्त्रीहरु भन्दा याएल् आशीषित् हुंछिन्
केनी हेबेर्की मुर्खिनी
पालमां बस्ने स्त्रीहरु भन्दा आशीषित् हुंछिन् ।
२५ पानी मांग्यो दुद् दिइन्
मालिके डबकामां दही पुऱ्याइन् ।
२६ आफ्नु हात् किला तिर पसार्दै छिन्
अनि आफ्नु दाहौंनो हात् मुंग्रो तिर
अनि मुंग्रोले सीसरालाइ हान्द छिन् त्येस्को कपाल् कुच्याउंद छिन्
अं छेंडूद छिन् अनि त्येस्को कनपरा छिचल्द छिन् ।
२७ तिन्का गोड़ामां निउंऱ्यो लड़्यो लड़ि रह्यो
तिन्का गोड़ामां निउंऱ्यो लड़्यो ,
जहां निउंऱ्यो उहीं मरि लड़्यो ।
२८ खिर्की बाटो चियाइ हेर्दै चिच्याउंद थिई
सीसराकी आंमाले झ्याल् बाटो
त्येस्को रथ् आउंनु किन अबेर् भयो
त्येस्को रथ्का पाङ्गाहरुले किन बियांलो गर्द छन् ।
२९ त्येस्की बुद्धिमान् सखेनीहरुले उत्तर् दिइन्
अं त्यो आफुचइंले आफैलाइ उत्तर् दिंद छे
३० को तिनिहरुले पायेनन् को तिनिहरुले लूट् बांड़ेनन्
एक् केटी दुइ केटी जनंगे बीरलाइ
सीसरालाइ चइं रङ्गायेका कपराका लूट्
बुट्टा काढ़ेका रङ्गायेका कपराका लूट्
दुइ पट्टि बुट्टा काढ़ेका रङ्गायेका कपरा लूट्को गलाको लागि ।
३१ येस्तै परिले तपांइका सबै सत्रुहरु नास् होउन् हे यहूवे ,
तर जस् जस्ले उ सित प्रेम् गर्द छन् तिनिहरु आफ्नु प्रतापले
झुल्कने सूर्ज झैं होउन् ॥
अनि चालीस् बर्ष सम्म देस्ले बिश्राम् पायो ॥

(गिदोन्को बिषय्)

६ १ फेरि इस्राएलबंशीहरुले यहूवेको सांमु जुन् नेहोरा दुष्ट छ त्यो गर्ये ।
अनि यहूवेले तिनिहरुलाइ मिद्यानको हातमां सात् बर्ष सम्म सुम्पि दियो ।
२ अनि मिद्यानको हात् इस्राएलको बिरुद्धमां जोताहा भयो . अनि
मिद्यानको कारणले इस्राएलबंशीहरुले पहाड़ खुंदो भयेका कुरि र ओढ़ार र
३ आड़ आफ्नु लागि बनाये । अनि येसो हुंद थियो जब जब इस्राएलले

बिउ कुर्द थियो तब तब मिद्यानीहरु र अमालेकीहरु र पूर्वबासीहरु
चढ्द थिये अं तिनिहरुको बिरुद्धमां चढेर अनि तिनिहरुको बिरुद्धमां ४
डेरा हाल्थे अनि अज्जामां न पुगुंज्याल् सम्म भूमिको उपजनि नास् पार्थे अनि
इस्राएल्मां जिवीका कोड़ियनन् न भेंड़ाबाख्रा न गोरु न गदाहा।
कसोगरिभन्ये तिनिहरु आफ्ना पशुहरु र आफ्ना डेरा समेत् चढ़ि आउंद ५
थिये अं गन्तांमां सलहहरु जस्तै पसि आउंद थिये तिनिहरु र तिनिहरुका
ऊंटहरु बिहिसाप् थिये. अनि देस् उजार्नुलाइ भित्र पस्थे। अनि मिद्यान्को ६
कारणले इस्राएल् रुखौयो त इस्राएल्बंशीहरुले यहूवेको दोहाई गर्थे॥

अनि येसो भयो जब मिद्यान्को कारणले इस्राएल्बंशीहरुले ७
यहूवेको दोहाई गर्थे तब यहूवेले इस्राएल्बंशीहरु थांइ येउटा ८
अगमवक्तालाइ पठाइ दियो. अनि त्येस्ले तिनिहरुलाइ भन्यो इस्राएल्को
ईश्वर् यहूवेले येसो भन्द कु मंचइंले तिमिहरुलाइ मिस्र देखि निकालि
ल्यायें अनि तिमिहरुलाइ बन्धुवाईको घर् देखि यहां ल्यायें अनि ९
मैंले तिमिहरुलाइ मिस्रीहरुको हात् देखि र तिमिहरुलाइ मीचेईं
गर्नेहरु सबैको हात् देखि कोड़ायें अनि तिनिहरुलाइ तिमिहरुको सांमु
देखि धपाइ दियें अनि तिमिहरुलाइ तिनिहरुको देस् दियें. अनि १०
मैंले तिमिहरुलाइ भन्यें मं यहूवे तिमिहरुको ईश्वर् हुं जुन् एमोरीहरुको
देस्मां तिमिहरु बस्द कौ तिनिहरुका देवताहरुको भय् न मान भनि. तर
तिमिहरुले मेरो शब्द सुन्यौन॥

अनि यहूवेको दूत् आयेर अब्रीएजरी योआश्लाइ पर्ने ओप्रामां ११
भयेको बांज्वृक्ष मुनि बस्यो. अनि योआश्को कोरो गिदोन् कोल्मां गहूं
झार्द थियो मिद्यानीहरु देखि लुकाउंनु भन्येर। अनि यहूवेको दूतले त्येस्कां १२
देखाहा पर्थ्येर त्येस्लाइ हे महाबीर् यहूवे तं सङ कु भन्येर र भन्यो। त १३
गिदोन्ले उस्लाइ भन्यो यहूवे हांमिहरु सङ कु भन्ये त हे मेरा प्रभु यो सबै
किन हांमिहरु मांथि पर्थ्येको कु. अनि उस्का सबै आश्चर्य्यकर्म्महरु जुन्हरुको
बिषय्मां हांमिहरुका पित्रहरुले को मिस्र देखि यहूवेले हांमिहरुलाइ
निकालि ल्यायेन भन्येर हांमिहरुलाइ सुनायेका थिये ति कता हुन्. तर
अब ता यहूवेले हांमिहरुलाइ कोड़ियको कु अनि हांमिहरुलाइ मिद्यान्को
हातमां सुम्पि दियेको कु। तब यहूवेले त्यो तिर फर्क्येर भन्यो तेंले येह १४
तेरो प्रतापमां गयेर इस्राएल्लाइ मिद्यान्को हात् देखि कोड़ा. को मैंले
तंलाइ पठायेको कुईंन। अनि गिदोन्ले उस्लाइ भन्यो हे प्रभु मं कसोगरि १५
इस्राएल्लाइ कोड़ाउंकु हेर्नु हवस्. मेरो फेट् मनश्येमां सबै भन्दा नीच्
अनि मं चइं आफ्नु बाबुको जहान्मां सबै भन्दा सांनु कु। अनि यहूवेले १६
त्येस्लाइ भन्यो निस्से मं तं सङ हुंकु अनि तेंले मिद्यानीहरुलाइ येउटा
मान्छेलाइ झैं मार्कुस्। अनि त्येस्ले उस्लाइ भन्यो अब मं मांथि तपांइको १७
अनुग्रह् भयो भन्ये देखि खुद् तपांइले मं सङ कुरा गर्नु हुंद कु भन्ये चिंनु
मंलाइ देखाउंनु हवस्। मं बिन्ति गर्द कु मैंले तपांइ थांइ आयेर आफ्नु १८

सौगात् ल्यायेर तपांइको सांमु न राखुंज्याल् सम्म यहां देखि हिंड़ि न जांनु
१९ हवस्। त उस्ले भन्यो तं फर्कि न आउंज्याल् सम्म मं पर्खि बस्छु। त
गिदोन्ले भित्र पस्येर पाठो काठ्येर तियार् पाऱ्यो अनि अन्नको एक् एपा
अखमीरे फुलौरो. त्येस्ले मांसु चइं डालोमां झोल् चइं येउटा भाड़ामां हाल्येर
२० उ थांइ बांज्वृक्षे मुनि ल्यायेर चढ़ाइ दियो। अनि ईश्वर्को दूत्ले त्येस्लाइ
भन्यो मांसु र अखमीरे फुलौरो लियेर येस् पहरा मांथि राख् अनि झोल्
२१ चइं खन्याइ दे। त त्येस्ले त्येसै गऱ्यो। तब यह्वेको दूत्ले आफ्नु हात्मां
भयेको टेक्ने लउरोको टुप्पा पसाऱ्येर मांसु र अखमीरे फुलौरो छोयो तब
पहरा देखि आगोले बलि उठ्येर मांसु र अखमीरे फुलौरो खाइ हाल्यो
२२ अनि यह्वेको दूत् त्येस्का आंखाको सांमु देखि गइ गयो। अनि गिदोन्ले
उ यह्वेको दूत् हो रछ भनि थाहा पायो त गिदोन्ले भन्यो हाय् मेरा
२३ प्रभु यह्वे किनभन्ये मैंले यह्वेको दूत्लाइ सांमु सांमु देख्येको छु। अनि
२४ यह्वेले त्येस्लाइ भन्यो तं सङ कुशल् हवस् न डरा. मंर्दैनस्। तब गिदोन्ले
यह्वेको लागि वहां येउटा बेदि बनायो अनि त्येस्को नांउ यह्वे शालोम्[1]
राख्यो. आजु सम्म ऐले पनि अबीएजेर्बंशीहरुको ओप्रामां छ॥

२५ अनि येसो भयो त्येइ रात् यह्वेले त्येस्लाइ भन्यो आफ्नु बाबुको
बहर् अं सात् बर्ष भयेको दोस्रो बहर् लियेर बाल्को थान् जो तेरो बाबुको
हो भत्काइ दे अनि त्यो छेउ भयेको अशेरा भनींने मूर्त्ति काटि दे.
२६ वहांदेखि त्येस् गड़िको थाप्लिमां बिधि अन्सार् आफ्नु ईश्वर् यह्वेको लागि
बेदि बना वहांदेखि दोस्रो बहर् लियेर तैंले काट्येको अशेराको दाउराले
२७ होम्बलि चढ़ा। तब गिदोन्ले आफ्ना चाकरेहरुमांका दस् जनालाइ
लियेर यह्वेले त्येस्लाइ भन्येको अन्सार् गऱ्यो. अनि येसो भयो त्यो
आफ्नु बाबुको जहान् र त्येस् सहर्का मान्छेहरु देखि डराउंद थियो
२८ येस्कारण् यो काम् त्येस्ले दिउंसो गर्नु सक्येन त राति गऱ्यो। अनि त्येस्
सहर्का मान्छेहरु बिहान सखारै उठ्ये त हेर बाल्को थान् भत्काईयेको अनि
त्यो छेउ भयेको अशेरा काटि दिईयेको रछ अनि बनाईयेको बेदिमां दोस्रो
२९ बहर् चढ़ाईयेको रछ। तब तिनिहरुले आपस्तमां भन्ये यो काम् गर्ने को
हो। अनि सोध्साध् गर्दा यो काम् गर्ने चइं योआश्को छोरो गिदोन् हो
३० भनीयो। तब त्येस् सहर्का मान्छेहरुले योआश्लाइ भन्ये आफ्नु छोरोलाइ
निकालि ल्याउ र त्यो मांरीओस् किनभन्ये त्येस्ले बाल्को थान् भत्काइ
३१ दियो अनि त्यो छेउ भयेको अशेरा पनि काटि दियो। तब योआश्ले
आफ्नु बिरुद्धमां उभीयेका सबै जनालाइ भन्यो क्ये तिमिहरुचइंले
बाल्को लागि झगरा उठाउंछौ. कि क्ये तिमिहरुचइंले त्येस्लाइ बचाउंछौ.
जस्ले त्येस्को लागि झगरा उठाउंछ त्यो बिहान् सम्ममां मांरीओस्. त्यो
देव्ता हो रछ भन्ये देखि त आफ्नु लागि आफैले झगरा उठावस् किनभन्ये

[1] अर्थात् यह्वे कुशल् हो।

कसैले त्येस्को थान् भत्काइ दियेको छ । येस्कारण् त्येसै दिन् त्येस्ले बाल्ले ३२
त्येस्को बिरुद्ध झगरा उठावस् किनभन्ये त्येस्ले त्येस्को थान् भत्काइ दियेको
छ भन्येर त्येस्को नांउ यरुब्बाल्[१] राख्यो ॥

तब सबै मिद्यानीहरु र अमालेकीहरु र पूर्वबंशीहरु आपस्तमां भेला ३३
भये अनि तिनिहरुले तर्येर यिज्रेल्को तरिमां डेरा हाल्ये । तर यहूवेको ३४
आत्मा गिदोन्मां पहिल्याईयो अनि त्येस्ले तुरही बजायो वहांदेखि
अबीएजेर् त्येस्को पछि पछि आइ भेला भयो । अनि त्येस्ले दूतहरुलाइ सबै ३५
मनश्शेमां पठायो त तिनिहरु पनि त्येस्को पछि पछि आइ भेला भये . अनि
त्येस्ले दूतहरुलाइ आशेर् जबूलून् र नप्तालीसम्म पठायो अनि तिनिहरु
तिनिहरुलाइ भेट्नु चढि आये । वहांदेखि गिदोन्ले ईश्वर्लाइ भन्यो ३६
तपांइले भन्येको अनुसार् मेरो हात् बाटो इस्राएल्लाइ बचाउंनु हुंछ भन्ये
देखि त हेर्नु हवस् मं खलामां कत्र्येको ऊण् राख्छु त शीत् खालि ३७
ऊणमां मांत्रै पर्यो अनि सबै भूइं ओबानो रह्यो भन्ये देखि त येसैमां मं
तपांइले आफुले भन्येको अनुसार् इस्राएल्लाइ मेरो हात् देखि बचाउंनु हुंने
रछ भनि थाहा पाउंछु । अनि त्येसै भयो . कसोगरिभन्ये भोलिपल्टो बिहान ३८
उठेर त्येस्ले त्यो ऊण् निचर्यो अनि ऊण् देखि शीत् अं एक् कटौरा भरि
पानी निमोठि झार्यो । फेरि गिदोन्ले ईश्वर्लाइ भन्यो तपांइको रिस् मं ३९
मांथि न उठोस् त मं खालि यो एक् खेप् मांत्रै बोल्छु . कृपागरि खालि
अरु एक् खेप् मांत्रै ऊण्ले जांचुनु दिंनु हवस् अर्थात् अब खालि ऊण्
मांत्रै ओबानो रहोस् अनि सबै भूंइमां चइं शीत् परोस् । त ईश्वर्ले त्येस् ४०
रात् त्येसै गर्यो . कसोगरिभन्ये ऊण् भन्ये ओबानो थियो अनि सबै भूंइमां
शीत् चइं पर्येको थियो ॥

तब यरुब्बाल्ले जो गिदोन् हो अनि त्यो सङ भयेका सबै लोगले ७ १
हरोद्को जरुवा पानी निर डेरा हाल्ये . अनि मिद्यानीहरुको चइं छाउंनी
तिनिहरुको उत्तर् पट्टि मोरे भनींने पहाड्को छेउ तरिमां थियो ॥

अनि यहूवेले गिदोन्लाइ भन्यो मिद्यानीहरुलाइ तिनका हातमां २
पारि दिंनुलाइ तं सङ भयेका मान्छेहरु मेरो लागि बिग्रै धेर् छन् होइन भन्ये
ता इस्राएल्ले मेरै हात्ले मंलाइ बचायो भन्येर मेरो बिरुद्धमां अहंकार्
गर्छ । येस्कारण् अब गयेर जो जो डराउंने र कांम्नेहरु छन् तिनिहरु ३
फर्क्यर गिलाद् डांड़ा देखि हिंड़ि जाउन् भनि लोगका कानमां उर्दी सुना ।
त लोग्मांका बाईस् हजार् जना फर्कि गये अनि दस् हजार् जना रह्ये ॥

फेरि यहूवेले गिदोन्लाइ भन्यो अझै पनि मान्छेहरु धेरै छन् ४
तिनिहरुलाइ खलामां लैजा त मं तिनिहरुलाइ वहां तेरो लागि जांचि
दिंछु . त येसो हुंछ जस्को बिषयमां मं तंलाइ भन्छु यो तं सङ जांछ भनि त
त्यो चइं तं सङ जावस् . तर जस् जस्को बिषयमां मं तंलाइ भन्छु यो तं सङ

[१] अर्थात् बाल्ले झगरा उठावस् ।

५ जांदैन भनि त त्यो चइं न जावस् । त त्येस्ले लोगलाइ खोलामां लग्यो . अनि
यहवेले गिदोन्लाइ भन्यो जस् जस्ले पानी कुकुर्ले झैं चप्ल्याक् चप्ल्याक्
गरि खांकुन् त्येस्ताहरुलाइ अलग् राख् अनि जस् जस्ले घुंड़ा टेकेर निउंरि
६ खांकुन् त्येस्ताहरुलाइ पनि अलग् राख् । त जस् जस्ले आफ्ना हात् मुखमां
लगि चप्ल्याक् चप्ल्याक् गरि खांद थिये त्येस्ताहरु तीन् सै जना थिये .
७ तर रहल् सबै मान्छेहरु चइं पानी खांनुलाइ घुंड़ा टेकि निउंर्ये । तब
यहवेले गिदोन्लाइ भन्यो मं चप्ल्याक् चप्ल्याक् गरि पानी खांने तीन्
सै जनाको बाटोले तिमिहरुलाइ बचाउंकु अनि मिद्यानीहरुलाइ तेरो
हातमां सुम्पि दिंकु . अनि अरु सबै लोग् आफ्नु आफ्नु ठांउमां फर्कि
८ जाउन् । त लोगले आफ्ना आफ्ना हातमां खांने सादाम् र आफ्नु
आफ्नु तुरही लिये . अनि त्येस्ले इस्राएल्का अरु सबै मान्छेहरु जनंगेलाइ
आफ्ना आफ्ना पालमां फर्काइ पठायो तर ति तीन् सै जनाचइंलाइ
राख्यो . अनि मिद्यान्को छाउंनी त्येस्को मुनतिर तरिमां थियो ॥
९ अनि येसो भयो त्यसै रात् यहवेले त्येस्लाइ भन्यो उठेर तं छाउंनीमां
१० उत्रि जा किनभन्ये मैंले त्यो तेरो हातमां पारि दियेको कु । तर तं यैकै जांनु
११ डराउंकस् भन्ये देखि आफ्नु चाकरे पूरालाइ साथ लियेर छाउंनीमां उत्रि
जा . अनि तिनिहरुले के भन्छन् सुन् त्येस् पछि तेरा हात् छाउंनीमां उत्रि
जांनुलाइ बलियो तुल्याईंछन् । तब त्यो आफ्नु चाकरे पूरा सङ छाउंनीमां
भयेका हतियार् भिर्येका मान्छेहरु भयेको ठांउको पल्लो छेउ सम्म उत्रि गयो ।
१२ अनि मिद्यानीहरु र अमालेकीहरु र पूर्वबंशीहरु गन्तिमां सलहहरु झैं
तरिमां थुप्रि रह्येका थिये अनि तिनिहरुका ऊंटहरु समुन्द्रको तीरको
१३ बालुवा जत्तिकै गन्तिमां बिहिसाप् थिये । अनि गिदोन् गइ पुग्येको बेलामां
हेर येउटा मान्छेले आफ्नु साथीलाइ सपना कहंद रछ हेर मैंले सपना
देख्यें त हेर जउको येउटा रोटी मिद्यान्को छाउंनीमां लड़ि आयो अनि
पालमां लड़ि आयेर त्यो ढलुंज्याल् सम्म त्येस् मांथि हानीयो वहांदेखि
१४ पाल् उत्तानो पर्नज्याल् सम्म उल्टाइ दियो भन्येर भन्दै रछ । तब त्येस्को
साथीचइंले उत्तर् दिइ भन्यो यो इस्राएल्को पुरुष योआशको छोरो
गिदोन्को तरवार् बाहिक् अरु केइ होइन ईश्वर्ले मिद्यान्लाइ सबै
छाउंनी समेत् त्येस्को हातमां पारि दिये छ ॥
१५ अनि येसो भयो जब गिदोन्ले सपना कह्येको र त्येस्को अर्थ सुन्यो तब
दण्डवत् गर्यो अनि इस्राएल्को छाउंनीमां फर्कि आयेर लोगलाइ भन्यो
उठ किनभन्ये यहवेले मिद्यान्को छाउंनीलाइ तिमिहरुको हातमां सुम्पि
१६ दियेको छ । वहांदेखि त्येस्ले ति तीन् सै जनालाइ तीन् गठ्ठामां कुटायो
अनि सबैको हात् हातमां तुरही र रित्तो गाग्रो अनि गाग्रो भित्र रांको
१७ राखि दियो । अनि त्येस्ले तिनिहरुलाइ भन्यो मंलाइ हेर अनि मैंले गर्ये
झैं गर . अनि हेर मं छाउंनीको पल्लो पट्टि सम्म पुग्दा येसो हवस् जसो
१८ मं गर्कु त्येसे तिमिहरुले पनि गर । मैंले र मं सङ भयेका सबैले तुरही

बजाउंदा तिमिहरुले पनि सबै क्राउंनीका चारै तिर तुरही बजाव अनि यहूवे र गिदोन्को लागि भन्यैर करावू ॥

त गिदोन् र त्यो सउ भयेका एक् सै जना दोस्रो पहरको थाल्नुमां १९
तिनिहरुले भर्खर् पहरा बसालि सक्दा क्राउंनीको पल्लो छेउमां गइ पुग्यो.
अनि तिनिहरुले तुरही बजाये अनि आफ्नु आफ्नु हातमां भयेका
गाग्राहरु फोर्ये। अनि ति तीन् गट्ठाले तुरही बजाये अनि गाग्राहरु २०
फुटाये अनि आफ्नु आफ्नु बांउ हातमां रांकाहरु अनि आफ्नु आफ्नु
दाहीनो हातमां बजाउंनुको लागि तुरहीहरु लिये. अनि तिनिहरु
यहूवेको लागि तरवार् र गिदोन्को लागि भनि कराये। वहांदेखि २१
तिनिहरु जनंगे आफ्नु आफ्नु ठांउमां क्राउंनीको रिंगै उभीये. वहांदेखि
सबै सेना दुगुर्ये अनि तिनिहरुले कराउंदै भगाये। त तिनिहरुले ति तीन् २२
सै तुरही बजाये अनि यहूवेले जनंगेको तरवार् आफ्नु आफ्नै साथीहरु
मांथि र सबै सेनाहरु मांथि चलाउंनु लगायो. तब सेनाहरु सरेरा तिर
भयेको बेत्शित्ता सम्म अं तब्बात् निर भयेको आबेल्महोलाको सिमाना
सम्म भाग्ये। अनि इस्राएल्का मान्छेहरुले नप्ताली र आशेर् र सबै मनश्शे २३
देखि भेला भयेर मिद्यान्लाइ खेद्ये। अनि गिदोन्ले एप्रैम्को सबै पहाड़े २४
देस्मां येसो भनिकन दूत्हरुलाइ पठायो मिद्यान्को बिरुद्धमां आइ लाग
अनि तिनिहरुको बेत्बरा अं यर्दन् सम्म पानी थुनि देव। त एप्रैम्का
सबै मान्छेहरुले भेला भइ बेत्बरामां अं यर्दन् सम्म पानी थुनि दिये।
अनि तिनिहरुले मिद्यान्का दुइ जना मालिक् ओरेब् र जएब्लाइ समात्ये २५
अनि तिनिहरुले ओरेब्चइंलाइ ओरेब् भनींने पहरामां मांर्ये अनि
जएब्चइंलाइ जएब्को कोल्मां मांर्ये वहांदेखि मिद्यान्लाइ खेद्ये. अनि
तिनिहरुले ओरेब् र जएब्का सिर्हरु गिदोन् यांइ यर्दन् वारि ल्याये ॥

अब एप्रैम्का मान्छेहरुले त्येस्लाइ भन्ये तिमिले किन हांमिहरु ८ १
सित येसो गर्यौ अर्थात् तिमि मिद्यान् सित लड़ाईं गर्नु जांदा हांमिहरु-
लाइ किन बोलायौन। अनि तिनिहरु त्यो सित साह्रो गरि बाझ्यो। त त्येस्ले २
तिनिहरुलाइ भन्यो आफुहरुले जति अब मैंले को गर्यें र. को एप्रैम्को
दाख्को सीला अबिएजेर्को बटुलाई भन्दा जाति छैन। ईश्वरले आफुहरुको ३
हातमां मिद्यान्का मालिकहरु ओरेब् र जएब्लाइ सुम्पि दियो. त मैंले
आफुहरु जति को गर्नु सकद थियें। त त्येस्ले त्यो कुरो भन्येकोमां तिनिहरुको
त्येस्को बिरुद्धको रिस् मंर्यो। अनि गिदोन् यर्दन् सम्म पुग्यो अनि त्यो ४
र त्यो सउ भयेका तीन् सै जना थाकित भयेका थिये र पनि खेद्दै खेद्दै
पारि तरि गये। अनि त्येस्ले सुक्कोत्का मान्छेहरुलाइ भन्यो कृपागरि मेरो ५
पछि पछि आउंने लोगुलाइ रोटी दिंनु हवस् किनभन्ये तिनिहरु थाकेका
छन् अनि मं मिद्यान्का राजाहरु जेबह् र सल्मुन्नालाइ खेद्दै छु। त सुक्कोत्का ६
मालिकहरुले भन्ये को जेबह् र सल्मुन्ना ऐले तिम्रो तावामां आइ सक्ये र
हांमिहरु तिम्रा पल्टनलाइ रोटी दिऊं। तब गिदोन्ले भन्यो येस्कारण जब ७

यहवेले जेबह् र सल्मुन्नालाइ मेरो हात्मां पारि देला तब मं तिमिहरुको
८ जौउलाइ बन्को कांड़ाले र लोहोंड़ेको काड़ाले दाउंकु। वहांदेखि
त्यो त्यहां बाटो पनूएल्मां चढ़ि गयो अनि तिनिहरुलाइ पनि त्येसै भन्यो.
त पनूएल्का मान्छेहरुले पनि त्येस्लाइ सुक्कोत्का मान्छेहरुले भैं उत्तर् दिये।
९ तब त्येस्ले पनूएल्का मान्छेहरुलाइ पनि येसो भन्यो कुशलमां फर्कि आउंदा
यो धरारा भत्काइ दिंकु॥

१० अब जेबह् र सल्मुन्ना कर्कोर्मां थिये अनि तिनिहरु सङ तिनिहरुका
सेनाहरु पन्द्रह् हजार् जना जति पूर्वबंशीहरुको सिंगै सेनामां सबै बांचि
रह्येका थिये. कसोगरिभन्ये तरवार् झिक्नेहरु एक् लाख् र बीस् हजार्
११ जना लड़ेका थिये। अनि गिदोन् नोबह् र योगबहाको पूब तिर पाल्मां
बस्नेहरुको बाटो बाड़ा चढ़ि गयेर सेनालाइ मांच्यो कसोगरिभन्ये सेना
१२ निश्चिन्त थियो। अनि जेबह् र सल्मुन्ना भाग्ये तर त्येस्ले तिनिहरुलाइ
पछि पछि खेद्यो अनि त्येस्ले मिद्यानका ति दुइ जना राजाहरु जेबह् र
१३ सल्मुन्नालाइ समात्येर सबै सेनालाइ तर्साइ दियो। वहांदेखि योआशको
१४ छोरो गिदोन् संग्राम् देखि हेरेस्को उकालि देखि फर्कि आयो। अनि
सुक्कोत्का मान्छेहरुमांको येउटा तन्हेरिलाइ समात्येर त्येस्लाइ सोध्यो. त
त्येस्ले त्येस्को लागि सुक्कोत्का मालिकहरु र त्येस्का प्राचीनहरु सत्हत्तर्
१५ जना लेखाइ दियो। त सुक्कोत्का मान्छेहरु थांइ पुग्येर तिनिहरुलाइ
जुन् जेबह् र सल्मुन्नाको बिषयमां तिमिहरुले को जेबह् र सल्मुन्ना ऐले
तिम्रो ताबिमां आइ सक्ये र हांमिहरु तिम्रा थाकेका मान्छेहरुलाइ
१६ रोटी दिऊं भन्येर मेरो निन्दा गर्येका थियौ भन्येर भन्यो। त त्येस्ले त्येस्
सहरका प्राचीनहरुलाइ लिइ बन्का कांड़ाहरु र लोहोंड़िका कांड़ाहरु
१७ लियेर तिनले सुक्कोत्का मान्छेहरुलाइ दायो। अनि त्येस्ले पनूएल्को धरारा
१८ पनि भत्काइ दियो अनि त्येस् सहरका मान्छेहरुलाइ मांरि दियो। अनि
त्येस्ले जेबह् र सल्मुन्नालाइ तिमिहरुले ताबोर्मां मांर्येका मान्छेहरु को
रकमका मान्छेहरु थिये भन्यो। तब तिनिहरुले जस्ता आफु त्येस्ते तिनिहरु
१९ पनि जनंगे राजकुमारहरु जस्ते थिये भनि उत्तर् दिये। त त्येस्ले भन्यो
तिनिहरु मेरा साक्वै दाज्युभाईहरु थिये अं मेरी आंमाका छोराहरु. यहवे
जी रह्येको भैं तिमिहरुले तिनिहरुलाइ जीउंदा बचायेका हुंदा हौ त मं
२० तिमिहरुलाइ मार्ने थिइँन। वहांदेखि त्येस्ले आफ्नु जेठो छोरो येतेर्लाइ
उठ् तिनिहरुलाइ काट् भन्यो। तर त्यो केटाले आफ्नु तरवार् झिक्येन.
२१ किनभन्ये त्यो डरायो किनभन्ये ऐले केटै थियो। तब जेबह् र सल्मुन्नाले
भन्ये उठेर आफै हांमिहरु मांथि आइ लाग्नु हवस् किनभन्ये जस्तो
मान्छे त्येस्तो त्येस्को बल्। त गिदोन्ले उठेर जेबह् र सल्मुन्नालाइ
काट्यो अनि तिनका ऊंटहरुका गलामां भयेका गहनाहरु फुकालि लियो॥

२२ तब इस्राएल्का मान्छेहरुले गिदोन्लाइ भन्ये आफुले हांमिहरु
मांथि प्रभुतेइँ गर्नु हवस् अं आफुले र आफुको छोरोले र आफुको छोरोको

क्रोरोले पनि. किनभन्ये आफुले हांमिहरुलाइ मिद्यान्को हात् देखि
बचाउंनु भयो। त गिदोन्ले तिनिहरुलाइ भन्यो मं तिमिहरु मांथि २३
प्रभुतेइं गर्दीन अनि न मेरो क्रोरोले तिमिहरु मांथि प्रभुतेइं गर्छ.
यहवेलेनै तिमिहरु मांथि प्रभुतेइं गर्छ। फेरि गिदोन्ले तिनिहरुलाइ २४
भन्यो मं तिमिहरु सित यो मांगद छु अर्थात् तिमिहरु जनंगेले आफ्नु आफ्नु
लूट्मांको नत्थ चइं मंलाइ देव। (किनभन्ये तिनिहरुकां सुन्का नत्थ
थिये कषोगरिभन्ये तिनिहरु इश्माएलीहरु थिये।) त तिनिहरुले हांमिहरु २५
खुशि सित दिंछौं भनि उत्तर् दिये। वहांदेखि तिनिहरुले येउटा लुगा
ओछ्यायेर जनंगेले आफ्नु आफ्नु लूट्का नत्थ त्येस्मां हालि दिये। अनि २६
त्येस्ले मांग्येका ति सुन्का नत्थहरु जोखाईमां एक् हजार् र सात् सै सुन्का
शेकेल् थिये त्येस् उप्रान्त गलाका गहना र कानका गहना र मिद्यान्का
राजाहरुले लाउंने बैगुने रङ्गका बस्त्र अनि त्येस् उप्रान्त तिनिहरुका ऊंट्का
गलाका सिक्रिहरु पनि। त गिदोन्ले तिनको येउटा एपोद् बनायेर आफ्नु २७
सहर् अं ओप्रामां राख्यो. अनि सिंगे इस्राएल् व्यभिचारीहरु झैं वहां त्यो
पछि लाग्ये. अनि त्यो चइं गिदोन् र त्येस्को घर्को लागि पासो भइ गयो।
येसोरि मिद्यान् इस्राएलवंशीहरुको ताबिमां पर्ये त्येस् पछि तिनिहरुले २८
फेरि फेरि आफ्नु सिर् उठाउंनु सक्येनन्। अनि गिदोन्को पालामां देखि
चालीस् बर्ष सम्म बिश्राम् पायो॥

अनि योआशको क्रोरो यरुब्बाल् गयेर आफ्नु घर्मां बस्नु लाग्यो। २९
अनि गिदोन्को कम्मर् देखि जन्म्येका सत्तरि भाई क्रोराहरु थिये. ३०
कषोगरिभन्ये त्येस्को स्वास्नीहरु धेरैवटी थिइन्। अनि त्येस्को येउटी शकेम्मां ३१
रहंने रखैलीले पनि येउटा क्रोरो जन्माई अनि त्येस्ले त्येस्को नांउ अबीमेलेक्
राख्यो। अनि योआशको क्रोरो गिदोन् पूरो बूढेमकालमां मर्यो अनि ३२
आफ्नु बाबु योआशको चिहानमां अबीएज्रीहरुको ओप्रामां गाड़ीयो॥

अनि येसो भयो गिदोन् मर्नु बित्तिकै इस्राएलवंशीहरुले फर्केर ३३
व्यभिचारीहरु झैं बाल् देवताहरु पछि लाग्ये अनि बालबरीतचइंलाइ
आफ्नु देवता तुल्याये। अनि इस्राएलवंशीहरुले आफ्ना चारै पट्टिका सबै ३४
सत्तरहरुका हात् देखि बचाउंने आफ्नु ईश्वर् यहवेलाइ सम्झेननन्. अनि ३५
न यरुब्बाल् अर्थात् गिदोन्को जहान् मांथि त्येस्ले इस्राएल् मांथि गर्येको
सबै भलाई अनुसार् कृपा गर्ये॥

(अबीमेलेक्को बिषय्)

अनि यरुब्बालको क्रोरो अबीमेलेक् आफ्नी आंमाका दाजुभाईहरु ९ १
पांइ शकेम्मां गयो अनि तिनिहरुलाइ र आफ्नी आंमाको बाबुको घर्को
सिंगे जहान्लाइ येसो भन्यो कृपागरि शकेम्का मान्छेहरुका कानमां २
येसो भन तिमिहरुलाइ को जाति लागछ यरुब्बालका सबै सत्तरै जना
क्रोराहरुले तिमिहरु मांथि प्रभुतेइं गरुन् कि एक् जनाले मांत्रै प्रभुतेइं गरोस्.

३ अनि मं चइं ता तिमिहरुको हाड् मांसु हुं भनि सम्झना राख। अनि त्येस्को
आंमाका दाज्युभाईहरुले त्येस्को विषयमां ति सबै कुरा शकेम्का मान्छेहरुका
कानमां भनि दिये. त तिनिहरुका मन् अबीमेलेक् पट्टि लाग्ये किनभन्ये
४ तिनिहरुले त्यो हांमिहरुको भाई हो भन्ये। वहांदेखि तिनिहरुले त्येस्लाइ
बालबरीत्को मन्दिर् देखि सत्तरि टुक्रा चांदी दिये जस्ले अबीमेलेक्ले
कत्ति जना बजारू र बराल्सींगेहरुलाइ रुपिया दियेर आफ्नु पछि पछि
५ लग्यो। वहांदेखि आफ्नु बाबुको घरमां ओप्रामां गयेर आफ्ना दाजुभाई
यरुब्बाल्का सत्तरि जना छोराहरुलाइ येउटै ढुंगामां काट्यो. तर यरुब्बाल्को
कान्छो चइं छोरो योताम् बांच्यो कसोगरिभन्ये त्यो लुक्यो॥
६ तब शकेम्का सबै मान्छेहरु र मिल्लोको सबै जहान्ले भेला भयेर
शकेम्मां भयेको सुड्का छेउको बजरांट् निर गयेर अबीमेलेक्लाइ राजा
७ तुल्याये। वहांदेखि जसै योताम्लाइ यो कुरो भनीयो तब त्यो गयेर
गरिज्जीम् डांड़ाको थाप्निमां चढ़ेर उभीयो अनि आफ्नु शब्द उचालि
कराएर तिनिहरुलाइ येसो भन्यो हे शकेम्का मान्छेहरु हो मेरो सुन र
८ ईश्वर्ले तिमिहरुको सुनोस्। उइले उइले आफु मांथि राजभिषेक् गराउंनुलाइ
रुख्हरु निकल्ये वहांदेखि तिनिहरुले भट्राक्षेको रुख्लाइ भन्ये हांमिहरु
९ मांथि राज् गर। तर भट्राक्षेले तिनिहरुलाइ भन्यो के मं तिनिहरुले
ईश्वरलाइ र मान्छेहरुलाइ पनि मान् दिंने आफ्नु बोसो छोड़ेर रुख्हरु
१० मांथि हल्लीनुलाइ जांउ। अनि रुख्हरुले नेभाराको रुख्लाइ तिमिले आयेर
११ हांमिहरु मांथि राज् गर भन्ये। तर नेभाराले तिनिहरुलाइ भन्यो के मं
आफ्नु मीठो र आफ्नु अस्सल् फल् छोड़ेर रुख्हरु मांथि हल्लीनुलाइ जांउ।
१२ अनि रुख्हरुले दाख्लाइ तिमिले आयेर हांमिहरु मांथि राज् गर भन्ये।
१३ अनि दाख्ले तिनिहरुलाइ भन्यो के मं ईश्वर् र मान्छेलाइ खुशि गराउंने
१४ आफ्नु रस् छोड़ेर रुख्हरु मांथि हल्लीनुलाइ जांउ। तब सबै रुख्हरुले
लोहोंड़िको कांड़ाको बोट्लाइ तिमिले आयेर हांमिहरु मांथि राज् गर भन्ये।
१५ तब लोहोंड़िको कांड़ाले रुख्हरुलाइ भन्यो सांचिने तिमिहरुले मलाइ आफु
मांथि राजभिषेक् गर्ने हो भन्ये देखि आयेर मेरो छांयामां शरण् लेव.
होइन भन्ये ता लोहोंड़े कांड़ा बाटो आगोले निकल्येर लब्बानोन्को
१६ देव्दारुलाइ खाइ हाल्छ। त अब तिमिहरुले सांचो र सोजो बेहोरा गरि
अबीमेलेक्लाइ राजा तुल्यायेका छौ अनि यरुब्बाल् र त्येस्को घर् सित
जाति बेहोरा गर्येका छौ अनि त्येस्लाइ त्येस्को हातको प्रतिफल् दियेका छौ
१७ भन्ये देखि (कसोगरिभन्ये मेरो बाबुले तिमिहरुको लागि आफ्नु जीवन्
मरण् सम्मको जोखिममां हालि लड़ाईं गर्यो अनि तिमिहरुलाइ
१८ मिद्यान्को हात् देखि बचायो. अनि तिमिहरुले आजुको दिन् मेरो बाबुको
घरको विरुद्धमां उठेर त्येस्का सत्तरि भाई छोराहरुलाइ येउटै ढुंगामां
मार्येका छौ अनि त्येस्की कमारीको छोरो अबीमेलेक्लाइ जो तिमिहरुको
भाई भयेको कारण्ले शकेम्का मान्छेहरु मांथि राजा तुल्यायेका छौ.)

अनि आजुको दिन् तिमिहरुले सांचो र सोजो बेहोरा गर्येका छौ भन्ये १९
देखि त अबीमेलेक्मां रमाहट् गर्नु अनि त्यस्ले पनि तिमिहरुमां रमाहट्
गरोस्. तर त्येसो ता भयेको छैन भन्ये देखि आगो अबीमेलेक् देखि २०
निस्कोस् अनि शकेम्का मान्छेहरु र मिल्लोको जहान्लाइ खाइ हालोस्
अनि शकेम्का मान्छेहरु र मिल्लोको जहान् देखि आगो निस्कोस् अनि
अबीमेलेक्लाइ खाइ हालोस्। यहांदेखि योताम् दुगुर्दै भागि गयेर बेर्मां २१
पुग्यो अनि आफ्नु दाज्यु अबीमेलेक्को डर्ले उहीं बस्यो॥

त अबीमेलेक् तीन् वर्ष सम्म इस्राएल् मांथि मालिक् भइ रह्यो। २२
अनि ईश्वर्ले अबीमेलेक् र शकेम्का मान्छेहरुको बीच्मां दुष्ट आत्मा २३
पठाइ दियो त शकेम्का मान्छेहरुले अबीमेलेक् सित छल् गर्ये.
यरुब्बाल्का सत्तरि भाई छोराहरु मांथि गरीयेको उपद्रैं आवस् अनि २४
तिनको रगत् तिनिहरुलाइ मार्ने तिनिहरुको भाई अबीमेलेक्को र त्येस्का
दाज्युहरुलाइ मार्नुको लागि हात् बल्लियो गराउंने शकेम्का मान्छेहरुको
थाप्नो मांथि परोस् भन्येर। तब शकेम्का मान्छेहरुले त्येस्लाइ मार्नुको लागि २५
डांड़ाहरुका थाप्नि थाप्निमां ढुकुवाहरुलाइ बसाल्ये जस्ले त्यो बाटो बाड़ो
हिंड़्नेहरु सबैलाइ लूट्द थिये. त यो कुरो अबीमेलेक्लाइ सुनाईयो॥

तब एबेद्को छोरो गाल् आफ्ना दाज्युभाईहरु सङ आयेर शकेम्मां २६
उत्र्यो. अनि शकेम्का मान्छेहरुले त्यो मांथि भरोसा राख्ये। त तिनिहरुले २७
बारीमां गयेर आफ्नु आफ्नु दाख् टिप्येर गोड़ाले कुल्च्ये अनि हर्षबड़ाइँ
गर्दै आफ्नु देवताको मन्दिरमां पस्येर खाये पीये अनि अबीमेलेक्लाइ
धिक्कार्नु लाग्ये। तब एबेद्को छोरो गाल्ले भन्यो अबीमेलेक् को हो अनि २८
शकेम् को हो र हांमिहरु त्येस्को चाकरी गरूं. के त्यो यरुब्बाल्को छोरो
होइन. के जबूल् त्येस्को कामदारी होइन. तिमिहरुले शकेम्को बाबु हमोर्का
मान्छेहरुको चाकरी गर्दै छौ. त त्येस्को चाकरी किन गरूं। जाति हुंछ्यो ति २९
लोग् मेरै ताबिमां भये ता. त मं अबीमेलेक्लाइ निकालाबास् गर्न थियें.
त त्येस्ले अबीमेलेक्लाइ भन्यो आफ्नु पल्टन् बढ़ायेर निस्कि आ। जसै ३०
सहर्को मालिक् जबूल्ले एबेद्को छोरो गाल्का यि कुरा सुन्यो तब त्येस्को
रिस् उठ्यो। अनि त्येस्ले चंखेइँ सित अबीमेलेक् थांइ दूत्लाइ येसो भनि ३१
पठायो हेर्नु हवस् एबेद्को छोरो गाल् आफ्ना दाज्युभाईहरु समेत् शकेम्मां
आयेको छ अनि हेर्नु हवस् तिनिहरुले सहर्लाइ आफुको बिरुद्धमां
उल्काउंद छन्। त अब राति उठेर आफु र आफु सङ भयेका मान्छेहरु ३२
बनमां ढुकि रहंनु हवस्. अनि येसो हवस् बिहान सखारै घाम् झुल्कनु ३३
बित्तिकै उठेर सहरमां जाइ लागनु. अनि हेर्नु हवस् जसै त्यो र त्यो सङ
भयेका मान्छे आफुको बिरुद्धमां निस्कि आउंनन् तब हात्ले जहां सम्म हुंनु
सक्द छ त्यहां सम्म तिनिहरु सित गर्नु हवस्॥

तब अबीमेलेक् र त्यो सङ भयेका सबै लोग् राति उठेर चार् गट्टा ३४
भयेर शकेम्को सांमु ढुकि रह्ये। तब एबेद्को छोरो गाल् निस्केर सहरको ३५

ढोकाको आघन्मां उभीयो. अनि अबीमेलेक् र त्यो सङ भयेका लोग्
३६ ढुकाई देखि उठ्ये। अनि लोगलाइ देख्येर गाल्ले जबूल्लाइ भन्यो हेर्नु
हवस् डांड़ाहरुको थाप्लि थाप्लि बाटो मान्छेहरु झर्दै छन्। त जबूल्ले
त्येस्लाइ भन्यो आफुले डांड़ाहरुको छांयाहरु मान्छेहरु जस्ता देख्नु हुंद छ।
३७ त गाल्ले फेरि पनि हेर्नु हवस् मान्छेहरु देस्को बीच् बाटो झर्द छन् अनि
एक् गट्ठा चइं मोननीम्को बांज्वृक्षेको बाटो बाड़ो आउंदै छ भन्येर भन्यो।
३८ तब जबूल्ले त्येस्लाइ भन्यो आफुको मुख् कता हो जस्ले अबीमेलेक् को हो
र हांमिहरु त्येस्को चाकरी गरुं भन्येर भन्येको थियो. क्ये त्यो आफुले तुच्छ
जान्येको लोग् येइ होइन. कृपागरि ऐले निस्कि गयेर तिनिहरु सित लड़ाईं
३९ गर। त गाल्ले शकेम्का मान्छेहरुको सांमु देखि बाइर निस्क्येर अबीमेलेक्
४० सित लड़ाईं गर्‍यो। अनि अबीमेलेक्ले त्येस्लाइ लगार्‍यो त त्यो त्येस्को सांमु
देखि भाग्यो अनि ढोकाको आघन् सम्म कत्ति जना घायेल् भइ भइ लड़्ये।
४१ अनि अबीमेलेक्ले अरूमामां बास् गर्‍यो. अनि जबूल्ले गाल्लाइ र त्येस्का
४२ भाईहरुलाइ तिनिहरु शकेम्मां न बसुन् भन्येर धपायो। अनि भोलि पल्टो
येसो भयो लोग् बन्मां निस्कि गये अनि यो कुरो अबीमेलेक्लाइ सुनाईयो।
४३ त त्येस्ले लोगलाइ लियेर तिनलाइ तीन् गट्ठा पार्‍यो अनि त्येस्ले हेर्‍यो त हेर
लोग् सहर् देखि निस्कंदा राछन् त तिनिहरुको बिरुद्धमां उठ्येर तिनिहरुलाइ
४४ मांर्‍यो। वहांदेखि अबीमेलेक् र त्यो सङ भयेका गट्ठाहरु अघि दुगुर्‍येर
सहर्को ढोकाको आघन्मां उभीये. अनि ति अरु दुइ गट्ठा चइंले बन्मां
४५ भयेका सबै मांथि दुगुरि जाइ लाग्येर तिनिहरुलाइ मांर्‍ये। त अबीमेलेक्ले
त्येस् दिन्भरि त्येस् सहर् सित लड़ाईं गर्‍यो वहांदेखि सहर् लियेर त्येस्मां
भयेका सबै लोगलाइ मांर्‍यो. वहांदेखि त्येस्ले सहर् भत्काइ दियो अनि
त्येस्मां नुन् छरि दियो॥

४६ जसै शकेम्को धराराका सबै मान्छेहरुले यो कुरो सुन्ये तब तिनिहरु
४७ एल्बरीत्को घर्को किल्लामां पस्ये। अनि शकेम्का धराराका सबै मान्छेहरु
४८ त्यहां भेला भयेका छन् भनि अबीमेलेक्लाइ सुनाईयो। तब अबीमेलेक् आफु
सड़ भयेका सबै साथीहरु समेत् सल्मोन् डांड़ामां चढ़्यो वहांदेखि अबी-
मेलेक्ले आफ्नु हात्मां बंचरो लियेर रुख्को येउटा हांगा काट्येर त्यो हांगा
आफ्नु कांध्मां हाल्येर बोक्यो. वहांदेखि आफ्ना साथीहरुलाइ भन्यो
४९ जसो मैंले गर्‍येको देख्द छौ त्येसै तिमिहरुले पनि छिटो छिटो गर। तब
सबैले त्येसै गरि जनंगेले आफ्नु आफ्नु लागि हांगा काट्येर अबीमेलेक्लाइ
पछ्याये अनि हांगाहरु किल्लामां थुप्र्यायेर आगो लगाइ किल्ला डड़ाये येसोरि
शकेम्को धराराका सबै मान्छेहरु पनि एक् हजार् जति स्त्री पुरुष् मंर्‍ये॥

५० तब अबीमेलेक् तेबेस्मां गयो अनि तेबेस्को सांमु डेरा हाल्येर त्यो
५१ लियो। तर त्यो सहर् भित्र येउटा बल्लियो किल्ला थियो त सबै स्त्री
पुरुष्हरु र सहर्का सबै मान्छेहरु त्येस्मां भागि पसि गये अनि ढोका
५२ थुन्येर किल्लाको छाना मांथि चढ़्ये। त अबीमेलेक्ले किल्ला सम्म पुग्येर त्यो

षित लड़ाईं गयो अनि किल्लाको ढोकामां आगो सल्काउंनुलाइ आयो ।
तब येउटी आइमाइले जांतोको जंभल्लो पल्यांटोले अबीमेलेक्को थाप्नोमां ५३
हान्येर त्येको खप्पर् फोरि दिई । तब त्येस्ले छिट्टोगरि आफ्नु हतियार् ५४
बोक्नेलाइ बोलायेर त्येस्लाइ भन्यो येउटी आइमाइले त्येस्लाइ मारी भनि
मेरो बिषयमां न भनींनुलाइ आफ्नु तरवार् झिक्येर मंलाइ काट् । त
त्येको तन्हेरिले त्येस्लाइ रोपि दियो अनि त्यो मंयो । अनि जसै इस्राएल्का ५५
मान्छेहरुले अबीमेलेक्लाइ मंयेको देख्ये तब जनंगे आफ्नु आफ्नु ठांउमां
फर्कि गयो । अबीमेलेक्ले आफ्ना सत्तरि जना दाजुभाईहरुलाइ मारिकन ५६
आफ्नु बाबु षित गयेको दुष्टैंको साटो ईश्वर्ले त्येस्लाइ त्येसैगरि फर्काइ
दियो . अनि शकेमका मान्छेहरुको सबै दुष्टैंको साटो ईश्वर्ले तिनिहरुकै ५७
थाप्नोमां फर्काइ दियो . अनि यरुब्बाल्को छोरो योताम्को स्राप् तिनिहरु
मांथि पर्यो ॥

(तोला र याईर्को बिषय्)

अनि अबीमेलेक् पछि इस्साकार्को एक् जना दोदोको छोरो १० १
पूआको छोरो तोला इस्राएल्लाइ बचाउंनुको लागि उठ्यो अनि त्यो चइं
एप्रैम्को पहाड़े देस्को शमीर्मां बस्द थियो । अनि त्यो तेईस् बर्ष सम्म २
इस्राएल्को बिचारी भइ रह्यो तब त्यो मंयो अनि शमीर्मां गाड़ीयो ॥
अनि त्यस् पछि गिलादी याईर् उठ्यो अनि त्यो बाईस् बर्ष सम्म ३
इस्राएल्को बिचारी भइ रह्यो । अनि त्येका तीस् भाई छोराहरु थिये ४
जुन्हरु तीस् गदाहाहरु मांथि चढ़्द थिये अनि तिनका तीस् सहर् थिये जो
आजु सम्म हव्वोत्याईर्[१] भनींद छन् ति सहर् गिलाद्को देसमां छन् । त ५
याईर् मंयो अनि कामोन्मां गाड़ीयो ॥

(यिप्तह्को बिषय्)

अनि इस्राएल्बंशीहरुले जुन् बेहोरा यहवेको सांमु दुष्ट छ त्यो फेरि ६
गये अर्थात् तिनिहरुले बाल् देवताहरु र अश्तारोत् देवताहरु र अराम्का
देवताहरु र सीदोन्का देवताहरु र मोआब्का देवताहरु र अम्मोन्बंशी-
हरुका देवताहरु र पलिश्तीहरुका देवताहरु पूज्ये अनि यहवेलाइ छोड़ि
अनि उस्को सेवा गर्येनन् । तब यहवेको रिस् इस्राएल् मांथि उठ्यो ७
येस्कारण् उस्ले तिनिहरुलाइ पलिश्तीहरुको हातमां र अम्मोन्बंशीहरुको
हातमां बेचि दियो । अनि त्यस् बर्ष तिनिहरुले इस्राएल्बंशीहरुलाइ ८
पेलनु र पिन्न लाग्ये . तिनिहरुले तिनिहरुलाइ गिलाद्मां भयेका
एमोरीहरुको देस्लाइ यर्दन् पारीका सबै इस्राएल्बंशीहरुलाइ समेत्
अठारह् बर्ष सम्म पिन्दे रह्ये । अनि अम्मोन्बंशीहरु यहूदा र बिन्यामीन् ९
र एप्रैम्को घर्को बिरुद्धमां लड़ाईं गर्नुलाइ यर्दन् वारि सम्म आये त

[१] अर्थात् याईर्का सहर्हरु ।

१० इस्राएल् ओधि कष्टमां पर्‍यो। तब इस्राएलवंशीहरुले येसो भनिकन यहूवेको दोहाई गर्‍ये हांमिहरुले तपांइको विरुद्धमां पाप् गर्‍येका छौं
११ कसोगरिभन्ये हांमिहरुले आफ्नु ईश्वरलाइ छोड़िकन बाल् देवताहरुलाइ पूज्येका छौं। तब यहूवेले इस्राएलवंशीहरुलाइ भन्यो कि मैंले तिमिहरुलाइ
१२ मिस्रीहरु देखि र एमोरीहरु देखि र अम्मोनवंशीहरु देखि र पलिश्तीहरु देखि छोड़ाईंन। सीदोनीहरुले पनि अनि अमालेकीहरुले र माओनीहरुले तिमिहरुलाइ सताये अनि तिमिहरुले मेरो दोहाई गर्‍यौ अनि मैंले
१३ तिमिहरुलाइ तिनिहरुका हात् देखि छोड़ायें। तैपनि तिमिहरुले मंलाइ छोड़िर अरु देवताहरुलाइ पूज्येका छौ. येस्कारण् अब देखि मं तिमिहरुलाइ
१४ फेरि छोड़ाउंदीन। गयेर आफुले छान्येका देवताहरुको दोहाई गर
१५ तिनिहरुलेनै तिमिहरुको कष्टको बेलामां तिमिहरुलाइ छोड़ाउन्। अनि इस्राएलवंशीहरुले यहूवेलाइ भन्ये पाप् गर्‍येका छौं तपांइ आफैले आफ्नु दृष्टिमां जे जाति लाग्छ त्येइ हांमिहरु सित गर्नु हुवस् कृपागरि
१६ आजु मात्रै हांमिहरुलाइ बचाउंनु हुवस्। यहांदेखि तिनिहरुले आफ्नु बीच् देखि पराय् देवताहरु निकालि दिइ यहूवेको सेवा गर्नु लाग्ये. तब उस्को मन् इस्राएलको विपत्तिको कारणले दुखित् भयो॥

१७ तब अम्मोनवंशीहरुले भेला भयेर गिलादमां डेरा हाल्ये। अनि
१८ इस्राएलवंशीहरुले चइं भेला भयेर मिस्पामां डेरा हाल्ये। तब लोगले अर्थात् गिलादका मालिकहरुले आपस्तमां भन्नु लाग्ये अम्मोनवंशीहरु सित लड़ाईं थाल्ने को हुंछ. त्यो चइं गिलादका सबै बासीहरु मांथि मालिक् हुंछ॥

११ १ त गिलादी यिप्तह् एक् जना महावीर् थियो अनि त्यो
२ वेश्येको छोरो थियो. अनि गिलादले यिप्तहलाइ जन्मायो। अनि गिलादकी स्वास्नीले त्येस्का छोराहरु जन्माई अनि त्येस् स्वास्नीका छोराहरु बढेर तब तिनिहरुले यिप्तहलाइ तेंले हांमिहरुको बाबुको घरमां अधिकार् पाउंदैनस् किनभन्ये तं अर्की आंमाको छोरो होस् भनिकन त्येस्लाइ
३ निकालि दिये। तब यिप्तह् आफ्ना दाज्युभाईहरु देखि भाग्येर तोब्को देसमां बस्यो. अनि यिप्तह् थांइ कति जना बरालसीगेहरु भेला भइ त्यो सङ हिंड्ने गर्द थिये॥

४ अनि कति दिन् पछि येसो भयो अम्मोनवंशीहरुले इस्राएल् सित
५ लड़ाईं गर्‍ये। तब येसो भयो जसै अम्मोनवंशीहरुले इस्राएल् सित लड़ाईं गर्‍ये तब गिलादका प्राचीनहरु यिप्तहलाइ तोब्को देस् बाटो
६ बोलाइ ल्याउंनुलाइ गये. अनि तिनिहरुले यिप्तहलाइ भन्ये आफु आयेर हांमिहरुको मालिक् हुंनु हुवस् र हांमिहरु अम्मोनवंशीहरु सित लड़ाईं
७ गरुं। तब यिप्तहले गिलादका प्राचीनहरुलाइ भन्यो कि तिमिहरुले मं सित इष राख्योन अनि मंलाइ मेरो बाबुको घर् बाटो निकालि दियौन
८ त अब तिमिहरु विपत्तिमां पर्‍येकोमां किन मं थांइ आउंद छौ। तब

गिलादका प्राचीनहरुले यिप्तहलाइ भन्ये आफुले हांमिहरु सित आइ
अम्मोनवंशीहरु सित लड़ाईं गर्नु हवस् अनि आफु गिलादका सबै बासीहरु
मांथि मालिक् हुंनु हवस् भन्येर अब हांमिहरु आफु थांइ आयेका
हौं। त यिप्तहले गिलादका प्राचीनहरुलाइ भन्यो अम्मोनवंशीहरु सित ९
लड़ाईं गर्नुलाइ मंलाइ मेरो घरमां फर्काइ लग्यौ भन्ये अनि यहवेले
तिनिहरुलाइ मेरो हातमां सुम्पि दियो भन्ये को मं तिमिहरुको मालिक्
हुंकु। तब गिलादका प्राचीनहरुले यिप्तहलाइ भन्ये यहवे हांमिहरुको १०
बीचमां कुरा सुन्ने हवस् जस्तो आफुको कुरो क निस्से हांमिहरु त्येसै गर्छौं।
तब यिप्तह् गिलादका प्राचीनहरु सङ गयो अनि लोगले त्येस्लाइ मूल् र ११
मालिक् तुल्याये. अनि यिप्तहले मिस्पामां यहवेको सांमु आफ्ना सबै
कुरा सुनायो॥

अनि यिप्तहले अम्मोनवंशीहरुको राजा थांइ दूतहरुलाइ येसो भनि १२
पठायो मं सित तिम्रो के काम् र मं मांथि मेरो देस् सित लड़ाईं गर्नुलाइ
आयौ। अनि अम्मोनवंशीहरुको राजाले यिप्तहका दूतहरुलाइ किनभन्ये १३
इस्राएलले मिस्र बाटो निक्लंदा मेरो देस् अर्नोन् देखि अं यब्बोक् र यर्दन्
सम्म लिहाल्यो. त अब ति देसहरु कुशल् सित फर्काइ देउ भनि उत्तर्
दियो। त यिप्तहले अम्मोनवंशीहरुको राजा थांइ दूतहरुलाइ पठायो. १४
अनि त्येसे त्येस्लाइ भन्यो यिप्तहले येसो भन्द क इस्राएलले मोआबको देस् १५
र अम्मोनवंशीहरुको देस् लियेन. तर जब इस्राएल् मिस्र देस् बाटो आउंद १६
थियो अनि बनमां लाल् समुन्द्र सम्म हिंड्द थियो अनि कादेशमां पुग्यो
तब इस्राएलले एदोमको राजा थांइ येसो भनि दूत पठायो कृपागरि १७
मंलाइ आफुको देस् बाटो जांनु दिनु हवस्. तर एदोमको राजाले सुन्येन।
अनि त्येसै परिले त्येस्ले मोआबको राजालाइ पनि भनि पठायो. तर
त्येस्ले पनि मान्येन. तब इस्राएल् कादेशमां बसि रह्यो। तहांदेखि त्यो १८
बन् बाटो गयो अनि एदोमको देस् र मोआबको देस् फेरी मांत्येर मोआब्
देसको पूर्व पट्टि पुग्यो तहांदेखि तिनिहरुले अर्नोनको पारि पट्टि डेरा
हाल्ये तर मोआबको सिमाना भित्र पस्येनन् किनभन्ये अर्नोन् मोआबको
सिमाना थियो। अनि इस्राएलले हेश्बोनको राजा एमोरीहरुको राजा १९
सीहोन् थांइ दूतहरुलाइ पठायो अनि इस्राएलले त्येस्लाइ भन्यो कृपागरि
हांमिहरुलाइ आफुको देसको बाटो बाड़ो मेरै ठांउमां जांनु दिनु हवस्।
तर सीहोनले इस्राएललाइ आफ्नु सिमाना भित्र बाटो जांनु दिनुलाइ २०
पत्यारो गर्येन. तर सीहोनले आफ्नु सिंगै लोगलाइ भेला गराएर यहसमां
डेरा हालि इस्राएल् सित लड़ाईं गर्यो। अनि इस्राएलको ईश्वर् यहवेले २१
सीहोन् र त्येसका सबै लोगलाइ इस्राएलको हातमां सुम्पि दियो अनि
तिनिहरुले तिनिहरुलाइ मांत्ये. त इस्राएलले एमोरीहरुको सबै देस् र
त्येस् देसका बासीहरुलाइ आफ्नु अधिकारमां पार्यो। तहांदेखि तिनिहरु २२
एमोरीहरुको सबै सिमाना अर्नोन् देखि यब्बोक् सम्म र बन् देखि यर्दन्

२३ सम्मका अधिकारी भये। त अब इस्राएल्को ईश्वर् यह्वेले एमोरीहरुलाइ
आफ्नु लोग् इस्राएल्को सांमु देखि निकालि दियो अनि क्ये तिमि चइं
२४ तिनिहरुको अधिकारी हुंछौ। ज्ये ज्ये तिम्रो देव्ता कमोश्ले तिम्रो
अधिकार्मां दियेको छ क्ये तिमि त्येस्को अधिकारी हुंदौन. त्येसै गरिकन
जस् जस्लाइ हांमिहरुको ईश्वर् यह्वेले हांमिहरुको सांमु देखि.
२५ निकाल्येको छ तिनिहरुको अधिकारी हुंछौं। त क्ये तिमि मोआब्को
राजा सिप्पोर्को छोरो बालाक् भन्दा जाति छौ. क्ये त्येस्ले कैलेइ पनि
२६ इस्राएल् सित झगरा गरि तिनिहरु सित लड़ाइँ गर्‍यो। इस्राएल् हेश्बोन्
र त्येस्को बस्तीमां र अरोएर् र त्येस्को बस्तीमां अनि अर्नोन्को छेउछाउका
सबै सहर्हरुमां तीन् सै बर्ष सम्म बस्ये त त्येति भित्र ति किन छोड़ायौन।
२७ त मैंले तिम्रो बिरुद्धमां पाप् गर्‍येको छुइंन तर तिमिचइंले लड़ाइँ
गरिकन मं सित बुरो गर्द छौ. त अब यह्वे बिचारीले आजु
२८ इस्राएल्बंशीहरुको र अम्मोन्बंशीहरुको बीचमां निया गरोस्। तैंपनि
अम्मोन्बंशीहरुको राजाले ति यिप्तह्ले त्येस्कां भनि पठायेका कुरा सुन्येन॥
२९ तब यह्वेको आत्मा यिप्तह् मांथि पर्‍यो अनि त्यो गिलाद् र मनश्शे
देखि पारि गयो वहांदेखि गिलाद्को मिस्पे देखि पनि पारि तर्‍येर
३० गिलाद्को मिस्पे बाटो अम्मोन्बंशीहरु थांइ गइ पुग्यो। अनि यिप्तह्ले
यह्वेलाइ भाकल् गरि भन्यो तपांइले सांचिनै अम्मोन्बंशीहरुलाइ मेरो
३१ हात्मां सुम्पि दिंनु भयो भन्ये देखि त येसो हुंछ जब मं अम्मोन्बंशीहरु
देखि कुशल् सित फर्कि आउंला तब मेरो घर्को दैलो बाटो मंलाइ
भेट्नुलाइ ज्ये निस्कि आउला त्यो चइं अबस्से यह्वेको हुंछ त त्यो चइं मं
३२ होम्बलि गरि चढ़ाउंछु भन्ये। त यिप्तह् अम्मोन्बंशीहरु सित लड़ाइँ
गर्नुलाइ तिनिहरु तिर पारि गयो अनि यह्वेले तिनिहरुलाइ त्येको
३३ हात्मां सुम्पि दियो। अनि अरोएर् देखि मिन्नीत्मां पुगुंज्याल् सम्ममां
बीस् सहर् अनि अबेल्करामीम्मां पुगुंज्याल् सम्ममां अग्घोर् ठुलो
मंराईले तिनिहरुलाइ मांर्‍यो। येसैगरि अम्मोन्बंशीहरु इस्राएल्बंशीहरुको
ताबिमां पर्‍ये॥
३४ वहांदेखि यिप्तह् मिस्पामां आफ्नु घर्मां आइ पुग्यो त हेर त्येस्की
छोरी मृदङ्ग बजाउंदै र नाच्दै त्येस्लाइ भेट्नुलाइ निक्ली. जो त्येस्की एक्ली
३५ छोरी थिई त्यो बाहिक् त्येस्को अरु कोई छोराछोरी थियेन। तब येसो भयो
त्येस्ले त्येस्लाइ हेर्दै आफ्नु लुगा फार्‍येर त्येस्लाइ भन्यो हाय् हाय् मेरी
छोरी तैंले मंलाइ अग्घोर् होंच्याइस् मंलाइ कष्टमां हाल्नेहरुमांको येउटी
तं पनि होस्. कसोगरिभन्ये मैंले यह्वेलाइ बचन् दिइ सक्येको छु अनि
३६ फर्कनु सक्दींन। तब त्येस्ले त्येस्लाइ भनी हे मेरा बाबै यह्वेलाइ आफ्नु
बचन् दियेका छौ भन्ये देखि ज्ये तिम्रो मुख् देखि निस्क्येको छ त्येसै
मं सित गर किनभन्ये यह्वेले तिम्रा सत्तुर्हरुलाइ अं अम्मोन्बंशीहरुलाइ
३७ तिम्रो साटो फर्काइ दियो। त्येस्ले फेरी आफ्नु बाबुलाइ भनी मेरो

लागि खालि येति मांत्रै गरीओस्. मंलाइ दुइ महीना सम्म छोड़ि
देउ र मं आफ्नी साथीहरु सित पहाड़ हुंदो डुल्दै आफ्नु कन्येईंको लागि
बिलाप् गरुं। तब त्येस्ले जांनु भन्यो। अनि त्येस्लाइ दुइ महीनाको बिदा ३८
दिइ जांनु दियो. त त्यो आफ्नी साथीहरु सङ हिंड़ि गयेर आफ्नु
कन्येईंको लागि पहाड़ हुंदो बिलाप् गरी। अनि येसो भयो दुइ महीना ३९
पछि आफ्नु बाबु थांइ फर्कि आई जस्ले आफ्नु गरीयेको भाकल् अन्सार्
त्यो सित गर्‍यो. अनि त्येस्ले पुरुष्लाइ जान्येको थिईन। त इस्राएल्मां
येस्तो बिधि भयो इस्राएल्की छोरीहरु बर्ष बर्ष गिलादी यिप्तह्की ४०
छोरीको सम्झनाको लागि बर्षमां चार् दिन् जांन्ये गर्द थिइन्॥

तब एप्रैम्का मान्छेहरु भेला भयेर उत्तर् तिर हिंड़ि गये अनि १२ १
तिनिहरुले यिप्तह्लाइ भन्ये अम्मोन्बंशीहरु सित लड़ाईं गर्नु जांदा
हांमिहरुलाइ आफु सङ जांनुलाइ किन बोलायौन. तिमिलाइ तिम्रो घरै
समेत् आगोले डड़ाउंछौं। तब यिप्तह्ले तिनिहरुलाइ भन्यो मं र मेरा २
लोग् अम्मोन्बंशीहरु सित बिघ्न झगरा गर्द थियूं अनि मैंले तिमिहरुलाइ
बोलायें पनि अनि तिमिहरुले मंलाइ तिनिहरुको हात् देखि छोड़ायौन।
अनि जसै मैंले तिमिहरुले मंलाइ न छोड़ायेका देख्यें तब आफ्नु प्राण् ३
हत्केलामां राख्येर अम्मोन्बंशीहरु सित लड़ाईं गर्नुको लागि गयें त
यह्वेले तिनिहरुलाइ मेरो हात्मां सुम्पि दियो. त किन आजु मं सित
लड़ाईं गर्नुलाइ मं मांथि आइ लाग्द छौ। तब यिप्तह्ले गिलाद्का सबै ४
मान्छेहरुलाइ भेला गरायेर एप्रैम् सित लड़ाईं गर्‍यो. तब गिलाद्का
मान्छेहरुले एप्रैम्लाइ मांर्‍ये किनभन्ये तिनिहरुले हे गिलादीहरु तिमिहरु
ता एप्रैम्को बीच्मां र मनश्शेको बीच्मां भगुवाहरु हौ भन्येर भन्द थिये।
अनि गिलादीहरुले एप्रैम्हरुको सांमु देखि यर्दन्का घाट्हरु लिहाल्ये. ५
अनि येसो भयो एप्रैम्को कोई भगुवाले मंलाइ पारि तर्नु देउ भन्यो भन्ये
देखि त गिलाद्का मान्छेहरुले तं एप्रैमी होस् भनि सोध्द थिये अनि त्येस्ले
होइन भन्यो भन्ये देखि त्येस्लाइ अब शिब्बोलेत् भन् भन्द थिये ६
अनि त्येस्ले सिब्बोलेत् भन्द थियो किनभन्ये त्येस्ले त्यो शब्दको उच्चारण् गर्न
सक्दैन थियो तब तिनिहरुले त्येस्लाइ समात्येर यर्दन्का घाट्हरुमां मांर्द
थिये. त त्येस् बेला एप्रैम्का बयालीस् हजार् जना मांन्छेहरु मांरीये॥

अनि यिप्तह् छ बर्ष सम्म इस्राएल्को बिचारी भइ रह्यो। तब ७
गिलादी यिप्तह् मंर्‍यो अनि गिलाद्को येउटा सहर्मां गाड़ीयो॥

अनि त्येस् पछि बेत्लेहेम्को इब्सान् इस्राएल्को बिचारी भयो। ८
अनि त्येस्का तीस् भाई छोराहरु थिये अनि तीस् बैंनी छोरीहरुलाइ बाइर ९
ब्याहा दियो अनि तीस्वटी बोहारीहरु आफ्ना छोराहरुको लागि ल्यायो।
अनि त्यो सात् बर्ष सम्म इस्राएल्को बिचारी भइ रह्यो। तब इब्सान् १०
मंर्‍यो अनि बेत्लेहेम्मां गाड़ीयो॥

अनि त्येस् पछि जबूलूनी एलोन् इस्राएल्को बिचारी भयो अनि त्यो ११

१२ दुस् बर्ष सम्म इस्राएल्को बिचारी भइ रह्यो । अनि जबूलूनी एलोन् मंर्‍यो
अनि जबूलूनको देसमां भयेको अय्यालोनमां गाड़ीयो ॥
१३ अनि त्येस् पछि पिरातोनी हिल्लेल्को छोरो अब्दोन् इस्राएल्को
१४ बिचारी भयो । अनि त्येस्का चालीस् भाई छोराहरु र तीस् भाई नातिहरु
थिये जुन्हरु सत्तरि गदाहाहरु मांथि चढ्द थिये . अनि त्यो आठ् बर्ष सम्म
१५ इस्राएल्को बिचारी भइ रह्यो । अनि पिरातोनी हिल्लेल्को छोरो अब्दोन
मंर्‍यो अनि अमालीकीहरुको पहाड़े देस् एफ्रैमको देसमां भयेको
पिरातोनमां गाड़ीयो ॥

(शिम्शोन्को बिषय्)

१३ १ फेरि इस्राएलबंशीहरुले यहूवेको सांमु जुन् बेहोरा दुष्ट ठ्यो
गर्‍ये अनि यहूवेले तिनिहरुलाइ पलिश्तीहरुको हातमां चालीस् बर्ष सम्म
सुम्पि दियो ॥
२ अनि दानबंशीहरुको जहानमां सोराको एक् जना मानोह् नांउ भयेको
३ मान्छे थियो जस्की स्वास्नी बांझी थिई अनि कोई जन्माईन । अनि यहूवेको
दूतले त्येस् आइमाइकां देखाहा परि त्येस्लाइ भन्यो अब हेर् तं बांझी छस्
अनि कोई जन्माईनस् . तर तं गर्भिणी हुंछस् अनि छोरा जन्माउंछस् ।
४ येस्कारण् कृपागरि चंख भइ दाख्रस् र मद्य न खांनु अनि न कोइ अशुद्ध
५ चीज् खांनु . किनभन्ये हेर् तं गर्भीणी हुंछस् अनि छोरो जन्माउंछस् अनि
त्येस्को सिरमां कुरा न लागोस् . किनभन्ये त्यो बालख गर्भ देखि ईश्वरको
लागि नाजीर[१] हुंछ . अनि त्येस्ले इस्राएल्लाइ पलिश्तीहरुको हात् देखि
६ छोड़ाउंनु थाल्छ । तब त्येस् आइमाइले आयेर आफ्नु लोग्नेलाइ येसो भनी
ईश्वरको एक् जना मं थांइ आयो अनि त्येस्को रूप् ईश्वरको दूतको
जस्तो अगाधोर् डरलाग्दो थियो तर मैले त्येस्लाइ तिमि कहांका हौ
७ भनि सोधीन अनि न त्येस्ले मंलाइ आफ्नु नांउ सुनायो . तर त्येस्ले
मंलाइ हेर् तं गर्भिणी हुंछस् अनि छोरा जन्माउंछस् त अब दाख्रस् र
मद्य न खा अनि न कोइ अशुद्ध चीज् खा . किनभन्ये त्यो बालख गर्भ
८ देखि मर्ने दिन् सम्म ईश्वरको लागि नाजीर् हुंछ भन्ये र भन्यो । तब
मानोहले यहूवे सित हे यहूवे कृपागरि तपांइले पठायेको ईश्वरको त्येस्
जनलाइ फेरि हांमिहरु थांइ आउंनु दिनु हुवस् अनि त्यो जन्मने बालखको
बिषयमां हांमिहरुले कि को गर्नु पर्छ भनि हांमिहरुलाइ सिकाइ देवस्
९ भन्यर बिन्ति गर्‍यो । तब ईश्वरले मानोहको शब्द सुन्यो अनि ईश्वरको
त्यो दूत फेरि त्येस् आइमाइ थांइ त्यो खेतमां बसि रह्यको बेलामां आयो .
१० तर त्येस्को लोग्ने मानोह त्यो सङ्ग थिएन । तब त्येस् आइमाइले छिट्टो गरि
दुगुरि गयेर आफ्नु लोग्नेलाइ हेर अगाड़ि मंलाइ दर्शन् दिने जन् फेरि
११ देखाहा पर्‍यो भनि सुनाई । त मानोह उठेर आफ्नी स्वास्नीको पछि पछि

[१] गन्ति ६ ; २ हेर् ।

येस् जन् यांइ गइ पुग्यो अनि येस्लाइ भन्यो येस् आइमाइ सित कुरा गर्न
यो मान्छे को आफुनै हो। त येस्ले भन्यो अं। तब मानोहले भन्यो आफुले १२
भन्येको कुरा पूरा भयो भन्ये येस् बालखको रीत् कस्तो कस्तो हुंछ अनि
येस्को काम् को। तब यहवेको दूतले मानोहलाइ भन्यो मैले आइमाइलाइ १३
भन्येका सबै कुराको बिषयमां त्यो चंख रहोस्। त्येस्ले दाखमांको केइ न १४
खावस् अनि न दाखरस् न मद्य खावस् अनि केइ अशुद्ध थोक् पनि न
खावस् मैले त्येस्लाइ दियेका सबै आज्ञा मानोस्। अनि मानोहले यहवेको १५
दूतलाइ भन्यो कृपागरि हांमिहरुले आफुलाइ पर्खनु लाउंनु दिंनु हवस् र
हांमिहरु आफुको लागि येउटा पाठा काटि तियार् पारूं। अनि यहवेको १६
दूतले मानोहलाइ भन्यो मंलाइ पर्खनु लगाइस् भन्ये पनि मं तेरो रोटी
खाइन. तर होमबलि तियार् पारिस् भन्ये यहवेकै लागि चढ़ाउंनु पर्छ।
किनभन्ये यहवेको दूत् हो भनि मानोहले चिन्दैन थियो। त मानोहले १७
यहवेको दूतलाइ भन्यो आफुको नांउ क्या हो र आफुको कुरो पूरो भयो
भन्ये हांमिहरु आफुको मान् गरूं। अनि यहवेको दूतले त्येस्लाइ भन्यो मेरो १८
नांउ किन सोधद कस् जब त्यो ता आश्चर्य छ। तब मानोहले पाठा अन्नबलि १९
समेत् लियेर यहवेको लागि पहरामां चढ़ायो. अनि दूतले उदेकको रीत्
गयो अनि मानोह र त्येस्को स्वास्नीले हेरि रह्ये। किनभन्ये येसो भयो जसै २०
बेदि बाटो स्वर्ग तिर ज्वाला उठ्यो तब यहवेको दूत् बेदि बाटो ज्वालामां
चढ़ि गयो. अनि मानोह र त्येस्को स्वास्नी हेरि रह्ये तहांदेखि भूइंमां
घोप्टो पर्ये। तर यहवेको दूत् मानोह र त्येस्को स्वास्नी यांइ फेरि देखाहा २१
पर्येन। तब मानोहले यहवेको दूत् हो रछ भनि चिन्यो। अनि मोनहले २२
आफनो स्वास्नीलाइ भन्यो हांमिहरु निस्से मंछौं किनभन्ये ईश्वरचइंलाइ
देख्येका छौं। तर त्येस्को स्वास्नीचइंले त्येस्लाइ भनी यहवेको हांमिहरुलाइ २३
मांर्न मन् भयो भन्ये देखि ता उस्ले हांमिहरुको हात् बाटो होमबलि र
अन्नबलि ग्रहण् गर्न थियेन अनि न यि सबै कुरा हांमिहरुलाइ देखाउंने
थियो अनि न येस् बेला हांमिहरुलाइ येस्ता येस्ता कुरा भन्ये थियो। त २४
येस् आइमाइले क्रोरो जन्माई अनि त्येस्को नांउ शिमशोन् राखी. अनि
बालख बढ़्यो अनि यहवेले त्येस्लाइ आशीष् दियो। अनि यहवेको आत्माले २५
त्येस्लाइ महनेदान्मां[1] सोरार एश्ताओल्को बीचमां सुत्यउंनु पाल्यो॥

अनि शिमशोन्ले तिम्नामां झर्येर तिम्नामां पलिश्तीहरुकी क्रोरीहरु- १४ १
मांको येउटी केटीलाइ देख्यो। अनि त्येस्ले चढ़ि आयेर आफ्ना आंमाबाबुलाइ २
येसो भन्यो तिम्नामां मैले पलिश्तीहरुको क्रोरीहरुमांकी येउटी केटीलाइ
देख्येको छु त अब त्यो सित मेरो ब्याहा गराइ देउ। तब त्येस्का आंमाबाबुले ३
त्येस्लाइ भन्ये को तेरा दाजुभाईहरुकी क्रोरीहरुको मांझमां अनि मेरा सबै
मान्छेहरुको मांझमां कोई पनि केटी छैन र तं बिखतने पलिश्तीहरु देखि

[1] अर्थात् दान्को डाउंनी।

स्वास्नी ल्याउंनु जांकुस् । तर शिमशोन्ले आफ्नु बाबुलाइ भन्यो येस्लाइ
४ मंलाइ गराइ देउ किनभन्ये येस्लाइ मंलाइ मन् पर्छ । तर येस्का आंमा
बाबुले यो कुरो यहूवेको पट्टि बाटो छ किनभन्ये उस्ले पलिश्तीहरुको
विरुद्धमां निउं खोजद छ भनि जान्दैन थियो । अब ति ताक पलिश्तीहरुले
इस्राएल् मांथि राज् गर्दै थिये ॥

५ तब शिमशोन् आफ्ना आंमा बाबु सित तिम्नामां झर्यर तिम्नाको
दाख्को बारीमां पुग्यो . अनि हेर येउटा जुवान् सिंह येस्को सांमु गर्ज्यो ।
६ अनि यहूवेको आत्मा येस् मांथि बल्ले पर्यो तब येस्ले येस्लाइ पाठालाइ
च्यात्येको झैं च्याति दियो अनि येस्को हात्मां केइ पनि थियेन . तर येस्ले
७ गर्येको यो काम् आफ्ना आंमा बाबुलाइ कह्येन । वहांदेखि झरि गयेर
८ येस् केटी सित कुरा गर्यो अनि येस्लाइ शिमशोन्लाइ मन् पर्यो । अनि
कति दिन् पछि त्यो येस्लाइ लिंनुलाइ फर्क्यो अनि त्यस् सिंहको सिंनु
हेर्नुलाइ तर्कि गयो . त हेर सिंहको सिंनुमां मौरीको गोला र मह रह्छ ।
९ अनि येस्ले त्यो काढेर हातमां लिइ खांदै आयो अनि आफ्ना आंमा
बाबु थांइ पुग्येर तिनिहरुलाइ पनि दियो अनि तिनिहरुले पनि खाये . तर
येस्ले तिनिहरुलाइ त्यो मह सिंहको सिंनु देखि निकाल्येको हो भनि
१० कह्येन । अनि येस्को बाबु त्यो केटी थांइ गयो . अनि शिमशोन्ले भोज्
११ लायो किनभन्ये तर्हेगिहरुले येसो गर्न गर्दै थिये । त येसो भयो तिनिहरुले
१२ येस्लाइ देख्दा त्यो सङ्ग बस्नुलाइ तीस् जना साथीहरु ल्याये । अनि
शिमशोन्ले तिनिहरुलाइ भन्यो ऐले मं तिमिहरुलाइ येउटा अट्कको
थाप् छु . त तिमिहरुले भोज्को सात् दिन् भित्र मंलाइ त्यो फुकाइ देखाइ
दिंनु सक्यौ भन्ये देखि मं तिमिहरुलाइ तीस्वटा पाट्वस्त्र र तीस् जोर्
१३ लुगा दिंछु . तर त्यो मंलाइ देखाइ दिंनु सक्यौन भन्ये देखि तिमिहरुचइंले
मंलाइ तीस्वटा पाट्वस्त्र र तीस् जोर् लुगा दिंनु पर्छ । अनि तिनिहरुले
१४ येस्लाइ भन्ये आफ्नु अट्को थापनु हुवस् र हांमिहरु त्यो सुनूं । त येस्ले
तिनिहरुलाइ भन्यो

खांने देखि खांने निकल्यो
अनि बल्लियो देखि गुलीयो

१५ अनि तिनिहरुले तीन् दिन् सम्म त्यो अट्को फुकाउंनु सक्येनन् । अनि येसो
भयो सोतौं चइं दिनमां तिनिहरुले शिमशोन्की स्वास्नीलाइ भन्ये आफ्नु
लोग्नेलाइ फकाउ र येस्ले हांमिहरुलाइ त्यो अट्को फुकाइ देवस् होइन भन्ये
ता हांमिहरु तंलाइ र तेरो बाबुको घर् पनि आगोले डड्याउंछौं . को
हांमिहरुलाइ दरिद्रेहैंमां पार्नुलाइ यहां निम्तो गरिस् . को येसे होइन ।
१६ तब शिमशोन्की स्वास्नीले येस्को सांमु रोइ रोइकन भनी तिमिले मं सङ्ग
खालि डाहा मांत्रै राख्द छौ अनि मंलाइ पियारो गर्दैन . तिमिले मेरा
लोगको सन्तानलाइ अट्को थाप्येका छौ तर मंलाइ कह्येका छैन । अनि
येस्ले येस्लाइ भन्यो हेर् मैले आफ्ना आंमा बाबुलाइ पनि ता कह्येको

कुइंन को तंलाइ कहंकु । अनि तिनिहरुको भोज् भइ रह्योको सातै दिन् १७
सम्म येस्को सांसु रोइ रही . अनि येसो भयो सातौं चइं दिन्मां येस्ले
येस्लाइ कहि दियो किनभन्ये येस्ले येस्लाइ अग्घोर् गरि सताइ रही . तब
येस्ले यो अड्डको आफ्नु लोगको सन्तान्लाइ कहि दिई । तब येस् सहरका १८
मान्छेहरुले सातौं चइं दिन्मां घाम् अस्ताउंनु भन्दा अगाडि येस्लाइ भन्ये
मह्र भन्दा गुलीयो को कु अनि सिंह भन्दा बल्लियो को । त येस्ले
तिनिहरुलाइ भन्यो

मेरी कोरलिलाइ न जोत्येको भये देखि
मेरो अड्डको जान्ने थियौन ।

अनि यहूवेको आत्मा येस् मांथि बल्ले पर्यो अनि येस्ले अस्कलोन्मां १९
भर्येर तिनिहरुमांको तीस् जना मान्छेहरुलाइ मार्येर तिनिहरुका बस्त्र
लियो अनि ल्यायेर अड्डको फुकाउंनेहरुलाइ जोर् जोर् लुगा दियो । अनि
येस्को रिस् उठ्यो अनि यो आफ्नु बाबुको घर्मां चढि आयो । तर २०
शिम्शोन्को स्वास्नी चइं येस्को साथीलाइ जो येस्को मित्र थियो
येस्लाइ दिईई ॥

तर कति दिन् पछि गहूं काट्ने बेलामां येसो भयो शिम्शोन् १५ १
येउटा पाठा लियेर आफ्नी स्वास्नीलाइ भेट्नु गयो अनि येस्ले भन्यो मं
आफ्नी स्वास्नीकां कोठामां जांकु । तर येस्को बाबुचइंले येस्लाइ पस्नु
दियेन । अनि येस्को बाबुले भन्यो तिमिले यो मित डाहा राख्द कौ भनि २
मैले सांचिनै ठान्यें येस्कारण् मैंले येस्लाइ तिम्रो साथीलाइ दियें . को
येस्की बैंनी यो भन्दा राम्री कैन . कृपागरि येस्को साटो येसैलाइ लेउ ।
त शिम्शोन्ले तिनिहरुलाइ भन्यो येस् पालि मं पलिश्तीहरुको हानि ३
गर्दा तिनिहरुको बिषयमां निर्दोष् हुंकु । त शिम्शोन्ले तीन् सै स्याल् ४
समात्यो अनि दुइ दुइवटाको पुछर् जोलठ्यायेर रांको लिइ ति दुइ दुइ
पुछरको मांझमां बांधि दियो । यहांदेखि रांको सल्कायेर पलिश्तीहरुको ५
पाक्येको खेत्मां छोड़ि दियो तब अन्नको बिटा र ठाड़ो अन्न र बद्रात्तेको
बारी समेत् डड़ाइ दियो । तब पलिश्तीहरुले भन्ये यो कस्ले गर्यो , ६
त तिनिहरुले भन्ये तिम्नीको जुवंइ शिम्शोन्ले किनभन्ये येस्ले येस्की
स्वास्नीलाइ लग्येर येस्को साथीलाइ दियो । तब पलिश्तीहरुले आयेर
येस्लाइ र येस्को बाबुलाइ पनि आगोले डड़ाइ दिये । त शिम्शोन्ले ७
तिनिहरुलाइ भन्यो तिमिहरुले येसो गर्यौ त मं निस्से तिमिहरु सित
साटो लिंकु येस् पछि मांत्रै मं थामींकु । अनि येस्ले तिनिहरुलाइ जाङ्घ
र पिंडुला हुंदो बिघ्न नास्ले हिर्कायो . यहांदेखि उत्येर एताम्को
पहराको धांदोमां बस्नु लाग्यो ॥

तब पलिश्तीहरुले चढि गयेर यहूदामां डेरा हाल्ये अनि लहीमां ९
फिंजीये । अनि यहूदाका मान्छेहरुले भन्ये तिमिहरु हांमिहरुको बिरुद्धमां १०
किन चढि आयौ . त तिनिहरुले भन्ये शिम्शोन्लाइ बांधुनुलाइ चढि

आयेका छौं जसो त्येस्ले हांमिहरु सित गर्येको छ त्येसै त्यो सित गर्छ भन्येर।
११ तब यहूदाका तीन् हजार् मान्छेहरुले एताम्को पहराको घांदोमां उत्र्येर
शिम्शोन्लाइ भन्ये को तिमिलाइ थाहा छैन हांमिहरु मांथि पलिश्तीहरुले
राज् गर्द छन् भनि . त यो तिमिले हांमिहरु सित गर्येको क्या हो। तब
त्येस्ले तिनिहरुलाइ भन्यो तिनिहरुले जसो मं सित गर्ये त्येसै मैले पनि
१२ तिनिहरु सित गर्येको छु। अनि तिनिहरुले त्येस्लाइ भन्ये तिमिलाइ
बांधुनुलाइ आयेका छौं तिमिलाइ पलिश्तीहरुको हात्मां दिहालूं भन्येर।
तब शिम्शोन्ले तिनिहरुलाइ भन्यो हांमिहरु आफै ता तिमि मांथि आइ
१३ लागदैन भनि किरिया खाव। अनि तिनिहरुले त्येस्लाइ येसो भन्ये
होइन तर हांमिहरु तिमिलाइ बन्धियो गरि बांध्येर तिनिहरुको हात्मां
सुम्पि दिंछौं . तर हांमि आफैले चइं निस्से तिमिलाइ मांदैन्। तहांदेखि
तिनिहरुले त्येस्लाइ दुवटा नया डोरीले बांध्येर त्यो पहरा देखि लग्ये।
१४ जब त्यो लहीमां पुग्यो तब पलिश्तीहरु त्येस्लाइ भेट्दा कराये . अनि
यहूवेको आत्मा त्येस् मांथि बल्ले पर्यो अनि त्येस्को बांहांमां भयेका डोरीहरु
आगोले डढ्येका सुनपाट् जस्ता भइ गये अनि त्येस्का बन्धनहरु त्येस्को
१५ हात् देखि खसि गये। तब त्येस्ले गदाहाको येउटा नया बङरा पायेर आफ्नु
हात् पसार्येर त्यो टिप्यो अनि त्येस्ले एक् हजार् जना मान्छेलाइ मांरि
१६ दियो। अनि शिम्शोन्ले भन्यो

गदाहाको बङराले युप्रै युप्रो
गदाहाको बङराले हजार् जनालाइ मार्येको छु।

१७ अनि येसो भयो येति भनि सक्यो पछि त्येस्ले आफ्नु हात् देखि बङरा
१८ आफालि दियो . त त्येस् ठांउको नांउ रामत्लही[1] राख्यो। तब त्यो
धारो तिखायो अनि यहूवेको दोहाई गरि येसो भन्यो तपाइंले आफ्नु
दास्को हात्को बाटोले ठुलो बचाउ गरि दिनु भयो . त अब को मं
१९ तिखाले मर्येर बिखत्नेहरुको हात्मां पर्छु। तर ईश्वरले लहीमां येउटा
खाड्ल् खन्यो त त्यहां पानी उम्र्यो अनि जब त्येस्ले त्यो खायो तब त्येस्को
हंस फर्कि आइ जीउंदो भयो . येस्कारण् त्येस् ठांउको नांउ एनहक्कोरे[2]
२० राख्यो जो आजु सम्म लहीमां छ। अनि शिम्शोन् पलिश्तीहरुको
पालामां बीस् वर्ष सम्म इस्राएल्को बिचारी भइ रह्यो॥

१६ १ अनि शिम्शोन् अज्जामां गयो अनि त्यहां येउटी बेश्ये देख्येर
२ त्येस्कां गयो। त शिम्शोन् त्यहां आयेको छ भनि अज्जीहरुलाइ सुनाईयो।
त तिनिहरुले त्येस्लाइ घेर्ये अनि रातभरि सहरको ढोकामां त्येस्को लागि
छुकि रह्ये अनि बिहान उज्यालो हुंदा त्येस्लाइ मांर्छौं भनि रातभरि चुप
३ लागि बस्ये। अनि शिम्शोन् आधा रात् सम्म बसि रह्यो तहांदेखि

[1] अर्थात् बङराको डांड़ा।
[2] अर्थात् कराउंनेको कुवा।

आधा रातमां उठेर सहरको ढोकाका देलाहरु दुवै सहार् समेत् समाति ति उखेल्येर आगला समेत् आफ्नु कांधमां हाल्येर् हेब्रोनको सांमु भयेको डांड़ाको थाप्लिमां पुऱ्याइ दियो ॥

अनि त्येस् पछि येसो भयो त्येस्ले सोरेकको खोल्चा निर बस्ने येउटी दलीला नांउ भयेकी आइमाइ सित पिर्ति गर्नु लाग्यो । त पलिश्तीहरुका मालिकहरुले त्येस् आइमाइ पांइ आयेर त्येस्लाइ भन्ये त्येस्लाइ फकायेर सोध् त्येको महाबल् कोमां छ अनि के जुक्तिले हांमिहरु त्येस् मांथि जिताहा हुंछौं र त्येस्लाइ दुक्ख दिंनुको लागि बांधनु सकूंला भनि . त हांमिहरु तंलाइ एघार एघार सै टुका चांदी दिंछौं । त दलीलाले शिम्शोन्लाइ भनी कृपागरि मंलाइ भन्नु हवस् आफुको महाबल् कोमां छ अनि आफुलाइ दुक्ख दिंनुको लागि कसोगरि बांधनु सकींछ । तब शिम्शोन्ले त्येस्लाइ भन्यो तिनिहरुले मंलाइ सात्वटा न सुक्येका आला डोरीहरुले बांधे भन्ये देखि मं निर्बल्लियो भइ अरु मान्छे जस्तै होइ जांकु । तब पलिश्तीहरुका मालिकहरुले त्येस् आइमाइकां सात्वटा न सुक्येका आला डोरीहरु ल्याइ दिये त त्येस्ले ति डोरीहरुले त्येस्लाइ बांधि दिई । अनि त्येस् आइमाइका कुकुवाहरु भित्र कोठामां बसि रह्येका थिये । त त्येस्ले त्येस्लाइ हे शिम्शोन् पलिश्तीहरु तिमि मांथि आइ लाग्ये भनि दिई । तब त्येस्ले ति डोरीहरु आगोमां डड़ेरको धागोको डोरो झैं छिनाइ दियो । येसोरि पनि त्येको बल् जानीयेन । अनि फेरि दलीलाले शिम्शोन्लाइ भनी तिमिले मंलाइ ठांठि ठट्टा गर्येका छौ . त अब कसले बांधौंछौ कृपागरि मंलाइ भन । तब त्येस्ले त्येस्लाइ भन्यो तिनिहरुले मंलाइ काममां न लगायेका सात्वटा नया डोरीले बांधे भन्ये देखि मं निर्बल्लियो भइ अरु मान्छे जस्तै होइ जांकु । त दलीलाले नया डोरीहरु लियेर त्येस्लाइ बांधि दिई अनि त्येस्लाइ भनी हे शिम्शोन् पलिश्तीहरु तिमि मांथि आइ लाग्ये । अनि कुकुवाहरु भित्र कोठामां बसि रह्येका थिये । त त्येस्ले ति डोरीहरु आफ्ना बांहां देखि धागो झैं छिनाइ दियो । अनि दलीलाले शिम्शोन्लाइ भनी तिमिले अझै सम्म मंलाइ ठांठि ठट्टा गर्येका छौ . कसले बांधौंछौ मंलाइ भन । अनि त्येस्ले त्येस्लाइ तैंले मेरा सात्वटा लट्टा तानमां बुनिस् भन्ये देखि भन्यो । तब त्येस्ले ति लट्टा तानको किलामां बांधि दियेर त्येस्लाइ भनी हे शिम्शोन् पलिश्तीहरु तिमि मांथि आइ लाग्ये । त शिम्शोन्ले आफ्नु नीन्द देखि बिउंझेर ताने समेत् किला उखेल्यो । तब त्येस्ले त्येस्लाइ भनी तिमिले मं तं सित पिर्ति गर्न कु भनि कसोरि भन्नु सकद्छौ जब तिम्रो मन् मं सित छैन . तिमिले यि तीन् खेप् मं सित ठट्टा गर्येका छौ अनि तिम्रो महाबल् कोमां छ भनि मंलाइ जनायेका छैन । अनि येसो भयो त्येस्ले त्येस्लाइ आफ्ना कुराले सताई अनि त्येको मन् मृत्यु सम्म उदास् होउंझाल् सम्म फकाउंदै रही । तब त्येस्ले आफ्नु सबै मन् देखाइ भनि दियो मेरो कपालमां कैले पनि छुरा पर्येको छैन किनभन्ये मं आफ्नी आंमाको गर्भ देखि

ईश्वरको लागि नाजीर् भयेको छु . त मेरो कपाल् खौरीयो भन्ये देखि मेरो बल् मं देखि जाइ जांक्र त मं निर्बल्लियो भइ अरु मान्छेहरु जस्तो
१८ होइ जांकु । त जसै दलीलाले अब ता त्येस्ले मंलाइ आफ्नु सबै मन् देखायो भनि देखी तब त्येस्ले पलिश्तीहरुका मालिकहरुलाइ अरु एक् खेप् आउंनु हवस् किनभन्ये त्येस्ले मंलाइ आफ्नु सबै मन् देखायेको छ भनि बोलाइ पठाई । तब पलिश्तीहरुका मालिकहरु आफ्नु आफ्नु हातमां
१९ रुपिया लियेर त्यो घांइ चढि आये । अनि त्येस्ले त्येस्लाइ आफ्नु घुंड्रा मांथि सुताई अनि येउटा मान्छेलाइ बोलायेर शिम्शोनका सात्वटा लट्टा मुड्राइ दिई अनि त्येस्लाइ दुक्ख दिंनु लागी अनि
२० शिम्शोनको बल् त्यो देखि गयो । तब त्येस्ले भनी हे शिम्शोन् पलिश्तीहरु तिमि मांथि आइ लाग्ये । तब त्येस्ले आफ्नु नीन्द् देखि बिउंझेर भन्यो मं अगाडिको झैं बाहर गयेर आफुलाइ फड्काउंछु । तर यहुवे मं देखि
२१ गयेको छ भनि थाहा पायेन । अनि पलिश्तीहरुले त्येस्लाइ समात्येर त्येस्का आंखा कोट्याइ निकाल्ये वहांदेखि तिनिहरुले त्येस्लाइ अज्जामां लग्येर
२२ तांब्राका सांग्लाहरुले बांध्ये अनि भेलखानमां जांतो पिन्नु लगाये । तै पनि त्येस्को कपाल् मुंड्राये पछि त्येस्का केस् फेरि बढ्नु लाग्ये ॥

२३ अनि पलिश्तीहरुका मालिकहरु आफ्नु देवता दागोनको लागि ठुलो बलिदान् चढाउंनु र रमाहट् गर्नुको लागि भेला भये . किनभन्ये तिनिहरुले भन्ये हांम्रो देवताले हांम्रो बैरी शिम्शोनलाइ हांमिहरुको
२४ हातमां पारि दियेको छ । वहांदेखि जसै लोगले त्येस्लाइ देख्ये तब तिनिहरुले आफ्नु देवताको स्तुति गर्ये . किनभन्ये तिनिहरुले भन्ये हांम्रो देवताले हांम्रो बैरी अं हांम्रो देस् उजार्ने हांम्रा धेरै जना मांर्नेलाइ हांमिहरुको
२५ हातमां पारि दियेको छ । अनि येसो भयो जसै तिनिहरु मनमां मगन् थिये तब तिनिहरुले भन्ये शिम्शोनलाइ झिकाव र त्येस्ले हांमिहरुलाइ लीला देखावस् । त तिनिहरुले शिम्शोनलाइ भेलखान् बाटो झिकाये अनि त्येस्ले तिनिहरुको सांमु लीला गर्यो . अनि तिनिहरुले त्येस्लाइ थाम्हरुको
२६ बीचमां राख्ये । तब शिम्शोनले त्येस्लाइ त्येस्को हातमां समाति डोर्याउंने केटोलाइ यो घर् उभोयेको थाम्हरु मंलाइ छामनु दे र तिनमां अड्दिनु
२७ लागुं भन्यो । त्येति बेला त्यो घर् स्त्रीहरु र पुरुषहरुले भरीयेको थियो अनि पलिश्तीहरुका सबै मालिकहरु पनि तिहीं थिये अनि छानामां तीन् हजार् जति स्त्री पुरुषहरु थिये जुनहरुले शिम्शोनले लीला गर्यको हेर्दै
२८ थिये । त शिम्शोनले यहुवेको दोहाई गरि भन्यो हे प्रभु यहुवे कृपागरि मंलाइ समझनु हवस् अनि कृपागरि खालि यो एक् खेप् हे ईश्वर् मंलाइ बल् दिंनु हवस् र मं पलिश्तीहरु सित आफ्ना दुवै आंखाको साटो एकै
२९ चोटि लिउं । त शिम्शोनले घर् उभोयेका दुवटा मांझ मांझका थाम्हरु येउटा दाहौंनो हातले अर्को चइं बांउ हातले अड्डालो मांर्येर तिनमां
३० टांसीयो । अनि शिम्शोनले भन्यो मेरै प्राण् पनि पलिश्तीहरु सङ जावस् ।

वहांदेखि त्येस्ले आफ्नु पूरो बल्ले आफुलाइ निउंरायो तब ति मालिकहरु
र त्येस् भित्र भयेका सबै मान्छेहरु मांथि त्यो घर् लड्यो । येसोरि त्येस्को
मरणको बेलामां मांथेकाहरु त्यो जौउंदो हुंदाखेरि मांथेकाहरु भन्दा बेसि
थिये । तब त्येस्का दाज्युभाईहरु र त्येस्को बाबुको घरका सबै लोगहरुले २१
उठेर त्येस्लाइ चढ़ाइ लगि त्येस्को बाबु मानोहको चिहाने ठांउ सोरा र
एग्ताओल्को बीचमां गाड़ि दिये । त त्यो बीस् बर्ष सम्म इस्राएल्को
बिचारी भइ रह्यो ॥

(मीका र दान्बंशीहरुको बिषय्)

अनि एप्रैमको पहाड़े देस्पां मीका नांउ भयेको येउटा मान्छे १७ १
थियो । अनि त्येस्ले आफ्नी आंमालाइ भन्यो तिमि देखि लिईयेका एघार २
से टुक्रा चांदि जस्को बिषयमां तिमिले स्राप्यौ अं त्यो कुरा मेरै कानमां
पनि सुनायौ हेर त्यो चांदो मं यांइ छु त्यो मैंले लियें । अनि त्येस्की
आंमाले भनी मेरो छोरा यहवे देखि धन्न हवस् । अनि त्येस्ले ति एघार ३
से चांदी आफ्नी आंमालाइ फर्काइ दियो त त्येस्की आंमाले भनी सांचिनै
आफ्नु छोरोको लागि येउटा खोप्येको मूर्त्ति र ढाल्येको मूर्त्ति बनाउंनुको
लागि त्यो चांदी मैंले आफ्नु हातले यहवेको लागि पवित्र कामको लागि
अलग् कुर्याएकी थिये . त अब मं त्यो तंलाइ फर्काइ दिंद छु । अनि जब ४
त्येस्ले त्यो रुपिया आफ्नी आंमालाइ फर्काइ दियो तब त्येस्की आंमाले दुइ
से टुक्रा चांदी लियेर सुनारलाइ दिई जस्ले त्येस्को येउटा खोप्येको अनि
येउटा ढाल्येको मूर्त्ति बनायो . त त्यो मीकाको घरमां थियो । अनि त्यो ५
मीका भन्ने मान्छेको येउटा देव्ताथान् थियो अनि त्येस्ले येउटा एपोद् र
घरदेव्ताहरु बनायो वहांदेखि आफ्ना छोराहरुमांको येउटालाइ स्थापन्
गर्यो जो त्येस्को लागि पूजाहारी भयो । ति दिनमां इस्राएल्मां कोई
राजा थियेन . जनंगेले आफ्नु आफ्नु दृष्टिमां जे ठीक लाग्द थियो ६
त्येइ गर्द थियो ॥

अनि यहूदाको सन्तान्को बेत्लेहेम् यहूदाको एक् जना तन्हेरि लेवी ७
थियो जस्ले वहां प्रवास् गर्द थियो । त त्यो मान्छे त्यो सहर् अर्थात् ८
बेत्लेहेम् यहूदा बाटो हिंड्यो जहां ठांउ पाईयेला उहीं बसुंला भन्येर .
वहांदेखि हिंड्दै हिंड्दै एप्रैम्को पहाड़े देस्को मीकाको घरमां आइ
पुग्यो । त मीकाले त्येस्लाइ भन्यो कहां बाटो आउंदै छौ । अनि त्येस्ले ९
त्येस्लाइ भन्यो मं बेत्लेहेम् यहूदाको येउटा लेवी हुं त जहां ठांउ पाउंला
तहीं रहुंला भन्येर हिंड्दै छु । तब मीकाले त्येस्लाइ भन्यो मं सङ बस १०
अनि मेरो लागि बाबु र पूजाहारी होउ त मं तिमिलाइ बर्ष बर्ष दस्
टुक्रा चांदी र एक् जोर् लुगा र खानु दिउंला । त त्यो लेवी भित्र पस्यो ।
अनि त्यो लेवी त्यो सित बस्नलाइ खुशि भयो त त्यो तन्हेरि त्येस्को येउटा ११
छोरो जस्तो भयो । अनि मीकाले त्यो लेवीलाइ स्थापन् गर्यो अनि त्यो १२

१३ तन्हेरि त्येस्को पूजाहारी भयो अनि मीकाको घर्मां बस्तु लाग्यो । त मीकाले
भन्यो यहवेले मेरो भलाई गर्छ भनि अब मं जान्द कु कसोगरिभन्ये एक्
जना लेवी मेरो पूजाहारी भयो ॥

१८ १ ति ताक इस्राएल्सां कोई राजा थियेन . अनि ति ताक
दानीहरुको कुल्ले बस्नको लागि येउटा अधिकार् खोज्द थियो किनभन्ये
तिनिहरुको लागि त्येस् दिन् सम्म इस्राएल्का कुल्हरुको बीच्मां कोई
२ अधिकार् पर्येको थियेन । त दान्वंशीहरुले आफ्ना सब् सन्तान्मांका
पांच् जना महावीरहरुलाइ देस्को भेद् लिनुं र त्यो खोज्नुंलाइ सोरा र
एश्ताओल् देखि पठाइ दिये अनि तिनिहरुले तिनिहरुलाइ भन्ये गयेर देस
खोज . त तिनिहरु एप्रैम्को पहाड़े देस् मीकाको घर्मां पुग्येर वहां बास्
३ बस्ये । जब तिनिहरु मीकाको घर् निर आये तब तिनिहरुले त्यो तन्हेरि
लेवीको शब्द चिन्ये . तब त्येता निर फर्कर त्येलाइ भन्ये तिमिलाइ यहां
कस्ले ल्यायो अनि येस् ठांउमां के गर्द छौ अनि यहां तिम्रो के काम् छ ।
४ तब त्येले तिनिहरुलाइ भन्यो मीकाले मं सित येसो येसो गर्यो अनि मंलाइ
५ दर्माहामां राख्येको छ त मं त्येस्को पूजाहारी भयेको छु । तब तिनिहरुले
त्येलाइ भन्ये कृपागरि ईश्वर् सित सल्लाह् सोध र हांमिहरुको गवंन् सुफल्
६ हुंछ कि हुंदैन भनि थाहा पाऊं । अनि पूजाहारीले तिनिहरुलाइ भन्यो
कुशल् सित जाव . तिमिहरुको जांने बाटो यहवेको सांमु छ ॥

७ तब ति पांच् जना निस्क्येर लैशमां पुग्ये अनि वहां बस्ने मान्छेहरुलाइ
सीदोनीहरु झैं बिना डर् र चैन् सङ बस्दै रह्येका देख्ये . कसोगरिभन्ये
त्येस् देसमां कोई कुरामां तिनिहरुलाइ लाज् पार्ने कोई पनि अक्तियारे
थियेन अनि तिनिहरु सीदोनीहरु देखि टाढ़ो बस्द थिये अनि तिनिहरुले
८ कोई सित केइ बेहोरा गर्दैन थिये । तब तिनिहरु आफ्ना दाज्युभाईहरु
थांइ सोरा र एश्ताओलमां फर्कि आये . अनि तिनिहरुका दाज्युभाईहरुले
९ तिनिहरुलाइ भन्ये तिमिहरुले के भन्द छौ । त तिनिहरुले भन्ये हांमिहरु
उठेर तिनिहरु मांथि जाइ लागूं . किनभन्ये हांमिहरुले देस् हेर्यूं त
हेर अरघोर् जाति रछ . त के तिमिहरु चुप लागि बस्छौ त्यो देस् आफ्नु
१० अधिकारमां पार्नुको लागि गइ पस्नुमां अल्छी न गर । जब जाग्येला
तब निडर् भयेका लोग् थांइ पुग्छौ अनि देस् पनि फराक् छ . कसोगरिभन्ये
ईश्वरले त्यो तिमिहरुको हातमां पारि दियेको छ येउटा देस् जहां पृथिवीमां
भयेको केइ पोक्तको घटि छैन ॥

११ तब वहां बाटो दान्का सन्तान्मां सोरा र एश्ताओल् बाटो छ सै जना
१२ लडाईंका हतियार् भिर्येका मान्छेहरु हिंड़ि गये । अनि तिनिहरुले चर्केर
यहूदामां भयेको किर्यत्यारीम्मां डेरा हाल्ये . येस्कारण् त्येस् ठांउको नांउ
आजु सम्म महनेदान्[1] भनींद छ . हेर त्यो किर्यत्यारीम्को पछिल् तिर छ ।

[1] अर्थात दान् को छाउंनी ।

अनि त्यहां बाटो एग्रेम्को पहाड़े देस्मां हिंड़ि गयेर मीकाको घर्मां १३
आइ पुग्ये। तब लैश देस्को भेद् लिंने पांच् जना मान्छेहरुले आफ्ना १४
दाजुभाईहरुलाइ येसो भनि उत्तर् दिये ति घर्हरुमां येउटा एपोद् र घर्
देवताहरु र खोप्येको येउटा मूर्त्ति र ढाल्येको येउटा मूर्त्ति छन् भनि
थाहा पायेका छौ कि. त अब के गर्ने बिचार् गर। तब तिनिहरु त्येता १५
तिर फर्क्यर त्यो तन्हेरि लेवीको घर्मां अं मीकाको घर्मां आइ पुग्ये अनि
त्येस्को कुशलक्षेम् सोध्ये। अनि ति दान्बंशीहरुका छ सै लड़ाईंका हतियार् १६
भिर्येका मान्छेहरु ढोकाको आघन् निर उभी रह्ये। अनि ति देस्को भेद् १७
लिंनु जांने पांच् जना मान्छे चढ़ेर भित्र पस्ये अनि त्यो खोप्येको मूर्त्ति र
एपोद् र घरदेवताहरु र ढाल्येको मूर्त्ति लिये. अनि पूजाहारी चइं ति
लड़ाईंका हतियार् भिर्येका छ सै जना सब ढोकाको आघन् निर् उभीइ
रह्यो। अनि जब तिनिहरुले मीकाको घर्मां पस्येर त्यो खोप्येको मूर्त्ति र १८
एपोद् र घरदेवताहरु र ढाल्येको मूर्त्ति बोकि ल्याये तब पूजाहारीले
तिनिहरुलाइ कि गर्द छौ भनि सोध्यो। त तिनिहरुले त्येस्लाइ भन्ये चुप लाग १९
आफ्नु मुखमां हात् लायेर हांमिहरु सब आउ अनि हांमिहरुको लागि
बाबु र पूजाहारी होउ. तिम्रो लागि कुन् कुरा जाति हुंछ येउटा मान्छेको
घर्को लागि पूजाहारी हुंनु कि एक् कुल् अं इस्राएल्को एक् जहान्को
लागि पूजाहारी हुंनु। तब पूजाहारीको मन् खुशि भयो वहांदेखि त्यो २०
एपोद् र घरदेवताहरु र खोप्येको मूर्त्ति लियेर लोगको बीचमां हिंड़ि गयो।
त तिनिहरु फर्क्यर गइ गये वहांदेखि बालबच्चाहरुलाइ र बस्तुहरु र २१
धनसम्पत्ति अघिल् तिर लगाये। जब तिनिहरु मीकाको घर् देखि टाढ़ो २२
पुग्ये तब मीकाको घर्को छेउछाउका घर्हरुका मान्छेहरुले भेला भयेर दान्का
मान्छेहरुलाइ खेदि भेट्टाये। अनि तिनिहरुले दान्बंशीहरुलाइ हाप्पाये। २३
त तिनिहरुले मुख् फर्काएर मीकालाइ भन्ये तिमिलाइ के भयो र येति
जना लियेर आउंद छौ। त त्येस्ले भन्यो तिमिहरुले मैले बनायेका देवताहरु २४
र मेरो पूजाहारीलाइ लियेर हिंड़्यौ त अब मेरो के रह्यो. र पनि किन
मलाइ भन्द छौ तिमिलाइ के भयो। तब दान्बंशीहरुले त्येस्लाइ भन्ये २५
तिम्रो शब्द हांमिहरुलाइ न सुनाउ होइन भन्ये ता कोई निठुरहरु
तिमिहरु मांथि आइ लाग्नन् र तिमि र तिम्रो जहान्को जीउ जानन्।
वहांदेखि दान्बंशीहरुले आफ्नु बाटो समाये. अनि जब मीकाले तिनिहरु २६
मं भन्दा बलिया राक्नु भनि चाल् पायो तब त्यो फेरि फर्क्यर आफ्नु
घर्मां गयो। अनि तिनिहरुले मीकाले बनायेको चोक् र त्येस्को पूजाहारी २७
लियेर लैशमां बिना डर् र चैन् सित रह्येका लोग् थांइ गइ पुग्येर
तिनिहरुलाइ तर्वार्को धार्ले मांरि दिये अनि सहर् आगोले डढ़ाइ
दिये। अनि तिनिहरुलाइ छोड़ाउंने कोई पनि थियेन किनभने २८
सोरोन् देखि टाढ़ो थिये अनि पनि तिनिहरुले कोई सित बेहोरा गर्दैन
थिये त त्यो सहर् बेत्रहोबको छेउम तरिमां थियो. अनि

२९ तिनिहरु येउटा सहर् बनायेर त्येस्मां बस्थे। अनि त्येस्को नांउ इस्राएल्को
लागि जन्मेयको आफ्नु पित्र दान्को नांउ जस्तो दान् राख्थे. तर अगाडि
३० त्येस् सहर्को नांउ लैश् थियो। अनि दान्वंशीहरुले आफ्नु लागि त्यो
खोप्येको मूर्त्ति उभ्याये. वहांदेखि मूसाको छोरो गेर्शोम्को छोरो
योनातान् चइं र त्येस्का छोराहरु देस् बन्धुवा न होउंज्याल् सम्म दानीहरुको
३१ कुल्को लागि पूजाहारी भइ रह्थे। येसोरि तिनिहरुले ईश्वर्को मन्दिर्
शीलोमां कुउंज्याल् सम्म मीकाले खोप्येर बनायेको मूर्त्ति आफ्नु
लागि उभ्याये॥

(गिबोनीहरुको दुष्टेइं र त्येस्को फल्)

१९ १ अनि ति दिनमां येसो भयो जब इस्राएल्मां कोई राजा थियेन
तब एप्रैम्को पहाड़े देस्को पल्लो कुउमां येउटा लेवीले प्रवास् गर्द थियो
२ जस्ले बेत्लेहेम् यहूदाकी येउटी रखेलीलाइ राख्येको थियो। अनि त्येस्की
रखेली त्येस्को विरुद्ध कुकर्म्म गरिकन त्येस्कांटो निस्क्येर बेत्लेहेम् यहूदामां
३ आफ्नु बाबुको घर्मां पुग्येर वहां चार् महीना सम्म रही। अनि त्येस्को
लोग्ने उठेर त्यो सित प्रेमी कुरा गरि त्येस्लाइ फकाँइ ल्याउंनुको लागि
त्येस्को पछि गयो अनि त्यो सङ त्येस्को चाकरे र दुवटा गदाहा थिये.
अनि आइमाइले त्येस्लाइ आफ्नु बाबुको घर्मां लगी. अनि जसै केटीको
४ बाबुले त्येस्लाइ देख्यो तब त्येस्लाइ देख्दा त्यो रमायो। अनि केटीको
बाबु त्येस्को ससुराले त्येस्लाइ पुन्यो तब त्यो त्येस्कां तीन् दिन् सम्म रह्यो.
५ त तिनिहरु खाये पीये अनि वहां बस्थे। अनि चौथो दिन्मां येसो भयो
तिनिहरु सखारै उठेर अनि त्यो चइं बिदा हुंनुलाइ उठ्यो. तब केटीको
बाबुले आफ्नु जुवंइलाइ भन्यो एक् गांस् रोटीले आफ्नु मन्लाइ शान्त
६ गराउ अनि त्येस् पछि आफ्नु बाटो समातौला। त तिनिहरु दुवै जनाले
बस्थेर खाये पीये. अनि केटीको बाबुले त्येस् मान्छेलाइ भन्यो कृपागरि
७ आफ्नु मन् आनन्द गर्नु अरु एक् रात् रहंनुलाइ खुशि होउ। फेरि जब त्यो
मान्छे बिदा हुंनुलाइ उठ्यो त त्येस्को ससुराले त्येस्लाइ ठिपि लायो तब त्यो
८ फेरि वहां बस्यो। वहांदेखि पांचौं दिन्मां सखारै हिंड्नुलाइ उठ्यो तब
केटीको बाबुले भन्यो कृपागरि आफ्नु मन्लाइ शान्त गराउ अनि दिन्
९ ढल्कुंज्याल् सम्म अड़ीयो तब ति दुवैले खाये। वहांदेखि जब त्यो मान्छे र
त्येस्की रखेली र त्येस्को चाकरे बिदा हुंनुलाइ उठ्यो तब केटीको बाबु
त्येस्को ससुराले त्येस्लाइ भन्यो हेर अब दिन् सांझ परंज्याल् सम्म ढल्कनु
आंट्यो त कृपागरि रात् भरि आड़ीयौ. हेर दिन् जाइ सक्नु आंट्यो यहांनै
बस र तिम्हिहरुको मन्ले आनन्द गरोस् वहांदेखि भोलि बिहान आफ्नु
१० घर्मां जांनुलाइ सखारै बाटो लागनु। तर त्यो मान्छे त्यो रात् बस्नु मान्थेन
तर उठेर बिदा भयो वहांदेखि यबूस् (जो यरूशलेम् हो) को सांमु आइ
पुग्यो. अनि त्यो सङ जिन् कस्येका दुवटा गदाहा थिये अनि त्येस्की रखेली

पनि त्यो सड थिई। जब तिनिहरु यबूस् निर पुग्ये तब दिन् धेरै ढलि ११
गयो अनि त्येस्को चाकरेले आफ्नु स्वामीलाइ भन्यो कृपागरि आउंनु
हवस् हांमिहरु यबूसीहरुको त्येस् सहरमां फर्कर त्यहां बास् गरूं। त १२
त्येस्को स्वांमीले त्येस्लाइ भन्यो इस्राएलवंशीहरुको न भयेको अन्यदेसीहरुको
सहरमां फर्कंदौंन तर पारि गिबामां जांकौं। अनि त्येस्ले आफ्नु चाकरेलाइ १३
भन्यो आव हांमिहरु ति ठांउमांको येउटाको छेउमां जाऊं त हांमिहरु
गिबामां कि रामामां बास् गरूंला। तब तिनिहरु हिंड्दै गयेर बिन्यामीन्को १४
पयेको गिबा निर पुगदा घाम् अस्तायो। अनि तिनिहरु गिबामां बास् १५
बस्नलाइ उता तिर फर्के. वइांदेखि त्यो मान्छे भित्र पस्येर सहरको सटकैमां
बाटोमां बस्यो. किनभन्ये बास् दिंनुलाइ आफ्नु घरमां बोलाउंने कोई
थियेन। त झेर सांझमां येउटा बूढो मान्छे खेत् बाटो काम् देखि आउंद १६
रछ अनि त्यो मान्छे एप्रैम्को पहाड़े देसको रछ तर गिबामां प्रबास् मांत्रै
गर्द रछ. तर त्येस् ठांउका मान्छेहरु बिन्यामीनीहरु थिये। अनि त्येस्ले १७
आफ्ना आंखा उचाल्येर सहरको सटकमां पर्देसीलाइ देख्यो तब त्येस्
बूढ़ोले भन्यो तिमिहरु कहां जांकौ अनि कहां बाटो आयौ। त त्येस्ले १८
त्येस्लाइ भन्यो बेत्लेहेम् यहूदा बाटो आउंद कौं अनि एप्रैम्को पहाड़े देसको
पल्लो पट्टि जांद कौं. मं उहींको हुं अनि बेत्लेहेम् यहूदामां गयेको थियें.
यहवेको घरमां ऐले जांद कु त मंलाइ आफ्नु घरमां लांने कोई मान्छे
छैन। तै पनि हांमिहरुका गदाहाहरुको लागि पराल् आहारा छन् अनि १९
मेरो लागि र आफुकी दासीको लागि र आफुका चाकरेहरु संड भयेको
केटाको लागि रोटी दाखरस् पनि छन्. केइ थोक्को घटि छैन। तब बूढ़ोले २०
भन्यो तिम्रो कुशल् हवस् तैपनि तिम्रा सबै खांचा थोक्हरु मं मांथि पर्न
खालि सटकैमां चइं न बस। त त्येस्ले त्येस्लाइ आफ्नु घरमां ल्यायो अनि २१
गदाहाहरुको लागि आहारा दियो. त तिनिहरुले आफ्ना गोड़ा धोये अनि
खाये पीये। जसै तिनिहरुले आफ्नु मनलाइ आनन्द गराउंद थिये तब २२
झेर सहरका कत्ति बिकासे फक्कड़हरुले घर घेरि देलोमां मारो मारो
हिर्कायेर त्यो घरको धनी बूढ़ोलाइ भन्ये तेरो घरमां आयेको मान्छेलाइ
बाहर ल्याइ दे र हांमि त्येस्लाइ जानूं। तब त्येस् घरको धनीचइंले २३
तिनिहरुकां बाहिर निस्क्येर तिनिहरुलाइ भन्यो होइन दाज्युभाईहरु हो
कृपागरि ऐस्तो दुष्टैं न गर किनभन्ये त्यो मान्छे मेरो घरमां आयेको छ
त ऐस्तो मूर्खैं न गर। झेर यहां मेरो कन्ये छोरी छ अनि त्येस् मान्छेको २४
रखेली पनि. तिनिहरुलाइ चंइ ऐले मं बाहर ल्याइ दिंकु तिनिहरुको पत
लेउ अनि जे तिमिहरुलाइ जाति लागछ तिनिहरु सित गर. तर त्येस्
मान्छे चइं सित ऐस्तो मूर्खैं न गर। तर तिनिहरुले त्येस्का कुरा मान्येनन्. २५
तै त्येस् मान्छेले आफ्नो रखेलीलाइ समात्येर त्येस्लाइ तिनिहरुकां बाहर
लगि दियो त तिनिहरुले त्यो सित कुकर्म्म गर्ये अनि त्यो सित रातभरि
बिहान सम्म अतिभोग् गरि गरि त्येस्लाइ भरपु पार्ये. अनि उज्यालो

२६ हुंनु आंट्दा त्येस्लाइ क्रोड़ि दिये। तब उज्यालो हुंनु लाग्दा त्यो आइमाइ
आयेर त्येस् मान्छेको घर्को देलो निर जहां त्येस्को खसम् थियो उज्यालो
२७ होउंज्याल् सम्म घोप्टो परि रही। अनि बिहान त्येस्को खसम्ले उठेर
घर्को देलो उघाय्यो अनि आफ्नु बाटो समात्नु लाग्यो . तब हेर त्यो
आइमाइ त्येस्को रखैली घर्को देलो निर लड़ि रह्येकी रछ अनि त्येको हात्
२८ देलाको सडार्मां पर्येको रछ। तब त्येस्लाइ भन्यो उठ् जाऊं तर उत्तर्
भयेन . तब त्येस्ले त्येस्लाइ आफ्नु गदाहा मांथि चढ़ायो अनि त्यो मान्छे
२९ उठेर आफ्नु ठांउमां गयो। अनि जब आफ्नु घर्मां आइ पुग्यो तब
खुकुरि लियेर आफ्नी रखैलीलाइ समात्येर अंग अंग काटि बारह् टुक्रा
३० पाय्यो अनि इस्राएल्का सिमाना भरि पठाइ दियो। त येसो भयो जस्
जस्ले ति देख्ये तिनिहरुले भन्ये इस्राएल्बंशीहरु मिस्र देस् बाटो निस्क्येको
देखि आजु सम्म येस्तो काम् न कैलेइ भयेको थियो न देखीयो . येस्को
बिषयमां बिचार् गर सल्लाह् गर अनि बोल॥

२० १ तब सिंगे इस्राएल्बंशीहरु निस्को अनि मण्डली दान् देखि बेर्शेबा
सम्म गिलाद्को देस् समेत् यहूवेको लागि मिस्पामां एक् जना झैं भेला भये।
२ अनि सिंगे लोग् अं इस्राएल्का सबै कुल्का मालिक्हरु तरवार् भिक्ने
३ चार् लाख् पैदल् ईश्वर् को लोग्को समाजमां सामेल् भये। (अब
बिन्यामीन्बंशीहरुले इस्राएल्बंशीहरु मिस्पामां चढ़ि आयेका कुन् भनि
सुन्यो।) तहांदेखि इस्राएल्बंशीहरुले भन्ये यो दुष्टैं कसो भयेको छ
४ हांमिहरुलाइ सुनाव। तब त्येस् लेवी अर्थात् त्येस् मांरीयेकी आइमाइको
लोग्ले उत्तर् दिइ भन्यो मं र मेरी रखैली बिन्यामीन्को पर्येको गिब्रामां
५ बास् बुस्नुलाइ आयूं। त गिब्राका मान्छेहरुले मं मांथि आइ लागि राति
मं भयेको घर् घेरे तिनिहरुले मंलाइ मार्नु खोज्द थिये अनि मेरी
६ रखैलीचड़ंलाइ ता तिनिहरुले भ्रष्ट पाये त त्यो मरी गई। तब मैंले आफ्नी
रखैलीलाइ लियेर टुक्रा टुक्रा पाय्येर इस्राएल्को अधिकार्को सबै
देसमां पठाइ दियें. किनभन्ये तिनिह ले इस्राएल्मां महा पातक् र
७ मूर्खैं गर्यका कुन्। हेर हे इस्राएल्का सबै बंशीहरु हो यहां आफ्नु आफ्नु
८ सल्लाह् र बिचार् दिनु हवस्। तब सिंगे लोग् एक् जना झैं येसो भन्दै उठेर
हांमिहरुमांको कोई पनि आफ्नु आफ्नु डेरामां फिर्दैन न आफ्नु आफ्नु
९ घर्मां फर्कन्छौं। तर अब गिब्रा मित गर्ने पर्ने काम् येइ हो चिट्ठा हालिकन
१० त्येस् मांथि जाइ लागुंछौं अनि इस्राएल्का सबै कुलमांका से पिच्छेका
दस् जनालाइ र हजार् पिच्छेका सै जनालाइ र लाख् पिच्छेका हजार्
जनालाइ लोगको लागि खाने सारांस् ल्याउंनुलाइ लिंछौं र जब तिनिहरु
बिन्यामीन्को गिब्रामां आइ पुगनन् तब इस्राएल्मां गर्येको सबै मूर्खैं
११ अनुसार् गर्छन्। येसोरि इस्राएल्का सबै जना मिलि एक् जना जस्तो भइ
त्येस् सहरको बिरुद्धमां भेला भये॥

१२ अनि इस्राएल्का कुलहरुले बिन्यामीन्को सिंगे कुल्कां येसो भनि

पठाये तिमिहरूको मांझमां भयेको यो दुष्टैं कस्तो हो। त अब गिबामां १३
भयेका ति बिकामे फक्कड् मान्छेहरूलाइ सुम्पि देव र हांमि तिनिहरूलाइ
मार्यर इस्राएल् देखि येस्तो बुराई आफालक्कौं। तर बिन्यामीन्ले आफ्ना
दाजु इस्राएल्बंशीहरूको कुरो मान्येन। अनि बिन्यामीन्बंशीहरू १४
इस्राएल्बंशीहरू सित लड़ाईं गर्नुलाइ सहर् सहर् देखि गिबामां भेला
भये। अनि त्येस् दिन् गिबाका सात् सै जना छान्येका बासीहरू बाहिक् १५
सहर् सहर् देखि बिन्यामीन्बंशीहरूका तरवार् झिक्नेहरू छब्बीस् हजार्
जना गनीये। सबै लोग्मांका ति सात् सै जना छानीयेका बांउहातेहरू थिये १६
जनंगेले घुपांत्रोले ढुंगा हान्दा एक् केस्भार पनि न बिराइकन हान्नु
सक्द थिये॥

अनि बिन्यामीन् बाहिक् इस्राएल्का तरवार् झिक्ने मान्छेहरू चार् १७
लाख् गनीये. ति सबै लड़ाईं गर्ने माफिक्का मान्छेहरू थिये। अनि १८
इस्राएल्बंशीहरूले उठेर बेतेल्मां चढ़ेर ईश्वर् सित सल्लाह् सोध्ये अनि
तिनिहरूले भन्ये बिन्यामीन्बंशीहरूको बिरुद्धमां हांमिहरूको लागि
लड़ाईंमां कुन् चइं पहिले जावस्। त यहूवेले भन्यो यहूदा चइं पहिले
जावस्। अनि इस्राएलबंशीहरूले बिहानै उठेर गिबाको सांमु डेरा १९
हाल्ये। अनि इस्राएल्का मान्छेहरू बिन्यामीन् सित लड़ाईं गर्नुलाइ २०
निस्के अनि इस्राएल्का मान्छेहरूले तिनिहरूको बिरुद्धमां गिबामां पाङ्ति
पाङ्ति बांधे। अनि बिन्यामीन्बंशीहरूले गिबा देखि निस्कि आयेर त्येस् २१
दिन् इस्राएलीहरूमांका बाईस् हजार जनालाइ भूइंमां लड़ाइ दिये।
अनि ति लोग् अर्थात् इस्राएल्का मान्छेहरूले हूप् बांध्येर जहां तिनिहरूले २२
अघिल्लो दिन् पाङ्ति पाङ्ति बांध्येका थिये तिहीं फेरि पाङ्ति पाङ्ति
बांधे। (अनि इस्राएल्बंशीहरू चढ़ेर यहूवेको सांमु सांझ् सम्म रोइ रह्ये २३
अनि तिनिहरूले यहूवे सित सल्लाह् सोध्ये कि मं फेरि आफ्नु भाई
बिन्यामीन्बंशीहरू सित लड़ाईं गर्नुको लागि नजिक् जाउं। त यहूवेले
भन्यो त्येस्को बिरुद्धमां चढ़ि जा)॥

तब दोस्रो दिन् इस्राएल्बंशीहरू बिन्यामीन्बंशीको बिरुद्धमां नजिक् २४
गये। अनि बिन्यामीन्ले तिनिहरूको बिरुद्धमां गिबा देखि दोस्रो दिन् २५
पनि निस्केर इस्राएल्बंशीहरूमांका अठारह हजार जनालाइ भूइंमां लड़ाइ
दियो. यि सबै तरवार् झिक्नेहरू थिये। तब सिंगे इस्राएल्बंशीहरू र २६
सिंगे लोग् चढ़ेर बेतेल्मां आये अनि रोये अनि यहूवेको सांमु वहां
बसि रह्ये अनि त्येस् दिन् सांझ् सम्म उपास् बस्ये वहांदेखि यहूवेको सांमु
होमबलि र मिलापबलि चढ़ाये। वहांदेखि इस्राएल्बंशीहरूले यहूवे सित २७
सोध्ये (कसोगरिभन्ये ईश्वरको नियमको सन्दूक् ति दिनमां वहां थियो
अनि हारूनको छोरो एलाजारको छोरो पीनहास् ति दिनमां त्येको सांमु २८
उभीइ रहंद थियो) तिनिहरूले येसो भनिकन सोध्ये कि अझै पनि मं
आफ्नु भाई बिन्यामीन्बंशीहरू सित लड़ाईं गर्नु जाउं कि थामौंयुं। त यहूवेले

भन्यो चढ़ि जा किनभन्ये भोलि मं तिनिहरुलाइ तेरो हात्मां पारि दिंछु।
२९ अनि इस्राएल्ले गिबाको चारै तिर ढुकुवाहरुलाइ बसाल्यो॥
३० अनि तीस्रो दिन् इस्राएल्बंशीहरु बिन्यामीन्बंशीहरुको बिरुद्धमां
३१ जाइ लाग्ये अनि अगाड़िको झैं पाङ्ति पाङ्ति बांध्ये। अनि बिन्यामीन्बंशी-
हरु लोगको बिरुद्धमां आइ लाग्येर सहर् देखि तानीये वहांदेखि तिनिहरुले
अगाड़िको झैं लोग्मांका कति जनालाइ काट्नु मांर्नु लाग्ये अं येउटा
बेतेल्मां जांने अर्को गिबामां खेत्मां जांने दुइ मूल् बाटाहरुमां इस्राएल्का
३२ तीस् एक् मान्छेहरुलाइ मांरि दिये। अनि बिन्यामीन्बंशीहरुले भन्ये
तिनिहरु अगाड़ि झैं हांमिहरुको सांमु मांरींदै छन्। तर इस्राएल्-
बंशीहरुले भन्ये हांमिहरु भाग्येर तिनिहरुलाइ सहर् देखि मूल् बाटाहरुमां
३३ तानूं। त इस्राएल्का सिंगै मान्छेहरुले आफ्नु आफ्नु ठांउ देखि उठ्येर
बाल्तामार्मां पाङ्ति पाङ्ति बांध्ये. अनि इस्राएल्का ढुकुवाहरु आफ्नु
३४ आफ्नु ठांउ देखि अं मारेगेबा देखि फुटि निस्क्ये। अनि गिबाको सांमु बाटो
सिंगै इस्राएल् देखि दस् हजार् छान्येका मान्छेहरु आइ लाग्ये वहांदेखि
अग्घोर्को लड़ाइं पर्‍यो. तर तिनिहरुले हांमिहरु मांथि बिपत्ति आइ
३५ पुग्येको छ भनि जान्दैन थिये। अनि यह्वेले बिन्यामीन्लाइ इस्राएल्को
सांमु मांर्‍यो. त इस्राएल्बंशीहरुले त्येइ दिन् बिन्यामीन्का पचीस् हजार
र एक् सै जनालाइ मांरि दिये. ति सबै तरवार् झिक्नेहरु थिये॥
३६ तब बिन्यामीन्बंशीहरुले हांमिहरु मांरीयूं भनि चाल् पाये.
कसोगरिभन्ये इस्राएल्का मान्छेहरुले बिन्यामीन्लाइ ठांउ दिये किनभन्ये
तिनिहरुले ति गिबाको सांमु राखीयेका ढुकुवाहरु मांथि भरोसा राख्द
३७ थिये। अनि ढुकुवाहरु हतार् हतार् गरि गिबा मांथि जाइ लाग्ये वहांदेखि
ढुकुवाहरुले हिंड़ि गयेर सिंगै सहर्लाइ तरवार्को धार्ले काटि दिये।
३८ अब इस्राएल्का मान्छेहरु र ढुकुवाहरुको चिंनु यो थियो अर्थात् सहर्
३९ देखि धुंवाको ठुलो बादल् उठाउंनु भन्ये। अनि इस्राएल्का मान्छेहरु
लड़ाईं तिर फर्क्ये त बिन्यामीन्ले इस्राएल्का मान्छेहरुमांका तीस् एक्
जनालाइ काट्नु मांर्नु लाग्यो. कसोगरिभन्ये तिनिहरुले भन्ये अगाड़िको
४० लड़ाईं झैं निस्से तिनिहरु हांमिहरुको सांमु मांरींद छन्। तर जसै त्यो
बादल् सहर् देखि धुंवाको मुड़का जस्तो उठ्यो तब बिन्यामीनीहरुले
आफ्नु पछिल् तिर हेर्‍ये त हेर सिंगै सहर् धुंवामां अकाश् तिर उठ्द रछ।
४१ त इस्राएल्का मान्छेहरु फर्क्ये अनि बिन्यामीन्का मान्छेहरु चइं छक्क पर्‍ये.
किनभन्ये तिनिहरुले हांमिहरु मांथि बिपत्ति आइ पुग्ये छ भनि थाहा
४२ पाये। येस्कारण् तिनिहरुले इस्राएल्का मान्छेहरुको सांमु बन्को बाटो सम्म
आफ्नु पिठिउं फर्काये तर लड़ाईं तिनिहरु मांथि हुंदै थियो अनि सहर्हरु
बाटो निस्कि आउंनेहरुले पनि तिनिहरुलाइ आफ्नु बीच्मां पारि नास्
४३ पार्‍ये। तिनिहरुले बिन्यामीन्लाइ रिंगै घेर्‍येर तिनिहरुलाइ खेद्ये अनि
घाम् झूल्कने तिर गिबाको सांमु सम्म तिनिहरुको बस्ने ठांउमां तिनिहरुलाइ

कुल्चि दख्ये । अनि बिन्यामीन्का अठारह् हजार् जना लड़ेर ति सबै बीर् ४४
बीरहरु थिये । त तिनिहरु बन् तिर फर्क्यर रिम्मोन्को पहरा सम्म पुग्ये . ४५
अनि तिनिहरुले मूल् बाटाहरुमां तिनिहरुमांका पांच् हजार् जनालाइ
खिलापाता गरि मांग्ये फेरि तिनिहरुलाइ गिदोम् सम्म पछ्याइ खेद्देर
तिनिहरुमांका दुइ हजार् जनालाइ मांग्ये । त त्येस् दिन् बिन्यामीनीका ४६
मांरीयेका सबै पचीस् हजार् जना तरवार् झिक्नेहरु थिये ति सबै बीर्
बीरहरु थिये । तर ६ सै जना मान्छे फर्क्यर बन् तिर रिम्मोन्को पहरा तिर ४७
भाग्ये अनि रिम्मोन्को पहरामां चार् महीना सम्म बसि रह्ये । अनि ४८
इस्राएल्का मान्छेहरुले बिन्यामीन्वंशीहरु मांथि फर्कि आयेर तिनिहरुलाइ
तरवार्को धार्ले सिंगै सहर् र बस्तुहरु अं ज्यै ज्यै भेटाये ति सबै मांरि
दिये . उप्रान्त भेटायेका सहर्हरु पनि सबै डढ़ाइ दिये ॥

अब इस्राएल्का मान्छेहरुले मिस्पामां हांमिहरुमांको कसैले २१ १
आफ्नी छोरी बिन्यामीन्लाइ स्वास्नी हुंनुलाइ दिंदौंन भनि किरिया खायेका
थिये । अनि लोग् बेतेल्मां आयेर त्याहां सांझ् सम्म ईश्वर्को सांमु बस्ये २
अनि आफ्नु आफ्नु सोर् उचालि सारो सारो रोये । अनि तिनिहरुले भन्ये ३
हे यहुवे इस्राएल्को ईश्वर् इस्राएल्मां किन येस्तो भइ गयो अर्थात् आजु
इस्राएल्मांको एक् कुल् घटि जान्ये । अनि भोलि पल्टो येसो भयो ४
लोगले सबारै उठि वहां येउटा बेदि बनाये अनि होम्बलि र मिलाप्बलि
चढ़ाये । अनि इस्राएल्वंशीहरुले भन्ये यहुवेको लागि समाज्मां इस्राएल्का ५
सबै कुल्मांको कुन्चइं आयेको छैन । किनभन्ये तिनिहरुले मिस्पामां
यहुवेको लागि न आयेको मान्छेको बिषय्मां त्यो निस्से मांरीथ्यो भन्ये तुलो
किरिया खायेका थिये । त इस्राएल्वंशीहरु आफ्नु भाई बिन्यामीन्को ६
बिषय्मां आजु इस्राएल् देखि एक् कुल् काटीयो भन्दै पछ्ताये ।
बांच्येकाहरुको लागि स्वास्नी पाउंनुको बिषय्मां कसो गरुं किनभन्ये ७
हांमिहरुले सा आफ्नी छोरीहरु तिनिहरुलाइ स्वास्नी हुंनुको लागि दिंदौंन
भनि यहुवेको नाउं लिइकन किरिया खायेका छौं । त तिनिहरुले भन्ये ८
मिस्पामां यहुवेको लागि इस्राएल्को कुल्मांको न आयेको को छ । त हेर
समाज्मां याबेश्गिलाद् देखि कोई पनि छाउंनीमां आयेको रैनछ ।
कसोगरिभन्ये जब लोग् गनीये त हेर याबेश्गिलाद्का बासीहरुमांको कोई ९
पनि वहां रैनछ । त मंडलीले महाबीरहरुमांका बारह् हजार् जनालाइ यो १०
आज्ञा दिइ वहां पठाये तिमिहरुले गयेर याबेश्गिलाद्का बासीहरुलाइ
आइमाइहरु बालखहरु समेत्लाइ तरवार्को धार्ले काटि देव ।
अं तिमिहरुले गर्नु पर्ने काम् येइ हो सबै लोग्ने मान्छेहरुलाइ र पुरुषहरु ११
सित गयेकी स्त्रीहरुलाइ पनि भाक्ल गरीयेको थोक् भैं नास् पार ।
अनि याबेश्गिलाद्हरुमांकी पुरुषहरु सङ न गयेकी चार् सै वटी १२
केटीहरुलाइ भेटाये . अनि तिनिहरुले तिनिहरुलाइ कनान् देस्मां भयेको
शीलोको छाउंनीमां ल्याये ॥

१३ अनि सिंगे मंडलीले रिम्मोन्को पहरामां भयेका बिन्यामीन्वंशीहरुलाइ
१४ मिलापको समाचार् सुनाइ तिनिहरुलाइ बोलाइ पठायो । अनि त्येस् बेला
बिन्यामीन् फर्कि आयो अनि तिनिहरुले तिनिहरुलाइ याबेशगिलादको
आइमाइहरुमांकी जति जीउंदो बचाइ राखीयेकी थिइन् तिनिहरुलाइ
१५ दिये . तर येतिले पनि तिनिहरुलाइ पुग्येन । अनि लोग् बिन्यामीन्को
बिषयमां पछुताये किनभन्ये यहूवेले इस्राएलका कुलहरुमां फाटो राखि
दियेको थियो ॥
१६ तब मंडलीका प्राचीन्हरुले भन्ये उन्नेकाहरुको लागिकी स्वास्नीहरुको
कुरामां कसो गर्ने किनभन्ये बिन्यामीन् देखि आइमाइहरु नास् भइ गयेकी
१७ छन् । अनि तिनिहरुले भन्ये बिन्यामीन् देखि बांच्येकाहरुको लागि येउटा
अधिकार् हुंनु पर्छ होइन भन्ये ता एक् कुल् इस्राएल् देखि मेटींछ ।
१८ तेपनि हांमिहरु आफ्ने छोरीहरु ता तिनिहरुलाइ स्वास्नी हुंनुलाइ दिंनु
सक्दौंन . किनभन्ये इस्राएलवंशीहरुले जस्ले बिन्यामीन्लाइ स्वास्नी देला
१९ त्यो स्रापित् हुवस् भनि किरिया खायेका थिये । अनि तिनिहरुले भन्ये
हेर बेतेलको उत्तर् तिर र बेतेल् देखि शेकेममां जांने सुल् बाटोको पूर्व
तिर र लब्नोनाको दक्खिन् तिर भयेको शीलोमां यहूवेको लागि बर्ष
२० बर्षको येउटा चाड् लाग्द छ । अनि तिनिहरुले बिन्यामीन्वंशीहरुलाइ येसो
२१ भनि आज्ञा दिये गयेर दाख्का बारीहरुमां ठुकि बस वहांदेखि हेरि
बस जसै शीलोकी केटीहरु नाच्नुलाइ बाइर आउंनन् तब दाख्को
बारी बाटो निस्कीर जनंगेले शीलोकी केटीहरुमांकी येउटी येउटीलाइ
आफ्नी आफ्नी स्वास्नी पार्नुको लागि समात्येर बिन्यामीन्को देशमां जाइ
२२ जाव । तब येसो हुंछ जब तिनिहरुका बाबुहरु कि दाज्युभाईहरु हांमिहरु
सित झगरा गर्नुलाइ आउंनन् तब हांमिहरु तिनिहरुलाइ भन्छौं कृपागरि
हांमिहरुको लागि तिनिहरुलाइ दिनुं हवस् . किनभन्ये हांमिहरुले लड़ाईमां
तिनिहरु जनंगेको लागि येउटी येउटी स्वास्नी लियेका छौंन . न तिमिहरुले
तिनिहरुलाइ तिनिहरुको लागि दियौ होइन भन्ये ता तिमिहरु ऐले दोषी
२३ हुंछौ भनि । त बिन्यामीन्वंशीहरुले त्येसै गर्ये अर्थात् आफ्नु गन्ति
अनुसार् ति नाच्नेहरुमांकीलाइ स्वास्नी हुल्याउंनुलाइ समाति समाति लग्ये .
अनि तिनिहरुले गयेर आफ्नु अधिकारमां फर्कीर सहरहरु बनाये अनि
२४ तिनमां बस्ये । अनि त्येस् बेला इस्राएलवंशीहरु त्यहां बाटो हिंड्येर सबै
जना आफ्नु आफ्नु कुल् र आफ्नु आफ्नु जहान्मां गये अनि त्यहां
२५ देखि जनंगे आफ्नु आफ्नु अधिकारमां गयो । ति दिनमां इस्राएलमां
कोई राजा थियेन . जनंगेले आफ्नु आफ्नु दृष्टिमां जे ठीक् लाग्द
थियो त्येइ गर्द थियो ॥

रूत्को पोस्तक् ।

अनि बिचारीहरुले निया गर्दै गर्येका दिनमां येसो भयो देसमां १ १
अनिकाल् पर्यो । अनि बेत्लेहेम् यहूदाको एक् जना मान्छे आफ्नी
स्वास्नी र दुइ भाई छोराहरु समेत् मोआब्को देसमां प्रबास् गर्नुलाइ
गयो । येस् मान्छेको नांउ एलीमेलेक् येस्की स्वास्नीको नांउ नाओमी र २
येस्का दुइ भाई छोराहरुका नांउ महलोन् र किल्योन् थिये तिनिहरु
बेत्लेहेम् यहूदाका इफ्रातीहरु थिये । अनि तिनिहरु मोआब् देसमां गयेर
वहां रह्ये । अनि नाओमीको लोग्ने एलीमेलेक् मर्यो अनि त्यो र येस्का ३
दुइ भाई छोराहरु छोड्दीये । त तिनिहरुले मोआब्की आइमाइहरुमांकी ४
स्वास्नी ल्याये येउटीको नांउ ओर्पा अर्कीको नांउ रूत् थियो . अनि तिनिहरु
वहां दस् बर्ष जति रह्ये । अनि महलोन् र किल्योन् दुवै जना पनि मर्ये ५
तब त्यो आइमाइ येस्का दुइ भाई छोराहरु र लोग्ने देखि छोड्दीई । तब त्यो ६
आफ्नी बुहारीहरु समेत् मोआब्को देस् देखि फर्कनुलाइ उठी . किनभन्ये
येस्ले यहूवेले आफ्ना लोगलाइ रोटी दिइ तिनको हेर्चाहा गर्यो अरे भन्येको
मोआब्को देसमां सुन्येकी थिई । त त्यो आफु बस्येको ठांउ देखि आफ्नी ७
दुवैवटी बुहारीहरु समेत् निस्की अनि तिनिहरुले यहूदाको देसमां फर्कनुलाइ
आफ्नु बाटो समातिन् । अनि नाओमीले आफ्नी दुवैवटी बुहारीहरुलाइ ८
भनी तिमिहरु आफ्नु आफ्नु माइतघर फर्कि जाव . जस्तो तिमिहरुले
मर्यकाहरु सित र मं सित बेहोरा गर्यकी छौ येस्ले यहूवेले तिमिहरु सित
कृपालु बेहोरा गरोस् । यहूवेले तिमिहरुलाइ आफ्नु आफ्नु लोग्नेको घर्मां ९
सुख्ख पाउंनु देवस् । वहांदेखि येस्ले तिनिहरुलाइ चूमा खाई अनि तिनिहरु
शब्द उचालि रोइन् । अनि तिनिहरुले येस्लाइ भनिन् होइन तर हांमिहरु १०
तिमि सित तिम्रै लोग् भयेठांउमां जांकौं । अनि नाओमीले भनी हे मेरी ११
छोरीहरु फर्कि जाव . मं सङ किन आउंकौ . के मेरो कोखमां अझै छोराहरु
छन् र तिनिहरु तिमिहरुका लोग्ने होउन् । फर्कि जाव मेरी छोरीहरु हो १२
आफ्नु आफ्नु बाटो समात किनभन्ये मं अरु लोग्ने लिंनुलाइ बिघ्नै बूढी
भयें । मैले कते मेरो आशा छ भनि आजै राति लोग्ने सित गई छोराहरु जन्मायें
भन्ये पनि के तिमिहरु तिनिहरु बढुंज्याल् सम्म तिनिहरुको लागि १३
पर्खंछौ . अनि के येस्कारण् लोग्ने देखि थामीइ रहंछौ . होइन मेरी छोरीहरु
हो किनभन्ये तिमिहरुहकको कारणले मं दुखित् छु किनभन्ये यहूवेको
हात् मं मांथि पर्येको छ । अनि तिनिहरु फेरि शब्द उचालि रोइन् . १४
त ओर्पाचइंले आफ्नी सासुलाइ चूमा खाई . तर रूत् चइं त्यो सङ टांसीइ
रही । अनि येस्ले भनी हेर् तेरी जेठानी ता आफ्ना लोग् र आफ्नु देवता १५

१६ तिर फर्कि गई. त तं पनि आफ्नी जेठानी पछि पछि फर्कि जा। अनि रूतले भनी तिमिलाइ छोड्नु र तिमिलाइ पछ्याउंनु देखि फर्कि जांनु भनि मं सित बिन्ति न गर. किनभन्ये जहां तिमि जांकेउ मं पनि जांकु जहां तिमि बस्केउ मं पनि बस्कु. तिम्रा लोग् मेरे लोग् हुंकन् अनि तिम्रो
१७ ईश्वर् मेरो ईश्वर्. जहां तिमि मंर्केउ मं मंर्कु अनि उहीं गाड़ींकु पनि. मंलाइ र तिमिलाइ मंरण् बाहिक् कुटग्राउंने अरु कोई क् भन्ये यहूवेले
१८ येसो ग्रं यो भन्दा बेसि पनि मं सित गरोस्। त जबे त्येस्ले त्यो मं सित जांनुलाइ त्येस्को मन् स्थिर् रक् भनि देखी तब त्यो सित कुरा गर्नु छोड़ी।
१९ त ति दुइ बेत्लेहेम् न पुगुंज्याल् सम्म हिंड़ि गइन्। अनि येसो भयो तिनिहरु बेत्लेहेममां पुग्दा तिनको बिषयमां सहरभरि धूम् मचीयो त
२० स्त्रीहरुले भनिन् कि यिनि नाग्रोमी हुन्। अनि त्येस्ले तिनिहरुलाइ भनी मंलाइ नाग्रोमी[१] होइन तर मारा[२] भन. किनभन्ये सर्वशक्तिमान्ले मं सित
२१ अरघोर् तीतो बेहोरा गर्येको क्। मं भर्पूर् गयें अनि यहूवेले मंलाइ रित्ते फर्काइ ल्यायो. मंलाइ नाग्रोमी किन भन्द छौ जब यहूवेले मेरो बिरुद्धमां साक्षी दियेको क् अनि सर्वशक्तिमान्ले मंलाइ कष्ट दियेको क्।
२२ त नाग्रोमी आफ्नी बुहारी मोग्राबी रूत् समेत् मोग्राबको देस् बाटो फर्कि आई. अनि तिनिहरु जउको कटनीको पाल्नी बेलामां बेत्लेहेममां आइ पुगिन्॥

२ १ अनि नाग्रोमीको लोग्नेको एक् जना चिना जाना थियो जो बड़ा धनी थियो अनि एलीमेलेक्को सन्तान्को थियो अनि त्येस्को नांउ बोग्रज्
२ थियो। अनि मोग्राबी रूत्ले नाग्रोमीलाइ भनी मंलाइ ऐले जांनु देउ जस्को अनुग्रह् मं मांथि होला त्येस्को बारीमां अन्नको सिला खोज्कु। त
३ त्येस्ले त्येस्लाइ भनी मेरी छोरी जा। तब त्यो गई अनि काट्नेहरुको पछि पछि खेत्मां सिला खोज्नु लागी. अनि त्येस्को लागि येस्तो संयोग् पर्यो
४ त्यो एलीमेलेक्को सन्तान्को भयेको बोग्रज्को बारीमां पुगी क्। त हेर बोग्रज्ले बेत्लेहेम् बाटो ग्रायेर खेतालाहरुलाइ यहूवे तिमिहरु सङ्ग हवस् भन्येर भन्यो। तब तिनिहरुले त्येस्लाइ यहूवेले ग्राफ्नुलाइ ग्राशीष् देवस्
५ भनि उत्तर् दिये। तब बोग्रज्ले खेतालाहरु मांथि खटाईयेको चाकरेलाइ
६ त्यो कस्की कन्ये हो भनि सोध्यो। अनि खेतालाहरु मांथि खटाईयेको चाकरेले भन्यो यो मोग्राबको देस् बाटो नाग्रोमी सित ग्रायेकी मोग्राबी
७ कन्ये हो. जस्ले मंलाइ खेतालाहरुको पछि पछि बीटाहरुको बीच् बीचमां सिला खोज्नु दिनु हवस् भनि बिन्ती गरी. त त्यो ग्राई अनि बिहान देखि खालि एक्छिन् मांत्रै घरमां गई अनि ऐले सम्म लागीइ
८ रह्येकी क्। तब बोग्रज्ले रूतलाइ भन्यो ए मेरी छोरी के सुन्देनस्. तं ग्रर्कीको बारीमां सिला खोज्नु न जा अनि यहां बाटो हिंड़ि न जा तर

[१] अर्थात् मीठो। [२] अर्थात् तीतो।

मेरी कञ्चेहरु सित लागीइ रह्। तेरा आंखा यि खेतालाहरुले काट्दै ९
गयेको बारीमां लागि रहुन् अनि तिनिहरुको पछि पछि जा. को मैले
तन्हेरिहरुलाइ तंलाइ न कुंने आज्ञा गर्येको कुइंन. तं जब तिर्खाउंछस्
तब यि तन्हेरिहरुले भरि राख्येको पानीको भांड़ा छेउ आयेर खा। तब त्येस्ले १०
घोप्टो पर्येर भूंइ सम्म निउंरि त्येस्लाइ भनी मं अन्यदेसीनी मांथि आफुले
हेरचाहा गर्नु भयेकोले मं मांथि आफुको अनुग्रह् भयो यो को कारणले
हो। तब बोअजले त्येस्लाइ येसो भनि उत्तर् दियो तैंले आफ्नु लोग्ने मर्ये ११
पछि आफ्नी सासु सित ज्ये ज्ये गर्येको थिइस् ति सबै मंलाइ पूरापूर्
देखाईयो अनि आफ्ना आंमा बाबु र आफ्नु जन्मदेस् छोड़ेर तैंले अगाड़ि
न चिन्येका लोगको बीचमां तं आइस् भनि। यहुवेले तेरो कामको साटो १२
देवस् अनि यहुवे इस्राएलको ईश्वर् पट्टि बाटो तंलाइ पूरो प्रतिफल दिईओस्
जस्का पखेटा मुनि तं शरण् लिंनुलाइ आयेको छस्। तब त्येस्ले भनी हे १३
मेरा प्रभु आफुको अनुग्रह् मं मांथि हुंनु दिंनु हवस् किनभन्ये आफुले
मंलाइ शान्ति दिंनु भयो अनि मं आफुकी कमांरीहरुमांको येउटी जस्ती
पनि कुइंन र पनि आफु आफ्नी कमांरी सित कृपा गरिकन बोल्नु भयो।
अनि खाजा खांने बेलामां बोअजले त्येस्लाइ भन्यो येता आइज अनि १४
रोटी खाइ आफ्नु गांस् सिर्कांमां चोब्। अनि त्यो खेतालाहरु सङ बसी.
अनि तिनिहरुले त्येस्लाइ भुटेयक अन्न पुय्याइ दिये अनि त्यो खायेर अघाई
अनि अलिकता उबारी। अनि जब त्यो सिला खोज्नुलाइ उठी तब १५
बोअजले आफ्ना तन्हेरिहरुलाइ येसो भनि आज्ञा दियो त्येस्चइंलाइ
बीटाहरुकै मांझ मांझमां पनि सिला खोज्नु देव अनि त्येस्लाइ शरम्मां
न पार। अं त्येस्को लागि बीटाहरु देखि अलि अलि खसालि पनि दियेर १६
छोड़ि देव अनि त्येस्लाइ सिला खोज्नु देव अनि त्येस्लाइ केह हकारपकार्
न गर। त त्यो सांझ सम्म बारीमां सिला खोज्दै रही तब जति त्येस्ले १७
खोज्येकी थिई त्यो माड़ी त एक् एपा जति जउ भयो। त त्यो बोकेर १८
सहरमां गई. अनि जति सिला खोज्येकी थिई त्यो त्येस्की सासुले देखी.
अनि खाइ अघायेर उन्नेको पनि निकाल्येर आफ्नी सासुलाइ दिई। अनि १९
त्येस्की सासुले त्येस्लाइ भनी आजु तैंले सिला कहां खोजिस् अनि काम् कहां
गरिस्. जस्ले तेरो हेरचाहा गर्यो त्यो धन्यको हवस्। त त्येस्ले कस्कोमां काम्
गर्येकी थिई भनि आफ्नी सासुलाइ येसो भनि देखाई आजु मैंले जस्कोमां
काम् गर्येकी थियें त्येस्को नांउ बोअज् हो रह्। त नाओमीले आफ्नी २०
बुहारीलाइ भनी त्यो मान्छे यहुवेको पट्टि बाटो धन्यको हवस् जस्ले जीउंदोको
लागि र मर्येकोको लागि आफ्नु कृपा गर्नु छोड़ेकको छैन। त नाओमीले
त्येस्लाइ भनी ति मान्छे हांम्रा कुटुम्ब हुन् अं हांम्रो नजिक्को साइंनुका।
अनि मोआबी रूतले भनी अं तिनले मंलाइ मेरी सबै कटनी भइ न सकुंज्याल् २१
सम्म मेरा तन्हेरिहरु सङ सङ लागि रह् पनि भन्येका छन्। अनि नाओमीले २२
आफ्नी बुहारी रूतलाइ भनी ए मेरी छोरी तं तिन्के कञ्चेहरु सङ जांनु

२३ जाति छ अनि तंलाइ अर्कोको बारीमां न भेटाउन्। त त्यो खड र गहूं
काटि न सकुंज्याल् सम्म बोझ्नको कज्येहरु सङ लागीइ रही अनि आफ्नो
सासु सित बस्द थिई॥

३ १ अनि त्येस्को सासु नाम्रोमीले त्येस्लाइ भनी ए मेरी छोरी को मं
२ तेरो लागि सुखको खोज् न गरुं र तेरो भलो हुवस्। त अब को बोझ्
हांमिहरुका कुटुम्ब होइनन् जस्को कज्येहरु सङ तं थिइस्. हेर् आजु राति
३ तिन्ले खलामां जउ बताउंद छन्। त तं नुहाइ सेल्सेल् लायेर लुगा लगा र
खलामां झर्. तर तिन्ले खाइ पीइ न सकुंज्याल् सम्म तं मान्छेकां देखाहा
४ न पर्। त येसो हुंछ जसै तिनि सुत्छन् तब तिन्को सुत्ने ठांउ हेरि राख्
अनि भित्र गयेर तिन्को गोड़ा उघार्येर ढल्कि रह् तब तैंले गर्नु पर्ने काम्
५ तिन्ले तंलाइ कहि दिंछन्। तब त्येस्ले त्येस्लाइ भनी तिमिले भन्येका सबै
६ गर्कु। त त्यो खलामां झरी अनि त्येस्को सासुले दियेका सबै आज्ञा अनुसार्
७ गरी। अनि जसै बोझ्ज् खाइ पीइ सक्येर त्येस्को मन् आनन्द भयो तब
अन्नको थुप्रोको एक् छेउमां ढल्कनुलाइ गयो. तब त्यो हलुङ् हलुङ् गयेर
८ त्येस्का गोड़ा उघार्येर ढल्की। अनि येसो भयो आधा रातमां त्यो मान्छे
झल्यांस्स भइ अर्को तिर फर्क्यो. त हेर त्येस्का गोड़ा निर येउटी आइमाइ
९ ढल्कि राकी रछ। त त्येस्ले भन्यो तं को होस्। अनि त्येस्ले उत्तर् दिई मं
आफुको कमांरी बस् हुं. येस्कारण् आफ्नु लुगा आफ्नो कमांरी मांथि
१० ओढ़ाउंनु हुवस् किनभन्ये आफु मेरो नजिक् सांइनुका हौ। अनि त्येस्ले
भन्यो ए मेरी छोरी यहुवे देखि तं धन्नकी भयेस्. तैंले थाल्नीमां भन्दा
बेसि कृपा अन्तमां देखाइस् कसोगरिभन्ये तैंले न कंगालि न धनी तन्हेरिलाइ
११ पछ्याइस्। त अब ए मेरी छोरी न डरा तैंले भन्येको सबै मं तं सित गर्कु.
किनभन्ये मेरा लोगको सिंगे सहर्ले तं धर्म्मी आइमाइ छस् भनि थाहा
१२ पाउंद छ त अब मं सांचिनै नजिक् सांइनुको ता हुं. तर मं भन्दा पनि
१३ च्यास्ति नजिक् सांइनुको अर्को छ। आजु राति अड़ीइ अनि बिहान येसो
हुंछ त्येस्चइंले तेरो लागि सांइनु पर्नले गर्नु पर्नको काम् गर्न मन् गर्‌यो
भन्ये देखि ता जातिनै भयो त्येस्ले सांइनु पर्नले गर्नु पर्ने काम् गरोस्. तर
त्येस्ले सांइनु पर्नले गर्नु पर्ने काम् गर्न मन् गर्‌येन भन्ये देखि त यहुवे जीइ
रह्येको झैं मं तेरो लागि सांइनु पर्नले गर्नु पर्ने काम् गर्कु. त बिहान सम्म
१४ ढल्कि रह्। त त्यो बिहान सम्म त्येस्को गोड़ा निर ढल्कि रही. अनि
एकाले अर्कालाइ चिन्ने बेला हुंनु भन्दा अगाड़ि उठी। किनभन्ये त्येस्ले
१५ कोई आइमाइ खलामां आयेकी थिई भनि न जानीओस् भन्यो। अनि
त्येस्ले आफ्नु ओढ़ेकको बर्को लियेर थाप् भन्यो त त्येस्ले थापी. अनि त्येस्ले
त्येस्मां छ पाथी जउ भरि दियेर त्येस्लाइ बोकाइ दियो. तब त्यो सहर्मां
१६ आई। अनि जब त्यो आफ्नी सासु थांइ आई त त्येस्ले भनी तं को होस्
मेरी छोरी. अनि त्येस्ले त्येस् मान्छेले मं सित को को गर्‌यो भनि सबै कहि
१७ दिई। त त्येस्ले भनी यो छ पाथी जउ तिन्ले मंलाइ दिये किनभन्ये तिन्ले

भन्ये आफ्नो साक्षुकां रित्ते न जा। तब त्येस्ले भनी ए मेरी छोरी कुरो १८
कसो हुंने रछ त्येतिंज्याल् सम्म पर्खि रहू. किनभन्ये ति मान्छेले आजु यो
कुरा गरि न सकुंज्याल् सम्म विश्राम् गर्दैनन् ॥

त बोअज् ठोका निर चढेपर त्यहां बसि रह्यो. त हेर जुन् नजिक् ४ १
सांइनुको मान्छेको विषयमां बोअजले कुरा गर्येको थियो त्यो मान्छे नजिक्
आयो जस्लाइ त्येस्ले भन्यो हे फलाना येता फर्कि आयेर बस। त त्यो फर्कि
आयेर बस्यो। अनि बोअजले सहरका प्राचीन्हरुमांका दस् जनालाइ लियेर २
तिनिहरुलाइ भन्यो यहां बस्नु हुवस्। अनि तिनिहरु बस्ये। अनि त्येस्ले त्येस् ३
सांइनुको मान्छेलाइ भन्यो मोआबको देस् बाटो फर्कि आयेको नाओमीले
त्यो हांमिहरुको भाई एलीमेलेक्को जग्गाको खण्ड बेच्द छिन्. अनि मं यो ४
कुरो तिमिहरुलाइ येसो भनिकन देखाउंनु खोज्द कु यहां बस्नेहरु र मेरा
लोगका प्राचीन्हरुको सांमु त्यो किन। त्यो छोड़ाउंको भन्ये छोड़ाउ. तर
छोड़ाउंदौन भन्ये त मंलाइ भन र मं थाहा पांउ. किनभन्ये तिमि बाहिक्
त्यो छोड़ाउंने अरु कैन अनि तिमि पछि मं चइं कु। अनि त्येस्ले भन्यो
मं छोड़ाउंकु। तब बोअजले भन्यो जुन् दिन् तिमिले त्यो जग्गा नाओमीको ५
हात् देखि किनौला त्येस् दिन् तिमिले मंर्येकोको स्वास्नी मोआबी रूतको
हात् देखि पनि किन्नु पर्छ त्येस्को अधिकारमां त्यो मंर्येको मान्छेको नाउं
उभ्याउंनुको लागि। अनि नजिकको सांइनुको मान्छेले भन्यो मं आफ्नु ६
लागि त्यो छोड़ाउंनु सक्दौंन होइन भन्ये ता मं आफ्नु अधिकार् बिगार्द कु.
मेरो छोड़ाउंने हक्क तिमिले आफु मांथि लेउ किनभन्ये मं त्यो छोड़ाउंनु
सक्दौंन। अनि सबै कुरा स्थिर् गराउंनुको लागि तादिका दिनमां छोड़ाउंने ७
र साटो फर्काउंनेको विषयमां इस्राएलमां येस्तो रीत् थियो अर्थात् मान्छेले
आफ्नु जुत्ता फुकाल्थेर आफ्नु छिमेकिलाइ दिंद थियो. अनि इस्राएलमां
साक्षी दिंने रीत् येस्तै थियो। त त्यो नजिक् सांइनुको मान्छेले बोअजलाइ ८
भन्यो त्यो आफ्नु लागि किन्नु हुवस् भन्येर आफ्नु जुत्ता फुकाल्यो। अनि ९
बोअजले प्राचीन्हरुलाइ र सिंगै मान्छेहरुलाइ भन्यो आजु मैंले एलीमे-
लेक्का र किल्योन्का र महलोन्का सबै योक् नाओमीको हात् देखि किन्येको
कु भन्ये साक्षी तिमिहरु हौ। अं येस् उप्रान्त मैंले महलोन्की बिधुवी १०
मोआबी रूतलाइ पनि मंर्येकोको नांउ त्येस्को अधिकारमां उभ्याउंनुको लागि
आफ्नी स्वास्नी हुंनुलाइ किन्येको कु र मंर्येकोको नांउ त्येस्का भाईहरु देखि
र त्येस्को ठांउको ठोका देखि न मेटिंगोस्. आजुको दिन् तिमिहरु साक्षी हौ।
तब ठोका निर भयेका सिंगै लोगले र प्राचीन्हरुले भन्ये हांमिहरु साक्षी ११
हौं। यहवेले त्यो आफुको घरमां आउंने आइमाइलाइ इस्राएलको जहान्
बनाउंने राहेल् र लिआ जस्ती गराइ देवस्. अनि आफु इफ्रातामां बलियो
होउ अनि बेतलेहेममां प्रसिद्ध. अनि यहवेले आफुलाइ त्येस् बेटी देखि १२
दिईयेको बंशको आफुको घर् पेरेसको घर् जस्तो हुवस् जस्लाइ तामरले
यहूदाको लागि जन्माई। त बोअजले रूतलाइ लग्यो अनि त्यो त्येस्की १३

स्वास्नी भई अनि त्यो त्येस्कां गयो अनि यहूवेको दयाले त्यो गर्भिणी भई
१४ अनि छोरो जन्माई। तब आइमाइहरुले नाओमीलाइ भनिन् यहूवे धन्य
हवस् जस्ले आजुको दिन् तिमिलाइ येउटा नजिकको सांइनु बिना छोड्नाको
१५ छैन अनि त्येस्को नाउं इस्राएल्मां प्रसिद्ध हवस्। अनि त्यो तिम्रो जीवन्
फर्काउंने र तिम्रो बूढेस्कालमां पाल्ने हुंछ. कसोगरिभन्ने तिम्री बुहारी
जस्ले तिमि सित प्रिति गर्द छे जो तिम्रो लागि सात् भाई छोराहरु भन्दा
१६ जाति छ त्येस्ले येस्लाइ जन्माई। त नाओमीले त्यो बालख लियेर आफ्नु
१७ काखमां राखी अनि त्येस्लाइ हेर्ने भई। तब त्येस्की छिमेकीनीहरुले येस्
बालखको नाउं येसो भनि राखिन् नाओमीको लागि येउटा छोरो जन्म्येको
छ भनि अनि तिनिहरुले त्येस्को नाउं ओबेद् राखिन्. त्येह यिशैको बाबु
दाऊदको बाजे थियो॥
१८ त पेरेस्का पुस्ता थिने हुन्. पेरेस्ले हेस्रोन्लाइ जन्मायो अनि
१९ हेस्रोन्ले राम्लाइ जन्मायो अनि राम्ले अम्मीनादाब्लाइ जन्मायो अनि
२० अम्मीनादाब्ले नह्शोन्लाइ जन्मायो अनि नह्शोन्ले सल्मोन्लाइ जन्मायो
२१ अनि सल्मोन्ले बोअजलाइ जन्मायो अनि बोअजले ओबेद्लाइ जन्मायो
२२ अनि ओबेद्ले यिशैलाइ जन्मायो अनि यिशैले दाऊद्लाइ जन्मायो॥

शमूएल्को पहिलो पोस्तक्।

(शमूएल्को जन्म र बालखेईंको बिषय्)

१ १ अनि एप्रैम्को पहाड़े देस्को रामातैम्सोपीम्को येउटा मान्छे थियो
जस्को नाउं एल्काना थियो त्यो येप्रैमी सूप्को छोरो तोहूको छोरो
२ एलीहूको छोरो यरोहाम्को छोरो थियो. त्येस्की दुवटी स्वास्नी थिइन्
येउटीको नाउं हन्ना अनि अर्कीको नाउं पनिन्ना थियो. अनि पनिन्नाका
३ बालख थिये तर हन्नाचईंको कोई बालख थियेन। अनि त्यो मान्छे
शीलोमां सेनाहरुको यहूवेको सेवा गर्नु र उस्को लागि बलिदान् चढ़ाउंनुलाइ
वर्ष वर्ष आफ्नु सहर् बाटो चढ़ि जांद थियो। अनि एलीका दुइ भाई
छोराहरु होप्नी र पीनहाम् यहूवेको लागिका पूजाहारीहरु वहां थिये।
४ अनि जब एल्कानाले बलिदान् चढ़ाउंने दिन् आइ पुग्यो तब त्येस्ले आफ्नी
स्वास्नी पनिन्नालाइ र त्येका सबै छोराछोरीहरुलाइ भाग् भाग् दिंद थियो.
५ तर हन्नाचईंलाइ दुइ भाग् दिंद थियो. किनभन्ने त्येस्ले हन्नालाइ प्यारो
६ गर्ने गर्द थियो तैपनि यहूवेले लेस्को कोख् थुनि राख्येको थियो। अनि

येल्की सौताले येल्लाइ जिस्क्याउंनुको लागि येल्लाइ अरघोर् खिज्याउंद
थिई किनभन्ये यहूवेले येल्को कोख् थुनि राख्येको थियो । अनि येस्ले वर्ष ७
वर्ष येसे गर्द थियो अनि यहूवेको घरमां चढि जांदै येल्लाइ येसैगरि
खिज्याउंने गर्द थिई येल्कारण् त्यो रोई अनि केइ पनि खाईन । त येल्को ८
लोग्ने एल्कानाले येल्लाइ भन्यो ए हन्ना किन रुंद छेस् अनि किन खांदीनस्
अनि तेरो मन् किन उदास् छ . के मं तेरो लागि दस् भाई छोराहरु भन्दा
जाति कुइंन । त जसै तिनिहरुले शीलोमां खाइ पीइ सक्यो तब हन्ना उठी । ९
येति बेला एली पूजाहारी यहूवेको मन्दिरको सडार् निरको आफ्नु
बैठकमां बसि रह्येको थियो । अनि हन्नाले मनको तीतेइंमां भइ यहूवे १०
सित प्रार्थना गरी अनि सारो रोई । अनि त्येस्ले येसो भन्येर भाकल् गरी कि ११
सेनाहरुको यहूवे तपांइले सांचिनै आफ्नी कमांरीको कष्ट मांथि दृष्टि गर्नु
भयो भन्ये देखि अनि मलाइ सम्झनु भयो अनि आफ्नी कमांरीलाइ
बिर्सनु भयेन भन्ये देखि तर आफ्नी कमांरीलाइ येउटा छोरो दिनु भयो
भन्ये देखि त मं येल्लाइ त्येको जीउंनी भरि यहूवेको लागि दिहाल्छु अनि
त्येको कपालमां कुरा लाग्दैन । त येसो भयो त्यो यहूवेको सांमु प्रार्थना १२
गरि गरि रह्येको थिई अनि एलीचइंले त्येको मुखमां हेरि रह्येको थियो ।
हन्नाचइं आफ्नु मन् मनैमां बोल्द थिई त्येका ओंठ मांत्रै चल्द थिये तर १३
त्येको सोर् सुनींदैन थियो . येल्कारण् एलीले त्यो मात्येको रक्त भनि ठान्यो ।
तब एलीले त्येल्लाइ भन्यो कैले सम्म मांति रहंछेस् . आफ्नु दाखरस् आफु १४
देखि आफाल् । अनि हन्नाले उत्तर् दिइ भनी होइन हे मेरा प्रभु मं १५
दुखित् मन् भयेको आइमाइ कु . मैंले न दाखरस् न मद्य खायेको कु तर
आफ्नु मन पो यहूवेको सांमु खन्याउंद थियें । आफुको कमांरीलाइ बिकामे १६
फक्कड्नी जस्तो न गन्नु हवस् . तर मं आफ्नु सुर्ता र शोकको खिज्याईयेको
कारणले येले सम्म बोल्येको कु । तब एलीले उत्तर् दिइ भन्यो कुशल १७
सित जा . अनि इस्राएलको ईश्वरले तैंले उ सित मांग्येको प्रार्थना अनुसार्
तंलाइ देवस् । अनि त्येस्ले भनी आफुको कमांरी मांथि आफुको अनुग्रह १८
हवस् । त त्यो आइमाइ हिंड़ि गई अनि खाई अनि फेरि त्येको मुख
उदास् भयेन । त तिनिहरुले बिहान सखारै उठेर यहूवेको सांमु दण्डवत् १९
गर्ये यहांदेखि फर्कर रामामां भयेको आफ्नु घरमां आइ पुग्ये . अनि
एल्कानाले आफ्नी स्वास्नी हन्नालाइ जान्यो अनि यहूवेले त्येल्लाइ सम्झ्यो ।
अनि येसो भयो हन्ना गर्भिणी भई अनि जब बेलाको भरना भयो तब त्येस्ले २०
छोरो जन्माई अनि त्येस्ले मैंले येल्लाइ यहूवे सित मांग्यें भन्येर त्येको नाउं
शमूएल् राख्यो । अनि एल्काना चइं आफ्नु सबै जहान् समेत् यहूवेको सांमु २१
आफ्नु वर्ष वर्षको बलिदान् र आफ्नु भाकल् चढाउंनुलाइ चढि गयो ।
तर हन्ना चइं गईन किनभन्ये आफ्नु लोग्नेलाइ जैले सम्म बालखको हुद २२
छोड़ाईदैन तैंले सम्म मं जांदींन त्यस् पछि मांत्रै मं येल्लाइ लैजांकु र त्यो
यहूवेको सांमु देखाहा परोस् अनि वहां सधैं भरि रहोस् भन्येर भनी । अनि २३

त्येस्को लोग्ने एल्कानाले त्येस्लाइ भन्यो जस्तो तंलाइ जाति लाग्छ त्येसै गर
त्येस्को हुद् छोड़ाईंने बेला सम्म अड़ीइ खालि यहूवेले आफ्नु बचन् मांने
पूरो गरोस्। त त्येसै त्येस्को हुद् न छोड़ाउंज्याल् सम्म त्यो आइमाइ अड़ीयेर
२४ आफ्नु छोरोलाइ हुद् खुवाउंदै रही। अनि जब त्येसै त्येस्को हुद् छोड़ाई
तब त्येसै त्येस्लाइ आफु सङ लगी अनि तौन्वटा बाच्छा र एक् एपा अन्न र
एक् कुप्पा दाख्रस् पनि शीलोमां यहूवेको घरमां लगी. अनि बालख सांने
२५ थियो। त तिनिहरुले बाच्छा बलि गर्ये अनि बालखचइंलाइ एली थांइ
२६ लग्ये। अनि त्येसै भनी हे मेरा प्रभु आफुको प्राण् जीइ रह्येको भैं हे मेरा
प्रभु मं त्येइ आइमाइ हुं जसै यहां आफुको छेउमां उभीयेर यहूवे सित
२७ प्रार्थना गर्इ थिई। येइ बालखको लागि प्रार्थना गर्येकी थियें अनि यहूवेले
२८ मंलाइ मैंले उ सित मांग्येको प्रार्थना अनुसार मंलाइ दियो. येस्कारण मैंले
पनि येस्लाइ यहूवेको लागि दियेको छु येस्को जीउंनिभरि यो यहूवेको लागि
दिइयेको छ। वहांदेखि तिनिहरुले यहूवेलाइ त्यहां दण्डवत् गर्ये॥

२ १ तब हन्नाले येसो भन्दै प्रार्थना गरी.

मेरो मनले यहूवेमां रमाइट् गर्द छ
मेरो सींग् यहूवेमां अल्ग्याईयेको छ.
मेरो मुख् मेरा सत्रुहरु मांथि बढ़ाईयेको छ
कसोगरिभन्ये मं तपांइको मुक्तिमां हर्षित् छु।

२ यहूवे जस्तो पवित्र कोई पनि छैन
कसोगरिभन्ये तपांइ बाहिक् अरु कोई छैन.
न हांम्रो ईश्वर् जस्तो अरु कोई पहरा छ।

३ येस्तो बिघ्न अहंकार् सित फेरि फेरि न बोल
शेषी तिमिहरुको मुख् देखि न निक्लोस्.
किनभन्ये यहूवे ज्ञानको ईश्वर् छ
अनि उ देखि कार्ज्यहरु तौलिइंद छन्।

४ बीरहरुका धनुहरु भांचीये
अनि ठोकर् खायेकाहरुको कम्मर् बल्लियो गरि बांधीये।

५ तृप्त भइ रह्येकाहरुले आफुलाइ रोटीको लागि बंनिमां लगाये
अनि भोका हुंनेहरु थामीये.
अं बांझीले सातवटा जन्माई अनि धेरै जन्माउंनेको बल् घट्यो।

६ यहूवेले मार्द छ अनि जियाउंद छ.
उस्ले पत्ताल् सम्म पुर्याउंद छ अनि उठाउंद छ।

७ यहूवेले कंगालि तुल्याउंद छ अनि धनी पार्द छ.
उस्ले होच्याउंद छ अनि अल्ग्याउंद छ पनि।

८ उस्ले कंगालिलाइ धुलो देखि उठाउंद छ
उस्ले दरिद्रहरुलाइ घुर्यान् देखि अल्ग्याउंद छ।
भारादारहरु सङ तिनिहरुलाइ बसाल्नुको लागि

अनि प्रताप्को सिंहासन्को अधिकारी हुंनुको लागि .
कसोगरिभन्ये संसार्का खांबाहरु यह्वेका हुन्
अनि उस्ले जगत्लाइ ति मांथि बसालि दियेको छ ।
उस्ले आफ्ना भक्तिहरुका पाउको रक्षे गर्छ ९
तर दुष्ट चइं अंध्यारोमां चुप् गराईंछ ।
कसोगरिभन्ये बल्ले कसैले पनि जीत्दैन ।
यह्वे सङ लड़ाईं गर्नेहरु चूर चूर् पारींछन् १०
तिनिहरुको विरुद्धमां उ स्वर्ग बाटो गर्जंछ .
यह्वेले पृथिवीको छेउको निया गर्छ
अनि उस्ले आफ्नु राजालाइ बल् दिंछ
अनि आफ्नु अभिषिक्तको सींग् अल्ग्याउंछ ॥
तब एल्काना रामामां आफ्नु घरमां फर्कि गयो । अनि बालख चइं ११
एली पूजाहारीको सांमु यह्वेको सेवा गर्दै रह्यो ॥

अब एलीका छोराहरु बिकामे दुष्ट फक्कड़हरु थिये तिनले यह्वेलाइ १२
चिन्दैन थिये । अनि पूजाहारीहरुको रीत् लोग् सङ येस्तो थियो जब जब १३
कसैले बलि चढ़ाउंद थियो अनि जब मांसु उसीनीइंद थियो तब तब
पूजाहारीको चाकरे आफ्नु हातमां मांसु घोच्ने तृसुले कांटा लियेर आउंद
थियो अनि त्येस्ले त्यो कांटा कराही कि कसिउंड़ी कि लोहोंड़े कि १४
भांड़ामां रोप्द थियो अनि कांटामां मांसु जति रोपीयेर आउंद थियो त्यो
पूजाहारीले लिंद थियो । तिनिहरुले शीलोमां आउंने सबै इस्त्राएल्हरु
सित येसै गर्द थिये । अं मान्छेहरुले बोसो डड़ाउंनु भन्दा अगाड़ि पनि १५
पूजाहारीको चाकरेले आयेर बलि चढ़ाउंनेलाइ भन्द थियो भटार्नुको लागि
पूजाहारीको लागि मांसु देउ किनभन्ये तिन्ले तं देखि पकायेको मांसु होइन
तर कांचै मांगद छन् । अनि कसैले त्येस्लाइ मं अगाड़ि बोसो डड़ाइ सक्नु १६
येस् पछि तिमिलाइ जति मन् पर्छ त्येति लैजाउ भन्यो भन्ये देखि त त्येस्ले
भन्द थियो होइन तिमिले मंलाइ ऐलेनै देउ . होइन भन्ये ता मं बलैले
लिंछु । अनि यह्वेको सांमु ति तन्हेरिहरुको पाप् अरघोर् बढ़ो थियो . १७
कसोगरिभन्ये मान्छेहरुले यह्वेको भेटि देखि घिन् गर्द थिये ॥

तर शमूएल्चइंले बालख भयेर पाट्कपराको एपोद् कम्मरमां लायेर १८
यह्वेको सांमु सेवा गर्द थियो । येस् उप्रान्त त्येस्की आंमाले बर्ष बर्ष आफ्नु १९
लोग्ने सित बार्षिक् भेटि बलिदान् चढ़ाउंनु आउंदा त्येस्को लागि येउटा सांनु
झुत्रा ल्याइ दिंथी । अनि एलीले एल्कानालाइ र त्येस्की स्वास्नीलाइ २०
आशीष् दिइकन येसो भन्यो जुन् उद्धार् यह्वेको लागि दिईयो त्येस्को साटो
यह्वेले येस् आइमाइ देखि तंलाइ सन्तान् देवस् । अनि तिनिहरु आफ्नु
घरमां गये । अनि यह्वेले हन्नाको हेरचाहा गर्यो अनि त्यो गर्भिणी भई २१
र तीन् भाई छोराहरु र दुइ बैंनी छोरीहरु जन्माई । अनि बालख शमूएल्
यह्वेको सांमु बढ़्दै गयो ॥

२२ अनि एली अरघोर् बूढो भयो अनि त्येस्ले आफ्ना छोराहरुले सिंगै इस्राएल् सित ज्ये ज्ये गर्द थिये ति सबै अनि तिनिहरु भेट् हुंने डेराको
२३ वेलोमां सेवा गर्ने स्त्रीहरु सङ सुत्येका सबै कुरा सुन्यो। तब त्येस्ले तिनिहरुलाइ भन्यो येस्तो येस्तो काम् किन गर्द छौ. किनभन्ये तिमिहरुको
२४ दुष्ट बेहोरा यि सिंगै लोग् देखि सुन्द छु। होइन मेरा छोराहरु हो कसोगरिभन्ये मं ज्ये सुन्द छु त्यो भलो समाचार् होइन. तिमिहरुले
२५ यहूवेको लोगलाइ तर्काउंद छौ। कसैले अर्को मान्छे सङ पाप् गऱ्यो भन्ये देखि ईश्वरले त्येस्को निया गर्छ. तर कसैले यहूवेको बिरुद्धमां पाप् गऱ्यो भन्ये देखि ता त्येस्को लागि कस्ले बिन्ति गर्छ। तैपनि तिनिहरुले आफ्नु बाबुको कुरा मान्येनन् किनभन्ये यहूवेले तिनिहरुलाइ मार्नु खोज्द थियो।
२६ अनि बालख शमूएल् बढ्दै गयो अनि यहूवे देखि र मान्छेहरु देखि पनि अनुग्रह् पाउंद थियो॥

२७ अनि ईश्वरको एक् जनाले एली थांइ आयेर त्येस्लाइ भन्यो यहूवेले येसो भन्द छ को मैले तेरो बाबुको घरमां जब तिनिहरु मिस्रमां फिरऊनको
२८ घरको बन्धुवाईमां थिये तब आफुलाइ प्रगटो गरीन। अनि को त्येस्लाइ इस्राएलका सबै कुलहरु देखि मेरो पूजाहारी हुंनुलाइ मेरो बेदिमां चढाउंनुलाइ धूप् हाल्नुलाइ र मेरो सांमु एपोद् लाउंनुलाइ छान्येको कुइंन। अनि को मैले तेरो बाबुको घरलाइ इस्राएलबंशीहरुका सबै
२९ होम्बलि दियेको कुइंन। त किन मेरो बलिदान् र मेरा भेटि जुन्हरुलाइ मैले आफ्नु धाममां गर्नु आज्ञा दियेको कु लत्याउंद छौ. अनि तैंले मंलाइ भन्दा बेसि मान् तेरा छोराहरुलाइ गर्द छस् तिमिहरुले मेरा लोग् इस्राएलका भेटिहरुका सबै भन्दा अस्सल अस्सल थोकले आफुलाइ पोस्याउंनुको लागि।
३० येस्कारण् इस्राएलको ईश्वर् यहूवेले भन्द छ सांचनै मैले भन्यें तेरो जहान् र तेरो बाबुको जहान् मेरो सांमु सदा हिंड्छ भनि. तर यहूवेले अब भन्द छ यो चइं मं दैख दूर् रहोस् किनभन्ये मंलाइ मान् गर्नेहरुलाइ मं मान् गर्छु
३१ अनि मेरो निन्दा गर्नेहरु चइं तुच्छ हुंछन्। हेर् ति दिन् आउंदै छन् जब मं तेरो बांहां र तेरो बाबुको जहान्का बांहां तेरो बंशमां कोई बूढो न हुंने
३२ गरि काटि दिंछु। अनि तैंले ईश्वरले इस्राएललाइ दियेको सबै भलाईमां मेरो धामको दुक्ख हेर्छस्. अनि तेरो बंशमां सदाको लागि कोई पनि
३३ बूढो हुंदैन। अनि तेरो जुन् मान्छेलाइ मं आफ्नु बेदि देखि काट्दैन त्यो तेरा आंखा भस्म पार्नुलाइ र तेरो मन् शोकित् गराउंनुलाइ हुंछ. अनि
३४ तेरो जहान्को बढ्ति आधा बइंसेमां मंर्छन्। अनि तेरो लागि चिनु यो हुंछ जुन् चिनु तेरा दुइ भाई छोरा होप्नी र पीनहास् मांथि आइ लाग्छन्
३५ त्यो येइ हो अर्थात् ति दुवै एकै दिन्मां मंर्छन्। अनि मं आफ्नु लागि येउटा बिश्वासी पूजाहारी उठाउंछु जस्ले मेरो मन् र मेरो हिर्दयमां भयेको अनुसार् गर्छ अनि मं त्येस्को लागि येउटा स्थिर् जहान् बनाउंछु अनि त्यो
३६ मेरो अभिषिक्तको सांमु सदा हिंड्छ। अनि येसो हुंछ तेरो जहान्मांका

जति जना रह्नेका हुंकुन् तिनिहरु त्येस्को सांसु आयेर त्येस्लाइ कृपा गरिकन मंलाइ पूजाहारीगिरिको येउटा काम्मां लगाउंनु हवस् र मं एक् गांस् रोटी खांनु पाउं भनिकन येउटा टुक्रा चांदी र येउटा रोटीको लागि त्येस्को सांसु निउंरंकुन् ॥

अनि बालख शमूएल्ले एलीको सांसु यहूवेको सेवाटहल् गर्न गर्द ३ १
थियो। अनि ति ताक यहूवेको बचन् अपायो थियो कोई प्रगटो दर्शन्
हुंदेन थियो। अनि त्येस् समय्मां येसो भयो जब एलीका आंखा धमीलींनु २
लाग्येका थिये अनि देख्नु सक्दैन थिये अनि त्यो आफ्नु ठांउमां सुति
रह्नेको थियो अनि ईश्वर्को बत्ती निभ्येको थियेन अनि शमूएल् पनि ३
यहूवेको मन्दिरमां जहां ईश्वर्को सम्पट् थियो वहां सुत्नुलाइ ठल्केको
थियो त यहूवेले शमूएल्लाइ हापाय्यो. त त्येस्ले भन्यो यहां कु। ४
वहांदेखि एली थांइ दुगुय्येर भन्यो यहां कु किनभन्ये आफुले मंलाइ हापार्नु ५
भयो: अनि त्येस्ले भन्यो मैंले हापारींन फेरि ठल्कि जा। त त्यो गयेर
ठल्क्यो। अनि यहूवेले अझै पनि ए शमूएल् भनि हापाय्यो। अनि शमूएल्ले ६
उठेर एली थांइ गयेर भन्यो यहां कु किनभन्ये आफुले मंलाइ हापार्नु
भयो। अनि त्येस्ले उत्तर् दियो ए मेरो क्रोरा मैंले हापारींन फेरि ठल्कि जा।
शमूएल्ले ऐले सम्म यहूवेलाइ चिन्येको थियेन अनि न यहूवेको बचन् ऐले ७
सम्म त्येस्लाइ प्रगटो भयेको थियो। अनि यहूवेले फेरि तीस्रो खेप् शमूएल्लाइ ८
हापाय्यो। अनि त्येस्ले उठेर एली थांइ गयेर भन्यो यहां कु किनभन्ये
आफुले मंलाइ हापार्नु भयो। तब एलीले बालखलाइ यहूवेले पो हापाय्ये
क भनि थाहा पायो। येस्कारण् एलीले शमूएल्लाइ भन्यो गयेर ठल्कि रह्. ९
अनि येसो हुंक उस्ले तंलाइ हापाय्यो भन्ये देखि त हे यहूवे भन्नु हवस्
किनभन्ये तपांइको सेवाइतेले सुन्द क भन्येर भन्। त शमूएल् गयेर आफ्नु
ठांउमां ठल्क्यो। अनि यहूवे आयेर उभीयो अनि अगाडि अगाडिको झैं १०
ए शमूएल् ए शमूएल् भनि हापाय्यो। तब शमूएल्ले भन्यो भन्नु हवस्
किनभन्ये तपांइको सेवाइतेले सुन्द क। अनि यहूवेले शमूएल्लाइ भन्यो ११
हेर् मं इस्राएल्मां येउटा काम् गर्कु जस्को बिषयमां सुन्नेहरु सबैका कान्
झन्झनाउंकुन्। त्येस् दिन् मं एलीको बिरुद्धमां त्येस्को जहान्को बिषयमां १२
मैंले गर्येका सबै कुरा अनुसार् थाल्नि देखि अन्त सम्म गर्कु। किनभन्ये १३
मैंले त्येस्लाइ भनि दियेको कु मं तेरो जहान्लाइ सदाको लागि बिचार् गर्कु
त्यो तैंले चिन्येको दुष्टैंको कारणले किनभन्ये तेरा क्रोराहरुले आफु मांथि
स्राप् ल्याये अनि तैंले तिनिहरुलाइ थुनीनस् भनि। येस्कारण् मैंले एलीको १४
जहान्लाइ एलीको जहान्को दुष्टैं बलि कि भेटिले प्रायश्चित्त सदाको
लागि हुंदेन भनि किरिया खायेको कु। अनि शमूएल् बिहान सम्म सुति १५
रह्यो वहांदेखि त्येस्ले यहूवेको घर्को देलो उघाय्यो। अनि शमूएल्
एलीलाइ त्यो दर्शन् कहंनु डरायो। तब एलीले शमूएल्लाइ बोलायेर भन्यो १६
ए मेरो क्रोरा शमूएल्। त त्येस्ले भन्यो यहां कु। त त्येस्ले भन्यो जुन् कुरा १७

यहूवेले तंलाइ भन्यो त्यो को हु. कृपागरि मं देखि न लुक्या. ईश्वरले
तंलाइ येसो अं यो भन्दा पनि बेसि गरोस् तैंले मं देखि उस्ले तंलाइ
१८ भन्यैका सबै कुरामांको कुनै पनि लुकाइस् भन्ये देखि। तब शमूएल्ले
त्येस्लाइ सबै कुरा कहि दियो त्यो देखि कोइ पनि लुकायेन। तब त्येस्ले
१९ भन्यो उ यहूवे हो. जे उस्लाइ जाति लागुहु त्येइ गरोस्। अनि शमूएले
बढ्यो अनि त्यो सङ यहूवे थियो अनि त्येस्को कुनै कुरा पनि भूंइमां खसु
२० दिंदैन थियो। अनि दान् देखि बेर्शेबा सम्म सिंगै इस्राएल्ले शमूएल् चहं
२१ यहूवेको अगमवक्ता हुंनुको लागि स्थापित् भयो भनि थाहा पाये। अनि
यहूवे फेरि शीलोमां प्रगटो भयो. कसोगरिभन्ये यहूवेले आफुलाइ
४ १ शीलोमां यहूवेको बचन्को बाटोले शमूएल्कां प्रगटो गरायो। अनि
शमूएल्को बचन् सिंगै इस्राएल्कां आयो॥

अब इस्राएल् पलिश्तीहरु सित लड़ाईं गर्नुलाइ निस्कि गयो अनि
एबेनएजेर् निर छाउंनी हाल्यो. अनि पलिश्तीहरुचइंले अपेक्मां छाउंनी
२ हाल्ये। अनि पलिश्तीहरुले आफुलाइ इस्राएल्को बिरुद्धमां पाङ्ति पाङ्ति
गरि बांधे. अनि जब लड़ाई फिंजीयो तब इस्राएल् पलिश्तीहरुको सांमु
मांरीयो. अनि तिनिहरुले पल्टनमांका चार् हजार् जति मान्छेहरुलाइ
३ बनमां मांरि दिये। अनि जब लोग छाउंनीमां आये तब इस्राएल्का
प्राचीनहरुले भन्ये आजु हांमिहरुलाइ यहूवेले पलिश्तीहरुको सांमु किन
मांर्येको हु। हांमिहरु शीलो देखि यहूवेको नियमको सम्पट् यहां हांमिहरु
पांइ ल्याऊं र त्येस्ले हांमिहरुलाइ हांमिहरुको सत्तुरहरुको हात् देखि
४ बचावस्। त लोगले शीलोमां मान्छे पठाये अनि तिनले वहां बाटो
करुबहरुको बीच् मांथि बस्येको सेनाहरुको यहूवेको नियमको सम्पट्
ल्याये. अनि एलीका दुइ भाई छोराहरु होप्नी र पीनहास् ईश्वरको
५ नियमको सम्पट् सङ वहां थिये। अनि जब यहूवेको नियमको सम्पट्
छाउंनीमां आइ पुग्यो तब सिंगै इस्राएल् पृथिवी गजुंज्याल् सम्म औधि
६ तुलो सोर्ले कराये। अनि जब पलिश्तीहरुले त्यो करायेको सोर् सुन्ये तब
तिनिहरुले भन्ये इब्रानीहरुको छाउंनीमां भयेको त्यो तुलो करायेको सोरको
अर्थ के होला हो। त तिनिहरुले यहूवेको सम्पट् छाउंनीमां आइ पुग्ये हु
७ भनि थाहा पाये। अनि पलिश्तीहरु डराये किनभन्ये तिनिहरुले भन्ये
ईश्वरै छाउंनीमां आइ पुग्यो। अनि फेरि भन्ये हांमिहरु मांथि हाय्
८ किनभन्ये अब सम्म येस्तो कोइ कुरो भयेको थियेन। हाय् हांमिहरु मांथि.
ति बल्लिया बल्लिया ईश्वरहरुको हात् देखि कस्ले हांमिहरुलाइ बचाउंछ.
तिनिहरु तिनै ईश्वरहरु हुन् जुनहरुले मिस्रीहरुलाइ बनमां सबै रकमका
९ मर्काहरुले मांर्येको थियो। है तिमि पलिश्तीहरु हो बल्लिया हव अनि मर्द
जस्ता हव र तिमिहरु इब्रानीहरुका चाकरे न बनीयौ जस्तो तिनिहरु
तिमिहरुका भयेका हुन्. मर्द जस्ता हव अनि लड़ाईं गर भन्येर भन्ये।
१० त पलिश्तीहरुले लड़ाईं गर्ये अनि इस्राएल् मांरीयो अनि जनंगे आफ्नु

आफ्नु डेरामां भाग्ये. अनि औधि तुलो मंराई भयो कसोगरिभन्ये
इस्राएल्मांका तीस् हजार् पैदल् लड़ेर। अनि ईश्वर्को सम्पट् लगीयो ११
अनि एलीका दुइ भाई छोराहरु होप्नी र पीनहास् मांरीये। त्येसपछि १२
बिन्यामीन्को येउटा मान्छे पल्टन् देखि आफ्नु लुगा च्यात्येको अनि
सिर्मां धुलो हाल्येको दुगुर्दै उसै दिन् शिलोमां आइ पुग्यो। अनि १३
त्यो आइ पुग्दा हेर एली बाटो छेउमां आफ्नु बैठक्मां बसि चियाउंदै
रह्येको थियो. किनभन्ये त्येस्को मन् ईश्वर्को सम्पट्को लागि कांम्द
थियो। अनि जब त्येस् मान्छेले सहर्मां पुग्येर ति कुरा कहि दियो
तब सिंगै सहर् चिच्यायो। अनि जब एलीले त्यो चिच्यायेको सोर् सुन्यो १४
तब त्येस्ले भन्यो यो खैलाबैलाको सोर्को अर्थ क्या हो। अनि त्येस् मान्छेले
छिटो छिटो दुगुरि आयेर एलीलाइ ति कुरा सुनाइ दियो। अनि एली १५
अन्ठानबे बर्षको थियो अनि त्येस्का आंखा तरि गयेका थिये अनि देख्नु
सक्दैन थियो। अनि त्येस् मान्छेले एलीलाइ भन्यो मं पल्टन् देखि आयेको १६
मान्छे हुं अनि आजु पल्टन् देखि भाग्यें। अनि त्येस्ले भन्यो ए मेरो छोरा
क्ये क्ये भयो। तब समाचार् ल्याउंनेले उत्तर् दिइ भन्यो इस्राएल् १७
पलिश्तीहरुको सांसु देखि भाग्यो अनि लोगको तुलो मंराई भयो अनि
आफुका दुवै भाई छोराहरु होप्नी र पीनहास् पनि मांरीये अनि ईश्वर्को
सम्पट् पनि लगीयो। अनि येसो भयो जब त्येस्ले ईश्वर्को सम्पट्को कुरो १८
भन्यो तब एली बैठक् देखि ढोका निर पछिल् तिर पछारीयो अनि त्येस्को
मण्डो भांचीयो अनि मंर्‍यो. कसोगरिभन्ये त्यो बूढ़ो मान्छे थियो अनि
गह्रुङ्। अनि त्यो चालीस् बर्ष सम्म इस्राएल्को बिचारी भइ रह्येको
थियो। अनि त्येस्की बुहारी पीनहास्की स्वास्नीको दुइ जीवा भइ १९
जन्याउंने बेला हुंनु आंट्येको थियो. अनि जब त्येस्ले ईश्वर्को सम्पट् लगीयो
अनि मेरा ससुरा र लोग्ने पनि मंर्‍ये भनि सुनी तब त्येस्ले निउंर्‍येर जन्माई
कसोगरिभन्ये त्येस्को पीरा त्येस् मांथि आइ लाग्यो। अनि त्येस्को मंरण्को २०
बेलामां त्येस्का वरिपरि उभीयेकी स्त्रीहरुले त्येस्लाइ भनिन् न डराउ किनभन्ये
तिमिले छोरा जन्मायेकी छौ। तर त्येस्ले उत्तर् दिईन अनि क्येइ चेत् गरीन।
अनि त्येस्ले बालखको नांउ इस्राएल् देखि महिमा गयो भनिकन ईकाबोद्[1] २१
राखी. ईश्वर्को सम्पट् लगीयेको कारण्ले र त्येस्को ससुरर र त्येस्को लोग्नेको
कारण्ले। अनि त्येस्ले भनी इस्राएल् देखि महिमा गयो कसोगरिभन्ये २२
ईश्वर्को सम्पट् लगीयो॥

(पलिश्तीहरु मांरीनु)

अब पलिश्तीहरुले ईश्वर्को सम्पट् एबिएजेर् देखि लग्येर अश्दोद्मां ५ १
पुर्‍यायेका थिये। अनि पलिश्तीहरुले ईश्वर्को सम्पट् लग्येर दागोन्को २

---

[1] अर्थात् महिमा गयो।

३ मन्दिरमां पुग्याये अनि दागोन्को छेउमां राख्ये । अनि जसै अश्दोदका
मान्छेहरु भोलि पल्टो सखारै उठेर त हेर दागोन् यहूवेको सम्पट्को सांमु
भूंइमां घोप्टो परि रह्येको रछ । अनि तिनिहरुले दागोन्लाइ उठायेर फेरि
४ त्येस्को ठांउमां राखि दिये । फेरि जसै तिनिहरु भोलि पल्टो पनि सखारै
उठेर त हेर दागोन् यहूवेको सम्पट्को सांमु भूंइमां घोप्टो परि रह्येको
रछ अनि दागोन्को टाउको र त्येका दुइ हत्केलाहरु काटीयेको भइ
५ सढारमां राछन् दागोन्को खालि ढाड् चइं मांत्रै रह्येको रछ । येसैकारण
दागोन्का पूजाहारीहरुले र त्येस्को मन्दिरमां जांनेहरुले अश्दोदमां भयेको
दागोन्को सढारमां आजकाल् सम्म पनि टेक्दैनन् ॥
६ तर यहूवेको हात् अश्दोदका मान्छेहरु मांथि गह्रुङ् गरि पर्यो अनि
उस्ले तिनिहरुलाइ नास् पार्यो अनि तिनिहरुलाइ अं अश्दोद् त्येस्को
७ सिमाना समेतलाइ फोकाले हिकांयो । अनि जसै अश्दोदका मान्छेहरुले
येसो भयेको देख्ये तब तिनिहरुले भन्ये इस्राएलको ईश्वरको सम्पट्
हांमिहरुकां रहंनु हुंदैन. किनभन्ये उस्को हात् हांमिहरु मांथि र
८ हांमिहरुको देवता दागोन् मांथि सारो पर्येको छ । येस्कारण तिनिहरुले
मान्छे पठायेर पलिश्तीहरुका सबै मालिकहरुलाइ भेला गराये अनि
हांमिहरु इस्राएलको ईश्वरको सम्पट्लाइ के गरूं भन्येर भन्ये । तब
तिनिहरुले उत्तर दिये इस्राएलको ईश्वरको सम्पट् गातमां घुमायेर
पुग्याईश्रोस् । त तिनिहरुले इस्राएलको ईश्वरको सम्पट्लाइ घुमायेर वहां
९ लग्ये । अनि येसो भयो त्यो घुमायेर लग्ये पछि यहूवेको हात् त्येस् सहर्
मांथि अघोर् धंसपराई पार्ने गरि पर्यो. अनि उस्ले त्येस् सहरका मान्छे
सांना ठुला सबैलाइ हिकांयो अनि तिनिहरुको जीउ जीउमां फोकाहरु
१० फुटि निस्के । तब तिनिहरुले ईश्वरको सम्पट् एक्रोनमां पठाइ दिये । अनि
येसो भयो जसै ईश्वरको सम्पट् एक्रोनमां पुगनु लाग्यो तब एक्रोनीहरु येसो
भनिकन चिच्याये तिनिहरुले हांमिहरुलाइ र हांम्रा लोगलाइ मार्नुको
११ लागि इस्राएलको ईश्वरको सम्पट् हांमिहरु पांइ त्याये । येस्कारण
तिनिहरुले मान्छे पठायेर पलिश्तीहरुका सबै मालिकहरुलाइ भेला गराये
अनि तिनिहरुले भन्ये इस्राएलको ईश्वरको सम्पट् पठाइ देव र त्यो आफनु
ठांउमां फर्कि जावस् र त्येले हांमिहरुलाइ र हांम्रा लोगलाइ मार्नु न
पावस्. किनभन्ये सिंगै सहरमां बिघ्ने धंसपराई पर्यको थियो ईश्वरको
१२ हात् वहां अघोर् गह्रुङ् गरि पर्यको थियो । अनि जति मंर्येका थियेनन्
तिनिहरु फोकाले हिकांईये . त त्येस् सहरको चिच्याई स्वर्ग सम्म पुग्यो ॥

(पलिश्तीहरुले सम्पट् फर्काइ दिंनु)

६ १ अनि यहूवेको सम्पट् पलिश्तीहरुको देसमां सात् महीना सम्म
२ रह्यो । अनि पलिश्तीहरुले पूजाहारीहरुलाइ र अगम् चलाउंनेहरुलाइ येसो
भनिकन बोलाये यहूवेको सम्पट्को बिषयमां के गरूं त्येलाइ हांमिहरु त्येस्को

ठांउमां कसोगरि पठाऊं हांमिहरुलाइ देखाव। त तिनिहरुले भन्ये तिमिहरुले ३
इस्राएल्को ईश्वर्को सम्पट् पठाउंद क्यौ भन्ये देखि त्यो रित्तै न पठाव तर
कोई परिले उल्लाइ पेउटा दोष्बलि पनि पठाइ देव. तब तिमिहरु निको
पारीयौला अनि उस्को हात् तिमिहरु देखि किन भिकौंदैन रछ भनि थाहा
पाउंला। तब तिनिहरुले भन्ये उल्लाइ दिंने दोष्बलि के हुवस्। त ४
तिनिहरुले भन्ये पलिश्तीहरुका मालिक्हरुको गन्ति अनुसार् सुन्का पांच्वटा
फोका र सुन्का पांच्वटा मुसाहरु. किनभन्ये तिमिहरु सबै मांथि र
तिमिहरुका मालिक्हरु मांथि एकै बिपत्ति आइ लाग्येको छ। येस्कारण् ५
तिमिहरुले आफ्ना फोकाहरुका मूर्त्तिहरु र देस् बिगार्ने तिमिहरुका
मुसाहरुका मूर्त्ति बनाव वहांदेखि इस्राएल्को ईश्वर् यहूवेलाइ महिमा देव.
कोनि कतै उस्ले आफ्नु हात् तिमिहरु मांथि देखि र तिमिहरुका देव्ताहरु
मांथि देखि र तिमिहरुको देस् मांथि देखि हलुंङ् पार्ला। येस्कारण् ६
मिस्रीहरुले र फिरऊन्ले आफ्नु आफ्नु हिर्दय् सारो गर्येको झैं किन
तिमिहरुले पनि आफ्नु हिर्दय् सारो गर्छौ. उस्ले तिनिहरुको बीच्मां
आश्चर्य गर्ये पछि के तिनिहरुले लोगलाइ जांनु दियेनन् अनि तिनिहरु
गइ गये। येस्कारण् अब पेउटा नया गाड़ी र जूवा सुनि न पर्येको दुवटी ७
दुहुंना गाई लिइ तियार् पार अनि गाईहरु गाड़ीमां नार अनि तिनका
बाच्छाहरु चइं घरैमां रहंनु देव. अनि यहूवेको सम्पट् लियेर त्येस् गाड़ीमां ८
राख अनि दोष्बलिको लागि उल्लाइ दियेका सुन्का थोक्हरु त्येस्को छेउमां
पेउटा कन्तुरमां हाल अनि त्येस्लाइ छोड़ि देव र त्यो जावस्। वहांदेखि चेर्नु ९
त्यो आफ्नु बाटो बाड़ो बेत्शेमेश् सम्म गयो भन्ये देखि त उसैले त्यो तुलो बुराई
हांमिहरु मांथि गर्येको रछ. तर गयेन भन्ये देखि ता हांमिहरुलाइ छिकौंउने
हात् उसैको होइन रछ हांमिहरु मांथि आइ लाग्येको संयोग्ले हो रछ
भनि थाहा पाउंछौं। त मान्छेहरुले येसो गर्ये अर्थात् तिनिहरुले दुवटा १०
दुहुंना गाई लियेर गाड़ीमां नार्ये अनि तिनका बाच्छाहरुलाइ चइं घरमां
थुनि राख्ये. अनि तिनिहरुले यहूवेको सम्पट् गाड़ीमां हाल्ये अनि सुन्का ११
मुसा र तिनिहरुका फोकाहरुका मूर्त्तिले भरीयेको कन्तुर् पनि। वहांदेखि १२
गाईहरुले बेत्शेमेश् जांने बाटो तिरको सोजो बाटो समातिन् तिनिहरु
मूल् बाटै बाट् रामदै रामदै गइन् अनि न दाहीनो न बांउ पट्टि फर्किन्
अनि पलिश्तीहरुका मालिक्हरु बेत्शेमेश्को सिमाना सम्म तिनको पछि
पछि गये। अनि बेत्शेमेश्का लोगले टारमां आफ्नु गहूं काट्द थिये. १३
अनि तिनिहरुले आफ्ना आंखा उचालि हेर्यर सम्पट् देख्ये अनि त्यो देख्यर
रमाये। वहांदेखि बेत्शेमी यहोशूअको जग्गामां तुलो ढुंगो भयेको निर १४
अढ़ाइन्. अनि तिनिहरुले गाड़ीका काठ् चिर्ये अनि गाईहरु यहूवेको
लागि होम्बलि गरि चढ़ाये। अनि लेवीहरुले यहूवेको सम्पट् उतार्ये १५
अनि त्येस्मां भयेको कन्तुर् जसमां सुनका थोक् थिये त्यो तुलो ढुंगामां
राख्ये. अनि बेत्शेमेश्का लोगले त्येस् दिन् यहूवेको लागि होम्बलि र

१६ बलिदान् चढ़ाये। वहां देखि पलिश्तीहरुका पांच् मालिक्हरुले येसो भयेको देख्ये अनि उसै दिन् एक्रोन्मां फर्कि गये॥

१७ अनि पलिश्तीहरुले यह्वेको लागि दोष्बलि गरिकन पठाइ दियेका सुनका फोकाहरु यिनै हुन् अश्दोद्को पट्टि बाटो येउटा अज्जाको पट्टि बाटो येउटा अशकलोन्को पट्टि बाटो येउटा गात्को पट्टि बाटो येउटा एक्रोन्को
१८ पट्टि बाटो येउटा अनि सुन्का मुसाहरु पांच् जना मालिक्हरु पट्टि बाटो भयेका घेरा भयेका सहर्हरु र दिहात्का बस्तीहरु अं सबै सहर्हरुको गन्ति अन्सार्. अं त्यो ठुलो ढुंगा सम्म ल्याये जहां तिनिहरुले यह्वेको सम्पट् उताऱ्येका थिये जुन् ढुंगा आजुको दिन् सम्म बेत्शेमी यहोशूअको
१९ जग्गामां छ। अनि बेत्शेमेशका लोगले यह्वेको सम्पट् भित्र हेऱ्ये येस्कारण् उस्ले तिनिहरुमांकालाइ मांऱ्यो अं लोग्मांका पचास् हजार् र सत्तरि जना मान्छेहरुलाइ उस्ले मांऱ्यो. अनि लोगले बिलाप् गऱ्ये किनभन्ये
२० यह्वेले ठुलो मंराईले लोगलाइ मांऱ्यो। अनि बेत्शेमेश्का मान्छेहरुले भन्ये यो पवित्र ईश्वर् यह्वेको सांमु उभींनु को सक्छ. अनि हांमिहरु
२१ थांइ देखि को चढ़ि जांछ। त तिनिहरुले किर्यत्यारीम्का बासाहरु थांइ येसो भनिकन दूत्हरु पठाये पलिश्तीहरुले यह्वेको सम्पट् फर्काइ पठाये
७ १ छन् त आफुहरुले उत्रि आयेर त्यो आफु थांइ चढ़ाइ लांनु हवस्। तब किर्यत्यारीम्का मान्छेहरुले आयेर यह्वेको सम्पट् चढ़ाइ लग्ये अनि डांड़ा मांथि भयेको अबिनादाबको घर्मां ल्याइ पुऱ्याये अनि त्येस्ले आफ्नु छोरो एलाजार्लाइ यह्वेको सम्पट् रुङ्नुलाइ पवित्र गऱ्यो॥

(इस्राएल् यह्वे पट्टि फर्कंनु)

२ अनि येसो भया सम्पट् किर्यत्यारीम्मां रह्येको दिन् देखि येसो धेरै दिन् भइ सक्कीयो अं बीस् बर्ष भयो. अनि इस्राएलको सिंगै जहान् यह्वे
३ पट्टि फर्क्यो। अनि शमूएलले इस्राएल्को सिंगै जहान्लाइ येसो भन्यो तिमिहरु आफ्नु आफ्नु पूरो मन्ले यह्वे तिर फर्कंछौ भन्ये देखि त पराय् देव्ताहरु र अश्तारोत् देव्ताहरुलाइ आफ्नु बीच् देखि निकालि देव अनि आफ्नु आफ्नु मन् यह्वे तिर तियार् पार अनि उसैको मांत्रै सेवा गर. त उस्ले तिमिहरुलाइ पलिश्तीहरुको हात् देखि छोड़ाउंछ।
४ तब इस्राएलबंशीहरुले बाल् र अश्तारोत् देव्ताहरुलाइ निकालि दिये अनि यह्वेकै मांत्र सेवा गऱ्ये॥

५ अनि शमूएलले भन्यो सिंगै इस्राएल्लाइ मिस्पामां भेला गराव अनि
६ मं तिमिहरुको लागि यह्वे सित प्रार्थना गर्छु। त तिनिहरु मिस्पामां भेला भये अनि पानी भऱ्येर यह्वेको सांमु खन्याये अनि त्येस् दिन्मां उपास् बस्ये अनि वहां भन्ये हांमिहरुले यह्वेको बिरुद्धमां पाप् गऱ्यूं। अनि शमूएल्
७ मिस्पामां इस्राएलबंशीहरुको बिचारी भयो। अनि जब पलिश्तीहरुले इस्राएलबंशीहरु मिस्पामां भेला भयेका छन् भनि सुन्ये तब पलिश्तीहरुका

मालिकहरु इस्राएल्को विरुद्धमां चढ़ि आये। अनि इस्राएलवंशीहरु यो
कुरो सुन्येर पलिश्तीहरु देखि डराये। अनि इस्राएलवंशीहरुले शमूएल्लाइ ८
भन्ये हांमिहरुको लागि हांमिहरुको ईश्वर् यहूवेको दोहाई गर्नु देखि न
थामींनु हवस् र उस्ले हांमिहरुलाइ पलिश्तीहरुको हात् देखि बचावस्।
तब शमूएल्ले येउटा दुत्खांने पाठा लियेर यहूवेको लागि होम्बलिदान् ९
गरि चढ़ायो. अनि शमूएल्ले इस्राएल्को लागि यहूवेको दोहाई गर्यो
अनि यहूवेले त्येस्लाइ उत्तर् दियो। अनि शमूएल्ले त्यो होम्बलि चढ़ाउंदै १०
गर्दाखेरि पलिश्तीहरु इस्राएल्को विरुद्ध लड़ाइँ गर्नुलाइ नजिक् आये. तर
यहूवे त्येस् दिन् बड़ो घोर्ले पलिश्तीहरु मांथि गर्ज्यो अनि तिनिहरुलाइ
धंस पार्यो अनि तिनिहरु इस्राएल्को सांमु मांरि सक्कीये। अनि इस्राएल्का ११
मान्छेहरुले मिस्पा देखि निकल्येर पलिश्तीहरुलाइ खेद्दे अनि तिनिहरु
बेत्कर्को मुन्तिर न पुगुंज्याल् सम्म तिनिहरुलाइ मांर्दै रह्ये। तब शमूएल्ले १२
येउटा ढुंगा लियेर मिस्पा र शेन्को बीचमां उभ्यायो अनि यहूवेले अब
सम्म हांमिहरुको गोहार् गर्यो भनिकन त्येस्को नांउ एबेन्एजर्[१] राख्यो।
येस्तोरि पलिश्तीहरु ताब्बीमां पर्ये त्यहांदेखि तिनिहरु फेरि फेरि इस्राएल्को १३
सिमाना भित्र कैले पनि आयेनन्. अनि शमूएल्का सबै दिन् यहूवेको हात्
पलिश्तीहरुको विरुद्धमां थियो। अनि पलिश्तीहरुले इस्राएल् देखि १४
लियेका सहरहरु अं एक्रोन् देखि गात् सम्म इस्राएल्लाइ फर्काइ दिये
अनि तिनिहरुका सिमाना इस्राएल्ले पलिश्तीहरुको हात् देखि छोड़ाइ
दियो। अनि इस्राएल् र एमोरीहरुको बीचमां मिलाप् भयो। अनि शमूएल् १५
आफ्नु जीवनका सबै दिन् इस्राएल्को बिचारी भइ रह्यो। अनि वर्ष वर्ष १६
बेतेल् र गिल्गाल् र मिस्पामां फेरी मांर्दै रहंय्यो अनि ति सबै ठांउमां
इस्राएल्को निया गर्दै थियो। यहांदेखि फर्कर रामामां आउंद थियो १७
किनभन्ये यहां त्येस्को घर् थियो अनि यहां पनि इस्राएल्को निया गर्दै
थियो. अनि यहां यहूवेको लागि येउटा वेदि बनायो॥

(इस्राएल्ले राजा मांग्नु)

अनि येसो भयो जब शमूएल् बूढ़ो भयो तब त्येस्ले आफ्ना ८ १
छोराहरुलाइ इस्राएल्को लागि बिचारी तुल्यायो। अनि त्येस्को जेठोको २
नांउ योएल् थियो अनि कान्छोको नांउ अबिय्याह् थियो. तिनिहरु
बेर्शेबामां बिचारी भये। अनि त्येस्का छोराहरु त्येस्का बाटामां हिंड्दैन ३
थिये तर लोभ् तिर फर्क्य अनि घूस् लियेर निया बिगार्ये॥

तब इस्राएल्का सिंगे प्राचीनहरु भेला भयेर शमूएल् यांइ रामामां ४
आये. अनि तिनिहरुले त्येस्लाइ भन्ये हुंनु हवस् आफु बूढ़ा हुंनु भयो अनि ५
आफुका छोराहरु आफुका बाटामां हिंड्दैनन्. अब अरु सबै अन्यदेशीहरुको
जस्तो हांमिहरुलाइ हांमिहरुको निया गर्नुलाइ हांमिहरुको लागि येउटा

[१] अर्थात् गाढ़ाएका ढुंगा।

६ राजा खटाइ दिंनु हवस्। तर तिनिहरुले हांमिहरुलाइ निया गर्नुलाइ
येउटा राजा दिंनु हवस् भन्येको कुराले शमूएल्लाइ उदास् गरायो। अनि
७ शमूएल्ले यहूवे षित प्रार्थना गर्‍यो। अनि यहूवेले शमूएल्लाइ भन्यो
लोगले तंलाइ ज्ये भन्कन् ति सबै कुरामां कान् लगा. किनभन्ये तिनिहरुले
तंलाइ आफाल्येनन् तर मंलाइ आफाल्ये मं तिनिहरु मांथि राजा न
८ हुंनुलाइ। जुन् दिन् मैंले तिनिहरुलाइ मिस्र देखि निकालि ल्याये आजुको
दिन् सम्म तिनिहरुले गर्‍येका सबै काम् अनुसार् अं तिनिहरुले मंलाइ
छोड़ि दियेका छन् अनि पराय् देवताहरुको सेवा गर्‍येका छन् त्येस्तै तं गर
९ पनि गर्दै छन्। त अब तिनिहरुको कुरा सुन्. तै पनि तिनिहरुलाइ चेताइ
चेताइकन तिनिहरु मांथि राज् गर्ने राजाको रीत् देखाइ दे॥
१० त शमूएल्ले त्यो देखि राजा मांगने लोगलाइ यहूवेको सबै कुरा
११ सुनाइ दियो। अनि त्येस्ले भन्यो तिमिहरु मांथि राज् गर्ने राजाको रीत्
येस्तो हुंछ. त्येस्ले तिमिहरुका छोराहरुलाइ लियेर तिनिहरुलाइ आफ्नु
लागि आफ्ना रथ्हरुको लागि र आफ्नु त्रुक्सवार् हुंनुको लागि खटाउंछ
१२ अनि तिनिहरु त्येस्को रथ्हरुको अघि अघि दुगुर्नु पर्छ. अनि त्येस्ले आफ्नु
लागि तिनिहरुलाइ सहस्रपति र पचास् पचास्को मालिक् खटाउंछ अनि
आफ्नु बारी जोत्नु र आफ्नु कटनी गर्नु र आफ्ना लड़ाईंका हतियार् र
१३ रथ्हरुका सार्दाम् बनाउंनु लगाउंछ। अनि त्येस्ले तिमिहरुकी छोरीहरुलाइ
सुगन्धद्रव्य बनाउंने र पकाउंने र रोटी पोल्ने तुल्याउंनुको लागि लिंछ।
१४ अनि त्येस्ले तिमिहरुका खेत्हरु र तिमिहरुका दाख्बारीहरु र तिमिहरुका
भद्रात्तेका बारीहरु अं तिनिहरुमांको सबै भन्दा अस्सल् अस्सल्हरु चहं
१५ लियेर आफ्ना चाकरेहरुलाइ दिंछ। अनि त्येस्ले तिमिहरुका बिउहरु र
तिमिहरुका दाख्बारीहरुका दशौं अंश लियेर आफ्ना मालिक्हरु र आफ्ना
१६ चाकरेहरुलाइ दिंछ। अनि त्येस्ले तिमिहरुका कमांराहरु र तिमिहरुकी
कमांरीहरु र तिमिहरुका अस्सल् अस्सल् बस्तुहरु र तिमिहरुका गदाहाहरु
१७ लियेर आफ्नु काममां लगाउंछ। त्येस्ले तिमिहरुका भेंड़ाबाख्राहरुको दशौं
१८ अंश लिंछ. अनि तिमिहरु चहं त्येस्का चाकरे हुंछौ। अनि त्येस् दिन्
तिमिहरुले आफ्नु लागि छान्येको आफ्नु राजाको कारणले चिच्याउंछौ
१९ अनि त्येस् दिन् यहूवेले तिमिहरुलाइ उत्तर् दिंदैन। तर लोगले शमूएल्को
शब्द सुन्नु मान्येनन् अनि तिनिहरुले भन्ये होइन तर हांमिहरु मांथि राजा
२० हवस्ने र हांमिहरु पनि अरु सबै अन्यदेशीहरु जस्ता होऊं अनि
हांमिहरुको राजाले हांमिहरुको निया गरोस् अनि हांमिहरुको अघि
२१ अघि बाहर जावस् अनि हांमिहरुको संग्राम्मां लड़ाईं गरोस्। अनि
शमूएल्ले लोगका सबै कुरा सुन्येर यहूवेका कानमां दोहोर्‍याइ दियो।
२२ अनि यहूवेले शमूएल्लाइ भन्यो तिनिहरुको कुरो सुन् अनि तिनिहरुको
लागि येउटलाइ राजा तुल्याइ दे। तब शमूएल्ले इस्राएलका मान्छेहरु
अनंगेलाइ भन्यो आफ्ना आफ्ना सहरमां जाव॥

(शाऊल्को बंशावली)

त अब बिन्यामीन्को ज्येष्ठो ओपीह्को ज्येष्ठो बकोरत्को ज्येष्ठो ९ १
अजोर्को ज्येष्ठो अबीएल्को ज्येष्ठो कीश् भनींने बिन्यामीन्को एक् जना
मान्छे बल्लियो बीर् थियो । अनि त्येस्को येउटा शाऊल् नांउ भयेको रोजा २
तर्हरि अनि राम्रो ज्येष्ठो थियो . अं इस्राएल्बंशीहरुको बीचमां त्यो भन्दा
राम्रो अरु कोई पनि थियेन . त्यो सबै मान्छेहरु भन्दा कुम् देखि जंभो
अल्गो थियो । अनि शाऊल्को बाबु कीश्का गदाहाहरु हराएका थिये । त ३
कीश्ले आफ्नु ज्येष्ठो शाऊल्लाइ भन्यो अब उठ् चाकरेहरुमांको येउटालाइ
आफु सङ लिइ गयेर गदाहाहरु खोज् । त त्यो एप्रैम्को पहाड़े देस् र ४
शलीशाको देस् हुंदो फिरि गयो तरतिनले ति पायेनन् . तब तिनिहरु
शालीम्को देस् हुंदो फिरि गये अनि त्यहां पनि ति थियेनन् . अनि बिन्यामीनी
देसमां पनि फिरि गयो तर तिनिहरुले ति पायेनन् । जब तिनिहरु सूप्को ५
देसमां आये तब शाऊल्ले आफु सङ भयेको चाकरेलाइ भन्यो आइज फर्कि
जाऊं होइन भन्ये ता मेरो बाबुले गदाहाहरुको फिक्रि गर्नु छाड़ि हांमिहरुको
विषयमां सुर्ता गर्ला । अनि त्येस्ले त्येस्लाइ भन्यो अब हेर्नु हवस् यो ६
सहरमां ईश्वर्को येउटा मान्छे छ अनि त्यो मान्छे मान्को छ त्येस्ले जे भन्द
छ त्यो निस्से त्येसे हुंद छ . अब आउंनु हवस् उता तिर जाऊं कोनि कते
त्येस्ले हांमिहरुले जांनु पर्ने बाटो हांमिहरुलाइ कहि दिंनु सक्छ कि । तब ७
शाऊल्ले आफ्नु चाकरेलाइ भन्यो हांमिहरु गयूं भन्ये त्यो मान्छेको लागि
के के लगि दिऊं किनभन्ये हांम्रो भांड़ामां रोटी सक्कीयो अनि ईश्वर्को
त्येस् मान्छेको लागि लैजांने सौगात् केइ पनि छैन . हांमिहरुकां के छ र ।
त चाकरेले शाऊल्लाइ फेरि उत्तर् दिइ भन्यो हेर्नु हवस् मेरो हातमां ८
चांदीको एक् पावाशेकेल् छ . त्येइ मं ईश्वर्को मान्छेलाइ दिंछु र त्येस्ले
हांमिहरुलाइ बाटो देखाइ देवस् । (इस्राएल्मां तादि येस्तो रीत् थियो ९
जबै ईश्वर् सित सोधनि गर्नुलाइ कोई जांद थियो तब येसो भन्द थियो
आव हांमिहरु दर्शी थांइ जांऊ . कसोगरिभन्ये आजकाल् अगमवक्ता भनींने
तादि ता दर्शी भनींद थियो) । तब शाऊल्ले आफ्नु चाकरेलाइ भन्यो १०
येस् जाति भनिस् लु जाऊं । त तिनिहरु ईश्वर्को मान्छे भयेको सहरमां
गये । तिनिहरुले सहरमां पुग्ने उकालिमां चढ़दे गर्दा केहि पानी भर्नु जांने ११
केटीहरुलाइ भेटेर तिनिहरुलाइ सोध्ये को दर्शी यहां छ । त तिनिहरुले १२
उत्तर् दिइ भनिन् छ हेर त्यो तिमिहरुको अघि छ . अब छिटो गर
किनभन्ये त्यो आजु सहरमां आयेको छ किनभन्ये आजु अल्गो ठांउमां
लोगले बलिदान् चढ़ाउंद छन् . सहरमां पुग्नु बित्तिके तिमिहरुले त्येस्लाइ १३
त्यो अल्गो ठांउमां खांनु जांनुलाइ भन्दा पहिलेइ ठीक् भेटाउंछौ .
कसोगरिभन्ये त्यो न पुगुन्जाल् सम्म लोगले खांदैनन् किनभन्ये त्येस्ले

बलिदान्मां आशीष दिंद छ यहांपछि मांत्रे निमत्याराहरुले खांद छन्। त
१३ अब चढि जाव किनभन्ये तिमिहरुले त्येस्लाइ लेइ बेलामां भेटाउंछौ। त
तिनिहरु सहरमां चढ्दै गये त हेर शमूएल् अल्गो ठांउमां जांनुलाइ
तिनिहरुको सांमु आउंदै रछ॥

१५ अब शाऊल् आउंनु भन्दा एक् दिन् अगाडि शमूएल्लाइ यहूवेले येसो
१६ भन्दै प्रगटो गर्येको थियो भोलि येति बेलामां मं बिन्यामीन् देस् बाटो
तं यांइ येउटा मान्छेलाइ पठाउंछु त तैंले त्येस्लाइ मेरो लोग् इस्राएल्
मांथि मालिक् हुंनुलाइ अभिषेक् गर् त त्येस्ले मेरो लोगलाइ पलिश्तीहरुको
हात् देखि छोड़ाउंछ. किनभन्ये मैले आफ्ना लोग् मांथि तिनिहरु
१७ कराऐको सोर् मं यांइ आइ पुग्येको कारणले दृष्टि गर्यें। अनि जब
शमूएल्ले शाऊललाइ देख्यो तब यहूवेले त्येस्लाइ भन्यो हेर् मैले तंलाइ
१८ भन्येका मान्छे. येसैले मेरो लोग् मांथि अधिकार् पाउंछ। येतिमां शाऊल्ले
शमूएल् यांइ ढोका निर पुग्येर भन्यो कृपा गरिकन मंलाइ भन्नु द्रवस्
१९ दर्शीको घर् कहां छ। त शमूएल्ले शाऊललाइ उत्तर् दिइ भन्यो दर्शी मैं
हुं मेरो अघि अघि अल्गो ठांउमां चढ्दै हिंड़ किनभन्ये आजु तिमिले मं
सङ्ग भान्सा गर्छौ. अनि बिहान मं तिम्रो मन्मां ज्ये छ सबै तिमिलाइ
२० कहि दियेर बिदा गरि दिउंला। अनि तीन् दिन् भयेका तिम्रा हराऐका
गदाहाहरुको बिषयमां तिनिहरु मांथि आफ्नु मन् न लगाउ किनभन्ये
तिनिहरु पाईयेका छन्। अनि को मांथि सबै इस्राएल्को सबै इच्छे
लाग्येको छ. को तिमि मांथि र तिम्रो बाबुको सबै जहान् मांथि होइन।
२१ अनि शाऊल्ले उत्तर् दिई भन्यो को मं बिन्यामीनी हुंइन इस्राएल्को
कुल्मांको सबै भन्दा सांनु चङ्. अनि को मेरो जहान् बिन्यामीन्को
कुल्का जहान्को सबै भन्दा सांनु छैन. त किन आफुले मंलाइ यो परिले
२२ भन्नु हुंद छ। त शमूएल्ले शाऊल् र त्येस्को चाकरेलाइ लियेर पाहुंने
कोठामां लग्यो अनि निमत्याराहरु जो जना तीसेक् जनि थिये तिनको
२३ बीचमां मूल् ठांउमां बसायो। यहांदेखि शमूएल्ले भान्सेलाइ भन्यो मैले
तंलाइ आफु छेउ राख्नु भन्येर जुन् टुक्राका बिषयमां भन्येको थियें त्यो
२४ चङ् टुक्रा पैता ले। त भान्सेले त्यो पौंड़ो लेसमां भयेको सबै समेत् शाऊल्
यांइ त्यायेर त्येस्को सांमु राखि दियो। अनि शमूएल्ले भन्यो हेर जो राखि
छोड़ायेको थियो त्यो आफ्नु सांमु राख्येर खाउ किनभन्ये मैले भन्यें
लोगलाइ निम्तो दियेको छु भन्येर तिम्रो लागि ठहराऐको बेला यस्म
राखि छोड़ायेको थियो। त त्येस् दिन् शाऊल्ले शमूएल् सङ्ग भान्सा गर्यो।

(शाऊल् अभिषेक गरींनु)

२५ अनि जब तिनिहरु अल्गो ठांउ बेखि सहरमां उत्रि आये तब त्येस्ले शाऊल्
२६ सङ्ग कोबि मांथि छात् मांग्यो। अनि तिनिहरु बिहानै उठेर. अनि

येसो भयो दिन् उदाउंदा शमूएल्ले शाऊल्लाइ कोसि मांथि हापान्येर
भन्यो उठ मं तिमिलाइ बिदा गरि दिंछु। त शाऊल् उठ्यो अनि ति दुइ
जना अर्थात् त्यो र शमूएल् बाइर निस्कि गये। त सहर्को छेउमां निस्कंदै २७
शमूएल्ले शाऊल्लाइ भन्यो चाकरेलाइ हांमिहरु भन्दा अघि जांनु भन
(त त्यो हिंड़ि गयो) तर तिमि चइं ऐले अड़ीयो र मं तिमिलाइ
ईश्वर्को बचन् सुनाउं। तब शमूएल्ले तेल्को शीशी लियेर त्येस्को १० १
सिर्मां खन्यायो अनि त्येस्लाइ चूमा दिइ भन्यो क्ये यह्वेले आफ्नु
अधिकार् मांथि मालिक् हुंनुलाइ तिमिलाइ अभिषेक् गर्‍येको छैन। आजु २
जब तिमि मं थांइ देखि हिंड़ि जांछौ तब बिन्यामीन्को सिमानामां
सेल्सह्मां राहेल्को चिहान् निर दुइ जना मान्छे भेट्छौ जुन्हरुले
तिमिहरुलाइ भन्छन् जुन् गदाहाहरु खोज्नुलाइ आफु गयेका थियौ ति
पाईये. अनि हेनु हवस् आफुका बाबुले गदाहाको बिषय्मां फिक्रि गर्नु
छोड़ि आफुहरुको बिषय्मां मेरो छोरोको लागि मं क्ये गरुं भनि सुर्ता गर्दै
छन्। तब त्यहां बाटो हिंड़ि ताबोर्को बांज्वृक्षे निर पुग्येर त्यहां तीन् ३
जनालाइ बेतेल्मां ईश्वर् थांइ जांनेहरुले तिमिहरुलाइ भेट्छन् अर्थात्
एक् जना तीन्वटा पाठा बोक्ने अर्को चइं तीन्वटा रोटी बोक्ने अनि
तीस्रो चइं दाखरस्को येउटा मशक् बोक्नेले. अनि तिनिहरुले ४
तिमिलाइ कुशल्को सोधनी गर्छन् अनि तिमिलाइ दुवटा रोटी दिंछन् ति
तिमिले तिनका हात् देखि लिंनु। वहांपछि तिमि ईश्वर्को डांड़ामां ५
पुग्छौ जहां पलिश्तीहरुको पहराचौकि छ. अनि येसो हुंछ जब तिमि
सहर् निर पुग्येका होओला तब अल्गो ठांउ देखि अघि अघि सितार् मृदङ्ग
बांसुलि बीणा बजाउंदै उत्रि आउंने अगम् कहंदै गर्ने अगम्बक्ताहरुको
येउटा गट्ठा भेट्छौ. अनि यह्वेको आत्मा तिमि मांथि बल्ने पर्छ अनि ६
तिमिले तिनिहरु सङ अगम् कहंछौ अनि तिमि फेरीयेर अर्के मान्छे
होइ जांछौ। अनि येसो हुंछ जब ति चिंनुहरु तिमि मांथि पर्छन् तब ७
तिमिले हुंनु सक्ये सम्म गर कसोगरिभन्ये ईश्वर् तिमि सङ हुंछ। अनि ८
तिमि मेरो अघि अघि गिल्गाल्मां जांछौ त हेर मं तिमि थांइ होर्बलि र
मिलाप्बलिका बलिदान्हरु चढ़ाउंनुलाइ उत्रि आउंछु. मं तिमि थांइ
आइ न पुगुंज्याल् सम्म तिमि र तिमिले गर्नु पर्ने काम् तिमिलाइ देखाइ न
दिउंज्याल् सम्म सात् दिन् सम्म बसि रह। तब येसो भयो जब त्यो शमूएल् ९
भय्ठांउ देखि हिड्नुलाइ पिठिउं फर्कायो तब ईश्वर्ले त्येस्को मन् फेर्येर
अर्के तुल्याइ दियो. अनि ति सबै चिंनुहरु त्येसै दिन् पूरा भये॥

अनि तिनिहरु त्यो डांड़ा निर पुग्ये त हेर अगम्बक्ताहरुको येउटा १०
गट्ठाले त्येस्लाइ भेट्यो अनि ईश्वर्को आत्मा बल्ले त्येस् मांथि पर्‍यो त
त्येस्ले तिनिहरुको बीच्मां अगम कहंनु लाग्यो। अनि येसो भयो अगाड़ि ११
देखि त्येस्लाइ चिन्नेहरुले त्येस्ले पनि अरु अगम्बक्ताहरुको बीच्मां अगम्
कहंदै गर्‍येको देख्ये तब लोगले आपस्तमां भन्ये कीश्को छोरोलाइ पर्‍येको

१२ यो क्या हो. के शाऊल् पनि अगमवक्ताहरुमांको हो। अनि त्यो ठांउको
एक् जनाले उत्तर् दिइ भन्यो तिनिहरुको बाबु पनि को हो र. येस्कारण् के
शाऊल् पनि अगमवक्ताहरुमांको हो र भन्ने कहंनी चलनु लाग्यो।
१३ जब त्येस्ले अगम् कहि सक्यो तब अलगो ठांउमां आइ पुग्यो॥
१४ अनि शाऊलको कान्काबाबुले त्येस्लाइ र त्येस्को चाकरेलाइ भन्यो
तिमिहरु कहां गयेका थियो. त्येस्ले भन्यो गदाहाहरु खोजनु. अनि जब ति
१५ न पाईंने राक्न् भनि देख्यूं तब हांमिहरु शमूएल् थांइ गयूं। अनि शाऊलको
कान्काबाबुले भन्यो शमूएलले तंलाइ भन्येका कुरा कृपा गरि मंलाइ भन्।
१६ तब शाऊलले आफनु कान्काबाबुलाइ त्येस्ले गदाहाहरु पाईयेका कुन् भनि
हांमिहरुलाइ प्रगटो गरि कहि दियो। तर शमूएलले राजको कुरोको
विषय् भन्येको चइं कुरो त्येस्लाइ सुनायेन॥
१७ १८ तब शमूएलले लोगलाइ यहूवे थांइ मिस्पामां भेला गर्‍यो अनि
त्येस्ले इस्राएलवंशीहरुलाइ भन्यो इस्राएलको ईश्वर् यहूवेले येसो भन्द कु
मंचइंले इस्राएललाइ मिस्र देखि निकालि ल्याये अनि तिमिहरुलाइ
मिस्रीहरुको हात् बाटो र तिमिहरुलाइ मीचेईं गर्ने सबै राजहरु देखि
१९ कोढ़ायें. तर तिमिहरुचइंले आजु आफनु ईश्वरलाइ आफाल्येका कौ जो
आफैले तिमिहरुलाइ तिमिहरुका सबै विपत्तिहरु र कष्टहरु देखि कोढ़ाउंद
कु अनि तिमिहरुले होइन तर हांमिहरु मांथि येउटा राजा तुल्याइ देउ
भनि उस्ताइ भन्येका कौ। येस्कारण् अब यहूवेको सांमु आफुलाइ कुल् कुल् र
२० फेट् फेट् गरि सामेल् गराव। त शमूएलले इस्राएलका सबै कुललाइ नजिक्
२१ ल्यायो तब बिन्यामीनको कुल् लिईयो। अनि त्येस्ले बिन्यामीनको कुललाइ
जहान् जहान् गरि केउ ल्यायो त मत्रीको जहान् लिईयो. अनि कीशको
२२ कोरो शाऊल् लिईयो तर त्येस्लाइ खोजदा त्यो पाईयेन। येस्कारण् तिनिहरुले
को त्यो मान्छे येता आयेको कु भनि यहूवे सित फेरि सोधनी गर्‍ये
२३ तब यहूवेले उत्तर् दियो हेर त्यो चोजबीजको बीचमां लुकेको कु। अनि
तिनिहरुले दुगुरि गयेर त्येस्लाइ त्यहां बाटो ल्याये अनि जब लोगको
२४ बीचमां उभीयो तब त्यो सबै भन्दा कुम् देखि ऊंभो अलगो थ्यो। अनि
शमूएलले सबै लोगलाइ भन्यो यहूवेले छान्येकोलाइ हेर सिंगै लोगको
बीचमां यो जस्तो कोई केन। अनि सिंगै लोग् राजा जीइ रहुन् भनि
कराएो॥
२५ तब शमूएलले लोगलाइ राजको रीत् कहि दियो अनि ति कुरा
पोस्तकमां पनि लेख्यो अनि त्यो यहूवेको सांमु राख्यो। तहांदेखि शमूएलले
मान्छेहरु सबै जनंगेलाइ आफनु आफनु घरमां जांनुलाइ बिदा दियो।
२६ अनि शाऊल पनि गिब्बामां आफनु घरमां गयो अनि त्यो सङ ईश्वरले मन्
२७ फर्काएका बीरहरु पनि गये। तर कत्ति बिकामे फक्कडहरुले भन्नु लाग्ये
येस् मान्छेले हांमिहरुलाइ कसोरि छोड़ाउंछ. त तिनिहरुले येस्लाइ तुच्छ
जानिकन घोगात् ल्यायेनन्। तर त्यो चुप लागि रह्यो॥

(शाऊल्ले अम्मोनहरुलाइ जीत्नु)

तब अम्मोनी नाहाश्ले चढेर याबेश्गिलादको बिरुद्धमां डेरा ११ १
हाल्यो. अनि याबेश्का सबै मान्छेहरुले नाहाश्लाइ भन्ये हांमिहरु सङ
बाचा बांध्नु हवस् त हांमिहरु आफुको चाकरी गर्छौं। त अम्मोनी २
नाहाश्ले तिनिहरुलाइ भन्यो यो नियम्मां मं तिमिहरु सङ बाचा बांध्छु
अर्थात् तिमिहरु सबैका दाहीनो दाहीनो आंखा फुटाईंछन् अनि यो कुरो
सिंगे इस्राएल्को निन्दाको लागि राख्छु। तब याबेश्का प्राचीनहरुले ३
त्येलाइ भन्ये हांमिहरुलाइ सात् दिन् सम्म छोड़ि दिंनु हवस् र हांमिहरु
इस्राएल्का सबै सिमानामां दूत्हरु पठाऊं. अनि हांमिहरुलाइ छोड़ाउंने
कोई रैन छ भन्ये देखि हांमिहरु आफु थांइ आउंछौं। तब दूत्हरुले ४
शाऊल्को गिब्बामां आयेर ति कुरा लोगका कानमां सुनाइ दिये. तब सिंगे
लोग् आफनु शब्द उचालि रोये। अनि हेर शाऊल् बन् बाटो बथान्को ५
पछि पछि आउंइ रछ अनि शाऊल्ले भन्यो कि भयो र लोगले बिलाप्
गर्दै छन् भनि। त तिनिहरुले त्येलाइ याबेश्का मान्छेहरुका कुरा सुनाइ
दिये। अनि यि कुरा सुन्दा ईश्वर्को आत्मा बल्ले शाऊल् मांथि पर्यो अनि ६
त्येको अघोर् रिस् उठ्यो। अनि एक् जोड़ा गोरु लियेर टुक्रा टुक्रा ७
पार्यो यहांदेखि दूत्हरुको हात् बाटो येसो भन्दै इस्राएल्को सबै सिमानामां
पठाइ दियो जो जो शाऊल् र शमूएल् पछि पछि आउंदैन त्येका गोरुहरुलाइ
येसै गरींछ। त यहूवेको भय् लोग् मांथि पर्यो अनि तिनिहरु एक् जना
भैं निस्कि आये। अनि त्येले तिनिहरुलाइ बेजेक्मां गन्ति गर्यो त ८
इस्राएलवंशीहरु तीन् लाख् अनि यहूदाका मान्छेहरु तीस् हजार् थिये।
अनि तिनिहरुले आउंने दूत्हरुलाइ भन्ये याबेश् गिलादका मान्छेहरुलाइ ९
येसो भन भोलि घाम् चढ्दाको बेलामां तिमिहरुको छोड़ाई हुंछ। त
दूत्हरुले आयेर याबेश्का मान्छेहरुलाइ सुनाये तब तिनिहरु रमाये।
येकारण् याबेश्का मान्छेहरुले भन्ये भोलि हांमिहरु आफु थांइ निस्कि १०
आउंछौं त जसो आफुलाइ जाति लागछ त्येसै हांमि सित गर्नु। त भोलि ११
पल्टो येसो भयो शाऊल्ले लोगलाइ तीन् गट्ठा पार्यो यहांदेखि रात्को
पछिल्लो पहरमां छाउंनीको बीचमां आयेर अम्मोनीहरुलाइ दिउंसो घाम्
चर्कुञ्जाल् सम्म हिर्काउंदै रह्यो. अनि येसो भयो बांच्येकाहरु दुइ जना
पनि एक् सङ न हुंने सम्म छरपुट्ट भये। अनि लोगले शमूएल्लाइ भन्ये १२
कि शाऊल्ले हांमिहरु मांथि राज् गर्छ भन्नेहरु को को हुन्. तिनिहरुलाइ
ल्याव र हांमिहरु तिनिहरुलाइ मारि दिऊं। तब शाऊल्ले भन्यो आजुको १३
दिन् कोई मान्छे मारींदैन. किनभन्ये आजु यहूवेले इस्राएलमां छुट्कारा
गरायेको छ॥

तब शमूएल्ले लोगलाइ भन्यो आव हांमिहरु गिल्गाल्मां जाऊं र १४
वहां राज् दोहोऱ्याऊं। तब सिंगे लोग् गिल्गालमां गये अनि वहां १५

तिनिहरुले शाऊल्लाइ यहूवेको सांमु गिल्गाल्मां राजा तुल्याये अनि वहां तिनिहरुले यहूवेको सांमु मिलापबलिका बलिदान् चढ़ाये अनि वहां शाऊल् र इस्राएल्का सिंगै लोगले तुलो रमाहट् गर्‍ये ॥

(शमूएल्को बिदाई उपदेस्)

१२ १ तब शमूएल्ले सिंगै इस्राएल्लाइ भन्यो हेर तिमिहरुले मलाइ भन्येका सबै कुरामां मैले तिमिहरुका कुरा सुन्येको कु अनि तिमिहरु मांथि
२ येउटा राजा पनि तुल्याइ दियेको कु । त अब हेर त्यो राजा तिमिहरुको अघि अघि हिंड्द कु . तर मं चइं बूढ़ो र केस् पाकेको भयेको कु अनि हेर मेरा छोराहरु तिमिहरु सङ कन् . अनि मं आफ्नु बालखेइं देखि आजु सम्म
३ तिमिहरुको अघि अघि हिंड़ेको कु । यहां कु . मेरो बिरुद्धमां यहूवेको सांमु र उस्को अभिषिक्तको सांमु साक्षी दिनु . कस्को गोरु लियेको कु कि कस्को गदाहा लियेको कु कि को मांथि मिचेइं गर्‍येको कु कि कस्लाइ पिन्येको कु कि कस्को हात् देखि आफ्ना आंखा आनेकाने गर्नुलाइ घूस्
४ लियेको कु त मं तिमिहरुलाइ त्यो फर्काइ दिंकु । अनि तिनिहरुले भन्ये आफुले हांमिहरुलाइ न मिचेइं गर्नु भयो न पिन्नु भयो न कसैको हात्
५ देखि केइ लिनु भयो । तब फेरि त्येस्ले तिनिहरुलाइ भन्यो यहूवे तिमिहरुको बिरुद्धमां साक्षी छ अनि उस्को अभिषिक्त पनि आजुको दिन्
६ साक्षी छ तिमिहरुले मेरो हातमां केइ पनि पायेका छौन भन्ये । त तिनिहरुले भन्ये उइ साक्षी छ । अनि शमूएल्ले लोगलाइ भन्यो यहूवेनै हो जस्ले मूसा र हारून्लाइ खटायो अनि जस्ले तिमिहरुका पित्रहरुलाइ
७ मिस्रको देस् बाटो निकालि ल्यायो । येस्कारण अब अड़ीयो र मं यहूवेको सांमु यहूवेले तिमिहरु सित र तिमिहरुका पित्रहरु सित गर्‍येका सबै धर्म्मकर्म्मको बिषयमां तिमिहरु सङ बिबाद गर्नं । जब याकूब मिस्रमां
८ आयो अनि तिमिहरुका पित्रहरुले यहूवेको दोहाई गर्‍ये तब यहूवेले मूसा र हारून्लाइ पठाइ दियो अनुहरुले तिमिहरुका पित्रहरुलाइ मिस्र बाटो निकालि ल्याये र येस् ठांउमां बसाल्यो । तर तिनिहरुले आफ्नु ईस्वर्
९ यहूवेलाइ बिर्सि हाल्ये त उस्ले तिनिहरुलाइ हसोरको सेनापति सीस्राको हात् र पलिश्तीहरुको हातमां र मोआबको राजाको हातमां बेचि दियो त तिनिहरुले तिनिहरुको बिरुद्धमां लड़ाइं गर्‍ये । अनि तिनिहरुले
१० हांमिहरुले पाप् गर्‍येका छौं कसोगरिभन्ये हांमिहरुले यहूवेलाइ छोड़ि दियूं अनि बाल् र अश्तारोत् देवताहरुलाइ पूजेका छौं . तर अब हांमिहरुलाइ हांमिहरुका सत्रुहरुका हात् देखि छोड़ाइ दिनु हुस्य्
११ त हांमिहरु तपांइको सेवा गर्‍छौं भनि यहूवेको दोहाई गर्‍ये । त यहूवेले यरुब्बाल् बदान् यिप्तह् र शमूएल्लाइ पठायेर तिमिहरुलाइ तिमिहरुका चारे पट्टिका सत्रुहरुका हात् देखि छोड़ायो अनि तिमिहरु निडर् भइ
१२ रह्यौ । अनि जसे तिमिहरुले अम्मोन्बंशीहरुको राजा नाहाश्लाइ तिमिहरु

मांथि आइ लाग्येको देख्यौ तब तिमिहरुको ईश्वर् यहूवे तिमिहरुको
राजा हुंदाहुंदै पनि तिमिहरुले होइन राजालेनै हांमिहरु मांथि राज् गरोस्
भन्येर मंलाइ भन्यो। येस्कारण् अब तिमिहरुले क्यान्येको र तिमिहरुले १३
मांग्येको राजालाइ हेर. अनि हेर यहूवेले तिमिहरु मांथि येउटा राजा
खटायेको छ। तिमिहरुले यहूवेको भय् मानिकन उस्को सेवा गर्यौ अनि १४
उस्को कुरा सुन्यौ अनि यहूवेको आज्ञा देखि झगरा गर्योन अनि तिमिहरु र
तिमिहरु मांथि राज् गर्ने राजाले पनि तिमिहरुको ईश्वर् यहूवेलाइ पछ्यायौ
भन्ये देखि ता बस्. तर यहूवेको कुरा सुन्यौन अनि यहूवेको आज्ञा देखि १५
झगरा गर्यौ भन्ये देखि त यहूवेको हात् तिमिहरुका पित्रहरुको बिरुद्धमां
पर्येको झैं तिमिहरुको बिरुद्धमां पनि पर्छ। त अब अड्डीयौ यहूवेले १६
तिमिहरुका आंखाको सोझि गर्ने त्यो ठुलो काम् हेर। को आजु गहूं काट्ने १७
दिन् होइन. मं यहूवेलाइ उस्ले गर्जन् र वृष्टि पठावस् भनि हाप्छु तब
तिमिहरुले बूझ्छौ हांमिहरुले राजा मांग्येकोमां यहूवेको सांमु गर्येको
बुराई ठुलो रछ भनि थाहा पाउंछौ। त शमूएल्ले यहूवेलाइ हाप्यो अनि १८
यहूवेले त्यसै दिन् गर्जन् र वृष्टि पठायो. तब सबै जना यहूवे र शमूएल्
देखि औध डराए। अनि सिंगै लोगले शमूएल्लाइ भन्य आफुको ईश्वर् १९
यहूवे सित आफ्ना दास्हरुको लागि प्रार्थना गरि दिनु हवस् र हांमिहरु
न मरुं. किनभन्ये हांमिहरुले आफ्नु लागि येउटा राजा मांग्येकोमां हांम्रा
सबै पाप्हरु भन्ता यो चइं ज्यास्ति बुराई बढाये छौं। अनि शमूएल्ले २०
लोगलाइ भन्यो न डराव. सांचि सांचि तिमिहरुले यि सबै बुराई गर्येका
छौ. तै पनि यहूवेलाइ पछ्याउंनु देखि तर्कि न जाव तर आफ्नु पूरो मन्ले
यहूवेको सेवा गर अनि तर्कि न जाव. होइन भन्ये ता न नाफा न २१
छोड्दाई गराउंने व्यर्थ थोक्कलाइ पछ्याओला कसोगरिभन्ये ति व्यर्थ हुन्।
किनभन्ये यहूवेले आफ्नु ठुलो नांउका कारणले आफ्ना लोगलाइ २२
छोड्देन किनभन्ये तिमिहरुलाइ आफ्नु लागि येउटा लोग् तुल्याउंनु
यहूवेको इच्छे भयेको छ। अनि मंचइंको बिषयमां येसो न हवस् मं २३
तिमिहरुको लागि प्रार्थना गर्नुमां थामौंये भन्ये यहूवेको बिरुद्धमां पाप्
गर्द छु. तर मं तिमिहरुलाइ जाति र सोझो बाटो सिकाइ दिंछु। खालि २४
यहूवे देखि डराव अनि सबैइ सित आफ्नु पूरो मन्ले उस्को सेवा गर.
किनभन्ये विचार् गर उस्ले तिमिहरुको लागि कत्ति ठुला ठुला काम्
गर्येको छ। तर तिमिहरु अझै पनि बुराई गर्दै रह्यो भन्ये देखि ता २५
तिमिहरु तिमिहरुको राजा समेत् बिनास् पारींछौ॥

(शाऊल्को राज्)

शाऊल् राज् गर्नु लाग्दा (तीस्) वर्षको थियो अनि त्येस्ले दुइ १३ १
वर्ष इस्राएल् मांथि राज् गर्यो। अनि शाऊल्ले इस्राएल्मांका तीन् हजार् २
जना मान्छेलाइ आफ्नु लागि छान्यो जुनहरुमाका दुइ हजार् जना शाऊल्

सङ मिक्मासमां र बेतेल्को डांड़ामां थिये अनि एक् हजार् चइं योनातान्
सङ बिन्यामीन्को गिबामां थिये. अनि लोग्मांका रह्येकाहरुचइंलाइ त्येस्ले
२ आफ्नु आफ्नु डेरामां फर्काइ पठायो। अनि योनातान्ले गेबामां भयेको
पलिश्तीहरुको पहराचौकिलाइ मांरि दियो अनि यो कुरो पलिश्तीहरुले
सुन्ये। अनि शाऊल्ले सब्बै इब्रानीहरुले सुनुन् भनि सिंगे देस्मां
४ नर्सींगा बजायो। बहांदेखि सिंगै इस्राएल्ले शाऊल्ले पलिश्तीहरुको
पहराचौकिलाइ मांरि दियो अनि इस्राएल् पलिश्तीहरु देखि घिन्लाग्दा
पनि भये भन्येको समाचार् सुन्यो। तब लोग् शाऊल्को पछि पछि लाग्येर
गिल्गाल्मां भेला भये॥

५ तब पलिश्तीहरु इस्राएल् सित लड़ाइं गर्नुलाइ भेला भये तीस्
हजार् रथ्हरु र छ हजार् घुक्सवार् अनि लोग् गन्तिमां समुन्द्रको तीर्को
बालुवा झैं. अनि तिनिहरुले चढ़ेर बेतावेन्को पूर्व तिर मिक्मासमां
६ डेरा हाल्ये। जसे इस्राएल्का मान्छेहरुले हांमिहरु कठिन्मां पर्यू भनि
देख्ये (कसोगरिभन्ये लोग् सकस्मां थिये) तब लोग् ओढ़ार्मां झोर्मां
७ पहरामां र हुलाद्दालिमां र खाड़ल्हरुमां लुक्ये। अब इब्रानीहरुका कत्ति जना
यर्दन् पारि गाद् र गिलाद्को देस्मां गयेका थिये तर शाऊल् चइं ता ऐले
सम्म गिल्गालैमां रह्यो अनि सबै लोग् त्येस्को पछि पछि थर्थराउंदै गये॥

८ बहांदेखि त्यहां शमूएल्ले ठहरायेको समय् अनुसार् सात् दिन्
सम्म अड़ीइ रह्यो. तर शमूएल् गिल्गाल्मां आयेन अनि लोग् त्यो देखि
९ क्रपुट्ट हुंदै जांद थिये। अनि शाऊल्ले भन्यो यहां मं थांइ होम्बलि र
१० मिलाप्बलिहरु ल्याव। तब त्येस्ले होम्बलि चढ़ायो। अनि येसो भयो त्येस्ले
होम्बलि चढ़ाइ सकनु बित्तिकै हेर शमूएल् आइ पुग्यो अनि शाऊल् त्येस्लाइ
११ भेट्नु र दण्डवत् गर्नुलाइ निक्ल्यो। तब शमूएल्ले भन्यो के गर्येका छौ.
त शाऊल्ले भन्यो लोग् मं देखि क्रपुट्ट भयेको अनि आफु ठहरायेको समय्
भित्र न आयेको अनि पलिश्तीहरु मिक्मासमां भेला भयेको देख्यें येस्कारण्
१२ मैंले अब पलिश्तीहरु मं मांथि गिल्गाल्मां आइ लाग्कन् अनि मैंले यहुवे
सित अनुग्रह् मांगीन भन्यें. येस्कारण् सकस्मां पर्येर मैंले होम्बलि
१३ चढ़ायें। तब शमूएल्ले शाऊल्लाइ भन्यो मूर्खइं गर्येका छौ. आफ्नु
ईश्वर् यहुवेले तिमिलाइ गर्येको आज्ञा मान्येका छौन. न भये ता अब
१४ यहुवेले तिम्रो राज् सदाको लागि इस्राएल् मांथि स्थिर् गर्न थियो। तर
अब तिम्रो राज् रहंदैन. यहुवेले आफ्नु हृदय् अनुसार्को येउटा मान्छेलाइ
खोज्येको छ अनि यहुवेले आफ्नु लोग् मांथि मालिक् हुंनुलाइ त्यस्लाइ
ठहरायेको छ किनभन्ये तिमिले यहुवेले तिमिलाइ गर्येको आज्ञा मान्येका
छौन॥

१५ बहांदेखि शमूएल् उठेर गिल्गाल् देखि बिन्यामीन्को गिबामां
चढ़ि गयो। अनि शाऊलले आफु सङ सामेल् रह्येका लोगलाइ गन्ति गर्यो
१६ त छ सै जना जति राछन्। अनि शाऊल् र त्येस्को छोरो योनातान् र

तिनिहरू सङ सामेल् रह्नेका लोग् बिन्यामीन्को गेबामां रह्ने. तर
पलिश्तीहरूले मिक्मासमां डेरा हाल्ये। अनि लूटाहार्हरू पलिश्तीहरूको १७
छाउंनी बाटो तीन् गट्ठा भइ निस्कि आये. एक् गट्ठा शूआल्को देस् तिर
लाग्ने ओप्रा जांने बाटो बाड़ो गयो. अनि अर्को गट्ठा बेथोरन् पुग्ने १८
बाटो बाड़ो गयो. अनि तेस्रो गट्ठा बन्तिरको सबोईम्को बेंसि देखींने
सिमाना बाटो बाड़ो गयो ॥

ति ताक इस्राएल्को सिंगै देस्मां कोई लोहार् पाईंदैन थियो. १९
कसोगरिभन्ये पलिश्तीहरूले होइन भन्ये ता इब्रानीहरूले आफ्नु लागि
तरवार् कि भाला कमाउंने गर्छन् भन्ये र भन्ये. तर सिंगै इस्राएल् आफ्ना २०
आफ्ना फाली र नसी र बंचरो र कोदालो अर्जाएनुको लागि पलिश्तीहरू
थांइ जांद थिये तै पनि तिनिहरूका कोदाला र फालि र कांटा र २१
बंचराको लागि अनि आङ्कुसे लाग्ने पार्नुको लागि रेंत थियो। त २२
लड़ाईंको दिन्मां येसो भयो शाऊल् र योनातान् सित भयेका मान्छेहरूमांको
कसैको हात्मां तरवार् कि भाला पाईयेन. तर शाऊल् र त्येस्को छोरो
योनातान्कां चइं पाईये। अनि पलिश्तीहरूको पहराचौकि मिक्मास्को २३
गौंड़ामां निस्क्यो ॥

(योनातान्को बिषय्)

अब एक् दिन् येसो भयो शाऊल्को छोरो योनातान्ले आफ्नु १४ १
हतियार् बोक्ने जुवान्लाइ भन्यो लु हांमिहरू पल्लो पट्टि भयेको
पलिश्तीहरूको पहराचौकि भय् ठांउ तरि जाऊं। तर त्येस्ले आफ्नु बाबुलाइ
सुनायेन। अनि शाऊल् मिग्रोन्मां भयेको दारीम्को बोट् मुनि गिब्राको २
पल्लो पट्टि रहंद थियो. अनि त्यो सङ भयेका मान्छेहरू छ सै जना जति थिये ३
अनि शीलोमां बस्ने यहूवेको पूजाहारी एलीको छोरो पीनहास्को छोरो
इकाबोद्को भाई आहीतूब्को छोरो अहिय्याह् पनि थियो एपोद् लाएको
भइ. अनि योनातान् चइं गइ गयेको छ भनि लोगलाइ थाहा थियेन।
अनि जुन् गौंड़ा बाटो योनातान्ले पलिश्तीहरूको पहराचौकिमां जांनु ४
खोज्यो तिनको बीच्मां एका पट्टि येउटा तीखो पहरा थियो अर्को पट्टि
अर्को तीखो पहरा थियो. येउटाको नांउ बोसेस् अर्कोको नांउ सेने।
येउटा पहरा उत्तर् तिर मिक्मास्को सांमु उठेको थियो अर्को चइं ५
पहरा दक्खिन् तिर गिब्राको सांमु। अनि योनातान्ले आफ्नु हतियार् ६
बोक्ने जुवान्लाइ भन्यो लु हांमिहरू ति बिखत्नेहरूको पहराचौकिमां
तरि जाऊं. कोनि कते यहूवेले हांमिहरूको लागि कोइ गर्छ कि.
किनभन्ये यहूवेकोमां कोइ केक्युन् कैन धेरैको बाटोले कि थोरैको
बाटोले हवस् कुट्कारा दिंछ। तब त्येस्को हतियार् बोक्नेले त्येस्लाइ भन्यो ७
आफुको मन्मां जे जे छ सबै गर्नु हवस्. फर्कनु हवस् हेर्नु हवस् आफुको
मन् अनुसार् गर्नुलाइ मं पनि साथी छु। तब योनातान्ले भन्यो हेर ८

हांमिहरु ति मान्छेहरु भय्ठांउ पारि जांछौं अनि तिनिहरुकां देखाहा
९ पर्छौं। त तिनिहरुले हांमिहरुलाइ हांमिहरु तिमिहरु थांइ आइ न पुगुंज्याल्
सम्म अड़ीयौ भन्ये भन्ये देखि त हांमि आफ्नु ठांउमां अड़ीइ रहंछौं
१० अनि तिनिहरु थांइ चढ़्दौंन। तर तिनिहरुले हांमिहरु थांइ चढ़ि आव
भन्ये भन्ये देखि त हांमिहरु चढ़ि जांछौ किनभन्ये यह्वेले तिनिहरुलाइ
हांमिहरुको हात्मां सुम्पि दियेको छ. अनि त्यइ हांमिहरुको लागि
११ चिंनु हुंछ। तब ति दुइ जना पलिश्तीहरुको पहराचौकिकां देखाहा पर्ये.
तब पलिश्तीहरुले भन्ये हेर इब्रानीहरु आफु लुक्येको छेंड्र बाटो निस्कि
१२ आउंदै राछन्। त पहराचौकिका मान्छेहरुले योनातान् र त्येस्को हतियार्
बोक्नेलाइ उत्तर् दिइ भन्ये हांमिहरु थांइ चढ़ि आव त हांमिहरु
तिमिहरुलाइ क्येइ देखाउंछौं। तब योनातान्ले आफ्नु हतियार् बोक्नेलाइ
भन्यो मेरो पछि पछि चढ़ि आइज. किनभन्ये यह्वेले तिनिहरुलाइ
१३ इस्राएल्को हात्मां सुम्पि दियेको छ। अनि योनातान् आफ्ना चार् हात्
खुट्टाले ठेक्दै ठेक्दै चढ़्यो अनि त्येस्को हतियार् बोक्ने त्येस्को पछि पछि.
अनि तिनिहरु योनातान्को सांमु लड़्ये अनि त्येस्को पछि पछि त्येस्को
१४ हतियार् बोक्नेले तिनिहरुलाइ मांर्दै रह्यो। अनि योनातान् र त्येस्को
हतियार् बोक्नेले एक् हल्को मेलो जति भूमिमां गर्‍येको पहिलो मंराईमां
१५ लोग् जना बीस् एक् थिये। अनि छाउंनीमां र बन्मां र सिंगै लोगको
बीच्मां थरहरि थियो पहराचौकि र लूट्नेहरु पनि थर्थराये. अनि
१६ भूंइचाल् भयो येसोरि औधि ठुलो थर्थराई भयो। अनि बिन्यामीन्को
गिबामां बस्ने शाऊल्का चीवाहरुले हेर्‍ये त हेर धुइरो बिलीदै येता उर्ता
जांद रछ॥

१७ तब शाऊल्ले आफु सङ भयेका लोगलाइ भन्यो ऐले गन्येर हेर
हांमिहरुकांटो को गयेको छ। अनि गनीये त हेर योनातान् र त्येस्को
१८ हतियार् बोक्ने रैन छ। अनि शाऊल्ले अहिय्याहलाइ भन्यो ईश्वर्को
सम्पट् यहां ल्याउ। कसोगरिभन्ये ईश्वर्को सम्पट् ति ताक इस्राएल्बंशीहरु
१९ सङ थियो। अनि येसो भयो शाऊल्ले पूजाहारी सित बात् मांर्दै गर्दाखेरि
पलिश्तीहरुको छाउंनीमां भयेको खेलाबेला बढ़्दै जांद थियो. त शाऊल्ले
२० पूजाहारीलाइ भन्यो आफ्नु हात् समेट। अनि शाऊल् र त्यो सङ भयेको
सिंगै लोग् लड़ाईंमां आये. त हेर जनंगेको तरवार् आफ्ना आफ्नै
२१ साथीहरु मांथि चल्द रछ अनि औधि ठुलो धंसहुवाई भयो। तब अगाड़ि
पलिश्तीहरु सङ भयेका इब्रानीहरु जो चारै पट्टिका बन् देखि तिनिहरु
सङ छाउंनीमां आयेका थिये तिनिहरु पनि शाऊल् र योनातान् सङ भयेका
२२ इस्राएलीहरु सित मिसीये। येस्तै गरि एप्रैम्को पहाड़े देस्मां लुक्येका
इस्राएल्का सिंगै मान्छेहरुले पलिश्तीहरु भाग्ये छन् भनि सुन्ये तब
२३ तिनिहरुहरु पनि पछि पछि लड़ाईंमां धाये। त येसोरि त्येस् दिन यह्वेले
इस्राएल्लाइ छोड़ायो. अनि लड़ाईं बेतावेन्को पल्लो पट्टि सम्म हुदै रह्यो।

अनि इस्राएलका मान्छेहरु त्येस् दिन् दुखित् भये. तर शाऊल्ले लोगलाइ २४
जस्ले आजु सांझ् सम्म र मैले आफ्ना सत्रुहरुलाइ साटो फर्काइ न
दिउंजाल् सम्म कोइ खाला त्येस् मांथि धिक्कार् भनि किरिया खुवायो।
येस्कारण् लोगमांको कस्लेले पनि कोइ चाख्येन। अनि सिंगै लोग् बनमां २५
पुग्ये अनि भूइंमां मह थियो। अनि जब लोग् बनमां पुग्ये त झेर मह २६
चुहुंद रछ. तर कसैले पनि आफ्नु हात् मुख् सम्म लग्येन किनभन्ये लोग्
किरिया देखि डराये। तर योनातान्चइंले त्येस्को बाबुले लोगलाइ किरिया २७
खुवायेको छ भनि सुन्येको थियेन. त्येस्कारण् त्येस्ले आफ्नु हातको टुप्पा
टुप्पा पसायेर महको चाकामां घोच्यो अनि हातमां लियेर मुखमां हाल्यो
त त्येस्का आंखामां ज्योति चम्क्यो। तब लोगमांको एक् जनाले उत्तर् दिइ २८
भन्यो आफुको बाबुले लोगलाइ बर्लियो गरि किरिया खुवायेको छ जस्ले आजु
कोइ खाला त्यो धिक्कार् भन्येर। अनि लोग् थाकेका थिये। तब योनातान्ले २९
भन्यो मेरो बाबुले देस्लाइ कष्ट दियेको रछ. कृपा गरि हेर मैले त्यो मह
थोलिकता मांत्रै पनि चाख्येकोले मेरे आंखामां कसोगरि ज्योति चम्क्यो।
त लोगले पनि आजु तिनिहरुका शत्रुहरुका लूट् खुशि ३०
अनसार् गरि खायेका भये देखि ता झन् धेरै हुंने थियेन. किनभन्ये ऐले
पलिश्तीहरुको बीचमां ठुलो मंराई भयेको छैन। अनि तिनिहरुले त्येस् दिन् ३१
पलिश्तीहरुमांकालाइ मिक्मास् देखि अय्यालोन् सम्म मांर्ये. अनि लोग्
थारो थाक्ये। अनि लोग् लूट् मांथि झम्टेर भेंड़ाहरु गाईगोरुहरु ३२
बाछाहरु लियेर ति भूइंमां मांर्ये. अनि लोगले ति रगतै समेत् खाये।
तब तिनिहरु शाऊललाइ हेर्नु हुन्न् लोगले रगतै समेत् खायेर यहुवेको ३३
बिरुद्धमां पाप् गर्दै छन् भनि कहि दिये। तब त्येस्ले भन्यो तिमिहरुले
छल् गर्येका छौ. आजु मं यांइ ठेउटा ठुलो ढुंगो पल्टाइ ल्याव। अनि ३४
शाऊल्ले भन्यो लोगको बीचमां छरीयेर जाव अनि तिनिहरुलाइ येसो भन
जनंगेले आफ्नु आफ्नु गाईगोरु र जनंगेले आफ्नु आफ्नु भेंड़ाबाख्रा मेरो
लागि ल्याव यहांदेखि ति यहां मांर्येर खाव अनि रगतै समेत् खांदै
यहुवेको बिरुद्धमां पाप् न गर। तब लोगमांको जनंगेले त्येस्रात् आफ्नु
आफ्नु गाईगोरु आफु आफु सङ ल्यायेर वहां मांर्ये। अनि शाऊल्ले ३५
यहुवेको लागि ठेउटा बेदि बनायो. त्येस्ले यहुवेको लागि बनायेको पहिलो
यइं बेदि येइ हो॥

अनि शाऊल्ले भन्यो हामिहरु राति पलिश्तीहरु पछि पछि उत्रि गयेर ३६
तिनिहरुलाइ बिहान घाम् झुल्कुंजाल् सम्म लुटूं तिनिहरुमांको ठेउटा
मान्छे पनि न छोडूं। त तिनिहरुले भन्ये आफुलाइ जे जाति लाग्छ त्येइ
गर्नु हुन्न्। त पुजाहारीले भन्यो हामिहरु ईश्वर् थांइ जांऊ। तब शाऊल्ले ३७
को मं पलिश्तीहरु पछि उत्रि जाउं को तपाईंले तिनिहरुलाइ इस्राएलको
हातमां सुम्पि दिनु हुंछ भनि ईश्वर् सित मल्लाह् सोध्यो। तब उस्ले त्येस्लाइ
येस् दिन् कोइ उत्तर् दियेन। येस्कारण् शाऊल्ले भन्यो हे लोगका सबै ३८

मालिक्हरु येता नजिक् आव . अनि आजुको दिन् पाप् क्येमां भयो भनि
३९ थाहा पाव । किनभन्ये इस्राएल्लाइ छोड़ाउंने यह्वे जीइ रह्येको झैं मेरो
छोरो योनातान्मां पनि त्यो पाप् भयेको रछ भन्ये त्यो निस्से मंर्छ । तर सिंगै
४० लोग्मांको येउटाले पनि त्येस्लाइ उत्तर् दियेन । तब त्येस्ले सिंगै इस्राएल्लाइ
भन्यो तिमिहरु एक् पट्टि हव मं र मेरो छोरो योनातान् अर्को पट्टि हुंछौं ।
तब लोगले शाऊल्लाइ भन्ये आफुलाइ ज्ये जाति लाग्छ त्येइ गर्नु हवस् ।
४१ येस्कारण् शाऊल्ले इस्राएल्को ईश्वर् यह्वेलाइ भन्यो सत्ये सत्ये देखाइ
४२ दिंनु हवस् । तब योनातान् र शाऊल् पकड़ा पर्‍ये तर लोग् चइं बांच्ये । तब
शाऊल्ले भन्यो मं र मेरो छोरो योनातान्को बीच्मां चिट्ठा हाल । त
४३ योनातान् पकड़ा पर्‍यो । तब शाऊल्ले योनातान्लाइ भन्यो तैंले क्ये गर्‍येको
छस् त्येइ मंलाइ कहि दे । त योनातान्ले त्येस्लाइ येसो भनिकन कहि दियो
सांचिनै मैंले आफ्नु हात्मां भयेको छरिको टुप्याले अलिकता मह चाख्येको
४४ थियें त अब हेर्नु हवस् मैंले मंर्नु पर्द छ । तब शाऊल्ले भन्यो ईश्वर्ले येसै
४५ अं यो भन्दा पनि बेसि गरोस् . किनभन्ये ए योनातान् निस्से तं मंर्छस् । तब
लोगले शाऊल्लाइ भन्ये क्ये योनातान् मंरोस् जस्ले इस्राएल्मां येति ठुलो
छुट्कारा गर्‍यो . येसो न हवस् . यह्वे जीइ रह्येको झैं यिन्को कपाल्को
येउटा केस् पनि भूइंमां खस्दैन किनभन्ये यिन्ले आजु ईश्वर् सङ काम्
४६ गर्‍येका छन् . यो परिले लोगले योनातान्लाइ न मांरींनुलाइ छोड़ाये । तब
शाऊल् पलिश्तीहरुलाइ पछ्याउंनु देखि चढ़ि आयो . अनि पलिश्तीहरु
आफ्ना आफ्ना ठांउमां गये ॥

४७ अब जब शाऊल्ले इस्राएल् मांथि राज् गर्नु लाग्येको थियो तब
त्येस्ले चारै पट्टिका आफ्ना सबै सत्तुर्हरु सित मोआब् र अम्मोन्बंशीहरु र
एदोम् र सोबाका राजाहरु र पलिश्तीहरु सित लड़ाई गर्‍यो . अनि जहां
४८ जहां फर्कि आउंद थियो तहां तहांकालाइ दण्ड दिंद थियो । अनि त्येस्ले
बहादूरी गर्‍येर अमालेकीहरुलाइ मांर्‍यो अनि इस्राएल्लाइ तिनिहरुलाइ
लूट्नेहरुको हात् देखि छोड़ायो ॥

४९ अब शाऊल्का छोराहरु यि थिये अर्थात् योनातान् यिश्वी र
मल्कीशूअ . अनि त्येस्की दुइ बैंनी छोरीहरुको नांउ यि थिये अर्थात्
५० जेठीको नांउ मेरब् र कान्छीको नांउ मीकल् थियो . अनि शाऊल्की
मुखेंनीको नांउ अहीमास्की छोरी अहीनोअम् थियो . अनि त्येस्को
सेनापतिको नांउ शाऊल्को कान्छा बाबु नेर्को छोरो अब्नेर् थियो ।
५१ अनि कीश् चइं शाऊल्को बाबु थियो अनि अब्नेर्को बाबु नेर् चइं
अबीएल्को छोरो थियो ॥

५२ अनि शाऊल्का सबै दिनमां पलिश्तीहरु सित सारो लड़ाईं भइ
रह्यो . अनि जब जब शाऊल्ले कोई बल्लियो कि बीर् मान्छेलाइ देख्द
थियो तब आफु थांइ राख्द थियो ॥

(शाऊल्को दोस्रो अपराध् र त्येस्को फल्)

अनि शमूएल्ले शाऊल्लाइ भन्यो यहूवेले मंलाइ तिमिलाइ १५ १
उस्को लोग् मांथि अं इस्राएल् मांथि राजा अभिषेक् गर्नुलाइ पठायो.
त अब यहूवेका कुराको शब्द सुन्। सेनाहरुको यहूवेले येसो भन्द छ २
अमालेक्ले इस्राएल् सित को गर्येको थियो अर्थात् इस्राएल् मिस्र देखि
चढ़ि आउंदा त्यो त्येस्को विरुद्धमां उभीयेको थियो त्यो मंलाइ चेत् छ।
अब गयेर अमालेक्लाइ मार् अनि तिनिहरुका सब्बै थोक् भाकल् गरीयेको ३
थोक् भैं नास् गर् अनि तिनिहरुलाइ न छोड् तर को लोग्नेमान्छे को
स्वास्नीमान्छे को बालख को दुद्खांने को गाईगोरु को भेंड़ाबाख्रा को ऊंट्
को गदाहा सब्बै मारि दे॥

तब शाऊल्ले लोगलाइ भेला गर्यो अनि तिनिहरुलाइ तलाईम्मां ४
गन्ति गर्यो अर्थात् दुइ लाख् पैदलहरु र यहूदाका दस् हजार् जना।
यहांदेखि शाऊल् अमालेक्को सहरमां गयेर तरिमां छुकि बस्यो। अनि ५ ६
शाऊल्ले केनीहरुलाइ भन्यो हिड़ि जाउ अमालेकीहरुको बीच् देखि उत्रि
जाउ होइन भन्य ता मं तिमिहरुलाइ तिनिहरु सङ नास् पार्छु. किनभन्ये
तिमिहरुले सब्बै इस्राएलवंशीहरुलाइ तिनिहरु मिस्र बाटो चढ़ि आउंदा
कृपा गर्येका थियौ। तब केनीहरु अमालेकीहरुको बीच् देखि निस्कि गये।
यहांदेखि शाऊल्ले अमालेकीहरुलाइ मिस्रको सांमु भयेको सूर् जांने ७
बाटोको हवीला सम्म मांर्यो। अनि त्येस्ले अमालेकीहरुको राजा अगागलाइ ८
जीउंदै समाय्यो अनि सब्बै लोगलाइ चइं तरवार्को धार्ले भाकल्
गरीयेको थोक् भैं नास् पार्यो। तर शाऊल् र लोगले अगागलाइ र ९
भेंड़ाबाख्राहरुमांका र गाईगोरुहरुमांका र मोटा मोटा पशुहरुमांका
पाठाहरुमांका सब्बै भन्दा असल् असल् र जे जे जाति जाति थिये ति
बचायेर तिनलाइ भाकल् गरीयेको थोक् नास् पार्येको भैं नास् पार्नु
खोज्येन. तर जे जे तुच्छ र बिकामे थिये ति सब्बैलाइ चइं भाकल् गरीयेको
थोक् भैं नास् पार्ये॥

तब यहूवेको बचन् येसो भन्दै शमूएल् पांइ आयो मैले शाऊल्लाइ १०
राजा तुल्याएको देखि मं पछ्ताउंद छु. किनभन्ये त्यो मंलाइ पछ्याउंनु ११
देखि फर्क्यो अनि त्येस्ले मेरा आज्ञा मान्येन। तब शमूएल् रागीयो अनि रात्
भरि यहूवेको दोहाई गर्दै रह्यो। अनि शमूएल् बिहान सबारै शाऊल्लाइ १२
भेट्नुलाइ उठ्यो तब शमूएललाइ येसो भनिकन सुनाइ दिईयो शाऊल्
कर्मेल्मां आयेको छ अनि हेर त्येस्ले आफ्नु लागि येउटा चिंनु उभ्यायो
अनि फर्क्यर त्यो गिलाद्मां उत्रि गयो भन्ये। अनि शमूएल् शाऊल् पांइ १३
आइ पुग्यो. तब शाऊल्ले त्येस्लाइ भन्यो आफु यहूवे देखि धन्नको हुंनु हवस्.
मैले यहूवेको आज्ञा पूरो गर्येको छु। तर शमूएल्ले भन्यो त भेंड़ाहरुले १४
भें भें गर्येको र गाईहरु राम्येको जो मं सुन्द छु यि को हुन्। तब शाऊल्ले १५

भन्यो तिनिहरुले तिनलाइ अमालेकीहरुकांटो ल्यायेका कुन्. कसोगरिभन्ये
लोगले भेंड़ाहरुमांको र गोरुहरुमांको अखल् अखल् बंचाइ राख्येका कुन्
आफुको ईश्वर् यहूवेको लागि बलिदान् चढ़ाउंनुलाइ अनि बांकि चहं
१६ कांमिहरुले भाकल् गरीयेका थोक् भैं नाम् पार्येका कौं। तब शमूएल्ले
शाऊललाइ भन्यो पर्ख आजु राति यहूवेले मलाइ जे जे भन्येको कु ति मं
१७ तिमिहरुलाइ कहि दिंकु। त त्येस्ले त्येस्लाइ भन्यो भन्नु हवस्। तब शमूएल्ले
भन्यो तिमि आफुनु लेखिमां कोटा थियौ र पनि को तिमि इस्राएल्का
कुल्को मालिक् तुल्याईयेका कौन. अनि यहूवेले तिमिलाइ इस्राएल् मांथि
१८ राजा अभिषेक् गर्यो अनि यहूवेले तिमिलाइ येसो भनिकन हिंड़ाईमां
पठायो गयेर ति पापीहरु अमालेकीहरुलाइ भाकल् गरीयेका थोक् भैं नास्
पार अनि तिनिहरु नष्ट होइ न सकुंञ्जाल्सम्म तिनिहरु सित लड़ाईं गर्दै रहंनु
१९ भनिकन। त तिमिले यहूवेको कुरा किन मान्येका कौन तर लूट् मांथि
२० झम्टेर यहूवेको सांमु जे बुरो थियो त्यो किन गर्यौ। तब शाऊलले
शमूएल्लाइ भन्या अं मैंले यहूवेको कुरा मान्येको कु अनि यहूवेले मंलाइ
पठायेको बाटोमां हिंड़ेकोकु अनि अमालेकीहरुको राजा अगागलाइ ल्याएं
२१ अनि अमालेकीहरुचहंलाइ भाकल् गरीयेको थोक् भैं मांग्येको कु। तर
लोगचहंले लूट्मांका भेंड़ाबाख्रा र गाईगोरुहरु भाकल् गरीयेका अखल्
अखल् मध्ये थोक् आफुको ईश्वर् यहूवेको लागि गिल्गाल्मां बलिदान्
२२ चढ़ाउंनुलाइ ल्याएकुन्। तब शमूएल्ले भन्यो

को यहूवे होम्बलि र बलिदान्हरु देखि खुशि हुंछ
यहूवेको कुरा मान्येको देखि भैं.
हेर आज्ञा मान्नु बलिदान् भन्दा जाति कु
अनि कुरा सुन्नु घुमाहरुको बोसो भन्दा।

२३ किनभन्ये झगरागराई अगमचलाउंनेको पाप् जस्तो कु
अनि अठ्ठेरहैं घरदेवताहरुको बुराई जस्तो।
किनभन्ये तिमिले यहूवेको कुरा आफालि दियौ
उस्ले पनि तिमिलाइ राजा होइ रहंनु देखि आफालि दियेको कु।

२४ अनि शाऊलले शमूएल्लाइ भन्यो मैंले पाप् गर्येको कु. कसोगरिभन्ये
यहूवेको आज्ञा र आफुको कुरा देखि तर्कि गयेको कु कसोगरिभन्ये मैंले
२५ लोग् देखि डरायेर तिनको शब्द मान्यें। त अब कृपा गरि मेरो पाप् क्षमा
२६ गर्नु हवस् अनि मं सङ फर्कनु हवस् र मं यहूवेलाइ दण्डवत् गर्नं। तब
शमूएल्ले शाऊललाइ भन्यो मं तिमि सङ फर्कंदौन. किनभन्ये तिमिले
यहूवेको कुरा आफालि दियेका कौ त यहूवेले पनि तिमिलाइ इस्राएल् मांथि
२७ राजा होइ रहंनु देखि आफालि दियेको कु। जब शमूएल् हिंड़ि जानुलाइ
२८ फर्क्यो तब त्येस्ले त्येको खाप्नेको कुंउ समात्यो त त्या च्यातीयो। तब
शमूएल्ले त्येस्लाइ भन्यो यहूवेले आजुको दिन् इस्राएल्को राज् तिमि
देखि च्यात्यो अनि तिमि भन्दा जाति येउटा तिम्रो छिमेकीलाइ दियो।

अनि पनि इस्राएलको बल् जो छ उस्ले न छांट्छ न पछ्ताउंछ . किनभन्ये २९
उ मान्छे होइन र पछ्तावस् । तब त्येस्ले भन्यो मैले पाप् गर्येको छु . तै ३०
पनि अब मेरा प्रजाका प्राचीनहरुको सांमु र इस्राएल्को सांमु कृपागरिकन
मेरो मान् गरि दिनु हवस् अनि मं सङ फर्कि आउंनु हवस् र मं आफुको
ईश्वर यहूवेलाइ दण्डवत् गरुं । त शमूएल् शाऊल्को पछि पछि फर्क्यो ३१
अनि शाऊल्ले यहूवेलाइ दण्डवत् गर्यो ॥

तब शमूएल्ले भन्यो अमालेकीहरुको राजा अगाग्लाइ यहां मं पांइ ३२
त्याउ । त अगाग् त्यो पांइ काम्दै आयो । अनि अगाग्ले भन्यो मृत्युको
तीतेइँ अब्बस्से गइ गयो होला । तब शमूएल्ले भन्यो जसोगरि तेरो ३३
तरवार्ले स्त्रीहरुलाइ निर्वंश तुल्यायेको थियो त्यसै गरि तेरी आंमा
स्त्रीहरुको बीचमां निर्वंश हुंछे । तहांदेखि शमूएल्ले अगाग्लाइ
गिल्गालमां यहूवेको सांमु टुक्र्यायो ॥

तहांदेखि शमूएल् रामामां गयो अनि शाऊल् चइं शाऊल्को ३४
गिब्रामां भयेको आफ्नु घरमां चढि गयो । अनि शमूएल् आफ्नु मरणको ३५
दिन् सम्म शाऊल्लाइ हेर्नुलाइ फेरि फेरि कैले पनि आयेन किनभन्ये शमूएल्
शाऊल्को लागि विलाप् गर्दै रह्यो . अनि यहूवे शाऊल्लाइ इस्राएल् मांथि
राजा तुल्यायेकोले पछ्ताउंद थियो ॥

अनि यहूवेले शमूएल्लाइ भन्यो मैले शाऊल्लाइ इस्राएल् मांथि १६ १
राजा होइ रहंनु देखि आफाल्यं भन्येर तं त्येस्को लागि कैले सम्म विलाप्
गर्दै रहंकस् आफ्नु सींगमां तेल् भर्येर जा मं तंलाइ बेत्लेहेमी यिशै पांइ
पठाउंछु . किनभन्ये त्येस्का छोराहरुमांको येउटालाइ आफ्नु लागि जोहो
गर्येको छु । त शमूएल्ले भन्यो मं कसोगरि जांउ शाऊल्ले सुन्यो भन्ये २
मंलाइ मार्छ । तब यहूवेले भन्यो आफ्नु लागि येउटी कोरलि ले अनि मं
यहूवेको लागि बलिदान् चढाउंनुलाइ आयेको छु भन् । अनि यिशैलाइ ३
बलिदानमां बोला तब तैंले ज्यै गर्नु छ मं तंलाइ देखाउंछु . तहांदेखि
जस्को नांउ मं तेरो सांमु काढ्छु त्येसैलाइ मेरो लागि अभिषेक गर्छस् ।
तब शमूएल्ले यहूवेले भन्येको कुरा अनुसार् गर्येर बेत्लेहेममां गयो . तब ४
सहरका प्राचीनहरुले कांम्दै त्येस्लाइ भेट्नु आयेर भन्ये को आफु कुशल्
सित आउंनु हुंद छ ? तब त्येस्ले भन्यो कुशल् सित . मं यहूवेको लागि ५
बलिदान् चढाउंनुलाइ आयेको छु . तिमिहरुले आफु आफुलाइ शुद्ध गर
अनि मं सङ बलिदानमां आव । अनि त्येस्ले यिशै र त्येस्का छोराहरुलाइ ६
शुद्ध गर्येर तिनिहरुलाइ बलिदानमां बोलायो अनि येसो भयो जसै
तिनिहरु आये तब त्येस्ले एलीआब्लाइ हेर्येर भन्यो यहूवेको अभिषिक्त
निस्से उस्को सांमु छ । तर यहूवेले शमूएल्लाइ भन्यो त्येस्को चेहेरा न ७
येस्को डालको अलगेइँ हेर किनभन्ये मैले त्येस्लाइ आफाल्येको छु . किनभन्ये
यहूवेले मान्छेले झैं हेर्दैन कसोगरिभन्ये मान्छेले ता बाहिरको रूप हेर्द छ तर
यहूवेले चइं ता मन् हेर्द छ । तब यिशैले अबिनादाब्लाइ बोलायेर शमूएल्को ८

सांमु हिंड़ाल्यो । अनि त्येस्ले भन्यो येस्लाइ पनि यहूवेले क्हान्येको हैन । तब
९ यिशैले शम्मालाइ सांमु हिंड़ाल्यो । अनि त्येस्ले भन्यो येस्लाइ पनि यहूवेले
१० क्हान्येको हैन । अनि यिशैले आफ्ना क्होराहरुमांको सातैलाइ शमूएल्को
सांमु हिंड़ाइ दियो । तब शमूएल्ले यिशैलाइ भन्यो यिनिहरुबाहेंलाइ
११ यहूवेले क्हान्येको हैन । तब शमूएल्ले यिशैलाइ भन्यो के तिम्रा क्होराहरु
सबै येति मांत्रै हुन् । त त्येस्ले भन्यो अझै कान्छो चहूं रह्येको छ त हेर्नु
हवस् त्येस्ले भेंड़ाबाख्रा चराउंद छ । तब शमूएल्ले यिशैलाइ भन्यो त्येस्लाइ
डाकि पठाउ . किनभन्ये त्यो यहां न आउंज्याल् सम्म हांमिहरु बस्दैंन ।
१२ अनि त्येस्ले त्येस्लाइ डाकि पठायेर भित्र ल्यायो । अब त्यो ता रातो रातो रछ
अनि राम्रा आंखा अनि हेर्नुमां सुन्दर् रछ । अनि यहूवेले भन्यो उठेर
१३ त्येस्लाइ अभिषेक् गर् . किनभन्ये यो त्येइ हो । तब शमूएल्ले तेल्को सींग्
लियेर त्येस्लाइ त्येस्का दाजुहरुको बीचमां अभिषेक् गर्यो . अनि त्येस् दिन्
देखि येसो यहूवेको आत्मा दाऊद् मांथि बल्ले पर्यो । तब शमूएल् उठेर
रामातमां गयो ॥
१४ तर यहूवेको आत्मा शाऊल् देखि निक्कि गयेको थियो अनि यहूवे
१५ पट्टिको दुष्ट आत्माले त्येस्लाइ घबराइ दिंनु लाग्येको थियो । तब शाऊल्का
चाकरेहरुले त्येस्लाइ भन्यो अब हेर्नु हवस् ईश्वर् पट्टिको येउटा दुष्ट आत्माले
१६ आफुलाइ घबराइ दिंद छ । त अब हांम्रा प्रभुले आफुको सांमु भयेका आफुका
चाकरेहरुलाइ बीना बजाउंने येउटा सिपालु भान्छेलाइ खोज्ने आज्ञा
दिंनु हवस् . अनि येसो हुंदा जसै ईश्वरको पट्टि बाटोको दुष्ट आत्मा आफु
१७ मांथि पर्ला तब त्येस्ले आफ्नु हातले बजावस् तब आफु जाति हुंनु हुंछ । तब
शाऊल्ले आफ्ना चाकरेहरुलाइ भन्यो अब मेरो लागि येउटा सिपालु बजाउंने
१८ मान्छेलाइ बन्दबस्त गर्यैर मं थांइ ल्याउ । तब त्येस्का जुवानहरुमांको
येउटाले हेर्नु हवस् मैंले बेत्लेहेमी यिशैको येउटा क्होरोलाइ देख्येको छु
जो बजाउंनुमां सिपालु छ अनि त्यो बल्लियो बीर् र लड़ांकि छ अनि कुरा
गर्नुमां बुद्धिमान् अनि सुंरूपवन्त अनि त्यो सङ यहूवे छ भनि उत्तर्
१९ दियो । येस्कारण शाऊल्ले यिशै थांइ येसो भनिकन दूत पठायो भेंड़ाबाख्राहरु
२० सङ भयेको तिम्रो क्होरो दाऊद्लाइ मेरो लागि पठाइ देउ । तब यिशैले
रोटी र मद्यको येउटा मशक् र येउटा पाठा बोक्रायेको येउटा गदाहा
२१ आफ्नु क्होरो दाऊद्को बाटोले शाऊल् थांइ पठाइ दियो । अनि दाऊद्
शाऊल् थांइ आयेर त्येस्को सांमु उभीयो . अनि त्येस्ले त्येस्लाइ खूब् प्यारो
२२ गर्यो अनि त्यो त्येस्को हतियार् बोक्ने भइ गयो । अनि शाऊल्ले येसो
भनिकन यिशै थांइ पठायो कृपागरिकन दाऊद्लाइ मं सङ रहंनु देउ
२३ किनभन्ये मेरो अनुग्रह् त्येस् मांथि भयेको छ । अनि येसो भयो जब जब
ईश्वर् पट्टिको त्यो आत्मा शाऊल् मांथि पर्द थियो तब तब दाऊद्ले बीना
लियेर आफ्नु हातले बजाउंद थियो . येसोरिकन शाऊल् नया मन् पायेर
निको होइ जांच्यो अनि दुष्ट आत्मा त्यो देखि निक्कि जांच्यो ॥

(दाऊद्ले गोल्यत्लाइ जीत्नु)

अब पलिश्तीहरुले लड़ाईंको लागि आफ्नु पल्टन भेला गऱ्ये १७ १
वहांदेखि तिनिहरुले यहूदाको सोकोमां भेला भयेर सोको र अजेकाको
बीच्मां एपेस्दम्मीम्मां डेरा हाल्ये। अनि शाऊल् र इस्राएल्का मान्छेहरुले २
भेला भयेर एलाको तरिमां डेरा हाल्ये अनि पलिश्तीहरुको बिरुद्धमां
पाङ्ति पाङ्ति बांध्ये। अनि पलिश्तीहरु एक् पट्टिको डांड़ामां इस्राएल् ३
चइं अर्को पट्टिको डांड़ामां उभीये. अनि तिनिहरुको बीच्मां येउटा टार्
थियो। तब पलिश्तीहरुको छाउंनी देखि येउटा गात् सहर्को गोल्यत् ४
भनींने महाबीर् निस्क्यो जो छ हात् बित्ता अल्गो थियो। अनि त्येस्को ५
सिर्मां पीतल्को टोप् थियो अनि त्येस्ले कत्ला जस्तो पाऱ्येको झिलम्
लायेको थियो जस् झिलम्को जोखाई पीतल्को पांच् हजार् शेकेल् थियो।
अनि त्येस्का खुट्टामां पीतल्का ढाल् र त्येस्का कांधको बीच्मां पीतल्को ६
सांनु भाला थियो। अनि त्येस्को ठुलो चइं भालाको सर् कप्रा बुन्नेको मुर्रा ७
जत्रो थियो अनि त्येस्को भालाको खुराको जोखाई फलम्को छ सै शेकेल्
थियो. अनि त्येस्को ढाल् बोक्ने त्येस्को अघि अघि हिंड्द थियो। त त्येस्ले ८
उभीयेर इस्राएल्का पल्टन्हरुलाइ करायेर येसो भन्यो तिमिहरु पाङ्ति
पाङ्ति भइ लड़ाईं गर्नुलाइ किन आयेका छौ. क्ये मं पलिश्ती हुंइन अनि
तिमिहरु चइं शाऊल्का चाकरेहरु हौन. आफ्नु लागि येउटा मान्छेलाइ
छान र त्यो मं थांइ उत्रि आवस्। त्येस्ले मं सङ लड़ाईं गर्नु सक्यो अनि ९
मंलाइ मांऱ्यो भन्ये देखि त हांमिहरु तिमिहरुका चाकरे हुंछौं. तर मैंले
त्येस्लाइ जिति त्येस्लाइ मांऱ्यें भन्ये देखि त तिमिहरु हांमिहरुका चाकरे
हुंछौ अनि हांमिहरुको चाक्री गर्छौ। त्येस् पलिश्तीले फेरि भन्यो आजुको १०
दिन् मं इस्राएल्को पल्टन्लाइ तुच्छ गर्द छु कसैलाइ मेरो लागि देव र
हांमिहरु लड़ाईं गरुं। अनि जब शाऊल् र सिंगै इस्राएल्ले त्येस् पलिश्तीको ११
यो कुरा सुन्ये तब तिनिहरु डरायेर बिघ्न थरहरि भये।

अब दाऊद् चइं बेत्लेहेम् यहूदाको त्येस् इफ्रातीको छोरो थियो १२
जस्को नांउ यिशै थियो जस्का आठ् भाई छोराहरु थिये. अनि त्यो मान्छे
शाऊल्का दिनमां बूढ़ो थियो अनि मान्छेहरुको बीच्मां त्यो चइं दिन
धेर् खायेको मान्छे थियो। अनि यिशैका तीन् भाई ठुला ठुला छोराहरु १३
शाऊल् पछि पछि लड़ाईंमां गयेका थिये. अनि लड़ाईंमां गयेका त्येस्का
तीन् भाई छोराहरुको नांउ यि हुन् जेठोको एलीआब् माइलोको
अबिनादाब् सांइलोको शम्माह्। अनि कान्छोचइं दाऊद् थियो. अनि १४
ति तीन् जना ठुल्ठुलाहरु शाऊल्को पछि पछि लाग्येका थिये। अनि दाऊद् १५
चइं शाऊल् थांइ देखि बेत्लेहेम्मां आफ्नु बाबुको भेंड़ाबाख्रा चराउंनुलाइ
आउंने जांने गर्द थियो। अनि त्यो पलिश्ती चालीस् दिन् सम्म सांझ् १६
बिहान् नजिक् आउंदै देखाहा पर्दै गर्ने गर्द थियो॥

१७ अनि यिशैले आफ्नु कोरो दाऊदलाइ भन्यो ऐले आफ्ना दाजुहरुको
लागि भुटेको अन्न एक् एपा र यि दसवटा रोटी लियेर छिट्टोगरि छाउनीमां
१८ तेरा दाजुहरु पांइ बोकि लैजा अनि यि दसवटा पनीर् तिनका
सहस्रपतिहरुकां लैजा वहांदेखि तेरा दाजुहरु कस्ता कस्ता राहुन् हेर् अनि
१९ तिनको केइ चिंनु ले। त्येस् बेला शाऊल् र ति दाजुहरु र इस्राएलका सबै
२० मान्छेहरु एलाको तरिमां पलिश्तीहरु सित लड़ाईं गर्दै रहेका थिये। तब
दाऊद् बिहान सबारै उठेर भेंड़ाबाख्राहरु येउटा गोठालालाइ सुम्पि राखेर
यिशैले त्येसलाइ आज्ञा दियेको अनुसार् ति लियेर हिंड़्यो वहांदेखि
रणभूमिमां निस्कि जांने पल्टनले लड़ाईंको लागि कराउंदै गर्येको बेलामां त्यो
२१ गाड़ीहरुको आड़ूमां आइ पुग्यो। अनि इस्राएल् र पलिश्तीहरुले लड़ाईंको
२२ लागि आफ्ना आफ्ना पाड़्ति पाड़्ति बांध्ये। तब दाऊदले आफ्नु माल्
आलमाल् गड़्नेको हातमां कोड़ि राख्येर पल्टन् भयेठांउ दुगुरि गयेर
२३ आफ्ना दाजुहरुको कुशल् सोध्यो। अनि जब त्येस्ले बात् मांदै थियो त हेर
गातको त्यो पलिश्ती त्यो महावीर् गोलयत् भनींने पलिश्तीहरुको पल्टनको
बीच् देखि निस्कि आयो अनि तिनै कुरा अनुसार् भन्यो। अनि ति कुरा
२४ दाऊदले सुन्यो। अनि इस्राएलका सबै मान्छेहरु त्येस् बीलाइ देख्येर त्यो
२५ देखि भाग्ये अनि अत्यधिक् डराये। अनि इस्राएलका मान्छेहरुले भन्द थिये
को त्यो चढ़ि आयेको मान्छेलाइ देख्येका छौ. त्यो निस्से इस्राएललाइ तुच्छ
गर्नुलाइ आयेको छ. त येसो हुंछ जस्ले त्येसलाइ मार्छ त्येसलाइ राजाले धेरै
धनले धनी तुल्याउंछ अनि त्येसलाइ आफ्नी छोरी दिंछ अनि त्येसको बाबुको
२६ जहानलाइ इस्राएलमां मिनाहा दिंछ। तब दाऊदले आफ्नु छेउछाउका
मान्छेहरुलाइ येसो भन्यो जस्ले त्येस् पलिश्तीलाइ मार्येर इस्राएल् देखि
निन्दा मेटि दिंछ त्येसको लागि को गरीछ. किनभन्ये यो खिचनले
पलिश्ती को हो र त्येस्ले जीउंदो ईश्वरका पल्टनहरुलाइ तुच्छ गरोस्।
२७ अनि लोगले त्येसैगरि त्येसलाइ उत्तर दिइ भन्ये जस्ले त्येसलाइ मार्छ त्येसको
२८ लागि येसो येसो गरींछ। तब त्येस्ले मान्छेहरु सित बात् मांदै गर्येको त्येसको
जेठो दाजु एलीआबले सुन्यो तब एलीआबको रिस् दाऊद् मांथि उठ्यो
अनि त्येस्ले भन्यो तं किन उत्रि आइस् अनि ति दुइचारवटा भेंड़ाबाख्राहरु
२९ पनि तैंले वनमां कस्कां कोड़ि आयेको छस्. तेरो अहंकार् र तेरो मनको
नटखटेइं मं जान्द छु किनभन्ये तं लड़ाईं हेर्नुको लागि उत्रि आयेको छस्।
३० तब दाऊदले भन्यो मैले ऐले के गर्येको छु. के कारण छैन। अनि त्यो त्यहां
बाटो अर्को तिर गयो अनि तिनै कुरा अनुसार् गर्यो. अनि लोगले फेरि
३१ त्येसलाइ अगाड़िको जस्तो उत्तर दिये। अनि जब दाऊदले भन्येका यि कुरा
को चर्चा भयो तब यि कुरा शाऊलका पनि कहीये तब त्येस्ले त्येसलाइ डाकि
३२ पठायो। अनि दाऊदले शाऊललाइ भन्यो ऐसको कारणले कसैको मन् न
३३ छटोस् आफुको चाकरले गयेर त्येस् पलिश्ती सित लड़ाईं गर्छ। तब शाऊलले
दाऊदलाइ भन्यो त्येस् पलिश्तीको बिरुद्धमां त्यो सक लड़ाईं गर्नुलाइ त

जांनु सक्दैनस् . कसोगरिभन्ये तं खालि केटै मांत्रे छस् त्यो चइं त्येस्को
केटौलीनै देखि लड़ांकि छ । तब दाऊद्ले आऊल्लाइ भन्यो आफुको ३४
चाकरेले आफ्नु बाबुको भेंड़ाबाख्रा चराउंद थियो अनि जब सींह् कि
भालूले आयेर बगाल् देखि पाठो लैजांद थियो तब मं त्येस्को पछि ३५
पछि गयेर त्येस्लाइ हिर्कायेर त्येस्को मुख् बाटो त्यो पाठो छोड़ाउंद थियें .
अनि जब जब त्यो मं मांथि उठ्द थियो तब तब मं त्येस्को दारि समात्येर
त्येस्लाइ हिर्कायेर मार्द थियें । सींह् र भालू दुवैलाइ आफुको चाकरेले ३६
मार्यो . त त्यो खिचत्ने पलिश्ती तिनिहरुमांको येउटा जर्त्तिको ता होला
किनभन्ये त्येस्ले जीउंदो ईश्वर्को पल्टनलाइ तुच्छ गर्येको छ । अनि दाऊद्ले ३७
भन्यो जुन् यहूवेले मंलाइ सींहको पञ्जा र भालूको पञ्जा देखि बचायो उसैले
मंलाइ त्येस् पलिश्तीको हात् देखि पनि बचाउंछ । तब आऊल्ले दाऊद्लाइ
जा तं सङ यहूवे हवस् भन्येर भन्यो । अनि आऊल्ले दाऊद्लाइ आफ्नु बस्त्र ३८
पहिर्याइ दियो अनि त्येस्को सिर्मां पीतल्को टोप् लगाइ दियो अनि
भिलम् पनि पहिर्याइ दियो । अनि दाऊद्ले आफ्नु बस्त्र मांथि आफ्नु ३९
तर्वार् भिर्यो वहांदेखि जांने ऊड्कल् गर्यो किनभन्ये त्येस्ले त्यो जांच्येको
थियेन । तब फेरि दाऊद्ले आऊल्लाइ भन्यो मं यि लायेर जांनु सक्दैन
किनभन्ये मैंले यि जांच्येको छुइंन । त दाऊद्ले ति आफ्नु जीउ देखि
उतारि दियो । वुहांदेखि त्येस्ले आफ्नु हात्मां आफ्नु लउरो लियो अनि ४०
खोल्चा देखि पांचवटा चिल्ला चिल्ला ढुंगाहरु छान्येर ति आफ्नु गोठाले
थैलो अर्थात् आफ्नु जाबिमां हाल्यो अनि त्येस्को घुर्पांत्रो चइं हातमां
लियो . अनि त्यो पलिश्ती नजिक् नजिक् गयो । अनि पलिश्ती चइं ४१
हिंड्दै दाऊद् तिर आयो अनि त्येस्को ढाल् बोक्ने मान्छे त्येस्को अघि अघि
हिंड्द थियो । अनि जब पलिश्तीले येताउति हेर्यो त त्येस्ले दाऊद्लाइ ४२
देख्यो अनि त्येस्लाइ तुच्छ जान्यो . किनभन्ये त्यो खालि केटै मांत्रे थियो
अनि रातो रातो र हेर्नुमां सुन्दर् । तब पलिश्तीले दाऊद्लाइ भन्यो को मं ४३
कुकुर् हुं र तं लउराहरु लियेर मं पांइ आउंद छस् . अनि पलिश्तीले
दाऊद्लाइ आफ्ना देवताहरुको नांउले धिक्कार्यो । अनि पलिश्तीले ४४
दाऊद्लाइ भन्यो मं पांइ आ त मं तेरो मांसु अकाश्का पंषीहरुलाइ र
बन्का पशुहरुलाइ दिंकु । तब दाऊद्ले त्येस् पलिश्तीलाइ भन्यो तं तर्वार् ४५
भाला र सांनु भाला लियेर मं पांइ आउंदै छस् . तर मं चइं सेनाहरुको
यहूवको नांउले अर्थात् तेंले तुच्छ गर्येको इस्राएल्का पल्टनको ईश्वर्को
नांउले तं पांइ आउंद छु । आजै यहूवेले तलाइ मेरो हातमां सुम्पि दिंछ ४६
अनि मं तंलाइ मार्कु अनि तेरो कपाल् तं देखि काटि लिंकु अनि आजु मं
पलिश्तीहरुका सेनाहरुको लोथ् अकाश्का पंषीहरुलाइ र पृथिवीका
बनपशुहरुलाइ दिंकु सिंगै पृथिवीले इस्राएल्मां ईश्वर् एक भनि थाहा
पावस् भन्ये खातिर्ले . त्यो सिंगै मंडलीले यहूवेले तर्वार् र भालाले ४७
बचाउंने रैनछ भनि थाहा पावस् भन्ये खातिर्ले . किनभन्ये लड़ाई

यहूदेको हो अनि उसैले तिमिहरुलाइ हांमिहरुको हातमां सुम्पि दिंछ ।
४८ अनि ऐसो भयो जब त्यो पलिश्ती उठेर दाऊदलाइ भेट्नुलाइ नजिक् आयो तब दाऊद् पनि छिट्टो गरि त्यो पलिश्तीलाइ भेट्नुलाइ पल्टन् तिर
४९ दुगुन्यो । त्यहांदेखि दाऊदले आफ्नु जाबिमां हात् हाल्येर त्येस् देखि ढुंगा झिकि घुयांत्रोमां हाल्येर त्येस् पलिश्तीको मांथमां हिर्काइ दियो त त्यो
५० ढुंगो त्येस्को मांथमां गाड़ीयो तब त्यो भूइंमां घोप्टो परि लड़्यो । ऐसोरि दाऊदले त्येस् पलिश्तीलाइ घुयांत्रो र ढुंगाले जीत्यो अनि त्येस् पलिश्तीलाइ
५१ हिर्काएर मार्यो . तर दाऊदको हातमां तरवार् थियेन । त्यहांदेखि दाऊद् दुगुरि गयेर त्येस् पलिश्ती मांथि उभीयो अनि त्येसैको तरवार् दाप् देखि झिकेर हातमां लिइ त्येसैले त्येस्को कपाल् काटेर कुटयायो । अनि जसै
५२ पलिश्तीहरुले हांमिहरुको बीर् मर्‍यो भनि देख्ये तब तिनिहरु भाग्ये । तब इस्राएल्का र यहूदाका मान्छेहरु उठेर कराये अनि पलिश्तीहरुलाइ गात् र अक्रोन्को ढोका सम्म न पुगुंज्याल् सम्म खेद्ये । अनि पलिश्तीहरुका घायल्हरु
५३ शारैम् सम्म अं गात् सम्म र एक्रोन् सम्मको बाटोमां लड़ेर । तब इस्राएल्वंशीहरुले पलिश्तीहरुलाइ खेदनु देखि फर्केर तिनिहरुको छाउंनी
५४ खुटेर । अनि दाऊदले त्येस् पलिश्तीको टाउको लियेर यरूशलेममां ल्यायो तर आफ्नु हतियार् आफ्नु पालमां राख्यो ॥

(शाऊल् दाऊदको बिरुद्ध)

५५ अनि जसै शाऊलले दाऊदलाइ त्येस् पलिश्ती मांथि निस्कि गयेको देख्यो तब त्येस्ले सेनापति अब्नेरलाइ सोध्यो ए अब्नेर् त्यो केटो कस्को छोरो हो । अब्नेरले भन्यो हे महाराजा आफुको प्राण् जीइ रह्येको झैं मं
५६ जान्दीन । तब राजाले भन्यो खोज् गर् त्यो गबरू कस्को छोरो हो । अनि जसै दाऊद् पलिश्तीहरुको मंराई बाटो फर्कि आउंदै थियो तब अब्नेरले त्येस्लाइ पलिश्तीको टाउको हातमां लियेको भइ शाऊलको सांमु पुऱ्यायो ।
५८ तब शाऊलले त्येस्लाइ भन्यो ए केटा तं कस्को छोरो होस् . तब दाऊदले मं
१८ १ आफुको दास् बेतलेहेमी थिशेको छोरो हुं भनि उत्तर् दियो । अनि ऐसो भयो जब त्येस्ले शाऊल् सित कुरा गरि सक्यो तब योनातान्को प्राण् दाऊदको प्राण् सित बांधीयो अनि योनातानले त्येस्लाइ आफ्नै प्राण् झैं
२ प्यारो गर्‍यो । अनि शाऊलले त्येसै दिन् देखि त्येस्लाइ लियो अनि त्येस्लाइ
३ फेरि त्येस्को बाबुको घरमां जांनु दियेन । तब योनातान् र दाऊदले बाचा
४ बांधे किनभन्ये त्येस्ले त्येस्लाइ आफ्नै प्राण् जस्तो प्यारो गर्द थियो । अनि योनातानले आफ्नु दोरा काढेर दाऊदलाइ दियो अनि आफ्नु बस्त्र अं
५ आफ्नु तरवार् र धनु र पटुका पनि । अनि दाऊद् शाऊलले त्येस्लाइ जहां जहां पठाउंद थियो तहां तहां जांद थियो अनि काम्मां बुद्धि सित भाग्येमान् हुंद थियो . अनि शाऊलले त्येस्लाइ लड़ाकिहरुको मालिक्

तुल्यायो अनि त्यो सबै लोगको र आऊल्का सबै चाकरेहरुको सांसु मनपर्दो थियो ॥

अनि तिनिहरु आउंदै गर्दाखेरि येसो भयो जब दाऊद् त्येस् ६ पलिश्तीलाइ मार्येर फर्कि आयो तब इस्राएल्का सबै सहर् बाटो आइमाइहरु खुशि सित मृदङ्ग र तृतार् बजाउंदै गाउंदै र नाच्दै आऊल् राजालाइ भेट्नु आउंद थिइन्। अनि ति आइमाइहरुले आफ्नु खेल्मां ७ जुवारी गाउंदै येसो भन्द थिइन्

आऊलले आफ्ना हजार्हरुलाइ मार्यो
तर दाऊद्चइंले आफ्ना दस् हजार्हरुलाइ ।

त आऊल् सारो रिसायो अनि यो कुरो त्येस्लाइ नजाति लाग्यो त त्येस्ले भन्यो ८ तिनिहरुले दाऊद्को लागि दस् हजार्हरुलाइ ठहराइन् तर मेरो लागि चइं हजार्हरुलाइ मार्ने. अब ता त्येस्ले खालि राज् पाउंनु मार्ने बांकि छ। त ९ त्येसै दिन् देखि येसो आऊलले दाऊद् मांथि आंखा लाउंनु लाग्यो ॥

अनि भोलि पल्टो येसो भयो ईश्वर् पट्टिको दुष्ट आत्मा आऊल् १० मांथि बल्लियो गरि पर्यो अनि त्यो घर् भित्र बर्बराउंद थियो. अनि दिन् दिन् गर्येको झैं दाऊद् हात्ले बजाउंद थियो. अनि आऊलको हात्मां येउटा भाला थियो। त आऊलले भालाले हान्यो किनभन्ये त्येस्ले भन्यो मं ११ दाऊद्लाइ गोप्येर भित्तैमां टांसि दिंकु। तर दाऊद् बांचि निक्ल्यो येसो दुइ खेप् भयो। अनि आऊल् दाऊद् देखि डरायो किनभन्ये यहूवे त्यो सङ १२ थियो अनि आऊल् देखि चइं गइ गयेको थियो। येस्कारण् आऊलले १३ त्येस्लाइ आफु देखि कुटायेर सहस्रपति तुल्यायो तब त्यो लोगको सांसु आउंने जांने गर्ने थियो। अनि दाऊद् आफ्नु सब्बै बाटामां बुद्धि सित भाग्येमान् १४ भयो अनि यहूवे त्यो सङ थियो। अनि जब आऊलले त्यो अग्घोर् बुद्धि १५ सित भाग्येमानीको हुंद रछ भनि देख्यो तब त्यो देखि डराउंद थियो। तर १६ सिंगै इस्राएलले र यहूदाले दाऊद्लाइ प्यारो गर्ये किनभन्ये त्यो तिनिहरुको सांसु भित्र बाइर आउंने जांने गर्ने थियो ॥

अनि आऊलले दाऊद्लाइ भन्यो हेर् मेरी जेठी छोरी मेरब् त्येस्लाइ १७ मं तं सित ब्याहा गरि दिंकु. खालि तं मेरो लागि महाबीर् मार्ने हो अनि यहूवेको लागि लड़ाईं गर्दै रह्। किनभन्ये आऊलले त्येस् मांथि मेरै हात् न परोस् तर पलिश्तीहरुको हात् परोस् भनि ठान्यो। अनि दाऊद्ले १८ आऊल्लाइ भन्यो मं को हुं अनि मेरो फेट् को हो अनि मेरो बाबुको जहान् इस्राएल्मां को हो र मं राजाको जुवंइ होउं। तर येसो भयो जसै १९ आऊल्की छोरी मेरब्लाइ दाऊद्लाइ दिंने बेला भयेको थियो तब त्यो महोलति अद्रीएल्लाइ ब्याहामां दिईई। अनि आऊल्की छोरी मीकल्ले २० राऊ सित पिर्ति गर्ने थिई. अनि तिनिहरुले आऊल्लाइ कहि दिये तब यो कुरो त्येस्लाइ जाति लाग्यो। अनि आऊलले भन्यो मं त्येस्लाइ त्येसैलाइ २१ दिंकु र यो त्येस्को लागि पासो हुवस् र पलिश्तीहरुको हात् त्येस्को विरुद्धमां

परोस्। येस्कारण् शाऊल्ले दाऊद्लाइ भन्यो आजु तं दोस्रो खेप् मेरो जुवंइ
२२ हुंछस्। अनि शाऊल्ले आफ्ना चाकरेहरुलाइ येसो भनि आज्ञा दियो गुप्तमां दाऊद् सित कुरा गरि भन हेर्नु हवस् राजाले आफुलाइ मन् पर्येको छ अनि तिन्का सबै चाकरेले पनि आफुलाइ प्यारो गर्द छन्. त अब
२३ राजाका जुवंइ हुंनु हवस् अरे। त शाऊल्का चाकरेहरुले यि कुरा दाऊद्का कानमां सुनाइ दिये। त दाऊद्ले भन्यो के तिमिहरुले राजाको जुवंइ हुंनु सांनु कुरो हो भनि ठान्द छौ जब मं कंगालि र तुच्छ जानीयेको मान्छे छु।
२४ अनि शाऊल्का चाकरेहरुले त्येस्लाइ दाऊद्ले येसो येसो भन्द छ भनि कहि
२५ दिये। अनि शाऊल्ले भन्यो तिमिहरुले दाऊद्लाइ येसो भन राजाले तिमि सित केइ सोत् मांग्दैनन् तर खालि राजाका सत्रुहरु देखि साटो लिंनुलाइ पलिश्तीहरुका एक सै खलड़ि मांत्रे ल्याउंनु अरे भनि। अब शाऊल्ले दाऊद्-
२६ लाइ पलिश्तीहरुको हात् बाटो मराउंने मन् गर्येको थियो। अनि जब त्येस्का चाकरेहरुले दाऊद्लाइ यो कुरा सुनाये तब दाऊद्लाइ राजाको जुवंइ
२७ हुंनुलाइ जाति लाग्यो। अनि दिन् पूरो न भइकननै दाऊद्ले उठि आफ्ना मान्छेहरुलाइ लिइ गयेर पलिश्तीहरुमांका दुइ सै जनालाइ मांर्यो अनि दाऊद्ले तिनिहरुका खलड़िहरु ल्यायो यहांदेखि त्यो राजाको जुवइं हुंनुको लागि। ति तिनिहरुले पूरापूर गनिकन राजालाइ दिये। तब
२८ शाऊल्ले त्येस्लाइ आफ्नी छोरी मीकल्लाइ ब्याहा गरि दियो। अनि शाऊल्ले देख्यो अनि यहुवे दाऊद् सङ रहु भनि थाहा पायो अनि शाऊल्की
२९ छोरी मीकल्ले त्यो सङ पिर्ति गरो। अनि शाऊल् अझै पनि अरु बेसि गरि डराउंद थियो अनि शाऊल् सधैंभरि दाऊद्को बैरी रह्यो॥
३० फेरि पलिश्तीहरुका मालिकहरु निक्लि आये. अनि येसो भयो जब जब तिनिहरु निस्कि आउंद थिये तब तब दाऊद् चइं शाऊल्का सब्बै चाकरेहरु भन्दा ज्यादि बुद्धि सित भाग्येमान्को हुंद थियो येसोरि त्येस्को नाउं अरघोरे मोल्को भयो॥

१९ १ अनि शाऊल्ले आफ्नु छोरो योनातान्लाइ र आफ्ना सबै
२ चाकरेहरुलाइ दाऊद्लाइ मांर्नु भन्यो। तर शाऊलको छोरो योनातान्चइंले दाऊद्लाइ अरघोर् मन् पर्द थियो। त योनातान्ले दाऊद्लाइ येसो भनि कहि दियो मेरो बाबु शाऊल्ले तिमिलाइ मांर्नु खोज्द छ. त कृपागरि
३ बिहान चंख भइ गुप्त ठांउमां लुकि बस. अनि मं निस्केर तिमि भयेको जग्गामां आफ्नु बाबुको छेउमां उभीनु अनि तिम्रो बिषयमां आफ्नु बाबु
४ सित कुरा गर्नु अनि केइ देख्यं भन्ये मं तिमिलाइ भनि दिउंला। तब योनातान्ले आफ्नु बाबु शाऊल्लाइ दाऊद्को बिषयमां भलि कुरा गरिकन भन्यो राजाले आफ्नु चाकरे अर्थात् दाऊद्को बिरुद्धमां अपराध न गरुन् किनभन्ये त्येस्ले आफ्नको बिरुद्धमां केइ अपराध गर्येको हैन अनि पनि
५ आफु तिर भयेका त्येस्का काम् अरघोर् जानि छन्. कसोगरिभन्ये त्येस्ले आफ्नु प्राण् आफ्नु हत्केलामां लियेर त्येस् पलिश्तीलाइ मांर्यो अनि

यहूवेले सिंगै इस्राएल्को लागि तुलो कुट्कारा गरायो. त्यो देख्येर आफु खुशि हुनु भयेको थियो. त दाऊद्लाइ बिना कारणमां मांयेर निर्दोषी लोहूको बिषयमां आफुले किन अपराध् गर्नु हुंद्र छ। त शाऊल्ले ६
योनातान्को यो कुरो सुन्यो. अनि शाऊल्ले यसो भनिकन किरिया खायो यहूवे जीइ रह्येको भैं दाऊद् मारीदैन। तब योनातान्ले दाऊद्लाइ बोलाइ ७
पठायो वहांदेखि त्येस्लाइ यि सबै कुरा देखाइ दियो। अनि योनातान्ले दाऊद्लाइ शाऊल् थांइ ल्यायो त त्यो अगाडि झैं उस्को सांमु बस्नु लाग्यो॥

तब फेरि लड़ाईं पर्यो. अनि दाऊद्ले निस्क्येर पलिश्तीहरु सित ८
लड़ाईं गर्यो अनि तिनिहरुलाइ तुलो मंराईले मार्यो अनि तिनिहरु त्येस्को सांमु देखि भाग्ये। अनि जसै शाऊल् आफ्नु घर्मां हात्मां भाला लियेर ९
बसि रह्येको थियो तब यहूवे पठ्ठिको दुष्ट आत्मा शाऊल् मांथि पर्यो अनि दाऊद् चइं आफ्नु हात्ले बजाइ रह्येको थियो। त शाऊल्ले दाऊद्लाइ १०
भालाले भित्तैमां गोपि मारि दिंन मन् गर्यो तर त्यो शाऊल्को सांमु देखि सलक्क निस्कि गयो अनि शाऊल्ले भाला भित्तामां हानि गाड़्यो. त दाऊद् त्येस् रात् भागि बांच्यो। तब शाऊल्ले दूतहरुलाइ दाऊद्लाइ चियाउंनु ११
अनि त्येस्लाइ बिहान मार्नुलाइ दाऊद्को घर्मां पठाइ दियो. तब दाऊद्को स्वास्नी मीकल्ले त्येस्लाइ यसो भन्येर सुनाइ दिई तिमिले आजु राति आफ्नु प्राण् बचायेन भन्ये देखि भोलि मारीछौ। त मीकल्ले दाऊद्लाइ झ्याल् १२
बाटो सुर्काई ओह्रालि दिई. त त्यो गयो अनि भागि बांच्यो। वहांदेखि १३
मीकल्ले घरदेवता लियेर ओछ्यान्मां सुताई अनि त्येस्को कपाल् सुनि बाख्राको रऊंको सिरानि हालि दिई अनि लुगा ओढ़ाइ दिई। वहांदेखि १४
जब शाऊल्ले दाऊद्लाइ पक्रनुको लागि दूत् पठायो तब त्येस्ले तिनि बिसंच छन् भनि दिई। तब शाऊल्ले दूतहरुलाइ दाऊद्लाइ हेर्नु पठायो १५
अनि येसो भन्यो त्येस्लाइ खाटै समत् मं थांइ ल्याव र मं त्येस्लाइ मारुं।
अनि जसै दूतहरु भित्र गये त हेर ओछ्यान्मां ता घरदेवता पो रछ अनि १६
त्येस्को सिरान्मां बाख्राको रऊंको सिरानि रछ। तब शाऊल्ले मीकल्लाइ १७
भन्यो किन मं सित येस्तो छल् गरिस् अनि मेरो बैरिलाइ बांचुनुलाइ जांनु दिइस्. तब मीकल्ले शाऊल्लाइ उत्तर् दिई तिन्ले मंलाइ जांनु दे मं तंलाइ किन मारुं भन्ये र भन्ये॥

अनि दाऊद् भाग्येर बांच्यो अनि रामामां शमूएल् थांइ गयो अनि १८
शाऊल्ले त्येस्लाइ जे जे गर्येको थियो ति सबै त्येस्लाइ कहि दियो। तब त्यो र शमूएल् नेयोत्मां गइ बस्ये। अनि हेर दाऊद् ता रामाको नेयोत्मां १९
पो रछ भनि शाऊल्लाइ कहि दिईयो। त शाऊल्ले दाऊद्लाइ पक्रनुलाइ २०
दूतहरुलाइ पठाइ दियो. अनि जब तिनिहरुले अगम्वक्ताहरुको येउटा गट्ठालाइ अगम् कहंदे गर्येको र शमूएल्चइंलाइ तिनिहरुको सिराइ भइ रह्येका पस्ये तब ईश्वर्को आत्मा शाऊल्का दूतहरु मांथि पर्यो अनि तिनिहरुले पनि अगम् कहंनु लाग्ये। अनि जब यो कुरो शाऊल्लाइ २१

सुनाईयो तब त्येस्ले अरु दूतहरुलाइ पठायो तब तिनिहरुले पनि अगम्
कहंनु लाग्ये। अनि शाऊल्ले फेरि तेस्रो खेप दूतहरुलाइ पठायो तब
२२ तिनिहरुले पनि अगमै कहंनु लाग्ये। तब त्यो आफै पनि रामामां गयो
अनि सेकूमां भयेको तुलो कुवा निर पुग्यो. तब त्येस्ले शमूएल् र दाऊद्
कहां कुन् भनि सोध्यो। त येउटाले भनि दियो हेर्नु हवस् रामाको नैयोत्मां
२३ कुन्। त त्यो त्यहां बाटो रामाको नैयोत् तिर गयो. अनि ईश्वर्को आत्मा
त्यो मांथि पनि पर्यो अनि त्यो रामाको नैयोत्मां न पुगुंज्याल् सम्म
२४ अगम् कहंदै हिंड़ि गयो। अनि त्येस्ले पनि आफ्नु बस्त्र काड़्यो अनि त्येस्ले
पनि शमूएल्को सांमु अगम् कहंनु लाग्यो अनि त्येस् दिन् भरि र त्येस् रात्
भरि नांगै भइ भूइंमां मिलकोइ रह्यो। येस्कारण् को शाऊल् पनि
अगमवक्ताहरुमांको हो र भनि भनौंद छ॥

(शाऊल्को कारण्ले दाऊद्को भगाई)

२० १ त्येस् पछि दाऊद् रामाको नैयोत् देखि भाग्येर योनातान् भये ठांउ
आयेर भन्यो मैले के गर्येको कु. मेरो अपराध् क्या हो. अनि आफुको
२ बाबुको सांमु मेरो के पाप् छ र तिन्ले मेरो प्राण् लिंनु खोज्द कुन्। तब
त्येस्ले त्येस्लाइ भन्यो येसो न हवस् तिमि मार्रौंदौन. हेर मेरो बाबुले
मंलाइ न देखाइकन सांनु तुलो कोइ कुरो गर्दैन. त यो कुरा मेरो बाबुले
३ मं देखि किन लुकाउला. येसो हुंदैन। तब दाऊद्ले किरिया समेत्
खाइकन भन्यो आफुका बाबुले आफुको अनुग्रह् मं मांथि भयेको छ
भनिकन राम्रे थाहा पायेका छन् अनि तिन्ले यो कुरो योनातान्ले चाल् न
पावस् होइन भन्ये ता सुर्ताउंछ भनि भन्द छन्. तर सांच्चिनै यहवे जीइ
रह्येको झैं अनि तिम्रो प्राणको जीवन् सरि मेरो र मंरणको बीचमां खालि
४ डगभरिको मांत्रै फरक् छ। तब योनातान्ले दाऊद्लाइ भन्यो जे जे तिम्रो
५ प्राणले मांगद् छ मं तिम्रो लागि त्येइ त्येइ गर्छु। तब दाऊद्ले योनातान्लाइ
भन्यो हेर्नु हवस् भोलि दुतिया छ अनि मं राजा सङ भान्सामां बस्नु पर्छ.
तर मंलाइ जांनु दिंनु हवस् मं पर्सि सांझ् सम्म बनमां लुकि बस्छु।
६ अनि जब आफुको बाबुले त्यो रैन छ भनि थाहा पाउंछन् तब भनि दिंनु
हवस् दाऊद्ले मं खित बसैले बिदा मांग्यो आफ्नु सहर बत्लेहेममां दुगुरि
जांनुलाइ. किनभन्ये वहां सिंगै जहान्को लागि वार्षिक् भेटिबलिदान् छ
७ अरे भनि। त तिन्ले बेस् भन्ये भन्ये देखि आफुको दासको कुशल् हुंछ. तर ति
८ रिसाये भन्ये देखि त थाहा हुंछ तिन्ले बुराई ठान्येको रछ भनि। येस्कारण्
आफ्नु दास् खित दयाको बेहोरा गर्नु हवस् किनभन्ये आफुले आफ्नु
दासलाइ आफु खित यहवेको नियममां ल्याउंनु भयेको छौ. तर मंमां
अपराध् छ भन्ये देखि आफु आफैले मंलाइ मार्नु हवस् आफुको बाबु यांइ
९ मंलाइ किन लैजांनु हुंछ। तब योनातान्ले भन्यो यो कुरो तिमि देखि
टाढो रहोस्. किनभन्ये मेरो बाबुले तिमि मांथि बुराई गर्नुलाइ ठान्येको

रछ भनि मंलाइ सांचि याहा भयेको भये देखि ता को यो तिमिलाइ
भन्ने थिइन । तब दाऊद्ले योनातान्लाइ भन्यो कते आफुको बाबुले १०
आफुलाइ कठोर् उत्तर् दियो भन्ये देखि कस्ले मंलाइ कहि दिंछ । तब ११
योनातान्ले दाऊद्लाइ भन्यो लु हांमिहरु बाइर मैदान्मां जाऊं । त
तिनिहरु दुवै बाइर मैदान्मां गये ॥

अनि योनातान्ले दाऊद्लाइ भन्यो इस्राएल्को ईश्वर् यहुवे साक्षी १२
हवस् मैले भोलि कि पर्सि यैति बेला आफ्नु बाबुको मन् पार्ये भन्ये देखि
त हेर दाऊद् तिर जाति लाग्यो भन्ये देखि को मं तिमि यांइ पठाउंदीन
अनि यो तिमिलाइ देखाउंदीन । मेरो बाबुको तिम्रो बुराई गर्ने मन् रछ भन्ये १३
देखि अनि मैले यो कुरो तिमिलाइ प्रगटो गरिकन तिमिलाइ कुशल् सित
जांनुलाइ बिदा दिईन भन्ये देखि यहुवेले योनातान्लाइ यैसे गरोस् अं यो
भन्दा पनि ज्यास्ति गरोस् . अनि यहुवे जस्तो मेरो बाबु सङ थियो त्यस्तै
तिमि सङ पनि हवस् । अनि तिमिले मेरो जीउंनी भरि मांत्रै मं न मर्नुलाइ १४
यहुवेको कृपा मंलाइ देखाउ होइन . तर जब यहुवेले दाऊद्का सत्रुहरु १५
सबैलाइ पृथिवीको मुख् देखि सबै उठाइ लगि सक्ला तब पनि मेरो जहान्
देखि तिम्रो कृपा उठाइ न लैजांनु । त योनातान्ले दाऊद्को जहान् सित १६
यहुवेले दाऊद्का सत्रुहरुको हात्को बाटोले त्यस्को साटो लिंछ होला
भन्यर बाचा बांध्यो । अनि योनातान्ले दाऊद्लाइ त्यस्ले त्यस्लाइ प्यारो गर्येको १७
कारणले फेरि किरिया खुवायो . किनभन्ये त्यस्ले त्यस्लाइ आफ्ने प्राण् जस्तो
प्यारो गर्द थियो । तब योनातान्ले त्यस्लाइ भन्यो भोलि ता दुतिया छ . १८
अनि तिम्रो बैठक् खालि भयेको कारणले तिमि रैन छौ भनि थाहा हुंछ ।
अनि जब तिमि तीन् दिन् बसि सक्छौ तब छिट्टोगरि आउंनु अनि काम्मां १९
लाग्ने दिन्मां लुकि रह्येको ठांउमां आयेर एजेल् भनींने ढुंगा निर बसि
रहंनु । अनि मं त्यस्को छेउमां तारो हान्येको जस्तो गरि तीन्वटा कांड् २०
हानि पठाउंकु । अनि हेर मं केटालाइ जा कांड् खोज् भनि पठाउंकु । अनि २१
मैले केटालाइ हेर् काड् तेरो वल्लो पट्टि छन् ति टिप्येर आइज भन्ये
भन्ये देखि तिमि निक्लि आउंनु किनभन्ये यहुवे जीइ रह्येको भैं तिम्रो लागि
कुशल् छ हानि होइन । तर मैले त्यस् गबरुलाइ हेर् काड् तेरो पल्लो पट्टि २२
छन् भन्ये भन्ये देखि त आफ्नु बाटो लाग्नु किनभन्ये यहुवेले तिमिलाइ
बिदा दियेको छ . अनि तिमिले र मैले गर्येका कुराको बिषयमां हेर २३
यहुवे सधैंभरि तिम्रो र मेरो बीचमां छ ॥

त दाऊद् खेत्मां लुक्यो . अनि जब दुतियाको दिन् आयो तब राजा २४
भान्सामां बस्यो । अनि राजा अगाडि भैं आफ्नु बैठकमां बस्यो अं भित्ता २५
निर भयेको चइं बैठकमां अनि योनातान् उभीयो अनि अब्नेर् आऊलको
छेउमां बस्यो . तर दाऊद्को ठांउ खालि थियो । तैपनि आऊलले त्यस् २६
दिन् केइ कुरा भन्येन . किनभन्ये त्यस्लाइ केइ पर्येको छ होला त्यो शुद्ध
हैन निस्से शुद्ध हैन होला भनि ठान्यो । अनि दुतियाको भोलि पल्टो २७

अर्थात् अर्को दिन् येसो भयो दाऊद्को ठांउ फेरि खालि थियो. अनि
शाऊलले आफ्नु छोरो योनातान्लाइ भन्यो थिशैको छोरो किन भान्सामां
२८ आयेन न हिजो न आजु। अनि योनातान्ले शाऊललाइ उत्तर् दियो
२९ दाऊद्ले बेत्लेहेम्मां जांनुलाइ मं सित बलैले बिदा मांग्यो. अनि त्येस्ले
भन्यो कृपागरि मंलाइ बिदा देउ किनभन्ये हांमिहरुको जहान्ले
सहरमां बलिदान् चढाउंदै छ अनि मेरो दाज्युचइंले मंलाइ आउंनु
अह्रायेको छ. त अब आफुको अनुग्रह् मं मांथि छ भन्ये देखि कृपा
गरिकन मंलाइ बिदा दिनु हुवस् र मं आफ्ना दाज्युहरुलाइ हेरुं भन्येर
३० भन्या। येस्कारणले त्यो राजाको मेज्मां आयेको छैन। तब शाऊल्को रिस्
योनातान् मांथि उठ्यो अनि त्येस्लाइ भन्यो ए अट्ठेरनी र भगांनीको छोरो
को मं जान्दौन तैंले थिशैको छोरोलाइ तेरै लाज्को लागि र तेरी आंमाको
३१ नंगेइंको लाज्को लागि छान्येको छस् भनि। किनभन्ये थिशैको छोरो
भूमिमां जीउंदो रहुंज्याल् सम्म तं र तेरो राज् स्थिर् हुंदैन। येस्कारण
३२ पठायेर त्येस्लाइ यहां मं थांइ ले किनभन्ये त्यो निस्से मारीछ। तब योनातान्ले
आफ्नु बाबु शाऊललाइ येसो भनिकन उत्तर् दियो त्यो किन मारीछ त्येस्ले
३३ के गर्येको छ र। तब शाऊलले त्येस्लाइ मार्नुलाइ आफ्नु भाला हान्यो.
येस् देखि योनातान्ले मेरो बाबुले दाऊद्लाइ मार्नुलाइ ठहर्येको रछ
३४ भनि थाहा पायो। त योनातान् रिस्ले बह्दै मेज् देखि उठ्यो अनि
महीनाको दोस्रो दिन्मां भान्सा गर्येन. किनभन्ये दाऊद्को लागि सुर्तायो
मेरो बाबुले त्येस्लाइ लाज् पारि दियो भन्येर॥

३५ अनि बिहान येसो भयो योनातान् निक्ल्येर मैदान्मां दाऊद् सङ
३६ ठहराएको ठांउमां गयो अनि त्यो सङ येउटा सांनु केटा थिन। अनि त्येस्ले
आफ्नु केटालाइ भन्यो दुगुरिकन ऐले मैले हान्को कांड् खोज्। अनि
केटा दुगुर्दै गर्दोखेरि त्येस्ले येउटा कांड् त्येस्लाइ नघाएर पल्लो पट्टि हानि
३७ पठायो। अनि जब त्यो केटा योनातान्ले हान्येको कांड्को ठांउमां पुग्यो
तब योनातान्ले केटालाइ हाप्रायेर भन्यो के कांड् तेरो पल्लो पट्टि छैन.
३८ फेरि योनातान्ले केटालाइ हाप्रारि भन्यो छिट्टो गरि हतार् गर् न अड्डीइ।
३९ त योनातान्को केटा कांड् बटुल्येर आफ्नु स्वामी भय् ठांउ आयो। तर
त्येस् केटाले केइ पनि बूझेन. खालि योनातान् र दाऊद्ले मात्रै त्यो कुरो
४० बूझ्न् थिये। अनि योनातान्ले आफ्नु हतियार् आफ्नु केटालाइ दियेर
४१ त्येस्लाइ भन्यो जा यि सहरमां लैजा। अनि केटा जांनु बित्तिकै दाऊद्
दक्खिन् पट्टि लाग्ने ठांउ देखि उठेर भूईंमां घोप्टो पर्यो अनि तीन् खेप्
दण्डवत् गर्यो. अनि तिनिहरुले आपसमां चूमा खा खा गर्ये अनि सङ्
४२ सङ्ले रोये दाऊद्चइंले जीत्ने गरि। अनि योनातान्ले दाऊद्लाइ भन्यो कुशल्
सित जाउ किनभन्ये हांमिहरुले यहुवेको नांउमां येसो भनिकन किरिया
खायेका छौं यहुवे मेरो र तिम्रो र मेरो बंश र तिम्रो बंशको बीचमां सधैं
हुवस् भनि। तब त्यो उठेर हिंड्यो. अनि योनातान् चइं सहरमां आयो॥

तब दाऊद् नोबमां अहीमेलेक् पूजाहारी पांइ आयो . तब २१ १
अहीमेलेक् दाऊदलाइ भेटनुलाइ कांम्दै निकल्यो अनि त्येस्लाइ भन्यो आफु
किन एक्लै आउंनु भयो अनि आफु सङ किन कोई मान्छे छैन । तब दाऊदले २
अहीमेलेक् पूजाहारीलाइ भन्यो राजाले मंलाइ येउटा कामको आज्ञा
दियेको छ अनि मंलाइ भन्येको छ जुन् कामको बिषयमां मैले तंलाइ
पठायेको छु अनि जुन् आज्ञा मैले तंलाइ दियेको छु त्यो कसैले चाल् न
पावस् . अनि मैले तन्हेरिहरुलाइ फलाना ठांउमां आउंनु भनि खटायेको
छु । त ऐले आफुको हातमां के छ . मंलाइ पांचवटा रोटी कि जे जे ३
पाईंछ मेरो हातमां दिंनु हवस् । तब पूजाहारीले दाऊदलाइ उत्तर् दिइ ४
भन्यो मेरो हातमां कोइ साधारण् रोटी ता छैन तर पवित्र रोटीहरु छन्
तर तन्हेरिहरु आइमाइहरु देखि अलग् रह्येका छन् भन्ये मांत्रै । त दाऊदले ५
पूजाहारीलाइ उत्तर् दिइ भन्यो सांचिनै यि तीन् दिन् जति भये
आइमाइहरु हांमिहरु देखि अलग् छन् जब देखि मं निस्कें तब देखि
तन्हेरिहरुका भांड़ाहरु चोखा छन् यो साधारण् हिंड़ाई मांत्रै थियो र पनि . त
झन् आज्ञि गरि आजु तिनिहरुका भांड़ाहरु चोखा छन् । तब पूजाहारीले ६
त्येस्लाइ पवित्र रोटी दियो . किनभन्ये त्यहां भेटिका रोटीहरु जो यहवेको
सांमु देखि उठाईयेका थिये ति उठाईयेको दिनमां तातो रोटी राखींनुको
लागि ति देखि बाहिक् अरु रोटी थियेन । अनि त्यहां शाऊलका ७
चाकरेहरुमांको एक् जना यहवेको सांमु थुना परि रह्येको थियो त्येस्को नांउ
एदोमी दोएग् थियो जो शाऊलका गोठालाहरुको मूल् थियो । अनि दाऊदले ८
अहीमेलेकलाइ भन्यो त यहां आफुको हातमां कोइ भाला कि तरवार् छैन .
किनभन्ये मैले न आफनु तरवार् न आफनु हतियार् साथमां ल्यायेको छु
राजाको कामको हतार्को कारणले । तब पूजाहारीले भन्यो आफुले एलाको ९
तरिमां मांर्येको पलिश्ती गोल्यतको तरवार् छ हेर त्यो यहां एपोद्को
पछाड़ि लुगामां बेहेरि राख्येको छ . त्यो लैजांने मन् छ भन्ये देखि लांनु
हवस् . किनभन्ये यो बाहिक् यहां अरु छैन । त दाऊदले भन्यो त्यो जस्तो
अरु छैन त्येइ मंलाइ दिंनु हवस् ॥

अनि दाऊद् उठेर शाऊलको डरको कारणले त्यस् दिन् भाग्येर १०
गातको राजा आकीश् थांइ गयो । तब आकीशका चाकरेहरुले त्येस्लाइ ११
भन्ये के यो चइं देसको राजा दाऊदै होइन . के तिनिहरुले येसैको
बिषयमां लुवारी गाउंदै भन्दैन थिइन्

शाऊलले आफना हजारहरुलाइ मांर्यो
तर दाऊदचइंले आफना दस् हजारहरुलाइ ।

तब दाऊद् यि कुरा आफनु मनमां जोगाइ राख्येर गातको राजा आकीश् १२
देखि सारो डरायो । येस्कारण् त्येस्ले तिनिहरुको सांमु आफनु बेहोरा फेर्यो १३
अनि तिनिहरुका हातमां आफुलाइ बौलाहा जस्तो गर्यो अनि ढोकाको
पैलोमां डोराहरु कोर्यो अनि आफनु दाढीमां राल् झर्नु दियो । तब १४

आकीशले आफ्ना चाकरेहरुलाइ भन्यो हेर त्यो मान्छे ता बौलाहा पो
१५ रछ तिमिहरुले देख्द छौ. त किन त्येस्लाइ मं थांइ ल्याथेका छौ। कं मं थांइ बौलाहाहरुको घटि छ र तिमिहरुले त्येस्लाइ मेरो सांमु बौलेहीं गर्नुलाइ ल्याथेका छौ. कं येस्तो मान्छे मेरो घरमां आउंछ ॥

२२ १ येस्कारण दाऊद् त्यहां बाटो हिंड्ेर अदुल्लाम्को ओढारमां भागि गयो. तब त्येस्का दाज्युहरु र त्येस्को बाबुको सबै जहान् यो सुन्येर वहां त्यो
२ थांइ उत्रि गये। अनि सबै संकटमां पर्थेकाहरु र ऋणाहाहरु र उदास् भयेकाहरु त्यो थांइ भेला भये अनि त्यो तिनिहरु मांथिको मालिक् भयो. त त्यो सङ चार् सै जना जति भये ॥

३ अनि दाऊद् त्यहां बाटो मोआबको मिस्पेमां गयो. अनि त्येस्ले मोआबको राजालाइ भन्यो कृपागरि मेरा बाबु आंमालाइ निस्कि आउंनु दिनु हवस् अनि ईश्वर्ले मेरो लागि के गर्छ भनि मंलाइ थाहा न होउंञ्जाल्
४ सम्म आफु सङ बस्दै गर्नु दिनु हवस्। त त्येस्ले तिनिहरुलाइ मोआबको राजाको सांमु ल्यायो. अनि दाऊद् जैले सम्म त्येस् गढ़िमां रहंद थियो तैले
५ सम्म तिनिहरु राजा सङ रहंद थिये। अनि गाद् अगमबक्ताले दाऊद्लाइ भन्यो गढ़िमां न बस हिंड्ेर यहूदाको देसमां जाउ। तब दाऊद् हिंड्ेर हेरेत्को बनमां आइ पुग्यो ॥

६ वहांदेखि शाऊल्ले दाऊद् र त्यो सङ भयेका मान्छेहरुको पत्ता पाईयो भन्ने कुरो सुन्यो. त्येस् बेला शाऊल् गिबाको रामामां भयेको झाऊको बोट् मुनि आफ्नु हात्मां भाला लियेर बसि रह्येको थियो अनि त्येस्का चाकरेहरु
७ त्येस्का वरिपरि उभीइ रह्येका थिये। तब शाऊल्ले आफ्ना वरिपरि उभीइ रह्येका चाकरेहरुलाइ भन्यो अब सुन है तिमि बिन्यामीनीहरु हो के यिशैको छोरोले तिमिहरु जनंगेलाइ खेत् र दाख्को बारी दिंछ के त्येस्ले
८ तिमि सबै जनालाइ सहस्रपति र शत्पति तुल्याउंछ र तिमिहरु सबैले मेरो बिरुद्धमां राजद्रोह् गर्थेका छौ अनि मेरो छोरोले यिशैको छोरो सित बाचा बांध्द छ तब कसैले मंलाइ देखाउंदैन अनि तिमिहरुमांको कसैले पनि मेरो बिषयमां सुतर्दी गर्दैन न मंलाइ आफुको छोरोले आफुको बिरुद्धमां ठुकि बस्नुलाइ आफुको चाकरेलाइ उत्काथेको छ जस्तो आजु छ भनि देखाइ
९ दिंद छ। तब शाऊल्का चाकरेहरुको छेउमां उभीयेको एदोमी दोएग्ले उत्तर् दिइ भन्यो मैंले यिशैको छोरोलाइ ता नोबमां अहीतूबको छोरो अहीमेलेक्
१० थांइ आउंदै गर्थेको देख्येको थियें। अनि त्येस्ले त्येस्को लागि यहवे सित सोधनी गर्यो अनि त्येस्लाइ खानें थोक् दियो अनि त्येस्लाइ पलिश्ती
११ गोल्यत्को तरवार् पनि दियो। तब राजाले अहीतूबको छोरो अहीमेलेक् पूजाहारीलाइ र त्येस्को बाबुको सबै जहान् अं नोबमां भयेका पूजाहारी-
१२ हरुलाइ बोलाइ पठायो. अनि तिनिहरु सबै जना राजा थांइ आये। तब शाऊल्ले भन्यो ए अहीतूबको छोरो अब सुन्। त त्येस्ले यहां छु है मेरा प्रभु
१३ भनि उत्तर् दियो। तब शाऊल्ले त्येस्लाइ भन्यो तिमिहरुले अं तं र यिशैको

छोरोले किन मेरो बिरुद्धमां राजद्रोह् गर्येका छौ भं तैले त्येस्लाइ रोटी र
तरवार् दिइस् अनि त्येस्को लागि ईश्वर् सित सोधनी गरिस् त्यो मेरो
बिरुद्धमां छुकि बस्नलाइ उठोस् भन्येर जस्तो आजु छ । तब अहीमेलेक्ले १४
राजालाइ उत्तर् दिइ भन्यो त आफुका चाकरेहरुमांको दाऊद् जस्तो
बिश्वास्योग्य् को छ जो राजाको जुवंइ पनि हो अनि आफुको राजसभाको
सम्बंधी अनि आफुको घरमां मान्को । के मैंले आजु त्येस्को लागि ईश्वर् १५
सित सोधनी गर्नु पाल्यें यो कुरो मं देखि टाढो रहोस् . राजाले आफ्नु
चाकरेलाइ र मेरो बाबुको जहान्लाइ कोइ दोष् न लगाउंनु हवस् .
किनभन्ये आफुको चाकरेले यि सबै कुराको बिषयमां न घटि न बढि जान्द
छ । तब राजाले भन्यो निस्से मर्कुस् ए अहीमेलेक् तं र तेरो बाबुको सबै १६
जहान् । वहांदेखि राजाले आफ्ना वरिपरि उभीयेका अठ्पहरीयाहरुलाइ १७
भन्यो फर्क्यर यहूवेका पूजाहारीहरुलाइ मार किनभन्ये यिनिहरुको हात् पनि
दाऊद् सङ रछ अनि किनभन्ये तिनिहरुले त्यो भाग्येको छ भनि जानिकन
पनि मंलाइ देखायेनन् । तर राजाका चाकरेहरुले यहूवेका पूजाहारीहरु
मांथि जाइ लागि हात् पसार्नुलाइ मान्येनन् । तब राजाले दोएग्लाइ भन्यो १८
तं फर्क्यर पूजाहारीहरु मांथि जाइ लाग् । त एदोमी दोएग् फर्क्यर
पूजाहारीहरु मांथि जाइ लाग्यो त त्येस् दिन् पाट्कपराको एपोद् लाउंनेहरु
पचास्सी जनालाइ मार्यो । अनि त्येले पूजाहारीहरुको सहर् नोब्लाइ १९
तरवार्को धार्ले मार्यो पुरुष् स्त्री बालक र दुद् खांनेहरुलाइ अनि गोरुहरु
गदाहाहरु भेंड़ाबाख्राहरुलाइ तरवार्को धार्ले । अनि अहीतूबको छोरो २०
अहीमेलेक्का छोराहरुमांको येउटा एब्यातार् भनींने बचं बांच्येर भाग्दै
दाऊद् पुकि गयो । वहांदेखि एब्यातार्ले दाऊद्लाइ आऊल्ले यहूवेका २१
पूजाहारीहरुलाइ मार्यो भनि कहि दियो । तब दाऊद्ले एब्यातार्लाइ भन्यो २२
जस् दिन् एदोमी दोएग् वहां थियो तब मैंले त्येले अवस्से आऊल्लाइ कहि
दिंछु भनि त्येसै दिन् जान्येको थियें . तिम्रो बाबुको सबै जहान्को
मरणको कारण् मैं भयें । मं सङ बस न डराउ तिम्रो प्राण् खोज्नेले मेरो २३
प्राण् पनि खोज्द छ . तर तिमि मंमां थाति जस्तो हुंछौ ॥

अनि दाऊद्लाइ खैर्नु हवस् पलिश्तीहरुले कीला भनींने सहर्को २३ १
बिरुद्धमां लड़ाईं गर्येर खलाहरु लूट्द छन् भनि सुनाईयो । येस्कारण् दाऊद्ले २
येसो भनिकन यहूवे सित सोधनी गर्यो के मं गयेर ति पलिश्तीहरुलाइ
मारुं । तब यहूवेले दाऊद्लाइ भन्यो गयेर पलिश्तीहरुलाइ मार्येर कीलालाइ
बचा । तब दाऊद्का मान्छेहरुले त्येस्लाइ भन्ये खैर्नु हवस् हांमिहरु यहां ३
यहूदामां पनि डराउंद छौं . त पलिश्तीहरुको बिरुद्धमां कीलामां गयूं भन्ये
देखि ता झन् के आस्तिगरि डराउंदौंन । तब दाऊद्ले फेरि यहूवे सित ४
सोधनी गर्यो । अनि यहूवेले त्येस्लाइ उत्तर् दिइ भन्यो उठेर कीलामां
उत्रि जा किनभन्ये मं पलिश्तीहरुलाइ तेरो हातमां सुम्पि दिंछु । त ५
दाऊद् र त्येका मान्छेहरुले कीलामां गयेर पलिश्तीहरु सङ लड़ाईं गर्ये

अनि तिनिहरुका पशुहरुलाइ खेदि ल्याये अनि तिनिहरुलाइ तुलो मंराईले मांये। येसोरि दाऊद्ले कौलाका बासीहरुलाइ बचायो ॥

६ अनि येसो भयो अहीमेलेक्को छोरो एब्यातार् दाऊद् पांइ कौलामां
७ भागि आउंदा हातमां एपोद् लियेर उत्रि आयेको थियो। अनि शाऊललाइ दाऊद् कौलामां गइ पुग्यो अरे भनि सुनाईयो। तब शाऊल्ले भन्यो ईश्वर्ले त्येस्लाइ मेरो हातमां दिये कु कसोगरिभन्ये ढोका र आरलाहरु भयेको
८ सहर् भित्र पुनीये कु। यहांदेखि शाऊल्ले सिंगे लोगलाइ लड़ाईको लागि कौलामां उत्रि जांनुलाइ दाऊद् र त्येस्का मान्छेहरुलाइ घेर्नुको
९ लागि डाकि पठायो। अनि दाऊद्ले शाऊल्ले मेरो बिरुद्धमां बुराई गर्ने युक्ति गर्दै कु अरे भनि जान्यो तब एब्यातार् पूजाहारीलाइ भन्यो
१० एपोद् चइं येता ल्याउ। तब दाऊद्ले भन्यो हे यहूवे इस्राएल्को ईश्वर् तपांइको दास्ले सांचिसांचिनै सुन्येको कु शाऊल् मेरो कारणले सहर् नष्ट
११ पार्नुलाइ कौलामां आउंनु आंद्येको कु अरे भनि। त को कौलाका मान्छेहरुले मंलाइ त्येस्को हातमां सुम्पि दिंकन् होला. तपांइको दास्ले सुन्येको भैं को शाऊल् उत्रि आउंकु. हे यहूवे इस्राएल्को ईश्वर् मं तपांइ
१२ सित बिन्ति गर्दै कु आफ्नु दास्लाइ भन् हुवस्। तब यहूवेले भन्यो यो उत्रि आउंकु। तब दाऊद्ले भन्यो को कौलाका मान्छेहरुले मंलाइ र मेरा मान्छेहरुलाइ शाऊल्को हातमां सुम्पि दिंकन्। अनि यहूवेले भन्यो
१३ तिनिहरुले तंलाइ सुम्पि दिंकन्। तब दाऊद् र त्येस्का कु से जना जति मान्छेहरु उठेर कौला देखि निस्कि गये अनि येताउति जहां जहां जांनु सक्द थिये वहां वहां जांद थिये। अनि शाऊललाइ दाऊद् कौला देखि बांचि निस्को भनि सुनाईयो तब त्येस्ले वहां निस्कि जांने मन् गर्नु छोड़्यो ॥
१४ अनि दाऊद् बन्मां गढ़िगढ़ि हुंदो रह्यो अनि जीप्को बन्को पहाड़े देस्मां बसि रह्यो। अनि शाऊल्ले त्येस्लाइ दिन् दिन् खोजद् थियो तर
१५ ईश्वर्ले त्येस्लाइ त्येस्को हातमां सुम्पि दियेन। अनि दाऊद्ले शाऊल् मेरो प्राण् खोजनुलाइ निस्कि आयेको कु भनि थाहा पायो. त्येस् बेला दाऊद्
१६ जीप्को बन्मां होरेशमां रहंद थियो। अनि शाऊल्को छोरो योनाताब्ले उठेर दाऊद् पांइ होरेशमां गयेर त्येस्को हात् ईश्वर्मां बल्मियो तुल्यायो।
१७ अनि त्येस्ले त्येस्लाइ भन्यो न डराउ. किनभन्ये मेरो बाबु शाऊल्को हात्ले तिमिलाइ भेट्दैन अनि तिमि इस्राएल् मांथि राजा हुंकौ अनि मं चइं माइला जस्तो भइ तिम्रो छेउमां हुंकु अनि यि कुरा पनि मेरो बाबु शाऊल्लाइ
१८ थाहा कु। अनि ति दुइले यहूवेको सांमु बाचा बांध्ये. अनि दाऊद् होरेशमां रह्यो तर योनातान् चइं आफ्नु घरमां गयो। तब जीपीहरु शाऊल् पांइ गिब्रामां येसो भन्दै चढ़ि आये को दाऊद् हांमिहरु सङ बन्को हकिवन् तिर भयेको हकीलाको पहाडूमां होरेशमां भयेका गढ़ि
२० गढ़ि हुंदो लुकि रह्यको छेन। त अब हे महाराजा आफ्नु उत्रि आउंने मनको इच्छ अनुसार् उत्रि आउंनु हुवस् अनि हांमिहरुको काम् यो हुंक

त्येस्लाइ राजाको हातमां सुम्पि दिंनु । अनि शाऊल्ले भन्यो तिमिहरु यहूवे २१
देखि आशीषित् हव किनभन्ये मं मांथि दया गर्येका छौ । कृपागरि अरु पनि २२
ठीक् गरि जान अनि त्येस्को खेवा गर्ने ठांउ अनि त्येस्लाइ वहां कस्ले देख्यो
त्यो पनि थाहा पाव । किनभन्ये त्येस्ले अरघोर् कुल्को बेहोरा गर्द छ भनि
मलाइ सुनाईयेको छ । त हेर अनि त्येस्ले लुकि हिंड्ने सबै ठांउ पनि थाहा २३
पाव अनि ठीक् ठीक् जानिकन मं थांइ फर्कि आव त मं तिमिहरु सङ
जाउंला . अनि येसो हुंछ त्यो देसमां रछ भन्ये देखि त मं त्येस्लाइ यहूदाको
सबै फेट्फेट्मां खोज् गर्छु । त तिनिहरु उठेर शाऊल्को अघि अघि २४
जीपमां गये . तर दाऊद् र त्येस्का मान्छेहरु वन्को दक्खिन् तिर भयेको
अराबामां माओन् भनींने वन्मां थिये । अनि शाऊल् र त्येस्का मान्छेहरु २५
त्येस्लाइ खोज्नु गये । अनि दाऊद्लाइ सुनाईयो . येस्कारण् त्यो पहरा सम्म
उत्रि आयेर माओन्को वन्मां बसि रह्यो । त यो कुरो सुन्यर शाऊल्ले
दाऊद्लाइ माओन्को वन्मां खेद्यो । अनि शाऊल् पहाडूको येता पट्टि २६
बाटो गयो अनि दाऊद् चइं र त्येस्का मान्छेहरु पहाडूको उता पट्टि
बाटो गये . अनि दाऊद्ले शाऊल्को डर्को कारणले निकलि जांनुलाइ
हतार् गर्यो किनभन्ये शाऊल् र त्येस्का मान्छेहरुले दाऊद् र त्येस्का
मान्छेहरुलाइ समांत्नुलाइ घेर्ये । तर शाऊल् थांइ एक् जना दूत् येसो २७
भन्दै आयो छिट्टोगरि आउंनु हवस् किनभन्ये पलिश्तीहरु देशमां
फिंजीयेका छन् । त शाऊल् दाऊद्लाइ खेद्नु देखि फर्क्यर पलिश्तीहरुको २८
बिरुद्धमां गयो . येस्कारण् तिनिहरुले त्येस् ठांउको नांउ सेलाहम्महलकोत[1]
राख्यो । अनि दाऊद् वहां बाटो एन्गदीको गढ़ि हुंदो बसि रह्यो ॥

अनि येसो भयो जसै शाऊल् पलिश्तीहरुलाइ खेद्नु देखि फर्क्यो तब २४ १
त्येस्लाइ हेर्नु हवस् दाऊद् एन्गदीको वनमां रछ भनि सुनाईयो । तब शाऊल् २
सिंगै इस्राएलमांका छानीयेका तीन् हजार् जनालाइ लियेर दाऊद् र त्येस्का
मान्छेहरुलाइ घोरल् हुंने पहराहरु हुंदो खोज्नु गयो । अनि बाटोमां गोठहरु ३
भयेकांउमां पुग्यो जहां येउटा ओढार् पनि थियो अनि शाऊल् दिशा ब्रत्तुलाइ
त्येस् भित्र पस्यो । त्येस् बेला दाऊद् र त्येस्का मान्छेहरु ओढार्को भित्र कुनामां
बसि रह्नेका थिये । तब दाऊद्का मान्छेहरुले त्येस्लाइ भन्ये हेर्नु हवस् त्यो ४
येइ दिन् हो जस्को बिषयमां यहूवेले आफुलाइ हेर् मं तेरो सत्रुलाइ
तेरो हातमां सुम्पि दिंछु अनि जे तंलाइ जांति लाग्ला त्येइ त्येस्लाइ गर्छस्
भन्यर भन्येको छ . तब दाऊद्ले उठेर चुप लागिकन शाऊल्को दौराको छेउ
काट्यो । त्यस् पछि येसो भयो दाऊद्को मन् शाऊल्को दौरा काट्येको कारणले ५
सुतायो । अनि त्येस्ले आफ्ना मान्छेहरुलाइ भन्यो मैले आफ्नु प्रभु मांथि ६
मं यहूवेको अभिषिक्त मांथि त्येस्को बिरुद्धमां आफ्नु हात पसार्नु येस्तो
काम् गर्नु देखि यहूवेले मंलाइ अलग् राखोस् किनभन्ये यहूवेको अभिषिक्त

---

[1] अर्थात् छोड़ायेको पहरा ।

७ येइ हो। त येस्तो कुरो भनिकन दाऊद्ले आफ्ना मान्छेहरुलाइ धुन्यो अनि
तिनिहरुलाइ शाऊल्को विरुद्धमां उठ्नु दियेन। अनि शाऊल्ले ओढार्
८ देखि उठेर आफ्नु बाटो समात्यो। त्यस् पछि दाऊद् पनि उठेर ओढार्
देखि निस्केर शाऊल्लाइ येसो भन्दै हाप्रयो हे मेरा प्रभु महाराजा।
अनि जब शाऊल्ले आफ्नु पछिल् तिर हेर्यो तब दाऊद्ले भूइंमां घोप्टो
९ पर्यर प्रणाम् गर्यो। अनि दाऊद्ले शाऊल्लाइ भन्यो आफुले हेर्नु हुवस्
दाऊद्ले आफुको हानि गर्नु खोज्द छ अरे भन्ये मान्छेहरुका कुरा किन
१० सुन्नु हुंद छ। हेर्नु हुवस् आजुको दिन् आफुका आंखाले देख्ये यहूवेले
आजु आफुलाइ ओढार्मां मेरो हातमां सुम्पि दियेको थियो. अनि कत्तिले
मंलाइ आफुलाइ मार्नु पनि भन्ये. तर मैंले आफुलाइ छाडि दियें मैंले
भन्यें मं आफ्नु हात् आफ्नु प्रभु मांथि पसाईंन किनभन्ये यहूवेको
११ अभिषिक्त थिनै हुन् भनि। येस् उप्रान्त हे मेरा पिता हेर्नु हुवस् अं मेरो
हातमां आफुको दौराको छेउ हेर्नु हुवस्. मैंले आफुको दौराको छेउ काट्यें
तर आफुलाइ चइं मारींन येसैमां ठीक् ठीक् पाहा पाउंनु हुवस् मेरो मन्
मां न बुराई न अपराध् रछ भनि अनि मैंले आफुले मेरो प्राण् लिंनुलाइ
मंलाइ खेद्नु हुंद छ र पनि मैंले आफुको विरुद्धमां पाप् गर्यको कुइंन।
१२ मेरो र आफुको बीचमां यहूवेले निया गरोस् अनि आफु देखि यहूवेले
१३ मेरो साटो लेवस्. तर मेरै चइं हात् ता आफु मांथि पर्दैन। उइले
उइलेको उखानले भन्ये झैं दुष्ट देखि दुष्टै निस्कंछ. तर मेरै चइं हात् ता
१४ आफु मांथि पर्दैन। इस्राएल्का महाराजा कस्को पछि निस्कि आयेका छन्.
आफुले कस्लाइ खेद्नु हुंद छ को मर्यको येउटा कुकुर्लाइ कि येउटा
१५ उपीजालाइ। येस्कारण यहूवेले बिचारी भइ मेरो र आफुको बीचमां
निया गरि देवस् अनि मेरो कुरा खेरोस् अनि मंलाइ आफुको हात् देखि
१६ छोड़ावस्। अनि येसो भयो जब दाऊद्ले यि कुरा शाऊल्लाइ भनि सक्यो
तब शाऊल्ले भन्यो को यो मोर् मेरो हो ए मेरो छोरा दाऊद् अनि शाऊल्
१७ आफ्नु शब्द उचालि रोयो। अनि त्यसले दाऊद्लाइ भन्यो तं मं भन्दा धर्म्मी
रैछस्. कसोगरिभन्ये तैंले मंलाइ भलो गरिस् अनि मैंले तंलाइ बुरो
१८ गर्यें। अनि आजुको दिन् तैंले मं सित जाति बेहोरा गर्यको देखाइस्.
कसोगरिभन्ये जब यहूवेले मंलाइ तेरो हातमां सुम्पि दि सक्यैको रछ
१९ र पनि तैंले मंलाइ मारिनस्। कसोगरिभन्ये कसैले आफ्नु बैरीलाइ
भेट्टायो भन्ये को त्यसले त्यसलाइ येसै छोड्छ. येस्कारण आजुको दिन् तैंले मं
२० सित जे गर्यैको कुस् त्यसको साटो यहूवेले तेरो भलो गरोस्। त अब हेर
तं निस्से राजा हुंछस् अनि तेरै हातमां इस्राएल्को राज् स्थिर हुंछ भनि
२१ मंलाइ थाहा छ। त अब मं आफ् पछि आफुको जहान्लाइ काट्दैन
अनि आफुको नांउ आफुको बाबुको जहान् देखि मेटि दिन्न भन्येर मं सङ
२२ यहूवेको किरिया खा। त दाऊद्ले शाऊल् सित किरिया खायो। तब
शाऊल् आफ्नु घरमां गयो तर दाऊद् र त्यसका मान्छेहरु गढ़िमां चढि गये॥

अनि शमूएल् मऱ्यो अनि सिंगै इस्राएल्ले भेला भयेर त्येस्को २५ १
लागि विलाप् गर्ये अनि त्येस्लाइ त्येस्को घर्मां रामामां गाड्ेर । अनि
दाऊद् उठेर पारान्को बन्मां उत्रि गयो ॥

अनि माओन्मां येउटा मान्छे थियो जस्को कर्मेल्मां थियो २
अनि त्यो मान्छे अरघोर् बड़ादमी भयो त्येस्का तीन् हजार् भेंड़ा र एक्
हजार् बाख्रा थिये. अनि त्येस्ले आफ्ना भेंड़ाहरु कर्मेल्मां कत्रंने गर्दै ३
थियो । अब त्येस् मान्छेको नांउ नाबाल् थियो अनि त्येस्की स्वास्नीको
नांउ अबीगैल् थियो. अनि स्वास्नी चइं बुद्धिमान् र राम्री थिई. तर
लोग्नेचइं कठोर् र नजाति नजाति काम् गर्ने थियो अनि त्यो कालेबको
बंशको थियो । अनि नाबाल्ले आफ्ना भेंड़ाहरु कत्रंद छ भनि बन्मां ४
दाऊद्ले सुन्यो । अनि दाऊद्ले दस् जना जुवान्लाइ डाक्यो अनि ५
दाऊद्ले ति जुवान्हरुलाइ भन्यो कर्मेल्मां चढ़ि गयेर नाबाल् थांइ जाव
अनि त्येस्लाइ मेरो नांउले कुशल् सोध. अनि त्येस् भरिपूर्ण मान्छेलाइ ६
येसो भन आफुको कुशल् हवस् अनि आफुको घर्को कुशल् हवस् अनि
आफुको सब् थोक्मां कुशल् हवस् । अनि अब मैंले आफुका ऊण् ७
कत्रंनेहरु छन् अरे भनि सुन्येको छु. आफुका गोठालाहरु हांमिहरु सङ
थिये अनि तिनिहरु कर्मेल्मां रहुंज्याल् सम्म हांमिहरुले तिनिहरुको कोइ
हानि गर्यून अनि तिनिहरुको कोइ पनि हरायेन । आफुका जुवान्हरु ८
सित सोधनु हवस् त तिनिहरुले आफुलाइ भनि दिन्छन्. येस्कारण् ति
मेरा जुवान्हरु मांथि आफुको अनुग्रह् हवस् किनभन्ये हांमिहरु हर्षको
दिन्मां आयूं. कृपागरि आफुको हात्मां जे आउला आफुका दास्हरुलाइ र
आफुको छोरो दाऊद्लाइ दिनु हवस् । त दाऊद्का जुवान्हरुले आयेर ९
नाबाल्लाइ दाऊद्को नांउले ति सबै कुरा भन्ये यहांदेखि चुप लागि
बस्ये । तब नाबाल्ले दाऊद्का चाकरेहरुलाइ येसो भनि उत्तर् दियो दाऊद् १०
भन्ये को हो. अनि यिशैको छोरो भन्ये को हो. आज्काल् आफ्ना आफ्ना
स्वामीहरु देखि निस्कि भाग्ने चाकरेहरु धेरैनै छन् । त के मं आफ्ना ११
अन्न पानी अनि मैंले आफ्ना ऊण् कत्रंनेहरुको लागि मांग्येको मांसु लग्येर
ति कहां कहांका नचिन्येकाहरुलाइ दिउं । तब दाऊद्का जुवान्हरुले फर्केर १२
आफ्नु बाटो समाये यहांदेखि आइ पुग्येर यि सबै कुरा अनुसार् त्येस्लाइ सुनाइ
दिये । अनि दाऊद्ले आफ्ना मान्छेहरुलाइ भन्यो जनंगेले आफ्नु आफ्नु १३
तरवार् भिर । त तिनिहरुले आफ्नु आफ्नु तरवार् भिर्ये अनि दाऊद्ले
पनि आफ्नु तरवार् भिर्यो. यहांदेखि दाऊद् पछि पछि चार् सै जना गये तर
दुइ सै जना चइं आलमाल् छेउ रह्ये । तर जुवान्हरुमांको एक् जनाले १४
नाबाल्की स्वास्नी अबीगैल्लाइ येसो भन्येर सुनाइ दियो हेर्नु हवस् दाऊद्ले
बन् बाटो हांम्रा स्वामीलाइ सलाम् गर्नुलाइ दूतहरुलाइ पठाइ जियेको
थियो तर तिन्ले तिनिहरुलाइ झम्ट्येर । तर ति मान्छेहरु ता हांमिहरु १५
सित अरघोर् भलाहरु थिये अनि हांमिहरु बन्मां हुंदा तिनिहरु सित

संगत् गरुंज्याल् सम्म हांमिहरुको क्येइ हानि भयेन न क्येइ थोक् हरायो.
१६ जैले सम्म हांमिहरु भेंड़ा चराउंद थियूं तैले सम्म तिनिहरु हांमिहरुको
१७ लागि रात् दिन् येउटा आड़् थिये। येस्कारण् अब थाहा पाउंनु हवस् अनि
बिचार् गर्नु हवस् आफुले क्ये गर्नु हुंछ किनभन्ये हांम्रा स्वामी मांथि र
तिन्का सबै जहान् मांथि बुराई ठहराईयेको छ. किनभन्ये तिनि येस्तै
१८ बिकामे फक्कड़् जस्ता छन् तिनि सङ कसैले कुरा गर्नु सक्दैन। तब अबीगैल्ले
हत्त र पत्त गर्‍येर दुइ सै रोटी र दुइ मशक् दाख्रस् र तियार् पार्‍येको
पांच्वटा भेंड़ा र भुद्येको पांच् डालो अन्न र एक् सै झुप्पा किस्मिस् र दुइ
१९ सै नेभाराका भकना लिई वहांदेखि गदाहाहरु मांथि बोकाई। अनि त्येस्ले
आफ्ना जुवान्हरुलाइ भनी मेरो अघि अघि जाव हेर मं तिमिहरुको
२० पछि पछि आउंद छु। तर त्येस्ले आफ्नु लोग्ने नाबाल्लाइ भनीन। अनि
येसो भयो जसै त्यो आफ्नु गदाहा मांथि चढ़ेर पहाड़्को आड़्आड़ै उत्रि
आउंदै थिई त हेर दाऊद् र त्येस्का मान्छेहरु त्येस्को सांमु आइ पुग्ये त
२१ त्येस्ले तिनिहरुहाइ भेटी। अब दाऊद्ले भन्येको थियो सांचि मैंले व्यर्थै
त्येस् मान्छेको बन्मां भयेका सबै थोक् यहां सम्म रुङ्ये त्येस्का जति थिये
तिनमांको येउटा पनि हरायेको थियेन. तरैपनि त्येस्ले मं सित भलोको
२२ साटो बुराई गर्‍येको छ। त मैंले बिहान उज्यालो होउंज्याल् सम्ममां त्येस्का
सबैमांको येउटा छोराबालख पनि छोड़ेंय भन्ये देखि ईश्वर्ले येसै अं
२३ यो भन्दा पनि बेसि दाऊद्का बैरीहरु सित गरोस् भन्ये। अनि जब
अबीगैल्ले दाऊद्लाइ देखी तब गदाहा बाटो छिट्टो ओह्ल्येर दाऊद्को
२४ सांमु घोप्टो पर्‍येर भूइं सम्म ढोक् दिई। वहांदेखि त्येस्का गोड़ामां घोप्टो
पर्‍येर भनी हे मेरा प्रभु मं मांथि अं मैं मांथि त्यो अधर्म्म परोस्. कृपागरि
आफुकी कमांरीलाइ आफुका कानमां भन्न दिंनु हवस् अनि आफुकी
२५ कमांरीका कुरा सुन्नु हवस्। कृपागरि मेरा प्रभुले त्येस् बिकामे फक्कड़् अं
नाबाल् मांथि चेत् न लगाउंनु हवस्. किनभन्ये जस्तो त्येस्को नाउं छ त्यो
मान्छेइ पनि त्येस्तै छ नाबाल्[1] त्येस्को नांउ हो अनि त्येस्मां मुर्खेइं छ. तर
मं आफुकी कमांरीले आफुले पठायेका मेरा प्रभुका जुवान्हरुलाइ देखींन।
२६ त अब हे मेरा प्रभु यह्वे जीइ रह्येको झैं अनि आफुको प्राण्
जीइ रह्येको झैं यह्वेले आफुलाइ रगत् बहाउंनु देखि र आफुको
हात्ले साटो लिंनु देखि थुन्येको कारण्ले आफुका बैरीहरु र जस
२७ जस्ले मेरा प्रभुको बुराई खोज्द छन् तिनिहरु नाबाल् जस्तो होउन्। त
अब आफुकी कमांरीले आफ्नु प्रभुको सांमु ल्यायेका यो सौगात् मेरा
२८ प्रभुका पछि पछि हिंड़्ने जुवान्हरुलाइ दिईओस्। कृपागरि आफुकी
कमांरीको अपराध् क्षमा गर्नु हवस्. किनभन्ये यह्वेले निस्से मेरा प्रभुकन
स्थिर् जहान् तुल्याउंछ किनभन्ये मेरा प्रभुले यह्वेको लागि लड़ाईं गर्नु

[1] अर्थात मूर्ख।

हुंछ अनि आफुको पालाभरि आफुमां कोइ अधर्म्म पाईंदैन। अनि २९
कोई आफुलाइ खेदनुलाइ र आफुको प्राण् खोजनुलाइ उठेको छ
भन्ये पनि मेरा प्रभुको प्राण् आफुको ईश्वर् यहूवे सङ जीउंनिको बिटामां
बांधीराख्नु तर आफुका बैरीहरुको चइं प्राण् घुयांत्रोको खोरि देखि
आफाल्येको हुंगो झैं आफालि देवस्। अनि येसो हुंछ यहूवेले मेरा ३०
प्रभुकन आफुको बिषयमां भन्येका सबै भलाई अनुसार् गरि सक्यो भन्ये
अनि आफुलाइ इस्राएल् मांथि मालिक् खटाइ सक्यो भन्ये देखि
त मेरा प्रभुले अकारण् रगत् बहायेको थियो भनिकन कि मेरा प्रभुले ३१
साटो फर्कायेको थियो भनिकन आफुको मनमां त्येस्तो कोइ डगमगाउंने
कारण् कि ठोकर् लाग्ने कारण् न हुंवस्. तर जब यहूवेले मेरा प्रभु सित
भलो गर्येको हुंछ तब आफनो कमांरीलाइ पनि सम्झनु होला। तब ३२
दाऊदले अबीगैललाइ भन्यो इस्राएलको ईश्वर् यहूवे जस्ले आफुलाइ
आजु मंलाइ भेट्नुलाइ पठायो धन्यको हुवस्। अनि आफुको बुद्धि धन्य ३३
हुवस् अनि आफुको धन्य हुवस् जस्ले आजुको दिन् मंलाइ रगत् बहाउंनु
देखि र मेरै हातले साटो लिंनु देखि पुनि राख्येको छ। किनभन्ये सांचि ३४
सांचिनै इस्राएलको ईश्वर् यहूवे जीइ रहेको झैं जस्ले मंलाइ आफुको
हानि गर्नु देखि पुन्येको छ आफु मंलाइ भेट्नुलाइ छिटो न आयेको भये
देखि सांचि सांचिनै बिहान उज्यालो होउंज्याल् सम्ममां नाबालको येउटा
छोराबालक पनि छोड्दीयेको हुंने थियेन। त दाऊदले त्येस्ले ज्ये ज्ये ३५
ल्यायेको थिई ति त्येस्को हात् देखि लियो. अनि त्येस्ले त्येस्लाइ कुशल् सित
आफनु घरमां जांनु हुवस् हेर्नु हुवस् मैले आफुको कुरा सुनिकन आफुको
सिर् उठायें भन्यो। तब अबीगैल् नाबाल् थांइ आई अनि हेर त्येस्ले आफनु ३६
घरमां राजाको भोज् जस्तो भोज् गर्दै रछ अनि नाबालको मन् मगन् भइ
रहेको रछ कसोगरिभन्ये त्यो खूब् मात्येको थियो. येस्कारण् त्येस्ले त्येस्लाइ
बिहान उज्यालो होउंज्याल् सम्म येस्तो उस्तो कोइ कुरो भनीन। अनि बिहान ३७
चइं येसो भयो जब नाबालको मात् हरायो तब त्येस्की स्वास्नीले ति सबै
कुरा सुनाइ दिई तब त्येस्को मन् त्येस्को भित्र मंत्यो अनि त्यो ढुंगो जस्तो
भइ गयो। अनि दिन दसेक् पछि येसो भयो यहूवेले नाबाललाइ मंनै गरि ३८
हिर्कायो। अनि जब दाऊदले नाबाल मंत्यो भरे भन्येको सुन्यो तब त्येस्ले ३९
भन्यो यहूवे धन्यको हुवस् जस्ले नाबालको हात् देखि मेरो दोषको कुरा
खेप्यो अनि आफनु दासलाइ अधर्म्म देखि पुनि राख्यो. अनि नाबालचइंको
बुराई यहूवेले त्येसैको शाप्तोमां फर्कायेर हालि दियो। अनि दाऊदले
अबीगैललाइ आफनी स्वास्नी तुल्याउंने बिषयको लागि माग्के पठायो। अनि ४०
जब दाऊदका चाकरेहरु कर्मेलमां अबीगैल् भये ठांउ पुग्ये तब तिनिहरुले
त्येस्लाइ दाऊदले आफुलाइ आफनो मुखैनी तुल्याउंनुलाइ हांमिहरुलाइ
आफु थांइ पठायेका छन् भन्येर भन्ये। तब त्येस्ले उठेर घूइं सम्म घोप्टो ४१
पर्येर भनी हेर्नु हुवस् आफुको कमांरी आफनु प्रभुका चाकरेहरुका चरण्

४२ धुने दासी । तब अबीगेल् छिटोगरि उठेर आफ्नी पांचवटी सखेंनीहरु
सङ गदाहामां चढेर दाऊदका दूतहरु पछि लागी वहांदेखि त्येस्की स्वास्नी
४३ भइ गई । फेरि दाऊदले यिज्रेल्की अहीनोअमलाइ पनि लियो अनि ति
४४ दुइ त्येस्की स्वास्नीहरु भइन् । तर शाऊलले आफ्नी छोरी दाऊदकी स्वास्नी
मीकललाइ गल्लीम् बसे लैशका छोरो पल्तीलाइ दिहाल्येको थियो ॥

२६ १ अनि जीपीहरु गिबामां शाऊल् थांइ येसो भन्दै आये को
२ दाऊद् वनको सांमु भयेको हकीलाको पहाडूमां लुकि रह्येको छैन । तब
शाऊल् उठेर जीपको वनमां दाऊदलाइ खोज्नुलाइ आफु सङ इस्राएलका
३ तीन् हजार् छानीयेका मान्छेहरु लियेर जीपको वनमां उत्रि गयो । अनि
शाऊलले वनको सांमु भयेको हकीलाको पहाडूमां बाटोको छेउमां डेरा
हाल्यो । तर दाऊद् चइं वनमां बसि रह्यो अनि त्येस्ले शाऊल् वनमां मेरो
४ पछि लाग्येको छ भनि थाहा पायो । येस्कारण् दाऊदले भेदियाहरुलाइ पठायो
५ त त्येस्ले शाऊल् आयेको रछ भनि ठीक् ठीक् थाहा पायो । तब दाऊद् उठेर
शाऊलले डेरा हाल्येको ठाउंमां आयो . अनि दाऊदले शाऊल् र नेरको छोरो
अब्नेर् सेनापति रह्येको ठांउ देख्यो . अनि शाऊल् गाड़ीहरुको आड़ूमां
६ बस्येको रछ अनि लोगले त्येस्को रिंगे डेरा हाल्येका राछन् । तब दाऊदले
हित्ती अहीमेलेक् र योआबको भाई जरूयाहको छोरो अबिशैलाइ उत्तर्
७ दिइ भन्यो मं सङ छाउनीमां शाऊल् भये ठांउ को उत्रि जांछ । त अबीशैले
८ मं आफु सङ जांछु भन्यो । त दाऊद् र अबीशै राति लोग् थांइ आये . त
हेर शाऊल् गाड़ीहरुको आड़ूमां सुति रह्येको रछ अनि त्येस्को भाला चइं
सिरान् निर भूइंमां गाड़ि राख्येको रछ . अनि अब्नेर् र लोगहरु त्येस्को रिंगे
सुति रह्येका राछन् । तब अबीशैले दाऊदलाइ भन्यो ईश्वरले आजु आफुको
बैरीलाइ आफुको हातमां सुम्पि दियेको छ . येस्कारण् अब कृपागरि
मंलाइ त्येस्लाइ भालाले एक्कै खेप् मांत्रै भूइंमां हिर्काइ गोपि मांर्नु दिनु
९ हवस् अनि त्येस्लाइ दोस्रो खेप् हिर्काउंदैंन । तब दाऊदले अबीशैलाइ
भन्यो त्येस्लाइ नाम् न गर् . किनभन्ये को आफ्नु हात् यहूवेको अभिषिक्तको
१० विरुद्धमां पसारिकन निर्दोषी हुंछ । फेरि दाऊदले भन्यो यहूवे जीइ
रह्येको भैं यहूवेलेनै त्येस्लाइ मांर्छ कि ता त्येस्को मर्ने दिन् आइ पुग्छ कि
११ ता लड़ाईंमां उत्रि गयेर नष्ट हुंछ । मैंले आफ्नु हात् यहूवेको अभिषिक्त
मांथि पसार्नु देखि यहूवेले मंलाइ गुनोस् . त अब कृपागरि त्येस्को सिरानमां
१२ भयेको भाला र पानीको झारी लि र जाऊं । त दाऊद् शाऊलको सिरान्
देखि भाला र पानीको झारी लियेर हिंड़यो अनि न कसैले देख्यो न कसैले
थाहा पायो न कोई जाग्यो . कसोगरिभन्ये सबै सुति रह्येका थिये
किनभन्ये तिनिहरु मांथि यहूवेको पठ्ठि बाटो अघोर् निन्द्रा हालीयेको
१३ थियो । तब दाऊद् पल्लो पठ्ठि गये र टाड़ोको डांड़ाको थाप्रिमां उभीयो
१४ अनि तिनिहरुको मांझमां ठुलो अन्तर् थियो । तहांदेखि दाऊदले लोगलाइ
र नेरको छोरो अब्नेरलाइ येसो भनिकन हाक्यो हे अब्नेर् को उत्तर्

दिंदौन। तब अब्नेरले उत्तर् दिइ भन्यो राजालाइ हापार्न तं को
होस्। अनि दाऊदले अब्नेरलाइ भन्यो के तिमि बीर् हौन अनि तिमि १५
जस्तो इस्राएलमां को छ. त किन तिमिहरुले आफ्नु प्रभु राजाको रक्षे
गर्येका छौन. किनभन्ये लोग्हरुमांको येउटा तिम्रो प्रभु राजालाइ नास्
पार्नुलाइ आयेको थियो। तिमिहरुले गर्येको यो काम् जाति छैन। यहुवे १६
जीइ रक्षेको भैं तिमिहरु मांरीने माफिक्का छौ किनभन्ये तिमिहरुले
आफ्नु प्रभु अर्थात् यहुवेको अभिषिक्तको रक्षे गर्येका छौन। त अब हेर
राजाको भाला खोइ अनि तिन्को सिरान् निर भयेको पानीको झारी
खोइ। तब शाऊलले दाऊदको सोर् चिन्येर भन्यो ए मेरो छोरा दाऊद् १७
के यो तेरो सोर् हो। अनि दाऊदले भन्यो हे मेरा प्रभु हे महाराजा
मेरै सोर् हो। अनि त्येस्ले भन्यो मेरा प्रभुले आफ्नु दास्लाइ किन १८
खेदनु हुंद छ मैंले के गर्येको छु र. कि मेरो हात्मां के बुराई छ। त अब १९
कृपागरि मेरा प्रभु महाराजाले आफ्नु दास्को कुरा सुन्न हवस्। यहुवेले
आफुलाइ मेरो विरुद्धमां सुत्यायेको छ भन्ये देखि त उस्ले भेटि ग्रहण्
गरोस्. तर मान्छेको छोरोले गर्येको छ भन्ये देखि त तिनिहरु यहुवेको
सांमु खापित् होउन् किनभन्ये तिनिहरुले मंलाइ जा पराय् देवताहरुको सेवा
गर् भन्येर धपायेका छन् यहुवेको अधिकार्मां भाग् न पाउं भन्ये खातिरले।
त अब मेरो रगत् यहुवेको सांमु देखि भूइंमां न परोस्. किनभन्ये २०
जसोगरि कसैले डांड़ा डांड़ा हुंदो तित्राको सिकार् गर्दै छ त्येसैगरि
इस्राएलका महाराजा येउटा उपीजालाइ खोज्नु निस्क्येका छन्। तब २१
शाऊलले भन्यो मैंले पाप् गर्यें. फर्कि आ ए मेरो छोरा दाऊद्. किनभन्ये
आजु मेरो प्राण् तेरो सांमु अमोल्को भयो येस्कारण् मं फेरि फेरि तेरो
हानि कैले पनि गर्ने छुइंन. अनि हेर् मैंले मूर्खैं गर्यें अनि बिग्रे भूल्
गर्यें। तब दाऊदले उत्तर् दिइ भन्यो हे महाराजा आफुको भाला हेर्नु हवस् २२
जुवानहरुमांको येउटाले आयेर त्यो लैजावस्। अनि यहुवेले जनंगेलाइ २३
त्येको धर्म्म र सचेंई अनुसार् साटो देवस्. किनभन्ये आजु यहुवेले
आफुलाइ मेरो हातमां सुम्पि दियेको थियो र पनि मैंले आफ्नु हात्
यहुवेको अभिषिक्त मांथि पसार्नु खोजीन। त हेर आजु जसोरि आफुको २४
प्राण् मेरो आंखाको सोजि पियारो भयो त्येसैगरि मेरो प्राण् पनि यहुवेको
आंखाको सोजि पियारो हवस् अनि उस्ले मंलाइ सबै कष्ट देखि बचावस्।
तब शाऊलले दाऊदलाइ भन्यो धन्नको होस् तं ए मेरो छोरा दाऊद्. तैंले २५
महा महा कार्य्य गर्ने छस् अनि निस्से जिताहा हुंछस्। तब दाऊदले आफ्नु
बाटो समात्यो अनि शाऊल चइं आफ्नु घरमां फर्क्यो॥

(दाऊद् पलिश्तीहरु सङ रहंनु)

त्येस् पछि दाऊदले आफ्नु मनमां भन्यो अब ता मं कोई न कोई २७ १
दिन् शाऊलको हात् देखि नष्ट हुंछु. त मं पलिश्तीहरुको देस्मां भागि

जांनु भन्दा जाति अरु कोइ कैन त आऊल् इस्राएल्को सिंगै सिमाना भरि खोज्दा खोज्दा मेरो विषयमां निराश् हुंछ . त येसोरि मं त्येस्को हात् देखि
२ बांच्छु । तब दाऊद् उठेर आफु सङ भयेका छ सै जना मान्छेहरु समेत्
३ गाद्को राजा माओक्को छोरो आकीश् थांइ तरि गयो । अनि दाऊद् गातमां आकीश् सङ बस्यो अं त्यो र त्येस्का मान्छेहरु जनंगे आफ्नु आफ्नु जहान् समेत् अं दाऊद् र त्येस्की हुवेवटी स्वास्नीहरु यिज्रेली अहीनुआम् र
४ नाबाल्की स्वास्नी कर्मेली अबीगैल् । अनि आऊल्लाइ दाऊद् ता गाद्मां पो भागि गयेछ भनि सुनाईयो . त येस्ले फेरि फेरि त्येस्लाइ खोज्दैन ॥

५ तब दाऊद्ले आकीश्लाइ भन्यो आफुको अनुग्रह् मं मांथि भयो भन्ये देखि मंलाइ बाइरका सहरहरुमांको कुनैमां बस्तुको लागि वहां ठांउ दिईओस् . किनभन्ये आफुको दास् आफु सङ राज्धानीमां किन
६ बसोस् । तब त्येस् दिन् आकीश्ले त्येस्लाइ सिक्लग् दियो . येस्कारण् आजु सम्म सिक्लग् यहूदाका राजाहरुको पट्टि छ ॥

७ अनि दाऊद् पलिश्तीहरुको बाइरे देसमां बस्येका दिन् एक् बर्ष र
८ चार् महीना पूरा थिये । अनि दाऊद् र त्येस्का मान्छेहरु चढेर गशूरीहरु र गिर्जिहरु र अमालेकीहरु मांथि जाइ लाग्थे . किनभन्ये तिनिहरु सूर् जांने बाटो सम्म अं मिस्रको देस् सम्मको देसका बासीहरु तादि देखि
९ तिनै थिये । त दाऊद्ले देस् नास् पारे थियो अनि न पुरुष् न स्त्री जीउंदो बचाउंद थियो तर भेड़ाबाख्रा गाईगोरु गदाहाहरु ऊंटहरु र कपरालत्ता बद्
१० लैजांद थियो वहांदेखि फर्क्यर आकीश् थांइ आउंद थियो । त आकीश्ले आजु को मांथि जाइ लाग्यौ भनि सोध्यो । तब दाऊद्ले भन्यो यहूदाको दक्खिन् देस् र यरहमेलिहरुको दक्खिन् देस् र केनीहरुको दक्खिन् देस्
११ मांथि । अनि दाऊद्ले येसो भनिकन न पुरुष् न स्त्रीलाइ गातमां ल्याउंनुको लागि जीउंदो बचायो होइन भन्ये ता तिनिहरुले दाऊद्ले येसो येसो गर्यो अनि त्यो पलिश्तीको बाइरे देसमां बस्दा त्येस्को बेहोरा येस्ते थियो
१२ भनि हांमिहरुको विषयमां समाचार् पुर्याउंछन् भन्यर । त आकीश्ले दाऊद्लाइ पत्यायो दाऊद्ले आफुलाइ आफ्ने लोग् इस्राएल् देखि सारो घिन्लाग्दो तुल्यायो येस्कारण् त्यो सधैंभरि मेरो दास् हुंछ भन्यर ॥

२८ १ त ति ताक येसो भयो पलिश्तीहरुले इस्राएल् सित लड़ाईं गर्नुको लागि आफ्ना सेनाहरुलाइ भेला गर्यो । अनि आकीश्ले दाऊद्लाइ भन्यो आफु आफ्ना मान्छेहरु समेत् मं सङ सेनामां जांनु पर्छ भनि राम्रो थाहा
२ पाउंनु । त दाऊद्ले आकीश्लाइ भन्यो येस्कारण् आफुको दासले के गर्छ आफ्नलाइ थाहा हुंछ । अनि आकीश्ले दाऊद्लाइ भन्यो त्येस्कारण् मं आफ्नलाइ सदाको लागि मेरो सिरको रक्षे गर्ने तुल्याउंछु ॥

३ अनि शमूएल् मर्यको थियो अनि सिंगै इस्राएल्ले त्येस्को लागि बिलाप् गर्येका थिये अनि त्येस्लाइ रामामां अं त्येस्को निज् सहरमां गाड़ेका थिये । अनि आऊल्ले सबै बिज्ञुवाहरु र भांक्रिहरुलाइ देस् देखि निकालि

दियेको थियो। अनि पलिश्तीहरुले मेला भयेर शूनेममां आयेर डेरा ४
हाल्ये. अनि शाऊलले सिंगै इस्राएल्लाइ मेला गर्येर गिल्बोमां डेरा
हाल्यो। अनि जब शाऊलले पलिश्तीहरुको सेनालाइ देख्यो तब डरले ५
त्येस्को मन् धारो कांप्यो। अनि जब शाऊलले यहूवेको सोधनी गर्यो तब ६
यहूवेले त्येस्लाइ न सपना न ऊरीम् न अगमवक्ताहरुको बाटोले कुइ उत्तर्
दियो। तब शाऊलले आफ्ना चाकरेहरुलाइ भन्यो मेरो लागि कोई बायू ७
खेलाउंने आइमाइलाइ खोज र मं त्यो थांइ गयेर त्यो सित सोधनी गरुं।
त त्येस्का चाकरेहरुले त्येस्लाइ भन्ये हेर्नु हवस् एन्दोरमां येउटी बायू
खेलाउंने आइमाइ छ। तब शाऊलले भेष् फेर्यो अनि अर्को लुगा लायेर ८
दुइ जनालाइ साथ लियेर त्येस् आइमाइ थांइ राति गयो. अनि भन्यो
कृपागरि मेरो लागि आफ्नु बायू सित सोध अनि जस्को जस्को नांउ मं
सोधुंला त्येस्लाइ जगाइ ल्याउ। तब आइमाइले त्येस्लाइ भनी हेर्नु हवस् ९
शाऊलले के गर्येको छ भनि आफुलाइ थाहा छ अर्थात् त्येस्ले सबै बिजुवाहरु
र सबै भांक्रिहरुलाइ देस् देखि निकालि दियेको छ. के कारणले मंलाइ
मारीनुको लागि मेरो प्राणको लागि पासो थाप्द छौ। अनि शाऊलले १०
त्येस् आइमाइको लागि यहूवेको नांउले येसो भनिकन किरिया खायो यहूवे
जीइ रह्येको भं येस् कुराको कारणले तिमि मांथि कुइ दण्ड हुंदैन। तब ११
आइमाइले भनी आफुको लागि मं कस्लाइ जगाइ उठाइ दिउं। तब त्येस्ले
भन्यो शमूएल्लाइ जगाइ उठाइ देउ। तब त्यो आइमाइ शमूएल्लाइ १२
देख्येर साथो कराई. अनि आइमाइले शाऊल्लाइ येसो भनी मंलाइ किन
धोखा दियौ तिमि ता शाऊल पो राछौ। अनि राजाले त्येस्लाइ भन्यो १३
न डराउ. किनभन्ये के देख्द छौ। अनि आइमाइले शाऊल्लाइ
भनी मं देवतालाइ धर्ति बाटो उठ्दै गर्येको देख्द छु। अनि त्येस्ले त्येस् १४
आइमाइलाइ सोध्यो त्येस्को रूप् कस्तो छ। अनि त्येस्ले भनी येउटा बूढ़ो
आउंदै छ जस्ले खाष्टो ओढ़्येको छ। तब शाऊलले त्यो ता शमूएलने हो
भनि थाहा पायेर भूइंमां घोप्टो पर्येर दण्डवत् गर्यो। अनि शमूएलले १५
शाऊल्लाइ भन्यो तैंले मंलाइ जगाइ उठायेर किन बिचैन् गराइ दिइस्।
त शाऊलले उत्तर् दियो मं बिघ्न दुक्खित् छु किनभन्ये पलिश्तीहरुले मं
सित लड़ाइँ गर्द छन् अनि ईश्वर् मं देखि गइ गयेको छ अनि मंलाइ फेरि
न अगमवक्ताको न सपनाको बाटोले उत्तर् दिंद छ. येस्कारण् मैंले कसो गर्नु
पर्ने हो त्यो मंलाइ जनाइ दिनुं हवस् भन्ये खातिर्ले आफुलाइ बोलायेको
छु। तब शमूएलले भन्यो जब यहूवे तं देखि गइ गयेको छ अनि तेरो १६
बैरी बनीयेको छ त मं सित किन सोद्ध छस्। अनि यहूवेले मेरो बाटोले १७
भन्येको भं उस्ले आफ्नु लागि काम् गर्येको छ. अनि यहूवेले तेरो हात्
देखि राज् च्यात्येको छ अनि तेरो छिमेकि अं दाऊद्लाइ दियेको छ।
किनभन्ये तैंले यहूवेको कुरा मानीनस् अनि उस्को बल्दो रिस् अमालेक् १८
मांथि हालिनस् येस्कारण् यहूवेले आजु तं सित यो काम् गर्येको छ।

१९ येस् उप्रान्त यहूवेले इस्राएल्लाइ पनि तं समेत् पलिश्तीहरुको हातमां
सुम्पि दिंछ. अनि भोलि तं र तेरा छोराहरु मं सङ हुंछौ. यहूवेले
२० इस्राएल्को सेना पनि पलिश्तीहरुको हातमां सुम्पि दिंछ। तब शाऊल्ले
त्येतिनै खेरि भूइंमां अघाडि प्रणाम् गऱ्यो अनि शमूएल्को कुराको कारणले
साऱ्हो डरायो. अनि त्येसमां कोइ बल् पनि रहेन किनभन्ये दिनभरि रातभरि
२१ कोइ खायेको थियेन। अनि आइमाइले शाऊल् पांइ आयेर त्येसाइ
अरघोर् गरि सुर्तायेको देख्येर भनी हेर्नु हुस् आफुकी दासीले आफुका
कुरा सुनि आफ्नु प्राण् आफ्नु हत्केलामां राखि आफुले भनेकाइ भन्येका
२२ कुरा मान्येकी छु। येस्कारण् कृपागरिकन आफुले पनि आफ्नी दासीको कुरा
सुनि बख्शनु हुस् अनि भनेकाइ आफुको सांमु एक् गांस् रोटी राखनु
दिनु हुस् अनि खानु हुस् र आफुलाइ आफ्नु बाटोमां हिंड्दा बल्
२३ हुस्। तर त्येसले मान्येन अनि मं खान्न भन्येर भन्यो। तर त्येसका चाकरेहरुले
र त्येस् आइमाइ समेतले ठिपि लाये तब त्येसले तिनिहरुको कुरा मान्यो।
२४ तब भूइं बाटो उठेर खाटमां बस्यो। अनि त्येस् आइमाइको घरमां येउटा
पशुवा बाच्छा थियो त त्येसले छिट्टो गरिकन मारी वहांदेखि अन्न भिकेर
मुछि अनि अखमीरे रोटी पोली. वहांदेखि शाऊल् र त्येसका चाकरेहरुका
सांमु ल्याई अनि तिनिहरुले खाये। तब तिनिहरु उठेर त्येसै रात् गइ गये॥
२९ १ तब पलिश्तीहरुले आफ्ना सिंगे सेनाहरुलाइ अपेक्मां भेला
गराये. अनि इस्राएलीहरुले चइं यिज्रेल्मां भयेको जरुवा पानी निर
२ डेरा हाल्ये। अनि पलिश्तीहरुका मालिक्हरु आफ्ना सै सै र आफ्ना
हजार् हजार् भइ अघि अघि हिंड्द थिये. अनि दाऊद् र त्येसका मान्छेहरु
३ आकीश् सङ पछि पछि हिंड़ि आये। तब पलिश्तीहरुका मालिक्हरुले
भन्ये यि इब्रानीहरुको यहां के काम् छ। त आकीशले पलिश्तीहरुका
मालिक्हरुलाइ भन्यो के यो इस्राएल्की राजा शाऊल्को चाकरे दाऊद्
चइं होइन जो येत्ति दिन् अं येत्ति बर्ष देखि मं सङ छ अनि जैले देखि
त्यो मं सङ छ तैले देखि आजु सम्म त्येसमां कोइ दोष् पायेको छुइंन।
४ तर पलिश्तीहरुका मालिक्हरु त्यो देखि रिसाये अनि पलिश्तीहरुका
मालिक्हरुले त्येसाइ भन्ये येस् मान्छेलाइ फर्काइ दिनु हुस् र त्यो आफुले
जुन् ठांउ त्येसको लागि खटाइ दिनु भयेको छ त्येस् ठाउंमां फर्कि जावस्
अनि हामिहरु सङ लड़ाईंमां ता न आवस् होइन भन्ये लड़ाईंमां त्यो
हामिहरुको बिरोधी होइ जांछ होला. कसोगरिभन्ये त्येसले आफ्नु स्वामी
५ सित मेल् गर्ला के यिनै मान्छेहरुका टाउकाहरुको बाटोले होइन। के यो
त्येइ चइं दाऊद् होइन जसको बिषयमां तिनिहरुले नांचमां जुवारी गाउंदै
येसो भन्द थिइन्

शाऊलले आफ्ना हजार्हरुलाइ मांच्यो
तर दाऊद्चइंले आफ्ना दस् हजार्हरुलाइ।

६ तब आकीशले दाऊदलाइ बोलायेर त्येसाइ भन्यो यहूवे जीइ रहेको मैं

आफु धर्म्मी होइ रहंनु भयो अनि आफुको अवाईजवाई मं सब सेनामां मेरो सांसु जाति लाग्द छ. कसोगरिभन्ये मैले जुन् दिन् देखि आफु मं पांड आउंनु भयेको छ त्येस् दिन् देखि आजु सम्म मैले आफुमां कोइ दोष् पायेको छुईंन. तैपनि यि मालिक्हरुचइंलाइ आफुलाइ मन् पर्येन। येस्कारण् अब फर्क्यर कुशल् सित जांनु हवस् र आफुले पलिश्तीहरुका मालिक्हरुलाइ नराज् न पार्नु हवस्। तर दाऊद्ले आकीश्लाइ भन्यो मैले के गर्येको छु र. अनि जैले देखि मं आफु सब भयें तैले देखि आजु सम्म आफ्नु दासमां के पाउंनु भयो र मं आफ्नु स्वामी राजाका बैरीहरु सित लड़ाईंमां जांनु न पाउं। अनि आकीश्ले दाऊद्लाइ येसो भनिकन उत्तर् दियो आफु मेरो सांसु ईश्वर्को दूत् जस्तो जाति छौ भनि थाहा पायें. तैपनि पलिश्तीहरुका मालिक्हरुले त्यो चइं हांमिहरु सित लड़ाईंमां न जावस् भन्येर भन्येका छन्। येस्कारण् भोलि सबारे आफु सब भयेका आफुको स्वामीका दासहरु समेत् उठ्नु हवस्. अनि बिहान सबारे उज्यालो हुंनु बित्तिकै जाइ जांनु हवस्। त दाऊद् पलिश्तीहरुको देसमां फर्कि जांनुलाइ बिहाने हिंड़ि जांनुको लागि आफ्ना मान्छेहरु समेत् उठ्यो। अनि पलिश्तीहरु चइं यिज्रेलमां चढ़ि गये॥

अनि येसो भयो जब दाऊद् र त्येका मान्छेहरु तीस्रो दिनमां सिग्लगमां आइ पुग्ये तब अमालेकीहरु दक्खिन् देस् मांथि र सिग्लग् मांथि आइ लाग्येका थिये अनि सिग्लगलाइ मांग्ये अनि आगोले डढ़ाये अनि त्येमां भयेको आइमाइहरुलाइ र सबै ठुलासांनालाइ बन्धुवाईमां बांधेका थिये. तिनिहरुले कसैलाइ मांग्येका थियेनन् तर लियेर हिंड़ेका थिये। जसै दाऊद् र त्येका मान्छेहरु सहरमां आये त डेर त्यो आगोले डढ़ायेको रछ अनि तिनिहरुकी स्वास्नीहरु र छोराछोरीहरु बन्धुवाईमां लगीयेछन्। तब दाऊद् र त्यो सब भयेका मान्छेहरु आफ्ना शब्द उचालिकन रुंनु पनि न सकुंज्याल् सम्म गरि रोये। अनि दाऊद्की हुवेवटी स्वास्नीहरु यिज्रेली अहीनोअम् र कर्मेली नाब्बाल्की स्वास्नी अबीगैल्लाइ पनि बन्धुवाईमां लग्येका थिये। तब दाऊद् बड़ा अन्योल्मां पर्यो कसोगरि भन्ये सिंगै लोगको प्राण् आफ्ना आफ्ना छोराछोरीहरुको बिषयमां सुर्ताये को कारणले लोगले त्येलाइ लोहोर्याउंने कुरा गर्ये. तर दाऊद्ले आफ्नु ईश्वर् यहवेको पट्टि बाटो आंट् पायो॥

अनि दाऊद्ले अहीमेलेक्को छोरो एब्यातार् पूजाहारीलाइ भन्यो कृपागरि एपोद् यहां मं पांइ ल्याउ। तब एब्यातार्ले एपोद् दाऊद् पांइ लग्यो। अनि दाऊद्ले येसो भनिकन यहवे सित सोधनी गर्यो के मं त्यो गठ्ठालाइ खेदुं के तिनलाइ भेटाउंनु सक्छु। तब उसले त्येलाइ उत्तर् दियो खेद्. किनभन्ये निस्से भेटाउंछस् अनि अवस्से सबैलाइ फेरि पाउंछस्। त दाऊद् र त्यो सब भयेका छ सै मान्छेहरु हिंड़ेर बसोर्को खोला सम्म पुग्ये जहां पछाड़ि छोड़ीयेकाहरु अड़ीयेका थिये। तर दाऊद् चइं आफ्ना चार्

से मान्छेहरू समेतले खेद्दै रह्यो. किनभन्ये दुइ सै जना पाछु रह्ये जो
११ बसोरको खोला तर्नु न सक्ने सम्मगरि थाकेका थिये. अनि तिनिहरूले
येउटा मिस्रीलाइ बनमां भेटायेर त्येस्लाइ दाऊद् थांइ ल्याये अनि त्येस्लाइ
रोटी दिये त त्येस्ले खायो अनि तिनिहरूले त्येस्लाइ पानी पनि खुवाये.
१२ अनि तिनिहरूले त्येस्लाइ नेभाराको भकनाको एक् टुक्रा र किस्मिस्का
दुइ झुप्पा दिये अनि जब त्येस्ले खायो तब त्येस्को प्राण् फेरि आयो. किनभन्ये
१३ त्येस्ले तीन् दिन् तीन् रात् देखि न रोटी न पानी खायेको रह्यो। तब
दाऊद्ले त्येस्लाइ भन्यो तं कस्को मान्छे होस् अनि कहां बाटो आइस्। त
त्येस्ले भन्यो मं अमालेकीको दास् मिस्रीको येउटा जुवान् हुं अनि मं
दुख्येको तीन् दिन् भयेको कारणले मेरो स्वामीले मलाइ छोड़ि गयो।
१४ हामिहरू करेतीहरूको दक्खिन् मांथि र यहूदाको पर्येको देस् र कालेबको
दक्खिन् मांथि जाइ लाग्येका थियूं अनि हामिहरूले सिग्लग् चइं आगोले
१५ डड़ायूं। त दाऊद्ले त्येस्लाइ भन्यो के मलाइ यो गट्ठा सम्म पुऱ्याउंछस्। त
त्येस्ले भन्यो हामिहरू तलाइ मार्दैन अनि न तेरो स्वामीको हात्मां सुम्पंछौं
भनि मं सित ईश्वरको नांउले किरिया खानु भयो भन्ये मं आफुलाइ त्यो
१६ गट्ठा सम्म पुऱ्याउंछु। जब त्येस्ले त्येस्लाइ पुऱ्यायो त हेर तिनिहरूले मैदान्
भरि फिंजीयेर खांदै पीउंदै अनि पलिश्तीहरूको देस् र यहूदाको देस् बाटो
१७ ल्यायेका तुला तुला लूट्को कारणले चाड़ मान्दै गर्द राछन्। त दाऊद्ले
तिनिहरूलाइ भेंड़ाबाख्रा हुल्ने बेला देखि भोलि पल्टीको सांझ् सम्म मार्दै
रह्यो. अनि तिनिहरूमांका चार् सै जना जुवान्हरू ऊंट्मां चढ़ेर भाग्ने
१८ बाहिक् येउटा पनि बांच्येन। अनि दाऊद्ले अमालेकीहरूले लग्येका सबै
थोक् बचायेर फेरि पायो अनि दाऊद्ले आफ्नी दुवटी स्वास्नीहरूलाइ
१९ छोड़ायो। अनि तिनिहरूका के सांना के तुला के छोरा के छोरी के लूट्
कि तिनिहरूले लग्येका थोक्मांको केइ घटि भयेको थियेन. दाऊद्ले
२० सबैने फर्काइ ल्यायो। अनि दाऊद्ले सबै भेंड़ाबाख्रा र गाईगोरू जो
तिनिहरूले अरू पशुहरूको अघि अघि लगाई ल्यायेका थिये ति ल्यायेर
२१ येसो भन्ये यो दाऊद्को लूट् हो। अनि ति दुइ सै जना मान्छेहरू
जो दाऊद्लाइ पछ्याउंनु न सक्नेगरि थाकेका थिये जुन्हरूलाइ पनि
तिनिहरूले बसोरको खोलामां रहनु लगायेका थिये तिनिहरू थांइ दाऊद्
आइ पुग्यो. अनि तिनिहरू दाऊद्लाइ र त्यो सङ भयेका लोगलाइ
भेट्नु आये. अनि जब दाऊद् लोगको छेउमां पुग्यो तब त्येस्ले तिनिहरूको
२२ कुशल् सोध्यो। तब दाऊद् सङ गयेकामांका सबै दुष्ट मान्छेहरूले र
बिकामे फक्कूहरूचइंले उत्तर् दिइ भन्ये यिनिहरू चइं हामिहरू सङ
गयेका कैनन् येकारण हामिहरू तिनिहरूलाइ हामिहरूले बचाइ फेरि
पायेका लूट्मांको केइ पनि दिंदैन खालि जनंगेलाइ त्येस्की स्वास्नी
र त्येका बालबच्चाहरू मात्रै र तिनिहरू तिनिहरूलाइ डोऱ्याउंदै हिंड़ि
२३ जाउन्। तब दाऊद्ले भन्यो हे मेरा दाज्युभाईहरू हो हामिहरूलाइ

बचाउंने र हांमिहरुको बिरुद्धमां आइ लाग्येको गट्टालाइ हांमिहरुको
हातमां सुम्पि दिंने यहूवेले हांमिहरुलाइ दियेको थोक्को बिषयमां येसो
न गर। अनि येस् बिषयमां कस्ले तिमिहरुको कुरो सुन्छ. कसोगरिभन्ये २४
लड़ाईंमां जांनेको भाग् जत्रो हुंछ आलमाल् सङ बस्नेको भाग् पनि त्येत्रै.
तिनिहरुले भाग् बराबरै पाउंछन्। यहांदेखि येसो भयो त्येस् दिन् देखि येसो २५
त्येस्ले इस्राएल्को लागि यो बिधि र यो व्यवस्था बनायो जो आजु सम्म छ॥

अनि जब दाऊद् सिग्लगमां आयो तब त्येस्ले यहूदाका प्राचीन्हरुलाइ २६
अं आफ्ना मित्रहरुलाइ लूट्हरुमांको अलि अलि येसो भनिकन पठाइ दियो
हेर यहूवेका सत्रुहरुका लूट्मांको येउटा सौगात् अर्थात् बेतेलमां २७
भयेकाहरुको लागि र दक्खिन्को रमोत्मां भयेकाहरुको लागि र यत्तीरमां
भयेकाहरुको लागि अनि अरोएरमां भयेकाहरुको लागि र सिप्मोत्मां २८
भयेकाहरुको लागि र एस्तमोमां भयेकाहरुको लागि अनि राकालमां २९
भयेकाहरुको लागि र यरह्मेलीहरुका सहर्हरुमां भयेकाहरुको लागि र
केनीहरुका सहर्हरुमां भयेकाहरुको लागि अनि होर्मामां भयेकाहरुको ३०
लागि र कोराशानमां भयेकाहरुको लागि र अत्ताक्मां भयेकाहरुको लागि
अनि हेब्रोनमां भयेकाहरुको लागि अनि सब्बै ठांउमां जहां जहां दाऊद् ३१
र त्येस्का मान्छेहरु आइजाइ गर्द थिये ति सबैको लागि॥

अब पलिश्तीहरुले इस्राएल् सित लड़ाईं गर्द थिये. अनि ३१ १
इस्राएल्का मान्छेहरु पलिश्तीहरुको सांमु देखि भाग्येर गिल्बो डांड़ामां
घायल् भइ लड़ेर। अनि पलिश्तीहरुले शाऊल् र त्येस्का छोराहरुलाइ धाइ २
धाइ खेद्दे लग्ये अनि पलिश्तीहरुले शाऊलका छोराहरुलाइ अर्थात्
योनातान् अबिनादाब् र मल्कीशूलाइ मांर्ये। अनि लड़ाईं शाऊलको ३
बिरुद्धमं सारो पर्यो अनि कांड़धनु हान्नेहरुले त्येस्लाइ भेट्टाये अनि धनु
हान्नेहरुको कारणले त्यो सारो अन्योलमां पर्यो। तब शाऊलले आफ्नु हतियार् ४
बोक्नेलाइ भन्यो आफ्नु तरवार् झिकेर मंलाइ रोप् छोइन भन्ये ता ति
बिखत्नेहरुले आयेर मंलाइ रोप्नन् अनि मेरो निन्दा गर्नन्। तर त्येस्को
हतियार् बोक्नेले मान्येन किनभन्ये त्यो बिघ्न डरायो। येस्कारण् शाऊल्
आफ्नु तरवार् झिकेर त्येस्मां आफै लड़ि रोपीयो। अनि जब त्येस्को ५
हतियार् बोक्नेले शाऊलल्लाइ मंर्येको देख्यो तब त्यो पनि आफ्नु तरवारमां
लड़ि रोपीयेर त्येइ भैं मंर्यो। येसोरिकन शाऊल् र त्येस्का तीन् भाई ६
छोराहरु र त्येस्को हतियार् बोक्ने र त्येस्का सबै मान्छेहरु त्येसै दिन् सङै
मंर्ये। अनि जब खोलाको पारि पट्टि भयेका इस्राएलका मान्छेहरुले र ७
यर्दन् पारि भयेकाहरुले इस्राएलका मान्छेहरु भाग्ये छन् अनि शाऊल् र
त्येस्का छोराहरु मंर्ये छन् भनि देख्ये तब तिनिहरु आफ्नु आफ्नु सहर्
छोड़ेर भाग्ये अनि पलिश्तीहरुले आयेर तिनमां बास् गर्ये॥

अनि भोलि पल्टो येसो भयो जब पलिश्तीहरु मांरीयेकाहरुलाइ लुटि ८
नंग्याउंनुलाइ आये तब तिनिहरुले शाऊललाइ र त्येस्का तीन् भाई

९ क्रोराहरुलाइ गिल्बो डांड़ामां लड़ि रह्योका भेटाये । अनि तिनिहरुले त्येस्को
सिर् काटेर अनि त्येस्का हतियार् फुकाल्ये अनि पलिश्तीहरुको देसमां चारै
तिर तिनिहरुका देवताथानमां र लोगमां समाचार् लांनुलाइ पठाइ दिये ।
१० अनि तिनिहरुले त्येस्को हतियार् चइं अश्तारोत्को मन्दिरमां राख्ये . अनि
११ तिनिहरुले त्येस्को मुर्दा चइं बेत्शान्को भित्तामां टांसि दिये । अनि जब
याबेश्गिलाद्का बासीहरुले पलिश्तीहरुले शाऊल्लाइ येसो येसो गर्ये
१२ अरे भनि सुन्ये तब सबै बीर्हरुले उठेर रातभरि हिंड़ेर शाऊल्को
र त्येस्का क्रोराहरुका मुर्दाहरु बेत्शान्को भित्ता देखि झार्येर याबेश्मां
१३ ल्यायेर ति वहां पोलि दिये । त तिनिहरुले तिनका हाड़ुहरु लर्येर याबेश्मां
भयेको झाऊको बोट् मुनि गाड़ि दिये वहांदेखि सात् दिन् सम्म
उपास् बस्ये ॥

शमूएल्को दोस्रो पोस्तक् ।

(शाऊल् मंर्यो भर्च्ये समाचार्)

१ १ अनि शाऊल्को मंरण् पछि येसो भयो जब दाऊद् अमालेकीहरुलाइ
२ मांरि फर्कि आयेर सिक्लगमां बस्येको दुइ दिन् भयेको थियो तब
तीस्रो चइं दिनमां येसो पनि भयो हेर शाऊल्को क्याउंनी देखि लुगा
च्यात्येको र थाप्नोमां धूलो हाल्येको मान्छे आयो . अनि येसो भयो जब त्यो
३ दाऊद् थांइ आइ पुग्यो तब त्येस्ले भूइंमां घोप्टो पर्येर दण्डवत् गर्यो । अनि
दाऊद्ले त्येस्लाइ कहां बाटो आउंदै कुन् भन्यो । त त्येस्ले त्येस्लाइ भन्यो
४ इस्राएल्को क्याउंनी बाटो बांचि आउंदै कु । त दाऊद्ले त्यो सित सोध्यो
कृपागरि मंलाइ भन् को को भयो । त त्येस्ले उत्तर् दिइ भन्यो लोग् लड़ाइँ
देखि भाग्ये अनि लोगमांका धेरै जना मरि लड़ेर अनि शाऊल् र त्येस्को
५ क्रोरो योनातान् पनि मर्ये । तब दाऊद्ले त्येस् समाचार् सुनाउंने जुवान्लाइ
६ भन्यो शाऊल् र त्येस्को क्रोरो योनातान् मर्यो भनि कसोरि जान्द कुस् । त
त्येस्लाइ सुनाउंने जुवान्ले भन्यो संयोग्ले मं गिल्बो डांड़ामां थियें अनि
हेर शाऊल् आफ्नु भाला टेकि रह्येको रक्ष अनि हेर रथहरु र
७ घुक्सवारहरुले धाइ धाइकन खेद्दा राक्षन् । अनि जब त्येस्ले पछि फर्कार
मंलाइ देख्यो तब मंलाइ बोलायो । तब मैंले यहां कु भनि उत्तर दियें ।
८ अनि त्येस्ले मं सित सोध्यो तं को होस् । त मैंले त्येस्लाइ अमालेकी हुं
९ भनि उत्तर दियें । त त्येस्ले मंलाइ भन्यो कृपागरि मं क्षेउ उभीयेर मंलाइ
मार् किनभन्ये मंलाइ भाउन्न कुट्दै छ कमोगरिभन्ये मेरो प्राण् अझै मेरो
१० जीउमां पूरो छ । त मैंले त्यो क्षेउ उभीयेर त्येस्लाइ मार्यें किनभन्ये त्यो

लड़ेर पक्कि जीउंनु सक्दैन भनि मैंले सांचि सांचि याहा पायें . अनि मैंले
त्येस्को सिर्मां भयेको मुकुट् र त्येस्को पाखुरामां भयेको ताबीज् लिइ यहां
आफ्ना प्रभु यांइ ल्यायेको छु । तब दाऊद्ले आफ्ना लुगा समात्येर च्यात्यो ११
अनि त्यो सङ्का सबै जनाले पनि त्येसै गर्‍ये . अनि तिनिहरु शाऊल्को लागि १२
र त्येस्को छोरो योनातान्को लागि र यहूवेका लोगको लागि र इस्राएल्का
जहान्को लागि तिनिहरु तरवार्ले लड़ेरको कारणले बिलाप् गर्दै रोये
अनि सांझ् सम्म उपास् बस्ये । अनि दाऊद्ले त्येस्लाइ सुनाउंने जुवान्लाइ १३
तं कहांको होस् भनि सोध्यो । त त्येस्ले भन्यो मं अमालेकी हुं बिदेसीको १४
छोरो । अनि दाऊद्ले त्येस्लाइ भन्यो कि तं यहूवेको अभिषिक्तलाइ नास्
पार्नुलाइ हात् पसार्नु डराइनस् । यहांदेखि दाऊद्ले जुवानहरुमांको १५
एउटालाइ बोलायेर त्येस्लाइ भन्यो नजिक् गयेर त्येस् मांथि जाइ लाग् ।
त त्येस्ले त्येस्लाइ मर्ने गरि हिर्कायो । अनि दाऊद्ले त्येस्लाइ भन्यो तेरो १६
लोहू तेरै सिर्मां परोस् किनभन्ये मैंले यहूवेको अभिषिक्तलाइ मार्‍यें
भन्ये साक्षी तेरै मुख्ले दियो ॥

(शाऊल् र योनातान्को बिषय्मां दाऊद्को बिलापी गीत्)

अनि दाऊद्ले शाऊल् र त्येस्को छोरो योनातान्को बिषय्मां यो १७
बिलापी गीत् गाउंदै बिलाप् गर्‍यो . अनि त्येस्ले यहूदाबंशीहरुलाइ धनुको १८
गीत् सिकाउंनु लगायो . हेर त्यो याशार्को पोत्थाक्मां लेख्येको छ ॥

हे इस्राएल् तेरो सिङार् तेरा अल्गा ठांउमां मारीयो . १९
महाबीरहरु कसोरि लड़ेर ।
गात्मां त्यो न सुना २०
अश्कलोन्का सटक्हरुमां प्रचार् न गर
होइन भन्ये ता पलिश्तीहरुकी छोरीहरु रमाउंनिन्
होइन भन्ये ता बिखत्नेकी छोरीहरुले जय् गर्निन् ।
हे गिल्बोका डांड़ाहरु हो २१
तिमिहरु मांथि न शीत् न झरी बर्सोस् न भेटि माफिक्को खेत् .
किनभन्ये त्यहां बीरहरुका ढाल् हेलां सित आफालीयो
शाऊल्को ढाल् तेल् न लगायेको भइ ।
मारीयेकाहरुको लोहू देखि र बीरहरुका बोसो देखि २२
योनातान्को धनु फर्क्यन
अनि शाऊल्को तरवार् रित्ते फर्क्यन ।
शाऊल् र योनातान् जीउंदा छंदा प्रिय र मनपर्दा थिये २३
अनि मर्दा पनि छुट्टीयेनन्
गिद्धहरु भन्दा छिट्टा थिये

सिंहहरु भन्दा बल्लिया ।

२४ हे इस्राएल्की छोरीहरु हो शाऊल्को लागि रोव
जस्ले तिमिहरुलाइ सिंदुरे रंगको रास्रो वस्त्र पहिन्याउंथ्यो
जस्ले सुन्को गहना तिमिहरुको पहिरन्मां लगाइ दिंथ्यो ।

२५ लड़ाईंको बीच्मां महावीरहरु कसोरि लड़ेर
तेरा अलगा ठांउमां योनातान् मारीयो ।

२६ हे मेरा दाज्ञेइ योनातान् तिम्रो लागि मं दुखित् छु ।
तिमि मेरो लागि अतिघोर् मनपर्दा थियौ ।
तिम्रो प्रेम् मं मांथि उदेक्को थियो
आइमाइहरुको प्रेम् भन्दा बेसि ।

२७ महावीरहरु कसोरि लड़ेर
अनि लड़ाईंका हतियार् नष्ट भये ॥

(हेब्रोन्मां भयेका कुरा)

२ १ अनि त्येस् पछि येसो भयो दाऊद्ले येसो भनिकन यहूवे सित सोधनी गर्यो कि मं यहूदाका सहरहरुमांको कुनैमां चढ़ि जाउं भनि । त यहूवेले त्येस्लाइ भन्यो चढ़ि जा । तब दाऊद्ले कता तिर चढ़ि जाउं भनि
२ सोध्यो । तब उस्ले भन्यो हेब्रोन् चइं तिर । तब दाऊद् उतै तिर चढ़ि गयो त्यो सङ त्येस्की दुवटी स्वास्नीहरु पनि यिज्रेली अहीनोआम् र कर्मेली
३ नाबाल्की स्वास्नी अबीगेल् । अनि आफु सङ भयेका मान्छेहरुलाइ तिनका जहान्हरु समेत्लाइ दाऊद्ले चढ़ाइ ल्यायो . अनि तिनिहरु
४ हेब्रोन्का सहरहरुमां बस्से । अनि यहूदाका मान्छेहरुले आयेर दाऊद्लाइ वहां यहूदाको जहान् मांथि अभिषिक्त गर्ये ॥

अनि दाऊद्लाइ शाऊल्लाइ गाड्नेहरु याबेशगिलाद्का लोग् थिये
५ भनि सुनाईयो । त दाऊद्ले येसो भनिकन याबेशगिलाद्का लोग् थांड वूत्हरुलाइ पठायो तिमिहरुले आफ्ना प्रभु श्रं शाऊल् मांथि यो कृपा
६ देखायेका छौ अर्थात् त्येस्लाइ गाड़ेका छौ येस्कारण् तिमिहरु यहूवेका धन्य हुव । अब यहूवेले तिमिहरु मांथि कृपा र सच्चेई देखावस् . अनि मं पनि
७ तिमिहरुलाइ त्यो कृपाको साटो दिंछु किनभन्ये तिमिहरुले यो काम् गर्येका छौ . येस्कारण् अब तिमिहरुका हात् बल्लिया होउन् अनि महावीर् हुव . किनभन्ये तिमिहरुको प्रभु शाऊल् मर्यो अनि यहूदाको जहान्ले मलाइ आफ्नु मांथि राजा अभिषिक्त पनि गर्येको छ ॥

८ त्येस् बेला शाऊल्को सेनापति नेरको छोरो अब्नेरले शाऊल्को
९ छोरो ईश्बोशेत्लाइ लियेर महनेम्मां तारि ल्यायो वहांदेखि त्येस्लाइ गिलाद् र अशूरीहरु र यिज्रेल् र एफ्रैम् र बिन्यामीन् र सिंगै इस्राएल्
१० मांथि राजा तुल्यायो । (शाऊल्को छोरो ईश्बोशेत् इस्राएल् मांथि राज् गर्नु लाग्दा चालीस् वर्षको थियो अनि त्येस्ले दुइ वर्ष राज् गर्यो ।) तर

यहूदाको जहान्चइंले ता दाऊद्लाइ पछ्यायो। अनि दाऊद् हेब्रोन्मां ११
यहूदाको घर् मांथि राज् गर्दै रह्नेका दिन् सात् बर्ष र छ महींना थिये॥

अनि नेर्को छोरो अब्नेर् र शाऊल्को छोरो ईश्बोशेत्का चाकरेहरु १२
महनेम् बाटो निस्क्येर गिबोन्मां आये। अनि सरूयाह्को छोरो योआब् र १३
दाऊदका चाकरेहरु निस्के अनि गिबोन्को पोखरी निर तिनिहरुको भेट्
भयो. अनि तिनिहरुको एक् छाउंनी पोखरीको यो छेउ अर्को चइं
पोखरीको अर्को छेउ बस्यो। त अब्नेर्ले योआब्लाइ कृपागरि जुवान्हरुलाइ १४
उठेर हांमिहरुको सांमु खेल्नु दिंनु हवस् भन्येर भन्यो। त योआब्ले
भन्यो हुनु। तब तिनिहरु उठेर गन्ति गन्ति अनुसार् गये अर्थात् १५
बिन्यामीन् र शाऊल्को छोरो ईश्बोशेत्को पट्टिका बारह् जना अनि
दाऊदका चाकरेहरुमांका बारह् जना। तब तिनिहरुले आफ्नु आफ्नु १६
साथीको मनो मनो समात्ये अनि आफ्नु आफ्नु साथीको कोखा
कोखामां तरवार् रोपि दिये येसोरि तिनिहरु सङ्सङै लड्ये. येस्कारण् त्येस्
ठांउको नांउ हेल्कथस्सूरीम्[1] राख्ये जुन् ठांउ गिबोन्मां छ। अनि त्येस् १७
दिन् अरघोर् सारो लड़ाईं पर्‍यो अनि अब्नेर् र इस्राएलका मान्छेहरुले
दाऊदका चाकरेहरु देखि हार्ये। अनि सरूयाहका तीन् भाई छोरा योआब् १८
अबीशै र असाहेल् वहां थिये अनि असाहेल् चइं बन्को मुडुली मिर्गाको
जस्तो हलुङ् खुट्टा भयेको मान्छे थियो। अनि असाहेल्ले अब्नेर्लाइ खेद्यो १९
अनि अब्नेर्लाइ खेद्दै दाहींनो बाउं फर्कन। तब अब्नेर्ले पछि फर्कि २०
भन्यो ए असाहेल् को तंनै होस्। त त्येस्ले मैं हुं भनि उत्तर् दियो। त २१
अब्नेर्ले त्येस्लाइ भन्यो जुवान्हरुमांको येउटा तिर फर्कर त्येस्चइंलाइ
लूट्। तर असाहेल्ले त्येस्लाइ खेद्नु देखि फर्कनु मान्येन। फेरि अब्नेर्ले २२
असाहेल्लाइ भन्यो मंलाइ खेद्नु देखि फर्कि जा. किन मं तंलाइ मांरि भूइंमां
लड़ाइ दिउं. त मं कसोगरि तेरो दाज्यु योआब्को सांमु आफ्नु मुख
देखाउं। तैपनि त्येस्ले फर्कि जांनु मान्येन. येस्कारण् अब्नेर्ले आफ्नु २३
भालाको फेद्ले त्येस्को भूंड़िमां त्येस्को पछिल् तिर निस्कि जाउंज्याल् सम्म
गरि हानि दियो त त्यो त्यहां लड़ेर तिहींनै मरि गयो. अनि येसो
भयो असाहेल् लड़ेरको र मर्‍येको ठांउमा जति जना आये त्येति जना
त्यहां अड़ीये। तर योआब् र अबिशै अब्नेर्लाइ खेद्दै रह्ये. अनि तिनिहरु २४
गिबोन्को बन्को बाटो गीह्को सांमु भयेको अम्मा डांड़ामां पुगदा घाम्
अस्तायो। अनि बिन्यामीनबंशीहरु अब्नेर्को पछि पछि लागि एक् २५
गट्ठा भइ गयो अनि येउटा डांड़ाको पाम्निमां अड़ीये। तब अब्नेर्ले २६
योआब्लाइ हाकारि भन्यो को तरवार्ले सधैंभरि खेद्दै रहंछ। को तिमिहरुले
येस्को अन्त तीनेइं छ भनि चाल् पाउंदैन त कैले सम्म आफ्ना
दाज्युभाईहरुलाइ न खेद्नुलाइ आफ्ना मान्छेहरुलाइ आज्ञा दिंदैन।

[1] अर्थात् छुरीहरुको जग्गा।

२७ तब योआब्ले भन्यो ईश्वर् जीइ रह्येको झैं आफुले भन्नु न भयेको
भये देखि निस्से लोग् बिहानै गइ गयेका हुंने थिये अनि आफ्ना
२८ दाज्युभाईहरुलाइ खेद्येका हुंने थियेनन्। तब योआब्ले आफ्नु नर्सींगा
बजायो तब सबै लोग् अड़ीये अनि फेरि इस्राएल्लाइ खेद्येनन् फेरि
२९ लड़ाईं पनि गर्‍येनन्। त त्येसै रात् अब्नेर् र त्येस्का मान्छेहरु अराबामां
हिंड़ि गये वहांदेखि तिनिहरु यर्दन् तर्‍येर सिंगै बित्रोन्मां हिंड़ि महानैम्मां
३० पुग्ये। अनि योआब् अब्नेर्लाइ खेद्नु देखि फर्कि आयो. अनि जब
त्येस्ले सबै लोगलाइ भेला गरायो तब दाऊद्का चाकरेहरुमांका उन्नीस्
३१ जना र असाहेल् चइं घटि रछ। तर दाऊद्का चाकरेहरुले बिन्यामीन्मांका
र अब्नेर्का मान्छेहरुमांका तीन् सै साठी जनालाइ मंरुंज्याल् सम्म
३२ हिर्कायेका थिये। वहांदेखि तिनिहरुले असाहेल्लाइ बोकि लग्येर
बेत्लेहेम्मां भयेको त्येस्को बाबुको चिहान्मां गाड़्ये। अनि योआब् र
त्येस्का मान्छेहरु रात्भरि हिंड़्ये र हेब्रोन्मां पुग्दा दिन् बिहायो॥

३ १ त शाऊल्को र दाऊद्को घर्को बीच्मां धेरै दिन् सम्म लड़ाईं
रह्यो. अनि दाऊद् चइं बल्लियोनै हुंदै गयो तर शाऊल्को घर् चइं
निर्बल्लियो हुंदै गयो॥

२ अनि हेब्रोन्मां दाऊद्का छोराहरु जन्म्ये। त्येस्को जेठो छोरो यिज्रेली
३ अहीनोअम् पट्टिको अम्नोन् थियो अनि त्येस्को माइलो चइं कर्मेली
४ नाबाल्की स्वास्नी अबीगैल् पट्टिको किलाब् अनि सांइलो चइं गशूर्को
५ राजा तल्मैकी छोरी माकाको छोरो अब्शालोम् अनि कांइलो चइं
हग्गीत्को छोरो अदोनिय्याह् अनि अन्तरे चइं अबीतल्को छोरो शपत्याह्
अनि कान्छो चइं दाऊद्की स्वास्नी एग्ला पट्टिको यित्राम्। हेब्रोन्मां
दाऊद्का यिनै छोराहरु जन्म्ये॥

६ अनि येसो भयो शाऊल्को र दाऊद्को घर्को बीच्मां लड़ाईं हुंदै
७ रह्येको बेलामां अब्नेर् चइं शाऊल्को घर्मां बल्लियो हुंदै गयो। अनि
शाऊल्की येउटी रखैली थिई जस्को नांउ ऐय्याह्की छोरी रिश्पा थियो.
त ईश्बोशेत्ले अब्नेर्लाइ भन्यो तिमि मेरो बाबुकी रखैलीकां किन
८ गयौ। तब ईश्बोशेत्को कुराले अब्नेर्ले सारो रिसायेर भन्यो क्ये मं
यहूदा पट्टि भयेको कुकुर्को टाउको हुं. आजु मं तिम्रो बाबु शाऊल्को
घर् मांथि र त्येस्का दाज्युभाईहरु मांथि र त्येस्का इष्टमित्र मांथि दया गर्द
छु अनि तिमिलाइ दाऊद्को हात्मां सुम्प्येको छुइंन र पनि तिमि आजु
९ मंलाइ येस् आइमाइको बिषय्मां दोष् लगाउंद छौ। यह्वेले दाऊद्
सित किरिया खायेको झैं मैंले पनि त्यो सित येसै गरींन भन्ये देखि ईश्वर्ले
१० येसै अं यो भन्दा पनि बेसि अब्नेर् सित गरोस् अर्थात् शाऊल्को
घर् देखि राज् फेर्‍येर दाऊद्को सिंहासन् दान् देखि बेर्शेबा सम्म इस्राएल्
११ मांथि र यहूदा मांथि उभ्याउंनुलाइ। अनि डर्ले त्येस्ले अब्नेर्लाइ एक्
कुरोको उत्तर् दिंनु सक्येन॥

येस् पछि अब्नेर्ले आफ्नु बिषयमां दाऊद् थांइ येसो भनिकन दूत् १२
पठायो देस् कस्को हो. अनि येसो पनि भनि पठायो मं सङ बाचा बांधुनु
हवस् त हेर मेरो हात् सिंगै इस्राएल्लाइ आफु पट्टि ल्याउंनुलाइ आफु
पट्टि हुंछ। त येस्ले भन्यो हुंछ मं तिमि सित बाचा बांधुंछु. तर मेरो मुख् १३
हेर्नुलाइ आउंद छौ त आऊल्की छोरी मीकल्लाइ न ल्याउंज्याल् सम्म
मेरो मुख् हेर्नु पाउंदौन येस् कुरो पनि मं तिमि सित मांगद् छु। अनि १४
दाऊद्ले आऊल्को छोरो ईश्बोशेत् थांइ येसो भनिकन दूत् पठायो मैले
पलिश्तीहरुका सैंवटा खलड़ी दिइकन मैले ब्याहा गर्येकी मेरी स्वास्नी
मीकल्लाइ मंलाइ सुम्पि देउ। त ईश्बोशेत्ले पठायेर येस्लाइ येस्को लोग्ने १५
ग्रं लैश्को छोरो पल्तीएल् देखि ल्यायो। अनि येस्को लोग्ने चइं रुंदै रुंदै १६
यो सङ आयो अनि येस्लाइ बहूरीम् सम्म पछ्यायो। तब अब्नेर्ले येस्लाइ
भन्यो फर्कि जा. त यो फर्कि गयो॥

अनि अब्नेर्ले इस्राएल्का प्राचीन्हरु सित येसो भनि कुरा गर्यो १७
अगाड़ि तिमिहरुले दाऊद्लाइ आफु मांथि राजा तुल्याउंनु खोज्द थियौ.
त अब त्येसै गर. किनभन्ये यहूवेले दाऊद्को बिषयमां मं आफ्नु दास् १८
दाऊद्को हात् बाटो आफ्नु लोग् इस्राएल्लाइ पलिश्तीहरुको हात् देखि
र तिनिहरुका सबै सत्रुहरुको हात् देखि छोड़ाउंछु भन्येर भन्येको छ।
अनि अब्नेर्ले बिन्यामीन्को कानमां पनि भन्यो. अनि अब्नेर् जे जे १९
इस्राएल्लाइ र बिन्यामीन्को सिंगै घर्लाइ जाति लाग्येको थियो ति
दाऊद्का कानमां पनि भन्नुलाइ हेब्रोन्मां गयो। त अब्नेर् हेब्रोन्मां दाऊद् २०
थांइ आयो अनि त्यो सङ बीस् जना मान्छेहरु पनि। अनि दाऊद्ले अब्नेर् र
त्यो सङ भयेका मान्छेहरुको लागि भोज् लायो। अनि अब्नेर्ले दाऊद्लाइ २१
भन्यो मं उठि जांछु अनि सिंगै इस्राएल्लाइ आफ्ना प्रभु महाराजा थांइ
मेला गराउंछु र तिनिहरुले आफु सङ् बाचा बांधुन् अनि आफुले आफ्नु
मन्पर्दोगरि राज् गर्नु हवस्। तब दाऊद्ले अब्नेर्लाइ बिदा दियो त यो
कुशल् सित गयो। अनि हेर दाऊद्का र योआब्का चाकरेहरु गठ्ठा बांधि २२
गइ धेरै लूट् लियेर फर्कि आउंदै थिये. तर अब्नेर् चइं दाऊद् सङ हेब्रोन्मां
थियेन किनभोगरिभन्ये त्येस्ले त्येस्लाइ बिदा दियेको थियो अनि त्यो कुशल् सित
गइ गयेको थियो। जब योआब् र त्यो सङ भयेका पल्टन् आइ पुग्ये तब २३
योआब्लाइ नेरको छोरो अब्नेर् राजा थांइ आयेको थियो अनि राजाले
त्येस्लाइ बिदा दियो अनि त्यो कुशल् सङ गयो भन्ये कुरो सुनाईयो। तब २४
योआब्ले राजा थांइ आयेर भन्यो आफुले के गर्नु भयो. हेर्नु हवस् अब्नेर्
आफु थांइ आयेको थियो त आफुले किन त्येस्लाइ बिदा गरि दिनु भयो
अनि त्यो गइ गयो। आफुले नेरको छोरो अब्नेर्लाइ चिन्नु हुंद छ त्यो २५
आफुलाइ धोखा दिनु र आफुको भित्र बाहिर अवाई जवाई चाल् पाउंनुलाइ
र आफुले जे जे गर्नु हुंद छ त्यो बूझ्नुलाइ आयेको हो भनि थाहा पाउंनु
हुंद छ। अनि जब योआब् दाऊद्कांटो निस्क्यो तब त्येस्ले अब्नेर् पछि पछि २६

दूत् पठायो त तिनिहरुले त्येस्लाइ सीराको इनार् देखि फर्काइ ल्याये. तर
२७ यो कुरो दाऊद्ले पाहा पायेन । अनि जब अब्नेर् हेब्रोन्मां फर्कि आयो तब योआब्ले त्येस्लाइ त्यो सित एकान्तमां कुरा गर्नुलाइ ढोका भित्र ल्यायो वहांदेखि त्येस्को भाई असाहेल्को लोहूको कारणले त्येस्को भूंड़िमां मर्न
२८ गरि हिर्कायो । त्येस् पछि दाऊद्ले यो कुरो सुन्येर भन्यो मं र मेरो राज् यहूवेको सांमु नेर्को ढोरो अब्नेर्को लोहूको विषयमां सदा निर्दोषी छौं.
२९ त्यो योआब्को सिर् मांथि र त्येस्को बाबुको घर्को सिर् मांथि परोस् अनि योआब्को घर्मांको बहंने बेग्ला भयेको कि कोढ़ी कि लठ्ठरो टेकि हिंड्ने कि तरवार्ले लड्ने कि रोटीको अपुग्ये भयेको मान्छेको घटि न हवस् ।
३० येसोरि योआब् र त्येस्को भाई अबीशैले अब्नेर्लाइ मांर्ये किनभन्ये त्येले तिनिहरुको भाई असाहेल्लाइ गिब्योन्मां लड़ाईंमां मांर्येको थियो ॥
३१ अनि दाऊद्ले योआब् र त्यो सङ भयेका सबै मान्छेहरुलाइ भन्यो आफ्नु आफ्नु लुगा च्यात अनि जीउमां भाड्रा बेह्रेर अनि अब्नेर्को सांमु बिलाप् गर । अनि दाऊद् राजा मुर्दाको कांदिकाठ् पछि पछि
३२ हिंड्यो । त तिनिहरुले अब्नेर्लाइ हेब्रोन्मां गाड़ेर . अनि राजा आफ्नु शब्द उचालि अब्नेर्को चिहान्मां रोयो अनि सबै मान्छेहरु पनि रोये ।
३३ अनि राजाले अब्नेर्को विषयमां येसो भन्दै बिलापी गीत् गर्यो
के अब्नेर् मूर्ख झैं मर्नु पर्द थियो ।
३४ तिम्रा हात् बांधीयेका थियेनन् न तिम्रा गोड़ा सांग्लामां हालीयेका थिये
जसोरि दुष्टका सन्तानको सांमु कोई लड़द्द छ त्येस्ले तिमि पनि लड़्यौ ।
३५ त सिंगे लोग् त्येस्को विषयमां फेरि दोहोर्याइ रोये । अनि सिंगे लोग् आयेर दिन् रहंदेखेरि दाऊद्लाइ रोटी खानु लाउंनुको लागि आये तर दाऊद्ले येसो भनिकन किरिया खायो घाम् न अस्ताउंज्याल् सम्म मैले रोटी
३६ कि अरु केइ थोक् खायें भन्ये देखि ईश्वर्ले मं सित येसै अं यो भन्दा पनि बेसि गरोस् । अनि सबै लोगले येस् विषयमां बूझ् पाये अनि तिनिहरुलाइ जाति लाग्यो . अं राजाले जे जे काम् गर्यो ति लोगलाइ
३७ जाति लाग्यो । येसोरि त्येस् दिन् सिंगै लोग् र सिंगै इस्राएल्ले नेर्को ढोरो अब्नेर्लाइ मार्न कुरो राजाको पट्टि बाटो भयेको होइन रछ भनि
३८ पाहा पाये । अनि राजाले आफ्ना चाकरेहरुलाइ भन्यो के तिमिहरुलाइ आजु इस्राएलमां एक जना कुंवर् र बड़ादमी लड़्यो भनि पाहा छैन ।
३९ अनि मं चड़ं राजाभिषिक्त भयेको छु र पनि आजु निर्बल्लियो छु अनि यि सरूयाहका छोराहरु मेरो लागि अरघोर् कठोर् लोग् छन् . यहूवेले बुराई गर्नेलाइ त्येको बुराई अनुसारको साटो देवस् ॥
४ १ अनि जब शाऊल्को छोरो ईश्बोशेत्ले अब्नेर् हेब्रोन्मां मर्यो छ भनि सुन्यो तब त्येस्को पाखुरै भांचीयो अनि सबै इस्राएलीहरु परेशान
२ भये । अनि शाऊल्को छोरो ईश्बोशेत्का दुइ जना गट्ठाहरुका मालिकहरु

थिये. येउटाको नांउ बाना अनि अर्कोको नांउ रेकाब् हुवे जना बिन्या-
मीनवंशीहरुमांको बेरोती रिम्मोन्का छोराहरु थिये. (कसोगरिभन्ये
बेरोत् पनि बिन्यामीन्को पट्टि गनींद छ. अनि बेरोतीहरु गित्तेम्मां ३
भाग्येर आजु सम्म वहां प्रवासी भइ रह्येका छन्) ॥

अब शाऊल्को छोरो योनातान्को येउटा पुरै खोरखडे भयेको छोरो ४
थियो। जब शाऊल् र योनातान्को बिषयमां यिज्रेल् बाटो समाचार् आयो
तब त्यो पांच् बर्षको थियो त त्येस्की धेर्नै त्येस्लाइ बोक्येर भाग्द थिई.
त हतार् हतारगरि भाग्दा येसो भयो त्यो लड्येर खोरखडे भयो। अनि
त्येस्को नांउ मपीब्रोशेत् थियो ॥

अनि बेरोती रिम्मोन्का छोराहरु रेकाब् र बाना निस्क्येर घाम् चर्काको ५
बेलामां ईश्बोशेत्को घर्मां आये अनि त्यो चइं मद्धेनि दिन्को बिश्राम्मां
थियो। त तिनिहरु गहूं झिकनुलाइ जांने निउं गरि भित्र गये वहांदेखि ६
त्येस्लाइ भूंड़िमां हिकांये. अनि रेकाब् र त्येस्को भाई बाना बांचि निक्ल्ये।
तिनिहरु घर् भित्र पस्येको बेलामां त्यो आफ्नु सुत्ने कोठामां ओछ्यान्मां ७
ढल्कि रह्येको थियो तब तिनिहरुले त्येस्लाइ हिकांयेर मांर्ये वहांदेखि त्येस्को
सिर् काटेर वहांदेखि त्येको सिर् चइं लियेर रात्भरि अराबाको बाटो बाड़ो
हिंड़ि गये। वहांदेखि तिनिहरुले ईश्बोशेत्को सिर् दाऊद् थांइ हेब्रोन्मां ८
ल्याएर राजालाइ भन्ये आफुको प्राण् खोज्ने आफुको सत्रु शाऊल्को छोरो
ईश्बोशेत्को सिर् हेर्नु हवस् त यहवेले आजु हांम्रा प्रभु महाराजाकम
शाऊल्को बिषयमां र त्येस्का सन्तानको बिषयमां त्येस्को साटो दियो। तब ९
दाऊदले बिरोती रिम्मोन्का छोराहरु रेकाब् र त्येस्को भाई बानालाइ
उत्तर् दिइ भन्यो यहवे जीइ रह्येको भैं जस्ले मेरो प्राण्लाइ सिंगै बिपत्ति
देखि छोड़ायेको छ शुभ समाचार् सुनाउंद कु भनि ठान्येर जब कसैले १०
मंलाइ हेर्नु हवस् शाऊल् मंर्यो भनि सुनायो तब मैंले त्येस्लाइ समात्येर
सिक्लगमां मांरि दियें त्येस्को समाचारको साटो मैंले त्येस्लाइ त्यसै गर्यें।
त झनसारो कति ज्यास्तिगरिकन जब दुष्टहरुले येउटा धर्म्मी मान्छेलाइ ११
त्येस्के घर् भित्र त्येस्के ओछ्यानमां मांर्ये त को अब मं त्येस्को लोहूको साटो
तिमिहरुको हात् देखि लिन्न अनि तिमिहरुलाइ पृथिवी देखि मेटि दिन्न। तब १२
दाऊदले आफ्ना जुवान्हरुलाइ आज्ञा दियो अनि तिनिहरुले तिनिहरुलाइ
मांर्ये अनि तिनिहरुका हात् गोड़ा काटेर वहांदेखि तिनिहरुलाइ हेब्रोनमां
भयेको पोखरीको छेउमां झुंड्याइ दिये। तर तिनिहरुले ईश्बोशेत्को
सिर् चइं उठाइ लग्येर हेब्रोनमां अब्नेरको चिहानमां गाड़ेर ॥

(सिंगै इस्राएल् मांथि दाऊद् राजाभिषिक्त)

तब इस्राएलका सब्बै कुलले हेब्रोनमां दाऊद् थांइ आयेर येसो ५ १
भन्ये हेर्नु हवस् हांमिहरु आफुका हाड़ र आफुका मांसु हौं। अगाड़िने २
पनि जब शाऊल् हांमिहरु मांथि राजा थिये तब्बै पनि आफुने इस्राएल्

लाइ बाइर भित्र लैजांने ल्याउंने हुंनु हुंथ्यो . अनि यहूवेले आफुलाइ
तैंले मेरो लोग् इस्राएल्लाइ चराउंछस् अनि तं इस्राएल् मांथिको
२ मालिक् हुंछस् भन्येर भन्येको थियो । त इस्राएल्का सिंगे प्राचीनहरू
हेब्रोन्मां राजा थांइ आये अनि दाऊद् राजाले तिनिहरू सङ हेब्रोन्मां
यहूवेको सांमु बाचा बांध्यो . अनि तिनिहरूले दाऊद्लाइ इस्राएल् मांथि
राजाभिषिक्त गर्‍ये ॥
४ जब दाऊद्ले राज् गर्नु थाल्यो तब त्यो तीस् बर्षको थियो अनि
५ त्येस्ले चालीस् बर्ष सम्म राज् गर्दै रह्यो । हेब्रोन्मां त्येस्ले साढे सात् बर्ष
सम्म यहूदा मांथि राज् गर्‍यो . अनि यरूशलेम्मां तेंतीस् बर्ष सम्म सिंगे
६ इस्राएल् र यहूदा मांथि राज् गर्दै रह्यो । अनि राजा र त्येस्का मान्छेहरू
त्येस् देस्का बासी यबूसीहरूको बिरुद्धमां यरूशलेम्मां गये . अनि
तिनिहरूले दाऊद् त्यहां पस्नु सक्दैन भनि ठान्येर दाऊद्लाइ येसो भन्यो तं
यहां भित्र पस्नु पाउंदैनस् तंलाइ ता अन्धाहरू र खोरुडेहरूलेनै दूर् गर्छन् ।
७ तैपनि दाऊद्ले सिय्योन्को गढि लिहाल्यो जो दाऊद्को सहर् हो ।
८ अनि त्येस् दिन् दाऊद्ले भन्यो जस् जस्ले यबूसीहरूलाइ मार्छन् त्यो
पानीको कुलो सम्म पुगोस् अनि दाऊद्को प्राणले घिनायेका अन्धा र
खोरुडेहरूलाइ मारोस् । येस्कारण् भनींद छ अन्धा र खोरुडे यहां छन् त्यो
९ घर्मां पस्नु पाउंदैन भनि । अनि दाऊद् त्येस् गढिमां पस्यो अनि त्येस्को
नांउ दाऊद्को सहर् राख्यो । अनि दाऊद्ले मिल्लो देखि र त्येस्को भित्र
१० पट्टि पनि बनायेर त्यो दबींलो गरायो । अनि दाऊद् बढ्दै बढ्दै गयो
कसोगरिभन्ये सेनाहरूको ईश्वर् यहूवे त्यो सङ थियो ॥
११ अनि सोर्को राजा हीराम्ले दाऊद् थांइ दूतहरू र देवदारुहरूहरू
र काठ्कर्म्मीहरू र गारोकर्म्मीहरूलाइ पठाइ दियो . त तिनिहरूले दाऊद्को
१२ लागि येउटा महल् बनाये । अनि दाऊद्लाइ यहूवेले मंलाइ इस्राएल्
मांथि राजा स्थिर् गर्‍यो अनि उस्ले आफ्नु लोग् इस्राएल्को कारणले
मेरो राज् अलग्यायो भनि थाहा भयो ॥
१३ अनि हेब्रोन् बाटो आये पछि दाऊद्ले आफ्नु लागि यरूशलेम् देखि
अरू रखैलीहरू र स्वास्नीहरू लियो . अनि दाऊद्का अरू पनि छोराछोरी
१४ जन्मे । अनि त्येस्का यरूशलेम्मां जन्म्येकाहरूका नांउ यि हुन् अर्थात्
१५ १६ शम्मू शोबाब् नातान् सुलैमान् यिभार् एलीशू नेपेग् यापी एलीशामा
एल्यादा र एलीपेलेत् ॥
१७ अनि जब पलिश्तीहरूले तिनिहरूले इस्राएल् मांथि दाऊद्लाइ
राजाभिषिक्त गर्‍ये अरे भन्येको सुन्ये तब सिंगे पलिश्तीहरू दाऊद्लाइ
खोज्नुलाइ चढि गये अनि दाऊद् यो कुरो सुन्येर गढिमां उत्रि गयो ।
१८ १९ तब पलिश्तीहरू आयेर रपाईम्को तरिमां फिंलीये । अनि दाऊद्ले येसो
भनिकन यहूवे सित सोधनी गर्‍यो कि मं पलिश्तीहरूको बिरुद्धमां चढि
जाउं . कि तपांइले तिनिहरूलाइ मेरो हातमां सुम्पि दिंनु हुंछ । तब

यहूवेले दाऊदलाइ भन्यो चढि जा. किनभन्ये मं निस्से पलिश्तीहरुलाइ तेरो हातमां सुम्पि दिंकु। त दाऊद् बालपरासीममां आयो अनि दाऊदले २०
तिनिहरुलाइ त्यहां मांग्यो तब त्येस्ले भन्यो यहूवेले मेरा सत्रुहरुलाइ मेरो सांमु पानीको फुटाई झैं फुटाइ दियो। येस्कारण त्येस्ले त्येस् ठांउको नांउ बालपराजीम्[1] राख्यो। अनि तिनिहरुले आफ्ना मूर्त्तिहरु त्यहां २१
छोड़िग त दाऊद् र त्येस्का लोगले ति लग्ये॥

अनि पलिश्तीहरु फेरि पनि आयेर रपाईमको तरिमां फिंजीये। २२
अनि जब दाऊदले यहूवे सित सोधनी गर्यो तब उस्ले भन्यो चढि न जा २३
तिनिहरुको पछाड़ि बाटो घुम्येर किम्बूको रुखको सांमु बाटो तिनिहरु मांथि जाइ लाग्। अनि येसो हुंकु जब तैंले किम्बूको रुखको थाप्नि २४
थाप्नि बाटो मान्के हिंड़ेग्को सोर् सुन्कुस् तब फुर्ति गर्. किनभन्ये त्येति बेला यहूवे तेरो अघि अघि पलिश्तीहरुको सेनालाइ मार्नुको लागि निस्कि जांद छ। त दाऊदले जस्तो आज्ञा यहूवेले त्येस्लाइ गर्येको थियो त्येसै २५
गर्यो अनि पलिश्तीहरुलाइ गिबा देखि गेजेर् पुग्ने सम्म मार्यो॥

(सम्पट् यरूशलेम्मां ल्याईंनु)

अनि दाऊदले फेरि इस्राएलका सबै रोजा रोजा तीस् हजार् ६ १
जना मान्छेहरुलाइ भेला गर्यो। त दाऊद् उठेर आफु सङ भयेका सबै २
लोग् समेत् बाले यहूदा देखि ईश्वर्को सम्पट् जो त्यो चइं नांउ अर्थात् करुबहरुको बीच् मांथि बस्येको सेनाहरुको यहूवेको नांउ भनींने थियो त्येह वहां बाटो ल्याउनुंलाइ गयो। त तिनिहरुले ईश्वर्को सम्पट् ३
येउटा नया गाड़ीमां बसाल्येर डांड़ामां भयेको अबीनादाब्को घर् देखि ल्याये. अनि अबीनादाब्का दुइ भाई छोराहरु उज्जा र अह्योले त्यो नया गाड़ी चलाये। अनि तिनिहरुले डांड़ामां भयेको अबीनादाब्को घर् बाटो ४
ईश्वर्को सम्पट् समेत् त्यो बाइर ल्याये. अनि अह्यो सम्पट्को अघि अघि हिंड्द थियो। अनि दाऊद् र इस्राएल्को सिंगै जहान् यहूवेको सांमु सल्लाको काठ्का बनायेका सबै भांतिका बाजाहरु र बीना र सितार् र मृदंग् र ठोलकि र झ्यामृा बजाउंदै आये। अनि जब तिनिहरु नाकोन्को खला निर ६
आइ पुग्ये तब गोरुहरुले ठोकर् खायेको कारणले उज्जाले आफ्नु हात् पसारि ईश्वर्को सम्पट् समाति थाम्यो। तब यहूवेको रिस् उज्जा मांथि उठ्यो ७
त ईश्वर्ले त्येस्को अठ्टेरेईंको कारणले त्येस्लाइ त्यहां हिर्कायो त त्यो त्यहां ईश्वर्को सम्पट् निर मर्यो। तब यहूवे उज्जा मांथि फुटि उठेको कारणले ८
दाऊद् रिसायो. त त्येस्ले त्येस् ठांउको नांउ पेरेसुज्जा[2] राख्यो जो आजु सम्म छ। अनि त्येस् दिन् दाऊदले यहूवे देखि डरायेर भन्यो यहूवेको सम्पट् ९
कसोगरि मं थांइ आउस्। त दाऊदले यहूवेको सम्पट् आफु थांइ दाऊद्को १०
सहरमां सार्नु मान्येन तर दाऊदले त्यो एका पट्टि गित्ती ओबेदेदोम्को घरमां

[1] अर्थात फुटाईयेको ठांउ। [2] अर्थात उज्जा मांथि फुटाई।

११ लग्यो। अनि यह्वेको सम्पट् गित्ती ओबेदेदोम्को घर्मां तीन् महींना सम्म
रह्यो. अनि यह्वेले ओबेदेदोम्लाइ र त्येस्का सबै जहान्लाइ आशीष्
१२ दियो। अनि दाऊद् राजालाइ येसो भनि सुनाईयो ईश्वर्को सम्पट्को
कारण्ले यह्वेले ओबेदेदोम्को जहान्लाइ र त्येस्का सब्बै थोकलाइ आशीष्
दियो भनि। त दाऊद्ले गयेर ईश्वर्को सम्पट् ओबेदेदोम्को घर् बाटो
१३ दाऊद्को सहर्मां हर्ष सङ ल्यायो। अनि येसो भयो जब यह्वेको सम्पट्
बोक्नेहरु छ कदम् हिंड़ि गये तब दाऊद्ले बहर् र पलुवाबाच्छा बलिदान्
१४ चढ़ायो। अनि दाऊद् यह्वेको सांमु आफ्नु पूरो बल्ले घुमि घुमि नाच्द
१५ थियो अनि दाऊद्ले पाट्कपराको एपोद् लायेको थियो। त दाऊद्ले र
इस्राएल्को सिंगै जहान्ले कराउंदै र नर्सींगा बजाउंदै यह्वेको सम्पट्
१६ उठाइ ल्याये। अनि येसो भयो जब यह्वेको सम्पट् दाऊद्को सहर्मां
आइ पुग्यो तब शाऊल्की छोरी मीकल्ले झ्याल् बाटो हेर्‍येर दाऊद्
राजालाइ यह्वेको सांमु उफ्रन्दै र घुमि घुमि नाच्दै गर्‍येको देखी तब
१७ त्येस्ले आफ्नु मन्मां त्येस्को निन्दा गरी। अनि तिनिहरुले यह्वेको सम्पट्
भित्र ल्याये वहांदेखि त्येस्को लागि दाऊद्ले उभ्यायेको डेरा भित्र त्येस्को
ठांउमां राख्ये. अनि दाऊद्ले यह्वेको सांमु होम्बलि र मिलाप्बलि
१८ चढ़ायो। अनि जब दाऊद्ले होम्बलि र मिलाप्बलि चढ़ाइ सक्येको
थियो तब त्येस्ले लोगलाइ सेनाहरुको यह्वेको नांउले आशीर्बाद् गर्‍यो।
१९ वहांदेखि त्येस्ले सबै लोगलाइ अं इस्राएल्को सिंगै मंडलीलाइ लोग्ने
मान्छेहरु र स्वास्नीमान्छेहरु सबैलाइ एक् एक्वटा रोटी र एक् एक् चोक्टा
मांसु र सुक्येको दाख्को एक् एक्वटा भकना बांड़ि दियो। वहांदेखि
२० सिंगै लोग् आफ्नु आफ्नु घर्मां हिंड़ि गये। त्येस् पछि दाऊद् आफ्नु
जहान्लाइ आशीष् दिंनुलाइ फर्क्यो। अनि शाऊल्की छोरी मीकल्
दाऊद्लाइ भेट्नुलाइ निस्कि आयेर भन्नु लागी आहा आजु इस्राएल्का
महाराजा क्यो औधि उर्ल्ह्येका थिये जो आजु आफ्ना चाकरेहरुकी
दासीहरुका आंखाको सांमु बिना शर्मका भइ तुच्छ मान्छेले आफुलाइ
२१ उघार्‍येको झैं आफुलाइ उघार्‍येका थिये। तब दाऊद्ले मीकल्लाइ भन्यो
यो यह्वेको सांमु थियो जस्ले मंलाइ तेरो बाबु र त्येस्का सबै जहान्को
साटो मंलाइ इस्राएल् मांथि अं यह्वेको लोग् मांथि मालिक् तुल्याउंनुलाइ
२२ छान्यो. येस्कारण् मं यह्वेको सांमु खेल्छु। अनि यहां देखि पनि अरु
ज्यास्ति तुच्छ हुंछु अनि आफ्नु दृष्टिमां नीच् हुंछु. तर तैंले जुन्
२३ दासीहरुको बिषय्मां भनिस् तिनिहरु देखि चइं ता मं बड़ाई पाउंछु।
अनि शाऊल्की छोरी मीकल् आफ्नु मंरण्को दिन् सम्म निर्बंश भइ रही॥

(दाऊद्ले मन्दिर् बनाउंने इच्छे गर्द छ)

७ १ अनि येसो भयो जब राजा आफ्नु महल्मां बस्येको थियो अनि
यह्वेले त्येस्लाइ त्येस्का वरिपरिका सबै सत्तुर्हरु देखि बिश्राम् दियेको थियो

तब राजाले नातान् अगमवक्तालाइ भन्यो अब चैनु हवस् मं चइं २
देवदारुकाठको महलमां बस्द छु तर ईश्वरको सम्पट् भन्ये पालमां रहंद छ। त ३
नातानले राजालाइ भन्यो जांनु आफ्नु मनमां भयेका सबै कुरा गर्नु किनभन्ये
यहवे आफु सङ छ। अनि त्येसै रात् येसो भयो यहवेको बचन् येसो भन्दै ४
नातान् थांइ आयो गयेर मेरो दास् दाऊदलाइ भन् यहवेले येसो भन्द ५
छ कि तैंले मेरो लागि मेरो बस्नुको लागि येउटा घर् बनाउंछस्. किनभन्ये ६
जस् दिन् मैंले इस्राएलवंशीहरुलाइ मिस्र बाटो चढ़ाइ ल्याये त्येस् दिन्
देखि आजु सम्म मं घरमां बस्येको कुइंन तर डेरामां र बास्स्यानमां हिंड्दै
रह्येको छु। मं सिंगै इस्राएलवंशीहरु सित जुन् जुन् ठांउमां हिंड़ेंर को ७
मैंले आफ्नु लोग् इस्राएललाइ चराउंनुलाइ आज्ञा दियेको इस्राएलको
कुलमांको कसै सित तिमिहरुले मेरो लागि देवदारुकाठको घर् किन
बनायेका छौन भनि कुरा गर्येको छु। त अब मेरो दास् दाऊदलाइ येसो ८
भन् सेनाहरुको यहवेले येसो भन्द छ मैंले तंलाइ भेंड़ागोठ् देखि
भेंड़ाबाख्राको पछि पछि हिंड्नु देखि ल्याये तं मेरा लोग् अं इस्राएल्
मांथि मालिक् हो भन्ये खातिरले. अनि जहां जहां तं गइस् मं तं सङ् सङै ९
रह्यें अनि तेरा सबै सत्रुहरुलाइ तेरो सांमु देखि काटि दियें
अनि मं पृथिविका सबै बड़ा बड़ादमीको नांउ जस्तो तेरो नांउ पनि बड़ा
तुल्याउंछु। अनि मं आफ्नु लोग् इस्राएलको लागि येउटा ठांउ खटाउंछु १०
अनि तिनिहरुलाइ रोपछु र तिनिहरु आफ्नु ठांउमां बसि रहुन् अनि फेरि
फेरि कैले पनि सारफेर् न गरीउन् दुष्टेंइका सन्तानले अगाड़ि अगाड़ि
गरायेको झैं र मैंले आफ्नु लोग् इस्राएल् मांथि बिचारीहरुलाइ ११
खटायेको दिन् देखि झैं तिनिहरुलाइ दुख दिंदैनन् अनि मं तंलाइ तेरा
सबै सत्रुहरु देखि बिश्राम् गराउंछु। येस् उप्रान्त यहवेले तंलाइ सुनाउंद
छ यहवेले तंलाइ येउटा घर् बनाउंछ। जब तेरा दिन् पूरा हुंछन् अनि तं १२
आफ्ना पित्रहरु सङ सुत्छस् तब मं तं पछि तेरो बंशलाइ उभ्याउंछु जो
तेरो आन्द्रा देखि निस्कंछ त त्येस्को राज् मं स्थिर् गराउंछु। त्येसैले मेरो १३
नांउको लागि येउटा घर् बनाउंछ अनि मं त्येस्को राजको सिंहासन्
जुगनजुगको लागि स्थिर् गर्छु। मं त्येस्को बाबु हुंछु अनि त्यो चइं मेरो १४
छोरो हुंछ. त्येस्ले अधर्म गर्यो भन्ये मं त्येस्लाइ मान्छेको छरिले र
मान्छेको सन्तानको कोर्राले शिक्षादण्ड दिंछु तर जसोगरि मैंले १५
आफ्नु करुणा शाऊल् देखि उठाइ लग्यें जस्लाइ मैंले तेरो सांमु देखि दूर्
गर्यें त्येसैगरि त्यो देखि जांदैन। त तेरै घर् र तेरै राज् तेरो सांमु १६
जुगनजुगको लागि अटल् तुल्याइंछ. तेरै सिंहासन् जुगनजुगको लागि
स्थिर् गराईंछ। त यि सबै कुरा अनुसार् अनि यि सबै दर्शन् अनुसार् १७
नातानले दाऊदलाइ कहि दियो॥

तब दाऊद् राजा भित्र पस्यर यहवेको सांमु बस्यो अनि भन्यो हे १८
प्रभु यहवे मं को हुं अनि मेरो जहान् क्या हो र तपांइले मलाइ यहां

१९ सम्म पुग्याउंनु भयो । अनि तपांइको सांमु हे प्रभु यहूवे यो कुरो अझै
सांने थियो तर तपांइले आफ्नु दास्को जहान्को बिषयमां पनि आउंदा
धेरै दिनको बिषयमां भन्नु भयेको छ अं यो कुरो मान्छेको रीत् अनुसार्
२० दिईयो हे प्रभु यहूवे । त दाऊदले तपांइलाइ अरु के भन्नु सक्छ.
कसोगरिभन्ये हे प्रभु यहूवे तपांइले आफ्नु दास्लाइ चिन्नु हुंद छ।
२१ आफ्नु दास्लाइ जनाउंनुको लागि तपांइले आफ्नु बचन्को कारणले र
२२ आफ्नु मन् अनुसार् ति सबै बड़ाहुवाई गर्नु भयो । येस्कारण् हे यहूवे
ईश्वर् तपांइ महा हौ. कसोगरिभन्ये तपांइ जस्तो कोई छैन अनि हांमिहरुले
आफ्ना कानले सुन्येको अनुसार् तपांइ बाहिक् कोई ईश्वर् छैन।
२३ फेरि तपांइको लोग् अर्थात् इस्राएल् जस्तो पृथिवीमां कुन् चइं लोग् छ
जस्लाइ ईश्वर् आफ्नु लोग् तुल्याउंनुको लागि र आफ्नु नांउ चलाउंनुको
लागि र तिमिहरुको निम्तिमां महा कार्य्य र तेरो देस्को निम्ति तेरा
लोग्को सांमु डर्लाग्दा कार्य्य गर्नुलाइ छोड़ाउंनुको लागि गयो जुन्हरुलाइ
तपांइले मिस्र बाटो अन्यदेसीहरु र तिनका देव्ताहरु देखि आफ्नु लागि
२४ छोड़ाउंनु भयो । अनि तपांइले आफ्नु लागि जुगनजुग्को लागि लोग्
तुल्याउंनुलाइ आफ्नु लोग् इस्राएललाइ स्थिर् गर्नु भयेको छ अनि हे
२५ यहूवे तपांइ तिनिहरुको ईश्वर् भइ जांनु भयो । त अब हे यहूवे ईश्वर्
जुन् कुरो तपांइले आफ्नु दास् र त्येस्को जहान्को बिषयमां भन्नु भयेको छ त्यो
कुरो जुगनजुग्को लागि स्थिर् राख्नु हुवस् अनि तपांइले भन्येको अनुसार्
२६ गर्नु हुवस् । अनि सेनाहरुको यहूवे इस्राएल् मांथि ईश्वर् छ भनि
तपांइको नांउ जुगनजुग् बढ़ दै जावस्. त तपांइको दास् दाऊद्को जहान्
२७ तपांइको सांमु स्थिर् गरींछ । किनभन्ये हे सेनाहरुको यहूवे इस्राएल्को
ईश्वर् तपांइले आफ्नु दास्लाइ मं तेरो लागि घर् बनाउंछु भनि प्रगट्
गर्नु भयेको छ. येस्कारण् तपांइको दास् तपांइको सांमु यो प्रार्थना गर्नुलाइ
२८ आफ्नु मनमां आंटीलो भयेको छ । त अब हे प्रभु यहूवे तपांइ ईश्वर् हौ
अनि तपांइका बचन् सच्चैं हुन् अनि तपांइले आफ्नु दास्लाइ यो भलो
२९ योक्को करहार् दिनु भयो. येस्कारण् अब आफ्नु दास्को जहान् तपांइको
सांमु जुगनजुग् रहि रहंनुको लागि कृपा गरिकन आशीष् दिनुं हुवस्.
किनभन्ये हे प्रभु यहूवे तपांइलेनै यो भन्नु भयेको छ. अनि तपांइको
आशीषले तपांइको दास्को जहान् सधैंभरि आशीषित् हुवस् ॥

(दाऊद्का बिजयहरु)

८ १ अनि येस् पछि येसो भयो दाऊद्ले पलिश्तीहरुलाइ मांथेर
ताब्रिमां ल्यायो. अनि दाऊद्ले पलिश्तीहरुको हात् देखि राजधानीको
२ प्रभुतेइं लिहाल्यो । फेरि त्येस्ले मोआब्लाइ मांग्यो अनि तिनिहरुलाइ
भुंइमां लड़ायेर डोरीले नाप्यो अनि दुवै डोरी मांर्नुलाइ अनि येउटा पूरो

होरी जीउंदो राख्नुलाइ नाप्यो । त मोआबीहरु दाऊद्का दास् भइ
गये अनि भेटि ल्याये । फेरि दाऊद्ले आफ्नु सिमाना क्होड़ाउंनुको लागि ३
महानदीमां जांदै सोबाको राजा रहोब्को क्होरो हददेजेर्लाइ पनि
मांग्यो । अनि दाऊद्ले त्येस् देखि एक् हजार् सात् सै त्रुक्सवार् र बीस् ४
हजार् पैदल्हरुलाइ लियो . वहांदेखि दाऊद्ले सबै रथ्का घोड़ाहरुको
धर्नासो काटि दियो तर तिनिहरुमांका एक् सै रथ्हरुको लागि राखि
क्होड़्यो । अनि जब दमिश्कका अरामीहरु सोबाको राजा हददेजेर्को ५
गोहार् गर्नुलाइ आयेका थिये तब दाऊद्ले अरामीहरुमांका बाईस् हजार्
जनालाइ मांग्यो । वहांदेखि दाऊद्ले दमिश्कको अराम्मां पहराचौकि ६
बसाल्यो . अनि अरामीहरु दाऊद्का दास् भये अनि भेटि ल्याये । अनि
जहां जहां दाऊद् जांद थियो त्यहां त्यहां यहूवेले त्येस्लाइ जिताहा
तुल्याउंद थियो । अनि दाऊद्ले हददेजेर्का चाकरेहरुले भिन्येका सुन्का ७
ढालहरु लियेर यरूशलेम्मां ल्यायो । अनि बेतह् र बिरोतै नांउ भयेका ८
हददेजेर्का सहरहरु देखि दाऊद् राजाले बिघ्नै ओधिगरि पीतल् ल्यायो ।
अनि जब हमात्को राजा तोईले दाऊद्ले हददेजेर्को सिंगै सेनालाइ ९
मांग्यो अरे भन्येको सुन्यो तब तोईले आफ्नु क्होरो योराम्लाइ दाऊद् १०
राजा पांह त्येस्लाइ सलाम् गर्नुलाइ र हददेजेर् सित लड़ाईं गरि त्येस्लाइ
मांग्येको कारणले त्येस्लाइ आशीष् दिंनु भन्ये खातिर्ले पठायो . किनभन्ये
हददेजेर्ले तोई सङ लड़ांईं गर्द थियो । त योराम् चांदी र सुन् र
पीतल्का भांड़ाहरु लियेर आयो . त ति चइं दाऊद्ले यहूवेको पवित्र ११
काम्को लागि अलग् क्रुटग्रायो अनि ति सङ त्येस्ले ताबिमां पार्येका सबै
लोग् लोग् देखि पवित्र काम्को लागि अलग् क्रुटग्रायेका सुन् चांदी
पनि अर्थात् अराम्को र मोआब्को र अम्मोन्बंशीहरुको र १२
पलिश्तीहरुको र अमालेक्को र सोबाको राजा रहोब्को क्होरो
हददेजेर्को लूट्को । फेरि जब दाऊद् नुन्को तरिमां अरामीहरुका १३
अठारह् हजार् जनालाइ मांग्येर फर्क्यो तब त्येस्को नांउ चल्यो । अनि १४
त्येस्ले एदोम्मां पहराचौकि बसाल्यो अं सिंगै एदोम्मां पहराचौकि बसाल्यो
अनि सिंगै एदोमीहरु दाऊद्का दास् भइ गये । अनि जहां जहां दाऊद्
जांद थियो वहां वहां यहूवेले त्येस्लाइ जिताहा तुल्याउंद थियो ॥

अनि दाऊद्ले सिंगै इस्राएल् मांथि राज् गर्‍यो अनि दाऊद्ले १५
आफ्ना सबै लोगको निया र धर्म्म गर्‍यो । अनि सरूयाह्को क्होरो १६
योआब् सेनापति थियो अनि अहीलूद्को क्होरो यहोशापात् सम्झना
राख्ने थियो . अनि अहीतूब्को क्होरो सादोक् र एब्यातार्को क्होरो १७
अहीमेलेक् पूजाहारी थिये अनि सरायाह् लेटर थियो अनि १८
यहोयादाको क्होरो बनायाह् चइं करेतीहरु र पलेतीहरु मांथि थियो अनि
दाऊद्का क्होराहरु चइं मंत्रीहरु थिये ॥

(मपीबोशेत्को मान्)

९ १ अनि दाऊद्ले भन्यो क्ये अझै पनि शाऊल्को जहान्को कोई मान्छे
२ बांच्येको छ जस् मांथि मं योनातान्को कारण्ले कृपा देखाउं। अनि
शाऊल्को जहान्को येउटा शीबा नांउ भयेको चाकरे थियो जस्लाइ
तिनिहरुले दाऊद् थांइ बोलाये अनि राजाले त्येस्लाइ क्ये तं शीबा
३ होस् भनि सोध्यो। त त्येस्ले भन्यो आफुको दास् उइनै हुं। अनि
राजाले भन्यो क्ये अझै शाऊल्को जहान्को कोई मान्छे छ र मं त्येस्
मांथि ईश्वर्को कृपा देखाउं। अनि शीबाले राजालाइ भन्यो योनातान्को
४ अब येउटा छोरो ता छ जो पूरै खोरण्डे छ। तब राजाले त्येस्लाइ भन्यो
त्यो कहां छ। अनि शीबाले राजालाइ भन्यो हेर्नु हवस् त्यो लोदबार्मां
५ अम्मीएल्को छोरो माकीर्को घर्मां छ। तब दाऊद् राजाले त्येस्लाइ
लोदबार् देखि अम्मीएल्को छोरो माकीर्को घर् देखि डाकि पठायो।
६ अनि शाऊल्को छोरो योनातान्को छोरो मपीबोशेत् दाऊद् थांइ
आयो अनि घोप्टो पर्‍येर दण्डवत् गर्‍यो। तब दाऊद्ले भन्यो ए
७ मपीबोशेत्। त त्येस्ले उत्तर् दियो हेर्नु हवस् आफुको दास् अनि
दाऊद्ले त्येस्लाइ भन्यो न डरा. किनभन्ये मं निस्से तेरो बाबु योनातान्को
कारण्ले तं मांथि कृपा देखाउंछु अनि तंलाइ तेरो बाबु शाऊल्को सबै
८ किपट् फर्काइ दिंछु अनि तैंले मेरो मेज्मां सधैं रोटी खांछस्। त त्येस्ले
दण्डवत् गरि भन्यो आफुको दास् क्या हो र आफुले मं येस्तो मंर्‍येको कुकुर्
९ जस्तो मांथि दृष्टि गर्नु हुंद छ। तब राजाले शाऊल्को चाकरे शीबालाइ
बोलायेर त्येस्लाइ भन्यो शाऊल्को र त्येस्का सबै जहान्का ज्ये ज्ये पर्‍येका
१० छन् ति मैंले तेरो स्वामीको छोरोलाइ दिहाल्येको छु। तैंले र तेरा
छोराहरु र तेरा कमांराहरुले त्येस्को लागि खेतिकिसान् गर् अनि त्येस्को
उप्जनि भित्र्या र तेरो स्वामीको छोरोको खांने कुरो हवस्. तर तेरो
स्वामीको छोरो मपीबोशेत्चइंले ता सधैं मेरै मेज्मां भान्सा गर्ने गर्छ।
अब शीबाका पन्द्रह् भाई छोराहरु र बीस् जना कमांराहरु थिये।
११ तब शीबाले राजालाइ भन्यो मेरा प्रभु महाराजाले आफ्नु दास्लाइ
दियेको आज्ञा जस्तै आफुको दास्ले गर्छ। तर मपीबोशेत्चइंले
१२ राज्कुमार्हरुमांको येउटाले झैं दाऊद्को मेज्मां खांने गर्छ। अनि
मपीबोशेत्को मीका नांउ भयेको येउटा सांनु छोरो थियो। अनि शीबाको
१३ घर्मां रहंने सबै जना मपीबोशेत्का चाकरेहरु थिये। येसोरि मपीबोशेत्
यरूशलेम्मां बस्यो किनभन्ये सधैं त्येस्ले राजाको मेज्मां खांद थियो अनि
त्यो आफ्ना दुवै गोड़ाको खोरण्डे थियो॥

१० १ अनि येस् पछि येसो भयो अम्मोन्बंशीहरुको राजा मंर्‍यो अनि
२ त्येस्को साटोमां त्येस्को हानून् भन्ये छोरोले राज् गर्नु लाग्यो। अनि
दाऊद्ले भन्यो मं नाहास्को छोरो हानून् मांथि येस्तो कृपा देखाउंछु जस्तो

त्येस्को बाबुले मं मांथि कृपा गर्‍येको थियो। त दाऊद्ले आफ्ना
चाकरेहरुको हात्को बाटोले त्येस्को बाबुको बिषय्मां त्येस्लाइ शान्ति
दिंनुलाइ पठायो। तब दाऊद्का चाकरेहरु गये अनि अम्मोन्बंशीहरुको
देस्मां पुग्ये। तर अम्मोन्बंशीहरुका मालिक्हरुले आफ्ना स्वामी ३
हानून्लाइ भन्ये क्यो आफुले दाऊद्ले आफुको बाबुलाइ मान् गर्नुलाइ
आफु थांइ शान्ति दिंनेहरुलाइ पठाइ दियो भनि ठान्नु हुंद छ. क्यो दाऊद्ले
आफ्ना चाकरेहरुलाइ सहर् हेर्नु र त्येस्को भेद् लिंनु र त्येस्लाइ उल्टाइ
दिंनुलाइ आफु थांइ पठायेको होइन। तब हानून्ले दाऊद्का चाकरेहरुलाइ ४
समात्येर तिनका आधा आधा दारि खौरि दियो अनि तिनको लुगा आधा
आधा जाङ्ग सम्मको पारि काटि दियेर तिनिहरुलाइ फर्काइ पठायो।
त यो कुरो दाऊद्लाइ सुनाईयो तब त्येस्ले तिनलाइ भेट्नुलाइ मान्छे ५
पठाइ दियो किनभन्ये ति मान्छेहरु अग्घोर् लज्जित् थिये। अनि राजाले
भन्यो तिमिहरुका दारि न बढुंज्याल् सम्म यरीहोमां अड़ीइ रह त्येस् पछि
मांत्रै फर्कि आव। अनि जब अम्मोन्बंशीहरुले हांमिहरु दाऊद्को सांमु ६
घिन्लाग्दा भयूं भनि थाहा पाये तब अम्मोन्बंशीहरुले मान्छे पठायेर
बेत्रहोब र सोबाका बीस् हजार् अरामी पैदल्हरुलाइ र एक् हजार्
मान्छेहरु समेत् माकाको राजालाइ र तोब्का बारह् हजार् जना मान्छेहरुलाइ
ज्यालामां ल्यायो। अनि जब दाऊद्ले यो कुरो सुन्यो तब त्येस्ले योआब् र ७
महाबीर्हरुको सिंगै सेनालाइ पठाइ दियो। अनि अम्मोन्बंशीहरुले ८
निक्ल्येर ढोकाको आघन्मां लड़ाईंको लागि पाङ्ति पाङ्ति बांध्ये.
अनि सोबा र रहोब्का अरामीहरु र तोब् र माकाका मान्छेहरु
मैदान्मां अलग् अलग् थिये। त्येस् पछि जब योआबले मेरो अघि पछि ९
लड़ाईंले घेर्‍येको रछ भनि चाल् पायो तब त्येस्ले इस्राएल्का सबै रोजा
मान्छेहरुमांकालाइ छान्येर तिनिहरुलाइ अरामीहरुको बिरुद्धमां पाङ्ति
पाङ्ति बांध्यो. अनि उब्र्येका मान्छेहरुचइंलाइ त्येस्ले आफ्नु भाई अबीशैको १०
हात्मां सुम्प्यो त त्येस्ले तिनिहरुलाइ अम्मोन्बंशीहरुको बिरुद्धमां पाङ्ति
पाङ्ति बांध्यो। अनि त्येस्ले भन्यो अरामीहरु मं मांथि जिताहा हुंनु ११
आंद्ये भन्ये देखि त तैंले मेरो गोहार् गर्‍येस्. तर अम्मोन्बंशीहरु तं मांथि
जिताहा हुंनु आंद्ये भन्ये देखि त मं आयेर तेरो गोहार् गर्छु। हूप् बांध् १२
अनि हांमिहरु आफ्ना लोगको लागि र आफ्नु ईश्वर्का सहर्हरुको लागि
मर्दले झैं गरूं. अनि यह्वेले जस्तो उस्लाइ जाति लाग्ला त्येसै गरोस्।
येसोरि योआब् र त्यो सङ भयेका मान्छेहरु अरामीहरु सित लड़ाईं १३
गर्नुलाइ नजिक् नजिक् गये. त तिनिहरु त्येस्को सांमु देखि भाग्ये। अनि १४
जब अम्मोन्बंशीहरुले अरामीहरु भाग्ये छन् भनि देख्ये तब तिनिहरु पनि
अबीशैको सांमु देखि भाग्ये अनि सहर्मां पस्ये। तब योआब् अम्मोन्
बंशीहरु देखि फर्क्येर यरूशलेम्मां आयो। अनि जब अरामीहरुले १५
हांमिहरुले ता इस्राएल् देखि हार्‍यूं भनि देख्ये तब तिनिहरु भेला भये।

१६ अनि हददेजेर्ले महानदी पारीका अरामीहरुलाइ झिकायो . त तिनिहरु
हेलाममां आये हददेजेर्को सेनापति शोबक् चइं तिनिहरुको
१७ अघि अघि हिंड्येको भइ । त दाऊद्लाइ यो कुरो सुनाईयो तब येस्ले
सिंगै इस्राएल्लाइ भेला गरायेर यर्दन् पारि तर्यर हेलाममां आयो ।
अनि अरामीहरुले दाऊद्को विरुद्धमां पाङ्ति पाङ्ति बांध्ये र त्यो सङ
१८ लड़ाईं गर्ये । अनि अरामीहरु इस्राएल्को सांमु देखि भाग्ये अनि
दाऊद्ले अरामीहरुमांका सात् सै रथ्हरु र चालीस् हजार् त्रुकसवार-
हरुलाइ मांरि दियो अनि तिनको सेनापति शोबक्लाइ त्यो तिहींने
१९ मंरि जांनेगरि हिर्काइ दियो । अनि जब हददेजेर्को ताबिमां भयेका
सबै राजाहरुले हांमिहरुले इस्राएल् देखि हार्यू भनि थाहा पाये त
तिनिहरुले इस्राएल् सङ मिलाप् गर्ये अनि तिनिहरुको चाकरे भये ।
येसोरि अरामीहरु फेरि फेरि अम्मोनव्रंशीहरुको गोहार् गर्नुलाइ डराये ॥

(दाऊद्को पाप्)

११ १ अनि येसो भयो जब नया साल् लाग्यो जस् बेलामां राजाहरु
लड़ाईंको लागि निस्कि जांने गर्दं छन् तब दाऊद्ले योआब् र त्यो सङ
भयेका चाकरेहरुलाइ र सिंगै इस्राएल्लाइ पठाइ दियो त तिनिहरुले
अम्मोनव्रंशीहरुलाइ नास् पार्ये अनि रब्बा सहर् घेर्ये । तर दाऊद् चइं
यरूशलेममां रह्यो ॥

२ अनि एक् दिन् बेलुका बेलुकाखेरि येसो भयो दाऊद् आफ्नु खाट्
बाटो उठेर राजमहलको कौसी मांथि डुलनु लाग्यो . त कौसी देखि त्येस्ले
येउटी आइमाइलाइ नुहाउंदै गर्येको देख्यो त्यो आइमाइ हेर्नुमां ओधि
३ राम्री थिई । तब दाऊद्ले त्येस् आइमाइको बिषयमां सोधुन् पठायो ।
त कसैले भनि दियो कि त्यो एलीआमकी छोरी हित्ती ऊरिय्याहकी स्वास्नी
४ बतशेबा होइन । त दाऊद्ले मान्छे पठायेर त्येस्लाइ झिकायो अनि त्यो
त्यो यांइ आई अनि त्यो त्यो सित सुत्यो (कसोगरिभन्ये त्यो आफ्नु अशुद्धदेखि
५ शुद्ध भयेकी थिई) अनि त्यो आफ्नु घरमां फर्की । अनि त्यो
आइमाइ गर्भीणी भई त त्येस्ले दाऊद्लाइ मंलाइ ता गर्भ भयो भनि
६ पठाई । तब दाऊद्ले योआब् यांइ येसो भनि पठायो हित्ती ऊरिय्याह
चइंलाइ मं यांइ पठाइ दे । तब योआबले ऊरिय्याहलाइ दाऊद् यांइ
७ पठाइ दियो । अनि जब ऊरिय्याह त्यो यांइ आइ पुग्यो तब दाऊद्ले
योआब् कस्तो छ अनि लोगको कुशल् र लड़ाईंको समाचार भनि त्यो
८ सित सोध्यो । अनि दाऊद्ले ऊरिय्याहलाइ भन्यो आफ्नु घरमां जाऊ
अनि आफ्ना गोड़ा धो । तब ऊरिय्याह राजमहल बाटो निस्कको अनि
राजाको पठ्ठि बाटो त्यस्को पछि पछि कोइ खाने योक् पठाइ दिईयो ।
९ तर ऊरिय्याह आफ्नु प्रभुका सबै चाकरेहरु सङ राजमहलको दलानमां सुत्यो
१० अनि आफ्नु घरमां उत्रि गयेन । त जब तिनिहरुले दाऊद्लाइ ऊरिय्याह

आफ्नु घरमां उत्रि गयेन भनि कहि दिये तब दाऊदले ऊरिय्याहलाइ भन्यो के तं पर्देस् बाटो आयेको होइनस् त किन आफ्नु घरमां उत्रि गइनस्। तब ऊरिय्याहले दाऊदलाइ भन्यो सम्पट् र इस्राएल् र यहूदा ११
पालमां रहंद कुन् अनि मेरा प्रभु योआब् र मेरा प्रभुका चाकरेहरु उघारो मैदानमां डेरा हालि रह्येका कुन् त के मं चइं आफ्नु घरमां पसुं खानापीना गर्नु र आफ्नी स्वास्नी सित सुत्नुलाइ. आफु जीइ रह्येको झैं र आफुको प्राण् जीइ रह्येको झैं मं ये स्तो काम् गर्दीन। तब दाऊदले १२
ऊरिय्याहलाइ भन्यो आजु पनि यहां बस् त भोलि मं तंलाइ बिदा दिंकु। तब ऊरिय्याह् यरूशलेममां त्येस् दिन् र भोलि पालटो पनि रह्यो। अनि जब १३
दाऊदले त्येसलाइ बोलायो तब त्येसले त्येसको सांमु खानापीना गर्यो अनि दाऊदले त्येसलाइ मतायो. अनि सांझमां त्यो आफ्नु ओछ्यानमां आफ्नु प्रभुका चाकरेहरु सङ सुत्नु गयो तर आफ्नु घरमां चइं उत्रि गयेन। अनि १४
बिहान ये सो भयो दाऊदले योआबलाइ येउटा चिट्ठि लेख्येर ऊरिय्याहको हातमां पठाइ दियो। अनि त्येसले चिट्ठिमां ये सो ये सो भनिकन लेख्यो १५
ऊरिय्याहलाइ चम्कोको चइं लड़ाईंको मुखमां लगाइ दे अनि अरु चइं त्यो देखि हट र त्यो काटीयेर मरोस्। अनि ये सो भयो जब योआबले त्येस् १६
सहरको भेद् बूझि सक्यो तब त्येसले ऊरिय्याहलाइ त्येस्तै ठांउमां खटायो जहां त्येसले बीरबीरहरु कुन् भनि थाहा पायेको थियो। अनि त्येस् सहरका १७
मान्छेहरुले निस्केर योआब् सित लड़ाईं गर्ये. अनि लोगका अं दाऊदका चाकरेहरुका कत्ति जना लड़ेर अनि हित्ती ऊरिय्याह् पनि मारीयो। तब १८
योआबले दाऊदलाइ लड़ाईंको बिषयमां सबै कुरा भनि पठायो अनि १९
त्येसले दूतलाइ ये सो भनिकन आज्ञा गर्यो जब तैंले राजालाइ लड़ाईंको बिषयका सबै कुरा गरि सक्कस् तब ये सो हुंकु राजाको रिस् उठ्यो २०
भन्ये अनि राजाले तंलाइ लड़ाईं गर्नुको लागि सहरको त्येति नजिक् किन गयौ. के तिनिहरुले भित्ता बाटो हिर्काउंकुन् भनि तिमिहरुलाइ थाहा थियेन. यरूब्बेशेतको छोरो अबीमेलेकलाइ कस्ले मार्येको थियो. के येउटी २१
आइमाइले भित्ता बाटो त्येस् मांथि त्यो तेब्येसमां मर्ने गरि जांतोको ऊंभल्लो पल्यांटोले हानि दिईन. भित्ताको त्येति नजिक् किन गयौ भन्येर सोध्यो भन्ये देखि त तैंले ये सो भन् आफुको दास् हित्ती ऊरिय्याह् पनि मर्ये कु भनि। त त्येस् दूतले गयेर दाऊदलाइ योआबले भंलाइ के को लागि पठायेको २२
थियो भनि ति सबै कुरा दाऊदलाइ देखायो। अनि दूतले दाऊदलाइ भन्यो २३
ति मान्छेहरु हामिहरु मांथि जिताहा भयेर मैदानमां हामिहरु मांथि आइ लाग्ये अनि हामिहरुले तिनिहरुलाइ ढोकाको आधन् सम्म लगाइं लग्यूं। तब धनु खेलाउंनेहरुले आफुका चाकरेहरुलाइ भित्ता बाटो हान्ये अनि २४
राजाका कत्ति जना चाकरेहरु मर्ये अनि आफुको दास् हित्ती ऊरिय्याह् पनि मर्यो। तब दाऊदले दूतलाइ भन्यो योआबलाइ ये सो भन् यो कुरो तिम्रो २५
मनमां नजाति न लागोस् किनभन्ये तरवारले जसोगरि येउटालाइ खांइ कु

त्यसैगरि अर्कोलाइ पनि खांद कु. तिमिले सहरको बिरुद्धमां लड़ाइँ गरु बल्लियो गराउ अनि सहरलाइ भत्काइ देउ भनि. त येसोगरि येस्लाइ
२६ साहस् दे। अनि जब ऊरिय्याह्की स्वास्नीले मेरो लोग्ने ऊरिय्याह् मऱ्यो कुन्
२७ भनि सुनी तब त्येस्ले आफ्नु लोग्नको लागि बिलाप् गरी। अनि जब बिलाप् गर्ने बेला बिति गयो तब दाऊद्ले त्येस्लाइ आफ्नु घर्मां झिकायो अनि त्यो त्येस्की स्वास्नी भई अनि त्येस्को येउटा छोरो जन्माई। तर दाऊद्ले गर्येको त्यो काम् यहूवेलाइ नजाति लाग्यो॥

१२ १ तब यहूवेले नातान्लाइ दाऊद् थांइ पठायो। अनि त्येस्ले त्यो थांइ आयेर भन्यो येउटा सहरमां दुइ जना मान्छे थिये येउटा धनी अर्को
२ चइं कंगालि। अनि त्येस् धनीचइंका भेड़ाबाख्रा गाईगोरु अरघोर् बिग्र थिये. तर त्येस् कंगालिकां ता त्येस्ले किन्येर पाल्येको येउटा सानु कुतोरी
३ बाहिक् अरु कोइ पनि थियेन. अनि त्यो त्येइ सङ र त्येस्का बालबच्चा सङ बढ़्येको थिई त्येस्ले त्येस्कै भाग् देखि खांद थिई अनि त्येस्कै कटोरा देखि पीउंद थिई अनि त्येस्कै काखमां सुत्द थिई त त्यो त्येस्की छोरी
४ जस्तिकै भयेकी थिई। अनि एक् दिन् त्येस् धनी चइंकां येउटा बटौरे आयो त त्येस्ले त्यो थांइ आयेको त्येस् पर्देसीलाइ खांनु दिंनुको लागि आफ्नु चइं खोरको र आफ्नु चइं गोठ्को कोइ ल्याउंन मन् गर्येन तर त्येस् कंगालिकी
५ कुतोरी चइं लियेर त्यो थांइ आयेको मान्छेको लागि बनाइ दियो। तब त्येस् मान्छे मांथि दाऊद्को रिस् औंधि बलि उठ्यो अनि त्येस्ले नातान्लाइ भन्यो यहूवे जीइ रह्येको भं जस्ले येसो गर्यो त्यो मांरीने मार्फिक्को छ.
६ अनि त्येस्ले त्यो काम् गर्येको र त्येस्ले दया न गर्येको कारणले त्यो कुतोरीका चार् गुणा माठो फर्काइ दिंनु पर्छ॥

७ तब नातान्ले दाऊद्लाइ भन्यो त्यो मान्छे तिमिनै हौ। इस्राएल्को ईश्वर् यहूवेले येसो भन्द छ मैंलेनै तंलाइ इस्राएल् मांथि राजाभिषिक्त गर्यं
८ अनि मैंलेनै तंलाइ शाऊल्को हात् देखि छोड़ायें अनि तंलाइ तेरो स्वामीको जहान् र तेरो स्वामीको स्वास्नीहरु तेरो काखमां हालि दियं अनि इस्राएल् र यहूदाको जहान् तंलाइ दियं येतिले पनि थोरै भयेको
९ भये देखि मं तंलाइ येस्ता उस्ता अरु पनि दिंने थियें। त किन तैंले यहूवेको सांमु दुइँ गर्नुलाइ उस्को बचनको निन्दा गरिस्. तैंले हित्ती ऊरिय्याहलाइ तरवार्ले मंराइस् अनि त्येस्की स्वास्नी लियेर आफ्नी स्वास्नी तुल्याइस्
१० अनि त्येस्चइंलाइ अम्मोन्बंशीहरुको तरवार्ले मंराइस्। येस्कारण अब तेरो घर् देखि तरवार् कैलेइ पनि जांदैन किनभन्ये तैंले मेरो निन्दा गरिस् अनि
११ हित्ती ऊरिय्याहकी स्वास्नी लियेर आफ्नी स्वास्नी तुल्याइस्। यहूवेले येसो भन्द छ हेर् मं तेरो बिरुद्धमां तेरै घर् देखि बुराई उठाउंछु अनि तेरै आंखाको सांमुनै तेरी स्वास्नीहरुलाइ लियेर तेरो छिमेकिलाइ दिंछु अनि
१२ त्यो येइ घामको सांमु तेरी स्वास्नीहरु सित सुत्छ। किनभन्ये तैंले यो लुकिकन गरिस्. तर मं यो काम् इस्राएल्को सांमु र घामको सांमु गर्छु।

त दाऊदले नातान्लाइ भन्यो यहवेको बिरुद्धमां पाप् गर्यें। अनि नातान्ले १३
दाऊदलाइ भन्यो यहवेले पनि तिम्रो पाप् दूर् गर्यो तिमि मर्दैन। तैपनि १४
येस् कामको बाटोले तिमिले यहवेका शत्रीहरुलाइ निन्दा गर्न ठुलो ठांउ
दियेको कारणले तिम्रो जन्मेको छोरो पनि अवश्से मर्छ। तब नातान् १५
आफ्नु घरमां गइ गयो॥

अनि यहवेले ऊरियाहकी स्वास्नीले दाऊदको लागि जन्मायेको
छोरोलाइ हिर्कायो अनि त्यो सारो दुख्यो। येस्कारण दाऊदले नानीको १६
लागि ईश्वर् सित बिन्ति गर्नु लाग्यो अनि दाऊदले उपास् बस्से र भित्र
पस्से र रातभरि भूइंमां लडि रहंने गर्यो। अनि त्येस्का घरका बूढाहरु १७
त्येस्लाइ भूइं देखि उठाउंनुलाइ छेउ आये, तर त्येस्ले मान्येन अनि तिनिहरु
सित भान्सा पनि गर्येन। तब सातौं दिनमां येसो भयो त्यो नानी मर्यो। १८
अनि दाऊदका चाकरेहरु नानी मर्यो भनि भन्नु डराये, किनभन्ये तिनिहरुले
भन्ये हेर नानी जीउंदो कुंदैखेरि पनि हांमिहरुले तिन्लाइ भन्यूं र पनि
तिन्ले हांम्रो कुरा सुन्येनन्, त अब हांमिहरुले नानी मर्यो भन्यूं भन्ये
देखि ता झन् सारो तिन्ले आफुलाइ कति दुक्ख दिंकुन् होला। त दाऊदले १९
आफ्ना चाकरेहरुलाइ कान्कानमां साउति गरागर् गर्येको देख्यो तब
दाऊदलाइ नानी मर्येक भन्ये बूझ् भयो, तब दाऊदले आफ्ना चाकरेहरु
सित को नानी खस्यो भनि सोध्यो। त तिनिहरुले भन्ये खस्ये। तब दाऊदले २०
भूंइ देखि उठेर नुहायो बहांदेखि तेल्सेल् लायरे आफ्नु बस्त्र फेर्येर
यहवेको घरमां गयेर दण्डवत् गर्यो, त्येस् पछि आफ्नु घरमां आयो अनि
जब त्येस्ले मांग्यो तब तिनिहरुले त्येस्को सांमु भोजन् राख्ये अनि त्येस्ले
खायो। तब त्येस्का चाकरेहरुले त्येस्लाइ भन्ये यो आफुले गर्येको काम् २१
कस्तो हो, नानी जीउंदो कुंदाखेरि आफुले त्येस्को लागि उपास् र बिलाप्
गर्नु भयो तर जब नानी खस्यो तब आफुले उठेर भोजन् गर्नु भयो। त त्येस्ले २२
भन्यो नानी जीउंदो कुंदाखेरि मं उपास् र बिलाप् गर्दै थियें, किनभन्ये
मैंले को यहवेले मं मांथि कृपा गर्छ होला र नानी जीउंछ होला भनि
कल्लाइ थाहा हुंछ भन्येर भन्यें। तर अब ता त्यो मरि गयो त मं किन २३
उपास् बस्छु, को मं त्येस्लाइ फेरि फर्काइ ल्याउंनु सक्छु। म मं त्यो थांइ
जांकु तर त्यो चइं मं थांइ फर्कि आउंदैन। अनि दाऊदले आफ्नी स्वास्नी २४
बत्शेबालाइ शान्ति दियो अनि त्यो त्येस्कां गयेर त्यो सित सुत्यो, अनि
त्येस्ले येउटा छोरो जन्माई अनि त्येस्ले त्येस्को नांउ सुलैमान् राख्यो। अनि
यहवेले त्यो सित प्रेम् गर्दै थियो अनि उस्ले नातान् अगमबक्ताको २५
बाटोले पठायेर यहवेको कारणले त्येस्को नांउ यदीद्याह[1] राख्यो॥

अनि योआबले अम्मोनबंशीहरुको रब्बाको बिरुद्धमां लड्राइं गर्येर २६
त्येस्को राजधानी लिहाल्यो। अनि योआबले पठायेर येसो भन्यो मैंले रब्बा २७

[1] अर्थात् यहवेको प्रिय।

२८ सित लड़ाइँ गर्‍यें अं मैंले पानीहरुको सहर् लिहाल्यें । त अब उब्येका
लोग् भेला गरायेर सहरको सांमु डेरा हाल्येर त्यो लिनु हवस् . होइन
२९ भन्ये ता मैंने सहर् लिंकु अनि त्येसमां मेरै नांउ राखीयेला । त दाऊद् सिंगै
लोग्लाइ भेला गरायेर रब्बामां गयो अनि त्यो सित लड़ाइँ गर्‍येर त्यो
३० लिहाल्यो । अनि त्येस्ले तिनिहरुको राजाको मुकुट् त्येस्को सिर् देखि
उतार्‍यो अनि त्येस्को जोखाईं एक् तोड़ा सुनको थियो अनि त्येसमां अमोल्
अमोल् मणिहरु पनि थिये अनि त्यो दाऊद्को सिरमां लगाईयो । अनि
३१ त्येस्ले सहरको लूट् अरघोर् औधिगरि निकालि ल्यायो । वहांदेखि त्येस्ले
त्यहांका मान्छेहरुलाइ बाहर निकाल्येर तिनिहरुलाइ आराहरु र फलमका
दांदे र फलमको बंचरोको र इँटको भट्ठिको काममां लगाइ दियो . त्येस्ले
अम्मोन्वंशीहरुको सबै सहरलाइ येसै गर्‍यो । वहांदेखि दाऊद् र सबै
लोग् यरुशलेममां फर्कि आये ॥

१३ १ अनि येस् पछि येसो भयो दाऊद्को छोरो अब्शालोमको
तामार् नांउ भयेकी येउटी राम्री बैंनी थिई अनि दाऊद्को छोरो अम्नोन्ले
२ त्येस् मांथि मन् लगायो । अनि अम्नोन् आफ्नी बैंनी तामारको कारणले
येति सुर्ताउंदै गयो जस्कारणले त्यो रोगाउंदै पनि गयो कसोगरिभन्ये त्यो
कन्येकेटी थिई अनि त्यो सित कोइ पनि गर्नु अम्नोन्लाइ कठिन् थियो ।
३ तर अम्नोन्को येउटा योनादाब् नांउ भयेको साथी थियो जो दाऊद्को
दाज्यु शिमाको छोरो थियो . अनि योनादाब् चइं अरघोरको छुट्टु थियो ।
४ त त्येस्ले त्येस्लाइ भन्यो हे राजकुमार् आफु किन येस्तोरि दिन् दिनै सुक्दै
जांनु हुंद छ को आफुले मंलाइ भन्नु हुन्न । तब अम्नोन्ले त्येस्लाइ भन्यो
५ मेरो भाई अब्शालोमकी बैंनी तामार् मांथि मेरो मन् गयेको छ । तब
योनादाब्ले त्येस्लाइ भन्यो आफु मं बिसंच कु भन्ये निउं गरि आफ्नु खाट्मां
ढल्कि रहंनु हवस् . अनि जब आफुको बाबु आफुलाइ हेर्नु आउंछन् तब
तिन्लाइ मेरी बैंनी तामार्लाइ आउंनु दिनु हवस् र मंलाइ खांनु देवस्
अनि मेरो सांमु खांने कुरो बनावस् र मं त्यो देख्येर त्येसैको हात् देखि
६ खांकु भन्येर भन्नु हवस् । तब अम्नोन् ढल्कि रह्येर मं बिसंच कु भन्ये निउं
गर्‍यो . अनि जब राजा त्येस्लाइ हेर्नु आयो तब अम्नोन्ले राजालाइ भन्यो
कृपागरिकन मेरी बैंनी तामार्लाइ आउंनु दिनु हवस् र मेरो सांमु हुवटा
७ फुलौरो बनाइ देवस् र मं त्येस्को हात् देखि खांकु । तब दाऊद्ले तामार्को
घरमां येसो भनि पठायो ऐले आफ्नु दाज्यु अम्नोन्को घरमां गयेर
८ त्येस्को लागि भोजन् बनाइ दे । तब तामार् आफ्नु दाज्यु अम्नोन्को घरमां
गई अनि त्यो चइं ढल्कि रह्येको थियो । अनि त्येस्ले पिठो झिकेर मुछी
९ अनि त्येस्को सांमु फुलौरा बनाइ पोली । अनि त्येस्ले ताई झिकेर ति
फुलौरा त्येस्को सांमु खन्याइ दिई तर त्येस्ले खांनु मान्येन । अनि अम्नोन्ले
सबै जनालाइ मं भये ठांउ देखि निस्कि जाव भन्यो त सबै जना त्यो भये
१० ठांउ देखि निस्कि गये । तब अम्नोन्ले तामार्लाइ मेरो कोठामां

भोजन् त्याइ दे र मं तेरो हात् देखि खांकु भन्यो । त तामार्ले आफुले
बनायेको फुलौरो लियेर आफ्नु दाजु अम्नोन् थांइ कोठामां लगी । अनि जब ११
येस्ले ति थोक् खुवाउंनुलाइ कुछ लगी तब येस्ले येस्लाइ समायेर भन्यो ए
मेरी बैंनी आइज मं सङ सुत् । तर येस्ले येस्लाइ उत्तर् दिई होइन मेरा १२
दाजेइ मेरो पत् न लेउ किनभन्ये इस्राएल्मां येसो गर्नु हुंदैन . येस्तो
मूर्खैं न गर । अनि मं चइं आफ्नु लाज् कहां बोकि लैजाउं . अनि १३
तिमि चइं इस्राएल्मांका मूर्खहरुमांको येउटा हुंकौ । त अब बरु कृपागरि
राजा सित कुरा गर किनभन्ये तिन्ले मंलाइ तिमिलाइ दिंनु देखि थुन्दैनन्
होला । तैपनि येस्ले येस्को कुरा मान्येन . तर त्यो भन्दा बेसि बल्लियो भइ १४
बल्मीचेईं गरि त्यो सित सुत्यो । येस् पछि ता अम्नोन्ले येस्लाइ अग्घोर् १५
गरि घिन् गयो कसोगरिभन्ये येस्ले येस्लाइ घिनायेको घिन् चइं येस्लाइ
प्यारो गर्येको पिर्ति भन्दा बेसि थियो । अनि अम्नोन्ले येस्लाइ भन्यो
उठेर जाइ जा । तब येस्ले येस्लाइ भनी येसो हुंदैन किनभन्ये तिमिले १६
मंलाइ निकाल्येको यो दुष्टैं त्यो तिमिले मं सित गर्येको दुष्टैंइं भन्दा बेसि
छ । तर येस्ले येस्को कुरा मान्येन । तब येस्ले आफ्नु चाकर् गर्ने चाकरेलाइ १७
भन्यो अब येस् केटालाइ मं थांइ देखि निकालि दे अनि येस्को पछाडि
देलाको आगलो लगाइ दे । अनि येस्ले रंगबिरंगको येउटा बक्खू लायेको १८
थिई . कसोगरिभन्ये राजाकी कन्य मैयांहरुले येस्ले बस्न लगाउंद थिइन् ।
तब येस्को चाकरेले येस्लाइ निकालि दियो अनि येस्को पछाडि देलोको
आगलो लगाइ दियो । तब तामार्ले आफ्नु सिर्मां खरानि हाली अनि १९
आफ्नु लायेको रंगबिरंगको बक्खू च्याती अनि आफ्ना हात् आफ्नु सिर्
मांथि राख्दै कराइ कराइकन रुंदै गई । तब येस्को दाजु अब्शालोम्ले २०
येस्लाइ भन्यो कि तेरो दाजु अम्नोन् तेरां आयो । तर अब ए मेरो बैंनी चुप
लागि बस् . त्यो तेरो दाजु हो येस् कुरामां आफ्नु मन् न लगा । त तामार्
आफ्नु दाजु अब्शालोम्को घर्मां मन् मंर्येको भइ बसि रही । तर जब २१
दाऊद् राजाले यि सबै कुरा सुन्यो तब अधि रिसायो । अनि अब्शालोम्ले २२
अम्नोन्लाइ जाति कि नजाति कुइ कुरा भन्येन . किनभन्ये अब्शालोम्ले
अम्नोन्ले येस्को बैंनी तामार्को पत् लियेको कारणले येस्लाइ घिन्
गर्द थियो ॥

अनि पूरो दुइ बर्ष पछि येसो भयो अब्शालोम्का भेंड़ाका ऊण् २३
कत्तंनेहरु एफ्रेम् निर भयेको बाल्हजोर्मां थिये . अनि अब्शालोम्ले
राजाका सबै राजकुमार्हरुलाइ निम्तो दियो । अनि अब्शालोम्ले राजा २४
थांइ आयेर भन्यो अब हेनुं हवस् आफुका दास्का ऊण् कत्तंनेहरु छन् त
कृपागरिकन राजा र तिन्का चाकरेहरु पनि आफ्नु दास् सङ आउन् ।
तब राजाले अब्शालोम्लाइ भन्यो होइन मेरो छोरा सबै ता न जाऊं २५
होइन भन्ये ता तंलाइ भार् हुंछ । तब येस्ले येस्लाइ ठिपि लायो . तैपनि
जांनु मान्येन तर येस्लाइ आशीष् दियो । तब अब्शालोम्ले भन्यो जांनु २६

हुन्न भन्ये देखि त कृपागरि मेरा दाजु अम्नोन्लाइ हांमिहरु सङ जांनु
दिंनु हवस्। अनि राजाले त्येस्लाइ भन्यो त्यो तं सङ किन जांछ।
२७ तर अब्शालोम्ले त्येस्लाइ यहां सम्म ठिपि लायो त्येस्ले अम्नोन्लाइ र
२८ राजाका सबै राजकुमारहरुलाइ त्यो सङ जांनु दियो। अनि अब्शालोम्ले
आफ्ना चाकरेहरुलाइ येसो भनि आज्ञा दियो अब हेर्दै रह जब अम्नोन्को
मन् मद्यले मगन भयेको होला अनि जब मं तंलाइ हिर्का भनुंला तब त्येस्लाइ
मार् न डरा. को मैंलेनै तंलाइ आज्ञा दियेको कुइंन बल् गर् अनि महाबीर
२९ हो। त अब्शालोम्का चाकरेहरुले अब्शालोम्ले आज्ञा गर्येको भैं
अम्नोन्लाइ गर्ये। तब सबै राजकुमारहरु उठेर अनि आफ्ना आफ्ना खच्चरमां
३० चढेर भाग्ये। अनि येसो भयो तिनिहरु बाटोमां जांदै गर्दाखेरि दाऊद् थांइ
अब्शालोम्ले सबै राजकुमारहरुलाइ मार्ये छ अनि तिनिहरुमांको येउटा
३१ पनि कैन अरे भन्य समाचार पुग्यो। तब राजाले उठेर आफ्नु लुगा च्यायो
अनि भूइंमां लड्यो अनि त्येस्का भयेका सबै चाकरेहरुले पनि आफ्ना
३२ आफ्ना लुगा च्यायेर त्येस्का वरिपरि उभीये। तब दाऊद्को दाजु शिमाको
छोरो योनादाब्ले उत्तर दिइ भन्यो मेरा प्रभुले सबै जुवान् राजकुमारहरु
मारीये भनि न ठान्नु हवस् किनभन्ये खालि अम्नोन् मात्रै मारीयो.
किनभन्ये त्येस्ले त्येस्को बैंनी तामारको पत् लियेको दिन् देखि यो कुरो
३३ अब्शालोम्को मनमां ठहराइ राख्येको थियो। येस्कारण् अब मेरा प्रभु
महाराजाले सबै राजकुमारहरु मर्ये छन् भनि ठान्नुलाइ मन् न लगाउंनु
३४ हवस्. किनभन्ये अम्नोन् मात्रै मारीयो। तर अब्शालोम् चइं भाग्यो।
अनि पहराचौकि बस्ने जुवानले आफ्ना आंखा उचाल्येर हेर्दाखेरि को
देख्यो भन्य धेरै जना मान्छेहरु त्येस्को पछाडि पर्ठि भयेको पाखाको
३५ बाटो बाट्टो आउंदै थाकन्। अनि योनादाब्ले राजालाइ भन्यो हेर्नु हवस्
३६ राजकुमारहरु आउंदै छन्. आफ्को दासले भन्येको जस्तै छ। अनि येसो
भयो त्येस्ले भनि सकन् बित्तिकै हेर राजकुमारहरु आयेर आफ्नु आफ्नु
सोर् उचालि रुंनु लाग्ये. अनि राजा पनि अनि त्येस्का सबै चाकरेहरु
३७ पनि अरघोरगरि रोये। तर अब्शालोम् चइं भाग्येर गेशूरको राजा
अम्मीहूरको छोरो तल्मै थांइ गयो। अनि दाऊद् आफ्नु छोरोको लागि
दिनहूं बिलाप् गर्दै रह्यो॥

(अब्शालोम्को राजद्रोहगराई)

३८ येसोरि अब्शालोम् भाग्येर गेशूरमां गयो अनि त्यहां तीन् वर्ष रह्यो।
३९ अनि दाऊद् राजाको मनले अब्शालोम् थांइ जांनु खोज्यो. किनभन्ये
अम्नोन् जो मरि सक्योको थियो त्येस्को विषयमां शान्त भइ सक्यो॥

१४ १ तब सरूयाहको छोरो योआबले राजाको मन् अब्शालोम् तिर
२ रुक भनि थाहा पायो। तब योआबले टकोमां पठायेर त्यहां बाटो येउटी
बुद्धिमान् आइमाइलाइ बोलाइ ल्यायेर त्येस्लाइ भन्यो कृपागरिकन बिलाप्

गर्ने निउं गरिकन विलापी भेष् फेर अनि आफ्नु जीउमां तेल् न लगाउ तर
मर्नेको लागि धेरै दिन् देखि विलाप् गरि रह्येकी आइमाइ जस्ती होउ.
वहांदेखि राजा थांइ गयेर येसो येसो भन । वहांदेखि योआबले त्येस्को ३
मुखमां कुरो हालि दियो । अनि जब टकोकी आइमाइले राजा सित बात् ४
गर्नु थाली तब भूइंमां घोप्टो पर्येर दण्डवत् गर्येर भनी हे महाराजा
गोहार् । अनि राजाले त्येस्लाइ भन्यो तंलाइ के भयो । तब त्येस्ले उत्तर् ५
दिई सांचिनै मं विधवी आइमाइ हुं अनि मेरो लोग्ने खस्यो । अनि ६
आफुकी दासीका दुइ भाई कोराहरु थिये अनि ति दुइले आपस्तमां वन्मां
झगरा गर्ये कुन् अनि तिनलाइ कुटग्राउंने कोई पनि रैनछ तर येउटाले
अर्कोलाइ हिर्काएर मार्ये छ । त हेर्नु हवस् सिंगै जहान् आफुकी दासीको ७
विरुद्धमां उठेको छ अनि तिनिहरुले आफ्नु भाईलाइ मार्नेलाइ
हामिहरुलाइ सुम्पि दे र हामिहरु त्येस्लाइ त्येस्ले मार्येको भाईचइंको
प्राणको साटो मारुं अनि येसोरि अधिकारीलाइ पनि नास् पार्छौं भन्येर
भन्येका कुन्. त येसोरि तिनिहरुले मेरो बांच्येको फिलीङ्गोलाइ पनि
निभाइ दिंद कुन् अनि मेरो लोग्नेको लागि भूमिको मुख् मांथि न नांउ न
कोइ बांच्येको कोहि दिंकुन् । तब राजाले त्येस् आइमाइलाइ भन्यो आफ्नु ८
घरमां जा मं तेरो विषयमां आज्ञा दिंकु । त टकोकी आइमाइले राजालाइ ९
भनी हे मेरा प्रभु हे महाराजा मं मांथि र मेरो बाबुको घर् मांथि दोष्
परोस्. तर राजा र तिन्को सिंहासन् निर्दोष् रहुन् । त राजाले भन्यो जस् १०
जस्ले तंलाइ कोइ भन्छ त्येस्लाइ मं थांइ ले र त्येस्ले तंलाइ फेरि फेरि कुंने
छैन । तब त्येस्ले भनी कृपागरि महाराजाले आफ्न् ईश्वर् यहवेलाइ सम्झुन् ११
र लोहूको साटो लिंनेलाइ फेरि नास् न पाकन् होइन भन्ये ता तिनिहरुले
मेरो छोरोलाइ नास् पार्नन् । तब त्येस्ले भन्यो यहवे जीइ रह्येको भं तेरो
छोरोको येउटा केस् भूइंमां खस्दैन । तब त्येस् आइमाइले भनी कृपा १२
गरिकन आफ्नो दासीलाइ मेरा प्रभु महाराजाकन येउटा कुरा भन्नु दिंनु
हवस् । तब त्येस्ले भन्यो भन्दै जा । तब आइमाइले भनी त आफुले ईश्वरको १३
लोगको विरुद्धमां येस्तो येस्तो जुक्ति किन गर्नु भयो. किनभन्ये यो कुरा
भन्दाखेरि महाराजा पनि एक् जना दोषी जस्ता कुन् कसोगरिभन्ये
महाराजाले पनि आफ्नु निकाल्येकोलाइ फर्काइ ल्याउंदैनन् । कसोगरिभन्ये १४
हामिहरु ता मर्नु पर्नेहरु हौं अनि हामिहरु भूइंमां पोखीयेको फेरि उठाउंनु
न सकींने पानी जस्ता हौं अनि ईश्वरले प्राण् लिंदैन तर निकाल्येको मान्छे
बाहिर आफालीयेको जस्तो हुंदैन भन्ये जुक्ति निकाल्द छ । त अब मैले यो १५
कुरा आफ्ना प्रभु महाराजाकन भन्येको कारण् यो हो अर्थात् लोगले
मंलाइ तर्साएका कुन्. अनि आफुकी दासीले भनी मं महाराजाकन ऐले
भन्छु कोनि महाराजाले आफनी दासीको विन्ति पूरो गर्नन् । किनभन्ये १६
महाराजाले आफ्नी दासीलाइ त्यो मंलाइ र मेरो छोरो समेतलाइ ईश्वरको
अधिकार् देखि मेटाउंनु आंटेको मान्छेको हात् बाटो छोड़ाउंनुलाइ सुन्

१७ हुंछ । येस्कारण् आफुको दासीले भनी कृपागरिकन मेरा प्रभु महाराजाको
कुरो चैन् दिने कुरो हवस् . किनभन्ये जाति नजातिको भेद् कुटाउंनुलाइ मेरा
प्रभु महाराजा ईश्वर्को दूत् जस्तोकै छन् . अनि आफुको ईश्वर् यहवे आफु
१८ सङ हवस् । तब राजाले आइमाइलाइ उत्तर् दिइ भन्यो मं तंलाइ जे जे
सोध्छु कृपागरि त्यो मं देखि न लुका । त आइमाइले भनी मेरा प्रभु
१९ महाराजाले अब भनुन् । त राजाले भन्यो के यि सबै कुरामां योआबको
हात् तं सङ छैन । अनि आइमाइले उत्तर् दिइ भनी हे मेरा प्रभु महाराजा
आफुको प्राण् जीइ रह्योको झैं मेरा प्रभु महाराजाले भन्येका कुरा देखि
कोई पनि न दाहीनो न बांउ फर्कनु सक्द छु . कसोगरिभन्ये आफुको दास्
योआबलेनै आज्ञा दिइ यि सबै कुरा आफुकी दासीको मुखमां हालि
२० दियो . आफुको दास् योआबले त्येस् कुराको बिषयमां अर्को रूप् देखाउंनुलाइ
यो गर्यो . अनि मेरा प्रभु पृथिवीमां भयेका सबै थोक् चिन्नुलाइ ईश्वर्को
२१ दूतको बुद्धि अनुसारका बुद्धिमान् छन् । अनि राजाले योआबलाइ भन्यो
अब हेर् मैले यो कुरा गर्यें . येस्कारण् गयेर त्येस् केटा अब्शालोमलाइ फेरि
२२ फर्काइ ले । तब योआबले भूइंमां घोप्टो परि दण्डवत् गरि राजालाइ
आशीर्वाद् गर्यो . वहांदेखि योआबले भन्यो हे मेरा प्रभु हे महाराजा
आजु मैले मं आफुको दास् मांथि आफुको अनुग्रह् भयो भनि थाहा पायें
२३ कसोगरिभन्ये महाराजाले आफ्नु दासको बिन्ति पूरो गरि दिये । त
२४ योआबले उठेर गेशूरमां गइ अब्शालोमलाइ यरूशलेममां ल्यायो । अनि
राजाले भन्यो त्यो आफ्नु घरमां फर्कि जावस् तर मेरो दर्शन् न पावस् ।
त अब्शालोम् आफ्नु घरमां फर्क्यो तर राजाको दर्शन् पायेन ॥

२५ अब सिंगे इस्राएलमां अब्शालोम् जस्तो सुन्दरेईको बिषयमां बढाई
गर्ने मानिसको कोई थियेन . पैतला देखि अं टुपि सम्म त्येस्को जीउमां
२६ कुइ खोट्खाट् थियेन । अनि जब त्येस्को केस् गह्रुङ् भयेको कारणले त्येस्ले
त्यो वर्षको अन्त अन्तमां मुड्याउंद थियो तब त्येस्को कपालको केसको
२७ जोखाई राजाको जोखाईमां दुइ सै शेकेल् भरिका हुंथ्यो । अनि अब्शालोमका
तीन् भाई छोराहरु र एक् बैंनी छोरी जन्म्ये जस्को नाउ तामार् थियो .
जो राम्रो मोहोड़ा भयेकी थिई ॥

२८ अनि अब्शालोम् पूरा दुइ वर्ष सम्म यरूशलेममां रह्यो तर राजाको
२९ दर्शन् पायेन । तब अब्शालोमले योआबलाइ बोलाइ पठायो त्येस्ले त्येस्लाइ
राजाकां लैजावस् भन्येर तर त्यो त्यो पांइ आउंनु मान्येन . तब त्येस्ले फेरि
३० दोस्रो खेप् डाकि पठायो तरैपनि त्यो आउंनु मान्येन । येस्कारण् त्येस्ले
आफ्ना चाकरेहरुलाइ भन्यो हेर योआबको बारी मेरो बारी निर छ अनि
त्यहां त्येस्को जउ छ गयेर त्येस्मां आगो लगाइ देव । त अब्शालोमका
३१ चाकरेहरुले त्येस् बारीमां आगो लगाइ दिये । तब योआबले उठेर
अब्शालोम् पांइ त्येस्को घरमां आयेर भन्यो आफुका चाकरेहरुले मेरो
३२ बारीमां किन आगो लगाइ दिये । तब अब्शालोमले योआबलाइ उत्तर

दियो हेर मैंले तिमिलाइ येसो भनि पठायें यहां आउ र मं तिमिलाइ
राजा थांइ येसो भनिकन पठाउं मं गेशूर् देखि किन आयें वहां रहंनु
मंलाइ अरु जाति थियो भन्नुलाइ. अब मंलाइ राजाको दर्शन् पाउंने
गराइ देउ अनि मंमां कोइ दोष् रछ भन्ये तिन्ले मंलाइ मारून्। त २३
योआबले राजा थांइ आयेर येसै भन्यो. अनि जब त्येस्ले अब्शालोम्लाइ
डाकि पठायो तब त्यो राजा थांइ आयेर राजाको सांमु भूइंमां घोप्टो पर्‍यो.
अनि राजाले अब्शालोम्लाइ चूमा खायो॥

अनि त्येस् पछि येसो भयो अब्शालोम्ले आफ्नु लागि येउटा रथ् १५ १
र घोड़ाहरु र आफ्नु अघि अघि दुगुर्नुलाइ पचास् जना मान्छेहरुलाइ
तियार् पार्‍यो। अनि अब्शालोम् सबारे उठेर टोकाको बाटो छेउ उभीयो. २
अनि येसो हुंद थियो जब जब कसैको कोइ झगराको कोइ कुरा हुंद थियो
जो राजाकां नियाको लागि जांद थियो तब तब अब्शालोम्ले त्येस्लाइ
बोलायेर भन्द थियो कुन् सहरको होस्। अनि त्येस्ले आफुको दास् इस्राएल्के
कुल्मांको येउटा हुं भनि उत्तर दिंथ्यो। तब अब्शालोम्ले त्येस्लाइ भन्द ३
थियो हेर् तेरा कुरा जाति र ठीक् राछन् तर राजाको पट्टि बाटो सुन्नुलाइ
तेरो कोई मान्छे खठाईयेको छैन। येस् उप्रान्त अब्शालोम्ले भन्द थियो ४
हाय् मं देसको बिचारी हुंदा हुं त जस् जस्का येस्ता येस्ता झगरा कि कोइ
कुरा हुंदा हुन् अनि त्यो मं थांइ आउंदो हो त मं त्येस्को निया गरि दिन्थे
थियें। अनि येसो हुंथ्यो जब कोई त्येस्लाइ दण्डवत् गर्नुलाइ छेउ आउंद ५
थियो तब त्येस्लाइ आफ्नु हात् पसार्‍येर समाति चूमा खांद थियो। अनि ६
अब्शालोम्ले राजा थांइ नियाको लागि आउंने सिंगै इस्राएल् सित
येस्ते बेहोरा गर्द थियो. येसोरि अब्शालोम्ले इस्राएल्का मान्छेहरुको
मन् चोर्‍यो॥

अनि चालीस् बर्ष बित्ये पछि येसो भयो अब्शालोम्ले राजालाइ ७
भन्यो कृपागरिकन मंलाइ यहूवेको लागि गर्‍येको भाकल् हेब्रोन्मां पूरा
गर्नुलाइ जांनु दिनु हवस्। किनभन्ये आफुको दास्ले अराम्मां भयेको ८
गेशूरमां रहंदा येसो भनिकन भाकल् गर्‍येको छ यहूवेले साच्चिनै मंलाइ
यरूशलेम्मां फर्काइ लग्यो भन्ये देखि मं यहूवेको सेवा गर्छु भनि। तब ९
राजाले त्येस्लाइ भन्यो कुशल् सित जा। तब त्यो उठेर हेब्रोन्मां गयो।
तर अब्शालोम्ले इस्राएल्का सबै कुल्हरुको बीच्मां येसो भन्येर १०
मेदियाहरुलाइ पठायो तिमिहरुले नर्सींगा बज्येको सुन् बित्तिकै अब्शालोम्
हेब्रोन्मां राजा भयो भन्येर भन्नु। अनि अब्शालोम् सित दुइ सै जना ११
निम्त्यायेका मान्छेहरु यरूशलेम् देखि सोझो मनका भइ निस्कि आये अनि
तिनिहरुले कोइ भेद् जान्येनन्। अनि जब अब्शालोम्ले होमबलि १२
चढ़ाउंदै थियो तब त्येस्ले गीलोनी अहीतोफेल् दाऊदको मंत्रीलाइ त्येस्को
सहर् गं गीलो देखि डाकि पठायो। त राजद्रोह् बल्लियो भयो
कसोगरिभन्ये लोग् अब्शालोम् थांइ बढ़्दै बढ़्दै गये॥

(दाऊद्को प्रबास्)

१३ अनि येउटा दूत् इस्राएल्का मान्छेहरुको मन् अब्शालोम् पट्टि
१४ लाग्येको कुरा भन्दै दाऊद्कां आयो । तब दाऊद्ले यरूशलेम्मां आफु सङ भयेका
आफ्ना सबै चाकरेहरुलाइ भन्यो उठ हांमिहरु भागूं होइन भन्ये ता
अब्शालोम् देखि हांमिहरुमांको येउटा मान्छे पनि बांच्दैन । छिटो
हतारीदै हिंड़ होइन भन्ये ता त्यो हांमिहरु मांथि झाट्टै आइ लाग्ला ।
अनि हांमिहरु मांथि बुराई ल्याउला अनि सहर्लाइ तरवार्को धार्ले
१५ मार्ला । तब राजाका चाकरेहरुले राजालाइ भन्ये हेर्नु हुस् ज्ये ज्ये हांम्रा प्रभु
महाराजाको इच्छे हुंकु ति गर्नुलाइ हांमि आफुका चाकरेहरु तियार् छौं ।
१६ तब राजा निस्क्यो अनि त्येस् पछि त्येस्का सबै जहान् पनि । अनि राजाले
१७ दसवटी रखैलीहरुलाइ घर् सङ्नुको लागि कोड़ि राख्यो । अनि राजा
निस्कि गयो अनि त्येस्को पछि पछि सबै लोग् अनि तिनिहरु बेत्मेर्हक्मां[1]
१८ अड़ीये । अनि त्येस्का सबै चाकरेहरु सङ सङ् आयेर अघि लाग्ये अनि
सबै क्रेतीहरु र सबै प्लेतीहरु र सबै गातीहरु अर्थात् जो कुरै सै मान्छेहरु
त्येस्को पछि पछि गात् देखि आयेका थिये ति सबै राजाको सांमु अघि अघि
१९ हिंड्दै थिये । तब राजाले गाती इत्तैलाइ भन्यो तं पनि हांमिहरु सङ
किन आउंद कुरा फर्क्यर राजाकां रह् । किनभन्ये तं अन्यदेसी होस् अं
२० आफ्नु देस् देखि निकाल्येको होस् आफ्नु ठांउमां फर्कि जा । तं हिजै मांत्रै
आयेको होस् त को आजु मं आफ्नु खुशि अनुसार् जता जता जांकु उता
उता तंलाइ पनि लिहिंडुं । फर्कि जा आफ्ना भाईहरुलाइ पनि आफ् सङ
२१ लैजा तं सङ अनुग्रह र सच्चैं होउन् । तब इत्तैले राजालाइ उत्तर् दिइ
भन्यो यहवे जीइ रह्येको भैं र मेरा प्रभु महाराजा जीइ रह्येको भैं निस्स
जुन् ठांउमां मेरा प्रभु महाराजा मर्नुलाइ कि जीउंनुलाइ हुंकुन् त्येइ ठांउमां
२२ आफुको दास् पनि हुंकु । तब दाऊद्ले इत्तैलाइ भन्यो जा पारि तर् । तब
गाती इत्तै आफ्ना सबै मान्छेहरु र आफु सङ भयेका सबै बालबच्चाहरु
२३ समेत् पारि गयो । अनि सबै देस् कराइ कराइकन रोयो अनि सबै
लोग् तरि गये । राजा आफै पनि किद्रोन् खोल्चा पारि तरि गयो
२४ अनि सब्बै लोग् बनको बाटो तिर पारि गये । त हेर सादोक् पनि अनि
त्यो सङ भयेका सबै लेवीहरु पनि ईश्वर्को नियम्को सम्पट् बोकदै आये
त्यहांदेखि तिनिहरुले ईश्वर्को सम्पट् राख्ये अनि एब्यातार् सबै लोग्
२५ सहर् देखि निस्कि न सकुंज्याल सम्म चढ़ि गयो । अनि राजाले सादोकलाइ
भन्यो ईश्वर्को सम्पट् चट्टं सहरमां बोकि फर्काइ लैजाउ । यहवेको अनुग्रह
मं मांथि भयो भन्ये उस्ले मंलाइ फर्काइ ल्याउंछ अनि मंलाइ त्यो र
२६ आफ्नु बास् पनि देखाउंछ । तर उस्ले तं देखि मं खुशि छुइन भन्यो भन्ये

[1] अर्थात् टाड़ीको घर ।

देखि त हेर यहां कु जे जे उस्लाइ जाति लाग्छ त्यो मं सित गरोस् ।
राजाले सादोक् पूजाहारीलाइ यो पनि भन्यो को तिमि दर्शी होन . कुशल् २७
सित सहरमां फर्कि जाउ अनि तिमि सङ तिम्रा दुइ भाई छोराहरु पनि
तिम्रो छोरो अहीमास् र एब्यातार्को छोरो योनातान् । हेर तिमिहरुकांटो २८
कोइ समाचार् न आउंज्याल् सम्म मं बन्को घाट्मां अड़ीइ रहंछु ।
येस्कारण सादोक् र एब्यातारले यरूशलेम्मां ईश्वर्को सम्पट् बोकि फर्काइ २९
लग्ये . अनि तिनिहरु उहीं रह्ये ॥

त दाऊद् जैतून् पर्वतको उकालीमां चढ्दै गयो अनि रुंदै रुंदै ३०
दढ़ि गयो अनि त्येस्को सिर् ढाकेको थियो अनि पाउ चइं नांगै . अनि
त्यो सङ भयेका सबै लोग् जनंगे पनि आफ्नु आफ्नु सिर् ढाकेर रुंदै
रुंदै चढ़ि जांद थिये । अनि अबशालोम् सङ भयेका राजद्रोहीका खालमां ३१
अहीतोपेल् पनि छ भनि दाऊदलाइ सुनाईयो । तब दाऊदले भन्यो हे
यहवे मं बिन्ति गर्द छु अहीतोपेलको मंत्र मूर्खतामां फेरि दिनु हवस् । अनि ३२
येसो भयो जब दाऊद् त्येस् उकालीको थाप्लिमां पुग्यो जहां ईश्वर्को सेवा
गर्न गई थिये तब हेर एरेकी हुशै आफ्नु कांच् च्यात्येको र आफ्नु थाप्लोमां
धूलो हाल्येको भइ त्येस्लाइ भेट्नलाइ आयो . तब दाऊदले त्येस्लाइ भन्यो ३३
तिमिहरु मं सङ पारि आयौ भन्ये ता मेरो लागि भार् हुंछौ . तर सहरमां ३४
फर्कर अबशालोम्लाइ मं आफुको दास् हुंकु हे महाराजा अगाड़ि आफुको
बाबुको दास् भयेको झैं अब मं आफुको पनि दास् हुंकु भन्यैर भन्यौ भन्ये
देखि ता मेरो लागि अहीतोपेलको मंत्र उल्टाइ दिंछौ । अनि को सादोक् र ३५
एब्यातार् पूजाहारीहरु तिमिहरु सङ होनन् . येस्कारण येसो हुंछ जे जे
कुरा तिमिले राजाको घर् बाटो सुन्छौ ति सादोक् र एब्यातार् पूजाहारी-
हरुलाइ सुनाइ देउ । हेर वहां तिनिहरु सङ तिनिहरुका दुइ भाई ३६
छोराहरु सादोक्को छोरो अहीमास् र एब्यातार्को छोरो योनातान् छन्
तिनिहरुको बाटोले तिमिहरुले सुन्येको सबै कुरा मलाइ पठाइ देव ।
येसोरि दाऊदको मित्र हुशै सहरमां आयो अनि अबशालोम् चइं ३७
यरूशलेम्मां आइ पुग्यो ॥

अनि जब दाऊद् त्येस् उकालीको थाप्लि देखि अलिक् पर्तिर पुग्येको १६ १
थियो तब मपीबोशेतको चाकरे सीबा एक् जोड़ा जीन् कस्येको गदाहा र
तिनिहरु मांथि बोकाईयेको दुइ सै रोटी र एक् सै झुप्पा किस्मिस् र
एक् सै ऋतुफल् र एक् मशक् मद्य लिइ आयेर त्यो सित भेट् गर्यो । अनि २
राजाले सीबालाइ भन्यो यि थोकले तिम्रो को अर्थ छ । तब सीबाले
उत्तर् दियो गदाहा चइं राजाको जहानलाइ चढ़्नुको लागि रोटी र
ऋतुफल् चइं जुवानहरुलाइ खांनुको लागि अनि मद्य चइं बनमां थाकेका
हरुको लागि पीउंनुको लागि । त राजाले भन्यो तिम्रो स्वामीको छोरो कहां ३
छ । अनि सीबाले राजालाइ भन्यो हेर्नु हवस् त्यो यरूशलेम्मां रहंद छ
किनभन्ये त्येले इस्राएलको जहानले आजु मलाइ मेरो बाबुको राज् फर्काइ

४ दिंकु भन्येर भन्द थियो । तब राजाले सीबालाइ भन्यो हेर मपीबोशेतको
पर्ने सबै भाग् तिमिलाइ भयो । त सीबाले भन्यो मं दण्डवत् गर्द कु
हे मेरा प्रभु हे महाराजा आफुको अनुग्रह् मं मांथि हवस् ॥
५ अनि जब दाऊद् राजा बहूरीममां आइ पुग्यो तब हेर शाऊलको
घर्को जहानको एक् जना गेराको कोरो शिमी नांउ भयेको येउटा मान्छे
६ वहां बाटो निस्क्यो. अनि धिक्कार्दै धिक्कार्दै निस्कि आयो । अनि त्येस्ले
दाऊद्लाइ र दाऊद्का सबै चाकरेहरुलाइ ढुंगाले हान्नु लाग्यो. अनि
७ सबै लोग् र सबै महावीरहरु त्येस्का दाहीनो बांउ पट्टि थिये । अनि
शिमीले येसो भनि धिक्कार्यो ए रगतको मान्छे ए बिकामे मान्छे जा जा.
८ यहूवेले शाऊलको जस्को साटोमां तैंले राज् गर्दै कस् त्येस्को घर्को सबै
रगत् तं मांथि फर्काइ दियेको कु अनि यहूवेले तेरो कोरो अब्शालोमको
हातमां राज् सुम्पि दियेको कु. त हेर् तं रगतको मान्छे भयेको कारणले
९ आफ्नु बुराईमां पकड़ा पर्यको कस् । तब सरूयाहको कोरो अबीशैले
राजालाइ भन्यो यो मर्यको कुकुर्ले किन मेरो प्रभु महाराजाकन धिक्कारोस्
कृपागरि मंलाइ जांनु दिंनु हवस् मं त्येस्को टाउको खसाल्कु । तब
१० राजाले भन्यो हे सरूयाहका कोराहरु मंलाइ तिमिहरु सङ को काम् । त्येस्ले
धिक्कार्यकेको कारणमां र यहूवेले त्येस्लाइ दाऊद्लाइ धिक्कार्नु भन्यकेको
११ कारणमां कस्ले तिमिले येसो किन गर्यौ भनि भन्कु । अनि दाऊद्ले
अबीशैलाइ र आफ्ना सबै चाकरेहरुलाइ भन्यो हेर मेरो निज् कोरोले
मेरो प्राण् खोज्दै कु. त को झनसारो ज्यास्तिगरिकन येस् बिन्यामीनीले
पनि न गरोस् . त्येस्लाइ छोड़ि देव त्येस्लाइ धिक्कार्नु देव किनभन्ये यहूवेले
१२ त्येस्लाइ अह्रायेको कु । कोनि कतै यहूवेले मं मांथि गरीयेको उपद्रैं
हेर्ला अनि त्येस्ले मंलाइ आजु धिक्कार्यकेको साटो यहूवेले मेरो भलाई
१३ गर्ला । त दाऊद् र त्येस्का मान्छेहरु बाटो लाग्ये अनि शिमी चइं डांड़ाको
पाखा पट्टि त्येस्लाइ धिक्कार्दै र त्येस् मांथि ढुंगो हान्दै र धूलो छर्दै
१४ हिंड्द थियो । अनि राजा र त्यो सङ भयेका सबै लोग् थाकित भइ
आये अनि त्येस्ले वहां थकाई मार्यो ॥
१५ अनि अब्शालोम् र इस्राएलका मान्छेहरु सबै यरूशलेममां आये
१६ अनि त्यो सङ अहीतोफेल् पनि आयो । अनि यसो भयो जब दाऊद्को
मित्र एरेकी हूशै अब्शालोम् पांइ आइ पुग्यो तब हूशैले अब्शालोमलाइ
१७ भन्यो राजा जोइ रहुन् राजा जोइ रहुन् । तब अब्शालोमले हूशैलाइ
भन्यो को आफ्नु मित्र सङको तिम्रो प्रेम येइ हो किन तिमि आफ्नु
१८ मित्र सङ गयौन । तब हूशैले अब्शालोमलाइ भन्यो होइन तर जस्लाइ
यहूवेले र यो लोग् र इस्राएलका सबै मान्छेहरुले छान्यका कु तिनैको मं
१९ हुं अनि तिनै सङ मं रहंकु । बाहिक मं कस्को सेवा गर्कु . को तिन्को
छोरोको सांमु होइन . जस्तो मैंले आफुको बाबुको सांमु चाकर् गर्यं त्येस्तो
२० आफुको सांमु पनि गर्कु । तब अब्शालोमले अहीतोफेललाइ भन्यो

हांमिहरुले गर्नु पर्ने कामको मंत्र देउ । त अहीतोपेल्ले अब्शालोम्लाइ २१
भन्यो आफुका बाबुले घर् रुङ्नुलाइ छोड़ि राख्येको तिन्को रखेलीहरुकां
जांनु हवस् तब सबै इस्राएल्ले आफुले आफ्नु बाबुलाइ घिनाउंनु भये छ
भनि सुन्छन्. तब आफु सङ भयेका सबै लोगका हात् बल्लिया हुंछन् ।
त तिनिहरुले अब्शालोम्को लागि घरको कौसी मांथि येउटा पाल् टांगि २२
दिये अनि अब्शालोम् सबै इस्राएल्को सांमु आफ्नु बाबुको रखेलीहरुकां
गयो । अनि अहीतोपेल्ले मंत्र गर्येको ति दिनको मंत्र मान्छेले ईश्वर् २३
बाणी सित सोधनी गर्येको जस्तै थियो . अहीतोपेल्को सबै मंत्र दाऊद्को
र अब्शालोम्को लागि येस्तै थियो ॥

येस् उप्रान्त अहीतोपेल्ले अब्शालोम्लाइ भन्यो अब मलाइ १७ १
बारह् हजार् जनालाइ छान्नु दिनु हवस् र मं आजु राति उठि गयेर
दाऊद्लाइ खेद्छु. अनि त्यो थाक्येर हरान् पर्येको छ त मं त्यो मांथि जाइ २
लाग्येर त्येस्लाइ तर्साउंछु त त्यो सङ भयेका सबै लोग् भाग्छन् वहांदेखि
मं खालि राजैलाइ मांत्रै मार्छु. वहांदेखि मं सबै लोग्लाइ आफु थांइ ३
फर्काइ ल्याउंछु. जस्लाइ आफुले खोज्नु हुंद छ त्यो सबै फर्काइ ल्याएको
जस्तो छ. येसोरि सबै लोग् कुशल् सित रहंछन् । त यो कुरो अब्शालोम् र ४
इस्राएल्का सबै प्राचीनहरुलाइ जाति लाग्यो ॥

तब अब्शालोम्ले भन्यो एरेकी हूशैलाइ पनि बोलाव त्येस्ले को ५
भन्द रछ हांमिहरु त्यो पनि सुनूं । अनि जसै हूशै अब्शालोम् थांइ आयो ६
तब अब्शालोम्ले त्येस्लाइ येसो भन्यो अहीतोपेल्ले येसो येसो भन्द छ. त
को हांमिहरु त्येको कुरा अनुसार गरूं. होइन भन्ये तिमिलेनै भन । तब ७
हूशैले अब्शालोम्लाइ भन्यो अहीतोपेल्ले येस् बेला दिंयेको मंत्र जाति
छैन । येस् उप्रान्त हूशैले भन्यो आफुका बाबु र त्येका मान्छेहरु तिनिहरु ८
महाबीरहरु र बनमां काउरा चोरीयेको बनभालुनीको जस्तो मन् बिग्र्येकाहरु
छन् भनि आफुले जान् हुंद छ . अनि आफुको बाबु लड़ांकि मान्छे छ अनि
मान्छेहरु सङ बास् बस्दैन । हेर्नु हवस् येले कोई भलखांड़ामां कि कोई ९
येस्तै ठांउमां लुकि रह्येको छ होला . त येसो हुंछ जब यिनिहरुमांका
पहिले कत्ति जना लड्छन् तब यो सुन्नेले भन्छ अब्शालोम्को पक्षि पक्षि
आउंनेहरुको बीचमां मंराई हुंदै छ । वहांदेखि ता जो मान्छे सूरो छ जस्को १०
मन् सिंहको जस्तो छ त्यो पनि गलि जांछ . किनोभनिभन्ये सिंगै इस्राएल्ले
आफुको बाबु महाबीर् छ अनि त्यो सङ भयेका मान्छेहरु सूराहरु छन् भनि
थाहा पायेका छन् । तर मं मंत्र दिंद छु दान् देखि बेर्शबाका सबै ११
इस्राएल्लाइ समुन्द्रको तीरका बालुवा जत्तिकै गन्तिमां बिहिसाप् भेला
गराउंन् पर्छ अनि हजुर आफै पनि लड़ाईमां जांनु पर्छ । येसोकिन १२
त्येस्लाइ जहां भेट्टाईंछ वहां त्येस् मांथि जाइ लाग्छौं अनि भूईंमां पर्ने
शीत् झैं त्येस् मांथि ओह्रीछौं. तब त्यो आफै र ति त्यो सङ भयेका
मान्छेहरुमांको एक् जनालाइ पनि बांचनु दिंदौंन । येस् उप्रान्त त्यो कोई १३

सहरमां पस्यैको रक्त भन्ये देखि त सिंगै इस्राएल्ले त्यस् सहरमां
१४ डोरी ल्यायेर त्यो येउटा रोड़ा पनि न पाईनेगरि तान्येर नदीमां लौजांकौं।
त अब्शालोम् र इस्राएल्का सबै मान्छेहरूले भन्ये हूशैको
मंत्र अहीतोपेल्को मंत्र भन्दा जाति छ। किनभन्ये यहोवेले अब्शालोम्
मांथि बुराई ल्याउंनुलाइ अहीतोपेल्को जाति मंत्र उल्टाईदिएस् भन्येर
ठहरायेको थियो॥
१५ तब हूशैले सादोक् र एब्यातार् पूजाहारीलाइ भन्यो अहीतोपेल्ले
अब्शालोम् र इस्राएल्का प्राचीनहरूलाइ यस्तो यस्तो मंत्र दियो तर
१६ मैले चइं यस्तो यस्तो मंत्र दियें। त अब छिट्टो गरि दाऊद् थांइ यसो भनि
पठाव आजु राति बनको घाटमां बास् न गर्नु हवस् तर कोई परिले पारि
तर्नु हवस् होइन भन्ये ता राजा र त्यो सङ भयेका सबै लोग् निलींछन्।
१७ तब योनातान् र अहीमास् एन्द्रोगेल् निर थर्खि रह्यका थिये अनि येउटी
कमारीले जांदै तिनिहरूलाइ सुनाउंदै गई थिई तब तिनिहरूले गयेर
दाऊद् राजालाइ सुनाये. किनभन्ये तिनिहरू चइं सहरमां आउंदै गर्यकी
१८ देखाहा पर्नु हुंदै थियो। तर येउटा केटाले तिनिहरूलाइ देख्येर
अब्शालोमलाइ सुनाइ दियो. त ति दुइ जना छिट्टोगरि गयेर बहूरीममां
भयेको येउटा मान्छेको घरमां आये जस्को आंगनमां येउटा कूप थियो त
१९ तिनिहरू त्यस्मां उत्र्ये। तब त्यस् आइमाइले त्यो कूपको मुखमां येउटा ओढ्ने
फिंजायेर त्यस्मां पिंध्येको अन्नको बिस्कुन् हाली तब त्यो कुरो थाहा भयेन।
२० अनि अब्शालोमका चाकरेहरूले त्यस् घरमां आइमाइ भये ठांउ आयेर भन्ये
अहीमास र योनातान् कहां छन्। त त्यस् आइमाइले तिनिहरूलाइ भनी
तिनिहरू पानीको खोल्चा तीर गये। अनि जब तिनिहरूले तिनिहरूलाइ
२१ खोज्येर पायेनन् त तिनिहरू यरूशलेममां फर्कि आये। अनि यसो भयो तिनिहरू
गइ गये पछि तिनिहरू कूप देखि चढि निस्कीर हिंड्ये अनि दाऊद्
राजालाइ सुनाये अनि तिनिहरूले दाऊदलाइ भन्ये उठ्नु हवस अनि छिट्टो
गरि खोल्चा देखि पारि तर्नु हवस्. किनभन्ये अहीतोपेल्ले आफ्नको
२२ बिरुद्धमां यस्तो यस्तो मंत्र दियेको छ। तब दाऊद् आफु सङ भयेका सबै
लोग् समेत् उठेर यर्दन् पारि तरि गयो. अं उज्यालो हुंदा न हुंदा
२३ तिनिहरूमांको यर्दन् पारि न तर्ने येउटा पनि रह्येन। अनि जब
अहीतोपेल्ले मेरो मंत्र अनुसार गरीयेन भनि देख्यो तब त्यो आफ्नु
गदाहा मांथि जीन कस्येर उठि आफ्नु सहर आफ्नु घरमां गयो अनि
आफ्नु घरको बिषयमां आज्ञा गर्यो यहांदेखि आफै झुंडीयेर मर्यो
अनि त्यस्को बाबुको चिहानमां गाड़ीयो॥
२४ तब दाऊद् महनैममां आयो। अनि अब्शालोम् र त्यो सङ
२५ इस्राएल्का सबै मान्छेहरू यर्दन् पारि तर्ये। अनि अब्शालोमले योआबको
साटो अमासाचइंलाइ सेनापति तुल्याये। त्यो अमासा चइं इस्राएली
यित्रो नांउ भयेको येउटा मान्छेको छोरो थियो। जो योआबकी आंमा

सरूयाहको बेंनी नाहाश्को छोरी अबीगल्कां गयेको थियो । त इस्राएल् र २६
अब्शालोमले गिलाद् देसमां डेरा हाल्थे ॥

अनि येसो भयो जब दाऊद् महनैममां आयो तब अम्मोन्बंशीहरुको २७
रब्बाबासी नाहाश्को छोरो शोबी र लोदबारबासी अमीएल्को छोरो
माकीर् र रोगलीम्बासी गिलादी बर्सिल्लेले खाट्हरु भांड़ाबर्त्तन्हरु २८
र मांटोका भांड़ाबर्त्तन्हरु अनि गहूं जउ पिठो भुटेयको अन्न सीमिहरु
दाल्हरु भुटेयका चनाहरु मह नौनीघिउ र भेंड़ाहरु अनि गाईको २९
दही खांनुको लागि दाऊद् र त्यो सङ भयेका मान्छेहरुको लागि ख्याउ
दिये, किनभन्ये तिनिहरुले भन्ये मान्छेहरु बनमां भोकायेका र तिर्खायेका
र थाकेका छन् ॥

अनि दाऊद्ले आफु सङ भयेका मान्छेहरुको गन्ति गर्यो अनि १८ १
त्येस्ले तिनिहरु मांथि सहस्रपतिहरु र सेनापतिहरु खट्टायो । तहांदेखि २
दाऊद्ले लोगलाइ येसोरि पठायो एक् तिहाई योआबको हातमां दोस्रो
तिहाई योआबको भाई सरूयाहको छोरो अबीशैको हातमां अनि तेस्रो
तिहाई गाती इत्तैको हातमांगरि । अनि राजाले लोगलाइ भन्यो मं अफै ३
पनि निस्से तिमिहरु सङ जांकु । तर लोगले भन्ये आफु जांनु हुंदैन,
किनभन्ये हांमिहरु भाग्यूं भन्ये तिनिहरुलाइ हांस्रो बिषयमां केइ फिक्रि
लाग्दैन अनि पनि हांमिहरुमांका मर्यूं भन्ये पनि हांमिहरुको बिषयमां
केइ फिक्रि गर्दैनन्, तर आफु चइं हांमिहरुमांको दस सहस्र जनाको बराबर
हुंनु हुंद छ, येस्कारण अब आफु सहरै बाटो हांमिहरुको गोहार् गर्नुलाइ
तियार् रहंनु भयो भन्ये अरु पनि जाति छ । त राजाले तिनिहरुलाइ भन्यो ४
जे तिमिहरुलाइ सबै भन्दा जाति लाग्छ त्येइ गर्कु । अनि राजा ढोका
छेउमां उभीयो अनि सबै लोग् सै सै र हजार् हजारगरि निस्कि गये ।
अनि राजाले योआब् अबीशै र इत्तैलाइ येसो भनिकन आज्ञा दियो मेरे ५
कारणले त्यो तन्हेरि अं अब्शालोम् सित नरम् बेहोरा गर । अनि राजाले
अब्शालोमको बिषयमां सबै मालिकहरुलाइ सबै जनाले सुन्नेगरि आज्ञा
दियो । तब लोग् इस्राएलको बिरुद्धमां मेदानमां निकल्थे, अनि संग्राम ६
एफ्रैमको बनमां भयो । अनि तहां इस्राएलको लोग् दाऊदका चाकरेहरुको ७
सांमु मारीये अनि त्येस् दिन् तहां बीस् हजार् जनाको ठुलो मंराई भयो ।
किनभनेगरिभन्ये संग्राम् तहां सिंगै देसमां फिंजीयेको थियो, अनि त्येस् दिन् ८
तरवारले भन्दा आस्ति बनचइंले मान्छेहरुलाइ खाइ हाल्यो । अनि ९
एकाकी अब्शालोम् र दाऊदका चाकरेको भेट् भयो । अनि अब्शालोम्
आफनु खच्चर् मांथि चढ्येको थियो तब खच्चर् येउटा ठुलो बांजबृक्षको
बाक्लो हांगाहरु मुनि बाटो गयो तब अब्शालोमको कपाल् बांजबृक्षमां
अल्झ्यो तब त्यो अधरमां झुंडीइ रह्यो तर त्येस् मुनि भयेको खच्चर् चइं
छिरि गयो । अनि येउटाले देख्यर योआबलाइ येसो भनि सुनायो हेर्नु हवस् १०
अब्शालोमलाइ मैले बांजबृक्षमां झुंडीइ रह्येको देख्यं । तब योआबले त्यो ११

भन्येलाइ भन्यो त हेर् त्यो देखिस् त किन त्येस्लाइ वहां मांरि भूंइमां
१२ खसालीनस् त मं तंलाइ दस् टुका चांदी र येउटा पटुका दिंने थियें। तब
त्येस् मान्छेले योआबलाइ भन्यो मैंले आफ्नु हातमां हजार् टुका चांदी
जोखि जोखिकन पायें भन्ये पनि मं राजकुमारको विरुद्धमां आफ्नु हात्
पसार्ने थिइँन. किनभन्ये हांमिहरुले सुन्नेगरि राजाले आफु र अबीशै र
इत्तैलाइ चंख बस कसैले त्येस् तन्हेरि अबशालोमलाइ न कुवस् भन्येर
१३ आज्ञा दियेको थियो। होइन भन्ये ता मं त्येस्को प्राणको विरुद्धमां कुलि
हुंने थियें त आफु पनि मेरो विरुद्धमां उठनु हुंने थियो अनि राजा देखि
१४ कोइ कुरा लुक्येको छैन। तब योआबले भन्यो मं तं सङ येसोरि अड़ीनु
हुंदैन। तब त्येस्ले आफ्नु हातमां तीनवटा कांड् लिइ गयेर अबशालोमलाइ
जो अब सम्म बांजकुतको बीचमां जीउंदै रह्येको थियो त्येस्को मुटुमां
१५ रोपि दियो। तब योआबको हतियार् बोक्ने दस् जना जुवानहरुले घेर्यें
१६ अनि अबशालोमलाइ हिर्काएर काढ्यें। तब योआबले नर्सींगा बजायो त
लोग् इस्राएललाइ खेदनु देखि फर्क्यो. किनभन्ये योआबले लोगलाइ पुनि
१७ राख्येको थियो। वहांदेखि तिनिहरुले अबशालोमलाइ लग्येर वनमां
भयेको त्येस् तुलो खाड्लमां हालि दिये अनि त्येस् मांथि ढुंगाको येउटा
थोथि तुलो थुप्रो उभ्याये. अनि सिंगै इस्राएल् आफ्नु आफ्नु पालमां
१८ भाग्ये। अब अबशालोमले जीउंदो हुंदाखेरि आफ्नु लागि राजाको तरिमां
भयेको मुड्का लग्येर उभ्याइ राख्येको थियो. किनभन्ये त्येस्ले मेरो नांउको
सम्झनाको लागि मेरो कोई छोरा छैन भन्येर भन्येको थियो. त त्येस्ले त्यो
मुड्कामां आफ्नै नांउ राख्यो. अनि त्यो आजु सम्म अबशालोमको सम्झौदे
मुड्का भनींद छ॥

१९ तब सादोकको छोरो अहीमास्ले भन्यो मंलाइ दुगुरिकन राजाकां
यहुवेले आफुको लागि आफुका सत्रुहरुको विषयमां कसोरि साटो लियो
२० भन्येर समाचार् सुनाउंनुलाइ जांनु दिंनु हुवस्। तब योआबले त्येस्लाइ
भन्यो आजु तं समाचारे न हो तर अर्को दिन् समाचारे हुंकस्. तर आजु
२१ ता तैंले समाचार् न लैजा किनभन्ये राजकुमार् मर्येको छ। तब योआबले
कूशीलाइ भन्यो गयेर जे देख्येको छस् त्यो राजालाइ भन्। तब त्यो
२२ कूशी योआबलाइ दण्डवत् गर्येर दुगुरि गयो। तब सादोकको छोरो
अहीमास्ले फेरि योआबलाइ भन्यो जेसुकै हुवस् कृपागरि मंलाइ पनि त्येस्
कूशीको पछि पछि दुगुर्नु दिंनु हुवस्। त योआबले भन्यो ए मेरो छोरा तं
२३ किन दुगुर्कस् जब तेरो समाचारको प्रतिफल् कोइ हुंदै हुंदैन। तरैपनि जेसुकै
हुवस् मं दुगुर्कु भन्यो। तब त्येस्ले त्येस्लाइ भन्यो दुगुर्। तब अहीमास्
गोहीटारको बाटो बाढ़ो दुगुर्यो त त्येस्ले कूशीलाइ उछ्यो॥

२४ त्येति बेला दाऊद् दुइ ठोकाको बीचमां बसि रह्येको थियो. अनि
पहरु चढ़ें ठोकाको छाना मांथि भित्तामां चढ़ेरको थियो अनि आफ्ना
२५ आंखा उचाल्येर हेर्यो त हेर एक् जना मान्छे एक्ले दुगुर्दै आउंद रछ। तब

पहरुले हापार्‌यर राजालाइ सुनाइ दियो । त राजाले भन्यो त्यो एक्ले क
भन्ये देखि त्येस्को मुखमां समाचार् क होला । अनि त्यो आउंदै आउंदै
नजिक् आयो । तब पहरुले अर्को मान्छेलाइ पनि दुगुर्दै आयेको देख्यो . २६
तब पहरुले दुवार्‌पाल्लाइ बोलायेर भन्यो हेर अर्को मान्छे पनि एक्ले दुगुर्दै
आउंदै क । त राजाले भन्यो त्यो पनि समाचारै ल्याउंने होला । तब २७
पहरुले भन्यो मं ठान्द कु अघिल्लोचइंको दुगुराई ता सादोक्को छोरो
अहीमास्को दुगुराई जस्तो क । तब राजाले भन्यो त्यो जाति मान्छे क त
जाति समाचार् ल्याउंक होला । अनि अहीमास्ले हापार्‌यर राजालाइ भन्यो २८
कुशल् तब त्यो राजाको सांमु भूंइमां घोप्टो पर्‌यर भन्यो यहवे आफुको
ईश्वर् धन्नको हो जस्ले ति मेरा प्रभु महाराजाको बिरुद्धमां हात्
उठाउंनेहरुलाइ सुम्पि दियेको क । तब राजाले भन्यो के तन्हेरि अब्शालोम् २९
कुशल् सित क । त अहीमास्ले उत्तर् दियो जब योआब्ले राजाको
चाकरेलाइ अं आफुको चाकरे मंचइंलाइ पठायो तब मैंले तुलो खैलाबैला
देख्यें तर के भयो के भयो मं जांदैंन थियें । त राजाले भन्यो पर सर्‌यर ३०
त्यहां उभीइ रह । तब त्यो पर सर्‌यर उभीइ रह्यो । अनि हेर कूशी आइ ३१
पुग्यो वहांदेखि कूशीले भन्यो मेरा प्रभु महाराजाको लागि समाचार् ।
कसोरिभन्ये यहवेले आजुको दिन् आफुको बिरुद्धमां उठेका सबै देखि
साटो लियेको क । तब राजाले कूशी सित सोध्यो के तन्हेरि अब्शालोम् ३२
कुशल् सित क । तब कूशीले उत्तर् दियो मेरा प्रभु महाराजाका सत्तुरहरु र
आफुको बिरुद्धमां आफुको हानि गर्नुलाइ उठेका सबै जना त्येइ तन्हेरि
जस्ता होउन् । तब राजा अरघोर्‌गरि सुतायो अनि ढोका मांथि भयेको ३३
कोठा मांथि चढ्यो अनि वहां रोयो . अनि येसो भन्दै भन्दै हिंड्दै थियो
हाय् मेरो छोरा अब्शालोम् मेरो छोरा मेरो छोरा अब्शालोम् . तेरो साटोमां
मंने मर्‌येको भये जाति हुंथ्यो हाय् अब्शालोम् मेरो छोरा मेरो छोरा ॥

(दाऊद्को फकिअवाई)

अनि योआब्लाइ भनीयो हेर्नु हवस् राजा अब्शालोम्को लागि १९ १
रुंदै र बिलाप् गर्दै रहंद क भनि । त त्येस् दिन्को जय् सबै लोग्को लागि २
बिलाप्मां फेरीयो . कसोगरिभन्ये त्येस् दिन् लोगले राजाले आफ्नु छोरोको
लागि बिलाप् गर्द क भन्येको सुन्ये । तब लोग् त्येस् दिन् लड़ाईं बाटो ३
भाग्येकाहरु लाज्ले लुकि लुकिकन हिंड्नेहरु झैंगरि सहरमां पस्ये ।
अनि राजाले आफ्नु मुख् ढाक्यो अनि राजा तुलो सोरले चिच्यायो हाय् ४
मेरो छोरा अब्शालोम् हाय् अब्शालोम् मेरो छोरा मेरो छोरा भन्दै । तब ५
योआब्ले घरमां राजा भयेठांउ आयेर भन्यो आजु आफ्ले आफुको प्राण् र
आफुका छोराहरुका र आफुकी छोरीहरुका प्राण् र आफुकी मुखेंनीहरुका
प्राण् र आफुकी रखेलीहरुका प्राण् बचाउंने आफुका सबै चाकरेहरुको मुख्

६ लाज्मां पारि दिंनु भयो कसोगरिभन्ये आफुले आफु सित दुश्मनी
गर्नेहरुलाइ प्यारो गर्नु हुंद रछ अनि आफु सित पिर्ति गर्नेहरु सित चइं
दुश्मनी गर्नु हुंद रछ। कसोगरिभन्ये आफुले आजुको दिन् न मालिकहरु
न चाकरेहरुको कोइ फिक्रि छ भन्ये देखाउंनु भयो. कसोगरिभन्ये आजु
मैले थाहा पायें अब्शालोम् चइं जीयेको भये देखि अनि हांमिहरु सबै
७ चइं मर्येका भये देखि ता आफुलाइ खूब् जाति लाग्ने रछ। त अब उठेर
बाइर निक्लि आफ्ना चाकरेहरुलाइ शान्तिका कुरा भन्नु हवस्. किनभन्ये
मं यहवेको नांउको किरिया खांद छु आफु बाइर निस्कंनु भयेन भन्ये देख
त आजुको रात् आफु सङ एक् जना पनि रहंदैन होला. तब ता आफुको
केटौलो बेला देखि येसो ऐले सम्म आफु मांथि पर्येका सबै विपत्तिहरु
भन्दा यो चइं विपत्ति अरु बेसि हुंने छ। तब राजा उठेर ढोकामां बस्यो।
८ अनि सबै लोगलाइ हेर राजा ढोकामां बस्येको छ भनि सुनाईयो. तब सबै
लोग् राजाको सांमु आये॥

त्येति बेला इस्राएल्मांको जनंगे आफ्नु आफ्नु पाल्मां भागि
९ गयेको थियो। अनि सिंगे लोगले इस्राएल्का सबै कुलको बीच्मां झगरा
गर्दै भन्नु लाग्ये राजाले हांमिहरुलाइ हांमिहरुका सत्तुरहरुका हात् देखि
बचाये अनि हांमिहरुलाइ पलिश्तीहरुको हात् देखि पनि छोड़ाये अनि ऐले
१० अब्शालोम्को कारणले भागि देस् देखि निक्लि गयेका छन्। अनि अब्शालोम्
चइं जस्लाइ हांमिहरुले आफु मांथि अभिषिक्त गराये का थियो संग्राम्मां
मारीयो। त अब राजालाइ फर्काइ ल्याउंनुलाइ किन कुरा गर्दैन॥

११ तब दाऊद् राजाले सादोक् र एब्यातार् पूजाहारीहरु थांइ येसो भनि
पठायो यहूदाका प्राचीनहरुलाइ येसो भन राजालाइ त्येस्को घर्मां फर्काइ
ल्याउंनुमां तिमिहरु किन सबै भन्दा पछाड़ि छौ. किनभन्ये राजालाइ
घर्मां फर्काइ ल्याउंनु पर्छ भन्ये सिंगे इस्राएल्को कुरा राजाकां पुग्येको छ।
१२ तिमिहरु मेरा दाज्युभाईहरु हौ मेरा हाड् र मेरो मांसु हौ. त तिमिहरु
१३ राजालाइ फर्काइ ल्याउंनुलाइ किन सबै भन्दा पछाड़ि छौ। अनि अमासालाइ
येसो भन को तं मेरे हाड् र मेरे मांसुमांको होइनस्. तं मेरो सांसु योआब्को
साटो सेनापति होइनस् भन्ये देखि ईश्वर्ले मंलाइ यो अं यो भन्दा बेसि
१४ पनि गरोस्। तब त्येस्ले यहूदाका सबै मान्छेहरुको मन् एक् जनाको मन्
जस्तो निउंरायो तहांदेखि तिनिहरुले राजाकां आफु र आफुका सबै
१५ चाकरेहरु फर्कि आउंनु हवस् भनि पठाये। तब राजा फर्कों अनि यर्दन्मां
आइ पुग्यो। अनि यहूदा चइं राजालाइ यर्दन् तारि तारि ल्याउंनुलाइ
गिल्गाल्मां राजालाइ भेट्नुलाइ आये॥

१६ अनि गेराको छोरो बिन्यामीनी शिमी जो बहूरीम्को थियो त्यो
पनि फुर्तिगरि दाऊद् राजालाइ भेट्नुलाइ यहूदाका मान्छेहरु सङ सांझ
१७ आयो। अनि त्यो सङ बिन्यामीन्का एक् हजार् जना मान्छे र शाऊल्को
जहान्को चाकरे शीबा आफ्ना पन्ध्र भाई छोराहरु र आफ्ना बीस् जन

चाकरेहरु समेत् आयो वहांदेखि तिनिहरु राजाको सांमु यर्दन् पारि तर्‍ये।
अनि राजाको जहान्लाइ वारि तारि ल्याउंनुलाइ र राजालाइ मन् पर्‍येको १८
अन्सार् गर्नुलाइ नांउ वारिपारि गरींद थियो। अनि राजा वारि तर्नु
बित्तिकै गेराको छोरो शिमी आयेर त्येस्को सांमु घोप्टो पर्‍यो। वहांदेखि १९
त्येस्ले राजालाइ भन्यो मेरा प्रभुले मं मांथि अधर्म्म न हाल्नु हवस् अनि
आफुको चाकरेले मेरा प्रभु महाराजा यरूशलेम् बाटो निक्ल्येको दिन्मां
अट्टेरेईं सङ गर्‍येको काम् महाराजाले आफ्नु मन्मां सम्झि न राख्नु
हवस्। किनभन्ये मैंले पाप् गर्‍यें भनि आफुको चाकरेलाइ थाहा छ. २०
येस्कारण् हेर्नु हवस् आजुको दिन् मेरा प्रभु महाराजाकन भेट्नुलाइ
यूसुफ्को जहान्मांको पहिले मं चइं आयेको छु। तर सरूयाह्को छोरो २१
अबीशैले उत्तर् दिइ भन्यो क्ये शिमी मांरींदैन किनभन्ये त्येस्ले यह्वेको
अभिषिक्तलाइ धिक्कार्‍येको छ। तब दाऊद्ले भन्यो हे सरूयाह्का छोराहरु २२
हो मंलाइ तिमिहरु सङ क्ये काम् तिमिहरु आजु मेरा बिरोधीहरु भइ
गयेका छौ. क्ये आजु इस्राएल्मांको कोई पनि मांरींछ. कसोगरिभन्ये मं
आजु इस्राएल् मांथि राजा छु भनि क्ये मंलाइ थाहा छैन। तब २३
राजाले शिमीलाइ भन्यो तं मांरींदैनस्। अनि राजाले त्येस्को लागि
किरिया खायो॥

अनि शाऊल्को छोरो मपीबोशेत् राजालाइ भेट्नुलाइ उत्रि आयो २४
अनि त्येस्ले राजा हिंड्येको दिन् देखि राजा फेरि कुशल् सित आयेको दिन्
सम्म न आफ्ना गोड़ाका नङ् कटायेको न आफ्नु दारी छांट्छुंट् गर्‍येको
थियो अनि न आफ्नु लुगा धोयेको थियो। अनि येसो भयो जब त्यो २५
राजालाइ भेट्नुलाइ यरूशलेम् बाटो आयो तब राजाले त्येस्लाइ भन्यो ए
मपीबोशेत् किन मं सित आइनस्। तब त्येस्ले उत्तर् दियो हे मेरा प्रभु २६
हे महाराजा मेरो चाकरेले मंलाइ बहकाइ दियो. कसोगरिभन्ये आफुंको
दास्ले भन्येको थियो मं चढ्येर राजा सित जाउं भनि आफ्नु गदाहा
मांथि जीन् कस्नु लगायें किनभन्ये आफुको दास् खोरण्डे छ। अनि त्येस्ले २७
मेरा प्रभु महाराजाको सांमु आफुको चाकरेलाइ चुग्लि लगायो तर मेरा
प्रभु महाराजा चइं ईश्वर्को दूत् सरि हुंनु हुंद छ. येस्कारण् आफुलाइ
ज्ये जाति लाग्छ त्येइ गर्नु हवस्। किनभन्ये मेरो बाबुको सिंगै २८
जहान् मेरा प्रभु महाराजाको सांमु मंर्‍येका मान्छेहरु जस्ता थिये. र पनि
आफुले आफ्नु दास्लाइ आफ्नु मेज्मां खांनेहरुको बीच्मां बसाल्नु
भयो। येस्कारण् मेरो अझै क्ये हक् छ र मं फेरि फेरि राजाको दोहाई दिउं।
तब राजाले त्येस्लाइ भन्यो आफ्नु बिषय्मां किन अरु ज्यास्ति भनि रहंद छस्. २९
मैंले भनि सक्यें तं र सीबा आपस्तमां देस् बांड़ि लेव। तब मपीबोशेत्ले ३०
राजालाइ भन्यो होइन त्येसैले सबै लेवस् किनभन्ये मेरा प्रभु महाराजा
आफ्नु घर्मां कुशल् सित फर्कि आउंनु भयो॥

अनि गिलादी बर्जिल्लै रोगलीम् देखि आयेर राजालाइ यर्दन् पारि ३१

३२ पुग्याउंनुलाइ राजा सङ पारि गयो । बर्जिल्ली अग्घोर् बूढो थियो अं चार
कोरि वर्षको उमेर् भयेको थियो. अनि राजा महनैम्मां रहंदा त्येस्ले
राजालाइ पाल्दे रह्येको थियो कसोगरिभन्ये त्यो अग्घोर् धनी मान्छे थियो ।
३३ अनि राजाले बर्जिल्लीलाइ भन्यो आफु पनि मं सङ पारि आउंनु हवस् र
३४ आफुलाइ मं आफु सङ यरूशलेम्मां पाल्कु । तब बर्जिल्लीले राजालाइ
उत्तर् दियो अब मेरो जीउंनिको वर्षको दिन् कति होला र मं राजा सङ
३५ यरूशलेम्मां चढ़ि जाउं । आजु मं चार् कोरि वर्षको भयें. को मं भलो
बूरोको बीच्मां थान् गर्नु सक्कुर. को मं आफुको दास्ले ज्ये ज्ये खांकु पीउंकु
त्येको स्वाद् चिन्नु सक्कु. अनि को मं गाउंने लोग्नि मान्छेहरु र गाउंने
आइमाइहरुको सोर् फेरि फेरि सुन्नु सक्कु. त आफुको दास् मेरा प्रभु
३६ महाराजा मांथि किन अरु भार् होइ रहोस् । आफुको दास् महाराजा सङ
खालि यर्दन् तरंज्याल् सम्म मांत्रै जांनु खोज्द छ. त महाराजाले येस्
३७ काम्लाइ किन येति बिघ्नगरि साटो दिंनु हुंछ । कृपागरि आफुको
दास्लाइ फर्कि जांनु दिंनु हवस् र मं आफ्नै सहर्मां आफ्नै बाबु र
आफ्नै आंमाको चिहान्मां मरुं । तर हेर्नु हवस् आफुको दास् किम्हाम्
त्येसैलाइ मेरा प्रभु महाराजा सङ तरि जांनु दिंनु हवस् अनि ज्ये आफुलाइ
३८ जाति लाग्ला त्येइ त्यो सङ गर्नु हवस् । तब राजाले उत्तर् दियो
किम्हाम् मं सङ पारि हिंड्छ अनि ज्ये आफुलाइ जाति लाग्ला त्येइ मं
त्यो सङ गर्छु. अनि ज्ये आफुले मं सित मांग्नु होला ति मं आफुको
३९ लागि गर्छु । तब सिंगे लोग् यर्दन् पारि तरि गये अनि राजा पनि तरि
गयो. अनि राजाले बर्जिल्लीलाइ आशीष् दियेर त्येलाइ चुमा खायो तब
त्यो आफ्नु ठांउमां फर्कि गयो ॥

४० येसोरि राजा गिल्गाल्मां तरि गयो अनि किम्हाम् पनि त्यो सङ
तरि गयो. अनि यहूदाका सिंगे लोग् र इस्राएल्को पनि आधा लोग्ले
४१ राजालाइ वारि ल्याये । त हेर इस्राएल्का सबै मान्छेहरु राजा पांड आये
वहांदेखि राजालाइ भन्ये हांमिहरुका दाज्युभाईहरु यहूदाका मान्छेहरुले
आफुलाइ किन चोरि ल्याये अनि राजा र तिन्का जहान् र तिनि सङ
४२ दाऊद्का सबै मान्छेहरुलाइ किन ल्याये भनि । त यहूदाका सबै मान्छेहरुले
इस्राएल्का मान्छेहरुलाइ उत्तर् दिये किनभन्ये राजा हांमिहरुको नजिक्
मांइनुका हुन् . त किन येस् कुरोको कारणले रिसाउंद छौ . को हांमिहरुले
राजाको केइ खायेका छौं कि तिन्ले हांमिहरुलाइ केइ दान् दियेका
४३ छन् । तब इस्राएल्का मान्छेहरुले यहूदाका मान्छेहरुलाइ उत्तर् दिइ भन्ये
राजामां हांमिहरुको दस् हिस्सा छन् अनि पनि दाऊदमां हांमिहरुको हक्
तिमिहरुको हक् भन्दा ज्यास्ति छ . त तिमिहरुले हांमिहरुको निन्दा किन
गर्यो कसोगरिभन्ये आफ्ना राजालाइ फर्काइ ल्याउंनुलाइ पहिले
हांमिहरुको सल्लाह् हुनुं पर्थ्यो । अनि यहूदाका मान्छेहरुका कुरा
इस्राएल्का मान्छेहरुका कुरा भन्दा बल्लियो भयो ॥

(शेबाको राज्द्रोह्गराई)

त संयोग्ले येसो भयो त्यहां येउटा बिकामे फक्कड् थियो जस्को २० १
नांउ बिन्यामीनी बिक्रिको छोरो शेबा थियो . त्येस्ले नर्सींगा बजायेर
भन्यो दाऊद्मां हांमिहरुको कोइ भाग् छैन अनि न यिशैको छोरोमां कोइ
अधिकार् छ . हे इस्राएलीहरु हो जनंगे आफ्नु आफ्नु पाल्मां जाव ।
तब इस्राएलका सबै मान्छेहरु दाऊद्लाइ पछ्याउंनु छोड़ि चढ़ेर २
बिक्रिको छोरो शेबालाइ पछ्याये , तर यहूदाका मान्छेहरु चइं यर्दन् देखि
यरूशलेम् सम्म आफ्नु राजा सङ लागि रह्ये ॥

अनि दाऊद् यरूशलेम्मां आफ्नु घर्मां आइ पुग्यो वहांदेखि ३
राजाले आफ्नु घर् रङ्नुलाइ छोड़ि राख्येकी आफ्नी दस्वटी रखैली
आइमाइहरुलाइ लग्येर नजरबन्दीमां राख्यो अनि तिनिहरुको लागि
खुराक् दिंदे रह्यो तर तिनिहरुकां गयेन । येसोरि तिनिहरु जीवनभरि
रांड़ीको पनकोमां रहिन् ॥

तब राजाले अमासालाइ भन्यो तीन् दिन्को भित्र यहूदाका ४
मान्छेहरुलाइ भेला गरा अनि तं पनि यहां हाजिर् हो । त अमासा ५
यहूदाका मान्छेहरुलाइ भेला गराउंनुलाइ निस्क्यो , तर त्येस्ले त्येस्को लागि
ठहरायेको बेला भन्दा अबेर् गर्‍यो । तब दाऊद्ले अबीशैलाइ भन्यो ६
बिक्रिको छोरो शेबाले हांमिहरु मांथि अब्शालोम्ले भन्दा ज्यादि हानि
गर्छ , त तैंले आफ्ना प्रभुका चाकरेहरुलाइ लियेर त्येस्लाइ खेद् होइन
भन्ये ता त्यो घेरा भयेको सहरहरुलाइ आफ्नु ताब्रिमां पारि हांम्रो
मांथु देखि भागि बांच्ला । तब योआबका मान्छेहरु कुरेतीहरु र ७
पलेतीहरु र सबै महाबीरहरु निस्क्ये अनि तिनिहरु बिक्रिको छोरो
शेबालाइ खेद्नुलाइ यरूशलेम् बाटो हिंड़ि गये । जसै तिनिहरु गिब्रोन् ८
निर भयेको ठुलो ढुंगो निर पुग्ये तब अमासा तिनिहरुलाइ भेट्नुलाइ
आयो । अनि योआबले आफ्नु जीउमां लायेको संग्रामको बस्त्र पहिर्येको
थियो जस् मांथि पटुका थियो त्येस् मांथि त्येस्को कम्मरमां येउटा तरवार्
दाप्ये समेत् कस्येको थियो अनि हिंड्दाखेरि त्यो निस्कि गये छ । अनि ९
योआबले अमासालाइ भन्यो ए मेरो भाई तं कुशल् सित छस् । तब योआबले
अमासालाइ चूमा खांनुको लागि आफ्नु दाहीनो हातले त्येस्को दारी
समात्यो । तर अमासाले योआबको हातमां भयेको तरवारको चेत् गर्‍येन . १०
त त्येस्ले तरवार् त्येस्को कोखामां रोप्यो अनि त्येस्का आन्द्राहरु भूइंमां
पस्राइ दियो अनि त्येस्लाइ अरु हिर्काएन त त्यो मर्‍यो । अनि योआब र
त्येस्को भाई अबीशै बिक्रिको छोरो शेबालाइ खेद्दै गये । अनि योआबका ११
जुवानहरुमांको एक जना त्येस्को छेउमां उभी रहंनेले भन्यो जस् जस्ले
योआबलाइ मन् पर्द छ अनि दाऊद्को पट्टि छ त्येस्ले योआबलाइ पछ्यावस् ।

१२ अनि अमासा चइं मूलबाटोको मांझमां आफ्नु रगत्मां लट्पटीयेको भइ लडि
रह्येको थियो। अनि जब त्येस् मान्छेले सिंगे लोगलाइ अड्डीयेको देख्यो
तब त्येस्ले अमासालाइ मूलबाटो देखि खेत्मां घिस्याइ लग्यो अनि जसे
त्येस्ले त्येस् कुेउ आउंने सबैलाइ अड्डीयेको देख्यो तब त्येस्ले त्येस्लाइ येउटा
१३ लुगाले ढाकि दियो। जब त्यो बाटो देखि सारीयेको थियो तब सिंगे लोग
१४ बिक्रिको छोरो शेबालाइ खेद्नुलाइ योआब्को पछि पछि लाग्ये। अनि त्यो
इस्राएल्का सबै कुल्हरुको मांझ बाटो निस्कोर आबेल् र बेत्माका र
१५ सबै बेरीहरु थांइ गयो. त तिनिहरु पनि भेला भयेर त्येस्को पछि पछि
गये। वहांदेखि तिनिहरुले आयेर त्येस्लाइ बेत्माकाको आबेल्मां घेरे
वहांदेखि तिनिहरुले सहरमां येउटा गढि उठाये जो घेराभित्तामां
टांसीयेको थियो. अनि योआब् सङ भयेका सबै मान्छेहरुले भित्ता
१६ भत्काउंनुको लागि खन्नु लाग्ये। तब येउटी बुद्धिमान् आइमाइ सहर्
बाटो कराई सुन सुन कृपागरि योआबलाइ येसो भनि देव यहां कुेउमां आउ
१७ र मं आफु सङ कोइ भनुं भनि। तब त्यो त्यो कुेउ गयो तब त्येस्
आइमाइले भनी को आफु योआबे हो। त त्येस्ले उत्तर् दियो हुं। तब त्येस्ले
त्येस्लाइ भनी आफुकी दासीको कुरा सुन्न हवस्। त त्येस्ले उत्तर् दियो सुन्द
१८ कु। तब त्येस्ले येसो भनी उइले उइले तिनिहरुले येसो भन्द थिये
१९ आबेल्मां निस्से सोधकुन् भनि. त येसोगरि कुरा सिद्ध्याउंद थिये। मं
चइं इस्राएल्मां मेल्मिलाप् र बिश्वास् सित रहंनेहरुमांको येउटी हुं.
आफुले येउटा सहर् र इस्राएल्मांको येउटी मातालाइ नास् पार्नु खोज्नु
२० हुंद क. त यहवेको अधिकार् किन निलि हाल्नु हुंद क। त योआब्ले उत्तर्
२१ दिइ भन्यो निलनु कि नास् पार्नु टाढो रहोस् मं देखि टाढो रहोस्। कुरो
येस्तो कुेन. तर एफ्रेम्को पहाडे देसको एक् जना बिक्रिको छोरो शेबा
भनौंनेले राजाको बिरुद्ध मं दाऊदको बिरुद्धमां आफ्नु हात् उचाल्येको
क. त्येसैलाइ मांत्रे सुम्पि देउ त मं सहर् देखि हिंड़ि जांकु। तब
आइमाइले योआब्लाइ भनी हेर्नु हवस् त्येस्को सिर् आफुको लागि भित्ता
२२ बाटो आफालि दिइँछ। तब त्यो आइमाइ आफ्नु बुद्धिमां सबै लोग् थांइ
गई। अनि तिनिहरुले बिक्रिको छोरो शेबाको सिर् काटेर योआब् थांइ
आफालि दिये। तब त्येस्ले नरसींगा बजायो अनि मान्छेहरु सहर् देखि
छरपुष्ट हुंदै आफ्नु आफ्नु पालमां गये। अनि योआब् चइं यरूशलेममां
राजा थांइ फर्कि आयो॥

२३ अनि योआब् इस्राएल्को सिंगे सेनाको सेनापति थियो. अनि
२४ यहोयादाको छोरो बनायाह् चइं करेतीहरु र पलेतीहरु मांथि थियो. अनि
अदोराम् किरिया मुनि भयेकाहरु मांथि मालिक् थियो. अनि अहीलूदको
२५ छोरो यहोशापात् सम्झना राख्ने थियो. अनि शया लेटर् थियो. अनि
२६ सादोक् र एब्यातार् पूजाहारी थिये. अनि याईरीईरा पनि दाऊदको
लागि पूजाहारी थियो॥

(गिबोनीहरुको लागि साटो लिंनु)

अनि दाऊदको पालामां तीन् वर्ष सम्म लगालग् अनिकाल् पर्‌यो २१ १
रह्यो तब दाऊदले यहूवे सित सोधनी गर्‍यो । तब यहूवेले भन्यो त्यो
शाऊलको कारणले र रगत् बहाउंने त्येस्को जहानको कारणले हो किनभन्ने
त्येस्ले गिबोनीहरुलाइ मार्‍यो । तब राजाले गिबोनीहरुलाइ डाकि २
ल्याउंनु पठायो . (गिबोनीहरु चइं इस्राएल्‌वंशीहरुमांका थिएनन् तर
उब्‌येका एमोरीहरुमांका थिए अनि इस्राएल्‌वंशीहरुले तिनिहरु सित
किरिया खायेका थिए . अनि इस्राएल्‌वंशीहरु र यहूदा रापीयेको
कारणले शाऊलले तिनिहरुलाइ मार्नु खोज्‌द थियो .) अनि दाऊदले ३
गिबोनीहरुलाइ भन्यो मं तिमिहरुको लागि के गरुं र तिमिहरुले
यहूवेको अधिकारलाइ आशीर्वाद् दिंनुलाइ मं कसोगरि प्रायश्चित्त गरुं ।
तब गिबोनीहरुले त्येस्लाइ भन्ये हांमिहरुको शाऊल् र त्येस्को जहान् सित सुन् ४
चांदी बिषयको कुरो केन अनि न इस्राएलमांको कोई मान्छे हांमिहरुको
लागि मारीगोस् भन्ये छ । त त्येस्ले भन्यो तिमिहरुले जे भन्छौ त्येइ
मं तिमिहरुको लागि गर्छु । त तिनिहरुले राजालाइ उत्तर् दिये जुन् ५
मान्छेले हांमिहरुलाइ नास् पार्‍यो अनि हांमिहरु इस्राएलको सिमानामांको
कुने सिमाना देखि भित्र पनि बस्तु न पाऊं तर हांमिहरु नास् पारीऊं
भन्ये जुक्ति गर्‍यो त्येसै मान्छेका सात् भाई छोराहरु हांमिहरुको लागि ६
सुम्पि दिईउन् त हांमिहरु तिनिहरुलाइ यहूवेको लागि यहूवेले छान्येको
शाऊलको गिब्‌आमां झुंड्याइ दिंछौं । तब राजाले भन्यो मं तिनिहरुलाइ
दिंछु । तर राजाले शाऊलको छोरो योनातान्‌को छोरो मपीबोशेत् चइंलाइ ७
ता बचाइ राख्यो दाऊद् र शाऊलको छोरो योनातान्‌को बीचमां खाईयेको
यहूवेको किरियाको कारणले । तर राजाले अय्याकी छोरी रिस्‌पाले ८
शाऊलको लागि जन्मायेका दुइ भाई छोराहरु आर्‌मोनी र मपीबोशेत्‌लाइ
र शाऊलकी छोरी मीकलले महोलाती बर्जिल्लेको छोरो अद्रीएलको लागि
जन्मायेका पांच भाई छोराहरुलाइ लियो . यहांदेखि त्येस्ले तिनिहरुलाइ ९
गिबोनीहरुको हातमां सुम्पि दियो तब तिनिहरुले तिनिहरुलाइ पहाडूमां
यहूवेको सांमु झुंड्याइ दिये त तिनिहरु सातै जना एक् साथ् नष्ट भये .
अनि तिनिहरु जउको कटनीको थाल्‌नीको पहिलो दिनमां मारीये । त १०
अय्याकी छोरी रिस्‌पाले भाङ्‌रा लियेर आफ्‌नु लागि कटनीको थाल्‌नी
देखि येसो आकाश् बाटो तिनिहरु मांथि पानी पर्ने बेला सम्म पहरामां
फिंजाई अनि दिउंसो आकाशका पंषीहरुलाइ र रात्रि बस्‌का पशुहरुलाइ
तिनिहरु मांथि बस्तु दिईन । अनि शाऊलकी रखेली अय्याकी छोरी रिस्‌पाले ११
जे जे गरी थ्यो दाऊदलाइ सुनाईयो । तब दाऊदले गयेर शाऊलका हाडूहरु १२
र त्येस्को छोरो योनातान्‌का हाडूहरु याबेशगिलादका मान्छेहरु देखि फर्काइ
ल्यायो जुन् मान्छेहरुले ति हाडूहरु पलिश्तीहरुले शाऊललाइ गिल्‌बोआ

मांथेको दिन्मां पलिश्तीहरुले तिनलाइ झुंड्यायेको ठांउ अर्थात् बेत्शान्को
१३ चौक् देखि चोर्येका थिये. अनि त्येस्ले त्यहां बाटो शाऊल्का हाड्हरु र
त्येस्को छोरो योनातान्का हाड्हरु ल्यायो यहांदेखि तिनिहरुले ति
१४ झुंड्याईयेका मान्छेहरुका हाड्हरु बटुल्ये। यहांदेखि तिनिहरुले शाऊल्का
र त्येस्को छोरो योनातान्का हाड्हरु बिन्यामीन्को देस्मां जेलामां त्येस्को
बाबु कीश्को चिहान्मां गाड़ि दिये. अनि तिनिहरुले राजाले जे जे
आज्ञा गर्थेको थियो ति सबै गर्ये। तब त्येस् पछि ईश्वरले देस्को
विषय्को बिन्ति सुन्यो॥

(पलिश्तीहरु मांथि दाऊद्को जय्)

१५ अनि पलिश्तीहरुले फेरि इस्राएल् सित लड़ाईं गर्द थिये तब दाऊद्ले
आफ्ना चाकरेहरु सित उत्रि गयेर पलिश्तीहरु सित लड़ाईं गर्नु लाग्यो.
१६ अनि दाऊद् अघोर् थकित् भयो। तब यिश्बोबनोब् जो रपाईहरुको
बंश्को एक् जना थियो जस्को भालाको जोखाई पीतल्को तीन् से शेकेल
थियो अनि जस्ले नया तरवार् भिर्येको थियो त्येस्ले दाऊद्लाइ मार्नु खोज्यो।
१७ तर सरुयाह्को छोरो अबीशैले त्येस्को गोहार् गर्यो अनि त्येस् पलिश्तीलाइ
हिर्कायेर मार्यो। तब दाऊद्का मान्छेहरुले त्येस्लाइ येसो भनि किरिया
खुवाये आफुले फेरि फेरि कैले पनि हांमिहरु सङ लड़ाईंमां निस्कि आउंनु
हुंदैन होइन भन्ये ता आफुले इस्राएल्को बत्ती निभाउंनु हुंछ॥
१८ अनि त्येस् पछि येसो भयो फेरि गोब्मां पलिश्तीहरु सित लड़ाईं
पर्यो. तब हूशाथी सिब्बकैले रपाईहरुको सन्तान्मांको सप्लाइ मार्यो।
१९ अनि फेरि पनि गोब्मां पलिश्तीहरु सित लड़ाईं पर्यो अनि बेत्लेहेमी
यारयोरगीम्को छोरो एल्हनान्ले गाती गोल्यत्लाइ मार्यो जस्को भालाको
२० सर् कपरा बुन्नेको मुर्रा जत्रो थियो। अनि गात्मां फेरि पनि लड़ाईं पर्यो
जहां एक् जना तुलो डाल्को मान्छे थियो जस्का हातमां छ छवटा औंला
थिये अनि गोड़ामां पनि छ छवटै औंला थिये गन्तिमां चौबीस्वटा त्यो पनि
२१ रपाईहरुको सन्तान्मांको थियो। जब त्येस्ले इस्राएल्लाइ तुच्छ जान्यो तब
२२ दाऊद्को दाजु शीमीको छोरो योनातान्ले त्येस्लाइ मार्यो। ति चार् जन
गात्का रपाईहरुको सन्तान्मां जन्म्येका थिये त तिनिहरु दाऊद्का र
त्यस्का चाकरेहरुका हात् देखि मारीये॥

(दाऊद्को येउटा गीत्[1])

२२ १ अनि जस् दिन् यहुवेले दाऊद्लाइ त्येस्का सबै सत्रुहरुका हात्
देखि र शाऊल्को हात् देखि बचायो त्येस् दिन् दाऊद्ले यहुवेको लागि
२ येस् गीत्का यि बचन् भन्यो. अनि त्येस्ले भन्यो

[1] गीतपोथाकको १८ वौं गीत् हेर।

यहूवे मेरो पहरा र मेरो किल्ला र मेरो कुटकारा हो अं मेरे
मेरो पहराको ईश्वर् उसमां मं शरण् लिंकु ३
मेरो ढाल् र मेरो उद्धार् गर्ने सींग् मेरो अलगो धरारा र मेरो शरणस्थान्
मेरो बचाउंने तपांइले मंलाइ उपद्रेईं देखि बचाउंनु हुंद छ ।
मं यहूवेलाइ हापार्ने गर्द कु जो स्तुति गरींने योग्य छ. ४
येसोरि आफ्ना सत्रुहरु देखि बचाईंकु ।
कसोगरिभन्ये मृत्युका ढालले मंलाइ घेर्‌ये ५
अधर्म्मका बाढिले मंलाइ डराउंनु लाये ।
पत्तालका डोरि मेरो वरिपरि थिये. ६
मृत्युका पासोहरु मं मांथि आइ लाग्ये ।
आफ्नु संकटमां मैले यहूवेलाइ हापार्‍यें ७
अं आफ्नु ईश्वरलाइ हापार्‍यें .
त उस्ले आफ्नु मन्दिर् देखि मेरो सोर् सुन्यो
अनि मेरो दोहाई उस्का कानमां पुग्यो ।
तब पृथिवी हल्लीयो अनि कांप्यो ८
स्वर्गका जगहरु चल्ये
अनि हल्लीये उस्को क्रोधको कारणले ।
उस्का नाथ्री देखि धुंवा उठ्यो ९
अनि उस्को मुख् बाटोको आगोले भस्म पार्‍यो .
त्येस् देखि कोइला सल्काईये ।
उ स्वर्गलाइ पनि निउंरायेर उत्र्‍यो १०
अनि उस्को गोड़ा मुनि बाक्लो अंध्यारो थियो ।
अनि ये उटा करूब् मांथि चढ़ेर उड़्यो . ११
अं उ बतास्को पखेटा मांथि देखीयो ।
अनि उस्ले अंध्यारोलाइ आफ्नु वरिपरि मण्डपहरु तुल्यायो १२
पानीहरुको घुप्रोलाइ आकाशका बाक्ला बादलहरुलाइ .
उस्को सांमुको चमकले १३
आगाका पिलींगाहरु सल्के ।
यहूवे स्वर्गे बाटो गर्ज्यो १४
अनि परम् ईश्वरले आफ्नु बाणी सुनायो ।
अनि उस्ले आफ्ना कांडू हानि पठायेर तिनलाइ छरपुष्ट पार्‍यो १५
बिजुलि पनि अनि तिनलाइ धंस पार्‍यो ।
तब समुन्द्रका थाहहरु देखाइ पर्‍ये १६
जगत्का जगहरु उघारीये
यहूवेको हकराईले
उस्का नाथ्रीको सासको फुकाईले ।
उस्ले मांथि बाटो पठायो उस्ले मंलाइ लियो १७

उस्ले मंलाइ धेरै पानीहरु देखि तानि निकाल्यो
१८ उस्ले मंलाइ मेरो बल्लियो सत्रु देखि बचायो
मंलाइ घिनाउंनेहरु देखि किनभन्ये तिनिहरु मं भन्दा बल्लियाहरु थिये।
१९ तिनिहरु मं मांथि मेरो बिपत्तिको दिन्मां आइ लाग्ये .
तर यहूवे चइं मेरो टेवा थियो
२० उस्ले मंलाइ येउटा फराक् ठांउमां निकालि पनि ल्यायो .
उस्ले मंलाइ क्रोड़ायो किनभन्ये उ मं देखि खुशि थियो ।
२१ यहूवेले मंलाइ मेरो धर्म्मको अनुसार् प्रतिफल् दियो .
मेरा हातको चोखेइं अनुसार् उस्ले मंलाइ साटो दियो ।
२२ किनभन्ये मैले यहूवेका बाटाहरु समाति राख्येको छु
अनि न आफ्नु ईश्वर् देखि दुष्ट भइ हिंड़ि गयेको छु ।
२३ कसोगरिभन्ये उस्का सबै नियाबचनहरु मेरो सांमु थिये .
अनि उस्का बिधिहरुको बिषयमां मं ति देखि फर्कि गइंन ।
२४ मं उस्को लागि सिद्ध पनि थियें
अनि आफ्नु अधर्म्म देखि जोगीइ रह्यें ।
२५ येकारण् यहूवेले मंलाइ मेरो धर्म्मको अनुसार् साटो दियो
उस्को सुखेंजि भयेको मेरो चोखेइं अनुसार् ।
२६ कृपालु मांथि तपांइ कृपालु देखाहा पर्नु हुंद छ
सिद्ध मांथि तपांइ सिद्ध देखाहा पर्नु हुंद छ
२७ शुद्ध मांथि तपांइ शुद्ध देखाहा पर्नु हुंद छ
अनि अठ्ठेरी मांथि तपांइ बटारीयेको देखाहा पर्नु हुंद छ ।
२८ अनि दुखितहरुलाइ तपांइले बचाउंनु हुंद छ .
तर तपांइको दृष्टि अहंकारीहरु मांथि लागि रहंद छन् तिनिहरुलाइ
खसालनुको लागि ।
२९ कसोगरिभन्ये हे यहूवे तपांइ मेरो बत्ती हो .
अनि यहूवेले मेरो अंधकारलाइ उज्यालो पार्छ ।
३० कसोगरिभन्ये तपांइको साटोले मं दल् मांथि दुगुरि जांद छु .
मेरो ईश्वरको साटोले भित्ता नांघ्द छु ।
३१ ईश्वरैको बिषयमां उस्को साटो सिद्ध छ .
यहूवेको बचन् जांचीयेको छ
उ आफ्नु शरण् लिंनेहरुको लागि ढाल् छ ।
३२ कसोगरिभन्ये यहूवे बाहिक् ईश्वर् को छ
अनि हांमिहरुको ईश्वर् बाहिक् पहरा को छ ।
३३ ईश्वर् मेरो बल्लियो गढ़ि छ
अनि उस्ले आफ्नु साटोमां सिद्धहरुलाइ डोयाउंद छ ।
३४ उस्ले मेरा गोड़ा हरणीहरुका जस्ता तुल्याउंद छ .
अनि मंलाइ मेरो अलगा ठाउंहरुमां बसाल्द छ ।

उस्ले मेरा हातहरुलाइ लड़ाईं गर्नुलाइ सिकाउंद छ ३५
पीतल्को धनु मेरा बांहांले उकाल्नु भन्ये खातिर्ले ।
तपांइले मंलाइ आफ्नु उद्धार् गर्ने ढाल् पनि दिंनु भयो ३६
अनि तपांइको नरमेईंले मंलाइ बढ़ायेको छ ।
तपांइले मं मुनि मेरो फड़्का बढ़ाउंनु भयो ३७
येस्कारण् मेरा गोड़ा चिप्लीयेनन् ।
मैंले आफ्ना सत्तुरहरुलाइ खेद्देर तिनलाइ नास् पार्यें ३८
अनि न तिनिहरु भस्म न होउंज्याल् सम्म फर्क्यें ।
अनि मैंले तिनिहरुलाइ भस्म पार्यें अनि तिनिहरु उठ्नु न सक्ने ३९
सम्मगरि तिनिहरुलाइ मांरि दियें ।
अं मेरा गोड़ा मुनि तिनिहरु लड़ेन ।
कसोगरिभन्ये तपांइले मंलाइ लड़ाईंको लागि बल् भिराइ दिंनु भयो । ४०
मं मांथि आइ लाग्नेहरुलाइ तपांइले मं मुनि निउंराइ दिंनु भयो ।
तपांइले मेरा सत्तुरहरुलाइ मेरो लागि पिठिउं फर्काउंनु पनि ४१
लाउंनु भयो
मैंले आफ्ना बैरिहरुलाइ काटि दिंनुलाइ ।
तिनिहरुले हेर्ये त बचाउंने कोई पनि रैनछ ४२
अं यहवे पट्टि तर उस्ले तिनिहरुलाइ उत्तर् दियेन ।
तब मैंले तिनिहरुलाइ भूइंको धूलो झैं मसौंनो पिठो पार्यें ४३
बाटोको हिलो झैं तिनिहरुलाइ कुल्च्यें अनि तिनिहरुलाइ फिंजायें ।
तपांइले मंलाइ मेरो प्रजाको झगरा देखि पनि छोड़ाउंनु भयेको छ । ४४
तपांइले मंलाइ लोग्लोग्को मालिक् तुल्याइ राख्नु भयेको छ ।
मैंले न चिन्येका लोगले मेरो सेवा गर्छन् ।
अन्यदेसीहरुले मंलाइ छल् बिना मान्छन् । ४५
मेरो बिषयमां सुन्नु बित्तिकै मेरो कर्मां आउंछन् ।
अन्यदेसीहरु ओइल्हौंछन् ४६
अनि आफ्नु आफ्नु सांगुरो ठांउ देखि कांप्दै निस्कंछन् ।
यहवे जीउ रहंद छ अनि मेरो पहरा धन्नको हवस् ४७
अनि मेरो उद्धार् गर्ने पहराको ईश्वर् अल्ग्याईंग्योस् ।
अं मेरो लागि साटो लिंने ईश्वर् ४८
उस्ले लोगलाइ मेरो मुनि ओह्राल्द छ
उस्ले मंलाइ मेरा सत्तुरहरु देखि निकालि ल्याउंद छ । ४९
अं तपांइले मंलाइ मं मांथि आइ लाग्नेहरु मांथि उचाल्नु हुंद छ ।
तपांइले मंलाइ उपद्रे मान्छे देखि छोड़ाउंनु हुंद छ ।
येस्कारण् हे यहवे लोग्लोग्को बीचमां मं तपांइको धन्नबाद् गर्छु । ५०
अनि तपांइको नाउंको स्तुति गाउंछु ।
उस्ले आफ्नु राजालाइ ठुलो कुट्कारा दिंद छ ।

५१ अनि आफ्नु अभिषिक्त मांथि करुणा गर्दै छ
दाऊद् मांथि र त्येस्को वंश मांथि जुगजुग् ॥

(दाऊदका पछिल्ला कुरा)

२३ १ दाऊदका पछिल्ला कुरा यि हुन्
यिशैको छोरो दाऊदको बाणी येइ हो
उचाल्येको मान्छेको बाणी
याकूबको ईश्वरको अभिषिक्त
अनि इस्राएलका गीतको प्रिय .
२ यहूवेको आत्मा ममां बोल्यो
अनि उस्को बचन् मेरो जिब्रोमां थियो ।
३ इस्राएलको ईश्वरले भन्यो
इस्राएलको पहराले ममलाइ भन्यो
मान्छेहरु मांथि धर्म्म सित प्रभुतेइँ गर्ने
जस्ले ईश्वरको डरले प्रभुतेइँ गर्द छ ।
४ त्यो बिहानको उज्यालो जस्तो छ जब घाम् झुल्कंद छ
बादल् बिनाको बिहान्
झरि पामीपे पछि उघ्र्येको चमकको बाटोले
जब भूइं देखि कमलो घांस् उम्रंद छ ।
५ कसोगरिभन्ये ईश्वर् सङ मेरो घर् को येस्तै छैन
तैपनि उस्ले मं सङ जुगजुगको नियम् बांध्यो
सबै बिषयमां ठहराईयेको र रक्षे गरीयेको .
कसोगरिभन्ये मेरो पूरो उद्धार् र मेरो पूरो इच्छे येइ हो
को उस्ले त्यो बढ़ायेन ।
६ तर बिकामेहरु सबै जना आफालींने माफिकका कांड़ाहरु जस्ता हुंछन्
किनभन्ये तिनिहरुलाइ हातले समाउंनु सकींदैन .
७ तर ति कुंने
फलम् र भालाको सर् भिर्येको हुंनु पर्छ
अनि ति आफ्नु ठांउमां आगोले स्यांट्टै डढ़ाईंछन् ॥

(दाऊदका बीरहरुका नांउ)

८ दाऊदका महाबीरहरुका नांउ यि हुन् . तहकमोनी योशेब्बश्शेबेत्
मालिकहरुको मुखिया त्यो एस्नी अदोनी थियो त्येस्ले एकै चोटीमां आठ् से
९ जनाको सांमु पयेर तिनलाइ काटि दियो । अनि त्येस्को पछि एक् जना
अहोहीको छोरो दोदैको छोरो एलाजार् थियो जो दाऊद् सङ हुंने ति
तीन् जना महाबीरहरुमांको येउटा थियो जब तिनिहरुले लड़ाईंको लागि
वहां भेला भयेका पलिश्तीहरुलाइ तुच्छ जान्येका थिये अनि इस्राएलका

मान्छेहरु गइ गयेका थिये . तब त्येस्ले उठेर आफ्नु हात् न थाकुंज्याल् र १०
आफ्नु हात् तरवार्मां न टांसीउंज्याल् सम्म पलिश्तीहरुलाइ मांदै रह्योको
थियो . अनि त्येस् दिन् यहूवेले ठुलो जय् गरायो अनि मान्छेहरु त्येस्को
पछि पछि लूट्को लागि मांत्रै गये । अनि त्येस्को पछि हारारी आगेको ११
छोरो शम्मा थियो । अनि पलिश्तीहरु मास् भरि भयेको बारीमां गट्ठा
भइ मेला भयेका थिये त लोग् पलिश्तीहरु देखि भाग्ये । तर त्येस्चइंले १२
त्यो बारीको मांझमां उभीइ रह्योर बारी बचायो अनि पलिश्तीहरुलाइ
काटि दियो . अनि यहूवेले ठुलो जय् गरायो । फेरि ति तीस् जना १३
मालिकहरुमांको तीन् जना कटनीको बेलामां अदूल्लाम्को ओढारमां
दाऊद् थांइ उत्रि गये अनि पलिश्तीहरुका गट्ठाले रपाईहरुको तरिमां डेरा
हाल्येका थिये । अनि त्येस् बेला दाऊद् गढ़िमां थियो अनि त्येस् बेला १४
पलिश्तीहरुको पहराचौकि बेत्लेहेम्मां थियो । तब दाऊद्ले तिर्षणा गरि १५
भन्यो हाय् कसैले मलाइ ढोका निर भयेको बेत्लेहेम्को कुवाको पानी
खांनु दिये ता हुंथ्यो । त ति तीन् जना बीरहरुले पलिश्तीहरुको सेना देखि १६
वारपार् छिरि गयेर ढोका निर भयेको बेत्लेहेम्को कुवा देखि पानी भर्येर
ल्याइ दाऊद्लाइ दिये . तर त्येस्ले त्यो पानी खांने मन् गर्येन तर त्यो
यहूवेको सांमु खन्याइ दियो । अनि त्येस्ले भन्यो हे यहूवे मैले येसो गर्नु १७
मं देखि टाढ़ो रहोस् . के मं आफ्ना प्राण् हत्केलामां राख्ने मान्छेहरुको
रगत् पीउं . येस्कारण् त्यो पीउंनु मान्येन । येस्ता येस्ता काम् ति तीन् जना
महाबीरहरुले गर्ये । अनि सरूयाहूको छोरो योआबको भाई अबीशै ति १८
तीन् जनामां मूल् थियो । अनि त्येस्ले तीन् सै जना मान्छेहरु मांथि आफ्नु
भाला उठायेर तिनलाइ मांर्यो अनि ति तीन् जनाको बीचमां नामी भयो ।
के त्यो ति तीन् जनाको बीचमां मानको थियेन . येस्कारण् त्यो तिनिहरुको १९
मालिक् तुल्याईयो . तेपनि त्यो ति तीन् जनाको खालमां ता पुग्येन । फेरि २०
यहोयादाको छोरो बनायाहू जो कबसेलको महाबीरको छोरो थियो जस्ले
महाकार्य गर्येको थियो त्येस्ले मोआबी अरीएलका दुइ भाई छोराहरुलाइ
मांर्यो . येस् उप्रान्त त्येस्ले उत्र्येर येउटा सिंहलाइ हिंउ पर्येको बेलामां
खाड़ल् भित्र मांरि दियो . अनि त्येस्ले येउटा राम्रो मिस्रीलाइ मांर्यो . २१
अनि मिस्रीको हातमां येउटा भाला थियो तर येस्चइंले येउटा लाठो
लिइ त्यो थांइ गइ मिस्रीको हात् देखि भाला खोस्यो वहांदेखि त्येस्लाइ
त्येसैको भालाले मांरि दियो । येस्ते येस्ता काम् यहोयादाको छोरो २२
बनायाहूले गर्यो अनि ति तीन् जना महाबीरहरुको बीचमां नामी भयो ।
त्यो ति तीस् जना भन्दा बेसि मानको थियो तेपनि ति तीन् जनाको २३
खालमां ता पुग्येन । अनि दाऊद्ले त्येस्लाइ आफ्नु सभाको सभापति
तुल्यायो ॥

योआबको भाई असाहेल् ति तीस् जनामांको येउटा थियो बेत्लेहेमी २४
दोदोको छोरो एल्हानान् हरोदी शम्मा हरोदी एलीका पलूती २५

२७ हेलेस् तकोई इक्केशको छोरो ईरा अनातोती अबीएजेर् हुशाती
२८ मबुन्ने अहोही सल्मोन् नतोपाती महरै नतोपाती बानाको
३० छोरो हेलेब् बिन्यामीन्वंशीको गिबाको रीबैको छोरो इत्तै पिरातोनी
३१ बनायाह् गाश्का खोल्चाहरुको हिद्दै अराबाती अबीअल्बोन्
३२ बरहूमी अाजमावेत् शाल्बोनी एल्यहूबा याशेनवंशी योनातान्
३४ हरारी शम्मा अरारी शारारको छोरो अहीआम् मकातीको छोरो
३५ आहसबैको छोरो एलीपेलेत् गिलोनी अहीतोपेल्को छोरो एलिआम्
३६ कर्मेली हेस्रो अर्बी पारै सोबाको नातान्को छोरो यिगाल् गादी
३७ बानी अम्मोनी सेलेक् बेरोती नहरै जो सरूयाह्को छोरो योआब्को
३८ हतियार् बोक्नेहरु थिये येतरी ईरा येतरी गारेब् हित्ती
ऊरिय्याह्. सबै गरि सैंतीस् जना ॥

(दाऊद्को पाप् अनि पाप्मोचन्)

२४ १ अनि फेरि यहूवेको रिस् इस्राएल् मांथि उठ्यो तब उस्ले दाऊद्लाइ गयेर इस्राएल् र यहूदाको गन्ति गर्नु भन्येर तिनिहरुको बिरुद्धमा
२ सुत्यायो। तब राजाले आफु सङ भयेको सेनापति योआब्लाइ भन्यो दान् देखि बेर्शेबा सम्म इस्राएल्का सबै कुल् भित्र छुलि छुलि लोगको
३ गन्ति गर् र मं लोगको गन्ति थाहा पाउं। तब योआब्ले राजालाइ भन्यो अब आफुको ईश्वर् यहूवेले लोगलाइ ऐले जति कुन् त्यो भन्दा सेगुणा बढाइ देवस् अनि मेरा प्रभु महाराजाले देखनु पाउन्. तर मेरा
४ प्रभु महाराजाले यो काम् गर्नु किन मन् गर्नु हुंद छ। तैपनि राजाको कुरो योआब्को कुरो र सेनापतिहरुका कुरो मांथि जिताहा भयो। तब योआब् र सेनापतिहरु इस्राएल्का लोगको गन्ति गर्नुको लागि राजाको
५ सांमु देखि निक्कि गये। यहांदेखि तिनिहरु यर्दन पारि तर्येर अरोएरमां गाद्को तरिको बीचमां भयेको सहरको दाहींनो पट्टि र याजेर्
६ तिर डेरा हाल्ये. यहांदेखि तिनिहरु गिलादमां र तहतीम्होदशीको देसमां पुग्ये यहांदेखि तिनिहरु दान्यानमां र घुमदै घुमदै सिदोनमां
७ पुग्ये अनि सोरको किल्लामां र हिव्वीहरु र कनानीहरुका सबै सहरहरुमां पुग्ये. यहांदेखि तिनिहरु यहूदाको दक्खिन् तिर बेर्शेबा
८ सम्म निक्कि गये। त जब तिनिहरु सिंगै देसमां घुल्दै घुल्दै गयेका थिये
९ तब नौ महीना र बीस् दिन् बित्ये पछि यरूशलेममां फर्कि आये। यहांदेखि योआब्ले लोगको गन्तिको हिसाप् राजालाइ दियो. त इस्राएलमां तरवार् झिक्ने बीरहरु आठ् लाख् राकुन्. अनि यहूदाका मान्छेहरु पहं पांच् लाख् राकुन् ॥

१० अनि लोगलाइ गन्ये पछि दाऊद् आफ्नु मनमां पछुतायो। अनि दाऊद्ले यहूवेलाइ भन्यो मैले आफ्नु गर्येको काममां ठुलो पाप् गर्यें.

त अब हे यहवे मं बिन्ति गर्द कु आफ्नु दासको अधर्म्म दूर गरि दिनु
हवस् किनभन्ये मैले अरघोरको मुर्खइँ गर्यें। त बिहान जब दाऊद् ११
उठ्यो तब यहवेको बचन् दाऊदको दर्शी गाद् अगम्बक्ता थांइ येसो भन्दै
आयो गयेर दाऊदलाइ येसो भन् यहवेले येसो भन्द कु मं तेरो सांमु १२
तीनवटा कुरा राखद् कु त तिनमांको येउटा कान् मं कुन् चइं तेरो लागि
गरुं भन्ये। त गादले दाऊद् थांइ आयेर त्येसलाइ येसो भनि सुनायो को १३
आफुको देस् मांथि सात् बर्षको अनिकाल् परोस् कि को आफु तीन् महीना
सम्म आफ्ना बैरीहरु देखि भागदै रहंनु हुंकु अब तिनिहरुले आफुलाइ
खेद्दै रहंद कुन् कि को आफुको देसमां तीन् दिनको रुढी परोस्. ऐले
धान् गर्नु हवस् अनि मैले मंलाइ पठाउंनेलाइ को उत्तर फर्काइ दिउं भन्ये
बिचार् गर्नु हवस्। त दाऊदले गादलाइ भन्यो मं बड़ो सकसमां पर्यें. १४
हांमिहरु बरु यहवेका हातमां परुं किनभन्ये उस्का करुणा धेरै कुन्. तर मैले
मान्छेचइंको हातमां लड्नु न परोस्। त यहवेले इस्राएल् मांथि १५
बिहान् देखि ठहरायेको बेला सम्म रुढी पठाइ दियो. अनि दान् देखि
बेर्शेबा सम्म लोगका सत्तरी हजार् जना मर्ये। अनि जब दूतले १६
यरूशलेम्लाइ नास् पार्नुलाइ त्येसां आफ्नु हात् पसाच्यो तब यहवेले त्यो
बुराई देखि पक्तायेर लोगलाइ नास् पार्न त्येस् दूतलाइ भन्यो भयो अब
आफ्नु हात् थाम्। अनि यहवेको दूत् यबूसी अरौनाको खलाको छेउमां
थियो। त जब दाऊदले लोगलाइ मार्ने दूतलाइ देख्यो तब त्येसले १७
यहवेलाइ येसो भन्यो हेर्नु हवस् मंचइंले ता पाप् गर्यें मंचइंले ता
अठ्ठेरेइँ गर्यें तर यि भेंड़ाहरुचइंले ता को गर्येका कुन् र. कृपागरि
तपाइंको हात् मेरै बिरुद्धमां र मेरै बाबुको जहान्को बिरुद्धमां परोस्॥

त त्येस् दिन् गादले दाऊद् थांइ आयेर भन्यो चढि गयेर यबूसी १८
अरौनाको खलामां यहवेको लागि येउटा बेदि उभ्या। त यहवेले आज्ञा १९
गर्येको भैं गादले भन्येको अनुसार् दाऊद् चढि गयो। अनि अरौनाले २०
चियाइ हेरिकन राजा र त्येस्का चाकरेहरुलाइ येता तिर आउंदै गर्येका
देख्यो. त अरौना निस्केर राजाको सांमु भूइं सम्म घोप्टो पर्यो। तहांदेखि २१
अरौनाले भन्यो मेरा प्रभु महाराजा आफ्नु दासकां किन आउंनु भयो। त
दाऊदले भन्यो लोग् देखि रुढी थामींनुको लागि तिमि सङ खला किन्येर
यहवेको लागि येउटा बेदि बनाउं भन्येर। त अरौनाले दाऊदलाइ भन्यो २२
मेरा प्रभु महाराजाले जे जे तिनलाइ जाति लाग्ला त्येइ लियेर चढाउंनु
हवस्. हेर्नु हवस् होमबलिको लागि बाच्छाहरु र दाउराको लागि
दाउंनीका हतियार् र बाच्छाहरुका सादोंमहरु कुन्. हे महाराजा ति सबै २३
अरौनाले राजालाइ दिंद कु। अनि अरौनाले राजालाइ भन्यो आफुको
ईश्वर् यहवेले आफुलाइ ग्रहण् गरोस्। तर राजाले अरौनालाइ भन्यो २४
होइन तर मं साँचिने दाम् दियेर त्यो आफु सङ लिंकु. अनि मं आफ्नु
ईश्वर् यहवेलाइ आफनुइ पैसा न पर्येको होमबलि चढाउंदौंन। त दाऊदले

२५ त्यो खला र बाच्छाहरु चांदीको पचास् शेकेल् दिइ किन्यो। तहांदेखि दाऊद्ले त्यहां यहूवेको लागि येउटा बेदि बनायेर होम्बलि र मेल्बलि चढ़ायो। त यसोरि यहूवेले देसको बिषयको बिन्ति सुन्यो अनि इस्राएल देखि पामीयो॥

राजाहरुको पहिलो पोस्तक्।

(अदोनिय्याहको राज्द्रोहगराई)

१ १ अब दाऊद् राजा बूढ़ो र दिन् धेरै खायेको भयो अनि तिनिहरुले
२ त्यस्लाइ लुगा ओढ़ाइ दिंए तर त्यो तातींदैन थियो। येस्कारण त्येका चाकरेहरुले त्येस्लाइ भन्ये हांस्रा प्रभु महाराजाको लागि कोई कन्येकेटी खोजीओस्, अनि राजाको सांमु उभीइ रहि तिन्को सुसारेनी हुवस् अनि त्येस्ले आफुको काखमां ढल्कने गरोस् र हांस्रा प्रभु महाराजा तातीउन्।
३ त तिनिहरुले इस्राएलको सिंगे सिमाना भित्र येउटी राम्री केटी खोज्ये त
४ शूनम्मी अबीशगलाइ पाये अनि त्येस्लाइ राजा यांइ ल्याये। अनि त्यो केटी अरघोर् राम्री थिई त त्येस्ले राजाको सुसार् र सेवा गर्दै रही तर राजाले
५ चइं त्येस्लाइ जान्येन। अनि हग्गीत्को छोरो अदोनिय्याहले मं राजा हुंकु भनिकन आफुलाइ अल्ग्यायो, तहांदेखि आफ्नु लागि रथ् र त्रुक्सवार् र आफनु अघि अघि दुगुर्नुलाइ पचास् जना मान्छेहरुलाइ तियार् पार्यो।
६ अनि त्येका बाबुले येसो किन गरिस् भनिकन त्येस्लाइ कैले पनि नराज् गरायेन, अनि त्यो पनि अरघोर् राम्रो थियो अनि त्यो अब्शालोम् पछि
७ जन्म्येको थियो। त त्येस्ले सरूयाहको छोरो योआब् र एब्यासार् पूजाहारी सङ्ग कुरा गर्यो, त तिनिहरुले अदोनिय्याहलाइ पक्षावंदै त्येस्को गोहार् गर्ये।
८ तर सादोक् पूजाहारी यहोयादाको छोरो बनायाह् नातान् अगमबक्ता
९ शिमी रेई र दाऊदका महाबीरहरु अदोनिय्याह् पट्टि लाग्येनन्। अनि अदोनिय्याहले एन्रोगेलको छेउमां भयेको जोहेलेत्को ढुंगा निर भेंड़ाहरु गोरुहरु र पलुवाहरु बलि गर्यो तहांदेखि त्येस्ले आफ्ना भाई राजकुमारहरु सबैलाइ र राजाका चाकरेहरु यहूदाका सबै मान्छेहरुलाइ निम्तो गर्यो,
१० तर नातान् अगमबक्ता र बनायाह् र महाबीरहरु र आफ्नु भाई सुलैमान्-
११ चइंलाइ ता निम्तो गर्येन। तब नातान्ले सुलैमान्की आंमा बत्शबालाइ येसो भन्यो कि आफुले हग्गीत्को छोरो अदोनिय्याह् राजा भयो भनि सुन्नु
१२ भयेको छैन अनि हांस्रा प्रभु दाऊदलाइ थाहा छैन, त अब आउनु हुवस्

कृपागरि मलाइ मैले आफुलाइ सल्लाह् गर्नु दिनु हवस् र आफुले आफ्नु
प्राण् र आफ्नु छोरो सुलैमान्को प्राणलाइ पनि बचाउनु हवस् । दाऊद् १३
राजा थांइ गइ तिनि भये ठांउ पसि गयेर तिन्लाइ येसो भन्नु हवस्
हे मेरा प्रभु हे महाराजा को आफुले आफ्नो दासी सित येसो भनिकन
किरिया खांनु भयेको थियेन निस्से तेरो छोरो सुलैमान्ले मं पछि राज् गर्छ
भनि त्येइ चइं मेरो सिंहासन्मां बस्छ भनि . त अब किन अदोनिय्याह् चइं
राजा भयो भनि । हेर्नु हवस् आफुले राजा सित वहां कुरा गर्दै गर्यकेा १४
बेलामां मं पनि आफु पछि पछि आयेर आफुका कुरा मांथि थपि दिंछु ।
त बत्शेबा कोठा भित्र राजा भये ठांउ पसी . अनि राजा औधि बूढो १५
थियो अनि शूनम्मी अबीशग्ले राजाको सेवा गर्द थिई । त बत्शेबाले १
निउंर्येर राजालाइ दण्डवत् गरी । तब राजाले तंलाइ को भयो भनि
सोध्यो । तब त्येस्ले त्येस्लाइ भनी हे मेरा प्रभु आफुले आफ्नु ईश्वर् यहवेको १७
नांउ लिइ आफ्नो दासी सित निस्से तेरो छोरो सुलैमान्ले मं पछि राज्
गर्छ अनि त्येइ चइंने मेरो सिंहासन्मां बस्छ भन्येर किरिया खांनु भयेको
थियो । तर अब हेर्नु हवस् अदोनिय्याह्ले पो राज् गर्दै छ अनि हे मेरा १८
प्रभु महाराजा आफुलाइ यो कुरो थाहा कैन . अनि त्येस्ले गोरुहरु र १९
पलुवाहरु र भेंड़ाहरु धेरै बलि गर्यो अनि सबै राजकुमार्हरु र एब्यातार्
पूजाहारी र योआब् सेनापतिलाइ निम्तो गर्यो . तर आफुको दास्
सुलैमान्चइंलाइ ता निम्तो गर्येन । त अब हे मेरा प्रभु महाराजा सिंगै २०
इस्राएल्का आंखा आफु मांथि लागि रह्येका छन् त आफुले तिनिहरुलाइ
मेरा प्रभु महाराजाको सिंहासन्मां तिनि पछि को बस्छ भनि कहि दिउन् ।
होइन भन्ये ता येसै हुंने छ जब मेरा प्रभु महाराजा आफ्ना पित्रहरु सङ २१
सुति जांनु हुंछ तब मं र मेरो छोरो सुलैमान् अपाधी गनींछौं । अनि हेर २२
त्येस्ले राजा सित कुरा गर्दै गर्यकेा बेलामां नातान् अगम्बक्ता पनि भित्र
आयो । त तिनिहरुले हेर्नु हवस् नातान् अगम्बक्ता भनि राजालाइ सुनाइ २३
दिये । अनि जब त्यो राजाको सांमु भित्र आयो तब त्येस्ले राजाको सांमु
घोप्टो प्रयेर भुइं सम्म दण्डवत् गर्यो । वहांदेखि नातान्ले भन्यो हे मेरा २४
प्रभु हे महाराजा को आफुले अदोनिय्याह्ले मं पछि राज् गरोस् अनि मेरो
सिंहासन्मां बसोस् भनि भन्नु भयेको छ । किनभन्ये आजु त्येस्चइंले उत्येर २५
गोरुहरु र पलुवाहरु र भेंड़ाहरु धेरै बलि गर्यो अनि सबै राजकुमार्हरु र
सेनापतिहरु र एब्यातार् पूजाहारीलाइ निम्तो गर्येको छ अनि हेर्नु हवस्
तिनिहरुले अदोनिय्याह् राजा जीइ रहोस् भन्द त्येस्को सांमु खानापीना गर्दै
छन् । तर मंचइंलाइ अं आफुको दास् मलाइ र सादोक् पूजाहारी र २६
यहोयादाको छोरो बनायाह् र आफुको दास् सुलैमान्चइंलाइ ता निम्तो
गर्येन । को यो कुरो मेरा प्रभु महाराजा पट्टि बाटो हो अनि को आफुले २७
आफ्ना दास्हरुलाइ मेरा प्रभु महाराजाको सिंहासन्मां तिनि पछि को बस्छ
भनि देखाउंनु भयेको छैन । तब दाऊद् राजाले उत्तर् दिइ बत्शेबालाइ मं २८

यांइ बोलाव भन्यो । त त्यो राजाको सामेल्मां आयेर राजाको सांमु उभीई ।
२९ तब राजाले येसो भनिकन किरिया खायो मेरो प्राण्लाइ सबै दुक्ख देखि
३० छोड़ाउंने यहवे जीइ रह्येको भैं यूं सांचिने मैंले इस्राएल्को ईश्वर्
यहवेको नांउ लिइ येसो भनिकन तं पित किरिया खायेको थियें निस्चे तेरो
छोरो सुलैमानेले मं पछि राज् गर्छ अनि मेरो साटोमां त्येइ मेरो सिंहासन्मां
३१ बस्छ भनि . त सांचिने मं आजु येसैने गर्छु । तब बत्शेबाले निउंयेर घोप्टो
परि राजालाइ दण्डवत् गर्यर भनी मेरा प्रभु दाऊद् राजा सदा जीइ
३२ रहुन् । तब दाऊद् राजाले भन्यो सादोक् पूजाहारी नातान् अगम्बक्ता र
यहोयादाको छोरो बनायाहलाइ डाकि पठाव । त तिनिहरु राजाको सांमु
३३ आये । तब राजाले तिनिहरुलाइ भन्यो आफ्ना प्रभुका चाकरेहरुलाइ साथ
लियेर मेरो छोरो सुलैमान्लाइ मेरै खच्चरनी मांथि चढ़ायेर त्येलाइ
३४ गीहोन्मां उतारि लैजाव . वहांदेखि सादोक् पूजाहारी र नातान्
अगमबक्ताले त्येलाइ वहां इस्राएल् मांथि राज् अभिषिक्त गरुन् . वहांदेखि
३५ तुरही बजाउंदै सुलैमान् राजा जीइ रहोस् भन्यर भन । वहांदेखि
तिमिहरु त्यो पछि पछि चढ़ि आव अनि त्यो आयेर मेरो सिंहासन्मां
बसोस् किनभन्ये त्येइ मेरो साटोमां राजा हुंछ . अनि मैंले त्येसैलाइ
३६ इस्राएल् मांथि र यहूदा मांथि मालिक् खटायेको छु । तब यहोयादाको छोरो
बनायाहले राजालाइ उत्तर् दिइ भन्यो आमेन्[१] . मेरा प्रभु महाराजाको
३७ ईश्वर् यहवेले पनि येसै भनोस् । यहवे मेरा प्रभु महाराजा सङ भइ रह्यें भैं
सुलैमान् सङ पनि होइ रहोस् अनि तिन्को सिंहासन् मेरा प्रभु दाऊद्
३८ महाराजाको सिंहासन् भन्दा बेसि बड़ो तुल्यावस् । तब सादोक् पूजाहारी र
नातान् अगम्बक्ता र यहोयादाको छोरो बनायाह र करेतीहरु र पलेतीहरुले
उत्यर सुलैमान्लाइ दाऊद् राजाको खच्चरनी मांथि चढ़ायेर त्येलाइ
३९ गीहोन्मां ल्याये । वहांदेखि सादोक् पूजाहारीले तेल्को सिंग् डेरा देखि
ल्यायेर सुलैमान्लाइ अभिषिक्त गर्यो । वहांदेखि तिनिहरुले तुरही बजाये
४० अनि सिंगे लोगले सुलैमान् राजा जीइ रहोस् भनि भन्ये । अनि सबै
लोग् त्येको पछि पछि चढ़ि आये अनि लोगले बांसुली बजाउंदै ठूलो
४१ रसाइट् गर्ये यहां सम्म गर्ये तिनिहरुको सोर्ले धर्ति फाटो । अनि
अदोनिय्याह् र त्यो सङ भयेका सबै निमत्याराहरुले खाइ सकनु बित्तिकै
यो सुन्ये । अनि जसै योआबले तुरहीको सोर् सुन्यो तब त्येले भन्यो
४२ सहरमां खल्याङ्मल्याङ्को यो सोर् किन हो । अनि त्यो बोल्दैने थियो त
झैं एब्यातार् पूजाहारीको छोरो योनातान् आइ पुग्यो . तब अदोनिय्याहले
भन्यो भित्र आउ किनभन्ये तिमि भलो मान्छे र जाति समाचार् ल्याउंने हौ ।
४३ तब योनातान्ले अदोनिय्याहलाइ उत्तर् दिइ भन्यो सांचिने हाम्रिहरुका
४४ प्रभु दाऊद् राजाले सुलैमान्चइंलाइ राजा तुल्याये . अनि राजाले त्यो

[१] अर्थात् येसो हवस् ।

सह सादोक् पूजाहारी नातान् अगम्बक्ता यहोयादाको छोरो बनायाह् करेतीहरु र पलेतीहरुलाइ पठाये अनि तिनिहरुले त्येस्लाइ राजाको खच्चरनी मांथि चढ़ाये. वहांदेखि सादोक् पूजाहारी र नातान् अगम्बक्ताले ४५
त्येस्लाइ गीहोनमां राज् अभिषिक्त गर्ये. अनि तिनिहरु वहां बाटो रमाउंदै रमाउंदै अं सहर गर्जुज्याल् सम्म कराउंदै चढ़ि आउंदै छन्। तिमिहरुले सुन्येको सोर् येइ हो। अनि राजको सिंहासनमां ता ४६
सुलैमान् पो बसि रह्येको पनि छ। येस् बाहिक् राजाका चाकरेहरु आफ्ना ४७
प्रभु दाऊद् राजालाइ येसो भनि आशीर्वाद् दिंनुलाइ आये आफुको ईश्वरले सुलैमानको नांउ आफुको नांउ भन्दा बेसि अनि तिनको सिंहासन् आफुको सिंहासन् भन्दा बेसि बड़ो तुल्याइ देवस् भनि. अनि राजाले पनि खाट्मां दण्डवत् गर्ये। फेरि राजाले येसो पनि भन्ये इस्राएलको ईश्वर् यहुवे ४८
धन्यको हवस् जस्ले आजु मेरो सिंहासनमां बस्नुलाइ कसैलाइ दियो मेरा आंखाले पनि त्यो देख्नेगरि। तब अदोनिय्याहका सबै निमत्याराहरु ४९
डरायेर उठेर वहांदेखि जनंगेले आफ्नु आफ्नु बाटो समाये। त ५०
अदोनिय्याह् सुलैमानको कारणले डरायो अनि त्येस्ले उठि हिंड़ि गयेर वेदिको सींग् समात्यो। अनि सुलैमानलाइ येसो भनि सुनाईयो हेर्नु हवस् ५१
अदोनिय्याह् सुलैमान् राजा देखि डराउंद रछ. कसोगरिभन्ये हेर त्येस्ले येसो भन्दै वेदीको सींग् समाति रह्येको छ सुलैमान् राजाले आफ्नु दास्लाइ तरवारले काट्दीन भनि आजु मं सित किरिया खाउन् भनि भन्द छ अरे। तब सुलैमानले भन्यो त्येस्ले आफुलाइ भलादमी देखायो भन्ये देखि ५२
त्येको कपालको येउटा केस् पनि भूइमां खस्दैन. तर त्येसमां दुष्टैई पाईयो भन्ये देखि ता मर्छ। त सुलैमान् राजाले मान्छे पठायो अनि ५३
तिनिहरुले त्येस्लाइ वेदि देखि उतारि ल्याये। त त्येस्ले आयेर सुलैमान् राजालाइ दण्डवत् गर्यो. अनि सुलैमानले त्येस्लाइ भन्यो आफ्नु घरमां जांनु॥

(दाऊदको मंरण् र सुलैमान्को राज्को थाल्नि)

अनि दाऊदको मर्नु पर्ने दिन् आइ पुगि हाल्यो तब त्येस्ले आफ्नु २ १
छोरो सुलैमानलाइ येसो येसो भनिकन आज्ञा दियो मं ता सिंगे २
संसारको बाटोमां जांद छु. येस्कारण तं चइं बलियो हो अनि आफुलाइ मर्द देखा अनि आफ्नु ईश्वर् यहुवेले तेरो जिम्मामां दियेको चइं मान्दे ३
रह् उस्को बाटोमां हिंड्नुलाइ उस्को बिधि र आज्ञा र नियाबचन् र साक्षीबचन् मान्नुलाइ मूसाको व्यवस्थामां लेख्योयेका अनुसार् तैंले जे जे गर्छस् अनि जता जता फिर्छस् उता उता तं सुफले हो भन्ये खातिरले. यहुवेले मेरो ४
बिषयमां तेरा छोराहरु मेरो सांमु सच्चैईमां आफ्नु पूरो हिर्दय् र आफ्नु पूरो प्राणले हिंड्नुलाइ आफ्ना आफ्ना बाटाको बिषयमां चेत् गर्ये भन्ये

देखि त इस्राएलको सिंहासनमां बस्नेको तेरो लागि घाटि हुँदैन भन्यो
५ भन्येको कु त्येइ कुरा उस्ले स्थापित् गरोस् भन्ने खातिर्ले । येस् बाहिक्
तंलाइ यो पनि थाहा कु अर्थात् सरूयाहको छोरो योआबले मं सित को
गर्‍यो अर्थात् इस्राएलका दुइ जना सेनापतिहरु नेरको छोरो अब्नेर र
येतेरको छोरो अमासा सित को गर्‍यो जुन्हरुलाइ त्येस्ले मार्‍यो अनि
मेल्को बेलामां लड़ाईंको रगत् बहायो अनि त्येस्को कम्मरमां बांधेको
पटुकामां र त्येस्का गोड़ामां लाएका जुत्तामां लड़ाईंको रगत् भिजायो ।
६ येस्कारण तैंले आफ्नु बुद्धि अनुसार् गर्नु अनि त्येस्का पाकेका केस् पत्तालमां
७ कुशल् सित उत्रि जांनु न दिंनु । तर गिलादी बर्जिल्लैका छोराहरु मांथि
कृपा देखाउंनु अनि तिनिहरुलाइ तेरो मेजमां खानेहरुमांका हुंनु दिंनु ।
किनभन्ये मं तेरो दाज्यु अब्शालोम् देखि भागदा तिनिहरु मं थांइ त्येसैंर
८ आयेका थिये । अनि हेर् तं सङ बहूरीम् बस्ने बिन्यामीनी गेराको छोरो
शिमी कु जस्ले मं महनैम् बाटो गयेको दिनमां मंलाइ तुलो तुलो धिक्कार्ले
धिक्कार्‍यो . तर त्यो मंलाइ भेट्नुलाइ यर्दनमां उत्रि आयो अनि मैंले त्यो
सित मं तंलाइ तरवार्ले मार्दीन भनि यहूवेको नांउ लिइकन किरिया खायें ।
९ तर अब त्येस्लाइ निर्दोषी न ठहराउंनु किनभन्ये तं बुद्धिमान् कुस् त तैंले
त्यो सित को गर्नु पर्ने हो तंलाइ थाहा हुंकु अनि तैंले त्येस्का पाकेका केस्
१० रगत् सङ पत्तालमां लैजांकुस् । त्येस् पछि दाऊद् आफ्ना पित्रहरु सङ सुति
११ मिसौयो बहांदेखि दाऊदको सहरमां गाड़ीयो । अनि दाऊदले इस्राएलमां
राज् गर्‍येका दिन् चालीस् बर्ष थिये . सात् बर्ष हेब्रोनमां राज् गर्‍यो अनि
तेंतीस् बर्ष यरूशलेम्मां ॥

१२ तब सुलैमान् आफ्नु बाबु दाऊदको सिंहासनमां बस्यो अनि त्येस्को
१३ राज् अरघोर् बल्लियोगरि स्थिर् भयो । तब हग्गीत्को छोरो अदोनिय्याह्
सुलैमान्की आंमा बत्शेबा थांइ आयो । तब त्येस्ले को तं कुशल् सित
१४ आउंद कुस् भनि सोधी . त्येस्ले भन्यो कुशल् सित । येस् उप्रान्त त्येस्ले
१५ भन्यो मैंले आफुलाइ कोइ भनु छ । त त्येस्ले भनी भन्दे जा । तब त्येस्ले
भन्यो आफुलाइ थाहा छ राज् मेरो थियो अनि सिंगै इस्राएल्ले मैंले राज्
गर्छ भनि मं मांथि नजर् लगायेका थिये . तरैपनि राज् फेरीयो अनि
मेरो भाईको भयो . कसोगरिभन्ये त्यो यहूवेको पट्टि बाटो त्येसैको
१६ थियो । त अब मं आफु सित येउटा बिन्ति गर्दै छु त्यो देखि मुख् न
१७ फर्काउंनु हुवस् । त त्येस्ले त्येस्लाइ भनी भन्दे जा । तब त्येस्ले भन्यो सुलैमान्
राजालाइ भनि दिंनु हुवस् त्येस्ले मंलाइ शुनम्मी अबीशगलाइ ब्याहा
१८ देवस् किनभन्ये राजाले आफ्नको कुरा काट्दैन । तब बत्शेबाले भनी हुंकु
१९ मं तेरो लागि राजालाइ भनि दिंकु । येस्कारण बत्शेबा अदोनिय्याहको
लागि कुरा गर्नुलाइ सुलैमान् राजा थांइ गई । तब राजा त्येस्लाइ
भेट्नुलाइ उठि त्येस्लाइ दण्डवत् गर्‍येर फेरि आफ्नु सिंहासनमां बस्यो
अनि राजाकी महतारीको लागि येउटा सिंहासन् बसालनु लगायो त त्यो

येस्को दाहीनो हात् पट्टि बस्यो । तब येस्ले भनी मं आफु सित येउटा सांनु २०
कुरा मांगकु त्यो मंलाइ हुंदैन न भनीओस् । तब राजाले भन्यो मांगनु
हवस् हे मेरी महतारी . किनभन्ये मं आफुलाइ हुंदैन भन्ये कुईंन । तब येस्ले २१
भनी शूनम्मी अबीशग् आफ्को दाजु अदोनिय्याहलाइ ब्याहामां दिईओस् ।
तब सुलैमान् राजाले उत्तर् दिइ आफ्नी आंमालाइ भन्यो त आफुले २२
अदोनिय्याहको लागि शूनम्मी अबीशगलाइ किन मांगदी कौ . त्यो मेरो
दाजु हो येस्को लागि राज् पनि मांगनु हवस् अं येस्को लागि र एब्यातार्
पूजाहारीको लागि र सरूयाहको छोरो योआबको लागि । तब सुलैमान् २३
राजाले यहवेको नांउ लिइकन येसो भनिकन किरिया खायो अदोनिय्याहले
यो कुरो आफनु प्राणको दाममां भन्येको रैन छ भन्ये देखि ईश्वरले मं सङ
येसै अं त्यो भन्दा पनि बेसि गरोस् । त अब यहवे जीइ रह्येको झैं जस्ले २४
मंलाइ स्थिर गर्यो अनि मंलाइ मेरो बाबु दाऊदको सिंहासनमां बसायो
अनि जस्ले आफनु करहार अनसार् मंलाइ घर पनि बनायो निस्से आजै
अदोनिय्याह मारींछु । तब सुलैमान राजाले यहोयादाको छोरो बनायाहलाइ २५
डाकेर पठाइ दियो तब त्यो येस् मांथि जाइ लाग्यो अनि त्यो मऱ्यो । अनि २६
एब्यातार् पूजाहारीलाइ राजाले भन्यो अनातोतमां आफनु जग्गामां जाइ
जाउ किनभन्ये तिमि मारींने माफिक्का कौ . तर मं येले तिमिलाइ मांदीन
किनभन्ये तिमिले मेरो बाबु दाऊदको सांनु यहवे ईश्वरको सम्पट् बोक्द
थियौ अनि पनि तिमि मेरो बाबुको सबै दुक्खमां दुखित् पनि भयौ ।
येसोरि सुलैमानले एब्यातारलाइ यहवेको लागि पूजाहारी हुंनु देखि २७
निकाल्यो येस्ले यहवेले शीलोमां एलीको जहानको विषयमां भन्येको कुरा
पुरो गरोस भन्ये खातिरले । तब यो समाचार् योआब पांइ पुग्यो . २८
किनभन्ये योआब अब्शालोम पट्टि न लाग्येको भये पनि अदोनिय्याह पट्टि
ता लाग्येको थियो । अनि योआबले यहवेको डेरामां भागि गयेर बेदिको
सींग् समात्यो । अनि योआब यहवेको डेरामां भाग्यो छ अनि हेर त्यो बेदि २९
निर छ भरे भनि सुलैमान् राजालाइ सुनाईयो । तब सुलैमानले
यहोयादाको छोरो बनायाहलाइ येसो भनिकन पठायो गयेर येस् मांथि
जाइ लाग् । तब बनायाहले यहवेको डेरामां गयेर येस्लाइ भन्यो ३०
राजाले येसो भन्छ निस्कि आउ । तर येस्ले भन्यो होइन तर मं
यिहींने मर्छु । त बनायाहले राजा यांइ फर्कि आयेर योआबले येसो
येसो भन्यो अनि मंलाइ येसो येसो भनि उत्तर् दियो भन्ये समाचार्
ल्यायो । तब राजाले येस्लाइ भन्यो येस्ले भन्येको अनसारै गर् अनि ३१
येस् मांथि जाइ लाग्येर येस्लाइ गाड् र तेंले योआबले अकारणमां
बगाएकको रगत् मं देखि र मेरो बाबुको जहान् देखि मेटि देवस् । अनि ३२
यहवेले येस्को रगत येस्के सिर् मांथि फर्काइ दिंछ किनभन्ये येस्ले त्यो
भन्दा बेसि धर्म्मी र भलो दुइ जना मान्छेहरु मांथि मेरो बाबु दाऊदले
थाहा न पाइकन जाइ लाग्येर तरवारले काट्यो अर्थात् नेरको छोरो अब्नेर

इस्राएलको सेनापतिलाइ र येतेरको छोरो अमासा यहूदाको सेनापतिलाइ।
३३ येसोरि तिनिहरुको रगत् योआबको र त्येस्को वंशको सिर् मांथि सदाको
लागि फर्कि परोस्. तर दाऊदको लागि र त्येस्को वंश र त्येस्को जहान् र
त्येस्को सिंहासनको लागि यहोवेको पट्टि बाटो सदाको लागि शान्ति हुवस्।
३४ तब यहोयादाको छोरो बनायाहले चढेर त्येस् मांथि जाइ लाग्येर त्येस्लाइ
३५ काटि दियो अनि त्यो आफ्नै घरमां वनमां गाड्दियो। अनि राजाले
यहोयादाको छोरो बनायाहलाइ त्येस्को साटोमां सेनापति तुल्यायो. अनि
३६ राजाले सादोक् पूजाहारीलाइ एब्यातारको साटोमां तुल्यायो। अनि राजाले
शिमीलाइ बोलाइ पठायेर त्येस्लाइ भन्यो यरूशलेममां आफ्नु लागि येउटा
३७ घर् बनायेर त्यहां बस् अनि त्यहां देखि कत्ते पनि निस्कि न जा। किनभन्ये
जुन् दिन् तं निस्कि गयेर किद्रोन् खोल्चा तरि जालास् निस्से जान् तं
३८ अवस्से मर्कस्. तेरो लोहू तेरै सिरमां पर्क। त शिमीले राजालाइ भन्यो
यो जाति कुरो हो. मेरा प्रभु महाराजाले भन्येको झैं आफुको दास्ले त्येसै
३९ गर्क। त शिमी यरूशलेममां धेरै दिन् बस्यो। अनि तीन् बर्ष बित्ये पछि
येसो भयो शिमीका दुइ जना चाकरेहरु गात्को राजा माकाको छोरो
आकीश् थांइ भागि गये। त तिनिहरुले येसो भनिकन शिमीलाइ भन्ये
४० हेर्नु हुवस् आफुका चाकरेहरु गातमां राकुन्। त शिमी उठेर आफ्नु
गदाहामां जीन् कस्येर गातमां आकीश् थांइ आफ्ना चाकरेहरुलाइ खोजनु
४१ गयो. त शिमीले गयेर आफ्ना चाकरेहरुलाइ गात् देखि ल्यायो। अनि
सुलैमान्लाइ शिमी यरूशलेम् देखि गातमां गइ फेरि यरूशलेममां फर्कि
४२ आयो भरे भनि सुनाईयो। तब राजाले शिमीलाइ डाकि पठायेर त्येस्लाइ
भन्यो को मैंले तंलाइ यहूवेको नांउ लिइकन किरिया खुवायेको थिइन
अनि निस्से जान् जुन् दिन् तं निस्कि गयेर कत्ते पनि हिंड्दि जालास् त्येस् दिन्
तं अवस्से मर्कस् भन्येर तंलाइ चेतायेको थिइन. अनि तैंले मंलाइ मैंले
४३ सुन्येको कुरो जाति हो भन्येको थिइस्। त तैंले यहूवेको किरिया र मैंले
४४ तंलाइ दियेको आज्ञा किन मान्येको छैनस्। येस् उप्रान्त राजाले शिमीलाइ
भन्यो तेरो मनले जान्येको सबै दुष्टैं जो तैंले मेरो बाबु दाऊद् सित
गर्येको थिइस् ति तंलाइ थाहा छ. येस्कारण यहूवेले तेरो दुष्टैं तेरै सिरमां
४५ फर्काइ ल्याउंछ। तर सुलैमान् राजा चइं धन्यको हुंछ अनि दाऊदको
४६ सिंहासन् यहूवेको सांमु सदाको लागि स्थिर् रहंछ। त राजाले यहोयादाको
छोरो बनायाहलाइ आज्ञा दियो त त्यो निस्कर येस् मांथि जाइ लाग्यो
अनि त्यो मर्यो। अनि राजु सुलैमान्को हातमां स्थिर् भयो॥

३ १ अनि सुलैमान्ले मिस्रको राजा फिरऊन् सङ कुटुम्बेरी गरि
फिरऊन्की छोरीलाइ ब्याहा गर्यो अनि त्येस्ले आफ्नै घर र यहूवेको घर र
यरूशलेमको घेराभित्ता बनाइ न सकुंज्याल् सम्म त्येस्लाइ दाऊदको सहरमां
२ ल्यायेर राख्यो। तैपनि लोगले अलगा अलगा ठांउहरुमां बलिदान् चढाउंद
थिये किनभन्ये त्येति दिन् सम्म यहूवेको नांउको लागि कोई घर बनाईयेको

थियेन । अनि सुलैमान्ले आफ्नु बाबु दाऊद्को विधिमां हिंड्दै यहवे ३
सित प्रेम् राख्द थियो . तैपनि त्येस्ले अलग्ग अलग्ग ठांउहरुमां बलिदान्
चढ़ाउंद थियो अनि धूप् हाल्द थियो ॥

अनि राजा गिबोन्मां वहां बलिदान् चढ़ाउंनुलाइ गयो किनभन्ये ४
त्यो चइं ठुलो अलग्गो ठांउ थियो . त्येइ वेदिमां सुलैमान्ले एक् सहस्र
होम्बलि चढ़ायो । त गिबोन्मां राति सपनामां यहवे सुलैमान् थांइ देखाइ ५
पऱ्यो . अनि ईश्वर्ले भन्यो मं तंलाइ के दिउं त्यो मांग् । तब सुलैमान्ले ६
भन्यो तपांइले आफ्नु दास् मेरो बाबु दाऊद् सङ त्यो तपांइको सांचु
सच्चेइंमां र धर्ममां र तपांइ सित मन्को सोजेइंमां हिंड्नेकोमां ठुलो
अनुग्रह् देखाउंनु भयो अनि तपांइले त्येस्को लागि यो पनि ठुलो
अनुग्रह् राख्नु भयो अर्थात् तपांइले त्येस्को लागि त्येस्को सिंहासन्मां
बस्नुलाइ येउटा छोरो दिंनु भयो जस्तो आजु छ । त अब हे मेरो ७
ईश्वर् यहवे तपांइले मेरो बाबु दाऊद्को साटो आफ्नु दास्चइंलाइ राजा
तुल्याउंनु भयो . अनि मं चइं सानु बालख मान्छे छु मं ता भित्र बाइर
आउंनु जानु जान्दीन । अनि तपांइको दास् तपांइले छान्येको तपांइको ८
लोग्को बीच्मां छ अं येउटा ठुलो लोग् जो धेर् हुंनाको कारणले न
गनीनु न हिसाप् राखीनु सकींद छ । येस्कारण् आफ्नु दास्लाइ तपांइको ९
लोग्को निया गर्नुलाइ बूझ्ने मन् दिंनु हवस् र जाति नजातिको भेद्
ज्ञान् गर्नु सकुं किनभन्ये यो तपांइको ठुलो लोग्को निया कस्ले गर्नु
सक्छ । अनि सुलैमान्ले यो थोक् मांग्येको कुरा यहवेलाइ जाति १०
लाग्यो । त ईश्वर्ले त्येस्लाइ भन्यो तैंले यो थोक् मांगिस् अनि आफ्नु लागि ११
धेरै दिन् मांगीनस् न आफ्नु लागि धनसम्पत्ति न आफ्ना सत्रुहरुका
प्राण् मांगिस् तर आफ्नु लागि नियाको बिचार् गर्नुलाइ बुद्धि मांगिस्
येस्कारण् हेर् मैंले तेरो कुरो अनुसार् गर्येको छु . हेर् मैंले तंलाइ येउटा १२
बुद्धिमान् र भेद् जान्ने मन् दिंयेको छु यहां सम्म दिंयेको छु तं भन्दा
अगाडि तं जस्तो न कोई थियो न तेरो पछि कोई तं जस्तो उठ्छ । अनि १३
मैंले तैंले न मांग्येका थोक् पनि अर्थात् धनसम्पत्ति र मान् तंलाइ यहां
सम्म दिंयेको छु तं जस्तो राजा राजाहरुको बीच्मां तेरा सबै दिनमां कोई
पनि हुंदैन । अनि मेरा बिधि र मेरा आज्ञा मान्नुलाइ मेरा बाटामां १४
तेरो बाबु दाऊद् हिंड्नेको झैं तं पनि हिंड्दिस् भन्ये देखि त मं तेरा दिन्
बढ़ाउंछु । तब सुलैमान् बिउंझ्यो त हेर सपना पो रछ . त त्यो यरूशलेम्मां १५
आयेर यहवेको सम्पट्को सांमु उभीयेर होम्बलि र मेल्बलि चढ़ायो अनि
आफ्ना सबै चाकरेहरुको लागि भोज् लायो ॥

अनि त्येम् बेला दुवटी बेश्येहरु राजा थांइ आयेर त्येस्को सांमु १६
उभीइन् । अनि येउटीचइंले भनी हे मेरा प्रभु मं र यो आइमाइ एकै १७
घरमां बस्नेहरु हौं अनि यो सङ घरमां बस्दा मेरो येउटा बालख जन्म्यो ।
अनि मेरो बालख जन्म्येको तीन् दिन् पछि येसो भयो येस् आइमाइले १८

पनि बालक जन्माई त हामिहरु सबै थियूं घरमां हामिहरु दुवटी
१९ बाहिक् अरु कोई हामिहरु सङ थियेन । अनि राति येस् आइमाइको चइं
२० नानी मर्‍यो क् कसोगरिभन्ये येस्ले त्येस्लाइ मिची क् । तब तपांइको कमारो
निधायेको बेलामां आधा रातमां त्येस्ले उठेर मेरो नानी मेरांटो लग्येर
आफ्नु काखमां राखी क् अनि त्येस्को मर्‍येको चइं नानीलाइ मेरो काखमां
२१ राखि दिई क् । अनि बिहान् जब मं आफ्नु नानीलाइ दुद् खुवाउंनुलाइ
उठेर त हेर त्यो ता मर्‍येको रछ . तर उज्यालो हुंदा मैले राम्रोगरि हेर्यें त
२२ छेर मैले जन्माएको मेरो छोरो ता होइन रछ । तब अर्कीचइंले भनी
होइन तर जीउंदो चइं मेरै छोरो हो मर्‍येको चइं तेरै छोरो हो । तर येस्ले
भनी होइन तर मर्‍येको चइं तेरै छोरो हो अनि जीउंदो चइं मेरो छोरो ।
२३ येसोरि तिनिहरुले राजाको सांमु भनाभन् गर्दै थिइन् । तब राजाले भन्यो
येउटीचइंले जीउंने चइं मेरो छोरो हो तेरो चइं छोरो मर्‍यें क् भन्येर
भनी . अनि अर्कीचइंले होइन तर मर्‍येको चइं तेरो छोरो जीउंदो मेरो
२४ छोरो हो भन्येर भनी । तब राजाले भन्यो मेरो लागि येउटा तरवार्
२५ ल्याउंनु । त तिनिहरुले येउटा तरवार् राजाको सांमु ल्याये । तब राजाले
भन्यो जीउंदो बालक दुइ भाग् पार्येर आधा येउटीलाइ दिंनु अनि आधा
२६ अर्कीचइंलाइ । तब जुन् चइं आइमाइको जीउंदो बालक थियो त्येस्
चइंले आफ्नु मन् आफ्नु बालकको लागि भर्दै आयेको कारणले
राजालाइ येसो भनी हे मेरा प्रभु जीउंदो नानी त्येसैलाइ दिंनु हवस् अनि
कोई परिले पनि त्येस्लाइ न मांर्नु हवस् । तर अर्कीले भनी त्यो न मेरो
२७ हवस् न तेरो हवस् भाग् पारीओस् । तब राजाले उत्तर् दिइ भन्यो येसैलाइ
जीउंदो नानी दे कोई परिले त्येस्लाइ न मार् . त्येकी आमा येइ चइं हो ।
२८ तब सिंगे इस्राएलले राजाले गर्येको निया सुन्यो त तिनिहरु राजा देखि
डराये . किनभन्ये तिनिहरुले निया गर्नुको लागि त्येसां ईश्वर्को बुद्धि
भयेको देख्ये ॥

(सुलैमान्को राज्प्रबन्ध)

४ १ अनि सुलैमान् राजा सिंगे इस्राएल् मांथि राजा भयो । अनि त्येका
२ अधिपतिहरु यि थिये सादोक्को छोरो अजर्याह् मंत्री थियो शीशाका
छोराहरु एलीहोरेप् र अहियाह् लेटर्हरु . अहीलूद्को छोरो यहोशाफात्
४ सम्झना राख्ने अनि यहोयादाको छोरो बनायाह् सेनापति थियो .
५ अनि सादोक् र एब्यातार् पूजाहारी थिये अनि नातान्को छोरो
अजर्याह् मूल् मूल् कामदारीहरु मांथि थियो अनि नातान्को छोरो जाबूद्
६ चइं पूजाहारी र राजाको मित्र थियो अनि अहीशार् घर् मांथिको
शीखदार् थियो अनि अब्दाको छोरो अदोनीराम् किरिया मुनि भयेकाहरु
७ मांथि मालिक् थियो । फेरि सिंगे इस्राएल् मांथि सुलैमान्का बाह्र जना
मूल् कामदारीहरु थिये जुन्हरुले राजा र त्येका जहान्को लागि खानापीना

विषयको बन्दबस्त गर्दै थिये. एक एक जनाले बर्ष दिनमां एक एक
महीनाको गरि बन्दबस्त गर्नु पर्दै थियो। अनि तिनिहरूको नांउ थिने ८
हुन. अर्थात् एप्रैमको पहाड़े देसमां बेनहूर माकस शालबीम ९
बेतशेमेश र एलीनबेथानमां बेन्देकेर. अरुब्बोतमां बेनहेसेद जस्को १०
सोको र हेफेरको सिंगै देस पनि पर्‍यो. दोरको सिंगै उकालिमां ११
बेनबीनादाब जस्की स्वास्नी सुलैमानकी छोरी तापत थिई. तानाक मगिद्दो १२
र सारतानको छेउमां भयेको सिंगै बेतशान यिज्रेल सुनिको बेतशान देखि
आबेलमहोला सम्म योकमामको पल्लो पट्टि सम्म अहीलूदको छोरो
बाना. रामोतगिलादमां बेनगेबेर जस्को गिलादमां भयेको मनश्शेको १३
छोरो याईरका बस्तीहरु पर्‍यो अं त्येस्ताइ बाशानमां भयेको अर्गोबको
देस पनि पर्‍यो घेराभित्ता र पीतलका आरला भयेका तीन कोरि तुला तुला
सहरहरु. महानैममां इद्दोको छोरो अहीनादाब. नप्तालीमां अहीमास १४
जस्ले सुलैमानकी छोरी बासमतलाइ ब्याहा गर्‍येको थियो. आशेर र १५
आलोतमां हूशैको छोरो बाना. इस्साकारमां पारूहको छोरो यहोशापात. १६
बिन्यामीनमां एलाको छोरो शिमी. एमोरीहरुको राजा सीहोनको र १७
बाशानको राजा ओगको देसमां ऊरीको छोरो गेबेर त्येस देसमां त्यो मांत्रै
मालिक थियो। यहूदा र इस्राएल धेरै थिये येति धेरै थिये समुन्द्रको २०
तीरका बालुवा सरि थिये अनि खांथ्ये पीउंथ्ये अनि आनन्द सङ रहंथ्ये॥

अनि सुलैमानले महानदी देखि पलिश्तीहरुको देस सम्म र मिस्रको २१
सिमाना सम्मका सब्बै राजहरु मांथि प्रभुतेइँ गर्दै थियो. तिनिहरुले भेटि
ल्याउंदै थिये अनि सुलैमानको जीवनका सबै दिनभरि त्येको सेवा गर्दै
थिये। अनि सुलैमानको एक दिनको खानकि येति थिये तीस कोठो २२
अस्सल पीठो र साठी कोठो पीठो दसवटा पलुवा गोरु अनि २३
खर्कमांका बीसवटा गाइगोरु अनि एक सै भेंड़ाबाख्रा बेस उप्रान्त हरिणहरु
र मुडुलि मिर्गा र कौड़े मिर्गा र पाल्थेका चराहरु। कसोगरिभन्दै २४
महानदीको पल्लो छेउ देखि अर्थात् तिप्सह देखि अज्जाह सम्मका सब्बै
देस अं महानदीका पारि पट्टिका सबै राजाहरु मांथि प्रभुतेइँ गर्दै थियो.
अनि त्येका वरिपरिका सबै जना सङ त्येले मेल राखेर थियो। अनि २५
सुलैमानका सबै दिनमां दान देखि बेरशेबा सम्म यहूदा र इस्राएल जनंगे
आफनु आफनु दाखका बोट र नेभाराका बोट मुनि चैन सङ रहेंद थियो।
अनि सुलैमानका आफना रथहरुको लागि घोड़ाहरुका चालीस हजार २६
खोपाहरु थिये अनि बाह्र हजार असवारहरु। अनि यि मूल कामदारी २७
हरुले सुलैमान राजाको लागि र सुलैमानको मेजमां आउंनेहरु सबै
जनाको लागि जनंगेले आफनु आफनु महीनामां खानकि ल्याउंदै थिये.
कोइ कुरोको पनि घटि हुंनु दिंदैन थिये। घोड़ाहरुको लागि र छिटो २८
हिंड्ने घोड़ाहरुको लागि तिनिहरुले मालिकहरु भयेको ठांउमां जउ र
पराल ल्याउंदै थिये जनंगेलाइ जिम्मा दिईयेको अनुसार अनुसारगरि॥

२९ अनि ईश्वरले सुलैमान्लाइ बुद्धि दियो अनि बूझ् अरघोर् ओधि
३० अनि मन्को फैलाव् समुन्द्रको तीर्को बालुवा जत्तिकै । अनि सुलैमान्को
बुद्धि सबै पूर्ववंशीहरुको बुद्धि र मिस्रको सबै बुद्धि भन्दा बेसि थियो।
३१ कसोगरिभन्ये त्यो मान्छेजात्मां सबै भन्दा बेसि बुद्धिमान् थियो अं
एजही एतान् र माहोलका छोराहरु हेमान् कल्कोल् र दर्दा भन्दा पनि बेसि.
३२ अनि त्येस्को नांउ वरिपरिका सिंगै लोग् लोग्मां फिंजीयो । अनि त्येस्ले तीन्
३३ हजार् उखान् कह्यो . अनि त्येस्का गीत् एक् हजार् र पांच् छन् । अनि
त्येस्ले रुखहरुको बिषयहरुमां पनि अं लबानोन्मां भयेका देवदारुदेखि
भित्तामां उम्रने एसोव् सम्म . अनि पंषीहरु र पशुहरु र बर्गिहिंड्ने र
३४ माछाहरुको बिषयमां पनि कह्यो । अनि त्येस्का बुद्धिको बिषयमां सुन्नेहरु
पृथिवीका सबै राजा राजाहरु देखि सबै लोग् लोग्मांकाहरु सुलैमान्को
बुद्धि सुन्नुलाइ आउंद थिये ॥

(मन्दिर् बनाउंनुको लागि तियार् पार्नु)

५ १ अनि सोर्को राजा हीराम्ले आफ्ना चाकरेहरुलाइ सुलैमान् थांइ
पठायो किनभन्ये त्येस्ले तिनिहरुले त्येस्लाइ त्येस्को बाबुको साटोमां
राज्अभिषिक्त गर्‍ये अरे भनि सुन्येको थियो . कसोगरिभन्ये हीराम् सधैंभरि
२ दाऊद्को मित्र भइ रह्येको थियो । अनि सुलैमान्ले हीराम् थांइ येसो
३ येसो भनि पठायो आफुलाइ थाहा छ मेरो बाबु दाऊद् तिन्का
वरिपरि भयेका संग्राम्हरुको कारणले यहुवेले तिनिहरुलाइ तिन्का
गोड़ाका पैतला मुनि पारि न दिउंज्याल् सम्म आफ्नु ईश्वर् यहुवेको
४ नांउको लागि ठेउटा घर् बनाउंनु सक्येनन् । तर अब मेरो ईश्वर् यहुवेले
मंलाइ चारै तिर बाटो चैन् दियेको छ न कोई बिरोधी छ न कोइ बुराई
५ पर्ने छ । त हेर्नु हुवस् यहुवेले मेरो बाबु दाऊद्लाइ तेरो छोरो जहान्
मं तेरो साटोमां तेरो सिंहासन्मां बसाल्छु त्येसैले मेरो नांउको लागि
घर् बनाउंछ भन्येर भन्येको अनुसार् अब मं आफ्नु ईश्वर् यहुवेको नांउको
६ लागि ठेउटा घर् बनाउंने मन् गर्द छु । येस्कारण् अब आज्ञा दिनु हुवस् र
तिनिहरुले मेरो लागि लबानोन् देखि देवदारु ढालुन् अनि मेरा चाकरेहरु
आफुका चाकरेहरु सङ हुंछन् अनि मं आफुले भन्येको अनुसार् आफुका
चाकरेहरुको लागि आफुको हातमां बंनी दिंछु . किनभन्ये आफुले जान्नु
हुंद छ काठ् काट्नुलाइ सीदोनीहरु जस्तो मिपालु हांमिहरुमांको कोई
७ पनि छैन । अनि येसो भयो जब हीरामले सुलैमानका यि कुरा सुन्यो तब
त्येस्ले ओधि रमाइ रमाइकन भन्यो यहुवे आजु धन्नको हुवस् जसले
८ दाऊद्लाइ यो ठुलो लोग् मांथि ठेउटा बुद्धिमान् छोरो दियो । तब
हीरामले सुलैमानलाइ येसो भनि पठायो आफुले मं थांइ पठायेका
समाचार् सुन्येको छ . देवदारुकाठ् र सल्लाकाठको बिषयमां मं आफुको
९ इच्छे पूरो गर्छु । मेरा चाकरेहरुले ति लबानोन् देखि समुद्र सम्म ल्याइ

पुऱ्याउंछन्. अनि मं ति मंलाइ खटन् भयेको ठांउमां समुन्द्र बाटो बेड़ा
बनाइ बनाइकन समुन्द्रमां हेल्येर पुऱ्याइ दिंछु वहांदेखि ति त्येस् ठांउमां
खोलाउंछु त्येस् पछि ति आफुले लैजानु हवस्. अनि आफुले मेरो
जहानको लागि खानापीना दियेर मेरो इच्छे पूरो गरि दिंनु होला।
तब हीरामले सुलैमानलाइ त्येस्का सबै इच्छे अनुसारका देवदारु र सल्ला १०
काठ दियो। अनि सुलैमानले हीरामलाइ त्येस्को जहानको खानापीनाको ११
लागि बीस् हजार् कोठो गहूं र बीस् खड्कुंड़ा कुटेको तेल् दियो.
सुलैमानले हीरामलाइ बर्ष बर्ष येसैगरि दिंद थियो। अनि यहुवेले त्येसलाइ १२
दियेको आफनु करहार् अनुसार् सुलैमानलाइ बुद्धि दियो अनि हीराम्
र सुलैमानको बीचमां मेल् थियो अनि ति दुइले आपसमां बाचा बांधे॥

अनि सुलैमान् राजाले सिंगै इस्राएल् देखि किरिया मुनिका दासहरु १३
तीस् हजार् जनालाइ खटायो। अनि त्येस्ले तिनिहरुलाइ लबानोनमां १४
महीना महीना दस् दस् हजार् जनालाइ पालो पालो गरि पठायो. तिनिहरु
एक् महीना लबानोनमां दुइ महीना आफनु घरमां हुंनेगरि रहंद थिये.
अनि अदोनीराम् चइं किरिया मुनिका दासहरुको मालिक् थियो। अनि १५
सुलैमानका सत्तरी हजार् जना भारि बोक्नेहरु र पहाडुमां अस्सी हजार् जना
ढालनेहरु थिये येस् उप्रान्त सुलैमानका मूल् कामदारीहरु तीन् हजार् १६
र तीन् सै जना थिये जुन्हरुले काम् गर्ने मान्छेहरुलाइ चलाउंद थिये। त १७
राजाले आज्ञा गऱ्यो अनि तिनिहरुले तुला तुला ढुंगाहरु अं अमोल् अमोल्
ढुंगाहरु घरको जग् काटेका ढुंगाहरु मांथि बसालनुलाइ काटद थिये।
अनि सुलैमानका कारिगरहरु र हीरामका कारिगरहरु र गबालीहरुले घर् १८
बनाउंनुको लागि काठ् र ढुंगा काटिकन तियार् पार्द थिये॥

(मन्दिरको बिषय्)

अनि इस्राएलबंशीहरु मिस्रदेस् देखि निस्केको चार् सै अस्सी बर्ष ६ १
पछि इस्राएल् मांथि सुलैमानको राजको चौथो बर्ष जीव् भनींने महीना
जो दोस्रो महीना हो येसो भयो त्येस्ले यहुवेको घर् बनाउंनु थाल्यो।
अनि सुलैमान् राजाले यहुवेको लागि बनायेको घरको लंमइ साठी हात् र २
गज् बीस् हात् र अल्गेइं तीस् हातको थियो। अनि घरको मन्दिरको सांमुको ३
दलानको लंमइ बीस् हातको थियो घरको गज् जतिको त त्येस्को गज्
घरको सांमु दस् हातको थियो। अनि घरको लागि त्येस्ले टांस्येको झ्यालको ४
खिर्कि बनायो। अनि त्येस्ले घरको भित्ता अर्थात् मन्दिर र भित्रेकोठा ५
चुवेको रिंगे भित्ता सब गांस्येर तला भयेको घर पनि बनायो. अनि त्येस्ले
रिंगे खोपा खोपा पनि बनायो. भूइंतलाको चइं गज् पांच् हातको थियो ६
अनि मांझको चइं छ हातको अनि तीस्रो चइं सात् हातको. किनभन्ये त्येस्ले
घरको भित्तामां न पोसाईउन् भन्ने खातिर्ले घरको भित्ताको

७ बाहिर बाहिर त्येस्ले खुड्कीला खुड्कीला पार्दै घटाउंदै लग्यो। अनि त्यो
घर खानिमां तियार पार्येका ढुंगाहरुको बनाईयो. अनि त्येस घरको
बनाईमां न मार्तोल न बंचरो न फलमको कुनै हतियारको सोर सुनीयो।
८ भूइंतलाको कोठाको दैलो घरको दाहींनो पट्टि थियो त तिनिहरु घुम्येको
बाटो बाड़ेा मांझको तलामां चढ़ि जांद थिये अनि मांझको तला देखि
९ तीस्रो तलामां चढ़ि जांद थिये। येसोरि त्येस्ले घर बनायेर सिद्धायो
१० अनि त्येस्ले घर देवदारुका डांड़ाहरु र फल्याक्हरुले मोहोत्यो। अनि सिंगे
घर सड गांस्येर तला भयेको घर पनि बनायो सबै तला पांच् पांच् हात्को
गरि. अनि तिनिहरु देवदारुकाठ्ले घर सड गांसीयेका थिये॥

११ १२ अनि यहवेको बचन् सुलैमान् पांइ येसो भन्दै आयो यो ऐले
तैंले बनाउंदै गर्येको घरको बिषयमां तं मेरा बिधिहरुमां हिंड़िस् अनि
मेरो नियाबचन् गरिस् अनि मेरा आज्ञामां हिंड्नुलाइ ति मानिस् भन्ये
१३ देखि त मं तं सड मैंले तेरो बाबु दाऊद् सित गर्येका आफ्ना कुरा पूरा
गर्कु। अनि मं इस्राएलबंशीहरुको बीचमां रहंकु अनि मं आफ्नु लोग्
इस्राएललाइ छोड्दीन॥

१४ १५ येसोरि सुलैमान्ले घर बनायेर सिद्धायो। अनि त्येस्ले घरको भित्ता
भित्र पट्टि देवदारुकाठ्को फल्याक् लगायो अं घरको तल भूइं देखि मांथि
छानाको डांड़ा सम्म त्येस्ले ति भित्र पट्टि काठ्ले मोहोत्यो. अनि घरको
१६ मझेरिमां सल्लाको फल्याक्को पटाइ लगायो। अनि त्येस्ले घरको पछाड़ि
पट्टि देवदारुकाठ्को फल्याक्ले भूइं देखि छानाको डांड़ा सम्म बीस् हात्
बनायो. अं त्येस्ले ति त्येस्को लागि भित्र पट्टि भित्रे कोठाको लागि अं
१७ महापवित्र स्थान्को लागि बनायो। अनि त्यो घर अर्थात् भित्रेकोठाको
१८ अगाड़ि भयेको मन्दिरको लंमइ चालीस् हात्को थियो। अनि घरको भित्र
पट्टि कांक्रा र फक्त्येका फूल् काट्येका देवदारु थिये. सबै देवदारु मांत्रे
१९ थिये ढुंगा येउटा पनि देखौंदैन थियो। अनि त्येस्ले घरको मांझमां भित्र
पट्टि यहवेको नियमको सम्पट् वहां राख्नुलाइ येउटा भित्रेकोठा तियार्
२० पार्यो। अनि त्येस् भित्रेकोठाको भित्रे नाप्को लंमइ बीस् हात्को अनि गज्
बीस् हात्को अनि अलगेइं बीस् हात्को थियो अनि त्येस्ले त्यो निखरा सुन्ले
२१ मोहोत्यो. अनि त्येस्ले बेदि चइं देवदारुले मोहोत्यो। येसोरि सुलैमान्ले
घरको भित्र भित्र निखरा सुन्ले मोहोत्यो. अनि भित्रेकोठाको अघिलतिर
२२ सुन्को सिक्रि टांग्यो अनि त्येस्ले त्यो सुन्ले मोहोत्यो। अनि सिंगे घर न
सिद्धिउंज्याल सम्म त्येस्ले सिंगे घर सुन्ले मोहोत्यो. भित्रेकोठामां भयेको
२३ सिंगे बेदि पनि त्येस्ले सुन्ले मोहोत्यो। फेरि त्येस्ले भित्रेकोठामां
भद्दाल्केकाठ्को दुवटा करूबहरु बनायो दस् दस् हात् अलगो भयेका।
२४ अनि करूबको येउटा पखेटा पांच् हात्को थियो अनि करूबको
अर्को पखेटा पांच् हात्को थियो. येउटा पखेटाको एक् छेउ देखि
२५ अर्को पखेटाको अर्को छेउ सम्म दस् हात्को थियो। अनि अर्को करूबचइं

पनि दस् हात्को थियो. दुवै करूवहरु एकै नाप् र एकै अनुवारका
थिये। एक् करूवको अलगेइँ दस् हात्को थियो अनि अर्को करूव् पनि २६
त्यस्तै। अनि त्येस्ले ति करूवहरु भित्रेघरमां राख्यो. अनि करूवहरुका २७
पखेटा येसोरि फैलायेका थिये येउटाचइंको पखेटाले एका पट्टिको
भित्ता छोयेको थियो अनि अर्को करूवको पखेटाले अर्को पट्टिको भित्ता
छोयेको थियो अनि तिनिहरुका पखेटाले घरको मांझमां आपस्तमां
छुवाकू गर्येका थिये। अनि त्येस्ले करूवहरु सुनले मोहोर्‍यो। अनि त्येस्ले २८ २९
घरको सबै भित्ताको भित्र पट्टि बाइर पट्टि रिंगै करूवहरु र खजुरहरु र
फक्र्येका फूलहरुको अनुवार् भयेका काढ्यो। अनि घरको मझेरि भित्र ३०
बाइर त्येस्ले सुनले मोहोर्‍यो। अनि भित्रेकोठाको दुवार्को लागि भद्रात्ते ३१
काठको दैलो बनायो. अनि दैलो र सडार् भित्ताको पांचौं भाग् थियो।
त त्येस्ले भद्रात्तेकाठको दुवटा ढोका बनायो अनि तिनमां त्येस्ले करूवहरु र ३२
खजूरहरु र फक्र्येका फूलहरुका फूल् काढ्यो अनि ति सुनले मोहोर्‍यो अनि
त्येस्ले करूवहरु र खजूरहरु मांथि सुन् लगायो। येसोरि त्येस्ले मन्दिरको ३३
दुवार्को लागि पनि भित्ताको चौथो भाग् देखि भद्रात्तेकाठको सडार्
बनायो अनि सल्लाकाठका दुवटा ढोका एक् ढोकाका दुवटा पाटा ३४
अर्को ढोकाका दुवटा पाटा दोब्रोंने थिये। अनि त्येस्ले ति मांथि करूवहरु र ३५
खजूरहरु र फक्र्येका फूलहरु काढ्यो. अनि त्येस्ले ति मांथि त्येस् काढ्नीयेको
काम् मांथि लगायेको सुनले मोहोर्‍यो। अनि त्येस्ले भित्रेआघन् कुंदीको ३६
ढुंगाका तीन् लहर् र देवदारुकाठका दालीम् एक् लहर् बनायो। यहुवेको ३७
घरको जग चौथो वर्षको जीब् महीनामां बसाल्येको थियो। अनि एघारौं ३८
वर्षको बूल् महीना अर्थात् आठौं महीनामां त्यो घर त्येस्का सबै सादीम
समेत् र त्येस्का सबै डवल् अनसार् बनीइ सिद्धीयो। येसोरि त्येस्ले त्यो
बनाउंनुमां सात् वर्ष लाग्यो॥

अनि सुलैमानले आफ्नु चइं घर् बनाउंनुमां तेरह् वर्ष लाग्यो ७ १
तब त्येस्ले आफ्नु घर् बनाइ सक्यो। किनभन्ये त्येस्ले लबानोनको बनको घर २
बनायो त्येस्को लंमइ एक सै हातको त्येस्को गज् पचास् हातको त्येस्को अलगेइँ
तीस् हातका देवदारुका चार् लहर् खांबाहरु भयेको अनि खांबाहरु मांथि
देवदारुका दालीम्। अनि खांबाहरु मांथि भयेका पैंतालीस् कोठा मांथि ३
अर्थात् लहरमां पन्द्रह् पन्द्रहवटा मांथि देवदारुको छाना थियो। अनि तीन् ४
लहरमां दालीम् थिये अनि तीन् पाङतिमां सांमु सांमु खिर्कि खिर्कि थिये।
अनि सबै दैलाहरु र सडारहरु दालीमहरुको बराबर् चारकुंने थिये. अनि ५
तीन् पाङतिमां सांमु सांमु खिर्कि खिर्कि थिये। अनि त्येस्ले खांबाहरुको ६
पेवटा दलान् बनायो त्येस्को लंमइ पचास् हातको त्येस्को गज् तीस् हातको
अनि तिनिहरुको सांमु दलान् अनि तिनिहरुको सांमु खांबाहरु र दैलाठेलो।
अनि त्येस्को निया गर्ने सिंहासनको दलान् अं नियाको दलान् बनायो. अनि ७
त्यो एक् मझेरि देखि अर्को मझेरि सम्म देवदारुले मोहोर्‍येको थियो। अनि ८

त्येस्को बस्ने घर् दलान्को भित्रको अर्को आघन् उस्त काम्को थियो । फेरि
त्येस्ले फिरऊन्की छोरीको लागि जस्ताइ सुलैमान्ले ल्याएको थियो यो
९ दलान् जस्तो येउटा घर् बनायो । ति सबै अमोल् अमोल् ढुंगाका थिए अं
जग् देखि आंठाघेरा सम्म भित्र बाइर दुवै नापि नापि आराले काटि काटि
कुंदेका ढुंगाहरुका थिए अनि येसोरि तुलो आघन् सम्म बाइर पट्टि पनि ।
१० अनि जग् चइं अमोल् अमोल् ढुंगाका थियो अं तुला तुला ढुंगाको अं आठ्
११ आठ् हात्का र दस् दस् हात्का ढुंगाहरुको । अनि त्येस् मांथि अमोल्
१२ अमोल् ढुंगा अं नाप् अनुसार् कुंदेका ढुंगा र देवदारुकाठ् थिए । अनि
वरिपरिको तुलो आघन्का तीन् लहर् कुंदेका ढुंगा अनि एक् लहर् देवदारु
दालीम् थिए यहुवेको घरको भित्रेआघन् जस्तो र घरको दलान् जस्तो ॥
१३ अनि सुलैमान् राजाले सोर् देखि हीराम्लाइ डाकि पठायो ।
१४ छो चइं नप्ताली कुलको येउटी विधुवीको छोरो थियो अनि त्येस्को बाबु सोरको
एक् जना पीतल्कारी थियो अनि त्यो पीतल्को सबै रकम्को काम् गर्नुमां
बुद्धि र बूझ् र सिप्ले भरीयेको थियो । त त्येस्ले सुलैमान् राजा पांइ
१५ आयेर त्येस्को सबै काम् गर्यो । कसोगरिभन्ये त्येस्ले पीतलका दुवटा
थाम्हरु अठारह् अठारह् हात्का अलगा भयेका ढालि बनायो . अनि एक्
१६ एकको फेरो बारह् हात् डोरी जांन्थे थियो । अनि त्येस्ले थाम्को सिर् सिरमां
ढाल्येका पीतलका दुवटा थाम्नि बनायो . येउटा थाम्निको अलगेइं पांच्
१७ हात्को अर्को थाम्निको पांच् हात्को थियो । थाम्का सिरका थाम्निहरुको
लागि चित्रेजाली र चुल्तेबटाईका सिक्रि थिए एक् थाम्निको लागि सात्वटा
१८ अर्को थाम्निको लागि सात्वटा । येसोरि त्येस्ले थाम् बनायो अनि थाम्को
सिर् सिर् मांथि भयेको थाम्नि छोप्नुको लागि येउटा चित्रेजाल् मांथि
१९ रिंगे दुइ लहर् थिए . अनि त्येस्ले येस्तै अर्को थाम्निको लागि पनि बनायो ।
अनि दलानमां भयेका थाम्हरुको सिर् मांथि भयेका थाम्नि चइं हाड्लेसुन्
२० जस्तो काम् भयेको चार् हात्को थियो । अनि चित्रेजालको छेउ भयेको
बीच् निर दुवै थाम् मांथि ऊंभो तिर थाम्नि पनि थिए . अनि दुइ सै
२१ दारीम्हरु अर्को चइं थाम्निमां लहर् लहर् रिंगे थिए । अनि त्येस्ले ति
थाम्हरु मन्दिरको आघनमां उभ्यायो . अनि त्येस्ले दाहीनो चइं थाम्
उभ्यायेर त्येस्को नांउ याकीन्[1] राख्यो . अनि त्येस्ले बांउ चइं थाम् पनि
२२ उभ्यायेर त्येस्को नांउ बोअज्[2] राख्यो । अनि थाम्का थाम्नि थाम्निमां
हाड्लेसुन् जस्तोको काम् थियो . येसोरि थाम्हरुको काम् सिद्धीयो ।
२३ फेरि त्येस्ले ढाल्येको तुलो आर्ही जस्तो समुन्द्र ढालि बनायो जो यो बिट्
देखि उ बिट् सम्म दस् हात्को थियो . अनि त्यो गोल् थियो अनि त्येस्को
अलगेइं पांच् हात्को थियो . अनि त्येस्को रिंगे फेरो तीस् हात्को थियो ।
२४ अनि त्येस्को बिट्को मुनि मुनि रिंगे कांक्राका फूलहरु जस्ताले घेर्येको

---

[1] अर्थात् येस्ले स्थिर् गरोस् । [2] अर्थात् येस्मां बल ।

थियो हातभरिमां दस् दसवटागरि समुन्द्रको रिंगे घेर्येको थियो.
ति कांक्राहरुका फूलहरु दुइ लहरमां थिये समुन्द्र ढालदानै ति पनि
ढालीयेका थिये। त्यो बारहवटा गोरुहरु मांथि बसालीयेको थियो ति २५
गोरुहरुमांका तीनवटा उत्तर् तिर हेर्ने तीनवटा पच्छिउं तिर हेर्ने तीनवटा
दक्खिन् तिर हेर्ने अनि तीनवटा पूर्व तिर हेर्ने थिये. अनि त्यो समुन्द्र
तिनै मांथि बसालीयेको थियो अनि तिनको पछाड़ि पछाड़ि भित्र पट्टि
थिये। अनि त्यो मुट्ठीभरिको बाक्लो थियो अनि त्येस्को बिट् बटुकोको २६
बिट् जस्तो अनि त्येस्मां हाड़िलसुन्को जस्तो फूल् ढालि बनाईयेको
थियो. त्येस्मां दुइ हजार् मुरि अटाउंद थियो। अनि त्येस्ले पीतल्का २७
दसवटा आधार् बनायो एक् एक् आधार्को लंमइ चार् हात्को अनि
गज् चार् हात्को अनि अल्गेइं तीन् हात्को। अनि आधार्मां गरीयेको २८
काम् येस्तो थियो. तिनिहरु पाटा पाटा पर्येका थिये अनि जोर्नीहरुको
बीच् बीच्मां पाटाहरु थिये. अनि जोर्नीहरुको बीच् बीच्मां भयेको २९
पाटाहरु मांथि सिंह र गोरु र करूवहरु काढ़ीयेका थिये अनि जोर्नी
देखि माथिर येउटा बैठक् पनि थियो. अनि सिंह र गोरुहरुको मुन्तिर
अर्धहांसुले बटाई थिये। अनि गोटैपिच्छे आधार्का चार् चारवटा ३०
पीतल्का पांग्रा र पीतलैका धूरि थिये. अनि त्येस्का चारवटा खुट्टाको
लागि कांधहरु थिये. स्नानभांड़ा मुनि ढाल्येका कांधहरु पनि थिये अनि
गोटैपिच्छेको छेउ छेउमां बटाई थिये। अनि त्येस्को मुख् थाप्निको भित्र र ३१
ऊंभो तिर एक् हात्को थियो. अनि त्येस्को मुख् बैठक्को काम् जस्तो
रिंगे डेढ़ हात्को थियो. अनि त्येस्को मुख् मांथि बुट्टा काढ़ेको काम् थियो
अनि तिनका पाटा चार् कुंने थिये गोल् होइन। अनि ति चारवटा पांग्रा ३२
पाटा मुनि मुनि थिये अनि पांग्राहरुका धूरिहरु आधार्मां थिये. अनि
पांग्राको अल्गेइं डेढ़ हात्को थियो। अनि पांग्रामां भयेको काम् रथ्का ३३
पांग्रामां भयेको काम् जस्तो थियो. तिनका धुरिहरु र तिनका पोठी र तिनका
पखेटा र तिनका नाभि सबै ढालीयेका थिये। अनि एक् एक् आधार्का ३४
चारै कुंना कुंनामां चार् चारवटा कांध् थिये. अनि कांध् र आधार् एकैको
ढालीयेको थियो। अनि आधार्को सिरचइंमां आधा हात्को फेरो ३५
थियो. अनि आधार्को सिरमां त्येस्का टेवा र त्येस्का पाटा त्येसैका थिये।
अनि त्येस्का टेवाका पत्रमां र त्येस्का पाटामां एक् एक् ठांउ अनुसार् त्येस्ले ३६
करूवहरु सिंहहरु र खजूरका रूखहरु बटाईले घेर्येको जस्तो पारि खोप्यो।
येस् परिले त्येस्ले ति दसवटा आधारहरु बनायो. तिनिहरु सबैको एकै ३७
ढलाई एकै नाप् र एकै अनुवार् थिये। अनि त्येस्ले पीतल्का दसवटा ३८
स्नानभांड़ा बनायो. एक् एक् स्नानभांड़ामां चालीस् मुरि अटाउंद थियो.
अनि एक् एक् स्नानभांड़ा चार् हात्को थियो. अनि ति दसवटा गोटै पिच्छे
आधारहरु गोटै पिच्छे मांथि येउटा येउटा स्नानभांड़ा राख्यो। अनि त्येस्ले ३९
आधारहरु घर्को दाहीनो पट्टि पांचवटा अनि घर्को बांउ पट्टि पांचवटा-

गरि राख्यो. अनि त्येस्ले समुन्द्र चर्इं घर्को दाहींनो पट्टि पूर्व पट्टि
४० दक्खिन् तिर बसाख्यो । अनि हीराम्ले भांड़ाहरु र बेल्चाहरु र कटौराहरु
बनायो । येसोरि हीराम्ले यहूवेको घर्मां सुलैमान् राजाको लागि त्येस्ले
४१ गर्येको सबै काम् गरि सक्यो. अर्थात् दुवटा थाम्हरु थामका सिरमां
भयेका थाम्निका दुवटा गजूर्हरु र थामका सिरमां भयेका थाम्निका दुवटा
४२ गजूर् ढाक्ने दुवटा जाल् अनि दुवटा जाल्को लागि चार् सै दारीम्
थाम्मां भयेका थाम्निका दुवटा गजूर् ढाक्नुको लागि एक् एक् जाल्का दुइ
४३ लहर् दारीम् अनि दस्वटा आधार्हरु र आधार्हरु मांथिका दस्वटा
४४ स्नान्भांड़ाहरु अनि येउटा समुन्द्र र समुन्द्र मुनि भयेका बार्हवटा
४५ गोरुहरु अनि भांड़ाहरु र बेल्चाहरु र कटौराहरु. अं ति सब्बै
सादाँम्हरु जो हीराम्ले यहूवेको घर्मां सुलैमान् राजाको लागि बनायो
४६ ति झल्काईयेका पीतल्का थिये । यर्दन्को गेह्रीटार्मां सुक्कोत् र सार्तान्को
४७ बीच्को लिस्याईलो भूंइमां बनायो । अनि सुलैमान्ले ति सबै सादाँम्
अग्घोर् ओधि भयेको कारणले न जोखि छोड़ि दियो. पीतल्को जोखाईको
४८ हिसाप् पाईयेन । अनि सुलैमान्ले यहूवेको घर्मां भयेका सबै सादाँम्
बनायो. अर्थात् सुन्को बेदि र भेटिरोटी राख्नीने मेज् सुन्को अनि
पानस्हरु भित्रेकोठाको सांमु दाहींनो पट्टिको पांच्वटा र बांउ पट्टिको
पांच्वटा निखरा सुन्को अनि फूल्हरु र दीयाहरु र चिम्टाहरु सुन्का अनि
५० भांड़ाहरु र अभेरुदानीहरु र कटौराहरु र धुपौराहरु र धूप् राख्ने भांड़ाहरु
निखरा सुन्का अनि कब्जाहरु भित्रेघर् अर्थात् महापवित्रस्थानका देलाहरु
५१ र घर्चर्इंको अर्थात् मन्दिर्का देलाहरुको लागि सुन्को बनायो । येसोरि
सुलैमान् राजाले यहूवेको घर्मां गर्येका सबै काम् सिद्धीये । अनि
सुलैमान्ले आफनु बाबु दाऊद्ले पवित्र कामको लागि अलग छुट्याएका
सबै चोक् अर्थात् चांदी सुन् भांड़ाबर्तन् लग्येर यहूवेको घर्को
भंड़ारमां राख्यो ॥

(मन्दिर्को मान्)

८ १ तब सुलैमान्ले इस्राएल्का प्राचीनहरुलाइ र कुल्कुल्का सबै मूल्
मूल्हरुलाइ अर्थात् इस्राएल्वंशीहरुका पित्रहरुका घर् घर्का मालिक्-
हरुलाइ यरूशलेम्मां सुलैमान् राजा यांइ भेला गरायो यहूवेको सम्पट्को
नियम् दाऊद्को सहर् येबि अर्थात् सिय्योन् देखि चढ़ाइ ल्याउनु भर्को
२ खातिर्ले । तब इस्राएल्का सबै मान्छेहरु सुलैमान् राजा यांइ एथानीम्
३ भनींने महीनामां जो सातौं महीना हो चाड़को बेलामां भेला भये । अनि
इस्राएल्का सबै प्राचीनहरु आये तहांदेखि पूजाहारीहरुले सम्पट् बोकि
४ उठाये । अनि तिनिहरुले यहूवेको सम्पट् र भेट् हुने डेरा र त्यस् डेरामां
भयेका सबै पवित्र सादाँम् उठाइ ल्याये अं पूजाहारीहरु र लेवीहरुले ति
५ उठाइ ल्याये । अनि सुलैमान् राजा र त्यो सङ्ग भेला भयेको इस्राएल्को

सिंगे मंडलीले त्यो सङ सम्पट्को सांमु भेंड़ा र गोरुहरु धेर् हुंनाको कारणले नृ भनि सक्नु न गनि सक्नु सम्मको बलि चढ़ाउंद थियो। तहांदेखि पूजाहारीहरुले यहूवेको नियमको सम्पट् त्येस्को ठांउमां अर्थात् ६ घरको भित्रेकोठामां अं महापवित्रस्थानमां करूबहरुको पखेटा मुनि भित्र ल्याये। कसोगरिभन्ये करूबहरुले सम्पट्को ठांउ मांथि आफ्ना आफ्ना ७ पखेटाहरु फिंजायेका थिये अनि करूबहरुले सम्पट् र त्येस्का डांड़िहरु मांथि बाटो ठाकेका थिये। अनि ति डांड़िहरु येति लांमा लांमा थिये ८ तिनका टुप्पा टुप्पा भित्रेकोठाको सांमुको पवित्रस्थान् देखि देखींद थिये तर बाहिर देखि ता देखींदैन थिये. अनि आजुको दिन् सम्म ति तिहीं छन्। इस्राएलबंशीहरु सङ यहूवेले तिनिहरु मिस्रको देस् बाटो निस्कि आयेको ९ बेलामां नियम् बांधदै मूसाले होरेबमां त्येस्सां राख्येका ढुंगाका ति दुवटा पाटी बाहिक सम्पट्मां अरु कोहु पनि थियेन। अनि येसो भयो जब पूजाहारी १० हरु पवित्रस्थान् बाटो निस्कि आयेका थिये तब बादल् यहूवेको घरमां येसो औधिगरि भरीयो पूजाहारीहरु बादलको कारणले सेवा गर्नुलाइ ११ उभीनु सक्दैनन्. कसोगरिभन्ये यहूवेको घर् यहूवेको महीमाले भरीयो॥

तब सुलैमान्ले भन्यो यहूवेले बाक्लो अंधारोमां बस्नु भनि भन्येको १२ छ। मैंले तपांइको लागि बास् हुंने घर् तपांइ सधैं बसि रहंने ठांउ हुंनुको १३ लागि निस्से बनायेको छु। तहांदेखि राजाले आफ्नु मुख् फर्काएर १४ इस्राएलको सिंगे सभालाइ आशीर्वाद् गर्यो. अनि इस्राएलको सिंगे सभा उभीइ रह्यो। त त्येस्ले भन्यो इस्राएलको ईश्वर् यहूवे धन्यको होस् १५ जस्ले मेरो बाबु दाऊद्लाइ आफ्नु मुखले येसो भन्येको थियो अनि आफ्नु हातले त्यो पूरो पनि गर्यो जस् दिन् मैंले आफ्नु लोग् इस्राएललाइ १६ मिस्र बाटो निकालि ल्याएं मैंले आफ्नु नांउ तहां रहंनुलाइ घर् बनाउंनुलाइ इस्राएलको सबै कुल् देखि कुनै सहर् पनि छान्येको छुइन तर मैंले दाऊद्चइंलाइ आफ्नु लोग् इस्राएल् मांथि हुंनुलाइ छान्येको छु भनि। अब मेरो बाबु दाऊदको मन्मां इस्राएलको ईश्वर् यहूवेको नांउको १७ लागि येउटा घर् बनाउंने मन् थियो। तर यहूवेले मेरो बाबु दाऊद्लाइ १८ भन्यो मेरो नांउको लागि येउटा घर् बनाउंने तेरो मन्मां थियो भन्ये देखि ता तेरो मन्मां यो कुरो भयेकोले जाति गर्द थिइस्. तैपनि तंचइंले १९ घर् बनाउंदैनस् तर तेरो कम्मर् देखि निस्क्येको तेरो छोरोचइंले मेरो नांउको लागि घर् बनाउंछ भनि। अनि यहूवेले आफ्ले भन्येको कुरो २० पूरो गर्येको छ कसोगरिभन्ये मं आफ्नु बाबु दाऊदको साटोमां उठेको छु अनि यहूवेको करहार अनुसार इस्राएलको सिंहासनमां बस्द छु अनि इस्राएलको ईश्वर् यहूवेको नांउको लागि घर् बनायेको छु। अनि मैंले २१ तहां सम्पट्को लागि ठांउ राख्येको छु जस् सम्पट्मां यहूवेले तामिहरुका पित्रहरुलाइ मिस्रको देस् बाटो निकालि ल्याउंदा तिनिहरु सङ बांध्येको उस्को नियम् छ॥

(सुलेमान्‌को प्रार्थना)

२२ त सुलैमानले यहवेको बेदिको अगाडि इस्राएलको सिंगे सभाको
२३ सांमु उभीयेर आफ्‌ना हात् स्वर्ग तिर पसार्‌यो. अनि त्येस्ले भन्यो हे यहवे
इस्राएल्‌को ईश्वर् हो मांथि स्वर्गमां तल पृथिवीमां तपांइ जस्तो कोई ईश्वर्
छैन जस्ले आफ्‌ना दास्‌हरू सङ जो आफ्‌नु पूरो मन्‌ले तपांइको सांमु
२४ हिंड्‌द छन् तिनिहरू सङ आफ्‌नु नियम् र अनुग्रह् राख्‌नु हुंद छ. जस्ले
आफ्‌नु दास् मेरो बाबु दाऊद् सङ गर्‌येको आफ्‌नु करहार् पूरो गर्नु भयो.
अं तपांइले आफ्‌नु मुख्‌ले भन्न भयेको थियो अनि आफ्‌ना हातले पूरो
२५ गर्नु भयो जस्तो आजुको दिन् छ। येस्कारण् अब हे यहवे इस्राएल्‌को
ईश्वर् तपांइले आफ्‌नु दास् मेरो बाबु दाऊद् सङ येसो भन्दै करहार् गर्‌येका
कुरा मान्नु हवस् अर्थात् इस्राएल्‌को सिंहासन्‌मां मेरो सांमु बस्ने कोई
मान्छे तेरो लागि घटि हुंदैन खालि तेरा छोराछोरीहरू मेरो सांमु
हिंड्‌नुलाइ मांत्रै आफ्‌नु बाटोको बिषय्‌मां चंख राख्‌नु तं मेरो सांमु हिंड्‌ेझैं
२६ भैं भन्येर। त अब हे इस्राएल्‌को ईश्वर् मं बिन्ति गर्द छु तपांइले आफ्‌नु
२७ दास् मेरो बाबु दाऊद्‌लाइ भन्येको बचन् सांचो ठहरीओस्। तर को ईश्वर्
चहं सांचै पृथिवीमां बास् बस्छ. हेर्नु हवस् स्वर्ग र स्वर्गहरूको स्वर्गमां
पनि तपांइ अटाउंनु हुन्न त झन् कति आस्तिगारिकन यो मैंले बनाएको
२८ घर्‌मां। तैपनि हे यहवे मेरो ईश्वर् आफ्‌नु दासको प्रार्थना तिर र त्येस्को
बिन्ति तिर फर्कनु हवस् तपांइको दास्‌ले तपांइको सांमु आजुको दिन
२९ गर्‌येको प्रार्थना र दोहाई सुन्‌नुलाइ. र तपांइका आंखा रात् दिन् येस् घर
तिर उघ्रोइ रहुन् अं येस् ठांउ तिर जस्को बिषय्‌मां तपांइले मेरो नांउ
बहां हुंछ भन्येर भन्नु भयेको छ. तपांइको दास्‌ले येस् ठांउ तिर गर्ने प्रार्थना
३० सुन्‌नुलाइ। अनि तपांइको दास्‌को र तपांइको लोग् इस्राएल्‌को बिन्ति
सुन्न हवस् जब तिनिहरूले येस् ठांउ तिर प्रार्थना गर्नन्. अं स्वर्गमां आफ्‌नु
३१ बस्ने स्यान्‌मां सुन्न हवस् अनि सुन्दा क्षमा गर्नु हवस्। कसैले आफ्‌नु
छिमेकिको बिरुद्धमां पाप् गर्‌यो अनि त्येस् मांथि किरिया खुवाउंनुलाइ
किरिया हाल्‌येको छ अनि त्येस्ले आयेर येस् घर्‌मां तपांइको बेदिको सांमु
३२ किरिया खायो भन्ये देखि. तब तपांइले स्वर्गमां सुन्नु हवस् अनि काम्
गर्नु हवस् अनि आफ्‌ना दास्‌हरूको बिचार् गर्नु हवस् अर्थात् दुष्टलाइ त्येस्को
सिर् मांथि त्येस्को माठो फर्काइ दिंनुलाइ दोषी ठहराउंदै अनि धर्म्मीचइंलाइ
३३ त्येस्लाइ त्येस्को धर्म्म अनसार् दिंनुलाइ धर्म्मी ठहराउंदै। तपांइको लोग्
इस्राएल् तपांइको बिरुद्धमां पाप् गर्‌येको कारण्‌ले सत्रुहरूको सांमु मारीये
अनि तिनिहरूले तपांइ पट्टि फर्कार तपांइको नांउ लिये अनि येस् घर्‌मां
३४ तपांइ मित बिन्ति प्रार्थना गर्‌ये भन्ये देखि. त तपांइले स्वर्गमां सुन्नु हवस्
अनि तपांइको लोग् इस्राएल्‌को पाप् क्षमा गर्नु हवस् अनि तिनिहरूलाइ
तपांइले तिनिहरूका पित्रहरूलाइ दियेको देस्‌मां फर्काइ ल्याउंनु हवस्।

तिनिहरुले तपांइको बिरुद्धमां पाप् गर्येको कारणले अकाश् पुनीयो ३५
अनि पानी परोईन त तिनिहरुले येस् ठांउ तिर प्रार्थना गर्नन् अनि
तपांइले तिनिहरुलाइ दुक्ख दियेको कारणले तिनिहरुले आफ्ना पाप्
देखि फर्क्यर तपांइको नांउ लिये भन्ये देखि . त तपांइले स्वर्गमां सुन्नु हवस् ३६
अनि तपांइले तिनिहरुलाइ तिनिहरुले हिंड्नु पर्ने जाति बाटोमां हिंड्नु
सिकाउंदेमां आफ्ना दास्हरुको र आफ्नु लोग् इस्राएलको पाप् क्षमा
गर्नु हवस् अनि तपांइले आफ्नु लोगलाइ अधिकार् हुंनुलाइ दियेको
आफ्नु देसु मांथि पानी बर्साइ दिंनु हवस् । अनिकाल् कि रुढि कि ओइल्याई ३७
कि मक्काई कि सलह कि कीरा देसमां भयो भन्ये कि तिनिहरुका
सत्रुहरुले तिनिहरुलाइ तिनिहरुका सहर्हरुको देस् भित्र घेर्ये भन्ये कि
जुन्सुकै बिपत्ति कि जुन्सुकै रोग् लागोस् जुन्सुकै प्रार्थना कि बिन्ति ३८
कसै मान्छेले कि तपांइका सिंगै लोग् इस्राएलले जनंगेले आफ्नु
आफ्नु मनको बिपत्ति जानिकन आफ्ना आफ्ना हात् येस् घर् तिर पसार्यो
भन्ये देखि . त तपांइले स्वर्गमां आफ्नु बस्ने स्यानमां सुन्नु हवस् अनि ३९
क्षमा गर्नु हवस् अनि काम् गर्नु हवस् अनि जनंगे मान्छेलाइ जस्को हात्
तपांइले चिन्नु हुंद क्व त्येस्लाइ त्येस्का सबै बाटा अनुसार् साटो दिंनु हवस्
(किनभन्ये तपांइले अं तपांइले मांत्रे सिंगे मान्छेजात्को मन् चिन्नु हुंद क्व)
र तिनिहरुले तपांइले हांमिहरुका पित्रहरुलाइ दियेको देसमां जीउंने ४०
सबै दिनमां तपांइको भय् मानुन् । येस् उप्रान्त अन्यदेसीको बिषयमां ४१
जो तपांइको लोग् इस्राएलमांको होइन जब त्यो टाढ़ो देस् बाटो
तपांइको नांउको कारणले निस्कि आउला (कसोगरिभन्ये तिनिहरुले ४२
तपांइको ठुलो नांउ र तपांइको बल्लियो हात् र तपांइको पसार्येको
बांहांको बिषयमां सुन्कन्) जब त्येस्ले पनि आयेर येस् घर् तिर प्रार्थना
गर्ला तब तपांइले स्वर्गमां आफ्नु बस्ने स्यानमां सुन्नु हवस् ४३
अनि जस् जस्को बिषयमां अन्यदेसीले तपांइलाइ हाप्रार्ला त्यो अनुसार्
गर्नु हवस् र तपांइको भय् मान्नुको लागि पृथिवीका सबै लोगले
तपांइको लोग् इस्राएलले झैं तपांइको नांउ चिनुन् अनि यो मैले
बनायेको घर् मांथि तपांइको नांउ राखीयेको छ भनि थाहा पाउन् ।
तपांइका लोग् आफ्ना सत्रुहरु सित लड़ाईं गर्नुलाइ जुन् बाटो बाड़ो ४४
तपांइले तिनिहरुलाइ पठाउंनु हुंछ त्येइ बाटो बाड़ो गये अनि तिनिहरुले
यो तपांइले छान्येको सहर् र यो मैले तपांइको नांउको लागि बनायेको
घर् तिर यहुंबे सित प्रार्थना गर्ये भन्ये देखि . त तपांइले स्वर्गमां ४५
तिनिहरुको प्रार्थना र तिनिहरुको बिन्ति सुन्नु हवस् अनि तिनिहरुको निया
गरि दिंनु हवस् । तिनिहरुले तपांइको बिरुद्धमां पाप् गर्ये (कसोगरिभन्ये ४६
पाप् न गर्ने कोई पनि छैन) अनि तपांइले तिनिहरु देखि रिसायेर
तिनिहरुलाइ सत्रुहरुको हातमां सुम्पि दिंनु भयो तिनिहरुले तिनिहरुलाइ
सत्रुहरुको देसमां टाढ़ो हवस् कि नजिक् हवस् बन्धुवा गरि लैजांनुको

४७ लागि तैपनि तिनिहरु बन्धुवाईमां लगीयेको देसमां सोचबिचार्
गरि फर्क्यर तिनिहरुले तिनिहरुलाइ बन्धुवाईमां लग्येको देसमां तपांइ
यांइ तपांइ सित हांमिहरुले पाप् गर्यू अठ्ठेरेइँ गर्यू दुष्टेइँ गर्यू भन्दै बिन्ति
४८ गर्ये तिनिहरुले तिनिहरुलाइ बन्धुवाईमां लग्येका सत्तुरहरुको देसमां
तिनिहरु आफ्नु पूरो मन् र आफ्नु पूरो प्राणले तपांइ तिर फर्क्यर तपांइले
तिनिहरुका पित्रहरुलाइ दियेको तिनिहरुको देस् तिर तपांइले छान्येको
सहर् र मैले तपांइको नांउको लागि बनायेको घर् तिर फर्क्यर तपांइ
४९ सित बिन्ति गर्ये भन्ये देखि . त तपांइले स्वर्गमां आफ्नु बस्ने
स्यान्मां तिनिहरुको प्रार्थना र तिनिहरुको बिन्ति सुन्नु हुवस् अनि
५० तिनिहरुको निया गरि दिनु हुवस् अनि तपांइको बिरुद्धमां पाप् गर्ने
तपांइको लोग् र तपांइको बिरुद्धमां अप्राध् गर्येको तिनिहरुका सबै
अप्राध् क्षमा गर्नु हुवस् अनि तिनिहरुलाइ बन्धुवाईमां लांनेहरुको मनमां
येस्तो दया गराउंनु हुवस् र तिनिहरुले तिनिहरु मांथि दया गरुन् .
५१ किनभन्ये तिनिहरु तपांइकै लोग् हुन् अनि तपांइले मिस्र देखि फलमको
५२ भट्टिको बीच् देखि निकाल्येको तपांइको अधिकार् हुन् . तपांइका आंखा
तपांइको दासको बिन्ति र तपांइको लोग् इस्राएलको बिन्ति जब जब
तिनिहरुले तपांइ सित बिन्ति गर्द कुन् तब तब तिनिहरुको बिन्ति सुन्नको
५३ लागि खोलीइ रहुन् भन्ये खातिर्ले । किनभन्ये तपांइले तिनिहरुलाइ
तपांइको अधिकार् हुंनुलाइ पृथिविका सबै लोगको बीच् देखि अलग् गर्नु
भयो तपांइले हांमिहरुका पित्रहरुलाइ मिस्र बाटो ल्याउंदाखेरि तपांइले
आफ्नु दास् मूसाको हात् बाटो भन्येको अनसार् हे प्रभु यहुवे ॥
५४ अनि येसो भयो जब सुलैमानले यहुवे सित यि सबै बिन्ति प्रार्थना
गरि सक्यो तब त्यो यहुवेको बेदिको सांमु देखि आफ्ना हात् स्वर्ग तिर
५५ पसार्येको र आफ्ना घुंडा टेक्येको देखि उठ्यो । तब त्यस्ले उभीयेर येसो
५६ भन्दै इस्राएलको सिंगे सभालाइ तुलो सोर्ले आशीर्बाद् गर्यो यहुवे
धन्यको हुवस् जस्ले आफ्ना सबै करहार अनसार आफ्ना लोग् इस्राएललाइ
चैन् दियेको छ . उस्ले आफ्नु दास् मूसाको हातको बाटोले गर्येका सबै
५७ जाति जाति करहारहरुमांको कुने कुरो पनि खस्येको छैन । हांमिहरुको
ईश्वर् यहुवे हांमिहरुका पित्रहरु सङ भयेको झैं हांमिहरु सङ पनि हुवस् .
५८ उस्ले हांमिहरुलाइ कोहि न देवस् न त्यागोस् . उस्ले हांमिहरुको हिर्दयलाइ
आफु पट्टि फर्काउस् उस्का सबै बाटामां हिंड्नुलाइ अनि उस्ले हांमिहरुका
पित्रहरुलाइ आज्ञा गर्येका उस्का आज्ञा र उस्का बिधि र उस्का निया
५९ मान्नुलाइ । अनि मैले यहुवेको सांमु बिन्ति गर्येका यि कुरा दिन् रात्
हांमिहरुको ईश्वर् यहुवेको नजिक् रहुन् उस्ले दिन् दिनको खांचो अनसार्
६० आफ्नु दासको र आफ्नु लोग् इस्राएलको निया गरोस् भन्ये खातिर्ले . र
पृथिवीका सबै लोगले यहुवे उ ईश्वर् हो रहु अरु ता कोई रैन छ भनि थाहा
६१ पाउन् । येस्कारण् तिमिहरुको मन् हांमिहरुको ईश्वर् यहुवे सङ सिद्ध हुवस्

उस्का विधिमां हिंड्नुलाइ र उस्का आज्ञा मान्नुलाइ जस्तो आज्ञु छ । अनि ६२
राजाले र त्यो सङ सिंगै इस्राएल्ले यहूवेको सांमु बलि चढ़ाये । अनि ६३
सुलैमान्ले यहूवेको लागि मेल्बलिको बलिदान्मां बाईस् हजार् गोरु
र एक् लाख् बीस् हजार् भेंड़ाबाख्रा चढ़ायो । येसोरि राजा र सिंगै
इस्राएल्वंशीहरुले यहूवेको घरको घर पैंजो गर्ये । उसै दिन् राजाले यहूवेको ६४
घरको सांमु भयेको आघनको बीच् पनि पवित्र गर्यो कसोगरिभन्ये त्येस्ले
वहां होम्बलि र अन्नबलि र मेल्बलिको बोसो चढ़ायो . किनभन्ये यहूवेको
सांमु भयेको पीतल्को वेदि होम्बलि र अन्नबलि र मेल्बलिको बोसो
आटाउंनुको लागि सांनु पनि भयो । त्येस् बेलामां सुलैमान् र त्यो सङ ६५
सिंगै इस्राएल् येउटा तुलो सभा हमातमां पर्ने गौंड़ा देखि मिस्रको
खोल्चा सम्म सात् दिन् र सात् दिन् अं चौध दिन् सम्म चाड़ मान्दै रह्ये ।
अनि आठौं चइं दिनमां त्येस्ले लोग्लाइ बिदा दियो त तिनिहरुले राजालाइ ६६
आशीर्वाद् गर्ये अनि यहूवेले आफ्नु दास् दाऊद्लाइ र आफ्नु लोग्
इस्राएल्लाइ देखायेका सबै भलाईको कारणले रमाउंदै र मन्मां मगन्
हुंदै आफ्ना आफ्ना डेरामां फर्कि गर्ये ।

अनि येसो भयो जब सुलैमान्ले यहूवेको घर् र राजाको घर् ९ १
अनि ज्ये ज्ये सुलैमान्ले आफ्नु मन्मां इच्छे गर्येको थियो बनाइ सक्यो
तब यहूवे दोस्रो खेप् सुलैमान्कां देखाइ पर्यो त्येस्कां गिबोन्मां अगाड़ि २
देखाइ पर्येको थें । अनि यहूवेले त्येस्लाइ भन्यो तैंले मेरो सांमु गर्येका
तेरो बिन्ति र तेरो प्रार्थना मैंले सुन्येको छु . यो तैंले बनायेको घर् आफ्नु
नांउ सधैंभरि राख्नुलाइ पवित्र गर्येको छु अनि मेरा आंखा र मेरो मन्
पूबै दिन् वहां रहंछन् । अनि तेरो बिषयमां तं चइं मेरो सांमु तेरो बाबु ४
दाऊद् थें मनको निखरेइंमां र धर्म्ममां मैंले तंलाइ गर्येका सबै आज्ञा
गर्नुलाइ हिंड़िस् अनि मेरा बिधिहरु र मेरा नियाहरु मानिस् भन्ये देखि
त मं तेरो राज्को सिंहासन इस्राएल् मांथि सदाको लागि स्थिर् गर्छु मैंले ५
तेरो बाबु दाऊद् सङ तंलाइ इस्राएल्को सिंहासनमां बस्ने तेरो लागि
घट्पैन भन्येर करहार गर्येको अनुसार् । तर तिमिहरु कि तिमिहरुका ६
वंशहरु मंलाइ पछ्याउंनु देखि फर्कौं अनि मैंले तिमिहरुको सांमु राख्येका
मेरा आज्ञाहरु र बिधिहरु मान्यौन तर गयेर पराए देवताहरुको सेवा र
तिनलाइ दण्डवत् गर्यौ भन्ये देखि . त मं इस्राएल्लाइ मैंले तिनिहरुलाइ ७
दियेको देस् देखि काटि दिंछु अनि यो मैंले आफ्नु नांउको लागि पवित्र
गर्येको घर् आफ्नु सांमु देखि आफालि दिंछु अनि इस्राएल् चइं सबै
लोगको बीचमां कहंनि र टट्टाको कारण हुंछ . अनि यो घर् येत्रो अल्गो ८
भयेको भये पनि त्येस्को छेउ देखि हिंड़ने सबैले उदेक् मान्दै इस्स इस्स भन्दै
जिस्क्याउंछन् अनि तिनिहरुले यहूवेले येस् देस् र येस् घर् सित किन येसो गर्यो
भन्येर भन्छन् । त तिनिहरुले किनभन्ये तिनिहरुले तिनिहरुका पित्रहरुलाइ ९
मिस्र देस् बाटो निकालि ल्याउंने तिनिहरुको ईश्वर् यहूवेलाइ छोड़ि दियेर

पराय् देवताहरु समात्येर तिनलाइ दण्डवत् गरि सेवा गर्ये येस्कारण् यहूवेले तिनिहरु मांथि यि सबै विपत्ति ल्यायो भनि उत्तर् दिंछन् ॥

१० अनि बीस् वर्ष बित्ये पछि जुन वर्ष भित्र सुलैमानले दुवै घरहरु
११ अर्थात् यहूवेको र राजाको घर बनाइ सक्येको थियो (कसोगरिभन्ये सूरको राजा हीरामले सुलैमानलाइ त्येस्को सबै इच्छे अनुसार् देवदारु काठहरु र सल्लाकाठहरु र सुन् दियेको थियो) तब येसो भयो सुलैमान् राजाले
१२ हीरामलाइ गालील् देसमां बीस सहर् दियो। त हीराम् सुलैमानले त्येस्लाइ दियेको सहरहरु हेर्नुलाइ सोर् बाटो निस्कि आयो त ति सहरहरु त्येस्लाइ
१३ मन् पर्येन। त त्येस्ले भन्यो हे मेरा भाई आफुले मंलाइ दिंनु भयेका ति सहरहरु कस्ता हुन्। त त्येस्ले तिनको नांउ काबूल् देस् राख्यो जस्तो आजुको
१४ दिन् सम्म छ। अनि हीरामले राजा थांइ छ कोरि तोड़ा सुन् पठायो ॥
१५ अनि सुलैमान् राजाले किरिया सुनिका दासहरुलाइ खटायेको कारण् यो थियो यहूवेको घर् र आफ्नु निज् घर् र मिल्लो र यरूशलेमको
१६ घेरा भित्ता र हासोर् मगिद्दो र गेसेर् बनाउं भन्ये। मिस्रको राजा फिरऊनले चढ़ि गयेर गेजेर् लियेको थियो अनि आगोले डड़ायेको थियो अनि त्येस् सहरमां बस्ने कनानीहरुलाइ मांरेर आफ्नी छोरी सुलैमानको
१७ स्वास्नीलाइ दाइजोगरि दियेको थियो। अनि सुलैमानले गेजेर् र तल्लो
१८ चइं बेतहोरोन् र बालात् र बनमां भयेको तामार् भनींने सहरहरु
१९ देसमां बनायो अनि सुलैमानका भयेका त्येस्का सबै भंड़ारे सहरहरु र त्येस्का रथहरुको लागि सहरहरु र त्येस्का घुकसवारहरुको लागि सहरहरु र जे जे सुलैमानले आफ्नु खुशिको लागि यरूशलेममां र लब्रानोनमां र त्येस्को अधिकारको सिंगै देसमां बनाउंनु मन् गर्येको थियो ति सबै पनि
२० बनायो। अनि जो जो इस्राएलबंशीहरुमांका थियेनन् अर्थात् एमोरीहरु हित्तीहरु परिज्जीहरु र हिव्वीहरु र यबूसीहरुमांका रह्यका सबै लोगहरुको
२१ बिषयमां अर्थात् तिनिहरुको पछि देसमां रह्यका तिनिहरुका बंशहरु जुनहरुलाइ इस्राएलबंशीहरुले भाकल् गर्येको थोकलाइ भैं नास् पार्नु सक्येका थियेनन् तिनिहरुमांका सुलैमानले किरिया सुनिको कमांरा हुंनु
२२ खटायो आजुको दिन् सम्म। तर इस्राएलबंशीहरुमांकालाइ सुलैमानले कमांरा तुल्याएन. तर तिनिहरु लड़ाईंका मान्छेहरु र त्येस्का चाकरेहरु र त्येस्का अधिपतिहरु र त्येस्का मालिकहरु र त्येस्का रथहरु र त्येस्का
२३ घुकसवारहरुका मुखियाहरु थिये। सुलैमानका कामदारीहरु मांथि प्रधानेई
२४ गर्ने मूल मूलमालिकहरु पांच सै पचास जना थिये। तर फिरऊनकी छोरी दाऊदको सहर देखि चढ़ेर सुलैमानले त्येस्को लागि बनायेको त्येस्को घरमां
२५ आई. तब त्येस्ले मिल्लो बनायो। अनि सुलैमानले आफुले बनायेको बेदिमां बर्ष दिनमां तीन खेप होमबलि र मेलबलि यहूवेको लागि चढ़ाउंद थियो अनि यहूवेको मांमु भयेको बेदिमां धूप पनि हाल्द थियो। येसोरि त्येस्ले घर् बनाइ सक्यो ॥

अनि सुलैमान् राजाले एदोम्को देसमां लाल् समुद्रको तीरमां २६
एलोत्को क्षेउमां भयेको एस्योन्गेबेरमां कत्ति जहाज्हरु बनायो। अनि २७
हीरामले ति जहाज्हरुमां आफ्ना चाकरेहरुलाइ अर्थात् समुन्द्रहरुको
विद्यं जान्ने मलाहाहरुलाइ सुलैमान्का चाकरेहरु सङ पठाइ दियो। त २८
तिनिहरुले ओपीरमां आयेर त्यहां बाटो ज्वार् से बीस् तोड़ा सुन् ल्याएर
सुलैमान् राजा थांइ पुऱ्याइ दिये॥

(शबाकी रानीको अवाई)

अनि जब शबाकी रानीले सुलैमान्को किर्त्ति यहूवेको नांउको १० १
विषयमां सुनी तब त्यो सुलैमान्लाइ अड्को थापनेगरि जांचनुलाइ
आई। सुगन्ध द्रव्य र बिग्न औधि सुन् र मणिहरु बोकाईयेका ऊंट्हरु अं २
तुलो लावालश्कर लिइ यरूशलेममां आई. अनि जब त्यो सुलैमान् थांइ
आइ पुगी तब त्येस्ले आफ्नु मनमां ज्ये ज्ये थियो तिनको विषयमां बात्
गरी। अनि सुलैमान्ले त्येस्का सबै सोधनीको उत्तर दियो. अनि राजा ३
देखि लुकीको केइ कुरो पनि थियेन जो त्येस्ले त्येस्लाइ कहि दियेन। अनि ४
जब शबाकी रानीले सुलैमान्का सबै बुद्धि र त्येस्ले बनायेको घर र ५
त्येस्को मेज्को भोजन र त्येस्का चाकरेहरुको बस्ने र त्येस्का मंत्रीहरु उभीइ
रहने गीत् र तिनको पोशाक् र त्येस्का पीयाउनेहरु र त्यो यहूवेको घरमां
चढ़ि जांने बाटो देख्योकी थिई तब त्येस्को हंसले ठांउ छाड़्यो। वहांदेखि ६
त्येस्ले राजालाइ भनी मैले आफ्नु देसमां आफुको कर्म्म र आफुको बुद्धिको
विषयमां सुन्येको किर्त्ति सांचो हो रछ। तैपनि मैले आयेर आफ्ना ७
आंखाले त्यो न देखुंज्याल् सम्म यि कुरा पत्याईन. त हेर्नु हवस् मंलाइ
आधा पनि कहीयेको रैन छ. आफुको बुद्धि र आफुको भलाई मैले
सुन्येको किर्त्ति भन्दा बेसि रछ। आफुका मान्छेहरु धन्न आफुका यि ८
चाकरेहरु जो सदा आफुको सांमु उभीयेर आफुको बुद्धि सुन्नु पाउंद छन्
धन्न। आफुको ईश्वर् यहूवे धन्नको हवस् जो आफु देखि खुशि भयो ९
आफुलाइ इस्राएल्को सिंहासन मांथि बसाल्नुको लागि. यहूवेले
इस्राएललाइ जुगनजुग पिर्ति गर्येको कारणले उस्ले आफुलाइ नियाय र
धर्म्म गर्नुलाइ राजा तुल्यायो। वहांदेखि त्येस्ले राजालाइ एक सै र बीस् १०
तोड़ा सुन र अरघोर् औधि सुगन्ध द्रव्य र मणि दिई. जति बिग्न सुगन्ध
द्रव्य शबाकी रानीले सुलैमान्लाइ दिई त्येति फेरि फेरि केले पनि आयेन।
फेरि हीरामका जहाज्हरु पनि उस्ले ओपीर् देखि सुन् ल्याउंद थिये ११
तिनिहरुले ओपीर् देखि बिग्न धेरै चन्दनकाठ् र मणि पनि ल्याउंद थिये।
अनि राजाले ति चन्दनकाठ् देखि यहूवेको घरको लागि र राजाको घरको १२
लागि कठघेरा र गीत् गाउंनेहरुको लागि बीणा र सितार बनायो. ऐस्ता
ऐस्ता चन्दनकाठहरु न आये न देखीये आजु सम्म। अनि सुलैमान् १३
राजाले शबाकी रानीलाइ त्यस्को सबै इच्छे अनुसार् ज्ये ज्ये त्येस्ले मांगद

थिई ति दियो सुलैमानले येरूशलेम आफनु उत्तितो अनुसार दियेको बाहिक। त त्यो फर्कर त्यो र त्येस्का चाकरेहरु समेत् आफनु देसमां गई॥
१४ अब बर्षभरिमां सुलैमान् थांइ आउंने सुनको जोखाई कु से
१५ क्यासठ् तोड़ा थिये त्येस् उप्रान्त पैकारीहरुले ल्यायेका अनि बेपारीहरुको र कासमिसे लोगका सबै राजाहरुको र देसका मालिकहरुको
१६ लेनदेनको सुन् पनि थियो। अनि सुलैमान् राजाले कमायेका सुनका दुइ सेवटा तुला तुला ढालहरु बनायो. एक एक तुलो ढालमां कु से शेकेल् सुन्
१७ लाग्यो। अनि त्येले तीन् से कमायेका सुनका साना ढालहरु पनि बनायो एक एक साना ढालमां तीन् माने सुन् लाग्यो. अनि राजाले ति लबानोनको
१८ बनको घरमां राख्यो। येस् उप्रान्त राजाले हात्तिदांतको येउटा तुलो
१९ सिंहासन् बनायो अनि त्यो सबै भन्दा असल सुनले मोहोर्यो। सिंहासन् सम्म चढ़ि जांनुलाइ कु खुड्कीला थिये अनि सिंहासनको थाप्लो पक्लिल् तिर गोल् पर्येको थियो. अनि बैठकको ठांउमां दुवै पट्टि हात् पनि थिये अनि
२० हात् हातको कुेउमां दुवटा सिंह उभीइ रह्येका थिये। अनि त्यहां कु खुड्कीलाका दुवै पट्टिगरि बारह् सिंह थिये. कोई राजमां येस्तो कौले
२१ पनि बनीयेको थियेन। अनि सुलैमान् राजाका पीउंनेभांड़ाहरु सब्बै सुनेका थिये अनि लबानोनको बनको घरका सबै भांड़ाहरु निखरा सुनका थिये. चांदीको येउटा पनि थियेन सुलैमानको पालामां त्येस्को कोइ लेखा
२२ थियेन। कसोगरिभन्ये समुन्द्रमां हीरामका जहाजहरु सङ राजाका पनि तर्शीसका जहाजहरु थिये. तीन् तीन् बर्षमां एक खेप् सुन् र चांदी र हात्तिदांत् र हनिमान् र मुजुरहरु लिइ तर्शीसका जहाजहरु आउंद थिये।
२३ येसोरि सुलैमान् राजा धनसम्पत्ति र बुद्धिमां पृथिवीका सबै राजाहरु
२४ भन्दा बढ़ताको थियो। अनि सिंगै पृथिवीले ईश्वरले त्येस्को मनमां
२५ हाल्येको त्येस्को बुद्धि सुन्नुलाइ सुलैमानको दर्शन् खोजद थियो। अनि तिनिहरु आफना आफना भेटि अर्थात् चांदीका भांड़ाहरु र सुनका भांड़ाहरु र पहिरनहरु र हतियारहरु र सुगन्धद्रव्यहरु र घोड़ाहरु र
२६ खच्चरहरु बर्ष बर्ष दर् गरि लिइ आउंद थिये। अनि सुलैमानले रथहरु र असवारहरु जमायो. त त्येस्का एक हजार र चार से रथ थिये अनि बारह् हजार असवार थिये जुनहरुलाइ त्येले रथहरुका सहर सहरमां र
२७ यरूशलेममां राजा सङ राख्यो। अनि राजाले यरूशलेममां चांदी ढुंगे सरि तुल्यायो अनि देवदारुहरु धेर् हुंनाको कारणले बेंसिमां हुंने किम्बूको
२८ रुख सरि तुल्यायो। अनि सुलैमानका घोड़ाहरु मिस्र बाटो ल्याईंद थिये अनि राजाका बेपारीहरुले ति बथानको बथान् लिंद थिये बथान् बथानको
२९ खाल् हानि दाम् दिंथे। अनि एक एक रथ चांदीका कु से शेकेल् र एक एक घोड़ा एक से पचास शेकेलमां मिस्र बाटो आउंद थिये. अनि येसोरि हित्तीका सबै राजाहरु र अरामका राजाहरुको लागि पनि तिनिहरुको बाटोले ल्याउंद थिये॥

(सुलैमान् विग्रंनु)

त सुलैमान् राजाले फिरऊनकी छोरी बाहिक् धेरै अन्यदेसी ११ १
स्त्रीहरु सित पनि अर्थात् मोआबी अम्मोनी एदोमी सीदोनी र हित्ती
आइमाइहरु सित पिर्ति गर्दै थियो ति लोग् लोग्की आइमाइहरु २
जुन्हरुको बिषयमां यहूवेले इस्राएलबंशीहरुलाइ भन्येको थियो तिमिहरु
तिनिहरुको बीचमां न जांनु न तिनिहरु तिमिहरुको बीचमां आउन्.
किनभन्ये निस्से तिनिहरुले तिमिहरुको मनलाइ तिनिहरुको देवता पछि
फर्काइ लांकुन् भनि. सुलैमान् तिनिहरु सङको पिर्तिमां अलझ्यो। अनि ३
येस्की सात् सै कुवारी रानीहरु थिइन् अनि तीन् सै चइं रखेलीहरु. अनि
येस्की स्त्रीहरुले येस्को मन् फर्काइन्। कसोगरिभन्ये येसो भयो जब ४
सुलैमान् बूढ़ो भयो तब येस्की स्त्रीहरुले येस्को मन् पराय् देवताहरु तिर
फर्काइन्. अनि येस्को मन् येस्को बाबु दाऊद्को मन् जस्तो येस्को ईश्वर्
यहूवे पट्टि सिद्ध रहेन। कसोगरिभन्ये सुलैमान् सीदोनीहरुकी अश्तोरेत् ५
देवी र अम्मोनीहरुका घिन्लाग्दा मिल्कोम् देवता पछि लाग्यो। अनि ६
यहूवेको सांमु जे बुरो थियो सुलैमान्ले त्येइ गर्यो अनि आफ्नु बाबु
दाऊद्ले झैं यहूवेलाइ पूरोगरि पछ्यायेन। तब सुलैमान्ले यरूशलेम्को सांमु ७
भयेको डांड़ामां मोआब्को घिन्लाग्दो देवता कमोसको लागि र
अम्मोनबंशीहरुको घिन्लाग्दो देवता मोलेक्को लागि येउटा येउटा अल्गो
ठांउ बनायो। अनि येसोरि येस्ले आफ्ना सबै अन्यदेसी स्त्रीहरुको ८
लागि गर्यो जो आफ्ना आफ्ना देवताहरुको लागि धूप् हालुद र
बलि गर्दै थिइन्॥

अनि यहूवे सुलैमान् देखि रिसायो किनभन्ये येस्को मन् इस्राएल्को ९
ईश्वर् यहूवे देखि जस्ले दुइ खेप् येस्लाइ दर्शन् दियेको थियो अनि १०
येसै कुराको बिषयमां तं पराय् देवताहरु पछि न जांनु भनि आज्ञा दियेको
थियो उइ ईश्वर् देखि फर्कि गयो. तर येस्ले यहूवेले गर्येको आज्ञा
मान्येन। येस्कारण यहूवेले सुलैमान्लाइ भन्यो तैंले यो काम् गरिस् अनि ११
मैंले तंलाइ आज्ञा गर्येका मेरो नियम् र मेरा बिधिहरु मानीनस् निस्से मं
राज् तं देखि च्यात्कु अनि तेरो दास्लाइ दिंकु। तैपनि तेरो पालोभरिमां १२
येसो गर्दीन तेरो बाबु दाऊद्को खातिर्ले. तर तेरो छोरोको हात् बाटो
यो च्यात्कु। तैपनि सिंगै राज् च्यात्दीन तर येउटा कुल् चइं तेरो छोरोलाइ १३
दिंकु मेरो दास् दाऊद्को खातिर्ले र मैंले छान्येको यरूशलेम्को खातिर्ले॥

अनि ईश्वर्ले सुलैमान्को येउटा बिरोधी अर्थात् एदोमी हदद्लाइ १४
उठायो. त्यो एदोम्मां राजबंशको थियो। कमोगरिभन्ये येसो भयो जब दाऊद् १५
एदोम्मां थियो अनि जब योआब् सेनापति मारीयेकाहरुलाइ गाड्नुलाइ
चढ़ेको थियो अनि एदोम्मां सबै पुरुषबर्गहरु जति मारीयेका थिये
(कसोगरिभन्ये योआब् र सिंगै इस्राएल् येस्ले एदोम्मां सबै पुरुषबर्ग १६

१७ जति न काटीउंज्याल् सम्म छ महीना वहां रह्येको थियो) तब हदद्
त्यो सांनु केटा भयेको बेलामां र त्यो सङ त्येस्को बाबुका कत्ति एदोमी
१८ चाकरेहरु मिस्रमां जांनुलाइ भाग्ये। त तिनिहरु मिद्यान् देखि उठ्येर
पारान्मां आये. अनि पारान् बाटो मान्छे लियेर तिनिहरु मिस्रमां मिस्रको
राजा फिरऊन् थांइ आये जस्ले त्येस्लाइ घर् दियो अनि खांने सार्दाम्
१९ खटाइ दियो अनि त्येस्लाइ जग्गा पनि दियो। अनि हदद् मांथि फिरऊन्को
येति ठुलो अनुग्रह् भयो त्येस्ले त्येस्लाइ आफ्नी स्वास्नी अं तह्पनेस् रानीकी
२० बैंनी त्येस्लाइ ब्याहा गरि दियो। अनि तह्पनेस्की बैंनीले त्येस्को लागि
त्येस्को छोरो गनूबत्लाइ जन्माई जस्लाइ तह्पनेस्ले फिरऊन्को घर्मां दुद्
छोड़ाई. अनि गनूबत् चइं किरऊन्को घर्मां फिरऊन्का राज्कुमार्हरुकां
२१ रह्यो। अनि जब हदद्ले मिस्रमां दाऊद् आफ्ना पित्रहरु सङ सुत्यो अनि
योआब् सेनापति पनि मंत्यो अरे भनि सुन्यो तब हदद्ले फिरऊन्लाइ भन्यो
२२ मंलाइ बिदा दिंनु हवस् र मं आफ्नै देस्मां जांउ। तब फिरऊन्ले त्येंस्लाइ
भन्यो तर मं सङ आफुको क्ये घटि भयो र हेर्नु हवस् आफु आफ्नु देस्मां
जांनु खोज्नु हुंद छ। त त्येस्ले उत्तर् दियो क्येइ घटि छैन. तैपनि मंलाइ
कोई परिले बिदा दिंनु हवस्॥

२३ अनि ईश्वर्ले त्येस्को अर्को येउटा बिरोधीलाइ उठायो अर्थात्
एल्यादाको छोरो रजोन् जो आफ्नु स्वामी सोबाको राजा हददेजेर् देखि
२४ भाग्येको थियो. अनि जब दाऊद्ले सोबाका मान्छेहरुलाइ मांत्यो
तब त्यो मान्छेहरुलाइ आफु थांइ भेला गरायेर येउटा गट्ठाको मालिक्
भयेको थियो. तिनिहरुले दमिश्कमां गइ वहां बस्येर दमिश्कमां राज् गर्दै
२५ थिये। अनि हदद्ले गर्‍येको बुराई बाहिक् यो पनि सुलैमान्को सबै
पालाभरि इस्राएल्को बिरोधी भइ रह्यो. अनि त्येस्ले इस्राएल् सित
घिन् राख्दै अराम् मांथि राज् गर्‍यो॥

२६ अनि नबात्को र सरुआ नांउ भयेकी येउठी बिधुवीको छोरो
यारोबाम् भनींने एप्रैमी सरेदाबासी थियो त्येस्ले पनि राजाको बिरुद्धमां
२७ हात् उठायो। अनि त्येस्ले राजाको बिरुद्धमां हात् उठायेको कारण् यो
थियो. अर्थात् सुलैमान्ले मिल्लो बनायो अनि त्येस्ले आफ्नु बाबु दाऊद्को
२८ सहर्का छेड्छांड्हरु मरम्मत् गर्‍यो। अनि यारोबाम् भन्ने मान्छे महाबीर्
थियो. अनि सुलैमान्ले त्येस्लाइ काम् गर्ने मान्छे रछ भनि देख्येर त्येस्लाइ
२९ यूसुफ्बंशीहरु मांथि कामदारी खटायो। अनि त्येस् बेला येसो भयो जब
यारोबाम् यरूशलेम् बाटो निस्क्यो तब शीलोनी अहिय्याह् अगम्बक्ताले
त्येस्लाइ बाटोमां भेट्यो त्येस् बेला अहिय्याह्ले येउटा नया दौरा लायेको
३० थियो अनि ति दुइ बन्मां येक्लै थिये। त अहिय्याह्ले आफ्नु लायेको
३१ नया दौरा समात्येर च्याति बारह् टुक्रा पार्‍यो। वहांदेखि त्येस्ले यारोबाम्लाइ
भन्यो तिमि दस् टुक्रा लेउ. किनभन्ये इस्राएल्को ईश्वर् यह्वेले येसो
भन्द छ हेर् मं राज् सुलैमान्को हात् देखि च्यात्छु अनि दस् कुल्

चइं तंलाइ दिंकु. (तैपनि मेरो दास् दाऊद्को निम्तिमां र मैंले इस्राएल्को ३२
सबै कुल् देखि छान्येको सहर् यरूशलेम्को निम्तिमां त्येस्को येउटा कुल्
रहंकु.) किनभन्ये तिनिहरुले मंलाइ छोड्येर सीदोनीहरुकी देवी अश्तोरेत् ३३
र मोआबको देवता कमोश् र अम्मोन्वंशीहरुको देवता मिल्कोम्लाइ
दण्डवत् गर्ये अनि तिनिहरुले मेरा आंखाको सोजि मेरा विधिहरु र मेरा
नियाहरु मान्नुलाइ त्येस्को बाबु दाऊद् झैं मेरो बाटोमां हिंड्येका छैनन्।
तैपनि मं सिंगै राज् त्येस्को हात् देखि लिहाल्दीन. तर मेरो दास् ३४
दाऊद्को निम्तिमां जस्लाइ मैंले त्येस्ले मेरा आज्ञाहरु र मेरा विधिहरु
मान्येको कारणले छान्येको थियें त्येस्को निम्तिमां मं त्येस्लाइ त्येस्को जीवन्
भरिका सबै दिन् मालिकै तुल्याइ राख्कु. तर मं राज् त्येस्को छोरोको ३५
हात् देखि लियेर त्यो अर्थात् दस् कुल् चइं तंलाइ दिंकु। अनि त्येस्को ३६
छोरोलाइ मं येउटा कुल् दिंकु र मैंले आफ्नु नांउ राख्नुको लागि छान्येको
यरूशलेम् सहरमां आफ्नु सांमु आफ्नु दास् दाऊद्को येउटा दीयो हवस्।
अनि मं तंलाइ लिंकु अनि तेरो प्राणले इच्छे गर्येको सबै अनुसार् तैंले ३७
राज् गर्कस् अनि इस्राएल् मांथि राजा हुंकस्। अनि येसो हुंकु तैंले मैंले ३८
तंलाइ आज्ञा गर्येका सबै सुनि मेरो बाटोमां हिंड्स् अनि मेरा विधिहरु र
मेरा नियाहरु मान्नुलाइ मेरो सांमु जे जाति छ त्यो मेरो दास् दाऊद्ले
गर्येको जस्तो गरिस् भन्ये देखि त मं तं सङ रहंकु अनि तेरो लागि अटल्
घर् बनाउंकु मैंले दाऊद्को लागि बनायेको झैं अनि इस्राएललाइ तंलाइ
दिंकु। अनि येसै कारण मं दाऊद्का सन्तानलाइ दुक्ख दिंकु तर सबै दिन्को ३९
लागि होइन। ऐस्कारण सुलैमान्ले यारोबाम्लाइ मार्नु खोज्यो. तर ४०
यारोबाम् उठेर मिस्रमां मिस्रको राजा शीशक् थांइ भाग्यो अनि
सुलैमान्को मरण् सम्म मिस्रमां रह्यो॥

अब सुलैमान्का रहल् कार्ज र जे जे त्येस्ले गर्यो अनि त्येस्को बुद्धि ४१
को ति सुलैमान्को कर्म्मको पोस्तकमां लेख्येका छैनन्। अनि सुलैमान्ले ४२
यरूशलेममां सिंगै इस्राएल् मांथि राज् गर्येका सबै दिन् चालीस् वर्ष ४३
थिये। अनि सुलैमान् आफ्ना पित्रहरु सङ सुत्यो अनि आफ्नु बाबु
दाऊद्को सहरमां गाड्योयो. तब त्येस्को छोरो रहबाम्ले त्येस्को बाठोमां
राज् गर्यो॥

(इस्राएल्को राज् दुइ भाग् हुंनु)

अनि रहबाम् शकेममां गयो. किनभन्ये सिंगै इस्राएल् त्येस्लाइ १२ १
राजा तुल्याउंनुलाइ शकेममां आयेका थिये। अनि येसो भयो जब २
नबात्को छोरो यारोबाम्ले यो कुरो सुन्यो (कसोगरिभन्ये त्यो अझै सम्म
मिस्रमां थियो जहां त्यो सुलैमान् राजाको सांमु देखि भाग्येको थियो
अनि यारोबाम् मिस्रमां बस्येको थियो त तिनिहरुले त्येस्लाइ डाकि ३
पठाये) तब यारोबाम् र इस्राएल्को सिंगै सभाले आयेर रहबाम्लाइ

४ येसो भन्ये आफुको बाबुले हांमिहरुको जूवा गह्रुङ् तुल्याइ दियो.
येस्कारण् अब आफुको बाबुको कठिन् चाकरी र त्येस्ले हांमिहरु मांथि
हाल्येको गह्रुङ् जूवा हलुङ् पारि दिंनु हवस् त हांमिहरु आफुको चाकरी
५ गर्छौं । त त्येस्ले तिनिहरुलाइ भन्यो अब तीन् दिन्को लागि जाव त त्येस्
६ पछि फेरि मं पांइ आव । त लोग् गइ गये । वहांदेखि रहबाम् राजाले
आफ्नु बाबु सुलैमान् जीउंदो कुंदाखेरि त्येस्को सांमु उभीइ रहंने बूढा
मान्छेहरु सित येसो भनिकन सल्लाह् लियो मैले ति पर्जाहरुलाइ उत्तर्
७ दिंनुलाइ मंलाइ को सल्लाह् दिंछौ । अनि तिनिहरुले त्येस्लाइ येसो भन्ये
आफुले आजुको दिन् ति पर्जाहरुको अधीन् भयेर तिनको सेवा गर्नु भयो
अनि तिनलाइ उत्तर् दिंनु भयो अनि तिनिहरु सित जाति कुरा गर्नु भयो
८ भन्ये देखि त तिनिहरु सधैंभरि आफुका चाकरे रहंकन् । तुर त्येस्ले ति
बूढाहरुले दियेको सल्लाह् छोड्यर ति आफु सङ बढेका आफु सङ उभींने
९ जुवान्हरु सङ सल्लाह् लियो । अनि त्येस्ले तिनिहरुलाइ हांमिहरुले ति पर्जा
जुवान्हरुले मंलाइ आफुको बाबुले हांमिहरु मांथि हाल्येको जूवा हलुङ्
पारि दिंनु हवस् भन्येर भन्येका कुन् तिनलाइ उत्तर् दिंनु भनि तिमिहरुले
१० मंलाइ को सल्लाह् दिंइ छौ । तब त्यो सङ बढेका जुवान्हरुले त्येस्लाइ
येसो भन्ये ति आफुलाइ आफुको बाबुले हांमिहरुको जूवा गह्रुङ् तुल्यायो
तर आफुले त्यो हांमिहरुको लागि हलुङ् पारि दिंनु हवस् भन्ये पर्जाहरुलाइ
येसो भन्नु हवस् अं तिनिहरुलाइ येसो भन्नु मेरो काम्छी चइं औंली मेरो
११ बाबुको कम्मर् भन्दा मोटो छ । त अब मेरो बाबुले ता तिमिहरु मांथि
गह्रुङ् जूवा बोकायेको छ तर मं चइं ता तिमिहरुको जूवा झन् बढाउंछु.
मेरो बाबुले ता तिमिहरुलाइ कोर्राले शिक्षादण्ड दिंद थियो तर मं चइं
१२ ता तिमिहरुलाइ बिच्छुले शिक्षादण्ड दिंछु भनि । त यारोबाम् र सिंगे
लोग् राजाले तीस्रो दिन्मां मं पांइ फेरि आउंनु भनि आज्ञा दियेको
१३ अनुसार् तीस्रो दिन्मां रहबाम् पांइ आये । तब राजाले पर्जाहरुलाइ
कठोरेइं सित उत्तर् दियो अनि बूढाहरुले त्येस्लाइ दियेको सल्लाह् छोड्यो
१४ अनि तिनिहरुलाइ जुवान्हरुको सल्लाह् अनुसार् येसो भन्यो मेरो
बाबुले तिमिहरुको जूवा गह्रुङ् तुल्यायो तर मं चइं ता तिमिहरुको जूवा
झन् बढाउंछु. मेरो बाबुले ता तिमिहरुलाइ कोर्राले शिक्षादण्ड दिंद
१५ थियो तर मं चइं ता तिमिहरुलाइ बिच्छुले शिक्षादण्ड दिंछु । येसोरि
राजाले पर्जाहरुको सुन्येन किनभन्ये त्यो यहूवेले शीलोनी अहियाह्को
बाटोले नबात्को छोरो यारोबाम्लाइ भन्येको आफ्नु कुरा स्थिर् गरोस्
१६ भन्ये खातिर्ले यहूवेको पट्टि बाटो ठहराईयेको थियो । अनि जब सिंगे
इस्राएल्ले राजाले हांमिहरुको कुरा सुन्येन भनि देख्यो तब पर्जाहरुले
राजालाइ येसो भनिकन उत्तर् दिये दाऊद्मां हांमिहरुको को भाग् छ.
अनि यिशैको छोरोमां हांमिहरुको को अधिकार् छ. हे इस्राएल् हो
जनंगे आफ्नु आफ्नु पाल्मां जाव. हे दाऊद् आफ्नु जहान्को विषयमां

फिक्कि गर्। येसोरि इस्राएल् आफ्नु आफ्नु पाल्मां हिंड़ि गयो। तर १७
यहूदाको सहर्मां बस्ने इस्राएलबंशीहरु मांथि रहबाम्ले राज् गर्यो। तब १८
रहबाम् राजाले किरिया मुनिको दास्को मालिक् अदोराम्चइंलाइ
पठाइ दियो. अनि सिंगै इस्राएल्ले त्येस्लाइ मंर्नगरि ढुंगाले लोहोर्यायो।
तब रहबाम् राजाले आफ्नु रथ्मां चढ़ेर यरूशलेम्मां भागि जांनुलाइ
हतार् गर्यो। येसोरि इस्राएल् दाऊद्को जहान् देखि राज्द्रोही भयो १९
आजुको दिन् सम्म। अनि येसो भयो जब सिंगै इस्राएल्ले यारोबाम् फर्कि २०
आयेको छ भनि सुन्ये तब तिनिहरुले त्येस्लाइ मंडली थांइ डाकि पठायेर
त्येस्लाइ सिंगै इस्राएल् मांथि राजा तुल्याये. यहूदाको कुल् बाहिक्
दाऊद्को जहान्लाइ पक्याउंने कोई पनि थियेन॥

अनि जब रहबाम् यरूशलेम्मां आइ पुग्यो तब त्येस्ले यहूदाको २१
सिंगै जहान् र बिन्यामीन्को कुल्लाइ एक् लाख् र अस्सी हजार् रोजा
लड़ांकिहरुलाइ इस्राएल्को जहान् सित लड़ाइँ गरि राज् सुलैमान्को
छोरो रहबाम् पट्टि फर्काउंनुलाइ भेला गरायो। तर ईश्वर्को बचन् येसो २२
भन्दै ईश्वर्को जन् शमायाह् थांइ आयो यहूदाको राजा सुलैमान्को २३
छोरो रहबाम्लाइ र बिन्यामीन् र यहूदाको सिंगै जहान्लाइ र बांकि
पर्जाहरुलाइ येसो भन् यहोवेले येसो भन्द छ तिमिहरु चढ़ि न जाव २४
न आफ्ना भाई इस्राएलबंशीहरु सित लड़ाइँ गर. जनंगे आफ्नु आफ्नु
घर्मां फर्कि जाव किनभन्ये यो कुरो मं पट्टि बाटो छ। त येस्मां तिनिहरुले
यहोवेको बचन् मान्ये अनि यहोवेको बचन् अनुसार् फर्कर आफ्नु आफ्नु
बाटो लाग्ये॥

(यारोबाम्ले मूर्त्तिपूजा चलाउंनु)

तब यारोबाम् एप्रैम्को पहाड़े देस्मां शकेम् बनायेर त्यहां बस्यो २५
अनि त्यहां बाटो गयेर पनूएल् पनि बनायो। अनि यारोबाम्ले आफ्नु २६
मन्मां येसो भन्यो अब दाऊद्को जहान् तिर राज् फर्कि जांछ होला. यि २७
लोग् यरूशलेम्मां यहोवेको घर्मां बलि चढ़ाउंनुलाइ गये भन्ये ता यि
लोगको मन् यहूदाको राजा आफ्नु प्रभु रहबाम् तिर फर्कँछ होला अनि
यिनिहरु मंलाइ मांर्यर यहूदाको राजा रहबाम् तिर फर्कँछन् होला। तब २८
राजाले सल्लाह् लियेर सुन्का दुवटा बाछ्रा बनायो यहांदेखि त्येस्ले
तिनिहरुलाइ भन्यो तिमिहरुलाइ यरूशलेम्मां चढ़ि जांनु सारो दुक्ख छ
हे इस्राएल् तंलाइ मिस्र देस् देखि निकालि ल्याउंने तेरा ईश्वरहरु हेर्।
अनि त्येस्ले येउटा चइं बेतेल्मां बसाल्यो अर्को चइं दान्मां। त त्यो थोक् २९
पापको कुरो भयो. कसोगरिभन्ये लोग् येउटाको सांमु दण्डवत् गर्नुलाइ ३०
दान् सम्म गये। अनि त्येस्ले अल्गा अल्गा ठांउमां चइं घर् बनायो अनि सबै ३१
साधारण् लोग्मांकाहरुलाइ जो लेवीबंशीहरुमांका थियेनन् तिनिहरुलाइ
पूजाहारी तुल्यायो। अनि यारोबाम्ले आठौं महीनाको पन्द्रौं तिथिमां ३२

यहूदामां भयेको चाड़ जस्तो येउटा चाड़ ठहरायो अनि त्येस्ले बेदिमां चढ़ायो येसोरि त्येस्ले आफुले बनायेको बाच्छाको लागि बेतेल्मां पनि बलिदान् चढ़ाउंने गर्‍यो. अनि त्येस्ले आफुले बनायेका अलग्गा अलग्गा
३३ ठांउका पूजाहारीहरुलाइ बेतेल्मां ठहरायो। अनि त्यो आठौं महीनाको पन्द्रौं तिथिमां अर्थात् आफ्नु मन्ले ठहरायेको महीनामां आफुले बेतेल्मां बनायेको बेदिमां चढ़ि गयो. अनि त्येस्ले इस्राएल्बंशीहरुको लागि येउटा चाड़ ठहरायो अनि बेदिमां धूप् हाल्नुलाइ चढ़ि गयो॥

(येउटा यिहूदी अगम्बक्ताको बिषय्)

१३ १ अनि यारोबाम् बेदिको छेउमां धूप् हाल्नुलाइ उभीइ रहंदा हेर
२ यहवेको बचन्ले यहूदा बाटो बेतेल्मां ईश्वर्को एक् जन् आयो। अनि त्यो यहवेको बचन्ले बेदिको बिरुद्धमां येसो भनिकन करायो हे बेदि हे बेदि यहवेले येसो भन्द छ. हेर् दाऊद्को जहान्को लागि योशिय्याह् भनींने बालख जन्मंछ जस्ले तं मांथि धूप् हाल्ने अलग्गा अलग्गा ठांउका पूजाहारीहरुलाइनै तं मांथि बलि गर्छ अनि तं मांथि मान्छेहरुका हाड्हरु
३ पनि डड़ाउंछन्। अनि त्येसै दिन् त्येस्ले येसो भनिकन चिंनु पनि दियो यहवेले भन्येको चिंनु येइ हो. हेर् यो बेदि फुटाईंछ अनि त्येस्मां
४ भयेको खरानि खन्याईंछ। अनि येसो भयो जब राजाले ईश्वर्को त्येस् जनले बेतेल्मां भयेको बेदिको बिरुद्धमां करायेको यो कुरो सुन्यो तब यारोबाम्ले बेदि देखि हात् पसार्येर भन्यो त्येस्लाइ पक्र। तब त्येस्ले त्येस्को बिरुद्धमां पसार्येको हात् त्यो फेरि आफु पांइ फर्काउंनु न सक्नेगरि
५ सुकि गयो। बेदि पनि फुटि गयो अनि खरानि बेदि देखि खनीयो
६ ईश्वर्को जनले यहवेको बचनले दियेको चिंनु अनुसार। अनि राजाले ईश्वर्को जनलाइ उत्तर् दिइ भन्यो आफ्नु ईश्वर् यहवेको अनुग्रह् मांगिकन मेरो लागि बिन्ति गर मेरा हात् मेरो लागि फर्काई दिईनुको लागि। तब ईश्वर्को जनले यहवे मित बिन्ति गर्‍यो त राजाको हात्
७ त्येस्लाइ फर्काइ दिईयेर जस्ताको तस्तो भइ गयो। तब राजाले ईश्वर्को जनलाइ भन्यो मं सङ मेरो घरमां आउंनु हवस् अनि बिश्राम् गर्नु हवस्
८ अनि मं आफुलाइ दान् दिंछु। तर ईश्वर्को जनले राजालाइ भन्यो आफुले मंलाइ आफ्नु आधा घर् दिंनु भयो भन्ये पनि मं आफु सङ भित्र पस्दीन
९ अनि न येस् ठांउमां रोटी खांछु न पानी पीउंछु. किनभन्ये यहवेको बचनले मंलाइ येसो भनिकन अज्ञायेको छ तैंले न रोटी खायेस् न पानी
१० पीयेस् अनि न तं तं आयेके बाटो बाड़ो फर्केस् भनि। त त्यो अर्को बाटो बाड़ो गयो बेतेल्मां आयेको बाटो बाड़ो फर्कि गयेन॥

११ ति ताक बेतेल्मां येउटा बूढ़ो अगम्बक्ता रहंद थियो अनि त्येका छोराहरुमांको येउटाले आयेर त्येस्लाइ ईश्वर्को जनले त्येस् दिन् बेतेल्मां गर्‍येको सबै काम् सुनाइ दियो. अनि त्येस्ले राजालाइ भन्येका कुरा पनि

आफ्नु बाबुलाइ सुनाइ दियो। त तिनिहरुको बाबुले तिनिहरुलाइ भन्यो १२
त्यो कुन् बाटो बाट्यो गयो। अनि त्येका क्रोराहरुले यहूदा बाटो आयेको
ईश्वरको जन् गयेको बाटो देख्यका थिये। तब त्येले आफ्ना क्रोराहरुलाइ १३
भेरो लागि गदाहामां जीन् कस भन्यो त तिनिहरुले त्येको लागि गदाहामां
जीन् कस्ये. अनि त्यो त्येस् मांथि चढ्यो। वहांदेखि त्यो ईश्वरको १४
जन्लाइ पछ्याउंदै गयेर त्येलाइ बांज्हरुले मुनि बसि रह्येको भेटायो.
अनि त्येले त्येलाइ भन्यो यहूदा बाटो आयेको ईश्वरको जन् को
आफुनै हो. त्येले भन्यो मैं हुं। तब त्येले त्येलाइ भन्यो मं सङ भेरो १५
घरमां आयेर रोटी खांनु हवस्। तब त्येले भन्यो मं आफु सित फर्कनु १६
कि आफु सित पस्नु हुंदैन. अनि न आफु सङ येस् ठांउमां रोटी खांकु न
पानी पीउंकु किनभन्ये मंलाइ यहवेको बचन्ले भन्येको छ तैंले वहां न १७
रोटी खायेस् न पानी पीयेस् अनि न तं तं आयेकै बाटो बाट्यो फर्कस् भनि।
अनि त्येले त्येलाइ भन्यो मं पनि आफु जस्ते अगम्बक्ता हुं अनि येउटा १८
दूतले मंलाइ ईश्वरको बचनले येसो भन्येको छ त्येलाइ आफु सित आफ्नु
घरमां फर्काइ ले र त्येले रोटी खावस् पानी पीवस् भनि। यो त्येले ठांट् १९
भन्यो। त त्यो त्यो सङ फर्कि गयो अनि त्येको घरमां रोटी खायो
अनि पानी पीयो। अनि येसो भयो जसै तिनिहरु मेज्मां बस्येका थिये २०
तब यहवेको बचन् त्येलाइ फर्काइ ल्याउंने अगम्बक्ता थांइ आयो. अनि २१
त्यो यहूदा बाटो आउंने ईश्वरको जन्लाइ येसो भन्दै करायो यहवेले येसो
भन्छ तैंले यहवेको मुखको बिरुद्धमां झगरा गरिस् अनि तेरो ईश्वर
यहवेले तंलाइ आज्ञा गर्येको आज्ञा मानीनस् तर जस् ठांउको २२
बिषयमां उस्ले तंलाइ रोटी न खा अनि न पानी पी भन्येर भन्येको थियो
त्येस् ठांउमां फर्कि आयेर रोटी खाइस् अनि पानी पीइस् येस्कारण् तेरो
मुर्दा तेरा पित्रहरुको चिहान्मां जांदैन। अनि येसो भयो त्येले रोटी २३
खाये अनि पानी पीये पछि त्येले त्येको लागि अर्थात् त्येले फर्काइ
ल्यायेको अगम्बक्ताको लागि गदाहामां जीन् कस्यो। अनि जब त्यो हिंड्नेको २४
थियो तब येउटा सिंहले त्येलाइ बाटोमां भेटायेर मारि दियो. अनि
त्येको मुर्दा बाटोमां मिल्कीइ रह्यो अनि त्येको छेउमां गदाहा उभीइ
रह्यो सिंह पनि मुर्दाको छेउमां उभीइ रह्यो। तब हेर मान्छेहरुले हिंड़ि २५
जांदा त्यो बाटोमां मिल्कीयेको मुर्दालाइ र त्येस् मुर्दाको छेउमां उभीइ
रह्येको सिंहलाइ देख्ये. तब तिनिहरुले आयेर त्यो बूढ़ो अगम्बक्ता
बस्येको सहरमां सुनाइ दिये। तब जसै त्येलाइ बाटो देखि फर्काइ २६
ल्याउंने अगम्बक्ताले त्येको बिषयमां सुन्यो तब त्येले भन्यो त्यो ईश्वरको
जन् हो. जस्ले यहवेको मुखको बिरुद्धमां झगरा गर्यो. येस्कारण्
यहवेले त्येलाइ सिंहलाइ दिहाल्यो जस्ले यहवेले भन्येको बचन् अनुसार्
त्येलाइ फहराइ मांर्यो। अनि त्येले आफ्ना क्रोराहरुलाइ येसो भन्यो २७
भेरो लागि गदाहामां जीन् कस। त तिनिहरुले त्यो कस्ये। अनि त्येले २८

गयेर त्येस्को मुर्दा बाटोमां मिल्कीइ रह्येको र मुर्दाको छेउमां सिंह उभीइ रह्येको भेट्यो. सिंहले न मुर्दालाइ खायेको थियो न
२९ गदाहालाइ फहरायेको थियो। त अगम्बक्ताले ईश्वर्को जन्को मुर्दा गदाहा मांथि बोकायेर फर्काइ ल्यायो. अनि त्यो बूढ़ो अगम्बक्ताको
३० सहर्मां बिलाप् गर्नु र त्येस्लाइ गाड्नुलाइ आयो। अनि त्येस्को मुर्दा आफ्नै चिहान्मां राख्यो अनि तिनिहरुले त्येस्को बिषयमां हाय् मेरो भाई
३१ भनिकन बिलाप् गर्ये। अनि येसो भयो जब त्येस्ले त्येस्लाइ गाड़िको थियो तब त्येस्ले आफ्ना छोराहरुलाइ येसो भन्यो जब मं मर्कु तब मंलाइ पनि ईश्वर्को जन् गाड़िकै चिहान्मां गाड़ त्येका हाड़हरु सङ मेरा
३२ हाड़हरु पनि राख। किनभन्ये त्येस्ले यहूवेको बचनले बेतेल्मां भयेको बेदिको बिरुद्धमां र शोमरोन्का सहर्हरुमां भयेका अल्गा अल्गा ठांउका सबै घर्हरुको बिरुद्धमां करायेका कुरा निस्से पूरा हुंकन्॥

(यारोबाम्को अन्त)

३३ त्यस् पछि यारोबाम् आफ्नु बुरो चाल् देखि फर्कीन तर फेरि साधारण् लोगमांकालाइ अल्गा अल्गा ठांउका पूजाहारीहरु ठहरायो. अनि जस् जस्लाइ जस्ले मांग्द थियो तिनिहरुलाइ त्येस्ले अल्गा अल्गा ठांउका
३४ पूजाहारी हुंनुलाइ स्थापन् गर्थ्यो। अनि यो कुरो यारोबाम्को जहान्को लागि अं त्येस्लाइ काटि दिंनुको लागि र त्येस्लाइ पृथिवीको मुख् देखि नास् पार्नुको लागि पाप्को थोक् भइ गयो॥

१४ १ ति ताक यारोबाम्को छोरो अबिय्याह् दुख्यो। तु यारोबाम्ले आफ्नी स्वास्नीलाइ भन्यो कृपागरि उठेर तं यारोबाम्की स्वास्नी हो
२ भनि न चिनींनेगरि भेष् फेर्. अनि शिलोमां जा हेर् तहां मेरो बिषयमां तिमि यि लोग् मांथि राजा हुंकी भनि मंलाइ भन्ये अहिय्याह् अगम्बक्ता
३ कु। अनि आफु सङ दसवटा रोटी र फुलौराहरु र एक् कुप्पी मह लियेर
४ त्यो थांइ जा. त त्येस्ले तंलाइ बालख कसो हुंछ भनि कहि दिंछ। तब यारोबाम्की स्वास्नीले त्येसै गरी अनि उठेर शिलोमां गयेर अहिय्याह्को घर्मां पुगी। अनि अहिय्याह्ले देख्नु सक्दैन थियो कसोगरिभन्ये
५ बूढेसकाल्को कारणले त्येस्का आंखा तरि गयेका थिये। अनि यहूवेले अहिय्याह्लाइ भन्यो हेर् यारोबाम्की स्वास्नी त्येस्को छोरो जो दुख्येको छ त्येस्को बिषयमां तं थांइ सोधनुलाइ आउंदै छ. त त्येस्लाइ येसो येसो भन्. येसो हुंछ जब त्यो भित्र पस्छे तब अर्की कोई आहमाइ हो भन्ये
६ निउं गर्छे। तब येसो भयो जब अहिय्याह्ले त्यो देला भित्र पस्दै गर्दा त्येस्को हिंड़ाईको सोर् सुन्यो तब त्येस्ले भन्यो ए यारोबाम्की स्वास्नी भित्र आउंनु अर्की हुं भन्ये निउ किन गर्द छस्. कसोगरिभन्ये मं

तं थांइ कठोर समाचारको लागि पठाईयेको छु। गयेर यारोबाम्लाइ ७
सुनाइ दे इस्राएलको ईश्वर यहूवेले येसो भन्द छ मैले तंलाइ प्रजाहरुको
बीच देखि अलग्याये अनि आफ्ना लोग इस्राएल मांथि तंलाइ
मालिक तुल्याये अनि दाऊदको घर देखि राज च्याति ल्याएर ८
तंलाइ दिये. र पनि तं मेरो दास दाऊद जस्तो भयेको कैनस जस्ले
मेरो आज्ञा मान्यो अनि जस्ले आफनु पूरो मनले मेरो सांमु जे जाति थियो
त्येइ मांत्रै गर्नुलाइ मंलाइ पछ्यायो तर तंचइंले ता तेरो अघि अघि ९
जांने सबैले भन्दा बेशि बुराई गर्येको छस अनि मेरो रिस उठाउंनुको
लागि तैंले गयेर पराय देवताहरु र ढाल्येका मूर्त्तिहरु बनायेको छस अनि
मंलाइ चइं तेरो पिठिउं परि आफालि दियेको छस. येस्कारण हेर मं १०
यारोबाम्को घर मांथि बुराई ल्याउंछु अनि यारोबाम् देखि सबै
केटाबालखहरु इस्राएलमां थुनीयेका र छोड़ीयेकाहरुलाइ पनि काटि दिंछु
अनि मान्छेले कसिंडर बढ़ायेको झैं यारोबाम्को घर त्येसमां केइ न
रहंनेगरि स्यांठै बढ़ार्छु। सहरमां यारोबाम्को जो मर्छ त्येलाइ कुकुरहरुले ११
खांछन् अनि बनमां जो मर्छ त्येलाइ अकाशका पंथीहरुले खांछन्.
कसोगरिभन्ये यहूवेले येसै भन्येको छ। त अब तं उठेर आफनु घरमां जा. १२
तेरा गोड़ा सहरमां पर्नु बित्तिकै बालख मर्छ। अनि सिंगै इस्राएलले त्येको १३
लागि बिलाप गर्दै त्येलाइ गाड़छन् किनभन्ये यारोबाम्को त्येइ मांत्रै
चिहानमां जांछ. किनभन्ये यारोबाम्को जहानमां इस्राएलको ईश्वर
यहूवे तिर केइ भलो थोक त्येसैमां पाईयो। येस उप्रान्त यहूवेले १४
आफनु लागि इस्राएल मांथि येउटा येस्तो राजा उठाउंछ जस्ले त्येस दिनमां
यारोबाम्को जहानलाइ काटि दिंछ. न भन्दै. अं ऐलेनै। किनभन्ये १५
यहूवेले इस्राएललाइ निकालो पानीले हल्लायेको झैंगरि मार्छ अनि उस्ले
तिनिहरुका पित्रहरुलाइ दियेको येस अस्सल देस देखि इस्राएललाइ
उखेलछ अनि तिनिहरुलाइ महानदी देखि पुंड्रो छरपुष्ट पार्छ किनभन्ये
तिनिहरुले यहूवेको रिस उठाउंनुको लागि आफनु अशेरीम भनींने
मूर्त्तिहरु बनाये। अनि यारोबाम् आफैले गर्येको पाप र इस्राएल देखि १६
गराएको पापको कारणले उस्ले इस्राएललाइ छोड़ि दिंछ। तब १७
यारोबाम्की स्वास्नी उठेर हिंड़ी अनि तिर्सामां आई अनि त्यो घरको
सडारमां आइ पुगनु बित्तिकै बालख मरि गयो। अनि यहूवेले आफनु १८
दास अहिय्याह अगमवक्ताको बाटोले भन्येको अनुसार सिंगै इस्राएलले
त्येलाइ गाड़ेर अनि त्येको लागि बिलाप गर्ये। अनि यारोबाम्का रछल १९
कार्य अर्थात् त्येले कसो कसोगरि लड़ाईं गर्यो अनि कसो कसोगरि राज
गर्यो हेर ति इस्राएलका राजाहरुको इतिहासको पोस्तकमां लेख्येका
छन्। अनि यारोबाम्ले राज गर्येका दिन बाईस बर्ष थिये. तब त्यो २०
आफ्ना पित्रहरु सङ सुति गयो अनि त्येको साटोमां त्येको छोरो
नादाबले राज गर्यो॥

(रहबाम्को राज्)

२१ अनि सुलैमान्को छोरो रहबाम्ले यहूदामां राज् गर्यो । रहबाम् राज्
गर्नु लाग्दा एकचाल्लीस् वर्षको थियो अनि त्येस्ले यहूवेले इस्राएल्का सबै
कुल् देखि आफ्नु नांउ राख्नुको लागि छान्येको सहर् अर्थात् यरूशलेममां
सत्र वर्ष राज् गर्यो. अनि त्येस्की आंमाको नांउ अम्मोनी नामा
२२ थियो । अनि यहूदाले यहूवेको सांमु जुन् बेहोरा नजाति थियो तेइ
गर्यो येसोरि तिनिहरूले आफुले गर्येका पापको कारणले आफ्ना पित्रहरूले
२३ गर्येका सबै काम् भन्दा अरू बेसिगरि उस्काइ इथ्याये । कसोगरिभन्ये
तिनिहरूले आफ्नु लागि अलग्गा अलग्गा ठाउंहरू र मुढ्काहरू र अशेरीम्
मूर्त्तिहरू सबै अलग्गा अलग्गा डांड्रा मांथि र सबै हरीया रूखहरू मुनि
२४ पनि बनाये /अनि पुरुषगामीहरू पनि देसमां थिये/. तिनिहरूले
यहूवेले इस्राएलवंशीहरूको सांमु देखि धपायेका लोग् लोगका सबै
२५ घिन्लाग्दा काम् अनुसार गर्दै थिये । अनि रहबाम् राजाको पांचौं
वर्षमां येसो भयो मिस्रको राजा शीशक् यरूशलेमको विरुद्धमां चढि
२६ आयो. अनि त्येस्ले यहूवेको घरको भंडार् र राजाको घरको भंडार् लुटि
लग्यो अं सबै लुटि लग्यो. सुलैमान्ले बनायेका सुन्का सबै ढालहरू पनि
२७ लुटि लग्यो । तब रहबाम् राजाले तिनिहरूको साटोमां पीतल्का ढालहरू
बनायेर राजाको घरको देलो सक्ने दुगुर्नेहरूका मालिकहरूको हातमां सुम्पि
२८ दियो । अनि येसो हुंद्यो जब जब राजा यहूवेको घरमां जांद थियो तब
२९ तब सक्ने दुगुर्नेहरूले ति लिंद थिये अनि फेरि आफ्नु पहराकोठामां
ल्याउंद थिये । अब रहबाम्का बांकी काम् र जे जे त्येस्ले गर्यो के ति
३० यहूदाका राजाहरूको इतिहासको पोस्तकमां लेख्येका छैनन् । अनि
३१ रहबाम् र यारोबाम्को बीचमां सदा लड़ाइँ भइ रह्यो । अनि रहबाम्
आफ्ना पित्रहरू सङ सुति गयो अनि दाऊदको सहरमां आफ्ना पित्रहरू
सङ गाड़ीयो. अनि त्येस्की आंमाको नांउ अम्मोनी नामा थियो । अनि
त्येस्को छोरो अबिय्यामले त्येस्को साटोमां राज् गर्यो ॥

(अबिय्याम्को राज्)

१५ १ नबातको छोरो यारोबाम् राजाको अठारौं वर्षमां अबिय्याम्
२ यहूदा मांथि राज् गर्नु लाग्यो । त्येस्ले तीन् वर्ष यरूशलेममां राज् गर्यो
३ अनि त्येस्की आंमाको नांउ अबीशालोम्की छोरी माका थियो । अनि
त्यो पनि त्येस्को बाबुले अगाड़ि गर्येका सबै पापमां हिंड्यो. अनि त्येस्को
पित्र दाऊदको मन् जस्तो त्येस्को मन् त्येस्को ईश्वर यहूवे तिर सिद्ध थियेन ।
४ तेपनि दाऊदेको कारणले त्येस्को ईश्वर यहूवेले त्येस्लाइ यरूशलेममां त्यस्
पछि त्येस्को छोरोलाइ उभ्याउंनुको लागि र यरूशलेम् पौरो राख्नुको लागि
५ येउटा दीयो दियो. किनभन्ये दाऊदले यहूवेको सांमु जे जे जाति थियो

त्येइ त्येइ गर्‍येको थियो हित्ती ऊरिय्याह्‌को कुरोको बिषय्‌मां बाहिक् उस्ले
त्येस्लाइ त्येस्को जीवन्‌भरिको सबै दिन्‌मां गरीयेका आज्ञा देखि कैले पनि
तर्कि गयेन । रहबाम् र यारोबाम्‌को बीच्‌मां त्येस्को जीवन्‌का सबै दिन् ६
लड़ाईं भइ रह्यो । अनि अबिय्याम्‌को रहल् कार्ज्ये र ज्ये ज्ये त्येस्ले गर्‍यो क्ये ७
ति यहूदाका राजाहरुको इतिहास्‌को पोस्तक्‌मां लेख्येका छैनन् । अनि
अबिय्याम् र यारोबाम्‌को बीच्‌मां लड़ाईं भइ रह्यो । अनि अबिय्याम् ८
आफ्‌ना पित्रहरु सङ सुति गयो अनि तिनिहरुले त्येस्लाइ दाऊद्‌को सहर्‌मां
गाड़्यो. अनि त्येस्को छोरो आसाले त्येस्को साटोमां राज् गर्‍यो ॥

(आसाको राज्)

अनि इस्राएल्‌को राजा यारोबाम्‌को बीसौं बर्षमां आसा यहूदा ९
मांथि राज् गर्नु लाग्यो । अनि त्येस्ले यरूशलेम्‌मां एक्‌चालीस् बर्ष राज् १०
गर्‍यो. अनि त्येस्को आंमाको नांउ अबीशालोम्‌की छोरी माका थियो ।
अनि आसाले त्येस्को बाबु दाऊद्‌ले झैं यह्‌वेको सांमु ज्ये ज्ये जाति थियो ११
त्येइ गर्‍यो । अनि त्येस्ले पुरुष्‌गामीहरुलाइ देस् देखि निकालि दियो अनि १२
त्येस्का पित्रहरुले बनायेका सबै मूर्त्तिहरु दूर् गर्‍यो । अनि त्येस्ले आफ्‌नी १३
आंमा माकालाइ पनि राज्‌आंमाको मान् देखि दूर् गरि दियो किनभन्ये
त्येस्ले अशेराको लागि येउटा घिन्‌लाग्‌दो मूर्त्ति बनायेकी थिई अनि
आसाले त्येस्ले बनायेको मूर्त्ति काटि ढाल्येर किद्रोन् खोल्‌चामां डड़ाइ
दियो । तर अल्‌गा अल्‌गा ठांउहरु चइं दूर् गरीयेन्‌न. तैपनि आसाको १४
मन् यह्‌वे सङ त्येस्का सबै दिन् सिद्ध थियो । अनि त्येस्ले आफ्‌नु बाबुले १५
पवित्र काम्‌को लागि अलग् छुद्यायेका थोक् र त्यो आफैले पवित्र काम्‌को
लागि अलग् छुद्यायेका थोक् चांदी सुन् र भांड़ाहरु यह्‌वेको घर्‌मां
ल्यायो । अनि आसा र इस्राएल्‌को राजा बाशाको बीच्‌मां तिनिहरुका १६
सबै दिनमां लड़ाईं भइ रह्यो । अनि इस्राएल्‌को राजा बाशा यहूदाको १७
बिरुद्धमां चढ्येर रामा र सहुर् येसोरि बनायो त्येस्ले कसैलाइ यहूदाको
राजा आसा थांइ बाइर जांनु कि भित्र आउंनु दियेन । तब आसाले १८
यह्‌वेको घर्‌का भंड़ार्‌मां रह्येका सबै चांदी र सुन् र राजाको घर्‌का भंड़ार्
लिइ आफ्‌ना चाकरेहरुको हात्‌मां सुम्पि दियो. अनि आसा राजाले त्यो
दमिश्कमां बस्ने अराम्‌को राजा हेज्योन्‌को छोरो तब्रिम्मोन्‌को छोरो
बेन्‌हदद्‌लाइ येसो भनि पठायो मेरो र आफ्‌को बीच्‌मां अनि मेरो १९
बाबु र आफ्‌को बाबुको बीच्‌मां बाचा छ. हेर्नु हवस् मैले आफु थांइ
चांदी र सुन्‌को भेटि पठायेको छु गयेर इस्राएल्‌को राजा बाशा सङ
बांध्येको आफ्‌को बाचा टुटाउंनु हवस् र त्यो मं देखि फर्कि जावस् । तब २०
बेन्‌हदद्‌ले आसा राजाको बात् मान्यो अनि आफ्‌ना सेनापतिहरुलाइ
इस्राएल्‌का सहर्‌हरुको बिरुद्धमां पठायेर इय्योन् दान् आबेल्बेत्माका र
सरुबै किन्नेरेत् नप्तालीको सबै देस समेत्‌लाइ मांरि दियो । अनि येसो २१

भयो जब बाशाले यो कुरो सुन्यो तब रामा बनाउंनु छोड़ेर तिर्सामां
२२ रह्यो। त्येस् पछि आसा राजाले सिंगे यहूदालाइ उर्दी सुनायो कसैलाइ
पनि छोड़ेन. त तिनिहरुले रामाका ढुंगाहरु र बाशाले त्येस्को लागि
बनायेका काठहरु ल्यायेर आसा राजाले तिनको बिन्यामीन्को गेबा र
२३ मिस्पा बनायो। अब आसाका सबै रहल् कार्ज र त्येस्को सबै प्रताप् र
ज्ये ज्ये त्येस्ले गर्यो अनि त्येस्ले बनायेका सहरहरु को ति यहूदाका राजाहरुको
इतिहास्को पोस्तक्मां लेख्येका छैनन्। तर त्येस्को बूढ़ेस्कालमां त्येस्को
२४ गोड़ामां बेथा उप्ज्यो। अनि आसा आफ्ना पित्रहरु सङ सुति गयो अनि
आफ्नु पित्र दाऊद्को सहरमां आफ्ना पित्रहरु सङ गाड़ीयो. अनि त्येस्को
छोरो यहोशापात्ले त्येस्को साटोमां राज् गर्यो॥

(नादाब्को राज्)

२५ अनि यहूदाको राजा आसाको दोस्रो बर्षमां यारोबाम्को छोरो
नादाब् इस्राएल् मांथि राज् गर्नु लाग्यो अनि त्येस्ले इस्राएल् मांथि दुइ
२६ बर्ष राज् गर्यो। अनि त्येस्ले जुन् बेहोरा यहूवेको सांमु बुरो थियो त्येइ
गर्यो अनि आफ्नु बाबुको बाटोमां र त्येस्ले इस्राएल् देखि गरायेका
२७ त्येस्का पापमां हिंड़्यो। अनि इस्साकार्को कुल्को अहिय्याह्को छोरो
बाशाले त्येस्को बिरुद्धमां राज्द्रोह् गर्यो तहांदेखि बाशाले त्येस्लाइ
पलिश्तीहरु पट्टि पर्येको गिब्बतोन्मां मांर्यो कसोगरिभन्ने नादाब् र सिंगे
२८ इस्राएल्ले गिब्बतोन्लाइ घेर्दै थिये। अं यहूदाको राजा आसाको तीस्रो
२९ बर्षमां बाशाले त्येस्लाइ मांर्यर त्येस्को साटोमां राज् गर्यो। अनि येसो
भयो त्यो राजा हुंनु बित्तिकै त्येस्ले यारोबाम्को सिंगे जहान्लाइ मांर्यो
अं त्येस्ले यारोबाम्को लागि साम् फेर्ने येउटालाइ पनि राख्येन त्येस्लाइ नास्
न पार्नज्याल् सम्म यहूवेले आफ्नु दास् शीलोनी अहिय्याह्को बाटोले
३० भन्येको अनुसार. यारोबाम्ले गर्येका र त्येस्ले इस्राएल् देखि गरायेका
पापको कारणले अनि इस्राएल्को ईश्वर् यहूवेलाइ रिसाउंनु लाउंनुलाइ
३१ उस्को रिस् उठायेको कारणले। अब नादाब्का रहल् कार्ज र ज्ये ज्ये
त्येस्ले गर्यो को ति इस्राएल्का राजाहरुको इतिहास्को पोस्तक्मां
३२ लेख्येका छैनन्। अनि आसा र इस्राएल्को राजा बाशाका सबै दिनमां
लड़ाइं भड़ रह्यो॥

(बाशाको राज्)

३३ यहूदाको राजा आसाको तीस्रो बर्षमां अहिय्याह्को छोरो बाशा
तिर्सामां सिंगे इस्राएल् मांथि राज् गर्नु लाग्यो अनि त्येस्ले चौबीस् बर्ष
३४ राज् गर्यो। अनि त्येस्ले यहूवेको मांमु ज्ये बुरो थियो त्येइ गर्यो अनि
यारोबाम्को बाटोमां र त्येस्ले इस्राएल् देखि गरायेको पापमां हिंड़्यो।

अनि यह्वेको बचन् बाशाको बिरुद्धमां हनानीको छोरो येहू थांइ येसो १६ १
भन्दै आयो मैंले तंलाइ धुलो देखि अल्ग्यायेर तंलाइ आफ्नु लोग् २
इस्राएल् मांथि मालिक् तुल्यायें र पनि तं यारोबाम्को बाटोमां हिंड़िस्
अनि मेरो लोग् इस्राएल् देखि तिनिहरुका पाप्हरुले मेरो रिस् उठाउंनुको
लागि पाप् गराइस् येस्कारण् हेर् मं बाशा र त्येस्को जहान्लाइ ३
स्यांट्ठै बढ़ार्छु अनि तेरो जहान् नबात्को छोरो यारोबाम्को जस्तै पार्छु।
सहर्मां बाशाको जो मंर्छ त्येस्लाइ कुकुर्हरुले खांछन् अनि बन्मां त्येस्को जो ४
मंर्छ त्येस्लाइ अकाश्का पंषीहरुले खांछन्। अब बाशाका रहल् कार्ज्ये र ५
ज्ये ज्ये त्येस्ले गर्‍यो अनि त्येस्को प्रताप् क्ये ति इस्राएल्का राजाहरुको
इतिहास्को पोस्तक्मां लेख्येका छैनन्। अनि बाशा आफ्ना पित्रहरु सङ ६
सुति गयो अनि तिर्सामां गाड़ीयो अनि त्येस्को छोरो एलाले त्येस्को साटोमां
राज् गर्‍यो। येस् उप्रान्त हनानीको छोरो येहू अगम्बक्ताको बाटोले ७
यह्वेको बचन् बाशाको बिरुद्धमां र त्येस्को जहान्को बिरुद्धमां आयो
त्येस्ले यह्वेको सांमु गर्‍येका सबै बुराईको कारण्ले अर्थात् उस्को रिस्
त्येस्को हात्को काम्को बाटोले उठाउंनुलाइ र यारोबाम्को जहान् जस्तो
भयेकोले अनि त्येस्ले त्येस्लाइ मांर्‍येको कारण्ले॥

(एलाको राज्)

यहूदाको राजा आसाको छब्बीसौं बर्षमां बाशाको छोरो एला ८
तिर्सामां इस्राएल् मांथि राज् गर्नु लाग्यो अनि त्येस्ले दुइ बर्ष राज् गर्‍यो।
अनि जसै त्यो तिर्सामां आफ्नु घर्को मालिक् अर्साको घर्मां मात्नुलाइ ९
पीउंद थियो. तब त्येस्को आधा रथ्हरुको मालिक् त्येस्को चाकरे जिम्रीले
त्येस्को बिरुद्धमां राज्द्रोह् गर्‍यो. वहांदेखि यहूदाको राजा आसाको १०
सत्ताईसौं बर्षमां जिम्रीले भित्र पस्येर त्येस्लाइ हिर्कायेर मांर्‍यो वहांदेखि
त्येस्को साटोमां राज् गर्‍यो। अनि येसो भयो जब त्येस्ले राज् गर्नु थाल्यो ११
तब सिंहासन्मां बस्नु बित्तिकै त्येस्ले बाशाको सिंगै जहान्लाइ मांर्‍यो.
त्येस्ले त्येस्को लागि न त्येस्को कुटुम्बमांको न त्येस्को मित्रमांको येउटा
केटाबालखलाइ पनि छोड़्यो। येसोरि जिम्रीले यह्वेले बाशाको बिरुद्धमां १२
येहू अगम्बक्ताको बाटोले भन्येको बचन् अन्सार् बाशाको सिंगै जहान्लाइ
नाम् पार्‍यो बाशाका पाप्हरु र त्येस्को छोरो एलाका पापको कारण्ले १३
जुन् पाप् तिनिहरुले गर्‍ये अनि जुन्हरुको बाटोले तिनिहरुले आफ्ना व्यर्थ
थोक् देखि इस्राएल्को ईश्वर् यह्वेलाइ रिसाउंनु लाउंनुलाइ इस्राएल्
देखि पाप् गराये। अब एलाको रहल् कार्ज्ये र ज्ये ज्ये त्येस्ले गर्‍यो क्ये ति १४
इस्राएल्का राजाहरुको इतिहास्को पोस्तक्मां लेख्येका छैनन्॥

(जिम्रीको राज्)

यहूदाको राजा आसाको सत्ताईसौं बर्षमां जिम्रीले तिर्सामां मात् १५

दिन राज गऱ्यो। त्येस् बेला लोगले पलिश्तीहरुको पट्टि पऱ्येको गिब्बतोनको
१६ विरुद्धमां डेरा हाल्येका थिये। अनि डेरा हाल्येका लोगले जिम्रीले राजद्रोह् गऱ्यो अनि राजालाइ पनि मांऱ्यो अरे भन्येको सुन्ये. येस्कारण् सिंगे इस्राएल्ले ओम्री सेनापतिलाइ त्येसै दिन् छाउंनीमां इस्राएल्
१७ मांथि राजा तुल्याये। अनि ओम्री गिब्बतोन् देखि चढ़ो अनि त्यो सङ
१८ सिंगे इस्राएल् पनि वहांदेखि तिनिहरुले तिर्सा घेऱ्ये। अनि येसो भयो जब जिम्रीले सहर् लिईयेछ भनि देख्यो तब त्येस्ले राजाको घरको महलमां पस्येर आफु मांथि राजाको घरमां आगो लगायेर त्येसमां डढ़ि मऱ्यो
१९ त्येस्ले यारोबाम्को बाटोमां हिंड़्दामां यहूवेको सांमु ज्ये बुरो छ त्येइ गऱ्येका पापको कारणले र त्येस्ले इस्राएल् देखि पाप् गरायेको त्येको
२० पापको कारणले। अब जिम्रीका रहल् काज्य र त्येस्ले गऱ्येको राजद्रोह् को ति इस्राएल्का राजाहरुको इतिहासको पोस्तकमां लेख्येका छैनन्॥

(ओम्रीको राज्)

२१ तब इस्राएल्का लोग् दुइ भाग् भये आधा लोग् गीनत्को छोरो तिब्नीलाइ राजा तुल्याउंनुलाइ त्यो पट्टि लाग्ये आधा चइं ओम्री पट्टि।
२२ तर ओम्री पट्टि लाग्येकाहरुले गीनत्को छोरो तिब्नी पट्टि लाग्येकाहरुलाइ
२३ जीत्ये. येसोरि तिब्नी मऱ्यो अनि ओम्रीले राज गऱ्यो। यहूदाको राजा आसाको एकतीसौं बर्षमां ओम्रीले इस्राएल् मांथि राज् गर्नु थाल्यो अनि
२४ त्येस्ले बारह् बर्ष राज गऱ्यो. तिर्सामां छ बर्ष राज गऱ्यो। अनि त्येस्ले शेमेर् सङ दुइ तोड़ा चांदीले शोमरोन् डांड़ा किन्यो अनि त्येस्ले त्येस् डांड़ामां सहर् बनायो वहांदेखि आफुले बनायेको सहरको नांउ डांड़ाको
२५ धनी शेमेरको नांउ जस्तो शोमरोन् राख्यो। अनि ओम्रीले यहूवेको सांमु ज्ये बुरो थियो त्येइ गऱ्यो अनि त्यो भन्दा अगाड़ि भयेका सब्बैले भन्दा
२६ बेसि बुराई गऱ्यो। कसोगरिभन्ये त्यो नबातको छोरो यारोबाम्को सबै बाटोमां हिंड़्यो अनि त्येस्ले तिनिहरुका व्यर्थ थोकले इस्राएल्को ईश्वर् यहूवेलाइ रिसाउंनु लाउंनुलाइ गरायेका त्येस्का पापमां हिंड़्द थियो।
२७ अब ओम्रीले गऱ्येका रहल् कार्ज्य र त्येस्ले देखायेको प्रताप् को ति
२८ इस्राएल्का राजाहरुको इतिहासको पोस्तकमां लेख्येका छैनन्। त ओम्री आफ्ना पित्रहरु सङ सुति गयो अनि शोमरोन्मां गाड़ीयो. अनि त्येको छोरो अहाब्ले त्येको साटोमां राज गऱ्यो॥

(अहाब्को राज्को थाल्नि)

२९ अनि यहूदाको राजा आसाको अड़तीसौं बर्षमां ओम्रीको छोरो अहाब्ले इस्राएल् मांथि राज् गर्नु थाल्यो. अनि ओम्रीको छोरो अहाब्ले
३० शोमरोन्मां इस्राएल् मांथि बाईस बर्ष राज गऱ्यो। अनि ओम्रीको छोरो अहाब्ले यहूवेको सांमु त्यो भन्दा अगाड़ि भयेका सब्बै जनाले भन्दा बेसि

बुराई गर्‍यो। वहांदेखि यैसो भयो नबातको छोरो यारोबामका पापमां २१
हिंड्नु त्येस्को लागि हलुङ् कुरो भयेको भये पनि त्येस्ले सीदोनीहरुको राजा
एतबालको छोरी ईजेबेल्लाइ ब्याहा गरि ल्यायो अनि गयेर बाल् देव्लाइ
पूज्यो अनि त्येस्लाइ दण्डवत् गर्‍यो। त्येस्ले शोमरोनमां बनायेको बाल्को २२
थानमां बाल्को लागि येउटा बेदि बनायो। अनि अहाब्ले अशेरा मूर्त्ति २३
बनायो अनि त्येस्ले त्यो भन्दा अगाडि भयेका इस्राएल्का सबै राजाहरुले
भन्दा धेरै बेसि इस्राएल्को ईश्वर् यहवेलाइ रिसाउंनु लाउंनुलाइ गर्‍यो।
त्येस्को पालामां बेतेली हीएल्ले यरीहो बनायो. आफ्नु जेठो छोरो ३४
अबीराम् मंदा त्येस्ले त्येस्को जग् बसाल्यो अनि त्येस्को कान्छो छोरो सगूब्
मंदा त्येस्ले त्येस्को ढोका उभ्यायो नूनको छोरो यहोशूअको बाटोले भनीयेको
बचन् अनुसार्॥

(एलिय्याहको उदय्हुवाई)

अनि गिलादमां प्रवास् गर्नेहरुमांको तिश्बी एलिय्याहले १७ १
अहाब्लाइ भन्यो इस्राएल्को ईश्वर् यहवे जस्को सांमु मं उभीइ रहंद कु उ
जीइ रह्योको भैं थि वर्षमां मेरो बचन् बिना न शीत् न पानी पर्छ। अनि २
यहवेको बचन् त्यो थांइ यैसो भन्दै आयो यहां बाटो हिंड्येर पूर्व तिर ३
फर्क्येर यर्दनको सांमु भयेको करीत् खोल्चामां लुकि रह्। अनि यैसो हुंछ ४
तैंले खोल्चाको पानी खांकुस् अनि तंलाइ खुवाउंनुलाइ मैंले कागहरुलाइ
अज्ञापेको कु। त त्येस्ले गयेर यहवेको बचन् अनुसार् गर्‍यो. अं गयेर ५
यर्दनको सांमु भयेको करीत् खोल्चामां बस्यो। अनि कागहरुले त्येस्को लागि ६
बिहान रोटी र मांसु पुर्‍याउंद थिये अनि बेलुका पनि रोटी र मांसु अनि
त्येस्ले खोल्चाको पानी खांने गर्द थियो। अनि कत्ति दिन् पछि यैसो भयो ७
देसमां पानी न पर्येको कारणले त्यो खोल्चाको पानी सुकि गयो॥

तब यहवेको बचन् त्यो थांइ यैसो भन्दै आयो उठेर सीदोन ८
पट्टि पर्येको सारपत्मां गयेर वहां बस्. हेर् मैंले त्यहांकी येउटी
बिधुवीलाइ तंलाइ पालुनुलाइ आज्ञा गर्येको कु। तब त्यो उठेर १०
सारपत्मां गयो अनि जसै त्यो सहरको ढोका निर पुग्यो तब की देख्यो
भन्ये त्यहां येउटी आइमाइ दाउरा खोज्दै रहे. तब त्येस्ले त्येस्लाइ हापार्येर
भन्यो कृपागरि मेरो लागि लोहोटामां अलिकता पानी ल्याइ देउ र मं
खाउं। त त्यो ल्याउंनु जांदै गर्दाखेरि त्येस्ले त्येस्लाइ फेरि हापार्येर भन्यो ११
कृपागरि मेरो लागि एक् गांस् रोटी पनि आफ्नु हातमां ल्याइ देउ। तब १२
त्येस्ले भनी आफुको ईश्वर् यहवे जीइ रह्योको भैं मेरां येउटा रोटी पनि
छैन खालि गाग्रोमां एक् मुठि पिठो र गरीयोमां अलिकता तेल् मात्रै छ.
अनि हेर्नु हुवस् मं एक् दुइवटा दाउरा खोज्दै कु त्यो खापेर मंर्नुलाइ
भित्र पस्येर आफ्नु लागि र आफ्नु छोरोको लागि तियार् पारुं भन्येर।
तब एलिय्याहले त्येस्लाइ भन्यो न डराउ गयेर तिमिले भन्येको अनुसार् १३

गर . तर पहिले मेरो लागि त्येस्मांको सांनु येउटा फुलौरो पोल्येर मं पांइ
१४ ल्याइ देउ त्येस् पछि आफ्नु र आफ्नु छोरोको लागि पोल । किनभन्ये
इस्राएल्को ईश्वर् यहूवेले येसो भन्द छ यहूवेले पृथिवीमां पानी न बर्साउंने
१५ दिन् सम्म गाग्रोको पिठो र गरीयोको तेल् घट्दैन भनि । त त्येस्ले गयेर
एलिय्याहूको कुरो अनुसार् गरी . तब त्यो आइमाइ र त्यो अगमवक्ता र त्येस्
१६ आइमाइको जहानले धेरै दिन् सम्म खांदै रह्ये । एलिय्याहूको बाटोले
भनीयेको यहूवेको बचन् अनुसार् गाग्रोको पिठो सक्कीयेन अनि न
१७ गरीयोको तेल् घटयो । अनि यि कुरा पछि येसो भयो त्येस् घरपटेनीको
छोरो दुख्यो अनि त्येस्को बेथा येस्तो सारो भयो त्येस्को सास् त्येस्मां रह्येन ।
१८ तब आइमाइले एलिय्याहूलाइ भनी हे ईश्वरका जन् मलाइ आफु सङ को
काम् . को आफु मेरै पाप् सम्झनामां ल्याउंनु मेरो छोरीलाइ मार्नुलाइ
१९ आउंनु भयो । त त्येस्ले आइमाइलाइ भन्यो तिम्रो छोरो मलाइ देउ । त
त्येस्ले त्येस् बेटीलाइ त्येस्को काख् देखि लियेर आफु रहंने कोठामां चढाइ
२० लग्येर आफ्नै ओछ्यानमां राख्यो । अनि त्येस्ले यहूवेलाइ हापारि भन्यो
हे मेरो ईश्वर् यहूवे को तपांइले जुन् बिधुवी घांइ मं बास् गर्द छु त्येस्को
२१ छोरोलाइ मांच्येर मुराई पनि ल्याउंनु भयो । वहांदेखि त्यो त्येस्
बालख मांथि तीन् खेप् पस्त्यो अनि यहूवेलाइ हापारि भन्यो हे मेरो
ईश्वर् यहूवे मं तपांइ सित बिन्ति गर्द छु येस् बालखको प्राण् येस्मां फेरि
२२ फर्कि आउंनु दिनु हवस् । त यहूवेले एलिय्याहूको कुरा सुन्यो अनि
२३ बालखको प्राण् त्येस्मां फर्कि आयो अनि त्यो बौच्यो । तब एलिय्याहूले
बालखलाइ लियेर कोठा देखि घरमां उतारि ल्याग्येर त्येस्की आंमालाइ
२४ सुम्पि दियो . अनि एलिय्याहूले भन्यो हेर तिम्रो छोरो जीउंद छ । तब
आइमाइले एलिय्याहूलाइ भनी आफु ईश्वरको जन् हो राछौ अनि यहूवेको
जो बचन् आफुको मुख् देखि निस्क्योको छ त्यो सांचो हो रछ भनि अब
मैले थाहा पायें ॥

(यहूवेको जीत् र बाल्को हार्)

१८ १ अनि धेरै दिन् पछि येसो भयो तीस्रो बर्षमां यहूवेको बचन्
एलिय्याह् थांइ येसो भन्दै आयो गयेर अहाबकां देखाहा पर् त मं पृथिवीमां
२ पानी बर्साउंछु । तब एलिय्याह् अहाबकां देखाहा पर्नुलाइ गयो । त्येस् बेला
३ शोमरोनमां सारो अनिकाल् थियो । अनि अहाबले आफ्नु घरको मालिक्
ओबद्याहूलाइ बोलायो । (ओबद्याह् यहूवे देखि अग्घोर् डराउंद थियो .
४ यू जब ईजेबेलले यहूवेका अगमवक्ताहरूलाइ काटि दियेको थिई तब
ओबद्याहूले एक् सै जना अगमवक्ताहरूलाइ लियेर तिनिहरूलाइ पचास
पचासगरि ओढारमां लुकायेर अन्न पानीले तिनिहरूलाइ पाल्द थियो ।)
५ तब अहाबले ओबद्याहूलाइ भन्यो देसमां वारपार गयेर सबै जलठा
पानीको मूलमां र सबै खोल्चा खोल्चामां जा . कोनि कतै घांसिहरूले

घांस् पायेर घोड़ाहरु र खच्चरहरुलाइ जीवंदो बचाउंनु सक्कौं कि र हांम्रा सबै बस्तुहरु नास् न होउन्। त तिनिहरुले वार्पार् जांनुको लागि आपस्तमां देस् बांढ़ि दिये. अहाब् आफु चइं एका पट्टि गयो अनि ओबद्याह् आफु चइं अर्को पट्टि गयो। अनि जब ओबद्याह् बाटोमां थियो तब हेर त्येस्ले एलिय्याह्लाइ भेट्यो. अनि त्येस्ले त्येस्लाइ चिन्येर घोप्टो पर्येर भन्यो हे मेरा प्रभु एलिय्याह् को आफुनै हौ। अनि त्येस्ले त्येस्लाइ उत्तर् दियो मंने हुं. गयेर आफ्नु स्वामीलाइ हेर्नु हवस् एलिय्याह् यहां छ भन्ये र भन्। अनि त्येस्ले भन्यो मैंले को पाप् गर्यें र आफुले आफ्नु दास्लाइ अहाबको हातमां मंलाइ मार्नुको लागि सुम्पि दिंनु हुंद छ। आफुको ईश्वर् यहवे जीइ रह्येको मैं न् येउटा लोग् न येउटा राज् छ जस्मां मेरा स्वामीले आफुलाइ खोज्नुलाइ मान्छे पठायेन. अनि जब तिनिहरुले त्यो येता हुंदो रैन छ भन्येर भन्ये तब तिन्ले राज् र लोगलाइ किरिया खुवाये कसैले आफुलाइ पायूंन भच्ये। अनि अब आफुले तैंले गयेर आफ्नु स्वामीलाइ हेर्नु हवस् एलिय्याह् यहां छ भन् भन्नु हुंद छ। त येसो हुंछ मं आफु देखि जांनु बित्तिकै यहवेको आत्माले आफुलाइ मैंले न जान्येको ठांउमां उठाइ लैजांछ होला अनि जब मं गयेर अहाबलाइ सुनाउंछु अनि तिन्ले आफुलाइ पाउंनु सक्दैनन् तब ता तिन्ले मंलाइ मार्छन्. तर मं आफुको दास् चइं आफ्नु बालखेइं देखि यहवे देखि डराउंद छु। ईजेबेल्ले यहवेका अगमवक्ताहरुलाइ मार्दैमां मैंले जे गर्येको छु को त्यो कुरा मेरा प्रभुलाइ सुनाईयेको थियेन अर्थात् मैंले यहवेका एक् सै जना अगमवक्ताहरुलाइ पचास् पचास्गरि ओढ़ारमां लुकायेर तिनिहरुलाइ अन्न पानीले पाल्येको थिएं भनि। अनि अब आफुले मंलाइ आफ्नु स्वामीलाइ हेर्नु हवस् एलिय्याह् यहां छ भन् भन्येर भन्नु हुंद छ. त तिन्ले मंलाइ मार्छन्। तब एलिय्याह्ले भन्यो सेनाहरुको यहवे जीइ रह्येको मैं जस्को सांमु मं उभीइ रहंद छु मं आजु निस्से त्येस्को देखाहा पर्छु। तब ओबद्याह् अहाबलाइ भेट्नुलाइ गयो अनि त्येस्लाइ सुनायो. तब अहाब् एलिय्याह्लाइ भेट्नुलाइ आयो। अनि येसो भयो जब अहाबले एलिय्याह्लाइ देख्यो तब अहाबले त्येस्लाइ भन्यो को तिमिनै हौ हे तिमि इस्राएलमाइ कष्टमां हाल्ने। तब त्येस्ले उत्तर् दियो मैंले इस्राएलमाइ कष्टमां हाल्येको हुइन तर तिमिलेनै र तिम्रो बाबुको जहान्लेनै कसोगरिभन्ये तिमिले यहवेका आज्ञाहरु छोड़ेर बाल् देवताहरुलाइ पछ्यायो। येस्कारण अब मान्छे पठायेर सिंगै इस्राएललाइ र बालका अगमवक्ताहरु चार् सै पचास् जनालाइ र इंगबेल्को मेजमां खांने अशेराका चार् सै जना अगमवक्ताहरुलाइ यहां मं पांइ कर्मेल् डांड़ामां भेला गराउ। तब अहाबले सबै इस्राएलवंशीहरु पांइ मान्छे पठायेर कर्मेल् डांड़ामां अगमवक्ताहरुलाइ भेला गरायो। तब एलिय्याह्ले सिंगै लोगको छेउमां आयेर भन्यो तिमिहरु कैले सम्म दुइ विचारको बीचमां खोच्याउंदै खोच्याउंदै रहंछौ. यहवे चइं ईश्वर् हौ

रक्त भन्ये देखि उल्लाइ पछाव. तर बालै चइं भन्ये देखि त येसैलाइ
२२ पछाव । अनि लोगले येल्लाइ येउटा कुराको पनि उत्तर दियेनन् । तब
एलिय्याहले लोगलाइ भन्यो यहवेको अगमवक्ता मं अं मं एक्लै मांत्रे रहेको
२३ कु तर बालका अगमवक्ताहरु चइं चार् सै पचास् जना कुन् । येकारण
तिनिहरुले हांमिहरुलाइ दुवटा बाच्छा दिउन् अनि तिनिहरुले आफ्नु
लागि येउटा बाच्छो छान्येर काटि टुक्रा टुक्रा पार्येर दाउरा मांथि राखुन्
तर मुनि बाटो आगो न लगाउन्. अनि मं अर्को चइं बाच्छो तियार् पार्येर
२४ दाउरा मांथि राखकु तर कोइ आगो मुनि बाटो लगाउंदैन । अनि
तिमिहरुले आफ्नु देवताको नांउ लेव अनि मं चइं यहवेको नांउ लिंकु.
वहांदेखि जुन् ईश्वरले आगोको बाटोले उत्तर दिंकु ईश्वर् येहने हवस् । तब
२५ सिंगै लोगले उत्तर् दिइ भन्ये यो जाति कुरो हो । तब एलिय्याहले बालका
अगमवक्ताहरुलाइ भन्यो तिमिहरुले आफ्नु लागि येउटा चइं बाच्छो छान
अनि येल्लाइ पहिले तियार् पार किनभन्ये तिमिहरु धेरै छौ अनि आफ्नु
२६ देवताको नांउ लेव तर मुनि बाटो आगो न लगाव । त तिनिहरुलाइ
दिईयेको बाच्छो तियार् पार्ये वहांदेखि बिहान देखि मद्धेनि दिन् सम्म
हे बाल् हांमिहरुको सुन्नु हवस् भन्दै बालको नांउ लिंदै रह्ये । तर कोइ
सोर् भयेन न कोई उत्तर् दिंने । त तिनिहरु तिनिहरुले बनायेको बेदिको
२७ वरिपरि खोच्याउंद थिये । अनि मद्धेनि दिनमां येसो भयो एलिय्याहले
तिनिहरुलाइ ठट्टा गरिकन भन्यो चिच्यायेर करावं. किनभन्ये त्यो देवतै हो
कोनि त्यो ध्यानमां छ होला कि दिशामां छ होला कि यात्रामां छ होला कि
२८ कतै सुत्येको छ होला त जगाईनु पर्छ । त तिनिहरु चिच्याइ कराये अनि
आफ्नु रीत् अनुसार् तिनिहरुको रगत् बहुंज्याल् तरवार्ले र भालाले आफ्नु
२९ आफ्नु जीउमां चोट् पार्ये । अनि येसो भयो मद्धेनि दिन् बित्ये पछि
तिनिहरुले सांझको भेटि चढाउंने बेला सम्म अगम् कहंदै रह्ये तर कोइ
३० सोर् भयेन न कोई उत्तर् दिंने न कोई चेत् गर्ने भयो । तब एलिय्याहले
सिंगै लोगलाइ मं पांइ आव भन्यो तब सिंगै लोग् त्यो पांइ आये । तब
३१ त्येल्ले यहवेको भत्काईयेको बेदि मरम्मत् गर्यो । वहांदेखि एलिय्याहले
जुन् याकूब् पांइ यहवेको बचन् तेरो नांउ इस्राएल् हुंछ भन्दै आयेको
थियो त्येका छोराहरुका कुलहरुको गन्ति अनुसार् बारहवटा ढुंगा लियो ।
३२ वहांदेखि त्येल्ले ति ढुंगाहरुको यहवेको नांउमां येउटा बेदि बनायो अनि
३३ बेदिको वरिपरि दुइ माना जति बिउ जांने जत्रो खाड्लु खन्यो । वहांदेखि
त्येल्ले दाउरा पांज्यो अनि बाच्छोलाइ टुक्रा टुक्रा पार्येर दाउरा मांथि
राख्यो । वहांदेखि त्येल्ले भन्यो चार् गाग्रो पानी भर वहांदेखि त्यो होमबलि
३४ र दाउरा मांथि खन्याइ देव । अनि त्येल्ले भन्यो फेरि दोस्रो खेप् गर त
तिनिहरुले दोस्रो खेप् गर्ये । अनि त्येल्ले भन्यो तेस्रो खेप् पनि गर त
३५ तिनिहरुले तेस्रो खेप् पनि गर्ये । तब पानी बेदिको वरिपरि बग्यो अनि
३६ त्येल्ले खाड्लु पनि पानीले भर्यो । अनि सांझको भेटि चढाउंने बेलामां

येसो भयो एलिय्याह् अगम्बक्ताले नजिक् आयेर भन्यो हे यहूवे अब्राहाम्
इसहाक् र इस्राएलको ईश्वर् तपांइ इस्राएलमां ईश्वर् हो अनि मं चइं
तपांइको दास् हु अनि मैंले यि सबै काम् तपांइकै बचनले गर्येको हु भनि
आजु जानीग्रोस्। मेरो सुन्नु हवस् हे यहूवे मेरो सुन्नु हवस् र यो लोगले ३७
तपांइनै यहूवे ईश्वर् हो राक्नो अनि तपांइले तिनिहरुको मन् फर्कायेका
राक्नो भनि चाल् पाउन्। येतिमां यहूवेको आगो बर्स्यो अनि होम्बलि र ३८
दाउरा र ढुंगाहरु र धुलो भस्म पार्यो अनि खाड्लमां भयेको पानी पनि
चाट्यो। अब जब सिंगै लोगले यो देख्ये तब तिनिहरु घोप्टो पर्ये. यहांदेखि ३९
तिनिहरुले भन्ये यहूवे उइनै ईश्वर् हो रक्नु यहूवे उइनै ईश्वर् हो रक्नु।
तब एलिय्याहले तिनिहरुलाइ भन्यो बाल्का अगम्बक्ताहरुलाइ पक्र ४०
तिनिहरुमांको येउटालाइ पनि बांच्नु न देव। तब तिनिहरुले तिनिहरुलाइ
पक्र्ये. यहांदेखि एलिय्याहले तिनिहरुलाइ कीशोन्को खोल्चामां उतारि
लग्येर यहां तिनिहरुलाइ काट्यो। अनि एलिय्याहले अहाब्लाइ भन्यो ४१
मांणि चढेर खाउ पीउ किनभन्ये पानीको आघोरेईको सोर् छ। तब अहाब् ४२
खानु पीउनुलाइ चढि गयो अनि एलिय्याह् कर्मेल्को थाप्नि सम्म चढि
गयो अनि भूइंमां निउंर्यो आफ्नु मुख् आफ्ना घुंड़ाहरुको बीचमां पारि।
यहांदेखि त्येस्ले आफ्नु चाकरेलाइ भन्यो अब चढि गयेर समुन्द्र तिर हेर्। ४३
त त्येस्ले चढेर हेर्येर क्वेइ पनि रैनक्नु भन्यो। तब त्येस्ले भन्यो सात् खेप्
सम्म जांदे जांदे रहु। अनि सातौं चइं खेपमां येसो भयो त्येस्ले भन्यो हेर्नु ४४
हवस् मान्छेको हात् जत्रो येउटा सांनु बादल् समुन्द्र बाटो उठ्दै रक्नु। तब
त्येस्ले भन्यो चढि गयेर अहाब्लाइ रथ् नार्येर उत्रि जांनु हवस् होइन
भन्ये ता आफुलाइ पानीले थुनक्नु भन्ये र भन्। अनि एक् छिनैमां येसो भयो ४५
आकाश् बादल् र बतास्ले कालो भइ गयो अनि ठुलो वृष्टि पर्यो। अनि
अहाब् सवार् भयेर यिज्रेल्मां गइ पुग्यो। अनि यहूवेको हात् एलिय्याह् ४६
मांणि भइ रह्यो त त्यो आफ्नु कम्मर् कस्येर यिज्रेल्को ढोका सम्म
अहाबको अघि अघि दुगुर्दै गियो॥

(एलिय्याह् निरास् हुंनु अनि फेरि हूप् बांध्नु)

तब अहाब्ले ईजेबेल्लाइ एलिय्याहले को को गर्यो अनि त्येस्ले १९ १
सबै अगम्बक्ताहरुलाइ पनि तरवार्ले काट्यो भनि सुनायो। तब ईजेबेल्ले २
एलिय्याह् थांइ येसो भनिकन मान्छे पठाई भोलि येति बेला मैंले तेरो
जीवन् तिनिहरुमांको येउटाको जीवन् जस्तै तुल्याईंन भन्ये देखि ता
देवताहरुले मलाइ येसै अं यो भन्दा बेसि पनि गरुन्। अनि जब एलिय्याह्ले ३
यो कुरो सुन्यो तब उठेर आफ्नु जीवन्को लागि भाग्येर यहूदा पठ्टि पर्यको
बेर्शेबामां आइ पुग्यो यहांदेखि आफ्नु चाकरेलाइ तिहीं छोड़ि राख्यो।
तर त्यो आफु चइं बन्मां एक दिन्को बाटो गयो यहांदेखि येउटा झाऊको ४
बोट् मुनि पुग्येर बस्यो. यहांदेखि त्येस्ले आफ्नु लागि काल् मांग्येर भन्यो

भयो अब हे यहवे मेरो प्राण् लिनु हवस् किनभन्ये मं आफ्ना पितृहरु
५ भन्दा जाति कुइंन । अनि त्यो ढल्कोर झाऊको बोट् मुनि सुति गयो त हेर
६ येउटा दूतले त्येस्लाइ छोयेर भन्यो उठेर खा । तब त्येस्ले हेर्यर को देखो
भन्ये त्येस्को सिरान् तिर कोइलामां पोल्येको फुलौरो र पानीको येउटा भाडो
७ रछ । तब त्येस्ले खायो पीयो वहांदेखि फेरि ढल्क्यो । तब यहवेको दूतले
फेरि दोस्रो खेप् आयेर त्येस्लाइ छोइ भन्यो उठेर खा किनभन्ये यात्रा
८ तेरो लागि बेसि छ । त त्येस्ले उठेर खायो अनि पीयो वहांदेखि त्येइ
भोजनको बलले चालीस् दिन् र चालीस् रात् ईश्वरको पर्वत् होरेब् सम्म
९ हिंडुदै रह्यो । तब त्येस्ले येउटा ओढ़ारमां पुग्येर त्याहां बास् गर्यो अनि
हेर त्यो थांइ यहवेको बचन् आयो अनि उस्ले त्येस्लाइ भन्यो ए एलिय्याह्
१० तं यहां को गर्दै छस् । त त्येस्ले भन्यो मं सेनाहरुको ईश्वर् यहवेको लागि
अगघोर् रापीलो भयेको छु किनभन्ये इस्राएलबंशीहरुले तपांइको नियम्
छोड़ि दियेका छन् तपांइको बेदि भत्काइ दियेका छन् अनि तपांइका
अगमबक्ताहरुलाइ तरवारले काटि दियेका छन् . अनि मं अं मैं येउटा
मांत्रै बांच्येको छु अनि तिनिहरुले मेरै प्राण् पनि त्येस्लाइ लैजांनुको लागि
११ खोजद छन् । तब उस्ले भन्यो निस्कोर पर्वतमां यहवेको सांमु उभौ । तब
हेर यहवे छेउ बाटो गयो अनि येउटा ठुलो बलियो बतासले यहवेको
सांमु पहाड़ फुटायो अनि पहरा टुक्रा टुक्रा पारि दियो तर बतास
चइंमां यहवे ता थियेन . अनि बतास पछि भूइंचाल् तर भूइंचालचइंमां
१२ पनि यहवे ता थियेन . अनि भूइंचाल् पछि आगो तर आगोचइंमां पनि
१३ यहवे ता थियेन . अनि आगो पछि मलीम् साउतिको शब्द । अनि येसो
भयो जब एलिय्याहले यो सुन्यो तब त्येस्ले आफ्नु मुख् आफ्नु खाछोले
छोप्यो अनि बाहर निस्कोर ओढ़ारको मुखमां उभीइ रह्यो । त हेर
१४ त्येस्कां येउटा शब्दले आइ भन्यो ए एलिय्याह् तं यहां को गर्दै छस् । तब त्येस्ले
भन्यो मं सेनाहरुको ईश्वर् यहवेको लागि अगघोर् रापीलो भयेको छु
किनभन्ये इस्राएलबंशीहरुले तपांइको नियम् छोड़ि दियेका छन् तपांइको
बेदि भत्काइ दियेका छन् अनि तपांइका अगमबक्ताहरुलाइ तरवारले
काटि दियेका छन् अनि मं अं मैं येउटा मांत्रै बांच्येको छु अनि तिनिहरुले
१५ मेरै प्राण् पनि त्येस्लाइ लैजांनुको लागि खोजद छन् । तब यहवेले त्येस्लाइ
भन्यो गयेर दमिश्कको बनमां आफ्नु बाटो बाड़ो फर्कि जा . अनि तहां
१६ पुगदा तैंले हजाएलूलाइ अराम् मांथि राजा हुंनुलाइ अभिषिक्त गर् . अनि
निम्शीको छोरो येहूलाइ इस्राएल् मांथि राजा हुंनुलाइ अभिषिक्त गर् .
अनि आबेलमहोलामां बस्ने शापातको छोरो एलीशालाइ आफ्नु ठांउको
१७ लागि अभिषिक्त गर् । अनि येसो हुंछ हजाएलको तरवार् देखि बांचनेलाइ
येहूचइंले काटछ . अनि येहूको तरवार् देखि बांचनेलाइ एलीशाले काटछ ।
१८ तैपनि मं आफ्नु लागि बालको सांमु सब् घुड़ा न टेक्येका र त्येस्लाइ चूमा न
खायेका सबै मुखहरु इस्राएलमां सात् हजार् जनालाइ राखि छोड़छु ।

तब त्यो त्यहां बाटो हिंड्यो अनि शापात्को कोरो एलीशालाइ त्येस्को अघि १९
अघि बारह जोर् गोरुले हलो जोत्दै गर्येको अनि त्यो आफैचइंलाइ
बाह्रौं चइं सङ हुंदै गर्येको भेटायो. तब एलिय्याहले त्यो थांइ गयेर त्येस्
मांथि आफ्नु खाष्टो हालि दियो। तब त्येस्ले आफ्नु गोरु कोड़ेयर २०
एलिय्याह् पछि दगुर्येर भन्यो कृपागरि मंलाइ आफ्ना बाबु आंमालाइ
चूमा खांनु दिंनु हवस् त मं आफुलाइ पछ्याउंछु। त त्येस्ले त्येस्लाइ भन्यो
फर्कि जा किनभन्ये मैंले तंलाइ के गर्येको छु। तब त्येस्ले त्येस्लाइ पछ्याउंनु २१
देखि फर्क्यर एक् जोड़ा गोरु लियेर तिनलाइ काट्यो अनि तिनको मांसु
गोरुहरुको सादाम्ले पकायेर लोगलाइ दियो त तिनिहरुले खाये। तहां
पछि त्येस्ले उठेयर एलिय्याह् पछि लाग्येर त्येस्को सेवा गर्नु लाग्यो॥

(अरामीहरु मांथि जयहुवाई)

अनि अराम्को राजा बेन्हददले आफ्नु सिंगै सेनाहरुलाइ भेला २० १
गरायो. अनि त्यो सङ बत्तीस् जना राजाहरु थिये अनि घोड़ाहरु र
रथ्हरु पनि थिये. त त्येस्ले चढ़ि आयेर शोमरोन्लाइ घेर्यो अनि त्यो सित
लड़ाइँ गर्यो। तहांदेखि त्येस्ले सहर्मां इस्राएल्को राजा अहाब् थांइ २
दूत्हरुलाइ पठायेर त्येस्लाइ भन्यो बेन्हददले येसो भन्द छ तेरा चांदी ३
र तेरा सुन् मेरा हुन् तेरी स्वास्नीहरु र तेरा बालखहरु अं सबै अस्सल्
अस्सल्हरु मेरै हुन्। तब इस्राएल्को राजाले उत्तर् दिइ भन्यो हे मेरा ४
प्रभु हे महाराजा आफुको बचन् अनुसार् येसै हो मं र ज्यै ज्यै मेरा छन्
सबै आफुकै हुन्। अनि दूत्हरुले फेरि आयेर भन्यो बेन्हददले येसो भन्द ५
छ सांचि मैंले तं थांइ तैंले मंलाइ आफ्नु चांदी सुन् र स्वास्नीहरु
बालखहरु सुम्पि दिंनु भनि पठायेको छु तर भोलि येति बेलामां ६
आफ्ना चाकरेहरुलाइ तं थांइ पठाउंछु अनि तिनिहरुले तेरो घर् र तेरा
चाकरेहरुका घर्हरु ढुंढ्लछन् अनि येसो हुंछ ज्यै ज्यै तेरा नजर्मां
मन्पर्दाहरु छन् ति तिनिहरुले आफ्ना आफ्ना हातमां लिइ ल्याउंछन्।
तब इस्राएल्को राजाले देस्का सबै प्राचीन्हरुलाइ भनि पठायो कृपागरि ७
थाहा पाउ त्येस् माथ्केले बुराई कसो कसोगरि खोज्द छ भनि. किनभन्ये
त्येस्ले मं थांइ मेरो स्वास्नीहरु बालखहरु र सुन् चांदीको लागि
माथ्के पठायेको छ अनि मैंले तिनिहरुलाइ राखि छोड़ीन। तब सबै ८
प्राचीन्हरु र सबै लोगले त्येस्लाइ भन्ये आफुले न सुन्नु अनि न मान्नु।
येकारण त्येस्ले बेन्हददका दूत्हरुलाइ भन्यो मेरा प्रभु महाराजालाइ ९
आफुले आफ्नु दास् थांइ पहिले भनि पठायेको कुरो अनुसार् गर्छु.
तर त्यो काम् मैंले गर्नु हुंदैन भनि देव भनि पठायो। त ति दूत्हरुले
हिंड़ि गयेर त्यो थांइ समाचार् फर्काइ लग्ये। तब बेन्हददले त्येस्लाइ येसो १०
भनि पठायो शोमरोन्को धुलो मंलाइ पछ्याउंने सबै लोगको लागि
मुठिभरि भरि पुग्यो भन्ये देवताहरुले मं सित येसै अं यो भन्दा पनि बेसि

११ गरून् । तब इस्राएलको राजाले उत्तर दिइ भन्यो हतियार भिर्ने गर्नेले
१२ त्यो फुकाउँदै गर्नेले झैं शेखी न गरोस् भन्येर त्येस्लाइ भन । अनि येसो भयो
बेन्हदद् र ति राजाहरु समेतले झाप्रामां पौउँदै गर्दाको बेलामां यो
समाचार् सुन्ये तब त्येस्चइंले आफ्ना चाकरेहरुलाइ भन्यो पाङ्ति पाङ्ति
१३ बांध । त तिनिहरुले सहरको बिरुद्धमां पाङ्ति पाङ्ति बांधे । अनि हेर
येउटा अगम्बक्ताले इस्राएलको राजा अहाबको ढोकामां आयेर भन्यो
यहवेले येसो भन्द छ को तैंले यो ठुलो धुइरोलाइ देख्योको छस् . हेर् मं
त्येस्लाइ आजु तेरो हातमां सुम्पि दिंछु त तैंले चाल् पा यहवे मैंनै हो रांछु
१४ भनि । तब अहाबले भन्यो कस्को बाटोले । त त्येस्ले भन्यो यहवेले येसो
भन्द छ इलाकाहरुका मालिकहरुका जुवानहरुको बाटोले । तब त्येस्ले सोध्यो
१५ लड़ाईं कस्ले थालछ । त्येस्ले उत्तर दियो तिमिले । तब त्येस्ले इलाकाहरुका
मालिकहरुका जुवानहरुलाइ भेला गरायो त तिनिहरु दुइ सै र बत्तीस् जना
पाईये . अनि तिनिहरु पछि सिंगै लोग् अं सिंगै इस्राएलबंशीहरुलाइ
१६ पनि भेला गरायो अं सात् हजार् जनालाइ । तब तिनिहरु मद्धेनि दिन्मां
निस्कि गये । तर बेन्हदद् राजाहरु समेत् अर्थात् त्येस्लाइ गोहार् गर्न
बत्तीस् राजाहरु समेत् झाप्रा झाप्रामां मातुंज्याल् सम्म पौइ रच्योका थिये ।
१७ तब इलाकाहरुका मालिकहरुका जुवानहरु पहिले निस्कि गये तब
तिनिहरुले मान्छे पठायेर त्येस्लाइ यिनिहरु शोमरोन् देखि आयेका
१८ मान्छेहरु हुन् भनि कांहि दिंद थिये । तब त्येस्ले भन्यो तिनिहरु मिलापको
लागि आयेका भये पनि जीउंदै पक्र कि तिनिहरु लड़ाईंको लागि आयेका
१९ भये पनि जीउंदै पक्र । तब तिनिहरु अर्थात् इलाकाहरुका मालिकहरुका
२० जुवानहरु र तिनिहरुलाइ पछ्याउने पल्टन् सहर् देखि गये । तब तिनिहरु
जनंगेले आफ्नु आफ्नै मान्छेलाइ मांरे अनि अरामीहरु भाग्ये अनि
इस्राएलले तिनिहरुलाइ खेद्यो . अनि अरामको राजा बेन्हदद् घोड़ामां
२१ चढ़ेर घुक्सवारहरु सङ भागि बांच्यो । अनि इस्राएलको राजाले निस्कि
गयेर घोड़ाहरु र रथहरुलाइ काट्यो अनि अरामीहरुलाइ ठुलो मंराईले
२२ मांरयो । तब त्येस् अगम्बक्ताले इस्राएलको राजा कोछ आयेर त्येस्लाइ भन्यो
गयेर आफुलाइ बलियो गराउ अनि राम्रोगरि हेर तिमिले के गर्नु पर्छ .
किनभन्ये नया साल् लागदा अरामको राजा तिम्रो बिरुद्धमां चढ़ि आउंछ ॥
२३ अनि अरामको राजाका चाकरेहरुले त्येस्लाइ भन्ये तिनिहरुको
देवताहरु पहाड़का देवताहरु हुन् त्येस्कारणले तिनिहरु हांमिहरु भन्दा
बलियो भये . तर हांमिहरुले तिनिहरुको बिरुद्धमां मैदानमां लड़ाईं गर्य
२४ भन्ये देखि ता साँचिनै हांमिहरु तिनिहरु भन्दा बलियो हुंछौं । त येसो
गर्नु हुवस् ति राजाहरु जनंगेलाइ तिनिहरुको ठांउ देखि हटाउनु हुवस्
२५ अनि तिनिहरुको साटोमां मालिकहरुलाइ खटाउनु हुवस् . अनि आफ् सङ
हाने पल्टन् जस्तो घोड़ाहरुको साटो घोड़ाहरु रथहरुको साटो रथहरुको
अर्को पल्टन् आफ्नु लागि गन्नु हुवस् . त हांमिहरु तिनिहरु सित मैदानेमां

लड़ाईं गर्छां त निस्से हांमिहरु तिनिहरु भन्दा बल्लिया हुंछौं । त येस्ले तिनिहरुको कुरा सुन्येर येसै गर्‍यो । अनि नया साल् लाग्दा येसो भयो २६
बेन्हददले अरामीहरुलाइ भेला गरायो वहांदेखि इस्राएल् सित लड़ाईं गर्नुलाइ अपेकमां चढ़ि आयो । तब इस्राएलबंशीहरु पनि भेला भये अनि २७
खांने सादाम् पायेर तिनिहरुको बिरुद्धमां चढ़ि गये . अनि इस्राएलबंशीहरु तिनिहरुको सांमु पाठाहरुका दुवटा समाना बगाल्हरु जस्ताले डेरा हाल्येका थिये तर अरामीहरु चइं देखि देस् भरीयेको थियो । अनि २८
ईश्वरको एक् जनले छेउ आयेर इस्राएलको राजालाइ येसो भन्यो यहुवेले येसो भन्द छ अरामीहरुले यहुवे पहाड़को देवता हो तर बेंसिको देवता होइन भन्येर भन्ये येस्कारण् त्यो तुलो धुइरोलाइ मं तेरो हातमां सुम्पि दिंद छु तब तिमिहरुलाइ यहुवे मैंने हो रांकु भनि थाहा हुंछ । त तिनिहरु २९
सात् दिन् सम्म एका अर्काको बिरुद्धमां डेरा हालि रह्ये । अनि येसो भयो सातौं चइं दिनमां लड़ाईं थालीयो अनि इस्राएलबंशीहरुले एकै दिनमां अरामीहरुमांको एक् लाख् पैदललाइ काटि दिये । तर रह्येकाहरु अपेकमां ३०
सहरमां भागि गये अनि उब्र्येका सत्ताईस् हजार् जना मांथि भित्ता भर्‍यकि पर्‍यो । तब बेन्हदद् भाग्येर सहरमां येउटा भित्रे कोठामां पस्यो ।
तब येस्का चाकरेहरुले येस्लाइ भन्ये अब हेर्नु हवस् हांमिहरुले इस्राएलको ३१
जहान्का राजाहरु कृपा गर्ने राजाहरु छन् अरे भनि सुन्येका छौं . त कृपागरि हांमिहरुलाइ आफ्नु आफ्नु कम्मरमां भाड़ा बेहेर्येर आफ्नु आफ्नु कपालमां डोरी लगायेर इस्राएलको राजा थांइ निस्कि जांनु दिंनु हवस् . कोनि कते येस्ले आफुको जीवन् बचाउला कि । तब तिनिहरुले ३२
आफ्नु आफ्नु कम्मरमां भाड़ा बेहेर्ये अनि आफ्नु आफ्नु कपालमां डोरी लगाये वहांदेखि इस्राएलको राजा थांइ आयेर भन्ये आफुको दास् बेन्हददले भन्न छ मं बिन्ति गर्द छु मंलाइ जौउंनु दिंनु हवस् भनि । तब येस्ले भन्यो कि त्यो अझै जौउंदै छ . त्यो मेरो भाई हो । तब मान्छेहरुले ३३
चंड भइ हेर्दै येस्को मनमां को छ भनि समात्नुलाइ फुर्ति गर्‍ये अनि तिनिहरुले भन्ये आफुको भाई बेन्हदद् । तब येस्ले भन्यो गयेर येस्लाइ यहां ल्याउ । तब बेन्हदद् त्यो थांइ निस्कि आयो अनि येस्ले येस्लाइ रथमां चढ़्नु लायो । तब बेन्हददले येस्लाइ भन्यो मेरो बाबुले आफुको बाबु ३४
देखि लग्येका सहरहरु फर्काइ दिंछु अनि मेरो बाबुले शोमरोनमां बनायेको झैं आफुले आफ्नु लागि दमिश्कमां सटक्हरु बनाउंनु हवस् । तब अहाबले भन्यो मं यो बाचा बांधिकन आफुलाइ बिदा दिंछु । तब येस्ले त्यो सङ बाचा बांध्यो वहांपछि येस्लाइ बिदा दियो ॥

अनि अगमबक्ताको खालको येउटाले आफ्नु साथीलाइ यहुवेको ३५
बचनले भन्यो कृपागरि मंलाइ हिर्काउ । तर येस्ले येस्लाइ हिर्काउंनु मान्येन ।
तब येस्ले येस्लाइ भन्यो यहुवेको शब्द न मान्येको कारणले तिमि मं देखि ३६
जांनु बित्तिकै येउटा सिंहले तिमिलाइ मार्छ । न भन्दै त्यो यस् थांइ देखि

३७ जांनु बित्तिकै येउटा सिंहले त्येस्लाइ भेट्टायेर मांग्यो । तब त्येस्ले अर्को
येउटा मान्छेलाइ भेटेर भन्यो कृपागरि मंलाइ हिर्काउ । तब त्येस् मान्छेले
३८ त्येस्लाइ हिर्काई हिर्काईकन घायल् पार्यो । तब त्यो अगम्बक्ता हिंड़ि गयेर
राजाको लागि बाटोको कुेउमां पर्खि रह्यो अनि आफ्नु पगरिले आफ्ना
३९ आंखा कोप्पेर न चिन्ने जस्तो भइ रह्यो । अनि राजा त्येता बाटो जांदा त्येस्ले
राजालाइ हाप्यो . तहांदेखि त्येस्ले भन्यो आफुको दास् लड़ाईंको बीचमां
निस्कि गयो त हेर येउटा मान्छेले फर्क्यर येउटा मान्छेलाइ मं थांइ ल्यायेर
भन्यो येस् मान्छेको खबर्दारी गर् . त्यो कोई परिले हरायो भन्ये देखि
त्येस्को प्राणको साटो तेरै प्राण् जांक्ष न भये एक् तोड़ा चांदी दिंनु पर्छ भनि ।
४० अनि जब आफुको दास्ले येता उति काम् गर्द थियो त्येति बेला त्यो गइ
गये क्ष । तब इस्राएल्को राजाले त्येस्लाइ भन्यो तेरो निया येसै हुवस् तं
४१ आफैले निया गरिस् । तब त्येस्ले फुर्ति गर्यर आफ्ना आंखा देखि पगरि
फुकायो तब इस्राएल्को राजाले यो अगम्बक्ताहरुमांको हो रक्ष भनि
४२ चिन्यो । तब त्येस्ले राजालाइ भन्यो यहुवेले येसो भन्द क तैंले मैंले भाकल्
गर्येको थोक् भैं नास् गरीनं माफिक्को जान्येको मान्छेलाइ आफ्नु हात्
देखि कोड़ि दियेको कारणले त्येस्को प्राणको साटो तेरो प्राण् जांक्ष अनि
४३ त्येस्को लोग्को साटो तेरो लोग् । तब इस्राएल्को राजा कालो मुखको
भयेर रिसाउंदै आफ्नु घरमां आइ शोमरोन्मां पुग्यो ॥

(नाबोत् मांरींनु अनि ईश्वर्को क्रोध्)

२१ १ यि कुरा पछि येसो भयो यिज्रेली नाब्रोत्को येउटा दाख्को बारी
२ यिज्रेल्मां शोमरोन्को राजा अहाब्को महल्को कुेउमां थियो । त अहाबले
नाब्रोत्लाइ येसो भन्यो मंलाइ आफ्नु दाख्को बारी दे र मं त्यो
साक्पात्को बारी बनाउंक्ष किनभन्ये यो मेरो महल्को कुेउमां क्ष अनि म
तंलाइ त्येस्को साटोमां त्यो भन्दा जाति येउटा दाख्को बारी दिंक्ष . कि त
तंलाइ जाति लाग्क्ष भन्ये देखि मं तंलाइ त्येस्को मोल् भरिपेइ दिंक्ष ।
३ तब नाब्रोत्ले अहाब्लाइ भन्यो मैंले आफ्ना पित्रहरुको किपोट् आफुलाइ
४ दिंनु यहुवेले मंलाइ येसो गर्नु न देवस् । तब अहाब् यिज्रेली नाबोत्ले
त्यो सब गर्येका कुराको कारणले कालो मुखको भयेर रिसाउंदै आफ्नु घरमां
आयो . किनभन्ये त्येस्ले मं आफुलाइ आफ्ना पित्रहरुको किपोट् दिन्न
भन्येको थियो । तब राजा आफ्नु ओछ्यानमां ढल्को अनि आफ्नु मुख
५ फर्कायो अनि भोजन गर्नु पनि मान्येन । तर त्येस्को स्वास्नी ईजेबेल्ले
त्यो थांइ आयेर भनी आफुको मन् किन येस्तो उदास् क अनि भोजन् पनि
६ लिंदैन । तब त्येस्ले त्येस्लाइ भन्यो किनभन्ये मैंले यिज्रेली नाब्रोत्लाइ तेरो
दाख्को बारी मंलाइ दाममां दे कि त तंलाइ जाति लाग्क्ष भन्ये देखि
मं तंलाइ अर्को येउटा दाख्को बारी दिंक्ष भन्यें . अनि त्येस्ले मंलाइ मं
७ आफुलाइ आफ्नु दाख्को बारी दिन्न भन्यो । तब त्येस्को स्वास्नी ईजेबेल्ले

त्येस्लाइ भनी क्ये तिमि इस्राएल्को राज् मांथि अझै राज् गर्ने होन. उठ्येर
भोजन् गर अनि आफ्नु मन्ले आनन्द गर. मैंनै तिमिलाइ यिज्रेली
नाबोत्को दाख्को बारी दिंछु। तब त्येस्ले अहाब्को नांउले चिट्ठी लेख्येर ८
त्येस्को लाल् मोहर्ले छापी वहांदेखि त्यो चिट्ठी प्राचीन्हरु थांइ र त्येस्को
सहर्मां भयेका भारादार्हरु थांइ र नाबोत् सङ बस्नेहरु थांइ पठाइ दिई।
अनि त्येस्ले चिट्ठीमां येसो भन्येर लेखी उपास् बस्नेको उर्दी देव अनि ९
नाबोत्चइंलाइ लोग्हरु मांथि बसाल. अनि त्येस्को सांमु दुइ जना १०
बिकामे फक्कड्हरुलाइ राख जुन्हरुले त्येस्को बिरुद्धमां तैंले ईश्वर् र
राजालाइ अस्वीकार् गरिस् भनि साक्षी दिउन्। वहांदेखि त्येस्लाइ
बोकि लग्येर त्येस्लाइ मंर्नेगरि ढुंगाले लोहोत्याव। तब त्येस्को सहर्का ११
मान्छेहरुले अं ति प्राचीन्हरु र त्येस्को सहर्मां बस्ने भारादार्हरुले
ईजेबेल्ले तिनिहरु थांइ लेखि पठायेको चिट्ठी अन्सार् गर्‍ये। अर्थात् १२
तिनिहरुले उपास्को उर्दी गर्‍ये वहांदेखि नाबोत्लाइ लोग् मांथि बसाल्ये।
वहांदेखि दुइ जना बिकामे फक्कड्हरु भित्र पस्येर त्येस्को सांमु बस्ये. अनि १३
बिकामे फक्कड्हरुले लोगको सांमु त्येस्को बिरुद्धमां अं नाबोत्को बिरुद्धमां
नाबोत्ले ईश्वर् र राजालाइ अस्वीकार् गर्‍यो भनिकन साक्षी दिये।
तब तिनिहरुले त्येस्लाइ सहर् देखि बाइर लग्येर त्येस्लाइ मंर्नेगरि ढुंगाले
लोहोत्याये। वहांदेखि तिनिहरुले ईजेबेल् थांइ नाबोत् लोहोत्याईयो १४
अनि त्यो मंर्‍यो भनि पठाये। त्येस् पछि येसो भयो जब ईजेबेल्ले नाबोत् १५
लोहोत्याईये छ अनि मंर्‍ये छ भनि सुनी तब ईजेबेल्ले अहाब्लाइ भनी
उठ्येर यिज्रेली नाबोत्को जुन् दाख्को बारी त्येस्ले तिमिलाइ दाम्मां दिंनु
मान्येको थियेन त्येस्को अधिकार् लेउ. कसोगरिभन्ये नाबोत् जीउंदो छैन
तर मंर्‍यो। अनि येसो भयो जब अहाब्ले नाबोत् मंर्‍ये छ भनि सुन्यो तब १६
अहाब् यिज्रेली नाबोत्को दाख्को बारीमां उत्रि जांनुलाइ उठ्यो त्येस्को
अधिकार् लिंनुको लागि ॥

तब यह्वेको बचन् तिश्बी एलिय्याह् थांइ येसो भन्दै आयो १७
उठ्येर शोमरोन्मां बस्ने इस्राएल्को राजा अहाब्लाइ भेट्नु उत्रि जा. १८
हेर् त्यो नाबोत्को दाख्को बारीमां छ जहां त्यो त्येस्को अधिकारी हुंनुलाइ
गयेको छ। त त्येस्लाइ येसो भन् यह्वेले येसो भन्द छ क्ये तैंले मांर्‍येको १९
छस् अनि अधिकार् पनि लियेको छस् भनि. अनि त्येस्लाइ येसो पनि भन्
यह्वेले येसो पनि भन्द छ जुन् ठांउमां कुकुर्हरुले नाबोत्को रगत् चाट्ये
त्येइ ठांउमां तेरो रगत् पनि अं तेरै रगत् पनि कुकुर्हरुले चाट्छन्।
तब अहाब्ले एलिय्याह्लाइ भन्यो ए मेरो सत्तुर् क्ये तैंले मंलाइ भेटायेको २०
छस्। अनि त्येस्ले उत्तर् दियो तंलाइ भेटायेको छु. किनभन्ये तैंले
यह्वेको सांमु ज्ये ज्ये बुरो छ त्यो गर्नुलाइ आफुलाइ बेच्येको छस्। हेर् २१
मं तं मांथि बुराई ल्याउंछु अनि तंलाइ स्यांट्ठै बढ़ाछु अनि अहाब् देखि
सबै केटाबालखहरुलाइ र इस्राएल्मां थुनीयेका र छोड़ीयेकाहरुलाइ

२२ पनि काटि दिंछु. अनि तैंले मंलाइ रिसाउंनु लाउंनुलाइ र मेरो रिस्
उठ्नु लाउंनुलाइ र इस्राएल् देखि गरायेको पाप्को कारण्ले नबात्को
छोरो यारोबाम्को जहान् जस्तो र अहिय्याह्को छोरो बाशाको जहान्
२३ जस्तो तेरो जहान् पनि तुल्याउंछु। अनि ईजेबेल्को बिषय्मां पनि
यह्वेले येसो भन्यो ईजेबेल्लाइ कुकुर्हरुले यिज्रेल्को घेराभित्ता निर
२४ खांछन्। सहर्मां अहाब्को जो मंर्छ त्येस्लाइ कुकुर्हरुले खांछन् अनि
२५ बन्मां जो मंर्छ त्येस्लाइ अकाश्का पंषीहरुले खांछन्। (अं अहाब् जस्ले
यह्वेको सांमु बुराई गर्नुलाइ आफुलाइ बेच्यो जस्लाइ त्येस्की स्वास्नी
२६ ईजेबेल्ले सुत्याई त्यो जस्तो कोई पनि थियेन। अनि त्येस्ले मूर्त्तिहरु
पछ्याउंदामां अग्घोर् घिन्लाग्दो काम् गर्‍यो इस्राएल्बंशीहरुको सांमु
२७ यह्वेले धपायेका एमोरीहरुले गर्‍येका सबै झैं।) अनि येसो भयो अहाब्ले
यि कुरा सुन्दाखेरि आफ्नु बस्त्र फार्‍यो अनि आफ्नु जीउमां भांग्रा
लगायो अनि उपास् बस्येर भांग्रामां बस्यो अनि बिस्तार् बिस्तार्
२८ हिंड्यो। तब यह्वेको बचन् तिश्बी एलिय्याह् थांइ येसो भन्दै आयो
२९ क्यो तैंले अहाब्ले आफुलाइ मेरो सांमु कस्तो दीन् तुल्याउंद छ भनि
देख्द छस्. त्येस्ले मेरो सांमु दीन् तुल्यायेको कारण्ले मं त्येसैको
पालामां बुराई ल्याउंदींन. तर त्येस्को छोरोको पालामां त्यस्को जहान्
मांथि बुराई ल्याउंछु॥

(अहाब् मांरींनु)

२२ १ अनि तीन् बर्ष सम्म अराम् र इस्राएल्को बीच्मां लड़ाईं भयेन।
२ अनि तीस्रो बर्षमां येसो भयो यहूदाको राजा यहोशापात् इस्राएल्को
३ राजा थांइ उत्रि गयो। अनि इस्राएल्को राजाले आफ्ना चाकरेहरुलाइ
भन्यो रामोत्गिलाद् हांमिहरुको हो भनि क्यो तिमिहरुलाइ थाहा छैन
अनि हांमिहरुले चुप्चाप् बसि रहंदै त्यो अराम्को राजाको हात् देखि
४ लियेका छौंन। अनि त्येस्ले यहोशापात्लाइ भन्यो क्यो रामोत्गिलाद्मां
लड़ाईं गर्नुलाइ मं सङ जांनु हुंछ। तब यहोशापात्ले इस्राएल्को
राजालाइ भन्यो जस्तो आफु उस्तै मं मेरा पर्जा आफुका पर्जा जस्तै मेरा
५ घोड़ाहरु आफुका घोड़ाहरु जस्तै। फेरि यहोशापात्ले इस्राएल्को
राजालाइ भन्यो कृपागरि आजु यह्वेको बचन्को सोधनी गर्नु हवस्।
६ तब इस्राएल्को राजाले अगम्बक्ताहरुलाइ चार् सै जना जति भेला
गरायेर तिनिहरुलाइ भन्यो क्यो मं रामोत्गिलाद्को बिरुद्धमां लड़ाईं
गर्नुलाइ जाउं कि थुनीउं। तब तिनिहरुले भन्ये चढ़ि जांनु हवस्
७ किनभन्ये यह्वेले त्यो राजाको हात्मां सुम्पि दिंछ। तर यहोशापात्ले
भन्यो यहां अरु कोई यह्वेको अगम्बक्ता छैन जो सित हांमिहरु
८ सोधनी गरुं। तब इस्राएल्को राजाले यहोशापात्लाइ भन्यो अझै येउटा
मान्छे ता छ जो देखि हांमिहरुले यह्वे सित सोधनी गर्नु सक्छौं अर्थात्

यिस्राको छोरो मीकायाह् . तर मं त्यो देखि घिन् राख्द छु किनभन्ये त्येस्ले मेरो विषयमां भलाई होइन तर बुराईको अगम् मांत्रै कहंद छ । तब यहोशापात्ले भन्यो राजाले येसो न भन्नु हवस् । तब इस्राएल्को ९
राजाले येउटा मालिक्लाइ बोलायेर भन्यो यिस्राको छोरो मीकायाह्लाइ छिट्टो बोलाइ पठा । त्येति बेला इस्राएल्को राजा र यहोशापात् राजा १०
आफ्ना आफ्ना राजपोशाक् लायेर शोमरोन्को ढोकाको छेउमां भयेको खोला ठांउमां आफ्ना आफ्ना सिंहासनमां बसि रह्नेका थिये अनि सबै अगमवक्ताहरुले तिनिहरुको सांमु अगम् कहंद थिये । अनि कनानाको ११
छोरो सिदकिय्याह्ले फलमका सींग् बनायेर भन्यो यहवेले येसो भन्द छ यिनैले तैंले अरामीहरुलाइ तिनिहरु नष्ट न होउंज्याल् सम्म तिनिहरुलाइ हान्छस् । अनि सबै अगमवक्ताहरुले रामोत्गिलादमां चढि गयेर १२
भाग्येमान्का हुंनु हवस् किनभन्ये यहवेले त्येस्लाइ राजाको हातमां सुम्पि दिंछ भन्दै अगम् कहंद थिये । अनि मीकायाह्लाइ डाकि ल्याउंनुलाइ १३
पठायेको दूतले त्येस्लाइ भन्यो अब हेर्नु हवस् अगमवक्ताहरु सबैले एक् मुख् भइ राजाको लागि जाति कुरा कहंद छन् . त कृपागरि आफुको कुरो पनि तिनिहरुमांको येउटाको कुरो जस्तो हवस् अनि आफुले पनि जाति भन्नु हवस् । तब मीकायाह्ले भन्यो यहवे जीइ रह्नेको भैं यहवेले जे जे १४
भंलाइ भन्छ त्येइ भन्छु । अनि जब त्यो राजा थांइ आइ पुग्यो तब राजाले त्येस्लाइ भन्यो ए मीकायाह् के हांमिहरु रामोत्गिलादमां लड़ाईं गर्नुलाइ जाऊं कि घुनीऊं । तब त्येस्ले उत्तर् दियो चढि गयेर भाग्येमान्का हुंनु १५
हवस् किनभन्ये यहवेले त्यो राजाको हातमां सुम्पि दिंछ । तब राजाले त्येस्लाइ भन्यो मं कति खेप् तंलाइ यहवेको नांउमां सच्चैईं मांत्रै भन् भनि किरिया खुवाउं । तब त्यस्ले भन्यो मैंले सिंगै इस्राएल्लाइ गोठाला १७
बिनाका भेंड़ाहरु जस्ता पहाड़ हुंदो छरपुष्ट भयेका देख्यें . अनि यहवेले तिनिहरुको कोई धनी छैन तिनिहरु जनंगे आफ्नु आफ्नु घरमां कुशल् सित फर्कि जाउन् भन्येको छ भन्यैर भन्यो । तब इस्राएल्को राजाले १८
यहोशापात्लाइ भन्यो के मैंले आफुलाइ त्येस्ल मेरो विषयमां भलो होइन तर बुरो मांत्रै अगम् कहंछ भन्ये र भन्येको थिइंन । तब त्येस्ले भन्यो त १९
तिमिहरुले यहवेको बचन् सुन . मैंले यहवेलाइ उस्को सिंहासनमां बस्येको र अकाशको सिंगे सेनालाइ उस्को दाहीनो र बांउ पट्टि उभीइ रह्नेका देख्यें । त यहवेले भन्यो अहाबलाइ त्यो रामोत्गिलादमां चढि २०
गयेर लड़ाईं गर्नुलाइ कस्ले उल्काउंछ । अनि येउटाले यो परिले भन्यो अनि अर्कोले त्यो परिले भन्यो । तब येउटा आत्माले निस्कोर यहवेको सांमु २१
उभीयेर भन्यो त्येस्लाइ मं उल्काउंछु । तब यहवेले त्येस्लाइ सोध्यो कोले । त्येले भन्यो मं निस्कि गयेर त्येका सिंगे अगमवक्ताहरुको मुखमां झूठो २२
आत्मा हुंनु । तब उस्ले भन्यो त्येस्लाइ उल्काउंछस् अनि जीत्छस् पनि . निस्कि गयेर यैसे गर् । त अब हेर यहवेले तिम्रा यि सबै अगमवक्ताहरुको २३

मुखमां येउटा झूठो आत्मा हाल्येको छ अनि यहवेले तिम्रो विषयमां
२४ बुरो कह्येको छ। तब कनानाको छोरो सिदकिय्याहले छेउ आयेर
मीकायाहलाइ गालामां हिर्कायेर भन्यो यहवेको आत्मा मं देखि तेरोमां
२५ बोलनुलाइ कहां बाटो गयो। तब मीकायाहले भन्यो हेर जस् दिन् त
२६ लुकनुलाइ येउटा भित्रेकोठामां पस्छस् त्येस् दिन् देखछस्। अनि
इस्राएलको राजाले भन्यो मीकायाहलाइ समात्येर त्येस्लाइ सहरको मालिक
२७ आमोन् र योआश् राजकुमार् थांइ उठाइ लैजाव अनि भन राजाले
येसो भन्छ येस्लाइ झेलखानमां हाल अनि येस्लाइ मं कुशल् सित फर्कि न
२८ आउंज्याल् सम्म दुक्खको रोटी र दुक्खको पानी खुवाव। तब मीकायाहले
भन्यो तिमि कोई पनि कुशल् सित आयौ भन्ये देखि ता यहवेले मेरो
मुखको बाटोले भन्ने भन्येन छ। अनि त्येस्ले भन्यो हे लोगहरु हो
तिमिहरु सबैले सुनि राख॥

२९ तब इस्राएलको राजा र यहूदाको राजा यहोशापात् रामोत्गिलादमां
३० चढि गये। अनि इस्राएलको राजाले यहोशापातलाइ भन्यो मं आफ्नु
भेष फेर्येर लड़ाईंमां जांछु तर आफ्नचइंले आफ्नै राजपोशाक लाउनु
३१ हवस्। तब इस्राएलको राजा भेष फेर्येर लड़ाईंमां गयो। अब
अरामको राजाले आफ्ना रथहरुका बत्तीस जना मालिकहरुलाइ येसो
भनि आज्ञायेको थियो न सांनु न तुलो कसै सित लड़ाईं गर तर खालि
३२ इस्राएलको राजा सित मात्रै भनि। त जसै रथहरुका मालिकहरुले
यहोशापातलाइ देख्ये तब येसो भयो तिनिहरुले त्यो निस्से इस्राएलको
राजानै हो भन्येर त्यो सित लड़ाईं गर्नुलाइ त्यो तिर फर्क्यो. तब
३३ यहोशापात् कराय्यो। अनि जसै रथहरुका मालिकहरुले त्यो इस्राएलको
राजा होइन रछ भनि देख्ये तब तिनिहरु त्येस्लाइ खेद्नु देखि फर्क्यो।
३४ तब येउटा मान्छेले सोजो मनको भइ धनु तान्येर इस्राएलको राजालाइ
त्युक्को झिलमको जोर्निमां हान्यो. तब त्येस्ले त्येको रथको साथीलाइ
भन्यो आफ्नु हात फर्कायेर मंलाइ सेना देखि बाहिर लैजा किनभन्ने
३५ घायेल् भयेको छु। अनि त्येस् दिन् लड़ाईं धेरै बढ्यो. अनि
राजा आफ्नु रथमां अरामीहरुको विरुद्धमां अड़्याइ राखीयो तर सांझको
३६ बेर गयो. अनि घाउ बाटो रगत् रथको भूइंमां बह्यो। तब घाउ
अस्ताउंदै गयेको बेलामां सेनामां कराई भयो जनंगे आफ्नु आफ्नु
३७ सहरमां र जनंगे आफ्नु आफ्नु देसमां जाव भन्ने। त राजा मऱ्यो अनि
शोमरोनमां पुऱ्याईयो अनि तिनिहरुले राजालाइ शोमरोनमां गाड़ेर।
३८ अनि यहवेले भन्येको बचन् अनुसार तिनिहरुले रथ शोमरोनको
पोखरीमां धोये अनि कुकुरहरुले त्येको रगत् चाट्यो (अनि वेश्याहरुले
३९ छाती नुहाउंद थिइन्)। अब अहाबका बाकि काम् र जे जे त्येस्ले गर्यो
अनि त्येस्ले बनायेको हातिदांतको महल् र त्येस्ले बनायेका सबै सहरहरु को
लि इस्राएलका राजाहरुको इतिहासको पोस्तकमां लेख्येका छैनन्। येसोगरि

अहाब् आफ्ना पित्रहरु सङ सुत्यो अनि त्येस्को छोरो अहज्याहले त्येस्को ४०
साटो राज् गर्‍यो ॥

(यहोशापात्को राज्)

अनि इस्राएल्को राजा अहाबको चौथो बर्षमां आसाको छोरो ४१
यहोशापातले यहूदा मांथि राज् गर्नु थाल्यो । राज् गर्नु थाल्दा यहोशापात् ४२
पैंतीस् बर्षको थियो अनि त्येसले यरूशलेममां पचीस् बर्ष यहूदा मांथि राज्
गर्‍यो । अनि त्येस्की आंमाको नांउ शिल्हीकी छोरी अजूबा थियो । अनि ४३
त्यो आफ्नु बाबुका सबै बाटामां हिंड्यो यहोवेको सांमु जे जाति थियो
त्यो गर्दै बाटो देखि तर्कि गयेन . तैपनि अलगा ठांउहरु दूर् गरीयेनन्
लोगले अझै पनि अलगा अलगा ठांउहरुमां बलि चढाउंदै र धूप् हाल्दै
रहे । अनि यहोशापातले इस्राएल्को राजा सङ मिलाप् गर्‍यो । अब ४४
यहोशापातका रहल् कार्य र त्येसले देखायेको प्रताप् र त्येसले गर्‍येको लड़ाईं
को ति यहूदाका राजाहरुको इतिहास्को पोस्तकमां लेख्येका छैनन । अनि ४६
त्येस्को बाबु आसाको पालामां रहेका पुरुषगामिहरुलाइ त्येसले देस् देखि
निकालि दियो । अनि एदोममां कोई राजा थियेन . येउटा सुबिदारले ४७
राज् गर्दै थियो । यहोशापातले तर्शीसका जहाजहरु ओपीर् देखि सुन्
ल्याउंनुलाइ बनायो . तर ति गयेनन् किनभन्ये एस्योनगेबेरमां जहाजहरु ४८
फुटाईये । तब अहाबको छोरो अहज्याहले यहोशापातलाइ भन्यो मेरा
चाकरेहरुलाइ आफुका चाकरेहरु सङ जहाजहरुमां जांनु दिंनु हुवस् ।
तर यहोशापातले मान्येन । अनि यहोशापात् आफ्ना पित्रहरु सङ सुत्यो ५०
अनि आफ्नु पित्र दाऊदको सहरमां आफ्ना पित्रहरु सङ गाड़ीयो .
अनि त्येस्को छोरो यहोरामले त्येस्को साटोमां राज् गर्‍यो ॥

(अहज्याहको राज्)

यहूदाको राजा यहोशापातको सत्रौं बर्षमां अहाबको छोरो ५१
अहज्याहले शोमरोनमां इस्राएल् मांथि राज् गर्नु थाल्यो अनि त्येसले
इस्राएल् मांथि दुइ बर्ष राज् गर्‍यो । अनि त्येसले यहोवेको सांमु जे बुरो ५२
थियो त्येइ गर्‍यो अनि आफ्नु बाबुको बाटोमां र आफ्नी आंमाको बाटो
र नबात्को छोरो यारोबामले इस्राएल् देखि पाप् गराएको त्येइ
बाटो हिंड्यो । त्येसले बाल्को सेवा गर्‍यो अनि त्येसलाइ दण्डवत् गर्‍यो ५३
अनि आफ्नु बाबुले गर्‍येका सबै काम् अनुसार् इस्राएल्को ईश्वर् यहोवेलाइ
रिसाउंनु लायो ॥

राजाहरुको दोस्रो पोस्तक्।

(अहज्याहको मृत्यु)

१ १ अहाब् मर्‍यें पछि मोआब् इस्राएल् देखि बागि भयो। अनि
अहज्याह् शोमरोन्मां भयेको आफ्नु मांथिल्लो कोठाको झ्याल् बाटो
खस्येर बिसंच भयो. अनि त्येस्ले दूतहरुलाइ येसो भन्येर पठायो गयेर
एक्रोन्को देवता बाल्जबूब् सित सोधनी गर मं यो बेथा देखि निको
३ हुंकु कि हुन्न भनि। तर यहवेको दूतले तिश्बी एलिय्याहलाइ भन्यो
उठेर शोमरोन्को राजाका दूतहरुलाइ भेट्नु गयेर तिनिहरुलाइ भन्
को इस्राएल्मां कोई ईश्वर् छैन र एक्रोन्को देवता बाल्जबूब् सित
४ सोध्नु जांदै छौ। अब येसैकारण् यहवेले येसो भन्द छ तं तं चढेको
ओछ्यान् देखि उत्रंदैनस् तर निस्सेइ मर्छस्। अनि एलिय्याह् हिंड़ि गयो।
५ अनि दूतहरु त्यो थांइ फर्कि आउंदा त्येस्ले तिनिहरु सित सोध्यो तिमिहरु
६ फर्कि आयेको कारण् क्या हो। त तिनिहरुले त्येस्लाइ भन्ये हांमिहरुलाइ
भेट्नु एक् जना मान्छे आयो जस्ले हांमिहरुलाइ भन्यो तिमिहरुलाइ
पठाउंने राजाकां फर्कि गयेर भन यहवेले येसो भन्द छ को इस्राएल्मां
कोई ईश्वर् छैन र एक्रोन्को देवता बाल्जबूब् सित सोध्नु पठायेको
छस्. येस्कारण् तं तं चढेको ओछ्यान् देखि उत्रंदैनस् तर तं निस्सेइ मर्छस्
७ भनि। तब त्येस्ले तिनिहरुलाइ भन्यो तिमिहरुलाइ भेट्नु चढि आउंने
८ अनि यि कुरा गर्ने मान्छे को रकम्को थियो। त तिनिहरुले त्येसलाइ
उत्तर् दिये त्येस्ले रुंकेको लुगा लायेको थियो अनि त्येको कम्मरमां
छालाको पटुका बांधेको थियो। त त्येस्ले भन्यो उसो भये त्यो तिश्बी
९ एलिय्याह् हो रछ। तब राजाले त्यो थांइ पचासको मालिकलाइ त्येका
पचास् जना समेतलाइ पठायो। अनि त्यो त्येस् थांइ चढि गयो. त
हेर त्यो डांड़ाको थाम्निमां बसि रह्येको रछ। तब त्येस्ले त्येसलाइ भन्यो
१० हे ईश्वरको जन् राजाले उत्रि आउंनु भन्येको छ। त एलिय्याहले
पचासको मालिकलाइ उत्तर् दिइ भन्यो मं ईश्वरको जन् हो यदि
देखि आगो आकाश् देखि झरोस् अनि तंलाइ तेरा पचासे समेतलाइ भस्म
पारोस्। तब आकाश् देखि आगोले झर्यर त्येलाइ त्येका पचासे समेत्
११ लाइ भस्म पार्यो। तब त्येस्ले फेरि अर्को पचासको मालिकलाइ त्येका
पचासे समेतलाइ त्यो थांइ पठायो। त त्येस्ले त्येलाइ उत्तर् दिइ भन्यो हे
१२ ईश्वरको जन् राजाले येसो भन्द छ छिटो उत्रि आ भनि। तब

एलिय्याहले तिनिहरुलाइ उत्तर दिइ भन्यो मं ईश्वरको जन् हो रांकु
भन्ने देखि आगोले आकाश् देखि झर्यर तंलाइ तेरा पचासे समेतलाइ
भस्म पारोस् । त ईश्वरको आगोले आकाश् देखि झर्यर त्येलाइ त्येका
पचासे समेतलाइ भस्म पार्यो । फेरि त्येले तीस्रो पचासको मालिकलाइ १३
त्येको पचासे समेतलाइ पठायो । तब तीस्रो पचासको मालिकले चढि
आयेर एलिय्याहको सांमु घुंड़ा टेकिकन त्यो सित बिन्ति गर्यो हे ईश्वरका
जन् कृपागरि मेरो र आफुका यि पचास् जना दासहरुका प्राण् आफुको
दृष्टिमां अमोलका होउन् । हेर्नु हवस् आगोले आकाश् देखि झर्यर १४
अगाड़िका ति दुइ पचासका मालिकहरुलाइ तिनका पचास् पचासे
समेतलाइ भस्म पार्यो . त अब मेरो प्राण् आफुको दृष्टिमां अमोलको
हवस् । त यहवेको दूतले एलिय्याहलाइ भन्यो त्यो सङ उत्रि जा . त्यो १५
देखि न डरा । तब त्यो उठेर त्यो सङ राजा यांइ उत्रि गयो । अनि १६
त्येले त्येलाइ भन्यो यहवेले येसो भन्द छ तैंले दूतहरुलाइ एक्रोनको
देवता बालजबूब् सित सोधनी गर्नुलाइ पठायेको कारण् के येइ होइन
के इस्राएलमां कोई ईश्वर छैन जस्को बचनको सोधनी गर्नुलाइ .
येकारण् तं तं चढेयको ओह्यान् देखि उर्वदैनस् तर निस्सेइ मर्छस् । तब १७
एलिय्याहले भन्येको यहवेको बचन् अनसार् त्यो मर्यो । अनि यहूदाको
राजा यहोशापातको छोरो यहोरामको दोस्रो बर्षमां त्येको साटोमां
योरामले राज् गर्नु पाल्यो । अब अहज्याहले गर्येका रहल् कार्य के ति १८
इस्राएलका राजाहरुको इतिहासको पोस्तकमां लेख्येका छैनन् ॥

(एलिय्याहको स्वर्गजवाई)

अनि जब यहवेले एलिय्याहलाइ बेहेरीआंधीमां स्वर्गमां उठाइ २ १
लैजांनु आंठेयको थियो तब येसो भयो एलिय्याह एलीशा सङ गिलगाल्
देखि हिंड्यो । अनि एलिय्याहले एलीशालाइ भन्यो कृपागरि यहां
अड़ीइ रह् किनभन्ये यहवेले मंलाइ बेतेल् सम्म पठायेको छ । तब २
एलीशाले भन्यो यहवे जीइ रह्येको भैं र आफुको प्राण् जीइ रह्येको
भैं मं आफुलाइ छोड्दीन । त तिनिहरु बेतेल् सम्म उत्रि गये ।
त बेतेलमां भयेका अगमवक्ताहरुको खालले एलीशा पांइ निस्कि ३
आयेर भन्ये यहवेले आजु आफुको स्वामीलाइ आफुको सिर् मांथि
देखि उठाइ लैजांछ भनि के आफुलाइ थाहा छ । त त्येले भन्यो मं
थाहा छ तिमिहरु चुप लाग । एलिय्याहले फेरि भन्यो ए एलीशा कृपा ४
गरि यहां अड़ीइ रह् किनभन्ये यहवेले मंलाइ यरीहोमां पठायेको छ ।
त त्येले भन्यो यहवे जीइ रह्येको भैं र आफुको प्राण् जीइ रह्येको
भैं मं आफुलाइ छोड्दीन । तब तिनिहरु यरीहोमां आये । तब यरीहोमां ५
भयेका अगमवक्ताहरुको खालले एलीशा छेउ आयेर भन्ये के यहवेले
आजु आफुको स्वामीलाइ आफुको सिर् मांथि देखि उठाइ लैजांछ भनि

को आफुलाइ थाहा छ। तब त्येस्ले भन्यो अं थाहा छ तिमिहरु चुप
६ लाग। तब एलिय्याहले त्येस्लाइ भन्यो कृपागरि यहां अड्डीइ रह्
किनभन्ये यहुवेले मलाइ यर्दन् सम्म पठायेको छ। त त्येस्ले भन्यो
यहुवे जीइ रह्नेको भैं र आफुको प्राण् जीइ रह्नेको भैं मं आफुलाइ
७ छोड्दीन। त ति दुइ अघि बढ़े। अनि अगमवक्ताहरुको खालमांका
पचास् जना आयेर तिनिहरुको सांमु टाढ़ो उभीइ रह्ये. तर ति दुइ जना
८ यर्दन् निर उभीये। तब एलिय्याहले आफ्नु खाष्टो समायेर बेह्रेयो
वहांदेखि त्येस्ले पानीलाइ हिर्कायो त पानी येता र उता भाग् भाग् भये
९ ति दुइ जना ओबानोमां तरि जांने सम्मगरि। अनि तिनिहरु तरि गये
पछि येसो भयो एलिय्याहले एलीशालाइ भन्यो मं तं देखि उठाइ लगीनु
भन्दा पहिले मं तेरो लागि के गरुं भनि मांग्। तब एलीशाले भन्यो मं
१० बिन्ति गर्द छु आफुको आत्मा भन्दा दोबर् भाग् मं मांथि परोस्! तब
त्येस्ले भन्यो तैंले कठिन् थोक मांगिस्. तैपनि मं तं देखि उठाइ लगीयेको
हुंदै गयेको देखिस् भन्ये देखि तं मांथि येसे हुंछ तर देखीनस् भन्ये देखि
११ येसो हुंदैन। वहांदेखि तिनिहरु अघि अघि जांदै गर्दा र बात् मांदै गर्दा
खेरि येसो भयो कि देख्ये भन्ये येउटा आगोको रथ् र आगोका घोड़ाहरु
देखाइ पर्ये जस्ले ति दुइलाइ छुट्याायो अनि एलिय्याह चइं बेहेरी
१२ आंधीमां स्वर्गमां चढ़ि गयो। तब एलीशाले येसो भयेको देखनु बित्तिकै
हे मेरा पिता हे मेरा पिता इस्राएलका रथ् र त्येका चुक्सवारहरु
भन्येर करायो। अनि त्येस्ले त्येस्लाइ अरु देख्येन. तब त्येस्ले आफ्नु लुगा
१३ समायेर च्याति दुइ टुक्रा पार्यो। अनि त्येस्ले एलिय्याहको त्यो देखि
१४ खस्येको खाष्टो पनि उठायेर फर्कि आइ यर्दनको तीरमां उभीयो। वहांदेखि
एलिय्याहको त्यो देखि खस्येको खाष्टोले पानीमां हिर्कायेर एलिय्याहको
ईश्वर् यहुवे कहां छ भन्येर भन्यो. अनि जब त्येस्ले पानीमां हिर्कायो पनि
१५ त पानी येता र उता भाग् भाग् भये. तब एलीशा तरि गयो। अनि जब
त्येको सांमु यरीहोमां भयेका अगमवक्ताहरुको खालले त्येस्लाइ देख्ये तब
भन्ये एलिय्याहको आत्मा एलीशामां परि रह्नेको छ। तब तिनिहरु त्येस्लाइ
भेट्नुलाइ निस्कि आइ त्येको सांमु भूइं सम्म निउंरि त्येस्लाइ दण्डवत् गर्ये।
१६ तब तिनिहरुले त्येस्लाइ भन्ये अब हेर्नु हुस् आफुका दासहरु सङ्ग पचास्
जना बल्लिया बल्लिया मान्छेहरु छन् आज्ञा हुंछ भन्ये तिनिहरु आफुका
स्वामीलाइ खोजनु जाउन्. कोनि यहुवेको आत्माले तिन्लाइ कतै उठाइ
लग्येको छ होला अनि कोई डांड़ामां कि गेह्रामां खसालि दियेको छ
१७ होला। तब त्येस्ले भन्यो न पठाव। अनि जब तिनिहरुले त्येस्लाइ लाज्
पार्नेज्याल सम्म ठिपि लाउंद थिये तब त्येस्ले भन्यो पठाव। तब तिनिहरुले
१८ पचास् जनालाइ पठाये जुन्हरुले तीन् दिन् सम्म खोज्ये तर पायेनन्। तब
त्यो यरीहोमां रहंदा तिनिहरु त्यो यांइ फर्कि आये अनि त्येस्ले तिनिहरुलाइ
भन्यो के मैंले तिमिहरुलाइ न जांनु भन्येको थिइंन॥

(एलीशाका दुवटा आश्चर्य्यकर्म्म)

अनि त्येस् सहरका मान्छेहरुले एलीशालाइ भन्ये कृपागरि हेर्नु हुवस् १९
यो सहर् बसालीयेको ठांउ ता राम्रो छ जसो हांम्रा प्रभुले पनि देख्दै
छन्. तर पानी चइं नजाति छ अनि भूमि तुहुंने गर्भ जस्तो छ। तब २०
त्येस्ले भन्यो मेरो लागि येउटा नया बटुको ल्याइ देव अनि त्येस्मां नुन्
हाल्। त तिनिहरुले त्यो थांइ त्यो ल्याये। अनि त्येस्ले पानीको मूलमां २१
गयेर त्यो नुन् हालि दियो वहांदेखि भन्यो यहूवेले येसो भन्द छ मैंले यि
पानीहरु निको पार्येको छु त अब देखि येसो त्यो देखि फेरि मरण् कि
गर्भतुहाई जस्तो कैले पनि हुंदैन। येसोरि एलीशाले भन्येको वचन् २२
अनसार आजु सम्म पानी निको भयेकै छ॥

त्येस् पछि त्यो त्यहां बाटो बेतेल्मां चढि गयो. अनि त्यो बाटोमां २३
हिंड्दै गर्दाखेरि केटाहरुले सहर् बाटो निस्केर ए मुडुले चढि जा ए
मुडुले चढि जा भन्दै त्येस्को निन्दा गर्दै भन्ये। तब त्येस्ले पछिल् तिर हेरि
तिनिहरुलाइ देख्येर तिनिहरुलाइ यहूवेको नांउले धिक्कार्यो। तब बन् २४
बाट्टो दुवटी माऊभालूले निस्कि आयेर तिनिहरुमांका बयालीस् जना
केटाहरुलाइ फहराइन्। अनि त्यो त्यहां बाटो कर्मेलडांड़ामां गयो अनि २५
त्यहां बाटो शोमरोन्मां फर्क्यो॥

(योराम्को राज्को थाल्नी)

यहूदाको राजा यहोशापात्को अठारौं वर्षमां अहाब्को छोरो योराम् ३ १
त्येसले शोमरोन्मां इस्राएल् मांथि राज् गर्न थाल्यो अनि त्येस्ले बाह्र
वर्ष राज् गर्यो। अनि त्येस्ले यहूवेको सांमु जे बुरो थियो त्येइ गर्यो २
ते त्येस्को बाबु र त्येस्की आंमाले जस्तो ता होइन. कसोगरिभन्ये
त्येस्ले आफ्नु बाबुले बनायेको बाल्को मुढ्का दूर गर्यो। तैपनि त्यो ३
नबात्को छोरो यारोबाम्ले इस्राएल् देखि गरायेको पाप्मां टांसीइ
रह्यो त्यो देखि फर्कन॥

(मोआब् मांथि बिजय्)

त मोआब्को राजा मेशा भेंड़ापाला थियो जस्ले इस्राएल्को ४
राजालाइ एक् लाख् पाठा र एक् लाख् घुमाका ऊण् मिर्तुगरि दिंद
थियो। तर जब अहाब् मर्यो तब येसो भयो मोआब्को राजा ५
इस्राएल्को राजा देखि बागि भयो। अनि योराम् राजाले त्येस् बेला ६
शोमरोन् देखि निस्केर सिंगै इस्राएल्लाइ भेला गरायो। अनि त्येस्ले ७
गयेर यहूदाको राजा यहोशापात् थांइ येसो भनि पठायो मोआब्को राजा
मं देखि बागि भयो. के आफु मं सङ मोआब्को बिरुद्धमां लड़ाईं
गर्नुलाइ जांनु हुंछ। त त्येस्ले भन्यो मं चढि जांछु. जस्तो आफु

८ उस्ले मं मेरा लोग् आफुका लोग् मेरा घोड़ाहरु आफुका घोड़ाहरु। त येस्ले
भन्यो कुन् बाटो बाड़ो हांमिहरु जाऊं। त येस्ले उत्तर् दियो एदोम्को
९ बन्को बाटो बाड़ो। तब इस्राएल्को राजा हिंड़ि गयो अनि यहूदाको
राजा र एदोम्को राजा पनि. अनि तिनिहरु सात् दिन्को बाटो बाड़ो
घुम्दै गये. अनि सेनाको लागि र तिनिहरुको पछि पछि आउने
१० पशुहरुको लागि पानी थियेन। अनि इस्राएल्को राजाले भन्यो हाय्
हाय् किनभन्ये यहूवेले यि तीन् राजाहरुलाइ मोआब्को हात्मां सुम्पि
११ दिंनुलाइ भेला गरायेको रछ। तर यहोशापात्ले भन्यो के यहां यहूवेको
कोई अगम्वक्ता छैन जो बित हांमिहरुले यहूवेको सोधनी गर्नु सक्छ।
तब इस्राएल्को राजाको येउटा चाकरेले उत्तर् दिइ भन्यो शापात्को
छोरो एलीशा यहां छ जस्ले एलियाह्को हात्मां पानी हाल्ने गर्द थियो।
१२ तब यहोशापात्ले भन्यो यहूवेको बचन् त्यो सङ छ। तब इस्राएल्को
१३ राजा र यहोशापात् र एदोम्को राजा त्यो थांइ उत्रि गये। अनि
एलीशाले इस्राएल्को राजालाइ भन्यो मेरो तिमि सङ के काम् आफ्ना
बाबुका अगम्वक्ताहरु र आफ्नो आंमाका अगम्वक्ताहरुकांने जाइ जांनु।
तब इस्राएल्को राजाले त्येस्लाइ भन्यो होइन. किनभन्ये यहूवेले यि
तीन् राजाहरुलाइ तिनलाइ मोआब्को हात्मां सुम्पि दिंनुलाइ भेला
१४ गरायेको रछ भन्येर भन्यो। अनि एलीशाले भन्यो सेनाहरुको ईश्वर्
यहूवे जीइ रह्येको मैं जस्को सांमु मं उभीइ रह्याको छु निस्से मं यहूदाको
राजा यहोशापात्को मान् न गर्दा हुं त न तिमिहरु तिर हेर्ने थियें न
१५ तिमिहरुलाइ देख्ने थियें। तर अब मेरो लागि येउटा बाजा बजाउंनेलाइ
बिकाइ देउ। अनि जब त्यो बाजा बजाउंनेले बजाउंद थियो तब येसो
१६ हुंद थियो यहूवेको आत्मा एलीशा मांथि पर्द थियो। अनि त्येस्ले भन्यो
१७ यहूवेले येसो भन्द छ त्यो तरिभरि खाड़ल् खन। किनभन्ये यहूवेले येसो
भन्द छ तिमिहरुले बतास् देख्दौन न पानी देख्छौ तरैपनि त्यो तरि
पाल्लोले भरौंछ. अनि तिमिहरुले अं तिमिहरु र बथान् बगाल् समेत्ले
१८ खांछौ। अनि यो यहूवेको सांमु सांनु कुरो सांत्रै छ. उस्ले मोआबीहरुलाइ
१९ तिम्रो हात्मां सुम्पि दिंछ। अनि तिमिहरुले सबै घेरा भयेको सहरहरु
र सबै रोजा रोजा सहरहरु मांर्छौ अनि सबै अस्सल् अस्सल् रुखहरु
ठाल्छौ अनि सबै जलवा पानीहरु पुन्छौ अनि सबै अस्सल् जिमीनहरु
२० ढुंगाले बिगार्छौ। त बिहान भेटि चढ़ाउंने बेलामां येसो भयो हेर एदोम्
२१ पट्टि बाटो पानी आयो अनि देस् पानीले भरीयो। जब सिंगे
मोआबीहरुले कि राजाहरु हांमिहरुको बिरुद्धमां लड़ाइं गर्नुलाइ चढि
आयेका छन् भनि सुन्ये तब हतियार् भिर्नु सक्नेहरु सबै र कि देखि
२२ ऊंभोकाहरु पनि भेला भयेर सिमानामां उभीये। त तिनिहरु सबारे उठ्ये
अनि घाम् पानीमां चम्कंनु लाग्यो तब मोआबीहरुले आफ्नु सांमु भयेको
२३ पानी रगत् जस्तो रातो देख्ये. तब तिनिहरुले भन्ये रगत्ने हो कि

थिये. येउटाको नांउ बाना अनि अर्कोको नांउ रेकाब् हुवे जना बिन्या-
मीनवंशीहरुमांको बेरोती रिम्मोन्का छोराहरु थिये. (कसोगरिभन्ये
बेरोत् पनि बिन्यामीन्को पट्टि गनींद छ. अनि बेरोतीहरु गित्तेम्मां ३
भाग्येर आजु सम्म वहां प्रवासी भइ रह्येका छन्) ॥

अब शाऊल्को छोरो योनातान्को येउटा पुरै खोरखडे भयेको छोरो ४
थियो। जब शाऊल् र योनातान्को बिषयमां यिज्रेल् बाटो समाचार् आयो
तब त्यो पांच् बर्षको थियो त त्येस्की धेर्नै त्येस्लाइ बोक्येर भाग्द थिई.
त हतार् हतारगरि भाग्दा येसो भयो त्यो लड्येर खोरखडे भयो। अनि
त्येस्को नांउ मपीब्रोशेत् थियो ॥

अनि बेरोती रिम्मोन्का छोराहरु रेकाब् र बाना निस्क्येर घाम् चर्काको ५
बेलामां ईश्बोशेत्को घर्मां आये अनि त्यो चइं मद्धेनि दिन्को बिश्राम्मां
थियो। त तिनिहरु गहूं झिकनुलाइ जांने निउं गरि भित्र गये वहांदेखि ६
त्येस्लाइ भूंड़िमां हिकांये. अनि रेकाब् र त्येस्को भाई बाना बांचि निक्ल्ये।
तिनिहरु घर् भित्र पस्येको बेलामां त्यो आफ्नु सुत्ने कोठामां ओछ्यान्मां ७
ढल्कि रह्येको थियो तब तिनिहरुले त्येस्लाइ हिकांयेर मांर्ये वहांदेखि त्येस्को
सिर् काटेर वहांदेखि त्येको सिर् चइं लियेर रात्भरि अराबाको बाटो बाड़ो
हिंड़ि गये। वहांदेखि तिनिहरुले ईश्बोशेत्को सिर् दाऊद् थांइ हेब्रोन्मां ८
ल्याएर राजालाइ भन्ये आफुको प्राण् खोज्ने आफुको सत्रु शाऊल्को छोरो
ईश्बोशेत्को सिर् हेर्नु हवस् त यहवेले आजु हांम्रा प्रभु महाराजाकम
शाऊल्को बिषयमां र त्येस्का सन्तानको बिषयमां त्येस्को साटो दियो। तब ९
दाऊदले बिरोती रिम्मोन्का छोराहरु रेकाब् र त्येस्को भाई बानालाइ
उत्तर् दिइ भन्यो यहवे जीइ रह्येको भैं जस्ले मेरो प्राण्लाइ सिंगै बिपत्ति
देखि छोड़ायेको छ शुभ समाचार् सुनाउंद कु भनि ठान्येर जब कसैले १०
मंलाइ हेर्नु हवस् शाऊल् मंर्यो भनि सुनायो तब मैंले त्येस्लाइ समात्येर
सिक्लगमां मांरि दियें त्येस्को समाचारको साटो मैंले त्येस्लाइ त्येसै गर्यें।
त झनसारो कति ज्यास्तिगरिकन जब दुष्टहरुले येउटा धर्म्मी मान्छेलाइ ११
त्येस्के घर् भित्र त्येस्के ओछ्यानमां मांर्ये त को अब मं त्येस्को लोहूको साटो
तिमिहरुको हात् देखि लिन्न अनि तिमिहरुलाइ पृथिवी देखि मेटि दिन्न। तब १२
दाऊदले आफ्ना जुवान्हरुलाइ आज्ञा दियो अनि तिनिहरुले तिनिहरुलाइ
मांर्ये अनि तिनिहरुका हात् गोड़ा काटेर वहांदेखि तिनिहरुलाइ हेब्रोनमां
भयेको पोखरीको छेउमां झुंड्याइ दिये। तर तिनिहरुले ईश्बोशेत्को
सिर् चइं उठाइ लग्येर हेब्रोनमां अब्नेरको चिहानमां गाड़ेर ॥

(सिंगै इस्राएल् मांथि दाऊद् राजाभिषिक्त)

तब इस्राएलका सब्बै कुलले हेब्रोनमां दाऊद् थांइ आयेर येसो ५ १
भन्ये हेर्नु हवस् हांमिहरु आफुका हाड़ र आफुका मांसु हौं। अगाड़िने २
पनि जब शाऊल् हांमिहरु मांथि राजा थिये तब्बै पनि आफुने इस्राएल्

लाइ बाइर भित्र लैजांने ल्याउंने हुंनु हुंथ्यो . अनि यहूवेले आफुलाइ
तैंले मेरो लोग् इस्राएल्लाइ चराउंछस् अनि तं इस्राएल् मांथिको
२ मालिक् हुंछस् भन्येर भन्येको थियो । त इस्राएल्का सिंगे प्राचीनहरू
हेब्रोन्मां राजा थांइ आये अनि दाऊद् राजाले तिनिहरू सङ हेब्रोन्मां
यहूवेको सांमु बाचा बांध्यो . अनि तिनिहरूले दाऊद्लाइ इस्राएल् मांथि
राजाभिषिक्त गर्‍ये ॥
४ जब दाऊद्ले राज् गर्नु थाल्यो तब त्यो तीस् बर्षको थियो अनि
५ त्येस्ले चालीस् बर्ष सम्म राज् गर्दै रह्यो । हेब्रोन्मां त्येस्ले साढे सात् बर्ष
सम्म यहूदा मांथि राज् गर्‍यो . अनि यरूशलेम्मां तेंतीस् बर्ष सम्म सिंगे
६ इस्राएल् र यहूदा मांथि राज् गर्दै रह्यो । अनि राजा र त्येस्का मान्छेहरू
त्येस् देस्का बासी यबूसीहरूको बिरुद्धमां यरूशलेम्मां गये . अनि
तिनिहरूले दाऊद् त्यहां पस्नु सक्दैन भनि ठान्येर दाऊद्लाइ येसो भन्यो तं
यहां भित्र पस्नु पाउंदैनस् तंलाइ ता अन्धाहरू र खोरुडेहरूलेनै दूर् गर्छन् ।
७ तैपनि दाऊद्ले सिय्योन्को गढि लिहाल्यो जो दाऊद्को सहर् हो ।
८ अनि त्येस् दिन् दाऊद्ले भन्यो जस् जस्ले यबूसीहरूलाइ मार्छन् त्यो
पानीको कुलो सम्म पुगोस् अनि दाऊद्को प्राणले घिनायेका अन्धा र
खोरुडेहरूलाइ मारोस् । येस्कारण् भनींद छ अन्धा र खोरुडे यहां छन् त्यो
९ घर्मां पस्नु पाउंदैन भनि । अनि दाऊद् त्येस् गढिमां पस्यो अनि त्येस्को
नांउ दाऊद्को सहर् राख्यो । अनि दाऊद्ले मिल्लो देखि र त्येस्को भित्र
१० पट्टि पनि बनायेर त्यो दबींलो गरायो । अनि दाऊद् बढ्दै बढ्दै गयो
कसोगरिभन्ये सेनाहरूको ईश्वर् यहूवे त्यो सङ थियो ॥
११ अनि सोर्को राजा हीरामले दाऊद् थांइ दूतहरू र देवदारुहरूहरू
र काठकर्म्मीहरू र गारोकर्म्मीहरूलाइ पठाइ दियो . त तिनिहरूले दाऊद्को
१२ लागि येउटा महल् बनाये । अनि दाऊद्लाइ यहूवेले मंलाइ इस्राएल्
मांथि राजा स्थिर् गर्‍यो अनि उस्ले आफ्नु लोग् इस्राएल्को कारणले
मेरो राज् अलग्यायो भनि थाहा भयो ॥
१३ अनि हेब्रोन् बाटो आये पछि दाऊद्ले आफ्नु लागि यरूशलेम् देखि
अरू रखेलीहरू र स्वास्नीहरू लियो . अनि दाऊद्का अरू पनि छोराछोरी
१४ जन्मे । अनि त्येस्का यरूशलेम्मां जन्मेकाहरूका नांउ यि हुन् अर्थात्
१५ १६ शम्मू शोबाब् नातान् सुलैमान् यिभार् एलीशू नेपेग् यापी एलीशामा
एल्यादा र एलीपेलेत् ॥
१७ अनि जब पलिश्तीहरूले तिनिहरूले इस्राएल् मांथि दाऊद्लाइ
राजाभिषिक्त गर्‍ये अरे भन्येको सुन्ये तब सिंगे पलिश्तीहरू दाऊद्लाइ
खोज्नुलाइ चढि गये अनि दाऊद् यो कुरो सुन्येर गढिमां उत्रि गयो ।
१८ १९ तब पलिश्तीहरू आयेर रपाईम्को तरिमां फिंलीये । अनि दाऊद्ले येसो
भनिकन यहूवे सित सोधनी गर्‍यो कि मं पलिश्तीहरूको बिरुद्धमां चढि
जाउं . कि तपांइले तिनिहरूलाइ मेरो हातमां सुम्पि दिंनु हुंछ । तब

येखाइ टाढ़ो बाटो आउंदै गर्यको देख्यर येखे आफ्नु चाकरे गेहजीलाइ
भन्यो हेर् पर शुनेमी आउंदै छ. कृपागरि येखाइ भेट्नुलाइ दुगुरि २६
जा अनि येखाइ भन् आफु कुशल् सङ हुंनु हुंद छ अनि आफुका खसम्
पनि अनि आफुको बालख पनि कुशल् सङ छन् भनि। तब येखे उत्तर २७
दिई कुशल् छ। अनि त्यो डांड़ामां ईश्वरको जन् थांइ पुग्दा ईश्वरको
जन्को गोड़ा समाती। अनि गेहजी येखाइ हटाउंनुलाइ छेउ आयो
तर ईश्वरको जनले भन्यो येखाइ छोड़ि दे. किनभन्ये त्यो आफ्नु
मन्मां सुर्तायेको छ अनि यहवेले त्यो मं देखि लुकायेको छ अनि मंलाइ
सुनायेन। तब येखे भनी को मैंले आफ्ना प्रभु सित छोरा मांग्यें. को २८
मैंले मंलाइ धोका न दिंनु हवस् भन्यर भनींन। तब येखे गेहजीलाइ २९
भन्यो आफ्नु कम्मर् बांध्यर आफ्नु हातमां मेरो लउरो लियेर आफ्नु
बाटो लमा. अनि तैंले कसैलाइ भेटिस् भन्ये येखाइ सलाम् न गर् अनि
तैंलाइ सलाम् गर्नलाइ उत्तर् न दे अनि मेरो लउरो केटाको मुख्
मांथि राखि दे। अनि केटाको आंमाले भनी यहवे जीइ रह्येको भैं ३०
अनि आफुको प्राण् जीइ रह्येको भैं .मं आफुलाइ छोड़ूदीन। तब येखे
उठेयर येस् आइमाइलाइ पछ्यायो। अनि गेहजीले तिनिहरु भन्दा ३१
अघि अघि गयेर लउरो केटाको मुख् मांथि राखि दियो तर न कोई
उत्तर् दिंने न कोई चेत् गर्ने भयो। येस्कारण् त्यो येखाइ भेट्नुलाइ
फर्कि आयो अनि येखाइ केटा जाग्येको छैन भनि सुनायो। अनि एलीशा ३२
जब घरमां आयो तब को देख्यो भन्ये केटा मंर्ये छ अनि मेरो ओछ्यानमां
राख्येको रछ। येस्कारण् त्यो भित्र पस्यो अनि ति दुइ पछि दैलो घुन्यर ३३
यहवे सित प्रार्थना गर्यो। तब त्यो उठेयर केटा मांथि ढल्क्यो अनि ३४
आफ्नु मुख् येस्को मुख् मांथि आफ्ना आंखा येस्का आंखा मांथि
आफ्ना हात् येस्का हात् मांथि राख्यो. यहांदेखि येस् मांथि निउंर्यो
तब केटाको जीउ तातींनु लाग्यो। तब त्यो फर्कर घरमां येता उति ३५
एक्छिन् डुल्यो यहांदेखि फेरि केटा मांथि निउंर्यो तब केटाले सात्
खेप् सम्म छिउं काढ़्यो यहांदेखि केटाले आफ्ना आंखा उघार्यो। तब ३६
येखे गेहजीलाइ डाकेर भन्यो त्यो शुनेमीलाइ बोलाइ ले। त येखे
येखाइ बोलाइ ल्यायो। अनि त्यो त्यो थांइ पसि आउंदा येखे भन्यो
आफ्नु छोरालाइ उठाउ। तब त्यो भित्र पस्यर येस्का गोड़ामां निउंर्यर ३७
घोप्टो परी यहांदेखि आफ्नु छोरालाइ उठायेर निस्कि गई॥

तब एलीशा फेरि गिलगालमां आयो अनि देसमां अनिकाल् थ्यो ३८
अनि अगम्वक्ताको खालकाहरु येस्को सांमु बस्द थिये. त येखे आफ्नु
चाकरेलाइ भन्यो चुल्हा मांथि तुलो भांड़ा बसाल र अगम्वक्ताहरुको
खालको लागि खोले रींद्। अनि एक जना कोइ साक्पात् टिपुनुलाइ ३९
बारीमां गयो अनि येउटा बनदाख्को बोट् पायेर त्यो देखि बनकांक्रा
अछ्यालो भरि टिपि ल्यायो अनि ति चोयेर खोलेको भाड़ामां हाल्यो.

४० किनभन्ये तिनिहरुले ति चिन्येका थियेनन् । त तिनिहरुले मान्छेहरुलाइ खांनुको लागि खन्याइ खन्याइकन दिये । तब येसो भयो तिनिहरुले त्यो खोले खांदाखेरि कराथेर भन्ये हे ईश्वरको जन् भांड़ामां ता मरण् छ ।
४१ अनि तिनिहरुले त्यो खांनु सकेनन् । त्येस्ले भन्यो उसो भये पिठो ल्याउ । अनि त्येस्ले त्यो भांड़ामां हाल्येर भन्यो लोगको लागि त्यो खन्याइ खन्याइकन खांनु देउ । तब भाड़ामां कोइ हानि थियेन ॥
४२ तब बालशालीशा बाटो एक् जनाले आयेर ईश्वरको जनको लागि आफ्नु अगौटे फलको भोजन् गहूंको बीस् रोटी र अन्नका हरीया बाला
४३ आफ्नु थैलीमां ल्याइ दियो । त एलीशाले भन्यो यो लोगलाइ खांनु देउ । तब त्येस्को सेवाइतेले भन्यो एक् सै मान्छेको सांमु येति कसोगरि राखुं । तर त्येस्ले भन्यो लोगलाइ खांनु दे किनभन्ये यहुवेले येसो भन्द छ
४४ तिनिहरुले खांकन् अनि तिनमांको उब्र्येको छोड्कन् पनि । तब त्येस्ले तिनिहरुको सांमु राखि दियो त यहुवेको बचन् अनुसार् तिनिहरुले खाये अनि त्येसमांको उब्र्येको छोड़ेर पनि ॥

(नामान् कोढ़ी निको परौंनु)

५ १ तब अरामको राजाको नामान् नांउ भयेको सेनापति आफ्नु स्वामीको लेखिमां बड़ादमी र मानको थियो किनभन्ये त्येस्को बाटोले यहुवेले अरामलाइ जय् दियेको थियो. त्यो महाबीर् पनि थियो तर
२ कोढ़ी थियो । अनि अरामीहरुले गट्ठा गट्ठा बांधि आयेर इस्राएलको देस् देखि येउटी सांनी केटीलाइ बन्धुआईमां लग्येका थिये अनि त्यो
३ नामान्को स्वास्नी सङ्ग चाकरेनी भइ रहंद थिई । त त्येस्ले आफ्नी स्वामीनीलाइ भनी हांम्रा प्रभु शोमरोनमां हुंने अगमवक्ता सङ्ग भयेका भये देखि ता जाति हुंने थियो. त तिन्ले यिनको कोढ़को बेथा निको
४ पार्न थिये । तब एक् जनाले भित्र पस्येर आफ्नु प्रभुलाइ येसो भनिकन
५ सुनाइ दियो इस्राएलको देसको केटीले येसो येसो भन्द छे । अनि अरामको राजाले भन्यो जा निस्कि जा मं इस्राएलको राजालाइ चिट्ठी पठाइ दिंछु । त त्यो हिंड़ि गयो अनि आफु सङ्ग दस् तोड़ा चांदी र
६ छ हजार् टुक्रा सुन् र दस् जोर् लुगा लग्यो । अनि त्येस्ले इस्राएलको राजा थांइ येसो भन्ने चिट्ठी पुर्याइ दियो अर्थात् जब यो चिट्ठी आफु थांइ पुगद छ त हेर्नु हवस् मैंले आफ्नु चाकरे नामानलाइ आफु थांइ पठायेको छु आफुले त्येसलाइ त्येस्को कोढ़को बेथा देखि निको
७ पारि दिनु हवस् भन्येर । तब येसो भयो जब इस्राएलको राजाले यो चिट्ठी पन्यो तब आफ्नु लुगा फाट्येर भन्यो को मं ईश्वर् हुं र मं मार्ने अनि जियाउं र त्यो मान्छेले एक् जनालाइ त्येस्को कोढ़ बेथा निको पार्नुलाइ मं थांइ पठाउंद छ तर कृपागरि बिचार् गर अनि हेर्ले मं
८ सङ्ग झगराको कुरा कसोरि निकाल्द छ भनि हेर. अनि येसो भयो जब

ईश्वरको जन् एलीशाले इस्राएलको राजाले आफ्नु लुगा फाट्यो भरे
भन्यको सुन्यो तब त्येस्ले राजाकां भनि पठायो तिमिले आफ्नु लुगा किन
फाट्यौ अब त्यो मं यांइ आवस् तब त्येस्ले इस्राएलमां अगमवक्ता रछ
भनि थाहा पाउला । तब नामान् आफ्ना रथहरु र घोड़ाहरु समेत आयेर ९
एलीशाको घरको देलो निर उभीयो । तब एलीशाले त्यो यांइ पैठना १०
दूत् पठायेर भन्यो गयेर यर्दनमां सात् खेप् डुबकि मार त तिम्रो जीउ
तिमिमां फर्कि आउंछ अनि तिमि शुद्ध हुंछौ । तर नामान् रिसायेर ११
गइ गयो अनि भन्यो हेर मं निस्से त्यो मं यांइ निस्कि आउंछ अनि
उभीयेर आफ्नु ईश्वर् यहवेको नांउ लियेर आफ्ना हात् ठांउ हुदो
हल्लाउंछ अनि कोढ़ीलाइ निको पार्छ होला भनि ठान्दे थियें । का १२
हांमिहरुका अबाना र पर्पर् दमिश्कका नदीहरु इस्राएलका सबै
पानीहरु भन्दा जाति कैनन् . को तिनैमां नुहाइकन मं शुद्ध हुंदीन । त
त्यो फर्कर रागीदै गयो । त त्येस्का चाकरेहरुले कैउ गयेर त्येस्लाइ १३
भन्ये हे हांम्रा बाबै अगमवक्ताले आफुलाइ कोइ तुलो काम् गर्नु भन्येको
भये देखि को आफुले त्यो गर्नु हुंने थियेन . त तिन्ले आफुलाइ नुहायेर
शुद्ध हो मांत्रे ता भन्येको कु त त्येति भन्सारो कति ज्यास्तिगरि
गर्नु हुन्न । तब त्येस्ले उत्रि गयेर ईश्वरको जन्ले भन्येको अनुसार १४
यर्दनमां सात् खेप् डुबकि मार्यो . तब त्येस्को जीउ फेरि सानु बालखको
जीउ जस्तो भइ गयो अनि त्यो शुद्ध भइ गयो । तब त्यो आफ्ना सबै १५
लस्कर् समेत् ईश्वरको जन् यांइ फर्कि आयो अनि त्येस्को सांमु उभीयो .
अनि त्येस्ले भन्यो अब हेर्नु हवस् सिंगै पृथिवीमां रैन कु तर इस्राएलैमां
मात्रै ईश्वर् रछ भनि थाहा पायें . येस्कारण् कृपागरिकन आफुको
दास्को हात् देखि सौगात् लिनु हवस् । तर त्येस्ले भन्यो यहवे जीइ १६
रछेको भैं जस्को सांमु मं उभीइ रछेको कु मं कोइ पनि लिंदीन ।
अनि त्येस्ले त्यो लेवस् भन्येर ढिपि लायो तर त्येस्ले मान्दै मान्येन । तब १७
नामान्ले भन्यो लिनु हुन्न भन्ये कृपागरिकन आफ्नु दास्लाइ दुइ
खच्चरले बोक्ने भारि मांटो दिईयोस् किनभन्ये आफुको दास्ले अब
देखि येसो अरु देवताहरुको लागि होइन तर यहवेको लागि मात्रै
होमबलि र बलिदान् चढ़ाउंछ । येस् कुराको लागि यहवेले आफुको १८
दास्लाइ क्षमा गरोस् जब मेरो स्वामी रिम्मोन् देवताको घरमां दण्डवत्
गर्नुलाइ जाला तब त्येस्ले मेरो हातमां टेक्ला अनि मं रिम्मोन्
को घरमां दण्डवत् गर्नुला तब मं रिम्मोनको घरमां दण्डवत् गर्दा
यहवेले येस् कुरामां आफुको दास्लाइ क्षमा गरोस् । तब त्येस्ले त्येस्लाइ १९
भन्यो कुशल्को बिदा हवस् । तब त्यो हिंड़ि गयेर अलिक् पर
गया पुग्यो ॥

तर ईश्वरको जन् एलीशाको चाकरे गेहजीले भन्यो हेर मेरो २०
स्वामीले त्यो अरामी नामान्ले ल्याएको [illegible] गरिकन त्येस्लाइ

छोड़ि दियो. यहवे जीइ रह्योको भैं मं त्येस् पछि दुगुन्येर त्यो देखि
२१ कोइ न कोइ लिंकु। त गेहजीले नामान्लाइ पछ्यायो। अनि नामान्ले
एक् जनालाइ मेरो पछि पछि दुगुर्दै आउंदै छ भनि देख्दा त्येस्लाइ
२२ भेट्नुलाइ आफ्नु रथ् देखि उत्र्यो अनि भन्यो के सबै कुशल छ। त
त्येस्ले भन्यो सबै कुशल। मेरा स्वामीले मंलाइ येसो भनिकन पठाये
हेर्नु हवस् अगम्बक्ताहरुको खाल्का दुइ जना जुवान्हरु ऐले मं पांइ
आये त तिनिहरुको लागि एक् तोड़ा चांदी र दुइ जोर् लुगा दिंनु
२३ हवस्। तब नामान्ले भन्यो दुइ तोड़ा लिंनुलाइ राजि हुंनु हवस्। त
त्येस्ले त्येस्लाइ ठिपि लायो अनि दुइ तोड़ा चांदी दुइ थैलीमां बांधे अनि
दुइ जोर् लुगा समेत् आफ्ना चाकरेहरुमांका दुइ जनालाइ बोकाइ
२४ पठायो त तिनिहरुले ति त्येस्को अघि अघि बोकि लग्ये। अनि डांड़ामां
आइ पुग्दा त्येस्ले तिनिहरुको हात् देखि लियेर घर्मां राखि दियो. तब
२५ त्येस्ले मान्छेहरुलाइ बिदा गरि दियो अनि तिनिहरु हिंड़्ये। तर यो
चइं भित्र पस्येर आफ्नु स्वामीको सांमु उभीयो। तब एलीशाले त्येस्लाइ
भन्यो ए गेहजी कहां बाटो आउंदै छस्। तब त्येस्ले भन्यो आफ्नो
२६ दास् कतै पनि गयेको छैन। तब त्येस्ले त्येस्लाइ भन्यो जब त्यो मान्छे
तंलाइ भेट्नुलाइ आफ्नु रथ् देखि फर्क्यो तब के मेरो मन् तं सङ्ग
गयेको थियेन। के यो समय र लुगा र भट्टातेब्रारी र दाख्को बारी र
२७ भेंड़ा गोरु कमांरा कमांरी लिंने बेला हो। येस्कारण नामान्को कोढ़्को
बेथा तैंलाइ र तेरो बंशलाइ सदाको लागि टांसीइ रहंकु। त त्यो त्येस्को
सांमु देखि हिउं जस्तो कोढ़ी भयेर निस्कि गयो॥

(एलीशाको येउटा आश्चर्य्यकर्म्म)

६ १ अनि अगम्बक्ताको खाल्ले एलीशालाइ भन्यो अब हेर्नु हवस्
हांमिहरुको तपांइको सांमु बस्ने ठांउ हांमिहरुको लागि अरघोर् सांगुरो
२ भयो। कृपागरि हांमिहरुलाइ यर्दनमां जांनु दिंनु हवस् अनि हांमिहरु
जनंगे एक् एकवटा घारा ल्याएर आफ्नु बस्नको लागि यहां येउटा
३ बस्ने ठांउ बनाऊं। तब त्येस्ले जाउ भनि उत्तर दियो। अनि एक् जनाले
भन्यो कृपागरि आफ् पनि आफ्ना चाकरेहरु सङ हिंड़्नु हवस् त त्येस्ले
४ जांकु भनि उत्तर दियो। त त्यो तिनिहरु सङ गयो। अनि तिनिहरुले
५ यर्दनमां गयेर काठ् काट्नु लाग्ये। त एक् जनाले घारा काट्दै गर्दा त्येस्को
बन्चरो पानी बाटो खुम्कोर पानीमां खस्यो. तब त्येस्ले कराएर
६ भन्यो हाय् हे मेरा स्वामी. त्यो त माग्नीको मांगि ल्याएको पो थियो। तब
ईश्वरको जनले भन्यो कहां गिर खस्यो। त त्येस्ले त्येस्लाइ ठांउ देखाइ
दियो। तब त्येस्ले येउटा दाउरा बाटेर त्यो खस्यको गिर हालि दियो
७ तब फलम् पानी मांथि मांथि उत्रंदै आयो। तब त्येस्ले भन्यो त्यो मलाई
उठाइ ले। त त्येस्ले आफ्नु हात् लम्काएर त्यो उठाइ ल्यायो॥

(एलीशाले इस्राएलीहरुलाइ अरामीहरु देखि बचाउंद छ)

अब अराम्को राजाले इस्राएल् सित लड़ाईं गर्द थियो अनि त्येस्ले ८
आफ्ना चाकरेहरु सित येसो भनिकन सल्लाह् लियो फलाना फलाना ९
ठांउमां मेरो छाउंनी हुंछ। अनि ईश्वर्को जन्ले इस्राएल्को राजा
थांइ येसो भनिकन मान्छे पठायो फलाना ठांउमां न जांनुलाइ चंख
बस्नु किनभन्ये त्येता बाटो चइं अरामीहरु उत्रि आउंद छन्। अनि १०
इस्राएल्को राजाले जुन् ठांउको बिषय्मां ईश्वर्को जन्ले त्येस्लाइ
चेताइ चेताइकन सुनाइ दियेको थियो त्येस् ठाउंमां मान्छे पठायो। अनि
पनि न त्येस्ले एक् दुइ खेप् मांत्रै वहां आफुलाइ बचायो। अनि अराम्को ११
राजाको मन् येस् कुराको बिषय्मां अग्घोर् घब्रायो. तब त्येस्ले आफ्ना
चाकरेहरुलाइ बोलायेर तिनिहरुलाइ भन्यो इस्राएल्को राजाको पट्टि
हांमिहरुमांको कुन् चइं छ भनि क्ये मंलाइ देखाउंदौन। तब त्येस्का १२
चाक्रेहरुमांको येउटाले भन्यो होइन हे मेरा प्रभु महाराजा. तर एलीशा
इस्राएल्मां भयेको अगम्बक्ताले आफुले आफ्नु सुत्ने कोठामां गर्‍येका
कुरा इस्राएल्को राजालाइ सुनाइ दिंद छ। तब त्येस्ले भन्यो गयेर हेर १३
त्यो कहां छ र मं मान्छे पठायेर त्येस्लाइ बोलाइ पठाउं। तब त्येस्लाइ हेर्नु
हवस् त्यो दोतान्मां छ भनि सुनाइ दिईयो। येस्कारण् त्येस्ले घोड़ाहरु र १४
रथ्हरु र ठुलो सेना वहां पठायो. अनि तिनिहरुले राति आयेर सहर्
घेर्‍ये। अनि जब ईश्वर्को जन्को सेवाइते सखारै उठ्येर बाइर निस्कि १५
गयेको थियो त हेर घोड़ाहरु र रथ्हरु समेत्को येउटा सेनाले सहर्
घेरि राख्येको रछ। तब त्येस्को चाकरेले त्येस्लाइ भन्यो हे मेरा स्वामी
हांमिहरु कसो गरुं। तब त्येस्ले उत्तर् दियो न डरा. किनभन्ये हांमिहरु १६
सङ भयेकाहरु चइं तिनिहरु सङ भयेकाहरु भन्दा ज्यास्ति छन्। अनि १७
एलीशाले प्रार्थना गरि भन्यो हे यह्वे मं बिन्ति गर्द छु येस्का आंखा येस्ले
देख्नेगरि खोलि दिंनु हवस्। तब यह्वेले त्येस् जुवान्का आंखा खोलि
दियो त त्येस्ले देख्यो. त क्ये देख्यो भन्ये डांड़ा एलीशाको वरिपरि
अग्निघोड़ाहरु र रथ्हरुले भरीयेको रछ। अनि जसै तिनिहरु त्यो थांइ १८
उत्रि आये तब एलीशाले यह्वे सित येसो भनिकन प्रार्थना गर्‍यो मं बिन्ति
गर्द छु यो लोग्लाइ अन्धा पारि दिंनु हवस्। त उस्ले तिनिहरुलाइ
एलीशाको बचन् अन्सार् अन्धा पारि दियो। तब एलीशाले तिनिहरुलाइ १९
भन्यो बाटो ता यो होइन न यो चइं सहर् हो. मंलाइ पछ्याव त मं
तिमिहरुलाइ तिमिहरुले खोज्येको मान्छे थांइ पुराइ दिंछु। वहांदेखि
त्येस्ले तिनिहरुलाइ डोर्‍याइ शोमरोन्मां पुर्‍यायो। अनि जसै तिनिहरु २०
शोमरोन्मां पुग्ये तब येसो भयो एलीशाले भन्यो हे यह्वे यि मान्छेहरुका
आंखा तिनिहरुले देख्नेगरि खोलि दिंनु हवस्। तब यह्वेले
तिनिहरुका आंखा खोलि दियो अनि तिनिहरुले हेर्‍ये त क्ये देख्ये भन्ये

२१ हांमिहरु ता श्रोमरोन्को मांझमां पो राक्नौं । अनि इस्राएल्को राजाले
तिनिहरुलाइ देख्दा एलीशालाइ भन्यो हे मेरा पिता को यिनिहरुलाइ
२२ हिर्काउं को यिनिहरुलाइ हिर्काउं । तब त्येस्ले उत्तर् दियो तिमिले
यिनिहरुलाइ हिर्काउंनु हुंदैन . को तिमिले आफ्नु तरवार् र आफ्नु
धनुले बन्धुवाईमां पार्येकाहरुलाइ हिर्काउंछौ . बरु तिनिहरुको सांमु
अन्न पानी पो राखि देउ र तिनिहरु खाइ पीइ आफ्नु स्वामी थांइ
२३ जाउन् । तब त्येस्ले तिनिहरुको लागि तुलो भोज् तियार् पार्यो . अनि
तिनिहरुले खाये पीये त त्येस्ले तिनिहरुलाइ पठाइ दियो अनि तिनिहरु
आफ्नु स्वामी थांइ गये । त्येस् पछि अरामका गट्ठाहरु फेरि फेरि
इस्राएल्को देसमां आयेनन् ॥

२४ अनि त्येस् पछि येसो भयो अरामको राजा बेन्हदद्ले आफ्ना सबै
२५ सेना भेला गरि चढि आयेर श्रोमरोन्लाइ घेर्यो । अनि श्रोमरोन्मां
तुलो अनिकाल् पर्यो . अनि हेर गदाहाको येउटा टाउको चांदीका
चार् कोरी शेकेल्मां र परेवाको बिष्टा एक् पावा चांदीका पांच्
२६ शेकेल्मां बिक्ने होउंज्याल् सम्मगरि घेर्यो । अनि इस्राएल्को राजा घेरा
भित्ता मांथि हिंड्दै गर्दा येउटी आइमाइले करायेर त्येस्लाइ भनी हे मेरा
२७ प्रभु महाराजा गोहार् गर्नु हवस् । तब त्येस्ले भन्यो यहवेले तंलाइ
गोहार् गर्येन भन्ये देखि मं तेरो गोहार् कसोगरि गरुं . को खला बाटो
२८ कि कोल् बाटो । फेरि राजाले त्येस्लाइ भन्यो तंलाइ को भयो । तब
त्येस्ले उत्तर् दिई येस् आइमाइले मंलाइ भनी तिम्रो छोरो ल्याउ आजु
हांमिहरु त्येस्लाइ खाऊं अनि भोलि मेरो चइं छोरो खाऊंला भनि ।
२९ त हांमिहरुले मेरोचइं छोरोलाइ उसौन्येर खायूं . अनि भोलि पल्टो मैले
त्येस्लाइ अब तिम्रो छोरोलाइ ल्याउ र हांमिहरु खाऊं भन्ये र भन्यं .
३० तर त्येस्ले आफ्नु छोरोलाइ लुकाई । अनि राजाले त्येस् आइमाइका कुरा
सुन्दा येसो भयो त्येस्ले आफ्नु लुगा च्यात्यो (त्यो भित्ता मांथि जांदै
थियो) अनि लोगले हेर्ये त हेर राजाले आफ्नु जीउमां भित्र पट्टि भाङ्रा
३१ लायेको रछ । तब त्येस्ले भन्यो शापात्को छोरो एलीशाको सिर् त्येस्को
जीउमां आजु रह्यो भन्ये देखि ईश्वरले येसै अं यो भन्दा बेसि मं सित
३२ गरोस् । तर एलीशा आफ्नु घर्मां बसि रह्यो अनि त्यो सङ प्राचीन्हरु
पनि बसि रह्येका थिये त राजाले आफ्काँटो एक् जनालाइ पठाइ
दियो . तर त्यो दूत् पुगनु भन्दा पहिले एलीशाले प्राचीन्हरुलाइ भन्यो
त्येस् हत्याराको छोरोले मेरो सिर् काटि लैजांनुको लागि मान्छे पठायेको
छ भनि हेर . त त्यो दूत् आइ पुग्दाखेरि देलो पुनि देउ अनि त्येस्को
बिछ्छ्मां बस्नियोगरि देलो समाति राख . को त्येस्को स्वामीको गोड़ाको
३३ खोर् त्येस्को पछि पछि छैन । अनि त्यो तिनिहरु सङ बोल्दैने थियो त
हेर दूत् त्यो थांइ सम्म आइ पुगि हाल्यो . अनि त्येस्ले भन्यो हेर यो
बिपत्ति यहवेको पट्टि बाटो हो त यहवेको लागि अरु बाटो किन हेर्ने ।

वहांदेखि एलीशाले भन्यो यहूवेको बचन् सुन. यहूवेले येसो भन्द ७ १
क भोलि येति बेला पुंड़ो शोमरोन्को ढोकामां शेकेल्को एक् माना
अस्सल् पिठो र शेकेल्को दुइ माना जउ बिक्कन् भनि। तब अस् २
शतपतिको हातमां राजा अड़िस् लागद थियो त्येस्ले ईश्वरको जनलाइ उत्तर्
दिइ भन्यो हेर यहूवेले अकाशमां खिर्किहरु बनायो र के यो हुनु सक्ने
कुरो हो। तब त्येस्ले भन्यो हेर तिमिले त्यो आफ्ना आंखाले ता देख्नो
तर त्यो खांनु पाउंदौन॥

अब ढोकाको दैला निर चार् जना कोढ़ीहरु थिये. जुन्हरुले ३
आपस्तमां भन्ये हांमिहरु यहां मरुंज्याल् सम्म किन बसि रहूं। हांमिहरु ४
सहरमां पसूं भनूं भन्ये पनि सहरमां अनिकाल् लाग्येको क त्यहां पनि
मर्नेइ हौं. यिहीं बसि रहूं भन्ये यहां पनि मर्नेने हौं। त अब बरु हिंड़ेर
अरामीहरुको सेनामां जाऊं. तिनिहरुले हांमिहरुलाइ जीउंदो बचाये
भन्ये जीइ रहूंला। तर तिनिहरुले हांमिहरुलाइ मांन्ये भन्ये पनि
मरुंलानै। तब तिनिहरु भेंड़ाबाखा हुल्ने बेलामां अरामीहरुको ५
क्याउंनीमां जांनुको लागि उठेर. अनि तिनिहरु अरामीहरुको क्याउंनीको
वल्लो कुेउमां पुगदा को देख्ये भन्ये त्यहां कोई पनि रैन क। कसोगरिभन्ये ६
यहूवेले अरामीहरुको सेनालाइ रथ्हरु घोड़ाहरु अं येउटा ठुलो सेनाको
सोर् सुन्ने गराथो. तब तिनिहरुले आपस्तमां भन्नु लाग्ये हेर इस्राएल्को
राजाले हांमिहरुको बिरुद्धमां हांमिहरु मांथि आइ लाग्नुलाइ
हित्तिहरुका राजाहरु र मिस्रीहरुको राजालाइ बंनीमां ल्याये क।
येस्कारण् तिनिहरु भेंड़ाबाखा हुल्ने बेलामां उठेर भाग्ये अनि आफ्ना ७
बाल्हरु र घोड़ाहरु र गदाहाहरु अं आफ्ना क्याउंनीहरु जस्तोको तस्तो
कोड़ि कोड़िकन आफ्नु आफ्नु प्राण् मांत्रे लियेर भाग्ये। अनि जब ८
ति कोढ़ीहरु क्याउंनीको वल्लो कुेउमां पुग्ये तब तिनिहरुले येउटा पाल्मां
पस्येर खाये पीये वहांदेखि त्यहां बाटो चांदी सुन् बस्त्रहरु लग्येर लुकाइ
राख्ये फेरि फर्कि आयेर अर्को पाल्मां पस्ये अनि त्यहां बाटो पनि लग्येर
लुकाइ राख्ये। त्येस् बेला तिनिहरुले आपस्तमां भन्ये हांमिहरु ता जाति ९
काम् गर कौंन. आजु मंगल् समाचारको दिन् क तर हांमिहरु चइं
चुप लागि रहंद कौं. भोलि उज्यालो उदाउंज्याल् सम्म अड़ीइ रह्यूं भन्ये
देखि ता हांमिहरुलाइ दण्डले भेटाउंक. त लु गयेर हांमिहरु राजाको
जहान्लाइ सुनाइ दिऊं। तब तिनिहरुले आयेर सहरको दुवार्पाल्लाइ १०
बोलाये. वहांदेखि तिनिहरुले तिनिहरुलाइ येसो भन्येर सुनाइ दिये
हांमिहरु अरामीहरुको क्याउंनीमां पुग्यूं त को देख्यूं भन्ये वहां कोई मान्छे
रैन क न मान्छेको सोर् क तर घोड़ाहरु बांधीयेका गदाहाहरु बांधीयेका र
पाल्हरु जस्ताका तस्ता राकुन्। तब त्येस्ले दुवार्पाल्हरुलाइ बोलायो अनि ११
तिनिहरुले भित्र गयेर राजाका मान्छेहरुलाइ सुनाइ दिये। तब राजाले १२
रातिनै उठेर आफ्ना चाकरेहरुलाइ भन्यो अरामीहरुले हांमिहरु विरुद्ध के

गयेका कुन् भनि मं ऐले देखाउंछु । तिनिहरुलाइ यिनिहरु भोकै कुन् भनि थाहा कु येस्कारण् तिनिहरु येसो भनिकन मैदानमां लुकनुलाइ काउंनी देखि बाहर निस्कि गयेका कुन् जब तिनिहरु सहर् बाटो निस्कनन्
१३ तब तिनिहरुलाइ जीउंदै पकरुंला अनि सहरमां पसुंला भनि । तब येस्का चाकरेहरुमांको एक् जनाले उत्तर् दिइ भन्यो कृपागरि सहरमां बांचि रह्येका घोड़ाहरुमांका पांचवटा लियेर (हेर येस्मां रह्येको इस्राएलको सिंगै मंडली जस्ता कुन् हेर नास् भयेकाहरु इस्राएलका
१४ सिंगै मंडली जस्ता कुन् .) हांमिहरु पठाइ हेरूं । तर तिनिहरुले घोड़ाहरु समेत् दुवटा रथ् ल्याये अनि राजाले अरामीहरुको सेना पछि गयेर
१५ हेर भन्येर पठायो । त यिनिहरु तिनिहरुको पछि पछि यर्दन् सम्म गये . त हेर बाटोमां अरामीहरुले हतारमां आफ्ना वस्त्रहरु र भांड़ा बर्तनहरु आफाल्दै गयेका भरीयेका राकुन् । तब दूतहरुले फर्केर
१६ राजालाइ सुनाइ दिये । तब लोगले निस्केर अरामीहरुको छाउंनी लूटेर । येसोरि यहूवेको बचन् अनुसार शेकेलको एक् माना अस्सल
१७ पिठो र शेकेलको दुइ माना जउ बिक्ये । अनि राजाले येस् शतपतिलाइ जस्को हातमां त्यो अड़िस् लागद थियो त्येस्लाइ ढोकाको पहरामां खटाइ दियो . अनि लोगले त्येस्लाइ ढोकामां कुल्च्ये . त ईश्वरको जनले जस्ले राजा त्यो थांइ आउंदामां भन्यंको थियो त्येस्को कुरा
१८ अनुसार त्यो भंयो । तब ईश्वरको जनले राजालाइ शेकेलको दुइ माना जउ र शेकेलको एक् माना अस्सल् पिठो भोलि येति बेला पुंड़ो
१९ शोमरोनको ढोकामां बिक्कु भन्ये कुरो भन्यैकै अनुसार पूरो भयो अनि येस् शतपतिले ईश्वरको जनलाइ अब हेर यहूवेले आकाशमां खिर्की बनायो भन्ये को यो हुंनु सक्ने कुरो हो भन्ये र उत्तर दियेको थियो . अनि त्येस्ले भन्येको थियो हेर तिमिले आफ्ना आंखाले त देख्छौ तर
२० त्यो खांनु पाउंदौन भन्येर भन्येको थियो . त येस् मांथि त्येसैले पूरो भयो कसोगरिभन्ये लोगले येस् मांथि ढोकामां कुल्च्ये अनि त्यो मंर गयो ॥

(एलीशाका आश्चर्य्यकर्म्मको कीर्त्ति)

८ १ येस् पछि एलीशाले जस् आइमाइको छोरोलाइ त्येस्ले मुर्दा देखि बोराइ उठायेको थियो त्येस् आइमाइलाइ येसो भन्यो आफ्नु जहान् समेत् उठेर जहां प्रवास् गर्नु सक्छौ उहीं प्रवास् गर . किनभन्ये यहूवेले अनिकाल् पार्येको छ अनि पनि त्यो सात् बर्ष सम्म देसमां रहि
२ रहंछ । तब त्येस् आइमाइले उठेर ईश्वरको जनको कुरो अनुसार गरी . अनि आफ्नु जहान् समेत् हिंड़ि गयेर पलिश्तीहरुको देसमां सात् बर्ष
३ सम्म प्रवासी भइ रही । अनि सात् बर्ष बिति सक्ये पछि येसो भया त्यो आइमाइ पलिश्तीहरुको देस् देखि फर्की आई . तहांदेखि आफ्नु
४ घर् र आफ्नु जगाको लागि दोहाई दिंनुलाइ राजा थांइ गई । त्येस

बेला राजाले एलीशाले गर्नेका सबै तुला तुला काम् मंलाइ भन् भन्नेर
ईश्वर्को जन्को चाकरे गेहजीलाइ भन्दै थियो। अनि जब त्येस्ले ५
एलीशाले मर्नेकोलाइ कसोगरि बौराइ उठायेको थियो भनि राजालाइ
सुनाउँदै थियो तब येसो भयो हेर जस् आइमाइको क्रोरोलाइ त्येस्ले
बौराइ उठायेको थियो त्येइ आइमाइले आपेर आफ्नु घर् र जग्गाको
लागि राजाको दोहाई गरी। तब गेहजीले भन्यो हे मेरा प्रभु महाराजा
जस् आइमाइको क्रोरोलाइ एलीशाले बौराइ उठायेको थियो त्यो आइमाइ
येइ हो अनि त्येस्को क्रोरो पनि येइ हो भनि। अनि जब राजाले त्येस् ६
आइमाइ सित सोध्यो तब त्येस्ले त्येस्लाइ सुनाइ दिई। तब राजाले त्येस्को
लागि येउटा मालिक्लाइ येसो भनिकन खटाइ दियो येस् आइमाइको
जति थियो त्यो र जस् दिन् देखि त्येस्ले देस् क्रोड्दाको थिई तब देखि
आजु सम्म जग्गाका सबै फल् पनि त्येस्लाइ फर्काइ दे॥

(हजाएल्ले अराम्को सिंहासन् खोस्नु)

अनि एलीशा दमिश्कमां आयो अनि अराम्को राजा बेन्हदद् ७
बिमंच भयेको थियो अनि त्येस्लाइ ईश्वर्को जन् यहां आयेको छ भनि
सुनाइ दिईयो। तब राजाले हजाएल्लाइ भन्यो आफ्ना हातमां ८
सौगात् लियेर ईश्वर्को जन्लाइ भेट्नु जा अनि त्येस्को बाटोले को मं यो
बेथा देखि निको हुंछु भनि ईश्वर् सित सोधनी गर्। तब हजाएल् ९
त्येस्लाइ भेट्नुलाइ गयो अनि आफ्नु साथ्मां सौगात् लग्यो अर्थात्
दमिश्कका सबै अस्सल् अस्सल् चीजको चालीस् ऊंट्को भारि बहांदेखि
गयेर त्येस्को सांमु उभीयेर भन्यो आफ्नो क्रोरो अराम्को राजा बेन्हदद्ले
मंलाइ आफु थांइ मं यो बेथा देखि निको हुंछु कि हुन्न भनि सोध्नुलाइ
पठायेको छ भनि। तब एलीशाले त्येस्लाइ भन्यो गयेर त्येस्लाइ भन आफु निस्से १०
निको हुंनु हुंछ अरे भनि. तैपनि यहवेले मंलाइ त्यो अबस्से मर्छ भनि
देखायेको छ। अनि त्येस्ले आफ्नु मोहोंड़ा त्येस् मांथि येस्तोगरि थांमि ११
राख्यो त्यो लजायो पनि. अनि ईश्वर्को जन् रोयो। तब हजाएल्ले १२
भन्यो मेरा प्रभु किन रुंनु हुंद छ। तब त्येस्ले उत्तर् दियो किनभन्ने तिमिले
इस्राएलबंशीहरु सित गर्ने बुराई मंलाइ थाहा छ. तिनिहरुका किल्ला
आगोले डड्राइ दिंछौ अनि तिनिहरुका जुवानहरुलाइ तरवार्ले काटि
दिंछौ अनि तिनिहरुका बालबच्चाहरुलाइ पकारि पकारिकन चोकटालाछा
पार्छौ अनि तिनिहरुकी गर्भिणीहरुका भुंड़ी फोर्छौ। तब हजाएल्ले भन्यो १३
आफ्को चाकरे जो खालि कुकुर मांत्रै हो त्यो को हो र त्येस्ले येति ठुलो
काम गर्ला। तब एलीशाले उत्तर् दियो यहवेले मंलाइ तिमि अराम्को
राजा हुंछौ भनि देखायेको छ। वहांदेखि त्यो एलीशा थांइ देखि हिंड़ेर १४
आफ्नु स्वामी थांइ आयो जस्ले त्येस्लाइ एलीशाले तंलाइ के भन्यो भनि
सोध्यो। अनि त्येस्ले उत्तर् दियो त्येस्ले मंलाइ आफु निस्से निको हुंनु

१५ हुंछ अरे भन्यो। अनि भोलि पल्लो येसो भयो त्येस्ले येउटा बाल्को लुगा
पानीमां डुबाइ ल्यायेर त्येस्को मुख मांथि त्यो मंनैगरि फिंजाइ दियो.
वहांदेखि इजाएल्ले त्येस्को साटो राज् गर्‍यो ॥

(यहोराम्को राज्)

१६ अनि इस्राएल्को राजा अहाब्को छोरो योराम्को पांचौं वर्षमां
जब यहोशापात् यहूदाको राजा थियो तब यहूदाको राजा यहोशापात्को
१७ छोरो यहोराम् राज् गर्नु लाग्यो। राज् गर्नु थाल्दा त्यो बत्तीस् वर्षको
१८ थियो अनि त्येस्ले यरूशलेम्मां आठ् वर्ष राज् गर्‍यो। अनि अहाब्को
जहान् भैं त्यो इस्राएल्का राजाहरुको बाटोमां हिंड्यो. कसोगरिभन्ये
अहाब्की छोरी त्येस्की स्वास्नी थिई. अनि जुन् बेहोरा यहवेको सांघु
१९ नजाति थियो त्येइ त्येस्ले गर्‍यो। तैपनि यहवेले यहूदालाइ नास् पार्न
इच्छे गर्येन आफ्नु दास् दाऊद्को कारणले उस्ले त्येस्लाइ त्येस्को सन्तान्को
२० लागि सधैं येउटा दीयो दिंदु भन्येर गर्येको करहार् अनुसार्। त्येस्को
पालामां एदोम् यहूदाको कर् देखि फर्कि गयो अनि आफ्नु लागि
२१ येउटा राजा तुल्यायो। तब यहोराम् आफ्ना सबै रथ्हरु साथ लियेर
साईर्मां गयो. अनि राति उठेर त्येस्लाइ घेर्ने एदोमीहरुलाइ रथ्हरुका
मालिकहरुलाइ समेत् मांरि दियो. तब लोग् आफ्नु आफ्नु पाल्मां भाग्ये।
२२ येसोरि एदोम् आजुको दिन् सम्म यहूदाको कर् मुनि देखि फर्कि गयेकै
२३ छ। त्येइ बेला लिब्ना पनि फर्कि गयो। अनि यहोराम्को रहल् कार्य
र जे जे त्येस्ले गर्‍यो के ति यहूदाका राजाहरुको इतिहास्को पोस्तकमां
२४ लेख्येका छैनन्। त यहोराम् आफ्ना पित्रहरु सङ सुति गयो अनि
आफ्ना पित्रहरु सङ दाऊद्को सहर्मां गाड़ीयो. अनि त्येस्को छोरो
अहज्याहले त्येस्को साटोमां राज् गर्‍यो ॥

(यहूदी अहज्याह्को राज्)

२५ इस्राएल्को राजा अहाब्को छोरो योराम्को बाह्रौं वर्षमां
२६ यहूदाको राजा यहोराम्को छोरो अहज्याह् राज् गर्नु लाग्यो। राज्
गर्नु थाल्दा अहज्याह् बाईस् वर्षको थियो अनि त्येस्ले यरूशलेम्मां एक्
वर्ष राज् गर्‍यो। अनि त्येस्की आंमाको नांउ अतल्याह् थियो जो
२७ इस्राएल्को राजा ओम्रीकी छोरी थिई। अनि त्येस्ले अहाब्को जहान्को
बाटोमां हिंड्येर अहाब्को जहानले झैं यहवेको सांघु नजाति बेहोरा
२८ गर्‍यो. कसोगरिभन्ये त्यो अहाब्को जहान्को कुटुंब थियो। अनि त्यो
अहाब्को छोरो योराम् सङ अरामको राजा हजाएल् सित रामोत्
गिलादमां लड़ाईं गर्नु गयो. अनि अरामीहरुले योराम्लाइ घाएल्
२९ पार्‍ये। तब योराम् राजा अरामको राजा हजाएल् सङ लड़ाईं गर्दा
अरामीहरु देखि रामामां लाग्येका घाउहरु देखि निको हुंनुको लागि

यिज्रेलमां फर्कि आयो। अनि यहोरामको छोरो यहूदाको राजा अहज्याह् अहाबको छोरो योरामलाइ हेर्नुलाइ यिज्रेलमां गयो किनभन्ये त्यो बिरंच थियो ॥

(येहू अभिषिक्त हुंनु अनि त्येस्को राज्)

अनि एलीशा अगमबक्ताले अगमबक्ताहरुको खालमांको ९ १
येउटालाइ बोलायेर भन्यो आफ्नु कम्मर् कस्येर आफ्नु हातमां यो
कुप्पा तेल् लियेर रामोत्गिलादमां जा। अनि वहां पुग्येर निम्शीको २
छोरो यहोशापातको छोरो येहूलाइ खोज् वहांदेखि भित्र पस्येर त्येस्लाइ
त्येका दाजुभाईहरुको बीच् देखि उठ्नु लाग्येर भित्रै चइं कोठामां लैजा।
वहांदेखि तेलको कुप्पा लियेर त्येस्को सिरमां येसो भन्येर खन्याइ दे ३
यहूवेले येसो भन्द छ मैंले तंलाइ इस्राएल् मांथि राजभिषिक्त गर्यें भनि।
त्येस् पछि देला उघार्येर भाग् न अड़ौइ। तब त्यो जुवान् अर्थात् जुवान् ४
अगमबक्ता रामोत्गिलादमां गयो। अनि वहां पुग्दा को देख्यो भन्ये ५
सेनापतिहरु बसि रह्येका राछन् तब त्येस्ले भन्यो हे सेनापति आफुको लागि
मेरां येउटा काम् छ। तब येहूले भन्यो हांमिहरु सबैमांको कुनचइंको
लागि। त्येस्ले भन्यो हे सेनापति आफुको लागि। तब त्यो उठेर घर् ६
भित्र पस्यो अनि त्येस्लाइ येसो भनिकन त्येस्को सिरमां तेल् खन्यायो
इस्राएलको ईश्वर् यहूवेले येसो भन्द छ मैंले तंलाइ यहूवेको लोग्
मांथि अं इस्राएल् मांथि राजभिषिक्त गर्यें। मैंले आफ्ना अगमबक्ताहरुको ७
र यहूवेका सबै दासहरुको लोहूको साटो ईजेबेलको हात् बाटो लिंनुको
लागि तैंले आफ्नु स्वामी अहाबको जहान्लाइ मार्छस्। कसोगरिभन्ये ८
अहाबको सिंगै जहान् नास् हुंछ. अनि अहाब् देखि सबै केटा
बालखहरुलाइ र इस्राएलमां थुनीयेका र छोड़ीयेकाहरुलाइ पनि काटि
दिंछु। अनि मं अहाबको जहान्लाइ नबातको छोरो यारोबामको जहान् ९
जस्तो र अख्याहको छोरो बाशाको जहान् जस्तो तुल्याउंछु। अनि १०
कुकुरहरुले यिज्रेलको जग्गामां ईजेबेललाइ खांकन् अनि त्येस्लाइ गाड्ने
कोई पनि हुंदैन भनि। तब त्यो देला उघार्येर भाग्यो। तब येहू आफ्नु ११
स्वामीको चाकरेहरु थांइ निस्कि आयो. अनि एक् जनाले त्यो सित
सोध्यो को सबै कुशल छ. त्यो बौलाहा आफु थांइ किन आयो। तब
त्येस्ले तिनिहरुलाइ उत्तर् दियो तिमिहरुलाइ थाहा छ त्यो मान्छे को
हो अनि त्येस्को कुरा कस्तो छ। तब तिनिहरुले त्यो ठांट् हो ऐले
हांमिहरुलाइ कहि देउ भन्येर भन्ये। तब त्येस्ले भन्यो त्येस्ले मं सित येसो १२
येसो भन्यो अर्थात् यहूवेले मैंले तंलाइ इस्राएल् मांथि राजभिषिक्त गर्यें
भन्येर भन्यो। तब तिनिहरुले छिटो छिटो गरिकन आफ्नु आफ्नु लुगा १३
उतार्येर भर्याङमां त्येस्को मुनि ओछ्याइ दिये वहांदेखि येहू राजा भयो
भन्दै भन्दै तुरही बजाये। येसोरि निम्शीको छोरो यहोशापातको छोरो १४

येहूले योरामको विरोधमां राजद्रोह गऱ्यो । (त्येस् बेला योरामले सिंगै
१५ इस्राएल् समेत् अरामको राजा हजाएलको कारणले रामोत्गिलादको रक्षे
गर्दा खेरि अरामीहरुले त्येस्लाइ घायल् पाऱ्येको देखि निको पारौंनुलाइ
यिज्रेलमां फर्क्येको थियो ।) तब येहूले भन्यो तिम्रो येस्तो येस्तो इच्छे
भयो भन्ये त्यो कुरा यिज्रेलमां सुनाउंनुको लागि सहर् बाटो कस्सैलाइ
१६ बांच्येर निस्कनु न देउ । तब येहू रथमां चढ़ेर यिज्रेलमां गयो किनभन्ये
योराम् वहां रह्येको थियो । अनि यहूदाको राजा अहज्याह् पनि
१७ योरामलाइ हेर्नुलाइ उत्रि आयेको थियो । तब यिज्रेलमां भयेको धरागामां
येउटा पहरू उभीइ रह्येको थियो अनि त्येस्ले येहूको गट्ठालाइ आउंदै
गयेको चियाइ देख्येर भन्यो मं येउटा गट्ठा देख्दै छु । तब योरामले
भन्यो त्रुक्सवार् लियेर त्येस्लाइ भेट्नुलाइ पठा अनि को कुशल् छ भनि
१८ सोधीआस् । त त्येस्लाइ भेट्नुको लागि एक् जना घोड़ामां चढ़ेर गयो
अनि भन्यो राजाले येसो भनि सोधदै छ को कुशल् छ भनि । तब येहूले
भन्यो कुशलले तंलाइ को मेरो पछि लाग् । अनि पहरूचइंले त्यो दूत्
१९ तिनिहरु थांइ पुग्नु ता पुग्यो तर फर्कि आयेको कैन भनि सुनायो । तब
त्येस्ले अर्कोलाइ घोड़ा मांथि पठायो जस्ले तिनिहरु थांइ पुग्येर भन्यो
राजाले येसो भनि सोधदै छ को कुशल् छ भनि । तब येहूले उत्तर् दियो
२० कुशलले तंलाइ को मेरो पछि लाग् । अनि पहरूले येसो भनि सुनायो त्यो
पनि तिनिहरु थांइ पुग्नु ता पुग्यो तर फर्कि आउंदै कैन. अनि
घोड़ाधपाई निम्शीको छोरो येहूको धपाई जस्तो छ कसोगरिभन्ये त्येस्ले
२१ बौलाहाले झैं धपाउंदै छ । तब योरामले भन्यो नार् । त तिनिहरुले त्येको
रथ् नाथ्ये । तब इस्राएलको राजा योराम् र यहूदाको राजा अहज्याह्
आफ्नु आफ्नु रथमां चढि येहूलाइ भेट्नुलाइ निस्के अनि त्येस्लाइ
२२ यिज्रेएली नबोतको जरगामां भेट्ये । तब येसो भयो योरामले येहूलाइ
देख्दैमां भन्यो हे येहू को कुशल् छ । तब त्येस्ले उत्तर् दियो कस्तो कुशल्
जब तेरो आंमा ईजेबेलको वेश्येहरु र त्येका तन्तरमन्तर् येस्तो औधि छन् ।
२३ तब योराम् आफ्नु हात् फर्क्येर भाग्यो अनि अहज्याहलाइ भन्यो छल्
२४ रछ हे अहज्याह् । तब येहूले आफ्नु हातले धनु पूरा तान्येर योरामका
बांहाहरुको बीचमां हानि दियो अनि कांडु त्येका मुटु छिचलि निस्को तब
२५ त्यो आफ्नु रथमां लड़ि गऱ्यो । तब येहूले आफ्नु शतपति बिदकरलाइ
भन्यो त्येस्लाइ उताय्येर यिज्रेली नबोतको जरगाको भागमां आफालि दे ।
किनभन्ये समझनु पर्छ जब मं र तं त्येको बाबु अहाब् सङ सवार् भइ
२६ जांद थियूं तब यहवेले त्येस् मांथि यो बाणी भन्येको थियो निस्से
मैले छिजो नबोतको र त्येका छोराहरुको रगत् देख्येको छु भनि यहवेले
भन्द छ अनि मं त्येइ भूमिमां तेरो साटो लिंछु भन्ये यहवेको बाणी छ ।
त अब त्येस्लाइ उठायेर त्येसे भूमिमां आफाल यहवेको बचन् अनुसार ।

तर यहूदाको राजा अहज्याह् चइं यो देख्यर बारीको घरको बाटो बाट्टो २७
भाग्यो । अनि येहूले त्येस्लाइ खेद्दै गइ भन्यो त्येस्लाइ पनि रथैमां मारि
देव . तब तिनिहरुले त्येस्लाइ यिब्लाम् निर भयेको गूरको उकालिमां
हिर्काये । अनि त्यो मगिद्दो सम्म भाग्यो अनि त्यहां मऱ्यो । अनि त्येका २८
चाकरेहरुले त्येस्लाइ रथमां बोकायेर यरूशलेममां लग्ये वहांदेखि दाऊदको
सहरमां त्येका पित्रहरु सङ त्येको चिहानमां गाड्ये ॥

अनि अहाबको छोरो योरामको एघारौं वर्षमां अहज्याह् यहूदा २९
मांथि राज गर्नु लाग्यो ॥

जब येहू यिज्रेलमां पुग्यो तब ईजेबेलले यो सुनी तब त्येले आफ्ना ३०
आंखामां सुर्मा लगाई अनि आफ्ना केस् सिङारी वहांदेखि झ्याल बाटो
चियाउंनु लागी । अनि जब येहू ढोकामां पस्यो तब त्येले भनी ए जिम्री ३१
आफ्नु स्वामीको हत्यारा को कुशल छ । अनि त्येले आफ्नु मुख झ्याल
तिर उठायेर भन्यो मं पट्टि को छ को छ । तब दुइ तीन् जना मेहेरीहरुले
त्यो तिर हेऱ्ये । तब त्येले भन्यो त्येस्लाइ ऊंधो खसालि देव भनि तब ३२
तिनिहरुले त्येस्लाइ ऊंधो खसालि दिये . अनि त्येको रगतमांको भित्तामां र
घोड़ाहरुको जीउमां कुर्कि पऱ्यो . अनि त्येले त्येस् आइमाइलाइ गोड़ाले
कुल्चाये । अनि जब त्यो भित्र पस्यो तब त्येले खायो पीयो वहांदेखि ३३
भन्यो त्येस् स्रापित भयेको आइमाइलाइ हेऱ्येर गाड् . किनभन्ये त्यो
राजपुत्री हो । तब तिनिहरु त्येस्लाइ गाड्नुलाइ गये तर त्येको खप्पर ३४
गोड़ा र हत्केला बाहिक् अरु केइ पनि पायेनन् । येस्कारण तिनिहरुले ३५
फर्कि आयेर त्येस्लाइ सुनाये । अनि त्येले भन्यो यहवेले आफ्नु दास
तिश्बी एलिय्याहको बाटोले भन्येको कुरो येइनै हो अर्थात् यिज्रेलको
जग्गामां कुकुरहरुले ईजेबेलको मांसु खांकुन् . अनि ईजेबेलको लोथ् ३७
यिज्रेलको भागमां जग्गाको मुखमां भयेको मल जस्तो हुंछ . अनि
तिनिहरुले यो ईजेबेल् हो भनि भन्न सक्दैनन् ॥

त्येस् बेला अहाबका सत्र भाई छोराहरु शोमरोनमां रहंद थिये । १० १
तब येहूले चिट्ठी लेखिकन शोमरोनमां यिज्रेलका मालिकहरु थांइ अं
प्राचीनहरु थांइ र अहाबका छोराहरुलाइ पालने थांइ येसो भनि
पठायो येले यो चिट्ठी तिम्रां पुग्नु बित्तिकै जब तिम्रो स्वामीका २
छोराहरु तिमि सङ छन् अनि तिम्रा रथहरु र घोड़ाहरु र घेरा भयेका
सहर पनि र हतियारसतियार छन् त तिम्रो मालिकका छोराहरुमांको ३
येउटा सबै भन्दा असल र योग्यचइंलाइ छेयर त्येस्लाइ त्येको बाबुको
सिंहासनमां बसाल अनि तिम्रो स्वामीका जहानको लागि लड़ाईं गर ।
तर तिनिहरुले अग्घोर डराइकन भन्ये हेर ति दुइ राजाहरु त्येको ४
सांमु उभीयेनन् . त हांमिहरु कसोगरि उभीऊंला । तब घरको मालिक् ५
जो थियो र सहरको मालिक् जो थियो र प्राचीनहरु पनि र राजाका
सन्तान् राजकुमारहरुलाइ पालनेहरु जो जो थिये तिनिहरुले येहू थांइ

येसो भनि पठाये हांमिहरु तपांइका दासहरु हौं तपांइले जे जे आज्ञा गर्नु हुंछ त्यो हांमिहरु गर्छौं हांमिहरु कसैलाइ राजा तुल्याउंदौंन.
६ आफुको दृष्टिमां जे जाति लाग्ला त्येइ गर्नु हवस्। तब त्येस्ले तिनिहरु थांइ अर्को चिट्ठी येसो भनिकन लेख्यो तिमिहरु मेरो पट्टि हो अनि मेरो कुरा सुन्छौ भन्ये ति मान्छेहरुका अर्थात् आफ्नु स्वामीका छोराहरुका सिरहरु लियेर भोलि येति बेला मं थांइ यिज्रेलमां आव। अब राजकुमारहरु अर्थात् सत्र भाई राजकुमारहरु तिनिहरुलाइ पालनेहरु सहरका तुला तुला मान्छेहरु सङ राख्नेका थिये। अनि येसो भयो जब त्यो चिट्ठी
७ तिनिहरु थांइ आयो तब तिनिहरुले ति सत्रै भाई राजकुमारहरुलाइ लियेर मार्ये बहांदेखि तिनिहरुका सिर डालो डालीमां हाल्येर त्यो थांइ
८ यिज्रेलमां पठाइ दिये। तब येउटा दूतले आयेर तिनिहरुले राजकुमारहरुका सिर ल्यायेका कुन् भनि त्येस्लाइ सुनाइ दियो। त त्येस्ले भन्यो ति
९ ढोकाको आघनमां दुइ थुप्रोगरि बिहान सम्म राख। अनि बिहान येसो भयो त्येस्ले बाइर गइ उभीयेर सबै लोगलाइ भन्यो तिमिहरुचइं निर्दोषी छौ. हेर मैले आफ्नु स्वामीको बिरुद्धमां राजद्रोह गर्येर
१० त्येस्लाइ मार्ये. तर यि सबैलाइ कस्ले मार्यो। अब थाहा पाव यहूवेको बचनमांको जुन् बचन् उस्ले अहाब्को जहान्को बिषयमां भन्येको थियो ति कुरामांको कुनै पनि खस्दैन. किनभन्ये यहूवेले
११ आफ्नु दास् एलिय्याहको बाटोले भन्येको कुरो पूरो गर्येको छ। तब येहूले अहाब्को जहान्मांका बांचि रह्येका सबैलाइ र त्येस्का सबै तुला तुला मालिकहरुलाइ र त्येस्का मित्रहरुलाइ र त्येस्का पूजाहारीहरुलाइ
१२ येसोरि मार्यो एक् जनालाइ पनि छोड्दिन। तब त्यो उठेर हिंड्यो अनि शोमरोन्मां आयो। अनि बाटोमां गोठालाहरुको ऊण् कत्रने
१३ घरमां पुग्दा येहूले यहूदाको राजा अहज्याहका दाजुभाईहरुलाइ भेट्येर भन्यो तिमिहरु को हौ। त तिनिहरुले उत्तर् दिये अहज्याहका राजभाईहरु हौं. अनि राजाको सन्तान् र रानीको सन्तान्को कुशल्तेम्
१४ सोधनुलाइ उत्रि जांद छौं। तब त्येस्ले भन्यो तिनिहरुलाइ जीउंदै पक्र। त तिनिहरुले तिनिहरुलाइ जीउंदै पक्र्येर तिनिहरुलाइ अर्थात् बयालीस् जनालाइ ऊण् कत्रने घरको कूपमां मार्ये तिनिहरुमांको येउटालाइ पनि छोड्दिनन्॥
१५ फेरि त्यहां बाटो हिंड्येर रेकाब्को छोरो यहोनादाब्लाइ त्येस्लाइ भेटनुलाइ आउंदै गर्येको भेट्यो. अनि त्येस्ले त्येस्को कुशल् सोधदै त्येस्लाइ भन्यो को मेरो मन् तिम्रो मन् सङ भयेको जस्तो तिम्रो मन् पनि ठीक् छ। तब योनादाब्ले ठीक् छ भनि उत्तर् दियो। येस्ले छ भन्ये देखि मंलाइ आफ्नु हात् देउ। तब त्येस्ले त्येस्लाइ आफ्नु हात् दियो।
१६ बहांदेखि त्येस्ले त्येस्लाइ रथमां आफु सङ बसायो। फेरि त्येस्ले भन्यो मं सङ आउ अनि यहूवेको लागि मेरो इष् हेर। त तिनिहरुले त्येस्लाइ

त्येस्को रथमां चढ़ाइ लियो। अनि जसै शोमरोनमां आइ पुग्यो तब १७
शोमरोनमां अहाबको लागि रह्येका सबैहरुलाइ त्येस्ले त्येस्लाइ नास्
पार्सज्याल सम्म मारि दियो यहवेले एलिय्याहूलाइ भन्येको बचन् अनुसार्।
फेरि येहूले सबै लोगलाइ भेला गराएर तिनिहरुलाइ भन्यो अहाबले १८
बाल्लाइ थोरैगरि पूज्यो तर येहूचइंले ता धेरैगरि गर्छ। त अब मेरो १९
लागि बालका सबै अगमवक्ताहरुलाइ र त्येस्का सबै पूजाहारीहरुलाइ
भेला गराव येउटा पनि न कुटोस्. किनभन्ये मैले बाल्को लागि ठुलो
बलिदान् चढ़ाउंनु छ. जो कुटला त्यो जीउंदैन। तर येहूले बालका
पूजनेहरुलाइ नास् पार्नु भन्ये खातिरले त्यो कुरो कुल् सित गर्दै थियो। तब २०
येहूले भन्यो बाल्को लागि पवित्र सभाको लागि चोख्याव। तब
तिनिहरुले यो कुरोको उर्दी फिंजाये। अनि येहूले सिंगै इस्राएलमां २१
पठाइ दियो. तब बालका सबै पूजनेहरु आउंने येउटा पनि न
रहुंज्यालगरि आये। वहांदेखि तिनिहरु बाल्को मन्दिरमां आये अनि
बाल्को मन्दिर एक छेउ देखि अर्को छेउ सम्म भरीये। अनि त्येस्ले २२
वस्त्रघरको मालिकलाइ भन्यो बालका सबै पूजनेहरुको लागि वस्त्र
निकालि ले। तब त्येस्ले तिनिहरुको लागि वस्त्र निकालि ल्यायो। तब २३
येहू र रेकाबको छोरो यहोनादाब बाल्को मन्दिरमां पस्ये वहांदेखि
त्येस्ले बालका पूजनेहरुलाइ भन्यो ठीक् ठीक् हुंदलि हेर यहां तिमिहरुको
बीचमां यहवे पूजनेहरुमांको कोई न हवस् तर खालि बालै पूजनेहरु
मांत्रै होउन्। तब तिनिहरु बलिदान् र होमबलिदान् चढ़ाउंनुलाइ २४
भित्र पस्ये। अब येहूले आफनु लागि अस्सी जनालाइ बाहर खटाएर
भनि राख्येको थियो मैले तिमिहरुको हातमां पारि दियेकाहरुमांको
कोई बांच्येर निकल्यो भन्ये देखि त्येस्लाइ उम्काउंनेको प्राण् त्येस्को
प्राणको साटो हुंछ भनि। अनि त्येस्ले होमबलि चढ़ाइ सकनु बित्तिकै येसो २५
भयो येहूले पहरूहरु र मालिकहरुलाइ भन्यो पस्येर तिनिहरुलाइ मार
येउटालाइ पनि निस्कि जांनु न देव। तब तिनिहरुले तिनिहरुलाइ २६
तरवारको धारले काटेर अनि पहरूहरु र मालिकहरुले तिनिहरुलाइ
आफालि दिये अनि बाल्को मन्दिरको सहरमां गये। तब तिनिहरुले
बाल्को मन्दिरमां भयेका मुडुकाहरु निकाल्येर डढ़ाये। अनि तिनिहरुले २७
बाल्को मुडुका भांच्येर बाल्को मन्दिर भत्काएर त्येस्लाइ आजु
सम्म भकाराघर् बनाइ राख्येका छन्। येसोरिकन येहूले बाल्लाइ २८
इस्राएल देखि नष्ट पार्यो। तैपनि नबातको छोरो यारोबामले गर्येको २९
पाप् जुन् देखि त्येस्ले इस्राएललाइ पाप् गर्नु लायो अर्थात् बेतेल् र
दानमां भयेका सुनका बाछाहरु देखि येहू अलग् भयेन। अनि यहवेले ३०
येहूलाइ भन्यो तैंले मेरो दृष्टिमां जे ठीक् थियो त्येइ राम्रोगरि गरिस्
अनि मेरो मनमां भयेका ति सबै अनुसार् अहाबको जहानलाइ गरिस्
येकारण् तेरो सन्तान् चौथो पुस्ता सम्म इस्राएलको सिंहासनमां बस्छ।

३१ तर येहूले इस्राएल्को ईश्वर् यह्वेको व्यवस्थामां आफ्नु पूरो मन्ले
हिंड्नुलाइ चेत् गर्‍येन. जुन् पाप्को बाटोले यारोबाम्ले इस्राएल्लाइ
पाप् गर्नु लायो त्येस् देखि येहू अलग् गयेन ॥
३२ ति ताक यह्वेले इस्राएल्लाइ घटाउंनु लाग्यो. त हजाएल्ले
३३ इस्राएल्को सिंगै सिमानामां तिनिहरुलाइ मांर्‍यो यर्दन् देखि पूर्व तिर
गिलाद्को सबै देस् गादीहरु र रूबेनीहरु र मनश्शेहरुलाइ अर्नोन्को
३४ तरीमां भयेको अरोएर् देखि गिलाद् र बाशान् सम्म। अब येहूका रहल्
कार्ज्ये र ज्ये ज्ये त्येस्ले गर्‍यो अनि त्येस्को सबै प्रताप् क्ये तिनिहरु इस्राएल्का
३५ राजाहरुको इतिहास्को पोस्तक्मां लेख्येका छैनन्। तब येहू आफ्ना
पित्रहरु सङ सुति गयो. अनि तिनिहरुले त्येस्लाइ शोमरोन्मां गाड्ये।
३६ अनि त्येस्को छोरो योआहाज्ले त्येस्को साटो राज् गर्‍यो। अनि येहूले
शोमरोन्मां इस्राएल् मांथि राज् गर्‍येका दिन् अट्ठाईस् बर्ष थिये ॥

(यहोआश् घात् हुंनु देखि बांच्नु अनि राजा हुंनु)

११ १ जब अहज्याह्की आंमा अतल्याह्ले मेरो छोरो मंर्‍यो भनि
२ देखी तब त्येस्ले उठ्येर सबै राज्बंशलाइ नास् पारी। तर अहज्याह्की बैंनी
यहोराम राजाकी छोरी यह शेबाले अहज्याह्को छोरो यहोआश्लाइ
लग्येर त्येस्लाइ त्येस्की दुद्आंमा समेत्लाइ मांरीदै गर्‍येका राज्कुमार्हरुको
बीच् देखि चोर्‍येर सुत्ने कोठामां हालि दिई तब तिनिहरुले त्येस्लाइ त्यो
३ न मांरीनेगरि अतल्याह् देखि लुकाई। अनि त्यो यहोशेबा सङ यह्वेको
घर्मां छ बर्ष सम्म लुकाइ राखीयो अनि अतल्याह्ले देस्मां राज् गरी ॥
४ अनि सातौं बर्षमां यहोयदाले कारीहरु भनीने प्यादाहरुका र
पहरूहरुका शत्पतिहरुलाइ डाकि पठायेर आफु थांइ यह्वेको घर्मां
ल्यायो अनि त्येस्ले तिनिहरु सित येउटा बाचा बांध्यो वहांदेखि तिनिहरुलाइ
यह्वेको घर्मां किरिया खुवायो त्येस् पछि तिनिहरुलाइ राज्कुमार्
५ देखायो। अनि तिनिहरुले येसो भनिकन तिनिहरुलाइ आज्ञा दियो
तिमिहरुले गर्नु पर्ने काम् येइ हो. अर्थात् तिमिहरुको एक् तिहाई जो
बिश्राम्दिन्मां भित्र आउंनेहरु छन् राज्महल्को रक्षे गर्ने हुंछौ अनि
६ अर्को तिहाई चइं शूर् भनीने ढोकामां रहुन् अनि तीस्रो चइं तिहाई
पहरूहरुको पछिल् तिर भयेको ढोकामां. येसोरि तिमिहरुले राज्महल्को
७ रक्षे गर र तिमिहरु येसोरि छेक्थुन् गर्ने हव। अनि तिमिहरुमांको दुइ
गट्ठा अर्थात् बिश्राम्दिन्मां जांने सबै जनाले राजाको वरिपरि भइकन
८ यह्वेको घर्को रक्षे गरुन्। अनि जनंगेले आफ्नु आफ्नु हात्मां आफ्नु
आफ्नु हतियार् लियेर राजालाइ घेरुन् अनि पङतिको भित्र आउंने सबै
मांरीउन्. अनि राजा बाइर भित्र आइजाइ गर्दा तिमिहरु त्यो सङ् सङै
९ रह। त शत्पतिले यहोयदा पूजाहारीले गर्‍येका सबै आज्ञा अन्सार्
गर्‍यो. अर्थात् तिनिहरु जनंगेले आफ्ना आफ्ना मान्छेहरुलाइ लियेर

बिश्रामदिनमां भित्र आउनेहरुलाइ र बिश्रामदिनमां बाइर जानेहरुलाइ
लियेर यहोयादा पूजाहारी थांइ आये। तब पूजाहारीले यहूवेको १०
घरमां भयेको जो भाला र ढाल् दाऊद् राजाका थिये ति
शतपतिहरुलाइ सुम्पि दियो। तब पहरूहरु आफ्नु आफ्नु हतियार् ११
हातमां लियेर सबै जना घरको दाहौंनो कुइंन्याटो देखि बाउं कुइंन्याटो
सम्म बेदि र घरको कुेउमां राजाका चारै तिर उभीये। तब त्येस्ले १२
राजकुमारलाइ निकालि ल्यायो बहांदेखि त्येस् मांथि राजमुकुट् र
साक्षीपत्र लगाइ दियो बहांदेखि तिनिहरुले त्येसलाइ राजा तुल्याये अनि
राजअभिषिक्त गर्‍ये अनि आफ्ना आफ्ना तालि बजाये बहांदेखि महाराजा
जीइ रहुन् भन्येर भन्ये। अनि जब अतल्याहले पहराको र लोगको सोर् १३
सुनी तब यहूवेको घरमां लोग् थांइ आई. त कैयेर को देखी भन्ये रीत् १४
अनसार् राजा थामको कुेउमां बसि रह्येको रछ अनि मालिकहरु र
नरसींगा बजाउनेहरु राजाको कुेउमां राछन्. अनि देसका सिंगे लोगले
रमाइ रमाइकन नरसींगा बजाउंदा राछन्। तब अतल्याह् आफ्नु लुगा
फारि राजद्रोह् राजद्रोह् भन्दै कराई। तब यहोयदा पूजाहारीले सेना मांथि १५
खटाईयेका शतपतिहरुलाइ आज्ञा दिइ भन्यो त्येस् आइमाइलाइ पाङ्क्ति
देखि बाइर निकाल अनि त्येसको पछि लाग्नेलाइ तरवारले काटि देव.
किनभन्ये पूजाहारीले भन्येको थियो यहूवेको घरमां न मारीओस् भनि
तब तिनिहरुले त्येस् आइमाइको लागि बाटो छोड़ि दिये त यो १६
राजमहलमां घोड़ा पस्ने बाटो बाढ़ो जांदै थिई. त त्यहां मारीई॥

तब यहोयदाले यहूवेको अनि राजा र पर्जाको बीचमां तिनिहरु १७
यहूवेका लोग् होउन् भनि नियम् बांध्यो अनि राजा र पर्जाको बीचमां
पनि। अनि देसका सिंगे लोगले बालको मन्दिरमां गयेर त्यो भत्काये १८
त्येका बेदिहरु र त्येका मूर्त्तिहरु स्यांट्टै टुकरे टुकरा पार्‍ये अनि बालको
पूजाहारी मातानलाइ बेदिहरुको सांमु मार्‍ये। अनि पूजाहारीले यहूवेको
घर मांथि मालिकहरुलाइ खटायो। तब त्येस्ले शतपतिहरु र कारिहरु र १९
पहरूहरु र देसका सिंगे लोगलाइ लियो बहांदेखि तिनिहरुले राजालाइ
यहूवेको घर देखि उतारि ल्याये अनि पहरूको ढोकाको बाटो बाढ़ो
राजमहलमां ल्याये। त त्यो राजाहरुको सिंहासनमां बस्यो। येसोरि २०
देसका सिंगे लोग् रमाये अनि सहरले चैन् पायो. अनि तिनिहरुले
अतल्याहलाइ राजमहलमां काटि दिये॥

(यहोआशको राज्)

यहोआश राज् गर्नु लागदा सात् बर्ष उमरको थियो। येहूको २१
सातौं बर्षमां यहोआशले राज् गर्नु थाल्यो अनि त्येसले यरूशलेममां १२ १
चालीस् बर्ष राज् गर्‍यो. अनि त्येको आमाको नाउं बेरशेबाको सिब्या
थियो। अनि जब सम्म यहोयदा पूजाहारीले यहोआशलाइ शिक्षा दिंद २

३ थियो तब सम्म त्येस्ले यह्वेको दृष्टिमां ज्ये जाति थियो त्येइ गर्दै रह्यो। तै
पनि अल्गा अल्गा ठांउहरु ता दूर् गरीयेनन्. लोगले अब सम्म
अल्गा अल्गा ठांउमां बलिदान् चढ़ाउंद र धूप् हाल्द थिये ॥
४ अनि यहोआश्ले पूजाहारीहरुलाइ भन्यो यह्वेको घर्मां पुर्याईंने
पवित्र काम्को लागि अलग् छुद्यायेका पवित्र गरीयेका सबै रुपिया
अर्थात् गनीयेका लोगमां गयेका र जनंगेको ठहराईयेको दाम् र जति
५ रुपिया सबै मनमानीगरि यह्वेको घर्मां ल्याउंद छन् पूजाहारीले
तिं सबैलाइ आफ्ना आफ्ना चिनाजाना देखि लियेर तिनिहरु थांइ
ल्याउन्. अनि घर्मां जहां जहां छेंड़्छांड़् पाईंछन् त्यहां त्यहां मरम्मत्
६ गर्नु पर्छ। तर यहोआश् राजाको तेईसौं बर्षमां येसो भयो पूजाहारीहरुले
७ अब सम्म पनि घर्का छेंड़्छांड़्हरु मरम्मत् गर्न्येका थियेनन्। तब
यहोआश् राजाले यहोयदा पूजाहारी र अरु अरु पूजाहारीहरुलाइ
डाक्येर भन्यो घर्का छेंड़्छांड़्हरु किन मरम्मत् गर्न्येउन. त अब आफ्ना
आफ्ना चिनाजाना सित अरु रुपिया न लिंनु तर घर्को छेड़्छांड़्को
८ लागि सुम्पि दिंनु। तब पूजाहारीहरुले हांमिहरुले लोग् देखि फेरि
९ रुपिया न लिंनु र घर्का छेंड़्छांड़्हरु मरम्मत् गर्नु भन्ये कुरो मान्ये। अनि
यहोयदा पूजाहारीले येउटा सम्पट् ल्यायेर त्येस्को ढकनीमां छेंड़् पार्‍यो
वहांदेखि त्यो बेदीको छेउमां यह्वेको घर्मां जांनेको दाहींनो पट्टि राख्यो.
त दैलो रुङ्ने पूजाहारीहरुले यह्वेको घर्मां ल्यायेका सबै रुपिया
१० त्येसैमां हाल्ने गर्द थिये। अनि येसो भयो जब तिनिहरुले सम्पट्मां
रुपिया निकै भयेछ भनि देख्ये तब राजाको लेटर् र मूल्पूजाहारीले चढ़ि
आयेर यह्वेको घर्मां पाईयेका रुपिया थैलीहरुमां बांध्येर गन्ति गर्‍ये।
११ तब तिनिहरुले जोखीयेका चइं रुपिया काम् गर्नेहरुका हातमां अर्थात्
जस् जस्ले यह्वेको घर्को रक्षे गर्द थिये तिनिहरुलाइ दिये. त तिनिहरुले
१२ यह्वेको घर्मां काम् गर्ने काठ्कर्म्मीहरु र राज्हरु र गारोकर्म्मीहरु र
ढुंगा काट्नेहरुलाइ दिये अनि यह्वेको घर्का छेड़्छाड़्हरु मरम्मत् गर्नुको
लागि काठ् र काट्येका ढुंगाहरु किन्नुको लागि घर्को मरम्मत् गर्ने सबै
१३ खर्चको लागि। तर यह्वेको घर्को लागि चांदीका भांड़ाहरु र
अझेरुदानीहरु र कटौराहरु र नर्सींगाहरु सुन्का भांड़ाबर्तन्हरु यह्वेको
१४ घर्मां ल्याईयेको रुपियाले बनाईयेका थियेनन्. किनभन्ये तिनिहरुले ति
रुपिया ति काम् गर्नेहरुलाइ दिये अनि यह्वेको घर् ति रुपियाले मरम्मत्
१५ गर्‍ये। येस् उप्रान्त जस् जस्को हात्मां काम् गर्नेहरुको हात्मां दिंनुको लागि
तिनिहरुले रुपिया दियेका थिये तिनको हिसाप् पनि तिनिहरु सित
१६ लियेनन्. किनभन्ये तिनिहरुले सच्चेई सङ काम् गर्द दिये। दोष्बलिदान्
र पाप्बलिदान्को लागि दियेका चइं रुपिया यह्वेको घर्मां ल्यायेनन्.
ति पूजाहारीहरुका थिये ॥
१७ तब अराम्को राजा हजाएल्ले चढ़ि आयेर गात् सहर्को बिरुद्धमां

लड़ाईं गर्‍यो अनि त्यो लियो. अनि हजाएल्ले आफ्नु मुख यरूशलेम् तिर पनि जांने गर्‍यो। तब यहूदाको राजा यहोआशले त्येका पित्रहरु १८
यहूदाका राजाहरु यहोशापात् यहोराम् र अहज्याहले पवित्र कामको लागि अलग् कुर्‍याएका सबै पवित्र थोक् र आफ्ने पवित्र थोक् र यहवेको घरको र राजमहलको भंड़ारमां पाईयेका सबै सुन् निकाल्येर अरामको राजा हजाएल् थांइ पठाइ दियो. तब त्यो यरूशलेम् बाटो फर्कि गयो।
अब यहोआशका रहल् कार्ज र जे जे त्येले गर्‍यो के ति यहूदाका १९
राजाहरुको इतिहासको पोस्तकमां लेख्येका छैनन्। तब त्येका चाकरेहरुले २०
तृठेर राजद्रोह गर्‍ये अनि सिलामां उत्रि जांने बाटोको मिल्लोको घरमां यहोआशलाइ काटि दिये। अर्थात् शिम्मातको छोरो योजाकार र २१
शोमेरको छोरो यहोजाबाद् त्येका चाकरेहरुले त्येलाइ मार्‍ये त त्यो मर्‍यो अनि तिनिहरुले त्येलाइ त्येका पित्रहरु सङ दाऊदको सहरमां गाड़िन. अनि त्येको छोरो अमस्याहले त्येको साटोमां राज् गर्‍यो॥

(योआहाजको राज्)

यहूदाको राजा अहज्याहको छोरो यहोआशको तेईसौं वर्षमां १३ १
येहूको छोरो योआहाज शोमरोनमां इस्राएल् मांथि राज् गर्नु लाग्यो अनि त्येले सत्रह वर्ष राज् गर्‍यो। अनि यहवेको मांसु जे बुरो थियो त्येइ त्येले २
गर्‍यो अनि त्येले नबातको छोरो यारोबामले इस्राएल् देखि गराएको पाप पछ्यायो त्यो देखि त्यो अलग् भयेन। तब यहवेको रिस् इस्राएल् मांथि उठ्यो ३
अनि उसले तिनिहरुलाइ अरामको राजा हजाएलको हातमां र हजाएलको छोरो बेनहददको हातमां सबै दिनको लागि सुम्पि दियो। त योआहाजले ४
यहवे सित बिन्ति गर्‍यो त यहवेले त्येको सुन्यो. कसोगरिभन्ये उसले अरामको राजाले इस्राएल मांथि गर्‍येको त्यो मिचेइँ देख्यो। (अनि यहवेले ५
इस्राएलको लागि येउटा येस्तो छोड़ाउने दियो तिनिहरु अरामीहरुको हात् मुनि देखि निस्कि आये. यहांदेखि इस्राएलवंशीहरु अगाड़िको झैं आफ्नु आफ्नु पालमां बस लाग्ये। तरैपनि तिनिहरु यारोबामको ६
घरको जुन् पाप् त्येले इस्राएल् देखि गर्नु लायो ति पाप् देखि अलग् भयेनन् तर त्यसमां हिंड़दै रह्ये. अनि शोमरोनमां अशेरा भनीने मूर्ति पनि रह्यो।) किनभन्ये उसले योआहाजको लागि लोग् मांका पचास् ७
हजार् घुकसवार र दस् रथहरु र दस् हजार् पैदल मात्रै राख्यो किनभन्ये अरामको राजाले तिनिहरुलाइ नास् पार्‍यो दांइको धुलो जस्तो पार्‍यो।
अब योआहाजका रहल् कार्ज र जे जे त्येले गर्‍यो अनि त्येका प्रताप् को ८
ति इस्राएलका राजाहरुको इतिहासको पोस्तकमां लेख्येका छैनन्। तब ९
योआहाज् आफना पित्रहरु सङ सुति गयो अनि तिनिहरुले त्येलाइ शोमरोनमां गाड़िन. अनि त्येको छोरो योआशले त्येको साटोमां राज् गर्‍यो॥

(योआश्को राज् र एलीशाको मंरण्)

१० यहूदाको राजा यहोआश्को सैंतीसौं बर्षमां योआहाज्को छोरो
योआश् शोमरोन्मां इस्राएल् मांथि राज् गर्नु लाग्यो अनि त्येस्ले सोह्र
११ बर्ष राज् गर्‍यो। अनि यह्वेको सांमु ज्ये बुरो थियो त्येइ त्येस्ले गर्‍यो अनि
नबात्को छोरो यारोबाम्ले इस्राएल् देखि गरायेका सबै पाप् देखि अलग्
१२ गयेन. तर तिनैमां हिंड्यो। अब योआश्का रहल् कार्ज्य अनि ज्ये ज्ये त्येस्ले
गर्‍यो अनि त्येस्ले यहूदाको राजा अमस्याह् सङ गर्‍येका सबै प्रताप् क्ये ति
१३ इस्राएल्का राजाहरुको इतिहास्को पोस्तक्मां लेख्येका छैनन्। तब
योआश् आफ्ना पित्रहरु सङ सुति गयो अनि यारोबाम् त्येस्को सिंहासन्मां
बस्यो. अनि योआश् शोमरोन्मां इस्राएल्का राजाहरु सङ गाड़ीयो॥
१४ त्येस् बेला एलीशालाइ बेथा लग्यो जुन् बेथाले त्यो मंर्‍यो पनि.
अनि इस्राएल्को राजा योआश् त्यो थांइ उत्रि आयो वहांदेखि त्येस्ले
भन्यो हे मेरा पिता हे मेरा पिता इस्राएल्का रथ् र त्येस्का त्रुक्सवारहरु
१५ भन्येर त्यो मांथि रोयो। तब एलीशाले त्येस्लाइ भन्यो कांड्र धनु ल्याउ.
१६ त त्येस्ले कांड्र धनु त्यो थांइ ल्यायो। तब त्येस्ले इस्राएल्को राजालाइ
भन्यो आफ्नु हात् धनुमां लगाउ. त त्येस्ले आफ्नु हात् धनुमां लगायो।
१७ तब एलीशाले आफ्नु हात् राजाको हात् मांथि लगायो। अनि भन्यो
पूर्व तिरको झ्याल् उघार. त त्येस्ले उघार्‍यो। तब एलीशाले भन्यो हान.
त त्येस्ले हान्यो। वहांदेखि त्येस्ले भन्यो यह्वेको छुट्काराको कांड्र अं
अराम् मांथि छुट्काराको कांड्र. किनभन्ये तिमिले अरामीहरुलाइ नास्
१८ न पारुंज्याल् सम्म तिनिहरुलाइ अपेक्मां मांर्छौ। तब त्येस्ले भन्यो
काड्रहरु लेउ. त त्येस्ले ति लियो वहांदेखि त्येस्ले इस्राएल्को राजालाइ
१९ भन्यो भूइंमां हान. त त्येस्ले तीन् खेप् हान्यो अनि अड़ीयो। तब
ईश्वर्को जन्ले त्येस् मांथि रिसाइकन त्येस्लाइ भन्यो तिमिले पांच् छ
खेप् हिर्काउंनु पर्थ्यो त तिमिले अराम् नास् न होउंज्याल् सम्म त्येस्लाइ
हिर्काउंदै रहंने थियौ तर अब तिमिले खालि तीन् खेप् मांत्रै
अरामलाइ हिर्काउंछौ॥
२० तब एलीशा मंर्‍यो अनि तिनिहरुले त्येस्लाइ गाड़्यो। ति दिनमां
२१ बर्षको थाल्निमां मोआबीहरुका गट्ठाहरु देस्मां आउंद थिये। अनि
जसै तिनिहरुले एक् जनालाइ गाड्दै थिये त तिनिहरुले हेर्‍येर क्यै
देख्ये भन्ये हेर येउटा गट्ठा तब तिनिहरुले त्येस् मान्छेलाइ एलीशाको
चिहान्मां हालि दिये. अनि त्येस् मान्छेले एलीशाको हाड्र छुंनु बित्तिकै
त्यो बौर्‍येर आफ्ना गोड़ामां उभीयो॥
२२ अनि योआहाज्का सबै दिन् अराम्को राजा हजाएल्ले इस्राएल्
२३ मांथि मिचेईं गरि रह्यो। तर यह्वेले तिनिहरु मांथि अनुग्रह् गर्‍यो अनि
तिनिहरु मांथि दया गर्‍यो अनि उस्ले अब्राहाम् इस्हाक् र याकूब् सङ

बांधेको नियमको कारणले तिनिहरु मांथि कृपा गऱ्यो अनि तिनिहरुलाइ
नास पार्नु खोज्येन अनि आफ्नु सांमु देखि ऐले सम्म निकाल्येन । तब २४
अरामको राजा हजाएल मऱ्यो अनि त्येसको छोरो बेनहददले त्येसको
साटोमां राज गऱ्यो । अनि योआहाजको छोरो योआशले हजाएलको २५
छोरो बेनहददको हात देखि ति सहरहरु फेरि लियो जो त्येसको बाबु
योआहाजको हात देखि लड़ाईंमां लियेको थियो । तीन खेप योआशले
त्येसलाइ मांथेर इस्राएलका सहरहरु फेरि लियो ॥

(अमस्याहको राज)

इस्राएलको राजा योआहाजको छोरो योआशको दोस्रो बर्षमां १४ १
यहूदाको राजा यहोआशको छोरो अमस्याह राज गर्नु लाग्यो । राज २
गर्नु थाल्दा त्यो पचीस बर्षको थियो अनि यरूशलेममां उनन्तीस
बर्ष राज गऱ्यो . त्येसको आंमाको नांउ यरूशलेमकी यहोअद्दीन थियो ।
अनि यहूवेको सांमु जे भलो थियो त्येइ त्येसले गऱ्यो तर आफ्नु पिता ३
दाऊदले झैं ता होइन . त्येसले आफ्नु बाबु यहोआशले गऱ्येको झैं गऱ्यो ।
तेपनि अलगा अलगा ठांउहरु दूर गरीयेनन् . लोगले अझ सम्म अलगा ४
अलगा ठांउमां बलि चढ़ाउंद र धूप हाल्द थिये । राज त्येसको हातमां ५
स्थिर गरीनु बित्तिकै येसो भयो त्येसले आफ्नु बाबु राजालाइ मार्ने आफ्ना
चाकरेहरुलाइ मांऱ्यो . तर हत्याराहरुका सन्तानहरुलाइ चइं ता त्येसले ६
मांरयेन . मूसाको व्यवस्थाको पोस्तकमां लेखीयेको अनुसार अर्थात्
बाबुहरु आफ्ना छोराहरुको साटोमां न मारीउन् अनि न छोराहरु
बाबुहरुको साटोमां मारीउन् तर जीउजनंगे आफ्नै पापको कारणले
मारीओस् भन्येर यहूवेले भन्येको आज्ञा अनुसार । त्येसले नुनको तरिमां ७
एदोममांका दस हजार जनालाइ मांऱ्यो अनि लड़ाईंमां पहराचौकि पनि
लियो यहांदेखि त्येसको नांउ सोक्तेल राख्यो जो आजुको दिन सम्म छ ॥

तब अमस्याहले इस्राएलको राजा येहूको छोरो योआहाजको छोरो ८
योआश थांइ येसो भनिकन दूत पठायो लु हांमिहरु सांमु सांमु हेराहेर
गरूं भनि । तब इस्राएलको राजा योआशले यहूदाको राजा अमस्याहलाइ ९
येसो भनि पठायो लबानोनमां भयेको येउटा लोहोंड़ेकांड़ाले लबानोनमां
भयेको देवदारु थांइ मेरो छोरोलाइ तिम्रो छोरी सित ब्याहा देउ भनि
पठायो . अनि लबानोनमां भयेको येउटा बनपशु त्येता बाटो जांदा लोहोंड़े-
कांड़ालाइ लतारि दियो भनि । सांचिनै तिमिले एदोमलाइ मांयौ येस्कारण १०
तिम्रो मनले तिमिलाइ अलग्यायो . त्यसैमां शेषी गर आफ्नु घरमां रह
तिमि सङ यहूदा भयेको भये पनि खसुको लागि आफ्नु हानि किन
खोज्द छौ । तर अमस्याहले सुन्नु मान्येन । तब इस्राएलको राजा योआश ११
चढ़ि आयो वहांदेखि त्यो र यहूदाको राजा अमस्याह यहूदा पट्टि भयेको
बेतशमेशमां सांमु सांमु भये । तब यहूदाचइंले इस्राएल देखि हाऱ्यो १२

१३ अनि तिनिहरु जनंगे आफ्नु आफ्नु पालमां भाग्ये। अनि इस्राएलको
राजा योआशले अहज्याहको क्रोरो यहोआशको क्रोरो यहूदाको राजा
अमस्याहलाइ बेत्शेमेशमां समात्यो वहांदेखि यरूशलेममां आयो वहांदेखि
यरूशलेमको घेराभित्ता एप्रैमको ढोका देखि कुइन्याटोको ढोका सम्म चार
१४ सै हात भत्काइ दियो। अनि त्येस्ले सबै सुन चांदी र यहवेको घरमां र
राजमहलको भंडारमां पाईयेका सबै भांडाबर्तन र जमानीहरु पनि
१५ लियेर शोमरोनमां फर्कि गयो। अब योआशले गर्येका रहल कार्य्य र
त्येस्को प्रताप र त्येस्ले यहूदाको राजा अमस्याह सङ कस्तो कस्तो लड़ाई
गर्यो को ति इस्राएलका राजाहरुको इतिहासको पोस्तकमां लेख्येका
१६ छैनन्। तब योआश आफ्ना पित्रहरु सङ सुति गयो अनि इस्राएलका
राजाहरु सङ शोमरोनमां गाड़ीयो अनि त्येस्को क्रोरो यारोबाम्ले त्येस्को
साटो राज गर्यो॥

१७ अनि इस्राएलको राजा योआहाजको क्रोरो योआशको मरण पछि
यहूदाको राजा यहोआशको क्रोरो अमस्याह पन्द्रह वर्ष जीइ रह्यो।
१८ अब अमस्याहका रहल कार्य्य को ति यहूदाका राजाहरुको इतिहासको
१९ पोस्तकमां लेख्येका छैनन्। अनि तिनिहरुले त्येस्को विरुद्धमां यरूशलेममां
राजद्रोह गर्ये तब त्यो लाकिशमां भाग्यो. तर तिनिहरुले लाकिशमां
२० त्येस्को पछि पछि पठायेर त्येस्लाइ वहां मार्ये। वहांदेखि तिनिहरुले
त्येस्लाइ घोड़ाहरु मांथि बोकाइ ल्याये. अनि त्यो आफ्ना पित्रहरु सङ
२१ दाउदको सहरमां यरूशलेममां गाड़ीयो। अनि यहूदाका सिंगे लोगले
सोह्र वर्षको अजरियाहलाइ लियेर त्येस्लाइ त्येस्को बाबु अमस्याहको
२२ साटोमां राजा तुल्याये। राजा आफ्ना पित्रहरु सित सुति गये पछि
त्येस्ले एलात बनायेर यहूदामां फर्काइ ल्यायो॥

(दोस्रो यारोबाम्को राज)

२३ यहूदाको राजा यहोआशको क्रोरो अमस्याहको पन्ध्रौं वर्षमां
इस्राएलको राजा योआशको क्रोरो यारोबाम शोमरोनमां राज गर्नु
२४ लाग्यो अनि त्येस्ले एकचालीस वर्ष सम्म राज गर्यो। अनि यहवेको सांसु
ले बुरो ठियो त्येइ त्येस्ले गर्यो. नबातको क्रोरो यारोबाम्ले इस्राएल
२५ देखि गराएका सबै पाप देखि अलग गयेन। इस्राएलको ईश्वर यहवेले
गथेपेड़मां भयेको अमित्तैको क्रोरो योना अगमवक्ता आफ्नु दासको
बाटोले भन्येका कुरा अनुसार त्येस्ले इस्राएलको सिमाना हमातमां पछे
२६ गौंड़ा देखि अराबाको समुन्द्र सम्म फर्काइ लियो। कसोगरिभन्ये यहवेले
इस्राएलको दुखव सारो तीतो भयेको देख्यो. कसोगरिभन्ये न घुनीयेका
२७ न छोड़ीयेकाहरु थिये अनि न इस्राएलमां कोई गोहारे थियो। अनि
यहवेले अझै सम्म इस्राएलको नांउ आकाश मुनि देखि मेटि दिंछु भनि
भन्येको थियेन. तर उस्ले तिनिहरुलाइ योआशको क्रोरो यारोबाम्को

बाटोले छोड़ायो । अब यारोबाम्का रहल् कार्य र जे जे त्येस्ले गऱ्यो अनि २८
त्येस्को प्रताप् अं त्येस्ले कसो कसोगरि लड़ाईं गऱ्यो अनि यहूदा पट्टि
पऱ्यको हमात् र दमिश्क कसोगरि त्येस्ले इस्राएल्को लागि फर्काइ ल्यायो
के ति इस्राएल्का राजाहरुको इतिहास्को पोस्तक्मां लेख्येका छैनन् ।
त यारोबाम् आफ्ना पित्रहरु सङ अं इस्राएल्का राजाहरु सङ सुति गयो २९
अनि त्येस्को छोरो जकर्याहले त्येस्को साटोमां राज् गऱ्यो ॥

(अजर्याह्को राज्)

इस्राएल्को राजा यारोबाम्को सताईसौं बर्षमां यहूदाको राजा १५ १
अमस्याह्को छोरो अजर्याह[1] राज् गर्नु लाग्यो । राज् गर्नु थालदा त्यो २
सोह्र बर्षको थियो अनि त्येस्ले यरूशलेम्मां बाउन् बर्ष राज् गऱ्यो ।
अनि त्येस्की आंमाको नांउ यरूशलेम्की यकोल्याह् थियो । अनि त्येस्को ३
बाबु अमस्याह्ले गर्येको झैं यहूवेको सांमु जे भलो थियो त्येइ त्येस्ले
गऱ्यो । तैपनि अलग्गा अलग्गा ठांउहरु ता दूर् गरीयेनन् । लोगले अझै ४
सम्म अलग्गा अलग्गा ठांउहरुमां बलिदान् चढ़ाउंने र धुप् हाल्ने गर्द थिये ।
अनि यहूवेले राजालाइ येसोरि हिर्कायो त्यो आफ्नु मरण्को दिन् सम्म ५
कोढ़ी भयेर अलग् घरमां बसि रह्यो । अनि योताम्चइं राजकुमार्ले
देस्का लोगको निया गर्द जहान्को मालिक् भयो । अब अजर्याह्का ६
रहल् कार्य र जे जे त्येस्ले गऱ्यो के ति यहूदाका राजाहरुको इतिहास्को
पोस्तक्मां लेख्येका छैनन् । तब अजर्याह् आफ्ना पित्रहरु सङ सुति गयो ७
अनि तिनिहरुले त्येस्लाइ त्येस्का पित्रहरु सङ दाऊद्को सहरमां गाड़ेर ।
अनि त्येस्को छोरो योताम्ले त्येस्को साटोमां राज् गऱ्यो ॥

(जकर्याह्को राज्)

यहूदाको राजा अजर्याह्को अड़तीसौं बर्षमां यारोबाम्को छोरो ८
जकर्याहले इस्राएल् मांथि शोमरोन्मां छ महीना राज् गऱ्यो । अनि ९
त्येस्का पित्रहरुले झैं यहूवेको सांमु जे बुरो थियो त्येइ त्येस्ले पनि गऱ्यो ।
नबात्को छोरो यारोबाम्ले इस्राएल् देखि गराएका पाप् देखि अलग्
गएन । अनि याबेस्को छोरो शल्लुम्ले त्येस्को बिरुद्धमां राजद्रोह् गर्नि १०
त्येस्लाइ लोगको सांमु हिर्कायेर मार्यो अनि त्येस्को साटोमां राज् गऱ्यो ।
अब जकर्याह्का रहल् कार्य हेर ति इस्राएल्का राजाहरुको इतिहास्को ११
पोस्तक्मां लेख्येका छन् । यहूवेले येहूलाइ तेरा छोराहरु चौथो पुस्ता १२
सम्म इस्राएल्को सिंहासनमां बस्छन् भन्येको कुरो येइ हो । अनि येसैनै
भइ गयो ॥

[1] पद् १३, ३० इत्यादि उल्लिख्याछ् ।

(शल्लूम्को राज्)

१३ यहूदाको राजा उज्जिय्याहको उनन्चालीसौं बर्षमां याबेश्को छोरो
१४ शल्लूम्ले एक महीना शोमरोन्मां राज् गऱ्यो । अनि गादीको छोरो
मनहेम्ले तिर्जा देखि शोमरोन्मां आयेर याबेश्को छोरो शल्लूम्लाइ
१५ शोमरोन्मां मांऱ्यो अं त्येस्लाइ मांरे र त्येस्को साटोमां राज् गऱ्यो । अब
शल्लूम्का रहल् कार्ज र त्येस्ले गऱ्येको राजद्रोह् हेर ति इस्राएल्का
१६ राजाहरुको इतिहास्को पोस्तक्मां लेख्येका छन् । तब मनहेम्ले तिप्सह्-
लाइ र त्येस्मां भयेका सबैलाइ र त्येस्का सिमानाहरु समेत्लाइ मांऱ्यो.
तिनिहरुले त्येस्को लागि त्यो न उघारि दियेको कारणले त्येस्ले त्येस्लाइ
मांऱ्यो अनि त्येस्मां भयेकी सबै गर्भिणीहरुको भुंडि फोरि दियो ॥

(मनहेम्को राज्)

१७ यहूदाको राजा अजर्याहको उनन्चालीसौं बर्षमां गादीको छोरो
मनहेम् इस्राएल् मांथि राज् गर्नु लाग्यो अनि शोमरोन्मां दस् बर्ष
१८ राज् गऱ्यो । अनि यहवेको सांमु जे बुरो थियो त्येइ त्येस्ले गऱ्यो.
नबातको छोरो यारोबाम्ले इस्राएल् देखि गराएको पाप् देखि आफ्ना
१९ सबै दिन् अलग् गयेन । अश्शूरको राजा पूल् देसको बिरुद्धमां आयो
अनि मनहेम्ले राज् आफ्नु हातमां स्थिर् गराउंनुलाइ पूल्को हात् मं
२० सड एक् हजम् भन्दा चांदीका हजार् तोड़ा दियो । अनि अश्शूरको
राजालाइ दिंनु भन्दा मनहेम्ले इस्राएल् देखि अं सबै धनी धनी मान्छेहरु
देखि चांदीका पचास् पचास् शेकेलजरि रुपिया उठायो । येसोगि
२१ अश्शूरको राजा फर्काइ पठाईयो त त्यो त्यहां देसमां अड़ीयेन । अब
मनहेम्का रहल् कार्ज र जे जे त्येस्ले गऱ्यो के ति इस्राएल्का राजाहरुको
२२ इतिहास्को पोस्तक्मां लेख्येका छैनन् । अनि मनहेम् आफ्ना पित्रहरु
सङ सुति गयो अनि त्येस्को छोरो पकह्याहले त्येस्को साटोमां राज् गऱ्यो ॥

(पकह्याहको राज्)

२३ यहूदाको राजा अजर्याहको पचासौं बर्षमां मनहेम्को छोरो
पकह्याह् शोमरोन्मां इस्राएल् मांथि राज् गर्नु लाग्यो अनि त्येस्ले दुइ बर्ष
२४ राज् गऱ्यो । अनि जुन् बेहोरा यहवेको सांमु बुरो थियो त्येइ त्येस्ले गऱ्यो.
नबात्को छोरो यारोबाम्ले इस्राएल् देखि गराएका पाप् देखि अलग्
२५ गयेन । अनि रमल्याहको छोरो पेकह् त्येस्को अफ्सरतले त्येस्को बिरुद्धमां
राजद्रोह् गऱ्यो अनि त्येस्लाइ शोमरोन्मां अर्गोब् र अर्य समेत्लाइ
राजाको घरको महलमां मांऱ्यो अनि त्यो सङ पचास् जना गिलादीहरु
पनि थिये. त त्यस्ले त्यस्लाइ मांऱ्यो यहांदेखि त्येस्को साटोमां राज् गऱ्यो ।
२६ अब पकह्याहका रहल् कार्ज र त्येस्ले जे जे गऱ्यो हेर ति इस्राएल्का
राजाहरुको इतिहास्को पोस्तक्मां लेख्येका छन् ॥

(पेकह्को राज्)

यहूदाको राजा अजर्याह्को बावनौं वर्षमां रमल्याह्को छोरो २७
पेकह् शोमरोनमां इस्राएल् मांथि राज् गर्नु लाग्यो अनि त्येस्ले बीस्
वर्ष राज् गर्यो। अनि यह्वेको सांमु जे बुरो थियो त्येइ त्येस्ले गर्यो. २८
नबात्को छोरो यारोबाम्ले इस्राएल् देखि गराएको पाप् देखि अलग् गयेन।
इस्राएल्को राजा पेकह्का दिनमां अश्शूरको राजा तिग्लत्पिलेसेर्ले आयेर २९
इय्योन् आबेल्बेत्माका यानोह् केदेश् हासोर् गिलाद् गालील् नप्तालीको
सबै देस् लियो वहांदेखि तिनिहरुलाइ अश्शूरमां बन्धुवाई गरि लग्यो।
अनि उज्जियाह्को छोरो योताम्को बीसौं वर्षमां एलाको छोरो होशेले ३०
रमल्याह्को छोरो पेकह्को विरुद्धमां राजद्रोह् गर्यर त्येस्लाइ हिर्कायेर
मांर्यो वहांदेखि त्येस्को साटोमां राज् गर्यो। अब पेकह्का रहल् कार्य र ३१
जे जे त्येस्ले गर्यो हेर ति इस्राएल्का राजाहरुको इतिहास्को पोस्तक्मां
लेख्येका छन्॥

(योताम्को राज्)

इस्राएल्को राजा रमल्याह्को छोरो पेकह्को दोस्रो वर्षमां यहूदाको ३२
राजा उज्जियाह्को छोरो योताम् राज् गर्नु लाग्यो। राज् गर्नु थाल्दा ३३
त्यो पचीस् वर्षको थियो अनि त्येस्ले यरूशलेम्मां सोह्र वर्ष राज् गर्यो.
अनि त्येस्की आंमाको नांउ सादोक्की छोरी यरूशा थियो। अनि यह्वेको ३४
सांमु जे भलो थियो त्येइ त्येस्ले गर्यो. त्येस्ले त्येस्को बाबु उज्जियाह्ले
गर्येको अनुसार् सबै गर्यो। तैपनि अलगा अलगा ठांउहरु दूर् गरीयेनन्. ३५
लोगले आफै सम्म अलगा अलगा ठांउहरुमां बलिदान् चढाउंने र धूप्
हाल्ने गर्दै थिये। त्येस्ले यह्वेको घरको मांथिल्लो चर्इं ढोका बनायो।
अब योताम्का रहल् कार्य र जे जे त्येस्ले गर्यो के ति यहूदाका ३६
राजाहरुको इतिहास्को पोस्तक्मां लेख्येका छैनन्। ति दिनमां यह्वेले ३७
अरामको राजा रसीन् र रमल्याह्को छोरो पेकह्लाइ यहूदाको विरुद्धमां
पठाउंनु थाल्यो। अनि योताम् आफ्ना पित्रहरु सङ सुति गयो अनि ३८
आफ्ना पित्रहरु सङ आफ्नु पिता दाऊद्को सहरमां गाड्दीयो. अनि
त्येस्को छोरो आहाज्ले त्येस्को साटोमां राज् गर्यो॥

(आहाज्को राज्)

रमल्याह्को छोरो पेकह्को सत्रौं वर्षमां यहूदाको राजा योताम्को १६ १
छोरो आहाज् राज् गर्नु लाग्यो। राज् गर्नु थाल्दा आहाज् बीस् २
वर्षको थियो अनि त्येस्ले यरूशलेम्मां सोह्र वर्ष राज् गर्यो. अनि
आफ्नु ईश्वर् यह्वेको सांमु जे भलो थियो त्येस्ले त्येस्को पिता दाऊद्ले
झैं त्यो गर्येन। तर त्यो इस्राएल्का राजाहरुको साटोमां हिंड्यो अं ३

जुन् अन्यदेसीहरुलाइ यह्वेले इस्राएल्बंशीहरुको सांमु देखि निकालि
दियेको थियो तिनैहरुको घिन्लाग्दो रीत् अन्सार् त्येस्ले आफ्नु छोरालाइ
४ आगोको बाटो बाड़ो हिंड़ाल्यो। अनि अल्गा अल्गा ठांउहरु र डांड़ा
डांड़ामां र सबै हरीया हरीया रुख्हरु मुनि त्येस्ले बलिदान् चढ़ाउंने र
५ धूप् हाल्ने गर्द थियो। तब अराम्को राजा रसीन् र इस्राएल्को राजा
रमल्याह्को छोरो पेकह् यरूशलेम्मां लड़ाईं गर्नुलाइ चढ़ि आये. अनि
६ तिनिहरुले आहाज्लाइ घेर्‍ये तर त्येस् मांथि जिताहा हुंनु सक्येनन्। त्येस्
बेला अराम्को राजा रसीन्ले एलात् अराम्को लागि फर्कायो अनि
यहुदीहरुलाइ एलात् देखि धपायो. अनि अरामीहरु एलात्मां आयेर
७ बस्ये त्यहां बस्ये आजुको दिन् सम्म। तब आहाज्ले दूत्हरुलाइ
अश्शूर्को राजा तिग्लत्पिलेसेर् थांइ येसो भनि पठायो मं आफुको चाकरे
र आफुको छोरो हुं. चढ़ि आउंनु हवस् अनि मंलाइ अं मेरो बिरुद्धमां
आउंने अराम्को राजा र इस्राएल्को राजाको हात् देखि छोड़ाउंनु हवस्।
८ अनि आहाज्ले यह्वेको घर्मां र राज्महल्को भंड़ार्मां पाईयेका सुन्
चांदी लियेर अश्शूर्को राजालाइ भेटिगरि पठायो। तब अश्शूर्को राजाले
९ त्येस्को सुन्यो अनि अश्शूर्को राजा दमिश्क्को बिरुद्धमां आयेर त्यो लियो
वहांदेखि त्येस्का लोगलाइ कीर्मां बन्धुवा गरि लग्यो अनि रसीन्लाइ
१० मार्‍यो। अनि आहाज् राजा अश्शूर्को राजा तिग्लत्पिलेसेर्लाइ भेट्नु-
लाइ दमिश्क्मां गयो अनि दमिश्क्मां भयेको बेदि पनि देख्यो. तब
आहाज् राजाले ऊरिय्याह् पूजाहारी थांइ त्यो बेदिको डवल् र त्येस्का सबै
११ काम् अन्सार्को नपना पठाइ दियो। तब ऊरिय्यह् पूजाहारीले येउटा बेदि
बनायो. आहाज् राजाले दमिश्क् देखि पठायेका सबै अन्सार् येसोरि
आहाज् राजा दमिश्क् बाटो आउंनु भन्दा अगाड़ि ऊरिय्याह् पूजाहारीले
१२ त्यो बनाइ सक्यो। जब राजा दमिश्क् बाटो आयो तब राजाले त्यो बेदि
१३ देख्यो. त राजा बेदि छेउ गयो अनि त्येस्मां चढ़ायो। अनि त्येस्ले
आफ्नु होम्बलि र आफ्नु अन्नबलि चढ़ायो अनि आफ्नु खन्याइबलि
१४ खन्यायो अनि आफ्नु मेल्बलिको रगत् बेदिमां छर्क्यो। अनि यह्वेको
सांमु भयेको पीतल्को चइं बेदि त्येस्ले घर्को सांमु पट्टि देखि अं आफ्नु
बेदि र यह्वेको घर्को बीच् देखि सर्कायेर आफ्नु चइं बेदिको
१५ उत्तर् पट्टि राख्यो। अनि आहाज् राजाले ऊरिय्याह् पूजाहारीलाइ येसो
भनिकन आज्ञा दियो ठुलो चइं बेदिमां बिहान्को होम्बलि र बेलुकाको
अन्नबलि र राजाको होम्बलि र त्येस्को अन्नबलि देस्का सिंगै लोगको
होम्बलि समेत् अनि तिनका अन्नबलि र तिनका खन्याईबलि समेत् चढ़ाउंने
गर्नु अनि त्येस् मांथि होम्बलिको सबै रगत् र बलिदान्को सबै रगत्
छर्कने गर्नु. तर पीतल्को चइं बेदि मेरो लागि सोधनी गर्नुको लागि हुंछ।
१६ त ऊरिय्याह् पूजाहारीले आहाज् राजाले गर्‍येका सबै आज्ञा अन्सार्
१७ गर्‍यो। अनि आहाज् राजाले आधार्हरुका पाटाहरु काट्यो अनि ति देखि

स्नानभांड़ा निकाल्यो अनि समुन्द्र चइं त्येस्ले त्येस् मुनि भयेका पीतलका
गोरुहरु मांथि देखि उतार्येर ढुंगा क्वाप्येको ठांउमां राख्यो । अनि तिनि- १८
हरुले विश्रामको लागि घरमां बनायेको क्वाना लगायेको बाटो र राजाको
बाइरको दलान् पनि अश्शूरको राजाको कारणले त्येस्ले यहूदेको घरमां
सार्यो । अब आहाजले गर्येका रहल् कार्य्य को ति यहूदाका राजाहरुको १९
इतिहासको पोस्तकमां लेख्येका छैनन् । त आहाज् आफ्ना पित्रहरु २०
सङ सुति गयो अनि आफ्ना पित्रहरु सङ दाऊदको सहरमां गाड़ीयो .
अनि त्येको छोरो हिजकिय्याहले त्येको साटोमां राज् गर्यो ॥

(होशेको राज्)

यहूदाको राजा आहाजको बाह्रौं बर्षमां एलाको छोरो होशे १७ १
शोमरोनमां इस्राएल् मांथि राज् गर्नु लाग्यो अनि नौ बर्ष राज् गर्यो । २
अनि यहूदेको सांमु ज्ये बुरो थियो त्येइ त्येस्ले गर्यो तै त्यो भन्दा अगाड़िका
इस्राएलका राजाहरुले जस्तो ता गर्येन । त्येसैको बिरुद्धमां अश्शूरको ३
राजा शल्मनेसेर् चढ़ि आयो अनि होशे त्येको दास् भयो अनि त्येको
लागि भेटि लांने गर्यो । अनि अश्शूरको राजाले होशेमां राजद्रोह् पायो ४
कसोगरिभन्ये त्येस्ले मिस्रको सो नांउ भयेको राजा थांइ दूतहरुलाइ पठायेको
थियो अनि बर्ष बर्ष गर्येको झैं अश्शूरको राजालाइ भेटि चढ़ायेन .
येस्कारण् अश्शूरको राजाले त्येस्लाइ बांधेर भेलखानमां हाल्यो । तब ५
अश्शूरको राजा सिंगै देसमां हिंड़ि शोमरोनमां चढ़ि आयो वहांदेखि
त्येस्लाइ तीन् बर्ष सम्म घेरि राख्यो । होशेको नवं बर्षमां अश्शूरको राजाले ६
शोमरोन् लियो अनि इस्राएललाइ अश्शूरमां लग्यो वहांदेखि
तिनिहरुलाइ हलह् र गोजान् नदीमां भयेको हाब्रोरमां र मादीहरुका
सहर् सहरमां राख्यो । यो सबैको कारण् यो थियो अर्थात् ७
इस्राएलवंशीहरुले मिस्रको राजा फिरऊनको हात् मुनि देखि मिस्रको
देस् देखि निकालि ल्याउंने आफ्नु ईश्वर् यहूदेको बिरुद्धमां पाप् गर्येका
थिये अनि पराय् देवताहरुको डर् मान्द थिये अनि जुन् जुन् लोग्- ८
लाइ यहूदेले इस्राएलवंशीहरुको सांमु देखि धपायेको थियो तिनका
बिधिहरुमां र इस्राएलका राजाहरुले ठहरायेका बिधिहरुमां हिंड़ेका
थिये । अनि इस्राएलवंशीहरुले आफ्नु ईश्वर् यहूदेको बिरुद्धमां लुकि ९
लुकि नजाति बेहोरा गर्द थिये अनि पहरूहरुको टौवा देखि घेरा भयेको
सहर् सम्म तिनिहरुका सब्बै सहरहरुमां अलग्गा अलग्गा ठांउहरु बनाये ।
अनि सब्बै अलग्गा अलग्गा डांड़ा मांथि र सब्बै हरीया हरीया रुखहरु मुनि १०
तिनिहरुले मुड़्काहरु र अशेरा भनौंने मूर्त्तिहरु उभ्याये . अनि त्येस्ता ११
त्येस्ता ठांउहरुमां सब्बै अलग्गा अलग्गा ठाउमां यहूदेले तिनिहरुको सांमु

देखि निकाल्येका लोगले भैं तिनिहरुले धूप् हाल्द थिये अनि यहूवेको रिस्
१२ उठाउंनुलाइ तिनिहरुले दुष्टैइं गर्ये. अनि तिनिहरुले मूर्त्ति पनि पूज्ने
जुन्हरुको विषयमां यहूवेले तिनिहरुलाइ तिमिहरुले येस्तै काम् न गर्नु
१३ भन्येर भन्येको थियो। तैपनि यहूवेले इस्राएल् र यहूदाको लागि सबै
अगम्वक्ता र सबै हेर्नेको बाटोले येसो येसो भनिकन साक्षी दिने गर्द थियो
आफ्नु आफ्नु बुरो बाटो देखि फर्कर मेरा आज्ञा र मेरा विधि मान
मैंले तिमिहरुका पित्रहरुलाइ आज्ञा दियेका र मैंले तिमिहरु थांइ
आफ्ना अगम्वक्ता दास्हरुको बाटोले पठायेका सबै व्यवस्था अनुसार्
१४ भन्येर। तैपनि तिनिहरुले सुन्नु मान्येनन् तर आफ्नु ईश्वर् यहूवे मांथि
विश्वास् न गर्ने आफ्ना पित्रहरुले भैं आफ्नु आफ्नु गर्दन् कठोर् गर्ये।
१५ अनि तिनिहरुले उस्का विधिहरु र उस्ले तिनिहरुका पित्रहरु सित बांध्येका
उस्का नियम् र उस्ले तिनिहरुको लागि साक्षी दियेको साक्षीपत्र पनि त्याग्ये
अनि तिनिहरुले व्यर्थैलाइ पछ्याये अनि व्यर्थैका भइ गये अनि जुन् लोगको
विषयमां यहूवेले तिनिहरुका वरिपरि भयेकाहरुले भैं न गर भनि
तिनिहरुलाइ आज्ञा दियेको थियो तिनै लोगको पछि पछि लाग्ये।
१६ अनि तिनिहरुले आफ्नु ईश्वर् यहूवेका सबै आज्ञा छोड्येर आफ्नु
लागि ढाल्येका मूर्त्ति अं दुवटा बाच्छा बनाये अनि येउटा अशेरा
भनीने मूर्त्ति बनाये अनि अकाशका सबै सेनाहरुलाइ दण्डवत् गर्ये
१७ अनि बालको सेवा गर्ये। अनि तिनिहरुले आफ्ना छोराछोरीहरुलाइ
आगोको बाटो बाढ्नो हिंड्याल्ये अनि अगम् चलाये अनि तन्तर्मन्तर्
गर्ये अनि यहूवेको सांमु जे बुरो थियो त्येइ गर्नुलाइ उस्को रिस्
१८ उठाउंनुको लागि आफुलाइ बेच्ये। येस्कारण् यहूवे इस्राएल् देखि रिसायो
अनि तिनिहरुलाइ आफ्नु दृष्टि देखि पर सार्यो. यहूदाको कुल् बाहिक्
१९ अरु कोई राख्योयेन। अनि यहूदाले पनि आफ्नु ईश्वर् यहूवेका आज्ञा
२० मान्येन तर इस्राएलका तिनिहरुले ठहरायेका विधिहरुमां हिंड्ये। तब
यहूवेले इस्राएलका सबै सन्तानलाइ आफालि दियो अनि तिनिहरुलाइ
दुक्ख दियो अनि तिनिहरुलाइ उस्ले आफ्नु दृष्टि देखि आफाल्येका न
२१ होउंज्याल् सम्म लूटहारहरुका हातमां सुम्पि दियो। कसोगरिभन्ये उस्ले
दाऊद्को घर् देखि इस्राएललाइ च्याति दियो अनि तिनिहरुले नबात्को
छोरो यारोबामलाइ राजा तुल्याये. अनि यारोबामले इस्राएललाइ
यहूवेलाइ पछ्याउंनु देखि धपायो अनि तिनिहरुलाइ येउटा ठुलो पाप्
२२ गर्नु लायो। अनि इस्राएलवंशीहरु यारोबामले गर्यका सबै पापमां
२३ हिंड्ये तिनिहरु ति देखि अलग् भयेनन् यहूवेले आफ्ना सबै
अगम्वक्तादास्हरुको बाटोले उस्ले इस्राएललाइ आफ्नु सांमु देखि पर
सार्येको न होउंज्याल् सम्म। येसोरि इस्राएल् आफ्नु देस् देखि
अश्शूरमां लगीयो आजु सम्म॥

(इस्राएल्को देस्मां लोग् लोग्कोबसाई)

तब अश्शूर्को राजाले बाबेल् कूता अव्वा हमात् र सपर्वैम् बाटो २४
मान्छेहरुलाइ ल्याएर तिनिहरुलाइ इस्राएल्वंशीहरुको साटोमां शोमरोन्का
सहर्हरुमां बसायो. त तिनिहरु शोमरोन्का अधिकारी भएर त्येस्का
सहर्हरुमां बस्थे। अनि येसो भयो तिनिहरु वहां बस् लाग्दा पहिले २५
पहिले तिनिहरुले यहूवेको भय् मान्दैन थिये. येस्कारण् यहूवेले तिनिहरुको
बीच्मां सिंहहरु पठाइ दियो जस्ले तिनिहरुमांका कत्तिलाइ मार्थे। २६
येस्कारण् तिनिहरुले अश्शूर्को राजालाइ येसो भनि पठाये. जुन् लोग्लाइ
आफुले लग्एर शोमरोन्का सहर्हरुमां बसालनु भएको छ तिनिहरुले येस्
देस्को ईश्वर्को रीत् जान्दैनन्. येस्कारण उस्ले तिनिहरुको बीच्मां सिंह
पठाइ दिएको छ त हेर तिनिहरुले तिनिहरुलाइ मार्द छन् किनभन्ये
तिनिहरुले देस्को ईश्वर्को रीत् जान्दैनन्। तब अश्शूर्को राजाले येसो २७
भनिकन आज्ञा गर्यो तिमिहरुले वहां बाटो ल्याएका पूजाहारीहरुमांको
येउटालाइ वहां फर्काइ लैजाव अनि त्यो वहां गएर वहीं रहोस् वहांदेखि
तिनिहरुलाइ देस्को ईश्वर्को रीत् सिकाइ देवस्। त तिनिहरुले २८
शोमरोन् देखि लग्एका पूजाहारीहरुमांको एक् जना आएर बेतेल्मां बस्यो
अनि त्येस्ले तिनिहरुलाइ यहूवेको भय् कसोगरि मान्नु पर्छ भनि
सिकायो। तैपनि एक् एक् लोग्ले आफ्नु आफ्नु लागि देवता बनाएर २९
शोमरोनीहरुले बनाएका अल्गा अल्गा ठांउहरुका घर्हरुमां लोग्
लोग्ले आफु आफु बस्थेका सहर्हरुमां बसाल्थे। अनि बाबेल्का ३०
मान्छेहरुले सुक्कोत्बनोत् बनाये अनि कूत्का मान्छेहरुले नेर्गल् बनाये
अनि हमात्का मान्छेहरुले अशीमा अनि अव्वीहरुले नेभज् र तर्तांक् ३१
बनाये अनि सपर्वैमीहरुले आफ्ना बालखहरुलाइ आगोमां अद्रम्मेलेक् र
अनम्मेलेक् नांउ भएका सपर्वैम्का देवताहरुको लागि डढ्ाये। येसोरि ३२
तिनिहरुले यहूवेको भय् मान्थे अनि आफ्नु लागि आफ्नु खाल् देखि
अल्गा अल्गा ठांउहरुका पूजाहारीहरु तुल्याये जस्ले अल्गा अल्गा
ठांउहरुका घर्हरुमां तिनिहरुको लागि बलिदान् चढ्याउंद थिये।
तिनिहरुले यहूवेको भय् मान्थे अनि आफ्नै देवताको सेवा गर्द थिये ३३
जुन् लोग्को बीच् देखि तिनिहरु लगेयेका थिये ति लोग्को रीत्
अनुसार्। आजु सम्म तिनिहरु आफ्नु अगाडिको रीत् अनुसार् गर्द ३४
रहेंद छन्. तिनिहरुले यहूवेको भय् मानदैनन् अनि आफ्नु विधि र
आफ्नु नियम् र यहूवेले याकूबवंशीहरुलाइ (जे जे उस्ले इस्राएल्लाइ
भन्यो) आज्ञा गर्थेका व्यवस्था र आज्ञा अनुसार् गर्थेनन् जुन् इस्राएल्
सित यहूवेले नियम् बांधि तिमिहरुले पराय् देवताहरुको भय् न मान ३५
न तिनको लागि निउंर न तिनको सेवा गर न तिनिहरुको लागि
बलिदान् चढ्राव भनिकन तिनिहरुलाइ आज्ञा गर्थेको थियो। तर ३६

यह्वे जस्ले तिमिहरुलाइ टुलो बल्ले र पसाऱ्येको बांहांले मिस्रको
देस् देखि निकालि ल्यायेको थियो उसैको भय् मान अनि उसैको लागि
३७ निउंर उसैको लागि बलिदान् चढ़ाव. अनि जुन् बिधि र नियाबचन्हरु र
आज्ञा उस्ले तिमिहरुको लागि लेख्येको थियो ति सधैंभरि गर्नु मान्दै रह
३८ अनि तिमिहरुले पराय् देव्ताहरुको भय् न मान. अनि जुन् नियम् मैंले
तिमिहरु सङ बांध्येको छु त्यो तिमिहरुले न बिर्स न पराय् देव्ताहरुको
३९ भय् मान. तर तिमिहरुको ईश्वर् यह्वेको भय् मान तब उस्ले
४० तिमिहरुलाइ तिमिहरुका सबै सत्तुर्हरुका हात् देखि बचाउंछ। तैपनि
४१ तिनिहरुले सुन्येनन् तर आफ्नु अगाड़िको रीत् अन्सार् गर्दै रह्ये। तब
ति लोगले यह्वेको भय् मान्ये अनि आफ्ना खोप्येका मूर्त्तिको सेवा
पनि गऱ्ये तिनिहरुका छोराहरुले पनि अं तिनिहरुका छोराहरुका छोराहरुले
पनि तिनिहरुका पित्रहरुले झैं आजु सम्म त्येसैने गर्दै छन्॥

(हिज्किय्याह्को राज्)

१८ १ तब येसो भयो इस्राएल्को राजा एलाको छोरो होशेको तीस्रो
बर्षमां यहूदाको राजा अहाश्को छोरो हिज्किय्याह् राज् गर्नु लाग्यो।
२ राज् गर्नु थाल्दा त्यो पचीस् बर्षको थियो अनि त्येस्ले यरूशलेम्मां उनन्तीस्
३ बर्ष राज् गऱ्यो. अनि त्येस्की आंमाको नांउ जकर्याह्की छोरी अबी
थियो। अनि यह्वेको सांमु ज्ये भलो थियो त्येस्को पिता दाऊद्ले गऱ्येको
४ अन्सार् त्येस्ले गऱ्यो। त्येस्ले अल्गा अल्गा ठांउहरु पर साऱ्यो अनि
मूसाहरु लड़ाइ दियो अनि अशेरा भनींने देव्ताहरुलाइ काटि ढाल्यो
अनि मूसाले बनायेको पीतल्को साप् टुक्रा टुक्रा पाऱ्यो किनभन्ये ति ताक
इस्राएल्बंशीहरुले त्येस्को लागि धूप् हाल्द थिये अनि त्येस्ले त्येस्लाइ
५ नहूश्तान्[1] भन्यो। त्येस्ले इस्राएल्को ईश्वर् यह्वे मांथि भरोसा राख्यो त
त्येस् पछि त्यो जस्तो यहूदाका सबै राजाहरुमांको कोई पनि थियेन न त्यो
६ भन्दा अगाड़ि पनि। कसोगरिभन्ये त्यो यह्वे सङ टांसीइ रह्यो अनि
७ उस्लाइ पछ्याउंनु देखि गइ गयेन तर यह्वेले मूसालाइ आज्ञा गऱ्येका
उस्का आज्ञा मान्यो। अनि यह्वे त्यो सङ थियो जहां जहां त्यो जांद थियो
त्यो भाग्येमान्को हुंद थियो. अनि अश्शूर्को राजा देखि तर्कि गयो
८ अनि त्येस्को सेवा गऱ्येन। त्येस्ले पलिश्तीहरुलाइ अज्जा र त्येस्को सिमाना
सम्म अं पहरूहरुका टौवाहरु देखि घेरा भयेका सहर्हरु समेत् मांरि दियो॥
९ अनि हिज्किय्याह् राजाको चौथो बर्षमां जो इस्राएल्को राजा
एलाको छोरो होशेको सातौं बर्ष थियो येसो भयो अश्शूर्को राजा
१० शल्मनेसेर्ले शोमरोन्को बिरुद्धमां चढ़ि आयेर त्येस्लाइ घेऱ्यो। अनि
तीन् बर्ष पछि तिनिहरुले त्यो लिये. अं हिज्किय्याह्को छैठो बर्षमां जो

[1] अर्थात् पीतल्को टुक्रा।

इस्राएलको राजा होशेको नवं वर्ष थियो शोमरोन् लिईयो। अनि ११
अश्शूरको राजाले इस्राएललाइ अश्शूरमां लग्यो वहांदेखि तिनिहरुलाइ
हलह् र गोजान् नदीमां भयेका हाबोरमां र मादीहरुको सहर् सहरमां
राख्यो. किनभन्ये तिनिहरुले आफ्नु ईश्वर् यहवेको शब्द मान्येनन् तर १२
उल्को नियम् अं यहवेको दास् मूसाले गर्येका सबै आज्ञा देखि तर्कि गये
अनि न त्यो सुन्नु मान्ये न गर्ये ॥

(सन्हेरीब्को सेनाको बास्)

तब हिज्कियाह् राजाको चौधौं वर्षमां अश्शूरको राजा सन्हेरीबले १३
यहूदाका सबै घेरा भयेका सहरहरु मांथि चढ़ि आयेर ति लिहाल्यो।
अनि यहूदाको राजा हिज्कियाहले अश्शूरको राजा थांइ लाकिशमां १४
येसो भनिकन मान्छे पठायो कसूर् भयो मं देखि फर्कि जांनु हवस्.
आफुले मंलाइ जे जे बोकाउंनु हुंछ मं बोक्कु। तब अश्शूरको राजाले
यहूदाको राजा हिज्कियाह् मांथि तीन् सै तोड़ा चांदी र तीस् तोड़ा
सुन् ठहरायो। तब हिज्कियाहले त्येलाइ यहवेको घरमां पाईयेको १५
र राजाको घरको भंड़ारमां पाईयेको सबै सुन् दियो। त्येस् बेला १६
हिज्कियाहले यहवेको मन्दिरको दैलो देखि र यहूदाको राजा
हिज्कियाहले मोहोर्येका खांबाहरु देखि सुन् काटेर अश्शूरको
राजालाइ दियो। अनि अश्शूरको राजाले तर्तान्[१] र रब्सारीस्[१] र १७
रब्शाके[१]लाइ ठुलो सेना समेत् लाकिश् देखि यरूशलेममां हिज्कियाह्
राजाको बिरुद्धमां पठायो। त तिनिहरु चढ़ेर यरूशलेममां आइ पुग्ये।
अनि जब तिनिहरु चढ़ि आये तब धोब्बीको खेत्को मूलबाटोमां भयेको
मांथिल्लो पोखरिको कुलो निर उभीये। अनि जब तिनिहरुले राजालाइ १८
बोलाये तब जहान् मांथि भयेको हिल्कियाह्को छोरो एल्याकीम् र
शेब्ना लेटर् र आसापको छोरो योआह् सम्झना राख्ने तिनिहरु थांइ
निस्कि गये। तब रब्शाकेले तिनिहरुलाइ भन्यो तिमिहरुले ऐले १९
हिज्कियाहलाइ भन महाराजाधिराज् अश्शूरका राजाले येसो भन्द छन्
तैंले गर्येको आशामां के भरोसा छ। तैंले लड़ाईंको लागि जुक्ति र २०
पराक्रम् छ भन्येको कुरो खालि मुखैको कुरो मात्रै छ। त अब को मांथि
भरोसा राख्येर तं मं देखि तर्कि गइस्। अब हेर् त्यो कुच्चीयेको २१
निङालोको लउरो मांथि अं मिस्र मांथि भरोसा राख्द छस् जस् मांथि
कसैले टेक्यो भन्ये देखि त्यो त्येस्को हातमां पस्येर त्येलाइ घोच्छ. मिस्रको
राजा फिरऊन् त्येस् मांथि भरोसा राख्ने सबैको लागि येस्तै छ। तर २२
तिमिहरुले मंलाइ हांमिहरु आफ्नु ईश्वर् यहवे मांथि भरोसा राख्द छौं
भन्येर भनौला. त को येइ होइन जस्का अलगा अलगा ठांउहरु र जस्का

[१] अर्थात् अश्शूरका मालिकहरु।

बेदिहरु हिज्कियाहले लग्येको छ अनि यहूदा र यरूशलेम् सित तिमिहरुले
यस् बेदिको सांमु यरूशलेममां दण्डवत् गर्नो भन्येर भन्येको छ।
२३ येकारण् कृपागरि मेरा स्वामी अश्शूरका राजा सङ होड् थाप् मं तेरो
लागि दुइ हजार् घोड़ा दिंछु तैंले आफ्नु पट्टि देखि तिनिहरु मांथि
२४ सवार्हरुलाइ बसाल्नु सक्छस् भन्ये देखि। त तैंले मेरा स्वामीका
चाकरेहरुमांको सबै भन्दा सांनु चइं मालिक्को मुख् पनि कसोगरि
फर्काउंनु सक्छस् अनि रथ्हरु र घुक्सवार्हरुको लागि आफ्नु भरोसा
२५ मिस्रै मांथि राख्द छस्। को बिना यहवे यो ठांउ नास् पार्नुलाइ येस्को
बिरुद्धमां चढ़ि आयेको छु। यहवेलेनै मंलाइ भन्येको छ येस् देस्को
२६ बिरुद्धमां चढ़ि गयेर येस्लाइ नास् पार् भनि। तब हिल्कियाह्को छोरो
एल्याकीम् र शेब्ना र योआह्ले रब्शाकेलाइ कृपागरि आफ्ना दास्हरु
सित अरामी भाषामां कुरा गर्नु हवस् किनभन्ये हांमिहरु त्यो बूझ्द छौं.
अनि भित्तामां भयेका लोगका कानमां सुन्नेगरि यहूदी भाषामां हांमिहरुलाइ
२७ न भन्नु हवस्। तब रब्शाकेले तिनिहरुलाइ भन्यो के मेरा स्वामीले मंलाइ
तं र तेरो स्वामी थांइ येति कुरा मांत्रै भन्नुलाइ पठायेका कुन्. के तिन्ले
मंलाइ भित्तामां बस्ने मान्छेहरु थांइ तिनिहरुले तिमिहरु सङ आफ्नु आफ्नु
बिष्टा खाउन् अनि आफ्नु आफ्नु मुत्र पीउन् भन्येर भन्नुलाइ पठायेका
२८ होइनन्। त रब्शाकेले उभीयेर ठुलो सोरगरि यहूदीहरुकै भाषामां येसो
२९ भन्यो महाराजाधिराज अश्शूरको राजाको कुरो सुन। महाराजाले येसो
भन्छ कुन् हिज्कियाह्ले तिमिहरुलाइ भुल्याउंनु न पावस् किनभन्ये येस्ले
३० तिमिहरुलाइ मेरो हात् देखि छोड़ाउंनु सक्दैन. अनि न हिज्कियाह्ले
यहवेले हांमिहरुलाइ निस्से बचाउंछ अनि यि सहरहरु अश्शूरको राजाको
३१ हातमां दिंदैन भन्येर यहवे मांथि भरोसा गराउस्। हिज्कियाह्को न
सुन. किनभन्ये अश्शूरका महाराजाले येसो भन्छ कुन् मं सङ मिलाप् गर्
अनि मं थांइ निस्कि आ अनि जनंगेले आफ्नु आफ्नु दाखको बोट् देखि
र जनंगेले आफ्नु आफ्नु नेभाराको बोट् देखि खाओला अनि जनंगेले आफ्नु
३२ आफ्नु पन्धेराको पानी खाओला जेले सम्म मं आयेर तिमिहरुलाइ
येउटा देस्मां लैजांदैंन जुन् देस् तिमिहरुकै देस् जस्तो छ अन्न र दाखको
देस् रोटी र दाखको बारीको देस् भट्टाको र महको देस् तिमिहरु जीव न
मर भन्ये खातिर्ले. अनि जब हिज्कियाह्ले तिमिहरुलाइ यहवेले
हांमिहरुलाइ बचाउंछ भन्दै तिमिहरुलाइ मनाउंद छ त तिमिहरुले त्येसको
३३ न सुन। के लोग् लोगको कुनै देवताले आफ्नु आफ्नु देस्लाइ
३४ अश्शूरको राजाको हात् देखि कहिले छोड़ायेको छ। हमात् र अर्पादका
देवताहरु कता हुन् सपर्वैम् हेना र इव्वाका देवताहरु कता हुन्. के
३५ तिनिहरुले शोमरोन्लाइ मेरो हात् देखि बचायेको छ। देस् देस्का सबै
देवताहरुमांको कुन चइं छ जस्ले आफ्नु देस्लाइ मेरो हात् देखि
३६ बचायो र यहवेले पनि यरूशलेम्लाइ मेरो हात् देखि बचाउंनु सक्छ। तर

लोग् चुप लागि बस्थे त्येस्लाइ एक् कुराको पनि उत्तर् दियेनन् . किनभन्ये
त्येस्लाइ उत्तर् न दिनु भन्ये राजाको आज्ञा थियो । तब जहान् मांथि ३७
भयेको हिल्कियाह्को छोरो एल्याकीम् र शेब्ना लेटर् र आसापको छोरो
योआह् समझना राख्नेले आफ्नु आफ्नु लुगा फाट्येर हिज्कियाह् थांइ
आयेर रब्शाकेका कुरा सुनाइ दिये ॥

अनि येसो भयो जसै हिज्कियाह् राजाले यो कुरो सुन्यो तब १९ १
आफ्नु लुगा फाट्येर भाङ्रा लायेर यहूवेको घर्मां पस्यो । वहांदेखि २
त्येस्ले जहान् मांथि भयेको एल्याकीम् र शेब्ना लेटर् र पूजाहारीहरुमांका
प्राचीनहरुलाइ भाङ्रा लायेका भइ आमोसको छोरो यशायाह् थांइ
पठायो । अनि तिनिहरुले त्येस्लाइ भन्ये हिज्कियाह्ले येसो भन्द छ आजुको ३
दिन् संकट् र हकराई र निन्दाको दिन् छ . किनभन्ये बालख जन्मंनु
आंट्येको छ तर जन्माउंने बल् छैन । कोनि कते आफुको ईश्वर् यहूवेले ४
रब्शाकेका सबै कुरा सुन्छ कि जस्लाइ त्येस्को स्वामी अश्शूरको राजाले
जीउंदो ईश्वरको गिल्ला गर्नुलाइ पठायेको छ अनि आफुको ईश्वर् यहूवेले
सुन्येका कुरालाइ हकार्छ कि . येस्कारण बच्तिभागको लागि आफ्नु
प्रार्थना चढाउंनु हवस् । त हिज्कियाह् राजाका चाकरेहरु यशायाह् ५
थांइ आये । तब यशायाह्ले तिनिहरुलाइ भन्यो तिमिहरुले आफ्नु ६
स्वामीलाइ येसो भन यहूवेले येसो भन्द छ तैंले सुन्येका कुरा जुन् कुराले
अश्शूरको राजाका चाकरेहरुले मेरो निन्दा गर्येका छन् ति देखि न डरा ।
हेर् मं त्येस् मांथि आत्मा हाल्छु त त्यो येउटा कोहोलो सुन्यर ७
आफ्नु देसमां फर्कि जांछ अनि मं त्येस्लाइ त्येस्कै देसमां तरवार्ले
लड्याउंनु लाउंछु ॥

तब रब्शाकेले फर्क्यर अश्शूरको राजालाइ लिब्ना सित लड्नाई गर्दै ८
गर्येको भेट्टायो . किनभन्ये त्येस्ले त्यो लाकीश् देखि हिंड्नि गयो भनि
सुन्यको थियो । अनि जसे त्येस्ले कूश्को राजा तिर्हाकाको विषयमां हेर्नु ९
हवस् त्यो आफु सित लड्नाई गर्नुलाइ निस्क्येको छ भनि सुन्यो तब त्येस्ले
येसो भनिकन हिज्कियाह् थांइ दूतहरुलाइ फेरि पठायो यहूदाको १०
राजा हिज्कियाहलाइ येसो भन् तेरो जुन् ईश्वर् मांथि तैंले भरोसा
राख्द छस् त्येस्ले तिमिहरुलाइ यरुशलेम् अश्शूरको राजाको हातमां
दिईदैन भनि न भुल्यावस् । हेर् ज्ये ज्ये अश्शूरका राजाहरुले सबै ११
देसलाइ तिनिहरुलाइ भाकलगरीयेको थोक् भैं नास् पार्नुमां ज्ये गर्ये
तैंले सुन्येको छस् . को तं चइं छोड्राईंछस् । को मेरा पित्रहरुले नास् १२
पार्येका लोगहरु अर्थात् गोजान् र हारान् र रेसेप् र तलस्सारमां भयेका
एदेन्वंशाहरुका देवताहरुले तिनिहरुलाइ बचाये । हमात्को राजा र १३
अर्पादको राजा र सपर्वैम्को सहरको र हेना र इव्वाको राजा ति सबै कता
हुन् । तब हिज्कियाह्ले दूतहरुको हात् बाटो पत्र पायेर पढ्यो . वहांदेखि १४
हिज्कियाह्ले यहूवेको घर्मां चढि गयेर त्यो पत्र यहूवेको घर्मां

१५ फिंजायो । वहांदेखि हिज्कियाहले यहवेको सांमु येसो भनिकन प्रार्थना
गऱ्यो कि इस्राएलको ईश्वर करूबहरुको बीच् मांथि बस्ने यहवे तपांइ अं
तपांइनै मांत्रै पृथिवीका सबै राज्हरुको ईश्वर हो तपांइलेनै स्वर्ग र
१६ पृथिवी सिर्जनु भयो । हे यहवे आफ्ना कान् लगायेर सुन्नु हवस् हे यहवे
आफ्ना आंखा उघाऱ्येर हेर्नु हवस् . अनि सन्हेरीबले जीउंदो ईश्वरको
१७ निन्दाको लागि पठायेका कुरा सुन्नु हवस् । हे यहवे सांच्चिनै अश्शूरका
राजाहरुले लोग् लोगलाइ तिनिहरुको देस्हरु समेत् उजाऱ्ये अनि
१८ तिनिहरुका देव्ताहरुलाइ आगोमां हाल्ये कसोगरिभन्ये तिनिहरु
ईश्वरहरु होइनन् तर मान्छेहरुका हातले बनायेका काठ् र ढुंगाहरु मांत्रै
१९ हुन् यस्कारण् तिनिहरुले तिनिहरुलाइ नास् पाऱ्ये । त अब हे हांमिहरुको
ईश्वर यहवे मं तपांइ सित बिन्ति गर्द छु हांमिहरुलाइ त्येस्को हात्
देखि बचाउंनु हवस् र पृथिवीका सबै राज्हरुले तपांइ अं तपांइनै मांत्रै
हे यहवे ईश्वर रहु भनि थाहा पाउन् ॥

२० तब आमोस्को छोरो यशायाहले हिज्कियाह् थांइ येसो भनि
पठायो इस्राएलको ईश्वर यहवेले येसो भन्द छ तैंले अश्शूरको राजा
२१ सन्हेरीबको बिरुद्धमां मेरो शोहाई गरिस् मैंले सुन्यें । त्येस्को बिषयमां
यहवेले भन्येको बचन् यो छ . सिय्योन्की कन्ये छोरीले तेरो निन्दा गरी
अनि तुच्छ ठानिकन हांसी यरूशलेम्की छोरीले तं मांथि आफ्नु सर्
२२ चलाई । तैंले गिल्ला र निन्दा कस्को गरिस् . कस्को बिरुद्धमां आफ्नु
सोर् उठाइस् अनि आफ्ना आंखा उचालिस् . इस्राएलको पवित्र जनकै
२३ बिरुद्धमां । तैंले आफ्ना दूत्हरुको बाटोले येसो भनिकन ईश्वरको
गिल्ला गरिस् मेरा रथका अरघोरेहैं समेत् पहाड्हरुको उकालीमां र
लब्बानोन् भित्र पुग्येको छु अनि मं त्येस्का अलग्गा अलग्गा देव्दारुहरु
र अस्सल् अस्सल् सल्लाहरु काटि ढाल्छु . अनि मं त्येस्को पल्लो छेउको
२४ बास् र फलीलो फलीलो बारीको बनमां पस्छु । मैंले खन्येर पर्देसे पानी
खायें अनि मं आफ्ना गोड्राको पैतलाले मिस्रका सबै नदीहरु सुकाउंछु ।
२५ मैंले त्यो उड्ले उड्ले गर्यें अनि तादि त्यो बनायें भनि सुन्येको छैनस् .
अब मैंले यो पूरो गर्यें अनि तं घेरीयेको सहरहरु नास् पाय्येको थुप्रोमां
२६ उजार्नुको लागि हुंकस् । येस्कारण् तिनका बासीहरु घट्दोको बल्
भयेकाहरु थिये थरहरि भयेर लजाये तिनिहरु खेत्का घांस् जस्ता
र हरीया साकपात् जस्ता छानामां भयेका घांस् जस्ता अनि न बढेका
२७ ओइल्होयेका अन्न जस्ता थिये । तर मं तेरो बासबसाई र तेरो बाहिरजाबाई
र तेरो बिरुद्धमां रिसाउंनु सब् थाहा पाउंद
२८ छु । तेरो मेरो बिरुद्धमां रिसाउंनुको कारणले र मेरा कानमां चढि
आयेको तेरो शेषीको कारणले मं आफ्नु घुन्द्रा तेरो नाकमां लगाइ
तंलाइ नाघ्छु अनि आफ्नु लगाम् तेरा ओठमां लगाउंछु अनि तंलाइ त
२९ आयेको बाटो आहो फर्काउंछु । त तेरो लागि चिनु येह हुंछ . यो साल्

तिमिहरुले आफै उम्र्येको खांछौ अनि दोस्रो बर्ष त्यो देखि उम्र्येको
अनि तीस्रो बर्ष छर अनि कटनी गर अनि दाख्को बारी लगाव अनि
तिनका फल् खाव । अनि यहूदाको जहान् देखि बांचि निस्क्येको बच्ति ३०
भागले फेरि ऊंधो तिर जरा समाउंछ अनि ऊंभो तिर फल् फल्छ ।
कसोगरिभन्ये यरूशलेम् देखि बच्तिभाग् निस्कंछ सिय्योन् पर्बत् देखि ३१
बांच्येका हुंनेहरु. यह्वेको इष्ले यो पूरो गर्छ । येस्कारण् यह्वेले ३२
अश्शूर्को राजाको बिषय्मां येसो भन्द छ त्यो येस् सहर्मां पस्दैन न
यहां येउटा कांड् हान्ने हुंछ न ढाल् लियेर आउंछ न येस्को सांमु गड़ि
बनाउंछ । त्यो जुन् बाटो बाड़ो आयो त्येइ बाटो बाड़ो फर्कि जांछ अनि ३३
येस् सहर् सम्म आउंदैन भनि यह्वेले भन्द छ । किनभन्ये मं आफ्नु ३४
लागि र मेरो दास् दाऊद्को लागि येस् सहर्लाइ छोड़ाउंनुको लागि
येस्को आड् हुंछु ॥

अनि त्येसै रात् येसो भयो यह्वेको दूत्ले निस्क्येर अश्शूरीहरुको ३५
छाउंनीमां एक् लाख् र पचासी हजार् जना मान्छेलाइ मांरि दियो. त
बिहान सखारै जब मान्छेहरु उठ्ये तब क्ये देख्ये भन्य हेर ति सबै मंर्येका
मुर्दाहरु राछन् । येसोरि अश्शूर्को राजा सन्हेरीब् हिंड़्यो अनि फर्कि ३६
गयो अनि नीन्वीमां रह्यो । अनि येसो भयो त्येस्ले आफ्नु देव्ता ३७
निस्रोक्को मन्दिर्मां दण्डवत् गर्दै गर्दाखेरि अद्रम्मेलेक् र शरेसेर्ले
त्येस्लाइ तरवार्ले काठ्ये. वहांदेखि तिनिहरु अरारात्को देस्मां बांचि
निक्ल्ये । अनि त्येस्को छोरो एसर्हद्दोन्ले त्येस्को साटोमां राज् गर्‍यो ॥

(मरंण् देखि हिज्किय्याह्कोबचाई)

ति दिनमां हिज्किय्याह्लाइ मंर्ने बेथा लाग्यो । तब आमोश्को २० १
छोरो यशायाह् अगम्बक्ताले त्यो थांइ आयेर त्येस्लाइ भन्यो यह्वेले येसो
भन्द छ आफ्नु घर्को ठीक्ठाक् गर् किनभन्ये तं मंर्छस् बांच्दैनस् । तब २
त्येस्ले आफ्नु मुख् भित्ता तिर फर्कायेर यह्वे सित येसो भनिकन प्रार्थना
गर्‍यो अब हे यह्वे मं बिन्ति गर्द छु मं सच्चेईं र सिद्ध मन्ले ३
तपांइको सांमु हिंड़्येको छु अनि तपांइको सांमु ज्ये जाति छ त्येइ
गर्‍येको छु भनि सम्झना राखनु हवस् । अनि हिज्किय्याह् सारो रोयो ।
अनि येसो भयो यशायाह् सहर्को बीच्मां पुग्नु भन्दा अगाड़ि यह्वेको ४
बचन् त्यो थांइ येसो भन्दै आयो फर्कि गयेर मेरो लोग्को मालिक् ५
हिज्किय्याह्लाइ भन् तेरो पिता दाऊद्को ईश्वर् यह्वेले येसो भन्द छ
मैंले तेरा प्रार्थना सुन्यें तेरो आंसु देख्यें. हेर् मैंले तंलाइ निको पार्नु
आंद्येको छु. तं तीस्रो दिन्मां यह्वेको घर्मां चढ़ि जांछस् । अनि मं ६
तेरो दिन् अरु पन्द्रह् बर्ष बढ़ाउंछु अनि मं तंलाइ र येस् सहर्लाइ
अश्शूर्को राजाको हात् देखि छोड़ाउंछु अनि मं आफ्नु र आफ्नु दास्

७ दाऊदको कारणले येस् सहरको रक्षे गर्कु। अनि यशायाहले भन्यो
नेभाराको भक्तना छ्याव। तब तिनिहरुले त्यो लियेर त्येस्को फोकामां
८ लगाइ दिये त त्यो निको भयो। अनि हिजकियाहले यशायाहलाइ भन्यो
यहवेले मलाइ निको पार्कु अनि मं तीस्रो दिनमां यहवेको घरमां चढि
९ जांकु भन्नेको को चिनु हुंछ। तब यशायाहले भन्यो यहवेले आफुले गर्कु
भन्नेको कुरोको चिनु यो हुंछ. को छाजा दस् आखर् अघि जावस् कि
१० दस् आखर् पछि सरोस्। तब हिजकियाहले उत्तर दियो छाजा दस्
आखर् अघि जांनु ता सजीलो छ येसो न हवस्. तर छाजा दस् आखर्
११ पछि सरोस्। अनि यशायाह अगमवक्ताले यहवेलाइ हाप्यो. तब उस्ले
आहाजको धूपघरीको छाजा जतिभरि अघि गयेको थियो त्येतिभरि देखि
दस् आखर् पछि सारि दियो॥

१२ ति ताक बाबेलको राजा बलदानको छोरो बरोदकबलदानले
हिजकियाह् थांइ चिट्ठी र भेटि पठायो. किनभन्ये त्येस्ले हिजकियाह्
१३ दुखेको थियो भनि सुन्येको थियो। अनि हिजकियाहले तिनको कुरा
सुन्येर तिनिहरुलाइ आफ्नु अमोल् अमोल् थोकका सबै घर् चांदी सुन्
सुगन्ध द्रव्यहरु र अमोल् अमोल् तेल् र आफ्ना हतियारहरुको घर् र
त्येस्का भंडारहरुमां भयेका सबै तिनिहरुलाइ देखाइ दियो. आफ्नु
घरमां कि आफ्नु सिंगे राजमां हिजकियाहले तिनिहरुलाइ न देखायेको
१४ थोक् कोइ पनि थियेन। तब यशायाह् अगमवक्ताले हिजकियाह् राजा
थांइ आयेर भन्यो ति मान्छेहरुले को भन्ये अनि तिनिहरु तिमि थांइ
कहां बाटो आये। तब हिजकियाहले भन्यो तिनिहरु टाढो देस् देखि अं
१५ बाबेल देखि आयेका छन्। अनि त्येस्ले भन्यो तिनिहरुले तिम्रो घरमां
को को देख्ये। तब हिजकियाहले उत्तर दियो मेरो घरमां जे जे छन्
ति सबै तिनिहरुले देख्ये. मेरो भंडारमांको मैंले तिनिहरुलाइ न
१६ देखायेको कोइ थोक् पनि छैन। तब यशायाहले हिजकियाहलाइ भन्यो
१७ यहवेको बचन् सुन। हेर् ति दिन् आउंद छन् जस्मां तेरो घरमां भयेका
तेरा पित्रहरुले आजुको दिन् सम्म जे जे धनकायेका थिये ति सब्बै
१८ बाबेलमां लगींछन्. कोइ पनि छोड्दैन भनि यहवेले भन्द छ। अनि
तं देखि निस्कने तेरे जन्मायेका छोराहरुलाइ तिनिहरुले लैजांछन् अनि
१९ तिनिहरु बाबेलको राजाको महलमां मेहेरी हुंछन्। तब हिजकियाहले
यशायाहलाइ भन्यो आफुले भन्येका यहवेका बचन् भला हुन्। येस्
उप्रान्त त्येस्ले भन्यो शान्ति र सचैंइ मेरा दिनमां भये भन्ये देखि को येसो
२० हुंदैन। अब हिजकियाहका बहल् कार्ज र त्येस्को सबै प्रताप र त्येस्ले
पोखरी र कुलो कसोरि बनायो अनि सहरमां पानी कसोरि ल्यायो को ति
२१ कुरा यहूदाका राजाहरुको इतिहासको पोस्तकमां लेख्येका छैनन्। तब
हिजकियाह् आफ्ना पित्रहरु सङ्ग सुति गयो. अनि त्येस्को छोरो मनश्शेले
त्येस्को साटोमां राज् गर्यो॥

(मनश्शेको राज्)

मनश्शे राज् गर्नु लाग्दा बारह् बर्षको थियो अनि त्येस्ले २१ १
यरूशलेम्मां पचपन् बर्ष राज् गर्‍यो . अनि त्येस्की आंमाको नांउ हेप्सीबा
थियो। अनि यह्वेले इस्राएल्बंशीहरुको सांमु देखि धपायेका अन्यदेसी- २
हरुको घिन्लाग्दो काम् अन्सार् यह्वेको सांमु ज्ये बुरो थियो त्येइ त्येस्ले
गर्‍यो। कसोगरिभन्ये त्येस्ले आफ्नु बाबु हिज्किय्याह्ले नास् पार्‍येका अल्गा ३
अल्गा ठांउहरु फेरि बनायो अनि त्येस्ले बाल्को लागि बेदि बनायो अनि
इस्राएल्को राजा अहाब्ले गर्‍येको झैं त्येस्ले येउटा अशेरा भनींने देव्ता
बनायो अनि अकाश्को सिंगै सेनालाइ दण्डवत् गर्‍यो अनि तिनलाइ
पूज्यो। अनि जुन् घर्को बिषय्मां यह्वेले यरूशलेम्मां मं आफ्नु नांउ ४
राख्छु भनि भन्येको थियो यह्वेको त्येसै घर्मां त्येस्ले बेदीहरु बनायो।
अनि त्येस्ले अकाश्को सिंगै सेनाको लागि यह्वेको घर्का दुवै ५
आघन्हरुमां बेदि बनायो। अनि त्येस्ले आफ्नु छोरोलाइ आगोको ६
बाटो बाड़ो हिंड़ाल्यो अनि चिङो हेर्‍यो अनि मन्तर्तन्तर् गर्‍यो अनि
बिजुवाहरु र झांक्रिहरु सित बेहोरा गर्‍यो . अं यह्वेको सांमु उस्को
रिस् उठाउंनुको लागि धेरै बुराई गर्‍यो। अनि त्येस्ले आफुले बनायेको ७
अशराको खोप्येको मूर्त्ति त्येस् घर्मां बसाल्यो जस्को बिषय्मां यह्वेले
दाऊद् र त्येस्को छोरो सुलैमान्लाइ भन्येको थियो येस् घर्मां र यरूशलेम्-
मां जस्लाइ मैंले इस्राएल्का सबै कुल्हरु देखि छान्येको छु वहां मं
आफ्नु नांउ सदाको लागि राख्छु . अनि मं इस्राएल्का गोड़ाहरु मैंले ८
तिनिहरुका पित्रहरुलाइ दियेको देस् देखि भर्माउंनु लाउंदींन तिनिहरुले
मैंले तिनिहरुलाइ दियेका सबै आज्ञा अन्सार् र मेरो दास् मूसाले
तिनिहरुलाइ गर्‍येको आज्ञाका सबै व्यवस्थाकै अन्सार् गर्नुलाइ मान्ये भन्ये
देखि भनि। तर तिनिहरुले सुन्येनन् . अनि मनश्शेले तिनिहरुलाइ ति ९
यह्वेले इस्राएल्बंशीहरुको सांमु देखि नास् पार्‍येका लोग् लोग्ले गर्‍येका
बुराई भन्दा बेसि बुराई गर्नुलाइ भुल्यायो। अनि यह्वेले आफ्ना दास् १०
अगम्बक्ताहरुको बाटोले येसो भन्यो यहूदाको राजा मनश्शेले ति ११
घिन्लाग्दा काम्हरु गर्‍यो अनि त्यो भन्दा अगाड़ि भयेका एमोरीहरुले
भन्दा ज्यास्ति बुराई गर्‍यो अनि यहूदालाइ आफ्ना मूर्त्तिहरुको बाटोले
पाप् गर्नु लायो. येस्कारण् इस्राएल्को ईश्वर् यह्वेले येसो भन्द छ हेर् मं १२
यरूशलेम् र यहूदा मांथि येस्तो बुराई ल्याउंछु त्येस्को बिषय्मां सुन्नेहरुका
दुवै कान् झन्झनाउंछन्। अनि मं यरूशलेम् मांथि शोमरोन्को डोरी र १३
अहाब्को घर्को साहुल हाल्छु . अनि जसोगरि मान्छेले भांड़ा पूछ्द
छ अं पुछ्येर घोप्टो पारि राख्द छ त्येस्तैगरि मं यरूशलेम्लाइ पुछ्छु।
अनि मं आफ्नु अधिकार्को बच्तिभाग् फ्यांकि दिंछु अनि तिनिहरुलाइ १४

तिनिहरुका सत्तुर्हरुका हातमां सुम्पि दिंछु अनि तिनिहरु आफ्ना सबै
१५ सत्तुर्हरुको लागि सिकार् र लूट् हुंछन् किनभन्ये तिनिहरुले
तिनिहरुका पित्रहरु मिस्र देखि निस्क्येको दिन् देखि अं आजुको दिन् सम्म
१६ मेरो सांमु ज्ये बुरो थियो त्येइ गर्‍ये अनि मेरो रिस् उठाये। येस् उप्रान्त
त्येस्ले यहूदा देख पाप् गरायो अर्थात् यह्वेको सांमु ज्ये बुरो थियो त्यो
गर्नु भन्दा बाहिक् मनश्शेले यरूशलेम्को एक् छेउ देखि अर्को छेउ सम्म
१७ भरुंज्याल् सम्म निर्दोष् रगत् औधिगरि बहायो। अब मनश्शेका रहल्
कार्ज्य र ज्ये ज्ये त्येस्ले गर्‍यो अनि त्येस्ले गर्‍येका पाप् क्ये ति यहूदाका
१८ राजाहरुको इतिहास्को पोस्तक्मां लेख्येका छैनन्। तब मनश्शे आफ्ना
पित्रहरु सङ सुति गयो अनि आफ्नु घर्को बारी अं उज्जाको बारीमां
गाड़ीयो. अनि त्येस्को छोरो आमोन्ले त्येस्को साटोमां राज् गर्‍यो॥

(आमोन्को राज्)

१९ आमोन् राज् गर्नु लाग्दा बाईस् बर्षको थियो अनि त्येस्ले दुइ बर्ष
यरूशलेम्मां राज् गर्‍यो. अनि त्येस्की आंमाको नांउ योत्बाको हारुस्की
२० छोरी मश्लेमेत् थियो। अनि त्येस्ले आफ्नु बाबु मनश्शेले गर्‍येको जस्तो
२१ यह्वेको सांमु ज्ये बुरो थियो त्येइ त्येस्ले गर्‍यो। अनि त्यो आफ्नु बाबु
हिंड्येको सबै बाटोमां हिंड्यो अनि आफ्नु बाबुले पूज्येका मूर्त्तिहरु पूज्यो अनि
२२ तिनलाइ दण्डवत् गर्‍यो. अनि त्येस्ले आफ्ना पित्रहरुको ईश्वर् यह्वेलाइ
२३ छोड्यो अनि यह्वेको बाटोमां हिंड्येन। अनि आमोन्का चाकरेहरुले
२४ त्येस्को बिरुद्धमां राजद्रोही भएर राजालाइ त्येस्कै घरमां मांरि दिये। तर
देस्का लोगले आमोन् राजाको बिरुद्धमां राजद्रोही गर्ने सबैलाइ मांरि
दिये अनि देस्को लोग्ले त्येस्को छोरो योशिय्याह्लाइ त्येस्को साटोमां
२५ राजा तुल्याये। अब आमोन्ले गर्‍येका रहल् कार्ज्य क्ये ति यहूदाका
२६ राजाहरुको इतिहास्को पोस्तक्मां लेख्येका छैनन्। अनि त्यो आफ्नु
चिहान्मां उज्जाको बारीको चिहान्मां गाड़ीयो अनि त्येस्को छोरो
योशिय्याह्ले त्येस्को साटोमां राज् गर्‍यो॥

(योशिय्याह्को पालामां व्यवस्थाको येउटा पोस्तक् पाईंनु)

२२ १ योशिय्याह् राज् गर्नु लाग्दा आठ् बर्षको थियो अनि त्येस्ले
यरूशलेम्मां एक्तीस् बर्ष राज् गर्‍यो. अनि त्येस्की आंमाको नांउ
२ बोस्कत्को अदायाकी छोरी यदीदा थियो। अनि यह्वेको सांमु ज्ये भलो
थियो त्येइ त्येस्ले गर्‍यो अनि आफ्नु पिता दाऊद्का सबै बाटामां हिंड्यो
अनि न दाहींनो तिर न बाउं तिर फर्क्यो॥

अनि योशिय्याह् राजाको अठारौं बर्षमां येसो भयो राजाले ३
मशुल्लाम्को छोरो असल्याह्को छोरो शापान् लेटर्लाइ यह्वेको घर्मां येसो
भनिकन पठायो हिल्किय्याह् मूल्पूजाहारी थांइ चढ़ि गयेर त्येस्लाइ ४
भन्न दुवार्पाल्हरुले लोग् देखि उठायेका रुपिया जो यह्वेको घर्मां
ल्याईयेको छ त्यो गन्नु. अनि त्यो रुपिया काम् गर्नेहरु अर्थात् यह्वेको घर्को ५
रक्षे गर्नेहरुको हात्मां दिंनु. तिनिहरुले ति रुपिया यह्वेको घर्मां काम्
गर्नेहरुलाइ घर्का छेंड़छांड़हरु मरम्मत् गर्नुलाइ दिहालुन् अर्थात् ६
काठ्कर्म्मीहरु राज्हरु र गारोकर्म्मीहरुलाइ अनि घर्को मरम्मत् गर्नु र
काठ् र काठ्येका ढुंगाहरु किन्नुको लागि। तैपनि जस् जस्का हातमां रुपिया ७
दिईयेको थियो तिनिहरु सित हिसाब् लिईयेन किनभन्ये तिनिहरुले
सच्चेईं सङ काम् गर्द थिये। अनि हिल्किय्याह् पूजाहारीले शापान् ८
लेटर्लाइ भन्यो मैंले यह्वेको घर्मां व्यवस्थाको यो पोस्तक् पायेको छु।
अनि हिल्किय्याह्ले त्यो पोस्तक् त्येस् शापान्लाइ सुम्पि दियो अनि त्येस्ले
त्यो पर्‍यो। वहांदेखि शापान् लेटर् राजा थांइ आयो अनि येसो भनिकन ९
राजा थांइ समाचार् ल्यायो आफुका चाकरेहरुले घर्मां पाईयेका
रुपियाहरु खन्याये अनि यह्वेको घर्को रक्षे गर्ने काम् गर्नेहरुको हात्मां
सुम्पि दिये। अनि शापान् लेटर्ले येसो भनिकन राजालाइ सुनायो १०
हिल्किय्याह् पूजाहारीले मंलाइ येउटा पोस्तक् सुम्पि दियो। तब शापान्ले
त्यो राजाको सांमु पर्‍यो। अनि येसो भयो जसै राजाले व्यवस्थाको ११
पोस्तक्का यि कुरा सुन्यो तब त्येस्ले आफ्ना लुगा फार्‍यो। वहांदेखि १२
राजाले हिल्किय्याह् पूजाहारीलाइ र शापान्को छोरो अहीकाम्लाइ र
मीकायाह्को छोरो अक्बोर्लाइ र शापान् लेटरलाइ र राजाको चाकरे
असायालाइ आज्ञा दिइ भन्यो गयेर मेरो लागि र लोग्हरुको लागि र १३
सिंगै यहूदाको लागि यो पाईयेको पोस्तक्का कुराको बिषय्मां यह्वे सित
सोधनी गर. किनभन्ये यह्वेको रिस् हांमिहरु मांथि अरघोर्गरि उठ्येको
छ कसोगरिभन्ये हांमिहरुको बिषय्मां ज्ये ज्ये अहायेको रछ ति सबै अन्सार्
गर्नुको लागि हांमिहरुका पितापुर्षहरुले येस् पोस्तक्का कुरा मान्नुलाइ सुन्येका
रैनछन्। तब हिल्किय्याह् पूजाहारी र अहीकाम् र अक्बोर् र शापान् १४
र असाया हुल्दा अगम्बक्तेनी थांइ आये जो हर्हस्को छोरो तिक्वाको
छोरो बस्त्ररक्षक् शाल्लूम्की स्वास्नी थिई अनि यरुशलेम्को दोस्रो
टोल्मां बस्द थिई. अनि तिनिहरुले त्यो सित कुरा गर्‍ये। तब त्येस्ले १५
तिनिहरुलाइ भनी इस्राएल्को ईश्वर् यह्वेले येसो भन्द छ. तिमिहरुलाइ
मं थांइ पठाउंने मान्छेलाइ येसो भन यह्वेले येसो भन्द छ हेर् मं १६
येस् ठांउ मांथि र त्येस्का बासीहरु मांथि बुराई ल्याउंछु अं यहूदाको राजाले
पर्‍येका सबै कुरा. किनभन्ये तिनिहरुले मंलाइ छोड़्ये अनि तिनिहरुका १७
हातका सबै कामको बाटोले मेरो रिस् उठाउंनुको लागि पराय्
देव्ताहरुलाइ धूप् हाल्ये येस्कारण् मेरो क्रोध् येस् ठांउ मांथि बालीछ

१८ अनि निभाईंदैन। तर तिमिहरुलाइ यह्वे सित सोधनी गर्नु पठाउंने
यहूदाको राजालाइ येसो भन इस्राएल्को ईश्वर् यह्वेले येसो भन्द छ.
१९ तैंले सुन्येका कुराको बिषय्मां तेरो हिर्दय् नरम् भयेको कारण् र
तैंले मैंले येस् ठांउको र येस्का बासीहरुको बिरुद्धमां तिनिहरु उजार् र
धिक्कार् होइ जांछन् भन्येको कुरो सुन्येकोले तैंले आफुलाइ यह्वेको सांमु
होंच्यायेको र आफ्ना लुगा फाट्येको अनि मेरो सांमु रोयेको कारण्ले
२० मैंले पनि तेरो सुन्यें. यह्वेको येइ बाणी छ। येस्कारण् हेर् मं तंलाइ
तेरा पित्रहरु सङ मिसाउंछु अनि तं आफ्नु चिहान्मां कुशल् सित
मिसाईंछस्. न तेरा आंखाले जुन् जुन् बुराई मं येस् ठांउमां ल्याउंछु
ति देख्छन्। त तिनिहरुले राजा थांइ फर्क्यर समाचार् ल्याये॥

(योशिय्याह्ले मूर्त्तिपूजा मेट्द छ)

२३ १ तब राजाले मान्छे पठायो अनि तिनिहरुले त्यो थांइ यहूदा र
२ यरूशलेम्का सबै प्राचीन्हरुलाइ भेला गराये। अनि राजा यह्वेको
घर्मां चढि गयो अनि त्यो सित यहूदाका सबै मान्छेहरु र यरूशलेम्का
सबै बासीहरु र पूजाहारीहरु र अगम्बक्ताहरु र सांना ठुला सबै लोग्.
वहांदेखि त्येस्ले यह्वेको घर्मां पाईयेको नियम्को पोस्तक्का सबै कुरा
३ तिनिहरुले सुन्नेगरि पर्‍यो। अनि राजा चइं थाम्को छेउमां उभीयो अनि
यह्वेको सांमु येस्तो नियम् बांध्यो अर्थात् यह्वेको पछि हिंड्नु र उस्का
आज्ञा र साक्षीपत्र र बिधिहरु आफ्नु पूरो मन् र आफ्नु पूरो प्राण्ले
मान्नु अनि येस् पोस्तक्मां लेख्येको येस् नियम्का कुरा पूरा गर्नुलाइ.
४ तब सबै लोग् येस् नियम्मां उभीये। तब राजाले मूल्पूजाहारी
हिल्किय्याह्लाइ र दोस्रो दर्जाका पूजाहारीहरुलाइ र दुवार्पाल्हरुलाइ
बाल् र अशेरा र अकाश्का सिंगै सेनाको लागि बनाईयेका सबै भांड़ा-
बर्तन् यह्वेको मन्दिर् देखि निकाल्ने आज्ञा दियो. वहांदेखि त्येस्ले
ति यरूशलेम् देखि बाइर किद्रोन्को बारीमां डड़ायो वहांदेखि तिनको
५ खरानी बेतेल्मां पुर्‍याइ दियो। अनि यहूदाका राजाहरुले जुन् देव्का
पूजाहारीहरुलाइ यहूदाका सहर्हरुका छेउछाउका ठांउहरुका अल्गा
अल्गा ठांउहरुमां धूप् हाल्नु ठहरायेका थिये तिनिहरुलाइ र बाल्का र
सूर्जका र चन्द्र र राशीचक्र र अकाश्का सिंगै सेनाको लागि धूप्
६ हाल्नेहरुलाइ पनि धपाइ दियो। अनि त्येस्ले यह्वेको घर् देखि अशेरा
चूइं यरूशलेम् देखि बाइर किद्रोन् खोल्चामां निकालि दियो अनि
किद्रोन् खोल्चामां त्यो उड़ायेर त्यो मसीनो चूर्ण पारि कुल्च्यो वहांदेखि
७ त्येस्को चूर्ण साधारण् लोगको चिहान्मां छरि दियो। अनि त्येस्ले
पुरुष्गामीहरुका घर्हरु जो यह्वेको घर्मां थियो जहां आइमाइहरुले
८ अशेराको लागि पर्दा बुन्द थिइन् ति भत्काइ दियो। अनि त्येस्ले सबै
पूजाहारीहरुलाइ यहूदाको सहर् देखि निकाल्यो वहांदेखि गेबा देखि

बेरशेबा सम्म पूजाहारीहरुले धूप् हाल्थेका अलग्गा ठांउहरु अशुद्ध पारि
दियो अनि ठोकाहरुको कुेउ कुेउमां भयेका अलग्गा अलग्गा ठांउहरु अर्थात्
जुन् ठांउ सहरको मालिक् यहोशूआको ठोकाको आघनमां थियो अनि
जुन् ठोकाको देलाको भित्र जानेको बांउ पट्टि थियो ति त्येस्ले भत्काइ
दियो। तैपनि अलग्गा अलग्गा ठांउहरुका पूजाहारीहरु यरूशलेममां ९
यहूवेको बेदिमां चढि आयेनन् तर आफ्ना दाजुभाईहरुको बीचमां
अखमीरे रोटी खांद थिये। अनि त्येस्ले हिनोमबंशीहरुको तरीमां भयेको १०
तोपेतलाइ येस्तो अशुद्ध गर्यो कोई मान्छेले आफ्नु छोरा कि छोरीलाइ
मोलेकको लागि आगोको बाटो बाढ्नु हिंड्नुलाइ पायेन्। अनि जुन् ११
घोड़ाहरु यहूदाका राजाहरुले सूर्जको लागि दियेका थिये जो यहूवेको
घरको ठोका निर नतन्मेलेक् मेहेरीको कोठा निर जो कोठा कुेउमां
थियो ति घोड़ाहरु तिनिहरुले लग्ये अनि त्येस्ले सूर्जका रथहरु आगोमां
डढाइ दियो। अनि आहाजको मांथिल्लो कोठाको छानामां भयेका जुन् १२
बेदिहरु यहूदाका राजाहरुले बनायेका थिये अनि यहूवेको घरका दुवै
आघनमां जुन् बेदि मनश्शेले बनायेको थियो ति राजाले भत्कायो अनि
ति पीन्येर तिनको चूर्ण किद्रोनको खोल्चामां हालि दियो। अनि जुन् १३
अलग्गा ठांउहरु यरूशलेमको सांमु थिये जो नाशको पर्वतको दाहीनो
पट्टि थिये जो इस्राएलको राजा सुलैमान्ले सीदोनीहरुको घिन्लागदो
अश्तोरेतको लागि र मोआबको घिन्लागदो कमोशको लागि र अम्मोन-
बंशीहरुको फोहर् पोक् मिल्कोमको लागि बनायेको थियो ति राजाले
अशुद्ध पारि दियो। अनि त्येस्ले मुढ्काहरु टुकरै टुकरा पाच्यो अनि १४
अशेराहरुलाइ काटि दियो अनि तिनको ठांउ मान्छेहरुका हाड्हरुले
भराइ दियो। त्येस् उप्रान्त जुन् बेदि बेतेलमां थियो अनि जुन् अलग्गो १५
ठांउ इस्राएललाइ पाप् गर्नु लाउंने नबातको छोरो यारोबामले बनायेको
थियो त्यो बेदि र त्यो अलग्गो ठांउ पनि त्येस्ले भत्काइ दियो अनि
त्येस्ले त्यो अलग्गो ठांउ डढायेर मसीनो चूर्ण पारि त्यो कुल्च्यो अनि अशेरा
डढायो। वहांदेखि योशिय्याहले फर्कर डांढामां भयेका ति चिहानहरु १६
देख्यो तब त्येस्ले मान्छे पठायेर हाड्हरु चिहान् चिहान् देखि निकाल्येर
बेदिमां डढायो अनि ति कुरा सुनाउंने ईश्वरको मान्छेले सुनायेको यहूवेको
बचन् अनुसार त्यो अशुद्ध गर्यो। तब त्येस्ले भन्यो यो चौतरा जो मं देख्दछु १७
कु का हो। तब सहरका मान्छेहरुले त्येस्लाइ सुनाइ दिये ईश्वरको जनको
चौतरा हो जस्ले यहूदा देखि आयेर आफुले गर्येका यि काम् बेतेलको बेदिको
बिरुद्ध हो भनि सुनायेको थियो। तब त्येस्ले भन्यो उसो भये त्यो चढ़ता १८
रहोस् कसैले त्येका हाड्हरु न मारोस्। तब तिनिहरुले त्येका हाड्हरु
शोमरोन् देखि निस्केको अगमबक्ताका हाड्हरु समेत छोड़ि दियो।
अनि शोमरोनका सहरहरुमां भयेका अलग्गा ठांउहरुका सबै घरहरु पनि १९
जुन् घरहरु इस्राएलका राजाहरुले यहूवेको रिस् उठाउंनुलाइ बनायेका थिये

ति योशिय्याहले लग्यो अनि बेतेलमां गर्‍येका सबै काम अनुसार तिनिहरु
२० पनि गर्‍यो । अनि वहां भयेका अलग्गा अलग्गा ठांउहरुका सबै पूजाहारी-
हरुलाइ येरुसे वेदिहरुमां ढलि गर्‍यो अनि तिनिहरु मांथि मान्छेहरुका
हाडहरु डढायो . येस पछि त्यो यरूशलेममां फर्कि आयो ॥

(योशिय्याहले गर्‍येको ठुलो निस्तार चाड़)

२१ अनि राजाले सिंगै लोगलाइ येसो भनिकन आज्ञा गर्‍यो जस्तो
नियमको येस पोस्तकमां लेख्येको छ आफनु ईश्वर यहवेको लागि येस्ते
२२ निस्तार चाड मान । सांचिनै इस्राएलको निया गर्ने विचारीहरुको पाला
देखि न इस्राएलका राजाहरु न यहूदाका राजाहरुका सबै दिनमां येस्तो
२३ निस्तार चाड मान्येका थिये . तर योशिय्याह राजाको अठारौं वर्षमां
२४ यो निस्तार चाड यरूशलेममां यहवेको लागि मानीयो । येस उप्रान्त
बिजुवाहरु र भांक्रिहरु र घरदेवताहरु र मूर्त्तिहरु र यहूदाको देशमां
र यरूशलेममां देखीयेका सबै घिन्लागदा थोकहरुलाइ योशिय्याहले
निकालि दियो हिल्कियाह पूजाहारीले यहवेको घरमां पायेको पोस्तकमां
२५ लेख्येको व्यवस्थाका कुरा त्येस्ले पूरो गरोस भन्ये खातिरले । अनि त्यो
भन्दा अगाड़ि त्यो जस्तो राजा कोई पनि थियेन जो आफनु पूरो हिर्दय
र आफनु पूरो प्राण र आफनु पूरो शक्तिले मूसाको सबै व्यवस्था अनुसार
२६ यहवे तिर फिर्यो न त्यो भन्दा पछाड़ि त्यो जस्तो कोई उठ्यो । तैपनि
मनश्शेले उठायेको यहवेको सबै रिसको कारणले उ यहूदाको विरुद्धमां
उठायेको आफनु कोप अं आफनु ठुलो कोपको बल्दोगिम देखि फर्केन ।
२७ अनि यहवेले भन्यो जसोरि मैंले इस्राएललाइ दूर गर्‍यें त्येसोरि यहूदालाइ
पनि दूर गर्छु अनि मैंले आफुले छान्येको यो सहर र जुन घरको विषयमां
मैंले मेरो नांउ त्येसमां राख्छु भनि भन्येको थियें त्यो पनि आफालि दिछु ।
२८ अब योशिय्याहका बाकि कार्य र जे जे त्येस्ले गर्‍यो को ति यहूदाका
२९ राजाहरुको इतिहासको पोस्तकमां लेख्येका छैनन् । त्येस्को पालामां
मिस्रको राजा फिरऊन-नेकोह अश्शूरको राजाको विरुद्धमां परात नदी सम्म
चढि गर्‍यो . अनि योशिय्याह राजा त्येस्को विरुद्धमां चढ गयो अनि त्येस्ले
३० त्येसलाइ देखनु बित्तिकै त्येसलाइ मगिद्दोमां मारि दियो । अनि त्येस्का
चाकरेहरुले त्येस्को मुर्दा मगिद्दो देखि रथमां बोकायेर यरूशलेममां ल्याये
बहांदखि त्येसलाइ त्येस्को आफने चिहानमां गाड़ेर । तब देशका लोगले
योशिय्याहको छोरो यहोआहाजलाइ लियेर अभिषिक्त गरि त्येसलाइ त्येस्को
बाबुको साटोमां राजा तुल्याये ॥

(यहोआहाजको राज)

३१ यहोआहाज राज गर्नु लाग्दा तेईस वर्षको थियो अनि त्येसले तीन
महीना यरूशलेममां राज गर्‍यो . अनि त्येस्की आमाको नांउ लिबनाको

यिर्मयाहकी छोरी हमूतल् थियो । अनि येस्का पित्रहरुले गर्यका सबै भैं ३२
यहूवेको सांमु जे बूरो थियो त्येइ त्येस्ले गर्यो । अनि त्येस्ले यरूशलेममां ३३
राज् न गरोस् भन्यर फिरऊन्-नेकोहले त्येस्लाइ हमात्को देसमां भयेको
रिब्लामां बांधि राख्यो अनि देस् मांथि एक् सै तोड़ा चांदी र एक्
तोड़ा सुन्को दण्ड लगायो । अनि फिरऊन्-नेकोहले योशियाहको छोरो ३४
एल्याकीमलाइ त्येस्को बाबु योशियाहको ठांउमां राजा तुल्यायो अनि
त्येस्को नांउ फेर्यर यहोयाकीम् राखि दियो . तर त्येस्ले यहोआहाज्चइंलाइ
लग्यो तब त्यो मिस्रमां गयेर उहीं मर्‍यो । अनि यहोयाकीमले सुन् चांदी ३५
ता फिरऊनलाइ दियो तर फिरऊनको आज्ञा अनुसार् रुपिया दिंनुलाइ देस्
मांथि भारकिस्ता लगायो . अर्थात् फिरऊन्-नेकोहलाइ दिंनुको लागि
देसका सबै लोगहरुमांका जनंगेलाइ त्येस्को भाराकिस्ता अनुसार् तिनिहरु
देखि सुन् चांदी लियो ॥

(यहोयाकीम्को राज्)

यहोयाकीम् राज् गर्नु लाग्दा पचीस् बर्षको थियो अनि त्येस्ले ३६
यरूशलेममां एघारह् बर्ष राज् गर्‍यो . अनि त्येस्की आंमाको नांउ रूमाको
पदायाहकी छोरी जबीदा थियो । अनि आफ्ना पित्रहरुले गर्यका सबै
काम् अनुसार् जे यहूवेको सांमु बुरो थियो त्येइ त्येस्ले गर्‍यो । त्येस्को २४ १
पालामां बाबेलको राजा नबूकदनेस्सर् चढ़ि आयो अनि यहोयाकीम् तीन्
बर्ष सम्म त्येस्को दास् भइ रह्यो . तब फर्कर त्येस्को बिरुद्धमां बागि भयो ।
अनि यहूवेले त्येस्को बिरुद्धमां कल्दीहरु अरामीहरु मोअबीहरु र अम्मोन्- २
बंशीहरुका गढ़ा गढ़ा पठाइ दियो अनि यहूवेले आफ्नु दास् अगमवक्ता-
हरुको बाटोले भन्यको अनुसार् तिनिहरुलाइ यहूदाको बिरुद्धमां त्यो
नाश् पार्नुलाइ पठाइ दियो । सांचिनै यहूदा मांथि यो यहूवेको ३
आज्ञाले पर्‍यो मनश्शेको पापको कारणले त्येस्ले गर्यका सबै काम् अनुसार्
तिनिहरुलाइ उस्को दृष्टि देखि दूर् राख्नलाइ अनि त्येस्ले बहायेको ४
निर्दोषी लोहूको कारणले पनि किनभन्ये त्येस्ले यरूशलेम् निर्दोषी लोहूले
भरि दियेको थियो . अनि यहूवेले क्षमा गर्नु मान्येन । अब यहोयाकीमका
बाकल् कार्य र जे जे त्येस्ले गर्‍यो के ति यहूदाका राजाहरुको इतिहासको ५
पोस्तकमां लेख्यका छैनन् । तब यहोयाकीम् आफ्ना पित्रहरु सङ सुति ६
गयो . अनि त्येस्को छोरो यहोयाकीनले त्येस्को साटोमां राज् गर्‍यो । अनि ७
मिस्रको राजा आफ्नु देस् देखि फेरि फेरि कैले पनि आयेन . किनभन्ये
बाबेलको राजाले मिस्रको खोल्चा देखि परात् नदी सम्म जे जे मिस्रको
राजाको पर्‍यका थिये ति सबै लिहाल्यो ॥

(यहोयाकीन्को राज्)

यहोयाकीन् राज् गर्नु लाग्दा अठारह् बर्षको थियो अनि त्येस्ले ८

यरूशलेममां तीन महीना राज गर्‍यो. अनि त्येकी आंमाको नांउ
९ यरूशलेमको एलनातानकी छोरी नहुश्ता थियो। अनि त्येको बाबुले
१० गर्‍येको सबै भैं यहवेको सांमु जे बुरो थियो त्येइ त्येले गर्‍यो। त्येस
बेला बाबेलको राजा नबूकदनेस्सरका चाकरेहरु यरूशलेममां चढि आये
११ अनि सहर घेरीयो। अनि त्येका चाकरेहरुले त्यो घेर्दाखेर बाबेलको राजा
१२ नबूकदनेस्सर सहरमां आयो अनि यहूदाको राजा यहोयाकीन आफै
र आफनी आंमा र आफना चाकरेहरु र मालिकहरु र मेहेरीहरु समेत
बाबेलको राजा थांइ निस्कि गयो. अनि बाबेलको राजाले त्येको राजको
१३ आठौं बर्षमां त्यो लियो। अनि त्येले त्यहां बाटो यहवेको घरको सबै
भंड़ार र राजाको घरको भंड़ार बोकि लग्यो अनि यहवेको मन्दिरमां
इस्राएलको राजा सुलैमानले बनायेका सुनका सबै भांड़ाबर्तनहरु टुकरे
१४ टुकरा पार्‍यो यहवेले भन्येको अनुसार। अनि त्येले सिंगै यरूशलेम र सबै
मालिकहरु र सबै महाबीरहरु अं दस हजार जना बन्धुवाहरु र सबै
कारिगरहरु र लोहारहरुलाइ लग्यो देसका लोगहरुमांका सबै भन्दा
१५ कङ्गालहरु बाहिक कोई पनि रहेन। अनि त्येले यहोयाकीनलाइ
बाबेलमां लग्यो अनि राजाकी आंमा र राजाकी स्रुखेनीहरु र त्येका
मेहेरीहरु र देसका बड़ादमीहरुलाइ त्येले यरूशलेम देखि बाबेलमां
१६ बन्धुवाईमां लग्यो। अनि सबै बीरहरुलाइ अं सात हजार जनालाइ अनि
एक हजार जना कारिगरहरु र लोहारहरु जो लड़ाईको लागि बलियो
बलियाहरु र योग्य योग्य सबैलाइ बाबेलको राजाले बाबेलमां बन्धुवा
१७ गरि लग्यो। अनि बाबेलको राजाले यहोयाकीनको ठांउमां त्येको काका
बाबु मत्तन्याहलाइ राजा तुल्यायो अनि त्येको नांउ फेर्‍येर सिदकिय्याह
राखि दियो॥

(सिदकिय्याहको राज)

१८ सिदकिय्याह राज गर्नु लाग्दा एकाईस बर्षको थियो अनि त्येले
यरूशलेममां एघारह बर्ष राज गर्‍यो. अनि त्येकी आंमाको नांउ
१९ लिब्नाको यिर्मयाहकी छोरी हमूतल थियो। अनि यहोयाकीमले गर्‍येका
२० सबै भैं यहवेको सांमु जे बुरो थियो त्येइ त्येले गर्‍यो। कसोगर्भिन्नो
यहवेले तिनिहरुलाइ आफनु सांमु देखि न आफालुंञ्जाल सम्म उस्को
रिस्को कारणले यरूशलेम र यहूदा मांथि येस्तो पर्‍यो. अनि सिदकिय्याह
२५ १ बाबेलको राजा देखि बागि भयो। अनि त्येको राजको नवं बर्षको
दसौं महीनाको दसौं तिथिमां येसो भयो बाबेलको राजा नबूकदनेस्सरले
आफना सबै पल्टन समेतले यरूशलेमको बिरुद्धमां आइ लाग्येर त्येको
बिरुद्धमां छाउनी हाल्यो अनि तिनिहरुले त्येको बिरुद्धमां बरिपरि
२ गुड्डिहरु बनाये। येसोरि सिदकिय्याह राजाको एघारौं बर्ष सम्म सहर घेरि
३ रह्यो। अनि चौथो महीनाको नवं तिथिमां सहरमां अनिकाल येस्तो

सारो भयो देसका लोगको लागि रोटी थियेन । तब सहरमां येउटा क्वेंड़ ४
बनाईयो वहांदेखि लड़ाईंका सबै मान्छेहरु राजाको बारी निर भयेको
दुइ देवालको बीचमां भयेको देला बाटो राति भाग्ये. (त्यस् बेला
कल्दीहरु सहरको सांमुको वरिपरि थिये). अनि राजा चइं अराबाको
बाटो बाड़ो गयो । तर कल्दीहरुको पल्टनले राजालाइ खेदी वहांदेखि ५
येरीहोको मैदानमां भेट्टाये. अनि त्येका सबै सेना त्यो देखि
क्वपुट्ठ भयेका थिये । तब तिनिहरुले राजालाइ समात्येर त्येलाइ बाबेलको ६
राजा थांइ रिब्लामां ल्याये. त तिनिहरुले त्येको निया गर्ये । अनि ७
तिनिहरुले सिदकिय्याहका छोराहरुलाइ त्येका आंखाको सोजि मार्ये.
अनि सिदकिय्याहचइंका आंखा निकाल्ये. वहांदेखि त्येलाइ सांग्लो
भिराये्र बाबेलमां लग्ये ॥

(यरूशलेमको नास्)

अब पांचौं महीनाको सातौं तिथिमां अर्थात् बाबेलको राजा ८
नबूकदनेस्सरको उन्नीसौं वर्षमां बाबेलको राजाको येउटा चाकरे नबूजरदान्
जो पहरूको कप्तान् थियो त्यो यरूशलेममां आयो. अनि त्येले यहवेको ९
घर् र राजाको घर् डड़ायो अनि यरूशलेमका सबै घरहरु अं सबै ठुला
ठुला घरहरु त्येले आगोले डड़ायो । अनि पहरूको कप्तान् सङ भयेका १०
कल्दीहरुको सबै पल्टनले यरूशलेमका वरिपरिका भित्ता भत्काइ दिये ।
अनि सहरमां छोड़ीयेका रह्येका लोग् बाबेलको राजा थांइ भाग्येका सबै र ११
धइरोका उब्येकाहरुलाइ पहरूको कप्तान् नबूसरदानले बन्धुवा गरि लग्यो ।
तर पहरूको कप्तानले देसका सबै भन्दा कङ्गालिहरुलाइ दाखको बारी १२
गोड़ने र खेतिकिसान् गर्ने हुंनुलाइ छोड़ि दियो । अनि यहवेको घरमां १३
भयेका पीतलका थामहरु र यहवेको घरमां भयेका आधारहरु र पीतलको
समुन्द्र कल्दीहरुले टुक्रै टुक्रा पार्ये अनि तिनको पितल् बाबेलमां लग्ये ।
अनि भांड़ाहरु र बेलचाहरु र अझेरुदानीहरु र धूपौराहरु र तिनिहरुका १४
सेवा गर्ने पीतलका सबै सादाँमहरु तिनिहरुले लग्ये । अनि धूपदानी १५
भांड़ाहरु र कटौराहरु जे जे सुनका थिये ति सुन अनि जे जे चांदीका थिये
ति चांदीगरि पहरूको कप्तानले लग्यो । ति दुइ थामहरु र त्यो येउटा समुन्द्र १६
र ति आधारहरु जो सुलैमानले यहवेको घरको लागि बनायेको थियो ति
सबै भांड़ाहरु पीतल् बिना जोखाईको थियो । येउटा थामको अलगेइं १७
अठारह् हातको थियो अनि त्येमा मांथि पीतलको थाम्लि थियो. अनि
थाम्लिको अलगेइं तीन् हातको थियो चित्रेजालो र दारीम् थाम्लि मांथिको
रिङ्गै सबै पीतलका. अनि त्येइ जस्तो अर्को थामको पनि थियो
चित्रेजालो समेत् । अनि पहरूको कप्तानले मूलपूजाहारी सरायाहलाइ १८
र दोस्रो पूजाहारी सपन्याह् र तीन् जना दुवारपालहरुलाइ लियो. अनि १९
सहर् देखि त्येले लड़ाईंका मान्छेहरु मांथि राख्येको मेहेरो र सहरमां

पाईयेका राजाको मुख् चैनेहरुमांका पांच् जना र सेनापति खदोर् जस्ले देस्का लोगको गन्ति गर्दै थियो अनि सहर्मां पाईयेका देस्का लोग्मांका
२० तीन् कोरी जनालाइ लियो। अनि पहरूको कप्तान नबूजरदान्ले
२१ तिनिहरुलाइ लियेर बाबेल्को राजा थांइ रिब्लामां ल्यायो। अनि बाबेल्को राजाले तिनिहरूलाइ हमात् देसमां भयेको रिब्लामां हिर्कायेर मारि दियो। येसोरि यहूदा आफ्नु देस् देखि बन्धुवाईमां लगीयो।
२२ अनि यहूदाको देसमां छोड़ीयेका लोगको बिषय्मां जो बाबेल्को राजा नबूकदनेस्सरले छोड़ेरको थियो तिनिहरु मांथि त्येस्ल आपान्को छोरो अहीकाम्को छोरो गदल्याहूलाइ मालिक् तुल्यायो॥

(गदल्याहूको हत्या)

२३ जब पल्टन्का कप्तान्हरु तिनिहरुका मान्छेहरु समेत्ले बाबेल्को राजाले गदल्याहूलाइ मालिक् तुल्यायो भनि सुन्ये तब तिनिहरु अर्थात् नतन्याहूको छोरो इश्माएल् कारेहूको छोरो योहानान् नतोपाति तन्हूमेत्को छोरो सरायाह् र माकातिको छोरो याजन्याह् आफ्ना आफ्ना मान्छेहरु
२४ समेत् गदल्याहू थांइ मिस्पामां आये। अनि गदल्याहूले तिनिहरु सङ तिनका मान्छेहरु सङ येसो भनिकन किरिया खायो कल्दीहरुका चाकरे-हरुको कारणले न डराव. देसमां बस बाबेल्को राजाको सेवा गर त
२५ तिमिहरुको लागि जाति हुंछ। तर सातौं महीनामां येसो भयो राजबंशी एलीशामाको छोरो नतन्याहूको छोरो इश्माएल् आफु सङ दस् जनालाइ लिइ आयेर गदल्याहूलाइ मर्नेगरि हिर्कायो अनि मिस्पामां त्यो सङ
२६ भयेका यहूदीहरु र कल्दीहरुलाइ पनि मारि दियो। तब लोग् सांना तुला सबै र पल्टन्का कप्तान्हरु उठेर मिस्रमां गये. किनभन्ये तिनिहरु कल्दीहरु देखि डराउंद थिये॥

(यहोयाकीन् बढ़ाईयो)

२७ अनि यहूदाको राजा यहोयाकीन्को बन्धुवाई को सैंतीसौं बर्षको बाह्रौं महीनाका सत्ताईसौं तिथिमां बाबेल्को राजा एवील्मरोदकले आफ्नु राज्को थाल्नीको बर्षमां यहूदाको राजा यहोयाकीन्को सिर्
२८ भेलखान् देखि उठायो अनि त्यो सित दयालु कुरा गर्यो अनि बाबेल्मां आफु सङ भयेका राजाहरुको सिंहासन् भन्दा त्येस्को सइं
२९ सिंहासन् अल्ग्यायो। अनि त्येस्ले त्येस्को भेलखान्को लुगा फेरि दियो अनि त्येस्को जीवनभरि सधैं त्येस्को सामु त्येस्ले रोटी खाद दियो। अनि
३० त्येस्को खुराकको बिषय्मां त्येस्को जीवनभरि राजा पट्टि बाटो दिनहूंको खुराक् दिन् दिने दिईद दियो॥

इतिहासको पहिलो पोस्तक ॥

(आदम् इत्यादिका बंशावलीहरु)

आदम् सेत् एनोश् केनान महललेल् येरेद् हनोक १ १, २
मतूशेलह् लेमेक् नूह शेम् हाम् र येपेत् ॥ ४

येपेतका छोराहरु गोमेर् मागोग् मादै यावान् तूबल् मेशेक् र ५
तीरास्। अनि गोमेरका छोराहरु अश्कनज् दीपत् र तोगर्मा। अनि ६
यावानका छोराहरु एलीशा तर्शीश् कित्तीम् र रोदानीम् ॥

हामका छोराहरु कूश् मिस्र पूत् र कनान्। अनि कूशका छोराहरु ८
सबा हवीला सबता रामा र सबतका। अनि रामाका छोराहरु शबा र १०
ददान्। अनि कूशले निम्रोदलाइ जन्मायो. यो ता पृथिवीमां बीर् जन् ११
हुंनु लाग्यो। अनि मिस्रले लूदीम् र अनामीम् र लहाबीम् र नप्तूहीम् १२
पत्रूसीम् र कस्लूहीमलाइ (जो देखि पलिश्ती लोग् निकल्ये) र
कप्तोरीमलाइ जन्मायो. अनि कनानले सीदोन् आफ्नु जेठोलाइ १३
र हेतलाइ अनि यबूसी एमोरी र गिर्गाशीलाइ अनि हिव्वी र १४ १५
अर्की र सीनीलाइ अनि अर्वादी समारी र हमातीलाइ जन्मायो ॥ १६

शेमका छोराहरु एलाम् अश्शुर् अर्पक्षद् लूद् अराम् ऊज् हूल् गेतेर् १७
र मेशेक्। अनि अर्पक्षदले शेलहलाइ जन्मायो अनि शेलहले एबेरलाइ १८
जन्मायो। अनि एबेरका दुइ भाई छोरा जन्म्ये येउटाको नांउ पेलेग १९
किनभन्ये त्येका दिनमां पृथिवी अलग अलग भागगरि बांडीयो. अनि
त्येको भाईको नांउ योक्तान् थियो। अनि योक्तानले अल्मोदाद् शेलेप् २०
हसर्मावेत् र येरहलाइ अनि हदोराम् ऊजाल् दिक्लालाइ अनि २१ २२
एबाल् अबीमाएल र शबालाइ अनि ओफीर् हवीला र योबाबलाइ २३
जन्मायो। यि सबै यो क्तानका छोराहरु थिये ॥

शेम् अर्पक्षद् शेलह् एबेर् पेलेग् रऊ सरुग् नाहोर् २४, २५ २६
तेरह् अब्राम् (जो अब्राहाम् हो)। अब्राहामका छोराहरु इसहाक् २७ २८
र इश्माएल ॥

तिनका पुस्ता यिनै हुन्. इश्माएलको जेठो छोरो नबायोत् फेरि केदार् २९
अदबेल् मिब्साम् मिश्मा दूमा मस्सा हदद् तेमा यतूर् नापीश् ३० ३१
र केदमा। इश्माएलका छोराहरु यिनै हुन् ॥

अनि अब्राहामकी रखैली कतूराका छोराहरु. त्येले जिम्रान् योक्तान् ३२
मदान् मिद्यान् यिश्बाक् र शूहलाइ जन्माई। अनि योक्तानका छोराहरु

३३ शबा र ददान् । अनि मिद्यान्का छोराहरू एपा एफेर् हनोक् अबीदा र
एल्दाआ । यि सबै कतूरा देखि उत्पन्न भये ॥
३४ अनि अब्राहामले इसहाक्लाइ जन्मायो । इसहाक्का छोराहरू
एसाव् र इस्राएल् ॥
३५ एसाव्का छोराहरू एलीपज् रूएल् यऊश् यालाम् र कोरह् ।
३६ एलीपज्का छोराहरू तेमान् ओमार् सपी गाताम् कनज् तिम्ना र
३७ अमालेक् । रूएल्का छोराहरू नहत् जेरह् शम्मा र मिज्जा । फेरि सेईरका
३८ छोराहरू लोतान् शोबाल् सिब्योन् अना दीशोन् एसेर् र दीशान् । अनि
४० लोतानका छोराहरू होरी र होमाम् र लोतानकी बैंनी तिम्ना थिई ।
शोबालका छोराहरू अल्यान् मानहत् एबाल् शपी र ओनाम् । अनि
४१ सिब्योनका छोराहरू अय्या र अना । अनाका छोराहरू दीशोन् । दीशोनका
४२ छोराहरू हम्रान् एशबान् यित्रान् र करान् । एसेरका छोराहरू बिल्हान्
जावान् र याकान् । दीशानका सन्तानहरू ऊज् र अरान् ॥
४३ अब इस्राएलबंशीहरूको प्रथम् राजा हुनु भन्दा पहिले यि राजाहरूले
एदोम् देशमां राज् गर्दै थिये . बओरको छोरो बेला अनि त्येस्को
४४ राज्धानीको नांउ दिन्हाबा थियो । तब बेला मऱ्यो अनि जेरहको छोरो
४५ बोस्रा सहरको योबाबले त्येस्को साटो राज् गऱ्यो । तब योबाब् मऱ्यो
४६ अनि तेमानीहरूको देशको हूशामले त्येस्को साटो राज् गऱ्यो । तब हूशाम्
मऱ्यो अनि बददको छोरो हददले जस्ले मिद्यानलाइ मोआबको बनमां
मांऱ्यो त्येस्को साटो राज् गऱ्यो अनि त्येस्को राज्धानीको नांउ अवीत्
४७ थियो । तब हदद् मऱ्यो अनि मस्रेकाको सम्साले त्येस्को साटो राज् गऱ्यो ।
४८ तब सम्सा मऱ्यो अनि महानदीको तीरको रहोबोत् सहरको शाऊलले त्येस्को
४९ साटो राज् गऱ्यो । तब शाऊल मऱ्यो अनि अक्बोरको छोरो बाल्हानानले
५० त्येस्को साटो राज् गऱ्यो । तब बाल्हानान् मऱ्यो अनि हददले त्येस्को
साटो राज् गऱ्यो . अनि त्येस्को राज्धानीको नांउ पाई थियो . अनि
त्येस्की मुखैनीको नांउ महेतबेल् थियो जो मेजाहाबकी छोरी मत्रेदकी
५१ छोरी थिई । तब हदद् मऱ्यो । फेरि एदोमका अधिपतिहरू यि थिये
५२ तिम्ना अधिपति अल्या अधिपति यतेत् अधिपति ओहोलीबामा
५३ अधिपति एला अधिपति पीनोन् अधिपति कनज् अधिपति तेमान्
५४ अधिपति मिब्सार् अधिपति मग्दीएल् अधिपति ईराम् अधिपति ।
एदोमका अधिपतिहरू यिनै थिये ॥

(यहूदाको बंशावली)

२ १ इस्राएलका छोराहरू यिनै हुन् रूबेन् शिमोन् लेवी यहूदा
२ इस्साकार् जबूलून् दान् यूसुफ् बिन्यामीन् नप्ताली गाद् र आशेर् ॥
३ यहूदाका छोराहरू एर् ओनान् र शेला . यि तीन् जना कनानी बतशूए
देखि जन्माईये अनि यहूदाको जेठो छोरो एर् यहूवेको मुखैंजी दुष्ट थियो

येस्कारण उस्ले येस्लाइ मांग्यो । फेरि यहूदाकी बुहारी तामारले येस्को लागि ४
पेरेस् र जेरह्लाइ जन्माई । यहूदाका सबै छोराहरू पांच् भाई थिये । ५
पेरेसका छोराहरू हेस्रोन् र हामूल् । अनि जेरह्का छोराहरू जिम्री एसान् ६
हेमान् कल्कोल् र दारा . यि सबै पांच् जना भये । फेरि कर्मीको छोरो ७
आकार् इस्राएल्लाइ कष्ट दिने जस्ले भाकल् गरीयेको योक्को बिषयमां
अप्राध् गर्यो । अनि एसान्को छोरो अजर्याह् । हेस्रोन्का छोराहरू जो ८ ९
येस्को लागि जन्मे यरह्मेल् राम् र कलूबै । अनि रामले अम्मीनादाबलाइ १०
अनि अम्मीनादाबले नह्शोन्लाइ जन्मायो जो यहूदावंशीहरूको मालिक् ११
थियो । अनि नह्शोन्ले सल्मालाइ अनि सल्माले बोअजलाइ अनि १२
बोअजले ओबेदलाइ अनि ओबेदले यिशैलाइ जन्मायो अनि यिशैले १३
आफ्नु जेठो एलीआबलाइ र माइलो अबीनादाबलाइ र साइंलो
शिमालाइ र कांइलो नतनेल्लाइ र अन्तरे रद्दैलाइ जन्तरे १४ १५
ओसेम्लाइ र कान्को दाऊदलाइ जन्मायो . तिनको सरूयाह् र अबीगैल्
नाउं भयेकी बैंनीहरू थिइन् । अनि सरूयाहका छोराहरू अबीशै योआब् १६
र असाहेल् तीन् जना । अनि अबीगैलले अमासालाइ जन्माई . अनि १७
अमासाको बाबु इश्माएली येतेर् थियो । फेरि हिस्रोन्को छोरो कालेबले १८
अजूबा नांउ भयेकी आइमाइ देखि र यरीओत् देखि छोराहरू जन्मायो
अनि येस् आइमाइले जन्मायेका छोराहरू यि थिये अर्थात येशेर् शोबाब् र
अर्दोन् । जब अजूबा मरी तब कालेबले एफ्रातलाइ ब्याहा गरि ल्यायो १९
जस्ले येस्को लागि हूर्लाइ जन्माई । अनि हूर्ले ऊरीलाइ जन्मायो अनि २०
ऊरीले बसलेल्लाइ जन्मायो । येस् पछि जब हेस्रोन् साठी वर्षको भयो २१
तब येस्ले गिलादको बाबु माकीरकी छोरीलाइ ब्याहा गर्यो येस्कां गयो
अनि येस्ले येस्को लागि सगूबलाइ जन्माई । अनि सगूबले याईरलाइ २२
जन्मायो जस्का गिलाद् देसमां तेईस् सहरहरू थिये । फेरि गशूर र २३
अरामले याईरका सहरहरू तिनिहरू देखि लिहाल्ये यि बाहिक् तिनका
बस्तीहरू समेत कनत् पनि लिये अं साठीवटा सहरहरू । यि सबै
गिलादको बाबु माकीरको सन्तानका थिये । फेरि जब हेस्रोन् कालेबेफ्रातामां २४
मर्यो तब हेस्रोनकी अबिय्याह् नांउ भयेकी स्वास्नीले येस्को लागि येस्को
नाकोको बाबु अश्हूरलाइ जन्मायो । फेरि हेस्रोनको जेठो छोरो यरह्मेल् २५
येस्को जेठो छोरो राम् र बूना ओरेन् ओसेम् र अहिय्याह् थिये । अनि २६
यरह्मेलको अतारा नांउ भयेकी अर्की स्वास्नी थिई त्यो ओनामकी आंमा
थिई । अनि यरह्मेलको जेठो छोरो रामका छोराहरू मास् यामीन् र एकेर् २७
थिये । अनि ओनामका छोराहरू शम्मै र याद्दा थिये . अनि शम्मैका छोराहरू २८
नादाब् र अबीशूर । अनि अबीशूरकी स्वास्नीको नांउ अबीहैल् थियो जस्ले २९
येस्को लागि अहबान् र मोलीदलाइ जन्माई । अनि नादाबका छोराहरू ३०
सेलेद् र अप्पैम् . तर सेलेद् चइं निसन्तान् मरि गयो । अनि अप्पैमको ३१
छोरो यिशी । अनि यिशीको छोरो शेशान् । अनि शेशानको छोरो अहलै ।

३२ फेरि शम्मैको भाई यादाका छोराहरू येतेर् अनि येतेर् चइं निसन्तान् मऱ्यो।
तर योनातानका छोराहरू पेलेत् जाजा। यरहमेलका छोराहरू यि थिये।
३३ ३४ शेशानको चइं छोरो थियेन छोरीहरू मात्रै थिइन्। अनि शेशानको
३५ यर्हा नांउ भयेको येउटा मिस्रो दास् थियो। त शेशानले आफ्नी
छोरीलाइ आफ्नु दास् यर्हा सित ब्याहा गरि दियो अनि त्येस्ले त्येस्को
३६ लागि अत्तैलाइ जन्माई। अनि अत्तैले नातान्लाइ नातान्ले जाब्दलाइ
३७ ३८ जाब्दले एप्लाल्लाइ एप्लालले ओबेदलाइ ओबेदले येहूलाइ
३९ येहूले अजर्याहलाइ अजर्याहले हेलेसलाइ हेलेसले एलासालाइ
४० ४१ एलासाले सिस्मैलाइ सिस्मैले शल्लूमलाइ शल्लूमले यकम्याहलाइ अनि
४२ यकम्याहले एलीशामालाइ जन्मायो। फेरि यरहमेलको भाई कालेबका
छोराहरू त्येस्को जेठो छोरो मेशा जो जीपको बाबु थियो अनि हेब्रोनको
४३ बाबु मारेशाका छोराहरू। अनि हेब्रोनका छोराहरू कोरह् तप्पूह् रेकेम् र
४४ शेमा। अनि शेमाले योर्कामको बाबु रहमलाइ अनि रेकेमले शम्मैलाइ
४५ जन्मायो। अनि शम्मैको छोरो माओन् थियो जो बेतसूरको बाबु थियो।
४६ अनि कालेबकी एपा नांउ भयेकी रखैलीले हारान् मोसा र गाजेजलाइ
४७ जन्माई अनि हारानले गाजेजलाइ जन्माई। फेरि याहदैका छोराहरू
४८ रेगेम् योताम् गेशान् पेलेत् एपा र शाप्। अनि कालेबकी माका नांउ
४९ भयेकी रखैलीले शेबेर् र तिर्हानालाइ जन्माई। त्येस्ले मदमन्नाको बाबु
५० शाप्लाइ र मक्बेना र गिब्राको बाबु शवालाइ पनि जन्माई। अनि
कालेबकी छोरी अक्सा थिई। कालेबका छोराहरू यि थिये एप्राताको जेठो
५१ हूरको छोरो किर्यत्यारीमको बाबु शोबाल् बेतलेहेमको बाबु सल्मा
५२ र बेत्गादेरको बाबु हारेप्। अनि किर्यत्यारीमको बाबु शोबालका
५३ छोराहरू थिये हारोए आधे मनुहोत् अनि किर्यत्यारीमका जहान्हरू
थिए पूतीहरू शुमातीहरू मिश्राईहरू तिनिहरू देखि सोरातीहरू एश्ताओलीहरू।
५४ सल्माका छोराहरू बेतलेहेम् र नतोपातीहरू अत्रोत्बेत्योआब् र
५५ आधा मानहतका लोग् सोरीहरू। अनि याबेसमा बस्ने शास्त्रीहरूका
जहान्हरू तिराती शिमाती र सुकातीहरू। रेकाबवंशीहरूको बाबु हम्मत्
देखि जन्मेका केनीहरू थिने हुन्॥ ✓

३ १ अब दाऊदको लागि हेब्रोनमा जन्मेका छोराहरू थि हुन्। त्येस्को
जेठो छोरो थिज्रेली अहीनोअम् पट्टिको अम्नोन् अनि माइलो चइं कर्मेली
२ अबीगेल् पट्टिको दानियेल् सांइलो चइं गशूरको राजा तल्मैको छोरी
३ माकाको छोरो अब्शालोम् कांइलो चइं हग्गीत्को छोरो अदोनियाह्
अन्तरे चइं अबीतल् पट्टिको शपत्याह् अनि कान्को चइं त्येस्की मुखनी
४ एग्ला पट्टिको थियाम्। त्येस्को लागि हेब्रोनमा छ भाई छोराहरू जन्मे जहां
त्येस्ले सात् वर्ष र छ महीना राज् गऱ्यो। अनि यरूशलेममा त्येस्ले तेंतीस वर्ष
५ राज् गऱ्यो। अनि यरूशलेममा त्येस्को लागि जन्मेकाहरू यि हुन्। अर्थात्
शिमा शोबाब् नातान् र सुलैमान् यि चार् भाई अम्मीएल्की छोरी बत्शू

पट्टिका थिये . फेरि थिभार् एलीशामा एलीपेलेत् नोगाह् नेपेग् यापी ७
एलीशामा एल्यादा र एलीपेलेत् नौ भाई । रखेलीहरुका छोराहरु बाहिक् ८
थि सबै दाऊदका छोराहरु थिये अनि तामार् तिनकी बैनी थिई । फेरि १०
सुलैमान्को छोरो रहबाम् थियो त्येस्को छोरो अबिय्याह् त्येस्को छोरो आसा
त्येस्को छोरो यहोशापात् त्येस्को छोरो यहोराम् त्येस्को छोरो अहज्याह् ११
त्येस्को छोरो यहोआश् त्येस्को छोरो अमस्याह् त्येस्को छोरो अजर्याह् १२
त्येस्को छोरो योतामू त्येस्को छोरो आहाज् त्येस्को छोरो हिजकिय्याह् १३
त्येस्को छोरो मनश्शे त्येस्को छोरो आमोन् त्येस्को छोरो योशिय्याह् १४
भयो । अनि योशिय्याहका छोराहरु त्येस्को जेठो छोरो योहानान् माइलो १५
यहोयाकीम् सांइलो सिदकिय्याह् कांइलो शल्लूम् । अनि यहोयाकीमका १६
छोराहरु . त्येस्को छोरो यकोन्याह् त्येस्को छोरो सिदकिय्याह् । अनि बन्धुवा १७
भयेको यकोन्याहका छोराहरु त्येस्को छोरो शालतीएल् मल्कीराम् १८
पदायाह् शेनस्सर् यकम्याह् होशामा र नदब्याह् । अनि पदायाहका छोराहरु १९
जरुब्बाबेल् र शिमी . र जरुब्बाबेलका छोराहरु मशुल्लाम् र हनन्याह्
जुनहरुकी बैनी शलोमीत् थिई . अनि हशूबा ओहेल् बेरेक्याह् हसद्याह् २०
र यूशबेसेद् पांच् जना । अनि हनन्याहका छोराहरु पलत्याह् र यशायाह् . २१
रपायाहबंशी अर्नानबंशी ओबद्याहबंशी र शकन्याहबंशीहरु । अनि २२
शकन्याहको छोरो शमायाह् . अनि शमायाहका छोराहरु हत्तूश् यिगाल्
बारीह् नार्याह् र शापात् छ जना । अनि नार्याहका छोराहरु एल्योएनै २३
हिजकिय्याह् र अज्रीकाम् तीन् जना । एल्योएनैका छोराहरु होदव्याह् २४
एल्याशीब् पलायाह् अक्कूब् योहानान् दलायाह् र अनानी सात् जना ॥

यहूदाका छोराहरु पेरेस् हेस्रोन् कर्मी हूर् र शोबाल् । शोबालको ४ १
छोरो रायाहले यहतलाइ जन्मायो यहतले अहूमै र लहदलाइ जन्मायो । २
सोरातीहरुका सन्तान् थि हुन् । एताम्को बाबुका छोराहरु थिने हुन् यिज्रेल् ३
थिश्मा र थिद्बाश् जुनहरुकी बैनीको नांउ हस्सलेल्पोनी थियो . अनि ४
गदोरको बाबु पनूएल् अनि हूशाको बाबु एजेर् । थि सबै एफ्राताको जेठो
हूरका छोराहरु हुन जो बेतलेहेमको बाबु थियो । अनि तकोको बाबु ५
अशहूरको हेला र नारा नांउ भयेकी दुवटी स्वास्नीहरु थिइन् । अनि नाराले ६
त्येस्को लागि अहुज्जाम् हेपेर् तेमनी र हाहशतारीलाइ जन्माई । नाराका
छोराहरु थिने हुन् । अनि हेलाका छोराहरु सेरेत् यिसहर् र एत्नान् थिये । ७
फेरि कोस्ले आनूब् र सोबेबालाइ जन्मायो अनि हारुमको छोरो अहर्हेलका ८
सन्तानलाइ पनि । अनि याबेस् चइं आफ्नु दाजुभाईहरु भन्दा बेसि मानको ९
थियो . अनि त्येस्की आमाले मैले त्येस्लाइ पीरा सित जन्मायें भनिकन त्येस्को
नांउ याबेस् राखी । अनि याबेसले येसो भनिकन इस्राएलको ईश्वरलाइ १०
हाप्रायो हाय् तपांइले मंलाइ सांच्चिने आशीष् दिनु हुवस् अनि मेरो
सिमाना बढाउंनु हुवस् अनि तपांइको हात् मं सित रहोस् अनि तपांइले
मंलाइ बुराई दखि बचाउंनु हुवस् त्यो मेरो पीराको लागि न हुवस् भन्ने

११ खातिर्ले । अनि त्येस्ले ज्ये मांग्येको थियो ईश्वर्ले त्येस्लाइ दियो । अनि
१२ शूहाको भाई कलूब्ले एश्तोन्को बाबु महीर्लाइ जन्मायो । अनि
एश्तोन्ले बेत्रापा र पासेह् र यिर्नाहाश्को बाबु तहिन्नालाइ जन्मायो ।
१३ रेकाका लोग् यिनै हुन् । फेरि कनज्का छोराहरु ओत्नीएल् र सरायाह् ,
१४ अनि ओत्नीएल्को छोरो हतत् । अनि मोनोतैले ओप्रालाइ जन्मायो . अनि
सरायाह्ले गहराशीम्को बाबु योआब्लाइ जन्मायो कसोगरिभन्ये तिनिहरु
१५ कारिगर्हरु थिये । अनि यपुन्नेको छोरो कालेब्का छोराहरु ईरू एला
१६ नआम् . अनि एलाका छोराहरु अनि कनज् । अनि यहल्लेलेल्का छोराहरु
१७ जीप् जीपा तीरया र अस्रेल् । अनि एज्राका छोराहरु येतेर् मेरेद् एपेर् र
यालोन् . जस्ले मिर्य्याम् शम्मै र एशतमोको बाबु यिश्बह्लाइ जन्माई ।
१८ अनि त्येस्की यहूदीनी स्वास्नीले गदोर्को बाबु येरेद् र सोकोको बाबु हेबेर्
र जानोह्को बाबु यकूतीएल्लाइ जन्माई । ति सबै येरेद्ले लियेकी
१९ फिरऊन्की बित्याह् नांउ भयेकीका छोराहरु हुन् । अनि होदिय्याह्की
स्वास्नी जो नहम्की बैंनी थिई त्येस्का छोराहरु गेरेमी कीला र माकाती
२० एश्तमोको बाबु थियो । अनि शीमोन्का छोराहरु अम्नोन् रिन्ना बेन्हानान्
२१ र तीलोन् । अनि यिशीका छोराहरु जोहेत् र बेन्जोहेत् । यहूदाको
छोरो शेलाका छोराहरु लेकाको बाबु एर् मारेशाको बाबु लादा र अश्बेको
२२ जहान्को पाट्कपरा बुन्नेहरुका सन्तान्का जहान्हरु अनि योकीम्
र कोजेबाका मान्छेहरु र योआश् र साराप् जस्ले मोआब् मांथि प्रभुतेईं
२३ गर्द थियो र याशूबीलेहेम् । यि कुरा ता उइले उइलेका हुन् । यि ता
कुमालेहरु थिये अनि नताईम् र गदेरा बासीहरु थिये . तिनिहरु राजाको
काम्को लागि वहां त्येस्को छेउमां रहंद थिये ॥

(शिमोन्को बंशावली)

२४ २५ शिमोन्का छोराहरु नमूएल् यामीन् यारीब् जेरह् र शाऊल् . अनि
२६ त्येस्को छोरो शल्लूम् त्येस्को छोरो मिब्साम् त्येस्को छोरो मिश्मा । अनि
मिश्माका छोराहरु . त्येस्को छोरो हम्मूएल् त्येस्को छोरो जक्कूर् त्येस्को छोरो
२७ शिमी । अनि शिमीका सोरह् भाई छोराहरु थिये अनि छ बैंनी छोरीहरु थिइन्
तर त्येस्का दाज्युभाईहरुका धेरै छोराछोरीहरु थियेनन् न तिनको सबै जहान्
२८ यहूदाबंशीहरु जस्ता बढ्ये । अनि तिनिहरु बेर्शेबा मोलादा हसर्शूआल्
२९ ३० ,३१ बिल्हा एसेम् तोलाद् बतूएल् होर्मा सिक्लग् बेत्मर्काबोत्
हसर्सूसीम् बेत्बिरी र शारैम्मां बस्द थिये । दाऊद्को राज्को बेला सम्म
३२ तिनिहरुका सहर्हरु यिनै थिये । अनि तिनिहरुका बस्तीहरु एताम् ऐन्
३३ रिम्मोन् तोकेन् र आशान् पांच् सहर् . अनि बाल् सम्म ति सहर्का
छेउछाउका तिनिहरुका सबै बस्तीहरु समेत् । तिनिहरुका बास्हरुका
ठांउहरु समेत् यिनै थिये अनि तिनिहरुका बंशावली पनि यिनै हुन् ।
३४ ३५ फेरि मशोबाब् र यस्लेक् र अमस्याह्को छोरो योशा र योएल् र

असीएल्को छोरो सरायाह्को छोरो योशिब्याह्को छोरो येहू र एल्योएनै ३६
र याकोबा र यशोहायाह् र असायाह् र अदीएल् र यसीमीएल् र बनायाह्
र शिपीको छोरो जीजा अल्लोन्को छोरो यदायाह्को छोरो शिम्रीको छोरो ३७
शमायाह्को छोरो यि नांउ काड़ीयेकाहरु तिनिहरुका जहान्का मूल्हरु ३८
थिये. अनि तिनिहरुका पित्रहरुका घर्हरु औधि बढ्ये। त तिनिहरु ३९
गदोर्को गौंड़ाको तरिको पूर्व तिर सम्म आफ्ना बगाल्हरुको खर्कको
लागि खोज्नु गयेका थिये। अनि तिनिहरुले मलीलो र जाति खर्कहरु ४०
पाये अनि त्यो देस् फराक् र चैन्को र कुशल्को थियो कसोगरिभन्ये अगाड़ि
वहां बस्नेहरु हाम्का लोग् थिये। अनि मांथि नांउ लेखीयेकाहरुले ४१
यहूदाको राजा हिज्किय्याह्को पालामां आयेर तिनको पाल्मां हिर्काये
अनि वहां पाईयेका मुनि भनीने लोग्लाइ पनि अनि तिनलाइ हिर्कायेर
आजुको दिन् सम्म भाकल् गरीयेको थोक् झैं नास् पाऱ्ये अनि तिनिहरुको
साटो बस्नु लाग्ये. किनभन्ये वहां तिनिहरुको बगाल्को लागि खर्क
थियो। अनि तिनिहरुमांका कति जना अं शिमोन्बंशीहरुका पांच् सै मान्छे ४२
जस्का कप्तान्हरु यिशीका छोराहरु पल्त्याह् नार्याह् रपायाह् र उज्जीएल्
थिये तिनिहरु सेईर् पहाड़ हुंदो गये। अनि तिनिहरुले बांचि निक्ल्येका ४३
अमेलेकीहरुको बच्ति भाग्लाइ मांऱ्येर वहां आजुको दिन् सम्म रह्ये॥

(रूबेन् र गाद् र आधा मनश्शेको बंशावली)

अनि इस्राएल्को जेठो चइं छोरो रूबेन्को बंशावली (कसोगरिभन्ये ५ १
त्यो जेठो ता थियो तर त्येस्ले आफ्नु बाबुको ओछ्यान् अशुद्ध गऱ्येको
कारण्ले त्येस्को जेठाधिकार् इस्राएल्को छोरो यूसुफ्बंशीहरुलाइ दिईयो
अनि बंशावली जेठाधिकार् भन्दा पछि गनीदैन। किनभन्ये यहूदा चइं २
आफ्नु दाज्यभाईहरु मांथि जिताहा भयो अनि त्यो देखि मालिक् चइं
आयो तर जेठाधिकार् चइं ता यूसुफैको थियो.) इस्राएल्को जेठो चइं ३
रूबेन्को बंशावली हनोक् पल्लू हेस्रोन् र कर्मी। योएल्का छोराहरु त्येस्को ४
छोरो शमायाह् त्येस्को छोरो गोग् त्येस्को छोरो शिमी त्येस्को छोरो ५
मीका त्येस्को छोरो रायाह् त्येस्को छोरो बाल् त्येस्को छोरो त्यो बेरा ६
जस्लाइ अश्शूर्को राजा तिल्गत्पिल्नेसेर्ले बन्धुवाईमां लग्यो. त्यो चइं
रूबेनीहरुको मूल् थियो। अनि जब तिनका पुस्ताको बंशावली गनीयेका ७
थिये तब त्येस्का दाज्युभाईहरु तिनिहरुका जहान् जहान् अन्सार् मूल्
चइं योएल् र जकऱ्याह् र नबो र बाल्मोन् सम्म अरोएर्मां ८
बस्येको योएल्को छोरो शेमाको छोरो आजाज्को छोरो बेला. अनि ९
तिनको बगाल्हरु गिलाद् देस्मां बढ्येको कारण्ले पूर्व तिर बन्को परात्
महानदीको गौंड़ा सम्म बस्द थियो। अनि शाऊल्का दिनमां तिनिहरुले १०
हाग्रहरु सङ्ग लड़ाईं गऱ्ये जो यिनको हात् देखि लड़्ये. अनि तिनिहरु
गिलाद्को पूर्व तिरका सबै देस्मां आफ्नु आफ्नु पाल्मां बस्ये॥

११ फेरि गादबंशीहरु तिनिहरुको सांसु सष्का सम्म बाशान् देसमां रहंद
१२ थिये . मूल् चइं योएल् दोस्रो शापाम् फेरि यानै र शापात् बाशानमां .
१३ तिनका पित्रहरुका जहानका दाजुभाईहरु मीकाएल् मशुल्लाम् शेबा योरै
१४ याकान् जौ र एबेर् सात् जना । यिनिहरु बूजको छोरो यहदोको छोरो
यशीशैको छोरो मीकाएलको छोरो गिलादको छोरो यारोहको छोरो
१५ हूरिको छोरो अबीहैलका छोराहरु थिये तिनिहरुका पित्रहरुको
१६ घर् घरको मूल् गूनीको छोरो अब्दीएलको छोरो अह्री थियो । अनि
तिनिहरु गिलादमां बाशानमां र त्येका सहर्हरुमां र तिनिहरुका सिमाना
१७ सम्म शारोनको सबै खर्कहरुमां बस्द थिये । ति सबै यहूदाको राजा
योतामका दिनमां र इस्राएलको राजा यारोबाम्का दिनमां आफ्ना
आफ्ना बंशावली अनुसार गनीयेका थिये ॥
१८ रूबेनबंशीहरु र गादीहरु र मनश्शेका आधा कुल् जो महा-
बीरहरु ढाल् र तरवार् भिर्नु सक्ने र धनु हानु सक्ने र लड़ाईंमां सिपालु
मान्छेहरु चौआलीस् हजार् र सात् सै र साठी जना थिये जो लड़ाईं गर्नुको
१९ लागि निस्कनु सक्नेहरु थिये । अनि तिनिहरुले हग्रिहरु र यतूर् नापीश्
२० र नोदाब् सङ लड़ाईं गर्थे । त्येस् लड़ाईंमां तिनिहरुले ईश्वरको दोहाई
गर्थे अनि उस्ले तिनिहरुको सुन्यो अनि तिनिहरुले उस् मांथि आफ्नु
भरोसा राख्थे येस्कारण् तिनिहरुले तिनिहरुको बिरुद्धमां गोहार् पाये अनि
हग्रिहरु तिनिहरु र तिनिहरु सङ भयेका सबै जना समेत् तिनिहरुको
२१ हातमां सुम्पीये । त तिनिहरुले तिनिहरुका पशुहरु लग्ये ऊंटहरुमांका
पचास् हजार् भेंड़ाबाख्राहरु दुइ लाख् र पचास् हजार् गदाहाहरु दुइ हजार्
२२ अनि मान्छेहरु एक् लाख् । कसोगरिभन्ये त्यो लड़ाईं ईश्वरको पठ्ठि
बाटोको हुंनाले धेरै जना काटीयेकाहरु लड़ेर । त तिनिहरु बन्धुवाईको
बेला सम्म तिनिहरुको ठांउमां बस्दै रह्ये ॥
२३ फेरि मनश्शेबंशीहरुको आधा कुल् देसमां रह्ये . तिनिहरु बाशान्
२४ बालहेर्मोन् र सनीर् हेर्मोन् डांड़ा सम्म बढ़ेर । अनि तिनिहरुका
पित्रहरुका घर् घरका मूल् मूल् थि थिये अर्थात् एफेर् यिशी एलीएल्
अजीएल् यिर्मयाह् होदव्याह् र यहदीएल् जो महाबीर् नांउ चल्थेका
मान्छेहरु र आफ्ना आफ्ना पित्रहरुका घर् घरका मूल् मूल् थिये ॥
२५ अनि तिनिहरुले आफ्ना पित्रहरुको ईश्वरको बिरुद्धमां अपराध्
गर्थे अनि देसका लोग् जुनहरुलाइ ईश्वरले तिनिहरुको सांसु सेखि नास्
२६ पार्यो तिनैहरुका देउताहरु पछि व्यभिचार् जस्तो लाग्थे । तब इस्राएलको
ईश्वरले अश्शूरको राजा पूल् र अश्शूरको राजा तिलगत्पिलेनेसरको
मन् उत्काइ दियो अनि त्येस्ले तिनिहरुलाइ अं रूबेनीहरु र गादीहरु र
मनश्शेका आधा कुललाइ लग्येर तिनिहरुलाइ हलह हाबोर् हारा र
गोजान् नदी सम्म पुग्यायो जसो आजुको दिन् सम्म छ ॥

(लेवीको वंशावली)

लेवीका छोराहरु गेर्शोन् कहात् र मरारी। कहातका छोराहरु ६ १
अम्राम् यिसहार् हेब्रोन् र उज्जीएल्। अनि अम्रामका छोराहरु हारून् २
मुसा र मरियम्। अनि हारूनका छोराहरु नादाब् अबीहू एलाजार् र
ईतामार्। एलाजार्ले पीनहासलाइ जन्मायो पीनहासले अबीशूलाइ ४
अबीशूले बुक्कीलाइ बुक्कीले उज्जीलाइ उज्जीले जरह्याहलाइ जर- ५ ६
ह्याहले मरायोतलाइ मरायोतले अमर्याहलाइ अमर्याहले अहीतूबलाइ ७ ८
अहीतूबले सादोकलाइ सादोकले अहीमासलाइ अनि अहीमासले ९
अजर्याहलाइ अजर्याहले योहानानलाइ अनि योहानानले अजर्याह- १०
लाइ जन्मायो (यो त्येइ हो जसले सुलैमानले यरूशलेममां बनायेको घरमां
पूजाहारीगिरि गर्‍यो). फेरि अजर्याहले अमर्याहलाइ अमर्याहले अहीतूब- ११ १२
लाइ अहीतूबले सादोकलाइ सादोकले शल्लूमलाइ शल्लूमले हिल- १३
कियाहलाइ हिलकियाहले अजर्याहलाइ अजर्याहले सरायाहलाइ १४
सराहयाले यहोसादाकलाइ जन्मायो अनि यहोसादाक बन्धुवाईमां गयो १५
जब यहवेले यहूदा र यरूशलेम् नबूकदनेस्सरको हातको बाटोले लग्यो॥

लेवीका छोराहरु गेर्शोन् कहात् र मरारी। अनि गेर्शोनका १६ १७
छोराहरुका नांउ यि हुन् लिब्नी र शिमी। अनि कहातका छोराहरु अम्राम् १८
यिसहार् हेब्रोन् र उज्जीएल्। मरारीका छोराहरु महली र मूशी। फेरि १९
आफना पित्रहरुका घर घर अनुसार लेवीहरुका जहान् यि हुन्। गेर्शोनको २०
त्येको छोरो लिब्नी त्येको छोरो यहत त्येको छोरो जिम्मा त्येको २१
छोरो योआह् त्येको छोरो इद्दो त्येको छोरो जेरह् र त्येको छोरो यातरै।
कहातका छोराहरु त्येको छोरो अम्मीनादाब् त्येको छोरो कोरह् त्येको २२
छोरो अस्सीर् त्येको छोरो एलकाना त्येको छोरो एब्यासाप् त्येको छोरो २३
अस्सीर् त्येको छोरो तहत त्येको छोरो ऊरीएल् त्येको छोरो उज्जियाह् २४
र त्येको छोरो शाऊल। फेरि एलकानाका छोराहरु अमासै र अहीमोत् २५
एलकानाको विषयमां. एलकानाका छोराहरु त्येको छोरो सोपै त्येको छोरो २६
नहत त्येको छोरो एलीआब् त्येको छोरो यरोहाम् त्येको छोरो एलकाना। २७
अनि शमूएलका छोराहरु जेठो चइं योएल् र कान्छो अबियाह्। मरारीका २८ २९
छोराहरु महली त्येको छोरो लिब्नी त्येको छोरो शिमी त्येको छोरो उज्जा
त्येको छोरो शिमा त्येको छोरो हग्गियाह् त्येको छोरो असायाह्॥ ३०

सम्पट्ले बिश्राम् पाये पछि दाऊदले यहवेको घरमां गीतगवाईका ३१
लुन् अधिकारीहरुलाइ ठहरायो ति यि हुन्। अनि सुलैमानले यरूशलेममां ३२
यहवेको घर न बनाउंज्याल सम्म तिनिहरु भेट् हुंने डेराको बासको सांमु
गीतगवाईको सेवा गर्द थिये. अनि तिनिहरु आफनु आफनु पालोमां
आफनु आफनु काममां ऊभीइ रहंद थिये। अनि ऊभीइ रहंनेहरु र ३३
तिनका छोराहरु थिने हुन् कहातवंशीहरुमांको. हेमान् गाउंने त्यो

३४ योएलको छोरो त्यो शमूएलको छोरो त्यो एलकानाको त्यो यरोहामको
३५ त्यो एलीएलको त्यो तोहको त्यो सूपको त्यो एलकानाको त्यो महतको
३६ त्यो अमासैको त्यो एलकानाको त्यो योएलको त्यो अजर्याहको त्यो
३७ सपन्याहको त्यो तहतको त्यो अस्सीरको त्यो एब्यासापको त्यो कोरहको
३८ त्यो यिसहारको त्यो कहातको त्यो लेवीको अनि लेवी इस्राएलको छोरो
३९ थियो । हेमानको भाई आसाप जो त्येस्को दाहीनो पट्टि उभीने गर्द थियो
४० अं आसाप बेरेक्याहको छोरो त्यो शिमाको त्यो मीकाएलको त्यो
४१ बासेयाहको त्यो मल्किय्याहको त्यो एत्नीको त्यो जेरहको त्यो
४२ अदायाहको त्यो एतानको त्यो जिम्माको त्यो शिमीको त्यो
४४ यहतको त्यो गेर्शोनको अनि गेर्शोन लेवीको छोरो थियो । अनि हेमानको
बाउं हातमां त्येस्का भाईहरु मरारीबंशी . एतान त्यो कीशीको त्यो
४५ अब्दीको त्यो मल्लुकको त्यो हशब्याहको त्यो अमस्याहको त्यो
४६ हिल्कियाहको त्यो अमसीको त्यो बानीको त्यो शेमेरको त्यो
महलीको त्यो मूशीको त्यो मरारीको अनि मरारी लेवीको छोरो थियो ।
४८ अनि तिनिहरु सबै लेवीका भाईहरु ईश्वरको घरको बासस्थानको सेवाको
लागि दिइलीयेकाहरु थिये ॥
४९ तर हारुन र त्येस्का छोराहरु महापवित्रस्थानको सबै कामको
लागि र इस्राएलको लागि प्रायश्चित्त गर्नुलाइ होमबलिको बेदि र
धूपबेदि मांथि चढाउंद थिये ईश्वरको दास मूसाले गर्यका सबै आज्ञा
५० अनुसार । अनि हारुनका सन्तान यि हुन त्येस्को छोरो एलाजार त्येस्को छोरो
५१ पीनहास त्येस्को छोरो अबीशू त्येस्को छोरो बुक्की त्येस्को छोरो
५२ उज्जी त्येस्को छोरो जरह्याह त्येस्को छोरो मरायोत त्येस्को छोरो
५३ अमर्याह त्येस्को छोरो अहीतूब त्येस्को छोरो सादोक अनि त्येस्को
छोरो अहीमास ॥
५४ तिनिहरुका सिमानामां तिनिहरुका छाउंनी अनुसार तिनिहरुका बास-
हरु थि हुन . हारुनबंशीहरुलाइ कहातीहरुको सन्तानमांको तिनिहरुको
५५ चिट्ठा पहिले निम्कोको कारणले तिनिहरुले तिनिहरुलाइ यहूदाको
देसमां भयेको हेब्रोनको सहर त्येस्को छेउकाउका खर्कहरु समेत दिये
५६ तर त्येस सहरका जग्गाहरु त्येस्का बस्तीहरु समेत तिनिहरुले यपुन्नेको छोरो
५७ कालेबलाइ दिये । अनि हारुनबंशीहरुलाइ तिनिहरुले थि शरण सहरहरु
दिये अर्थात हेब्रोन लिबना त्येस्का खर्कहरु समेत यत्तीर र एश्तमो त्येस्को
५८ खर्कहरु समेत . हीलेन त्येस्का खर्कहरु समेत दबीर त्येस्को खर्कहरु
५९ समेत आशान त्येस्का खर्कहरु समेत बेतशेमेश त्येस्का खर्कहरु समेत ·
६० अनि बिन्यामीनको कुलमांको गेबा त्येस्का खर्कहरु समेत अल्लमेत
त्येस्का खर्कहरु समेत अनातोत त्येस्का खर्कहरु समेत । तिनिहरुका जहान
६१ अनुसार तिनिहरुका सबै सहर तेरह सहर थिये । अनि कहातको बांकि
बंशले एफ्रैम र दानको कुलको जहान देखि र मनश्शे को आधा कुल देखि

दस् सहर् चिट्ठाको बाटोले पाये। अनि गेर्शोन्वंशीहरु तिनिहरुको ६२
जहान् अनुसार् इस्साकार्को कुल् देखि आशेर्को कुल् देखि र नप्तालीको
कुल् देखि र बाशानमां भयेको मनश्शेको कुल् देखि तेरह् सहर्।
मरारीवंशीहरुलाइ तिनिहरुका जहान् जहान् अनुसार् रूबेन्को कुल् देखि ६३
र गादको कुल् देखि र जबूलूनको कुल् देखि बारह् सहर् चिट्ठाको बाटो
ले दिईये। अनि इस्राएलवंशीहरुले लेवीहरुलाइ ति सहर्हरु तिनका ६४
खर्कहरु समेत् दिये। अनि तिनिहरुले यहूदाबंशीहरुको कुल् देखि र ६५
शीमोन्वंशीहरुको कुल् देखि र बिन्यामीन्वंशीहरुको कुल् देखि यि नांउ
लेखीयेका सहर्हरु चिट्ठाको बाटोले दिये। अनि कहात्वंशीहरुका कत्ति ६६
जहान्हरुका एप्रैम्को कुल् देखि तिनका सिमानाका सहर्हरु थिये। अनि ६७
तिनिहरुले शरणसहर्हरु तिनिहरुलाइ दिये एप्रैम्को पहाड़े देसमां भयेको
शकेम् त्येस्का खर्कहरु समेत् फेरि गेजेर् त्येस्का खर्कहरु समेत् योकमाम् ६८
त्येस्का खर्कहरु समेत् बेत्होरोन् त्येस्का खर्कहरु समेत् अय्यालोन् त्येस्का ६९
खर्कहरु समेत् गत्रिम्मोन् त्येस्का खर्कहरु समेत्। मनश्शेका आधा कुल् देखि ७०
आनेर् त्येस्का खर्कहरु समेत् र बिलाम् त्येस्का खर्कहरु समेत् यि सबै सहर्हरु
कहात्को बांकि बंशको लागि। गेर्शोन्वंशीहरुलाइ मनश्शेको आधा ७१
कुल्को जहान्हरु देखि बाशानमां भयेको गोलान् त्येस्का खर्कहरु समेत्
अश्तारोत् त्येस्का खर्कहरु समेत्। अनि इस्साकार्को कुल् देखि केदेश् ७२
त्येस्का खर्कहरु समेत् दाबरत् त्येस्का खर्कहरु समेत् रामोत् त्येस्का ७३
खर्कहरु समेत् आनेम् त्येस्का खर्कहरु समेत्। अनि आशेर्को कुल् देखि ७४
माशाल् त्येस्का खर्कहरु समेत् अब्दोन् त्येस्का खर्कहरु समेत् हूकोक् ७५
त्येस्का खर्कहरु समेत् रहोब् त्येस्का खर्कहरु समेत्। नप्तालीको कुल् देखि ७६
गालीलमां भयेको केदेश् त्येस्का खर्कहरु समेत् हम्मोन् त्येस्का खर्कहरु समेत्
किर्यातैम् त्येस्का खर्कहरु समेत्। लेवीहरुका बांकि मरारीवंशीहरुलाइ ७७
जबूलूनको कुल्को रिम्मोन् त्येस्का खर्कहरु समेत् ताबोर् त्येस्का खर्कहरु
समेत् अनि यर्दन् पारि यर्दन्को पूर्व तिर यरीहोमां रूबेन्को कुल् ७८
देखि बन्मां भयेको बेसेर् त्येस्का खर्कहरु समेत् र यहसा त्येस्का खर्कहरु
समेत् कदेमोत् त्येस्का खर्कहरु समेत् र मेपात् त्येस्का खर्कहरु समेत् ७९
अनि गादको कुल् देखि गिलादमां भयेको रामोत् त्येस्का खर्कहरु समेत् ८०
महनेम् त्येस्का खर्कहरु समेत् हेश्बोन् त्येस्का खर्कहरु समेत् र याजेर् ८१
त्येस्का खर्कहरु समेत्॥

(इस्साकार् इत्यादिको बंशावली)

फेरि इस्साकारका छोराहरु तोला पूवा याशूब् र शिम्रोन् चार् ७ १
भाई। अनि तोलाका छोराहरु उज्जी रपायाह् यरीएल् यहमै यिब्साम् र २
शमूएल् तोलाबंशी आफ्ना आफ्ना पित्रहरुका घर् घरका मूल मूल् र

आफ्नु पुस्तामां महाबीर हुंनेहरु दाऊदका दिनमां तिनको गन्ति बाईस
३ हजार र छ सै जना थिये। अनि उज्जीका छोराहरु यिजह्याह. अनि
यिजह्याहका छोराहरु मीकाएल ओबद्याह योएल र यिशिश्याह पांच
४ भाई. यि सबै मूल मूल थिये। अनि तिनिहरु समेत तिनिहरुका पुस्ता
पुस्ता अनुसार तिनिहरुका पित्रहरुका जहान् जहान् अनुसार लड़ाईको
लागि सेनाका गट्ठाहरु छत्तीस हजार जना. किनभन्ये तिनिहरुकी धेरै
५ स्वास्नीहरु र छोराहरु थिये। अनि इस्साकारका सबै जहानको तिनिहरुका
भाईहरु महाबीरहरु सबै पुस्ता अनुसार गनीयेकाहरु सतासी
हजार थिये॥
६ बिन्यामीनका छोराहरु बेला बेकेर र यदीएल तीन भाई। अनि
बेलाको सन्तान् एसबोन् उज्जी उज्जीएल यरीमोत् र ईरी पांच भाई
आफ्ना आफ्ना पित्रहरुका घर घरका मूल मूल महाबीरहरु पुस्ता पुस्ता
८ अनुसार तिनिहरु बाईस हजार र चौंतीस जना थिये। अनि बेकेरको
सन्तान् जमीरा योआश् एलीएजेर एल्योएनै ओम्री येरेमोत् अबिय्याह
९ अनातोत् र आलेमेत्। यि सबै बेकेरका सन्तान् थिये। अनि तिनिहरुका
बंशावली अनुसार आफ्ना आफ्ना पुस्ता अनुसार आफ्ना आफ्ना पित्रहरुका
घर घरका मूल मूलहरु महाबीरहरु बीस हजार र दुइ सै जना थिये।
१० अनि यदीएलका सन्तान् बिल्हान्. अनि बिल्हानका छोराहरु यूश्
११ बिन्यामीन् एहूद् कनाना जेतान् तर्शीश् र अहीशहर्। यि सबै यदीएलबंशी
थिये तिनिहरुका पित्रहरुका घर घरका मूल मूल अनुसार महाबीरहरु सत्र
हजार दुइ सै जना लड़ाईको लागि सेना सेनामां निस्कनु सक्नेहरु थिये।
१२ ति बाहिक ईरबंशी शुप्पीम् र हुप्पीम् र अहेरबंशी हूशीम्॥
१३ नप्तालीका छोराहरु यहसीएल गूनी येसेर र शल्लूम् बिल्हाबंशी थिये॥
१४ मनश्शेका छोराहरु अस्रीएल जसलाई त्येस्की स्वास्नीले जन्माई.
१५ (त्येस्की येउटी अरामी रखेलीले गिलादको बाबु माकीरलाइ जन्माई. अनि
माकीर जस्की माका नाउं भयेकी येउटी बैंनी थिई त्येस्ले हुप्पीम् र शुप्पीम्
देखि येउटी स्वास्नी लियो) अनि त्येस्को माइलो छोरो सलोफाद थियो.
१६ अनि सलोफादकी छोरीहरु थिइन्। फेरि माकीरकी स्वास्नी माकाले
येउटा छोरो जन्माई अनि त्येस्को नांउ पेरेस् राखी अनि त्येस्को भाईको
नांउ शेरेश् थियो अनि त्येस्का छोराहरु ऊलाम् र राकेम् थिये अनि
१७ ऊलामको छोरो बदान्। मनश्शेको छोरो माकीरको छोरो गिलादका
१८ छोराहरु थिने थिये। फेरि त्येस्की हम्मोलेकेत नांउ भयेकी बैंनीले ईश्होद्
१९ अबिएजेर र महलालाइ जन्माई। अनि शमीदाका छोराहरु अह्यान् शेकेम्
लिखी र अनीआम् थिये॥
२० अनि एफ्रैमका छोराहरु शुतेलह् र त्येस्को छोरो बेरेद् त्येस्को छोरो तहत्
२१ त्येस्को छोरो एलादा त्येस्को छोरो तहत् त्येस्को छोरो जाबाद् त्येस्को छोरो
शुतेलह् र एजेर् र एला जुन्हमलाइ देस् त्येसमां जन्मेका गात् सहरका

मान्छेहरुले मांये किनभन्ये तिनिहरु तिनिहरुका पशुहरु लूटि ल्याउंनुलाइ
आयेका थिये। अनि तिनिहरुको बाबु एप्रेम्ले धेरै दिन् बिलाप् २२
गर्यो अनि त्येका भाईहरु त्येस्लाइ शान्ति दिंनुलाइ आये। अनि त्यो २३
आफ्नो स्त्रीकां गयो अनि त्यो गर्भिणी भई अनि छोरो जन्माई अनि
त्येस्ले त्येको नांउ बरीआ राख्यो किनभन्ये त्येको जहान् मांथि बिपत्ति
आइ पर्यो। अनि त्येकी शेरा नांउ भयेकी येउटी छोरी थिई जस्ले तल्लो २४
र मांथिल्लो बेथोरोन् र उज्जेन्शेरा बनाई। अनि त्येको छोरो रेफा थियो २५
र रेशेप् अनि त्येको छोरो तेलह् त्येको छोरो तेहन् त्येको छोरो २६
लादान् त्येको छोरो अम्मीहूद् त्येको छोरो एलीशामा त्येको छोरो २७
नून् र त्येको छोरो यहोशूअ। अनि तिनिहरुको निज् भाग् र बासहरु २८
बेतेल् त्येका बस्तीहरु समेत् र पूर्व तिर नारान् पच्छिउं तिर गेजेर्
त्येका बस्तीहरु समेत् शकेम् पनि त्येको बस्तीहरु समेत् अज्जा सम्म
त्येका बस्तीहरु समेत्. फेरि मनश्शेवंशीहरुको सिमाना निर बेत्शान् २९
त्येका बस्तीहरु समेत् तानाक् त्येका बस्तीहरु समेत् मगिद्दो त्येका
बस्तीहरु समेत् दोर् त्येका बस्तीहरु समेत्। ति सहरहरुमां इस्राएल्को
छोरो यूसुफका बंशहरु रहंद थिये॥

आशेरका छोराहरु यिम्ना यिश्वा यिश्वी र बरीआ र तिनकी बैंनी सेरह्। ३०
अनि बरीआका छोराहरु हेबेर् र मल्कीएल् जो बिर्जोत्को बाबु थियो। ३१
अनि हेबेरले येप्लेत् शोमेर् होताम् र तिनकी बैंनी शूआलाइ जन्माई। ३२
अनि यप्लेत्का छोराहरु पासक् बिम्हाल् र अश्वात्। यप्लेत्का छोराहरु यिने ३३
थिये। अनि शेमेरका छोराहरु अही रोहगा यहुब्बा र अराम्। र त्येको ३४ ३५
भाई हेलेम्का छोराहरु सोपह् यिम्ना शेलेश् र आमाल्। सोपहका ३६
छोराहरु सूह् हर्नेफेर् शूआल् बेरी यिम्रा बेसेर् होद् शम्मा शिल्शा ३७
यिथ्रान् र बेरा। अनि येतेरका छोराहरु यपुन्ने पिस्पा र अरा। अनि ३८ ३९
उल्लाका छोराहरु आरह् हन्नीएल् र रिस्पा। यि सबै आशेरबंशी थिये ४०
पित्रहरुका घर् घरका मूल् मूलहरु र छानीयेकाहरु र महाबीरहरु
मालिकहरुका मूलहरु। अनि तिनिहरुका बंशावली अनुसार् लड़ाईंको
लम्को लागि गनीयेकाहरु छब्बीस् हजार् जना थिये॥

(बिन्यामीन्को बंशावली)

अनि बिन्यामीन्ले आफ्नु जेठो बेलालाइ माइलो अश्बेल् ८ १
साइलो अहरह् कांइलो नोहा र काम्को रापालाइ जन्मायो। अनि २
बेलाका छोराहरु अद्दार गेरा अबीहूद् अबीशूअ नामान् अहोह् गेरा ३ ४
शपूपान् र हूराम् थिये। अनि एहूदका छोराहरु यि हुन् गेबाका ६
बासीहरुका पित्रहरुका जहान्हरुका मूलहरु थिने हुन् अनि तिनिहरुले
तिनिहरुलाइ बन्धुवा गरि मनहतमां लग्ये. अनि नामान् अहिय्याह् र ७

गेरालाइ चइं बन्धुवामां लग्यो अनि त्येस्ले उज्जाह् र अहीहूद्लाइ जन्मायो।
८ अनि शहरैमले हूशीम् र बारा नांउ भयेकी आफ्नी स्वास्नीहरुलाइ कोढ़ि
९ दिये पछि मोआब् देसमां कोराहरु जन्मायो। त्येस्ले आफ्नी स्वास्नी
१० होदेश् देखि योबाब् सिब्या मेशा मल्काम् यूस् सोक्या र मिर्मालाइ
जन्मायो। यि सबै त्येस्का कोराहरु थिये पित्रहरुका जहान् जहानका
११ १२ मूलहरु। अनि त्येस्ले हूशीम् देखि अबीतूब् र एल्पाल्लाइ जन्मायो। अनि
एल्पालका कोराहरु एबेर् मिशाम् र शेमेद् जस्ले ओनो र लोद् र त्येस्का
१३ बस्तीहरु समेत् बनायो. फेरि बरीआ र शेमा जो अय्यालोन्का बासीहरुका
पित्रहरुका जहान्हरुमांका मूल् मूल् थिये अनि गात्का बासीहरुलाइ
१४ १५ लगारि दियेका थिये फेरि अह्यो शाशक् यरेमोत् जबद्याह् अराद्
१६ १७ एदेर् मीकाएल् यिश्पा योहा बरीआका सन्तान् फेरि जबद्याह्
१८ मशुल्लाम् हिज्की हेबेर् यिश्मरै यिज्लीआ योबाब् एल्पालको
१९ २० सन्तान् फेरि याकीम् जिक्री जब्दी एलीएनै सिल्लतै एलीएल्
२१ २२ अदायाह् बरायाह् र शिम्रात् शिमीको सन्तान् फेरि यिश्पान् एबेर्
२३ २४ एलीएल् अब्दोन् जिक्री हानान् हनन्याह् एलाम् अन्तोतिय्याह्
२५ यिफ्दयाह् र पनूएल् शाशकको सन्तान् फेरि शम्शरै शहर्याह् अतल्याह्
२७ २८ यारेश्याह् एलिय्याह् र जिक्रि यरोहामको सन्तान्। यि बंशावली अनुसार
आफ्ना आफ्ना पित्रहरुका मूल् मूलहरु मालिकहरु थिये. तिनिहरु
२९ यरूशलेममां रहंद थिये। अनि गिबोनमां गिबोनको बाबु बस्द थियो जस्की
३० स्वास्नीको नांउ माका थियो. अनि त्येस्को जेठो कोरो अब्दोन् र शूर् कीश्
३१ बाल् नादाब् गदोर् अह्यो जेकेर्। अनि मिक्लोत्ले शिमालाइ जन्मायो।
अनि तिनिहरु पनि आफ्ना दाज्युभाईहरु सङ आफ्ना दाज्युभाईहरुको
३२ सांमु यरूशलेममां रहंद थिये। अनि नेरले कीश्लाइ जन्मायो कीश्ले
शाऊललाइ अनि शाऊलले योनातान मलकीशू अबीनादाब र एशबाललाइ
३४ जन्मायो। अनि योनातानको कोरो मरीब्बाल थियो अनि मरीब्बालले
३५ मीकालाइ जन्मायो। अनि मीकाका कोराहरु पीतोन् मेलेक् तारे र
३६ आहाज। अनि आहाजले यहोअद्दालाइ जन्मायो यहोअद्दाले आलेमेत्
३७ अजमावेत् र जिम्रीलाइ अनि जिम्रीले मोसालाइ जन्मायो. अनि मोसाले
बिनालाइ जन्मायो अनि बिनाको कोरो रापा थियो अनि त्येस्को कोरो
३८ एलासा अनि त्येसको कोरो आसेल. अनि आसेलका छ भाई कोराहरु
थिये जुन्हरुका नांउ यि हुन् अर्थात् अज्रीकाम् बोकरू यिश्माएल् शार्याह्
३९ ओबद्याह् हानान्। यि सबै आसेलका कोराहरु थिये। अनि त्येस्को भाई
एशेकका कोराहरु त्येस्को जेठो ऊलाम् माइलो यूश् सांइलो एलीपेलेत्।
४० अनि ऊलामका कोराहरु महाबीर् र धनुहान्नेहरु थिये तिनका कोराहरु र
कोराहरुका कोराहरु धेरै थिये अर्थात् एक सै र पचास् जना थिये। यि
सबै बिन्यामीनबंशीहरुका थिये॥

(यरूशलेम्मां रहंनेहरुको प्रबंध)

त सिंगै इस्राएल् आफ्ना आफ्ना वंशावली अनुसार् गनीये ९ १
अनि हेर तिनिहरु इस्राएलका राजाहरुको पोस्तक्मां लेखीयेका छन् . अनि
यहूदा चइं आफ्नु अपाधको कारणले बाबेल्मां बन्धुवाईमां लगीयो ।
तब जुन् लोग् तिनिहरुका सहर् सहरमां तिनिहरुका अधिकारमां पहिले २
बस्द थिये ति थिने हुन् इस्राएली पूजाहारीहरु लेवीहरु र नतीनीम् । अनि ३
यरूशलेम्मां यहूदाबंशी बिन्यामीनबंशी एप्रैमबंशी र मनश्शेबंशीमांका
रह्नेका थिये । यहूदाको छोरो पेरेस्को बंशमांको बानीको छोरो इम्रीको ४
छोरो ओम्रीको छोरो अम्मीहूदको छोरो ऊतै । अनि शीलोनीहरुमांका ५
जेठो असायाह् अनि त्येका छोराहरु । अनि जेरहबंशीहरुमांका यूएल् र ६
तिनिहरुका दाजुभाईहरु छ सै र नब्बे जना । अनि बिन्यामीनबंशीहरुमांका ७
सल्लू मशुल्लामको छोरो होदव्याहको छोरो हस्सनूआको छोरो अनि ८
यिब्निय्याह् यरोहामको छोरो एला उज्जीको छोरो मिक्रीको छोरो र
मशुल्लाम् शपत्याहको छोरो रूएलको छोरो यिब्निय्याहको छोरो अनि ९
तिनिहरुका दाजुभाईहरु आफ्नु आफ्नु पुस्ता अनुसार् नौ सै र छप्पन् जना ।
यि सबै आफ्ना आफ्ना पित्रहरुका जहान् जहान् अनुसार् पित्रहरुका
जहानका मूल् मूलहरु थिये ॥

फेरि पूजाहारीहरुमांका यदायाह् यहोयारीब् याकीन् अनि १०
अजर्याह् हिल्कियाहको छोरो मशुल्लामको छोरो सादोकको छोरो ११
मरायोतको छोरो अहीतूबको छोरो ईश्वरको घरको मालिक् अनि १२
अदायाह् यरोहामको छोरो पश्शूरको छोरो मल्कियाहको छोरो अनि मसै
अदीएलको छोरो यहजेराको छोरो मशुल्लामको छोरो मश्शिल्लेमीतको
छोरो इम्मेरको छोरो अनि तिनका दाजुभाईहरु आफ्ना आफ्ना १३
पित्रहरुको घर घरका मूल् मूलहरु एक् हजार् सात् सै र साठी जना थिये
ईश्वरको घरको सेवाको कामको लागि खूब् सिपालु सिपालुहरु । फेरि १४
लेवीहरुमांका शमायाह् मरारीबंशी हश्शूबको छोरो अज्रीकामको छोरो
हशब्याहको छोरो फेरि बक्बक्कर् हेरेश् र गालाल् र आसापबंशी १५
मत्तन्याह् मीकाको छोरो जिक्रीको छोरो फेरि ओबद्याह् शमायाहको १६
छोरो गालालको छोरो यदूतूनको छोरो फेरि बेरेक्याह् आसाको छोरो
एल्कानाको छोरो जो नतोपातीहरुका बस्तीहरुमां बस्द थिये । फेरि १७
दुवारपालहरु आफ्ना आफ्ना दाजुभाईहरु समेत शल्लूम् अक्कूब् तल्मोन् र
अहीमान् . शल्लूम् चइं मूल थियो जो अगाडि पूर्व तिर राजढोकामां १८
बस्ने गर्द थियो . लेवीबंशीहरुको छाउंनीका दुवारपालहरु यिनै थिये ।
अनि शल्लूम् कोरेको छोरो एब्यासापको छोरो कोरहबंशी त्येका दाजुभाईहरु १९
आफ्ना आफ्ना पित्रहरुका जहान् जहानका कोरही भैस् सेवाको काम्
मांथि अधिकार् गर्द थिये डेराका दुवारपालहरु थिये . अनि तिनिहरुका

२० पित्रहरु यहूवेको छाउंनी मांथि मूल ढोकाका दुवारपालहरु थिये तादि
एलाजारको पुत्र पीनहास जो सङ यहूवे रहंद थियो तिनिहरुको मालिक
२१ थियो। मेशेलेम्याहको छोरो जकर्याह भेट हुंने डेराको दुवारपाल थियो।
२२ ढोकाको लागि दुवारपाल हुंनुलाइ छानीयेकाहरु दुइ सै बारह जना
थिये। तिनिहरु आफ्ना आफ्ना बस्तीमां बंशावली अनुसार गनीयेकाहरु
थिये जुनहरुलाइ दाऊद र शमूएल दर्शीले तिनिहरुको ठहरायेको कामको
२३ लागि खटायेका थिये। त तिनिहरु र तिनिहरुका सन्तान यहूवेको घर अं
२४ डेराको घरको ढोकाको रुडाई पहरा पहरागरिकन गर्द थिये। चारै पट्टि
२५ अर्थात् पूर्व पच्छिउं उत्तर दक्खिन तिर दुवारपालहरु थिये। अनि
तिनिहरुका दाज्युभाईहरु जो बस्ती बस्ती देखि साता साता तिनिहरुको
२६ पालो पालोमां तिनिहरु सङ हुंनुलाइ आउंनु पर्द थियो. लेवीहरुमांका
चार जना मूल दुवारपालहरु थिये तिनिहरु ठहराईयेका काम काममां
थिये अनि ईश्वरको घरमां भयेका कोठाहरु र भण्डारहरु रुड्द थिये।
२७ अनि तिनिहरु तिनिहरुलाइ जिम्मा दिईयेको कारणले ईश्वरको घरको
छेउमां बस्द थिये अनि तिनिहरुले बिहान बिहान त्यो उघार्ने काम
२८ गर्नु पर्द थियो। अनि तिनिहरुमांको कत्ति जनाको जिम्मामां सेवाका
भांड़ाबर्तन राखीयेका थिये कसोगरिभन्ये हिसाप हिसापगरि लगींद
२९ थिये अनि ल्याईंद थिये। अनि तिनिहरुमांका कत्ति जना सादामहरु र
पवित्र बासका सबै भांड़ाबर्तनहरु र अस्सल पिठो र दाखरस र तेल र
३० धूप र सुगन्ध द्रव्य मांथि खटाईयेका थिये। अनि पूजाहारीहरुका कत्ति
३१ जना छोराहरुले सुगंध द्रव्यको तेल तियार पार्द थिये। अनि मत्तित्याह
नांउ भयेको एक जना लेवी जो कोरही शल्लूमको जेठो छोरो थियो त्यो चई
३२ ताईमां पोल्नेका सबै थोक मांथि खटाईयेको थियो। अनि कहातबंशीहरुका
कत्ति जना तिनिहरुका भाईहरु भेटि रोटी त्यो बिश्राम बिश्रामको दिनमां
३३ तियार पार्नुको लागि खटाईयेका थिये। अनि जो जो गाउंनेहरु
लेवीहरुका पित्रहरुका जहान जहानका मूल मूल जुनहरु कोठा कोठामां
बस्द थिये अनि अरु काम देखि निर्बन्ध थिये ति यिनै हुन. कसोगरिभन्ये
३४ तिनिहरु दिन रात आफ्नु आफ्नु काम गर्द रह्थे। आफ्ना आफ्ना पुस्ता
गरि लेवीहरुका पित्रहरुका जहानका मूलहरु र मुखियाहरु यिनै हुन.
तिनिहरु यरूशलेममां बस्द थिये॥

३५ अनि गिबोनमां गिबोनको बाबु यीएल बस्द थियो जसकी स्वास्नीको
३६ नांउ माका थियो. अनि त्यसको जेठो छोरो अब्दोन र सूर कीश बाल नेर र
३७ नादाब् गदोर अह्यो जेकर्याह र मिक्लोत् अनि मिक्लोतले शिमामखाद
३८ जन्मायो। अनि तिनिहरु पनि आफ्ना दाज्युभाईहरु सङ आफ्ना
३९ दाज्युभाईहरुको सांमु यरूशलेममां रहंद थिये। अनि नेरले कीशखाद
जन्मायो कीशले शाऊललाइ अनि शाऊलले योनातान मलकीशू अबीनादाब्
४० र एशबाललाइ जन्मायो। अनि योनातानको छोरो मरीब्बाल थियो अनि

मरीब्बालले मीकालाइ जन्मायो। अनि मीकाका छोराहरु पीतोन् मेलेक ४१
तह्रे र आहाज्। अनि आहाजले यारालाइ जन्मायो यारासे आलेमेत् ४२
अजमावेत् र जिम्रीलाइ अनि जिम्रीले मोसालाइ जन्मायो. अनि ४३
मोसाले बिनालाइ जन्मायो अनि बिनाको छोरो रपायाह् थियो अनि त्येस्को
छोरो एलासा अनि त्येस्को छोरो आसेल. अनि आसेलका छ भाई छोराहरु ४४
थिये जुनहरुका नांउ यि हुन् अर्थात् अज्रीकाम् बोकरू यिश्माएल् शार्याह्
ओबद्याह् हानान्. यि सबै आसेलका छोराहरु थिये ॥

(शाऊल्को मंरण् र दाऊद्को राज्)

अब पलिश्तीहरुले इस्राएल् सित लड़ाईं गर्द थिये. अनि १० १
इस्राएलका मान्छेहरु पलिश्तीहरुको सांमु देखि भाग्येर गिल्बो डांड़ामां
घायल् भयेर लड़ेर। अनि पलिश्तीहरुले शाऊल् र त्येस्का छोराहरुलाइ २
धाइ धाइ खेद्दै लग्ये अनि पलिश्तीहरुले शाऊल्का छोराहरुलाइ अर्थात्
योनातान् अबिनादाब् र मल्कीशूलाइ मांर्ये। अनि लड़ाई शाऊल्को ३
बिरुद्धमां साह्रो पर्‍यो अनि काड्धनु हान्नेहरुले त्येस्लाइ भेट्टाये अनि धनु
हान्नेको कारणले त्यो अन्योलमां पर्‍यो। तब शाऊलले आफ्नु हतियार् ४
बोक्नेलाइ भन्यो आफ्नु तरवार् झिकेर मंलाइ रोप् होइन भन्ये ता ति
बिधर्मीहरुले आयेर मेरो निन्दा गर्नन्। तर त्येस्को हतियार् बोक्नेले
मान्येन किनभन्ये त्यो बिघ्न डरायो। येस्कारण् शाऊल् आफ्नु तरवार्
झिकेर त्येस्मां आफै लड़ि रोपीयो। अनि जब त्येस्को हतियार् बोक्नेले ५
शाऊललाइ मंर्येको देख्यो तब त्यो पनि आफ्नु तरवारमां लड़ि रोपीयेर
मंर्यो। येसोरिकन शाऊल् र त्येस्का तीन् भाई छोराहरु त्येस्का सबै ६
मान्छेहरु सबै मंर्ये। अनि जब खोलामां भयेका इस्राएल्का सिंगै ७
मान्छेहरुले तिनिहरु भाग्ये छन् अनि शाऊल् र त्येस्का छोराहरु मंर्ये छन्
भनि देख्ये तब तिनिहरु आफ्नु आफ्नु सहर् छोड़ेर भाग्ये अनि
पलिश्तीहरुले आयेर तिनमां बास् गर्ये ॥

अनि भोलि पल्टो येसो भयो जब पलिश्तीहरु मांरीयेकाहरुलाइ ८
लूटि नंग्याउंनुलाइ आये तब तिनिहरुले शाऊललाइ र त्येस्का छोराहरुलाइ
गिल्बो डांड़ामां लड़ि रह्येका भेटाये। अनि तिनिहरुले त्येस्लाइ नंग्याये ९
यहांदेखि त्येस्को सिर् र त्येस्का हतियार् लिये अनि पलिश्तीहरुको देसमां
चारै तिर तिनिहरुका देवता र लोगमां समाचार् लांनुलाइ पठाइ दिये।
अनि तिनिहरुले त्येस्को हतियार् चइं आफ्ना देवताहरुको मन्दिरमां १०
राख्ये अनि तिनिहरुले त्येस्को सिर् चइं दागोन्को घरमां टांसि दिये।
अनि जब सिंगै याबेश्गिलाद् पलिश्तीहरुले शाऊललाइ येसो येसो गर्ये ११
भरे भनि सुन्ये तब सबै बीरहरुले उठेर शाऊल्का र त्येस्का छोराहरुका १२
मुर्दाहरु लग्ये अनि याबेश्मां ल्याएर तिनका हाड़हरु याबेश्मां भयेको
आऊको बोट् मुनि गाड़ि दिये अनि सात् दिन् सम्म उपास् बस्ये। येसोरि १३

शाऊलले यहूवेको विरुद्धमां गर्येको अपराधको कारणले येस्ले यहूवेको
वचन् न मान्येको कारणले अनि येस्ले बिजुवा सित त्यो सोधनी गर्येको
अनि यहूवे सित सोधनी गर्नुलाइ सल्लाह् न मांग्येको कारणले मर्यो.
१४ येस्कारण उस्ले येस्लाइ मार्यो अनि राज् चइं यिशैको छोरो दाऊद् तिर
ढल्काइ दियो ॥
११ १ तब सिंगै इस्राएलले हेब्रोन्मां दाऊद् थांइ आयेर येसो भन्ये हेर्नु
२ हवस् हांमिहरु आफुका हाड् र आफुका मांसु हौं । अगाडिने पनि जब
शाऊल् राजा थिये तबै पनि आफुनै इस्राएललाइ बाइर भित्र लैजांने
ल्याउंने हुंनु हुंथ्यो. अनि आफुको ईश्वर् यहूवेले आफुलाइ तैंले मेरो
लोग् इस्राएललाइ चराउंछस् अनि तं इस्राएल् मांथिको मालिक् हुंछस्
३ भन्येर भन्येको थियो । त इस्राएलका सिंगै प्राचीनहरु हेब्रोन्मां राजा
थांइ आये अनि दाऊदले तिनिहरु सङ हेब्रोन्मां यहूवेको सांमु बाचा
बांध्यो अनि तिनिहरुले शमूएलको बाटो आयेको यहूवेको वचन् अनुसार्
४ दाऊदलाइ इस्राएल् मांथि राजाभिषिक्त गर्ये । अनि दाऊद् र सिंगै
इस्राएल् यरूशलेम्मां (जो यबूस् हो) गये अनि त्यहां त्येस् देसका बासी
५ यबूसीहरु थिये । अनि यबूसका बासीहरुले दाऊदलाइ तं यहां पस्न हुंदैन
भन्ये । तैपनि दाऊदले सिय्योनको गढ़ि लिहाल्यो जो दाऊदको सहर्
६ हो । अनि दाऊदले भन्यो जस्ले यबूसीहरुलाइ पहिले मार्छ त्यो मूल् र
मालिक् हुंछ । तब सरूयाहको छोरो योआब् पहिले चढ्यो त त्यो मालिक्
७ नुल्याईयो । अनि दाऊद् त्येस् गढ़ीमां पस्यो येस्कारण तिनिहरुले त्येको
८ नांउ दाऊदको सहर् राख्ये । अनि त्येस्ले मिल्लो देखि चारे पट्टि सहर्
९ बनायो अनि योआबले सहरको बांकि मरम्मत् गर्यो । अनि दाऊद् बढ़्दै
बढ़्दै गयो कसोर्गारभन्ये सेनाहरुको यहूवे त्यो सङ थियो ॥

(दाऊदका बीरहरु)

१० अब दाऊदका महाबीरहरुका मूलहरु यि हुन् जो सिंगै इस्राएल्
सङ त्येको राज्मां त्येस्लाइ राजा नुल्याउनुलाइ त्यो सित बलियोगरि गर्
११ थिये इस्राएलको विषयमां यहूवेको वचन् अनुसार् । अनि दाऊदका
महाबीरहरुको गन्ति यि हुन्. हकमोनीको छोरो याशोबाम् जो तीसको
बीचमां मूल् थियो जस्ले तीन् सै जना मांथि भाला चलायेर तिनिहरुलाइ
१२ एकै चोटि मारि दियो । अनि त्येको पछि अहोही दोदोको छोरो
१३ एलाजार् जो ति तीन् जना महाबीरहरुमांको येउटा थियो । त्यो पस्दामिम्मां
दाऊद् सङ थियो जहां पलिश्तीहरु लड़ाईंको लागि भेला भयेका थिये
त्यहां जउबारी भयेको येउटा बारी थियो अनि मान्छेहरु पलिश्तीहरुको
१४ सांमु देखि भाग्ये । तब तिनिहरुले त्येस् चइं बारीको बीचमां उभाइ रह्यो
बारी बचाये अनि पलिश्तीहरुलाइ काटि दिये अनि यहूवेले तिनिहरुलाइ
१५ ठुलो जय् गरायेर बचायो । फेरि ति तीस् जना मालिकहरुमांका तीन् जना

अदूल्लाम्को ओढ़ार्मां दाऊद् थांइ पहरामां उत्रि गये अनि पलिश्तीहरुको
सेनाले रपाईहरुको तरिमां डेरा हाल्येका थिये । अनि त्येस् बेला दाऊद् १६
गड़िमां थियो अनि त्येस् बेला पलिश्तीहरुको पहराचौकि बेत्लेहेम्मां
थियो । तब दाऊदले तिर्षणा गरि भन्यो हाय् कसैले मंलाइ ढोका निर १७
भयेको बेत्लेहेम्को कुवाको पानी खांनु दिये ता हुंथ्यो । त ति तीन् जना १८
पलिश्तीहरुको सेना देखि वार्पार् छिरि गयेर ढोका निर भयेको
बेत्लेहेम्को कुवा देखि पानी भर्येर ल्याइ दाऊदलाइ दिये. तर
दाऊदले त्यो पानी खांने मन् गर्येन तर त्यो यहूवेको सांमु खन्याइ दियो ।
अनि त्येस्ले भन्यो मैले येसो गर्नु मं देखि मेरो ईश्वर्ले पुनोस्. को आफना १९
प्राण् हतकेलामां राख्ने मान्छेहरुको रगत् पीउं. कसोगरिभन्ये तिनिहरुले
आफनु प्राण् हतकेलामां राख्येर त्यो ल्याये । येस्कारण् त्यो पीउंनु मान्येन ।
येस्ता येस्ता काम् ति तीन् जना महाबीर्हरुले गर्ये । अनि योआबको भाई २०
अबीशै ति तीन् जनामां मूल् थियो. किनभन्ये त्येस्ले तीन् सै जना मांथि
आफनु भाला उठायेर तिनिहरुलाइ मांर्यो अनि ति तीन् जनाको बीचमां
नामी भयो । ति तीन् जनाको बीचमां त्यो अरु दुइ जना भन्दा बेसि २१
मान्को थियो येस्कारण् त्यो तिनिहरुको मालिक् तुल्याईयो. तैपनि त्यो
ति तीन् जनाको खाल्मां ता पुग्येन । यहोयादाको छोरो बनायाहू जो २२
कब्सेल्को महाबीर्को छोरो थियो जस्ले महाकार्य गर्येको थियो त्यस्ले
मोआबको अरीएल्का दुइ भाई छोराहरुलाइ मांर्यो. त्येस् उप्रान्त त्यस्ले
उत्र्येर येउटा सिंहलाइ हिंउ पर्येको बेलामां खाड्ल् भित्र मांरि दियो ।
अनि त्यस्ले येउटा तुलो डाल्को अं पांच् हात् अलगो भयेको मिस्रीलाइ २३
मांर्यो. अनि मिस्रीको हातमां कपरा बुन्नेको मुर्रा जत्रो येउटा भाला
थियो तर त्येस्चइंले येउटा लाठो लिइ त्यो थांइ गइ मिस्रीको हात् देखि
भाला खोस्यो वहांदेखि त्येस्लाइ त्येसैको भालाले मांरि दियो । येस्ते येस्ता २४
काम् यहोयादाको छोरो बनायाहले गर्यो अनि ति तीन् जना महाबीर्हरुको
बीचमां नामी भयो । त्यो ति तीस् जना भन्दा बेसि मान्को थियो तैपनि २५
ति तीन् जनाको खाल्मां ता पुग्येन. अनि दाऊदले त्यस्लाइ आफनु सभाको
सभापति तुल्यायो ॥

त्येस् उप्रान्त पल्टनहरुका महाबीर्हरु अर्थात् योआबको भाई २६
असाहेल् बेत्लेहेमी दोदीको छोरो एल्हानान् हरोरी शम्मोत् २७
पलोनी हेलेस् तकोई इक्केश्को छोरो ईरा अनातोती अबीएजेर् २८
हूशाती सिब्बकै अहोही ईलै नतोपाती महरै र नतोपाती बानाको २९
छोरो हेलेद् बिन्यामीनवंशीको गिबाको रीबैको छोरो ईतै ३०
पिरातोनी बनायाह् गाश्का खोल्चाहरुको हूरै अराबाती अबीएल् ३१
अजमावेत् बाल्बोनी एल्यहबा गीजोनी हाशेम्का छोराहरु ३२ ३३
पहहारी शागेको छोरो योनातान् हरारी साकार्को छोरो अहीआम् ३४
ऊरको छोरो एलीपाल् मकेराती हेफेर् पलोनी अहिय्याह् ३५ ३६
कर्मेली

३८ हेस्रो एज्बैको छोरो नारै नातान्को भाई योएल् हग्रीको छोरो
३९ मिभार् अम्मोनी सेलेक् बेरोती नहै जो सरुयाह्को छोरो योआब्को
४० ४१ हतियार् बोक्ने थियो येतेरी ईरा र गारेब् हित्ती ऊरिय्याह्
४२ अह्लैको छोरो जाबाद् तीस् जना समेत् रूबेनी शीजाको छोरो
४३ अदीना जो रूबेनीहरुको येउटा मालिक् थियो माकाको छोरो हानान्
४४ मितनी योशापात् अश्तारोती उज्जियाह् अरोएरी होताम्का छोराहरु
४५ शामा र यीएल् शिम्रीको छोरो यदीएल् र त्येस्को तीस्वासी भाई
४६ योहा महावी एलीएल् र एल्नाम्को छोरो यरीबै र योशब्याह् र
४७ मोआबी यित्मा एलीएल् ओबेद् र मेसोबाबासी यासीएल्॥

(दाऊद् थांइ आयेकाहरु)

१२ १ कीश्को छोरो शाऊल्को कारण्ले दाऊद्ले आफुलाइ थुनि
राख्येको बेलामां त्यो थांइ सिक्लग्मां आयेकाहरु यिनै हुन्. अनि
२ तिनिहरु महाबीर्हरुमांका र लड़ाईंमां त्येस्का गोहारेहरु थिये। तिनिहरु
धनु ठोक्रो भिर्नेहरु थिये अनि घुयांत्रोले ढुंगा र धनुले कांड्र हान्नुमां
दाहींनो बांउ दुवै हात् चलाउंनु सक्नेहरु थिये तिनिहरु बिन्यामीन्बंशी-
३ हरुमांका शाऊल्का दाज्युभाईहरु थिये। अर्थात् मूल् चइं अहीएजेर् तब
योआश् थिये यि दुवै गिबाबासी शमाका छोराहरु थिये फेरि अजमावेत्का
४ छोराहरु यजीएल् र पेलेत् फेरि बराका र अनातोती येहू गिबोनी
यिश्मायाह् जो तीसैमांको एक् बीर् अनि ति मांथि थियो फेरि यिर्मयाह्
५ यहजीएल् योहानान् गदेराती योजाबाद् एलूजै यरीमोत् बाल्याह्
६ शमर्याह् हारुपी शपत्याह् एल्काना यिश्शिय्याह् अजरेल् योएजेर
७ याशोबाम् सबै कोरह्बंशी अनि गदोरी यरोहाम्का छोराहरु योएला
८ र जबद्याह्। अनि गादीहरुमांका कत्ति जनाले दाऊद् थांइ बन्मां गड़ीमां
आफुलाइ छुट्यायेका थिये महाबीर्हरु लड़ाईंको लागि सिक्येकाहरु ढाल्
र भाला खेलाउंनु सक्नेहरु जुन्हरुका मोहोड़ा सिंहका मोहोड़ा जस्ता
थिये अनि तिनिहरु पहाड़्मां भयेकी मुडुली मिर्गको जस्तो छिटो गोड़ा
९ भयेकाहरु थिये अर्थात् मूल् चइं एजेर् दोस्रो ओबद्याह् तीस्रो
१० ११ एलीआब् चौथो मिश्मन्ना पांचौं यिर्मयाह् छैठो अत्तै सातौं
१२ १३ एलीएल् आठौं योहानान् नवं एल्जाबाद् दसौं यिर्मयाह् अनि
१४ एघारौं मक्बन्नै। गाद्बंशीहरुमांका यि मान्छेहरु सेनापति थिये. सबै भन्दा
सांनु चइं एक् सै जतिको थियो अनि सबै भन्दा तुलो चइं एक् हजार्
१५ जतिको थियो। पहीलो महींनामां जब यर्दन् आफ्ना सबै पहराहरु मांथि
मांथि बहंद थियो त्येस् बेलामां पारि तरि जांनेहरु यि हुन् जुन्हरुले
१६ पूर्व तिर र पच्छिउं तिरका तरि तरिका सबै जनालाइ बगाइ दिये। अनि
बिन्यामीन्बंशीहरु र यहूदाबंशीहरुमांका पनि गड़ीमां दाऊद् थांइ आये।
१७ अनि दाऊद् तिनिहरुलाइ भेट्नुलाइ निक्ल्यो वहांदेखि तिनिहरुलाइ

उत्तर् दिइ भन्यो तिमिहरु मं पांइ मेरो गोहार् गर्नुलाइ कुशल् सित आयेका छौ भन्ये देखि मेरो मन् तिमिहरु सङ टांसीछ तर मलाइ मेरा बिरोधीहरुलाइ पकराइ दिनुलाइ आयेका छौ भन्ये देखि त मेरो हातमां दोष् न भयेको कारणले हांमिहरुका पित्रहरुको ईश्वरले यो हेरिकन हकारोस् । तब ति तीस् जनाको मुखिया हुंने अमासै मांथि आत्मा पर्यो १८
तब त्येस्ले भन्यो आफुकै हौं हे दाऊद् अनि आफुकै पट्टि हे यिशैका छोरा. कुशल आफुकै कुशल् अनि आफुकै गोहारेको कुशल् हउस् किनभन्ये आफुकै ईश्वरले आफुकै गोहार् गर्दै छ । तब दाऊदले तिनिहरुलाइ ग्रहण् गरि गट्ठा कप्तान् तुल्यायो । फेरि जब दाऊद् पलिश्तीहरु सङ शाऊलको बिरुद्धमां १९
लड़ाईंमां निस्कि गयो तब मनश्शेमांका पनि कत्ति जना दाऊदको पट्टि लाग्ये तर तिनिहरु तिनिहरुको गोहारमां गयेनन् . किनभन्ये पलिश्तीहरुका मालिकहरुले सल्लाह् गरि त्येस्को बिषयमां कोनि त्यो आफ्नु स्वामी शाऊल पट्टि फर्क्यो भन्ये हांमिहरुको सिर् काटीने डर् हुंछ भन्येर त्येस्लाइ फर्काइ पठाये । तब त्यो सिक्लगमां जांने बेलामां त्येस्लाइ मनश्शेमांका अदनाह् २०
योजाबाद् यदीएल् मीकाएल् योजाबाद् एलीहू र सिल्लतै जो मनश्शेको सहस्रपति थिये त्यो पट्टि लाग्ये । अनि तिनिहरुले आइ लाग्ने गट्ठाको २१
बिरुद्धमां दाऊदको गोहार् गर्ये . किनभन्ये तिनिहरु सबै महाबीरहरु र सेनामां मालिकहरु थिये । कसोगरिभन्ये दिनहूं दाऊद् पांइ त्येस्को २२
गोहार् गर्नुलाइ कत्ति जना आउंदै रहंद थिये त्यो ईश्वरको सेना जस्तो तुलो तुलो सेना न होउंज्याल् सम्म ॥

फेरि लड़ाईंको लागि हतियार् भिर्येकाहरु जो दाऊद् पांइ हेब्रोनमां २३
यहुवेको बचन् अनुसार् शाऊलको राज् त्यो तिर फर्काउंनुलाइ आयेका थिये ति मुखिया मुखियाहरुका गन्ति यिनै हुन् । यहूदाबंशीहरुमांका २४
ढाल् र भाला बोक्नेहरु छ हजार् र आठ् सै जना लड़ाईंको लागि हतियार् भिर्नेहरु थिये । शिमोनबंशीहरुमां लड़ाईंको लागिका महाबीरहरु सात् २५
हजार् र एक् सै जना । लेवीबंशीहरुमांका चार् हजार् र सात् सै जना । २६
अनि हारुनबंशीका मूल यहोयदा थियो जस्को साथमां तीन् हजार् र सात् २७
सै जना थिये अनि सादोक् नांउ भयेको एक् जना जुवान् महाबीर् र २८
त्येस्को बाबुको जहानमांका बाईस् कप्तानहरु । अनि बिन्यामीनबंशीहरुमांका २९
शाऊलका दाजुभाईहरु तीन् हजार् जना . किनभन्ये ऐले सम्म तिनिहरुमांका धेर् जसो लोगले शाऊलको घरको रक्षे गर्दै थिये । अनि एफ्रैमबंशीहरुमांका ३०
बीस् हजार् र आठ् सै महाबीरहरु आफ्ना आफ्ना पित्रहरुको जहानमां नांउ चल्येकाहरु थिये । अनि मनश्शेको आधा कुलकाहरु अठार्ह हजार् ३१
थिये जो दाऊदलाइ राजा तुल्याउंनुको लागि आउंनुलाइ नांउ नांउगरि काढ़ीयेकाहरु थिये । अनि इस्साकारबंशीहरुमांका जो त्येस् बेला इस्राएलले ३२
के गर्नु पर्छ भनि मर्म बूझ्नेहरु थिये त्येस्ताहरु दुइ सै जना मुखियाहरु र तिनिहरुका दाजुभाईहरु तिनका कुरामां रहंद थिये । जबलूनमांका जो ३३

सेनामां निस्कि जांनु सक्नेहरु थिये अनि लड़ाईंका सबै रकम्का हतियारहरु
लियेर पाङ्ति पाङ्ति बांधींनु सक्द थिये पचास् हजार् जना थिये जो दोमन्
३४ न भइकन पाङ्ति बांधींनु सक्द थिये। अनि नप्तालीमांका एक् हजार्
कप्तान्हरु र तिनिहरु सित ढाल् र भाला लियेकाहरु सैंतीस् हजार् जना।
३५ अनि दानीहरुमांका जो लड़ाईंमां पाङ्ति बांधींनेहरु थिये अट्ठाईस् हजार् र
३६ छ सै जना। अनि आशेर्मांका जति जना छाउंनीमां निस्कि जांने मांफिकका
३७ थिये अनि पाङ्तिमां बांधींनु सक्नेहरु थिये चालीस् हजार् जना। अनि
यर्दन्को पारि पट्टिका रूबेनीहरुमांका र गादीहरुमांका र मनश्शेको आधि
कुल्मांका लड़ाईंको लागि लड़ाईंका सबै रकम्का हतियार्हरु भियेर
३८ निक्लने एक् लाख् र बीस् हजार्। ति सबै अर्थात् लड़ाईंका मान्छेहरु जो
पाङ्तिमां बांधींद थिये हेब्रोन्मां सिद्ध मनका भयेर आये दाऊद्लाइ सिंगै
इस्राएल् मांथि राजा तुल्याउंनुको लागि. अनि इस्राएलका रहल्हरु चइं
३९ पनि दाऊद्लाइ राजा तुल्याउंनुको विषयमां एकै मनका थिये। अनि
तिनिहरु त्यहां तीन् दिन् सम्म दाऊद् सङ खानापीना गर्दै रह्ये. कसोगरिभन्ये
४० तिनिहरुका भाईहरुले तिनिहरुको लागि तियार् पार्येका थिये। येस उप्रान्त
तिनिहरुको नजिक नजिक रहंनेहरुले अं इस्साकार् जबूलून् र नप्ताली
सम्म काहरुले गदाहा ऊंट खच्चर् र गोरुहरु मांथि बोकाइकन रोटी र
पुनुका सामलतुमल र नेभाराका भकनाहरु र किसमिसका झुप्पाहरु
र दाखरस् र तेल र गोरु भेंडाहरु परस्तगरि ल्यायेका थिये. किनभन्ये
इस्राएलमां रमाहट् थियो॥

(सम्पट् यरूशलेम्मां ल्याईंनु)

१३ १ अनि दाऊद्ले सहस्रपति र सेनापति अं जनंगे मालिक्हरु
२ सित सल्लाह् लियो। अनि दाऊद्ले इस्राएल्को सिंगै सेनालाइ भन्यो
आफ्नुहरुलाइ जाति लाग्यो भन्ये अनि हांमिहरुको ईश्वर् यहवेको पट्टि बाटो
भयो भन्ये त हांमिहरु इस्राएल् देस्का सबै खण्ड खण्डमां हांमिहरुका
दाज्युभाईहरु जहां जहां रहंद छन् जुनहरु सङ पूजाहारीहरु र लेवीहरु
आफ्ना आफ्ना खर्क समेत्का सहरमां रह्येका छन् ति सबै थांइ खबर्
३ पठाव हांमिहरु सङ भेला हव भनि. र हांमिहरु आफ्नु ईश्वर्को
सम्पट् ल्याऊं. किनभन्ये शाऊलका दिनमां त्येस सित सोधनी गर्येका
४ छौंन। तब सिंगै सभाले येसै गर्छों भन्येर भन्ये. किनभन्ये यो कुरो सिंगै
५ सभाको सांमु ठीक् लाग्यो। त दाऊद्ले सिंगै इस्राएल्लाइ मिस्रको
खोल्चा शीहोर् देखि हमातको पस्ने गौंडा सम्मका लोगलाइ ईश्वर्को
६ सम्पट् किर्यत्आरीम् देखि ल्याउंनुलाइ भेला गरायो। त दाऊद् सिंगै
इस्राएल् समेत् यहूदामां भयेको बालामां अं किर्यत्यारीम्मां चढि गयो
वहां बाटो ईश्वर्को सम्पट् जो त्यो चइं नांउ अर्थात् करूबहरुको बीच् मांथि
५ बस्येको यहवेको नांउ भनीने थियो त्यो चइं ल्याउंनुलाइ। त तिनिहरुले

ईश्वर्को सम्पट् येउटा नया गाड़ीमां बसाल्येर अबीनादाब्को घर् देखि
ल्याये. अनि उज्जा र अह्योले त्यो गाड़ी चलाये। अनि दाऊद् र सिंगे ८
इस्राएलले यहूवेको सांमु पूरो बलले बजाउंद थिये. अं गीत् गाउंद थिये
अनि बीणा र सितार् र मृदंग् र झ्यामटा र तुरही बजाउंद थिये। अनि ९
तिनिहरु कीदोन्को खला निर आइ पुग्दा गोरुहरुले ठोकर् खायेको
कारणले उज्जाले आफ्नु हात् पसारि सम्पट् समाति याम्यो। तब यहूवेको १०
रिस् उज्जा मांथि उठ्यो अनि त्येस्ले आफ्नु हात् सम्पट् मांथि पसार्येको
कारणले उस्ले त्येस्लाइ माय्यो. अनि त्यो ईश्वर्को सांमु त्यहां मर्‍यो।
तब यहूवे उज्जा मांथि फुटि उठ्येको कारणले दाऊद् नराज् भयो. त त्येस्ले ११
त्येस् ठांउको नांउ पेरेसुज्जा[१] राख्यो जो आजु सम्म छ। अनि त्येस् दिन १२
दाऊदले ईश्वर् देखि डरायेर भन्यो मं ईश्वर्को सम्पट् कसोगरि आफु थांइ
ल्याउं। त दाऊद्ले सम्पट् आफु थांइ दाऊद्को सहर्मां साथ्येन तर १३
गित्ती ओबेदेदोम्को घर्मां लग्यो। अनि ईश्वर्को सम्पट् ओबेदेदोम्को १४
जहान मड् त्येस्को घरमां तीन महीना सम्म रह्यो. अनि यहूवेले
ओबेदेदोमको घरलाइ अनि ज्ये ज्ये त्येस्का थिये ति सबैलाइ आशीष दियो॥

अनि सोर्को राजा हीराम्ले दाऊद् थांइ दूतहरु र देवदारु १४ १
बृत्तेहरु र गारोकर्म्मीहरु काठ्कर्म्मीहरुलाइ पठाइ दियो त्येस्को लागि
येउटा महल् बनाउंनुलाइ। अनि दाऊद्लाइ यहूवेले मंलाइ इस्राएल् २
मांथि राजा स्थिर् गर्‍यो अनि उस्ले आफ्नु लोग् इस्राएल्को कारणले
मेरो राज् अलग्यायो भनि थाहा पायो॥

अनि दाऊद्ले यरूशलेम्मां अरु स्वास्नीहरु लियो. अनि दाऊद्का ३
अरु पनि छोराछोरी जन्म्ये। अनि त्येस्का यरूशलेम्मां जन्म्येकाहरुका नांउ ४
यि हुन् अर्थात् शम्मू शोबाब् नातान् सुलैमान् यिभार् एलीशू ५
एल्पेलेत् नोगह् नेपेग् यापी एलीशामा एल्यादार् र एलीपेलेत्॥ ६

अनि जब पलिश्तीहरुले दाऊद् सिंगे इस्राएल् मांथि राजाभिषिक्त ८
गरीयो अरे भन्येको सुन्ये तब सिंगे पलिश्तीहरु दाऊद्लाइ खोजनुलाइ
चढि गये. अनि दाऊद् यो कुरो सुन्येर तिनिहरुको बिरुद्धमां जाइ लाग्यो।
तब पलिश्तीहरु आयेर रपाईम्को तरिमां आइ लाग्ये। अनि दाऊद्ले येसो १०
भनिकन यहूवे सित सोधनी गर्‍यो कि मं पलिश्तीहरुको बिरुद्धमां चढि
जाउं. कि तपांइले तिनिहरुलाइ मेरो हात्मां सुम्पि दिनु हुंछ। तब
यहूवेले त्येस्लाइ भन्यो चढि जा किनभन्ये मं तिनिहरुलाइ तेरो हातमां
सुम्पि दिंकु। तब तिनिहरु बालपरासीम्मां चढि आये अनि दाऊद्ले ११
तिनिहरुलाइ त्यहां मांय्यो अनि दाऊद्ले भन्यो यहूवेले मेरा सत्रुहरुलाइ
मेरो सांमु पानीको फुटाई झैं फुटाई दियो। येस्कारण तिनिहरुले त्येस
ठांउको नांउ बालपरासीम[२] राख्ये। अनि तिनिहरुले आफ्ना मूर्त्तिहरु त्यहां १२

[१] अर्थात् उज्जा मांथि फुटाई। [२] अर्थात् फुटाईयेको ठांउ।

छोड्ने त दाऊदले आज्ञा दियो त ति आगोले डढ़ाईये। अनि पलिश्तीहरू
१३ १४ फेरि पनि तरिमां आइ लाग्ये। अनि दाऊदले ईश्वर सित सोधनी गयो
तब ईश्वरले भन्यो तिनिहरुको पछि चढ़ि न जा. तिनिहरु देखि घुम्ने
१५ किम्बूको रुखको सांमु बाटो तिनिहरु मांथि जाइ लाग्। अनि यैसो हुंछ
जब तैंले किम्बूको रुखको थाप्नि थाप्नि बाटो माथ्के हिंड्नेको सोर् सुन्छस्
तब लड़ाईमां निक्लि जा. किनभन्ये ईश्वर तेरो अघि अघि पलिश्तीहरुको
१६ सेनालाइ मार्नुको लागि निक्लि जांद छ। त दाऊदले जस्तो आज्ञा ईश्वरले
येस्लाइ गर्येको थियो त्येसै गर्यो. अनि तिनिहरुले पलिश्तीहरुको
१७ सेनालाइ गिबोन् देखि गेजेर् सम्म मार्ये। अनि दाऊदको किर्त्ति सबै
देसमां फिजीयो अनि यहूवेले त्येस्को डर् लोग् लोग् मांथि हाल्यो ॥

१५ १ अनि दाऊदले दाऊदको सहरमां घरहरु बनायो अनि ईश्वरको
सम्पट्को लागि पनि ठांउ तियार् पार्यो अनि त्येस्को लागि येउटा डेरा
२ उभ्यायो। तब दाऊदले भन्यो लेवीहरु देखि बाहिक् कसैले ईश्वरको
सम्पट् बोक्नु हुंदैन. किनभन्ये तिनिहरुचइंलाइ यहूवेले ईश्वरको सम्पट्
बोक्नुलाइ र उस्को लागि सदाभरिको सेवा गर्नुको लागि छान्येको छ।
३ अहांदेखि दाऊदले यहूवेको सम्पट् त्येस्ले त्येस्को लागि तियार् पार्येको
ठांउमां उठाइ ल्याउंनुलाइ सिंगै इस्राएल् यरूशलेममां भेला गरायो।
४ अनि दाऊदले हारून्वंशीहरु र लेवीहरुलाइ भेला गरायो. अर्थात् कहात्-
वंशीहरुमांको ऊरीएल् मुखिया र त्येस्का एक् सै र बीस् दाजुभाईहरु.
६ मरारीवंशीहरुमांको असायाह् मुखिया र त्येस्का दुइ सै र बीस् दाजुभाईहरु.
७ गेर्शोन्वंशीहरुमांको योएल् मुखिया र त्येस्का एक् सै र तीस् दाजुभाईहरु.
८ एलीसापान्वंशीहरुमांको शमायाह् मुखिया र त्येस्का दुइ सै दाजुभाईहरु.
९ हेब्रोन्वंशीहरुमांको एलीएल् मुखिया र त्येस्का अस्सी दाजुभाईहरु.
१० उज्जीएल्वंशीहरुमांको अम्मीनादाब् मुखिया र त्येस्का एक् सै र बारह्
११ दाजुभाईहरु। तब दाऊदले सादोक् र एब्यातार् पूजाहारीहरुलाइ र ऊरीएल
शमायाह् योएल् शमायाह् एलीएल् र अम्मीनादाब् नांउ भयेका लेवीहरुलाइ
१२ बोलायो अनि तिनिहरुलाइ भन्यो तिमिहरु चइं लेवीहरुका पित्रहरुको
घर् घरका मूल् मूलहरु हौ. तिमिहरुले आफना दाजुभाईहरु समेत् आफु
आफुलाइ पवित्र गर र तिमिहरुले इस्राएलको ईश्वर् यहूवेको सम्पट् मैले
१३ त्येस्को लागि तियार् पार्येको ठांउमां उठाइ ल्याव। किनभन्ये तिमिहरुले त्यो
पहिलो खेप् न बोक्येको कारणले हांमिहरुको ईश्वर् यहूवेले हांमिहरुले
उस्लाइ विधि अनुसार् न खोज्येको कारणले हांमिहरु मांथि फुटाई दियो।
१४ त पूजाहारीहरुले र लेवीहरुले आफु आफुलाइ इस्राएलको ईश्वर यहूवेको
१५ सम्पट् उठाइ ल्याउंनुलाइ पवित्र गर्ये। मूसाले यहूवेको बचन् अनुसार्
आज्ञा गर्येको झैं लेवीवंशीहरुले ईश्वरको सम्पट् त्यसमां भयेका डांड़िहरु
१६ समेत् आफनु आफनु कांधमां हालि उठाइ बोक्ये। तब दाऊदले लेवीहरुका
मुखियाहरुलाइ भन्यो तिमिहरुले आफना गीत् गाउंने भाईहरुलाइ भांति

भांतिका बाजाहरु र सितार् र बीणा र झ्याम्टाहरु सारो सारो बजाउंदै र
रमाहट् सङ आफ्नु सोर् उठाउंनु भनि खटाव । त लेवीहरुले योएल्को १७
छोरो हेमान् र त्येका दाज्युभाईहरु बेरेक्याह्को छोरो आसाप् र त्येका
दाज्युभाईहरु मरारीवंशीहरुमांको कूशायाह्को छोरो एतान्लाइ खटाये ।
अनि तिनिहरु सङ तिनिहरुले आफ्ना दोस्रा दर्जाका दाज्युभाईहरुलाइ १८
अर्थात् जकर्याह् बेन् याजीएल् शमीरामोत् यहीएल् उन्नी एलीआब् बनायाह्
मासेयाह् मत्तित्याह् एलीपलेहू मिक्नेयाह् र ओबेदेदोम् र यीएल्लाइ
दुवार्पाल् खटाये । त हेमान् आसाप् र एतान् गाउंनेहरुमां पीतलका १९
झ्याम्टा बजाइ बजाइकन राग् उचाल्नुलाइ अनि जकर्याह् अजीएल् २०
शमीरामोत् यहोएल् उन्नी एलीआब् मासेयाह् र बनायाह् अलामोत् भनींने
रागमां सितार् बजाउंनुलाइ अनि मत्तित्याह् एलीपलेहू मिक्नेयाह् २१
ओबेदेदोम् यीएल् र अजज्याह् शमीनीत् भनींने रागमां बीणा बजाउंनुलाइ
खटाईये । कनन्याह् चइं लेवीहरुको मुखिया राग उठाउंनुमां थियो. त्यो २२
सिपालु भयेको कारणले राग उठाउंने विषयमां सिकाउंने थियो । अनि २३
बेरेक्याह् र एल्काना सम्पट्को लागि दुवार्पाल् थिये । अनि शबन्याह् २४
योशापात् नतनेल् अमासै जकर्याह् बनायाह् र एलीएजेर् पूजाहारीहरुले
ईश्वरको सम्पट्को अघि अघि तुरही बजाउंदै रहंद थिये . अनि ओबेदेदोम्
र यहिय्याह् सम्पट्को लागि दुवार्पाल् थिये । त दाऊद् र इस्राएल्का २५
प्राचीन्हरु र सहस्रपतिहरुले गयेर यहूवेको नियम्को सम्पट् ओबेदेदोम्को
घर् बाटो हर्ष सङ ल्याउंनुलाइ गये . अनि येसो भयो जब ईश्वरले यहूवेको २६
नियम्को सम्पट् बोक्ने लेवीहरुलाइ गोहार् गर्यो तब तिनिहरुले सात्
बहर् र सात्वटा गुमाहरु बलि चढ़ाये । अनि दाऊद् र सम्पट् बोक्ने सबै २७
लेवीहरु र गाउंनेहरु र राग् उठाउंने कनन्याह्ले पाट्कपराको लबेदा
लाएका थिये . अनि दाऊद्ले चइं पाट् कपराको एपोद् लाएको थियो ।
येसोरि सिंगै इस्राएल्ले कराउंदै नरसींगा र तुरही र झ्याम्टा बजाउंदै र २८
मृदङ्ग र बीणा सारो सारो बजाउंदै यहूवेको नियम्को सम्पट् उठाइ
ल्याये । अनि येसो भयो जब यहूवेको नियम्को सम्पट् दाऊद्को सहरमां २९
आइ पुग्यो तब शाऊल्की छोरी मीकल्ले झ्याल् बाटो हेर्यर दाऊद्
राजालाइ उफ्रन्दै र घुमि घुमि नाचदै गर्यकी देखी तब त्येस्ले आफ्नु
मनमां त्येस्को निन्दा गरी । अनि तिनिहरुले ईश्वरको सम्पट् भित्र ल्याये १६ १
वहांदेखि त्येस्को लागि दाऊद्ले उभ्यायेको डेरा भित्र त्येस्को ठांउमां राख्ये .
अनि तिनिहरुले ईश्वरको सांमु होमबलि र मिलापबलि चढ़ाये । अनि २
जब दाऊद्ले होमबलि र मिलापबलि चढ़ाइ सक्योको थियो तब त्येस्ले
लोगलाइ यहूवेको नांउले आशीर्वाद् गर्यो । वहांदेखि त्येस्ले इस्राएल्को ३
सिंगै मंडलीलाइ लोग्नेमान्छेहरु र स्वास्नीमान्छेहरु सबैलाइ एक् एकवटा
रोटी र एक् एक् चोक्टा मांसु र मुक्योको दाख्को एक् एकवटा भकना
बांड़ि दियो ॥

४ अनि त्येस्ले लेवीहरुमांका कत्ति जनालाइ यहूवेको सम्पट्को सांमु
सेवा गर्नुलाइ इस्राएल्को ईश्वर् यहूवेको चर्चा र धन्नवाद् र स्तुति
५ गर्नुलाइ खटायो . मुखिया चइं आसाप् अनि त्येस् देखि मुनिकाहरु झ्यङ्ग
र वीणा बजाउंनुलाइ जकर्याह् यीएल् शमीरामोत् यहीएल् मत्तित्याह्
एलीआब् बनायाह् ओबेदेदोम् र यीएल् अनि झाम्टा सारो सारो
६ बजाउंनुलाइ आसाप् अनि बनायाह् र यहजीएल् पूजाहारीहरु
ईश्वर्को नियम्को सम्पट्को सांमु तुरही सदा बजाउंनुलाइ खटायो ॥
७ तब त्येस् दिन् दाऊद्ले आसाप् र त्येस्का भाईहरुको बाटोले यहूवेको
धन्नवाद् गर्नुलाइ पहिलो खटन् गरि दियो ।
८ यहूवेलाइ धन्नवाद् गर उस्को नांउ प्रचार् गर
लोग् लोग्को बीचमां उस्को महाकार्य्यको चर्चा गर ।
९ उस्को लागि गाव उसैको भजन् गाव
उस्का सबै उदेक्का कामको ध्यान् गर ।
१० उस्को पवित्र नांउमां अहंकार् गर .
यहूवेलाइ खोज्नेहरुका हिर्दय् रमाउन् ।
११ यहूवे र उस्को सामर्थ खोज
सधैं उसैको दर्शनको खोज् गर ।
१२ उसैले गर्येका उस्का उदेक्का काम् समझ
उसैका आश्चर्य्यकर्म्म र उस्को मुखका नियाबचनहरु
१३ हे उस्को दास् इस्राएल्का बंश हो
हे याकूबका छोराहरु उस्का छानीयेकाहरु हो ।
१४ उह यहूवे हांमिहरुको ईश्वर् हो
उस्का नियाबचनहरु सिंगै पृथीवीमां छन् ।
१५ उस्का नियम् सधैं समझ
उस्ले एक् हजार् पुस्तालाइ आज्ञा गर्येको बचन्
१६ उस्ले अब्राहाम् सित बांध्येको नियम्
अनि इसहाक् सित खायेको उस्को किरिया
१७ जो उस्ले बिधि हुंनुको लागि याकूब् सित स्थापित् गर्यो
अनि सनातन् नियम् हुंनुको लागि इस्राएल् सित .
१८ तंलाइ कनानको देस् दिंछु
तिमिहरुको अधिकारको भागगरि भन्ये .
१९ जब गन्तिमां थोरै मांत्रै थियौ
अं बिग्रे थोर् अनि त्येस्मां पर्देसीहरु मांत्रै
२० अनि तिनिहरु लोग् देखि लोग् थांइ डुल्द फिर्दै थिये
अनि एक् राज् देखि अर्को पर्जा थांइ ।
२१ उस्ले कसैलाइ तिनिहरुलाइ मिचेर्इं गर्नु दियेन
अं तिनिहरुको कारणले उस्ले राजाहरुलाइ पनि हकाय्यो ।

मेरो अभिषिक्तहरुलाइ न छोव २२
अनि मेरा अगमवक्ताहरुको हानि न गर भन्दै ।
हे सिंगै पृथिवी यहवेको लागि गाव २३
दिन् दिन् उस्ले गर्योको मुक्ति प्रचार् गर ।
उस्को महिमा लोग् लोगको बीचमां बखान २४
उस्का उदेक् उदेकका काम् सबै लोगको बीचमां
किनभन्ये यहवे महा र स्तुतिको अगाध योग्य छ २५
उ चइं सबै देवताहरु भन्दा डराउने योग्य छ ।
किनभन्ये लोग् लोगका सबै देवताहरु कोइ पनि होइनन् । २६
तर स्वर्गको सृष्टि ता यहवेलेनै गर्योको ।
उस्को मांसु मान् र महातम् छन् २७
सामर्थ र रमाहट् उस्कै ठांउमां ।
हे लोग् लोगका जहान्हरु हो यहवेको लागि २८
यहवेको लागि प्रताप् र सामर्थ देव ।
यहवेको लागि उसैको नांउको लागि माफिकको प्रताप् देव । २९
भेटि लियेर उस्को मांसु आव ।
पवित्रेइँको सुन्दरेइँमां यहवेलाइ दंडवत् गर ।
हे सिंगै पृथिवी उसैको मांसु कांम् । ३०
पृथिवी पनि त्यो न चल्नेगरि स्थिर् भयेको छ ।
स्वर्गले आनन्द गरोस् अनि पृथिवी रमावस् ३१
अनि यहवेले बिराजद छ भनि लोग् लोगको बीचमां भनुन् ।
समुन्द्र र त्योस्को भरपूरेइँ गर्जुन् ३२
जिमीन् र त्योमां भयेका सबैले रमाहट् गरुन् ।
तब बनका सबै रुखहरुले यहवेको मांसु आनन्दको कारण गाउन् ३३
किनभन्ये उइ पृथिवीको निया गर्नुलाइ आउंने छ ।
यहवेको लागि धन्यवाद् गर किनभन्ये उइ भलो छ । ३४
किनभन्ये उस्को करुणा सनातन् सम्म रहंद छ ।
अनि यैसो भन् हे हांमिहरुको मुक्ति गर्ने ईश्वर् हांमिहरुलाइ मुक्ति ३५
दिनु हवस्
अनि हांमिहरुलाइ भेला गरायेर लोग् लोग् देखि छोड़ाउंनु हवस्
तपांइको पवित्र नांउको धन्यवाद् गर्नुलाइ
र तपांइको स्तुतिमां रमाउंनुलाइ
धन्यको हो इस्राएलको ईश्वर् यहवे सनातन् देखि सनातन सम्म ॥ ३६
यो सुन्येर सबै लोगले आमेन भन्ये अनि यहवेको स्तुति गर्ये ॥

तब दाऊद्ले त्यहां अं यहवेको नियमको सम्पट्को मांसु आसाप् र ३७
त्योका दाज्युभाईहरुलाइ दिनहूंको कामको खांचो अनुसार सम्पट्को
मांसु सदा सेवा गर्नुलाइ छोड़ि दियो. अनि ओबेदेदोम् त्योका सड़सठ् ३८

दाज्युभाईहरू समेत् र यदूतून्को छोरो ओबेदेदोम् र होस्सालाइ पनि
२९ दुवारपाल् हुंनुलाइ . अनि गीबोन्मां भयेको अल्गो ठांउमां जो यहूवेको
बास्स्थान् थियो त्येस्को सांमु सादोक् पूजाहारी र त्येस्का दाज्युभाई
४० पूजाहारीहरूलाइ सांझ् बिहान् सधैं होम्बलिको बेदिमां यहूवेको
लागि होम्बलि चढ़ाउंनुलाइ अं यहूवेले इस्राएल्लाइ आज्ञा दियेको
४१ उस्को व्यवस्थामां लेख्येका सबै कुरा अनुसार् अनि तिनिहरू सङ
हेमान् र यदूतून् र छानीयेका बांकिहरू नांउ काढ़ि काढ़िकन यहूवेको
४२ धन्यबाद् गर्नुलाइ किनभन्ये उस्को करुणा सनातन् सम्म रहंद छ अनि
तिनिहरू सङ हेमान् र यदूतून्लाइ ति सारो सारो बजाउंनेहरूको लागि
तुरही र झ्यामटा र ईश्वर्को गीत्को लागि बाजा . अनि यदूतून्का छोराहरू
४३ ढोकामां बस्नुको लागि । बहांदेखि सिंगै लोग् आफ्नु आफ्नु घरमां
हिंड़ि गये . त्येस् पछि दाऊद् आफ्नु जहान्लाइ आशीष् दिंनुलाइ फर्को ॥

(दाऊद्ले मन्दिर् बनाउंने इच्छे गर्द छ)

१७ १ अनि येसो भयो जब दाऊद् आफ्नु महलमां बस्येको थियो तब
दाऊद्ले नातान् अगमबक्तालाइ भन्यो हेर्नु हवस् मं चइं देवदारुकाठ्को
२ महलमां बस्द छु तर ईश्वर्को सम्पट् भन्ये पालसुनि रहंद छ । त नातान्ले
दाऊद्लाइ भन्यो आफ्नु मनमां भयेका सबै कुरा गर्नु किनभन्ये ईश्वर् आफु
३ सङ छ । अनि त्येसै रात् येसो भयो ईश्वर्को बचन् येसो भन्दै नातान्
४ थांइ आयो गयेर मेरो दास् दाऊद्लाइ भन् यहूवेले येसो भन्द छ तैंले मेरो
५ लागि मेरो बस्नको लागि येउटा घर् बनाउंनु हुंदैन . किनभन्ये जस् दिन् मैंले
इस्राएल्लाइ चढ़ाइ ल्याये त्येस् दिन् देखि आजु सम्म घरमां मं बस्येको
छुइंन तर डेरा देखि डेरा सम्म र बास्स्थान् देखि बास्स्थान् सम्म हिंड्दै
६ रह्येको छु । मं सिंगै इस्राएल् सित जुन् जुन् ठांउमां हिंड़ेंर को मैंले
आफ्नु लोग्लाइ चराउंनुलाइ आज्ञा दियेको इस्राएल्का बिचारीहरूमांको
कसै सित तिमिहरूले मेरो लागि देवदारुकाठ्को घर् किन बनायेका छौन
७ भनि कुरा गर्येको छु । त अब मेरो दास् दाऊद्लाइ येसो भन् सेनाहरूको
यहूवेले येसो भन्द छ मैंले तंलाइ भेंड़ागोठ् देखि भेंड़ाबाख्राको पछि पछि
हिंड्नु देखि ल्याये तं मेरा लोग् इस्राएल् मांथि मालिक् हो भन्ये
८ खातिर्ले . अनि जहां जहां तं गइस् मं तं सङ सङै रह्यें अनि तेरा सबै
सत्रुहरूलाइ तेरो सांमु देखि काटि दियें अनि मं पृथिवीका सबै बड़ा
९ बड़ादमीको नांउ जस्तो तेरो नांउ पनि बड़ा तुल्याउंछु । अनि मं आफ्नु
लोग् इस्राएल्को लागि येउटा ठांउ खटाउंछु अनि तिनिहरूलाइ रोपुछु र
तिनिहरू आफ्नु ठांउमां बसि रहुन् अनि फेरि फेरि कैले पनि सारफेर् न
१० गरीउन् दुष्टैंका सन्तानले अगाड़ि अगाड़ि गराये को भैं र मैंले आफ्नु
लोग् इस्राएल् मांथि बिचारीहरूलाइ खटायेको दिन् देखि भैं तिनिहरूलाइ

दुक्ख दिंदैनन् अनि मं तेरा सबै सत्रुहरुलाइ तेरो ताबिमां पार्कु। यैस् उप्रान्त मं तंलाइ सुनाउंद कु यहूवेले तंलाइ यैउटा घर् बनाउंकु। अनि ११
यैसो हुंकु जब तेरा दिन् पूरा हुंकुन् अनि तं आफ्ना पित्रहरु सङ हुंनुलाइ
जांनु पर्कु तब मं तं पछि तेरो बंशलाइ उभ्याउंकु जो तेरा कोराहरुमांको
हुंकु त यैस्को राज् मं स्थिर् गराउंकु। यैसैले मेरो लागि यैउटा घर् १२
बनाउंकु अनि मं यैस्को सिंहासन् जुगनजुगको लागि स्थिर् गर्कु। मं १३
यैस्को बाबु हुंकु अनि त्यो चइं मेरो कोरो हुंकु. तर जसोगरि मैंले तं
भन्दा अगाडि भयेको देखि आफ्नु करुणा उठाइ लग्यें त्यैसैगरि त्यो देखि
लैजांदैंन. तर मं यैस्लाइ मेरै घर् र मेरै राजमां जुगनजुगको लागि अटल् १४
तुल्याउंकु. अनि यैस्को चइं सिंहासन् जुगनजुगको लागि स्थिर् गराईंकु। १५
त यि सबै कुरा अनुसार् अनि ति सबै दर्शन् अनुसार् नातानले दाऊदलाइ
कहि दियो॥

तब दाऊद् राजा भित्र पस्यैर यहूवेको सांमु बस्यो अनि भन्यो हे १६
प्रभु यहूवे मं को हुं अनि मेरो जहान् का हो र तपांइले मंलाइ यहां
सम्म पुर्याउंनु भयो। अनि तपांइको सांमु हे प्रभु ईश्वर् यो कुरो अझै १७
सांनै थियो तर तपांइले आफ्नु दासको जहान्को बिषयमां पनि आउंदा
धेरै दिनको बिषयमां भन्नु भयेको कु अनि बड़ादमीलाइ गरीयेको रीत्
अनुसार् मं मांथि चेत् गर्नु भयो हे प्रभु यहूवे। त तपांइले आफ्नु दासलाइ १८
गर्यैको मान्को बिषयमां दाऊदले तपांइलाइ अरु पनि को भन्नु सक्कु.
कसोगरिभन्ये हे प्रभु यहूवे तपांइले आफ्नु दासलाइ चिन्नु हुंद कु।
हे यहूवे ति सबै तुला तुला कुरा जनाउंनुको लागि तपांइले आफ्नु १९
दासको कारणले र आफ्नु मन् अनुसार् ति सबै बड़ाहुवाई गर्नु भयो।
हे यहूवे तपांइ जस्तो कोई छैन अनि हांमिहरुले आफ्ना कानले सुन्येको २०
अनुसार् तपांइ देखि बाहिक् कोई ईश्वर् छैन। फेरि तपांइको लोग् २१
इस्राएल् जस्तो पृथिवीमां कुन् चइं लोग् कु जस्लाइ ईश्वर् आफ्नु लोग्
तुल्याउंनुको लागि र महा र डरलाग्दा कार्य्यको बाटोले आफ्नु नांउ
चलाउंनुको लागि कोड़ाउंनुलाइ गयो तपांइले मिस्र बाटो कोड़ाउंनु
भयेको आफ्नु लोगको सांमु अन्यदेसीहरुलाइ धपाइकन। किनभन्ये २२
तपांइले आफ्नु लागि जुगनजुगको लागि लोग् तुल्याउंनुलाइ आफ्नु
लोग् इस्राएललाइ स्थिर् गर्नु भयेको कु अनि हे यहूवे तपांइ तिनिहरुको
ईश्वर् भइ जांनु भयो। अब हे यहूवे जुन् कुरा तपांइले आफ्नु दास र २३
यैस्को जहान्को बिषयमां भन्नु भयेको कु त्यो कुरा जुगनजुगको लागि
स्थिर् राख्नु हुवस् अनि तपांइले भन्येको अनुसार् गर्नु हुवस्। अनि २४
सेनाहरुको यहूवे इस्राएल् मांथि ईश्वर् अं इस्राएल् मांथि ईश्वर् कु भन्येर
तपांइको नांउ स्थिर् गरीरहोस् अनि जुगनजुग् बढ़ी जावस्. त तपांइको
दास् दाऊदको जहान् तपांइको सांमु स्थिर् गरींकु। किनभन्ये हे मेरो २५
ईश्वर् तपांइले आफ्नु दासलाइ मं तेरो लागि घर् बनाउंकु भनि प्रगट्

गर्नु भयेको छ. येस्कारण तपाईको दास तपाईको सांमु यो प्रार्थना
२६ गर्नुलाई आफ्नु मनमां आंटीलो भयेको छ। त अब हे यहवे तपाईं ईश्वर
हो अनि तपाईंले आफ्नु दासलाई यो भलो योकको करहार दिनु भयो.
२७ येस्कारण अब आफ्नु दासको जहान् तपाईको सांमु जुगजुग रहि रहंनुको
लागि कृपागरिकन आशीष दिनु हवस. किनभन्ये हे यहवे तपाईंलेनै
आशीष दिनु भयो अनि त्यो सधैंभरि आशीषित भयो॥

(दाऊदका बिजयहरु)

१८ १ अनि येस पछि येसो भयो दाऊदले पलिश्तीहरुलाई मांग्येर
ताबिमां ल्यायो अनि पलिश्तीहरुको हात देखि गात त्येका बस्तीहरु समेत्
२ लिहाल्यो। फेरि त्येसले मोआबलाई मांग्यो त मोआबीहरु दाऊदका दास्
३ भइ गये अनि भेटि ल्याये। फेरि दाऊदले आफ्नु सिमाना छोड़ाउंनुको
लागि परात नदीमां जांदै सोबाको राजा रहोबको छोरो हदरेजेरलाई
४ हमात सम्म मांग्यो। अनि दाऊदले त्येस देखि एक हजार रथहरु र सात
से घुकसवार र बीस हजार पैदलहरुलाई लियो. वहांदेखि दाऊदले सबै
रथका घोड़ाहरुको धर्नासो काटि दियो तर तिनिहरुमांका एक से रथहरुको
५ लागि राखि छोड़्यो। अनि जब दमिश्कका अरामीहरु सोबाको राजा
हदरेजेरको गोहार गर्नुलाई आयेका थिये तब दाऊदले अरामीहरुमांका
६ बाईस हजार जनालाई मांग्यो। वहांदेखि दाऊदले दमिश्कको अराममां
पहराचौकि बसाल्यो अनि अरामीहरु दाऊदका दास भये अनि भेटि
ल्याये। अनि जहां जहां दाऊद जांद थियो त्यहां त्यहां यहवेले त्येलाई
७ जिताइ हाल्याउंद थियो। अनि दाऊदले हदरेजेरका चाकरेहरुले भित्येका
८ सुनका ढालहरु लियेर यरूशलेममां ल्यायो। अनि हदरेजेरका तिभत र कून
नांउ भयेका सहरहरु देखि दाऊद राजाले बिघ्ने धेरैगरि पीतल ल्यायो जुन
पीतलले सुलैमानले पीतलको समुन्द्र र थामहरु र पीतलका भाड़ाहरु बनायो।
९ अनि जब हमातको राजा तोऊले दाऊदले सोबाको राजा हदरेजेरको
१० सिंगे सेनालाई मांग्यो अरे भन्येको सुन्यो तब तोऊले आफ्नु छोरो
हदोरामलाई दाऊद राजा थाईं त्येलाई सलाम गर्नुलाई र हदरेजेर सित
लड़ाईं गरि त्येलाई मांग्येको कारणले त्येलाई आशीष दिंनुलाई पठायो
किनभन्ये हदरेजेरले तोऊ सङ लड़ाईं गर्द थियो। त हदोराम सुन र
११ त्रांदी र पीतलका भांड़ाहरु लियेर आयो. त ति चइं दाऊदले यहवेको
पवित्र कामको लागि अलग कुटायो अनि ति सङ त्येले ताबिमां पार्येका
सबै लोग लोग देखि ल्याएका चांदी सुन पनि अर्थात एदोमको र
१२ मोआबको र अम्मोनबंशीहरुको र पलिश्तहरुको र अमालेकको। येस उप्रान्त
सरूयाहको छोरो अबीशैले नुनको तरिमां अठारह हजार एदोमीहरुलाई
१३ मांग्यो। अनि त्येले एदोममां पहराचौकि बसाल्यो अं अनि सिंगे एदोमीहरु

दाऊद्का दास् भइ गये। अनि जहां जहां दाऊद् जांद् थियो वहां वहां
यहवेले त्येस्लाइ जिताहा तुल्याउंद थियो॥

अनि दाऊद्ले सिंगै इस्राएल् मांथि राज् गर्‍यो अनि त्येस्ले आफ्ना १४
सबै लोग्को निया र धर्म्म गर्‍यो। अनि सरूयाह्को छोरो योआब् सेनापति १५
थियो अनि अहीलूद्को छोरो यहोशापात् सम्झना राख्ने थियो। अनि १६
अहीतूब्को छोरो सादोक् र एब्यातार्को छोरो अबीमेलेक् पूजाहारी थिये
अनि शवशा लेटर् थियो अनि यहोयादाको छोरो बनायाह् चइं १७
करेतीहरु र पलेतीहरु मांथि थियो अनि दाऊद्का छोराहरु राजाका
हेउकाउका मूलहरु थिये॥

(अम्मोन्‌वंशीहरु मांथि बिजय्)

अनि येस् पछि येसो भयो अम्मोन्‌वंशीहरुको राजा नाहाश् मर्‍यो १९ १
अनि त्येस्को साटोमां त्येस्को छोरोले राज् गर्नु लाग्यो। अनि दाऊद्ले भन्यो २
मं नाहाश्को छोरो हानून् मांथि कृपा देखाउंछु किनभन्ये त्येस्को बाबुले मं
मांथि कृपा गर्‍येको थियो। त दाऊद्ले त्येस्को बाबुको बिषयमां त्येस्लाइ
शान्ति दिंनुलाइ दूतहरुलाइ पठायो। तब दाऊद्का चाकरेहरु गयेर
अम्मोन्‌वंशीहरुको देसमां हानून् थांइ त्येस्लाइ शान्ति दिंनुलाइ पुग्ये।
तर अम्मोन्‌वंशीहरुका मालिकहरुले हानून्लाइ भन्ये को आफुले दाऊद्ले ३
आफुको बाबुलाइ मान् गर्नुलाइ आफु थांइ शान्ति दिंनेहरुलाइ पठाइ
दियो भनि ठान्न हुंद छ. को त्येस्का चाकरेहरु देस् हेर्नु र त्येस्लाइ उल्टाइ
दिंनु र त्येस्को भेद् लिंनुलाइ आफु थांइ पठायेको होइन। तब हानून्ले ४
दाऊद्का चाकरेहरुलाइ समात्येर तिनलाइ खौर्‍यो अनि तिनको लुगा
आधा आधा जाङ्घ सम्मको पारि काटि दियेर तिनिहरुलाइ फर्काइ पठायो।
तब कति जनाले आयेर ति मान्छेहरुलाइ जे भयेको थियो त्यो दाऊद्लाइ ५
सुनाइ दिये। तब त्येस्ले तिनलाइ भेट्नुलाइ मान्छे पठाइ दियो किनभन्ये
ति मान्छेहरु अरघोर् लज्जित् थिये। अनि राजाले भन्यो तिमिहरुका दारि
न बढुंज्याल् सम्म यरीहोमां अड्डीइ रह त्येस् पछि मांत्रै फर्कि आव।
अनि जब अम्मोन्‌वंशीहरुले हांमिहरुले आफुलाइ दाऊद्को सांमु घिन् ६
लाग्दा तुल्यायूं भनि थाहा पाये तब हानून् र अम्मोन्‌वंशीहरुले अराम् देखि
र अरम्‌नहरैम् देखि र अरम्माका र सोबा देखि रथ्हरु र घुक्सवार्हरुलाइ
ज्यालामां ल्याउंनुलाइ पठायो। त तिनिहरुले बत्तीस् हजार् रथ्हरु र ७
माकाको राजा त्येस्का पर्जाहरु समेत्लाइ ज्यालामां ल्याये अनि तिनिहरुले
आयेर मेदबाको सांमु डेरा हाल्ये। तब अम्मोन्‌वंशीहरु आफ्ना सहर्
सहर् देखि भेला भयेर लड्नेंको लागि आये। अनि जब दाऊद्ले यो कुरो ८
सुन्यो तब त्येस्ले योआब् र महाबीर्हरुको सिंगै सेनालाइ पठाइ दियो। ९
अनि अम्मोन्‌वंशीहरुले निकल्येर सहरको ठोकाको आघनमां लड्नेंको

लागि पाङ्ति पाङ्ति बांध्ये . अनि आयेका राजाहरु मैदान्मां अलग् अलग्
१० थिये। त्येस् पछि जब योआब्ले मेरो अघि पछि लड़ाईंले घेर्येको रछ
भनि चाल् पायो तब त्येस्ले इस्राएल्का सबै रोजा रोजा मान्छेहरुमांकालाइ
११ छान्येर तिनिहरुलाइ अरामीहरुको बिरुद्धमां पाङ्ति पाङ्ति बांध्यो। अनि
उब्र्येका मान्छेहरुचइंलाइ त्येस्ले आफ्नु भाई अबीशैको हात्मां सुम्प्यो त
तिनिहरुले आफुलाइ अम्मोन्बंशीहरुको बिरुद्धमां पाङ्ति पाङ्ति बांध्ये।
१२ अनि त्येस्ले भन्यो अरामीहरु मं मांथि जिताहा हुंनु आंटेर भन्ये देखि त
तैंले मेरो गोहार् गर्येस्. तर अम्मोन्बंशीहरु तं मांथि जिताहा हुंनु आंटेर
१३ भन्ये देखि मं आयेर तेरो गोहार् गर्छु। हूप् बांध् अनि हांमिहरु आफ्नु
लोग्को लागि र आफ्नु ईश्वर्का सहर्हरुको लागि मर्दले भैं गरूं. अनि
१४ यहुवेले जस्तो उच्छाइ जाति लाग्ला त्येसै गरोस्। येसोरि योआब् र त्यो
सङ भयेका मान्छेहरु अरामीहरु सित लड़ाईं गर्नुलाइ नजिक् नजिक् गये.
१५ त तिनिहरु त्येस्को सांमु देखि भाग्ये। अनि जब अम्मोन्बंशीहरुले अरामीहरु
भाग्ये कुन् भनि देख्ये तब तिनिहरु पनि त्येस्को भाई अबीशैको सांमु देखि
१६ भाग्ये अनि सहर्मां पस्ये। तब योआब् यरूशलेम्मां आयो। अनि जब
अरामीहरुले हांमिहरुले ता इस्राएल् देखि हार्यूं भनि देख्ये तब तिनिहरुले
मान्छे पठायेर महानदी पारिका अरामीहरुलाइ झिकाये हदरेजेर्को सेनापति
१७ शोपक् तिनिहरुको अघि अघि हिंड्येको भइ। त दाऊद्लाइ यो कुरो
सुनाईयो तब त्येस्ले सिंगै इस्राएल्लाइ भेला गरायेर यर्दन् पारि तर्येर तिनिहरु
मांथि जाइ लाग्येर तिनिहरुको बिरुद्धमां पाङ्ति पाङ्ति बांध्यो।
येसोरि दाऊद्ले अरामीहरुको बिरुद्धमां पाङ्ति पाङ्ति बांध्येकोमां
१८ तिनिहरुले त्यो सङ लड़ाईं गर्ये। अनि अरामीहरु इस्राएल्को सांमु
देखि भाग्ये अनि दाऊद्ले अरामीहरुमांका सात् हजार् रथ्हरु र
चालीस् हजार् पैदल्हरुलाइ मांरि दियो अनि सेनापति शोपक्लाइ पनि
१९ मांरि दियो। अनि जब हदरेजेर्का चाकरेहरुले हांमिहरुले इस्राएल्
देखि हार्यूं भनि थाहा पाये तब तिनिहरुले दाऊद् सङ मिलाप् गर्ये अनि
त्येस्को चाकरे भये. अनि अरामीहरु अम्मून्बंशीहरुको गोहार् गर्नुलाइ
फेरि मान्येनन्॥

२० १ अनि येसो भयो जब नया साल् लाग्यो जस् बेलामां राजाहरु
लड़ाईंको लागि निक्लि जांकुन् तब योआब्ले पल्टन्का बीरहरुलाइ बाहर
लग्येर अम्मोन्बंशीको देसलाइ उजाड्यो त्यहांदेखि गयेर रब्बा सहर्
घेर्यो। तर दाऊद् चइं यरूशलेम्मां रह्यो। अनि योआब्ले रब्बालाइ
२ मांर्येर त्येस्लाइ उजाड़ि दियो। अनि दाऊद्ले तिनिहरुको राजाको मुकुट्
त्येस्को सिर् देखि उताऱ्यो अनि त्येस्को जोखाई एक् तोड़ा सुन्को थियो
अनि त्येस्मां अमोल् अमोल् मनिहरु पनि थिये अनि त्यो दाऊद्को सिर्मां
लगाईयो। अनि त्येस्ले सहर्को लूट् अघोर् ओधिगरि निकालि ल्यायो।
३ त्यहांदेखि त्येस्ले त्यहांका मान्छेहरुलाइ बाहर निकाल्येर तिनिहरुलाइ

आराहरु र फलमका दांदे र बंचरोले काट्यो। अनि दाऊद्ले अम्मोन्बंशी-
हरुका सबै सहर्लाइ येसै गर्‍यो। वहांदेखि दाऊद् र सबै लोग्
यरूशलेम्मां फर्कि आये॥

अनि त्येस् पछि येसो भयो फेरि गेजेर्मां पलिश्तीहरु सित लड़ाईं ४
पर्‍यो, तब हूशाथी सिब्बकैले रपाईहरुको सन्तान्मांको सिप्पैलाइ मांर्‍यो.
त तिनिहरु त्येस्को ताबिमां आये। अनि फेरि पलिश्तीहरु सित लड़ाई पर्‍यो ५
अनि याएर्को छोरो एल्हनान्ले गाती गोलयत्को भाई लह्मीलाइ मांर्‍यो
जस्को भालाको सर् कपरा बुन्नेको मुर्रा जत्रो थियो। अनि गात्मां फेरि ६
पनि लड़ाईं पर्‍यो जहां एक् जना ठुलो डाल्को मान्छे थियो जस्का हातमां
छ छवटा औंला थिये अनि गोड़ामां पनि छ छवटा औंला थिये गन्तिमां
चौबीस्वटा त्यो पनि रपाईहरुको सन्तान्मांको थियो। जब त्येस्ले ७
इस्राएल्लाइ तुच्छ जान्यो तब दाऊद्को दाज्यु शिमाको छोरो योनातान्ले
त्येस्लाइ मांर्‍यो। ति गात्का रपाईहरुको सन्तान्मां जन्म्येका थिये त ८
तिनिहरु दाऊद्का र त्येस्का चाक्रेहरुका हात् देखि मांरीये॥

(दाऊद्को पाप् अनि पाप्मोचन्)

अनि शैतान् इस्राएल्को बिरुद्धमां उठ्यो अनि त्येस्ले दाऊद्लाइ २१ १
इस्राएल्लाइ गन्ति गर्नु भनि तिनिहरुको बिरुद्धमां सुर्‍यायो। तब दाऊद्ले २
योआब्लाइ र लोगका मालिक्हरुलाइ भन्यो गयेर बिअर्शिबा देखि दान्
सम्म इस्राएल्को गन्ति गर अनि मं थांइ खबर् ल्याव र मं तिनिहरुको गन्ति
थाहा पाउं। तब योआब्ले भन्यो यह्वेले आफ्नु लोगलाइ ऐले जति छन् ३
त्यो भन्दा सै गुणा बढ़ाइ देवस्. तर हे मेरा प्रभु महाराजा क्ये यिनिहरु सबै
मेरा प्रभुका चाकरेहरु होइनन्. मेरा प्रभुले किन यो काम् गर्नु मन् गर्नु
हुंद छ. आफु इस्राएल्को लागि किन दोष्को कारण् हुंनु हुंद छ। तैपनि ४
राजाको कुरो योआब्को कुरो मांथि जिताहा भयो येस्कारण् योआब् हिंड़ि
गयो वहांदेखि सिंगै इस्राएल्मां डुल्येर यरूशलेम्मां आइ पुग्यो।
वहांदेखि योआब्ले लोगको गन्तिको हिसाप् दाऊद्लाइ दियो. त ५
इस्राएल्मां तरवार् झिक्ने बीर्हरु एघारह् लाख् राछन्. अनि यहूदाका
तरवार् झिक्नेहरु चइं चार् लाख् सत्तर् हजार् राछन्। तर लेवी र ६
बिन्यामीन् चइं त्येस्ले तिनिहरुको बीच्मां गन्ति गर्‍येन. किनभन्ये राजाको
कुरो योआब्लाइ घिन्लाग्दो लाग्यो। अनि यो काम् ईश्वर्लाइ नजाति ७
लाग्यो। येस्कारण् उस्ले इस्राएल्लाइ हिर्कायो। अनि दाऊद्ले ईश्वर्लाइ ८
भन्यो मैंले यो काम् गर्‍येकोमां ठुलो पाप् गर्‍यें छु. त अब हे यह्वे मं
बिन्ति गर्द छु आफ्नु दास्को अधर्म्म दूर् गरि दिंनु हवस् किनभन्ये मैंले
अग्घोर्को सुर्खेईं गर्‍यें छु। तब यह्वेले दाऊद्को दर्शी गाद्लाइ येसो ९
भन्यो गयेर दाऊद्लाइ येसो भन् यह्वेले येसो भन्द छ मं तेरो सांमु १०
तीन्वटा कुरा राख्द छु त तिनमांको मं कुन् चइं तेरो लागि गरुं भन्ये।

११ त गादले दाऊद् थांइ आयेर येसो भनि सुनायो यहूवेले येसो भन्द छ
१२ जुन् मांगद छस् त्यो लो. अर्थात् तीन् वर्षको अनिकाल् कि तीन् महींना
सम्म आफ्ना वैरीहरुको सांमु भस्म हुंनु तेरा सत्रुहरुको तरवारले
मेट्राउंदाखेरि कि यहूवेको तरवार् अं रुढ़ि देसमां र इस्राएलका सिंगै
सिमानामां यहूवेको नास् पार्ने दूत् तीन् दिन् सम्म पर्नु। अनि मं मंलाइ
१३ पठाउंनेलाइ को उत्तर् फर्काइ दिउं भन्ने ऐले विचार् गनु हवस्। त दाऊदले
गादलाइ भन्यो मं बड़ो सकसमां पर्यें. हांमिहरु वरु यहूवेका हातमां परुं
किनभन्ने उस्का करुणा धेरै छन्. वर मान्छेचइंको हातमां लहूनु न परोस्।
१४ त यहूवेले इस्राएल् मांथि रुढ़ि पठाइ दियो. अनि इस्राएलका सत्तरी
१५ हजार् जना मर्‌ये। अनि ईश्वरले दूतलाइ यरूशलेममां त्येस्लाइ नास्
पार्नुलाइ पठायो. अनि त्यो नास् पार्नु आंठेयकोमां यहूवेले हेर्‌यर त्यो
बुराई देखि पक्कतायेर नास् पार्ने दूतलाइ भन्यो भयो अब आफ्नु हाथ्
थाम्। अनि यहूवेको दूत् यबूसी ओर्नानको खलाको छेउमां थियो।
१६ अनि दाऊदले आफ्ना आंखा उचालि हेर्‌यर यहूवेको दूतलाइ त्येको
हातमां तरवार् भिक्येको अनि यरूशलेम् मांथि पसार्दै स्वर्ग र पृथिवीको
बीचमां उभीइ रह्येको देख्यो। तब दाऊद् र प्राचीनहरु जुनहरुले भाड्रा
१७ लायेका थिये घोपो पर्‌ये। वहांदेखि दाऊदले ईश्वरलाइ भन्यो को मान्छे
गनींने आज्ञा दिंने मं चइं हुइंन. अं पाप् र सारो बुराई गर्ने मं चइं हुं
तर थि भेंड़ाहरुचइंले ता को गर्‌येका छन् र. हे यहूवे मेरो ईश्वर् कृपा
गरि तपांइको हात् मेरै विरुद्धमां र मेरै बाबुको घरको विरुद्धमां परोस्
तर तपाइंका लोगको विरुद्धमां तिनिहरु मांथि तिनिहरु कांष्टित् हुंनुलाइ
१८ न परोस्। तब यहूवेको दूतले गादलाइ दाऊदलाइ येसो भन्नु अह्रायो
दाऊदले चढ़ि गयेर यबूसी ओर्नानको खलामां यहूवेको लागि येउटा बेदि
१९ थ्याउस्। त गादले यहूवेको नांउले भन्येको कुरा अनुसार् दाऊद् चढ़ि
२० गयो। अनि ओर्नानले फर्कर दूतलाइ देख्यो अनि त्यो सङ भयेका त्येका
चार् भाई छोराहरुले आफुलाइ लुकाये। त्येस् बेला ओर्नानले दांइ गर्दै
२१ थियो। अनि दाऊद् ओर्नान् थांइ आउंदै गर्दा ओर्नानले निस्कर
दाऊदलाइ देख्यो तब दाऊदको सांमु भूइं सम्म निउंर्‌यो। तब दाऊदले
२२ ओर्नानलाइ भन्यो यो खला मंलाइ देउ र लोग् देखि रुढ़ि थामींनु
लाइ मं यहूवेको लागि यहां येउटा बेदि बनाउं. त्येको पूरा
२३ दाम् गरि मंलाइ देउ। त ओर्नानले दाऊदलाइ भन्यो त्यो आफ्नु
लागि लिंनु हवस् मेरा प्रभु महाराजाले जे जे तिनलाइ जाति लागुला
त्येइ त्येइ गर्नु हवस्. हेर्नु हवस् होमबलिको लागि बाछाहरु र दाउराको
लागि दांइका हतियार् र अन्नबलिको लागि गहूं मं दिंद छु ति सबै
२४ दिंद छु। तर दाऊद् राजाले ओर्नानलाइ भन्यो होइन तर मं सांचिने पूरो
दाम दियेर त्यो आफ् सङ लिंछु. किनभन्ने मं यहूवेको लागि आफुको
२५ थोक् लिंदीन न मेरो पैसा नपर्‌येको होमबलि चढ़ाउंछु। त दाऊदले

त्येस् ठांउको लागि सुनको क मै थेकेल् जोखिकन दियो। वहांदेखि २६
दाऊदले त्यहां यहवेको लागि येउटा बेदि बनायेर होमबलि र मेलबलि
चढ़ायो अनि यहवेको नांउ लियो अनि उसले त्येसलाइ स्वर्ग देखि
होमबलिको बेदिमां भयेको आगो देखि उत्तर् दियो। अनि यहवेले २७
दूतलाइ अह्रायो त त्येसले आफनु तरवार् फेरि त्येसको दाप्मां हाल्यो॥

त्येस् बेला जब दाऊदले यहवेले मंलाइ यबूसी ओर्नानको खलामां २८
उत्तर् दियो भनि देख्यो तब त्येसले वहां बलिदान् चढ़ायो। किनभन्ये
यहवेको बास्स्थान् जो मूसाले बनमां बनायो अनि होमबलिको बेदि
त्येति बेला गिबोनमां भयेको अलगो ठांउमां थियो। तर दाऊद् त्येसको २९
सांमु ईश्वर् सित सोधनी गर्नुलाइ जांनु सकेन. किनभन्ये यहवेको दूतको
तरवार् देखि डराउंद थियो। तब दाऊदले भन्यो यहवे ईश्वरको घर् २२ १
येइ हो अनि इस्राएलको लागि होमबलिको बेदि येइ हो॥

(मन्दिरको लागि तयारपराई)

वहांदेखि दाऊदले इस्राएलको देसमां भयेका परदेसीहरुलाइ भेला २
गराउंने आज्ञा दियो अनि ईश्वरको घर् बनाउंनुको लागि कुंदीको ढुंगा
बनाउंनुलाइ गारोकर्म्मीहरु लगायो। अनि दाऊदले ठोकाका देलाहरुका ३
कीलाहरुको लागि र जोडूतिहरुको लागि फलम् औधिगरि तियार् पार्यो
अनि पीतल् नजोखींनेगरि औधि औधि अनि देवदारुकाठ ४
बिहिसाप्. कसोगरिभन्ये सीदोनीहरु र सोरका मान्छेहरुले औधिगरि
देवदारुकाठ दाऊद् थांइ ल्याउंद थिये। अनि दाऊदले भन्यो मेरो ५
छोरा सुलैमान् सांने र कलीलै छ अनि यहवेको लागि बनींने घर अग्घोर
प्रतापको हुंनु पर्छ अं सबै देसमां कीर्त्तिको र महातम् माफिकको हुंनु
पर्छ. येस्कारण् मं त्येसको लागि तियार् पार्छु। त दाऊदले आफनु मरण्
भन्दा अगाडि अग्घोरगरि तियार् पार्यो॥

तब त्येसले आफनु छोरो सुलैमानलाइ डाकेर इस्राएलको ईश्वर् ६
यहवेको लागि घर् बनाउंने आज्ञा दियो। अनि दाऊदले आफनु छोरो ७
सुलैमानलाइ भन्यो मेरो मन् थियो मंने आफनु ईश्वर् यहवेको नांउको
लागि घर् बनाउं कु भन्ये। तर यहवेको बचन् मं थांइ येसो भन्दै आयो तैंले
अग्घोर् गरिकन रगत् बहाइस् अनि ठुलो ठुलो लड़ाईं गरिस्. तैंले ८
मेरो सांमु पृथीवीमां बिग्रै रगत् बहायेको कारणले मेरो नाउंको लागि घर्
बनाउंनु पाउंदैनस्. हेर् तेरो लागि येउटा छोरो जन्मंछ जो बिश्रामको ९
मान्छे हुंछ अनि मं त्येसलाइ त्येका चारै पट्टिका सबै सत्रुहरु देखि बिश्राम्
दिंछु. कसोगरिभन्ये त्येको नांउचइं सुलैमान्ने[1] हुंछ अनि त्येसका दिनमां
इस्राएललाइ कुशल् र चैन् दिंछु. त्येसैले मेरो नांउको लागि घर् बनाउंछ १०

[1] अर्थात् कुशलको।

अनि त्यो मेरो छोरो हुंछ अनि मं चइं त्येस्को बाबु हुंछु अनि मं त्येस्को
११ राज्को सिंहासन् इस्राएल् मांथि सदाको लागि स्थिर् गर्छु भनि । त अब ए
मेरो छोरा यहूवे तं सङ हवस् अनि भाग्येमान् हो अनि उस्ले तेरो विषयमां
१२ भन्येको अनुसार् तेरो ईश्वर् यहूवेको घर् बना । खालि यहूवेले मांत्रै
तुलाइ ज्ञान् र बुद्धि देवस् अनि इस्राएल्को विषयमां तलाइ रत्ते देवस् र
१३ येसोरि तैंले आफ्नु ईश्वर् यहूवेको व्यवस्था मान् । तब तैंले यहूवेले
इस्राएल्को विषयमां मूसालाइ आज्ञा दियेका विधि र नियाबचन्
गर्नुलाइ मानिस् भन्ये देखि तं भाग्येमानी हुन्छस् . हूप् बांधि बल्लियो हो
१४ यरहरि न हो । त अब हेर् मैंले आफ्नु क्लेशमां यहूवेको घरको लागि
एक् लाख् तोड़ा सुन् र दस् लाख् तोड़ा चांदी र तिनको अगघोरेडैंको
कारणले बिजोखाईका पीतल् र फलम् तियार् पारि राख्येको छु . काठ्
पनि ढुंगा पनि मैंले तियार् पारि राख्येको छु अनि अरु पनि तैंले बढ़ाउंनु
१५ सकद् छस् । येस् उपरान्त कारिगरहरु तं सङ धेरै छन् ढुंगा र काठहरु
१६ काट्ने कूंदने अनि सबै रकमका काममां सिपालु सिपालुहरु सबै सुन्
चांदी पीतल् फलमको गन्ति छैन उठ् काम् गर् अनि यहूवे तं सङ रहोस् ।
१७ दाऊद्ले इस्राएलका सबै मालिकहरुलाइ पनि येसो भन्दै आफ्नु छोरो
१८ सुलैमानको गोहार् गर्नुलाइ अह्रायो के तिमिहरुको ईश्वर् यहूवे
तिमिहरु सङ छैन . के उस्ले तिमिहरुलाइ चारै तिर चैन् दियेको छैन
कसोगरिभन्ये उस्ले देसका बासीहरुलाइ मेरो हातमां सुम्पि दियेको छ
१९ अनि देस् यहूवेको सांमु र उस्का लोगको सांमु तार्बिमां पार्येको छ । त
अब आफ्नु हिर्दय् र आफ्नु मन् आफ्नु ईश्वर् यहूवेलाइ खोजनुलाइ
लगाव त उठ अनि ईश्वर् यहूवेको पवित्र स्थान् बनाव यहूवेको नांउको
लागि बनाइंने घरमां यहूवेको नियमको सम्पट् र ईश्वरका पवित्र भांड़ा
बर्तनहरु राख्नुको लागि ॥

२३ १ तब दाऊद् बूढ़ो र दिन् धेरै खायेको भयो तब त्येस्ले आफ्नु छोरो
२ सुलैमानलाइ इस्राएल् मांथि राजा तुल्यायो । फेरि त्येस्ले इस्राएलका सबै
३ मालिकहरुलाइ पूजाहारी र लेवीहरु समेतलाइ भेला गरायो । अनि जति
लेवीहरु तीस् बर्षका र त्यो भन्दा ऊंभोका थिये गनीयेका थिये . अनि सिर्
४ सिरगरि र मान्छे मान्छेगरि तिनिहरु अड़तीस् हजार् थिये । तिनिहरुमांका
चौबीस् हजार् यहूवेको घरको काम् चलाउंनुको लागि थिये अनि छ हजार्
५ मालिक् र बिचारीहरु थिये . फेरि चार् हजार् दुवारपाल् थिये फेरि चार्
हजार् ति बाजाहरुले यहूवेको स्तुति गर्नुको लागि ठहराईये जो मैंले
६ स्तुति गर्नुको लागि बनाउंनु लगायें । फेरि दाऊद्ले तिनिहरुलाइ गेर्शोन्
कहात् र मरारी नांउ भयेका लेवीका छोराहरुलाइ पालो पालोगरि बांड़ि
७ दियो । गेर्शोनीहरुमांका लादान् र शिमी । लादानबंशीहरु यहीएल् मुखिया
८ फेरि जेताम् र योएल् तीन् जना । शिमीबंशीहरु शलोमीत् हजीएल् र
हारान् तीन् जना । लादानका पितृहरुका जहान् जहानका मूल मूलहरु थिने

थिये । फेरि शिमीवंशीहरू महत् जीना यूश् र बरीआ । शिमीका छोराहरू १०
थिने चार् जना थिये । यहत् मुखिया थियो अनि दोस्रो जीजा . तर यूश् र ११
बरीआका धेरै छोराहरू थियेनन् येस्कारण् तिनिहरू पित्रहरूको एकै जहान्
गनीये । कहात्का छोराहरू अम्राम् यिस्हार् हेब्रोन् र उज्जीएल् चार् १२
जना । अम्रामका छोराहरू हारून् र मूसा . अनि हारून् चहुं त्यो आफै र १३
त्येका सन्तान् सदाको लागि परम् पवित्र थोक् पवित्र गरोस् र यहवेको
सांमु धूप् हालोस् अनि उस्को सेवा गरोस् अनि सदाको लागि उस्को
नांउले आशीर्वाद् देवस् भन्ये खातिर्ले कुटाईयो । त ईश्वर्को जन् मूसा १४
चहुंको विषयमां त्येसका छोराहरूका नांउ लेवीको कुलमां गनीये । मूसाका १५
छोराहरू गेर्शोम् र एलीएजेर् । गेर्शोमका छोराहरू शबूएल् मुखिया । अनि १६ १७
एलीएजेरका छोराहरू रहब्याह् मुखिया । अनि एलीएजेर्को ता अरु कोई
छोरो थियेन तर रहब्याह्का धेरै छोराहरू थिये । यिस्हारका छोराहरू १८
शलोमीत् मुखिया । हेब्रोनका छोराहरू मुखिया चहुं यरिय्याह् दोस्रो १९
अमर्याह् तीस्रो यहजीएल् अनि चौथो यकमाम् । उज्जीएलका छोराहरू २०
मीका मुखिया र यिशिय्याह् दोस्रो । मरारीका छोराहरू महली र २१
मूशी । महलीका छोराहरू एलाजार् र कीश । एलाजार् ता निपुत्र भइ २२
मरि गयो त्येस्की खालि छोरीहरू मात्रै थिइन् . त् कीशका छोराहरू जो
तिनिहरूको कान्काबाबुका छोराहरू थिये तिनैहरूले तिनिहरूलाइ ब्याहा
गर्ये । मूशीका छोराहरू महली एदेर र यरेमोत् तीन् जना । जो जो २३ २४
यहवेको घर्को सेवाको काम् गर्न थिये अर्थात् सिर् सिर् गरि नांउ नांउ
काड़ि गनीयेकाहरू तिनिहरूका पित्रहरूका घर्का मूल् मूल् आफ्ना आफ्ना
पित्रहरूको जहान् अनुसार् बीस् वर्षको र त्यो भन्दा ऊंभोका लेवीवंशीहरू
थिनै हुन् । किनभन्ये दाऊद्ले भन्येको थियो इस्राएल्को ईश्वर् २५
यहवेले आफ्नु लोगलाइ चैन् दियेको छ अनि उसैले यरूशलेम्मां सदाको
लागि बास् गरि रहंद छ . येस् उपरान्त लेवीहरूले फेरि फेरि बास्थान् र २६
त्येका सेवाको लागिका सबै सादाम् थोकनु पर्दैन । कसोगरिभन्ये २७
दाऊद्का पछिल्ला कुरा अनुसार् बीस् वर्षका र त्यो भन्दा ऊंभोकाहरू
लेवीवंशीहरू गनीयेका थिये । किनभन्ये तिनिहरूले गर्नु पर्ने काम् थि २८
थिये अर्थात् हारूनवंशीहरूको सेवा टहल् गर्नुलाइ आघनहरूमां र कोठा
कोठामां र सबै पवित्र थोक् शुद्ध गराउंनुमां यहवेको घर्को सेवाको
लागि अं ईश्वर्को घर्को सेवाको काम् भेटिको रोटीको लागि पनि र २९
अन्नबालिको अस्सल पीठोको लागि को अखमीरे क्राकर्को कि ताईमां
पोल्येका कि भिजायेका अनि सबै रकम्को नाप् र ठप्को फेरि विहान् ३०
विहान् यहवेको धन्यवाद् र स्तुतिको लागि उभीनुलाइ अनि उइपरिले
बेलुका बेलुका पनि अनि विश्राम् विश्राम् र दुतिया दुतियामां र ३१
ठहराईयेको चाड्मां तिनिहरूको विषयमांको नियम् अनुसार् हिसाप्
हिसाप् गरि यहवेको सांमु सधैंभरि यहवेको लागि सबै होमबलिदान्

३२ चढाउंनुलाइ . अनि मेट् हुंने डेराको गडाई र पवित्र स्यान्को गडाई र
तिनिहरुका दाज्युभाई हारुनवंशीहरुको गडाई र यहवेको घरको
सेवागराईको लागि गर्ने गरुन् भन्ये खातिरले ॥

२४ १ फेरि हारुनवंशीहरुको पालो । हारुनका छोराहरु नादाव् अबीहू
२ एलाजार् र ईतामार् । तर नादाव् र अबीहू आफ्नु बाबु भन्दा अगाडि
निपुत्र भइ मंरे . यैकारण पूजाहारीगिरिको काम् एलाजार् र ईतामारले
३ गरे । एलाजारको वंशावली सादोक् र ईतामारको वंशावली अहीमेलेक्
सङ दाऊदले तिनका आफ्नु आफ्नु निज् सेवा अनुसार् पालो पालोगरि
४ ठहरायो । जब एलाजारवंशीहरुका मुखियाहरु ईतामारवंशीहरुका
मुखियाहरु धेरै निकल्ये त यैसोरि बांड्नीयेका थिये . अर्थात् एलाजारवंशीहरु
पित्रहरुका जहान् जहान्का मूल मूल अनुसारका सोह्र जना अनि
५ ईतामारवंशीहरुका तिनका पित्रहरुका जहान् अनुसार् आठ् जना । यैसोरि
एका अर्का बराबर् चिट्ठा हालि हालिकन छुट्याईये किनभन्ये एलाजार् र
६ ईतामार् दुवैका वंशमां पवित्रस्यान्का मालिकहरु र ईश्वरका मालिकहरु
थिये । अनि एलाजारवंशाहरुको जहान्का पित्रहरुको लागि चिट्ठा निस्को
फेरि ईतामारवंशीको लागिको चिट्ठा निस्को . लेवीवंशीमांका नतनेल्
सेटरको छोरो शमायाहले राजा र मालिकहरु र सादोक् पूजाहारी र
एब्यातारको छोरो अहीमेलेक् र अरु पूजाहारीहरु र लेवीहरुका पित्रहरुका
७ जहानहरुका मूलहरुको सांमु नांउ लेख्यो । पहिलो चिट्ठा यहोयारीबको
८ दोस्रो यदायाहको नांउमां निकल्यो तीस्रो चइं हारीमको अनि
९ चौथो सोरीमको पांचौं मल्कियाहको छैठो मिय्यामीनको सातौं
१० हक्कोसको आठौं अबियाहको नवं येशूअको दसौं शकन्याहको
११ एघारौं एल्याशीबको बाह्रौं याकीमको तेह्रौं हुप्पाको चौधौं
१२ येशेबाबको पन्द्रौं बिल्गाको सोह्रौं इम्मेरको सत्रौं हेजीरको अठारौं
१३ हप्पिस्सेसको उनीसं पतह्याहको बीसं यहेजकेलको एकाईसं याकीनको
१४ बाईसं गामूलको तेईसं दलायाहको चौबीसं माज्याहको नांउमां
१५ निकल्यो । तिनको सेवाको सेवागराईको पालो येइ ठहराईयो अनि
येइ रीत् थित तिनिहरुले इस्राएलको ईश्वर् यहवेको आज्ञा अनुसार्
आफ्नु पित्र हारुनले चलायेको नियममांने यहवेको घरमां जांने
गर्द थिये ॥

२० फेरि बांकि लेवीवंशीहरुको पालो यि थिये . अर्थात् अम्रामवंशी
२१ शूबाएल् शूबाएलको वंशमांको येहदयाह । रहब्याहको . रहब्याहवंशीमांको
२२ यिशिश्याह् मुखिया । यिसहारीहरुममांको . शलोमोत् शलोमोतको
२३ वंशमांको . यहत् । अनि हेब्रोनवंशीमांको मुखिया यरिय्याह् दोस्रो
२४ अमर्याह् तीस्रो यहजीएल् चौथो यकमाम् । उज्जीएलवंशी मीका मीकाको
२५ वंशमांको शामीर् । मीकाको भाई यिशिश्याह् . यिशिश्याहको वंशमांको
२६ जकर्याह् । मरारीवंशी महली र मूशी . यासिय्याह् वंशी बनोह् ।

मरारीवंशीहरुमांको याजिय्याह् बनोह् शोहम् जक्कूर् र इब्री । महलीको २८
लाजार् जस्को कोई छोरा थिएन । कीश्को कीश्वंशी यरह्मेल् । अनि २९
मूशीवंशीहरु महली एदेर् र यरीमोत् । आफ्ना आफ्ना पित्रहरुका जहान्
अनुसार् लेवीवंशीहरु थिने थिये । अनि जस्तो तिनिहरुका दाजुभाईहरुले ३१
दाऊद् राजा र सादोक् र अहीमेलेक् र पूजाहारीहरु र लेवीहरुका
पित्रहरुका जहान् जहान्का मूल मूलहरुको सांमु चिट्ठा हालनु लगाये
त्येस्तै तिनिहरुले पनि गरे अर्थात् तिनिहरुका पित्रहरुका जहान्
जहानहरुमांका जेठा जेठा र कान्का कान्का बराबरगरि ॥

फेरि दाऊद् र सेनापतिहरुले आसाप् हेमान् र यदूतूनका कति २५ १
छोराहरुलाइ सेवाको लागि अलग् गरे वीणा मृदङ्ग र झयाम्टा बजाउंदै
भजन् गरुन् भन्येर . अनि तिनिहरुको सेवा अनुसार् काम् गर्नेहरुको
गन्ति थेइ थियो . आसापका छोराहरुमांका जक्कूर् योसेप् नतन्याह् र २
अशरेला आसापका छोराहरु आसापको खटनमां थिये जस्ले राजाको आज्ञा
अनुसार् भजन् गर्ने थिये । यदूतूनका . यदूतूनका छोराहरु गदल्याह् सरी ३
यशायाह् हश्ब्याह् मत्तित्याह् ६ जना आफ्नु बाबु यदूतूनको खटनमां
भइकन यहूवेको धन्यवाद् र स्तुति गर्दै भजन् गर्ने र वीणा बजाउंद थिये ।
हेमानका . हेमानका छोराहरु बुक्कियाह् मत्तन्याह् उज्जीएल् शबूएल् ४
यरीमोत् हनन्याह् हनानी एलीआता गिद्दल्ती रोममतीएजेर् योश्बकाशा
मल्लोती होतीर् र महजीओत् . यि सबै हेमानका छोराहरु थिये जो राजाका
दर्शी भइ ईश्वरको बचन् सुनाउंनु र सींग् उठाउंनुको लागि थिये । अनि
ईश्वरले हेमानलाइ चौदह् छोराहरु र तीन् छोरीहरु दियो । यि सबै ६
यहूवेको घरमां गानको लागि ईश्वरको घरमां सेवा गर्नुको लागि
झयाम्टा मृदङ्ग र वीणा लिइ आफ्नु बाबुको खटनमां रहंद थिये अरि
आसाप् यदूतून् र हेमान् राजाको खटनमां रहंद थिये । अनि ति सबै को ७
गन्ति तिनका दाजुभाईहरु समेत् जुनहरुले यहूवेको गीत् सिकेका थिये
सब जति जना सिपालुहरु थिये तिनिहरु दुइ सै र अठासी जना थिये ।
अनि तिनिहरुले आफ्नु आफ्नु कामको लागि चिट्ठा हाल्द थिये जस्तो ८
बड़ाको लागि त्येस्ते छोटाको लागि जस्तो गुरुको लागि त्येस्ते चेलाको
लागि सबै बराबर् । तब पहिलो चिट्ठा आसापबंशी योसेपको नांउमां ९
निकल्यो . दोस्रो गदल्याहको जो आफ्ना दाजुभाईहरु र छोराहरु
समेत् बाह्र जना थिये . तेस्रो जक्कूरको त्येस्का छोराहरु र दाजुभाईहरु १०
समेत् बाह्र जना . चौथो यिस्रीको त्येस्का छोराहरु र दाजुभाईहरु समेत् ११
बाह्र जना . पांचौं नतन्याहको त्येस्का छोराहरु र दाजुभाईहरु समेत् बाह्र १२
जना . छैठो बुक्कियाहको त्येस्का छोराहरु र दाजुभाईहरु समेत् बाह्र १३
जना . सातौं यसरेलाको त्येस्का छोराहरु र दाजुभाईहरु समेत् बाह्र जना . १४

[१] र गिनी पद १७ हेर ।

१५ आठौं यशायाहको त्येस्का कोराहरु र दाज्युभाईहरु समेत बाह्र जना.
१६ नवं मत्तन्याहको त्येस्का कोराहरु र दाज्युभाईहरु समेत बाह्र जना.
१७ १८ दसौं शिमीको त्येस्का कोराहरु र दाज्युभाईहरु समेत बाह्र जना. एघारौं
१९ अजरेलको त्येस्का कोराहरु र दाज्युभाईहरु समेत बाह्र जना. बाह्रौं
२० हशब्याहको त्येस्का कोराहरु र दाज्युभाईहरु समेत बाह्र जना. तेह्रौं
२१ शूबाएलको त्येस्का कोराहरु र दाज्युभाईहरु समेत बाह्र जना. चौधौं
२२ मत्तित्याहको त्येस्का कोराहरु र दाज्युभाईहरु समेत बाह्र जना. पन्द्रहौं
२३ यरेमोतको त्येस्का कोराहरु र दाज्युभाईहरु समेत बाह्र जना. सोह्रौं
२४ हनन्याह त्येस्का कोराहरु र दाज्युभाईहरु समेत बाह्र जना. सत्रहौं
२५ योशब्काशाको त्येस्का कोराहरु र दाज्युभाईहरु समेत बाह्र जना. अठाह्रौं
२६ हनानीको त्येस्का कोराहरु र दाज्युभाईहरु समेत बाह्र जना. उनीसं
२७ मल्लोतीको त्येस्का कोराहरु र दाज्युभाईहरु समेत बाह्र जना. बीसं
२८ एलियाताको त्येस्का कोराहरु र दाज्युभाईहरु समेत बाह्र जना. एक्काईसं
२९ होतीरको त्येस्का कोराहरु र दाज्युभाईहरु समेत बाह्र जना. बाईसं
३० गिद्दलतीको त्येस्का कोराहरु र त्येस्का दाज्युभाईहरु समेत बाह्र जना। तेईसं
३१ महजीओतको त्येस्का कोराहरु र दाज्युभाईहरु समेत बाह्र जना। चौबीसं
चइं चिट्ठी रोममतीएजेरको नांउमां निकल्यो जस्का कोराहरु र
दाज्युभाईहरु समेत बाह्र जना॥

२६ १ दुवारपालहरुको पालो. आसापुत्रशोहरुमांको कोरेको छोरो
२ कोरहीहरुमांका मशेलेम्याह। मशेलेम्याहका यि छोराहरु थिये जेठो चइं
३ जकर्याह माइलो यदीएल सांइलो जबद्याह कांइलो यत्नीएल अन्तरे
४ एलाम जन्तरे यहोहानान काम्को चइं एल्यहोएनै। फेरि ओबेदेदोमका
छोराहरु यि थिये जेठो चइं शमायाह माइलो यहोजाबाद सांइलो
५ योआह कांइलो साकार अन्तरे नतनेल जन्तरे अम्मीएल खन्तरे
यिस्साकार र काम्को चइं पुल्लतै. कसोगरिभन्ये ईश्वरले त्येस्लाइ आशीष
६ दियेको थियो। अनि त्येस्को छोरो शमायाहका पनि छोराहरु जन्मे
जो महावीर हुनाको कारणले आफनु पित्रको घर मांथि प्रभुतई
७ गर्द थिये। शमायाहका छोराहरु ओत्नी रपाएल ओबेद एलजाबाद र
८ तिनको भाई एलीहू र समक्याह जो बल्लिया बल्लिया थिये। ओबेदेदोमका
थिने सबै छोराहरु थिये. आफना आफना छोराहरु र दाज्युभाईहरु समेत
बासठ जना थिये तिनिहरु आफनु सेवाको कामको लागि बल्लिया
९ बल्लियाहरु थिये। फेरि मशेलेम्याहका पनि अठारह बल्लिया बल्लिया
१० छोराहरु र दाज्युभाईहरु थिये। फेरि मरारीवंशी होसाका छोराहरु थिए
अर्थात मुखिया चइं शिम्री जो जेठो होइन र पनि त्येस्को बाबुले त्येस्लाइ
११ मुखिया तुल्यायो दोस्रो हिल्कियाह तेस्रो तबल्याह र चौथो
जकर्याह. होसाका सबै छोराहरु र दाज्युभाईहरु मिलाइ तेरह जना
१२ थिये। दुवारपालेकामको पालो थिने मुखिया मुखियाका थिये आफना

आफ्ना भाईहरु सङ यहूवेको घर्मां सेवाटहल् गर्ने गर्नुको लागि । यि १३
मन्नैले को सांना को ठुला आफ्ना आफ्ना पित्रहरुका घर् घर् अनुसार्
एक् एक् ठोकाको पहराको लागि चिट्ठा हाल्थे । पूर्व तिरको पहराको १४
चिट्ठा शेलेम्याहूको निकल्यो । तब तिनिहरुले त्येस्को छोरो जकर्याहूको
नांउको चिट्ठा हाल्थे जो बुद्धिमान् मंत्री थियो त त्यो त्येस्को उत्तर् तिरको
पहराको लागि निकल्यो । तब दक्खिन् तिरको पहराको लागि ओबेदेदोम्को १५
अनि त्येस्का छोराहरुमां भंड़ारेकोठाको पहराको । फेरि शुप्पीम् र होसाको १६
पच्छिउं तिरको पहराको तिनिहरुले शल्लेकेत् भनींने ठोकाको छेउको
उकालो लाग्ने सटक्मां सांमु सांमु पहरा दिंनुको लागि । पूर्व पट्टि छ १७
जना लेवीहरु उत्तर् तिर दिन् दिन् चार् चार् जना दक्खिन् तिर पनि दिन्
दिन् चार् चार् जना र भंड़ारेकोठाको लागि दुइ दुइ जनागरि । पच्छिउं
तिरको पर्वार् भनींने ठांउमां सटक्को छेउमां चार् जना अनि पर्वारैको १८
छेउमां दुइ जना । दुवारपाल्हरुका पाला यिनै थिये कोरह्बंशीहरुमांका १९
र मरारीबंशीमांका ॥

फेरि लेवीहरुमांका ईश्वरको घरको भंड़ार् मांथि र पवित्र कामको २०
लागि अलग् कुद्याथेका थोकको भंडार् मांथि अहिय्याह् अधिकारी ठहरा-
ईथेको थियो । लादान्बंशीहरु जो गेर्शोनी लादान्को भयेको पित्रहरुका २१
घर् घरका मूल् मूल् लादान्का भयेका गेर्शोन्बंशीहरुका यहीएली ।
यहीएलीबंशी यहूवेको घरको भंड़ार्हरुका अधिकारी जेताम् र त्येस्को २२
भाई योएल् । अम्रामीहरु यिस्हारीहरु हेब्रोनीहरु र उज्जीएलीहरुमांका . २३
अनि शबूएल् जो मूसाको छोरो गेर्शोम्का बंशमांको थियो त्यो भंड़ार्हरु २४
मांथिको अधिकारी थियो । त्येस्का दाज्युभाईहरु एलीएजेर्का छोराहरु
रहब्याह् त्येस्को छोरो यशायाह् त्येस्को छोरो योराम् त्येस्को छोरो जिक्री
त्येस्को छोरो शलोमोत् । येइ शलोमोत् आफ्ना दाज्युभाईहरु समेत् ति २६
मन्नै पवित्र कामको लागि अलग् कुद्याईथेका थोकका भंड़ार्हरु मांथिका
अधिकारीहरु थिये जुन्हरुलाइ दाऊद् राजा र पित्रहरुका घर् घरका
मूलहरु र महल्पतिहरु र शतपतिहरु र सेनापतिहरुले अलग् गर्थेका थिये ।
लड़ाईंमां पाईथेका लूटमांको तिनिहरुले यहूवेको घरको मरम्मत्को २७
पवित्र कामको लागि अलग् गर्द थिये । अनि जे जे शमूएल् दर्शी २८
र कीस्को छोरो शाऊल् र नेर्को छोरो अब्नेर् र सरूयाहको छोरो
योआबले पवित्र कामको लागि अलग् गर्द थिये अं जस् जस्ले जे जे पवित्र
कामको लागि अलग् गर्द थिये ति सबै शलोमेत् र त्येस्का भाईहरुको
अधिकारमां थिये । फेरि यिस्हारीहरुमांका छोराहरु समेत् कनन्याह् २९
इस्राएल्का बाहरे काम अर्थात् मालिक् र बिचारीका काम् गर्नलाइ ठहराये ।
अनि हेब्रोनीहरुमांका हशब्याह् र त्येस्का दाज्युभाईहरु जो सत्रह् सै महाबीरहरु ३०
थिये तिनिहरु यहूवेको सबै काम् र राजाको चाकरीको बिषय् यर्दन्को पच्छिउं
तिर रहने इस्राएल्को बिषयमां रखे गर्नेहरु थिये । अनि हेब्रोनीहरुमांको ३१

मुखिया चइं यरिय्याह् थियो अं हेब्रोनीहरुमांका तिनिहरुको पुस्ता
अन्सार् तिनिहरुका पित्रहरुका घर् घर् अन्सार् गरि। दाऊद्को राज्को
चालीसैं बर्षमां तिनिहरु खोजीयेका थिये अनि गिलाद्को याजेर्मां
३२ भयेका महाबीर्हरु तिनिहरुमां पाईयेका थिये। अनि त्येस्का दाज्युभाईहरु
जुन्हरुलाइ दाऊद् राजा देखि ईश्वर्को बिषय्का सबै कुरा र राजाको कुराको
बिषय्मां रूबेनीहरु र गादीहरु र मनश्शेहरुको आधा कुल् मांथि रक्षे
गर्नुको लागि ठहराईयेके थिये ति द्वुइ हजार् र सात् सै जना थिये सबै
आफ्ना आफ्ना पित्रहरुका घर् घर्का मूल् मूल् थिये॥

(देस्को प्रबन्ध)

२७ १ फेरि पित्रहरुका घर् घर्का मूल् मूल्हरु र सहस्रपतिहरु र
शत्पतिहरु र पालो पालोगरि सबै बिषय्मां राजाको सेवाटहल् गर्ने
मालिक्हरु समेत् इस्राएल्बंशीहरुको गन्ति येइ हो. बर्षदिन्मां एक् एक्
महीना आउंने जांने गर्द थिये एक् एक् पालोमां चौबीस् हजार्
२ जना थिये। पहिलो महीनाको लागिको पहिलो पालोको अधिकारी
जब्दीएल्को छोरो याशोबाम् भयो. त त्येस्को पालोमां चौबीस् हजार्
३ थिये। त्यो पेरेस्बंशीको थियो अनि पहिलो महीनाको पालोको लागि
४ सबै सेनापतिहरुको मालिक् भयो। अनि दोस्रो महीनाको पालोको
अधिकारी अहोहीदोदै थियो त्येस्को पालोमां मिक्लोत् भन्ने येउटा मालिक्
५ थियो अनि दोदैको पालोमां चौबीस् हजार् थिये। तीस्रो महीनाको
लागि तीस्रो सेनापति यहोयादा पूजाहारीको छोरो बनायाह् मुखिया
६ थियो. अनि त्येस्को पालोमां चौबीस् हजार् थिये। यो त्येइ बनायाह्
हो जो ति तीसैमां महाबीर् थियो अनि तीसैमां श्रेष्ठ थियो. अनि
त्येस्को पालोमां त्येस्को छोरो अम्मीजाबाद् थियो। चौथो महीनाको
७ लागि योआब्को भाई असाहेल् चौथो सेनापति थियो अनि त्येस् पछि
त्येस्को छोरो जबद्याह्. अनि त्येस्को पालोमां चौबीस् हजार् थिये।
८ पांचौं महीनाको लागि पांचौं सेनापति यिज्राहीबंशी शम्हूत् थियो.
९ अनि त्येस्को पालोमां चौबीस् हजार् थिये। छैठो महीनाको लागि छैठो
सेनापति तकोई इक्केश्को छोरो ईरा थियो. अनि त्येस्को पालोमां
१० चौबीस् हजार् थिये। सातौं महीनाको लागि सातौं सेनापति एप्रैम्बंशी
पालोनी हेलेस् थियो. अनि त्येस्को पालोमां चौबीस हजार् थिये।
११ आठौं महीनाको लागि आठौं सेनापति जेरह्को बंशमांको हूशातो
१२ सिब्बकै थियो. अनि त्येस्को पालोमां चौबीस हजार् थिये। नवं
महीनाको लागि नवं सेनापति बिन्यामीन्बंशीहरुको अनातोती अबीएजेर
१३ थियो. अनि त्येस्को पालोमां चौबीस् हजार् थिये। दसौं महीनाको
लागि दसौं सेनापति जेरह्बंशी नतोपाती महरै. अनि त्येस्को पालोमां
१४ चौबीस् हजार् थिये। एघारौं महीनाको लागि एघारौं सेनापति एप्रैम्बंशी

पिरातोनी बनायाह् . अनि त्येस्को पालोमां चौबीस् हजार् थिये । बाह्रौं १५
महीनाको लागि बाह्रौं सेनापति ओत्नीएल्बंशी नतोपाती हेल्दे . अनि
त्येस्को पालोमां चौबीस् हजार् थिये ॥

फेरि इस्राएली कुल्हरु मांथि यिनिहरु मालिक् थिये . अर्थात् १६
रूबेनीहरुको मालिक् जिक्रिको छोरो एलीएजेर् . शिमोनीहरुको माकाको
छोरो शपत्याह् लेवीको कमूएल्को छोरो हशब्याह् . हारून्को १७
सादोक् . यहूदाको एलीहू नांउ भयेको दाऊद्को येउटा दाज्यू . इस्साकार्को १८
मीकाएल्को छोरो ओम्री . जबूलून्को ओबद्याह्को छोरो यिश्मायाह् .
नप्तालीको अज्रीएल्को छोरो यरीमोत् . एप्रैमबंशीहरुको अजज्याह्को २०
छोरो होशे . मनश्शेको आधा कुल्को पदायाह्को छोरो योएल् . गिलाद्मां २१
बस्ने मनश्शेको अर्को आधाहरुमांको जकर्याह्को छोरो इद्दो . बिन्यामीन्को
अब्नेरको छोरो यासीएल् . दान्को यरोहाम्को छोरो अजरेल् इस्राएल्का २२
कुल्का मुखियाहरु यिनैहरु थिये । तर दाऊदले बीस् बर्षकाहरुको र त्यो २३
भन्दा मुनिकाहरुको गन्ति गर्येन . किनभन्ये यहूवेले मं इस्राएल्लाइ
आकाशका ताराहरु झैं बढाउंछु भन्येर भन्येको थियो । सरूयाह्को छोरो २४
योआब्ले गन्ति गर्नु ता थाल्यो तर तुर्येन येस्कारण इस्राएल् मांथि
रिस् पर्यो अनि यो गन्ति दाऊद् राजाको इतिहास्को बखान्मां
लेख्येको थियेन ॥

अनि राजभंडार्को अधिकारी अदीएल्को छोरो अज्मावेत् थियो . २५
अनि बाहिर फेरीका सहरहरु बस्तीहरु र किल्लाहरुका भंडार्हरुको अधिकारी
उज्जियाह्को छोरो यहोनातान् थियो . अनि भूमिको खेतिकिसान् २६
गर्नेहरुको अधिकारी कलूब्को छोरो एज्री थियो . अनि दाख्का २७
बारीहरुको अधिकारी रामाती शिमी थियो . अनि दाख्को बारीको
उप्जनी जो दाख्मद्को भंडार्मां राख्नुको लागि हुंद थियो त्येस्को
अधिकारी शिप्मी जब्दी थियो . अनि भद्राले र नेभारा बेंसि बेंसिका २८
रूखहरुको अधिकारी गेदेरी बाल्हानान् थियो . अनि तेल्का भंडार्हरुको
अधिकारी योआब् थियो . अनि शारोन् नांउ भयेको खर्कमां चर्ने गाई २९
गोरुहरुको अधिकारी शारोनी शित्रै थियो . अनि तरि तरिमां चर्ने
गाईगोरुको अधिकारी अद्लैको छोरो शापात् थियो . अनि ऊंटहरुको ३०
अधिकारी इश्माएली ओबील् . अनि गदहीहरुको अधिकारी मेरोनोती
येह्दयाह् . अनि भेंडाब्राख्राहरुको अधिकारी हग्री याजीज् थियो । ३१
दाऊद् राजाका धनसम्पत्तिका अधिकारीहरु यिनै सबै थिये ॥

अनि दाऊद्को भतीजो योनातान् बूझकि मंत्री थियो अनि शास्त्री ३२
पनि थियो . अनि हक्मोनीको छोरो यहीएल् राजपुत्रहरु सङ रहने गर्द
थियो . अनि अहीतोफेल् चइं राजाको मंत्री थियो . अनि एर्कको हूशे ३३
राजाको मित्र थियो . अनि अहीतोफेल् पछि बनायाहको छोरो यहोयादा र ३४
एब्यातार् थियो . अनि राजाको सेनापति योआब् थियो ॥

(दाऊदको मंरम्)

२८ १ अनि दाऊदले इस्राएलका सबै मालिकहरू र कुलका मालिकहरू
र पालो पालोगरि राजाको चाकरी गर्ने गठ्ठाका कप्तानहरू र सहस्रपतिहरू
र शतपतिहरू र राजाको र त्येका छोराहरूको धनसम्पत्ति र सबै पशुहरू
मांथिका अधिकारीहरू मेहेरीहरू समेत् र बीरहरू अं सब्बै महाबीरहरूलाइ
२ यरूशलेममां भेला गरायो । तब दाऊद् राजाले आफ्ना गोड़ामां उभीएर
भन्यो हे मेरा भाईहरू र हे मेरा प्रजाहरू हो मेरो सुन . मं चइं अं मेरै
मनमां यहूवेको नियमको सम्पट्को लागि र ईश्वरको चरणपिराको लागि
विश्रामको येउटा घर् बनाउंने मन् थियो अनि मैंले बनाउंनुको लागि
३ तियार् पार्नेर राख्नेको थियें पनि । तर ईश्वरले मंलाइ भन्यो तं लड़ाईंको
मान्छे छस् अनि तैंले रगत् बहाइस् येस्कारण् तैंले मेरो नांउको लागि
४ घर् बनाउंनु पाउंदैनस् । तैपनि इस्राएलको ईश्वर् यहूवेले इस्राएल् मांथि
सदाको लागि राजा हुंनुलाइ मेरो बाबुको सिंगै जहान् देखि मं चइंलाइ
छान्यो . किनभन्ये उस्ले यहूदाचइंलाइ मालिक् हुंनुको लागि
छान्येको छ अनि यहूदाको जहान्मां मेरो बाबुचइंको जहान्लाइ
अनि मेरा बाबुका छोराहरूमांको मंचइंलाइ सिंगै इस्राएल् मांथि राजा
५ तुल्याउंनुको लागि उस्लाइ जाति लाग्यो . अनि मेरा सबै छोराहरूमांका
(किनभन्ये यहूवेले मंलाइ धेरै छोराहरू दियेको छ) उस्ले यहूवेको
राजको सिंहासनमां इस्राएल् मांथि बस्नुलाइ मेरो छोरो सुलैमानचइंलाइ
६ छान्येको छ । अनि उस्ले मंलाइ भन्येको छ तेरो छोरो सुलैमानचइंले मेरो
घर् र मेरो आंगन् बनाउंछ . किनभन्ये मैंले त्येस्लाइ मेरो छोरो हुंनुको
७ लागि छान्येको छु अनि मं त्येको बाबु हुंछु । अनि त्येस्ले आजुको दिन्
जस्तो मेरो आज्ञा र मेरो नियम् मान्नुलाइ थ्यिर् भयो भन्ये देखि मं
८ सदाको लागि त्येको राज् थ्यिर् गर्छु भनि । त अब यहूवेको मंडली सिंगै
इस्राएलको सांमु अनि हांमिहरूको ईश्वरले सुन्नेगरि आफ्नु ईश्वर् यहूवेका
सबै आज्ञा खोज्नेर मान . र तिमिहरू येस् जाति देसको अधिकारी हव
अनि तिमिहरूको पछि आउंने आफ्ना छोराहरूलाइ सदाको लागि किपट्
९ गरि देव । अनि ए मेरो छोरा सुलैमान् तंचइंले आफ्नु बाबुको ईश्वरलाइ
जान् अनि सिद्ध हिर्दय् र मान्ने मनले उस्को सेवा गर् . किनभन्ये यहूवे
सबै हिर्दय् खोज्ने छ अनि विचारको सबै भेद् बूझने उइ छ . उस्लाइ
खोजिस् भन्ये उ तं देखि पाईंछ तर उस्लाइ छोड़िस् भन्ये उस्ले तंलाइ
१० सदाको लागि आफालि दिंछ । अब चंत रह् किनभन्ये यहूवेले तंलाइ
पवित्र स्थानको लागि घर् बनाउंनुलाइ छान्येको छ . बलियो हो अनि
त्यो गर् ॥ ✓

११ तब दाऊदले आफ्नु छोरो सुलैमानलाइ मन्दिरको आंगनको र
त्येका घरहरूको र त्येका भंड़ारहरूको र त्येका मांथिल्लो तलाको र त्येको

भित्रेकोठाको र त्येस्को प्रायश्चित्तेठाउंको नपना दियो . अनि यह्वेको घर्को १२
आघन्को लागि र छेउछाउका सबै कोठाको लागि र ईश्वर्को घर्को
भंड़ार्हरुको लागि र पवित्र काम्को लागि अलग् छुद्यायेका थोकका
भंड़ार्हरुको लागि अनि ज्ये ज्ये त्येस्ले आत्मामां देख्यो त्येस्को नपना . फेरि १३
पूजाहारीहरु र लेवीहरुको पालो पालोको लागि र यह्वेको घर्को सेवाको
सबै काम्को लागि र यह्वेको घर्मां सेवाटहल्को सबै भांड़ाबर्तन्को
लागि . सुन्का भांड़ाबर्तन्को लागि जो सबै रकम्को सेवाको सबै भांड़ा १४
बर्तन्को लागि सुन् जोखिकन अनि चांदीका सबै बर्तन् अर्थात् सबै
रकम्को सेवाका सबै भांड़ाबर्तन्को लागि चांदी जोखिकन . सुन्को १५
पांनस् र त्येस्का दीयाहरुको लागि एक् एक् पानस् र त्येस्का दीयाको
लागि त्येस्को जोखाई अन्सार्को सुन् जोखिकन . अनि चांदीका पांनस्को
लागि गोटैपिच्छे सबै पांनस्को काम् अन्सार् एक् एक् पांनस् र त्येस्का
दीयाको लागि चांदी जोखिकन . अनि भेटि रोटीको गोटैपिच्छे मेज्को १६
लागि सुन् जोखिकन र चांदीको मेज्को लागि चांदी . अनि कांटा र १७
भांड़ाबर्तन् र कटौरा निखरा सुन्को . अनि सुन्को कटौराको लागि एक्
एक् कटौराको जोखाई अन्सार् अनि चांदीका कटौराको लागि एक् एक्
कटौराको जोखाई अन्सार् . अनि धूप्को बेदीको लागि अस्सल् सुन् १८
जोखिकन . अनि रथ्को नपनाको लागि अं पखेटा फिंज्यायेका करूब्हरु
जस्ले यह्वेको नियम्को सम्पट् ढाक्द थिये तिनको ढप्को लागिको
सुन् । दाऊद्ले भन्यो यि सबै अं यिनै नपनाका सबै काम्मां यह्वेको १९
हात्को लेखाईमां बुझाईये । अनि दाऊद्ले आफ्नु छोरो सुलैमान्लाइ २०
भन्यो बल्लियो हो हूप् बांध् यो गर् . न डरा थरहरि न हो . किनभन्ये
ईश्वर् यह्वे अं मेरै ईश्वर् तं सङ हुंछ उस्ले तंलाइ न धोखा दिंछ न तंलाइ
छोड़ि दिन्छ यह्वेको घर्को सेवाको सबै काम् न सिद्धीउंज्याल् सम्म ।
अनि हेर् ईश्वर्को घर्को सबै सेवाको लागि पूजाहारी र लेवीका पालाहरु २१
यिनै हुन् . अनि तं सङ सबै रकम्को काम्मां सबै रकम्को सेवाको लागि
सबै मन् पर्दा पर्दा र सिपालु सिपालु मान्छेहरु हुंछन् . मालिक्हरु र सबै
पर्जाहरु पनि तेरो पूरो आज्ञा मुनि रहंछन् ॥

फेरि दाऊद् राजाले सिंगै मंडलीलाइ भन्यो मेरो छोरो २९ १
सुलैमान् जस्लाइ मांत्रै ईश्वर्ले छान्येको छ अझै सांनै र कलीलो छ अनि
काम् चइं ठुलो छ . कसोगरिभन्ये त्यो महल् मान्छेको लागि होइन
तर यह्वे ईश्वर्को लागि छ । त मैंले आफ्नु पूरो शक्तिले आफ्नु २
ईश्वर्को घर्को लागि सुन्का थोकको लागि सुन् चांदीका थोकको लागि
चांदी पीतल्का थोकको लागि पीतल् फलम्का थोकको लागि फलम्
काठ्का थोकको लागि काठ् तियार् पार्येको छु . सुलैमानी ढुंगा
र बसाल्ने मनि अनि जड्ने काम्को लागि मनि र धेरै रङ्ग बिरङ्गको
मणि र सबै रकम्का मोति मूङ्गा र सङ्गमर्मर् औधिगरि । अनि ३

पनि मैले आफ्नु ईश्वरको घर सित प्रति राख्येको कारणले अनि मेरो
सुन चांदीको भंडार भयेको कारणले मैले पवित्र घरको लागि तियार
पार्येका सबै भन्दा बढ्ता यि पनि मं आफ्नु ईश्वरको घरको लागि
४ दिंद कु अं घरहरुका भित्ताहरु मोहोरनुको लागि सुनका तीन हजार
५ तोड़ा अं ओपेरको सुनको र अस्सल चांदीका सात हजार तोड़ा. सुनका
थोकको लागि सुन र चांदीका थोकको लागि चांदी र कारिगरका हातले
बनाईने सबै रकमका कामको लागि. त आजु यहूवेको लागि कस्ले
६ आफुलाइ पवित्र गर्नुलाइ मनमानी सित दिहालकु। तब पितृहरुका
घर घरका मालिकहरु र इस्राएलका कुलका मालिकहरु र सहस्रपति र
७ शतपति राजाको कामका कारन्दारीहरु समेतले मनमानीगरि दिये त
तिनिहरुले ईश्वरको घरको सेवाको लागि पांच हजार तोड़ा र दस हजार
अशर्फीको सुन अनि दस हजार तोड़ा चांदी र अठारह हजार तोड़ा पीतल
८ एक लाख तोड़ा फलम दिये। अनि जस जस्का मोती मूङ्गा पाईये गेर्शोनी
९ एहीएल्को हातमां यहूवेको घरको भंडारमां दिये। तहांदेखि लोगले
रमाइट गर्ये किनभन्ये तिनिहरुले मनमानीगरि दिये अनि यहूवेको
लागि तिनिहरुले मनमानी सित सिद्ध मनले दिंद थिये. अनि दाऊद
१० राजा पनि अगाडि रमाइट सित रमायो। तब दाऊदले सिंगे सभाको
सांमु यहूवेको धन्यवाद गर्यो. अनि दाऊदले भन्यो हे हांम्रा पितृ
११ इस्राएल्को ईश्वर यहूवे जुगजुग धन्यका हो। हे यहूवे बड़ाहुवाई
पराक्रम र महिमा र जय र विभव तपांइकै हुन्. कसोगरिभन्ये स्वर्ग र
पृथिवीमां जे कुन सबै तपांइकै हुन् हे यहूवे राज तपांइकै हो अनि
१२ तपांइनै सबै भन्दा मूल भइकन बढ़ाईयेका हौ। धन र मान हुवे तपांइ
देखिनै आउंद कुन अनि तपांइले सबै मांथि राज गर्द हौ तपांइको हातमां
पराक्रम र बल कुन बड़ा तुल्याउंनु र सबैलाइ बल दिनु तपांइको हातमां
१३ कु। येस्कारण हे हांम्रा ईश्वर हांमिहरु तपांइको धन्यवाद गर्द हौं अनि
१४ तपांइको महिमा मितको नांउको स्तुति गर्द हौं। तर मं को हुं अनि मेरा
पर्जा को हुन र हांमिहरुले यस परिले येस्ते मनामानीगरि दिनु सकद हौं
भनि. किनभन्ये सबै थोक तपांइनै देखि आउंद कुन अनि तपांइकै थोक
१५ देखि हांमिहरुले तपांइलाइ दियेका हौं। कसोगरिभन्ये हांमिहरुका सबै
पितृहरु झैं हांमिहरु पनि तपांइको सांमु परदेसी र प्रवासी मांत्रै हौं.
हांमिहरुको पृथिवीमां बस्ने दिन खालि छाया जस्तो मांत्रै कुन अनि कुइ
१६ ठिकाना छैन। हे हांम्रा ईश्वर यहूवे हांमिहरुले तपांइको लागि तपांइको
पवित्र नांउको लागि येउटा घर बनाउंनुलाइ तियार पार्येका यि सबै
भंडारमां भयेका सबै तपांइको हात देखि आउंद कुन अनि सबै तपांइक
हुन्। अनि हे मेरो ईश्वर मं यो पनि जान्द कु तपांइ हृदय जांचने हौ।
१७ अनि सोजैइमां खुशि हुंद हौं मं जो कु मैलेनै आफ्नु मनको सोजैइमां
ति सबै थोक मनमानी सित चढ़ायेको कु. ✓अनि अब आनन्दको साथ

तपांइका यहां सामेल् भयेका लोग् तपांइको लागि मनमानीगरि दिने देख्नेको कु। हे हांमिहरुका पित्रहरु अब्राहाम् इस्हाक् र इस्राएल्को १८
ईश्वर् यहूवे जुगजुग् यि कुरा आफ्ना लोगको मन्को विचारको भेदमां राख्नु हवस् अनि तिनको मन् तपांइ तिर स्थिर् गराउंनु हवस्. अनि १९
तपांइको आज्ञा साक्षी र विधि मान्नुलाइ र ति सबै कुरा गर्नुलाइ अनि मैले जोहो गर्येको भवन् बनांउनुलाइ मेरो छोरो सुलैमान्लाइ सिद्ध मन् दिनु हवस्। तब दाऊद्ले सिंगै सभालाइ भन्यो अब आफ्नु ईश्वर् २०
यहूवेलाइ आशीर्वाद् गर। त सिंगै सभाले आफ्ना पित्रहरुको ईश्वर् यहूवेलाइ आशीर्वाद् गर्ये अनि आफ्ना सिर् निउंराएर यहूवे र राजालाइ दण्डवत् गर्ये। वहांदेखि तिनिहरुले यहूवेको लागि बलि चढाये अनि २१
त्येस्को भोलि पल्टो तिनिहरुले यहूवेको लागि होम्बलि चढाये अर्थात् एक् हजार् बाछा र एक् हजार् घुमा अनि एक् हजार् पाठा तिनको खन्याईबलि समेत् अनि सिंगै इस्राएल्को लागि अरघोरैको बलिदान् अनि त्येस् दिन् बड़ा रमाहट् गरि यहूवेको सांमु खाना पीना गर्दै थिये। २२
फेरि तिनिहरुले दोस्रो खेप् दाऊद्को छोरो सुलैमान्लाइ राजा तुल्याये अनि त्यो मालिक् हुंनुलाइ यहूवेको लागि अभिषिक्त गर्ये अनि पूजाहारी हुंनुको लागि साडोक्लाइ पनि। तब सुलैमान् आफ्नु बाबु दाऊद्को २३
साटोमां यहूवेको सिंहासनमां राजा भइ बस्यो अनि भाग्येमान् भयो अनि सिंगै इस्राएल्ले त्येस्लाइ मान्यो। अनि सबै मालिकहरु र सबै महावीरहरु २४
र दाऊद् राजाका सबै अरु छोराहरु पनि सुलैमान् राजाको ताबिमां आये। अनि यहूवेले सुलैमान्लाइ सिंगै इस्राएल्को सांमु अरघोरगरि २५
बढ़ायो अनि त्येस् मांथि त्येस्तो राजाबलि पराक्रम् दियो जस्तो त्यो भन्दा पहिले इस्राएलमां कुनै पनि राजा मांथि थियेन॥

त थियेको छोरो दाऊद्ले सिंगै इस्राएल् मांथि राज् गर्यो। त्येस्ले २६
इस्राएल् मांथि राज् गर्येको समय चालीस् बर्ष थिये सात् बर्ष सम्म हेब्रोनमां राज् गर्यो अनि तेतीस् बर्ष यरूशलेममां। निदानमां पूरो २८
बूढेसकालमां धेरै दिन् खायेको र धनसम्पत्ति र मानमां तृप्त भइ मर्यो. अनि त्येस्को छोरो सुलैमान्ले त्येस्को साटोमां राज् गर्यो। त दाऊद् २९
राजाको आदि देखि अन्त सम्मको कार्यहरु र त्येस्का सब् राज् र त्येस्को सब् महातम् र त्येस्को र इस्राएल्को र देस् देसका सबै राजाको वृत्तान्त हेर ति शमूएल् दर्शीको इतिहास् र नातन् अगमवक्ताको इतिहास् र गाद् ३०
दर्शीको इतिहासका पोस्तकहरुमां लेख्येका छन्॥

इतिहास्को दोस्रो पोस्तक् ॥

(सुलैमान्को राज्को थाल्नि)

१ १ अनि दाऊद्का छोरो सुलैमान् आफ्नु राज्मां स्थिर् गराईयो अनि
त्येस्को ईश्वर् यहूवे त्यो सङ् थियो अनि उस्ले त्येस्लाइ अरघोर्गरि बढ़ायो ।
२ त सुलैमान्ले सिंगै इस्राएल्लाइ र सहस्रपतिहरुलाइ र शत्पतिहरुलाइ
र बिचारीहरुलाइ र सिंगै इस्राएल्मां भयेका सबै मालिक्हरुलाइ र
३ पित्रहरुका घर् घर्का मूलहरुलाइ बोलायो । त सुलैमान् सिंगै मंडली
समेत् गिबोनमां भयेको अल्गो ठांउमां गयो किनभन्ये ईश्वर्को लागि
जुन् भेट् हुंने डेरा यहूवेको दास् मूसाले बनमां बनायेको थियो त्यो ऐले
४ सम्म उहीं थियो । तर दाऊद्ले किर्यत्यारीम् देखि दाऊद्ले त्येस्को लागि
तियार् पार्येको ठांउमां ईश्वर्को सम्पट् ल्यायेको थियो . किनभन्ये त्येस्ले
५ यरूशलेम्मां त्येस्को लागि येउटा डेरा उभ्यायेको थियो । येस् उप्रान्त
हूर्को छोरो ऊरीको छोरो बजल्लेल्ले बनायेको पीतल्को बेदि त्यहां
यहूवेको बास्स्थान्को सांमु थियो . अनि सुलैमान्ले मंडली सङ् त्यो तिर
६ सोधनी गय्यो । अनि सुलैमान् भेट् हुंने डेरामां यहूवेको सांमु भयेको
पीतल्को बेदीको सांमु चढ़ि गयो अनि त्येस्मां एक् हजार् होम्
बलि चढ़ायो ॥
७ त्येस् रात् ईश्वर्ले सुलैमान् थांइ देखाहा पर्येर त्येस्लाइ भन्यो म
८ तंलाइ के दिउं त्यो मांग् । तब सुलैमान्ले ईश्वर्लाइ भन्यो तपांइले मेरो
बाबु दाऊद् मांथि ठुलो अनुग्रह् देखाउंनु भयो अनि मंलाइ त्येस्को
९ साटोमां राजा तुल्याउंनु भयो । त अब हे ईश्वर् यहूवे तपांइले मेरो
बाबु दाऊद् सित गर्येको करार् पूरा हुवस् . किनभन्ये तपांइले मंलाइ
येस्तो लोग् मांथि राजा तुल्याउंनु भयेको छ जो गन्तिमां पृथिवीको
१० धूलोका कनिके सरि ओधि छन् । अब मंलाइ ज्ञान् र बुद्धि दिंनु हुवस्
र मं येस् लोगको सांमु भित्र बाहिर आउंनु जांनु गर्नु . किनभन्ये यो
११ तपांइको लोग् जो येत्रो ठुलो छ तिनको निया कस्ले गर्नु सक्छ । त
ईश्वर्ले सुलैमान्लाइ भन्यो यो कुरा तेरो हृदयमां भयेको कारण् अनि
धन् दौलत् मान् र आफ्ना सत्रुहरुका प्राण् न धेरै दिन् मांगिस् तर यि
मैंले तंलाइ राजा तुल्यायेका लोगको निया गर्नुको लागि तैंले आफ्नु
१२ लागि ज्ञान् बुद्धि मांगिस् . येस्कारण् तंलाइ ज्ञान् बुद्धि दिईयेका छन्
अनि पनि तंलाइ येति धनसम्पत्ति र दौलत् र मान् दिंनु तं भन्दा अगाडि
१३ तं जस्तो कोई थियेन न तेरो पछि कोई तं जस्तो हुंछ । त सुलैमान्

गिबोन्मां भयेको अल्गो ठांउ अं यरूशलेम्मां भेट् हुंने डेरामां आयो
अनि त्येस्ले इस्राएल् मांथि राज् गऱ्यो ॥

अनि सुलैमान्ले रथ्हरु र त्रुक्सवार्हरु जमायो. त त्येस्का एक् १४
हजार् र चार् सै रथ् थिये अनि बारह् हजार् त्रुक्सवार् थिये जुन्हरुलाइ
त्येस्ले रथ्हरुको सहर्मां र यरूशलेम्मां राजा सङ राख्यो. अनि राजाले १५
यरूशलेम्मां सुन् र चांदी ढुंगै सरि तुल्यायो अनि देव्दारुहरु धेर् हुंनाको
कारण्ले बेंसिमां हुंने किम्बूको रुख् सरि तुल्यायो। अनि सुलैमान्का १६
घोड़ाहरु मिस्र बाटो ल्याइँद थिये राजाका बेपारीहरुले ति बथान्को
बथान् लिंद थिये बथान् बथान्को खाल् हानि दाम् दियेर। अनि एक् एक् १७
रथ् चांदीका छ सै शेकेल् र एक् एक् घोड़ा एक् सै पचास् शेकेल्मां मिस्र
बाटो तिनिहरुले ल्याउंद थिये. अनि येसोरि हित्तीका सबै राजाहरु र
अराम्का राजाहरुको लागि पनि तिनिहरुको बाटोले ल्याउंद थिये ॥

त सुलैमान्ले यह्वेको नांउको लागि येउटा घर् र आफ्नु राज्को २ १
लागि येउटा घर् बनाउंने मन् गऱ्यो। त सुलैमान्ले भारि बोक्नुलाइ २
सत्तरी हजार् जना र पहाड़ हुंदो अस्सी हजार् रुख् ढाल्नेहरु र
काम्दारीहरु तीन् हजार् र छ सै जनालाइ खटायो। तब सुलैमान्ले ३
सोर्को राजा हूराम्[1] थांइ येसो भनि पठायो आफुले मेरो बाबु
दाऊद् सङ बेहोरा गऱ्ये झैं अनि त्येस्को लागि त्येस्को बस्नुको लागि
घर् बनाउंनुको लागि देव्दारु पठाउंनु भयो त्येस्तै मं सङ् पनि गर्नु
हवस्[2]। हेर्नु हवस् मैंले आफ्नु ईश्वर् यह्वेको लागि येउटा घर् बनाउंनु ४
आंट्येको छु उसैको लागि त्यो पवित्र गर्नुलाइ अनि सुगन्ध द्रव्यको उस्को
सांमु धूप् हाल्नुलाइ र सदाको भेटि रोटीको लागि र सांझ् बिहान् र
बिश्राम् बिश्राम् र दुतिया दुतिया र आफ्नु ईश्वर् यह्वेको ठहरायेका
चाड़्को होम्बलिको लागि। त्यो चइं इस्राएल्को लागि सदाको बिधि
हो। अनि मैंले बनाउंनु आंट्येको घर् ठुलो हुंछ. किनभन्ये हांमिहरुको ५
ईश्वर् सबै देव्ताहरु भन्दा ठुलो छ। तर जब स्वर्ग र स्वर्गहरुको स्वर्गले ६
पनि उस्लाइ अटाउंनु सक्दैन त उस्को लागि घर् कस्ले बनाउंनु सक्छ.
अनि मं को हुं र मंचइंले उस्को लागि घर् बनाउंनु पाउं खालि उस्को
सांमु धूप् हाल्नुको लागि मांत्रै। त अब मेरो लागि सुन् चांदी पीतल् ७
फलम् बैगुने र सिंदुरे र नीलोमां काम् गर्नुमां सिपालु मान्छे अनि
बुट्टाकढ़ाईको काम्मां सिपालु मान्छे पठाइ दिंनु हवस् तिनिहरु मेरो
बाबु दाऊद्ले तियार् पाऱ्येको मं सङ यहूदा र यरूशलेम्मां भयेका सिपालु
सिपालु मान्छेहरु सङ रहुन्। अनि मेरो लागि लबानोन् बाटो देव्दारु ८
काठ् सल्लाकाठ् र चन्दन्काठ् पठाउंनु हवस्. किनभन्ये मंलाइ थाहा छ

[1] १ राज् ५. १ मां हीराम्।

[2] येस्तो.....हवस् इब्रानिमां छैन।

आफुका दासहरू लब्रानोन्मां काठ् काट्नुमां सिपालु हुन् अनि हेर्नु
९ हवस् मेरा चाकरेहरू आफुका चाकरेहरू सङ हुंकुन् अं मेरो लागि
धेरै काठ् तियार् पार्नुलाइ . किनभन्ये मैंले बनाउंनु आंटेको घर् उदेक्
१० भन्दा पनि उदेकको हुंकु । अनि हेर मं आफुका चाकरेहरूको लागि
अर्थात् काठ् काट्नेहरूको लागि बीस् हजार् कोठो कुटेको गहूं र
बीस् हजार् कोठो जउ र बीस् हजार् खड्कुंड़ा मह र बीस् हजार्
११ खड्कुंड़ा तेल् दिंकु । तब सोर्को राजा हूरामले सुलैमान् पांइ लेख्यो
उत्तर् पठाइ दियो यहूवेले आफ्नु लोग् सित प्रीति राख्येको कारणले
१२ आफुलाइ तिनिहरू मांथि राजा तुल्यायो । येस् उप्रान्त हूरामले भन्यो
स्वर्ग र पृथिवीको सृष्टिकर्त्ता इस्राएलको ईश्वर् यहूवे धन्य हवस् जस्ले
दाऊद् राजाको लागि बिचार् र बुद्धिले भरीयेको येउटा छोरो दियो
जस्ले यहूवेको लागि येउटा घर् र आफ्नु राजको लागि येउटा घर्
१३ बनाउंछ । त अब मं आफ्नु बाबु हूरामको येउटा सिपालु बुद्धिले
१४ भरीयेको मान्छेलाइ पठाइ दिंकु जो दान्वंशीहरूको येउटी स्त्रीको
छोरो जस्को बाबु सोर्को मान्छे थियो जो सुन् चांदी फलम् पीतल् ढुंगा
काठ् बैगुने नीलो पाटकपरा र सिंदुरेमां काम् गर्नु सिपालु अनि सबै
रकम्को बुट्टा काट्नुमां र सबै रकम्को कारिगरि गर्नु सक्ने छ . अनि
त्येस्को लागि आफुका सिपालु मान्छेहरू र आफुको बाबु हांम्रा प्रभु
१५ दाऊदका सिपालु मान्छेहरू सङ येस्लाइ पनि ठांउ दिईओस् । त अब
जुन् गहूं जउ मह तेल्को बिषयमां मेरा प्रभुले भन्नु भयो ति आफ्ना
१६ चाकरेहरूको लागि पठाउंनु हवस् . त आफुको लागि जति काठ् खांचो
छ त्येति हांमिहरू लब्रानोन्मां काट्छौं . अनि हांमिहरू ति बेड़ा बांधेर
समुन्द्रमां हेलि याफोमां पुऱ्याइ दिंछौं त्यहां देखि आफुले ति यरूशलेममां
१७ चढ़ाइ लांनु हवस् । तब सुलैमान्ले आफ्नु बाबु दाऊद्ले तिनिहरूलाइ
गन्ये पछि इस्राएलको देशमां भयेका सबै पर्देशीहरूलाइ गन्यो त तिनिहरू
१८ डेढ़ लाख् तीन् हजार् र छ सै जना पाईये । तब त्येस्ले तिनिहरूमांको
सत्तरी हजार् भारि बोक्नुलाइ र पहाड़ खुंदो रूख् ढालनेहरू अस्सी
हजार् र कामदारीहरू तीन् हजार् र छ सै जनालाइ खटायो ॥

३ १ त सुलैमान्ले यरूशलेममां मोरीयाह् डांड़ांमां त्येइ ठांउमां यहूवेको
घर् बनाउंनु थाल्यो जुन् ठांउमां त्येस्को बाबु दाऊद्ले यहूवेको दर्शन् पायेर
२ यबूसी ओर्नान्को खलामां तियार् पार्येको थियो । अनि त्येस्ले आफ्नु
राजको चौथो बर्षको दोस्रो महीनाको दोस्रो तिथिमां बनाउंनु
३ थाल्यो । अब ईश्वरको घरको बनावट्को लागि सुलैमान्ले बसाल्येका
४ जग् थि हुन् । पहिलो नाप्को अनुसार् लंमइ साठी हात् र गज् बीस्
हात् । अनि घरको मांमुको दलान्को लंमइ घरको गज् जतिकै बीस्
हात् अनि त्येस्को अलगेइं एक् सै र बीस् हात् . अनि त्येस्ले घरको भित्र
५ पट्टि निखरा सुनले मोहोऱ्यो । अनि त्येस्ले ठुलो चइं घरको छानाको

भित्र पट्टि सल्लाको फल्याक् लगायो अनि त्येस् बाहर निखरा सुन्ले
मोहोऱ्यो अनि त्येसमां खजूरका बोट्हरु र सिक्रिहरु काढ्यो। अनि ६
त्येस्ले शोभाको लागि घरलाइ मोतिमुंगाले सिङाऱ्यो. अनि सुन् चइं
पवैंमको सुन् थियो। अनि त्येस्ले घर् र दलीम्हरु र सङार्हरु र त्येस्का ७
भित्ताहरु र त्येस्का देलाहरु सुन्ले मोहोऱ्यो अनि भित्तामां करूब्हरु
काढ्यो। अनि त्येस्ले महापवित्र घर् पनि बनायो त्येस्को लंमइ घरको ८
गज् जति बीस् हात् अनि त्येस्को गज् बीस् हात्. अनि त्येस्ले त्यो
छ सै तोड़ा सम्मको अस्सल् सुन्ले मोहोऱ्यो। अनि खोल्हरुको जोखाई ९
सुनको पचास् शेकेल् थियो। अनि त्येस्ले मांथिल्लो तलाको कोठा सुन्ले
मोहोऱ्यो। अनि महापवित्र घरमां त्येस्ले दुवटा करूब्हरु खोपिकन १०
बनायो अनि तिनिहरुले तिनलाइ सुन्ले मोहोऱ्ये। अनि ति करूब्हरुका ११
पखेटाहरु बीस् हात् लांमा थिये. येउटा करूबको पखेटा घरको
एका पट्टिको भित्तामां पुग्ने पांच् हातको थियो अनि अर्को पखेटा पनि
अर्को करूबको पखेटा सम्म पुग्ने पांच् हातको थियो। अनि अर्को १२
चइं करूबको पखेटा घरको भित्ता सम्म पुग्ने पांच् हातको थियो.
अनि अर्को चइं पखेटा अर्को चइं करूबको पखेटा सङ जोरीने पांच्
हातको थियो। ति करूब्हरुका पखेटाहरु बीस् हात् सम्म फिंजोयेका १३
थिये. अनि तिनिहरु आफ्ना गोड़ामां उभीयेका थिये अनि तिनिहरुको
मुख् घर् तिर फर्क्येका थिये। अनि त्येस्ले नीलो बैगुने र सिंदुरे र १५
पाटकपराको झेलने पर्दा बनायो अनि त्येस्मां करूब्हरु काढ्यो। अनि १४
त्येस्ले घरको सांमु दुवटा पैंतीस् पैंतीस् हातका अलगा अलगा थाम्हरु
बनायो अनि एक् एक् थाम् मांथिका थाप्नि पांच् पांच् हातका थिये।
अनि त्येस्ले भित्रेकोठामां सिक्रि बनायेर थाम् मांथि राख्यो अनि त्येस्ले १६
एक् सै दारीम् बनायेर ति सिक्रिहरुमां लगायो। अनि त्येस्ले ति थाम्हरु १७
मन्दिरको सांमु उभ्यायो येउटा दाहीनो पट्टि अर्को चइं बांउ पट्टि अनि
त्येस्ले दाहीनो पट्टिचइंको थाम्को नाउं याकोब्[1] अनि बांउ चइं थाम्को
नाउ बोअस्[2] राख्यो। यस् उपरान्त त्येस्ले पीतलको येउटा बेदि बनायो ४ १
त्येस्को लंमइ बीस् हात् त्येस्को गज् बीस् हात् त्येस्को अलगेइं दस् हात्। फेरि २
त्येस्ले ढाल्येको दुलो आर्ही जस्तो समुन्द्र ढालि बनायो जो यो छिट् देखि
उ छिट् सम्म दस् हातको थियो अनि त्यो गोल् थियो अनि त्येस्को अलगेइं
पांच् हातको थियो अनि त्येस्को रिंगे फेरो तीस् हातको थियो। अनि ३
त्येस् मुनि रिंगे कांक्राका फूल्हरु जस्ताले घेर्येका थिये हातभरिमां
दस् दस्वटागरि समुन्द्रको रिंगे घेर्येका थिये। ति कांक्राका फूल्हरु
दुइ लहरमां थिये समुन्द्र ढाल्दानै ति पनि ढालीयेका थिये। त्यो बारहवटा ४

[1] अर्थात् येस्ले स्थिर् गरोस्।

[2] अर्थात् येस्मां बल्।

गोरुहरु मांथि बसालीयेको थियो ति गोरुहरुमांका तीन्वटा उत्तर तिर
हेर्ने तीन्वटा पच्छिउं तिर हेर्ने तीन्वटा दक्खिन् तिर हेर्ने अनि तीन्वटा
पूर्व तिर हेर्ने थिये . अनि त्यो समुन्द्र तिनै मांथि बसालीयेको थियो अनि
५ तिनिहरुका पक्काड़ि पक्काड़ि भित्र पट्ठि थिये। अनि त्यो मुट्ठिभरिको बाक्लो
थियो अनि त्येस्को बिट् बटुकोको बिट् जस्तो थियो अनि त्येस्मां हाड़ेलसुन्
का जस्ता फूल् ढालि काढ़ीयेका थिये . त्येस्मां तीन् हजार् मुरि
६ पाईंद र अटाउंद थियो। अनि त्येस्ले पीतल्का दस्वटा खानभांड़ा पनि
बनायो वहांदेखि पांच्वटा दाहीनो हात् पट्ठि अनि पांच्वटा बांउ हात्
पट्ठि राख्यो तिनमां धुनुको लागि जे जे थोक् होमबलिका थिये तिनैमां
७ धुंद थिये . तर समुन्द्र चइं पूजाहारीहरुले स्नान् गर्नुको लागि। अनि
त्येस्ले सुन्का दस्वटा पांनसुहरु तिनको बिधि अनुसार् बनायो अनि त्येस्ले
८ ति मन्दिरमां राख्यो पांच्वटा दाहीनो पट्ठि पांच्वटा बांउ पट्ठि। त्येस्ले
दस्वटा मेज् पनि बनायो अनि तिनिहरुले ति मन्दिरमां पांचवटा
दाहीनो पट्ठि पांचवटा बांउ पट्ठि राख्ये। अनि त्येस्ले सुन्का एक् सैवटा
९ भांड़ाहरु बनायो। येस् उप्रान्त त्येस्ले पूजाहारीहरुको आघन् बनायो अनि
तुलो चइं आघन् र आघनको लागिका दैलाहरु अनि तिनका दैलाहरु
१० पीतल्ले मोहोन्यो। अनि त्येस्ले समुन्द्र चइं घरको दाहीनो पट्ठि अर्थात्
११ पूर्व दक्खिन् पट्ठि राख्यो। अनि हूरामले भांड़ाहरु र बेल्चाहरु र कटौराहरु
बनायो। येसोरि हूरामले ईश्वरको घरमां सुलैमान् राजाको लागि त्येस्ले
१२ गर्येका सबै काम् गरि सक्यो . अर्थात् दुवटा थाम्हरु र गज्जुरहरु थाम्को
सिरमां भयेका दुवटा थाम्लिहरु र थाम्को सिरमां भयेको थाम्लिको दुवटा
१३ गज्जुर् ढाक्ने दुवटा जाल् अनि दुवटा जालको लागि चार् सै दारीम्
थाममां भयेको थाम्लिको दुवटा गज्जुर् ढाक्नुको लागि एक् एक् जालको
१४ दुइ लहर् दारीम्। त्येस्ले आधारहरु पनि बनायो अनि आधारहरु
१५ मांथिका खानभांड़ाहरु पनि बनायो त्यो येउटा समुन्द्र र समुन्द्र
१६ मुनि भयेका बारहवटा गोरुहरु। भांड़ाहरु पनि र बेल्चाहरु र कटौराहरु
र त्येस्का सबै सादीम्हरु त्यस्को बाबु हूरामले यहवेको घरको लागि
१७ सुलैमान् राजाको लागि बनायो ति झल्काईयेका पीतल्का थिये। यर्दनको
१८ गेह्रौटारमां सुक्कोत् र सरेदाको बीचको लिस्याईलो भूइंमां बनायो। येसोरि
सुलैमानले ति सबै सादीम् अरघोर् औधि जोखनु न सक्नीनेगरि बनायो
१९ किनभन्ये पीतल्को जोखाईको हिसाप् पाईयेन। अनि सुलैमानले ईश्वरको
घरमां भयेका सबै सादीम् बनायो अर्थात् सुनको बेदि र भेटिरोटी राखीने
२० मेज् अनि पांनसुहरु तिनका दीयाहरु समेत् तिनिहरु बिधिको अनुसार्
२१ भित्रे कोठाको सांमु बालुन् भन्ये खातिरले ति सबै सुनका अनि
फूलहरु र दीयाहरु र चिम्टाहरु सुनका अं अस्सल् सुनका अंकरुदानीहरु र
२२ कटौराहरु र धुपौराहरु र धूप् राख्ने भांड़ाहरु निखरा सुनका. अनि घरको
ढोकाको बिषयमां अर्थात् महापबित्रस्थानका भित्रे दैलाहरु र घर चइंको

अर्थात् मन्दिरका दैलाहरु सुनका । येसोरि सुलैमानले यहुवेको घरको ५ १
लागि गर्येका सबै काम् सिद्धीये । अनि सुलैमानले त्येस्को बाबु दाऊदले
पवित्र कामको लागि अलग् कुद्याये का सबै थोक् अर्थात् चांदी सुन्
सबै भांड़ाबर्तन् लग्येर यहुवेको घरको भंड़ारमां राख्यो ॥

(मन्दिरको मान्)

तब सुलैमानले इस्राएलका प्राचीनहरुलाइ र कुल् कुलका सबै मूल् २
मूलहरुलाइ अर्थात् इस्राएलबंशीहरुका पितृहरुका घर् घरका मालिक्-
हरुलाइ यरूशलेममां भेला गरायो यहुवेको सम्पट्को नियम् दाऊदको सहर्
देखि अर्थात् सीय्योन् देखि चढ़ाइ ल्याउंनु भन्ये खातिर्ले । तब इस्राएलका ३
सबै मान्छेहरु राजा थांइ सातौं महींनामां चाड़को बेलामां भेला भये ।
अनि इस्राएलका सबै प्राचीनहरु आये तहांदेखि लेवीहरुले सम्पट् बोकि ४
उठाये । अनि तिनीहरुले सम्पट् र भेट् हुंने डेरा र त्येस् डेरामां भयेका ५
सबै पवित्र सार्हाम् उठाइ ल्याये अं पूजाहारी लेवीहरुले ति उठाइ
ल्याये । अनि सुलैमान् राजा र त्यो सङ भेला भयेको इस्राएलको सिंगै ६
मंडलीले सम्पट्को सांमु भेंड़ा र गोरुहरु धेर् हुंनाको कारणले न भनि
सकनु न गनि सकनु सम्मको बलि चढ़ाउंद थिये । तहांदेखि पूजाहारीहरुले ७
यहुवेको नियमको सम्पट् त्येस्को ठांउमां अर्थात् घरको भित्रेकोठामां अं
महापवित्रस्थानमां करूबहरुको पखेटा मुनि भित्र ल्याये । कसोगरिभन्ये ८
करूबहरुले सम्पट्को ठाउं मांथि आफ्ना आफ्ना पखेटाहरु फिंजायेका थिये
अनि करूबहरुले सम्पट् र त्यस्का डांड़ीहरु मांथि बाटो टाक्येका थिये । अनि ९
ति डांड़ीहरु येति लांमा लांमा थिये तिनका टुप्पा टुप्पा भित्रेकोठाको
सांमुको पवित्रस्थान् देखि देखींद थिये तर बाइर देखि ता देखींदैन थिये .
अनि आजुको दिन् सम्म तिहीं छन् । इस्राएलबंशीहरु सङ यहुवेले १०
तिनिहरु मिस्रको देस् बाटो निस्कि आयेको बेलामां नियम् बांध्दे मूसाले
होरेबमां त्येस्मां राख्येका ढुंगाका ति दुवटा पाटी बाहिक् सम्पट्मां अरु
केहे पनि थियेन । अनि येसो भयो जब पूजाहारीहरु पवित्रस्थान् बाटो ११
निस्कि आयेका थिये (कसोगरिभन्ये सबै सामेल् भयेका पूजाहारीहरुले
आफु आफुलाइ पवित्र गर्येका थिये अनि आफ्नु आफ्नु पालोको लागि
अड़ौयेनन् अनि गीत् गाउंने लेवीहरु पनि सबै जना अं आसाप् हेमान् १२
यदूतून् तिनिहरुका छोराहरु र तिनिहरुका दाजुभाईहरु समेत् पाटकपरा
लायेर झ्यामृाहरु र मृदङ्गहरु र बीणाहरु लियेर बेदीको पूर्व पट्टि उभीये
अनि तिनिहरु सङ तुरही बजाउंदै एक् सै र बीस् जना पूजाहारीहरु .) अं १३
येसो भयो जब सबैले मिलिकन एक् सोरगरि बजाउंनेहरु र गीत्
गाउंनेहरुले यहुवेको स्तुति र धन्यवाद् गर्नुमां सुनीयेका थिये अनि जब
तिनिहरुले उ भलो छ कसोगरिभन्ये उस्को कृपा सनातन् सम्म रहंद छ
भनिकन यहुवेको स्तुति गर्द थिये अनि तुरहीहरु र झ्यामृाहरु र बाजाहरु

सङ आफ्नु आफ्नु सोर् उचाल्द थिये . तब बादल्ले घर् अं यहूवेको
१४ घर्मां येसोरि भरीयो पूजाहारीहरु बादल्को कारण्ले सेवा गर्नुलाइ
उभीनु सक्येनन् . कसोगरिभन्ये ईश्वर्को घर् यहूवेको महिमाले भरीयो ॥
६ १ तब सुलैमान्ले भन्यो यहूवेले बाक्लो अंध्यारोमां बस्कु भनि भन्येको
२ छ । तर मैंले तपांइको लागि बास् हुंने घर् र तपांइ सधैं बसि रहंने ठांउ
३ हुंनुको लागि निस्से बनायेको कु । यहांदेखि राजाले आफ्नु मुख् फर्कायेर
इस्राएल्को सिंगै सभालाइ आशीर्वाद् गर्यो . अनि इस्राएल्को सिंगै
४ सभा उभीइ रह्यो । त त्येस्ले भन्यो इस्राएल्को ईश्वर् यहूवे धन्नको हवस्
जस्ले मेरो बाबु दाऊद्लाइ आफ्नु मुख्ले येसो भन्येको थियो अनि आफ्नु
५ हात्ले त्यो पूरो पनि गर्यो जस् दिन् मैंले आफ्नु लोग् इस्राएल्लाइ
मिस्र बाटो निकालि ल्याये मैंले आफ्नु नांउ यहां रहुंनुलाइ घर् बनाउंनु
लाइ इस्राएल्को सबै कुल् देखि कुनै सहर् पनि छान्येको कुइंन .
६ न कसै मान्छेलाइ आफ्नु लोग् मांथि मालिक् हुंनुलाइ छान्येको कु . तर मैंले
यरूशलेम् छान्येको कु मेरो नांउ यहां हुंनुलाइ अनि मैंले दाऊद्चइंलाइ
७ आफ्नु लोग् इस्राएल् मांथि हुंनुलाइ छान्येको कु भनि । अब मेरो बाबु
दाऊद्को मन्मां इस्राएल्को ईश्वर् यहूवेको नांउको लागि येउटा घर्
८ बनाउंने मन् थियो । तर यहूवेले मेरो बाबु दाऊद्लाइ भन्यो मेरो नांउको
लागि येउटा घर् बनाउंने तेरो मन्मां थियो भन्ये देखि त तेरो मन्मां यो
९ कुरो भयेकोले जाति गर्द थिइस् . तैपनि तंचइंले घर् बनाउंदैनस् तर तेरो
कम्मर् देखि निस्क्येको तेरो छोरोचइंले मेरो नांउको लागि घर् बनाउंछ
१० भनि । अनि यहूवेले आफ्ले भन्येको कुरो पूरो गर्यो कसोगरिभन्ये मं
आफ्नु बाबु दाऊद्को साटोमां उठेयको कु अनि यहूवेको करहार् अनुसार्
इस्राएल्को सिंहासनमां बस्द कु अनि इस्राएल्को ईश्वर् यहूवेको नांउको
११ लागि घर् बनायेको कु । अनि मैंले यहां सम्पट् राख्येको कु जस् सम्पट्मां
यहूवेले इस्राएलवंशीहरु सङ तिनिहरु सङ बांध्येको उस्को नियम् छ ॥

(सुलैमान्को प्रार्थना)

१२ त त्येस्ले यहूवेको बेदिको अगाडि इस्राएल्को सिंगै सभाको सांमु
१३ उभीयेर आफ्ना हात् पसार्यो . (कसोगरिभन्ये सुलैमान्ले पीतल्को येउटा
ठांड् पांच् हात् लांमो पांच् हात् गज् र तीन् हात् अल्गो बनायेर
आघन्को बीच्मां राख्येको थियो त त्येसैमां उभीयेर इस्राएल्का सबै
मंडलीको सांमु घुड्रा टेक्यो अनि आफ्ना हात् स्वर्ग तिर पसार्यो .)
१४ अनि त्येस्ले भन्यो हे यहूवे इस्राएल्को ईश्वर् मांथि स्वर्गमां अनि तल
पृथिवीमां तपांइ जस्तो कोई ईश्वर् छैन जस्तो आफ्ना दासहरु सङ जो
आफ्नु पुरो मन्ले तपांइको सांमु हिंड्द छन् तिनिहरु सङ आफ्नु
१५ नियम् र अनुग्रह राख्नु हुंद छ . जस्ले आफ्नु दास् मेरो बाबु दाऊद्
सङ गर्येको आफ्नु करहार् पूरो गर्नु भयो . अं तपांइले आफ्नु मुख्ले

भन्नु भयेको थियो अनि आफ्ना हातले पूरो गर्नु भयो जस्तो आजुको
दिन् छ । येस्कारण अब हे यहवे इस्राएल्को ईश्वर् तपांइले आफ्नु दास् १६
मेरो बाबु दाऊद् सङ येसो भन्दै करहार् गर्यका कुरा मान्नु हवस् अर्थात्
इस्राएल्को सिंहासनमां मेरो सांमु बस्ने कोई मान्छेको तेरो लागि घटि
हुंदैन खालि तेरा छोराछोरोहरु मेरो सांमु हिंड्नुलाइ आफ्नु बाटोको
विषयमां चंख रहुन् तं मेरो सांमु हिंड्यको झैं भन्येर । त अब हे १७
इस्राएल्को ईश्वर् यहवे तपांइले आफ्नु दास् मेरो बाबु दाऊद्लाइ भन्येको
बचन् सांचो ठहरीओस् । तर को ईश्वर् चइं सांचै पृथिवीमां बास् बस्छ . १८
हेर्नु हवस् स्वर्ग र स्वर्गाहरुको स्वर्गमां पनि तपांइ अटाउंनु हुन्न त झन्
कति ज्यास्तिगरिकन यो मैंले बनायेको घरमां । तैपनि हे यहवे मेरो १९
ईश्वर् आफ्नु दासको प्रार्थना तिर र त्येस्को बिन्ति तिर फर्कनु हवस्
तपांइको दासले तपांइको सांमु आजुको दिन् गर्यको प्रार्थना र दोहाई
सुन्नुलाइ . र तपांइका आंखा रात् दिन् येस् घर् तिर उघ्रीइ रहुन् २०
अं येस् ठांउ तिर जस्को बिषयमां तपांइले मेरो नांउ यहां हुंछ भन्येर
भन्नु भयेको छ तपांइको दासले येस् ठांउ तिर गर्न प्रार्थना सुन्नुलाइ ।
अनि तपांइको दासका र तपांइको लोग् इस्राएल्का बिन्तिहरु सुन्नु हवस् २१
जब तिनिहरुले येस् ठांउ तिर प्रार्थना गर्नन् . अं स्वर्ग देखि आफ्नु
बस्ने स्थान् देखि सुन्नु हवस् अनि सुन्दा क्षमा गर्नु हवस् । कसैले २२
आफ्नु छिमेकिको बिरुद्धमां पाप् गर्यो अनि त्येस् मांथि किरिया
खुवाउंनुलाइ किरिया हाल्येको छ अनि त्येस्ले आयेर येस् घरमां
तपांइको बेदिको सांमु किरिया खायो भन्ये देखि . तब तपांइले २३
स्वर्ग देखि सुन्नु हवस् अनि काम् गर्नु हवस् अनि आफ्ना दासहरुको
बिचार् गर्नु हवस् अर्थात् दुष्टलाइ त्येस्को सिर् मांथि त्येस्को साटो फर्काइ
दिंनुलाइ दोषी ठहराउंदै अनि धर्म्मीचइंलाइ त्येस्लाइ त्येस्को धर्म्म
अनुसार् दिंनुलाइ धर्म्मी ठहराउंदै । अनि तपांइको लोग् इस्राएल् २४
तपांइको बिरुद्धमां पाप् गर्येको कारणले सत्रुहरुको सांमु मारीये अनि
तिनिहरुले फर्कर तपांइको नांउ लिये अनि येस् घरमां तपांइ सित
बिन्ति प्रार्थना गर्ये भन्ये देखि : त तपांइले स्वर्ग देखि सुन्नु हवस् अनि २५
तपांइका लोग् इस्राएल्को पाप् क्षमा गर्नु हवस् अनि तिनिहरुलाइ
तपांइले तिनिहरुका पित्रहरुलाइ दियेको देसमां फर्काइ ल्याउंनु हवस् ।
जब तिनिहरुले तपांइको बिरुद्धमां पाप् गर्येको कारणले अकाश् थुनीयो २६
अनि पानी परोइन त तिनिहरुले येस् ठांउ तिर प्रार्थना गर्नन् अनि तपांइले
तिनिहरुलाइ दुक्ख दियेको कारणले तिनिहरुले आफ्ना पाप् देखि फर्कर
तपांइको नांउ लिये भन्ये देखि . त तपांइले स्वर्गमां सुन्नु हवस् अनि २७
तपांइले तिनिहरुलाइ तिनिहरुले हिंड्नु पर्ने जाति बाटोमां हिंड्नु
सिकाउंदैमां आफ्ना दासहरुको र आफ्नु लोग् इस्राएल्को पाप् क्षमा
गर्नु हवस् अनि तपांइले आफ्नु लोग्लाइ अधिकार् हुनुलाइ दियेको

२८ आफ्नु देश् मांथि पानी बर्साइ दिंनु हवस्। अनिकाल् कि रुढि कि
ओइल्हाई कि मक्काई कि सलह कि कीरा देसमां भये भन्ये कि
तिनिहरुका सत्तुरहरुले तिनिहरुलाइ तिनिहरुका सहरहरुको देस् भित्र
२९ घेर्ये भन्ये कि जुन्सुकै विपत्ति कि जुन्सुकै रोग् लागोस् जुन्सुकै
प्रार्थना कि बिन्ति कसै मान्छेले कि तपांइका सिंगै लोग् इस्राएल्को
जनंगेले आफ्नु आफ्नु मन्को विपत्ति जानिकन आफ्ना आफ्ना हात्
३० येस् घर् तिर पसार्यो भन्ये देखि, त तपांइले स्वर्ग देखि आफ्नु बस्ने
स्थान् देखि सुन्नु हवस् अनि क्षमा गर्नु हवस् अनि जनंगे मान्छेलाइ
जस्को हात् तपांइले चिन्नु हुंद छ त्येस्लाइ त्येस्का सबै बाटो अनुसार्
साटो दिंनु हवस् (किनभन्ये तपांइले अं तपांइले मांत्रै सिंगै मान्छे
३१ जात्को मन् चिन्नु हुंद छ) र तिनिहरुले तपांइले हांमिहरुका
पित्रहरुलाइ दियेको देसमां जीउंने सबै दिनमां तपांइको भय् मानुन्।
३२ येस् उप्रान्त अन्यदेसीको विषयमां जो तपांइको लोग् इस्राएलमांको
होइन जब त्यो तपांइको ठुलो नांउको कारणले र तपांइको बल्लियो
हात् र तपांइको पसार्येको बाहांको कारणले टाढो देस् देखि आउला
३३ त्येस्ले पनि आयेर जब येस् घर् तिर प्रार्थना गर्ला, तब तपांइले
स्वर्ग देखि अं आफ्नु बस्नेस्थान् देखि सुन्नु हवस् अनि जस् जस्को
विषयमां अन्यदेसीले तपांइलाइ हापार्ला त्यो अनुसार् गर्नु हवस् र
तपांइको भय् मान्नको लागि पृथिवीका सबै लोगले तपांइको
लोग् इस्राएलले झैं तपांइको नांउ चिंनुन् अनि यो मैंले बनायेको
३४ घर् मांथि तपांइको नांउ राखीयेको छ भनि थाहा पाउन्। तपांइको
लोग् आफ्ना सत्तुरहरु सित लड़ाइँ गर्नुलाइ जुन् बाटो बाड़ो
तपांइले तिनिहरुलाइ पठाउंनु हुंछ त्येइ बाटो बाड़ो गये अनि तिनिहरुले
यो तपांइले छान्येको सहर् र यो मैंले तपांइको नांउको लागि बनायेको
३५ घर् तिर यहुवे सित प्रार्थना गर्ये भन्ये देखि, तब तपांइले स्वर्ग देखि
तिनिहरुको प्रार्थना र तिनिहरुको बिन्ति सुन्नु हवस् अनि तिनिहरुको
३६ निया गरि दिंनु हवस्। तिनिहरुले तपांइको बिरुद्धमां पाप् गर्ये
(कसोगरिभन्ये पाप् न गर्ने कोई पनि छैन) अनि तपांइले तिनिहरु देखि
रिसाएर तिनिहरुलाइ सत्तुरहरुको हातमां सुम्पि दिंनु भयो तिनिहरुले
तिनिहरुलाइ सत्तुरहरुको देसमां टाढो हवस् कि नजिक् हवस् बन्धुवागरि
३७ लैजांनुको लागि तैपनि तिनिहरु बन्धुवाईमां लगियेको देसमां सोच्
बिचार् गरि फर्कर तिनिहरुले तिनिहरुलाइ बन्धुवाईमां लग्येको देसमां
तपांइ सित हांमिहरुले पाप् गर्यं अन्यायँ गर्यं दुष्टैं गर्यं भन्ने बिन्ति
३८ गर्ये तिनिहरुले तिनिहरुलाइ बन्धुवाईमां लग्येको देसमां तिनिहरु
आफ्नु पूरो मन् र आफ्नु पूरो प्राणले तपांइ तिर फर्कर तपांइले
तिनिहरुका पित्रहरुलाइ दियेको तिनिहरुको देस् तिर तपांइले छान्येको
सहर् र मैंले तपांइको नांउको लागि बनायेको घर् तिर फर्कर तपांइ

सित बिन्ति गर्‍यो भन्ने देखि. तब तपांइले स्वर्ग देखि आं आफ्नु बस्ने २९
स्थान् देखि तिनिहरुको प्रार्थना र तिनिहरुको बिन्ति सुनु हुवस् अनि
तिनिहरुको निया गरि दिनु हुवस् अनि तपांइको बिरुद्धमां पाप् गर्ने
तपांइको लोगलाइ क्षमा गर्नु हुवस्। अब हे मेरो ईश्वर् मं बिन्ति ३०
गर्द कु येस् ठांउमां चढ़ायेका प्रार्थना तिर तपांइका आंखा खोलीइ रहुन्
अनि तपांइका कान् थापीयेका भइ रहुन्। त अब हे ईश्वर् यहुवे तपांइ र ३१
तपांइको बलको सम्पट् तपांइको बिश्राम्को ठांउमां उठ्नु हुवस्. हे ईश्वर्
यहुवे तपांइका पूजाहारीहरु मुक्तिले पहिर्याईउन् अनि तपांइका भक्तहरु
भलाईमां रमाउन्। हे ईश्वर् यहुवे आफ्नु अभिषिक्तको मुख् न फर्काइ ३२
दिनु हुवस्. आफ्नु दास् दाऊद्को धर्म्मकर्म्मको सम्झना राख्नु हुवस्॥

जसै सुलैमान्ले प्रार्थना गरि सक्योको थियो तब स्वर्ग बाटो ७ १
आगोले उत्त्येर होमबलि र बलिदान्हरु खाइ हाल्यो अनि यहुवेको
महिमाले घर् भरोयो। अनि यहुवेको महिमाले यहुवेको घर् भरीयेको २
कारणले पूजाहारीहरु यहुवेको घरमां पस्नु सक्येनन्। अनि आगो ३
उत्रंदाखेरि र यहुवेको महिमा घरमां कुंदाखेरि सिंगै इस्राएलबंशीहरुले हेर्दै
रह्ये कसोगरिभन्ये उइ भलो छ कसोगरिभन्ये उस्को करुणा सनातन् सम्म
रहंद छ भन्दै यहुवेको धन्यबाद् र दण्डवत् गर्दै कुंगा छापीयेको आघनमां
घोप्टो पर्‍ये। अनि राजाले र त्यो सङ सिंगै लोगले यहुवेको सांमु बलि ४
चढ़ाये। अनि सुलैमान् राजाले बलिदानमां बाईस् हजार गोरु र एक् ५
लाख् बीस् हजार भेंड़ाबाख्रा चढ़ायो। येसोरि राजा र सिंगै लोगले
यहुवेको घरको घरपैल्ो गर्‍ये; अनि पूजाहारीहरु आफ्नु आफ्नु काम् ६
अनुसार् उभीये अनि लेवीहरु पनि यहुवेको लागिका बाजाहरु लियेर जुन्
बाजाहरु दाऊद् राजाले यहुवेको धन्यबाद् गर्नुको लागि कसोगरिभन्ये उस्को
करुणा सनातन् सम्म रहंद छ भन्दै बनायेको थियो जब दाऊद्ले तिनको
बाटोले स्तुति गर्द थियो. अनि पूजाहारीहरुले तिनिहरुको अघि अघि
तुरही बजाउंदै रह्ये अनि सिंगै इस्राएल उभीइ रह्ये। येस् उप्रान्त सुलैमान्ले ७
यहुवेको घरको सांमु भयेको आघनको बीच् पनि पवित्र गर्‍यो कसोगरिभन्ये
त्येस्ले वहां होमबलि र मेलबलिको बोसो चढ़ायो. किनभन्ये सुलैमान्ले
बनायेको पीतलको बेदि होमबलि र अन्नबलि र बोसो अटाउंनु सक्येन।
त्यस् बेलामां सुलैमान् र त्यो सङ सिंगै इस्राएल् येउटा ठाँधि ठुलो सभा ८
हमातमां पस्ने गोंड़ा देखि मिस्रको खोल्चा सम्म सात् दिन् सम्म चाड़
मान्दै रह्ये। अनि आठौं बइं दिनमां तिनिहरुले पवित्र सभा राख्ये. ९
कसोगरिभन्ये तिनिहरुले बेदिको पवित्रगराई सात् दिन् सम्म अनि चाड़
पनि सात् दिन् सम्म मान्दै रह्ये। अनि सातौं महीनाको तेईसौं थितिमां १०
त्येस्ले लोगलाइ यहुवेले दाऊद्लाइ र सुलैमान्लाइ र आफ्नु लोग्
इस्राएललाइ देखायेको भलाईको कारणले रमाउंदै र मनमां मगन हुंदै
तिनिहरुको डेरामां फर्कि जाउन् भनि बिदा दियो॥

११ येसोरि सुलैमान्ले यहूवेको घर् र राजाको घर् बनाइ सक्यो . अनि
यहूवेको घरमां र आफ्नु घरमां बनाउंनुको लागि जे जे सुलैमान्को
१२ मन्मां आयो ति त्येस्ले भाग्येमानी सित गर्यो । अनि यहूवेले राति
सुलैमान्कां देखाहा पर्येर त्येस्लाइ भन्यो मैंले तेरो प्रार्थना सुन्यें अनि यो
१३ ठांउ आफ्नु लागि बलिदान्को घर् हुंनुलाइ क्वान्यें । मैंले पानी न परोस्
भन्येर अकाश् थुन्यें कि मलहलाइ देस् भस्म पार्नुलाइ आज्ञा गर्यें कि
१४ आफ्नु लोगमां रुढि पठायें भन्ये देखि अनि मेरा लोगले जुन् मांथि
मेरो नांउ राखीयेको छ आफुलाइ दीन् तुल्याएर प्रार्थना गर्ये अनि मेरो
दर्शन् खोजे अनि आफ्ना दुष्ट बाटाहरु देखि फर्के भन्ये देखि मं स्वर्ग
देखि सुन्कु अनि तिनिहरुको पाप् क्षमा गर्कु अनि तिनिहरुको देस्लाइ
१५ निको पार्कु । अब येस् ठांउमां गरीयेका प्रार्थना तिर मेरा आंखा खोलीइ
१६ रहंकन् अनि आफ्ना कान् थापि रहंकु । किनभन्ये मैंले यो घर् आफ्नु
नांउ सदा वहां हुंनुलाइ क्वान्येको र पवित्र गर्येको कु . अनि मेरा आंखा
१७ र मेरो मन् सबै दिन् वहां रहंकन् । अनि तेरो विषयमां तं चइं मेरो सांमु
तेरो बाबु दाऊद् झैं मैंले तंलाइ गर्येका सबै आज्ञा गर्नुलाइ हिंड्दिस् अनि
१८ मेरा विधि र मेरा नियाब्चन् मानिस् भन्ये देखि त मं तेरो राज्को
सिंहासन् स्थिर् गर्कु मैंले तेरो बाबु दाऊद् सङ तंलाइ इस्राएलमां मालिक्
१९ हुंने तेरो लागि घट्दैन भन्येर करहार् गर्येको अनुसार् । तर तिमिहरु
मं देखि फर्कौं अनि मैंले तिमिहरुको सांमु राख्येको मेरा आज्ञाहरु र
विधिहरु मान्यौन तर गयेर पराय् देवताहरुको सेवा र तिनलाइ दण्डवत्
२० गर्यो भन्ये देखि . त मं इस्राएलबाट मैंले तिनिहरुलाइ दियेको देस् देखि
जरै समेत् उखेलि दिंकु अनि यो मैंले आफ्नु नांउको लागि पवित्र गर्येको
घर् आफ्नु सांमु देखि आफालि दिंकु अनि मं त्येस्लाइ सबै लोगको
२१ बीचमां कहंनि र ठट्टाको कारण् तुल्याउंकु . अनि यो घर् येत्रो अलगो
भयेको भये पनि त्येस्को छेउ देखि हिंड्ने सबैले उदेक् मान्कन् अनि
तिनिहरुले यहूवेले येस् देस् र येस् घर् भित किन येसो गर्यो भन्येर
२२ भन्कन् । त तिनिहरुले किनभन्ये तिनिहरुले तिनिहरुका पित्रहरुलाइ
मिस्र देस् बाटो निकालि ल्याउंने तिनिहरुको ईश्वर् यहूवेलाइ छोडि दियेर
पराय् देवताहरु समाल्येर तिनलाइ दण्डवत् गरि सेवा गर्ये येस्कारण्
यहूवेले तिनिहरु मांथि यि सबै विपत्ति ल्यायो भनि उत्तर् दिंकन् ॥

(सुलैमान्को चरित्र)

८ १ अनि बीस् वर्ष बित्ये पछि जुन् वर्ष भित्र सुलैमान्ले यहूवेको
२ घर् र आफ्नु घर् बनाइ सक्येको थियो तब येसो भयो हूरामले
सुलैमान्लाइ दियेका सहरहरु सुलैमान्ले बनायो अनि तिनमां इस्राएल-
बंशीहरुलाइ बसाल्यो ॥

३ तब सुलैमान् हमात् सोबा मांथि जाइ लाग्यो अनि जितायो भयो ।

तब त्येस्ले बनमां भयेको तद्मोर् र त्येस्ले हमात्मां बनायेका सबै भंड़ारे ४
सहर्हरु बनायो। येस् उप्रान्त त्येस्ले मांथिल्लो चइं बेत्होरोन् र तल्लो चइं ५
बेत्होरोन् घेय्केा सहर्हरु जस्मां भित्ता ठोका र आगलाहरु थिये ति
सहर्हरु बनायो अनि बालात् अनि सुलैमान्कां भयेका त्येस्का सबै ६
भंड़ारेसहर्हरु र त्येस्का रथ्हरुको लागि सहर्हरु र त्येस्का त्रुक्सवार्हरुको
लागि सहर्हरु र जे जे सुलैमान्ले आफ्नु खुशिको लागि यरूशलेम्मां र
लब्रानोन्मां र त्येस्को अधिकार्को सिंगै देस्मां बनाउंनु मन् गर्येको थियो
ति सबै पनि बनायो। अनि जो जो इस्राएल्बंशीहरुमांका थियेनन् अर्थात् ७
हित्तीहरु एमोरीहरु परिज्जीहरु हिव्वीहरु र यबूसीहरुमांका रह्यका
सबै लोग्हरुको बिषय्मां अर्थात् तिनिहरुको पछि देस्मां रह्यका ८
तिनिहरुका बंशहरु जुन्हरुलाइ इस्राएल्बंशीहरुले भस्म पार्येनन्
तिनिहरुमांकालाइ सुलैमान्ले किरिया मुनिका कमांरा हुंनुलाइ खटायो
आजुको दिन् सम्म। तर इस्राएल्बंशीहरुमांकालाइ सुलैमान्ले आफ्ना ९
काम्को लागि कमांरा तुल्यायेन तर तिनिहरु लड़ाईंका मान्छेहरु र त्येस्का
मालिक्हरुका मुखियाहरु र त्येस्का रथ्हरु र त्येस्का त्रुक्सवार्का मुखियाहरु
थिये। अनि सुलैमान् राजाका लोग् मांथि प्रभुतेईं गर्ने मूल् मूल १०
मालिक्हरु दुइ सै पचास् जना थिये। अनि सुलैमान्ले फिरऊन्की ११
छोरीलाइ दाऊद्को सहर् देखि त्येस्ले त्येस्को लागि बनायेको घर्मां चढ़ाइ
लग्यो. किनभन्ये त्येस्ले भन्यो मेरी मुखेंनी इस्राएल्को राजा दाऊद्को
घर्मां रहंदैन किनभन्ये यहूवेको सम्पट् आयेका सबै ठांउ पवित्र छन्॥

तहांदेखि सुलैमान्ले यहूवेको लागि दलान्को सांमु बनायेको १२
यहूवेको बेदिमां होम्बलि चढ़ायो अं दिनहूं गर्नु पर्ने काम् अनुसार १३
अर्थात् मूसाको आज्ञा अनुसार् बिश्राम् बिश्राम्बार् र दुतिया दुतिया र
ठहराईयेका चाड़ बर्षमां तीन् खेप् अर्थात् अखमीरे रोटीको चाड़ र
माताहरुको चाड़ र डेराबासे चाड़। अनि त्येस्को बाबु दाऊद्को बिधि १४
अनुसार् त्येस्ले पूजाहारीहरुलाइ तिनिहरुको सेवाटहल्को लागि पालो
पालो खटायो अनि लेवीहरु तिनिहरुको गड़्ने काम्को लागि अर्थात्
स्तुति गर्नुलाइ र दिनहूं गर्नु पर्ने काम् अनुसार् पूजाहारीको सांमु सेवा
गर्नुलाइ. अनि दुवारपाल्हरुलाइ पनि ठोका पिच्छे तिनिहरुको पालो
अनुसार् किनभन्ये ईश्वर्को जन् दाऊद्ले येस्ते आज्ञा दियेको थियो। अनि १५
तिनिहरु राजाले कुने बिषय्मां कि भंड़ार्को बिषय्मां पूजाहारीहरु र
लेवीहरुलाइ गर्येको आज्ञा देखि तर्कि गयेनन्। तब सुलैमान्को सबै १६
काम् यहूवेको घर्को जग् बसाल्ने दिन् सम्म अं त्यो न मकुंच्याल् सम्म
तियार् पार्येको थियो। येसोरि यहूवेको घर् सिद्धीयो॥

तब सुलैमान् राजा एदोम्को देस्मां समुन्द्रको तीर्मां एलोत् र १७
एजोन्गेबेर्मां गयो। अनि हूरामले जहाज्हरुलाइ र समुन्द्रहरुको १८
बिद्य जान्ने चाकरेहरुलाइ आफ्ना चाकरेहरुको बाटोले त्यो पांइ पठाइ

दियो अनि तिनिहरु सुलैमान्का चाकरेहरु सङ ओमीरमां आयेर त्यहां बाटो चार, से पचास् तोड़ा सुन् ल्यायेर सुलैमान् राजा थांइ पुऱ्याइ दिये ॥

(शबाकी रानीले सुलैमान् राजाको दर्शन् गर्नु)

९ १ अनि जब शबाकी रानीले सुलैमान्को कीर्त्ति सुनी तब त्यो सुलैमान्लाइ अड़्को थाप्नेगरि जांचनुलाइ सुगन्ध द्रव्य र बिघ्न औधि सुन् र मणिहरु बोकाईयेका ऊंटहरु अं तुलो लावालश्कर् लिइ यरूशलेम्मां आई. अनि जब त्यो सुलैमान् थांइ आइ पुगी तब त्यस्ले २ आफ्नु मन्मां ज्ये ज्ये थियो तिनको बिषयमां बात् गरी। अनि सुलैमान्ले त्येस्का सबै सोधनीको उत्तर् दियो. अनि सुलैमान् देखि लुक्येको कोई ३ कुरा थियेन जो त्येस्ले त्येस्लाइ कहि दियेन। अनि जब शबाकी रानीले ४ सुलैमान्का बुद्धि र त्यस्ले बनायेको घर् र त्येस्का मेज्को भोजन् र त्येस्का चाकरेहरुको बस्ने र त्येस्का मंत्रीहरु उभीइ रहंने रीत् र तिनको पोशाक् र त्येस्का पियाउंनेहरु र तिनको पोशाक् र त्यो यहूवेको घर्मां ५ चढ़ि जांने बाटो देख्येकी थिई तब त्येस्को हंसले ठांउ छाड़्यो। वहांदेखि त्येस्ले राजालाइ भनी मैंले आफ्नु देसमां आफुको कर्म्म र आफुको बुद्धिको ६ बिषयमां सुन्येका कीर्त्ति सांचो हो रछ। तैपनि मैंले आयेर आफ्ना आंखाले त्यो न देखुंज्याल् सम्म यि कुरा पत्याईंन. त हेर्नु हुवस् मंलाइ आधा पनि कहीयेको रैनछ. आफु मैंले सुन्येको कीर्त्ति भन्दा बेसि ७ हुंनु हुंद रछ। आफुका मान्छेहरु धन्न आफुका यि चाकरेहरु जो सदा ८ आफुको सांमु उभीयेर आफुको बुद्धि सुन्नु पाउंद छन् धन्न। आफुको ईश्वर् यहूवे धन्नको हुवस् जो आफु देखि खुशि भयो आफुलाइ आफ्नु सिंहासन् मांथि बसालनुको लागि आफुको ईश्वर् यहूवेको लागि राजा हुंनुलाइ. आफुको ईश्वरले इस्राएल्लाइ जुगनजुग् स्थिर् गर्नुलाइ पिर्ति गर्येको कारणले उस्ले आफुलाइ निया र धर्म्म गर्नुलाइ तिनिहरु मांथि राजा ९ तुल्यायो। वहांदेखि त्येस्ले राजालाइ एक से र बीस् तोड़ा सुन् र अरघोर् औधि सुगन्ध द्रव्य र मणि दिई. जति बिघ्न सुगन्ध द्रव्य शबाकी रानीले १० सुलैमान्लाइ दिई त्येति फेरि फेरि कैले पनि थियेन। फेरि हूरामका चाकरेहरु पनि र सुलैमानका चाकरेहरुले जस्ले ओपीर् देखि सुन् ल्याउंद ११ थिये तिनिहरुले ओपीर् देखि चन्दनकाठ् र मणि ल्याउंद थिये। अनि राजाले ति चन्दनकाठ् देखि यहूवेको घरको लागि र राजाको घरको लागि कठघेरा र गीत् गाउंनेहरुको लागि बीणा र सितार् बनायो. १२ ऐस्ता ऐस्ता चन्दनकाठहरु देखीयेनन् आजु सम्म। अनि सुलैमान् राजाले शबाकी रानीलाइ त्येस्को सबै इच्छे अनसार् ज्ये ज्ये त्येस्ले मांगद थिई ति दियो त्येस्ले राजाको लागि ल्याएका सबै बाहिक। त त्यो फर्क्यर त्यो र त्येस्का सबै चाकरेहरु समेत् आफ्नु देसमां गई ॥

(सुलैमान्को महिमा र मंरण्)

अब वर्षभरिमां सुलैमान् थांइ आउंने सुन्को जोखाई कु सै क्रियासठ १३
तोड़ा थिये पैकारीहरुले र बेपारीहरुले ल्यायेको उप्रान्त. अनि १४
अरब देसका सबै राजाहरु र देसका मालिक्हरुले सुन् चांदी सुलैमान्
थांइ ल्याउंद थिये। अनि सुलैमान् राजाले कमायेका सुन्का दुइ सैवटा १५
तुला तुला ढाल्हरु बनायो. एक् एक् तुलो ढाल्मां सै कु एक् शेकेल्
कमायेको सुन् गयो। अनि त्येस्ले तीन् सै कमायेका सुन्का साना ढाल्हरु १६
पनि बनायो साना एक् एक् ढाल्मां तीन् सै शेकेल् गयो. अनि राजाले
ति लबानोन्को बन्को घरमां राख्यो। येस् उप्रान्त राजाले हात्तिदांत्को १७
येउटा तुलो सिंहासन् बनायो अनि त्यो निखरा सुन्ले मोहोर्यो। अनि १८
सिंहासन् सम्म चढ़ि जांनुलाइ कु खुड्कीला अनि सुन्को येउटा चरणपीठ्रा
थिये ति सबै सिंहासन् सित जोरीयेका थिये अनि बैठक्को ठांउमां दुवै
पट्टि हात् पनि थिये अनि हात् हात्को कुेउमां दुवटा सींह उभीइ
रह्येका थिये। अनि त्यहां कु खुड्कीलाका दुवै पट्टि गरि बाह्र सिंह १९
थिये. कोई राजमां येस्तो कैले पनि बनीयेको थियेन। अनि सुलैमान् २०
राजाका पीउंने भांड़ाहरु सबै सुन्का थिये अनि लबानोन्को बन्को
घर्का सबै भांड़ाहरु निखरा सुन्का थिये। सुलैमान्को पालामां चांदीको
कोइ लेखा थियेन। कसोगरिभन्ये हूरामका जहाज्हरु सङ राजाका पनि २१
तर्शीसमां जांने जहाज्हरु थिये. तीन् तीन् बर्षमां एक् खेप् सुन् र चांदी
र हात्तिदांत् र हनिमान् र मुजुर्हरु लिइ तर्शीसका जहाज्हरु आउंद
थिये। येसोरि सुलैमान् राजा धन्सम्पत्ति र बुद्धिमां पृथिवीका सबै २२
राजाहरु भन्दा बढ़ताको थियो। अनि पृथिवीका सबै राजाहरुले ईश्वर्ले २३
त्येस्को मन्मां हाल्येको त्येस्को बुद्धि सुन्नुलाइ सुलैमान्को दर्शन् खोजुइ
थिये। अनि तिनिहरु आफ्ना आफ्ना भेटि अर्थात् चांदीका भांड़ाहरु र २४
सुन्का भाड़ाहरु र पहिरन्हरु र हतियार्हरु र सुगन्धद्रव्यहरु र घोड़ाहरु
र खच्चर्हरु बर्ष बर्ष दरगरि लिइ आउंद थिये। अनि सुलैमान्का २५
घोड़ाहरु र रथ्हरुको लागि चार् हजार् खोपाहरु थिये अनि बाह्र हजार्
घुकसवार् थिये जुन्हरुलाइ त्येस्ले रथ्हरुका सहर् सहरमां र यरूशलेममां
राजा सङ राख्यो। अनि त्येस्ले महानदी देखि पलिश्तीहरुको देस् सम्म अं २६
मिस्रको सिमाना सम्मका सबै राजाहरु मांथि राज् गर्यो। अनि राजाले २७
यरूशलेममां चांदी कुंगै सरि तुल्यायो अनि देवदारुहरु धेर् हुंनाको
कारणले बेंसिमां हुंने किम्बुका रुख् सरि तुल्यायो। अनि तिनिहरुले २८
सुलैमान्को लागि मिस्र देखि र सबै देस् देस् देखि घोड़ाहरु ल्याउंने
गर्द थिये॥

अब सुलैमान्का रहल् कार्य्य पालनि देखि अन्त सम्म को ति नातान् २९
अगमवक्ताको पोस्तक् र शीलोनी अहियाहको अगमवचन् र नबात्को

क्रोगे यारोबाम्को विषयको पोस्तकमां इद्दो दर्शीका दर्शनमां लेख्येका
३० कैनन्। अनि सुलैमान्ले यरूशलेममां सिंगै इस्राएल् मांथि चालीस् वर्ष
३१ राज् गर्‍यो। अनि सुलैमान् आफ्ना पित्रहरू सङ सुति गयो अनि आफ्नु बाबु दाऊदको सहरमां गाड़ीयो. तब त्येस्को क्रोरो रहबाम्ले त्येस्को साटोमां राज् गर्‍यो॥

(इस्राएल्को राज् दुइ भाग् हुंनु)

१० १ अनि रहबाम् शकेममां गयो. किनभन्ये सिंगै इस्राएल् त्येस्लाइ
२ राजा तुल्याउंनुलाइ शकेममां आयेका थिये। अनि येसो भयो जब नबात्को क्रोरो यारोबाम्ले यो कुरो सुन्यो (कसोगरिभन्ये त्यो अझै सम्म मिस्रमां थियो जहां त्यो सुलैमान् राजाको सांसु देखि भाग्येको थियो) तब
३ यारोबाम् मिस्र देखि फर्कि आयो। त तिनिहरूले त्येस्लाइ डाकि पठाये तब यारोबाम् र सिंगै इस्राएलले आयेर रहबाम्लाइ येसो भन्ये
४ आफुको बाबुले हांमिहरूको जूवा गह्रुङ् तुल्याइ दियो. येस्कारण अब आफुको बाबुको कठिन् चाकरी र त्येस्ले हांमिहरू मांथि हाल्येको गह्रुङ्
५ जूवा हलुङ् पारि दिंनु हवस् त हांमिहरू आफुको चाकरी गर्छौं। तब त्येसे तिनिहरूलाइ भन्यो तीन् दिन् पछि फेरि मं थांइ आउंनु। त लोग् गइ
६ गये। वहांदेखि रहबाम् राजाले आफ्नु बाबु सुलैमान् जीउंदो छंदाखेरि त्येस्को सांसु उभौइ रहंने बूढ़ा बूढ़ा मान्छेहरू सित येसो भनिकन सल्लाह् लियो मैंले ति पर्जाहरूलाइ उत्तर् दिंनुलाइ मंलाइ को सल्लाह् दिंछौ।
७ अनि तिनिहरूले त्येस्लाइ येसो भन्ये आफुले ति पर्जाहरू मांथि दया गर्‍यर तिनलाइ खुशि पार्नु भयो अनि तिनिहरू सित जाति कुरा गर्नु भयो
८ भन्ये देखि त तिनिहरू सधैंभरि आफुका चाकरे रहंछन्। तर त्येसे ति बूढ़ाहरूले दियेको सल्लाह् छोड़ेर ति आफु सङ बढ़ेका आफु सङ उभौंने
९ जुवानहरू सङ सल्लाह् लियो। त त्येसे तिनिहरूलाइ हांमिहरूले ति पर्जा जुनहरूले मंलाइ आफुको बाबुले हांमिहरू मांथि हाल्येको जूवा हलुङ् पारि दिंनु हवस् भन्यर भन्येका छन् तिनलाइ उत्तर् दिंनु भनि तिमिहरूले
१० मंलाइ को सल्लाह् दिंइ छौ। तब त्यो सङ बढ़ेका जुवानहरूले त्येस्लाइ येसो भन्ये ति आफुलाइ आफुको बाबुले हांमिहरूको जूवा गह्रुङ् तुल्यायो तर आफुले त्यो हांमिहरूको लागि हलुङ् पारि दिंनु हवस् भन्ये पर्जाहरूलाइ येसो भन्नु हवस् अं तिनिहरूलाइ येसो भन्नु मेरो कान्छीचइं औंली मेरो
११ बाबुको कम्मर् भन्दा मोटो छ। त अब मेरो बाबुले ता तिमिहरू मांथि गह्रुङ् जूवा बोकायेको छ तर मं चइं ता तिमिहरूको जूवा झन् बढ़ाउंछु. मेरो बाबुले ता तिमिहरूलाइ कोर्राले शिक्षादण्ड दिंद थियो तर मं चइं
१२ बिच्छुले। त यारोबाम् र सिंगै लोग् राजाले तीस्रो दिनमां मं थांइ फेरि आउंनु भनि आज्ञा दियेको अनुसार तीस्रो दिनमां रहबाम् थांइ
१३ आये। तब राजाले तिनिहरूलाइ कठोरेइ सित उत्तर् दियो अनि बूढ़ाहरूले

त्येलाइ दियेको सल्लाह् रहबाम् राजाले छोड्यो अनि तिनिहरुलाइ १४
जुवानहरुको सल्लाह् अनुसार् येसो भन्यो मेरो बाबुले तिमिहरुको
जूवा गह्रौ तुल्यायो तर मं चइं ता तिमिहरुको जूवा झन् बढाउंछु.
मेरो बाबुले ता तिमिहरुलाइ कोर्राले शिक्षादण्ड दिंद थियो तर मं चइं
ता बिच्छुले। येसोरि राजाले पर्जाहरुको सुन्येन किनभन्ये त्यो यहवेले १५
शीलोनी अहिय्याहको बाटोले नबात्को छोरो यारोबाम्लाइ भन्येको
आफ्नु कुरा स्थिर् गरोस् भन्ये खातिरले ईश्वरको पट्टि बाटो ठहराएको
थियो। अनि जब सिंगै इस्राएलले राजाले हांमिहरुको कुरा सुन्येन भनि १६
देख्यो तब पर्जाहरुले राजालाइ येसो भनिकन उत्तर् दिये दाऊदमां
हांमिहरुको के भाग् छ. अनि यिशैको छोरोमां हांमिहरुको के
अधिकार् छ. हे इस्राएल् हो जनंगे आफ्नु आफ्नु पालमां जाव. हे दाऊद्
आफ्नु जहान्को बिषयमां फिक्रि गर्। येसोरि इस्राएल् आफ्नु आफ्नु
पालमां हिंड़ि गयो। तर यहूदाका सहरहरुमां बस्ने इस्राएलबंशीहरु मांथि १७
रहबाम्ले राज् गर्यो। तब रहबाम् राजाले किरिया मुनिको दासको १८
मालिक् हदोराम्चइंलाइ पठाइ दियो अनि सिंगै इस्राएलले त्येलाइ
मर्नेगरि ढुंगाले लोहोर्याये। तब रहबाम् राजाले आफ्नु रथमां चढ़ेर
यरूशलेम्मां भागि जांनुलाइ हतार् गर्यो। येसोरि इस्राएल् दाऊदको १९
जहान् देखि राजद्रोही भयो आजुको दिन् सम्म॥

(रहबाम्को राज्)

अनि जब रहबाम् यरूशलेम्मां आइ पुग्यो तब त्येस्ले यहूदाको र ११ १
बिन्यामीनको जहान् एक् लाख् र अस्सी हजार् रोजा लड़ांकिहरुलाइ
इस्राएल् सित लड़ाईं गरि राज् रहबाम् पट्टि फर्काउंनुलाइ भेला गरायो।
तर ईश्वरको बचन् येसो भन्दै ईश्वरको जन् शमायाह् थांइ आयो २
यहूदाको राजा सुलैमानको छोरो रहबाम्लाइ र बिन्यामीन् र यहूदामां ३
भयेको सिंगै इस्राएललाइ येसो भन् यहवेले येसो भन्द छ तिमिहरु ४
चढ़ि न जाव न आफ्ना भाई सित लड़ाईं गर. जनंगे आफ्नु आफ्नु
घरमां फर्कि जाव किनभन्ये यो कुरा मं पट्टि बाटोको छ। त
तिनिहरुले यहवेको बचन् मान्ये अनि यारोबाम्को बिरुद्धमां जाइ लागनु
देखि फर्के। त रहबाम् यरूशलेम्मां रह्यो अनि यहूदामां बचाउंनुको ५
लागि सहरहरु बनायो। अं त्येस्ले बेतलेहेम् एताम् तको बेतसूर ६
सोको अदुल्लाम् गात् मरेशा जीप् अदोरैम् लाकीश् अजेका ७
सोरा अय्यालोन् र हेब्रोन् जो यहूदा र बिन्यामीनमां घेरा भयेका सहरहरु ८
कुन् ति बनायो। अनि त्येस्ले किल्लाहरु बलियो गरायो अनि तिनमां ९
कप्तानहरुलाइ र खानें सामग्रीम् र तेल् र मद्य राख्यो। फेरि गोटै पिच्छे १०
सहरमां त्येस्ले ढालहरु र भालाहरु राख्यो अनि तिनलाइ बिघ्न बलियो
गरायो। अनि यहूदा र बिन्यामीन् त्येस्को पट्टि भये। अनि सिंगै ११

इस्राएलमां भयेका पूजाहारीहरु र लेवीहरु आफ्ना आफ्ना सिमाना
१३ देखि त्यो तिर आउंद थिये। किनभन्ये लेवीहरु आफ्ना आफ्ना
खर्क र अधिकार छोडेर यहूदा र यरूशलेममां आउंद थिये. किनभन्ये
यारोबाम् र त्येस्का छोराहरुले तिनिहरुले यहूवेको लागि पूजाहारीले गर्ने
१४ काम् न गरुन् भन्येर अफाल्येका थिये. अनि त्येस्ले अलगा ठांउहरुको
लागि र भूतप्रेतको लागि र आफुले बनायेका बाच्छाहरुको लागि
१५ पूजाहारीहरु ठहरायो। अनि तिनिहरु पछि इस्राएलका सबै कुलहरुमांका
जति जनाले आफ्नु आफ्नु मन् इस्राएलको ईश्वर् यहूवेलाइ खोज्नुलाइ
लगायेका थिये तिनिहरु आफ्नु पित्रहरुको ईश्वर् यहूवेको लागि बलिदान्
१७ चढाउंनुलाइ यरूशलेममां आउंद थिये। येसोरि तिनिहरुले यहूदाको
राज् बलियो गराये अनि तीन् वर्ष सम्म सुलैमान्को छोरो रहबाम्लाइ
बलियो गराये. कसोगरिभन्ये तीन् वर्ष सम्म तिनिहरु दाऊद् र सुलैमान्को
१८ बाटोमां हिंड्ये। अनि रहबाम्ले महलत्लाइ ब्याहा गरि ल्यायो जस्को
बाबु दाऊद्को छोरो यरीमोत् अनि आंमा थिशैको छोरो एलीआबको
१९ छोरी अबीहैल् थियो त्येस्ले त्येस्को लागि यूश् शमर्याह् र जाहम्
२० नांउ भयेका छोराहरुलाइ जन्माई। अनि महलत् पछि त्येस्ले अबशालोम्को
माका नांउ भयेकी नतिनीलाइ ब्याहा गर्यो अनि त्येस्ले त्येस्को लागि
२१ अबिय्याह् अत्तै जीजा र शलोमीत्लाइ जन्माई। अनि रहबाम्ले
अठारबटी स्वास्नीहरु र साठीबटी रखेलीहरुलाइ पनि राख्यो त अट्ठाईस्
भाई छोराहरु र साठीबटी छोरीहरु जन्माई तर अबशालोम्की नातिनी
माका सित त्येस्ले आफ्नो सब्बै स्वास्नीहरु र रखेलीहरु सित भन्दा
२२ बेसि प्रेम् राख्द थियो अनि रहबाम्ले माकाको छोरो अबिय्याहलाइ
मुखिया अं सब्बै भाईहरुमां मालिक् नुल्यायो. किनभन्ये त्येस्ले त्येस्लाइ
२३ राजा नुल्याउंने मन् गर्यो। अनि त्येस्ले राम्रो बुझिकन काम् गर्यो अं
त्येस्ले आफ्ना सबै छोराहरुलाइ यहूदा र बिन्यामीन्को सबै देसका सबै
घेरा भयेका महरहरुमां पोज्यो. अनि तिनिहरुको लागि धेरै खानें
सादाम् दियो। अनि त्येस्ले तिनिहरुको लागि धेरै स्वास्नीहरु खोज्यो ॥ १७

१२ १ अनि जब रहबाम्को राज् स्थिर् भयो अनि त्यो बलियो भयो
तब येसो भयो त्येस्ले र त्यो सङ सिंगै इस्राएलले यहूवेको व्यवस्था छोड्ये।
२ अनि रहबाम् राजाको पांचौं बर्षमां येसो भयो तिनिहरुले यहूवेको
बिरुद्धमां अपराध् गर्येको कारणले मिस्रको राजा शीशक् यरूशलेम्को
३ बिरुद्धमां चढि आयो अनि त्यो सङ बारह् सै रथ् र साठी हजार्
घुकमवार् थिये. अनि त्यो सङ मिस्र बाटो आयेका लोग् बिहिसाप्
४ थिये अर्थात् लूबीहरु सुक्कियीहरु र कूशीहरु। अनि त्येस्ले यहूदा पट्टिका
५ घेरीयेका महरहरु लियो अनि यरूशलेममां आयो। तब रहबाम् राजा र
यहूदाका मालिकहरु जो शीशकको कारणले यरूशलेममां भेला भयेका
थिये तिनिहरु राजा शमायाह् अगमवक्ताले आयेर भन्यो यहूवेले येसो

भन्द छ तिमिहरुले मंलाइ छोड़ि दियेका छौ येसैकारणले मैंले पनि तिमिहरुलाइ शीशकको हातमां छोड़ि दियेको छु। तब इस्राएलका मालिकहरु र राजाहरुले आफु आफुलाइ दीन् तुल्याये र भन्ये यहवेनै धर्म्मी छ। अनि जब यहवेले तिनिहरुले आफु आफुलाइ दीन् तुल्यायेको देख्यो तब यहवेको बचन् शमायाह् थांइ येसो भन्दै आयो तिनिहरुले आफु आफुलाइ दीन् तुल्याये येस्कारण मं तिनिहरुलाइ नष्ट पार्दीन. तर तिनिहरुलाइ अलिकता कुट्कारा दिंछु अनि मेरो रिस् शीशकको बाटोले यरूशलेम् मांथि खन्याईंदैन। तैपनि तिनिहरु त्येस्का चाकरे ता हुंछन् तब तिनिहरुलाइ मेरो सेवा गर्नु कस्तो रछ अनि देस् देसका राज् राजको सेवा गर्नु कस्तो रछ भनि थाहा पाउंछन्। येसोरि मिस्रको राजा शीशक् यरूशलेमको बिरुद्धमां चढि आयो अनि त्येस्ले यहवेको घरको भंड़ार् र राजाको घरको भंड़ार् लूटि लग्यो अं सबै लूटि लग्यो. सुलैमानले बनायेका सुनका सबै ढालहरु पनि लूटि लग्यो। तब रहबाम् राजाले तिनिहरुको साटोमां पीतलका ढालहरु बनायेर राजाको घरको दैलो रुड़ने दुगुर्नेहरुका मालिकहरुको हातमां सुम्पि दियो। अनि येसो हुंथ्यो जब जब राजा यहवेको घरमां जांद थियो तब तब रुड़ने दुगुर्नेहरु ति लिंद थिये अनि फेरि आफ्नु पहरेकोठामां ल्याउंद थिये। अनि जब त्येस्ले आफुलाइ दीन् तुल्यायो तब उस्ले त्येस्लाइ खांट्टै नष्ट न पारोस् भन्येर यहवेको रिस् त्यो देखि फर्क्यो. येस् उप्रान्त यहूदामां अलि अलि भलाई पनि पाईयेका थिये। येसोरि रहबाम् राजाले यरूशलेममां आफुलाइ बल्लियो गराएर राज् गर्यो कसोगरिभन्ये रहबाम् राज् गर्नु लाग्दा एकचालीस् बर्षको थियो अनि त्येस्ले यहवेले इस्राएलका सबै कुल् देखि आफ्नु नांउ राख्नुको लागि छान्येको सहर् अर्थात् यरूशलेममां सत्रह् बर्ष सम्म राज् गर्यो. अनि त्येस्की आंमाको नांउ अम्मोनी नामा थियो। अनि त्येस्ले आफ्नु मन् यहवेलाइ खोजनुलाइ न राख्येको कारणले जुन् बेहोरा बुरो थियो त्यो गर्यो। अब रहबामका कार्य्य थालनि देखि अन्त सम्म को ति शमायाह् र यिद्दो दर्शीका बंशावलि अनुसार लेख्येका पोस्तकहरुमां लेख्येका छैनन्। अनि रहबाम् र यारोबामको बीचमां सदा लड़ाईं भइ रह्यो। अनि रहबाम् आफना पित्रहरु सङ सुति गयो अनि दाऊदको सहरमां गाड़ीयो. अनि त्येस्को छोरो अबिय्याहले त्येस्को साटोमां राज् गर्यो॥

(अबिय्याहको राज्)

यारोबाम् राजाको अठारौं बर्षमां अबिय्याह् यहूदा मांथि राज् १३ १
गर्नु लाग्यो। त्येस्ले तीन् बर्ष सम्म यरूशलेममां राज् गर्यो. अनि त्येस्की आंमाको नांउ गिबा ऊरीएलकी छोरी मीकायाह् थियो। अनि अबिय्याह् २
र यारोबामको बीचमां लड़ाईं रह्यो। अनि अबिय्याहले लड़ाईंका ३
बल्लिया बल्लियाहरु अं चार् हजार् रोजा रोजाहरुलाइ लियेर लड़ाईं

गय्यो. अनि यारोबाम्ले आठ् लाख् रोजा रोजा महाबीरहरुलाइ लियेर
४ त्येस्को बिरुद्धमां पाङ्ति पाङ्ति बांध्यो। तब अबीय्याहले एफ्रेम्को पहाड़े
देसमां भयेको समारैम् डांड़ा मांथि उभीयेर भन्यो हे यारोबाम् र सिंगै
५ इस्राएल् मेरो सुन को तिमिहरुलाइ थाहा छैन इस्राएल्को ईश्वर्
यहूवेले दाऊद्लाइ अं त्येस्लाइ र त्येस्को बंशलाइ निमक्को सोजो हुंने
बाचा बांध्येर सदाको लागि इस्राएल मांथिको राज् दियो भन्येर।
६ तैपनि दाऊद्को छोरो सुलैमान्को चाकरे नबात्को छोरो यारोबाम्ले
७ उठेर आफ्नु प्रभुको बिरुद्धमां राजद्रोह् गय्यो। वहां त्यो थांइ कति
जना बिकामेफक्कड़हरु भेला भये जुन्हरुले रहबाम् सांनै र कलीलो
हुंदाखेरि र तिनिहरुको बिरुद्धमां न सक्ने बेलामां सुलैमान्को छोरो
८ रहबाम्को बिरुद्धमां आफुलाइ बल्लिया गराये। त अब को तिमिहरुले
दाऊद्वंशीको ताबिमां भयेको यहूवेको राज्को बिरुद्ध गर्नु ठान्द छौ अं
तिमिहरु तुलो धुइरे छौ अनि तिमिहरु सङ यारोबाम्ले तिमिहरुको
९ लागि देवता हुंनुलाइ बनायेका सुन्का बाच्छाहरु पनि छन्। को
तिमिहरुले हारून्वंशीहरु र लेवीहरुलाइ अर्थात् यहूवेका पूजाहारीहरुलाइ
धपायेका छौन अनि को तिमिहरुले अरु अरु देसका लोगहरुको रीत्
अनुसार् आफ्नु लागि पूजाहारी तुल्यायेका छौन. अं जोसुकैले पनि बाच्छो
र सात्वटा भुमाहरु लियेर आइ आफुलाइ पवित्र गय्यो भन्ये त्यो ईश्वरहरु
१० न हुंनेहरुको पूजाहारी हुंनु सक्द छ। तर हांमिहरु जो छौं हांमिहरु
चइंको ईश्वर् ता यहूवेनै छ हांमिहरुले ता उस्लाइ छोड़्नका छौंन अनि
हांमिहरुका हारून्वंशीहरु र लेवीहरु आफ्ना आफ्ना काम् अनुसार्
११ यहूवेको लागि सेवा गर्ने पूजाहारीहरु छन्. जुन्हरुले यहूवेको लागि
बिहान् बिहान् र सांझ् सांझ् होमबलि र सुगन्ध द्रव्य जलाउंद छन्.
भेटिरोटी पनि तिनिहरुले चोखो मेज् मांथि पांजि पांजिकन राख्द छन्
अनि सुन्को पांनस् त्येका दीयाहरु समेत् सांझ् सांझ्मां बाल्ने गर्नुको
लागि राख्ने गर्द छन्. किनभन्ये हांमिहरुले आफ्नु ईश्वर् यहूवेको
आज्ञा मान्द छौं तर तिमिहरुचइंले ता उस्लाइ छोड़ि दियेका छौ।
१२ हेर ईश्वर् हांमिहरु सङ हांमिहरुको मालिक् छ अनि उसैका
पूजाहारीहरु तिमिहरुको बिरुद्धमां खूब् बजाउंनुलाइ नसींगा लिंने
पूजाहारी पनि छन्। हे इस्राएल्वंशीहरु हो आफ्ना पित्रहरुको
१३ ईश्वर् यहूवेको बिरुद्धमां लड़ाईं न गर किनभन्ये भाग्येमान् हुदौन। तर
यारोबाम्ले तिनिहरुको पछाड़ि पट्टि ढुकुवाहरुलाइ बसाल्यो. त तिनिहरु
१४ यहूदाको अगाड़ि थिये अनि तिनिहरुको पछाड़ि ढुकुवाहरु थिये। त जसै
यहूदाले पछि फर्क्यर हेर्यो त को देख्यो भन्ये लड़ाईं हांमिहरुको
अघिल्तिर र पछिल्तिर रछ. तब तिनिहरुले यहूवेको दोहाई गय्ये अनि
१५ पूजाहारीहरुले नसींगा बजाये। वहांदेखि यहूदाका मान्छेहरु कंकलाम्
शब्दगरि कराये. तब यहूदाका मान्छेहरु कंकलामशब्द गरि कराउंने

गर्दाखेरि येसो भयो ईश्वर्ले यारोबाम् र सिंगै इस्राएल्लाइ अबिय्याह् र
यहूदाको सांमु मांग्यो। अनि इस्राएल्वंशीहरु यहूदाको सांमु देखि १६
भाग्ये. त ईश्वर्ले तिनिहरुलाइ तिनिहरुको हात्मां सुम्पि दियो। तब १७
अबिय्याह् र त्येस्का लोगले तिनिहरुलाइ ठुलो मंराईले मांग्ये. अं
इस्राएल्मांका मांरीयेकाहरु पांच् लाख् रोजा रोजाहरु थिये। येसोगरि १८
इस्राएल्वंशीहरु त्येस् बेलामां ताबिमां ल्याईये अनि यहूदावंशीहरु
आफ्ना पित्रहरुको ईश्वर् यहवे मांथि भरोसा राख्येको कारण्ले जिताहा
भये। वहांदेखि अबिय्याह्ले यारोबाम्लाइ खेद्दै त्यो देखि सहर्हरु लियो १९
बेतेल् त्येस्को बस्ती समेत् यशाना त्येस्को बस्ती समेत् एफ्रोन् त्येस्को बस्ती
समेत्। अनि यारोबाम्ले अबिय्याह्का दिनमां फेरि फेरि बल् पायेन. २०
निदान्मां यहवेले त्येस्लाइ मांग्यो त त्यो मंग्यो। तर अबिय्याह् बल्लियो २१
हुंदै गयो. अनि आफ्नु लागि चौदह्वटि स्वास्नीहरु ल्यायो अनि बाईस्
भाई क्रोराहरु र सोह्र बैंनी क्रोरीहरु जन्मायो। अनि अबिय्याह्का रहल् २२
कार्य र त्येस्का चाल्चलन्हरु र त्येस्का बचन्हरु इद्दो अगम्बक्ताको
टीकामां लेख्येका छन्॥

(आसाको राज्)

त अबिय्याह् आफ्ना पित्रहरु सित सत्यि गयो अनि तिनिहरुले १४ १
त्येस्लाइ दाऊद्को सहरमां गाड्ये अनि त्येस्को आसा नांउ भयेको क्रोरोले
त्येस्को साटोमां राज् गर्‍यो. त्येस्का पालामां देस्ले दस् बर्ष सम्म चैन् पायो २
अनि आसाले आफ्नु ईश्वर् यहवेको सांमु जे जे जाति थियो त्येइ गर्‍यो.
कसोगरिभन्ये त्येस्ले पराय् बेदि र अल्गा अल्गा ठांउहरु दूर् गर्‍यो अनि ३
मुड्काहरु भत्काइ दियो अनि अशेरीम् भनीने देव्ताहरु ढालि् दियो
अनि यहूदालाइ तिनिहरुका पित्रहरुको ईश्वर् यहवेलाइ खोज्नु र ४
व्यवस्था र आज्ञा मान्नुलाइ अह्रायो। अनि त्येस्ले यहूदाका सबै सहर्हरु ५
देखि अल्गा अल्गा ठांउहरु र सूर्जका मूर्त्तिहरु पनि निकाल्यो. अनि
त्येस्को सांमु राज्ले चैन् पायो। अनि त्येस्ले यहूदामां घेरीयेका सहर्हरु ६
बनायो. किनभन्ये यहवेले त्येस्लाइ बिश्राम् दियेको कारण्ले देस्ले चैन्
पायो अनि ति बर्ष भित्र लड़ाईं भयेन। कसोगरिभन्ये त्येस्ले यहूदालाइ ७
भन्यो हांमिहरु ति सहर्हरु बनाऊं अनि तिनका वरिपरि भित्ता र धरारा
र ढोका र आग्लाहरु बनाऊं हांमिहरुले आफ्नु ईश्वर् यहवेलाइ खोज्येको
कारण्ले देस् अब सम्म हांमिहरुको सांमु छ हांमिहरुले उस्लाइ खोज्यूं
अनि उस्ले हांमिहरुलाइ चारै पट्टि चैन् दियेको छ। त तिनिहरुले ति
सहर्हरु बनाये अनि भाग्येमान् भये। अनि आसाको ढाल् र भाला भिर्ने ८
पल्टन् थियो यहूदा देखि तीन् लाख् अनि बिन्यामीन् देखि ढाल् भिर्ने र
धनु तान्नेहरु दुइ लाख् र अस्सी हजार्. ति सबै महाबीर्हरु थिये।
अनि तिनिहरुको बिरुद्धमां दस् लाख् जनाको पल्टन् र तीन् सै रथ् लियेर ९

१० जेरा भनींने येउटा कुशी आयो अनि त्यो मारेशा सम्म आयो । तब आसा
त्येस्लाइ भेट्नुलाइ निस्क्यो अनि तिनिहरुले मारेशामां भयेको सपाताहको
११ तरिमां पाङ्ति पाङ्ति बांध्द थिये । तब आसाले आफ्नु ईश्वर् यहूवेको
दोहाई दिकन भन्यो हे यहूवे तपांइ जस्तो बल्लियो र निर्बल्लियोको
बीचमां गोहार् गर्न कोई कैन . हे हांमिहरुको ईश्वर् यहूवे हांमिहरुको
गोहार् गर्नु हुवस् किनभन्ये हांमिहरु तपांइ मांथि भरोसा राख्द छौं अनि
तपांइकै नांउमां हांमिहरु यो धुइरोको विरुद्धमां आयेका छौं । हे यहूवे
तपांइनै हांमिहरुको ईश्वर् हौ बिनासी मान्छेलाइ तपांइको विरुद्धमां
१२ जिताहा हुंनु न दिईश्रोस् । तब यहूवेले आसा र यहूदाको सांमु कुशीहरु-
१३ लाइ मांत्यो तब कूशीहरु भाग्ये । त आसा र त्यो सङ भयेका लोगले
तिनिहरुलाइ गरार् सम्म खेद्यो . अनि कुशीहरुमांका येति बिघ्न मंत्ये
तिनिहरुले फेरि आफ्नु सिर् उठाउंनु सक्येनन् कसोगरिभन्ये तिनिहरु
यहूवे र त्येस्को छाउंनीको सांमु नास् पारीये अनि यहूदीहरुले धेरै लूट्
१४ ल्याये । अनि तिनिहरुले गरार्को रिंगैका सबै सहर्हरु मांरि दिये
कसोगरिभन्ये तिनिहरु मांथि यहूवेको भय् पर्यो . अनि तिनिहरुले सबै
१५ सहर् लूटेर किनभन्ये तिमिहरुमां धेरै लूट् थिये । तिनिहरुले पशुहरुको
गोठ् पनि मांत्ये अनि भेंड़ाबाख्रा र ऊंट्हरु ओधिगरि लिइ
यरूशलेममां फर्क्ये ॥

१५ १ तब ईश्वर्को आत्मा ओदेद्को छोरो अजर्याह् मांथि पर्यो .
अनि त्येस्ले निस्केर आसालाइ भेटि भन्यो हे आसा र सिंगै यहूदा र
२ बेन्यामीन् मेरो सुन . तिमिहरु यहूवे सङ रहंदाखेरि उ तिमिहरु सङ
रहंद छ अनि तिमिहरुले उस्लाइ खोज्यौ भन्ये देखि उ तिमिहरु देखि
पाईंछ अनि तिमिहरुले उस्लाइ त्याग्यौ भन्ये देखि उस्ले तिमिहरुलाइ त्यागछ ।
३ अब धेरै दिन् भये इस्राएल् सांचो ईश्वर् बिना र सिकाउंने पूजाहारी
४ बिना र व्यवस्था बिना रहंद थियो . तर जब तिनिहरुले आफ्नु संकट्मां
इस्राएल्को ईश्वर् यहूवे तिर फर्क्यर उस्लाइ खोज्ये तब तिनिहरु देखि
५ पाईयो । अनि ति दिनमां बाइर जांनु कि भित्र आउंनुको लागि शान्ति
६ थियेन तर देस् देसका सबै बासीहरु मांथि ठुलो ठुलो नास् पर्यो । अनि
तिनिहरु फुटेर चूर् चूर् भयेका थिये लोग् लोगको बिरुद्धमां र सहर्
सहरको बिरुद्धमां . कसोगरिभन्ये ईश्वर्ले ति सबै कष्टहरुको बाटोले
७ तिनिहरुलाइ दुक्ख दियो । तर तिमिहरु बल्लिया हुव अनि आफ्ना
हातका ढीलाहरु न हुव किनभन्ये तिमिहरुको कामको प्रतिफल् दिईंछ ।
८ अनि जब आसाले ति कुरा अं ओदेद् अगमवक्ताको अगम् सुन्यो तब
त्येस्ले हुप् बांध्येर यहूदा र बेन्यामीनका सबै देस् देखि र त्येस् एप्रैमका
पहाड़े देस् देखि ल्याएका सहर्हरु देखि घिनलागदा घिनलागदा मोकहरु
निकालि दियो अनि यहूवेको दलानको सांमु भयेको यहूवेको बेदि
९ मरम्मत् गर्यो । अनि त्येस्ले सबै यहूदा र बिन्यामीन् र तिनिहरु सङ

एफ्रेम् र मनस्से र शिमोन् देखि आयेका प्रवासीहरुलाइ भेला गरायो. किनभन्ये जब तिनिहरुले त्येस्को ईश्वर् यहूवे त्यो सङ् रक्षु भनि देख्ये तब इस्राएल देखि धेरै जना त्यो पट्टि लग्ये। त आसाको राजको पन्ध्रौं १० वर्षको तीस्रो महीनामां तिनिहरु यरूशलेममां भेला भये। अनि त्येस् ११ दिन् तिनिहरुले आफ्ना ल्यायेका लूट्हरु देखि सात् सै गोरु र सात् से भेंड़ाबाख्रा बलि गरि चढ़ाये। अनि तिनिहरुले हांमिहरु आफ्ना पूरो मन् १२ र पूरो प्राणले आफ्ना पित्रहरुको ईश्वर् यहूवेलाइ खोज्कौं अनि सांनु १३ तुलो पुरुष् स्त्री जुन्सुकैले इस्राएल्को ईश्वर् यहूवेलाइ खोजनु मानोइन त त्यो मांरीग्रोस् भन्ये बाचा बांधे। अनि तिनिहरुले तुलो शब्दले कराइकन १४ र नर्सींगा र तुरही बजाउंदै यहूवेको किरिया खाये। अनि सिंगे यहूदा १५ त्यो किरिया देखि रमायो. किनभन्ये तिनिहरुले आफ्नु आफ्नु पूरो मनले किरिया खायेका थिये अनि आफ्नु आफ्नु पूरो इच्छले तिनिहरुले उस्लाइ खोज्येका थिये अनि उ तिनिहरु देखि पाईयो. अनि यहूवेले तिनिहरुलाइ चारै पट्टि चैन दियो। अनि त्येस्ले आफ्नी आंमा माकालाइ १६ पनि राजआंमाको मान देखि दूर गरि दियो किनभन्ये त्येस्ले अशेराको लागि येउटा घिनलाग्दो मूर्त्ति बनायेकी थिई अनि आसाले त्येस्ले बनायेको मूर्त्ति काटि टाल्येर किद्रोन् खोल्चामां डड़ाइ दियो। तर १७ अलग्ग अलग्ग ठांउहरु चइं दूर् गरीयेनन्. तैपनि आसाको मन् यहूवे सङ् त्येस्का सबै दिन् सिद्ध थियो। अनि त्येस्ले आफ्नु बाबुले १८ पवित्र काम्को लागि अलग् कुट्याये का थोक् र त्यो आफैले पवित्र काम्को लागि अलग् कुट्याये का थोक् चांदी सुन् र भांड़ाहरु यहूवेको घरमां ल्यायो। अनि आसाको राजको पैंतीसौं वर्ष सम्म लड़ाईं भयेन॥ १९

आसाको राजको छत्तीसौं वर्षमां इस्राएल्को राजा बाशा १६ १ यहूदाको बिरुद्धमां चढ़ेर रामा येस्तोगरि बनायो त्येस्ले कसैलाइ यहूदाको राजा आसा थांइ बाइर जांनु कि भित्र आउंनु दियेन। तब आसाले २ यहूवेको घरका र राजाको घरका भंड़ारमां रह्येका सबै चांदी र सुन् लिइ दमिश्कमां बस्ने अरामको राजा बेन्हदद्लाइ येसो भनि पठायो मेरो र आफुको बीचमां मेरो बाबु र आफुको बाबुको बीचमां भयेको बाचा जस्तो ३ बाचा छ. हेर्नु हवस् मैंले आफु थांइ चांदी र सुन् पठायेको छु गयेर इस्राएल्को राजा बाशा सङ् बांध्येको आफुको बाचा तुटाउंनु हवस् र त्यो मं देखि फर्कि जावस्। तब बेनहददले आसा राजाको बात मान्यो अनि आफ्ना ४ सेनापतिहरुलाइ इस्राएल्का सहरहरुको बिरुद्धमां पठायेर इय्योन् दान् आबेल्मेम् र नप्तालीका सबै भंडारे सहरहरु मांरि दियो। अनि येसो ५ भयो जब बाशाले यो कुरो सुन्यो तब रामा बनाउंनु छोड़ेर आफ्नु काम् पुन्यो। त्येस् पछि आसा राजाले सिंगे यहूदालाइ लियो त तिनिहरुले ६ रामाका ढुंगाहरु र बाशाले त्येस्को लागि बनायेका काठहरु ल्यायो तहांदेखि त्येस्ले तिनको गेंडा र मिस्पा बनायो। अनि त्येस् बेला हनानी दर्शीले ७

यहूदाको राजा आसा थांइ आयेर भन्यो तिमिले अरामको राजा मांथि भरोसा राख्येको अनि आफ्नु ईश्वर् यहवे मांथि भरोसा न राख्येको कारणले
८ अरामको राजाको सेना तिम्रो हात् देखि बांचि निस्क्यो। के कुशीहरु र लूबीहरु अेाधि अेाधि रथहरु र घुक्सवारहरु समेत् अेाधि अेाधि सेनाहरु थियेनन्. तैपनि तिमिले यहवे मांथि भरोसा राख्येको कारणले उस्ले
९ तिनिहरुलाइ तिम्रो हातमां सुम्पि दियेको थियो। कसोगरिभन्ये यहवेको दृष्टि सिंगै पृथिवी मांथि डुलि हिंड्द छ जस्को मन उ तिर सिद्ध छ त्येस्को निम्तिमां बल देखाउंनु भन्ये खातिरले। येस्मां तिमिले मुर्खाइं गर्यो
१० किनभन्ये अब देखि उसो तिमिहरुका लड़ाइं होइ रहंछन्। तब आसाले दर्शी देखि रिसायेर त्येस्लाइ भेलखानमां हालि दियो किनभन्ये ति कुराको कारणले त्यो मांथि रागीयो। अनि त्येस् बेला आसाले लोगका कत्ति
११ जनालाइ थिचोमिचो गर्यो। अनि हेर आसाको कार्य थालनि देखि
१२ अन्त सम्म यहूदा र इस्राएलको पोस्तकमां लेख्येका छन्। अनि त्येस्को राजको उनन्चालीसौं बर्षमां आसाको गोड़ामां बेथा उप्ज्यो त्येस्को बेथा
१३ अरघोर् अेाधि थियो. तैपनि आफ्नु बेथाको बिषयमां यहवे सित होइन तर बैद्यहरु सित सोधनी गर्यो। अनि आसा आफ्ना पित्रहरु सङ सुति
१४ गयो अनि आफ्नु राजको एकचालीसौं बर्षमां मर्यो। अनि तिनिहरुले त्येस्लाइ त्येस्ले आफ्नु लागि दाऊदको सहरमां खोप्येको आफ्नु निज् चिहानमां गाड़ि अनि बास्ना आउंने र बास्नाको काम् गरीयेका धेरै रकमका सुगन्ध द्रव्यले भरीयेको खाट्मां राख्ये. अनि त्येस्को लागि अरघोर् तुलो पोलाई गर्ये॥

१७ १ तब त्येस्को छोरो यहोशापात्ले त्येस्को साटोमां राज् गर्यो अनि
२ इस्राएलको बिरुद्धमां आफुलाइ बल्लियो गरायो। अनि त्येस्ले यहूदाका सबै घेरा भयेका सहरहरुमां सिपांइहरु राख्यो अनि यहूदाको देसमां र
३ त्येस्को बाबु आसाले लियेका एफ्रैमी सहरहरुमां पहराचौकी राख्यो। अनि यहवे यहोशापात् सङ थियो किनभन्ये आफ्ना पिता दाऊदका पहिला
४ बाटामां हिंड़्यो अनि बाल् देवताहरुलाइ खोज्येन तर आफ्नु पिताको ईश्वरलाइ खोज्यो अनि त्यस्को आज्ञामां हिंड़्यो अनि इस्राएलले गर्येको
५ काम् अनुसारका काम् गर्येन। येस्कारण यहवेले त्येस्को हातमां राज् स्थिर् गर्यो अनि सिंगै यहूदाले यहोशापात् थांइ भेटि ल्याउंद थियो
६ अनि त्येस्को अरघोर् धनसम्पत्ति र मान् थियो। अनि त्येस्को मन् यहवेका बाटामां अल्ग्याईयेको थियो. येस् उप्रान्त त्येस्ले अल्गा अल्गा ठांइहरु
७ र अशेरा देवताहरु यहूदा देखि निकालि दियो। यहां देखि बेथि आफ्नु राजको तीस्रो बर्षमां त्येस्ले आफ्ना मालिकहरु अं बेन्हैल् ओबद्याह् जकर्याह् नतनेल् र मीकायाहलाइ यहूदाका सहरहरुमां
८ सिकाउंनुको लागि पठायो अनि तिनिहरु सङ लेवीहरुलाइ अर्थात् शमायाह् नतन्याह् जबद्याह् असाहेल् शमीरामोत् यहोनातान् अदोनिय्याह्

तोबिय्याह् तोबदोनिय्याह् भनींने लेवीहरुलाइ र तिनिहरु सङ एलीशामा
र यहोराम् नांउ भयेका पूजाहारीहरुलाइ पनि पठायो। त तिनिहरुले ९
आफ्ना हातमां यहूवेको व्यवस्थाको पोस्तक् लियेर यहूदामां सिकाउंद
थिये अनि तिनिहरु यहूदाका सबै सहर्हरुमां डुलुनु गये अनि लोग्हरुको
बीचमां शिक्षा दिंद थिये। अनि यहूवेको भय् यहूदाका चारै पट्टि १०
भयेका देसका सबै राज्हरु मांथि येसोरि पर्यो तिनिहरुले यहोशापात्को
बिरुद्धमां लड़ाईं गर्यनन्। अनि पलिश्तीहरुका कति जनाले यहोशापात् ११
थांइ भेटि र सितुको लागि रुपिया ल्याये अरबीहरुले पनि त्येस्को लागि
सात हजार् र सात् सै घुमाहरु र सात हजार् र सात् सै बोकाहरु
ल्याये। अनि यहोशापात् अरघोर् औधि बढ्यो अनि यहूदामां गढ़िहरु १२
र भंड़ारे सहर्हरु बनायो। अनि यहूदाका सहर्हरुमां त्येस्का धेरै १३
कामहरु थिये अनि यरूशलेममां लड़ाईंका महाबीर् मान्छेहरु थिये।
अनि तिनिहरुका पित्रहरुको घर् घर् अनुसार् तिनका गन्ति थिनै हुन्. १४
यहूदाका जो जो सहस्रपति थिये अदना सहस्रपति अनि त्यो सङ तीन्
लाख् महाबीर्हरु. अनि त्येस् पछि यहोहानान् सहस्रपति अनि त्यो सङ १५
दुइ लाख् र अस्सी हजार्. अनि त्येस् पछि जिक्रिको छोरो अमस्याह् जस्ले १६
आफुलाइ यहूवेको लागि मनमानी सित दिहाल्येको थियो अनि त्यो सङ
दुइ लाख् महाबीर्हरु. अनि बिन्यामीन्मांको एल्यदा येउटा महाबीर् १७
अनि त्यो सङ धनु र ढाल् भिर्येकाहरु दुइ लाख्. अनि त्येस् पछि १८
यहोजाबाद् अनि त्यो सङ लड़ाईंको लागि तियार् पारीयेकाहरु एक् लाख्
र अस्सी हजार्। राजाको सेवामां रहंनेहरु थिनैहरु थिये राजाले सिंगै १९
यहूदामां घेरा भयेका सहर्हरुमां राख्येकाहरु बाहिक्॥

त यहोशापात्को अरघोर् धनसम्पत्ति र मान् थियो अनि १८ १
त्येस्ले आहाब् सङ कुटुम्बेरी गर्यो। अनि कति वर्ष पछि त्यो २
आहाब् थांइ शोमरोन्मां उत्रि गयो। त आहाबले त्येस्को लागि र त्यो
सङ भयेका लोग्हरुको लागि भेंड़ाबाख्रा गोरुहरु धेरै काट्यो अनि
त्येस्लाइ रामोत्गिलाद्मां चढ़ि जांनु लगायो। अनि इस्राएल्को राजा ३
आहाबले यहूदाको राजा यहोशापात्लाइ भन्यो के रामात्गिलाद्मां
मं सङ जांनु हुंछ। तब त्येस्ले त्येस्लाइ भन्यो जस्तो आफु उस्तै मं मेरा
पजा आफुका पर्जा जस्तै अनि हांमिहरु लड़ाईंमां आफु सङ हुंछौं। फेरि
यहोशापात्ले इस्राएल्को राजालाइ भन्यो कृपागरि आजु यहूवेको बचन्को ४
सोधनी गर्नु हवस्। तब इस्राएल्को राजाले चार् सै जना अगमब्क्ता-
हरुलाइ भेला गराएर तिनिहरुलाइ भन्यो के हांमिहरु रामात्गिलाद्को
बिरुद्ध लड़ाईं गर्नुलाइ जाऊं कि घुनीऊं। तब तिनिहरुले भन्ये चढ़ि ५
जांनु हवस् किनभन्ये ईश्वर्ले त्यो राजाको हातमां सुम्पि दिंछ। तर ६
यहोशापात्ले भन्यो यहां अरु कोई यहूवेको अगमब्क्ता छैन जो सित
हांमिहरु सोधनी गरुं। तब इस्राएल्को राजाले यहोशापात्लाइ भन्यो ७

अझै येउटा मान्छे ता छ जो देखि हांमिहरुले यहूवे सित सोधनी गर्नु
सक्छौं। तर मं त्यो देखि घिन् राख्द छु किनभन्ये त्येस्ले मेरो विषयमां
भलाई होइन तर सधैं बुराईको अगम् कहंद छ. त्यो हो यिस्राको छोरो
८ मीकायाह्। तब यहोशापात्ले भन्यो राजाले येसो न भन्नु हवस्। तब
राजाले येउटा मालिक्लाइ बोलायेर भन्यो यिस्राको छोरो मीकायाह्लाइ
९ छिट्टो बोलाइ पठा। त्येति बेला इस्राएल्को राजा र यहूदाको राजा
यहोशापात् आफ्ना आफ्ना राजपोशाक् लायेर शोमरोन्को ढोकाको
छेउमां भयेको खोला ठांउमां आफ्ना आफ्ना सिंहासनमां बसि रह्येका
थिये अनि सबै अगमवक्ताहरुले तिनिहरुको सांमु अगम् कहंद थिये।
१० अनि कनानाको छोरो सिद्कियाह्ले फलमका सींग् बनायेर भन्यो
यहूवेले येसो भन्द छ यिनैले तैंले अरामीहरुलाइ तिनिहरु नष्ट न
११ होउंज्याल् सम्म तिनिहरुलाइ हान्छस्। अनि सबै अगमवक्ताहरुले
रामोत्गिलाद्मां चढ़ि गयेर भाग्येमान्का हुंनु हवस् किनभन्ये यहूवेले
१२ त्येस्लाइ राजाको हात्मां सुम्पि दिंछ भन्दै अगम् कहंद थिये। अनि
मीकायाह्लाइ डाकि ल्याउंनुलाइ पठायेको दूतले त्येस्लाइ भन्यो अब
हेर्नु हवस् अगमवक्ताहरु सबैले एक् मुख् भइ राजाको लागि जाति कुरा
कहंद छन्. त कृपागरि आफ्नो कुरो पनि तिनिहरुमांको येउटाको कुरो
१३ जस्तो हवस् अनि आफुले पनि जाति भन्नु हवस्। तब मीकायाह्ले भन्यो
१४ यहूवे जीइ रह्येको भैं मेरो ईश्वरले जे जे भन्छ त्येइ भन्छु। अनि जब त्यो
राजा थांइ आइ पुग्यो तब राजाले त्येस्लाइ भन्यो ए मीकायाह् को
हांमिहरु रामोत्गिलाद्मां लड़ाईं गर्नुलाइ जाऊं कि थुनीऊं। तब त्येस्ले
उत्तर् दियो चढ़ि गयेर भाग्येमान् हुंनु हवस् किनभन्ये तिनिहरु आफुको
१५ हात्मां सुम्पि दिईंछन्। तब राजाले त्येस्लाइ भन्यो मं कति खेप् तंलाइ
१६ यहूवेको नांउमां सच्चैईं मांत्रै भन् भनि किरिया खुवाउं। तब त्येस्ले भन्यो
मैंले सिंगे इस्राएल्लाइ गोठाला बिनाका भेंड़ाहरु जस्ता पहाड़ हुंदो
कुरपुट्ठ भयेका देख्यें. अनि यहूवेले यिनिहरुको कोई धनी छैन तिनिहरु
जनंगे आफ्नु आफ्नु घरमां कुशल् सित फर्कि जाउन् भन्येको छ भन्यो
१७ भन्यो। तब इस्राएल्को राजाले यहोशापात्लाइ भन्यो को मैंले आफुलाइ
येस्ले मेरो विषयमां भलो होइन तर बुरो मांत्रै अगम् कहंछ भन्यो भन्येको
१८ थिइन। तब त्येस्ले भन्यो त तिमिहरुले यहूवेको बचन् सुन. मैंले यहूवेलाइ
उस्को सिंहासनमां बस्येको र आकाशको सिंगे सेनालाइ उस्को दाहीनो र
१९ बांउ पट्टि उभीइ रह्येका देख्यें। त यहूवेले भन्यो अहाबलाइ त्यो
रामोत्गिलाद्मां चढ़ि गयेर लड़ाईं गर्नुलाइ कस्ले उल्काउंछ। अनि येउटाले
२० यो परिले भन्यो अनि अर्कोले त्यो परिले भन्यो। तब येउटा आत्माले
२१ निस्कीर यहूवेको सांमु उभीयेर भन्यो त्येस्लाइ मं उल्काउंछु। तब यहूवेले
त्येस्लाइ सोध्यो कोले। त्येस्ले भन्यो मं निस्कि गयेर त्येस्का सिंगे
अगमवक्ताहरुको मुखमां झूठो आत्मा हुंछु। तब उस्ले भन्यो त्येस्लाइ

उल्काउंकुस् अनि जीतकुस् पनि. निक्कि गयेर येसै गर्। त अब हेर २२
यहूवेले तिम्रा यि सबै अगमबक्ताहरुको मुखमां येउटा झूठो आत्मा
हाल्येको छ अनि यहूवेले तिम्रो बिषयमां बुरो कह्येको छ। तब कनानाको २३
छोरो सिदकिय्याहूले छेउ आयेर मीकायाहूलाइ गालामां हिकायेर भन्यो
यहूवेको आत्मा मं देखि तेरोमां बोलनुलाइ कहां बाटो गयो। तब २४
मीकायाहूले भन्यो हेर् जस् दिन् तं लुक्नुलाइ येउटा भित्रेकोठामां
पस्कुस् त्यस् दिन् देख्कुस्। अनि इस्राएलको राजाले भन्यो मीकायाहूलाइ २५
समायेर त्येस्लाइ सहरको मालिक् अमोन् र योआश् राजकुमार् थांइ
उठाइ लैजाव अनि भन राजाले येसो भन्द छ येस्लाइ भेलखानमां हाल २६
अनि त्येस्लाइ मं कुशल् सित फर्कि न आउंज्याल् सम्म दुक्खको रोटी र
दुक्खको पानी खुवाव। तब मीकायाहूले भन्यो तिमि कोई परिले २७
कुशल् सित आयौ भन्ये देखि ता यहूवेले मेरो मुखको बाटोले भन्दै
भन्येन छ। अनि त्येस्ले भन्यो हे लोगहरु हो तिमिहरु सबैले सुनि राख॥

तब इस्राएलको राजा र यहूदाको राजा यहोशापात् रामोत्गिलादमां २८
चढ़ि गये। अनि इस्राएलको राजाले यहोशापातलाइ भन्यो मं आफनु २९
भेष् फेर्येर लड़ाईंमां जांकु तर आफुचइंले आफनै राजपोशाक् लाउंनु
हवस्। तब इस्राएलको राजाले भेष् फेर्यो अनि तिनिहरु लड़ाईंमां
गये। अब अरामको राजाले आफना रथहरुका मालिकहरुलाइ येसो ३०
भनि अज्ञायेको थियो न सांनु न ठुलो कसै सित लड़ाईं गर तर खालि
इस्राएलको राजा सित मात्रै भनि। त जसै रथहरुका मालिकहरुले ३१
यहोशापातलाइ देख्ये तब येसो भयो तिनिहरुले त्यो इस्राएलको राजानै
हो भन्ये। येस्कारण् त्यो सित लड़ाईं गर्नुलाइ त्यो तिर फर्क्यो. तर
यहोशापात् करायो अनि यहूवेले त्येस्को गोहार् गर्यो अनि ईश्वरले
तिनिहरुलाइ त्यो देखि हिंड़ि जांने गरायो। अनि जसै रथहरुका ३२
मालिकहरुले त्यो इस्राएलको राजा होइन रछ भनि देख्ये तब तिनिहरु
त्येस्लाइ खेद्नु देखि फर्क्यो। तब येउटा मान्छेले सोजो मनको भइ धनु ३३
तान्येर इस्राएलको राजालाइ त्येस्को भिलमको जोर्निमां हान्यो. तब
त्येस्ले त्येस्को रथको सार्थीलाइ भन्यो आफनु हात् फर्कायेर मंलाइ सेना
देखि बाहिर लैजा किनभन्ये सारो घायेल् भयेको छु। अनि त्यस् दिन् ३४
लड़ाईं धेरै बढ़्यो. तैपनि इस्राएलको राजाले आफुलाइ आफनु रथमां
अरामीहरुको बिरुद्धमां सांझ सम्म अड़ाइ राख्यो. तर सूर्ज अस्ताउंदा
अस्ताउंदैमां मरि गयो॥

अनि यहूदाको राजा यहोशापात् आफनु सहर यरुशलेममां १९ १
कुशल् सित फर्क्यो। तब हनानीको छोरो येहू दर्शीले त्येस्लाइ भेट्नुलाइ २
निक्कि आयेर यहोशापात् राजालाइ भन्यो के तिमिले बुराहरुको गोहार्
गर्नु अनि यहूवेलाइ घिन् गर्नेहरु सित पिर्ति गर्नु उचित् छ. यि कुराको
कारणले तिमि मांथि यहूवेकांटो रिस् पर्येको छ। तैपनि तिमिले अशेरा ३

देवताहरुलाइ देस् देखि निकाल्येको र आफ्नु मन् ईश्वर्लाइ खोजनुमां
लगायेकोले तिमिमां जाति कुरा पाईयेका छन् ॥
४ त यहोशापात् यरूशलेम्मां बस्यो. अनि फेरि बेर्शेबा देखि एफ्रैम्को
पहाड़े देस् सम्मका बासीहरु थांइ गयेर तिनिहरुलाइ तिनिहरुको पित्रहरुको
५ ईश्वर् यहूवे तिर फर्काइ ल्यायो। फेरि त्येस्ले यहूदाका सबै घेरा भयेका
६ सहर्हरुमां देसमां बिचारीहरुलाइ सहर् सहर्गरि राख्यो वहांदेखि
बिचारीहरुलाइ भन्यो ज्ये ज्ये गर्नौ ति सोचिकन गर. किनभन्ये तिमिहरुले
मान्छेहरुको लागि होइन तर यहूवेको लागि गर्दै छौ अनि निया गर्दै
७ गर्दा पनि च तिमिहरु सङ छ। त अब ईश्वर्को भय् तिमिहरु मांथि
परोस् चंख बस अनि यो गर. किनभन्ये हांमिहरुको ईश्वर् यहूवे सङ न
८ सुराई न पन्पक्षाई न घुस्लिवाई छ। येस् उप्रान्त यरूशलेमैमां
यहोशापात्ले लेवीहरु र पूजाहारीहरु र इस्राएल्का पित्रहरुका घर्
घर्का मूलहरुमांका कति जनालाइ यहूवेले गर्न निया र झगरा गर्नेहरुको
९ निम्तिमां राख्यो। त तिनिहरु यरूशलेम्मां फर्के। अनि त्येस्ले तिनिहरुलाइ
येसो भनिकन अह्रायो तिमिहरुले येसोगरिकन यहूवेको भय् मानिकन
१० बिश्वास्ले र सिद्ध मन्ले गर। अनि जब आफ्ना आफ्ना सहर्हरुमां बस्ने
तिमिहरुका भाईहरुको बीच् देखि रगत् रगत्को बीच्मां कि व्यवस्था
कि आज्ञा कि बिधि कि नियाबचन्को बिषयमां कोइ झगरा तिमिहरु
थांइ आउला तब तिनिहरुलाइ तिमिहरु यहूवेको सांमु दोषी न हव
भनि चेताइ देव जुन् दोष्को कारण्ले तिमिहरु मांथि र तिमिहरुका
भाईहरु मांथि रिस् पर्छ भनि. येसे गर्ने गर त तिमिहरु दोषी हुंदैन।
११ अनि हेर सबै कुराको बिषयमां अमर्याह् मूलपूजाहारी तिमिहरु मांथि छ
अनि राजाको सबै कुराको बिषयमां यहूदाको घर्को मुखिया यिश्माएल्को
छोरो जबद्याह् तिमिहरु मांथि छ. अनि लेवीहरु पनि तिमिहरुको
सांमु मालिक् हुंछन्। हूप् बांधि बांधिकन काम् गर अनि यहूवे
भलाहरुको साथ्मां रहंद छ ॥
२० १ अनि येस् पछि येसो भयो मोअब्बंशीहरु र अम्मोन्बंशीहरु र
तिनिहरु सङ अरु कति जना अम्मोनीहरु यहोशापात्को बिरुद्धमां लड़ाईं
२ गर्नुलाइ आइ लाग्ये। तब कत्तिले आयेर यहोशापात्लाइ येसो भन्यो
मुनाये आफुको बिरुद्धमां अराम् देखि अं समुन्द्रको पल्लो छेउ देखि ठुलो
धुइरो आउंदै छ हेर्नु हवस् तिनिहरु हसासोन्तामार् (जो एन्गदी हो)
३ सम्म आइ पुग्येका छन्। तब यहोशापात्ले डरायेर यहूवे मित मोथ्नी
४ गर्नु लाग्यो अनि सिंगे यहूदामां उपासको उर्दी फिंजायो। अनि यहूदा
यहूवेको गोहार् खोज्नुलाइ भेला भयो. अं यहूदाका सबै सहर्हरु देखि
५ यहूवेलाइ खोज्नु आये। अनि यहोशापात्ले यहूदा र यरूशलेम्को सभामां
६ यहूवेको घरमां नया आंगन्को सांमु उभीयेर भन्यो हे यहूवे
हांमिहरुका पित्रहरुको ईश्वर् को तपांइने स्वर्गमां भयेको ईश्वर् होन. को

तपांइनै लोगहरुको सबै राज् मांथि प्रभुतेइँ गर्न हौन. अनि तपांइको
बिरुद्ध गर्नु कसैले न सक्ने सम्म तपांइको हातमां बल् र सामर्थ छ।
हे हांम्रो ईश्वर् को तपांइले आफ्नु लोग् इस्राएलको सांमु देखि येस् ७
देसका बासीहरुलाइ धपाउंनु भयेन अनि को येस्लाइ आफ्नु मित्र
अब्राहामको बंशलाइ सदाको लागि दिंनु भयेन। अनि तिनिहरुले त्येसमां ८
बास् गर्‍ये अनि येसमां तपांइको नांउको लागि येउटा पवित्र स्थान् येसो
भनिकन बनायेका छन् हांमिहरु मांथि बुराई आंतरवार् निया गरि ९
कि अनिकाल् पर्‍यो भन्ये देखि त हांमिहरु येस् घरको सांमु अनि
तपांइको सांमु (कसोगरिभन्ये येस् घरमां तपांइकै नांउ छ) उभीयेर
आफ्नु कष्टमां तपांइको दोहाई गर्छौं त तपांइले सुन्येर बचाउंनु हुंछ
भनि। त अब हेर्नु हवस् जुन् अम्मोनबंशीहरु र मोअबबंशीहरु र सेईर् १०
पहाडबासीहरु तपांइले इस्राएललाइ मिस्रको देस् बाटो आउंदै गर्दा
तिनिहरु मांथि चढ्नु दिंनु भयेको थियेन तर तिनिहरुले तिनिहरु
देखि तर्क्यर तिनिहरुलाइ नास् पार्येनन् हेर्नु हवस् तिनिहरुचइंले ११
हांमिहरुलाइ तपांइले हांमिहरुलाइ दियेको अधिकार् देखि आफालनुलाइ
आयेकोले हांमिहरुलाइ कस्तो प्रतिफल् दिंद छन्। हे हांम्रो ईश्वर् को १२
तपांइले तिनिहरुको निया गर्नु हुन्न. किनभन्ये हांमिहरुको बिरुद्धमां
आउंने त्यो तुलो धुइरोको बिरुद्धमां हांमिहरुको कोइ बल् छैन अनि
कसो गर्नु हो हांमिहरु कोइ जान्दौंन तर हांमिहरुका आंखा तपांइ तिर
उठेयका छन्। अनि सिंगै यहूदा तिनिहरुको स्त्रासीहरु र तिनिहरुका १३
बालखहरु समेत् यहवेको सांमु उभीइ रह्ये। तब आसाप्बंशीहरुमांका १४
लेवीहरु मतन्याहको छोरो यिएलको छोरो बनायाहको छोरो जकरियाहको
छोरो यहजीएल् मांथि यहवेको आत्मा मंडलीको बीचमां पर्‍यो त १५
त्येस्ले भन्यो सुन हे सिंगै यहूदा र हे यरूशलेमका बासीहरु अनि हे
यहोशापात् राजा हो. यहवेले तिमिहरुलाइ येसो भन्द छ न डराव अनि
त्येस् तुलो धुइरोको कारणले थरहरि न हव किनभन्ये लड़ाइँ तिमिहरुको
होइन तर ईश्वरकै हो। भोलि तिनिहरुको बिरुद्धमां निस्कि उत्रि जाव. १६
हेर तिनिहरु सिस्काको उकालो बाटो चढ़ि आउंछन् त तिमिहरुले
तिनिहरुलाइ यरूएलको बनको सांमु तरिको पल्लो छेउमां भेट्छौ। येस् १७
संग्राममां तिमिहरुले लड़ाइँ गर्नु पर्दैन. थामीयौ अनि अड़ीयौ अनि
तिमिहरु सङ भयेका यहवेको मुक्ति हेर हे यहूदा र यरूशलेम् हो. न
डराव न थरहरि हव. भोलि तिनिहरुको बिरुद्धमां निस्कि जाव किनभन्ये
यहवे तिमिहरु सङ रहंछ। तब यहोशापात् निउंरि भूइँ सम्म घोप्टो १८
पर्‍यो. अनि सिंगै यहूदा र यरूशलेमका बासीहरु यहवेलाइ दण्डवत् गर्दै
यहवेको सांमु निउंर्‍ये। अनि कहात्बंशीहरु र कोरहबंशीहरुका लेवीहरु १९
इस्राएलको ईश्वर् यहवेको स्तुति अग्घोर् तुलो सोरले गर्नुलाइ उभीये।
बहांदेखि तिनिहरु सबारै उठेर टकोको बनमां निस्कि गये अनि तिनिहरु २०

निक्लि जांदै गर्दाखेरि यहोशापात्ले उभीयेर भन्यो हे यहूदा र यरूशलेम्का बासीहरु हो मेरा सुन आफ्नु ईश्वर् यहवे मांथि बिश्वास् गर त स्थिर् होइ जांको उस्का अगम्वक्ताहरु मांथि बिश्वास् गर त भाग्येमानी हुंको।
२१ अनि जब त्येस्ले लोग् सङ सल्लाह् लियेको थियो तब त्येस्ले तिनिहरुलाइ यहवेको सांगु गीत् गाउंनुलाइ र सेनाको अघि अघि हिंड्दै पवित्रैंको सुन्दरैंमां यहवेको धन्यवाद् मान किनभन्ये उस्को करुणा सनातन् सम्म
२२ रहंद छ भन्दै उस्को स्तुति गर्नुलाइ खटायो। अनि जब तिनिहरुले गीत् गाउंनु र स्तुति गर्नु थाल्ये तब यहवेले अम्मोन्बंशीहरु र मोआब् र सेईर् पहाड्का बासीहरु जो यहूदाको बिरुद्धमां निक्लि आयेका थिये तिनिहरुको
२३ बिरुद्धमां ढुकुवाहरु बसाल्यो त तिनिहरु मारीये। किनभन्ये अम्मोन् बंशीहरु र मोआब्बंशीहरु सेईर् पहाड्को बिरुद्धमां तिनिहरुलाइ मार्नु र खांट्टु नास् पार्नुलाइ उभीये. अनि जब तिनिहरुले सेईर्का बासीहरुलाइ नास् पारि सक्ये तब तिनिहरु सबैले एका अर्कालाइ नास् पार्नुलाइ हात्
२४ हाल्ये। अनि जब यहूदा बन्को बियाउंने डांड़ा सम्म पुग्यो तब धुइरो मांथि हेर्ये त हेर भूइंमां लड़ेका मुर्दाहरु राछन् अनि कोई पनि बांच्येका
२५ रैन छन्। अनि जब यहोशापात् आफ्नु प्रजा समेत् तिनिहरुलाइ लूट्नुलाइ आयेका थिये तब तिनिहरुले तिनिहरुको बीचमां अघोरैंगरि धन् सम्पत्ति र बस्त्रहरु र मोतिमूङ्गाहरु पाये जो तिनिहरुले बोकि लैजांनु पनि न सक्ने सम्म आफ्नु लागि काढ़े. अनि लूट् येति बिघ्न थिये लुट्नै पनि
२६ तीन् दिन लाग्यो। अनि चौथो दिनमां तिनिहरु बराकाको[1] तरिमां भेला भये किनभन्ये तिनिहरुले यहवेलाइ धन्यवाद् दिये. येस्कारण त्येस् ठांउको
२७ नांउ आजु सम्म बराकाको तरि भनींद छ। तब यहोशापात् अघि अघि हिंड्दै यहूदा र यरूशलेम्का सबै मान्छे फर्क्यर रमाहट् सङ यरूशलेम्मां फेरि आउंनु लाग्ये किनभन्ये यहवेले तिनिहरुलाइ तिनिहरुका सत्रुहरु
२८ मांथि रमाहट् गर्नु दियेको थियो। तब तिनिहरु सितार् र बीणा र तुरही
२९ बजाउंदै यरूशलेम्मां यहवेको घरमां आये। अनि जब देस् देस्का राज् राज्हरुले यहवेले इस्राएलका सत्रुहरुको बिरुद्धमां लड़ाई गर्यो
३० अरे भन्येका सुन्ये तब तिनिहरु मांथि ईश्वर्को भय पर्यो। येसोरि यहोशापात्को राज्लाइ चैन् भयो. किनभन्ये त्येस्को ईश्वर्ले त्येस्लाइ चारै पट्टि बिश्राम् दियो॥
३१ अनि यहोशापात् यहूदा मांथि राज् गर्नु लाग्यो. राज् गर्नु लाग्दा त्यो पैंतीस् बर्षको थियो. अनि त्येस्ले यरूशलेम्मां पचीस् बर्ष राज् गर्यो. अनि त्येस्को आंमाको नांउ शिल्हीकी क्लोरी अजूबा थियो।
३२ अनि त्यो आफ्नु बाबु आसाको सबै बाटोमां हिंड्यो यहवेको सांगु जे
३३ जाति थियो त्यो गर्इ बाटो देखि तर्कि गयेन। तैपनि अलगा ठांउहरु

[1] अर्थात् धन्यवाद् कि आसिक।

दूर् गरीयेनन् अनि लोगले अझै सम्म आफ्नु मन् आफ्ना पित्रहरुको
ईश्वर् तिर लगायेका थियेनन् । अब यहोशापात्का रहल् कार्यहरु पालनि २४
देखि अन्त सम्म हेर तिनिहरु हनानीको छोरो येहूले लेख्येको त्येस्
वृत्तान्तमां लेख्येको छ जो इस्राएलका राजाहरुको पोस्तक्मां पाईंछ ॥

त्येस् पछि यहूदाको राजा यहोशापात् इस्राएलको राजा अहस्याह् २५
सङ जस्ले अरघोरै बुराई गर्द थियो त्यो सङ मिसीयो. अनि तर्शीश् २६
जाने जहाज् बनाउंनुलाइ त्यो सङ मिसीयो. त तिनिहरुले
येस्योन्गेबेर्मां जहाज् बनाये । तब मरेशा बस्ने दोदाबाहूको छोरो ३७
इलिएजेर्ले येसो भनिकन यहोशापात्को बिरुद्धमां अगम् कह्यो तिमि
अहस्या सङ मिसीयेको कारणले यहवेले तिम्रो काम् भत्काथेको छ ।
त जहाज्हरु तर्शीश्मां जांनु न सक्नेगरि फुटेर ॥

(यहोराम्को राज्)

अनि यहोशापात् आफ्ना पित्रहरु सङ सुत्यो अनि दाऊद्को २१ १
सहरमां आफ्ना पित्रहरु सङ गाड़ीयो. अनि त्येस्को छोरो यहोराम्ले
त्येस्को साटोमां राज् गर्‍यो । अनि त्येस्का यहोशापात्का छोराहरु अजर्याह् २
यहीएल् जकर्याह् अजर्याह् मीकाएल् र शपत्याह् नांउ गर्‍येका भाईहरु
थिये. ति सबै इस्राएलको राजा यहोशापात्का छोराहरु थिये । अनि ३
तिनिहरुको बाबुले तिनिहरुलाइ सुन्को र चांदीको अमोल् अमोल्
थोक्को तुलो तुलो दान् र यहूदामां घेरा भयेका सहरहरु दियो. तर
राज् चहिं त्येस्ले यहोराम्लाइ दियो किनभन्यं त्यो जेठो थियो । जब ४
यहोराम् आफ्नु बाबुको राज् मांथि चढेर आफुलाइ बलियो गरायो तब
त्येस्ले आफ्ना सबै भाईहरुलाइ र इस्राएलका मालिकहरुमांका कति
जना मालिकहरुलाइ तरवार्ले काट्यो । राज् गर्नु लाग्दा यहोराम् बत्तीस् ५
बर्षको थियो अनि त्येस्ले यरूशलेम्मां आठ् बर्ष राज् गर्‍यो । अनि ६
अहाबको जहान् झैं त्यो इस्राएलका राजाहरुको बाटोमां हिंड्यो.
किनभन्यं अहाबकी छोरी त्येस्की स्वास्नी थिई. अनि जुन् बेहोरा
यहवेको सांमु नजाति थियो त्येइ त्येस्ले गर्‍यो । तैपनि यहवेले दाऊद्को ७
जहानलाइ नास् पार्न इच्छे गर्‍येन दाऊद् सङ बांध्येको आफ्नु नियमको
कारणले अनि उस्ले त्येस्लाइ त्येस्को सन्तान्को लागि सधैं येउटा दीयो दिंनु
भन्येर गर्‍येको करहारको कारणले । त्येस्को पालामां एदोम् यहूदाको ८
कर् देखि फर्कि गयो अनि आफ्नु लागि येउटा राजा तुल्यायो । तब ९
यहोराम् आफ्ना सबै मालिकहरु र रथहरु साथ लियेर गयो. अनि
राति उठेर त्येस्लाइ घेर्ने एदोमीहरुलाइ रथहरुका मालिकहरुलाइ समेत्
मारि दियो । येसोरि एदोम् आजुको दिन् सम्म यहूदाको कर् सुनि देखि १०
फर्कि गयेको छ. त्येइ बेला लिब्ना पनि त्येस्को कर् सुनि देखि फर्कि
गयो. किनभन्ये त्येस्ले आफ्ना पित्रहरुको ईश्वर् यहवेलाइ छोड़ेको

११ थियो। अनि पनि त्येस्ले यहूदाका डांड़ाडांड़ाहुंदो अल्गा ठांउहरु
बनायो अनि यरूशलेम्का बासीहरुलाइ बेश्येको जस्तो काम्मां लगायो
१२ अनि यहूदालाइ भर्मायो। तब एलिय्याह् अगम्बक्ताको बाटो येसो भन्ने
लेख्आई त्यो थांइ आयो तिम्रो पिता दाऊद्को ईश्वर् यहूवेले येसो भन्द छ
तं आफ्नु बाबु यहोशापात्का बाटामां र यहूदाको राजा आसाका बाटामां
१३ न हिंड़ेको तर इस्राएल्का राजाहरुको बाटोमां हिंड़ेको कारणले
र अहाब्को जहान्ले गर्येको जस्तो तैंले यहूदा र यरूशलेम्का बासीहरुलाइ
बेश्येको काम्मां लगायेको कारणले र तं भन्दा जाति जाति तेरो बाबुको
१४ घर्का तेरा भाईहरुलाइ मार्येको कारणले. हेर् यहूवेले तेरा पर्जाहरु
बालखहरु स्वास्नीहरुलाइ अनि सबै बस्तुहरुलाइ ठुलो सढ़िले
१५ मार्छ. अनि तंलाइ आन्द्राको येस्तो बिघ्न बेथा येस्तोगरि लाग्छ दिन्
१६ दिन त्यो बेथाको कारणले तेरा आन्द्राहरु झर्कुन् भन्ने। अनि यहूवेले
यारोबाम्को बिरुद्धमां पलिश्तीहरुको र कुशीहरु छेउ बस्ने अरबीहरुको
१७ मन् उल्क्यायो. त तिनिहरु यहूदाको बिरुद्धमां चढ़ि आयेर त्येस् मांथि
क्रापक्रापति भये वहांदेखि राजाको घर्मां पाईयेका सबै धनसम्पत्ति र
त्येका छोराहरु र त्येकी स्वास्नीहरुलाइ यहां सम्मगरि लग्ये त्येको लागि
१८ त्येको कान्छो छोरो यहोआहास् बाहिक् येउटा छोरो पनि रहन। अनि
ति सबै कुरा पछि यहूवेले त्येका आन्द्रामां सांचिने येउटा असाद्धे बेथा
१९ उपजाइ दियो। वहांदेखि कति दिन् पछि अं दुइ बर्ष बित्ये पछि येसो
भयो त्येको बेथाको कारणले त्येका आन्द्राहरु झर्के अनि त्यो अघोर्
दुक्ख पाइ पाइ मर्यो। अनि त्येका पर्जाहरुले त्येको लागि त्येलाइ त्येको
२० पित्रहरुको जलाई अनुसार् जलायेनन्। राज् गर्नु लाग्दा त्यो बत्तीस्
बर्षको थियो अनि त्येले यरूशलेम्मां आठ् बर्ष राज् गर्यो. अनि त्यो
अप्रिय भइकन मर्यो अनि तिनिहरुले त्येलाइ दाऊद्को सहर्मां गाड़े तर
राजाहरुको चिहान्मां होइन॥

(अहज्याह्को राज्)

२२ १ अनि यरूशलेम्बासीहरुले त्येको कान्छो छोरो अहज्याहलाइ
त्येको साटोमां राजा तुल्याये. किनभन्ने छाउंनीमां अरबीहरु सङ आयेका
गट्ठाले त्येका दाजुहरुलाइ मार्येका थिये त यहूदाको राजा यहोराम्को
२ छोरो अहज्याहले राज् गर्यो। अहज्याह् राज् गर्नु लाग्दा बयालीस् बर्षको
थियो अनि त्येले यरूशलेम्मां एक् बर्ष राज् गर्यो. अनि त्येकी आंमाको
३ नांउ ओम्रीकी छोरी अतल्याह् थियो। त्यो पनि अहाब्को जहान्का
बाटामां हिंड़्यो. कसोगरिभन्ने त्येकी आंमा त्येलाइ बुराई गर्न सल्लाह्
४ दिने थिई। अनि त्येले अहाब्को जहान्ले झैं यहूवेको सांमु नजाति
बेहोरा गर्यो. कसोगरिभन्ने तिनिहरु त्येको बाबु मर्ये पछि त्येलाइ नास्
५ पार्नुलाइ सल्लाह् दिने थिये। त्यो तिनिहरुको सल्लाह् पछि लाग्यो पनि

अनि इस्राएल्को राजा अहाबको छोरो योराम् सङ अरामको राजा हजाएल् सङ रामोत् गिलादमां लड़ाईं गर्नु गयो. अनि अरामीहरुले योरामलाइ घायल् पार्ये। तब अरामको राजा हजाएल् सङ लड़ाईं गर्दा ६
अरामीहरु देखि रामामां लाग्येका घाउहरु देखि निको हुंनुको लागि यिज्रेलमां फर्कि आयो। अनि यहोरामको छोरो यहूदाको राजा अहज्याह् अहाबको छोरो योरामलाइ हेर्नुलाइ यिज्रेलमां गयो किनभन्ये त्यो बिसंच थियो। तब अहज्याहको नास् ईश्वर् पट्टि बाटो थियो किनभन्ये त्यो ७
योराम् थांइ गयो. कसोगरिभन्ये आइ पुगदामां यहूवेले अहाबको जहानलाइ काट्नुलाइ अभिषेक् गर्येको निम्शीको छोरो येहूको बिरुद्धमां यहोराम् सङ निस्कि गयो। अनि यैसो भयो जब येहूले अहाबको जहान् ८
मांथि बिचार्ले दण्ड दिंद थियो तब त्येस्ले यहूदाका मालिकहरुलाइ र अहज्याहका भतीजाहरुलाइ अहज्याहको लागि सेवा गर्दै गर्येका पायेर तिनिहरुलाइ मार्यो। अनि त्येस्ले अहज्याहलाइ खोज्दा त्येस्लाइ शोमरोनमां ९
लुकि रह्येको भेट्टायेर येहू थांइ ल्याये अनि तिनिहरुले त्येस्लाइ मार्ये अनि तिनिहरुले त्यो आफनु पूरो मनले यहूवेलाइ खोज्ने यहोशापातको छोरो हो भन्दै त्येस्लाइ गाड़ेन। अनि राज् गर्दै रहंनुलाइ अहज्याहको जहानको कोइ हक् थियेन।

(यहोआश्को राज्)

जब अहज्याहकी आंमा अतल्याहले मेरो छोरो मर्यो भनि १०
देखी तब त्येस्ले उठेर यहूदाको जहानको सबै राजबंशलाइ नास् पारी। तर राजाकी छोरी यहोशबतले अहज्याहको छोरो यहोआश्लाइ ११
लग्येर त्येस्लाइ त्येस्की दुद्आंमा समेतलाइ मारीदै गर्येका राजकुमारहरुको बीच देखि चोर्येर सुत्ने कोठामां हालि दिई येसोरि यहोराम् राजाकी छोरी यहोशबत् जो यहोयदा पूजाहारीकी स्वास्नी र अहज्याहकी दिदी थिई त्येस्लाइ न मारींने गरि अतल्याह् देखि लुकाई। अनि त्यो १२
तिनिहरु सङ यहूवेको घरमां ६ बर्ष सम्म लुकाइ राखीयो. अनि अतल्याहले देसमां राज् गरी॥

अनि सातौं बर्षमां यहोयदाले आफुलाइ बलियो गरायेर २३ १
यारोहामको छोरो अजर्याह् यहोहानानको छोरो यिश्माएल् ओबेदको छोरो अजर्याह् अदायाहको छोरो मस्येयाह् र जिक्रिको छोरो एलीशापात् यि शतपतिहरुलाइ बाचा बांधि लियो। त तिनिहरु यहूदामां डुल्येर २
यहूदाका सबै सहर् देखि लेवीहरुलाइ र इस्राएलमांका पित्रहरुका घर घरका मूल मूलहरुलाइ भेला गरायेर यरूशलेममां आये। अनि सिंगे ३
मंडलीले ईश्वरको घरमां आयेर राजा सङ बाचा बांध्ये। तब त्येस्ले ४
तिनिहरुलाइ भन्यो हेर यहूवेले दाऊदको बंशको बिषयमां भन्येको झैं राजकुमारले राज् गर्ने। तिमिहरुले गर्नु पर्ने काम् येह हो. अर्थात्

तिमिहरुको एक् तिहाई पूजाहारीहरु र लेवीहरुमां जो जो बिश्राम्दिनमां
५ भित्र आउंनेहरु कुन् ठोका ठोकाको पहरामां बस्नेहरु हुंकुन् अनि अर्को
तिहाई चइं राज्महल्मां रहुन् अनि तीस्रो चइं तिहाई जग् भनींने चइं
६ ठोकामां रहुन् अनि सबै लोग् यहूवेको घर्को आघन्मां रहुन्। तर
पूजाहारीहरु बाहिक् र लेवीहरुमांका सेवा गर्नेहरु बाहिक् कसैले
यहूवेको घर्मां पस्नु न पावस् यिनिहरु पवित्र भयेको कारणले यिनिहरु
चइं भित्र पसुन्. तर सिंगै लोग्ले चइं यहूवेको बिषय्मां रक्षे गरुन्।
७ अनि लेवीहरु जनंगेले आफ्नु आफ्नु हात्मां आफ्नु आफ्नु हतियार्
लियेर राजालाइ घेरुन् अनि घर्मां पस्ने सबै मांरीउन्. अनि राजा
८ बाइर भित्र आइ जाइ गर्दा तिमिहरु त्यो सङ् सङै रह। अनि येसोरि
लेवीहरु र सिंगै यहूदाले यहोयदा पूजाहारीले गर्येका सबै आज्ञा
अनुसार् गर्ये. अर्थात् तिनिहरु जनंगेले आफ्ना आफ्ना मान्छेहरुलाइ
लियेर बिश्राम्दिनमां भित्र आउंनेहरुलाइ र बिश्राम्दिनमां बाहर
जांनेहरुलाइ लिये कसोगरिभन्ये यहोयादा पूजाहारीले पालो पालोका
९ पूजाहारीहरुलाइ कुट्टि दियेन। तब यहोयादा पूजाहारीहरुले ईश्वर्को
घर्मां भयेको जो भाला र सांना ठुला ढाल् दाऊद् राजाका थिये ति
१० शत्पतिहरुलाइ सुम्पि दियो। तब त्यस्ले सिंगै लोग्लाइ जनंगेलाइ आफ्नु
आफ्नु हतियार् हात्मां लियेर घर्को दाहीनो कुइंन्याटो देखि बाउं
११ कुइंन्याटो सम्म बेदि र घर्को कुेउमां राजाका चारै तिर उभ्यायो। तब
तिनिहरुले राज्कुमार्लाइ निकालि ल्याये अनि त्यस् मांथि राज्मुकुट्
लगाइ दिये अनि त्यस्लाइ साक्षीपत्र दियेर त्यस्लाइ राजा तुल्याये.
वहांदेखि यहोयादा र त्यस्का कोराहरुले त्यस्लाइ अभिसिक्त गर्ये वहांदेखि
१२ महाराजा जीइ रहुन् भन्येर भन्ये। अनि जब अतल्याह्ले लोगलाइ
दुगुर्येको र राजाको स्तुति गर्येको सोर् सुनी तब यहूवेको घर्मां लोग्
१३ पांइ आई. त कोर्येर को देखी भन्ये राजा आफ्नु थाम्को कुेउमां उभीइ
रह्येको रछ अनि मालिक्हरु र नर्सींगा बजाउंनेहरु राजाको कुेउमां राछन्.
अनि देस्का सिंगै लोग्ले रमाइ रमाइकन नर्सींगा बजाउंदा राछन् गीत्
गाउंनेहरु पनि बाजा बाजामां बजाउंदै स्तुतिको अगुवाई गर्दा राछन्। तब
१४ अतल्याह् आफ्नु लुगा फारि राज्द्रोह् राज्द्रोह् भन्दै कराई। तब
यहोयादा पूजाहारीले सेना मांथि खटाईयेका शत्पतिहरुलाइ आज्ञा दिइ
भन्यो त्यस् आइमाइलाइ पांङ्ति देखि बाइर निकाल अनि त्यस्को पछि
लाग्नेलाइ तरवार्ले काटि देव. किनभन्ये पूजाहारीले भन्येको थियो
१५ त्यस्लाइ यहूवेको घर्मां न मांर भनि। तब तिनिहरुले त्यस् आइमाइको
लागि बाटो छोड़ि दिये त त्यो राज्महल्मां घोड़ा पस्ने बाटो बाड़ो
जांदै थिई. त तिनिहरुले त्यस्लाइ त्यहां मांरि दिये॥

१६ तब यहोयादाले राजा र पर्जाको बीच्मां तिनिहरु यहूवेका लोग्
१७ होउन् भनि नियम् बांध्यो। अनि सिंगै लोगले बाल्को मन्दिर्मां गयेर

त्यो भत्काये त्येस्का बेदिहरु र त्येस्का मूर्त्तिहरु स्यांठु टुकरे टुक्रा पार्ये अनि
बाल्को पूजाहारी मातान्लाइ बेदिहरुको बीच्मां मार्ये। तब यहोयादाले १८
यहूवेको घर्मां ति लेवीपूजाहारीहरुको मुनि कारन्दारीहरु खटायो जुन्हरु-
लाइ दाऊद्ले यहूवेको घर्मां मूसाको व्यवस्थामां लेख्येको अन्सार् दाऊद्को
विधि अन्सार् रमाहट् र गीत् गाउंने गर् यहूवेको होमबलि चढ़ाउंनुलाइ
भाग् भाग् पार्यो। अनि त्येस्ले यहूवेको घर्मां कोइ पनि अशुद्ध न १९
पसोस् भन्येर दैलो दैलोमां पहराचौकि बसाल्यो। अनि शतपतिहरुलाइ २०
र बड़ादुमीहरुलाइ र पर्जाका मालिक्हरुलाइ र देस् देस्का सिंगै
लोग्हरुलाइ लियेर यहूवेको घर् देखि राजालाइ उतारि ल्याये. त
तिनिहरु मांथिल्लो चइं ढोका बाटो राज्महल्मां आये वहांदेखि राजालाइ
राज्को सिंहासन्मां बसाल्ये। येसोरि देस्का सिंगै लोग् रमाये अनि २१
सहर्ले चैन् पायो अनि तिनिहरुले अतल्याह्लाइ तरवार्ले काटेर॥

यहोआश् राज् गर्नु लाग्दा सात् बर्षको थियो अनि त्येस्ले २४ १
यरूशलेम्मां चालीस् बर्ष राज् गर्यो. अनि त्येस्की आंमाको नांउ
बेर्शेबाकी सिब्या थियो। अनि यहोआश्ले यहूवेको सांमु जुन् बेहोरा २
जाति थियो त्येइ गर्यो यहोयादा पूजाहारीका सबै दिन् सम्म। अनि ३
यहोयादाले त्येस्को लागि दुवटी स्वास्नी ल्याइ दियो अनि त्येस्ले छोराछोरी
जन्मायो। अनि येस् पछि येसो भयो यहोआश्ले यहूवेको घरको मरम्मत ४
गर्ने मन गर्यो। तु त्येस्ले पूजाहारीहरु र लेवीहरुलाइ भेला गराये भन्यो ५
यहूदाका सहर सहरमां जाव अनि आफ्नु ईश्वरको घरको मरम्मतको
लागि साल साल गरि सिंगै इस्राएल् देखि रुपिया उठाउंनु पर्छ अनि हेर
यो काम् हतार् सित गर। तैपनि लेवीहरुले हतार् गर्येनन्। अनि ६
राजाले यहोयादा मूलपूजाहारीलाइ डाक्येर भन्यो तिमिहरुले लेवीहरु
सङ यहूदा र यरूशलेम् देखि यहूवेको दास् मूसा र इस्राएल्को मंडलीले
साक्षीको डेराको लागि उठायेको भाराकिस्ता ल्याउंनुलाइ किन मांग्येका
कौन। किनभन्ये त्येस् दुष्ट आइमाइ अतल्याह्का छोराहरुले ईश्वरको ७
मन्दिर् भत्कायेका थिये अनि यहूवेको घरका सबै पवित्र काम्को लागि
अलग् छुट्याये का थोकहरु बालीम् देवताहरुलाइ दियेका थिये। तब ८
राजाले आज्ञा गर्यो त तिनिहरुले येउटा सम्पट् बनायेर यहूवेको घरको
ढोकाको बाइर पट्टि राख्ये। वहांदेखि तिनिहरुले यहूदा र यरूशलेम्मां ९
घोषणा दिये ईश्वरको दास् मूसाले बन्मां इस्राएल्मांथि लगायेको भारा
किस्ता ल्याउंनु भन्ये। तब सबै मालिक्हरु र सिंगै लोगले रमाइ रमाइकन १०
पूरा भइ न सक्कुंन्जाल् सम्म ल्याउंदै सम्पटमां हाल्दै रहे। अनि येसो भयो ११
जस् बेलामां त्यो सम्पट् लेवीहरुको हात् बाटो राजाका मालिक् थांइ
ल्याये का थिये अनि तिनिहरुले रुपिया धेरैनै रक्म भनि देख्ये तब राजाको
सेटर् र मूलपूजाहारीहरुको मालिकले आयेर सम्पट् खालि गर्ये वहांदेखि
त्यो लग्येर फेरि त्येइ अगाड़िको ठांउमां राखि दिये। तिनिहरुले दिनहूं

१२ त्येसै गर्‍ये अनि रुपिया धेरै जमाये। अनि राजा र यहोयादाले यहूवेको
घरमां काम् गर्नेहरुलाइ दिये अनि तिनिहरुले यहूवेको घरको मरम्मत्
गर्नुलाइ काठकर्मीहरु र गारोकर्मीहरुलाइ ज्यालामां लिये अनि यहूवेको
घरको मरम्मत् गर्नुलाइ फलम् र पौतलको काम् गर्नेहरुलाइ काममां
१३ लगाये। त काम् गर्नेहरुले काम् गर्‍ये अनि तिनिहरुले काम् सिद्धाये
अनि तिनिहरुले ईश्वरको घर् सुवाउंदो परिपाठ् पारिकन बनाउंद थिये
१४ अनि बल्लियो गराउंद थिये। अनि जब तिनिहरुले काम् गरि सक्नेका
थिये तब तिनिहरुले बचेर्‍येको रुपिया राजा र यहोयादा थांइ लग्ये ति
देखि यहूवेको घरको लागिका भांड़ा बर्त्तन् बनाईये अं सेवा गर्नुको
लागिको बर्तन् र चढ़ाउंने भांड़ाहरु र धुपौरो र सुन् चांदीका भांड़ा
१५ बर्तनहरु। अनि तिनिहरुले यहूवेको घरमां यहोयादाका सब् दिन् नित्ये
चढ़ाउंदै रह्ये। तर यहोयादा दिन् धेरै खायेको र बूढ़ो भयो त यो
१६ मर्‍यो अनि मंदा यो एक् सै र तीस् बर्षको थियो। त त्येस्ले इस्राएलमां
र ईश्वर् तिर र उस्को घर् तिर जाति गर्‍येको कारणले त्येस्लाइ दाऊद्को
१७ सहरमां राजाहरुको बीचमां गाड़ेर। अनि यहोयादा मर्‍ये पछि यहूदाका
मालिकहरुले आयेर राजालाइ दण्डवत् गर्‍ये। तब राजाले तिनिहरुको
१८ सुन्यो। त तिनिहरुले आफ्ना पित्रहरुको ईश्वर् यहूवेको घर् छोड़ेर अशेरा
देवताहरु र मूर्त्तिहरुको सेवा गर्‍ये. त तिनिहरुको त्येस् दोषीहुवाईको
१९ कारणले यहूदा र यरुशलेम् मांथि रिस् पर्‍यो। तैपनि उस्ले तिनिहरुलाइ
यहूवे तिर फर्काइ ल्याउंनुलाइ अगमवक्ताहरुलाइ तिनिहरु थांइ पठायो
अनि तिनिहरुले तिनिहरुको बिरुद्धमां साक्षी दिये. तर तिनिहरुले
२० कान् लगायेनन्। अनि ईश्वरको आत्मा यहोयादा पूजाहारीको छोरो
जकर्याह मांथि पर्‍यो अनि त्येस्ले लोग् भयेको देखि मास्तिर उभीयेर
भन्यो ईश्वरले येसो भन्द छ तिमिहरु भाग्येमान् हुंनु सक्दौन
यहूवेको आज्ञा देखि किन तिर्कि हिंड्द छौ. तिमिहरुले यहूवेलाइ
२१ छोड़ेको कारणले उस्ले पनि तिमिहरुलाइ छोड़ेको छ। त तिनिहरुले
त्येस्को बिरुद्धमां द्रोही भयेर राजाको आज्ञाले त्येस्लाइ यहूवेको घरको
२२ आघनमां ढुंगाले लोहोर्‍यायेर मारि दिये। येसैगरि यहोआश् राजाले
त्येस्को बाबु यहोयादाले त्यो सित गर्‍येको कृपालाइ न सम्झिकन त्येस्को छोरो
चइंलाइ मारि दियो। अनि मर्दै गर्दाखेरि त्येस्ले भन्यो यहूवेले हेरोस् अनि
२३ साटो लेवस्। अनि बर्ष घुमि आउंदामां येसो भयो अरामीहरुको पलन्
त्येस्को बिरुद्धमां चढ़ि आयो. यहांदेखि तिनिहरुले यहूदा र यरुशलेममां
आयेर लोगकांठो लोगका सबै मालिक् मालिकहरुलाइ नास् पारि दिये
यहांदेखि तिनिहरुले तिनिहरु देखि लियेका सबै लुट् दमिश्कको राजा
२४ थांइ पठाये। कसोगरिभन्ये अरामीहरुको पलन् थोरै मान्छेहरु लियेर
आये तर यिनिहरुले आफ्ना पित्रहरुको ईश्वर् यहूवेलाइ छोड़ेको
कारणले यहूवेले तिनिहरुको हातमां अघोर् ठुलो सेना सुम्पि दियो।

येसोरि तिनिहरुले यहोआशलाइ नियादण्ड दिये। अनि जब तिनिहरु २५
येखाइ ठुला ठुला बेथाहरु लाग्येकोमां येखाइ छोड़िर हिंड़ि गये तब येखा
निज् चाकरेहरुले यहोयादा पूजाहारीका छोराहरुको घातको कारणले येखो
बिरुद्धमां राजद्रोह गर्‍ये अनि येखाइ येखै ओछानमां मंर्न गरि काटेर त
यो मर्‍यो. यहांदेखि तिनिहरुले येखाइ गाड़नु ता दाऊदकै सहरमां
गाड़ेर तर राजाहरुको चिहानमां होइन। अनि येखो बिरुद्धमां राजद्रोह २६
गर्नेहरु यि हुन् अम्मोनी स्त्री शिमातको छोरो जाबाद् र मोआबी स्त्री
शिम्रितको छोरो यहोजाबाद्। अब येखा छोराहरुको बिषयमां र येस २७
मांथि राखीयेको अरघोर् गह्रुङ् बोझाको बिषयमां र ईश्वरको घरको
जग् बसाल्येको बिषयमां हेर राजाहरुको पोस्तकको टीकामां लेख्येका
छन्। अनि येखो छोरो अमस्याहले येखो साटोमां राज् गर्‍यो॥

(अमस्याहको राज्)

राज् गर्नु लाग्दा अमस्याह् पचीस् बर्षको थियो अनि येखे २५ १
यरुशलेममां उनन्तीस् बर्ष राज् गर्‍यो. अनि येखी आंमाको नांउ
यरुशलेमकी यहोअद्दान् थियो। अनि यहवेको सांमु जे भलो थियो २
येइ येखे गर्‍यो तर सिद्ध मनले ता होइन। राज् येखो हातमां स्थिर ३
गरींनु बित्तिकै येसो भयो येखे आफनु बाबु राजालाइ मार्ने आफना
चाकरेहरुलाइ मार्‍यो। तर येखे तिनिहरुका सन्तानहरुलाइ चइं ता ४
मार्येन तर मूसाको पोस्तकमां लेखीयेका व्यवस्था अनुसार अर्थात् बाबुहरु
आफना छोराहरुको साटोमां न मारीउन् अनि न छोराहरु बाबुहरुको
साटोमां मारीउन् तर जीउ जनंगे आफनु आफने पापको कारणले मारी-
यीस् भन्येर यहवेले भन्येको आज्ञा भैं। येस् उप्रान्त अमस्याहले यहूदालाइ ५
भेला गरायो यहांदेखि तिनिहरुका पित्रहरुका घर् घर् अनुसार
तिनिहरुलाइ अं सिंगै यहूदा र बिन्यामीनलाइ सहस्रपतिहरु र शतपतिहरु
मुनि राख्यो. अनि बीस् बर्षका र त्यो भन्दा बेसिकाहरुलाइ गन्यो अनि ६
लड़ाईंमां जांनु सक्ने भाला र ढाल् चलाउंनु सक्ने माफिकका तीन् लाख
रोजाहरु भेटायो। अनि येखे एक् सै तोड़ा चांदीको ज्यालामां
इस्राएलमांका एक् लाख महाबीरहरुलाइ ल्यायो। तर ईश्वरको एक् जन ७
थ्यो यांइ येसो भन्दै आयो हे महाराजा इस्राएलको पल्टनलाइ तिमि सङ
आउंनु न देउ किनभन्ये यहवे इस्राएल सङ अं सबै एप्रैमबंशीहरु सङ
छैन। तर तिमि गयौ भन्ये छूप् बांध्येर लड़ाईंमां बल्लिया होउ. ईश्वरले ८
तिमिलाइ सत्रुको सांमु लड़ाउंछ किनभन्ये ईश्वर् गोहार् गर्नु र
लड़ाउंनुमां शक्तिमान् छ। तब अमस्याहले ईश्वरको जनलाइ भन्यो तर ९
जेले इस्राएलको पल्टनलाइ दियेको एक् सै तोड़ा चांदीको बिषयमां के
गर्ने। तब ईश्वरको जनले उत्तर् दियो यहवेले तिमिलाइ त्यो भन्दा
बेसि दिंनु सक्छ। तब अमस्याहले तिनिहरुलाइ अं एप्रैम् देखि त्यो यांइ १०

आयेको पल्नलाइ आफ्नु घरमां फर्कि जांनुलाइ खटायो. येस्कारण यहूदाको बिरुद्धमां तिनिहरुको अग्घोर् रिस् उठ्यो अनि तिनिहरु बल्दो
११ रिस्ले रिसाउंदै आफ्ना आफ्ना घरमां गये। तब अमस्याहले हूप् बांधिकन आफ्ना लोगलाइ निकालि लग्यो वहांदेखि नुनको तरिमां पुग्येर
१२ सेईरबंशीहरुमांका दस् हजार् जनालाइ मांग्यो। अनि अरु दस् हजार् जनालाइ यहूदीबंशीहरुले जीउंदै ल्यायेर पहराको थाप्निमां लगि तिनिहरु सबैलाइ चकनाचूर् हुंनेगरि पहराको थाप्नि देखि खसालि दिये।
१३ तर अमस्याहले तिनिहरु सङ लड़ाईमां न जाउन् भन्येर फर्कायेको सेनाका मान्छेहरुले यहूदाका सहरहरु शोमरोन् देखि बेथोरोन् सम्म जाइ लाग्येर तिनिहरुमांका तीन् हजार् जना मान्छेहरुलाइ मांग्ये अनि अग्घोर् लूट् लग्ये॥
१४ तब अमस्याह् एदोमीहरुको मंराई देखि फर्कि आये पछि येसो भयो त्येस्ले शेईरबंशीहरुका देवताहरु ल्यायो वहांदेखि तिनलाइ आफ्ना देवता हुंनुलाइ उभ्यायो अनि आफुलाइ तिनिहरुको सांमु निउंरायेर तिनिहरुको
१५ लागि धूप् हाल्यो। येस्कारण् अमस्याहको बिरुद्धमां यहवेको रिस् उठ्यो अनि उस्ले त्यो थांइ येउटा अगमबक्तालाइ पठायो जस्ले त्येस्लाइ भन्यो तिमि ति लोगका जुन् देवताहरुले आफ्नै लोगलाइ तिम्रा हात् देखि
१६ छोड़ाउंनु सक्येनन् तिनै देवताको खोज् तिर किन लाग्यौ। अनि त्येस्ले त्यो सित बात् मार्दानेखेरि येसो भयो राजाले त्येस्लाइ भन्यो के हांमिहरुले तंचइंलाइ राजमंत्री तुल्यायेका छौं. छोड़ि दे तं किन मारींकुस्। तब अगमबक्ताले छोड़ि दियो अनि भन्यो तिमिले यो गर्येको कारण् र मेरो सल्लाह् न मान्येको कारणले ईश्वरले तिमिहरुलाइ नास् गर्नुलाइ ठहरायेको छ भनि मंलाइ थाहा छ॥
१७ तब यहूदाको राजा अमस्याहले सल्लाह् लियेर इस्राएलको राजा येहूको छोरो योआहाजको छोरो योआश् थांइ येसो भनिकन दूत् पठायो
१८ लु हांमिहरु सांमु सांमु हेराहेर् गरूं भनि। तब इस्राएलको राजा योआशले यहूदाको राजा अमस्याहलाइ येसो भनि पठायो लबानोनमां भयेको येउटा लोहौंड़ेकांड़ाले लबानोनमां भयेको देवदारु थांइ मेरो छोरोलाइ तिम्रो छोरी सित ब्याहा देउ भनि पठायो. अनि लबानोनमां भयेको येउटा बनपशु त्येता बाटो जांदा लोहौंड़ेकांड़ालाइ लतारि दियो।
१९ तिमिले हेर मैले एदोमलाइ मांग्यें भनि भन्द छौ येस्कारण् तिम्रो मनले तिमिलाइ शेषी गर्नु अलग्यायो. अब आफ्नु घरमां रह तिमि सङ यहूदा
२० भयेको भये पनि खस्नुको लागि आफ्नु हानि किन खोजद छौ। तर अमस्याहले सुन्नु मान्येन किनभन्ये तिनिहरुले एदोमका देवताहरुलाइ खोज्येको कारणले उस्ले तिनिहरुलाइ तिनिहरुका सत्रुहरुको हातमां सुम्पि
२१ देवस् भन्ये खातिरले यो कुरो ईश्वर पट्टि बाटो थियो। तब इस्राएलको राजा योआश् चढ़ि आयो वहांदेखि त्यो र यहूदाको राजा अमस्याह

यहूदा पट्टि भयेको बेत्शेमेश्मां सांसु सांसु भये। तब यहूदाचइंले २२
इस्राएल् देखि हाल्यो अनि तिनिहरु जनंगे आफ्नु आफ्नु पाल्मां भाग्ये।
अनि इस्राएलको राजा योआश्ले यहोआहाजको छोरो यहोआश्को छोरो २३
यहूदाको राजा अमस्याह्लाइ बेत्शेमेश्मां समाल्यो वहांदेखि यरूशलेम्मां
ल्यायो वहांदेखि यरूशलेम्को घेराभित्ता एप्रैम्को ढोका देखि कुइंन्याटोको
ढोका सम्म चार् सै हात् भत्काइ दियो। अनि त्येस्ले सबै सुन् चांदी र २४
ईश्वर्को घर्मां ओबेदेदोम्को हात्मां र राज्महलको भंडार्मां पाईयेका
सबै भांड़ा बर्त्तन् र जमानीहरु पनि लियो वहांदेखि शोमरोन्मां फर्कि गयो॥

अनि इस्राएलको राजा योआहाजको छोरो योआश्को मरण् पछि २५
यहूदाको राजा यहोआश्को छोरो अमस्याह् पन्द्रह् बर्ष जीइ रह्यो। अब २६
अमस्याहका रहल् कार्ज्य हालनि देखि अन्त सम्म हेर को ति यहूदा र
इस्राएलका राजाहरुको पोस्तकमां लेख्येका छैनन्। अनि अमस्याह् २७
यहवेलाइ पछ्याउंन् देखि फर्क्येको समय् देखि तिनिहरुले त्येस्को बिरुद्धमां
यरूशलेम्मां राज्द्रोह् गर्‍ये तब त्यो लाकिश्मां भाग्यो. तर तिनिहरुले
लाकिश्मां त्येस्को पछि पछि पठायेर त्येस्लाइ वहां मार्‍ये। वहांदेखि २८
तिनिहरुले त्येस्लाइ घोड़ाहरु मार्फि बोकाइ ल्यायेर त्येस्का पित्रहरु सङ
यहूदाको सहरमां गाड़ेर॥

अनि यहूदाका सिंगै लोगले सोह्र बर्षको उज्जिय्याह्लाइ लियेर २६ १
त्येस्लाइ त्येस्को बाबु अमस्याह्को साटोमां राजा तुल्याये। राजा आफ्ना २
पित्रहरु सङ सुत्ये पछि त्येस्ले एलोत् बनायेर यहूदामां फर्काइ ल्यायो।
अनि त्यो राज् गर्नु लाग्दा सोह्र बर्षको थियो अनि त्येस्ले यरूशलेम्मां ३
बावन् बर्ष राज् गर्‍यो. अनि त्येस्को आंमाको नांउ यरूशलेम्की यकोल्याह्
थियो। अनि त्येस्को बाबु अमस्याह्ले गर्‍येको झैं यहवेको सांसु ज्ये भलो ४
थियो त्येस्ले त्येइ गर्‍यो। अनि जुन् जकर्याह्ले ईश्वर्को दर्शन्मां शिक्षा दिंद ५
थियो त्येस्का दिनमां त्येस्ले ईश्वर् खोजनुलाइ मन् लगायो. अनि यहवेलाइ
खोजदै रहुंज्याल् सम्म ईश्वर्ले त्येस्लाइ भाग्येमान् तुल्याउंदै रह्यो। अनि ६
त्येस्ले निस्क्येर पलिश्तीहरुको बिरुद्धमां लड़ाइं गर्‍यो वहांदेखि गात् र
यब्ने र अश्दोदका घेराभित्ता भत्काइ दियो अनि त्येस्ले अश्दोद्को
बीच्मां अं पलिश्तीहरुको बीच्मां सहर् बनायो। अनि ईश्वर्ले त्येस्लाइ ७
पलिश्तीहरुको बिरुद्धमां र गुर्बालमां बस्ने अरबीहरु र मूनिहरुको
बिरुद्धमां त्येस्को गोहार् गर्‍यो। अनि अम्मोनीहरुले उज्जिय्याह्लाइ भेटि ८
दिंद थिये. अनि त्येस्का नांउ मिस्रको पस्ने गौंहा सम्म फिंजीयो
कसोगरिभन्ये त्यो अग्घोर् बल्लियोगरि बढ्यो। त्येस् उप्रान्त उज्जिय्याह्ले ९
यरूशलेम्मां कुइंन्याटे ढोका र तारको ढोका र घेराभित्ताको घुम्तिमां
धरारा बनायो अनि तिनलाइ बल्लियो गरायो। अनि त्येस्ले बन्मां धरारा हरु १०
बनायो अनि त्येस्ले आफ्ना ग्रोधि ग्रोधिका बस्तुहरुको कारणले धेरै
कुवाहरु खन्यो अनि बेंसि र टाग्टारमां पनि. अनि डांड़ाडांड़ामां र मलीलो

मलीलो खेतमां येस्का खेतिका किसानीहरु र दाखका किसानीहरु थिये
११ किनभन्ये येस्लाइ खेतिपाती जाति लागद थियो । येस् उप्रान्त उज्जियाहका
लड़ांकि लड़ांकिहरुको येउटा पलुन् थियो जो पाङ्तिगरि येहेल् लेटर् र
मासेयाह् मालिकले गर्येको गन्ति अनुसार् राजाको एक् हननयाह् नांउ
१२ भयेको कप्तान् मुनि लड़ाईंमां जांद थियो । पित्रहरुका घर् घरका मूल्
१३ मूल् अं महावीर्हरुको पूरा हिसाप् दुइ हजार् र छ सै थिये । अनि
तिनिहरुको ताबिमां तीन् लाख् र साढ़े सात् हजार् जनाको येउटा ठुलो
सेना थियो जो सत्तुर्हरुको बिरुद्धमां राजाको गोहार् गर्नुलाइ खूब् ठुलो
१४ तुलो बल्ले लड़ाईं गर्नेहरु थिये । अनि उज्जियाहले तिनिहरुको लागि अं
सिंगे सेनाको लागि ढाल् भाला टोप् झिलम् धनु र घुयांत्रो तियार् पार्यो ।
१५ अनि येस्ले यरुशलेम्मां धरारा र किल्लाका कुंना कुंनामां विपालु मान्छेले
कल्पि निकाल्येका कलहरु बनायो जुन् देखि कांडू र ठुलो ठुलो ढुंगाहरु
हान्द थिये । तब येस्को नांउ फिंजीदै टाढ़ो टाढ़ो सम्म गयो कसोगरिभन्ये
त्यो बल्लियो न होउंजाल् सम्म उदेक् उदेकगरि येस्लाइ गोहार् दिईयो ॥
१६ तर जब बल्लियो भयो तब येस्को मन् त्यो बिग्रंनेगरि आफनु ईश्वर्
यहवेको बिरुद्धमां अपराध् गर्न सम्म अल्ग्याईयो अं धूपवेदिमां धूप्
१७ हालनुको लागि यहवेको घरमां पस्यो पनि । अनि येसको पछि यहूदाका
चार् कोरि महावीर् पूजाहारीहरुलाइ लियेर अजर्याह् पूजाहारी पस्यो ।
१८ त तिनिहरुले उज्जियाह् राजाको बिरुद्ध गर्येर येस्लाइ भन्ये हे उज्जियाह्
यहवेको लागि धूप् हालने काम् ता आफुको होइन तर धूप् हालनुहुने
पवित्र गरीयेका हारूनबंशीहरुको पो हो । पवित्रस्थान देखि निक्लि जाउ
किनभन्ये अपराध् गर्नु भयेको छ त ईश्वर् यहवे पट्टि बाटो आफुको आन्
१९ हुंदैन । तब उज्जियाह् रागीयो अनि येस्को हातमां धूप् हालने धूपोरो
पनि थियो तब पूजाहारीहरु देखि रागीयेको हुंदा येस्को निधारमां
२० यहवेको घरमां पूजाहारीहरुको सामु धूपवेदी निर कोढ़ उदायो । तब
अजर्याह् मूलपूजाहारी र सबै पूजाहारीहरुले येस्लाइ हेर्ये त हेर येस्को
निधारमां कोढ़ रछ त तिनिहरुले येस्लाइ छिट्टै गरि त्यहां बाटो धपाइ दिये
अं त्यो आफैले पनि यहवेले येस्लाइ हिकाँयेको कारणले निक्लि जानुलाइ
२१ हतार् गर्यो । अनि उज्जियाह् राजा आफनु मरणको दिन् सम्म कोढ़ी
भयेर अलग् घरमां बास रह्यो किनभन्ये यहवेको घर् देखि काटीयो ।
अनि योताम् राजकुमार्चइं देसका लोगको निया गर्नुलाइ राजाको
२२ जहानको मालिक् भयो । अब उज्जियाहका बहल् कार्यहरु थालनि देखि
२३ अन्त सम्म आमोसको छोरो यशायाह् अगमवक्ताले लेख्यो । तब
उज्जियाह् आफना पित्रहरु सङ सुति गयो अनि तिनिहरुले येस्लाइ
येस्का पित्रहरु सङ राजाहरुको भयको चिहाने जग्गामां गाड़ेर किनभन्ये
तिनिहरुले त्यो कोढ़ी हो भन्यर भन्ये । अनि येस्को छोरो योतामले येस्को
साटोमां राज् गर्यो ॥

(योताम्को राज्)

योताम् राज् गर्नु लाग्दा पचीस् वर्षको थियो अनि येरूशलेम्मां सोह्र वर्ष राज् गऱ्यो. अनि येरूकी आंमाको नांउ सादोक्की छोरी यरूशा थियो। अनि यहूवेको सांमु जे भलो थियो तेइ येरूले गऱ्यो. तेरूले तेरूको बाबु उज्जियाहूले गऱ्येको अनुसार् सबै गऱ्यो. तैपनि यहूवेको मन्दिर्मां ता पस्येन। अनि लोगले अझै सम्म बिगार् काम् गर्दै रह्थे। तेरूले यहूवेको घर्को मांथिल्लो चइं ठोका बनायो अनि ओपेल् भनींने घेराभित्तामां धेरै बनायो। येस् उप्रान्त येरूले यहूदाको पहाड़े देस्मां सहरहरु बनायो अनि बन् बन्मां किल्लाहरु र धरारहरु बनायो। अनि येरूले अम्मोन्वंशीहरुको राजाको बिरुद्धमां लड़ाईं गऱ्यो अनि तिनिहरु मांथि जिताहा भयो। अनि येस् वर्ष चइं अम्मोन्वंशीहरुले येरूलाइ चांदीका एक् सै तोड़ा र दस् हजार् कोठो गहूं र दस् हजार् कोठो जउ दिये। अनि फेरि दोस्रो र तेस्रो वर्षमां पनि अम्मोन्वंशीहरुले येरूलाइ त्येतिकै दिये। येसोरि योताम्ले आफ्नु बाटो आफ्नु ईश्वर् यहूवेको सांमु रीत् अनुसार् गऱ्येको कारण् त्यो बल्लियो भइ गयो। अब योताम्का रहल् कार्यहरु र येरूका सबै लड़ाईंहरु र येरूका सबै चाल् चलनहरु हेर इस्राएल् र यहूदाका राजाहरुको पोस्तक्मां लेख्येका छन्। राज् गर्नु लाग्दा त्यो पचीस् वर्षको थियो अनि येरूशलेम्मां सोह्र वर्ष राज् गऱ्यो। अनि योताम् आफ्ना पित्रहरु सङ सुति गयो अनि तिनिहरुले येरूलाइ दाऊद्को सहर्मां गाड़ेर. अनि येरूको छोरो आहाज्ले येरूको साटोमां राज् गऱ्यो॥

(आहाज्को राज्)

आहाज् राज् गर्नु लाग्दा बीस् वर्षको थियो अनि येरूले सोह्र वर्ष राज् गऱ्यो. अनि आफ्नु ईश्वर् यहूवेको सांमु जे भलो थियो तेइ येरूले येरूको पिता दाऊद्ले गऱ्येको झैं गऱ्येन. तर त्यो इस्राएल्का राजाहरुको बाटोमां हिंड़्यो अनि बाल् देवताहरुको लागि ढाल्येका मूर्त्ति पनि बनायो। येस् उप्रान्त हिन्नोम्वंशीको तरिमां धूप् हाल्यो अनि जुन् अन्यदेशीहरुलाइ यहूवेले इस्राएल्वंशीहरुको सांमु देखि निकालि दियेको थियो तिनिहरुको घिनलाग्दो रीत् अनुसार् येरूले आफ्ना छोराहरुलाइ आगोको बाटो बाड़ो हिंड़ाल्यो। अनि अलग्गा अलग्गा ठांउहरु र डांड़ा डांड़ामां र सबै हरीया हरीया रूखहरु मुनि येरूले बलिदान् चढ़ाउंने र धूप् हाल्ने गर्दै थियो। येस्कारण् येरूको ईश्वर् यहूवेले येरूलाइ आरामको राजाको हातमां सुम्पि दियो अनि तिनिहरुले येरूलाइ मांऱ्यो अनि येरूका मान्छेहरुमांको ठुलो धुइरो बन्धुवाईंमा लग्येर दमिश्कमां पुऱ्याये। येस उप्रान्त त्यो इस्राएलको राजाको हातमां पनि सुम्पीयो जस्ले ठुलो मंराईले येरूलाइ मांऱ्यो। किनभन्ये तिनिहरुले

आफ्ना पित्रहरुको ईश्वर् यहूवेलाइ छोड्नेको कारणले रमल्याहको
छोरो पेकहले यहूदामां एकै दिनमां एक् सै र बीस् हजार् सबै
७ महाबीरहरुलाइ मांच्यो। अनि जिक्रि नांउ गर्नेको येउटा एप्रैमी
महाबीरले मासेयाह् नांउ भयेको येउटा राजपुत्र र राजमहलको मालिक्
अज्रीकाम् र एल्कानालाइ जो राजा सुनि हुंनेमांको पहिलो थियो त्येलाइ
८ पनि मांच्यो। अनि इस्राएलवंशीहरुले आफ्ना दाज्युभाईहरुमांका दुइ
लाख् जनालाइ आइमाइहरु छोराछोरीहरुलाइ बन्धुवाईमां लग्ये अनि
९ तिनिहरु देखि धेरै लूट् लूटेर बहांदेखि त्यो लूट् शोमरोनमां लग्ये। तर
बहां यहूवेको ओदेद् नांउ भयेको येउटा अगमवक्ता थियो. जस्ले
शोमरोनमां आउंने सेनालाइ भेट्नुलाइ निक्ल्येर भन्यो हेर तिम्रा
पित्रहरुको ईश्वर् यहूवेले यहूदा देखि रिसायेको कारणले उस्ले तिनिहरुलाइ
तिम्रो हातमां सुम्पि दियेको थियो अनि तिमिले चइं स्वर्ग सम्म
१० पुग्नेगरि रागीयेर तिनिहरुलाइ मांच्यौ। अनि अब यरूशलेम् र
यहूदावंशीहरुलाइ दास् दासीगरि दबाउंने मन् गर्द छौ. तर को तिमिहरु
११ पनि आफनु ईश्वर् यहूवेको बिरुद्धमां महा दोषी छौन। त अब मेरो सुन
तिमिहरुले आफ्ना दाज्युभाईहरुमांका बन्धुवाईमां लग्येका बन्धुवाहरुलाइ
फर्काइ पठाव. किनभन्ये यहूवेको बल्दोरिस् तिमिहरु मांथि पर्येको छ।
१२ तब एप्रैमवंशीहरुका मूलहरुमांका कति जना अर्थात् योहानानको छोरो
अजर्याह् मश्शिल्लेमोत्को छोरो बेरेक्याह् शल्लूमको छोरो यहिज्कियाह् र
हद्लैको छोरो अमासाले लड़ाईं बाटो आयेकाहरुको बिरुद्धमां उभीयेर
१३ तिनिहरुलाइ भन्ये तिमिहरुले बन्धुवाहरुलाइ येता ल्याउंनु हुंदैन.
किनभन्ये जुन् कुरा देखि हांमिहरु यहूवेको सांमु दोषी हुंछौं त्येइ कुरामां
हांमिहरुको पाप् र हांमिहरुको दोष् बढ़ाउंनुलाइ मन् पर्द छौं. किनभन्ये
हांमिहरुको दोष् ठुलो छ अनि इस्राएलको बिरुद्धमां बल्दोरिस् उठेयको
१४ छ। तब हतियार् भिर्येका मान्छेहरुले बन्धुवाहरुलाइ र लूट् मालिकहरु
१५ र सिंगै सभाको सांमु छोड़ि दिये। अनि मांथि नांउ लेख्येका मान्छेहरुले
उठेर बन्धुवाहरुलाइ लिये अनि तिनिहरुमांका सबै नांगाहरुलाइ
लूटका लुगाहरु लगाइ दिये अनि जुत्ता पनि लगाइ दिये अनि खानापीना
पनि दिये अनि तेल् पनि लगाइ दिये अनि निर्बल्लियाहरु जत्ति जना
थिये तिनिहरुलाइ गदाहा मांथि बोकायेर खजूरको सहर् यरीहो
सम्म तिनिहरुका दाज्युभाईहरु भयठांउ सम्म पुर्याइ दिये. बहांदेखि
शोमरोनमां फर्कि गये॥ ५

१६ त्यस् बेला आहाज् राजाले अश्शूरको राजा थांइ मोहार् मांगि
१७ पठायो। किनभन्ये एदोमीहरुले फेरि आयेर यहूदालाइ मांच्येर बन्धुवा-
१८ हरुलाइ लग्येको थिये। पलिश्तीहरुले पनि बेंसिको र यहूदाका दक्षिण
पट्टिका सहरहरु मांथि चढ़ि आयेर बेतशेमश् अय्यालोन् र गदेरोत्
र सोको त्येका बस्तिहरु समेत् र तिम्ना त्येका बस्तिहरु समेत् र गिम्जो

पनि त्येस्का बस्तिहरु समेत् लिहाल्येका थिये. अनि तिनिहरु तिनमां
बस्येका थिये। किनभन्ये इस्राएल्को राजा आहाज्को कारणले त्येस्ले १९
यहूदामां विश्वासघात् गर्येको र यहवेको विरुद्धमां सारो दोष् गर्येको
कारणले यहवेले यहूदालाइ होंच्याइ दियो। अनि अश्शूरको राजा २०
तिल्गत्पिल्नेसेरले त्यो थांइ आयेर त्येस्लाइ बल् होइन तर झन् कष्ट पो
गराइ दियो। कसोगरिभन्ये आहाजले यहवेको घर् देखि र राजा र २१
मालिकहरुका घर् देखि भाग् लियेर अश्शूरको राजालाइ दियो. तर येति
गरिकन पनि त्येस्लाइ कोइ गोहार् भयेन। तर त्येस् आहाज् राजाले त्येस्को २२
दुक्खको बेलामां पनि झन् बेसि बेसि यहवेको विरुद्धमां दोष् गर्यो।
कसोगरिभन्ये त्येस्ले त्येस्लाइ मार्ने दमिश्कका देवताहरुलाइ बलिदान् २३
चढ़ायो. अनि त्येस्ले अरामका राजाहरुका देवताहरुले तिनिहरुको गोहार्
गर्येको कारणले मं पनि तिनिहरुलाइ बलिदान् चढ़ाउंछु भन्यो तिनिहरुले
मेरो गोहार् गरुन् भन्येर. तर तिनिहरु त्येस्को र सिंगै इस्राएल्को नास्को
कारण् भये। अनि आहाजले ईश्वरको घरका भांड़ाहरु जमा गर्यो अनि २४
त्येस्ले ईश्वरको घरका भांड़ाहरु टुक्रा टुक्रा पार्यो अनि यहवेको घरका
ढैलाहरु पनि दियो अनि यरूशलेमका सब्बै कुंना कुंनामां बेदि बनायो।
अनि यहूदाका सहरै पिच्छे पराय् देवताहरुको लागि धूप् हाल्ने अल्गा २५
ठांउहरु बनायो अनि आफ्ना पित्रहरुको ईश्वर् यहवेको रिस् उठायो।
अब त्येस्का रहल् कार्यहरु र त्येस्का सब्बै चाल्चलन् थाल्नि देखि अन्त २६
सम्म हेर यहूदा र इस्राएलका राजाहरुको पोस्तकमां लेख्येका छन्।
तब आहाज् आफ्ना पित्रहरु सङ सुति गयो अनि तिनिहरुले त्येस्लाइ २७
सहरमां अं यरूशलेममां गाड़िय किनभन्ये तिनिहरुले त्येस्लाइ इस्राएलका
राजाहरुको चिहानमां पुर्याएनन्. अनि त्येस्को छोरो हिज्कियाहले
त्येस्को माटोमां राज् गर्यो॥

(हिज्कियाहले गर्येको सुधराई)

हिज्कियाह राज् गर्नु लागदा पचीस् बर्षको थियो अनि त्येस्ले २९ १
यरूशलेममां उनन्तीस् बर्ष राज् गर्यो. अनि त्येस्को आंमाको नांउ
जकर्याहकी छोरी अबिय्याह थियो। अनि यहवेको सांमु जे भलो थियो २
त्येस्को पिता दाऊदले सब्बै गर्येको अनुसार् त्येस्ले पनि गर्यो। आफ्नु ३
राजको पहिलो बर्षको पहिलो महीनामां यहवेको घरका ढैलाहरु उघार्यो
अनि तिनको मरम्मत गर्यो। अनि त्येस्ले पूजाहारीहरु र लेवीहरुलाइ ४
भित्र ल्याएर पूर्व तिरको चोकमां तिनिहरुलाइ भेला गराएर
तिनिहरुलाइ भन्यो हे लेवीहरु हो मेरो सुन अब आफु आफुलाइ पवित्र
गर अनि आफ्नु पित्रहरुको ईश्वर् यहवेको घर् पनि पवित्र गर अनि ५
पवित्रस्थान् देखि फोहरहरु बोकि लैजाव। किनभन्ये हाम्रिहरुका ६
पित्रहरुले अपराध गर्येका छन् अनि जुन चेहोरा हाम्रिहरुको ईश्वर् यहवेको

सांमु बुरो छ त्येइ गर्‍ये अनि उस्नाइ छोड़ेर अनि यह्वेको धाम् देखि
७ आफ्नु आफ्नु मुख् फर्कायेर आफ्नु आफ्नु पिठिउं फर्काये। अनि पनि
तिनिहरुले दलान्का दैलाहरु थुनि दियेका छन् अनि दियाहरु निभाइ
दिये अनि इस्राएल्को ईश्वर्को लागि पवित्रस्थान्मां धूप् हाल्येनन् अनि
८ होम्बलि पनि चढ़ायेनन्। येस्कारण् यह्वेको रिस् यहूदा र यरूशलेम्
मांथि पर्‍येको छ अनि उस्ले तिनिहरुलाइ तिमिहरुले आफ्ना आंखाले
देख्येको झैं भय्मान् हुंनुलाइ र उदेक् र जिल्लाईंने हुंनुलाइ सुम्पि दियेको छ।
९ कसोगरिभन्ये हेर हांमिहरुका पित्रहरु तरवार्ले लड़ेका छन् अनि येसैको
कारण्ले हांमिहरुका छोराछोरीहरु र हांम्री स्वास्नीहरु बन्धुवाईमां छन्।
१० त अब मेरो मन्मां येस्तो छ हांमिहरु उस्को बल्दोरिस् फर्काईंनुको लागि
११ इस्राएल्को ईश्वर् यह्वे सङ नियम् बांधूं भन्ये। ए मेरा छोराहरु हो अब
अबेर् न गर. किनभन्ये यह्वेले तिमिहरुलाइ उस्को सांमु उभींनुलाइ
उस्को सेवा गर्नुलाइ उस्का सेवक् हुंनुलाइ र धूप् हाल्नुलाइ छान्येको छ॥
१२ तब लेवीहरु उठेर अर्थात् कहात्बंशीहरुमांका अमासैको छोरो
महत् अजर्याह्को छोरो योएल्. अनि मिरारीबंशीहरुमांका अबदीको
छोरो कीश् र यहल्लेलेल्को छोरो अजर्याह् अनि गेर्शोनीहरुमांको
१३ जिम्माको छोरो योआह् र योआह्को छोरो एदेन्. अनि एलीसापान्-
बंशीहरुमांका शिम्री र यूएल्. अनि आसाप्बंशीहरुमांका जकर्याह् र
१४ मत्तन्याह्. अनि हेमान्बंशीहरुमांका यहूएल् र शिमी. अनि यदूतून्
१५ बंशीहरुमांका शमायाह् र उज्जीएल्। अनि तिनिहरुले आफ्ना
दाज्युभाईहरुलाइ भेला गरायेर आफु आफुलाइ पवित्र गराये अनि यह्वेको
कुरा गरि राजाको आज्ञा अन्सार् यह्वेको घर् शुद्ध गर्नुलाइ भित्र
१६ पस्ये। अनि पूजाहारी यह्वेको घर्को भित्रेभाग् सम्म शुद्ध गर्नुलाइ
भित्र पस्ये अनि यह्वेको घर्को मन्दिर्मां भेट्टायेका सब्बै अशुद्धेईं
यह्वेको घर्को आघन्मां निकालि ल्याये। अनि लेवीहरुले किद्रोन्
१७ खोल्चामां बुर्‍याउंनुलाइ ति उठाइ लग्ये। तब पहिलो महीनाको पहिलो
तिथिमां पवित्र गर्नु थाल्ये अनि महीनाको आठौं तिथिमां यह्वेको दलान्
सम्म पुग्ये अनि तिनिहरुले यह्वेको घर् आठ् दिन्मां पवित्र गरि सक्ये.
१८ अनि पहिलो महीनाको सोह्रौं तिथिमां सक्ये। वहांदेखि तिनिहरुले
हिज्किय्याह् राजा थांइ भित्र पस्येर भन्ये हांमिहरुले यह्वेको सिंगै घर्
र होम्बलिका बेदि त्येस्का सबै भांड़ाहरु समेत् र भेटिरोटीको मेज् त्येस्का
१९ सबै भांड़ाहरु समेत् शुद्ध गरि सक्यूं। येस् उप्रान्त आहाज् राजाले आफ्नु
राज्मां अप्राध् गर्‍येको समय्मां आफालि राख्येका भांड़ाबर्त्तन्हरु सबै
हांमिहरुले तियार् पारि पवित्र गरि सक्यूं त हेर ति यह्वेको बेदिको
सांमु छन्॥

२० तब हिज्किय्याह् राजाले सखारै उठेर सहर्का मालिक्हरुलाइ
२१ भेला गरायेर यह्वेको घर्मां चढ़ि गयो। वहांदेखि तिनिहरुले राज् र

पवित्रस्थान् र यहूदाको लागिका पाप्बलिगरि सात्वटा बाच्छाहरु सात्वटा
भुमाहरु र सात्वटा पाठाहरु र सात्वटा बोकाहरु ल्याये । अनि त्येस्ले
हारूनबंशी पूजाहारीहरुलाइ यहूवेको बेदिमां ति चढ़ाउंने आज्ञा गऱ्यो ।
त तिनिहरुले बाच्छाहरु मांऱ्ये अनि पूजाहारीहरुले रगत् चइं लग्येर बेदिमां २२
छर्क्यो. तब तिनिहरुले भुमाहरु मांऱ्येर रगत् बेदिमां छर्क्यो. अनि पाठाहरु
पनि मांऱ्येर रगत् बेदिमां छर्क्यो । अनि तिनिहरुले राजा र मंडलीको सांमु २३
बोकाहरुलाइ पापबलिको लागि नजिक ल्याये अनि तिनिहरुले आफ्ना
आफ्ना हात तिनिहरु मांथि राख्ये. अनि पूजाहारीहरुले तिनिहरुलाइ २४
मांऱ्ये अनि सिंगै इस्राएल्को लागि प्रायश्चित्त गर्नुलाइ तिनिहरुको रगत्
बेदिमां पाप्बलिगरि चढ़ाये. किनभन्ये राजाले होम्बलि र पाप्बलि
सिंगै इस्राएल्को लागि गरीओस् भनि आज्ञा गऱ्येकों थियो । अनि २५
त्येस्ले लेवीहरुलाइ दाऊद्को र राजाको दर्शी गाद्को र नातान् अगमबक्ताको
आज्ञा अनुसार झ्यामठा र सितार् र बीणा लियेर यहूवेको घरमां राख्यो.
किनभन्ये त्यो आज्ञा यहूवे देखि उस्का अगमबक्ताहरुको बाटोले थियो ।
अनि लेवीहरु दाऊद्का बाजाहरु लियेर अनि पूजाहारीहरु चइं तुरही २६
लियेर उभीये । तब हिज्कियाहले होम्बलि बेदिमां चढाउंने आज्ञा दियो । २७
अनि जब होम्बलि चढ़ाउंनु थाल्ये तब यहूवेको गान् पनि थाल्ये अनि
तुरही र इस्राएल्को राजा दाऊद्का बाजाहरु । अनि सिंगै मंडलीले २८
दण्डवत गर्दै र गीत गाउंनेहरुले गीत गाउंदै र तुरही बजाउंनेहरुले बजाउंदै
गऱ्ये होमबलि चढ़ाइ न सकुंज्याल् सम्म । अनि जब चढ़ाइ सक्यो तब २९
राजा र त्यो सङ सामेल् भयेका सबै जनाले निउंऱ्येर दण्डवत् गऱ्ये । येस् ३०
उप्रान्त हिज्कियाह् राजा र मालिकहरुले लेवीहरुलाइ दाऊद्का र आसाप्
दर्शीका कुरा गाउंदै यहूवेको लागि स्तुति गाउंने आज्ञा गऱ्यो त तिनिहरुले
आनन्द सइ स्तुति गाये अनि आफ्नु आफ्नु सिर निउंरायेर दण्डवत् गऱ्ये ।
तब हिज्कियाहले उत्तर दिइ भन्यो अब तिमिहरुले आफु आफुलाइ ३१
यहूवेको लागि पवित्र गऱ्येका छौ भन्ये त नजिक् नजिक् आयेर बलिदानहरु
र धन्यबादीबलि यहूवेको घरमां ल्याव । तब मंडलीले बलिदान् र धन्यबादी
बलि भित्र ल्याये अनि मनमानीका चइं पनि जति थिये ति होम्बलि
ल्याये । अनि मंडलीले ल्याएका होमब लको गन्ति सत्तरीवटा बाच्छा र ३२
एक सै भुमाहरु र दुइ सै पाठाहरु. ति सबै यहूवेको लागि होम्बलि
थिये । अनि पवित्र गरीयेका थोक् छ सै गोरुहरु र तीन् हजार् ३३
भेंड़ाबांख्राहरु थिये । तर पूजाहारीहरु येति कम्ति थिये तिनिहरुले सबै ३४
होमबलिहरुका छाला काढ्नु सकेनन् . येस्कारण् त्यो काम् न सकुंज्याल्
सम्म अनि पूजाहारीहरुले आफु आफुलाइ पवित्र गरि न सकुंज्याल् सम्म
तिनिहरुका लेवी भाईहरुले तिनिहरुको गोहार् गऱ्ये. किनभन्ये
लेवीहरुले आफु आफुलाइ पवित्र गर्नुलाइ मनमां पूजाहारीहरु भन्दा
बेसि मोजाहरु थिये । अनि होम्बलि पनि मेल्बलि पनि बोसो समेत् र ३५

होमबलिको खन्याईबलि समेत् धेरै थिये। येसोरि यहूवेको घरको
३६ सेवाको रीत् ठहराईये। तब ईश्वरले लोगको लागि तियार् पार्येको
सबैको कारणले हिजकिय्याह् र सिंगे लोग् रमाये. किनभन्ये यो काम्
एक्कासी गरीयो॥

(हिजकिय्याहले मान्येको निस्तार् चाड्)

३० १ फेरि हिजकिय्याहले सिंगे इस्राएल् र यहूदा पांइ पठायो अनि
तिनिहरु इस्राएलको ईश्वर् यहूवेको लागि निस्तार् चाड् मान्नुलाइ
यरूशलेम्मां यहूवेको घर्मां आउंनु भन्ये चिट्ठी एफ्रैम् र मनश्शेका पनि
२ लेख्यो। किनभन्ये राजाले र त्येका मालिकहरु र यरूशलेम्मां भयेका सिंगे
मंडलीले दोस्रो महीनामां निस्तार् चाड् मान्नु भन्ये सल्लाह् गर्येका थिये।
३ किनभन्ये पूजाहारी जति जनाको खांचो थियो त्येत जनाले आफु
आफुलाइ पवित्र न गर्येको कारणले र लोग् यरूशलेम्मां मेला न भयेको
४ कारणले तिनिहरुले त्येइ बेलामां त्यो चाड् मान्नु सक्येनन्। अनि यो
५ कुरो राजा र सिंगे मंडलीको सांमु ठीक् थियो। त तिनिहरुले सिंगे
इस्राएल्मां बेर्णेवा देखि अं दान् सम्म तिनिहरुले इस्राएलको ईश्वर्
यहूवेको लागि निस्तार् चाड् मान्नुलाइ यरूशलेम्मां आउंनु भन्ये उदी
सुनाईगोस् भनि ठहराये. किनभन्ये तिनिहरुले लेख्येको रीत् अनुसार्
६ धेरै जनाले त्यो चाड् मान्येका थियेनन्। तब राजा र त्येका मालिकहरु
देखिका चिट्ठीहरु लियेर हुलाकेहरु सिंगे इस्राएल् र यहूदामां दुगुर्ये
अनि राजाको आज्ञा अनुसार् येसो भन्ये हे इस्राएलवंशीहरु हो अब्राहाम्
इसहाक् र इस्राएलको ईश्वर् यहूवे तिर फर्क र उस्ले अश्शूरका राजाहरुको
७ हात् देखि बांचायेका तिमिहरुका बच्तिभाग् थांइ आव। अनि आफ्ना
पित्रहरु र आफ्ना दाज्युभाईहरु जस्ता न हव जुन्हरुले आफ्नु पित्रहरुको
ईश्वर् यहूवेको विरुद्धमां यहां सम्म अपराध् गर्ये उस्ले तिनिहरुलाइ
तिमिहरुले देख्दै गर्येको भैं तिनिहरुलाइ उदेक् हुंनुलाइ सुम्पि दियो।
८ अब तिमिहरुका पित्रहरु भैं कठोर् गर्दनका न हव तर आफु आफुलाइ
यहूवेको लागि सुम्पि देव अनि उस्ले सदाको लागि पवित्र गर्येको उस्को
पवित्रबासमां पस्येर आफ्नु ईश्वर् यहूवेको सेवा गर र उस्को बल्दोरिस्
९ तिमिहरु देखि फर्कि जावस्। किनभन्ये तिमिहरु यहूवे तिर फर्कि आयो
भन्ये देखि तिमिहरुका दाज्युभाईहरु र तिमिहरुका बालबच्चाहरुले
तिनिहरुलाइ बंधुवाईमां लग्येकाहरुको सांमु दया पाउंकुन् अनि फेरि
येस् देसमां आउंकुन्. किनभन्ये तिमिहरुको ईश्वर् यहूवे दयालु र
ठिठाउंने छ अनि तिमिहरु उ तिर फर्कयो भन्ये देखि उस्ले आफ्नु
१० मुख् तिमिहरु देखि फर्काउंदैन। येसोरि हुलाकेहरु एफ्रैम् र मनश्शेको
देसमां सहर् देखि सहर् सम्म अं जबूलून् सम्म छिरि गये. तर तिनिहरु
११ चइंले तिनिहरुलाइ तुच्छ ठान्दै हांस्दै टट्टा गर्ये। तैपनि आशेर् र मनश्शे

र जबूलूनका कत्ति जना ता दीन् भयेर यरूशलेम्मां आये । अनि यहूदामां १२
पनि तिनिहरुलाइ यहवेको कुराको बाटोले राजा र मालिकहरुको आज्ञा
मान्नुलाइ येउटा मन् दिंनुलाइ ईश्वरको हात् पर्‍यो । अनि दोस्रो १३
महीनामां अखमौरे रोटीको चाड् मान्नलाइ यरूशलेम्मां धेरै जना अं
अग्घोर् तुलो सभा भेला भयो । अनि तिनिहरुले उठेर यरूशलेम्मां १४
भयेका बेदिहरु निकाल्ये अनि धूप् हाल्ने सबै बेदिहरु पनि सबै निकाल्येर
किद्रोन् खोल्चामां आफालि दिये । तब दोस्रो महीनाको चौधौं तिथिमां १५
तिनिहरुले निस्तारको पशु बलि गर्‍ये. अनि पूजाहारीहरु र लेवीहरुले
लजायेर आफु आफुलाइ पवित्र गर्‍ये अनि होमबलिहरु यहवेको घरमां
ल्याउंने गर्‍ये । तब तिनिहरु ईश्वरको जन् मूसाको व्यवस्था अनुसार् १६
आफ्नु आफ्नु ठांउमां आफ्नु आफ्नु नियम् अनुसार् उभीये.
पूजाहारीहरुले लेवीहरुको हात् देखि पायेका रगतहरु छर्कने गर्‍ये ।
किनभन्ये तिनिहरुले आफु आफुलाइ पवित्र न गर्‍येकाहरु धेरै १७
जना थिये. येस्कारण सबै अशुद्धहरुको लागि तिनिहरुलाइ यहवेको
लागि पवित्र गर्नुलाइ निस्तारको पशु बलि गर्ने अधिकार् लेवीहरुको
थियो । कसोगरिभन्ये लोगको धेरै जना अं एप्रैम् मनश्शे इस्साकार् र १८
जबूलूनका धेरै जनाले आफु आफुलाइ शुद्ध पार्‍येका थियेनन् तैपनि
लेखीयेको बिधिको बिबल्यांटोगरि खांद थिये । त हिजकिय्याहले
तिनिहरुको लागि येसो भनिकन प्रार्थना गर्‍यो भलो यहवेले आफ्ना १९
पित्रहरुको ईश्वर् यहवे ईश्वरलाइ खोजनुलाइ आफ्नु मन् गर्ने सबैलाइ
माफ् गर्नु हुवस् यो पवित्रस्थानको शुद्धगराई अनुसार् शुद्ध पार्‍येको छैन
र पनि । अनि यहवेले हिजकिय्याहको सुन्येर लोगलाइ निको पारि २०
दियो । अनि यरूशलेम्मां भेला भयेका इस्राएलबंशीहरुले अखमौरे २१
रोटीको चाड् सात् दिन् सम्म बड़ो रमाहट् सङ मान्दै रह्ये. अनि
लेवीहरु र पूजाहारीहरुले तुलो बाजाको सोरगरि बजाउंदै यहवेको स्तुति
दिन् दिन् गर्दै थिये । अनि यहवेको सेवाको लागि सिपालु भयेका सबै २२
लेवीहरुलाइ हिजकिय्याहले शान्तिको कुरा गर्‍यो । येसोरि मेलबलि
गर्नेको बलिदान् चढ़ाउंदै र आफ्ना पित्रहरुको ईश्वर् यहवेको धन्नबाद्
गर्दै चाड़का दिन् ति सात् दिन् खाना पीना गर्दै रह्ये । अनि सिंगै सभाले २३
अरु सात् दिन् सम्म मान्नुलाइ सल्लाह् गर्‍ये. त तिनिहरुले रमाहट् सङ
अरु सात् दिन् मान्ये. किनभन्ये यहूदाको राजा हिजकिय्याहले चढ़ाउंनुको २४
लागि एक् हजार् गोरुहरु र सात् हजार् भेंड़ा बाख्राहरु सभालाइ दियो
अनि मालिकहरुले एक् हजार् गोरुहरु र दस् हजार् भेंड़ाबाख्राहरु सभालाइ
दिये. अनि धेरै जना पूजाहारीहरुले आफु आफुलाइ पवित्र गर्‍ये । अनि २५
यहूदाको सिंगै सभा पूजाहारी र लेवीहरु समेत् र इस्राएल् देखि आयेका
सबै सभा र इस्राएलको देस् देखि आयेका र यहूदामां बस्येका पर्देसीहरु
रमाउंद थिये । येसोरि यरूशलेम्मां अग्घोरै रमाहट् भयो. किनभन्ये २६

इस्राएलको राजा दाऊदका छोरो सुलैमानको पाला देखि येसो यरूशलेममां
२७ येसो भयेको थियेन। तब लेवी पूजाहारीहरुले उठेर लोगलाइ आशीर्वाद
गर्‍ये. अनि तिनिहरुको सोर् सुनीयो अनि तिनिहरुका प्रार्थना उस्को
पवित्र बास् अं स्वर्गमां चढि पुग्यो॥

(सेवाटहल्को प्रबंध्)

३१ १ जब यि काम् सबै सक्कीये तब भेला भयेका इस्राएलले यहूदाका
सहर् सहरमां गयेर मुड्काहरु टुक्रा टुक्रा पारि दिये अनि अशेरा
देवताहरु ढालि दिये अनि ति सबैलाइ नास् न पारेज्याल् सम्म सिंगै
यहूदा र बिन्यामीन् र एप्रैम् र मनश्शेमां अनि भयेका अलगा अलगा
ठांउहरु भत्काइ दिये। तब सिंगै इस्राएलबंशीहरु फर्कर सबै आफ्नु
२ आफ्नु किपटमां आफ्ना आफ्ना सहरमां गये। तब हिजकिय्याहले
पूजाहारीहरुको पालो र लेवीहरुलाइ तिनिहरुको पालो अनुसार् जनंगे
आफ्ना सेवाटहल् अनुसार् पूजाहारीहरु र लेवीहरु दुवै होमबलिको र
मेलबलिको लागि सेवा गर्नुको लागि र धन्नबाद् मान्नुको लागि र यहूवेको
३ छाउंनीका ढोका ढोकामां स्तुति गर्नुको लागि ठहरायो। फेरि बिहान्
बिहान् र बेलुका बेलुकाको होमबलिको लागि र बिश्राम् बिश्रामबार्को
लागि र दुतिया र यहूवेको व्यवस्थामां लेख्यको ठहरायेको चाडको ति
सबै होमबलिको लागि राजाले आफ्नु सम्पत्ति देखि एक् भाग् ठहरायो।
४ त्येस् उप्रान्त त्येस्ले तिनिहरुले आफु आफुलाइ यहूवेको व्यवस्थामां बस्तिया
होउन् भन्येर पूजाहारीहरुलाइ र लेवीहरुलाइ भाग् दिंनुलाइ यरूशलेममां
५ बस्नेहरुलाइ आज्ञा दियो। अनि यो आज्ञा निस्कंनु बित्तिकै
इस्राएलबंशीहरुले अन्न दाखरस् तेल् मह र खेतका सबै उपजनीमांका
अगौटेफल् परसस्तगरि दिंथे अनि सब्बै थोकको दसौं अंश धेरैगरि
६ ल्याउंथे। अनि यहूदाका सहरहरुमां बस्ने यहूदा र इस्राएलबंशीहरुले
पनि गोमहम र बाख्राहरुको दसौं अंश र आफ्नु ईश्वर् यहूवेको लागि
पवित्र गरीयेको सुम्पि दिईयेका थोकको दसौं अंश पनि ल्याएर थुप्याइ
७ थुप्याइ राख्ये। अनि तीस्रो महीनामां तिनिहरुले थुप्याउंने जग् बसाल्ये
८ अनि सातौं महीनामां थुप्याइ सक्ये। अनि जब हिजकिय्याह् र
मालिकहरुले आएर ति थुप्राहरु देख्ये तब तिनिहरुले यहूवे र उस्का लोग्
९ इस्राएललाइ आशीर्बाद् गर्‍ये। तब हिजकिय्याहले थुप्राहरुको बिषयमां
१० पूजाहारीहरु र लेवीहरुलाइ सोध्यो। अनि सादोक्को घरको अजर्याह्
मूलपूजाहारीले उत्तर् दिइ भन्यो लोगले भेटि यहूवेको घरमां ल्याउंनु
थाल्येको देखि हांमिहरुले यहूवेले आफ्ना लोगलाइ आशीष् दियेको
कारणले पेटभरि भरि खायु रपनि अझै उब्रारि राख्येका छौं. अनि
११ उब्र्येकाहरु येति बिघ्न कुन्। तब हिजकिय्याहले यहूवेको घरमांका
१२ कोठाहरु तियार् पार्ने आज्ञा गर्‍यो त तिनिहरुले ति तियार् पार्‍ये। अनि

तिनिहरुले विश्वास् सित भेटि र दसौं अंश र पवित्र कामको लागि अलग
कुद्यायेका थोकहरु भित्र ल्याये. अनि तिनिहरु मांथि कोनन्याह् लेवी
अधिकारी थियो अनि त्येस् मुनि त्येस्को भाई शिमी। अनि हिजकिय्याह् १३
राजाको र ईश्वरको घरको मालिक् अजर्याहको ठहरावटले कोनन्याह् र
त्येस्को भाई शिमीको मुनि यहीएल् अजज्याह् नहत् असाहेल् यरीमोत्
योजाबाद् एलीएल् यिस्मक्याह् महत् र बनायाह् मुखियाहरु थिये। अनि १४
यहूवेको भेटि र महापवित्र थोक् बांड्नुलाइ यिम्रा लेवीको कोरो कोरे
जो पूर्व ढोकाको दुवारपाल् थियो त्यो ईश्वरको मनमानी भेटि मांथि
थियो। अनि त्येस् मुनि एदेन् मिन्यामीन् येशूअ शमायाह् अमर्याह् र १५
शकन्याह् पूजाहारीका सहरहरुमां कोटा बढ़ाले आफ्ना आफ्ना भाईका सबै
पाला पाला अनुसार् सच्चेईं सङ दिंनुलाइ ठहराईयेका थिये। येस् उप्रान्त १६
जति पुरुषहरु तीन् बर्ष र त्यो भन्दा बेसि आफ्नु आफ्नु बंशावलीमां
गनीयेका थिये अं आफ्ना आफ्ना पाला अनुसार् आफ्नु आफ्नु सेवा टहल्
गर्नुलाइ यहूवेको घरमां जांने गर्द थिये आफ्नु आफ्नु दिनको भाग्
पाउंद थिये अनि पूजाहारीहरुको बंशावली तिनका पितृहरुको घर् १७
घर् अनुसार् र लेवीहरु बीस् बर्षको उमेरका र त्यो भन्दा बेसि आफ्नु
आफ्नु पाला अनुसार् तिनका जिम्मावारीकामगरि अनि तिनिहरुका १८
बालबच्चा स्वास्नीहरु कोराकोरीहरुका बंशावलीहरु सिंगै सभामां गनीयेका
थिये. किनभन्ये तिनिहरुको सच्चेईंमां दियेको कामां पवित्रेईंमां आफुलाइ
पवित्र गर्द थिये. अनि हारूनबंशी पूजाहारीहरु जो आफ्ना सहर् १९
सहरका वस्ति बस्तिका जगगा जगगामां सहर् पिच्छे तिनिहरुको लागि
सबै पूजाहारीहरुमांका सबै पुरुषहरुलाइ र लेवीहरुमांका बंशावलीगरि
गनीयेका सबैलाइ भाग् दिंनुको लागि नांउ काढ़ीयेका मान्छेहरु थिये।
त हिजकिय्याहले सिंगै यहूदामां येसै गर्यो अनि आफ्नु ईश्वर् यहूवेका २०
मांसु जे जे भलो र ठीक् र विश्वासयोग्यको थियो त्यो त्येस्ले गर्यो।
अनि त्येस्ले आफ्नु ईश्वरलाइ खोजनुको लागि ईश्वरको घरको २१
सेवाटहलमां र व्यवस्थामां र आज्ञाहरुमां त्येस्ले थाल्येका सबै कामां
त्येस्ले आफ्नु पूरो मनले गर्यो अनि भाग्येमान्को भयो॥ ✓

(सन्हेरीबको सेनाको नास्)

यि कुरा र यि विश्वासयोग्यईं पछि अश्शूरको राजा सन्हेरीब् ३२ १
आयेर यहूदामां पस्यो अनि ति आफ्नु लागि लिंकु भनि ठान्येर घेरा
भयेका सहरहरुमां आफ्नु काउंनी हाल्यो। अनि जब हिजकिय्याहले २
सन्हेरीब् आयेक अनि यरूशलेमको बिरुद्धमां लड़ाईं गर्न मन गर्यें क भनि
देख्यो तब सहर् देखि बाइर भयेका पानीका कुलाहरु पुनि दिंनुलाइ ३
आफ्ना मालिकहरु र महाबीरहरु सङ सल्लाह् लियो त तिनिहरुले त्येस्को
गोहार् गर्ये। तब लोग् औधि बिघ्नगरि जमीये बहांदेखि तिनिहरुले ४

अश्शूरका राजाहरुले आयेर येति विघ्न पानी किन पाउन् भन्दै सबै मूलहरु
५ पानीहरु र देशको बीचमां बहंने खोल्चाहरु पुनि दिये। तब त्येस्ले हूप्
बांध्येर भत्काईयेको सिंगै घेराभित्ता बनायो अनि धरोहरु रुम्म बढ़ाइ
अल्ग्यायो अनि बाहिर पट्टिको अर्को घेराभित्ता पोन अनि दाऊदको
सहरमां भयेको मिल्लो पनि बल्लियो गरायो अनि हतियार् ढाल्हरु ओधि
६ गरि बनायो। वहांदेखि त्येस्ले लोगहरु मांथि लड़ाईंका कप्तानहरु खटायो
वहांदेखि तिनलाइ सहरको ढोका निर भयेका चोकमां आफु थांइ भेला
७ गरायेर तिनलाइ येसो भनिकन शान्ति दियो बल्लिया हव अनि हूप्
बांध अश्शूरको राजाको कारणले र त्यो सब भयेको सिंगै धुइरोको
कारणले न डराव थरहरि न हव. किनभन्ये हांमिहरु सब हुंने त्यो सब
८ भयेको भन्दा बड़ा छ. त्येस् सब मान्छेको बांहां मांत्रै छ तर हांमिहरु
चइं सब हांमिहरुको गोहार् गर्ने र हांमिहरुको लागि लड़ाईं गर्ने
हांमिहरुको ईश्वर् यहूवेनै छ। तब लोगले यहूदाको राजा हिज्कियाहका
कुरामां भरोसा गर्थे॥

९ त्येस् पछि जब अश्शूरको राजा सन्हेरीब् आफ्ना सबै सेना समेत्
लाकिशको सांमु थियो तब त्येस्ले आफ्ना चाकरेहरुलाइ यरूशलेममां
यहूदाको राजा हिज्कियाह् थांइ र यरूशलेममां भयेका सिंगै यहूदा
१० थांइ येसो भनि पठायो अश्शूरको राजा सन्हेरीबले येसो भन्द छ
तिमि यरूशलेममां घेरा भयेकोमां बसि बसि को मांथि भरोसा गर्द छौ।
११ को हिज्कियाहले तिमिहरुलाइ हांमिहरुको ईश्वर् यहूवेले हांमिहरुलाइ
अश्शूरको राजाको हात् देखि छोड़ाउंछ भन्दै तिमिहरुलाइ अनिकाल्
१२ र तिर्खाले मांर्नुको लागि भर्माईयेको छैन। को त्येस् हिज्कियाहले
त्येका अलगा अलगा ठांउ र बेदिहरु निकालि फ्यांकेको छैन अनि
तिमिहरुले येउटै बेदिको सांमु मांत्रै दण्डवत् गर अनि त्येसमां मांत्रै
१३ धूप् हाल भन्येर यहूदा र यरूशलेमलाइ आज्ञा दियेको छैन। मैले र
मेरा पुर्खाहरुले देश् देशका सबै लोग् सब को को गर्थेका छौं भनि को
तिमिहरुलाइ थाहा छैन। देश् देशका लोग् लोगका देवताहरुले आफ्नु
१४ आफ्नु देश् मेरो हात् देखि बचाउंनु को कोई पनिले सक्योका थियो। मेरा
पुर्खाहरुले भाकल् गरीयेका थोक् जानिकन ति लोगका सबै देवताहरुमांको
कुनचइं देवताले आफ्नु लोगलाइ मेरो हात् देखि बचाउंनु सक्यो र
१५ तिमिहरुको देवताले तिमिहरुलाइ मेरो हात् देखि बचाउंनु सक्छ। त अब
हिज्कियाहले तिमिहरुलाइ छल् गर्नु र येसै पनिले तिमिहरुलाइ भर्माउंनु
न पाउस् न तिमिहरुले त्येलाइ पत्याव. किनभन्ये कुनै देश् र कुनै
राज्को कुनै देवताले आफ्नु लोगलाइ मेरा पुर्खाहरु र मेरा हात् देखि
बचाउंनु सक्यन. त झनमागी कति ज्यास्तिगरिकन तिमिहरुका देवताहरुले
१६ तिमिहरुलाइ मेरो हात् देखि बचाउंनु सकद छन्। अनि त्येका चाकरेहरुले
ईश्वर यहूवे र उस्को चाकरे हिज्कियाहको बिरुद्धमां अरु पनि धेरैगरि

कुरा गर्द थिये। त्येस् उप्रान्त त्येस्ले इस्राएल्को ईश्वर् यह्वेको निन्दा गर्नु १७
र उस्को बिरुद्धमां येसो भन्नुलाइ चिट्ठी पनि लेख्यो देस् देस्का लोग्
लोग्का देव्ताहरुले आफ्ना लोगलाइ मेरो हात् देखि बचाउंनु न
सक्येको झैं हिज्किय्याह्को देव्ताले पनि आफ्ना लोगलाइ मेरो हात्
देखि बचाउंनु सक्दैन। तब तिनिहरु यहूदीहरुको भाषामां घेराभित्तामां १८
भयेका यरूशलेम्का लोगलाइ ठुलो सोर्ले कराये तिनलाइ डर् देखाउंनुको
लागि र तिनलाइ कष्ट दिंनुको लागि सहर् लिहालूं भन्येर। अनि १९
तिनिहरुले मान्छेका हात्ले बनायेका पृथिवीका देव्ताहरुको बिषय्मां भन्ये
झैं यरूशलेमको ईश्वर्को बिषय्मां पनि भन्ये। तब हिज्किय्याह् राजाले २०
र आमोस्को छोरो यशायाह् अगम्बक्ताले येस् कुराको कारण्ले प्रार्थना गरि
स्वर्ग तिर दोहाई दिये। तब यह्वेले येउटा दूत्लाइ पठायो जस्ले अश्शूर्को २१
राजाको छाउंनीमां भयेका सबै महाबीर्हरु र अगुवाहरु र कप्तान्हरुलाइ
काटि दियो। त त्यो कालो मुखको भइ आफ्नु देस्मां फर्क्यो। वहांदेखि
आफ्नु देव्ताको मन्दिर्मां पुग्येर आफ्नै आन्द्राहरु देखि निक्ल्येकाहरुले
त्येस्लाइ उहीं तरवार्ले काटि दिये। येसोरि यह्वेले हिज्किय्याह् र २२
यरूशलेम्का बासीहरुलाइ अश्शूर्को राजा सन्हेरीब्को र अरु सबैको हात्
देखि बचायो अनि तिनिहरुलाइ सबै तिर अगुवाई गर्‍यो। अनि धेरै २३
जनाले यरूशलेम्मां यह्वेको लागि भेटि र यहूदाको राजा हिज्किय्याह्को
लागि अमोल् अमोल् थोक् ल्याउंने गर्द थिये. येसोरि त्यो सबै लोग्को
सांमु अब देखि उसो अल्ग्याईयो॥

(हिज्किय्याह्का अरु कार्ज्येहरु)

ति दिनमां हिज्किय्याह्लाइ मर्ने बेथा लाग्यो. त त्येस्ले यह्वे सित २४
प्रार्थना गर्‍यो अनि उ त्यो सित बोल्यो अनि त्येस्को लागि येउटा चिंनु पनि
दियो। तैपनि हिज्किय्याह्ले त्यो मांथि गरीयेको उपकार्को साटो फर्काइ २५
दियेन कसोगरिभन्ये त्येस्का मन् अल्ग्याईयो. येस्कारण् त्यो मांथि र
यरूशलेम् र यहूदा मांथि रिस् पर्‍यो। तैपनि हिज्किय्याह् र त्यो सङ २६
यरूशलेम्का बासीहरुले आफ्नु मन् अल्ग्यायेको कारण्ले आफुलाइ येति
सम्म दीन् तुल्यायो हिज्किय्याह्को पालामां यह्वेको रिस् तिनिहरु मांथि
पर्‍येन। अनि हिज्किय्याह्को धन् र मान् बिघ्नै धेर् थिये. अनि त्येस्ले २७
सुन् चांदी मुंगा मोति सुगन्धद्रव्य र ढाल् र सबै रकम्का अस्सल् अस्सल्
भांड़ाहरुको लागि भंड़ार् बनायो अन्नको उप्जनिको लागि र दाख्रस् २८
र तेल्को लागि ढुकुटि पनि अनि सबै रकम्का पशुहरुको लागि खोपाहरु
र बगाल्को लागि खोर्हरु पनि। येस् उप्रान्त त्येस्ले सहर्हरु पनि आफ्नु २९
लागि तियार् पार्‍यो अनि भेंड़ाबाख्रा र गाईगोरु अग्घोरै औधिगरि.
कसोगरिभन्ये ईश्वर्ले त्येस्लाइ अग्घोरै औधि सम्पत्ति दियेको थियो। त्येइ ३०
हिज्किय्याह्ले पनि गीहोन्को मांथिल्लो जरुवा पानी थुन्येर दाऊद्को

सहरको पछिछउं तिर सरासर् सोजो ल्यायो अनि हिजकिय्याह् आफ्ना
३१ सबै काममां भाग्येमान्को भयो। तैपनि बाबुलका मालिकहरु देखि
पठाईयेका दोभाषेहरुको विषयमां जो देशमां गरीयेको उदेकको कामको
विषयमां सोध्नुको लागि त्यो थांइ पठाईयेका थिये त्येस् कुराको विषयमां
त्येलाइ जांच्नुको लागि त्येको मनमां के रछ भनि चाल् पाउंनुलाइ
३२ ईश्वरले त्येलाइ छोड़ि दियो। अब हिजकिय्याहका रहल् कार्यहरु र
त्येका भक्तिका कार्यहरु हेर इस्राएल् र यहूदाका राजाहरुको पोस्तकमां
३३ आमोसको छोरो यशायाह् अगमबक्ताको दर्शनमां लेख्येका छन्। अनि
हिजकिय्याह् आफ्ना पित्रहरु सङ सुति गयो अनि तिनिहरुले त्येलाइ
दाऊदबंशीहरुको चिहानको उकालिमां गाड़ेर. अनि सिंगै यहूदा र
यरूशलेमका बासीहरुले त्येलाइ मान् गर्ये। अनि त्येको छोरो मनश्शेले
त्येको साटोमां राज् गर्यो॥

(मनश्शेको राज्)

३३ १ मनश्शे राज् गर्नु लागदा बारह् बर्षको थियो अनि त्येले
यरूशलेममां पचपन् बर्ष राज् गर्यो. अनि यहूवेले इस्राएलबंशीहरुको
२ सांमु देखि धपायेका अन्यदेशीहरुको घिनलागदो काम् अनुसार् यहूवेको
३ सांमु जे बुरो थियो त्येइ त्येले गर्यो। कसोगरिभन्ये त्येले आफ्नु बाबु
हिजकिय्याहले भत्काएका अलगा अलगा ठांउहरु फेरि बनायो अनि
त्येले बाल् देवताहरुको लागि बेदि बनायो अनि त्येले अशेरा भनींने
देवताहरु बनायो अनि अकाशका सिंगै सेनालाइ दण्डवत् गर्यो अनि
४ तिनलाइ पूज्यो। अनि जुन् घरको विषयमां यहूवेले यरूशलेममां मं
आफ्नु नांउ राख्छु भनि भन्येको थियो यहूवेको त्येसै घरमां त्येले बेदिहरु
५ बनायो। अनि त्येले अकाशको सिंगै सेनाको लागि यहूवेको घरका दुवै
६ आघनहरुमां बेदि बनायो। अनि त्येले आफ्ना छोराहरुलाइ हिन्नोमको
छोरोको तरिमां आगोको बाटो बाड़ो हिंड़ाल्यो. अनि चिडो हेर्यो अनि
मन्तरतन्तर गर्यो अनि बिजुवाहरु र झांक्रिहरु सित बेहोरा गर्यो. अं
७ यहूवेको सांमु उस्को रिस् उठाउंनुको लागि धेरै बुराई गर्यो। अनि त्येले
आफुले बनायेको खोप्येको मूर्ति ईश्वरको घरमां बसाल्यो जस्को विषयमां
ईश्वरले दाऊद् र त्येस्को छोरो सुलैमानलाइ भन्येको थियो येस् घरमां र
यरूशलेममां जस्लाइ मैले इस्राएलका सबै कुलहरु देखि छान्येको छु वहां
८ मं आफ्नु नांउ सदाको लागि राख्छु. अनि मं इस्राएलका गोड़ाहरु मैले
तिनिहरुका पित्रहरुलाइ दियेको देस् देखि भर्माउंनु लाउंदौन तिनिहरुले
मैले तिनिहरुलाइ दियेका सबै आज्ञा अनुसार् अं मेरो दास् मूसाको
बाटोले तिनिहरुलाइ दियेका सबै व्यवस्था र बिधि र नियाबचनहरु गर्नुलाइ
९ मान्ये भन्ये देखि भनि। अनि मनश्शेले यहूदा र यरूशलेमका बासीहरुलाइ
ति यहूवेले इस्राएलबंशीहरुको सांमु देखि नाम् पार्येका लोग् लोगले

गयेका बुराई भन्दा बेसि बुराई गर्नलाइ भुल्यायो। अनि यहूवेले १०
मनश्शे र त्येस्का पजालाइ चेतायो, तर तिनिहरुले ध्यान् दियेनन्। येस्कारण ११
यहूवेले तिनिहरु मांथि अश्शूरको राजाका सेनाका कप्तान्हरुलाइ
ल्याइ दियो जुन्हरुले मनश्शेलाइ सियेर सांग्लाले बांधेर ठाड्राहरुमां
हाल्ये वहांदेखि बाबेलमां लग्य। अनि जब त्यो संकष्टमां पर्यो तब त्येस्ले १२
आफ्नु ईश्वर् यहूवेको दोहाई गर्यो अनि आफ्नु पित्रहरुको ईश्वरको
सांमु आफुलाइ अरघोर् दीन् गर्यो। अनि त्येस्ले उ सित प्रार्थना गर्यो १३
तब उस्ले त्येस्को प्रार्थना र बिन्ति सुन्यो अनि त्येस्लाइ यरूशलेममां त्येस्को
राज्मां फर्काइ ल्यायो। तब मनश्शेले यहूवेनै उइ ईश्वर् हो रक्ष भनि
थाहा पायो॥

अनि त्येस्ले येउटा बाइर पट्टिको भित्ता दाऊदको सहरमां गीहोनको १४
पच्छिउं तिर तरिमां अं मच्छेठोकाको आघन् सम्म बनायो अनि ओपेललाइ
घेर्यो अं अरघोर् अलगो पारि अल्ग्यायो, अनि त्येस्ले यहूदाका सबै १५
घेरा भयेका सहरहरुमां सेनापतिहरु राख्यो अनि त्येस्ले परायदेवताहरु र
त्यो मूर्ति चइं पनि यहूवेको घर् देखि निकाल्यो अनि त्येस्ले यहूवेको घर्को
डांड़ामां र यरूशलेममां बनायेका सबै बेदिहरु निकाल्येर सहर् देखि
आफालि दियो। अनि त्येस्ले यहूवेको बेदि मरम्मत् गर्यो अनि त्येस् मांथि १६
मेलबलि र धन्यबादी बलिदान् चढ़ायो अनि यहूदालाइ इस्राएल्को ईश्वर्
यहूवेको सेवा गर्ने आज्ञा दियो। तैपनि लोगले अझै सम्म अलगा अलगा १७
ठांउहरुमां बलिदान् चढ़ाउंद थिये तर आफ्नु ईश्वर् यहूवेकै लागि मात्रै।
अब मनश्शेका रहल् कार्यहरु र जुन् प्रार्थना त्येस्ले आफ्नु ईश्वर् सित गर्यो १८
अनि इस्राएल्को ईश्वर् यहूवेको नांउमां त्यो सङ कुरा गर्ने दर्शीहरुका
बचन्हरु हेर ति इस्राएल्का राजाहरुको कार्यहरुको मांझमां लेख्येका छन्।
त्येस्का प्रार्थना पनि अनि ईश्वर्ले त्येस्लाइ कसोगरि सुन्यो अनि त्येस्का सबै १९
पाप् र अपराधहरु र त्येस्ले आफुलाइ दीन् तुल्यायेको भन्दा अगाड़ि त्येस्ले
बनायेका अलगा अलगा ठांउहरु र अशेरा देवताहरु र खोप्येका मूर्त्तिहरु
उभ्यायेको ठांउ, हेर तिनिहरु होशैको इतिहासमां लेख्येका छन्। तब २०
मनश्शे आफ्ना पित्रहरु सङ सुति गयो अनि तिनिहरुले त्येस्लाइ त्येस्को
घर्मां गाड़ेर अनि त्येस्को छोरो आमोन्ले त्येस्को साटोमां राज् गर्यो॥

(आमोन्को राज्)

आमोन् राज् गर्नु लाग्दा बाईस् बर्षको थियो अनि त्येस्ले दुइ बर्ष २१
यरूशलेममां राज् गर्यो, अनि त्येस्ले आफ्नु बाबु मनश्शेले गर्येको जस्तो २२
यहूवेको सांमु ज्ये बुरो थियो त्येइ गर्यो, अनि आमोन्ले त्येस्को बाबु
मनश्शेले बनायेका सबै खोप्येका मूर्त्तिहरुको लागि बलिदान् चढ़ायो अनि
तिनलाइ पूज्यो। अनि आफ्नु बाबु मनश्शेले आफुलाइ दीन् तुल्यायेको २३
जस्तो त्येस्ले आफुलाइ यहूवेको सांमु दीन् तुल्यायेन तर त्यो आमोन् चइं

२४ अरु ज्यास्तिगरि दोषी भइ गयो। अनि येस्का चाकरेहरुले येस्को विरुद्धमां
२५ राजद्रोही भयेर येस्लाइ येसैको घरमां मारि दिये। तर देसका लोगले आमोन् राजाको विरुद्धमां राजद्रोही गर्ने सबैलाइ मारि दिये अनि देसका लोगले येस्को कोरो योशिय्याहलाइ येस्को साटोमां राजा तुल्याये॥

(योशिय्याहको पालामां व्यवस्थाको येउटा पोस्तक पाईनु)

३४ १ योशिय्याह राज गर्नु लाग्दा आठ वर्षको थियो अनि येस्ले
२ यरूशलेममां एकतीस वर्ष राज गऱ्यो. अनि यहूवेको सांसु जे भलो थियो येइ येस्ले गऱ्यो अनि आफ्नु पिता दाऊदका सबै बाटामां हिंड्यो अनि न दाहीनो तिर न बाउं तिर फर्क्यो॥
३ कसोगरिभन्ये आफ्नु राजको आठौं वर्षमां त्यो सांने थियो र पनि आफ्नु पिता दाऊदको ईश्वरलाइ खोजनु थाल्यो. अनि बाह्रौं वर्षमां यहूदा र यरूशलेमलाइ अलगा अलगा ठांउहरु र अशेरा देवताहरु र
४ खोप्येका मूर्त्तिहरु र ढाल्येका मूर्त्तिहरु देखि शुद्ध गर्नु थाल्यो। अनि तिनिहरुले बाल् देवताहरुका बेदिहरुलाइ येस्को सांमु भत्काइ दिये अनि जुन् सूर्जका देवताहरु तिनिहरु मांथि अलग्याईयेका थिये ति येस्ले काटि ढाल्यो अनि अशेराहरु र खोप्येका मूर्त्तिहरु र ढाल्येका मूर्त्तिहरु टुक्रा टुक्रा पाऱ्यो तिनलाइ धूलो पाऱ्यर तिनिहरुको लागि बलि चढ़ाउनेहरुको
५ चिहानमां छरि दिया। अनि पूजाहारीहरुका हाडूहरु तिनिहरुका बेदिहरु
६ मांथि डड़ायो अनि यहूदा र यरूशलेमलाइ शुद्ध पाऱ्यो। येस्ले येसो गऱ्यो मनश्शे र एप्रैम् शिमोन् अं नप्तालीका तिनको भत्काईयेका
७ घेराभित्ता भयेका सहरहरु सम्मका। अनि येस्ले बेदिहरु भत्काइ दियो अनि अशेराहरु र खाप्येका मूर्त्तिहरुलाइ कुटेर धूलो धूलो पारि दियो अनि इस्राएलको सिंगै देसमां भयेका सबै सूर्जका मूर्त्तिहरु ढालि दियो येस् पछि यरूशलेममां फर्क्यो॥

८ अनि येस्को राजका अठारौं वर्षमां येस्ले देस् र घर् शुद्ध पाये पछि येस्ले अजल्याहको छोरो शापान् र सहरको मालिक् मासेयाह् र योआहाज्को छोरो सम्झना लेख्ने योआहलाइ आफ्नु ईश्वर् यहूवेको
९ घर् मरम्मत् गर्नुलाइ पठायो। त तिनिहरुले हिल्कियाह् मूल्पूजाहारी पांइ चढ़ि गयेर येस्लाइ ईश्वरको घरमां ल्याईयेका रुपिया दिइल्ये जुन् रुपिया लेवीहरु अं दुवार्पालहरुले मनश्शे र एप्रैम् देखि र इस्राएलको सिंगे बचतिभाग् देखि र सिंगे यहूदा र बिन्यामीन् देखि यरूशलेमका
१० बासीहरु देखि उठायेका थिये। अनि त्यो रुपिया काम् गर्नेहरु अर्थात् यहूवेको घरको रेखदेख गर्नेहरुको हातमां दिये अनि (तिनिहरुले ति रुपिया) यहूवेको घरमां काम् गर्नेहरुले घरका क्षेडूक्षाडूहरु मरम्मत् गर्नुलाइ

दिहाल्ये अर्थात् काठकर्म्मीहरु र गारोकर्म्मीहरुलाइ तिनिहरुले ति ११
रुपिया दिये कुंदीका कुंगाहरु र जोड्नुको लागि काठ किनुलाइ र यहूदाका
राजाहरुले नास् पार्येका घरका डांढाहरु बनाउंनुलाइ। अनि मान्छेहरुले १२
सच्चेईं सङ काम् गर्द थिये अनि तिनिहरुका कामदारीहरु थि थिये अर्थात्
मरारीबंशीमांका यहत् र ओबद्याह् लेवीहरु अनि कहात्बंशीहरुमांका
जकर्याह् र मशुल्लाम् काम् चलाउंनेहरु. अनि लेवीका अरु कति जना
बाजा बजाउंनुमां सबै सिपालुहरु। भारि बोक्नेहरु र मांथि पनि तिनिहरुइ १३
थिये सबै रकम्को सेवाको सबै काम् गर्नेहरुको काम् चलाउंनेहरु
थिये. अनि लेवीहरुमांका कति जना लेटर् मालिक्हरु र दुवार्पाल्हरु
थिये। अनि जब तिनिहरुले यहूवेको घरमां ल्याईयेका रुपिया निकाल्ये १४
तब हिल्कियाह् पूजाहारीले मूसाको बाटोले दिईयेको यहूवेको पोस्तक्
पायो। अनि हिल्कियाह्ले शापान् लेटर्लाइ भन्यो मैले यहूवेको घरमां १५
व्यवस्थाको यो पोस्तक् पायेको छु। अनि हिल्कियाह्ले त्यो पोस्तक्
शापान्लाइ सुम्पि दियो। अनि शापान्ले त्यो पोस्तक् राजा थांइ बोकि १६
लग्यो अनि त्येस् बाहिक् राजा थांइ फेरि येसो भन्ये समाचार् ल्यायो
आफुका चाकरेहरुलाइ सुम्पि दियेका सबै तिनिहरुले गर्द छन् भन्ये। अनि १७
यहूवेको घरमां पाईयेका रुपिया तिनिहरुले खन्याइ दियेर कामदारीहरुको
हातमां र काम् गर्नेहरुको हातमां सुम्पि दिये। अनि शापान् लेटर्ले १८
राजालाइ येसो भनिकन सुनायो हिल्कियाह् पूजाहारीले मंलाइ येउटा
पोस्तक् सुम्पि दियेको छ। अनि शापान्ले त्यो राजाको सांमु पढ्यो।
अनि येसो भयो जसै राजाले व्यवस्थाका थि कुरा सुन्यो तब त्येस्ले आफ्ना १९
लुगा फाड्यो। यहांदेखि राजाले हिल्कियाह्लाइ र शापान्को छोरो
अहीकाम्लाइ र मीकाको छोरो अबदोन्लाइ र शापान् लेटर्लाइ र
राजाको चाकरे असायालाइ आज्ञा दिइ भन्यो गयेर मेरो लागि र २०
सिंगे यहूदा र इस्राएलमां बांच्येकाहरुका लोगको लागि यो पाईयेको
पोस्तक्का कुराको बिषयमां यहूवे सित सोधनी गर. किनभन्ये यहूवेको
रिस् हांमिहरु मांथि अगघोरगरि खन्याईयेको छ किनभन्ये हांमिहरुका
पिता पुर्खाहरुले येस् पोस्तक्मां लेख्येका कुरा अनुसार् गर्नुलाइ यहूवेका
कुरा मान्येका रैन छन्। तब हिल्कियाह् र जुन् मान्छेहरुलाइ राजाले २२
आज्ञा गर्‍यो तिनिहरुले हुल्दा अगमबक्तेनी जो हस्राको छोरो तोखत्को
छोरो बस्त्र रक्तक् शल्लुम्की स्वास्नी थिई अनि यरूशलेम्को दोस्रो टोल्मां
बस्द थिई त्यो थांइ आयेर त्येस्को बिषयमां बात् मार्‍ये। तब त्येस्ले २३
तिनिहरुलाइ भनी इस्राएल्को ईश्वर् यहूवेले येसो भन्द छ. तिमिहरुलाइ
मं थांइ पठाउंने मान्छेलाइ येसो भन यहूवेले येसो भन्द छ हेर् मं २४
येस् ठांउ मांथि र त्येका बासीहरु मांथि बुराई ल्याउंछु अं यहूदाको
राजाको सांमु पढ्येको पोस्तक्मां लेख्येका सबै स्रापहरु. किनभन्थे २५
तिनिहरुले मंलाइ छोड्ेर अनि तिनिहरुका हातका सबै कामको बाटोले

मेरो रिस् उठाउंनुको लागि पराय् देवताहरुलाइ धूप् हाल्ये येस्कारण् मेरो
२६ क्रोध् येस् ठांउ मांथि खन्याईयेको छ अनि निभाईंदैन । तर तिमिहरुलाइ
यहूवे सित सोधनी गर्नु पठाउंने यहूदाको राजालाइ येसो भन इस्राएल्को
२७ ईश्वर् यहूवेले येसो भन्द छ. तैंले सुन्येका कुराको विषयमां तेरो
हिर्दय् नरम् भयेको कारण् अनि जब तैंले येस् ठांउको र येस्का बासीहरुको
विरुद्धमां भन्येका उस्का कुरा सुनिस् तब तैंले आफुलाइ ईश्वरको सांमु
होंच्यायेको अनि आफ्ना लुगा फाय्येको अनि मेरो सांमु रोयेको कारणले
२८ मैंले पनि तेरो सुन्यें यहूवेको यो बाणी छ । हेर् मं तंलाइ तेरा पित्रहरु
सङ मिसाउंछु अनि तं आफ्नु चिहान्मां कुशल् सित मिसाईंछस् न तेरा
आंखाले जुन् जुन् बुराई मं यो ठांउ र त्येस्का बासीहरु मांथि ल्याउंछु ति
देख्छन् । त तिनिहरुले राजा थांइ फर्क्यर समाचार् ल्याये ॥

२९ तब राजाले मान्छे पठायेर यहूदा र यरूशलेम्का सबै प्राचीन्हरुलाइ
३० भेला गरायो । अनि राजा यहूवेको घर्मां चढि गयो अनि यहूदाका सबै
मान्छेहरु र यरूशलेम्का सबै बासीहरु र पूजाहारीहरु र लेवीहरु र सांना
तुला सबै लोग् . वहांदेखि त्येस्ले यहूवेको घर्मां पाईयेको नियम्को
३१ पोस्तक्का सबै कुरा तिनिहरुले सुन्नेगरि पर्‍यो । अनि राजा चइं आफ्नु
ठांउमां उभीयो अनि यहूवेको सांमु येस्तो नियम् बांध्यो अर्थात् यहूवे
पछि हिंड्नु र उस्का आज्ञा र साक्षीपत्र र बिधिहरु आफ्नु पूरो मन् र
आफ्नु पूरो प्राण्ले मान्नु अनि येस् पोस्तकमां लेख्येको येस् नियम्का कुरा
३२ पूरा गर्नुलाइ । अनि त्येस्ले यरूशलेम् र बिन्यामीन्मां पाईयेका सबैलाइ
त्येसमां उभीनु लायो । अनि यरूशलेम्का बासीहरुले ईश्वरको अं आफ्ना
३३ पित्रहरुको ईश्वरको नियम् अनुसारे गर्‍ये । अनि योशिय्याहूले
इस्राएल्बंशीहरुका पर्‍येका सबै देस् देखि ल्यायेका सबै घिन्लाग्दा
थोक् निकालि दियो अनि इस्राएल्मां पाईयेका सबैलाइ सेवा गर्नु अं
आफ्नु ईश्वर् यहूवेको सेवा गर्नु लगायो । त्येस्का सबै दिन् तिनिहरु
आफ्नु पित्रहरुको ईश्वर् यहूवेलाइ पछ्याउंनु देखि फर्कि गयेनन् ॥

(योशिय्याहूले मान्येको निस्तार्चाड्)

३५ १ तब योशिय्याहूले यहूवेको लागि यरूशलेम्मां निस्तार्चाड्
मान्यो . अनि तिनिहरुले पहिलो महीनाको चौथो तिथिमां निस्तार्को
२ लागि पशुहरु बलि गर्‍ये । अनि त्येस्ले पूजाहारीहरुलाइ तिनिहरुको
जिम्मामां दियेको काम्मां लगायो अनि यहूवेको घर्को सेवागराईमां
३ आंट् दियो । अनि त्येस्ले सिंगै इस्राएल्लाइ सिकाउंने लेवीहरु जो
यहूवेको लागि पवित्र थिये तिनिहरुलाइ भन्यो इस्राएल्को राजा दाऊद्को
छोरो सुलैमान्ले बनायेको घर्मां पवित्र सम्पट् राख अब देखि
तिमिहरुका कांधमां बोझा हुंदैन . अब आफ्नु ईश्वर् यहूवेको र उस्को
४ लोग् इस्राएल्को सेवा गर । अनि इस्राएल्को राजा दाऊद्को लेखाई

अनुसार र त्येस्को कोरो सुलैमानको लेखाई अनुसार आफ्ना पित्रहरुका
घर घर अनुसार तिमिहरुले पालो पालोगरि आफु आफुलाइ तियार
पार। अनि तिमिहरुका भाई प्रजाहरुका लोगहरुका पित्रहरुका घरहरुको ५
भाग भाग अनुसार पवित्र ठांउमां उभीयौ अनि जनंगेको लागि लेवीहरुका
पित्रहरुको घरको येउटा येउटा भाग हवस्। अनि निस्तारचाडुको लागि ६
पशुहरु बलि गर अनि आफु आफुलाइ पवित्र गर अनि मूषाको बाटोले
यहूवेले दियेका कुरा अनुसार गर्नुको लागि आफ्ना भाईहरुको लागि
तियार पार। तब योशिय्याहले प्रजाका लोगहरुको लागि अगालमांका ७
पाठाहरु निस्तारचाडुको भेटिको लागि सबैलाइ तीस हजार सम्म र
गोरुहरु तीस हजार सम्म सबै भेला भयेकाहरुको लागि दियो. सबै
राजाको सम्पत्ति देखि थिये। अनि त्येस्का मालिकहरुले लोगलाइ ८
पूजाहारीहरुलाइ र लेवीहरुलाइ मनमानीगरि दिये। हिल्कियाह
जकर्याह र यहीएल ईश्वरको घरका मालिकहरुले निस्तारचाडुको भेटिको
लागि पूजाहारीहरुलाइ दुइ हजार र छ सै भेंड़ाबाख्रा र तीन सै
गोरुहरु दिये। कोननयाह र त्येस्का भाईहरु शमायाह र नतनेल र ९
लेवीहरुका मूलहरुले हशब्याह यीएल र योजाबादले लेवीहरुलाइ
निस्तारचाडुको भेटिको लागि पांच हजार भेंड़ाहरु र पांच सै गोरुहरु
दिये। येसोरि सेवा तियार पारीयो अनि पूजाहारीहरु आफ्ना आफ्ना १०
ठांउमां उभीये अनि लेवीहरु आफ्नु आफ्नु पालोगरि राजाको आज्ञा
अनुसार। तब तिनिहरुले निस्तारचाडुको लागि पशु बलि गर्ये अनि ११
पूजाहारीहरुले आफ्ना हातमां आयेका रगत छर्की अनि लेवीहरुले
छाला काडुन थिये। यहांदेखि मूषाको पोस्तकमां लेख्येको अनुसार १२
यहूवेको लागि चढ़ाउंनुलाइ तिनिहरुले पजाहरुका लोगका पित्रहरुको
घर घर अनुसार दिंनुको लागि होमबलिदान निकालि ल्याये।
अनि गोरुहरुलाइ पनि त्येसै गर्ये। अनि तिनिहरुले बिधि अनुसार १३
निस्तारचाडुको मांसु आगोमां पोल्ये. अनि तिनिहरुले पवित्र भेटिहरु
भांड़ाहरु र खड्कुंड़ाहरु र फोंसिहरुमां उसीन्ये अनि छिटो छिटोगरि
पजाहरुका सबै लोगहरुकां ओसारि ओसारि लग्ये। अनि त्येस पछि १४
तिनिहरुले आफ्नु लागि र पूजाहारीहरुको लागि तियार पार्ये अनि
हारूनबंशी पूजाहारीहरुले राति सम्म होमबलि र बोसो चढ़ाउंनुमां
लाग्येको कारणले लेवीहरुले आफ्नु लागि र हारूनबंशी पूजाहारीहरुको
लागि पनि तियार पार्ये। अनि आसापबंशीहरु गीत गाउंनेहरु आसाप १५
र हेमान् र राजाको दर्शी यदूतून् दाऊदको आज्ञा अनुसार आफ्नु आफ्नु
ठांउमां रह्ये अनि दुवारपालहरु ठीका ठीकामां रह्ये. तिनिहरुलाइ आफ्नु
सेवाटहल छोड़ि जांनु खांचो थियेन कसोगरिभन्ये तिनिहरुका भाई
लेवीहरुले तिनिहरुको लागि पनि तियार पार्ई थिये। येसोरि यहूवेको सबै १६
सेवा योशिय्याह राजाको आज्ञा अनुसार निस्तार चाडु मान्नु र यहूवेको

१७ बेदिमां होम्बलि चढ़ाउंनुलाइ उसै दिन् तियार् पारीये। अनि भेला
भयेका इस्राएल्बंशीहरुले त्यसै बेला निस्तार् चाड़ मान्ये अनि अखमीरे
१८ रोटीको चाड़ सात् दिन् सम्म मान्दै रह्ये। अनि शमूएल् अगम्बक्ताको
पालो देखि येसो येस्तो निस्तार्चाड़ मानीयेको थियेन न इस्राएलको कुनै
पनि राजाले योशिय्याह् र पूजाहारीहरु र लेवीहरु र भेला भयेका सिंगै
यहूदा र इस्राएल् र यरूशलेम्का बासीहरुले निस्तार् चाड़ मान्येको भैं
१९ कैलेइ मान्येका थिये। त्यो निस्तार् चाड़ योशिय्याह्को राज्को अठारौं
वर्षमां भानीयो॥

(योशिय्याह्को मंरण्)

२० यि सबै कुरा पछि जब योशिय्याह्ले मन्दिर् तियार् पारि सक्येको
थियो तब मिस्रको राजा नको परात् नदी बाटो कर्कमीश् सहरमां
लड़ाईं गर्नुलाइ चढ़ि गयो. तब योशिय्याह् त्यो मांथि जाइ लाग्यो।
२१ तर त्येस्ले त्यो पांड़ दूतहरुलाइ येसो भनि पठायो हे यहूदाको राजा मंलाइ
तिमि सङ को काम्. आजुको दिन् मं तिमि सङ होइन तर मं मैंले लड़ाईं
गर्दै गर्येको जहान्को बिरुद्धमां आयेको कु अनि ईश्वरले मंलाइ छिटो गर्न
आज्ञा दियेको कु. मं सङ हुंने ईश्वरलाइ न थुन होइन भन्ये ता उस्ले
२२ तिमिलाइ नास् पार्ला। तरैपनि योशिय्याह्ले त्यो देखि आफ्नु मुख्
फर्काउंनु मान्येन तर त्यो सङ लड़ाईं गर्नुको लागि भेष् फेर्यो अनि
ईश्वरको मुख् देखि निस्क्येको नकोका कुरा मान्येन तर मगिद्दोको तरिमां
२३ लड़ाईं गर्नुलाइ निस्कि गयो। तब कांड़ धनु चलाउंनेहरुले योशिय्याह्
राजालाइ काड़ले हान्ये तब राजाले आफ्ना चाकरेहरुलाइ भन्यो मंलाइ
२४ लैजाव किनभन्ये मं सारो घायल् भयेको कु। तब त्येस्का चाकरेहरुले
त्येस्लाइ त्येस्को भयेको अर्को रथ्मां हाल्ये अनि त्येस्लाइ यरूशलेम्मां ल्याये
निदान्मां त्यो मर्यो अनि त्येस्का पित्रहरुका चिहान्हरुमां गाड़ीयो। अनि
२५ सिंगै यहूदा र यरूशलेम्ले योशिय्याह्को लागि बिलाप् गर्यो। अनि
यिर्मयाह्ले योशिय्याह्को लागि बिलाप गर्यो. अनि गीत् गाउंने पुरुषहरु
स्त्रीहरुले आजुको दिन् सम्म योशिय्याह्को बिषयमां आफ्ना आफ्ना
बिलापी गीतमां गाउंद कुन् अनि इस्राएलमां येइ गीत् बिधिगरि
२६ बनाये. त हेर बिलापी गीतहरुमां लेख्येका कुन्। अब योशिय्याह्का
बहल् कार्य र यहूवेको व्यवस्थामां लेख्येको अनुसार गर्यका त्येस्का सबै
२७ सुकर्महरु अनि त्येस्का कार्य थालनी देखि अन्त सम्म हेर ति
इस्राएल् र यहूदाका राजाहरुको पोस्तकमां लेख्येका कुन्॥

(यहोआहाज् इत्यादिका राज्हरु)

३६ १ तब देशका लोगले योशिय्याह्को छोरो यहोआहाज्लाइ लियेर
२ त्येस्लाइ अभिषिक्त गरि त्येस्को बाबुको ठांउमां राजा तुल्याये। यहोआहाज

राज् गर्नु लाग्दा तेईस् वर्षको थियो अनि त्येस्ले यरूशलेम्मां तीन महीना
राज् गऱ्यो । तब मिस्रको राजाले त्येस्लाइ यरूशलेम्को राजसिंहासन ३
देखि उताऱ्यो अनि देस् मांथि एक् सै तोड़ा चांदी र एक् तोड़ा सुन्को
दण्ड लगायो । अनि मिस्रको राजाले त्येस्को दाजु एल्याकीम्लाइ ४
यहूदा र यरूशलेम् मांथि राजा तुल्यायो अनि त्येस्को नांउ फेर्यर
यहोयाकीम् राखि दियो । अनि नकोले त्येस्को भाई यहोआहाज्लाइ
लियेर मिस्रमां लग्यो ॥

यहोयाकीम् राज् गर्नु लाग्दा पचीस् वर्षको थियो अनि त्येस्ले ५
यरूशलेम्मां एघारह् वर्ष राज् गऱ्यो. अनि आफ्नु ईश्वर् यहवेको सांमु
ज्ये बुरो थियो त्येइ त्यस्ले गऱ्यो । त्येसैको बिरुद्धमां बाबेल्को राजा ६
नबूखद्नेस्सर् चढ़ि आयो अनि त्येस्लाइ बाबेल्मां लैजांनुको लागि
सांग्लोले बांध्यो । नबूखदनेस्सरले यहवेको घरको भांड़ाहरुमांका कत्ति ७
लग्येर बाबेल्मां भयेको आफ्नु महलमां राख्यो । अब यहोयाकीम्का ८
रहल् कार्य र त्येस्ले गऱ्यका घिन्लाग्दा काम् र त्येस्मां पाईयेका सबै
हेर इस्राएल् र यहूदाका राजाहरुको पोस्तकमां लेख्येका छन्. अनि त्येस्को
छोरो यहोयाकीन्ले त्येस्को साटोमां राज् गऱ्यो ॥

यहोयाकीन् राज् गर्नु लाग्दा आठ् वर्षको थियो अनि त्येस्ले तीन् ९
महीना र दस् दिन् यरूशलेम्मां राज् गऱ्यो. अनि यहवेको सांमु ज्ये बुरो
थियो त्येइ त्येस्ले गऱ्यो । अनि ऋतु फर्कि आउंदा नबूखद्नेस्सर् राजाले १०
पठायेर त्येस्लाइ यहवेको घरको अस्सल् अस्सल् भांड़ाहरु समेत बाबेल्मां
ल्याऱ्यो अनि त्येस्को कान्का बाबु सिदकिय्याहलाइ यहूदा र यरूशलेम् मांथि
राजा तुल्यायो ॥

सिदकिय्याह् राज् गर्नु लाग्दा एकाईस् वर्षको थियो अनि त्येस्ले ११
यरूशलेम्मां एघारह् वर्ष राज् गऱ्यो. अनि आफ्नु ईश्वर् यहवेको सांमु १२
ज्ये बुरो थियो त्येइ त्येस्ले गऱ्यो अनि यिर्मयाह् अगमवक्ताले यहवेको
मुखको कुरो सुनायो रपनि त्येस्ले उस्को सांमु आफुलाइ दीन् तुल्यायेन ।
अनि त्येस्लाइ ईश्वरको नांउ मांथि किरिया खुवाउंने नबूखद्नेस्सर् राजाको १३
बिरुद्धमां राजद्रोह् पनि गऱ्यो. तर त्येस्ले इस्राएल्को ईश्वर् यहवे तिर
फर्कनुको साटोमां आफ्नु गर्दन् अरठ्ठ पाऱ्यो अनि आफ्नु मन कठोर
गऱ्यो । अनि येस् उप्रान्त पूजाहारीहरु लोगका मूलहरु अन्यदेसीहरुका १४
सबै घिन्लाग्दा कामको बिषयमां बिप्रै अप्राध् गऱ्यो अनि त्येस्ले यहवेले
यरूशलेम्मां पवित्र गर्येको घर् अशुद्ध गऱ्यो । अनि तिनिहरुका १५
पित्रहरुको ईश्वर् यहवेले आफ्नु लोग् र आफ्नु बासस्थानमां दया
गर्येको कारणले तिनिहरु थांइ आफ्नु दूतहरुको बाटोले पठाउंद
थियो अं सबारै उठि उठिकन पठाउंद थियो. तर यहवेको रिस् आफ्ना १६
लोगको बिरुद्धमां कोइ उपाय् न होउंज्याल् सम्म तिनिहरुले ईश्वरका
दूतहरुको निन्दा गर्ये अनि उस्का कुरा तुच्छ गर्ये अनि उस्का अगमवक्ता-

१७ हरुको गिल्ला गर्‍यो। येस्कारण उस्ले तिनिहरु मांथि कल्दीहरुको राजालाइ
चढ़ाइ ल्यायो जस्ले तिनिहरुको पवित्र स्थानको घरमां तिनिहरुका
तन्हेरिहरुलाइ तरवारले काटि दियो अनि न केटाकेटी न बूढ़ा न केष
पाकेका मांथि दया गर्‍यो. उस्ले तिनिहरु सबैलाइ त्येस्को हातमां सुम्पि
१८ दियो। अनि ईश्वरको घरका सबै भांड़ाहरु तुला सांनाहरु सबै र
यहूवेको घरका भंड़ारहरु र राजाको र त्येस्का मालिकहरुका भंड़ारहरु
१९ ति सबै बाबेलमां लग्यो। अनि तिनिहरुले ईश्वरको घर डड़ाई दिये
अनि यरूशलेमको भित्ता भत्काइ दिये अनि त्येस्का सबै महलहरु आगोले
२० डड़ाइ दिये अनि त्येस्का सबै अस्सल अस्सल भांड़ाहरु नास पार्‍ये। अनि
तरवार देखि बांच्येकाहरुलाइ त्येस्ले बाबेलमां लग्यो त तिनिहरु त्येस्का
२१ र त्येस्का छोराहरुका दास फारसको राजको उदय सम्म भइ रह्ये. यि सबै
येसैकारणले थिये अर्थात् यिर्मयाहको मुख बाटो यहूवेको देखि भयेको
बचन पूरा गर्नुलाइ देस्ले आफनु बिश्रामदिनमां सुकव गरेज्याल सम्म.
कुसोगरिभन्ये उजार रह्येका दिनमां त्येस्ले बिश्रामदिन मान्यो तीन कोरी
र दस बर्ष पूरा गर्नुको लागि॥

२२ फारसको राजा कोरेशको पहिलो बर्षमां यहूवेले यिर्मयाहको
बाटोले आफुले भन्येका कुरा पूरा गर्नुको लागि फारसको राजा कोरेशको
मन येसोरि उल्काायो त्येस्ले आफनु सिंगै राजलाइ उर्दी दियो अनि यो
२३ कुरो लेखाईमां येसो भनि हाल्यो फारसको राजा कोरेशले येसो
भन्द छ स्वर्गको ईश्वर यहूवेले मंलाइ पृथिवीभरको सिंगै राज दियेको
छ अनि उस्ले मंलाइ यहूदामां भयेको यरूशलेममां मेरो लागि येउटा घर
बना भनि आज्ञा दियेको छ। त उस्का सबै लोगमांका जो जो तिमिहरुको
बीचमां छ त्येस्को ईश्वर यहूवे त्यो सङ हवस अनि त्यो चढ़ि जावस्॥

एज्राको पोस्तक।

१ १ फारसको राजा कोरेशको पहिलो बर्षमां यहूवेले यिर्मयाहको
बाटोले आफुले भन्येका कुरा पूरा गर्नुको लागि फारसको राजा कोरेशको
मन येसोरि उल्काायो त्येस्ले आफनु सिंगै राजलाइ उर्दी दियो अनि यो
२ कुरो लेखाईमां येसो भनि हाल्यो फारसको राजा कोरेशले येसो भन्द
छ स्वर्गको ईश्वर यहूवेले मंलाइ पृथिवीभरको सिंगै राज दियेको छ अनि
उस्ले मंलाइ यहूदामां भयेको यरूशलेममां मेरो लागि घर बना भनि
३ आज्ञा दियेको छ। त उस्का लोगमांका जो जो तिमिहरुको बीचमां छ
त्येस्को ईश्वर त्यो सङ हवस अनि त्यो यहूदामां भयेको यरूशलेममां

चढ़ि जावस् अनि इस्राएल्को ईश्वर् (उइ ईश्वर् क) यहूदेको घर्
बनावस् जो यरूशलेम्मां क। अनि जस् जस्ले आफ्नु प्रवास् गर्येको ४
ठांउ क्षोड़ेको क त त्येस्को ठांउका मान्छेहरुले त्येस्लाइ चांदी सुन् धन् र
पशु दियेर त्येस्को गोहार् गरुन् यरूशलेम्मां भयेको ईश्वरको घर्को
लागिको मनमानीभेटि भन्दा बाहिक् पनि भर्च्ये। तब यहूदा र ५
बिन्यामीन्का पित्रहरुका घर् घरका मूलहरु र पूजाहारीहरु र लेवीहरु अं
जत्ति जनाको आत्मालाइ ईश्वरले यरूशलेम्मां भयेको यहूदेको घर्
बनाउंनुको लागि चढ़ि जांनुलाइ मन् उल्काायेको थियो ति सबै उठेर।
अनि तिनिहरुका क्षेउक्षाउका सबै जनाले चांदीका भांड़ाबर्तन् र सुन् धन् ६
र पशु र अमोल् अमोल् थोक् दिकन तिनिहरुको गोहार् गर्ये ति मनमानी
दियेका बाहिक्। फेरि कोरेश् राजाले यहूदेको घर्का जुन् भांड़ा बर्तन् ७
नबूखद्नेस्सर्ले यरूशलेम् देखि निकालि ल्यायेर आफ्ना देवताहरुको
मन्दिरमां राख्येको थियो ति सबै निकाल्यो अं ति सबै फारस्को ८
राजा कोरेश्ले मित्रदात् नांउ भयेको भंड़ारेको हात् बाटो निकाल्येर
यहूदाको मालिक् शेश्बस्सर्लाइ गन्ति गरि गरिकन दिहाल्यो। त तिनको ९
गन्ति येइ हो. सुनका तीस्वटा तुला डबका चांदीका एक् हजार् तुला
डबका उनन्तीस्वटा क्षुरीहरु सुनका तीस्वटा कटौरा चांदीका १०
अर्को रकमका चार् से र दस्वटा कटौरा र अरु भांड़ाहरु एक् हजार्।
सुन् चांदीका थि सबै भांड़ाबर्तनहरु पांच् हजार् र चार् से थिये। ति ११
सबै शेश्बस्सर्ले ल्यायो जब ति बन्धुवाहरु बाबेल् देखि यरूशलेम्मां
ल्याईयेका थिये॥

अब रठ्वाका बासीहरु थि हुन् जो बाबेल्को राजा नबूखद्नेस्सर्ले २ १
बाबेल्मां बन्धवाईमां लग्येको थियो तिनिहरुमांका जति जना बन्धुवाई
देखि क्षुट्कारा पाइ यरूशलेम् र यहूदामां आफ्नु आफ्नु सहरमां फर्कि
आयेका थिये ति यिनै हुन् जति जना जरुब्बाबेल् येशूअ नहेम्याह् २
सरायाह् रेलायाह् मोर्देकै बिलशान् मिस्पार् बिग्वै रहूम् र बाना सङ
फर्कि आये। इस्राएली लोगका मान्छेहरुको गन्ति येइ हो. परोशबंशी ३
दुइ हजार् एक् से बहत्तर्। शपत्याहबंशी तीन् से बहत्तर्। आरहबंशी ४ ५
सात् से पचहत्तर्। पहत्मोआबबंशी येशूअ र योआबको बंशमांको दुइ ६
हजार् आठ् से बारह्। एलामबंशी बारह् से चौवन्। जत्तूबंशी नौ से ८
पैंतालीस्। जक्कैबंशी सात् से साठ्। बानीबंशी छ से बयालीस्। ९ १०
बेबैबंशी छ से तेईस्। अजगादबंशी बारह् से बाईस्। अदोनीकामबंशी ११, १२
छ से छियासठ्। बिग्वैबंशी दुइ हजार् र छप्पन्। आदीनबंशी चार् से १४ १५
चौवन्। यहिजकिय्याहबंशी आतेरको बंशमांको अन्ठानबे। बेसैबंशी १७
तीन् से तेईस्। योराहीहरु एक् से बारह्। हाशूमीहरु दुइ से तेईस्। १८ १९
गिब्बारीहरु पंचानब्बे। बेत्लेमीहरु एक् से तेईस्। नतोपाका मान्छेहरु ५०, २१ २२
छप्पन्। अनातोतका मान्छेहरु एक् से र अट्ठाईस्। अजमावेतबंशी २३ २४

२५ बयालीस्। किर्यतारीम् कपीरा र बेरोती सात् सै तिर्तालीस्। रामा र
२७ गेबीहरू छ सै एक्काईस्। मिक्मासका मान्छेहरू एक् सै बाईस्। बेतेल्
२९ र ऐका मान्छेहरू दुइ सै तेईस्। नबोवीहरू बावन्। मग्बीश्बंशी एक् सै
३१ छप्पन्। दोस्रो एलामका बंशीहरू बारह् सै चोवन्। हारीम्बंशी तीन् सै
३३ बीस्। लोद् हादीद् र ओनोवीहरू सात् सै पचीस्। यरीहोवीहरू
३५ तीन् सै पैंतालीस्। सनावीहरू तीन् हजार् छ सै तीस्। फेरि पूजाहारीहरू.
३७ येशूश्रका घर्को यदायाह्बंशी नौ सै तिहत्तर्। इम्मेर्बंशी एक् हजार्
३९ बावन्। पश्हूर्बंशी बारह् सै सैंतालीस्। हारीम्बंशी एक् हजार् सत्रह्।
४० फेरि लेवीहरू. येशूश्रबंशी र होदव्याह्बंशी कद्मीएल्को बंशका चौहत्तर्।
४२ फेरि गवेहरू. एक् अट्ठाईस् आसाप्बंशी। फेरि दुवार्पालेहरूको बंश.
शल्लूम्बंशी आतेर्बंशी तल्मोन्बंशी अक्कूब्बंशी हतीताबंशी र शोबैबंशी
४३ यि सबै गरि एक् सै उनन्चालीस्। फेरि नतीनीहरू. सीहाबंशी
४४ हसूपाबंशी तब्बाओत् बंशी केरोस्बंशी सीअहाबंशी पादोन्बंशी
४६ लबानाबंशी हगाबाबंशी अक्कूब्बंशी। हागाब्बंशी शम्लैबंशी हानान्बंशी
४८ गिद्देल्बंशी गहर्बंशी रायाह्बंशी रसीन्बंशी नकोदाबंशी गज्जाम्बंशी
५० उज्जाबंशी पासेह्बंशी बेसैबंशी अस्नाबंशी मूनिबंशी नापीस्बंशी
५२ बकबूकबंशी हकूपाबंशी हर्हूरबंशी बस्लूत्बंशी महीदाबंशी हर्शाबंशी
५४ बर्कोस्बंशी सीसराबंशी तेमह्बंशी नसीह्बंशी र हतीपाबंशी।
५५ फेरि सुलैमान्ले तुल्याएका कमांराहरू सोतैबंशी हस्सोफेरेत्बंशी परूदाबंशी
५७ यालाबंशी दर्कोन्बंशी गिद्देल्बंशी शपत्याह्बंशी हत्तील्बंशी पोकेरेत्-
५८ सबायीम्बंशी र आमीबंशी। नतीनीहरू र सुलैमान्का कमांराको बंश
५९ मिलाइ सबै तीन् सै बियानब्बे। अनि तेल्मेलह् तेल्हर्शा करूब् आदान्
र इम्मेर् देखि चढ्दि आएकाहरू यिनै हुन्. तर तिनिहरूले हांमिहरू
इस्राएल्का हौं कि हौंन भनि आफ्ना पित्रहरूका घर् घर् र बंशावली
६० देखाउंनु सक्दैनन्. दलायाह्बंशी तोबियाह्बंशी नकोदाबंशी छ सै
६१ बावन्। अनि पूजाहारीबंशीहरूमांका. हबायाह्बंशी हक्कोस्बंशी र त्यो
बर्जिल्लैको बंश जस्ले गिलादी बर्जिल्लैकी छोरीमांकी येउटीलाइ ब्याहा
६२ गर्यर त्यसैको नांउमां भनीयो। तिनिहरू आफ्नु आफ्नु बंशावलीको पत्र
बंशावलीमांरि बनीयेकाहरूको बीचमां खोज्दे तर पायेनन्. येस्कारण तिनिहरू
६३ अशुद्ध ठहरीये अनि पूजाहारीगिरि देखि खसालीये। तब तिर्शाताले[१]
तिनिहरूलाइ भन्यो ऊरीम् र तुम्मीम् लिने पूजाहारी न उभीउंज्याल् सम्म
६४ महापवित्र थोक् देखि न खाउन्। त सिंगै मंडली बियालीस् हजार् र तीन् सै
६५ साठी थिये तिनका चाकरेहरू र चाकरेनीहरू बाहिक् जुनहरूमांका सात्
६६ हजार् र तीन् सै सैंतीस् जना थिये. अनि तिनिहरूका दुइ सै गवेयाहरू
पुरुष् र स्त्रीहरू थिये। तिनिहरूका घोड़ाहरू सात् सै छत्तीस् तिनिहरूका

---

[१] अर्थात् फार्सि मालिक।

खच्चरहरु दुइ सै पैंतालीस् तिनिहरुका ऊंटहरु चार् सै पैंतीस् ६७
तिनिहरुका गदाहाहरु छ हजार् सात् सै बीस्। अनि पित्रहरुका घर् ६८
घरका मूलहरुका कति जनाले यरूशलेममां भयेको यहूवेको घर् निर पुगदा
ईश्वरको घर् त्येस्को ठांउमां उभ्याउंनुको लागि मनमानीगरि दिंद थिये.
तिनिहरु आफ्नु शक्तिभरि काम्को भंडार् अं सुनका एकसठ् हजार् ६९
असरफी र चांदीका पांच् हजार् माने र पूजाहारीवस्त्र एक् सै। येसोरि ७०
पूजाहारीहरु र लेवीहरु र लोगका कति जना अनि गवैयाहरु र
दुवारपालहरु र नतीनीहरु आफ्ना आफ्ना सहरमां बस्से अनि सिंगै
इस्राएल् पनि आफ्नु आफ्नु सहरमां बस्से॥

(बेदि बनाईंनु)

अनि सातौं महीना पुगदा र इस्राएलबंशीहरु सहर् सहरमां ३ १
बस्दा लोग् एक् मनका भइ यरूशलेममां भेला भये। तब योसादाकको २
छोरो येशूअले आफ्ना दाजुभाई पूजाहारीहरु समेत् र शालतीएलको छोरो
जरुब्बाबेलले त्येस्का दाजुभाईहरु समेतले उठेर इस्राएलको ईश्वरको बेदि
बनाये त्येस्मां ईश्वरको जन् मूसाको व्यवस्थामां लेखीयेको अनुसार्
होमबलि चढ़ाउंनुको लागि। तब तिनिहरुले त्यो बेदि त्येस्को ठांउमां ३
राख्से किनभन्ये देस् देसका लोगको कारणले तिनिहरु मांथि डर् पर्‍यो.
अनि तिनिहरुले त्येस् मांथि यहूवेको लागि होमबलि चढ़ाये अं सांझ्
बिहानको होमबलि। फेरि तिनिहरुले डेराबासेचाड़ लेखीयेको अनुसार् ४
मान्ये अनि बिधि अनुसार् दिन् दिन् गनु पर्ने अनुसार् गर्नि गरि
गरिकन दिनहूं होमबलि चढ़ाउंद थिये अनि त्येस् पछि नित्येको ५
होमबलि र दुतियाको भेटि र यहूवेको लागि पवित्र गरीयेका सबै
ठहराईयेका चाड़ र यहूवेको लागि मनमानीगरि भेटि चढ़ाउंनेहरुका
भेटिहरु। सातौं महीनाको पहिलो तिथि देखि तिनिहरुले यहूवेको ६
लागि होमबलि चढ़ाउंनु थाल्ये. तर यहूवेको मन्दिरको जग् अझ सम्म
बसालीयेको थियेन। तिनिहरुले गारोकर्म्मीहरु र काठकर्म्मीहरुलाइ ७
रुपिया पनि दिये अनि सीदोनीहरु र सोरका मान्छेहरुलाइ खाना पीना र
तेल् दिये तिनिहरुले फारसको राजा कोरेशको अनुमति अनुसार्
देवदारुकाठ् लबानोन् देखि यापो सम्म अं समुन्द्र सम्म ल्याउंनुको लागि॥

(मन्दिरको जग् बसाल्नु)

अब यरूशलेममां भयेको ईश्वरको घरमां तिनिहरु आयेको दोस्रो ८
बर्षको दोस्रो महीनामां शालतीएलको छोरो जरुब्बाबेल् र योशादाकको
छोरो येशूअ आफ्नु पूजाहारी लेवीहरु आफ्ना दाजुभाईहरु समेत् र
बन्धुवाई देखि यरूशलेममां आयेका सबैहरुले काम् थाल्ये अनि तिनिहरु
बीस् बर्ष र त्यो भन्दा जंभोका लेवीहरुलाइ यहूवेको घरको काम्

९ चलाउंनुको लागि खटाइ दिये । तब येशूअ आफ्ना छोराहरु र दाज्युभाईहरु
समेत् कद्मीएल् आफ्ना छोराहरु समेत् यहूदाबंशीहरु एक् मनको भइ
ईश्वरको घरमां काम् गर्नेहरु देखि काम् चलाउंनुको लागि उभीये.
१० हेनादादबंशीहरु आफ्ना लेवी छोराहरु र दाज्युभाईहरु समेत् । अनि जब
गारोकर्म्मीहरुले यहूवेको मन्दिरको जग् बसाल्ये तब तिनिहरुले इस्राएलको
राजा दाऊदको विधि अनुसार् पूजाहारीहरुलाइ बस्त्र लायेर तुरहीहरुले र
आसापबंशीहरु लेवीहरुलाइ झयामृाले यहूवेको स्तुति गर्नुको लागि
११ खटाये । तब तिनिहरुले किनभन्ये उइ भलो छ कसोगरिभन्ये उस्को
करुणा सनातन् सम्म इस्राएलमांथि रहंद छ भनि भन्दै यहूवेको स्तुति र
धन्यवाद् गर्दै जुवारेगीत् गाउंद थिये । अनि यहूवेको घरको जग् बसाल्येको
१२ कारणले सिंगै लोगले यहूवेको स्तुति गर्दा तुलो सोरले कराये । तर जब
त्येस् घरको जग् बसालीयो तब पूजाहारीहरु र लेवीहरु र पित्रहरुका घर्
घरका मूलहरु पहिलो चइं घरको जग् आफ्ना आंखाको सांमु बसाल्येको
देख्ने बूढाहरु चइं सोर् उचालि रोये अनि धेरै जना चइं रमाहट्को
१३ कारणले कराये त लोगले रमाहट्को कराईको सोर् र लोगको रुवाईको
सोर् छुट्याउंनु सक्तेनन्. कसोगरिभन्ये लोग् तुलो सोरले कराउंद थिये
जो टाढो टाढो सम्म पनि सुनीयो ॥

(यिहूदीहरुका बैरीहरु देखि मन्दिर् बनाउंनु थुनौंनु)

४ १ जब यहूदा र बिन्यामीनका बैरीहरुले बन्धुवाई देखि आयेका
लोगहरुले इस्राएलको ईश्वर् यहूवेको लागि मन्दिर् बनाउंदै छन् अरे
२ भन्येको सुन्ये तब तिनिहरुले जरुब्बाबेल् र पित्रहरुका घर् घरका
मूलहरु यांइ आयेर भन्ये हांमिहरुलाइ पनि आफुहरु सङ बनाउंनु दिनु
हवस्. किनभन्ये आफुहरुले झैं हांमिहरु पनि आफुहरुको ईश्वरलाइ खोज्द
छौं अनि हांमिहरुलाइ यहां चढाइ पठाउंने अश्शूरको राजा एसरहद्दोनको
३ पाला देखि हांमिहरु उसैको लागि बलिदान् चढाउंद छौं । तर
जरुब्बाबेल् र येशूअ र इस्राएलका पित्रहरुका घर् घरका अरु मूलहरुले
तिनिहरुलाइ भन्ये हांमिहरुको ईश्वरको लागि घर् बनाउंनुलाइ
तिमिहरुलाइ हांमिहरु सङ दिईदैन तर फारसको राजा कोरेशको आज्ञा
अनुसार् हांमिहरु आफै इस्राएलको ईश्वर् यहूवेको लागि एक् मनका भइ
४ बनाउंछौं । तब देसका लोगले यहूदाका लोगको हात् निर्बल् गराइ दिये
५ अनि बनाउंनुलाइ तर्साइ दिये अनि फारसको राजा कोरेशका सबै
दिन् अं फारसको राजा दाराको राज् सम्म तिनिहरुको संकल्प व्यर्थ
तुल्याउंनुको लागि तिनिहरुको बिरुद्धमां सल्लाह् गर्नेहरुलाइ लगाये ।
६ अनि क्षयर्षको राजको पालनिमां तिनिहरुले यहूदा र यरुशलेमका
बासीहरुको बिरुद्धमां दोषपत्र लेखि पठाये ॥

फेरि अर्तक्षत्रको पालामां बिश्लाम् मित्रदात् र तोबेल्ले त्येस्का ७
साथीहरु समेत्ले फारस्को राजा अर्तक्षत्र थांइ चिट्ठी लेख्ये अनि त्येस्
चिट्ठीको लेखाई अरामी अक्षेरमां लेख्येको अरामी भाषामां थियो। रहूम् ८
राज्मंत्री र शिम्शै लेटर्ले येस् परिले यरूशलेम्को बिरुद्धमां अर्तक्षत्र राजा
थांइ येउटा चिट्ठी लेख्ये. अं रहूम् राज्मंत्री र शिम्शै लेटर् र तिनिहरुको ९
अरु साथीहरु अर्थात् दीनी अपर्सत्की तर्पली अफार्सी एरेकी बाबेली
शूशनी देह्हवी एलामी अनि जुन् लोग्हरुलाइ त्यो महा र माथ्बर् १०
ओक्षापर्ले वारि ल्याये शोमरोन् सहर्मां र महानदी वारिको बांकि
देस्मां बसाल्येको थियो इत्यादि तिनिहरुले लेख्ये। तिनिहरुले अर्तक्षत्र ११
राजालाइ पठायेको चिट्ठिको नकल् येइ हो अर्थात् महानदी वारिका
आफुका दास्हरुको सलाम् इत्यादि। महाराजाकन यो कुरो थाहा हवस् १२
अर्थात् आफु थांइ देखि आयेका यहूदीहरु हांमिहरु थांइ यरूशलेम्मां
आयेका कुन् तिनिहरुले यो राज्द्रोही र बुरो सहर् बनाउंदै कुन् अनि
त्येस्को घेराभित्ता बनाइ सक्दै कुन् अनि त्येस्को मरम्मत् गर्दै कुन्। त १३
महाराजाकन थाहा हवस् यो सहर् बनीयो अनि घेराभित्ता सिद्धीयो भन्ये
देखि यिनिहरुले न सिर्तु न भारांकिस्ता न जगात् दिंकुन् अनि निदान्मां
राजाहरुको हानि हुंकु। हांमिहरुले राज्महल्को निमक् खायेका कौं १४
त महाराजाको अपमान् हेर्नु हांमिहरुलाइ उचित् कैन येस्कारण् हांमिहरुले
मान्छे पठायेर महाराजाकन जनाइ दियेका कौं आफुका पितापूर्खाहरुको १५
इतिहास्को पोस्तक्मां खोज्खाज् गरीओस् भन्ये खातिर्ले. येसोरि आफुले
इतिहास्को पोस्तक्मां पाउंनु हुंकु अनि यो चइं सहर् ता राज्द्रोही सहर्
रकु अनि राजाहरु र खाहरुको हानि गर्ने रकु अनि उइलेइ देखि येस्
सहर्मां राज्द्रोह् चलाउंद राकुन् भनि थाहा पाउंनु हुंकु. येसैकारण्ले यो
सहर् उजारीयेको थियो। त अब हांमिहरु महाराजाकन जनाउंद कौं यो १६
सहर् बनाईयो अनि घेराभित्ता सिद्धीयो भन्ये देखि ता येइ परिले महानदी
वारि आफुको कोइ पनि भाग् रहंने कैन। तब राजाले रहूम् राज्मंत्री र १७
शिम्शै लेटर् र शोमरोन् र महानदी वारिका अरु अरु देस्मां बस्ने अरु
साथीहरु थांइ उत्तर् दिइ येसो भनिकन चिट्ठी पठाये आफुहरुलाइ कुशल्
हवस् इत्यादि। आफुहरुले हांमिहरु थांइ पठायेको चिट्ठी मेरो सांमु १८
खोल्येर परीयो। त मैंले आज्ञा गर्यें अनि खोज्खाज् गरीये त उइलेइ १९
देखि त्येस् सहर्ले राजाहरुको बिरुद्धमां सिर् उठाउंद रकु अनि त्येस्मां
बागिहुवाई र राज्द्रोह् चलि रहंद रकु भन्ये पाईयो। अनि यरूशलेम्मां २०
कत्ति जना सामर्थी सामर्थी राजाहरु पनि राकुन् जुनहरुले महानदीको वारि
पट्टि सबै देस् मांथि राज् गर्द राकुन् अनि सिर्तु भारांकिस्ता र जगात्
तिनिहरुलाइ दिंद राकुन्। त अब ति मान्छेहरुलाइ थामींनु अनि मेरो २१
अर्को आज्ञापत्र न पाउंज्याल् सम्म त्यो सहर् न बनाईओस् भन्ये मेरो
आज्ञापत्र प्रचार्नु हवस्। अनि यो कुरो बियांलो न गर्नुलाइ चंख रहंनु २२

२३ हवस्. राजाहरुको हानिको लागि बुराई गर्नु किन पावस्। तब अर्तक्षत्र
राजाको यो चिट्ठीको नकल् रहूम् र शिम्शै लेटर् र तिनिहरुका साथीहरुका
कानमां पर्नु बित्तिकै तिनिहरुले हतार् हतार् गरि यरूशलेम्मां यहूदीहरु
थांइ गयेर तिनिहरुलाइ बल्जबत् र बल्मिचेईं सङ थामींनु लगाये।
२४ तब यरूशलेम्मां भयेको ईश्वर्को काम् थामीयो अनि फारस्को राजा
दाराको राज्को दोस्रो बर्ष सम्म थामीइ रह्यो॥

(अगम्बक्ताहरुको बचन्)

५ १ तब अगम्बक्ताहरु अर्थात् हाग्गै अगम्बक्ता र इद्दोको छोरो
जकर्याह्ले यहूदा र यरूशलेम्मां भयेका यहूदीहरुलाइ अगम्बचन् कह्ये
अं इस्राएल्को ईश्वर्को नांउले तिनिहरुले तिनिहरुको लागि अगम्बचन्
२ कह्ये। तब शाल्तीएल्को छोरो जरूब्बाबेल् र योशादाक्को छोरो येशूअले
उठेर यरूशलेम्मां भयेको ईश्वर्को घर् बनाउंनु थाल्ये अनि तिनिहरु सङ
३ ईश्वर्का अगम्बक्ताहरुले पनि गोहार् गर्‍ये। त्येस् बेला महानदीको
वारिको तत्तनै भन्ये मालिक् र शतर्बोज्नै तिनिहरुका साथीहरु समेत्ले तिनि-
हरु थांइ आइकन येसो भन्ये यो घर् बनाउंनुलाइ र यो भित्ता सिध्याउंनुलाइ
४ तिमिहरुलाइ आज्ञापत्र दिंने को हो। तब हांमिहरुले तिनिहरुलाइ यो
परिले ऊत्तर् दियूं यो घर् बनाउंनेहरुको को हुन् भनि नाउं काढ़िकाढ़ि-
५ कन। तर तिनिहरुको ईश्वर्को दृष्टि यहूदाका प्राचीन्हरु मांथि भयो
अनि यो कुरो दारा सम्म न पुगुंज्याल् र त्येस्को बिषय्मां चिट्ठीको बाटोले
उत्तर् न पाउंज्याल् सम्म तिनिहरुले तिनिहरुलाइ थामींनु लगायेनन्॥
६ महानदी वारिको तत्तनै मालिक् र शतर्बोज्नै र त्येस्का महानदीको
येता वारि रहंने अपर्सकिहरु भनींने साथीहरुले दारा राजा थांइ पठायेको
७ चिट्ठीको नकल् येइ हो. तिनिहरुले त्यो थांइ येसो भन्ये चिट्ठी लेख्ये
८ दारा महाराजाकन सबै कुशल् हवस्। महाराजाकन यि कुराको थाहा
हवस् अर्थात् हांमिहरु-यहूदाको ख्वामां महा ईश्वर्को घर्मां पुग्येका थियूं
जुन् घर् ठुला ठुला ढुंगाको बनाईयेको अनि त्येस्को भित्तामां काठ् पनि
बसालीयेका राछन् अनि यो काम् फुर्ति सित गरींद रछ अनि तिनिहरुको
९ हात्मां सुफल् हुंदै जांदै रछ। तब हांमिहरुले ति प्राचीन्हरु सित येसो
भनिकन सोध्यूं यो घर् बनाउंनुलाइ र यो घेराभित्ता सिध्याउंनुलाइ
१० आज्ञापत्र दिंने को हो। हांमिहरुले तिनिहरु सित तिनिहरुका मुखियाहरुको
नांउ लेख्नुलाइ तिनिहरुको नांउ पनि सोध्यूं आफुलाइ जनाउंनुको लागि।
११ त तिनिहरुले हांमिहरुलाइ येसो भनिकन उत्तर् दिये स्वर्ग र पृथिवीको
ईश्वर्का दास्हरु हौं अनि जुन् घर् ति धेरै बर्ष देखि बनायेको जुन् घर्
इस्राएल्को ये[illegible] बड़ो राजाले बनायेर सिध्यायो त्येइ घर् बनाउंद छौं।
१२ तर हांमिहरुका पित्रहरुले स्वर्गको ईश्वर्को रिस् उठाइ दियेको कारण्ले
उस्ले तिनिहरुलाइ कल्दी बाबेल्को राजा नबूखद्नेस्सेर्को हात्मां सुम्पि

दियो जस्ले यो घर् नास् पार्येर लोग्लाइ बाबेल्मां बन्धुवा गरि लग्यो ।
तर बाबेल्को राजा कोरेश्को पहिलो वर्षमां कोरेश् राजाले ईश्वर्को यो १३
घर् बनाउंने आज्ञापत्र दियो । अनि नबूखदनेस्सर्ले यरूशलेम्मां भयेको १४
मन्दिर् देखि निकाल्येका र बाबेल्को मन्दिरमां ल्यायेका ईश्वर्को घर्का
सुन् चांदीका भांड़ाबर्तनहरु कोरेश् राजाले बाबेल्को मन्दिर् देखि
निकाल्यो अनि त्येस्ले मालिक् तुल्यायेको शेशबसर् नांउ भयेकोलाइ
दिहाल्यो अनि त्येस्ले त्येस्लाइ भन्यो यि भांड़ाहरु लियेर जा अनि १५
यरूशलेम्मां भयेको मन्दिरमां राख् र ईश्वर्को मन्दिर् आफ्नु ठांउमां
बनाईश्रोस् । तब त्येइ शेशबसर्ले आयेर यरूशलेम्मां भयेको ईश्वर्को १६
घर्को जग् बसाल्यो . अनि त्येइ बेला देखि येसो ऐले सम्म त्यो बनीं दै
रह्यको छ अझै पनि सिद्धीयेको छैन भनि । त अब महाराजाको इच्छे १७
भयो भन्ये बाबेल्मां भयेको राजाको भंड़ार्घर्मां खोज्खाज् गरीश्रोस्
कोरेश् राजाले यरूशलेम्मां भयेको ईश्वर्को यो घर् बनाउंने आज्ञापत्र
दियेको रछ कि रैन छ वहांदेखि महाराजाले येस् कुराको बिषय्मां आफ्नु
इच्छे हांमिहरु पांइ पठाउंनु हवस् ॥

तब दारा राजाले बाबेल्मां राखीयेको भंड़ार्हरुका पोस्तक् ६ १
घर्मां खोज्खाज् गरीश्रोस् भन्ये आज्ञापत्र लेखायो । त मादै भनीने २
खाको अहमता सहर्को भवन्मां एक् पत्र पाईयो जस्मां यि वृत्तान्त
लेखीयेका राछन् । कोरेश् राजाको पहिलो वर्षमां कोरेश् राजाले यो ३
आज्ञापत्र लेखायो यरूशलेम्मां भयेको ईश्वर्को घर्को बिषय्मां त्यो घर्
जस्मां तिनिहरुले बलिदान् चढ़ाउंद छन् बनाईश्रोस् अनि त्येस्को जग्
बल्लियोगरि बसालीश्रोस् त्येस्को अल्गेइं साठी हात् त्येस्को गज् साठी
हात् तुला तुला ढुंगाहरुका तीन् लहर् र नया काठ्को एक् लहर् . ४
अनि त्येस्को लागि खर्च राजभवन् देखि दिईश्रोस् . येस् बाहिक् ईश्वर्को ५
घर्का सुन् चांदीका जुन् भांड़ाबर्तनहरु नबूखदनेस्सर्ले यरूशलेम्मां
भयेको मन्दिर् देखि निकाल्येर बाबेल्मां ल्यायेको थियो ति फर्काईउन्
अनि यरूशलेम्मां भयेको मन्दिरमां गोटेपिच्छे आफ्नु आफ्नु ठांउमां फेरि
ल्याईउन् अनि ति तैंले ईश्वर्को घर्मां राखेस् भन्ये । त अब हे महानदी ६
पारिका मालिक् तत्तनै र ए शतबोंजनै र महानदी वारीका अपार्सीकी
तिमिहरुका साथीहरु समेत् त्यहां देखि टाढ़ो हटि जाव . ईश्वर्को त्येस् ७
घर्को काममां हात् न हाल तर यहूदीहरुको मालिक् र यहूदीहरुका
प्राचीनहरुले ईश्वर्को त्यो घर् त्येस्को ठांउमां बनाउन् । येस् बाहिक् ८
तिमिहरुले ईश्वर्को त्यो घर् बनाउंनुको लागि यहूदीहरुका ति प्राचीनहरु
सङ गर्नु पर्ने कामको बिषय्मां मं येइ आज्ञापत्र पनि लेखाउंद छु .
महानदी पारिको सिर्तु देखि अं राजाको भंड़ार् देखि ति मान्छेहरुको
लागि फुर्ति सङ खर्च दिईश्रोस् र तिनिहरु न रोकीउन् । अनि ९
तिनिहरुलाइ जं जे खांचो छ बाछ्रा हवस् कि गुमा हवस् कि पाठा हवस्

स्वर्गको ईश्वरको लागि होमबलि चढाउनुलाइ गहूं नुन् दाखरस् कि तेल्
यरूशलेममां भयेका पूजाहारीको कुरा अनुसार् ति सबै बिना चूक् दिनहूं
१० तिनिहरुलाइ दिईउन्. तिनिहरुले स्वर्गको ईश्वरको लागि बाछाको
बलिदान् चढाउन् अनि राजा र त्येका छोराहरुको दीर्घायूको लागि प्रार्थना
११ गरुन् भन्ये खातिरले। त्येस् उप्रान्त मैले येउटा आज्ञापत्र लेखायें त जस्ले
यो आज्ञा फेरफार् गर्ला त्येको घर् देखि येउटा डांड़ा निकालीग्रोस् र त्यो
त्येसेमां टांसि अलग्याईग्रोस् अं येसैकारण् त्येको घर् घुयान् तुल्याईग्रोस्
१२ अनि जस् ईश्वरले आफ्नु नांउ वहां बस्नुको लागि राख्यो उस्ले ति सबै
राजाहरु प्रजाहरुलाइ उल्टावस् जस् जस्ले यरूशलेममां भयेको त्यो घर्
नास् पार्नुलाइ या आज्ञा फेर्नुलाइ आफ्ना हात् लगाउंनन्। यो आज्ञा
लेखाउंने मं दारा हुं त फुर्ति सित त्यो गरीग्रोस्॥
१३ तब महानदी वारीको तत्तने मालिक् र शतबोजने तिनिहरुका
साथीहरु समेतले दारा राजाले पठायेको कारणले फुर्ति सित सबै काम्
गर्ये। अनि हागै अगमबक्ता र इद्दोको छोरो जकरीयाको अगमबचनको
१४ कारणले यहूदीहरुका प्राचीनहरुले भाग्येमान् हुंदै बनाये। अनि
इस्राएलको ईश्वरको आज्ञा अनुसार् अनि कोरेश् र दारा र फारसको
१५ राजा अर्तक्षत्रको आज्ञापत्र अनुसार् तिनिहरुले बनाये अनि सिध्याये। त
दारा राजाको राजको छैठो वर्षमां भयेको अदार् भनींने महीनाको तीस्रो
१६ तिथिमां त्यो घर् सिद्धीयो। अनि इस्राएलवंशीहरु र पूजाहारीहरु र
लेवीहरु बन्धुवाई देखि आयेका रह्यकाहरुले ईश्वरको घरको घरमञ्जो
१७ रमाहट् सित गर्ये। अनि तिनिहरुले ईश्वरको त्येस् घरको घरमञ्जोमां
एक् सै बाछा दुइ सै भुमा चार् सै पाठाहरु चढाये अनि सिंगे इस्राएलको
पापबलि गरि इस्राएलका कुलको गन्ति अनुसार् बारहवटा बोकाहरु।
१८ अनि तिनिहरुले यरूशलेममां भयेको ईश्वरको सेवागराईको लागि
पूजाहारीहरुलाइ भाग् भागगरि र लेवीहरुलाइ पालो पालोगरि खटायो
मूसाको पोस्तकमां लेखीयोको अनुसार्॥
१९ अनि पहिलो महीनाको चौधौं तिथिमां बन्धुवाई देखि आयेकाहरुले
२० निस्तार् चाड् मान्ये। कसोगरिभन्ये पूजाहारीहरु र लेवीहरुले एक् मनका
भइ आफु आफुलाइ शुद्ध पार्येका थिये त तिनिहरु सबै शुद्ध भये. त
तिनिहरुले बन्धुवाई देखि आयेका सबैहरु र आफ्ना भाई पूजाहारीहरु र
२१ आफ्नु लागि निस्तार्चाड्को पशु बलि गर्ये। तब बन्धुवाई देखि आयेका
इस्राएलवंशीहरु र जति जना इस्राएलको ईश्वर यहूवेलाइ खोजनुको लागि
तिनिहरु सांइ देसका अन्यदेसीहरुको फोहर् देखि कुटेका थिये तिनिहरु
२२ सबैले खाये अनि सात् दिन् समम अखमीरे रोटीको चाड् रमाइ
रमाइकन मान्दै रह्यो. किनभन्ये यहूवेले तिनिहरुलाइ रमाइटि तुल्याएको
थियो अनि इस्राएलको ईश्वरको घरको काममां तिनिहरुको काम् तियार्
पार्नुलाइ अश्शूरको राजाको मन् पनि फर्काइ दियेको थियो॥

(राजाको पट्टि बाटो एज्रा यरूशलेम्मां पठाईंनु)

तर्पि कुरा पछि फारस्को राजा अर्तक्षत्रको राज्मां सरायाह्को ७ १
छोरो एज्रा जो अजर्याह्को छोरो जो हिल्कियाह्को छोरो जो २
शल्लूम्को छोरो जो सादोक्को छोरो जो अहीतूब्को छोरो जो ३
अमर्याह्को छोरो जो अजर्याह्को छोरो जो मरायोत्को छोरो जो ४
जरह्याह्को छोरो जो उज्जीको छोरो जो बुक्कीको छोरो जो ५
अबीशूअको छोरो जो पिनहास्को छोरो जो एलाजार्को छोरो जो
मूल्पूजाहारी हारून्को छोरो थियो. त्येइ एज्रा बाबेल् देखि चढ़ि आयो ६
अनि त्यो इस्राएल्को ईश्वर् यहूवेले दियेको मूसाको व्यवस्थामां सिपालु
शास्त्री थियो. अनि त्येस्को ईश्वर् यहूवेको आशीष् त्येस् मांथि पर्येको
अनुसार् राजाले त्येस्लाइ त्येस्ले मांग्येका सबै दियो। अनि अर्तक्षत्र राजाको ७
सातौं बर्षमां इस्राएलबंशीहरु र पूजाहारीहरु र लेवीहरु र गीत् गाउंनेहरु
र दुवार्पाल्हरु र नतीनीहरुमांका कत्ति जना यरूशलेम्मां चढ़ि आये।
राजाको सातौं बर्षको पांचौं महीनामां त्यो यरूशलेम्मां आइ पुग्यो। अं ८
पहिलो महीनाको पहिलो तिथिमां बाबेल् देखि चढ़ि जांनु थाल्यो अनि
त्येस्को ईश्वरको कृपालु आशीष् त्येस् मांथि पर्येको अनुसार् पांचौं
महीनाको पहिलो तिथिमां यरूशलेम्मां आइ पुग्यो। कसोगरिभन्ये १०
एज्राले यहूवेको व्यवस्था तिर आफ्नु मन् लगायेको थियो त्यो मान्नुलाइ
अनि इस्राएल्मां बिधिहरु र नियाबचन्हरु सिकाउंनुलाइ॥

तब एज्रा शास्त्री पूजाहारीलाइ अं यहूवेका आज्ञाका कुरा र उस्का ११
बिधि इस्राएल्को लागि चलाउंने शास्त्रीलाइ अर्तक्षत्र राजाले दियेको
चिट्ठीको नकल् येइ हो। एज्रा पूजाहारी अं स्वर्गको ईश्वर्को व्यवस्थाको १२
शास्त्रीलाइ अर्तक्षत्र महाराजाहरुको अधिराज्को सलाम् इत्यादि पुगोस्।
मं यो आज्ञापत्र लेखाउंद कु मेरो राज्मां इस्राएल्का जत्ति लोग् र जत्ति १३
पूजाहारीहरु र लेवीहरुले यरूशलेम्मां जांने मन् गर्द कुन् तिनिहरु
तिमिहरु सङ जाउन्। कसोगरिभन्ये तिमि ता राजा र त्येस्का सात् १४
मंत्रीहरुकांटो पठाईयेका छौ तिम्रो हातमां भयेको तिम्रो ईश्वरको व्यवस्था
अनुसार् यहूदा र यरूशलेम्को बिषयमां सोध्नुको लागि अनि १५
राजा र त्येस्का मंत्रीहरुले यरूशलेम्मां बास् गर्ने इस्राएल्को ईश्वर्को
लागि मनमानीगरि दियेका सबै सुन् चांदी अनि लोगको र १६
पूजाहारीको मनमानीभेटि जो भेटि तिनिहरुले येरूशलेम्मां भयेको
आफ्नु ईश्वर्को घर्को लागि मनमानीगरि दियेका थिये ति भेटि समेत्
बाबेल्को सिंगे खामां तिमिले पायेको सबै सुन् चांदी लैजांनुको लागि
येकारण फुर्त्ति गरिकन ति रुपियाले बाछाहरु घुमाहरु पाठाहरु र १७
तिनिहरुका अन्नबलि र खन्याईबलि समेत् किन्नेर यरूशलेम्मां भयेको

१८ आफ्नु ईश्वर्को घर्को बेदिमां ति चढ़ाउंनु । अनि उब्येका सुन् चांदीको
ज्ये तिमि र तिम्रा दाज्युभाईहरुलाइ जाति लाग्ला त्येइ आफ्नु ईश्वर्को
१९ इच्छे अनुसार् गर्नु । आफ्नु ईश्वर्को घर्को सेवागराईको लागि
तिमिलाइ दिईयेका सबै भांड़ाबर्तन् यरूशलेम्को ईश्वर्को सांमु पूरापूर्
२० दिहाल्नु । अनि येस् उप्रान्त ज्ये ज्ये तिम्रो ईश्वर्को घर्को लागि खांचो
होला अं ज्ये ज्ये तिमिले दिंनु पर्ला ति सबै राजाको भंड़ार् देखि
२१ दिहाल्नु । अनि मं चइं अं मं अर्तक्षत्र राजा यो आज्ञापत्र महानदी पारि
का सबै भंड़ारीहरुलाइ लेख्द कु स्वर्गको ईश्वर्को व्यवस्थाको शास्त्री एज्रा
२२ पूजाहारीले ज्ये ज्ये तिमिहरु सित मांग्ला त्यो फुर्तिगरि गरीओस् एक्
सै तोड़ा सम्म चांदी र एक् सै कोठो सम्म गहूं र एक् सै मुरि सम्म मह र
२३ एक् सै मुरि सम्म तेल् र नुन् जत्ति सम्म चाहिंछ ति दिईउन् । स्वर्गको
ईश्वर्ले ज्ये ज्ये आज्ञा गर्ला स्वर्गको ईश्वर्को घर्को लागि ठीक् त्येसै
गरीओस् त राजा र राजकुमारहरुको राज्को बिरुद्धमां किन रिस् उठोस् ।
२४ येस् उप्रान्त पूजाहारीहरु र लेवीहरुमांको कुनै मान्छे र गीत् गाउंनेहरु
दुवार्पाल्हरु नतीनीहरु र ईश्वर्को त्येस् घर्को कुनै दासको बिषयमां यि
कुरा तिमिहरुलाइ जनाउंद कौं तिनिहरु मांथि सिर्तु झारा किस्ता र जगात्
२५ लगाउंनु हुंदैन । फेरि ए एज्रा तिमिहरुको हातमां भयेको तिमिहरुको
ईश्वर्ले दियेको बुद्धि अनुसार् न्यायीहरु र बिचारीहरुलाइ खटाउंनु
जुन्हरुले महानदी पारि बस्ने सबै लोगहरुको बिचार् गर्नन् अं जति
जना तिम्रो ईश्वर्का व्यवस्थाहरु जान्ने छन् अनि ति न जान्नहरुलाइ
२६ सिकाउंने गर । अनि जस् जस्ले तिम्रो ईश्वर्को व्यवस्था र राजाको आज्ञा
मान्दैन त्येस् मांथि फुर्ति सित नियादण्ड गरीओस् को मरणदण्ड कि देस्
देखि निकालाबास् कि त्येसको आलमाल् सर्वस्वदण्ड दिंनु कि झेलखानमां
हालनु फुर्ति सित निया गरीओस् भन्ये ॥

(एज्राले गर्येको प्रार्थना)

२७ हांमिहरुका पित्रहरुको ईश्वर् यहूवे धन्यको हवस् जस्ले यरूशलेम्मां
भयेको यहूवेको घर् सिङ्गार्नुको लागि येस्ते कुरा राजाको मनमां हालि
२८ दियो अनि जस्ले राजा र त्येका मंत्रीहरुको सांमु र राजाका सबै
बड़े बड़े मालिकहरुको सांमु मं मांथि दया गर्नु भयेको छ । अनि मं आफ्नु
ईश्वर् यहूवेको आशीष् मं मांथि पर्येको अनुसार् हूप् बांधेर इस्राएलमांका
मुखियाहरुलाइ आफु सङ्ग चढ़ि जांनुको लागि भेला गर्यें ॥

(यरूशलेम्मां आइ पुग्येको बखान्)

८ १ त आफ्ना पित्रहरुका घर् घर्का मूलहरु जो राजा अर्तक्षत्रको
राज्मां बाबेल् देखि मं सङ्ग चढ़ि आये ति यिनै हुन् अनि तिनको

बंशावली येइ हो । पीनहासबंशीहरुमांको गेर्शोम् . ईतामारबंशीहरुमांको २
दानियेल् . दाऊदबंशीहरुमांको हत्तुश् । शकन्याहबंशी पेरोशका बंशीहरुमांको ३
जकर्याह् . जो सब एक् सै पचास् बंशावली हुंने पुरुषहरु पनि गनीयेका
थिये । पहत्मोआबबंशीहरुमांको जरह्याहको छोरो एल्यहोएनै जो सब ४
दुइ सै पुरुष् आये । शकन्याहबंशीहरुमांको यहजीएलको छोरो जो सब ५
तीन् सै पुरुष् । आदीनबंशीहरुमांको योनातानको छोरो एबेद् जो सब ६
पचास् पुरुष् । एलामबंशीहरुमांको अतल्याहको छोरो यशायाह् जो सब ७
सत्तरी पुरुष् । शपत्याहबंशीहरुमांको मीकाएलको छोरो जबद्याह् जो सब ८
अस्सी पुरुष् । योआबबंशीहरुमांको यहीएलको छोरो ओबद्याह् जो सब ९
दुइ सै अठारह् पुरुष् । शलोमीतबंशीहरुमांको योषिप्याहको छोरो जो १०
सब एक् सै साठी पुरुष् । बेबैबंशीहरुमां बेबैको छोरो जकर्याह् जो सब ११
अट्ठाईस् पुरुष् । अजगादबंशीहरुमांको हक्कातानको छोरो योहानान् १२
जो सब एक् सै दस् पुरुष् । अदोनीकामबंशीहरुमांका जो पहिले आयेका १३
थियेनन् तिनका नाउं थि हुन् अर्थात् एलीपेलेत् यीएल र शमायाह् र
तिनिहरु सब साठी पुरुष् । अनि बेग्वैबंशीहरुमांको ऊते र जब्बूद् जुन् १४
सब सत्तरी पुरुष् ॥

तिनिहरुलाइ मैंले अहवामां बहंने नदी निर भेला गर्यें जहां १५
हांमिहरुले तीन् दिन् सम्म डेरा हाल्यूं . त मैंले लोग् र पूजाहारीहरुलाइ
हेर्यर लेवीबंशीहरुमांको कसैलाइ पनि पाइँन । तब मैंले एलीएजेर् १६
अरीएल् शमायाह् एल्नातान् यारीब् एल्नातान् नातान् जकर्याह् र
मशुल्लाम् थि मुखिया भनीनेहरुलाइ बोलाइ पठायें अनि योयारीब् र
एल्नातान् जो बुद्धिमानहरु थिये तिनिहरुलाइ पनि बोलाइ पठायें । अनि १७
तिनिहरुलाइ कासिप्या भनीने ठाकको मालिक् इद्दो थांइ पठायें अनि
कासिप्या ठामां पुग्येर इद्दो र त्येका नतीनी भाईहरुलाइ तिनिहरुले
हांमिहरु थांइ हांमिहरुको ईश्वरको घरको लागि सेवा गर्नेहरुलाइ
ल्याउंनुलाइ को को भनु पर्यो तिनिहरुलाइ सिकाइ दियें । त हांमिहरुको १८
ईश्वरको दयालु आशीष् हांमिहरु मांथि पर्येको अनुसार् तिनिहरुले
इस्राएलको छोरो लेवीको छोरो महलीबंशीहरुमांको येचटा बुद्धिमानलाइ
हांमिहरु थांइ ल्याये अनि शरेब्याह् र त्येका छोराहरु र भाईहरु समेत्
अठारह् जना फेरि हशब्याह् अनि त्यो सङ मरारीबंशीको यशायाह् १९
त्येका भाईहरु र तिनिहरुका छोराहरु बीस् जना अनि दाऊद् र २०
मालिकहरुले लेवीहरुको चाकरी गर्नुलाइ दियेका नतीनीहरुमांका दुइ सै
बीस् नतीनीहरु . ति सबै नांउ कार्ड़ि कार्ड़िकन । तब हांमिहरुले आफूलाइ २१
आफनु ईश्वरको सांमु दीन् तुल्याउंनुको लागि उ मित आफनु लागि र
आफना बालबच्चाहरुको लागि र आफना सबै सम्पत्तिको लागि सुफलयात्रा
मांगनुको लागि मैंले वहां अहवा नदी निर उपासको उर्दी दियें ।
किनभन्य बाटोमांका बैरीहरु देखि बचाउंनुको लागि हांमिहरुको गोहार् २२

गर्ने सिपांइहरु र त्रुक्सवार्हरुको लस्कर् राजा सित मांग्नुलाइ मंलाइ
लाज् लाग्यो. कसोगरिभन्ये हांमिहरुले हांमिहरुको ईश्वर्को आशीष्
उस्लाइ खोज्ने सबै मांथि भलाईको लागि राख्येको छ तर उस्को बल् र
२३ कोप् उस्लाइ छोड्ने मांथि पद छ भन्येर राजालाइ भन्येका थियूं। त
हांमिहरुले येस्को विषय्मां उपास् बसिकन ईश्वरको दोहाई गर्‍यूं.
२४ अनि उस्ले हांमिहरुको बिन्ति सुन्यो। तब मैंले पूजाहारीहरुका
मूल्हरुका बारह् जना अं शेरेब्याह् हशब्याह् र तिनिहरु सङ तिनिहरुका
२५ भाईहरुमांका दस् जनालाइ छुट्यायेर तिनिहरुको लागि राजा र
त्येस्का मंत्रीहरु र त्येस्का मालिक्हरु र वहां भेला भयेका सिंगै इस्राएल्ले
हांमिहरुको ईश्वर्को घर्को लागि दियेका भेटि अर्थात् सुन् चांदी र
२६ भांड़ाबर्तन् जोखि जोखिकन दियो. अं छ सै पचास् तोड़ा चांदी र
२७ एक् सै तोड़ा चांदीका भांड़ाहरु एक् सै तोड़ा सुन् एक् हजार्
अशर्फी भयेका सुन्का बीस्वटा कटौरा र सुन् जस्तो अमोल् अस्सल्
चम्कीलो पीतल्का दुवटा भांड़ाहरु तिनिहरुका हातमां जोखि जोखिकन
२८ दियें। अनि मैंले तिनिहरुलाइ भन्यें यह्वेको लागि तिमिहरु ता पवित्र
छौ अनि यि भांड़ाहरु पनि पवित्र छन् अनि ति सुन् चांदी तिमिहरुका
२९ पित्रहरुको ईश्वर् यह्वेको लागि मनमानी भेटि छन्। त चंख रह अनि
तिमिहरुले यरूशलेम्मां यह्वेको घर्को कोठा मां पूजाहारी लेवीहरुका
मुखियाहरु इस्राएल्का पित्रहरुका घर् घर्को सांमु यि जोखाई न
३० गरुंज्याल् सम्म तिनको रक्षे गर। त पूजाहारी र लेवीहरुले ति हांमिहरुको
ईश्वर्को घर्मां यरूशलेम्मां पुर्‍याउंनुलाइ ति सुन् चांदी र भांड़ाबर्तन्
जोखि जोखिकन पाये॥

३१ त पहिलो महीनाको बाह्रौं तिथिमां यरूशलेम्मां जांनुको लागि
हांमिहरु अहवा नदी देखि हिंड्यूं. अनि हांमिहरुको ईश्वर्को आशीष्
हांमिहरु मांथि पर्‍यो त उस्ले हांमिहरुलाइ बाटोका बैरीहरु र
३२ ढुकुवाहरुको हात् देखि छोड़ायो। निदान्मां हांमिहरु यरूशलेम्मां पुग्येर
३३ यहां तीन् दिन् सम्म बस्यूं। वहांदेखि चौथो चइं दिन्मां सुन् चांदी र
भांड़ाबर्तन्हरु हांमिहरुको ईश्वर्को घर्मां ऊरीयाह् पूजाहारीको छोरो
मरेमोत्को हात्मां जोखि जोखिकन दिईये अनि त्यो सङ पीन्हास्को
छोरो एलाजार् पनि थियो अनि तिनिहरु सङ येशूअको छोरो योजाबाद् र
३४ बिन्नूईको छोरो नोअद्याह् लेवीहरु पनि थिये सबै थोक् गनि
गनिकन र जोखि जोखिकन दिईये. अनि तिनका सबै जोखाई त्येइ
३५ बेला लेखीये। तब पराय् देस् देखि आयेका बन्धुवाई देखि छुट्येकाहरुले
इस्राएल्को ईश्वर्को लागि होम्बलिदान् चढाये अर्थात् सिंगै इस्राएल्को
लागि पाप्बलिगरि बारह्वटा बाच्छा क्रियानबेवटा थुमा सतहत्तर् वटा
पाठा बारह्वटा बोका. यि सबै यह्वेको लागि होम्बलिदान् थियो।
३६ फेरि तिनिहरुले राजाका आज्ञापत्रहरु महानदी वारिका मालिक्हरुलाइ र

राजाका सेनापतिहरुलाइ सुम्पि दियें . त्र तिनिहरुले लोगको र ईश्वरको घरको काममां गोहार गर्‍ये ॥

(यहूदाको पाप्को कारणले एज्राले गर्‍येको प्रार्थना)

यि काम् सक्ये पछि मालिकहरु येसो भन्दे मं थांइ आये ९ १
इस्राएलको लोग् र पूजाहारीहरु र लेवीहरु पनि देस् देसका लोग् देखि
कुट्टीयेका कैनन् तर कनानीहरु हित्तीहरु परिज्जीहरु यबूसीहरु अम्मोनीहरु
मोआबीहरु मिस्रीहरु र एमोरीहरुका घिन्लागदा काम् अनुसार गर्दै
कुन् । कसोगरिभन्ये यिनिहरुले तिनिहरुकी छोरीहरुमांकोलाइ आफ्नु २
लागि र आफ्ना छोराहरुको लागि ल्याएका छन् येसैगरि पवित्र बंश देस्
देसका लोग् सङ मिसीयेका छन् . अं येस् अपराधमां मालिकहरु र
मुखियाहरु पहिला पहिला छन् । यि कुरा सुन्दा मैले आफ्नु लुगा र खाष्टो ३
फाट्यर आफ्नु सिर् र दारीका केस् उखेल्यें अनि छक्क परि रहें । तब जति ४
जना इस्राएलको ईश्वरका क्रा देखि थर्थराउंनेहरु थिये बन्धुवाई देखि
आयेको अपराधको कारणले ति सबै मं थांइ भेला भये अनि सांझको
भेटि चढाउंने बेला सम्म छक्क परि बसि रहें । वहांदेखि सांझको भेटिको ५
बेलामां मं आफ्नु लुगा र खाष्टो फारेयेको भइ आफ्नु तपस् देखि उठें
वहांदेखि आफ्ना घुंड्रा टेकेर आफ्नु हात् आफ्नु ईश्वर् यहवे तिर
पाएं वहांदेखि भन्यें हे मेरो ईश्वर् मं आफ्नु मुख् तपांइ तिर ६
उठाउंनु अगघोर् लजाउंद छु हे मेरो ईश्वर् . किनभन्ये हांमिहरुको अधर्म्म
हांमिहरुको सिर् मांथि बढेयका छन् अनि हांमिहरुको दोष् बढेर स्वर्ग
सम्म पुग्येको छ । हांमिहरुका पित्रहरुको पाला देखि आजु सम्म विघ्न ७
दोषी छौं अनि हांमिहरुका अधर्म्मको कारणले हांमिहरु आफ्ना राजाहरु
आफ्ना पूजाहारीहरु समेत् तरवार् बन्धुवाई लूटाई र मुखको लाज्को
लागि देस् देसका राजाहरुको हात् हातमां सुम्पीयेका छौं आजुको दिन्
जस्तो । त अब एकछिनको लागि हांमिहरुको ईश्वर् यहवे देखि येति ८
अनुग्रह् देखाईयेको छ हांमिहरुमांका अलि अलि बचाईंनु दिंनुलाइ
अनि पवित्रस्थानमां येउटा कीला जस्तो हांमिहरुलाइ दिंनुलाइ हांमिहरुको
ईश्वरले हांमिहरुको आंखामां ज्योति दियेर हांमिहरुको बन्धुवाई हुंन्
बेलामां अलिक नया जीवन दिंनु भन्ये खातिरले । कसोगरिभन्ये दास् ता छौं ९
तैपनि हांमिहरुको दासहुवाईको गतमां हांमिहरुको ईश्वरले हांमिहरुलाइ
छोड्येको छैन तर फारस्का राजाहरुको सांमु हांमिहरुलाइ अनुग्रह् गराइ
दियो हांमिहरुलाइ नया जीवन दिंनुको लागि र हांमिहरुले ईश्वरको
घर् उभ्याउंनुको लागि र त्येको उजारको मरम्मत् गर्नुको लागि अनि
हांमिहरुलाइ यहूदा र यरूशलेममां येउटा घेराभित्ता दिंनुको लागि । त १०
अब हे हांम्रो ईश्वर् येस् पछि को भनूं किनभन्ये तपांइका आज्ञा छोड्येका
छौं जुन् आज्ञा तपांइले आफ्ना दास् अगमवक्ताहरुको बाटोले येसोरि ११

भनु भयेको छ जुन् देसमां त्येस्को अधिकारी हुंनुको लागि परदै छौ त्येस् देसका लोग् लोगको अशुद्धिहरुको कारणले र तिनिहरुले एक् छेउ देखि अर्को छेउ सम्म आफ्नु फोहर्ले त्यो भर्येको तिनिहरुको घिन्लाग्दो
१२ कामको कारण अशुद्ध देस् छ । त अब आफ्नी छोरीहरुलाइ तिनिहरुका छोराहरुलाइ न दिंनु न तिनिहरुकी छोरीहरु आफ्ना छोराहरुको लागि लिंनु न तिनिहरुको कुशल् क्षेम् न सधैंको लागि तिनिहरुको भाग्येमानी खोज्नु . र तिमिहरु बल्लिया भयेर देसका जाति जाति थोक् खाव अनि आफ्नु बंशको लागि त्यो सधैंभरिको अधिकारी गरि छोड्नि राख भन्ने
१३ आज्ञा । त हांमिहरुको बुरा काम् र तुलो दोषको कारणले जे जे हांमिहरु मांथि पर्येको छ कसोगरिभन्ने तपांइ हांम्रो ईश्वरले हांमिहरुको अधर्म्म अनसारको दण्ड भन्दा अरु सांनु दण्ड मात्रै हांमिहरु मांथि दिंनु भयो
१४ अनि हांमिहरुलाइ येस्तो बचतिभाग् पनि दिंनु भयेको छ त को हांमिहरु अझै फेरि तपांइका आज्ञा नांघ्येर ति घिन्लाग्दा काम् गर्ने लोगहरु सङ कुटुम्बेरी गरुं . को तपांइ हांमिहरु मांथि हांमिहरुलाइ नास् पार्नज्याल् सम्म रिसाउंनु हुंने थियेन अनि येसोरि न कोई बचतिभाग्
१५ न कोई बचाईंने हुंने थियो । हे यहुदे इस्राएल्को ईश्वर् तपांइनै धर्म्मी छौ कसोगरिभन्ने बचाईंयेको बचतिभाग् हांमिहरु रह्येका छौं आजुको दिन् जस्तो . हेर्नु हवस् तपांइको सांमु दोषमां हुंद छौं येस्कारण तपांइको सांमु कोई पनि उभींनु सक्दैन ॥

(अन्यजातको स्त्रीहरु)

१० १ जब एज्रा ईश्वरको घरको सांमु निउंर्येर रोइ रोइकन प्रार्थना गर्दै काएल् हुंद थियो तब इस्राएल्मांका पुरुष् स्त्री बालबच्चाहरुको अरघोर्
२ तुलो मंडली त्यो पांइ भेला भयो . किनभन्ने लोग् सारो रुंद थियो । तब एलामवंशीहरुको यहीएल्को छोरो शकन्याहले उत्तर् दिइ एज्रालाइ भन्यो आफ्नु ईश्वरको बिरुद्धमां अपराध् गर्येर देसका लोगको अन्यजातको स्त्रीहरुलाइ ल्यायेका छन् . तैपनि येस् कुराको बिषयमां इस्राएल्को
३ लागि अझै पनि आशा रह्येको छ । त अब हांमिहरुले आफ्नु प्रभुको र आफ्नु ईश्वरको आज्ञा देखि डराउंनेहरुको सल्लाह अनसार हांमिहरुले सबै स्वास्नीहरु र ति देखि जन्म्येकाहरु सबै निकालूं भन्ने बाचा आफ्नु
४ ईश्वर् सित बाधूं अनि ति सबै व्यवस्था अनसार गरौंओम् । उठनु हवस् किनभन्ने यो कुरो आफ् मांथि आइ पर्दै छ अनि आफु सङ हांमिहरु छौं .
५ हुप् बांधिकन यो गर्नु हवस् । तब एज्रालें उत्तेर पूजाहारीहरुका मूलहरुका लेवीहरु र सिंगे इस्राएललाइ यो कुरो अनसार गर्छौं भन्ने
६ किरिया खुवायो । त तिनिहरुले किरिया खाये । तब एज्रा ईश्वरको घरको सांमु देखि उठेर एल्याशीबको छोरो योहानानको कोठामां पस्यो . अनि त्यहां पुग्येर न रोटी खायो न पानी पीयो . किनभन्ने बन्धुवाई

देखि आयेकाहरुका अप्राधको कारणले बिलाप् गर्दै थियो । तब तिनिहरुले ७
बन्धुवाई देखि आयेका सबैलाइ यहूदा र यरूशलेममां येसो भन्येर उर्दी
सुनायो तिमिहरु यरूशलेममां भेला हुव अनि जो मालिकहरु र ८
प्राचीनहरुको सल्लाह् अनुसार् तीन् दिनको भित्र आउंदैन त्येका सबै
सम्पत्ति भाकल् गरीयेको थोक् जस्तो गरीकन अनि त्यो चुई बन्धुवाईको
मुंडली देखि कुद्याईंछ । तब यहूदा र बिन्यामीनका सबै मान्छेहरु तीन् ९
दिन् भित्रमां यरूशलेममां भेला भये नवं महीनाको बीसौं तिथिमां . अनि
सबै लोग् त्यो कुरा र बड़ो बृष्टिको कारणले ईश्वरको घरको सांमु चोकमां
कांम्दै कांम्दै बसि रह्यो । तब एज्रा पूजाहारीले उभीयेर तिनिहरुलाइ १०
भन्यो अप्राध् गर्यौ अनि इस्राएलको दोष् बढ़ाउंनुलाइ अन्यजातको
स्त्रीहरुलाइ ब्याहा गर्यौ । त अब आफ्ना पित्रहरुको ईश्वर् यहूवेको सांमु ११
काएल् भयेर उस्को इच्छे पूरो गर . बहांदेखि देसको लोग् देखि र
अन्यजातको स्त्रीहरु देखि कुट्टीयौ । तब सिंगै मंडलीले तुलो शब्दले १२
उत्तर् दिये हांमिहरुको बिषयमां आफुले भन्येको झैं हांमिहरुले गर्नु पर्छ
भनि । तर लोग् धेरै छन् अनि बड़ो बृष्टिको ऋतु छ त बाइर उभीनु १३
सक्दौंन येस् बाहिक् यो काम् एक् दुइ दिनको काम् छैन . कसोगरिभन्ये
येस् कुरामां सारो अप्राध् गर्येका छौं । त सिंगै मंडली देखि १४
हांमिहरुका मालिकहरु खटाईउन् अनि हांमिहरुको सहरमां अन्यजातको
स्त्रीहरु ल्याउंनेहरु सबै जना ठहराये को बेलामां आउन् अनि तिनिहरु
सङ सहर् सहरका प्राचीनहरु र तिनिहरुका बिचारीहरु पनि आउन् येस्
कुराको बिषयमां हांमिहरुको ईश्वरको बल्दोरिस् हांमिहरु देखि न
फर्कुंज्याल् सम्म । येस् कुराको बिरुद्धमां खालि असाहेलको छोरो योनातान् १५
र तिक्वाको छोरो यशैयाह् मात्रै उभीये . अनि मशूल्लाम् र लेवी
शब्बतैले तिनिहरुको गोहार् गर्ये । तर बन्धुवाई देखि आयेकाहरुले त्यसै १६
गर्ये । त एज्रा पूजाहारी र पित्रहरुको घर घर अनुसार् पित्रहरुका घर
घरका कति जना मूलहरु सबै जना नांउ काढ़ि काढ़िकन कुट्याईये त
तिनिहरु दसौं महीनाको पहिलो तिथिमां यो कुरा जांचनुलाइ बस्ये ।
पहिलो महीनाको पहिलो तिथि सम्म अन्यजातको स्त्रीहरु ल्याउंनेहरुको १७
बिषयको कुरो सक्कीयो । त अन्यजातको स्त्रीहरु ल्याउंनेहरु यति जना १८
पूजाहारीबंशीहरुको खालमां पाईये अर्थात् योजादाकको छोरो येशूअको
बंशमांको र त्येका भाईहरु मासेयाह् एलीएजेर् यारीब् र गदल्याह् ।
त तिनिहरुले हांमिहरु आफ्नो अन्यजातको स्त्रीहरुलाइ निकालछौं १९
भनि हात् मांग्ये अनि अप्राधी भयूं भन्येर आफ्नु अप्राधको लागि
बगालका एमा बलि गर्ये । अनि इम्मेरबंशीमांका हनानी र जबद्याह् । फेरि २०
हारीमबंशी मासेयाह् एलिय्याह् शमायाह् यहीएल र उज्जियाह् । फेरि २१
पशहूरबंशी एल्योएनै मासेयाह् इश्माएल् नतनेल् योजाबाद् र एलासा ।
फेरि लेवीहरुमांका योजाबाद् शिमी केलायाह् जो कलीता पनि भनींद छ २२

२४ पतह्याह् यहूदा र एलीएजेर्। अनि गाउंनेहरुमांका एह्याशीब्. अनि
२५ दुवार्पाल्हरुमांका शल्लूम् तेलेम् र ऊरी। अनि इस्राएल्हरुमांका.
परोश्बंशीहरुमांका रम्याह् यिज्जिय्याह् मल्किय्याह् मिय्यामीन् एलाजार्
२६ मल्किय्याह् र बनायाह्। फेरि एलाम्बंशीहरुमांका मत्तन्याह् जकर्याह्
२७ यहीएल् अब्दी यरेमोत् र एलिय्याह्। फेरि जत्तूबंशीहरुमांको एल्योएने
२८ एह्याशीब् मत्तन्याह् यरेमोत् जाबाद् र अजीजा। फेरि बेबैबंशीहरुमांका
२९ यहोहानान् हनन्याह् जब्बै र अत्लै। फेरि बानीबंशीहरुमांका मशुल्लाम्
३० मल्लूक् अदायाह् याशूब् शाल् र यरामोत्। फेरि पहत्मोआब्बंशीहरुमांका
अदना कलाल् बनायाह् मासेयाह् मत्तन्याह् बसलेल् बिन्नूई र मनश्शे।
३१ फेरि हारीम्बंशीहरुमांका एलीएजेर् यिश्शिय्याह् मल्किय्याह् शमाय्याह्
३२ शिमोन् बिन्यामीन् मल्लूक् र शमर्याह्। हाशूम्बंशीहरुमांका मत्तने
३४ मत्तत्ता जाबाद् एलीपेलेत् येरेमै मनश्शे र शिमी। बानीबंशीहरुमांका
३५ मादै अम्राम् र ऊएल् बनायाह् बेदयाह् कलूही बन्याह्
३८ मरेमोत् एल्याशीब् मत्तन्याह् मत्तनै यासू बानी बिन्नूई शिमी
३९ शेलेम्याह् नातान् अदायाह् मक्नद्बै शाशै शारै अजरेल् शेलेम्याह्
४१ शमर्याह् शल्लूम् अमर्याह् र योसेप्। नब्बोबंशीहरुमांका यीएल्
४३ मत्तित्याह् जाबाद् जबीना इद्दो योएल् र बनायाह्। यि सबैले
४४ अन्यजातकी स्त्रीहरु ल्याएका थिए. अनि कति स्त्रीहरुले बालबच्चा
पनि जन्माएकी थिइन्॥

नहेम्याह्को पोस्तक्।

(नहेम्याह् यरूशलेम्मां आउंनु)

१ १ हकल्याह्को छोरो नहेम्याह्को बखान्॥
बीसौं बर्षको किस्लेव् भनीने महीनामां ऐसो भयो मं शूशन् नांउ
२ भएको किल्लामां हुंदा हनानी नांउ भएको ऐसटा मेरो भाई यहूदा
बाटो आएका कति जना मड आयो र मैंले ति बांच्येका यहूदीहरु जो
बन्धुवाई देखि छुटेका थिए तिनिहरुको गतको बिषयमां र यरूशलेम्को
३ बिषयमां सोधें। र तिनिहरुले मलाइ भन्ये बन्धुवाई देखि छुटेका बांच्येका
लोग् बहां खाममां बड़ो दुकव र दुर्गतमां परेका छन्. यरूशलेम्को भित्ता
४ पनि भत्केका छन् अनि त्येका ढोकाहरु आगोले डढ़ेका छन्। र ऐसो
भयो यो कुरा सुन्दा मं बस्येर रोयें अनि कति दिन् सम्म बिलाप् गर्दै रहें
५ अनि स्वर्गको ईश्वरको मांसु उपर् बसिकन प्रार्थना गर्ये अनि भन्ये
हे यहवे स्वर्गको ईश्वर् महा र डरलाग्दो ईश्वर् जसले तपांइ सङ प्रेम्

गर्न र तपांइका आज्ञा मान्नेहरु सङ नियम् र दया राख्नु हुंद कु मं तपांइ
सित बिन्ति गर्द कु. अब तपांइका कान् थापीओस् अनि तपांइका आंखा ६
खोलौउन् र जो प्रार्थना तपांइको सांमु ऐले दिन् रात् तपांइको दास्
इस्राएल्वंशीहरुको लागि चढ़ाउंद कु तपांइको दास्को प्रार्थना सुन्नु हुवस्
जब मं इस्राएल्वंशीहरुको जुन् पाप् हांमिहरुले तपांइको बिरुद्धमां
गर्येका कौं तिनको काएल् हुंद कु. अं मैंले र मेरो बाबुको जहान्ले
पनि पाप् गर्येको कु। तपांइको बिरुद्धमां हांमिहरु अरघोरै बिगर्येका ७
कौं अनि न तपांइले आफ्नु दास् मूसालाइ अज्ञायेका आज्ञाहरु र बिधिहरु
र नियाब्चनहरु मान्येका कौं। तर बिन्ति गर्द कु आफ्नु दास् मूसालाइ ८
येसो येसो भनि आज्ञा गर्येका कुरा सम्झनु हुवस् अर्थात् अप्राध् गर्यौ
भन्ये देखि तिमिहरुलाइ लोग् लोगको बीच्मां कुरपुट्ट पार्कु. तर मं ९
तिर फर्कौं अनि मेरा आज्ञा मान्येर गर्यौ भन्ये देखि तिमिहरु निकालीयेर
स्वर्गको पल्लो कुेउ सम्म पुर्याईयेका भये पनि वहांदेखि मं तिमिहरुलाइ
बटुल्कु अनि मैंले वहां आफ्नु नांउ राख्नुलाइ छान्येको ठांउमां
तिनिहरुलाइ फेरि ल्याउंकु भन्दै। त तपांइका दास् र तपांइले आफ्नु १०
बड़ो सामर्थ र आफ्नु बल्लायो हातले छोड़ायेको तपांइको लोग् यिनै
हुन्। हे प्रभु बिन्ति गर्द कु तपांइको कान् तपांइको दास्को प्रार्थना तिर ११
र तपांइको नांउ देखि भय् मान्नलाइ मन् गर्ने तपांइका दास्को प्रार्थना
तिर अब थापनु हुवस्. अनि कृपागरि आजु आफ्नु दास्लाइ सुफल्
गराउंनु हुवस् अनि त्येस् मान्छेको सांमु मंलाइ दया गराउंनु हुवस्। (मं
महाराजाको पियाउंने थियें)॥

अनि अर्तक्षत्रको बीसौं बर्षको निसान् भनींने महीनामां येसो २ १
भयो जब मद्य राजाको सांमु थियो तब मैंले मद्य उठायेर त्येस्लाइ दियें।
अनि मं त्येस्को सांमु अगाड़ि कैले पनि कालो मुख्को थिईन। त राजाले २
मंलाइ भन्यो किन आजु तेरो मुख् कालो कु तं दुख्येको कैनस् रपनि.
यो ता मन्को उदासेईं बाहिक् अरु कोइ होइन। तब मं बिघ्न
सारो डरायें। तब मैंले राजालाइ भन्यें महाराजाको दीर्घायू सदा हुवस्. ३
जब त्यो मेरा पिता पुर्खका चिहानेठांउको सहर् उजार् रहंद कु अनि
त्येस्का ठोकाहरु आगोले डढ़ि रह्येका कुन् त मेरो मुख् किन कालो
हुंदैन। तब राजाले मंलाइ भन्यो तैंले के बिन्ति गर्ने मन् गर्नु आंटेको ४
कुस्। तब मैंले स्वर्गको ईश्वर् सित प्रार्थना गर्यें। वहांदेखि मैंले ५
राजालाइ भन्यें महाराजाकन जाति लाग्यो भन्ये अनि आफुको अनुग्रह्
आफुको दास् मांथि भयो भन्ये देखि बिन्ति यो कु आफुले मंलाइ यहूदामां
मेरा पिता पुर्खका चिहाने सहरमां त्यो बनाउंनुको लागि पठाउंनु हुवस्।
त राजाले महारानी पनि त्येस्को छेउमां बस्येको भइ मंलाइ भन्यो तेरो ६
यात्रा कति दिन्को हुंछ अनि तं कैले फर्कुंकुस्। त राजालाइ मंलाइ
पठाउंनु जाति लाग्यो अनि मैंले राजालाइ समयको ठहरावट् दियें। येस् ७

उप्रान्त मैंले राजालाइ भन्यें महाराजाकन जाति लाग्यो भन्ये यो यहूदा न
पुगूंज्याल् सम्म येरूशलेम् किरि जांनु दिनु भन्ये चिट्ठीहरू महानदी पारिका
८ मालिकहरूको लागि मंलाइ दिईउन् र तिनिहरूले मंलाइ जांनु दिउन्
अनि तिमिहरूले येरूशलेम् घर् पट्टि भयेको किल्लाको ढोकाको लागि र
सहरको घेराभित्ताको लागि र यो पल्ले घरको लागि दलान् बनाउंनुको
लागि काठ् देव भन्ये समेतको चिट्ठी पनि राजाको पलुवावन् रुड्ने
आसाप् भनींनेलाइ दिईग्रोस् भन्ये। तब मं मांथि मेरो ईश्वरको
९ आशीष् पर्यकोले राजाले मंलाइ त्यसैगरि दियो। तब महानदी पारिका
मालिकहरू थांइ पुग्येर राजाको चिट्ठी दियें। राजाले मं सित सेनापति
१० र त्रुकसवारलाइ पनि पठायेको थियो। जब होरोनी सम्बल्लत् र
अम्मोनी तोबिय्याह् चाकरेले यि कुरा सुन्ये तब इस्राएलबंशीहरूको
भलाई खोज्ने एक् जना आयेकोले तिनिहरूलाइ अगाधोर् नजाति
११ लाग्यो। त यरूशलेम्मां पुग्येर यहां तीन् दिन् सम्म बसि रहें।
१२ यहांदेखि अलिकता माग्छे लियेर राति उठेर अं मेरो ईश्वरले मेरो मनमां
यरूशलेमको लागि के गर्नु पर्छ भनि भन्येको चइं कसैलाइ सुनाईन.
१३ अनि मं सङ मं चढेरको पशु बाहिक् अरु कोई पशु थियेन। अनि राति
तरिको ढोका बाटो अजिंडर् भनींने कुवा तिर घुम्यान्ढोका सम्म गयेर
यरूशलेमका भत्काईयेका घेराभित्ता र त्येका आगोले डढ़ेका ढोकाहरू
१४ हेर्यें। यहांदेखि जरुवा पानीको ढोका र राजाको पोखरि सम्म हिंड़ि
१५ गयें. तर मं सुनि भयेको पशुको लागि अघि जाने ठांउ थियेन। यहांदेखि
राति राति खोल्चा बाटो चढ़ेर घेराभित्ता हेर्यें त्यहां बाटो घुम्येर तरिको
१६ ढोका बाटो पश्चिकन येसै आयें। अनि मं कता गयें कि के गर्यें भनि
मालिकहरूलाइ थाहा भयेन अनि अझै सम्म यहूदीहरूलाइ कि
पूजाहारीहरूलाइ कि भारादारहरूलाइ कि मालिकहरूलाइ कि काम्
१७ गर्नेहरूलाइ सुनायेको थिइंन। पछि मैंले तिनिहरूलाइ भन्यें हांमिहरू मांथि
पर्येको दुर्गत् अं यरूशलेम् उजार् भइ रह्येको छ अनि त्येका ढोकाहरू
आगोले डढ़ाईयेका छन् भनि तिमिहरूले त हेर्दै छौ. त आउ हांमिहरू
१८ अझै पनि निन्दित् हुंदै न रहंनुलाइ यरूशलेम्को घेराभित्ता फेरि बनाऊं।
फेरि मैंले मेरो ईश्वरको कस्तो आशीष् मं मांथि पर्यो अनि राजाले मंलाइ
भन्येका बचन् पनि तिनिहरूलाइ सुनायें। तब तिनिहरूले भन्ये हुंछ उठेर
बनाऊं। त त्येम् भलो कामको लागि तिनिहरूले आफनु हात् बल्लियो
१९ गराये। तर होरोनी सम्बल्लत् अम्मोनी तोबिय्याह् चाकरे र अर्बी गेशेमले
यि कुरा सुन्येर हुक्क ठांनि हांस्येर निन्दा गर्दै भन्ये तिमिहरूले गर्येको यो
२० के काम् हो के तिमिहरू राजाको बिरुद्धमां राजद्रोह् गर्छौ। तब मैंले
तिनिहरूलाइ उत्तर् दिइ भन्यें स्वर्गको ईश्वर् जो छ उसैले हांमिहरूलाइ
सुफल् गराउंछ येस्कारण हांमि उस्का सेवकहरू उठेर बनाउंछौं. तर
यरूशलेम्मां तिमिहरूको न कोइ भाग् न कोइ हक् न सम्झना छ॥

(यरूशलेमको घेराभित्ता फेरि बनाउंनु)

तब एल्याशीब मूलपूजाहारीले आफना भाई पूजाहारीहरु समेतले उठेर भेंड़ाढोका बनाये अं त्यो पवित्र गर्‍ये अनि त्येस्का देला पनि लगाये अं हम्मेआको धरारा सम्म हननेलको धरारा सम्म पवित्र गर्‍ये। अनि त्येस्को कुेउ चइं यरीहोका मान्छेहरुले बनाये। फेरि तिनिहरुको कुेउ इम्रीको छोरो जक्कूरले बनायो। फेरि माक्काढोका चइं हस्सनावंशीहरुले बनाये तिनिहरुले त्येस्का दलान् लगाये अनि त्येस्का देलाहरु त्येस्का तालचाहरु त्येस्का आगलाहरु लगाये। फेरि तिनिहरुको कुेउमां हक्कोसको छोरो ऊरिय्याहको छोरो मरेमोतले मरम्मत गर्‍यो। अनि तिनिहरुको कुेउ मशेजबेलको छोरो बेरेक्याहको छोरो मशुल्लामले मरम्मत गर्‍यो। अनि तिनिहरुको कुेउ बानाको छोरो सादोकले मरम्मत गर्‍यो। अनि तिनिहरुको कुेउ तकोईहरुले मरम्मत गर्‍ये तर तिनिहरुका भारादारहरुले आफना प्रभुको काममां गर्दन थाप्येनन्। अनि पुरांनु चइं ढोका पासेहको छोरो योयादाले र बसोदयाहको छोरो मशुल्लामले मरम्मत गर्‍ये तिनिहरुले त्येस्का दलानहरु लगाये अनि त्येस्का देलाहरु त्येस्का तालचाहरु त्येस्का आगलाहरु लगाये। अनि तिनिहरुको कुेउ गिब्बोनी मलत्याह र मेरोनोती यादोन् र गिबोन् र मिस्पाका मान्छेहरु जो महानदीको वारिको मालिकको सिंहासन पट्टि लाग्ने थिये तिनिहरुले मरम्मत गर्‍ये। त्येस्को कुेउ हर्हयाहको छोरो उज्जीएल् सुनारहरु समेतले मरम्मत गर्‍ये। अनि त्येस्को कुेउ बास्ना आउंने द्रव्य बनाउंनेहरुमांको एक जना हनन्याहले मरम्मत गर्‍यो अनि तिनिहरुले यरूशलेम् फराक् घेराभित्ता सम्म छोड़ि दिये। अनि तिनिहरुको कुेउ हूरको छोरो रपायाहले मरम्मत गर्‍यो जो यरूशलेमको आधा जिल्लाको मालिक् थियो। अनि त्येस्को कुेउ हरूमपको छोरो यदायाहले आफने घरको सांमु चइं मरम्मत गर्‍यो। अनि त्येस्को कुेउ हशब्नयाहको छोरो हत्तूशले मरम्मत गर्‍यो। हारीमको छोरो मल्कियाह र पहत्मोआबको छोरो हश्शूबले अर्को पेउटा भाग र भट्टी भनींने धरारा मरम्मत गर्‍यो। अनि त्येस्को कुेउ यरूशलेमको आधा जिल्लाको मालिक् हल्लोहेशको छोरो शल्लूमले आफनी छोरीहरु समेतले मरम्मत गर्‍यो। जानोहका बासीहरु समेत हानूनले तरिको ढोका मरम्मत गर्‍ये अं तिनिहरुले त्यो बनाये अनि त्येस्का देलाहरु त्येस्का तालचाहरु त्येस्का आगलाहरु लगाये अनि घुम्यानढोका सम्म घेराभित्ताको एक हजार हात बनाये। अनि बेथक्केरेम् जिल्लाको मालिक् रेकाबको छोरो मल्कियाहले घुम्यानढोका मरम्मत गर्‍यो त्येस्ले त्यो बनायो त्येस्का देला त्येस्का तालचा त्येस्का अगला लगायो। अनि मिस्पाको जिल्लाको मालिक् कोल्होजेको छोरो शल्लूनले जरुवा पानीको ढोका मरम्मत गर्‍यो त्येस्ले त्यो बनायो अनि ढाक्यो अनि त्येस्का देला त्येस्का तालचा त्येस्का

आगला बनायो अनि त्येस्ले राजाको बारीको कुवाको शेलह् भनीने तलाऊको
घेराभित्ता दाऊदको सहर् देखि उत्रने खुड्कीलाहरू सम्म बनायो।
१६ त्येस्पछि बेत्सूरको आधा जिल्लाको मालिक् अज्बूकको छोरो दाऊदको
चिहाने ठांउ सम्म र बनायेको पोखरी सम्म र महाबीरहरूको घर्
१७ सम्म मरम्मत् गर्‌यो। त्येस् पछि लेवीहरूले बानीको छोरो रहूम्ले मरम्मत्
गर्‌यो। त्येस्को छेउ कौलाको आधा जिल्लाको मालिक् हश्‌ब्याहले आफ्नु
१८ जिल्लाको लागि मरम्मत् गर्‌यो। त्येस् पछि कौलाको आधा जिल्लाको
मालिक् हेनादादको छोरो बव्वैले आफ्ना भाईहरू समेत्ले मरम्मत् गर्‌यो।
१९ अनि त्येस्को छेउ मिस्पाको मालिक् येशूआको छोरो एजेर्‌ले अर्को येउटा
भाग् अर्थात् घुम्तिमां भयेको हतियार्‌खाना सम्म चढ्ने बाटोको सांमु
२० मरम्मत् गर्‌यो। त्येस् पछि जब्बैको छोरो बारूकले अर्को येउटा भाग्
अर्थात् घुम्ती देखि मुलपूजाहारी एल्‌याशीबको दैलो सम्म बल्ले मरम्मत्
२१ गर्‌यो। त्येस् पछि हक्कोसको छोरो ऊरीय्याहको छोरो मरेमोत्ले अर्को
येउटा भाग् अर्थात् एल्‌याशीबको घरको दैलो देखि एल्‌याशीबको घरको
२२ छेउ सम्म मरम्मत् गर्‌यो। अनि त्येस्को पछि गेन्हीटारका मान्छेहरू
२३ पूजाहारीहरूले मरम्मत् गर्‌ये। तिनिहरू पछि बिन्यामीन् र हाश्‌शूबले
आफ्नु घरको सांमु मरम्मत् गर्‌ये। तिनिहरू पछि अनानियाहको छोरो
मासेयाहको छोरो अजर्‌याहले आफ्नु घरको छेउ मरम्मत् गर्‌यो।
२४ त्येस् पछि हेनादादको छोरो बिन्नूईले अर्को येउटा भाग् अर्थात्
अजर्‌याहको घर् देखि घुम्ति सम्म र कुंना सम्म मरम्मत् गर्‌यो।
२५ उज्जैको छोरो पालालले घुम्तिको सांमु र पहराचौकिको आघनको
छेउमां भयेको राजाको मांथिल्लो घर् देखि बढेरको धरारा पनि मरम्मत्
२६ गर्‌यो। त्येस् पछि परोश्‌को छोरो पदायाहले मरम्मत् गर्‌यो। (त्येस्
बेला नतीनीहरू ओपेल्मां पूर्व तिर लाग्‌नेको पानेढोका र त्यो बढेरको
२७ धरारको सांमुको ठांउ सम्म बस्द थिये।) त्येस् पछि तकोईहरूले अर्को
येउटा भाग् अर्थात् त्यो तुलो बढेरको धरारको सांमु ओपेलको घेराभित्ता
२८ सम्म मरम्मत् गर्‌ये। पूजाहारीहरूले घोड़ाढोका देखि ऊंधो तिर मरम्मत्
२९ गर्‌ये जनंगेले आफ्नु आफ्नु घरको सांमु सांमु। तिनिहरू पछि इम्मेरको
छोरो सादोकले आफ्नु घरको सांमु मरम्मत् गर्‌यो। त्येस् पछि पूर्वढोकाको
३० हुवार्‌पाल् शकन्याहको छोरो शमायाहले मरम्मत् गर्‌यो। त्येस् पछि
शेलेम्याहको छोरो हनन्याह् र सालाबको जन्तरे छोरो हानूनले अर्को
येउटा भाग् मरम्मत् गर्‌यो। त्येस् पछि बेरेक्याहको छोरो मशुल्लामले
३१ आफ्नु कोठाको सांमु मरम्मत् गर्‌यो। त्येस् पछि सुनारमांको एक
जना मल्कियाहले नतीनीहरू र बेपारिहरूको घर् सम्म हम्मीपुकाद्
३२ भनीने ढोकाको सांमु र कुंनाको ओट्टाली सम्म मरम्मत् गर्‌यो। अनि
कुंनाको ओट्टाली र भेंड़ाढोकाको बीचमां सुनारहरू र बेपारीहरूले
मरम्मत् गर्‌ये॥

(यहूदीहरुका बिरोधीहरुले बिरोध् गर्नु)

त येसो भयो सम्बल्लत् तिनिहरुले घेराभित्ता बनाये अरे भन्येको ४ १
सुन्येर रिसायो अनि अग्घोर् रागीयेर यहूदीहरुको निन्दा गर्यो। त २
येस्ले आफ्ना भाईहरु र शोमरोन्को सेनाको सांमु येसो भन्नु लाग्यो यि
निर्बल्लिया यहूदीहरुले को गर्द कुन् को आफुलाइ बल्लिया तुल्याउंकुन् को
बलिदान् चढ़ाउंकुन् को एक् दिनमां सिद्ध्याउंकुन् को कसिंडरका थुप्राहरु
देखि ढुंगाहरु अं डड़ायेका ढुंगाहरु पनि जियाउंकुन्। यो कुरो सुन्येर ३
त्येस्को छेउमां हुंने अम्मोनी तोबिय्याह्ले भन्यो यिनिहरुले बनायेको मांथि
येउटा स्याल् मात्रै हिंड़्यो भन्ये पनि तिनिहरुको ढुंगाको घेराभित्ता भत्कंछ
भनि। त हे हांम्रो ईश्वर् सुन्नु हवस् किनभन्ये हांमिहरु निन्दित् भयूं. ४
अनि तिनिहरुले गर्येको गिल्ला तिनिहरुकै थाप्नो मांथि फर्काइ दिनु हवस्
अनि तिनिहरुलाइ बन्धुवाईको देसमां लूटौंनुको लागि सुम्पि दिनु
हवस्. अनि तिनिहरुको अधर्म्म न टाक्नु हवस् तिनिहरुको पाप् तपांइ ५
थांइ देखि न मेटीओस्. किनभन्ये तिनिहरुले घेराभित्ता बनाउंनेहरुको
सांमु तपांइको रिस् उठाये। येसोरि हांमिहरुले घेराभित्ता बनायूं अनि ६
सबै घेराभित्ता आधा अलगो सम्म गांस्येका थियूं. कसोगरिभन्ये लोगको
काम् गर्ने मन् थियो॥

तर येसो भयो जसै सम्बल्लत् र तोबिय्याह् र अरबीहरु अम्मोनीहरु ७
र अश्दोदीहरुले यरूशलेम्को घेराभित्ता मरम्मत् हुंदै जांदै छ अनि
ढेंड्काड्हरु पुर्दै जांदै छन् अरे भनि सुन्ये तब अग्घोर् रिसाये अनि ८
तिनिहरु सबै एक् मनका भइ आयेर यरूशलेम्को बिरुद्धमां लड़ाईं
गर्नुलाइ यहां खल्यांमल्यां गराउंने सल्लाह् गर्ये। तर हांमिहरु आफ्नु ९
ईश्वर् तिर प्रार्थना गर्दै रह्यूं अनि येस्कारण् दिन् रात् तिनिहरुको बिरुद्धमां
पहरा राख्यूं। अनि यहूदाले भन्यो भारि बोक्नेहरुको बल् घट्दै छ अनि १०
कसिंडर् भन्ये धेरै छन् त हांमिहरु घेराभित्ता बनाउंनु सक्ने छौंन।
येस् उप्रान्त हांमिहरुका बैरीहरुले भन्ये हांमिहरु तिनिहरुको बीचमां ११
पुग्येर तिनिहरुलाइ मारुंज्याल् सम्म र तिनिहरुको काम् थमाउंज्याल् सम्म
तिनिहरुलाइ न थाहा हुंछ न तिनिहरुले देख्नु पाउंछन् भनि। अनि १२
येसो भयो जब तिनिहरुको छेउमां बस्ने यहूदीहरु आउंद थिये तब
तिनिहरुले हांमिहरुलाइ सबै ठांउ देखि दस् खेप् भन्द थिये तिमिहरु
हांमिहरु थांइ फर्कि आउंनु पर्छ भनि। येस्कारण् मैले लोगलाइ तरवार १३
भाला र धनु दियेर सबै भन्दा नीचो नीचो खोलाठांउ हुंदो अं जहान्
जहान् अनुसार् बसाल्यें। अनि मैले हेर्यें अनि उठेर भारादारहरु र
मालिकहरु र अरु लोगलाइ येसो भन्यें तिनिहरु देखि न डराउ. जो प्रभु
महा र डरलाग्दो छ उसैलाइ सम्झ अनि आफ्ना दाज्युभाईहरु
छोराछोरीहरु स्वास्नीहरुको लागि लड़ाईं गर। अनि येसो भयो जब १४

हांमिहरुका बैरीहरुलाइ यो कुरोको थाहा भयो अनि ईश्वरले हांमिहरुको सल्लाह् बिगारि दियो भनि सुन्ये तब हांमिहरु सबै जना घेराभित्तामां
१६ जनंगे आफ्नु आफ्नु काममां फर्कि आयूं। अनि त्येस् बेला देखि येसो भयो मेरा चाकरेहरुमांका आधा चइं काम् गर्दै रहंद थिये अनि अर्को आधाचइंले भाला ढाल् धनु र झिलम् समाइ राख्द थिये अनि
१७ मालिक्हरु चइं यहूदाको सबै जहान्को पछि लागद थिये। घेराभित्ता बनाउंनेहरु र भारि बोक्नेहरु सबैले एक् हातले काम् गर्ने अनि अर्को
१८ हातले चइं हतियार् समाइ राख्नेगरि गर्द थिये अनि गारोकर्म्मीहरुले आफ्नु आफ्नु तर्वार भिरि राख्येर बनाउंद थिये। अनि तुरही बजाउंने
१९ चइं मेरो छेउमां रहंद थियो। अनि मैले भारादार्हरु र मालिक्हरुलाइ भन्यें काम् तुलो र धेरै छ हांमिहरु चइं एका अर्को देखि घेराभित्तामां
२० अलग अलग छौं. त जता तिर देखि तिमिहरुले तुरहीको सोर् सुन् छौ वहां हांमिहरु थांइ आउंनु हांमिहरुको ईश्वरले हांमिहरुको लागि लड़ाईं
२१ गर्छ। येसोरि हांमिहरु काम् गर्दै रह्यूं. अनि आधा चइं मान्छेहरुले घाम् झुल्कनु बित्तिकै देखि तारा देखौंने बेला सम्म भालाहरु समाइ
२२ रहंद थिये। फेरि मैले त्येस् बेला लोगलाइ तिनिहरु राति चइं हांमिहरुको लागि पहरा होउन् अनि दिउंसो चइं काम् गरुन् भन्येर जनंगे आफ्नु चाकरे समेतले यरूशलेम् भित्र बास् गरुन् भनि अह्रायें।
२३ येसोरि न मं न मेरा भाईहरु न मेरा चाकरेहरु न मंलाइ पछ्याउंने पहराहरु अं हांमिहरुमांको कसैले पनि आफ्नु लुगा काढ्यं जनंगे आफ्नु आफ्नु हतियार् भिर्येर पानीमां जांद थियूं॥

(यहूदीहरुको गत)

५ १ त्येस् बेला लोग् आफ्नो आफ्नो स्वास्नीहरु समेत् आफ्ना भाई
२ यहूदीहरुको बिरुद्धमां साह्रो मारो कराइ उठेर। किनभन्ये तिनिहरुमांका कत्ति जना हांमिहरु आफ्ना छोराछोरीहरु समेत् धेरै छौं त अन्न पाऊं र
३ हांमिहरु खाइ जीउं भन्येहरु थिये। अनि अरु कत्ति जना हांमिहरु आफ्ना खेत् दाख्को बारी घर् बन्धक् राख्द छौं. अनिकाल् छ त हांमिहरु अन्न पाऊं
४ भन्येहरु थिये। फेरि कत्ति चइं राजाको भाराकिस्ताको लागि हांमिहरुले आफ्ना खेत् दाख्को बारी बन्धक् राख्येर ऋण गर्येका छौं भन्येहरु थियं।
५ तैपनि हांमिहरुको जीउ हांमिहरुका भाईहरुके जीउ जस्तो छ अनि हांमिहरुका बालबच्चाहरु तिनिहरुका बालबच्चाहरु जस्ते छन्. त हेर हांमिहरु आफ्ना छोराछोरीहरु कमांरा कमांरी हुंनुलाइ ल्याउंद छौं अनि केलेइ पनि हांमिहरुको छोरीहरुमांको कतिबटो कमांरी भइ सक्येको छन्. येस्को बिरुद्ध गर्नु हांमिहरुको शक्ति छैन कसोगरिभन्ये हांमिहरुका खेत्
६ र दाख्का बारीहरु अर्काका भइ सक्येका छन भन्येहरु थिये। तिनिहरुको
७ कराई र यि कुरा सुन्दा मं साह्रो रिसायें। तब आफ्नु मन्मां बिचार् गरि

भारादार्हरु र मालिक्हरु सित लड़ाईं गर्यें अनि तिनिहरुलाइ भन्यें तिमिहरु जनंगेले ता आफ्ना सबै भाईहरु सित ब्याज् लिंदा राछौ। यहांदेखि मैंले तिनिहरुको विषयमां येउटा तुलो मंडली खटायें। अनि ८ तिनिहरुलाइ भन्यें हांमिहरुले ता शक्तिभर् अन्यदेशीहरुमां बेच्येका आफ्ना भाई यहूदीहरुलाइ निखन्येका छौं तर तिमिहरुले ता आफ्ना भाईहरुलाइ पनि बेच्दा राछौ अनि के तिनिहरु हांमिहरुका हातमां बेचौंछन्। त तिनिहरु चुप लागि रह्यें अनि केइ बोलने ठांउ पायेनन्। फेरि मैंले भन्यें ९ तिमिहरुले गर्येको काम् नजाति हो. के हांमिहरुका बैरी अन्यदेशीहरुले गर्येका निन्दाको कारणले तिमिहरु हांमिहरुको ईश्वर्को भयमां हिंडनु पर्ने थियेन। अं मं पनि आफ्ना भाईहरु र नौकर्चाकर्हरु समेत्ले रुपिया १० र अन्न ब्याजमां उधारो दिंद छु। त बिन्ति यो छ हांमिहरु त्यो ब्याज् छोड़ि दिऊं। अं बिन्ति यो छ आजै तिनिहरुलाइ तिनिहरुका खेत्हरु ११ तिनिहरुका दाख्का बारीहरु तिनिहरुका भट्टाल्केका बारीहरु र तिनिहरुका घर्हरु अं तिमिहरुले तिनिहरु देखि लियेका रुपिया अन्न दाख् र तेल्को एक् सयं हिस्सा फर्काइ देव। तब तिनिहरुले भन्ये हांमिहरु तिनिहरुलाइ १२ फर्काइ दिंछौं अनि तिनिहरु देखि केइ पनि लिंदौंन आफुले भन्येकै भैं हांमिहरु गर्छौं। तब मैंले पूजाहारीहरुलाइ बोलायेर ति लोग् देखि हांमिहरु येइ करहार् अनुसार् गर्छौं भन्ये किरिया खानु लगायें। अनि १३ मैंले आफ्नु पोल्टा टकटकायेर भन्यें ईश्वर्ले पनि यो करहार् पूरो न गर्ने जनंगेलाइ त्येस्को घर् र त्येस्को काम् देखि येसैगरि टकटकावस्। अं त्यो येसैगरि टकटकाईओस् अनि खालि गरीओस्। तब सिंगे मंडलीले आमेन् भन्येर यहूवेको स्तुति गर्ये। अनि लोगले येस् करहार् अनुसार् गर्ये। येस् उप्रान्त मं यहूदा देसमां तिनिहरुको मालिक् हुंनुलाइ खटाईयेको १४ बेला देखि अर्तक्षत्र राजाको बीसौं बर्ष देखि त्येस्को बत्तीसौं बर्ष सम्म अर्थात् बारह बर्ष सम्म मैंले आफ्ना भाईहरु समेत्ले मालिक्लाइ दिईने रोटी खायेको कुईन। तर मं भन्दा अगाड़िका मालिक्हरुले लोग् मांथि १५ भारि बोकाउंद थिये अनि तिनिहरु देखि चालीस् शेकल् चांदी बाहिक् रोटी दाख्रस् लिंद थिये अं तिनिहरुका चाकरेहरुले पनि लोग् मांथि हुक् चलाउंद थिये. तर ईश्वर्को भयको कारणले मैंले ता येसो गरीन्। अं मं येस् घेराभित्ताको काममां लागि रह्यं अनि हांमिहरुले कोई जिमीन् १६ किन्यंन. अनि मेरा सबै चाकरेहरु यहां कामको लागि भेला भये। येस् १७ उप्रान्त मेरो मेजमां हांमिहरुको छेउमां भयेका अन्यदेशाहरुमांका हांमिहरु पांइ आउंनेहरु बाहिक् यहूदीहरु र मालिक्हरुमांका एक् सै र पचास् जनाले खांद थिये। त दिन् दिनको लागि येउटा गोरु र छवटा १८ रोजा भेंड़ाहरु तियार् पारेंद थिये अनि मेरो लागि कुखराहरु पनि अनि दस् दिनभरि सबै रकमका दाख्रसको पनको. तैपनि ति सबैको लागि येस् लोग् मांथि भारि गह्रुङ् भयेको कारणले मैंले मालिक्लाइ दिईने

रोटी मांगौंन । हे मेरो ईश्वर् मैंले येस् लोगको लागि गर्येको मेरो सबै काम् मेरो भलाईको लागि सम्झना राख्नु हुवस् ॥

(घेराभित्ता बनाइ सक्कीयो)

६ १ जब सम्बल्लत् र तोबिय्याह् र अरबी गेशेम् र हांमिहरुका अरु बैरीहरुलाइ थेस्ले घेराभित्ता बनाइ सक्यो अनि थेस्मां कोइ कुँदूकाइ पनि कैन अरे भनि सुनाईयो (मैंले थेस् बेला सम्म ढोकाहरुमां दैलाहरु
२ उभ्याथेको थिइंन र पनि) तब थेसो भयो सम्बल्लत् र गेशेम्ले मंलाइ आउ हांमिहरु ओनोको मैदान्मां भयेको कोई बस्तीमां भेट् गरूं भनि बोलाइ पठाये । तर तिनिहरुले मेरो बुराई गर्ने मन् गर्येका थिये ।
३ तर मैंले तिनिहरुकां थेसो भनिकन मान्छे पठायें तुलो काम् गर्दै छु त उत्रि आउंनु सक्दौंन . मं काम् छोड़िकन तिमिहरु थांइ आउंनुको लागि
४ काम् किन थामीओस् । तब तिनिहरुले थेसैगरि चार् खेप् मं थांइ पठाये
५ अनि मैंले चइं थेइ परिलेनै तिनिहरुलाइ उत्तर् दिंदै गयें । तब सम्बल्लतले पांचौं खेप् आफ्नु चाकरको हातमां थेसो भन्ने खोलीयेको चिट्ठी मं थांइ
६ पठायो जस्मां लेख्येको थियो तिमि यहूदीहरु समेत् राजद्रोह् गर्ने मन् गर्दछौ अरे भनि अनादेसीहरुमां सुनाईंद छ अनि गेशेम्ले पनि थेसे भन्द छ थेस्कारणले तिमि घेराभित्ता बनाउंद छौ . अनि ति कुरा अनुसार्
७ तिमिले तिनिहरुको राजा हुंने मन् गर्द छौ । अनि तिमिले अगमवक्ताहरुलाइ यहूदामां राजा छ भन्थेर आफ्नु विषयमां यरूशलेममां प्रचार् गर्नुलाइ खटायेका छौ । त अब तिनै कुरा अनुसार् राजालाइ सुनाईंछ । त अब आउ
८ हांमिहरु सल्लाह् गरूं भन्थे । तब मैंले थेस्लाइ तिमिले भन्थेको जस्तो कोइ कुरा कैन तर तिमि आफैले आफ्नु मन् देखि थेस्ता थेस्ता कुरा निकाल्द छौ
९ भनि पठायें । कसोगरिभन्थे तिनिहरु सबैले यो काम् न गरीओस् भन्थेर तिनिहरुका हात् त्यो देखि निर्बल्लिया बनौउन् भनि हांमिहरुलाइ डर् देखाउंने मन् गर्दै थिये । तर हे ईश्वर् अब तपांइले मेरो हात् बल्लियो तुल्याइ दिनु हुवस् ॥

१० अनि मं महेतबेलको छोरो दलायाहको छोरो शमायाहको घरमां गयें जो थुना पर्थेको थियो त थेस्ले भन्यो हांमिहरु ईश्वरको घरमां मन्दिर् भित्र भेट् गरूं अनि हांमिहरु मन्दिरको देला थुनूं . किनभन्थे तिनिहरु आफुलाइ मार्नु आउंछन् अं आफुलाइ मार्नुलाइ राति आउंछन् ।
११ तब मैंले भन्थें को मं जस्तो मान्छे भागोस् . अनि मं जस्तो भयेको को छ जो आफ्नु प्राण बचाउंनुको लागि मन्दिर् भित्र पसोस् . मं भित्र पस्दौंन ।
१२ तब मंलाइ थाहा भयो हेर थेस्लाइ पठाउंने चइं ईश्वर् होइन रछ . तर थेस्ले मेरो विषयमां यो अगमवाणी भन्थेको रछ भनि अनि तोबिय्याह् र सम्बल्लतले
१३ थेस्लाइ ज्याला दिंयेका राछन् भनि । थेस्लाइ थेस्कारणले ज्याला दिंयेका राछन् अर्थात् मैंले तर्थेर थेसे गरूं अनि पाप् गरूं अनि तिनिहरुको मेरो

निन्दा गर्नुको लागि बुरो समाचार्को कुरो हवस् भन्ये खातिरले हो रछ ।
हे मेरो ईश्वर् तोबिय्याह् र सम्बल्लत्लाइ तिनिहरुको यि सबै काम् १४
अनुसार् र नोअद्याह् अगम्बक्तेनीलाइ पनि अनि मंलाइ डर् देखाउंनु
खोजुने अरु अगम्बक्ताहरुको पनि सम्झना राख्नु हवस् ॥

येसोरि एलुल् महीनाको पचीसौं तिथिमां अर्थात् पचास् दिनमां १५
घेराभित्ता सिद्धीयो । अनि येसो भयो जब हांमिहरुका सबै बैरीहरुले १६
येस्को बिषयमां सुन्ये तब हांमिहरुको वरिपरिका सबै अन्यदेसीहरु डराये
अनि आफ्नु दृष्टिमां आफै तुच्छ भये. कसोगरिभन्ये तिनिहरुले यो काम्
तिनिहरुको ईश्वर् देखि गरीये क भनि चाल् पाये । येस् बाहिक् ति दिनमां १७
यहूदाका भारादार्हरुले तोबिय्याह् थांइ धेरै चिट्ठी लेख्द थिये अनि
तोबिय्याह्का चिट्ठी तिनिहरु थांइ जांद थिये । किनभन्ये त्यो आरह्को १८
क्होरो शकन्याह्को जुवंइ भयेको र त्येस्को क्होरो यहोहानान्ले बेरेक्याह्को
क्होरो मशुल्लाम्की क्होरीलाइ ब्याहा गर्येको कारणले यहूदामांका कत्ति
जनाले त्येस् पट्टि लाग्ने किरिया खायेका थिये । फेरि तिनिहरुले त्येस्का १९
भला कार्य्यको बिषयमां मेरो सांमु चर्चा गर्दै थिये अनि मेरो चइं कुरा
त्येस्लाइ सुनाउंद थिये । अनि तोबिय्याह्चइंले मंलाइ डर् देखाउंनुको
लागि चिट्ठी पनि पठाउंने गर्द थियो ॥

(यरूशलेम्मां फेरि बास् गर्नु)

तब येसो भयो जब घेराभित्ता बनाइ सक्यें अनि मैंले देलाहरु ७ १
उभ्याइ सक्यें अनि द्वारपालहरु र गवैयाहरु र लेवीहरु खटाईयेका
थिये तब मैंले आफ्नु भाई हनानी र किल्लाको मालिक् हनन्याह्लाइ २
यरूशलेम्को रक्षे गर्नु खटायें. किनभन्ये त्यो बिश्वासयोग्य् थियो अनि धेरै
गरि अरु मान्छे भन्दा बेसि ईश्वरको भय मान्ने थियो । तब मैंले तिनिहरुलाइ ३
भन्यें घाम् नचर्कुज्यांल् सम्म यरूशलेम्का ढोकाहरु न उघारीउन् अनि
तिनिहरु पहराचौकि बस्दाखेरि देला थुनुन् अनि आगलाहरु लगाउन.
अनि यरूशलेम्का बासीहरुमांकालाइ पहराचौकि खटाव जनंगे आफ्नु
आफ्नु पहरामां अनि जनंगे आफ्नु आफ्नु घरको सांमु । सहर् ठुलो र ४
फराक् थियो. तर मान्छे थोरै थिये अनि घारहरु बनाइ सकेनन् । अनि ५
मेरो ईश्वरले मंलाइ भारादारहरु र मालिकहरु र लोगलाइ भेला गराउंने
मन् गरायो तिनिहरु बंशावली बंशाबलीगरि गनीउन् भन्येर । अनि मैंले
ति पहिले चढि आयेका मान्छेहरुको बंशावलिको पोस्तक् पायें अनि त्येस्मां
येसोरि लेखीयेको भेटायें. खाका बासीहरु यि हुन् जो बाबेल्को राजा ६
नबूकदनेस्सरले बन्धवाईमां लग्येको थियो तिनिहरुमांका जति जना
बन्धुवाई देखि कुटकारा पाइ यरूशलेम् र यहूदामां आफ्नु आफ्नु
सहरमां फर्कि आयेका थिये ति यिनै हुन् जो जरुब्बाबेल् ७
येशूअ नहेम्याह् अजर्याह् रम्याह् नहमानी मोर्दकै बिल्शान् मिसेरेत्

बिग्वै नहूम् र बाना सङ फर्कि आये । इस्राएली लोगका मान्छेहरु यिने
८ हुन् . परोशबंशी दुइ हजार् एक् सै बहत्तर् । शपत्याहबंशी तीन् से
१० बहत्तर् । आरहबंशी छ सै बावन् । पहत्मोआबबंशी येशूअ र मोआबका
१२ बंशमांका दुइ हजार् आठ् से अठारह् । एलामबंशी बारह् से चौवन् ।
१३,१५ जत्तूबंशी आठ् से पैंतालीस् । जक्कैबंशी सात् से साठी । बिनूईबंशी
१७ छ सै अड्तालीस् । बेबैबंशी छ सै अट्ठाईस् । अजगादबंशी दुइ हजार्
१८ तीन् से बाईस् । अदोनीकामबंशी छ सै सड्सठ् । बिग्वैबंशी दुइ हजार्
२१ सड्सठ् । आदीनबंशी छ सै पचपन् । हिजकिय्याहबंशी आतेरको बंशमाको
२३ अन्ठानबे । हाशूमीहरु तीन् से अट्ठाईस् । बेसैबंशी तीन् से चौबीस् ।
२५,२६ हारीपमांको एक् से बारह् । गिबोनीहरु पंचानबे । बेतलेहेम् र
२७ नतोपाका मान्छे एक् सै अठासी । अनातोतका मान्छेहरु एक् से अठाईस् ।
२८ बेतजमावेतका मान्छेहरु बयालीस् । किर्यत्यारीम् कपीरा र बेरोतका
३० मान्छेहरु सात् से तिर्तालीस् । रामा र गेबाका मान्छे छ सै एकाईस् ।
३१ मिकमासका मान्छेहरु एक् सै बाईस् । बेतेल् र ऐका मान्छेहरु एक् से
३३ तेईस् । दोस्रो नबोका मान्छेहरु बावन् । दोस्रो एलामका बंशका बारह् से
३४ चौवन् । हारीमबंशी तीन् सै बीस् । यरीहोवीहरु तीन् से पैंतालीस् ।
३६ लोद् हादीद् र ओनोका सात् से एकाईस् । सनावीहरु तीन् हजार् नौ से
३९ तीस् । फेरि पूजाहारीहरु . येशूअका घरका यदायाहबंशी नौ से तिहत्तर् ।
४१ इम्मरबंशी एक् हजार् बावन् । पशहूरबंशी बारह् से सैंतालीस् ।
४३ हारीमबंशी एक् हजार् सत्रह् । फेरि लेवीहरु . येशूअबंशी र होदवाबंशी
४४ कदमीएलको बंशका चौहत्तर् । फेरि गवैयाहरु . एक् से अड्तालीस्
४५ आसापबंशी । फेरि दुवारपालहरु . शल्लूमबंशी आतेरबंशी तल्मोनबंशी
४६ अक्कूबबंशी हतीताबंशी र शोबैबंशी यि सबैगरि एक् से अड्तीस् । फेरि
४७ नतानीहरु . सीहाबंशी हसूपाबंशी तब्बाओतबंशी केरोसबंशी सीआबंशी
४८ पादोनबंशी लबानाबंशी हगाबाबंशी सल्मैबंशी हानानबंशी
४९ गिद्दलबंशी गहरबंशी गायाबंशी रसीनबंशी नकोदाबंशी गज्जामबंशी
५१ उज्जाबंशी पासेहबंशी बेसैबंशी मूनीबंशी नापीशबंशी बकबूकबंशी
५३ हकूपाबंशी हहूरबंशी बसलीतबंशी महीदाबंशी हर्षाबंशी बर्कोसबंशी
५५ सीसराबंशी तेमहबंशी नसीहबंशी र हतीपाबंशी । फेरि सुलैमानले
तुल्याएका कर्मारहरुको बंश . सोतैबंशी सोपेरेतबंशी परीदाबंशी
५८ यालाहबंशी दर्कोनबंशी गिद्देलबंशी शपत्याहबंशी हत्तीलबंशी पोकेरेत-
६० सबायीमबंशी र आमोनबंशी । नतीनीहरु र सुलैमानले तुल्याएका
६१ कर्मारहरुको बंश मिलाइ सबै तीन् से बियानबे । अनि तेलमेलह तेलहर्शा
करूब अद्दोन र इम्मर् देखि चढि आएकाहरु यिने हुन् . तर तिनिहरुले
हामिहरु इस्राएलका हौं कि हौंन भनि आफ्ना पित्रहरुका घर घर र
६२ बंशावली देखाउनु भएनन् . अनि दलायाहबंशी तोबियाहबंशी र
६३ नकोदाबंशी छ सै बियालीस् । अनि पूजाहारीवंशीहरुमांका . होबायाहबंशी

हक्कोसबंशी र त्यो बर्जिल्लैको बंश जस्ले गिलादी बर्जिल्लैकी छोरीमांकी
येउटीलाइ ब्याहा गर्येर त्येसैको नांउमां भनीयो। तिनिहरु आफ्नु आफ्नु ६४
बंशावलीको पत्र बंशावलीगरि बनीयेकाहरुको बीच्मां खोज्ये तर पाईयेन.
येस्कारण तिनिहरु अशुद्ध ठहराईये अनि पूजाहारीगिरि देखि खसालीये।
तब तिर्शाताले तिनिहरुलाइ भन्यो ऊरीम् र तुम्मीम् लिने पूजाहारी न ६५
उभीउंज्याल् सम्म महापवित्र थोक् देखि न खाव। त सिंगे मंडली ६६
बयालीस् हजार् र तीन् सै साठी थिये तिनका चाकरेहरु र चाकरेनीहरु ६७
बाहिक् जुन्हरुमांका सात् हजार् र तीन् सै सैंतीस् जना थिये. अनि
तिनिहरुका दुइ सै पैंतालीस् गवैया पुरुषहरु र स्त्रीहरु थिये। तिनिहरुका ६८
घोड़ाहरु सात् सै छत्तीस् तिनहरुका खच्चर् दुइ सै पैंतालीस् ऊंट् चार् ६९
सै पैंतीस् अनि गदाहा छ हजार् सात् सै बीस् थिये। अनि पित्रहरुका घर् ७०
घरका मूलका कति जनाले काम्को लागि दिंद थिये। तिर्शाताले भंडारमां
सुनको एक हजार् अशर्फी पचास्वटा कटोरा र पांच् सै तीस पूजाहारी
वस्त्र दियो। अनि पित्रहरुका घर् घरका कति मूल् मूलहरुले त्येस् काम्को ७१
भंडारमां सुनका बीस् हजार् अशर्फी र चांदीका दुइ हजार् दुइ सै माने
दिये। अनि रह्यका पर्जाहरुले सुनका बीस् हजार् अशर्फी र चांदीका दुइ ७२
हजार् माने र सड्सठ् पूजाहारी वस्त्र। येसोगि पूजाहारीहरु र लेवीहरु र ७३
दुवारपालहरु र गवैयाहरु र लोगका कति जना र नतीनीहरु अनि सिंगे
इस्राएल् आफ्नु आफ्नु सहरमां बस्ये॥

(यहूदीहरुलाइ व्यवस्था सुनाईनु)

अनि सातौं महीना पुग्दा सिंगे इस्राएलबंशी सहर् सहरमां
बस्येका थिये। अनि सिंगे लोग् एक् मनका भइ पानीटोकाको सांमु ८ १
भयेको चोकमां भेला भयेर एज्रा शास्त्रीलाइ यहुवेले इस्राएललाइ आज्ञा
गर्यको मूसाको व्यवस्थाको त्येस् पोस्तक् देखि ल्याउनुलाइ भन्ये। तब एज्रा २
पूजाहारीले सातौं महीनाको पहिलो तिथिमां समाजको सांमु अर्थात्
सुन्येर बूझ्नु सक्ने सबै पुरुषहरु र स्त्रीहरुको सांमु व्यवस्थाको पोस्तक्
ल्यायो। अनि त्येस् पानीटोकाको सांमु भयेको चोक्को सांमु एज्रालो ३
भयेको देखि मध्यान दिन् सम्म सबै पुरुष् स्त्री र सबै बूझ्न सक्नेहरुको
सांमु त्यो पढ्यो अनि सिंगे लोगले व्यवस्थाको त्येस् पोस्तकमा कुरा ध्यान्
लगाइकन सुन्ये। तब एज्रा शास्त्री तिनिहरुले यो काम्को लागि बनायेको ४
काठको अलगो ठांउमां उभीयो अनि त्येस्को छेउमां मत्तित्याह शेमा अनायाह
ऊरिय्याह हिल्कियाह र मासेयाह दाहीनो पट्टि उभीइ थिये अनि त्येस्को
बांउ पट्टि पदायाह मीशाएल् मल्कियाह होशूम् हशब्दाना जकर्याह र
मशुल्लाम्। तब एज्राले जो सबै भन्दा अलगो थियो सबै लोगले देख्ने ५
गरि त्यो पोस्तक् फुकायो अनि त्येस्ले त्यो फुकाउंदा सबै जना उभीये. तब ६

[1] अर्थात् फार्सी मालिक।

एज्राले महा ईश्वर् यहूवेलाइ धन्य मान्यो। तब सिंगे लोगले आफ्ना आफ्ना हात् उचालि आमेन् आमेन् भनि उत्तर् दिये. तिनिहरुले शिर
७ निउंराइ घोप्टो पर्यर यहूवेलाइ दण्डवत् गर्ये। अनि येशूअ बानी शेरेब्याह् यामीन् अक्कूब् शब्बते होदिय्याह् मासेयाह् कलीता अजर्याह् योजाबाद् हानान् पलायाह् र लेवीहरुले लोगलाइ व्यवस्था बुझाउंद थिये.
८ अनि लोग् आफ्नु आफ्नु ठांउमां उभीइ रह्ये। येसोरि तिनिहरुले येस् पोस्तकमां अर्थात् ईश्वरको व्यव मां प्रगटोगरि परि सुनाये अनि
९ तिनिहरुले पर्यकोको अर्थ बूझ्नेगा खोलि दिये। तब नहेम्याह् जो तिर्शाता थियो अनि एज्रा पूजाहारी शास्त्री र लोगलाइ सिकाउंने लेवीहरुले सिंगे लोगलाइ भन्ये आजुको दिन् तिमिहरुको ईश्वरको लागि पवित्र छ त् बिलाप् न गर न रोव। किनभन्ये सिंगे लोग् परीयेको व्यवस्थाका कुरा
१० सुन्दे रुंनु लाग्ये। तब येस्ले तिनिहरुलाइ भन्यो आजुको दिन् हांस्रो प्रभुको लागि पवित्र छ येकारण् हिंड़ि जाव मीसो खाव अनि मीठो पीव अनि जुस्को लागि केइ तियार् केन येस्को लागि भाग् पठाइ देव. अनि उदास्
११ न हव किनभन्ये यहूवेको आनन्द तिमिहरुको बल् छ। येसोरि लेवीहरुले सिंगे लोगलाइ दिन् पवित्र छ चुप् लाग उदास् न हव भन्दे चुप् लगाये।
१२ त तिनिहरुको लागि सुनायेका कुरा बुझेपको कारणले सिंगे लोगले खाना पीना र भाग् पठाउंनु र अग्घोर् आनन्द गर्नुलाइ आफ्नु आफ्नु बाटो समाये॥

१३ तब भोलि पल्टो सिंगे लोगका पित्रहरुका घर् घरका मूलहरु र पूजाहारीहरु र लेवीहरु व्यवस्थाका कुरामां ध्यान् दिनुको लागि एज्रा
१४ शास्त्री पांह भेला भये। तब तिनिहरुले व्यवस्थामां येसो भनि लेख्येको भेटाये अर्थात् यहूवेले मूसाको बाटोले आज्ञा दियेको छ इस्राएलबंशीहरु
१५ सातौं महीनाको चाड्मां झाप्रामां बस्नु. अनि पहाड् हुंदो गयेर बहां बाटो भद्रात्तेका हांगाहरु र बनभद्रात्ते मेहेंदी खजूरका हांगाहरु र बाक्ला बाक्ला रुखका हांगाहरु लेख्येपेको अनसार झाप्रा बनाउंनुलाइ ल्याव भन्ये र
१६ तिनिहरुले सबै सहर र यरूशलेममां उर्दी प्रचार् गरुन् भन्ये। त लोगले निकल्येर ति ल्याये अनि जनंगेले आफ्नु घरको कौसि मांथि र आफ्नु आफ्नु आंगन् आंगनमां र ईश्वरको घरको आंगनमां र पानीढोकाको चोकमां र एप्रैमको ढोकाको चोकमां आफ्नु आफ्नु लागि झाप्रा
१७ बनाये। अनि बन्धुवाई बाटो फर्कि आयेका सिंगे मंडलीले झाप्रा बनाये अनि झाप्रामां रह्ये. किनभन्ये नूनको छोरो यहशूअको पाला देखि येस् दिन् सम्म इस्राएलबंशीहरुले येसो गर्येका थियेनन्। त अग्घोर् आँधि
१८ रमाइट् भयो। येस् उप्रान्त येस्ले पहिलो दिन् देखि पछिल्लो दिन् सम्म दिनहुं ईश्वरको व्यवस्थाको येस् पोस्तक् देखि परि परि सुनायो। अनि सो चाड् सात् दिन् सम्म मान्दे रह्ये अनि आठौं चहं दिनमां विधि अनसार पवित्र सभा गर्ये॥

(पापको काएल्हुवाई)

फेरि त्येस् महीनाको चौबीसौं तिथिमां इस्राएल्वंशीहरू उपास् ८ १
बस्दे र भाग्रा लगाइ धूलो हाल्दे भेला भये। अनि इस्राएल्को वंशले २
आफुलाइ सबै परायहरू देखि छुट्याये अनि उभीयेर आफ्ना आफ्ना पाप् र
आफ्ना पिता पुर्खाहरूका अधर्म्मका काएल् भये। फेरि आफ्नु आफ्नु ठाउंमां ३
उभीये दिनको चौथो हिस्सा सम्म आफ्नु ईश्वर् यहूवेको व्यवस्थाको त्यो
पोस्तक् पढ्ये। अनि अर्को चौथो हिस्सामां चइं आफ्ना आफ्ना पापका
काएल् भइ आफ्नु ईश्वर् यहूवेलाइ दण्डवत् गर्ये। तब लेवीहरूका येशूअ ४
बानी कद्मीएल् शबन्याह् बुन्नी शेरेब्याह् बानी र कनानीले खड्कीला-
हरूमां उभीयेर तुलो सोर्ले आफ्नु ईश्वर् यहूवेको दोहाई गर्ये। फेरि ५
यशूअ कद्मीएल् बानी हशब्नयाह् शेरेब्याह् होदिय्याह् शबन्याह् र पतह्याह्
लेवीहरूले भन्ये उभीयेर आफ्नु ईश्वर् यहूवेलाइ जुगनजुग् सम्म धन्य कह.
अं सबै धन्य र सबै स्तुति भन्दा बेसि अलगीयेको तपांइको महिमित नांउ
धन्यको हवस्। तपांइनै यहूवे को अं तपांइनै मांत्रे. तपांइले स्वर्ग र तिनका ६
सबै सेनाहरू समेत् स्वर्गहरूको स्वर्ग पृथिवी र त्येस्मां भयेका सबै थोक् र
समुन्द्र र तिनमां भयेका सबै थोक् सिर्जनु भयो अनि तपांइले ति सबैको
रक्षे गर्नु हुंद कु अनि स्वर्गको सेनाले तपांइलाइ दण्डवत् गर्द कुन्।
हे यहूवे तपांइ उइ ईश्वर् हौ जस्ले अब्राम्लाइ कास्दीहरूको ऊर् ७
देखि निकालि ल्याउंनु भयो अनि त्येस्को नांउ अब्राहाम् राखनु भयो
अनि त्येस्को मन् आफ्नु सांमु विश्वासी पायेर त्यो सङ कनानी हित्ती
एमोरी परिज्जी यबूसी र गिर्गाशीको देस् तंलाइ अं तेरो वंशलाइ दिन्कु
भन्ये नियम् बांधनु भयो अनि आफ्नु कुरा पूरो गर्नु भयो किनभन्ये
तपांइ धर्म्मी हुंनु हुंद कु। फेरि तपांइले हांमिहरूका पित्रहरूको मिस्रमां ९
भयेको दुक्ख देख्नु भयो अनि तिनिहरूको लाल् समुन्द्र छेउको दोहाई सुन्नु
भयो अनि फिरऊन् र त्येस्का सबै चाकरेहरू र त्येस्को देस्का सबै १०
लोग् मांथि चिंनु र आश्चर्य्यकर्म्म देखाउंनु भयो किनभन्ये तपांइले
तिनिहरूले यिनिहरूको विरुद्धमां अहंकार् गर्ये भनि जान्नु भयो अनि
आफ्नु लागि नांउ बनाउंनु भयो आजुको दिन् जस्तो। अनि तिनिहरू ११
समुन्द्रको मांझ बाटो ओबानो भूइंमां हिंड़ि जांनुको लागि तपांइले समुन्द्र
तिनिहरूको सांमु भाग् पार्नु भयो अनि तिनिहरूलाइ खेद्नेहरूलाइ
तपांइले गहीरोमां हाल दिंनु भयो ढुंगा प्रतापी पानीमां डुब्येको झैं
डुब्नुलाइ। येस् उप्रान्त तपांइले तिनिहरूलाइ दिउंसो मुड्का जस्तो १२
ठड़ीयेको मेघमां अनि रात्ति तिनिहरूलाइ तिनिहरूले हिंड्नु पर्ने बाटोमां
ज्यालो पारि दिंनुलाइ मुड्का जस्तो ठड़ीयेको आगोमां तपांइले
तिनिहरूलाइ डोऱ्याउंनु भयो। तपांइ सिने पर्वत् मांथि उत्रि पनि आउंनु १३
भयो अनि तिनिहरू सित स्वर्ग देखि बात् गर्नु भयो अनि तिनिहरूलाइ

खोजो नियाबचन्हरु र विश्वास्योग्य व्यवस्था जाति विधि र आज्ञाहरु
१४ दिनु भयो. अनि आफ्नु दास् मूसाको बाटोले तिनिहरुलाइ आफ्नु पवित्र
विश्राम्बार् जनाउनु भयो अनि तिनिहरुको लागि आज्ञाहरु र विधिहरु र
१५ येउटा व्यवस्था अह्राउनु भयो. अनि तिनिहरुको भोक् मार्नुको लागि
स्वर्ग बाटो रोटी दिनु भयो अनि तिनिहरुको तिर्खा मार्नुलाइ पानी
निकाल्नु भयो अनि तिनिहरुलाइ मैले तंलाइ दिनुको लागि किरिया
खाइकन आफ्नु हात् उचाल्येको देशको अधिकारी हुनुलाइ भित्र पस्
१६ भनि आज्ञा दिनु भयो। तर तिनिहरु र हाम्रा पिता पुर्खाहरुले अहंकार्
१७ गर्येर आफ्नु गर्दन् कठोर् गर्ये अनि तपाइका आज्ञा सुन्येनन् अनि
मान्दा पनि मान्येनन् अनि तपाइले तिनिहरुको बीचमां गर्येका
आश्चर्यकर्म्महरु चेत् गर्येनन् तर आफ्नु गर्दन् कठोर् गर्ये अनि आफ्नु
बागीहुवाईमां आफ्नु बन्धुवाईको गतमां फर्कि जानुको लागि येउटा
अगुवा राख्येका थिये. तर तपाइ चइं क्षमा गर्ने गुण् भयेको ईश्वर् हो
दयालु र अनुग्रह् गर्ने रिस् गर्नुमां धीरजी अनि टिठाईमां भरपूर्
१८ भैकारण् तपाइले तिनिहरुलाइ छोड्नु भयेन। अं जब तिनिहरुले आफ्नु
लागि येउटा टाल्येको बाछो बनायेर तंलाइ मिस्र देस् देखि निकालि
ल्याउने तेरो ईश्वर् येइ हो भन्येर भन्येका थिये अनि अरुघोर् निन्दा
१९ गर्येका थिये तैपनि आफ्नु अरुघोरको दयाको कारणले तिनिहरुलाइ
बनमां छोड्नु भयेन. तिनिहरुलाइ बाटोमां डोऱ्याउनुको लागि मेघको
मुडुका तिनिहरु देखि कैले पनि गइ गयेन अनि राति पनि तिनिहरुले
हिंड्नु पर्ने बाटो देखाउनुलाइ उज्यालो दिने मुडुका जस्तो आगो राति।
२० तपाइले तिनिहरुलाइ सिकाउनुको लागि आफ्नु भलो आत्मा पनि दिनु
भयो अनि तिनिहरुको मुख् देखि आफ्नु मन्न राखि छोड्नु भयेन अनि
२१ तिनिहरुको तिर्खा मार्नुलाइ तिनिहरुलाइ पानी दिनु भयो। अं चालीस् बर्ष
भरि तपाइले तिनिहरुलाइ बनमां पालनु भयो अनि तिनिहरुको लागि
केइ पनि घटि थियेन तिनिहरुका लुगा तिनिहरुका जीउमां पुरांना भइ
२२ गयेनन् न तिनिहरुका गोड़ा सुनीये। त्येस् उप्रान्त तपाइले तिनिहरुलाइ
राज्हरु र लोग् लोग् दिनु भयो जुन्हरुलाइ तपाइले तिनिहरुको भाग् भाग्
अनुसार् बांड़ि दिनु भयो. येसोरि तिनिहरु सीहोन्को अं देश्कोन्को
२३ राजाको देस् र बाशान्को राजा ओग्को देसको अधिकारी भये। तपाइले
तिनिहरुको बंशलाइ अकाशका ताराहरु जस्तिकै बढ़ाउनु भयो अनि जुन्
देसको विषयमां तपाइले तिनिहरुका पित्रहरुलाइ तिमिहरु भित्र पसि
त्येको अधिकारी हुंको भन्नु भयो त्येस् देसमां तपाइले तिनिहरुलाइ
२४ ल्याउनु भयो। येसोरि तिनिहरुका बंश भित्र पस्येर त्येस् देसको अधिकारी
भये अनि तपाइले तिनिहरुको मांमु देसका कनानबासीहरु तिनिहरुको
ताब्रिमां ल्याउनु भयो अनि तिनिहरुको हातमां तिनिहरुलाइ तिनिहरुका
राजाहरु र देसका लोग् लोग् सबैलाइ थियेनहरुले थित आफ्नु

खुशि अनुसार् गरुन् भन्येर तिनिहरुको हातमां सुम्पि दिंनु भयो।
त तिनिहरुले घेरा भयेका सहरहरु र मलीलो देस् लिये अनि सबै जाति २५
जाति थोकले भरीयेका घरहरु र खन्येका पोखरिहरु दाखबारी र भट्टातेका
बागीहरु र खांने फल् फलने रुखहरु पनि औधिगरि भयेका देसको
तिनिहरु अधिकारी भये. येसोरि तिनिहरु खायेर तृप्त भये अनि मोटायेर
तिनिहरुको बड़ो भलाईमां खुशि भये। तैपनि अनआज्ञाकारी भइ २६
तपांइको बिरुद्धमां बागी भइ तपांइको व्यवस्था आफनु पिठीउं परि
आफालि दिये अनि आफनु बिरुद्धमां तपांइ थांइ फर्कि आउ भनि साक्षी
दिंने तपांइका अगमबक्ताहरुलाइ मारि दिये अनि अगघोर् निन्दा गर्ये।
येस्कारण् तपांइले तिनिहरुलाइ तिनिहरुका बिरोधीहरुको हातमां सुम्पि २७
दिंनु भयो जुनहरुले तिनिहरुलाइ दुक्ख दिये. अनि तिनिहरुको संकसुको
बेलामां तिनिहरुले तपांइको दोहाई गर्दा तपांइले स्वर्ग बाटो सुन्नु भयो
अनि आफनु अगघोरको दयाको कारणले तिनिहरुलाइ तिनिहरुका
बिरोधीहरुको हात् देखि बचाउंने क्रोड़ाउंनेहरुलाइ दिंनु भयो। तर २८
तिनिहरुले चैन् पाये पछि तपांइको सांमु फेरि बुराई गर्नु लाग्ये. येस्कारण्
तपांइले तिनिहरुलाइ तिनिहरुका बैरीहरुको हातमां छोड़ि दिंनु भयो
तिनिहरुले तिनिहरु मांथि प्रभुतेईं गरुन् भन्ये खातिरले. तैपनि तिनिहरु
फर्कंदा र तपांइको दोहाई गर्दा तपांइले स्वर्ग बाटो सुन्न भयो अनि
आफना दयाहरुको अनुसार् तिनिहरुलाइ धेरै खेप् बचाउंनु भयो अनि २९
तिनिहरुलाइ आफनु व्यवस्थामां फर्काइ ल्याउंनुको लागि तिनिहरुको
बिरुद्धमां साक्षी दिंनु भयो. तैपनि तिनिहरुले अहंकार् गरि तपांइका
आज्ञा सुन्येनन् तर तपांइका जुन् नियाबचन् कसैले मान्यो भन्ये त्यो तिनैमां
जीइ रहंछ भन्ये नियाबचनको बिरुद्धमां पाप् गर्ये अनि आफना कांध
निकाल्ये अनि आफनु गर्दन् कठोर् गर्ये अनि सुन्नु मान्येनन्। तैपनि धेरै ३०
बर्ष तपांइले तिनिहरुलाइ सहंदै सहंदै आफनु आत्माको बाटोले आफना
अगमबक्ताहरुको मुख् देखि साक्षी दिंनु भयो. तैपनि तिनिहरुले कान्
थापनु मान्येनन्. येस्कारणले तपांइले तिनिहरुलाइ देस् देसका लोग्
लोगको हातमां सुम्पि दिंनु भयो। तैपनि तपांइले आफनु अगघोर् ३१
दयाको कारणले तिनिहरुको पूरा अन्त गर्नु भयेन न तिनिहरुलाइ त्यागनु
भयो किनभन्ये तपांइ अनुग्रहित् र दयालु ईश्वर् हंनु हुंद छ। त अब ३२
हे हांम्रो ईश्वर् महा र प्रतापी र डर्लागदो ईश्वर् जस्ले नियम् र दया
मान्नु हुंद छ अश्शूरका राजाहरुको पाला देखि आजु सम्म हांमिहरु मांथि
हांमिहरुका राजाहरु मांथि हांमिहरुका मालिकहरु मांथि हांमिहरुका
पूजाहारीहरु मांथि हांमिहरुका अगमबक्ताहरु मांथि र हांमिहरुका
पित्रहरु मांथि र तपांइका सिंगै लोग् मांथि पर्येका सबै कष्ट तपांइको
खेखिमां सानु न ठानीगोस्। तैपनि हांमिहरु मांथि पर्येका सबैमां ३३
तपांइनै धर्म्मी हुंनु हुंद छ किनभन्ये तपांइले सइं सबैईंको काम् गर्नु भयो

३४ तर हांमिहरुचइंले ता दुष्टेईं गर्‍येका छौं. अनि हांमिहरुका राजाहरुले
न मालिक्हरुले न पूजाहारीहरुले न पित्रहरुले तपांइका व्यवस्था मान्ये न
तपांइको आज्ञा र तपांइले तिनिहरुको बिरुद्धमां साक्षी गर्‍येको साक्षी
३५ पत्रहरु मान्ये। कसोगरिभन्ये तिनिहरुले आफ्नु राज्मां र तपांइले
तिनिहरुलाइ दियेको तपांइको बड़ो भलोहुवाईमां र तपांइले तिनिहरुको
अघि दियेको येस् ठुलो र मलीलो देस्मां तपांइको सेवा गर्‍येनन् अनि
३६ आफ्ना दुष्ट काम्हरु देखि फर्क्येनन् पनि। हेर्नु हवस् हांमिहरु आजु दास्
छौं अनि तपांइले हांमिहरुका पित्रहरुलाइ त्येस्को फल् खांनु र त्येस्को भलाई
भोग्नुलाइ दियेको देस्को बिषय्मां हेर्नु हवस् येस्मां हांमिहरु दास् छौं।
३७ अनि त्यो तपांइले हांमिहरु मांथि हांमिहरुको पाप्को कारण्ले राख्येका
राजाहरुलाइ धेरै बढ्ति दिंद छ. येस् उप्रान्त हांमिहरुका जोउ र
हांमिहरुका पशु मांथि तिनिहरुको खुशि अन्सार्को हक् छ अनि हांमिहरु
३८ सूइं सारो संकष्टमां पर्‍येका छौं। तैपनि ति सबैको कारण्ले हांमिहरु
सूचेईंको नियम् बांध्द छौं अनि लेख्द पनि छौं अनि हांमिहरुका
मालिक्हरु लेवीहरु र पूजाहारीहरुले त्येस् मांथि मोहर् लाउंद छन्॥

(मोहर् लगाउंनेहरुका नांउ)

१० १ जस् जस्ले मोहर् लगाये तिनिहरु यिनै हुन् अर्थात् हकल्याह्को
२ छोरो नहेम्याह् तिर्शाता र सिद्किय्याह् सरायाह् अजर्याह् यिर्मयाह्
३,४,५ पश्हूर् अमर्याह् मल्किय्याह् हत्तूश् शबन्याह् मल्लूक् हारीम्
६,७ मरेमोत् ओबद्याह् दानिय्येल् गिन्नतोन् बारूक् मशुल्लाम् अबिय्याह्
८ मिय्यामीन् माज्याह् बिल्गै शमायाह्. तिनिहरु पूजाहारी थिये।
९ फेरि लेवीहरु. अजन्याह्को छोरो येशूअ हेनादाद्बंशी बिन्नूई कद्मीएल्
१० र तिनिहरुका दाज्युभाईहरु शबन्याह् होदिय्याह् कलीता पलायाह् हानान्
११,१२,१३ मीका रहोब् हश्ब्याह् जक्कूर् शेरेब्याह् शबन्याह् होदिय्याह्
१४ बानी बनीनू फेरि लोगका मूल्हरु. परोश् पहत्मोआब् एलाम्
१५,१६ जत्तू बानी बुन्नी अज्गाद् बेबै अदोनिय्याह् बिग्वै आदीन्
१७,१८,१९ आतेर् हिज्किय्याह् अज्जूर् होदिय्याह् हाशूम् बेसै हारीप्
२०,२१ अनातोत् नोबै मग्पीआश् मशुल्लाम् हेजीर् मशेजबेल् सादोक्
२२,२३,२४ यद्दू पल्त्याह् हानान् अनायाह् होशे हनन्याह् हश्शूब् हल्लोहेश्
२५,२६ पिल्हा शोबेक् रहूम् हशब्ना मासेयाह् अहिय्याह् हानान् आनान्
२७,२८ मल्लूक् हारीम् बाना। अनि रहल् लोग्हरु पूजाहारीहरु लेवीहरु दुवार्पाल्-
हरु गवैयाहरु नतीनीहरु र जति जना देस् देस्का लोग् लोग् देखि छुट्येर
ईश्वर्को व्यवस्थामां तिनिहरुकी स्वाम्नीहरु तिनिहरुका छोराछोरीहरु अं
२९ जतिको ज्ञान्बुद्धि थियो तिनिहरुले आफ्ना भारादार् भाईहरु सित
टांसीयेर येस्तो येउटा स्राप् र किरिया खाये अर्थात् हांमिहरु ईश्वर्को
दास् मूसाको बाटोले दियेको ईश्वर्को बचन्मां हिंड्छौं अनि आफ्नु प्रभु

यहूवेको सबै आज्ञा र नियाबचन् र विधि मान्छौं अनि हांमिहरु न ३०
आफ्नो छोरीहरु देसका लोगलाइ दिंछौं न तिनिहरुकी छोरीहरु आफ्ना
छोराहरुको लागि ल्याउंछौं. अनि देसका लोगले बिश्राम्‌दिन्‌मां बिक्रिका ३१
थोक् कि खांने थोक् बेच्नु ल्याये भन्ये बिश्राम्‌दिन् कि पवित्र दिन्‌मां
हांमिहरु किन्दौंन. अनि सातौं सातौं बर्षको उपजनी र सबै ऋण् उठाउंनो
छोड्छौं भन्ये। येस् उप्रान्त हांमिहरुले आफ्नु लागि येस्तो नियम् बांधूं ३२
अर्थात् आफ्नु ईश्वर्‌को घर्‌को सेवागराईको लागि बर्ष बर्ष शेकेल्‌को
एक्‌तिहाई हांमिहरु खर्चंछौं भेटीरोटी नित्ये अन्नबलि र नित्ये ३३
होमबलि बिश्राम्‌बार् दुतिया र ठहरायेका चाड्‌हरु र पवित्र थोक्‌हरुको
लागि अनि इस्राएल्‌को लागि प्रायश्चित्त गर्ने पापबलिहरु र आफ्नु
ईश्वर्‌को घर्‌को सबै काम्‌को लागि। अनि हांमिहरु अर्थात् पूजाहारीहरु ३४
लेवीहरु र लोगले ति काम्‌को लागि चिट्ठा हाल्यूं अर्थात् हांमिहरुका
पित्रहरुका घर् घर् अनुसार् बर्ष बर्षका ठहरायेका बेलामां दाउराको भेटि
व्यवस्थामां लेख्येको अनुसार् आफ्नु ईश्वर् यहूवेको बेदिमां बाल्नुको लागि
आफ्नु ईश्वर्‌को घरमां ल्याउंनुलाइ. अनि आफ्नु जिमीन्‌को अगौटेफल् र ३५
सबै रकम्‌का रुखका सबै फलका अगौटेफल् बर्ष बर्ष यहूवेको घर्‌मां
ल्याउंनुलाइ. येस् बाहिक् व्यवस्थामां लेख्येको अनुसार् हांमिहरुका ३६
छोराहरु र हांमिहरुका पशुहरु र गाईहरु र भेंड़ाबाख्राका जेठा जेठा
आफ्नु ईश्वर्‌को घरमां सेवा गर्ने पूजाहारी थांइ आफ्नु ईश्वर्‌को घर्‌मां
ल्याउंनुलाइ. अनि हांमिहरुले आफ्नु खस्रो पिठो र हांमिहरुका हल्लाईंने ३७
भेटि र सबै रकम्‌का रुखका फल् र दाख्‌मह र तेल्‌का अगौटेफल् आफ्नु
ईश्वर्‌को घर्‌को कोठामां पूजाहारी थांइ ल्याउंनुलाइ र आफ्नु जिमीन्‌को
दसौं हिस्सा लेवीहरुलाइ दिंनुलाइ किनभन्ये ति लेवीहरुले हांमिहरुका
खेतिपातिका सबै सहरमां दसौं अंश लिंने गर्द छन्। अनि लेवीहरुले दसौं ३८
अंश लिंदाखेरि हारुनका छोरा पूजाहारी लेवीहरु सङ हुंछ. त लेवीहरुले
दसौं अंशको दसौं अंश हांमिहरुको ईश्वर्‌को घर्‌मां कोठाहरुमां भंड़ार्-
घर्‌को भित्र चढ़ाइ ल्याउंछन्। किनभन्ये इस्राएल्‌बंशीहरु र लेवीबंशीहरुले ३९
अन्न र दाख्‌रस् र तेल्‌को हल्लाईंने भेटि ति कोठाहरुमां ल्याउंछन् जहां
पवित्र स्यान्‌का भांड़ाबर्तनहरु र सेवा गर्ने पूजाहारीहरु र दुवार्‌पालहरु र
गवैयाहरु छन्. अनि हांमिहरु चइं आफ्नु ईश्वर्‌को घर् छोड्दौंन॥

(यरूशलेम्‌मां बास् गर्नेहरुका नांउ)

अनि लोगका मालिकहरु यरूशलेम्‌मां बस्द थिये. अनि अरु ११ १
लोगहरुले हांमिहरुमांका दस् जना पिच्छे एक् जना चइं पवित्र सहर्
यरूशलेम्‌मां अनि अरु अरु सहरमां चइं नौ जनागरि बस्नुलाइ चिट्ठा
हाल्ये। अनि जति जनाले आफ्नु इच्छैले यरूशलेम्‌मां बस्नुलाइ मन् गर्‍ये २
तिनिहरुलाइ लोगले आशीर्बाद् गर्‍ये। यरूशलेम्‌मां रहने खाका मूल् ३

मूलहरू थिने हुन्. तर यहूदाका सहरहरूमां यहूदाका जनंगे आफ्नु आफ्नु
निज् सहरमां बस्द थिये अर्थात् इस्राएल् पूजाहारीहरू लेवीहरू नतीनीहरू
४ र सुलैमान्ले तुल्याएका दासहरूका बंशहरू। अनि यरूशलेममां थि यहूदाबंशी
र बिन्यामीन्बंशीका कति जना रहंद थिये। यहूदाबंशीहरूमांको. अताया
पेरेसबंशी जो उज्जिय्याहको छोरो जकर्याहको छोरो अमर्याहको छोरो
५ शपत्याहको छोरो महललेलको छोरो थियो अनि मासेयाह् शेलाबंशी
बारूकको छोरो कोल्होजेको छोरो हजायाहको छोरो अदायाहको छोरो
६ योयारीबको छोरो जकर्याहको छोरो। जो पेरेसबंशी महाबीर् यरूशलेममां
७ रहंने सबै चार् सै अठूसठ् थिये। अनि बिन्यामीन्बंशीहरूमांका थि हुन्.
सल्लू जो मशुल्लामको छोरो योएदको छोरो पदायाहको छोरो कोलायाहको
८ छोरो मासेयाहको छोरो ईतीएलको छोरो यशायाहको छोरो थियो। अनि
९ त्येस् पछि गब्बै सल्लै नौ सै अठ्ठाईस्। तिनिहरूको मालिक् जिक्रीको छोरो
योएल् थियो. अनि हस्सनूआको यहूदा भन्ने छोरो सहरको मालिकको
१० कारन्दारी थियो। पूजाहारीहरूमांका. योयारीबको छोरो यदायाह याकीन्
११ अनि सरायाह् जो ईश्वरको घरको मालिक् र हिल्कियाहको छोरो
१२ मशुल्लामको छोरो सादोकको छोरो मरायोतको छोरो अहीतूबको छोरो थियो
अनि तिनिहरूका आठ् सै बाईस् दाजुभाई थिये जुनहरूले लेइ घरको काम्
गर्ने थिये. अनि अदायाह् जो यरोहामको छोरो पलल्याहको छोरो
१३ अम्सीको छोरो जकर्याहको छोरो मशुल्लूरको छोरो मल्कियाहको छोरो थियो
अनि त्येका दुइ सै बयालीस् दाजुभाई जो पित्रहरूका घर घरका मूल थिये.
अनि अमशसै जो अजरेलको छोरो अहजैको छोरो मशिल्लेमोतको छोरो
१४ इम्मेरको छोरो थियो अनि तिनका एक सै अठ्ठाईस् महाबीर्
दाजुभाईहरू थिये. यिनिहरूका मालिक् हग्गदोलीमको छोरो जब्दीएल्
१५ थियो। अनि लेवीहरूमांका. शमायाह् जो हस्शूबको छोरो अजीकामको
१६ छोरो हशब्याहको छोरो बुन्नीको छोरो थियो अनि शब्बतै र योजाबाद्
१७ मूल लेवीहरू अनि ईश्वरको घरको बाहरेकामको रेखदेख गर्ने थिये अनि
मत्तन्याह् जो आसापबंशी मीकाको छोरो जब्दीको छोरो थियो अनि
प्रार्थनामां धन्यबाद् चालनूमां मूल थियो अनि त्येका दाजुभाईहरू बकबुकाह्
जो आफ्ना दाजुभाईहरूमां दोस्रो थियो अनि अब्दा यदूथूनबंशी जो
१८ शम्मूको छोरो गालालको छोरो थियो। पवित्र सहरमां रहंने लेवीहरू सबै
१९ गरि दुइ सै चौरासी थिये। यि बाहिक् अक्कूब र तल्मोन् नांउको दुवारपाल
जो आफ्ना दाजुभाईहरू समेत ढोकाका दुवारपालहरू थिये ति सबै एक
२० सै बहत्तर थिये। अनि रहल् पूजाहारी लेवी र अरू इस्राएलीहरू यहूदाका
२१ सबै सहरहरूमां आफ्नु आफ्नु भागमां रहंद थिये। तर नतीनीहरू ता
२२ ओपेलमां रहंद थिये. अनि नतीनीहरूमांथि सीहा र गिश्पा थिये। अनि
यरूशलेममां हुंने लेवीहरूले ईश्वरको घरको काम गर्ने थिये तिनिहरूको
मूल उज्जी थियो जो बानीको छोरो हशब्याहको छोरो मत्तन्याहको छोरो

मौकाको छोरो र आसापवंशी गवैयाहरुमांका थिये । किनभन्ये तिनिहरुको २३
दिन् दिनको काम्को विषय्मां ता राजाको आज्ञा थियो अनि गवैयाहरुको
काम्को विषय् पनि पक्का बन्दवस्त थियो । अनि लोगको सबै काम् पूरा २४
गर्नुको लागि मशेजबेल्को छोरो पतह्याह् जो यहूदाको छोरो जेरह्को
बंशमांको थियो त्यो राजा छेउ रहंद थियो । अनि गांउको विषय्मां र २५
तिनको खर्क समेत् यहूदाबंशीहरुमांको कति जना ति सहर्मां रहंद थिये
अर्थात् किर्यतबर्मां त्येका बस्तीहरु समेत् र दीबोन्मां त्येका बस्तीहरु
समेत् र यकब्सेल् त्येका बस्तीहरु समेत् फेरि येशूअ मोलादा बेत्येलेत्मां २६
अनि हसर्शूआल्मां र बेर्शेबा त्येका बस्तीहरु समेत् अनि सिक्लगमां २७
मकोना र त्येका बस्तीहरुमां एन्रिम्मोन् सोरा यर्मूत्मां तिनका २८
बस्तीहरु समेत् जानोह् र अदुल्लाम्मां लाकीश् खेत्हरु समेत् अजेका त्येका
बस्तीहरु समेत् येसोरि बेर्शेबा देखि हिन्नोम्को तरि सम्म डेरा हालि बस्द
थिये । बिन्यामीन्बंशी पनि गेबा देखि मिक्मश् अय्या र बेतेल् र तिनको ३१
बस्तीहरुमां अनातोत् नोब् अनन्याह् हाशोर् रामा गित्तैम् ३२
हादीद् सबोईम् नबल्लत् लोद् ओनो र कारिगर्हरुको तरिमां बस्द ३५
थिये । अनि लेवीहरुमांका यहूदामां भयेका कति पालो पालो गर्नेहरु ३६
बिन्यामीनीहरु सित मिसीयेका थिये ॥

(पूजाहारीहरु र लेवीहरुका नांउ)

जुन् जुन् पूजाहारीहरु र लेवीहरु शाल्तीएल्को छोरो जरुब्बाबेल् १२ १
र येशूअ सङ चढ़ि आयेका थिये ति यिनै हुन् . सरायाह् यिर्मयाह् एज्रा
अमर्याह् मल्लूक् हत्तूश् शकन्याह् रहूम् मरेमोत् इद्दो गिन्नतोई २,३
अबिय्याह् मिय्यामीन् माद्याह् बिल्गा शमायाह् योयारीब् ४
यदायाह् सल्लू आमोक् हिल्कियाह् र यदायाह् । येशूअको पालामां ७
पूजाहारीहरु र तिनिहरुका दाजुभाईहरुका मूल मूलहरु यिनै थिये । फेरि ८
यि लेवीहरु पनि . येशूअ बिन्नूई कद्मीएल् शेरेब्याह् यहूदा र त्यो मत्तन्याह्
जो आफ्ना दाजुभाई सङ धन्नबाद् गर्नेहरुको मूल थियो । अनि तिनिहरुका ९
दाजुभाई बक्बुक्याह् र उन्नो तिनिहरुको सांमु सामेल् भइ भइ थिये ।
अनि येशूअले योयाकीम्लाइ जन्म्यायो अनि योयाकीम्ले एल्याशीब्लाइ १०
अनि एल्याशीब्ले योयादालाइ अनि योयादाले योनातान्लाइ अनि ११
योनातान्ले यद्दूलाइ । योयाकीम्का दिनमां यि पूजाहारीहरु आफ्ना आफ्ना १२
पित्रहरुका घर् घरका मूलहरु थिये . सरायाहबंशी मरायाह् यिर्मयाहबंशी
हनन्याह् एज्राबंशी मशुल्लाम् अमर्याहबंशी यहोहानान् मल्लूकीबंशी १३
योनातान् शबन्याहबंशी योसेप् हारीमबंशी अदना मरायोत्बंशी १४
हेल्काे इद्दोबंशी जकर्याह् गिन्नतोन्बंशी मशुल्लाम् अबिय्याहबंशी १५
जिक्री मिन्यामीन्बंशी मोअद्याहबंशी पिल्तै बिल्गाबंशी शम्मू १६
शमायाहबंशी यहोनातान् योयारीबबंशी मत्तनै यदायाहबंशी उज्जी १७

११ सल्लैबंशी कल्ले आमोक्बंशी एबेर् हिल्कियाह्बंशी हशब्याह् र
२२ यादायाह्बंशी नतनेल्। पूजाहारीहरु ता दारा फार्सीको राज् सम्म र
लेवीहरुका पित्रहरुका घर् घरको मूल् मूल्को नांउ एल्याशीब् योयादा
२३ योहानान् र यद्दूका दिनमां लेखींद थिये। फेरि लेवीबंशी पित्रहरुका घर्
घर्का मूलहरु एल्याशीब्को छोरो योहानान्को पाला सम्म इतिहासको
२४ पोस्तकमां लेखींद थिये। लेवीहरुका मूलहरु. हशब्याह् शेरेब्याह् र
कद्मीएल्को छोरो येशूअ जुन्हरुको सांमु तिनिहरुका दाज्युभाईहरुले सामेल्
भइ भइ ईश्वर्को जन् दाऊद्को आज्ञा अनुसार् सांमु सांमु स्तुति र धन्यवाद्
२५ गर्ने गर्द थिये। फेरि मत्तन्याह् बक्बुक्याह् र ओबद्याह् मशुल्लाम् तल्मोन् र
अक्कूब् नांउ भयेका दुवार्पाल्हरुले ठोकाहरुको छेउको भंड़ार्को पहरा दिंद
२६ थिये। योसादाक्को छोरो येशूअको छोरो योयाकीम्को पालामां र
नहेम्याह् मालिक्को पालामां अनि एज्रा नांउ गर्थेको पूजाहारी र
शास्त्रीको पालामां पनि यिनिहरुने थिये॥

(यरूशलेम्को घेराभित्ताको प्रताप्)

२७ अनि यरूशलेम्को घेराभित्ताको पैल्रोको बेलामां तिनिहरुले
लेवीहरुलाइ यरूशलेम्मां ल्याउंनुलाइ रमाहट् सङ धन्य मान्दे र गीत्
गाउंदै झ्यामृा र सितार् र बीना सङ पैल्रो मान्नुलाइ तिनिहरुका सबै ठांउ
२८ देखि खोजि ल्याये। अनि गवैयाहरुको बंश यरूशलेम्का वरिपरिका गेह्रो
२९ टार् र नतोपातीहरुका बस्तीहरु देखि मेला भये अनि बेत्गिल्गाल्
देखि र गेबा र अज्मावेत्का जग्गा देखि पनि. किनभन्ये गवैयाहरुले
३० आफ्नु लागि यरूशलेम्का चारै पट्टि बस्तीहरु बनायेका थिये। अनि
पूजाहारी र लेवीहरुले आफु आफुलाइ शुद्ध पार्थे वहांदेखि लोग् र
३१ ठोकाहरु घेराभित्ताहरु पनि शुद्ध गर्थे। तब मैले यहूदाका मालिक्हरुलाइ
घेराभित्तामां ल्याये अनि धन्यवाद् र धूम्धाम् सङ हिंड्ने दुइ तुला तुला
गट्ठा खटाये जुन्हरुमां येउटा चइं दक्खिन् कासिङ्ठोका तिर घेराभित्ता
३२ मांथि मांथि हिंड्द थियो. अनि तिनिहरु पछि पछि होशायाह् र यहूदाका
३३ ३४ मालिक्हरुमांका आधा अनि अजर्याह् एज्रा मशुल्लाम् यहूदा
३५ बिन्यामीन् शमायाह् र यिर्मयाह् फेरि कत्ति जना पूजाहारीबंशी
तुरही लियेर. आसापबंशी जकर्याह् योनातान्को छोरो शमायाह्को
३६ छोरो मत्तन्याह्को छोरो मीकायाह्को छोरो जक्कूरको छोरो अनि
त्येका भाईहरु शमायाह् अजरेल् मिलले गिलले माये नतनेल् यहूदा र
हनानी ईश्वर्को जन् दाऊदका बजाहरु लियेर अनि एज्रा शास्त्री चइं
३७ तिनिहरुको अघि अघि हिंड्द थियो. तिनिहरु चइं कुवाको ठोका बाटो
र सोझो तिनिहरुको अघि अघि दाऊद्को सहरको खुड्कीला बाटो
घेराभित्ताको उकालीमां दाऊद्को घर् मांथि पानेठोकाको पूर्व तिर सम्म चढि
३८ जांद थियो। अनि धन्यवाद् गर्नेहरु अर्को चइं गट्ठा तिनिहरुलाइ भेट्नुलाइ

निस्क्यो अनि मं चइं आधा लोग् समेत् तिनिहरुको पछि पछि घेराभित्ता
मांथि भट्टिको धरारा मांथि फराक् घेराभित्ता सम्म अनि एप्रैम्को ३९
ढोकाको मांथि र पुरांनु ढोका बाटो र माच्छाढोका र हननेल्को धरारा र
हम्मेआको धरारा बाटो भेंड़ाढोका सम्म. तब तिनिहरु पहरूको ढोका
निर उभीइ रह्ये। येसोरि धन्नबाद् गर्नेहरुको ति दुइ गट्ठा ईश्वर्को घर्मां ४०
उभीये अनि मं र मालिक्हरुका आधा मं सङ. अनि एल्याकीम् मासेयाह् ४१
मिन्यामीन् मीकायाह् एल्योएनै जकर्याह् र हनन्याह् नांउ भयेका
पूजाहारीहरु तुरही लियेर फेरि मासेयाह् शमायाह् एलाजार् उज्जी ४२
यहोहानान् मल्किय्याह् एलाम् र एजेर्। अनि गवैयाहरु आफ्नु अगुवा
यिज्रह्याह् सङ ठुलो सोर्ले गाउंद थिये। अनि त्येस् दिन् तिनिहरुले ४३
ठुलो बलिदान् चढ़ाउंद थिये अनि आनन्द गर्द थिये किनभन्ये ईश्वर्ले
तिनिहरुलाइ बड़ो रमाहट्ले आनन्द गर्नु लगायो अनि स्त्रीहरु र
बालखहरुले पनि आनन्द गर्‍ये. त यरूशलेम्को आनन्दगराई टाड़ो टाड़ो
सम्म पनि सुनीसो॥

अनि त्येस् दिन् हल्लाईंने भेटि र अगौटेफल्का भंड़ार्का कोठाहरुका ४४
अधिकारीहरु खटाईयेका थिये जो दसौं अंश पनि सहर् सहर्को खेत्
अन्सार् पूजाहारी र लेवीहरुको लागि व्यवस्थामां ठहरायेको भाग् भाग्
तिनमां बटुल्नुलाइ. किनभन्ये यहूदाले उभीइ रहंने पूजाहारीहरु र
लेवीहरुको लागि आनन्द गर्द थियो। अनि तिनिहरुले आफ्नु ईश्वर्को ४५
कार्ज्ये र शुद्धेईंको बिषय्मां रक्षे गर्‍ये अनि गवैयाहरु र दुवार्पाल्हरुले दाऊद्
र त्येस्को छोरो सुलैमान्को आज्ञा अन्सार् त्येसै गर्‍ये। किनभन्ये उइले ४६
दाऊद् र आसाप्को पालामां गवैयाहरुको मालिक् थियो अनि ईश्वर्को
स्तुति र धन्नबाद्को लागि गीत् गाउंद थिये। अनि जरुब्बाबेल् र ४७
नहेम्याह्को पालामां सिंगै इस्राएल्ले गवैयाहरु र दुवार्पाल्हरुको दिन्
दिन्को भाग् दिंदै रह्ये. अनि लेवीहरुको लागि पवित्र गर्द थिये अनि
लेवीहरुले हारुन्बंशीहरुको लागि पवित्र गर्द थिये॥

(कत्ति कति सुधराई)

त्येस् दिन् तिनिहरुले मूसाको पोस्तक् लोगले सुन्येगरि पर्‍ये अनि १३ १
त्येस्मां येसो भनि लेख्येको पनि भेटाये कोई अम्मोनी कि मोआबी मान्छे
ईश्वर्को सभामां कैले पनि न पसोस् किनभन्ये तिनिहरुले रोटी पानी २
लियेर इस्राएल्बंशीहरुलाइ भेटेनन् तर तिनिहरुलाइ स्राप्नुलाइ बिलाम्-
लाइ रुपिया दियेर ज्यालामां ल्यायेका थिये भन्ये. तैपनि हांमिहरुको ईश्वर्ले
त्यो स्राप् आशीष्मां फेर्‍यो। अनि येसो भयो तिनिहरुले यो व्यवस्था ३
सुन्दाखेरि इस्राएल् सित छास्मिस् भयेको सबै धुइरो अलग् छुट्याये॥

अं येस् भन्दा पहिले एल्याशीब् पूजाहारी जो हांमिहरुको ईश्वर्को ४
घर्को कोठाको अधिकारी ठहराईयेको थियो अनि तोबिय्याह्को

५ सम्बन्धमां थियो त्येस्ले त्येस्को लागि येउटा ठुलो कोठा तियार् पार्‍यो
जस्मां अगाड़ि तिनिहरुले अन्नबलि साल्धूप् र बर्तन्हरु र आज्ञा अन्सार्
लेवीहरु र गवैयाहरु र दुवार्पाल्हरुको लागि दियेका अन्न र दाख्रस् र
तेल्को दसौं अंश अनि पूजाहारीको लागि हल्लाईंने भेटि राख्द थिये।
६ तर ति सबै समय्मां मं चइं यरूशलेम्मां थिईंन. कसोगरिभन्ये बाबेल्को
राजा अर्तक्षत्रको बत्तीसौं बर्षमां राजा थांइ गयें अनि कत्ति दिन् पछि
७ राजा सित बिदा मांग्यें. वहांदेखि यरूशलेम्मां आयेर एल्याशीब्ले
तोबिय्याह्को लागि ईश्वर्को घर्को आघन्मां येउटा कोठा तियार्
८ पार्‍येकोमां कस्तो बुराई गर्‍ये छन् भनि थाहा पायें। त त्येस् कुरोले मंलाइ
अग्घोर् कष्ट दियो. येस्कारण् तोबिय्याह्को घर्को ज्यावत् चीज्बीज्
९ त्येस् कोठा देखि आफालि दियें। येस् पछि मैंले आज्ञा गर्‍यें त तिनिहरुले
कोटा शुद्ध पार्‍ये. अनि मैंले ईश्वर्को घर्का बर्तन्हरु अन्नबलि र साल्धूप्
१० समेत् फेरि ल्यायें। फेरि लेवीहरुको भाग् तिनिहरुलाइ दिईयेको रैन छ
येस्कारण् काम् गर्नेहरु र गवैयाहरु आफ्ना आफ्ना जग्गामां भाग्ये छन्
११ भनि थाहा पायें। तब मैंले मालिक्हरु सित बाझ्दै ईश्वर्को घर् किन
छोड़ीयेको छ भन्येर भन्यें। वहांदेखि तिनिहरुलाइ भेला गरायेर तिनिहरुको
१२ ठांउ ठांउमां राख्यें। तब सिंगै यहूदाले अन्न र दाख्रस् र तेल्को दसौं
१३ अंश भंड़ार्हरुमां ल्याये। अनि मैंले भंड़ार्हरु मांथि यि भड़ारीहरु खटायें
अर्थात् शेलेम्याह् पूजाहारी सादोक् शास्त्री र लेवीहरुमांको पदायाह्.
अनि तिनिहरु मुनि मत्तन्याह्को छोरो जक्कूर्को छोरो हानान्. किनभन्ये
तिनिहरु बिश्वास्योग्य् गनीये अनि तिनिहरुको काम् तिनिहरुको
१४ भाईहरुलाइ बांड्ने काम् थियो। हे मेरो ईश्वर् येस्को बिषय्मां मंलाइ
समझना राख्नु हवस् अनि मैंले आफ्नु ईश्वर्को घर्को लागि र त्येस्मां
हुंने आराध्नाको लागि गर्‍येका मेरा सुकर्म्म न मेट्नु हवस्॥

१५ ति दिनमां मैंले यहूदामां बिश्राम्को दिन्मां कत्तिलाइ दाख् काल्मां
पेल्दै गर्‍येको र अन्नका बिटा गदाहा मांथि बोकायेर ल्याउंदै गर्‍येका
अं दाख्रस् र दाख् र नेभारा र सबै रकम्का भारिहरु तिनिहरुले बिश्राम्को
दिन्मां यरूशलेम्मां ल्याउंदै गर्‍येको देख्यें। अनि जस् दिन् तिनिहरुले
खांने सार्दाम् बेच्द थिये त्येस् दिन् मैंले तिनिहरुको बिरुद्धमां साक्षी
१६ दियें। फेरि सोर्का कति जना त्यहां बस्द थिये जो माच्छा र सबै रकम्का
बिक्रिका थोक् ल्यायेर यहूदीबंशीहरुलाइ अं यरूशलेम्मां बिश्राम्को
१७ दिन्मां बिक्रि गर्दै थिये। तब मैंले यहूदाका भारादार्हरु सङ बाझ्दै
तिनिहरुलाइ भन्यें यि तिमिहरुले बिश्राम्को दिन् अपवित्र गर्दै तिमिहरुले
१८ गर्‍येको यो बुराई क्या हो। क्यो तिमिहरुका पित्रहरुले पनि येसै गर्‍येनन् अनि
क्यो हांम्रो ईश्वर्ले यि सबै बुराई हांमिहरु मांथि र येस् सहर् मांथि ल्यायेन.
रपनि तिमिहरु बिश्राम्को दिन् अपवित्र गर्दै इस्राएल् मांथि झन्सारो रिस्
१९ ल्याउंद छौ। अनि येसो भयो मैंले बिश्राम्को दिन् भन्दा अघिल्लो दिन् जब

यरूशलेमका ढोकाहरुको छेउ अंध्यारो हुंनु लाग्यो तब मैलाहरु पुनीउन् भनि आज्ञा गर्यें अनि बिश्रामको दिन् पछि समम न उघारीउन् भनि आज्ञा गर्यें. अनि बिश्रामको दिनमां कोइ पनि भारिहरु न ल्याईउन् भन्थेर मैंले आफ्ना चाकरेहरुमांका कत्ति जनालाइ ढोका रक्षनु खटायें। यसोरि २० बेपारीहरु र सबै रकमका चीचबीच् बिक्रि गर्नेहरु एक् दुइ खेप् यरूशलेम् देखि बाहिर बास् बस्न थिये। तब मैंले तिनिहरुको बिरुद्धमां साक्षी दिइ २१ भन्यें घेराभित्ताको आडुमां किन बस्न छौ. फेरि यसो गर्यौ भन्थे मं तिमिहरुलाइ पक्रंछु। त्यस् बेला देखि तिनिहरु बिश्रामको दिनमां फेरि फेरि आएनन्। अनि मैंले लेवीहरुलाइ तिमिहरुले आफुलाइ पवित्र गराउंनु २२ अनि बिश्रामको दिनमां पवित्र गर्नुको लागि ढोकाहरु रक्षनुलाइ आउंनु भन्थेर भन्यें। हे मेरो इंश्वर् यो पनि मेरो लागि समझना राखनु हवस् अनि आफ्नु दयाको बढाहुवाई अनुसार् मलाइ छोडुने न गर्नु हवस्॥

ति दिनमां पनि मैंले कत्ति यहूदीहरुले अश्दोद् अम्मोन् र मोआबकी २३ स्त्रीहरुलाइ ल्याएको देखें. अनि तिनिहरुका बालखहरुले अश्दोदको २४ आधा बोली बोल्थेको सुन्यें अनि यहूदी भाषा बोलनु सक्दैन थिये तर एक् एक् लेगको बोली मात्रै। तब मैंले तिनिहरु रित बाझेर २५ तिनिहरुलाइ धिक्कार्यें अनि तिनिहरुमांका कत्ति जनालाइ कुटें पनि अनि तिनिहरुका केस् उखेल्यें अनि तिनिहरुलाइ ईश्वरको नांउ गरि येस्तो किरिया खुवायें अर्थात् हांमिहरु आफ्नो छोरीहरु तिनिहरुका छोराहरुलाइ दिंदौंन अनि तिनिहरुकी छोरीहरु आफ्ना छोराहरुको लागि कि आफ्नु लागि ल्याउंदौंन भन्थे। के इस्राएलको राजा सुलैमान्ले येस २६ कुरामां पाप् गर्थेको थियेन. तैपनि धेरै लोगको बीचमां त्यो ऊस्तो कोइ राजा थियेन अनि त्यो आफ्नु ईश्वर् देखि प्रिय थियो अनि ईश्वरले त्येसलाइ सिंगै इस्राएल मांथि राजा तुल्यायो. तर त्येसैलाइ पनि अन्य स्त्रीहरुले पाप् गर्नु लगाइन्। त के हांमिहरु पनि त्येस्ते सबै ठुलो ठुलो २७ बुराई गर्नुलाइ अर्थात् हांम्रो ईश्वरको बिरुद्धमां अपाध् गर्थेर अन्य स्त्रीहरुलाइ ल्याउंनुलाइ तिमिहरुका कुरा सुन्दौं। अनि मूलपूजाहारी २८ एल्याशीबको छोरो योयादाको येउटा छोरो होरोनी सम्बल्लतको घुवंइ थियो. त्येकारण मैंले त्येसलाइ आफ्नु छेउ देखि धपायें। हे मेरो ईश्वर् २९ तिनिहरुले पूजाहारीगिरि र पूजाहारी र लेवीहरुको नियम् अशुद्ध पार्थेको कारणले तिनिहरुको समझना राखनु हवस्। येसोरि मैंले तिनिहरुलाइ ३० सबै अन्यदेशीहरु देखि शुद्ध पार्यें अनि पूजाहारीहरु र लेवीहरु जसैलाइ आफ्नु कामको लागि खटायें अनि ठहरायेको बेलामां दाउरा भेटिको ३१ लागि र अगौटेफलको लागि खटायें। हे मेरो ईश्वर् भलाईको लागि मेरो समझना राखनु हवस्॥

एस्तेर्को पोस्तक् ॥

(वश्ती रानीमान् देखि खसालींनु)

१ १ जस् क्षयर्ष राजाले हिन्दुस्तान् देखि अं कूश् सम्म एक् सै
सत्ताईस् खाहरु मांथि राज् गर्द थियो त्येस् क्षयर्षको पालामां येसो भयो.
२ ति दिनमां जब क्षयर्ष राजा शूशन् नांउ भयेको किल्लामां भयेको आफ्नु
३ राज्को सिंहासन्मां बिराज्द थियो तब त्येस्को राज्को तीस्रो वर्षमां
त्येस्ले आफ्ना सबै मालिक्हरु र काम्दारीहरुको लागि भोज् लायो अनि
फारस् र मादैका पराक्रमीहरु अं खा खाका भारादार्हरु र मालिक्हरु
४ त्येस्को सांमु आये. त्येस् बेला त्येस्ले धेरै दिन् अं एक् सै अस्सी दिन् सम्म
आफ्नु महिमित् राज्को धन् र आफ्नु श्रेष्ठ बड़ाहुवाईको अमोल्हुवाई
५ देखाउंदै रह्यो। अनि ति दिनका भरना भये पछि शूशन् किल्लामां सामेल्
भयेका सबै साना ठुला लोगको लागि राज्महल्को बारीको आघन्मां
६ सात् दिन् सम्म भोज् लाइ रह्यो त्यहां सेता र नीला र मसीना
सुतिकपराका पर्दा थिये अनि मसीनो पाट्कपरा र बैगुनेका डोरीहरुले
चांदीका कड़ा र सङ्गमर्मर्का थाम्मां टांग्येका थिये. अनि खाट्हरु सुन्
र चांदीका थिये जो राता र सेता र पहेंला र काला सङ्गमर्मर् छाप्येका
७ मझेरी मांथि थिये। फेरि तिनिहरुले राजावलि दाख्मद्य सुनका भिन्दो
भिन्दो बनीयेका भांड़ामां राजाको उक्षितो मन् अन्सार् अग्घोर्गरि
८ पीयाउंद थिये। अनि पीयाई बिधि अन्सार् थियो कसैको क्यैइ हक्चलाई
थियेन. कसोगरिभन्ये राजाले आफ्नु महल्का सबै मालिक्हरुलाइ
९ तिनिहरु जनंगको खुशि अन्सार् गर्नु भनि ठहरायेको थियो। येस् उप्रान्त
वश्ती नांउ भयेकी रानीले पनि राजा क्षयर्षको राज्महल्की स्त्रीहरुको
१० लागि भोज् लगाई। सातौं चई दिन्मां जब राजाको मन् दाख्रस्ले मग्न
भयेको थियो तब त्येस्ले क्षयर्ष राजाको सांमु सेवा गर्ने सात् जना मेहेरीहरु
अर्थात् महूमान् बिज्ता हर्बोना बिग्ता अबग्ता जेतेर् र कर्कस्लाइ
११ वश्ती रानीलाइ राज्मुकुट् लगायेर राजाको सांमु ल्याउंनुलाइ हुकुम् गर्यो
रानीको सुन्दरेईं लोग् र मालिक्हरुको सांमु देखाउंनुको लागि. किनभन्ये
१२ त्यो हेर्नुमां राम्री थिई। तर वश्ती रानी राजाको यो आज्ञा मेहेरीहरुको
बाटोले सुनिकन आउंनु मानीन. येस्कारण् राजा बिघ्न रागीयेर रिस्ले
१३ बल्यो। तब समय् समय्का भेद् जान्ने बुद्धिमान्हरु (कसोगरिभन्ये बावस्था
१४ र निया बचन् जान्ने सबैहरु सित राजाको येस्तो बेहोरा थियो अनि
त्येस्को छेउमां फारस् र मादैका सात् जना मालिक्हरु जुन्हरुले राजाको

दर्शन् पाउंद् थिये अनि राजमां मूल् मूल् मान्का थिये अर्थात् कर्शना थेसार् अहमाता तर्शीश् मेरेस् मर्सना र ममूकान् .) ति बुद्धिमान्हरुलाइ १५
राजाले भन्यो वश्ती रानीले मेहेरीहरुको बाटोले दियेको क्षयर्ष राजाको आज्ञा न मान्येको कारणले हांमिहरुले विधि अनुसार् रानीलाइ कसो गरूं ।
तब ममूकान्ले राजा र मालिक्हरुको सांमु येसो भनि उत्तर् दियो वश्ती १६
रानीले जो बुराई गरिन् त्यो खालि राजैको मांत्रै होइन तर सबै मालिक्-
हरुको र क्षयर्ष राजाका सबै खाहरुमां भयेका सबै लोगको पनि गरिन् ।
कसोगरिभन्ये रानीको यो काम्को सोहोरा सबै स्त्रीहरुकां जाहार् हुंछ अनि १७
क्षयर्ष राजाले वश्ती रानीलाइ आफ्नु सांमु ल्याउंनु आज्ञा गर्यो तर तिनि
आईनन् अरे भनि जब सुनाईंछ तब आफ्ना आफ्ना स्वामीलाइ आफ्नु
आफ्नु दृष्टिमां तुच्छ जांछिन् । अं आजुकै दिनमां पनि फारस् र मादैको जति १८
मैजाहरुले रानीको काम् सुनिन् तिनिहरुले पनि राजाका मालिक्हरुलाइ
येसै भन्दै छिन् । येस् देखि धेरै निन्दा र क्रोध् उठ्छन् । महाराजाकन १९
जाति लाग्यो भन्ये वश्ती फेरि फेरि क्षयर्ष महाराजाको सांमु आउंनु न पावस्
अनि महाराजाले येस् रानीको रानीमान् त्यो भन्दा जाति तिन्को साथीलाइ
दिउन् भन्ये राज्आज्ञा ति देखि निक्लोस् अनि त्यो आज्ञा टलि न
जांनुलाइ फारस्हरु र मादैहरुका व्यवस्थाहरुमां लेखीओस् । अनि जब २०
महाराजाले गर्नु आंटेको येइ आज्ञा तिन्को सिंगै राज्मां (जो तुलो छ)
प्रचारीयेला तब सबै स्त्रीहरुले आफ्नु आफ्नु स्वामीहरुलाइ सांनु
तुलोलाइ मान् दिंछिन् भनि । त यो कुरो राजा र मालिक्हरुलाइ जाति २१
लाग्यो अनि राजाले ममूकान्को सल्लाह अनुसार् गर्यो . अं राजाका सबै २२
खाहरुमां गोटैपिच्छे खाको लेखाई अनुसार् अनि गोटैपिच्छे लोग्
तिनिहरुको भाषा अनुसार् येस्तो चिट्ठी लेखि पठायो जनंगे पुरुषले
आफ्नु आफ्नु घरमां प्रभुतेईं गरोस् अनि आफ्नु लोगको भाषा अनुसार्
यो आज्ञा सुनावस् भन्ये ॥

(एस्तेर् रानी तुल्याईं)

ति कुरा पछि जब क्षयर्ष राजाको रिस् मंर्यो तब वश्तीलाइ २ १
सम्झ्यो अनि येस्ले को गरी अनि येस्को विषयमां कस्तो आज्ञा गरीयो
भन्ये फूस् गर्यो । तब राजाको सेवा गर्ने चाकरेहरुले येस्लाइ भन्ये २
महाराजाको लागि राम्री राम्री कन्येकेटीहरु खोजीउन् . अनि महाराजाले ३
आफ्नु राज्का सबै खाहरुमां मालिक्हरुलाइ खटावस् जुन्हरुले सबै राम्री
राम्री कन्येकेटीहरुलाइ शूशन् किल्लामां स्त्रीकोठाहरुमां भेला गराएर
स्त्रीहरुको रखुवारे महाराजाको मेहेरी हेगेको हातमां सुम्पि दिईउन् अनि
तिनिहरुको शुद्धगराईंका थोक्हरु तिनिहरुलाइ दिईउन् . अनि जुन् चइं ॥
केटी महाराजाकन जाति लाग्ली त्यो चइं वश्तीको साटो रानी हुवस् ।
त यो कुरो राजालाइ जाति लाग्यो अनि येस्ले येसै गर्यो ॥

५ शूशन् किल्लामां मोर्दकै नांउ भयेको येउटा यहूदी थियो जो याईरको
६ कोरो जो शिमीको कोरो जो बिन्यामीनी किशको कोरो थियो त्यो
मोर्दकै ति बन्धुवाहरु सङ यरूशलेम् देखि लगीयेको थियो जुन्हरुलाइ
बाबेलको राजा नबूकद्नेस्सेरले यहूदाको राजा यकोन्याह् सङ बन्धुवाई गरि
७ लग्येको थियो। अनि त्येस्ले आफ्नु कान्छाबाबुकी कोरी हदस्सालाइ जो
एस्तेर् पनि भनींद थिई पाल्येको थियो. किनभन्ये त्येका आंमा बाबु
थियेनन् अनि त्यो केटी राम्री रुपवन्ती थिई अनि त्येका आंमा बाबु मंये
८ पछि मोर्दकैले त्येलाइ आफ्नी कोरी जस्ती गरि पाल्येको थियो। त येसो
भयो जब राजाको आज्ञा र आज्ञापत्र सुनाईयो अनि जब धेरै केटीहरु
शूशन् किल्लामां हेगेका हातमां भेला भयेको थिइन् तब एस्तेर् पनि
९ राजमहलमां स्त्रीहरुको रखुवारे हेगेको हातमां लगीई। अनि त्यो केटी
त्येलाइ जाति लाग्यो अनि त्येले त्येस् देखि अनुग्रह् पाई त त्येले बियांलो
न गरि त्येलाइ त्येको शुद्धगराईका थोक् र त्येको भाग् पनि त्येलाइ
दिईने माफिकको सातवटो सखीनीहरु राजमहल् देखि दियो. अनि त्येले
त्येलाइ त्येको सखीनीहरु समेत् स्त्रीकोठाहरुमांको सबै भन्दा असल्
१० कोठामां सार्यो। एस्तेर्चइंले आफ्ना कुल्कुटुम्ब देखायेको थिइन
११ किनभन्ये मोर्दकैले त्येलाइ न देखाउंनु भन्येको थियो। अनि एस्तेर्को
कसो भयो अनि त्येको बिषयमां के हुंछ भनि याहा पाउंनुको लागि
१२ मोर्दकै दिन् दिन् स्त्रीकोठाहरुको सांमु तिर हुल्द थियो। ति
स्त्रीहरुको शुद्धगराईको दिन्को भरना येसोरि हुंथ्यो छ महीना सम्म
मुर्को तेल्ले अनि छ महीना सुगन्धद्रव्य र स्त्रीहरुको शुद्धगराईका थोक्
लगाउंद थिये अनि जब स्त्रीहरुको लागिको बिधि बारह् महीना सम्म
एक् एक् केटीलाइ गरीयेको हुंथ्यो तब क्षयर्ष राजा थांइ जांने त्येको
१३ पालो हुंथ्यो तब येसैगरि केटी राजा थांइ आउंद थिई अर्थात्
के जे त्येले मांगद थिई त्येलाइ दिईंद थियो अनि ति लियेर स्त्रीकोठा
१४ देखि राजमहलमां आउंद थिई। बेलुका जांद थिई अनि भोलि पल्ट
रखैलीहरुको रखुवारे राजाको शाश्गज् नांउ भयेको मेहेरीको हातमां
स्त्रीकोठाहरुको अर्को घरमां आउंद थिई. अनि राजा त्यो देखि खुशि
भयेर त्यो नांउ कार्डिकन डाकीईन भन्ये त्यो फेरि फेरि आउंदैन थिई।
१५ त जब मोर्दकैको कान्छाबाबु अबीहैलकी कोरी एस्तर् जलाइ मोर्दकैले
कोरी भें पाल्येको थियो जब राजा थांइ जांने त्येको पालो आयो तब
त्येले स्त्रीहरुको रखुवारे राजाको हेग नांउ भयेको मेहेरीले ठहरायेको थोक्
बाहिक् अरु केइ पनि मांगीन। अनि जसले एस्तेर्लाइ देख्द थिये
१६ तिनिहरु देखि त्येस् मांथि अनुग्रह् हुंद थियो। येसोरि एस्तेर् राजमहलमां
क्षयर्ष राजा थांइ लगीई त्येको राजको सातौं बर्षको तेह्रेत् नांउ भयेको
१७ दशौं महीनामां। अनि राजाले एस्तेर् सित अरु सबै स्त्रीहरु सित भन्दा
बेसि पिर्ति गर्यो अनि सबै केटीहरु मांथि भन्दा बेसि त्येस् केटी मांथि

अनुग्रह् र कृपा भयो त त्येस्ले त्येसको शिरमां राजमुकुट् लगाइ दियो अनि
त्येस्लाइ वश्तीको साटो रानी तुल्यायो । तब राजाले आफ्ना मालिकहरु र १८
काम्दारीहरुको लागि येउटा तुलो भोज् अर्थात् एस्तेर् नांउको भोज्
लगायो अनि त्येस्ले खा खामां कुट्टी दियो अनि राजाको उत्तीतो अनुसार्
दान् दियो । अनि जब केटीहरु दोस्रो खेप् भेला भइन् तब मोर्दकै चईं १९
राजाको ढोका निर बसि रहंद थियो । एस्तेरले मोर्दकैले त्येस्लाइ अह्रायेको २०
अनुसार् ऐले सम्म आफ्ना कुलकुटुम्ब देखायेकी थिईन किनभन्ये
एस्तेरले मोर्दकै सङ प्रालीदाखेरि झैं अब सम्म त्येस्को आज्ञा मान्दै रहंद
थिई । ति दिनमां मोर्दकै राजाको ढोका निर बस्दाखेरि आघनको रखुवारे २१
राजाका दुइ जना बिरतान् र तेरेश् नांउ भयेका मेछेरीहरुले रिसायेर त्तयर्ष
राजालाइ समातनु खोज्ये । अनि यो कुरो मोर्दकैलाइ थाहा भयो जस्ले २२
एस्तेर् रानीलाइ कहि दियो अनि एस्तेरले मोर्दकैको नांउ लियेर राजालाइ
सुनाइ दिई । येस् बिषयमां जब सोधसाध् गरीयो अनि कुरा येस्तै भयेको २३
पाईयो तब ति दुइ जना रुखमां झंड्याईये . अनि यो कुरो राजाको सांमु
इतिहासको पोस्तकमां लेखीयो ॥

(यहूदीहरुको बिरुद्धमां हामान्को जुक्ति)

यि कुरा पछि त्तयर्ष राजाले अगागी हम्मदाताको छोरो हामान्लाइ ३ १
तुलो मान् दियेर त्येस्लाइ बढ़ायो अनि त्येस्को बैठक् त्यो सङ भयेका सबै
मालिकहरु भन्दा अलगो गरायो । अनि राजाको ढोका निर भयेका २
राजाका सबै चाकरेहरुले निउंयेर हामान्लाइ दण्डवत् गर्न गर्द थिये .
किनभन्ये राजाले त्येस्को बिषयमां येसै गर्न आज्ञा गर्यको थियो । तर
मोर्दकैचइंले न निउंर्यो न त्येस्लाइ दण्डवत् गर्यो । तब राजाको ढोका निर ३
बस्ने राजाका चाकरेहरुले मोर्दकैलाइ भन्ये तिमि राजाको आज्ञा किन
नांघद छौ । त तिनिहरुले दिन् दिन् त्यो खित कुरा गर्दै रहंदा अनि त्येस्ले ४
तिनिहरुको न सुन्दै रहंदा येसो भयो तिनिहरुले मोर्दकैका कुरा
येस्ले ठहर्छ कि भनि हेर्नुलाइ हामान्लाइ सुनाइ दिये . किनभन्ये
तिनिहरुलाइ त्येस्ले मं यहूदी हुं भनि भन्येको थियो । अनि जब हामान्ले ५
मोर्दकैले न निउंर्यो न मंलाइ दण्डवत् गर्यो भनि देख्यो तब हामान्
अरघोर् रिसायो । तर त्येस्ले मोर्दकै मांत्रै हात् हाल्नु तुच्छ ठान्यो ६
किनभन्ये तिनिहरुले त्येस्लाइ मोर्दकैका जातभाई देखाइ दियेका थिये .
येस्कारण हामान्ले त्तयर्षको सिंगै राजमां भयेका सिंगै यहूदीहरुलाइ
नं मोर्दकैका सबै जातभाईहरुलाइ नास पार्नु खोज्यो । त राजा त्तयर्षको ७
बाह्रौं बर्षको नीसान् नांउ भयेको पहिलो महीनामां अदार् नांउ भयेको
बाह्रौं महीना सम्म महीना महीना र दिन् दिनगरि तिनिहरुले हामान्को
मांमु पुर् अर्थात् चिट्ठा हाल्दै रह्ये । अनि हामान्ले त्तयर्ष राजालाइ भन्यो ८
आफ्नको राजका सबै खाहरुमां भयेका लोगको बीचमां येउटा कुरपुट्ट

भयेको र कुट्टीयेको लोग् क जुन्हरुका व्यवस्था अरु सब्बै लोगका व्यवस्था
भन्दा भिन्दै कुन् अनि तिनिहरुले महाराजाको व्यवस्था मान्दैनन्. येस्कारण्
९ तिनिहरुलाइ सहंनु महाराजाकन उचित् कुैन। त महाराजाकन जाति लाग्यो
भन्ये तिनिहरु नास् पारीउन् भनि लेखीग्रोस्. अनि मं चइं महाराजाको
काम्को रत्ते गर्नेहरुको हातमां महाराजाको भंड़ार्मां ल्याउंनुको लागि
१० दस् हजार् तोड़ा चांदी दिंछु। तब राजाले आफ्नु हात् देखि आफ्नु
औंठी झिक्यर यहूदीहरुको बैरी अगागी हम्मदाताको क्रोरो हामान्लाइ
११ दियो। अनि राजाले हामान्लाइ भन्यो चांदी चइं लोग् समेत् तंलाइ
१२ दिईयेको क्र र ज्ये तंलाइ जाति लाग्ला ति तिनिहरु सब गर्। तब पहिलो
महीनाको तेह्रौं तिथिमां राजाका लेटरहरु डाकीये अनि हामान्ले राजाका
अधिपतिहरु र एक् एक् खा मांथि भयेका मालिक् र सब्बै लोगका
भारादारहरु थांइ चिट्ठी लेखायो गोटैपिच्छे खाको लेखाई अनुसार् अनि
गोटैपिच्छे लोग्लाइ तिनिहरुको भाषा अनुसार् क्षयर्ष राजाको नांवले
१३ लेखीयो अनि तिनमां राजाको लाल्मोहर्ले क्षापीयो। अनि एकै दिनमां
अर्थात् अदार् भनीने बाह्रौं महीनाको तेह्रौं तिथिमां क्ये जुवान् क्ये बूढा
क्ये बालबच्चा क्ये स्त्री सब्बै यहूदीहरुलाइ नास् पार्नु अनि मार्नु अनि विधंस
पार्नु अनि तिनिहरु देखि सबै धोक् लूंट लैजांनु भन्ये चिट्ठी राजाका सबै
१४ खाहरुमां हुलाक् हुलाकगरि पठाईये। त्यो आज्ञापत्र सबै खाहरुमां
दिईग्रोस् भनि लेख्येको नकल् सबै लोगलाइ प्रचार् पनि भयो तिनिहरु
१५ त्येस् दिनको लागि तियार् हुंनुलाइ। त राजाको आज्ञा अनुसार् ति हुलाके-
हरु निस्कि दुगुत्ये अनि शुशन् किल्लामां त्यो आज्ञा प्रचारीयो. अनि राजा
र हामान् चइं पीउंनुको लागि बस्ये तर शुशनको सहर् भन्ये घबुराएो॥

(एस्तेर्को अर्जीले हामान्को नास्)

४ १ जब मोर्दकैले यि सबै गरीयेका कुरा थाहा पायो तब मोर्दकैले
आफ्नु लुगा फाट्यो अनि भांग्रा र खरानी लगायेर सहरको बीचमां गयेर
२ बड़ो र तीतो चिच्याईले चिच्यायो. अं राजाको ढोकाको सांमु पनि
पुग्यो. कसोगरिभन्ये भांग्रा लायेको मान्छेले राजाको ढोका भित्र पुगनु
३ पाउंदैन थियो। अनि राजाका आज्ञा र आज्ञापत्र पुग्येको सबै खाहरुमां
यहूदीहरुको बीचमां मारो बिलाप् र उपास् र रुवाई र क्रातिपीटाई भयो
४ अरि भांग्रा र खरानि धेरै जना मुनि ओछ्याईये। जब एस्तेरकी सखीनीहरु
र मेहेरीहरुले आयेर एस्तेरलाइ यो बिषय् सुनाइ दिये तब रानी अरघोर्
शोकित् भइन्. अनि त्येस्ले मोर्दकै देखि भांग्रा उताय्येर लुगा लगाउंनु
५ भन्येर लुगा पठाइ दिई. तर त्येस्ले त्यो लियेन। तब एस्तेरले राजाले
रानीको सेवाटहल् गर्नुको लागि खटायेको राजाको एक् जना हताक्
भनीने मेहेरीलाइ डाकि पठायेर मोर्दकै सित यो का हो अनि किन हो
६ भनि सोधनुलाइ पठाई। तब हताक् राजाको ढोकाको सांमु भयेको

सहरको चोकमां मोर्दकै थांइ निस्कि गयो। अनि मोर्दकैले येस्लाइ मंलाइ ७
को पर्‍यो अनि हामान्ले यहूदीहरूलाइ नास् पार्नुको लागि राजभंडारमां
कति रुपिया भरि दिने करहार् पनि गर्‍यो भनि ठीक् ठीकगरि देखाइ
दियो। येस् उप्रान्त येस्ले येस्लाइ तिनिहरूलाइ नास् पार्नुलाइ शूशन्मां ८
उर्दी दिईयेको आज्ञापत्रको नकल् पनि त्यो चईं एस्तेर्लाइ देखायेर
सुनाउनु भन्येर येस्लाइ दियो अनि रानीलाइ आफु राजा थांइ गयेर तिनि
सङ अर्जविन्ति गर्नु अनि तिन्को सांमु आफ्ना जातभाईको लागि मांगनु
भनि अह्रायो। त हताक्ले फर्कि आयेर मोर्दकैका कुरा एस्तेर्लाइ सुनाइ ९
दियो। तब एस्तेर्ले हताक्लाइ मोर्दकै सङ यि कुरा गर्नु भनि आज्ञा दिई १०
अर्थात्. राजाका सबै चाकरेहरूलाइ र राजाका खबहरूका लोगलाइ थाहा ११
छ को पुरुष् को स्त्री जोसुकै हवस् आज्ञा न पाइ राजा थांइ भित्रेको चईं
आघनमां पस्ला त राजाले त्यो जीइ रहोस् भन्येर सुन्को राजदण्ड
पसार्येन भन्ये देखि येस्को लागि येउटै व्यवस्था अर्थात् त्यो मारीश्रोस
भन्ये व्यवस्था मांत्रै छ भन्ये. येस् उप्रान्त यि तीस् दिन् देखि राजा थांइ
जांने आज्ञा मंलाइ भयेको छैन। तब तिनिहरूले मोर्दकैलाइ एस्तेर्का कुरा १२
सुनाइ दिये। तब मोर्दकैले एस्तेर्लाइ येइ उत्तर फर्काइ दिनु भन्यो तिमि १३
आफ्नु मनमां मं राजमहलमां बस्येको कुत अरु सबै यहूदीहरु भन्दा बेसि
बचाई पाउंछु भनि न ठान। किनभन्ये येस् बेलामां तिमि चईं खांट्टै चुप् १४
लागि रह्यौ भन्ये देखि ता अर्कोचईं ठांउ देखि यहूदीहरूको लागि ता
छुट्कारा र उद्धार उठ्छ तर तिमि र तिम्रा जहानको ता नास् हुंछ. अनि
कोनि तिमि येस्ते बेलाको लागि राजमां आयेको होली। तब एस्तेर्ले १५
मोर्दकैलाइ यो उत्तर दिनु भनि आज्ञा गरी गयेर शूशन्मां हाजिर् १६
भयेका सबै यहूदीहरूलाइ भेला गराएर मेरो निम्तिमां उपास् बस्नु अनि
तीन् दिन तीन् रात् मम्म खानापिना न गर्नु. मं पनि आफ्नी सखीनीहरू
समेत् येसैगरि उपास् बस्छु त येसोरि राजाको आज्ञाको बिरुद्ध तिनि
थांइ पसि जांछु. मं नष् भयें त भयें। त मोर्दकैले हिंड्ि गयेर १७
एस्तेर्का सबै आज्ञा अनुसार् गर्‍यो॥

तब तेस्रो दिनमां येसो भयो एस्तेर् आफ्नु राजवस्त्र पहिर्येर ५ १
राजमहलको सांमु भयेको राजमहलको भित्रेआघनमां उभीई. अनि राजा
चईं राजमहलमां महलको ढोकाको सांमु राजसिंहासनमां बसि रह्येको
थियो। अनि येसो भयो जब राजाले एस्तेर् रानीलाइ आघनमां उभीइ २
रह्येको देख्यो तब तेस् माथि तेस्को अनुग्रह भयो. अनि राजाले आफ्न
हातमां भयेको सुनको राजदण्ड एस्तेर् तिर पसार्‍यो। त एस्तेर्ले नजिक्
आयेर राजदण्डको टुप्पा छोई। तब राजाले तेस्लाइ भन्यो ए एस्तेर् रानी ३
तंलाइ को चाहिंछ अनि तेरो अर्जी को छ. मेरो आधा राज् सम्म पनि
तंलाइ दिईंछ। तब एस्तेर्ले भनी महाराजाकन जाति लाग्यो भन्ये ४
महाराजा र हामान् मैले तिनको लागि तियार् पारेको भोजमां आउन्।

५ तब राजाले भन्यो एस्तेरले भन्येको अनुसार् गरौंनुलाइ हामान्लाइ आउंनु
हतार् लगाउ । त राजा र हामान् एस्तेरले तियार् पार्येको भोज्मां आये ।
६ तब मद्यलिवाईमां राजाले एस्तेरलाइ भन्यो तेरो के बिन्ति छ त्यो तंलाइ
७ दिईंछ . अनि तेरो अर्जी के छ आधा राज् सम्म पूरो गरींछ । तब एस्तेरले
८ उत्तर् दिइ भनी मेरो बिन्ति र मेरो अर्जी यो छ मं मांथि महाराजाको
अनुग्रह् भयो भन्ये देखि अनि मेरो बिन्ति अनुसार् दिंनु र मेरो अर्जी पूरो
गर्नु महाराजाकन जाति लाग्यो भन्ये देखि महाराजा र हामान् मैंले
तिनको लागि तियार् पार्नु आंटेको भोज्मां आउन् अनि महाराजाले
९ भन्येको अनुसार् मं भोलि गर्छु । तब हामान् रमाउंदै र मनमां मग्न भइ त्येस्
दिन् निस्क्यो . तर हामान्ले मोर्दकै चइंलाइ राजाको ढोकामां बस्दै मेरो
लागि न उभीयेको न कांम्येको देख्यो तब मोर्दकैको बिषयमां रिसले
१० भरीयो । तैपनि हामान्ले आफुलाइ घामदै घर् गयो अनि आफ्ना मित्रहरु
११ र आफ्नी मुखेंनि जेरेशलाइ बोलाइ पठायो । बहांदेखि हामान्ले
तिनिहरुलाइ आफ्नु धनसम्पत्तिको बिभव र आफ्ना बालबच्चाका धेरैई
देखायो अनि राजाले मंलाइ कसो कसोगरि बढ़ायेको छ अं त्येस्ले मंलाइ
राजाका सबै मालिकहरु र काम्दारीहरु भन्दा ऊंभो तुल्यायेको छ भनि
१२ बखान् गर्यो । येस् उप्रान्त हामान्ले भन्यो अं एस्तेर् रानीले पनि आफुले
तियार् पार्येको भोज्मां राजा सङ मं छाड़ि कसैलाइ पस्नु दिईनन् अनि
भोलिको लागि पनि राजा सङ उनि देखि मंलाइ निम्तो भयेको छ ।
१३ तैपनि मैंले यहूदी मोर्दकैचइंलाइ राजाको आघनमां बसि रह्येको
१४ देख्दाखेरि यि सबै मेरो लागि के काम्का हुन् । तब त्येस्की मुखेंनी जेरेश्
र त्येस्का सबै मित्रहरुले त्येस्लाइ भन्ये पचास् हातको अलगो काठ् गाड़ीओस्
बहांदेखि भोलि बिहान मोर्दकै त्येस्मां झुंड्याईओस् भनि राजा सङ कुरा
गर . तब आफु चइं खुशि भित राजा सङ भोज्मां जांनु । तब यि कुरा
हामान्लाइ जाति लाग्यो अनि त्येस्ले काठ् गाड़नु लगायो ॥

६ १ त्येस् रात् राजाको नींद् हरायो अनि त्येस्ले इतिहासको सम्झौटे
२ पोस्तक् ल्याउंने आज्ञा दियो अनि ति राजाको मांसु परीये । अनि
लेख्येकोमां येस्तो पाईयो मोर्दकैचइंले त्यर्ष राजा मांथि हात् हालनु
खोज्ने ढोकाको रक्षे गर्ने राजाका दुइ जना बिगताना र तेरेश् मेहेरीहरुको
३ बिषयमां जाहार् गर्यो भन्ये । अनि राजाले सोध्यो येको लागि मोर्दकैलाइ
के मान् कि के बड़ाईं दिईयो । तब राजाको सेवा गर्ने त्येका चाकरेहरुले
४ त्येस्लाइ उत्तर् दिये त्येको लागि केइ पनि गरीयेको छैन । तब राजाले
आघनमां उभीने को हो भनि सोध्यो । त्येस् बेला हामान् चइं राज्महलको
बाइरे आघनमां आयेको थियो । त्येस्ले तियार् पार्येको काठमां मोर्दकैलाइ
५ झुंड्याउंनुलाइ राजा सङ कुरा गर्नुलाइ । त राजाका चाकरेहरुले त्येस्लाइ
भन्ये हेनुं हवस् हामान् आघनमां उभीइ रह्येको छ । तब राजाले त्यो
६ भित्र आवस् भनि आज्ञा दियो । त हामान् भित्र आयो । अनि राजाले

त्येस्लाइ भन्यो जस् मान्केलाइ राजाले मान् गर्नु मन् गर्द छ त्येस्लाई को
गरीश्रेस् । त हामान्ले आफ्नु मनमां राजाले मंलाइ भन्दा बेसि मान्
कस्लाइ दिंने मन् गर्छन् होला र भन्ने बिचार् गऱ्यो । तब हामान्ले ७
राजालाइ भन्यो जस् मान्केलाइ महाराजाले मान् गर्नु मन् गर्द छन्
त्येस्को लागि महाराजाले लाउंदै गर्ने राजबस्त्र र महाराजाले चढ्दै गर्ने ८
घोड़ा अनि तिन्को सिरमां लाउंदै गऱ्येको राजमुकुट् ल्याईउन् . अनि त्यो ९
बस्त्र र त्यो घोड़ा महाराजाका भारादार् मालिकहरुमांको एक् जनाको
हातमां सुम्पि दिईउन् अनि त्येस्ले महाराजाले मान् गर्नु मन् गऱ्येको मान्के-
लाइ पहिऱ्यावस् अनि त्येस्लाइ घोड़ा मांथि चढ़ायेर सहरका चोक् चोक् हुंदो
डुलावस् अनि त्येस्को सांमु जस् मान्केलाइ महाराजाले मान् गर्नु मन् गर्द
छ त्येस्लाइ येसै गरीछ भन्ने उर्दी प्रचार् हिंड़ोस् । तब राजाले हामान्लाइ १०
भन्यो छिट्टो गऱ्येर तिमिले भन्येका भैं बस्त्र र घोड़ा लियेर राजाको ढोका
निर बस्ने यहूदी मोर्दकैलाइ येसै गर . तिमिले भन्येको कुरा येउटा पनि न
घटोस् । त हामान्ले बस्त्र घोड़ा ल्यायेर मोर्दकैलाइ पहिऱ्यायो अनि घोड़ा ११
मांथि चढ़ायेर सहरका चोक् चोक् हुंदो डुलायो । अनि त्येस्को सांमु जस्
मान्केलाइ महाराजाले मान् गर्नु मन् गर्द छ त्येस्लाइ येसै गरीछ भन्ने उर्दी
प्रचार् हिंड़ायो । अनि मोर्दकै राजाको ढोका निर फेरि आयो । तर हामान् १२
चइं बिलाप् गर्दै र आफ्नु सिर् ढाकि छिटो छिटो आफ्नु घरमां गयो ।
अनि हामान्ले मंलाइ को को पऱ्यो भनि आफ्नो सुखेंनी जेरेश् र आफ्ना १३
मित्रहरुलाइ बखान् गऱ्यो । तब त्येस्का बुद्धिमान्हरु र त्येस्की सुखेंनी
जेरेश्ले त्येस्लाइ भन्ये जस् मोर्दकैको सांमु आफु खस्नु आंटेका छौ त्यो
यहूदीबंश्को हो भन्ये देखि आफु त्येस्को बिरुद्धमां जिताहा हुंनु सक्नु
हुन्न तर निस्से त्येस्को सांमु खस्नु हुंछ । अनि तिनिहरुले त्यो सब बात् १४
गर्दै गर्दाखेरि राजाका मेहेरीहरुले आयेर एस्तेर्ले तियार् पाऱ्येको भोजमां
हामान्लाइ पुऱ्याउंनुलाइ हतार् लगाये ॥

त राजा र हामान् एस्तेर् रानी पांइ भोज् गर्नुलाइ आये । ७ १
तब दोस्रो दिन् राजाले मद्यलिवाईमां एस्तेर्लाइ भन्यो ए एस्तेर् रानी तेरो २
को बिन्ति छ त्यो तंलाइ दिईंछ . अनि तेरो अर्जी को छ आधा राज् सम्म
त्यो पूरो गरींछ । तब एस्तेर् रानीले उत्तर् दिई भनी हे महाराजा मं मांथि ३
आफुको अनुग्रह् भयो भन्ये देखि अनि महाराजाकन जाति लाग्यो भन्ये
देखि मेरो बिन्तिमां मंलाइ मेरो जीवन् दिईश्रोस् अनि मेरो अर्जीमां मेरा
ज्ञातभाईहरु . किनभन्ये मं र मेरा जातभाईहरु नास् पारींनु अनि मारींनु ४
अनि बिध्वंस पारींनुलाइ बिक्रि भयेका छौं । बरु हांमिहरु कमांरा कमांरी
हुंनुलाइ बिक्रि भयेको भये देखि मं चुप् लागि रहंने थिएं त्येस् बैरीले
राजाको हानि भरि दिंनु न सक्येको भये देखि । तब क्षयर्ष राजाले एस्तेर् ५
रानी षित येसो भनिकन सोध्यो यो को हो अनि कहां छ जो येसो गर्नुलाइ
आफ्नु मनमां आंटीलो भयेको छ । तब एस्तेर्ले भनी येउटा बैरी र येउटा ६

सत्तुर् अं येइ दुष्ट हामान् चइं हो । तब हामान् राजा र रानीको मुखेंजो
७ डरायो । अनि राजा रिसले बल्यैर मद्यालिवाई देखि उठेर राजबारीमां
निक्कि गयो . अनि हामान् चइं एस्तेर् रानी षित प्राणदान् मांगनुलाइ
उभीइ रह्यो किनभन्ये त्येस्ले राजाले मेरो बिरुद्धमां बुराई गर्ने मन् गर्द छ
८ भनि थाहा पायो । तब राजा राजबारी देखि फेर्क्यैर मद्यालिवाईको ठांउमां
आयो अनि हामान् चइं रानी बस्येको खाट्मां लडि रह्येको थियो तब
राजाले भन्यो के येस्ले घर् भित्र मेरै सांमु रानीलाइ भरष्ट पार्नु आंटेको छ ।
राजाको मुख् बाटो यो कुरो निस्कंनु बित्तिकै तिनिहरुले हामान्को मुख्
९ ढाकि दिये । तब राजाको सांमु भयेका मेहेरौहरुमांको हर्बोना नांउ भयेको
एक् जना मेहेरीले भन्यो अं हेर्नु हवस् जस् मोर्दकैले महाराजाको लागि
जाति भन्यो त्येसैको लागि हामान्ले तियार् पार्येको पचास् हातको अलगो
काठ् हामान्को घर् निर् गाडि उभ्याइ राख्येको छ । तब राजाले भन्यो
१० त्येसैमां येसैलाइ झुंड्याउ । तब तिनिहरुले हामानलाइ त्येस्ले मोर्दकैको
लागि तियार् पार्येको काठमां झुंड्याये । यहांपछि राजाको रिस् मंग्यो ॥

(यहूदीहरुको बचाई)

८ १ त्येसै दिन् क्षयर्ष राजाले यहूदीहरुको बैरी हामान्को घर् एस्तेर्
रानीलाइ दिहाल्यो । तब मोर्दकै राजाको सांमु आयो किनभन्ये एस्तेर्ले
२ त्यो मेरो को सांइनु पर्छ भनि देखायेकी थिई । तब राजाले त्येस्ले हामान्
देखि लियेको औंठी फूकाल्यैर मोर्दकैलाइ दियो । अनि एस्तेर्ले मोर्दकैलाइ
३ हामान्को घर् मांथि खटाई । फेरि एस्तेर्ले दोस्रो खेप् राजाको सांमु
भनी अनि त्येस्का पाउमां घोप्टो पर्यैर आंसु बहाउंदै बहाउंदै अगागी
हामान्को बुराई र त्येस्ले यहूदीहरुको बिरुद्धमां गर्येको जुक्ति मेट्नुलाइ
४ बिन्ति गरी । तब राजाले एस्तेर् तिर सुन्को राजदण्ड पसार्यो । तब एस्तेर्
५ उठेर राजाको सांमु उभीई । तब त्येस्ले भनी महाराजाको इच्छे भयो भन्ये
अनि मं मांथि तिन्को अनुग्रह भयो भन्ये अनि यो कुरो महाराजाकन
जाति लाग्यो भन्ये अनि मं तिन्को दृष्टिमां मनमर्दी भयें भन्ये देखि जुन्
चिट्ठी अगागी हम्मदाताको छोरो हामानले महाराजाका सबै खाहरुमां
भयेका यहूदीहरुलाइ नाम् पार्नुलाइ जुक्ति गरिकन लेख्येको छ त्येइ चिट्ठी
६ उल्टाउंने आज्ञापत्र लेखीपोस् . किनभन्ये मेरा जातभाई मांथि पर्नु आंटेको
बिपत्ति मं कसोगरि हेर्नु सकुं कि मेरा कुटुम्बको नास् हेर्नु कसोगरि सकुं ।
७ तब क्षयर्ष राजाले एस्तेर् रानी र यहूदी मोर्दकैलाइ भन्यो हेर मैले
हामान्को घर् एस्तेर्लाइ दियें अनि त्येस्ले आफनु हात् यहूदीहरु मांथि
८ लगायेको कारणले तिनिहरुले त्येस्लाइ काठमां झुंड्याये । तिमिहरुले पनि
आफनु खुशि अनुसार् राजाको नांउले अनि राजाको औंठीले लालमोहर्
छाप्येर यहूदीहरु थांइ चिट्ठी लेखुन् . किनभन्ये राजाको नांउले लेख्येको र
राजाको औंठीले लालमोहर् छाप्येको लेखाई कसैले उल्टाउंनु सकदैन ।

तब सीवान् भनींने तीस्रो महीनाको तेईसौं तिथिमां त्येसै बेलामां राजाका ९
लेटर्हरु डाकीये अनि मोर्दकैले यहूदीहरुलाइ र हिन्दुस्तान् देखि कूश् सम्म
एक् सै सत्ताईस् ख्वाहरुका अधिपतिहरु र मालिक्हरु र भारादार्हरु थांइ
चिट्ठी लेखीये गोठैपिच्छे ख्वाको लेखाई अन्सार् अनि गोठैपिच्छे लोग्को
भाषा अन्सार् अनि यहूदीहरु थांइ तिनिहरुको लेखाई र तिनिहरुको
भाषा अन्सार्। त त्येस्ले क्षयर्ष राजाको नांउले लेख्यो अनि राजाको १०
लाल्मोहर्ले छाप्यो वहांदेखि राजाको काम्मां लगाईंने खूब् छिटो हिड्ने
हिड्ने झर्रा झर्रा जात्का घोड़ाहरु मांथि सवारी गर्ने हुलाकेहरुको बाटोले
चिट्ठी पठायो. जुन् चिट्ठीमां राजाले यो आज्ञा गर्‍यो सहरै पिच्छेमां ११
भयेका यहूदीहरु भेला भयेर आफ्नु प्राण्को लागि खड़ा हव वहांदेखि
हांमिहरुलाइ हांमिहरुका बाल्बच्चाहरु र स्त्रीहरु समेत्लाइ मांर्नु आंट्ने
लोग्हरुलाइ र ख्वाका लोगका सबै अक्तियार्हरु नास् पार अनि मांर अनि
बिधंस पार अनि तिनिहरु देखि सबै थोक् लुटि लैजाव अं क्षयर्ष १२
राजाका सबै ख्वाहरुमां एकै दिन्मां अर्थात् अदार् भनींने बाह्रौं महीनाको
तेह्रौं तिथिमां येसो गर्नु भन्ये। यो आज्ञापत्र सबै ख्वाहरुमां दिईओस् १३
भनि लेख्येको नकल् सबै लोगलाइ पनि प्रचार् भयो यहूदीहरु त्येस् दिन्
आफ्नु सत्तुर्हरु सित साटो लिंनुको लागि तियार् हुंनुलाइ। त राजाको १४
काम्मां लगाईयेका छिटो हिंड्ने घोड़ाहरु मांथि सवारी गर्ने हुलाकेहरु
राजाको आज्ञा अन्सार् हतारींदै लगारींदै निस्कि दुगुर्‍ये अनि शूशान्
किल्लामां यो आज्ञा प्रचारीयो। तब मोर्दकै चइं नीलो र सेतो राज्बस्त्र र १५
सुन्को ठुलो मुकुट् र मल्मल् र बैगुनेरङ्गको दौरा लायेर राजाको मुखेंजी
देखि निस्क्यो. अनि शूशन्को सहर्ले करायेर रमाहट् गर्‍यो।
तब यहूदीहरुको उज्यालो र हर्ष र आनन्द र मान् भयो। अनि राजाको १६ १७
आज्ञा र आज्ञापत्र पुग्येका सबै ख्वा र सबै सहर्मां यहूदीहरुको हर्ष र
आनन्द र चाड़ र जाति दिन् भयो। अनि देस्का लोग्मांका बहुतै जना
पनि यहूदी भइ गये किनभन्ये तिनिहरु मांथि यहूदीहरुको डर् पर्‍यो॥

(पूरीम् भनींने चाड़् ठहराईंनु)

तब अदार् भनींने बाह्रौं महीनाको तेह्रौं तिथिमां जब राजाको ९ १
आज्ञा र आज्ञापत्र पूरा हुंनु आंट्येको थियो जस् दिन्मां यहूदीहरुका
सत्तुर्हरुले तिनिहरु मांथि प्रभुतेईं गर्ने आस्रा गर्द थिये तर उल्टाउलो
यहूदीहरुले पो तिनिहरुका बैरीहरु मांथि प्रभुतेईं गर्‍ये त्येस् दिन् २
यहूदीहरु चइं क्षयर्ष राजाका सबै ख्वाहरुमां भयेका आफ्नु सहर् सहर्मां
तिनिहरुको हानि खोज्नेहरुलाइ समात्नुलाइ भेला भये. अनि कोई मान्छे
तिनिहरु मांथि उठ्नु सक्येन किनभन्ये तिनिहरुको डर् सबै लोग् मांथि
पर्‍यो। अनि ख्वा ख्वाका सबै अधिपतिहरु र भारादार्हरु र मालिक्हरु र ३
राजाको काम् गर्नेहरु सबैले यहूदीहरुको गोहार् गर्‍ये किनभन्ये मोर्दकैको

४ डर् तिनिहरु मांथि पर्‍यो । कसोगरिभन्ये मोर्दकै राजमहलमां बड़ा भयो
अनि त्येस्को कीर्ति सबै खाहरुमां फिंजीयो . किनभन्ये त्यो मान्छे मोर्दकै झन्
५ बढ़्दै बढ़्दै गयो । अनि यहूदीहरुले आफ्ना सबै सत्तुरहरुलाइ तरवारको
धिकाई र मंराई र नासले मांर्‍ये अनि तिनिहरु सित बैरी हुंनेहरुलाइ
६ आफ्ना खुशि अनुसार् गर्‍ये । अनि शूशन् किल्लामां यहूदीहरुले पांच् सै
७ मान्छेहरुलाइ मांरि नास् पार्‍ये । अनि तिनिहरुले पर्शन्दाता दल्फोन्
८ अस्पाता पोराता अदल्या अरीदाता पर्मश्ता अरीसै अरीदै र
१० वैजाता हम्मदाताको क्रोरो यहूदीहरुको बैरी हामान्का दसै क्रोराहरुलाइ
११ पनि काट्‌ये तर लूट्‌चइंमां हात् हाल्येनन् । त्येस् दिन् शूशन् किल्ला
१२ मा मांरीयेकाको गन्ति राजालाइ सुनाईयो । अनि राजाले एस्तेर् रानीलाइ
भन्यो यहूदीहरुले शूशन् किल्लामां पांच् सै जनालाइ र हामान्का दसै
क्रोराहरुलाइ मांर्‍येर नास् पार्‍ये अनि राजाका रहल् खाहरुमां तिनिहरुले
कोनि को को गर्‍ये भनि । त तेरो बिन्ति को क्र त्यो तेरो लागि गरीक्र . अनि
१३ अझै तेरो बिन्ति को क्र त्यो पूरो गरीक्र । तब एस्तेर्ले भनी महाराजाकन
जाति लाग्यो भन्ये शूशनमां बस्ने यहूदीहरुलाइ आजुको आज्ञापत्र अनुसार्
भोलि पनि गर्नु दिईओस् अनि हामान्का दस् क्रोराहरु काठमां
१४ झुंड्याइ दिईउन् । तब राजाले येसै गर्ने आज्ञा गर्‍यो . अनि शूशनमां
आज्ञापत्र प्रचारीयो तब तिनिहरुले हामान्का दस् क्रोराहरुलाइ झुंड्याये ।
१५ अनि शूशनमां भयेका यहूदीहरुले अदार् महीनाको चौधौं तिथिमां पनि
भेला भयेर तीन् सै मान्छेलाइ शूशनमां मांर्‍ये तर लूट्‌चइंमां आफ्ना हात्
१६ हाल्येनन् । तर राजाको खाममां भयेका अरु यहूदीहरुले भेला भयेर आफ्ना
प्राणको लागि खड़ा भयेर आफ्ना सत्तुरहरु देखि विश्राम् पाये अनि
बैरीहरुका पक्रत्तर् हजार् जनालाइ मांर्‍ये तर लूटमां चइं आफ्ना हात्
१७ हाल्येनन् । यि सबै अदार् भनीने महीनाको तेह्रौं तिथिमां गरीयो अनि
चौधौं तिथिमां तिनिहरुले विश्राम् गर्‍ये अनि खुवाईको र रमाहट्‌को
१८ दिन् तुल्याये । तर शूशनमां भयेका यहूदीहरुचइं त्येस्को तेह्रौं र चौधौं
तिथिमां पनि भेला भये अनि पन्ध्रौं चइं तिथिमां विसाये अनि
१९ खुवाईको र रमाहट्‌को दिन् तुल्याये । येस्कारण घेरा न भयेका सहरहरुमां
बस्ने अं बस्तीहरुका यहूदीहरु अदार् महीनाको चौधौं तिथिमां त्येसलाइ
रमाहट्‌को र खुवाईको दिन् र जाति दिन् र आपस्तमां भाग् भाग्
पठाउने दिन् तुल्याये ॥

२० अनि मोर्दकैचइंले यो कुरो लेख्यो अनि क्षयर्ष राजाका सबै खाहरुमां
भयेका टाढ़ो हवस् कि नजिक् हवस् सबै यहूदीहरुलाइ चिट्ठी पठायो
२१ तिमिहरु अदार् महीनाको चौधौं तिथि र पन्ध्रौं तिथिमां वर्ष वर्ष
२२ गरि यहूदीहरुले आफ्ना आफ्ना बैरीहरु देखि चैन् पायेको दिन् र
तिनिहरुको विपत्ति देखि रमाहट् र विलाप् देखि जाति दिन् उल्टायेको
महीनागरि मान्नु भन्ये . तिनिहरुले ति दिन् खुवाईको र रमाहट्‌को र

आपस्तमां भाग् भाग् पठाउने र कंगालिहरुलाइ दान् दिने दिन् तुल्याइ
मानुन् भन्ये । अनि यहूदीहरुले तिनिहरुले थाल्येको भैं अनि मोर्दकैले २३
तिनिहरुलाइ लेख्येको अनुसार् गर्नुलाइ करहार् गर्ये किनभन्ये सबै २४
यहूदीहरुको बैरी अगागी हम्मदाताको छोरो हामान्ले यहूदीहरुलाइ
नास् पार्ने जुक्ति गर्येको थियो अनि तिनिहरुलाइ भस्म पार्नुको लागि
अनि तिनिहरुलाइ नास् पार्नुलाइ पूर् भनीने चिट्ठा हाल्येको थियो
तर यो कुरो राजालाइ जनाईये पछि त्येस्ले हामान्ले यहूदीहरुको बिरुद्धमां २५
गर्येको बुरो जुक्ति त्येसैको सिरमां फर्कोस् त्यो र त्येका छोराहरु पनि
काठमां झुंड्याईउन् भनि चिट्ठीको बाढो बाढ्यो आज्ञा गर्यो । येस्कारण् २६
तिनिहरुले ति दिनलाइ पूरको अनुसार् पूरीम् भन्ने कुन् । येस्कारण् त्येस्
चिट्ठीका सबै कुराको कारण् अनि तिनिहरुले त्येस्को बिषयमां जे जे देख्ये
अनि तिनिहरु मांथि पर्यो येकारण् यहूदीहरुले स्थापित् गर्ये अनि २७
आफु मांथि र आफ्ना बंशहरु मांथि र आफुहरु सङ मिसीयेका सबै
मांथि थि कुरा ठहराये यो कैले पनि न मेटीओस् भन्येर अर्थात् बर्ष बर्ष
गरि हांमिहरु थि दुइ दिन् येस् लेखाई अनुसार् र ठहरायेको बेला अनुसार्
मान्दै रहंकौं अनि ति दिन् गोटैपिच्छे खा र गोटैपिच्छे सहरमां २८
गोटैपिच्छे पुस्तामां र गोटैपिच्छे जहानमां सम्झीउन् अनि मानीउन्
अनि पूरीमका थि दिन् यहूदीहरुको बीच् देखि न मेटीउन् अनि
तिनिहरुको सम्झना हांम्रो बंश देखि न टुडीउन् भन्ये । तब अबीहैलकी २९
छोरी एस्तेर् रानीले र यहूदी मोर्दकैले पूरीमको बिषयमां यो दोस्रो चिट्ठी
पूरो बलले लेख्ये । तब त्येस्ले कुशल् र सचाईंको कुरो गरिकन क्षयर्षको ३०
राजका एक सै सत्ताईस खाहरुमां सबै यहूदीहरुलाइ चिट्ठी पठायो ३१
अर्थात् तिमिहरुले उपास् र चिच्याईको बिषयमां आफ्नु लागि र आफ्ना
बंशहरुको लागि ठहरायेको अनुसार् अनि यहूदी मोर्दकै र एस्तेर् रानीले
आज्ञा गर्येको अनुसार् पूरीमका ति दिन् पनि तिनिहरुले ठहरायेको बेला
अनुसार् स्थिर् गरीउन् भन्ये । अनि एस्तेरको आज्ञाले पूरीमका थि कुरा ३२
स्थिर् गर्ये अनि पोस्तकमां थि लेखीयो ॥

(मोर्दकैको महातम्)

फेरि क्षयर्ष राजाले देशमां र समुन्द्रका टापूहरुमां भारा किस्ता १० १
लगायो । अनि त्येस्को प्रताप् र महातमका सबै कार्ज र राजाले मोर्दकैलाइ २
बढायेको बढाहुवाईको पूरा बखान् के मांदै र फारसका राजाहरुको
इतिहासको पोस्तकमां लेख्येका छैनन् । कसोगरिभन्ये यहूदी मोर्दकै ३
क्षयर्ष राजा मुनिको पहिलो भयो अनि यहूदीहरुको लेखिमां बड़ा थियो
अनि आफ्ना भाईबन्दहरुको धुइरोमां सबैको मनपर्दो भयो कसोगरिभन्ये
त्येस्ले आफ्ना लोगको भलाई गर्द र आफ्ना सबै बंशको शान्ति र कुशलको
कुरो गर्द रह्यो ॥

अय्यूब्को पोस्तक् ।

(अय्यूब्को भाग्येमान्हुवाई र बिपत्तिको बखान्)

१ १ ऊज् देस्मां अय्यूब् नांउ भयेको येउटा मान्छे थियो अनि त्यो
मान्छे सिद्ध र सोजो थियो अनि ईश्वर्को भय् मान्ने र बुराई देखि फर्कने
२ थियो । अनि त्येस्का सात् भाई छोराहरु र तीन् बैंनी छोरीहरु जन्म्येका
३ थिये । त्येस्का बस्तुहरु पनि सात् हजार् भेंड़ाबाख्रा र तीन् हजार् ऊंट् र
पांच् सै हल्गोरुहरु र पांच् सै गदहीहरु र धेरै धेरै कमांरा कमांरीहरु
४ थिये अं त्यो मान्छे पूर्बबासीहरु मद्धेमां सबै भन्दा बड़ा थियो । त्येस्का
छोराहरु आफ्नु आफ्नु दिन्मां एका अर्काको घर्मां भोज् लाउंनुलाइ
जांने गर्द थिये अनि आफ्नी तीन्वटी बैंनीहरुलाइ आफुहरु सङ खांना
५ पीना गर्नुलाइ डाकि पठाउंद थिये । अनि येसो हुंद थियो जब जब
तिनिहरुको खांनापीनाको दिन् पूरा हुंद थियो तब तब अय्यूब्ले मान्छे
पठायेर तिनिहरुलाइ पवित्र गर्द थियो अनि बिहान सखारै उठ्येर तिनिहरु
सब्बैको गन्ति अन्सार् होम्बलि चढ़ाउंद थियो . किनभन्ये अय्यूब्ले कोनि
कतै मेरा छोराहरुले पाप् गर्‍येर तिनका मन्मां ईश्वर्लाइ अस्वीकार् गर्‍येका
छन् होला भनि ठान्द थियो । अय्यूब्ले सदा येसै गर्ने गर्द थियो ॥
६ एक् दिन् ईश्वर्का पुत्रहरु यह्वेको सांमु सामेल् आये अनि तिनिहरुको
७ बीच्मां शैतान्[1] पनि आयो । त यह्वेले शैतान्लाइ कहां बाटो आउंदै
छस् भनि सोध्यो । तब शैतान्ले यह्वेलाइ येसो भनि उत्तर् दियो
पृथिवीमां येता उता घुम्दै फिर्दै र त्येस्मां हिंड्डुल् गर्दै आउंद छु ।
८ तब यह्वेले शैतान्लाइ भन्यो क्यो तैंले मेरो दास् अय्यूब् मांथि चेत्
लगाइस् पृथिवीमां त्यो जस्तो कोई छैन सिद्ध र सोजो र ईश्वर्को भय्
९ मान्ने र बुराई देखि फर्कने भन्ये । तब शैतान्ले यह्वेलाइ येसो भनिकन
१० उत्तर् दियो क्यो अय्यूब्ले ईश्वर्को भय् उसै मान्द छ । क्यो तपांइले त्येस्को र
त्येस्को घर् र त्येस्का ज्ये ज्ये छन् तिन चारै पट्टि बार् बार्नु भयेको छैन .
तपांइले त्येस्का हातका काम्मां अशीष् दिंनु भयो अनि त्येस्का बस्तुहरु
११ देस्मां भरीये । तर ऐले आफ्नु हात् पसार्‍येर ज्ये ज्ये त्येस्का छन् ति छुंनु
१२ हवस् त त्येस्ले तपांइलाइ तपांइको मुखैको सांमु अस्वीकार् गर्छ । तब
यह्वेले शैतान्लाइ भन्यो हेर् ज्ये ज्ये त्येस्का छन् ति तेरा हात्मां छन् खालि
त्यो आफै मांथि मांत्रै आफ्नु हात् न पसार् । तब शैतान् यह्वेको मुखेंजि
[illegible] निक्लि गयो ॥

[1] अर्थात् त्यो फिरानी ।

त जब त्येस्का क्रोराक्रोरीहरु आफ्नु जेठा दाज्युको घर्मां खांद र १३
मद्य पीउंद थिये तब त्येस् दिन् येसो भयो अय्यूब् थांइ येउटा दूतले १४
आयेर भन्यो गोरुहरु जोतींदै थिये अनि तिनिहरुको छेउमां गदहीहरु चर्दै
गर्द थिइन्. तब शबाईहरुले तिनिहरु मांथि आइ लाग्येर तिनिहरुलाइ १५
लग्ये अं तिनिहरुले नौकरहरुलाइ तरवार्को धार्ले मांग्ये अनि आफुलाइ
खबर् दिंनुलाइ मैं येउटा मांत्रै बांच्यें। अनि त्यो बोल्दै गर्दाखेरि अर्कोले १६
पनि आयेर भन्यो ईश्वर्को आगोले स्वर्ग बाटो उत्र्येर भेंड़ाबाख्राहरुलाइ
र नौकरहरुलाइ डढ़ायेर भस्म पारि दियो अनि आफुलाइ खबर् दिंनुलाइ
मैं येउटा मांत्रै बांच्यें। अनि त्यो बोल्दै गर्दाखेरि अर्कोले पनि आयेर भन्यो १७
कल्दीहरुले तीन् गट्ठा भयेर ऊंटहरु मांथि आइ लाग्येर ति लग्ये अं
नौकरहरुलाइ तरवार्को धार्ले मांग्ये अनि मैं येउटा मांत्रै आफुलाइ खबर्
दिंनुलाइ बांच्यें। अनि त्यो बोल्दै गर्दाखेरि अर्कोले पनि आयेर भन्यो १८
आफुका क्रोराक्रोरीहरु आफ्नु जेठा दाज्युको घर्मां खांद र मद्य पीउंने
गर्द थिये. त हेर बन् देखि ठुलो येउटा आंधीले आयेर घर्को चारै १९
कुनामां हान्यो त त्यो ति तन्हेरिहरु मांथि भर्त्कि आयो अनि तिनिहरु
मर्से अनि आफुलाइ खबर् दिंनुलाइ मैं येउटा मांत्रै बांच्यें। तब अय्यूब्ले २०
उठेयर आफ्नु खाष्टो फार्येर आफ्नु कपाल् खौरायेर भूइंमां पर्म्येर
दण्डवत् गर्‍यो अनि त्येस्ले भन्यो आफ्नो आंमाको गर्भ देखि नांगै २१
आयें अनि नांगै फर्कि जांकु. यहूवेले दियो अनि यहूवेले लियो
यहूवेको नांउ धन्य हवस्। यि सबैमां अय्यूब्ले पाप् गर्येन न ईश्वर् २२
मांथि मूर्खैको दोष् लगायो॥

फेरि अर्को एक् दिन् ईश्वर्का पुत्रहरु यहूवेको सांमु सामेल् आये २ १
अनि तिनिहरुको बीचमां शैतान् पनि यहूवेको सांमु सामेल् आयो।
त यहूवेले शैतान्लाइ कहां बाटो आउंद कुस् भनि सोध्यो। तब शैतान्ले २
यहूवेलाइ येसो भनि उत्तर् दियो पृथिवीमां येता उता घुम्दै फिर्दै र त्येस्मां
हिंड्डुल् गर्दै देखि आउंदै कु। तब यहूवेले शैतान्लाइ भन्यो कि मेरो दास् ३
अय्यूब् मांथि चेत् लगाइस् पृथिवीमां त्यो जस्तो कोई कैन सिद्ध र सोजो र
ईश्वर्को भय् मान्ने र बुराई देखि फर्कने भन्ये. अं तैंले मलाइ त्येस्को
बिरुद्धमां त्येस्लाइ अकारण् निलिहाल्नुलाइ मलाइ उत्काइस् र पनि त्यो
आफ्नु सिद्धैमां स्थिर् रहंद कु। त शैतान्ले यहूवेलाइ भन्यो चाम्को ४
साटो चाम् अं आफ्नु प्राण् बचाउंनुको लागि मान्छेले आफ्ना सबै थोक्
दिंकु। तर ऐले आफ्नु हात् पसार्येर त्येस्का हाड् र मांसु कुंनु हवस् त ५
त्येस्ले तपांइलाइ तपांइको मुखैको सांमु अस्वीकार् गर्कु। तब यहूवेले ६
शैतान्लाइ भन्यो हेर् त्यो तेरो हातमां कु खालि त्येस्को प्राण् मांत्रै कोड्। ७
तब शैतान्ले यहूवेको सांमु देखि निक्लि गयेर अय्यूब्लाइ पैतला देखि टुपि
सम्म पीलोले ओधिगरि हिकायो। तब अय्यूब्ले आफुलाइ कन्याउंनुलाइ ८
खपटा पनि लियो अनि खरानिमां बस्यो। तब त्येस्की स्वास्नीले त्येस्लाइ ९

भनी अब सम्म को आफ्नु सिद्धेईमां स्थिर् रहंद छौ. ईश्वरको नांउ
१० अस्वीकार् गर्येर मरि जाउ। तब त्येस्ले त्येस्लाइ भन्यो तेरा कुरा कोई मूर्ख स्त्रीको कुरा जस्ता छन्। को. को हांमिहरु ईश्वरको हात् देखि सुख ग्रहण् गरूं अनि दुःख पनि ग्रहण् न गरूं। यि सबैमां अय्यूबले आफ्ना ओंठले पाप् गर्येन॥

११ जब अय्यूबका तीन् जना मित्रहरुले त्येस् मांथि पर्येका ति सबै विपत्तिको विषयमां सुन्ये तब तिनिहरु आफ्नु आफ्नु ठांउ देखि आये अर्थात् एलीपज् तेमानी बिल्दद् शुही र सोपर् नामाती. त तिनिहरुले त्यो सङ बिलाप् गर्नु र त्येस्लाइ शान्ति दिंनुलाइ एक् सङ भेला हुंनुलाइ
१२ ठहराये। अनि जब तिनिहरुले टाढ़ो बाटो आफ्ना आंखा उचालि हेरि त्येस्लाइ चिन्येनन् तब तिनिहरु आफ्ना शब्द उचालि उचालि रोये अनि आफ्नु आफ्नु खाप्टो फार्ये अनि आफ्नु आफ्नु सिर् मांथि आकाश् तिर
१३ धुलो कर्ये। त तिनिहरु त्यो सङ सात् दिन् सात् रात् भूंइमां बसि रहे अनि कसैले पनि त्यो सङ कोइ कुरा गर्येन. किनभन्ये तिनिहरुले त्येको दुःख बिघ्नै औधि ठूलो भनि देख्ये॥

(अय्यूबले आफ्नु जन्मदिन्लाइ धिक्कार्नु)

३ १ त्येस् पछि अय्यूबले आफ्नु मुख् खोल्यर आफ्नु जन्मदिन्लाइ
२ धिक्कार्यो। अनि अय्यूबले उत्तर् दिइ भन्यो
३ मं जन्म्येको दिन् नष्ट हुवस्
अनि जस् रातले केरोको गर्भ रह्यो भन्यो।
४ त्यो दिन् अंधारो हुवस्
ईश्वरले ऊंभो देखि त्येको हेर्चाहा न गरोस्
न त्येमां ज्योति चम्कोस्।
५ अंधारो र मृत्युको छायाले त्येस्लाइ आफ्नु लागि निखनुन्
त्येस् मांथि बादल् लागोस्
अनि ज्ये ज्येले दिन् कालो पार्ने छ तिनले त्येस्लाइ तर्साउन्।
६ त्येस् रात्को विषयमां त्येस्लाइ बाल्को अंधारोले समातोस्.
वर्षका दिनको बीचमां त्येस्ले रमाहट् न गरोस्
महीनाको गन्तिमां त्यो आउंनु न पावस्।
७ हेर त्यो रात् बांझो रहोस्
त्येमां कोइ रमाहटी शब्द न आवस्।
८ दिन् धिक्कार्नेले त्येस्लाइ धिक्कारुन्
जुन्हरु लिव्याताम्लाइ[1] जिस्काउंनु तियार् छन्।

[1] अर्थात् नीलने अजिङर्।

त्येस्को बिहान्का ताराहरुले ज्योति न दिउन् . ९
त्येस्ले ज्योतिको बाटो हेरोस् तर न पावस्
न बिहान्को पलकलाइ हेर्नु पावस् .
किनभन्ये त्येस्ले मेरी आंमाको गर्भको ढैलो ढुन्येन १०
न मेरा आंखा देखि कष्ट लुकायो ।
मं गर्भमां किन मरीन ११
मं पेट् देखि निस्कंनु बित्तिकै मेरो प्राण् किन निस्कि गयेन ।
घुंड़ाले मंलाइ किन लियो १२
कि थुन्ले मैंले चूस्नुलाइ ।
त्येस्तो न हुंदो हो त मं चैन् सित ढलकि रहंने थियें १३
सुत्ने थियें तब बिश्राम् गर्ने थियें .
पृथिवीका राजाहरु र मंत्रीहरु सङ १४
जुन्हरुले आफ्नु लागि सुन्ये ठांउ बनाये
कि सुन् राख्ने मालिकहरु सङ १५
जुन्हरुले आफ्नु घर् चांदीले भराये .
कि असमयमां तुह्येको लुकाईयेको जस्तो मं हुंनेइ थिईन १६
उज्यालो कैलेइ न देख्येका नानीहरु जस्ता ।
वहां दुष्टहरु दुक्ख दिंनु देखि थामींद छन् १७
अनि वहां थकितहरुले बिसाउंद छन् ।
वहां बन्धुवाहरुले एक् सङ चैन् गर्द छन् १८
कामदारीहरुको शब्द सुन्दैनन् ।
सांना तुला दुवै वहां छन् १९
अनि दास् आफ्नु स्वामी देखि निर्बन्ध छ ।
दुक्खमां भयेकोलाइ उज्यालो किन दिईयेको छ २०
अनि मनमां उदास् हुंनेहरुको लागि जीउंनि
जुन्हरुले मृत्युको बाटो हेर्द छन् तर त्यो आउंदैन २१
अनि गाड़ीयेको धन् खन्नेको मन् भन्दा बेसि मनगरि खन्द छन्
जो अगाधोरगरि रमाउंद छन् २२
अं चिहान्मां मगन छन् ।
जस्को बाटो लुक्येको छ २३
अनि जस्लाइ ईश्वरले घेर्येको छ त्येस्लाइ उज्यालो किन दिईयो ।
मेरो सुक्रेामंराई मेरो भोजन् जस्तो आउंद छ २४
अनि मेरो कंकलाश् शब्द पानी झैं खन्याईंद छन् ।
किनभन्ये जुन् डरले मं डराउंद छु त्येइ डर् मं मांथि आइ लाग्दै छ २५
अनि जुन् भय् मं मान्द छु त्येइ भय् मं मांथि आइ लाग्दै छ ।
न मंलाइ शान्ति थियो न चैन् न बिश्राम् २६
तर दुक्ख आइ लाग्दै छ ॥

(एलीपज्को पहिलो बाक्य)

४ १ तब एलीपज् तेमानीले उत्तर् दिइ भन्यो

२ कसैले आफु सङ बात् मार्न मन् गर्यो भन्ये को आफुलाइ नजाति लाग्छ
तर बोलनु देखि को थाम्नीनु सक्छ ।

३ तैंनु हवस् आफुले धेरै जनालाइ सिकाउंनु भयो
अनि निर्बल्लियो हात्लाइ बल्लियो पार्नु भयो ।

४ आफुका कुराले लड्नु आंटेकाहरुलाइ भम्काल्थे
अनि थर्थराउंने घुंड़ाहरुलाइ बल् दिंनु भयो ।

५ तर ऐले आफुइ मांथि विपत्ति पर्यो अनि आफु उदास् हुंनु हुंद छ
आफुइलाइ कुंद छ अनि आफु कम्पित् हुंनु हुंद छ ।

६ को ईश्वर्को भय् आफुको ढाड़स् होइन
आफुका बाटाको सिद्धेइं को आफुको आशा होइन ।

७ कृपागरि समझनु हवस् कुनचइं निर्प्राधी भइ नष्ट भयो
कि धर्म्मी चइं कहां काटीयो भन्ये ।

८ मैंले देख्दा अधर्म्मको जोताई गर्नेले
र उपद्रेइं छर्नेले तिनैको कटनी गर्छन् ।

९ ईश्वर्को सासले तिनिहरु नष्ट हुंद छन्
अनि उस्को रिसको झोंकले तिनिहरु भस्म हुंद छन् ।

१० सिंहको गर्ज र डर्लाग्दो सिंहको सोर्
जुवान् सिंहका दांत भांच्यका छन् ।

११ बूढ़ो सिंह शिकार्को घटिको कारणले मर्द छ
अनि सिंगनीका डमरू छरपुष्ट पारीद छन् ।

१२ त मं थांइ येउटा कुरा लुकाइकन ल्याईयो
अनि मेरा कानले त्येस्को विषयका साउति पायो ।

१३ रातका दर्शनका चिन्तामां
जब मान्छेहरु मांथि अघोर् निन्द्रा पर्दै छ

१४ मं मांथि भय् आइ लाग्यो अनि थर्थराई
जस्ले मेरा सबै हाड़ कांम्नु लगायो ।

१५ तब मेरो मुखेंजि येउटा हंस छिरि गयो
मेरो जीउका रऊं उठ्यो

१६ त्यो अड़ीयो तर मैंले त्येस्को रूप् देख्नु सकीन
मेरा आंखाको सांमु रूप् जस्तो भयो .
चामचुम् भयो तब मैंले येउटा शब्द सुन्यं

१७ को विनाशी मान्छे ईश्वर भन्दा ज्यास्ति धर्म्मी हुंछ
को मान्छेजात् आफ्नु सिर्जनहार् भन्दा बेसि शुद्ध हुंछ ।

हेर उस्ले आफ्ना सेवक्हरु मांथि भरोसा राख्दैन १८
अनि आफ्ना दूत्हरुमां बिराऊ पाउंछ .
त झन्सारो कति ज्यास्तिगरिकन मांटोको घर्मां बस्नेहरु मांथि १९
जस्को जग् धूलोमां छ
जो पुतलि झैं कुच्चींद छन् ।
बिहान् देखि बेलुका सम्म टुक्र्याईंद छन् . २०
कसैले चेत् न लगाइकन तिनिहरु नष्ट हुंद छन् ।
क्ये तिनिहरुको डेराडोरी तिनिहरुको भित्र उखेलीयेको छैन २१
तिनिहरु मंर्दै छन् अं बुद्धि बिना ।
अब पुकार्नु हवस् त क्ये आफुलाइ उत्तर् दिंने कोई छ ५ १
अनि पवित्रहरुमांको को तिर फिर्नु हुंछ ।
किनभन्ये सताईले मूर्खलाइ मार्दै छ २
अनि डाहाले लाटालाइ नष्ट पार्दै छ ।
मैंले मूर्खले जरा समात्दै गर्‍येको देख्येको छु . ३
तर एक्कासी मैंले त्येस्को बास्लाइ स्राप्यें ।
त्येस्का बाल्बच्चा चैन् देखि टाड़ो छन् ४
अनि ढोकामां कुल्चीयेका छन्
अनि तिनिहरुलाइ छोड़ाउंने कोई पनि छैन ।
जस्को कटनी भोकाहरुले खाइ हाल्द छन् ५
अनि कांड़ाहरु देखि पनि निकाल्द छन्
अनि पासोले तिनिहरुको लागि मुख् बाउंद छन् ।
किनभन्ये बिपत्ति मांटो देखि निस्कंदैन ६
न कष्ट भूंइ देखि उम्रंद छ
तर मान्छेजात् कष्टको लागि उत्पन्न भयेको छ ७
जस्तो उठ्ने झिल्का झैं ।
तर मं चइं ईश्वर् तिर खोज्ने हुंछु ८
अनि आफ्नु फिरात् ईश्वर् तिर छोड्ने हुंछु .
जस्ले तुला र अथाहा कुरा गर्दै छ ९
आश्चर्य्यकर्म्म बिहिसाप् .
जस्ले पृथिवी मांथि वृष्टि दिंद छ १०
अनि खेत्हरुमां पानी बर्साउंद छ .
येसोरि उस्ले हीन्हरुलाइ अलग्याउंद छ ११
अनि शोक गर्नेहरु कुशल सम्म उचालींछन ।
उस्ले छुल्याहाहरुका जुक्ति यहां सम्म व्यर्थ गराउंद छ १२
तिनिहरुको हात्ले क्येइ पनि गर्नु सक्दैन ।
उस्ले बिद्येमान्हरुलाइ तिनको छुल्येईंमां अंठ्याउंद छ . १३
बाङ्गोटेढोको जुक्ति ऊंधोमन्टोगरि लगींद छ ।

१४ दिउंसो अंध्यारो सङ भेट् हुंद छ
अनि छक्काल्दिन्मां रात्मां झैं छाम्द छन् ।
१५ तब उस्ले तिनिहरुको मुख्को तरवार् देखि बचाउंद छ
अं दरिद्रहरुलाइ बल्लियाहरुको हात् देखि ।
१६ येसोरि कंगालिहरुको आशा हुंद छ
अनि अधर्म्मले त्येस्को मुख् थुनि दिंद छ ।
१७ हेर्नु हवस् ईश्वरले चेतायेको मान्छे धन्नको छ .
येस्कारण् सर्व्वशक्तिमान्को शिक्षादण्ड तुच्छ न ठान ।
१८ किनभन्ये उसैले घाउ पार्द छ अनि उसैले बांध्द छ
उसैले चोट् पार्द छ अनि उसैका हातले निको पार्द छन् ।
१९ उस्ले आफुलाइ छवटा विपत्ति देखि छोड़ाउंछ
अं सात्वटामां कसै बुराईले आफुलाइ कोई बुराईले कुनु पाउंदैन
२० अनिकाल्मां उस्ले आफुलाइ मृत्यु देखि छोड़ाउंछ
अनि लड़ाईंमां तरवार्को बल् देखि ।
२१ जिब्रोको कोर्रा देखि लुकाईंने हुंछौ
अनि जब उजार् हुंछ तब पनि डराउंनु हुन्न ।
२२ उजार् र अनिकाल् मांथि हांस्छौ
न पृथिवीका पशुहरु देखि डराउंनु हुंछ ।
२३ कसोगरिभन्ये बन्का ढुंगाहरु सङ बाचा बांध्छौ
अनि बन्पशुहरुले आफु सित मेल् राख्छन् ।
२४ अनि मेरो डेरा कुशल्मां छ भनि आफुलाइ थाहा हुंछ
अनि आफ्नु बथान्मां जांनु भयो भन्ये कसैको घटि पाउंनु हुन्न ।
२५ अनि आफुलाइ मेरा बंश धेरै हुंछन्
अनि मेरा सन्तान् पृथिवीका घांस् जति भनि थाहा हुंछ ।
२६ आफु आफ्नु चिहान्मां पूरो आयूमां पुग्नु हुंछ
अन्नका बिटा आफ्नु बेलामां खुरीयेर आयेको झैं ।
२७ त हेर्नु हवस् हामिहरुले खोज्यूं त येसैने छ
सुन्न हवस् अनि आफ्नु ध्यान्मां पनि राख्नु हवस् ॥

(अय्यूबको उत्तर्)

६ १ तब अय्यूबले उत्तर् दिइ भन्यो
२ हाय् मेरो मताईको जोखाई पनि भयेको भये ता हुंथ्यो
अनि मेरो विपत्ति तराजुमां सङे राख्येको भये ता हुंथ्यो ।
३ त अब समुन्द्रको बालुवा भन्दा गह्रुङ हुंथ्यो .
येस्कारण् मेरा कुरा भर्मीयेका छन् ।

कसोगरिभन्ये सर्वशक्तिमान्का कांडू मंमां गाड़ीयेका कुन् ४
जस्को बिघ्ले मेरो आत्मालाइ पीउंद कु ।
ईश्वर्को भय्ले मेरो विरुद्धमां पाड्ति बांध्द कु ।
जब बनगदाहाले घास् पाउंद कु तब को त्यो कराउंद कु ५
कि को गोरु आफ्नु आहारा पायेर डुकुरंद कु ।
को खल्लो थोक् नुन् बिना खाईंकु ६
को फुल्को सेतो भागमां स्वाद् कु ।
मेरो जीउले ति कुंनु पनि मांग्दैन ७
मंलाइ दिग्मिग् जस्तो लाग्कु ।
हाय् मैंले मांग्येकोभरि पाये ता हुंथ्यो ८
अनि ईश्वर्ले मंलाइ मैंले मांग्येको दिये ता हुंथ्यो ।
अं मंलाइ कुच्याउंनु ईश्वर्लाइ जाति लाग्ये ता हुंथ्यो ९
उस्ले आफ्नु हात् फुकायेर मंलाइ काटि दिये ता हुंथ्यो ।
त अरु मंलाइ शान्ति हुंथ्यो । १०
अं मं न छोड्ने पीरामां पनि आनन्द गर्ने थियें ।
किनभन्ये मैंले पवित्र जन्का कुराको अस्वीकार् गर्येको कुइंन ।
मेरो बल् को कु र पर्खुं ११
अनि मेरो अन्त को कु र मं धीरज् धरुं ।
को मेरो बल् ढुंगाहरुको बल् कु १२
कि को मेरो जीउ पीतल्को कु ।
को येस्तो कैन मैंले आफुमां गोहार् पाईंन १३
अनि को काम् गर्ने शक्ति मं देखि स्यांठु धपाईयो ।
निराशो हुंनु आंट्नेलाइ त्येस्का मित्रहरु देखि कृपा देखाईंनु पर्द कु १४
अं सर्वशक्तिमान्को भय् छोड्नेलाइ पनि कृपा देखाईंनु पर्थ्यो ।
मेरा भाईहरुले खोल्चाले झैं कुल् सित बेहोरा गर्येका कुन् १५
हुंकेका खोल्चाका पानी हिंड्ने बाटाले
जो बरफ्को कारणले कालो कुन् १६
अनि जहां हिंउ लुकि रहंद कु ।
जब गरम् हुंनु लाग्द कु तब पगलींद कुन् । १७
जब घाम् चर्कंद कु तब बिलीयेर जहांको तहां हराइ जांद कु ।
ति बाटो बाड़ो हिंड्ने बटौरेहरु तर्कि जांद कुन् १८
सुख्खानमां चढि गयेर नष्ट हुंद कुन् ।
तेमाका बटौरेहरुले हेर्ये १९
शेबाका गट्ठाहरुले तिनिहरुको बाटो हेर्द थिये ।
तिनिहरुले भरोसा गर्येको कारणले तिनिहरुको आशा टुटयो २०
वहां पुग्येर लज्जाये ।

२१ त अब तिमिहरु कोइ पनि कौन
डर्लाग्दोलाइ देख्यौ भन्ये डराउंद कौ ।
२२ के मैंले मंलाइ देउ भनि भन्येको कु
कि तिम्रो धन्सम्पत्ति मेरो लागि दान् देउ भनि .
२३ कि मंलाइ विरोधीको हात् देखि छोड़ाव भनि
कि सताउंनेको हात् देखि मंलाइ निखन भनि ।
२४ मंलाइ सिकाव त चुप् रहंकु .
अनि मं भर्म्यको बाटो मंलाइ बुझाइ देउ ।
२५ सोजेइँका बचन् कस्ता बल्लिया छन्
तर तिम्रो विवाद्गराईले के चेताउंद छ ।
२६ के तिमिले कुरा समात्ने इच्छे गर्द कौ
जब निराशीका बाक्ये बतास् जस्ता छन् ।
२७ अं तिमिहरुले टुहुराको विषयमां चिट्ठा हाल्ने
अनि आफ्नु मित्रको विषयमां बेपार् गर्न मन् गर्द कौ ।
२८ त अब कृपागरि मं मांथि हेर्नु
किनभन्ये निस्से तिम्रो मुखको सांमु ढांट्दौंन ।
२९ कृपागरि फर्कनु अन्याय् न हवस्
अं फेरि फर्कनु मेरो फिरात् धर्म्मी छ ।
३० के मेरो जिब्रोमां अन्याय् छ
के मेरो तालूले दुष्टेइँ चिन्नु सक्दैन ॥
७ १ के पृथिवी मांथि मान्छेको सिपांइगिरि छैन .
अनि त्येका दिन् के बनि गर्नका दिन् जस्ता छैनन् .
२ ओजेलको लागि अभिलाषा गर्ने दासले झैं
अनि आफ्नु बनिको बाटो हेर्ने बनि गर्नेले झैं ।
३ त्येस्ते व्यर्थका महीना बिताउंने गरीद कु
अनि क्लेशका रात्हरु मेरो लागि ठहराइँद छन् ।
४ जब ढलुकंद कु तब भन्द कु
कैले उठुं . तर रात् लांम्ये छ
अनि दिन् न उदाउंन्जाल् सम्म वल्ह्यांपल्ह्यां गर्द छट्पटाउंदे मांत्रै कु ।
५ मेरो जीउ कीरा र धूलोको डल्लाले ढाकीयेको छ
मेरो छाला जोरींद छ अनि फेरि फुट्द छ ।
६ कपरा बुन्नेको पुरि भन्दा छिट्टोगरि मेरा दिन् जांद छन्
अनि आशा बिना बित्द छन् ।
७ मेरो जीउंनि खालि वायु मांत्रै छ भनि सम्झनु हवस् ।
मेरो आंखाले कल्याण् फेरि कैले पनि देख्दैन ।
८ मंलाइ हेर्नेको आंखाले मंलाइ फेरि कैले पनि देख्दैन .
तपांइका आंखा मं मांथि पर्छन् तर मं छंदै छुइंन ।

जस्तो बादल् हरायेर मेटींद छ ९
त्येस्ते पत्तालमां उत्रने फेरि कैले पनि चढ़ि आउंदैन ।
आफ्नु घरमां कैले पनि फर्कंदैन १०
अनि त्येस्को ठांउले त्येस्लाइ फेरि कैले पनि चिन्दैन ।
येस्कारण मं आफ्नु मुख पुन्दीन ११
आफ्नु आत्माको क्लेशमां बोल्कु
आफ्नु प्राणको पीरामां गन्गनाउंकु ।
के मं समुद्र कि महामाच्छा हुं १२
र तपांइले मं मांथि पहराचौकि राख्नु हुंद छ ।
मेरो ओछ्यानले मंलाइ शान्ति दिंछ १३
मेरो खाट्ले मेरो कष्ट हलुङ् गराउंछ भनि भन्यें भन्ये देखि ।
तपांइले मंलाइ सपनाले डराउंनु हुंद छ १४
अनि मंलाइ डरलाग्दो दर्शनले तर्साउंनु हुंद छ ।
अं मेरो प्राणले हिकिक् हिकिक्हुवाई छान्द छ १५
अनि यि मेरा हाड् भन्दा बरु काल् ।
मेरो जीउंनि देखि मंलाइ दिग्मिग् लाग्द छ सधैं जीइ रहंनु मंलाइ १६
मन् पर्दैन ।
मंलाइ छोहि देउ किनभन्ये मेरा दिन् पवन् छन् ।
मान्छे क्या हो र तपांइले त्येस्को बड़ाई गर्येर १७
त्येस् मांथि आफ्नु मन् लगाउंनु हुंछ ।
अनि त्येस्लाइ बिहान् बिहान् हेर्चाहा गर्नु हुंद छ १८
अनि छिन् छिन्मारि त्येस्लाइ जांच्नु हुंद छ ।
मं देखि कैले सम्म आफ्ना आंखा फर्काइ लांनु हुन्न १९
अनि मैंले आफ्नु थूक् निलनु सम्म मंलाइ छोड्नु हुन्न ।
मैंले पाप् गर्येको कु भन्ये देखि तपांइ सित कसो गरुं हे मान्छेहरुको रक्षक् । २०
तपांइले मंलाइ तारा पापनुको लागि किन राख्नु भयो
यहां सम्मगरि मं आफै आफ्नु लागि भारि भयेको कु ।
अनि तपांइले किन मेरो अपराध् क्षमा गर्नु हुन्न अनि मेरो अधर्म्म लैजांनु हुन्न २१
कसोगरिभन्ये ऐले धूलोमां ढल्कंकु
अनि तपांइले मंलाइ जतन् सित ढुंढ्लनु हुंछ तर मं छंदै छुइंन ॥

(बिल्दद्को पहिलो बाक्ये)

तब बिल्दद् शूहीले उत्तर् दिइ भन्यो ८ १
आफु कैले सम्म येस्ता कुरा भन्दै रहंनु हुंछ २
अनि आफुको मुखका कुरा कैले सम्म ठुलो आंधी जस्तो होइ रहंछन् ।
के ईश्वरले नियां बङ्गयाउंद छ ३
कि सर्वशक्तिमान्ले धर्म्म टेढ़ो पार्ई छ ।

४ आफुका कोराकोरीहरुले उस्को विरुद्धमां पाप् गर्थे
अनि उस्ले तिनिहरुलाइ तिनिहरुको अपराधको हातमां सुम्पि दियो भन्ये देखि .
५ आफुले मन् लगाइकन ईश्वर् तिर कुढ़ल्नु भयो
अनि सर्वशक्तिमान् पांइ आफ्नु बिन्ति गर्नु भयो भन्ये देखि
६ आफु पवित्र र सोजो हुंनु भयो भन्ये देखि
त निस्से उ आफुको लागि उठ्ने थियो
अनि आफुको धर्म्मको बास् भाग्येमानी गराउंने थियो ।
७ अनि आफुको पाल्नि सांनु भयेको भये पनि
आफुको अन्त अघोर् बढ़्छ ।
८ कसोगरिभन्ये कृपागरि तादिका दिन् सित सोध्नु
अनि तिनका पिता पुर्खहरुले खोज्येका कुरा मांथि ध्यान् गर्नु .
९ (किनभन्ये हांमिहरु ता हिजोका जस्ता मांत्रै छौं अनि कोइ पनि जान्दौंन कसोगरिभन्ये पृथिवी मांथि भयेको हांमिहरुको दिन् खालि छायाइ मांत्रै छ .)
१० त को तिनिहरुले आफुलाइ सिकाउंदैनन् अनि भन्दैनन्
अनि आफ्ना हिर्दयका कुरा निकाल्दैनन् ।
११ को ठोड़े बिना हिलो बढ़्नु सक्द छ .
को नदीतीरको निङालो बिना पानी उम्रंनु सक्द छ ।
१२ ऐले हरीयो हुंदै अनि काटीयेको कैन रपनि
अरु सबै घांस् भन्दा पहिले सुकि जांद छ ।
१३ ईश्वरलाइ बिर्सने सबैका बाटा येस्तै छन्
अनि भक्तिहीनको आस् नास् हुंछ .
१४ जस्को आसा काटींछ
अनि जस्को भरोसा माकुराको जाल् छ ।
१५ त्यो आफ्नु घरमां अड़िस् लागछ तर त्यो ठहर्दैन .
त्येस्ले त्यो समात्यो भन्ये पनि त्यो स्थिर् रहंदैन ।
१६ त्यो घामको सांमु हरीयो ता छ
अनि त्येका पालुवाहरु बारीमां झाङीला छन् ।
१७ त्येका जराहरु ढिकुरोमां बेहेरीयेका छन्
त्येस्ले ठांड़िठांउ हेर्द छ ।
१८ त्यो आफ्नु ठांउ देखि नष्ट भयो भन्ये देखि
त त्येस् ठांउले मैले तंलाइ देख्येको कुइंन भन्येर त्येलाइ अस्वीकार् गर्छ ।
१९ हेर त्येको बाटोको रमाहट् येइ हो
अनि धूलो देखि अरुहरु उम्रंछन् ।
२० हेर ईश्वरले सोजो मान्छेलाइ आफाल्दैन
न दुष्टहरुलाइ सम्भाल्छ ।

भरे उस्ले आफुलाइ हंसमुख तुल्याउंछ २१
अनि आफुका ओंठमां जय जय दिंछ ।
आफु देखि घिनाउंनेहरु लाज पहिर्याइँछन् २२
अनि दुष्टको डेरा फेरि कैले पनि रहंदैन ॥

(अय्यूबको उत्तर)

तब अय्यूबले उत्तर दिइ भन्यो ९ १
सांचि यैस्ते छ भनि जान्द छु . २
तर ईश्वरको सांमु मान्छेजात कसोगरि धर्म्मी ठहरौंछ ।
उस्ले त्यो सित विवाद गर्नु जांति लाग्यो भन्ये ३
त्येस्ले उस्लाइ हजार कुरामांको येउटाको पनि उत्तर दिंनु सक्दैन ।
मनमां बुद्धिमान बलमां सामर्थी . ४
उस्को विरुद्धमां कठोर भइ उठ्नेमांको कुनचइंले जीत्येको छ ।
जस्ले पर्वत सार्द छ तैपनि तिनिहरुले जान्दैनन् ५
जब उस्ले तिनिहरुलाइ आफ्नु रिसमां उल्टाउंद छ ।
जस्ले पृथिवीलाइ त्येस्को ठांउ देखि हल्लाउंद छ ६
अनि त्येस्का खांबाहरु थर्थराउंद छन् ।
जस्ले घाम्लाइ आज्ञा दिंद छ त त्यो उदाउंदैन ७
अनि ताराहरुलाइ मोहर लगाइछन थुन्द छ ।
जस्ले मांत्रै आकाश फिंजाउंद छ ८
अनि जो समुन्द्रका अलगा अलगा छालहरु मांथि हिंड्द छ ।
जस्ले सप्तऋषि मृगशिरा र बिर्कांटि ताराहरु ९
र दक्खिनका कोठाहरु बनाउंद छ ।
जस्ले तुला र अथाह कामहरु गर्द छ १०
अं आश्चर्य्यकर्म्म बेहिसाब ।
अं उ मेरो छेउमां हिंड्द छ तर मैले उस्लाइ देख्दीन . ११
अं मेरो अघि अघि पनि जांद छ तर मैलाइ उस्को थाहा छैन ।
हेर उस्ले खोस्दै छ उस्लाइ थुन्न को सक्छ १२
तपांइले को गर्नु हुंद छ भनि कस्ले उस्लाइ भन्न सक्छ ।
ईश्वरचइंले आफ्नु रिस फर्काउंदैन १३
अहंकारी गोहारेहरु उ मुनि निउंरंद छन ।
त भनसारी मं उस्लाइ को उत्तर दिन सकुं १४
अनि उ सित विवाद गर्नुलाइ आफ्ना करा छान्न सकुं ।
मं निर्दोष भयेको भये पनि उस्लाइ उत्तर दिंनु सकने थिइंन १५
मं आफ्नु सत्तर सित बिन्ति गर्ने थियं ।
मैले उस्लाइ हाप्यां अनि उस्ले मैलाइ उत्तर दियेको भये देखि १६
तैपनि मं उस्ले मेरो सोर सुन्यो भनि विश्वास गर्न थिइंन ।

१७ कसोगरिभन्ये उस्ले मंलाइ आंधीले कुच्याउंद छ
अनि मेरो घाउ बिना कारण् बढ़ाउंद छ ।
१८ उस्ले मंलाइ सास् फेर्नु पनि दिंदैन
तर मंलाइ तीतेइँले भर्द छ ।
१९ बल्लियाहरुको सामर्थको बिषयमां भन्यू भन्ये देखि हेर उ उहीं छ
अनि नियाको बिषयमां भन्ये देखि कस्ले मेरो लागि समय् ठहराउंछ
२० मं निर्दोष् भयेको भये देखि मेरै मुखले मंलाइ दोषी ठहराउंछ ।
मं सोजो भयेको भये देखि उस्ले मंलाइ अट्टेरि ठहराउंछ ।
२१ निर्दोषी छु आफ्नु चेत् गर्दीन
आफ्नु जीवन् देखि घिनाउंद छु ।
२२ सबै येउटै कुरा छ येस्कारण् भन्द छु
उस्ले सोजो र दुष्ट दुवैलाइ नास् पार्द छ ।
२३ कोर्राले एक्कासि मांर्‍यो भन्ये देखि
उ निर्दोषीहरुको बिपत्तिको बिषयमां हांस्छ ।
२४ पृथिवी दुष्टको हातमां दिईयेको छ ।
उस्ले त्येस्का बिचारीहरुको मुख ढाक्द छ
त्यो गर्न उइ होइन भन्ये ता को हो ।
२५ अब मेरा दिन् हुलाके भन्दा छिटो दुगुर्द छन् ।
भागदै छन् कोइ भलाई देख्दैनन् ।
२६ छिट्टो बहंने नाउहरु जस्तो बित्येका छन् ।
आहारा मांथि बेग् हान्ने गिद्ध जस्तो ।
२७ मं आफ्नु गन्गनाई बिसँकु
आफ्नु उदासी मुख् फेर्कु अनि उज्यालो मुखको हुंकु भनि भन्कु भन्ये देखि ।
२८ मं आफ्ना सबै दुक्ख देखि डराउंद छु
तपांइले मंलाइ निर्दोषी ठहराउंनु हुन्न भनि जान्द छु ।
२९ मं ता दोषी ठहराईंकु
त किन व्यर्थ गरि काम् गर्द छु ।
३० हिउंले नुहायें भन्ये
अनि आफ्नु हात् खार्‌ले धोयें भन्ये देखि
३१ तेपनि तपांइले मंलाइ घुय्यानमां डुबाउंनु हुंछ
अनि मेरै लुगाले पनि मं देखि घिनाउंछन् ।
३२ कसोगरिभन्ये उ मं जस्तो मान्छेजात्को होइन र मं उस्लाइ उत्तर् दिउं
र हांमिहरु दुइ नियामां मड्के आऊं ।
३३ हांमिहरुको बीचमां कोई मध्यवा हेन
जस्ले आफ्नु हात् हांमि दुइ जना मांथि राख्छ ।
३४ उस्ले आफ्नु लाठा मं देखि उठावस्
अनि उस्को भयले मंलाइ न तर्सावस् ।

त मं उ देखि न डराइकन भन्ये थियें ६५
कसोगरिभन्ये मं आफै ऐस्तो कुइंन ।
मेरो प्राण् जीउंनु देखि थाक्येको छ १०१
मं आफ्नु गन्गनाई छाड़ीयेको भइकन जांनु दिंकु
मं आफ्नु प्राण्को तीतेइँमां बोल्कु ।
मं ईश्वर्लाइ भन्कु मंलाइ दोषी न ठहराउंनु हवस् २
तपांइले मं सित कोको विषयमां विवाद् गर्नु हुंद छ भनि मंलाइ देखाउंनु
हवस् ।
तपांइले मिचेइँ गर्नु ३
तपांइले आफ्नु हात्को काम् तुच्छ जान्नु
अनि दुष्टको सल्लाह् सुफल् गर्नु थि सबै गर्नु को तपांइलाइ जाति लाग्छ ।
को तपांइका आंखा देह्धारीका जस्ता छन् ४
अनि तपांइले मान्छेले झैं हेर्नु हुंद छ ।
को तपांइका दिन् विनाशी मान्छेका जस्ता छन् ५
कि तपांइका वर्ष मान्छेजात्का जस्ता
र तपांइले मेरा अधर्म्म ढुंढ्लनु हुंद छ ६
अनि मेरा पाप् खोज्नु हुंद छ
मं दुष्ट कुइंन भनि तपांइलाइ थाहा छ रपनि ७
अनि मंलाइ तपांइको हात् देखि छोड़ाउंनु सक्ने कोई छैन ।
तपांइका हातले मंलाइ सिर्ज्यो अनि चारै पट्टि बनायो ८
तैपनि मंलाइ नास् पार्नु हुंद छ ।
तपांइले मंलाइ होलो जस्तो बनाउंनु भयेको छ भनि सम्झनु हवस् ९
त को मंलाइ फेरि धूलोमां हाल्नु हुंछ ।
को तपांइले मंलाइ दुद् जस्तो खन्याउंनु भयेन १०
अनि दही जस्तो मंलाइ जमाउंनु भयेन ।
तपांइले मंलाइ छाला र मांसु पहिन्याउंनु भयो ११
अनि हाड् र नसाले मंलाइ गांस्नु भयो ।
तपांइले मंलाइ जीउंनि र अनुग्रह् दिंनु भयो १२
अनि तपांइले हेर्चाहा गर्येकोले मेरो प्राण्लाइ रक्षे गर्नु भयो ।
तैपनि ति कुरा तपांइले आफ्नु हिर्दयमां लुकाउंनु भयो १३
यो कुरो तपांइ सङ छ भनि जान्द कु ।
मैले पाप् गर्यें भन्ये देखि तपांइले मेरो लेखा राख्नु हुंद छ १४
अनि मेरो अधर्म्म देखि मंलाइ निर्दोषी ठहराउंनु हुन्न ।
दुष्ट कु भन्ये देखि मं मांथि हाय् १५
अनि धर्म्मीने कु भन्ये पनि आफ्नु सिर् उठाउंदीन
लाज्ले भरि भइकन
र आफ्नु दुखव हेरिकन ।

१६ अनि मेरो सिर् उठ्यो भन्ये
तपांइले मंलाइ सिंहले झैं खेद्नु हुंद क्र.
अनि फेरि आफुलाइ आश्चर्यगरि मंलाइ देखाउंनु हुंद क्र।
१७ तपांइले मेरो विरुद्धमां आफ्ना साक्षीहरुलाइ नयागरि उठाउंनु हुंद क्र.
अनि मं मांथि आफ्नु रिस् बढ़ाउंनु हुंद क्र
पाल्तिहरु र लड़ाईं मं सङ क्रन्।
१८ त तपांइले मंलाइ गर्भ देखि किन निकाल्नु भयो
मं हंस क्रोड्ने थियें अनि कसै आंखाले मंलाइ देख्ने थियेन।
१९ मं न भयेको जस्तिकै हुंने थियें
मं गर्भ देखि चिहान्मां बोकीयेको हुंने थियें।
२० को मेरा दिन् थोरै क्रैनन्. त थामनु हवस्
अनि मैले अलिक् शान्ति पाउंनुको लागि मंलाइ क्रोड्नु हवस्
२१ जहां देखि फर्कंदीन वहां जांनु भन्दा पहिले
अं अंध्यारो र मृत्युको क्रायाको देस्
२२ अंध्यारोको जस्तो बाक्लो अंध्यारोको देस्
मृत्युको क्रायाको देस् खज्याङमज्याङ् भयेको जहां उज्यालो अंध्यारो
जस्तो क्र॥

(सोपर्को पहिलो बाक्ये)

११ १ तब सोपर् नामातीले उत्तर् दिइ भन्यो
२ को कुराको थुप्रोलाइ उत्तर् दिइंदैन.
अनि को बक्बके चइं धर्म्मी ठहरीक्र।
३ को आफुका अहंकारी कुराले मान्क्रहरुलाइ चुप् लगाउंक्रन्.
अनि आफुले ठट्टा गर्दाखेरि को कसैले आफ्नलाइ लाज्मां पार्दैन।
४ कसोगरिभन्ये आफुले भन्नु हुंद क्र मेरो शिक्षा चोकखो क्र
अनि तपांइको दृष्टिमां मं पवित्र क्रु भनि।
५ तर हाय् ईश्वर् बोल्ये ता हुंथ्यो
अनि उस्ले आफ्ना ओंठ् आफुको विरुद्धमां फुकाये ता हुंथ्यो
६ अनि आफुलाइ बुद्धिका गुप्त कुरा देखाये ता हुंथ्यो
जो कार्य्ययोग्य काम्मां धेरै क्र।
ईश्वर्ले आफुलाइ आफ्को अधर्म्म अनुसार जतिभरि एंच्याउंनु पर्थ्यो त्यो
भन्दा कम्तिगरि एंच्याउंद क्र भनि जान्नु हवस्।
७ को ईश्वर्का अथाह भेद्को विषय् पाउंनु सक्नु हुंक्र
को सर्वशक्तिमान्लाइ पूरो रीतले थाहा पाउंनु सक्नु हुंक्र।
८ अकाश् भन्दा ऊंभो आफुले को गर्नु सक्नु हुंक्र
पत्ताल् भन्दा ऊंधो आफुले को जान्नु सक्नु हुंक्र।

त्येस्को नाप् पृथिवी भन्दा लांमो ९
अनि समुन्द्र भन्दा गजीलो छ ।
उ छिरि गयो अनि थुनि राख्यो १०
अनि नियाको सभा बोलायो भन्ये देखि उस्लाइ कस्ले रोक्नु सक्छ ।
कसोगरिभन्ये उस्ले व्यर्थ मान्छेहरुलाइ चिन्द छ . ११
उस्ले अधर्म्म पनि हेर्द छ उस्ले त्येस्को चेष् गर्दैन रपनि ।
तर खोक्रो खप्पर्ले बुद्धि पाउंछ १२
जब बन्गदाहाको बच्चा मान्छे भइ जन्मंछ
आफुले आफ्नु मन् सोजो पार्‍यो भन्ये १३
अनि आफ्ना हात् उ तिर पसार्‍यो भन्ये
आफुको हात्मां अधर्म्म छ भन्ये देखि त्यो दूर् गर्नु हवस् १४
अनि अधर्म्म आफ्नु डेरामां बस्नु न दिंनु ।
त निस्से आफुले आफ्नु मुख् बिना दाग् उठाउंनु हुंछ १५
अं स्थिर् भइ डराउंनु हुन्न .
कसोगरिभन्ये आफुले आफ्नु दुक्ख बिसँनु हुंछ १६
अनि त्यो बह्येको पानी जस्तो मांत्रै सम्झंनु हुंछ .
अनि आफुको जीउंनि दुइ पहर्को घाम् भन्दा चम्कीलो हुंछ १७
अंध्यारो भये पनि बिहान् जस्तो हुंछ ।
अनि आस्रा भयेको कारण्ले आफु निडर् हुंनु हुंछ १८
अं आफ्नु बिषय्मां खोज्येर चैन्मां बिश्राम् पाउंनु हुंछ ।
अं ढल्कंनु हुंछ पनि अनि कसैले आफुलाइ डर्देखाउंदैन १९
अं धेरैले आफु सित बिन्ति गर्छन् ।
तर दुष्टहरुका आंखा हराउंछन् २०
अनि तिनिहरुको भाग्ने बाटो हुंदैन
अनि तिनिहरुको आस्रा हंस छाड्ने जस्तो हुंछ ॥

(अय्यूब्को उत्तर्)

तब अय्यूब्ले उत्तर् दिइ भन्यो १२ १
निस्से आफुहरु चइं तिनै लोग् हुंनु हुंद छ २
अनि आफुहरु मंर्दा बुद्धि पनि मंर्छ ।
आफुहरुको जस्तो मेरो पनि बुद्धि छ ३
मं आफुहरु मुनि छुइंन .
अं येस्ता येस्ता कुरा न जान्ने को छ ।
मं आफ्नु क्षिसेकि देखि ठट्ठा गरींने माफिक्को छु
जस्ले ईश्वर्लाइ हापार्‍यो अनि उस्ले उत्तर् दियो .
धर्म्मी सोजो मान्छे ठट्ठा गरींने छ ।

५ दुखीहरु सुखीहरुको ठनाईमां तुच्छ हुंकुन्
गोड़ा चिप्लीनेहरुको लागि तियार् छ ।
६ लूटहार्हरुका डेरा भाग्यमान् छन्
अनि ईश्वर्को रिस् उठाउंनेहरु निडर् छन्
जुन्हरुले आफ्ना देव्ता आफ्नु हात्मां ल्याउंद छन् ।
७ तर अब पशुहरु सित सोध त तिनिहरुले आफुलाइ सिकाउंछन्
अनि आकाशका पंक्षीहरु सित त तिनिहरुले आफुलाइ सुनाउंछन् ।
८ कि पृथिवी सित बात् गरनु हवस् त त्येस्ले आफुलाइ शिक्षा दिंछ
अनि समुन्द्रका माच्छाहरुले आफुको लागि बखान् गर्छन् ।
९ ति सबैमां कस्ले जान्दैन
यहवेको हात्ले ति सबै गर्येको छ भनि ।
१० जस्को हात्मां सबै जीव्धारीको प्राण्
र सबै मान्छेजात्को आत्मा छन् ।
११ कं कान्ले कुरा जांच्दैन
तालूले भोजन् चाख्येको झैं ।
१२ बूढ़ाहरु सङ बुद्धि छ
अनि दिन्को धेर्हुवाईमां समझ् ।
१३ उस्मां बुद्धि र पराकर्म छन्
उस्का जुक्ति र समझ् छन् ।
१४ हेर उस्ले भत्काउंद छ त त्यो फेरि बनाईंनु सक्दैन
उस्ले मान्छेलाइ थुन्द छ त उघार्नु हुंदैन ।
१५ हेर उस्ले पानी थामद छ त ति सुकि जांद छन्
फेरि उस्ले तिनलाइ छोड़ि दिंद छ त तिनले पृथिवीलाइ उल्टाउंद छन् ।
१६ उस्मां सामर्थ र स्थिर् बुद्धि छन्
भूल्ने र भूलाउंने उस्के छन् ।
१७ उस्ले मंत्रीहरुलाइ लुगा कड़ायेर लैजांद छ
अनि विचारीहरुलाइ मूर्ख तुल्याउंद छ ।
१८ उस्ले राजाहरुका बन्धन् फुकाउंद छ
अनि तिनका कम्मर्प तुकाले बान्धद छ ।
१९ उस्ले पूजाहारीहरुलाइ लुगा कड़ायेर लैजांद छ
अनि बलियाहरुलाइ उल्टाउंद छ ।
२० उस्ले बिश्वास्योग्यहरुको बाक्यो दूर् गर्द छ
अनि प्राचीनहरुको बुद्धि लैजांद छ ।
२१ उस्ले मालिकहरु मांथि निन्दा खन्याउंद छ
अनि बलियाहरुका पटुका फुकाउंद छ ।
२२ उस्ले गहौरा गहौरा कुरा अंध्यारो देखि निकाल्द छ
अनि मृत्युको छाया उज्यालोमां ल्याउंद छ ।

उस्ले लोग् लोग्लाइ बढ़ायेर तिनलाइ नास् पार्द छ । २३
उस्ले लोग्हरुलाइ फिंजायेर तिनलाइ लैजांद छ ।
उस्ले पृथिवीका लोगका मालिक्हरुको बुद्धि लैजांद छ २४
अनि बाटो बिनाको उजाड्मां हुलाउंद छ ।
तिनिहरु अंध्यारोमां ज्योति बिना छामि हिंड्द छन् २५
अनि उस्ले तिनिहरुलाइ मात्येकोलाइ झैं टल्पल् गराउंद छ ।

१३ हेर मेरो आंखाले ति सबै देख्येको छ १
मेरो कान्ले सुन्येको छ अनि बूझेको छ ।
जे आफुले जान्नु हुंद छ ति मं पनि जान्द छु । २
मं आफुहरु सुनि कुइंन ।
निस्से सर्वशक्तिमान् सित कुरा गर्न मेरो मन् छ ३
अनि ईश्वर् सित बिवाद् गर्न इच्छे छ ।
तर आफुहरु ठांट् उप्जाउंने हुंनु हुंद छ ४
आफुहरु सबै बिकामे बैद्यहरु ।
आफुहरु स्यांठै चुप् लाग्ये ता हुंथ्यो ५
त त्यो आफुहरुको बुद्धि हुंथ्यो ।
अब मेरो बिवाद् सुन्नु हवस् ६
अनि मेरा ओंठका बिन्ति सुन्नु हवस् ।
के ईश्वर्को निम्तिमां अधर्म्म भन्नु हुंछ ७
अनि उस्को लागि छल् सित बोल्नु हुंछ ।
के उस्को पन्पसाई गर्नु हुंछ ८
के ईश्वर्को लागि बिवाद् गर्नु हुंछ ।
उस्ले आफुहरुलाइ ठुंढ्ल्नु यो के आफुहरुलाइ जाति लाग्छ ९
के मान्छेलाइ धोखा दियेको झैं आफुहरुले उस्लाइ धोखा दिंनु हुंछ ।
आफुहरुले गुप्तगरि पन्पसाई गर्नु भयो भन्ये देखि १०
उस्ले निस्से आफुहरुलाइ चेताउंछ ।
के उस्को महातम्ले आफुहरुलाइ डर् देखाउंदैन ११
अनि उस्को भय् आफुहरु मांथि पर्छ ।
आफुहरुका सम्झना राख्ने माफिक्का आहनहरु खरानिका उखान् मांत्रै छन् १२
आफुहरुका आड् माटोका आड् मांत्रै ।
चुप् लाग्नु हवस् मलाइ छोड़ि दिंनु हवस् र मं बोलुं १३
अनि मं मांथि जे पर्छ त्यो परोस् ।
के मं आफ्नु मांसु आफ्नु दांत्मां लिउं १४
अनि के मं आफ्नु जीउंनि आफ्नु हत्केलामां लिउं ।
हेर उस्ले मलाइ मार्छ मं उस्के बाटो हेर्छु । १५
तेपनि उसैको मांसु आफ्नु चालचलन स्थिर गर्छु ।

१६ यो पनि मेरो छुट्कारा हुंछ
भक्तहीन् उल्को सांमु आउंनु सक्दैन भन्ने ।
१७ मेरो कुरा ध्यान् दिइ सुन्नु हवस्
अनि मेरो बचन् आफ्नका कानमां परोस् ।
१८ अब हेर मैले आफ्नु कुरा तियार् पार्यें
निर्दोष् ठहरींकु भनि जान्द कु ।
१९ मं सित विवाद् गर्ने को हो .
अब मं चुप लाग्येर हंस क्रोड्कु ।
२० दुइ कुरा मांत्रे मं सित न गर्नु हवस्
त तपांइको मुख् देखि लुकाउंदौंन .
२१ अर्थात् आफ्नु हात् मं देखि टाढ़ो लैजांनु हवस्
अनि तपांइको भयले मंलाइ डर्देखाउंनु न दिंनु हवस् ।
२२ त तपांइले हापानु हवस् अनि मं उत्तर् दिंकु
कि मंलाइ बोल्नु दिंनु हवस् अनि तपांइले मंलाइ उत्तर् दिंनु हवस् ।
२३ मेरा अधर्म्म र पाप्हरु कति छन् .
मेरो अपराध् र मेरो पाप् मंलाइ जनाइ दिंनु हवस् ।
२४ आफ्नु मुख् किन लुकाउंनु हुंद छ
अनि मंलाइ आफ्नु सत्रुलाइ झैं किन गन्नु हुंद छ ।
२५ के तपांइले उड़ाईंदै गर्येको पत्केरालाइ पनि कंमाउंनु हुंछ .
अनि सुक्येको बुच्कालाइ खेद्नु हुंछ ।
२६ किनभन्ये तपांइले मेरो बिरुद्धमां तीता कुरा लेख्नु हुंद छ
अनि मंलाइ मेरो जोभानका अधर्म्मको अधिकारी गराउंनु हुंद छ .
२७ तपांइले मेरा गोड़ा ठ्यांग्रोमां पनि हाल्नु हुंद छ अनि मेरा सबै चाल
हेर्नु हुंद छ
मेरा पैतालाका चारै पट्टि सिमाना बांध्नु हुंद छ .
२८ मं कुहि भस्म भयेको थोक्
र कीराले खाइ सक्कीयेको लुगा जस्तो छु रपनि ॥
१४ १ आइमाइ देखि जन्म्येको मान्छे
थोरै दिनको र दुक्खले भरीयेको छ ।
२ फूल झैं फक्रंद छ अनि ओइल्हौंद छ .
छाया जस्तो जाइ जांद छ अनि ठहर्दैन ।
३ अनि के तपांइले येस्ते मांथि दृष्टि गर्नु हुंद छ
अनि मंलाइ तपांइ थांइ नियाको लागि घिस्याउंनु हुंद छ ।
४ अशुद्ध देखि शुद्ध निकाल्नु जानि हुंन्थ्यो . तर कसैले यो गर्नु सक्दैन .
५ जब त्येस्का दिन् ठहराइ सक्येका छन अनि त्येस्का महीनाको गन्ति तपांइका छ
अनि तपांइले त्येस्ले नांघ्नु न सक्ने सिमाना बान्धनु भयेको छ
६ त्यो देखि आफ्नु मुख् फर्काउंनु हवस् र त्येस्ले चैन् पावस्

त्येस्ले बिनि गर्नेले भें आफ्नु दिन् ठीका न मांसंज्याल् सम्म ।
कसोगरिभन्ये सुखको बिषयमां ता आसा छ त्यो काटीयेको भये पनि फेरि ७
पलाउंछ
अनि त्येस्का कोपीलाहरु निस्कनु देखि पामीदैनन् ।
त्येस्को जरा भूइं भित्र क्षिप्रीयेको छ रपनि ८
अनि त्येस्को तुटा मांटोमां सुक्येको छ रपनि
तैपनि पानीको बास्नाले त्येस्को पालुवा फुटाउंछ ९
अनि लाप्राले भें हांगा फुटाइ निकालछ ।
तर मान्छे चइं ता मंर्द छ अनि पखीइ रहंद छ १०
अं मान्छेले हंस छोडूद छ त त्यो कहां छ ।
पानी समुन्द्र देखि घटेझको भें ११
अनि नदी सुकदै सुकदै हरायेको भें
येसोरि मान्छे ढलकंद छ अनि उठदैन . १२
अकाश् जाइ न जाउंज्याल् सम्म जागदैन न नीन्द् देखि जगाईंछ ।
हाय् तपांइले मंलाइ पत्तालमां लुकाये ता हुंने थियो १३
तपांइको रिस् जाइ न जाउंज्याल् सम्म मंलाइ गुप्तमां राख्ये ता हुंथ्यो
तपांइले मेरो लागि ठहरायेको बेला खटाइकन मंलाइ सम्झनु हुंथ्यो ।
मान्छे मंर्यो भन्ये के त्यो फेरि जीउंछ १४
मं आफ्नु सिपांइगिरिका सबै दिन् पखेंने थियें
मेरो छुट्कारा न होउंज्याल् सम्म ।
तपांइले मंलाइ बोलाउंनु भयो भन्ये मं ता तपांइलाइ उत्तर् दिंने थियें . १५
तपांइले आफ्नु हात्को काम्को लागि इच्छे गर्नु हुंने थियो ।
तर अब तपांइले मेरा पइका गन्नु हुंद छ . १६
के तपांइले मेरा पाप् चियाउंनु हुन्न ।
मेरा अपराध् थैलोमां हालि छाप् मारीयेका छन् १७
अनि तपांइले मेरो अधर्म्म पनि राख्नु हुंद छ ।
निस्से भत्कन्दै जांदा जांदा पहाड् पनि मेटींने हुंद छ १८
अनि पहरा आफ्नु ठांउ देखि सारींद छ
पानीहरुले ढुंगाहरुलाइ खियाउंद छ १९
अनि त्येस्को बढि आउंने पानीले भूंइको माटो बहाइ लांद छ .
अनि तपांइले मान्छेजात्को आसा मेटि दिंनु हुंद छ ।
तपांइ मर्धेको लागि त्येस्को बिरुद्धमां जिताहा हुंनु हुंद छ त त्यो जाइ जांद छ २०
तपांइले त्येस्को मोहोंड़ा बिगारिकन त्येस्लाइ पठाउंनु हुंद छ ।
त्येस्का छोराहरु मान सम्म पुग्येका छन् तर त्येस्लाइ थाहा छैन २१
अनि तिनिहरु होच्याईयेका छन् तर त्येस्ले तिनिहरुको बिषयमां जान्दैन ।
खालि आफ्नै कारणले त्येस्को जीउलाइ दुखेव छ २२
अनि आफ्नै कारणले त्येस्को प्राणले बिलाप् गर्द छ ॥

(एलीपज्को दोस्रो बाक्ये)

१५ १ तब एलीपज् तेमानीले उत्तर् दिइ भन्यो
२ के बुद्धिमान्ले हावाको जस्तो ज्ञान् गरि उत्तर् देवस्
कि पूर्वबतास्ले आफ्नु पेट् भरोस् ।
३ के निष्फल् कुरा गरि
कि बिअर्थका बाक्ये गरि बिवाद् गरोस् ।
४ अं के आफुले भय् मान्नु छोड्नु भयो
अनि ईश्वर्को सांमु ध्यान् घटाउंनु हुंद छ ।
५ कसोगरिभन्ये आफुकै मुख् देखि आफुको अधर्म्म प्रगट् हुंद छ ।
अनि चतुरहरुको जिब्रो छान्नु हुंद छ ।
६ मं हुंइन आफुको आफ्नै मुखले आफुलाइ दोषी ठहराउंद छ
अं आफुका आफ्नै ओंठले आफुको बिरुद्धमां साक्षी दिंद छ ।
७ के मान्छेजात्मां पहिले जन्म्येको आफुनै हौ .
कि पहाड्हरु भन्दा पहिले आफुको उत्पत्ति भयो ।
८ के आफुले ईश्वर्को सभामां सुन्नु भयो
के आफुले आफ्नै लागि मांत्रै बुद्धि तान्नु हुंद छ ।
९ के आफुले केइ जान्नु हुंद छ जो हांमि जान्दौंन
के आफुमां केइ बुद्धि छ जो हांमिहरुमां छैन ।
१० हांमिहरुकां केस् पाक्येका र धिन् धेरै खाप्येका मान्छे छन्
अं आफुको बाबु भन्दा धेरै जेठा जेठाहरु ।
११ के ईश्वर्का शान्ति दिंने कुरा आफुको लेखिमां तुच्छ छन्
अनि आफु सङ गर्न कमला कुरा पनि तुच्छै छन् ।
१२ आफुको हिर्दयले किन आफुलाइ लैजांद छ .
अनि किन आंखा फुकाल्नु हुंद छ ।
१३ आफुले ता आफ्नु मन् ईश्वर्को बिरुद्धमां फर्काउंनु हुंद छ
अनि आफ्नु मुख् देखि येस्ता कुरा निक्लंनु दिंनु हुंद छ ।
१४ बिनामी मान्छे क्या हो र त्यो शुद्ध हुवस् .
अनि आइमाइ देखि जन्म्येको क्या हो र त्यो धर्म्मी हुवस् ।
१५ हेर्नु हुवस् उस्ले आफ्ना पवित्रहरु मांथि भरोसा राख्दैन
अं उस्को लेखिमां आकाश् पनि शुद्ध छैन
१६ त झन्सारो कति ज्यास्ति गरिकन घिनलाग्दो र अमौलीयेको मान्छे मांथि
जो पानी झैं अधर्म्म पीउंने छ ।
१७ मं आफुलाइ देखाउंछु मेरो सुन्नु हुवस्
मैंले देख्येका कुराको बखान् गर्छु .
१८ (जो कुरा बुद्धिमान्हरुले
आफ्ना पिता पुर्खाहरु देखि सुन्येर न लुकाइकन भन्येका छन्

जुन्हरुलाइ मांत्रै देख् दिईयेको थियो १९
अनि तिनिहरुको बीचमां कोई पर्देसी फिरि गयेको थियेन .)
दुष्ट मान्छे आफ्नु सबै दिन् पीरासे छट्पटाउंद छ २०
बलमिचेईं गर्नेको लागि बर्ष गनि गनि ठहराईयेका छन् ।
त्येस्का कानमां डर्लाग्दो सोर् छ २१
कुशलको समयमां पनि नास् गर्ने त्येस् मांथि आइ लाग्ने छ .
अंध्यारो देखि फर्कि आउंने त्येस्को आस्रा छैन २२
अनि तरवार् त्येस्को लागि ठुकि रहंद छ .
कहां छ भनि रोटीको लागि घुम्द फिर्द छ २३
अंध्यारोको दिन् मं छेउ तियार् छ भनि त्येस्लाइ थाहा छ .
संकट् र कष्टले त्येस्लाइ डर् देखाउंद छ २४
लड़ाईंको लागि तियार् भयेको राजा झैं तिनिहरु त्येस् मांथि जिताहा हुंद छन् .
किनभन्ये त्येस्ले आफ्नु हात् ईश्वरको बिरुद्धमां पसार्येको छ २५
अनि सर्बशक्तिमान्को बिरुद्धमां तुच्छ ठान्द थियो
त्यो उ मांथि कठोर् गर्दनगरि ठुगुरिकन आइ लाग्द छ २६
आफ्ना ठालहरुका मोटा मोटा उठेका ढुट्टाहरु सित .
किनभन्ये त्येस्ले आफ्नु मुख् आफ्नु बोसोले पुर्येको २७
अनि त्येस्को कम्मरमां लुंदो जमीयेको छ
अनि त्येस्ले उजारीयेको सहर् सहरमां बास् गर्येको छ २८
न रहंने मार्फिक्का घरहरुमां
जो थुप्रो लागनु आंटेका थिये ।
त्यो धनी हुंदैन न त्येस्को सम्पत्ति रहंछ २९
अनि तिनको उपजनि भूंइ तिर नुहुंदैन ।
त्यो अंध्यारो देखि निस्कंदैन ३०
ज्वालाले त्येस्का हांगाहरु सुकाउंछ
अनि त्येस्को मुखको सासको कारणले जाइ जांछ ।
आफुलाइ धोखा दियेर त्येस्ले व्यर्थमां भरोसा न गरोस् . ३१
किनभन्ये व्यर्थ त्येस्को सट्टा हुंछ ।
त्येस्को बेला भन्दा अगाड़ि त्यो पूरो हुंछ ३२
अनि त्येस्का हांगा हरीया हुंदैनन् ।
दाखको बोट्ले झैं त्येस्ले आफ्ना कांचो फल् आफैले हल्लाइ झार्छ ३३
अनि भट्टाले झैं आफ्ना फूलहरु झार्छ ।
किनभन्ये भक्तहीनहरुको जहान् बांझो हुंछ ३४
अनि घूस् खानेहरुका डेरालाइ आगोले भस्म पार्छ ।
तिनिहरु उपद्रवैले गर्भ रहंछन् अनि अधर्म्म जन्माउंछन् ३५
अनि तिनिहरुको पेट्ले छल् तियार् पार्द छ ॥

(अय्यूबको उत्तर)

१६ १ तब अय्यूबले उत्तर दिइ भन्यो
२ यैस्ता यैस्ता कुरा धेरै सुन्येको छु
आफुहरु सबै थकाउने शान्ति दिनेहरु मांत्रै हौ ।
३ के हावाका कुराहरु सक्कीकन् .
कि आफुले उत्तर दिंनुको लागि आफुलाइ कोले उठायो ।
४ आफुहरुले बोल्थे भैं मं पनि बोल्नु सक्ने थियें
आफुको प्राण मेरो प्राणको गतमां पर्येको भये देखि
मं पनि आफुहरुले भैं कुरा उन्नु सक्ने थियें
अनि आफुहरुको बिरुद्धमां सिर चलाउंनु सक्ने थियें ।
५ तर मं चइं ता आफ्नु मुखले आफुहरुलाइ बल दिंनु सक्ने थियें
अनि आफ्ना ओंठको शान्तिले आफुहरुको दुकव घटाउंने थियें ।
६ मं बोल्द कु रपनि मेरो दुकव चइं घटाईयेको छैन .
मं चुप रह्यें भन्ये पनि मं देखि के निस्कि जांछ ।
७ तर ऐले उस्ले मंलाइ थकायेको छ .
तपांइले मेरो सिंगै जहान्लाइ उजार्नु भयो ।
८ तपांइले मंलाइ मारो ममात्नु भयो भन्ने मेरो बिरुद्धमां साक्षी छ .
अनि मेरो दुर्बलेइंले मेरो बिरुद्धमां उठेर मेरो सांमु साक्षी दिंद छ ।
९ उस्ले मंलाइ आफ्नु रिसमां फहगायेको छ अनि मंलाइ सतायेको छ
उस्ले मं मांथि आफ्ना दारा कीट्यो .
मेरो बत्तुरले मं मांथि आफ्ना आंखा बाल्द छ ।
१० तिनिहरुले मं मांथि आफ्नु मुख पसार्येका छन्
अनि मेरो निन्दा गरि मेरा गालामां लपटायेका छन् .
तिनिहरु मेरो बिरुद्धमां भेला भयेका छन् ।
११ ईश्वरले मंलाइ अधर्म्मीहरुलाइ सुम्पि दिंद छ
अनि दुष्टहरुका हातमां हालि दिंद छ ।
१२ मं चैनमां थियें अनि उस्ले मंलाइ चूर पार्यो
अं उस्ले मंलाइ गर्दनमां समात्येर टुकरा टुकरा पार्यो .
येस् उप्रान्त उस्ले मंलाइ तारा थापनुको लागि भैं उभ्यायो ।
१३ उस्का कांडूहरुले मंलाइ घेर्द छन्
उस्ले निर्दयासु भइ मेरो मृदुमां रोप्द छ
उस्ले मेरो पित्त भूंइमां बगाउंद छ ।
१४ उस्ले मंलाइ कुंडैकुंड पारि भत्काउंद छ
महावीर भैं मं मांथि दुगुरि आइ लाग्द छ ।
१५ मैले आफ्नु कालामां भांग्रा सीयें
अनि आफ्नु सींग धरणु पारि धूलोमां राख्येको छु ।

रुंदा रुंदा मेरो मोहोंड़ा सुनीयेको छ १६
अनि मेरा पलक्मां मृत्युको छाया पर्‍येको छ .
मेरा हातमां उपद्रेईं छैन रपनि १७
अनि मेरो प्रार्थना पवित्र छ रपनि ।
हे पृथिवी मेरो रगत् न ढाक् १८
अनि मेरो दोहाईले बिसाउंने ठांउ न पावस् ।
हेर् ऐले मेरो साक्षी अकाश्मां छ १९
अनि मेरो जमानि ऊर्द्धलोक्मां छ ।
मेरा मित्रहरु ता मेरो निन्दा गर्नेहरु छन् . २०
तर मेरो आंखाले ईश्वर् थांइ आंसु बहाउंद छन्
र त्येस्ने ईश्वर् सङ सज्जन्को निया गरोस् २१
अनि क्षिमेकि सङ मान्छेजात्को निया ।
किनभन्ये थोरै बर्ष बित्दामां २२
मं न फर्कंने बाटोमां जाइ जांछु ।
मेरो प्राण् भस्म भयो मेरा दिन् सक्कीये १७ १
मेरो लागि चिहान् तियार् छ ।
निस्से मं सङ ठट्ठा गर्नेहरु छन् २
अनि मेरा आंखा तिनिहरुका जिस्क्याई मांथि पर्‍येका छन् ।
बन्धक् ऐले दिंनु हवस् मेरो जमानि आफु सङ आफै हुंनु हवस् ३
मं सङ हात् मांनु को सक्छ ।
किनभन्ये तपांइले तिनिहरुको मन् बूझ् देखि लुकाउंनु भयो . ४
येस्कारण् तपांइले तिनिहरुलाइ अल्ग्याउंनु हुन्न ।
जस्ने आफ्ना मित्रहरुलाइ चुग्लि गरि लूटाइ दिंद छ ५
त्येस्का बालखहरुका आंखाहरु रहि जांछन् ।
उस्ने मंलाइ लोग्हरुको बीच्मां येउटा कहनि पनि तुल्याइ दियो ६
अनि मं मुख्मां थुकींने सम्मको भयें ।
शोक्ले मेरा आंखा पनि धमीलीये ७
अनि मेरा सबै अंग् छाया मांत्रै भइ गये ।
सोला मान्छेहरुले यो देखि उदेक् मान्द छन् ८
अनि निर्दोषीहरु भक्तिहीन्को बिरुद्धमां उल्कींद छन् ।
तैपनि धर्म्मीहरुले आफ्नु बाटो समात्छन् ९
अनि चोक्खो हात्का मान्छेहरु बल्मां बढ्दै जांछन् ।
तर आफुहरु सबै ऐले फर्कि आउंनु हवस् . १०
तर आफुहरुमां येउटा पनि बुद्धिमान् मान्छे पाउंदींन ।
मेरा दिन् बित्येका छन् मेरो मन्का युक्तिहरु भांचीयेका छन् ११
अं मेरो मन्का इच्छेहरु ।

१२ तिनिहरुले रातलाइ दिन पार्ने कुन ।
भन्द कुन् अंध्यारो कुेउ ता उज्यालो छ ।
१३ मैले पत्तालु चहं आफ्नु घर जस्तो तुल्याइ आखा गर्यें भन्ये देखि
आफ्नु ओछ्यान् अंध्यारोमां बिछ्यायें भन्ये देखि
१४ बिनासलाइ तिमि मेरो बाबु हौ भन्यें भन्ये देखि
कि कीरालाइ तिमि मेरी आंमा र मेरो बैंनो हौ भन्यें भन्ये देखि
१५ त मेरो आशा कहां छ ।
अनि मेरो आशालाइ कस्ले हेर्छ ।
१६ त्यो पत्तालुका आगलाहरु सम्म उत्रि जांछ
जब मट्टीमां बिश्राम् हुंछ ॥

(बिल्दद्को दोस्रो बाक्ये)

१८ १ तब बिल्दद् शूहीले उत्तर् दिइ भन्यो
२ कैले सम्म आफुले कुरा समात्ने पासो थापनु हुंछ
चेत् गरनु हवस् तब पछि हांमिहरु बोल्छौं ।
३ हांमिहरु पशुहरु जस्ता किन गनेद छौं
अनि आफुको लेखिमां अशुद्ध भइ गयेका छौं ।
४ हे आफ्नु रिसमां आफुलाइ च्यात्ने
के आफुको निम्तिमां पृथिवी उजारौंछ
कि पहरा आफ्नु ठांउ देखि सारौंछ ।
५ अं दुष्टको बत्ति निभाईंछ
अनि त्येस्को आगोको जुवाला चम्कंदैन ।
६ उज्यालो त्येस्को डेरामां अंध्यारो होइ जांछ
अनि त्येस् मांथिको बत्ति निभाईंछ ।
७ त्येस्को बलका पइला संगुत्याईंछन्
अनि त्येस्के सल्लाहले त्येस्लाइ झार्छ ।
८ कसोगरिभन्ये आफ्नै गोड़ाले जालमां फंसाउंछ
अनि छापरि मांथि हिंड्द छ ।
९ हांवालिले त्येस्का कुर्कुचा पक्रंछ
अनि पासोले त्येस्लाइ समात्छ ।
१० पासोको डोरी त्येस्को लागि भूंइमां लुकाईंयेको छ
अनि फड्के त्येस्को लागि बाटोमां ।
११ भयहरुले त्येस्लाइ चारै पट्टि बाटो तर्साउंछ
अनि त्येस्का कुर्कुचालाइ टोक्नुलाइ खेद्छ ।
१२ त्येस्को बल भोकाउंछ
अनि बिपत्ति त्येस्को छेउमां तियार् रहंछ ।

त्येस्को जीउका अंगलाइ खाइ हाल्छ १३
अं कालको जेठोले त्येस्का अंग खाइ हाल्छ ।
जुन् डेरामां त्येस्ले भरोसा राख्यो त्यस् देखि उखेलींछ १४
अनि डर् देखाउंनेको राजा थांइ पुग्याईंछ ।
जो त्येस्को होइन त्यो त्येस्को डेरामां बस्छ . १५
त्येस्को बासमां गन्धक् ओछ्याईंछ ।
ऊंधो देखि त्येस्का जरा ओइल्हाईंछन् १६
अनि ऊंभो त्येस्को डाला ओइल्हाईंछ ।
त्येस्को सम्झना पृथिवी देखि मेटींछ १७
अनि चोकमां त्येस्को नांउ चल्दैन ।
उज्यालो देखि अंध्यारोमां धपाईंछ १८
अनि संसार् देखि खेदींछ ।
आफ्ना कुटुम्बहरूमां न त्येस्को कोरो न नाति हुंछ १९
न त्येस्को बास् बस्येको ठांउमां कोई बचाईंछ ।
त्येस् पछि आउंनेहरूले त्येस्को दिन् देखि उदेक् मान्छन् २०
ति अघि जांनेहरू तर्थका भैं ।
निस्से अधर्म्मीहरूका बास् येस्तै छन् २१
अनि ईश्वरलाइ न चिन्नेको ठांउ येइ हो ॥

(अय्यूबको उत्तर)

तब अय्यूबले उत्तर् दिइ भन्यो १९ १
कैले सम्म मेरो प्राणलाइ दुक्ख दिइ रहंको २
अनि कुरा गरी गरी मंलाइ चूर् पारी रहंको ।
यि दस् खेप् मेरो निन्दा गर्येका को . ३
मं यित कठोरेई गर्येकोमां लाज् लाग्दैन ।
मैले भूलै गर्येको भये पनि ४
मेरो भूल मैं मांथि छ ।
आफूहरूले मांथि मांथिनै मेरो विरुद्धमां आफ्नु बढाई गर्नु भयो ५
अनि मेरो विरुद्धमां मेरो निन्दा गर्नु भयो भन्ये देखि .
न ईश्वरले मेरो निया बिगार्येको छ ६
अनि मंलाइ आफ्नु जालमां पर्येको छ भनि ऐले थाहा पाउंनु हवस् ।
हेर उपद्रवै भन्ने कराउंद छु तर सुनाईदैन . ७
गोहारको लागि होहाई दिंद छु तर कोइ निया छैन ।
उस्ले मे किर्न न सक्ने सम्मगरि मेरो मार्ग बार्येको छ ८
अनि मेरा बाटामां अंध्यारो राख्येको छ ।
उस्ले मेरो विभव मं देखि नाक्येको छ ९
अनि मेरो सिर् देखि मुकुट् लग्येको छ ।

१० उस्ले चारै पट्टि मंलाइ भत्काएको छ त मं गइ गयें ।
अनि रुखलाइ झैं मेरो आशालाइ उस्ले उखेल्येको छ ।
११ उस्ले आफ्नु रिस् पनि मेरो विरुद्धमां उठायेको छ
अनि मंलाइ आफ्ना बैरिहरुमांको ऐउटा झैं गन्येको छ ।
१२ उस्का पल्टनहरुले सङ् सङ् आयेर मेरो विरुद्धमां डिल् उठाउंद छन्
अनि मेरो डेराको चारै पट्टि छाउंनी हाल्द छन् ।
१३ उस्ले मेरा दाजुभाईलाइ मं देखि टाढो राख्येको छ
अनि मेरा चिनाजानाहरु मं देखि स्यांट्टै बिराना भइ गये ।
१४ मेरा कुटुम्बहरुले मंलाइ छोड़ि दियेका छन्
अनि मंलाइ चिन्नेहरुले मंलाइ बिर्स्यें ।
१५ मेरै घरमां बस्नेहरु र मेरो कमांरीहरुले मंलाइ बिरांनु जान्द छन् ।
तिनिहरुको लेखिमां मं पर्देसी भइ गयें ।
१६ मं आफ्ने दासलाइ डाकद छु तर त्येस्ले मंलाइ उत्तरै पनि दिंदैन
मैंले त्येस्लाइ आफ्नु मुखले बिन्ति गर्यें रपनि ।
१७ मेरो सास् मेरी स्वास्नीलाइ बिरांनुको जस्तो छ
अनि मेरी आंमाको कोखका बालखहरुलाइ कुगन्ध भयेको छु ।
१८ ससांना बालखहरुले पनि मेरो निन्दा गर्द छन्
उठें भन्ये तिनिहरु मेरो विरुद्धमां बोल्द छन् ।
१९ मेरा नजिकका मित्रहरुले मंलाइ घिनाउंद छन्
अनि मैंले प्रेम् गर्येकाहरु मेरो विरुद्ध फर्क्येका छन्
२० मेरो छाला र मेरा हांड़ मांसुमां टांसीयेका छन्
अनि आफ्ना दांतको बोका लिइ ऐस्ले बांच्येको छु ।
२१ हे मेरा मित्रहरु हो मं मांथि दया गर्नु हस्स् दया
किनभन्ये ईश्वरको हातले मंलाइ हिर्काएको छ ।
२२ आफुहरुले ईश्वरले झैं मंलाइ किन सताउंनु हुंद छ
अनि मेरो मांसु देखि किन सन्तोषित् हुंनु हुंदौन ।
२३ हाय् मेरा कुरा ऐले लेख्येका भये देखि
हाय् तिनिहरु पोस्तकमां छाप्येको भये देखि
२४ अं हाय् ति फलमको किनु र सीसाले
पहरामां सदाको लागि खोप्येका भये देखि ता जाति हुंन्थो ।
२५ तर मेरो छोड़ाउंने जीउंदो छ
अनि सबै भन्दा पाछि पृथिवीमां उभौंछ भनि जान्द छु ।
२६ अनि मेरा छाला ऐसे नास् भयेको भये पनि
तैपनि आफ्नु जीउ देखि अलग मं ईश्वरको दर्शन पाउंछु भनि पनि जान्द छु ।
२७ जस् ईश्वरको दर्शन् उ मं पट्टि भयेको पाउंछु
अनि मेरा आंखाले उस्लाइ हेर्दैन् बिरांनुलाइ झैं होइन ।
मेरो हिर्दय् मं भित्र मेटीयेको छ ।

आफुहरुले हांमिहरुले येस्लाइ कसोगरि सताऊं भन्न भयो भन्ये देखि २८
जब मंमां धर्म्मको मूल् पाईंद छ
त तरवार् देखि डराउंनु हवस् . २९
किनभन्ये कोपले तरवारका दण्डहरु ल्याइ पुऱ्याउंद छ
आफुहरुलाइ नियाबिचार् हुंछ भनि थाहा पाउंनु हवस् भन्ये खातिर्ले ॥

(सोपर्को दोस्रो बाक्ये)

तब सोपर् नामातीले उत्तर् दिइ भन्यो २०१
येस्कारण् मेरो सोचबिचार्ले मंलाइ उत्तर् दिंद छन् २
अं मंमां भयेको मेरो हतार्को कारण्ले ।
मंलाइ लाज्मां पार्ने निन्दा सुन्येको छु ३
अनि मेरो बूझ्को आत्माले मंलाइ उत्तर् दिंद छ ।
को आफुलाइ थाहा छैन तादि देखि ४
मान्छे पृथिवीमां राख्येको दिन् देखि
दुष्टहरुको जय् गर्ने समय् छोटो ५
अनि भक्तहीनहरुको आनन्द एक्छिन्को मांत्रै छ भनि ।
त्येस्तो मान्छेको महातम् आकाश् सम्म चढ्ये पनि ६
अनि त्येस्को सिर् बादल् सम्म पुग्ये पनि
तैपनि त्यो आफ्नु बिष्ठा जस्तो सधैंको लागि नष्ट हुंछ ७
त्येस्लाइ देख्नेहरुले त्यो कता गयो भनि भन्छन् ।
सपना जस्तो उड़ि जांछ अनि पाईंदैन . ८
अं रातिको दर्शन् जस्तो खेदौंछ ।
त्येस्लाइ चैन आंखाले त्येस्लाइ फेरि कैलेइ देख्दैन ९
अनि त्येस्को ठांउले त्येस्लाइ फेरि कैलेइ पनि देख्दैन ।
त्येस्का बालखहरुले कंगालिहरुको पन्पसाई खोज्छन् १०
अनि त्येस्का हातले त्येस्का धनसम्पत्ति फर्काउंछन् ।
त्येस्का हाड्हरु त्येस्को जुवानीदेखि भरीयेका छन् ११
तर त्यो त्येसै सङ मांटोमां ढल्कंछ ।
दुष्टैलें त्येस्को मुखमां मीठो लाग्ये पनि १२
त्येस्लाइ आफ्नु जिब्रो मुनि लुकाये पनि
त्येले त्येस्लाइ बचायो अनि त्येस्लाइ न छोड़ेर पनि १३
तर त्येस्लाइ ऐले सम्म आफ्नु मुखमां राखि छोड्छ पनि
तैपनि त्येस्को भोजन् त्येस्का आन्द्रामां फेरीयेको छ १४
त्यो त्येस्को भित्र अजिङरको पित्त भइ गयो ।
त्येले धनसम्पत्ति निलि हाल्येको छ अनि फेरि ति छाड्छ . १५
ईश्वरले ति त्येस्को पेट् देखि निकाल्छ ।

१६ त्येस्ले अजिङरको बिष चूसछ ।
सापको जिब्रोले त्येस्लाइ मार्छ ।
१७ त्येस्ले नदीहरुलाइ हेर्दैन
अं मह र दही बहने खोल्चाखाल्चिहरु ।
१८ जस्को लागि त्येस्ले दाम्ति गर्यो त्यो फर्काइ दियेर निलि हाल्दैन
त्येस्ले पायेका धन अनुसार आनन्द गर्दन ।
१९ त्येस्ले कंगालिहरुलाइ मिचेर्इं गर्यर छोड्रि दियेको छ
त्येस्ले येउटा घर बलमिचेर्इंले लग्येको छ जस्लाइ फेरि बनाउंदैन ।
२० त्येस भित्र चैन न पायेको कारणले
जस देखि त्यो खुशि छ त्येसमांको कोइ पनि बचाउंनु सक्दैन ।
२१ त्येस्ले न खाइ बांच्येको कोइ पनि थियेन
येस्कारण त्येस्को कुशल रहंदैन ।
२२ त्येस्को पूरो परमस्तमां त्यो सांगुरेमां पर्छ ।
दुखमां भयेका सबैको हात त्येस मांथि पर्छ ।
२३ जब त्येस्ले आफनु पेट भर्नु आंटेयको छ
तब ईश्वरले त्येस मांथि आफनु बल्दोरिस पोख्राउंछ
अनि त्येस्को भोजनको लागि त्येस मांथि त्यो बर्षाउंछ ।
२४ फलमको हतियार देखि त्यो भागछ
अनि पीतलको धनुले त्यस्लाइ हानि गेर्छ ।
२५ त्येस्ले त्यो झिकेर छ त त्यो त्येस्को जीउ देखि निस्कंद छ ।
अं त्येस्को झल्कने टुप्पा त्येस्को पित्त देखि निस्कंद छ
त्येस मांथि भय पर्येका छन् ।
२६ त्येस्का धनको लागि सबै अन्धकार राखीयेको छ ।
मान्छेले न सल्काएको आगोले त्येस्लाइ खाइ हाल्छ
त्येस्को डेरामां राखीयेकोलाइ भस्म पार्छ ।
२७ स्वर्गले त्येस्को अधर्म्म प्रगटो गर्छ
अनि पृथिवी त्येस्को बिरुद्धमां उठछ ।
२८ त्येस्को घरको बढ्ति जाइ जांछ
उस्को कोपको दिनमां त्येस्को धनसम्पत्ति बहि जांछ ।
२९ ईश्वर देखि दुष्ट मान्छेको भाग येइ हो
अनि त्येस्को लागि ईश्वरको पठ्ठि बाटो ठहरायेको अधिकार ॥

(अय्यूबको उत्तर)

२१ १ तब अय्यूबले उत्तर दिइ भन्यो
२ चित्त लगायेर मेरा कुरा सुनु हवस
अनि आफुहरुको शान्ति येइ हवस ।

मंलाइ सहंनु हवस् अनि मं पनि कुरा गरुं ३
अनि मैंले कुरा गरि सक्ये पछि आफुहरु हांस्नु हुंछ ।
क्ये मेरो दोहाई मान्छेको बिषय् छ ४
अनि मं किन अधीरजी न होउं ।
मं तिर हेर्‍येर छक्क पर्‌नु हवस् ५
अनि आफ्नु हात् आफ्नु मुख्मां लगाउंनु हवस्
यो कुरो सम्झंदै थर्थराउंद छु ६
अनि मेरो जीउ कंमाईले समाउंदै छ ।
दुष्टहरु जीउंद छन् ७
बुरा हुंद छन् अं बल्मां बढ्द छन् येस्को कारण् क्ये हो ।
तिनका सन्तान् तिनिहरु सङ तिनिहरुको मुखेंजि स्थिर् भयेका छन् ८
अनि तिनका बाल्बच्चा तिनका आंखाको सोजि रहंद छन् ।
तिनका घर् कुशल् निडर्मां छन् ९
अनि ईश्वर्को लाठा तिनिहरु मांथि छैन ।
अनि तिनका बहर्ले साहा दिंद छन् तब व्यर्थ छैन १०
तिनिहरुकी गाई बिह्याउंद छ अनि तुहाउंदैन ।
तिनिहरुले आफ्ना बाल्बच्चाहरुलाइ बगाल्लाइ झैं पठाउंद छन् ११
अनि तिनका केटाकेटी नाच्द छन् ।
मृदंग र बीना सित गाउंद छन् १२
अनि बांसुलीको सोर्ले रमाउंद छन् ।
तिनिहरुले आफ्ना दिन् सुक्खमां बिताउंद छन् १३
अनि एक्छिन्मां पत्ताल्मां उत्रि जांद छन् ।
तैपनि तिनिहरुले ईश्वर्लाइ भन्ये हांमिहरु देखि हिंड़ि जाउ १४
किनभन्ये हांमिहरु तिम्रा बाटा थाहा गर्नु मांगदौंन ।
सर्बशक्तिमान् भन्ये को हो र हांमिहरु उस्को सेवा गरुं १५
अनि उस्को प्रार्थना गर्नु हांमिहरुलाइ क्ये नाफा भनि ।
हेर तिनिहरुको कुशल् तिनिहरुको हात्मां छैन . १६
दुष्टको सल्लाह् मं देखि टाड़ो छ ।
कति खेप् येस्तो छ अर्थात् दुष्टको बत्ति निभाईंद छ १७
अनि तिनिहरुका बिपत्ति तिनिहरु मांथि पर्द छन्
अनि ईश्वर्ले रिसायेर दुक्ख बांड़ि दिंद छ .
अनि तिनिहरु बतास्ले उड़ायेको पराल् जस्ता छन् १८
अनि आंधीले लगीयेका भूस् जस्ता ।
आफुहरुले भन्नु हुंद छ ईश्वर्ले आफ्ना अधर्म्मले आफ्ना बालखहरुको १९
लागि राखि छोड्द छ भनि ।
त्येस्ले आफ्नु लागि साटो देवस् र त्येस्ले थाहा पावस् ।

२० त्येस्का आफ्नै आंखाले त्येस्को नाम् देखुन्
अनि त्येस्ले सर्वशक्तिमान्को रिस् पीवस् ।
२१ कसोगरिभन्ये त्येस् पछि त्येस्को घर्मां त्येस्को के आनन्द हुंछ
जब त्येस्का महीनाको गन्ति तिनिहरुको बीचमां काटीयेको छ ।
२२ के कसैले ईश्वरलाइ ज्ञान् सिकाउंछ
उस्ले ऊंभोका लोगहरुको निया गर्द छ रपनि ।
२३ येउटा आफ्नु पूरो बलमां मर्द छ
पूरो सुकव र चैनमां .
२४ त्येस्का दुन्धारा दुदले भरीयेका छन्
अनि त्येस्का हाडू मासीले भिज्येका छन् ।
२५ अनि अर्को चइं आफ्नु प्राणको तीतेइंमां मर्द छ
अनि भलाई कैलेइ चाख्दैन ।
२६ ति दुवै मांटोमां सडै ढल्कंद छन्
अनि तिनलाइ कीराले ढाक्द छन् ।
२७ हेर मं आफुको बिचार् जान्द छु
अनि आफुहरुले मेरो बिषयमां अन्यैगरि चलायेको जुक्ति पनि जान्द छु ।
२८ कसोगरिभन्ये आफुहरुले भन्नु हुंद छ मालिकको घर् खोइ
अनि दुष्ट बस्ने डेरा कहां भनि ।
२९ के बटौरेहरु सित सोध्येका छौन
अनि तिनिहरुको चिंनु देखि आफुहरुलाइ थाहा छैन
३० दुष्ट मान्छे बिपत्तिको दिनमां छोड़ि दिईयेको छ
अनि रिसको दिनमां तिनिहरु बचाईंद छन् भनि ।
३१ कस्ले उस्को बाटोको बखान् उस्को मुखेंजि गर्छ
अनि उस्ले गर्येकोको साटो कस्ले उस्लाइ फर्काइ दिंछ
३२ तैपनि त्यो चइं चिहानमां पुयाईंछ
अनि चौतरा मड्छ ।
३३ बेंसिका डल्लाहरु त्येस्लाइ मीठो लाग्छ
अनि सबै मान्छे त्येइ पछि जांछन्
तिनिहरु त्यो भन्दा अघि अगणित् भयेका छैं ।
३४ त आफुहरुले मंलाइ किन व्यर्थगरि शान्ति दिंनु हुंद छ
आफुहरुका उत्तर् मिथ्यैइं मांत्रे रहंद छन् रपनि ॥

(एलीपज्को तेस्रो बाक्ये)

२२ १ तब एलीपज् तिमानीले भन्यो
२ के मान्छे ईश्वरको लागि कामको हुंद छ
निस्ले जो बुद्धिमान् छ त्यो आफ्नु लागि कामको छ ।

कै आफु धर्म्मी हुंनु हुंद क भन्येकोले सर्वशक्तिमान्लाइ आनन्द दिंक ३
अनि आफुले आफ्ना बाटा सोजो गर्नु भयेकोले उस्लाइ नाफा दिंक ।
कै आफुको भयको कारणले उस्ले आफुलाइ चेताउंद क ४
अनि आफु मांथि निया गर्द क ।
कै आफुको बुराई टुलो कैन ५
अनि आफुको अधर्म्मको अन्त कै
कसोगरिभन्ये आफुले आफ्नु भाई देखि अकारण बन्धक् लिंनु भयेको क ६
अनि नांगाहरुको लुगा काढि लैजांनु भयेको क ।
थाकेकाहरुलाइ पानी खांनु दिंनु भयेन ७
अनि भोकायेकाहरुलाइ रोटी दिंनु मान्नु भयेन
तर बल्लियो चइं मान्छेलाइ भूमि मिल्यो ८
अनि बड़ादमीचइंले त्येसमां बास् गर्‍यो ।
आफुले बिधवाहरुलाइ रित्तै फर्काइ दिंनु भयेको क ९
अनि टुहुराहरुका पाखुरा भांचीयेका कुन् ।
येस्कारण पासाहरुले आफुलाइ घेर्द कुन् १०
अनि एक्कासिको डरले आफुलाइ दुकख दिंद क ।
कि कै आफुले अंध्यारो देखुनु हुन्न ११
अनि आफुलाइ कोप्ने पानीको बाढी ।
कै ईश्वर् अकाशको अलगेइंमां कैन १२
अनि ताराहरुको अलगेइं तिर हेर्नु हवस् तिनिहरु कति बिघ्न अलगोमां
राकुन् ।
त आफुले भन्नु हुंद क कै ईश्वरलाइ थाहा क १३
कै उस्ले बाक्लो अंध्यारो भित्र निया गर्नु सकक ।
बाक्ला बादलहरु उस्ले न देखनेगरि उस्को लागि कोपद कुन् १४
अनि उ अकाशमण्डल् मांथि घुम्द फिर्द क ।
कै आफुले पुरानु बाटो समातनु हुंद क १५
जस् मांथि दुष्टहरु हिंड़ेका कुन्
जो असमयमां खोसीये १६
जस्को जग् खोल्चा भें ब्रह्मेको थियो .
जुनहरुले ईश्वरलाइ भन्थे हांमिहरु देखि जाउ भनि १७
अनि सर्वशक्तिमान्ले हांमिहरुको लागि कै गर्नु सकक भनि .
तरैपनि उस्ले तिनिहरुका घरहरु जाति थोकले भरि दियो . १८
तर दुष्टको सल्लाह मं देखि टाढो क ।
धर्म्मीहरु यो देख्येर रमाउंद कुन् १९
अनि निर्दोषीहरु तिनिहरुको ठट्टागरि हांस्द कुन् .
अनि भन्द कुन् हांमिहरुको बिरुद्धमां उठनेहरु निस्से काटीये २०
अनि तिनिहरुको बच्तिभागलाइ आगोले भस्म पार्‍यो ।

२१ ऐले उ सित मिलाप् गरि शान्ति पाउंनु हवस् ।
येस्ले आफुको भलाई हुंछ ।
२२ कृपा गरि उस्को मुख् देखि शिक्षा सुनि लिंनु हवस् ।
अनि उस्का कुरा आफुको मनमां राख्नु हवस् ।
२३ आफु सर्वशक्तिमान् तिर फर्कनु भयो भन्ये देखि बनौंनु हुंछ ।
अधर्म्म आफ्नु डेरा देखि टाढो राख्नु भयो भ देखि ।
२४ अनि आफ्नु धन् धूलोमां राख्नु हवस् ।
अनि ओपेरको सुन् खोल्चाका ढुंगाहरुमां ।
२५ तब सर्वशक्तिमान् आफुको धन् हुंछ ।
अनि आफुको लागि अमोल् चांदी ।
२६ कसोगरिभन्ये येति बेला आफुले सर्वशक्तिमान्मां खुशि पाउंनु हुंछ
अनि आफ्नु मुख् ईश्वर् तिर उठाउंनु हुंछ ।
२७ उस्को दोहाई गर्नु हुंछ अनि उस्ले आफुको सुन्छ ।
अनि आफुले आफ्नु भाकल् पूरो गर्नु हुंछ ।
२८ आफुले येउटा कुरा ठहराउंनु हुंछ पनि अनि त्यो आफुको लागि स्थिर् हुंछ
अनि आफुका बाटामां ज्योति चम्कंछ ।
२९ तिनिहरुले आफुलाइ होंच्याये भन्ये देखि आफुले भन्नु हुंछ ऊंभो अल्ग्याईंछ ।
अनि दीन् मान्छेलाइ उस्ले बचाउंछ ।
३० उस्ले निर्दोषी न भयेकोलाइ पनि छोड़ाउंछ ।
अं आफुका हातको शुद्धैईंको बाटोले छोड़ाईंछन् ॥

(अय्यूब्को उत्तर्)

२३ १ तब अय्यूबले उत्तर् दिइ भन्यो
२ आजु पनि मेरो गनगनाई द्रोही छ ।
मेरो हात् मेरो कराई भन्दा गह्रं छ ।
३ हाय् मैले उस्लाइ कहां पाउंछु भनि जान्येको भये देखि ता
मं उस्को बिराजने ठांउमां पुग्येको भये देखि जाति हुंथ्यो ।
४ मं आफ्ना कुरा उस्को सांमु पांज्येर राख्ने थियें
अनि मुख् भरि भरि प्रमाण् दिने थियें ।
५ जो उत्तर् उस्ले मंलाइ दिंनु आंट्येको थियो त्येस्को कुरा मं जान्ने थियें
अनि उस्ले मंलाइ भन्नु आंट्येका कुरा बूझ्ने थियें ।
६ को उस्ले आफ्नु बल्को बड़ाइवाईमां मं सित बिबाद् गर्ने थियो
होइन तर उस्ले मं माथि ध्यान् मांत्रै गर्ने थियो ।
७ तब सज्जनले उ सित बिबाद् गर्ने थियो
येसोरि मं आफ्नु बिचारी देखि सदाको लागि कुट्येको हुंने थियें ।
८ हेर पछिल् तिर जांद छु तर उ वहां छैन
अनि पछिल् तिर तर उस्लाइ देख्नु सक्दीन ।

बांउ तिर जब उस्ले काम् गर्द छ तर उस्लाइ देख्नु सक्दीन . ९
उ बांउ तिर लुक्द छ उस्लाइ मं न देखुं भन्ये खातिर्ले ।
अं उस्ले मैंले समात्ने बाटो जान्द छ १०
जब उस्ले मंलाइ जांच्द छ तब सुन् जस्तो निस्कंछु ।
मेरा गोड़ाले उस्को पाइलो ठीक् समात्द छ ११
उस्को बाटो मैंले समात्यें अनि तर्क्यको छुइंन ।
उस्का ओंठका आज्ञा देखि फर्क्यको छुइंन १२
उस्को मुख्को बचन् मेरो बिधि भन्दा बेसिगरि राखि छोड़्येको छु ।
तर उइ येउटै छ अनि उस्लाइ कस्ले फर्काउंनु सक्छ १३
अनि उस्को मन्ले जस्तो मांग्द छ उस्तै उस्ले गर्द छ ।
कसोगरिभन्ये मेरो लागि ठहरायेको कुरो उस्ले गर्द छ . १४
अनि उस्का येस्ता येस्ता कुरा धेरै छन् ।
येस्कारण् उस्को सांमु घब्राउंद छु १५
चेत् गरिकन उ देखि तर्सँद छु ।
किनभन्ये ईश्वर्ले मेरो मन् नरम् पारि दियेको छ १६
अनि सर्बशक्तिमान्ले मंलाइ कष्ट दियेको छ .
किनभन्ये मं अंध्यारोको कारण्ले थर्थराईंन १७
अनि बाक्लो अंध्यारोले मेरो मुख् छोप्येको कारण्ले ।
सर्बशक्तिमान् देखि समय् किन ठहराईयेका छैनन् २४ १
अनि उस्लाइ चिन्नेहरुले उस्का दिन् किन देख्दैनन् ।
सांद् सार्ने कत्ति छन् २
तिनिहरुले मिचेईं सित बगाल् लैजांदै चराउंद छन् ।
तिनिहरुले ठुहुराको गदाहा धपाइ लांद छन् ३
तिनिहरुले बिधुवीको गोरु बन्धक्मां लांद छन् ।
तिनिहरुले दरिद्रहरुलाइ बाटो देखि पन्छाउंद छन् . ४
अनि देस्का दीन्हरु एक् सङ् लुकि रहंद छन् ।
हेर बन्का बन्गदाहा जस्ता ५
तिनिहरु आहारा खोज्दै खोज्दै आफ्नु काम्मां निस्कि जांद छन्
बन्ले तिनिहरुका बालखहरुको लागि भोजन् दिंद छ ।
तिनिहरुले खेत्मां आफ्नु खाना काट्द छन् ६
अनि दुष्टहरुको दाख्को बारीको सीला खोज्द छन् ।
तिनिहरु रात्भरि लुगा बिना नांगै सुत्द छन् ७
अनि जाड़ोमां तिनिहरुको ओढ्ने छैन ।
पहाड़्हरुका झरिले भिज्येका छन् ८
अनि ओत् न पायेर पहरालाइ अङालो मांर्द छन् ।
ठुहुराठुहुरीलाइ काख् देखि च्याति लैजांने कत्ति छन् ९
अनि दरिद्रहरु देखि बन्धक् लिंद छन् .

१० यहां सम्मगरि लैजांद कुन् यिनिहरु लुगा बिना नांगे हिंड्डुल् गर्द कुन्
अनि अन्नका बिटा बोक्दै पनि भोकाउंद कुन्
११ तिनिहरुले यि मान्छेहरुको भित्ता भित्र तेल् चेपि निकाल्द कुन्
दाख्को कोल्मां पेल्दै पनि कुन् र पियासो भइ रहंद कुन्।
१२ मान्छेहरुको सहर् देखि मान्छेहरु कन्द कुन्
अनि घायेल् भयेको प्राणले दोहाई दिंद कु.
तैपनि ईश्वरले त्येस्लाइ मूर्खईंको दोष् लगाउंदैन।
१३ उज्यालोको विरुद्धमां बागि हुंनेहरु कत्ति जना कुन्
तिनिहरुले त्येस्का बाटा चिन्दैनन्
न त्येस्का मार्गमां रहंद कुन्।
१४ घातकिले भूक्भूक् उज्यालो हुंदै उठेर दीन् दरिद्रहरुलाइ घात् गर्द कु
अनि राति त्यो चोर् जस्तो कु।
१५ व्यभिचारीका आंखाले पनि दिन् जांने बाटो हेर्द कुन्.
कसै आंखाले मंलाइ देख्दैकि भनि.
अनि आफ्नु मुख् कोप्द कु।
१६ अंध्यारो हुंदो घरहरु खन्द कुन्.
दिउंसो तिनिहरुले आफुलाइ थुनि राख्द कुन्
तिनिहरुले उज्यालो चिन्दैनन्।
१७ किनभन्ये ति सबै जनालाइ बिहान् चइं ता मृत्युको छाया जस्तो कु.
कसोगरिभन्ये तिनिहरुले मृत्युको छायाको भय् चिन्द कुन्।
१८ पानीहरु मांथि मांथि त्यो छिट्टो जाइ जांद कु.
तिनिहरुको भाग् पृथिवीमां स्थापित् कु.
त्यो दाख्को बारी बाटो फर्कंदैन।
१९ खडेरी र घामले हिउंको पानी सारोगरि बिलाउंद कु.
पस्तालले पनि पाप् गर्नेहरुलाइ यैसैगरि बिलाउंद कु।
२० गर्भले त्येस्लाइ बिर्सिंद कीराले त्येस्लाइ मीठोगरि चूस् कु
त्यो फेरि कैले पनि सम्झीईंदैन.
अनि अधर्म्म रुख् झैं भांचींद कु।
२१ त्येस्ले कैले न जन्माउने बांझीलाइ खाइ हाल्द कु
अनि विधुवीको लागि भलाई गर्दैन।
२२ उस्ले सामर्थीहरुलाइ पनि आफ्नु बलले तान्द कु.
उठ्दै कु अनि कसैको जीइ रहने आस्रा कैन।
२३ ईश्वरले तिनिहरुलाइ चैनमां रहंनु दिंद कु अनि तिनिहरु त्येस्मां अड्डिस
लागद कुन्
अनि उस्का आंखा तिनिहरुका बाटामां पर्द कुन्।
२४ तिनिहरु अल्ग्याईंद कुन् तर एक् छिनमां जाइ जांकुन्
अं छोच्याईंद कुन् अनि अरुहरु झैं बाटो देखि बटुलीद कुन्

अनि अन्नको बालाको टुप्पा टुप्पा भैं बल्याईंद कुन् ।
त ऐस्तो कैन भन्ये देखि कस्ले मलाइ ढांटुवा ठहराउंछ २५
अनि मेरा बाक्यै कस्ले बिकामे तुल्याउंछ ॥

(बिल्दद्को तौस्रो बाक्ये)

तब बिल्दद् शूहीले उत्तर् दिइ भन्यो २५ १
प्रभुतेईं र भय् त सङ कुन् २
उस्ले आफ्ना अलगा ठांउहरुमा मिलाप् गराउंद छ ।
को उस्का सेनाहरुको गन्ति छ ३
अनि को मांथि उस्को ज्योति चम्कंद छ ।
त अब ता बिनासी मान्छे ईश्वर्को सांमु धर्म्मी कसोरि ठहरौंनु सक्छ ४
अनि आइमाइ देखि जन्म्येको कसोरि शुद्ध हुंनु सक्छ ।
हेर जून् आफै चइंको ज्योति कैन ५
अनि ताराहरु निर्मल् कैनन् उसैको सांमु .
त झन् कति बेसि कम्तिगरि बिनासी मान्छे जो कीरै मांत्रे हो ६
अनि मान्छेको सन्तान् जो औंसा मांत्रे हो ॥

(अय्यूब्को उत्तर्)

तब अय्यूबले उत्तर् दिइ भन्यो २६ १
जो निर्बलियो छ को त्येस्को गोहार् गर्नु भयो २
जस् बांहांको बल् थियेन त्येस्लाइ सम्भालनु भयो ।
जस्को बुद्धि कैन को त्येस्लाइ सल्लाह् दिंनु भयो ३
अनि पूरा गरिकन आफ्ना अस्सल् बुद्धि देखाउंनु भयो ।
कस्लाइ कुरा प्रचार्नु भयो . ४
अनि कस्को आत्मा आफु देखि निस्क्यो ।
मर्यका मान्छेहरु कांम्द छन् ५
पानीहरु र तिनका बासीहरु मुनि ।
पत्ताल् उस्को सांमु नाङ्गै छ ६
अनि बिनास्को क्रोपने कैन ।
उस्ले उत्तरलाइ उजार् मांथि फिंजायेको छ ७
अनि पृथिवीलाइ नास्सि ले झुंड्याउंद छ ।
उस्ले पानीहरुलाइ आफ्ना बाक्को बादलमां बांधि राख्द छ ८
अनि बादल् ति मुनि फारौंदैन ।
उस्ले आफ्नु सिंहासन्को सांमु ढ्याप्द छ ९
अनि आफ्नु बादल् त्येस् मांथि फिंजाउंद छ ।
पानीहरुको मुख् मांथि उस्ले सिमाना बांध्येको छ १०
उज्यालो र अंध्यारोको सिमाना सम्म ।

११ अकाशका खांबाहरु कांम्द छन्
अनि उस्को धम्किको कारणले थर्थराउंद छन् ।
१२ उस्ले आफ्नु बलले समुन्द्रलाइ चलाउंद छ
अनि आफ्नु बुद्धिले अहंकारलाइ छेंडूद छ ।
१३ उस्को सासले अकाशहरु उघौंछन्
उस्को हातले छिट्टो बगि हिंड्ने सापलाइ घोच्येको छ ।
१४ हेर यि ता उस्का चालका छेउ छेउ मांत्रै हुन् .
अनि उस्को विषयमां हांमिहरु कति मलीम् साउति मांत्रै सुन्द छौं
तर उस्को पराक्रमको गर्जन् कस्ले बूझ्नु सक्छ ॥

२७ १ फेरि अय्यूबले आफ्नु उखान् उठायेर भन्यो
२ ईश्वर् जीइ रह्येको भैं जस्ले मेरो निया लग्यो
अं सर्वशक्तिमान् जीइ रह्येको भैं जस्ले मेरो प्राणलाइ तीतो पार्यो
३ (कसोगरिभन्ये मेरो जीवन् अब सम्म मंमां पूरो छ
अनि ईश्वरको सास् मेरो नाप्रीमां)
४ निस्से मेरा ओंठले अधर्म्म भन्दैन
न मेरो जिब्रोले छल् खांछ ।
५ ऐसो न हवस् अर्थात् मैले तिमिहरुलाइ धर्म्मी ठहराउंनु .
मं मंमंज्याल् सम्म आफ्नु सोजेइलाइ आफु देखि दूर् गर्दीन ।
६ मं आफ्नु धर्म्म समात्छु अनि छोड्दीन .
मेरो मनले कोई दिनको विषयमां मंलाइ दोषी ठहराउंदैन ।
७ मेरो सत्तुर् दुष्ट जस्तो हवस्
अनि मेरो विरुद्धमां उठ्ने अधर्म्मी जस्तो ।
८ किनभन्ये भक्तहीनले उपता पायो भन्ये देखि पनि त्येस्को आखा को
जब ईश्वरले त्येस्को प्राण् लैजांद छ ।
९ को ईश्वरले त्येस्को दोहाई सुन्छ
जब त्येस् मांथि सकस पर्ला ।
१० को त्येस्ले सर्वशक्तिमानमां खुशि पाउंछ
अनि सधैंभरि ईश्वरलाइ हाप्छ ।
११ ईश्वरको हातको विषयमां मं आफ्नुलाइ सिकाउंछु
सर्वशक्तिमान् मङ कुरा लुकाउंदीन ।
१२ हेर आफुहरु सबैले त्यो देख्न् भयेको छ
त आफुहरु किन स्यांट्टै व्यर्थ भइ जांनु भयो ।
१३ ईश्वर् देखि दुष्ट मान्छेको भाग् येइ हो
अनि सित्तेइं गर्नेहरुको अधिकार् जो तिनिहरुले सर्वशक्तिमानको पाट्टि
बाटो पाउंद छन् ।

त्येस्का बालबच्चा गन्तिमां धेरै बढ़ाईयेका भये पनि त्यो खालि तरवारको १४
लागि मांत्रै छ
अनि त्येस्का सन्तान् रोटीले अघाउंदैनन् ।
त्येस्का जति जना बांचि रह्येका छन् रुढ़िले मंत्येर गाड़ीछन् १५
तैपनि त्येस्की बिधुवीहरुले बिलाप् गर्दैनन् ।
त्येस्ले चांदी धूलो झैं थुप्र्याये पनि १६
अनि बस्त्र मांटोका कनिका जतिकै तियार् पार्ये पनि
त्येस्ले त्यो तियार् पार्नु ता पाउंछ तर त्यो धर्म्मीले लाउंछ १७
अनि निर्दोषीले चांदी बांड़ि लिंछ ।
पुतलिले झैं त्येस्ले आफ्नु घर् बनाउंद छ १८
अनि रुड़्नेले बनाको टौवा जस्तो ।
त्यो धनी भयेर ढल्कंद ता छ तर बटुलौदैन १९
आफ्नु आंखा उघार्द छ अनि छंदै छैन ।
पानीहरुले झैं भयहरुले त्येस्लाइ पक्रंछ २०
आंधीले त्येस्लाइ राति उड़ाइ लैजांछ ।
पूर्व बतास्ले त्येस्लाइ बोकि लैजांछ त त्यो जाइ जांछ २१
अनि त्येस्ले त्येस्लाइ त्येस्को ठांउ देखि बढ़ारि लैजांछ ।
कसोगरिभन्ये ईश्वर्ले त्येस् मांथि हान्छ अनि छोड़्दैन . २२
त्येस्ले उस्को हात् देखि भाग्ने धेरै मन् गर्छ ।
मान्छेहरुले त्येस् मांथि ताली बजाउंछन् २३
इस्स इस्स भन्दै जिल्ल्याइकन त्येस्लाइ त्येस्को ठांउ देखि आफालि दिंछन् ॥

कसोगरिभन्ये चांदीको ता खानि छ २८ १
अनि खारीने सुन्को लागि ता ठांउ छ ।
फलम् चइं मांटो देखि निकालौंद छ २
अनि तांब्रा चइं ढुंगा देखि पगालींछ ।
मान्छेले अंध्यारोको थेउटा सिमाना राख्द छ ३
अनि पल्लो छेउ सम्म खन्दै खन्दै
त्याको अंध्याराको र मृत्युको छायाको ढुंगा खोज्द छ ।
मान्छे बस्ने ठांउ देखि टाढ़ोगरि टोपा खोल्द छ ४
छेउ हिंड़्ने गोड़ाले बिर्सेंद छन्
मान्छेहरु देखि टाढ़ो भइ झुडौइ मर्चौंद छन् ।
पृथिवी चइं देखि रोटी निक्लंद छ . ५
अनि त्यो मुनि बाटो फर्काईयेको छ आगोले झैं ।
त्येस्का ढुंगा निलमणिका ठांउ छन् ६
अनि त्येस्को सुन्को धूलो पनि छ ।

७ त्यो बाटो कोई सिकारीपंक्षीले जान्दैन
अनि चीलका आंखाले पनि त्यो दोखेका कैनन् ।
८ अहंकारी पशुहरुले पनि त्यो टेक्दैनन्
अनि सिंह त्यो बाटो बाड़ो गयेको कैन ।
९ तर मान्छेचइंले दल्सौंगढुंगामां आफ्नु हात् हाल्द छ
त्येस्ले पहाड्हरुलाइ फेदै देखि उल्टाउंद छ ।
१० पहराको बीच्मां खोल्चा काट्द छ
अनि त्येस्का आंखाले सबै अमोल् अमोल् थोक् देख्द छन् ।
११ खोल्चाखाल्चि ठाम्मै पुनौंनेगरि थुन्द छ
अनि लुक्येको थोक्लाइ उज्यालोमां निकाल्द छ ।
१२ तर बुद्धि चइं कहां पाइंछ ।
अनि बूझ्को ठांउ कहां छ ।
१३ बिनासी मान्छेले त्येस्को दाम् जान्दैन
न जीवन्लोक्मां त्यो पाइंद छ ।
१४ अथाह्ले भन्द छ मंमां ता कैन ।
अनि समुन्द्रले भन्द छ मंमां ता कैन ।
१५ अस्सल् सुन्ले किनींदैन
अनि त्येस्को दाम्को लागि चांदी जोखींदैन ।
१६ ओपीर्को सुन् सित मिलाये पनि त्येस्को दाम् मिल्दैन
न अमोल् सुलैमानी न निल्मणि सङ ।
१७ सुनै कि कांच् पनि त्येस्को बराबर् कैन ।
निर्मल् सुन्का भांड़ाहरु पनि त्येस्को दाम् हुंनु सक्दैन
१८ मूंगामोति कि फड्कोरिको बिषय्मां कुरै हुंदैन ।
अं बुद्धिको दाम् मूंगामोतिको भन्दा बेसि छ ।
१९ कूशको पूखराज् त्येस्को बराबर् कैन
न निखरा सुन् त्यो सम्म पुग्छ ।
२० त बुद्धि कहां देखि आउंछ
अनि बूझ्को ठांउ कहां छ ।
२१ सबै जीउधारीहरुको आंखा देखि लुकाईयेको छ
अनि आकाशका पंक्षीहरु देखि पुनीयेको छ ।
२२ बिनास् र मृत्युले भन्द छन्
हांमिहरुले त्येको बिषय्को भनक् आफ्ना कानले सुन्यूं ।
२३ त्येस्को बाटो ईश्वर्चइंले बूझ्द छ
अनि त्येस्को ठांउ जान्ने उइ छ ।
२४ किनभने उस्ले पृथिवीको अन्त सम्म ताक्दै हेर्द छ
सिंगे आकाशमण्डल् मुनि हेरि हिंड्द छ

वायूको जोखाई ठहराउंनुलाइ २५
अं पानीहरुलाइ हिसाप्गरि नाप्द छ ।
जब उस्ले वृष्टिको विधि बनायो २६
अनि बज्रको बिजुलिको लागि बाटो .
तब उस्ले बुद्धिलाइ देख्यो त्येस्को बखान् गर्यो
उस्ले त्येसलाइ स्थिर् गर्यो अं त्येस्को भेद् बूझ्यो ।
अनि उस्ले मान्छेलाइ भन्यो २८
हेर् प्रभुको भय् बुद्धि त्येइ हो
अनि बुराई देखि हिंड्नु जानु भन्ने बूझ् येइ हो ।

अय्यूबले फेरि आफ्नु उखान् उठायेर भन्यो २९ १
हाय् मं ताहिका महीनामां भयेको जस्तो भयें भन्ने देखि ता २
ईश्वरले मेरो रक्षे गर्येका दिनमां जस्तो
जब उस्को बत्ती मेरो सिर् मांथि चम्कंद थियो ३
अनि उसैको उज्यालो पायेर मं अंध्यारो देखि छिरि गइ हिंड्द थियें
मेरा दिनको भर्पूरीमां भयेको जस्तो ४
जब ईश्वरको मित्रेई मेरो डेरामां थियो
जब सम्म सर्वशक्तिमान् मेरो नजिक् थियो ५
अनि मेरा बालबच्चाहरु मेरा कुउकाउ थिये
जब मं दहीमां हिंड्द थियें ६
अनि पहराले मेरो लागि तेलका नदीहरु बहाउंद थियो ।
जब जब मं सहरको ढोकामां हिंड्द थियें ७
जब जब मं आफ्नु बैठक् चोकमां तियार् पार्द थियें
तब तब तन्हेरिहरु मंलाइ देख्येर लुक्द थिये ८
अनि बूढाहरु उठि उभींद थिये
मालिकहरु बोलनु देखि थामींद थिये ९
अनि आफ्नु हात् आफ्नु मुखमां लगाउंद थिये
भारादारहरुको सोर् हराउंद थियो १०
अनि तिनिहरुका जिब्रा तालुमां टांसींद थिये ।
कसोगरिभन्ने जब कसैका कानले मेरो सुन्द थिये तब त्येस्ले मंलाइ ११
आशीर्वाद् गर्द थियो
अनि जब कसैका आंखाले मंलाइ देख्द थिये तब त्येस्ले मेरो विषयमां
साक्षी दिंद थियो .
किनभन्ने दोहाई गर्ने दरिद्रलाइ १२
अनि गोहारे न भयेका टुहुराहरुलाइ मं क्वोड़ाउंद थियें ।
नाश् हुंनु आंट्नेको आशीर्वाद् पनि मं मांथि पर्द थियो . १३
अनि विधवीको मनले मेरो कारणले आनन्द सित गाउंद थियो ।

१४ मं धर्म्म पहिरंद थियें अनि त्यो मंमां पहिऱ्याइ रहंद थियो .
मेरो नियायराई दौरा र पगरी जस्तो थियो ।
१५ अन्धाहरूको लागि आंखा
अनि खोरंडेहरूको लागि गोड़ा हुंद थियें ।
१६ दरिद्रहरूको लागि बाबु हुंद थियें .
अनि मैंले न चिन्येकोको कुराको खोज्खाज् गर्द थियें ।
१७ फेरि मं अधर्म्मीहरूका दारा भांच्द थियें
अनि सिकार् त्येस्को मुख् देखि खोस्द थियें ।
१८ तब मं भन्द थियें आफ्नु गुंडूमां[1] मंकुं
अनि बालुवाको कनिका जस्तिकै आफ्नु दिन् बढ़ाउंकु .
१९ मेरो जरा पानीको ढेउ सम्म फिंजीयेको छ
अनि मेरो हांगा मांथि शीत् रातभरि परि रहंद छ .
२० मेरो महिमा मंमां ताजा छ
अनि मेरो धनु मेरो हातमां नया हुंदै जांद छ भनि ।
२१ लोगले मेरै सुन्द थिये अनि बाटो हेरि रहंद थिये
अनि मेरो सल्लाहको लागि चुप लागि पर्खंद थिये ।
२२ अनि मैंले बोलि सक्ये पछि तिनिहरू फेरि बोल्दैन थिये
अनि मेरो बाकी तिनिहरू मांथि चुहुंद थिये ।
२३ अनि तिनिहरूले मेरो लागि झरिको बाटो हेर्थे झैं बाटो हेर्द थिये
अनि तिनिहरूले दुङ्नीझरिको लागि झैं दुलो मुख् बाउंद थिये ।
२४ जब तिनिहरूको आशा थियेन तब तिनिहरू मांथि उज्यालो मुख् गर्द थियें
अनि तिनिहरूले मेरो खुशिलाग्दो मुख् कैले पनि कालो पारि दिंदैन थिये ।
२५ मं तिनिहरूको बाटो छान्द थियें अनि मूल् भइकन बस्द थियें
अनि सेनामां राजा जस्तो
अनि विलाप् गर्नेहरूलाइ शान्ति दिंने जस्तो बस्द थियें ॥
३० १ तर अब मं भन्दा कान्छाहरूले मेरो ठट्टा गर्द छन्
जस् जस्का बाबुहरूलाइ मं आफ्ना भेंड़ा गड़्ने कुकुरहरू सङ राखनु
पनि तुच्छ जान्द थियें ।
२ मं तिनिहरूको हातको बलचङ्ले मलाइ के नाफा दिंथ्यो
मान्छेहरू जस्को पौरख् हराएको छ ।
३ घटि र अनिकालको काराणले हाड् र काला भयेका छन्
उजार् र सुनसानको अंध्यारोमां तिनिहरूले ओबानो भूंइ चबाउंद छन् ।
४ तिनिहरूले झोरहरूको ढेउढेउको नुनीलो साक् टिप्द छन्
अनि झाऊको जरा तिनिहरूको आहारा छ ।
५ तिनिहरू मान्छेहरूको बीच् देखि धपाईंद छन्
तिनिहरूको पछि पछि चोरको पछि पछि झैं कराउंद छन् ।

[1] कि फारसीक भन्य पंथो ।

तिनिहरु खोल्चाखाल्चिका धांदो हुंदो रहंतु पर्दै थियो ६
मांटोका र पहराका भल्खांड़ा हुंदा ।
झोरहरुको बीचमां रैंकद कुन् ७
सिसु मुनि भेला भयेका कुन् ।
तिनिहरु लाटाहरुका सन्तान् हुन् अं नांउ न भयेकाहरुका सन्तान् ८
तिनिहरु हिर्काइ हिर्काइकन देस् देखि निकालि दिईयेका थिये ।
तर मं ऐले तिनैहरुको गीत् भइ गयेको कु ९
अं तिनिहरुको लेखिमां मं कहंनीको कारण् भइ गयेको कु ।
तिनिहरुले मंलाइ घिनाउंद कुन् मं देखि टाढ़ो रहंद कुन् १०
अनि मंलाइ छेरिकन थूकनुलाइ डराउंदैनन् ।
कसोगरिभन्ये उस्ले आफ्नु डोरी फुकाल्येर मंलाइ दुक्ख दियो ११
अनि तिनिहरुले मेरो सांमु लगाम् निकालि दियेका कुन् ।
मेरो दाहींनो पट्टि भुराहरु उठ्दै कुन् १२
तिनिहरुले मेरा गोड़ा रड़्काउंद कुन्
अनि मेरो बिरुद्धमां नास्का आफ्ना बाटा उठाउंद कुन् ।
तिनिहरुले मेरो मार्ग बिगार्दै कुन् १३
मेरो बिपत्ति बढ़ाउंद कुन्
अं गोहारे न भयेकाहरुले येसो गर्दै कुन् ।
फराक् कुंड़ बाटो आयेको जस्तोगरि तिनिहरु आउंद कुन् . १४
भत्काईको बीचमां तिनिहरु मं मांथि लड़ि आउंद कुन् ।
भय् मं मांथि फर्काईयेका कुन् १५
तिनिहरुले बतास्ले झैं मेरो मान् उड़ाउंद कुन्
अनि मेरो कुशल् बादल् झैं मेटीयेको कु ।
अब मेरो प्राण् मं भित्र खन्याईयेको कु १६
कष्टका दिनहरुले मंलाइ समात्येका कुन् ।
रात्को बेलामां मेरा हाड़् मंमां खोइ जांद कुन् १७
अनि मंलाइ चबाउंने पीराहरुले बिसाउंदैनन् ।
त्येस्को ठुलो बलले मेरो बस्त्रको रूप् बिगारीयो . १८
त्येस्ले मेरो दौराको गर्दनौले झैं मंलाइ बान्धेइ कु ।
उस्ले मंलाइ हौलोमां आफालि दियेको कु १९
मं मांटो र खरानि जस्तो भइ गयेको कु ।
मं तपांइको दोहाई दिंद कु तर तपांइले मंलाइ उत्तर् दिनु हुन्न . २०
उभीद कु अनि तपांइले हेर्नु मात्रे हुंद कु ।
तपांइ मेरो लागि निष्ठुर भइ जानु भयो . २१
तपांइले आफ्नु हातको बलले मंलाइ सताउंनु हुंद कु ।
बतास् सम्म तपांइले मंलाइ अल्गयेर मंलाइ त्येसमां सवारी गराउंनु हुंद कु २२
अनि ठुलो आंधीमां मंलाइ पगालनु हुंद कु ।

२३ कसोगरिभन्ये तपांइले मंलाइ मंरण् सम्म
अनि सबै जीउधारीहरुको भेट् हुंने घर् सम्म फर्काइ पुऱ्याउंनु हुंछ।
२४ तैपनि क्ये कसैले लड्दाखेरि हात् पसार्दैन
कि आफ्नु बिनास्को बेलामां पनि दोहाई गर्दैन।
२५ क्ये मं दुर्गत्मां भयेको मान्छेको कारण्ले रुंइंन
क्ये मेरो प्राण् दरिद्रको लागि दुखित् भयेन।
२६ मैंले भलाईको बाटो हेर्दा बुराइ पो आउंद थियो
अनि मैंले उज्यालोको आस्रा गर्दा अंध्यारो पो आउंद थियो।
२७ मेरा आन्द्रा उसीनींद छन् अनि बिसाउंदैनन
अनि कष्टका दिन् मं मांथि पऱ्येका छन्।
२८ मं कालो ता हुंदै जांदै छु तर घाम्को कारण्ले होइन
मंडलीमां उभीयेर दोहाई दिंद छु।
२९ मं स्याल्को भाई भयें
अनि शुतर्मूर्गको साथी।
३० मेरो छाला कालो भयेर मं देखि झर्दै छ
अनि मेरा हाड्हरु तप्को कारण्ले डड्द छन्।
३१ येस्कारण् मेरो बीना बिलाप्मां
अनि मेरो बांसुली रुंनेको शब्दमां फेरीयो॥

३१ १ मैंले आफ्ना आंखा सित बाचा बांध्यें
त किन केटी मांथि दृष्टि गरुं।
२ कसोगरिभन्ये ऊंभो देखि ईश्वर्ले दियेको भाग् क्या हो
अनि ऊर्द्धलोक् देखि सर्वशक्तिमान्ले दियेको अधिकार् क्ये।
३ क्ये त्यो अधर्म्मीहरुलाइ बिपत्ति होइन
अनि बुराई गर्नेहरुलाइ नास् होइन।
४ क्ये उस्ले मेरो बाटो देख्दैन
अनि मेरा सबै फड्का गन्दैन।
५ मं मित्थ्येईं सङ हिंड्यें भन्ये
अनि मेरा गोड़ा छल् गर्नुलाइ हतारीये भन्ये
६ (सोजो तराजुमां तौलीउं
ईश्वर्ले मेरो सोजेईं थाहा पाउंनुलाइ)
७ मेरा फड्का बाटो देखि फर्क्य भन्ये
अनि मेरो मन् मेरा आंखा पछि हिंड्यो
अनि मेरा हत्केलामां क्येइ कलङ्क लाग्यो भन्ये देखि.
८ त मं छरुं अनि अर्कोले खावस्
अं मेरो खेतका उप्जनि उखेलीउन्।

मेरो मन् कसै आइमाइ तिर लोभ्याईयेको रछ ९
अनि मं आफ्नु छिमेकिको दैलोको छेउमां ढुकि बस्येको रांकु भन्ये देखि .
त मेरी स्वास्नीले अर्कैको लागि पिन्ने गरोस् १०
अनि अरुहरु त्येस् मांथि निउंरुन् ।
किनभन्ये त्यो चइं महापातक् भयेको हुंथ्यो ११
अं विचारीहरुले दण्ड दिंने माफिक्को अधर्म्म .
कसोगरिभन्ये त्यो विनास् सम्म भस्म पार्ने अग्नि हो १२
जस्ले मेरो सिंगै उपज्जनि उखेल्ने थियो ।
मैंले आफ्ना दास् कि दासीको कुरा तुच्छ जान्यें भन्ये १३
तिनिहरुले मं सित झगरा गर्दाखेरि .
त ईश्वर् उठ्दामां मं कसो गर्ने १४
अनि उस्ले लेखा लिंदा मं उस्लाइ को उत्तर् दिउं ।
जस्ले मलाइ गर्भमां सिर्ज्यो को उसैले त्येस्लाइ पनि सिर्ज्यन १५
अनि को हांमिहरुलाइ गर्भमां रचे गर्ने येउटै कैन ।
मैंले दरिद्र देखि तिनिहरुको इच्छे पनि राख्यें भन्ये १६
कि विधुवीका आंखा धमौंला गराइ दियें भन्ये
कि येक्लै भइ आफ्नु गांस् खायें भन्ये १७
अनि टुहुराले त्यो देखि खांनु पायेन भन्ये
(होइन मेरो जुवानेइं देखि त्यो मं सङ बाल्य सङ भैं बढ्यो १८
अनि आफ्नो आंमाको गर्भ देखि मं विधुवीको अगुवा भयेको कु)
मैंले कसैलाइ लुगा न भयेको कारणले नष्ट हुंनु आंठेयको देख्येको कु भन्ये १९
कि दरिद्रलाइ ओढ्ने न भयेको कारणले
त्येका कम्मरले मलाइ आशीर्वाद् गर्येको कैन भन्ये २०
अनि त्यो मेरो भेंड़ाको ऊणले तातीयेको कैन भन्ये
मैंले आफ्नु गोहार् ठोकामां देख्येको कारणले २१
आफ्नु हात् टुहुराको विरुद्धमां उठायेको कु भन्ये देखि .
त मेरो कांध् पाता देखि झरि जावस् २२
अनि मेरो पाखुरा हाड् समेत् भांचीयोस् ।
किनभन्ये ईश्वर् देखिको विपत्ति मेरो लेखिमां डर्लाग्दो थियो २३
अनि उस्को प्रताप्को कारणले मं कोइ पनि गर्नु सक्ने थिइंन ।
मैंले सुन् आफ्नु आस्रा तुल्यायें भन्ये २४
अनि अस्सल् सुनलाइ तं मेरो भरोसा छस् भन्येको कु भन्ये
कि मेरा धनसम्पत्ति धेर् हुंनाले २५
अनि मेरा हातले धेरै कमायेको कारणले आनन्द गर्यें भन्ये
कि सूर्जलाइ चम्कंदा २६
कि जूनलाइ चमकमां हिंड्दा देख्यें भन्ये

१७ अनि मेरो मन् गुप्तगरि भर्म्यको छ
अनि मेरो मुखले मेरो हातलाइ चूमा खायेको छ भन्ये देखि .
२८ त्यो पनि विचारीहरुले दण्ड दिने माफिकको अधर्म्म हुंथ्यो .
कसोगरिभन्ये मं ऊंभो भयेको ईश्वरको अस्वीकार गर्न हुने थियें ।
२९ मं आफ्नु बैरीको विनास् हेर्नु खुशि भयें भन्ये
कि बुराईले त्येलाइ भेट्यो भनि आफुलाइ अल्ग्यायें भन्ये
३० (अं त्येलाइ स्राप्ने त्यको प्राण् मांग्दै
मैंले आफ्नु तालूलाइ पाप् गर्नु दिइंन)
३१ मेरा डेराका मान्छेहरुले
त्येको मांसु खायेर न अघाउंने कस्ले पाउंनु सक्छ भनि भन्येका कैनन्
भन्ये देखि .
३२ पर्देलीले चोकमां बास् गर्येन
तर मैंले आफ्नु ढोका बटौरेहरुको लागि उघार्यें
३३ मैंले आदम्ले झैं अप्राधीहरुलाइ डाकें भन्ये
आफ्नु अधर्म्म आफ्नु काखमां लुकाइकन
३४ मैंले ठुलो घुइरो देखि डरायेको
अनि कुलीनहरु देखिको तुच्छले मंलाइ तर्साथ्यो
येति सम्म मं चुप लाग्येर दैलो देखि निस्क्येको थिइंन
३५ हाय् मेरो सुन्ने भयेको भये देखि
(हेर यो यहां मेरो सही छ सर्वशक्तिमान्ले मंलाइ उत्तर् देउस्)
हाय् मैंले मेरो विरोधीले लेख्येको लेखत् पायेको भये देखि ।
३६ निस्से मं आफ्नु काम्धमां त्यो बोक्ने थियें
मुकुट् झैं आफ्नु लागि बांध्ने थियें ।
३७ उन्लाइ मं आफ्नु फड्काको गन्तिको बखान् गर्ने थियें
मालिक् झैं मं उ पांइ जांने थियें ।
३८ मेरो देस् मेरो बिरुद्धमां कराथ्यो भन्ये
अनि त्येका ज्याड् सङ रोयो भन्ये
३९ मैंले दाम् न दिकन त्येको उपजना खायेको छु भन्ये
कि त्येका धनीहरुका प्राण् क्रोड़ाउंनु लगायें भन्ये देखि .
४० त गहूंको साटो कांड़ा उप्जुन्
अनि जऊको साटो नजाति झार् ॥

अय्यूबका कुरा सक्कीये ॥

(एलीहूको बाक्ये)

३२ १ त ति तीन् जनाले अय्यूबलाइ उत्तर् दिंनु छोड़ेर किनभन्ये त्यो
२ आफ्नु दृष्टिमां निर्दोषी भयो । तब राम् भनीने मान्छेको सन्तान्को बूढो

बारकेलको छोरो एलीहूचइंको रिस उठ्यो. अय्यूबको विरुद्धमां त्येस्को
रिस उठ्यो किनभन्ये त्येस्ले ईश्वरलाइ होइन तर आफुचइंलाइ निर्दोषी
ठहरायो। फेरि अय्यूबका तीन जना मित्रहरुको विरुद्धमां पनि त्येस्को ३
रिस उठ्यो किनभन्ये तिनिहरुले उत्तरै पनि दिंनु न सक्नेगरि अय्यूबलाइ
दोषी ठहरायेका थिये। त एलीहूले अय्यूब सित कुरा गर्नुको लागि बाटो ४
हेर्दै थियो किनभन्ये तिनिहरु त्यो भन्दा जेठा थिये। अनि जब एलीहूले ५
ति तीन जनाका मुखमां उत्तरै पनि रैन कु भनि देख्यो तब त्येस्को
रिस उठ्यो॥

तब बूजी बारकेलको छोरो एलीहूले उत्तर दिइ भन्यो ६
मं ता तन्हेरि कु आफुहरु ता धेरै बूढा
येस्कारण मं थामीयें अनि आफनु मत आफुहरुलाइ देखाउंनु डरायें।
मैंले भन्यें दिनहरुले भन्नु पर्थ्यो ७
अनि धेरै वर्षले बुद्धि सिकाउंनु पर्थ्यो।
तर विनाशी मान्छेमां आत्मा ता छ ८
अनि सर्वशक्तिमानको सासले तिनिहरुलाइ बुद्धि दिंद छ।
जो जो बुद्धिमान छन् बड़ैहरु मांत्रै होइनन् ९
अनि निया बूझनेहरु खालि बूढ़ैहरु मांत्रै होइनन्।
येस्कारण भन्द कु मेरो पनि सुनु हवस्। १०
मं पनि आफनु मत देखाउंकु।
हेर्नु हवस् मं आफुहरुका कुराको बाटो हेर्दै रह्यं ११
मं आफुहरुका प्रमाणको लागि सुन्दै रह्यं
आफुहरुले को को भन्नु पर्छ भनि खोज्दै रहंदाखेरि।
अं मन लगायेर आफुहरुको सुन्दै रह्यं १२
त हेर्नु हवस् अय्यूबलाइ प्रमाण दिंने
कि त्येस्का कुराको उत्तर दिंने आफुहरुमांको कोई पनि रैन छ।
होइन भन्ये आफुहरुले भन्नु हुंछ हांमिहरुले बुद्धि पायेका छौं १३
मान्छेले होइन तर ईश्वरले त्येस्लाइ जीतनु सकछ.
किनभन्ये त्येस्ले आफना कुरा मेरो विरुद्धमां हाल्येको छैन १४
न मं त्येस्लाइ आफुहरुका कुरा गरि उत्तर दिंकु।
तिनिहरु छक्क पर्येका छन् फेरि उत्तर दिंदैनन्. १५
तिनिहरुको बोल्ने ठांउ पनि छैन।
तिनिहरु न बोल्येको कारणले १६
अनि तिनिहरु अड़ीयेर उत्तर न दियेको कारणले को मं पर्खि रहुं।
मं पनि आफनु भागको उत्तर दिंकु १७
मं पनि आफनु मत देखाउंकु।
किनभन्ये मं कुराले भरीयेको कु १८
अनि मेरो पेटको आत्माले मंलाइ पुन्द छ।

१९ हेर्नु हवस् मेरो पेट् न खोल्येको दाखरस् जस्तो छ
फुट्नु आंटेका नया मशकहरु जस्तो ।
२० मं बोलुकु र चैन् पाउं
आफ्ना ओंठ् फुकाल्येर उत्तर् दिंछु ।
२१ कृपागरि मंलाइ कसैको पनपसाई गर्नु न दिंनु हवस्
लल्लोपत्तोको फूल्नांउ कसैलाइ दिंदैन ।
२२ किनभन्ये मं ता लल्लोपत्तोका फूल्नांउ दिंने पनि जांदैन
होइनभन्ये ता मेरो सृष्टिकर्त्ताले मंलाइ क्षिणभरिमां लैजांने थियो ।
३३ १ तैपनि हे अय्यूब् मेरो बाक्यो सुन्नु हवस्
अनि मेरा सबै कुरामां कान् लगाउंनु हवस् ।
२ अब हेर्नु हवस् मैंले आफ्नु मुख् खोल्येको छु
मेरो जिब्रोले मेरो तालूमां भन्येको छ ।
३ मेरा कुराले मेरो मन्को सोझैंको बखान गर्छन् ।
अनि मेरा ओंठले ज्ये जान्द छन् त्यो सचैंई सित भन्छन् ।
४ ईश्वरको आत्माले मंलाइ सिर्ज्यैको छ
अनि सर्वशक्तिमान्को सासले मंलाइ जीवन् दिंद छ ।
५ आफुले मंलाइ उत्तर् दिंनु सक्नु हुंछ भन्ये उत्तर् दिंनु
मेरो सांमु आफ्ना कुरा पंजायेर उभ्याउंनु ।
६ हेर्नु हवस् आफु जस्तो मं पनि ईश्वरको सांमु छु ।
मं पनि मांटैको सिर्जीयेको छु ।
७ हेर्नु हवस् मेरो भयले आफुको डर् मान्दैन
न मेरो मिचेर्ई आफु मांथि गह्रुङ् हुंछ ।
८ निस्चे आफुले मैंले सुन्नेगरि भन्नु भयेको छ
अनि मैंले आफुका येस्ता येस्ता कुराको सोर् सुन्येको छु
९ पवित्र छु निरप्राधी
निष्कलङ्क छु अनि मंमां अधर्म्म छैन ।
१० हेर्नु हवस् तस्ले मेरो बिरोधीहुवाईको कारण् खोज्दै छ
उस्ले मंलाइ आफ्नु मत्तुरलाइ भैं गन्द छ
११ उस्ले मेरा गोड़ा ठाड़ोमां हाल्द छ
उस्ले मेरा सबै चाल् हेर्द छ भनि ।
१२ हेर्नु हवस् ति कुरामां आफु धर्म्मी छैन भनि मं आफुलाइ उत्तर् दिंछु
कसोगरिभन्ये ईश्वर् ता बिनाशी मान्छे भन्दा बड़ा छ ।
१३ त उस्को बिरुद्धमां आफुले किन बिवाद् गर्नु हुंद छ
कसोगरिभन्ये उस्ले आफ्नु कुने पनि बिषयको लेखा दिंदैन ।
१४ कसोगरिभन्ये ईश्वरले एक् खेप् भन्द छ
अं दुइ खेप् तर मान्छेले मन् लगाउंदैन ।

सपनामां रातको दर्शनमां १५
जब मान्छेहरु मांथि अरघोर् निन्द्रा पर्दछ
ओछ्यानमां निंधायेको बेलामां
तब उस्ले मान्छेहरुका कान् खोल्दछ १६
अनि तिनिहरुको शिक्षा मांथि मोहर् छाप्दछ
उस्ले मान्छेलाइ बुरा काम् देखि तानोस् १७
अनि मान्छे देखि अहंकार् लुकावस् भन्ये खातिर्ले
उस्ले त्येस्को प्राण् खाड़ल् देखि पुन्दछ १८
अनि त्येस्को जीउ तरवार्ले नास् हुंनु देखि ।
फेरि आफ्नु ओछ्यानमां त्यो दुखले चेताईंदछ १९
अनि त्येस्का हाड़मां झगरा निम्ये रहंदछ ।
अं त्येस्को जीउले रोटी देखि २०
अनि त्येस्को प्राणले शोखभोजन् देखि दिग्मिगाउंने सम्म ।
त्येस्को मांसु न देखीने सम्म हराइ जांदछ २१
अनि त्येस्का न देखीने हाड़ नंग्याईये ।
अं त्येस्को प्राण् खाड़लको क्रेउमां पुगदछ २२
अनि त्येस्को जीवन् नास् गर्नेहरु थांइ ।
त्यो सङ् येउटा दूत् छ भन्ये २३
येउटा दोभासे जो हजार्मांको येउटा छ
मान्छेलाइ त्येस्को लागि जाति के हो भनि देखाउंछ भन्ये देखि
त त्येस्ले त्येस् मांथि अनुग्रही भयेर भन्दछ २४
त्येस्लाइ खाड़लमां उत्रि जांनु देखि छोड़ा
मैले कुट्कारा पायेको छु भनि ।
त्येस्को मांसु बानीको मांसु भन्दा बेसि ताजा २५
त्यो आफ्नु जुवानेइंको दिनमां फर्कि आउंदछ ।
त्येस्ले ईश्वर् सित बिन्ति गर्दछ अनि उ त्येस् मांथि अनुग्रहीत् छ २६
त्येस्ले उस्को दर्शन् आनन्द सित पाउंने सम्म
अनि उस्ले बिनासी मान्छेलाइ त्येस्को धर्म्मीहुवाई फर्काउंदछ ।
त्येस्ले मान्छेको सांमु गीत् गाइ गाइ भन्दछ २७
पाप् गर्यें अनि सोझेइं बिगार्यें
अनि मंलाइ त्येस्को साटो फर्काइ दिईयेन ।
उस्ले मेरो प्राणलाइ खाड़लमां उत्रंनु देखि बचायेको छ २८
अनि मेरो जीवनले उज्यालो हेर्छ ।
हेर येस्ता सबै काम् ईश्वरले गर्दछ २९
मान्छे सित दुइ खेप् अं तीन् खेप्
त्यस्को प्राण् खाड़ल् देखि फर्काउंनुको लागि ३०
त्यो जीवनको उज्यालोले चम्काईयोस् भन्ये खातिर्ले ।

३१ हे अय्यूब मन लगायेर मेरो सुन्नु हवस्
चुप लागनु हवस् मं बोल्दै रहंकु ।
३२ आफु बोलनु छ भन्ये देखि मलाइ उत्तर दिनु हवस् ।
भन्नु हवस् किनभन्ये मं आफुलाइ धर्म्मी ठहराउंनु खोजदैन छु ।
३३ होइनभन्ये मेरै सुन्नु हवस् ।
चुप लागनु हवस् मं आफुलाइ बुद्धि सिकाउंछु ॥

३४ १ फेरि एलीहूले उत्तर दिइ भन्यो
२ हे बुद्धिमानहरु हो मेरा कुरा सुन
हे ज्ञानीहरु हो मं तिर कान लगाव ।
३ किनभन्ये जस्तै तालुले भोजन चाख्दछ
त्यस्तै कानले कुरा जांचदछ ।
४ जे ठीक छ हांमिहरु आफनु लागि त्यो छांनूं ।
अनि जे जाति छ त्यो हांमिहरु आफनु लागि बूझूं ।
५ किनभन्ये अय्यूबले भन्येको छ मं धर्म्मी छु
अनि ईश्वरले मेरो निया लग्येको छ ।
६ मं हकमां ता छु तैपनि झूठो गनीयेको छु
मं निरपराधी ता छु तैपनि मेरो घाउ असाध्ये छ भनि ।
७ अय्यूब जस्तो को छ
जस्ले निन्दालाइ पानी झैं पीइ हाल्दछ ।
८ जस्ले अधर्म्म गर्नेहरु सङ संगति गर्दछ
अनि दुष्टहरु सङ डुल्दछ ।
९ किनभन्ये त्यस्ले भन्येको छ
मान्छेलाइ ईश्वर सङ आनन्द गर्नु भन्येको कोइ नाफा छैन भनि ।
१० यैस्कारण हे बुद्धिमानहरु हो मेरो सुन ।
ईश्वरले दुष्टैं गर्छ भन्येको उ देखि टाढो रहोस्
अनि सर्वशक्तिमानले अधर्म्म गर्छ भन्येको उ देखि टाढो रहोस् ।
११ किनभन्ये मान्छेको काम अनसार उस्ले त्येस्लाइ साटो दिंछ
अनि जनंगेको चालचलन अनसारको फल भोगनु लाउंछ ।
१२ अं निस्सेइ ईश्वरले दुष्टैं गर्दै गर्दैन
न सर्वशक्तिमानले निया बिगार्छ ।
१३ पृथिवी मांथि मडार्इ गर्नु उस्लाइ कस्ले दियो
कि सिंगै जगत उस् मांथि कस्ले राख्यो ।
१४ उस्ले आफनु मन मान्छे मांथि राख्यो भन्ये देखि
कि उस्ले आफनु आत्मा र आफनु सास आफु थांड लग्यो भन्ये देखि
१५ त सिंगै जीउ चइं नष्ट होइ जांछ
अनि मान्छे मांटोमां फर्कछ ।

आफुको बुद्धि छ भन्ये यो सुन . १६
मेरा कुराको शब्दमां कान् लगाउंनु हवस् ।
को सोजेईं देखि घिनाउंनेले प्रभुतेईं गर्छ १७
अनि जो धर्म्मी र सामर्थी छ उसलाइ दुष्ट ठहराउंनु हुंछ ।
को राजालाइ तिमि बिकामे छौ १८
कि भारादार्हरुलाइ तिमिहरु दुष्ट छौ भन्नु उचित् छ ।
त मालिक्हरुको पनपसाई न गर्ने १९
अनि धनाढ्यलाइ कंगालिहरु भन्दा बेसि चेत् न गर्ने
किनभन्ये ति सबै उसैका हातका काम् छन्
उ मित ये स्तो बात् गरींछ ।
पलभरमां अं आधारातमां तिनिहरु मंर्द छन्
लोग् हल्लाईंद छन् अनि मेटीइ जांद छन्
अनि बल्लियाहरु कसैको हातै बिना लगींद छन् ।
किनभन्ये उस्का आंखा मान्छेको चालमां छन् २१
अनि उस्ले त्येस्का सबै हिंड़ाई हेर्द छ ।
अंधारो कि मृत्युको छाया छैन २२
जहां अधर्म्म गर्नेहरु लुक्नु सक्छन् ।
किनभन्ये मान्छे मांथि चेत् लगाउंनु कोइ अरु खांछो छैन । २३
त्यो ईश्वरको सांमु नियाको लागि जांनुलाइ ।
उस्ले बल्लियो मान्छेहरुलाइ सोधसाध् न गरिकन चूर् पार्द छ २४
अनि तिनिहरुको ठांउमां अरुहरुलाइ राख्द छ ।
येस्कारण् उस्ले तिनिहरुको कामको बिषयमां चेत् गर्द छ २५
अनि तिनिहरु चूर् पारीउंज्याल् सम्म उस्ले तिनिहरुलाइ राति उल्टाउंद छ ।
उस्ले तिनिहरुलाइ दुष्ट जान्येर २६
सब्लैले देख्नेगरि हिर्काउंद छ
किनभन्ये तिनिहरु उस्लाइ पछ्याउंनु देखि फर्क्यो
अनि उस्को कुनै बाटोको बिषयमां चेत् लगाउंनु मान्येनन् .
कंगालिहरुको दोहाई उ पांइ पुग्याउंनुलाइ २८
अनि उस्ले दीनहरुको दोहाई सुन्यो ।
जब उसैले चैन् दिंद छ तब कस्ले दोषी ठहराउंनु सक्छ २९
अनि जब उस्ले आफ्नु मुख् छोप्द छ तब उस्को दर्शन् कस्ले पाउंनु सक्छ
जातिगण् सित कि मान्छे सित गरीयेको दुवैलाइ बराबर् येइ हुंछ .
भक्तहीनले राज् गर्दैन ३०
लोग् फंसाउंने कोई छैन भन्येर ।
कसोगरिभन्ये को कसैले ईश्वर् सित येसो भन्यो ३१
शिक्षादण्ड भोग्यें बुराई गरींन र पनि .

३२ मैले न देख्येका कुरा मलाइ सिकाउनु हवस् ।
मैले अधर्म्म गर्‍येको कु भन्ये देखि मं फेरि कैले पनि गर्दीन ।
३३ को उस्ले दियेको साटो आफुको मन् अनसार् हुंछ येस्कारण् लिनु हुन्न
किनभन्ये क्वान्नु पर्ने आफु पो हुनु हुंछ मं चइं ता हुइंन ।
येस्कारण् ज्ये जान्नु हुंद कु ति भन्नु हवस् ।
३४ ज्ञानी मान्छेहरुले मलाइ भन्कन्
अं मेरो सुन्ने सबै बुद्धिमान्हरुले ।
३५ अय्यूबले ज्ञान् बिना भन्द कु
अनि त्येस्का कुरा बुद्धि बिनाका कुन् भनि ।
३६ अय्यूब् अन्त सम्म जांचीयेको भये देखि जाति हुंथ्यो
किनभन्ये त्येस्ले दुष्टहरुले झैं उत्तर् दियेको कु ।
३७ कसोगरिभन्ये त्येस्ले आफ्नु पापलाइ बागिहुवाईमां पनि बढ़ाउंद कु
त्येस्ले हांमिहरुको बीचमां तालि बजाउंद कु ।
अनि ईश्वरको विरुद्धमां आफ्ना कुरा बढ़ाउंद कु ॥

३५ १ फेरि एलीहूले उत्तर् दिइ भन्यो
२ को आफुले त्येस्मां हक् जांनु हुंद कु
कि आफुले मेरो धर्म्म ईश्वरको धर्म्म भन्दा बेसि कु भनि भन्नु हुंद कु
३ अनि आफुको नाफा को हुंछ
अनि मैले पाप् गर्‍येको पाप् भन्दा बेसि को लाभ् हुंछ भनि भन्नु हुंद कु ।
४ आफुलाइ उत्तर् मं दिंकु
अनि आफु सङ भयेका आफुका साथीहरुलाइ पनि ।
५ ईश्वर् तिर दृष्टि गरि हेर्नु हवस्
अनि आफ् भन्दा ऊंचो आकाशमण्डल् हेर्नु हवस्
६ आफुले पाप् गर्नु भयो भन्ये देखि उस्को विरुद्धमां को गर्नु हुंद कु ।
अनि आफुका अपराध् धेरै भये भन्ये देखि आफुले उस्लाइ को गर्नु हुंद कु ।
७ आफ् धर्म्मी कौ भन्ये देखि उस्को लागि को दिंनु हुंद कु ।
कि आफुको हात् देखि उस्ले को पाउंद कु ।
८ आफुको दुष्टैले आफु जस्तो मान्छेलाइ हानि गर्नु सकुंद कु
अनि आफुको धर्म्मीहुवाई मान्छेको सन्तान्लाइ नाफा दिंनु सकुंद कु ।
९ मिचेईं धेरै भयेको कारणले तिनिहरु कराउंद कुन्
बल्लियाका बाहांको कारणले तिनिहरुले गोहारको लागि दोहाई दिंद कुन् ।
१० तर कसैले भन्दैन मेरो सृष्टिकर्त्ता ईश्वर् कहां कु
जस्ले राति गीत् दिंद कु
११ जस्ले हांमिहरुलाइ पृथिवीका पशुहरुलाइ भन्दा बेसि शिक्षा दिंद कु
अनि हांमिहरुलाइ आकाशका पंछीहरुलाइ भन्दा बेसि बुद्धिमान्
तुल्याउंद कु ।

वहां तिनिहरु कराउंद कुन् तर उत्तर् दिने कोई पनि कैन १२
दुष्टहरुको अहंकारको कारणले ।
निस्से ईश्वरले व्यर्थ कुरा सुन्दैन १३
अनि सर्वशक्तिमान्ले त्येस् मांथि चेत् लगाउंदैन ।
जब कति बिघ्न कम्ति अं आफुले मं उस्लाइ हेर्दीन भनि भन्नु हुंद कु १४
बिषय् उस्को सांमु कु अनि आफुले पनि उस्को बाटो हेर्नु हुंद कु ।
तर अब रिस् गरि न आयेको कारण ले १५
अनि उस्ले अट्टेरेई तिर अगघोर्गरि चेत् न लगायेकोले
अय्यूबले आफ्नु मुख् व्यर्थगरि खोल्द कु १६
त्येस्ले ज्ञान् बिना कुरा बढ़ाउंद कु ॥

फेरि एलीहूले यो पनि भन्यो ३६ १
मलाइ अलिकता सहंनु हुवस् त मं आफुलाइ देखाउंकु २
किनभन्ये ईश्वरको निम्तिमां मैले अझै अरु भन्नु कु ।
मं आफ्नु ज्ञान् टाढ़ो देखि ल्याउंकु ३
अनि आफ्नु सृष्टिकर्त्तालाइ धर्म्मी ठहराउंकु ।
किनभन्ये निस्से मेरा कुरा झुट्ठा कैनन् ४
ज्ञानमां सिद्ध मान्छे आफु सङ कु ।
हेर्नुहुवस् ईश्वर् सामर्थी कु अनि कसैलाइ तुच्छ जान्दैन . ५
उ बुझ्को शक्तिमां बलियो कु ।
उस्ले दुष्टहरुको जीवन् बचाउंदैन . ६
तर दीनहरुलाइ तिनिहरुको हक् दिंद कु ।
उस्ले धर्म्मीहरु देखि आफ्ना आंखा फर्काउंदैन . ७
तर सिंहासनहरुमां बस्ने राजाहरुलाइ
उस्ले सदाको लागि राखद कु त तिनिहरु अल्ग्याईंद कुन् ।
अनि तिनिहरु ठ्याङ्राहरुमां बांधीयेका कुन् ८
अनि दुक्खका डोरामां फांसीयेका कुन् भन्ये देखि
त उस्ले तिनिहरुलाइ तिनिहरुको काम् देखाउंद कु ९
अनि तिनिहरुका अपाधहरु अर्थात् ज्यं तिनिहरुले अहंकार् सित गर्येका
कुन् ।
त्येस् उपान्त उस्ले तिनिहरुका कान् शिक्षाको लागि खोल्द कु १०
अनि तिनिहरुलाइ अधर्म्म देखि फर्कि आउंने आज्ञा दिंद कु ।
तिनिहरुले सुन्येर उस्को सेवा गर्ये भन्ये देखि ११
तिनिहरुले आफ्ना दिन् कल्याणमां
अनि आफ्ना बर्ष सुक्खमां मेटाउंकुन् ।
तर तिनिहरुले सुन्येनन् भन्ये देखि तरवार्ले नष्ट होइ जांकुन् १२
अनि ज्ञान् बिना मंर्कुन् ।

१३ तर मनमां भक्तहीन् हुंनेहरुले कोप् पनक्याउंद कुन्
उस्ले तिनिहरुलाइ बांधुदैगर्दाखेरि तिनिहरुले गोहार्को लागि दोहाई
दिंदैनन् ।
१४ तिनिहरु जुवानैमां मंर्द कुन्
अनि तिनिहरुको जीवन् पुरुषगामीहरुको झैं नष्ट हुंद कुन्
१५ उस्ले दुखिहरुलाइ त्येस्को दुक्ख देखि छोड़ाउंद कु
अनि तिनिहरुको कान् उपद्रेईमां उघार्द कु ।
१६ अं उस्ले आफुलाइ क्लेश् देखि फर्काइ ल्याउंने थियो
येउटा फराक् ठांउमां जहां सांगुरेईं कैन
अनि आफुको मेज्मां ज्ये राखींद कु बोसोले भरीयेको हुंकु ।
१७ तर आफु दुष्टेईंको नियाले भरीयेका छौ .
निया र धर्म्मीहुवाईले आफुलाइ समात्कुन् ।
१८ कसोगरिभन्ये चंख बस छोइन भन्ये रिस्ले तिमिलाइ ठट्टामां लैजांकु
अनि उद्धारको बड़ाहुवाईले आफुलाइ न तर्कावस् ।
१९ को आफुको दोहाईको कारण्
कि बड़ो बलको कारणले क्लेश् देखि कुट्कौ ।
२० रात्को लागि अति इच्छे न गर्नु हवस्
जब लोग् आफ्नु ठांउमां काटींद कुन् ।
२१ चंख बस्येर अधर्म्म मांथि चेत् न लगाउंनु हवस् .
किनभन्ये आफुले त्यो क्लेश् भन्दा बेसि कानु भयो ।
२२ हेर्नु हवस् ईश्वरले आफ्नु सामर्थमां अल्गो काम् गर्द कु .
उ जस्तो सिकाउंने को कु ।
२३ उस्को लागि उस्को बाटो कस्ले ठहरायो
कि तपांइले अधर्म्म गर्नु भयो भनि कस्ले भन्नु सक्कु ।
२४ उस्को काम्को बड़ाई गर्नुको लागि मम्झना राख्नु हवस्
जस्को विषयमां मान्छेहरुले गीत् गायेका कुन् ।
२५ सबै मान्छेहरुले त्येस् मांथि दृष्टि लगायेका कुन्
बिनामी मान्छेले त्येस्लाइ टाढ़ो देखि हेर्द कुन् ।
२६ हेर्नु हवस् ईश्वर बड़ा कु तर हांमिहरु उस्लाइ चिन्दौंन
उस्का बर्षको गीन्ति अगम्य कुन् ।
२७ कसोगरिभन्ये उस्ले पानीका थोपा ऊंभो तानि लिंद कु
जो कुइरो देखि पानी भयेर पर्द कु .
२८ जस्लाइ आकाशमण्डलले खन्याउंद कु
अनि मान्छेहरु मांथि अगाधोगरि चुहुंद कुन् ।
२९ अं बादल्को फिंजाई कस्ले बूझ्नु सक्कु
उस्को डेराको गर्जन् ।

हेर उस्ले आफ्नु उज्यालो त्येस् मांथि फिंजाउंद छ ३०
अनि उस्ले समुन्द्रको पाह् ढाक्द छ ।
कसोगरिभन्ये तिनिहरुको बाटोले उस्ले लोग्हरुको निया गर्द छ ३१
उस्ले भोजन् अरघोर्गरि दिंद छ ।
उस्ले आफ्ना हात् बिजुलिले ढाक्द छ ३२
अनि उस्ले त्येस्लाइ त्येस्ले तारोलाइ लाग्ने आज्ञा दिंद छ ।
त्येस्को सोर्ले त्येस्लाइ समाचार् दिंद छ ३३
पशुले पनि चढ़ि आउंनेको विषयमां ।

त्येस् कुरामां पनि मेरो मन् कांम्दै छ ३७ १
अनि त्येस्को ठांउ देखि सारीयेको छ ।
उस्को सोर्को शब्द सुन्नु हवस् २
अनि उस्को मुख् देखि निस्कंने गड़ाङ्गुडुङ् सुन्नु हवस् ।
उस्ले त्यो सिंगै स्वर्ग मुनि पठाउंद छ ३
अनि आफ्नु बिजुलि पृथिवीको अन्त सम्म ।
त्येस् पछि गर्जन्को सोर् हुंद छ ४
आफ्नु प्रतापी शब्दले गर्जंद छ ।
अनि जब उस्को सोर् सुनींद छ तब उस्ले तिनिहरुलाइ थाम्दैन ।
ईश्वर् आफ्नु सोर्ले उदेकगरि गर्जंद छ ५
उस्ले हांमिहरुले बूझ्नु न सक्ने ठुलो ठुलो काम् गर्द छ ।
कसोगरिभन्ये उस्ले हिउंलाइ पृथिवीमां पर् भनि आज्ञा दिंद छ ६
त्येसैगरि वृष्टिलाइ
अनि आफ्नु मुसलधारेपानीलाइ ।
उस्ले सबै मान्छेहरुको हातलाइ मोहर् लगाइकन पुनि राख्द छ ७
उस्ले बनायेका सबै मान्छेहरुले त्यो जानुन् भन्ये खातिर्ले ।
तब बनपशुहरु कुरिमां पस्द छन् ८
अनि आफ्ना ओढ़ारमां रहंद छन् ।
दक्खिनका कोठाहरु देखि आंधी निस्कंद छन् ९
अनि जाड़ो उत्तर् देखि ।
ईश्वर्को सास् देखि बर्फ दिइंद छ १०
अनि पानीहरुको गज् जामींद छ ।
अं उस्ले बाक्लो बादलुलाइ बाफ्को बाटोले छोकाउंद छ ११
उस्ले आफ्नु बिजुलिको बादल् फिंजाउंद छ ।
अनि उस्को अगुवाईले त्यो घुमाइंद छ १२
तिनिहरुले उस्ले गर्येका सबै आज्ञा गमन् भन्ये खातिर्ले
साम् उस्ले पृथिवीको मुख् मांथि ।
कि शिक्षादण्डको लागि कि उस्को देसको लागि १३
कि दयाको लागि उस्ले त्यो पुर्याउस् भन्ये ।

१४ हे अय्यूब् यो सुन् हवस् .
अड़ीइ रह्नेर ईश्वर्का उदेक्का काम्मां चेत् लगाउंनु हवस् ।
१५ को आफुले ईश्वर्ले तिनिहरु मांथि आज्ञा कसोरि दिंद छ
अनि आफ्नु बादल्को बिजुलि कसोगरि चम्काउंद छ भनि जान्नु हुंद छ
१६ को बादल् न खसेगरि राखींने रीत् जांन्नु हुंद छ
अनि सर्बज्ञानीका उदेक्का काम् ।
१७ जब पृथिवी दक्खिने बतास्को कारण्ले चाम्चूम् रह्नेको छ
तब आफुका बस्त्र कसोरि न्यानो लाग्छ ।
१८ को उ सङ आकाश् फिंजाउंनु सक्नु हुंछ
जो ढालीयेको दर्पण् जस्तो दर्रो छ ।
१९ उस्लाइ को भनूं भनि हांमिहरुलाइ सिकाउंनु हवस्
हांमिहरु ता अंध्यारोको कारण्ले ठीक् भन्नु सक्दौंन ।
२० मं भन्नु मांग्छु भनि को त्येस्लाइ भनींछ
कि कोई मान्छेले नीलींने इच्छे गर्छ ।
२१ अनि ऐले मान्छेहरुले आकाशमां भयेको चम्कीलो उज्यालो देख्दैन .
तर बतास् चल्द छ अनि तिनिहरुलाइ शुद्ध गराउंद छ ।
२२ उत्तर् देखि सुन्को प्रताप् आउंद छ .
ईश्वर्ले आफु मांथि डर्लाग्दो बड़ाइहुवाई लगायेको छ ।
२३ सर्बशक्तिमान्को बिषयमां हांमिहरुले त्येस्को भेद् पाउंनु सक्दौंन उ
बिघ्ने सामर्थी छ .
अनि धर्म्म र पूरो नियाइहुवाईमां उस्ले दुक्ख दिंदैन ।
२४ येस्कारण् मान्छेहरुले उस्को भय् मान्न छन् .
उस्ले कोई बुद्धिमान्हरु मांथि चेत् लगाउंदैन ॥

(यहवेको बाक्ये)

३८ १ तब यहवेले अय्यूब्लाइ आंधी देखि उत्तर् दिइ भन्यो
२ जस्ले ज्ञान् बिनाका कुरा भनिकन
सल्लाइ अंध्यारो गराउंद छ त्यो को हो ।
३ अब पुरुषले झैं आफ्नु कम्मर् कस्
त मं तं सित सोध्छु तैंले मलाइ बखान् गर् ।
४ जब मैंले पृथिवीको जग् बसाल्यें तब तं कहां थिइस् .
तेरो बुद्धि छ भन्ये देखि देखा ।
५ पृथिवीको नाप् कस्ले ठहरायो भनि जान्द छस् भन्ये देखि कह् .
कि त्येस्मां डोरो कस्ले टांग्यो ।
६ त्येका जग् को मांथि बसालीयेका थिये .
अनि त्येस्को कुइन्याटोको ढुंगो कस्ले बसाल्यो

जब बिहान्का तारालेएक् सङ गाउंद थिये ७
अनि ईश्वर्का सबै पुत्रहरु आनन्दले कराउंद थिये ।
कि समुन्द्रलाइ दैलोले कस्ले पुन्यो ८
जब त्यो गर्भ देखि निस्क्येको भैं फुटि निस्क्यो
जब मैंले बादल्चइंलाइ त्येस्को वस्त्र तुल्यायें ९
अनि बाल्को अंध्यारोचइंलाइ त्येस्को लागि बेहेर्ने लुगागरि
अनि त्येस्को लागि आफ्नु सिमाना बांधें १०
अनि आगलाहरु र दैलाहरु उभ्यायें
अनि भन्यें यहां सम्म आउंनु सक्कुस् तर अघि न बढ्
अनि यहां तेरा अहंकारी छाल्हरु रोकीकन् भनि ११
के तैंले जीवनभर् बिहान्लाइ आज्ञा दिइस्
अनि भूकभूक् उज्यालोलाइ त्येस्को ठांउ जनाइस् १२
त्येस्ले पृथिवीको अन्त समात्नुलाइ
अनि दुष्टहरु त्यो देखि हल्लाईंनुलाइ ।
मोहर् मुनिको मांटो झैं फेरीद कु १३
अनि सब्बै पोक् वस्त्र पहिर्याईयेको झैं देखाईंद कुन् ।
अनि दुष्टको उज्यालो तिनिहरु देखि थामीद कु १४
अनि बल्लियो पाखुरा भांचीद कु ।
के तं समुन्द्रको जरुवापानी सम्म पुग्येको कुस् १५
कि गहीरो सागर्को पाहामां हिंड्येको कुस् ।
के मृत्युका दैला तेरो लागि प्रगट् भयेका कुन् १६
कि के तैंले मृत्युको छायाका ठोका देख्येको कुस् ।
के तैंले पृथिवीको गज्को बूझ् लियेको कुस् १७
यि सबै कुराको पाहा तंलाइ कु भन्ये देखि देखा ।
उज्यालोको बासमां पुग्ने बाटो कहां कु १८
अनि अंध्यारोको विषयमां त्येस्को ठांउ कहां कु
तैंले त्येस्लाइ त्येस्को सिमाना सम्म लैजांनुलाइ १९
अनि तैंले त्येस्को घर्मां पुग्ने बाटाहरुको पाहा पाउंनुलाइ ।
निस्से तंलाइ पाहा होला कितभन्ये त्येति बेला तेरो पनि जन्म भयेको २०
थियो होला
अनि तेरा दिनको गन्ति धेरै कुन होला ।
के तं हिउंका भंडारहरुमां पस्येको कुस २१
कि असीनाका भंडारहरु देख्येको कुस
जुन्हलाइ मैंले दुकबको दिनको लागि २२
अं लड़ाईं र संग्रामको दिनको लागि राख्येको कु ।
उज्यालो कुन् बाटोमां कुट्टीयेको कु २३
कि पूर्वबतास् पृथिवीमां फिंजीयेको कु ।

२५ महा वृष्टिको लागि कस्ले कुलो खन्येको छ
कि गर्जनको बिजुलिको लागि बाटो
२६ निर्जन देसमां
अं मान्छे न भयेको बनमां वृष्टि गराउंनुलाइ
२७ सुन्ने र उजार देस सन्तोक् गराउंनुलाइ
अनि हरीयो घांस् उमार्नुलाइ ।
२८ को वृष्टिको कोई बाबु छ .
कि शीतका थोपाहरुलाइ कस्ले जन्मायो ।
२९ हिउंचइं कस्को गर्भ देखि निस्क्यो .
अनि आकाशको तुषारो कस्ले जन्मायो ।
३० पानीचइं ढुंगा झैं जमीयेको छ
अनि गहीरोको मुख् जामीयेको छ ।
३१ को तैंले किर्किटि ताराहरुलाइ बांधनु सक्छस्
कि मृगशीराको डोरी फुकालनु सक्छस् ।
३२ को तैंले राशीचक्रलाइ तिनका ठीक् ठीक् समयमां उदाउंनु सक्छस् .
को तैंले सप्तर्षिलाइ त्येका साथीहरु समेतलाइ डोयाउंनु सक्छस् ।
३३ को तैंले आकाशमण्डलको बिधि जांद छस् .
अनि पृथिवी मांथि त्येको अधिकार ठहराउंनु सक्छस् ।
३४ को तैंले आफ्नु सोर् बादल् सम्म अलग्याउंनु सक्छस्
पानीको अगघोरेईंले तंलाइ ढाकनुलाइ ।
३५ को तैंले बिजुलिहरु पेसोरि पठाउंनु सक्छस् तिनिहरुले गयेर
तं सित हांमिहरु यहां छौं भनि भनुन् भन्ने खातिर्ले ।
३६ अन्तःकरणमां बुद्धि कस्ले राख्यो .
कि मनमां समझ कस्ले दियो ।
३७ मेघहरुलाइ बुद्धिले कस्ले गन्नु सक्छ
अनि आकाशका मशकहरु कस्ले खन्याउंनु सक्छ ।
३८ जब धूलो थुप्रीन्छ
अनि डल्लाहरु एक सङ् टांसीन्छन् ।
३९ को तैंले सिंहनीको लागि सिकार गर्छस् .
कि उमरुहरुलाइ पेटभरि सन्तुष्ट गराउंछस्
४० जब तिनिहरु आफ्ना कूरहरुमां ढल्कंद छन
कि ओढारमां ढुकि बस्द छन् ।
४१ कस्ले कागको लागि आहारा बन्दबस्त गर्द छ
जब त्येका बचराहरुले ईश्वरको दोहाई गर्द छन्
अनि आहारा बिना घुल्द फिर्द छन् ।
३९ १ को तैंले पहराका घोरलहरुको जन्मने बेला जान्द छस् .
कि तंलाइ हरिणहरुको बिहाउंने बेलाको थाहा छ ।

तिनिहरुको पूरो हुंने महीना गन्नु सक्कुस् . २
कि तिनिहरुको बिहाउंने बेला जान्द कुस् .
तिनिहरुले निउंयेर् आफ्ना पाठा बिहाउंद कुन् ३
तिनिहरुले आफ्नु पीरा आफाल्द कुन् ।
तिनिहरुका पाठाहरु पुष्ट पुष्ट कुन् तिनिहरु बन्मां बढ़ि जांद कुन् ४
तिनिहरु निस्कि जांद कुन् अनि फर्कि आउंदैनन् ।
बन्गदाहालाइ कस्ले निर्बन्धगरि निकाल्यो . ५
कि बन्गदाहाको डोरी कस्ले फुकायो ।
जस्को घर् मैंले बन्चइं बनाइ दियें ६
अनि त्येस्को बास् नुनीलो देस् ।
त्येस्ले सहर्को खेलाबेला तुच्छ जांद कु ७
अनि धपाउंनेको कराई सुन्दैन ।
पहाड़का डांड़ा हुंदो त्येस्को खर्क कु ८
अनि त्येस्ले सबै हरीया थोक् खोज्द कु ।
को अर्ना तेरो चाकरि गर्नु देखि सन्तोषित् हुंकु ९
अनि तेरो डोंड़् कुेउ रहंकु ।
को तैंले अर्नालाइ डेंगमां बांधेर चलाउंनु सक्कुस् . १०
को त्येस्ले तेरो पछि पछि ब्यांसीमां दांते दाउंकु ।
को त्येस्को बल् ठुलो भयेको कारणले त्येस् मांथि भरोसा गर्कुस् . ११
कि त्येस्लाइ तेरो दास्तिको काम् कोढ़ि दिंकुस् ।
को त्येस्ले तेरा अन्न भित्र्याउंकु भनि भरोसा गर्कुस् १२
कि तेरो खलाको अन्न बटुलकु ।
शुतमुर्गीको पखेटाले आनन्द गर्द कु १३
तर को तेस्को पोंख र भुत्लाले दया गर्कुन् ।
कसोगरिभन्ने त्येस्ले आफ्ना फुल्हरु भूइंमां कोढ़ि दिंद कु १४
अनि धूलोमां तिनलाइ तताउंद कु
अनि गोड़ाले तिनलाइ कुल्चंकु १५
अनि बनपशुले तिनलाइ दल्कुन् भनि बिसिंद कु ।
त्येस्ले आफ्ना चल्लाहरुको बिरुद्धमां आफ्नु होइन भन्येको जस्तोगरि १६
कठोर् गर्द कु .
त्येस्को कष्ट व्यर्थ कु रपनि निडर् कु
कसोगरिभन्ने ईश्वरले त्येस्लाइ बुद्धि रहित् बनायो १७
अनि त्येस्लाइ समझ् पनि दियेन ।
जब त्येस्ले उठेर आफ्ना पखेटा फिंजाउंद कु १८
तब त्येस्ले घोड़ालाइ त्येस्को सवार् समेत्लाइ तुच्छ सम्झंद कु ।
को तैंले घोड़ालाइ त्येस्को बल् दियेको कुस् . १९
को तैंले त्येस्का हल्लाउंने जगार् त्येस्को गर्दनमां पहिरााइ दियेको कुस् ।

२० को तैंले त्येस्लाइ सलह भें उफ्नु दियेको छस्,
त्येका नाख् फड्काई करार्इको विभव डरलाग्दो छ ।
२१ त्येस्ले ब्यांसीमां खोर्सेंद छ अनि आफ्नु बलमां आनन्द गर्द छ ।
हतियार् भिर्येका मान्छेहरुलाइ भेट्नुलाइ निस्कि जांद छ ।
२२ डर् देखि हांस्द छ अनि पर्हरि हुंदैन
न तरवार् देखि फर्कंद छ ।
२३ ठोक्रोले त्येस् मांथि लाग्येर खोल्र्याक् खोल्र्याक् गर्द छ
चम्कंने भाला र सुइरोले पनि ।
२४ रिस् र क्रोधले त्येस्ले मांटो नील्द छ
अनि नर्सींगाको सोर् सुन्येर पनि अड्दैन ।
२५ नर्सींगा सुन्दै त्येस्ले आहा भन्द छ
टाढो देखि लड़ाईं सूंघ्द छ
अं कप्तान्हरुको गर्जन् र कराई ।
२६ फेरि को बाज् तेरो बुद्धिले उड्द छ
अनि आफ्नु पखेटा दक्खिन् तिर फिंजाउंद छ ।
२७ को उकाब्ले तेरो आज्ञाले उड़ेर
आफ्नु गुंड़ अल्गोमां बनाउंद छ ।
२८ त्यो पहरामां बस्द छ अनि त्यहां बास् गर्द छ
पहराको धार्मां र आड्मां ।
२९ त्यहांदेखि त्येस्ले आफ्नु सिकार् चियाउंद छ
त्येका आंखाले टाढो टाढो सम्म देख्द छन् ।
३० त्येस्का बचराहरुले पनि रगत् चूस्द छन् ,
जहां मारीयेकाहरु हुंनन् त्यो त्यहां रहंछ ॥
४० १ येस् उप्रान्त यहूवेले अय्यूबलाइ उत्तर् दिइ भन्यो
२ को बाझ्नेले सर्वशक्तिमान् सित लड़ाईं गरोस्
जस्ले ईश्वर् सित विवाद् गर्ला त्येस्ले उत्तर् देवस् ॥
३ तब अय्यूबले यहूवेलाइ उत्तर् दिइ भन्यो
४ हेर्नु हवस् मं ता तुच्छ छु तपांइलाइ को उत्तर् दिउं
मं आफ्नु हात् आफ्नु मुखमां राख्द छु ।
५ एक् खेप् भन्येको छु तर फेरि उत्तर् दिंदीन
अं दुइ खेप् तर फेरि केले पनि भन्दीन ॥
६ तब यहूवेले अय्यूबलाइ आंधि देखि उत्तर् दिइ भन्यो
७ अब पुरुषले झं आफ्नु कम्मर् कस् ,
मं तं सित सोध्छु तैंले मंलाइ बखान् गर् ।
८ को तैंले मेरो निया पनि बिगार्छस् ,
तं आफै निर्दोष् ठहरौनुको लागि मंलाइ दोषी ठहराउंछस् ।

क्ये तेरा पाखुरा ईश्वर्का जस्ता छन्. ९
अनि तं उ जस्तो गर्जन्को सोर्ले कराउंनु सक्छस्।
अब आफुलाइ महिमा र प्रताप्ले सिङार् १०
अनि श्रेष्ठेईं र बड़ाहुवाईले पहिर्‍या।
आफ्नु उब्र्येको रिस् खन्याइ दे. ११
अनि जनंगे अहंकारीलाइ हेरिकन त्येस्लाइ होंच्या।
अं जनंगे अहंकारीलाइ हेरिकन छोट्या १२
अनि दुष्टहरुलाइ जहां छन् तिहीं दल्।
तिनिहरुलाइ सङ् सङै मांटोमां लुका १३
लुक्येको ठांउमां तिनिहरुको मुख् बांधि दे।
तब मं पनि तेरो बिषय्मां तंलाइ १४
तेरै दाहींनो हात्ले पनि बचाउंनु सक्दैन भनि स्वीकार् गर्छु।
अब बहेमोतलाइ[1] हेर्नु जस्लाइ मैंले तं सङ बनायें १५
त्येस्ले गोरुले झैं घांस् खांद छ।
त हेर् त्येस्को बल् त्येस्को कम्मर्मां छ १६
अनि त्येस्को सामर्थ तेस्को पेट्का मुस्लामां।
त्येस्ले आफ्नु पुछर् देउदारुलाइ झैं चलाउंद छ. १७
त्येस्का जाङ्गका नसा सङ्सङै गांसीयेका छन्।
त्येस्का हाड़ पीतल्का नलि जस्ता छन् १८
त्येस्का अंग फलम्का आग्ला जस्ता।
त्यो चइं ईश्वर्को मूल् कार्ज्ये छ. १९
त्येस्लाइ सिर्जनेले मांत्रै त्येस् मांथि आफ्नु तरवार् पुर्‍याउंनु सक्छ।
निस्से पहाड़हरुले त्येस्को लागि आहारा उप्जाउंद छन् २०
जहां सबै बन्पशुहरु खेल्द छन्।
त्यो कमल्को बोट् मुनि ढल्कंद छ २१
ढोंड़ेको र निङालोको छायामां
कमल्को बोट्को छायाले त्येस्लाइ ढाक्द छ २२
खोल्चाका बइंस्ले त्येस्लाइ घेर्द छन्।
हेर् नदीको पाखापाखाबहाईले पनि त्यो कांम्दैन. २३
यर्दन् त्येस्को मुख् सम्म भरीयो भन्ये देखि पनि त्यो निडर् रहंछ।
त्यो चियाइ रहंदा क्ये कसैले त्येस्लाइ समात्नु सक्छ २४
कि पासोले त्येस्को नाख्मां नाथ्नु सक्छ॥
क्ये तैंले लिब्यतान् माच्छालाइ बल्छिले तान्नु सक्छस्. ४१ १
कि त्येस्को जिब्रो डोरीले चेप्नु सक्छस्।
क्ये त्येस्को नाख्मां नकेल् लगाउंनु सक्छस्. २
कि त्येस्को बङरा सुइरोले घोच्नु सक्छस्।

[1] अर्थात् जल्हस्ती।

३ को त्येस्ले तं सित धेरै बिन्ति गर्छ
कि तं सित नरम् कुरा गर्छ ।
४ को त्येस्ले तं सित
मंलाइ सधैंको लागि चाकरेगरि राख भन्ये बाचा बांध्छ ।
५ को तं त्यो सङ चरा सङ झैं खेल्छस् .
कि त्येस्लाइ आफ्नो कमारीहरुको लागि बांध्छस् ।
६ को जलाहारीहरुका गट्ठाले त्येस्को बेपार् गर्छन् .
को त्येस्लाइ बेपारीहरुको बीचमां बांड़ि दिंछन् ।
७ को तेंले त्येस्को छाला आङ्कुसेले भर्नु सक्छस्
कि त्येस्को टाउको माच्छा मार्ने भालाले ।
८ त्येस् मांथि आफ्नु हात् लगा
लड़ाईं सम्झि अनि फेरि कैले पनि येसो गर्दैनस् ।
९ हेर् त्येस्को आस्रा व्यर्थ छ .
को त्येस्लाइ देख्दा मुटु कांम्छ ।
१० त्येस्लाइ जिस्क्याउंनुलाइ झांट् गर्ने येस्तो साहसी को छ .
न मंचइंको सांमु उभीइ रहंनु सक्ने को छ ।
११ मंलाइ येस्तो पहिले दिंने को छ जस्लाइ मैंले साटो दिंनु पर्छ .
सिंगै आकाश् मुनि जे छन् मेरै हुन् ।
१२ मं त्येस्का अङ्गको बिषयमां
कि त्येस्को तुलो बल् कि त्येस्को सुवाउंदो बनौरीको बिषयमां चुप लागि
रहंदौंन ।
१३ त्येस्को अगाड़िको पहिरन् कस्ले काड़ि दिंनु सक्छ .
त्येस्को दोहोरो लगामको बीचमां को पस्नु सक्छ ।
१४ त्येस्को मुखका दैलाहरु कस्ले उघार्नु सक्छ .
त्येस्का दांतका चारै पट्टि डर्लागदो छ ।
१५ त्येस्का खापेखाप् पत्येका कतला त्येस्को अहंकारको कारण् छ
जो मोहर् लगायेको जस्तो एक् सङ् गुनीयेका छन् ।
१६ एका अर्का सङ येति नजिक् नजिक् जोरीयेका छन्
वायू पनि तिनको बीचमां पस्नु सक्दैन ।
१७ एक् सङ् गांसीयेका छन्
तिनिहरु न फुक्लनेगरि टांसीयेका छन् ।
१८ त्येस्ले छिउं काढ्दा उज्यालो चम्कंद छ
अनि त्येस्का आंखा बिहानका पलक् जस्ता छन् ।
१९ त्येस्को मुख् देखि बल्दो रांको निस्कंद छन्
अनि झिल्का उफ्रंद छन् ।
२० त्येस्का नाप्नी देखि धुवां बठ्द छ
उम्ल्येको भांड़ा र बल्दै गयेको ठोंड़े देखि झैं ।

त्येस्को सास्ले कोइला सल्काउंद छ २१
अनि त्येस्को मुख् देखि ज्वाला निस्कंद छ ।
त्येस्को गर्दनमां बल् रहंद छ २२
अनि त्येस्को सांमु भय् नाच्द छ ।
त्येस्को मांसुका लुंदा गांसीयेका छन् । २३
त्येस् मांथि अड़ीलो छन् तिनिहरु सार्नु सक्दैन ।
त्येस्को मन् ढुंगा जस्तो सारो छ २४
अं जांतोको ऊंधल्लो पाटा जस्तो बल्लियो ।
त्यो उठ्यो भन्ये देखि बीर्हरु डराउंद छन् । २५
डर्को कारणले तिनिहरुको चेत् ठिकानामां छैन ।
कसैले तरवार् त्येस् मांथि चलायो भन्ये केइ काम् लाग्दैन २६
अनि न भालाले न चुपिले न तीखो कांड्ले ।
त्येस्ले फलम् पराल् जस्तो २७
अनि पीतल् कुह्यको काठ् जस्तो जान्द छ ।
कांड्ले त्येस्लाइ भगाउंनु सक्दैन । २८
घुयांत्रो त्यस्को लेखिमां बुच्का जस्तो गनींद छ ।
मुखिहरु बुच्का जस्ता गनींद छन् । २९
चुपिको स्वींक्गराई मांथि हांस्द छ ।
त्येस्को जीउको मुनि बाटो तीखा तीखा खपटा जस्ता छन् । ३०
हीलोमां दांदे भैं चलाउंद छ ।
त्येस्ले गहीरोलाइ भांड़ालाइ भैं उमाल्द छ । ३१
त्येस्ले समुन्द्रलाइ मल्हम् जस्तो तुल्याउंद छ ।
त्येस्ले आफ्नु पछि पछिको लीक् चम्कंने गराउंद छ ३२
गहीरोलाइ पाक्येको केस् जस्तो भनि ठानींछ ।
पृथिवी मांथि त्यो जस्तो कोई छैन ३३
जो भय् न गर्नेगरि भनींछ ।
त्येस्ले सबै ऊंभो तिरका शोक् हेर्द छ । ३४
सबै अहंकारी पशुहरु मांथि राजा त्येइ छ ॥

(अय्यूबको उत्तर)

तब अय्यूबले यहुवेलाइ उत्तर् दिइ भन्यो ४२ १
तपांइले सबै गर्नु सक्नु हुंद छ २
अनि तपांइको कुने मल्लाह् पुनौंदैन भनि जान्द छु ।
जस्ले ज्ञान् बिना मल्लाह् लुकाउंद छ त्यो को हो ३
येस्कारण मैंले न बूझ्यको कुरा भन्येको छु
अं मेरो लागि बेसि उदेकको कुरो जो मैंले बुझींन ।

४ कृपागरि सुन्नु हवस् मं बोलकु
मं पो तपांइ सित सोधकु तपांइले मंलाइ बखान् गर्नु हवस् ।
५ अं कानले सुन्नेगरि मैंले तपांइको बिषयमां सुन्येको ता थियें
तर ऐले मेरा आंखैले तपांइलाइ देखद् कुन्
६ येस्कारण् मं घिनाउंद कु
अनि धूलो र खरानिमां पछुताउंद कु ॥

(अय्यूबको अन्तकुशल्)

७ तब यहूवेले यि कुरा अय्यूबलाइ भन्ये पछि येसो भयो यहूवेले एलीपज् तेमानीलाइ भन्यो मेरो रिस् तं मांथि र तेरा दुवै मित्रहरु मांथि उठेयको छ . किनभन्ये तिमिहरुले मेरो दास् अय्यूबले झैं मेरो बिषयमां
८ ज्ये ठीक् छ त्यो भन्येका छौन । त अब सातवटा बाच्छा र सातवटा भुमा लियेर मेरो दास् अय्यूब थांइ जांनु र वहां येउटा होमबलि आफनु लागि चढ़ाउंनु अनि मेरो दास् अय्यूबले तिमिहरुको लागि अन्तरबिन्ति गर्छ कसोगरिभन्ये त्येस्चइंलाइ मं ग्रहण् गर्छु होइन भन्ये ता तिमिहरु सित तिमिहरुको मुर्खैं अनुसार् गर्छु किनभन्ये तिमिहरुले मेरो दास् अय्यूबले
९ झैं मेरो बिषयमां ज्ये ठीक् छ त्यो भन्येका छौन । तब एलिपज् तेमानी र बिल्दद् शूही र सोपर् नमातीले गयेर यहूवेले दियेको आज्ञा अनुसार्
१० गर्ये . अनि यहूवेले अय्यूबलाइ ग्रहण् गर्यो । जब अय्यूबले आफना मित्रहरुको लागि अन्तरबिन्ति गर्यो तब यहूवेले अय्यूबको बन्धुवाई फर्काइ दियो . अनि अय्यूबको जति अगाड़ि थियो त्यो भन्दा दोबर्
११ यहूवेले त्येलाइ दियो । तब त्येका सबै दाजुभाईहरु र त्येका सबै दिदीबैंनीहरुले र त्येका अगाड़िका सबै चिनाजानाहरुले त्यो थाइं आयेर त्येको घर्मां त्यो सङ भोजन् गर्ये . अनि यहूवेले त्येस् मांथि हाल्येका सबै बिपत्तिको बिषयमां तिनिहरुले बिलाप् गर्दै त्येलाइ शान्ति दिये . जनंगेले त्येलाइ एक् एक् टुक्रा चांदी र एक् एकवटा सुन्को औंठी पनि
१२ दिये । येसोरि यहूवेले अय्यूबका पछिल्ला दिनलाइ अघिल्ला दिनलाइ भन्दा बेसि आशीष् दियो . अनि त्येका चौध हजार भेड़ाबाख्रा र छ हजार ऊंट र एक् हजार हलगोरुहरु र एक् हजार गदहीहरु थिये ।
१३ १४ अनि त्येका सात् भाई छोराहरु र तीन् बैंनी छोरीहरु थिये । अनि त्येले जेठीको नांउ यमीमा र माझलीको नांउ कसीआ अनि कान्छीको नांउ
१५ केरेन्हप्पुक् राख्यो । अनि सिंगै देसमां अय्यूबको छोरीहरु जस्तो राम्रो अरु कोई आइमाइ थिईन . अनि तिनिहरुको बाबुले तिनिहरुलाइ तिनिहरुका
१६ दाजुभाईहरु सित अधिकार् दियो । अनि त्यस् पछि अय्यूब एक सै र चालीस् बर्ष सम्म जीइ रह्यो अनि आफना छोराहरु र नातीहरु अं चार्
१७ पुस्ता सम्म देख्यो । निदानमां अय्यूबले पूरो सुखैमकालमां दीर्घायु भइ प्राण् छोड़्यो ॥

गीत्को पोस्तक् ।

पहिलो भाग् ।

धन्य त्यो मान्छे जो दुष्टहरुको जुक्तिमां हिंड्दैन १ १
अनि पापीहरुको बाटोमां उभीदैन
अनि ठट्टा गर्नेहरुको बैठक्मां बस्दैन ।
तर यहवेको व्यवस्था देखि त्यो खुशि हुंद छ २
अनि उस्को व्यवस्थामां दिन् रात् ध्यान् गर्द छ ।
येसोरि त्यो पानीको खोलाको छेउमां रोप्येको रुख् जस्तो हुंछ ३
जो आफ्नु ऋतुमां फल्द छ
जस्को पात् ओइल्हीदैन पनि
अनि जे जे त्येस्ले गर्द छ तिनमां त्यो सुफल् हुंद छ ।
दुष्टहरु चइं येस्ता छैनन् ४
तर बतास्ले उड़ायेको भूस् जस्ता छन् ।
येस्कारण् दुष्टहरु नियामां उभीदैनन् ५
न पापीहरु धर्म्मीहरुको मंडलीमां ।
कसोगरिभन्ये यहवेले धर्म्मीहरुको बाटो चिन्द छ . ६
तर दुष्टहरुको बाटो नष्ट हुंछ ॥

अन्यदेसीहरुले किन राड़ो मचाउंद छन् २ १
अनि लोग्हरुले किन व्यर्थ कुरा गुन्द छन् ।
पृथिवीका राजाहरु उभीइ रह्येका छन् २
अनि मालिकहरुले आपस्तमां सल्लाह् लिंद छन्
यहवे र उस्को अभिषिक्तको बिरुद्धमां
लु तिनिहरुका बन्धन् छिनालूं ३
अनि तिनिहरुका डोरी आफु देखि आफालूं भन्दै ॥

स्वर्गमां बिराजने चइं हांस्छ . ४
प्रभुले तिनको ठट्टा गर्छ ।
तब उ तिनिहरु मित रिसाइकन बोल्छ ५
अनि आफ्नु बल्दो कोपले तिनिहरुलाइ सताउंछ .
तैपनि मंचइंले आफ्नै राजालाइ ६
आफ्नै पवित्र पर्वत् सियोन्मां बसाल्येको छु ॥

७ मं विधि प्रचार्कु .
यहवेले मंलाइ भन्यो तं मेरो पुत्र होस्
आजु मैलेने तंलाइ जन्मायेको कु ।
८ मं सित मांग् त मं अन्यदेसोहरुलाइ तेरो भाग् गरि दिंकु
अनि पृथिवीको पल्लो छेउ सम्म तेरो अधिकार् गरि ।
९ तैंले तिनिहरुलाइ फलम्को राजदण्डले भांच्कस्
तैंले तिनलाइ कुमालेको भांड़ा झैं चूर् चूर् गरि फुटाउंकस् ॥

१० त अब हे राजाहरु हो बुद्धिमान् हव .
हे पृथिवीका विचारीहरु हो चेतीयौ ।
११ डर् सङ यहवेको सेवा गर
अनि थर्थराई सङ रमाव ।
१२ पुत्रलाइ चूम होइन भन्ये ता उ रिसाउंकु अनि तिमिहरु चइं बाटोमां
नष्ट हुंकौ
किनभन्ये उस्को कोप् छिटै बालीकु ।
उस्को शरण लिंने धन्य हुन् ॥

३ दाजदले आफ्नु छोरो अब्शालोम् देखि भाग्येको बेलामां गायेको गीत् ।

१ हे यहवे मंलाइ सताउंनेहरु कति विघ्न बढेयका कुन् .
मेरो विरुद्धमां उठ्नेहरु धेरै कुन् ।
२ मेरो उद्धार् ईश्वरमां छैन भनि
कति जना मेरो प्राणको विषयमां भन्नेहरु कुन् । सेला[1] ।
३ तर हे यहवे तपांइने मेरा चारै पट्टि ढाल् हुंनु भयो
मेरो महिमा र मेरो सिर् उठाउंने ।
४ मं सोर् निकालिकन दोहाई दिंने गर्दं कु
अनि उस्ले आफ्नु पवित्र पर्वत् देखि मंलाइ उत्तर् दिंने गर्दं कु । सेला ।
५ मं चइं ढल्कों अनि निधायें
उठें किनभन्ये यहवे मंलाइ संभाल्दै रहंने कु ।
६ मंलाइ घेर्ने मेरो विरुद्धमां पाकुति बांध्ने
लोगमांका दस् दस् हजार् देखि डराउंदैन ।
७ हे यहवे उठनु होस् हे मेरो ईश्वर मंलाइ छोड़ाउंनु होस् .
किनभन्ये तपांइले मेरा सबै सत्रुहरुलाइ बङरामां छिर्काउंनु भयो
तपांइले दुष्टहरुका दांत् भांच्नु भयो ।
८ उद्धार् चइं यहवेलाइ पर्दं कु .
तपांइको आशीष् तपांइको लोग् मांथि रहोस् ॥ सेला ।

[1] अर्थात् बजाउंनेहरुको लागिको आज्ञा ।

मूल्बजाउंनेको लागि तार्बाजामां बजाईंने । दाऊद्को गीत् । ४

हे मेरो धर्म्मी ईश्वर् मैंले पुकार्दा मंलाइ उत्तर् दिंनु हवस् १
मं सकस्मां पर्‍येकोमां मंलाइ लम्याउंनु भयो .
मं मांथि अनुग्रह् गर्नु हवस् मेरो प्रार्थना सुन्न हवस् ।
हे बड़ाहरुका सन्तान्हरु हो मेरो महिमा कैले सम्म अमान्मां फेरौंछ . २
कैले सम्म ब्येर्थईं सित पिर्ति राखछौ अनि मिथ्येईं तिर फर्कछौ । सेला ।
तर थाहा पाव यह्वेले भक्तिलाइ आफ्नु लागि अलग् राख्येको छ . ३
मैंले यह्वेलाइ हापार्दा उस्ले सुन्छ ।
क्रोध् गर तै पाप् ता न गर . ४
आफ्नु ओछ्यान्मां आफ्नै मन्मां बिचार् गर्‍येर चुम्चाम् हव । सेला ।
धर्म्मका बलिदान्हरु चढ़ाव ५
अनि आफ्नु भरोसा यह्वे मांथि राख ।
कति जना कस्ले हांमिहरुलाइ भलाई देखाउंछ भनि भन्नेहरु छन् . ६
हे यह्वे आफ्नु रूप्को ज्योति हांमिहरु मांथि प्रकाश् गर्नु हवस् ।
तपांइले मेरो मन्मां रमाहट् हालनु भयो ७
अं तिनिहरुका अन्न र दाख्रस बढ़्येको बेलाको रमाहट् भन्दा बेसि ।
कुशल् सित ढल्कंनु बित्तिकै निधाउंछु . ८
किनभन्ये हे यह्वे तपांइले मांत्रै मंलाइ निडर्मां रहंनु दिंनु हुंद छ ॥

मूल्बजाउंनेको लागि फुक्नेबाजामां बचाईंने । दाऊद्को गीत् । ५

हे यह्वे मेरा कुरामां कान् लगाउंनु हवस् १
मेरो ध्यान्मां चेत् लगाउंनु हवस् ।
हे मेरो राजा हे मेरो ईश्वर् मेरो दोहाई सुन्नु हवस् . २
किनभन्ये मं तपांइ सित प्रार्थना गर्दछु ।
हे यह्वे बिहान तपांइले मेरो शब्द सुन्नु हुंछ ३
बिहान आफ्ना बिन्ति पांज्येर हेर्दै रहंछु ।
किनभन्ये तपांइ दुष्टेईं देखि खुशि हुंन ईश्वर् हौन . ४
बुराईले तपांइ सङ बास् गर्दैन ।
अट्टेरिहरु तपांइको सांमु उभींन् पाउंदैनन् . ५
तपांइले अधर्म्मका काम् गर्ने सबैलाइ घिनाउंनु हुंद छ ।
तपांइले झूठ् बोल्नेलाइ नास् पार्नु हुंछ . ६
यह्वेले रगत् चहाउंने र छलि मान्छे देखि घिन् गर्दछ ।
तर मं चइं ता तपांइको अग्घोरेईंमां तपांइको घर्मां आउंछु . ७
तपांइको भय् मान्दै तपांइको पवित्र मन्दिर् तिर दण्डवत् गर्छु ।
हे यह्वे मेरा बैरीहरुको कारण्ले आफ्नु धर्म्ममां मेरो अगुवाई गर्नु हवस् ८
मेरो सांमु आफ्नु बाटो सोजो पार्नु हवस् ।

९ किनभन्ये तिनिहरुको मुख्मां क्येइ ठिकाना छैन
तिनिहरुको अन्तःकरण् मुख् बाउंने नास् छ.
तिनिहरुको घांटि उघारीयेको चिहान् छ
तिनिहरुको जिब्रोले चिप्लाचाप्ला कुरा गर्द छ।
१० हे ईश्वर् तिनिहरुलाइ दोषी ठहराउंनु हवस्
तिनिहरुलाइ तिनिहरुकै जुक्तिमां खस्न दिंनु हवस्.
तिनिहरुका अप्राध्को अग्घोरेईंमां तिनिहरुलाइ धपाउंनु हवस्
किनभन्ये तिनिहरु तपांइको बिरुद्धमां द्रोही भयेका छन्।
११ येसोरि तपांइको शरण् लिंनेहरु सबै जना रमाउन्
तपांइले तिनिहरुको रक्षे गर्‍येको कारण्ले तिनिहरु सधैं आनन्दले कराउन्.
तपांइको नांउलाइ पियारो गर्नेहरु तपांइमां खुशि हुंछन्।
१२ किनभन्ये तपांइले धर्म्मीलाइ आशीष् दिंनु हुंछ
हे यह्वे तपांइले त्येस्लाइ ढाल्ले झैं अनुग्रह्ले घेर्नु हुंछ॥

६ मूल्बजाउंनेको लागि तार्को बाजामां खर्जमां बजाईंने। दाऊद्को गीत्।

१ हे यह्वे मंलाइ आफ्नु क्रोधले न हकार्नु हवस्
अनि आफ्नु बल्दोरिस्ले मंलाइ दण्ड न दिंनु हवस्।
२ हे यह्वे मं मांथि अनुग्रह् गर्नु हवस् किनभन्ये ओइल्हीयेको छु.
हे यह्वे मंलाइ निको पार्नु हवस् किनभन्ये मेरा हाड्हरु थर्थराईयेका छन्
३ मेरो प्राण् पनि सारो घब्रायेको छ
अनि तपांइ हे यह्वे कैले सम्म।
४ हे यह्वे फर्कनु हवस् मेरो प्राण् छोड़ाउंनु हवस.
आफ्नु करुणाको कारण्ले मंलाइ बचाउंनु हवस्।
५ किनभन्ये मंरण्मां तपांइको सम्झना छैन
पत्तालमां कस्ले तपांइको धन्नबाद् गर्छ।
६ सुस्केरा मांर्दा मांर्दा थाक्येको छु
रात् रात् आफ्नु खाट् पौराउंद छु
आफ्नु ओछ्यान् आफ्ना आंसुले भिजाउंद छु।
७ शोक्को कारण्ले मेरा आंखा खीईये
मेरा सब् बिरोधीहरुको कारण्ले तिर्मिराउंद छन्।
८ ए अधर्म्म गर्नेहरु सबै मं देखि दूर् जाव।
किनभन्ये यह्वेले मेरो रुवाईको सोर् सुन्येको छ।
९ यह्वेले मेरो अर्जबिन्ति सुन्येको छ
यह्वेले मेरो प्रार्थना ग्रहण् गर्छ।
१० मेरा सबै सत्तुर्हरु लजायेर सारो थर्थराईंछन्.
तिनिहरु फर्कन्छन् एक्छिन्मां लजाईंछन्॥

दाऊद्ले बिन्यामीनी कूश्का कुराको बिषयमां यहवेको सांसु गायेको गान् । ७

हे मेरो ईश्वर् यहवे तपांइमांनै आफ्नु शरण् लिंने छु . १
मंलाइ खेद्ने सबै देखि मंलाइ बचाउंनु र छोड़ाउंनु हवस् .
होइनभन्ये ता त्येस्ले सिंहले झैं मेरो प्राण्लाइ फहराउंछ २
छोड़ाउंने कोई न हुंदा त्यो टुक्रा टुक्रा पार्छ ।
हे मेरो ईश्वर् यहवे मैंले यो गर्यें भन्ये देखि ३
मेरा हातमां दुष्टैं भयो भन्ये देखि
मं सङ मेल् राख्नेको मैंले बुराई गर्येको छु भन्ये देखि ४
(अं जो अकारण् मेरो बिरोधी थियो त्येस्लाइ बचायेको छु) .
त सत्रुले मेरो प्राण्लाइ खेदि पक्रोस् ५
अं मेरो जीउ भूइंमां कुल्चोस्
अनि मेरो मान् मांटोमां हाँच्यावस् । सेला ।
हे यहवे आफ्नु रिसमां उठनु हवस् । ६
मेरा बिरोधीहरुको कोप्को बिरुद्धमां अल्गीनु हवस् .
अनि मेरो लागि जागनु हवस् तपांइले नियाको आज्ञा दिंनु भयो ।
अनि लोग् लोग्को मंडली तपांइका चारै पट्टि आउंछन् . ७
अनि तपांइ तिनिहरु मांथि ऊर्द्धलोक्मां फर्कि जांनु हवस् ।
यहवे ता लोग् लोग्को निया गर्ने हो . ८
हे यहवे मेरो धर्म्म र मंमां भयेको निखरेईं अनुसार् मेरो निया गर्नु हवस् ।
अं दुष्टको बुराई टुङीयोस् तर धर्म्मीलाइ स्थिर् गराउंनु हवस् . ९
किनभन्ये धर्म्मी ईश्वर् सुद्ध र हिर्दय् जांच्ने छ ।
मेरो ढाल् ईश्वर् सङ छ १०
जो मनमां सोजो हुंनेलाइ बचाउंने छ ।
ईश्वर् धर्म्मी बिचारी छ ११
अं दिन् दिन् क्रोध् गर्ने ईश्वर् .
मान्छे फर्कन भन्ये देखि उस्ले आफ्नु तरवारमां सांद् लाउंछ १२
उस्ले धनु उकाल्येर तियार् पार्येको छ ।
त्येसको बिरुद्धमां उस्ले मृत्युको हतियार् तियार् पार्येको छ १३
उस्ले आफ्ना काड्हरु अग्निबाण् तुल्याउंद छ
हेर त्येस्ले अधर्म्मको पिरा बोक्द छ १४
अं उपद्रेईंको गर्भ रह्यो अनि मिथ्येईं जन्म्येको छ ।
त्येस्ले खाड्ल् खोदलि खोदलि खन्यो १५
अनि आफुले खन्येको कुंड्मां त्यो आफै खस्यो ।
त्येस्को उपद्रेईं त्येसैको कपाल्मां फर्कन्छ १६
अनि त्येस्को बल्मिचेईं त्येसैको टाप्रोमां खस्छ ।
मं यहवेको धर्म्म अनुसार् उस्को धन्यबाद् गर्छु . १७
अनि परम् ईश्वर यहवेको नांउको स्तुति गाउंछु ॥

८ मूलबजाउंनेको लागि. गत् भनीनें रागमां गाईंने । दाऊदको गीत् ।

१ हे यहूवे हांमिहरुको प्रभु
तपांइको नांउ सिंगै पृथिवीमां कत्ति श्रेष्ठ छ ।
जस्ले आफ्नु विभव स्वर्गमां राख्येको छ ।
२ बालखहरु र दुनखांनेहरुको मुख् देखि तपांइले सामर्थको जग् बसालनु भयो
तपांइका विरोधीहरुको कारणले
तपांइले बत्तुर् र साटो लिंनेलाइ चुप् लगाउंनुको लागि ।
३ तपांइको आकाश् जो तपांइको औंलाको कार्य्य छ
जून् र ताराहरु जो तपांइले ठहराउंनु भयेको छ जब मं ति मांथि चेत्
लगाउंद छु
४ त मान्छेजात् क्या हो र तपांइले त्येस्को समझना गर्नु हुंद छ ,
कि मान्छेको सन्तान् र तपांइले त्येस्को हेर्चाहा गर्नु हुंद छ ।
५ कसोगरिभन्ये तपांइले त्येस्लाइ ईश्वर[१] भन्दा अलिक् कम् तुल्याउंनु भयो
अनि महिमा र मानको मुकुट् त्येस्लाइ पहिर्याउंनु भयो ।
६ तपांइले त्येस्लाइ आफ्ना हातका कार्य्यहरु मांथि अधिकार् दिंनु भयो
तपांइले सबै थोक् त्येस्का चरण् मुनि ताब्रिमां पार्नु भयो ,
७ भेंड़ाबाख्रा गाईंगोरु सबै
अं बनपशुहरु पनि
८ आकाशका पंक्षीहरु र समुन्द्रका माच्छाहरु
समुन्द्रका बाटामां हिंड्ने सबै ।
९ हे यहूवे हांमिहरुको प्रभु
तपांइको नांउ सिंगै पृथिवीमां कति श्रेष्ठ छ ॥

९ मूलबजाउंनेको लागि मूत्लब्बेन् भनीनें रागमां बजाईंने । दाऊदको गीत् ।

१ आफ्नु पुरो मनले यहूवेको धन्यबाद् गर्छु
तपांइका सबै उदेक्का कामको बखान् गर्छु ।
२ रमाहट् गर्दै तपांइमां बड़ाईं गर्छु ,
हे परम् ईश्वर् तपांइको नांउको स्तुति गर्छु ।
३ जब मेरा बत्तुरहरु फर्कि जांदे छन्
तब तपांइको मांप्रु ठोकर् खाइ खाइकन नष्ट हुंद छन् ।
४ किनभन्ये तपांइले मेरो हकको र मेरो कुराको निया गर्नु भयेको छ
तपांइ धर्म्मले निया गर्दै सिंहासनमां बिराजुने हुंनु हुंद छ ।
५ तपांइले अन्यदेसीहरुलाइ खे गर्नु भयो तपांइले दुष्टहरुलाइ नाष् गर्नु भयो
तपांइले तिनिहरुको नांउ सदाको लागि मेटाउंनु भयो ।

[१] अर्थात् दूतहरु ।

सत्तुरूहरु भस्म भये सदाको लागि उजारीयेका कुन् ६
अनि तपांइले उखेल्येका सहरूहरु चइं
तिनिहरुको सम्झना पनि मेटीयो ।
तर यहूवे चइं सदाको लागि विराजमान् छ । ७
उस्ले आफ्नु सिंहासन् नियाको लागि तियार् पार्येको छ ।
उस्चइंले संसार्को निया धर्म्म सित गर्छ ८
उस्ले सोजेइँ सित लोग् लोग्को निया गर्छ ।
यहूवे कुच्याईयेकाहरुको लागि अल्गो गढ़ि पनि हुंछ ९
संकट्को बेलामां अल्गो गढ़ि
अनि तपांइको नांउ चिन्नेहरुले तपांइ मांथि भरोसा राख्छन् १०
किनभन्ये हे यहूवे तपांइले तपांइलाइ खोजनेहरुलाइ छोड्नु भयेन ।
धन्नबाद् गाव सिय्योन्मां बस्ने यहूवेको लागि । ११
लोग् लोग्लाइ उस्का कार्य्यहरु प्रचार् गर
किनभन्ये लोहूको साटो खोजनेले तिनको सम्झना गर्द छ । १२
दीनहरुको दोहाई बिसँदैन ।
मं मांथि अनुग्रह् गर्नु हवस् हे यहूवे १३
मंलाइ घिनाउंनेहरु देखि सक्येको दुक्ख हेर्नु हवस्
हे मंलाइ मृत्युका ढोकाहरु देखि उठाउंने
र मं तपांइको सबै स्तुति प्रचार् गरुं । १४
सिय्योन्को कोरीका ढोकाहरुमां ।
तपांइले गर्येका उद्धार्मां खुशि हुंकु ।
अन्यदेशीहरु आफुले खन्येका खाड़लमां आफै खस्ये । १५
तिनिहरुले थाप्येका पासोमां आफ्नै गोड़ा जेलीये ।
यहूवेले आफैलाइ प्रगट् गर्येको छ उस्ले निया गरि सक्येको छ १६
उस्ले दुष्टहरुलाइ आफ्नै हातमां फंसाउंछ हिग्गायोन्[1] । सेला
दुष्टहरु पत्तालमां फर्कन्छन् १७
अं ईश्वर्लाइ बिसँने अन्यदेशीहरु सबै ।
किनभन्ये दरिद्रहरु सदा बिसीईदैनन् १८
अनि दीनहरुको आशा सदाको लागि नष्ट हुंदैन ।
हे यहूवे उठनु हवस् मान्छे जिताहा न हवस् १९
अन्यदेशीहरुको निया तपांइको दृष्टिमां गरीओस् ।
तिनिहरुलाइ भय् देखाउंनु हवस् हे यहूवे । २०
अन्यदेशीहरुले हांमिहरु मान्छेइ मांत्रै हौं भनि थाहा पाउन् ॥

[1] अर्थात् बाजा बजाईको सोर् ।

१०१ हे यहुवे तपांइ किन टाढ़ो उभीइ रहंनु हुंद छ ।
संकटको बेलामां किन लुकनु हुंद छ ।
२ दुष्टको अहंकारको कारणले दीनहरु अरघोर् खेदीयेका छन्
तिनिहरुले आफुले निकाल्येका जुक्तिहरुमां आफै फांसीयेका छन् ।
३ कसोगरिभन्ये दुष्टले आफनु मनको इच्छेको बिषयमां घमंड् गर्द छ
अनि लोभीले यहुवेलाइ क्रोदूद अं उस्को अस्वीकार् गर्द छ ।
४ दुष्टले आफनु अभिमानले भन्द छ उस्ले लेखा गर्दैन भनि ।
ईश्वर् छंदै छैन भन्ये त्येस्का सब्बै चिन्ता येइ हो ।
५ त्येस्का बाटा सधैं दृढ़ छन्
तपांइका नियाबचनहरु त्येस्को दृष्टि देखि ऊंभो टाढ़ो छन् ।
त्येस्का सबै बिरोधीहरुको बिषयमां त्येस्ले तिनिहरु मांथि नाख् बजाउंद छ ।
६ त्येस्ले आफनु मनमां भन्द छ हल्लाइँदैन ।
पुस्ता पुस्ता सम्म दुक्खमां हुन्न भनि ।
७ त्येस्को मुख् खाप् र छल् र धोखाले भरीयेको छ ।
त्येस्को जिब्रो मुनि अधर्म्म र उपद्रेइँ छन् ।
८ गांउ गांउका ढुकुवा ढुकुवा ठांउमां त्यो बस्द छ
त्येस्ले लुकुवा ठांउमां निर्दोषीहरुलाइ घात् गर्द छ ।
त्येस्का आंखाले गुप्तगरि अनाथ् तिर हेर्द छन् ।
९ सिंह आफनु कुरिमां ढुकि रह्येको झैं त्यो आफनु लुकुवा ठांउमां ढुकद छ ।
दरिद्रहरुलाइ समातनुको लागि त्यो घातमां बस्द छ ।
त्येस्ले दरिद्रहरुलाइ आफनु पासोमां पारि समातद छ ।
१० ढुकि बस्द छ निउंरंद छ
अनि अनाथ् त्येस्का बल्लिया (पञ्जाले) लड्द छन् ।
११ त्येस्ले आफनु मनमां भन्द छ ईश्वर्ले बिर्स्येको छ ।
उस्ले आफनु मुख् क्रोप्दै छ उस्ले त्यो कैले पनि देख्दैन ।
१२ हे यहुवे उठनु हवस् हे ईश्वर् आफनु हात् उठाउंनु हवस् ।
दीनहरुलाइ न बिसँनु हवस् ।
१३ दुष्टहरुले ईश्वर्ले लेखा गर्दन भनि आफनु मनमां भन्दै
तपांइलाइ किन तुच्छ गर्द छन् ।
१४ तपांइले देख्नु भयो कसोगरिभन्ये तपांइले उपद्रेइँ र रिस् आफनु हातमां
लिंनुलाइ हेर्नु हुंद छ ।
अनाथ्ले चइं आफुलाइ तपांइको हातमां क्रोढ़ि दिंद छ
दुहुरोको गोहारे तपांइने हुंनु भयो ।
१५ दुष्टको बांहां भांचनु हवस्
अनि बुरो मान्छेचइंको दुष्टैइँलाइ कोइ पनि न पाइँनेगरि खोजनु हवस् ।
१६ यहुवे चइं जुगजुगको लागि राजा हो
अन्यदेशीहरु त्येस्को देश् देखि नष्ट भये ।

हे यहूवे तपांइले नरमहरुको इच्छे सुन्नु भयो . १७
तपांइले तिनिहरुको मन् तियार् पार्नु हुंछ तपांइले आफ्ना कान् सुन्न्
लाउंनु हुंछ .
दुहुरा र पीनीयेकाहरुको निया गर्नुलाइ १८
र मांटोको मान्छेले फेरि भय् देखाउंनु न पावस् ॥

मूलबजाउंनेको लागि । दाऊद् रचित् । ११

मं यहूवेको शरण् लिंने छु . १
त तिमिहरुले मेरो प्राणलाइ
चरा झैं आफ्नु पहाडूमां उड़ि जा भनि किन भन्द छौ ।
किनभन्ये हेर दुष्टहरुले आफ्नु धनु उकाल्द छन् २
तिनिहरुले आफ्ना कांडू तांतिमां लगाइ तियार् पार्द छन्
हांमिहरुले सोजो मन् भयेकाहरुलाइ अंध्यारोमां हांनूं भन्येर ।
जग् भत्काईंयो भन्ये देखि । ३
धर्म्मीले के गनु सक्छ
यहूवे चइं आफ्नु पवित्र मन्दिरमां छ ४
यहूवे जो छ उस्को सिंहासन् स्वर्गमां छ
उस्का आंखाले मान्छेका सन्तानलाइ हेर्द छन् उस्का पलकले तिनिहरुलाइ
जांचद छन् ।
यहूवेले धर्म्मीलाइ जांचद छ . ५
तर दुष्ट र मिचेईंलाइ प्रेम् गर्ने देखि उस्को प्राणले घिनाउंद छ ।
दुष्ट मांथि उस्ले पासो बर्साउंछ ६
आगो गन्धक् र बल्दो बतास् तिनिहरुको कटोराको भाग् हुंछन् ।
किनभन्ये यहूवे धर्म्मी छ उस्ले धर्म्मकर्म्मलाइ प्यारो गर्द छ . ७
सोजाहरुले उस्को दर्शन् पाउंछन् ॥

मूलबजाउंनेको लागि खर्जमां बजाईंने । दाऊद्को गीत् । १२

हे यहूवे क्वोड़ाउंनु हवस् किनभन्ये भक्त येउटा पनि छैन १
किनभन्ये मान्छेको सन्तान् देखि विश्वास्योग्यहरु मेटींद छन् ।
जनंगेले आफ्नु छिमेकि सित व्यर्थ कुरा गर्द छ . २
लल्लोपतो गर्ने ओंठ्ले र दोमन्ले तिनिहरुले कुरा गर्द छन्
यहूवेले लल्लोपतो गर्ने ओंठ्लाइ काटि दिंछ ३
ठुलो कुरो गर्ने जिब्रोलाइ पनि .
जस् जस्ले भन्द छन् हांमिहरु आफ्नु जिब्रोले जिताहा हुंछौ ४
हांम्रा ओंठ् हांमिहरुइका छन् . को हो हांमि मांथिको प्रभु ।
दीनहरुको लूटाई र दरिद्रहरुको सुस्केरामंराईको कारणले ५

एलेनै उठ्कु भनि यहूवेले भन्द कु
जस् मांथि तिनिहरूले नाख् बजाउंद कुन् त्येस्लाइ चैन्मां राख्कु[1]।

६ यहूवेका कुरा शुद्ध कुन्.
पृथिवी मांथि हांड़िमां खारीयेको चांदी जस्तो
सात् खेप् खारीयेको।

७ हे यहूवे तपांइलेनै तिनिहरूको रक्षे गर्नु हुंद कु
तपांइले तिनिहरूलाइ येस् पुस्ता देखि सधैंको लागि बचाइ राख्नु हुंकु।

८ दुष्टहरू चारे पट्टि डुल्द कुन्
जब मान्छेहरूको सन्तान्को मांझमां तुच्छ चड़ं अल्ग्याईयेको कु॥

१३ मूलबजाउंनेको लागि। दाऊद्को गीत्।

१ कैले सम्म हे यहूवे मंलाइ सदाको लागि बिर्सनु हुंकु.
कैले सम्म आफ्नु मुख् मं देखि लुकाउंनु हुंकु।
२ कैले सम्म आफ्नु प्राणमां सल्लाह् लिंदै रहुं.
दिनभरि आफ्नु हिर्दयमां उदास् हुंदै
कैले सम्म मेरो सत्रु मं मांथि अल्ग्याईंदै रहंकु।
३ चेत् गर्यर मंलाइ उत्तर् दिनु हवस् हे मेरो ईश्वर् यहूवे.
मेरा आंखालाइ ज्योति दिनु हवस् होइन भन्ये ता मृत्यु निन्द्रामां
निधाउंकु
४ होइन भन्ये ता मेरा सत्रुले मं त्येस् मांथि जिताहा भयें भनि भन्क
अं मं हल्लाईयें भन्ये मेरा बिरोधीहरू रमाउंकुन्।
५ तर मंचइंले तपांइको कृपामां भरोसा राख्येको कु
मेरो हिर्दय् तपांइले गर्यकेको उद्धार् देखि रमाउंकु.
६ मं यहूवेको लागि गीत् गाउंकु
किनभन्ये उस्ले मंलाइ उचितो सङ दियो॥

१४ मूलबजाउंनेको लागि। दाऊद् रचित्।

१ मूर्खले आफ्नु मनमां भन्येको कु ईश्वर कुंदै छैन।
तिनिहरू बिग्रयेका कुन तिनिहरूले घिनलाग्दा काम गर्यका कुन
सुकर्म्म गर्ने कोई पनि छैन।
२ यहूवेले स्वर्ग देखि मान्छेको सन्तान् मांथि चियाइ हेर्यो
कोई बुद्धिले गर्ने कु कि
कोई ईश्वरलाइ खोज्ने कु कि भन्यर हेर्नुलाइ।
३ सबै कर्कि गये तिनिहरू सङ सङै मैलीये
सुकर्म्म गर्ने कोई पनि छैन अं येउटा पनि छैन।

[1] अर्थात् जस् चैन्को लागि तिनिहरूले नाख् बजाउंद कु त्येसैमां मं त्येस्लाइ राख्नु।

को अधर्म्म गर्नेहरु सबैको ज्ञानै कैन ४
जस्ले मेरा लोगलाइ रोटी झैं खाइ हाल्द कुन्
अनि यहूवेलाइ हाप्दैनन् ।
तिहीनै तिनिहरु मांथि सारो भय् पर्‌यो . ५
किनभन्ये ईश्वर् चइं धर्म्मीहरुको बीच्‌मां छ ।
तिमिहरुले दीनहरुको जुक्तिलाइ लाज्‌मां पार्‌येका छौ ६
तर यहूवे चइं त्येस्को शरण् छ ।
हाय् इस्राएल्‌को उद्धार् सिय्योन् देखि निस्‌केको भये देखि ता हुंथ्यो ७
जब यहूवेले आफ्‌नु लोगको बन्धुवाई फर्काइ दिंछ
तब याकूब् रमाउंछ अनि इस्राएल् खुशि हुंछ ॥

दाऊद्‌को गीत् । १५

हे यहूवे तपांइको डेरामां कस्ले बास गर्नु पाउंछ १
तपांइको पवित्र पहाडूमां कस्ले रहंनु पाउंछ ।
जो सोजेईं सित हिंड्‌ने छ अनि धर्म्मको काम् गर्न छ २
अनि आफ्‌नु हिर्दयले सच्चेईं बोल्‌ने छ ।
जो आफ्‌नु जिब्रोले चुगली गर्न कैन ३
न आफ्‌ना मित्र सित बुराई गर्न
न आफ्‌ना छिमेकिको बिरुद्धमां दोष् फिंजाउंने ।
जस्को लेखिमां बिकामे मान्छे तुच्छ गनीँद छ ४
तर ईश्वर्‌को भय् मान्नेहरुलाइ त्येस्ले मान् गर्द छ ।
जो आफ्‌नु हानिको लागि किरिया खाइकन पनि फेर्न कैन ;
जो आफ्‌नु रुपिया ब्याज्‌मां दिन्ये कैन ५
अनि निर्दोषीको बिरुद्धमां घूस् लिंने कैन
येस्ता येस्ता काम् गर्न चइं कैले पनि सारीदैन ॥

दाऊद्‌को मिक्ताम् भन्ने गीत् । १६

हे ईश्वर् मेरो रक्षे गर्नु हवस् . किनभन्ये तपांइको शरण् लिंने छु । १
यहूवेलाइ मैंले भन्येको छु[1] तपांइ मेरो प्रभु हुंनु हुंद छ . २
तपांइ बाहिक् मेरो अरु कोई सुकव कैन ।
पृथिवी मांथि भयेका पवित्रहरु चइं ३
तिनिहरु भक्तहरु कुन् जुन्‌हरुमां मं खुशि छु भनि ।
(यहूवेको) साटो पराय् (देवता) लिंनेका दुकव अरघोरै बढाईंछन् . ४
तिनिहरुको लोहूको खन्याईबलि चढाउंदौंन
न तिनिहरुको नांउ आफ्‌ना ओंठमां लिंछु ।

[1] इब्रानिमां (हे मेरो प्राण्) तैंले भन्येको छस् ।

५ यहूवे चइं मेरो अधिकार् र मेरो कटौराको भाग् छ ।
तपांइले मेरो हिस्सा स्थिर् राख्नु हुंद छ ।
६ मेरो नापो मनपर्दो ठांउमां पर्येको छ
अं मैंले जाति भाग् पाथेको छु ।
७ जस् यहूवेले मंलाइ सल्लाह् दियेको छ उस्लाइ मं धन्य भन्छु
अं मेरो अन्तःकरणले पनि राति मंलाइ चेताउंद छ ।
८ मैंले यहूवेलाइ सधैंभरि आफ्नु सांमु देख्यें
उ मेरो दाहीनो हात् पर्छि भयेको कारणले मं हल्लाईंदीन ।
९ येस्कारण मेरो हिर्दय् आनन्दित् र मेरो महिमा हर्षित् छ ।
मेरो शरीर्ले पनि चैनमां बास् बस्ने गर्छ ।
१० किनभन्ये तपांइले मेरो प्राणलाइ पत्तालमां छोड्नु हुन्न
अनि न आफ्नु भक्त जनलाइ कुहाई देख्नु दिंनु हुंछ ।
११ तपांइले मंलाइ जीउंनिको बाटो थाहा गराउंनु हुंछ ।
तपांइको दर्शन् पाथेकोमां आनन्दको भर्पूरी छ
तपांइको दाहीनो हातमां सनातनका सुख छन् ॥

१७ दाऊद्को प्रार्थना ।

१ हे यहूवे धर्म्मको बचन् सुन्नु हवस् मेरो चिच्याई तिर ध्यान् दिंनु हवस्
जे छली ओंठ् देखि निस्कि आथेको होइन त्येस् प्रार्थना मांथि कान्
लगाउंनु हवस् ।
२ मेरो विचारगराई तपांइको हजूर् देखि निस्कोस्
तपांइका आंखाले निया मांथि हेरुन् ।
३ तपांइले मेरो हिर्दय् जांचनु भयो तपांइले मंलाइ राति भेटनु भयो
तपांइले मंलाइ जांचनु भयो तर केइ पनि पाउंनु भयेन
मेरो मुखले अपराध् गर्दन भनि मैंले ठानि सकें ।
४ मान्छेको कर्म्मको विषयमां तपांइका ओंठको बचनको बाटोले
मिचेईं गर्नेहरुका बाटा देखि मं चइं बांचि रह्योको छु ।
५ मेरा पइलाले तपांइका बाटाहरु समात्येका छन्
मेरा गोड़ा चिप्लीयेका छैनन् ।
६ हे ईश्वर् तपांइले मंलाइ उत्तर् दिंनु हुंछ येस्कारण तपांइलाइ मैले
हापार्येको छु ।
मं तिर आफ्ना कान् थाप्नेर मेरा कुरा सुन्नु हवस् ।
७ हे आफ्नु दाहीनो हातको बाटोले आफ्ना शरणगत् हुनेहरुलाइ
तिनिहरुको विरुद्धमां उठ्नेहरु देखि बचाउंने
आफ्नु उदेकको करुणा देखाउंनु हवस् ।
८ आफ्ना आंखाको नानीलाइ झैं मेरो रक्षे गर्नु हवस्
आफ्ना पखेटाको छाया मुनि मंलाइ लुकाइ राख्नु हवस्

मंलाइ नास् गर्न दुष्टहरु देखि ९
मंलाइ घेर्न मेरो प्राणका सत्रुहरु देखि ।
तिनिहरु आफ्नु बोसोमां मोहोरीयेका छन् । १०
आफ्नु मुखले तिनिहरुले अहंकारका कुरा गर्द छन् ।
तिनिहरुले हांमिहरुलाइ हांमिहरुका फड्काहरुमां घेर्येका छन् । ११
तिनिहरुले आफ्ना आंखा हांमिहरुलाइ भूइं सम्म आफाल्नुलाइ
लगायेका छन् ॥
लूटको लागि लाल्चि सिंहले झैं १२
लुकुवा ठांउमां ढुकि बस्ने जुवान् सिंह झैं ।
हे यहूवे उठ्नु हवस् १३
त्येस्लाइ छेक्नु हवस् त्येस्लाइ निउंराउंनु हवस् ।
आफ्नु तरवार्ले मेरो प्राणलाइ दुष्ट देखि बचाउंनु हवस्
आफ्ना हातले मान्छेहरु देखि हे यहूवे १४
संसारका मान्छेहरु देखि जस्को भाग येस् लोकमां छ
अनि जस्को पेट् तपांइले आफ्नु भंड़ार् देखि भराउंनु हुंद छ ।
तिनिहरु बालबच्चाहरु देखि सन्तुष्ट हुंद छन्
अनि आफ्ना धनसम्पत्तिमांको रहल् भाग् आफ्ना नानीहरुको लागि
छोड़ि दिंद छन् ।
मं चइं ता धर्म्मी भयेर तपांइको मुख् हेर्कु । १५
जब जागुंला तब तपांइको रूप् हेर्दै तृप्त हुंकु ॥

मूलबजाउंनेको लागि । यहूवेको दास् दाऊद्को गीत् जस् दिन् यहूवेले १८
दाऊद्लाइ त्येस्का सबै सत्रुहरुका हात् देखि र शाऊलको हात् देखि
बचायो त्येस् दिन् दाऊद्ले यहूवेको लागि येस् गीत्का यि बचन् भन्यो
अनि त्येस्ले भन्यो[१] ।

हे यहूवे मेरो सामर्थ मं तपांइ सङ प्रेम् राख्द छु । १
यहूवे मेरो पहरा र मेरो किल्ला र मेरो कुट्कारा हो २
मेरो ईश्वर् मेरो बल्लियो पहरा उसमां मं शरण् लिंकु
मेरो ढाल् र मेरो उद्धार् गर्ने सींग् मेरो अलगो धरारा ।
मं यहूवेलाइ हापार्ने गर्द छु जो स्तुति गरीने योग्य छ । ३
येसोरि आफ्ना सत्रुहरु देखि बचाईंकु ।
मृत्युका डोरीले मंलाइ घेर्ये ४
अधर्म्मका बाढिले मंलाइ डराउंनु लाग्ये ।
पत्तालका डोरी मेरो वरिपरि थिये । ५
मृत्युका पासोहरु मं मांथि आइ लाग्ये ।

[१] २ शमूएल् २२ अध्याय् हेर्नु ।

६ आफ्नु संकट्मां मैले यहूवेलाइ हापार्यें
अनि आफ्नु ईश्वर्लाइ हापार्यें .
उस्ले आफ्नु मान्दिर् देखि मेरो सोर् सुन्यो
अनि मेरो दोहाई उस्का कानमां पुग्यो ।
७ तब पृथिवी हल्लीयो अनि कांप्यो
पहाड्हरुका जग्हरु चल्ये
अनि हल्लीये उस्को क्रोध्को कारण्ले ।
८ उस्का नाथ्री देखि धुवां उठ्यो
अनि उस्को मुख् बाटोको आगोले भस्म पार्यो .
त्येस् देखि कोइला सल्काईये ।
९ उ स्वर्गलाइ पनि निउंरायेर उत्र्यो
अनि उस्का गोड़ा मुनि बाक्लो अंध्यारो थियो ।
१० अनि येउटा करूब् मांथि चढ़ेर उड़्यो .
अं उ बतास्को पखेटा मांथि बेग् हानि उड़्यो ।
११ उस्ले अंध्यारोलाइ आफ्नु लुक्ने ठांउ अं आफ्नु वरिपरि मण्डप् तुल्यायो
पानीहरुको अंध्यारोलाइ आकाश्का बाक्ला बादल्हरुलाइ ।
१२ उस्को सांमुको चमक्ले उस्का बाक्ला बादल्हरु हराये
असीनाहरु र आगोका फिलोगाहरु ।
१३ यहूवे स्वर्गमां गर्ज्यो पनि
अनि परम् ईश्वर्ले आफ्नु बाणी सुनायो
असीनाहरु र आगोका फिलोगाहरु ।
१४ अनि उस्ले आफ्ना कांडू हानि पठायेर तिनलाइ क्रपुठ्ठ पार्यो
अं धेरै बिजुलिहरु अनि तिनलाइ धंस पार्यो ।
१५ तब पानीहरुका थाह्हरु देखाहा पर्ये
अनि जगत्का जग् उघारीये
हे यहूवे तपांइको हकराईले
तपांइको नाथ्रीको सास्को फुकाईले ।
१६ उस्ले मांथि बाटो पठायो उस्ले मंलाइ लियो
उस्ले मंलाइ धेरै पानीहरु देखि तान निकाल्यो ।
१७ उस्ले मंलाइ मेरो बल्लियो सत्रु देखि बचायो
अनि मंलाइ घिनाउनेहरु देखि किनभन्ये तिनिहरु मं भन्दा बल्लियाहरु थिये ।
१८ तिनिहरु मं मांथि मेरो बिपत्तिको दिन्मां आइ लाग्ये .
तर यहूवे चइं मेरो टेवा थियो ।
१९ उस्ले मंलाइ येउटा फराक् ठांउमां निकालि पनि ल्यायो
उस्ले मंलाइ क्रोड़ायो किनभन्ये उ मं देखि खुशि थियो ।
२० यहूवेले मंलाइ मेरो धर्म्मको अनुसार् प्रतिफल् दियो
मेरो हात्को चोखेइं अनुसार् उस्ले मंलाइ साठो दियो ।

किनभन्ये मैंले यहूवेका बाटाहरु समाति राख्येको कु २१
अनि न आफ्नु ईश्वर् देखि दुष्ट भइ हिंड़ि गयेको कु ।
कसोगरिभन्ये उस्का सबै नियाबचन्हरु मेरो सांमु थिये २२
अनि मैंले उस्का विधिहरुलाइ आफु देखि टाड़ो राख्येको कुइंन ।
मं उस्को लागि सिद्ध पनि थियें २३
अनि आफ्नु अधर्म्म देखि जोगीइ रह्यें ।
येस्कारण् यहूवेले मंलाइ मेरो धर्म्मको अनुसार् साटो दियो २४
उस्को मुखेंजि भयेको मेरा हातको चोखेईं अनुसार् ।
कृपालु मांथि तपांइ कृपालु देखाहा पर्नु हुंद कु २५
सिद्ध मांथि तपांइ सिद्ध देखाहा पर्नु हुंद कु ।
शुद्ध मांथि तपांइ शुद्ध देखाहा पर्नु हुंद कु २६
अनि अट्टेरि मांथि तपांइ बटारीयेको देखाहा पर्नु हुंद कु ।
कसोगरिभन्ये दुखित्हरुलाइ तपांइले बचाउंनु हुंद कु २७
तर अहंकारी आंखालाइ तपांइले खसाल्नु हुंद कु
कसोगरिभन्ये तपांइले मेरो बत्ती बाल्नु हुंकु २८
अनि मेरो ईश्वर् यहूवेले मेरो अन्धकार्लाइ उज्यालो पार्कु ।
कसोगरिभन्ये तपांइको बाटोले मं दल् मांथ दुगुरि जांद कु २९
अनि मेरो ईश्वर्को बाटोले भित्ता नांघ्द कु ।
ईश्वरैको विषयमां उस्को बाटो सिद्ध क .
यहूवेको बचन् जांचीयेको कु
उ आफ्नु शरण् लिनेहरु सबैको लागि ढाल् कु ।
कसोगरिभन्ये यहूवे बाहिक् ईश्वर् को कु .
अनि हांमिहरुको ईश्वर् बाहिक् पहरा को कु .
जुन् ईश्वर्ले मंलाइ बल् भिराइ दिंद कु ३२
अनि मेरो बाटो सिद्ध तुल्याउंद कु ।
उस्ले मेरा गोड़ा हर्णीहरुका जस्ता तुल्याउंद कु .
अनि मंलाइ मेरा अल्गा ठांउहरुमां बसाल्द कु ।
उस्ले मेरा हातहरुलाइ लड़ाईं गर्नुलाइ सिकाउंद कु ३४
पीतलको धनु मेरा बाहांले उकाल्नु भन्ये खातिर्ले ।
तपांइले मंलाइ आफ्नु उद्धार् गर्ने ढाल् पनि दिंनु भयो ३५
अनि तपांइको दाहीनो हातले मंलाइ सम्भाल्येको कु
अनि तपांइको नरमैंलेले मंलाइ बढ़ायेको कु ।
तपांइले मं मुनि मेरा फड्का बढ़ाउंनु भयो ३६
त मेरा गोड़ा चिर्म्रायेनन् ।
मं आफ्नु सत्रुहरुलाइ खेद्येर भेट्टाउंकु . ३७
अनि न तिनिहरु भस्म न होउंन्जाल् सम्म फर्किंकु ।

३८ तिनिहरु उठ्नु न सक्ने सम्मगरि तिनिहरुलाइ मारि दिंकु
मेरा गोड़ा मुनि तिनिहरु लड्नुन् ।
३९ कसोगरिभन्ये तपांइले मंलाइ लड़ाईंको लागि बल् भिराइ दिनु भयो ,
मं मांथि आइ लाग्नेहरुलाइ तपांइले मं मुनि निउंराइ दिंनु भयो ।
४० तपांइले मेरा सत्रुहरुलाइ मेरो लागि पिठिउं फर्काउंनु पनि लाउंनु भयो
मैंले आफ्ना बैरिहरुलाइ काटि दिंनुलाइ ।
४१ तिनिहरु चिच्याये तर बचाउंने कोई पनि रैनछ
अं यहुवे पट्टि तर उस्ले तिनिहरुलाइ उत्तर् दियेन ।
४२ तब मैंले तिनिहरुलाइ आंधीको सांमु उड़ायेको धूलो झैं मसौंनो पिठो पार्थे
बाटोको हिलो झैं तिनिहरुलाइ निकाल्थें ।
४३ तपांइले मंलाइ प्रजाको झगरा देखि छोड़ाउंनु भयेको छ
तपांइले मंलाइ लोग् लोग्को मालिक् तुल्याइ राख्नु भयेको छ .
मैंले न चिन्येका लोगले मेरो सेवा गर्छन् ।
४४ मेरो बिषयमां सुन्नु बित्तिकै मेरो कर्मां आउंछन्
अन्यदेसीहरुले मंलाइ छल् बिना मान्छन् ।
४५ अन्यदेसीहरु ओइल्हौंछन्
अनि आफ्नु आफ्नु सांगुरो ठांउ देखि कांम्दै निस्कंछन् ।
४६ यहुवे जीइ रहंद छ अनि मेरो पहरा धन्नको हवस्
अनि मेरो उद्धार गर्ने ईश्वर् अलग्याईओस् .
४७ अं मेरो लागि साटो लिंने ईश्वर्
उस्ले लोगलाइ मेरो मुनि ओह्राल्द छ ।
४८ उस्ले मंलाइ मेरा सत्रुहरु देखि बचाउंद छ .
अं तपांइले मंलाइ मं मांथि आइ लाग्नेहरु मांथि उचालनु हुंद छ ,
तपांइले मंलाइ उपद्रे मान्छे देखि छोड़ाउंनु हुंद छ ।
४९ येस्कारण् हे यहुवे लोग् लोग्को बीचमां तपांइको धन्नबाद् गर्छु
अनि तपांइको नाउंको स्तुति गाउंछु ।
५० उस्ले आफ्नु राजालाइ तुलो कुटकारा दिंद छ
अनि आफ्नु अभिषिक्त मांथि करुणा गर्द छ
दाऊद् मांथि र त्येस्का बंश मांथि जुगनजुग् ॥

१९ मूलबजाउंनेको लागि । दाऊद्को गीत् ।

१ स्वर्गले ईश्वर्को महिमाको बखान् गर्द छ
अनि अकाशले उस्का हातको काम् प्रगट् गर्द छ ।
२ दिन्ले दिन्लाइ बोली निकाल्द छ
अनि रात्ले रात्लाइ ज्ञान् देखाउंद छ ।
३ बोली छैन अनि कुरा पनि छैन
तिनिहरुको सोर् सुनीदैन ।

तिनिहरुको नापो सिंगै पृथिवीमां ४
अनि तिनिहरुका कुरा संसार्को केउ सम्म फिंजीयेका छन् ।
तिनिहरुमां उस्ले सूर्जको लागि डेरा राख्येको छ
जो सूर्ज त्येस्को कोठा देखि निस्कि आउंद छ व्याउला जस्तो छ ५
जो वीर् झैं होड्मां दुगुर्नुलाइ रमाउंद छ ।
त्येस्को निस्किजवाई आकाश्को केउ देखि छ ६
अनि त्येस्को चक्कर् आर्को केउ सम्म ।
अनि त्येस्को घाम् देखि कोइ पनि लुक्येको छैन ॥

यहूवेको व्यवस्था सिद्ध छ प्राण् फर्काउंने । ७
यहूवेको साक्षीवचन् विश्वास्योग्य छ लाटालाइ बुद्धिमान् तुल्याउंने ।
यहूवेका अर्थीहरु ठीक् छन् हिर्दय्लाइ आनन्द गराउंने ८
यहूवेको आज्ञा चोखो छ आंखालाइ उज्यालो पार्ने ।
यहूवेको भय् शुद्ध छ सदाको लागि रहंने । ९
यहूवेका नियाबचनहरु सच्चा छन् सब्बै तिर धर्म्म हुंने ।
तिनिहरु सुन् भन्दा अं धेरै अस्सल सुन् भन्दा मनपर्दा । १०
मह अं चाकाको बहंने मह भन्दा गुलीयो छ ।
येस् उप्रान्त तिनिहरु देखि तपांइको दास् चेताईयेको छ । ११
ति मान्येकोमां तुलो प्रतिफल् छ ।
भूलचूक्लाइ कस्ले चिन्नु सक्छ । १२
गुप्त पाप् देखि मंलाइ चोख्याउंनु हवस् ।
अहंकारका पापहरु देखि पनि आफ्नु दास्लाइ थुन्नु हवस् १३
तिनिहरुले मं मांथि प्रभुतेईं गर्नु न पाउन् । तब निर्दोषी हुंकु
अनि ठुलो अपराध् देखि चोखींकु ।
मेरो मुखका कुरा र मेरो हिर्दय्को ध्यान् तपांइको सांमु ग्रहण्योग्य होउन् १४
हे यहूवे मेरो पहरा र मेरो कुट्काग ॥

मूलबजाउंनेको लागि । दाऊद्को गीत् । २०

संकष्टको दिनमां यहूवेले तंलाइ उत्तर् देवस् १
याकूबको ईश्वरको नांउले तंलाइ ऊंभो अलग्यावस्
पवित्रस्थान् देखि तेरो लागि गोहार् पठावस्
अनि सिय्योन् देखि तंलाइ संभालोस् २
तेरा सबै अन्नबलि सम्झोस्
अनि तेरा होमबलि ग्रोसो झैं ग्रहण् गरोस् सेला ।
तेरो मनको इच्छे तंलाइ देवस् ३
अनि तेरा सबै युक्ति पूरो गरोस् ।

५ तेरो उद्धारमां हांमिहरु जयजय् गाउंछौं
अनि आफ्नु ईश्वर्को नांउमां आफ्ना झण्डाहरु उभ्याउंछौं.
यहुवेले तेरा सबै अर्जी पूरो गरोस् ।
६ ऐले जान्द छु यहुवेले आफ्नु अभिषिक्तलाइ उद्धार् गर्दै छ
उस्ले आफ्नु पवित्र स्वर्ग देखि त्येस्लाइ उत्तर् दिंछ.
आफ्नु दाहीनो हात्को उद्धार् गर्न पराक्रमले ।
७ कत्तिले रथहरुमां र कत्तिले घोड़ाहरुमां
तर हांमिहरु चइं आफ्नु ईश्वर् यहुवेको नांउमां बड़ाई गर्छौं ।
८ तिनिहरु चइं निउंयेर लड़ेका छन्.
तर हांमिहरु चइं उठेर उभीइ रहंद छौं ।
९ हे यहुवे बचाउंनु हवस्.
हांमिहरुले पुकार्दामां महाराजाले हांमिहरुलाइ उत्तर् देवस् ॥

२१ मूलबजाउंनेको लागि । दाऊद्को गीत् ।

१ हे यहुवे महाराजाले तपांइको सामर्थमां आनन्द गर्छ
अनि तपांइले गर्न उद्धारमां त्यो कति बिघ्न हर्षित् हुंछ ।
२ तपांइले त्येस्लाइ त्येस्को मन्को इच्छे दिंनु भयो
अनि तपांइले त्येस्का ओंठको बिन्ति पन्नु भयेन । सेला ।
३ कसोगरिभन्ये तपांइले त्येस्लाइ
अस्सल् अस्सल् आशीष् लियेर भेट् गर्नु भयो.
तपांइले त्येस्को सिरमां अस्सल् सुन्को मुकुट् राखनु भयो ।
४ त्येस्ले तपांइ सित जीउंनि मांग्यो अनि तपांइले त्येस्लाइ त्यो दिंनु भयो
अं जुगजुगको दीर्घायु ।
५ त्येस्को महिमा तपांइले गर्न उद्धारमां ठुलो छ
प्रताप् र महातम्लाइ तपांइले त्येस् मांथि राखनु हुंद छ ।
६ कसोगरिभन्ये तपांइले त्येस्लाइ सदाको लागि आशीषहरुको कारण
तुल्याउंनु हुंद छ.
तपांइले त्येस्लाइ आफ्नु दर्शन् दियेर रमाहटले आनन्दित् तुल्याउंनु हुंद छ ।
७ कसोगरिभन्ये राजाले यहुवे मांथि भरोसा राखद छ
अनि परम् ईश्वर्को कृपाको कारणले त्यो कैले पनि हल्लाईंदैन ।
८ आफ्को हातले आफ्ना सबै मत्तरहरुलाइ समात्छन्.
आफ्को दाहीनो हातले आफ्नु सित इब्रि राख्ने सबैलाइ समात्छ ।
९ आफ्ले आफ्नु प्रगट् हुंने बेलामां तिनिहरुलाइ बलदो भट्टी तुल्याउंनु हुंछ
यहुवेले तिनिहरुलाइ आफ्नु क्रोधमां निलि हाल्छ
अनि आगोले तिनिहरुलाइ खाइ हाल्छ
१० तिनिहरुको सन्तानलाइ आफ्ले पृथिवी देखि मेट्नु हुंछ
अनि तिनको वंशलाइ मान्छेहरुको बीचबाट देखि ।

किनभन्ये तिनिहरुले आफुको हानि गर्ने जतन् गर्थे . ११
तिनिहरुले आफुले गर्नु न सक्ने जुक्ति निकाल्थे ।
किनभन्ये आफुले तिनिहरुको पिठिउं फर्काउंनु लाउंनु हुंछ ५२
आफ्नु धनु तिनिहरुको सांमु चढ़ाइकन ।
छै यहुवे आफ्नु सामर्थमां अलग्याईंनु हुवस् . १३
त हांमिहरु तपांइको पराक्रमको स्तुति र भजन् गाउंछौं ॥

मूलबजाउंनेको लागि अय्येलेथश्शहर् [१] भनींने रागमां बजाईंने । २२
दाऊदको गीत् ।

हे मेरा ईश्वर् हे मेरा ईश्वर् मंलाइ किन छोड़ि दिंनु भयो . १
मंलाइ गोहार् गर्नु देखि र मेरो कंकलाश्का कुरा देखि धेरै टाढ़ो किन
रहंनु हुंद छ ।
हे मेरा ईश्वर् दिउंसो हापाईं रहंद छु तर तपांइले उत्तर् दिंनु हुंन्न २
अनि राति पनि तर मेरो चैन् छैन ।
तर तपांइ जो इस्राएलका स्तुति मांथि बिराजने छौ ३
तपांइ पवित्र हुंनु हुंद छ ।
तपांइ मांथि हांमिहरुका पित्रहरुले भरोसा राख्द थिये . ४
भरोसा राख्द थिये अनि तपांइले तिनिहरुलाइ छोड़ाउंनु भयो ।
तपांइ तिर हापाईं थिये अनि छोड़ाईंये . ५
तपांइ मांथि भरोसा राख्द थिये अनि लजाईंयेनन्
तर मं चइं ता कीरा मांत्रै अनि मान्छे हुंईंन ६
मान्छे देखि गिल्ला लोग् देखि तुच्छ ।
मंलाइ देख्ने सबै निन्दा गरि हांस्द छन् . ७
ओंठ् फर्काउंद छन् सिर् चलाउंद छन् येसो भनिकन
यहुवे मांथि आफुलाइ पत्या उस्ले त्येस्लाइ छोड़ावस् . ८
उस्ले त्येस्लाइ बचावस् किनभन्ये उ त्येस्मां खुशि हुंद छ भन्दै ।
तर मंलाइ पेट् देखि निकाल्ने तपांइनै हौ . ९
मं आफ्नी आंमाका थुनमां हुंदा तपांइले मंलाइ भरोसा गर्नु लाउंनु भयो ।
गर्भ देखि मं तपांइमांइ हालीयें १०
मेरी आंमाको पेटै देखि तपांइ मेरो ईश्वर् हुंनु हुंद छ ।
मं देखि टाढ़ो न हुंनु हुवस् किनभन्ये सकस् नजिक् छ ११
किनभन्ये मेरो गोहारे कोई छैन ।
धेरै सांढ़हरुले मंलाइ घेर्ये १२
बाशानका बल्लिया सांढ़हरुले मेरो चारै पट्टि बाटो मंलाइ फेरो मांर्थे ।

[१] अर्थात् बिहानको चरिणी ।

१३ तिनिहरुले मं मांथि आफ्नु मुख् पसार्द कुन्
फार्न र गर्जने सिंहले झैं
१४ पानी झैं पोखाईयेको कु
अनि मेरा सबै हाड्हरु जोड् देखि उखेलीयेका कुन्.
मेरो हिर्दय् मयेन् जस्तो कु
मेरा आन्द्राहरुको बीचमां पगल्येको कु ।
१५ मेरो बल् खबटा जस्तो सुक्येको कु
अनि मेरो जिब्रो मेरो तालूमां टांसीद कु
अनि मृत्युको धूलोमां तपांइले मंलाइ हाल्नु भयो ।
१६ कसोगरिभन्ये कुकुरहरुले मंलाइ घेर्ये.
दुष्ट कुकर्म्मीहरुको मंडलीले मंलाइ चारै तिर बाटो पुन्यो
मेरा हात् र मेरा गोड़ा तिनिहरुले कोंड़ेर ।
१७ मं आफ्ना-सबै हाड् गन्नु सक्कु
तिनिहरुले मं मांथि डिठ् लगाइकन हेर्द कुन्.
१८ तिनिहरुले मेरा बस्त्र आपस्तमां बांड़ि लिंद कुन्
अनि मेरो मूलबस्त्रमां चिट्ठा हालि दिंद कुन् ।
१९ तर हे यहुवे तपांइ टाढ़ो न हुंनु हवस्.
हे मेरा सहायक् मेरो गोहार्को लागि छिटो गर्नु हवस् ।
२० मेरो प्राणलाइ तरवार् देखि
मेरो एकलैलाइ कुकुर्को हात् देखि छोड़ाउंनु हवस् ।
२१ मंलाइ सिंहको मुख् देखि बचाउंनु हवस्
अं अनाको सींग् देखि मंलाइ तपांइले उत्तर् दिंनु भयो ।
२२ आफ्ना भाईहरुलाइ तपांइको नांउको वृत्तान्त कहि सुनाउंकु.
मंडलीको बीचमां तपांइको भजन् गाउंकु ।
२३ हे यहुवेको भय् मान्नेहरु हो उस्को स्तुति गर
हे याकूबको सिंगै वंश उस्को महिमा गर
अनि हे इस्राएलका सबै वंश उ देखि डराउ ।
२४ किनभन्ये उस्ले दुखिको दुकव न तुच्छ जान्यो न घिनायो
न आफ्नु मुख् त्यो देखि लुकायो
तर त्येस्ले उस्लाइ दोहाई दिंदा उस्ले सुन्यो ।
२५ तपांइ देखि तुलो सभामां मेरो स्तुति हुंछ.
उस्को भय् मान्नेहरुको मांझ मं आफ्नु भाकल् पूरो गर्कु ।
२६ नरमहरुले अघाउंजि अघाउंजि खांकुन्
यहुवेको पछि पछि लाग्नेहरुले उस्को स्तुति गर्कुन्.
आफुहरुको हिर्दय् सदाको लागि जीइ रहोस् ।
२७ पृथिवीका सबै कोंड सम्झिकन यहुवे तिर फर्कुन्.
अनि अन्यदेशीहरुका सबै कुलले तपांइको मांझ दण्डवत् गर्कुन् ।

किनभन्ये राज् यहूवेकै हो . २८
अनि अन्यदेशीहरु मांथि प्रभुतेईं गर्न उइ हो ।
पृथिवीका सबै बस्तियाबाङ्गाहरुले भोजन् खायेर दण्डवत् गर्छन् २९
धूलो सम्म उत्रंने सबै उसैको सांमु घोप्टो पर्छन्
अं जस्ले आफ्नु प्राण् जीउंदो राख्नु सक्दैन ।
येश्टा बंशले उस्को सेवा गर्छ ३०
यहूवेको बिषयमां पुस्ता सम्म बखान् गरींछ ।
तिनिहरुले आयेर जन्माईंने लोगलाइ उस्को धर्म्मको प्रचार् गर्छन् ३१
उस्ले गर्येको छ भन्ये ॥

दाजद्को गीत् । २३

यहूवे मेरो गोठाला हो मंलाइ घटि हुंदैन . १
उस्ले मंलाइ हरीयो खर्कमां खर्काउंद छ
उस्ले चैन्को पानी निर मंलाइ डोर्याउंद छ ।
उस्ले मेरो प्राण्लाइ फर्काउंद छ . ३
उस्ले आफ्नु नांउको कारण्ले मंलाइ धर्म्मका बाटामां अगुवाई गर्द छ ।
अं मृत्युको छायाको तरिमां हिंड्दैं भन्ये पनि ४
कुनै हानि देखि डराउंदौंन किनभन्ये तपांइनै मं सङ हुंनु हुंद छ
तपांइको लाठो र तपांइको लउरो जो हुन् तिनैले मंलाइ शान्ति दिंद छन् ।
तपांइले मेरो लागि मेरा बिरोधीहरुको सांमु मेज् तियार् पार्नु हुंद छ . ५
तपांइले मेरो सिर्मां तेल् लगाउंनु भयो मेरो कटोरा पोखींद छ ।
सांचै भलाई र करुणाले मेरो जीउंनिभरि मंलाइ पछ्याउंछन् . ६
अनि यहूवेको घर्मां सदा बस्ने गर्छु ॥

दाजद्को गीत् । २४

यहूवेलाइ पृथिवी पर्छ त्यस्को भर् पूरी समेत् १
जगत् र त्येसमां बस्नेहरु सबै ।
कसोगरिभन्ये उस्ले समुन्द्र मांथि त्यो बसाल्यो २
अनि महानदीहरु मांथि स्थिर् गर्यो ।
यहूवेको पर्वतमां कस्ले चढ्नु पाउंछ . ३
अनि उस्को पवित्र ठांउमां कस्ले उभीनु पाउंछ ।
जस्को हात् निर्दोष् र हृदय् शुद्ध छ ४
जस्ले आफ्नु प्राण् व्यर्थैं तिर अल्ग्याएको छैन
न छल् सित किरिया खायेको छ ।
त्येस्तेले यहूवे देखि आशीष् पाउंछ ५
अनि त्येस्को उद्धार् गर्ने ईश्वर् देखि धर्म्म ।

६ उपस्थित सोधनी गर्नेहरुको पुस्ता येइ हो
हे याकूबको ईश्वर् तपांइको दर्शन् खोजनेहरु । सेला।
७ हे दैलाहरु हो आफ्ना सिर् उठाव
अनि अलग्याईयौ हे सनातन्का ढोकाहरु हो .
त महिमाको राजा पस्छ ।
८ महिमाको राजा भन्ने को हो .
यहूवे प्रतापी र पराक्रमी
यहूवे लड़ाईमां पराक्रमी ।
९ हे दैलाहरु हो आफ्ना सिर् उठाव
अं तिनलाइ अलग्याव हे सनातन्का ढोकाहरु हो .
त महिमाको राजा पस्छ ।
१० महिमाको यो राजा भन्ने चइं को हो .
सेनाहरुको यहूवे
उहे चइं महिमाको राजा हो सेला।

२५ दाऊद् रचित् ।

१ तपांइ यांइ हे यहूवे आफ्नु प्राण् उठाउंद छु ।
२ हे मेरो ईश्वर् तपांइमांने भरोसा गर्येको छु
मंलाइ लाजमां पर्नु न दिनु हवस्
मेरा शत्रुहरुले मं मांथि जय् गर्नु न पाउन् ।
३ अं तपांइका बाटा हेर्ने कुनै पनि लज्जित् हुंनु न पाउस् .
अकारण् छलको बेहोरा गर्नेहरु लजाउंछन् ।
४ आफ्ना मार्ग हे यहूवे मंलाइ जनाउंनु हवस्
आफ्ना बाटा मंलाइ सिकाउंनु हवस् ।
५ आफ्नु सच्चैमां मेरो अगुवाई गर्नु हवस् अनि मंलाइ सिकाउंनु हवस्
किनभन्ने तपांइने मेरो उद्धार् गर्ने ईश्वर् हौ
किनभरि तपांइको बाटो हेरि रहंद छु ।
६ हे ईश्वर् आफ्नु बड़ो दया र करुणा सम्झनु हवस्
किनभन्ने ति सधैं देखि छंदै छन् .
७ मेरो जवानैंका पाप् र मेरा अपराध् न सम्झनु हवस् .
आफ्नु करुणा अनुसार् मंलाइ सम्झनु हवस्
आफ्नु भलाईको कारण्ले हे यहूवे ।
८ यहूवे भलो र सोजो छ
येस्कारण् उस्ले पापीहरुलाइ बाटोमां शिक्षा दिंछ ।
९ उस्ले दीनहरुलाइ नियाबचनमां अगुवाई गर्छ .
अनि दीनहरुलाइ आफ्नु बाटोको शिक्षा दिंछ ।

यहूवेको नियम् र साक्षीवचन् मान्नेहरूको लागि १०
उस्का सबै बाटा करुणा र सचेईंका कुरा ।
हे यहूवे आफ्नु नांउको कारणले ११
मेरा अधर्म्म क्षमा गर्नु हुन्छ किनभन्ने त्यो ठुलो छ ।
यहूवेको भय् मान्ने को छ . १२
उस्ले त्येस्लाइ छानीयेको बाटोमां शिक्षा दिंछ ।
त्येस्को प्राणले चैनमां बास् गर्छ १३
अनि त्येस्का सन्तान् देसका अधिकारी हुंछन् ।
यहूवेको भेद् उस्को भय् मान्नेहरू चइं सङ छ १४
अनि उस्ले तिनिहरुलाइ आफ्नु नियम् जनाउंछ ।
मेरा आंखा सदा यहूवे तिर लागद् छन् १५
किनभन्ने उस्ले मेरा गोड़ा पासो देखि निकाल्छ ।
मं तिर फर्क्यर मं मांथि अनुग्रह् गर्नु हुन्छ १६
किनभन्ने मं एकलै र मिचीयेको छु ।
मेरो हिर्दयका क्लेशहरू बढ़ाईयेका छन् . १७
मंलाइ मेरा संकसहरू देखि निकालनु हुन्छ ।
मेरो दुक्ख र मेरो कष्ट मांथि दृष्टि गर्नु हुन्छ १८
अनि मेरा सबै पाप् माफ् गर्नु हुन्छ ।
मेरा सत्रुहरू मांथि दृष्टि गर्नु हुन्छ किनभन्ने तिनिहरू धेरै छन् १९
अनि तिनिहरुले मं मांथि बिघ्न रिस् राखद् छन् ।
मेरो प्राणको रक्षा गनु हुन्छ अनि मंलाइ छोड़ाउंनु हुन्छ . २०
मंलाइ लज्जित् हुंनु न दिंनु हुन्छ किनभन्ने मं तपांइको शरणगत् छु ।
निखरेईं र सोझेईंले मेरो रक्षा गरुन् २१
किनभन्ने तपांइको बाटो खोई छु ।
हे ईश्वर् इस्राएल्लाइ २२
त्येस्का सबै संकट् देखि छोड़ाउंनु हुन्छ ॥

दाऊद् रचित् । २६

हे यहूवे मेरो निया गर्नु हुन्छ किनभन्ने मं आफ्नु निखरेईंमां हिंड़ेको छु . १
मैले यहूवे मांथि भरोसा राख्येको छु न हल्लीहाल्छन ।
हे यहूवे मंलाइ जांचनु हुन्छ मंलाइ खार्नु हुन्छ २
मेरो मुटु र मेरो हिर्दय् जांचनु हुन्छ ।
किनभन्ने तपांइको करुणा मेरा आंखाको सोझि छ ३
अनि तपांइको सचेईंको सोझि हिंड़ेंछु ।
व्यर्थैं गर्नेहरू सङ बस्येको छैन ४
न कपटीहरू सङ पस्छु ।

५ कुकर्म्मीहरुको मंडली देखि घिन् राख्द कु
अनि दुष्टहरु सङ बस्दीन ।
६ मं आफ्नु हात् निर्दोषेईमां धुन्कु
येसोरि तपांइको वेदिको रिंगे माड़ो घुम्कु हे यहुवे .
७ मैले धन्नवाद्को सोर् सुनाउंनुलाइ
अनि तपांइका सबै आश्चर्य्यकर्म्मको बखान् गर्नुलाइ ।
८ हे यहुवे तपांइको घर्को वास्लाइ
र तपांइको महिमाको वास्स्थान्लाइ प्यारो गर्द कु ।
९ मेरो प्राण्लाइ पापीहरु सङ
र मेरो जीवन्लाइ रगत् बहाउंने सङ मेला न गराउंनु हवस् .
१० जुन्हरुको हातमां दुष्टेई छ
अनि तिनिहरुको दाहीनो हात् घूसले भरीयेको छ ।
११ तर मं चइं आफ्नु निखरेईमां हिंड्कु .
मलाइ छोड़ाउंनु हवस् अनि मं मांथि अनुग्रह् गर्नु हवस् ।
१२ मेरा गोड़ाले सम्म ठांउमां टेक्द छन् .
मंडलीहरुमां यहुवेलाइ आशीर्वाद् दिंकु ॥

२७ दाऊद् रचित् ।

१ यहुवे मेरो ज्योति र मेरो मुक्ति हो मं को देखि डराउं .
यहुवे मेरो जीवन्को गढ़ि हो
मं कस्को भय् मानुं ।
२ जब कुकर्म्मीहरु अं मेरा विरोधीहरु र मेरा सत्रुहरु
मेरो जीउ खाइ हाल्नुलाइ मं मांथि आइ लाग्ये तब ठोकर् खायेर लड़ गये।
३ सेनाहरुले मेरो विरुद्धमां डेरा हाल्ये भन्ये पनि
मेरो हिर्दय् डराउंदैन .
लड़ाईं मेरो विपक्षमां उठ्यो भन्ये पनि
त्यस् बेलामां पनि हूप् बांधदै रहंकु ।
४ येउटा कुरो यहुवे सित मांग्येको छु त्येइ चइं खोज्दै रहंकु अर्थात्
यहुवेको घरमां आफ्नु जीवनभरि बस्ने गर्म
यहुवेको मनोहरेईमां हेरि रहंनु र उस्को मन्दिरमां ध्यान् गर्नु ।
५ किनभन्ये विपत्तिको दिनमां उस्ले मलाइ आफ्नु मंडपमां लुकाइ लुकाइ
राख्छ
आफ्नु डेराको लुक्ने ठांउमां मलाइ लुकाउंछ
उस्ले मलाइ पहरा मांथि चढ़ाइ त्याउंछ ।
६ त ऐलेने मेरो सिर् मेरा चारै पट्टिका मेरा सत्रुहरु मांथि उठाईंछ
अनि उस्को डेरामां जयजय गरि बलिदान् चढ़ाउंछु .
गाउंकु अं यहुवेको लगि भजन् गाउंकु ।

हे यह्वे मं चर्को सोर्ले करायेको सुन्नु हवस् . ७
मं मांथि अनुग्रह् पनि गर्नु हवस् अनि मंलाइ उत्तर् दिंनु हवस् ।
(जब तपांइले भन्नु भयो) मेरो दर्शन् खोज् भनि तब मेरो मन्ले तपांइलाइ ८
हे यह्वे तपांइको दर्शन् ता खोज्छु भनि भन्यो ।
आफ्नु मुख् मं देखि न लुकाउंनु हवस् ९
आफ्नु दास्लाइ रिस्ले न हटाउंनु हवस् .
तपांइ मेरो गोहारे हुंनु भयो
हे मेरो उद्धार् गर्ने ईश्वर् मंलाइ न आफाल्नु हवस् न छोड्नु हवस् ।
मेरा आंमा बाबुले मंलाइ छोड्येका भये पनि १०
यह्वेचइंले मंलाइ उठाइ लिंछ ।
हे यह्वे तपांइकै बाटो मंलाइ सिकाउंनु हवस् ११
अनि मेरा बिरोधीहरुको कारण्ले
मंलाइ सम्म मार्गमां अगुवाई गर्नु हवस् ।
मंलाइ मेरा बिरोधीहरुको इच्छेमां न सुम्पि दिंनु हवस् . १२
किनभन्ये झुट्टा साक्षीहरु मेरो बिरुद्धमां उठ्येका छन् अनि निष्ठुरेईंको
सास् फुल्याउंनेहरु ।
मैंले यह्वेको भलाई १३
जीवन्को लोक्मां हेर्नु बिश्वास् भयेन भन्ये देखि (मं नास् हुंने थियें) ।
यह्वेको बाटो हेर् . १४
बल्लियो हो अनि तेरो मन्ले हूप् बांधोस्
अं यह्वेको बाटो हेर् ॥

दाऊद् रचित् । २८

हे यह्वे तपांइ थांइ हापार्छु १
हे मेरो पहरा मेरो लागि बहिरो न हुंनु हवस् .
होइन भन्ये ता तपांइ मं देखि चुप्चाप् रह्यौ भन्ये देखि ता
मं खाड्लमां उत्रि जांनेहरु जस्तो हुंला ।
मैंले तपांइ थांइ दियेका अर्जीहरुको सोर् सुन्नु हवस् २
जब तपांइको पवित्रस्थान्को भित्रेकोठा तिर हात् उचाल्द छु ।
मंलाइ दुष्टहरु सङ न घिस्याउंनु हवस् ३
अनि कुकर्म्म गर्नेहरु सङ
जुन्हरुले आफ्ना क्षिमेकिहरु सित मेल्को कुरा ता गर्द छन्
तर तिनिहरुका हिदय्मां बुराई चइं रहंद छ ।
तिनिहरुलाइ तिनिहरुको काम् अन्सार् र तिनिहरुका कार्ज्यको बुराई ४
अन्सार् दिंनु हवस्
तिनिहरुका हातका काम् अन्सार् तिनिहरुलाइ दिंनु हवस्
तिनिहरुलाइ तिनिहरुको प्रतिफल् दिंनु हवस् ।

५ किनभन्ये तिनिहरुले न यह्वेको कार्ज्ये
न उस्का हातको काम्को चेत् गर्द छन्
उस्ले तिनिहरुलाइ भत्काउंछ अनि फेरि उठाउंदैन :

६ यह्वे धन्नको हवस्
किनभन्ये उस्ले मेरा अर्जीहरुको सोर् सुन्येको छ ।
७ यह्वे मेरो बल् र मेरो ढाल् हो
मेरो मन्ले उस् मांथि भरोसा राख्यो अनि मैंले गोहार् पायें .
येस्कारण् मेरो मन् अग्घोर् रमाउंद छ
अनि मं आफ्नु गीत्ले उस्को स्तुति गर्छु ।
८ यह्वे तिनिहरुको बल् हो
अनि आफ्नु अभिषिक्तको बचाऊको लागि बल्लियो ठांउ उइ हो ।
९ आफ्नु लोग्को उद्धार् गर्नु हवस् अनि आफ्नु निज् भाग्लाइ आशीष्
दिंनु हवस् .
तिनिहरुलाइ चराउंनु पनि हवस् अनि सधैंको लागि तिनिहरुलाइ
सम्माल्नु हवस् ॥

२९ दाऊद्को गीत् ।

१ हे प्रतापीहरुका छोराहरु हो यह्वेलाइ दिंनु
यह्वेलाइ महिमा र बल् दिंनु ।
२ यह्वेलाइ उस्को नांउलाइ दिंनु पर्ने महिमा दिंनु
पवित्रेर्डंको सुन्दरेर्डंमां यह्वेलाइ दण्डवत् गर ।
३ यह्वेको सोर् पानीहरु मांथि छ .
महिमाको ईश्वर् गर्जंद छ
अं यह्वे चइं धेरै पानीहरु मांथि ।
४ यह्वेको सोर् शक्तिमान् छ
यह्वेको सोर् प्रताप्मय् छ ।
५ यह्वेको सोर्ले देव्दारुहरु भांच्द छ
अं यह्वेले लबानोन्का देव्दारु भांच्द छ ।
६ उस्ले तिनिहरुलाइ बाच्छाहरुलाइ झैं उफ्रंनु लाउंद छ
लबानोन् र शिर्योन्लाइ अर्नाको पाड़ालाइ झैं ।
७ यह्वेको सोर्ले आगोको जुवालालाइ चीद छ ।
८ यह्वेको सोर्ले बन्लाइ कंमाउंद छ
यह्वेले कादेश्को बन्लाइ कंमाउंद छ ।
९ यह्वेको सोर्ले हरिण्हरुको गर्भ तुलाउंद छ
अनि पातल्लाइ पत्झड़् तुल्याउंद छ .
अनि उस्को मन्दिर्मां सबै थोक्ले महिमा भनि भन्द छ ।

जलप्रलयमां यहवे बिराजद थियो १०
अं यहवे सधैंको लागि राजागरि बिराजद छ ।
यहवेले आफना लोगलाइ बल् दिंछ ११
यहवेले आफनु लोगलाइ कुशलको आशीष् दिंछ ॥

दाजद्को गीत् । घरपैंझोको बेलाको गीत् । ३०

हे यहवे मं तपांइलाइ सर्काउंछु किनभन्ये तपांइले मंलाइ ऊंभो तान्नु भयो १
अनि मेरा सत्रुहरुलाइ मं मांथि रमाहट् गर्नु दिनु भयेन ।
हे मेरो ईश्वर् यहवे २
तपांइको दोहाई दियें अनि तपांइले मंलाइ निको पार्नु भयो ।
हे यहवे तपांइले मेरो प्राणलाइ पत्ताल् देखि ऊंभो निकालि ल्याउंनु भयो . ३
मं खाड़लमां उत्रि न जांनुलाइ तपांइले मंलाइ जीउंदो राखनु भयो ।
हे यहवेका भक्तिहरु हो उस्को भजन् गाव ४
अनि उस्को पवित्र नांउको धन्नबाद् गर ।
किनभन्ये उस्को रिस् क्षणभरिको मांत्रै छ ५
तर उस्को अनुग्रह् चइं जीवनभरिको लागि .
रुवाई ता बेलुका बास् बस्नु आवस्
तर बिहान ता गीतगवाई ।
मंचइंले आफनु चैनको बेलामां भन्येको कु ६
कैले पनि सारीइंदैन भनि ।
हे यहवे तपांइले आफनु अनुग्रहले मेरो पहाड़ बलियो तुल्याउंनु भयो . ७
तपांइले आफनु मुख् लुकाउंनु भयो त मं थरहरि भयें ।
हे यहवे तपांइ थांइ हापार्यें ८
अनि यहवेको दोहाई दियें .
मं खाड़लमां उत्र्यें भन्ये देखि मेरो रगत् को नाफाको हुंछ . ९
को मांटोले तपांइको स्तुति गर्छ को त्येसले तपांइको सचेईंको बखान् गर्छ ।
हे यहवे सुनु हवस् अनि मं मांथि दया गर्नु हवस् . १०
हे यहवे मेरो गोहारे हुंनु हवस् ।
तपांइले मेरो लागि मेरो बिलाप् नाचमां फेर्नु भयो ११
तपांइले मेरा भाड्रा फुकालनु भयो अनि खुशिको पटुकाले बांधनु भयो .
मेरो महिमाले तपांइको भजन् गावस् अनि चुप् न हवस् भन्ये खातीरले । १२
हे मेरो ईश्वर् यहवे सधैं तपांइको धन्नबाद् गर्छु ॥

मूलबजाउंनेको लागि । दाजद्को गीत् । ३१

हे यहवे मं तपांइको शरणगत् हुंद कु मंलाइ कैले पनि लज्जित् हुंनु न १
दिंनु हवस् .
आफनु धर्म्मको कारणले मंलाइ छोड़ाउंनु हवस्

२ मं तिर आफ्नु कान् थाप्नु हवस् छिटोगरि मंलाइ छोड़ाउंनु हवस् .
मेरो लागि बल्लियो पहरा हुंनु हवस् मंलाइ बचाउंनुको लागि
किल्लाहरुको घर् ।

३ किनभन्ये तपांइनै मेरो पहरा र मेरो किल्ला हौ
त आफ्नु नांउको कारण् मंलाइ डोऱ्याउंनु हवस् अनि मेरो अगुवाई
गर्नु हवस् ।

४ तिनिहरुले मेरो लागि गुप्तगरि राख्येको पासो देखि मंलाइ खुस्काउंनु हवस्
किनभन्ये तपांइनै मेरो बल्लियो ठांउ हौ ।

५ मं आफ्नु आत्मा तपांइको हात्मां जिम्मा राख्द छु .
हे यह्वे हे सच्चेईंको ईश्वर् तपांइले मंलाइ छोड़ाउंनु भयो ।

६ धोखाका व्यर्थ थोकलाइ मान्नेहरु देखि बैरी छु .
तर मं चइं यह्वे मांथि भरोसा राख्द छु ।

७ तपांइको करुणामां आनन्द र रमाहट् गर्छु .
किनभन्ये तपांइले मंलाइ दीन् गरायेको देख्नु भयो
तपांइले मेरो प्राण्का दुक्खहरु जान्नु भयो .

८ अनि तपांइले मंलाइ सत्तुर्को हात्मां थुन्नु भयेन
तपांइले मेरा गोड़ा फराक् ठांउमां राख्नु भयो ।

९ हे यह्वे मं मांथि दया गर्नु हवस् किनभन्ये मं सकस्मां छु .
शोक्को कारण्ले मेरा आंखा खीईये अं मेरो प्राण् र मेरो जीउ ।

१० किनभन्ये मेरो जीवन् उदास्मां बिति गयो अनि मेरो बर्ष सुस्केरामंराईमां
मेरो बल् मेरो अधर्म्मको कारण्ले घट्येर ढल्पलाउंद छ अनि मेरा हाड्
खीईयेका छन् ।

११ मेरा सबै बिरोधीहरुको कारण्ले मं तुच्छ भयेको छु
अं अस्सल्गरिकन मेरा छिमेकिहरुको लागि अनि मेरा चिन्हारुहरुको
लागि डर्को कारण् भयें .
मंलाइ बाइर देख्नेहरु मं देखि भाग्ये ।

१२ मंऱ्येको मान्छे झैं मन् देखि बिर्सीयेको छु .
फुद्येको भांड़ा जस्तो छु ।

१३ किनभन्ये धेरैले मेरो गिल्ला गऱ्येको सुन्येको छु
चारै पट्टि भय् मांत्रै .
जैले तिनिहरुले मेरो बिरुद्धमां आपस्तमां सल्लाह् गऱ्ये
मेरो प्राण् लिंने जुक्ति गऱ्ये ।

१४ तर मं चइंले तपांइनै मांथि भरोसा राख्येको छु हे यह्वे
मैंले भन्यें मेरो ईश्वर् तपांइनै हौ ।

१५ मेरा समय्हरु तपांइको हात्मां छन् .
मेरा सत्तुर्हरुका हात् देखि र मंलाइ सताउंनेहरु देखि मंलाइ
छोड़ाउंनु हवस् ।

आफ्नु रूप् आफ्नु दास् मांथि चम्काउंनु हवस् .
तपांइले आफ्नु करुणाले मंलाइ बचाउंनु हवस् ।
मंलाइ लज्जित् हुंनु न दिंनु हवस् है यहूवे किनभन्ये मैंले तपांइलाइ १७
हापार्येको कु
दुष्टहरुलाइ लज्जित् हुंनु दिंनु हवस् तिनिहरु पत्तालमां चुप्चाप् रहुन् ।
ठांट्ने ओंठ् चुम्चांम् रहुन् १८
जो जो अहंकार् र अपमान्ले
धर्म्मीको विरुद्धमां बकद् कुन् ।
तपांइले आफ्ना डराउंनेहरुको लागि राख्येको भलाई कत्ति तुलो हो १९
तपांइको शरणगत् हुंनेहरुको लागि मान्छेको सन्तान्को सांमु तपांइले
गर्येको भलाई ।
तपांइले तिनिहरुलाइ दर्शन् दिंने गुप्त ठांउ मान्छेहरुका जुक्तिहरु देखि २०
तिनिहरुलाइ लुकाउंनु हुंछ
तपांइले तिनिहरुलाइ बक्बक्को झगरा देखि मंडपमां गुप्तगरि राख्नु हुंछ ।
यहूवे धन्नको हवस् . २१
किनभन्ये उस्ले मंलाइ उस्को उदेक्को करुणा बल्लियो सहरमां देखायो ।
मंचइंले आफ्नु डर्को बेलामां भन्यें तपांइका आंखाको सोजि देखि २२
काटीयेको कु भनि
तेपनि मैंले तपांइको दोहाई गर्दामां तपांइले मेरो अर्जीहरुको सोर्
सुन्नु भयो ।
है यहूवेका सबै भक्तिहरु हो उ सब प्रेम् गर . २३
यहूवेले विश्वासीहरुको रक्षे गर्दै छ
अनि अहंकार् गर्नेलाइ तुलो प्रतिफल् दिंद छ ।
बल्लियो हव अनि तिम्रो हिर्दयले हूप् बांधोस् २४
है यहूवे मांथि आशा राख्ने सबैहरु हो ॥

दाऊद् रचित् । मस्किल् भनींने गीत् । ३२

धन्न त्यो जस्को अप्राध क्षमा गरीयो जस्को पाप् ढाकीयो । १
धन्न त्यो मान्छे जस्को अधर्म्मको लेखा यहूवेले लिंदैन २
अनि जस्को आत्मामां कपट् कुंदै छैन ।
जब मम्म चुप् रह्यें मेरा हाड्हरु ३
दिनभरि मेरो कंकलाश्को कारणले मक्कीये ।
कमोगरिभन्ये तपांइको हात् दिन् रात् मां मांथि गह्रुङ् भयो . ४
मेरो रस् ग्रीष्मन्को घाम्मां झैं फेरीयो । सेला ।
मैंले आफ्नु पाप् तपांइ पांइ प्रगटो गर्यें अनि आफ्नु अधर्म लुकायेको छैन ५
मैंले भन्यें यहूवेको सांमु आफ्ना अप्राधहरुको स्वीकार् गर्छु
त तपांइलेने मेरो पाप्को अधर्म्म क्षमा गर्नु भयो । सेला ।

६ येस्कारण् जनंगे भक्तिले तपांइलाइ भेटाउंने बेलामां तपांइ मित
प्रार्थना गरोस् .
तुलो बाढ़ी बहंने बेलामां त्येस् समय निस्से पुगदैन ।
७ तपांइने मेरो लुक्ने ठांउ हो तपांइले संलाइ कष्ट देखि रचे गर्नु हुंछ
तपांइले संलाइ कुट्काराका गीत्हरुले घेर्नु हुंछ । सेला ।
८ मं तंलाइ शिक्षा दिंकु अनि तेंले हिंड्नु पर्ने बाटोमां सिकाउंछु .
मं आफ्नु दृष्टि तं मांथि राखिकन तंलाइ सल्लाह् दिंकु ।
९ घोड़ा कि खच्चर् जस्ता न हव जस्को बुद्धि छैन .
जस्लाइ थाम्नुको लागि करेली र लगाम् चाहिंछन्
होइन भन्ये ता ति तेरो नजिक् आउंदैनन् ।
१० दुष्टहरुलाइ धेरै पीरा पर्छन् .
तर यहवेमां शरणगत् हुंनेचइंलाइ करुणाले घेर्छ ।
११ हे धर्म्मीहरु हो यहवेमां मगन भयेर रमाहट् गर .
हे हिर्दयमां सोजा हुंनेहरु सबै हो आनन्दले करांव ॥ ✓

३३ १ हे धर्म्मीहरु हो यहवेमां रमाहट् गर .
सोजा हुंनेहरुको लागि स्तुति गर्नु सुहाउंद छ ।
२ बीना बजाउंदै यहवेलाइ दण्डवत् गर .
दस् तारको सितार् बजाउंदै उस्को स्तुति गाव ।
३ उस्को लागि नया गान् गाव
सिपालुले तुलो सोरगरि बजाव ।
४ किनभन्ये यहवेको बचन् सोझै छ
अनि उस्का सबै काम् सच्चैं सित हुंद छ ।
५ उस्ले धर्म्म र नियालाइ प्रेम् गर्दै छ .
यहवेको करुणाले पृथिवी भरीयेको छ ।
६ यहवेको बचनले आकाश् बनीयो
अनि उस्को मुखको सासले तिनको सबै सेना ।
७ उस्ले समुन्द्रको पानी थुप्रो झैं थुप्याउंद छ .
गहीराहरुलाइ उस्ले ढुकुटिहरुमां राखद छ ।
८ सिंगै पृथिवीले यहवेको डर् मानोस् .
जगत्का सबै निवासीहरुले उस्को भय् मानुन् ।
९ किनभन्ये उस्लेने भन्यो त भयो
उस्लेने आज्ञा गर्यो त स्थिर् भयो ।
१० यहवेलेने अन्यदेसीहरुको जुक्ति व्यर्थ गरायो .
उस्ले लोग् लोगको बिचार् निष्फल् गराउंद छ ।
११ यहवेको जुक्ति सदा स्थिर् रहंद छ
उस्को हिर्दयको बिचार् पुस्ता पुस्ता सम्म ।

धन्य हो त्यो जातिगण् जस्को ईश्वर् यहूवे छ १२
धुन् लोगुलाइ उस्ले आफ्नु निज् भाग् हुंनुको लागि छान्येको छ ।
यहूवेले स्वर्ग देखि दृष्टि गर्नु छ १३
उस्ले सबै मान्छेका सन्तान्लाइ हेर्नु छ
आफ्नु बास्को ठांउ देखि चियाइ हेर्नु छ १४
पृथिवीका सबै बासीहरुलाइ
उस्ले ति सबैहरुको मन् बनायो १५
उस्ले तिनिहरुको सबै काम् बूझ्द छ ।
सेनाहरुका धेरैईको कारणले कोई राजा बचाईंदैन . १६
बलको कारणले बल्लियो मान्छे छोड़ाईंदैन ।
बचाऊको लागि घोड़ा व्यर्थ हो . १७
न त्येस्ले आफ्नु ठुलो सामर्थले कसैलाइ छोड़ाउंछ ।
हेर यहूवेको आंखा छ देखि डराउंने मांथि छ १८
उस्को कृपाको लागि आशा गर्नेहरु मांथि
तिनिहरुको प्राणलाइ मरण् देखि बचाउंनुलाइ . १९
अनि तिनलाइ अनिकालको बेलामां जीउंदो राख्नुलाइ ।
हांमिहरुको प्राणले यहूवेको लागि आशा गर्येको छ . २०
हांमिहरुको गोहार् र हांमिहरुको ढाल् उइ हो ।
कसोगरिभन्ये हांमिहरुको हिर्दय् उस्को कारणले रमाउंछ २१
किनभन्ये हांमिहरुले उस्को पवित्र नांउमां भरोसा राख्येका छौं ।
हे यहूवे तपांइको करुणा हांमिहरु मांथि परोस् २२
हांमिहरुले तपांइको आशा गर्येको अनुसार् ॥ ✓

दाऊद्को गीत् . जब त्येसलाइ अबीमेलेक्को साम्
बौलाहा जस्तो भयो अनि हिंड़ि गयो ॥ ३४

सबै समयमां यहूवेलाइ धन्य भन्ये गर्नु . १
उस्को स्तुति सदा मेरो मुखमां रहंछ ।
यहूवेमांनै मेरो प्राणले घमंड गर्नु २
नरम्हरु यो सुन्येर आनन्दित् हुंनुन् ।
मं सङ यहूवेको बड़ाई गर ३
अनि हांमिहरु मिलिकन उस्को नांउ सर्काऊं ।
मैले यहूवे सित सोधनी गर्यें तब उस्ले मलाइ उत्तर् दियो ४
अनि मेरा सबै डर् देखि मलाइ छोड़ायो ।
तिनिहरुले त तिर हेर्येर उ देखि ज्योति पाये ५
अनि तिनिहरुका मुख् कैले पनि कालो भयेनन् ।
यो दीन् मान्छेले हाप्रायो त यहूवेले त्येस्को सुन्येर ६
त्येसलाइ त्येस्का सबै कष्ट देखि बचायो ।

७ यहूवेको दूतले उ देखि डराउंने सबैको चारै पट्टि डेरा हाल्द छ
अनि तिनिहरुलाइ बचाउंद छ ।
८ चाख्नेर हेर यहूवे भलो रछ भनि .
उस्को शरणगत् हुंने पुरुष् धन्य हो ।
९ हे यहूवेका पवित्र जनहरु हो उस्को भय् मान .
किनभन्ये उस्को भय् मान्नेहरुको केइ पनि घटि छैन ।
१० जुवान् सिंहहरुको घटि ता हुंद छ तिनलाइ भोक् लाग्द छ .
तर यहूवेलाइ खोज्नेहरुचइंको कुनै भलो चीकको घटि हुंदै हुंदैन ।
११ हे बालकहरु हो आव मेरो सुन् .
मं यहूवेको भय् मान् तिमिहरुलाइ सिकाउंछु ।
१२ जीवनको इच्छे राख्ने
अनि कुशल् देख्नुको लागि दीर्घायु खोज्ने को छ ।
१३ आफ्नु जिब्रो बुराई देखि थुन्
अनि आफ्नु ओंठ् छल् बोल्नु देखि ।
१४ बुराई छोड्येर भलाई गर्
मेल् खोज्येर खेद् ।
१५ यहूवेका आंखा धर्मीहरु तिर लाग्द छन्
अनि उस्का कान् तिनिहरुको दोहाई तिर ।
१६ यहूवेको मुख् बुराई गर्नेहरुको बिमुद्ध छ
तिनिहरुको सम्झना पृथिवी देखि मेट्नुलाइ ।
१७ (धर्मीहरुले) दोहाई दिये त यहूवेले सुन्यो
अनि तिनिहरुलाइ तिनिहरुका सबै विपत्ति देखि छोड़ायो ।
१८ हृदयमां चूर्ण भयेकाहरुको नजिक् यहूवे छ
अनि उस्ले मनमां कुच्याईयेकाहरुलाइ बचाउंद छ ।
१९ धर्मीका विपत्ति धेरै छन् .
तर यहूवेले येस्लाइ ति सबै देखि छोड़ाउंद छ ।
२० उस्ले यसका सबै हाडूहरुको रक्षा गर्द छ
यीउटा पनि चूर् पारीदैन ।
२१ बुराईले दुष्टलाइ मारि हाल्छ .
अनि धर्मीका बैरी दोषी ठहराईछन् ।
२२ यहूवेले आफ्ना दासहरुका प्राण् बचाउंद छ .
अनि उस्को शरणगत् हुंनेहरुमांको कोई पनि दोषी ठहरीदैन ॥ .

३५

दाऊद् रचित् ।

१ हे यहूवे मेरो बिमुद्धमां कुरा खेर्नेहरु सङ्ग कुरा खेर्नु हवस् .
मेरो बिमुद्धमां लड़ाई गर्नेहरुको बिमुद्धमां लड़ाई गर्नु हवस् ।

तुलो र सांनु ढाल् समातनु हवस् २
अनि मेरो गोहारे भइ उभींनु हवस् ।
भाला पनि झिक्नेर मेरा खेद्नेहरुको बिरुद्धमां बाटो थुन् हवस् . ३
मं तेरो मुक्ति हुं भनि मेरो प्राण्लाइ भन्नु हवस् ।
मेरो प्राण् खोज्नेहरुलाइ लज्जित् र निरादर्का गराउंनु हवस् . ४
मेरो हानिको जुक्ति गर्नेहरु फर्काईउन् अनि सुख् कालो पारीउन् ।
तिनिहरु बतास्ले उड़ाईयेको भूस् जस्ता होउन् ५
यहुवेको दूत्ले धपाउंदै ।
तिनिहरुको बाटो अंध्यारो र चिप्लो हवस् ६
यहुवेको दूत्ले लगाईं ।
किनभन्ने बिना कारण् तिनिहरुले मेरो लागि खाड़ल्मां आफ्नु पासो ७
लुकाइ थाप्येका कुन्
बिना कारण् तिनिहरुले मेरो प्राण्को लागि खाड़ल् खन्येका कुन् ।
त्येस् मांथि नास् एक्कासि परोस् ८
अनि त्येस्ले लुकाइ थाप्येको पासोले त्येसैलाइ फंसावस्
त्येइ नास्मां त्यो परोस् ।
अनि मेरो प्राण्ले चइं यहुवेमां आनन्द गर्छ . ९
उहले गर्येको मुक्तिमां त्यो रमाउंछ ।
मेरा सबै हाड़ले भन्छन् हे यहुवे तपांइ जस्तो को हो १०
जसले दीन्लाइ त्यो भन्दा बल्लियो मानछे देखि बचाउंद छ
अं दीन् र दरिद्रलाइ त्येस्लाइ लूट्ने देखि ।
अधर्म्मका साक्षीहरु उठ्दै छन् ११
मैंले न चिन्येका कुराले मं देखि सोध्द छन् ।
तिनिहरुले मंलाइ प्रतिफल् गरि भलाईको साटो बुराई दिंद छन् १२
मेरो प्राण् खोसीदैंनु सम्म ।
तिनिहरु दुखदामां मंचइंले भाड़ा लाउंद थियें . १३
मैंले आफ्नु प्राण्लाइ उपास्को दुक्ख दियें
अनि मेरो प्रार्थना मेरे काखमां फर्क्यो ।
मेरो साथी कि मेरो भाई भयेको जस्तो मैंले बेहोरा गर्यें . १४
आमाको लागि बिलाप् गर्नेले झैं शोक् गर्दै नुहुं ।
मं झोक्याउंदा तिनिहरु रमाये अनि भेला भये . १५
तीनहरु मेरो बिरुद्धमां भेला भये अनि मैंले जानीन
तिनिहरुले मंलाइ फकराये अनि थामीयेनन् .
ति आफ्नु पेट्को लागि गिल्ला गरि हिड्नेले झैं १६
मं मांथि दारा कोटेर ।
हे प्रभु कैले सम्म हेर्दै रहंनु हुंछ . १७

मेरो प्राण् तिनिहरुको नाम् देखि क्रोड़ाउंनु हवस्
मेरो एक्लोलाइ सिंहहरु देखि ।

१८ तुलो सभामां तपांइको धन्नबाद् गर्कु ।
धेरै लोगको बीचमां तपांइको स्तुति गर्कु ।

१९ मेरा झूठ् बोल्ने सत्तुरहरुले मेरो विरुद्धमां आनन्द गर्नु न पाउन् ।
अनि अकारण् मं देखि दुश्मनी गर्नेहरुले आंखा कर्काउंनु न पाउन् ।

२० किनभन्ये तिनिहरुले मेलका कुरा गर्देनन् ।
तर देशमां चुपचाप् बस्नेहरुको विरुद्धमां कुलका कुराको जुक्ति गर्छ कन् ।

२१ अं तिनिहरुले मेरो विरुद्धमां तुलो मुख् बायेर
आहा आहा हांम्रा आंखाले देख्येका कन् भनि भन्ये ।

२२ हे यहुवे तपांइले देखनु भयो चुपचाप् न रहंनु हवस् ।
हे प्रभु मं देखि टाढ़ो न हुंनु हवस् ।

२३ हल्लौंनु हवस् अनि मेरो नियाको लागि जागनु हवस्
मेरो कुराको लागि हे ईश्वर् र मेरो प्रभु ।

२४ हे मेरो ईश्वर् यहुवे आफ्नु धर्म्म अनुसार् मेरो निया गर्नु हवस्
अनि मं मांथि आनन्द गर्नु तिनिहरुलाइ न दिंनु हवस् ।

२५ तिनिहरुले आफ्नु मनमां आहा हांम्रो इच्छे पूरो भयो भनि भन्नु न पाउन् ।
तिनिहरुले हांमिहरुले त्येस्लाइ निलि हाल्येका कौं भन्नु न पाउन् ।

२६ मेरो हानि देखि रमाहट् गर्नेहरु लज्जित् र मुख् कालो पारीयेका होउन् ।
मेरो विरुद्धमां आफ्नु बड़ाई गर्नेहरु लाज् र निरादर् पांहिराइउन् ।

२७ मेरो धर्म्म देखि खुशि हुंनेहरुले तुलो सोरले गाउन् अनि रमाउन् ।
अं तिनिहरुले निरन्तर् भनुन् यहुवे जो आफ्नु दासको कुशल् देखि
खुशि हुंद क
उसैको बड़ाई हवस् ।

२८ अनि मेरो जिब्रोले तपांइको धर्म्मको विषयमां ध्यानगरि भन्क
अनि दिनभरि तपांइको स्तुतिको विषयमां ॥

३६

मूलबजाउंनेको लागि । यहुवेको दास दाजद् रचित् ।

१ दुष्टको हिर्दयमां अपराधको बाणी हुंद क
त्येस्का आंखाको सांमु ईश्वरको कोइ डर् छैन ।

२ किनभन्ये त्येस्ले आफ्नु लेखिमां लल्लोपतो गर्द क
मेरो अधर्म्म न भेटीयोस् अनि घिनाईयोस् भनि ।

३ त्येस्को मुखका कुरा अधर्म्म र कुल् कन् ।
बुद्धि र भलाईको काम् गर्नु त्येस्ले छोड़्यो ।

४ त्येस्ले आफ्नु ओछ्यानमां अधर्म्मको जुक्ति गर्द क
कुमार्गमां उभीद क
बुराई देखि घिनाउंदैन ॥

हे यहुवे तपांइको करुणा ता स्वर्गमां छ ५
तपांइको सचेईं आकाश् सम्म पुगने ।
तपांइको धर्म्म ईश्वरका पहाडूहरु जस्ता ६
तपांइका नियाबचनहरु अथाह् .
हे यहुवे तपांइले मान्छे र पशु दुवैको रक्षे गर्नु हुंद छ ।
हे ईश्वर् तपांइको करुणा कति अमोल् छ ७
त मान्छेका सन्तानले तपांइको पखेटाको छाया मुनि शरण् लिंद छन् ।
तिनिहरु तपांइको घरको बोसो देखि औधि सन्तुष्ट हुंछन् ८
तपांइले तिनिहरुलाइ आफ्नु सुखका खोला देखि खुवाउंनु हुंछ ।
किनभन्ये तपांइको छेउमां जीवनको कुवा छ . ९
तपांइको ज्योतिमां हांमिहरुले ज्योति देखछौं ।
तपांइलाइ चिन्नेहरु मांथि आफ्नु करुणा गरी रहंनु हवस् १०
अनि मनमां सोजो हुंनेहरु मांथि आफ्नु धर्म्म ।
अहंकारका गोडा मं मांथि आइ न लागोस् ११
अनि दुष्टको हातले मंलाइ न धपाउस् ।
तिहींने अधर्म्म गर्नेहरु खस्केका छन् . १२
घचेटि झारीयेका छन् अनि उठ्नु सक्तेनन् ॥ ✓

दाऊद् रचित् । ३७

कुकर्म्म गर्नेहरुको कारणले न झर्कि १
न अधर्म्म गर्नेहरुको विरुद्धमां डाहा गर् ।
किनभन्ये तिनिहरु घांस् झैं छिटै ओइलौंछन् २
अनि हरीयो घांस् झैं सुक्छन् ।
यहुवे मांथि भरोसा गर् अनि भलाई गर् ३
देशमां रह् अनि सचेईंमां खर्कि रह् ।
यहुवेमां आफ्नु सुखत पनि पा ४
त उस्ले तेरो मनका अर्जीहरु पूरा दिंछ ।
आफ्नु बाटो यहुवेमां पल्टा ५
उस्मां भरोसा पनि गर् त त्यो उस्ले पूरो गर्छ ।
त उस्ले तेरो धर्म्म ज्योति जस्तो ६
अनि तेरो निया चर्को घाम् जस्तो प्रगट् गर्छ ।
यहुवेमां चुपचाप् रह् अनि उस्को लागि धीरज् सङ्ग पर्खि बस् . ७
जो आफ्नु बाटोमां भाग्येमान् हुंद छ
जस्ले बुरो जुक्ति निकाल्द छ त्यस्को लागि न झर्कि ।
रिस् देखि थामीयेर कोप् छोड् . ८
न झर्कि त्यो देखि बुराई मात्रै निस्कंद छ ।

९ किनभन्ये कुकर्म्म गर्नेहरु काटींकुन्
तर यहुवेको बाटो हेर्नेहरु चइं पृथिवीका अधिकारी हुंकुन् ।
१० किनभन्ये अलिक् दिनमां दुष्ट रहंदैन .
अं तैंले त्येस्को ठांउ राम्रोगरि हेर्कुस् अनि हुंदै हुंदैन ।
११ तर नरम् हुंनेहरु पृथिवीका अधिकारी हुंकुन्
अनि शान्तिको अघोरेईंमां सुखी हुंकुन् ।
१२ दुष्टले चइं धर्म्मीको विरुद्धमां जुक्ति निकाल्द कु
अनि त्येस् मांथि दारा कीट्द कु ।
१३ प्रभु त्येस् मांथि हांस्कु .
किनभन्ये उस्ले त्येस्को दिन् आउंदै गर्येको देख्द कु ।
१४ दुष्टहरुले तरवार् झिक्येका कुन् अनि आफ्नु धनु उकाल्येका कुन्
दीन् र दरिद्रहरुलाइ लड़ाउंनुलाइ
बाटोमां सोजो हुंनेहरुलाइ मार्नुलाइ .
१५ तिनिहरुको तरवार्ले तिनिहरुकै मुटु कोंड्कु
अनि तिनिहरुका धनु भांचींकुन् ।
१६ धर्म्मीको थोरै मांत्रै धन पनि
दुष्टहरुको धेरै परास्त भन्दा जाति कु ।
१७ कसोगरिभन्ये दुष्टहरुका पाखुरा भांचींकुन् .
तर यहुवेले धर्म्मीचइंलाइ सम्भाल्द कु ।
१८ यहुवेले सोजाहरुका दिन् जान्द कु .
अनि तिनिहरुको अधिकार सधैंको लागि हुंकु ।
१९ खराईको समयमां तिनिहरु लज्जाउंदैनन्
अनि अनिकालका दिनमां तिनिहरु तृप्त गराईंकुन् ।
२० तर दुष्टहरु चइं नष्ट हुंकुन्
अनि यहुवेका शत्रुहरु चइं खर्काका घांस झैं हुंकुन् .
मेटींकुन् धुवां झैं मेटींकुन् ।
२१ दुष्टचइंले ऋण लिंद कु अनि फेरि तिर्दैन .
तर धर्म्मीचइंले ता अनुग्रहदान् दिंद कु ।
२२ कसोगरिभन्ये उ देखि आशीषित् हुंनेहरु पृथिवीका अधिकारी हुंकुन्
अनि उ देखि खापित्हुंनेहरु काटींकुन् ।
२३ मजनको बाटो यहुवे देखि स्थिर् हुंद कु
अनि उ त्येस्को मार्गमां खुशि हुंद कु ।
२४ लड़ो भन्ये पनि खांट्टै पस्दैन ता रहंदैन .
किनभन्ये यहुवेले त्येस्लाइ त्येस्को हात् समाति उठाउंद कु ।
२५ केटो भयें अनि ऐले बूढ़ो कु
र पनि धर्म्मीलाइ कोड़ियको
र त्येस्को सन्तानले भीक् मांगदै गर्येको देख्येको कुइंन । ✓

दिनभरि अनुग्रह् गरि ऋण् दिंद छ २६
अनि त्येस्का सन्तान् आशीषित् छन् ।
बुराई छोड्नेर भलाई गर् २७
त सदाको लागि रहंछस् ।
किनभन्ये यहूवेले निया सित प्रेम् राख्द छ २८
अनि आफ्ना भक्तिहरुलाइ छोड्दैन
तिनिहरु सदाको लागि रक्षित् हुंद छन् ।
तर दुष्टको सन्तान् काटींछ ।
धर्म्मीहरु चइं पृथिवीका अधिकारी हुंछन् २९
अनि त्यहां सधैंको लागि बसि रहंछन् ।
धर्म्मीको मुखले बुद्धिको चर्चा गर्द छ ३०
अनि त्येस्को जिब्रोले निया बोल्द छ ।
त्येस्को ईश्वरको व्यावस्था त्येस्को हिर्दयमां छ ३१
त्येस्को कुनै पनि पइला चिप्लीदैन ।
दुष्टले धर्म्मीलाइ ताक्द छ ३२
अनि त्येस्लाइ मार्नु खोज्द छ ।
यहूवेले त्येस्लाइ त्येस्को हातमां छोड्दैन ३३
अनि त्यो बिचारीयेकोमां दोषी ठहराउंदैन ।
यहूवेको लागि पर्खि अनि उस्को बाटोमां हिंड् ३४
त उस्ले तंलाइ पृथिवीको अधिकारी हुंनुलाइ अल्ग्याउंछ
जब दुष्ट काटींछ तब तैंले त्यो देख्छस् ।
मैंले दुष्टलाइ ठुलै पराक्रममां भयेको ३५
अनि हरीयो रुख आफ्नै भूइंमां फिंजीयेको झैं भयेको देख्योको छु ।
तर कोई त्येस्को छेउ बाटो गयो त हेर त्यो छंदै छैन । ३६
अं मैंले त्येस्लाइ खोज्यें तर त्यो पाइंदैन ।
सिद्ध मान्छेलाइ ताक् अनि सोझो मान्छेलाइ हेर् । ३७
किनभन्ये येस्तो मान्छेको फल् शान्ति हुंछ ।
तर अपराधीहरु चइं एक् सङ् नास् गरीछन् । ३८
दुष्टको अन्तफल् काटींछ ।
तर धर्म्मीको मुक्ति यहूवे पट्टि बाटो छ । ३९
संकट्को बेलामां तिनिहरुको गढ उइ हो ।
अनि यहूवेले तिनिहरुको गोहार् गर्येर तिनिहरुलाइ छोड़ाउंद छ । ४०
उस्ले तिनिहरुलाइ दुष्ट देखि छोड़ाइकन तिनिहरुलाइ बचाउंद छ
तिनिहरुले उस्मां शरण् लियेको कारणले ॥

३८ दाजद्को सम्झना गराउने गीत् ।

१ हे यहुवे मलाइ आफ्नु क्रोधले न हकार्नु हवस् .
आनि आफ्नु बल्दोरिसमां मलाइ दण्ड न दिनु हवस् ।
२ किनभन्ये तपांइका कांड् ममां गाड़ीये
आनि तपांइको हातले मलाइ खांद्द कु ।
३ तपांइको क्रोधको कारणले मेरो जौउमां अरोग्येइँ कैन
आनि मेरो पापको कारणले मेरा हाड्हरुमां चैन् कुंदै कैन ।
४ कसोगरिभन्ये मेरो शिर् मेरो अधर्म्ममां डुब्यो .
गह्रुड् भारि झैं मेरो लागि बेसि गह्रुड् कुन् ।
५ मेरा घाउहरु गन्हाये आनि बिग्र्येका कुन्
मेरो मूखेइँको कारणले ।
६ मं कुब्रे भयेको कु आनि सारो नुच्चेको कु
दिनभरि बिलाप् गर्दै हिंड्द कु ।
७ किनभन्ये मेरो कम्मर् पोलाईले भरीयेको कु
आनि मेरो जौउमां अरोग्येइँ कैन ।
८ ककरीयेको कु आनि सारो कुच्चीयेको कु .
मेरो हिर्दयको घब्राहट्को कारणले कंकलाश् गर्येको कु ।
९ हे यहुवे मेरो सिंगै अभिलाषा तपांइको सांमु कु
आनि मेरो सुस्केरामंराइँ तपांइ देखि लुक्येको कैन
१० मेरो मुटु धुक्धुक् गर्दै कु मेरो बल् घट्दै कु .
मेरा आंखाको ज्योति पनि मं देखि गयो ।
११ मेरा प्याराहरु र मेरा मित्रहरु मेरो रोग् देखि अलग् उभींद कुन्
आनि मेरा कुटुम्बहरु टाढ़ो उभींद कुन् ।
१२ मेरो प्राण् खोज्नेहरुले पनि मेरो लागि पासो थापद कुन्
आनि मेरो हानि खोज्नेहरुले दुष्टइँका कुरा गर्द कुन्
आनि दिनभरि छलको जुक्ति गर्द कुन् ।
१३ तर मं चइं बहिरोले झैं सुन्दीन
आनि मुख् न खोल्ने गोंगा जस्तो कु ।
१४ अं सुन्नु न सक्ने जस्तो कु
जस्को मुखमां बिबादका कुरा कैनन् ।
१५ किनभन्ये हे यहुवे मं तपांइमां आशा गर्द कु
हे मेरो प्रभु ईश्वर् तपांइले उत्तर् दिनु हुंक ।
१६ किनभन्ये मैले भन्येको कु होइनभन्ये ता तिनिहरु मं मांथि रमाउंकुन् .
मेरा गोड़ा चिप्लींदा तिनिहरुले आफ्नालाइ मेरो बिरुद्धमां बड़ाइँ गर्कुन् ।
१७ किनभन्ये मं चइं खोच्याउंनु आंटीको कु
आनि मेरो पीरा सधैं मेरो सांमु रहंद कु ।

किनभन्ये मं ता आफ्नु अधर्म्म बखानकु १८
आफ्नु पाप्को कारणले सुताउंकु ।
तर मेरा सत्तुरहरु फुर्तीला र बल्लिया छन् ।
अनि मंलाइ झूठ् देखि घिनाउंनेहरु धेरै छन् । १९
भलाईको लागि बुराईको साटो लिंनेहरु पनि
मेरा बिरोधीहरु छन् मैंले भलाई पक्याये को कारणले ।
हे यहुवे मंलाइ न छोड्नु हवस् । २०
हे मेरो ईश्वर् मं देखि टाढो न हुंनु हवस् ।
मेरो गोहार् गर्नलाइ छिटो गर्नु हवस् २१
हे प्रभु मेरो मुक्ति ॥

यदूतून्लाइ मूलबजाउंनेको लागि । दाऊद्को गीत् । ३९

मैंले भन्यें मं आफ्नु चालचलन्को बिषयमां चेत् गर्छु १
र आफ्नु जिब्रोमां पाप् न गरुं ।
दुष्ट मेरो सांमु न रहुंज्याल् सम्म
मं आफ्नु मुख् महलाले थुन्कु भनि ।
चुप्चाप्गरि गौंगा भइ चुप् रह्यें अं भलो कुरो पनि बोलौंन २
अनि मेरो पीरा बल्झ्यो ।
मेरो हिर्दय् मंमां डढ्यो ३
मैंले गुन्दा गुन्दा आगो बल्यो ।
आफ्नु जिब्रोले बोल्यें ।
हे यहुवे मेरो अन्त मंलाइ जनाइ दिनु हवस् ४
अनि मेरा अरु कति दिन् रहंछन् भनि
अनि मेरो आयु कति छोटो छ भनि मंलाइ जनाउंनु हवस् ।
हेर्नु हवस् तपांइले मेरा दिन् चार् औंले अलिकता जस्तो बनाउंनु भयो ५
अनि मेरो आयु तपांइको दृष्टिमां केइ पनि छैन ।
निस्से स्थिर् रहंने मान्छे सबै एक् सासफेराई जत्ति मात्रै छन् । सेला ।
निस्से सबै जना छाया जस्तो हिंड्डुल् गर्ने छन् । ६
निस्से तिनिहरुको घबराहट् व्यर्थ छ ।
(धनसम्पत्ति) थुप्याउंने छन् तर बटुल्ने को हुंछ भनि जान्दैनन् ।
त अब हे प्रभु मं केको बाटो हेर्ने छु । ७
मेरो आस्रा तपांइमांइ छ ।
मंलाइ मेरा सबै अपराधीहरु देखि छोड़ाउंनु हवस् । ८
मंलाइ मूर्खहरुको ठट्टा न तुल्याउंनु हवस् ।
गौंगा भयें आफ्नु मुख् खोलौंन ९
किनभन्ये तपांइलेनै त्यो गर्नु भयो ।

१० आफ्नु विपत्ति मं देखि दूर् गराउंनु हवस् .
तपांइको हात्को हिर्काईले भस्म भयेको छु ।
११ जब तपांइले मान्छेलाइ अधर्म्मको कारणले चेताईले धम्काउंनु हुंद छ
तब तपांइले कोरालाइ झैं त्यो मेटाउंनु हुंद छ जो देखि त्यो खुशि छ .
निस्से सबै मान्छे एक् सासफेराई जस्ति मांत्रै छ । सेला ।
१२ हे यहुवे मेरो प्रार्थना सुन्नु हवस् अनि मेरो दोहाई तिर कान् लगाउंनु
हवस्
मेरा आंसु देखिकन चुप्चाप् न रहंनु हवस् .
किनभन्ये मं आफ्नु सबै पितापुर्खाहरु जस्तो
तपांइको सांमु परदेसी र प्रवासी मांत्रै छु ।
१३ मं यहां बाटो जांनु र फेरि कैले पनि न हुंनु भन्ना अगाडि
मं देखि आंखा फर्काउंनु हवस् र मेरो मुख् उज्यालो हुंछ ॥

४० मूलबजाउंनेको लागि । दाजद्को गीत् ।

१ मैले यहुवेको लागि धीरज् धरें बाटो हेर्यें
त उस्ले मं तिर निउंर्येर मेरो दोहाई सुन्यो ।
२ उस्ले मलाइ नास्को भलखांड़ा देखि लीसेईलो हिलो देखि निकालि
ल्यायो पनि
अनि मेरा गोड़ा पहरा मांथि बसाल्येर मेरा फड्का स्थिर् गर्यो ।
३ उस्ले मेरो मुखमां नया गान् अं हांम्रो ईश्वरको स्तुति हाल्यैको छ .
धेरै मान्छे यो देख्येर डराउंछन्
अनि यहुवेमां भरोसा राख्छन् ।
४ धन्य त्यो पुरुष् जस्ले यहुवेलाइ आफ्नु आधार तुल्याउंद छ
जो अहंकारीहरु र मिथ्येईं गर्नेहरु तिर लाग्दैन् ।
५ हे मेरो ईश्वर् यहुवे तपांइले गर्येका उदेकका काम् धेरै छन्
अनि हांमिहरु तिर लाग्ने तपांइका कल्पना .
ति तपांइको सांमु पांल्नु सकींदैन
मैले तिनको चर्चा र बखान् गर्यें भन्य देखि
ति गनींनु भन्दा बेसि छन् ।
६ बलिदान् र अन्नबलि देखि तपांइ खुशि हुंनु भयेन
मेरा कान् तपांइले खोल्नु भयो .
होमबलि र पापबलि तपांइले मांग्नु भयेन ।
७ तब भन्यें हेर्नु हवस् आइ पुग्यें
पत्रको पिउरीमां मेरो विषयमां लेख्येको छ .
८ हे मेरो ईश्वर् तपांइको इच्छे पूरा गर्नु मलाइ खुशि लाग्द छ
अं तपांइको व्यवस्था मेरो हिर्दय् भित्र छ ।
९ ठुलो सभामां धर्म्मको सुसमाचार् प्रचार्येको छु

हेर्नु हवस् मं आफ्नु ओंठ् थुन्दौंन
हे यहुवे तपांइलाइ थाहा छ ।
मैंले तपांइको धर्म्म आफ्नु हिर्दय् भित्र लुकायेको छुइंन १०
तपांइको सच्चाहुवाई र तपांइको मुक्ति बखान्येको छु .
तपांइको करुणा र तपांइको सच्चेईं तुलो सभा देखि गुप्तगारि राख्येको छुइंन ।
हे यहुवे आफ्नु तुलो दया मं देखि न थुन्नु हवस् . ११
तपांइका करुणा र तपांइको सचेईंले सधंभरि मेरो रक्षे गरुन् ।
किनभन्ये गन्नु पनि न सक्नौंने विपत्तिहरुले मंलाइ घेर्येका छन् १२
मेरा अधर्म्मले मैंले ऊंभो तिर हेर्नु न सकनेगरि मंलाइ समात्येका छन्
मेरो सिरका केस् भन्दा बेसि छन् अनि मेरो आंट्ले मंलाइ छोड्यो ।
हे यहुवे मंलाइ छोड़ाउंनु हवस् . १३
मेरो गोहार् गर्नुलाइ छिटो गनु हवस् हे यहुवे ।
मेरो प्राण् नास् गर्नुलाइ खोज्नेहरु १४
लज्जित् र कालो मुखका होउन् .
मेरो हानिमां खुशि हुंनेहरु
फर्काईउन् र निरादरका गराईउन् ।
मंलाइ आहा आहा भन्नेहरु १५
आफ्नु लाज्को प्रतिफलमां उजार् होउन् ।
तपांइलाइ खोज्नेहरु सबै खुशि होउन् अनि तपांइमां रमाउन् . १६
तपांइको मुक्ति प्यारो गर्नेहरुले निरन्तर् भन्नै गरुन्
यहुवेको बड़ाई हवस् ।
तर मं चइं दीन् र दरिद्र छु १७
तैपनि यहुवेले मेरो चेत् गर्द छ .
तपांइ मेरा गोहार् र छुट्काारा हुंनु हुंद छ
हे मेरो ईश्वर् ढिपांलो न गर्नु हवस् ॥

मूलबजाउंनेको लागि । दाऊद्को गीत् । ४१

धन्य त्यो जस्ले कंगालिहरुको हेरचाहा गर्द छ . १
यहुवेले त्यस्लाइ विपत्तिको दिनमां बचाउंछ ।
यहुवेचइंले त्यस्को रक्षे गर्छ अनि त्यस्लाइ जीउंदो राखछ अनि देशमां त्यो २
आशीर्वादित् हुंछ .
अनि त्यस्लाइ त्यस्का सत्रुहरुको हात् देखि छोड़ाउंनु हवस् ।
यहुवेचइंले त्यस्लाइ त्यस्को साम् आफालुने खाट्मां सम्भालछ . ३
तपांइले त्यस्को बेथामां त्यस्को ओछ्यान पल्टाउंनु हुंद छ ।
हे यहुव मंचइंले भन्यें मं माथि दया गर्नु हवस् . ४
मेरो प्राण् निको पार्नु हवस् किनभन्ये मैंले तपांइको विरुद्धमां पाप्
गर्येको छु ।

५ मेरा सत्तुरूहरु मेरो विरुद्धमां बुराई बोल्द छन्
त्यो कैले मर्छ अनि त्येस्को नांउ कैले मेटींछ भन्दै ।
६ अनि त्यो मलाइ हेर्नु आयेको छ भन्ये देखि पनि मिथ्येई बोल्द छ
त्येस्को मनले अधर्म्म बटुल्द छ .
बाइर जांदै त्येस्ले चर्चा गर्द छ ।
७ मलाइ दुश्मनी गर्ने सबैले मेरो विरुद्धमां साउति गर्द छन् .
मेरो विरुद्धमां मेरो हानिको जुक्ति गर्द छन् ।
८ कोई बुराई त्येस्मां टांसीयेको छ ।
अनि ऐले ढल्कंद छ फेरि उठ्दैन ।
९ अं मं सङ मेल् राख्ने जस् मांथि भरोसा राख्येको छु मेरो रोटी खांने
त्येस्ले पनि आफ्नु लात् मं मांथि उठायेको छ ।
१० तर हे यहूवे तपांइलेनै मं मांथि दया गर्नु हुवस् अनि मलाइ उठाउंनु हुवस्
र मं तिनिहरुलाइ साटो दिउं ।
११ मेरो सत्तुरले मं मांथि जय् गर्नु पायेन
त्यो देखि मं जान्द छु तपांइले मं मांथि रमाहट् गर्नु हुंद छ भनि ।
१२ तर मंचइंलाइ ता तपांइले मलाइ मेरो सोजेईंमां सम्भालनु हुंद छ
अनि मलाइ सदाको लागि आफ्नु मुखैंजि उभ्याउंनु हुंद छ ।
१३ इस्राएल्को ईश्वर् यहूवे
सनातन् देखि सनातन् सम्म धन्यको हुवस् ।
आमेन् अनि आमेन् ।

दोस्रो भाग् ।

४२ मूलबजाउंनेको लागि . कोरहबंशीहरुको मस्किल् भनींने गीत् ।

१ जस्ते हरिणी पानीका खोलाको लागि हांपद छे
त्येस्ते मेरो प्राण् तपांइको लागि हांपद छ हे ईश्वर् ।
२ मेरो प्राण् ईश्वर् अं जीउंदो ईश्वरको लागि तिर्खाउंद छ .
ईश्वरको मांसु गयेर कैले देखाहा पर्म ।
३ दिन् रात् मेरा आंसु मेरा भोजन् भये
जब दिनभरि लोगले मलाइ भन्दै रहंद छन् तेरो ईश्वर् खोइ ।
४ ति कुरा सम्झंद छु अनि आफ्नु प्राण् आफु भित्र खन्याउंद छु
अर्थात् धुइरो मङ जांद थियें अनि तिनिहरुलाइ ईश्वरको घरमां तांत्
लागि अगुवाई गर्द थियें
रमाहट् र स्तुति गाउंदै उत्साह गर्ने धुइरो ।
५ ए मेरो प्राण् किन नुहाको छस्

अनि मं भित्र किन कन्द कुस् .
ईश्वरको लागि आखा गर् . किनभन्ये फेरि उस्को धन्यवाद् गर्कु
उस्को दर्शन् देखि उद्धार् पायेर ।

हे मेरो ईश्वर् मेरो प्राण् मंमां नुह्येको कु . ६
येस्कारण् मं यर्दन्को देस् देखि
र हेर्मोन् पर्वतहरु देखि र मिसार् डांड़ा देखि तपांइलाइ सम्झंद कु ।
तपांइको कुांगोको सोर् सुन्येर गहीरोले गहीरोलाइ कराउंद कु . ७
तपांइका कुालुहरु सांना तुला दुवैले मंलाइ डुबायेका कुन् ।
यहुवेले दिउंसो आफ्नु करुणालाइ आज्ञा दिंकु ८
अनि राति उस्को गीत् मं सङ हुंकु
अं मेरो जीवनको ईश्वरको लागिको प्रार्थना ।
मं आफ्नु पहरा हुंने ईश्वरलाइ भन्कु मंलाइ किन बिर्सेनु भयो . ९
सत्रुले मिचेर्इं गर्येको कारणले किन बिलाप् गर्दै हिंड्द कु ।
मेरा हाड़लाइ कुच्यायेको झैं मेरा बिरोधीहरुले मेरो निन्दा गर्द कुन् १०
जब दिनभरि लोगले मंलाइ भन्दै रहंद कुन् तेरो ईश्वर् खोइ ।
ए मेरो प्राण् किन नुह्येको कुस् ११
अनि मं भित्र किन कन्द कुस्
ईश्वरको लागि आखा गर् . किनभन्ये फेरि उस्को धन्यवाद् गर्कु
जो मेरो मुखको उद्धार् र मेरो ईश्वर् हो ॥

हे ईश्वर् मेरो निया गर्नु हवस् अनि अभक्त लोगको बिरुद्धमां मेरा ४३ १
कुरा खेर्नु हवस् .
छली र अट्टेरेर्इं गर्ने मान्छे देखि मंलाइ छोड़ाउंनु हवस् ।
किनभन्ये तपांइ मेरो शक्तिको ईश्वर् हो मंलाइ किन आफालनु भयो . २
सत्रुले मिचेर्इं गर्येको कारणले किन बिलाप् गर्दै हिंड्द कु ।
आफ्नु ज्योति र आफ्नु सचेर्इं प्रगटोगरि देखाउंनु हवस् ति मेरो अगुवाई ३
गर्ने होउन् .
तिनिहरुले मंलाइ तपांइको पवित्र पर्वत
र तपांइका बासस्थानहरुमां पुऱ्याउन् ।
तब मं ईश्वरको बेदि निर जाउं ४
मेरो बिघ्ने आनन्दको ईश्वर् सम्म .
अनि बीणाले मं तपांइको स्तुति गर्कु हे ईश्वर् मेरे ईश्वर् ।
ए मेरो प्राण् किन नुह्येको कुस् ५
अनि मं भित्र किन कन्द कुस् .
ईश्वरको लागि आखा गर् . किनभन्ये फेरि उस्को धन्यवाद् गर्कु
जो मेरो मुखको उद्धार् र मेरो ईश्वर् हो ॥

४४ मूलबजाउनेको लागि । कोरहबंशीहरुको मस्कील् भनीने गीत् ।

१ हे ईश्वर् हांमिहरुले आफ्ना कानले सुन्यूं हांमिहरुका पितापुर्खाहरुले
हांमिहरुलाइ कह्यो .
तपांइले तिनिहरुका दिनमां अं तादिका दिनमां कस्ता कस्ता काम् गर्नु
भयो भनि ।
२ तपांइले आफ्ना हातले अन्यदेसीहरुलाइ धपायेर यिनिहरुचइंलाइ
रोप्नु भयो
तपांइले लोग् लोग्लाइ कष्ट दिइ फिंजाउंनु भयो ।
३ किनभन्ये तिनिहरुले आफ्ना तरवारले देस् आफ्नु अधिकारमां पार्येका
थिएनन्
अनि तिनिहरुलाइ तिनिहरुकै बांहांले बचायेन .
तर तपांइचइंको दाहीनो हात्ले र तपांइचइंका बांहांले र तपांइचइंको
रूपको ज्योतिले
किनभन्ये तपांइले तिनिहरु मांथि अनुग्रह् गर्नु भयो ।
४ हे ईश्वर् तपांइनै मेरो राजा हौ .
याकूबको उद्धारको आज्ञा दिनु हवस् ।
५ तपांइको गोहार्ले हांमिहरुले आफ्ना विरोधीहरुलाइ हानि पोच्यूं .
हांमिहरुको विरुद्धमां उठ्नेहरुलाइ तपांइको नांउले कुल्चंद छौं ।
६ मं आफ्नु धनु मांथि भरोसा राख्दीन
अनि मेरो तरवार्ले मंलाइ बचाउंदैन ।
७ तर तपांइचइंले हांमिहरुलाइ हांमिहरुको विरोधीहरु देखि बचाउंनु भयो
अनि हांमिहरु देखि घिन् गर्नेहरुलाइ लज्जित् पार्नु भयो ।
८ दिनभरि हांमिहरुले ईश्वरमां अहंकार् गर्येका छौं
अनि सधैंको लागि तपांइको नांउको धन्नवाद् गर्छौं । ✓ सेला ।
९ तर ऐले तपांइले हांमिहरुलाइ आफाल्नेर हांमिहरुको अपमान् गर्नु भयो
अनि हांमिहरुका सेनाहरु सङ्ग जांनु हुन्न ।
१० तपांइले हांमिहरुलाइ विरोधी देखि पिठिउं फर्काउंनु लाउंनु हुंदछ ।
अनि हांमिहरु देखि घिनाउंनेहरुले आफ्नु खुशि अनुसार् लूट्द छन् ।
११ तपांइले हांमिहरुलाइ मांसुको लागि गाख्रेका भेंड़ाहरुलाइ झैं छिहाल्नु भयो
अनि हांमिहरुलाइ अन्यदेसीहरुको बीचमां छरपुट्ट पार्नु भयो ।
१२ तपांइले आफ्नु लोग्लाइ सित्तैमां बेच्नु भयो
अनि तिनिहरुको दाम् देखि तपांइको कोइ बढ्नि भयेन ।
१३ तपांइले हांमिहरुलाइ हांमिहरुका छिमेकिहरुको मांसु गिल्ला
अनि हांमिहरुका वरिपरि बस्नेहरुको मांसु निन्दा र ठट्टा तुल्याउंनु भयो ।
१४ तपांइले हांमिहरुलाइ अन्यदेसीहरुको बीचमां कहंनी
अनि लोग् लोग्को बीचमां सिर् चलाउंने कारण् तुल्याउंनु भयो ।

दिनभरि मेरो अमान् मेरो सांसु छ १५
अनि मेरो मुखको लाजले मंलाइ ढाक्येको छ ।
निन्दा गर्न र जिस्क्याउंनेको मोरको कारणले १६
सत्तुर् र साटो लिंनेको मोहोंड़ाको कारणले ।
यि सबै हांमिहरु मांथि पर्ये तैपनि तपांइलाइ बिर्स्यैका छौंन १७
अनि तपांइको नियमको बिषयमां कुल् गर्येका छौंन ।
हांमिहरुको मन् फर्क्येको छैन १८
अनि हांमिहरुका कदम् तपांइको बाटो देखि गयेका छैनन् ।
तपांइले हांमिहरुलाइ खालको ठांउमां सारो पिन्नु भयेको छ १९
अनि मृत्युको छायाले तपांइले हांमिहरुलाइ ढाक्नु भयेको छ रपनि ।
हांमिहरुले आफ्नु ईश्वरको नांउ बिर्स्येका छौं २०
कि बिरांनु देवता तिर आफ्नु हात् फिंजायेका छौं भन्ये देखि
त को ईश्वरले येस्को खोजखाज गर्दैन . २१
किनभन्ये उस्ले मनका गुप्त कुरा जान्द छ ।
अं तपांइको लागि दिनभरि मारींद छौं २२
काटींने भेंड़ाहरु जस्ता गनीयूं ।
जागनु हुवस् किन सुतनु हुंद छ हे प्रभु . २३
उठनु हुवस् हांमिहरुलाइ सधैंको लागि न आफालनु हुवस् ।
आफ्नु मुख् किन लुकाउंनु हुंद छ २४
अनि हांमिहरुको दुक्ख र मिचेर्इं किन बिर्सनु हुंद छ ।
किनभन्ये हांमिहरुको प्राण् धूलो सम्म नुहाईयेको छ . २५
हांमिहरुको पेट् भूइंमा टांसीयेको छ ।
हांमिहरुको गोहार्को लागि उभौंनु हुवस् २६
अनि आफ्नु करुणाको कारणले हांमिहरुलाइ छोड़ाउंनु हुवस् ॥

मूलबजाउंनेको लागि । कोरह्बंशीहरुको मस्किल् भनींने गीत् ४५
जो सोसन्फूल्[1] भनींने रागमां गाईंछ । प्रेमको गीत् ।

मेरो मनमां भलो कुरो उम्रंद छ . १
मैंले राजाको बिषयमां बनाउंने कुरा भन्छु .
मेरो जिब्रो मिपालु शास्त्रीको कलम् जस्तो छ ।
आफु मान्छेको सन्तान् भन्दा रामरो छौ २
आफुका ओंठमां अनुग्रह् खन्याईयेको छ .
येस्कारण् ईश्वरले आफुलाइ सदाको लागि आशीष् दियेको छ ।

[1] अर्थात् हाड़ेलहुन् ।

३ हे महाबीर् आफ्नु तरवार् आफ्नु जाङ्मां झुंड्याउंनु हवस्
जो आफुको विभव र प्रताप् छ ।
४ अनि आफ्नु प्रताप्मां भाग्येमान् भइ सवारि हुंनु हवस्
सच्चेईं र नरमेईं र धर्म्मको कारण्ले .
अनि आफुको दाहीनो हात्ले आफुलाइ डलागेको काम् सिकाउंछ ।
५ आफुका कांडूहरु तीखा तीखा छन्
लोग् लोग् आफु सुनि लड्ने छन् .
राजाका सत्तुरहरुको बीचमां ।
६ हे ईश्वर् तपांइको सिंहासन् सधैं सर्व्वदैको छ .
तपांइको राज्को राज्दण्ड सोजेईंको राज्दण्ड छ ।
७ धर्म्मलाइ प्रिय जान्नु भयो अनि अधर्म्मलाइ अप्रिय .
येसैकारण् ईश्वर् आफुको ईश्वर्ले आफुलाइ अभिषेक् गर्यो
हर्षको तेल्ले आफुका साथीहरु भन्दा बढ्ता ।
८ आफुको सच्चे पोशाक् मुर र एलवा र तज् सुगन्धित् छन्
हस्तिहाड़िमहल् देखि तांनेबाजाले आफुलाइ खुश् गराये ।
९ आफुको मानको स्वोहरु राज्कुवांरीहरु पनि छिन्
आफ्नो दाहीनो हात् पट्टि ओपीर्को सुन् पहिर्याएकी महारानी
उभीद छिन् ।
१० हे छोरी सुन्नेर ध्यानगरि आफ्ना कान् थापनु हवस्
आफ्नै लोग र आफ्नु बाबुको घर् बिर्सनु हवस्
११ येसोरि राजाले आफुका सुन्दरेईं मांथि मन् पर्छ .
किनभन्ने उनि आफुको प्रभु हुन् उनलाइ दण्डवत् गर्नु ।
१२ अनि सोरको छोरी भेटि लियेर आउंछ
अं प्रजाहरुमांका धनीहरुचहंले आफुको अनुग्रह्को लागि आफु सित
बिन्ति गर्छन् ।
१३ राज्कुवांरी (महल्) भित्र औधि शोभायमान् छिन् .
तिन्का पोशाकहरु सुन्का बुट्टा भयेकाहरु छन् ।
१४ तिनि बुट्टा काढ़ीयेका पोशाकमां राजा थांइ पुर्याईंछिन् .
तिन्का पछि पछि हिंडने कुवांरी मैयाहरु
आफु थांइ जान्ति भइ ल्याईंछिन् ।
१५ हर्ष र रसाहट् गर्दै पुर्याईंछिन् .
राजाको महलमां पस्छिन् ।
१६ आफुका पिता पुर्खाहरुको साटो आफुका पुत्रहरु हुंछन्
जुन्हरुलाइ आफुले सिंगै पृथिवीमां मालिक् तुल्याउंनु हुंछ ।
१७ मं आफुको नांउ सबै पुस्ता सम्म समझने गराउंछु .
येस्कारण् लोग् लोग्ले सधैंभरि आफुको धन्यवाद् गर्छन् ॥

मूल्बजाउंनेको लागि । कोरह्बंशीहरुको गीत् जो अलामोत् भनींने राग्मां गाईंछ । ४६

ईश्वर् हांमिहरुको शरण्स्थान् र बल् हो १
संकृष्टमां सजीलै गोहार् पाईंने ।
येकारण् डराउंदौंन पृथिवी फेरीयो २
अनि पहाड्हरु समुन्द्रको पेट्मां सारीये
त्येस्को पानी करायो अनि फींज् काड्यो ३
पहाड्हरु त्येस्को बहाईले थर्काईये रपनि । सेला ।

येउटा महानदी छ जस्का खोलाहरुले ईश्वर्को सहर् ४
अं परम् ईश्वर्का बास्स्थान्हरुको पवित्र ठांउलाइ आनन्द गराउंद छ ।
ईश्वर् त्येस् सहर्को बीच्मां छ त्यो सारींदैन ५
रामेरुमेइमां ईश्वरैले त्येस्को गोहार् गर्छ ।
अन्यदेसीहरु गर्ज्ये राज् राज् डग्मगाये . ६
उस्ले आफ्नु सोर् निकाल्यो पृथिवी बिलीयो ।
सेनाहरुको यह्वे चइं हांमिहरु सङ छ ७
याकूब्को ईश्वर् हांमिहरुको अल्गो धरारा हो । सेला ।

आउंनु यह्वेका कार्ज्ये हेर्नु ८
उस्ले पृथिवीमां कस्तो उजार् पार्‍येको छ ।
उस्ले पृथिवीको अन्त सम्म लड़ाईं थमाउंद छ ९
धनु भांच्द छ अनि भाला टुक्र्याउंद छ
रथहरु आगोमां डड़ाउंद छ ।
चाम्चुम् हव ईश्वर् उइ हो रछ भनि थाहा पाव . १०
अन्यदेसीहरुको बीच्मां अल्ग्याईंछु पृथिवीमां अल्ग्याईंछु ।
सेनाहरुको यह्वे चइं हांमिहरु सङ छ ११
याकूब्को ईश्वर् हांमिहरुको अल्गो धरारा हो । सेला ॥

मूल्बजाउंनेको लागि । कोरह्बंशीहरुको गीत् । ४७

हे सबै लोग् लोग् हो तालि बजाव १
अल्गो सोर्ले ईश्वर्को जय् जय् गर ।
किनमन्ये यह्वे परम् ईश्वर् डर्लाग्दो छ २
उ सिंगै पृथिवीमां महा राजा हो ।
उस्ले लोग् लोग्लाइ हांमिहरुको ताबिमां ३
अनि अन्यदेसीहरुलाइ हांमिहरुका पैतला मुनि पार्छ ।
उस्ले हांमिहरुको लागि हांमिहरुको अधिकार् छांछ ४
अं उस्ले प्यार् गर्‍येको याकूब्को श्रेष्ठेईं । सेला ।

५ ईश्वर् जयजय् गरीयेको भइ चढ्यो
यहवे तुरही बजाईयेको भइ ।
६ ईश्वरको भजन् गाव भजन् गाव .
हांम्रो राजाको भजन् गाव भजन् गाव ।
७ किनभन्ये ईश्वर् सिंगै पृथिवीको राजा हो .
चतुरेईं सङ्को भजन् गाव ।
८ ईश्वरले अन्यदेसीहरु मांथि राज् गर्दै छ .
ईश्वर् आफ्नु पवित्र सिंहासनमां बिराजद छ ।
९ अब्राहामको ईश्वरको लोग् हुंनुलाइ
लोग् लोगका भारादारहरु भेला भयेका छन् .
किनभन्ये पृथिवीका ढाल्हरु ईश्वरलाइ पर्छन्
उइ अधि अलग्याईयेको छ ॥ ✓

४८ येउटा गान् . कोरहबंशीहरुको गीत् ।

१ यहवे महान् र स्तुतिको अति योग्य छ
हांमिहरुको ईश्वरको सहरमां उस्को पवित्र पर्वतमां
२ अलगेईंमां राम्रो सिंगै पृथिवीको हर्ष
उत्तर् तिर बसालीयेको सिय्योन् डांड़ा छ
महाराजाको सहर् ।
३ ईश्वरले त्येका महलहरुमां अलगो धरारा गरि आफुलाइ जनायेको छ ।
४ कसोगरिभन्ये हेर राजाहरु भेला भये
सङ् सङै गइ गये ।
५ त्यो हेरिकन छक्क पर्ये
थरहरि भये हतार् गरिकन भाग्ये ।
६ उहीं तिनिहरु मांथि कंपाई पर्यो
सुत्केरी आइमाइको पीरा जस्तो ।
७ पूर्व बतासले
तर्शीशका नाउहरु भंचाउंनु हुंद छ ।
८ जस्तो सुन्येका छौं त्येस्ते देख्येका छौं
सेनाको यहवेको सहरमां हांमिहरुको ईश्वरको सहरमां .
ईश्वरले त्येलाइ सदाको लागि स्थिर् गर्छ । सेला
९ हे ईश्वर् तपांइको मन्दिरको बीचमां
तपांइको कृपाका मांथि ध्यान् गर्येका छौं ।
१० हे ईश्वर् तपांइको नांउ जस्तो
तपांइको स्तुति पृथिवीमां त्यस्ते .
तपांइको दाहीनो हात् धर्म्मले भरीयेको छ ।
११ सिय्योन् डांड़ा रमाउस्

यहूदाकी छोरीहरुले आनन्द गरुन्
तपांइका नियाबचन्हरुको कारण्ले ।
सिय्योनका चारै पट्टि हिंड़ त्येस्को माड़ोघुमाई गर . १२
त्येस्का धरारा गन ।
त्येस्का घेराभित्ता मांथि मन् लगाव १३
त्येस्का महल्हरु छिरि गइ गइ हेर
तिमिहरुले आउंदा पुस्तालाइ कहंनुको लागि ।
किनभन्ये यो चइं ईश्वर् सधैंको लागि हांमिहरुको ईश्वर् हुंद छ . १४
उसैले मृत्यु सम्म हांमिहरुको अगुवाई गर्छ ॥

मूल्बजाउंनेको लागि । कोरह्बंशीहरुको गीत् । ४९

हे सबै लोग् लोग् हो यो सुन १
हे संसार्का सबै बासीहरु हो कान् थाप .
क्ये सांना क्ये ठुला २
धनी र कंगालि सबै ।
मेरो मुख् ज्ञान् बोल्छ ३
मेरो मन्को ध्यान् बुद्धिको हुंछ ।
मं उखान् तिर आफ्ना कान् थाप्छु ४
बीना बजाइकन आफ्ना अड्कोथपाई खोल्छु ।
बिपत्तिको दिन्मां किन डराउं ५
जब बुराईले मेरो कुर्कुचा डसि मंलाइ घेर्द छ ।
जस् जस्ले आफ्नु सम्पत्ति मांथि भरोसा राख्द छन् ६
अनि आफ्ना धनको अग्घोरेईंको कारण्ले अहंकार् गर्द छन्
तिनिहरुमांको कसैले पनि आफ्नु भाईलाइ छोड़ाउंनु सक्दैन ७
अनि त्येस्को लागि ईश्वर्लाइ छोड़ाउंनि दिंनु सक्दैन .
(किनभन्ये तिनिहरुको प्राण्को छोड़ाउंनि येति अमोल् छ ८
सधैंको लागि छोड़ि राख्नु पर्छ .)
त्यो सदाको लागि जीइ रहंनुलाइ ९
त्येस्ले खाड़ल् न देख्नुलाइ ।
कसोगरिभन्ये त्येस्ले देख् छ बुद्धिमान्हरु मंर्दै छन् १०
मूर्ख र पशु जस्तो मान्छे सङ नष्ट हुंद छन्
अनि आफ्ना धन्सम्पत्ति अरुहरुको लागि छोड़ि राख्द छन् भनि ।
तिनिहरुले मन्मनैमां गुन्द छन् हांमिहरुका घर्हरु सधैं रहंछन् ११
अनि हांमिहरुका बास्स्थान् सबै पुस्ता सम्म भनि
तिनिहरुले आफ्नु किपट् आफ्ने नांउगरि राख्द छन् ।
तर मान्छे मान्मां रहंदैन . १२
त्यो नष्ट हुंने पशुहरु जस्तो छ ।

१३ यो तिनिहरुको चलन् मूर्खहरुं मांत्रै छ ।
तैपनि तिनिहरु पछि आउनेहरुले तिनिहरुका कुराको बड़ाई गर्द छन् । सेला ।
१४ तिनिहरु पत्तालको बगालको लागि ठहराईये
तिनिहरुको गोठाला काल् चहं हुंछ ।
अनि बिहानै सोजाहरुले तिनिहरु मांथि प्रभुतेहुं गर्छन्
अनि तिनिहरुको रूप् पत्तालमां मेटींछ त्येस्को लागि बास् न होउंज्याल् सम्म ।
१५ तर ईश्वर्चहंले मेरो प्राणलाइ पत्तालको हक् देखि छोड़ाउंछ । सेला ।
कसोगरिभन्ये उस्ले मंलाइ लिंछ ।
१६ जब कोई धनी बनींछ
जब त्येस्को घरको महिमा बढ़छ तब न डरा ।
१७ किनभन्ये त्यो मंदा कोइ पनि लैजांनु सक्दैन
त्येस्को महिमा त्येस्को पछि उत्रि जांनु सक्दैन ।
१८ त्यो जीउंदाखेरि त्येस्ले आफ्नु प्राणलाइ आशीर्बाद् गर्द थियो
अनि तेंले आफ्नु लागि जाति गर्दाखेरि मान्छेहरुले तेरो बड़ाई गर्द थिये रपनि
१९ त्यो आफ्ना पिता पुर्खहरुको खालमां जांछ
तिनिहरुले उज्यालो कैले पनि देख्दैनन् ।
२० न बूझ्ने मानुको मान्छे
नष्ट हुंने पशुहरु जस्तै छ ॥

५०

आसापको गीत् ।

१ ईश्वर् परमेश्वर् यहुवे बोल्येको छ
उदय देखि अस्त सम्म पृथिवीलाइ बोलायो ।
२ सिय्योन् देखि पूरो सुन्दरेहुं देखि
ईश्वर् चम्केको छ ।
३ हांम्रो ईश्वर् आउंछ अनि चुप्चाप् रहंदैन ।
आगोले उस्को सांमु खाइ हाल्छ
अनि उस्का वरिपरि तुलो आंधी चल्छ ।
४ उस्ले आफ्ना लोगहरुको निया गर्नुखाइ
उस्ले ऊंभोको आकाश् र पृथिवीलाइ हाप्छ ।
५ मेरा भक्तहरुलाइ मं यांइ मेला गरा
बलिदान् चढ़ाएर मं सङ नियम् बांध्नेहरुलाइ भनि ।
६ अनि स्वर्गले उस्को धर्म्मको बखान् गर्छ
कसोगरिभन्ये ईश्वर् आफै बिचारी छ । सेला ।
७ हे मेरा लोग् सुन त बोल्छु
हे इस्राएल् त मं तेरो बिषयमां साक्षी दिंछु
ईश्वर् अं मं तेरै ईश्वर् हुं ।

तेरा बलिदानको कारण्ले मं तंलाइ चेताउंदौंन ८
अनि तेरा होम्बलिहरु मेरो सांमु सधैं कुन् ।
तेरो घर् देखि कोई बाच्छा लिंदौंन ९
न तेरो बगाल् देखि बाख्रा ।
किनभन्ये बन्का सबै पशु मेरै हुन् १०
अनि हजार् हजार् डांड़ाहरुका बस्तुहरु ।
पर्वत्हरुका सबै पंषीहरुलाइ जान्द कु ११
अनि बन्मां हिंड्डुल् गर्नेहरु मेरै हुन् ।
मंलाइ भोक् लाग्येको भये देखि तंलाइ भन्ने थिइँन । १२
किनभन्ये जगत् मेरै हो त्येस्का भरपूरी समेत् ।
के मं सांड्हरुको मांसु खांउं १३
कि बाख्राहरुको रगत् पीउं ।
ईश्वर्को लागि धन्नबाद्को बलिदान् चढ़ाउंनु १४
अनि आफ्नु भाकल् परम् ईश्वर्लाइ पूरा गर्नु ।
अनि संकष्टको दिन्मां मंलाइ हापार्नु १५
मं तंलाइ छोड़ाउंकु अनि तैंले मेरो बड़ाई गर्कुस् ।

तर दुष्टलाइ ईश्वर्ले भन्द कु १६
मेरा बिधिहरुको बखान् गर्नु तेरो के काम्
अनि मेरा नियम् तेरो मुख्मां किन हाल्येको कुस् ।
जब शिक्षादण्ड देखि घिनाउंद कुस् १७
अनि मेरा कुरा आफ्नु पिठिउंपरि आफाल्द कुस् ।
जब चोर्लाइ देखिस् तब त्यो देखि खुशि भइस् १८
अनि परस्त्रीगामीहरु सङ भागी भइस् ।
तैंले आफ्नु मुख् बुराईलाइ दिइस् १९
अनि तेरो जिब्रोले छल् रच्द कु ।
तं बस्येर आफ्नु भाईको बिरुद्धमां बोल्द कुस् २०
आफ्नी आंमाको छोरोको चुगिल गर्द कुस् ।
यस्तै काम् गर्येको कुस् अनि मं चइं चुप् रह्यें २१
त्यो चइं खुद् मैं जस्तै कु भनि तैंले ठानिस् ।
त मं तंलाइ चेताउंकु अनि तेरा आंखाको सोझि पांज्कु ।

हे ईश्वर्लाइ बिर्सनेहरु हो यो बिचार २२
होइन भन्ये ता मं तिमिहरुलाइ टुक्रा टुक्रा पार्कु अनि कोई छोड़ाउंने
हुंदैन ।
धन्नबाद्को बलिदान् चढ़ाउंनेले मेरो बड़ाई गर्द कु २३
अनि आफ्नु बाटो सुधार्नेहरुलाइ
ईश्वर्को मुक्ति देखाउंकु ॥

५१ मूल्बजाउंनेको लागि । दाऊद्को गीत् . त्यो बत्शेबाकां गये पछि नातन् अगम्बक्ता त्यो थांद् आयेको बेलाको ।

१ हे ईश्वर् आफ्नु करुणा अनुसार् मं मांथि अनुग्रह् गर्नु हवस् .
आफ्नु दयाको धेरैइं अनुसार् मेरा अपराधहरु मेटाउंनु हवस् ।
२ मंलाइ मेरा अधर्म्म देखि पूरागरि धुंनु हवस्
अनि मंलाइ मेरो पाप् देखि शुद्ध पार्नु हवस् ।
३ किनभन्ये मंचइंले आफ्ना अपराधहरु चिन्द कु .
अनि मेरो पाप् सदा मेरो सांमु छ ।
४ तपांइको बिरुद्ध खालि तपांइको बिरुद्ध मांत्रै पाप् गर्येको कु
अनि तपांइको मुखेंजि बुराई गर्येको कु .
तपांइ बोल्दाखेरि धर्म्मी
अनि निया गर्दाखेरि निष्कलंक ठहराइंनुलाइ ।
५ हेर्नु हवस् मं अधर्म्ममां उत्पन्न भयें
अनि पापमां मेरी आंमाले मंलाइ जन्माइन् ।
६ हेर्नु हवस् तपांइले अन्तकरणमां सच्चेइं खोजनु हुंद छ .
अनि गुप्त मनमां मंलाइ ज्ञान् जनाउंनु हुंद छ ।
७ एसोपले मंलाइ मखाउंनु हवस् त शुद्ध हुंकु .
मंलाइ धुंनु हवस् त हिउं भन्दा सेतो हुंकु ।
८ मंलाइ हर्ष र रमाहट् सुन्नु लाउंनु हवस्
र तपांइले भांच्येका हाड्हरु रमाउन् ।
९ मेरा पापहरु देखि आफ्नु मुख् ढाक्नु हवस्
अनि मेरा सबै अधर्म्म मेटाउंनु हवस् ।
१० हे ईश्वर् मेरो लागि शुद्ध मन् सिर्जनु हवस्
अनि मं भित्र नया स्थिर् आत्मा फेर्नु हवस् ।
११ मंलाइ आफ्नु सांमु देखि न निकालनु हवस्
अनि मं देखि आफ्नु पवित्र आत्मा न लैजांनु हवस् ।
१२ मंलाइ आफ्नु उद्धारको हर्ष फेरि दिंनु हवस् .
अनि मनमानी आत्मागरि मंलाइ सम्भालनु हवस् ।
१३ तब मं अपराधीहरुलाइ तपांइका बाटा सिकाउंकु
अनि पापीहरु तपांइ थांइ फर्कि आउंकन् ।
१४ हे ईश्वर् मेरो उद्धार गर्ने ईश्वर् मंलाइ रगतको पाप् देखि छोड़ाउंनु हवस्
तब मेरो जिब्रोले अलगो मोरले तपांइको धर्म्मको बखान् गाउंकु ।
१५ हे प्रभु मेरा ओठ् खोलनु हवस्
तब मेरो मुखले तपांइको स्तुति प्रकाश् गर्छ ।
१६ किनभने बलिदान् देखि खुशि हुंने कोन होइनभन्ये मा
दिंने थियें
होमबलि तपांइलाइ मन् पर्दैन ।

ईश्वरका बलिदान् चूर्ण आत्मा हुन् . १७
चूर्ण र कुच्चाईयेको हिदेयलाइ हे ईश्वर् तपांइले तुच्छ ठान्दौन ।

आफ्नु खुशिले सिय्योन्को भलाई गर्नु हवस् . १८
यरूशलेमको घेराभित्ता बनाउनु हवस् ।
त्येस् बेला धर्म्मका बलिदान् होमबलि र होमबलिदानमां तपांइको १९
मन् पर्छ .
त्येस् बेला तिनिहरुले तपांइको बेदि मांथि बाछाहरु चढाउनेछन् ॥

मूलबजाउनेको लागि । दाऊद्को मसकिल् भनींने गीत् . एदोमी दोएग्ले ५३
आयेर शाऊललाइ दाऊद् चहं अहीमेलेक्को घरमां आयेको रछ भनि
सुनायेको बेलाको ।

हे बीर् बुराई गर्नुमां किन अहंकार् गर्द छस् १
ईश्वरको करुणा सदाको लागि रहंद छ ।
तेरो जिब्रोले खुद् दुष्टैंको जुक्ति गर्द छ २
सान् लायेको क्षुरा झैं छल् गर्न ।
भलाई भन्दा बुराई चहं तंलाइ जाति लाग्छ ३
अनि धर्म्म भन्नु भन्दा ठांटनु । सेला ।
ए छली जिब्रो ४
खाइ हाल्ने सबै कुरा तंलाइ जाति लाग्द छन् ।
ईश्वरले पनि तंलाइ सदाको लागि नास् पार्छ ५
उखेले तंलाइ अंठ्यायेर तेरो डेरा देखि चुंड्यालछ
अनि जीवनको लोक् देखि तंलाइ उखेलछ । सेला ।
धर्म्मी पनि देख्येर डराउंछ ६
अनि यैसो भन्दै त्येस् मांथि हांस्छ
हेर यो त्येइ मान्छे हो जस्ले आफ्नु ईश्वरलाइ आफ्नु आधार् मान्येको छैन ७
तर आफ्नु धनसम्पत्तिको घेरैमां मांथि भरोसा गर्यो
अनि आफ्नु बढाईमां आफुलाइ बल्लियो गरायो ।
तर मं चहं ईश्वरको घरमां हरीयो भट्यालेको रुख जस्तो छु . ८
सदाको लागि मं ईश्वरको करुणा मांथि भरोसा राख्द छु ।
तपांइले त्येसो गर्येको कारणले तपांइको धन्यवाद् सधैंभरि गर्छु . ९
अनि तपांइका भक्तिहरुको सांमु तपांइको नांउको बाटो हेर्छु किनभन्ये
त्यो जाति छ ॥

मूलबजाउनेको लागि महलत् भनींने रागमां गाईंने । दाऊद्को ५४
मसकील् भनींने गीत् ।

मूर्खले आफ्नु मनमां भन्येको छ ईश्वर् छंदै छैन । १
तिनिहरु बिग्र्येका छन् तिनिहरुले घिनलाग्दा काम् गर्येका छन्
सुकर्म्म गर्ने कोई पनि छैन ।

२ ईश्वरले स्वर्ग देखि मान्छेको सन्तान् मांथि चियाइ हेर्यो
कोई बुद्धिले गर्ने छ
जो ईश्वरलाइ खोज्ने छ कि भन्येर हेर्नुलाइ ।
३ सबै कर्कि गये तिनिहरु सङ् सङै मैलीये
सुकर्म्म गर्ने कोई पनि छैन अं येउटा पनि छैन ।
४ के अधर्म्म गर्नेहरु सबैको ज्ञाने छैन
जस्ले मेरा लोगलाइ रोटी झैं खाइ हाल्द छन्
अनि ईश्वरलाइ हापादैनन् ।
५ तहांने तिनिहरु मांथि सारो भय् पर्यो जहां भय् थियेन .
किनभन्ये ईश्वरचइंले तेरो विरुद्धमां डेरा हाल्नेका हाड् छन्यो
ईश्वरले तिनिहरुलाइ आफाल्येको कारणले तपांइले तिनिहरुलाइ लाज्
पार्नु भयो ।
६ हाय् इस्राएलको उद्धार् सियोन् देखि निस्क्येको भये देखि ता हुंथ्यो .
जब ईश्वरले आफ्नु लोगको बन्धुवाई फर्काइ दिंछ
तब याकूब् रमाउंछ अनि इस्राएल् खुशि हुंछ ॥

५४ मूलबजाउंनेको लागि तारबाजामां बजाईंने । दाऊद्को मस्किल् भनेर गीत् . जीपीहरुले आयेर शाऊललाइ के दाऊद् चहं चांमिहरु सङ् लुक्येको कैन भनि भन्येको बेलाको ।

१ हे ईश्वर् आफ्नु नाउंले मंलाइ बचाउंनु हवस्
अनि आफ्नु पराक्रमले मेरो निया गर्नु हवस् ।
२ हे ईश्वर् मेरो प्रार्थना सुन्नु हवस्
मेरो मुखका कुरा तिर कान् लगाउंनु हवस् ।
३ किनभन्ये पर्देसीहरु मेरो विरुद्धमां उठेका छन्
अनि बलजबत् गर्नेहरुले मेरो प्राणलाइ खोज्येका छन् .
तिनिहरुले ईश्वरलाइ आफ्नु सांमु राख्येका छैनन् । सेला ।
४ हेर ईश्वरे मेरो गोहारे छ .
प्रभु मंलाइ सम्हालनेहरुमांको छ ।
५ उस्ले मेरा बैरीहरु मांथि बुराईको साटो दिंछ .
आफ्नु सच्चैमां तिनिहरुलाइ धंस पार्नु हवस् ।
६ मनमानीगरि तपांइको लागि बलिदान् चढाउंछु .
हे यहवे तपांइको नांउको धन्यवाद् गर्छु किनभन्ये त्यो जाति छ ।
७ किनभन्ये उस्ले मंलाइ सबै कष्ट देखि छोड्येको छ
अनि मेरा आंखाले मेरा सत्रुहरु माथि दृष्टि गर्यो ॥

मूलबजाउंनेको लागि तारबाजामां बजाईने । दाऊद्को ५५
मस्किल् भनींने गीत् ।

हे ईश्वर् मेरो प्रार्थना तिर कान् लगाउंनु हवस् १
अनि मेरो अर्जी देखि न लुक्नु हवस् ।
मं तिर ध्यान् दियेर उत्तर् दिंनु हवस् . २
आफ्नु मन्मां कुट्पटाउंद कु अं कन्द कु ।
सत्रुको सोर्को कारणले ३
दुष्टको मिचेईंको कारणले
किनभन्ये तिनिहरुले मं मांथि अधर्म्म हाल्द कुन्
अनि रिसायेर मंलाइ सताउंद कुन् ।
मेरो मन् मंमां निमठौंद कु ४
अनि मं मांथि मृत्युका भयहरु पर्येका कुन् ।
डराई र कंमाई मं मांथि आइ लाग्येका कुन् ५
अनि डर्लागदो भयले मंलाइ खसाल्येको कु ।
तब मैंले भन्यें हाय् मंलाइ ढुकुरका जस्ता पखेटा भये ता हुंथ्यो ६
त मं उड्येर चैन् पाउंने थियें ।
हेर मं उड्दै उड्दै टाढ़ो जांने थियें ७
अनि बन्मां बास् बस्ने थियें । सेला ।
तुलो बतास् र आंधी देखि ८
आड्मां छिट्टो जांने थियें ।
हे प्रभु निलि हालनु हवस् अनि तिनिहरुको जिब्रो अलग् अलग् पार्नु हवस् . ९
किनभन्ये मैंले सहर्मां उपद्रेईं र झगरा देख्येको कु ।
दिन् रात् तिनिहरुले त्येस्माइ त्येस्को घेराभित्तामां चढ़ेर घेर्द कुन् . १०
त्येस्को बीच्मां अधर्म्म र विपत्ति पनि कुन् ।
दुष्टेईं त्येस्को मांझमां कु . ११
बर्लामिचेईं र कुल् त्येस्को चोक् देखि जांदैनन् ।
कसोगरिभन्ये मंलाइ तुच्छ गर्ने चइं सत्रुर् ता थियेन १२
होइन भन्ये ता मं सहंने थियें .
अनि मेरो विरुद्धमां आफुलाइ बड़ाई गर्ने चइं मेरो बैरि ता थियेन
होइन भन्ये ता मं त्यो देखि लुक्ने थियें .
तर तं चइं मं बराबरिको १३
मेरो साथी र मेरो हिल्मिल्को साथी ।
हांमिहरु सङ् सङै मीठो सल्लाह गर्द थियूं १४
धइरो सङ ईश्वर्को घर्मां जांने गर्द थियूं ।
तिनिहरु मांथि एक्कासी काल् परोस् १५
तिनिहरु जीउंदै पत्तालमां खसुन् .
किनभन्ये तिनिहरुको घर्मां अं अन्तःकरणमां बुराईनै कु ।

१६ मं चइं ता ईश्वरलाइ हापार्कु
अनि यहवेले मंलाइ बचाउंकु ।
१७ सांझ् बिहान् र दोपहरि ध्यान् गर्दै कन्कु .
अनि उस्ले मेरो सोर् सुन्कु ।
१८ उस्ले मेरो प्राणलाइ मेरो बिरुद्धमां गरीयेको लड़ाईं देखि कुशल् सित
छोड़ायेको छ .
किनभन्ये मेरो बिरुद्धमां लड़ाईं गर्नेहरु धेरै थिये ।
१९ ईश्वरले सुन्येर तिनिहरुलाइ उत्तर् दिंछ
अं तादि देखि बिराज्नेले । सेला ।
जुन्हरुको अदल्बदल् कैन
अनि जस् जस्ले ईश्वरको भय् मान्दैनन् ।
२० त्येस्ले आफु सङ मेल् हुंनेहरुको बिरुद्धमां हात् हाल्यो .
त्येस्ले आफ्नु बाचा उलाङ्ग गर्यो ।
२१ त्येस्को मुख् घीउ जस्तो चिप्लो
तर त्येस्को मन् चइं लड़ाईं थियो .
त्येस्का कुरा तेल् भन्दा चिल्ला
तर भिक्येका तरवार् थिये ।
२२ यहवेले तंलाइ दियेको बोझा उसै मांथि हाल् त उसैले तेरो पालन्
पोषन् गर्छ .
उस्ले धर्मीलाइ कैलेइ सारींनु दिंदैन ।
२३ तर हे ईश्वर् तपांइले तिनिहरुलाइ नास्को भल्खांड़ा सम्म पुर्याउंनु हुंछ .
हत्यारा र छली मान्छेहरु आफ्नु आधा उमेर् सम्म पनि जीइ रहंदैनन्
तर मं चइं ता तपांइ मांथि भरोसा राख्कु ॥

५६ मूलबजाउंनेको लागि । दाऊद्को मिक्ताम् भनींने गीत् जो यो नतेलेम्रहोकीम्[१] भनींने रागमां गाईंछ . पलिश्तीहरुले त्येसलाइ गात् सहरमां पक्यैको बेलाको ।

१ हे ईश्वर् मं मांथि अनुग्रह् गर्नु हुवस् किनभन्ये मान्छेले मंलाइ निलनु
खोज्दै छ .
दिनभरि लड़ाईं गर्दै गर्दै त्येस्ले मंलाइ चेप्द छ ।
२ मेरा सत्रुहरुले दिनभरि मंलाइ निलनु खोज्द छन् .
कसोगरिभन्ये मेरो बिरुद्धमां अट्टेरेर्इं धित लड़ाईं गनेहरु धेरै छन् ।
३ जस् बेलामां मं डराउंद छु
तब मं चइं तपांइ मांथि आफ्नु भरोसा राख्कु ।

[१] अर्थात् टाढ़ो देशमां बस्ने न बास्ने ढुकुर् ।

ईश्वरमां उस्को बचनको स्तुति गर्छु ।
ईश्वर मांथि भरोसा राख्येको छु डराउंदीन
देहधारीले मलाइ के गर्नु सक्छ ।
दिनभरि तिनिहरुले मेरा कुराको उल्टो अर्थ दिंद छन् ।
तिनिहरुका सबै गुणाई मेरो विरुद्धमां बुराईको लागि छन् ।
तिनिहरु भेला हुंद छन् लुक्द छन्
तिनिहरुले मेरा पाइला पेल्याउंद छन्
तिनिहरुले मेरो प्राणको लागि ताक्येको छैं ।
के तिनिहरु व्यर्थ काम् गरि बांच्छन् ।
हे ईश्वर् रिसले लोग् लोगलाइ लड़ाइ दिनु हुन्छ
तपांइले मेरो हिंड़ाई गन्नु हुंद छ ।
मेरा आंसु आफ्नु गरीयोमां हालि राख्नु हुन्छ
के ति तपांइको पोस्तकमां छैनन् ।
जस् बेला हापार्द छु त्यस् बेला मेरा सत्रुहरु फर्कन्छन् ।
ईश्वर् मेरै पक्षु छ भनि यो जान्द छु ।
ईश्वरमां उस्को बचनको स्तुति गर्छु ।
यहवेमां उस्को बचनको स्तुति गर्छु ।
ईश्वर मांथि भरोसा राख्येको छु डराउंदीन ।
मान्छेले मलाइ के गर्नु सक्छ ।
हे ईश्वर् तपांइका भाकलहरु मं मांथि छन् ।
तपांइलाइ धन्नबादी बलि चढ़ाउंछु
किनभन्ये तपांइले मेरो प्राणलाइ मृत्यु देखि बचाउंनु भयो ।
अं मेरा गोड़ा चिप्लींनु देखि
र मं ईश्वरको सांमु हिंड़्डुल् गरुं
जीवनको उज्यालोमां ॥

मूलबजाउंनेको लागि । दाऊदको मिक्ताम् भनींने गीत् जो अल्तश्चेत्[१] ५७
भनींने रागमां गाईंछ । त्यो साउल् देखि ओढ़ारमां भाग्येको बेलाको ।

मं मांथि अनुग्रह् गर्नु हुन्छ हे ईश्वर् मं मांथि अनुग्रह् गर्नु हुन्छ
किनभन्ये मेरो प्राण् तपांइमां शरणगत् भयो ।
अं यि दुष्टहरु जाड न जाउन्जाल् सम्म
तपांइका पखेटाको छाया मुनि शरण् लिंछु ।
परम् ईश्वरलाइ हापार्छु
मेरो लागि सबै काम् गर्ने परमेश्वरलाइ ।

[१] अर्थात् नाम् न पार ।

३ उस्ले स्वर्ग देखि पठायेर मंलाइ बचाउंछ
जब मंलाइ नोलुनु खोजनेले मेरो निन्दा गर्द छ । सेला।
ईश्वरले आफ्नु करुणा र आफ्नु सचेईं प्रगट् गर्छ ।
४ मेरो प्राण् सिंहहरुको बीचमां छ
मं आगोले डड्रेकाहरुको बीचमां ढलकनु पर्छ
अं मान्छेहरुका सन्तानको बीचमां जस्का दारा भाला र कांडू छन्
अनि तिनिहरुको जिब्रो लागने तरवार् ।
५ हे ईश्वर् तपांइ स्वर्ग देखि पनि ऊंभो अल्ग्याईंनु हवस्
तपांइको महिमा सिंगै पृथिवी भन्दा ऊंभो हवस् ॥

६ तिनिहरुले मेरा गोड़ाको लागि पासो थाप्येका छन्
मेरो प्राण् नुह्येको छ .
तिनिहरुले मेरो सांसु खाड़ल् खन्येका छन्
त्यसमां तिनिहरु आफै पर्येका छन् । सेला।
७ मेरो मन् स्थिर् भयो हे ईश्वर् मेरो मन् स्थिर् भयो .
गाउंछु अं स्तुति गाउंछु ।
८ हे मेरो महिमा जागि उठ् हे सितार् र बीणा जागि उठ् .
रामेरुमिलाइ जगाउंछु ।
९ हे प्रभु अन्यदेसीहरुको बीचमां तपांइको धन्यवाद् गर्छु .
लोग् लोगको बीचमां तपांइको स्तुति गाउंछु ।
१० किनभन्ये तपांइको करुणा स्वर्ग सम्म पुग्ने ठुलो छ
अनि तपांइको सचेईं आकाश् सम्म ।
११ हे ईश्वर् तपांइ स्वर्ग देखि पनि ऊंभो अल्ग्याईंनु हवस्
तपांइको महिमा सिंगै पृथिवी भन्दा ऊंभो हवस् ॥

५८ मूलबजाउंनेको लागि । दाऊद्को मिक्तास् भनींने गीत् जो अल्तश्चेत्[1] भनींने रागमां गाईंछ ।

१ के तिमिहरु सांच्चनै धर्म्म बोलनु पर्दा चाम्चुम् रहंछौ .
हे मान्छेका सन्तान् के सोजेईं सित निया गर्द छौ ।
२ अहं तिमिहरुले मनमां दुष्टैं गर्द छौ
तिमिहरुले देसमां आफ्ना हातको उपद्रेईं जोख्दै दिंद छौ ।
३ दुष्टहरु चह्रं गर्भै देखि पराय्का भये .
जन्मंनु बित्तिकै देखि झूठ् बोल्दै तर्कि जांद छन् ।
४ तिनिहरुको बिष् सापको बिष् जस्तै छ
कान् थुन्ने बहिरो सर्प जस्तो

[1] अर्थात् नास न पार ।

जस्ले खेलाउंनेको शब्द सुन्नु मांग्दैन ५
तिनिहरुले चंखेईं नित्ये खेलाउंकन् रपनि ।
हे ईश्वर् तिनिहरुको मुखमां तिनिहरुका दांत् भांचनु हवस् . ६
हे यहवे जुवान् सिंहहरुका तुला तुला दारा भांचि दिनु हवस् ।
किट्टो बग्ने पानी झैं तिनिहरु बिलीइ जाउन् . ७
त्येस्ले कांडू ताकि तान्दा तिनिहरु काटीयेकाहरु झैं होउन् ।
बिलौंदै हिंड्ने चिप्रेकीरा झैं . ८
आइमाइको घाम् कैलेइ न देख्येको झत्येको गर्भ झैं ।
तिमिहरुका भांड़ाहरुमां कांड़ाहरुको आगो लागनु भन्दा पहिले ९
उस्ले हरीयो र बल्दै गर्ने दुवैलाइ बेहेरी आंधीमां लैजांकु ।
धर्म्मी येस्तो साटोलिवाई देख्येर रमाउंछ . १०
त्येस्ले आफ्ना गोड़ा दुष्टको रगतमां धुन्कु ।
त मान्छेहरुले भन्कन् सांचिनै धर्म्मीको लागि प्रतिफल छ . ११
सांचिनै पृथिवीमां निया गर्ने ईश्वर् छ ॥

मूलबजाउंनेको लागि । दाऊदको मिक्ताम् भनींने गीत् जो अल्तश्चेत्[1] ५९
भनींने रागमां बजाईंछ . शाऊलले पठायेका मान्छेहरुले त्येस्लाइ
मांर्नुको लागि घर् ढुक्येको बेलामां ।

हे मेरो ईश्वर् मलाइ मेरा सत्रुहरु देखि बचाउंनु हवस् . १
मेरो बिरुद्धमां उठ्नेहरु देखि मलाइ अलग्याउंनु हवस् ।
व्यर्थ काम् गर्नेहरु देखि मलाइ बचाउंनु हवस् २
अनि हत्याराहरु देखि मलाइ छोड़ाउंनु हवस् ।
किनभन्ये हेर्नु हवस् तिनिहरु मेरो प्राणको लागि ढुकि रहंद छन् ३
बल्लियाहरु मेरो बिरुद्धमां भेला हुंद छन् .
हे यहवे मेरो अपराध् बिना मेरो पाप् बिना ।
मेरो दोष् बिने तिनिहरु दुगुरि आइ लड़ाईंको लागि तयारी हुंद छन् . ४
मलाइ भेट्नुको लागि जागनु हवस् अनि हेर्नु हवस् ।
अं तपांइनै हे सेनाहरुको ईश्वर् यहवे हे इस्राएलको ईश्वर् ५
सबै लोग् लोगलाइ दण्ड दिंनुको लागि उठ्नु हवस् .
कोई दुष्ट अपराधीहरु मांथि अनुग्रह् न गर्नु हवस् । सेला ।
तिनिहरुले बेलुका फर्कार कुकुर झैं डुरडुर गर्द छन् ६
अनि सहरका चारै पट्टि घुम्द छन् ।
हेर तिनिहरुले मुख् बाटो उगेल्द छन् ७
तरवार् तिनिहरुका ओंठमां छन् .
किनभन्ये सुन्ने को छ भनि भन्द छन् ।

[1] अर्थात् नास् न पार ।

८ तर हे यहुवे तपांइ चइं ता तिनिहरु मांथि हांसु हुंछ
तपांइले सबै लोग् लोगको ठट्टा गर्नु हुंछ ।
९ हे मेरो बल् मं तपांइको बाटो हेर्छु ।
किनभन्ये ईश्वर् मेरो अल्गो धरारा छ ।
१० मंलाइ करुणा गर्ने ईश्वरले मंलाइ भेट् गर्छ ।
ईश्वरले मंलाइ मेरा आंखाले मेरा दुकि रहंने सत्तुरहरु मांथि दृष्टि गर्ने सम्म दिंछ ।
११ तिनिहरुलाइ न मांनु हवस् होइन भन्ये ता मेरा प्रजाहरुले बिर्सन्छन् ।
हे प्रभु हांमिहरुको ढाल्
आफ्नु शक्तिले तिनिहरुलाइ कुरपुट्ठ पारि लड़ाउंनु हवस् ।
१२ तिनिहरुको मुखको पाप् र ओंठका कुराको कारणले
तिनिहरु आफ्नै अहंकारमां फांसीउन्
अनि तिनिहरु बोल्येका खाप् र झूठको कारणले ।
१३ कोपमां तिनिहरुलाइ भस्म पार्नु हवस् अं अझ न रहुंज्याल् सम्म भस्म पार्नु हवस् ।
त तिनिहरुले थाहा पाउन् ईश्वरले याकूबमां
पृथिवीको पल्लो छेउ सम्म राज गर्ई छ भनि । सेला ।
१४ अनि तिनिहरुले बेलुका फर्केर कुकुर् झैं डुरडुर् गरुन्
अनि सहरको चारै पट्टि घुमुन् ।
१५ आहाराको लागि हिंडूडुल् गर्छन्
अनि सन्तुष्ट भयेन भन्ये रातभरि पर्खि बस्छन् ।
१६ तर मं तपांइको सामर्थको बिषयमां गाउंछु
अं बिहान् तपांइको करुणाको बिषय् चर्को सोरले गाउंछु ।
किनभन्ये तपांइ मेरो अल्गो धरारा हुंनु भयो
अनि मेरो संकष्टको दिनमां शरणस्थान् ।
१७ हे मेरो बल् तपांइकोनै स्तुति गाउंछु ।
किनभन्ये ईश्वर् चइं मेरो धरारा छ मेरो करुणामय् ईश्वर् ॥ ✓

६० मूलबजाउंनेको लागि । दाऊद्को मिकताम् भनींने गीत् सिकाउंनुको लागि जो शूशनेदूत[1] भनींने रागमां गाईंछ । जब त्येसले अरमनहरैम् र अरम्सोबा सङ लड़ाई गर्‍यो अनि योआबले फर्केर नुनको तरिमां एदोमीहरुमांका बारह हजार जनालाइ मार्‍यो ।

१ हे ईश्वर् तपांइले हांमिहरुलाइ आफालनु भयो हांमिहरुलाइ भांचनु भयो तपांइ रिसाउंनु भयो । हांमिहरुलाइ फर्काउंनु हवस् ।

[1] अर्थात् साक्षीको सोसनफूल ।

तपांइले देस्लाइ कांम्नु लगाउंनु भयो त्येस्लाइ च्यात्नु भयो . २
त्येस्का कुँडूकाडूहरु निको पार्नु हवस् किनभन्ये हल्लींद छ ।
तपांइले आफ्ना लोगलाइ कष्टित् कुरा देखाउंनु भयो . ३
तपांइले हांमिहरुलाइ लर्खराउंने दाख्रस् खुवाउंनु भयो ।
तपांइले आफ्ना डराउंनेहरुलाइ झण्डा दिंनु भयो ४
सच्चैईंको कारण्ले देखाउंनुको लागि । सेला ।

तपांइका प्रियहरु छोड़ाईंनुको लागि ५
आफ्नु दाहीनो हात्ले हांमिहरुलाइ बचाउंनु हवस् अनि हांमिहरुलाइ उत्तर् दिंनु हवस् ।
ईश्वर्लेनै आफ्नु पवित्रैईंले भन्येको छ बड़ाई गर्छु . ६
शकेम् बांड़ि दिंछु अनि सुक्कोत्को तरि नापि लिंछु ।
गिलाद् मेरो अनि मनश्शे पनि मेरै छ ७
एफ्रैम् चइं पनि मेरो सिर्को आड़ू
यहूदा मेरो राजदण्ड छ ।
मोआब् मेरो चुतुवा छ ८
एदोम् मांथि आफ्नु जुत्ता आफाल्छु .
हे पलिश्ती मेरो कारण् जयजय् गर् भनि ।
मंलाइ घेरा भयेको सहर्मां कस्ले ल्याउंछ ९
मंलाइ एदोम्मां कस्ले पुऱ्याएको छ ।
को तपांइनै होइन हे ईश्वर् जस्ले हांमिहरुलाइ आफाल्नु भयो १०
अनि हे ईश्वर् तपांइ हांमिहरुका सेनाहरु सङ जांनु हुन्न ।
विरोधीको विरुद्धमां हांमिहरुको गोहार् गर्नु हवस् . ११
किनभन्ये मान्छेको कुटकारा व्यर्थ छ ।
ईश्वर्को बाटोले बल् गद रहंकौं . १२
किनभन्ये हांमिहरुका विरोधीहरुलाइ कुल्चने डर् छ ॥

मूलबजाउंनेको लागि । तार्बाजामां गाईंने । दाऊद्को गीत् । ६१

हे ईश्वर् मेरो चिच्याई सुन्नु हवस् १
मेरो प्रार्थना तिर चेत् लाउंनु हवस् ।
जब मेरो मन् मुर्छित् हुंद छ तब पृथिवीको पल्लो छेउ देखि तपांइलाइ २
हाप्छु .
मं भन्दा अल्गो पहरा मांथि मंलाइ पुऱ्याउंनु हवस् ।
किनभन्ये तपांइ मेरो शरण्स्थान् हुंनु भयो ३
शत्रु देखि बस्नियो धरारा ।
तपांइको डेरामां सधैं बास् गर्छु . ४
तपांइका पखेटाको लुक्ने ठाउंमां शरण् लिंछु । सेला ।

५ किनभन्ये हे ईश्वर् तपांइले मेरा भाकल्हरु सुन्नु भयो
तपांइले मंलाइ तपांइको नांउ देखि डराउंनेहरुको भाग् दिंनु भयो ।
६ तपांइले राजाका दिन् बढ़ाउंनु हुंछ ।
त्येका वर्ष धेरै पुस्ता जस्ता हुंछन् ।
७ ईश्वरको सांमु त्यो सदा रहंछ ।
करुणा र सचेंई त्येको रक्षे गर्नुको लागि ठहराउंनु हवस् ।
८ येसोरि सदाको लागि तपांइको नांउको स्तुति गर्छु
दिन् दिन् आफ्ना भाकल्हरु पूरा गर्नुलाइ ॥

६२ मूलबजाउंनेको लागि यदूतून्को रीत्मां दाऊद्को गीत् ।

१ निस्से ईश्वरमां मेरो प्राण् चामचूम् रहंद छ ।
उ देखि मेरो उद्धार् हुंद छ ।
२ निस्से उइ मेरो पहरा र मेरो उद्धार् छ ।
मेरो अलगो धरारा मं सारो हल्लाईंदैन ।
३ कैले सम्म तिमिहरु मान्छे मांथि आइ लाग्छो
तिमिहरु सबै जनाले त्येलाइ मांर्ने भन्ये खातिर्ले
निजंयेको भित्ता झैं र ढलने बार् झैं ।
४ निस्से त्येलाइ त्येको बड़ाहुवाई देखि खसाल्ने जुक्ति गर्द छन्
झूठ्मां खुशि हुंद छन् ।
आफ्नु मुखले ता आशीर्वाद् तर भित्र ता खाप् गर्द छन् । सेला ।
५ निस्से ईश्वरमां चामचूम् रह् ए मेरो प्राण्
किनभन्ये उ देखि मेरो आशा हुंद छ ।
६ निस्से उइ मेरो पहरा र मेरो उद्धार् छ ।
मेरो अलगो धरारा मं हल्लाईंदैन ।
७ ईश्वर् मइ मेरो उद्धार् र मेरो महिमा ।
मेरो बलियो पहरा र मेरो शरणस्थान ईश्वरैमां छ ।
८ हे लोग् सधैंभरि उस् मांथि भरोसा राख्
उसैको सांमु आफ्नु मन् खन्याउ ।
ईश्वर् हांमिहरुको लागि शरणस्थान् छ । सेला ।
९ निस्से छोटा लोग् सास् मात्रै छन् अनि बड़ा लोग् चइं झूठ् ।
तराजुमां तिनिहरुको पट्टि उचालौंछ
तिनिहरु सास् भन्दा हलुंग् छन् ।
१० सिधैंई मांथि भरोसा न राख्
अनि लूटमां न फुलीयो ।
धन् बढ़्यो भन्ये तिनिहरु मांथि मन् न लगा ।

एक् कुरो ईश्वर्ले भन्यो ११
दुइ कुरा मैंले सुन्यें
अर्थात् सामर्थ ईश्वर्को पर्दछ .
अनि करुणा तपांइको पर्दछ हे प्रभु . १२
किनभन्ये तपांइलेनै जनंगेलाइ त्येस्को काम् अनुसार् प्रतिफल् दिनु हुंदछ ॥

दाऊद्को गीत् जब त्यो यहूदाको बन्मां थियो । ६३

हे ईश्वर् तपांइ मेरो परमेश्वर् हो मन् लाइकन तपांइलाइ खोज्छु . १
मेरो प्राण् तपांइको लागि तिर्खाउंदछ मेरो जीउले तपांइको लागि अति
इच्छे गर्दछ
पानी न भयेको ओबानो र थाक्योको देस्मां ।
येसोरि मैंले पवित्रस्थान्मां तपांइ मांथि डिठ् लायेको छु २
तपांइको सामर्थ र महिमा देख्नुलाइ ।
किनभन्ये तपांइको करुणा जीवन् भन्दा राम्रो छ ३
मेरा ओंठले तपांइको स्तुति गर्छन् ।
येसोरि मं जीउंदाखेरि तपांइलाइ आशीर्वाद् गर्छु . ४
तपांइको नांउ लियेर आफ्नु हात् उचाल्छु ।
मेरो प्राण् बोसो र चिल्लो खायेकोले सन्तुष्ट हुंछ ५
अनि मेरो मुखले आनन्द गर्ने ओंठले तपांइको स्तुति गर्छ
जब आफ्नु खाट्मां ढल्क्येर तपांइको समझना गर्दछु ६
अनि रात्को पहर् पहरमां तपांइ मांथि ध्यान् गर्दछु ।
किनभन्ये तपांइ हांमिहरुको गोहारे हुंनु भयो ७
अनि तपांइका पखेटाका छाया मुनि खुशि हुंछु ।
मेरो प्राणले तपांइलाइ पक्कि पक्कि खेद्द छ . ८
तपांइको दाहीनो हात्ले मलाइ समात्द छ ।
तर त्येस्को नास्को लागि मेरो प्राण् खोज्नेहरु ९
पृथिवीको अंधल्लो ठांउमां जांछन् ।
तिनिहरु तरवार्को तांबिमां दिइंछन् . १०
तिनिहरु स्यालहरुका भाग् हुंछन् ।
तर राजा चइं ईश्वर्मां खुशि हुंछ ११
उस्को नांउ लियेर किरिया खानेहरुले बढाई गर्छन्
किनभन्ये झूठ् बोल्नेहरुको मुख् थुनीछ ॥

मूलबजाउनेको लागि । दाऊद्को गीत् । ६४

१ हे ईश्वर् जब मं दोहाई दिंदछु तब मेरो सुनु हवस्
सत्रुहरुको डर् देखि मेरो जीवन्को रक्षे गर्नु हवस् ।

२ दुष्टेईं गर्नेहरुको सल्लाह् देखि मलाई लुकाउंनु हुन्न्
व्यर्थ काम् गर्नेहरुको धुइरो देखि .
३ जुनहरुले आफ्नु जिब्रोलाइ तरवार् झैं सान्सान् लायेका छन्
अनि आफ्ना कांडूहरु अं तीता तीता कुराहरुले ताक्येका छन् .
४ तिनिहरुले गुप्त गुप्त ठांउमां सोजा मान्छेहरुलाइ हान्नुको लागि .
डर् न मानिकन एक्कासि त्येस्लाइ हान्ये ।
५ तिनिहरुले बुरो काम्मां आफुलाइ डूप् बांधद छन्
लुकि लुकि पासो थाप्ने सल्लाह् गर्द छन्
तिनिहरुले भन्द छन् हांमिहरुलाइ कस्ले देख्छ ।
६ तिनिहरुले अधर्म्म खोज्द छन् तिनिहरुले भन्द छन् हांमिहरुले पूरा
खोज्गरि सक्येका छौं .
अनि जनंगेको अन्तःकरण् र मन् गहीरो छ ।
७ तर ईश्वर्ले तिनिहरु मांथि हान्छ
एक्कासि कांडूले घायेल् हुंछन् ।
८ त तिनिहरुको जिब्रो तिनिहरुको विरुद्ध भयो भन्ये देखि तिनिहरु ठोकर्
खुवाईंछन् .
तिनिहरुलाइ देख्ने सबैले सिर् चलाउंछन् ।
९ त सबै मान्छेहरु डराउंछन्
अनि तिनिहरुले ईश्वर्को काम्को बखान् गर्छन्
अनि उस्को काम् मन् लगायेर विचार् गर्छन् ।
१० धर्म्मीचइंले यहुवेमां रमायेर भरोसा गर्छ
अनि सोजो मन् भयेकाहरु सबैले बड़ाई गर्छन् ॥

६५

मूलबजाउंनेको लागि । येउटा गीत् । दाऊद्को गान् ।

१ हे ईश्वर् तपांइको लागि सिय्योन्मां स्तुतिको लागि चाम्चूम् छ .
अनि तपांइको लागि भाकल् पूरो गरींछ ।
२ हे प्रार्थना सुन्ने
तपांइ थांइ सबै जीवधारी आउंछन् ।
३ अधर्म्महरु मं मांथि जिताहा हुंद छन् .
अनि हांमिहरुका अपराध् जो छन् ति तपांइले प्रायश्चित्त गरि मेटाउंनु हुंछ ।
४ धन्य त्यो जस्लाइ तपांइले छान्येर आफु थांइ पुग्याउंनु लाउंनु हुंद छ
त्येसे तपांइको आंगनमां बस्ने गर्नुलाइ .
तपांइको घर्को भलाई
अर्थात् तपांइको मन्दिर्को पवित्र ठांउ देखि सन्तुष्ट हुंछौं ।
५ डर्लाग्दा काम् गरि तपांइले हांमिहरुलाइ धर्म्ममां उत्तर् दिंनु हुंछ
हे हांम्रो उद्धार् गर्ने ईश्वर्

जो पृथिवीको सबै अन्तको
र समुन्द्रमां टाढ़ो रहंने सबैको आधार् हो .
जस्ले पराक्रम् भिर्यो ६
आफ्नु बल्ले पर्वतहरु स्थिर् गर्द छ .
जस्ले समुन्द्रको कराई अं तिनिहरुका क्रालको कराई ७
र लोगहरुको खैलाबैला थमाउंद छ ।
पक्षी झैउमां बस्तेहरु पनि तपांइको चिंनु हेरिकन डराउंद छन् . ८
तपांइले बिहान्को उदय् र बेलुकाको अस्ताईलाइ स्तुति गन गराउंनु हुंद छ ।
तपांइले भूमिको हेर्चाहा गर्यो त्येस्लाइ भिजाउंनु हुंद छ ९
तपांइले त्येस्लाइ औधि फलवन्त तुल्याउंनु हुंद छ
ईश्वरको खोला पानीले भरीयेको छ .
तपांइले भूमिलाइ तियार् पार्ये पछि अन्न तिनको लागि दिंनु हुंद छ ।
तपांइले त्येका डेंगहरु औधिगरि भिजाउंनु हुंद छ १०
त्येका डिल् बसाल्नु हुंद छ
चिम्सिमे पानीले त्येस्लाइ कमलो गराउंनु हुंद छ
त्येको उम्रंनेलाइ आशीष् दिंनु हुंद छ ।
तपांइले बर्षलाइ आफ्नु भलोहुवाई मुकुट् झैं लगाइ दिंनु हुंद छ ११
तपांइका बाटाले बोसो चुहाउंद छन् ।
बन्या खर्कहरु मांथि चुहुंद छन् . १२
अनि पहाडूहरु हर्ष भिराईयेका छन् ।
खर्क भेड़ाबाख्राले पहिर्याईयेका छन् १३
बेंसि पनि अन्नले ढाकीयेका छन्
जय् जयगरि गीत् पनि गाउंद छन् ॥

मूलबजाउंनेको लागि । गान् गीत् । ६६

हे सिंगै पृथिवी ईश्वरको लागि जय् जय् गर् . ५
उस्को नांउको महिमाको भजन् गा . २
उस्को स्तुतिको महिमाको चर्चा गर् ।
ईश्वरलाइ भन् तपांइका कार्य कस्ता डरलाग्दा ३
तपांइको बलको बड़ाहुवाईको कारणले तपांइका सत्रुहरु तपांइ थांइ खुसचीदै आउंद छन् ।
सिंगै पृथिवीले तपांइलाइ दण्डवत् गर्छ ४
अनि तपांइको भजन् गर्छ
तपांइको नांउको भजन् गर्छ । सेला ।

५ आज ईश्वरका कार्य्य हेर
मान्छेको सन्तान् सित गर्येको उस्को बेहोरा डरलाग्दो छ ।
६ उस्ले समुन्द्रलाइ ओबानो भूइ पार्यो .
तिनिहरु पैदलै नदी तर्ये .
उहींनै हांमिहरु उस्मां रमायूं ।
७ उ आफ्नु पराक्रमले सधैं विराजद छ
उस्का आंखाले लोग् लोगलाइ हेर्ई छन् .
झगरा गर्नेले आफुलाइ न अलग्याउन् । सेला ।
८ हे लोग् लोग् हांमिहरुको ईश्वरलाइ धन्न भन
अनि उस्को स्तुतिको सोर् सुनाउंनु लगाव .
९ जस्ले हांम्रो प्राणलाइ जीउंदो राख्द छ
अनि हांम्रा गोड़ालाइ सर्नु दिंदैन ।
१० कसोगरिभन्ये तपांइले हे ईश्वर् हांमिहरुलाइ जांच्नु भयो .
चांदी जांच्येको झैं तपांइले हांमिहरुलाइ जांचनु भयो ।
११ तपांइले हांमिहरुलाइ पासोमां पार्नु भयो
तपांइले हांमिहरुको कम्मरमां गह्रुङ् भारि राख्नु भयो ।
१२ तपांइले हांमिहरुको सिर् मांथि मान्छेहरुलाइ सवार् हुंनु लाउंनु भयो
हांमिहरु आगो र पानी बाटो गयूं
तर तपांइले हांमिहरुलाइ परमस्तको पैउटा ठांउमां पुर्याउंनु भयो ।
१३ होमबलि लियेर तपांइको घरमां पस्छु
तपांइलाइ आफ्नु भाकल् पूरो गर्छु ।
१४ जुन् भाकल् मेरा ओंठले सुनायेका छन्
अनि मेरो मुखले भन्येको छ मेरो कष्टको बेलामां ।
१५ तपांइको लागि मोटा मोटा पशुहरुका बलिदान् चढ़ाउंछु
धुमाहरुको बास्ना समेत्
बाख्रा समेत् बाच्छा चढ़ाउंछु । सेला ।
१६ हे ईश्वरको भय् मान्ने सबै आयेर सुन
उस्ले मेरो प्राणको लागि को गर्येको छ भनि मं बखान् गर्छु ।
१७ आफ्नु मुखले मैले उस्लाइ हाप्यों
अनि मेरो जिब्रो देखि उ बढ़ाईयो ।
१८ मैले आफ्नु मनमां व्यर्थ कुराको चेत् गर्यें भन्ये देखि
प्रभुले सुन्ये पियेन .
१९ तर साच्चिनै ईश्वरले सुन्येको छ
उस्ले मेरो प्रार्थनाको सोरको ध्यान् गर्येको छ ।
२० ईश्वर् धन्नको हो
जस्ले न मेरो प्रार्थना न आफ्नु करुणा मं देखि फर्काईयेको छ ॥

मूलबजाउनेको लागि तारबाजामां बजाईने । गीत् गान् । ६७

ईश्वरले हांमिहरुलाइ अनुग्रह गरोस् अनि आशीष् देवस् १
आफनु रूप हांमिहरु मांथि चम्कावस् । सेला ।
तपांइको बाटो पृथिवी मांथि २
तपांइको उद्धार् सबै अन्यदेसीहरुको बीचमां जनाईओस् भन्ने खातिरले ।
लोग् लोगले तपांइको धन्नबाद् गरुन् हे ईश्वर् ३
सबै लोग् लोगले तपांइको धन्नबाद् गरुन् ।
अन्यदेसीहरुले रमाएर आनन्दले गाउन् । ४
किनभन्ने तपांइले लोग् लोगको निया धर्म्म सित गर्नुहुन्छ
अनि अन्यदेसीहरुलाइ पृथिवी मांथि अगुवाई गर्नु हुन्छ । सेला ।
लोग् लोगले तपांइको धन्नबाद् गरुन् हे ईश्वर् ५
सबै लोग् लोगले तपांइको धन्नबाद् गरुन् ।
पृथिवीले आफनु उपजनि दिएको छ । ६
ईश्वरले अं हांमिहरुकै ईश्वरले हांमिहरुलाइ आशीष् दिंछ ।
ईश्वरले हांमिहरुलाइ आशीष् दिंछ ७
अनि पृथिवीका सबै अन्तले उसको भय् मान्छन् ॥

मूलबजाउनेको लागि । दाऊद्को गीत् गान् । ६८

ईश्वर् उठोस् उसका सत्रुहरु छरपुट्ट होइ जाउन् १
उसका बैरिहरु पनि उसको सांमु देखि भागि जाउन् ।
धुवा मेटीयेको झैंगरि तिनिहरुलाइ मेट्नु हुवस् । २
मयेन् आगोको सांमु पग्ल्येको झैंगरि
दुष्टहरु ईश्वरको सांमु नष्ट होइ जाउन् ।
तर धर्म्मी चइं रमाउन् तिनिहरुले ईश्वरको सांमु बढ़ाई गरुन् । ३
अं रमाएर बढ़ाईं गरुन्
ईश्वरको लागि गाव उसको नांउको लागि स्तुति गाव । ४
बनमां सवारी गर्नेको लागि मूलबाटो अलग्याव
उसको नांउ याह् हो उसको सांमु बढ़ाई गर्नु ।
दुखुराको बाबु र बिधुवीको निया गर्ने ५
आफनु पवित्रधाममां ईश्वर् छ ।
ईश्वरचइंले एकलेलाइ जहानमां बसाल्द छ ६
उसले बन्धवाहरुलाइ भाग्येमान् तुल्याउंद छ ।
तर अट्टेरीहरु सुक्केको देसमां रहंद छन् ।

हे ईश्वर् जब तपांइ आफनु लोगको सांमु निकलंनु भयो ७
जब तपांइ बन् बाढ़ो हिंडनु भयो सेला ।

८ तब पृथिवी कांप्यो
स्वर्ग पनि ईश्वर्को सांमु चुह्यो .
अं यो सीनै ईश्वर्को अं इस्राएल्को ईश्वर्को सांमु ।
९ तपांइले हे ईश्वर् पानी परसस्त पठाउंनु भयो
जब तपांइको निज् भाग् थाक्येको थियो तब तपांइले त्येलाइ स्थिर गराउंनु भयो ।
१० तपांइको सभाले त्येस्मां बास् गर्नु लाग्यो .
हे ईश्वर् तपांइले आफ्नु भलाईले जोहो गर्नु भयो ।
११ प्रभुले बचन् दिंद छ .
समाचार् सुनाउंने धेरै धुइरो छिन् ।
१२ सेनाहरुका राजाहरु भाग्दै छन् अं भाग्दै छन् .
घर् रुडि बस्नेले चइं लूट् बांड्द छे ।
१३ भेंड़ाखोर्मां ढल्कि बस्छौ
परेवाका चांदीले मोहोन्येका पखेटा जस्ता
अनि त्येका पोंख् पहेंलो सुन्ले ।
१४ जब सर्वशक्तिमान्ले राजाहरुलाइ त्येस्मां क्रपुठ्ठ पार्द छ
तब सल्मोन् डांड़ामां हिउं पर्येको जस्तो छ ।
१५ बाशान्को पहाड़ ईश्वर्को पहाड़ हो
बाशान्को पहाड़ तीखा तीखा डांड़ाको पहाड़ हो ।
१६ हे अल्गा पर्वत्हरु किन आफ्ना आंखा लाउंद छौ .
ईश्वर्ले आफ्नु बास्को लागि डेरा राख्येको पर्वत् मांथि
अं यहुवेले त्येस्मां सदाको लागि बास् गर्छ ।
१७ ईश्वर्का रथ्हरु बीस् हजार् अं हजार् हजार् .
प्रभु सीनैमां भैं अं पवित्रस्थानमां भैं तिनिहरुको बीच्मां छ ।
१८ तपांइले ऊंभो चढ़ि गयेर बन्धुवाईलाइ बन्धुवा गर्नु भयो
तपांइले मान्छेहरुको बीच्मां दान् पाउंनु भयो
अं अट्ठेरिहरुको बीच्मां पनि ईश्वर् याह् तिनिहरु सङ बास् गर्नुलाइ ।
१९ प्रभु धन्य हो जस्ले दिनहुं हांमिहरुको बोझा बोक्द छ
अं त्यो ईश्वर् जो हांमिहरुको उद्धार गर्ने छ । सेला ।
२० ईश्वर् हांमिहरुको लागि धेरै क्रोड़ाउंने ईश्वर् छ
अनि यहुवे प्रभुलाइ मृत्यु देखि बचाईहरु पर्द छन् ।
२१ तर ईश्वर्ले आफ्ना सत्तरहरुको थाप्रोमां
अनि अधर्म्मको मार्गमां हिंड़दै रहनेको केस् भयेको थाप्रोमां चीर्छ ।
२२ प्रभुले भन्यो बाशान् देखि फेरि ल्याउंछु
समुन्द्रको गहीरो देखि फेरि ल्याउंछु .
२३ तेंले आफ्ना गोड़ा रगतमां चोबलनुलाइ
तेरा कुकुरहरुको जिब्रोले तेरा सत्तरहरु देखि भाग् पाउंनुलाइ ।

हे ईश्वर् तिनिहरुले तपांइका हिंड़ाईहरु देख्येका छन् २४
अं मेरो ईश्वर् मेरो राजाका हिंड़ाईहरु पवित्रस्थान्मां ।
गीत् गाउंनेहरु अघि अघि जांद थिये बाजा बजाउंनेहरु पछि पछि आउंद २५
थिये
मृदङ्ग बजाउंने कुंवारीहरुको बीच्मां ।
सभाहरुमां ईश्वर्को अं प्रभुको धन्नबाद् गर २६
हे इस्राएल्को कुवाका मान्छेहरु हो ।
वहां सांनु बिन्यामीन् तिनिहरुको मालिक् छ २७
यहूदाका भारादार्हरु तिनिहरुको लस्कर् समेत्
जबूलून्का भारादार्हरु र नफ्तालीका भारादार्हरु ।

तेरो ईश्वर्ले तेरो सामर्थको आज्ञा दियेको छ . २८
हे ईश्वर् तपांइले हांमिहरुको लागि ज्ये गर्नु भयेको छ त्यो बल्लियो गर्नु
हवस् ।
यरुशलेम्मां भयेको तपांइको मन्दिर्को कारण्ले २९
राजाहरुले तपांइ थांइ भेटि ल्याउंछन् ।
ढोड़ेका बन्पशुलाइ हकार् ३०
बहर्हरुको बथान् लोग्हरुका बाच्छाहरु समेत्
चांदीका टुक्रा कुल्चंदै
लड़ाईंमां खुशि लाग्दा लोग्हरुलाइ उस्ले छरपुट्ट पार्‍येको छ ।
मिस्र देखि हाकिम्हरु निस्कि आउंछन् ३१
कुश्ले आफ्नु हात् ईश्वर् तिर पार्नुलाइ हतार् गर्छ ।
हे पृथिवीका राज्हरु हो ईश्वर्को गीत् गाव ३२
प्रभुको लागि स्तुति गाव . सेला ।
तादिका स्वर्गहरुको स्वर्गमां सवार् गर्नेको ३३
सुन उस्ले आफ्नु बाणी अं सारो बोल्ने बाणी सुनाउंद छ ।
ईश्वर्को सामर्थको बखान् गर . ३४
उस्को प्रताप् इस्राएल् मांथि छ
अनि उस्को सामर्थ अकाश्मां ।
हे ईश्वर् तपांइ आफ्नु पवित्रस्थान्मां डर्लाग्दो हुंनु हुंद छ . ३५
इस्राएल्को ईश्वर्चइंले आफ्नु लोगलाइ सामर्थ र बल् दिंद छ
ईश्वर् धन्न हो ॥

मूलबजाउंनेको लागि सोसन्फुल् भनींने रागमां बजाईंने । दाऊद्को गान् । ६९
हे ईश्वर् मंलाइ बचाउंनु हवस् १
किनभन्ये पानीहरु मेरो प्राण्मां पर्‍येका छन् ।
गहीरो धाप्मां डुब्द छु जहां उभींनु हुंदैन . २
गहीरा पानीहरुमां पर्‍येको छु जहां भल् मं मांथि बहंद छन् ।

३ हापार्दा हापार्दा थाक्येको कु गला सुक्येको कु .
मेरो ईश्वरलाइ हेर्दा हेर्दा मेरा आंखा टट्टाये ।
४ मं सित अकारण दुश्मनी गर्नेहरु मेरो कपालका केसहरु भन्दा धेर कुन् .
मेरा झूठ् बोल्ने मत्तुरहरु जो मलाइ विधंस पार्नु खोज्द कुन् तिनिहरु
बल्लिया कुन् .
तब मैले न लूटेको थोक् पनि फर्काउनु पर्थ्यो ।
५ हे ईश्वर् तपांइले मेरो मूर्खईं जान्नु हुंद कु
अनि मेरा दोषहरु तपांइ देखि लुक्येका कैनन् ।
६ हे सेनाहरुको प्रभु यहुवे तपांइको बाटो हेर्ने मेरो कारणले लज्जित् न होउन् .
हे इस्राएलको ईश्वर् तपांइलाइ खोज्नेहरु मेरो कारणले अमानमां न परुन् ।
७ किनभन्ये तपांइको कारणले निन्दा सह्येको कु
लाज्ले मेरो मुख ढाक्येको कु ।
८ मं आफ्ना भाईहरुको सांमु विरांनु भइ गयें
अनि आफ्नी आंमाका छोराहरुको सांमु बाइरको मान्छे भइ गयें ।
९ किनभन्ये तपांइको घरको इखले मलाइ खल्काये को कु
अनि तपांइको निन्दा गर्नेहरुका निन्दाहरु मं मांथि पर्ये ।
१० जब रोयें अनि आफ्नु प्राणलाइ उपास् बसाइ दुक्ख दियें
तब त्यो पनि मेरो निन्दा भयो ।
११ जब मैले भाङ्रा आफ्नु वस्त्र तुल्यायें
तब मं तिनिहरुको बोच्मां कहंनो भइ गयें ।
१२ ठोकामां बस्नेहरुले मेरो विषयमां बात् गर्द कुन्
अनि मद्य खानेहरुले मेरो विषयमां गीत् गाउंद कुन् ।
१३ तर मं जो कु हे यहुवे मेरो प्रार्थना ग्रहण गर्येको बेलामां तपांइ तिर
जांद कु .
हे ईश्वर् आफ्नु करुणाको अघोरेईंमां
आफ्नु मुक्तिको सचेईंमां मलाइ उत्तर् दिनु हुवस् ।
१४ मलाइ धाप् देखि बचायेर मलाइ डुबनु न दिनु हुवस् .
मलाइ दुश्मनी गर्नेहरु देखि र गहीरो पानीहरु देखि मं बचाईयेर निकुनु ।
१५ पानीको भल मं मांथि न परोस्
अनि गहीरोले मलाइ निलि न हालोस्
अनि खाड्लले मं मांथि आफ्नु मुख् न थुनोस् ।
१६ हे यहुवे मलाइ उत्तर् दिनु हुवस् किनभन्ये तपांइको करुणा भलो कु .
आफ्नु दयाको धेरेईं अनुसार् मं तिर फर्कनु हुवस् ।
१७ अनि आफ्नु मुख् आफ्नु दास् देखि न लुकाउनु हुवस्
किनभन्ये सकसमां पर्येको कु मलाइ छिटोगरि उत्तर् दिनु हुवस् ।
१८ मेरो प्राणको नजिक् आयेर त्येसलाइ छोड्याउनु हुवस्
मेरा सत्तुरहरुको कारणले मलाइ निखन्नु हुवस् ।

तपांइले मेरो निन्दा र मेरो लाज् र मेरो अपमान् जानु हुंदै छ . १९
मेरा विरोधीहरु सबै तपांइको सांमु छन् ।
निन्दाले मेरो मन् भांच्यो अनि मं साह्रो दुखेको छु . २०
मैले टिठाउंने मांफिकको मान्छेहरुलाइ खोज्यें तर कोई पनि रैन छ
अनि शान्ति दिनेहरुलाइ तर कोई पनि पाइंन ।
तिनिहरुले मलाइ खानुको लागि पीप् पनि दिये २१
अनि मं तिर्खाउंदा तिनिहरुले मलाइ पीउंनुको लागि सिर्का दिये ।
तिनिहरुको मेज् तिनिहरुको सांमु पासो होइ जावस् २२
अनि तिनिहरु मिलापमां रहंदा त्यो पकाउंने खोर् होइ जावस् ।
तिनिहरुका आंखा न देख्नुलाइ अंध्यारो पारीउन् २३
अनि तिनिहरुको कम्मर् सदा हल्लींनु लाउंनु हुवस्
तिनिहरु मांथि आफ्नु कोप् खन्याउंनु हुवस् २४
अनि तपांइको रिस्कोबलाईले तिनिहरुलाइ मेटाउंछ ।
तिनिहरुको छाउंनी सुन्ने होइ जावस् २५
अनि तिनिहरुका डेराहरुमां कोई न रहोस् ।
किनभन्ये जसलाइ तपांइले हिर्काउंनु भयो त्येसलाइ तिनिहरुले सताउंद छन् २६
अनि जसलाइ तपांइले घायल् पार्नु भयो त्येसको पीराको चर्चा गर्द छन् ।
तिनिहरुको अधर्म्म मांथि अधर्म्म बढ़ाउंनु हुवस् . २७
अनि तिनिहरुलाइ तपांइको धर्म्ममां पुग्नु न दिंनु हुवस् ।
जीवन्को पोस्तक् देखि तिनिहरु मेटीउन् २८
अनि धर्म्मीहरु सङ न लेखीउन् ।
तर मं चहं दुखित् र पीरामां पर्येको छु . २९
हे ईश्वर् तपांइको मुक्तिले मलाइ अलग्याउस् ।
गीत् गाउंदै ईश्वरको नांउको स्तुति गर्छु ३०
अनि धन्यवाद् गर्दै उसको बड़ाई गर्छु ।
अनि यो चहं काम् गोरु भन्दा ३१
अं सींग् र खूर् भयेको बाच्छा भन्दा बेसिगरि यहोवेलाइ जाति लाग्छ ।
नरम्हरु त्यो देख्येर रमाउंछन् ३२
हे ईश्वरको पछि पछि लाग्नेहरु हो तिमिहरुका हिर्दय् जीइ रहुन् ।
किनभन्ये यहोवेले दरिद्रहरुको सुन्द छ ३३
अनि आफ्ना बंधुवाहरुलाइ तुच्छ जान्दैन ।
स्वर्ग र पृथिवीले उसको स्तुति गरुन् ३४
समुन्द्रहरु र तिनमां हिंड्डुल् गर्ने सबैले ।
किनभन्ये ईश्वरले सिय्योन्लाइ बचाउंछ अनि यहूदाका सहरहरु बनाउंछ ३५
अनि तिनिहरु वहां रहंछन् अनि त्येसका अधिकारी हुंछन् ।
उसका दासहरुका बंश पनि त्येसको अधिकारी हुंछ ३६
अनि उसको नाउं प्यारो गर्नेहरुले त्येसमां बास् गर्छन् ॥

७० मूल्बजाउनेको लागि । दाजद्को सम्झना गराउने गीत् ।

१ हे ईश्वर् मंलाइ छोड़ाउनुलाइ (छिटो गर्नु हवस्)
मेरो गोहार् गर्नुलाइ छिटो गर्नु हवस् हे यह्वे ।
२ मेरो प्राण् खोज्नेहरु
लज्जित् र कालो मुखका होउन् .
मेरो हानिमां खुशि हुनेहरु
फर्काईउन् र निरादरका गराईउन् ।
३ मंलाइ आहा आहा भन्नेहरु
आफ्नु लाजको प्रतिफलमां फर्काईउन् ।
४ तपांइलाइ खोज्नेहरु सबै खुशि होउन् अनि तपांइमां रम्राउन्
अनि तपांइको मुक्ति प्यारो गर्नेहरुले निरन्तर् भन्नु गरुन्
ईश्वर्को बड़ाई हवस् ।
५ तर मं चइं दीन् र दरिद्र कु
हे ईश्वर् मं थांइ छिटो आउंनु हवस् .
तपांइ मेरो गोहार् र कुट्कारा हुंनु हुंद कु
हे यह्वे बियांलो न गर्नु हवस् ॥

७१ १ हे यह्वै मं तपांइको शरणगत् हुंद कु .
मंलाइ कैले पनि लज्जित् हुंनु न दिंनु हवस् ।
२ आफ्नु धर्म्मको कारणले मंलाइ छोड़ाउंनु हवस् अनि बचाउंनु हवस् .
मं तिर आफ्नु कान् थापनु हवस् अनि मेरो उद्धार् गर्नु हवस् ।
३ तपांइ मेरो लागि बास् गर्ने पहरा हुंनु हवस् जहां मं निरन्तर् जांन सकुं .
तपांइले मेरो उद्धार् गर्ने आज्ञा दिंनु भयो
किनभन्ये तपांइनै मेरो पहरा र मेरो किल्ला हुंनु हुंद कु ।
४ हे मेरो ईश्वर् दुष्टको हात् देखि मेरो उद्धार् गर्नु हवस्
अधर्म्मी र निष्ठुर मान्छेको हात् देखि ।
५ किनभन्ये हे मेरो प्रभु यह्वे तपांइ मेरो आस्रा हुंनु हुंद कु .
मेरो बालखै देखि मेरो भरोसा ।
६ मं गर्भै देखि तपांइ देखि सम्भालीयेको कु .
मंलाइ मेरी आंमाको पेट् देखि निकाल्ने तपांइनै हो .
मेरो स्तुति सधैंभरि तपांइको विषयमां हुंकु ।
७ मं धेरैको लागि उदेक् जस्तो कु
तर तपांइ मेरो बलियो शरणस्थान् हुंनु हुंद कु ।
८ मेरो मुख् तपांइको स्तुतिले भरीकु
अनि दिनभरि तपांइको महिमाले ।
९ बूढ़ेसकालको बेलामां मंलाइ न आफाल्नु हवस्
मेरो बल् घटेकोमां मंलाइ न छोड्नु हवस् ।

किनभन्ये मेरा सत्तुर्हरुले मेरो बिषय्मां बात् गर्द छन् १०
अनि मेरो प्राण्को लागि ढुक्नेहरुले येसो भनिकन आपस्तमां सल्लाह्
लिंद छन्
ईश्वर्ले त्येस्लाइ छोड़ेय छ . ११
खेद्येर त्येस्लाइ समातूं किनभन्ये त्येस्लाइ छोड़ाउंने कोई पनि छैन भनि ।
हे ईश्वर् मं देखि टाड़ो न हुंनु हवस् . १२
हे मेरो ईश्वर् मेरो गोहार्को लागि छिटो गर्नु हवस् ।
मेरो प्राण्का बिरोधीहरु लज्जित् र भस्म होउन् १३
मेरो हानि खोज्नेहरु निन्दा र निरादर्ले ढाकीउन् ।
तर मं चइं ता सधैं आस्रा गरि रहंछु १४
अनि तपांइको स्तुति अझै गर्दै रहंछु ।
मेरो मुख्ले तपांइको धर्म्मको १५
र दिन्भरि तपांइको उद्धार्को चर्चा गर्छ
किनभन्ये मं त्येस्को गन्ति जान्दींन ।
मं प्रभु यह्वेका पराक्रमी कार्ज्येको बखान् गर्दै आउंछु . १६
तपांइ अं तपांइकै मांत्रै धर्म्मको चर्चा गर्छु ।
हे ईश्वर् तपांइले मंलाइ बालखै देखि सिकाउंनु भयो १७
अनि ऐले सम्म तपांइको आश्चर्ज्येकर्म्मको प्रचार् गर्‍येको छु ।
अं मं केस् पाक्येको बूढ़ो भयें भन्ये पनि हे ईश्वर् मंलाइ न छोड्नु हवस् १८
मैंले तपांइको सामर्थ आउंदो पुस्तालाइ
तपांइको पराक्रम् सब्बै आउंनेहरुलाइ प्रचार् न गर्‍येको सम्म ।
हे ईश्वर् तपांइको धर्म्म पनि औधि अल्गो छ १९
तपांइ जस्ले येत्ति ठुलो काम् गर्नु भयेको छ
हे ईश्वर् तपांइ जस्तो को छ ।
तपांइले जस्ले हांमिहरुलाइ धेरै र सारो कष्ट देखाउंनु भयेको हुंछ २०
फेरि हांमिहरुलाइ जीयाउंनु हुंछ
पृथिवीको गहीरो देखि हांमिहरुलाइ फेरि चढ़ाइ ल्याउंनु हुंछ ।
मेरो बड़ाहुवाई बढ़ाउंनु हवस् २१
फर्क्येर मंलाइ शान्ति दिंनु हवस् ।
मं पनि सितार् बजाउंदै तपांइको स्तुति गर्छु २२
अं तपांइको सच्चेईंको स्तुति हे मेरो ईश्वर् .
बीणा बजाउंदै तपांइको लागि स्तुति गाउंछु
हे इस्राएल्को पवित्र जन् ।
तपांइको स्तुति गाउंदै मेरा ओंठले २३
अनि तपांइले छोड़ाउंनु भयेको मेरो प्राण्ले औधि रमाहट् गर्छ ।
मेरो जिब्रोले पनि दिन्भरि तपांइको धर्म्मको चर्चा गरि रहंछ . २४
किनभन्ये मेरो हानि खोज्नेहरु लज्जित् भये तिनिहरुका मुख् काला भये ॥

७२ सुलैमान् रचित् ।

१ हे ईश्वर् आफ्नु नियाबचन् राजालाइ दिनु हवस्
अनि आफ्नु धर्म्म राजकुंमारलाइ ।
२ त्येस्ले तपांइका प्रजाको निया धर्म्म सित गर्छ
अनि तपांइका दीनहरुको निया ठीकगरि गर्छ ।
३ पहाड्हरु र डांड़ाहरुले प्रजाहरुको लागि
धर्म्म सित शान्ति ल्याउंछन् ।
४ त्येस्ले प्रजाहरुमांका दीनहरुको निया गर्छ
अनि दरिद्रहरुको सन्तान् बचाउंछ
अनि मिचेईं गर्नेलाइ चूर् पार्छ ।
५ सूर्ज न होउंज्याल सम्म तिनिहरुले तपांइको भय् मान्दै रहंछन्
अनि पुस्ता देखि पुस्ता सम्म जून् न रहुंज्याल सम्म
६ घांसको लुटामां पर्ने पानी जस्तो उत्रंछ .
अनि भूंइ भिजाउंने सिर्मसिमे पानी जस्तो ।
७ त्येस्का दिनमां धर्म्मीहरु बढ्छन्
अनि शान्तिको परमस्त जून् न होउंज्याल सम्म ।
८ समुन्द्र देखि समुन्द्र सम्म त्येस्को प्रभुतेईं पर्छ
महानदी देखि पृथिवीको अन्त सम्म ।
९ बनमां बस्नेहरु त्येस्को सांमु घोप्टो पर्छन्
अनि त्येस्का सत्रुहरुले धूलो चाट्छन् ।
१० तर्शीश् र टापूहरुका राजाहरुले भेटिहरु ल्याउंछन् .
शबा र शबाका राजाहरुले सित् ल्याउंछन् ।
११ अं सबै राजाहरुले त्येस्लाइ दण्डवत् गर्छन् .
सबै लोग् लोगले त्येस्को सेवा गर्छन् ।
१२ किनभन्ये त्येस्ले दोहाई दिने दरिद्रहरुलाइ छोड़ाउंछ
अनि गोहारे न भयेको दीनहरुलाइ ।
१३ त्येस्ले दीनहरु र दरिद्रहरु मांथि टिठाउंछ
अनि दरिद्रहरुको प्राण् बचाउंछ ।
१४ त्येस्ले तिनिहरुको प्राण् छल् र उपद्रेईं देखि छोड़ाउंछ
अनि तिनिहरुको रगत् त्येस्को सांमु अमोल् हुंछ .
१५ त त्यो जीइ रहंछ अनि त्येस्लाइ शबाको सुन् दिईंछ .
अनि त्येस्को लागि नित्ये प्रार्थना गरींछ
दिनभरि त्येस्लाइ धन्य कहींछ ।
१६ देसमां पहाड्को थाप्ल थाप्लिमां धेरै अन्न हुंछ
त्येस्का फलहरुले जुझि लबानोनले झैं मोर् गर्द छन् .
अनि सहरका लोगहरु भूंइका घांसहरु झैं लहलहाउंछन् ।

त्येस्को नांउ सदा सम्म रहंछ १७
सूर्ज न चम्कुंज्याल् सम्म त्येस्को नांउ सदा नया हुंछ ।
लोगले आफुलाइ त्येस्को लागि आशीर्बादी भन्छन्
सबै लोग् लोगले त्येस्लाइ भाग्येमान्को भन्छन् ॥

ईश्वर् यहुवे इस्राएल्को ईश्वर् धन्नको हवस् १८
जो एक्ले आश्चर्यकर्म्म गर्नु छ ।
अनि उस्को महिमित् नांउ सदासर्बदा धन्नको हवस् १९
अनि सिंगै पृथिवी उस्को महिमाले भरीओस् ।
आमेन् अनि आमेन् ॥

यिशैको छोरो दाजद्का प्रार्थनाहरु सक्किये ॥ २०

तौस्रो भाग् ।

आसापको गीत् । ७३

निस्से इस्राएल्को लागि ईश्वर् भलो छ १
अं हिर्दयमां शुद्ध हुंनेहरुको लागि ।
तर मं चइं अं मेरा गोड़ा रडूकंनु आंटेका थिये २
मेरा फड्का चिप्लींनु आंटेका थिये ।
कसोगरिभन्ये जब दुष्टहरुको कुशल् देख्यें ३
तब अहंकारीहरुको बिषयमां डाहा गर्द थियें ।
किनभन्ये तिनिहरुको मंरणमां पीरा छंदै छैन । ४
तर तिनिहरुको बल् बल्लियो छ ।
तिनिहरु अरु मान्छेहरु झैं कष्टमां छैनन् ५
अनि अरु मान्छेहरु मांथि झैं तिनिहरु मांथि बिपत्ति पर्येनन् ।
येस्कारण् अहंकार् तिनिहरुको गलामां सिक्रि जस्तो छ ६
उपद्रवैं तिनिहरुलाइ खुगा झैं ओढ़ाउंद छ ।
तिनिहरुका आंखा मोटेईंको कारणले भित्र भित्र गाड़ींद छन् । ७
तिनिहरुको मन्को चेत् उम्रंद छन् ।
तिनिहरुले ठट्टा गर्द छन् अनि दुष्टैंमां मिचेईंका कुरा गर्द छन् । ८
अलगा अलगा बात् गर्द छन् ।
तिनिहरुले आफ्नु मुख् स्वर्गको बिरुद्धमां राख्येका छन् ९
अनि तिनिहरुको जिब्रो पृथिवीमां हुल्द छ ।
येस्कारण् उस्ले आफ्ना लोगलाइ यहां फर्काउंछ । १०
अनि तिनिहरुले बढुको भरीको पानी रित्याउंद छन् ।

११ अनि तिनिहरुले भन्द कुन् ईश्वरले कसोगरि जान्द कु
अनि को परम् ईश्वरमां ज्ञान् कु र ।
१२ हेर दुष्टहरु तिनैहरु हुन्
अनि सदा चैनमां हुंदाखेरि धनमां बढ्द कुन् ।
१३ निस्से व्यर्थमां मैंले आफ्नु हिर्दय् चोख्याथेको कु
अनि निर्दोषेहैंमां आफ्नु हात् धोयेको कु ।
१४ कसोगरिभन्ये दिनभरि कष्टित् भयेको कु
अनि बिहान् बिहान् शिक्षादण्ड पाउंदै आयेको कु ।
१५ मं येसो भन्कु भनि भन्येको भये देखि ता
हेर मैंले तपांइका सन्तानहरुका पुस्ता सित कुल् सित गथेको हुंने थियें ।
१६ जब मैंले यि कुरा कसोरि बूझुं भनि बिचार्यें
तब मेरो दृष्टिमां कठिन् पर्यो
१७ मं ईश्वरको पवित्रस्थानमां न पसुंज्याल् सम्म
अनि तिनिहरुको पक्लिंदो अन्तको बिचार् न गरुंज्याल् सम्म ।
१८ निस्से तपांइले तिनिहरुलाइ चिप्ला बाटामां राख्नु हुंद कु .
तपांइले तिनिहरुलाइ सत्यनासमां लड़ाउंनु हुंद कु ।
१९ क्षिनभरिमां तिनिहरु उजार् कसोरि भइ गये .
भयले तिनिहरु त्यांट्टै भस्म हुंद कुन् ।
२० जस्तो जाग्नेले सपनालाइ
त्येस्ते हे प्रभु जब तपांइ बिउंझनु हुंद कु तब तपांइले तिनिहरुको
कायालाइ तुच्छ जान्नु हुंकु ।
२१ किनभन्ये मेरो मन् झर्क्यो
अनि मं आफ्नु अन्तःकरणमां घोचीयेको कु .
२२ मं ता पशु जस्तो येस्तो अज्ञानी थियें
मं तपांइको सांमु पशुइ मांत्रै थियें ।
२३ तैपनि तपांइ सित सधैं रहंद कु .
तपांइले मेरो दाहीनो हात् समात्नु भयो ।
२४ तपांइले मंलाइ आफ्नु सल्लाहले डोऱ्याउंनु हुंकु
अनि येस् पछि मंलाइ महिमा सङ लैजांनु हुंकु ।
२५ तपांइ बिना स्वर्गमां मेरो अरु को कु
अनि तपांइ सङ पृथिवीमां मैंले मन् पर्येको कोई पनि कैन ।
२६ मेरो तन् मन् मिल्द कुन् .
तर ईश्वर् सदाको लागि मेरो मनको पहरा र मेरो भाग् हुंनु हुंद कु ।
२७ कसोगरिभन्ये हेर्नु हुवस् तपांइ देखि टाढो हुंनेहरु नष्ट हुंकुन् .
तपांइ व्यभिचार् गर्ने भें तपांइ देखि जांने सबैहरुलाइ तपांइले नाश्
गर्नु भयो ।

तर ईश्वर् तिर नजिक् जांनु मेरो लागि भलो छ . २८
मैंले प्रभु यहुवेलाइ आफ्नु शरण् तुल्यायेको छु
मैंले तपांइका सबै कार्य्यहरुको बखान् गरुं भन्ये खातिर्ले ॥

आसापको मस्किल् भनौंने गीत् । ७४

हे ईश्वर् तपांइले हांमिहरुलाइ सदाको लागि किन आफालनु भयो . १
तपांइको रिस् आफ्नु खर्कका भेंड़ाहरुको बिरुद्धमां धुंवा जस्तो किन उठाईंद छ ।
जो मंडली तपांइले तादि देखि किन्नु भयो २
जसलाइ तपांइले आफ्नु अधिकार्को कुल् हुंनुलाइ छोड़ाउंनु भयो
अनि तपांइ बास् बस्येको सिय्योन् पर्वत्लाइ सम्झनु हवस् ।
आफ्ना गोड़ा सदाको उजार्मां उठाउंनु हवस् ३
सत्तुर्ले पवित्रस्यान्मां गर्येका सबै बुराई ।
तपांइका बिरोधीहरु तपांइको सभाको बीच्मां गर्ज्येका छन् ४
तिनिहरुले आफ्ना झण्डाहरु चिंनुहरुको लागि राख्येका छन् ।
जनंगे येस्ता देखींद थिये ५
रुखहरु धेरै भयेकोमां बन्चरो चलाउंने जस्ता ।
त अब (भवन्का) बुट्टा काढ़ीयेका काम् ६
बंकिला र मार्तोल्ले भत्काउंद छन् ।
तिनिहरुले तपांइको पवित्रस्यान् आगोले डड़ायेका छन् ७
तिनिहरुले तपांइको पवित्र नाउंको बास्स्यान् भूंइ सम्मनै अपवित्र गर्येका छन् ।
तिनिहरुले हांमिहरुले तिनिहरुलाइ स्यांठै नास् पारुं भनि आफ्नु मनमां भन्येका छन् . ८
तिनिहरुले देसमां ईश्वर्का सबै सभाघर्हरु जलायेका छन् ।
हांमिहरु आफ्नु चिंनु देखदौंन ९
कोई अगमवक्ता फेरि हुंदै छैन
अनि कैले सम्म हुंछ भनि जान्ने हांमिहरुको बीच्मां कोई पनि छैन ।
हे ईश्वर् बिरोधीले कैले सम्म निन्दा गरि रहंछ . १०
के सत्तुर्ले तपांइको नांउ सदाको लागि तुच्छ जान्दै रहंछ ।
तपांइले आफ्नु हात् अं आफ्नु दाहीनो हात् किन तानि लांनु हुंद छ . ११
आफ्नु काखि देखि झिकि लांनु र तिनलाइ भस्म पार्नु हवस् ॥

तैपनि ईश्वर् तादिको मेरो राजा छ १२
पृथिवीको बीच्मां मुक्तिको कार्य्य गर्न ।
तपांइचइंले आफ्नु बलले समुन्द्रलाइ भाग् भाग् पार्नु भयो . १३
तपांइचइंले पानीमां अजिङर्हरुका टाउकाहरु कुच्याउंनु भयो ।

१४ तपांइचइंले लिचयातानका ठाउकाहरू टुक्रा टुक्रा पार्नु भयो
तपांइचइंले त्येखाइ बनमां रहंनेहरूलाइ आहाराको लागि दिंनु भयो ।
१५ तपांइचइंले पोखरी र खोल्चा चौरस् भयो
तपांइचइंले बगदो महानदीहरू सुकाउंनु भयो ।
१६ दिन् तपांइचइंको हो रात् पनि तपांइको .
तपांइचइंले उज्यालो र सूर्ज तियार् पार्नु भयो ।
१७ तपांइचइंले पृथिवीका सबै सिमाना ठहराउंनु भयो .
तपांइचइंले ग्रीष्म र हिउंदो रचनु भयो ।
१८ हे यहवे यो सम्झनु हवस् सत्तुरले निन्दा गर्येको छ
अं मूर्खहरूले तपांइलाइ तुच्छ गर्येका छन् भनि
१९ तपांइको ढुकुरको प्राण बनपशुलाइ सुम्पि न दिंनु हवस् .
तपांइका दीनहरूको जीउलाइ सधैं न बिर्सनु हवस् ।
२० नियम्लाइ सम्झनु हवस् .
किनभन्ये पृथिवीका अंध्यारा ठांउहरू मिचेईंका बासहरूले भरीयेका छन् ।
२१ पोनीयेकाहरूलाइ लज्जित् भइकन फर्कनु न दिंनु हवस् .
दीन् र दरिद्रहरूले तपांइको नांउको स्तुति गरून् ।
२२ हे ईश्वर् उठेर आफ्ना कुरा खेर्नु हवस् .
मूर्खले दिनभरि तपांइको निन्दा गर्द छ भनि सम्झनु हवस् ।
२३ आफ्ना बिरोधीहरूको सोर् न बिर्सनु हवस् .
तपांइको बिरुद्धमां उठ्नेहरूको खेलाबेला सधैंभरि उठ्द छ ॥

७५ मूलबजाउंनेको लागि अलतश्चेत्[1] भनींने रागमां गाईंने ।
आसापको गीत् येखटा गान् ।

१ हे ईश्वर् हांमिहरू तपांइको धन्यवाद् गर्द छौं .
धन्यवाद् गर्द छौं किनभन्ये तपांइको नांउ नजिक् छ
तपांइका आश्चर्य्यकर्म्म र उहेक्को काम्को बखान् गरींद छ ।
२ मं ठहराईयेको समयमां पुगदा
सोझेईं सित निया गर्छु ।
३ पृथिवी त्येका सबै बासीहरू समेत् मेटीयेका छन् .
मैंले त्येका खांबाहरू उभ्यायेको छु । सेला ।
४ अहंकारीहरूलाइ मैंले भन्यें अहंकार् सित न गर्नु भनि .
अनि दुष्टहरूलाइ मैंले भन्यें सींग् न अलग्याउंनु .
५ सींग् अलगेईंमां न अलग्याउंनु
कठोर् गर्दन् सित कुरा न गर्नु ।

---

[1] अर्थात् नास न गर् ।

किनभन्ये न पूर्व न पच्छिउं देखि ६
न दकिवन्[१] देखि अलग्याइँने आउंद छ ।
तर ईश्वर् विचारी छ . ७
तुल्ले येउटालाइ होंच्याउंद छ अर्कोलाइ अलग्याउंद छ ।
कसोगरिभन्ये यहूदेको हातमां कटौरा छ जस्को दाखरस् पोखौंद छ ८
मसलाले भरीयेको छ अनि उस्ले त्यो देखि खन्याउंद छ .
निस्से त्येस्को येक्को पृथिवीका सबै दुष्टहरुले निखारिकन खांकुन् भनि ।
तर मं चइं सधैंको लागि वर्णन् गर्छु ९
याकूबको ईश्वर्को स्तुति गाउंछु ।
दुष्टहरुका सबै सींगहरु पनि काटि दिंछु १०
तर धर्म्मीहरुका सींगहरु अलग्याइँछन् ॥

मूलबजाउंनेको लागि तारबाजामां । आसाप्को गीत् येउटा गान् । ७६

यहूदामां ईश्वर् चिनीयेको छ . १
इस्राएलमां उस्को नांउ ठुलो छ ।
शालेममां पनि उस्को मंडप् २
अनि सिय्योनमां उस्को धाम्
उहीं उस्ले धनुको अग्निबाण् ३
ढाल् र तरवार् र लड़ाइँ टुक्रा टुक्रा पार्यो । सेला ।
तपांइ अहेरका डांड़ा भन्दा ज्योतिमय् र प्रतापी हुंनु हुंद छ । ४
बल्लिया मनकाहरु लूटीयेका छन् नीन्द्रामां सुत्येका छन्
अनि बीरहरुमांका कसैले पनि हात् चलायेन ।
हे याकूबको ईश्वर् तपांइको धम्किमां ६
रथ् र घोड़ा दुवै अगघोर् नीन्द्रामां पर्येका छन् ।
तपांइ अं तपांइनै भययोग्य हुंनु हुंद छ ७
अनि तपांइको रिस् उठ्यो भन्ये तपांइको सांमु को उभीनु सक्छ ।
तपांइले स्वर्ग देखि नियाका कुरा सुनाउंनु भयो ८
पृथिवी डरायेर चुप् लाग्यो
जब ईश्वर् निया गर्नुलाइ उठ्यो ९
पृथिवीका सबै नरम्हरुको उद्धार् गर्नुलाइ । सेला ।
निस्से मान्छेको कोपले तपांइको स्तुति गर्छ . १०
तपांइले कोपको बांकि भीर्नु हुंछ ।
भाकल् गर्नु अनि आफ्नु ईश्वर् यहूदेको लागि भाकल् पूरो गर्नु . ११
उस्का वरिपरि सबैले उ यांइ जो भय् मान्ने माफिकको छ भेटि ल्याउंनु ।
उस्ले भारादारहरुको आत्मा काटि दिंछ . १२
उ पृथिवीका राजाहरुलाइ भययोग्य छ ॥

[१] अर्थात् वन् ।

७७ मूलबजाउनेको लागि यदूतून्को लागि । आसाप्को गीत् ।

१ मं ईश्वर्को दोहाई कराइ कराइकन गर्कु
अं ईश्वर्को लागि कराइ कराइकन त उस्ले मं तिर कान् थाप्कु ।
२ आफ्नु सकस्को दिन्मां मैंले प्रभुको खोज् गर्यें .
राति मेरा हात् पसारीयेका थिये अनि थाक्येनन्
मेरो प्राण्ले शान्ति लिंनु मान्यन ।
३ ईश्वर्लाइ सम्झंदै कन्द कु .
मं चिन्ता गर्द कु अनि मेरो प्राण् मुर्छित् हुंद क्व । सेला ।
४ तपांइले मेरा पलक्हलाइ लाग्नु दिंनु हुन्न .
मं येति कष्टित् भयें मं भन्नु पनि सक्दीन ।
५ मैंले तादिका दिन् गुन्येको कु
उइले उइलेका वर्ष ।
६ राति आफ्नु गीत् सम्झंद कु .
आफ्नु मन्मां ध्यान् गर्द कु
अनि मेरो प्राण्ले भलिभांति खोज्खाज् गर्द क्व ।
७ के प्रभुले जुगनजुग् आफाल्क्व .
के उ फेरि कैले पनि अनुग्रही हुंदैन .
८ के उस्को करुणा सदाको लागि गइ गयेको क्व
के उस्को वचन् सबै पुस्तामां खस्क्व .
९ के ईश्वर्ले अनुग्रह् गर्नुलाइ बिर्स्येको क्व
के रिसायेर आफ्ना सबै दया पुनि राख्येको क्व । सेला ।
१० तब मैंले भन्यें यो मेरो दुर्बलेई हो
परम् ईश्वर्को दाहीनो हात्को वर्ष (सम्झंकु) भनि ।
११ याहका कार्य्यको चर्चा गर्कु
कसोगरिभन्ये तपांइका तादिका उदेक्का कार्य्य सम्झाउंकु ।
१२ तपांइको सिंगै काम् मांथि पनि ध्यान् गर्कु
अनि तपांइको कार्य्य गुन्कु ।
१३ हे ईश्वर् तपांइको बाटो पवित्रेईमां क्व
ईश्वर् जस्तो महा ईश्वर् को क्व ।
१४ तपांइ उदेक् गर्ने ईश्वर् हुंनु हुंद क्व .
तपांइले आफ्नु बल् लोग् लोग्को बीच्मां जनाउंनु भयो ।
१५ तपांइले आफ्नु बांहांले आफ्नु प्रजालाइ बचाउंनु भयो सेला
याकूब् र यूसुफ्वंशीहरुलाइ ।
१६ हे ईश्वर् पानीहरुले तपांइलाइ देख्ये
तपांइलाइ देख्येर पानीहरु पीरामां पर्ये .
गहीराहरु पनि कांप्ये ।

बादल्ले वृष्टि खन्यायो
आकाश्ले सोर् सुनायो .
तपांइका बाण्हरु येता उता गये ।
तपांइको गर्जन्को सोर् बेहेरिमां थियो १८
बिजुलिले जगत्लाइ चम्काथो .
पृथिवी कांप्येर हल्लीयो ।
तपांइको मार्ग समुन्द्रमां थियो १९
अनि तपांइका बाटा ठुला पानीहरुमां
अनि तपांइका पाइला चिनीयेनन् ।
तपांइले आफ्ना प्रजालाइ बथानुलाइ भैं अगुवाई गर्नु भयो २०
मूसा र हारून्को बाटोले ॥

आसापको मस्किल् भनीने गीत् । ७८

ए मेरो प्रजा मेरो शिक्षा तिर कान् लगा . १
मेरो मुखका कुरा तिर आफ्नु कान् थाप्
मं उखानमां आफ्नु मुख् उघार्छु २
उहिलेका अड्कोथपाई सुनाउंछु .
जो हांमिहरुले सुन्येका र जान्येका छौं ३
अनि हांमिहरुका पितापूर्खहरुले हांमिलाइ बखान् गर्येका छन् ।
हांमिहरु ति कुरा तिनिहरुका सन्तानहरु देखि लुकाउंदौंन ४
आउंने पुस्तालाइ यहोवाका गुणानुवाद्
र उस्को सामर्थ र उस्ले गर्येका उस्का उद्देक्का कार्य्य सुनाउंदे ।
किनभन्ये उस्ले याकूबमां नियाबचन् ठहाराथो ५
अनि इस्राएलमां व्यवस्था राख्यो
जुन्हरुको बिषयमां उस्ले हांमिहरुका पितापूर्खहरुलाइ आज्ञा दियो
तिमिहरुले आफ्ना आफ्ना बालखहरुलाइ ति जनाव भन्ने .
आउंने पुस्ताले अं उत्पन्न हुंने बालखहरुले ति जानुन् भन्यर ६
जुन्हरुले उठेर आफ्ना बालखहरुलाइ बखान् गरून् .
तिनिहरुले आफ्नु आस्रा ईश्वर मांथि राखून् ७
अनि ईश्वरका कार्य्य न बिर्सन्
तर उस्का आज्ञा मानुन् .
अनि आफ्ना पितापूर्खहरु भैं ८
अट्टेरी र झगरा गर्ने पुस्ता न होउन्
आफ्नु मन् स्थिर न गर्ने पुस्ता
जस्को आत्मा ईश्वर प्रति बिश्वासी थियन (यि सबै कुरा जानुन् भन्ने
खातिरले) ।

९ एप्रैम्वंशीहरुले हतियार् भिरि धनु बोकि
लड़ाईंको दिन्मां पिठिउं फर्काये ।
१० तिनिहरुले ईश्वर्को निषम् मान्येनन्
अनि उस्को व्यवस्थामां हिंड्ने इच्छे गर्येनन् ।
११ अनि तिनिहरुले उस्का कार्य्य बिर्से
अनि उस्ले तिनिहरुलाइ देखायेका आश्चर्य्यकर्म्म ।
१२ उस्ले तिनिहरुका पितापूर्खको मुखैंबि उदेक्को काम् गर्यो
मिस्रको देशमां सोअनको बनमां ।
१३ उस्ले समुन्द्र भाग् भाग् पारि दियो अनि तिनिहरुलाइ पारि जांनु लगायो
उस्ले पानीहरुलाइ थुप्रो झैं उभ्यायो ।
१४ दिउंसो पनि तिनिहरुलाइ मेघ्ले
अनि रातभरि आगोको ज्योतिले उस्ले तिनिहरुको अगुवाई गर्यो ।
१५ उस्ले बनमां पहराहरुलाइ चिर्न गर्यो
अनि गहीरो देखि झैं तिनिहरुलाइ धेर् पानी खुवायो ।
१६ उस्ले ढुंगाहरु देखि पनि खोल्चा निकाल्यो
अनि पानीहरु नदीहरु झैं बहायो ।
१७ तैपनि तिनिहरु उस्को बिरुद्धमां अझै पाप् गर्दै रह्ये
ओबानो भूमिमां परम् ईश्वर्को बिरुद्धमां बिरोधैं गर्य ।
१८ अनि तिनिहरुले आफ्नु मनमां ईश्वर्को परीक्षा गर्ये
आफ्नु जीउको लागि आहारा मांगदै ।
१९ अं तिनिहरुले ईश्वर्को बिरुद्धमां बात् गर्ये
तिनिहरुले भन्ये को ईश्वरले बनमां मेज् तियार् पार्नु सक्छ
२० हेर पानी फुटि आउंने र खोल्चाहरु उम्रि आउंने सम्मगरि
उस्ले पहरालाइ ता हिर्कायो
को उस्ले रोटी पनि दिंनु सक्छ
को उस्ले आफ्ना प्रजाको लागि मांसुको बन्दबस्त गर्छ भनि ।
२१ यैकारण् यहुवे सुन्येर रिसायो ,
अनि याकूबको बिरुद्धमां आगो सल्क्यो
अनि इस्राएल्को बिरुद्धमां रिस् पनि उठि चढ्यो
२२ किनभन्ये तिनिहरुले ईश्वर् मांथि बिश्वास् गर्येनन्
अनि उस्को उद्धारमां भरोसा राख्येनन् ।
२३ तैपनि उस्ले अंभोको अकाशलाइ आज्ञा दियो
अनि स्वर्गका देलाहरु उघ्रायो
२४ अनि उस्ले तिनिहरु मांथि खांने मन्ना बर्सायो
अनि तिनिहरुलाइ स्वर्गको अन्न दियो ।
२५ जनंगेले बीरको रोटी खांद थिये ,
तिनिहरु अघाउंनेगरि उस्ले भोजन् दियो ।

उस्ले पूर्वबतास् अकाश्मां चलायो . २६
अनि आफ्नु सामर्थले दक्खिने बतास्को अगुवाई गर्यो ।
उस्ले तिनिहरु मांथि मांसु पनि धूलो झैं बर्षायो २७
अनि पंषीकुखा समुन्द्रका बालुवा झैं .
अनि उस्ले तिनिहरुको छाउंनीको बीचमां तिनलाइ उत्रि आउंने गरायो २८
तिनिहरुको बासका वरिपरि ।
त तिनिहरु खायेर अघाये २९
अनि जो तिनिहरुले तिर्षणा गर्द थिये त्येइ उस्ले तिनिहरुलाइ दियो ।
तिनिहरुलाइ आफ्ना तिर्षणा देखि घिन् न लाग्दाखेरि ३०
तिनिहरुको भोजन् तिनिहरुको मुख् मुखमां हुंदा खेरिनै
ईश्वरको रिस् तिनिहरु मांथि उठ्यो ३१
अनि तिनिहरुमांका पुष्ट पुष्टहरुलाइ मार्यो
अनि इस्राएलका तन्हेरिहरुलाइ हौंच्यायो ।
यि सबै देखि बाहिक् तिनिहरुले अझै पाप् गर्द रहे ३२
अनि उस्का आश्चर्य्यकर्म्महरु पत्यायेनन् ।
त्येस्कारण् उस्ले तिनिहरुका दिन् सास् झैं मेटि दियो ३३
अनि तिनिहरुका बर्ष भयमां ।
जब जब उस्ले तिनिहरुलाइ मार्यो तब तब तिनिहरुले उस्को सोधनी ३४
गर्द थिये .
अनि तिनिहरुले फर्क्यर ईश्वरको खोज् मन् लगाइकन गर्द थिये ।
अनि तिनिहरुले ईश्वर् हांमिहरुको पहरा हो ३५
अनि परम् ईश्वर् हांमिहरुको छुट्कारा हो भनि सम्झंद थिये ।
तर तिनिहरुले आफ्नु मुखले उस्को लल्लोपतो गर्थे ३६
अनि आफ्नु जिब्रोले उ सित झूठ् बोल्थे ।
तर तिनिहरुको हिर्दय् चइं उ सित स्थिर् थियेन ३७
अनि तिनिहरु उस्को नियम् मांथि विश्वासी थियेनन् ।
तर उ चइं दयालु भर्पूर् भइ तिनिहरुको अधर्म्मको प्रायश्चित्त गर्दै ३८
तिनिहरुलाइ नास् गर्दैन थियो .
अं धेरै खेप् आफ्नु रिस् मार्द थियो
अनि आफ्नु सबै कोप् उठाउंदैन थियो ।
अनि तिनिहरु मांसु मात्रै ३९
अं बहंने अनि फर्कि न आउंने बतास् मात्रै हुन् भनि सम्झंद थियो ।
कत्ति खेप् तिनिहरु उस्को बिरुद्धमां बनमां बागी भयेका थिये ४०
ओजानो ठांउमां उस्लाइ उदास् गराउंद थिये ।
अनि तिनिहरुले फर्क्यर ईश्वरको परीक्षा गर्द थिये ४१
अनि इस्राएलको पवित्रजनको सिमाना बांध्द थियो ।

४२ तिनिहरुले उस्को हात् सम्झेयनन्
अनि न उस्ले तिनिहरुलाइ बिरोधीहरुको हात् देखि छोड़ायेको दिन् सम्झेय ।
४३ अर्थात् उस्ले आफ्ना चिंनुहरु मिस्रमां देखायो
अनि आफ्ना आश्चर्य्यकर्म्म सोअन्को बन्मां
४४ अनि तिनिहरुका नदीहरु रगत् पार्‍यो
अनि तिनिहरुका खोल्चाखाल्चिहरु तिनिहरुले खांनु न सक्नेगरि ।
४५ उस्ले तिनिहरुको बीच्मां औधि औधिका झिङ्गाहरु पठायो जुन्हरुले तिनिहरुलाइ खाइ हाल्ये
अनि भ्याग्ताहरु जुन्हरुले तिनिहरुलाइ नाम् पार्‍ये ।
४६ उस्ले तिनिहरुको बढ्ति पनि कीरालाइ
अनि तिनिहरुको कमाई सलहलाइ दियो ।
४७ उस्ले तिनिहरुको दाख्का बारीहरु असीनाले
अनि तिनिहरुका किम्बू ठुला ठुला असीनाले नष्ट पार्‍यो ।
४८ उस्ले तिनिहरुका पशुहरुलाइ असीनालाइ दि हाल्यो
अनि तिनिहरुका बथान्हरु अग्निबिजुलिलाइ ।
४९ उस्ले तिनिहरु मांथि आफ्नु बल्दोरिस् पोखायो
क्रोध् कोप्पे र संकष्ट
दुष्ट ल्याउंने दूत्हरुको गट्ठा ।
५० उस्ले आफ्नु रिस्को लागि येउटा बाटो सम्यायो
उस्ले तिनिहरुको प्राण् मृत्यु देखि बचायेन
तर तिनिहरुको जीउ रूढ़िलाइ दिहाल्यो
५१ अनि मिस्रमां सबै जेठा जेठालाइ मार्‍यो
हाम्को डेरामां बूताको थाल्नि ।
५२ तर उस्ले आफ्नु चइं लोग्लाइ भेंड़ालाइ झैं डोरायो
अनि तिनिहरुलाइ बन्मां बथान्लाइ झैं अगुवाई गर्‍यो ।
५३ अनि उस्ले तिनिहरुलाइ कस्सैको भय् न लाग्नेगरि चैन् सित डोरायो ।
तर तिनिहरुका सत्तुर्हरुचइंलाइ समुन्द्रले छोपि हाल्यो ।
५४ अनि उस्ले तिनिहरुलाइ आफ्नु पवित्रस्थान्को सिमाना सम्म पुर्‍यायो
उस्को दाहीनो हात्ले किन्येको यो पहाड़े देस् सम्म ।
५५ उस्ले लोग् लोग्लाइ पनि तिनिहरुको सांमु देखि धपायो
अनि डोरी लगाइकन तिनिहरुको अधिकार्को भाग् खटाइ दियो
अनि इस्रायल्बंशीहरुलाइ तिनिहरुको डेरामां बास् गर्नु लगायो ।
५६ तैपनि तिनिहरु परम् ईश्वर्को परीक्षा गर्दै उस्को बिरुद्धमां बागी भये
अनि उस्का नियाबचन्हरु मान्येनन
५७ तर फर्क्यर आफ्ना पितापूर्खहरुले झैं छल् गर्‍ये ।
धोका खान्ये धनु झैं फर्काईयेका थिये ।

किनभन्ये तिनिहरुले आफ्ना अलग्गा अलग्गा ठांउले उस्को रिस् उठाये ८५
अनि आफ्ना खोपीयेका मूर्त्तिहरुले उस्लाइ राप्रोलो गराये ।
ईश्वर् यो सुन्येर रिसायो ५९
अनि इस्राएल् देखि मारी घिनायो ।
त उस्ले शिलोको बास्स्थान् छोड्यो ६०
अर्थात् जुन् डेरा उस्ले मान्छेहरुको बीच्मा राख्यो
अनि आफ्नु सामर्थ बन्धुवाईमां जांनु दियो ६१
अनि आफ्नु महिमा बिरोधीको हात्मां ।
उस्ले आफ्ना प्रजालाइ पनि तरवार्लाइ सुम्पि दियो ६२
अनि आफ्नु अधिकार् देखि रिसायो ।
आगोले तिनिहरुका तन्हेरिहरुलाइ खाइ हाल्यो ६३
अनि तिनिहरुकी कुवांरीहरुको ब्याहाको गीत् पनि थिएन ।
तिनिहरुका पूजाहारीहरु तरवार्ले लड्ये ६४
अनि तिनिहरुकी बिधुवीहरुले बिलाप् गर्दैनन् ।
तब प्रभु नीन्द् देखि जाग्ने झैं बिउंझ्यो ६५
मद्यको कारण्ले कराउंने बीर् झैं ।
अनि आफ्ना बिरोधीहरुलाइ हिकांयेर पछि सारि दियो ६६
तिनिहरुलाइ सदाको निन्दाको कारण् बनायो ।
येस् उप्रान्त उस्ले यूसुफ्को डेरा मान्येन ६७
अनि एफ्रैम्को कुल्लाइ छान्येन
तर यहूदाको चइं कुल् छान्यो ६८
आफुले प्यार् गर्येको सिय्योन् पर्वत्लाइ ।
अनि उस्ले आफ्नु पवित्रस्थान् अलग्गा पर्वतहरु जस्तो बनायो ६९
आफैले सदाको लागि बल्लियो गराएको पृथिवी जस्तो ।
फेरि उस्ले आफ्नु दास् दाऊद्लाइ छान्येर ७०
त्येस्लाइ भेंड़ागोठ् देखि लियो ।
दुहुनाभेंड़ीहरुलाइ पछ्याउंनु देखि उस्ले त्येस्लाइ ल्यायो ७१
आफ्नु प्रजा याकूब् र आफ्नु निज् भाग् इस्राएललाइ चराउंनुलाइ ।
त त्यस्ले तिनिहरुलाइ आफ्नु मनको सोजैं अनुसार् चरायो ७२
अनि आफ्नु हातको मिप् अनुसार् तिनिहरुको अगुवाई गर्यो ॥

आसापको गीत् । ७९

हे ईश्वर् लोग् लोग् तपांइको निज् भाग्मां पर्ये १
तपांइको पवित्र मान्दिर् तिनिहरुले अशुद्ध पार्ये
तिनिहरुले यरुशलेम् धुप्रो धुप्रो पार्ये ।
तपांइका दासहरुका मुर्दा तिनिहरुले आकाशका पंक्षीहरुलाइ आहाराको २
लागि दिये

तपांइका भक्तहरुको मांसु पृथिवीका पशुहरुलाइ ।

३ तिनिहरुले यिनिहरुको रगत् यरूशलेम्को चारै पट्टि पानी झैं बहाये
अनि तिनिहरुलाइ गाड्ने कोई पनि थियेन

४ हांमिहरु आफ्ना छिमेकिहरुको सांसु गिल्ला
आफ्ना वरिपरि बस्नेहरुको सांसु निन्दा र ठट्टा भइ गयूं ।

५ हे यहूवे कैले सम्म सदाको लागि रिसाउंदै रहंनु हुंछ
के तपांइको रापले आगोले झैं डढ्याउंछ ।

६ तपांइलाइ न चिन्ने अन्यदेसीहरु मांथि आफ्नु क्रोध् खन्याउंनु हवस्
अनि तपांइको नांउलाइ न हापार्ने राज्हरु मांथि ।

७ किनभन्ये तिनिहरुले याकूब्लाइ मिलि दिये
अनि त्येको बासस्थान् उजाय ।

८ हांमिहरुका पितापुर्खाहरुको अधर्म्म हांमिहरुको बिरुद्धमां न सम्झंनु हवस्
तपांइको कमलो दयाहरुले हांमिहरुलाइ छिट्टै भेटोस् .
किनभन्ये हांमिहरु औधि होंचीयूं ।

९ हे हांमिहरुको उद्धार् गर्ने ईश्वर् आफ्नु नांउको महिमाको लागि
हांमिहरुको गोहार् गर्नु हवस् .
अनि आफ्नु नांउको कारणले हांमिहरुलाइ छोड़ायेर हांमिहरुका पापको
प्रायश्चित्त गर्नु हवस् ।

१० अन्यदेसीहरुले किन भनुन् तिनिहरुको ईश्वर् कता हो भनि .
तपांइका दास्हरुको रगतबहाईको साट्टोलिवाई
हांमिहरुको दृष्टिमां अन्यदेसीहरुको बीच्मां जनाईयोस् ।

११ बन्धुवाको सुस्केरामराईं तपांइको सांसु पुगोस्
आफ्ना बांहांको तुलेईं अन्मार् मरणको लागि खटाईयेकाहरुलाइ बचाउंनु
हवस्

१२ अनि हे प्रभु हांमिहरुका छिमेकिहरु जुन्हरुले तपांइको निन्दा गर्योका छन्
तिनिहरुलाइ सात् गुणा साट्टो दिंनु हवस् ।

१३ येसोरि हांमिहरु तपांइका प्रजा र तपांइको खर्कका भेंड़ाहरु
सदाको लागि तपांइको धन्यवाद् गर्दै रहंकौं .
सन्तै पुस्ता सम्म तपांइको स्तुति प्रचार् गर्दै रहंकौं ॥

८० मूलबजाउंनेको लागि गोशन्नीमेदूत्[१] भनींने रागमां गाईंने ।
आसापको गीत् ।

१ हे इस्राएल्को गोठाला
जस्ले यूसुफ्लाइ बथान्लाइ झैं डोऱ्याउंद क तपांइ सुन्नु हवस्
हे तपांइ जो करूब्हरुको बीच् मांथि बस्ने क चम्कंनु हवस् ।

---

[१] अर्थात् साक्षीलिलुन् साक्षी ।

एप्रैम् बिन्यामीन् र मनश्शेको सांमु आफ्नु पराक्रम् चलाउंनु हवस् २
अनि हांमिहरुको उद्धार् गर्नु आउंनु हवस् ।
हे ईश्वर् हांमिहरुलाइ फर्काउंनु हवस् ३
अनि आफ्नु रुप् हांमिहरु मांथि चम्काउंनु हवस् त हांमिहरु छोड़ाईंछौं ।

हे सेनाहरुको ईश्वर् यह्वे ४
कैले सम्म तपांइको रिस् तपांइका लोगको प्रार्थनाको बिरुद्धमां धुंवा झैं उठ्छ ।
तपांइले तिनिहरुलाइ आंसूहरुको रोटी खुवाउंनु भयो ५
अनि तिनिहरुलाइ तुलो भर्नेभरि आंसू पीयाउंनु भयो ।
तपांइले हांमिहरुलाइ हांमिहरुको क्षिमेकिहरुको येउटा झगराको कारण् तुल्याउंनु हुंद छ . ६
अनि हांमिलरुका सत्तुर्हरु आपस्तमां हांस्द छन् ।
हे सेनाहरुको ईश्वर् हांमिहरुलाइ फर्काउंनु हवस् ७
अनि आफ्नु रुप् हांमिहरु मांथि चम्काउंनु हवस् त हांमिहरु बचाईंछौं ।

तपांइले मिस्र देखि येउटा दाख्को बोट् सार्नु भयो . ८
तपांइले लोग् लोग् लाइ निकाल्येर येस्लाइ रोप्नु भयो ।
तपांइले त्येस्को सांमु ठांउ तियार् पार्नु भयो ९
त त्येस्ले गहोरो जरा समात्यो अनि फिंजीयेर देस् भरीयो ।
पहाड़ुहरु त्येस्का छायाले ढाकीयेका थिये १०
अनि ईश्वर्का देव्दारुहरुले त्येस्का हांगाहरु समेत् ।
त्येस्ले आफ्ना हांगाहरु समुन्द्र सम्म बढ़ायो ११
अनि त्येस्का पालुवा महानदी सम्म ।
तपांइले त्येस्का बार्हरु किन भांचि दिंनु भयो १२
बाटोमां हिंड्ने सबैले त्यो टिप्ने सम्म ।
बातल् देखि बंदेल्ले त्यो नास् पार्दै छ १३
अनि बन् देखि बन्पशुहरु त्येस्मां चर्द छन् ।
हे सेनाहरुको ईश्वर् फर्कनु हवस् भनि बिन्ति गर्द छौं .
स्वर्ग देखि ऊंभो हेर्येर देख्नु हवस् अनि येस् दाख्को बोट्को हेर्चाहा गर्नु हवस् १४
अं तपांइको दाहींनो हात्ले रोप्येको बिरुवा १५
अनि तपांइले आफ्नु लागि बल्लियो गरायेको हांगा[1] ।
आगोले डड़ेको छ त्यो ढालीयेको छ . १६
तपांइको रुप्को चेतौनीले तिनिहरु नष्ट हुंद छन् ।

[1] इब्रानोमां छोरो ।

१७ तपांइको दाहीनो हात्को मान्छे मांथि तपांइको हात् परोस्
तपांइले आफ्नु लागि बलियो गरायेको मान्छेको कोरो मांथि ।
१८ येसोरि हांमिहरु तपांइ देखि फर्कँदौंन .
हांमिहरुलाइ जियाउंनु हवस् त हांमिहरु तपांइको नांउ हापाकौं
१९ हे सेनाहरुको ईश्वर् यहवे हांमिहरुलाइ फर्काउंनु हवस्
आफ्नु रूप् हांमिहरु मांथि चम्काउंनु हवस् त हांमिहरु बचाईंकौं ॥

८१ मूलबजाउंनेको लागि . गत् भनींने रागमां बजाईंने । आसापको गीत्

१ ईश्वर् हांमिहरुको बल् उस्को लागि चर्को सोर्ले गाव .
याकूबको ईश्वरको जय् जय् गर ।
२ भजन् गाउंनु थाल मृदंग ठोक
सितार् सङ मीठो बीणा पनि ।
३ दुतियामां नर्सींगा बजाव
पुर्नेमां हांमिहरुको तुलो चाडूको दिन्मां ।
४ किनभन्ये यो इस्राएल्को लागि विधि छ
याकूबको ईश्वरको लागि येउटा नियम् ।
५ उस्ले यूसुफ्मां साक्षीवचन्को लागि ठहरायो
जब उ मिस्रको देस्को विरुद्धमां निस्कि गयो .
मैंले न चिन्येको बाक्यो सुन्यें ।
६ मैंले त्येस्को कांध् बोझा देखि माथ्यें .
त्येस्का हात् डालो देखि निर्बंध पारीये ।
७ तैंले सकस्मां हापार्दा मैंले तंलाइ छोड़ायें
गर्जनको लुक्ने ठांउमां तंलाइ उत्तर् दियें
मरीबाको पानीको छेउमां मैंले तंलाइ जांच्यें । सेला ।
८ हे मेरो प्रजा सुन् त मं तेरो साक्षी दिंकु
हे इस्राएल् तैंले मेरो सुन्येको भये ता ।
९ कोई बिरांनु देवता तंमां हुंदैन
न तैंले पराय् येवताको सेवा गर् ।
१० मं यहवे चहं तेरो ईश्वर् हुं
जस्ले तंलाइ मिस्रको देस् देखि निकालि ल्यायो .
आफ्नु मुख् पूरा बा त त्यो भर्कु ।
११ तर मेरो प्रजाले मेरो कुरा मान्येन
अनि इस्राएल्ले मंलाइ मन् पर्येन ।
१२ येस्कारण् मैंले तिनिहरुलाइ तिनिहरुका मनको अठ्ठरेंइ अनुसार
हिंड्नु दियें
तिनिहरु आफ्ना सल्लाहहरुमां डुल्नुको लागि ।

हाय् मेरा प्रजाले मंलाइ मान्येको भये देखि ता ५३
इस्राएल् मेरा बाटाहरुमां हिंड्येको भये देखि ता ।
मं छिट्टै तिनिहरुका सत्रुहरुलाइ चेप्ने थियें ५४
अनि आफ्ना हात् तिनिहरुका विरोधीहरुको विरुद्धमां चलाउने थियें ।
यहोवेलाइ हियाउनेहरु निउंरदै उस्को ताबिमां आउने थिये . ५५
तर तिनिहरुको समय् सधैंको लागि रहने थियो ।
उस्ले तिनिहरुलाइ सबै भन्दा श्रेस्ठ गहूं खुवाउने थियो . ५६
अनि पहरा देखिको महले मं तंलाइ तृप्त गराउने थियें ॥

आसापको गीत् । ८२

ईश्वर् चईं ईश्वरको मंडलीमां उभीद छ १
ईश्वरहरुको बीचमां उस्ले निया गर्द छ ।
तिमिहरु कैले सम्म बाङ्गोटेको निया गर्दै रहंछौ २
अनि दुष्टहरुको पन्पसाई गर्दै रहंछौ । सेला ।
कङ्गाल् र टुहुरादुहुरीको निया गर . ३
दीन् र दरिद्रहरुको लागि धर्म्म गर ।
कङ्गाल् र निर्धनलाइ बचाउंनु . ४
दुष्टको हात् देखि तिनिहरुलाइ छोड़ाउंनु हवस् ।
तिनिहरुले न जान्द छन् न बूझ्द छन् ५
अंध्यारोमां हिंड्डुल् गर्द छन् .
पृथिवीका सबै जग् सारीयेका छन् ।
मंचइंले भन्यें तिमिहरु ईश्वरहरु हौ ६
अनि तिमिहरु सबै परम् ईश्वरका छोराहरु हौ भनि ।
तैपनि मान्छेझैं मंर्छौ ७
अनि मालिकहरुको एक् जना झैं खस्कछ् ।
हे ईश्वर् उठेर पृथिवीको निया गर्नु हवस् ८
किनभन्ये तपांइले सबै लोग्लाइ आफ्नु अधिकारमां पार्नु हुंछ ॥

येउटा गान् आसापको गीत् । ८३

हे ईश्वर् चुप् न रहंनु हवस् . १
चुप्चाप् न रहंनु हवस् अनि चैन् न गर्नु हवस् हे ईश्वर् ।
किनभन्ये हेर्नु हवस् तपांइका सत्रुहरुले खैलाबैला मचाउंद छन् . २
अनि तपांइका बैरीहरुले सिर् उठायेका छन् ।
तिनिहरुले तपांइको प्रजाको विरुद्धमां कुटिलैंको सल्लाह् लिंद छन् ३
अनि तपांइका लुकोकाहरुको विरुद्धमां आपस्तमां जुक्ति निकाल्द छन् ।
तिनिहरुले भन्येका छन् लु हांमिहरु तिनिहरुलाइ लोग् छोड रहंनु देखि ४

इस्राएलको नांउ फेरि कैलेइ न सम्झोओस् भन्ने खातिर्ले भनि।
५ किनभन्ने तिनिहरुले येउटै मत् गरि जुक्ति निकाल्येका छन्
तपाइको विरुद्धमां नियम् बान्धद छन् .
६ एदोमका डेराहरु र इश्माएलीहरु
मोआब् र हग्रीहरु
७ गेब्राल् र अम्मोन् र अमालेक्
सोरका बासीहरु समेत् पलिश्तीहरु .
८ अश्शूर् पनि तिनिहरु सित मिल्येको छ
तिनिहरुले लोत्वंशीहरुको गोहार् गर्येका छन् ।
९ तिनिहरु सङ त्येसो गर्नु हवस् जसो मिद्यान् सङ
कीशान् खोल्चामां सीसरा र याबीन् सङ भैं .
१० जो एन्दोरमां नष्ट भये
तिनिहरु भूंइको लागि मल् भइ गये ।
११ तिनिहरुका भारादार्हरुलाइ ओरेब् र जेब् जस्तो पार्नु हवस्
अं तिनिहरुका सबै मालिक्हरुलाइ जेबह् र सल्मुन्ना भैं .
१२ जुन्हरुले भन्ने हांमिहरुले आफ्नु अधिकार्मां
ईश्वरका बासहरू[1] पारूं ।
१३ हे मेरो ईश्वर् तिनिहरुलाइ बेहेरीले धूलो भैं
अनि बतासको सांमु उड़ाईयेको भूस् भैं पार्नु हवस् ।
१४ पातल् डढ़ाउंने आगो भैं
अनि पहाड़हरु सल्काउंने ज्वाला भैं
१५ त्यस्ते तिनिहरुलाइ आफ्नु आंधीले खेद्नु हवस्
अनि आफ्नु बेहेरी आंधीले तिनिहरुलाइ डर् देखाउंनु हवस् ।
१६ तिनिहरुका मुख् लाज्ले भर्नु हवस्
तिनिहरुले तपाइको नाउंको खोज् गरून् भन्ने खातिर्ले हे यहूवे ।
१७ तिनिहरु सदा लज्जित् भर्मायेका भइ रहुन्
अं मुख् कालो होउन् अनि नष्ट होउन् .
१८ तिनिहरुले जानुन् तपाइनै मात्रै जस्को नांउ यहूवे भनींद छ
सिंगै पृथिवी मांथि परम् ईश्वर् हुंनु हुंद छ भन्ने खातिर्ले ॥ ✓

८४ मूलबजाउंनेको लागि गत् भनींने रागमां गाईंने । कोरहबंशीहरुको गीत् ।

१ हे सेनाहरुको यहूवे तपाइका बासस्थानहरू कति प्रिय छन् ।
२ यहूवेका आंगनहरुको लागि मेरो प्राण्ले अरघोर् इच्छे गर्द छ अं ओहलौंद
छ पनि
मेरो तन्मन्ले जीउंदो ईश्वरको लागि चर्को सोर्ले गाउंद छन् ।

---

[1] अर्थात् खर्कहरु ।

अं भङेराले पनि आफ्नु लागि येउटा बास् पायेको छ ३
अनि गौंथलिले पनि आफ्नु लागि येउटा गुंड़ आफ्ना बचरा राख्नुको लागि
अं तपांइकै बेदिहरु हे सेनाहरुको यह्वे
हे मेरो राजा र मेरो ईश्वर् ।
धन्न तिनिहरु जुन्हरु तपांइको घर्मां बस्द छन् ४
तिनिहरुले अझै तपांइको सेवा गर्दै रहंछन् । सेला।
धन्न त्यो मान्छे जस्को बल् तपांइमां छ ५
जस्को मन्मां (सिय्योन् सम्म) पुग्ने मूल्बाटा छन् ।
बाका[१] भनींने ओबानो खोल्चामां छीर्दै त्येस्लाइ जरुवा पानी बनाउंद छन् ६
अं थाल्नी झरिले त्येस्लाइ आशीष्हरुले पहिर्याउंद छ ।
तिनिहरु बल् देखि बल् सम्म अघि बढ़्द छन् ७
ईश्वर्को सांमु तिनिहरुमांको जनंगे सिय्योन्मां देखाहा पर्छ ।
हे सेनाहरुको ईश्वर् यह्वे मेरो प्रार्थना सुन्नु हवस् ८
हे याकूब्को ईश्वर् कान् थाप्नु हवस् । सेला।
हे ईश्वर् जो हांमिहरुको ढाल् हो हेर्नु हवस् ९
अनि आफ्नु अभिषिक्तको मुख् हेर्नु हवस्
किनभन्ये तपांइको आघन्मां येउटै दिन् रहंनु हजार् भन्दा जाति छ १०
दुष्टेईंको डेरामां बास् गर्नु भन्दा बेसि
मंलाइ आफ्नु ईश्वर्को घर्को संङार्मां बसि रुङ्नु मन् पर्छ ।
किनभन्ये ईश्वर् यह्वे सूर्ज र ढाल् हो . ११
यह्वेले अनुग्रह् र महिमा दिंछ .
सोजेईं सङ हिंड़्नेहरु देखि उस्ले क्येइ पनि जाति थोक् थुन्दैन ।
हे सेनाहरुको यह्वे १२
धन्न त्यो मान्छे जस्ले तपांइ मांथि भरोसा राख्द छ ॥

मूल्बजाउंनेको लागि । कोरह्वंशीहरुको गीत् । ८५

हे यह्वे तपांइ आफ्नु देस् मांथि अनुग्रहित् हुंनु भयो . १
तपांइले याकूब्को बन्धुवाई फर्काइ दिंनु भयो ।
तपांइले आफ्नु लोग्को अधर्म्म क्षमा गर्नु भयो २
तपांइले तिनिहरुको सबै पाप् ढाक्नु भयो । सेला।
तपांइले आफ्नु सबै रिस् जैजांनु भयो ३
तपांइले आफ्नु बल्दोरिस् फर्काउंनु भयो ।
हे हांम्रो उद्धार् गर्ने ईश्वर् हांमिहरुलाइ फर्काउंनु हवस् ४
अनि हांमिहरु तिरको आफ्नु कोप् थाम्नु हवस् ।

[१] अर्थात् रूवाई ।

५ को तपांइ सधैं हांमिहरु मांथि रिसाउंदै रहंछौ
को तपांइले सबै पुस्ता सम्म आफ्नु रिस् हांमिहरुलाइ तानि ल्याउंछौ ।
६ को तपांइलेनै हांमिहरुलाइ फेरि जियाउंनु हुन्न .
तपांइको प्रजा तपांइमां रमाउंनुलाइ ।
७ हे यहुवे हांमिहरुलाइ आफ्नु करुणा देखाउंनु हवस्
अनि हांमिहरुलाइ आफ्नु उद्धार् दिनु हवस् ।
८ ईश्वर् यहुवेले ज्यै भन्छ त्यो मं सुनुं .
किनभन्ये उस्ले आफ्ना प्रजा र आफ्ना भक्तिलाइ कुशल्को कुरा भन्छ .
तर तिनिहरु फेरि आफ्नु मूर्खैमां न फर्कुन् ।
९ निस्से उस्को उद्धार् उस्का डराउंनेहरुको नजिक् छ
महिमा हांम्रो देस्मां बस्नुलाइ ।
१० करुणा र सचैंई चइं आपस्तमां भेट् भये
धर्म्म र मिलाप्चइंले आपस्तमां चुम्मा खा खा गये ।
११ सचैंई चइं पृथिवी देखि उम्रंद छ
अनि धर्म्मचइंले स्वर्ग देखि ऊंधो हेर्यो ।
१२ अं ज्यै ज्याति छ त्यो यहुवेलेनै दिंछ
अनि हांमिहरुको भूमिचइंले उप्जनी उप्जाउंछ ।
१३ धर्म्मचइं उस्को अघि हिंडूछ
अनि आफ्ना पाइलामां हांमिहरुलाइ हिंड़ाल्छ ॥

८६ दाऊदको प्रार्थना ।

१ हे यहुवे आफ्नु कान् थाप्नेर मंलाइ उत्तर् दिनु हवस्
किनभन्ये मं दीन् र दरिद्र छु ।
२ मेरो प्राणको रक्षे गर्नु हवस् किनभन्ये मं भक्ति छु .
हे तपांइ मेरो ईश्वर् तपांइ मांथि भरोसा गर्ने आफ्नु दास्लाइ बचाउंनु
हवस् ।
३ मं मांथि अनुग्रह् गर्नु हवस् हे प्रभु
किनभन्ये दिनभरि तपांइलाइ हापार्दै छु ।
४ आफ्नु दास्को प्राणलाइ रमाउंने गराउंनु हवस्
किनभन्ये तपांइ थांइ हे प्रभु आफ्नु प्राण उठाउंद छु ।
५ किनभन्ये हे प्रभु तपांइ भलो र क्षमा गर्ने हुंनु हुंद छ
अनि तपांइलाइ हापार्नेहरु सबैको लागि करुणामां भर्पूर ।
६ हे यहुवे मेरो प्रार्थना तिर कान् थाप्नु हवस्
अनि मेरा अर्जीहरुको सोर् सुन्नु हवस् ।
७ मं आफ्नु सकस्को दिनमां तपांइलाइ हापार्छु
किनभन्ये तपांइले मंलाइ उत्तर् दिनु हुंछ ।

तपांइनै जस्तो छै प्रभु देवताहरुमां कोई पनि छैन ८
अनि तपांइका कार्य्यहरु जस्ता अरु कुनै छैनन् ।
तपांइले सिर्ज्यका सबै लोग् लोग्ले हे प्रभु आयेर तपांइको सांमु दण्डवत् ९
गर्छन्
अनि तिनिहरुले तपांइको नांउको बड़ाई गर्छन् ।
किनभन्ये तपांइ महा हुंनु हुंद छ अनि आश्चर्य्यकर्म्मका कर्त्ता । १०
तपांइनै मात्रै ईश्वर् हुंनु हुंद छ ।
हे यहुवे आफ्नु बाटो मंलाइ सिकाउंनु हवस् मं तपांइको सच्चैमां हिंड्छु । ११
तपांइको नांउको भय् मान्नको लागि एक् चित्तको पार्नु हवस् ।
हे प्रभु मेरो ईश्वर् आफ्नु सिंगै मनले तपांइको धन्नवाद् गर्छु १२
अनि सधैंभरि तपांइको नांउको महिमा गर्दै रहंकु ।
किनभन्ये तपांइको करुणा मं मांथि तुलो छ १३
अनि तपांइले ऊंधोको पत्ताल् देखि मेरो प्राण् छोड़ाउंनु भयो ।
हे ईश्वर् अहंकारीहरु मेरो बिरुद्धमां उठेका छन् १४
अनि बलजबत् गर्नेहरुको मंडलीले मेरो प्राण् खोज्येका छन्
अनि तपांइलाइ आफ्नु सांमु राख्येका छैनन् ।
तर हे प्रभु तपांइनै दयालु र अनुग्रह् गर्ने ईश्वर् हुंनु हुंद छ १५
रिस् गर्नुमां धीरजी अनि करुणा र सच्चैमां भर्पूर्
मं तिर फर्क्यर मं मांथि अनुग्रह् गर्नु हवस् १६
आफ्नु बल् आफ्नु दास्लाइ दिंनु हवस्
अनि आफ्नु कमारीको छोरीको उद्धार् गर्नु हवस् ।
मंलाइ शुभलक्षण् देखाउंनु हवस् १७
जे देखिकन मेरा बैरीहरु लज्जित् होउन्
किनभन्ये तपांइले हे यहुवे मेरो गोहार् गर्नु भयो अनि मंलाइ शान्त
गराउंनु भयो ॥

कोरहवंशीहरुको गीत् येसटा गान । ८७

उसैको जग् पवित्र पर्व्वतहरुमां छ । १
यहुवेले याकूबका सबै बास् भन्दा बेसि २
सिय्योन्का ढोकाहरु प्यारो गर्द छ ।
हे ईश्वरको सहर् ३
तेरो बिषयमां महिमित् कुरा गरीद छन् । सेला ।
मंलाइ चिन्नेहरुको बीचमां मं रहब् र बाबेलको चर्चा गर्छु । ४
पलिश्ती र सोर् र कूश् समेत् हेर्नु हवस्
यो फलाना मान्छे यहां जन्म्येको थियो ।
अं सिय्योन्को बिषयमां भनौंछ फलाना फलाना यहां जन्म्येको थियो ५
अनि परम् ईश्वर् आफैले त्यसलाइ स्थिर् गर्छ ।

६ जब यह्वेले लोग् लोग्को नांउ लेख्छ तब गन्छ
फलाना मान्छे वहां जन्म्येको थियो भनि। सेला।
७ गवैयाहरु र नाच्नेहरु दुवैले भन्छन्
मेरा सबै जरुवा पानी तंमां छ ॥

८८ कोरह्बंशीहरुको गीत् येउटा गान् मूल्बजाउंनेको लागि महलतलन्नोत् भनींने राग्मां बजाउंने। एज्रही हेमान्को मस्कील् भनींने गीत्।

१ हे यह्वे मेरो उद्धार् गर्ने ईश्वर्
दिन् रात् तपांइको सांमु कराउंदै रह्येको छु.
२ मेरो प्रार्थना तपांइको सांमु पुगोस्
मेरो चिच्याई तिर आफ्नु कान् थाप्नु हवस्।
३ किनभन्ये मेरो प्राण् बिपत्तिले भरीयेको छ
अनि मेरो जीउ पत्ताल्को छेउमां पुग्दै छ।
४ खाड़ल्मां पर्‍येकाहरु सङ गनींद छु
गोहारे बिनाको मान्छे जस्तो छु.
५ मुर्दाहरुको बीच्मां आफालीयेको
चिहान्मां ढल्कने मांरीयेको जस्तो छु.
जुन्हरुलाइ तपांइले फेरि कैले पनि सम्झनु हुन्न
जो तपांइका हात् देखि काटीयेका छन्।
६ तपांइले मंलाइ सबै भन्दा ऊंधल्लो खाड़ल्मां राख्नु भयो
अंध्यारो ठांउहरुमां गहीरा गहीरामां।
७ तपांइको कोप् मं मांथि सारो पर्‍येको छ
अनि तपांइले आफ्ना सबै छाल्हरुले मंलाइ दुक्ख दिंनु भयो। सेला
८ तपांइले मेरा चिनाजानाहरुलाइ मं देखि टाड़ो राख्नु भयो
तपांइले मंलाइ तिनिहरु देखि घिनाउंनु लाउंनु भयो.
थुनीयेको छु निक्लंनु सक्दींन।
९ दुक्खको कारण्ले मेरा आंखा खीईये.
हे यह्वे दिउंसो तपांइलाइ हापार्‍येको छु
तपांइ तिर आफ्ना हात् पसार्‍येको छु।
१० क्ये तपांइले मुर्दाहरुको लागि आश्चर्य्यकर्म्म देखाउंनु हुंछ
क्ये मंर्‍येकाहरुले उठ्येर तपांइको धन्नबाद् गर्छन्। सेला।
११ क्ये तपांइको करुणाको चर्चा चिहान्मां गरींछ
कि बिनास्मां तपांइको सच्चेईं।
१२ क्ये तपांइका आश्चर्य्यकर्म्महरु अंध्यारोमां चिनींछन्
कि तपांइको धर्म्म बिर्सीईंने देसमां।

तर हे यह्वे मंचइंले तपांइको दोहाई गर्‍येको छु १३
अनि बिहान मेरा प्रार्थना तपांइको सांमु पुग्छ ।
हे यह्वे मेरो प्राण् किन आफाल्नु भयो . १४
आफ्नु मुख् मं देखि किन लुकाउंनु भयो ।
आफ्नु जुवानेइँ देखि दुख्येर मंर्नु आंट्येको छु १५
तपांइको भय् खांदैखेरि व्याकुल् हुंद छु ।
तपांइको बल्दोरिस् मं मांथि पर्‍येको छ १६
तपांइका भय्हरुले मंलाइ काट्येका छन् ।
तिनिहरु दिन्भरि पानी झैं मेरा वरिपरि आयेका छन् १७
स्यांट्ठै मंलाइ घेर्‍येका छन् ।
प्रिय र मित्रलाइ तपांइले मं देखि टाड़ो राख्नु भयो १८
अनि मेरा चिन्हार् अंधकार् मांत्रै ॥

एज्रही एतान्को मस्कील् भनींने गीत् । ८९

यह्वेको करुणाको बिषय्मां सधैं गाउंदै रहंछु १
तपांइको सच्चेइँको ज्ञान् सबै पुस्ताहरुलाइ आफ्नु मुख्ले जनाउंदै गर्छु ।
किनभन्ये मैंले भन्येको छु करुणा सदाको लागि बनींछ २
खुद् स्वर्गमां तपांइले आफ्नु सच्चेइँ स्थिर् गर्नु हुंछ भनि ।

मैंले आफ्नु छान्येको सङ नियम् बान्ध्येको छु ३
आफ्नु दास् दाऊद् सङ किरिया खायेको छु
तेरा बंशलाइ सदाको लागि स्थिर् गराउंछु ४
अनि तेरो सिंहासन् सदा सम्म बनाउंछु भन्ये . सेला
त स्वर्गले तपांइको धन्नबाद् गर्छ हे यह्वे ५
तपांइको सच्चेइँले पनि पवित्रहरुको सभामां ।
किनभन्ये अकाश्मां यह्वेको बराबर् को हुंनु सक्छ ६
ईश्वर्का छोराहरुमां यह्वे जस्तो को छ
जो पवित्रहरुको सभामां अग्घोर् डर्योग्य ईश्वर् ७
अनि उस्का वरिपरि सबै देखि भय्योग्य छ ।
हे सेनाहरुको ईश्वर् यह्वे ८
तपांइ जस्तो सामर्थी को छ हे याह्
अनि तपांइको सच्चेइँ तपांइका वरिपरि छ ।
तपांइलेनै समुन्द्रको बहाई मांथि प्रभुतेइँ गर्नु हुंद छ . ९
उठ्दै गर्ने छाल्हरुलाइ पनि तपांइलेनै सांगे गराउंनु हुंद छ ।
तपांइलेनै रहब्लाइ मांर्‍येकोलाइ झैं टुक्रा टुक्रा पार्नु भयो १०
तपांइलेनै आफ्ना सत्तुर्हरुलाइ आफ्नु सामर्थको बांहांले छरपुट्ट पार्नु भयो ।

११ स्वर्ग तपांइकै हो अं पृथिवी पनि तपांइकोनै ।
जगत् त्येस्को भरपूरी समेत् तपांइले तिनिहरूलाइ बसालनु भयो ।
१२ उत्तर् र दक्खिन् तपांइलेनै ति सिर्जनु भयो ।
ताबोर् र हेर्मोन् चइं तपांइको नांउमां रमाउंछन् ।
१३ तपांइको बांहां बलको छ ।
तपांइको हात् शक्तिमान् अनि तपांइको दाहीनो हात् अलगो छ ।
१४ धर्म्म र निया चइं तपांइको सिंहासनका जग् हुन्
कृपा र सच्चेई चइं तपांइको मुखको सांमु हिंड्ने छन् ।
१५ धन्य यि लोग् जुन्हरूले आनन्दको सोर् चिन्ने छन् ।
हे यहूवे तिनिहरू तपांइको रूपको प्रकाशमां हिंड्ने छन् ।
१६ तिनिहरू तपांइको नांउमां दिनभरि रमाउंदै छन् ।
अनि तपांइको धर्म्ममां अलग्याईंछन् ।
१७ किनभन्ये तपांइ तिनको बलको महिमा हुनु हुंदै छ
अनि तपांइको अनुग्रहमां हामिहरूको सींग अलग्याईंछ ।
१८ किनभन्ये हामिहरूको ढाल् यहूवेलाइ पर्दै छ
अनि हामिहरूको राजा ईश्वरको पवित्र जनलाइ ॥

१९ त्येस् बेला तपांइले आफ्ना भक्तहरूलाइ दर्शन् दिइ कुरा गर्नु भयो
अनि भन्नु भयो मैले येउटा बीर् मांथि गोहार् राख्येको छु
लोगहरू देखि छानीयेकोलाइ अलग्याएको छु ।
२० आफ्नु दास् दाऊद्लाइ पाएको छु
आफ्नु पवित्र तेल्ले त्येस्लाइ पवित्र गर्येको छु ।
२१ जो सङ मेरो हात् स्थिर् हुंछ
मेरा बांहाले पनि त्येस्लाइ बल् दिंछ ।
२२ शत्रुले त्यो भित कठोर् गर्दैन
अनि न दुष्टैंको सन्तानले त्येस्लाइ दुक्ख दिंछ ।
२३ अनि त्येस्का विरोधीहरूलाइ त्येस्को सांमु काटि दिंछु
अनि त्येस्का बैरीहरूलाइ मांरि दिंछु ।
२४ तर मेरो सच्चेई र मेरो कृपा त्यो सङ हुंछन्
अनि मेरो नांउमां त्येस्को सींग अलग्याईंछ ।
२५ त्येस्को हात् समुन्द्रमां पनि राख्छु
अनि त्येस्को दाहीनो हात् महानदीहरू मांथि ।
२६ त्येस्ले मलाइ तपांइ मेरो पिता
मेरो ईश्वर् मेरो त्राणको पहरा हुनु हुंदै छ भनि कराउंछ ।
२७ मं पनि त्येस्लाइ आफ्नु जेठो नुल्याउंछु
पृथिवीका राजाहरू भन्दा महान् ।

त्येस्को लागि आफ्नु करुणा राख्दै रहंकु २८
अनि मेरो नियम् त्यो सित विश्वास्को हुंक ।
त्येस्को वंशलाइ पनि सदाको लागि रहंनु लाउंकु २९
अनि त्येस्को सिंहासनलाइ स्वर्गका दिन्हरु जस्तो ।
त्येस्का सन्तान्हरुले मेरो व्यवस्था छोड्ए ३०
अनि मेरो नियाबचन्हरुमां हिंड्एका कैनन् भन्ये देखि
तिनिहरुले मेरा विधिहरु लंघन् गर्ये ३१
अनि मेरा आज्ञा मान्यनन् भन्ये देखि
त मं क्रोधले तिनका अपराध्को
र कोर्राले तिनको अधर्म्मको दण्ड दिंकु ।
तर आफ्नु करुणा त्यो स्याट्टै लैजांदीन ३३
अनि न आफ्नु सच्चेईं घट्नु दिंकु ।
आफ्नु नियम् लंघन् गर्दीं न ३४
अनि न आफ्मा ओठ देखि निस्केका कुरा सार्कु ।
एक् खेप् आफ्नु पवित्रेईंको किरिया खायेको कु ३५
दाऊद् सित ठांट् कुरा गर्दीं न
त्येस्को वंश सदाको लागि रहंकु ३६
अनि त्येस्को सिंहासन् मेरो सांमू सूर्ज झैं ।
जून् झैं सदाको लागि स्थिर् हुंकु ३७
अनि आकाशमां विश्वास्योग्य साक्षी झैं ।। सेला ।

तर तपांइलेनै आफाल्नुं भयो अनि तुच्छ ठान्नु भयो ३८
आफ्नु अभिशिक्त मांथि रिसाउंनु भयो ।
आफ्नु दास्को नियम् देखि घिनाउंनु भयो ३९
त्येस्को मुकुट् भूईंनै सम्म अपवित्र गर्नु भयो ।
त्येस्का सबै बार्हरु भांचि दिंनु भयो ४०
त्येस्का गढ़िहरु उजार् पार्नु भयो ।
बाटोमां हिंड्ने बटारेहरु सबैले त्येस्लाइ लूट्द कन् ४१
त्यो आफ्ना छिमेकिहरुको सांमु गिल्ला भइ गयो ।
तपांइले त्येस्का विरोधीहरुको दाहिनो हात् अल्ग्याउंनु भयो ४२
त्येस्का सबै सत्रुहरुलाइ रमाउंनु लाउंनु भयो ।
अं तपांइले त्येस्को तरवार्को धार् फर्काइ दिंनु भयो ४३
अनि त्येस्लाइ लड़ाईंमां उभोनु दिंनु हुन्न ।
तपांइले त्येस्को तेज् अड़ीने गराउंन् भयो ४४
अनि त्येस्को सिंहासन् भूईं सम्म खसाल्नु भयो ।
त्येस्का जुवानेईंका दिन् घटाउंनु भयो ४५
त्येस्लाइ लाज्ले ढाक्नु भयो ।। सेला ।

४६ हे यहुवे कैले सम्म सदाको लागि लुकि रहंनु हुंछ
के तपांइको रिस्ले आगोले झैं डढ़ाउंछ ।
४७ मेरो आयु कति छोटो छ भनि सम्झनु हवस् ।
कस्तो व्यर्थको लागि तपांइले मान्छेका सबै सन्तान्हरुलाइ सिर्जनु भयो ।
४८ को जीइ रहंछ अनि काल् देख्दैन
जस्ले आफ्नु प्राणलाइ पत्ताल् देखि छोड़ाउंछ त्येस्तो मान्छे को छ सेला ।
४९ हे प्रभु तपांइका अगाड़िका करुणाहरु कता हुन्
जुन्हरुको विषयमां तपांइले आफ्नु सचैंइमां दाऊद् सित किरिया खांनु भयेको थियो ।
५० हे प्रभु आफ्ना दास्हरुको गिल्ला सम्झनु हवस्
अं मं आफ्नु काखमां सबै सामर्थी लोग्हरु (को गिल्ला) भोग्दै रहंद छु
५१ जुन्हरुले तपांइका सत्रुहरुले गिल्ला गर्येका छन् हे यहुवे
जुन्हरुले तिनिहरुले तपांइको अभिषिक्तका पाइलाहरुको गिल्ला गर्येका छन् ॥
५२ यहुवे सर्वदे धन्नको हवस् ।
आमेन् अनि आमेन् ॥

चौथो भाग् ।

९० ईश्वरको जन् मूसाको प्रार्थना ।

१ हे प्रभु तपांइ हांमिहरुको धाम् हुंनु भयो
पुस्ता देखि पुस्ता सम्म ।
२ पहाड़हरु जन्म्येको भन्दा अगाड़ि
अनि तपांइले पृथिवी र जगत् सिर्जेको[१] भन्दा अगाड़ि
अं सनातन् देखि सनातन् सम्म तपांइनै ईश्वर् हुंनु हुंद छ ।
३ तपांइले मान्छेलाइ धूलो पारि लड़ाउंनु हुंद छ
अनि भन्नु हुंद छ हे मान्छेको सन्तान् फर्कि आव भनि ।
४ किनभन्य तपांइको दृष्टिमां हजार् वर्ष
बोत्येको हिजोका दिन् जस्ता मात्रै छन्
अनि रातको एक् पहर् जस्तो ।
५ तपांइले तिनिहरुलाइ बगाइ दिंनु हुंद छ तिनिहरु नीन्द्रा जस्ते छन् ।
बिहान् तिनिहरु उम्रने घास् जस्ते छन् ।
६ बिहान् त्यो फुल्द छ अनि बढ़्द छ
बेलुका ओइल्लाद छ अनि सुक्द छ ।

[१] ब्रह्माण्डमां जन्मायेको ।

किनभन्ये हांमिहरु तपांइको रिस्मां नष्ट हुंद कौं ७
अनि तपांइको कोप्मां परहरि हुंद कौं।
तपांइले हांमिहरुका अधर्म्महरु आफ्नु सांमु राख्नु भयो ८
हांमिहरुका गुप्त पाप् आफ्नु रूपको प्रकाश्मां।
किनभन्ये हांमिहरुका सबै दिन् ता तपांइको कोप्मां अस्ताउंद छन्. ९
हांमिहरुले आफ्ना वर्ष सुस्केरामंराईको सोर् जस्तो तुर्द कौं।
हांमिहरुको आयुका वर्ष ता तीन् कोरि र दस् छन् १०
अं पौरखको कारणले चार् कोरि पनि
तैपनि तिनिहरुको अहंकार् खालि मिहीनत् र दुक्वै मांत्रै छन्।
क्षणोगरिभन्ये छिट्टै बीत्द छ अनि हांमिहरु उड्द कौं।
तपांइको रिस्को शक्ति कस्ले जान्द छ ११
अनि तपांइ देखि गर्नु पर्ने भय् अनुसार् तपांइको कोप्।
त हांमिहरुले आफ्ना दिन् गन्नुलाइ हांमिहरुलाइ सिकाउंनु हवस् १२
हांमिहरुले बूझ्ने मन् पांऊ भन्ये खातिर्ले।
हे यहवे फर्कनु हवस् कैले सम्म.
अनि आफ्ना दासहरुको विषयमां पछ्ताउंनु हवस्।
बिहान् हांमिहरुलाइ आफ्नु करुणाले तृप्त गराउंनु हवस् १४
हांमिहरुले आफ्ना सबै दिन् कराइ कराइकन आनन्द गर्नुलाइ।
तपांइले हांमिहरुलाइ दुखित् गराएका दिनहरु अनुसार् हांमिहरुलाइ १५
आनन्द गराउंनु हवस्।
अनि हांमिहरुले क्लेश् देख्का वर्ष अनुसार्।
तपांइको कार्य तपांइका दासहरु मांथि देखाहा परोस् १६
अनि तपांइको प्रताप् तिनिहरुको सन्तान् मांथि।
अनि हांमिहरुको प्रभु ईश्वरको मनोहरेई हांमिहरु मांथि परोस्. १७
अनि हांमिहरुका हातको कार्य हांमिहरुको लागि स्थिर् गराउंनु हवस्
अं हांमिहरुका हातको कार्य चई स्थिर् गराउंनु हवस्॥

जस्ले पाम ईश्वरको गुप्त ठांउमां बास् गर्ई छ ९१ १
यो सर्वशक्तिमानको छायामां रहि रहंछ।
यहवेको विषयमां भन्छु उइ चई मेरो शरणगत् र किल्ला हो २
मेरो ईश्वर जस् मांथि मं भरोसा राख्छु।
किनभन्ये उसैले तंलाइ पासो थाप्नेको पासो देखि बचाउंछ ३
र क्षय् पार्ने महि देखि।
उस्ले तंलाइ आफ्ना परेटाले ढाकछ ४
अनि उस्का परेटा मुनि तेंले शरण पाउंछस्.
जस्को सच्चईं ढाल् र तुलो ढाल् छ।

५ तं रात्को भय् देखि डराउंदैनस्
न दिउंसो उड्ने कांडू देखि
६ न अंध्यारोमां चल्ने रुढि देखि
न चर्को घाममां क्षय् गर्ने नास् देखि ।
७ एक् हजार् तेरो कुेउमां लड्छन्
अनि दस् हजार् तेरो दाहीनो हात् कुेउ
तर तं थांइ त्यो आइ पुग्दैन ।
८ खालि तेरा आंखाले तैंले हेर्ने र
दुष्टहरुको प्रतिफल् देख्छस् ।
९ किनभन्ने हे यहूवे तपांइ मेरो शरण् हुंनु हुंद कु ।
तैंले परम् ईश्वरलाइ आफ्नु बास् तुल्याएको छस्
१० तं मांथि कोई बुराई पर्दैन
न कोई महाबेग्रा तेरो डेरा कुेउ आउंछ ।
११ किनभन्ने उस्ले आफ्ना दूतहरुलाइ तेरो विषयमां आज्ञा गर्छ
तंलाइ तेरा सबै बाटामां रक्षे गर्नुलाइ ।
१२ तिनिहरुले तंलाइ आफ्ना हातै मांथि उठाइ राख्छन्
र तेरा पाउमां ढुंगाले टक्कर् न लागोस् ।
१३ तैंले सिंह र सापलाइ कुल्चंछस् .
जुवान् सिंह र अजिंङरलाइ पेतलाले लतार्छस् ।
१४ त्यस्ले मैं मांथि प्रेम् राख्येको कारणले त्येस्लाइ कोढाउंकु .
त्येस्लाइ अलग्याउंकु किनभन्ने त्येस्ले मेरो नांउ जान्येको छ ।
१५ त्येस्ले मंलाइ हापार्छ त त्येस्लाइ उत्तर् दिंकु
सकस्मां त्यो मङ हुंकु .
त्येस्लाइ बचायेर त्येस्को मान् गर्कु ।
१६ त्येस्लाइ दीर्घायु दिइ त्येस्लाइ तृप्त गराउंकु
अनि त्येस्लाइ आफ्नु उद्धार् देखाउंकु ॥

९२ बियाम्दिनको लागि गीत् येउटा गान् ।

१ यहूवेको लागि धन्यवाद् गर्नु जाति हो
अनि तपांइको नांउको भजन् गाउंनु हे परम् ईश्वर् .
२ बिहान तपांइको करुणाको प्रचार् गर्नु
अनि राति तपांइको सच्चेई
३ दसतारेबाजा र सितार्ले
र बीणाको गहौरो सोर्ले ।
४ किनभन्ने तपांइले हे यहूवे मंलाइ आफ्नु कार्यले आनन्दित् गराउंनु भयो
तपांइका हातका कर्म्मको विषयमां कराइ कराइकन गाउंकु ।

हे यहूवे तपांइका काम्हरु कति तुला तुला छन् ।
तपांइका विचार्हरु अगाध गम्भीर् छन् ।
पशु जस्तो मान्छेले जान्देन
अनि न लाटाले त्यो बूझ्द छ ।
दुष्टहरु घांस् जस्तो उम्रंदै
अनि अधर्म्मका काम् गर्नेहरु सबै फुल्दै
कारण् येइ हो तिनिहरु सदाको लागि नष्ट हुंछन् भन्ये ।
तर तपांइ हे यहूवे सधैं अलग्गाइ रहंनु हुंछ ।
कसोगरिभन्ये हेर्नु हुन्छ तपांइका सत्रुहरु चइं हे यहूवे
कसोगरिभन्ये हेर्नु हुन्छ तपांइका सत्रुहरु चइं नष्ट हुंछन्
अधर्म्मको काम् गर्नेहरु सबै छरपुष्ट पारींछन् ।
तर तपांइले अर्णाको सींग् जस्तै मेरा सींग् अलग्याउंनु भयो ।
मं आलो तेलले मलीयें ।
मेरा आंखाले पनि मेरा सत्रुहरु मांथि दृष्टि गर्थे
मेरा कानले पनि मेरो विरुद्धमां उठ्ने कुकर्म्मीहरुको विषयमां सुन्येका छन् ।
धर्म्मी चइं खजूरको रुख जस्तो फूल्छ फल्छ ।
लबानोनका देवदारुहरु झैं बढ्छ ।
यहूवेको घरमां रोप्येकाहरु
हांम्रो ईश्वरको घरका आंगनहरुमां फुल्छन् ।
बूढेसकालमां पनि फुल्छन् फल्छन्
रसीला र झरीला हुंछन् ।
यहूवे सोझो छ भनि देखाउंनुलाइ
उहं मेरो पहरा छ अनि उस्मां कोइ अधर्म्म छैन ॥

यहूवेले विराज्नु छ उ महातम्ले पहिर्याईयेको छ ९३ १
यहूवे पहिर्याईयेको छ आफुलाइ बल् भिराईयेको छ ।
जगत् पनि सारींनु न सक्ने सम्म स्थिर् गरीयेको छ ।
तपांइको सिंहासन् तादि देखि स्थिर् गरीयेको छ । २
तपांइ सर्व्वदे देखि हुंनु हुंद छ ।
हे यहूवे खोल्चाखाल्चोले उठायेका छन् ३
खोल्चाखाल्चोले आफ्नु सोर् उठायेका छन्
खोल्चाखाल्चोले आफ्नु सोरगराई उठाउंद छन् ।
धेरै पानीहरुका सोर्हरु ४
अं समुन्द्रका प्रतापी छालहरु भन्दा बेसि
कर्धलोकको यहूवे प्रतापी छ ।

५ तपांइका साक्षीवचन्हरु अग्घोर् बस्तिया छन्
पवित्रेईं तपांइको घर्को लागि सुवाउंदो छ
हे यहूवे सदाको लागि ॥

९४ १ हे साटो लिंने ईश्वर् यहूवे
हे साटो लिंने ईश्वर् चम्कनु हवस् ।
२ हे पृथिवीको विचारी अलगींनु हवस् .
अहंकारीहरुलाइ तिनिहरुको प्रतिफल् दिंनु हवस् ।
३ हे यहूवे दुष्टहरु कैले सम्म
दुष्टहरु कैले सम्म फुलींकन् ।
४ तिनिहरु बकद्द छन् अट्टेरि कुरा गर्द छन् .
अधर्म्म गर्नेहरु सबैले शेखी गर्द छन् ।
५ हे यहूवे तिनिहरुले तपांइका लोगलाइ पिन्द छन्
अनि तपांइका निज् भागलाइ दुक्ख दिंद छन् .
६ तिनिहरुले विधुवी र परदेसीलाइ मांर्द छन्
अनि टुहुराटुहुरीहरुलाइ घात् गर्द छन् ।
७ अनि भन्द छन् याहचइंले देख्दैन
अनि न याकूबको ईश्वरले चेत् गर्छ भनि ।
८ हे लोगहरुमांका पशु जस्ता मान्छेहरु हो चेत् गर .
अनि हे मूर्खहरु हो तिमिहरु कैले बुद्धिमान् हुंछौ ।
९ को कान् दिंन्येले सुन्दैन .
को आंखा रचनेले देख्दैन .
१० को लोग् लोगलाइ शिक्षादण्ड दिंन्येले चेताउंदैन
अं मान्छेलाइ ज्ञान् सिकाउंनेचइंले ।
११ यहूवेचइंले मान्छेहरुका जुक्तिहरु जान्द छ
ति एक् सासफेराई जस्ति मांत्रे छन् भनि ।
१२ हे याह् धन्न त्यो मान्छे जसलाइ तपांइले शिक्षादण्ड दिंनु हुंद छ
अनि आफनु व्यवस्था देखि सिकाउंनु हुंद छ
१३ त्येसलाइ विपत्तिको दिनमां तपांइले चैन् दिंनुलाइ
दुष्टहरुको लागि खाड्ल् न खनीउन्जाल् सम्म ।
१४ किनभन्ये यहूवेले आफना लोगलाइ आफाल्दैन
अनि न आफनु निज् भागलाइ छोड्छ ।
१५ किनभन्ये नियागराई धर्म्ममां फर्कँछ .
अनि मनमां सोजो हुंनेहरु सबैले त्येसलाइ पछ्याउंछ ।
१६ कुकर्म्मीहरुको विरुद्धमां मेरो लागि को उठ्छ
अधर्म्मीहरुको विरुद्धमां मेरो लागि को उभींछ ।

यहवे मेरो गोहारे न भयेको भये देखि १७
मेरो प्राणले छिट्टै चुमचाममां बास् गर्न थियो ।
जब भन्यें मेरा गोड़ा चिप्लीद कुन् भनि १८
तब तपांइको करुणाले मंलाइ थाम्यो हे यहवे ।
मं भित्र मेरा चिन्ताहरुको अरघोरेइँमां १९
तपांइका शान्तिहरुले मेरो प्राणलाइ सुक्ख दिंद कुन् ।
दुष्टेइँको जस् सिंहासनले विधि सित अधर्म्म रच्द कु २०
को त्येस्ले तपांइ सित संगति गर्कु ।
तिनिहरु धर्म्मीको प्राणको विरुद्धमां भेला हुंद कुन् २१
अनि निर्दोष् रगतलाइ दोषी ठहराउंद कुन् ।
तर यहवे चइं मेरो अलगो धरारा भयेको कु २२
अनि मेरो ईश्वर् मेरो शरणको पहरा ।
अनि उसैले तिनिहरुकै अधर्म्म तिनिहरुइ मांथि ल्यायेको कु २३
अनि तिनिहरुलाइ तिनिहरुकै दुष्टेइँमां काटि दिंकु
हांमिहरुको ईश्वर् यहवेले तिनिहरुलाइ काटि दिंकु ॥

आव हांमिहरु यहवेको लागि गाऊं . ९५ १
हांमिहरु आफनु त्राणको पहराको लागि जयजयकार् गरूं ।
धन्नवाद् गर्दै उस्को मुखेंजि आऊं . २
भजन् गाउंदै उसैको जयजय् गरूं ।
किनभन्ये यहवे महा ईश्वर् हो ३
अनि सबै देवताहरु भन्दा महा राजा ।
उस्को हातमां पृथिवीका गहीरा ठांउहरु कुन् ४
पहाडूहरुका थाम्निहरु पनि उसैका हुन् ।
समुन्द्र पनि उसैको हो कसोगरिभन्ये उसैले त्यो सज्यो ५
अनि उसैको हातले ओवानो बनायो ।
आव दण्डवत् गरूं अनि निउंरूं ६
आफनु कर्त्ता यहवेको सांमु घुड़ा टेकूं .
किनभन्ये उइ हांमिहरुको ईश्वर् हो ७
अनि हांमिहरु उस्को खर्कका लोग् अनि उस्को हातका भेंड़ाहरु हौं
आजु उस्को शब्द सुन्यौ भन्ये देखि .
आफना हिर्दय् मरीवामां[१] भये झैं कठोर् न गर ८
बनमां भयेको मस्साको[२] दिन् अनसार् .

[१] अर्थात् झगरामां
[२] अर्थात् परीक्षा ।

९ अब तिमिहरुका पित्रहरुले मंलाइ जांच्ये
मेरो परीक्षा गर्ये अनि मेरो कर्म्म देख्ये ।
१० चालीस् वर्ष सम्म त्येस् पुस्ता देखि उदास् भइ रह्यें
अनि भन्यें त्यो आफ्नु हिर्दयमां भर्मीने लोग् छ
अनि तिनिहरुले मेरा बाटा चिन्येका छैनन् ।
११ येस्कारण् मैंले आफ्नु क्रोधमां किरिया खायें
तिनिहरु मेरो बिश्राम्मां पस्नु पाउंदैनन् भन्ये ॥

९६ १ यहूवेको लागि नया गीत् गाव
हे सिंगै पृथिवी यहूवेको लागि गाव ।
२ यहूवेको लागि गाव उस्को नांउलाइ धन्न कह
दिन् दिन् उस्ले गर्येको मुक्ति प्रचार् गर ।
३ उस्को महिमा लोग् लोग्को बीचमां बखान
उस्का उदेक् उदेक्का काम् सबै लोगको बीचमां ।
४ किनभन्ये यहूवे महा र स्तुतिको अरघोर् योग्य छ
उ चइं सबै देवताहरु भन्दा डराउंने योग्य छ ।
५ किनभन्ये लोग् लोग्का सबै देवताहरु कोइ पनि होइनन् ।
तर स्वर्गको सृष्टि ता यहूवेलेने गर्यो ।
६ उस्को सांमु मान् र महातम् छन् ।
सामर्थ र सुन्दरेईं उस्को पवित्र ठांउमां ।
७ हे लोग् लोग्का जहान्हरु हो यहूवेको लागि
यहूवेको लागि प्रताप् र सामर्थ देव ।
८ यहूवेको लागि उसैको नाउंको लागि माफिक्को प्रताप् देव ।
भेटि लियेर उस्का आंगनमां आव ।
९ पवित्रेईंको सुन्दरेईंमां यहूवेलाइ दण्डवत् गर ।
हे सिंगै पृथिवी उस्को सांमु कांम् ।
१० लोग् लोग्को बीचमां भन् यहूवेले विराजत् छ ।
पृथिवी पनि त्यो न चलनेगरि स्थिर् भयेको छ ।
उसैले लोग् लोग्को सोझेईं सित निया गर्छ भनि ।
११ स्वर्गले आनन्द गरोस् अनि पृथिवी रमावस्
समुन्द्र र त्येस्को भरपूरेईं गर्जन्
१२ जिमीन् र त्येस्मां भयेका सबैले रमाहट गरुन्
तब बनका सबै रुखहरुले आनन्दको कारणले गाउंछन्
१३ यहूवेको सांमु किनभन्ये उइ आउंने छ
किनभन्ये उइ पृथिवीको निया गर्नुलाइ आउंने छ ।
उस्ले धर्म्म सित जगत्को निया गर्छ
अनि आफ्नु सचेईं सित लोग् लोग्को ॥

९७ १
यह्वेले बिराज्द छ पृथिवी रमावस्
टापूहरुको धेरेईंले आनन्द गर ।
बादल्हरु र अंध्यारो उस्को वरिपरि छन् २
धर्म्म र नियाबचन्चइं उस्को सिंहासन्का जग् हुन् ।
उस्को अघि अघि आगो हिंड्द छ ३
अनि उस्का बरिपरि भयेका बिरोधीहरुलाइ डड़ाउंद छ ।
जस्का बिजुलिहरुले जगत्लाइ चम्कायो . ४
पृथिवी देख्येर कांम्यो ।
पहाड्हरु मयेन् झैं बिलीये यह्वेको सांमु ५
सिंगै पृथिवीको प्रभुको सांमु ।
स्वर्गले उस्को धर्म्मको बखान् गर्द छ ६
अनि सब्बै लोगले उस्को महिमा हेर्येका छन् ।
खोपीयेका मूर्त्ति पूज्ने सबै लज्जित् हुंछन् ७
मूर्त्तिहरु जो क्येइ होइनन् तिनिहरुको बिषयमां जो शेषी गर्द छन् .
हे सब्बै देव्ताहरु हो उसैलाइ दण्डवत् गर ।
सिय्योन्ले सुन्येर आनन्द गर्‍यो ८
अनि यहूदाकी छोरीहरु रमाइन्
तपांइका नियाबचन्हरुको कारणले हे यह्वे ।
किनभन्ये हे यह्वे तपांइ सबै पृथिवी मांथि परम् ईश्वर् हुंनु हुंद छ . ९
तपांइ सबै देव्ताहरु भन्दा अग्घोर् बेसि अल्ग्याईंनु भयो ।
हे यह्वे सित प्रेम् गर्नेहरु हो बुराईको बैरि हव . १०
उस्ले आफ्ना भक्तीहरुका प्राणको रक्षे गर्दै छ
उस्ले तिनिहरुलाइ दुष्टहरुको हात् देखि छोड़ाउंद छ ।
धर्म्मको लागि ज्योति ११
अनि मन्मां सोजो हुंनेहरुको लागि आनन्द छरीयेको छ
हे धर्म्मीहरु हो यह्वेमां मग्न हव १२
अनि उस्को पवित्र नांउको लागि धन्नबाद् गर ॥

९८
येउटा गीत् ।

यह्वेको लागि नया गीत् गाव १
किनभन्ये उस्ले उदेक् उदेक्को काम् गर्‍येको छ .
उस्को दाहींनो हात् र उस्को पवित्र बांहांले उस्को लागि उद्धार् गर्‍येको छ ।
यह्वेले आफ्नु उद्धार् जनायेको छ . २
लोग् लोग्हरुको सांमु उस्ले आफ्नु धर्म्म प्रगटो गरि देखायेको छ ।
इस्राएल्को जहान्को लागि आफनु करुणा र आफ्नु सच्चेईं सम्झ्यो . ३
पृथिवीका सबै अन्तले हांमिहरुको ईश्वर्को उद्धार् देख्येका छन् ।
हे सिंगै पृथिवी यह्वेको लागि जय्जय्कार् गर् . ४

आनन्दको कारणले फुटि फुटि गाव अं भजन् गाव
५ यहूवेको लागि बीणा बजाइकन भजन् गाव
बीणा बजायेर भजनको सोर् सुनाव ।
६ तुरहीहरु र नसींगा बजायेर
यहूवे महाराजाको जयजय् गर ।
७ समुन्द्र र त्येको भरपूरेईं गर्जन्
जगत् र त्येमां बस्नेहरु सबै
८ महानदीहरुले तालि बजाउन्
अनि पहाडूहरुले आनन्दको कारणले एकसङ् गाउन् ।
९ यहूवेको सांमु किनभन्ये उइ पृथिवीको निया गर्नुलाइ आउंने छ
उस्ले धर्म्म सित जगत्को निया गर्छ
अनि सोजेईं सित लोग् लोगको ॥

९९ १ यहूवेले विराजद छ लोग् लोग् कांमुन् ।
उ करूब्हरुको बीच् मांथि बस्येको छ पृथिवी हल्लीवस् ।
२ यहूवे सिय्योन्मां महा छ
सबै लोग् लोग् भन्दा अलगो उइ छ ।
३ तिनिहरुले तपांइको महा र भययोग्य नांउको धन्नवाद् गरुन
उइ पवित्र छ ॥

४ राजाको सामर्थले पनि निया सित पिर्ति राख्द छ
तपांइले सोजेईंलाइ स्थिर् गराउंनु हुंद छ
तपांइले निया र धर्म्म याकूब्मां गर्नु हुंद छ ।
५ हांम्रो ईश्वर् यहूवेलाइ अलग्याव
अनि उस्का चरणपिरामां दण्डवत् गर
उइ पवित्र छ ।

६ उस्का पूजाहारीहरुमांका मूसा र हारूनले
उस्को नांउ लिंनेहरुमांको शमूएलले
तिनिहरुले यहूवेलाइ हाप्यो त उस्ले तिनिहरुलाइ उत्तर् दियो ।
७ बादलको मुडूकामां तिनिहरु सित बात् मांई थियो ।
तिनिहरुले उस्का साक्षीवचनहरु र उस्ले तिनिहरुलाइ दियेको विधि माने
८ हे हांम्रो ईश्वर् यहूवे तपांइले तिनिहरुलाइ उत्तर् दिनु भयो ।
तपांइ तिनिहरुलाइ क्षमा गर्ने ईश्वर् हुंनु भयो
तपांइले तिनिहरुका कामको साटो लिंनु भयो र पनि ।
९ हांमिहरुको ईश्वर् यहूवेलाइ अलग्याव
अनि उस्को पवित्र पर्वतमां दण्डवत् गर
किनभन्ये हांमिहरुको ईश्वर् यहूवे पवित्र छ ॥

धन्नबाद् गर्ने गीत् । १००

हे सिंगे पृथिवी यहूवेको लागि जयजय् गर । १
आनन्द सित यहूवेको सेवा गर .
गाउंदै गाउंदै उस्को सांमु आव ।
यहूवे चइं ईश्वर् हो भनि जान . २
उसैलेनै हांमिहरुलाइ सिर्ज्यको छ अनि हांमिहरु उसैका हौं
उस्का प्रजा र उस्का खर्कका भेंड़ाहरु हौं ।
धन्नबाद् गर्दै उस्को ठोका भित्र पस ३
अनि स्तुति गर्दै उस्का आंगन भित्र .
उस्को धन्नबाद् गर अनि उस्को नांउलाइ धन्न कह ।
किनभन्ये यहूवे भलो छ उस्को करुणा सदा रहंद छ ४
अनि उस्को सचेइं पुस्ता देखि पुस्ता सम्म ॥

दाऊद्को गीत् । १०१

करुणा र नियाको बिषयमां गाउंछु . १
हे यहूवे तपांइकै भजन् गाउंछु ।
मं बुद्धि सित सिद्ध बाटोमां हिंड्छु . २
तपांइ मं पांइ कैले आउंनु हुंछ .
मं आफ्नु घरमां सिद्ध मनले डुल्छु ।
मं कोई बिकामे काम् आफ्नु आंखाको सांमु राख्दैन ३
तर्कि जांनेहरुको काम् देखि घिनाउंद छु
मं सित त्यो टासौंदैन ।
अट्टेरि मन् मं देखि जाइ जांछ . ४
मं कोई बुरो काम् चिन्दैन ।
जस्ले गुप्तगरि आफ्नु छिमेकिको चुग्लि गर्द छ त्येस्लाइ नाम् गर्छु . ५
जस्का आंखा अहंकारी भयेका छन् अनि मन् घमंडी छ त्येस्लाइ सहंदैन ।
मेरा आंखा देस्का बिश्वासीहरु मांथि हुंछन् तिनिहरु मं सङ रहंनुलाइ . ६
सिद्ध बाटोमां हिंड्ने चइं मेरो सेवाइते हुंछ ।
छल् गर्नेचइंले मेरो घरमां बास् गर्दैन . ७
झूठ् बोल्नेचइं मेरो आंखाको सांमु स्थिर् गराईंदैन ।
बिहान् बिहान् देस्का सबै दुष्टहरुलाइ नाम् पार्छु ८
यहूवेको सहर् देखि अधर्म्मको काम् गर्नेहरु सबै काटि हिंनुलाइ ॥

दौन् मान्छेको प्रार्थना जस्ले मुर्छित् भयेर यहूवेको सांमु दोहाई गर्यर आफ्नु शोकका कुरा खन्याउंद छ । १०२

हे यहूवे मेरो प्रार्थना सुन्नु हवस् १
मेरो दोहाई तपांइको सांमु पुगोस् ।

२ मेरो संकष्टको दिनमां आफ्नु मुख् मं देखि न लुकाउंनु हवस् ।
आफ्ना कान् मं तिर थापनु हवस्
मैंले हापाग्येको दिन्मां मंलाइ छिट्टो उत्तर् दिंनु हवस् ।
३ किनभन्ये मेरा दिन्हरु धुंवा झैं मेटींद कन्
अनि मेरा हाड्हरु अगुल्ठो झैं डड्रेका कन् ।
४ मेरो मन् ओइल्ह्रीयेको घांस् झैं सुकि गयो
कसोगरिभन्ये भोजन् गर्नु बिर्स्यं ।
५ मेरो सुक्खेरामंराईको सोर्को कारणले
मेरा हाड् मेरो मांसुमां टांसींद क ।
६ बन्को धनेस् जस्तो कु
उजार् ठाउंको लाट्कोसेरा जस्तो भइ गयें ।
७ मं जागि रहंद कु अनि काना मांथि एक्ले रह्येको
भडेरा जस्तो भइ गयेको कु ।
८ मेरा सत्तुर्हरुले दिन्भरि मेरो गिल्ला गर्द कन्
जुन्हरु मेरो बिरुद्धको उधुम्ले बोल्हायेका कन् तिनिहरुले मेरो नपना
लिइ धिक्कार्द कन् ।
९ किनभन्ये मैंले खरानि रोटी झैं खायेको कु
अनि आंसु मिसायेर आफ्नु पानी खांद कु ।
१० तपांइको कोप् र क्रोधको कारणले .
किनभन्ये तपांइले मंलाइ उठायेर आफाल्नु भयो ।
११ मेरा दिन् लम्याईयेको छांया जस्ता कन्
घांस् झैं ओइल्ह्रीयेको कु ॥

१२ तर हे यहवे तपांइ चइं ता सदा सम्म बिराजदै रहंनु हुंद क
अनि तपांइको सम्झना पुस्ता देखि पुस्ता सम्म ।
१३ तपांइले उठेर सिय्योन् मांथि दया गर्नु हुंक .
किनभन्ये त्येस् मांथि अनुग्रह् गर्ने बेला अं ठहरायेको बेला आइ पुग्यो ।
१४ किनभन्ये तपांइका दासहरु त्येका ढुंगा देखि खुशि हुंद कन्
अनि त्येका धूलो मांथि अनुग्रह् गर्द क ।
१५ येसोरि लोग् लोग्ले यहवेको नांउको भय् मानकन्
अनि पृथिवीका सबै राजाहरु उस्को प्रताप् देखि डराउंकन् .
१६ किनभन्ये यहवेले सिय्योन् बनायेको क
आफ्नु महिमा सङ उ देखाइ पर्यो ।
१७ उ दीनहरुको प्रार्थना तिर लाग्यो
अनि तिनिहरुको प्रार्थना तुच्छ जान्येन ।
१८ यो कुरा आउंद्दो पुस्ताको लागि लेखींक .
अनि जुन् जुन् लोग् सृजींकन् तिनिहरुले यहको स्तुति गर्कन् ।

किनभन्ये उस्ले आफ्ना पवित्र स्यानको अलगो ठांउ देखि दृष्टि गर्यो १९
स्वर्ग देखि यहूवेले पृथिवीलाइ हेर्यो
बन्धुवाहरुको सुस्केरामगाई सुन्नुलाइ २०
मरणको लागि खटाईयेकाहरुलाइ बचाउंनुलाइ
सियोन्मां यहूवेको नांउको बखान् गरीयोस् भन्ये खातिर्ले २१
अनि यरुशलेम्मां उस्को स्तुति
जब लोग् लोग् र राज् राज् २२
भेला हुंद कुन् यहूवेको सेवा गर्नुलाइ ।
उस्ले मेरो बल् बाटोमां निउंरायो २३
उस्ले मेरा दिन् घटायो ।
मैंले भन्यें हे मेरो ईश्वर् मलाइ मेरो बीच् उमेर्मां न लांनु हवस् । २४
तपांइका बर्ष ता पुस्ता पुस्ता सम्म रहंद कुन् ।
आदिमां तपांइले पृथिवीको जग् बसालनु भयो २५
अनि स्वर्ग तपांइका हातका कार्य्य हुन् ।
ति ता नष्ट हुंकुन् तर तपांइ चइं बनीइ रहंनु हुंछ ।
२६
अं ति सबै लुगा झैं पुराना होइ जांकुन्
तपांइले बस्त्र झैं तिनलाइ सार्फेर् गर्नु हुंछ अनि ति साटौंकुन् ।
तर तपांइ चइं ता एकैनासे हुंनु हुंद छ २७
अनि तपांइका बर्षको अन्त हुंदैन ।
तपांइका दासहरुका बालखहरु बनीइ रहंकुन् २८
अनि तिनिहरुको बंश तपांइको सांमु स्थिर् रहंछ ॥

दाऊद् रचित् । १०३

हे मेरो प्राण यहूवेलाइ धन्न कह् १
मं भित्र जति छ उस्को पवित्र नांउलाइ ।
हे मेरो प्राण यहूवेलाइ धन्न कह् २
अनि उस्का सबै उपकार् न बिर्सि ।
जस्ले तेरा सबै अधर्म्म क्षमा गर्द छ ३
जुस्ले तेरा सबै बेथा निको पार्द छ
जुस्ले तेरो जीउलाइ नष्ट देखि बचाउंद छ ४
जुस्ले तं मांथि कृपा र दयाको मुकुट् लगाउंद छ ।
जस्ले भलो पोकले तेरा आयुलाइ तृप्त गराउंद छ ५
तेरा जुवानेहैं ऊकाबको झैं नया हुंद छ ।
यहूवे धर्म्मी कार्य्य ६
र नियाकर्म्म सबै मिचीयेकाहको लागि गर्न छ ।
उस्ले मूसाको लागि आफ्ना मार्ग ७
अनि इस्राएलबंशीहरुको लागि आफ्ना क्रियाकर्म जनाउंने गर्द थियो ।

८ यहूवे अति दयालू र अनुग्रह् गर्ने छ
रिस् गर्नुमां धीरजी र करुणामां भरपूर् ।
९ सधैं उस्ले विवाद् गर्दैन
अनि न युग्नयुग् सम्म आफ्नु कोप् राख्छ ।
१० हांमिहरुका पाप्हरु अनुसार् उस्ले हांमिहरु सित बेहोरा गर्येको छैन
अनि न हांमिहरुका अधर्म्म अनुसार् हांमिहरुलाइ प्रतिफल् दियो ।
११ किनभन्ये स्वर्ग पृथिवी मांथि जत्ति अल्गो छ
त्येत्तिनै अल्गो उस्को करुणा उस्को डर् मान्नेहरु मांथि रहंद छ ।
१२ पूर्व पच्छिउं देखि जत्ति टाढ़ो छ
उत्तिनै उस्ले हांमिहरुका अपराध् हांमिहरु देखि टाढ़ो राख्येको छ ।
१३ जस्तो बाबुले आफ्नु बालख मांथि दया गर्द छ
त्येस्तै यहूवेले उस्को भय् मान्नेहरु मांथि दया गर्द छ ।
१४ किनभन्ये उसैले हांमिहरुको रचना चिन्द छ
तिनिहरु मांटै मांत्रै हुन् भनि समझंद छ ।
१५ विनाशी मान्छे जो छ त्येस्को आयु घांस् जस्तो छ
वन्को फूल् झैं त्यो फुल्द छ ।
१६ कसोर्गरिभन्ये बतास् लाग्नु बित्तिकै त्यो गइ गयो
अनि त्येस्को ठाउंले त्येलाइ फेरि कैले पनि चिन्दैन ।
१७ तर यहूवेको करुणा चइं उस्को भय् मान्नेहरु मांथि युग्नयुग् रहंछ
अनि उस्को धर्म्म छोराहरुका छोराहरु मांथि
१८ उस्को नियम् मान्नेहरुलाइ
अनि उस्का अर्थिहरु गर्नुलाइ समझनेहरु मांथि ।
१९ यहूवेले ता आफ्नु सिंहासन् स्वर्गमां स्थिर् गर्येको छ
अनि उस्को राज्ले ता सबै मांथि राज् गर्द छ ।
२० हे यहूवेका दूतहरु हो उस्लाइ धन्य कह
तिमि महाबीर् हुंनेहरु र उस्को बचन् मान्नेहरु
उस्को बचनको सोर् सुन्दै ।
२१ हे यहूवेका सबै सेनाहरु हो उस्लाइ धन्य कह
तिमि उस्का सेवाइते उस्को इच्छे पूरो गर्नेहरु ।
२२ हे यहूवेका सबै कार्य्यहरु हो उस्लाइ धन्य कह
उस्का प्रभुतेइंका सबै ठांउमां .
हे मेरो प्राण् यहूवेलाइ धन्य कह् ।

१०४ १ हे मेरो प्राण् यहूवेलाइ धन्य कह् ।
हे मेरो ईश्वर् यहूवे तपांइ अति महा हुंनु हुंद छ
तपांइ विभव् र महातम्ले पनि गाईंयेको हुंनु हुंद छ ।
२ जस्ले आफु मांथि उज्यालोलाइ [illegible] झैं लाउंद छ

जस्ले आकाशलाइ पालको परदा झैं फिंजाउंद छ ।
जस्ले आफ्ना कोठाहरुका घाराहरु पानामां बसाल्येको छ ३
जस्ले मेघहरुलाइ आफ्नु रथ् तुल्याउंद छ
जो बतासका पखेटा मांथि डुल्द छ ।
जस्ले बतासलाइ आफ्नु दूत् तुल्याउंद छ ४
अनि जुवालेआगोलाइ आफ्ना सेवाइतेहरु ।
जस्ले पृथिवीको जग् बसाल्यो ५
त्यो सदा न सारीओस् भन्येर ।
तपांइले त्येसलाइ गहीरो सागरले बस्त्रले झैं ढाकनु भयो ६
पानीहरु पहाडूहरु मांथि मांथि पुग्येका छन् ।
तपांइको धम्किले तिनिहरु भाग्ये ७
तपांइको गर्जनको सोर् सुन्येर हतारीदै गये
पहाडू चइं उठेर तरि चइं झर्ये ८
तपांइले तिनिहरुको लागि बनायेको ठांउ सम्म ।
तपांइले तिनिहरु काटि न जान्ये सिमाना राखनु भयो ९
तिनिहरु पृथिवी फेरि छोपनुलाइ फर्कि न आउन् भन्येर ।
उस्ले खोल्चाखाल्चिमां जरुवा पानी पठाउंद छ १०
तिनिहरु पहाडूहरु हुंदो दुगुर्दै छन् ।
तिनिहरु बन्का सबै पशुहरुको लागि पीउंनु दिंद छ ११
बनगदाहाले पनि तिने देखि आफ्नु तिर्खा मार्दै छन् ।
तिनिहरुको छेउछाउ आकाशका पंषाहरुले बस्ने गर्दै छन् १२
तिनिहरुले हांगा हांगा हुंदो गाउंद छन् ।
उस्ले पहाडूहरुलाइ आफ्ना कोठाहरु देखि भिजाउंद छ । १३
पृथिवी तपांइको कामको फल् देखि तृप्त हुंद छ ।
उस्ले बस्तुहरुको लागि घांस् १४
र मान्छेको कामको लागि साकपात् उमार्द छ
त्येसले पृथिवी देखि भोजन् निकालोस् भन्येर ।
अनि मान्छेको मन् आनन्द गराउंने दाखरस् १५
र सेको मुख् चम्कंने तेल्
अनि मान्छेको मन् बलियो गराउंने अन्न पनि उमार्द छ ।
परमेश्वरका रुखहरु तृप्त भये १६
उस्ले रोप्येका लबानोनका देवदारुहरु
जहां चराहरुले आफ्ना गुंडू बनाउंद छन् ।
सारसहरुले मल्लाका रुखहरुमां घर् बनाउंद छन् । १७
अग्ला अग्ला डांडाहरु घोरलुहरुको लागि छन्
ढुंगाहरु शापानहरुको[1] लागि शरणस्थान् ।

[1] अर्थात् एक रकमका भोरङ्गराथो । लेव्यः ११ ; ५ पेर

१९ उस्ले समयहरुको लागि जून् ठहरायो ।
सूर्जले आफ्नु अस्ताउने बेला जान्द छ ।
२० तपांइले अंध्यारो पार्नु हुंद छ त रात् पर्द छ
जस्मां पातल्का सबै जन्तुहरु लुकि लुकि निस्कंद छन् ।
२१ जुवान् सिंहहरु आफ्नु शिकार्को लागि गर्जन्द छन्
तिनिहरुले आफ्नु आहारा ईश्वर् थित मांग्द छन् ।
२२ सूर्ज उदाउंदै तिनिहरु हटि गयेर
आफ्नु आफ्नु कुरिमां ढल्कंद छन्
२३ मान्छे चइं आफ्नु कामको लागि निस्कंद छ
अनि आफ्नु परिश्रमको लागि सांझ् सम्म ।
२४ हे यहुवे तपांइका कार्य कति भिन्दा भिन्दै छन् ।
ति सबै तपांइले बुद्धिले बनाउंनु भयो ।
पृथिवी तपांइको सम्पत्तिले पूर्ण छ ।
२५ त्यहां समुन्द्र चइं छ ठुलो र फराक्
जस्मां बेहिसाप् पौरंनेहरु छन्
ठुला साना दुवै जन्तुहरु ।
२६ त्येस्मां जहाज्हरु पनि जांद छन्
यहां लिभ्यातान् पनि छ जस्लाइ तपांइले त्येस्मां खेल्नुको लागि बनाउंनु
भयेको छ ।
२७ ति सबैले तपांइकै बाटो हेर्द छन्
तपांइले तिनिहरुलाइ ठीक् बेलामां आहारा देवस् भन्नेर ।
२८ ज्ये तपांइले तिनिहरुलाइ दिंनु हुंद छ त्यो तिनिहरुले बटुल्द छन्
तपांइले आफ्नु मुठ्ठि खोल्नेकोले तिनिहरु भलाईले तृप्त भये ।
२९ तपांइले आफ्नु मुख् लुकायेकोमां तिनिहरु कष्टित् हुंद छन्
तपांइले तिनको सास् लिंनु भयो भन्ने देखि तिनिहरुको प्राण् निस्कंद छ
अनि आफ्नु आफ्नु मांटोमां फर्कंद छन् ।
३० तपांइले आफ्नु आत्मा पठाउंनु भयो र तिनिहरु सजीयेका छन्
अनि तपांइले भूंइको मुख् नया नुल्याउंनु हुंद छ ।
३१ यहुवेको महिमा सधैं रहोस्
यहुवे आफ्नु कार्यमां रमावस् ।
३२ जस्ले पृथिवीलाइ हेर्द छ त त्यो कांप्द छ
उस्ले पहाडूहरुलाइ छुंद छ त धुंवा निस्कंद छ ।
३३ जेले सम्म जीउंछु तेले सम्म यहुवेको लागि गीत् गाउंदै रहंछु ।
जेले सम्म बनोइ रहंछु तेले सम्म आफ्नु ईश्वरको स्तुति गाउंदै रहंछु ।
३४ मेरो ध्यान्गराई उसैको लागि ग्रहणयोग्य हवस् ।
मं चइं त यहुवेमां आनन्द गर्छु ।

पापीहरु पृथिवी देखि मेटीउन् ३५
अनि दुष्टहरु फेरि न होउन् ।
हे मेरो प्राण् यहवेलाइ धन्य कह्
याहको स्तुति गर[१] ॥

यहवेलाइ धन्यवाद् गर उस्को नांउ प्रचार् गर १०५ १
लोग् लोग्को बीचमां उस्को महाकार्य्यको चर्चा गर ।
उस्को लागि गाव उसैको भजन् गाव २
उस्का सबै उदेक् उदेक्का कामको ध्यान् गर ।
उस्को पवित्र नांउमां अहंकार् गर . ३
यहवेलाइ खोज्नेहरुका हिर्दय् रमाउन् ।
यहवे र उस्को सामर्थ खोज ४
सधैं उस्को दर्शन्को खोज् गर ।
उसैले गर्येका उस्का उदेक्का काम् समझ ५
उसैका आश्चर्य्यकर्म्म र उस्को मुखका नियाबचन्हरु
हे उस्को दास् अब्राहाम्का बंश हो ६
हे याकूबका छोराहरु उस्का छानोयेकाहरु हो ।
उइ यहवे हांमिहरुको ईश्वर् हो . ७
उस्का नियाबचन्हरु सिंगै पृथिवीमां छन् ।
उस्ले आफ्ना नियम् सदा समझेको छ ८
हजार् पुस्ता सम्म आज्ञा गर्येको बचन्
उस्ले अब्राहाम् सित बांधेको नियम् ९
अनि इसहाक् सङ खायेको उस्को किरिया
जो उस्ले बिधि हुंनुको लागि याकूब् सित स्थापित् गर्यो १०
अनि सनातन् नियम् हुंनुको लागि इस्राएल् सित .
तंलाइ कनान्को देस् दिंछु ११
तिमिहरुको अधिकार्को भाग्गरि भन्ये .
जब तिनिहरु गन्तिमां थोरै मांत्रै थिये १२
अं बिल्कुल थोर् अनि त्येसमां परदेसी मांत्रै
अनि तिनिहरु लोग् देखि लोग् थांइ छुल्द फिर्दै थिये १३
अनि एक् राज् देखि अर्को प्रजा थांइ ।
उस्ले कसैलाइ तिनिहरुलाइ मिचेर्इं गर्नु दियेन १४
अं तिनिहरुको कारणले उस्ले राजाहरुलाइ पनि हकाय्यो
मेरा अभिषिक्तहरुलाइ न छोव १५
अनि मेरा अगमबक्ताहरुको हानि न गर भन्ने ।

[१] हैब्रानीमां हल्लूयाह् ।

१६ फेरि उस्ले देस् मांथि अनिकाल् पाथ्यो
रोटीको सिंगै लउरो भांचि दियो ।
१७ उस्ले तिनिहरुको अघि अघि येउटा मान्छेलाइ पठायो
युसुफ् कमारा पारि बेचीयो
१८ त्येस्का गोड़ा तिनिहरुले सांगलाले चोट् पाथ्ये
फलम्का भिंजिरीमां राखीयो .
१९ त्येस्का कुरा पूरा न होउंज्याल् सम्म
यहूवेको बचन्ले त्येस्लाइ जांच्यो ।
२० राजाले पठायेर त्येस्लाइ फुकायो
अं लोग्हरुको मालिक्ले त्येस्लाइ निर्बन्ध् गरायो ।
२१ त्येस्ले त्येस्लाइ आफ्नु घर्को प्रभु तुल्यायो
अनि आफ्ना सबै धन्सम्पत्तिको मालिक् .
२२ त्येस्को खुशि अनुसार् त्येस्का भारादार्हरुलाइ बंधाउंनुलाइ
अनि त्येस्का प्राचीन्हरुलाइ बुद्धि सिकाउंनुलाइ .
२३ इस्राएल् पनि मिसमां आयो
अनि याकूब हामको देसमां पर्देसी भयो ।
२४ अनि उस्ले आफ्नु प्रजा अत्योर् बढ़ायो
अनि तिनिहरुलाइ तिनिहरुका बिरोधीहरु भन्दा बेसि बल्लिया तुल्यायो ।
२५ उस्ले तिनिहरुको मन् उस्का लोग् सित सत्तुरेइं राखनुलाइ फर्कायो
उस्का दासहरु सित कुल् सित बेहोरा गर्नुलाइ ।
२६ उस्ले आफ्नु दास् मूसालाइ पठायो
अनि आफ्नु क्रान्येको हारुनलाइ ।
२७ तिनिहरुले तिनिहरुको बीचमां उस्का चिनुहरु राख्यो
अनि हामको देसमां उदेक्का कामहरु ।
२८ उस्ले अंध्यारो पठायो अनि अंध्यारो भइ रह्यो
अनि तिनिहरु त्येस्का कुराको बिरुद्धमां बागि भयेनन ।
२९ उस्ले तिनिहरुका पानीहरु रगत् बनायो
अनि तिनिहरुका माछाहरु मारि दियो ।
३० तिनिहरुको देसमां भ्यागुताहरु औधिगरि भरीये
तिनिहरुका राजाहरुका कोठा कोठामां ।
३१ उस्ले आज्ञा गर्यो त झिंगा औधि आये
अनि तिनिहरुका सबै सिमानामां भुसुना
३२ उस्ले तिनिहरुको लागि पानीको माठो असीना दियो
अनि तिनिहरुको देसमां ज्वालेआगो ।
३३ उस्ले तिनिहरुको दाख् पनि र तिनिहरुको नेभाराका बोट्हरु पनि नाइ पार्यो
अनि तिनिहरुका सिमानाका रुखहरु भांच्यो ।

उस्ले आज्ञा गर्‍यो त सबलहरु आये ३४
अनि कौराहरु पनि बेहिसाप्
उस्ले तिनिहरुको देसका सबै साक्पात् खाइ हाल्ये ३५
अनि तिनिहरुका भूमिका साक्पात् खाइ हाल्ये ।
उस्ले तिनिहरुको देसमांका सब्बै जेठा जेठालाइ पनि मार्‍यो ३६
तिनिहरुका सब्बै बूताका पालनिहरुलाइ ।
अनि उस्ले तिनिहरुलाइ सुन् चांदी लाईयेका भइ निकाल्यो . ३७
अनि त्येका कुलहरुमां कोई ठोकर् खांने थियेन ।
तिनिहरुको जवाईले मिस्र देस् रमायो ३८
किनभन्ये तिनिहरु मांथि यिनिहरुको भय् पर्‍यो ।
उस्ले छायाको लागि बादल् फिजांयो ३९
अनि राति उज्यालो दिंनुलाइ आगो ।
तिनिहरुले मांग्येकोमां उस्ले बटेर्चरा ल्याइ दियो ४०
अनि तिनिहरुलाइ स्वर्गको रोटीले तृप्त गरायो
उस्ले पहरा फोर्‍यो अनि पानी हलल निकल्यो ४१
ओखानो ठांउम नदी झैं बह्यो ।
किनभन्ये उस्ले आफ्ना पवित्र बचन् ४२
र आफ्नु दास् अब्राहाम्लाइ सम्झ्यो
उस्ले आफ्ना प्रजाहरुलाइ हर्षित् भयेकागरि निकाल्यो ४३
अनि आफ्ना छानीयेकाहरुलाइ गीत् गाउंदै गर्‍येका।
उस्ले तिनिहरुलाइ लोग् लोग्को देस् दियो ४४
अनि तिनिहरुले लोग्हरुको दास्तीको फल् आफ्नु अधिकार् पाये .
तिनिहरुले उस्का बिधिहरु मान्नुलाइ ४५
अनि उस्का व्यवस्थाहरु पालन् गर्नुलाइ।
याहको स्तुति गर[1] ॥

याहको स्तुति गर । १०६ १
यहुवेको लागि धन्यबाद् गर किनभन्ये उइ भलो छ .
किनभन्ये उस्को करुणा सनातन् सम्म रहंद छ ।
यहुवेका पराक्रम्मी कार्य्यको बखान् कस्ले गर्नु सक्छ . २
कि उस्को पूरा गुणानुबाद् कस्ले गर्नु सक्छ ।
धन्य तिनिहरु जुनहरुले नियम मान्द छन् ३
अनि सब्बै समयमां धर्म्मकर्म्म गर्द छन् ।

[1] इब्रानीमां हल्लेलयाह ।

४ हे यहूवे तपांइले आफ्ना प्रजाहरु मांथि राख्नेको अनुग्रह् अनुसार् मलाइ
सम्झनु हवस्
आफ्नु उद्धार्ले मेरो हेर्चाहा गर्नु हवस् .
५ मं तपांइका छान्येकाहरुको कल्याण् हेरुं
मं तपांइका लोगको हर्षमां रमाउं
मं तपांइको निज् भाग् सङ अहंकार् गरुं भन्ये खातिर्ले ॥

६ हामिहरुले आफ्ना पित्रहरु सङ पाप् गर्येका छौं
अट्टेरेर्इं गर्येका छौं दुष्टेर्इं गर्येका छौं ।
७ हामिहरुका पिता पुखाहरुले मिस्रमां तपांइका आश्चर्य्यकर्म्मको चेत् गर्येनन्
तिनिहरुले तपांइका धेरै कृपणाहरु सम्झेनन्
तर समुन्द्र अं लालसमुन्द्रको छेउमां झगरे भये ।
८ तैपनि उस्ले आफ्नु नांउको कारण्ले तिनिहरुलाइ बचायो
उस्ले आफ्नु बड़ो पराक्रम् जनावस् भन्ये खातिर्ले ।
९ उस्ले लालसमुन्द्रलाइ पनि हकायो त त्यो सुकि गयो .
त उस्ले ब्रन्को बाटो बाड़ो भैं तिनिहरुलाइ त्येको गहीरो बाटो बाड़ो
डोऱ्यायो ।
१० अनि उस्ले तिनिहरुलाइ तिनिहरुका बैरिहरुको हात् देखि बचायो
अनि तिनिहरुलाइ सत्रुहरुको हात् देखि छोड़ायो ।
११ अनि पानीहरुले तिनिहरुका विरोधीहरुलाइ छोपि हाल्ये .
तिनिहरुमांको येउटा पनि रह्येन ।
१२ तब तिनिहरुले उस्का बचनको विश्वास् गर्ये
तिनिहरुले उस्को स्तुति गाये ।
१३ तिनिहरुले छिट्टै उस्का कामहरु बिर्स्ये
अनि उस्को सल्लाहको लागि पर्ख्येनन् .
१४ तर ब्रन्मां अरघोर् तिर्षणा गर्नु लाग्ये
अनि सुन्ये ठांउमां ईश्वर्को परीक्षा गर्ये ।
१५ त उस्ले तिनिहरुलाइ मांग्ये अनुसार् दियो
तर तिनिहरुको प्राणमां क्षयरोग् पठायो ।
१६ तिनिहरुले छाउंनीमां मूसाको विषयमां पनि डाहा गर्ये
अनि यहूवेको भक्त हारुनको विषयमां ।
१७ धरतीले फाटेर दातान्लाइ निलि दियो
अनि अबीरामको गट्ठालाइ छोपि दियो ।
१८ अनि आगो तिनिहरुको गट्ठामां बल्यो
अनि ज्वालाले दुष्टहरुलाइ डढ़ायो ।
१९ तिनिहरुले होरेबमां बाछा बनाये
अनि ढाल्येको मूर्त्तिलाइ दण्डवत् गर्ये ।

त्येसैले तिनिहरुले आफ्नु महिमा फेर्ये २०
घांस् खांने गोरुको रूपमां ।
तिनिहरुले आफ्नु त्राणकर्त्ता ईश्वरलाइ बिर्से २१
जस्ले मिस्रमां तुलो तुलो काम् गर्येको थियो
हामको देसमां आश्चर्य्यकर्म्म २२
शूनि लालसमुन्द्रको छेउमां डरलाग्दा कामहरु ।
येकारण् उस्ले मं तिनिहरुलाइ नष्ट पार्छु भन्येर भन्यो २३
उस्को छानीयेको मूसा उस्को सांमु छेंडूमां न उभीयेको भये देखि
उस्को रिस् मांनुलाइ उस्ले तिनिहरुलाइ नास् न पारोस् भन्येर ।
अं तिनिहरुले मनपर्दो देसलाइ तुच्छ जान्ये २४
तिनिहरुले उस्को कुरा पत्यायेनन्
तर आफ्ना आफ्ना डेरामां गनगनाये २५
अनि यहूवेको शब्द सुन्येनन् ।
येकारण् उस्ले आफ्नु हात् तिनिहरु मांथि उचाल्यो २६
तिनिहरुलाइ बनमां लड़ाउंनुलाइ .
अनि तिनिहरुको बंशलाइ लोग् लोग्को बीचमां लड़ाउंनुलाइ २७
अनि तिनिहरुलाइ देस् देसमां छरपुट्ट पार्नुलाइ ।
तिनिहरु बालपोर् सित पनि बांधीये २८
अनि मर्येकाहरुको बलिदान् खाये ।
येसोरि तिनिहरुले आफ्नु काज्य गरि उस्को रिस् उठाये २९
अनि महि तिनिहरु मांथि फुटि पर्यो ।
तब पीनहासले उठेर नियादण्ड दियो . ३०
न येसोरि महि थामीयो।
न यो त्येस्को लागि धर्म्म गनीयो ३१
सदाको लागि पुस्ता पुस्ता सम्म ।
तिनिहरुले मरीबाको[1] पानीको छेउमां उस्को रिस् उठाये ३२
न तिनिहरुको कारणले मूसाको लागि बुरा भयो .
किनभन्ये तिनिहरु उस्को आत्माको बिरुद्ध झगरे भये ३३
अनि त्येस्ले बिचार् न गरि आफ्ना ओंठले कुरा गर्यो ।
तिनिहरुले लोग् लोग्लाइ नष्ट पार्येनन् ३४
यहूवेले तिनिहरुलाइ आज्ञा गर्येको अनुसार् ।
तर अन्यदेसीहरु सङ्ग मिसीइ ३५
तिनिहरुको बानि सिक्ये .
अनि तिनिहरुका मूर्त्तिहरु पूज्ये ३६
जो तिनिहरुको पासो भइ गये .

[1] अर्थात् झगराको ।

३७ अं आफ्ना छोराछोरीहरूलाइ भूतहरूको लागि बलि चढ़ाये
३८ अनि निर्दोषी रगत् अं आफ्ना छोराछोरीहरूको रगत् बहाये
जुन्हरूलाइ तिनिहरूले कनानका मूर्त्तिहरूको लागि बलि चढ़ाये
अनि देस् रगतले अपवित्र भयो ।
३९ येसोरि तिनिहरू आफ्ना कामको बाटोले अशुद्ध भइ गये
अनि तिनिहरूको कार्य्यको बाटोले व्यभिचारी जस्ता बनीये ।
४० येस्कारण् यहुवेको क्रोध् आफ्नु प्रजा मांथि उठ्यो
अनि उस्ले आफ्नु निज् भाग् देखि घिन् गर्यो ।
४१ अनि उस्ले तिनिहरूलाइ लोग् लोग्को तावेमां दियो
अनि तिनिहरूका बैरिहरूले तिनिहरू मांथि प्रभुतेइँ गर्ये ।
४२ तिनिहरूका सत्रुहरूले पनि तिनिहरू मांथि पिचेइँ गर्ये
अनि तिनिहरू तिनिहरूका हात् मुनि तावेमां ल्याईये ।
४३ धेरै खेप् उस्ले तिनिहरूलाइ छोड़ायो
तर तिनिहरू आफ्नु सल्लाहमां झगरे भये
अनि आफ्ना अधर्म्ममां होचीये ।
४४ तैपनि उस्ले तिनिहरूको संकष्ट मांथि चेत् लगायो
उस्ले तिनिहरूको दोहाई सुन्दामां .
४५ अनि उस्ले तिनिहरूको लागि आफ्नु नियम् सम्झ्यो
अनि आफ्ना धेरै करुणाहरू अनुसार् बचायो ।
४६ अनि तिनिहरूलाइ बन्धुवाई गरि लैजानेहरू देखि
तिनिहरूलाइ दया गर्नु लगायो ॥

४७ हे हांमिहरूको ईश्वर् यहुवे हांमिहरूलाइ उद्धार् गर्नु हुन्छ
अनि हांमिहरूलाइ लोग् लोग् देखि भेला गराउनु हुन्छ
तपाइको पवित्र नांउको धन्यवाद् गर्नुलाइ
अनि तपाइको स्तुतिमां रमाउनुलाइ ॥

४८ धन्य हो इस्राएलको ईश्वर् यहुवे
सनातन् देखि सनातन् सम्म ।
अनि सबै लोगले भनुन् आमेन् ।
याहको स्तुति गर[1] ॥

[1] इब्रानीमां हल्लूयाह् ।

पांचौ भाग्।

यहूवेको लागि धन्नबाद् गर किनभन्ये उइ भलो छ १०७ १
किनभन्ये उस्को करुणा सनातन् सम्म रहंद छ।
यहूवेले छोड़ायेकाहरुले येसो भनुन् २
जुन्हरुलाइ उस्ले विरोधीको हात् देखि छोड़ायेको छ
अनि देस् देस् देखि मेला गरायेको छ ३
पूर्व र पच्छिउं देखि
उत्तर् र दक्खिन् देखि॥

तिनिहरु बन्मां निपाने बाटोमां भर्मि हिंड्दै थिये ४
बास् बस्ने सहर् पायेनन्।
भोक् र तिर्खाले ५
तिनिहरुका प्राण् हरान् पर्ये।
तब तिनिहरुले आफ्नु सकस्मां यहूवेको दोहाई दिये ६
अनि उस्ले तिनिहरुलाइ तिनिहरुका संकष्ट देखि छोड़ायो।
उस्ले तिनिहरुलाइ सोजो बाटोमां डोरायो ७
तिनिहरु बास् बस्ने सहरमां पुग्नुलाइ।
त लोगले यहूवेको करुणाको कारणले उस्को धन्नबाद् गरुन् ८
अनि मान्छेको सन्तानको लागि भयेका उस्का आश्चर्यकर्म्मको कारणले।
किनभन्ये उस्ले अभिलाषा गर्ने प्राणलाइ तृप्त गरायो ९
अनि भोका हुंने प्राणहरुलाइ उस्ले भलाईले अघाउंने गराउंद छ॥

अन्धकार र मृत्युको छायामां बस्नेहरु १०
दुक्ख र सांग्लोले बांधीयेकाहरु
ईश्वरका कुराको विरोध् गर्येको ११
अनि परम् ईश्वरको सल्लाह् तुच्छ गर्येको कारणले.
तिनैहरुको हिर्दयलाइ उस्ले दास्तीले चेप्यो १२
तिनिहरु ठोकर् खायेर लड़ेर अनि गोहारे कोई थिएन।
तब तिनिहरुले आफ्नु सकस्मां यहूवेको दोहाई दिये १३
अनि उस्ले तिनिहरुलाइ तिनिहरुको संकष्ट देखि छोड़ायो।
उस्ले तिनिहरुलाइ मृत्युको छाया देखि निकाल्यो १४
अनि तिनिहरुका बन्धन् छिनालि दियो।
त लोगले यहूवेको करुणाको कारणले उस्को धन्नबाद् गरुन् १५
अनि मान्छेको सन्तानको लागि भयेका उस्का आश्चर्यकर्म्मको कारणले।
किनभन्ये उस्ले पीतलका ढोकाहरु भत्काइ दियो १६
अनि फलामका आगलाहरु टुक्रे टुक्रा पारि दियो॥

१७ मूर्खहरू आफ्नु कुचाल्को कारणले
अनि आफ्ना अधर्म्महरूको कारणले कष्टित् हुंद छन् ।
१८ तिनिहरूको प्राणले सब् रकम्को भोजन् देखि दिग्मिगाउंद छ
अनि तिनिहरू मृत्युका ढोकाहरू निर पुग्द छन् ।
१९ तब तिनिहरूले आफ्नु सकस्मां यहूवेको दोहाई गर्द छन्
अनि उस्ले तिनिहरूलाइ तिनिहरूको संकष्ट देखि छोड़ाउंद छ ।
२० उस्ले आफ्ना बचन् पठायेर तिनिहरूलाइ निको पार्द छ
अनि तिनिहरूलाइ तिनिहरूको नष्ट देखि छोड़ाउंद छ ।
२१ त लोगले यहूवेको करुणाको कारणले उस्को धन्यबाद गरुन्
अनि मान्छेको सन्तानको लागि भयेका उस्का आश्चर्य्यकर्म्मको कारणले ।
२२ अनि तिनिहरूले धन्यबादी बलिदान् चढ़ाउन्
अनि गीत् गाउंदै उस्का कार्य्यका बखान् गरुन् ॥

२३ जो समुन्द्रमां जहाजमां चढ़्द छन्
जो तुला तुला पानीमां बेपार् गर्द छन्
२४ तिनिहरूले यहूवेको काम् हेर्द छन्
अनि गहीरोमां उस्का आश्चर्य्यकर्म्म ।
२५ किनभन्ये उस्ले आफ्नु आज्ञाले तुलो बतास् उठाउंद छ
जस्ले त्येस्का छालहरू अल्ग्याउंद छ ।
२६ तिनिहरू स्वर्ग सम्म चढ़्द छन् गहीरो सम्म ओह्लंद छन् .
क्लेशको कारणले तिनिहरूको प्राण् बिलौंद छ ।
२७ तिनिहरू ठल्पलाउंद छन् अनि मातुवा झैं लर्खराउंद छन्
अनि तिनिहरूको बुद्धि सिंगै नीलीयेको छ ।
२८ तब तिनिहरूले आफ्नु सकस्मां यहूवेको दोहाई गर्द छन्
अनि उस्ले तिनिहरूलाइ तिनिहरूको संकष्ट देखि निकाल्द छ ।
२९ उस्ले आंधीलाइ बस्से गराउंद छ
येत्ति सम्म गराउंद छ त्येस्का सबै छालहरू सांगे भइ गये ।
३० तब चैन् पायेर रमाउंद छन्
येसोरि उस्ले तिनिहरूलाइ तिनिहरूको मनपर्दो घाट्मां पुग्याउंद छ ।
३१ त लोगले यहूवेको करुणाको कारणले उस्को धन्यबाद गरुन्
अनि मान्छेको सन्तानको लागि भयेका उस्का आश्चर्य्यकर्म्मको कारणले ।
३२ तिनिहरूले लोगको सभामां पनि उस्को बड़ाई गरुन्
अनि प्राचीनहरूको बैठकमां उस्को स्तुति गरुन् ॥

३३ उस्ले नदीहरूलाइ बनमां फेर्द छ
अनि जमवा पानीलाइ तिर्खायेको भूमिमां
३४ फलवन्त भूमिलाइ नुनीलो बनमां
त्येस्मां बस्नेहरूको दुष्टैंको कारणले ।

उस्ले बन्लाइ पोखरीमां फेर्द छ ३५
अनि ओबानो भूमिलाइ जरुवा पानीमां ।
अनि वहां उस्ले भोकाहरुलाइ बसाल्द छ ३६
तिनिहरुले बास् बस्ने सहर् तियार् पार्‍येर
खेत्मां छर्‍येर अनि दाख्बारी रोप्येर ३७
उप्जनीको फल् पाऊं भन्ये खातिर्ले ।
उस्ले तिनिहरुलाइ आशीष् पनि येति दिंद छ तिनिहरु औधि बढ्द छन् ३८
अनि तिनिहरुको पशु घट्नु दिंदैन ।
फेरि मिंचेईं बिपत्ति र शोक्को कारण्ले ३९
तिनिहरु घटायेर होंच्याईयेका छन् ।
उस्ले मालिक्हरु मांथि निन्दा खन्याउंछ ४०
अनि तिनिहरुलाइ बाटो बिनाको उजार्मां डुलाउंद छ ।
तैपनि उस्ले दरिद्रहरुलाइ दुक्ख देखि अल्ग्याउंद छ ४१
अनि त्येस्को जहान् बगाल् जस्तो तुल्याउंद छ ।
धर्म्मीहरु यो देख्येर रमाउंछन् ४२
अनि सिंगै अधर्म्मले आफ्नु मुख् थुनि दिंछ ।
जो बुद्धिमान् छ त्येस्ले यि कुरामां ध्यान् गरोस् ४३
अनि तिनिहरुले यह्वेका करुणाहरुको चेत् गरुन् ॥

येउटा गान् दाऊद्को गीत् । १०८

मेरो मन् स्थिर् भयो हे ईश्वर् १
गाउंछु अं स्तुति गाउंछु आफ्नु महिमालेनै ।
सितार् र बीणा जागि उठ . २
रामेरुमिलाइ जगाउंछु ।
हे यह्वे अन्यदेसीहरुको बीच्मां तपांइको धन्नबाद् गर्छु ३
लोग् लोग्को बीच्मां तपांइको स्तुति गाउंछु ।
किनभन्ये तपांइको करुणा स्वर्ग सम्म पुग्ने ठुलो छ ४
अनि तपांइको सच्चेईं अकाश् सम्म ।
हे ईश्वर् तपांइ स्वर्ग देखि पनि ऊंभो सम्म अल्ग्याईंनु हवस् . ५
अनि तपांइको महिमा सिंगै पृथिवी भन्दा ऊंभो हवस् ।
तपांइका प्रियहरु छोड़ाईंनुको लागि ६
आफ्नु दाहींनो हात्ले हांमिहरुलाइ बचाउंनु हवस् अनि हांमिहरुलाइ
उत्तर् दिंनु हवस् ।
ईश्वर्लेनै आफ्नु पवित्रेईंले भन्येको छ बड़ाई गर्छु . ७
शकेम् बांड़ि दिंछु अनि सुक्कोत्को तरि नापि लिंछु ।
गिलाद् मेरो मनश्शे पनि मेरै छ ८

एफ्रेम् चइं पनि मेरो सिरको आड्
यहूदा मेरो राजदण्ड क्व ।
९ मोआब् मेरो चुत्रुवा क्व
एदोम् मांथि आफ्नु जुत्ता आफालकु ।
पलिस्ती मांथि जयजय गर्कु भनि ।
१० मंलाइ घेरा भयेको सहरमां कस्ले ल्याउंक्व
मंलाइ एदोममां कस्ले पुऱ्यायेको क्व ।
११ के तपांइनै होइन हे ईश्वर् जस्ले हांमिहरुलाइ आफालनु भयो
अनि हे ईश्वर् तपांइ हांमिहरुको सेनाहरु सङ जांनु हुन्न ।
१२ विरोधीको विरुद्धमां हांमिहरुको गोहार् गर्नु हवस् ।
किनभन्ये मान्छेको कुटकारा व्यर्थ क्व ।
१३ ईश्वरको बाटोले बल् गर्दै रहंकौं
किनभन्ये हांमिहरुको विरोधीहरुलाइ कुल्चने उइ क्व ॥

१०९ मूलबजाउंनेको लागि । दाजद्को गीत् ।

१ हे मेरो स्तुतिको ईश्वर् चुप् न रहंनु हवस्
२ किनभन्ये तिनिहरुले मेरो विरुद्धमां दुष्टको मुख् र कुलको मुख् फुकायेका
क्वन् ।
तिनिहरुले मेरो विषयमां ठांट्ने जिब्रोले बोल्येका क्वन् ।
३ तिनिहरुले इबिका कुराले मंलाइ घेर्येका क्वन्
अनि अकारण् मं सङ लड़ाईं गर्येका क्वन् ।
४ किनभन्ये मेरो प्रेमको साटो तिनिहरु मेरा विरोधी क्वन् ।
तर मं चइं प्रार्थना गर्दै रहंकु ।
५ अनि तिनिहरुले मंलाइ भलाईको साटो बुराई
अनि मेरो प्रेमको साटो इबि राख्येका क्वन् ।
६ दुष्टलाइ त्येस् मांथि राखनु हवस् ।
अनि त्येसको दाहीनो हातमां विरोधी उभीओस् ।
७ जब त्येसको निया गरीद क्व तब त्यो दोषी निक्लोस्
अनि त्येसको प्रार्थना पाप् गनीओस् ।
८ त्येसका दिन् थोरै होउन्
अनि त्येसको धर्माधिकार् अर्कोले लेवस् ।
९ त्येसका छोराछोरीहरु टुहुरादुहुरी होउन्
अनि त्येसकी स्वास्नी विधवी हवस् ।
१० त्येसका छोराछोरी डुलुवाहरु भइ भीक् मांगने होउन
अनि उजाड् ठांउ हुंदो भोजन् खोजुन् ।
११ साहूले त्येसका सबै थोक् फंसावस्
अनि पर्देसीहरुले त्येसको कमाई लूटुन् ।

त्येस् मांथि करुणा गर्न कोई पनि न रहोस् १२
अनि न त्येस्का टुहुराटुहुरी मांथि दया गर्न ।
त्येस्को बंश उज्यालोस् १३
आउंदो पुस्तामां तिनिहरुको नावै पनि मेटीओस् ।
त्येस्का पितापुर्खाको अधर्म्म यहुवेले सम्झोस् १४
अनि त्येस्को आंमाको पाप् न मेटीओस् ।
तिनिहरु सदा यहुवेको सांमु रहुन् १५
उस्ले तिनिहरुको सम्झना पृथिवी देखि काट्नुको लागि ।
किनभन्ये त्येस्ले करुणा गर्नु चेत् गर्येन १६
तर दीन् र दरिद्रलाइ
र भांचीयेका मन् भयेकाहरुलाइ मांन सम्म सतायो
अं खापुनु त्येस्लाइ जाति लाग्यो त त्यो त्यो थांइ आयो १७
अनि आशीष् दिंनु त्येस्लाइ जाति लाग्येन त त्यो त्यो देखि टाढो भयो ।
त्येस्ले खाप् लुगा झैं लगायो १८
त त्यो त्येस्को पेट्मां पानी झैं पस्यो
अनि त्येस्का हाड़मां तेल् झैं ।
त्यो त्येस्को ओढ्ने लुगा जस्तो हुवस् १९
अनि त्येस्को सधैं बांध्येको पटुका झैं ।
यहुवेको पट्टि बाटो मेरा बिरोधीहरुको लागि प्रतिफल् येइ हो २०
अनि मेरो प्राणको बिरुद्धमां बुराई भन्नेहरुको लागि ।
तर हे प्रभु यहुवे आफ्नु नांउको कारणले मं सङ बेहोरा गर्नु हुवस् २१
तपांइको करुणा भलो छ येस्कारणले मंलाइ बचाउंनु हुवस् ।
किनभन्ये मं दीन् र दरिद्र छु २२
अनि मेरो हिर्दय् मं भित्र घायल् भयेको छ ।
मं लम्पीयेको छाया जस्तो भइ गयें २३
मं सलह झैं उछ्यालीयेको र खसालीयेको छु ।
मेरा घुंड़ाहरु उपास्को कारणले कांमद छन् २४
अनि मेरो जीउको पुस्टेंई घट्दै छ ।
मं तिनिहरुको लागि निन्दा पनि भइ गयें . २५
तिनिहरुले मंलाइ देख्दाखेरि सिर् चलाउंद छन्
हे मेरो ईश्वर् यहुवे मेरो गोहार् गर्नु हुवस् . २६
आफ्नु करुणा अनुसार् मंलाइ बचाउंनु हुवस् .
र तिनिहरुले यो तपांइको हात् रछ भनि जानुन २७
अं हे यहुवे तपांइले त्यो गर्नु भये छ भनि जानुन् ।
तिनिहरुले खापुन् तर तपांइचहिंले आशीष् दिंनु हुवस् . २८
तिनिहरु उठ्दै उदास् होउन् तर तपांइको दास् चहिं रमाउंछ ।

२९ मेरा विरोधीहरु अमान्ले पहिराईउन्
तिनिहरुले आफुलाइ खाष्टोले ढाक्नेको भैं ढाकुन् ।
३० मं यहुवेको लागि आफ्नु मुखले ठुलो धन्यवाद् गर्छु
अं धेरै लोगको बीचमां उस्को स्तुति गर्छु ।
३१ किनभन्ये उ दरिद्रहरुको दाहीनो हात् पट्टि उभीछ
त्येस्को प्राणको निया गर्नेहरु देखि त्येसलाइ बचाउंनुलाइ ॥

११० दाजद्को गीत् ।

१ मेरो प्रभुलाइ यहुवेको बाणी यो छ तं मेरो दाहीनो हात् पट्टि बस्
जब सम्म मं तेरा सत्रुहरुलाइ तेरो चरणपीरा गरि दिन्न ।
२ यहुवेले तेरो पराक्रमको राजदण्ड सिय्योन् देखि बढ़ाउंछ .
आफ्ना सत्रुहरुका बीचमां प्रभुतेईं गर् ।
३ मेरा प्रजाले चइं तेरो सामर्थको दिनमां मनमानी गरि चढ़ाउंद छन् .
पवित्रतेईंको सुन्दरतेईंमां बिहान्को पेट् देखि
तेरा जुवानेईंको शीत् छ ।
४ यहुवेले किरिया खायेको छ अनि पछुताउंदैन
तं सधैं सम्मको पूजाहारी होस्
मल्कीसेदेकको ठकान् अनुसार् ।
५ मेरो दाहीनो पट्टि हुंने प्रभुले
आफ्नु कोपको दिनमां राजाहरुलाइ कुंडि मार्छ ।
६ उस्ले लोग् लोगको बीचमां निया गर्छ
उस्ले ठांउहरु मुर्दाले भराइ दिंछ
उस्ले फराक् देसमां सिर् कुंडि मार्छ ।
७ उस्ले बाटो हुंदो खोल्वा देखि पानी खांछ .
येस्कारण् उस्ले सिर् उठाउंछ ॥

१११ १ याहको स्तुति गर[1]
मं आफ्नु पूरो मनले यहुवेको धन्यवाद् गर्छु
सोझाहरुको सभामां र मंडलीमां ।
२ यहुवेका कार्य ठुला छन्
तिनमां खुशिहरु सबै देखि ति कार्य खोजीयेका छन् ।
३ उस्का कार्य बिभवमय् र प्रतापी .
अनि उस्को धर्म सदा रहंद छ ।
४ उस्ले आफ्ना आश्चर्यकर्म सम्झना गरायो .
यहुवे अनुग्रह गर्ने र अति दयालु छ ।

[1] ग्रीकीमां हल्लूयाह् ।

उस्ले आफ्ना डराउंनेहरुलाइ खुराक् दियो . ५
उस्ले आफ्नु नियम् सधैं सम्झि रहंछ ।
उस्ले अफ्ना प्रजालाइ आफ्ना कर्म्मको प्रताप् देखायो ६
लोग् लोग्को भाग् तिनिहरुलाइ दिइ ।
उस्का हातका काम्हरु सच्चेईं र निया छन् ७
उस्का सबै अर्थीहरु विश्वास्योग्य् छन् ।
ति सदाको लागि स्थिर् रहंछन् ८
सच्चेईं र सोजेईंमां गरीयेका छन् ।
उस्ले आफ्ना प्रजाको लागि उद्धार् पठायो ९
उस्ले आफ्नु नियम् सदाको लागि आज्ञा गर्‍यो .
उस्को नांउ पवित्र र भय्योग्य् छ ।
यह्वेको भय् मान्नु बुद्धिको थाल्नि हो १०
उस्का आज्ञा मान्नेहरु सबैलाइ जाति बूझ् छ .
उस्को स्तुति चइं सधैं रहंछ ॥

याह्को स्तुति गर[1] ११२ १
धन्न त्यो मान्छे जस्ले यह्वेको भय् मान्द छ
जो उस्को आज्ञामां औधि खुशि हुंद छ ।
त्येस्को वंश पृथिवीमां ठुलो हुंछ . २
सोजाहरुको पुस्ताले आशीष् पाउंछ ।
धन् र सम्पत्ति त्येस्को घर्मां छन् . ३
अनि त्येस्को धर्म्म सदाको लागि रहंद छ ।
सोजाहरुको लागि अन्धकार्मां ज्योति उदाउंछ . ४
अनुग्रहित् र अति दयालु र धर्म्मी उइ छ ।
अनुग्रह् गर्ने र उधारो दिंने मान्छेको लागि भलो छ ५
नियामां त्येस्को कुरा स्थिर् रहंछ ।
कसोगरिभन्ये त्यो कैले पनि सारीदैन ६
धर्म्मीको सम्झना सदा रहंछ ।
त्यो नजाति समाचार्ले डराउंदैन . ७
त्येस्को हिर्दय् यह्वे मांथि भरोसा गर्दै स्थिर् रहंद छ ।
त्येस्को हिर्दय् सम्भालीयेको छ त्यो डराउंदैन ८
त्येस्ले आफ्ना बिरोधीहरु मांथि दृष्टि न गरुंज्याल् सम्म ।
त्येस्ले छरपुट्ट गरायो त्येस्ले कंगालिहरुलाइ दि हाल्यो ९
त्येस्को धर्म्म सधैं सम्म रहंद छ
त्येस्को सींग् मान्ले अल्ग्याईंछ ।

---

[1] इब्रानीमां हललूयाह् ।

१० दुष्ट त्यो देख्येर इषींछ
दारा किटि किटि बिलीइ जांछ ।
दुष्टको अभिलाषा नष्ट हुंछ ॥

११३ १ याह्को स्तुति गर[1]
स्तुति गर हे यह्वेका दास्हरु हो
यह्वेको नांउको स्तुति गर ।
२ यह्वेको नांउ धन्नको हवस्
अब देखि येसो सदा सम्म ।
३ सूर्ज उदय् देखि अस्त सम्म
यह्वेको नांउ स्तुतियोग्य् छ ।
४ यह्वे सबै लोग् लोग् भन्दा अल्गो छ
अनि उस्को महिमा स्वर्ग भन्दा अल्गो ।
५ हांमिहरुको ईश्वर् यह्वे जस्तो को छ
जो अल्गोमां बिराज्द छ
६ जो स्वर्ग र पृथिवीमां
दृष्टि गर्नुलाइ निउंरंद छ ।
७ उस्ले कंगालिलाइ धूलो देखि उठाउंद छ
अनि दरिद्रहरुलाइ घुर्‍यान् देखि अल्ग्याउंद छ
८ भारादार्हरु सङ त्येस्लाइ बसाल्नुको लागि
अं आफ्ना प्रजाहरुका भारादार्हरु सेङ ।
९ उस्ले बांझीलाइ घर्बारेनी
र बालखको आनन्द गर्ने आंमा तुल्याउंद छ ।
याह्को स्तुति गर[2] ॥

११४ १ जब इस्राएल् मिस्र देखि निस्कि गयो
याकूब्को जहान् अन्यभाषाको लोग् देखि
२ तब यहूदा उस्को पवित्रस्थान् भइ गयो
इस्राएल् उस्को प्रजा ।
३ समुन्द्र देख्येर भाग्यो
यर्दन् बिब्ल्यांटो फर्काईयो ।
४ पहाड्हरु थुमाहरु झैं उफ्रंद थिये
डांड़ाहरु पाठाहरु झैं ।
५ ए समुन्द्र तंलाइ क्ये भयो र तं भागिस्
ए यर्दन् र तं फर्किस्

[1] इब्रानीमां हललूयाह् ।
[2] इब्रावीमां हललयाह् ।

हे पहाडूहरु हो र तिमिहरु धुमाहरु भैं उफ्रंद को ६
हे डांड़ाहरु पाठाहरु भैं ।
ए पृथिवी प्रभुको सांमु थरहरि हो ७
याकूबको ईश्वरको सांमु
जस्ले पहरालाइ पानीको दह ८
दलुसींगढुंगालाइ जरुवा पानीमां साट्यो ॥

हांमिहरुलाइ होइन हे यहूवे हांमिहरुलाइ होइन ११५ १
तर आफ्नै नांउलाइ महिमा बढ़ाउंनु हवस्
आफ्नु कृपा र आफ्नु सच्चेईंको कारणले ।
अन्यदेसीहरुले किन भनुन् २
तिनिहरुको ईश्वर् ता खोइ ।
तर हांमिहरुको ईश्वर् ता स्वर्गमा छ ३
उस्को जे इच्छे थियो त्येइ उस्ले गर्यो ।
तिनिहरुका मूर्त्तिहरु ता सुन् चांदी कुन् ४
मान्छेहरुको हातको कमाई ।
तिनिहरुका मुख् ता छ न तर बोल्दैनन् ५
आंखा ता छन् तर देख्दैनन्
कान ता छन् तर सुन्दैनन् ६
नाक ता छन् तर सूंघ्दैनन्
हात् ता छन् तर क्रामनु सक्दैनन् ७
गोड़ा ता छन् तर डुल्दैनन्
अनि तिनिहरु गलाले बोल्दैनन् ।
तिनिहरुलाइ बनाउंने तिनिहरु जस्ते होइ जांछन् ८
अूं तिनिहरु मांथि भरोसा राख्ने सबै पनि ।
हे इस्राएल् तंचइंले यहूवेमांने भरोसा राख् । ९
तिनिहरुको ढाल् र गोहार् डर् छ ।
हे हारुनको जहान् तिमिहरुचइंले यहूवेमांने भरोसा राख । १०
तिनिहरुको ढाल् र गोहार उइ छ ।
हे यहूवेका डराउंनेहरु हो यहूवेमांने भरोसा राख । ११
तिमिहरुको ढाल् र गोहार् उइ छ ।
यहूवेचइंले हांमिहरुलाइ सम्झेको छ उस्ले हांमिहरुलाइ आशीर्वाद् दिंछ । १२
उस्ले इस्राएलको जहानलाइ आशीर्वाद् दिंछ
उस्ले हारुनको जहानलाइ आशीर्वाद् दिंछ ।
उस्ले यहूवेका डराउंनेहरुलाइ आशीर्वाद् दिंछ १३
सांना तुला दुवैलाइ ।

१४ यह्वेले तिमिहरुलाइ औधि बढ़ावस्
अं तिमिहरुलाइ तिमिहरुका बालखहरु समेत्लाइ ।
१५ स्वर्ग र पृथिवी सिर्जने यह्वे देखि
तिमिहरु धन्नका हौ ।
१६ स्वर्ग चइं यह्वेकै स्वर्ग हो
तर पृथिवी चइं मान्छेको सन्तान्लाइ उस्ले दियेको छ ।
१७ मंत्येकाहरुचइंले याह्को स्तुति गर्दैनन्
न चुप्चाप्मां उत्रंनेहरुले
१८ तर हांमिहरुचइं याह्लाइ धन्न कहंछौं
अब देखि उसो सधैंभरि सम्म ।
याह्को स्तुति गर[1] ॥

११६ १ यह्वे सङ मं प्रेम् राख्द छु किनभन्ये उस्ले
मेरो सोर् र मेरो अर्जबिन्ति सुन्यको छ ।
२ उस्ले आफ्नु कान् मं तिर थाप्येको छ
येस्कारण् मं जीउंनिभरि उस्लाइ हापार्दै रहंछु ।
३ मृत्युका डोरीहरुले मंलाइ घेर्‍ये
पत्ताल्को सकस्ले मंलाइ फेला पार्‍यो .
संकष्ट र शोक् पायें ।
४ येस् बेला यह्वेको नांउलाइ हापार्‍यें
हे यह्वे बिन्ति गर्द छु मेरो प्राण् बचाउंनु हवस् ।
५ यह्वे अनुग्रह् गर्ने छ अनि धर्म्मी
अं हांम्रो ईश्वर् दयालु छ ।
६ यह्वेले लाटाहरुको रक्षे गर्द छ .
मं होंचीयेको थियें त उस्ले मंलाइ उद्धार् दियो ।
७ हे मेरो मन् आफ्नु बिश्राम्स्थान्मां फर्कि
किनभन्ये यह्वेले तंलाइ उक्षितो सित दियो ।
८ किनभन्ये तपांइले मेरो प्राण्लाइ मृत्यु देखि
मेरा आंखालाइ आंसु देखि
अनि मेरा गोड़ालाइ चिप्लीनु देखि बचाउंनु भयो ।
९ यह्वेको सांमु हिंड्छु
जीउंनिको देस्मां ।
१० बिश्वास् गर्द छु येस्कारण् बोल्द पनि छु .
सारो दुख्येको छु .
११ मंचइंले आफ्नु डर्को बेलामां
सबै मान्छेचइं झूठ् ।

[1] इब्रानीमां हललूयाह् ।

यहूवेले मं पट्टि दियेका सबै उपकार्को लागि १२
मं उल्लाइ को साटो दिउं ।
मं मुक्तिको कटौरा लिंकु १३
अनि यहूवेको नांउ हापार्कु ।
मं आफ्नु भाकल् यहूवेको लागि पूरा गर्कु १४
अं उल्का सबै लोगको सांमु ।
यहूवेको सांमु १५
उल्का भक्तिहरूको मरण् अमोल् छ
हे यहूवे निस्से तपांइको दास् हुं । १६
तपांइको दास् हुं तपांइकी कमांरीको छोरो .
तपांइले मेरो बन्धन् फुकाल्नु भयो ।
मं तपांइलाइ धन्नवादी बलि चढ़ाउंकु १७
अनि यहूवेको नांउ हापार्कु ।
मं आफ्नु भाकल् यहूवेको लागि पूरा गर्कु १८
अं उल्का सबै लोगको सांमु
यहूवेको घर्का आघन्हरूमां १९
ए यरूशलेम् तेरो बीच्मां ।
याहूको स्तुति गर[1] ॥

हे सबै अन्यदेशीहरु हो यहूवेको स्तुति गर ११७ १
हे सबै लोगहरु हो उल्को बड़ाई गर ।
किनभन्ये उल्को करुणा हांमिहरु तिर ठुलो छ २
अनि यहूवेको सच्चैं सनातन् सम्म रहंद छ ।
याहूको स्तुति गर[2] ॥

यहूवेको लागि धन्नवाद् गर किनभन्ये उइ भलो छ . ११८ १
किनभन्ये उल्को करुणा सनातन् सम्म रहंद छ ।
इस्राएल्ले ऐले भनोस् २
उल्को करुणा सनातन् सम्म रहंद छ ।
हारूनको जहानले ऐले भनोस् ३
उल्को करुणा सनातन् सम्म रहंद छ ।
यहूवेका डराउंनेहरूले भनुन् ४
उल्को करुणा सनातन् सम्म रहंद छ ।

[1] इब्रानीमां हल्लूयाह् ।
[2] इब्रानीमां हल्लूयाह् ।

५ आफ्नु सकस् देखि याहलाइ हापार्यें .
याहले मंलाइ उत्तर् दियेर मंलाइ फराक् ठांउमां राख्यो ।
६ यहवे मेरो पट्टि छ मं डराउंदौंन .
माम्छेले मंलाइ के गर्नु सकछ ।
७ यहवे मेरो पट्टि मेरा गोहारेहरुको बीचमां छ
येस्कारण् मंलाइ घिनाउंनेहरु मांथि दृष्टि गर्छु ।
८ यहवेको शरण् लिंनु
मान्छेहरु मांथि भरोषा राखनु भन्दा जाति छ ।
९ यहवेमां शहण् लिंनु
मालिकहरु मांथि भरोषा राखनु भन्दा जाति छ ।
१० सबै अन्यदेशीहरुले मंलाइ घेर्ये
यहवेको नांउले तिनिहरुलाइ काटि दिंछु ।
११ तिनिहरुले मंलाइ घेर्ये अं मंलाइ घेर्ये
यहवेको नांउले तिनिहरुलाइ काटि दिंछु ।
१२ तिनिहरुले मंलाइ भौरमौरीले झैं घेर्ये तिनिहरु कांड़ाको आगो झैं
निभाईये .
यहवेको नांउले मं तिनिहरुलाइ काटि दिंछु ।
१३ तैंले मंलाइ सारो घच्चेटिस् मं लड्नु भन्येर .
तर यहवेचइंले मेरो गोहार् गर्यो ।
१४ याह् मेरो बल् र गीत् हो
अनि उ मेरो मुक्ति भइ गयो ।
१५ धर्म्मीहरुका डेराहरुमां रमाहट् र मुक्तिको सोर् हुंदछ .
यहवेको दाहीनो हातले पराक्रमको काम् गर्दै छ ।
१६ यहवेको दाहीनो हात् अल्ग्याईयेको छ .
यहवेको दाहीनो हातले पराक्रमको काम् गर्दै छ ।
१७ मं मंदौंन तर जीउंदो रहंछु
अनि याहका कामको बखान् गर्छु ।
१८ याहले मंलाइ सारो शिक्षादण्ड दियो .
तर मंलाइ मृत्यु सम्म सुम्पि दियेन ।
१९ मेरो लागि धर्म्मका देलाहरु उघार्नु हवस् .
ति भित्र पस्येर याहको धन्यवाद् गर्छु ।
२० यहवेको देलो येइ हो
धर्म्मीहरु त्येसमां पसछन् ।
२१ तपाइको धन्यवाद् गर्छु किनभन्ये तपाइले मंलाइ उत्तर् दिनु भयो
अनि मेरो मुक्ति होइ जांनु भयो ।
२२ जस कुंगोलाइ घर बनाउंनेहरुले बिकासे ठान्ये
इइ कुंनाको सिराइ भइ गयो ।

यो यहूवेको पट्टि बाटो हो २३
हांमिहरुको दृष्टिमां उदेक् छ ।
यहूवेले बनायेको दिन् येइ हो २४
त्येसमां रमाउंदै आनन्दित् हुंछौं ।
हे यहूवे बिन्ति गर्द छौं ऐले उद्धार् गर्नु हवस् . २५
हे यहूवे बिन्ति गर्द छौं ऐलेनै देखाउंनु हवस् ।
धन्न हो यहूवेको नांउमां आउंने . २६
हांमिहरुले तिमिहरुलाइ यहूवेको घर् देखि आशीर्वाद् दियेका छौं ।
यहूवे ईश्वर् हो अनि उस्ले हांमिहरुलाइ उज्यालो दियो . २७
बलिदान् डोरीले बांधनु अं वेदिको सींगमां ।
तपांइ मेरो ईश्वर् हुंनु हुंद छ येस्कारण् मं तपांइको धन्नबाद् गर्छु . २८
तपांइ मेरो ईश्वर् हुंनु हुंद छ येस्कारण् तपांइको बड़ाई गर्छु ।
यहूवेको लागि धन्नबाद् गर किनभन्ये उइ भलो छ . २९
किनभन्ये उस्को कृपा सनातन् सम्म रहंद छ ॥

५ आलिफ्[१] । ११९

धन्न तिनिहरु जो बाटोमां सोजो छन् १
जो यहूवेको व्यवस्थामां हिंड्द छन् ।
धन्न तिनिहरु जो उस्को साक्षीबचन् मान्द छन् २
जस्ले उस्लाइ पूरो मन्ले खोजद छन् ।
अं तिनिहरुले कुइ अधर्म्म गर्दैनन् ३
तिनिहरु उस्का बाटोमां हिंड्द छन् ।
तपांइले हांमिहरुलाइ आफ्ना अर्थीहरुको आज्ञा दिनु भयो ४
हांमिहरुले ति जतन् सित पालन् गरुं भन्येर ।
आहा मेरा चालचलन् बल्लिया भये ५
तपांइका बिधिहरु मान्नको लागि ता हुंथ्यो ।
तब लज्जाउंदीन ६
मैले तपांइका सबै आज्ञाहरु चेत् लगाइकन राख्यें भन्ये देखि ता
तपांइको धार्म्मीक् नियाबचन् सिक्दा ७
सोजो मन्ले तपांइको धन्नबाद् गर्छु ।
तपांइका बिधिहरु मान्छु . ८
मलाइ त्यांट्टै न छोड्नु हवस् ॥

---

[१] अर्थात् आलिफ् बेत् इत्यादि इब्रानी भाषाका अक्षर् हुन् । मूलमां येस गीत्को एक एक खण्डका आठ आठ पद्को थाल्नि त्येद अक्षर् छ जो सिरान्मां लेख्येको छ ।

३ वेष्।

९ जुत्रान्ले आफ्नु चाल्चलन् कसोरि शुद्ध पार्नु सक्ला
तपांइको वचन् अनुसार् त्येसां चेत् लगाउंनु ।
१० आफ्नु पूरो मन्ले तपांइलाइ खोज्यें .
मंलाइ तपांइका आज्ञाहरु देखि भर्मौंनु न दिंनु हवस् ।
११ मैंले तपांइको कुरो आफ्नु हिर्दयमां राख्येको कु
मं तपांइको विरुद्धमां पाप् न गरुं भनि ।
१२ हे यहूवे तपांइ धन्यका हौ .
मंलाइ आफ्ना विधिहरु सिकाउंनु हवस् ।
१३ आफ्ना ओठले मैंले
तपांइको मुखका सबै नियाव्वचन्हरुका बखान् गर्येको कु ।
१४ मैंले तपांइको साक्षीवचनमां
सबै धनमां जतिकै रमाइट् गर्येको कु ।
१५ तपांइका अर्पीहरुमां ध्यान् गर्कु .
अनि तपांइका बाटाहरु तिर दृष्टि गर्द कु ।
१६ तपांइका विधिहरुमां सुखी हुंकु .
तपांइको वचन् बिसँदौंन ॥ ✓

३ गीमेल्।

१७ आफ्नु दासलाइ उचितो खित दिंनु हवस् र मं जीइ रहुं
येसोरि तपांइको वचन् मान्कु ।
१८ मेरा आंखा खोल्नु हवस् र मं तपांइको व्यवस्था देखि
उदेकका कुरा छेरुं ।
१९ मं पृथिवीमां प्रवासी कु
मं देखि आफ्ना आज्ञाहरु न लुकाउंनु हवस् ।
२० मेरो मन् तपांइको नियाव्वचन्को अभिलाषाको कारण्
सब्बै समयमां चेपीयेको कु ।
२१ तपांइले खापित् भयेका अहंकारीहरुलाइ हकानु भयो
जो तपांइका आज्ञाहरु देखि तर्कि जांद कुन् ।
२२ मं देखि निन्दा र गिल्ला निकाल्नु हवस्
किनभन्ये मैंले तपांइका साक्षीवचन् मान्येको कु ।
२३ भारदारहरुले पनि मेरो विरुद्धमां बस्येर बात् गरे .
तर तपांइको दास् चइं ता तपांइका विधिहरुमां ध्यान् गर्दै रह्यो ।
२४ तपांइका साक्षीवचनहरु पनि मेरो आनन्द
र मेरो मंत्रीहरु कुन् ॥ ✓

ग दालेथ्।

मेरो जीउ मांटोमां टांसीयेको छ . २५
आफ्नु बचन् अन्सार् मंलाइ जियाउंनु हवस्।
मैंले आफ्नु चाल्चलन्को बखान् गर्यें अनि तपांइले मेरो सुन्नु भयो . २६
आफ्ना बिधिहरु मंलाइ सिकाउंनु हवस्
आफ्नु अर्थीहरुको बाटो मंलाइ बुझाउंनु हवस् . २७
येसोरि मं तपांइका उदेक्का कार्ज्येको बिषय्मां ध्यान् गर्छु।
मेरो मन् गह्रुङ् भयेको कारण्ले बिलिइ जांद छ . २८
आफ्नु बचन् अन्सार् मंलाइ बल्लियो गराउंनु हवस्।
झूठ्को चइं बाटोलाइ मं देखि पर सार्नु हवस् . २९
अनि टिठेईं सित आफ्नु ब्यवस्था मंलाइ दिंनु हवस्।
मैंले सच्चेईंको बाटो छान्येको छु . ३०
तपांइचइंका नियाबचन्हरु आफ्नु सांमु राख्येको छु।
तपांइका साक्षीबचन्हरुमां टांसीइ रहंद छु . ३१
हे यह्वे मंलाइ लाज्मां न पार्नु हवस्।
जब तपांइले मेरो मन् बढ़ाउंनु हुंछ ३२
तब तपांइका आज्ञाहरुको बाटोमां दगुर्छु॥

ग हे।

हे यह्वे मंलाइ आफ्ना बिधिहरुको बाटोमां सिकाउंनु हवस् ३३
त मं अन्त सम्म मान्दै रहंछु।
मंलाइ बूझ् दिंनु हवस् त मं तपांइको ब्यवस्था मान्छु ३४
अं आफ्नु पूरो मन्ले मान्दै रहंछु।
मंलाइ तपांइका आज्ञाहरुको बाटोमां हिंड़ाल्नु हवस् ३५
किनभन्ये त्येस्मां खुशि हुंद छु।
मेरो मन् तपांइका साक्षीबचनहरु तिर फर्काउंनु हवस् ३६
अनि लोभ् तिर होइन।
मेरा आंखाहरुलाइ ब्यर्थ थोक् हेर्नु देखि फर्काउंनु हवस् ३७
अनि मंलाइ आफ्नु बाटोमां जियाउंनु हवस्।
आफ्नु कुरो आफ्नु दास्को लागि बल्लियो गराउंनु हवस् ३८
जो तपांइको भय् मान्ने तिर पर्द छ।
जुन् निन्दा देखि डराउंद छु त्यो फर्काउंनु हवस् ३९
किनभन्ये तपांइका नियाबचन्हरु भला छन्
हेर्नु हवस् मं तपांइका अर्थीहरुको अभिलाषित् छु . ४०
आफ्नु धर्म्ममां मंलाइ जियाउंनु हवस्॥

१ वाव् ।

४१ हे यह्वे तपांइका करुणाहरु पनि मं मांथि परुन्
अं तपांइको कुरो अन्सार् तपांइले दियेको उद्धार् ।
४२ येसोरि मंलाइ निन्दा गर्नेको लागि मं उत्तर् दिंनु सकुं
किनभन्ये मं तपांइको बचन् मांथि भरोसा राख्द छु ।
४३ अनि सच्चेईंको बचन् मेरो मुख् देखि स्यांट्ठै न लैजांनु हवस्
किनभन्ये मैंले तपांइका नियाबचन्हरुमां आस्रा गर्‍येको छु .
४४ येसोरि तपांइको व्यवस्था सधैंभरि मान्दै रहंछु
जुग्नजुग् सम्म ।
४५ अनि फराक् ठांउमां हिंड्छु
किनभन्ये तपांइका अर्थीहरु खोज्येको छु ।
४६ तपांइका साक्षीबचन्हरुको बखान् राजाहरुको सांमु पनि गर्छु
अनि लजाउंदींन ।
४७ अनि तपांइका आज्ञाहरुमां खुशि हुंछु
जुन्हरु सङ प्रेम् राख्येको छु ।
४८ तपांइका जुन् आज्ञाहरु सङ प्रेम् राख्येको छु तिनिहरु तिर हात् उचाल्छु
अनि तपांइका बिधिहरुमां ध्यान् गर्छु ॥

१ जाइन् ।

४९ तपांइको दास्को लागि तपांइको बचन् सम्झनु हवस्
किनभन्ये तपांइले मंलाइ आस्रा गराउंनु भयो ।
५० मेरो दुक्खमां मेरो शान्ति येइ हो .
किनभन्ये तपांइको कुरोले मंलाइ जियायेको छ ।
५१ अहंकारीहरुले मंलाइ अरघोर् टट्ठा गर्‍येका छन् .
तैपनि तपांइको व्यवस्था देखि हट्येको छुइंन ।
५२ हे यह्वे तपांइका उइलेका नियाबचन्हरु सम्झेयको छु
अनि शान्ति पायेको छु ।
५३ रापीलो रिस्ले मंलाइ समात्येको छ
तपांइको व्यवस्था छोड्ने दुष्टहरुको कारण्ले ।
५४ तपांइका बिधिहरु मेरा गान् भयेका छन्
मेरो प्रवास्को घर्मां ।
५५ हे यह्वे राति तपांइको नांउ सम्झेयको छु
अनि तपांइको व्यवस्था मान्येको छु ।
५६ यो मेरो भयो
किनभन्ये तपांइका अर्थीहरु मान्येको छु ॥ ✓

ग हेथ्।

यह्वे मेरो भाग् हो . ५७
तपांइका बचन्हरु मान्छु भनि भन्येको छु ।
आफ्नु पूरो मन्ले तपांइको अनुग्रह्को लागि बिन्ति गर्‍यें . ५८
आफ्नु कुरो अन्सार् मं मांथि अनुग्रह् गर्नु हवस् ।
आफ्नु चाल्चलन्को बिषय्मां गुन्यें ५९
अनि आफ्ना गोड़ा तपांइका साक्षीबचन्मां फर्कायें ।
फुर्ति गर्‍यें अनि बियांलो गरींन ६०
तपांइका आज्ञाहरु मान्नुलाइ ।
दुष्टका डोरीले मंलाइ जेल्ये ६१
तर तपांइको व्यवस्था बिर्स्येको छुईंन ।
आधा रात्मां तपांइको धन्नबाद् गर्नुलाइ उठ्छु ६२
तपांइका धर्म्मी नियाबचन्हरुको कारण् ।
तपांइको भय् मान्नेहरु सबैको ६३
र तपांइका अर्थीहरु मान्नेहरुको साथी ।
हे यह्वे पृथिवी तपांइको करुणाले भरीयेको छ . ६४
आफ्ना बिधिहरु मंलाइ सिकाउंनु हवस् ॥

ध तेथ्।

हे यह्वे आफ्नु बचन् अन्सार् ६५
आफ्नु दास् सङ भलो गर्नु भयेको छ ।
मंलाइ भलो बिबेक्शक्ती र ज्ञान् सिकाउंनु हवस् ६६
किनभन्ये तपांइका आज्ञाहरुमां ध्यान् गर्‍येको छु ।
दुखाईयेको भन्दा अगाड़ि भर्‍यें ६७
तर ऐले ता तपांइको कुरो मान्द छु ।
तपांइ भलो हुंनु हुंद छ अनि भलो गर्नु हुंद छ ६८
आफ्ना बिधिहरु मंलाइ सिकाउंनु हवस् ।
अहंकारीहरुले मेरो बिरुद्धमां झूठ् खोपि खोपि बनायेका छन् . ६९
आफ्नु पूरो मन्ले तपांइका अर्थीहरु मान्छु ।
तिनिहरुको मन् बोसो जस्तो मीठो छ ७०
तर मं चइं ता तपांइको व्यवस्थामां खुशि छु ।
मं दुखाईयेको छु भन्येको मेरो लागि जाति छ ७१
र मं तपांइका बिधिहरु सिकुं ।
मेरो लागि तपांइको मुख्को व्यवस्था ७२
सुन् चांदीका हजार् भन्दा जाति छ ॥

' योद् ।

७३ तपांइका हातले मंलाइ सिर्ज्येर स्थिर् गर्‍ये .
मंलाइ बूझ् दिंनु हवस् र मं तपांइका आज्ञाहरु सिकुं ।
७४ तपांइको भय् मान्नेहरु मंलाइ देख्येर रमाउंछन्
किनभन्ये मैंले तपांइको बचन् मांथि आस्रा गर्‍येको छु ।
७५ हे यह्वे तपांइका नियाबचन्हरु धर्म्मी राछन्
अनि तपांइले सच्चेईंमां मंलाइ दीन् तुल्याउंनु भयो भनि जान्द छु ।
७६ बिन्ति गर्द छु तपांइको करुणा मेरो शिक्षाको लागि हवस्
तपांइको दास्को लागि तपांइको कुरो अन्सार् ।
७७ तपांइका दयाहरु मं थांइ आउन् र मं जीइ रहुं .
किनभन्ये तपांइको व्यवस्था मेरो सुक्ख छ ।
७८ अहंकारीहरु लजाउन् किनभन्ये तिनिहरुले झूट् सित मंलाइ उल्टायेका छन
मं चइं ता तपांइका अर्थीहरु मांथि ध्यान् गर्छु ।
७९ तपांइको भय् मान्नेहरु मं थांइ फर्कुन्
त तपांइका साक्षीबचन्हरु चिनुन् ।
८० मेरो मन् तपांइका बिधिहरुमां सिद्ध हवस्
र मं न लजाउं ॥

ɔ काफ् ।

८१ मेरो प्राण् तपांइको उद्धार्को लागि ओइलींद छ
तर तपांइको बचन् मांथि आस्रा गर्द छु ।
८२ तपांइले मंलाइ शान्ति कैले दिंनु हुंछ भन्दै
मेरा आंखा तपांइका कुरोको लागि टट्टाइ सक्येका छन् ।
८३ कसोगरिभन्ये मं धुवांमां राखीयेको मशक् जस्तो भयेको छु
तैपनि तपांइका बिधिहरु बिर्सीं दींन ।
८४ तपांइको दास्का दिन् कति छन् .
मंलाइ सताउंनेहरु मांथि नियाबचन् कैले दिंनु हुंछ ।
८५ तपांइको व्यवस्था न पछ्याउंने
अहंकारीहरुले मेरो लागि खाड़ल् खन्येका छन् ।
८६ तपांइका सबै आज्ञाहरु चइं बिश्वासी छन् .
तिनिहरुले ता मंलाइ झूठ् सित सताउंद छन् तपांइले मेरो गोहार् गर्नु
हवस् ।
८७ तिनिहरुले मंलाइ पृथिवी देखि मेट्नु आंट्येका थिये
तर मंचइंले तपांइका अर्थीहरु छोड़ींन ।
८८ आफ्नु करुणा अन्सार् मंलाइ जियाउंनु हवस् .
येसोरि तपांइको मुख्को साक्षीबचन् मान्छु ॥

५ लामेद्।

सदाको लागि हे यहवे ८९
तपांइको वचन् स्वर्गमां स्थिर् राखीयेको छ ।
तपांइको सचेईं सबै पुस्ता सम्म रहंद छ . ९०
तपांइले पृथिवी स्थिर् राख्येको छ त त्यो अनोइ रहंद छ ।
तपांइका नियावचन्हरु अनुसार् तिनिहरु आजु रहंद छन् ९१
किनभन्ये सबै योक् तपांइका चाकरेहरु हुन् ।
तपांइको व्यवस्था मेरो सुक्ख न हुंदो हो ९२
त मं आफ्नु दुक्खमां नष्ट हुंने थियें ।
तपांइका अर्थीहरु कैले पनि बिर्सीदीन ९३
किनभन्ये तिनिहरुको बाटोले मंलाइ जियाउंनु भयो ।
तपांइको छु मंलाइ बचाउंनु हवस् . ९४
किनभन्ये तपांइका अर्थीहरु खोज्येको छु ।
दुष्टहरु मंलाइ नास् पार्नुको लागि दुकि बस्येका छन् ९५
तर तपांइका साक्षीवचन्हरु बिचार्छु .
सबै सिद्धेईंको अन्त देख्येको छु ९६
तर तपांइको आज्ञा अरघोर् फराक् छ ॥

६ मेम्।

तपांइको व्यवस्था कति प्यारो गर्द छु ९७
दिनभरि त्येस् मांथि मं ध्यान् गरि रहंद छु ।
तपांइका आज्ञाहरुले मंलाइ मेरा सत्रुहरुलाइ भन्दा बेसि बुद्धिमान् ९८
तुल्याउंद छ
किनभन्ये ति सधैं मं सङ छन् ।
मंलाइ आफ्ना सबै सिकाउंनेहरुलाइ भन्दा देखि बूझ् छ ९९
किनभन्ये तपांइका साक्षीवचन्हरु मांथि मं ध्यान् गर्द छु ।
बूढ़ा मान्छेहरुले भन्दा बेसि बूझ्द छु १००
किनभन्ये तपांइका अर्थीहरु मान्येको छु ।
आफ्ना गोड़ा सबै दुष्ट बाटो देखि थुन्येको छु १०१
मं तपांइको वचन् मानुं भन्येर ।
तपांइका नियावचन्हरु देखि तर्क्येको छुइन १०२
किनभन्ये तपांइले मंलाइ सिकाउंनु भयो ।
तपांइका कुराहरु मेरो तालूको लागि कति गुलीया छन् १०३
अं मेरो मुखमां मह भन्दा गुलीयो ।
तपांइका अर्थीहरुको बाटोले बूझ् पाउंद छु . १०४
योकारण् सबै झूठ् पन्थ देखि घिनाउंद छु ॥

ञ नून्।

१०५ तपांइका बचन् मेरा गोड़ाको लागि बत्ती
अनि मेरो बाटोको लागि उज्यालो कु।
१०६ किरिया खायेको कु अनि पूरो गर्येको कु
मं तपांइका धर्म्मी नियाबचन्हरु मान्कु भन्ये।
१०७ बिघ्न सारो दुख्येको कु.
हे यहुवे आफ्नु बचन् अनुसार् मंलाइ जियाउंनु हवस्।
१०८ हे यहुवे बिन्ति गर्ई कु मेरो मुखको मनमानी भेटि ग्रहण् गर्नु हवस्
अनि आफ्ना नियाबचन्हरु मंलाइ सिकाउंनु हवस्।
१०९ मेरो प्राण् सधैं मेरो हत्केलामां कु
तैपनि तपांइको ब्यवस्था बिर्सीदीन।
११० दुष्टहरुले मेरो लागि पासो थाप्येका कुन्
तैपनि तपांइका अर्थीहरु देखि भर्म्येको कुइंन।
१११ तपांइका सात्तीबचन्हरु सदाको निज् भाग् गरि लियेको कु
किनभन्ये मेरो हिर्दयको हर्षको कारण् तिनै हुन्।
११२ आफ्नु मन् तपांइका बिधिहरु पूरा गर्नुलाइ लगायेको कु
सधैंभरि अन्त सम्म॥

ठ सामेक्।

११३ दोमने मान्छेहरु सित इबि राख्द कु.
तर तपांइको ब्यवस्था सङ प्रेम् राख्द कु।
११४ तपांइ मेरो लुक्ने ठांउ र मेरो ढाल् हुंनु हुंद कु.
तपांइको बचनमां आस्रा गर्ई कु।
११५ हे कुकर्म्मीहरु हो मं देखि टाढ़ो जाव
र मं आफ्नु ईस्वरका आज्ञाहरु मानुं।
११६ आफ्नु कुरो अनुसार् मंलाइ संभालनु हवस् र मं जीइ रहुं
अनि मंलाइ आफ्नु आस्राको बिषयमां लज्जित् हुंनु न दिंनु हवस्।
११७ मंलाइ थामि राखनु हवस् न बचाईंकु
अनि तपांइका बिधिहरु तिर सधैं लागीइ रहंकु।
११८ तपांइका बिधिहरु देखि सच्चै धर्म्मकाहरुलाइ तपांइले तुच्छ जान् भयो
किनभन्ये तिनिहरुको चतुरेई झुठ् कु।
११९ तपांइले पृथिवीका सच्चै दुष्टहरुलाइ मयेल् झैं निकालनु भयो.
यैकारण् तपांइका सात्तीबचन्हरु सङ प्रेम् राख्द कु।
१२० मेरो जीउका रुंहरु तपांइको भयको कारणले उठ्द कुन्
अनि तपांइका नियाबचन्हरु देखि डराउंद कु॥

५ अइन् ।

मैंले निया र धर्म्म गर्‍येको छु . १२१
मंलाइ मिचेईं गर्नेहरुको लागि न छोड्नु हवस् ।
भलाईको लागि आफ्नु दास्को जमानि हुंनु हवस् . १२२
अहंकारीहरुले मंलाइ मिचेईं गर्नु न पाउन् ।
मेरा आंखा तपांइका उद्धार्को लागि १२३
अनि तपांइको धर्म्मी कुरोको लागि ओइलींद छन् ।
आफ्नु करुणा अन्सार् आफ्नु दास् सङ बेहोरा गर्नु हवस् १२४
अनि आफ्ना बिधिहरु मंलाइ सिकाउंनु हवस् ।
मं तपांइको दास् हुं मंलाइ बूझ् दिंनु हवस् १२५
र मं तपांइका साक्षीबचन्हरु बूझुं ।
यह्वेको काम् गर्ने समय् भयो १२६
किनभन्ये तिनिहरुले तपांइको व्यवस्था व्यर्थ तुल्यायेका छन् ।
येस्कारण् तपांइका आज्ञाहरु सित प्रेम् गर्द छु १२७
सुन् अं अस्सल् सुन् भन्दा बेसि ।
येस्कारण् सब्बै कुराको बिषय्का तपांइका सब्बै अर्थीहरु ठीक् गुन्द छु १२८
अनि सब्बै झूठो बाटो देखि घिनाउंद छु ॥

७ पे ।

तपांइका साक्षीबचन्हरु आश्चर्ज्ये छन् . १२९
येस्कारण् मेरो प्राण्ले ति मान्द छ ।
तपांइका बचन्को अर्थखोलाईले ज्योति चम्काउंद छ १३०
त्येस्ले लाटालाइ बूझ् दिंद छ ।
मैंले आफ्नु मुख् बायेर हांप्यें १३१
किनभन्ये तपांइका आज्ञाहरुको लागि अभिलाषा गर्‍यें ।
मं तिर फर्कनु हवस् अनि मं मांथि अनुग्रह् गर्नु हवस् १३२
तपांइले आफ्नु नांउ सङ प्रेम् राख्नेलाइ गर्दै रह्येको झैं ।
तपांइको कुरोमां मेरा फड्का हिंड़ाल्नु हवस् १३३
अनि कस्स व्यर्थ काम्ले मं मांथि प्रभुतेईं गर्नु न पावस् ।
मंलाइ मान्छेको मिचेईं देखि छोड़ाउंनु हवस् . १३४
येसोरि तपांइका अर्थीहरु मान्छु ।
आफ्नु रूप् आफ्नु दास् मांथि चम्काउंनु हवस् १३५
अनि आफ्ना बिधिहरु मंलाइ सिकाउंनु हवस् ।
मेरा आंखा देखि पानीका धारा बहंद छन् १३६
किनभन्ये तिनिहरुले तपांइको व्यवस्था मान्दैनन् ॥

ऽ त्सादे ।

१३७ हे यह्वे तपांइ धर्म्मी हुंनु हुंद छ
अनि तपांइका नियाबचन्हरु सोजा ।
१३८ तपांइले आफ्ना साक्षीबचन्हरु धर्म्ममां
र खुद् सच्चेईंमां अह्राउंनु भयो ।
१३९ मेरो इष्ले मंलाइ खल्कायेको छ
किनभन्ये मेरा बिरोधीहरुले तपांइका बचन्हरु बिर्स्येका छन् ।
१४० तपांइका कुरा अग्घोर् जांचीयेका छन्
येस्कारण् तपांइको दास्ले त्यो सित प्रेम् राख्द छ ।
१४१ सांनु र तुच्छ ता छु .
तैपनि तपांइका अर्थीहरु बिर्सीं दींन ।
१४२ तपांइको धर्म्म सनातनको धर्म्म छ
अनि तपांइका व्यवस्था सच्चेईं ।
१४३ मंलाइ दुक्ख र सकस्ले भेट्टायेका छन्
तैपनि तपांइका आज्ञाहरु मेरा सुक्ख छन् ।
१४४ तपांइका साक्षीबचन्हरु सदाको लागि धर्म्मी छन्
मंलाइ बूझ् दिंनु हवस् त जीइ रहंछु ॥

ק कोफ् ।

१४५ आफ्नु पूरो मन्ले हापाय्येको छु हे यह्वे मेरो सुन्नु हवस् .
तपांइका बिधिहरु मान्छु ।
१४६ तपांइलाइ हापाय्येको छु मंलाइ बचाउंनु हवस्
तपांइका साक्षीबचन्हरु मान्छु ।
१४७ मैंले भूकभूक्लाइ छेक्यें अनि तपांइको दोहाई गर्यें .
तपांइका बचन्हरु मांथि आस्रा गर्यें ।
१४८ मेरा आंखाले रात्का पहर् पहर्लाइ छेक्ये
मं तपांइको कुरो मांथि ध्यान् गरुं भन्येर ।
१४९ आफ्नु करुणा अन्सार् मेरो सोर् सुनि लिंनु हवस् .
हे यह्वे आफ्ना नियाबचन्हरु अन्सार् मंलाइ जियाउंनु हवस् ।
१५० दुष्टेईं पछ्याउंनेहरु नजिक् आउंदै छन्
तिनिहरु तपांइको व्यवस्था देखि टाड़ो छन् ।
१५१ हे यह्वे तपांइ नजिक् हुंनु हुंद छ
अनि तपांइका सबै आज्ञाहरुचइं सच्चेईं छन् ।
१५२ उइले देखि तपांइका साक्षीबचन्हरु देखि ज्ञान् पायेको छु
तपांइले ति सदाको लागि बसालुनु भयेको छ भनि ॥

ר रेश् ।

मेरो दुक्ख हेर्‍येर मंलाइ बचाउंनु हवस् १५३
किनभन्ये तपांइको व्यवस्था बिर्सीं दीन ।
मेरा कुरा खेर्नु हवस् अनि मंलाइ छोड़ाउंनु हवस् १५४
आफ्नु कुरो अन्सार् मंलाइ बचाउंनु हवस् ।
उद्धार् पाउंनु दुष्ट देखि टाड़ो छ १५५
किनभन्ये तिनिहरुले तपांइका बिधिहरु खोज्दैनन् ।
हे यह्वे तपांइका दयाहरु ठुला छन् १५६
आफ्ना नियाबचन्हरु अन्सार् मंलाइ जियाउंनु हवस् ।
मेरा सताउंने र बिरोधीहरु धेरै छन् १५७
तैपनि तपांइका साक्षीबचन्हरु देखि तर्क्यको छुइंन ।
छल् सित बेहोरा गर्नहरुलाइ देख्येर उदास् भयें १५८
किनभन्ये तिनिहरुले तपांइको कुरो मान्दैनन् ।
मं तपांइका अर्थीहरु सित कति पिर्ति राख्द छु भनि हेर्नु हवस्. १५९
हे यह्वे आफ्नु करुणा अन्सार् मंलाइ जियाउंनु हवस् ।
तपांइको बचन्को सार् सच्चेइँ हो १६०
अनि तपांइका धर्म्मी नियाबचन्हरु सब्बै सदाको लागि रहंछन् ॥

ש शीन् ।

मालिक्हरुले बिना कारण्ले मंलाइ सतायेका छन् १६१
तर मेरो हिर्दय्ले तपांइका बचन्हरुको भय् मान्द छ ।
तपांइको कुरोमां रमाउंद छु १६२
ठुलो शिकार् पाउंने झैं ।
छल् देखि घिन् र इबि राख्द छु १६३
तर तपांइको व्यवस्थालाइ चइं ता प्यारो गर्द छु ।
दिन्मां सात् खेप् तपांइको स्तुति गर्द छु १६४
तपांइका धर्म्मी नियाबचन्हरुको कारण्ले ।
तपांइको व्यवस्थालाइ प्यारो गर्नहरुलाइ धेरै मिलाप् १६५
अनि तिनिहरुको ठोकर्को क्येइ कारण् छैन ।
हे यह्वे मैंले तपांइको मुक्तिको बाटो हेर्‍यें १६६
अनि तपांइका आज्ञाहरु मान्येको छु ।
मेरो प्राण्ले तपांइका साक्षीबचन्हरु मान्येको छ १६७
अनि मं तिनलाइ अग्घोर् प्यारो गर्द छु ।
तपांइका अर्थीहरु तपांइका साक्षीबचन्हरु मान्येको छु १६८
किनभन्ये मेरा चाल्चलन् तपांइको सांमु छन् ॥

८ टाउ ।

१६९ हे यहुवे मेरा चिचाईं तपांइ पांइ आउंनु दिंनु हवस् ,
आफ्नु वचन् अनुसार् मंलाइ बूझ् दिंनु हवस् ।
१७० मेरा अर्जविन्तिहरु तपांइको सांमु पुगनु दिंनु हवस्
आफ्नु कुरो अनुसार् मंलाइ बचाउंनु हवस् ।
१७१ मेरा ओंठले स्तुति उफ्रावस्
किनभन्ये तपांइले मंलाइ आफ्ना विधिहरु सिकाउंनु हुंद छ ।
१७२ मेरो जिब्रोले तपांइको कुरोको गीत् गावस्
किनभन्ये तपांइका सबै आज्ञाहरु धर्म्म छन् ।
१७३ तपांइको हात् मंलाइ गोहार् गर्नु तियार् हवस्
किनभन्ये मैंले तपांइका अर्थीहरु छान्येको छु ।
१७४ हे यहुवे तपांइको उद्धार्को लागि अभिलाषा गर्येको छु
अनि तपांइको व्यवस्था मेरो सुख्ख छ ।
१७५ मेरो प्राण् जीइ रहोस् त तपांइको स्तुति गर्छु
अनि तपांइका नियाबचनहरुलाइ मेरो गोहार् गर्नु दिंनु हवस् ।
१७६ हराये्को भेंड़ा झैं भर्मीयेको छु आफ्नु दासलाइ खोजनु हवस्
किनभन्ये तपांइका आज्ञाहरु बिर्सी दीन ॥ ✓

१२० यात्रिकहरुको गीत् ।

१ आफ्नु सकसमां यहुवेको दोहाई दियें
त उस्ले मंलाइ उत्तर् दियो ।
२ हे यहुवे मेरो प्राणलाइ ठांट्ने ओंठ् देखि
र छली जिब्रो देखि छोड़ाउंनु हवस् ।
३ हे छली जिब्रो
तंलाइ को दिईंछ तं सित अरु को गरींछ ।
४ बीर्का तीखा तीखा काड़ूहरु
र झाऊका कोइला ।
५ मंलाइ हाय् हाय् मेशेकमां पर्देसी रहंद छु
केदार्को डेरामां बसि रहंद छु ।
६ मेरो प्राणले धेरै दिन् देखि त्यो सित बास् गर्द छ
जस्ले मिलाप् देखि घिन् गर्द छ .
७ मं ता मिलाप् पट्टि छु
तर जब बोलछु तब तिनिहरु ता लड़ाईं पट्टि छन् ॥ ✓

याचिक्हरुको गीत् । १२१

पर्वतहरु तिर आफ्ना आंखा उचाल्छु . १
मेरो गोहार् कहां बाटो आउंछ ।
स्वर्ग र पृथिवी सिजने २
यहूवे देखि मेरो गोहार् ।

उस्ले तेरा गोड़ा चिप्लींनु दिंदैन . ३
तेरो रक्षे गर्ने चइं कैलेइ ऊंघ्दैन ।
हेर इस्राएल्को रक्षे गर्ने ४
न ऊंघ्छ न सुत्छ ।
यहूवेनै तेरो रक्षे गर्ने हो . ५
यहूवेनै तेरो दाहींनो हात् पट्टिको छाया हो ।
दिउंसो सूर्जले तंलाइ मांदैन ६
न जून्ले रातिं ।
यहूवेलेनै सबै बुराई देखि तेरो रक्षे गर्छ ७
उस्ले तेरो प्राण्को रक्षे गर्छ ।
यहूवेलेनै तं बाइर जांदा र भित्र आउंदा रक्षे गर्छ ८
अब देखि उसो सधैंभरि ॥ ✓

याचिक्हरुको गीत् । दाऊद् रचित् । १२२

जब तिनिहरुले भंलाइ यहूवेको घर्मां जाऊं भनि भन्थे १
तब रमायें ।
हे यरूशलेम् तेरो ठोका भित्र २
हांस्रा गोड़ाले टेक्द छन्
हे यरूशलेम् तं ३
गांसैगांस् भयेको सहर् बनीयेको छस् .
जहां कुल्हरु अं याहका कुल्हरु चढ़ि जांद छन् ४
इस्राएल्को साक्षी हुंनुलाइ
यहूवेको नांउको धन्यवाद् गर्नुलाइ ।
किनभन्ये उहींनै न्यायको लागि सिंहासनहरु बसालीयेका छन् ५
दाऊद्को जहान्का सिंहासनहरु ।
यरूशलेम्को मिलाप्को लागि प्रार्थना गर् . ६
तंलाइ प्यार् गर्नेहरुको कुशल् हुंछ ।
तेरा घेरा भित्र मिलाप् हुवस् ७
अनि तेरा भवनहरु भित्र कुशल् ।
आफ्ना भाईहरु र मित्रहरुको कारण्ले ८
ऐले भन्छु तं भित्र मिलाप् हुवस् ।

९ आफ्नु ईश्वर् यहूवेको घरको कारणले
तेरो भलाई खोज्कु ॥

१२३ याचिकहरुको गीत् ।

१ हे स्वर्गमां विराजनु
तपांइ यांइ आफ्ना आंखा उचाल्द कु ।
२ हेर कमांराहरुका आंखाले आफ्नु ठाकुरको हात् तिर
र कमांरीहरुका आंखा आफ्नी ठाकुरनीको हात् तिर लाग्ने भैं
येस्ते हांमिहरुका आंखा आफ्नु ईश्वर् यहूवे तिर लाग्द कुन्
उल्ले हांमिहरु तिर दया न गरुंज्याल् सम्म ।
३ हांमिहरु मांथि अनुग्रह् गर्नु हवस् हे यहूवे हांमिहरु मांथि अनुग्रह् गर्नु
हवस् .
किनभन्ये हांमिहरु गिल्लाले अघोर् भरीयेका छौं ।
४ सुक्खमां बस्नेहरुले गर्येका ठट्टा
अनि अहंकारीले गर्येको गिल्लाले
हांम्रो प्राण् अघोर् भरीयेको छ ॥

१२४ याचिकहरुको गीत् । दाऊद् रचित् ।

१ यहूवे हांमिहरु पट्टि भयेन भन्ये देखि भनि
इस्राएलले ऐले येसो भनोस्
२ यहूवे हांमिहरु पट्टि भयेन भन्ये देखि
मान्छेहरु हांमिहरुको विरुद्धमां उठ्दा .
३ त त्येति बेला तिनिहरुले हांमिहरुलाइ जीउंदै नील्ने थिये
तिनिहरुको रिस् हांमिहरुको विरुद्ध उठ्दामां .
४ त्येति बेला पानीहरुले हांमिहरुलाइ डुबाउंने थिये
खोला हांमिहरुको प्राण् मांथि बहंने थियो .
५ तब अहंकारी पानीहरु हांमिहरुको प्राण् मांथि बहंने थिये ।
६ यहूवे धन्नको हो
जस्ले हांमिहरुलाइ तिनिहरुका दारामां शिकार् भैं दियेको छैन ।
७ चरा पासो थापनेको पासो देखि भैं हांम्रो प्राण् पनि बांच्यो .
पासो चड्दं छिन्यो अनि हांमिहरु चड्दं बांच्यं ।
८ स्वर्ग र पृथिवी सिर्जने
यहूवेको नांउमां हांमिहरुको गोहार् छ ॥

१२५ याचिकहरुको गीत् ।

१ यहूवेमां भरोसा राख्नेहरु चड्दं
सिय्योन् पर्वत् झस्ता छन् जो सारौंदैन तर सदा रहंद छ ।

यरूशलेमलाइ घेर्ने पर्वतहरू जस्ता २
यहूवेले आफ्ना प्रजालाइ त्येस्ते गरि घेर्दै छ
अब देखि उसो सधैंभरि ।
किनभन्ये दुष्टेईंको राजदण्ड धर्म्मीहरूको भागमां रहंदैन ३
धर्म्मीहरूले आफ्ना हात् अधर्म्म सम्म न पसाऊन् भन्येर ।
हे यहूवे भला हुंनेहरूको लागि भलो गर्नु हवस् ४
अनि मनमां सोजो हुंनेहरूको लागि ।
तर बाङ्गोटेको बाटामां तर्कि जान्येहरूलाइ ५
यहूवेले अधर्म्म गर्नेहरू सङ निकालि ल्याउंछ ।
इस्राएल मांथि मिलाप् हवस् ॥

याचिकहरूको गीत् । १२९

जब यहूवेले सिय्योन्को बन्धुवाई फर्काइ दियो १
तब हांमिहरू ता सपना हेर्नेहरू जस्ता थियूं ।
तब हांमिहरूको मुख् हंसाईले भरीयो २
अनि हांमिहरूको जिब्रो ऊंचो सोरको गीत्गवाईले ।
त्येसै बेला तिनिहरूले अन्यदेसीहरूको बीचमां भन्ये गर्द थिये
यहूवेले तिनिहरूको लागि ठुला ठुला कार्य्य गर्येको छ भनि ।
यहूवेले हांमिहरूको लागि ठुला ठुला कार्य्य गर्येको छ ३
त्यो देखि रमाउंद छौं ।
हे यहूवे हांम्रो बन्धुवाई फर्काइ दिनु हवस् ४
दक्षिनका खोल्चाखाल्चो झैं ।
आंसु झार्दै कर्नेहरूले ऊंचो सोरले गीत् गाउंदै कटनी गर्छन् । ५
बिउ बोक्दै रुंदै आफ्नु बाटोमां जांथ्ये रपनि ६
ऊंचो सोरले गाउंदै आफ्ना बिटा बोकि ल्याउंदै फर्कि आउंछन् ॥

याचिकहरूको गीत् । सुलेमान् रचित् । १२७

घर् बनाउंने यहूवेले न हुंदो हो १
त त्यो बनाउंनेहरूको मिहीनत् व्यर्थ हुंने थियो ।
सहरको रक्षे गर्ने यहूवेले न हुंदो हो
त रक्षकको जागोरहाई व्यर्थ मांत्रे ।
तिमिहरूले मबेरै उठदै अनि अबेरा सम्म बिसाउंदै २
अनि दास्तीको रोटी खांदै गर्नु व्यर्थ छ ।
येसोरि उस्ले आफ्ना प्रियहरूलाइ नीन्दमां दिंछ ।
हेर् बालबच्चहरू यहूवेले दियेको भाग हुन् ।
कोखको फल उस्ले दियेको प्रतिफल हो ।

४ बीरको हातमां भयेका कांडूहरु भैं
जुवानका बालखहरु हुन् ।
५ धन्न त्यो मानछे जस्को ठोक्को तिनले भरीयेका छन् ।
तिनिहरु लज्जाउंदैनन्
ढोकामां सत्रुहरु सङ बोल्दाखेरि ॥

१२८ याचिकहरुको गीत् ।

१ धन्न ति सबै यहूवेको भय् मान्नेहरु
उस्को बाटोमां हिंडूनेहरु ।
२ किनभन्ये तेंले आफ्नु हातको कमाई खांछस् ।
धन्नको हुंछस् अनि तं सङ भलो हुंछ ।
३ तेरो घरको भित्रेकोठाहरुमां तेरी स्वास्नी फलफ्रूल दाखको बोट् जस्तो हुंछे ।
तेरो मेज्को रिंगे तेरा बालखहरु भट्टाल्तेका थिरुवा जस्ता हुंछन् ।
४ हेर् यहूवेको भय् मान्ने त्यहं
येसोरिने आशीर्बादी हुंछ ।
५ यहूवेले तंलाइ सिय्योन् देखि आशीष् दिंछ ।
अनि तेंले जीवनभरि यरूशलेमको कुशल् हेर्दै रहंछस् ।
६ अं तेंले आफ्ना छोराहरुका छोराहरु हेर्छस् ।
इस्राएल् माथि मिलाप् हुवस् ॥

१२९ याचिकहरुको गीत् ।

१ तिनिहरुले मंलाइ मेरो बालखेदैं देखि धेरै खेप् क्लेश् दियेका छन् भनि
इस्राएलले ऐले येसो भनोस्
२ तिनिहरुले मंलाइ मेरो बालखेदैं देखि धेरै खेप् क्लेश् दियेका छन्
तैपनि मेरो बिरुद्धमां जिताहा भयेनन् ।
३ हलिले मेरो पिठीउंमां जोत्यो
तिनिहरुले आफ्ना डेंग् लम्याये ।
४ यहूवेले धर्म्मी छ ।
दुष्टहरुका बन्धन् काठेयको छ ।
५ सिय्योनलाइ घियाउनेहरु सबै
लज्जाउंनु लायेर जर्कंदै पछि सर्काईउन् ।
६ छाना मांथिका घांस् जस्ता होउन्
जो बढ्दा न बढ्दा सुकि जांद छन् ।
७ जो देखि काट्नेले आफ्नु मुठि पनि भर्दैन
न बिटा बांध्नेले आफ्नु पोल्टा ।

न बटौरेहरुले भन्कुन् ८
यहूवेको आशीष् तिमिहरु मांथि हवस्
हांमिहरु तिमिहरुलाइ यहूवेको नांउले आशीष् दिंद छौं ॥

याचिक्हरुको गीत् । १३०

हे यहूवे गहौराहरु देखि तपांइलाइ हापार्थेको कु । १
हे प्रभु मेरो सोर् सुनु हवस् २
मेरा अजांहरुको सोर् तिर
तपांइका कान् थापनु हवस् ।
हे याह् तपांइले अधर्म्मको लेखा लिंनु भयो भन्ये देखि ता ३
हे प्रभु उभींनु को सक्कु ।
तर तपांइ पांइ क्षमा कु ४
र तपांइको भय् गरांओस् ।
यहूवेको लागि बाटो हेर्दै कु मेरो प्राणले बाटो हेर्दै कु ५
अनि उस्को बचन् मांथि आखा गर्दै कु ।
मेरो प्राणले प्रभुको लागि बाटो हेर्दै कु ६
बिहान्को लागि हेर्ने रक्तक्हरुले भन्दा बेसिगरि
अं बिहान्को लागि हेर्ने रक्तक्हरुले भन्दा बेसिगरि ।
ए इस्राएल् यहूवे मांथि आखा गर् ७
किनभन्ये यहूवेकां कमणा कु
अनि उस्को पूरो छोड़ाई ।
अनि उसैले इस्राएललाइ ८
येका सबै अधर्म्म देखि छोड़ाउंकु ॥

याचिक्हरुको गीत् । दाऊद् रचित् । १३१

हे यहूवे न ता मेरो मन् अहंकारी कु न ता मेरा आंखा उचालोथेका कुन् १
अनि न तुला तुला कुरामां
न मेरो लागि कठिन् पथेका कुरामां हात् हाल्द कु ।
निस्से आफनु प्राणलाइ शान्ति दियेर चुप् लगायें २
आंमा सड भयेको दुद् छोड़ायेको नानी जस्तो
दुद् छोड़ायेको नानी झैं मेरो प्राण् मं सड कु ।
ए इस्राएल् यहूवे मांथि आखा गर्दै रह् ३
अब देखि उसो मथेंभरि सम्म ॥

याचिक्हरुको गीत् । १३२

हे यहूवे दाऊद्को लागि १
येको सबै दुकख समझनु हवस्

२ त्येस्ले यहूवे सित किरिया खायो
अनि याकूबको महावीर् सित भाकल् गऱ्यो .
३ निस्से आफ्नु घर्को डेरामां पस्दैन
न आफ्नु ओछ्यान्मां चढ्कु
४ न आफ्ना आंखालाइ नीन्द्
न आफ्ना पलक्लाइ निंधाउंनु दिंकु
५ मैंले यहूवेको लागि येउटा ठांउ
याकूबको महावीर्को लागि बासस्थान् न पाउंज्याल् सम्म भन्ने ।
६ हेर एफ्रातामां त्येस्को विषयमां सुन्यें .
वन्को जग्गामां त्यो पायूं ।
७ उस्को बासस्थान्मां जाऊं
उस्को चरणपीठ्मां दण्डवत् गरूं ।
८ हे यहूवे तपांइ आफ्नु बलको सम्पट् समेत्
आफ्नु विश्राम्को ठांउमां उठ्नु हवस् ।
९ तपांइका पूजाहारीहरू मुक्तिले पहिर्याइंउन्
अनि तपांइका भक्तिहरूले ऊंचो सोर्ले गाउन् ।
१० आफ्नु दास् दाऊद्को कारणले
आफ्नु अभिषिक्तको मुख् न फर्काइ दिंनु हवस् ।
११ यहूवेले दाऊद् सित सच्चैं सङ किरिया खायेको छ
उ त्यो देखि फर्कँदैन
तेरो जीउको फल् तेरो सिंहासन्मां बसाल्छु ।
१२ तेरा छोराहरूले मेरो नियम्
अनि मैंले तिनिहरूलाइ सिकाउंने साक्षीबचन् मान्ये भन्ये देखि
तिनका छोराहरू पनि तेरो सिंहासन् मांथि सधैंभरि बिराजकन् भनि ।
१३ किनभन्ये यहूवेले सिय्योन्लाइ छान्येको छ
आफ्नु बासको लागि त्येस्को इच्छे गऱ्येको छ ।
१४ सधैंको लागि मेरो विश्राम्को ठांउ येइ हो .
उहीं बस्छु किनभन्ये त्येस्को इच्छे गऱ्येको छु ।
१५ त्येस्को खानें सार्दाम् मांथि ओधि आशीष् दिंकु .
त्येस्का दरिद्रहरूलाइ रोटीले तृप्त गराउंकु ।
१६ त्येस्का पूजाहारीहरूलाइ मुक्तिले पहिर्याउंकु
अनि त्येस्का भक्तिहरूले ऊंचो सोर्ले गाउंकन् ।
१७ उहीं दाऊद्को सौंग् उमार्कु .
आफ्नु अभिषिक्तको लागि दीयो तियार् पार्येको छु ।
१८ त्येस्का सत्रुहरूलाइ लाज् पहिर्याउंकु .
तर त्येस् मांथि चइं ता त्येस्को मुकुट् चम्कंछ ॥

याचिक्हरुको गीत् । दाजद् रचित् । १३३

दाज्युभाईहरु एक् सङ् मिलिजुलि रह्ने भन्ये १
हेर त्यो कत्ति भलो र मनपर्दो कुरो छ ।
शिरमां अस्खल् तेल् जस्तो छ २
जो दारीमां बह्यो
अं हारून्को दारीमां
जो त्येस्को वस्त्रको छिट्मां झर्यो
हेर्मोन्को शीत् जस्तो ३
जो सिय्योन्को पर्वतमां झर्दै छ ।
किनभन्ये उहींने यह्वेले आशीष्को आज्ञा दियो
अं सदाको जीवन् ॥

याचिक्हरुको गीत् । १३४

हेर यह्वेको धन्यवाद् गर हे यह्वेका सबै सेवक्हरु हो १
जो राति यह्वेको घरमां उभीइ रहंद छौ ।
पवित्र ठांउ तिर आफ्ना हात् उचाल २
अनि यह्वे धन्य कह ।
यह्वेले तंलाइ सिय्योन् देखि आशीष् देवस् ३
अं स्वर्ग र पृथिवी सिर्जनेले ॥

याह्को स्तुति गर[1] १३५ १
यह्वेको नांउको स्तुति गर
हे यह्वेका सेवक्हरु हो उस्को स्तुति गर ।
जो यह्वेको घरमां उभीइ रहंद छौ २
हांम्रो ईश्वरको घरको आंगनमां ।
याह्को स्तुति गर किनभन्ये यह्वे भलो छ ।
उस्को नांउको भजन् गाउ किनभन्ये त्यो मनपर्दो छ ।
किनभन्ये याह्ले याकूबलाइ आफ्नु लागि छान्येको छ ४
अनि इस्राएललाइ आफ्नु निज् धनगरि ।
किनभन्ये मं चहं ता यह्वे महा छ ५
अनि हांम्रो ईश्वर सबै देवताहरु भन्दा बड़ा छ भनि जांद छु ।
यह्वेको जे इच्छे गियो त्येइ उस्ले गर्यो ६
स्वर्गमां र पृथिवीमां समुन्द्रमां र सबै गहीराहरुमां ।

[1] हल्लूयाह् ।

७ उस्ले पृथिवीको अन्त देखि कुइरो उठ्नु लाउंद छ
वृष्टिको लागि बिजुलि बनाउंद छ
आफ्नु भण्डार देखि बतास् निकाल्द छ ।
८ जस्ले मिस्रका जेठाहरुलाइ मांच्यो
मान्छे र पशु दुवैका ।
९ हे मिस्र तेरो बीचमां चिंनु र आश्चर्यकर्म उसैले पठायो
फिरऊन् र त्यसका सबै चाकरेहरु मांथि ।
१० जस्ले धेरै अन्यदेसीहरुलाइ मांच्यो
अनि बल्लिया बल्लिया राजाहरुलाइ काट्यो
११ एमोरीहरुको राजा सीहोन्लाइ
र बाशान्को राजा ओग्लाइ
र कनान्का सबै राजहरुलाइ .
१२ अनि तिनिहरुको देस् भाग्को लागि दियो
आफ्नु प्रजा इस्राएल्को लागिको भाग् ।
१३ हे यहूवे तपांइको नांउ सनातन्को लागि रहंछ
हे यहूवे तपांइको सम्झना सबै पुस्ता सम्म ।
१४ किनभन्ये यहूवेले आफ्नु लोग्को निया गर्छ
अनि आफ्ना दास्हरुको बिषयमां पछ्ताउंछ ॥ ✓

१५ अन्यदेसीहरुका मूर्त्तिहरु ता सुन् चांदी छन्
मान्छेहरुको हात्को कमाई ।
१६ तिनिहरुका मुख ता छन् तर बोल्दैनन्
आंखा ता छन् तर देख्दैनन्
१७ कान् ता छन् तर सुन्दैनन्
अनि न तिनिहरुको मुखमां कोइ सास् छ
१८ तिनिहरुलाइ बनाउंने तिनिहरु जस्ते होइ जांछन्
अं तिनिहरु मांथि भरोसा राख्ने सबै पनि ।
१९ हे इस्राएल्को जहान् यहूवेलाइ धन्य कह् .
हे हारुन्को जहान् यहूवेलाइ धन्य कह् .
२० हे लेवीको जहान् यहूवेलाइ धन्य कह् .
• हे यहूवेका डराउंनेहरु यहूवेलाइ धन्य कह् ।
२१ सिय्योन् देखि यहूवे धन्य कहीओस्
जो यरूशलेममां बास गर्नु छ
याहूको स्तुति गर[1] ॥ ✓

[1] हल्लूयाह् ।

यहवेको लागि धन्यवाद् गर किनभन्ये उ भलो छ । १३६ १
किनभन्ये उस्को करुणा सनातन् सम्म रहंद छ ।
ईश्वरहरुको ईश्वरको धन्यवाद् गर २
किनभन्ये उस्को करुणा सनातन् सम्म रहंद छ ।
प्रभुहरुको प्रभुको धन्यवाद् गर । ३
किनभन्ये उस्को करुणा सनातन् सम्म रहंद छ ।
उस्को धन्यवाद् गर जस्ले ठुला ठुला आश्चर्यकर्म एक्लै गर्दै छ । ४
किनभन्ये उस्को करुणा सनातन् सम्म रहंद छ ।
उस्को धन्यवाद् गर जस्ले आफ्नु बुद्धिले स्वर्ग सिर्ज्यो । ५
किनभन्ये उस्को करुणा सनातन् सम्म रहंद छ ।
उस्को धन्यवाद् गर जस्ले पानी मांथि पृथिवी फिंजायो । ६
किनभन्ये उस्को करुणा सनातन् सम्म रहंद छ ।
उस्को धन्यवाद् गर जस्ले महा ज्योतिहरु बनायो । ७
किनभन्ये उस्को करुणा सनातन् सम्म रहंद छ ।
सूर्ज दिउंसो प्रभुतेइँ गर्नुलाइ । ८
किनभन्ये उस्को करुणा सनातन् सम्म रहंद छ ।
जून र ताराहरु राति प्रभुतेइँ गर्नुलाइ । ९
किनभन्ये उस्को करुणा सनातन् सम्म रहंद छ ।
उस्को धन्यवाद् गर जस्ले मिस्रीहरुका जेठाहरुलाइ मार्‍यो । १०
किनभन्ये उस्को करुणा सनातन् सम्म रहंद छ ।
अनि तिनिहरु देखि इस्राएललाइ निकाल्यो । ११
किनभन्ये उस्को करुणा सनातन् सम्म रहंद छ ।
बलियो हात् र पसारीयेको बांहांले । १२
किनभन्ये उस्को करुणा सनातन् सम्म रहंद छ ।
उस्को धन्यवाद् गर जस्ले लाल समुन्द्र भाग् भाग् पार्‍यो । १३
किनभन्ये उस्को करुणा सनातन् सम्म रहंद छ ।
अनि इस्राएलचइंलाइ त्येस्को बीच् देखि हिंड़ाल्यो । १४
किनभन्ये उस्को करुणा सनातन् सम्म रहंद छ ।
तर फिरऊन् र त्येस्को सेनालाइ लाल समुन्द्रमां झडूकाय्यो । १५
किनभन्ये उस्को करुणा सनातन् सम्म रहंद छ ।
उस्को धन्यवाद् गर जस्ले आफ्ना प्रजालाइ वन् बाटो लि हिंड़ाल्यो । १६
किनभन्ये उस्को करुणा सनातन् सम्म रहंद छ ।
उस्को धन्यवाद् गर जस्ले ठुला राजाहरुलाइ मार्‍यो । १७
किनभन्ये उस्को करुणा सनातन् सम्म रहंद छ ।
अनि बलियो राजाहरुलाइ काट्यो । १८
किनभन्ये उस्को करुणा सनातन् सम्म रहंद छ ।

१९ एमोरीहरुको राजा सीहोन्लाइ ।
किनभन्ये उस्को करुणा सनातन् सम्म रहंद छ ।
२० अनि बाशान्को राजा ओग्लाइ ।
किनभन्ये उस्को करुणा सनातन् सम्म रहंद छ ।
२१ अनि तिनिहरुको देस् भाग्को लागि दियो ।
किनभन्ये उस्को करुणा सनातन् सम्म रहंद छ ।
२२ अं आफ्नु दास् इस्राएल्को लागि भाग् गरि ।
किनभन्ये उस्को करुणा सनातन् सम्म रहंद छ ।
२३ जस्ले हांमिहरुलाइ हांमिहरुको दुर्दशामां सम्झ्यो ।
किनभन्ये उस्को करुणा सनातन् सम्म रहंद छ ।
२४ अनि हांमिहरुलाइ हांमिहरुका विरोधीहरु देखि छोड़ायेको छ ।
किनभन्ये उस्को करुणा सनातन् सम्म रहंद छ।
२५ उस्ले सबै जीउधारीहरुलाइ आहारा दिंद छ ।
किनभन्ये उस्को करुणा सनातन् सम्म रहंद छ ।
२६ स्वर्गको ईश्वर्को धन्नबाद् गर ।
किनभन्ये उस्को करुणा सनातन् सम्म रहंद छ ॥

१३७ १ बाबेलका नदीहरुको छेउमां
वहां बस्यूं अं रोयूं
सिय्योन् सम्झंदाखेरि ।
२ त्येस्को बीचमांका बइंसूका रुखहरुमां
आफ्ना बीणाहरुलाइ झुंड्यायूं ।
३ किनभन्ये हांमिहरुलाइ बन्धुवाई गरि ल्याउनेहरुले हांमिहरु देखि गीत् मांग्ये
अनि सिय्योन्का गीतहरुमांको येउटा गीत् हांमिहरुको लागि गाउ भन्ने
हांमिहरुलाइ लूट्नेहरुले हांमिहरु देखि आनन्द मांग्ये ।
४ विरांनु देसमां
यहवेको गीत् कसोरि गाऊं ।
५ हे यरूशलेम् मैले तंलाइ बिर्सूं भन्ये देखि
मेरो दाहीनो हातैले बिर्सोस् ।
६ मैले तंलाइ सम्झीन भन्ये देखि
आफ्नु अस्सल आनन्द भन्दा बेसि
यरूशलेमचइंलाइ अरु ठानीन भन्ये देखि
त मेरो जिब्रो मेरो तालूमां टांसीइ जावस् ।
७ हे यहवे एदोमवंशीहरुको बिरुद्धमां
यरूशलेम्को दिन् सम्झनु हवस्
जुन्हरुले भन्ये भत्काउ भत्काउ
अं जगे सम्म ।

हे बाबेल्की छोरी उजारींने हुंछेस् ८
धन्न त्यो जस्ले तं सित त्येसै गर्छ
तैंले हांमिहरु सित गऱ्येको जस्तो ।
धन्न त्यो जस्ले तेरा नानीहरुलाइ समाति ९
पहरामां पछार्छ ॥

दाऊद्रचित् । १३८

आफ्नु पूरो मन्ले तपांइको धन्नबाद् गर्छु . १
देव्ताहरुको सांमु तपांइको भजन् गाउंछु ।
तपांइको पवित्र मन्दिर् तिर दण्डवत् गर्छु २
अनि तपांइको करुणा र सच्चेईंको कारण्ले तपांइको नांउको धन्नबाद गर्छु .
किनभन्ये तपांइले आफ्नु बचन् आफ्नु सिंगै नांउ भन्दा ऊंभो बढाउंनु भयो ।
मैंले हापाऱ्येको दिन्मां तपांइले मंलाइ उत्तर् दिंनु भयो ३
मेरो प्राण्मां बल् दियेर मंलाइ आंटीलो पार्नु भयो ।
हे यह्वे पृथिवीका सबै राजाहरुले तपांइको धन्नबाद् गर्छन् ४
किनभन्ये तिनिहरुले तपांइको मुख्का कुरा सुन्येका छन् ।
अं तिनिहरुले यह्वेको मार्गको बिषय्मां गाउंछन् ५
किनभन्ये यह्वेको महिमा महा छ ।
किनभन्ये यह्वे अल्गो छ रपनि नरमहरु तिर पनि दृष्टि गर्द छ . ६
तर अहंकारीहरुचइंलाइ उस्ले टाड़ै देखि चिन्द छ
मं सकस्को बीच्मां हिंड्यें भन्ये पनि तपांइले मंलाइ जीयाउंनु हुंछ ७
तपांइले आफ्ना हात् मेरा सत्तुर्हरुको बिरुद्धमां पसार्नु हुंछ
अनि तपांइको दाहींनो हात्ले मंलाइ बचाउंछ ।
यह्वेले मेरो बिषय्का सबै कुरा तुर्छ . ८
हे यह्वे तपांइको करुणा सनातन् सम्म रहंद छ
आफ्नै हात्का कार्य्येहरु न छोड्नु हवस् ॥

मूल्बजाउंनेको लागि । दाऊद्को गीत् । १३९

हे यह्वे तपांइले मंलाइ जांच्येर चिन्नु भयो । १
तपांइले मेरो बस्नु मेरो उठ्नु जान्न हुंद छ २
टाड़ो देखि मेरो बिचार् जान्नु हुंद छ ।
तपांइले मेरा चाल् र मेरो ढल्काई चाल्नु हुंद छ ३
मेरा सबै चाल्चलन्को भेद् जान्नु हुंद छ ।
कसोगरिभन्ये मेरो जिब्रोको येउटा कुरो पनि छैन ४
जो तपांइले पूरोगरि जान्नु हुन्न हे यह्वे ।

५ तपांइले मंलाइ अघिपछि घेर्नु भयो
अनि आफ्नु हात् मं मांथि राख्नु भयो ।
६ येस्तो ज्ञान् मेरो लागि अगोचर् उदेक्को छ
अलग्गो छ लेति सम्म मं पुग्नु सक्दीन ।
७ तपांइको आत्मा देखि कहां जांउ .
अनि तपांइको सांमु देखि कहां भागुं ।
८ स्वर्गमां चढुं भन्ये देखि वहां तपांइनै हुंनु हुंद छ
पत्तालमां आफ्नु ओछ्यान् बनाउं भन्ये देखि त को पेछ्यें भन्ये उहीं पनि
तपांइनै हुंनु हुंद छ ।
९ बिहान्को पखेटामां उड्यर
समुन्द्रको पल्लो छेउमां बस्यें भन्ये देखि
१० उहीं पनि तपांइको हात्ले मेरो अगुवाई गर्छ
अनि तपांइको दाहीनो हात्ले मंलाइ समात्छ ।
११ निस्से अंध्यारोले मंलाइ छोप्छ
अनि मेरा वरिपरिको उज्यालो रात् भइ गयो भन्यें भन्ये देखि
१२ त अंध्यारोले पनि ता तपांइ देखि लुकाउंदैन
तर रात् दिन् झैं चम्कंद छ .
तपांइको लागि अंध्यारो र उज्यालो दुवै एकै हुन् ।
१३ कसोगरिभन्ये तपांइले मेरो अन्तःकरण् रचनु भयो .
तपांइले मंलाइ मेरी आंमाको गर्भमां बुन्नु भयो ।
१४ तपांइको धन्यवाद् गर्छु किनभन्ये मं उदेक् र डर्लाग्दो रीत्ले बनाईयेको छु.
तपांइका काम् आश्चर्य छन्
अनि यि कुरा मेरो प्राणले राम्रोगरि जान्द छ ।
१५ मेरा हाड्हरू तपांइ देखि लुक्नेका थियेनन्
जब मं गुप्तमां बनाईयेको थियें
अनि पृथिवीको तल्लो ठांउमां बनाईयें ।
१६ तपांइका आंखाले मेरो पिण्ड देख्यो
अनि तपांइको पोस्तकमां सबै लेखीयेका थिये
जो दिन् दिन् रचीयेका थिये
अं येउटै पनि न भयेको बेलामां ।
१७ हे ईश्वर् मेरो लागि तपांइका विचारहरू कत्ति अमोल् छन्
तिनिहरूको सार् कत्ति ठुलो ।
१८ तिनिहरूलाइ गन्यें भन्ये देखि बालुवाका कनिका भन्दा बेसि छन् .
मं जागदै अझै तपांइ सङ छु ।
१९ हे ईश्वर् निस्से तपांइले दुष्टहरूलाइ मार्नु हुंछ .
ये कारण् हे हत्याराहरू हो मं देखि टाढ जाउ ।

किनभन्ने तिनिहरुले तपांइको विरुद्धमां दुष्टेईं सित भन्ट कुन् २०
अनि तपांइका विरोधीहरुले तपांइको नांउ व्यर्थ लिंद कुन् ।
हे यहुवे तपांइ देखि दुश्मनी गर्नेहरु देखि को मं दुश्मनी न गरुं २१
अनि तपांइको विरुद्धमां उठ्नेहरु देखि घिन् न गरुं ।
पूरो दुश्मनेईंले तिनिहरु सित दुश्मनेईं गर्दं कु . २२
तिनिहरुलाइ मं आफ्ना सत्रु जान्द कु ।
हे ईश्वर् मंलाइ जांचनु हवस् अनि मेरो मन् जानि लिंनु हवस् २३
मंलाइ खार्नु हवस् अनि मेरा विचारहरु जानि लिंनु हवस् .
अनि हेर्नु हवस् मंमां कोई दुष्टको चाल् रछ कि रैनछ २४
अनि मंलाइ सनातन्को चालमां डोऱ्याउंनु हवस् ॥

मूलबजाउंनेको लागि । दाऊद्को गीत् । १४०

हे यहुवे मंलाइ बुरो मान्छे देखि बचाउंनु हवस् . १
मंलाइ मिचेईं गर्ने देखि रक्षे गर्नु हवस् .
जस् जस्ले आफ्नु मन् देखि बुरो जुक्ति निकाल्द कुन् २
सधैंभरि लड़ाईं मचाउंद कुन् ।
तिनिहरुले आफ्नु जिब्रो सांप्ले झैं लाग्ने पार्ये ३
काला सापको बिष् तिनिहरुका ओंठ मुनि कुन् । सेला ।
हे यहुवे दुष्टहरुको हात् देखि मंलाइ बचाउंनु हवस् ४
मंलाइ मिचेईं गर्ने देखि रक्षे गर्नु हवस् .
जुन्हरुले मेरा गोड़ा चिपल्याउंने जुक्ति गर्ये ।
अहंकारीहरुले मेरो लागि पेउटा पासो र डोरीहरु लुकाइ राख्येका कुन् ५
तिनिहरुले बाटोको छेउमां पेउटा जाल् थापि राख्येका कुन्
तिनिहरुले मेरो लागि दांवालि राख्येका कुन् । सेला ।

मैंले यहुवेलाइ भन्ं तपांइ मेरो ईश्वर् हुंनु हुंद कु . ६
हे यहुवे मेरो अर्जीको सोर् तिर कान् थापनु हवस् ।
हे प्रभु यहुवे मेरो उद्धारको बल ७
तपांइले लड़ाईंको दिनमां मेरो सिर् ढोपनु भयो ।
हे यहुवे दुष्टहरुको इच्छे पूरो न गर्नु हवस् ८
तेस्को बुरो जुक्ति सुफले न गराउंनु हवस् होइन भन्ये ता तिनिहरु
अल्ग्याईंकुन् । सेला ।
मंलाइ घेर्नेहरुको सिरको बिषयमां ९
तिनिहरुका ओंठको उपद्रेईंले तिनिहरुलाइ ढाकोस् ।
तिनिहरु मांथि भुन्नो पर्नु . १०
तिनिहरु आगोमां हालीउन्
गहीरा खाड़लहरुमां तिनिहरु फेरि न उठ्नेगरि ।

११ बक्बके चइं पृथिवीमां स्थिर् गराईंदैन
मिचेईं गर्नेलाइ लड़ाउंनुको लागि दुष्टेईंले त्येस्लाइ खेद्छ ।
१२ यह्वेले दीन्हरुको कुरा
अनि दरिद्रहरुको कुरा सम्भाल्छ भनि जान्द छु ।
१३ निस्से धर्म्मीहरुले तपांइको नांउको धन्नबाद् गर्छन् .
सोजाहरुले तपांइको सांमु बास् गर्छन् ॥

१४१ दाऊद्को गीत् ।

१ हे यह्वे तपांइलाइ हापाय्येको छु मेरो लागि छिटो गर्नु हवस् .
मैंले तपांइलाइ हापार्दा आफ्ना कान् मं तिर थाप्नु हवस् ।
२ मेरो प्रार्थना तपांइको सांमु सुगन्धद्रव्य जस्तो ठहरोस्
मेरा हातको उचलाई सांझ्को बलिदान् जस्तो ।
३ हे यह्वे मेरो मुख्को सांमु पहरा बसाल्नु हवस्
मेरा ओंठको दैलोको रक्षे गर्नु हवस् ।
४ मेरो मन् कसै बुरो थोक् तिर न लगाउंनु हवस्
अधर्म्मको काम् गर्नेहरु सङ
दुष्टेईंका कार्ज्यमां लाग्नुलाइ .
अनि तिनिहरुको स्वादीलो भोजन् देखि मंलाइ खांनु न दिंनु हवस् ।
५ धर्म्मीले मंलाइ मांरोस् त कृपाको काम् हुंछ
अनि त्येस्ले मंलाइ चेतावस् त मेरो सिर् मांथि तेल् जस्तो हुंछ
मेरो सिर्ले त्यो लिन्न न भनोस्
कसोगरिभन्ये तिनिहरुको दुष्टेईंमां पनि मेरा प्रार्थना रहि रहंछ ।
६ तिनिहरुका बिचारीहरु पहराको पाखामां खसालींद छन्
अनि तिनिहरुले मेरा कुरा सुन्छन् किनभन्ये मीठा छन् ।
७ हलो जोत्ने र भूंई चीर्नेले गर्‍येको जस्तो
हांम्रा हाड्हरु चिहान्को मुख्का वरिपरि छरपुट्ट पारीयेका छन् ।
८ निस्से मेरा आंखा तपांइ तिर लाग्द छन् हे प्रभु यह्वे .
तपांइमां शरणगत् छु मेरो प्राण् न खन्याउंनु हवस् ।
९ तिनिहरुले मेरो लागि थाप्येको पासो देखि मंलाइ बचाउंनु हवस्
अनि अधर्म्म गर्नेहरुका दांवालिहरु देखि ।
१० दुष्टहरु चइं आफ्नै जाल्मां पर्‍न्
मं चइं बांचि निक्लंदाखेरि ॥

१४२ दाऊद्को मस्कील् भनींने गीत् जब त्यो ओढ़ार्मां थियो .

येउटा प्रार्थना ।

१ मैंले ऊंचो सोर्ले यह्वेलाइ हापाय्यें
ऊंचो सोर्ले यह्वेको दोहाई गर्‍यें ।

मं आफ्ना शोकका कुरा खन्याउंद कु २
आफ्नु सकस् दुक्को सांसु प्रगट् गर्द कु ।
जब मेरो आत्मा मं भित्र मिचीयो तब तपांइले मेरो बाटो जान्नु हुंद ३
थियो
मं हिंड्ने बाटोमां तिनिहरुले मेरो लागि येउटा पासो लुकाइ थाप्येका
कुन् ।
मेरो दाहीनो हात् पट्टि हेर्यर देख्नु हुवस् किनभन्ये मंलाइ चिन्ने कोई ४
पनि कैन .
मेरो लागि कहीं शरण् रह्नेको कैन मेरो प्राण्को चेत् गर्ने कोई पनि कैन ।
हे यहुवे तपांइको दोहाई गर्यें ५
तपांइनै मेरो शरण्
र जीउंनेहरुको देस्मां मेरो भाग् हुंनु हुंद कु भन्येर भन्यें ।
मेरो चिच्याई तिर ध्यान् दिंनु हुवस् किनभन्ये ओर्धि हौंच्याईयें . ६
मंलाइ मिच्नेहरु देखि मंलाइ बचाउंनु हुवस् किनभन्ये तिनिहरु मं भन्दा
बल्लिया कुन् ।
मेरो प्राण् कैद् देखि फर्काइ ल्याउंनु हुवस् र मं तपांइको नांउको धन्यबाद् ७
गरुं .
धर्म्मीहरुले मंलाइ घेर्कुन्
किनभन्ये तपांइले मंलाइ उत्तितो सित दिंनु हुवस् ॥ ८

दाऊद्को गीत् । १४३

हे यहुवे मेरो प्रार्थना सुन्न हुवस् मेरो दोहाई तिर आफ्ना कान् थाप्नु १
हुवस् .
आफ्नु सचेईं र आफ्नु धर्म्मीहुवाईले मंलाइ उत्तर् दिंनु हुवस् ।
अनि आफ्नु दास् मांथि फिरात् न गर्नु हुवस् २
किनभन्ये तपांइको सांमु कोई जीउधारी निर्दोषी ठहरींदैन ।
किनभन्ये सत्तुरले मेरो प्राण्लाइ सताएको कु ३
त्येस्ले मेरो जीउ भूईं सम्म मिच्येको कु .
त्येस्ले मंलाइ धेरै दिन् देखि मर्येकाहरुलाइ झैं अंध्यारा ठाउंहरुमां बस्नु
लाएको कु ।
येस्कारण् मेरो आत्मा मं भित्र मिचीयेको कु ४
मेरो मन् मं भित्र उजार् कु ।
उहिलेका दिन् सम्झंद कु ५
तपांइका मिंगै कार्जहरु मांथि ध्यान् गर्द कु .
तपांइको हातको काम् गन्द कु ।
तपांइ तिर आफ्नु हात् फिंजाउंद कु ६
आकोको देस् झैं मेरो प्राण् तपाइंको लागि तिर्खाउंद कु । सेला ।

७ हे यहुवे मंलाइ उत्तर् दिंनुलाइ छिटो गर्नु हवस् मेरो आत्मा श्रीइच्छौंद छ.
आफ्नु मुख् मं देखि न लुकाउंनु हवस्
होइनभन्ये ता मं खाड़ल्मां उत्रंने जस्तो होइ जाउंला ।
८ बिहान मंलाइ आफ्नु करुणा सुन्नु लाउंनु हवस्
किनभन्ये तपांइ मांथि भरोसा राख्द छु .
जस् मार्गमां मं हिंड्नु पर्छ त्यो मंलाइ जनाउंनु हवस्
किनभन्ये तपांइ तिर आफ्नु प्राण् उचाल्द छु ।
९ हे यहुवे मंलाइ मेरा सत्रुहरु देखि बचाउंनु हवस् .
तपांइ पांइ लुक्नुको लागि भाग्द छु ।
१० तपांइको इच्छे पूरो गर्नुलाइ मंलाइ सिकाउंनु हवस् किनभन्ये तपांइने
मेरो ईश्वर् हुंनु हुंद छ .
तपांइको आत्मा भलो छ मंलाइ समथर् देसमां अगुवाई गर्नु हवस् ।
११ हे यहुवे आफ्नु नांउको कारणले मंलाइ जियाउंनु हवस् .
आफ्नु धर्म्मीहुवाईमां मेरो प्राण् संकष्ट देखि छोड़ाउंनु हवस् ।
१२ अनि आफ्नु करुणामां मेरा सत्रुहरुलाइ धंस पार्नु हवस्
अनि मेरो प्राणलाइ कष्ट गराउंने सबैलाइ नष्ट पार्नु हवस्
किनभन्ये तपांइको दास् हुं ॥

१४४ दाऊद् रचित् ।

१ यहुवे मेरो पहरा धन्नको हो
जस्ले मेरा हातहरुलाइ लड़ाईं गर्नुलाइ
र मेरा औंलाहरुलाइ संग्राम् गर्नुलाइ सिकाउंद छ .
२ मेरो करुणा र मेरो किल्ला
मेरो अलगो धरारा र मेरो कुटकारा
मेरो ढाल् र मेरो शरणस्थान्
जस्ले मेरो प्रजालाइ मेरो ताब्रिमां पार्द छ ।
३ हे यहुवे मान्छे क्या हो र तपांइले त्येस्को समझना गर्नु हुंद छ .
कि मान्छेको सन्तान् र तपांइले त्येस्को लेखा लिंनु हुंद छ ।
४ बिनासी मान्छे खालि एक सासफेराई जस्तो छ .
त्येस्का दिन् ढलकने छाया जस्तो मांत्रै ।
५ हे यहुवे आफ्नु स्वर्गलाइ नुवाएर उत्रंनु हवस् .
पहाड्हरुलाइ छुंनु हवस् त धुवां निस्किंछ ।
६ बिजुलि फयांकनु हवस् अनि तिनिहरुलाइ छरपुट्ट पार्नु हवस्
आफ्ना कांड्हरु हांनि पठाउंनु हवस् अनि तिनलाइ धंस पार्नु हवस् ।
७ मांथि बाटो आफ्नु हात् पसार्नु हवस्
मंलाइ तानि बचाउंनु हवस् अनि धेरै पानी देखि
अं बिरांनाहरुका हात् देखि मंलाइ छोड़ाउंनु हवस्

जस्को मुखले व्यर्थ कुरा गर्दै छ ८
अनि तिनिहरुको दाहौंनो हात् झूठको दाहौंनो हात् छ ।
हे ईश्वर् तपांइको लागि ऐउटा नया गान् गाउंछु . ९
दस् तारको सितार् बजाउंदै तपांइको स्तुति गाउंछु ।
राजाहरुलाइ छुट्कारा दिने उइ हो . १०
जस्ले आफ्नु दास् दाऊद्लाइ हानि गर्ने तरवार् देखि तानि बचाउंद छ ।
भंलाइ तानि बचाउंनु हवस् अनि भंलाइ बिरानाहरुका हात् देखि ११
छोड़ाउंनु हवस्
जस्को मुखले व्यर्थ कुरा गर्दै छ
अनि तिनिहरुको दाहौंनो हात् झूठको दाहौंनो हात् छ ॥

जब हांमिहरुका छोराहरु जुवानेईमां बढेका फल्हरु जस्ता हुंछन् १२
अनि हांमिहरुकी छोरीहरु महलको लागि कुंदीका कुइंन्याटाका ढुंगाहरु
जस्ती हुंछिन्
जब हांमिहरुको ढुकुटि भरीयेका हुंछन् सब्बै रकम्का अन्न हालीदै १३
अनि हांमिहरुका भेंड़ाब्राख्राहरु हजार् र दस् हजार् बिहाउंछन्
जब हांमिहरुकी गाईहरु कम्लाउंछिन् १४
जब कोई भित्र फार्ने अनि बाइर जांने कोई हुंदैन
अनि हांमिहरुका चोक्हरुमां चिच्याई हुंदैन
धन्न ति लोग् जस्को गत् येस्तै छ . १५
अं धन्न ति लोग् जस्को ईश्वर् यहूवे छ ॥

स्तुतिको गीत् । दाऊद् रचित् । १४५

हे मेरो ईश्वर् हे महाराजा तपांइको बड़ाई गर्छु १
अनि तपांइको नांउ सदाको लागि धन्न कहंदे रहंछु ।
दिन् दिन् तपांइलाइ धन्न कहंदे रहंछु २
अनि तपांइको नांउको स्तुति सदाको लागि गर्दै रहंछु ।
यहूवे महा र स्तुतिको अति योग्य छ ३
अनि उस्को महाहुवाई अपायो छ ।
एक् पुस्ताले अर्को पुस्तालाइ तपांइको बड़ाई गर्छ ४
अनि तपांइका महाकार्यहरुको बखान् गर्छ ।
तपांइको प्रताप्को महिमित् पराक्रम्को बिषय्मां ५
र तपांइका आश्चर्य्को बिषय्मां ध्यान् गर्छु ।
अनि मान्छेहरु तपांइको डरलाग्दो काम्को शक्तिको बिषय्मां बोल्छन् ६
अनि मं तपांइको बड़ाहुवाईको बखान् गर्छु ।
तिनिहरुले तपांइको बड़ो भलाईको सम्झना उफार्छन् ७
अनि तपांइको धर्म्म बिषय्मां ऊंचो सोरले गाउंछन् ।

८ यह्वे अनुग्रह् गर्ने छ अनि दयामां भर्पूर्
रिस् गर्नुमां धीरजी र करुणामां बड़ा ।
९ यह्वे सबैको लागि भलो छ
अनि उस्का दयाहरु उस्का सबै कार्ज्ये मांथि छन् ।
१० तपांइका सबै कार्ज्येहरुले तपांइको धन्नबाद् गर्छन्
अनि तपांइका सबै भक्तिहरुले तपाइंलाइ धन्न कहंने गर्छन् ।
११ तिनिहरुले तपांइको राज्को महिमाको चर्चा गर्छन्
अनि तपांइको पराक्रम्को बिषय्मां बोल्छन्
१२ उस्का महाकार्ज्येहरु मान्छेको सन्तान्हरुलाइ
र उस्को राज्को पराक्रम्को महिमा प्रगटो गर्नुलाइ ।
१३ तपांइको चइं राज् जुग्न्जुग्को राज् छ
अनि तपांइको प्रभुतेईं सब्बै पुस्ता सम्म ।
१४ यह्वेले सबै लड्नेहरुलाइ सम्भाल्द छ
अनि सबै नुह्येकाहरुलाइ उभ्याउंद छ ।
१५ सबैका आंखाले तपांइको बाटो हेर्द छन्
अनि तपांइले तिनिहरुलाइ ठीक् बेलामां आहारा दिंनु हुंद छ ।
१६ तपांइले आफ्नु मुठि खोल्येकोले
सबै जीउधारीहरुको इच्छे तृप्त गराउंनु हुंद छ ।
१७ यह्वे आफ्ना सब्बै बाटामां धर्म्मी छ
अनि आफ्ना सबै कार्ज्येहरुमां अनुग्रह् गर्ने छ ।
१८ उस्लाइ हापार्ने सबैहरुको नजिक् यह्वे छ
उस्लाइ सच्चेईं सित हापार्ने सबैको ।
१९ उस्को भय् मान्नेहरुको इच्छे उस्ले पूरो गराउंछ
तिनिहरुको दोहाई पनि सुन्येर तिनलाइ उद्धार् दिंछ ।
२० यह्वेले उ सङ प्रेम् गर्नेहरु सबैको रक्षे गर्छ
तर सबै दुष्टहरुलाइ उस्ले नास् पार्छ ।
२१ मेरो मुख्ले यह्वेको स्तुतिको बखान् गर्छ
अनि सबै जीउधारीले उस्को पवित्र नाउंलाइ सदाको लागि धन्न कहोस् ॥

१४६ १ याह्को स्तुति गर[1]
हे मेरो प्राण् यह्वेको स्तुति गर् ।
२ जैले सम्म जीइ रहंछु तैले सम्म यह्वेको स्तुति गर्दै रहंछु
जैले सम्म बनीइ रहंछु तैंले सम्म आफ्नु ईश्वर्का स्तुतिहरु गाउंदै रहंछु ।
३ मालिक्हरु मांथि भरोसा न राख्
न मान्छेको सन्तान् मांथि जस्मां गाहार् छैन ।

[1] इब्रानीमां हललूयाह् ।

त्येको सास् निस्कंद छ त्यो आफ्नु मांटोमां फर्कंद छ ४
त्येसै दिनमां त्येका जुक्तिहरु नष्ट हुंद छन् ।
धन्य त्यो मान्छे जस्को गोहार् याकुब्को ईश्वर् देखि हुंद छ ५
जस्को आखा आफ्नु ईश्वर् यहुवे मांथि छ .
जस् ईश्वर्ले स्वर्ग र पृथिवी ६
समुद्र र तिनमां भयेका सबै थोक् सिर्ज्यो
जस्ले सच्चैइँ सधैं सम्म राख्द छ .
जस्ले नियाकर्म्म सिचीयेकाहरुको लागि गर्द छ ७
जस्ले भोकाहरुको लागि भोजन् दिंद छ .
यहुवेचइंले बन्धुवाहरुलाइ फुकाउंद छ
यहुवेचइंले अंधाहरुका आंखा खोल्द छ ८
यहुवेचइंले नुह्नेकाहरुलाइ उभ्याउंद छ ।
यहुवेचइंले धर्म्मीहरु सङ प्रेम् राख्द छ
यहुवेचइंले परदेसीहरुको रक्षे गर्द छ ९
उस्ले टुहुरादुहुरी र बिधुवीलाइ सम्हाल्द छ
तर उस्ले दुष्टहरुको चइं बाटो उल्टाउंद छ ।
यहुवेले सधैं सर्वदै राज् गर्दै रहंछ १०
हे सिय्योन् तेरो ईश्वर्ले सब्बै पुस्ता सम्म ।
याहको स्तुति गर[1] ॥

याहको स्तुति गर[1] १४७ १
किनभन्ये हांमिहरुको ईश्वर्को स्तुति गर्नु भलो छ
किनभन्ये मनपर्दो छ अनि स्तुति गर्नु सुवाउंद छ ।
यहुवेले यरूशलेम् बनाउंद छ २
उस्ले इस्राएलका छरपुष्ट भयेकाहरुलाइ भेला गराउंद छ ।
मन् भांचीयेकाहरुलाइ उस्ले निको पार्द छ ३
अनि तिनिहरुका घायलहरुलाइ पट्टी बांधि दिंद छ ।
उस्ले ताराहरुको गन्ति गर्द छ ४
उस्ले ति सबैलाइ नांउ नांउ दिंद छ ।
हांम्रो प्रभु महा छ अनि सामर्थमां बल्लियो ५
उस्को बुद्धि अपार् छ ।
यहुवेले नरमहरुलाइ सम्हाल्द छ . ६
उस्ले दुष्टहरुलाइ भूंइ सम्म खसाल्द छ ।
धन्यवाद् गर्दै यहुवेको गीत् गाव ७
वीणा बजाइकन हांम्रो ईश्वर्को भजन् गाव .

[1] इब्रानीमां हल्लूयाह् ।

८ जस्ले आकाश् बादल्ले छोप्द छ
जस्ले पृथिवीको लागि झरि तियार् पार्द छ
जस्ले घांस् पहाड् हुंदो उमार्द छ ।
९ उस्ले पशुलाइ आहारा दिंद छ
अनि कराउंने कागका बचराहरुलाइ ।
१० उस्लाइ घोड़ाको बल्मां मन् पर्दैन .
मान्छेका खुट्टामां उ खुशि हुंदैन ।
११ यहूवे उस्का भय् मान्नेहरुमां खुशि हुंद छ
उस्को करुणा मांथि आशा गर्नेहरुमां ।
१२ हे यरुशलेम् यहूवेको स्तुति गर्
हे सिय्योन् आफ्नु ईश्वर्को स्तुति गर् ।
१३ किनभन्ये उस्ले तेरा ढोकाहरुका आगलाहरु बल्लियो पार्येको छ
तं भित्र तेरा छोराछोरीहरुलाइ उस्ले आशीष् दियेको छ ।
१४ उस्ले तेरा सिमाना भित्र मिलाप् गराउंद छ
उस्ले तंलाइ अस्सल् अस्सल् गहूंले तृप्त गराउंद छ ।
१५ उस्ले आफ्नु आज्ञा पृथिवीमां पठाउंद छ
उस्को बचन् अरघोर् छिट्टोगरि दुगुर्द छ ।
१६ उस्ले हिंउ ऊण् झैं दिंद छ
उस्ले टुषारो खरांनि झैं फिंजाउंद छ ।
१७ उस्ले आफ्नु बर्फ् टुक्रा झैं झार्द छ .
जस्को जाड़ोको सांमु को उभीनु सक्छ ।
१८ उस्ले आफ्नु बचन् पठायेर तिनलाइ बिलाउंद छ .
उस्ले आफ्नु बताष् बहाउंद छ त पानी बहंद छन् ।
१९ उस्ले आफ्नु बचन् याकूबलाइ
आफ्ना बिधिहरु र नियाबचनहरु इस्राएल्लाइ देखाउंद छ ।
२० उस्ले अरु कसै लोग् सित येस्तो बेहोरा गर्येको छैन .
अनि उस्का नियाबचनहरुको बिषयमां तिनिहरुले ति जान्येका छैनन् ।
याहूको स्तुति गर[1] ॥ ✓

१४८ १ याहूको स्तुति गर[1] ।
स्वर्ग देखि यहूवेको स्तुति गर .
अलगा अलगामां उस्को स्तुति गर ।
२ हे उस्का सबै दूतहरु हो उस्को स्तुति गर .
हे उस्का सिंगै सेना हो उस्को स्तुति गर ।
३ हे सूर्ज र चन्द्र हो उस्को स्तुति गर .
हे ज्योतिका सबै तारहरु हो उस्को स्तुति गर ।

[1] हब्रानीमां हलेलूयाह् ।

हे स्वर्गका स्वर्गहरु ४
र स्वर्ग मांथिका पानीहरु हो उस्को स्तुति गर ।
तिनिहरुले यहूवेको नांउको स्तुति गरुन् ।
किनभन्ये उसैले आज्ञा गर्‍यो त ति सिर्जीये ।
उस्ले तिनिहरुलाइ जुगजुगको लागि स्थिर पनि गर्‍येको छ । ६
उस्ले टलि न जान्ये येउटा विधि बनायेको छ ।
हे अजोडरहरु र सब्बै गहीरा गहीराहरु हो ७
पृथिवी देखि यहूवेको स्तुति गर ।
हे आगो र असीना हिंउ र कुइरो ८
उस्को बचन माने आंधीबतास हो ।
हे पहाडहरु र सबै डांडाहरु ९
फलन्त रुखहरु र सबै देवदारुहरु हो ।
हे पशुहरु र सबै बस्तुहरु १०
र गि हिंडने जन्तुहरु र उडने पंछीहरु ।
हे पृथिवीका राजाहरु र सबै लोग् लोगहरु ११
मालिकहरु र पृथिवीका सबै बिचारीहरु हो ।
हे केटाहरु र केटीहरु दुवै १२
बूढाहरु र बालखहरु ।
तिमिहरु सब्बैले यहूवेको नांउको स्तुति गर १३
किनभन्ये खालि उसैको नांउ मांत्रै अलग्याईयेको छ
उसैको महिमा पृथिवी र स्वर्ग मांथि छ ।
अनि उस्ले आफ्ना लोगको सींग् अलग्यायेको छ १४
उस्का सबै भक्तिहरुको
अं उस्को छेउको इस्राएलबंशी लोगको स्तुति ।
याहूको स्तुति गर[1] ॥

याहूको स्तुति गर[1] १४९ १
यहूवेको लागि येउटा नया गान् गाव
अनि भक्तिहरुको सभामां उस्को स्तुति गाव ।
इस्राएल् आफ्नु कर्त्ताको कारणले रमाउस् । २
सिय्योनका बासीहरुले आफ्नु राजाको कारणले आनन्द गरुन् ।
नाचदै नाचदै उस्को नांउको स्तुति गरुन् ३
मृदङ्ग र बीणा बजाउंदै उस्को भजन् गाउन् ।
किनभन्ये यहूवे आफ्नु प्रजा देखि खुशि हुंदछ । ४
उस्ले नम्रहरुलाइ उद्धारको जयले सिंगार्छ ।

[1] हब्रानीमा हल्लूयाह् ।

५ भक्तिहरुले महिमाको कारणले बढाई गरुन्
आफ्ना श्रोत्रान्हरुमां ऊंचो सोरले गाउन् ।
६ तिनिहरुका गलामां ईश्वरका अलगा स्तुतिहरु होउन्
अनि तिनिहरुका हातमां दुइधारे तरवार्
७ अन्यदेशीहरु देखि साटो लिंनुलाइ
अनि लोग् लोग् मांथि चेतन्ने दिंनुलाइ
८ तिनिहरुका राजाहरुलाइ भिंजोरीले
अनि तिनिहरुका भारादार्हरुलाइ फलम्का सांग्लाले बांध्नुलाइ
९ लेख्येको नियादण्ड तिनिहरु मांथि दिंनुलाइ .
उस्का सबै भक्तिहरुको यो मान् छ ।
याहको स्तुति गर[१] ॥

१५० १ याहको स्तुति गर[१]
उस्को पवित्र स्थान्मां ईश्वरको स्तुति गर .
उस्को पराक्रमको आकाशमण्डलमां उस्को स्तुति गर ।
२ उस्का महाकार्य्यहरुको कारणले उस्को स्तुति गर .
उस्को अघोर् बढाहुवाई अनुसार् उस्को स्तुति गर ।
३ नरसींगा फुक्दै उस्को स्तुति गर .
सितार् र बीणा बजाउंदै उस्को स्तुति गर ।
४ मृदङ्ग बजाउंदै र नाच्दै उस्को स्तुति गर .
तारबाजा र बांसुली बजाउंदै उस्को स्तुति गर ।
५ मारो सारो बज्ने झयम्टाहरु बजाउंदै उस्को स्तुति गर .
चर्को सोरले बज्ने झयाम्टा बजाउंदै उस्को स्तुति गर ।
६ सास् फेर्ने जत्तिचइंले याहको स्तुति गरुन् ।
याहको स्तुति गर[१] ॥

[१] इब्रानीमां हल्लूयाह् ।

उखान्को पोस्तक्।

दाऊद्को छोरो इस्राएल्को राजा सुलैमान्का उखान्हरु . १ १
बुद्धि र शिक्षा जान्नुलाइ २
बूझ्का कुरा बूझ्नुलाइ
बुद्धिको काम् गर्नुमां शिक्षा पाउंनुलाइ ३
धर्म्मीहुवाई निया र सोजेइं गर्नुमां
लाटालाइ चतुरेइं दिंनुलाइ ४
अनि तन्हेरिलाइ ज्ञान् र विवेक् .
र बुद्धिमान्ले सुनिकन आफ्नु विद्या बढावस् ५
अनि बूझकी बुद्धिका जुक्तिहरु सम्म पुगोस् .
र तिनिहरुले उखान् र कहंनि बूझुन् ६
बुद्धिमान्हरुका बचन् र तिनिहरुका अड्काहरु ।

यहूवेको भयमनाई ज्ञानको थाल्नि हो . ७
मूर्खले बुद्धि र शिक्षालाइ तुच्छ जान्द छ ।
ए मेरो छोरा आफ्नु बाबुको शिक्षा सुन् ८
अनि आफ्नी आंमाको अर्थी न त्याग्
किनभन्ये ति तेरो सिर्को लागि शोभाको मुकुट् ९
र तेरो गलाको लागि सिक्रि हुंछन् ।
ए मेरो छोरा पापीहरुले तंलाइ फकाये भन्ये १०
तिनिहरुका कुरा न मान् ।
तिनिहरुले भन्ये हांमिहरु सङ हिंड् ११
घात् गर्नुको लागि हांमिहरु लुकि बसूं
हांमिहरु अकारण् निर्दोषीको लागि लुकाईमां बसूं
हांमिहरु तिनिहरुलाइ पत्तालले झैं जीउंदै १२
अनि खाड्लमां पर्नेलाइ झैं तिनिहरुलाइ सिंगै निलूंला
हांमिहरु सब् अमोल् धन् पाउंकौं १३
हांमिहरु आफ्ना घरहरु लूटले भर्कौं
त तं पनि हांमिहरुको साझ हो १४
हांमिहरु सबैको थेउटै थैलो हुवस् भनि तिनिहरुले थेसो भन्ये भन्ये देखि
ए मेरो छोरा त्येस् बाटोमां तिनिहरु सङ न हिंड् १५
अं तिनका कदम्मां पाइलै पनि न हाल् .

१६ किनभन्ये तिनिहरुका गोड़ा बुराईनै गर्नुको लागि दुगुर्इ कुन्
अनि रगत् बगाउंनुको लागि फुर्ति गर्इ कुन् ।
१७ जाल् व्यर्थ फिंजाईयो
कोई पंषीले देखनेगरि
१८ अनि तिनिहरुचइं आफ्ने प्राण् हराउंनुको लागि ढुकुद कुन्
आफ्ने प्राण् घात् गर्नुको लागि ढुकाई गर्इ कुन् ।
१९ नाफा खोज्ने लालचीहरु सबैको चाल् येस्तै कु
त्येस्ले त्येका धनीहरुको प्राण् लिहाल्द कु ।

२० सटकमां बुद्धि कराउंद कु
चोक् चोकमां प्रचार् गर्इ कु
२१ त्यो बजारको सिरान् सिरान् देखि कराउंद कु
ठोकाहरुको पछे बाटामां
सहर् भित्र पनि यि कुरा भन्द कु .
२२ हे लाटाहरु हो तिमिहरुले कैले सम्म लाटेइं सित पिर्ति राख्कौ
अनि निन्दा गर्नु निन्दकहरुलाइ मन् पर्कु
अनि मूर्खहरुले ज्ञान् देखि दुश्मनेइं राख्कुन् .
२३ मेरो हकाराई सुनिकन फिर .
हेर मं आफ्नु आत्मा तिमिहरुको लागि खन्याइ दिंकु
मं तिमिहरुलाइ आफ्नु बचन् जनाउंकु ।
२४ मैंले हापार्यें तर तिमिहरुले मान्योन
मैंले हात् पसार्यें तर कसैले ध्यान् दियेन
२५ अं तिमिहरुले मेरा सबै सल्लाह् तुच्छ जान्यो
अनि मेरो हकाराई तिर तिमिहरुले मन् लगायोन .
२६ येस्कारण् मं पनि तिमिहरुको बिपत्तिको बेलामां हांसकु
अनि जब तिमिहरु मांथि डर् आइ लाग्ला तब मं ठट्टा गर्कु
२७ जब तिमिहरु मांथि डर् उजार्ने आंधी झैं आइ लाग्ला
अनि तिमिहरुको बिपत्ति बेहेरीआंधी झैं आइ लाग्ला
तिमिहरु मांथि दुक्ख र सकस् आइ लाग्ने बेलामां ।
२८ त्येस् बेला तिनिहरुले मंलाइ हापार्कुन् तर मं उत्तर् दिन्न
तिनिहरुले मंलाइ जतन् सित ढुंढ्लकुन् तर मंलाइ पाउंदैनन् .
२९ किनभन्ये तिनिहरुले ज्ञान् देखि दुश्मनी गर्ये
अनि यहुवेको भय् मान्नुलाइ छान्येनन् .
३० तिनिहरुको मन् मेरो सल्लाह् तिर लाग्येन
अं तिनिहरुले मेरो सबै हकाराईको निन्दा गर्ये .
३१ येस्कारण् तिनिहरुले आफ्ने करनीको फल् आफै खांकुन्
अनि आफ्ना जुक्तिहरुले भराईंकुन् ।

किनभन्ये लाटाहरु सुवाटो देखि फर्कि गयेको कारणले मांगौंकन् ३२
अनि मूर्खहरु निश्चिन्त रह्योको कारणले नष्ट हुंकन् ।
तर मेरा कुरा सुन्ने सबै निडर् सङ बसि रहंकन्
अनि बिना बुराईको डर् चैन् सित रहंकन् ॥ ८

ए मेरो छोरा तैंले मेरो बचन् मानिस् २ १
अनि मेरा आज्ञाहरु आफ्नु हिर्दयमां राखि छोड़िस्
अनि बुद्धिका कुरा ध्यान् दिकन सुनिस् २
अनि बूझ्का कुरा मन् लगाइकन गुनिस्
अं चंखेडैंको लागि कराइस् ३
अनि बूझ्को लागि हपारिस्
चांदी झैं ति खोजिस् ४
अनि गुप्त धन् झैं ति ढुंढ़लिस् भन्ये देखि
त तैंले यहवेको भयमनाई बूझ्कुस् ५
अनि ईश्वरको ज्ञान् पाउंकुस् ।
किनभन्ये यहवेलेनै बुद्धि दिंद छ ६
उस्कै मुख् देखिनै ज्ञान् र बूझ् निकलंद छन् .
उस्ले सोझा मान्छेहरुको लागि अस्सल् बुद्धि राखि छोड़द छ ७
पवित्रेहैं सित हिंड़नेहरुको लागि उ ढालै छ
यसोरि उस्ले नियाका बाटाको रक्षे गर्द छ ८
अनि आफ्ना भक्तहरुको बाटो बचाउंद छ ।
यसैगरि तैंले धर्म्म र निया ९
र सोजेहैं अं सबै जाति चाल् बूझ्नु सक्कुस् ।
कसोगरिभन्ये बुद्धि तेरो मनमां पस्छ १०
अनि ज्ञान् तंलाइ मन् पर्छ
विवेकले तंलाइ गड्छ ११
बूझ्ले तेरो रक्षे गर्छ .
तंलाइ बुराईको बाटो देखि १२
र बाङ्गाटेढ़ा कुरा गर्ने मान्छेहरु देखि बचाउंनुलाइ
जो जो सोजेहैंका बाटा छोड़ि १३
अंध्यारोका बाटामां हिंड़द छन्
जो जो बुराईगराई देखि खुशि १४
र दुष्टहरुका बाङ्गाटेढ़ा कुरा देखि रमाउंद छन्
दुनहरुको चलन् खोटो १५
र चाल् बिग्रेयेको छ .
तंलाइ पराय्स्त्री देखि बचाउंनुलाइ १६
अं निम्नाचाम्ना कुरा गर्ने बिरांनु आइमाइ देखि

१७ जस्ले आफ्नु जोभान्को प्रियसाइ क्रोड़ि दिंद छे
अनि आफ्नु ईश्वर्को सांसु बांधेको बाचा बिसँद छे .
१८ कसोगरिभन्ये त्येस्को घर् काल् तिर फर्क्योको छ
अनि त्येस्का फड्काहरु मंत्येकाहरु तिर .
१९ त्येस्कां जान्येहरुमांको कोई पनि फर्कदैन
अनि न तिनिहरुले जीवन्का बाटामां पुगनु पाउंद छन् .
२० तं भलाद्मीहरुको बाटोमां हिंड्नु
अनि धर्म्मीहरुका मार्गमां लाग्नुलाइ ।
२१ किनभन्ये सोजाहरु देस्मां बस्छन्
अनि सिद्धहरु त्येस्मां रहंछन् ।
२२ तर दुष्टहरु देस् देखि नष्ट हुंछन्
अनि छल् गर्नेहरु त्येस् देखि उखेलीछन् ॥

३ १ ए मेरो छोरा मेरो अर्थी न बिर्सि
तर तेरो हिर्दय्ले मेरा आज्ञाहरु मानोस् .
२ किनभन्ये दीर्घायुको बढ्ति र धेरै दिन्
र कुशल् तिनिहरुले तंलाइ बढ़ाइ दिन्छन् ।
३ करुणा र भलाई तं देखि अलग् न होउन् .
ति आफ्नु गलाको हार् बना ।
अनि आफ्नु हिर्दय्को पाटीमां लेख् .
४ येसोरि तैंले अनुग्रह् र भलो बुद्धि पाउंछस्
ईश्वर् र माम्छेको मुखैंजि ।
५ आफ्नु पूरो मन्ले ईश्वर् मांथि भरोसा राख्
अनि आफ्नै बूझ्मां अड़ेस् न लाग् ।
६ उसैलाइ सम्झिकन सबै काम् गर्
तब उसैले तेरा बाटा समथर् पारि दिंछ ।
७ आफ्नु लेखिमां बुद्धिमान् न हो
यहुवेको भय् मान् अनि बुराई देखि अलग् रह् .
८ येसो गर्योकोले तेरो नाभी भला चङ्गा
र तेरा हाड्हरु पुष्ट रहंछन् ।
९ आफ्नु धनसम्पत्तिले यहुवेको मान् गर्नु
अनि आफ्नु सबै बढ्तीको अगौटेफलले
१० येसोरि तेरा कुकुटि भरिपूर्ण रहंछन्
अनि तेरा रसकुण्डहरु देखि नया दाखरस् उम्लि रहंछन् ।

११ ए मेरो छोरा यहुवेको शिक्षाको निन्दा न गर्
अनि उस्ले हकार्दा थकित् न हो .

किनभन्ये यहवेले जो सङ प्रेम् गर्द छ त्येखाइ हकार्द छ १२
जसोगरि बाखुले जुन् कोरालाइ मन् पर्द छ त्येखाइ दण्ड दिंद छ ।
धन्न त्यो जस्ले बुद्धि पाउंद छ १३
अनि जस्ले बूझ् मेटाउंद छ ।
किनभन्ये बुद्धिको प्राप्ति चांदीको प्राप्ति भन्दा तुलो छ १४
अनि त्येको नाफा निखरा सुन्को नाफा भन्दा जाति ।
त्यो मूंगामोति भन्दा बेसि मोल्को छ . १५
अनि जत्ति थोक्को तं लालसा गर्ई कुस् तिनमांको केइ पनि त्येको
बराबर् ठहर्दैन ।
बुद्धिको दाहींनो हातमां दीर्घायु १६
त्येको बांउ हातमां धन् र महिमा छन् ।
त्येका बाटा मनपर्दा १७
अनि त्येका सबै मार्ग कुशलका छन् ।
बुद्धि लिंनेहरुको लागि त्यो जीवनको वृक्ष बनींछ . १८
अनि त्यो समात्नेहरु धन्य हुन् ।
यहवेले पृथिवीको जग् बुद्धिले बसाल्यो १९
अनि स्वर्ग बूझेको बाटोले स्थिर् गरि बनायो ।
गहीरो समुन्द्रको मूल् फुटि निस्क्येको २०
र आकाश् देखि झर्ने शीत् उसैको ज्ञानको फल् हो ।

ए मेरो छोरा यि तेरा आंखा देखि टाढ़ो न जाउन् २१
अस्खल बुद्धि र विवेकको रक्षा गर्
त यि देखि तेंले जीउंनि पाउंछस् २२
अनि यि तेरो गलाका सिक्रि बनींछन् ।
तब तं आफ्नु बाटोमां निडर् सङ हिंड्छस् २३
अनि तेरा पाउमां ठेस् लाग्दैनन् ।
जब तं ढल्कंछस् तब तंलाइ डर् लाग्दैन . २४
अं ढल्कंदा तंलाइ मीठो नींद् आउंछ ।
एकासि आइ लाग्ने भय् देखि न डरा २५
अनि न दुष्टहरुको आइलाग्ने आंधी देखि .
किनभन्ये यहवेनै तेरो आखा हुंछ २६
अनि उस्ले तेरा पाउ (पासोमां) पर्नु देखि बचाउंछ ।
जस्को लागि भलाई गर्नु खांचो छ त्येस् देखि भलाई गर्नु देखि न फुनौंनु २७
जब तेरो भलाई गर्ने शक्ति छ ।
तेरो छिमेकिलाइ न भन् जा फेरि आउंनु २८
भोलि मं तंलाइ दिंछु
तेरां केइ छ भन्ये देखि ।

२९ तेरो चित्तसेकिको विरुद्धमां नजाति जुक्ति न बांध्
जब त्यो तं सङ निडर् रह्नेको छ ।
३० जस्ले तं सित नजाति बेहोरा गर्येको छैन
त्यो सित बिना कारणमां झगरा न उठाउनु ।
३१ उपद्रे मान्छे देखि डाहा न गर्नु
न त्येस्का चाल् छाड्न ।
३२ किनभन्ये टेढ़ो मान्छे देखि यहुवेले घिन् गर्दै छ .
तर उस्ले आफ्नु भेद् सोजाहरु मांथि खोल्द छ ।
३३ दुष्टको घरमां यहुवेको स्राप् पर्दै छ
तर धर्म्मीहरुको बास्स्थानलाइ उस्ले आशीष् दिंद छ ।
३४ उस्ले निस्से निन्दकहरुको निन्दा गर्दै छ
तर दीनहरु मांथि उस्ले दया गर्दै छ ।
३५ बुद्धिमानहरुले आफ्नु भागमां महिमा पाउंछन्
तर मूर्खहरुको बढ़ती अपमानैको हुंछ ॥ ✓

४ १ हे मेरा छोराहरु हो बाबुको अर्थी सुन
अनि बूझ् प्राप्त गर्नुमां मन् लगाव .
२ किनभन्ये मं तिमिहरुलाइ अस्सल् विद्या दिंद छु
मेरो अर्थी न छोड़ ।
३ किनभन्ये मं पनि आफ्नु बाबुको छोरो थियें
कलीलो अनि आफ्नी आंमाको लाड़ै नानी ।
४ त मेरो बाबुले मलाइ येसो भन्दै सिकाउंद थियो
तेरो मन् मेरा बचन् तिर लागि रहोस्
मेरा आज्ञाहरु मान्येर जीइ रह् .
५ बुद्धि प्राप्त गर् बूझ् पनि प्राप्त गर्
ति न बिर्सि न मेरो मुखका कुरा त्याग् .
६ बुद्धि न त्याग् त त्येस्ले तेरो रक्षे गर्छ
त्यो सित प्रीति राख् त त्येस्ले तेरो रक्षे गर्छ ।
७ बुद्धिको थालनि भन्येको बुद्धि प्राप्त गर्नु हो
जति प्राप्त गर्नु सकद छस् त्येति गर् तर बूझ् चइं प्राप्त गर् ।
८ त्येस्को बड़ाई गर् त त्येस्ले तेरो बड़ाई गर्छ .
जब तं त्यो सित बेहेरीछस् तब त्येस्ले तेरो महिमा गर्छ ।
९ त्येस्ले तेरो सिरमां शोभाको गहना लगाइ दिंछ .
अं संलाइ महिमाको मुकुट् दिंछ । ✓

१० ए मेरो छोरा मेरा बाकोहरु सुनिकन ग्रहण गर्
त तेरो जीवन् धेरै बर्ष समम रहंछ ।

मैले तंलाइ बुद्धिको बाटोमां सिकायेको छु ११
अनि सोजेईंका मार्गमां तंलाइ डोऱ्यायेको छु ।
तं हिंडूदा हिंडूदा तंलाइ केकुयुन् न हवस् १२
अनि तं दुगुर्दा दुगुर्दा तंलाइ टक्कर् न लागोस् ।
अर्थी समाति राख् त्येस्लाइ क्रोड़ि न दे . १३
त्येस्लाइ जीउंनि(को मूल्) जानि त्येस्लाइ गुनि राख् ।
दुष्टहरुको बाटोमां न पस् १४
अनि न बुराहरुको मार्गमां हिंड् ।
त्येस्लाइ क्रोड़ि दे त्येस्को केउ बाटो पनि न हिंड् १५
त्येस्को केउ देखि फर्कर अघि जा ।
किनभन्ये दुष्टहरु बुराई न गरि सुत्दै सुत्दैनन् १६
अनि तिनिहरुले कसैलाइ ठोकर् न खुवाउंज्याल् सम्म तिनिहरुलाइ
नींदै पनि आउंदैन ।
किनभन्ये तिनिहरुले दुष्टईंको रोटी खांद छन् १७
अनि उपद्रेईंको दाखमद्य पीउंद छन् ।
तर धर्म्मीहरुको चाल् त्येस् चम्कंने ज्योति जस्तो छ १८
जस्को चमक् दोप्पहरि सम्म बेसि बेसि बढ्दै रहंद छ ।
दुष्टहरुको मार्ग अंध्यारोनै छ १९
ठोकर् खाइकन पनि कोमां ठोकर् खांद हौं भनि जान्दैनन् ।

ए मेरो छोरा मेरो बचन् ध्यान् सित सुन् २०
अनि आफ्ना कान् मेरा कुरा तिर लगा ।
यि तेरा आंखा देखि जांनु न दे २१
तर आफ्नु मनैमां लि राख् ।
किनभन्ये जसजस्ले ति पाउंद छन् तिनिहरुको जीउंने २२
अनि तिनिहरुको सिंगै जीउ भलाचङ्गा रहंने कारण हुंछन् ।
सबै भन्दा बेसि आफ्नु मनको रक्षे गर् २३
किनभन्ये जीउंनिको मूल् त्येसै देखि निस्कंद छन् ।
बाङ्गा कुरा गर्ने मुख् तं देखि अलग् राख् २४
अनि फेर्फार्का कुरा गर्ने ओंठ् तं देखि टाढ़ो राख् ।
तेरा आंखाले सांमुइ तिर मात्रै हेरुन् २५
अनि तेरा पलक् अघिल्तिर खोलीइ रहुन् ।
आफ्ना पाउले टेक्ने बाटो समझ्या २६
त तेरा सबै मार्ग ठीक् पारींछन् ।
न दाहींनो तिर फर्कि न बांउ २७
आफ्नु गोड़ा बुराई देखि हुटा ॥

५१ ए मेरो छोरा मेरो बुद्धि ध्यान् दिइकन सुन्
मेरो चेतन्ने तिर कान् लगा .
२ र तंलाइ बिबेक् हवस्
अनि तेरा ओंठ्हरुले ज्ञान् समाति राखुन् ।
३ किनभन्ये पराय्स्त्रीका ओंठ्हरु देखि मह चुहुंद छ
अनि त्येस्को कुरा तेल् भन्दा चिप्लो छ .
४ तर त्येस्को अन्तसमय् ऐरेलू जस्तो तीतो
दुइधारे तरवार् जस्तो लाग्ने ।
५ त्येस्का पाउ काल् तिर उत्रंद छन्
अनि त्येस्का फड्का पत्ताल् तिर पर्दै छन्
६ येस्कारण् त्येस्ले जीवन्को समथर् बाटो पाउंदैन .
त्येस्का बाटा चंचल् छन् रपनि त्येस्लाइ त्येस्को थाहा छैन ।
७ त अब हे मेरा छोराहरु हो मेरो सुन
अनि मेरा कुरा मान्दै रहंनु देखि हिंड़ि न जाव ।
८ त्येस्तो आइमाइ देखि आफ्नु बाटो टाढ़ो राख्
अनि न त्येस्को दैलोठेलोको छेउ जा .
९ होइनभन्ये ता तैंले आफ्नु यश् अर्कोको हात्मां
अनि आफ्नु जीवन् निष्ठुरको हात्मां पारि देलास् .
१० अनि बिरांनुहरुले तेरो कमाईले आफ्नु पेट् भर्नन्
अनि बाइरको मान्छेले तेरो दास्तीको फल् आफ्नु घर्मां राख्ला
११ अनि तं आफ्नु अन्तसमय्मां
अर्थात् जब तेरो शरीर् र जीउ क्षीण् होइ जाला तब येसो भन्दे हाए
मांर्नु लाग्लास्
१२ हाय् मैंले अर्थी देखि किन इब्रि राख्येकु
अनि मेरो मन्ले हकराईको निन्दा किन गर्येकु
१३ अनि मैंले आफ्ना गुरुहरुका कुरा किन मानीन कु
अनि मंलाइ सिकाउंनेहरु तिर कान् किन लगाईन कु ।
१४ हाय् मं झन्दै सबै रकम्को दुष्टैमां परि गयेको रांक्
सभा र मंडलीको बीच्मां ।
१५ तैंले आफ्ने कुण्ड देखि
अनि आफ्ने कुवा देखि जरुवापानी खांन्ये गर्
१६ को तेरा मूलका पानीहरु बाटो हुंदो
र तेरो पानीको धारा चोक् हुंदो बहुन् ।
१७ तं एक्लैले त्येस्को सुखभोग् गर्
अनि पराय् तं सङ त्येस्मां भागी न होउन् ।
१८ तेरो मूल धन्को हवस्
अनि आफ्नु जोभान्की स्वास्नी सङ खुशि रह् ।

त्यो प्रिया हरिणी कि राम्री मुडुली मिर्ग जस्ती १९
तं त्येसैका पुनहरु देखि सदा सन्तुष्ट रह्
अनि नित्ये त्येसैको प्रेमले मोहित् रह् ।
ए मेरो क्रोरा तं परायस्त्री देखि किन मोहित् हुंछस् २०
अनि बिरांनीलाइ किन क्रातीमां टांसछस् ।
किनभन्ये मान्छेका बाटाहरु यहवेको दृष्टिमां छन् २१
अनि उस्ले त्येस्का सब्बै चाल् चलनको बिचार् गर्द छ ।
दुष्ट मान्छे आफ्नै अधर्म्मका कर्म्महरुले फांसीछ २२
अनि आफ्नै पापका बन्धनले बांधीइ रहंछ ।
त्यो अर्थी बिना मंछ २३
अनि आफ्नु दुलो मूर्खहैंको कारणले तर्कि जांछ ॥

ए मेरो क्रोरा तं आफ्नु छिमेकिको जमानी भयेको छस् ६ १
कि बिरांनुको हातमां हात् मान्येको छस् भन्ये देखि
त तं आफ्नै मुखका बचनहरुले फांसीयेको छस् २
अनि आफ्नै मुखका बचनहरुले बांधीयेको छस् ।
त ए मेरो क्रोरा येसो गरि कुट्ने गर् ३
तं आफ्नु छिमेकिको हातमां पर्येको छस् भन्ये देखि
गयेर हतार् गर्येर त्येस्लाइ मना ।
तेरा आंखामां नौंद् न दे ४
न आफ्ना पलकमां झमक् आउंनु दे ।
हरिणीले शिकारीको हात् देखि झैं कुट्ने फिक्रि गर् ५
कि चराले चरामार्नेको हात् देखि झैं ।

ए अल्छे तं कमीला थांइ जा ६
त्येस्का काम् गर्न्येर बुद्धिमान् हो .
त्येस्को न ता बिचारी हुंद छ ७
अनि न मालिक् न प्रभुतेइं गर्ने
रपनि त्येस्ले मृत्युमां आफ्ना आहाराको सोंच् गर्द छ ८
अनि कटनीको बेलामां आफ्नु खांने थोक् बटुल्द छ ।
ए अल्छे तं कैले सम्म सुति रहंछस् ९
तेरो नौंद् देखि कैले उठ्छस् ।
अरु अलिक् सुतनु अरु अलिक् अंगालु १०
पल्टौंनुको लागि क्रातीमां हात् अरु अलिक् राख्नु .
येसोरि तेरो कंगालेइं बटौरे झैं ११
अनि तेरो अघुग्ये हतियार् भिर्ने झैं आइ लाग्छ ।
जो बिकामे छ जो फक्कड् छ १२
त्येसे बाङ्गाटेढा कुरा गरि हिंड्द छ

१३ त्येस्ले आंखा चिम्चिमाउंद छ अनि गोड़ाले चाल् गर्द छ
अनि आफ्ना औंलाले सान् गर्द छ
१४ त्येस्को मन्मां बाङ्गाटेढ़ा कुराहरु रहंद छन् त्येस्ले नित्ये बुराईकोनै जुक्ति गर्द छ
अनि झगरा निकाल्द छ ।
१५ येस्कारण् त्येस्को विपत्ति त्येस् मांथि एक्कासि आइ लाग्छ
त्यो पलभरिमां येस्तोगरि नष्ट होइ जांछ बचाउंने कोइ उपाय् रहंदैन ।
१६ छ कुरा देखि यहवेले इन्द्रि राख्द छ
अं सात् कुन् जुन्हरु देखि उस्ले घिनाउंद छ .
१७ अहंकारी आंखा झूठ् बोल्ने जिब्रो
र निर्दोषको रगत् बहाउंने हात्
१८ व्यर्थ कुरा कल्पने मन्
बुराई गर्नुलाइ छिटो दुगुर्ने गोड़ा
१९ झूठ् बोल्ने साक्षी
र भाईहरुको बीच्मां झगरा निकाल्ने मान्छे ।

२० ए मेरो छोरा आफ्नु बाबुको आज्ञा मान्
अनि आफ्नी आंसाको अर्थी न त्याग .
२१ ति आफ्नु मन्मां सदा गांथि राख्
अनि आफ्नु गलाको सिक्रि झैं बांध् ।
२२ त्येस् अर्थीले तं हिंड्दाको बाटोमां तेरो अगुवाई गर्छ
अनि तं सुत्येको बेलामां तेरो रक्षे गर्छ
अनि तं जाग्येको बेलामां तं सित बात् मार्छ ।
२३ किनभन्ये आज्ञा बत्ती हो अनि अर्थी ज्योति हो
अनि सिकाउंनेको हकारपुकार जीउंनिको बाटो हो .
२४ तंलाइ नजाति आंइमाइ देखि बचाउंनुलाइ
परायस्त्रीका चिप्लाचाप्ला कुरा देखि ।
२५ त्येस्को सुन्दरैं देख्येर आफ्नु मन्मां त्येस्को अभिलाषा न गर्
त्येस्ले आफ्ना पलक्ले तंलाइ फंसाउंनु न पावस् ।
२६ किनभन्ये वेश्येको कारणले अन्तमां रोटीको येउटा टुक्रा मांत्रै रहंछ
तर व्यभिचारीनीले अमोल् जीवनको शिकार् खेल्द छे ।
२७ को कसैले अफ्नु छातिमां आगो राख्नु सक्द छ
अनि त्येका लुगा डढ्दैनन् ।
२८ कि कोई मुन्नो मांथि हिंड्नु सक्द छ
अनि त्येका गोड़ा डढ्दैनन् ।
२९ व्यभिचार् गर्ने(को दण्ड) निस्से येस्ले हुंछ
परायस्त्रीलाइ छुंने जोसुकै होस् त्यो निर्दोषी ठहरैन ।

चोर्ले आफ्नु पेट् भर्नुको लागि चोर्द छ ३०
त लोगले त्येस्लाइ तुच्छ ठान्दैनन् .
तर त्यो पकड़ा पर्‍यो भन्ये देखि त्येस्ले सात्दोबर् तिर्नु पर्छ ३१
अं आफ्नु घर्को सिंगै धन् दिंनु पर्छ ।
आइमाइ सित व्यभिचार् गर्ने चइं ता पूरो निर्बुद्धि हो . ३२
येस्तो गर्नेले आफ्नु प्राण् नष्ट गर्नु खोज्द छ ।
त्येस्को भाग् घायल् र निन्दित्हुवाई हुंछ ३३
अनि त्येस्को गिल्ला कैले पनि मेटींदैन ।
किनभन्ये जलन्ले पुरुष् रागीयो ३४
अं साटो लिंने दिन्मां त्यो क्येइ नरम् हुंदैन ।
त्येस्ले घूस् तिर पनि हेर्दैन ३५
तैंले त्येस्लाइ धेरै धेरै दिइस् भन्ये पनि त्येस्ले मान्दैन ॥

ए मेरो छोरा मेरा कुरा मान् ७ १
अनि मेरा आज्ञाहरु आफुकां राखि छोड् ।
मेरा आज्ञाहरु मान्येर जीइ रह् २
अनि मेरो अर्थी तेरा आंखाको नानी जस्तो जान् ।
तिनलाइ आफ्ना औंलामां बान्ध् ३
अनि आफ्नु हिर्दय्को पाटीमां लेख् ।
बुद्धिलाइ भन् तं मेरी बैंनी होस् ४
अनि बूझ्लाइ आफ्नी सखी भन् .
र येसोगरि तिनले तंलाइ पराय्स्त्री देखि बचाउंछन् ५
चिप्लाचाप्रा कुरा गर्ने बिरांनी देखि ।
कसोगरिभन्ये मैंले आफ्नु घर्को खिर्कि देखि ६
आफ्नु झ्याल् देखि चियायें
तब अज्ञान्हरुको बीच्मां हेर्‍यें ७
अं तन्हेरिहरुको बीच्मां देख्यें
येउटा निर्बुद्धि जुवान्लाइ
त्यो त्येस् आइमाइको घर्को कुंना छेउको बाटोमां हिंड्दै जांद रछ ८
अं त्येस्ले त्येस्को घर्को बाटो समात्येको थियो
दिन् ढलि गयेको र सांझ्बेला आइ हाल्येको थियो ९
अनि रातिको बाक्लो अंध्यारोले छाइ हाल्येको थियो ।
तब क्ये देख्यें भन्ये त्यो सित भेट् गर्नुलाइ येउटी आइमाइ निक्ली १०
जस्को भेष् बेश्येको थियो अनि त्यो मन् फर्काउंने थिई ।
त्यो हल्ला मचाउंने र चंचल् थिई ११
त्यो आफ्नु घर्मां रहंनु सक्दैन थिई .
त्यो कैले सटक्मां कैले चोक्मां हुंद थिई १२

अनि कुंना कुंनामां त्यो ढुकि बस्द थिई ।
१३ त त्येस्ले त्येस् जुवान्लाइ समात्येर चूमा खाई
अनि लाज्कोड़ाईको चेष्टा गरि त्येस्लाइ भनी ।
१४ मैंले मिलाप्बलि चढ़ाउंनु थियो
मैंले आफ्नु भाकल् आजु पूरो गर्यें ।
१५ येसे कारण्ले मं आफु सित भेट् गर्नुलाइ निकल्यें
मं आफुको दर्शन्को खोजि थियें त ऐले भेटें ।
१६ मैंले आफ्नु खाट्मां ओछ्यान्
अं मिस्का बुट्टा काढ़ेका खुमा ओछ्यायेको छु ।
१७ मैंले आफ्नु ओछ्यान्मां
सुर्र र अगर् र सिन्कौली छर्केको छु ।
१८ त आउंनु हवस् हांमिहरु बिहान् सम्म मन् बहलाउंदै रहूं
हांमिहरु आपस्को प्रीतिले आनन्दित् रहूं ।
१९ किनभन्ये मेरो लोग्ने घर्मां छैन
टाढ़ो देस्मां गइ गयेको छ ।
२० त्येस्ले रुपियाको थैलो लग्येको छ
अनि दुतियामां फर्कि आउंछ भनि ।
२१ येस्तैयेस्ता धेरै मीठा मीठा कुरा गरि त्येस्ले त्येस्लाइ फंसाई
अनि आफ्ना चिप्लाचाप्ला ओंठले त्येस्लाइ आफ्नु तावेमां पारी ।
२२ तब त्यो छिट्टै त्येस्को पछि पछि लागि हाल्यो
गोरु कसाईखानामां गयेको झैं
कि कोई मूर्ख साङ्लो भित्येर दण्ड पाउंनुलाइ गयेको झैं
२३ त्यो पासो तिर छिटो छिटो उड़ने चरा जस्तो
अनि त्येस्मां मेरो प्राण् जांछ भनि जान्दैन
त्येसैगरि त्येस् तन्हेरिको पनि अन्तमां कांड़ले कलेजो छेड़ीयो ।
२४ त अब हे मेरा छोराहरु हो मेरो सुन
अनि मेरो मुखका कुरामां मन् लगाव ।
२५ तेरो मन् येस्तो आइमाइ तिर उत्रि न जावस्
अनि न त्येस्का मार्गमां हराउंदै पुग् ।
२६ किनभन्ये त्येस्ले धेरै जना घायल् भयेकाहरुलाइ मारि आफाल्येको छ ।
अं त्येस्ले मार्येकाहरु तुलो सेना हुंछन् ।
२७ त्येस्को घर् पत्ताल् जांने बाटो छ
कालका कोठाहरुमां पुग्ने ॥

८ १ को बुद्धिले हापार्दैन
को बुझ्ले सारो सोर्ले भन्दैन ।

त्यो अल्गा ठांडहरुको थाप्ना थाप्नो हुंदो बाटोको छेउमां २
अनि दोबाटा दोबाटा हुंदो उभौंद छ
ठोक्काको छेउ सहरमां पस्ने बाटो निर ३
अं दैलै निर त्येस्ले चर्को सोर्ले भन्द छ ।
हे मान्छेहरु हो मं तिमिहरुलाइ हापार्द छु ४
अनि मेरा कुरा मान्छेका सन्तान्हरुको लागि छ ।
हे अज्ञानीहरु हो चंखेडैंको थाहा पाव ५
अनि हे मूर्खहरु हो आफ्नु मनमां बूझ ।
सुन किनभन्ये मं अस्सल् कुरा भन्छु ६
अनि मैले मुख् बाउंदा त्यो देखि सोजा सोजा कुराहरु निस्कंछन् ।
किनभन्ये मेरो मुख् देखि सांचो सांचो कुराको बखान् हुंछ ७
अनि हुष्टैं देखि मेरा ओंठलाइ घिन् छ ।
मेरो मुखका सब्बै कुरा धर्म्मका छन् ८
तिनिहरुमांको कुनै टेढ़ो कि फेर्फार्को कुरा छैन ।
बूझकीहरुको लागि ति सब्बै सहज् ९
र ज्ञान् पाउंनेहरुको लागि ठीक् सोजा छन् ।
चांदी होइन तर मेरो अर्थी चइं लेव १०
अनि निखरा सुन् भन्दा बेसि ज्ञान् समात ।
किनभन्ये बुद्धि मुंगामोति भन्दा पनि जाति छ ११
अनि मनपर्दा कुरा सब्बै त्येस्को बराबर् पुग्दैनन् ।
मं अर्थात् बुद्धिले चतुरेडैंमां बास् गर्द छु १२
अनि ज्ञान् र विवेकको थाहा पाउंद छु ।
यहुवेको भय् मान्नु भन्येको बुराई देखि घिण् राख्नु हो . १३
घमण्ड् अहंकार् र नजाति चाल् देखि
र फेर्फार्का बात् देखि पनि मं डाह राख्द छु ।
अस्सल् जुक्ति र जाति बुद्धि मेरै हुन् . १४
मं ता बूझ् हुं अनि पराक्रम् पनि मेरै हो ।
मेरै बाटोले राजाहरुले राज् गर्द छन् १५
अनि मालिकहरुले धर्म्म सित निया गर्द छन् ।
मेरै बाटोले हाकिम् र भारादार्हरुले १६
अं पृथिवीका सब्बै विचारीहरुले प्रभुतेडैं गर्द छन् ।
मं सित प्रेम् राख्नेहरुसित मं पनि प्रेम् राख्द छु १७
बुझि सखारै उठि मंलाइ खोज्नेहरुले मंलाइ पाउंछन् ।
मं पांइ धन् र मान् १८
अं ठहर्ने धन् र धर्म्म पनि छन् ।
जे मं दिंद छु त्यो सुन् अं निखरा सुन् भन्दा जाति छ १९
अनि मं देखि प्राप्त हुंने फल् अस्सल् चांदी भन्दा जाति छ ।

२० मं धर्म्मको बाटोमां हिंड्द कु
अनि नियाको डोरोमां हिंड्डुल् गर्द कु .
२१ मं सङ प्रेम् राख्नेहरुलाइ धन्को भागी तुल्याउं
अनि तिनका भण्डार् भराइ दिउं भन्ने खातिर्ले ।
२२ यहुवेले मंलाइ आफ्नु काम्को पाल्नेमां
अं आफ्ना आदिकर्म्महरु भन्दा पहिलेइ रच्यो ।
२३ मं सदा देखि अं आदि देखि
पृथिवी हुंनु भन्दा पनि पहिले स्थापित् भयें ।
२४ जब न ता गहीरा थिए
अनि न पानीको मूल् तबनै मं निकालीयें .
२५ पर्वत् बसाल्येको भन्दा पहिले
अं डांड़ा स्थिर् न गरीयेका हुंदा तबनै मं जन्म्यें .
२६ जब यहुवेले न पृथिवी अनि न मैदान्
न भूमिको धूलोको कनिका बनायेको थियो (तबनै मं जन्म्यें)।
२७ उस्ले स्वर्ग स्थिर् गर्दा मं उहीं थियें .
उस्ले गहीरो मांथि आकाश् बनाउंदा .
२८ उस्ले आकाशलाइ मांथि बाटो स्थिर् गर्दा
अनि गहीरोको मूल् फुट्नु लाग्दा .
२९ उस्ले समुन्द्रको सिमाना ठहराउंदा
पानीले उस्को आज्ञा नांघ्नु न सकोस् भन्यर .
उस्ले पृथिवीको जगको डोरो लगाउंदा .
३० तबे मं मूलकारीगर् झैं उ थांइ थियें
अनि दिन् दिन् उस्को सुक्वको भइ
र उस्को सांमु आनन्द सित हांस्दै रहंद थियें ।
३१ मं उस्ले बसाल्येको पृथिवीमां आनन्द सित हांसद थियें
अनि मेरो सुक्ख मान्छेका सन्तानहरुको संगत् सित हुंद थियो ।
३२ त अब हे मेरा कोराहरु हो मेरो सुन .
किनभन्य ति मेरा बाटा समाइ रहंनेहरु धन्यकाहरु हुन् ।
३३ अर्थी सुन त बुद्धिमान् होओला
त्यो देखि माफ् न मांग ।
३४ मंलाइ सुन्ने त्यो धन्यको हो
अं मेरो देलोमां दिन् दिन् उभौंद
र मेरा देला देलाका खांबाहरुमां हेरि रहंद छ ।
३५ किनभन्ये मंलाइ पाउंनेले जीवन् चइं पाउंद छ
अनि यहुवे देखि अनुग्रह पाउंद छ ।
३६ तर मेरो अपराध् गर्नेले आफ्नै प्राण् मांथि उपद्रवै गर्द छ .
मं देखि घृणि गर्नेहरु सबु सित प्रिति राख्नेहरु हुन् ॥

बुद्धिले आफ्नु घर् बनायेको छ ९१
त्येस्ले आफ्ना सात् खांबा गाड्येको छ .
त्येस्ले आफ्ना पशु मांर्येको छ त्येस्ले आफ्नु दाख्महमां मसाला मिसायो २
अनि आफ्नु मेज् पनि लगायो ।
त्येस्ले आफ्नो दासोहरुलाइ डाक्नु पठायो ३
त्यो सहर्का अलग्ग अलग्ग ठांउहरुमां कराउंद छ
जो अज्ञानी छ त्यो फर्कोर यहां आवस् . ४
जो निर्बुद्धि छ त्येस्लाइ त्येस्ले भन्द छ
आव मेरो रोटी खाव ५
अनि जुन् दाख्महमां मैले मसाला हाल्येको छु त्यो खाव भनि ।
हे अज्ञानीहरु हो तिनको संगत् त्याग त जोइ रहौला ६
अनि बूझ्को बाटोमां हिंड़ ।

निन्दकलाइ अर्थो दिनेले अप्जसै पाउंछ . ७
अनि दुष्टलाइ हकार्नेले पनि दोषै पाउंछ ।
निन्दकलाइ न हकार् होइन भन्ये ता त्येस्ले तं सित इांब राख्छ . ८
बुद्धिमान्लाइ हकार् त त्येस्ले तं सित प्रेम् राख्छ ।
बुद्धिमान्लाइ अर्थो दे त त्यो झन् बुद्धिमान हुंछ . ९
धर्मीलाइ चेता त त्येस्ले बिद्यो बढ़ाउंछ ।
यहोवेको भय्मनाई बुद्धिको थालनि हो . १०
अनि अतिपवित्र (ईश्वर)लाइ जान्नु बूझ् येइ हो ।
किनभन्य मेरो बाटोले तेरो आयु बढ़्छ ११
अनि तेरो जीवन् को बर्ष बेसि हुंछन् ।
तं बुद्धिमान् भइस् भन्ये देखि आफ्नु बुद्धिको फल् तं आफैले भोग्छस् . १२
अनि तैंले ठट्टा गरिस् भन्ये देखि तं एक्लैले मांत्रै दण्ड पनि भोग्छस् ।

मूर्ख आइमाइले खैलाबैला मचाउंद छे १३
त्यो अज्ञान् छ अनि कोइ जान्दैन ।
त्यो आफ्नु घर्को देलामां १४
सहर्को अलग्गो ठांउमां पीरामां बस्नेर
आफ्नु बाटो समाति खोजो हिंड्नेहरुलाइ १५
येसो भन्येर कराउंद छे
जो अज्ञानी छ त्यो फर्कोर यहां आवस् . १६
जो निर्बुद्धि छ त्येस्लाइ त्येस्ले भन्द छे
चोरीयेको पानी मीठो छ १७
अनि लुकि लुकि खायेको रोटी मन्पर्दो हुंद छ भनि ।
तर त्येस्ले जान्दैन यहां मंर्येकाहरु छन् १८
अनि त्येस् आइमाइका निम्त्याराहरु पत्तालका गहीरामां छन् भनि ॥

१०१ सुलैमान्का उखान् ।

बुद्धिमान् कोरो देखि बाबु खुशि हुंद छ ।
तर मूर्ख कोरो देखि आंमा उदास् रहंछे ।

२ दुष्टेईंको धन्ले नाफा हुंदैन ।
तर धर्म्मले मृत्यु देखि बचाउंद छ ।

३ यहूवेले धर्म्मीको प्राणलाइ भोक्ले मंनु दिंदैन ।
तर दुष्टको इच्छे उल्टे धपाउंद छ ।

४ जल्ले ढोलो हात्ले गर्न गर्छ त्यो कंगालि हुंछ ।
तर फुर्ति गर्नेको हात्ले धनी तुल्याउंछ ।

५ गर्मक्रतुमां बटुल्ने बुद्धिमान् कोरो हो ।
तर कटनीमां सुति रहंने लाज् पार्ने कोरो हो ।

६ धर्म्मीको थाप्नो मांथि धेरै आशीर्वाद् हुंद छन् ।
तर दुष्टको उपद्रेईंले तिनिहरुकै मुख् कोप्द छ ।

७ धर्म्म गर्नेको सम्झनाले आशीर्वाद् दिंद छ ।
तर दुष्टको नांउ कुहुंछ ।

८ बुद्धिमान् मन्ले आज्ञा लिंद छ ।
तर बकबके लाटा लड्छ ।

९ जाति चाल्मां हिंड्ने निडर् सित हिंड्द छ ।
तर बांगो बाटोमां हिंड्नेको चाल् प्रगटो होइ जान्छ ।

१० आंखा चिम्मिचम् गर्नेले दुक्ख दिंद छ ।
तर बकबके लाटा लड्छ ।

११ धर्म्मीको मुख् जीवन्को मूल् हो ।
तर दुष्टको उपद्रेईंले तिनिहरुकै मुख् कोप्द छ ।

१२ इबिले झगरा जन्मंछ
तर प्रेम्ले सबै अपराध् ढाकद छ ।

१३ बूझकोका बचनमां बुद्धि पाईंद छ ।
तर निर्बुद्धिको लागि कोर्रा राखीयेको छ ।

१४ बुद्धिमान् लोग्ले ज्ञान् राखि छोड्द छन् ।
तर मूर्ख बोल्नु बित्तिकै धंस होइ जांद छ ।

१५ धनीको धन् त्येस्को बलियो सहर् हो ।
कंगालिको निर्धन्ले तिनको बिधंस हुंद छ ।

१६ धर्म्मीको मिहीनत्ले जीवन् प्राप्त हुंद छन्
दुष्टलाइ जे बढ्ती हुंद छ त्येस्मां पापै हुंद छ ।

१७ अर्थी सुन्ने जीउंनिको बाटोमां हिंड्द छ ।
तर हकराई देखि मुख् फर्काउंनेले अरुलाइ बहकाउंद छ ।

१८ इबि लुकाइ राख्ने झूठ् बोल्द छ
तर निन्दा फिंजाउंने चइं मूर्ख हो ।

जहां धेर् बात् कुन् त्यहां अपाध् पनि छ १९
तर आफनु मुख् पुनि राख्नेले बुद्धिको काम् गर्द छ ।
धर्मीको जिब्रो अस्सल् चांदी जस्तो हो . २०
दुष्टको ता मन्ने बिघ्न हलुङ् छ ।
धर्मीका बचनले धेरैको जिब्रीका बनींद छ . २१
तर मूर्खहरु निर्बुद्धि भयेको कारणले मंर्द छन् ।
यहुवेको आशीषैले मांत्रै धनी तुल्याउंद छ २२
अनि उस्ले त्येसमां दास्ती मिसाउंदैन ।
मूर्खलाइ महापाप् गर्नु ठट्टा गर्नु जस्तै छ . २३
अनि बूझकी पुरुषमां बुद्धि रहंद छ ।
दुष्टको भय् त्यो आफै मांथि आइ पर्छ . २४
अनि धर्मीको इच्छे पूरो हुंछ ।
बिपत्तिको बेहेरीआंधी गइ सक्यो पछि दुष्ट अरु रहंदैन २५
तर धर्मीचइंको जग् अनन्तको छ ।
सिर्कालै दांत्लाइ र धुवांले आंखालाइ पिराये झैं २६
अल्छेले त्येस्लाइ पठाउंनेलाइ येस्ले (दुक्ख) दिंद छ ।
यहुवेको भय् मान्येकोले आयु बढ्द छ . २७
तर दुष्टको जीवन थोरै दिनको हुंछ ।
धर्मीलाइ आशा राख्येकोले रमाहट् लाग्द छ . २८
तर दुष्टको आशा टूटछ ।
यहुवेको चाल् जाति मान्छेको किल्ला हो २९
तर त्येइ चाल् व्यर्थ काम् गर्नेहरुको लागि बिधंस ।
धर्मी कैले पनि सर्काइंदैन ३०
तर दुष्ट पृथिवीमां रहंदैन ।
धर्मीको मुखले बुद्धि त्याउंद छ . ३१
तर फेर्फारका कुरा गर्नेको जिब्रो काटौंछ ।
धर्मीका ओंठले ता ग्रहणयोग्य् कुरा चिन्द छन् ३२
तर दुष्टको मुख् देखि फेर्फारका कुरा निकलंद छन् ॥
छलको तुलो देखि यहुवेलाइ घिन् छ . ११ १
तर पूरो ठक् देखि उ खुशि छ ।
अहंकार् आउंदा निन्दा पनि आउंद छ . २
तर नरममां बुद्धि हुंद छ ।
सोझाहरुको अगुवा तिनिहरुको सच्चेइंले हुंद छ . ३
तर छल् गर्नेको कपट्ले तिनिहरुकै बिनास् हुंद छ ।
रिसको दिनमां धनले कोइ नाफा हुंदैन . ४
तर धर्मले मृत्यु देखि बचाउंद छ ।

५ सिद्ध मान्छेको बाटो धर्म्मको कारणले सोजो हुंद छ .
तर दुष्ट आफ्ने दुष्टैंको कारणले लड्द छ ।

६ सोजाहरुको बचाऊ तिनिहरुको धर्म्मको कारणले हुंद छ .
तर कुल् गर्नेहरु आफ्ने दुष्टैंले फांसीकुन् ।

७ जब दुष्ट मान्छे मर्द छ तब त्येस्को आशा टूट्द छ .
अनि व्यर्थ मांथि राखीयेको आशा नष्ट हुंद छ ।

८ धर्म्मी विपत्ति देखि बचाईंछ
अनि त्येस्को ठांउमां दुष्ट त्येसै विपत्तिमां पर्छ ।

९ भक्तिहीन्ले आफ्नु क्षिमेकिलाइ आफ्ने मुखले बिगार्द छ .
तर धर्म्मी ज्ञान्को बाटोले बचाईंछ ।

१० जब धर्म्मीको कल्याण् हुंद छ तब सहर् खुशि हुंद छ ।
अनि जब दुष्ट नष्ट हुंद छ तब कराईं हुंद छ ।

११ सोजाहरुको आशीर्वादले सहर्को बढ्ती हुंद छ .
तर दुष्टहरुको मुखले त्यो भत्काईंद छ ।

१२ आफ्नु क्षिमेकिलाइ तुच्छ जान्ने निर्बुद्धि हो .
तर बूझको मान्छे चुप्चाप् रहंद छ ।

१३ कुरा ओसार्नेले भेद् प्रगटो गर्द छ .
तर बिश्वासीले कुरा लुकाइ राख्द छ ।

१४ जहां बुद्धिको अगुवा कैन त्यहां प्रजाहरु विपत्तिमां पर्द छन् .
तर मंत्रीहरु धेर् हुंनाले बचाऊ हुंद छ ।

१५ बिरांनुको जमानी हुंनेले मारो दुक्ख उठाउंछ .
तर जमानत् देखि घिनाउंने निडर् रहंद छ ।

१६ अनुग्रह् गर्ने स्त्रीले मान् हराउंदीन .
अनि न बल्लियाहरुले धन् हराउंछन् ।

१७ कृपालुले आफ्ने प्राणको भलाई गर्द छ .
तर निष्ठुर्ले आफ्ने जीउलाइ दुक्ख दिंद छ ।

१८ दुष्टले कुल्को बंनि कमाउंद छ .
तर धर्म्मको बिउ रोप्नेले निस्से फल् पाउंछ ।

१९ धर्म्ममां स्थीर् भइ रहंनेले जीवन् पाउंछ .
तर बुराई पछ्याउंने मृत्युको गांस् हुंछ ।

२० मनका बाङ्गाहरु देखि यहोवैलाइ घिन् लाग्द छ .
तर उ सांचो चाल्काहरु देखि खुशि रहंद छ ।

२१ हात् सङ् हात् मांरीयो भन्ये पनि नजाति मान्छे निस्से निर्दोष ठहर्दैन .
तर धर्म्मीको बंश बचाईंछ ।

२२ बिबेक् बिनाको सुन्दरी आइमाइ
थुतुनामां सुन्को नत्थ लाये को सुंगुरनी जस्ते हो ।

धर्म्मीको लालसा खालि भलाईनै गर्न मांत्रे छ . २३
तर दुष्टको आशाको फल् कोप्ये हुंद छ ।
येस्ता लोग् पनि कुन् जुन्हरुले करपुठ् पार्द कुन् तैपनि तिनको २४
बढ्तीनै हुंद छ
अनि येस्ताहरु पनि कुन् जुन्हरुले दाब देखि कम् दिंद कुन् रपनि
तिनिहरुको घटिनै हुंद छ ।
उत्तितो मन् गर्ने प्राणी मोटाताजा हुंछ . २५
अनि अरुहरुलाइ शित्तल् गराउंने आफैको मन् पनि शित्तल् गराईंछ ।
आफ्नु अन्न राखि छोड्नेलाइ मान्छेहरुले खाप्छन् . २६
तर त्यो बेच्नेको सिर् मांथि आशीर्वादै पर्छ ।
जतन् सित भलाई खोज्नेले अर्काको सुक्ख खोज्द छ . २७
तर अर्काको बुराईको खोजी हुंने मांथि बुराई आइ लाग्छ ।
धन् मांथि भरोसा राख्ने चइं लड्छ . २८
तर धर्म्मीहरु चइं हरीयो पालुवा झैं लह्लहाउंछन्
आफ्नु जहान्लाइ दुक्ख दिंनेचइंको भाग् हावा मांत्रे हुंछ . २९
अनि मूर्ख चइं बुद्धिमान्को दास् हुंछ ।
धर्म्मीको फल् जीवनको रुख छ ३०
अनि बुद्धिमान् मान्छेले लोगको मन् मोहित् गराउंद छ ।
हेर धर्म्मीले पनि आफ्नु कामको फल् येसै लोकमां भोग्द छ . ३१
त झन्सारो क्षति ज्यास्तिगरि दुष्ट र पापीले भोग्दैनन् ॥
अर्थी सित प्रिति गर्नेले चान् सित पनि प्रिति राख्द छ . १२ १
तर धम्की देखि इन्हि राख्नेचइं पशु जस्तै हो ।
भलो मान्छे मांथि यहुवेको अनुग्रह पर्छ . २
तर नजाति जुक्ति गर्नेलाइ उस्ले दोषी ठहराउंछ ।
दुष्टैको कारणले मान्छे स्थिर् हुंदैन . ३
तर धर्म्मीको जरा उखेलौंदैन ।
धर्म्मी आइमाइ आफ्नु लोग्नेको मुकुट् हो . ४
तर लाजको काम् गर्ने त्यस्का हाड्हरु कुहुंने कारण् हुंद छ ।
धर्म्मीहरुका विचारहरु नियाका हुंद कुन् . ५
तर दुष्टका कल्पनाहरु छली कुन् ।
दुष्टहरुका कुराहरु रगत् बहाउंनुको लागि छुकि बस्ने विषयमां हुंद कुन् . ६
तर सोझाहरु चइं आफ्नु कुराको बाटोले बांच्छन् ।
दुष्टहरु उल्टाईंये पछि फेरि ठहर्दैनन् . ७
तर धर्म्मीहरुको घर् स्थिर् रहंछ ।
मान्छे त्यस्को बुद्धि अनुसारको हिसाबले सकाईंछ . ८
तर बाङ्गो मन् हुंने मान्छे तुच्छ जानींछ ।

९ जो खांनेपीउने विषयमां दुखिया छ रपनि बड़ाई गर्द छ
त्यो भन्दा दास् हुंने तुच्छ मान्छे जाति ।

१० धर्म्मीले आफ्ना पशुहरुको प्राणको लेखा राख्द छ ।
तर दुष्टहरुको ता दया पनि निर्दयानै हुंद छ ।

११ जस्ले आफ्नु वारीका जोत्कर् गर्द छ त्येस्का धेरै अन्न हुंछन् ।
तर तुच्छ गर्ने मान्छेहरुको संगत् गर्ने निर्बुद्धि हो ।

१२ दुष्टले बुराहरुको जालको इच्छे गर्द छ ।
तर धर्म्मीको जरा पुष्ट रहंछन् ।

१३ बुरो मान्छे आफ्नु कुवचनको पासोमां पर्द छ ।
तर धर्म्मी चइं संकट् देखि निस्कंछ ।

१४ सज्जन् आफ्नु वचनको बाटोले भलाईले तृप्त हुंछ ।
अनि त्येस्को जस्तो काम् छ त्येस्को त्येस्तै फल् हुंछ ।

१५ मूर्खलाइ आफ्नु चाल् सोजो जस्तो लाग्द छ ।
तर सल्लाह् मान्ने चइं बुद्धिमान् हो ।

१६ मूर्खको रिस् तुरुन्तै जानींछ ।
तर चतूरले अपजस् प्रगटो गर्दैन ।

१७ सांचो बोल्नेले धर्म्म प्रगटो गर्द छ
तर झूठो साक्षीले छल् प्रगटो गर्द छ ।

१८ कत्तिको बोली तरवार् गाड़ीयेको जस्ती छ ।
तर बुद्धिमान्हरुको जिब्रोले कुशलक्षेम् दिंद छ ।

१९ सांचो कुरो भन्ने ओठ् सदा सम्म स्थीर् रहंछ ।
तर झूठ् बोल्ने जिब्रो पलभरिको मांत्रे हो ।

२० नजाति जुक्ति गर्नेको मनमां छल् रहंद छ ।
तर मेलको जुक्ति गर्नेहरुलाइ आनन्द हुंद छ ।

२१ धर्म्मीको विपत्ति हुंदैन ।
तर दुष्टहरु बुराईले भरींछन् ।

२२ झूठ् बोल्ने ओठ् देखि यहोवालाइ घिन् छ ।
तर उ विश्वास् मित काम् गर्नेहरु देखि खुशि हुंद छ ।

२३ चतूरले आफ्नु ज्ञान प्रगटो गर्दैन ।
तर मूर्खहरुले मूर्खाई तुलो सोरले प्रचार गर्द छन् ।

२४ फुर्ति गर्नेको हातले प्रभुत्वैं गर्छ ।
तर अल्छे चइं दास्तोमां पकड़ा पर्छ ।

२५ मांचीयेको मनलाइ उदासले निउराउंद छ
तर शान्ति दिंने वचनले त्यो खुशि गराउंद छ ।

२६ धर्म्मी आफ्नु छिमेकिको अगुवा हुंद छ ।
तर दुष्टको चालले तिनिहरुलाइ भर्माउंद छ ।

अल्छेले आफ्नु शिकार् लगादैन । २७
तर फुर्ति गर्नेले अमोल् अमोल् थोक् पाउंद छ ।
धर्म्मको बाटोमां जीउंनि छ २८
अनि त्येस्को मार्गमां काल् छैन ।
बुद्धिमान् क्रोरोले आफ्नु बाबुको अर्थी सुन्द छ । १३ १
तर निन्दकले धम्कि पनि मान्दैन ।
सज्जनले आफ्नु बचनको बाटोले जाति थोक् खांनु पाउंछ । २
तर अविश्वासीको इच्छे उपद्रेहैं तिर लाग्छ ।
आफ्नु मुख् जोगाउंनेले आफ्नु प्राणलाइ पनि जोगाउंद छ । ३
तर ओंठ् फुकाउंनेको नास् हुंछ ।
अल्छेले इच्छे ता गर्द छ तर त्येस्ले केइ पाउंदैन । ४
तर फुर्ति गर्नेचइंको मन् मोटाताजा हुंछ ।
धर्म्मीले झूठो कुरो देखि घिन् गर्द छ । ५
तर दुष्ट गन्हाउंद छ अनि लाज्मां पर्द छ ।
जाति चाल्मां हिंड्नेलाइ धर्म्मले रक्षे गर्द छ । ६
तर दुष्टेहैंले पापीलाइ उल्टाउंद छ ।
येस्तो मान्छे छ जो आफ्नु मिहीनत्ले धनी हुंद छ तर त्येस्कां केइ ७
रहंदैन ।
येस्तो पनि छ जस्ले आफ्नु धन् दिहाल्द छ तरैपनि त्येस्कां धेरै धन् छन् ।
मान्छेको प्राण् कोढाउंने धनै हो । ८
तर निर्धनीचइंले धम्किनै पनि सुन्दैन ।
धर्म्मीको बत्ती ता रमाइ रमाइकन चम्कि रहंद छ । ९
तर दुष्टको दीयो निभाईंछ ।
अहंकार् देखि खालि झगरै मांत्रै हुंद छ । १०
तर सल्लाह् मान्नेहरूकां बुद्धि छ ।
मित्तेहैंको धन् घटाईंछ । ११
तर दास्ती मित बढुल्नेचइंको बढ्ती हुंद छ ।
आशा पूर्ण अबेर् हुंनाले मन् मेलाउंद छ । १२
तर इच्छे पूरो भयो भन्ये जीवनको बत्ती त्येइ हो ।
बचन् तुच्छ जान्ने चइं नष्ट हुंद छ । १३
तर डर् मित आज्ञा मान्नेले प्रतिफल् पाउंछ ।
बुद्धिमान्को अर्थी जीवनको मूल जस्तै छ १४
मृत्युका पासाहरू देखि बचाउंनुलाइ ।
भलो बूझ्को कारणले अनुग्रह् हुंद छ । १५
तर अविश्वासीको मार्ग बनजंगल् जस्तो छ ।
सबै चतुरहरूले ज्ञान् मित काम् गर्द छन् । १६
तर मूर्खले मूर्खैं फिंजाउंद छ ।

१७ दुष्ट दूत् बुराईमां फांसींद छ ।
तर विश्वासी दूत् देखि कुशल् छ ।
१८ अर्थी न मान्नेले निर्धन् र अमान् पाउंछ
तर हकराई मान्नेको मान् हुंछ ।
१९ इच्छे पूरो भयेकोमां मन्लाइ जाति लाग्द छ ।
तर बुराई देखि अलग् रहंनु मूर्खहरुलाइ घिन्लाग्दो छ ।
२० बुद्धिमान्हरुको संगत् गर् त तं पनि बुद्धिमान् हुंछस् ।
तर मूर्खहरुको साथीले दुक्ख पाउंछ ।
२१ बुराई पापीहरु पछि पछि दुगुर्द छ ।
तर धर्म्मीहरुलाइ प्रतिफल् मिल्छ ।
२२ भलो मान्छेले आफ्ना नाति पलांतिहरुलाइ पनि आफ्नु भागको अधिकारी
तुल्याउंद छ
अनि पापीको धन् धर्म्मीको लागि राखींद छ ।
२३ कंगालिले जोत्कर् गर्यो भन्ये देखि धेरै खांने थोक् पाउंद छ ।
तर ऐस्लाहरु पनि कुन् जो अन्यैको कारणले मेटींद कुन् ।
२४ कोरा मांथि कुरि न चलाउंने त्येस्को बैरी हो ।
तर त्यो सित प्रेम् राख्नेले त्येस्लाइ बालखै देखि सिकाउंद छ ।
थोक् छ जस्को बिषयमां लोगले भन्नु सक्नन् हेर यो ता नया हो भनि ।
त्यो पनि हांमिहरू भन्दा अगाडिका पुस्ताहरूमां भइ गयेको थियो .
११ तादिको कोइ पनि सम्झना छैन न पछि हुंने पुस्ताहरूको कोइ पनि
सम्झना रहंछ ॥
१२ १३ मं उपदेसक् इस्राएल् मांथि यरूशलेममां राजा थियें । अनि मैंले
स्वर्ग मुनि जे जे गरींद छन् तिनको बिषयमां जान्नुलाइ खोज्नु र बुद्धिले
ठूंढ्लनुलाइ मन् लगायें . ईश्वरले मान्छेहरूलाइ त्येस्मां लागि रहुन् भनि
१४ येउटा लम्ठा भिराइ दियेको मांत्रै हो रछ । मैंले सूर्य्य मुनि गरींने सबै
काम् हेर्यें त को देख्यें भन्ये हेर सबै व्यर्थै र हावा पीट्नु मांत्रै रछ ।
१५ जे टेढो छ त्यो सोजो बनौंनु सकींदैन अनि घटिको गन्ति हुंनु सकींदैन ।
१६ मैंले आफ्नु मनमां भनि ठान्यें हेर मं भन्दा अगाडि यरूशलेममां हुंनेहरू
भन्दा बेसि मैंले बुद्धि पायें . अं मेरो हिर्दयमां बेसि बुद्धि र बेसि ज्ञान्
१७ छ भनि ठान्यें । अनि मैंले बुद्धिको भेद् बूझ्नु अनि बोलेहरूं र मुर्खइं
जान्नुलाइ मन् लगायें . त यो पनि खालि हावा पीट्नु मांत्रै रछ ।
१८ कसोगरिभन्ये धेर् बुद्धिमां धेर् बिलाप् . अनि जस्ले ज्ञान् बढाउंद छ
त्येस्ले सुर्ता पनि बढाउंछ ॥
२ १ मैंले आफ्नु मनमां भन्यें जा मं तंलाइ आनन्दले जांच्छु त सुख
२ बिलासी हो भनि . अनि हेर यो पनि व्यर्थै रछ । मैंले हंसाईको बिषयमां

[1] ईब्रानिमां कोहेलेत् ।

भन्यें त्यो बोलेहौं हो भनि . अनि आनन्दको विषयमां त्यो देखि को हुंछ
भनि। अनि बुद्धिले मेरो रत्ते गर्दै छ र पनि मैंले आफ्नु मनमां ढुंढ्ल्यें ३
मं आफ्नु जीउलाइ कसोगरि दाखमहले खुश् गराउंछु अनि कसोगरि
मूर्खहरूँ समात्छु जब समय मं मान्छेजात्ले स्वर्ग मुनि जीवनभरि गर्दै
रह्येको काममां जाति को छ भनि जानुं। त मैंले तुला तुला काम् गर्यें मैंले ४
घरहरु बनायें मैंले दाखका बारीहरु लगायें मैंले बारीहरु बगैंचाहरु ५
लगायें अनि तिनमां भांति भांतिका फलवन्त रुखहरु रोप्यें . मैंले ६
पानीका इनारहरु खनायें रुखहरु रोप्येका ठांउहरु भिजाउंनुको लागि .
मैंले कमांरा कमांरीहरु किन्यें अनि कमांरा कमांरीहरु घरैमां पनि जन्म्ये ७
अनि मेरा भेंड़ाबाख्रा र गाईगोरुहरु जति मं भन्दा अगाड़ि यरुशलेममां
हुंने कसैको पनि थियेन . मैंले सुन् चांदी र राजाहरु र इलाकाहरुका ८
अस्सल् धनहरुको पनि सोंच् गर्यें . फेरि गाउंने पुरुषहरु र गाउंने
स्त्रीहरु अनि मान्छेजात्ले सुख्ख पाउंने रखेलीहरु औधिगरि। त मं बड़ा ९
भयेर मं भन्दा अगाड़ि यरुशलेममां हुंने सबै भन्दा बेसि बढ़ि गयें .
तेपनि मेरो बुद्धि मैंमां रह्यो। अनि मेरा आंखाले जे जे हेर्नु खोज्ये ति १०
देखि मैंले तिनलाइ पुनौंन . मैंले आफुलाइ कुनै खुशिभोग् गर्नु देखि
पनि पुनौंन किनभन्ये मेरो मन् मेरो सबै दास्ती देखि आनन्द भयो अनि
यो मेरो सबै दास्तीको भाग् थियो। वहांपक्कि मैंले आफ्ना हातले ११
गर्येका सबै काम् र आफ्ना हातका सबै दास्ती सांचि हेर्यें . त हेर
सब्बै व्यर्थ र हावा पीट्नु सांत्रै रछ अनि सूर्य्य मुनि कोइ नाफा रैन छ॥

फेरि मैंले आफ्नु मन् फेर्यें बुद्धि र बौलेहौं र मूर्खहरूँ हेर्न भन्येर . १२
किनभन्ये राजा पछि आउंनेले के गर्नु सक्छ . खालि त्येइ सांत्रै ता जे
गरीयो। तब मैंले अंध्यारोको भन्दा उज्यालोको जति नाफा रछ त्यतिकै १३
मूर्खहरूँको भन्दा बुद्धिको नाफा रछ भनि देख्यें। बुद्धिमान्का आंखा त्येछो १४
सिरमां छन् अनि मूर्ख चहं ता अंध्यारोमां हिंड्द छ . तेपनि मैंले थाहा
पायें तिनिहरु सबैको गत् ऐकै हुंने रछ भनि। तब मैंले आफ्नु मनमां १५
विचार्यें जस्तो मूर्खको गत् त्येस्तै मेरो गत् पनि हुंने रछ तब ता मं को
कारण् बेसि बुद्धिमान् भयें भनि . तब मैंले आफ्नु मनमां भन्यें यो पनि
व्यर्थनै हो रछ। कसोगरिभन्ये जस्तो बुद्धिमान्को त्येस्तै मूर्खको पनि सधै १६
सम्झना रहंदैन कसोगरिभन्ये आउंदा दिनमां सबै बिर्सीहरूँछन्। येसोरिकन
बुद्धिमान्को मरण् पनि मूर्खकै जस्तो हुंद रछ। येस्कारण् मैंले जीउंनि १७
देखि घिनायें किनभन्ये सूर्य्य मुनि गरींने सबै काम् मैंले शोकैको जान्यें .
कसोगरिभन्ये सबै व्यर्थ र हावा पीट्नु सांत्रै रछ॥

तब मैंले सूर्य्य मुनि जे जे दास्ती गर्येको थियें ति सबै देखि १८
घिनायें . किनभन्ये ति सबै मैंले मं पछि आउंने मान्छेको लागि छोड़ि
जानु पर्दै रछ। अनि त्यो मान्छे बुद्धिमान् हुंछ कि मूर्ख हुंछ को जान्द छ . १९
तेपनि जति दास्ती मैंले गर्यें अनि जति बुद्धि मैंले सूर्य्य मुनि देखायें

२० ति सबैको मालिक् त्येइ हुंछ । त यो पनि व्यर्थनै रछ । त मैंले आफ्नु
मन् फेर्यें सूर्ज्य मुनि गर्येका सबै दास्तीको बिषयमां निरास् हुंनु भनि ।
२१ किनभन्ये कोई येस्तो मान्छे छ जस्को दास्ती बुद्धि र ज्ञान् र सिप् सित
हुंद छ तैपनि त्येस्ले आफ्नु काम् त्येस्मां दास्ती न गर्नेलाइ त्येस्को हिस्सा
हुंनुलाइ छोड़ि दिंछ . यो पनि खालि व्यर्थ र सारो दुक्ख मांत्रै रछ ।
२२ कसोगरिभन्ये मान्छेले सूर्ज्य मुनि ज्ये ज्ये दास्ती मन् लगाइ लगाइकन गर्द छ
२३ त्येस्ले त्येस्को के नाफा हुंद छ । त्येस्को भर्दिन् दुक्खले भरीयेको हुंछ अनि
त्येस्को काम् सुतांइ सुतांइकन हुंद छ अं राति पनि त्येस्को मनले बिश्राम्
पाउंदैन । यो पनि व्यर्थनै रछ ॥
२४ मान्छेको लागि खांनु पीउंनु अनि मिहीनत् गर्दै मनलाइ खुशि
गराउंनु भन्दा बड़ा अरु केइ पनि जाति छैन । यो पनि मैंले देख्यें यो
२५ ईश्वरैको पट्टि बाटो पाइंद रछ भनि । कसोगरिभन्ये मैंले भन्दा बेसि कस्ले
२६ खांनु सक्छ अनि कस्ले सुक्खभोग् गर्नु सक्छ । जुन् मान्छे ईश्वरको
लेखिमां जाति छ त्येस्लाइ उस्ले बुद्धि र ज्ञान् र आनन्द दिंद छ . तर
पापीलाइ उस्ले दुक्ख दिंद छ भेला गर्नु र थन्क्याउंनुको लागि त्येस्ले
त्येस्लाइ देवस् भन्येर जस्ले ईश्वरलाइ खुश् गराउंद छ । यो पनि व्यर्थ र
हावा पीट्नु मांत्रै रछ ॥
३ १ एक् एक् कुरोको लागि समय् हुंद छ अनि स्वर्ग मुनि हुंने सबै
२ थोक्को लागि बेला . जन्मंने बेला र मर्ने बेला . रोप्ने बेला र रोप्येको
३ उखेल्ने बेला मार्ने बेला र निको पार्ने बेला भत्काउंने बेला र
४ बनाउंने बेला रुंने बेला र हांस्ने बेला बिलाप् गर्ने बेला र नाच्ने
५ बेला ढुंगा आफाल्ने बेला र ढुंगा बटुल्ने बेला अङ्गालो मार्ने बेला
६ र अङ्गालो मार्नु फुत्ने बेला खोज्ने बेला र हराउंने बेला जगेरा गर्ने
७ बेला र आफाल्ने बेला फार्ने बेला र सिउंने बेला चुप लाग्ने बेला
८ र बोल्ने बेला प्रेम् गर्ने बेला र घृणि गर्ने बेला लड़ाईंको बेला र
९ मिलाप्को बेला । काम् गर्नेलाइ त्येस्को दास्ती देखि के नाफा छ ।
१० मैंले मान्छेजातको लागि त्येस्मां लागि रहुन् भनि ईश्वरले खटन्
११ गर्येको दुक्ख पनि देख्येको छु । उस्ले सबै थोक् तिनको बेलामां
राम्रा राम्रा बनायेको छ . फेरि उस्ले मान्छेहरुका मनमां अनादि[१] राख्येको छ
तरैपनि ज्ये ईश्वरले गर्येको छ त्यो मान्छेले थाल्नि देखि टुड्नि सम्म बूझ्नु
१२ सक्दैन । मान्छेहरुको लागि आनन्द गर्नु र जीउंनिभरि भलाई गर्नु देखि
१३ बाहिक् अरु जाति केइ रैन छ भनि मैंले थाहा पायें । अनि सबै
मान्छेहरुले खांनु पीउंनु अनि आफ्नु आफ्नु दास्तीमां सन्तोक् मान्नु यो
१४ ईश्वरको दान् हो रछ । अनि यो पनि थाहा पायें अर्थात् ईश्वरले ज्ये गर्द
छ त्यो सदा सम्म ठहर्छ . त्येस्मां न ता केइ बढ़ाईंद छ न केइ घटाईंद छ .

[१] अथवा संसार् ।

अनि ईश्वरले येसो गर्येको मान्छेहरुले उस्को भय् मानुन् भन्ने खातिरले
हो रछ । जे भयो त्यो अगाडिनै पनि भयो जे हुने छ त्यो अगाडिनै पनि १५
भयो . अनि ईश्वरले बित्येको कुरो सोद्ध छ ॥

येस् उप्रान्त मैंले सूर्य्य मुनि को देख्यें भन्ये नियाको ठांउमां दुष्टैं १६
हुंद रछ अनि धर्म्मको ठांउमां दुष्टैं । मैंले आफ्नु मनमां भन्यें ईश्वरले १७
धर्म्मी र दुष्ट दुवैको निया गर्छ . किनभन्ये उस्का एक् एक् बिषय्को र
एक् एक् काम्को लागि बेला छ । मैंले आफ्नु मनमां भन्यें जे हुंद छ १८
त्यो ईश्वरले मान्छेजात्लाइ जांचोस् अनि तिनिहरुले हांमिहरु पनि
पशुसरिनै रांछौं भनि देखुन् भन्ये खातिरले हो रछ भनि । कसोगरिभन्ये
मान्छेजात्को जस्तो गत् हुंद छ पशुहरुको पनि त्येस्तै अंति दुवैको एकै १९
नासे . जसरि पशु मंर्द छ त्येसैरि मान्छे पनि मंर्द छ अनि सबैको एकै
नासे प्राण् छ अनि मान्छे पशु भन्दा कोइ पनि बढ्ता छैन . कसोगरिभन्ये
सब्बै व्यर्थ छ । सबै एकै ठांउमां जांद छन् सबै मांटो देखि बनीये २०
सबै मांटैमां फर्कंछन् । मान्छेजात्को प्राण् को ऊंभो तिर चढ़ि जांद छ २१
अनि पशुहरुको प्राण् को ऊंधो तिर गयेर मांटोमां झर्द छ यो कस्ले
जान्द छ । त मान्छे आफ्ना काममां खुशि रहंनु यो भन्दा बेसि जाति २२
अरु कोइ पनि रैनछ कसोगरिभन्ये त्येस्को अंश येइनै हो . अनि त्येस्
पछि हुंदा कुरा हेर्नुको लागि कस्ले त्येस्लाइ फर्काइ ल्याउंछ ॥

वहांदेखि मैंले फर्कर ति सबै मिचेईं देख्यें जो सूर्य्य मुनि गरींद ४ १
छ . त हेर मिचेईं सहंनेहरुका आंसु बहि रह्यका राछन् अनि तिनलाइ
शान्ति दिंने कोई रैनछ . अनि मिचेईं गर्नेहरुको ता बल् रछ तर मिचेईं
सहंनेहरुलाइ शान्ति दिंने कोई रैनछ । येस्कारण् मैंले ति मंरि सक्येका २
मंर्येकाहरुलाइ अब जीइ रहंने जीउंदाहरुलाइ भन्दा बेसि सर्काये अं ३
ति दुवै भन्दा भाग्येमान्को त्यो हो जो अब सम्म भयेकै छैन जस्ले सूर्य्य
मुनि भयेका बुराई देख्येकै छैन ॥

तब मैंले सबै दास्तो र सबै सुफलेकाम् हेर्यें अनि को देख्यें भन्ये ४
त्येस्को कारणले मान्छेहरु एका अर्का देखि जल्दा राछन् । यो पनि व्यर्थ र
हावा पीठ्नु मांत्रै रछ । मूर्खले आफ्ना हात् छातिमां राख्द छ अनि ५
आफ्नै मांस् खांद छ । चैन् सितको एक् मुठि बरु निको छ दास्तो र हावा ६
पिठाई सितको दुइ मुठि भन्दा ॥

तब मैंले फर्कर हेर्यें त सूर्य्य मुनि व्यर्थ देख्यें । कोई ता एक्ले छ ७
अनि त्यो सङ्ग दोस्रो छैन न त्येस्को छोरो छ न भाई तरैपनि त्येस्को
मिहीनत्को अन्त हुंदैन न त्येस्का आंखा धन् देखि तृप्त हुंद छन् । त्येस्ले
भन्द छ कस्को लागि म यो दास्तो गरि गरिकन आफ्नु प्राण्लाइ सुकव देखि
अलग् राख्द छु । यो पनि व्यर्थ र दुकवलेइ भरीयेको काम् हो । एक भन्दा ९
दुइ भला हुन् कसोगरिभन्ये तिनको दास्तीको जाति फल् निकलंद छ ।
कसोगरिभन्ये येउटा लड्यो भन्ये पनि अर्कोले त्येस्लाइ उठाउंछ . तर हाय् १०

११ येस् मांथि जो एक्लै लड्ला अनि येखाइ उठाउंने कोई होवैन। फेरि दुइ
जना सङ्गै सुत्ये भन्ये ता तिनिहरु तातींकुन्. तर एक्लै कसोरि तातींकु।
१२ अनि एक् मांथि ता कोई जिताहा हुंकु तर दुइ जनाले ता येसको विरुद्ध
गर्नु सक्कुन् अनि तीन् पयाले बाटीयेको डोरी छिट्टो छिनालनु सकीदैन॥
१३ बुद्धिमान् तन्हेरि कङ्गालिनै भये पनि उपदेस् फेरि फेरि ग्रहण् न गर्ने
१४ बूढो र मूर्ख राजा भन्दा बरु जाति कु। कसोगरिभन्ये त्यो येस्को राज्मां
कङ्गालिनै जन्म्येको भये पनि त्यो झेलखान् बाटो निकल्येर राजा भयो।
१५ मैंले सूर्ज्य मुनि हिंड्डुल् गर्ने सबै जीवधारीहरुलाइ देख्यें तिनिहरु येस्
दोस्रो अर्थात् येस् पहिलोको ठांउमां बिराजमान् हुंने तन्हेरिको साथ
१६ लाग्ये। जुन्हरु मांथि येस्ले राज् गर्द थियो तिनिहरु बिहिसाप् थिये.
तेपनि पछि हुंने लोग् येस्को कारण् खुशि हुंदैनन्. सांच्चि सांचनै यो
पनि व्यर्थ र हावा पीठ्नु मांत्रै हो रकु॥
५ १ तं ईश्वर्को घर्मां जांदा खबर्दारी सङ् टेक् किनभन्ये मुन्नुको
लागि कुउ जांनु मूर्खहरुले बलिदान् चढाउंनु भन्दा जाति कु. कसोगरिभन्ये
२ तिनिहरुले हांमिहरु नजाति गर्द कौं भनि जान्दैनन्। आफ्ना कुरा कहानीमां
उताउलो न हो अनि कोई कुरो ईश्वर्को सांमु उताउलेइँ सित गर्द न
निकालनु ईश्वर् स्वर्गमां कु अनि तं पृथिवीमां कुस् येकारण् तेरा बचन्
३ थोरै होउन्। किनभन्ये धेर् लन्ठाको कारणले सपना देखींद कु धेर् कुरा
४ गर्ने मूर्खको सोर् पनि येस्तै ठहर्द कु। जब तैंले ईश्वर्को लागि कोई भाकल्
गर्येको कुस् त त्यो पूरो गर्नुमां अबेर् न गर्नु किनभन्ये उ मूर्खहरु देखि
५ खुशि हुंदैन. जे भाकल् गर्येको होलास् त्यो पूरा पनि गर्। भाकल्
६ गरिकन त्यो पूरो न गर्नु भन्दा ता बरु भाकल् न गर्नुनै जाति। कोई कुरो
गरि आफ्नु शरीरलाइ पापमां न फंसाउंनु न दूतको सांमु यो ता भूलले
पो भयो भनि भन्नु. ईश्वर् तेरो कुरा सुनि किन रिसावस् अनि तेरो काम्
७ नष्ट पारोस्। किनभन्ये धेरै सपना देख्येको र व्यर्थ र धेरै कुराहरु बोल्येको
ले येसैनै हुंद पनि कु. तर तैंले ईश्वर्को भय् मान्॥
८ तैंले कोई ठांमां गरिबले मिचेइँ सच्चेको र निया र धर्म्म बलमिचईले
बिगर्त्येको देखिस् भन्ये देखि त्येस्तो कुराले छक्क न पर्. किनभन्ये
ति बड़ाहरु भन्दा पनि येउटा बड़ाको चेत् रहंद कु. अनि ति दुवै भन्दा
९ पनि बड़ा कु। अनि भूमि देखि जे नाफा हुंद कु त्यो सबैको लागि हुंद
कु. राजाको सुसार् खेतिपातिकै बाटोले हुंद कु॥
१० चांदी देखि प्रीति राख्ने चांदीले अघाउंदैन अनि न धेरै धनमां
११ प्रीति राख्नेलाइ बढ्तोले अघाउंछ. यो पनि व्यर्थनै कु। जब सम्पत्ति
बढ्द कु तब त्येका खांनेहरु पनि बढ्द कुन्. तब त्येको धनीलाइ अरु के
माफा हुंछ त्येले त्यो सम्पत्ति आफ्ना आंखाले देख्येको देखि बाहिक्।
१२ मिहीनत् गर्नेले थोरै खावस् कि धेरै खावस् तेपनि त्येको ता निन्द्रा मीठो
कु. तर धनीको धन् बढ्नेको कारणले त्येलाइ नींद् लाग्दैन॥

मैंले सूर्ज्य मुनि येउटा तुलै सुर्ताको कुरा देख्येको कु अर्थात् धन् १३
राख्येकोले त्येस्को धनीलाइ खालि हानि मांत्रै हुंद कु . अनि ति धन् बुरो १४
दुखले उहि जांद कु अनि त्येस्को धनीको कोरो भये पनि त्येस्को हातमां
केइ आउंदैन । त्यो आंमाको पेट् बाटो जस्तो नाङ्गो निक्ल्येको थियो १५
त्येस्ले परलोकमां जांकु पनि अनि त्येस्का दास्तीको केइ येस्तो फल् रहंदैन
जो त्येस्ले आफ्नु हातमां लैजाला । त यो पनि तुलै सुर्ताको कुरो कु को भन्ये १६
त्यो जस्तो आयो त्येस्ले जांकु . त त्येस्को दास्ती जो हावा पीठ्नु मांत्रै
भयो त्यो देखि त्येस्को को नाफा भयो । अनि त्येस्ले जीउंनिभरि अंध्यारोमां १७
खांद कु अनि अग्घोर् रिसाउंद र रोगी रहंद र क्रोध् पनि गर्द कु ॥

हेर ज्यै मैंले जाति र सुवाउंदो देख्येको कु त्यो येइ हो अर्थात् १८
मान्केले खावस् अनि पीवस् अनि मान्केले ईश्वर्ले त्येस्को लागि ठहरायेको
जीवनभरिका सबै दिनमां सूर्ज्य मुनिको आफ्नु सबै काममां सुक्ख पनि
जानोस् . किनभन्ये त्येस्को अंश येइनै हो । जस्लाइ ईश्वर्ले धनसम्पत्ति १९
दियेको कु अनि त्येस्लाइ त्यो भोग्नु र त्यो देखि आफ्नु अंश लिंनु र
दास्ती गर्दै आनन्द गर्ने शक्ति दियेको होला त्येस्तो मान्केले यो ईश्वर्को
बर्दान् हो भनि ठानोस् । किनभन्ये येस् जीवन्को समझना त्येस्लाइ धेर् २०
रहंदैन कसोगरिभन्ये ईश्वर्ले त्येस्का सुनिकन त्येस्को मन्लाइ खुश् गराउंछ ॥

मैंले सूर्ज्य मुनि देख्येको येउटा बुराई कु जस्ले मान्केलाइ अग्घोर् ६ १
मिचि राख्द कु . अर्थात् कोई मान्केलाइ ईश्वर्ले धनसम्पत्ति र मान् २
पनि यहां सम्म दिंद कु त्येस्को मन्ले इच्छे गर्येकोमांको केइ पनि पूरो
न भइ कोड्दैन तरैपनि ईश्वर्ले त्येस्लाइ त्येस्मांको खांनु दिंदैन तर कसै
बिरांनुले त्यो खांद कु यो व्यर्थै र बुरो बेथा कु । कोई मान्केले सै कोरा ३
कोरी जन्मायो अनि धेरै बर्ष सम्म जीइ रह्यो अनि त्येस्को आयु पनि लांमो
भयो भन्ये पनि त्येस्को मन् सुक्खले तृप्त भयेन अनि न त्येस्का काजक्रिया गरीये
भन्ये देखि ता त्यो भन्दा ता बरु असमयमां जन्म्येको बालख भलो हो .
कसोगरिभन्ये मर्येको बालख व्यर्थैमां आउंद कु अनि अन्ध्यारोमां जांद ४
पनि कु अनि त्येस्को नांउ अन्ध्यारोमां कापींद कु अनि त्येस्ले सूर्ज्य न ५
देख्नु न जान्नु पायो येस्कारण् त्येस्ले येस्ले भन्दा बेसि चैन् पायो . अं यो ६
चइं एक हजारै दोबर् बर्ष सम्म जीइ रह्यो पनि अनि केइ सुक्ख भोग्नु
पायेन भन्ये . को सबै एकै ठांउमां जांदैन । मान्केको सबै दास्ती त्येस्को ७
पेटैको लागि कु तैपनि ता अघाउंदैन । मूर्खको भन्दा बेसि बुद्धिमान्को
को नाफा कु जीउंदाहरुको सांमु कसोरि हिंड्नु पर्कु भनि जान्ने दीन् ८
मान्केको भन्दा त्येस्को को नाफा । मुनको अभिलाषाको चंचलेईं भन्दा ९
आंखाले हेर्नु निको कु . यो पनि व्यर्थ र हावा पीठ्नु मांत्रै हो ॥

ज्यै भयो त्येस्को नांउ उइले देखि राखीयेको कु अनि त्यो मान्के[1] १०

[1] एब्रानिमां थादमे ।

हो भनि जानीयेको छ अनि न त्येस्ले येस्ले भन्दा बल्लियो झगरा गर्नु सक्छ।
११ अरु धेरै कुरा छन् जुन्हरुको कारण्ले जीवन् अरु पनि व्यर्थै हुंद छ त
१२ मान्छेको क्ये नाफा छ। किनभन्ये मान्छेको त्येस्का छाया झैं बिति जांने
सबै दिन्मां त्येस्को लागि क्ये क्ये जाति छ त्यो कस्ले जान्द छ. अनि मान्छे
पछि सूर्ज्ये मुनि क्ये क्ये हुंछ त्यो पनि त्येस्लाइ कस्ले कहंनु सक्छ॥

७ १ जाति नांउ अमोल् तेल् भन्दा र मृत्युको दिन् जन्म्येको दिन् भन्दा
२ जाति छ। भोज्को घर्मां जांनु भन्दा शोक्को घर्मां जांनु जाति छ.
कसोगरिभन्ये सबै मान्छेको लागि अन्त येइ छ त जीउंनेले यो मन्
३ लगाइकन गुनोस्। सुर्ता हंसाई भन्दा जाति छ. कसोगरिभन्ये मुख्मां
४ सुर्ता छाईंदा मन् सुधारींद छ। बुद्धिमान्को मन् सुर्ता गर्नेको घर् तिर
५ लागीइ रहंद छ तर मूर्खचइंको मन् रमाहट् गर्नेको घर् तिर। मूर्खहरुको
६ गीत् सुन्नु भन्दा ता बुद्धिमान्हरुको धम्कि सुन्नु जाति छ। कसोगरिभन्ये
मूर्खहरुको हंसाई पाक्दै गर्ने भांड़ा मुनि कांड़ा पट्पटायेको जस्तै छ. यो
७ पनि व्यर्थैनै छ। सांच्चि सांचिनै बुद्धिमान् पनि मिचेईंमां पर्दा ता मूर्ख
८ होइ जांद छ अनि घूस् लिंदा बुद्धि नष्ट होइ जांद छ। काम्को थाल्नि
भन्दा टुङ्नि जाति छ अनि मन्मां धीरजी हुंने मन्को अहंकारी भन्दा
९ जाति। रिसाउंदा मन्मां न हतारीइ किनभन्ये रिस् मूर्खको हिर्दय्मां
१० रहंद छ। उइले आज्काल् भन्दा जाति कसोगरि भयो भनि न भन्नु.
११ किनभन्ये तैंले यो बुद्धि सित सोद्धै छैनस्। बुद्धि पितृधन् भन्दा भलो
१२ छ. अं सूर्ज्ये हेर्नेहरुको लागि त्यो भन्दा पनि बढ्ताको छ। कसोगरिभन्ये
बुद्धिले छाया दिंद छ अं रुपियाले पनि छाया दिंद छ. तर ज्ञान्को यो
१३ श्रेष्ठेईं छ अर्थात् बुद्धिमान् हुंनेलाइ त्येइ देखि जीवन् पनि छ। ईश्वर्को
काम्को बिषय्मां बिचार् गर्. किनभन्ये ज्ये उस्ले बाङ्गो बनायेको छ
१४ त्यो कस्ले सोजो पार्नु सक्छ। आनन्दको दिन्मां रमाहट् गर् अनि दुक्खको
दिन्मां बिचार् गर्. ईश्वर्ले दुक्ख सुक्ख सङ्सङै राख्येको छ मान्छेले
त्येस्को पछि क्ये हुंछ भनि न बूझोस् भन्येर॥

१५ मैंले व्यर्थै बीत्ने दिन्मां यि सबै देख्यें. येस्तो धर्म्मी देख्यें जो
धर्म्मैमां रहिकन नष्ट हुंद छ अनि अर्को येस्तो दुष्ट देख्यें जो बुराईमां रहिकन
१६ पनि लांमो आयुको हुंद छ। अरघोर् धर्म्मी न बनीइ अनि न औधिको
१७ बुद्धिमान्. किन तं आफुलाइ आफैले नष्ट पार्लास्। फेरि अरघोर्को दुष्ट
१८ पनि न हो अनि न मूर्ख हो. तं असमय्मां किन मंरोस्। त यो कुरो
समाइ रहंनु अनि त्येस् देखि पनि हात् न झिक्नु जाति छ. किनभन्ये
जस्ले ईश्वर्को भय् मान्द छ त्यो यि सबै देखि पार् होइ जांछ॥

१९ सहर्मां हुंने दस् मालिक्हरु भन्दा बेसि बल् बुद्धिमान्लाइ त्येस्को
२० बुद्धिले हुंद छ। सांच्चि सांचिनै पृथिवीमां बिना पाप् भलाई गर्दै रहंने
२१ कोई धर्म्मी मान्छे छैन। जति कुरा बोलीन्दै छन् ति सबै सुनि न
रहंनु होइन भन्ये ता तैंले तेरो दास्ले तंलाइ स्राप्दै गर्येका कुरा

पनि सुन्लास् . किनभन्ये तं आफैले पनि मैंले पनि अर्कालाइ धेरै खेप् २२
येसैगरि खाप्येको छु भनि जान्द छस् ॥

यि सबै मैंले आफ्नु बुद्धिले थाहा पायें . मं बुद्धिमान् हुंछु भनि २३
ता भन्यें तर त्यो मं देखि टाढो रह्यो । जे जे भयो त्यो टाढो र अरघोर् २४
गहीरो छ त्येस्को भेद् कस्ले पाउंनु सकद छ । मं आफ्नु मन् लगाइकन २५
डुलि हिंड्दै रह्यें बुद्धिको र एक् एक् कुरोको मर्म जांनुं अनि खोजि
खोजिकन निकालुं अनि यो पनि थाहा पाउं अर्थात् दुष्टैं खालि मूर्खैं र
मूर्खैं खालि बौलेहीं मांत्रै रछ भनि भन्ये खातिर्ले . त मैंले काल् भन्दा २६
पनि बेसि तीतो थोक् भेट्टायें अर्थात् त्येस् आइमाइलाइ जस्को मन् पासो
र जाल् जस्तो अनि त्येस्का हात् डोरी जस्तै छन् . जुन् मान्छेलाइ ईश्वर्ले
मन् पर्येको छ त्येइ मांत्रै त्यो देखि बांच्छ तर पापी चइं त्येस्मां पारींछ ।
उपदेशक्ले भन्द छ मैंले अर्थ निकाल्नुको लागि फाल्टु फाल्टु कुरा २७
मिलायेर जांच्यें त यो थाहा पायें . अं मेरो मन्ले खोज्दै खोज्दै रपनि २८
मैंले थाहा पाईंन . हजार्मां मैंले एक् जना ता पायें भला मान्छे तर भली
आइमाइ चइं ता त्येतिमां पनि पाईंन । हेर मैंले यो मांत्रै पायें ईश्वर्ले ता २९
मान्छेलाइ सोजो बनायेको रछ तर मान्छेले धेरै जुक्तिहरु निकाल्ये छन् ॥

बुद्धिमान् जस्तो को छ अनि कोइ कुराको अर्थ पनि कस्ले खोल्नु ८ १
सकद छ । मान्छेको बुद्धिको कारणले त्येस्को मुख् चम्कंद छ अनि त्येस्को
मोहोंड़ाको कठोरैं हराइ जांद छ । मं तंलाइ सल्लाह् दिंद छु तैंले २
ईश्वर्को किरिया खायेको अनुसार् राजाको आज्ञा मान् । राजाको सांमु ३
देखि उताउलेईं खित न हिंड् अनि न बुराईमां उभीइ रह् . किनभन्ये
त्येस्ले जे मन् पर्छ त्येइ गर्छ । कसोगरिभन्ये राजाको बचन्मां शक्ति छ त ४
कस्ले त्येस्लाइ भन्नु सकद छ तिमिले के गर्द छौ भनि । आज्ञा मान्ने नजाति ५
कुरोमां भागी हुंदैन अनि बुद्धिमान्को मन्ले बेला र निया जान्द छ .
किनभन्ये एक् एक् कुराको लागि बेला र निया छ अनि मान्छेको कुगत् ६
त्यो आफैको लागि ठुलो छ . कसोगरिभन्ये त्येस्ले के के हुंछ भनि जान्दैन ७
अनि यो कसोगरि हुंछ भनि त्येस्लाइ कस्ले सुनाउंनु सकछ । प्राण्[1] मांथि ८
प्राण्[1] फर्काइ ल्याउंनुलाइ कसैको शक्ति छैन न कालको दिन् मांथि
शक्तियार् कसैको छ न लड़ाईंमां छुट्टी छ . अनि न बुराईले त्येस् मांथि
खटन् भयेकोलाइ बचाउंछ । यि सबै मैंले देख्यें अनि मैंले सूर्य्य मुनि ९
गरीयेको सबै कामको बिषयमां आफ्नु मनमां बिचार्यें . त एक् समय्
रछ जस्मां येउटा मान्छेलाइ दुकव दिंनुको लागि अर्को मान्छेको हातमां
अधिकार् हुंद रछ ॥

येस् सप्रान्त मैंले दुष्टहरुको सुक्खाई देख्यें तिनिहरुका चिहान् पनि १०
बनीये तर काम् ठीक् गर्नेहरु चइं पवित्र ठांउ देखि निस्कि गये अनि

---

[1] अथवा सांगा ।

११ त्येस्को समझना सहरमां रहेन. यो पनि व्यर्थ रहे। बुरो कर्म्मको
दण्डको आज्ञा छिटोछाटोगरि गरीयेन येस्कारण मान्छेजातहरुको मन्
१२ दुष्टकर्म्म गर्न इच्छेले भरीयेको हुंद छ। पापीले सै बारै पाप् गऱ्यो अनि
आयु पनि लांमो भइ रह्यो भन्ये पनि जो ईश्वरको भय् मान्द छ उस्को
१३ भय् मान्ने चइंको ता भलोनै हुंद छ भनि म सांचि सांचि जान्द छु. तर
दुष्टको ता भलो हुंदैन अनि त्येस्को आयु जो छाया जस्तो छ लांमो हुंदैन
१४ किनभन्ये त्येस्ले ईश्वरको भय् मान्दैन। पृथिवीमां येउटा व्यर्थ काम् हुंद
छ अर्थात् कत्ति धर्म्मीहरु छन् जुन्हरुको गत् दुष्टहरुको कर्म्मको जस्तो
गत् हुंद छ. अनि फेरि कत्ति दुष्टहरु छन् जुन्हरुको गत् धर्म्मीहरुको
१५ कर्म्मको जस्तो गत् हुंद छ. त मैंले भन्यें यो पनि व्यर्थ हो रछ भनि।
तब मैंले आनन्दको बड़ाई गर्यें किनभन्ये मान्छेको लागि सूर्य्य मुनि
खांनु पीउंनु र रमाहट् गर्नु बाहिक् अरु केइ जाति रैनछ. कसोगरिभन्ये
ईश्वरले सूर्य्य मुनि त्येस्को लागि दियेको त्येस्को जीउंनिभरि त्येस्को मिहीनत
सङ त्येइ रहंछ॥
१६ मैंले जब बुद्धि जान्नुलाइ र पृथिवी मांथि गरींने सबै काम् हेर्नुलाइ
मन् लगायें (किनभन्ये कत्ति छन् जस्का आंखाले न दिन् न रात् नीन्द्रा
१७ देखद छन्.) तब मैंले ईश्वरको सबै काम् देखें ज्ये ज्ये काम् सूर्य्य मुनि
गरींद छ त्यो मान्छेले जान्नु सक्दैन रछ. त्यो खोज्नुलाइ मान्छेले जति
सुकै दास्तो गर्ये पनि त्यो भेट्दैन रछ अं बुद्धिमान्ले त्यो जान्नुलाइ
८ १ बिचार्ये पनि त्येस्ले त्यो पाउंनु सक्दैन रछ। कसोगरिभन्ये येस्को लागि
मैंले आफ्नु मन् लगायें यि सबै कुराको भेद् पाउं भनि त येइ पायें धर्म्मी
र बुद्धिमान् मान्छे र तिनको काम् पनि ईश्वरकै हातमां रछ. मान्छेले
प्रेमको काम् हुंछ कि इर्ष्याको काम् हुंछ भनि जान्दैन रछ सबै तिनिहरुकै
२ सांमु छन्। सबै बिषय् सबैको लागि बराबरै छन्. धर्म्मी दुष्ट भलो
शुद्ध अशुद्ध बलिदान् चढ़ाउंने र बलिदान् न चढ़ाउंने सब्बैको गत्
एकैनासे हुंद छ. जस्तो भलो मान्छे त्येस्तै पापी पनि हुंद छ जस्तो
३ किरिया खांने त्येस्तै किरिया देखि डराउंने पनि हुंद छ। ज्ये सूर्य्य मुनि
गरींद छ त्येसमां यो येउटा बुराई छ को भन्ये सबैको एकै गत् हुंद छ.
अं अनि मान्छेजातको मनमां बुराई भरीयेको हुंद छ अनि तिनिहरु जीइ
रह्नेको हुंदा तिनिहरुको मनमां बौलेहीं भरीयेको हुंछ अनि शेषमां ति
४ मुर्दाहरुमां गइ मिसींछन्। किनभन्ये जीउंदाहरुको खालमां मिसीइ रहंनको
लागि ता भरोसा छ कसोगरिभन्ये जीउंदो कुकुर् मंऱ्येको सिंह भन्दा भलो
५ छ। कसोगरिभन्ये जीउंदाहरुले ता जान्द छन् हांमिहरु मंर्छौं भनि. तर
मंऱ्येकाहरुले केइ जान्दैनन् अनि न तिनलाइ अरु प्रतिफल् दिईंछ
६ कसोगरिभन्ये तिनको समझना मेटीयो। तिनिहरुको प्रेम् रिस् डाहा सबै
नष्ट भये अनि सूर्य्य मुनि ज्ये ज्ये गरींद छ त्येस्मां सब्बैभरि तिनिहरुको केइ
अंश रह्नेको हैन॥

आफ्नु बाटो समात् आफ्नु रोटी खुशि सित खांने गर् अनि आफ्नु ७
दाखमद्य आनन्दित् मनले पीउने गर् किनभन्ये ईश्वर् ऐलेने तेरा कर्म्म
देखि खुशि भइ सक्नीयो । तेरा वस्त्र सदा सेतो रहुन् अनि तेरो शिरमां ८
तेल्को घटि न हवस् । उस्ले सूर्य्य मुनि तेरो लागि ठहराएका सबै व्यर्थ ९
बीतने दिनमां आफ्नो प्यारी स्वास्नी सित आफ्ना सबै व्यर्थ बीतने
दिनमां खुशि भोग्दै रह् . किनभन्ये तेरो जीवनमां र तैंले सूर्य्य मुनि
गर्ने गर्येका तेरा सबै दास्तीमां तेरो अंश येइ हो । तेरो हातमां आयेको १०
काम् आफ्नु शक्तिभरि गर् किनभन्ये तं जांनु आंटेको पत्तालमां न काम्
न जुक्ति न ज्ञान् न बुद्धि चल्द छ ॥

मैंले फर्क्यर सूर्य्य मुनि हेर्यें त हेर न ता दुगुराई छिटो दुगुर्नेहरुको ११
लागि हो रछ अनि न लड़ाईं बीर्को लागि अनि न रोटी बुद्धिमान्हरुको
लागि । अनि न धन् बूझकिको लागि अनि न अनुग्रह् चलाख्हरुको
लागि हो रछ तर ति सबैको लागि बेला र संयोग् अनुसार् राछन् ।
कसोगरिभन्ये मान्छेले आफ्नु समय् जान्दैन . जसोरि माछाहरु दुक्ख १२
दिने जालमां पक्रीईंद छन् अनि चराहरु पासोमां फांसीद छन् त्येसैगरि
मान्छेजात्हरु तिनिहरु मांथि एक्कासि आइ पर्येका दुक्ख दिने बेलामां
फांसीद छन् ॥

मैंले सूर्य्य मुनि येस्तो बुद्धि पनि देख्यें अनि त्यो मलाइ बिग्रै तुलो १३
लाग्यो . अर्थात् येउटा सानु सहर् थियो जस्मां अलिकता मांत्रै मान्छेहरु १४
थिये अनि कोई बड़ो राजाले त्येस् मांथि आइ लाग्येर त्येस्लाइ घेर्यो
त्यहांदेखि त्येस्को बिरुद्धमां तुलो तुलो गड़ि बनायो . अनि त्येसमां येउटा १५
कंगालि बुद्धिमान् मान्छे पाईयो जस्ले त्यो सहर् आफ्नु बुद्धिले बचायो
तर त्येस् कंगालि मान्छेको सम्झना गर्ने कोई पनि थियेन । तब मैंले १६
भन्यें बुद्धि बल् भन्दा जाति रछ भनि . तरैपनि कंगालिको बुद्धि तुच्छ
ठानीयो अनि त्येस्का कुरा सुनीयेनन् ॥

बुद्धिमान्हरुले चुप चुप लागि गर्येका कुरा मूर्खहरुको बीचमां १७
प्रभुतेईं गर्नेहरुले कराएका कुरा भन्दा बेसि सुनींद छन् । बुद्धि लड़ाईंका १८
हतियार् भन्दा जाति छन् अनि येउटै पापी देखि पनि धेरै भलाई
नष्ट हुंद छन् । जसोरि मर्येका झिङ्गाहरुको कारणले बास्नाको तेल् १०
गन्हाउंनु लागद छ . त्यसैगरि थोरै मूर्खईंले बुद्धि र मान् बिगार्द छ ।
बुद्धिमान्को मन् दाहीनो तिर हुंद छ तर मूर्खको मन् बाउं तिर । अं मूर्ख
बाटोमां हिंड्दा पनि त्येस्को मन् काम् लाग्दैन अं त्येस्ले मं सबैमां मूर्ख
छ् भन्द छ । मालिक्को रिस तं मांथि उठ्यो भन्ये पनि आफ्नु ठांउ न
छोड्नु किनभन्ये धीरज् धर्येकोले तुला तुला पाप् पुनींद छन् । मैंले सूर्य्य
मुनि येउटा बुराई देख्यें जो मालिकहरुको भूलले भयेको थाहा हुंद छ .
अर्थात् मूर्खहरु तुलो मान्को ठांउमां बसालींद छन् . अनि धनीहरु चहं
तल बस्द छन् । मैंले दास्हरुलाइ घोड़ामां चढेका अनि ठाकुरहरुलाइ

८ दास्हरू भैं भूइंमां हिंड्दै गर्येका देख्यें। खाड्ल् खन्ने त्येसैमां लड्छ
९ अनि बार् भत्काउंनेलाइ सापले डस्छ्। कुंगा खन्ने तिनै देखि घाइते हुंछ
१० अनि काठ् काट्ने त्येसै देखि काटींने डर् छ। फुलम् टुंड्रीयो अनि मान्छेले
त्येस्को धार्लाइ अर्जाप्येन भन्ये देखि बेसि बल् गर्नु पर्छ. तर काम्
११ चलाउंनुको लागि बुद्धिले नाफा छ। मन्तर् न भयेको कारणले सापले
१२ डस्द छ त पछि मन्तर् चलाउंनेको नाफा को। बुद्धिमान्का बचनको
कारणले अनुग्रह् हुंद छ तर मूर्ख आफ्नै ओंठको बाटोले नष्ट हुंछ।
१३ मूर्खको कुरा थार्लानिमां सूर्खइंनै हुंद छ. त्येस्को बक्बक्को अन्तमां
१४ दुक्ख दिंने बौलेहीको हुंछ। मूर्खले धेरै कुरा बढ़ाउंछ. तरेपनि को हुंछ
भनि मान्छेले जान्दैन अनि मान्छे पछि को हुंछ त्यो कस्ले त्येस्लाइ भन्
१५ सक्द छ। मूर्खहरूको दास्तोले सबैलाइ थकाउंद छ कसोगरिभन्ये त्येस्ले
१६ सहरमां कसोगरि जांनु भनि जान्दैन। ए देस् जब तेरो राजा बालखै छ
अनि तेरा मालिक्हरूले बिहानै भान्सा गर्द छन् तब तं मांथि हाय्।
१७ ए देस् जब तेरो राजा भारादार्को छोरो छ अनि तेरा मालिक्हरूले
बेलामां भान्सा गर्द छन् बल्को लागि अनि मत्वाली हुंनुको लागि
१८ होइन तब तं धन्नको हुंद छस्। अल्छिको कारणले घर्को धुरि पेएचीद
१९ छ अनि हातको अल्छेइंको कारणले घर् चुहुन्द छ। भान्सा हंसाईको
लागि गरीद छ अनि दाख्मह्ले जीउंनिलाइ आनन्द गराउंन्द छ. अनि
२० रुपियाले ज्येस्लाई थोक् पनि पाईंद छ। राजालाइ आफ्नु मनैमां पनि न
स्राप्नु अनि धनीलाइ आफ्नु सुत्ने कोठामां पनि न स्रापनु. किनभन्ये
कसै आकाशचारी पंछीले तेरो बचन् लैजांछ अनि कोई उड्ने जन्तुले त्यो
कुरो जाहार् गरि दिंछ॥

११ १ आफ्नु खांने कुरो पानीमां हालि दे. किनभन्ये धेरै दिन् पछि
२ तैंले त्यो फेरि पाउंछस्। सात् जनालाइ अं आठ्लाइ पनि अंश दे
३ किनभन्ये तं जान्दैनस् पृथिवीमां को बुराई पर्छ। जब बादल्ले पानी भरि
ल्याउंद छन् तब त्यो पृथिवीमां खन्याइ दिंद छन्. अनि रुख् दक्खिन्
४ तिर ढलोस् कि उत्तर् तिर जहां ढल्छ उहीं पख्रोइ रहंछ। बतासको
हिसाप् राख्नेले बिउ छर्दैन अनि बादल् हेरि रहंनेले कटनी गर्दन.
५ जसोगिकन तैंले हाड्को बाटो को हो अनि गर्भीणीको पेट्मां हाड्
कसोगरि बनींद छन् भनि जान्दैनस् त्येसै गरिकन तैंले सबै थोक् गर्न
६ ईश्वर्को काम् पनि जान्दैनस्। बिहान बिउ छर् अनि बेलुका पनि आफ्नु
हात् न थुन् किनभन्ये तं जान्दैनस् कुन् चइं काम् सुफल् हुंछ न यो न त्यो
७ कि दुवैका जाति हुंछन् भनि। सांचिनै उज्यालो मनपर्दो हुंद छ अनि
८ घाम् हेर्येकोले आंखालाइ खुशि पार्द छ। मान्छे धेरै बर्ष सम्म जीइ रह्यो
भन्ये पनि ति सबैमां खुश् रहोस् तर अंध्यारा दिनको पनि सम्झना
राखोस् किनभन्ये ति धेरै हुंछन्। जे हुंने छ त्यो सबै व्यर्थनै हुंछ॥

९ ए तन्हेरि आफ्नु तन्हरेइंमां रलाहट् गर् अनि तेरो बइंस् कुंजाल्

तेरो मन् मगन् रहोस् अनि आफ्नु मनपर्दो चालमां हिंड्कस् भन्ये हिंड् अनि आफ्ना आंखालाइ खुश् गराउंकस् भन्ये गरा . तर याहा पाइ राख् ति सब्बै चालको विषयमां ईश्वरले तेरो निया गर्छ । येस्कारण् आफ्नु १०
मन् देखि सुर्ता र आफ्नु जीउ देखि दुक्ख दूर् गर् . किनभन्ये बइंस् र तन्हेरेइंको आयु व्यर्थैने छन् । आफ्नु बइंसमां आफ्नु सिर्जनहार्लाइ १२ १
पनि समझना राख् किनभन्ये विपत्तिको दिन् र ति दिन् आउंद छन् जस्मां तैंले भन्ने छस् यिनमां मेरो मन् लाग्दैन भनि तब सूर्य्य र २
उज्यालो र जून् र ताराहरु अंध्यारो होइ जांछन् अनि पानी परि सक्यो पछि फेरि बादल् घेरौंदै आउंछन् . त्येस् बेला घर्का पहरूहरु कांम्छन् अनि ३
बीरहरु निउरिंछन् अनि जांतो पिन्ने आइमाइहरु थोरै मांत्रे रह्योको कारणले काम् छोड़ि दिंछन् अनि झ्याल् बाटो हेर्नेहरु अंध्यारो होइ जांछिन् अनि गल्लि पट्टिका देलाहरु थुनोंछन् अनि जांतो पिन्येको ४
सोर् मधूरो हुंछ अनि चराको कराई सुन्दाखेरि कोई उठ्छ अनि सबै गाउंने केटीहरुको शब्द मधूरो होइ जांछ अं अलगो थोक् देखि ५
डराईंछन् अनि बाटोमां तर्साईंछन् अनि बादाम्को बोट् फुल्छ अनि सलहहरु पनि भारि जस्तै लाग्छ अनि भोक् जगाउंने फल् फेरि फेरि काम् लाग्दैन . कसोगरिभन्ये मान्छे आफ्नु सनातन् घरमां जांने हुंछ अनि विलाप् गर्नेहरु सटक् सटक् हुंदो डुलि हिंड्छन् . त्येस् बेलामां चांदीको ६
तार् फुल्छ अनि सुन्को बटुको फुट्छ अनि पन्धेरा निर घड़ा फुट्छ अनि इनार् कुंउ पाङरा फुट्छ अनि मांटो जस्तोको तस्तो मांटैमां मिसौंछ ७
अनि आत्मा चइं त्येस्लाइ दिंने ईश्वरै पांइ फर्कि जांछ । व्यर्थैने व्यर्थ छ भनि उपदेशकले भन्द छ सबै व्यर्थैने छ ॥ ८

येस् उप्रान्त उपदेशक् बुद्धिमान् भयेको कारणले त्यो अझै प्रजालाइ ९
ज्ञान् सिकाउंदै रह्यो . कान् लगाइ लगाइकन सोधपूछ गरि गरिकन धेरै धेरै उखानहरु मेलै सित राख्दै थियो । उपदेशकले मनपर्दो मनपर्दो १०
कुराहरु खोजि खोजि निकाल्दै थियो अनि त्येस्ले जे लेख्योको छ ति सोजा र सांचा कुरा छन् ॥

बुद्धिमानहरुका कुरा सुइरा जस्ता छन् अनि सभाका मालिकहरुका ११
कुरा गाड़िएका कोला जस्ते ति येउटै गोठालोको पट्टि बाटो मिल्दै छन् । अनि येस् उप्रान्त ए मेरो छोरा चेतावनो सुन् . धेरै पोस्तक् लेख्दा लेख्दा कोइ अन्त पाईंदैन अनि धेरै पढाईले जीउ गलि जांद छ ॥ १२

अन्तको कुरो येइ हो सबै कुरा सुनोयो . ईश्वरको भय् मान् अनि १३
उस्का आज्ञाहरु मान् किनभन्ये सब्बैने मान्छेको कर्तव्यकर्म्म येइने हो । किनभन्ये ईश्वरले सबै गुप्त कुराहरु समेत् भला बुरा हुवे प्रकारका सब्बै १४
कर्म्महरुको निया गर्छ ॥

गीतागीत्

१ १ गीतागीत् सुलैमान्को गीत् ।

२ येस्ले मंलाइ चूमा खावस् येस्को मुखका चूमाहरुले ।
किनभन्ये आफुको प्यार् दाखरस् भन्दा जाति कु ।
३ आफुका तेलका बास्ना जाति कुन्
आफुको नांउ खन्याईयेको तेल् जस्तो कु
येसैकारणले कन्येहरुले आफु सित प्रेम् गर्द किन् ।
४ मंलाइ तान्नु हवस् त हांमिहरु आफु पछि पछि दुगुकौं ।
राजाले मंलाइ आफना कोठाहरुमां ल्यायेका कुन् ।
हांमिहरु खुशि भयेर आफुमां रमाउंकौं
हांमिहरु आफुको प्यारको चर्चा दाखरसको भन्दा बेसि गर्कौं ।
तिनिहरुले आफु सित ठीक् प्रेम् गर्द कुन् ।

५ हे यरूशलेमको कोरीहरु हो
मं काली ता कु तै राम्री
केदारका पालहरु जस्ता
सुलैमान्का पर्दाहरु जस्ता ।
६ मंलाइ न हेर किनभन्ये मं काली कु
कसोगरिभन्ये घामले मंलाइ डढ़ायो
मेरी आंमाका कोराहरु मं देखि रिसाये
तिनिहरुले मंलाइ दाखका बारीहरु गड्ने तुल्याये
तर मैंले आफ्ने दाखको बारीको रुखाई गरीन ।
७ ए मेरो प्राणको प्यारी मंलाइ भन्
तिमिले आफ्ना भेंड़ाबाख्रा कहां चराउंद कहां आनि दोपहरिमां तिनलाइ
कहां खर्काउंद कहो ।
किनभन्ये मं घेउटी पछेउरा उघारीयेको जस्ती किन होउं
तिम्रा साथीहरुका बगालहरुको पछि पछि हिंड्ने ।

८ ए तं स्त्रीहरुमां सबै भन्दा राम्री तैंले जान्देनस् भन्ये देखि
तं भेंड़ाबाख्राका खुरका पाइला पेल्याउंदै जा
अहांदेखि आफ्ना पाठाहरुलाइ गोठालाहरुको पालको कोउमां चरा ।

९ ए मेरी प्रिया मैंले तंलाइ
फिरऊनका रथहरुका नारीयेको घोड़ीको नपना दियेको कु ।

तेरा गाला केस्का चुल्ठाले १०
र तेरा गला गहनाका डोरीले कत्ति राम्रा सिङारीयेका छन् ।
हांमिहरु तेरो लागि सुनका हारि ११
चान्दीको खिप् समेत् बनाउंछौं ।

राजा आफ्नु मेज् निर बसि रह्येका हुंदा १२
मेरो जटामासीको बास्ना चल्नु थाल्यो ।
मेरा प्यारा मेरो लागि मुर्र् भनींने सुगन्धको डल्ला सरिने छन् १३
जो मेरा दुत्हरुको बीच्मां लड़ि रहंद छन् ।
मेरा प्यारा मेरो लागि मेंहदीको फूल्को झुप्पा जस्तै छन् १४
जो एन्गदिको दाख्का बारीहरुका छेउछेउमां छन् ।

हेर् तं सुन्दरी छस् ए मेरी प्रिया हेर् तं सुन्दरी छस् १५
तेरा आंखा परेवाका जस्ता छन् ।

ए मेरी प्यारी हेर् तं सुन्दरी छस् अनि मन्पर्दी . १६
अनि हांम्रो ओछ्यान् पनि हरीयो छ ।
हांम्रो महल्का दलीन्हरु देव्दारु काठ्का छन् १७
अनि डांड़ाहरु सल्लाकाठ्का ॥
मं शारोन्को गुलाब् २ १
र बेंसीको हाड़ेलसुन् हुं ।

जस्तै कांड़ाहरुको बीच्मां हाड़ेलसुन् २
त्येस्तै मेरी प्रिया छोरीहरुको बीच्मां

जस्तै शेव्को बोट् बन्का रुख्हरुको बीच्मां ३
त्येस्तै मेरा प्यारा छोराहरुको बीच्मां ।
मं तिन्को छाया मुनि रमाइ रमाइकन बसि गयें
अनि तिन्को फल् मंलाइ मीठो लाग्द थियो ।
तिन्ले मंलाइ दाख्मह खाईंने घर्मां ल्याये ४
अनि तिन्को मं मांथि फर्फराउंने झण्डी प्रेम् थियो ।
मंलाइ किस्मिस्ले सम्भाल अनि शेव्ले शान्ति देव . ५
किनभन्ये मं प्रेम्ले रोगीयेकी छु ।
तिन्को देब्रे हात् मेरो सिर् मुनि छ ६
अनि तिन्को दाहींनो चइं हात्ले मंलाइ अङालो मांर्द छन् ।

हे यरुशलेम्की छोरीहरु हो मं तिमिहरुलाइ किरिया दिंद छु ७
मुड्डुली मिर्ग र बन्की हरिणीको नांउले
प्रेम् आफैले इच्छे न गरुन्ज्याल् सम्म
न चलाव न जगाव ।

८ मेरा प्याराको शब्द सुनींद छ . हेर तिनि आउंनै छन्
पर्वत्हरु मांथि फाल् हान्दै र डांड़ाहरु मांथि कूद्दै ।
९ मेरा प्यारा मिर्ग जस्ता अं जुवान् कौड़ेमिर्ग जस्ता छन् .
हेर तिनि हांमिहरुको भित्ताको आड़ूमां उभींद छन्
तिन्ले झ्याल् बाटो हेर्द छन्
झिलिमिलेमां देखाहा पर्द छन् ।
१० मेरा प्यारा बोल्द छन् अनि मंलाइ भन्द छन्
उठ् मेरी प्रिया मेरी सुन्दरी मं थांइ आइ हाल् ।
११ किनभन्ये हेर् हिउंदो गयो
झरि बीत्यो अं गइ गयो
१२ पृथिवीमां फूल्हरु देखाहा पर्न लाग्ये
अनि पंषीहरुले भाषा फेर्ने बेला आयो
अनि हांमिहरुको देस्मां ढुकुर् बास्येको सुनींनु लाग्यो
१३ नेभाराका हरीया हरीया फल्हरु पाक्नु लाग्ये
अनि दाख्हरु फुल्नु लाग्ये
ति देखि बास्ना चल्नु लाग्यो
उठ् मेरो प्रिया मेरी सुन्दरी मं थांइ आइ हाल् ।
१४ ए मेरी ढुकुर्नी ओढ़ार्का टोड़ूका हुंदो बस्ने उकालिको छेउछाउका
जंगलमां रहंने
तेरो मोहोंड़ा मंलाइ देखा तेरो सोर् मंलाइ सुना
किनभन्ये तेरो सोर् मीठो छ अनि तेरो रूप् राम्रो ।
१५ स्याल्का छाउराहरु अं हांम्रा दाखका बारी बिगार्ने ससांना स्याल्का
छाउराहरुलाइ हांम्रो लागि समात
किनभन्ये हांमिहरुका दाख्हरु फुल्दै छन् ।
१६ मेरा प्यारा मेरै हुन् अनि मं चइं तिन्की .
तिन्ले आफ्ना बगाल्लाइ हाड़ेलसुन्घारीमां चराउंद छन् ।
१७ दिन् सित्तल् न होउंज्याल् सम्म छायाहरु बिति न जाउंज्याल् सम्म
मेरा प्यारा फर्कनु हवस् अनि मिर्ग र जुवान् कौड़ेमिर्ग जस्तो हुंनु हवस्
जो बेतेर्का पर्वत् पर्वत् हुंदो छ ।

३ १ राति मैंले आफ्नु ओछ्यान्मां मेरो प्राण्का प्यारालाइ खोज्यें .
अं तिन्लाइ खोज्दै रह्यें तर तिन्लाइ पाईंन ।
२ [तब मैंले भन्यें] अब उठ्येर सहर् हुंदो जांछु
गल्ली गल्ली र चोक् चोक् हुंदो
मं मेरो प्राण्का प्यारालाइ खोज्छु .
मैंले तिन्लाइ खोज्यें तर तिन्लाइ पाईंन ।
३ सहर्मां डुलि हिंड़ूने पहराचौकिले मंलाइ भेट्यो .
[जस्लाइ मैंले सोध्यें] क्यो तिमिले मेरो प्राण्का प्यारालाइ देख्यौ भनि ।

तिनिहरु देखि अलिक् पर्तिर गयेकी थियें ४
मैले मेरो प्राणका प्यारालाइ भेटें ।
मैले तिनलाइ समायें अनि कोड़ि दिनु मानौंन
तिनलाइ मेरी आमाको घरमां न ल्याउंज्याल् सम्म
अं मंलाइ जन्मायेको कोठामां न ल्याउंज्याल् सम्म ।

हे यरूशलेमकी कोरीहरु हो मं तिमिहरुलाइ किरिया दिंद कु ५
मुड़ली मिर्गा र बनकी हरिणीको नांउले
प्रेम् आफैले इच्छे न गरुम्ज्याल् सम्म
न चलाव न जगाव ।

धुंवाको मुडुका जस्तो बन् बाटो निस्कि आउंने को हो ६
सुगन्ध र अत्तरले बासा चल्ने हुंदै
बेपारीहरुका सबै चूर्णले ।
हेर त्यो सुलैमानको पाल्कि हो ७
तीन् कोरी महाबीरहरु त्येका वरिपरि कुन्
इस्राएलमांका बीर्बीर् मानछेहरु ।
ति सबै तरवार् भिकने र लड़ाईंका जानापा कुन् ८
जनंगेले आफनु आफनु तरवार् तिनका जाङ्घ जाङ्घमां झुंड्यायेका कुन्
रातिको डरको कारणले ।
सुलैमान् राजाले आफनु लागि येउटा गाड़ी बनायो ९
लबानोनको काठको ।
त्येले त्येका खांबाहरु चांदीका बनायो १०
त्येको मझेरि सुनको अनि त्येको बालिस्ट बैगुने रंगको
त्येको बीच् बीचमां चइं प्रेम् जड़ेयका थिये
जो येरूशलेमकी कोरीहरु देखि थिये ।
हे सेहुनकी कोरीहरु हो बाइर निस्कि आयेर सुलैमान् राजालाइ हेर ११
त्यो मुकुट् लायेका जो तिनकी आमाले तिनलाइ तिनको ब्याहाको
दिनमां लगाइ दियेकी थिइन्
अं तिनको बड़ो हर्षबड़ाईको दिनमां लगाइ दियेकी थिइन् ॥

हेर् तं सुन्दरी कस् ए मेरी प्रिया हेर् तं सुन्दरी कस् ४ १
तेरा आंखा पकेवरा मुनि परेवाका जस्ता कुन्
तेरा केस् भेंड़ा बासाका बगाल् जस्ता कुन्
जो गिलाद् डांड़ाको पाखामां खर्कि रह्येका कुन् ।
तेरा दांतहरु ऊण् कतर्येकी भेंड़ीहरुको बगाल् जस्ता कुन् २
जो नुहाईयेर पानी देखि जंभो उक्लि आउंदै कुन्
जुनहरु गोटैपिच्छेले जोर् जोर् बिहाउंदी कुन्
अनि तिनिहरुमां येउटी पनि बैल्ही छैन ।

३ तेरा ओंठ् सिंदुरे रंगका धागा जस्ता छन्
तेरो मुख् राम्रो छ ।
तेरा कन्पारा दारीमका कप्टेरा जस्ता छन्
तेरो पर्केउरा[1] मुनि ।
४ तेरो गला दाऊद्को हतियार्घर्को लागि बनाईयेको धरारा जस्तो छ
जस्मां हजार् ढाल्हरु झुंड्याईयेका छन्
बीरै बीर्का सबै ढाल्हरु ।
५ तेरा दुवटा दुत्हरु मिर्गका जुम्ले पाठाहरु जस्ता छन्
जो हाड़ेलसुन्को बारीमां चर्दै गर्द छन् ।
६ दिन् सित्तल् न होउंज्याल् सम्म छायाहरु बिति न जाउंज्याल् सम्म
मं मुर्को डांड़ामां चढ्छु
अं लोबान्को पर्वत्मां
७ ए मेरी प्रिया तं साँट्टै राम्री छस्
तंमां कोइ खोट्खाट् छैन ।
८ मं सङ आइज ए मेरी ब्याउली लबानोन् देखि
मं सङ आइज लबानोन् देखि ।
अमानाको थाप्लि देखि हेर्
सेनीर् र हेर्मोन्को थाप्लि देखि
सिंहहरुका कुरिहरु देखि
बाघहरुका पर्वत्हरु देखि ।
९ ए मेरी बैंनी ए मेरी ब्याउली तैंले मेरो मन्लाइ मोहित् गराइस्
तैंले आफ्नु येउटै आंखाले मेरो मन्लाइ मोहित् गराइस्
आफ्नु गलाको येउटै सिक्रिले ।
१० कत्ो औधिको मन्पर्दो हो तेरो प्रेम् ए मेरी बैंनी ए मेरो ब्याउली
तेरो प्रेम् दाख्मद्य भन्दा कत्ति जाति छ
अनि तेरा तेलको बास्ना कत्ति मीठो अं सब्बै रकम्का मसाला भन्दा बेसि ।
११ ए मेरी ब्याउली तेरा ओंठ् चुहुंद छन् चाका देखि मह चुहे झैं
तेरो जिब्रो मुनि मह र दुद् छन्
अनि तेरा वस्त्रको बास्ना लबानोन्को बास्ना जस्तो छ ।
१२ मेरी बैंनी मेरी ब्याउली देलो लगाईयेको बारी जस्ती छ
देलो लगाईयेको उम्रंदो पानीको छाप् लगाईयेको हिटि जस्ती ।
१३ तेरा कोपीला दारीमको बारी जस्ता छन् जस्मां अमोल् अमोल् फल् फलि
रहेका छन्
अं मेंहदी र जटामासीका ।

---

[1] अथवा कोस् ।

जटामासी र केसर्
बच् र सिन्कौलि अनि लोबानका सबै रकमका बोटहरु कुन्
मुर् र अगर् र सबै रकमको अस्सल् अस्सल् गन्धरस् ।
तं बारीको पानीको मूल् जस्तो कुस्
जसवा पानीहरुका कुवा जस्तो
अनि लबानोन् देखि बहंने खोला जस्तो ।

ए उत्तरेहावा जाग् अनि उठ् ए दक्खीने
मेरो बारीमां बह् र त्येका बासनाहरु उड़ाइ ल्याउन्
मेरा प्याराले आफ्नु बारीमां आयेर
त्येका अमोल् अमोल् फल् खाउन् ॥ ।

ए मेरी बैंनी ए मेरी ब्याउली मं आफ्नु बारीमां आयें ।
मैंले आफ्नु मुर् र बलसान् बटुल्यें
मैंले आफ्नु मह चाकै समेत् खायें
मैंले आफ्नु दाखमह दुद् सित खायें ।
हे साथीहरु हो तिमिहरुले खाव
हे प्याराहरु हो खाव अं अघाउंजि खाव ।

मं सुत्येको ता थिये तर मेरो मन् चइं ता जागे थियो ।
मेरा प्याराको सोरले येसो भन्दै घच्घच्यायो
मेरो लागि देलो उघार् ए मेरी बैंनी ए मेरी प्रिया ए मेरो
निष्खोट् ।
किनभन्ये मेरो सिर् सीतले भरीयो
मेरा लट्ठाहरु रातको चुहाईले ।
मैंले आफ्नु चोलो फुकाल्यें त्यो कसोगरि लगाउं ।
मैंले आफ्ना गोड़ा धोयें ति कसोगरि मैंल्याउं ।
तब मेरा प्याराले देलोको कुंदू बाटो हात् हाल्ये
तब मेरो मन् तिन्को लागि जाग्यो ।
तब मं आफ्ना प्याराको लागि देलो उघारि दिंनुलाइ उठें ।
अनि मेरा हातहरु देखि मुर् चुहुंद थिये
अनि मेरा औंलाहरु देखि मुर्को रस्
आगलोका बेंडूमां ।
मैंले आफ्ना प्याराको लागि देलो उघार्यें ।
तर मेरा प्यारा फर्कर गइ हाल्ये कुन्
तिनि बोल्दै गर्दाखेरि मेरो मन् ठिकानामां थियेन ।
तिन्लाइ खोज्यें तर पाईंन
तिन्लाइ हाप्यें तर तिन्ले मंलाइ उत्तर् दियेनन् ।

७ सहरमां डुलि हिंडूने पहराचौकिहरुले मंलाइ भेट्यो
अनि मंलाइ पीटेर मंलाइ घाएल् तुल्याये
घेराभित्ताका रुखवाहरुले मेरो पछ्येउरा पनि उतारि लगि दिये ।
८ हे यरुशलेम्‌की छोरीहरु हो मं तिमिहरुलाइ किरिया दिंदु मेरा
प्यारालाइ भेट्यका छौ भन्ये देखि
तिन्‌लाइ मं तिन्‌को प्रेम्‌ले रोगीयेकी छु भनि सुनाइ देव ॥

९ तिम्रो प्यारामां अरु प्याराहरुमां भन्दा को बेसि छ
ए सबै स्त्रीहरुमां सबै भन्दा सुन्दरी .
तिम्रो प्यारामां अरु प्याराहरुमां भन्दा को बेसि छ
र तिमिले येसोरि हांमिहरुलाइ किरिया दिंदौ छौ ।

१० मेरा प्यारा गोरा छन् अनि लाल्‌वर्ण
दस् हजार्‌मां सबै भन्दा प्रसिद्ध ।
११ तिन्‌को सिर् अस्सल् सुन् जस्तै छ
तिन्‌का जुल्फिहरु पिउरेकेसका र कागै सरि काला ।
१२ तिन्‌का आंखा पानीको खोल्‌चा छेउमां भयेको परेवाका जस्ता छन्
दुद्‌ले धोयेका र ठीक् ठकान्‌मां जड़ीयेका ।
१३ तिन्‌का गाला गन्धरस्‌को कोपीला र भर्‍यांङ्‌मां राखीयेका फूलहरु जस्ता छन
तिन्‌का ओंठहरु हाड़ेलसुन् जस्ता छन् जस् देखि मुर्‌को रस् चुहुंद छ ।
१४ तिन्‌का हात् पीरोजा जड़ेयको सुन्‌का औंठी जस्तै छन्
तिन्‌को जीउ नीलमणि जड़ेयको हस्तिहाड् जस्तै छ ।
१५ तिन्‌का खुट्टा निखरा सुन्‌को डोप्‌कीलामां बसाल्येका संगमर्मर्‌को मुड्का
जस्ता छन्
अनि तिन्‌को रूप् लब्बानोन्‌का देव्‌दार वृक्षहरु जस्तो श्रेष्ठ छ ।
१६ तिन्‌को मुख् अरघोरे मीठो छ . अं तिनि सब् तिर बाटो प्रिय
तिने हुन् मेरा प्यारा भन्येका अनि तिने हुन् मेरा प्रिय हे यरुशलेम्‌की
छोरीहरु हो ॥

६ १ तिम्रा प्यारा कहां गये
ए सबै स्त्रीहरुमां सबै भन्दा सुन्दरी .
तिम्रा प्यारा कता तिर फर्कि गये
र हांमिहरु पनि तिन्‌लाइ तिमि सित खोजूं ।

२ मेरा प्यारा आफ्नु बारीमां अं सुगन्ध द्रव्यका कोपीलाहरु भयेको बारीमां
उत्रि गये
आफ्नु बगाल् चराउंनुलाइ र हाड़ेलसुन्‌का फूलहरु टिप्‌नुलाइ ।
३ मं मेरा प्याराकी हुं अनि मेरा प्यारा मेरै हुन् .
तिन्‌ले आफ्नु बगाल्‌लाइ हाड़ेलसुन्‌घारीमां चराउंद छन् ।

तं तिर्जा जस्ते सुन्दरी कुष् ए मेरी प्रिया ४
यरुशलेम् जस्ते राम्री
झण्डा हल्लींदे गर्यकी पल्टन् जस्ते उदेक्की ।
तेरा आंखा मं तिर देखि फर्काइ लैजा ५
किनभन्ने तिनिहरुले मंलाइ जीत्ये ।
तेरा केस् बाख्राको बगाल् जस्ते कुन्
जो गिलाद्को पाखामां खर्कि रह्येका कुन् ।
तेरा दांत् भेंड़ीहरुका बगाल् जस्ते कुन् ६
जो नुहाईयेर पानी देखि ऊंभो उक्लि आउंदै कुन्
जुन्हरु गोटै पिच्छे ले जोर् जोर् ब्रिहाउंदी कुन्
अनि तिनिहरुमांको येउटी पनि बैल्ही कैन ।
तेरा कन्पारा दारीम्का काप्टेरा जस्ता कुन् ७
तेरो पछेउरा[1] मुनि ।
तीन् कोरी रानीहरु कुन् अनि चार् कोरी रखैलीहरु ८
अनि कन्येहरु बेहिसाप् ।
मेरो ढुकुर् मेरी निष्खोट् एक्की कु ९
त्यो आफ्नी आंमाकी त्येइ येउटी मांत्रै हो
त्यो त्येस्लाइ जन्माउंने आंमाकी लाड़ेनी ।
कोरीहरुले त्येस्लाइ देख्येर त्येस्लाइ सर्काइन्
अं रानीहरुले र रखैलीहरुले देख्येर त्येस्को बड़ाई गरिन् ।

को हो त्यो जो बिहान्को उज्यालो जस्तो देखाहा पर्दो कु १०
चन्द्रमुखि जस्ती उज्याली
सूर्ज जस्तो उघ्र्येकी
झण्डा हल्लींदे गर्येका पल्टन् जस्ते उदेक्की ।

मं अोखर्बारीमां उत्रि गयें ११
ब्यांसिका हरीया हरीया रूखहरु हेर्नुलाइ
दाख्को ओट्मां कोपीला लाग्ये कि
अनि दारीम्हरु फुल्नु लाग्ये कि भनि ।
मं कते मैले थाहा न पाइकन १२
मेरा माण्ब्रर् लोग्को बीच्मां रथ्हरुमां पो चढ़ाईयें कि भनि ।

फर्कि फर्कि ए शूलम्मेनी १३
फर्कि फर्कि र हामिहरु तंलाइ हेरुं ।

[1] अथवा केस् ।

तिमिहरुले शूलम्मेनीलाइ किन छेछौं
महनेम्को[१] नाच् छेये भैं ॥

७ १ ए भारादार्की छोरी जुत्तामां तेरा गोड़ा का राम्रा हुन् ,
तेरो जाङ्घ अरघोरे राम्रो गोल् मिल्येको छ
सिप्पालु कारिगर्ले कमायेको गहना जस्ते ।
२ तेरो नाभि बाटुलो बट्टुको जस्तो छ
जस्मां मिसायेका दाख्मद्यको कुइ घटि छैन
तेरो पेट् गहूंको राश् जस्तो
जो हाड़िलसुन्ले घेरीयेको छ ।
३ तेरा दुवटा दुत्हरु
मिर्गका जस्ते पाठाहरु जस्ता छन् ।
४ तेरो गला हस्तीदाड़े धरारा जस्ते छन्
तेरा आंखाहरु हेश्बोन्मां बत्रब्बीम्को ढोका निर भयेका पोखरि जस्ते छन्
तेरो नाख् लब्बानोन्को धरारा जस्ते छ
जस्ले दमिश्क् तिर हेर्दै छ ।
५ तेरो कपाल् कर्मेल् जस्ते छ
तेरो कपाल्का केस् बैगुने कपरा जस्ता छन्
राजा तेरा चुल्ठाहरुमां बांधीयेको छ ।
६ ए प्यारी सुक्खगराईको लागि
तं कति सुन्दरी अनि के औधि मन्पर्दी होस् ।
७ तेरो डाल् खजूर्को बोट् जस्तो छ
अनि तेरा दुत्हरु दाख्का झुप्पा जस्ते ।
८ मैले भन्यें मं खजूर्को बोट्मां चढ़ि जांकु
मं त्येस्का हांगाहरु समात्कु .
तेरा दुत्हरु दाख्का झुप्पा जस्ते होउन्
अनि तेरो सास्को गन्ध शेव्को जस्तो
९ अनि तेरो मुख् अस्सल् दाख्रस् जस्तो
जो तेरा प्रियको लागि चिप्लीदै ओंठो जांद छ
अं सुति रहंनेहरुका ओंठ् देखि पनि बहि जांने गरि ।

१० मं मेरा प्याराकी हुं
अनि तिन्को इच्छे मं तिर छ ।
११ आइज ऐ मेरी प्यारी हांमिहरु बगैंचा तिर जाऊं
बस्ती हुंदो बास् बसूं ।

[१] अथवा दुर गड्डाको ।

बिहान सबारै उठेर हांमिहरु दाखका बारीहरु तिर जाऊं १२
हामिहरु हेरूं दाखका कोपीला लाग्ये कि अनि त्येस्का फूल् फक्र्ये कि
अनि दारीम्मां फूल् लाग्ये कि लाग्येनन् ।
वहां मं आफ्नु प्रेम् तिमिलाइ देखाउंछु ।
बूदाफल्को बास्ना चल्दै छ १३
अनि हांमिहरुका देला देलामां सबै रकम्का अमोल् अमोल् र नया
पुराना फल्हरु छन्
तुन् सबै मैले तिम्रो लागि राखि छोड्याको छु हे मेरा प्यारा । ✓
१ तिमि मेरो दाज्यु जस्तै थियौ ८ १
मेरै आंमाको दुत् खांन्यें जस्तै ।
मैले तिमिलाइ बाहिर भेट्दा भेट्दै चूमा खांन्ये थियें
अं अनि कसैले मेरो गिल्ला गर्ने थियेन ।
मं तिमिलाइ डोऱ्याउंने थियें अनि आफ्नी आंमाको घर्मां लैजांने थियें २
मंलाइ कस्ले अर्थी दिंने थियो ।
मं तिमिलाइ मसाला हाल्येको दाखरस् खांनु लाउंने थियें
अं मेरो दारीम्को रस् ।
तिन्को देब्रे हात् मेरो सिर् मुनि हुंने थियो ३
अनि तिन्को दाहीनो चइं हात्ले मंलाइ अङ्गालो मार्ने थियो ।

हे यरूशलेम्की छोरीहरु हो मं तिमिहरुलाइ किरिया दिंदो छु ४
प्रेमलाइ न चलाव न जगाव ।
आफैले इच्छे न गरुन्जाल् सम्म ।

यो को हो बन् बाटो आउंने ५
त्येस्को प्यारा सित अङ्गेम् लाग्दै लाग्दै ।
शेवको बोट् मुनि मैले तंलाइ जगायें ।
त्यहां तेरी आंमाले तेरो लागि पिरा उठाई
त्यहां त्यो दुक्वैमां थिई तंलाइ जन्माउंदा ।

मंलाइ तेरो हिर्दयमां छापा झैं लगा तेरो बांहांमां छापा जस्तै । ६
किनभन्ये प्रेम् बल्लियो छ काल् जस्तै
इष् निर्दयालु छ चिहान् जस्तै ।
झिल्काहरु आगोका झिल्काने हुन्
खुद् याहको झिल्का जस्तो ।
धेरै पानीले प्रेमलाइ निभाउंनु सक्दैन ७
न तुला तुला भलले त्यो डुबाउंनु सक्द छन् ।
मान्छेले प्रेमको लागि आफ्नु घरका जायेत् श्रीसम्पत्ति दिइहाल्यो भन्ये पनि
त्यो त्येस्को लागि तुच्छै हुंने थियो ।

८ हांस्रो येउटी सानी बैंनी छ
ऐले त्येस्का दुत् उठेरका छैनन् ।
हांमिहरु आफ्नी बैंनीको विषयमां के गरुं
जस् दिन् त्येस्को मंगनी हुंछ ।

९ त्यो भित्ता भई भन्ये देखि
हांमिहरु त्येस् मांथि येउटा चांदीको धरारा बनाउंछौं ।
अनि त्यो दुवार् भई भन्ये देखि
हांमिहरु त्येस् मांथि देवदारुकाठले मोहोरि दिंछौं ।

१० मं भित्ता हुं अनि मेरा दुतहरु धराग जस्ता ।
तब मं तिन्को सांमु येउटी शान्ति दिने जस्तो भयें ।

११ बाल्हामोन्मां सुलैमान्को येउटा दाख्को बारी थियो
त्येस्ले त्यो बारी रखुवारेको हातमां दिहाल्यो
रखुवारे जनंगेलाइ फल्हरुको लागि हजार् हजार् टुक्रा चांदी ल्याउनु पर्यो ।

१२ मेरो दाख्को बारी जो मेरै हो मेरा आंखाको सोजि छन्
ए सुलैमान् आफुकै हुंछ एक् हजार् चइं
अनि फल्को रखुवारेहरुलाइ चइं दुइ सै ।

१३ तं बारीहरुमां रहने
साथीहरुले तिम्रो सोर् सुन्नुलाइ कान् थापि रह्येका छन् ।
त्यो मंलाइ सुनाउ ।

१४ ए मेरी प्यारी हतार् गर्
अनि तं मुडुलि मिर्ग कि जुवान् कोडेमिर्ग जस्ते होइ जा
सुगन्ध द्रव्यका पर्वत् पर्वत् हुंदो ॥

यशायाह् अगमबक्ताको पोस्तक् ।

आमोस्को छोरो यशायाह्ले यहूदाका राजाहरु उज्जियाह् योताम् १ १
आहाज् र हिजकियाह्का दिनमां यहूदा र यरूशलेम्को विषयमां
देख्येको दर्शन् ॥

हे स्वर्ग सुन् अनि हे पृथिवी कान् लगा किनभन्ये यहवेले भन्येको छ . २
मैंले छोराछोरीहरुलाइ पाल्येको र पोष्येको छु अनि तिनिहरुलाइ बड़ा
तुल्याएको छु तर तिनिहरुचइं मेरो विरुद्धमां बागि भये । गोरुले आफ्नु ३
धनीलाइ अनि गदाहाले आफ्नु स्वामीको डोंडू चिन्द छ . तर इस्राएलले
चिन्दैन अनि मेरो प्रजाले बिचार्दैन । हाय् पापी लोग् अधर्म्म बोकाईयेको ४
प्रजा कुकर्म्मीहरुको बंश बिग्रयेका छोराछोरी . तिनिहरुले यहवेलाइ
छोड़ि दियेका छन् इस्राएलको पवित्र जनको निन्दा गर्येका छन् तिनिहरु
बिराना भइ पछि सरि गयेका छन् । किन बेसि बेसि अट्टेरि हुंनुलाइ आफै ५
कुटौंछौ । सिंगै कपाल् दुख्येको छ अनि सिंगै हिर्दय् हरान् पर्येको छ ।
पैतला देखि टुपि सम्म त्येसमां आरोग्यैं कहीं छैन तर चोट्हरु र डाम्हरु ६
र कुहिका घावै घाउ मांत्रै . ति न निचोरीयेका न बान्धीयेका न तेल्ले
नरम् तुल्याईयेका छन् । तिमिहरुको देस् उजार् भयो तिमिहरुका सहर्हरु ७
आगोले डढ़ाईयेका छन् . तिमिहरुको भूमिचइंलाइ तिमिहरुको मुखैंज
पर्देसीहरुले खाइ हाल्द छन् अनि त्यो पर्देसीहरुले नष्ट पार्येको झैं
उजार् भइ रह्येको छ । अनि सिय्योनको छोरी दाखको बारीको डीही ८
जस्तो काँकाबारीको टौवा जस्तो घेरीयेको सहर् जस्तो छोड़ीयेको छ ।
सेनाहरुको यहवेले हांमिहरुको लागि सयांनु बचतिभाग् छोड़ि न दियेको ९
भये देखि ता हांमिहरु सदोम् र अमोरा जस्ता होइ जांने थियूं ॥

हे सदोमका बिचारीहरु हो यहवेको बचन् सुन हे अमोराको प्रजा १०
हांमिहरुको ईश्वरको शिक्षामां कान् लगा । यहवेले येसो भन्द छ ११
तिमिहरुका धेरै मिलाप्बलिदान् मलाइ को काम् लाग्छ . मं ता
सांढूभेंड़ाहरुका होम्बलिदानहरु देखि र पाल्येका पशुहरुको बोसो देखि
अघायेको छु मं बाच्छाहरु कि भेंड़ाका पाठाहरु कि बाख्राहरुका लोहू
देखि खुशि छुइंन । जब तिमिहरु मेरो सांमु देखाहा पर्नुलाइ आउंद छौ १२
तब मेरा आघनहरु दल्नुलाइ कस्ले तिमिहरु सित यो मांग्येको छ ।

१३ व्यर्थका अन्नबलिहरु फेरि फेरि न ल्याव धूप् देखि मंलाइ घिन् लाग्द छ
दुतिया र विश्राम्दिन् र सभाको प्रचार्—अधर्म्मको र पवित्रसभा मं
१४ सहंनु सक्दीन। तिमिहरुका दुतियाहरु र ठहराईयेका चाड्हरु मेरो मन्
ले घिनाउंद छ. ति मंलाइ भार् लाग्द छन् ति बोक्दा बोक्दा मं थाकें।
१५ न तिमिहरुले आफ्ना हात्हरु पसार्दा मं तिमिहरु देखि आफ्नु आंखा
लुकाउंछु. अं तिमिहरुले धेरै प्रार्थना गर्दा पनि मं सुन्दीन. तिमिहरुका
१६ हात्हरु रगतले भरीयेका छन्। आफ्नुलाइ धोयेर चोखो पार तिमिहरुले
गर्यका कार्य्यहरुको बुराई मेरो सांमु देखि निकालि फ्यांक बुराई गर्नु
१७ छोड़. भलाई गर्नु सिक जतन् सित निया गर अन्यायको साटो देव टुहुरा
टुहुरीको निया गर विधुवीको झगरा उठाव॥

१८ यहूवेले भन्द छ आव न। हांमिहरु आपसमां विवाद् गरं.
तिमिहरुका पाप्हरु सिंदुरे रंगका भये पनि तिनिहरु हिंउ जस्ता सेता
होइ जांछन् ति बैगुने रंगका जस्ता भये पनि तिनिहरु ऊण् जस्ते होइ
१९ जांछन्। तिमिहरुले खुशि भइकन मेरो मान्यौ भन्ये देखि येस् देशको
२० अस्सल् अस्सल् थोक् खाओला. तर तिमिहरु अस्वीकार् गरि बागि
रह्यौ भन्ये देखि तरवार्ले काटीछौ. कसोगरिभन्ये यहूवेको मुखले यो
भन्येको छ॥

२१ विश्वास्योग्य सहर् कसोगरि व्यभिचारीनी भई. त्यो नियाले भरीयेको
थियो. त्यसमां धर्म्मले बास् गर्द थियो तर अब ता हत्याराहरुले मांत्रे।
२२ २३ तेरो चांदी मयेल् भइ गयो तेरो दाखरसमां पानी मिसीयो। तेरा हाकिमहरु
अट्टेरि र चोरहरुका साथीहरु छन् जनंगेलाइ घूस् खांनु जाति लाग्द छ
अनि भेटिका लालचि छन्. तिनिहरुले न ता टुहुरादुहुरीको निया गर्द छन्
अनि न विधुवीको फिरात् तिनिहरु सम्म पुग्द छ॥

२४ येस्कारण प्रभु सेनाहरुको यहूवे इस्राएल्को सक्तावीरको यो बाणी
छ. अं मं आफ्ना द्रोहीहरुलाइ दूर् गरिकन शान्ति पाउंछु अनि आफ्ना
२५ सत्रुहरु देखि साटो लिंछु. अनि तं मांथि हात् पसार्थेर तेरो मयेल
२६ खार् हालिकन भस्म पार्छु अनि तंमां भयेको रांगु पनि निकाल्छु. अनि मं
फेरि तेरा विचारीहरुलाइ अगाड़िका जस्ता र तेरा मन्त्रीहरुलाइ तादिका
जस्ता सच्याउंछु. त्यसपछि तं धर्म्मको सहर र विश्वास्योग्य सहर् भनीछस्।
२७ २८ सियोन् निया सित छोड़ाईंछ अनि मं तिर फर्कनेहरु बइं धर्म्म सित। तर
बागि हुनेहरु र पापीहरुको विध्वंस एक सङ्ग हुंछ अनि यहूवेलाइ त्यागनेहरु
२९ भस्म होइ जांछन्। किनभन्ये तिमिहरुले आनिइच्छे गर्यका बांजहरुको
विषयमां तिनिहरुलाइ लाज् लाग्छ अनि तिमिहरुले छान्यका बारीहरुको
३० विषयमां तिमिहरुको मुख् कालो हुंछ। कसोगरिभन्ये तिमिहरु पात्
झर्यको बांजहरुले र पानी बिनाको बारी झैं निराम् हुंछौ। अनि बलियो
बइं सुनपाट् जस्तो होइ जांछ अनि त्यसको काम् आगोको झिल्का जस्तो
३१ ति दुइ भस्म होइ जांछन् अनि त्यो निभाउने कोई हुंदैन॥

आमोस्को छोरो यशायाह्ले यहूदा र यरूशलेम्को बिषय्मां २ १
देख्येको कुरो ॥

अन्तका दिनमां येसो होइ जांछ यह्वेको घर्को पहाड़ चइं २
पहाड़हरुको थाप्नि मांथि स्थीर् गराइँछ अनि डांड़ाहरु मांथि अल्ग्याइँछ
अनि सबै अन्यदेसीहरु त्यो तिर बहंछन्। अनि धेरै लोग् लोग्ले हिंड़ि ३
आउंदै भन्छन् आव हांमिहरु यह्वेको पहाड़मां चढ्येर याकूब्को ईश्वर्को
घर्मां जाऊं त उस्ले हांमिहरुलाइ आफ्नु बाटो देखाउंछ अनि हांमिहरु
उस्का मार्गमां हिंड़ूछौं भनि. किनभन्ये शिक्षा चइं सिय्योनै देखि र यह्वेको
बचन् यरूशलमै देखि निक्लंछन्। अनि उसैले अन्यलोग् लोग्को बीच्मां ४
निया गर्छ अनि धेरै लोग्का बिचार् गर्छ. त तिनिहरुले आफ्ना आफ्ना
तरवार् चइं हलोको फालि र आफ्ना आफ्ना भाला चइं पीठ्येर हंसिया
बनाउंछन्. अन्यलोग्ले अर्को अन्यलोग् मांथि तरवार् उब्जाउंदैन अनि
न अब देखि उसो लड़ाइँ सिक्छन् ॥

हे याकूब्को जहान् हो आव हांमिहरु यह्वेको ज्योतिमां हिंड़ूं। ५
कसोगरिभन्ये तपांइले आफ्नु प्रजा याकूब्को जहान्लाइ तेज्नु भयो ६
किनभन्ये तिनिहरु पूर्बदेसीहरुका बेहोराहरुले भरीयेका छन् अनि
पलिश्तीहरु झैं मन्तर्तन्तर् गर्ने छन् अनि अन्यदेसीहरुका छोराहरु सित
तालि बजाउंद छन्। अनि तिनिहरुको देस् सुन् चांदीले भर्पूर् छ अनि ७
तिनिहरुको धन्को क्येइ लेखा छैन तिनिहरुको देस् घोड़ाहरुले भर्पूर् छ
अनि तिनिहरुका रथ्हरुको क्येइ लेखा छैन। अनि तिनिहरुको देस् ब्यर्थ ८
मूर्त्तिहरुले भर्पूर् छ तिनिहरुले आफ्नै हात्ले आफ्नै औंलाले बनीयेका
काम्लाइ पूज्द छन्। अनि साधारण् मान्छे निउंराइँछ अनि बड़ाद्मी ९
होंच्याइँछ. येस्कारण् तिनिहरुलाइ क्षमा न गर्नु हवस्। यह्वेको भय्को र १०
उस्को महिमित् प्रताप्को कारण्ले पहरामां पसि जा अनि मांटोमां लुकि
जा। साधारण् मान्छेका अहंकारी आंखा होंच्याइँछन् अनि बड़ाद्मीको ११
शेषो निउराइँछ अनि त्येस् दिन् खालि यह्वे मांत्रै अल्ग्याइँछ। किनभन्ये १२
सेनाहरुको यह्वेको येउटा दिन् सबै फुलीयेका र अहंकार् र सबै
अल्ग्याईयेको थोक् मांथि पर्छ ति सबै होंच्याइँछन्. अनि लबानोन्का १३
अलगा र बढ्येका सबै देव्दारु र बाशान्का सबै बांज्बृक्षे मांथि अनि १४
सबै अल्गा पहाड़ र सबै उठ्येका डांड़ाहरु मांथि र सबै अल्गा १५
धराराहरु र सबै घेर्ने भित्ता मांथि र तर्शीश्का सबै जहाज्हरु र सबै १६
राम्रा राम्रा थोक्हरु मांथि पर्छ। अनि साधारण् मान्छेको घमण्ड् निउंराइँछ १७
अनि बड़ाद्मीको अहंकार् होंच्याइँछ. अनि त्येस् दिन्मां खालि यह्वे मांत्रै
अल्ग्याइँछ। अनि ब्यर्थ मूर्त्तिहरु स्यांट्ठै बिलाइँछन्। अनि जब यह्वे १८ १९
पृथिवीलाइ सारो कंमाउंनुलाइ उठ्छ तब उस्को भय्को र उस्को महिमित्
प्रताप्को कारण्ले लोग् पहराहरुका ओढ़ार्हरु र मांटोका धांदो हुंदो
पस्छन्। जब यह्वे पृथिवीलाइ सारो कंमाउंनुलाइ उठ्छ तब त्येसै दिन् २०

लोगले पूज्नुको लागि बनायेका सुन् चांदीका आफ्ना व्यर्थ मूर्त्तिहरु
२१ छुचून्द्राहरु र चमेराहरुको लागि आफालि दिंछन् यह्वेको भय्को र
उस्को महिमित् प्रताप्को कारण्ले पहराहरुका धांदाहरु र भल्खांड़ाहरुका
२२ छेंड्रहरुमां पसि जांनुलाइ जब उ पृथिवी सारो हल्लाउंनुलाइ उठ्छ। जस्
मान्छेको सास् त्येस्को नाख्मां छ त्येस्को भरोसा न गर. किनभन्ये त्यो क्यो
लेखामां छ र॥

३ १ त हेर प्रभु सेनाहरुको यह्वेले यरूशलेम् र यहूदा देखि आधार् र
२ टेवा रोटीको सिंगै टेवा अं पानीको सिंगै टेवालाइ बीर् र लड़ांकीलाइ
३ बिचारी र अगम्बक्ता र अगम् चलाउंने र बूढ़ालाइ पचास्को
मालिक् र मान्को मान्छे मंत्री र सिपालु कारिगर्लाइ र बुद्धिमान्
४ झांक्रिलाइ लैजांछ। अनि केटाहरुलाइ मं तिनिहरुका मालिक् तुल्याइ
५ दिंछु अनि बालखहरुले तिनिहरु मांथि प्रभुतेईं गर्छन्। अनि प्रजाहरु
एका अर्का देखि अं सबै आफ्ना क्षिमेकि देखि मिचौंछन्. केटाले बूढ़ा
६ सित र नीच्ले माथ्बर् मांथि अहंकार् गर्छ। जब कसैले आफ्नु बाबुको
घर्मां आफ्नु भाईलाइ समात्येर भन्छ तिम्रां ता लुगा छन् त तिमि
हांमिहरुको बिचारी होइ जाउ अनि त्यो नष्ट तिम्रो कर्मां परोस् भनि.
७ तब त्येसै दिन्मां त्येस्ले कराइ भन्छ मं ता बांध्ने हुन्न किनभन्ये मेरो घर्मां
न ता रोटी छ न ता लुगाफाठा. मंलाइ लोगको बिचारी न तुल्याव भनि।
८ कसोगरिभन्ये यरूशलेम् नष्ट भयो अनि यहूदा लड़ि गयो. किनभन्ये
तिनिहरुको जिब्रो र तिनिहरुको कर्म्म यह्वेको बिरुद्ध छन् उस्का महिमित्
९ आंखालाइ गौज्याउंनुको लागि। तिनिहरुको मुख्ले तिनिहरुको बिरुद्धमां
साक्षी दिंद छ अं तिनिहरुले सदोम्ले झैं आफ्ना पाप् आफै बखान्द छन्
अनि लुकाउंदैनन्। तिनिहरुको आत्मा मांथि हाय्. किनभन्ये तिनिहरुले
१० आफ्नु बुराईको साटो आफैले दियेका छन्। धर्म्मीहरुको बिषय्मां ता भन
तिनको भलो हुंछ. कसोगरिभन्ये तिनिहरुले आफ्ना कर्म्मको फल्
११ खांछन्। दुष्ट मांथि हाय्. त्येस्को बुरा हुंछ. कसोगरिभन्ये त्येसैको
१२ काम्को फल् त्येस्लाइ दिईंछ। मेरो प्रजा चइं मांथि बालखहरुले मिचेईं
गर्ने छन् अनि आइमाइहरुले तिनिहरु मांथि प्रभुतेईं गर्द छन्। ए मेरो
प्रजा तंलाइ डोऱ्याउंनेहरुले तंलाइ भर्माइ दिंछन् अनि तेरा हिंड़ने बाटा
१३ मेटि दिंद छन्। यह्वे माम्ला चलाउंनुलाइ उभींद छ अनि लोग् लोग्को
१४ निया गर्नुलाइ उभींद छ। यह्वेले आफ्ना लोगका बूढ़ाहरु र हाकिम्हरु
सित बिबाद् गर्छ. तिमिहरुइले दाख्को बारी खायेका छौ दरिद्रहरु देखि
१५ लियेको लूट् तिमिहरुइका घर् घर्मां छन्. तिमिहरुले मेरा प्रजाहरुलाइ
चूर् पार्द छौ अनि दरिद्रहरुको मुख् पीन्द छौ येस्को अर्थ क्या हो भन्दै.
प्रभु सेनाहरुको यह्वेको येइ बाणी छ॥

१६ यह्वेले यो पनि भन्यो सिय्योन्की छोरीहरु अहंकारिनी छिन् अनि
घिच्रो तानि तानि र आंखा कर्काउंदै डुल्द छिन् अनि कल्लीपैह्री झम्झमाउंदै

टिम्टिमींदै हिंड्द छिन् येस्कारण् प्रभुले सिय्योन्की छोरीहरुका सिर्को १७
टुपिमां फोकाले हिर्काउंछ अनि यह्वेले तिनिहरुको गुप्ति उघारो गराउंछ।
त्येस् दिन् प्रभुले कल्लीपैह्रीहरु चन्द्रसिक्रिहरु चन्द्रहार्हरु झुम्काहरु १८ १९
चुराहरु पछेउराहरु मुकुट् पैकड़ीहरु सिक्रेकल्लि पटुकाहरु सुगन्धका २०
गरीयाहरु मन्तर्हरु औंठीहरु नत्थहरु राम्रा राम्रा बस्त्रहरु २१ २२
चोलोहरु बर्काहरु झोलिहरु दर्पण्हरु पाट्कपराका पोशाक्हरु २३
मुजेत्राहरु र पछेउराहरुका शोभाहरु दूर् गर्छ। अनि येसो होइ जांछ २४
सुगन्धद्रव्यको साटोमां कुहाई हुंछ अनि राम्रो राम्रो पटुकाको साटोमां
डोरी अनि राम्रो राम्रो चुल्ठाहरुको साटोमां लट्टैलट्टा अनि राम्रो राम्रो
लुगाको साटोमां भांग्राको पेटि. अनि सुन्दरेईंको साटोमां डाम्। तेरा २५
पुरुष्हरु तरवार्ले लड्छन् अनि तेरा बीर्हरु संग्राम्मां। अनि त्येस्का २६
ढोकाहरुले रुंदै रुंदै बिलाप् गर्छन् अनि त्यो रित्तींछ अनि भूंइमां बस्छ।
त सात्वटी स्त्रीहरुले येउटै पुरुष्लाइ समात्येर भन्छिन् हांमिहरु आफ्नै ४ १
रोटी खांछौं अनि आफ्नै लुगा लाउंछौं. खालि हांमिहरु तिम्रो नाउंको
भनींऊं र येसोरि हांम्रो निन्दा उठाइ देउ भन्दै॥

त्येस् दिन्मां यह्वेको डाला राम्रो र महिमित् हुंछ अनि भूमिको २
उप्जनि इस्राएल्को बच्तीभाग्को लागि प्रतापी र शोभित् हुंछ। अनि ३
येसो होइ जांछ सिय्योन्मां छोड़ीयेको र यरूशलेम्मां बांचि रहंने अं
यरूशलेम्मां जीवन्पत्रमां लेखीयेकाहरु पवित्र भनींछन्. जब प्रभुले ४
नियाको आत्मा र भस्म पार्ने आत्माको बाटोले सिय्योन्की छोरीहरुको मल्
शुद्ध पार्येको हुंछ अनि यरूशलेम्को रगत् त्येस्को बीच् देखि चोख्यायेको
हुंछ। अनि यह्वेले सिय्योन् पर्बत्को सिंगै बास् मांथि र त्येस्का सभास्थान्हरु ५
मांथि पनि दिउंसो बादल् र धुंवां अनि राति जुवालेआगोको उज्यालो
सिर्जंछ. कसोगरिभन्ये सिंगै तेज् मांथि छाना जस्तो फिजीईंछ। अनि ६
दिउंसो घाम् देखि छायाको लागि र आंधी र झरिमां शरण् र आड़
हुंनुको लागि मण्डप् हुंछ॥

मं आफ्नु प्रियको लागि त्येस्को दाख्को बारीको बिषय्मां येउटा ५ १
गीत् गाउंछु। येउटा अग्घोर् उप्जनि हुंने डांड़ामां मेरो प्रियको दाख्को
बारी थियो. अनि त्येस्ले त्येस्को मांटो खन्यो अनि त्येस्का ढुंगासुंगाहरु टिपि २
फ्यांक्येर त्येस्मां येउटा अस्सल् दाख्को बोट् रोप्यो अनि त्येस्को बीच्मां
येउटा टौवा बनायेर दाख्रस्को लागि येउटा कोल् पनि खोप्यो. त त्येस्ले
दाख्को आशा गर्नु लाग्यो तर त्येस्मां बन्दाख् फल्ये। त अब हे ३
यरूशलेम्का बासीहरु र यहूदाका मान्छेहरु हो कृपागरि मेरो र मेरो
दाख्को बीच्मां निया गर। मेरो दाख्को बारीको लागि मैंले ज्ये गर्नु पर्थ्यो ४
तर मैंले न गर्येको क्ये रह्येको होला. त क्ये कारण् हो जब मैंले दाख्को
आशा गर्ये त त्येस्मां बन्दाख् फल्ये। त अब मं तिमिहरुलाइ जनाउंद ५

छु मं आफ्नु दाख्को बारीको लागि क्यो गर्छु. मं त्येस्का कांड़िबोट्
उखेल्छु त्यो खुवाईंछ अनि त्येस्को बार् भत्काइ दिंछु र त्यो दलीओस्.
६ अनि मं त्येस्लाइ उजार् गराउंछु त्यो न छांटींछ न गोड़ींछ तर त्येस्मां
कांड़िबोट् र लोहोंड़िको कांड़ा उम्रंछन्. अनि मं बादल्लाइ पनि अह्राउंछु
७ त्येस्मां न बर्षनुलाइ। कसोगरिभन्ये सेनाहरुको यह्वेको दाख्को बारी
इस्राएल्को जहान् हो अनि यहूदाका मान्छेहरु उस्को मन्पर्दो बिरुवा
हो. अनि उस्ले नियाको आशा गर्द थियो तर हेर अन्ये पो. धर्म्मको
आशा गर्द थियो तर हेर चिच्याई पो॥

८ हाय् तिनिहरु मांथि जस्ले घर् सङ घर् अनि खेत् सङ खेत् मिलाउंद
छन् बीच्मां क्येइ पनि जग्गा न रहंनेगरि अनि देस्मां खालि तिमिहरु
९ मांत्रै रहंने गराईयेका छौ। सेनाहरुको यह्वेले मेरा कानमां कह्येको छ
अबस्से धेरै घर्हरु उजार् हुंछन् अं ठुला राम्रा घर्हरु निर्जने।
१० कसोगरिभन्ये दस् बीघा दाख्बारीमां एक् मूरि दाख् पाईंछ अनि पाथि
बीउको एक् माना अन्न हुंछ॥

११ हाय् तिनिहरु मांथि जस्ले बिहान उठेर मद्य खांद छन् अनि राति
सम्म पनि खाइखाइकन तिनिहरुलाइ दाख्महको गर्मी चढ्द छ।
१२ तिनिहरुका भोजमां बीणा सारंगी मृदङ्ग बांसुलि र दाख्मह पाईंद छन्.
तर तिनिहरुले यह्वेको काम् गुन्दैनन् न उस्का हातले गर्न्येको कर्म्म
१३ चिन्द छन्। येसैकारण्ले मेरा प्रजा बन्धुवाईमां न जानिकन जांछन्. अनि
१४ तिनका बड़ाद्मी भोकै र तिनिहरुको धुइरो प्यासै मंर्छन्। अनि येसैकारण्
पत्ताल्ले अग्घोर् लाल्सागरि बेसिमाना सङ आफ्नु मुख् बायेको छ.
अनि तिनिहरुको मान् र धुइरो र तमाशा र रमाउंनेहरु त्येस्को मुख्मां
१५ खस्छन्। येसोरि साधारण् मान्छे निउंराईंछ अनि बड़ाद्मी होंच्याईंछ अनि
१६ अल्गाहरुका आंखा होंच्याईंछन्. तर सेनाहरुको यह्वे नियागराईमां
अल्ग्याईंछ अनि ईश्वर् जो पवित्र छ धर्म्म गराईमां पवित्र ठहराईंछ।
१७ तब भेंड़ाका पाठाहरु आफ्ना खर्कमां झैं चर्छन् अनि मोटाहरुका उजारे
ठांउ बास् गर्नेहरुले खांछन्॥

१८ हाय् तिनिहरु मांथि जस्ले अधर्म्मलाइ व्यर्थका डोरीहरुले र पाप्लाइ
१९ गाड़ी तान्ने डोरीले झैं तानि ल्याउंद छन्. अनि भन्द छन् उस्ले छिटो
गरोस् अनि आफ्नु काम् चांड़ो गरोस् र हांमिहरु त्यो हेरूं. अनि
इस्राएल्को पवित्र जन्को जुक्ति चइं आयेर नजिक् पुगोस् र हांमिहरु
त्यो बूझ्नु सकूं भनि॥

२० हाय् तिनिहरु मांथि जस्ले नजातिलाइ जाति र जातिलाइ नजाति
भन्द छन् अनि अंध्यारोलाइ उज्यालो र उज्यालोलाइ अंध्यारो अनि
तीतोको लागि मीठो र मीठोको लागि तीतो राख्द छन्॥

२१ हाय् तिनिहरु मांथि जो आफ्नु दृष्टिमां ज्ञानी अनि आफ्नु लेखिमां
बुद्धिमान् छन्॥

हाय् तिनिहरु मांथि जो दाख्मह खांनुमां बीर् अनि मद्यमां मसाला २२
मिलाउंनुमां मापाका हुंद छन्. अनि घूस् लियेर दुष्टलाइ निर्दोष् २३
ठहराउंद छन् अनि धर्म्मी देखि त्येस्को धर्म्म लैजांद छन्। येस्कारण् २४
जसोरि आगोको जिब्रोले तुटा भस्म हुंद छ अनि सुक्येको बन्सो डड्येर
जुवालामां डुबि जांद छ त्येसै गरि तिनका जरा कुहि गयेका जस्ता हुंछन्
अनि तिनका फूल् धूलो झैं उड़ि जांछन्. किनभन्ये तिनिहरुले सेनाहरुको
यह्वेको शिक्षालाइ आफाल्येका छन् अनि इस्राएल्को पवित्र जन्को
बचन्को निन्दा गर्‍येका छन् ॥ ✓

येसैकारण्ले यह्वेको रिस् आफ्ना लोग्हरु मांथि उठ्येको छ अनि २५
उस्ले आफ्नु हात् तिनिहरुको बिरुद्धमां पसार्‍येर तिनिहरुलाइ हिर्कायेको
छ अनि पहाड़्हरु कांम्ये अनि तिनिहरुका मुर्दाहरु सटक् सटक् हुंदो
कसिङर् झैं थिये। येतिमां पनि उस्को रिस् फर्क्येको छैन तर उस्को
हात् अझै पसारीयेकै भइ रहंछ। अनि उस्ले टाड़ा टाड़ाका लोग् लोग्ले २६
देखुन् भन्येर झण्डी उभ्याउंछ अनि स्विसला पार्दै तिनिहरुलाइ
पृथिवीको छेउ देखि डाक्छ. हेर तिनिहरु छिटो छिटो फुर्ति गरि आउंने
छन्. तिनिहरुमांको कोई थाक्ने कि ठोकर् खांने छैन कोई ऊंघ्ने कि २७
निधाउंने छैन कसैको कम्मर्को पटुका फुक्दैन अनि कसैका जुत्ताका
बन्धन् छिन्दैनन्. तिनिहरुका कांड़्हरु तीखा तीखा अनि तिनिहरुका २८
सबै धनुहरु उकालीयेका छन् तिनिहरुका घोड़ाहरुका सूम् दल्सींग्
ढुंगा जस्ता जानींछन् अनि तिनका पांग्राहरु बेहेरिआंधी जस्ता.
तिनिहरुको कराई सिंहको जस्तो हुंछ जुवान् सिंहहरु झैं गर्जंछन्. अं २९
ङ्रुर् गर्‍येर आहारा समात्छन् अनि त्येस्लाइ बचाइ लैजांछन्. अनि
त्येस्लाइ तिनिहरु देखि छोड़ाउंने हुंदैन। त्येस् दिन् तिनिहरु तिनिहरु ३०
मांथि समुन्द्रको गर्जाई झैं गर्जंछन्. भूमि तिर हेर्‍यो भन्ये देखि त हेर
अन्धकार् र सकंष्ट अं उज्यालो मेघ् अंध्यारोले छाईंछ ॥ ✓

उज्जियाह् राजा मंर्‍येको बर्षमां मैंले प्रभुलाइ अल्गो उठाईयेको ६ १
सिंहासन्मां बिराज्दै गर्‍येको देख्यें अनि उस्का बस्त्रको छेउले मन्दिर्
भरीयेको थियो। उ देखि अल्गोमां सराफ्हरु उभीयेका थिये. एक् एक्का २
छछवटा पखेटा थिये दुइ दुइवटा पखेटाले चइं तिनिहरुले आफ्नु
आफ्नु मुख् ढाक्येका थिये अनि दुइ दुइवटाले चइं आफ्ना आफ्ना गोडा
ढाक्येका थिये अनि दुइ दुइवटाले चइं उड़ि रह्येका थिये। अनि तिनिहरु ३
एकाले अर्कालाइ कराइ कराइकन भन्दै रहंद थिये पवित्र पवित्र पवित्र छ
सेनाहरुको यह्वे. सिंगै पृथिवी उस्को महिमाले भरिपूर्ण छ भन्दै। अनि ४
येस् कराउंनेको सोर्ले सङार्हरुका जग्हरु हल्लीये अनि भवन् धुंवांले
भरीयो। त मैंले भन्यें हाय् हाय मं नष्ट भयें. कसोगरिभन्ये मं अशुद्ध ५
ओंठको मान्छे छु अनि अशुद्ध ओंठका लोगको बीचमां बस्ने गर्दै छु.
किनभन्ये मेरा आंखाले महाराजाधिराज सेनाहरुको यह्वेलाइ देख्ये भनि।

६ तब सराफ्हरुमांको एक् जना हातमां चिम्टाले बेदि देखि आगोको
७ फिलौङ्गो चेपि लिइ उड्दै मं कुेउ आयो . अनि त्येस्ले त्येस फिलौङ्गोले
मेरो मुखमां कुवायेर भन्यो हेर् येस्ले तेरा ओंठ्हरु छोयो त तेरो अधर्म्म
८ मेटीयो अनि तेरो पाप्को प्रायश्चित्त भयो भनि । अनि मैंले प्रभुको यो बाणी
सुन्यें मं कस्लाइ पठाउं अनि हांमिहरुको लागि को जांछ भन्ये . तब मैंले
९ भन्यें मं सामेल् छु मंलाइ पठाउंनु हवस् । उस्ले भन्यो यो लोग् थांइ गयेर
भन् तिमिहरुले सुन्नु ता सुन्छौ तर बूझ्दौन अनि देख्नु ता देख्छौ तर
१० जान्दौन । येस् लोग्को हिर्दय् बाल्लो पार् अनि तिनिहरुका कानलाइ
गह्रुङ् पार् अनि तिनिहरुका आंखा चिम्लाइ दे होइन भन्ये ता तिनिहरुले
आंखाले देख्नन् अनि कानले सुन्नन् अनि हिर्दयले बूझ्नन् अनि मं तिर
११ फर्कि आउंनन् र निको पारीनन् । तब मैंले सोध्यें हे प्रभु कैले सम्म
भनि । त उस्ले उत्तर् दिइ भन्यो जैले सम्म सहरहरु तिनमां कोई पनि न
रहुंज्याल् सम्म गरि उजारीँदैनन् अनि घरहरु पनि तिनमां कोई मान्छे न
रहुंज्याल् सम्मगरि उजार् हुंदैनन् अनि देस् उजार् र सुनसान् हुंदैन
१२ अनि जैले सम्म यहवेले मान्छेहरुलाइ त्येस् देखि टाढोगरि धपाइ दिंदैन
१३ अनि देसमां धेरै ठांउहरु निर्जन् होइ जांदैनन् । तरैपनि त्येस्मां दसौं अंश
बांच्यो भन्ये देखि त्येइ पनि नष्ट गरीँछ . अनि सांनु कि तुलो बांजबृक्ष काटि
ठाल्ये पछि पनि तिनका तुटा रहि रह्छे झैं पवित्र बंश त्येस्को तुटा रहंछ ॥

७ १ यहूदाको राजा उज्जियाह्को छोरो योतामको छोरो आहाजको
पालामां येसो भयो अरामको राजा रसीन् र इस्राएलको राजा रमल्याह्को
छोरो पेकह् यरूशलेम् सित लड़ाईं गर्नुलाइ आइ लाग्ये तर यो सित
२ लड़ाईं गर्नु सक्येनन् । अनि अराम् एप्रैम् सङ छ भन्ये समाचार् दाऊदको
जहानकां आयो । तब त्येस्को र त्येस्को प्रजाको मन् बनका रुखहरु
बतासले हल्लायेको झैं हल्लीयो ॥

३ तब यहवेले यशायाह्लाइ भन्यो अब आफनु छोरो शार्याशूबलाइ[1]
लियेर मांथिल्लो चइं पोखरीको खोल्चाको सिरानमां अर्थात् धोबीहरुको
४ खेतको सटकमां आहाज् सित भेट् गर्नुलाइ गइ त्येस्लाइ भन् तं
चंग रह् अनि चुप् रह् यि धुंवा उठ्ने अगुल्ठोको पुच्छर् रसीन् र अरामको
उत्पको रिस् देखि र रमल्याह्को छोरो देखि न डरा अनि न तेरो मन्
५ कांचो हवस् । अराम् र एप्रैम् र रमल्याह्को छोरोले तेरो बिरुद्धमां
६ लु हांमिहरु यहूदा मांथि जाइ लाग्येर तिनिहरुलाइ धब्राइ दिऊं । अनि
आफनु लागि त्येस्मां छेंड् पाग्येर त्येस्मां येउटा राजालाइ अं ताब्बालको
७ छोरोलाइ उभ्याऊं भनि . येकारण् प्रभु यहवेले भन्द छ यो न उभीँछ अनि
८ न पूरो हुंछ । कसोगरिभन्ये अरामको मूल् दमिश्क छ अनि दमिश्कको
मूल् रसीन् छ . अनि पैंसठ् वर्ष भित्र एप्रैम् लोग् न रहनेगरि टुक्याईँछ .

[1] अर्थात् बचनीभाग् फिर्छ ।

फेरि एप्रैम्को मूल् शोमरोन् छ अनि शोमरोन्को मूल् रमल्याह्को छोरो ९
छ । येस् कुराको बिश्वास् गर्‍यौन भन्ये देखि निस्से स्थिर् रहंदौन ॥

फेरि यह्वेले आहाज्लाइ भन्दै रह्यो आफ्नु ईश्वर् यह्वे सित १०
कोई चिंनु मांग् पत्ताल् देखिको हवस् कि अकाश् देखिको हवस् । तर १२
आहाज्ले भन्यो मं मांग्दीन मं यह्वेको परीक्षा गर्दीन भनि । तब त्येस्ले १३
भन्यो हे दाऊद्को जहान् सुन क्ये तिमिले मान्छेलाइ थकाउंनु येति सांनु कुरो
ठान्यौ तिमिले अब मेरो ईश्वर्लाइ पनि थकाउंछौ । येस्कारण् प्रभु आफैले १४
तिमिलाइ येउटा चिंनु देखाउंछ हेर येउटी कन्या गर्भिणी हुंछे अनि पुत्र
जन्माउंछे अनि त्येस्को नांउ इम्मानूएल्[1] राख्छ । उस्ले दही र मह खांने १५
गर्छ बुरोलाइ त्याग्ने र भलोलाइ छान्ने ज्ञान् पाउंनुको लागि । किनभन्ये १६
त्येस् बालखले बुरोलाइ त्याग्ने र भलोलाइ छान्ने ज्ञान् पाउंनु भन्दा पहिले
जस् देस्का दुवै राजाहरु देखि तिमि घब्राउंद छौ त्यो निर्जन् होइ जांछ ।
यह्वेले तिमि मांथि र तिम्रो प्रजा मांथि र तिम्रो बाबुको जहान् मांथि १७
येस्तो दिन् ल्याउंछ एप्रैम् यहूदा देखि छुट्टीयेको देखि त्येस्तो दिन् कैले
पनि आयेको थियेन अर्थात् [उस्ले] अश्शूर्को राजा [लाइ येस् देस्मां
चढ़ाइ ल्याउंछ] ॥

अनि त्येस् समय्मां येसो हुंछ यह्वेले ति मिस्रका नदीहरु देखि पारि १८
भयेका झिङ्गाहरुलाइ र ति अश्शूर् देस्मां रहंने मौरीहरुलाइ स्विसला
पार्दै बोलाउंछ । अनि तिनिहरु आयेर येस् देस्का उजारीयेका खोल्चाहरु १९
भल्खांड़ाका छेंड़्हरुमां र सबै कांड़ेघारी हुंदो सब्बै बसि जांछन् ॥

त्येस् समय्मां प्रभुले महानदी देखि पारि पट्टिको अश्शूर्को राजाको २०
बाटोले ज्यालाको छुराको बाटोले सिर् र गोड़ाका रऊंहरु मूंड़्छ. अं त्येस्
छुराले दारि पनि खौरंछ ॥

अनि त्येस् समय्मां येसो हुंछ कसैले येउटी कोरली र दुवटी भेंड़ी २१
पाल्छ अनि येसो हुंछ तिनिहरुले येत्ति दुद् दिंछन् त्येस्ले दही पनि खांने २२
गर्छ. अं जत्ति येस् देस्मां रहि जांछन् ति सबैले दही र मह खांछन् ॥

अनि त्येस् समय्मां येसो हुंछ जत्ति ठांउमां हजार् टुक्रा रुपिया २३
खजानाका हजार् दाख्का बोट् भयेका हुंनन् ति सब्बैमां कांड़ेबोट् र
लोहोंड़ेका कांड़े मांत्रै हुंछन् । मान्छेहरु कांड़् धनु लियेर त्यहां आउंने गर्छन् २४
किनभन्ये येस् सिंगै देस्मां कांड़ेबोट् र लोहोंड़ेको कांड़ा होइ जांछ ।
अनि जत्ति डांड़ा कोदालोले खनींद छन् ति सबैमां तं कांड़ेबोट् र २५
लोहोंड़ेका कांड़ाको डर्को कारण्ले आउंदैनस् तर त्यो गाईगोरु पस्नु र
भेंड़ाबाख्राहरुले कुल्चनुको लागि हुंछ ॥

फेरि यह्वेले मंलाइ भन्दै रह्यो येउटा ठुलो फर्दी लियेर त्येस्मां ८ १
साधारण् अक्षेर्ले महेर्शालाल्हाश्बज्को[2] लागि भन्ये कुरो लेख् अनि २

[1] अर्थात् ईश्वर् हांमिहरु सङ छ ।

[2] अर्थात् लूट् हतारींदा अहेर् छिट्टै आउंदा ।

मं जरिय्याह् पूजाहारीलाइ र येबेरक्याहूको छोरो जकर्याह् विश्वासी
३ पुरुषहरूलाइ येस् कुराको साक्षी ल्याउंछु । अनि मं अगम्वक्तानीकां गयें
अनि त्येस्ले गर्भिणी भयेर छोरो जन्माई । तब यहूवेले मंलाइ भन्यो त्येस्को
४ नांउ महेर्शालाल्हाश्बज्[1] राख् । किनभन्ये यो केटाले मेरा बाबा मेरा
आंमा भन्ने ज्ञान् पाउंनु भन्दा पहिले अश्शूरको राजाले दमिश्कको धन र
शोमरोनको लूट् आफ्नु देसमां लैजांछ ॥
५ फेरि यहूवेले मंलाइ दोस्रो खेप् भन्यो यो लोग् शीलोहको
६ विस्तार् विस्तार् बहंने पानी बिकामे जानि रसीन् र रमल्याहको छोरो सङ
७ खुशि भयो येस्कारण् हेर प्रभुले तिनिहरु मांथि महानदीको गहीरो र
भुस्ले पत्थेको पानीलाइ अं अश्शूरको राजा त्येस्को सबै महिमा समेतलाइ
चढ़ाइ ल्याउंछ . अनि ति सबै खोल्चामां भरींछ अनि पहरा मांथि मांथि
८ बहंछन् . अनि त्यो चढ़दै चढ़दै यहूदा देसमां पनि चढ़ि आउंछ अनि बढ़दै
बढ़दै छिरि जांछ अं घांटि सम्म पुग्छ अनि त्येसका पखेटाको फिंजाईले
तेरो देस् सिमाना देखि सिमाना सम्म भरींछ हे इम्मानूएल् ॥
९ हे लोग् लोगहरु हो खल्यांगमल्यांग् गर अनि तिमिहरु टुक्याईंछौ
हे टाढ़ा टाढ़ा देसहरुका सबै मान्छेहरु हो कान् थाप . कम्मर् कस्नेर
१० टुक्याईंछौ कम्मर् कस्नेर टुक्याईंछौ । आपस्तमां जुक्ति गर्छौ तर त्यो
११ निष्फल् होइ जांछ कुरा गर्छौ तर त्यो ठहर्दैन . किनभन्ये ईश्वर् हांमिहरु
सङ छ[2] । कसोगरिभन्ये यहूवेले मंलाइ आफ्नु बल्लियो हातले येस्तो
१२ भनिकन यि लोगको बाटोमां न हिंड्नु भनि सिकायेको छ जुन्
कुरोलाइ यि सबै लोगले राजद्रोह् भन्नन् त्येस्लाइ तैंले राजद्रोह् न भन्नु
१३ अनि तिनको डर् मानि न डराउंनु अनि न परहरि हुंनु । तर
सेनाहरुको यहूवेचइंलाइ पवित्र गर अनि उ चइं तिम्रो डर् हवस् अनि
१४ उ चइं तिम्रो परहरि । अनि उ चइं पवित्रस्थान् हुंछ इस्राएलका दुवै
जहानको लागि टक्करको ढुंगो र ठोकरको शिलापत्थर् यरूशलेमका
बासोहरुको लागि पासो र डांवलि हुंछ । अनि धेरै जना ठोकर् खायेर
१५ लड्छन् अनि टुक्याईंछन् अनि फांसीयेर पकड़ा पनि पर्छन् ॥
१६ आफ्नु चेतोनि बांधनु हवस् अनि आफ्नु शिक्षामां मेरा चेलाहरुको
१७ बीचमां छाप् मारि दिनु हवस् । अनि मंचइंले जस् यहूवेले आफ्नु मुख
याकूबको जहान् देखि लुकाउंदै छ उसैको बाटो चेर्दै रहंछु अनि उसैको
१८ लागि आशा गरि रहंछु । हेर मं र यहूवेले मंलाइ दियेका बालखहरु चइं
ता उसै सेनाहरुको उइ सिय्योन् पर्वत मांथि बास गरि रहने यहूवेको
पठ्ठि बाटो इस्राएलमां चिन्ह र आश्चर्यकर्म ठहरी छौं ॥

---

[1] अर्थात् लूट् छिटोदा अहेर छिटै आउंदा ।

[2] हब्रानिमां इम्मानूएल ।

जब लोगले तिमिहरुलाइ कुर्लि कुर्लि फलाक्ने र बक्ने बिजुवाहरु र १९
झांक्रिहरु सित सोध भनि भन्छन् . त के लोगले आफ्नु ईश्वरैकां गइ सोधनु
पर्दैन . के जीउंदाहरुको बिषयमां मुर्दाहरु सित सोधनु उचित छ । शिक्षा २०
र चेतौनिनै भयेठांउ जाव . तिनिहरु यिनै कुरा अनुसार बोल्येनन् भन्ने
देखि त निस्से तिनिहरुको लागि दिन् रामेरुमि पनि हुंदैन । अनि तिनिहरु २१
येस् देसमां कष्टित् र भोकै डुलि हिंड्दै रहंछन् . अनि येसो हुंछ तिनिहरु
भोकाउंदाखेरि रिसाउंछन् अनि आफ्नु राजा र आफ्नु ईश्वरलाइ धिक्कार्छन्
अनि आफ्नु मुख् जंभो तिर फर्काउंछन् . कि पृथिवी तिर हेर्छन् त हेर सकन् २२
र अंध्यारो र संकट्को धमीलेइं अं आकलो अंध्यारोमां धपाईंछन् ।
तर संकटमां पर्येकीको लागि धमीलेइं रहंदैन । पहिले पहिले ता ९ १
उस्ले जबूलून् देस् र नप्ताली देसको निन्दा गर्यो तर पछि उस्ले समुन्द्र
पट्टि यर्दन् पार् अन्यदेसीहरुको गालीलमां महिमा गर्छ । जुन् लोगले
अन्धकारमां हिंड्डुल् गर्थे तिनले बड़ो ज्योति देख्ये . मृत्युको छायामां बस्ने २
मांथि ज्योति उदायो । तपांइले येस् लोगलाइ बढ़ाउंनु भयो तपांइले ३
तिनिहरुको खुशि बढ़ाउंनु भयो . तिनिहरुले तपाइंको सांमु कटनीको
बेलाको हर्ष जस्तो रमाहट् गर्द छन् अं लूट् बांड्ने बेलामां रमाहट् गर्येको
झैं हर्ष गर्द छन् । कसोगरिभन्ये तपांइले त्येस्का बोझाको जूवा र त्येस्को ४
कांधको लउरो र त्येस् मांथि मौचेइं गर्नेको लाठो मिद्यानका दिनमां भये
झैं भांचि दिंनु भयो । कसोगरिभन्ये खल्याङमल्याङमां भिरीयेका सबै ५
हतियार् र रगतमां लट्पटीयेका सबै लुगा डढ़ाउंनुको लागि अं आगोको
गांस्को लागि हुंछ । कसोगरिभन्ये हांमिहरुको लागि येउटा बालक ६
जन्म्येको छ हांमिहरुलाइ येउटा पुत्र दिईयेको छ अनि प्रभुतेइं उस्को
कांधमां राखींछ . अनि उस्को नांउ उदेछ . जुक्ति निकालने . पराक्रमी
ईश्वर . सनातनको पिता . शान्तिको कुंवर राखींछ । दाऊद्को सिंहासन ७
मांथि उस् प्रभुतेइं र शान्तिको बढ़तीको अन्त हुंदैन येस् राजलाइ स्थिर
बेला देखि येसो अं सर्बदा सम्म नियां र धर्म्मको बाटोले स्थिर गरीनु र
थामींनुको लागि । सेनाहरुको यहुवेको बल्दोरिसले येसो गर्छ ॥

प्रभुले याकूब् थांइ येउटा बचन् भनि पठायेको छ जो इस्राएल ८
मांथि पर्येको छ । अनि सबै लोगलाइ अं एफ्रैम् र शोमरोनबासीहरुलाइ ९
थाहा हुंछ जुन्हरुले अहंकार् र मनको शेषो गरि भन्द छन् अं हैट १०
ता भत्कि गये तर हांमिहरु कुंदीका ढुंगाहरुको घर बनाउंछौं . नेभाराका
रुख् ढालीये तर हांमिहरु तिनको साटोमां देवदार काम्मां लगाउंछौं भनि ।
येस्कारण यहुवेले तिनिहरु मांथि रसौनका बिरोधीहरुलाइ अलग्याउंछ ११
अनि तिनिहरुका बैरीहरुलाइ उस्काउंछ अघिल्तिर अरामीहरु १२
पाछिल्तिर पलिश्तीहरु अनि तिनिहरुले मुख् बाइ बाइकन इस्राएललाइ
खाइ हाल्छन् । येतिमां पनि उस्को रिस् फर्काईयेको छैन तर उस्को हात्
अझै पसारीयेकै भइ रहंछ ॥

१३ अझैपनि लोग् आफुलाइ हिर्काउंने पट्टि फर्कनन् न सेनाहरूको
१४ यहूवेको खोधनी गर्ये। येस्कारण् यहूवेले इस्राएल् देखि सिर् पुछर् खजूरको
१५ हांगा र नर्कट् एकै दिनमां काटि दिंकु। बूढो र मान्को माथ्के चइं सिर् क
१६ अनि झूठ् सिकाउंने अगमवक्ता चइं पुछर्। येस् लोगलाइ डोऱ्याउंनेहरूले
१७ तिनलाइ भर्माउंद कन् अनि डोऱ्याईयेकाहरू निलि हालींकन्। येस्कारण्
प्रभु न ता तिनिहरूका जुवान्हरू देखि खुशि हुंकु अनि न उस्ले
तिनिहरूका टुहुरादुहुरीहरू र विधुवीहरू मांथि दया गर्कु. किनभन्ये
तिनिहरू सबै भक्तिहीन र कुकर्मीहरू कन् अनि सबैको मुख मूर्खहरूं
बोल्द कु। येतिमां पनि उस्को रिस् फर्काईयेको कैन तर उस्को हात् अझै
पसारीयेकै भइ रहंकु॥

१८ कसोगरिभन्ये दुष्टैले आगोले झैं बलि उठेर कांड़ाका झाङ्गहरूलाइ
खाइ हाल्द कु. अं बाक्लो बनमां डढ़ाउंद कु अनि त्यो देखि धुंवांका बाक्ला
१९ बादल् झंझो तिर बेहोरीदै उठ्कन्। सेनाहरूको यहूवेको बल्दोरिस्को
कारणले यो देस् डढ़ि जांद कु. लोग् पनि आगोका दाउरा जस्ता कन्
२० कसैले आफ्नु भाईलाइ टिठाउंदैन। अनि कोईचइंले दाहींनो तिर खोस्कु र
पनि त्यो भोकै हुंकु अनि बाउं तिर चइं खाये पनि अघाउंदैनन्. तिनिहरूले
२१ आफ्ना आफ्नै बांहाको मांसु खांकन. मनश्शेले एप्रैमलाइ अनि एप्रैमले
मनश्शेलाइ. अनि ति दुवै यहूदाको विरुद्धमां हुंकन्। येतिमां पनि
उस्को रिस् फर्काईयेको कैन तर उस्को हात् अझै पसारीयेकै भइ रहंकु॥

१० १ हाय् अधर्म्मका विधीहरू ठहराउंनेहरू मांथि अनि अट्टेरेईको
२ आज्ञा लेख्ने दिंनेहरू मांथि. कंगालिहरूको निया विगारनुलाइ अनि
मेरा लोगमांका दीनहरूको हक् मारनुलाइ विधुवीहरू तिनिहरूको लूट्
३ अनि टुहुरादुहुरीहरूलाइ तिनिहरूको सिकार् पार्नुलाइ। तर दण्ड दिईयेको
दिनमां र टाढ़ो बाटो आउंने उजारमां के गरौला. रत्तेको लागि कहां
४ भागि जाऔला. अनि आफ्नु महिमा कहां राखि छोड़ौला। तिनिहरू
खालि बन्धुवाहरू मुनि निउंरंकन् अनि काटीयेकाहरू मुनि लड़्कन् मांत्रे।
येतिमां पनि उस्को रिस् फर्काईयेको कैन तर उस्को हात् अझै पसारीयेकै
भइ रहंकु॥

५ अश्शूर् मांथि हाय् मेरो रिसको लाठो उस्को हातमां भयेको लउरो
६ मेरो क्रोध हो। मं त्येस्लाइ येउटा भक्तिहीन लोगको विरुद्धमां पठाउंकु
अनि जुन लोगहरू मांथि मेरो बल्दोरिस् उत्येको छ त्येस्को विरुद्धमां त्येस्लाइ
आज्ञा दिंकु लूट् लिनुलाइ र सिकार् लिनुलाइ अनि तिनिहरूलाइ गल्लिको
७ हालो झैं लतार्नुको लागि। तैपनि त्येस्को येस्तो इच्छे कैन अनि न त्येस्को
मनमां येस्तो विचार् आउंछ तर त्येस्को मनमां नास् पार्कु अनि लोगलाइ
८ मेटि दिंकु अं अलिकता लोगलाइ होइन भन्ये मांत्रे कु। कसोगरिभन्ये
९ त्येस्ले भन्छ को मेरा सबै मालिकहरू राजाहरू कैनन्। को कालनो कर्कमोश्
जस्तो होइन. को हमात् अर्पद् जस्तो. को शोमरोन् दमिश्क जस्तो कैन।

फेरि विकामे मूर्त्तिहरुले भरीयेको राज् जुनहरुका खोपीयेका अंसहरु १०
यरूशलेम् र शोमरोन्का अंसहरु भन्दा बेसि थिये तिनिहरु पनि मेरो
ताब्रिमां आइ हाल्थेका भैं त मैंले जसो शोमरोन् र त्येस्का व्यर्थ ११
मूर्त्तिहरुलाइ गर्यें को यरूशलेम् र त्येस्का अंसहरुलाइ पनि त्येसै गर्दीन ॥

येस्कारण् येसो होइ जांकु जब प्रभुले सिय्योन् पर्वत् र यरूशलेममां १२
आफ्ना सबै काम् गरि सक्कु तब मं अश्शूरको राजाको अहंकारी
मन्को फल् र त्येस्का चड्केका आंखाको महिमालाइ दण्ड दिंकु । किनभन्थे १३
त्येस्ले भन्थेको कु मैंले आफ्नै पाखुराका बलले र आफ्नै बुद्धिले यो
गर्थेको कु कसोगरिभन्थे मं चंख कु . अनि मैंले देस् देसका सिमानाहरु
हटायेको कु अनि तिनिहरुका धन्काईयेका धन् लूटेको कु अं मैंले
बल्लियोले भैं बिराजनेहरुलाइ ओह्रालि दियेको कु . अनि मेरा हातले १४
लोग् लोगको धन सम्पत्ति चराका गूंड् भैं पायेको कु अनि जसोरि कसैले
छोड़ीयेका फुल्हरु बटुल्द कु त्येसैगरि मैंले सिंगै पृथिवीलाइ बटुल्थें .
अनि न पौंख् फुल्याउंने न चुचो चलाउंने न चेंचें गर्न कोई थियो भनि ।
को बंचरोले त्यो देखि ढाल्ने मांथि शेषी गर्छ . को आराले त्येस्लाइ १५
तान्नेको बिरुद्धमां बड़ाई गर्छ को लाठाले आफुलाइ उठाउंनेलाइ हल्लाउंछ
कि को लउरोले काठै न भयेकोलाइ उठाउंछ ॥

येस्कारण् प्रभु सेनाहरुको यहवेले त्येस्का मोटाहरु मांथि दूर्बलेहरु १६
पठाउंछ अनि त्येस्को शोभा मुनि आगोको डड़ाई भैं डड़ाउंने आगो सल्काइ
दिंछ । अनि इस्राएल्को ज्योति आगोको लागि हुंछ अनि त्येस्को पवित्र १७
जन् जुवालाको लागि . अनि कांड़ेबोट् र लोहोंड़ेको कांड़ालाइ एकै
दिनमां डड़ायेर खाइ हाल्छ । अं त्येस्ले त्येस्को बन् र त्येस्को फलवन्त १८
बारीको शोभा तनमनले भस्म पार्छ . अनि जस्तो दुखनेको गत् क्षीण
भयेको बेलामां हुंद कु त्येस्तै त्येस्को गत् हुंछ । अनि त्येस्को बनका रुखहरु १९
थोरै मांत्रै रहंकुन् केटाले पनि गनि लेखनु सक्कु ॥

त्येस् समयमां येसो होइ जांकु इस्राएल्को बचतीभाग् र याकूबको २०
जहानमांका बांच्येकाहरु आफुलाइ हिर्काउंने मांथि फेरि फेरि कैले पनि
अड़ेस् लागदैन तर इस्राएल्को पवित्र जन् यहवे मांथि सच्चैले अड़ेस्
लागकुन् । बचतीभाग् फिर्छ अं याकूबमांका बांच्येकाहरु पराक्रमी ईश्वर् २१
तिर फिर्कुन् । कसोगरिभन्थे तिमिहरुका इस्राएली लोग् समुन्द्रको बालुवा २२
जस्तो भये पनि तिनिहरुमांका बचतीभागै मांत्रै फिर्छ . त्यस् पूरै धर्म्म
मड ठहराईयो । किनभन्थे प्रभु सेनाहरुको यहवेले सिंगै पृथिवीको २३
बीचमां सत्यनाम् अं ठहराईयेको सत्यनाम् पार्छ ॥

येस्कारण् प्रभु सेनाहरुको यहवेले येसो भन्द कु ए सिय्योनमां बस्ने २४
मेरो लोग् अश्शूरी देखि न डरा . त्येस्ले तंलाइ लाठाले हिर्काये पनि अनि
मिस्रले भैं तं मांथि आफ्नु लउरो उठ्जायो भन्थे पनि । किनभन्थे अब २५
खालि एक्केछिन् मांत्रै बीचेमां मेरो रिस् र कोप् तिनिहरुलाइ सत्यनाम्

२६ पार्‌येकोमां पूरो हुंछ। अनि सेनाहरुको यहवे त्येस्को विरुद्धमां त्येस्लाइ
ओरेब्‌को पहरा मांथि मिद्यान्‌लाइ मारेमां गर्‌येको भैं कोरा उठाउंछ.
अनि उस्को लउरो समुन्द्र मांथि हुंछ मिस्रमां गर्‌येको भैं उस्ले उब्‌जाउंछ।
२७ त त्येइ बेलामां येसो होइ जांछ त्येस्को बोझा तेरो कांध् देखि र त्येस्को
जूवा तेरो गर्धन् देखि उत्‌छ अनि अभिषेक्‌को कारणले जूवा भांचींछ॥
२८ अय्यात्‌मां आयेको छ मिग्रोन्‌मां छिरि गयेको छ मिक्‌माशमां आफ्‌नु
२९ सार्‌हाम् राख्‌दै छ. तिनिहरु घाट् तर्‌येका छन् गेबामां बास् बस्‌दै छन्.
३० रामा थर्‌थराउंद छ साऊलको गिब्‌बा भाग्यो। ए गल्लीम्‌को छोरी आफ्‌नु
३१ सोर्‌ले करा. ए लैशा कान् थाप्. हाय् लाचार् अनातोत्. मदमेना
भागि गयो. गेबीम्‌का बासीहरु भागनुलाइ आफ्‌ना आफ्‌ना लट्टिपट्टि
३२ भेला गराउंदै छन्। आजैको दिन्‌मां त्यो नोब्‌मां अड़ींछ. सियोन्‌को
छोरीको पहाड़ मांथि अर्थात् यरूशलेम्‌को डांड़ा मांथि त्येस्ले हात्
हल्लाउंछ॥

३३ हेर प्रभु सेनाहरुको यहवेले त्येस्का हांगाहरु निर्दय् सित छांट्‌छ.
अनि त्येस्का अलगा अलगा डाल्‌काहरु काटींछन् अनि अलगीयेकाहरु
३४ होंच्याईंछन्। उस्ले झाक्रो बन्‌लाइ फलम्‌ले ठाल्‌छ अनि लबानोन् प्रतापीको
हात् देखि नष्ट पारींछ॥ ✓

११ १ तब यिशैको ठुटा देखि येउटा पालुवा पलाउंछ अनि त्येस्को जरा
२ देखि येउटा हांगा निकल्‌येर फलवन्त हुंछ. अनि यहवेको आत्मा उस्‌मां
रहंछ बुद्धि र बूझ्‌को आत्मा जुक्ति र पराक्रम्‌को आत्मा यहवेको ज्ञान र
३ भयको आत्मा उस् मांथि पर्छ अनि उस्लाइ यहवेको भय् बास्ना जस्तो मन्
पर्छ. अनि उस्ले न ता मुख् हेरि निया गर्छ अनि न आफ्‌ना कानले सुन्‌येको
४ अनुसार् विचार् गर्छ. तर उस्ले कंगालिहरुको निया धर्म्म सङ गर्छ अनि
पृथिवीका नरम्‌हरुको विचार् हित्त सङ गर्छ. अनि उस्ले पृथिवीलाइ
आफ्‌नु मुखको लउरोले हिर्काउंछ अनि दुष्टलाइ आफ्‌ना ओंठको सास्‌ले
५ मार्छ। अनि धर्म्म उस्को कम्मरको पटुका हुंछ अनि सचेंई उस्को बन्धन्‌को
६ पटुका। अनि ब्वांसोले भेंड़ाको पाठा सङ बास गर्छ अनि चितुवा बाख्राको
पाठाको साथ्‌मां ठल्‌कंछ अनि बाच्छा र जुवान् सिंह र पलुवागोरु एकसङ्
७ रहंछन् अनि येउटा सानु केटाले तिनिहरुलाइ चराउंछ। अनि गाई र
भालुभालु मिलि चर्छन् अनि तिनका बच्चाहरु सङै ठल्‌कंछन्. अनि सिंहले
८ गोरुले झैं भूस् खांने गर्छ। अनि दुध् खांने नानो मान्छेमाथ्‌को कुरिमां खेल्‌छ
९ अनि नाङ्‌को दुलोमां भास्वर् दुध् क्रोड़ाईयेको बालखले हात् हाल्‌छ। मेरो
सिंगै पवित्र पहाड़मां कसैले कसैलाइ न ता दुख दिंछ न ता हानि गर्छ.
कसोगरिभन्ये पृथिवी यहवेको ज्ञानले समुन्द्र पानीले ढाक्‌को झैं भरींछ॥

१० अनि त्यस् समयमां येसो होइ जांछ यिशैको कोपीला लोग् लोगको
लागि झण्डा झैं उभींछ उस् तिर अन्यदेशीहरुले खोज् गर्छन् अनि उस्को
विश्राम महिमा सङको हुंछ॥ ✓

अनि त्येस् समयमां येसो होइ जांक प्रभुले आफ्नु हात् अर्को खेप् ११
पसारि आफ्नु प्रजाको बचतीभागलाइ जो जो रहंकन् अश्शूर् र मिस्र र
पत्रोस् र कूश् र एलाम् र शिनार् र हमात् र समुन्द्रका द्वीपहरू देखि किनि
किनिकन क्रोड़ाउंछ । अनि उस्ले अन्यदेसीहरूको लागि झण्डा उभ्याउंछ १२
अनि इस्राएलका सबै निकालीयेकाहरूलाइ र यहूदाका सबै छरपुष्ट
भयेकाहरूलाइ पृथिवीका चारै दिशा देखि भेला गराउंछ । एप्रैमको डाहा १३
जांछ अनि यहूदालाइ सताउनेहरू नष्ट हुंछन् . न ता एप्रैमले यहूदा सित
डाहा गर्छ न ता यहूदाले एप्रैमलाइ सताउंछ । तर तिनिहरू पच्छिउं निर १४
पलिश्तीहरूको कांध् जस्तो देस् झम्टंकन् अनि मिल्येर पूर्वबासीहरूलाइ
लूटकन् . तिनिहरूले एदोम् र मोआब् मांथि हात् पसार्कन् अनि
अम्मोन्वंशीहरूले तिनिहरूको मान्छन् । अनि यहूवेले मिस्रको समुन्द्रको १५
खाड़ीलाइ भाकल् गरीयेको थोक् झैं नास् गर्छ अनि महानदीमां जलने
आंधीले आफ्नु हात् हल्लायेर त्येलाइ सात् भङाला तुल्याउंछ अनि
मान्छेहरूलाइ जुत्ते सङ पारि तरि जांनु दिंछ । अनि उस्को प्रजाका बचतीभागको लागि जो जो रहंकन् अश्शूर् देखि आउंनुको लागि येउटा येस्तो १६
मूलबाटो हुंछ जस्तो मिस्र देस् बाटो आउंदाखेरि इस्राएलको लागि
भयेको थियो ॥

अनि त्येस् समयमां तैंले भन्छस् हे यहूवे तपांइको धन्नबाद् १२ १
गर्छु किनभन्ये तपांइ मं देखि रिसाउंनु भयेको थियो र पनि अब तपांइको
रिस् फर्काईयो अनि तपांइले मंलाइ शान्ति दिंनु हुंद छ । हेर ईश्वर् मेरो २
उद्धार् छ त भरोसा गर्दै रहंछु अनि डराउंदैंन . किनभन्ये याह् यहूवे
मेरो बल् र गीत् छ उइनै मेरो उद्धार् भइ गयेको छ । येस्कारण् आनन्द ३
गर्दै तिमिहरूले उद्धारको पंधेराहरू देखि पानी भर्ने गर्दौ । अनि त्येस् ४
बेला तिमिहरूले येसो पनि भन्छौ यहूवेको धन्नबाद् गर उ सित प्रार्थना गर
उस्का महाकार्य सबै लोग् लोगको बीचमां प्रचार् गर अनि येस्को चर्चा
गर उस्को नांउ महा छ भनि भनिकन । यहूवेको भजन् गाव किनभन्ये उस्ले ५
महिमित् काम् गयेको छ . सिंगै पृथिवीमां यो जानीओस् । हे सिय्योन्मां ६
बस्ने करा अनि तुलो सोर्ले गा . किनभन्ये इस्राएलको पवित्र जन् तेरो
बीचमां महा छ ॥

बाबेलको भारी दण्डको वचन् जो आमोसको छोरो यशायाहले १३ १
देख्यो ॥

नांगो डांड़ामां झण्डा उभ्याव तिनिहरूको लागि सोर् उचाल हात् २
हल्लाव र तिनिहरू भारदारहरूका ढोकाहरूमां पसुन् । मं आफैले आफ्ना ३
पवित्र गयेकाहरूलाइ आज्ञा दियेको छु अं मैंले आफ्नु रिसको लागि
आफ्ना शौर्यहरूलाइ अं आफ्ना अहंकारी उमतीयेकाहरूलाइ बोलायेको
छु । डांड़ा डांड़ा हुंदो धुइरोको खेलाबेलाको सोर् धेरै लोगको झैं .
अन्यदेसीहरूका राज् राज्का खल्याङमल्याङको सोर् . सेनाहरूको यहूवेले ४

५ लड़ाईंको लागि सेना भेला गराउंद छ। तिनिहरू टाढ़ो देश देखि पृथिवीको
छेउ देखि आउंद छन् अं यहवे र उसको रिसका हतियारहरू सिगे
६ पृथिवीलाइ नाश पार्नुको लागि। हू हू गरि रोव किनभन्ये यहवेको दिन-
७ नजिक छ सर्वशक्तिमानको पट्टि बाटो सत्यनासै हुंछ। येस्कारण सबैका हात्
८ निर्बल्लिया हुंछन् अनि सबै मान्छेको मुटु बिलौंछ. अनि तिनिहरू जकँछन्
तिनिहरूलाइ सारो दुख र पीराले पक्रंछन् सुतकको जस्तो पीरा उठछ.
तिनिहरू छक्क पर्दै एका अर्का हेराहेर गर्छन्. तिनिहरूका मुख जुवालाका
९ मुख हुंछन्। हेर यहवेको दिन आउंद छ रिस र कोप्येको निर्दयी दिन
पृथिवीनै उजार पार्नुको लागि अनि पापीहरूलाइ त्यो देखि नाश पार्नुको
१० लागि। किनभन्ये आकाशका ताराहरू र किर्किटि ताराहरू आफ चम्कंदैनन्.
सूर्ज पनि उदय हुंदा हुंदै लुकि जांछ अनि जून ज्योति बिनाको होइ जांछ।
११ अनि मं जगत्लाइ तिनको बुराईको अनि दुष्टहरूलाइ तिनका अधर्मको
दण्ड दिंछु अनि अहंकारीहरूको अहंकार थमाउंछु अनि बलीहरूको शेखी
१२ हौंच्याउंछु। मं मान्छेलाइ येत्ति थोरै पार्छु त्यो अमोल् स्वर्ण अं ओफीरको
१३ सुनको भन्दा पनि बेसि दामको हुंछ। अनि मं सेनाहरूको यहवेको रिसले
र उस्को बल्दो कोपको दिनमां आकाशलाइ कंमाउंछु अनि पृथिवी त्येस्को
१४ ठांउ देखि सारीछ। तब येसो हुंछ खेदीयेको हरिण कि गोठाला बिनाका
भेंड़ाबाख्रा झैं तिनिहरू आफनु आफनु लोग् तिर फिर्छन् अनि आफनु
१५ आफनु देशमां भागि जांछन्। पायेका सब्बै रोपींछन् अनि पकड़ा पर्येका
१६ सबै तरवारले काटींछन्। तिनिहरूका नानीहरू पनि तिनिहरूको मुखैंजि
पक्कारि दिईंछन् तिनिहरूका घर लूटींछन् अनि तिनिहरूकी स्वास्नीहरू भरष्ट
१७ पारींछन्। हेर मं तिनिहरू मांथि मादीहरूलाइ उठाउंछु जुन्हरूले न ता
१८ रूपियाको बिचार गर्छन् अनि न सुनको लालच गर्छन्। अनि तिनिहरूका
कांड़ले जुवानहरूलाइ छेंड़ेछेंड़ पार्छन् अनि न तिनिहले पेटको फल
१९ मांथि कोइ दया न बालखहरूको माया गर्छन्। अनि बाबेल् जो राज्यहरूको
महिमा र कल्दीहरूको शेखीको शोभा छ त्यो येस्तो होइ जांछ जस्तो
२० सदोम् र अमोरा ईश्वरले उल्टाइ दिंदाखेरि भयेका थिये। अनि त्येस्मां फेरि
कैलेइ पनि बास गरींदैन अनि त्येसमां पुस्ता देखि पुस्ता सम्म कोई बस्दैन.
अं अरबीले त्येस्मां डेरा हाल्दैन अनि न गोठालाहरूले त्येस्मां आफना बस्तु
२१ राख्छन्। तर बनका पशुहरू त्येस्मां बस्छन् अनि हाऊहाऊ गरि कराउने
जन्तुहरू तिनिहरूका घर घरमां भरीइ रहंछन्. अनि शुतमुर्गीहरू त्यहां
२२ बस्छन् अनि त्यहां भूतप्रेतहरू नाच्ने गर्छन्। अनि तिनका राज्यमहलहरूमां
बुवांसाहरू र सुखबिलासी महलहरूमां स्याल कराउने गर्छन्. अनि त्येस्को
समय नजिकै आइ पुगि हाल्यो अनि त्येसका दिन अब धेर हुंदैनन्।
१४ १ कुसोगरिभन्ये यहवेले याकूब मांथि दया गर्छ अनि इस्राएललाइ फेरि
छान्नेर तिनिहरूकै देशमां तिनिहरूलाइ बसाल्छ. अनि अन्यदेशीहरू
तिनिहरू सित मिलछन् अनि तिनिहरू आफु आफु याकूबका जहानमां टांसि

रहंछन् । अनि लोग् लोग्ले तिनिहरुलाइ तिनिहरुकै ठांउमां पुऱ्याउंछन् . २
अनि इस्राएल्को जहान् यह्वेको देस्मां तिनिहरुलाइ दास् दासी तुल्याउंदै
तिनिहरुका अधिकारी हुंछन् . येसोरि तिनिहरुलाइ बन्धुवाईमां लांनेहरुलाइ
तिनिहरुले बन्धुवा तुल्याउंछन् अनि तिनिहरु मांथि मिचेईं गर्नेहरु मांथि
तिनिहरुले मिचेईं गर्छन् ॥

अनि जस् दिन् यह्वेले तंलाइ तेरो कष्ट र तेरो घब्राई देखि र त्येस् ३
तं देखि लिईंने कमांरेदर्को दास्ति देखि बिश्राम् दिंछ तब तं बाबेल्को ४
राजा मांथि यो उखान् चलाइ भन्ने हुंछस् मिचेईं गर्ने कस्तोरि थामीयो .
सुनौली सहर् कस्तोरि थामीयो । यह्वेले दुष्टको लउरो र प्रभुतेईं ५
गर्नेहरुको लाठा भांचि दियेको छ । लोग् लोग्लाइ रिस् सित लगातार् ६
कुट्ने अनि अन्येदेसीहरु मांथि कसैले थाम्नु न सक्नेगरि उपद्रेईं र क्रोध्
सित प्रभुतेईं गर्ने । सिंगै पृथिवीले बिश्राम् पायेको छ त्यो चैन् सित छ . ७
लोग् अल्गो अल्गो सोर्ले गाइ उठ्येका छन् । अं सिसौ र लबानोन्का ८
देव्दारुले येसो भन्दै तं मांथि रमाहट् गर्द छन् तं ढल्येको देखि हांमि-
हरुलाइ काट्नु कोई आयेको छैन भनि । ऊंधो देखि पत्ताल् तं सित भेट् गर्नु- ९
लाइ हल्लीयेको छ . त्येस्ने मंऱ्येकाहरुलाइ अं पृथिवीमां मूल् मूल् हुंनेहरुलाइ
तेरो कारण्ले जगाउंद छ . अनि त्येस्ने अन्यदेसीहरुका सबै राजाहरुलाइ
आफ्नु आफ्नु सिंहासन् देखि उठायेको छ । यि सबैले तंलाइ उत्तर् दिइ १०
भन्छन् क्ये तं पनि हांमिहरु जस्तो निर्बल्लियो भइ गइस् . क्ये तं हांमिहरु
जस्तो भइ गइस् । तेरो प्रताप् र सारंगी बाजाहरुको सोर् पत्ताल्मां ११
होंच्याईयेको छ . अब तं मुनि कीरा फिंजाईयेका छन् अनि तं मांथि जुगा
ओढ़ाईयेका छन् । ए बिहान् चम्कने तारा तं अकाश् बाटो कसोगरि १२
खसिस् . तैंले ता लोग् लोग्लाइ होंच्याउंद थिइस् तं कसोगरि काटीयेर
भूइंमां खसालीइस् । तैंले ता मन्मां भन्द थिइस् मं स्वर्गमां चढ्छु मं १३
आफ्नु सिंहासन् ईश्वर्का ताराहरु मांथि अल्ग्याउंछु अनि उत्तर् दिशाको
छेउमां सभाको डांड़ामां बिराज्छु . मं मेघ्हरु देखि ऊंभो चढ़ि जांछु १४
अं परम् ईश्वर्को बराबर् होइ जांछु भनि । तैपनि पत्ताल्मां अर्थात् १५
भल्खांड़ाको कुंनामां होंच्याईंछस् । तंलाइ देख्नेहरुले ध्यान् दिकन हेर्छन् १६
अनि तेरो बिषय्मां गुनि गुनिकन भन्छन् जस्ने पृथिवीलाइ कांम्नु लगायो
अनि राज्हरुलाइ हल्लायो त्यो क्ये येइ मान्छे हो जस्ने जगत्लाइ बन् १७
तुल्यायो अनि त्येस्का सहर्हरु भताभूङ्ग पारि दिंद थियो अनि आफ्ना
बन्धुवाहरुलाइ घर जांनु दिंदैन थियो । लोग् लोग्का सब्बै राजाहरु १८
ता आफ्नु आफ्नु ठांउमां महिमा सित पस्नीइ रह्येका छन् । तर तं चइं १९
ता बिकामे पैकारी झैं आफ्नु चिहान् देखि टाड़ो आफालीइस् तरवार्ले
रोपीयेर भल्खांड़ामां ढुंगाहरुको बीच्मां पऱ्येका लोथ्हरुले घेरीयेको छस्
अं लोथ् झैं लतारींछस् । तैंले आफ्ने देस् उजार् गराइ दिइस् अनि आफ्ने २०
प्रजाका लोगलाइ मांरिस् येस्कारण् तं तिनिहरु सङ मट्टीमां जोरींदैनस्

२१ कुकर्म्मीहरुको बंश पनि रहंदैन । तिनिहरुका पित्रहरुका अधर्म्मको साटोमां
तिनिहरुलाइ घात् गर्ने बंशीहरुलाइ बन्दबस्त गर् होइन भन्ये ता तिनिहरु
फेरि उठेर पृथिवीका अधिकारी हुंनन् अनि जगत्मां धेरै सहर् बसालुनन् ।
२२ त सेनाहरुको यहूवेको यो बाणी छ मं तिनिहरुको बिरुद्धमां उठ्छु अनि
बाबेल्को नांउनिसान् पनि मेटि दिंछु छोरो र छोरोको छोरोलाइ समेत्
२३ यहूवेको येइ बाणी छ । अनि मं त्येस्लाइ हुम्सीहरुका कुरिहरु र पानीका
पोखरीहरु तुल्याउंछु . अनि त्येस्लाइ सत्यनास् पार्ने खत्यांटोले बढ़ारि
फ्यांकि दिंछु सेनाहरुको यहूवेको येइ बाणी छ ॥

२४ सेनाहरुको यहूवेले यो किरिया खायेको छ जस्तो मैले ठान्येको
छ् अवस्से त्येसै हुंछ अनि जस्तो मैले जुक्ति गर्येको छु त्येसैने भइ रहंछ .
२५ अर्थात् मं अश्शूरीको बल् आफ्नै देसमां भांचछु अनि आफ्नै डांड़ा-
हरुमां तिनिहरुलाइ कुच्याउंछु . येसोरि त्येस्को जूवा तिनिहरुको गर्धन्
२६ देखि र तिनिहरुको बोझा तिनिहरुका कांध् मांथि देखि उत्रि जांछन् ।
सिंगै पृथिवीको लागि ठहरायेको जुक्ति त्येइ हो . अनि सिंगै लोग् मांथि
२७ पसारीयेको हात् त्येइ हो । कसोगरिभन्ये सेनाहरुको यहूवेले जुक्ति गर्यो
त त्यो कस्ले टार्नु सक्छ . अनि उस्को हात् पसारीयेको छ त त्यो कस्ले
फर्काउंनु सक्छ ॥

२८ आहाज् राजा मर्येको बर्षमां यो भारी दण्डको बचन् आयो ॥
२९ ए पलिश्तीहरु तिमिहरु सबैले तिमिहरुलाइ हिर्काउंनेको लउरो
भांचीयो भनि रमाहट् न गर . किनभन्ये सापको बंशमां येउटा नाग्
३० निस्कंछ अनि येउटा उड़ने बिषालु साप् जन्मंछ । कंगालिको जेठोले खांनु
पाउंछ अनि दरिद्र निडर् सङ ढल्कि रहंनु पाउंछ . तर मं तेरो चइं बंशलाइ
३१ अनिकाल्ले मार्छु अनि तेरा बच्तीभाग् काटीछन् । ए ढोका हू हू गरि रो
ए सहर् चिच्या ए पलिश्ती तं थांट्टै बिलोइ गइस् किनभन्ये उत्तर् देखि
तिमिहरुको लागि धुवा फिजीदै आउंदै छ अनि कोई पनि आफ्नु पार्ल्यात
३२ देखि बिथि जांदैन । तब अन्यदेसीहरुका दूतहरुलाइ के उत्तर दिईंछ .
सिय्योन्को जग् हाल्येको यहूवेलेनै हो अनि उस्का प्रजामांका दीनहरुले
त्येसमां शरण् लिंछन् भन्ये ॥

१५ १ मोआब्को भारी दण्डको बचन् ॥
एकै रातमां मोआब्को आर् सहर् उजार् भयो अं नष्टै भइ गयो .
२ एकै रातमां मोआब्को कीर् सहर् उजार् भयो अं नष्टै भइ गयो । त्यो
बैतमां र दीबोनमां अलगा ठांउहरुमां रुंनुलाइ चढ़ि गयो . मोआब् नबो
र मेदबा मांथि हू हू गरि रुंदछ . ति सबैका केस् लट्टै लट्टा र सबैका
३ दारि मुड़ेका छन् । भांग्रा लाग्येका लोग् सटक् हुंदो छन् . कोही हुंदो र
४ चोक् हुंदो सबै जना आंसु बहाउंदै हू हू गरि रुंदछन् । फेरि हेश्बोन् र

एलाले सहरहरू चिच्याउंद कुन् तिनिहरूको सोर् यहस् सम्म सुनींद कु.
येस्कारण् मोआबका हतियार् भिर्येका लोग्हरू पनि चिच्याइ चिच्याइकन
रोइ रह्येका कुन् सबैको मन् थरथरि हुंद कु। मेरो मन् मोआबको कारणले ५
चिच्याउंद कु त्येसका भारादारहरू सोअर् सम्म अं एग्लत्शलीशिया सम्म
पनि भागि जांद कुन्. कसोगरिभन्ये लूहीतको उकालिमां तिनिहरू रुंदै
रुंदै चढ़ि जांदै कुन् होरोनैमको बाटोमां तिनिहरू नष्टको सोर् गरि
चिच्याउंद कुन्। किनभन्ये निम्रोमको पानी उजार् भइ गयो. येस्कारण् ६
घांस् ओइल्हीयो कमलो घांस् सुकि गयो हरीयो केइ पनि रह्येन।
येस्कारण् तिनिहरूले बचायेको धन् र तिनिहरूले जमायेका सम्पत्ति ७
तिनिहरूले बनको खोल्चा पारि लांदै कुन्। किनभन्ये मोआबका ८
सिमानाहरूमां चिच्याई भइ रह्येको कु त्येसको हू हू गरि रुंनु एग्लैममां र
येस्को चिच्याई बेरेलीममां पनि सुनींद कु। किनभन्ये दीमोनको खोल्चा ९
रगत्ले भरीयेको कु. कसोगरिभन्ये मं दीमोनमां अरू पनि दुक्ख हाल्कु
अर्थात् बांच्येका मोआबीहरू र तिनिहरूको देसको बचतीभाग मांथि
येउटा सिंह ल्याउंकु॥

देसका मालिकहरूलाइ दिईने भेंड़ाहरूका पाठा बन् पांट्ट पर्ने १६ १
सेला देखि सिय्योनको डांड़ामां पठाव। किनभन्ये भत्काईयेको गुंड्र देखि २
उड़ाईयेका पंषीहरू झैं मोआबकी छोरीहरू अर्नोनको घाट्मां हुंकुन्।
मतो गर नया गर आफनु कुाहारि मद्धेनिदिनमां रातिको अस्तो शरण ३
तुल्याव. निकालीयेकाहरूलाइ लुकाव भर्मि हिंड्नेहरूलाइ न पकराव।
मेरा निकालीयेकाहरूले तिमिहरूको बीचमां बास् गरुन् नास् पार्नेहरूको ४
हात् देखि मोआबको लागि शरण् हव. किनभन्ये दरिद्रहरूलाइ पिन्नेहरू
अब रहंदेन लूटालुट् फेरि हुंदेन मिचेईं गर्नेहरू देस् देखि नष्ट हुंकुन्।
अनि दयाको सिंहासन् स्थिर् गरींकु अनि दाऊदको डेरामां सचेईं सह ५
राज् गर्ने त्येसमां येउटा बिराजमान् हुंकु जस्ले बिचारिकन निया गर्कु अनि
धर्म्म फुर्ति सित गर्कु॥

हांमिहरूले मोआबको शेषीको समाचार् सुन्येका कौं त्यो बिद्धे शेषी ६
गर्ने कु भनि अं त्येको अहंकार् र शेषी र रिसको बिषय् तेर त्येका
घमंड्हरू व्यर्थ कुन्। येस्कारण् मोआब् मोआबको लागि हू हू गरि रुंकु ७
तिनिहरू जस्ति भयेका हू हू गरि रुंकुन्. कीर्हरेसेतको दाखको टिकियाको
लागि तिमिहरूले अत्यधिक निराश् भइकन बिलाप् गर्छौ। किनभन्ये ८
हेश्बोनका खेतहरू र सिब्माका दाखका बोट्हरू ओइल्हींद कुन्
अन्यदेसीहरूका अधिकारीहरूले तिनिहरूका अस्सल् अस्सल् डालाहरू
खसालि दियेका कुन् ति याजेर् सम्म पुग्ये अं बनहुंदो पनि फिंजीये अनि
तिनका डालाहरू बढ़दै बढ़दै समुन्द्र पारि पनि बढ़ि गये। येस्कारण् मं ९
सिब्माको दाखका बोट्हरूको लागि याजेर् झैं रुंकु. ए हेश्बोन् र
एलाले तिमिहरूलाइ आफ्ना आंसुहरूमां डुबाउंकु. कसोगरिभन्ये

तिमिहरुका ऋतुफलहरु र कटनीको बेलामां [सत्रुहरुको] कराई
१० सुनौंछ । अनि फलवन्ते बारी देखि आनन्द र रमाहट उठाइ लगौंछन् अनि दाखका बारीहरुमां कसैले तुलो सोरले गाउंदैन न हर्षको धुनि हुंछ, दाखरसका कुण्डहरुमां कसैले दाख पेल्दैन मैंले तिनिहरुको हर्षको धुनि
११ पुन्यें । येस्कारण मेरो मनले मोआबको कारणले रोइ रोइकन बीणाले झैं
१२ बिलाप गर्दछ अनि मेरो अन्तःकरणले कीर्हरेसको लागि । अनि येसो हुंछ जब मोआब भेला भयेर अलगो ठांउमां थाकि जांछ अनि आफ्नु पवित्र ठांउमां प्रार्थना गर्नु आउंदछ तब त्येसले जीत्दैन ॥

१३ यो भन्दा पहिले मोआबको बिषयमां यहूवेले भन्येको बचन
१४ येइ हो । तर अब यहूवेले येसो भन्येको छ तीन बर्ष भित्र अं बंनि गर्नेको बर्ष गन्दा मोआबको महिमा र त्येको धुइरो गठ्ठा सबै तुच्छ ठहरौंछन् अनि बचतीभाग थोरै हुंछन् अं केइ लेखाका हुंदैनन् ॥

१७ १ दमिश्कको भारी दण्डको बचन ॥

हेर दमिश्क चइं सहरै रहंदैन त्यो भताभूङ्ग होइ जांछ ।
२ अरोएरका सहरहरु पनि निर्जन होइ जांछन् . ति पशुहरुका ठांउ बनौंछन्,
३ जो ठल्कौंछन् अनि तिनिहरुलाइ डर देखाउंने कोई हुंदैन । एप्रैम देखि किल्ला र दमिश्क देखि र अरामको बचतीभाग देखि राज थामौंछन् तिनिहरु इस्राएलबंशीहरुको बढ़ाई जस्तो हुंछन् सेनाहरुको यहूवेको येइ बाणी छ ॥
४ अनि त्येस बेलामां येसो हुंछ याकूबको महिमा मख्रौंछ अनि
५ तिनिहरुको पुष्टैं झरि जांछ । अनि येसो हुंछ कटनी गर्नेले ठाढ़ो अन्न काटेर बालाहरु आफ्नु अङालोमां ल्याएको झैं . अनि रपाईमको
६ तरिमां सोला खोज्ने झैं । तरैपनि भट्टाले झार्ये पछि अलि अलि सोला रहंछन् अर्थात् टुप्पामां दुइ तीनवटा गेड़ा अनि त्येका फलीला फलीला भइं
७ डालामां चार पांचवटा मांत्रै इस्राएलको ईश्वर यहूवेको येइ बाणी छ । त्येस बेलामां मान्छेले आफ्नु कर्त्ता तिर हेर्छ अनि त्येसका आंखा इस्राएलको
८ पवित्र जन तिरनै लागि रहंछन् । अनि त्येसले आफुले बनायेका बेदिहरु तिर हेर्दैन अनि न आफ्ना औंलाले बनायेका अशेरा भनौंने मूर्त्तिहरु कि
९ सूर्जका अंसहरु तिर हेर्छ । त्येस बेला ति बस्तिया सहरहरु बनमां डांड़ाका थाप्नि थाप्निमां इस्राएलबंशीहरुको डरको कारणले छोड़ि दिईयेका निर्जन
१० ठांउहरु जस्ता होइ जांछन् . अं त्यो उजार होइ जांछ । कसोगांरभन्ये तैंले तेरो उद्धार गर्ने ईश्वरलाइ बिर्सिहालिस् अनि तेरो बस्तियो पहराको समझना राखीनस् येस्कारण तं मनपर्दो मनपर्दो मख्रहरु लगाउंद छस् अनि
११ परदेसीहरुको कलम लगाउंद छस् . जस दिन तैंले ति रोपछस् त्येसै दिन तैंले तिनका चारै तिर बार पनि बांधद छस् अनि बिहान ति फुलनु फलनु लागद छन् . तर संताप र असाद्ध दुकखको बेलामां कटनी भागछ ॥
१२ आहा धेरै मान्छेहरुको खेलाबेलाको कस्तो गर्ज जो समुद्र झैं गर्जद छन् अनि लोग् लोग्को सोर् कस्तो बहंने तुलो खोलाको बढ़ाई झैं

बहंद कुन्। अनि लोग् लोग्को बहाई धेर् खोलाहरुको बहाई जस्ता कुन्. १३
तर उस्ले तिनलाइ हकारुक्त तिनिहरु टाढा भागि जांकुन् अनि डांड़ाका
भूसहरु बतासले र बेहेरीयेको धूलो बेहेरि आंधीले उड़ायेको धूलो झैं १४
खेदींकुन्। सांझमां हेर डर् तर बिहान् हुंनु भन्दा पहिले तिनिहरु रहंदै
रहंदैनन्। हांमिहरुलाइ लूट्नेहरुको भाग् येइ हुंकु अनि हांमिहरु देखि
चोरी गर्नेहरुको गत् येस्तै हुंकु॥ ✓

आहा ए पखेटाले सुईंय गर्न देस् जो कूशका महानदीहरु देखि १८ १
पारि पट्टि कु. जसले दूतहरुलाइ मालींगोका नाउहरुमां नदी बाटो येसो २
भनि पठाउंद कु अर्थात् हे फुर्त्तिला दूतहरु हो त्येस् अलगो अलगो र चिल्लो
चिल्लो लोग् यांइ जाव जुन् लोग् पालनिनै देखि डरलाग्दानै कुन् अं
डारीले नाप्ने र गोड़ाले दल्ने लोग् जस्को देस् नदीहरुले भाग् भाग् पार्द
कुन्। हे सबै जगत्बासीहरु हो र पृथिवीका सबै बासीहरु हो डांड़ा ३
डांड़ामां झण्डो उभ्याईंदा त्यो तिमिहरुले हेर्नु. अनि जब नरसींगा
बजाईंकु तब तिमिहरुले सुन्नु। कसोगरिभन्ये यहुवेले मलाइ येसो भन्येको कु ४
घाम् चर्क्योको ताप् जस्तो र दाख् टिप्ने बेलामां शीतको बादल् जस्तो मं
कुशल् सित बसि आफ्नु महल् देखि हेरि रहंकु। किनभन्ये दाख् टिप्नु भन्दा ५
पहिले जब फूल् झरि सक्कुन् अनि दाख पाकनु भन्दा पहिले फूल् फुल्कु तब
उस्ले डालाहरु हंसीयाले काटेर हांगाहरु छिड्लि छिड्लि अलग् फ्यांकि
दिंकु। तिनिहरु डांड़ा डांड़ाका सिंनुभत्तो पंक्षीहरु र पृथिवीको बनपशुको ६
लागि एका ठांउमां पखौइ रहंकुन्. अनि सिंनुभत्तो पंक्षीले तिनलाइ लुकि
लुकि खांदै बर्षा बिताउंकुन् अनि पृथिवीका सबै बनपशुले तिनलाइ खांदै
खांदै हिउंदो बिताउंकुन्। त्येस् बेला त्येस् अलगो अलगो र चिल्लो चिल्लो ७
लोग् देखि जुन् लोग् पालनिनै देखि डरलाग्दानै कुन् अं डोरीले नाप्ने र
गोड़ाले दल्ने लोग् जस्को देस् नदीहरुले भाग् भाग् पार्द कुन् येस् लोग्
देखि सेनाहरुको यहुवे यांइ भेटि सिय्योन् पर्वत् मांथि अं सेनाहरुको
यहुवेले आफ्नु नांउ राख्योको ठांउमां पुग्याईंकु॥

मिस्रको भारी दण्डको बचन्॥ १९ १

हेर यहुवे छिट्टो उड्ने बादल् मांथि चढ़्दै मिस्रमां आउंद कु. अनि
मिस्रका बिकामे मूर्त्तिहरु उस्को मुखेंजि थरथराईंकुन् अनि मिस्रको बीचमां
त्येस्को मन् बिलींकु। अनि मं मिस्रीहरुलाइ मिस्रीहरुको बिरुद्धमां उत्काउंकु. २
त तिनिहरुले आपसमां लड़ालड़ गर्कुन् अर्थात् भाईले भाई सित
छिमेकिले छिमेकि सित सहरले सहर सित र राज्ले राज् सित लड़ाईं
गर्कुन्। अनि मिस्रको हंस त्येस्को बीचमां मांरींकु अनि मं तिनिहरुका ३
युक्तिहरु व्यर्थ पारि दिंकु. त तिनिहरुले आफ्ना बिकामे मूर्त्तिहरु यांइ र
फलाक्नेहरु र मन्तर् खेलाउने र झांक्रिहरु यांइ गइ गइकन तिनिहरु सित
सोधकुन्। अनि मं मिस्रीहरुलाइ येसरी निष्ठुर् स्वामीको हातमां पारि दिंकु ४

अनि येउटा निर्दयालु राजाले तिनिहरु माथि प्रभुसेइँ गर्छ सेनाहरुको यहूदे
५ प्रभुको येइ बाणी छ । अनि महानदीको पानी घटि जांछ अं त्यो नदी
६ सुकि सुकि सुकिने जांछ । अनि त्येस्का खोलाहरु गन्हाउंनु लागछन् अनि
मिस्रका खोल्चाहरु घट्दै घट्दै सुकि जांछन् . टोंड़े र पानीकुइराका अरु
७ अरु बोट्हरु ओइल्ही जांछन् । नील् नदीको तीरको अं नील्को कुइराको
घांस् र नील्को कुइरोइमां ज्ये ज्ये रोपींछन् ति सबै सुक्खर डड़ि जांछन्
८ अनि फेरि कैले पनि रहंदैनन् । जल्हारीहरुले पनि विलाप् गर्छन् अनि
नील्मां बल्छि हाल्ने सबै रुंछन् अनि पानीमां जाल् हान्ने सुकि जांछन् ।
९ फेरि केलाईयेको सुनपाट्को काम् जान्ने गर्छन् अनि जान्ने धागोको
१० सेतो कपरा बुन्द छन् तिनिहरु लज्जित् होइ जांछन् । अनि त्येस्का जग्
११ भत्काईंछन् अनि सबै बंनि गर्नेहरु मनमां उदास् होइ जांछन् । सोअनका
मालिकहरु मूर्ख ठहर्छन् अनि फिरऊनका ज्ञानी ज्ञानी मंत्रीहरुको जुक्ति
पशुको जुक्ति सरि भइ गयो . तिमिहरुले फिरऊनलाइ फेरि मं ।
ज्ञानीको छोरो र ताहिका राजाहरुको बंश हुं भनि कसोरि भन्नु सक्छौ ।
१२ आफुका ज्ञानीहरु ता कता हुन् . तिनिहरुले ऐले आफुलाइ जनाउन्
सेनाहरुको यहूदेले मिस्रको विरुद्धमां जो जुक्ति निकाल्येको छ तिनिहरुले
१३ त्यो जानुन् । सोअनका मालिकहरु मूर्ख भइ गये . नोप्का मालिकहरुले
धोक्खा खाये मिस्रका कुल् कुल्का कुंनाका सिराहरुले त्येसलाइ भरमाइ
१४ दिये । यहूदेले त्येस्को मनमां अट्ठेरेइँ हालि दियेको छ . त्येस्कारण
तिनिहरुले मिस्रीहरुलाइ तिनिहरुका सबै काममां मतवाला आफ्नु
१५ बान्तमां ढल्पलींदै लड़ने जस्तो भरमाइ दियेको छ । त्येस् बेला मिस्रको
लागि कोई येस्तो काम् रहंदैन जो सिर् पुछर् खजूरको हांगा र निङाला
देखि हुंनु सक्ला ॥

१६ त्येस् बेला मिस्र आइमाइहरु जस्ते होइ जांछ . अर्थात् सेनाहरुको
यहूदेले आफ्नु हात् त्येस् देसमां बढ़ाउंछ त त्येस्को डरको कारणले
१७ थरथराउंछ अनि कांपि उठ्छ । अनि यहूदाको देस् मिस्रको भयको
कारण हुंछ यहां सम्म गरि हुंछ जो मड त्येस्को चर्चा हुंछ त्यो पनि
थरथराइ उठछ सेनाहरुको यहूदेले त्येस्को विरुद्धमां गर्येको त्येस्
जुक्तिको कारणले ॥

१८ त्येस् बेला मिस्र देसमां कनानको भाषा बोल्ने र यहूदेको किरिया
खांने पांच सहरहरु हुंछन् तिनिहरुमांको येउटाको नांउ भत्किजाने[1]
सहर् राखींछ ॥

१९ त्येस् बेला यहूदेको लागि मिस्र देसको बीचमां येउटा बेदि हुंछ
अनि त्येस्को सिमानाको कुइरामां यहूदेको लागि येउटा सुढुका उभ्याईंछ ।
२० अनि त्यो मिस्र देसमां सेनाहरुको यहूदेको येउटा चिंनु र साक्षी जस्तो

---

[1] अथवा सूर्यको सहर ।

हुंछ . अनि जब [मिस्रीहरुले मिचेईं गर्नेहरुको कारणले यहूवेको दोहाई दिंछन् तब उस्ले तिनिहरु थांइ येउटा उद्धार् गर्ने र सामर्थीलाइ पठाइ दिंछ जस्ले तिनिहरुलाइ छोड़ाउंछ । तब यहूवे मिस्रमां देखाहा पर्छ अनि २१ मिस्रीहरुले त्येस् बेलामां यहूवेको ज्ञान् पाउंछन् अं बलिदान् र अन्नबलि चढ़ाइ चढ़ाइकन उस्को सेवा गर्छन् अनि यहूवेको भाकल् गरि गरिकन पूरा गर्छन् । अनि यहूवेले मिस्रलाइ हिर्काउंनु ता हिर्काउंछ तर तिनलाइ २२ निको पनि पार्छ अनि तिनिहरु यहूवे तिर फिर्येर आइ पुग्छन् अनि उस्ले तिनिहरुको बिन्ति सुनि तिनिहरुलाइ निको पार्छ ॥

त्येस् बेला मिस्र देखि अश्शूर् जांने येउटा मूलबाटो हुंछ त अश्शूरी २३ मिस्रमां आउंछ अनि मिस्री अश्शूर्मां जांछ अनि अश्शूरीहरु सङ मिस्रीहरुले पनि पूजा गर्छन् ॥

त्येस् बेला इस्राएल् मिस्र र अश्शूर् तीनै मिलि पृथिवीको बीचमां २४ आशीषको कारण् हुंछन् . कसोगरिभन्ये सेनाहरुको यहूवेले तिनिहरुलाइ २५ आशीष् दियेको छ धन्न हबस् मेरो मिस्री प्रजा अनि धन्न हबस् मैंले रच्येको अश्शूरी लोग् अनि धन्न हबस् मेरो निज् भाग् इस्राएल् भनि भनिकन ॥

जस् बर्षमां अश्शूरको राजा सर्गोन्को आज्ञाले तर्त्तान्ले २० १
अश्दोद् कुंउ आइ त्यो सित लड़ाईं गर्‍यो अनि त्यो लि पनि हाल्यो
त्येसै बर्षमां यहूवेले आमोसको छोरो यशायाहलाइ येसो भन्यो गयेर २
आफ्नु कम्मरको भाड़ा फुका अनि आफ्ना जुत्ताहरु उतार् । त त्येस्ले
त्येसै गर्‍यो अनि उघारो र नांगो गोड़ाले हिंड्नु लाग्यो । तब यहूवेले भन्यो ३
जसोरि मेरो दास् यशायाह् तीन् बर्ष देखि उघारो र नांगो गोड़ाले हिंड्दै
आयो मिस्र र कूश्को लागि चिनु र उदेक् हबस् भन्ये खातिर्ले त्येसैगरि
अश्शूरको राजाले मिस्रका बन्धुवाहरुलाइ र कूश् देखि निकालीयेका- ४
हरुलाइ को केटाकेटी को बूढ़ा सबैलाइ उघारो र नांगो पाउगरि लैजांछ
अं तिनिहरुका जाङ्घ पनि उघारो रहंकन मिस्रीहरुलाइ शर्ममां पार्नुको
लागि । तब तिनिहरु ब्याकुल् भई तिनिहरुले आशा राख्येको कुश् र ५
तिनिहरुको महिमा भयेको मिस्रको कारणले लज्जित् होइ जांकन् ।
अनि समुन्द्रको त्येस् तीरको देसमां रहंनेहरुले त्येस् बेलामां भन्छन् हेर ६
जुनहरु मांथि हांमिहरु आशा राख्दै थियूं अनि जुनहरु थांइ हांमिहरु
अश्शूरको राजा देखि बांचुनुको लागि भागुनु आंठेयका थियूं तिनिहरुमै
गत् येस्तो छ त हांमिहरु कसोगरि बांचूंला ॥

समुन्द्र कुंउको बनको भारी दण्डको बचन् ॥ २१ १

जसोरि दक्षिण् देसमां बेहेरि आंधीहरु बल् सङ उठ्दै छन् त्येसैगरि
त्यो बन् देखि अर्थात् डरलाग्दो देस् देखि आउंद छ । येउटा कठोर २
दर्शन् मलाइ सुनाईयेको छ अर्थात् छल् गर्नेचड़ंले छल् गर्दै छ अनि नास्
गर्नेचड़ंले नास् गर्दै छ । ए एलाम् चढ़ . ए मादी त्येसलाइ घेर् मैंले त्येस्को

३ सुस्केरामराई थुन्येको छु। त्येस्कारण् मेरो कम्मर्मां सारो बेथा उप्ज्यो
सुतक्का जस्ता पीरा मंलाइ उट्येका छन्. मं येस्तो संकष्टमां पर्‍येको छु
४ क्येइ सुन्नु सक्दीन मं येस्तो सुनीयेको छु क्येइ देख्नु सक्दीन। मेरो मुटु
ढूक्ढूक् गर्द छ मं अग्घोर् डरायेको छु मैंले इच्छे गर्‍येको रात्को बिश्राम्को
५ साटोमां थर्थराउंद छु। तिनिहरुले मेज् तियार् पार्द छन् पहराहरुलाइ
बसाल्द छन् खानापीना गर्द छन्. हे मालिक्हरु हो उठ ढाल्मां तेल्
६ लगाव। किनभन्ये प्रभुले मंलाइ येसो भन्येको छ गयेर येउटा पहरु बसालि
७ दे त्येस्ले ज्ये ज्ये देख्द छ त्यो कहि देवस्. अनि जब त्येस्ले एक् गट्ठा अर्थात
दुइ दुइ गरि हिंड्दै गर्‍येको सवार् गदाहाहरुको बथान् ऊंट्हरुको बगाल
८ देख्ला तब अग्घोर् ध्यान् दिकन कान् थापोस्। तब त्यो सिंहशब्दगरि
करायो. हे प्रभु मं ता दिन्भरि बराबर् उभीयेर पहरा दिंद छु अनि
९ रात्भरि पनि आफ्नु चौकिमां बसीइ रहंद छु. ऐले क्ये देख्द छु भन्ये
मान्छेको गट्ठा दुइ दुइगरि हिंड्ने सवार् आउंद छन्। तब त्येस्ले उत्तर्
दिइ भन्यो बाबेल् भत्क्यो भत्क्योनै अनि त्येस्का देव्ताहरुका खोप्येका
१० सब्बै मूर्त्तिहरुलाइ भुइंमां भांचि दिईयेका छन्। हे मेरो दाईयेका लोग् र
खलाको अन्न. इस्राएल्को ईश्वर् सेनाहरुको यह्वे देखि ज्ये ज्ये मैंले सुन्यें
ति मैंले तिनिहरुलाइ सुनाइ दियेको छु॥

११ द्रूमाको भारी दण्डको बचन्॥

सेईर् देखि कसैले मंचइंलाइ डाक्दै छ ए पहरु रात् कति रह्येको
१२ छ ए पहरु रात् कति रह्येको छ भन्दै। पहरुले उत्तर् दिंदै छ बिहान्
नजिकै छ अनि रात् पनि. तिमिहरुले क्येइ सोध्छौ भन्ये देखि सोध.
फर्कि आव॥

१३ अरब् मांथि भारी दण्डको बचन्॥

हे ददानी बटौरे गट्ठाहरु हो तिमिहरुले अरब्को जंगल्मां बास्
१४ गर्नु पर्छ। तिर्खा मांर्नुको लागि तिनिहरुले पानी ल्याये तेमा देस्का
१५ बासीहरुले आफ्नु खांनेथोक् लियेर भग्वाहरु सित भेट् गर्‍ये। किनभन्ये
तिनिहरु तरवार् देखि अं झिक्येका तरवार् देखि र तान्येको धनु देखि र
१६ लड़ाईंको डर्को कारणले भाग्द थिये। किनभन्ये प्रभुले मंलाइ येसो
भन्येको छ एक् बर्ष भित्र अं बंनि गर्नेको बर्ष गन्दा केदार्को सिंगै महिमा
१७ बिलाईंछ. अनि धनु खेलाउंनेहरु केदार्बंशीहरुका बीर्हरुमांका थोरै
मांत्रै रहंछन्. कसोगरिभन्ये इस्राएल्को ईश्वर् यह्वेले येसैनै भन्येको छ॥

२२ १ दर्शन्को तरिको भारी दण्डको बचन्॥

तिमिहरुलाइ क्ये भयो र तिमिहरु जति भयेका कौसि मांथि
२ चढ़ि गयो। हे खल्यांग्मल्यांग् र कोहोलोगराईले भरीयेको सहर् ए
जय् जय् गर्न राज्धानी. तेरा मंर्‍येकाहरु न ता तरवार्ले काटीयेका न
३ ता लड़ाईंमां मांरीयेका छन्। तेरा सबै बिचारीहरु एक् सङ् भागि गये
धनुखेलाउंनेहरु देखि बांधीये. तंमां भित्र पाईयेका सबै एक् सङ्

बांधीये टाढ़ो भाग्ये । येस्कारण् मैंले भन्यें मं तिर देखि मुख् फर्काव र ४
मं दुख लागि लागि रोउं मेरा लोग् सत्यनाश् भयेकोले मंलाइ शान्ति दिंने
फिक्रि न गर । किनभन्ये त्यो दिन् सेनाहरुको यहवे प्रभु पट्टिको दर्शन्को ५
तरिमां धंस र पिनींने शंकाको दिन् हो घेराभित्ता भत्काउंने र पहाड्हरु
सम्म गराउंने । अनि एलामले रथ्हरु र त्रुकसवार्हरु समेतले ठोक्को ६
भित्यो अनि कीर्ले ढाल्को खोल् निकाल्यो । अनि येसो भयो तिम्रा अस्सल् ७
अस्सल् तरिहरु रथ्हरुले भरींकन् अनि त्रुकसवार्हरुले ढोकामां पाङति
पाङ्ति बांधे । अनि उस्ले यहूदाको पर्दा हटायो अनि त्येस् बेलामां ८
तिमिहरुले बल् भनींने हतियार् राखींने घरमां हेर्यौ । अनि तिमिहरुले ९
दाऊद्को सहरका क्वेंड्हरु धेरै राक्न् भनि देख्यौ . अनि तल्लो पोखरीका
पानीहरु भेला गरायौ । अनि यरूशलेम्का घरहरु गन्येर घेराभित्ता बल्लियो १०
तुल्याउंनुको लागि घर्हरु भत्काइ दियौ । अनि दुवै घेराभित्ताको ११
बीच्मां येचटा तलाउ खन्यौ पुराउंन् पोखरीको पानी त्येस्मां बहि
आउंनुलाइ . तर तिमिहरुले यो गर्ने तिर हेर्यौन अनि न यिनलाइ
तादि देखि ठहराउंनेको मान् गर्यौ । अनि त्येस् बेला प्रभु सेनाहरुको १२
यहवेले रुंनु बिलाप् गर्नु सिर् लट्टै लट्टा पार्नु र भाङ्रा बेहेर्नुलाइ
बोलायो . अनि को हेर्यौ हर्ष र आनन्द गाईगोरुकों मंराई र १३
भेंड़ाबाख्राकोकटाई मांसुखुवाई र दाख्मह्पीवाई . लु खाऊं पीऊं
किनभन्ये भोलि ता मंर्कों । अनि सेनाहरुको यहवेले मेरा कानमां यो १४
प्रगट् गर्यो निस्से येस् अधर्म्मको कोइ प्रायश्चित्त हुंनु सक्दैन
तिमिहरुको मंर्ने बेला सम्म प्रभु सेनाहरुको यहवेको येइ बाणी छ ॥

प्रभु सेनाहरुको यहवेले येसो भन्द छ त्येस् भण्डारी अर्थात् घरको १५
मूल् शेब्ना थांइ गयेर भन् यहां तं के गर्द छस् अनि यहां तेरो १६
को छ र तैंले यहां आफ्नु चिहान् खनाइस् . अग्लो ठांउमां आफ्नु
चिहान् भल्खांड़ामां आफ्नु मुर्दा राख्ने ठांउ खनाइस् । हेर् यहवेले १७
तंलाइ बीरले झैं आफालि दिंछ अं उस्ले तंलाइ बलैले समात्छ । निस्से १८
उस्ले तंलाइ निमठेर गोली झैं फराक् देसमां आफालि दिंछ तं उहीं
मंर्छस् र आफ्नु स्वामीको जहान्लाइ लाज्मां पार्ने तेरा बड़ाईका रथ्हरु
उहीं रहि जांछन् । येसोरि मं तंलाइ तेरो ठांउ देखि घचेटि दिंछु अनि १९
उस्ले तंलाइ तेरो मान् देखि खसालि दिंछ । अनि त्येस् बेला येसो हुंछ मं २०
हिल्किय्याहको छोरो आफ्नु दास् एल्याकीमलाइ बोलाउंछु . अनि तेरो २१
पोशाक् त्येस् मांथि पहिर्याउंछु अनि त्येस्को कम्मरमां तेरो पटुका कसिकन
बांध्छु अनि तेरो अधिकार् त्येस्को हातमां दिंछु . यहांदेखि त्यो
थांइ आइ आइ हांमिहरुका पित्रहरुले झूठो व्यर्थ र निष्फल् थोक्लाइ
२० आफ्नु भाग्मां पाये भन्दै भन्दै आये । को मान्छेले आफुलाइ येस्तो देव्ता
२१ बनाउंछ जो देव्ता हुंदै होइन र पनि । येसैकारण् हेर मं तिनलाइ जना-
उंछु मं येस् खेप् आफ्नु पाखुराको बल् र आफ्नु पराक्रम् तिनिहरुलाइ
जनाउंछु तब तिनिहरुले उल्को नांउ यह्वे हो रछ भनि थाहा पाउंछन् ॥

१७ १ यहूदाको पाप् फलम्को खोपाई कि हीराको टुप्पाले लेखीयेको
छ . अं त्यो तिनिहरुको हिर्दयमां र तिनका बेदिहरुका सींग् सींगमां
२ खोपीयेको छ अनि तिनिहरुका छोराहरुले तिनिहरुका बेदिहरु र
अशेरा मूर्त्तिहरुलाइ हरीया रुख्हरु निर र अलग्गा डांड़ाहरुका थाप्नि थाप्नि
३ हुंदो सम्झंद छन् । ए मेदानमां हुंने मेरो पर्व्वत् मं तेरो धन्सम्पत्ति र
सिंगे भंड़ार् र तेरा अलग्गा अलग्गा ठांउहरु तेरो पापको कारणले लूट्नु
४ दिंछु । अनि तं चइं मैंले तंलाइ दियेको तेरो भाग्मां बस्नु पाउंदैनस् अनि
मं तंलाइ तैंले न जान्येको देसमां तेरा सत्रुहरुको सेवा गर्नु लगाउंछु .
किनभन्ये तिमिहरुले मेरो रिस्को आगो बालि उठायौ जो कैलेइ निभ्दैन ॥

५ यह्वेले येस्तो भन्द छ . खापित हो त्यो मान्छे जस्ले मान्छे मांथि
भरोसा राख्द छ अनि त्येसैगरि शरीर्को बांहांको गोहार् लिंद छ अनि
६ जस्को मन् यह्वे देखि फर्कि जांद छ । त्यो निपाने ठांउको आधा सुक्खो
रुख जस्तो हुंछ कुशल्को समय् आउंदा पनि त्येस्ले त्येस्को सुकव भोग्दैन तर
७ निपाने नुनीलो सुन्नेठाउंमां रहंछ । धन्य हो त्यो मान्छे जस्ले यह्वे मांथि
८ भरोसा राख्द छ अनि जस्को लागि यह्वे आधार् छ । त्यो येउटा रुख्
जस्तो हुंछ जो पानीको छेउमां रोपीयेको छ अं जस्का जरा नदीको
येताउति फिंजीयेका छन् घाम्ले त्येस्को कोइ हानि हुंदैन अनि त्येस्का
पात्हरु हरीया भइ रहंछन् अनि खड़ेरि पर्येको बर्षमां पनि त्येस्को बिषय्मां
९ कोइ फिक्रि हैन अनि त्यो फल् फल्नुलाइ थाम्दैन । मान्छेको मन् सबै
थोक् भन्दा बेसि धोका दिंने हुंद छ अनि त्येस्मां असाद्धे रोग् लाग्येको छ .
१० त्येस्लाइ कस्ले जान् सक्छ । मं यह्वे जनंगेलाइ त्येस्का कर्म्म अनुसार साटो
११ दिंनुलाइ सबै मन मनको खोज् र जांच् गर्द छु । अन्ये सित धन्
जमाउंने त्यो तित्रा जस्तो छ जस्ले अर्काले पार्येका फुल् ओथ्द छ त्येस्
धन्ले त्येस् मान्छेलाइ त्येस्को आधिबैसैमां छोड़ि जांद छ अनि अन्तमां
त्यो मूर्ख रहंद छ ॥

१२ हांमिहरुको पवित्र स्थान् आदिनै देखि राखीयेको चमकदार
१३ सिंहासनन्है हो । हे यह्वे हे इस्राएलको आधार् जस्तिले तपाइलाइ छोड्द
छन् ति सबै लज्जित् हुंछन् तपाइ देखि फर्कि जान्येहरु भुंइमां लेखीं
छन् किनभन्ये तिनिहरुले यह्वे जीउंदो पानीको कुपलाइ त्यागि दिये ।
१४ हे यह्वे मंलाइ निको पार्नु हुस त मं निको हुंछु मंलाइ बचाउंनु हुस
१५ त मं बचाइंछु किनभन्ये तपाइ ता मेरो स्तुति हुंनु हुंद छ । सुन् हुस्
तिनिहरुले ता मंलाइ भन्द छन् यह्वेको बचन् कता हो . ऐलेनै त्यो पूरो

होइ जावस् भनि । तर मैंले तपांइको पछि पछि हिंडूदै गोठालेकाम् अस्थिर १६
भइकन छोड्दीन अनि न मैंले विपत्तिका दिनको लालसा गर्ये तपाईंले जान्नु
हुंद छ. मेरा ओंठ् देखि निस्केका कुरा तपांइको सांमु छन् । तपांइले १७
मंलाइ न तर्साउंनु हवस् . संकटको दिनमां तपांइनै मेरो शरणस्थान् हुंनु
हुंद छ । मंलाइ सताउंनेहरु लज्जित् होउन् तर मंलाइ लज्जित् हुंनु न १८
दिंनु हवस् तिनिहरुलेनै छक्क पर्नु परोस् तर मैंले उदेक् मान्नु न परोस् .
तिनिहरु मांथि विपत्तिको दिन् परोस् अनि तिनिहरुलाइ दोब्बार् नास्
गरि नष्ट पार्नु हवस् ॥

यहूवेले मंलाइ येसो भन्यो . गयेर लोगका छोराहरुको त्येस् १९
ढोकामां उभीइ जस् देखि यहूदाका राजाहरु आउंने जांने गर्द छन् अं
यरूशलेमका सबै ढोका ढोकामां पनि वहांदेखि तिनिहरुलाइ भन्ये २०
गर् हे यहूदाका राजाहरु र सबै यहूदा र यरूशलेमका सबै बासीहरु हो
हे ढोकाहरु देखि पस्ने सबैहरु हो यहूवेको वचन् सुन यहूवेले येसो २१
भन्द छ . चंख रह विश्रामदिनमां कोइ भारि बोकि न लैजाव अनि न
कोइ भारि यरूशलेमको ढोका भित्र ल्याव विश्रामदिनमां आफनु २२
आफनु घर् देखि पनि कोइ भारि बाइर न लैजाव अनि न कोइ कामकाज्
गर . तर मैंले तिमिहरुका पुर्खाहरुलाइ दियेको आज्ञा अनुसार विश्राम-
दिनलाइ पवित्र मान अं तिनिहरुले न ता मेरा कुरा सुन्ये न मं तिर २३
कान् लगाये तर तिनिहरुले झांमिहरु न सुनूं अनि शिक्षादण्ड न मानूं भनि
आफनु गर्धन् कठोर् पार्ये । अनि यहूवेको यो बाणी छ तिमिहरुले सांचि २४
सांचिनै मेरा कुरा सुन्यौ अनि विश्रामदिनमां येस् सहरका ढोकाहरु
देखि कोइ भारि भित्र ल्यायौन तर विश्रामदिन् पवित्र मान्यौ अनि त्येसमां
कुनै कामकाज् गर्यौन भन्ये देखि त येसो हुंछ येस् सहरका २५
ढोकाहरु देखि दाऊदको सिंहासनमां विराजने राजाहरु र मालिकहरु
र रथहरु र घोड़ाहरु मांथि चढेर आफना मालिकहरु यहूदाका मान्छेहरु
र यरूशलेमका बासी समेत् पस्छन् . अनि यो सहर् सदा सम्म बनीइ
रहंछ । अनि यहूदाका सहरहरु देखि र यरूशलेमका छेउछाउ देखि र २६
विन्यामीनको देस् देखि र ओलेदेस् देखि र पहाड़ेदेस् देखि र दक्षिवन्
देस् देखि लोगहरु होमबलि मिलापबलि अन्नबलि धूप् र धन्नबादबलि
लियेर यहूवेको घरमां आउंने गर्छन् । तर तिमिहरुले मेरो सुन्येर पनि २७
विश्रामदिन् पवित्र मान्यौन तर विश्राम् दिनमां यरूशलेमका ढोकाहरु भित्र
भारि बोकेर पस्दै रह्यौ भन्ये देखि मं त्येसका ढोकाहरुमां आगो लगाउंछु
जस्ले यरूशलेमका महलहरु समेत् भस्म पार्छ अनि त्यो निभ्दैन ॥

यहूवे पट्टि बाटो यिर्मयाह् यांइ यो वचन् आयो उठेर १८ १
तल कुमालेको घरमां जा र मं वहां तलाइ आफना वचनहरु सुनाउंछु । यो २
आज्ञा पाइ मं तल कुमालेको घरमां गयें त को देख्यें भन्ये त्येसले चक्रमां

४ कोइ बनाउंदै रहृ । त त्येस्ले बनाउंदै गर्‌येको त्यो भांड़ा कुमालेको हातमां
बिग्‌र्‌यो रहृ र त्येस्ले त्येस्लाइ जाति लाग्‌येको अनुसार् अर्को भांड़ा बनाउंदै
गर्दै रहृ ॥
५ तब यहूवेको बचन् मं थांइ येसो भन्दै आयो यहूवेको यो बाणी
६ रहृ ए इस्राएल्को जहान् येस् कुमालेले जस्तो के मं पनि तिमिहरुलाइ
गर्नु सकदौंन । हेर मांटो कुमालेको तावामां भयेको झैं तिमिहरु पनि मेरो
७ तावामां छौ ए इस्राएल्का जहान् हो । जब मं कुनै लोग् कि राज्को
८ बिषयमां भनुंला त्येस्लाइ उखेल्नु कि फोर्नु कि नष्ट पार्नु भनि तब
जस् लोग्को बिषयमां मैंले भन्येको छु त्यो आफ्नु बुराई देखि फर्क्यो भन्ये
देखि मैंले तिनिहरु मांथि हाल्कु भनि ठान्येको बिपत्ति देखि मं पछ्ताउंछु ।
९ अनि जस् लोग् कि राज्को बिषयमां त्यस्लाइ स्थीर् गर्नु र रोप्नु भनुंला
१० त्येस्ले मेरो सुखैंजि बुराई गर्‌यो अनि मेरो कुरा मान्येन भन्ये देखि मैंले
११ तिनिहरुको बिषयमां गर्कु भन्येको कुशल्को बिषयमां मं पछ्ताउंछु । त अब
तैंले गयेर यहूदाका मान्छेहरु र यरूशलेम्का बासीहरुलाइ येसो भन् यहूवेले
येसो भन्द छ . सुन मं तिमिहरुको हानिको जुक्ति र तिमिहरुको बिरुद्धमां
कुरा गुन्दै छु . त तिमिहरु आफ्नु आफ्नु नजाति बाटो देखि फर्क अनि
१२ आफ्नु चाल्चलन् र आफ्नु काम् सुधार । तर तिनिहरुले भन्द छन् आशा
छैन . हांमिहरु ता आफ्नु आफ्नु मन्को जुक्ति अनुसार् हिंड्छौं अनि
आफ्नु आफ्नै बुरा मन्को अट्टेरैं अनुसार् गर्छौं भनि ॥
१३ येस्कारण् यहूवेले येसो भन्द छ . अन्यदेसीहरु मित सोध् को कसैले
१४ येस्तै काम् सुन्येको छ भनि इस्राएल्की कन्येले जर्कीने काम् गर्‌येकी छ । को
लबानोन्को हिंउ बन्को पहरा देखि बिलीइ जांछ . कि को त्यो टाढ़ो बाटो
१५ बहि आउंने चीसो पानी सुकि जांछ । तर मेरो प्रजाले ता मंलाइ बिर्स्यर
व्यर्थलाइ धूप् हाल्यो अनि तिनिहरुले यिनिहरुको लागि अगाड़ि हिंड़्‌नको
पुरांनु बाटोमां टक्कर्को थोक् राख्यर यिनिहरुलाइ चोर्‌बाटो र नबनाई-
१६ येको बाटोमां लगाइ दिये अनि येस्को फल् येइ हुंछ मं तिनिहरुको
देस् उदेक् र सदा गिल्ला हुंनुलाइ तुल्याउंछु अं त्येस्को छेउ बाटो जांने सबैले
१७ छक्क पर्दै कपाल् हल्लाउंछन् । मं तिनिहरुलाइ पूर्बबतास्ले झैं उड़ाइ
सत्रुहरुको सांमु क्रपुट्ठ पारि दिंकु तिनिहरुको बिपत्तिको दिनमां मं
तिनको मुख् होइन तर तिनको पिठिउं हेर्कु ॥
१८ तब तिनिहरुले आपस्तमां भन्नु लाग्ये लु हांमिहरु यिर्मयाह्को
बिरुद्धमां जुक्ति बिचारुं किनभन्ये पूजाहारी देखि व्यवस्था र पण्डित् देखि
सल्लाह् अनि अगमबक्ता देखि बचन् पामौंदैन । आउ हांमिहरु जिब्रोले
त्येस्लाइ नष्ट गराऊं अनि त्येस्का कुनै कुरामां पनि ध्यान् न दिऊं ॥
१९ हे यहूवे तपांइले मं तिर ध्यान् दिनु हुवस् अनि मं सित झगरा
२० गर्नेहरुको कुरा सुन्नु हुवस् । के भलाईको साटोमां बुराई गरौंला ?
तिनिहरुले मेरो प्राण्को लागि खाड़ल् खन्येका छन् । तपांइले यो कुरोको

समझना गर्नु हवस् अर्थात् मं तिनिहरुको भलाईको लागि तपांइको सांमु उभीयेको कु तपांइको रिस् तिनिहरु देखि फर्कि जावस् भनि । येस्कारण २१
तिनिहरुका बाल्बच्चाहरुलाइ भोकले मर्नु दिंनु हवस् अनि तिनिहरु आफैलाइ चइं तरवार्को ताब्रिमां दिंनु हवस् अनि तिनिहरुकी स्वास्नीहरु निर्बंश र बिधुवी होइ जाउन् अनि तिनिहरुका अधबैंसेहरु देसान्ले मरुन् अनि तिनिहरुका जुवान्हरु तरवार्ले लड़ाईमां लडुन् । जब तपांइले तिनि- २२
हरुमां एक्कासि दल् चढ़ाउंनु हुंकु तब तिनिहरुका घर् घर् देखि चिच्याई सुनीओस् . किनभन्ये तिनिहरुले मलाइ फंसाउंनुको लागि खाड़ल् खन्ये अनि मेरा पाउको लागि पासो थाप्ये । तैपनि हे यहूवे तपांइले ता २३
तिनिहरुका मलाइ मार्नुको लागिका सबै जुक्तिहरु जान्नु हुंद कु त तपांइले तिनिहरुको अधर्म्म कोई क्षमा न गर्नु हवस् न तिनिहरुको पाप् आफ्नु मन् देखि मेट्नु हवस् . तर तिनिहरु तपांइको सांमु ठोकर् खायेर लडुन् तपांइले आफ्नु रिस्को बेलामां तिनिहरु सित यो गर्नु हवस् ॥

यहूवेले भन्यो गयेर कुमालेको येउटा मांटोको गाग्रो किनि ले १९ १
अनि प्रजाहरुका बूढ़ाहरु र पूजाहारीहरुका बूढ़ाहरुलाइ आफु सङ्ग लियेर हिन्नोम्बंशीको तरिको हर्वोत् भनींने ठोका निर जा अनि २
जे जे बचन् मं तँले सुनाउंनुलाइ भन्कु ति वहां प्रचारि सुना . अनि ३
येसो भन् हे यहूदाका राजाहरु र यरूशलेम्का बासीहरु हो यहूवेको बचन् सुन इस्राएल्को ईश्वर् सेनाहरुको यहूवेले येसो भन्द कु हेर मं येस् ठांउमां येस्तो बुराई ल्याउंकु त्येको बिषयमां सुन्नेहरुका कान् झन्- झनाउंकुन् । किनभन्ये तिनिहरुले मलाइ त्यागि दिये अनि यो ठांउ पराय् ४
तुल्याइ दिये अनि येस्मां तिनिहरुले न तिनिहरु आफैले न तिनिहरुका पुर्खाहरुले कि यहूदाका राजाहरुले जान्येका देवताहरुलाइ धूप् हाल्ये अनि यो ठांउ निर्दोषीहरुको रगत्ले भराइ दिये अनि बाल्देवताका ५
अलग्गा अलग्गा ठांउ बनायेर आफ्ना छोराहरुलाइ त्येस् बाल्को लागि आगोको बाटो बाड़ो हिंड़ाल्ये जसो गर्नु मैंले आज्ञा दिईन न त्येको चर्चा गर्यं न मेरो मनमां कैलेइ थियो . यहूवेको यो बाणी कु येस्कारण ६
हेर येस्ता दिन् आउंदै कुन् यो ठांउ फेरि फेरि तोपेत् कि हिन्नोम्बंशी- हरुको तरि भनींदैन तर मंराईंको तरि भनींकु । अनि मं येस् ठांउमां ७
यहूदीहरुका र यरूशलेम्का जुक्तिहरु निष्फल् गराइ दिंकु अनि तिनिहरुलाइ सत्रुहरुको तरवार् चलाउंनु लायेर तिनिहरुको प्राण् खोज्नेहरुको हात् देखि लड़ाइ दिंकु . अनि तिनिहरुका मुर्दाहरु अकाशका पंषीहरु र बनका पशुहरुको आहारा तुल्याउंकु । अनि मं येस् ८
सहरलाइ उदेक् र गिल्ला हुंनुको लागि तुल्याउंकु त्यस्को छेउ देखि जांने सबैले येस् मांथि पर्यका बिपत्तिको कारणले उदेक् मान्कन् अनि गिल्ला गर्कन् । अनि घेरौंने बेलामां र जुन् सकसमां तिनिहरुका सत्रुहरुले र ९

तिनिहरूको प्राण् खोज्नेहरूले तिनिहरूलाइ हालकुन् त्येस् बेलामां मं तिनिहरूलाइ तिनिहरूका कोराहरूको मांसु र तिनिहरूकी कोरीहरूको मांसु
१० र एका अर्काको मांसु पनि खानु लाउंकु । वहांदेखि तैले त्यो गाग्रो तं सब
११ जांने मान्छेहरूको सांसु फुटाइ दे अनि तिनिहरूलाइ भन् सेनाहरूको यहूवेले येसो भन्द कु . येसैगरि अर्थात् जसोगरि यो कुमालेको भांड़ा जो फुट्यो अनि फेरि बनाईंदैन त्येसैगरि मं येस् लोग् र येस् सहरलाइ फुटाउंकु . अनि तोपेतमां यिनिहरूका येत्ति विघ्न चिहान् हुंकुन् चिहानको
१२ लागि अरु ठांवै हुंदैन । यहूवेको यो बाणी कु मं यो ठाउं र येसमां रहने बासीहरू सित येस्तो काम् गर्कु मं यो ठाउं तोपेत् जस्तो तुल्याइ
१३ दिंकु . अं यरूशलेमका घाहरू यहूदाका राजाहरूका घरहरू जो अशुद्ध गराईयेका कुन् अं कुना कुनामां अकाशका सिंगै सेनाहरूको लागि धूप् हालींद कुन् अनि परायदेवताहरूको लागि खन्याइबलिदान् चढ़ाईंद कुन् ति सबै घरहरू तोपेत् जस्ता हुंकुन् ॥
१४ जब यिर्मयाह् यहूवेले त्येखाइ अगम् भन्नुलाइ पठायेको ठांउ बाटो आयो तब त्येस्ले यहूवेको घरको आघनमां उभीयेर सबै लोगलाइ
१५ भन्यो । इस्राएलको ईश्वर् सेनाहरूको यहूवेले येसो भन्द कु सुन मं येस् सहरमां र त्येका सबै बस्तीहरूमां मैले ल्याउंनु आंद्योको कु भन्येका सबै विपत्तिहरू हालकु किनभन्ये येका बासीहरूले मेरो बचन् न मान्नुलाइ आफ्नु आफ्नु गर्धन् कठोर् पार्येका कुन् ॥
२० १ त यहूवेको घरको मूल् मालिक् इम्मेरको छोरो पूजाहारी
२ पशहूरले यिर्मयाहले येस्तो अगम् कहुंदै गयेको सुन्यो । तब पशहूरले यिर्मयाहलाइ पीटायेर यहूवेको घरको मांथिल्लो पट्टि बिन्यामीनटोका
३ निर भयेको ठांग्रोमां हाल्यो । अनि भोलि पल्टो येसो भयो पशहूरले यिर्मयाहलाइ ठांग्रो बाटो निकालनु लगायो । तब यिर्मयाहले त्येसलाइ भन्यो यहूवेले तेरो नांउ पशहूर् होइन तर मागोर्मिस्साबीब्[1] राख्येको
४ कु । किनभन्ये यहूवेले येसो भन्द कु हेर मं तेरो जीवन् तंलाइ र तेरा सबै मित्रहरूलाइ पनि भयको कारण् गराउंकु . अनि तिनिहरू तिनिहरूका सत्रुहरूका तरवारले तेरा आंखाले देखनेगरि मारींकुन् . अनि मं सिंगै यहूदालाइ बाबेलको राजाको ताब्रिमां पारि दिंकु अनि त्येस्ले तिनिहरूलाइ
५ बन्धुआ गयेर बाबेलमां लैजांकु अनि तरवारले मार्कु । येस् उप्रान्त मं येस् सहरका सब्बै धन् र जे जे कमायेर येसमां राखीयेका कुन् अनि जस्ति अमोल् अमोल् चीज येसमां कुन् अनि यहूदाका राजाहरूले जस्ति भंड़ार् राख्येका कुन् ति सबै तिनिहरूका सत्रुहरूको ताब्रिमां पारि दिंकु अनि
६ तिनिहरूले ति लूटेर आफ्नु तुल्याउंकुन् अनि बाबेलमां लैजांकुन् । अनि ए पशहूर् तं चहं तेरो घरमां भयेका सबै समेत् बन्धुवाइमां जांकुष् .

१ अर्थात् सबै तिर भय ।

अनि तं तैंले भुट्ठा अगम् कह्येका तेरा सबै मित्रहरु समेत् बाबेलमां
जांकुस् अनि उहीं मर्कुस् अनि उहीं तंलाइ र तिनिहरुलाइ गाड्कुन् ॥ ८

हे यहूवे तपांइले मंलाइ धोखा दिनु भयो अनि मैंले धोखा खायें. ७
तपांइ मं भन्दा सामर्थी हुंनु हुंद कु अनि मं मांथि जिताहा हुंनु भयो.
मं मांथि दिनभरि ठट्टा गरींद कु अनि सबैले मं सित ठट्टा गर्द कुन्। जब ८
जब मं अगम् कहंद कु तब तब हापार्द कु उपद्रवैं र मिचेहैं भये भनिकन
चिच्याउंद कु. किनभन्ये यहूवेको बचनको कारणले दिनभरि मेरो
निन्दा र मं मांथि ठट्टा होइ रहंद कु। अनि जब जब मं भन्द कु मं फेरि ९
उस्को चर्चा गर्दौंन अनि न उस्को नांउले लोग् सित बोल्कु भनि तब मेरो
हिर्दयको गत् येस्तो होइ जांद कु मेरा हाड्हरुमां आगो लाग्येको जस्तै
होइ जांद कु अनि मं आफुनाइ थुन्दा थुन्दा थकित् होइजांद कु अनि अरु
सहंने सक्दौंन। किनभन्ये धेरैले गिल्ला गर्येको सुन्यको कु चारे पट्टि १०
भयने भय। अनि त्येस्ले ठोकर् खावस् भनि बाटो हेर्ने मेरा सबै चिना-
जानाहरुले त्येस्को दोष् कहि देव त हांमिहरु तिनको चर्चा फैलाइ दिंकौं
कोनि कतै हांमिहरु कुरा घुमायेर त्येस्लाइ येस्तो कुरा भन्नु लाउंनु सक्कौंकि
र हांमिहरु त्येस् मांथि जिताहा भइ त्यो देखि साटो लिऊं भन्दै। तर ११
बुल्लियो र डरलाग्दो बीर् जस्तो यहूवे मं सङ रहंद कु. येस्कारण मंलाइ
सताउंनेहरु जिताहा हुंदैनन् तर ठोकर् खायेर लड्कुन्. ति बुद्धि सित
काम् न गर्नेहरुले धेरै लज्जाउंनु पर्कु तिनिहरुको अमान् सदा बनोइ रहंकु
अनि केलेइ बिर्सौंइदैन। तर हे सेनाहरुको यहूवे हे धर्म्मीहरुलाइ १२
बचाउंने अनि मन् मनको जानपा जुन् साटो तपांइले तिनिहरु देखि लिनु
हुंकु ति मं देखनु पाउं किनभन्ये मैंले आफनु झगरा तपांइको मांथ् प्रगट्
गर्येको कु। यहूवेको लागि गाव यहूवेको स्तुति गर. किनभन्ये उस्ले १३
दरिद्रको प्राणलाइ कुकर्म्मीहरुको हात् देखि बचायेको कु ॥

खापित् हवस् त्यो दिन् जस्मां मं जन्म्यें मेरी आंमाले मंलाइ १४
जन्मायेको दिन् धन्नको न हवस्। खापित् हवस् त्यो मान्छे जस्ले मेरो १५
बाबुलाइ तिम्रो येउटा छोरो भयो भन्ये समाचार् दिइ तिनलाइ अघोर्
खुशि गरायो। त्येस् मान्छेको गत् यहूवेले न पकुताइकन भत्काइ दियेका १६
सहरहरुको जस्तै हवस्. त्येस्ले बिहान चिच्याई अनि दोपहरीमां कराई
सुन्न परोस् किनभन्ये त्येस्ले मंलाइ गर्भमां मांर्येन त मेरी आंमाको १७
गर्भ मेरो चिहानै होइ जांने थियो अनि मं सदा त्येसैमां भइ रहंने थियें।
मं किन कुगत् र शोक् देखनु र आफनु जीवनको समय् गिल्लामां काट्नु- १८
लाइ गर्भ देखि निस्कें ॥

जब सिदकियाह् राजाले यिर्मयाह् पांइ मल्कियाहको छोरो २१ १
पश्हूर् र मासेयाह् पूजाहारीको छोरो सपन्याहलाइ पठायो तब यहूवेको
बचन् यिर्मयाह् पांइ येसो भन्दै आयो हांमिहरुको लागि यहूवे सित २

सोधनी गर किनभन्ये बाबेलको राजा नबूकद्रेस्सर्ले हांमिहरुको बिरुद्धमां लड़ाईं गर्दै छ . कोनि कतै यहूवेले हांमिहरु सित उस्ले सधैं गर्ने गर्येका उस्का सबै आश्चर्य्यकर्म्म अनुसार बेहोरा गर्छकि र नबूकद्रेस्सर् हांमिहरु देखि उठि जावस् ॥

३ तब यिर्मयाह्ले तिनिहरुलाइ भन्यो सिद्कियाह्लाइ येसो भन ,
४ इस्राएलको ईश्वर् यहूवेले तिमिहरुलाइ येसो भन्द छ सुन लड़ाईंका जुन् हतियार्हरु तिमिहरुका हातमां छन् जुन् देखि तिमिहरुले सहर्को घेराभित्ता देखि बाइर बाइर घेर्ने बाबेलको राजा र सबै कल्दीहरु सित लड़ाईं गर्दै छौं ति हतियार्हरुलाइ फर्काएर मं येस् सहर्को बीचमां
५ भेला गराउंछु । अं मं आफै तिमिहरु सित पसार्येको हात् र बल्लियो
६ बांहांले अं रिस् र बल्दोरिस् र ठुलो क्रोधमां भइ लड़ाईं गर्छु । अनि मं को मान्छे को पशु येस् सहर्का सबै बासीहरुलाइ मांर्छु . तिनिहरु ठुलो
७ रुढ़िले मर्छन् । अनि यहूवेको यो बाणी छ त्येस् पछि मं यहूदाको राजा सिद्कियाह्लाइ र त्येस्का कर्म्मचारीहरुलाइ र लोगलाइ अर्थात् जो जो येस् सहर्मां रुढ़ि तरवार् र अनिकाल् देखि बांचुनन् तिनिहरुलाइ बाबेलको राजा नबूकद्रेस्सर्को ताब्रिमां र यिनिहरुका शत्रुहरुको ताब्रिमां र यिनिहरुको प्राण् खोज्नेहरुको ताब्रिमां पार्रि दिंछु . अनि तिनिहरुले यिनिहरुलाइ तरवार्को धार्ले काट्छन् त्येस्ले यिनिहरुलाइ छोड़्दैन अनि
८ न कोइ नरमेर्इं गर्छ न कोइ दया । अनि येस् प्रजालाइ येसो भन् यहूवेले येसो भन्द छ . सुन मं तिमिहरुको सांमु जीवन्को बाटो र मृत्युको बाटो
९ राखद छु । येस् सहर्मां रहंनेचइं तरवार् र अनिकाल् र रुढ़िले मर्छ . तर निस्केर तिमिहरुलाइ घेरि रहंने कल्दीहरुको बीचमां भागि
१० जांने चइं जीइ रहि त्येस्को प्राण् लूट् झैं बांचछ । किनभन्ये यहूवेको यो बाणी छ मैंले आफ्नु मोहोंड़ा येस् सहर् तिर भलाईको लागि होइन बुराईंके लागि फर्काएको छु . त यो बाबेलको राजाको ताब्रिमां पर्छ अनि त्येस्ले येस्लाइ आगोले डड़ाइ दिंछ ॥

११ अनि यहूदाका राजकुलको बिषयमां यहूवेको बचन् सुन . हे
१२ दाऊद्वंशीहरु हो यहूवेले येसो भन्द छ बिहान् बिहान् उठेर निया पूरा गर्नु र लूटीयेकाहरुलाइ मिचेर्इं गर्नेको हात् देखि छोड़ाउंनु लाग होइन-भन्ये तिमिहरुको नजाति कामको कारणले मेरो रिसको आगो बलि
१३ उठछ अनि कसैले निभाउंनु न सक्नेगरि बलि रहंछ । यहूवेको यो बाणी छ हे तरिकाहरु र मैदान्को पहराका बासीहरु हो हांमिहरु मांथि को चढ़ि आउंछ भनि अनि हांमिहरुको बासस्थान् सम्म को पक्षु सकछ भनि
१४ भन्नेहरु हो तिमिहरुको बिरुद्धमां मं चइं छु अनि यहूवेको यो बाणी छ मं तिमिहरुलाइ दण्ड दिइ तिमिहरुका कामको फल् तिमिहरु-लाइ भोगाउंछु . अनि मैं तिमिहरुको बनमां आगो लगाउंछु जसको बाटोले त्येस्का चारै तिरका सबै पोक् भस्म होइ जांछन् ॥

यह्वेले येसो भन्यो . तैंले यहूदाको राजाको महल्मां उत्रि २२ १
गयेर यो बचन् भन् ए दाऊद्को सिंहासन्मां बिराज्ने यहूदाको २
राजा तैंले तेरा कर्म्मचारीहरु र यि ढोकाहरु बाटो आउंने गर्ने तेरा प्रजाहरु
समेत्ले यह्वेको बचन् सुन । यह्वेले येसो भन्द छ . निया र धर्म्मको ३
काम् गर अनि लूटीयेकाहरुलाइ मिचेईं गर्नेको हात् देखि छोड़ाव .
अनि पर्देसी र टुहुराटुहुरी र बिधुवीहरु मांथि मिचेईं र उपद्रेईं न गर
अनि येस ठांउमां निर्दोषीहरुको रगत् न बहाव । किनभन्ये तिमिहरुले ४
यो कुरो मानि येसै गर्‍यौ भन्ये देखि येस् महल्का यि ढोकाहरु बाटो
दाऊद्को सिंहासन्मां बिराज्ने राजाहरु रथ्हरु र घोड़ा मांथि चढ़्ने
आफ्ना आफ्ना कर्म्मचारीहरु र प्रजाहरु समेत् पस्ने गर्छन् । तर तिमिहरुले ५
यि कुरा मान्यौन भन्ये देखि ता यह्वेको यो बाणी छ मं आफ्नै किरिया
खाइ भन्द छु यो महल् उजार् होइ जांछ । कसोगरिभन्ये यह्वेले यहूदाको ६
राजाको येस् महल्को बिषय्मां येसो भन्द छ . तं मेरो लागि गिलाद् देस्
र लबानोन्को थाप्लि जस्तो मंलाइ पर्द छस् . तर मं तंलाइ अबस्से बन् र
निर्जन् सहर्हरु तुल्याउंछु । अनि मं सिपांइहरुलाइ तंलाइ नष्ट पार्नुलाइ ७
पठाउंछु जनंगेले आफ्नु आफ्नु हतियार् भिर्‍येर . तिनिहरुले तेरा राम्रा
राम्रा देव्दारुकाठ्हरु काटि काटिकन आगोमां हालि दिंछन् । अनि धेरै ८
लोग् लोग्ले जब येस् सहर् छेउ बाटो हिंड्छन् तब एकाले अर्का सित
सोध्छन् यह्वेले येस् महा नगरीको गत् किन येस्तो गरायो भनि । तब ९
उत्तर् यो हुंछ किनभन्ये तिनिहरुले आफ्नु ईश्वर् यह्वे सित बांधीयेका
नियम् तोड़ि पराय् देव्ताहरुलाइ दण्डवत् गर्‍ये अनि तिनको सेवा
गर्‍ये भन्ये ॥

मंर्‍येको लागि न रुंनु अनि त्येसको लागि बिलाप् न गर्नु . जो पर्देस् १०
गयो त्येस्को लागि ता छाति ठोकि ठोकि रुंनु पर्छ किनभन्ये त्यो कैले पनि
फर्कि आउंदैन अनि त्येस्ले आफ्नु जन्मभूमि फेरि फेरि देख्नु पाउंदैन ।
यहूदाको राजा योशिय्याह्को छोरो शल्लूम् जस्ले आफ्नु बाबु योशिय्याह्को ११
ठांउमां राज् गर्द थियो अनि येस् ठांउ देखि निस्कि गयो त्येस्को बिषय्मां
यह्वेले येसो भन्द छ . त्यो फेरि यहां आउंनु पाउंदैन तर जुन् १२
ठांउमां तिनिहरुले त्येस्लाइ बंधुवा गरायेर लग्ये त्येसैमां मंर्छ अनि यो
देस् फेरि देख्नु पाउंदैन ॥

आफ्नु महल् अधर्म्म र आफ्ना कोठाहरु अन्ये सित बनाउंनु १३
लाउंने अर्थात् जस्ले आफ्ना दाज्युभाईहरुलाइ सित्तेईंमां काम् लगाउंद छ
अनि त्येस्को ज्याला दिंदैन त्येस् मांथि हाय् जस्ले भन्द छ मं लांमो र १४
गजीलो र हावा आउंने कोठाकोठा भयेको महल् बनाउंछु भनि अनि त्येस्मां
त्येस्ले खिर्कि बसाल्द छ अनि त्येस्को महल् देव्दारुकाठ्ले पटायो अनि
सिंदुरे रंगले रंगायो । तं देव्दारुकाठ्को बिषय्मां हेराहेर् गर्द छस् १५
क्यो येसोरि तेरो राज् चल्दै रहंछ . क्यो तेरो बाबुले खांदै पीउंदै थियेन

अनि नियाय धर्म्मको काम् गर्दैन थियो येस्कारण् त्यो सुक्ख सित रहंद थियो।
१६ त्येस्ले दीनदरिद्रहरुको नियाय गर्दै थियो येसैकारण् त्यो सुक्ख सित रहंद
थियो। यहूवेको यो बाणी छ जस्ले मेसो गर्द छ मेरो ज्ञान् राख्ने त्येइ हो।
१७ तर तं खालि आफ्नै नाफा र निर्दोषीहरुको रगत् बहाउंनु र मिचेइँ र
१८ उपद्रेइँ गर्नुमां मात्रै मन् र आंखा लगाउंद छस्। येस्कारण् योशियाहको
छोरो यहूदाको राजा यहोयाकीम्को बिषयमां यहूवेले येसो भन्द छ.
जब त्यो मर्छ तब जसोरि मान्छेहरुको हाय् मेरो भाई कि हाय् मेरी बैनी
कि हाय् मेरा प्रभु कि हाय् तिम्रो महिमा गयोनित भनि बिलाप् गर्ने
१९ रीत् छ त्यसोरि कस्सैले त्येस्को बिषयमां बिलाप् गर्दैन। तर त्येस्लाइ
गदाहालाइ भैं मट्टी दिइँछ भं त्येस्को मुर्दा यिरूशलेम्का ढोकाहरु
देखि बाहिर आफाल दिइँछ॥
२० लबानोनमां चढेर हाय् हाय् गर् अनि बाशानमां गयेर तुलो
सोरले चिच्या फेरि अबारीम् डांड़ामां पनि गयेर हाय् हाय् गर् किनभन्ये
२१ तेरा सबै नाठाहरु नष्ट भये। तेरो सुक्खको समय् ता मं तंलाइ भन्दै थियें
तर तैंले मं तिम्रो सुन्दीन भन्दै रहिस्। तेरो ता मेरो कुरा न सुन्ने बानि
२२ बालखै देखि बस्योको छ। तेरा सबै गोठालाहरुलाइ बतास्ले चराउंछ अनि
तेरा नाठाहरु बन्धुवाईमां जाइ जांछन्. त्येस् बेलामां तं आफ्ना सबै
२३ बुराईको कारणले अवश्से लज्जित् हुंछेस् अनि तेरो मुख् कालो हुंछ। ए
लबानोनमां रहंने जस्ले देवदारुमां आफ्नु गुंड़ बनाउंद छे जब तंलाइ
२४ सुत्करे जस्तो बेथा लाग्ला तब तं सारो लाचार् होइ जांछेस्। यहूवेको
ये बाणी छ मं जीइ रह्योको भैं यहोयाकीम्को छोरो यहूदाको राजा
कोन्याह् मेरो दाहीनो हातको औंठीसरि भयेको भये पनि मं तंलाइ
२५ निकालि फ्यांकने थियें मं तंलाइ तेरो प्राण् खोज्नेहरुको हातमां
अनि जुन् जुन् देखि तं डराउंद छस् तिनको अर्थात् बाबेलको राजा
२६ नबूकद्रेस्सर् र कल्दीहरुको हातमां पारि दिंछु। अनि मं तंलाइ जन्माउंने
आमां समेतलाइ तिमिहरुको जन्म न भयेको देसमां बलैले निकालछु
२७ अनि तिमिहरु उहीं मरि जांछौ। तर जुन् देसमां तिमिहरुले फर्कन मन्
२८ गर्द छौ त्येस् देसमां तिमिहरु फर्कनु पाउंदैन। कि यो कोन्याह् येउटा
बिकामे फुट्योको भांड़ा हो. अनि कि त्यो येस्तो भांड़ा हो जस्मां सुक्ख
छैन. किन त्यो बंश समेत् येउटा तिनिहरुले न चिन्योको देसमां पारि
२९ दिइँद छ। ए पृथिवी ए पृथिवी ए पृथिवी यहूवेको यो बचन् सुन्।
३० यहूवेले येसो भन्द छ यो पुरुष् निर्बंश गरि लेखनु येउटा पुरुषको जीउंनि
कुशल् सित बीत्दैन. किनभन्ये येस्को बंशमांको कोई उदाइ दाऊदको
सिंहासनमां राज् गर्ने कि यहूदा मांथि प्रभुतेइँ गर्ने हुंदैन॥
२३ १ यहूवेको यो बाणी छ ति गोठालाहरु मांथि हाय् जुन्हरुले
२ मेरा खर्कका भेंड़ाबाख्राहरुलाइ नष्ट र छरपुष्ट पार्द छन्। येस्कारण्
इस्राएलको ईश्वर् यहूवेले आफ्ना भेंड़ाबाख्राका चराउंने गोठालाहरुको

विरुद्धमां येसो भन्द छ. तिमिहरुले मेरा बगाल्को हेरचाहा गर्योन
तर तिनिहरुलाइ धपायेर छरपुष्ट पार्यो त यहवेको यो बाणी छ हेर मं
तिमिहरुलाइ तिमिहरुका बुरा कर्म्मको दण्ड पारि दिंकु। अनि मेरा ३
ति बांच्येका बगाल्लाइ चइं मैंले तिनिहरुलाइ धपायेका सबै देस
देखि मं आफै फर्काइ ल्याएर तिनिहरुकै खोरमां भेला गर्कु अनि तिनिहरु
फेरि फल्कुन् फुल्कुन्। अनि मं तिनिहरुको लागि येस्ता येस्ता गोठाला- ४
हरुलाइ खटाएर राख्कु जुनहरुले तिनिहरुलाइ राम्रोगरि चराउंकुन्.
तब तिनिहरु न डराउंकुन् न उरेक् मान्कुन् अनि न तिनिहरुमांको कुनै
हराउंछ. यहवेको येइ बाणी छ॥

यहवेको यो बाणी छ येस्ता दिन् आउंकुन् जस्मां मं दाऊदको कुलमां ५
ऐउटा पालुवा धर्म्मी मान्छेलाइ उदय् गराउंकु अनि उस्ले राजा भइकन
बुद्धि मित राज् गर्छ अनि देसमां नियर धर्म गर्छ। येस्का दिनमां ६
यहूदा बचाईंछ अनि इस्राएल् निडर् सङ् बसि रहंछ. जुन् नांउले उ
भनौंछ उ त्यो येइ हो अर्थात् यहवे हांमिहरुको धर्म्म[१]। येस्कारण् यहवेको ७
यो बाणी छ येस्ता दिन् आउंदै छन् जस्मां लोगले फेरि फेरि भन्ने छैनन्
इस्राएलवंशीहरुलाइ मिस्र देस् देखि निकालि ल्याउंने यहवे जीइ रह्यको
भैं भनि तर तिनिहरुले येसो भन्छन् इस्राएलका जहान्लाइ उत्तर ८
देस् देखि र जहां जहां उस्ले तिनिहरुलाइ धपाइ दियेको थियो ति देस्
देखि निकालि ल्याउंने यहवे जीइ रह्यको भैं भनि अनि तिनिहरु आफ्नै
देसमां बसि रहंछन्॥

अगमवक्ताहरुको विषयमां। मेरो हिर्दय् मं भित्र फाटि गयेको छ ९
मेरा सबै हाड्हरु थरथराउंछ् छन्. यहवेको कारणले र उस्का पवित्र
बचनहरुको कारणले मं दाखमद्य खायेर लट्ठ भयेको मान्छे जस्तो भयेको
छु। किनभन्ये यो देस् व्यभिचारीहरु देखि भरीयेको छ किरिया खायेको १०
कारणले देस् विलाए् गरि रहंद छ अं बनका खर्कहरु सुकि गये अनि
मान्छेहरु दुगुर्ता छन् तर बुराई तिर अनि बीरत्वाई ता गर्ई छन् तर
अन्यायमां। येस्को कारण येइ हो अगमवक्ताहरु र पूजाहारीहरु दुवै ११
भक्तिहीन् भइ गये अं यहवेको यो बाणी छ तिनिहरुको बुराई मैंले आफ्नु
मन्दिरमां पनि पायें। येस्कारण तिनिहरुको बाटो अंध्यारोमां चिप्लो बाटो १२
जस्ते भयो. त्येसैमां तिनिहरु धपाईयेर घचेटि दिईंछन. यहवेको यो
बाणी छ जम् बर्षमां मं तिनिहरुलाइ दण्ड दिंनु लाग्कु त्येसैले बर्षमां मं
यि विपत्ति तिनिहरु मांथि लगाउंकुनै। अं शोमरोन्का अगमवक्ताहरुमां १३
मैंले घृणाई देख्यं तिनिहरुले बालदेवताको नांउले अगम् कह्ये अनि मेरा
प्रजा इस्राएललाइ भर्माइ दिये। यरूशलेमका अगमवक्ताहरुमां ऐउटा १४
घिनलाग्दो काम् देख्यं व्यभिचार् र पाखण्डै अनि तिनिहरुले कुकर्म्मी-

[१] अर्थात् हजारौंमां यहवे सिद्धैनू (यहवे हांमिहरुको धर्म्म)।

हरुलाइ झन् येस्तो साहस् दिंद कुन् कुकर्म्मीहरु आफ्ना आफ्ना बुराई
देखि फर्कंदैनन् . अं मेरो मुखेंजि तिनिहरु सबै सदोम् र तिनिहरुका
बासीहरु अमोराकै बराबर् भइ गये ॥

१५ येस्कारण् सेनाहरुको यहूवेले अगम्वक्ताहरुको विषयमां येसो भन्द
छ . हेर मं तिनिहरुलाइ ऐरेलु खुवाउंछु अनि पित्तको पानी पीउंनु
लाउंछु . किनभन्ये यरूशलेम्का अगम्वक्ताहरुको कारणले सिंगै देस् देखि
१६ भक्ति उठि जांदै छ । सेनाहरुको यहूवेले तिमिहरुलाइ येसो भन्द छ
तिमिहरुलाइ अगम् कहंने अगम्वक्ताहरुका कुरा तिर कान् न लगाव
तिनिहरुले तिमिहरुलाइ व्यर्थ कुरा सिकाउंद छन् तिनिहरुले यहूवेको
मुखको कुरो होइन तर आफ्नै मनको कुराको दर्शन् हेरि कहंद छन् ।
१७ मेरो गिल्ला गर्नेहरुलाइ यि अगम्वक्ताहरुले नित्ये भन्ने गर्द छन् यहूवेले
भन्द छ तिमिहरुको कुशल् बनोइ रहंछ भनि अनि आफ्नु आफ्नु अठ्ठेरे-
इँमां हिंडूनेहरुलाइ यिनिहरुले तिमिहरु मांथि कोइ विपत्ति पर्दैन भनि
१८ भन्ने गर्द छन् । यहूवेको सभामां उभीयेर कुनचइंले उस्को बचन् सुन्नु र
१९ बूझ्नु पायो . कि कस्ले ध्यान् दिकन मेरो बचन् सुन्यो । हेर यहूवेको
बल्दोआंधी अं उस्को तुलो बेहेरि चल्नु आंद्यो उस्को क्रोप् उठ्यो . अनि
२० त्येस्को झक्कुड्ले दुष्टहरुको सिरमां बलैले लाग्छ । जब सम्म उस्ले आफ्नु
काम् गरि सक्दैन अनि आफ्ना जुक्तिहरु पूरा गरि सक्दैन तब सम्म
यहूवेको रिस् थामीदैन . अन्तका दिनमां तिमिहरुले यि सबै कुरा राम्रो-
२१ गरि बूझ्नु सक्छौ । यि अगम्वक्ताहरु मैंले न पठाइकनै दुगुर्द छन् अनि
२२ मैंले कोइ न भनिकनै अगम् कहंनु लाग्द छन् । अं यिनिहरु मेरो सभामां
उभीँदा हुन् त मेरो विचारका कुरा सुनिकन मेरा प्रजालाइ सुनाउंने थिये
अनि तिनिहरुबइंलाइ तिनिहरुको खुरा चाल् र खुरा काम् देखि फर्काउंने
२३ थिये । यहूवेको यो बाणी छ को मं टाढ़ा होइन नजिक् मांत्रै रहंने ईश्वर्
२४ हुं । यहूवेको यो बाणी पनि छ कि मान्छेले आफुलाइ येस्तो गुप्त ठांउ मां
लुकाउंछु जहां मं त्येस्लाइ देख्नु सकदैन . को स्वर्ग र पृथिवी दुवै संचइं
२५ देखि परिपूर्ण छैन यहूवेको येइ बाणी छ । मैंले ति अगम्वक्ताहरुका पनि
कुरा सुन्येको छु तिनिहरुले मेरो नांउले मैंले सपना देख्यें सपना देख्यें
२६ भन्दै झूठो अगम् कहंद छन् । ति झूठो अगम् कहंने अगम्वक्ताहरुको
मनमां अं आफ्नु मन् देखि व्यर्थ अगम् कहंनेहरुको मनमां यि कुरा कैले
२७ सम्म रहंछन् मेरा प्रजाहरुका पितापुर्खाहरुले मेरो नांउ छोड़ेर बाल्-
देवताको नांउ लिंनु लाग्येका थिये त्यसैगरि अब यि अगम्वक्ताहरुले पनि
तिनिहरुलाइ आफ्ना सपनाहरु कहि कहिकन मेरो नांउ बिर्सनु लाउंनु
२८ खोज्द छन् । कोई अगम्वक्ताले सपना देख्येको छ भन्ये देखि त्यो
सपने गरिकन कहि देवस् अनि कसैले मेरो बचन् सुन्येको छ भन्ये देखि
त्येस्ले त्यो मेरो बचने कहिकन सच्चैं सित कहि देवस् । यहूवेको यो
२९ बाणी छ गहूंको लागि भूस् के हो । फेरि यहूवेको यो बाणी पनि छ के

मेरो बचन् आगो जस्तो कैन . फेरि को त्यो पहरा फोर्ने घत् जस्तो कैन ।
येस्कारण् यहूवेको यो बाणी कु हेर मेरो बचन् चोरि चोरिकन एका ३०
अर्कालाइ कहंद कुन् मं ति अगम्बक्ताहरुको बिरुद्ध कु । यहूवेको यो ३१
बाणी पनि कु हेर जस् जस् अगम्बक्ताले यो उस्को बाणी हो भनि
भनिकन झूठ् बात् बोलि बोलि आफ्नु जिब्रो फड्काई कुन् मं तिनि-
हरुको पनि बिरुद्ध कु । फेरि यहूवेको यो बाणी कु जस् जस्ले सपना देख्यें ३२
भनिकन झूठो अगम् कहंद कुन् अनि येस्को बखान् गरिकन मेरो प्रजालाइ
आफ्नु झूठो अगम्भनाईको अहंकारमां भर्माउंद कुन् ति अगम्बक्ताहरुको
पनि बिरुद्ध कु . तेपनि मैंले तिनिहरुलाइ न पठायें न तिनिहरुलाइ
आज्ञा दियें अनि तिनिहरु देखि येइ प्रजाको कोइ पनि नाफा हुंदैन
यहूवेको येइ बाणी कु । जब येइ लोगुले कि कोई अगम्बक्ता कि पूजा- ३३
हारीले तंलाइ यहूवेले भारी दण्डको कोइ बचन् भन्येको कु भनि सोधुला
तब त्येस्लाइ भन् भारी दण्डको कोइ बचन् सोधुद कौ त्यो येइ कु
यहूवेको यो बाणी कु मं तिमिहरुलाइ त्यागिने दिंकु । अनि यहूवेले ३४
भन्येको भारी दण्डको बचन् येसो भनिकन सोधुदै रहंने अगम्बक्ता
कि पूजाहारी कि साधारण् मान्छेलाइ त्येस् जहाने समेतलाइ मं दण्ड
दिंकु । तिमिहरु एकाले अर्का प्रति यहूवेले को उत्तर् दियो कि यहूवेले ३५
को भन्यो भनि सोधासोध गर । यहूवेले भन्येको भारी दण्डको बचन् ३६
भनि तिमिहरुले फेरि फेरि न भन . किनभन्ये जनंगेले भन्येको कुरो
बेसैका भारी दण्डको बचन् होइ जांकु हांमिहरुको ईश्वर् सेनाहरुको
यहूवे जो जीउंदो ईश्वर् कु उस्को बचन् तिमिहरुले फर्काई दियेका कौ ।
तर तिमिहरुले कुने पनि अगम्बक्तालाइ येसो भनिकन सोधनु यहूवेले ३७
तिमिलाइ को भनिकन उत्तर् दियो कि यहूवेले को भन्यो भनि । तर ३८
तिमिहरुले ता यहूवेको भारी दण्डको बचन् भन्दै रहंकौ भन्ये देखि ता
यहूवेको यो बचन् सुन . मैंले ता तिमिहरु पांइ भनि पठायेको थियें
यहूवेले भन्येको भारी दण्डको बचन् भन्य बचन् फेरि फेरि न भन भनि
तर तिमिहरु ता यहूवेले भन्येको भारी दण्डको बचन् भन्दै भन्दैवै रहंद
कौ येस्कारण् सुन मं तिमिहरुलाइ स्यांठै बिसंकु अनि तिमिहरुलाइ ३९
र यो मैंले तिमिहरुका पितापुर्खाहरुलाइ र तिमिहरुलाइ पनि दियेको
सहरलाइ धपाइ आफ्नु सांमु देखि निकालकु . अनि मं अघोर् गिल्ला र ४०
सदा सर्बदा रहि रहने अपमान् जो कैलेइ बिसौंइंदैन तिमिहरु मांथि
ल्याउंकु ॥

जब बाबेलको राजा नबूकद्रेस्सरले यहूदाको राजा यहोयाकीमको २४ १
कोरो यकोन्याहलाइ र यहूदाका मालिकहरुलाइ र लोहारहरुलाइ र
अरु अरु कारिगरहरुलाइ यरूशलेम् देखि बंधुवा गरि बाबेलमां लग्यो तब
येस् पछि यहूवेले अगम्को आटोले आफ्नु सांमु राखीयेका नेभाराका

२ दुइ थुन्से देखायो। एक् थुन्सेमां ता जाति जाति पहिले पहिले पाक्येका
नेभाराको अगोटेफल्हरु थिये. अनि अर्को चइं थुन्सेमां अग्घोर् नजाति
३ नजाति अं खांनै पनि न हुंने नेभाराहरु थिये। तब यह्वेले मंलाइ भन्यो ए
यिर्मयाह् तं क्ये देख्द छस्. मैंले भन्यें नेभाराहरु जाति चइं नेभाराहरु ता
खूब् जाति जाति छन् तर नजाति चइं ति अग्घोरै नजाति छन् अं खानै न
४ ५ हुंने। अनि यह्वेको बचन् येसो भन्दै मं थांइ आयो इस्राएल्को ईश्वर्
यह्वेले येसो भन्द छ यि जाति नेभारा झैं मं मैंले येस् देस् देखि कल्दीहरुको
६ देस्मां बन्धुवाईमां पठाईयेका यहूदीहरुलाइ देखिकन खुशि हुंछु। मं
तिनिहरु मांथि कृपादृष्टि राख्छु अनि तनिहरुलाइ येस् देस्मां फर्काइ
ल्याउंछु. अनि मं तिनिहरुलाइ बनाउंछु अं नष्ट पार्दीन अनि तिनिहरुलाइ
७ रोपि राख्छु अं उगाल्दीन। अनि मं तिनिहरुलाइ तिनिहरुले उइनै यह्वे
हो रछ भनि मंलाइ चिन्ने मन् दिंछु. अनि तिनिहरु मेरा प्रजा हुंछन् अनि
मं चइं तिनिहरुको ईश्वर् हुंछु. कसोगरिभन्ये तिनिहरु आफ्नु पूरो मन्
८ समेत्ले मं तिर फिर्छन्। अनि जसोरि नजाति खांनु न हुंने नेभाराहरु खूब्
नजाति छन् त्येस्तै मं यहूदाको राजा सिद्किय्याह् र त्येस्का मालिक्हरुलाइ
र बांच्येका यरूशलेमीहरुलाइ येस् देस्मां कि मिस्र देस्मां रह्येकाहरुलाइ
९ त्यागिनै दिंछु. अनि तिनिहरुलाइ पृथिवीका सबै राज्मां दुक्ख पाइ
उह्रालींनुलाइ र पछारींनुलाइ दिंछु अनि जहां जहां मं तिनिहरुलाइ
धपायेर पठाउंछु वहां वहां तिनिहरुको गिल्ला र उखान् र ठट्ठा र स्राप्
१० हुंछन्। अनि मं तिनिहरुमां तरवार् र अनिकाल् र रुढि फिंजाउंछु
तिनिहरु येस् मैंले तिनिहरुका पितापुर्खहरुलाइ र यिनैहरुलाइ दियेको
देस् देखि यिनिहरु छरपुट्ट न होउंज्याल् सम्म॥

२५ १ योशिय्याह्को छोरो यहूदाको राजा यहोयाकीम्को राज्को
चौथो बर्षमां जो बाबेल्को राजा नबूकद्रेस्सर्को राज्को पहिलो बर्ष
पनि थियो त्येस् बर्षमां यह्वेको बचन् यिर्मयाह् अगम्बक्ता थांइ आयो
२ त यिर्मयाह्ले त्येइ बचन् अन्सार् यहूदाका सबै लोगलाइ र यरूशलेम्का
३ सबै बासीहरुलाइ भनि दियो अर्थात् आमोन्को छोरो यहूदाको
राजा योशिय्याह्को राज्को तेह्रौं बर्ष देखि आजु सम्म अर्थात् तेईस्
बर्ष देखि यह्वेको बचन् मं थांइ आयो अनि मैंले सखारै उठि
४ उठिकन तिमिहरुलाइ भन्दै आयें तर तिमिहरुले त्यो सुन्यौन। अनि
यह्वेले तिमिहरु थांइ आफ्ना सबै दास् अगम्बक्ताहरुलाइ पनि
५ येसो भन्नुलाइ सखारै उठि उठिकन पठायो अर्थात् आफ्ना आफ्ना
बुरा बाटा र आफ्ना आफ्ना बुरा कर्म्म देखि फर्क त जुन् देस् यह्वेले
तादि तिमिहरुका पितापुर्खहरुलाइ अनि अब तिमिहरुलाइ सदाको
६ लागि दियेको छ त्येस्मां तिमिहरु बसि रहंनु पाउंछौ अनि
पराय्देव्ताहरु पछि लागि तिनको सेवा र दण्डवत् न गर अनि न

आफुले बनायेका थोकको बाटोले मंलाइ रिस् उठाव त मं तिमिहरुको
कोइ हानि गर्दौंन भनि । यहूवेको येइ बाणी छ तैपनि तिमिहरुले मेरा ७
कुरा मान्योन तर आफुले बनायेका थोकको बाटोले मेरो रिस् उठाउंदै
आयौ ज्यले तिमिहरुको हानि हुंनु सकृद छ । येस्कारण् सेनाहरुको यहूवेले ८
येसो भन्द छ . तिमिहरुले मेरो बचन् न सुन्येको कारणले यहूवेको ९
येइ बाणी छ सुन मं उत्तर् दिशामां रहंने सबै जहान् जहान्लाइ
हाक्षेर ल्याउंछु वहांदेखि तिनिहरुलाइ ल्याउंनुको लागि आफ्नु दास्
बाबेलको राजा नबूकद्रेस्सर्लाइ डाकि पठाउंछु अनि ति सबैलाइ येस्
देस् र येस्का बासीहरुको र चारै पट्टि रहंने ति सबै लोग् लोग्को
बिरुद्धमां ल्याउंछु अनि यि सबै देस्लाइ मं भाकल् गर्येको थोक् जानि
उजार्छु अनि यिनिहरुलाइ उदेक् र गिल्ला हुंनुलाइ तुल्याउंछु अं
यिनिहरु सदा उजारीइनै रहंछन् । येस् उप्रान्त मं येसो गर्छु यिनिहरुमां १०
न ता हर्षको न ता रमाहट्को सोर् सुनौंछ न ब्याउलाको न ब्याउलीको
अं जांतोको पाटाको पनि शब्द सुनौंदैन अनि न यिनमां बत्तीको ज्योति
पनि बल्छ । कसोगरिभन्ये यि सिंगै देस् उजारै र उदेक् रहंछन् अनि यि ११
लोगले सत्तरी बर्ष सम्म बाबेलको राजाको चाकरी गर्छन् । अनि यहूवेको १२
यो बाणी छ जब सत्तरी बर्ष बिति सकछन् तब येसो हुंछ मं बाबेल्को
राजा र त्येस् लोग् र कल्दीहरुको देस्लाइ अधर्म्मको दण्ड दिंछु अनि त्यो
देस सदाको लागि उजार्छु । अनि मं त्येस् देस्मां आफ्ना ति मैंले तिनको १३
बिषयमां भन्यें अर्थात् यिर्मयाहले जति बचन् सिंगै लोग् लोग्को
बिरुद्धमां अगम् गरिकन येस् पोस्तकमां लेख्येका छन् ति सबै कुरा पूरा
गर्छु । कसोगरिभन्ये धेरै धेरै लोग् र बड़ा बड़ा राजाहरुले बाबेलीहरु १४
देखि पनि आफ्नु सेवा गराउंछन् . त मं तिनलाइ तिनको करनीको
फल् तिनिहरुले गर्येको काम् अनुसार् भोगाउंछु ॥

फेरि इस्राएल्को ईश्वर् यहूवेले मंलाइ येसो भन्यो . मेरो हात् १५
देखि यो मेरो रिसले बल्येको दाखमद्यको कटोरा लियेर जस् लोगकां मं
तंलाइ पठाउंद छु तिनलाइ खुवाइ दे । अनि तिनिहरु यो दाखमद्य १६
खायेर लरखराउंछन् अनि बौलाहा होइ जांछन् मैंले तिनिहरुको बीचमां
चलायेको तरवार्को कारणले । त मैंले यहूवेको हात् देखि त्यो कटोरा १७
लियेर ति यहूवेले मंलाइ पठायेका लोग् सबैलाइ खुवाइ दियें अर्थात् १८
मैंले यरूशलेम् र यहूदाका सहरहरुलाइ अनि तिनिहरुका राजाहरु र
मालिकहरुलाइ खुवायें तिनिहरुलाइ उजार र उदेक् र गिल्ला र स्राप्
हुंनुलाइ जसो आजु हुंद छ मिस्रको राजा फिरऊन् र त्येका १९
कर्म्मचारीहरु र त्येका हाकिमहरु र सिंगै प्रजालाइ अनि सबै २०
काम्मिसेलोग् लोग्लाइ र ऊज् देस्का सबै राजाहरुलाइ र पलिश्तीहरुका सबै राजाहरुलाइ र अश्कलोन् अज्जा र एक्रोन्का राजाहरुलाइ र
अश्दोद्का बांच्येका लोगलाइ एदोम् र मोआब् र अम्मोन्बंशीहरु- २१

२२ लाइ र सोर्का सबै राजाहरुलाइ र सीदोन्का सबै राजाहरुलाइ र
२३ समुद्र पारिका टापुका राजाहरुलाइ फेरि ददान् तेमा र बूज्लाइ र
आफ्ना आफ्ना गालाका केस् मुड्याउनेहरु जति छन् तिनिहरु सबैलाइ पनि
२४ अरबका सबै राजाहरुलाइ र बनबासी क्रामसिमेलोगका सबै राजाहरु-
२५ लाइ र जिम्रीका सबै राजाहरुलाइ एलाम्का सबै राजाहरुलाइ र
२६ मादैका सबै राजाहरुलाइ र को नजिक् को टाढाका उत्तर् दिशा
तिरका सबै राजाहरुलाइ खुवाइ दियें अं सिंगै पृथिवी मांथि रहने
जगतका राजहरुलाइ मैंले त्यो दाखमद्य खुवाइ दियें अनि यि सबै पछि
२७ शेश्शक्को राजाले पनि खांछ्। त तैंले तिनिहरुलाइ येसो भने सेनाहरुको
यहुवे इस्राएल्को ईश्वर्ले येसो भन्द छ. यो दाखमद्य खाव् अनि मात
अनि बान्त गर अनि लड अनि फेरि कैले पनि न उठ मैंले तिमिहरुको
२८ बीचमां चलायेको तरवारको कारणले। अनि येसो हुंछ तिनिहरुले यो
कटौरा तेरो हात् देखि लियेर खांनु मान्येनन् भन्ये देखि तैंले तिनिहरुलाइ
भनि दे सेनाहरुको यहुवेले येसो भन्द छ तिमिहरुले अवश्से खांने पर्छ
२९ भनि। हेर् जो सहर् मेरो नांउले बोलाईंछ त्येसैमां संचइंले विपत्ति
हालनु अंठ्यको छु त को तिमिहरु निर्दोषी भइ बांच्छौ। तिमिहरु ता
निर्दोषी ठहरीयेर बांच्दौन. अं मं पृथिवीका सबै बासीहरु मांथि
३० तरवार् चलाउंनु लाउंछु. सेनाहरुको यहुवेको येइ बाणी छ। येति
कुराको अगम् कह्येर तिनिहरुलाइ येसो पनि भनि दे यहुवे ऊंभो देखि
गर्जंछ अनि आफ्नु त्यइ पवित्र धाम् देखि आफ्नु शब्द सुनाउंछ उ आफ्नु
चरानको लागि बल् सित गर्जंछ फेरि उ पृथिवीका सिंगै बासीहरुको
३१ बिरुद्धमां पनि दाख् लगाई भें कराउंछ। पृथिवीको छेउ छेउ सम्म पनि
खल्याङ्मल्याङ् हुंछ किनभन्ये सबै लोग् लोग् सित यहुवेको झगरा
छ त उन्ले सब्बै मान्छेहरु सित बिबाद् गर्छ अनि दुष् जतिलाइ उन्ले
तरवारको तालिमां पारि दिंछ यहुवेको येइ बाणी छ॥

३२ सेनाहरुको यहुवेले येसो भन्द छ सुन बिपत्ति एक लोग् देखि अर्को
लोगमां पर्छ अं ठुलो आंधी पृथिवीको एक छेउ देखि उठेर खांदै
३३ बहंछ। त्येस् बेलामां यहुवेले मार्येकाहरु पृथिवीको एक छेउ देखि अर्को
छेउ सम्म पस्नेइ रहंछन्. न तिनको लागि कोई रुंने हुंछ अनि न तिनका
मुर्दा बट्टोलींछन् न चिहानमां राखींछन् तिनिहरु भूंइ मांथि मल् भें
३४ मिल्कोइ रहंछन्। ए गोठालाहरु हो हाय् हाय् गर अनि चिच्याउ ए
बगालका बल्लिया बल्लियाहरु हो खरानीमां लड्बड़ि खेल. किनभन्ये
तिमिहरुका काटीने दिन् आइ पुग्ये अनि मं तिमिहरुलाइ सत्यनास् गर्छु
३५ तिमिहरु मनपर्दो भांड़ा खस्ये भें खस्कौ। अनि न ता गोठालाहरुको
लागि कोई भाग्ने बाटो रहंछ अनि न बगालका बल्लिया बल्लियाहरुको
३६ भागि निकलंने कोई ठाउ रहंछ। गोठालाहरुको कराईको सोर् र बल्लिया
बल्लियाहरुका चिच्याई सुनींछन्. किसोगरिभन्ये यहुवेले तिनिहरुका खर्कहरु

नष्ट पार्ई छ । अनि यहूवेको रिस् उठेको कारणले शान्ति भयेका बस्ने ३७
ठांउहरु सबै चुम्सुम् होइ जांछन् । जुवान् सिंहले झैं उस्ले आफ्नु ३८
ठुक्ने ठांउ छोड्येको छ . दुक्ख दिंने तरवार् र उस्को उठेको रिस्को
कारणले यो सिंगै देस् उदेक् भइ गयो ॥

योशिय्याहूको छोरो यहूदाको राजा यहोयाकीम्को राज्को २६ १
पालनिमां यहूवे पट्टि बाटो यो बचन् आयो यहूवेले येसो भन्द छ २
यहूवेको पवित्रबास्को आघनमां उभीयेर येहूवेको घरमां दण्डवत् गर्नु
आउंने यहूदाका सबै सहरहरुको सांसु यि बचन् भनि दे जुन् बचनहरु
मं तंलाइ तिनिहरुलाइ भन्नुलाइ आज्ञा दिंद छु तिनमांको कुनै बचन्
राखि न छोड्नु । कोनि कतै तिनिहरु सुन्येर जनंगे आफ्नु आफ्नु कुकर्म ३
देखि फर्कंछन्कि र मं चाहं तिनिहरुका खुरा कर्म्मको कारणले तिनिहरु
मांथि ल्याउंनु आंट्येका ति खुराईहरु देखि पछ्ताउं । अं तैले तिनिहरुलाइ ४
येसो भन् यहूवेले येसो भन्द छ . तिमिहरुले मेरो न सुनि मैले
तिमिहरुलाइ सुन्नु लगायेको मेरो व्यवस्था अनुसार् हिंड्यौन अनि न ५
मेरा दास् अगमबक्ताहरुका बचनमां कान् लगायौ जुन्हरुलाइ मैलेनै
सबारै उठि उठिकन पठायें तर तिमिहरुले तिनका सुन्यौन भन्ये देखि ६
मं यो घर् शिलो जस्तो पारि दिंछु अनि येस् सहरलाइ पृथिवीका सिंगै
लोगले निन्दा गरि गरि स्राप् दिंछन् भनि । त जब यिर्मयाहले यि कुरा ७
यहूवेको घरमां भन्दै थियो तब पूजाहारी र अगमबक्ता र सबै लोग् सुनि
रह्येका थिये । अनि जब यिर्मयाहले सिंगै लोगलाइ कहंनु भन्ये र यहूवेले ८
दियेका आज्ञाका सबै कुरा भनि सक्यो तब येसो भयो पूजाहारीहरु र
अगमबक्ताहरु र सबै लोगले तंलाइ निस्से प्राणदण्ड हुंछ भनि त्येस्लाइ
पक्ड्ये । तैंले यहूवेको नांउले यो घर् शिलो जस्तो हुंछ अनि यो सहरमां ९
कोई पनि न रहंनेगरि उजार् हुंछ भनि भनिकन किन अगम् कहिम्
भनि । येसो भन्येर सबै लोगले यिर्मयाहलाइ यहूवेको घरमां घेर्ये ॥

यो खबर् पायेर यहूदाका मालिकहरु राजाको घर् देखि यहूवेको १०
घरमां चढ्ि गयेर यहूवेको घरको नया ढोकाबाटो पसि गये । तब ११
पूजाहारीहरु र अगमबक्ताहरुले मालिकहरु र सबै लोगलाइ भन्ये यो
मान्छे प्राणदण्डको योग्य छ किनभन्ये येस्ले येस् सहरको बिरुद्धमां येस्तो
अगम् कह्यो जो तिमिहरुका कानले सुन्ये । तब यिर्मयाहले सबै १२
मालिकहरु र सबै लोगलाइ भन्यो जे जे बचन् तिमिहरुले सुन्यौ त्यो
यहूवेलेनै मंलाइ येस् घर् र येस् सहरको बिरुद्धमां अगम् कहंनुलाइ
पठाइ दियेका हुन् । त अब आफ्ना चाल् चलन् सुधार अनि आफ्नु ईश्वर् १३
यहूवेको कुरो मान तब यहूवे उस्ले तिमिहरुको बिरुद्धमां भन्येको बिपत्ति
देखि पछ्ताउंछ । हेर मं ता तिमिहरुको ताबिमां छु . तिमिहरुको १४
लेखिमां जे भलो र ठीक् छ त्येइ मं सित गर । खालि येइ मात्रै निस्से थाहा १५

पाव तिमिहरुले मंलाइ मार्‌यौ भन्ये देखि तिमिहरुले आफु आफ्नालाइ र
येस् सहर् र येस्का बासीहरुका निर्दोषी लोहू बहाउने दोषी तुल्याउंछौ.
किनभन्ये साँचि साँचिने यहवेले मंलाइ तिमिहरु थांइ यि बचन्
१५ सुनाउंनुलाइ पठायेको हो। तब मालिकहरु र सबै लोगले पूजाहारीहरु र
अगमवक्ताहरुलाइ भन्ये. यो मान्छे प्राणदण्डको योग्य रैन कु कसोगरि-
भन्ये येस्ले हांमिहरुको ईश्वर् यहवेको नांउले हांमिहरु सित कुरा गर्‌यो।
१६ अनि देसका कत्ति बूढा बूढाहरुले उठेर प्रजाको सिंगै सभालाइ भन्ये
१८ यहूदाको राजा हिजकिय्याहका दिनमां मीकायाह् मोरेसेतीले अगम्
कहंद थियो त येस्ले यहूदाका सबै लोगलाइ भन्यो सेनाहरुको यहवेले
येसो भन्द कु. सिय्योन् जोयेर खेत् बनाईंछ अनि यरुशलेम् चइं थुप्रे थुप्रो
होइ जांकु अनि घरको डांड़ा जंगलका अलगा ठांउहुरु जस्ता होइ जांकुन्
१९ भनि। त के यहूदाको राजा हिजकिय्याहले र सिंगै यहूदाले येस्लाइ
मंरायो. के येस् राजाले यहवेको भय् मान्येन अनि उ सित बिन्ति
गर्येन अनि तब यहवेले तिनिहरु मांथि ल्याउंनु आंट्येको विपत्तिको
विषयमां उ पछुतायेन। (त हांमिहरुले यिर्मयाहलाइ काट्नु भन्ये देखि) ता
२० आफ्ने प्राणलाइ तुलो जोखिममां हाल्ने कौं। अनि फेरि किर्यत्यारीम्-
बासी शमायाहको छोरो ऊरिय्याह् भन्ये येउटा मान्छेले यहवेको नांउले
अगम् कहंद थियो अनि त्येस् मान्छेले पनि येस् सहर् र येस् देसको
२१ विरुद्धमां ठीक् येइ यिर्मयाहले कह्येको जस्ते अगम् कह्यो अनि
जब यहोयाकीम् राजा र त्येका सबै बीरहरु र सबै मालिकहरुले त्येका
बचन् सुन्ये तब राजाले त्येस्लाइ मंराउंनु खोज्यो तब ऊरिय्याह् यो सुन्येर
२२ डरले मिस्रमां भागि गयो. अनि यहोयाकीम् राजाले मिस्रमां मान्छे
पठायो अर्थात् अक्बोरको छोरो एल्नातान्लाइ अरु मान्छेहरु सित
२३ मिस्रमां पठायो। त तिनिहरुले ऊरिय्याहलाइ मिस्र बाटो निकाल्येर
यहोयाकीम् राजा थांइ ल्याये तब त्येस्ले त्येस्लाइ तरवारले कटायेर त्येको
२४ मुर्दा साधारण लोगका चिहानमां अफालायो। तर शापान्को छोरो
अहीकाम् यिर्मयाह् पट्टि लाग्यो तिनिहरुले त्येस्लाइ लोगका ताबिमां
मांरौंनुको लागि न दिईगोस् भन्ये खातिरले॥ ✓

२७ १ योशिय्याहको छोरो यहूदाको राजा यहोयाकीमको राजको
पालनिमां यहवेको पट्टि बाटो यो बचन् यिर्मयाह् थांइ आयो
२ यहवेले मंलाइ येसो भन्द कु जूवा र जोतारो बनायेर आफनु कांध्
३ मांथि राख् बहांरेखि ति थोक् यहूदाको राजा सिद्कियाह् थांइ
यरुशलेममां आयेका एदोम् र मोआब् र अम्मोनबंशीहरु र सोरको राजा
४ र सीदोनको राजाका दूतहरु थांइ पठा बहांदेखि तिनिहरुलाइ
तिनिहरुका स्वामीहरुको लागि येसो भन्येर आज्ञा दे इस्राएलको
ईश्वर् सेनाहरुको यहवेले येसो भन्द कु. तिमिहरुले आफ्ना आफ्ना

स्वामीहरूलाइ येसो भन मैंलेने पृथिवी र पृथिवी मांथिका ५
मान्छेहरू र पशुहरूलाइ आफ्नु अनन्तशक्ति र पसार्येको बांहांले बनायें
अनि जस्लाइ मं इच्छे गर्दै कु त्येसैलाइ ति दिंदै कु। त अब मैंले यि सबै ६
देस्हरू आफ्नु दास् बाबेल्को राजा नबूकद्नेस्सर्लाइ मं आफैले दियें अं
बन्का जन्तुहरूलाइ पनि मैंले त्येसैलाइ दियें तिनिहरू त्येसैको ताब्रिमां
रहुन् भन्येर। अनि यि सबै लोग् लोग् त्येस्को र त्येस्को छोरोको र ७
त्येस्का नातिहरूको ताब्रिमां रहंकुन्. त्येसै देस्को पनि बेला न आउंज्याल्
सम्म अनि त्येस् पछि धेरै लोग् लोग् र बड़ा बड़ा राजाहरूले त्येस्को
बंश देखि आफ्नु आफ्नु सेवा गराउंकुन्। त येसो हुंकु जुन् लोग् कि ८
राज् बाबेल्को राजा नबूकद्नेस्सर्को ताब्रिहुवाई ग्रहण् गर्दैन अनि जस्ले
बाबेल्को राजाको जूवा आफ्नु कांध् मांथि लिंदैन त्येस् लोग्लाइ मं
तरवार् अनिकाल् र देसान्को दण्ड त्येस्लाइ त्येस्को हात् बाटो मेटि न
दिउंज्याल् सम्म दिंदै रहंकु यहूवेको येइ बाणी कु। त तिमिहरूले ९
तिमिहरूलाइ तिमिहरूले बाबेल्को राजाको ताब्रिमां पर्नु पर्दैन भन्ये
तिमिहरूका अगमव्रक्ताहरू र अगम् चलाउंनेहरू र सुपना देखनेहरू र
झांक्रिहरू र जन्तरमन्तर गर्नेहरूका कुरामां मन न लगाव. किनभन्ये १०
तिनिहरूले तिमिहरूलाइ झूठो अगम् कहंदै कुन् तिमिहरू आफ्नु आफ्नु
देस् देखि टुर् हुंनुलाइ अनि मं आफैले तिमिहरूलाइ धपाऐर तिमि-
हरूलाइ नष्ट पार्नुलाइ। तर जुन् लोग् बाबेल्को राजाको जूवा आफ्नु ११
कांध् मांथि लिइ त्येस्को ताब्रिमां रहंकु त्येस्लाइ मं त्येसैको देस्मां रहंनु
दिंकु अनि त्यो त्येसैमां खेतिपाति गर्दै बसि रहंकु. यहूवेको येइ
बाणी कु॥

फेरि यहूदाको राजा सिद्कियाहलाइ मैंले यि कुरा भन्यें १२
बाबेल्को राजाको जूवा आफ्नु कांध् मांथि लिंनु हवस् अनि त्येस्को र
त्येस्का प्रजाहरूको ताब्रिमां रह्येर जीइ रहंनु हवस्। जसो यहूवेले १३
बाबेल्को राजाको ताब्रिहुवाई ग्रहण् न गर्ने लोग्को विषयमां तरवार् र
अनिकाल् र देसान्ले नष्ट हुंकु भन्येर भन्येको कु आफु किन आफ्ना
प्रजाहरू समेत् मर्नु हुंकु। आफुलाइ तिमिहरूले बाबेल्को राजाको १४
ताब्रिमां पर्नु पर्दैन भन्ये अगमव्रक्ताहरूको कुरा न सुन् हवस्. किनभन्ये
तिनिहरूले आफुलाइ झूठो अगम् कहंदै कुन्। यहूवेको यो बाणी कु १५
मैंले तिनिहरूलाइ पठायेको कुइंन तिनिहरूले मेरो नांउले झूठो अगम्
कहंदै कुन् मैंले तंलाइ देस् देखि निकालि दिउं अनि तं ति तंलाइ अगम्
कहंने अगमव्रक्ताहरू समेत् नष्ट हुवस् भन्ये खातिरले। फेरि पूजाहारीहरू १६
र यि सबै लोगहरूलाइ पनि मैंले येसो भन्यें यहूवेले येसो भन्द कु.
यहूवेको घरका भांड़ाव्रर्तनहरू अब छिटै बाबेल् देखि फर्काइ दिइंकुन्
भनि तिमिहरूलाइ अगम् कहंने तिमिहरूका अगमव्रक्ताहरूको वचन्
तिर कान् न धाव. किनभन्ये तिनिहरूले तिमिहरूलाइ झूठो अगम्

१७ कहंद कुन्। तिनिहरुका कुरा न सुन बाबेल्को राजाको तावेहुवाई
१८ ग्रहण गरि जीइ रह. यो सहर् किन उजार् हवस्। अं तिनिहरु सांचि
सांचिनै अगमवक्ता हुन् अनि तिनिहरुमां यहवेको बचन् छ भन्ये देखि
तिनिहरुले यहवे सित हे यहवे तपांइको घर् र यहूदाको राजाको घरमां
र यरूशलेममां रह्येका भांड़ाबर्तनहरु बाबेलमां जांनु न पाउन् भनि बिन्ति
१९ गरुन्। तिनको बिषयमां सेनाहरुको यहवेले भन्द छ अं थामहरु र
(पीतलको) समुन्द्र र आधारहरु र अरु अरु भांड़ाबर्तनहरु जे जे येस्
२० सहरमां रह्येका छन् जुनहरु बाबेलको राजा नबूकदनेस्सरले येस्
बेलामां लग्येन जब त्येस्ले यहोयाकीमको छोरो यहूदाको राजा यकोन्याह-
लाइ र यहूदा र यरूशलेमका सबै भारादारहरुलाइ बन्धुवा गरि गरि
२१ यरूशलेम् देखि बाबेलमां लग्येको थियो अं तिनको बिषयमां
अर्थात् जुन् भांड़ाबर्तनहरु यहवेको घरमां र यहूदाको राजाको घरमां र
यरूशलेममां रह्येका छन् तिनको बिषयमां इस्राएलको ईश्वर् सेनाहरुको
२२ यहवेले येसो भन्द छ. ति पनि बाबेलमां पुग्याईंछन् अनि जब सम्म मं
तिनिहरुको हेरचाहा गर्दीन तब सम्म उहीं रहंछन् त्येस् पछि मं
तिनिहरुलाइ ल्यायेर येस् ठांउमां फेरि रखाउंछु. यहवेको येइ बाणी छ॥
२८ १ फेरि त्येसै बर्षको अर्थात् यहूदाको राजा सिदकिय्याहको
राजको पालनीमां अं चौथो बर्षको पांचौं महीनामां येसो भयो अज्जूरको
छोरो गिबोनबासी हनन्याह् अगमवक्ताले यहवेको घरमां पूजाहारीहरु
२ र सबै लोगको सांमु भंलाइ येसो भन्यो इस्राएलको ईश्वर् सेना-
हरुको यहवेले येसो भन्द छ मैंले बाबेलको राजाको जूवा भांचि दियें।
३ यहवेको घरका जत्ति भांड़ाबर्तनहरु बाबेलको राजा नबूकदनेस्सरले येस्
ठांउ देखि उठायेर बाबेलमां लग्येको थियो ति मं दुइ बर्ष भित्र फेरि
४ येसै ठांउमां ल्याउंछु. अनि यहोयाकीमको छोरो यकोन्याह्
यहूदाको राजा र सबै यहूदी बन्धुवाहरु जो बाबेल् गयेका थिये
तिनिहरुलाइ पनि मं फेरि येस् ठांउमां ल्याउंछु. कसोगरिभन्ये मं
५ बाबेलको राजाको जूवा भांचि दिंछु. यहवेको येइ बाणी छ भनि। तब
यिर्मयाह् अगमवक्ताले हनन्याह् अगमवक्ताको सांमु र ति सबै लोग जो
६ जो यहवेको घरमां उभीइ रह्येका थिये तिनिहरुको सांमु भन्यो अं
यिर्मयाह् अगमवक्ताले भन्यो आमेन. यहवेले येसैनै गरोस्. जे जे
तिमिले यहवेका भांड़ाबर्तनहरु र सबै बन्धुवाहरु बाबेल् देखि येस् ठांउमां
फर्काइ ल्याईंछन् भनि अगम गरि कह्येका कुरा यहवेले पूरो गरोस्।
७ तरैपनि तिमिले यो मेरो बचन् सुन जो मं तिमिलाइ र सबै लोगलाइ
८ भनि सुनाउंद छु. मं भन्दा र तिमि भन्दा पहिले पहिले तादि देखिका
अगमवक्ताहरुले धेरै देस् र तुला तुला राजहरुको बिरुद्धमां लड़ाई र
९ बिपत्ति र देसानहरुको बिषयमां अगम् कह्ये। जस् अगमवक्ताले
कुशलको बिषयमां अगम् कहला अनि जब त्यो पूरो होला तबै त्येस्

अगम्बक्ताको विषयमां यो सांचिने यहवेले पठायेको हो रछ भनि पत्यारो
हुंछ । तब हनन्याह् अगम्बक्ताले त्यो यिर्मयाह् अगम्बक्ताको कांध् मांथि १०
भयेको जूवा उतार्येर भांचि दियो । तहांदेखि हनन्याह्ले सबै मान्छेहरुको ११
सांमु भन्यो यहवेले येसो भन्द छ . येसैगरि मं अबको दुइ वर्ष भित्रमां
बाबेलको राजा नबूकदनेस्सरको जूवा सबै लोग् लोगको कांध् मांथि
देखि उतारि भांचि दिंछु भनि । तब यिर्मयाह्ले आफनु बाटो समात्यो ।
तब हनन्याह् अगम्बक्ताले यिर्मयाह् अगम्बक्ताको कांध् मांथि देखि १२
जूवा उतारि लिये पाछि यहवेको यो बचन् यिर्मयाह् थांइ आयो गयेर १३
हनन्याह्लाइ येसो भन् यहवेले येसो भन्द छ . तैंले काठको जूवा भांचि
दियेको छस् तर तैंले तिनिहरुको साटोमां फलमको जूवा बनाउंछस् ।
किनभन्ये इस्राएलको ईश्वर् सेनाहरुको यहवेले येसो भन्द छ . मैंले यि सबै १४
लोग् लोगको कांध् मांथि फलमको जूवा हाल्येको छु बाबेलको राजा
नबूकदनेस्सरको तावेमां रहुन् भनि अनि तिनिहरु त्येसको तावेमां रहनु
पर्छ पनि . अनि मैंले बनका जीवाजन्तुहरुलाइ पनि त्येसको तावेमां पारि
दियेको छु । तब यिर्मयाह् अगम्बक्ताले हनन्याह् अगम्बक्तालाइ येसो १५
भन्यो ए हनन्याह् सुन् यहवेले तैंलाइ पठायेको छैन/तर तैंले यि मान्छे-
हरुलाइ झूठ् मांथि भरोसा गराइ दिंद छस् । येस्कारण यहवेले येसो भन्द १६
छ मं तंलाइ पृथिवी मांथि देखि उठाइ दिंछु . यैसै वर्षमां तं मर्छस्
किनभन्ये तैंले यहवे देखि फर्कि जांने कुरो गर्येको छस् । नभन्दै हनन्याह् १७
त्येइ वर्षको सातौं महींनामां मर्यो ॥

बन्धुवाहरुका बांच्येका बूढाबूढाहरु र पूजाहारीहरु र अगम्- २९ १
बक्ताहरु र सबै लोगहरु थांइ जुन्हरुलाइ नबूकदनेस्सरले यरूशलेम् देखि
बाबेलमां बन्धुवा पारि लग्येको छ तिनिहरु थांइ यिर्मयाह् अगम्बक्ताले
यरूशलेम् देखि पठायेको पत्रका कुरा यि हुन् जो पत्र यकोन्याह् २
राजा र राजमाता र मेहेरीहरु र यहूदा र यरूशलेमका मालिकहरु र
लोहारहरु र कारिगरहरु यरूशलेम् देखि गये पछि शापानको ३
छोरो एलासा र हिल्किय्याहको छोरो गमर्याहको हात् बाटो पठाईयो
जुन्हरुलाइ यहूदाको राजा सिदकिय्याह्ले बाबेलको राजा नबूकदनेस्सर्
थांइ बाबेलमां पठायो इस्राएलको ईश्वर् सेनाहरुको यहवेले यरूशलेम् ४
देखि बन्धुवा गरायेर बाबेलमां पुर्याएका सबै बन्धुवाहरुलाइ येसो भन्द छ .
घर् बनायेर तिनमां बस अनि बारीहरु लगायेर तिनको फल् खाव ५
स्वास्नीहरु ल्यायेर छोराछोरी जन्माव आफना छोराहरुको लागि बुहारी ६
छान अनि आफनी छोरीहरुलाइ कुटुम्बहरुलाइ ब्याहा देव र तिनिहरुले
पनि छोराछोरी जन्माउन् अनि त्यहां घट होइन तर बढ्दै जाव । अनि ७
जस् सहरमां मैंले तिमिहरुलाइ बन्धुवा गरायेर पठाइ दियेको छु त्येस्को
कुशलको फिक्रि गर अनि त्येसको लागि यहवे सित प्रार्थना गर्न गर .
किनभन्ये त्यो कुशल रह्योकोले तिमिहरुको पनि कुशल हुंछ । किनभन्ये ८

इस्राएलको ईश्वर् सेनाहरुको यहूवेले येसो भन्द छ . तिमिहरुको बीचमां
जो जो अगमवक्ताहरु र चिङ्गो हेर्नेहरु छन् तिनिहरुले तिमिहरुलाइ
बहकाउंनु न पाउन् अनि तिनिहरुले तिमिहरुको विषयमां देख्नेका
९ सपनाहरु तिर कान् न थाप । किनभन्ये तिनिहरुले मेरो नांउले झूठो
अगम् सुनाउंद छन् . मैंले तिनिहरुलाइ तिमिहरु थांइ पठायेको थिइँन
१० यहूवेको येइ बाणी छ । कसोगरिभन्ये यहूवेले येसो भन्द छ बाबेलको
राजको सत्तरी बर्ष पूरा भये पछि मं तिमिहरुको हेरचाहा गर्छु अनि मं
तिमिहरुलाइ येस् ठांउमां फेरि ल्याउंछु भन्येको आफ्नु भलो कुरो पूरो
११ गर्छु । किनभन्ये यहूवेको यो बाणी छ ज्ये ज्ये ठहरावट् मं चइं तिमिहरुको
विषयमां गर्इ कु ति मं चइं जान्द कु ति हानिका होइनन् कुशलका हुन्
१२ भनि अर्थात् अन्तमां तिमिहरुको आशा पूरो हुंछ । त तिमिहरुले मलाइ
डाप्नाछौ अनि आयेर मं थित प्रार्थना गर्छौ अनि मं तिमिहरुको सुन्छु ।
१३ अनि तिमिहरुले मलाइ खोज्छौ अनि पाउंछौ पनि कसोगरिभन्ये तिमिहरु
१४ आफ्नु पूरो मनले मं थांइ आउंछौ । अनि यहूवेको यो बाणी छ मं तिमि
खोज्नेहरुको लागि पाइँछु अनि बन्धुवाई देखि फर्काइ ल्याउंछु अनि मं
तिमिहरुलाइ मैंले तिमिहरुलाइ धपाइ दियेका सबै ठांउ देखि र बन्धुवाई
देखि फर्काइ बटुलि ल्याइ येस् ठांउमां फेरि ल्याउंछु जहां देखि मैंले
तिमिहरुलाइ बन्धुवा गराइ निकालि दियेको थियें . यहूवेको येइ बाणी
१५ छ । अं तिमिहरुले ता भन्द छौ यहूवेले हांमिहरुको लागि बाबेलैमां
१६ अगमवक्ताहरुलाइ प्रगटो गर्यो भनि । तर दाऊदको सिंहासनमां राज्
गर्ने राजा येस् सहरमां रहेका सबै प्रजा अर्थात् तिमिहरुका बन्धुवाईमां
१७ न गयेका दाज्युभाईहरु सबैको विषयमां यहूवेले भन्द छ अं सेनाहरुको
यहूवेले येसो भन्द छ . सुन मं तिनिहरुको बीचमां तरवार् अनिकाल् र
देसान् फिंजाउंछु अनि तिनिहरुलाइ बिकामेहुवाईको कारणले खांनु न
१८ हुने नेभारा भैं तुल्याउंछु । अनि मं तरवार् अनिकाल् र देसान् लियेर
तिनिहरुलाइ खेद्छु अनि तिनिहरुलाइ पृथिवीको राज् राज्मां उछालौंनु
र पक्कारौंनुलाइ दिंछु अनि ति सबै लोग् लोगमां जुन्हरुको बीचमां मैंले
तिनिहरुलाइ धपायेको छु तिनिहरुको सांसु गिल्ला र उदेक् र जिल्लाहरुने र
१९ टट्टा हुंनुलाइ पारि दिंछु . यहूवेको यो बाणी छ मैंले आफ्ना दास्
अगमवक्ताहरुको बाटोले सबारे उठिकन तिनिहरुकां पठायेका मेरा बचन्
न मान्येको साटोमां येसो हुंछ तर तिमिहरुले सुन्ने मन् गर्योन . यहूवेको
२० येइ बाणी छ । त हे तिमि सबै बन्धुवाहरु हो जुन्हरुलाइ यहूवेले
यरूशलेम् देखि बाबेलमां पठायेको छ उस्को बचन् सुन ॥

२१ तिमिहरुलाइ यहूवेको नांउले झूठो अगम् कहने कोलायाहको
छोरो अहाब् र मासेयाहको छोरो सिदकियाहको विषयमां इस्राएलको
ईश्वर् सेनाहरुको यहूवेले येसो भन्द छ . सुन मं तिनिहरुलाइ बाबेलको
राजा नबूकदरेस्सरको हातमां पारि दिंछु अनि ऊस्ले तिनिहरुलाइ तिमि-

हरुको सांसु काट्छ अनि बाबेलमां रह्येका सबै बन्धुवा यहूदीहरुले २२
तिनिहरुलाइ बाबेलको राजाले आगोमां डढ़ायेका सिदकियाह् र
अहाबको कालले भैं यहवेले तंलाइ मारोस् भनि भनिकन गिल्ला गर्दै
गर्दै स्राप् दिंछन्. येस्को कारण् यो छ तिनिहरुले इस्राएलमां मुर्खईंको २३
काम् गर्‍ये अर्थात् पराईकी स्वास्नीहरु सित व्यभिचार् गर्‍ये अनि मेरो
आज्ञा न पाइ मेरो नांउले झूठो बचन् कह्ये यो जान्ने र साक्षी मंने
छु यहवेको येइ बाणी छ ॥

अनि नेहेलामी शमायाहको विषयमां तैंले येसो भन् इस्राएलको २४
ईश्वर् सेनाहरुको यहवेले येसो भन्द छ यरूशलेमका सबै बासीहरुलाइ २५
सबै पूजाहारीहरुलाइ अनि मासेयाहको छोरो सपन्याह् पूजाहारीलाइ
तैंले आफ्ने नांउको येस्तो पत्र लेख्येस् यहवेले तिमिलाइ यहोयादा २६
पूजाहारीको साटोमां पूजाहारी खटायेको छ तिमिले यहवेको घरमां
अधिकारी भइकन जत्तिले त्यहां बौलेहीं गर्दै छन् अनि अगमबक्ता बनीदै
रह्येका छन् तिनिहरुलाइ समायेर काठमां ठोक्येर तिनिहरुको गलामां पाटो
हाल भन्येर। फेरि अनातोती यिर्मयाह् तिमिहरुको बीचमां अगमबक्ता २७
भइ रहंनेलाइ तिमिले किन हकायौन त्येस्ले ता हांमिहरु थांइ २८
बाबेलमां येसो भनि पठायेको छ [तिमिहरुको बन्धुवाई] धेरै बर्ष सम्म
रहंद छ. त घर् बनायेर तिनमां बस अनि बारी लगायेर तिनका फल्
खाव भन्ये। त्यो पत्र सपन्याह् पूजाहारीले यिर्मयाहलाइ परि सुनायो। २९
तब यहवेको बचन् यिर्मयाह् थांइ येसो भनि आयो सबै बन्धुवाहरु ३०
थांइ येसो भनि पठा इस्राएलको ईश्वर् सेनाहरुको यहवेले नेहेलामी ३१
शमायाहको विषयमां येसो भन्द छ. शमायाहले मैंले न पठाइकन
तिमिहरुलाइ अगम् कह्यो अनि तिमिहरुलाइ झूठमां भरोसा गरायो
येस्कारण् यहवेले येसो भन्द छ सुन मं त्येस् नेहेलामी शमायाह् र त्येका ३२
बंशलाइ दण्ड दिंछु त्येसको घर् देखि कोई मेरो प्रजामां रहंदैन अनि मं
आफ्नु प्रजाको जुन् भलाई गर्ने छु त्यो त्येस्ले देख्नु पाउंदैन. कसोगरिभन्ये
त्येस्ले यहवे देखि फर्कि जांन्ये कुरो गर्‍यो. यहवेको येइ बाणी छ ॥

जो बचन् यहवे देखि यिर्मयाह् थांइ आयो त्यो येइ हो ३० १
इस्राएलको ईश्वर् यहवेले येसो भन्द छ जुन् बचन् मैंले तंलाइ भन्यें ति २
सबै बचन् येउटा पोस्तकमां लेख्। किनभन्ये यहवेको यो बाणी छ येस्तो ३
दिन् आउंदै छ मं आफ्नु इस्राएली र यहूदी प्रजालाइ बन्धुवाई देखि
फर्काइ ल्याउंछु. अनि जुन् देस् मैंले तिनिहरुका पिता पर्खहरुलाइ दियेको
थियें त्येमां तिनिहरुलाइ फेरि ल्याउंछु अनि तिनिहरु फेरि त्येको
अधिकारी हुंछन् यहवेको येइ बाणी छ ॥

जुन् बचन् यहवेले इस्राएल र यहूदाको विषयमां भन्येको थियो ति ४
यिने हुन्। यहवेले येसो भन्द छ. कांम्ने शब्द सुनींछ जोले आन्ति होइन ५

६ तर भय् हुंद छ। ऐले सोध को कते लोग्नेमान्छले पनि सुत्केरे पीरा
पाउंद छ. को सबै लोग्नेमान्छेहरुले जन्माउंनु आंद्योकी आइमाइले झैं
आफ्नु आफ्नु कम्मर् आफ्ना आफ्ना हातले मिचि राख्येका देखींद छन्
७ अनि सब्बैका मोहोंड़ा पहेंला पहेंला छन्। हाय् हाय् त्यो आउंदो दिन्
को औधिको डरलाग्दो हुंछ त्येइ दिन् जस्तो अरु कुनै दिन् पनि हुंदैन.
८ याकूबको संकट्को समय् छ तरैपनि त्येस्मां पनि त्यो छोड़ाईंछ। अनि
सेनाहरुको यहूवेको यो बाणी छ त्येस् बेलामां येसो हुंछ मं (बाबेल्ले
राख्येको) जूवा तिनिहरुको कांध् मांथि देखि भांचि आफालि दिंकु अनि
तिनिहरुका बन्धनहरु काटि दिंकु अनि अन्यदेसीहरुले तिनिहरु देखि आफ्नु
९ सेवा गराउंदैनन्. तर तिनिहरुले आफ्नु ईश्वर् यहूवेको र मैंले तिनि-
१० हरुको लागि उठायेको आफ्नु राजा दाऊदैको सेवा गर्छन्। त ए मेरो
दास् याकूब् यहूवेको यो बाणी छ न डरा अनि हे इस्राएल् छक्क न पर्.
किनभन्ये मं तिमिहरुलाइ टाढ़ो देस् देखि र तिमिहरुका बंशलाइ
बन्धुवाईको देस देखि छोड़ाइ ल्याउंकु त याकूब् फर्की र सुख र चैन्
११ सित बस्छ अनि कसैले त्येसलाइ डर् देखाउंनु पाउंदैन। यहूवेको यो
बाणी छ तिमिहरुको उद्धार् गर्नुको लागि मं तिमिहरु सित रहंकु.
कसोगरिभन्ये मैंले तिमिहरुलाइ छरपुष्ट पार्येका लोगको मैंले अन्त गराये
भन्ये पनि मं तिमिहरुको चइं अन्त गर्दीन तै मं तिमिहरुलाइ दण्ड
ता दिंकु तैपनि बिचारिकन दिंकु अनि तिमिहरुलाइ कोई पारिले निर्दोष्
ठहराउंदीन॥

१२ यहूवेले येसो भन्द छ अब तेरो दुक्ख निरुपाय् र तेरो घाउ असाद्धे
१३ देखींद छ। तेरो घाउमां पट्टि बांधुनुको लागि न कोई तेरो कुरो खेर्न
१४ गोहारे छ अनि न तेरो कोइ निको पार्ने ओषति कि मलहम् छ। तेरा सबै
प्रियहरुले तंलाइ बिर्सिहाल्ये तिमिहरुका खेर्चाहा गर्दैनन्. किनभन्ये
तेरा दुला अधर्म्म र गह्रुङ् गह्रुङ् पापको कारणले मैंले सत्तुर् भयेर तंलाइ
१५ हिर्कायें अं निष्ठुर् भयेर दण्ड दियें। तं आफ्नु दुक्खको कारणले किन
कराउंद छस् तेरो घाउ असाद्धे छ. तेरा दुला अधर्म्म र गह्रुङ् गह्रुङ्
१६ पापको कारणले मैंले तंलाइ येइ दुक्ख दियें। येस्कारण् जत्तिले तंलाइ
नील्द छन् ति आफै पनि नीलींकन् अनि तेरा द्रोही आफै पनि सबै
बन्धुवाईमां जांकन् अनि तंलाइ लूट्नेहरु आफै पनि लुटींकन् अनि तेरा
१७ धन् खोस्नेहरुका धन् पनि मं खोसाउंकु। यहूवेको यो बाणी छ मं तंलाइ
कुशलक्षेम् दिंकु अनि तेरा घाउहरु निको पार्कु किनभन्ये मान्छेहरुले तंलाइ
घत्रेटीयेको भन्द छन् अनि येसो पनि भन्द छन् त्यो ता सिय्योन् हो येस्को
१८ फिक्रि कस्ले गर्छ भनि। यहूवेले येसो भन्द छ मं याकूबको डेराको बन्धुवाई
फर्काइ ल्याउंकु अनि त्येसका बासहरु मांथि कृपा गर्कु अनि सहर् आफ्ने
घड़ेरिमां फेरि बस्छ अनि राजमहल् पहिलेको रीत् अनुसारको बनीयेर
१९ बस्छ। अनि त्यहां देखि धन्य धन्य भन्ने र रमाइट् गर्नेको सोर् सुनींछ.

अनि मं तिनिहरुलाइ बढ़ाउंकु तिनिहरु थोरै हुंदैनन् अनि तिनको मान् मराउंकु तिनिहरु सांना हुंदैनन्। तिनिहरुका बालबच्चाहरु पनि फेरि २०
पहिलेका जस्ता हुंकन् अनि तिनिहरुको मंडली मेरो सांमु स्थिर् गराईंकु
अनि जत्तिले तिनिहरु मांथि मिचेईं गर्कन् तिनिहरुलाइ मं दण्ड दिंकु।
अनि तिनिहरुको मालिक् तिनिहरुकै खाल् देखि हुंकु अं तिनिहरु मांथि २१
प्रभुतेईं गर्ने तिनिहरुइ देखि उदय् हुंकु अनि मं त्येस्लाइ आफु कोउ
बोलाउंकु अनि त्यो पनि मं कोउ आउंकु. कसोगरिभन्ये मं कोउ आउंनु
केस्ले आंट् गर्कु यहुवेको येइ बाणी कु। त तिमिहरु मेरा प्रजा हुंकौ २२
अनि मं तिमिहरुको ईश्वर् हुंकु॥

अं ऐले ता यहुवेको बल्दोरिस्को आंधी चलकु अं अरघोर् सारो २३
बेहेरि. अनि त्येस्को झक्कड् दुष्टहरुको सिरमां बल्ले पर्कु। जब सम्म २४
यहुवेले आफ्नु काम् गरि सक्दैन अनि आफ्ना जुक्तिहरु पूरा गरि सक्दैन
तब सम्म उस्को उठेग्को रिस् थामीदैन. अन्तका दिनमां तिमिहरुले त्यो
बूझ्नु सक्कौ॥

त्येस् बेलामां मं सिंगै इस्राएल्का कुलहरुको ईश्वर् हुंकु अनि ३१ १
तिनिहरु मेरा प्रजा हुंकन् यहुवेको येइ बाणी कु। यहुवेले येसो भन्द कु २
तरवार् देखि बांचि निस्क्येका लोग् मांथि मेरो अनुग्रह् बन्मां हुंकु
अर्थात् मैले बिश्राम् गराएको इस्राएल् मांथि। यहुवेले मंलाइ तादि देखि ३
दर्शन् दिइ भन्यो मं सधैं तं सित प्रेम् राख्द कु. येसे कारण् मैले अब
तंलाइ करुणा गरि आफु पट्टि तानि लायें। ए इस्राएल् कन्येकेटी मं ४
फेरि तंलाइ देस्मां बसाल्कु तं बसालींकस्. त्यहां तैंले फेरि सिङारीयेर
तब्ला बजाउंकेस् अनि रमाहट् सङ नाच्दै निक्लंने गर्कस्। तैंले फेरि ५
शोमरोन्को डांड़ामां दाख्का बारीहरु लगाउंकेस्. अनि ति लगाउंने-
हरुले तिनको फल् पनि खांकन्। किनभन्ये येस्को दिन् आउंकु जस्मां ६
एफ्रैम्का पहाड़ेदेस्मांका पहरूहरुले सारो सारो कराउंदै उठ हांमिहरु
आफ्नु ईश्वर् यहुवे थांइ सिय्योन्मां जाऊं भनि भन्कन्। कसोगरिभन्ये ७
यहुवेले येसो भन्द कु आनन्दको सारो सारो सोर्ले याकूबको लागि गाव अनि
सबै लोगहरु भन्दा श्रेष्ठचइंको लागि कराव. सुनाव स्तुति गर अनि है
यहुवे आफ्नु प्रजा इस्राएल्का बचतीभागको पनि उद्धार् गर्नु हवस् भन्दै
प्रार्थना गर। हेर मं तिनिहरुलाइ उत्तर् दिशा देखि ल्याउंकु अं पृथिवीको ८
कोउ देखि पनि ल्याइ ल्याइकन भेला गराउंकु अनि तिनिहरुको बीचमां
अंधा खोरंडे गर्भीणी र सुत्केरेपीरा भोग्नोहरुलाइ पनि ल्याउंकु.
त्येस्ताहरु समेतको तुलो मंडलो यहां फर्कि आउंकु। तिनिहरु आंसु ९
बहाउंदै आउंकन् अनि बिन्ति गर्दै मं देखि पुग्याईंकन्. मं तिनिहरुलाइ
नदीको तीरै तीर् हिंड़ाल्कु तिनिहरुलाइ ठेस् न लाग्ने सोजो बाटो
बाढ़ो. किनभन्ये मं इस्राएल्को लागि पिता हुं अनि एफ्रैम् मेरो
जेठोछोरो हो॥

१० हे लोग् लोगहरु हो यहूवेको बचन् सुन अनि टाढा टाढाका
टापूहरुमां पनि सुनायेर भन इस्राएललाइ छरपुष्ट पार्नेले त्येसलाइ भेला पनि
११ गराउंछ अनि गोठालाले आफ्नु बगाल्लाइ झैं त्येस्को रक्षे गर्छ। किनभन्ये
यहूवेले याकूबलाइ छोड्नायेको छ अनि तिनिहरुलाइ तिनिहरु भन्दा
१२ बल्लियाका हात् देखि छुट्कारा दियेकोछ। त तिनिहरुले सिय्योन्को
थाम्लिमां आयेर गाउंछन् अनि तब अन्न नया दाख्मद्य तेल् र भेंड़ाबाख्राका
पाठा गाईगोरुका बाच्छा अस्सल् अस्सल् दान् पायेको लागि तांते तांत्
यहूवेको भलाई तिर जांछन्. अनि तिनिहरुको मन् भिजायेको बारी जस्तै
लहलह पर्येको हुंछ अनि तिनिहरु फेरि फेरि कैले पनि उदास् हुंदैनन्।
१३ ति ताक कन्येकेटीहरुले नाच्दै नाच्दै रमाइट् गर्छिन् अनि जुवान्हरु र
बूढ़ाहरुले एकै साथ् आनन्द गर्छन्. कसोगरिभन्ये मं तिनिहरुका शोक्
चइं हर्ष गराउंछु अनि तिनिहरुलाइ शान्ति दिंछु अनि दुक्खको साटोमां
१४ आनन्द गराउंछु। अनि मं पूजाहारीहरुको मन्लाइ चिल्ला चिल्ला थोकले
तृप्त गराउंछु अनि मेरो सिंगै प्रजा मेरा अस्सल् अस्सल् दानले सन्तुष्ट
हुंछन्. यहूवेको येइ बाणी छ॥

१५ यहूवेले येसो पनि भन्द छ. रामामां येउटा शब्द सुनीयो बिलापे
अनि धेर् रुवाई राहेल् आफ्ना बालखहरुको लागि रोयेकी अनि त्येस्ले
आफ्ना बालखहरुको लागि मनाईंने इच्छे गरीन तिनिहरु छैनन् भन्येर।
१६ यहूवेले येसो भन्द छ. आफ्नु रुंने बिलाप् गर्ने शब्द थाम् अनि आंसु
बहाउंनु. किनभन्ये यहूवेको यो बाणी छ तेरो दास्तीको साटो दिईंछ
१७ तिनिहरु सत्रुहरुको देस् देखि फर्कि फर्कि आउंछन्। यहूवेको यो बाणी
छ अन्तमां तेरो आशा पूरो हुंछ अनि तेरा बंश आफ्नु सिमाना भित्र फर्कि
१८ आउंछन्। सांचि सांचिनै मैंले एप्रैमले यि कुरा भन्दै बिलाप् गर्येको सुन्यें
तपांइले मंलाइ दण्ड दिंनु भयो मं बैमान् गोरु जस्तै थियें र. तपांइ मं
तिर फर्काउंनु हवस् त मं फर्काईंछु किनभन्ये तपांइनै मेरो ईश्वर् यहूवे हुंनु
१९ हुंद छ। निस्से मं तपांइ देखि फर्की पछि पछुतायें अनि मैंले शिक्षा पाये
पछि आफ्नु जांघ् ठटायें. मेरो जुवानेईंको पाप् सम्झि सम्झिकन
२० लज्जित् भयें अं मेरो मुख् कालो भइ गयो। के एप्रैम् मेरो पियारो छोरो
होइन. के त्यो मेरो लाड़े बालख होइन. अं जब जब मं तिनिहरुलाइ
सुक्ख दिंनु खोज्द छु तब तब तिनिहरु मेरा प्याराहरु हुन् भनि मंलाइ
राम्रै सम्झना हुंद छ. अनि त्येस्को कारणले मेरो मन् कमलींद छ
अनि मं निस्से त्येस् मांथि दया गर्छु. यहूवेको येइ बाणी छ॥

२१ जुन् बाटो बाड़ेा तं बन्धुवा भयेर पर्देस् गयेको थिइस् त्येसैमां धोचा
र लाठा चिंनुको लागि तियार् पार्. अनि ए इस्राएलकन्ये उता बाटो
२२ आफ्नु आफ्नु सहरमां फर्कि आ। ए फर्काई गर्ने छोरी तं कैले सम्म
येता उति डुलि रहंछेस्. कसोगरिभन्ये यहूवेको येउटा नया सृष्टि
पृथिवीमां प्रगटो छ अर्थात् नारीले नरलाइ संभालुंछे॥

इस्राएलको ईश्वर् सेनाहरुको यहूवेले येसो भन्द छ . जब मं यहूदी २३
बन्धुवाहरुलाइ फर्काइ ल्याएर तिनिहरुको देशका सहर्हरुमां बसाल्छु तब
तिनिहरुमां फेरि यो कुराको आशीर्वाद् दिइँछ अर्थात् ए धर्म्मपूर्ण
बासस्थान् ए पवित्र पर्वत् यहूवेले तंलाइ आशीष् देवस् भन्ये । अनि २४
त्येसमां यहूदा र त्येसका सबै सहर्हरु जम्मा भइ भइ बस्छन् . गृहस्तहरु
र गोठालाहरु पनि त्येसां बस्छन् । कसोगरिभन्ये मैंले सबै थाकेका २५
प्राणहरुलाइ सन्तोक् गरायें अनि सबै उदास् भयेको प्राणलाइ भरपूर्
गरायें । येतिमां मैंले दर्शन् देखि बिउंझेर हेर्यें मेरो निन्द्रा मेरो लागि २६
मौठो रछ । यहूवेको यो बाणी छ सुन् येस्ता दिन् आउंद छन् जुन् २७
दिनमां मं इस्राएलको जहान् र यहूदाको जहान्का बालबच्चाहरु
र मान्छेहरु बस्तुभाव् हुवेलाइ बढ़ाउंछु । अनि येसो हुंछ जसोरिकन मं २८
गुणि गुणिकन तिनिहरुलाइ लढ़ाउंद र भत्काउंद र नास् पार्द अं बांझो र
सत्येनासे पार्द थियें त्येइ परिले मं अब गुणि गुणिकन रोप्छु अनि
बढ़ाउंछु यहूवेको येइ बाणी छ । ति दिनमां तिनिहरुका पित्रहरुले चर्चरे २९
खाये येस्कारण् तिनिहरुका बंशका दांत् कुंड़ीये भनि फेरि भन्दैनन् । तर ३०
त्येस् बेलामां जनंगे आफ्नै पापको कारणले मर्छ . जस्ले चर्चरे खांछ
त्येसेका दांत् कुंड़ीछन् ॥

फेरि यहूवेको यो बाणी छ सुन् ति दिन् आउंछन् जस्मां मं इस्रा- ३१
एलको जहान् र यहूदाको जहान् सङ नया नियम् बांध्छु . त्यो चइं ३२
नियम् मैंले तिनिहरुका पितापुर्खहरु सित तिनिहरुलाइ हातमां समात्येर
मिस्र देस् देखि निकालि ल्याएको बेलामां बांध्येको जस्तो हुंदैन .
किनभन्ये मैंले तिनिहरु सङ लोग्ने स्वास्नीको जस्तो सम्बंध् राख्यें र पनि
तिनिहरुले मं देखि बांधीयेको नियम् तोड़ेर यहूवेको येइ बाणी छ ।
तर यहूवेको यो बाणी छ थि दिन् पछि मं जुन् नियम् इस्राएलका ३३
जहान् सित बांध्छु त्यो येइ हो मं आफ्नु व्यवस्था तिनिहरुको मनमां
बसाउंछु अनि तिनिहरुको हिर्दयमां लेख्छु अनि मं तिनिहरुको ईश्वर्
हुंछु अनि तिनिहरु मेरा प्रजा हुंछन् . अनि तिनिहरु एकाले अर्कालाइ ३४
यहूवेको ज्ञान् सिक भनि भन्दैनन् कसोगरिभन्ये यहूवेको यो बाणी छ
सांना तुला सब्बैलाइ मेरो ज्ञान् हुंछ कसोगरिभन्ये मं तिनिहरुको
अधर्म्म क्षमा गर्छु अनि तिनिहरुको पाप् फेरि केले पनि सम्झंदीन ।
जस्ले दिउंसो ज्योति दिंनुको लागि घाम्को र रातिको उज्यालोको लागि ३५
जुन्को र ताराहरुको नियम् ठहरायो अनि समुन्द्रलाइ उछाल्द र त्येका
छाल्हरुलाइ गर्जाउंद छ अनि जस्को नांउ यहूवे छ उइ यहूवेले येसो
भन्द छ . जब ति नियमहरु मेरो सांमु कुटि जांनन् तबै इस्राएलको बंश ३६
पनि मेरो लोग् हुंनु देखि सदाको लागि कुटि जांछ यहूवेको येइ बाणी छ ।
यहूवेले येसो भन्द छ . जब आकाश् नापीयेला अनि खनिकन पृथिवीको ३७
जग् पाईयेला तबै मंचइं इस्राएलका सबै बंशका सबै पापको कारणले

३८ तिनिहरु देखि हात् झिकुंला यहूवेको येइ बाणी छ । सुन् यहूवेको यो
बाणी छ येस्ता दिन् आउंद छन् जुन् दिनमां यरूशलेम् सहर् हननेलको
३९ धरारा देखि कुनाको ढोका सम्म यहूवेको लागि बनाइँछ । अनि येल्को
जग् बसाल्ने डोरी फेरि अघि बढेर गोजे गारेबुडांड़ा सम्म पुगछ अनि
४० त्यहां बाटो घुम्येर गोआ सम्म जांछ । अनि सिंनुहरु र खरानिहरुको
सिंगे भल्खांड़ा र किद्रोन् खोल्चा सम्म जत्ति जग्गा छन् अनि घोड़ा-
हरुको पूर्व ढोका सम्म जति जग्गा छ ति सबै यहूवेको लागि पवित्र हुंछ
अनि [यरूशलेम्] सदा सम्म फेरि फेरि न ता भत्काइँछ अनि न लड़ाइँछ ॥

३२ १ यहूदाको राजा सिद्कियाहको राजको दसौं बर्षमां जो
नबूकद्रेस्सरको राजको अठारौं बर्ष थियो यहूवे देखि यिर्मयाह् थांइ
आयेको बचन् येइ हो त्येस् बेला बाबेलको राजाको सेनाले यरूशलेम् घेरि
२ हाल्यो . अनि यहूदाको राजाको महलको पहराचौकीहरुको आघनमां
३ यिर्मयाह् अगमबक्ता कैद् गरीयो . यहूदाको राजा सिद्कियाहले येसो
भनिकन यिर्मयाहलाइ कैद् गर्यो तिमिले येस्तो अगम् किन कह्यौ अर्थात्
यहूवेले येसो भन्द छ सुन मं यो सहर् बाबेलको राजाको हातमां पारि
४ दिंछु त त्येस्ले आयेर यो लिहालछ अनि यहूदाको राजा सिद्कियाह्
कल्दीहरुको हात् देखि बांच्दैन तर त्यो बाबेलको राजाको हातमां
अवस्सैनै पर्छ अनि त्यो र बाबेलको राजा मुखामुख् बोलछन् अनि त्येल्का
५ आंखाले त्येल्का आंखा हेर्छन् अनि त्येस्ले सिद्कियाहलाइ बाबेलमां
लैजांछ अनि यहूवेको यो बाणी छ मैले त्येल्को हेर्चाहा न गरुंञ्जाल्
सम्म त्यो तिहीं रहंछ . त तिमिहरुले कल्दीहरु सित लड़ाइँ गर्यौ भन्ये
पनि तिमिहरुको सुफल् हुंदैन भन्येर ॥

६ तब यिर्मयाहले भन्यो यहूवेको यो बचन् मं थांइ आयो सुन्
तेरो काक्काबाबु शल्लूमको छोरो हनमेल् तं थांइ येसो भन्नुलाइ आउंछ
अनातोत्मां भयेको मेरो जग्गा किन . किनभन्ये तो किनि छोड़ाउने
८ अधिकार् तिमिलाइ पर्ने छ पनि । नभन्दै यहूवेले भन्ये अनुसार् मेरो
काक्काबाबुको छोरो हनमेलले पहराचौकीको आघनमां मं थांइ आयेर
भन्नु लाग्यो बिन्यामीनको देसमां अनातोत्मां भयेको मेरो जग्गा
किन . किनभन्ये त्येल्को धनी हुंने र त्यो किनि छोड़ाउंने अधिकार्
तिमिलाइ पर्ने छ त त्यो तिमिले किन । यो सुन्येर मैले जान्यें यहूवेको
९ बचन् यो थियो भनि । त मैले त्यो अनातोत्मां भयेको जग्गा मेरो
काक्काबाबुको छोरो हनमेल् देखि किन्यें अनि त्येल्को दाम् चांदीका सत्र
१० शेकेल् जोखि जोखिकन दियें । अर्थात् तमसुकमां सही र मोहर्
लगाये पछि साक्षीहरु बोलायरे त्यो चांदी कांटामां जोखेर त्येल्लाइ
११ दियें । तब किन्ने हुवे तमसुक जुन्हरुमांको थैउटामां व्यवस्था र रीत्
१२ अनुसार मोहर् थियो अनि अर्को चइं खोला थियो ति लियेर मैले

आफ्नु काक्काबाबुको छोरो हनमेलको र ति तमसुकमां सही हाल्ने साक्षीहरुको सांमु र पहराचौकीको आघनमां बस्ने सबै यहूदीहरुको सांमु महसेयाहको छोरो नेरिय्याहको छोरो बारूकलाइ सुम्पि दियें। १३
यहांदेखि मैंले तिनिहरुको सांमु बारूकलाइ येसो भनि आज्ञायें इस्राएलको ईश्वर सेनाहरुको यहूवेले यो आज्ञा सुनाइकन भन्यो यि १४
किन्येको तमसुकहरु अर्थात् यो मोहर लाग्येको र यो खोला पत्र लग्येर येउटा मांटोको भांड़ामां हलिराख् र ति धेरै दिन् सम्म रहुन्। किनभन्ये १५
इस्राएलको ईश्वर सेनाहरुको यहूवेले यसो भन्द छ. येस् देसमां घर् र बारी र दाखका बारीहरु फेरि किनीन्छन्॥

मैंले त्यो किन्ने तमसुक् नेरिय्याहको छोरो बारूकको हातमां दिये १६
पछि मैंले यहूवे सित यो प्रार्थना गर्यें। हे प्रभु यहूवे तपांइले आफ्नु १७
बड़ो सामर्थले र पसार्येको बांहाले आकाश् र पृथिवी बनाउंनु भयो अनि
तपांइको लागि कुने काम् पनि कठिन् छैन. तपांइ हजार् हजारको १८
लागि करुणा गर्दै रहंनु हुंद छ अनि पित्रहरुका अधर्म्मको साटो तिनिहरु
पछि तिनिहरुको बंश्लाइ पनि दिंनु हुंद छ. तपांइ उ महा र उ
पराक्रमी ईश्वर् हुंनु हुंद छ जस्को नांउ सेनाहरुको यहूवे हो. तपांइ १९
उदेक् उदेकको जुक्ति निकाल्ने र कार्य्यमां पराक्रमी. मान्छेको सन्तानका
सब्बै चालचलन् तपांइको आंखाको सोजि रहंद छन् अनि तपांइले एक्
एकलाइ त्येस्का चालचलन् र करनीको फल् भोगाउंनु हुंद छ. तपांइले २०
मिस्र देसमां चिंनु र आश्चर्य्य गर्नु भयो जुन्हरुको चर्चा यहां इस्राएलीहरु
र अरु मान्छेहरुमां हुंदै आयो अनि तपांइले आफ्नु नांउ चलाउंनु भयो जो
आजु सम्म छ अनि तपांइले आफ्नु इस्राएली प्रजालाइ मिस्र देस् २१
देखि चिंनु र आश्चर्य्यकर्म्म गरि बल्लियो हात् र पसार्येको बांहांले डर्लाग्दा
काम्हरुको बाटोले निकालि ल्याउंनु भयो फेरि तपांइले तिनिहरु- २२
लाइ तिनिहरुका पित्रहरुलाइ दिंने किरिया खांनु भयेको दुद् र मह बहंने
येस् दिंनु भयो अनि तिनिहरु भित्र आयेर येस्को धनी ता भये तर २३
तपांइका कुरा मान्येनन् अनि न तपांइको व्यवस्थामां हिंड़ेर तपांइले
तिनिहरुलाइ गर्नु दिंनु भयेको आज्ञामांको केइ पनि तिनिहरुले मान्ये-
नन्. येसैकारणले तपांइले तिनिहरु मांथि यि सबै विपत्ति हालनु
भयो. अब यि घेराहरु [सत्तूरहरु] हेर्नु हुवम् यो सहर् लिंनुको लागि २४
आइ रह्येका छन् अनि येस् सहरमां तरवार् चल्दै छ अनि अनिकाल्
पर्येको छ अनि रुढ़ि फैलौंदै छ यि सबैको कारणले यो सहर् यि
आइ लाग्येका कल्दीहरुको ताबिमां परि सक्येको जस्तिकै भयो.
येसैगरि तपांइले भन्येको अनुसार् पूरा भयो अनि तपांइले यो देख्दै
पनि हुंनु हुंद छ। अनि हे प्रभु यहूवे तपांइले मलाइ साक्षीहरुलाइ २५
डाकेर त्यो जग्गा किन् भन्ने आज्ञा दिंनु भयो तरपनि यो सहर् ता
कल्दीहरुको ताबिमां परि सक्यो॥

२६ २७ तब यह्वेको यो बचन् यिर्मयाह् थांइ आयो मं चइं ता सब्बै
जीवधारीहरुको ईश्वर् यह्वे हुं. क्ये मेरो लागि कुनै काम् कठिन् हुंद छ॥
२८ त यह्वेले येसो भन्द छ. सुन् मैंले यो सहर् कल्दीहरु अनि
बाबेल्को राजा नबूकद्रेस्सर्को ताबिमां पारि दिंनु आंद्येको छु त त्येस्ने
२९ यो लिंछ. अनि येस् सहर् सित लड़ाईं गर्ने कल्दीहरुले आयेर येस्
सहर्मां आगो लगाइ दिंछन् अनि [यहूदीहरुले] बाल्को लागि कौसिमां
धूप् हाल्येर पराय्देव्ताहरुलाइ बलिदान् चढ़ाइ चढ़ाइ मंलाइ रिस्
३० उठायेका घर्हरु डड़ाईंछन्। किनभन्ये इस्राएल्बंशीहरु र यहूदाबंशीहरु
तादि देखि मंलाइ नजाति लाग्ने काम् गर्दै आयेका छन् अनि आफुले
बनायेका थोक् पूजि पूजिकन मंलाइ रिस् उठाउंदै आयेका छन् यह्वेको येइ
३१ बाणी छ। यो सहर् बनीयेको दिनै देखि आजु सम्म मंलाइ रिस् उठ्नु
लाउंने र बल्दोरिस्को कारण् मांत्रै हुंदै छ त अब मं येस्लाइ पर सार्छु.
३२ येस्को कारण् येइ हो अर्थात् इस्राएल्बंशी र यहूदाबंशी आफ्ना राजाहरु
मालिक्हरु पूजाहारीहरु र अगम्बक्ताहरु समेत् क्ये यहूदा देस्का क्ये
यरूशलेम्का बासी सब्बैनै बुराई गरि गरिकन मंलाइ रिस् उठाउंदै आये।
३३ अनि यिनिहरुले मं तिर मुख् होइन पिठिउं फर्काये. मं तिनिहरुलाइ
सखारै उठिकन सिकाउंने गर्दै आयें र पनि यिनिहरुले मेरो शिक्षा मान्येनन्।
३४ तर मेरो नांउले भनींने घर्मां पनि तिनिहरुले आफ्ना घिन्लाग्दा
३५ थोक् त्येस्लाइ अशुद्ध गर्नुलाइ राख्ये। अनि तिनिहरुले हिन्नोम्बंशीको
भनींने तरिमां बाल्का अल्गा ठांउ बनाइ आफ्ना छोराछोरीहरुलाइ
मोलेक्को लागि आगोको बाटो बाड़ो हिंड़ाल्ये जसो गर्नु मैंले
तिनिहरुलाइ कैलेइ आज्ञा दिईंन अनि न येस्ता घिन्लाग्दा काम् गरिकन
यहूदीहरु पाप्मां फांसीउन् भन्ये कुरो मेरो मन्मां कैलेइ आयो॥
३६ अब इस्राएल्को ईश्वर् यह्वेले तिमिहरुले तरवार् अनिकाल् र
रुढ़िको बाटोले बाबेल्को राजाको हात्मां परि सक्यो भन्येको येस्
३७ सहर्को बिषय्मां येसो भन्द छ. सुन मैंले रिसायेर बल्दोरिस्मां
भइ अनि औधि क्रोधित् भइ [यहूदीहरुलाइ] बलैले घच्येटि पठायेका
ति सबै देस् देस् देखि तिनिहरुलाइ फर्काइ ल्यायेर येसै सहर्मां भेला
३८ गराउंछु अनि बिना डर्कागरि बसालि दिंछु. अनि तिनिहरु मेरा प्रजा
३९ हुंछन् अनि मं चइं तिनिहरुको ईश्वर् हुंछु. अनि मं तिनिहरुको
एकै मन् र एकै चाल् गराइ दिंछु अनि तिनिहरु सदा मेरो भय् मान्दै
रहंने गराउंछु र तिनिहरुको र तिनिहरु पछि तिनिहरुका बंशको पनि
४० भलो हवस्. अनि मं तिनिहरु सित सदाको यो नियम् बांध्छु अर्थात्
तिमिहरुको संगत् छोड़ि तिमिहरुको भलाई गर्नु छोड़छु येसो कैलेइ हुंदैन
भन्ये। अनि मं तिनिहरुको मन्मां आफ्नु भय् येस्तोगरि बसाल्छु
४१ तिनिहरु कैलेइ मं देखि अलग् जांदैनन्। अनि मं औधि खुशि
सित तिनिहरुको भलाई गर्दै रहंछु अनि सांचि सांचिनै तिनिहरुलाइ

येस् देसमां पुरो मन् र पुरो प्राण् समेतले बसालि दिंकु । कसोगरिभन्ये ४२
यहूवेले येसो भन्द क्र . जसोरि मैंले येस् प्रजा मांथि यि सबै विपत्ति
हाल्यें त्येसैगरि यिनिहरु मांथि गर्कु भनि दियेका सबै भलाई पनि मं
गर्कु । फेरि तिमिहरुले उजार् भयो येसमां न ता मान्छे क्रन् अनि न ४३
पशु यो कल्दीहरुको ताबिमां परि सक्यो भन्येको येस् देसमां फेरि
जग्गा किनौंक्रन् । बिन्यामीन्को देसमां र यरूशलेमका क्षेउक्राउ र ४४
यहूदाका सहर्हरु र पहाड़िदेसको र बेंसि देस् र दक्खिन् देसका
सहर् सहर्मां लोगले फेरि साक्षी डाकि डाकिकन जग्गा किन्क्रन् अनि
तमसुक्मां सही र मोहर् लगाउंक्रन् . कसोगरिभन्यें मं [यहूदी]
बन्धुवाहरुलाइ फर्काइ ल्याउंकु . यहूवेको येइ बाणी क्र ॥

येस् उप्रान्त जब यिर्मयाह् पहराको आघन् मां पुनीइ रह्येको ३३ १
थियो तब यहूवेको यो बचन् त्यो पांइ दोस्रो खेप् आयो आफ्नु २
बचन् पूरो गर्ने यहूवे त्यो पूरो गर्ने अनि अन्तमां आफ्नु भन्येको कुरो
बल्लियो पनि गराउंने यहूवे . जस्को नांउ यहूवे हो उसैले भन्द क्र . मं ३
सित प्रार्थना गर् अनि मं तेरा कुरा सुन्येर तंलाइ तुला तुला र कठिन्
कठिन् भेद् देखाउंकु जो तं येले बूझ्दैनस् । इस्राएल्को ईश्वर् यहूवेले ४
येसो भन्द क्र यहूदाका राजाहरुका घर्हरु र येस् सहर्का घर्हरु
भत्काईयेका क्रन् उठाईयेका गड़ि र तरवार् सित सुबिस्ता सित लड़ाईं
गर्नु सक्नुको लागि . अं कल्दीहरु सित लड़ाईं गर्नेहरुलाइ मं रिसाइकन ५
र रिस्ले बलिकन कटाइ कटाइकन तिनिहरुका मुर्दाहरु तिनै खालि
गरीयेका ठाउं हुंदो भराइ दिंकु किनभन्ये तिनिहरुको दुष्टैंको कारणले
मैंले येस् सहर् देखि आफ्नु मोहोंड़ा फर्कायें । तरेपनि मं त्येस्को लागि ६
निकोपराई र चंगागराई दिंकु अनि तिनिहरुलाइ निको पार्कु अनि
तिनिहरुको गत् पूरे शान्तिको र सच्चैंको पारि दिंकु । अनि मं यहूदा र ७
इस्राएल्को बन्धुवाहरुलाइ फर्काइ ल्याउंकु अनि अगाड़िको जस्तो
तिनिहरुलाइ फेरि बनाउंकु । अनि मं तिनिहरुलाइ तिनिहरुले मेरो ८
बिरुद्धमां गर्येका सबै अधर्म्म र पाप् देखि शुद्ध गराउंकु अनि तिनिहरुले
जत्ति अधर्म्म र पाप् र अपाधको काम् मेरो बिरुद्धमां गर्येका क्रन् ति सबै
मं क्षमा गर्कु । जब पृथिवीका सबै लोग् लोग्ले मैंले [यिहूदा] मांथि ९
गर्येका भलाई सुन्क्रन् अनि मैंले तिनिहरुलाइ दियेका सबै कल्याण् र
शान्तिको चर्चा सुन्क्रन् तब तिनिहरु डराउंक्रन् अनि थर्थराउंक्रन् .
तब (यो सहर्) ति लोग् लोग्को लेखिमां मेरो हर्षको र शोभा हुंने
र मेरो स्तुति हुंने कारण् हुंकु । यहूवेले येसो भन्द क्र . तिमिहरुले यो १०
उजार् भयो येसमां न ता मान्छे रह्येको क्र अनि न पशु अर्थात् यहूदाका
सहर्हरु अनि यरूशलेमका बाटाहरु येस्तोगरि सुनसान् भइ रह्येका क्रन्
तिनमां न कोई मान्छे रह्येको क्र अनि न कोई बासी न पशु भनि भन्येको
सहर्मां हर्ष र हर्षबड़ाईको शब्द ब्याउला ब्याउलीको शब्द र ११

सेनाहरुको यहूवेको धन्नबाद् गर किनभन्ये यहूवे भलो छ अनि उस्को
करुणा सनातन् सम्म रहंद छ भन्नेहरुको शब्द फेरि सुनींछ. अनि
यहूवेको घर्मां धन्नबादी बलिदान् ल्याउंनेहरुको पनि शब्द सुनींछ।
कसोगरिभन्ये मं येस् देसको गत् अगाड़िको जस्तो सुक्वको तुल्याइ
१२ दिंकु. यहूवेको येइ बाणी छ। सेनाहरुको यहूवेले येसो भन्द छ यो
ठांउ त्येस्का सम्बन्धी सहर्हरु समेत् येस्तो उजार् छ त्येसां न मान्छे
छ अनि न पशु तर त्येसेमां भेंड़ाबाख्रा बसाल्ने गोठालाहरु फेरि रहंनु
१३ लाग्छन्। को पहाड़ेदेस्का को तराईदेस्का को दक्खिन् देस्का सहर्
सहर्मां को बिन्यामीन्को देसमां को यरूशलेम्का छेउछाउमां अं
यहूदाका सबै सहर् सहर् हुंदो भेंड़ा बाख्राहरु फेरि गनि गनिकन
चराईंछन्. यहूवेको येइ बचन् छ॥
१४ यहूवेको यो बाणी छ सुन् येस्ता दिन् आउंछन् जस्मां मैंले जुन् शान्तिका
बचन् इस्राएल् र यहूदाका जहान्को बिषयमां भन्येको छु त्यो पूरो गर्छु।
१५ ति दिनमां मं दाऊद्को बंशमां धर्म्मको पालुवा नांउको येउटा माल्छेलाइ
१६ उदय गराउंछु अनि उस्ले येस् देसमां निया र धर्म्म गर्छ। ति दिनमां यहूदा
बांचि रहंछ अनि यरूशलेम् निडर् सङ रहंछ अनि [यरूशलेम्को] नांउ
१७ यो हुंछ अर्थात् यहूवे सिदकेनू[1]। कसोगरिभन्ये यहूवेले येसो भन्द छ.
दाऊद्को कुलमां इस्राएल्को जहान्को सिंहासनमां बिराजने कैलेइ
१८ घट्दैन अनि न लेवी पूजाहारीहरुका कुलमां मेरो लागि सदा होम्
बलि चढ़ाउंने र अन्नबलि जलाउंने र मिलापबलि चढ़ाउंने कैलेइ घट्छन्।
१९ अनि फेरि यहूवेको यो बचन् पनि यिर्मयाह् थांइ येसो भनि आयो
२० यहूवेले येसो भन्द छ. मैंले दिन्को बिषयमां र रात्को बिषयमां जुन्
नियम् बांध्येको छु त्यो जब तिमिहरुले ति आफ्नु आफ्नु बेलामां दिन्
२१ रात् न हुंनेगरि टुटाउंनु सकौला तबै मांत्रै मैंले आफ्नु दास् दाऊद्
सित तेरो बंशको सिंहासनमां बिराजने कैलेइ घट्दैन भनि बांध्येको
नियम् र मैंले आफ्नु सेवाटहल् गर्ने लेवी पूजाहारीहरु सित बांध्येको मेरो
२२ नियम् पनि टुट्नु सक्ला। जसोरि अकाश्को सेना गनींनु सकींदैन अनि
समुन्द्रको बालुवाको कनिका बिहिसाप् छन् त्येस्ते मं आफ्नु दास् दाऊद्को
बंशकाहरुलाइ र मेरो सेवाटहल् गर्ने लेवीहरुलाइ बढ़ायेर बिहिसाप्का
२३ २४ पार्छु। फेरि यहूवेको बचन् यिर्मयाह् थांइ येसो भनि आयो को तैंले
गुप्येको कैनस् यि लोगले येसो को भन्द छन् भनि अर्थात् यिनिहरुले
भन्द छन् यहूवेले छांमिहरुका दुइ मंडलीलाइ छान्येको थियो ति दुवै देखि
उस्ले आफ्नु हात् उठायो भनि. येसोरि मेरो लोग्को अन्त हुंछ भन्येर
२५ यिनिहरुले मेरो प्रजा होइ रहंनु तुच्छ जान्द छन्। यहूवेले येसो भन्द छ.
दिन् र रात् हुंने बिषयमां मैंले बांध्येका नियम् अटल् रह्नेनन् भन्ये अनि

---

१ अर्थात् यहूवे छांमिहरुको धर्म्म हो।

आकाश् र पृथिवीको नियम् मैले ठहरायेको अनुसार् रह्येनन् भन्ये
देखि मं याकूबवंशी देखि हात् उठाउंछु अनि अब्राहाम् इस्हाक् र २६
याकूबका बंश मांथि प्रभुतेइं गर्नुको लागि दाऊदवंशी कसैलाइ फेरि फेरि
उठाउंदौंन . तर मं तिनिहरु मांथि दया गर्येर तिनिहरुलाइ बन्धुवाई
देखि फर्काइ ल्याउंछु ॥ ✓

जब बाबेलको राजा नबूकदनेस्सर् आफनु सिंगै पल्टन् समेत् र ३४ १
त्येस्को ताब्रिमां भयेका पृथिवीका राजहरु र सबै लोग् समेत् यरूशलेम् र
त्येस्का सम्बन्धी सबै सहर् सहर् सित लड्राइं गर्दै थियो तब यहूवेको यो
बचन् यिर्मयाह् थांइ आयो . इस्राएलको ईश्वर् यहूवेले येसो भन्द छ २
गयेर यहूदाको राजा सिद्कियाह्लाइ भन् यहूवेले येसो भन्द छ सुन् मं यो
सहर् बाबेलको राजाको हातमां पारि दिंछु अनि त्येस्ले यो आगोले
डड्राउंछ . अनि तं त्यस्को हात् देखि बांच्दैनस् तर अवस्सेनै पकड्रानै ३
पर्छस अनि त्येस्को हातमां पारि दिइंछस् अनि तेरा आंखाले बाबेलको
राजाका आंखा हेर्छन् अनि त्यो तं सङ मुखामुख बोल्छ अनि तं
बाबेलमां जांछस् । तैपनि ए यहूदाको राजा सिद्कियाह् यहूवेको यो ४
बचन् पनि सुन् . यहूवेले तेरो बिषयमां येसो भन्द छ तं तरवार्ले काटीं-
दैनस् तर तं कुशल् सित मर्छस् अनि जसोरि तेरा पित्रहरु अर्थात् तं ५
भन्दा पहिले भयेका राजाहरु पोलोयेका थिये त्येसैरि तं पनि पोलौंछस्
अनि लोगले हाय् मेरा प्रभु भनि भनिकन तेरो बिषयमां बिलाप् गर्छन्
यहूवेको येइ बाणी छ । तब यिर्मयाह् अगम्बक्ताले यहूदाको राजा ६
सिद्कियाह्लाइ यरूशलेममां यि सबै बचन् त्येस् बेलामां भन्यो जब ७
बाबेलको राजाको पल्टनले यरूशलेम् सित र यहूदाका बांचेका सहरहरु
सित अं लाकीश् र अजेका सित पनि लड्राइं गर्दै थियो, कसोगरिभन्ये
यहूदाका घेरा भयेका जति सहर् थिये तिनिहरुमांका खालि तिनै दुइ
सहर् मांत्रै रह्येका थिये ॥ ✓

यहूवे पट्टि बाटो यिर्मयाह् थांइ बचन् आयो सिद्कियाह् राजाले ८
यरूशलेममां भयेका सबै प्रजाहरुमां दास्हरुलाइ निर्बंध् गराउंने बाचा
बांध्ने प्रचार् गरायो अर्थात् आफ्ना आफ्ना इब्री दास् र ९
इब्रिनी दासी जत्ति छन् तिनलाइ निर्बन्ध् तुल्याइ छोड़ि दिउन्
अनि फेरि कसैले आफनु यहूदी दाज्युभाईहरु देखि काम् न गरावस्
भन्ये . तब सबै मालिकहरु र सबै प्रजाले हांमिहरु आफ्ना आफ्ना १०
दास् दासीहरुलाइ निर्बन्ध् गरि छोड़ि दिंछौं अनि तिनिहरु देखि फेरि
फेरि काम् गराउंदौंन भन्ये बाचा अनुसार् गर्ये अनि ति मानिकन
तिनिहरुलाइ छोड़ि दिये . तर पछि तिनिहरुले फर्क्यर तिनिहरुले निर्बन्ध् ११
गरि छोड़ि दियेका दास् दासीहरुलाइ फेरि आफनु आफनु ताब्रिमां पारि
दास् दासी तुल्याये . त्येस् पछि यहूवेको पट्टि बाटो यो बचन् यिर्मयाह् १२

१३ यांइ येस्कारणले आयो इस्राएलको ईश्वर् यहूवेले येसो भन्द छ.
जुन् दिन् मैंले तिमिहरुका पित्रहरुलाइ बंधुवाईको घर् देखि अर्थात्
मिस्र देस् देखि निकालि लायें त्येस् दिन् मैंले तिनिहरु सित येस्तो
१४ नियम् बांध्येको थियें अर्थात् तिमिहरुको हातमां बेचीयेको
तिमिहरुको इब्री भाईलाइ सात् बर्ष बीत्ये पछि छोड़ि दिनु त्येस्ले छ
बर्ष सेवा गर्ये पछि त्येस्लाइ निर्बन्ध् तुल्याइ छोड़ि दिनु भनि. तर
१५ तिमिहरुका पित्रहरुले मेरो सुन्येनन् न मं तिर कान् लगाये। अं तिमिहरु
ऐले फर्क्यका थियौ अनि जुन् काम् मेरो लेखि जाति छ अर्थात् आफ्ना
दाज्युभाईहरुलाइ निर्बन्ध् तुल्याइ दिनुलाइ प्रचार् गराइकन तिमिहरुले
गर्येका थियौ पनि अनि मेरो नांउले भन्येको घरमां येसो गरीनै नियम्
१६ पनि बांध्येका थियौ. तर अब तिमिहरुले फर्क्यर मेरो नांउ अशुद्ध गर्यौ
कसोगरिभन्ये जुन् जुन् दास् दासीहरुलाइ तिमिहरुले निर्बन्ध् तुल्याइ
तिनिहरुको इच्छेमां छोड़ि दियेका थियौ तिनिहरुलाइ तिमिहरुले फेरि
आफ्नु तावेमां पार्यौ अनि तिनिहरु फेरि तिमिहरुका दास् दासी
१७ बनीये। येस्कारण् यहूवेले येसो भन्द छ. तिमिहरुले मेरो सुन्यौन अनि
आफ्ना आफ्ना दाज्युभाईहरुलाइ निर्बन्ध् हुंने प्रचार् गर्यौन. येस्कारण्
यहूवेको यो बाणी छ सुन मं तिमिहरुलाइ येस् प्रकार्ले निर्बन्ध् हुंने प्रचार्
गर्द छु अर्थात् तिमिहरु तरवार् देखान् र अनिकाल्को तावेमां पर्नौ
अनि मं तिमिहरुलाइ पृथिवीको राज् राजमां हुलाईंने गराउंछु।
१८ जस् जस्ले मं देखि बांधीयेको नियम् नांघ्द छन् अनि मेरो सांमु नियम्
बांधिकन अं बाच्छा फ्याक् पारि ति फ्याक्हरुको बीच् बाटो छिरि गयेका
१९ थिये र पनि बचन् पूरा गर्दैनन् अं यहूदा र यरूशलेम्का जो जो
मालिक् र मेहेरी र पूजाहारी र देस्को सिंगे लोग् बाच्छाका फ्याक्हरुको
२० बीच् बाटो छिरि गयेका थिये तिनिहरुलाइ मं पनि तिनिहरुका
प्राण् खोज्नेहरु र तिनिहरुका सत्रुहरुको तावेमां पारि दिंछु अनि
तिनका मुर्दाहरु अकाशका पंछीहरु र बन्का पशुहरुको आहारा हुंछन्।
२१ अनि यहूदाको राजा सिद्कियाह् र त्येका मालिक्हरुलाइ मं तिनि-
हरुका प्राण् खोज्नेहरु र तिनिहरुका सत्रुहरु र बाबेल्को राजाको
पल्टन्को तावेमां पारि दिंछु जो तिमिहरुको सांमु देखि गयो।
२२ यहूवेको यो बाणी छ सुन मं तिनलाइ आज्ञा दिइ येस् सहर्को छेउ
फर्काइ ल्याउंछु अनि त्येस्ले यो सित लड़ाईं गरि यो लिहाल्छ अनि
आगो सल्काइ दिंछ. अनि मं यहूदाका सहरहरु तिनमां कोई बासी न
रहनेगरि उजार्छु॥

३५ १ योशियाह्को छोरो यहूदाको राजा यहोयाकीम्को पालामां
२ यहूवेको यट्टि बाटो यो बचन् यिर्मयाह् थांइ आयो रेकाबीहरुको
जहान् थांइ गयेर तिनिहरु सित कुरा गर् र तिनिहरुलाइ

यहूवेको घरको येउटा कोठामां ल्यायेर दाखमद्य खुवा भनि । यो आज्ञा ३
पायेर मैंले यिर्मयाहको छोरो हबस्सिन्याहको छोरो याजन्याह् र त्येका
भाईहरु र त्येका सबै छोराहरुलाइ अं रेकाबीहरुका सबै जहान्लाइ लियेर
यहूवेको घरमां यिरदल्याहको छोरो हानान् जो ईश्वरको एक् जन् थियो ४
त्येका छोराहरुको त्येस् शल्लूमको छोरो माखेयाह् दुवारपालको कोठा
देखि माथिर भयेको मालिकहरुको कोठामां ल्यायें . यहांदेखि मैंले रेकाबी ५
हरुका जहान्काहरुलाइ दाखमद्यको घैंटो र बटुको दियेर भन्यें दाखमद्य
खाव भनि । तर तिनिहरुले भन्ये हांमिहरु दाखमद्य खांदौंन . किनभन्ये ६
रेकाबको छोरो योनादाब् हांमिहरुको पित्रले हांमिहरुलाइ तिमिहरुले
दाखमद्य न खांनु अं सदा सम्म तिमिहरुका बंशको कसैले दाखमद्य न
खावस् भन्येको थियो . अनि न घर् बनाउंनु न बिउ रोप्नु न दाखको ७
बारी लगाउंनु न तिमिहरुको कोई येस्तो बारी हवस् आफ्नु जीउंनिभरि
पालैमां बस्ने गर्नु र जुन् देसमां तिमिहरु पर्देसी होओला त्येसमां धेरै दिन्
सम्म जीव भनि । त हांमिहरु रेकाबको छोरो योनादाब् हांमिहरुको पित्रको ८
बात् मान्दे त्येका सबै आज्ञा अनुसार् गर्द छौं अर्थात् न ता हांमिहरु
आफ्नु जीउंनिभरि दाखमद्य खांद छौं, अनि न हांमिहरुकी स्वास्नीहरु
कि छोराछोरीहरुले खांद छन् अनि न हांमिहरु घर् बनायेर तिनमां ९
बस्द छौं न दाखको बारी न खेत् न बीउ राखद छौं . तर हांमिहरु १०
पालैमां बस्ने गर्द छौं अनि आफ्नु पित्र योनादाबको कुरा मानि त्येका
सबै आज्ञा अनुसार् काम् गर्द छौं । तर जब बाबेलको राजा नबूकद्रेस्सर् ११
येस् देसमां चढि आयो तब येसो भयो हांमिहरुले आपस्तमां भन्यूं लु
हांमिहरु कल्दीको पल्टन् र अरामीहरुको पल्टनको डरको कारणले
यरूशलेम्मां जाऊं भनि येसैकारणले हांमिहरु यरूशलेम्मां छौं ॥

तब यहूवेको बचन् यिर्मयाह् थांइ येसो भन्दे आयो इस्रा- १२
एलको ईश्वर् सेनाहरुको यहूवेले येसो भन्द छ गयेर यहूदा र यरूशलेम्
का बासीहरुलाइ भन् यहूवेको यो बाणी छ को तिमिहरु शिक्षा मानि
मेरा कुरा सुन्दौन । रेकाबको छोरो योनादाबले आफ्नु बंशलाइ तिमि- १४
हरुले दाखमद्य न खांनु भनि दियेको आज्ञा मानि तिनिहरुले कोइ
दाखमद्य खांदैनन् तिनिहरु आफ्नु पित्रको कुरोमां छन् . तर मं
सबारे उठिकन बोल्दे आउंदे छु र पनि तिमिहरुले मेरो कुरा मान्यौन ।
मं तिनिहरुकां आफ्ना सबै दास् अगमबक्ताहरुलाइ सबारे उठिकन १५
येसो भन्नलाइ पठाउंदे रह्यें आफ्ना आफ्ना नजाति चाल् देखि फर्क
अनि आफ्नु आफ्नु कार्य सुधार अनि परायदेवताहरु पछि गइ
तिनको सेवा न गर तब तिमिहरु मैंले तिमिहरुका पित्रहरु र तिमिहरु-
लाइ पनि दियेको देसमां बसि रहौला भनि . तर तिमिहरुले मं तिर
कान् लगायौन न मेरो सुन्यो । रेकाबको छोरो योनादाबका बंशले आफ्नु १६
पित्रको आज्ञा मान्द छन् तर येस् लोगले ता मेरो सुन्येन येस्कारण १७

सेनाहरुको ईश्वर् यहूवे इस्राएल्को ईश्वर्ले येसो भन्द छ सुन यहूदा
र यरूशलेम्का सब्बै बासोहरु मांथि जत्ति विपत्ति हाल्ने चर्चा गर्येको छु
ति अब तिनिहरु मांथि हाल्छु . किनभन्ये मैंले तिनिहरुलाइ सुनायें तर
तिनिहरुले सुन्येनन् अनि मैंले तिनिहरुलाइ बोलायें तर तिनिहरु बोल्ये-
१८ नन् । त यिर्मयाह्ले ति रेकाबीहरुका जहान्काहरुलाइ भन्यो इस्राएल्को
ईश्वर् सेनाहरुको यहूवेले येसो भन्द छ . तिमिहरुले आफ्नु पित्र
योनादाब्को आज्ञा मान्यौ अं त्यका सबै आज्ञाहरु मान्यौ अनि त्येस्ले
१९ भन्येको अनुसार् सबै काम् गर्यौ येस्कारण् इस्राएल्को ईश्वर्
सेनाहरुको यहूवेले येसो भन्द छ . रेकाब्को छोरो योनादाब्को बंशमां
मेरो सांमु हाजिर् रहंने मान्छे कैले पनि घट्दैन ॥

३६ १ फेरि योशिय्याह्को छोरो यहूदाको राजा यहोयाकीम्को राज्को
चौथो बर्षमां यहूवेको पट्टि बाटो यो बचन् यिर्मयाह् पांइ आयो
२ येउटा पोस्तक् ल्यायेर त्येस्मां मैंले तं सित अगाड़ि बात् गर्येको बेला देखि
अर्थात् योशिय्याह्को पाला देखि आजु सम्म इस्राएल् र यहूदा र सबै लोग्
३ लोग्को बिषयमां भनीयेका कुराहरु लेख् । कोनि कते यहूदाको जहान्
मैंले तिनिहरु मांथि हाल्नु ठान्येका सबै विपत्तिको समाचार् सुन्येर
आफ्ना आफ्ना बुरो चाल् देखि फर्कन्छन् कि र मं तिनिहरुको अधर्म्म र
४ पाप् क्षमा गरुं । त यिर्मयाह्ले नेरिय्याह्को छोरो बारूक्लाइ डाक्यो वहां-
५ देखि बारूक्ले यिर्मयाह्को मुख् देखि सुन्येका यहूवेका बचन् पोस्तकमां
लेख्यो । फेरि यिर्मयाह्ले बारूक्लाइ भन्यो मं ता थुंना पर्येको छु मं
६ यहूवेको घरमां जांनु सक्दैन . त तिमिले उपास्को दिनमां यहूवेको
घरमां गयेर तिमिले मं देखि सुन्येर लेख्येको पोस्तक् देखि यहूवेका बचन-
हरु लोगलाइ पर्येर सुनाइ देउ . अनि आफ्नु आफ्नु सहर् देखि आउंने
७ यहूदीहरुलाइ पनि पर्येर सुनाइ देउ । कोनि कते तिनिहरुले यहूवे सित
ठिपि गरिगरिकन प्रार्थना गर्छन् कि अनि आफ्ना आफ्ना बुरा चाल् देखि
फर्कन्छन् कि . किनभन्ये यहूवेले येस् प्रजा मांथि खन्याउंनुलाइ जुन् रिस् र
८ ब्रल्दोरिस्को बिषयमां भन्येको छ त्यो ठुलो छ । यिर्मयाह् अगम्बक्ताको
यो आज्ञा अनुसारगरि नेरिय्याह्को छोरो बारूक्ले यहूवेको घरमां गइ
यहूवेका बचनहरु पोस्तक् देखि परि सुनायो ॥

९ तब योशिय्याह्को छोरो यहूदाको राजा यहोयाकीम्को राज्को
पांचौं बर्षको नवं महीनामां येसो भयो यरूशलेममां जत्ति लोग् थिये
अनि यहूदाको सहर् सहर् देखि यरूशलेममां जत्ति आयेका थिये तिनि-
१० हरुले यहूवेको सांमु उपास् बस्ने प्रचार् गर्ये । तब बारूक्ले यहूवेको घरमां
शापान्को छोरो गमर्याह् लेटर्ले यहूवेको घरको नया ठोका कुहुमां भयेको
कोठामां सबै लोग्लाइ यिर्मयाह्का सबै बचन् पोस्तक् देखि पर्येर
११ सुनायो । तब शापान्को छोरो गमर्याह्को छोरो मीकायाह् यहूवेका सबै

बचन् पोस्तक् देखि सुन्येर राजाको घरमां अर्थात् लेटरको कोठामां
उत्यो . वहांदेखि को देख्यो भन्ये त्यहां एलीशामा लेटर् र शमयाहको १२
छोरो दलायाह् र अक्बोरको छोरो एल्नातान् र शापानको छोरो गमर्याह्
र हनन्याहको छोरो सिद्कियाह् र सबै मालिकहरु बसि रह्नेका राछन् । १३
अनि मीकायाहले बारूकले पोस्तक् देखि लोगलाइ परि सुनायेका जति
बचन् त्येस्ले सुन्येको थियो तिनको बखान् गर्यो । येकारण् सबै मालिक- १४
हरुले बारूक् थांइ कूशीको छोरो शेलेम्याहको छोरो नतन्याहको छोरो
यहूदीलाइ येसो भन्नुलाइ पठाये तमिले मान्छेहरुलाइ परि सुनायेको
पोस्तक् लियेर यहां आउ भनि । यो सुन्येर नेरिय्याहको छोरो बारूक् त्यो
पोस्तक् हातमां लियेर तिनिहरु भयेठाउं आयो । तब तिनिहरुले त्येलाइ १५
भन्ये लू बस्येर हांमिहरुलाइ परि सुनाउ । त बारूकले तिनिहरुलाइ परि
सुनाइ दियो । अनि येसो भयो जब तिनिहरुले ति सबै बचन् सुन्ये तब १६
कांम्दै एकाले अर्कोलाइ हेर्नु लाग्ये तहांदेखि बारूकलाइ भन्ये हांमिहरु
थि सबै बचन् निस्से राजालाइ बखान् गर्नौं । फेरि तिनिहरुले बारूक् सित १७
सोध्ये हांमिहरुलाइ भन तिमिले थि बचन् त्यो देखि सुनिकन कसोगरि
लेख्यौ । तब बारूकले तिनिहरुलाइ उत्तर् दियो त्येस्ले मंलाइ आफ्नु १८
मुखले थि बचन् भन्दै सुनाउंदै रह्यो अनि मैले चइं मसिले पोस्तकमां लेख्दै
गर्यें । येस्मां मालिकहरुले बारूकलाइ भन्ये जाउ तिमि र यिर्मयाह् लुक १९
निमिहरु कहां छौ भनि कसैले न जांनोस् । येति भन्येर ति मालिकहरुले २०
पोस्तक् एलीशामा लेटरको कोठामां राख्येर राजा थांइ आघनमां आयेर
राजालाइ ति सबै बचन् सुनाइ दिये । तब राजाले यहूदीलाइ त्यो पोस्तक् २१
ल्याउंनुको लागि पठायो . त त्येस्ले त्यो पोस्तक् एलीशामा लेटरको
कोठा देखि ल्यायो । तब यहूदीले राजालाइ र राजाका छेउकाउ भयेका
मालिकहरुलाइ समेत् परि सुनाइ दियो । त्येस् बेलामां राजा न्यानो कोठा २२
मां बसि रह्नेको थियो किनभन्ये नवं महींना थियो . अनि त्येको छेउमां
आगोको अङ्गेठी सल्कीइ रह्नेको थियो । त येसो भयो जसै यहूदीले २३
तीन् चार् पत्र पर्येको थियो तब [राजाले] त्यो कुरौले काट्येर अङ्गेठीमां
भयेको आगोमां हालि दियो अङ्गेठीको आगोमां डढेर सिंगै पोस्तक्
भस्म न होउंन्जाल् सम्मगरि । यो देखिकन न कोई कांप्यो अनि न कसैले २४
आफ्नु लुगा फाट्यो अर्थात् न राजाले न त्येका सित सबै बचन् सुन्ने
कारन्दारीहरुमांको कसैले त्येसो गर्यो । येस् उप्रान्त एल्नातान् र २५
दलायाह् र गमर्याहले राजा सित पोस्तक् न डढाइ दिंनु हुवस् भनि
बिन्ति ता गर्ये तर त्येस्ले तिनको सुन्येन । अं राजाले ता राजाको २६
छोरो यरहमेल् र अज्रिएलको छोरो सरायाहलाइ र अब्देलको छोरो
शेलेम्याहलाइ बारूक् लेटर् र यिर्मयाह् अगम्बक्तालाइ समाति ल्याउ भनि
आज्ञा पनि गर्येको थियो . तर यहवेले तिनिहरुलाइ लुकाइ राख्यो ॥

बारूकले यिर्मयाह् देखि सुन्येर लेख्येको पोस्तक् राजाले डढाइ २७

२८ दिये पछि यहवेको यो बचन् यिर्मयाह् पांइ आयो अर्को ठेउटा
पोस्तक ल्याऐर त्येसमां यहूदाको राजा यहोयाकीमले उड़ाऐको अघिल्लो
२९ पोस्तकका सब्बै बचन् लेख्। अनि यहूदाको राजा यहोयाकीमको
बिषयमां भन् यहवेले येसो भन्द छ. बाबेलको राजाले आयेर निस्से यो
देस् येसमां न मान्छे न पशु रहंनेगरि नास् पार्छ भनि यिर्मयाहले किन
३० लेख्या भनि तैंले त्यो पोस्तक् डड़ाइ ता दिइस्। तर यहवेले यहूदाको राजा
यहोयाकीमको बिषयमां येसो भन्द छ. दाऊदको सिंहासनमां बिराजने
त्येका कोई रहंदैन. अनि त्येको मुर्दा दिउंसो घाममां अनि राति शीतमां
३१ मिलकीइ रहंनेगरि आफालौंछ। अनि मं त्येलाइ र त्येको बंश र त्येका
कर्म्मचारीहरुलाइ तिनिहरुको अधर्म्मको दण्ड दिंछु अनि मैंले तिनिहरु
मांथि र यरूशलेमका बासीहरु मांथि र यहूदाका मान्छेहरु मांथि हाल्छु
भन्येका सब्बै बिपत्ति तिनिहरु मांथि हाल्छुने तर तिनिहरुले मान्येनन्।
३२ तब यिर्मयाहले अर्को ठेउटा पोस्तक् ल्याऐर नेरिय्याहको छोरो बारूक
लेटरलाइ दियो त त्येले यहूदाको राजा यहोयाकीमले आगोमां डड़ाइ
दिऐको पोस्तकका सब्बै बचन यिर्मयाह् देखि सुन्येर त्येसमां लेख्यो.
अनि ति बचनमां ति बचन जस्ते अरु पनि धेरै बढ़ाईऐ॥

३७ १ फेरि यहोयाकीमको छोरो कोन्याहको ठांउमां योशियाहको
छोरो सिदकिय्याहले राज गर्यो कसोगरिभन्ये बाबेलको राजा नबूकद-
२ रेस्सरले त्येसैलाइ यहूदामां राजा खटाऐको थियो। अनि न ता त्येले
अनि न त्येका कारन्दारीहरुले न देसका साधारण लोगले यिर्मयाह्
अगमबक्ताको बाटोले कहीऐको यहवेको बचन मान्थे॥
३ अनि सिदकिय्याह् राजाले शेलेम्याहको छोरो यहूकल र मासेयाहको
छोरो सपन्याह् पूजाहारीलाइ यिर्मयाह् अगमबक्ता पांइ येसो भन्नलाइ
पठायो हांमिहरुको लागि हांमिहरुको ईश्वर् यहवे सित प्रार्थना गरि
४ देउ भनि। त्येस् बेला यिर्मयाह् झेलखानमां हालीऐको थियेन तर लोगको
५ बीचमां आउंने जांने गर्द थियो। अनि फिरऊनको पल्टन मिस्र देखि
आऐको थियो. तब यरूशलेम् घेरि रहंने कलदीहरु यो सुन्येर यरूशलेम्
६ देखि उठि गये। तब यहवेको बचन यिर्मयाह् पांइ येसो भनि
७ आयो इस्राएलको ईश्वर् यहवेले येसो भन्द छ. यहूदाको सुन्
राजाले तिमिहरुलाइ मं सल सोधनी गर्नुलाइ मं पांइ पठाऐको छ त्येलाइ
येसो भन् सुन तिमिहरुलाइ गोहार गर्नु आउंने फिरऊनको पल्टन् आफ्नु
८ देस मिस्रमां फर्कि जांछु। अनि कलदीहरुले फेरि आयेर येस् सहर्
९ सित लड़ाईं गर्येर यो लिहालछन् तहांनेखि आगो लगाइ दिंछन्। यहवेले
येसो भन्द छ. तिमिहरुले कलदीहरु हांमिहरु देखि खांटै गइ गये भन्येर
१० आफ्नु मनमां धोखा न खाव. किनभन्ये तिनिहरु जांदैनन्। तिमिहरुले
तिमिहरु सित लड़ाईं गर्ने कलदीहरुलाइ येसोगरि मांग्यो अब खालि

घायेल्हरु मांत्रै रह्ये भन्ये पनि तिनै घायेल्हरुले मांत्रै पनि तिनिहरुका
पाल्हरु देखि उठेर यो सहर् डढ़ाइ दिंछन् ॥

अनि येसो भयो जब कल्दीहरुको पल्टन् फिरऊनको पल्टनको ११
डरले यरूशलेम् छोड देखि उठि गयो तब यिर्मयाह् यरूशलेम् देखि १२
निक्ल्येर बिन्यामीन्को देसमां गयो वहां लोगको बीचमां त्येस्ले आफ्नु
अंश पाउंनलाइ अनि बिन्यामीनेठोकामां हुंदा हनन्याहको छोरो १३
शेलेम्याहको छोरो यिरिय्याह भन्ये पहरूहरुको येउटा मालिकले यिर्मयाह्
अगमवक्तालाइ तं कल्दीहरु यांइ भागि जांदै छस् भनि पक्र्यो।
तब यिर्मयाहले भन्यो यो झूठ् बात् हो मं कल्दीहरुयांइ भागि जांदै १४
छुइंन. तर यिरिय्याहले तेस्को कुरा पत्यायेन. त त्येस्ले यिर्मयाहलाइ
पक्र्येर मालिकहरु यांइ लग्यो। तब मालिकहरुले रिसायेर यिर्मयाह्- १५
लाइ पीट्येर झेल्खानमां अर्थात् योनातान् लेटरको घरमां हाल्ये
किनभन्ये तिनिहरुले त्येइ घर् झेल्खान् बनायेका थिये। जब यिर्मयाह् १६
त्येस् धेरै कोठा भयेको खे प्रामां रहंनु लाग्यो तब त्येस्को धेरै दिन् पछि
सिदकिय्याह् राजाले त्येसलाइ बोलाइ पठायेर लुकि लुकिकन त्येस् सित १७
सोध्यो के यहवेको पट्टि बाटो केइ बचन् आयेको छ भनि. तब
यिर्मयाहले भन्यो अं आयेको छ। त्येस्ले यो पनि भन्यो तिमि बाबेलको
राजाको ताब्रिमां पारि दिईंछौ। फेरि यिर्मयाहले सिदकिय्याह् राजालाइ १८
भन्यो मैंले तिम्रा कि तिम्रा कारन्दारीहरुको कि तिम्रा प्रजाको के अपराध्
गर्येको छु र तिमिहरुले मंलाइ झेल्खान्मां हाल्यौ। तिमिहरुलाइ १९
बाबेलको राजा तिमिहरु मांथि र येस् देस् मांथि चढ़ि आउंदैन भन्ये
तिमिहरुका अगमवक्ताहरु अब कता हुन्। अब हे मेरा प्रभु हे राजा २०
सुन् हवस्. मेरो बिन्ति आफु देखि ग्रहण् गरीश्रीस् मंलाइ योनातान्
लेटरको घरमां फेरि न पठाईश्रीस् होइन भन्ये ता मं तिहीं मर्छु। तब २१
सिदकिय्याह् राजाको आज्ञाले यिर्मयाह् पहराचौकीको आघनमां राख्यौ
अनि सहरका सबै रोटी न सक्कौउंज्याल् सम्म त्येसलाइ रोटीको हाट् देखि
दिन् दिन् एक् रोटी दिईंद थियो। येइ परिले यिर्मयाह् पहराचौकीको
आघनमां रहंनु लाग्यो ॥

अनि मत्तानको छोरो शपन्याह् र पश्हूरको छोरो गदल्याह् र ३८ १
शेलेम्याहको छोरो यूकल् र मल्कियाहको छोरो पश्हूरले यिर्मयाहले
सबै लोगलाइ भन्यका थि कुरा सुन्ये अर्थात् यहवेले येसो भन्द २
छ जो येस् सहरमां रहंछ त्यो तरवार् अनिकाल् र रुकिले मर्छ. तर
जो कल्दीहरु यांइ निक्लि जांछ त्येस्ले आफ्नु प्राण् बचाउंछ अनि
जीइ रहंछ। यहवेले येसो भन्द छ अवस्से यो सहर् बाबेलको राजाको ३
पल्टनको ताब्रिमां पारि दिईंछ अनि त्येस्ले यो लिंछ। तब मालिकहरुले ४
राजालाइ भन्ये त्येस् मान्छेलाइ मंराइ दिनु हवस् किनभन्ये त्येस्ले येस्
सहरमां बचे लड़ाकोहरु र अरु अरु मान्छेहरुलाइ येस्तो येस्तो बचन् भन्दै

रहंदा यिनिहरुको मन्को साहस् भाँचि जांद छ. अनि त्येस् मान्छेले
५ येस् लोगको भलाई होइन तर बुराईनै खोज्द छ। तब सिदकियाह्
राजाले भन्यो सुन त्यो तिमिहरुको ताब्रिमां छ. किनभन्ये राजा ता
६ तिमिहरुको बिरुद्धमां येस्तो कोइ गर्न हुंदैन। यो सुन्येर तिनिहरुले यिर्म-
याह्लाइ लग्येर पहराचौकीको आघनमां भयेको मल्कियाह् राजकुमारको
खाड़लमां डोरीले सुर्काइ हालि दिये। अनि त्येस् खाड़लमां पानी थियेन
खालि हौलो मांत्रै थियो. त यिर्मयाह् त्येस् हौलोमां धसौंदै गयो।
७ राजा त्येस् बेला बिन्यामीनेढोका निर बसि रह्नेको थियो अनि जब
राजमहलको मेहेरी एबेद्मेलेक् कुशीले तिनिहरुले यिर्मयाह्लाइ त्येस्
८ खाड़लमां हाल्ये कुन् भन्येको सुन्यो तब एबेद्मेलेक्ले राजमहल
९ देखि निस्केर राजालाइ भन्न लाग्यो हे मेरा स्वामी हे मेरा राजा ति
मान्छेहरुले यिर्मयाह् अगमवक्तालाइ खाड़लमां हाल्ये त यो तिनिहरुले
नजाति गर्ये कसोगरिभन्ये सहरमां अब रोटी छैन त ऐले त्यो जहां छ
१० अनिकालले त्यो तिहीं मर्छ। तब राजाले एबेद्मेलेक् कुशीलाइ आज्ञा दियो
यहां बाटो तीस् जना मान्छेहरुलाइ साथ लिइ गयेर यिर्मयाह् अगम-
११ वक्तालाइ मर्नु भन्दा पहिले त्येसलाइ खाड़ल बाटो निकाल्। त एबेद्मेलेक्ले
त्येसि जना लियेर राजमहलको भंड़ारको कोत्मां गयेर त्यहां बाटो पुरांना
पुरांना फाट्योका लुगा र थांगनाथुंगनीहरु निकालि लग्यो यहांदेखि ति
१२ यिर्मयाह् थांड खाड़लमां डोरीले मुर्काइ खसालि दियो। यहांदेखि
एबेद्मेलेक् कुशीले यिर्मयाह्लाइ भन्यो यि पुरांना पुरांना फाट्योका लुगा
१३ र थांगनाथुंगनीहरु आफ्नु काखि मुनि डोरी मुनि लगाउ। त यिर्मयाह्ले
त्येसै गर्यो। तब तिनिहरुले यिर्मयाह्लाइ डोरीले तान्येर खाड़ल देखि
निकाल्ये. तब यिर्मयाह् फेरि पहराचौकीको आघनमां रहंनु लाग्यो॥

१४ तब सिदकियाह् राजाले यिर्मयाह् अगमवक्तालाइ आफु थांड
यह्वेको घरको तेस्रो ढैलो निर बोलाइ पठायो. यहांदेखि राजाले
यिर्मयाह्लाइ भन्यो म तिमि सित एक् कुरो सोध्छु म देखि केइ न
१५ लुकाउ। तब यिर्मयाह्ले सिदकियाह्लाइ भन्यो मैंले आफुलाइ भन्ये
भन्ये देखि कि आफुले मलाइ मराउंनु हुन्न. अनि मैंले आफुलाइ
१६ सल्लाह् दियें भन्ये देखि कि आफुले मेरो मान्नु हुंछ। यो सुन्येर सिदकि-
याह् राजाले यिर्मयाह् सित गुप्तमां किरिया खायो हांमिहरुको जीउ रक्षने
यह्वे जीउ रक्षेको भैं म तिमिलाइ न मराउंछु अनि न तिमिलाइ तिम्रो
१७ प्राणको खोजी मान्छेहरुको तावामां पारि दिंछु भनि। तब यिर्मयाह्ले
सिदकियाह्लाइ भन्यो सेनाहरुको ईश्वर यह्वे जो इस्राएलको ईश्वर हो
उस्ले येसो भन्द छ. तं बाबुलको राजाका मालिकहरु थांड निस्कि गइस्
भन्ये देखि तेरो प्राण पनि बांचछ् अनि यो सहर पनि डड़ाईदैन अनि तं
१८ आफ्ना जहान् समेत जीउ रहंछस्. तर तं बाबेलको राजाका मालिकहरु
थांड निस्कि गईनस् भन्ये देखि यो सहर कल्दीहरुको तावामां पारि

दिईंछ अनि तिनिहरुले यो डड़ाइ दिंछन् अनि तं तिनिहरुको ताबि
देखि बांच्दैनस्। तब सिद्कियाह् राजाले यिर्मयाह्लाइ भन्यो हुन् १९
यहूदीहरु कल्दीहरु पांइ भागि गयेका छन् तिनिहरु देखि मं डराउंद छु
मं तिनिहरुको ताबिमां पारि दिईंछु अनि तिनिहरुले मं सित ठट्टा गर्छन्
भनि। तर यिर्मयाह्ले भन्यो आफु तिनिहरुको ताबिमां पारीईंनु हुन्न। २०
ज्यै मं आफुलाइ भन्द छु त्यो कृपागरि यह्वेको कुरो जानि सुन्नु हवस्.
त आफुको भलो हुंछ अनि आफुको प्राण् बांचींछ। तर आफुले निस्कि जांनु २१
मान्नु भयेन भन्ये देखि यह्वेले मंलाइ सुनायेको बचन् येह हो. सुन् २२
यहूदाको राजाको घरमां जत्ति आइमाइहरु रह्येकी छिन् तिनिहरु
बाबेल्को राजाका मालिक्हरु पांइ निकालि पुयाईंछिन् अनि ति आइ-
माइहरुले भन्छिन् आफुका मित्रहरुले आफुलाइ छल् गर्ये अनि तिनिहरुको
इच्छे पूरो भयो. अब आफुका पाउ हीलोमां धसीये त मित्रहरु पछि
फर्कि गये भनि। अनि आफुकी सबै स्वास्नीहरु र छोटाछोटीहरु निकालीइ २३
कल्दीहरु पांइ पुयाईंछन् अनि आफु कल्दीहरुको हात् देखि बांचनु
हुन्न तर समात्येर बाबेल्को राजाको ताबिमां पारि दिईंनु हुंछ. अनि यो
सहर् डड़ाईंने कारण् आफुने हुंनु हुंछ। तब सिद्कियाह्ले यिर्मयाह्- २४
लाइ भन्यो यो कुरो कसैले जान्नु न पावस् अनि तिमि मारींदौन। तर २५
मालिक्हरुले राजाले त्यो सित बात्चीत् गर्यो भनि थाहा पाये भन्ये
देखि मालिक्हरुले तिमि पांइ आयेर राजाले तिमिलाइ के के भन्यो
हांमि देखि कोइ न लुकाउ हांमि तिमिलाइ मंराउंदौन. अनि राजाले
तिमिलाइ के भन्यो त्यो पनि भन भन्ये भन्ये देखि त तिमिले २६
तिनलाइ भन मैंले राजा सित मंलाइ फेरि योनातान्को घरमां न पठाउंनु
हवस् होइन भन्ये ता मं तिहींनै मंर्छु भनि ठिपि लगाइ लगाइ भन्ये
भनि। त येसैने भयो कसोगरिभन्ये सबै मालिक्हरुले यिर्मयाह् पांइ २७
आयेर सोधे. तब त्येस्ले राजाले अह्रायेको जस्तोनै भन्यो। त तिनिहरुले
अरु कोइ पनि भन्येनन् अनि यो भेद खोलीयेन। येसोरि जस् २८
दिन् यरूशलेम् लिईयो त्येस् दिन् सम्म यिर्मयाह् पहराचौकीको
आंगनमां रह्यो॥

अनि जब यरूशलेम् लिईयो तब येसो भयो यहूदाको राजा ३९ १
सिद्कियाह्को राज्को नवं बर्षको दसौं महींनामां बाबेल्को राजा
नबूकदरेस्सर्ले आफना सबै पल्टन् समेत्ले यरूशलेम्को बिरुद्धमां आइ
लाग्येर त्येस्लाइ घेर्यो अनि सिद्कियाह्को राज्को एघारौं बर्षको २
चौथो महींनाको नवं तिथिमां त्यो सहरमां येउटा कुंदू बनाईयो. त ३
जब यरूशलेम् लिईयो तब नेर्गल्सरेसेर् र समगर्नेबो र मेसेरीहरुको
मालिक्[1] सर्सकीम् र मगहरुको मालिक्[2] नेर्गल्सरेसेर् बाबेल्को राजाका

[1] इब्रानीमां रब्सारीस्। [2] इब्रानीमां रब्माग्।

४ सबै मालिकहरु आयेर मांझको ढोका बाटो पस्ये। जसै यहूदाको
राजा सिदकिय्याह् र लड़ाइँका सबै मान्छेहरुले तिनिहरुलाइ देख्ये तब
येसो भयो तिनिहरु राति राति दुइ देवाल्को बीचमां भयेको देलो बाटो
सहर् देखि निकल्ये र राजाको बाटो बाड़ो दुगुरि दुगुरि भाग्ये. अनि
५ राजा चइं अराबाको बाटो बाड़ो निस्कि गयो। तर कल्दीहरुको पल्टनले
तिनलाइ खेदेर सिदकिय्याहलाइ यरीहोको मैदानमां भेट्टाये. वहांदेखि
येस्लाइ समात्येर बाबेल्को राजा नबूकदरेस्सर् थांइ हमात् देसको
६ रिब्लामां ल्याये अनि येस्ले येस्को निया गर्‍यो तब बाबेलको राजाले
सिदकिय्याहका छोराहरुलाइ रिब्लामां येस्का आंखाको सोझि काट्यो
अनि बाबेलको राजाले यहूदाका सबै कुलवन्तहरुलाइ पनि काट्यो।
७ अनि येस्ले सिदकिय्याहचइंका आंखाहरु निकाल्यो वहांदेखि येस्लाइ
८ बाबेलमां लैजांनुलाइ सांग्ला भिरायो। वहांदेखि कल्दीहरुले राजमहल्
र प्रजाका घरहरुमां आगो लगाइ दिये अनि यरूशलेमका घेराभित्ता
९ भतकाइ दिये। वहांदेखि सहरमां छोड़ीइ रह्येका लोग् र त्यो थांइ
भाग्येका सबैलाइ र धुइरोका उब्येकाहरुलाइ पहरुको कप्तान् नबूजर-
१० दानले बंधुवा गरि बाबेलमां लग्यो। खालि प्रजाहरुमांका केइ न हुंने
कंगालिहरुलाइ पहरुको कप्तान् नबूजरदानले यहूदाको देसमां छोड़ि राख्यो
अनि येसै बेलामां तिनिहरुलाइ दाख्का बारी र खेत्हरु दि राखो।
११ अनि बाबेलको राजा नबूकदरेस्सरले पहरुको कप्तान् नबूजरदानलाइ
१२ यिर्मयाहको बिषयमां आज्ञा दियेर भन्यो येस्लाइ लियेर येस् मांथि
कृपादृष्टि राख्नु अनि येस्को केइ हानि न गर्नु तर येस्ले जे जे तंलाइ
१३ भन्द छ त्यो सित येइ येइ बेहोरा गर्नु। त पहरुको कप्तान् नबूजरदान्
र मछेरीहरुको मालिक[१] र नबुशजबान् र साहरुको मालिक[२] नेर्गलसरेसेर्
१४ र बाबेलको राजाको अरु सबै मालिकहरुले मान्छेहरुलाइ पठायेर
यिर्मयाहलाइ पहराचौकीको आंगन् देखि डाकि पठायो वहांदेखि
आपनको छोरो अहिकामको छोरो गदल्याहलाइ सुम्पि दियो येस्लाइ
घर पुयाइ दिनुलाइ. तब देखि त्यो लोगको बीचमां रहनु लाग्यो॥
१५ तब यिर्मयाह् पहराचौकीको आंगनमां थुनीयो तब यहवेको यो
१६ बचन् येस् थांइ आयो गयेर एबेदमेलेक कूशीलाइ भन् इस्राएलको
ईश्वर् सेनाहरुको यहवेले येसो भन्द छ. सुन् मैले येस् सहरको बिषयमां
भन्येका आफ्ना बचनहरु येसोरि पूरो गर्छु येस्को कुशल् हुंदेन हानिनै मांग्ने
१७ हुंछ अनि येस् बेला त्यो पूरो भयेको तैंले पनि देख्छस्। तर यहवेको यो
बाणी छ येस् बेला मं तंलाइ बचाउंछु. अनि तं तैंले भय् गर्‍येका
१८ मान्छेहरुको तालिमां पारौंदैनस्। कसोगरिभन्ये मं तंलाइ निस्स बचाउंछु
अनि तं तरवारले काटीदैनस् तेरो प्राण् लूट् देखि बचाईयेको भैं होइ

---

[१] इब्रानीमां रबसारीम्। [२] इब्रानीमां रबमाग्।

रहंछ . तेंले मं मांथि भरोसा राख्येको कारणले यो हुंछ यहूवेको येइ बाणी छ ॥

जब पहरूको कप्तान् नबूजरदानले यिर्मयाहलाइ रामामां ति ४० १
यरूशलेम् र यहूदाका बंधुवाहरूको बीचमां सांगलाले बंधवा गरि बांधीइ रह्येको देख्येर बाबेल् लगौंनेहरूको बीच् देखि कोढ़ायेको थियो तब यहूवेको बचन् यिर्मयाह् थांइ आयो । त पहरूको कप्तान् नबूजरदानले २
येस् बेला यिर्मयाहलाइ आफु थांइ बोलायेर भन्यो येस् ठांउमां पर्येको यो बिपत्तिको बिषयमां तिम्रो ईश्वर् यहूवेले भन्येको थियो . अनि ३
यहूवेले जसो भन्येको थियो त्यो उस्ले पूरो पनि गर्यो तिमिहरूले यहूवेको बिरुद्धमां पाप् गर्यौ अनि उस्का कुरा मान्यौन येसैकारणले तिमिहरू सबैको यो गत् भयो । अनि अब मं तिम्रा हातमां भयेका यि सांगलाहरू ४
काटि दिंछु । तिमिलाइ मं सङ बाबेलमां जांनु जाति लाग्छ भन्ये देखि हिंड् मं तिमि मांथि दया गर्छु तर तिमिलाइ बाबेलमां जांनु मन् पर्दैन भन्ये देखि त बस . हेर सिंगै देश् तिम्रो सांमु छ तिमिलाइ जता जांनु मन् पर्छ उतै जाउ । नबूजरदान् फर्कि जांनु भन्दा पहिले त्येस्ले भन्यो ५
शापानको छोरो अहीकाम्को छोरो गदल्याह् जस्लाइ बाबेलको राजाले यहूदाका सहरहरू मांथ मालिक् खटायेको छ तिमिलाइ मन् पर्छ भन्ये देखि त्येसैकां फर्कि जाउ अनि त्येइ सङ लोगको बीचमां बस . कि जहां जांनु तिमिलाइ ठीक् लाग्छ उहीं जाउ । येसो भन्येर पहरूको कप्तानले त्येस्लाइ खांने सादाम् र दान् पनि दिएर बिदा गर्यो । तब यिर्मयाह् ६
अहीकाम्को छोरो गदल्याह थांइ मिस्पामां गयो अनि त्यहां देसमां बांच्येका लोगको बीचमां रहंनु लाग्यो ॥

जब बाहर अड्डाहुंदो रह्यका सिपांहहरूका मालिकहरूले तिनि- ७
हरूका मान्छेहरू समेतले बाबेलको राजाले अहीकाम्को छोरो गदल्याह् लाइ देसको मालिक् खटाये छ भनि सुन्ये अनि त्येस्ले बाबेलमां न लग्येका देसका कंगालिहरूलाइ को लोग्नेमान्छे को स्वास्नीमान्छे के केटाकेटी सबैलाइ त्येस्लाइ सुम्प गये छ भनि सुन्ये तब तिनिहरू अर्थात् ८
नतन्याहको छोरो इश्माएल् र कारेहका दुइ भाई छोराहरू योहानान् र योनातान् र तन्हूमेतको छोरो सरायाह् र एपै नतोपाथासीका छोराहरू र येउटा माकाथासीको छोरो याजन्याह् आफ्ना आफ्ना मान्छेहरू समेत गदल्याह थांइ मिस्पामां आये । तब शापानको छोरो अहीकाम्को छोरो ९
गदल्याहले तिनिहरूलाइ र तिनिहरूका मान्छेहरूलाइ किरिया खाइकन भन्यो कल्दीहरूको तावेदमां रहंनु देखि न डराव . येसै देसमां रहंदै रहंदै बाबेलका राजाको तावेदमां रह त तिमिहरूको भलो हुंछ । अनि १०
मं चइं मिस्पामां रहंछु मं थांइ आउंने कल्दीहरूको सांमु सामेल् हुंनुको लागि . तर तिमिहरू चइं दाखमद्य र ऋतुफलहरू र तेलको सोंच् गर्दै

आफ्मा आफ्ना भांड़ामां हालि राखि आफ्ना आफ्ना क्वान्येका सहरहरुमां
११ सुक्ख सित रह । फेरि जब मोआबीहरु अम्मोनवंशीहरु एदोमीहरु र अरु
अरु देस् देसको बीचमां रह्येका सबै यहूदीहरुले बाबेलको राजाले
यहूदीहरुमांका कत्ति मान्छेहरुलाइ बचायेको छ अनि तिनिहरु मांथि
शापान्को छोरो अहीकाम्को छोरो गदल्याहलाइ अधिकारी खटायेको
१२ छ भनि सुन्ये तब सबै यहूदीहरु जहां जहां छरपुष्ट भयेका थिये ति
ठांउहरु देखि फर्कि फर्किकन यहूदा देसको मिस्पा सहरमां गदल्याह् थांइ
आये वहांदेखि दाखमद्य र ऋतुफलहरुको खूबखूब सोंच् गर्नु लाग्ये ॥
१३ येस् उप्रान्त कारेह्को छोरो योहानान् र बाइर अड्डाहुंदो रह्येका
सिपांइहरुका सबै दलहरुको मालिकहरुले मिस्पामां गदल्याह् थांइ आयेर
१४ त्येसलाइ भन्ये को तिमिले अम्मोनवंशीहरुको राजा बालीसले नतन्याह्को
छोरो इश्माएललाइ तिमिलाइ मार्नुको लागि पठायेको छ भनि सुन्येका
१५ छौ । तर अहीकाम्को छोरो गदल्याहले तिनिहरुलाइ पत्यायेनन् । फेरि
कारेह्को छोरो योहानानले गदल्याहलाइ गुप्तमां भन्यो मलाइ नतन्याह्को
छोरो इश्माएललाइ मार्नुलाइ जानु दिनु हुवस् अनि यो कसैले थाहा
पाउंदैन . त्येसले किन आफुलाइ मारोस् अनि येसोरि जत्ति यहूदीहरु आफु
थांइ मेला हुंद छन् ति छरपुष्ट होउन् अनि बांच्येका यहूदीहरु पनि नष्ट
१६ होउन् । तब अहीकाम्को छोरो गदल्याहले कारेह्को छोरो योहानानलाइ
भन्यो येस्तो काम न गर् . तं इश्माएलको विषयमां झूठ बोल्दै छस् ॥
४१ १ फेरि सातौं महीनामां इश्माएल् जो एलिशामाको छोरो नत-
न्याह्को छोरो र राजवंशको र मालिकहरुको खालको पनि थियो त्यो
आफु सङ दस् जना मान्छे पनि साथ लियेर मिस्पामां अहीकाम्को छोरो
गदल्याह् थांइ आयो वहांदेखि त्येइ मिस्पामां सङ् सङै खानापीना गर्नु
२ लाग्यो । तब नतन्याह्को छोरो इश्माएल् र त्यो सङ भयेका दस् जनाले
उठेर शापान्को छोरो अहीकाम्को छोरो गदल्याहलाइ जसलाइ बाबेलको
राजाले देसको अधिकारी खटायेको थियो त्येसलाइ तरवारले मर्न गरि
३ हिकाईदे । त्येस् गदल्याह् सङ जति यहूदीहरु मिस्पामां थिये अनि खुन
४ कल्दी सिपांइहरु त्यहां पाईये ति सबैलाइ पनि इश्माएलले मार्यो । अनि
येसो भयो गदल्याह् मारीयेको कसैले जान्येको थियेन त्येको भोलिपल्टो
५ अर्केम् र शीलो र शोमरोन् देखि अस्सी जना दारि मुड़ायेका र खुमा
च्यायेका र जीउ चीर्येका र हातमां अन्नबलि र लोहबान् लियेर यहूवेको
६ घरमां चांनुलाइ आये । त नतन्याह्को छोरो इश्माएल् कंदै कंदै हिंड़ि
गयेर तिनिहरुलाइ भेट्नुलाइ मिस्पा देखि निकल्यो . अनि येसो भयो
तिनिहरुलाइ भेट् गर्दै त्येसले भन्यो अहीकाम्को छोरो गदल्याह् थांइ
७ आउ । त येसो भयो जसै तिनिहरु त्येस् सहरको बीचमां आयेका थिये
तब नतन्याह्को छोरो इश्माएलले त्येका साथीहरु समेतले तिनिहरुलाइ
८ कार्यो खाड़लमां आफालि दिये । तर तिनिहरुमांका दस् जना पाईये

जुन्हरुले भन्ये हांमिहरुलाइ न मार किनभन्ये बन्मां लुकाइ राख्योका
हांमिहरुका गहूं जउ तेल् र मह कुन् भनि । तब येस्ले तिनिहरुलाइ छोड़ि
दियो तिनिहरुका साथीहरु सित मांग्येन । जुन् खाड़लमां इश्माएल्ले ९
मार्येकाहरुका मुर्दाहरु र गदल्याह्को मुर्दा आफाल्येको थियो त्यो येह्
खाड़ल हो जो आसा राजाले इस्राएलको राजा बाशाको डरको कारणले
खनायेको थियो त्यो ऐले नतन्याह्को छोरो इश्माएल्ले मारीयेकाहरुले भरि
दियो । तब राजाकी छोरीहरु र अरु जति लोग् पहरुका कप्तान् नबू- १०
भन्नु भयो मं येस्लाइ येस्तोगरि मेटि दिंछु येस्मां को मान्छे को पशु कोई
६३ पनि रहंदैन अं यो ठांउ सदा उजार् भइ रहंछ भनि। अनि येसो हुंछ
जब तिमिले यो पोस्तक पर्रि सक्छौ तब यो येउटा ढुंगामां बांधेर परात्
६४ नदीको बीचमां आफ्नालि देउ. अनि येसो भन येसैगरि बाबेल् डुबि
जांछ अनि यहूवेले येस्मां बिपत्ति ल्याएकेको कारणले यो फेरि कैले पनि
उठ्दैन त तिनिहरू थकित् होइ जांछन्॥

यिर्मयाह्का बचन् यिहीं सम्म हुन्॥

५२ १ सिद्कियाह् राज् गर्ने लाग्दा एकाईस् बर्षको थियो अनि त्येस्ले
यरूशलेम्मां एघारह् बर्ष राज् गर्यो. अनि त्येस्को आंमाको नांउ
२ लिब्नाको यिर्मयाह्को छोरी हमूतल थियो। अनि यहोयाकीम्ले गर्यका
३ सब्बै भैं यहूवेको सांमु जे बुरो थियो त्येइ त्येस्ले गर्यो। कसोगरिभन्ने
यहूवेले तिनिहरूलाइ आफ्नु सांमु देखि न आफालुंज्याल् सम्म उस्को
रिसको कारणले यरूशलेम् र यहूदा मांथि यो पर्यो. अनि सिद्कियाह्
४ बाबेल्को राजा देखि बागि भयो। अनि त्येस्को राज्को नवं बर्षको दशौं

महीनाको दसौं तिथिमां येसो भयो बाबेलको राजा नबूकद्रेस्सरले आफ्ना
सबै पल्टन् समेतले यरूशलेमको विरुद्धमां आइ लाग्येर त्येस्को विरुद्धमां
कुाउंनो हाल्यो अनि तिनिहरुले त्येस्को विरुद्धमां वरिपरि गढ़िहरु बनाये ।
येसोरि सिद्कियाह् राजाको एघारौं वर्ष सम्म सहर घेरि रह्यो । अनि ५
चौथो महीनाको नवं तिथिमां सहरमां अनिकाल् येस्तो सारो भयो
देसको लोगको लागि रोटी थियेन । तब सहरमां येउटा कुँदू बनाईयो ७
वहांदेखि लड़ाईंका सबै मान्छेहरु राजाको बारी निर भयेको दुइ
देवालको बीचमां भयेको देखो बाटो राति भाग्ये (त्येस् बेला कल्दीहरु
सहरको सांमु वरिपरि थिये) . अनि तिनिहरु अराबाको बाटो बाड़ो
गये । तर कल्दीहरुको पल्टनले राजालाइ खेद्यो वहांदेखि त्येस्लाइ ८
यरीहोको मैदानमां भेट्टाये अनि त्येस्का सबै सेना त्यो देखि कुरपुद्दु भयेका
थिये । तब तिनिहरुले राजालाइ समात्येर त्येस्लाइ हमात् देसको ९
रिब्लामां बाबेलको राजा थांइ ल्याये अनि त्येस्ले त्येस्को निया गर्यो ।
अनि बाबेलको राजाले सिद्कियाहका छोराहरुलाइ त्येस्का आंखाको १०
सोजि मांर्यो . अनि त्येस्ले यहूदाका सबै मालिकहरुलाइ पनि रिब्लामां
मांर्यो । अनि त्येस्ले सिद्कियाहको चइं आंखा निकाल्यो वहांदेखि ११
बाबेलको राजाले त्येस्लाइ सांक्लो भिरायेर बाबेलमां लग्यो वहांदेखि
त्येस्ले त्येस्लाइ त्यो मर्ने दिन् सम्म भेलखानमां हालि राख्यो ॥

अब पांचौं महीनाको दसौं तिथिमां अर्थात् बाबेलको राजा १२
नबूकद्रेस्सरको राजको उन्नीसौं वर्षमां पहरूको कप्तान् बाबेलको राजाको
सांमु सामेल् रहने नबूजरादान् यरूशलेममां आयो . अनि त्येस्ले यहूवेको
घर र राजाको घर डढ़ायो अनि यरूशलेमका सबै घरहरु अं सबै ठुला
ठुला घरहरु त्येस्ले आगोले डढ़ायो । अनि पहरूको कप्तान् सङ भयेका १४
कल्दीहरुका सबै पल्टनले यरूशलेमका वरिपरिका भित्ता भत्काइ दिये ।
अनि लोगमांका सबै भन्दा कंगालिहरुलाइ र सहरमां छोड़ीयेका रह्येका १५
लोग् र बाबेलका राजा थांइ भाग्येका सबै र धुइरोका उब्र्येकाहरुलाइ
पहरूको कप्तान् नबूजरादानले बन्धुवा गरि लग्यो । तर पहरूको कप्तान् १६
नबूजरादानले देसका सबै भन्दा कंगालिहरुलाइ दाखको बारी गोडूने र
खेति किसान् गर्न हुंनुलाइ छाड़ि दियो । अनि यहूवेको घरमां भयेका १७
पीतलका थाम्हरु र यहूवेको घरमां भयेका आधारहरु र पीतलको
समुन्द्र कल्दीहरुले टुक्रे टुक्रा पार्ये अनि तिनको सबै पीतल् बाबेलमां
लग्यो । अनि भांड़ाहरु र बेल्चाहरु अझेमदानीहरु र कटोराहरु र धुपोराहरु १८
र तिनिहरुका सेवा गर्ने पीतलका सबै सादोमहरु तिनिहरुले लग्ये ।
अनि कटोराहरु र धूपदानी भांड़ाहरु र बर्तनहरु र कांसेउंड़िहरु १९
दीयाबत्तिहरु धुपोराहरु र बटुकामांका जे जे सुनका थिये ति सुन् अनि
जे जे चांदीका थिये ति चांदीगरि पहरूको कप्तानले लग्यो । ति दुइ २०
थाम्हरु र त्यो येउटा समुन्द्र र त्येस्को मुनि भयेका बाह्र पीतलका गोरुहरु

जो सुलैमान् राजाले यहूवेको घरको लागि बनायेको थियो. ति सबै
२१ भांड़ाहरुको पीतल् बिना जोखाईको थियो। थाम्हरुमांको बिषयमां
येउटा चइंको अलगेइं अठारह् हातको थियो अनि फेरो बारह् हातको
२२ अनि बाक्लो चार् अंगुलको थियो. अनि ति भित्र खोक्रा थिये। अनि
थाम्लि पीतलको थियो थाम्लिको अलगेइं पांच् हातको थियो अनि त्येसां
२३ रिङ्गे चित्रेजालो र दारीम् बनाईयेका थिये ति सबै पीतलका थिये अनि
२४ ति जस्ते अर्को थामका पनि थिये दारीम्हरु समेत्। अनि थाम्लिको
घेरामां छियानबेवटा दारीम् बनाईयेका थिये त चित्रेजालो मांथि सबै
२५ एक् सै दारीम् थिये। अनि पहरुको कप्तान्ले मूलपूजाहारी सरायाहूलाइ
र दोस्रो पूजाहारी सपन्याह् र तीनै जना दुवारपालहरुलाइ लियो. अनि
सहर् देखि त्येस्ले लड़ाईंका मान्छेहरु मांथि राख्येको येउटा मेहेरीलाइ र
सहरमां पाईयेका राजाको मुख् हेर्नेहरुमांका सात् जनालाइ र सेनापति
खर्दार्लाइ जस्ले देसका लोगको गन्ति गर्दै थियो अनि सहरमां पाईयेका
२६ देसका लोगमांका तीनकोरी जनालाइ लियो। अनि पहरुको कप्तान
नबूजरदान्ले तिनिहरुलाइ लियेर बाबेलको राजा थांइ रिब्लामां ल्यायो।
२७ तब बाबेलको राजाले तिनिहरुलाइ हमात् देसमां भयेको रिब्लामां
हिर्कायेर मांरि दियो। येसोरि यहूदा आफ्नु देस् देखि बन्धुवाईमां
२८ लगीयो। नबूकदरेस्सरले लग्येका बन्धुवा लोग् येति थिये. [त्येस्को राजको]
२९ सातौं बर्षमां तीन् हजार् र तेईस जना यहूदीहरु. फेरि नबूकदरेस्सरको
अठारौं बर्षमां यरूशलेम् देखि आठसै र बत्तीस प्राणीहरुलाइ लग्यो.
३० नबूकदरेस्सरको तेर्सौं बर्षमां पहरुको कप्तान् नबूजरदान्ले सात् सै र
पैंतालीस् यहूदी प्राणीहरुलाइ बन्धुवा गरि लग्यो. त सबै प्राणीगरि
चार् हजार् र छ सै जना भये॥

३१ अनि यहूदाको राजा यहोयाकीन्को बन्धुवाईको सैंतीसौं बर्षको बाह्रौं
महीनाको पचीसौं तिथिमां येसो भयो बाबेलको राजा एवीलमरोदकले
आफ्नु राजको पालनिको बर्षमां यहूदाको राजा यहोयाकीन्को शिर्
३२ उठायेर त्येस्लाइ मेलखान् देखि निकाल्यो अनि त्यो सित दयालु कुरा
गर्यो अनि बाबेलमां आफु सङ भयेका राजाहरुको सिंहासन् भन्दा त्येस्को
३३ चइं सिंहासन् अलग्यायो। अनि त्येस्ले त्येस्को मेलखानको लुगा फेरि दियो
३४ अनि त्येस्ले जीवनभरि सधैं त्येस्को सांमु रोटी खांइ थियो। अनि त्येस्को
खुराकको बिषयमां त्येस्को जीवनभरि बाबेलको राजा पट्टि आठो
दिनहूंको खुराक् दिन् दिने दिईंद थियो॥

बिलापी गीत् ।

मान्छेहरुले भरिपूर्ण भयेकी सहर् को आधिगरि सुन्सान् भई . १ १
कसोगरि त्यो बिधुवी जस्ती भई .
लोग्लोग्मा त्यो ठुली र मुलुक्मुलुक्मा मैया थिई
त्यो कसोगरि भाराकिस्ता दिने भइ गई ।
त्यो रात्भरि सारो मंद छे अनि त्येका गालामां आंसु बहि रहंद छन् २
त्येस्लाइ शान्ति दिने त्येका प्रियहरुमांको कोई पनि छैन
त्येका सबै मित्रहरुले त्यो सित छल् गर्ये .
तिनिहरु सबै त्येका बैरी बनीये ।
यहूदा दुक्ख र सारो दास्तीको कारणले बन्धुवाईमां गई ३
त्यो अन्यदेसीहरुको बीचमां रहंद छे अनि कोइ पनि बिश्राम् पाउंदैन .
त्येका निन्दा गर्नेहरु सबैले त्येस्लाइ गौंड़ामां पक्ये ।
सिय्योनका बाटाले बिलाप् गरि रह्येका छन् किनभन्ये ठहराईयेका चाड्मां ४
कोई आउंदैन
त्येका सबै ढोकाहरु सुन्सान् छन् त्येका पूजाहारीहरुले सुक्केरामराई
गर्द छन्
त्येकी कन्येहरु दुक्खमां छिन् अनि त्यो आफै चइं तीतेईमां छे ।
त्येका सत्रुहरु मूल् भइ गये त्येका द्रोहीहरु जय्वन्त छन् ५
किनभन्ये यहूवेले त्येका अप्राधहरु धेर् हुंनाको कारणले त्येस्लाइ
दुक्ख दियो .
त्येका बालबच्चाहरुलाइ बैरीहरुले बंधुवा गरि लग्ये ।
अनि सिय्योन्की छोरीको सिंगै महिमा गइ गयो . ६
त्येका मालिकहरु खर्क न पाउंने मिर्गाहरु जस्ते भइ गये
अनि तिनिहरु निर्बल् भइकन खेद्नेहरुको सांमु देखि भागि गये ।
यरूशलेम्ले आफ्नु दुक्ख र संकट्मां ७
तादि त्येका भयेका सबै योक् सम्झंद छे .
जब त्येका सबै लोग् सत्रुहरुका हातमां पर्ये अनि त्येस्लाइ गोहार् गर्ने
कोई पनि थियेन
सत्रुहरुले त्येस्लाइ देख्ेर त्येको बिश्राम्मनाई ठट्टामां उड़ाये ।
यरूशलेम्ले ठिप्रै आधि पाप् गरी येसैकारणले त्यो अपवित्र योक् ८
जस्ती छ
त्येस्लाइ मान् गर्ने सबैले त्येको निन्दा गर्ये किनभन्ये तिनिहरुले त्येको
नंगेई देख्ये .
अं त्यो मुक्केरा मांई पछिल् तिर फर्कि जांद छे ।

९ त्येस्को अशुद्धेईं त्येस्को गुन्यूंमां लागि रह्येको छ त्येस्ले आफ्नु अन्तको दिन् सम्झंदैन
येस्कारण् त्यो उदेक्को रीत्ले आफ्नु मान् देखि खसालीई अनि त्येस्लाइ शान्ति दिंने कोई छैन .
हे यहवे मेरो कष्ट मांथि हेर्नु हवस् किनभन्ये सत्रुले औधिने बढ़ाई गर्‍यो ।

१० द्रोहीले त्येस्का सबै मन्पर्दा मन्पर्दा थोक्मां हात् पसार्‍ये .
कसोगरिभन्ये त्येस्ले अन्यदेशीहरुलाइ त्येस्को पवित्रस्थान्मां पस्येका देखी
जुन्हरुको बिषय्मां तपांइले तं तिनिहरुको सभामां पस्दा पनि न पस्नु भनि आज्ञा दिंनु भयेको थियो ।

११ त्येस्का सबै लोगले सुस्केरा मांदै अन्न खोज्दै छन्
तिनिहरुले आफ्नु प्राण्लाइ जगाऊं भनि आफ्ना सबै मन्पर्दा मन्पर्दा थोक्हरु दिहाल्ये अन्नको लागि .
हे यहवे हेर्नु हवस् अनि बिचार् गर्नु हवस् किनभन्ये मं तुच्छ भयें ।

१२ हे सबै बटौरेहरु हो के तिमिहरुलाइ येस्को कोइ धन्दा छैन .
हेर अनि बिचार् गर यहवेले उस्को डरलाग्दो रिस् उठेयको दिन्मां मंलाइ दियेको मेरो जस्तो दण्ड
अरु कसैको दण्ड छ कि छैन ।

१३ मेरा हांडूहरुमां उस्ले ऊंभो देखि आगो पठाइ दियो अनि त्येस्ले ति भस्म भये .
उस्ले मेरा गोड़ाको लागि जाल् फिंजायो उस्ले मंलाइ फर्कायो
उस्ले मंलाइ एक्लै छोड़ि दियो अनि मं दिन्भरि निर्बल् रहंदो छु ।

१४ उस्ले मेरा अपराध्को जूवा आफ्नै हात्ले बांध्यो
ति एका अर्का गांसीये ति मेरा कांधमां आये अनि उस्ले मेरो बल् घटायो .
प्रभुले मंलाइ तिनिहरुको हात्मां पारि दियो जुन्हरुको सांमु मं उभीइ रहंनु सक्दैंन

१५ प्रभुले मं सङका मेरा सबै बीरबीरहरुलाइ तुच्छ ठान्यो
उस्ले ठहरायेको सभालाइ मेरो बिरुद्धमां बोलायो मेरा जुवान्हरुलाइ कुच्याउंनुको लागि .
प्रभुले यहूदाकी कन्येकेटीलाइ कोल्ले दाख् पेल्येको झैं पेल्यो ।

१६ यि कुराको कारण्ले मं रंदो छु मेरा आंखा देखि मं मेरा आंखा देखि आंसु बहंद छन्
किनभन्ये जस् शान्ति दिंनेको कारण्ले मेरो प्राण् नया हुंनु सक्ण्यो त्यो मं देखि टाढ़ो गइ गयो .
मेरा केटाकेटीहरु एक्लै छोड़ीये किनभन्ये मेरा बैरीहरु जिताहा भये ।

१७ सिय्योन्ले आफ्ना हात् पसार्‍ई छे त्येस्लाइ शान्ति दिंने कोई पनि छैन

यहूवेले याकूबको विषयमां त्येस्का वरिपरि भयेकाहरुलाइ त्येस्का बैरी हुव भन्ने आज्ञा दियेको छ ।

यरुशलेम् तिनिहरुको बीचमां अपवित्र भयेका थोक् जस्तो छ ।
यहूवे धर्म्मी छ कसोगरिभन्ये मैंले उस्का आज्ञाहरु भङ्ग गर्येको छु । १८
मं विन्ति गर्द छु हे सबै लोग्हरु हो मेरो सुन अनि मेरो दुक्ख हेर ।
मेरी कन्येहरु र मेरा तन्हरीहरु सबै बन्धुवाईमां गये ।
मैंले आफ्ना प्रियहरुलाइ हापार्यें तर तिनिहरुले मंलाइ धोखा दिये । १९
मेरा पूजाहारीहरु र मेरा प्राचीन्हरुले सहरमां सास् छोड़ि दिये
आफ्नु प्राणलाइ जगाउंनु भनि अन्न खोज्दा खोज्दै ।
हे यहूवे हेर्नु हुवस् किनभन्ये मं दुक्खमां छु मेरा आन्द्राहरु कुत्ति खेल्द छन् २०
मेरो मुटु मं भित्र नाच्द छ किनभन्ये मैंले ठुलो कचिडल् निकाल्यें ।
बाइर मं तरवार्ले निर्बंश हुंद छु भित्र घर्मां चइं काल् छ ।
मेरा बैरीहरुले सुन्ये त्येस्ले सुस्केरा मार्द छे अनि त्येस्लाइ शान्ति दिंने कोई २१
पनि छैन भनि
त्यो दुक्खमां छ भनि मेरा सबै बैरीहरुले सुन्ये अनि येसो तपांइले गर्नु
भयो भनि तिनिहरु खुशि भयेका छन् ।
जस् दिन्को विषयमां तपांइले प्रचार् गर्नु भयो त्यो दिन् तपांइले ल्याउंनु
हुंछ अनि तिनिहरु पनि मैं जस्ता हुंने छन् ।
तिनिहरुका सबै दुष्टैहैं तपांइको सांमु आउन् २२
अनि तपांइले तिनिहरुलाइ मंलाइ मेरा सबै अपराध्को कारणले गर्येको
जस्तै गर्नु हुवस् ।
किनभन्ये मेरा सुस्केरामार्द धेरै छन् अनि मेरो मन् निर्बल् छ ॥ ✓

प्रभुले सिय्योन्को छोरीलाइ आफ्नु रिस्को बादल्ले कै अँधिगरि २ १
ढाकि दियो ।
उस्ले इस्राएल्को सुन्दरेहैं अकाश् देखि भूंइमां पछारि दियो
अनि उस्ले रिस्को दिन्मां आफ्नु चरणको चरणपिठ्यूलाइ सम्झेन ।
प्रभुले याकूबका सबै बासीहरुलाइ नील्यो तैपनि ठिटायेन २
उस्ले रिसायेर यहूदाकी छोरीका बलियां बलियां किल्लाहरु भत्काइ दियो
उस्ले तिनलाइ भुइँमां लड़ाइ दियो
उस्ले मालिकै समेत् राज्यलाइ अपवित्र ठहरायो ।
उस्ले आफ्नु बल्दोरिस्ले इस्राएल्का सबै सींगहरु काटि दियो ३
उस्ले बैरीहरु देखि बिरुद्ध गर्नु देखि आफ्नु दाहीनो हात् झिक्यो ।
अनि उस्ले याकूबलाइ येसोरि डढ़ायो जसोरि आगोको ज्वालाले रिंगे
घेरि डढ़ाउंद छ ।
उस्ले सत्रुले झैं आफ्नु धनु उकाल्यो र दाहीनो हात् पठ्ठि ४
उभ्यायो

अनि आंखालाइ मन् पर्नेहरु जस्ति पिये ति सबैलाइ काट्यो .
सिय्योन्‌को छोरीको पाल्‌मां उस्ले आफ्नु बल्दोरिस्‌को आगो लगाइ दियो ।

५ प्रभुने बैरी बनीयो उस्लेने इस्राएल्‌लाइ नील्यो
उस्ले त्येस्का सबै महल्‌हरु नील्यो अनि उस्ले त्येस्का सबै गढ़िहरु भत्काइ दियो .
अनि उस्ले यहूदाको सबाई मांथि बिलापगराई बढ़ाइ दियो ।

६ अनि उस्ले आफ्नु पाल् बारीको टौवा झैं आफालि दियो
उस्ले आफ्नु सभाघर् भत्काइ दियो .
यहूवेले सिय्योन्‌का ठहरायेका चाड़हरु र बिश्राम्‌दिन्‌हरु बिर्साइ दियो
अनि आफ्नु उठेको रिस्‌को कारणले राजा र पूजाहारी दुवैको निन्दा गर्‍यो ।

७ प्रभुले आफ्नु बेदि आफाल्यो अनि आफ्नु पवित्रस्थान् देखि निन्दा सहित् घिनायो
उस्ले त्येस्को महल्‌का भित्ताहरु बैरीहरुका हातमां दिहाल्यो .
तिनिहरुले यहूवेको घर्‌मां ठहरायेको चाड़मां भयेको जस्ते कराई गर्‍ये ।

८ यहूवेले सिय्योन्‌की छोरीको भित्ता भत्काउने जुक्ति गर्‍यो
उस्ले आफ्नु हात् पसार्‍यो अनि नास् गर्नु देखि त्यो उठाइ लग्येन ।
तर उस्ले गढ़ि र भित्ता दुवैलाइ बिलाप् गर्नु लगायो ति दुवै सङ्‌सङ भत्क्ये ।

९ त्येस्का ढोकाहरु भूंइमां भासीये उस्ले त्येस्का बार्‌हरु नास् पार्‍यो अनि भत्कायो .
त्येस्को राजा र त्येस्का मालिक्‌हरु लोग् लोग्‌हरुको बीच्‌मां कुन् जहां व्यवस्था छैन
अं त्येस्का अगम्‌वक्ताहरुले यहूवेको दर्शन् पाउंदैनन् ।

१० सिय्योन्‌को छोरीका प्राचीन्‌हरु चाम्‌चूम् भूंइमां बसि रह्येका छन्
तिनिहरुले आफ्नु आफ्नु सिर्‌मां धूलो हाल्ये आफ्ना आफ्ना कम्मर्‌मां भाड़ा बेहैये .
यरूशलेम्‌की कन्येहरुले आफ्नु आफ्नु मण्टो भूंइ तिर झुंड्याइन् ।

११ मेरा आंखाले आंसु बहाउंद छन् अनि मेरा आन्द्राहरु बटारींद छन्
मेरो कलेजो भूंइमां फुद्यो मेरा लोगकी छोरीहरुको नास्‌को कारणले
किनभन्ये समांना बालखहरु अं दुद् खांने नानीहरु समेत् सहरका गल्लि गल्लिहुंदो अर्नालींद छन्

१२ तिनिहरुले आफ्नी आंमाहरुलाइ भन्द छन् अन्न कता हो अनि दाखमद्य खोई .
तिनिहरु अर्नालींदै घायेल् मान्छेहरु झैं सहरका गल्लि गल्लिहुंदो मिल्‌कींद छन्
जब तिनिहरुका प्राण् आफ्नी आंमाहरुको काखमां आफालींद छन् ।

मं तंलाइ को साक्षीकुरा भनुं. मं तंलाइ कोको नपना दिउं ए १३
यरूशलेमकी छोरी.
मं तंलाइ तं को जस्तो छस् भनि शान्ति दिउं ए सिय्योन्की कन्ये छोरी.
किनभन्ये तेरो दुक्ख समुन्द्र जस्तो अपार् छ. कस्ले तंलाइ विसेक् गराउंनु
सक्छ।
तेरा अगमवक्ताहरुले तेरो विषयमां व्यर्थ दर्शन् र मूर्खैं देख्ये १४
अनि तेरा अधर्म्म जाहार् गर्यनन् नहीं ता तं बन्धुवाईमां जांने थिईनस्.
तर तिनिहरुले तेरो लागि व्यर्थ बोझा र देस् देखि निकालींने अगम्
कहंद छन्।
तेरो छेउ देखि जांने सबैले तेरो विरुद्धमां ताली बजाउंद छन् १५
तिनिहरुले यरूशलेमकी छोरीको विरुद्धमां येसो भन्दै हत्केला बजाउंद
छन् अनि नाच् बजाउंद छन्.
को यो त्येइ सहर् हो जो सुन्दरेइंको पूरी हो अनि सिंगै पृथिवीको हर्षको
कारण् हो भनि मान्छेहरुले भन्द थिये।
तंलाइ खांनुको लागि तेरा सबै सत्रुहरुले तुला तुला मुख् बाये १६
तिनिहरुले हत्केला बजाउंद र दारा कीट्द छन् अनि भन्द छन् हांमिहरुले
तिनिहरुलाइ नील्यूं भनि
जुन् दिनको बाटो हांमिहरु हेर्दै थियूं त्यो दिन् येइ हो हांमिहरुले भेट्यूं
अनि त्यो देख्यूं।
यहवेले त्येसै गर्यो जसो उस्ले ठान्येको थियो १७
उस्ले तादि जसो भन्येको थियो त्येसै पूरो गर्यो
उस्ले आफाल्यो अनि टिठायेन.
उस्ले बैरीहरुलाइ तं मांथि रमाहटि हुंनु लगायो
उस्ले तेरा द्रोहीहरुका सींगहरु अलग्याइ दियो।
तिनिहरुको हिर्दय् प्रभु तिर करायो. १८
ए सिय्योन्की छोरीका भित्ता तेरो आंसु नदी झैं रात्दिन् बग्नो
न बिसा न तेरा आंखाको नानीहरुले झपक् लिउन्।
उठ् रात्को पहिलै पहर् देखि कारा १९
पानी झैं तेरो हिर्दय् खन्या प्रभुको सांमु.
आफ्ना हात् उ तिर उठा आफ्ना बालखहरुको लागि
जुनहरु गल्लिको सिरान् सिरान्मां भोकले अनर्लीयेका छन्।
हेर्नु हवस् है यहवे येसो तपांइले कस्लाइ गर्नु भयो. २०
को स्त्रीहरुले आफ्ने गर्भका फलहरु अर्थात् आफ्ने काखमां खेलायेका
बालखहरु खाउन्.
को पूजाहारी र अगमवक्ता प्रभुको पवित्रस्थानमां मारीउन्।
बूढा तर्हरि मान्छेहरु गल्लि गल्लिहुंदो भूइंमां लड्लड्ि रह्येका छन् २१
मेरी कन्येकेटीहरु र मेरा कन्येकेटाहरु तरवार्ले लड्ाईये.

तपांइले आफ्नु रिस्को दिनमां तिनिहरुलाइ काट्नु भयो अनि तिनलाइ मार्नु भयो ठिठाउंनु भयेन ।

२२ तपांइले मंलाइ अत्याउंनेहरुलाइ मेरा वरिपरि ठहरायेको चाडूको लागि जर्मीने समाज्लाइ झैं

अनि यहवेको रिस्को दिनमां न कोई भागनु पायो न कोई बांच्यो .

मैंले आफ्नु काखमां खेलायेका बढ़ायेकाहरुलाइ मेरा सत्रुहरुले मेटि दिये ॥

३ १ मं त्येइ मान्छे हुं जो जस्को रिस्को कोर्राले दिईयेको कष्ट भोग्दे आयो ।

२ उस्ले मंलाइ डोऱ्याउंदै लग्येर अंध्यारोमां हिंडूनु लगायो उज्यालोमां होइन ।

३ उस्ले सांचि सांचिनै दिनभरि घरिघरि मं मांथि आफ्नु हात् उठ्जाउंद छ ।

४ उस्ले मेरो मांसु र मेरो छाला गलाइ दियो अनि मेरा हाडूहरु भांचि दियो ।

५ उस्ले मंलाइ घुनुको लागि गढ़ि बनायो अनि मंलाइ दुक्ख र दास्तोले घेऱ्यो ।

६ उस्ले मंलाइ धेरै दिन् मर्येको मुर्दा झैं अंध्यारो ठांउमां आफालि राख्यो ।

७ उस्ले मेरा वरिपरि बार् बाऱ्यो मं निस्कंनु न सक्नुलाइ उस्ले मंलाइ तुलो सांग्लोले बांध्यो ।

८ अं जब मं कराइ कराउकन गोहार् मांग्द छु उस्ले मेरो प्रार्थना सुन्दैन ।

९ उस्ले मेरा बाटाहरु काट्योका ढुंगाहरुले देवाल् बनाइ छेक्यो उस्ले मेरा मार्गहरु बंग्याइ दियो ।

१० उ मेरो लागि ढुकि रह्येको भालू र गुप्त ठांउको सिंह जस्ले छ ।

११ उस्ले मंलाइ बाटो देखि तानि लग्येर फहरायो उस्ले मंलाइ मेटि दियो ।

१२ उस्ले आफ्नु धनु उकाल्यो अनि मंलाइ चइं तारो गाप्यो ।

१३ उस्ले आफ्नु कांडूले मेरो मुटु छेंड़ि दियो ।

१४ मं मेरा लोगाको लागि हांस्ने कारण् भयें अनि तिनिहरुले मेरो विषयको गीत् दिनभरि गाइ रहंद छन् ।

१५ उस्ले मंलाइ तीतेईले पूर्ण गरायो अनि ऐरेलू खुवायेर तृप्त गरायो ।

१६ उस्ले मेरा दांत् रोड़ाले भांचि दियो अनि मेरो मुख् खरानिले ढाकि दियो ।

१७ अनि तपांइले मंलाइ कुशल् देखि टूर् राख्नु भयो कल्याण् भन्येको क्या हो मैंले बिर्स्यें ।

१८ अनि मैंले भन्यें मेरो बल् नष्ट भयो अनि यहवे मांथि भयेको मेरो आशा ।

१९ मेरो दुक्ख र मेरो कुगत् सम्झंनु हवस् अनि मेरो ऐरेलू र पित्तको खुवाई ।

२० ति मेरो मन्ले सम्झि राख्येको छ अनि मेरो मन् पुरैंदै गयो ।

२१ मेरो मन्ले फेरि फेरि पनि येइ पुकार्द छ येकारण् मैंले आशा गर्येको छु ।

हांमिहरु न मेटीयेको कारण् चइं यहूवेको अनुग्रहलेनै हो कसोगरिभन्ये २२
उस्का दया थुनीयेनन् ।
ति बिहानै पिच्छे नया हुंद छन् तपांइको सच्चेईं ठुलो छ । २३
यहूवे मेरो भाग् हो भन्येर मेरो आत्माले भन्द छ येस्कारण् मं उस् मांथि २४
भरोसा राखछु ।

यहूवेको बाटो हेर्ने र उ थांइ जांने आत्माको लागि उ भलो छ । २५
यहूवे देखि मुक्ति पाउंने भरोसा गुप्तगरि राख्नु मान्छेको लागि जाति छ । २६
मान्छेले बैंस् कुंदेखेरि जूवा बोकदै रहंनु येस्को लागि जाति छ । २७

त्यो यो मं मांथि [यहूवे लेनै] हाल्येको हो भनि चामचुम् रहोस् । २८
त्यो आफनु मुख् भूइंमां दल्दै रहोस् कोइ आशा हुंछ होलाकि भनि । २९
त्येस्ले आफनु गाला हिर्काउंने तिर फर्काइ देवस् अनि गिल्लाले भारीयेको ३०
हुवस् ।

किनभन्ये यहूवेले सधैं आफालि राख्दैन । ३१
उस्ले दुक्ख गराये पनि दयालु भयेको कारणले कृपा पनि गर्छ । ३२
कसोगरिभन्ये उस्ले मान्छेको सन्तानलाइ दुक्ख र कष्ट खुशि सित दिंदैन । ३३

पृथिवीभरिका कैदीहरुलाइ गोड़ाले दलनु । ३४
कसै मान्छेको निया परम् ईश्वरको सांमु फेर्नु । ३५
अनि कसै मान्छेको मामला बिगार्नु यि तीनै थोक् प्रभुले हेर्नु सक्दैन । ३६

प्रभुले आज्ञा न गर्येको कुन् मान्छेले बचन् भनिकन पूरो हुंछ । ३७
परम् ईश्वरको मुख् बाटो न निस्कंज्याल् के भलो बुरो निस्कंद छ । ३८
जीउंदो मान्छे किन गनगनाउंद छ अनि आफना पापको लागि दण्ड ३९
दिंने मांथि ।

हांमिहरु आफना चालचलन् जांचि हेरूं अनि यहूवे तिर फर्कूं । ४०
हांमिहरु आफना हात् मन् समेत् स्वर्गको ईश्वर तिर उठाऊं । ४१
हांमिहरुले अपराध् गर्यू अनि द्रोह् गर्यं तपांइले क्षमा गर्नु भयेन । ४२

तपांइले हांमिहरुलाइ आफनु रिसले ठाकि राख्नु भयो अनि हांमिहरुको ४३
खेदो गर्नु भयो हांमिहरुलाइ मार्नु भयो अनि कोइ पनि दया
गर्नु भयेन ।
तपांइले आफुलाइ बादलले कोपि राख्नु भयो हांमिहरुको दोहाई तपांइ ४४
थांइ सम्म आइ न पुगोस् भन्येर ।
तपांइले हांमिहरुलाइ लोग् लोगको बीचमां खुर्किखार्कि गर्येका थोक् ४५
र कसिङ्गर्सरिनै तुल्याउंनु भयो ।

हांम्रा सबै बैरिहरुले हांमिहरुको बिरुद्धमां ठुला ठुला मुख् बायेका छन् । ४६

४७ हांमिहरुका भाग् डर् र खाड़ल् र नास् भयेका छन् ।
४८ मेरा आंखा देखि आंसुका नदीहरु बहंद छन् मेरा लोगको छोरीको नासको कारणले ।

४९ मेरा आंखा देखि बराबर् आंसु बहंदै रहंद छन् अनि कोई पनि थांमीदैनन् ।
५० जेले सम्म यहवेले स्वर्ग बाटो हेर्नु हुन्न तेले सम्म मं रुनु छोड्दीन ।
५१ मेरो सहरको छोरीहरुको गत देखदा मेरो हृदय बढ़द छ ।

५२ अकारण् मेरा बैरी हुंनेहरुले निर्दयाको हिसापले मेरो सिकार् गर्थे ।
५३ तिनिहरुले मलाइ खाड़लमां हाल्थेर मेरो प्राणको अन्त गरि दिये अनि मं मांथि ढुंगो हालि दिये ।
५४ पानी मेरो कपाल् सम्म आइ पुग्यो तब मैले भन्थें मं नष्ट भयें भनि ।

५५ हे यहवे मैले तपाइको नांउलाइ गहीरो खाड़ल् देखि हापार्थें ।
५६ तपाइले मेरो शब्द सुन्नु भयो मं जुन् दोहाई फेंफें गर्दै दिंद छु त्यो देखि आफनु कान् न कोपनु हवस् ।
५७ जस् दिन् मैले तपाइलाइ हापार्थें त्येसै दिन्नै तपाइले मलाइ नजिक् आयेर भन्नु भयो न डरा ।

५८ हे प्रभु तपाइले मेरो प्राणको माम्ला लड़ेर मेरो जीवन् बचाउनु भयो ।
५९ हे यहवे तपाइले मं देखि भयेको अन्थे देखनु भयो त मेरो निया गरि दिनु हवस् ।
६० तिनिहरुले मं सित लियेको साटो तपाइले देखनु भयो अनि मेरो विरुद्धमां गर्थेका जुक्तिहरु ।

६१ हे यहवे तपाइले तिनिहरुले गर्थेको निन्दा र मेरो विरुद्धमां गर्थेका जुक्तिहरु सुन्नु भयो ।
६२ मेरो विरुद्धमां उठनेहरुले गर्थेका बचन् र तिनिहरुले मेरो विरुद्धमां दिनभरि ठान्थेका कुराहरु तपाइले सुन्नु भयो ।
६३ तिनिहरुको उठाई बसाई राम्रोगरि हेर्नु हवस् तिनिहरुले गीत् मेरो विषयका गाइ रहंद छन् ।

६४ हे यहवे तपाइले तिनिहरुलाइ तिनिहरुका करनी अनुसार् फल् दिनु हुंछ ।
६५ तपाइले तिनिहरुको हिर्दय् कठोर् गराइ दिनु हुंछ अनि तिनिहरुलाइ तपाइको स्राप् ।
६६ तपाइले तिनिहरुलाइ आफनु रिसले नास् पार्नु हुंछ अनि यहवेको थेम् स्वर्ग मुनि देखि तिनिहरुलाइ धंस पार्नु हुंछ ॥

सुन् कसोगरि अंध्यारो भइ गयो अनि खूद् निखरा सुन् फेरीयो . ४ १
पवित्रस्थान्का ढुंगाहरु गल्लीका सिराह् सिराह्मां आफालीयेका छन् ।
निखरा सुन् जस्ता सिय्योन्का मोल्का बासीहरु २
को कोधिगरि कुमालेले बनायेका मांटोका भांड़ा जस्ता तुच्छ गनीये .
माऊस्यालुहरुले पनि आफ्ना पुन् निकाल्येर आफ्ना छाउराहरुलाइ चूस्नु ३
दिंद छन् .
तर मेरा लोगको छोरी बगर्की शुतर्मूर्ग जस्ती निष्ठूर् भइ गई ।
दुद्खांने बालखहरुको जिब्रो तिर्खाको कारणले तालूमां टांसीयो . ४
केटाकेटीहरुले खांनेयोक् मांगद् छन् तर कसैले कोइ बचाइ दिंदैन ।
अघि सुक्ख सक पालीयेकाहरु अब गल्ली गल्लीहुंदो अनाली दै हिंड्द छन् . ५
खाशामलमल पोशाकमां पालीयेकाहरु घुयान्हुंदो अहिंस् लाग्द छन् ।
मेरा लोगको छोरीहरुको पाप् सदोमको पाप् भन्दा पनि बेसि भयो . ६
जो एक् छिनमां उल्टाईयो अनि कसैले त्येस् मांथि हात् लगायेन ।
त्येका साधुहरु हिंउ भन्दा पवित्र र दुद् भन्दा सेता थिये ७
तिनको शरीर् मुङ्गा मोतिहरु भन्दा रातो तिनको सुन्दरेई नीलमणि भन्दा
रात्रा थियो .
तर अब तिनको रूप् कोइला भन्दा कालो भये अनि गल्लिमां न चिनीने . ८
तिनको छाला हाड़मां टांसीयो . दाउरा जस्ते सुकि गये ।
तरवारले मारीयेकाहरु भोकले मर्नेहरु भन्दा कम् दुखि छन् ९
कसोगरिभन्ये यिनिहरुको प्राण् भूइं देखि उपज्येका थोक् न पाइकन
थोइल्ही जांदै छन् ।
दयालु स्त्रीहरुले आफ्नै हातले आफ्ना बालखहरुलाइ पकाइन् १०
मेरा लोगको छोरीको नछुहुवाईमां तिनिहरुनै तिनका आहारा भये ।
यहवेले आफ्नु बल्दोरिस् देखायो उसले आफ्नु कोप्ये बलले खन्यायो ११
अनि सिय्योनमां ऐस्तोरि आगो लगायो त्येका जगै समेत् भस्म भये ।
कोई ट्रोही कि कोई सत्तुर् यरूशलेम्का ढोकाहरु देखि भित्र पस्नु १२
सकुन् भनि
पृथिवीको कसै राजाले कि जगत्को कसै बासीले पनि चिताउनु सक्थेको
थियेन ।
ऐसो भयेको तिनिहरुका अगम्बक्ताहरुका पाप् र तिनिहरुका पूजाहारीहरु १३
का अधर्म्मी कर्म्मको कारणले हो
कसोगरिभन्ये तिनिहरुले त्येका बीचमां धर्म्मीहरुको रगत् बहाये ।
अब तिनिहरु गल्लिगल्लिहुंदो अन्धाहरु झैं डुलि हिंड्द छन् अनि तिनिहरु- १४
रगत्ले बोहोरीयेका छन्
यहां सम्म भयेका छन् तिनिहरुको जीउको लुगा पनि कसैले छुंदैन ।
मान्छेहरुले तिनिहरुलाइ कराइ कराइकन भन्द छन् एइ अशुद्ध पर सर् १५
पर सर् यहां न छी .

जब तिनिहरु भागदै पर पर गये तब लोगलोगले भन्थे अब ता तिनिहरुले येता बास् गर्नु पाउंदैनन् भनि ।

१६ यहूवेको रिसले तिनिहरुलाइ क्रपुट्ठ पार्यो उसले तिनिहरु मांथि फेरि फेरि नजर् लाउंदैन ।
तिनिहरुले पूजाहारीहरुको कोइ मान् गर्थेनन् अनि न बूढाहरु मांथि कोइ दया गर्थे ।

१७ गोहार्को लागि बाटो हेर्दा हेर्दा व्यर्थै हांस्रा आंखा मांत्रै टट्टाये ।
हांमिहरुले एक् लोगको बाटोहेराई गर्यू तर येस्ले हांमिहरुलाइ बचाउंनु सक्दैन ।

१८ [बैरीहरुले] हांमिहरुलाइ येस्तो खेदो गर्द छन् हांमिहरु गल्लिहुंदो हिंड्नै सक्दौंन ।
हांमिहरुको अन्त नजिकायो हांमिहरुका दिन् पूरा भये हांस्रो अन्त आइ पुग्येको कारणले ।

१९ हांमिहरुलाइ लगार्नेहरु अकाशका गिद्ध भन्दा पनि छिटा छन् ।
तिनिहरुले पहाडूहुंदो हांमिहरुलाइ खेद्ये अनि तिनिहरु हांमिहरुको लागि बन्मां ढुकि बस्थे ।

२० हांमिहरुको नाकको सास् यहूवेको अभिषिक्त जस् मांथि हांमिहरुको जीउंनिको आशा थियो
जस्को विषयमां हांमिहरुले भन्थेका थियूं हांमिहरु उसैको छाहारिमां बस्छौं भनि उइ तिनिहरुको खाड्लमां लगीयो ।

२१ ए ऊज् देसमां बस्ने एदोम्की छोरी खुशि हुंदै रमा ।
कटौरा तं मांथि पनि आइ लाग्छ तैंले पनि त्यो पीउंनु पर्छ अनि तैंले आफुलाइ नाङ्गो पाउंछेस् ।

२२ ए सिय्योन्की छोरी तेरो अधर्म्मको दण्ड पूरो भयो
अब देखि उसले तंलाइ बन्धुवाईमां लैजांदैन ।
ए एदोम्की छोरी उसले तंलाइ तेरो अधर्म्मको दण्ड दिंछ
उसले तेरा पापहरु प्रगटो गर्छ ॥

५ १ हे यहूवे हांमिहरु मांथि को को आइ पर्ये ति सम्झंनु हवस् ।
हेर्यैर हांमिहरुको निन्दाको विचार् गर्नु हवस् ।
२ हांमिहरुको पित्रिधन् परायहरु तिर फर्कि गयो
हांमिहरुका घरहरु बाइरका लोगका भये ।
३ हांमिहरु बाबु मर्यका टुहुराटुहुरी भयूं
हांमिहरुकी आमा विधुवैसरि भइन् ।
४ हांमिहरुले पानी किनि किनिकन खायूं
हांमिहरुको लागि दाउराको दाम् लाग्छ ।
५ हांमिहरुलाइ लगार्नेहरुले हांस्रो गर्धनमां टेकनु खोज्द छन् ।

हांमिहरु हरान् पर्यू अनि कोइ विश्राम् छैन ।
हांमिहरु मिस्रीहरुको तावेमां दिईयू ६
अनि अश्शूरीहरुको हातमां पनि पेट्को आहाराको लागि ।
हांमिहरुका पित्रहरुले पाप् गर्‍ये अनि तिनिहरु छैनन् ७
अनि हांमिहरुले तिनिहरुका अधर्म्मका भार् बोक्यूं ।
कमांराहरुले हांमिहरु मांथि अधिकार् चलाउंद छन् । ८
हांमिहरुलाइ तिनिहरुको हात् देखि छोड़ाउंने कोई पनि छैन ।
हांमिहरु आफ्नु खांने थोक् प्राण्को जोखिम्मां भइ ल्याउंद छौं ९
कसोगरिभन्ये वनमां तरवार् चल्द छ ।
भोक्को ताप्को कारण्ले १०
हांमिहरुको काला चुल्हा झैं बल्दै छ ।
तिनिहरुले सिय्योन्मां स्त्रीहरुलाइ ११
अनि यहूदाका सहर् सहर्मां कन्यकेटीहरुलाइ भरष्ट पार्‍ये ।
मालिकहरु हात् फर्काएर झुंड्याईये । १२
अनि बूढाहरुको कुइ मान् राखीयेन ।
जुवानहरुले जांतो बोक्नु पर्‍ इयो १३
अनि केटाकेटीहरु चइं दाउराको भारि मुनि लड़ेर ।
अब बूढाहरु ढोका ढोकामां बस्दैनन् १४
अनि न जुवानहरुको गीत् सुनींद छ ।
हांमिहरुको मनको हर्ष गयो १५
अनि हांमिहरुको नचाई विलाप्मां फेरीयो ।
हांमिहरुको मुकुट् सिर् देखि खस्यो । १६
हाय् हांमिहरु मांथि । किनभन्ये हांमिहरुले पाप् गर्‍यूं ।
येसैकारण्ले हांमिहरुको हिर्दय् निर्बल् भइ गयो १७
अनि यिनैको कारण्ले हांमिहरुका आंखा धमीलीये ।
सिय्योन् पहाड़ उजार् भइ रह्यको छ १८
स्यालहरु त्यस्मां हिंड़ूद छन् ।
हे यहवे तपांइ ता सदा विराजमान् रहंनु हुंद छ १९
तपांइको सिंहासन् पुस्ता देखि पुस्ता सम्म ।
तपांइले किन हांमिहरुलाइ सदाको लागि विर्मिहालनु भयो २०
अनि हांमिहरुलाइ धेरै समयको लागि त्यागि दिंनु भयो ।
हे यहवे हांमिहरुलाइ आफु पट्टि फर्काउंनु हुवस् त हांमिहरु फर्कंछौं २१
हांमिहरुका दिन् ताजिको झैं जस्ताका तस्ता पारि दिंनु हुवस् ।
तर तपांइले हांमिहरुलाइ स्यांठै निकालनु भयो २२
तपांइ हांमिहरु देखि अघोरै क्रोधित् हुंनु भयेको छ ॥

यहेज्केल् अगम्बक्ताको पोस्तक्।

१ १ अनि येसो भयो तीसौं बर्षको चौथो महींनाको पांचौं तिथिमां मं
बंधुवाहरुको बीच्मां कबार् नदीको तीर्मां थियें तब स्वर्ग खोलीयो त
२ मैंले ईश्वर्ले दियेका दर्शन्हरु देख्यें। यहोयाकीन् राजाको बन्धुवाईको
३ पांचौं बर्षको चौथो महींनाको पांचौ तिथिमां कल्दीहरुको देस्मां
कबार् नदीको तीर्मां यह्वेको बचन् बूजीको छोरो यहेज्केल् पूजाहारीकां
४ प्रगटोगरि आयो अनि त्येतिनैखेरि यह्वेको हात् त्येस् मांथि पर्‍यो। तब
मैंले हेर्‍येर क्ये देख्यें भन्ये उत्तर् दिशा देखि ठुलो बादल् र हल्लींदै गर्‍येको
आगो सहित्को ठुलो आंधी आउंदै रछ अनि बादल्का चारै तिर उज्यालो
र आगोको बीच्मां झल्काईयेको पीतल् जस्तो क्येइ देखाहा पर्‍यो।
५ फेरि त्येस्को बीच् देखि चार् जीवात्हरु देखाहा पर्‍ये। अनि तिनको
६ रूप् मान्छेको जस्तो रछ। अनि तिनिहरुमांको गोटैपिच्छेका चार्
७ चार्वटा मुख् र चार् चार्वटा पखेटा राछन्। अनि तिनका गोड़ा सोजा
सोजा राछन् अनि तिनका गोड़ाका पैतला बाच्छाका खुर् जस्ता राछन्.
८ अनि ति झल्काईयेका पीतल् जस्ता चम्कंदा राछन्। अनि तिनका चारै
कुनामां पखेटाका मुनि मुनि मान्छेका जस्ता हात् राछन्. अनि ति
९ चार्वटाका मुख् र पखेटा येस्ता राछन् एक् जीवात्का पखेटा
अर्को जीवात्का पखेटा सित गांसीयेका राछन् अनि जीवात्हरु हिंड्दाखेरि
१० फर्कंदैन राछन् आफ्नु आफ्नु सांमु सोजै हिंड्दा राछन्। तिनिहरुको
मोहोंड़ा येस्तो रछ तिनिहरुको मुख् मान्छेको जस्तो रछ अनि तिनिहरु
चारैको दाहींनो पट्टिको चइं मुख् सिंहको जस्तो अनि तिनिहरु चारैको
बाउं पट्टिको चइं मुख् गोरुको जस्तो फेरि तिनिहरु चारैको गिद्धको जस्तो
११ मुख् पनि राछन्। अनि तिनिहरुका मुख् र पखेटा ऊंभो ऊंभो तिर अलग्
अलग् राछन् अनि एक् एक् जीवात्का दुइ दुइवटा पखेटा एका अर्का
सित गांसीयेका राछन् अनि दुइ दुइवटा पखेटाले चइं तिनको जीउ
१२ ढाकीयेका राछन्। अनि तिनिहरु सोजोसोजै आफ्नु आफ्नु सांमु हिंड्दा
राछन्. आत्मा जता जता जांनु खोज्द छ उता उतै तिनिहरु पनि जांनु
१३ खोज्दा राछन् अनि हिंड्दाखेरि तिनिहरु फर्कंदैन राछन्। अनि
जीवात्हरु येस्ता देखाहा पर्‍ये तिनिहरुको रूप् आगोको फिलीङ्गो कि
बल्दै गर्‍येको रांको जस्तो देखींद रछ अनि त्यो आगोले जीवात्हरुको बीच्
बीच्मां येतायेता उताउता डुल्दै अग्घोर् ज्योति दिंद रछ अनि त्यो आगो
१४ देखि बिजुलि निक्लंद रछ। अनि जीवात्हरुको हिंड़ाई बिजुलिको जत्तिकै
१५ छिटो रछ। मं जीवात्हरुलाइ हेर्दै थियें त क्ये देख्यें भन्ये भूइंमां तिनिहरु

पांह तिनका चार् मुखको गन्ति अनुसार् एक् एक्वटा पांग्रा राक्नु ।
पांग्राको रूप् र बनौरि फीरोजको रङ्ग जस्तो रक्ष . अनि चारैको एकै रूप १६
रक्ष . अनि यस्तो रक्ष तिनिहरुको रूप् र बनौरि येउटै पांग्राको बीचमां अर्को
पांग्रा पनि बनीयेको जस्तो । हिंड्दाखेरि तिनिहरु आफ्ना चारै कुनाको १७
बलले हिंड्दा राक्नु अनि हिंड्दाखेरि तिनिहरु फर्कंदैन राक्नु । अनि १८
तिनका घेरा अग्ग्लोर् डरलाग्दा राक्नु अनि चारै पांग्राको घेरामां चारै
तिर आंग्लाले भरीयेका राक्नु । अनि जब जब जीवात्हरु हिंड्दा राक्नु १९
तब तब पांग्राहरु पनि तिनको कुेउ कुेउ हिंड्दा राक्नु अनि जब जब
जीवात्हरु भूमि देखि उठ्दा राक्नु तब तब पांग्राहरु पनि उठ्दा राक्नु ।
जता आत्मा जांनु खोज्द रक्ष उतै ति पनि जांदा राक्नु कसोगरिभन्ये आत्मा २०
उता तिरनै जांद रक्ष . त पांग्रा जीवात् सङ्सङै उठि जांने गर्दा राक्नु
कसोगरिभन्ये ति जीवात्हरुको आत्मा पांग्रामां रक्ष । जब जब यिनिहरु २१
हिंड्दा राक्नु तब तब तिनिहरु पनि हिंड्दा राक्नु अनि जब जब यिनिहरु
उभींदा राक्नु तब तब तिनिहरु पनि उभींदा राक्नु अनि जब जब तिनिहरु
भूमि देखि उठ्दा राक्नु तब तब ति पांग्राहरु पनि तिनिहरु सङ् सङै
उठ्दा राक्नु कसोगरिभन्ये ति जीवात्हरुको आत्मा पांग्राहरुमां रक्ष ।
अनि जीवात्हरुका सिरहरु देखि मास्तिर अकाश् जस्तो केह रक्ष जो २२
कांच् भैं डरलाग्दोगरि चम्कंद रक्ष त्यो तिनिहरुको थाप्नो देखि मास्तिर
मास्तिर फिंजीयेको रक्ष । अनि त्येस् अकाशको मुनि मुनि तिरका पखेटा २३
एका अर्का तिर सोजोगरि फिंजीयेका राक्नु . अनि ति बाहिक् एक् एक्
जीवात्का अरु पनि दुइ दुइवटा पखेटा राक्नु जुन्हरुले तिनका जीउ येता
र उता ढाक्येका राक्नु । अनि तिनिहरु हिंड्दाको बेलामां तिनका पखेटा २४
फड्याक्फड्याक् गर्येको सोर् धेरै पानीहरुको जस्तो कि सर्वशक्तिमान्को
वाणी कि पल्टनको गुरुम गर्येको जस्तै मैंले सुन्यें . अनि जब जब
तिनिहरु उभींदा राक्नु तब तब तिनिहरुले आफ्ना आफ्ना पखेटा झुंड्याउंदा
राक्नु । फेरि तिनिहरुको सिर् देखि मास्तिर भयेको अकाश् देखि २५
ऊंभो तिर येउटा शब्द सुनींद रक्ष . अनि जब जब तिनिहरु उभींदा
राक्नु तब तब तिनिहरुले आफ्ना आफ्ना पखेटा झुंड्याउंदा राक्नु ।
अनि तिनिहरुका सिरहरु देखि मास्तिर भयेको अकाश् मांथि नीलमको २६
जस्तो सिंहासन् बनीयेको रक्ष . अनि त्येस् मांथि कोई मान्छे जस्तो
देखाहा पर्द रक्ष । अनि त्येस् मान्छेको कम्मर् देखि मास्तिर झल्कायेको २७
पीतल् जस्तो देखींद रक्ष अनि त्येको भित्र चारै तिर आगो जस्तो
देखाहा पर्द रक्ष फेरि त्येको कम्मर् देखि ऊंधो तिर पनि मैंले आगो जस्तो
देख्यें अनि त्येस् मान्छे जस्तोका चारै तिर ज्योति चम्कि रह्येको रक्ष ।
जसोरि वर्षामां बादलमां इन्द्रेनी देखाहा पर्द क त्येस्तै त्यो चम्कि रह्येको २८
देखाहा पर्द रक्ष । यहोवेको महिमाको रूप त्येस्तै थियो । अनि त्यो देख्येर
मं घोप्टो पर्यें तब कोई बोल्नेको सोर् सुन्यें ॥ ✓

२१ अनि उस्ले मंलाइ भन्यो ए मान्छेको छोरो आफ्ना गोड़ामां
२ उभीइ मं तं सित कुरा गर्छु। त उस्ले मंलाइ येसो भन्नु बित्तिकै आत्माले
मंमां पस्नेर मंलाइ गोड़ामां उभ्यायो तब मं सित बोल्नेको कुरा सुन्यें।
३ त उस्ले मंलाइ भन्यो ए मान्छेको छोरो मंचइं तंलाइ इस्राएलवंशीहरु
थांइ पठाउंद छु मं सित झगरा गर्ने झगरालु लोग् थांइ. तिनिहरुले
तिनिहरुका पित्रहरु समेतले आजुको दिन् सम्म मेरो अपराध गर्येका
४ छन्। फेरि तिनिहरुका छोराछोरीहरु जस्का मंचइं तंलाइ पठाउंद छु
तिनिहरु निर्लज्ज र अट्टेरी छन्. त तैंले तिनिहरुलाइ भेम् प्रभु यहोवेले
५ येसो भन्द छ। यो झगरे जहान्ले सुन्ये पनि न सुन्ये पनि हांमिहरुको
बीचमां येउटा अगमवक्ता प्रगटो भये छ भनि येति ता थाहा पाउंछन्।
६ अनि ए मान्छेको छोरो तं तिनिहरु देखि न डरा तैंले कांड़ाहरु र लोहोंड़िका
कांडाहरु अं बिच्छूहरुको बीचमां बस्नु पर्यो भन्ये पनि तिनिहरुका कुराले
न डरा. अं तिनिहरु झगरे जहान् ता छन् तैपनि न ता तिनका
७ बचन्ले डराउंनु अनि न ता तिनको मुख हेरिकन थरहरी भयेस्। त
तिनिहरुले सुन्ये पनि न सुन्ये पनि तैंले तिनिहरुलाइ मेरा बचनहरु
८ कहि दे. तिनिहरु ता अग्घोरै झगरे हुन्। तर ए मान्छेको छोरो ज्ये मं
तंलाइ भन्द छु त्यो तं सुन् ति झगरे जहान् जस्तो तं पनि झगरे न हो.
९ तुर ज्ये मं चइं तंलाइ दिंद छु त्यो तैंले मुख बायेर खाइ हाल्। येति
सुन्येर मैंले हेर्येर को देख्यें भन्ये मं तिर येउटा हात् पसारीयेको रछ अनि
१० त्येस्मां येउटा बेहेर्येको पोस्तक रछ त्यो पोस्तक उस्ले खोल्येर मेरो
सांमु फिंजायो अनि त्यो भित्र र बाइर दुवै पट्टि लेख्नीयेको थियो: अनि
३ १ त्येस्मां बिलाप् र शोक् र दुःख लेख्नीयेका थिये। तब उस्ले मंलाइ भन्यो
ए मान्छेको छोरो तैंले ज्ये पायेको छस् त्यो खाइहाल् अर्थात् त्यो पोस्तक्
२ खाइहाल् बहांनेखि गयेर इस्राएलका जहान् सित कुरा गर्। यो आज्ञा
पायेर मैंले आफ्नु मुख् बायें तब उस्ले मंलाइ त्यो पोस्तक खवाइ दियो।
३ अनि उस्ले मंलाइ भन्यो ए मान्छेको छोरो यो पोस्तक् मं तंलाइ दिंद छु
यो पेट्मां पचाइहाल् अनि येस्ले आफ्ना आन्द्रा भरा। तब मैंले त्यो खायें
त त्यो मेरो मुखमां मह जस्तो मीठो लाग्यो॥
४ फेरि उस्ले मंलाइ भन्यो ए मान्छेको छोरो हिंड़ेर इस्राएलका
५ जहानकां गयेर तिनिहरुलाइ मेरा बचन् सुना। किनभन्ये तं कोई
उदेकको बोली कि कठिन् भाषा भयेको लोग् थांइ पठाइंदै छैनस् तं
६ इस्राएलकै जहानकां पठाइंदै छस् तं कोई उदेकको बोली कि
कठिन् भाषा भयेका कुरा बूझ्नु न सक्ने लोग् थांइ पठाइंदै छैनस्।
७ सांचिनै मं तंलाइ तिनिहरु थांइ पठाउंद हुं त तिनिहरु तेरो सुन्ने थिये।
तर इस्राएलको जहान्ले ता तेरो सुन्नु मान्दैन होला किनभन्ये तिनिहरुले
मेरै पनि सुन्दैनन्. कसोगरिभन्ये इस्राएलका सबै जहान् कठोर थाप्पो
८ भयेका र निठुर मनका लोग् छन्। सुन् मैंले तेरो मुख् तिनिहरुको

मुखको सांमु र तेरो मुख् तिनिहरुको मुखको सांमु कठोर् पारि दियें।
अं मैंले तेरो थाप्नो दल्सिङ् ढुंगो भन्दा पनि सारो हुंने हीरासरि सारो ९
पारि दियें. त तं तिनिहरु देखि न डरा अनि न तिनको मोहोंड़ा हेरि
परहरि हो तिनिहरु झगरे जहान् भये ता पनि। फेरि उस्ले मंलाइ १०
भन्यो ए मान्छेको छोरो जत्ति बचन् मं तंलाइ भन्छु ति सबै आफ्नु
हिर्दयमां राख अनि कानले सुनि राख। अनि ति बन्धुवाईका लोग् तेरो ११
जात्का दाजुभाईहरुकां गयेर तिनिहरुले सुन्ये पनि न सुन्ये पनि तिनिहरु
सित कुरा गर् अनि येसो भन् प्रभु यहूवेले येसो भन्द छ भनि॥

तब आत्माले मंलाइ उठायो अनि मैंले आफ्नु पछिल्तिर बाटो १२
यहूवेको ठांउ देखि धूम्धाम्को येस्तो शब्द सुन्यें उस्को महिमा धन्य हो
भन्येको। अनि ति जीवात्हरुका एका अर्का सित जुझेका पखेटाहरुको १३
शब्द र तिनिहरु सङका पांग्राहरुको शब्द सुनीये अं येउटा बड़ै धूम्धाम्को
शब्द सुनीयो। त आत्माले मंलाइ उठायेर लग्यो. अनि मं अग्घोरको १४
दुक्खले भरीयें अनि मन्मां जल्दै गयें तब यहूवेले मंलाइ आफ्नु बल्लियो
हातले थांम्यो। येसोरि मं ति बन्धुवाहरु थांइ गयें जुन्हरु कबार् नदीको १५
तीरमां तेलाबीबमां रहंद थिये जहां तिनिहरु रहंद थिये तिहींनै मं गयें
अनि वहां मं तिनिहरुको बीचमां सात् दिन् सम्म मुर्छा परि रह्यें॥

फेरि सात् दिन् बीत्ये पछि येसो भयो यहूवेको यो बचन् मं थांइ १६
आयो ए मान्छेको छोरो मैंले तंलाइ इस्राएलको जहानको लागि १७
पहरुगरि खटायेको छु. त तैंले मेरो मुखको कुरो सुन्येर तिनिहरुलाइ
मेरो पट्टि बाटो चेताइ दे। जब मं दुष्टलाइ तं निस्से मर्छस् भनि भन्छु अनि १८
तैंले त्येस्लाइ चेतावैनस् अनि न तैंले दुष्टलाइ येस्ता कुरा सुनाइस् जुन्
कुरो मान्नुलाइ त्यो चंख भइ आफ्नु दुष्ट चाल् छोड़ि जीइ रहंनु सकथ्यो
त त्यो दुष्ट चइं ता आफ्नु अधर्म्ममां मर्छ तर त्येस्को रगत् चइं ता मं तं
सित लिंछु। अं तर तैंले दुष्टलाइ चेताइसनै अनि त्यो चइं आफ्नु दुष्टैं र १९
दुष्ट चाल् देखि फर्कन भन्ये देखि त्यो चइं आफ्नु अधर्म्ममां मर्छनै तर
तैंले आफ्नु प्राण बचायेको छस्। फेरि जब धर्म्मी आफ्नु धर्म्म देखि २०
फर्कर बुरा कर्म्म गर्नु लाग्ला अनि मं त्येस्को सांमु छोकरको कारण राख्छु
त त्यो चइं ता मरि जांछ. तर तैंले त्येस्लाइ चेताईनस् येस्कारण त्यो ता
आफ्नु पापमां मर्छ अनि त्येस्ले जे धर्म्मको कर्म्म गर्येको होला त्येस्को
लेखा हुंदैन तर त्येस्को रगत् चइं ता मं तं सित लिंछु। अं तर तैंले २१
धर्म्मीलाइ पाप न गर भनि चेताइस् अनि त्येस्ले पनि पाप् गर्येन भन्ये
देखि त्यो चेताईयेको कारणले निस्से जीइ रहंछ अनि तैंले पनि आफ्नु
प्राण् बचायेको छस्॥

फेरि यहूवेको हात् तिहींनै मं मांथि पर्यो अनि उस्ले मंलाइ भन्यो २२
उठेर मैदानमां जा अनि वहां मं तं सित बात् गर्छु। तब मं उठेर २३
मैदानमां गयें. त वहां को देख्यें भन्ये यहूवेको महिमा मैंले कबार्

नदीको तीर्मां देख्येको जस्तो यहां पनि देखाहा पर्‍यो. अनि मं
२४ घोप्टो पर्‍यें। तब आत्माले मंमां पस्येर मंलाइ गोड़ामां उभ्याइ दियो
वहांदेखि मंलाइ भन्यो आफ्नु घर् भित्र पसि गयेर दैलो थुन्येर बसीइ
२५ रह्। तर ए मान्छेको छोरो सुन् तिनिहरुले तंलाइ डोरीले बांधि राख्छन्
२६ अनि तं तिनको बीच् देखि निक्ल्येर जांनु पाउंदैनस्. अनि मं तेरो
जिब्रो तेरो तालूमां टंसाइ दिंछु तैंले चुप् रहि तिनिहरुलाइ हकार्ने न
२७ हुंनुलाइ. किनभन्ये तिनिहरु झगरे जहान् हुन्। अं जब जब मं तं सित
बात् गर्छु तब तब चइं मं तेरो मुख् खोल्छु अनि तैंले तिनिहरुलाइ
भन्छस् प्रभु यह्वेले येसो भन्द छ सुन्नेले सुनोस् न सुन्नेले न सुनोस् किनभन्ये
तिनिहरु झगरे जहान् हुन्॥

४ १ फेरि ए मान्छेको छोरो तैंले येउटा खबटा ल्यायेर त्येस्मां येउटा
२ सहर्को अर्थात् यरूशलेम्को चित्र उतार्. अनि त्येस्लाइ घेर्‍येको जस्तो
गर् अर्थात् त्येस्का वरिपरि गड़ि बना अनि त्येस्को सांमु देवाल् उठा अनि
३ छाउंनी हाल् अनि त्येस्का वरिपरि लड़ाईंका हतियार् लगा। अनि तैंले
फलम्को थाल् लियेर त्यो फलम्को घेराभित्ता जस्तो जानि आफ्नु र त्येस्
सहर्को बीच्मां उभ्या अनि तैंले आफ्नु मोहोंड़ा त्यो तिर फर्का अनि त्यो
घेरीओस् येस्परिले तैंले त्येस्लाइ घेर्‍येको जस्तो गरि राख्। इस्राएल्को
जहान्को लागि चिंनु येइ हुंछ॥

४ फेरि तं बाउं करवट्मां ढल्कि रह् अनि त्यो ढल्काई इस्राएल्को
जहान्को अधर्म्म मान्. अनि जति दिन् सम्म तं ढल्कि रहलास् उति
५ दिन् सम्म तिनिहरुका अधर्म्मको भार् बोक्दै रह्। मंचइंले तिनिहरुका
अधर्म्मका वर्ष तेरो लागि दिन् दिन्गरि ठहरायें अर्थात् तीन् सै र नब्बे
६ दिन्. त तैंले उति दिन् सम्म इस्राएल्को अधर्म्मको भार् बोक्। अनि फेरि
जब त्येति दिन् पूरा हुंछन् तब तं आफ्नु दाहींनो करवट् तिर फर्कि अनि
यहूदाको जहान्का अधर्म्मको भार् बोक् मैंले येस्को लागि पनि तेरो लागि
एक् एक् वर्षको साटोमां एक् एक् दिन् ठहरायें अर्थात् चालीस् दिन्
७ ठहरायें। येसोरि तैंले यरूशलेम् घेर्नुको लागि बांहां फर्कायेर आफ्नु
८ मोहोंड़ा उता तिर फर्कायेर त्येस्को बिरुद्धमां अगम् कह्। अनि सुन् मं
तंलाइ डोरीहरुले कस्छु त जैले सम्म त्येस्लाइ घेर्ने तेरा दिन् पूरा हुंदैनन्
९ तैंले सम्म करवट् फर्कि सक्दैनस्। अनि तैंले गहूं जऊ फापर् मास् मस्याम्
र मुंडुलागहूं ल्यायेर येउटा भांड़ामां हाल् अनि तिनको रोटी पोल्
अनि तं जति दिन् आफ्नु करवट्मां सुति रहलास् उति अर्थात् तीन् सै र
१० नब्बे दिन् सम्म त्येस्तै रोटी खांदै रह्। अनि तैंले खांने रोटी जोखि
जोखिकन खांनु अर्थात् दिन् दिन् बीस् बीस् शेकेल्भरि खांने गर्नु.
११ अनि त्यो बेला बेलामां खांनु। अनि तैंले पानी पनि भरि भरिकन खांने
गर्नु अर्थात् दिन् दिन् हीन्को छैठो भाग् खांनु. अनि यो पनि बेला
१२ बेलामां खांनु। अनि त्यो आफ्नु खांनेकुरो जऊका बाबर् बनायेर खांनु

अनि त्यो तिनिहरुले देखनेगरि मान्छेको विष्टाले पोलन्। फेरि यहूवेले १३
भन्यो इस्राएलवंशीहरुलाइ जुन् जुन् लोगको बीचमां मं बलैले घचेटकु
ति लोग् लोगको बीचमां तिनिहरुले त्येस्ते अशुद्ध रोटी खांकन्। तब १४
मैंले भन्यें हाय् प्रभु यहूवे सुन्नु हवस् मेरो मन् कैले पनि अशुद्ध भयेन.
न मैंले आफ्नु बालखै देखि ऐले सम्म आफै मंत्येकोको कि बनजन्तु देखि
मांरीयेको पशुको मांसु खायें अनि न कैलेइ कोई प्रकारको घिनलाग्दो
मांसु मेरो मुखमां पस्यो। त उस्ले मलाइ भन्यो हेर् मैंले तेरो लागि १५
मान्छेको विष्टाको साटोमां गुइंठा ठहरायेको कु त तैंले आफ्नु भान्सा
त्येसैले तियार् पार्नु। फेरि उस्ले मलाइ भन्यो ए मान्छेको क्रोरो सुन् मं १६
यरूशलेम् देखि अन्नको आधार् दूर् गरि दिंकु. त यहांका लोगले रोटी
जोखिजोखिकन र फिक्रि गरि गरिकन खांने गर्कन् अनि पानी चइं भरि
भरिकन र छक्क छक्क परिकन खांकन्. रोटी र पानीको घटि भयेको
कारणले तिनिहरु एका अर्का देखि छक्क छक्क पर्कन् अनि आफ्ना अधर्ममां १७
ओइल्लंकन्॥

ए मान्छेको क्रोरो ऐउटा लाग्ने तरवार् ले अनि त्यो नौवाको ५ १
कुराको काममां लगायेर आफ्नु कपालका केस् र दाह्रि मुड्. वहांदेखि
ऐउटा कांटा ल्यायेर केसहरु जोख् अनि ति भाग् भाग् पार्। जब सहर् २
घेरीने दिन् पूरा हुंकन् तब त्येस् सहर् भित्र ति केसमांको एक् तिहाई
आगोमां हाल्येर डड़ा. अनि एक् तिहाईका वरिपरि तरवार्ले हिर्का अनि
रहल् तिहाई बतासमां उड़ाइ दे त मं तरवार् झिक्येर तिनिहरु मांथि
चलाउंकु। अनि तिनमांको अलिकता केस् लियेर आफ्नु लुगामां बांधि ३
राख्। फेरि तिनमांको पनि अलिकता लियेर ति आगोमां डड़ि जांनुको ४
लागि आगोको बीचमां हाल् तब त्यो देखि आगोको जुवाला बलि उठेर
इस्राएलको सिंगै जहानमां फिंजींछ॥

प्रभु यहूवेले येसो भन्द कु. यरूशलेम् येस्ते कु. मैंले त्यो अन्यदेसी- ५
हरुको बीचमां राख्यें अनि त्यो चारै तिर देस् देसले घेरीयेको कु। अनि ६
त्येस्ले मेरो नियाब्चन्को विरुद्ध काम् गरि अन्यदेसीहरुले भन्दा पनि बेसि
हुष्टैं गयो अनि मेरा विधिहरुको विरुद्ध चारै तिरका देस् देसकाहरुले
भन्दा पनि बेसि बुराई गयो. कसोगरिभन्ये तिनिहरुले मेरा नियाब्चनहरु
बिकामे ठहराये अनि तिनिहरु मेरा विधिहरुमां हिंड़ेनन्। येस्कारण् प्रभु ७
यहूवेले येसो भन्द कु. तिमिहरुले तिमिहरुका वरिपरि भयेका अन्यदेसी-
हरुले भन्दा बेसि हल्ला गर्द कौ अनि न मेरो विधिहरुमां हिंड़यौ न मेरा
नियाब्चनहरु मान्यौ अं अनि न तिमिहरुले तिमिहरुका वरिपरिका लोग्
लोगका नियाब्चनहरु पनि मान्यौ येस्कारण् प्रभु यहूवेले येसो भन्द ८
कु. [ए यरूशलेम्] हेर् मं आफैने तेरो विरुद्ध कु अनि अन्यदेसीहरुले
देख्नेगरि तं भित्र नियाको काम् गर्कु। अनि तेरा सबै घिनलाग्दा ९
कामको कारणले मं तं भित्र येस्तो काम् गर्कु त्येस्तो ता न ऐले सम्म कैलेइ

१० गर्‍येको कुन पक्षि फेरि गर्कु। अर्थात् तं भित्र बाबुहरुले आफ्ना छोराहरुको
अनि छोराहरुले आफ्ना बाबुहरुको मांसु खांकून् अनि मं तेरा बासीहरुलाई
दण्ड दिंकु अनि तंमां बांचि रह्येकाहरु सबैलाई चारै दिशाका बतास्हरुमां
११ उड़ाउंकु। त प्रभु यहूवेको यो बाणी छ मं जीइ रह्येको भैं तैंले मेरो
पवित्रस्थान् तेरा सब् रकम्का घिन्लाग्दा मूर्त्तिहरु र सबै घिन्लाग्दा
कामले अशुद्ध गरिस् येस्कारण् मं तंलाई सांचिनै घटाउंकु अनि तं मांथि
मेरो ठिठालु नजर् पर्दैन अं तं मांथि नरमेड़ैं देखाउंदीन। तेरा बासी-
१२ हरुमांका एक् तिहाई रूढ़िले मर्कून् अनि तं भित्र भोकले मेटींकून् अनि
अर्को तिहाई तेरा वरिपरि तरवार्‌ले लड्कून् अनि रहल् तिहाईलाई मं चारै
दिशाका बतास्हरुमां उड़ाउंकु अनि तरवार् झिक्नेर ति मांथि चलाउंकु।
१३ येसैगरिकन मं आफ्नु रिस् मार्कु अर्थात् मं आफ्नु बल्दोरिस् तिनिहरु
मांथि पूरोगरि खन्याइकन शान्ति पाउंकु. अनि मं जब आफ्नु बल्दोरिस्
तिनिहरु मांथि पूरोगरि खन्याइ सक्कु तब तिनिहरुले जान्कून् यहूवे
१४ चइंले आफ्नु रिस्ले येसो भन्येको थियो भनि। अनि [ए यरूशलेम्] मं
तंलाई तेरा चारै पट्टिका लोग् लोग्को बीचमां सबै बटौरेहरुले देख्नेगरि
१५ उखेल्कु अनि गिल्लाको कारण् गराउंकु। त जब मं तेरा बासीहरुलाई रिस्
र बल्दोरिस् र रिस्को घुर्किहरु सङ दण्ड दिंकु तब तं चारैतिरका
लोग् लोग्को मांसु गिल्ला ठट्टा अर्थात् र उदेकमनाईको कारण् हुंकस्.
१६ कसोगरिभन्ये मं यहूवेलेनै येसो भन्यें. जैले मं तिमिहरुलाई नष्ट पार्नुको
लागि तिमिहरुमां नास् पार्ने अनिकाल्का कांड्हरुले हानि हानि तिमि-
हरुमां अनिकाल् बढ़ाउंकु अनि तिमिहरुको अन्नको आधार् टूर् गरि दिंकु
१७ अनि तिमिहरुको बीचमां अनिकाल् बाहिक् दुष्ट जन्तु पनि पठाउंकु
जुन्हरुले तिमिहरुका बाल्बच्चाहरुलाई मारि खांकून् अनि रूढ़ि र हत्या
तिमिहरुको बीचमां भइ भइ रहंकून् अनि मं तिमिहरुमां तरवार्
चलाउंकु. यो कुरो मं यहूवेलेनै भन्यें॥

६ १ फेरि यहूवेको यो बचन् मं पाइ आयो ए मान्छेको छोरो तेरो
२ मोहोंड़ा इस्राएलका पहाड़हरु तिर गरि तिनिहरुको विरुद्ध अगमबचन्
३ कह् अनि भन् हे इस्राएलका पहाड़हरु हो प्रभु यहूवेको बचन् सुन.
प्रभु यहूवेले पहाड़हरु र खोलाहरु र खोल्चाहरुलाई समेत् येसो भन्द छ.
सुन मंचइं तिमिहरु मांथि तरवार् चलाउंकु अनि तिमिहरुका अग्ला
४ ठांउहरु नष्ट पार्कु। अनि तिमिहरुका बेदिहरु उजार् हुंकून् अनि तिमिहरुका
सूर्जका मूर्त्तिहरु भांचींकून्. अनि मं तिमिहरुका काटीयेकाहरुलाई
५ तिमिहरुका मूर्त्तिहरुको मांसु लड़ाइ दिंकु। अर्थात् मं इस्राएलवंशीहरुका
मुर्दाहरु तिनिहरुका मूर्त्तिहरुको मांसु आफालि दिंकु अनि तिमिहरुका
६ हाड्हरु तिमिहरुका बेदिहरुका वरिपरि कुरि दिंकु। तिमिहरुका बास्
बस्ने सहर् जत्ति कुन् ति सबै उजारींकून् अनि सबै अलग्ग ठांउहरु उजार्
हुंकून् तिमिहरुका बेदिहरु उजारीयेर दोषी ठहरींनुको लागि र तिमिहरुका

मूर्त्तिहरुको अन्त हुंनु र तिमिहरुका सूर्जका मूर्त्तिहरु काटींनु र तिमिहरुका
ज्ये ज्ये बनीयेका कुन् ति मेटींनुको लागि। अनि तिमिहरुको बीचमां ७
मान्छेहरु काटींदै लडूदै गर्छन् अनि निमिहरुले थाहा पाउंछौ उ यहूवे
हो रुछ भनि। तैपनि मं तिमिहरुमांका कत्तिलाइ बचाउंछु जब तिमिहरु ८
देस् देसमां छरपुष्ट भयेका हुंछौ तब अन्यदेसीहरुको बीचमां तिमिहरुका
तरवार् देखि बांच्येकाहरु हुंछन्। अनि तिमिहरुका ति बांच्येकाहरुले ९
तिनिहरु बन्धुवा भइ गयेका अन्यदेसीहरुको बीचमां मलाइ सम्झंछन्
अनि तिनिहरुले यहूवे देखि हांमिहरुको मन् व्यभिचारीनीको मन् झैं
फर्कि गयेको अनि हांमिहरुका नजर् व्यभिचारीनीको नजर् झैं आफ्ना
घिन्लाग्दा मूर्त्तिहरु तिर फर्क्ये कुन् भनि यि सबै देख्दा यहूवेको मन् कस्तो
औधिगरि भांचीये छ भनि पनि बूझ्छन्. येसोरि तिनिहरुले गर्येका ति
घिन्लाग्दा कामहरुको कारणले तिनिहरु आफै आफ्नु लेखिमां घिन्लाग्दा
ठहरींछन्। तब तिनिहरुले उ यहूवे हो रुछ अनि तिनिहरुको हानिको १०
लागि उस्ले भन्येका यि सबै कुरा व्यर्थ भन्येको रैनछ भनि थाहा पाउंछन्॥

फेरि प्रभु यहूवेले येसो भन्द छ. तैंले आफ्ना हातले तालि बजाउंदै ११
र आफ्ना गोडाले भूइं ठटाउंदै भन् हाय् हाय् इस्राएल्का जहान्का
सबै घिन्लाग्दा काम् कस्ता कुन्. तिनिहरु तरवार् भोक् र रूढ़िले
नष्ट हुंछन्। टाढ़ो हुंने चइं रूढ़िले मर्छ अनि नजिक हुंने चइं तरवारले १२
लडूछ अनि यि देखि बांच्येर सहरमां घेरौंने चइं भोकले मर्छ. येसोरि
मं आफ्नु बल्दोरिस् तिनिहरु मांथि पूरो रीत्ले खन्याउंछु। अनि जब १३
तिनिहरुका लड़ाईयेका लोग् तिनिहरुका मूर्त्तिहरुको बीचमां सबै अलगा
डांड़ाको र ठिल्काको थाप्रिमां र सबै हरीया रुख् मुनि र सबै बाक्ला
बांज्वृक्षेको छायामां अं जहां तिनिहरुले आफ्ना सबै मूर्त्तिहरुलाइ मीठो
बास्ना आउंने धोक् चढ़ाउंद छन् त्यहां त्यहां तिनिहरु बेदिका वरिपरि
पस्रीइ रहंछन् तब तिमिहरुले उ यहूवे हो रुछ भनि चिन्छौ। जब मं १४
आफ्नु हात् तिनिहरु मांथि पसार्येर त्येस् देसका सबै बासीहरु समेत्लाइ
बन् देखि दिब्ला तिर सम्म उजार् उजार् पारि दिंछु. तब तिनिहरुले
थाहा पाउंछन् उ यहूवे हो रुछ भनि॥

फेरि यहूवेको यो बचन् मं पांइ येसो भन्दै आयो ७ १
र मान्छेको क्रोरो प्रभु यहूवेले इस्राएल्को देसको बिषयमां येसो भन्द छ अन्त भयो.
चारै कुना समेत् देसको अन्त भयो। तिमिहरुको अन्त ऐले आइहाल्यो २
अनि मं आफ्नु रिस् खन्याएर तिमिहरुको चाल्चलन् अनुसार् तिमि-
हरुलाइ दण्ड दिंछु अनि मं तिमिहरुको सबै घिन्लाग्दा कामका फल्
तिमिहरुलाइ भोगाउंछु। अनि मेरो ठिठालु नजर् तिमिहरु मांथि पर्दैन ४
अनि न मं नरमेर्इं गर्छु. तर तिमिहरुको चाल्चलन्को फल् तिमिहरुलाइ
दिंछु अनि तिमिहरुका घिन्लाग्दा पाप् लागीहने रहंछन् तब तिमिहरुले
थाहा पाउंछौ उ यहूवे हो रुछ भनि॥

५ प्रभु यहूवेले येसो भन्द छ. विपत्ति येउटै विपत्ति हेर त्यो आउंने
६ छ। अन्त आयो सबैको टुङाई आइहाल्यो त्यो अन्त तिमिहरु मांथि
७ जागि उठ्यो हेर त्यो आउंने छ। हे देसका बासीहरु हो तिमिहरुको
लागि बेला आइ पुग्यो. समय् आइहाल्यो दिन् नजिकायो त डांड़ा
डांड़ामां रमाहट्ले कराउंने दिन् होइन तर खल्याङ्मल्याङ्को दिन्
८ हुंछ। अब थोरै दिनमां मं आफ्नु बल्दोरिस् तिमिहरु मांथि खन्याउंछु
अनि तिमिहरु मांथि पूरो रिस् षित रिस् खन्याउंछु अनि तिमिहरुको
चाल्चलन् अनुसार् तिमिहरुलाइ दण्ड दिंछु अनि तिमिहरुका सबै
९ घिन्लाग्दा कामका फल् तिमिहरुलाइ भोगाउंछु। अनि मेरो ठिठालु
नजर् तिमिहरु मांथि पर्दैन न मं तिमिहरु मांथि नरमेर्इं गर्छु. तर
तिमिहरुलाइ तिमिहरुका चाल्चलनको फल् भोगाउंछु अनि तिमिहरुलाइ
तिमिहरुका घिन्लाग्दा पाप् लागीइ रहंछन् तब तिमिहरुले थाहा पाउंछौ
१० हिर्काउंने उ यहूवेनै हो रछ भनि। हेर त्यो दिन् हेर त्यो आउंनेइ छ.
तिमिहरुको लागि बेला ऐले आइ पुग्यो दण्ड दिंने लाठा फुलीइ सक्यो
११ अहंकार् फुलिफलि सक्यो। उपद्रेर्इं बढ्दै बढ्दै दुष्टेर्इंको दण्ड दिंने लाठा
बनीयो त न तिमिहरुमांको कोई रहंछ अनि न तिमिहरुको धुइरो न
तिमिहरुको धनमांको कोइ रहंछ. अनि न तिमिहरुमांको कसैको लागि
१२ बिलाप् सुनींछ। समय् आयो दिन् नजिकायो. न ता किन्नेले रमाहट्
गरोस् न बेच्नेले शोक्. किनभन्ये तिमिहरुका धुइगाहरु मांथि रिस्
१३ खनीयो। ति दुवै जीइ रह्यो भन्ये पनि बेच्ने बेच्येको जग्गामां फेरि
कैलेइ फर्कनु पाउंदैन. किनभन्ये दर्शनका कुरा येस् देसका सबै धुइराहरु
मांथि घट्छ कोई पनि फर्कदैन न कोई अधर्म्ममां जीइ रहंनेले बल्
१४ पाउंछ। लोगले नर्सींगा बजाये अनि सबै थोक् तियार् पार्ये तर
लड़ाइँमां कोई पनि निक्लंदैन. किनभन्ये येस् देसको सबै धुइरो मांथि
१५ मेरो रिस् खनीयेको छ। बाइर चइं तरवार् चल्छ अनि भित्र चइं
अनिकाल् र रुढि. मैदानमां हुंने चइं तरवार्ले मर्छ अनि सहरमां हुंने
१६ चइं भोक् र रुढिको गांस् होइ जांछ। तर तिनिहरुमांका जो जो बांचि
निक्लंछन् आफ्नु आफ्नु अधर्म्ममां फांसीइ रहंदै गेछौमां रहंने
१७ परेवाहरु झैं डांड़ा मांथि बिलाप् गर्दै रहंद छन्। सबैका हात् निर्बल्लिया
१८ हुंछन् अनि सबैका घुंड़ा पानी झैं बिबल्का होइ जांछन्। अनि
तिनिहरुले कम्मरमां भाड़ा बेहेर्छन् अनि कंमाईंले तिनका मुख् छोप्छ
अनि लाज्ले सबैको मोहोंड़ा ठाकींछ अनि सबैका सिर् मुड़ींछन्।
१९ तिनिहरुले आफ्ना चांदी सटकहुंदो आफालि दिंछन् अनि तिनिहरुका
सुन् अशुद्ध थोक् जस्ता हुंछन् यहूवे रन्कोको दिनमां तिनिहरुका
सुन् चांदीले कोई परिले तिनिहरुलाइ बचाउंनु सक्दैनन् न ति देखि
तिनिहरु सन्तोषी हुंनु सक्छन् न तिनिहरुको पेट् भरींछ कसोगरिभन्ये
२० तिनिहरु त्येसै देखि ठोकर् खायेर अधर्म्ममां फांसीये। तिनिहरुको

सुवाउंदो मुकुट्को विषयमां तिनिहरुले अहंकारै अहंकार् गरिकन त्येस्मां
आफ्ना घिन्लाग्दा थोकका मूर्त्ति र अरु अरु घिन्लाग्दा थोक्हरु पनि
बनाइ राख्ये. येसैकारण् मं त्यो तिनिहरुको लेखिमां घिन्लाग्दा थोक्
भैं गराइ दिंकु। अनि मं त्येस्लाइ लूट्नुको लागि पर्देसीहरुका हातमां र २१
धन् खोस्नुको लागि पृथिवीका दुष्ट दुष्ट लोग्हरुको तावेमां पारि दिंकु
अनि तिनिहरुले ति अपवित्र गरि दिंकुन्। अनि मं तिनिहरु देखि मुख् २२
फर्काउंकु त तिनिहरुले मेरो गुप्त [पवित्रस्थान्] अपवित्र गर्कुन् अनि
लूट्नेहरुले बल्मिचेईं गरि त्येस्मां पस्येर त्यो अपवित्र गर्कुन्। सांग्लो २३
बना. किनभन्ये देस् अन्ये गरिकन बहायेको रगत्ले र सहर् उपद्रवैले
भरीइ सक्कीयो। त मं अन्यदेसीहरुमांका नजाति नजाति मान्छेहरुलाइ २४
ल्याउंकु जो तिनिहरुका घर्हरुका मालिक् होइ जांकुन्. अनि मं
सामर्थीहरुको अहंकार् भांचि दिंकु अनि तिनिहरुका पवित्र घर्हरु आफै
अपवित्र हुंकुन्। सत्यनास् आउंद कु तिनिहरुले कुशल् खोज्दा पनि २५
पाउंदैनन्। विपत्ति मांथि विपत्ति आउंकु अनि खल्याङ्मल्याङ् मांथि २६
खल्याङ्मल्याङ् सुनींकु अनि मान्छेहरुले दर्शीहरु सित व्यर्थै दर्शन्का कुरा
सोध्कुन् तर न ता पूजाहारीले व्यवस्था भन्नु सक्कु अनि न बूढाहरुले केइ
मतो दिंनु सक्कुन्। राजाले शोक् गर्कु अनि मालिक्ले सुतांको लुगा २७
लाउंकु अनि लोगको हात् कांम्दै कांम्दै गलि जांकुन्. मं तिनिहरु
सित तिनिहरुका चाल्चलन् अनुसार् बेहोरा गर्कु अनि तिनिहरुको
कंमाईं अनुसार् तिनिहरुलाइ दण्ड दिंकु तब तिनिहरुले थाहा पाउंकुन्
उ यह्वे हो रक्ष भनि॥

फेरि कैठो बर्षको कैठो महींनाको पांचौं तिथिमां मं आफ्नु ८ १
घरमां बसि रह्येको थियें अनि यहूदाका बूढा बूढाहरु मेरो सांमु बसि
रह्येका थिये त येसो भयो प्रभु यह्वेको हात् तिहीं मं मांथि पर्‍यो।
त जसै मैंले हेर्नु लाग्यें त को देख्यें भन्ये आगो जस्तो केइ थियो अनि २
त्येको कम्मर् देखि मुनि मुनि आगै आगो थियो. अनि त्येको कम्मर्
देखि ऊंभो तिर झल्काईयेको पीतलको रंगको झलक् जस्तो केइ रक्ष।
उस्ले हात् जस्तो केइ पसार्येर मेरो सिर्को थेउटा लट्टा समात्यो तहांदेखि ३
आत्माले मंलाइ पृथिवी र आकाशको बीचमां उठायेर ईश्वर्ले दियेका
दर्शनहरुले यरुशलेममां मन्दिरको भित्रेआंगनको त्येस् ठोकामा केउ पुर्‍याइ
दियो जस्को मुख् उत्तर् तिर रक्ष अनि त्येस्मां त्यो रिस् उठाउंने मूर्त्ति थियो
जस्को कारणले रिस् उठ्द कु। फेरि मैंले तहां को देख्यें भन्ये इस्राएलको ४
ईश्वरको महिमा त्येइ दर्शन् जस्तो देख्यें जस्तो मैंले मैदानमां देख्येको थियें।
तब उस्ले मंलाइ भन्यो ए मान्छेको छोरो आफ्ना आंखा उठायेर उत्तर् ५
तिर हेर्। त मैंले आफ्ना आंखा उठायेर उत्तर् तिर हेर्यें त को देख्यें भन्ये
वेदिको ठोकाको उत्तर् तिर त्येस्को पस्के गौंड़ा निर त्यो रिस् उठाउंने मूर्त्ति
रक्ष। तब उस्ले मंलाइ भन्यो ए मान्छेको छोरो को तं देख्द कस् ति लोगले ६

को गर्दै छन् . इस्राएलका जहान्ले को औधि ठुला ठुला घिन्लाग्दो काम् यहां सम्मगरि गर्दै छन् मं आफ्नु पवित्रस्थान् देखि पर सरि जांने सम्मगरि . अं तैंले फेरि यो भन्दा पनि झन् अझ घिन्लाग्दो काम् देख्छस् ।
७ अनि उस्ले मंलाइ आंगनको ढैलामां लग्यो अनि मैंले को देख्यें भन्ये भित्तामां
८ येउटा क्वेंड्र रछ । फेरि उस्ले मंलाइ भन्यो ए मान्छेको छोरो भित्ता भत्का
९ भनि . त मैंले भित्ता भत्कायेर को देख्यें भन्ये येउटा ढैला रछ । त उस्ले मंलाइ भन्यो भित्र गयेर हेर् यिनिहरुले यहां कस्ता कस्ता अनि को औधि
१० औधिका घिन्लाग्दा काम् गर्दा राछन् । त मैंले भित्र गयेर को देख्यें भन्ये चारै तिरका भित्ता भित्तामां सबै रकमका वगिहिंड्ने जन्तुहरु र घिन्लाग्दा पशुहरु र इस्राएलका जहानका सबै मूर्त्तिहरुका चित्रहरु
११ निकाल्येका राछन् । अनि इस्राएलका जहानका बूढा बूढाहरुमांका सत्तरी जना पुरुष् जुन्हरुको खाल्मां शाफानको छोरो याजन्याह् पनि रछ तिनिहरु ति चित्रहरुको सांमु उभीयेका राछन् अनि जनंगेले आफ्नु आफ्नु हातमां धुपौरो लियेका राछन् अनि धूपको धुंवा बादलैसरि उठि रह्येको
१२ रछ । तब उस्ले मंलाइ भन्यो ए मान्छेको छोरो को तैंले इस्राएलका बूढा बूढाहरुलाइ आफ्नु आफ्नु चित्र भयेको कोठा कोठाको अंध्यारोमां को को गर्दा राछन् देख्यस् . तिनिहरुले भन्द छन् यहूवेले हांमिहरुलाइ देख्दैन
१३ यहूवेले पृथिवीलाइ त्यागि दियो भनि । फेरि उस्ले मंलाइ भन्यो तैंले यि बाहिक् तिनिहरुले गर्येका यि भन्दा पनि ठुलठुला घिन्लाग्दा काम् देख्छस् ।
१४ तब उस्ले मंलाइ यहूवेको पवित्रबासमां उत्तर् तिर भयेको ढोका निर लग्यो अनि मैंले वहां को देख्यें भन्ये आइमाइहरु बस्येर तम्मूज् देवताको
१५ लागि रोइ रह्येको रैछन् । तब उस्ले मंलाइ भन्यो ए मान्छेको छोरो को देख्द छस् को तैंले यो देख्यस् फेरि यि भन्दा पनि ठुला घिन्लाग्दा काम्
१६ देख्छस् । तब उस्ले मंलाइ यहूवेको पवित्रबासको भित्रेआंगनमां लग्यो वहां मैंले को देख्यें भन्ये यहूवेको मन्दिरको ढैला निर सिकुवा र वेदीको बीचमां जना पचीसेक पुरुषहरुले आफ्ना पिठिउं यहूवेको मन्दिर तिर अनि आफ्ना मोहोंड़ाहरु चइं पूर्व तिर गरि रह्येका राछन् अनि तिनिहरुले
१७ पूर्व तिर सूर्जलाइ दण्डवत् गर्दै राछन् । तब उस्ले मंलाइ भन्यो ए मान्छेको छोरो को तैंले यो देख्यस् . को यहूदाका जहानले यहां गर्येको यो घिन्लाग्दो काम् हलुङ् कुरो हो तिनिहरुले ता आफ्नु देस् उपद्रवैले भरि दिये अनि फेरि फेरि मंलाइ रिस् उठाउंनुलाइ फर्कि जांद छन् .
१८ अं तिनिहरुले डाला नाकमां हाल्द छन् । येस्कारण् मं आफै बस्दोरिस् सहित् काम् गर्छु . मेरो ठिठालु नजर् तिनिहरु मांथि पर्दैन न तिनिहरु मांथि मं नरमेई गर्छु . तिनिहरुले मेरा कानमां सारोगरि कराये भन्ये पनि मं तिनको सुन्दीन ॥
९ १ तब उस्ले मैंले सुन्नेगरि ठुलो सोरले कराइकन भन्यो सहरका मालिकहरुलाइ नाम् पार्नुको लागि आफ्नु आफ्नु हातमां हतियार्

लियेका भइ नजिक् आउंनु लगा। त हेर कृ जना पुरुष् आफ्नु आफ्नु २
हातमां काट्ने हतियार् लियेकाहरु उत्तर् तिरको मांथिल्लो चइं ढोका
बाढ़ो आउंदै राक्नु अनि तिनको बीचमां सुन्पाट्को लुगा लाग्येको
कम्मरमां सलाङ्खर् भिर्येको येउटा मान्छे रहु। अनि तिनिहरु सबै जना
भित्र गयेर पीतल्को बेदि निर उभीये। अनि इस्राएल्को ईश्वर्को महिमा ३
चइं उ रहंने गर्येको करूब् मांथि देखि पवित्रबास्को हेलोठेलो निर उठि
आयेको रहु. त उस्ले त्येस् कम्मरमां सुन्पाट्को लुगा लाउंने र सलाङ्खर्
भिर्ने मान्छेलाइ हाप्यो। अनि यहूवेले त्येस्लाइ भन्यो येस् यरूशलेम् सहर् ४
भित्र येताउति गयेर जत्ति जना मान्छेले येस्मां गरींने सबै घिन्लागदा कामको
कारणले सुस्केरा मार्दै कुन् अनि दुक्खको खारणले चिच्याउंद कुन् तिनका
निधार् निधारमां चिंनु लगा। तब उस्ले मैंले सुन्नेगरि ति अरुहरुलाइ ५
भन्यो सहरमां त्येस्को पछि पछि गयेर मांद जाव. कसै मांथि टिठालु नजर्
न गर्नु न नरमेईं खित काम् गर्नु. बूढ़ा तन्हेरि तरुणि केटाकेटी आइमाइहरु ६
सबैलाइ हिर्काई हिर्काईकन नष्ट पार्. तर जस् जस्को [निधारमां] चिंनु
होला तिनको ता छेउमां पनि न जांनु अनि मेरो पवित्रस्थान् देखिनै
थाल। त तिनिहरुले ति पवित्रबासमां भयेका बूढ़ा बूढ़ाहरु देखि थाल्ये।
फेरि उस्ले तिनिहरुलाइ भन्यो पवित्रबास् अशुद्ध गर अनि आघनहरु ७
मुर्दाहरुले भरि देव. निक्लि जाव। त तिनिहरुले निक्लि गयेर सहरमां
मार्नु लाग्ये। जब तिनिहरुले मार्दै थिये अनि मं येउटा मान्छे रह्योको थियें ८
तब येसो भयो मैंले घोप्टो पर्येर कराइ कराइकन भन्यें हाय् प्रभु यहूवे को
तपांइले यरूशलेम् मांथि आफ्नु बल्दोरिस् उठाइ उठाइकन इस्राएल्का
सबै बांच्येकाहरुलाइ पनि नष्ट पार्नु हुंक्। तब उस्ले मलाइ भन्यो इस्राएल् ९
र यहूदाका जहान्को अधर्म्म बिग्रे ठुलो कृ अनि देस् रगतले भरीयो अनि
सहर् अन्यैले. अं तिनिहरुले भन्द कुन् यहूवेले पृथिवीलाइ त्याग्यो अनि
यहूवेले हेर्दैन भनि। येस्कारण मेरो ठिठालु नजर् तिनिहरु मांथि पर्दैन न १०
मं नरमेईं गर्कु तर तिनिहरुको चाला तिनिहरुकै थाप्नो मांथि खन्याइ
दिंकु। अनि हेर सुन्पाट्को लुगा लाउंने र कम्मरमां सलाङ्खर् भिर्ने ११
मान्छेले मैंले तपांइको आज्ञा अनुसार् गर्ये भन्ये समाचार् दियो॥

येस् पछि मैंले हेरि को देख्यें भन्ये करूबहरुको सिर् देखि १० १
माथिर भयेको आकाशमां नीलमणिको सिंहासन् जस्तो केइ देखीयो।
तब [यहूवेले] त्यो सुन्पाट्को लुगा लाउंनेलाइ भन्यो घुम्ने पांग्राहरुको २
बीचमां करूब् मुनि जा वहांदेखि करूबहरुको बीचको आगोका फिलीङ्गाहरु
आफ्ना दुवै मुट्ठिभरि भरि लियेर सहरमां छरि दे। त मैंले हेर्दा हेर्दै त्यो
यिनिहरुको बीचमां गयो। त्यो पुरुष् करूबहरुको बीचमां जांदा यिनिहरु ३
पवित्रबासको दक्खिन् तिर थिये अनि भित्रेआघनमां बादल् भरीयेको
थियो। तर पछि यहूवेको महिमा करूब् मांथि देखि उठेर पवित्रबासको ४
हेलाठेला निर गयो अनि बादल् पवित्रबासभरि भयो अनि आघन्

५ यहूवेको महिमाको ज्योतिले भरीयो। अनि करूबहरुका पखेटाको सोर्
बाहिरेआंगन् सम्म सुनींद थियो जो सर्वशक्तिमान् ईश्वर् बोल्येको सोर्
६ जस्तो थियो। अनि येसो भयो जब उस्ले सुन्पाट्को लुगा लाउंने पुरुषलाइ
घुम्ने पांग्राहरुको बीच् देखि अर्थात् करूबहरुको बीच् देखि आगो लिंने
आज्ञा दिईयेको थियो तब त्यो चइं तिनिहरुको बीचमां गयेर येउटा
७ पांग्राको छेउ उभीयो। तब करूबहरुको बीच् देखि येउटा करूबले आफ्नु
हात् पसार्येर त्यो करूबहरुको बीचमां भयेको आगोमां हालि दियो अनि
अलिकता उठायेर सुन्पाट्को लुगा लाउंनेको मुट्ठिमां दियो त त्यो त्यो
८ लियेर बाहिर गयो। अनि मान्छेका जस्ता हात् करूबहरुका पखेटा मुनि
९ देखाहा पर्दा थिये। तब मैंले हेरि को देख्यें भन्ये करूबहरु छेउ चार् पांग्रा
राक्नु अर्थात् एक् एक् करूब् छेउ एक् एक् पांग्रा अनि पांग्राहरुको रूप
१० फीरोजामणि जस्तो रङ्ग। अनि तिनिहरुको रूप् चारै पट्टि बाटो देखाहा
पर्ने रङ्ग अर्थात् तिनिहरु येस्ता राक्नु येउटै पांग्राको बीचमां अर्को पांग्रा
११ बनीयेको जस्तो रङ्ग। हिंड्दाखेरि तिनिहरु आफ्ना चारै कुनाको बलले
हिंड्दा राक्नु अनि हिंड्दाखेरि फर्कंदैन राक्नु तर जता तिर तिनिहरुको
शिर् छ उते तिर तिनिहरु त्येस्को पछि पछि हिंड्दा राक्नु तिनिहरु
१२ हिंड्दाखेरि फर्कंदैन राक्नु। अनि पिठिउं हात् पखेटाहरु समेत् तिनिहरुको
सिंगै जीउ र तिनिहरुका पांग्रा सब्बै चारै तिर आंखैले मांत्रै भरीयेका
१३ राक्नु। अनि पांग्राहरुलाइ मैंले सुन्दा येसो भनीयो घुम्ने पाग्राहरु
१४ भनि। अनि एक् एक् [करूब्] का चार् चारवटा मुख् राक्नु येउटा मुख
करूबैको जस्तो अर्को मुख् मान्छेको जस्तो तेस्रो मुख् सिंहको जस्तो
१५ अनि चौथो मुख गिद्धको जस्तो थियो। अनि करूबहरु चढ्दि गये
१६ मैंले कबार् नदिको छेउमां देख्येको जीवात् येइ हो। अनि जब
जब ति करूबहरु हिंड्द थिये तब तब ति पांग्राहरु तिनिहरुको छेउ
छेउ हिंड्द थिये. अनि जब जब करूबहरुले भुमि देखि उठि जांनुको
लागि आफ्ना आफ्ना पखेटा फुकाउंद थिये तब तब पांग्राहरु पनि
१७ तिनिहरु सङ् सङै रहंद राक्नु न फर्किकनै। जब जब यिनिहरु उभींद थिये
तब तब तिनिहरु पनि उभींद थिये अनि जब जब यिनिहरु उठ्द थिये
तब तब तिनिहरु पनि तिनिहरु सङ् सङै उठ्द थिये. कसोगरिभन्ये
१८ जीवात्हरुको आत्मा तिनमां पनि रहंद रङ्ग। अनि यहूवेको महिमा
१९ पवित्रबासको देलाठेलो देखि उठेर करूबहरु मांथि अड्डीयो। अनि
करूबहरु आफ्ना आफ्ना पखेटा फुकायेर मैंले हेर्दा हेर्दै पृथिवी देखि उठि
निकलि गये अनि पांग्राहरु पनि तिनिहरु सङ् सङैने गये. तहांदेखि
तिनिहरु यहूवेको पवित्रबासको पूर्वढोकामां उभीये अनि इस्राएलको
२० ईश्वरको महिमा तिनिहरु मांथि अड्डीयो। मैंले कबार् नदी छेउमां
इस्राएलको ईश्वर् मुनि देख्येको जीवात् येइ हो येस्ले मैंले जान्यें यिनिहरु
२१ पनि करूबैहरु राक्नु भनि। एक् एकका चार् चारवटा मुख् अं चार्

चार्वटा पखेटा अनि पखेटा मुनि तिनिहरुका मान्छेका जस्तो हात् पनि
राक्नु । अनि यिनिहरुका मोहोंड़ा पनि मैंले कबार् नदिको तीरमां २२
देख्नेका मोहोंड़ा जस्ता थिये अनि तिनिहरुका मोहोंड़ा मांत्रै होइन तर
तिनिहरुको सिंगै शरीर् पनि अनि तिनिहरु आफ्नु आफ्नु सांमु सोझै
हिंड्दा राक्नु ॥

त्येस् उप्रान्त आत्माले मंलाइ उठायेर यहूवेको पवित्रबास्को ११ १
पूर्बढोकाको ढोउ पूर्व दिशा तिर पुऱ्याइ दियो . त वहां मैंले को देख्यें भन्ये
ढोकैमां पचीस् जना पुरुषहरु राक्नु अनि मैंले तिनको बीचमां अज्जूरको
छोरो याजन्याह र बनायाहको छोरो पलत्याहलाइ पनि देख्यें जुन्हरु
प्रजाहरुका मालिकहरु थिये । तब [यहूवेले] मंलाइ भन्यो ए मान्छेको २
छोरो येस् सहरमां व्यर्थ कल्पना गर्ने र बुरो जुक्ति गर्नेहरु जो कुन् तिनिहरु
यिनिहरुइ हुन् . तिनिहरुले भन्द कुन् घर् बनाउंने समय् नजिकायेको छैन ३
यो सहर् ता भांड़ा हो अनि हांमिहरु चइं मांसु हौं भनि । येस्कारण् ए ४
मान्छेको छोरो तिनिहरुको बिरुद्धमां अगम कह् अगम कह् । तब यहूवेको ५
आत्माले मं मांथि उत्रि मंलाइ भन्यो येसो भन् यहूवेले येसो भन्द छ .
हे इस्राएलका जहान् तिमिहरुले येसो भन्येका छौ किनभन्ये तिमिहरुको
मनमां जे जे कुरा आउंद कुन् ति मं जान्द छु । तिमिहरुले येस् सहरमां ६
धेरैलाइ मांऱ्यौ अं त्येका गल्लिहरु मुर्दाहरुले भरि दियौ । येस्कारण् ७
प्रभु यहूवेले येसो भन्द छ तिमिहरुले येस् सहरमां जुन् जुन् मान्छेलाइ
मांऱ्येका छौ तिनेहरु मांसु हुन् अनि यो सहर् चइं भांड़ा हो . तर तिमिहरु
चइं येस्को बीच् देखि निकालींछौ । तिमिहरु तरवार् देखि डराऱ्येका छौ ८
तर मं तिमिहरु मांथि तरवार्ने चलाउंछु प्रभु यहूवेको येइ बाणी छ ।
अनि मं तिमिहरुलाइ येस् देखि निकाल्येर अन्यदेसीहरुका हातमां पारि ९
दिंछु अनि तिमिहरुलाइ दण्ड दिंछु । तिमिहरु तरवार्ले काटीयेर लड्छौ १०
अनि मं तिमिहरुको माम्ला इस्राएलको देसको सिमानेमां गरि सक्छु तब
तिमिहरुले उ यहूवे हो रछ भनि थाहा पाउंछौ । यो सहर् न ता ११
तिमिहरुको भांड़ा हुंछ अनि न तिमिहरु चइं येस्मांको मांसु हुंछौ . मं
तिमिहरुको माम्ला इस्राएलको देसको सिमाना भित्र गरि सक्छु तब १२
तिमिहरुले उ यहूवे हो रछ भनि थाहा पाउंछौ . किनभन्ये तिमिहरु
मेरा बिधिहरुमां हिंड़्यौन अनि न मेरा नियाबचनहरु मान्यौ तर आफ्ना
चारे तिरका अन्यदेसीहरुका रीतमां हिंड़्यौ भनि । मं येस्ले अगम गरि १३
रह्योको थियें त येसो भयो बनायाहको छोरो पलत्याह मंऱ्यो । त मैंले
घोप्टो पऱ्येर सारोगरि कराऱ्येर भन्यें हाय् प्रभु यहूवे को तपाईले
इस्राएलका बांच्येकाहरुलाइ टुड्याउंनु हुंछ ॥

तब यहूवेको यो बचन् मं थांइ आयो ए मान्छेको छोरो १४
यरूशलेमका बासीहरुले तेरा नजिकका दाजुभाईहरुलाइ अं इस्राएलका १५
सबे जहानलाइ पनि भन्येका छन् तिमिहरु यहूवे देखि अलग् होइ जब

१६ यो देस् हांम्रै अधिकार्मां दिईयेको छ भनि तर तेंले तिनिहरुलाइ
भन् प्रभु यहूवेले येसो भन्द छ . अं मैंले तिनिहरुलाइ टाढा टाढाका
लोग् लोग्मां बसाल्येको छु अनि देस् देसमां छरपुष्ट पार्येको छु तैपनि
जुन् जुन् देसमां तिनिहरु गयेका छन् तिनमां मं आफै तिनिहरुको लागि
१७ अलिक् दिन् सम्म पवित्रस्थान् हुंकु । येस्कारण् येसो भन् प्रभु यहूवेले येसो
भन्द छ . मं तिमिहरुलाइ लोग् लोग्को बीच् बीच् देखि बटुलकु अनि
जुन जुन देसमां तिमिहरु छरपुष्ट पारीयेका थियौ ति देखि तिमिहरुलाइ
भेला गर्कु अनि तिमिहरुलाइ इस्राएलको देस् दिंकु । अनि तिनिहरुले
१८ त्येस्मां फर्कि आयेर देसका सबै घिन्लागदा थोक् र घिन्का सबै काम्
१९ पनि त्येस् देखि आफाल्कन् । अनि मं तिनिहरुको मन एकै पारि दिंकु
अनि तिनिहरु भित्र येउटा नया आत्मा उप्जाउंकु अनि तिनिहरुको जीउ
देखि ढुंगोहिर्दय् निकाल्येर तिनिहरुलाइ मांसुको हिर्दय् दिंकु . तिमिहरु
२० मेरा बिधिहरुमां हिंड्न् अनि मेरा नियाबचन्हरु मानुन् भन्ये खातिर्ले . त
तिनिहरु मेरा लोग् हुंकन् अनि मं तिनिहरुको ईश्वर् हुंकु । अं ति आफ्ना
२१ घिन्लागदा थोक् र घिन्का सबै कामैमां मन् लगाउंदै हिंड़ि रहंनेहरु
जो छन् तिनिहरुको चाल् मं तिनिहरुकै थाप्नोमा खन्याइ दिंकु प्रभु
२२ यहूवेको येइ बाणी छ । येतिमां करूबहरुले आफ्ना आफ्ना पखेटा फुकाये
अनि पांग्राहरु तिनिहरु सङ् सङै उठनु लाग्ये अनि इस्राएलको ईश्वरको
२३ महिमा तिनिहरु मांथि मांथि थियो । तब यहूवेको महिमा सहरको बीच्
देखि उठेर सहरको पूर्व तिर भयेको डांड़ा मांथि बस्यो । फेरि दर्शनमां
२४ मंलाइ येस्तो थाहा भयो ईश्वरको आत्माले मंलाइ उठायेर आफनु
शक्तिले कलदीहरुको देसमां बन्धुवाहरु थांइ पुऱ्याइ दियो । वहांदेखि
२५ त्यहां जो दर्शन् मैंले पायेको थियें त्यो मं देखि गयो । अनि जत्ति कुरा
यहूवेले मंलाइ देखायेको थियो ति मैंले बन्धुवाहरुलाइ कहि दियें ॥ ✓

१२ १ यहूवेको यो बचन् फेरि मं थांइ येसो भन्दै आयो ए मान्छेको
छोरो तं झगरे जहानहरुको बीचमां रहंद छस् जुनहरुका हेर्न आंखा ता
छन् तर देख्दैनन् अनि सुन्ने कान् ता छन् तर सुन्दैनन् कसोगरिभन्ये
३ तिनिहरु झगरे जहानने हुन् । त ए मान्छेको छोरो देस् छोड़ि जांने
मान्फिकका लट्टिपट्टि तियार् पार्येर दिउंसो तिनिहरुले देख्नेगरि उठेर
हिंड् अर्थात् आफनु ठांउ छोड़ेर तिनिहरुले देख्नेगरि अर्को ठांउमां
सरि जा . हुंनु ता तिनिहरु झगरे जहान् हुन् तै कोनि कते तिनिहरुले
४ चेत् गर्छन्कि । येस्कारण् तेंले दिउंसो तिनिहरुले देख्नेगरि देस् त्यागि
जांने लट्टिपट्टि आफनु घर् देखि निकाल् . अनि देस् छोड़ि जांने हिसाप्
५ बित तं बेलुकाखेरि तिनिहरुले देख्नेगरि उठेर हिंड् । तिनिहरुले
६ देख्नेगरि भित्ता फोर् र त्येइ देखि आफना लट्टिपट्टि निकाल् । फेरि
तिनिहरुले देख्नेगरि ति आफनु कांधमां हाल्येर अंध्यारोमां निस्कि हिंड्नु
अनि आफनु मुख् चइं ढाक्नु र भूंइ तंलाइ देखाहा न परोस् . किनभन्ये

मैंले तंलाइ इस्राएल्को जहान्को लागि चिंनु ठहरायेको छु। यो आज्ञा ७
अनुसार् मैंले येसैले गर्यें. दिउंसो मैंले आफ्ना लट्टिपट्टि देस् त्यागि जांने
बेलामां गर्येको झैं गर्यें अनि बेलुकाखेरि आफ्नु हात्ले भित्ता फोर्यें
वहांदेखि मं लट्टिपट्टि निकालि आफ्नु कांध्मां हाल्यैर तिनिहरुले देख्ने-
गरि अंध्यारोमां हिंड्ये। फेरि बिहान यहूवेको यो बचन् मं थांइ येसो ८
भन्दै आयो ए मान्छ्को छोरो इस्राएल्का जहान् जो झगरे जहान्
छन् तिनिहरुले तं सित यो तिमिले के गर्येको भनि सोध्ये भन्ये देखि।
तैंले तिनिहरुलाइ भन् प्रभु यहूवेले येसो भन्द छ. यो भारी दण्डको बचन् १०
यरूशलेम्को मालिक्मां र तिनिहरुको बीच्मां बस्ने सबै इस्राएली
जहान्हरुमां पनि फल्छ। त तैंले तिनिहरुलाइ भन् मं तिमिहरुको लागि ११
चिंनु हुं. कसोगरिभन्ये जस्तो मैंले गर्यें त्येसै ति लोग् सित गरींछ.
अर्थात् तिनिहरु उठेर बन्धुवाईमां जांनु पर्छ। अं तिनमांको मालिक्चइं १२
आफ्नु कांध्मां भारि बोकेर अंध्यारोमां निक्लंछ. तिनिहरुले आफ्ना
लट्टिपट्टि निकाल्नुलाइ भित्ता फोर्छन् अनि त्येस् मालिक्चइंले आफ्नु
मुख् ढाक्छ त्येस्ले भूंइ न देख्नुलाइ। अनि मं त्येस् मांथि आफ्नु जाल् १३
फिंजाउंछु अनि त्यो मेरो पासोमां पर्छ. अनि मं त्येस्लाइ कल्दीहरुको
देस्को बाबेल्मां पुऱ्याउंछु त्यो त्येसै सहर्मां मर्छ र पनि त्येस्ले त्यो
देख्दैन। अनि त्येस्का वरिपरि त्येस्का जति गोहारे हुंनन् तिनलाइ र १४
त्येस्का सबै गट्ठालाइ पनि मं सबै तिर क्रपुट्ठ पार्छु अनि तिनको पछि पछि
तरवार् चलाउंछु। अनि जब मं तिनिहरुलाइ लोग् लोग्मां क्रपुट्ठ १५
पार्छु अनि देस् देस्मां छर्छु तब तिनिहरुले थाहा पाउंछन् उ यहूवे हो
रछ भनि। तर तिनिहरुमांका अलिकता मान्छेलाइ तरवार् भोक् र १६
रुढि देखि बचाइ राख्छु अनि तिनिहरुले तिनिहरु पुग्येका लोगको
बीच्मां आफ्ना सबै घिन्लाग्दा कामको बखान् गर्छन् तब तिनिहरुले
थाहा पाउंछन् उ यहूवे हो र छ भनि॥

फेरि यहूवेको यो बचन् मं थांइ येसो भन्दै आयो ए मान्छेको १७ १८
छोरो तैंले आफ्नु रोटी कांप्दै कांप्दै खा अनि पानी थर्थराउंदै र
सुर्ताउंदै पी अनि येस् देस्का लोगलाइ भन् यरूशलेम्का बासीहरु र १९
इस्राएल्का देस्काहरुको बिषय्मां प्रभु यहूवेले येसो भन्द छ. तिनिहरुले
आफ्नु रोटी सुर्ताउंदै खांने गर्छन् अनि पानी उदेक् मांन्दै पीउंने गर्छन्
अनि शेषमां तिनिहरुको देस् त्येस्मां भयेका सबै समेत् उजार् होइ जांछ.
येसो हुंछ त्येस्मां बस्ने सबैको उपद्रैंको कारणले। अनि बस्येका २०
सहरहरु उजारींछन् अनि देस् पनि उजार् हुंछ तब तिनिहरुले थाहा
पाउंछन् उ यहूवे हो रछ भनि॥

फेरि यहूवेको यो बचन् मं थांइ आयो ए मान्छेको छोरो यो २१ २२
को उखान् हो जो तिनिहरुले इस्राएल्को देस्को बिषय्मां भन्ने गर्द छन्
कि दिनहरु ता टाढ़े छन् अनि दर्शनका कुने कुरा सुफल् भयेन भन्येको।

२३ येस्कारण् तिनिहरुलाइ भन् प्रभु यहूवेले येसो भन्द छ। मं यो उखान् भन्न
पुन्छु अनि इस्राएल्ले फेरि फेरि यो उखान् भन्दैन अं येस्को साटोमां
तँले तिनिहरुलाइ भन् ति दिन्हरु नजिकाये अनि दर्शनका सबै कुरा पूरा
२४ हुने आंट्येका छन्। अनि इस्राएल्का जहान्मां फेरि फेरि न ता हुने आंट्ये
भव्ये दर्शनका व्यर्थ कुरा कहीँछन् अनि न मन् भुल्याउंने चिप्पाचाप्पा कुरा
२५ फेरि फेरि सुनाईँछन्। किनभन्ये मं यहूवे हुं जब मं बोल्छु तब जुन्
बचन् मं कहंछु त्यो पूरा होइ जांछ त्यो पूरा हुंनुमां अरु बियांलो हुंदैन.
त ए झगरे जहान् तिमिहरुकै दिन्मां मं बचन् कहंछु अनि त्यो पूरो
होइ जांछ प्रभु यहूवेको येइ बाणी छ॥

२६ २७ फेरि यहूवेको यो बचन् मं पांइ आयो ए मान्छेको छोरो सुन्
इस्राएल्का जहान्काहरुले येसो भन्दै छन् त्येस्ले दर्शनमां ज्ये देख्द छ त्यो
धेरै दिन् पछि सुफल् हुंछ अनि त्येस्ले टाढ़ो समयको बिषयमां अगम् कहंद
२८ छ भनि। येस्कारण् तँले तिनिहरुलाइ भन् प्रभु यहूवेले येसो भन्द छ.
मेरो कुने पनि बचन् पूरो हुंनुमां बियांलो हुंदैन तर ज्ये बचन् मं कहंछु
त्यो पूरो पनि होइ जांछ प्रभु यहूवेको येइ बाणी छ॥

१३ १ २ फेरि यहूवेको बचन् मं पांइ येसो भन्दै आयो ए मान्छेको
छोरो इस्राएल्का आफ्ने मन् देखि अगम् कहंने अगम्वक्ताहरुको बिषयमां
३ तँले अगम्गरि भन् तिमिहरुले यहूवेको बचन् सुन प्रभु यहूवेले येसो
भन्द छ. हाय् ति मूर्ख अगम्वक्ताहरु मांथि जो आफ्ने मन् पछि पछि जांद
४ छन् अनि दर्शन् केइ पनि पायेका छैनन्। हे इस्राएल् हो तिमिहरुका
५ अगम्वक्ताहरु उजारे ठांउहरुमां रहंने स्यालहरु जस्ते बनीये। तिमिहरु
न बार् मांथि चढ़्यो न तिनलाइ इस्राएल्को जहान्को लागि केइ बार्
बांध्यो होइनभन्ये ता तिनिहरु यहूवेको दिन्मां लड़ाईंमां स्थिर् रहंनु
६ सक्ने थिये। तिनिहरुले यो यहूवेको बाणी हो भन्दै व्यर्थै र झूठो
मन्तर्तन्तर्का कुरा गर्ये कसोगरिभन्ये तिनिहरुले यहूवेले यो पूरो गर्छ
७ भनि आशा दिये अनि यहूवेले चइं तिनिहरुलाइ पठायेको थियेन। मैंले
केइ न भनिकनने तिमिहरुले यो यहूवेको बाणी हो भन्यो त को तिमिहरुले
दर्शन् पायूं भन्येका कुरा सांचि सांचिने व्यर्थै होइनन् अनि को तिमिहरुले
झूठो मन्तर्तन्तर् गर्ये का छौन॥

८ येस्कारण् प्रभु यहूवेले येसो भन्द छ. तिमिहरुले व्यर्थ कुरा गर्यो
अनि दर्शन् पायूं भव्ये झूठो कुरा चलायो येस्कारण् हेर मं तिमिहरुको
९ बिरुद्ध छु यहूवेको येइ बाणी छ। अनि जुन् जुन् अगम्वक्ताहरुले व्यर्थ
कुरा बनाउंद छन् अनि मन् भुल्याउंने झूठो कुरा गर्द छन् मेरो हात्
तिनिहरुको बिरुद्धमां हुंछ. तिनिहरु न मेरो प्रजाको फेट्मां भागी
हुंछन् न तिनिहरुको नांउ इस्राएल्को बंशावलीमां लेखीँछ अनि न
तिनिहरु इस्राएल्को देसमां पसु पाउंछन् येसैले तिमिहरुले थाहा पाउंछौ
१० उ प्रभु यहूवे हो रछ भनि। केइ कुशल् छैन रपनि तिनिहरुले कुशल् छ

भनि भनिकन मेरा प्रजालाइ बहकाये फेरि जब कसैले सानु देवाल् बनाउंद
छ तब तिनिहरुले त्येस्को बिषयमां व्यर्थ कांचोलिपाई गर्द छन्. ति ११
कांचोलिपाई गर्नेहरुलाइ भन् देवाल् भत्कंछ. तुलो झरि पर्छ अनि हे
तुला तुला असीनाहरुहो तिमिहरु पर्छौ अनि तुलो आंधीले त्यो फोर्छ।
त जब देवाल् भत्कि जांछ तब के तिमिहरुलाइ यो भनीदैन तिमिहरुले १२
गर्येको त्यो कांचोलिपाई कता हो भनि। येस्कारण् प्रभु यहवेले येसो १३
भन्द छ मं बल्यैर त्यो देवाल् तुलो आंधीको बाटोले भत्काइ दिंछु अनि
मेरो रिस्ले तुलो झरि हुंछ अनि मेरो बल्दोरिस्ले देवाल् मेटि दिंने
तुला तुला असींना पर्छन्। येसोरि तिमिहरुले कांचोलिपाई गर्येको १४
देवाल् मं भत्काइ दिंछु अं मांटोमां मिसाइ दिंछु अनि त्येस्को जग्
देखाहा पर्छ. अनि त्यो भत्कंदा तिमिहरु पनि त्येस् भुनि चेपीयेर नष्ट
हुंछौ तब तिमिहरुले थाहा पाउंछौ उ यहवे हो रछ भनि। येसोरि मं १५
देवाल् र त्येस्को कांचोलिपाई गर्ने दुवै मांथि आफ्नु बल्दोरिस् खन्याउंछु
त्येस् पछि मं तिमिहरुलाइ भन्छु न देवाल् छ अनि न त्येसमां कांचोलिपाई
गर्ने छ भनि अर्थात् इस्राएलका ति अगमवक्ता जुन्हरुले यरुशलेमको १६
बिषयमां अगम् कहंद छन् अनि त्येस्को कुशलको अगम् कहंद छन् तर
कोइ कुशल् छैन प्रभु यहवेको येइ बाणी छ॥

फेरि ए मान्छेको छोरो तैंले तेरा जातभाईहरुकी आफ्नै मन् १७
देखि अगम् कहंने छोरीहरुको बिरुद्धमां भइ अगम् कह् प्रभु १८
यहवेले येसो भन्द छ. ए कुइंनाको लागि सबै जोर् जोर् सिरांनि
सिउंने अनि प्राणको सिकार् गर्नुको लागि मान्छेहरुको डाल् अनुसारको
सिर् ढाक्ने लुगा बनाउंने आइमाइहरु हो तिमिहरु मांथि हाय्. को
तिमिहरुले मेरा प्रजाका प्राणको सिकार् गरि गरि आफ्नु निज् प्राणलाइ
बचाउंछेउ। अनि तिमिहरुले एक् एक् मुठि जऊ र रोटीको टुक्राको १९
साटोमां मंलाइ मेरा प्रजाहरुको सांमु अपवित्र ठहराइ मेरा प्रजाकाहरुले
सुन्येका तिमिहरुका झुट्ठा कुराको बाटोले ति नास् न पारींने माफिकका
प्राणीहरुलाइ मांर्‍यौ अनि ति न बांच्ने माफिकका प्राणीहरुलाइ
बचाइ राख्यौ। येस्कारण् प्रभु यहवेले येसो भन्द छ. सुन मं तिमिहरुले २०
सिकार् गरि गरिकन प्राण् उड़ायेका सिरांनिहरुको बिरुद्ध छु ति
तिमिहरुका बांहां देखि खोस्यैर तिमिहरुले सिकार् गरि गरिकन उड़ायेका
प्राणहरुलाइ छोड़ाउंछु। अनि मं तिमिहरुको सिर् ढाक्ने लुगा खोस्यैर २१
आफ्ना प्रजालाइ तिमिहरुको हात् देखि छोड़ाउंछु त्येस् पछि तिनिहरु
तिमिहरुको तावेमां रहंदैनन् तिमिहरुले तिनिहरुको सिकार् गर्नुलाइ. तब
तिमिहरुले थाहा पाउंछेउ उ यहवे हो रछ भनि। तिमिहरुले झूठ् २२
भनि भनिकन धर्म्मीको मन् उदास् गरायौ जुन्हरुलाइ मंचइंले उदास्
गराउंने मन् गरींन अनि दुष्ट जनलाइ आंट् दियौ त्यो आफ्नु कुमार्ग
देखि फर्कि बांचि न रहोस् भन्यैर. येस्कारण् तिमिहरुले फेरि फेरि न २३

दर्शन् पायूं भन्ये झुट्टा कुरा गर्नु पाउंछेउ न मन्तर्तन्तर्का कुरा भन्नु. मं आफ्ना प्रजालाइ तिमिहरुको हात् देखि छोड़ाउंछु तब तिमिहरुले थाहा पाउंछेउ उ यहूवे हो रछ भनि ॥

१४ १ तब इस्राएल्का कति जना बूढ़ा बूढ़ाहरु मं थांइ आयेर मं छेउ
२ बस्येका थिये । त यहूवेको बचन् मं थांइ येसो भन्दै आयो ए मान्छेको
छोरो थि मान्छेहरुले आफ्ना मूर्त्तिहरु बनायेर आफ्नु मनमां स्थापित्
गर्ये अनि आफ्नु अधर्म्मको ठोकर् आफ्नु सांमु राख्येका छन्. त को मं
४ तिनिहरुलाइ मं सित सोधनी गर्नु दिंछु । येस्कारण् तैंले तिनिहरुलाइ
भन् प्रभु यहूवेले येसो भन्द छ. इस्राएल्को जहानमांको जो जो आफ्नु
मूर्त्तिहरु आफ्नु मनमां स्थापित् गरि अनि आफ्नु अधर्म्मको ठोकर् आफ्नु
५ सांमु राखि अगम्बक्ता थांइ आउंछन् त्येस्लाइ मं यहूवे त्येस्का धेरै मूर्त्तिहरु
अनुसारै उत्तर् दिंछु इस्राएल्का जहान् आफ्ना मूर्त्ति पूजदै मंलाइ
त्याग्येर सबै बिराना भइ गयेको कारणले मं तिनिहरुलाइ तिनिहरुकै
६ मनको बाटोले फसाउंछु । त इस्राएल्को जहानलाइ भन् प्रभु यहूवेले
येसो भन्द छ. फर्क्यर आफ्ना मूर्त्तिहरु पिठिउं परि पार अनि आफ्ना सबै
७ घिन्लाग्दा काम् देखि मुख् फर्काव । किनभन्ये इस्राएल्को जहानमांको
र इस्राएल्को बीचमां रहंने परदेसीमांको जोसुकैले पनि मंलाइ पछ्याउंनु
छाडि आफ्ना मूर्त्ति आफ्नु मनमां स्थापित् गरोस् अनि आफ्नु अधर्म्मको
ठोकर् आफ्नु सांमु राखोस् . अनि मं सित आफ्नु कुने कुरोको सोधनी
गर्नुलाइ अगम्बक्ता थांइ आवस् त्येस्लाइ मं यहूवे आफै उत्तर् दिंछु.
८ अनि मं त्येस् मान्छेको बिरोधी भइ त्येस्लाइ उदेक् गराउंछु अनि
येउटा चिंनुइ तुल्याउंछु अनि त्येस्को येउटा उखानै चलछ अनि मं त्येस्लाइ
आफ्नु प्रजाको बीच् देखि काटि दिंछु तब तिमिहरुले थाहा पाउंछौ उ
९ यहूवे हो रछ भनि । अनि अगम्बक्ताले धोखा खाइ कोइ बचन् भन्येको
छ भन्ये देखि थाहा पाव त्यो बचन् उइ यहूवेले भन्येको हो भनि अनि मं
त्येस्को बिरुद्धमां आफ्नु हात् पसार्येर त्येस्लाइ आफ्नु इस्राएली प्रजाको
१० बीच् देखि बिधंस पनि पार्छु। येसोरि तिनिहरुले आफ्नु आफ्नु अधर्म्मको
भारि बोक्छन्. अर्थात् जस्तो अगम्बक्ता सित सोधनेको अधर्म्म
११ ठहरौंछ अगम्बक्ता आफैको पनि त्येस्ते अधर्म्म ठहर्छ अब देखि
येसो इस्राएल्का जहानले मंलाइ पछ्याउंनु न छोड्नु अनि न आफ्ना
अपराधहरुको बाटोले अशुद्ध होउन् तर तिनिहरु मेरै प्रजा रहुन् अनि मं
तिनिहरुको ईश्वर् रहंछु भन्ये खातिर्ले प्रभु यहूवेको येइ बाणी छ ॥

१२ फेरि यहूवेको बचन् मं थांइ येसो भन्दै आयो ए मान्छेको छोरो
जब कसै देस्ले मं देखि बिश्वासघाती भइ पाप गर्यो अनि मैंले त्येस् देस्
मांथि आफ्नु हात् पसार्येर त्येस्को अन्नको ठेवा हटाइ दियें अनि त्येस्मां
१४ अनिकाल् हालि त्यहांका को मान्छे को पशु सबैलाइ काटि दियें अनि
त्यहां नूह दानियेल र अय्यूब यि तीनै जना भये भन्ये पनि तिनिहरुले

आफ्नु आफ्नु धर्म्मको बाटोले आफ्नु आफ्नै प्राण् मात्रै बचाउंनु सक्छन्
प्रभु यहवेको येइ बाणी छ । फेरि मैंले कसै देसमां दुष्ट जन्तुहरुलाइ पठायें १५
त्येस्का बासीहरुलाइ फहराइ मारि मारि खायेर देसै उजार्नुको लागि
अनि जन्तुहरुको डरको कारणले त्येता बाटो कोई हिंड्दै पनि हिंड्दैन १६
भनि तिनमां ति तीनै जना भये भन्ये पनि प्रभु यहवेको यो बाणी छ मं
जीइ रह्येको भैं तिनिहरुले न ता क्रोराहरुलाइ न ता क्रोरीहरुलाइ बचाउंनु
सक्छन् तिनिहरु एक्लाएक्लै मात्रै बांचछन् तर देस चइं उजार् होइ जांछ ।
कि मं कोई देस मांथि तरवार् झिकि भनुं ए तरवार् त्येस् देस् देखि किरि १७
जा अनि येसोरि को मान्छे को पशु सबैलाइ त्येस् देखि काटि दे भनि १८
त त्येस्मां ति तीनै जना भये भन्ये पनि प्रभु यहवेको यो बाणी छ मं जीइ
रह्येको भैं तिनिहरुले न ता क्रोराहरुलाइ न ता क्रोरीहरुलाइ बचाउंनु
सक्छन् तिनिहरु एक्लाएक्लै मात्रै बांचछन् । कि मैंले कोई देसमां रुढि १९
पिंजायें अनि त्येस्मां आफ्नु बल्दोरिस् खन्यायेर त्यहांका मान्छेहरु र
पशुहरु नष्ट हुंनेगरि रगत् बहायें भन्ये देखि त्येस्का नूह दानिय्येल र २०
अय्यूब भये भन्ये पनि प्रभु यहवेको यो बाणी छ मं जीइ रह्येको भैं
तिनिहरुले न ता क्रोरालाइ बचाउंनु सक्छन् न ता क्रोरीलाइ तिनिहरुले
तिनिहरुको धर्म्मको बाटोले आफ्नु आफ्नै प्राणहरुलाइ मात्रै बचाउंछन् ।
फेरि प्रभु यहवेले येसो भन्छ . जब मं यरुशलेममां यि मेरा चार् विपत्ति २१
अर्थात् तरवार् अनिकाल दुष्ट जन्तु र रुढि पठाउं अनि तिनको कारणले
मान्छे र पशु देस देखि सबै नष्ट होउन् तब त्यो झन्सारो कसोगरि बांचछ ।
अं तैपनि त्येस्मां पनि अलिकता क्रोराहरु र क्रोरीहरु जो निक्लींछन् ति २२
बांचछन् . हेर तिनिहरु निकालीयेर तिमिहरु थांइ पुग्याईंछन् अनि
तिमिहरुले तिनिहरुको चाल्चलन् देखिकन मैंले त्येस् देसमां हाल्ने
विपत्तिको विषयमां शान्ति पाउंछौ अं जत्ति विपत्ति मं यरुशलेममां
हाल्छु ति सबैको विषयमां तिमिहरुले शान्ति पाउंछौ । जब तिमिहरुले २३
तिनिहरुको चाल्चलन् र काम् देख्छौ तब तिनिहरु तिमिहरुको शान्तिको
कारण हुंछन् . अनि तिमिहरुले थाहा पाउंछौ उस्ले यरुशलेममां जे गर्यो
त्यो बिना कारणमां उस्ले गर्येन छ भनि प्रभु यहवेको येइ बाणी छ ॥

फेरि यहवेको बचन् मं थांइ येसो भन्दै आयो ए मान्छेको क्रोरो १५ १
सबै रुखहरुमां दाख्को चइं बोट्को को श्रेष्ठ हुं छ दाख्को बिरुवा पनि ता २
रुखहरुको बीचमां उसंद छ त्येस्मां को गुण छ । को कोइ थोक् बनाउंनुको
लागि त्येस् देखि काठ् लिइंछ कि कोइ भांड़ा झुंड्याउंनुलाइ त्येस् देखि
कीला लिइंछ । त्यो ता दाउरा हुंनुको लागि आगोमां हालौंद छ . तब ४
त्येस्का दुवै छेउ आगोले डढि जांकन् अनि त्येस्को बीच् पनि भस्म होइ
जांछ त को त्यो कोइ कामको हो । सुन् जब त्यो जस्तोको तस्तो थियो र ५
पनि त्यो कोइ कामको थियेन . फेरि जब त्यो आगोको गांस् भइ गयो
अनि डढाईयो त त्यो फेरि झन् सारो को कामको हुंछ । त प्रभु यहवेले येसो ६

भन्द छ. जसोरि जंगलका रुखहरुमांको दाखको बोट चइंलाइ आगोको
गांस् हुंनु दिंद छु त्येसैगरि मं यरूशलेमका बासीहरुलाइ नष्ट हुंनु दिंछु।
७ अनि मं तिनिहरुको बिरोधी हुंछु त तिनिहरु एक् आगो देखि निक्लि
गये पनि अर्को आगोको गांस् होइ जांछन् अनि जब मं तिनिहरुको
८ बिरोधी हुंछु तब तिमिहरुले थाहा पाउं छौ उ यहूवे हो रछ भनि। अनि
मं तिनिहरुको देस् उजारि दिंछु किनभन्ये तिनिहरुले मेरो बिश्वासघात्
गर्‍ये प्रभु यहूवेको येइ बाणी छ॥

१६ १ फेरि यहूवेको बचन् मं थांइ येसो भन्दै आयो ए मान्छेको
२ छोरो यरूशलेमलाइ त्येका सबै घिन्लागदा काम् जनाइ दे अनि
३ त्येलाइ भन् प्रभु यहूवेले यरूशलेमलाइ येसो भन्द छ. तेरो जन्म र तेरो
उत्पत्ति कनानीहरुको देस् देखि भयो तेरो बाबु एमोरी अनि तेरी आंमा
४ हित्तीनी थिई। अनि तेरो जन्म येसैरि भयो तेरो जन्मको दिन्मां न तेरो
नाभि बेंड्याईयो न तं शुद्ध हुंनुको लागि धोईइस् न तंमां कोइ नुन् मलीयो
५ अनि न तं कोइ लुगामां बेहेरीइस्। तेरो लागि त्येस्ता सबै काम् गर्नुलाइ
कसैले तं मांथि दयाको दृष्टि गर्‍येन अं आफ्नु जन्मको दिन् तं घिन्लागदी
६ भयेकी कारणले तं बाइर बन्मां आफालि दिईइस्। तेरो त्येस्तो गत्
भइ रह्येकोमां मं त्येता बाटो जांदा तंलाइ रगत्मां लट्पटीई रह्येकी देखें
तब मैंले तंलाइ ए आफ्नु रगत्मां लट्पटीयेकी जी भन्यें फेरि दोस्रो खेप्
७ भन्यें ए तं आफ्नु रगत्मां लट्पटीयेकी जी भनि। वहांदेखि मैंले तंलाइ
बन्को कोपीला झैं बढ़ायें र तं बढ़दै बढ़दै ठुली भइस् अनि अरघोरका
राम्री भइस् तेरा दुत्हरु राम्रा भये अनि तेरा केस् लांमा लांमा भये
८ तेपनि तं नांगै र उघारै थिइस्। फेरि मं तं छेउ देखि जांदा तेरो समय्
प्रेमको समय् रछ भनि देखें येस्कारण मैंले तंलाइ आफ्नै लुगा ओढ़ायेर
तेरो जौउ ढाकि दियें. अनि तं सित किरिया खायेर तं सित बाचा बांधें
९ त येसोरि तं मेरी भइस् प्रभु यहूवेको येइ बाणी छ। तब मैंले तंलाइ
पानीले नुहायेर तंमां भयेको रगत् पूरोगरि धोइ दियें अनि तेरो जौउमां
१० तेल् मलि दियें। वहांदेखि मैंले तंलाइ बुट्टा काढ़ेका बस्त्रहरु र सुईस-
हरुका छालाहरुका जुत्ता पहिर्‍यायें अनि तेरो कम्मरमां मसीनो पटुका
११ बांधि दियें अनि तंलाइ रेशमी पछेउरा ओढ़ायें। वहांदेखि मैंले तंलाइ
सिङारनु लाग्यें अनि तेरा हातमां चुराहरु र गलामां सिक्लि लगाइ दियें।
१२ अनि मैंले तेरो नाकमां नत्थ र कानमां गहवारि (सुन्) लगाइ दियें अनि
१३ तेरो सिरमां सुवाउंदो मुकुट् लगाइ दियें। त तेरा गहनाहरु सुन् चांदीका
अनि तेरा बस्त्र मसीनो पाट्बस्त्र र रेशम् र बुट्टा काढ़ेका कपराका
बनाईये अनि तेरा खानकि गहूंको पिठो मह र तेल् थिये. त तं अरघोरै
१४ राम्री अं रानीनै हुंने माफिकको भइस्। अनि तेरो सुन्दरैंको किर्त्ति
अन्य अन्यलोगमां फिंजीयो किनभन्ये मैंले तंलाइ दियेको प्रताप्को
कारणले तं पूर्ण सुन्दरी भइस् प्रभु यहूवेको येइ बाणी छ॥

तर तैंले आफ्नु सुन्दरेइँको भरोसा गरि आफ्नु नांउको कारणले १५
व्यभिचार् गर्नु लागिस् अनि सबै बटौरेहरु सित कुकर्म्म गरिस् जस्ले
तंलाइ मांग्द थियो तं त्येइ सित मिल्द थिइस्। अनि तैंले आफ्नु लुगा १६
लग्येर अलग्गा ठांउहरुमां रंग बिरंग पारि सिङारिस् वहांदेखि तिनमां
व्यभिचार् गरिस् येस्तो काम् गरिस् त्येस्तो ता फेरि फेरि हुंने सक्दैन।
अनि तैंले मैंले दियेका सुन् चांदीका तेरा सुवाउंदा सुवाउंदा गहना लग्येर १७
नरमूर्त्तिहरु बनाइस् अनि तिनिहरु सित पनि व्यभिचार् गर्नु लागिस्
अनि आफ्ना बुट्टा काढेका वस्त्रहरु लग्येर तिनिहरुलाइ पहिन्याइस् १८
अनि मेरो तेल् र मेरो धूप् तिनको सांमु चढ़ाइस्। अनि मैंले तंलाइ १९
दियेको खान्कि अर्थात् गहूंको पिठो तेल् र मह मं तंलाइ खुवाउंद थियें
ति सबै तैंले तिनको सांमु सुवास्नेधूप्गरि राखिस् गत् येस्ले थिये
प्रभु यहूवेको येइ बाणी छ। फेरि तैंले मेरो लागि जन्मायेका तेरा २०
छोराछोरीहरुलाइ लग्येर तिनलाइ मूर्त्तिहरुलाइ भोग्गरि चढ़ाइस्। त
तैंले येस्तो येस्तो व्यभिचार् गर्नु के त्यो सांनु कुरो थियो तैंले मेरा २१
केटाकेटीहरुलाइ लग्येर ति मूर्त्तिहरुको सांमु आगोको बाठो बाड़ो
हिंड़ालिकन मांरिस्। अनि तैंले येस्ता येस्ता सबै घिन्लाग्दा काम् गरि २२
व्यभिचार् गर्दै तैंले आफ्नु बालखेइँको त्यो नांगै उघारै आफ्नु रगत्मां
लट्पटीइ रह्येको गत् समझौनम्। अनि तेरा ति सबै बुराई पछि यो भयो २३
(प्रभु यहूवेको यो बाणी छ हाय् तं मांथि हाय्) तैंले येउटा टुलो २४
घर् पनि बनाइस् अं सहरको चोक् चोकहुंदो पनि अलग्गा अलग्गा ठांउहरु
बनाइस्। अनि दोबाटा दोबाटाहुंदो पनि तैंले आफ्नु अलगो ठांउ बनायेर २५
आफ्ना टाङ्ग फारि फारि घिन्लाग्दो पारिस् अनि एक् एक् बटौरेलाइ
कुकर्म्मको लागि डाकि डाकिकन अघोरको व्यभिचारीनी भइ गइस्। अनि २६
तैंले आफ्ना बल्लियोबाङ्गो मिस्री छिमेकिहरु सित पनि व्यभिचार् गरिस्
अं मंलाइ रिस् उठाउंनुको लागि ओधिनै व्यभिचार् गरिस्। येसैकारण मैंले २७
तेरो बिरुद्धमां आफ्नु हात् पसारि तेरो दिन् दिनको खान्कि घटाइ
दियें अनि तेरी सत्तुरनी पलिश्तीनी आइमाइहरु जो तेरो महापापको
चालचलन् हेरि लजाउंद छिन् तिनिहरुको इच्छेमां मैंले तंलाइ छोड़ि
दियें। अझै पनि तेरो तृष्णा मंत्येन र तैंले अश्शूरीहरु सित पनि व्यभिचार् २८
गरिस् अनि तिनिहरु सित व्यभिचार् गरिकन पनि तं अघाइनस्। फेरि २९
तं कनानमां व्यभिचार् गर्दै गर्दै कल्दीहरुको देस् सम्म पुगिस् अनि उहीं
पनि तं अघाइनस्। त प्रभु यहूवेको यो बाणी छ तं येस्तो काम् गर्दै ३०
छेस् जो हुकुम् चलाउंने बेश्येका काम् हुन् त तेरो मन् कस्तो चंचल्
छ. तैंले दोबाटा दोबाटाहुंदो आफ्ना टुलो घर् र चोक् चोकहुंदो ३१
तेरा अलग्गा ठांउ बनाइस् त येस्मां को तं बेश्ये जस्तो भईनस् किनभन्ये तं
बेश्येको ज्यालामां हांस्द छेस्। तं लकुवारेनी होस् तं आफ्नु लोग्नेको ३२
साठो बिरानाहरुलाइ ल्याउंने होस्। सबै बेश्येहरुले रुपिया पाउंद छिन् ३३

तर तंचइंले ता आफ्ना सबै नाठाहरूलाइ रुपिया दैंना दि दिकन
तिनलाइ बोलाउंद कुस् तिनिहरूले जतातले देखि आयेर तं सित व्यभिचार्
३४ गरुन् भन्येर । येस्कारण् तेरो चइं व्यभिचार् अरु अरु व्यभिचारीनीहरूको
भन्दा उल्टाउलो कु कोई व्यभिचारीले तंलाइ खोज्दैन . अनि तं कसै
सित वेश्यको ज्याला लीदीनस् तर उल्टाउलो तं पो दिंकुस् येसैगरि
तं उल्टी कुस् ॥

३५ ३६ येस्कारण् ए वेश्ये यहवेको वचन् सुन् . प्रभु यहवेले येसो भन्
कु तैंले व्यभिचार्मां आघोरै निर्लज्ज भइकन आफ्नु जीउ आफ्ना
नाठाहरूलाइ देखाइस् अनि आफ्ना घिन्लागदा मूर्त्तिहरू सित घिन्-
लाग्दो काम् गरिस् अनि आफ्ना कुराकुरीहरूको रगत् बहायेर तिनि-
३७ हरूलाइ बलिदान् चढ़ाइस् येस्कारण् सुन् मं तं सङ खुशि गर्ने तेरा
नाठाहरूलाइ अं जत्ति सित तैंले प्रेम् गर्येकी कुस् अनि जत्ति सित
दुष्मणि गर्येकी कुस् ति सबैलाइ चारै तिर बाटो तेरो बिरुद्धमां भेला
गराएर तिनिहरूलाइ तेरो जीउ नंग्याएर देखाउंकु अनि तिनिहरू सबैले
३८ तेरो जीउ चेर्कुन् । तब मं तंलाइ येस्तो दण्ड दिंकु जस्तो व्यभिचार् गर्ने
र लोहू बहाउंने स्वास्नीहरूलाइ दिइँकु अनि मं तेरो चइं लोहू रिस् र
३९ बल्दोरिस् सित बहाउंकु । मं तंलाइ तिनिहरूको तावामां पारि पनि दिंकु
अनि तिनिहरूले तेरो टुनो घर् र तेरा अलग्ग ठांउहरू भत्काइ दिंकुन्
अनि बलजबनगरि तेरा लुगाहरू काड़ुकुन् अनि तेरा राम्रा राम्रा गहनाहरू
४० फुकालि लैजांकुन् . अनि तंलाइ नाङ्गै र उघारै पारि छोड़ुकुन् । तहांदेखि
तिनिहरूले येउटा गट्ठा जमायेर तंलाइ ढुंगाले लोहत्याउंकुन् अनि तंलाइ
४१ आफ्ना तरवारले वारपार छेंड़ुकुन् । तहांदेखि तिनिहरूले आगो लगायेर
तेरा घरहरू डड़ाइ दिंकुन् अनि तंलाइ धेरै आइमाइहरूले देखनेगरि
दण्ड दिंकुन् येसोरि मं तेरो व्यभिचार् धन्कु अनि त्येस् पछि तैंले फेरि
४२ फेरि वेश्येको ज्याला दिंदीनस् । अनि जब मं तं मांथि आफ्नु बल्दोरिस्
पूरो गरि सकुकु तब तं देखि मं अरु बल्दीन तर सित्तल होइ जांकु अनि
४३ तब देखि येसो अरु रिसाउंदीन । तैंले आफ्नु बालखेड़ैंको गत् समझीनस्
तर यि सबै कुराको कारणले मंलाइ जिस्काइस् येस् कारणले मं तेरा
चालचलन् तेरो थाप्पो मांथि फर्काइ दिंकु . त तैंले तेरा अगाड़िका सबै
घिनलागदा कामहरू भन्दा बेसि अरु महापाप् गरीनस् प्रभु यहवेको
येह बाणी कु ॥

४४ सुन् सबै कहंनि गर्नेहरूले तेरो विषयमां येस्तो कहंनि गर्कुन् अर्थात्
४५ जस्तो आंमा त्येस्तो कोरी भन्ये । तेरी आंमाले आफ्नु लोग्ने र आफ्ना
केटाकेटीहरू देखि घिन् गर्ने कै त्येस्ते तं त्येस्को कोरी पनि भइस् अनि तेरी
दिदाहरूले आफ्नु आफ्नु लोग्ने र आफ्ना केटाकेटीहरू देखि घिन्
गर्ने घिइन् त्येस्ते तं तिनिहरूकी बैंनी पनि भइस् . तिनिहरूकी आंमा
४६ हित्तीनी अनि तिनिहरूको बाबु एमोरी थियो । तेरी दिदी शोमरोन् छ

जो आफ्नो कोरीहरू समेत् तं देखि बांउदात् तिर रहंदछे. अनि
तेरी बैंनी जो तं देखि दाहींनो हात् तिर रहंदछे त्यो त्येस्को कोरीहरू
समेत् सदोम् हो। अं तं तिनिहरूको जस्तो चालमां ता हिंड्दीनस् अनि न ४७
तिनिहरूको जस्तो घिन्लाग्दा काम् गरिस् अं येसो गर्नु तैंले तुच्छ
ठानिस् तैपनि तेरा सब्बै रकम्का चाल्चलन् तिनिहरूको भन्दा पनि बेसि
बिग्रे। प्रभु यहवेको यो बाणी छ मं जीइ रह्नेको भैं तेरी बैंनी ४८
सदोमले आफ्नी कोरीहरू समेतले तेरो र तेरी कोरीहरूको जस्तो काम्
गरीनन्। सुन् तेरी बैंनी सदोमको अधर्म्म येस्तो थियो त्येस्ले आफ्नी ४९
कोरीहरू समेतले अहंकार् गर्दै थिई पेटभरि खांद थिई अनि सुखचैन्
सित रहंदै थिई अनि गरिबगुर्बाहरूलाई सम्हाल्दैन थिई। त तिनिहरूले ५०
अहंकार् गर्यर मेरो सामु घिन्लाग्दो काम् गर्नु लागिन्. त यो देख्नेर
मैंले त्यसलाई उठाइ दिएं। फेरि शोमरोनले तेरो पाप् भन्दा आधा पनि ५१
गर्यन तर तैंले त्यो भन्दा बेसि घिन्लाग्दो काम् गरिस् अनि आफना सबै
घिन्लाग्दा कामको बाटोले आफनी दिदी बैंनीहरूलाई निर्दोष् जस्तो
ठहराइस्। तं आफनी दिदीबैंनीहरूको पन् पनि निया गर्यको जस्तो ५२
गर्दछेस् येस्कारण तं आफ्नु लाज् आफै भोग् किनभन्ये तैंले तिनिहरूले
भन्दा बेसि घिन्लाग्दो पाप् गर्यकी छस् येस्कारण तिनिहरू तं भन्दा कम्
दोषी छन् त येस् कुराले लज्जा. अनि आफ्नु लाज् भोग् किनभन्ये तैंले
आफनी दिदीबैंनीहरूलाई निर्दोष् ठहराइस्। त जब मं तिनिहरूलाई ५३
अर्थात् कोरीहरू समेत् सदोम् र शोमरोनलाई बन्धुवाई देखि फेरि फर्काइ
ल्याउंछु तब तिनिहरूकै बीचमां तेरा बन्धुवाहरूलाई पनि फर्काइ ल्याउंछु.
तैंले आफ्नु लाज् भोगि मं तिनिहरूको लागि शान्तिको कारण् भयें छु ५४
भनि आफना सबै काम् देख्नेर लज्जा भन्ये खातिरले। त तेरी दिदी ५५
बैंनीहरू सदोम् र शोमरोन् आफनी आफनी कोरीहरू समेत् आफ्नु
पहिलो गतमां फेरि पुगिछन् अनि तं पनि आफनी कोरीहरू समेत्
आफ्नु पहिलो गतमां पुगिछस्। कसोगरिभन्ये तेरो अहंकार्को दिनमां ५६
तैंले आफनी बैंनी सदोमको नाउं पनि लिंदैन थिइस् त्यो समय् तेरो ५७
खराई प्रगटो न भयेको समय् थियो अर्थात् त्यो समय् थियो जब तैंले
छेउछाउ समेत् अरामकी आइमाइहरूको र पलिश्तीहरूकी आइमाइ-
हरूको पनि जुन्हरूले अब चारै तिर बाटो तंलाइ तुच्छ ठान्द छन्
तिनिहरूको निन्दा गर्दै थिइस्। तैंले आफ्नु महापापको र घिन्लाग्दा ५८
कामको बोझा आफैले भोग्नु पर्यो यहवेको येइ बाणी छ। किनभन्ये ५९
प्रभु यहवेले येसो भन्द छ. तैंले आफुले खायेको किरिया तुच्छ जानि
आफ्नु बांधेको नियम् छिनालिस् येस्कारण मं तेरो काम् अनुसार् तं
सित बेहोरा गर्छु। तैपनि मं आफ्नु त्यो नियम् सम्झंछु जो मैंले तेरा ६०
बालखेईका दिन् देखि तं सित बांधेको थियें अनि त्यो सधैं सम्मको
नियम् तेरो लागि स्थिर् गर्छु। अनि जब तैंले आफनी दिदीबैंनीहरूलाई ६१

अर्थात् आफ्नो ठुलो ठुलो दिदीहरु र सांनो सांनो बैंनीहरुलाइ मान्लिस् तब तं आफ्ना चाल्चलन् सम्झि लज्जाउंछेस् अनि तिनिहरुलाइ मं तेरी छोरीहरु भनि ता दिंछु तर तेरो यो बांधेको निमम् अनुसार् गर्दीन।
६२ तर मं तं सित आफ्ने नियम् स्थिर् गर्छु तब तैंले पाहा पाउंछेस् उ
६३ यहूवे हो रछ भनि. [येस्को अर्थ येइ हो] अर्थात् तं आफ्नु अगाडिको गत् सम्झेर लज्जाउंछेस् अनि लाज्को कारणले फेरि फेरि कैले पनि आफ्नु मुख् उघार्दैनस् येसो त्येस् बेला हुंछ जब मं तेरा सबै कामको क्षमा गर्छु प्रभु यहूवेको येइ बाणी छ॥

१७ १ फेरि यहूवेको बचन् मं पांइ येसो भनि आयो २ ए मान्छेको छोरो इस्राएल्को जहान्लाइ येसो भन् यो अङ्गको थाप् अनि यो उखान् कह् प्रभु यहूवेले येसो भन्द छ. येउटा लांमो लांमो पोंख् भयेको ३ र भुत्लाले भरीयेको र वलिवलिको रंग भयेको ठुलो उकाब्पंषीले लबानोन्मां गयेर देव्दारुको येउटा फुर्का टिप्यो ४ वहांदेखि त्येस्ले त्येस् फुर्काको टुप्पा सुइरो चइं चुंड्येर त्यो पैकार् गर्नेको देसमां लग्येर बेपारीहरुको येउटा सहरमां लगायो। ५ वहांदेखि त्येस्ले त्येइ देसको अलिकता बिउ ल्यायेर येउटा उप्जनि हुंने ठांउमां लगायो अनि त्यो धेरै पानीको चाहाल् भयेको ठांउमां बइंस्को रुख् झैं रोप्यो। ६ त त्यो उम्र्येर सांनु फैलींने लहरा भयो जस्का डालाहरु त्यो उकाब् तिर नुह्रो अनि त्येस्को जरा त्येस्को मुनि सम्म फिंजीयो. येसोरि त्यो दाख्को बोट् भइ कोपीला निक्लि पात्हरु फक्रनु लाग्यें। ७ फेरि अर्को पनि येउटा लांमो लांमो पखेटा र भुत्लाले भरीयेको ठुलो उकाब्पंषी रछ. त को देख्यें भन्ये त्यो दाख्को बोट् जुन् सीयोमां लगायेको थियो त्यहां देखि त्येस् अर्को उकाब् तिर आफ्नु जरा फिंजाउंनु र आफ्ना डाला निउंराउंनु लाग्यो ८ त्येसैले त्येस्मां पानी हाल्ने गरोस् भन्ये खातिर्ले। तर त्यो चइं ता धेरै पानी भयेको जाति भूमिमां रोपीयेको थियो बाक्लोगरि कोपीला लागोस् ९ अनि फल् फलोस् अनि अस्सल् दाख्को बोट् बनीओस् भन्येर। त तैंले येसो भन् प्रभु यहूवेले येसो भन्द छ. को त्यो फुल्दै फल्दै रहंछ. को त्यो रोप्नेले त्येस्लाइ जरै समेत् उखेल्दैन अनि त्येस्का फल् झार्दैन त्यो त्येस्का हरीया हरीया नया पाते समेत् सुक्नुलाइ अं त्यो ता धेरै बल् बिनाने १० अनि धेरै लोग् न आइकननै पनि जरै समेत् उखेलींछ। अं अनि त्यो रोपीइने रह्यो भन्ये पनि को त्यो फुल्छ फल्छ होइन. जब पूर्व बतासले त्येस्लाइ मेटाउंछ तब को त्यो खांट्टै सुक्दैन. अं त्यो उम्र्येको थलामां सुकि जांछ॥

११ येस् उप्रान्त यहूवेको यो बचन् पनि मं पांइ येसो भनि आयो १२ ए मान्छेको छोरो त्येस् झगरे जहान्लाइ भन् को तिमिहरु यि कुराको अर्थ बूझ्दौन भनि. अनि फेरि तिनिहरुलाइ भन् बाबेल्को राजाले यरूशलेम्मां आयेर त्येस्को राजा र अरु अरु मालिकहरुलाइ लग्यो बाबुल्मां

आफु पांइ पुग्यायो अनि त्येस् राजवंशमांको येउटा पुरुषलाइ १३
समात्येर त्येस्लाइ आफु सङ बाचा बंधायो अनि त्येस्लाइ ताबिमां रहंने
किरिया खुवायो अनि त्येस् देसका भारादार्हरुलाइ लग्यो. येसो गर्ने १४
त्यो राज् निर्बल् रहोस् अनि सिर् उठाउंनु न सकोस् तर उस्को बाचा
मान्येकोले स्थिर् रहोस् भन्ये खातिर्ले गर्यो। तैपनि त्यो राजा घोड़ा १५
र तुलो पल्टन् मांगनुलाइ आफ्नु दूतलाइ मिस्रमां पठाइ त्येस्को बिरोधी
भयो। त के त्यो फुल्दै फल्दै रहंछ. के येस्तो काम् गर्ने बांचि रहंछ. के
त्यो आफ्नु बाचा भङ्ग गरिकन पनि बांचि रहंछ। प्रभु यहूवेले येसो भन्द छ १६
मं जीइ रह्येको भैं त्येस्लाइ किरिया खुवाउंने जस् राजाको किरिया त्येस्ले
तुच्छ जान्यो अनि जो सङ त्येस्ले बाचा बांध्यो त्येसैको बाचा त्येस्ले
छिनाल्यो त्येइ त्येस्लाइ राजा तुल्याउंने राजाकां अर्थात् बाबेलमां
त्यो मर्छ। अनि जब [बाबेलीहरुले] धेरै प्राणीहरुलाइ गारो उठाउंछन् १७
अनि गड़ि बनाउंछन् तब फिरऊनले आफ्ना ठुला ठुला पल्टन् र आफ्ना
ठुला ठुला मंडली भइकन पनि लड़ाईंमां त्येस्को गोहार् गर्नु सक्दैन।
कसोगरिभन्ये त्येस्ले किरियालाइ तुच्छ जान्यो अनि बाचा भङ्ग गर्यो हेर १८
त्येस्ले बाचा दियेकोमां पनि येस्तो येस्तो काम् गर्यो येस्कारण् त्यो
बांच्दैन। त प्रभु यहूवेले येसो भन्द छ मं जीइ रह्येको भैं त्येस्ले मेरो १९
किरिया तुच्छ ठान्यो अनि मं सित बांध्येको नियम् भङ्ग गर्यो यो पाप्
मं त्येसैको पौंलो मांथि खन्याउंछु। अनि मं आफ्नु जाल् त्येस् मांथि २०
फिंजाउंछु अनि त्यो मेरो पासोमां फांसौंछ अनि मं त्येस्लाइ बाबेलमां
ल्याउंछु त्येस्ले मं सित गर्येको बिश्वासघात्को माम्ला मं त्यो सित गर्छु।
अनि त्येस्का सबै पल्टनमांका जत्ति भाग्छन् ति सबै तरवार्ले लड्छन् २१
अनि जो रहंनन् ति पनि चारै तिर छरपुष्ट पारौंछन्. तब तिमिहरुले
थाहा पाउंछौ उइ यहूवेलेनै येसो भन्ये छ भनि॥

प्रभु यहूवेले येसो भन्द छ. मं देवदारुको अल्गो फुर्कामांको २२
येउटा सुइरो काटेर रोप्छु अनि त्येस्का टुप्पा टुप्पाका कमलो
डालाहरुमांको येउटा कमलो डाला चुंड़ेर र येउटा अग्लो अल्गो पर्वतमां
रोप्छु. अं मं इस्राएलको अल्गो पर्वतमां रोप्छु. त त्यो झाड़ीयेर २३
बस्नियो भइ अस्सल् देवदारु बनौंछ अनि त्येस् मुनि अर्थात् त्येस्का डालाका
छाया मुनि भांति भांतिका सबै पंषीहरुले बास् बस्ने गर्छन्। तब २४
बनका सबै रुखहरुले उइ यहूवेलेनै अल्गो रुखलाइ हौंच्यायो अनि
हौंचो रुखलाइ अल्ग्यायो अनि हरीयो रुखलाइ सुकायो अनि सुक्येको
रुखलाइ फुलायो भनि जांक्नु. मं यहूवेलेनै येसो भन्यें अनि गरि
पनि दियें॥

फेरि यहूवेको बचन् मं पांइ येसो भनि आयो तिमिहरु १८ १
जस्ले इस्राएलको देसको बिषयमां यो कहंनि गर्ने को अर्थात् पित्रहरुले
खरखरे खाये येस्कारण् तिनिहरुका बंशका दांत् कुंड़ीये भन्ये येस्को अर्थ क्या

३ हो भनि । त प्रभु यहवेले येसो भन्द छ मं जीइ रह्येको भैं तिमिहरुलाइ
४ इस्राएल्को बिषयमां फेरि फेरि यो कहंनि भन्ये बेला हुंदैन । सुन
सबैका प्राण मेरा हुन जस्तो बाबुको प्राण छ त्यस्ते छोराको प्राण मेरै
५ हुन . त जुन प्राणीले पाप गर्छ त्येइ मंर्छ । तर जो धर्म्मी छ अनि धर्म्म
६ र नियाको काम् गर्छ अनि न डांड़ा डांड़ाहुंदो खाइ हिंड़्यो न
इस्राएल्का जहानका मूर्त्तिहरु तिर आंखा उठायो न पराय्की स्वास्नी
७ बिगार्यो न ऋतु भयेकीकां गयो अनि न कोई मांथि बल्मिचेई
गय्यो तर ऋणाहालाइ त्येस्को बन्धक् फर्काइ दियो अनि न कसैलाइ
लूट्यो तर भोकोलाइ आफ्नु खानेथोक् दियो अनि नांगोलाइ लुगाले
८ पहिर्यायो न ब्याज्मां रुपिया दियो न रुपियाको बढ़ति लियो
अनि आफ्नु हात् बाङ्गो काम् देखि झिक्यो अनि मान्छे मान्छेको
९ बीचमां सच्चेई सित निया गर्यो अनि मेरा बिधिहरुमां हिंड़्यो
अनि मेरा नियाबचनहरु मान्दै सच्चेईको काम् गर्यो येस्तो मान्छे धर्म्मी
१० हो त्यो निस्से जीउंछ प्रभुको येइ बाणी छ । तर त्येस्को छोरो डाकू
हत्यारा कि मांथि कहीयेका पापहरुमांको कुनै गर्ने भयो भन्ये देखि
११ अनि मांथि कहीयेका उचित् कार्य्य न गर्ने भयो अनि डांड़ा डांड़ाहुंदो
१२ खायो पराय्की स्वास्नी बिगार्यो गरिबगुर्बाहरु मांथि मिचेई गर्यो
अरुहरुलाइ लूट्यो बन्धक् फर्काइ दियेन मूर्त्तिहरु तिर आंखा उचाल्यो
१३ घिन्लाग्दो काम् गर्यो ब्याज्मां रुपिया दियो अनि बढ़ति लियो
भन्ये देखि . के त्यो जीइ रहंछ . होइन त्यो जीउंदैन . त्येस्ले पि सबै
घिन्लाग्दा काम् गर्यो येस्कारण त्यो निस्से मंर्छ . त्येस्को लोहू त्येस्कै
१४ सिर् मांथि पर्छ । फेरि येस्तो मान्छेको छोरो छ अनि त्येस्ले आफ्नु
बाबुका येस्ता येस्ता काम् देखिकन बिचार्यो अनि ति अनुसार् गर्येन
१५ अर्थात् न डांड़ा डांड़ाहुंदो खायो न इस्राएल्को जहान्का मूर्त्तिहरु तिर
१६ आंखा उचाल्यो न पराय्की स्वास्नी बिगार्यो न कोई मांथि मिचेई
गय्यो न कोइ बन्धक् लि राख्यो न कसैलाइ लूट्यो तर आफ्नु खानेथोक्
१७ भोकोलाइ दियो अनि नांगोलाइ लुगाले पहिर्यायो दीनको हानि
गर्नु देखि हात् झिक्यो ब्याज् र बढ़ति लियेन तर मेरा नियाबचनहरु
मान्यो अनि मेरा बिधिहरुमां हिंड़्यो भन्ये देखि त्यो आफ्नु बाबुको
१८ अधर्म्मको कारणले मंदैन त्यो निस्से जीउंछ । अं त्येस्को बाबुले चइं ता
मिचेई गर्द र लूट्द र आफ्ना दाज्युभाईहरुको बीचमां नजाति गर्द थियो
१९ येस्कारण त्यो आफ्नु अधर्म्मको कारणले मंर्छ । तैपनि तिमिहरुले भन्द
छौ छोराले बाबुको अधर्म्मको भारि किन बोक्दैन भनि . जब छोराचइंले
नियां र धर्म्मको कर्म्म गर्यो अनि मेरा सबै बिधिहरु मानि तिनमां
२० हिंड़्यो त त्यो निस्से जीउंछ । जुन प्राणीले पाप गर्द छ त्येइ मंर्छ .
न छोराले बाबुको अधर्म्मको भारि बोकछ न बाबुले छोराको . धर्म्मीलाइ
२१ त्यस्के धर्म्मको फल अनि दुष्टलाइ त्यस्के दुष्टैको फल दिइंछ । तर दुष्ट

आफुले गर्येका सबै पाप् देखि फिरि मेरा सबै बिधिहरू मान्यो अनि
नियाय र धर्म्मको कार्य्य गर्यो भन्ये देखि त्यो निस्से जीउंकु त्यो मर्दैन।
त्येस्से जति पाप् गर्येको कु तिनिहरूमांको कुनैको चर्चा त्येस्को हानिको २२
लागि गरीदैन. त्येस्ले गर्येको धर्म्मको कारणले त्यो जीउंकु। प्रभु
यहवेको यो बाणी कु को मं दुष्टको मरणले कोइ पनि खुशि हुंद कु.
को मं त्यो आफना कुमार्ग देखि फिरि जीइ रह्योकोमां झनसारो खुशि २३
हुइंन। अं तर जब धर्म्मी आफनु धर्म्म देखि फिरि बाङ्गोटेढो काम् अं २४
दुष्टका सबै घिनलाग्दा काम् अनसार गर्नु लाग्यो भन्ये देखि त्यो कसोरि
जीउंकु. त्येस्ले जति धर्म्मको कर्म्म गर्येको कु तिनसांको कुनैको चर्चा
गरीदैन. त्येस्ले गर्येका बिश्वासघात र पापको कारणले त्यो मर्कु।
तैपनि तिमिहरूले भन्द कु प्रभुको चाल् ठीक् छैन भनि। हे इस्राएलका २५
जहान् हो सुन को मेरो चाल् ठीक् छैन. कि तिमिहरूका चाल् ठीक्
छैनन्। जब धर्म्मी आफनु धर्म्म देखि फर्कि बुराईको काम् गर्नु लाग्द कु २६
तब त्यो तिनेको कारणले मर्कु अं त्यो बुराई गर्दै गर्दै आफनै बुराईमां
मर्कु। त्यसैगरि जब दुष्ट आफनु दुष्टैई देखि फर्कि नियाय र धर्म्मको कर्म्म २७
गर्नु लाग्द कु तब त्येस्ले आफनु प्राण् बचाउंकु। त्येस्ले बिचार् गर्यो अनि २८
आफना अधर्म्म देखि फर्क्यो येस्कारण् त्यो निस्से जीइ रहंकु त्यो मर्दैन।
तैपनि इस्राएलको जहानले भन्द कु प्रभुको चाल् ठीक् छैन भनि। हे २९
इस्राएलका जहान् हो को मेरो चाल् ठीक् छैन. कि तिमिहरूइका
चाल् ठीक् छैनन्। प्रभु यहवेको यो बाणी कु हे इस्राएलका जहान् ३०
हो मं तिमिहरूमांको एक एक मान्छेको नियाय त्येस्को चाल् अनसार्
गर्कु। त तिमिहरू फिर अनि आफना सबै अधर्म्म छोड़ र तिमिहरूका
अधर्म्म तिमिहरूको ठोकरको कारण् न होउन्। तिमिहरूले गर्येका सबै ३१
अपराधहरू आफालि तिमिहरूको मन् नया र आत्मा नया पार. हे
इस्राएलका जहान् हो तिमिहरू किन मर्कौ। किनभन्ये प्रभु यहवेको ३२
यो बाणी कु जो मर्द कु त्येस्को मरण् देखि मं खुशि हुइंन येस्कारण् फर्क
अनि जीइ रह॥ ✓

फेरि इस्राएलका मालिकहरूको बिषयमां तैंले यो बिलापोगीत् १९ १
गा अनि भन् तेरी आमा को थिई। येउटी सिंहनी. त्यो सिंहहरूको २
बीचमां रहंद थिई अनि आफना डमरूहरूलाइ जुवान् सिंहहरूको बीचमां
पाल्द पोषद थिई। ति डमरूहरूमांको येउटालाइ त्येस्ले येस्तोगरि पोष्याई ३
त्यो बल्लिया सिंह भयो. अनि त्येस्ले सिकार् पकार्नु सिक्यो अं मान्छे-
हरूलाइ पनि खान् लाग्यो। त लोग् लोगले त्येस्को बखान् सुन्य तब त्येस्लाइ ४
तिनिहरूले खन्येको खाड़लमां पार्ये बहांदेखि त्येस्लाइ नकेल् लगायेर
मिस्र देसमां लग्ये। जब त्येस्ले मेरो आशा र धीरज् व्यर्थ भयो भनि ५
देख्यो तब आफनु अरू येउटा डमरूलाइ लियेर त्येस्लाइ बल्लियो जुवान्
सिंहको मान् दिई। त त्यो बल्लियो जुवान् सिंह भयेर सिंहहरूको ६

बीचमां हिंड्डुल् गर्नु लाग्यो. अनि त्येस पनि सिकार् पक्रंनु सिक्यो अं
७ मान्छेलाइ पनि खांनु लाग्यो। अनि त्येस तिनिहरुका महलहरु चैं
तिनिहरुका सहरहरु उजार्नु लाग्यो अं त्येस्को गर्जैले अघि भरपूर् भयेको
८ देस् सुन्ने भयो। तब चारै तिरका लोग् लोगले आफ्नु आफ्नु खा
देखि आउंदै त्येस्को लागि जाल् थाप्ये अनि त्यो तिनिहरुको खाड्लमां
९ पर्‍यो। तब तिनिहरुले त्येस्लाइ खोर्मां थुनि नक्कल् लगायेर बाबेलको
राजा थांइ लग्येर किल्लामां थुन्ये त्येस्को सोर् फेरि फेरि इस्राएलका
डाड़ाहुंदो न सुनौंओस् भन्येर॥

१० तं जस्ते तेरी आंमा खोल्चा केउ रोपीयेको दाखको बोट् जस्तो
थिई अनि धेरै पानीको कारणले त्यो फल् र हांगाहरुले भरीयेकी थिई
११ अनि त्यो देखि येस्ता बल्लिया बल्लिया डालाहरु निकल्ये ति प्रभुतेईं
गर्नेहरुका राजदण्डको काम् लाग्ने माफिकका थिये अनि त्येस्को अल्गेईं
येस्तो अधिगरि बढ़्यो त्यो बादलहरुको बीचमां पुग्यो अनि त्यो त्येस्का
१२ डालाहरु समेत् अधिनै अल्गी देखाहा परो। तैपनि त्यो बल्दोरिस्को
साथमां उखेलीयेर भूंइमां लड़ाईंई अनि त्येस्का फलहरु पूर्वैबतास्
लाग्येकोले सबै सुकि गये. अं त्येस्का बल्लिया बल्लिया डालाहरु पनि
१३ सुकदै भांचीदै गये अं ति आगोले भस्म भये। अनि अब त्यो बनमां
१४ सुक्येको र निपाने देसमां रोपीयेको छ। अनि त्येस्का हांगाहरुका डालाहरु
देखि आगो निकल्यो जेले त्येस्का फलहरु नष्ट भये अनि प्रभुतेईं गर्ने
माफिकका राजदण्डको काम् लाग्ने अब त्येस्मां कुनै बल्लियो डाला रहेन।
विलापीगीत् येइ हो अनि विलापीगीतनै हुंनुको लागि यो बनीयो॥

२० १ फेरि सातौं बर्षको पांचौं महीनाको दसौं तिथिमां येसो भयो
इस्राएलका कत्ति जना बूढ़ाहरु यहवे सित सोधनी गर्नलाइ आयेर मेरो
२ केउमां बस्ये। तब यहवेको बचन् येसो भनि मं थांइ आयो ए मान्छेको
छोरो इस्राएलका बूढ़ाहरुलाइ येसो भन् प्रभु यहवेले येसो भन्द छ कि
तिमिहरु मं सित सोधनी गर्नुलाइ आयेका हौ. यहवेको यो बाणी छ
४ मं जीइ रहेको छैं मं तिमिहरुलाइ मं सित सोधनी गर्नु दिन्न। कि तं
तिनिहरुको निया गर्दैनस् ए मान्छेको छोरो कि तं तिनिहरुको निया
गर्दैनस्. तिनिहरुलाइ तिनिहरुका पितापुर्खाहरुका घिन्लाग्दा कामहरु
५ देखाइ दे अनि तिनिहरुलाइ भन् प्रभु यहवेले येसो भन्द छ. जस् दिन
मैंले इस्राएललाइ छान्ये अनि याकूबको जहानको बंश सित किरिया खायें
अनि मिस्र देसमां तिनिहरुका देखाहा पर्‍यें अनि तिनिहरु सित किरिया
६ खाइकन भन्यें मं तिमिहरुको ईश्वर यहवे हुं भनि त्यसै दिन् मैंले
तिनिहरु सित यो किरिया पनि खायें मं तिमिहरुलाइ मिस्र देस् देखि
निकालि अर्को मैंले तिमिहरुको लागि छान्येको देसमां लैजांकु जो सबै
७ देसहरु भन्दा रमाइलो छ अनि त्येसमां दुध र मह बहंद छ भनि. फेरि मैंले
तिनिहरुलाइ भन्यें जुन घिन्लाग्दो थोक् मांथि तिमिहरुमांका एक्

एक्का नजर् लाग्येका छन् तिनलाइ आफाल अनि मिस्रका मूर्त्तिहरु
पुजिकन आफुलाइ अशुद्ध न पार मं तिमिहरुको ईश्वर यह्वे हुं भनि।
तर तिनिहरु मं देखि बिरुद्ध भये अनि मेरा कुरा सुन्नु मान्येनन् डुन् जुन् ८
घिन्लाग्दा थोक् मांथि तिनिहरुमांको एक् एक्का नजर् लाग्येका थिये
ति तिनिहरुले आफाल्येनन् अनि न मिस्रका मूर्त्तिहरु छोड़ि दिये.
येस्कारण् मैंले भन्यें मं यिहीं अं मिस्र देस्कै बीच्मां तिनिहरु मांथि
आफ्नु बल्दोरिस् खन्याउंछु अनि पूरो रिस् देखाउंछु भनि। तैपनि मैंले ९
आफ्नु नांउको कारण्ले काम् गर्यें जुन् लोग्को बीच्मां तिनिहरु थिये
तिनिहरुको सांमु र तिनिहरुले देख्नेगरि तिनिहरुलाइ मिस्र देस् देखि
निकाल्नुको लागि मैंले तिनिहरुलाइ दर्शन् दियें त्यो नांउ अपवित्र न
हवस् भन्ये खातिर्ले। त मैंले तिनिहरुलाइ मिस्र देस् देखि निकाल्येर १०
बन्मां ल्यायें। वहां मैंले तिनिहरुलाइ आफ्ना बिधिहरु दियें अनि ११
आफ्ना नियाबचन्हरु सिकायें जो येस्ता छन् जस्ले ति मान्द छन् त्यो
मान्छे तिनैको कारण्ले जीउंछ। येस् उप्रान्त मैंले आफ्नु बिश्राम्दिन् १२
स्थापित् गर्यें मेरो र तिनिहरुको बीच्मां चिंनु हुंनुलाइ तिनिहरुले उ
हांमिहरुलाइ पवित्र गर्ने यह्वे हो रछ भनि जानुन् भन्येर। तैपनि १३
इस्राएल्का जहान् बन्मां मं देखि फर्कि गये. तिनिहरु मेरा बिधिहरुमां
हिंड़्येनन् अनि मेरा नियाबचन्हरु जस्ले मान्द छ त्यो मान्छे तिनैको कारण्ले
जीउंद छ ति तिनिहरुले बिकामे ठहराये अनि मेरा बिश्राम्दिन्हरु
ओधिगरि अपवित्र गर्ये. येस्कारण् मैंले भन्यें यिनिहरुलाइ येसै बन्मां
अन्त गराउंनुलाइ यिनिहरु मांथि मं आफ्नु बल्दोरिस् खन्याउंछु भनि।
तैपनि मैंले आफ्नु नांउको कारण्ले काम् गर्यें जुन् लोग्ले देख्नेगरि मैंले १४
यिनिहरुलाइ निकालि ल्यायें तिनिहरुको सांमु मेरो नांउ अपवित्र
न ठहरीओस् भन्ये खातिर्ले। यहां बन्मां पनि मैंले किरिया खायें जुन् १५
देस् मैंले तिनिहरुलाइ दियें जो सबै देस्हरु भन्दा श्रेष्ठ छ जस्मां
दुद् र मह बहंद छ त्येस्मां पुर्याउंदींन भन्ये किनभन्ये तिनिहरुले मेरा १६
नियाबचन्हरु बिकामे ठहराये अनि मेरा बिधिहरुमां हिंड़्येनन् अं
मेरो बिश्राम्दिन् पनि अपवित्र गर्ये अनि तिनिहरुको मन् आफ्ना
मूर्त्तिहरु तिर लाग्येको थियो। तैपनि मैंले तिनिहरु मांथि तर्साउंने १७
नजर् मांबै लगायें अनि तिनिहरुलाइ नष्ट गरींन अनि न तिनिहरुलाइ
पूरापूर्गरि बन्मां नष्ट पार्यें। फेरि मैंले बन्मां तिनिहरुका छोराहरुलाइ १८
भन्यें तिमिहरुका पित्रहरुको बिधिहरुमां न हिंड़ न तिनिहरुका निया-
बचन्हरु मान न तिनिहरुको मूर्त्तिहरु पूजि घिन्लाग्दा हव. मं तिमि- १९
हरुको ईश्वर् यह्वे हुं त मेरै बिधिहरुमां हिंड़ अनि मेरै नियाबचन्हरु
मान्नुलाइ चंख रह. अनि मेरै बिश्राम्दिन्हरु पवित्र मान अनि ति २०
मेरो र तिमिहरुको बीच्मां चिंनु होउन् र तिमिहरुले उ हांमिहरुको
ईश्वर् यह्वे हो रछ भनि जानि राख। तर तिनिहरुका छोराहरु २१

पनि मेरो विरोधी भये तिनिहरु मेरा विधिहरुमा हिंड्दैनन् न मेरा
नियाबचनहरु मान्नुमा खबरदारी गर्थे जुनहरु जस्ले मान्छ त्यो मान्छे
त्येइ कारणले जीउंछ अनि तिनिहरुले मेरा विश्रामदिनहरु अपवित्र गर्थे.
तब मैंले भन्थें मं येसै बनमां आफ्नु बल्दोरिस् खन्यायेर पूरो रिस् देखाउंछु
२२ भनि। तरैपनि मैंले आफ्नु हात् झिकि आफ्नु नांउको लागि काम्
गर्थें जुन् लोग्को बीचमां रहंद कु तिनिहरुले देख्नेगरि तिनिहरुलाइ
निकालि ल्यायेको थियें त्यो नांउ अपवित्र न हुवस् भन्थे खातिरले।
२३ येस् बाहिक् मैंले बनमां तिनिहरु सित किरिया खायें मं तिमिहरुलाइ
२४ लोग् लोगमां छरपुट्ट पार्छु अनि देस् देसमां छर्कु भनि किनभन्थे
तिनिहरुले मेरा नियाबचनहरु मान्थेनन् अं मेरा विधिहरु बिकामे ठहरायें
अनि मेरा विश्रामदिनहरु अपवित्र गर्थे अनि तिनिहरुका नजर् तिनिहरुका
२५ पिता पुर्खहरुका मूर्त्तिहरु तिर लागि रह्यो। येस्कारण् त्येस्को साटोमां मैंले
तिनिहरुको लागि नजाति लागने विधिहरु र तिनिहरु न बांच्ने
२६ नियाबचनहरु दियें अर्थात् तिनिहरुले गर्भ खोल्नेहरुलाइ आगोको
बाटो बाढ़ो हिंड़ाल्थे येस्कारण् मैंले तिनिहरुकै बलिदानहरुको
बाटोले अशुद्ध ठहरायें तिनिहरुलाइ निर्बंश तुल्याउंनुको लागि. तब
तिनिहरुले थाहा पाउंछन् उ यहूवे हो रछ भनि॥

२७ त ए मान्छेको छोरो तैंले इस्राएल्को जहान्लाइ येसो भन् प्रभु
यहूवेले येसो भन्द छ. तिमिहरुका पितापुर्खहरुले मेरो विश्वासघात्
२८ गर्थेकोमां पनि मेरो निन्दा गर्थेका छन्। अर्थात् जसै मैंले तिनिहरुलाइ
दिंकु भनि तिनिहरु सित किरिया खायेको देसमां तिनिहरुलाइ पुर्याये तब
तिनिहरुले एक् एक् अलगो ठिक्कामां र एक् एक् झ्यापुल्लेरुख् हेर्दै वहां
आफ्ना मिलापबलि चढ़ाउंनु र तिनैमां मंलाइ रिस् उठाउंने तिनिहरुका
बलिदानहरु चढ़ाउंनु र त्येस्तैमां आफ्ना बास्ना चल्ने धूप् हालनु र त्येस्तैमां
२९ आफ्ना खन्याईबलि चढ़ाउंनु लाग्थे। तब मैंले तिनिहरुलाइ सोध्थें
तिमिहरुले जान्थे गर्थेका येस् अलगो ठांउको को अर्थ छ। येस्कारणले
३० त्येस्को नांउ पनि आजु सम्म बामा[1] राख्येको छ। येस्कारण् इस्राएल्का
जहानलाइ भन् प्रभु यहूवेले येसो भन्द छ. के तिमिहरु पनि
आफ्ना पितापुर्खहरुको रीतमां हिंड़ि हिंड़िकन अशुद्ध भयौ अनि
३१ व्यभिचारीनी झैं तिनिहरुका घिनलाग्दा कामका पछि पछि लाग्यौ. अं
आजु सम्म पनि जब तिमिहरु आफ्ना भेट चढ़ाउंद छौ अर्थात् आफ्ना
छोराहरुलाइ आगोको बाढ़ो बाटो हिंड़ालने गर्द छौ तब तिमिहरु आफ्ना
मूर्त्तिहरुको सेवा गरि अशुद्ध हुंद छौ. त हे इस्राएल्का जहान् हो के
मं तिमिहरुलाइ आफु सित सोधनु दिंकु। दिन्न मं यहूवेको यो बाणी छ
३२ मं जीउ रह्यको झैं मं तिमिहरुलाइ आफु सित सोधनु दिन्न. अनि

[1] अर्थात् अलगो ठांउ।

तिमिहरुको मनमां हांमिहरु काठ् ढुंगाको सेवा गर्ने देस् देसका
अन्यदेसीहरु जस्ता होइ जांकौं भन्ये जो कुरो तिमिहरुको मनमां उपजंद छ
त्यो कुरो कुनैपरिले पूरो हुंदैन । प्रभु यहवेले येसो भन्द छ मं जीइ रह्येको ३३
भैं निस्से मं तिमिहरु मांथि बलियो हात् र पसार्येको बांहां र उठेयको
बल्दोरिस् सित राज् गर्छु. अनि मं तिमिहरुलाइ अन्यदेसीहरु देखि ३४
निकालि ल्याउंछु अनि तिमिहरु छरपुष्ट भयेका देसहरु देखि भेला गर्छु त
बलियो हात् र पसार्येको बांहां र उठेयको बल्दोरिस् सित येसो गर्छु.
अनि मं तिमिहरुलाइ अन्यदेसीहरुको बन् देखि लग्येर वहां तिमिहरु ३५
सित सांमु सांमु मास्ना लर्छु । मं तिमिहरुका पितापूर्खहरु सित मिस्र ३६
देसको बनमां मास्ना लग्येको भैं अब मं तिमिहरु सित मास्ना लर्छु
यहवेको येइ बाणी छ । फेरि मं तिमिहरुलाइ भेंड़ाबाख्राहरुलाइ भैं ३७
लउरो मुनि हिंड़ालि हिंड़ालिकन आफनु नियमको बन्धनले बांधि
राख्छु ✓ अनि मं तिमिहरुको बीच् मेरो अप्राध् गर्ने सबै झगरेहरुलाइ ३८
निकाल्येर तिमिहरुलाइ शुद्ध पार्छु अनि तिनिहरु परदेसी भइ रह्येको
देस् देखि तिनिहरुलाइ निकालनु ता निकालछु तर इस्राएल्को देसमां
पस्नु दिन्न. तब तिमिहरुले थाहा पाउंछौ उ यहवे हो रछ भनि । अनि ३९
हे इस्राएल्का जहान् हो तिमिहरुलाइ प्रभु यहवेले येसो भन्द छ. गयेर
आफना आफना मूर्त्तिहरुलाइ पूज अनि तिमिहरु मेरो सुन्दौन भन्ये
देखि अब देखि येसो पनि त्येसै गर्दै रह. तर मेरो पवित्र नांउ
तिमिहरुका भेटिहरु र मूर्त्तिहरुको बाटोले फेरि फेरि अपवित्र न गर ।
किनभन्ये प्रभु यहवेको यो बाणी छ इस्राएल्को सिंगै जहान्ले आफनु ४०
देसमां आयेर मेरो पवित्र डांड़ामां जो इस्राएल्को सबै भन्दा अल्मो
डांड़ा हुंछ त्येसमां सब्बैले मेरा सेवा गर्छन्. त त्यहां मं तिनिहरु देखि
खुशि हुंछु. अनि तिहीं मं तिमिहरुले पवित्र गर्येका भेटिहरु र चढ़ायेका
अस्सल् अस्सल् थोक् अं सबै पवित्र गरीयेका थोक् तिमिहरु देखि मांगने
गर्छु । जब तिमिहरुलाइ अन्यदेसीहरु देखि ल्याउंछु अनि तिमिहरु ४१
२१ त्येस्का सबै धूमधाम् समेतलाइ घिस्याइ लैजाव। सामर्थी बीरहरु जो बिखत्ने पाईये ति तरवारले काटीयेर पत्तालमां उत्रि पखीइ रह्येका
२२ कुन्. तिनहरुले गोहारेहरु समेतले त्यो सित बात् गर्कुन्। वहां सिंगै मंडली समेत् अश्शूरी लोग् पनि कुन्. त्येस्का चिहान् तिहींने त्येस्का वरिपरि कुन् तिनिहरुका मुर्दाहरु सबै तरवारले काटीयेर लड़ि रह्येका
२३ कुन्. त्येस् लोगका चिहानहरु भलखांड़ाको कुंनामां बनीयेका कुन् अनि त्येस्को चिहानका वरिपरि त्येस्को मंडली पनि पखीइ रह्येको कु. तिनिहरु सबैले जीउंदो कुंदाखेरि डर् देखाउंद थिये तैपनि अब ता तरवारले
२४ काटीयेर लड़ि रह्येका कुन्। एलामीहरु पनि तिहीं कुन् अनि त्येस्को चिहानका वरिपरि त्येस्को सिंगै धूमधाम कु. ति सबै जीउंदो कुंदाखेरि डर् देखाउंद थिये तैपनि अब तरवारले काटीयेर पखीइ रह्येका कुन् अनि बिखत्ने रह्येर पत्तालमां उत्र्येका कुन् अनि चिहानमां अरु अरु

गाड़ीयेकाहरु सङ तिनिहरुको पनि मुखमां कालो लाग्येको छ। सबै २५
धूमधाम् समेत् त्येस् लोगलाइ काटीयेकाहरुको बीचमां श्रोक्यान् मिल्यो
त्येका चिहान् तिहींनै त्येका वरिपरि छन्. तिनका मुर्दा बिखत्ने रहि
सबै तरवारले काटीये अं तिनिहरुले जीउंदो कुंदाखेरि डर् देखाउंद थिये
तरैपनि अब ता चिहानमां अरु अरु गाड़ीयेकाहरु सङ तिनिहरुको मुखमां
पनि कालो लाग्येको छ. अनि त्येको ठांउ काटीयेकाहरुको बीचमां
ठहराईयो। त्यहां सबै धूमधाम् समेत् मेशेक् र तूबल् पनि छन् त्येस् २६
लोगका चिहान् तिहींनै त्येका वरिपरि छन्. तिनिहरुका मुर्दा सबै जीउंदो
कुंदाखेरि तिनिहरुले डर् देखाउंद थिये तरैपनि अब ता बिखत्ने रहि
तरवारले काटीयेका छन्। तिनिहरु अबस्से ति लड़ैयका बिखत्ने बीरहरु २७
सङ पखोइ रहंदैनन् जुनहरु आफनु आफनु हतियारको लागि पत्तालमां
उत्त्येका छन् अनि त्यहां तिनिहरुका तरवार् तिनिहरुका सिर् सिर् मुनि
राखीयेका छन् तर तिनिहरुका अधर्म्मका कर्म्महरु तिनिहरुका हाड् हाड्
सम्म पुग्येका छन् कसोगरिभन्ये जीउंदो कुंदाखेरि तिनिहरु देखि बीरहरुलाइ
पनि डर् देखाईंद थिये। तर तं बिखत्नेहरु सङ भांचीयेको भइ तरवारले २८
काटीयेकाहरु सङनै पखोइ रहंछस्। त्यहां त्येका राजाहरु र ति सबै २९
मालिकहरु समेत् एदोमीहरु पनि छन् जुनहरुलाइ पौरख् देखाउंदा पनि
तरवारले लड़ैयकाहरु सङनै ठांउ मिल्यो तिनिहरु पनि बिखत्ने लोगहरु
सङ पखोइ रहंछन्। त्यहां उत्तर् दिशाका सबै मालिकहरु र सबै ३०
सौदोनीहरु पनि छन् काटीयेकाहरु सङ तिनिहरु पनि उत्रि गये तिनिहरुले
आफनु पराक्रमले डर् ता देखायेका थिये तर अब तिनिहरु लजाये अनि
तरवारले अरु अरु काटीयेकाहरु सङ तिनिहरु पनि बिखत्ने भइ पखोइ
रह्येका छन् अनि चिहानमां गाड़ीयेका अरु अरु सङ तिनिहरुको मुखमां
पनि कालो लाग्यो। यि सबैलाइ देख्येर फिरऊनले आफना सबै ३१
धूमधामको बिषयमां शान्ति पाउंछ. अं आफना सिंगै पल्टन् समेत्
फिरऊनले तरवारले काटीयेकाहरुको शान्ति पाउंछ प्रभु यहूवेको येइ बाणी
छ। किनभन्ये तेरे बाटोले जीवनको लोकमां मंने डर् दिंदै आयें. ३२
तर फिरऊन् त्येका सबै धूमधाम समेत् अरु अरु तरवारले काटीयेकाहरु
सङ बिखत्नेहरुको बीचमां सुताईंछ प्रभु यहूवेको येइ बाणी छ॥

फेरि यहूवेको यो बचन् मं पांइ आयो ए मान्छेको छोरो ३३ १
आफना जातभाईहरुलाइ भन् जुनसुकै देस् हवस् त्येस् मांथि जब मं
तरवार् चलाउंछु अनि त्येस् देसको लोगले आफनु कसै जनालाइ पहरुगरि
राखोस्. तब त्येले येस् देसमां तरवार् चलनु आंद्यो भनि देख्येर तुरही २
बजायेर लोगलाइ जनावस् त तुरहीको सोर् सुनिकन पनि जसै ३
चेतदैन अनि तरवार् चल्येझोले त्यो मंथ्यो भन्ये त्येको लोहू त्येके सिर्
मांथि पर्छ। त्येले तुरहीको सोर् सुन्येको थियो तर चेत्येन येकारण् ४

त्येस्को लोहू त्येस्के सिर् मांथि पर्छ. अं त्यो चेत्येको भये ता त्येस्ले आफ्नु
६ प्राण् बचाउंने थियो। तर पहरूले तरवार् चल्नु आंट्यो भनि देखिकन पनि तुरही बजायेर लोगलाइ चेतायेन अनि तरवार् चल्येकोले कोई मंन्यो भन्ये देखि त्यो चइं आफ्नु अधर्म्ममां फासौंयेको भइ मंर्छ तर त्येस्को
७ लोहू बग्नेको लेखा चइं ता मं त्येस् पहरू सितने लिंकु। येइ परिले ए मान्छेको क्रोरो मैंले तंलाइ इस्राएल्का जहान्हरूको पहरूगरि खटायेको कु त तैंले मेरो मुख् देखि बचन् सुनि सुनिकन मेरो पट्टि बाटो
८ तिनिहरूलाइ चेताउंनु। जब मं दुष्टलाइ ए दुष्ट तं निस्से मंर्छस् भनि भन्कु तब तैंले दुष्टलाइ कुमार्ग क्रोडुनुलाइ चेताइनस् भन्ये देखि त्यो दुष्ट चइं आफ्नु अधर्म्ममां मंर्छ तर त्येस्को लोहूचइंको लेखा ता मं तं सितने
९ लिंकु। तर तैंले दुष्टलाइ कुमार्ग देखि फिर् भनि चेताइस् अनि त्यो चइं आफ्नु कुमार्ग देखि फर्कन भन्ये देखि त्यो आफ्नु अधर्म्ममां मंर्छ तर तैंले चइं आफ्नु प्राण् बचाउंकस्॥

१० फेरि ए मान्छेको क्रोरो इस्राएल्का जहान्लाइ येसो भन्. तिमिहरूले हांमिहरूका अपराध् र पापको बोझा हांमिहरू मांथि बोकाईयेको कु अं त्येस्को कारणले हांमिहरू गलि गयेका छौं त कसोगरि जौइ रहंनु
११ सक्कुं भनि भन्द छौ। त तैंले तिनिहरूलाइ येसो भन् प्रभु यहूवेको यो बाणी कु मं जौइ रह्येको भैं मं दुष्टको मरणले कोइ पनि खुशि कुईंन तर दुष्ट आफ्नु कुमार्ग देखि फर्कि जौइ रह्येकोमां मं खुशि कु. त तिमिहरू आफ्नु आफ्नु कुमार्ग देखि फर्कि आव ए इस्राएल्का जहान्हरू हो
१२ तिमिहरू किन मंर्छौ। अनि ए मान्छेको क्रोरो आफ्ना जातभाईहरूलाइ यो बचन् भन् जब धर्म्मीले अपराध् गर्ला त त्यो त्येस्को धर्म्मको कारणले बांच्दैन अनि जब दुष्ट आफ्नु दुष्टैइं देखि फर्कि जाला तब त्येस्ले त्येस्को कारणले ठोकर् खांदैन. अनि त्येसैगरिकन जब धर्म्मीले पाप् गर्ला
१३ तब त्यो आफ्नु धर्म्मको कारणले जौइ रहंदैन। जब मं धर्म्मीलाइ तं निस्से जौइ रहंकस् भन्कु अनि त्येस्ले चइं आफ्नु धर्म्ममां भरोसा राखि बङ्गैइं गर्ला तब त्येस्को धर्म्मका कर्म्ममांको कुनैको पनि लेखा गरौंदैन
१४ जे जे बङ्गैइं त्येस्ले गर्येको क तिनैमां त्यो मंर्छ। फेरि मं दुष्टलाइ तं निस्से मंर्छस भन्कु अनि त्येस्ले आफ्ना पाप् देखि फिरि निया गर्यो अनि
१५ धर्म्मको कर्म्म गर्यो भन्ये देखि अर्थात् दुष्ट मान्छेले बन्धक् फर्काइ दिंनु र आफ्ले लुट्येका थोक् भरि दिंनु र बिना बङ्गैइंका कर्म्म गर्नु लाग्यो अनि जीउंनि दिंने बिधिहरूमां हिंड्नु लाग्यो भन्ये त्यो मंर्दैन
१६ निस्से जौइनै रहंक। जतिसुकै पाप् त्येस्ले गर्येको भये पनि तिनिहरूमांको कुनैको लेखा गरौंदैन. त्येस्ले निया र धर्म्मको कर्म्म गर्यो येस्कारण् त्यो
१७ निस्से जौइ रहंक। तेपनि तेरा जातभाईहरूले भन्द क्रन् प्रभुको बेहोरा
१८ ठीक् छैन भनि. तर तिनिहरूको पो बेहोरा ठीक् छैन। धर्म्मीले आफ्नु
१९ धर्म्म देखि फर्कि बङ्गैइं गर्यो भन्ये देखि त्यो तिनैमां मंर्छ। अनि जब

दुष्ट आफ्नु दुष्टैहै देखि फिरि निया र धर्म्मको कर्म्म गर्ला तब त्यो तिनैको
कारणले जीउंछ । तरैपनि तिमिहरुले भन्द छौ प्रभुको बेहोरा ठीक् छैन २०
भनि । हे इस्राएलका जहान् हो मं तिमिहरुमांको एक् एक् जनाका चाल्
अनुसार् निया गर्छु ॥

फेरि हांमिहरुको बधुवाईको बाह्रौं बर्षको दसौं महींनाको पांचौं २१
तिथिमां यैसो भयो एक् जना यरूशलेम् देखि बांचि भाग्येर आयेको रछ
त्येस्ले मं पांइ आयेर भन्न लाग्यो सहर् लिईयो भनि । त्यो भाग्ने मान्छे २२
आयेको अघिल्लो बेलुका यहूवेको हात् मं मांथि पर्येको थियो अनि
उस्ले मेरो मुख् खोल्येको थियो अनि त्यो मान्छे आउंने बिहान् सम्म
खोलीयेकै रह्यो त मेरो मुख् खोलीयेकै रह्यो अनि मं अरु गोंगा रहींन ।
तब यहूवेको यो बचन् मं पांइ आयो २३
ए मान्छेको छोरो इस्राएलको २४
जगगाका ति थोत्रा सहर्हरुमां रहंनेहरुले यैसो भन्द छन् अब्राहाम् एकै
जना मांत्रै थियो रपनि यैस् देसको अधिकारी थियो . तर हांमिहरु
चइं ता धेरै छौं यैकारण् यो देस् हांमिहरुकै अधिकारमां दिईयो ।
यैकारण् तैंले तिनिहरुलाइ भन् प्रभु यहूवेले तिमिहरुलाइ यैसो भन्द छ २५
तिमिहरुले मांसु रगतै समेत् खांद छौ अनि आफ्ना मूर्त्तिहरु तिर
आफ्ना आंखा लाउंद छौ अनि रगत बहाउंद छौ . के तिमिहरु त्यैस्
देसका अधिकारी रहंनु पाउंछौ । तिमिहरुले आफ्नु तरवार् मांथि भरोसा २६
राख्द छौ अनि आफ्ना तिमेकिको स्वास्नीहरुलाइ अशुद्ध पारि दिंद छौ .
त के तिमिहरु त्यैस् देसका अधिकारी रहंनु पाउंछौ । अनि तिनिहरुलाइ २७
यैसो पनि भन् प्रभु यहूवेले यैसो पनि भन्द छ . मं जीइ रह्येको भैं थोत्रा
सहर्हरुमां रहंनेहरु निस्से तरवार्ले लड्छन् अनि बनमां रहंनेलाइ मं
बनजन्तुहरुका आहारा तुल्याइ दिंछु अनि गढ़िहरु र ओढ़ार्हुंदो रहंनेहरु
चइं रुढ़ि देसान्ले मर्छन् । अनि मं त्यैस् देसलाइ उजार् र उदेक् पारि २८
दिंछु अनि जस् बल् मांथि तिनिहरु फुलौंद थिये त्यो जाइ जांछ अनि
इस्राएलका पहाडूहरु बाटो कोई हिंड्दै पनि नहिंड्ने सम्मगरि
उजार् होइ जांछ । अनि जब मं तिनिहरुले गर्येका सबै घिन्लाग्दा २९
कामको कारणले त्यो देस् उजार् र उदेक् पारि दिंछु तब तिनिहरुले उ
यहूवे हो रछ भनि थाहा पाउंछन् । अनि ए मान्छेको छोरो तेरा ३०
जातभाईहरुले घरका करांसाहुंदो र देला देलाहुंदो तेरो बिषयमां
बात् गर्दै एकाले अर्कालाइ भन्द छन् आव आव सुन यहूवेको पट्टि बाटो
के के बचन् निकल्येको छ भनि । अनि तिनिहरु हांमिहरु ति प्रजा हौं ३१
भन्दै तं पांइ आउंनु ता आउंद छन् अनि मेरा प्रजा भयेर तेरो मांसु बषि
तेरा कुरा सुन्ने ता गर्छन् तर तिनमां हिंड्दैनन् . अं तिनिहरुले मुखले ता
खूब् प्रेम् देखाउंद छन् तर तिनिहरुको मन् चइं लालचैमां रहंद छ । अनि ३२
तं चइं तिनको लेखि मीठो गाउंने र राम्रोगरि बजाउंने प्रेमी गीत् जस्ते
छस् । अर्थात् तिनिहरुले तेरा बचन् सुन्द ता छन् तर तिनमां हिंड्दै

२३ हिंड्दैनन् . तेपनि हुंने कुरा ता हुंक्दै अनि जब त्यो हुंक्छ तब तिनिहरुले
हांमिहरुको बीचमां येउटा अगम्बक्ता रछ भनि थाहा पाउंछन् ॥

३४ १ फेरि यहूवेको यो बचन् मं थांइ आयो २ मान्छेको छोरो
इस्राएलका गोठालाहरुको बिरुद्धमां अगम्गरि तिनिहरुलाइ येसो भन्
प्रभु यहूवेले तिमिहरुलाइ येसो भन्द छ . हे आफ्नु आफ्नु पेट् भर्ने
इस्राएलका गोठालाहरु हो तिमिहरु मांथि हाय् . के गोठालाहरुले
३ भेंड़ाबाख्राको पेट् भराइ दिंनु पर्दैन । तिमिहरुले बोसो खांद छौ अनि
ऊण् लाउंद छौ अनि बल्लिया बल्लिया पशु मार्द छौ तर भेंड़ाबाख्रालाइ
४ चराउंदैन । तिमिहरुले न ता मधौराहरुलाइ बल् दियौ न ता दुखुबाहरुलाइ
निको पार्यौ न घाइतेहरुका घाउ बांध्यौ न मिचेईं सक निकालीयेकाहरुलाइ
फर्काइ ल्यायौ न हरायेकाहरुलाइ खोज्यौ तर तिनिहरु मांथि बल्ले र
५ बल्मिचेईं गरि अधिकार् चलायौ । त तिनिहरु मांथि कोई गोठाला न
भयेको कारण्ले तिनिहरु छरपुट्ठ भये . अनि सबै बन्पशुका आहारा भइ
६ गये अं जतातते छरीये । मेरा भेंड़ाबाख्राहरु सबै पर्वत् र अल्गा अल्गा
डांडाहुंदो डुलि हिंड़्ये . अं मेरा भेंड़ाबाख्राहरु सिंगै पृथिवी मांथि
छरपुट्ठ भये अनि तिनको न ता कोई हेर्चाहा गर्ने छ अनि न कोई
७ ८ खोज्ने । येस्कारण् हे गोठालाहरु हो यहूवेको यो बचन् सुन . प्रभु यहूवेको
यो बचन् छ अर्थात् मं जीइ रह्येको भैं मेरा भेंड़ाबाख्रा लूटीये अनि मेरा
भेंड़ाबाख्राको कोई गोठाला न भयेको कारण्ले सबै बन्पशुहरुका आहारा
भइ गये अनि मेरा गोठालाहरुले मेरा भेंड़ाबाख्राको हेर्चाहा गर्येनन् अनि
९ मेरा भेंड़ाबाख्राको चड़ं होइन तर आफ्नै मांत्रै पेट् भराये येस्कारण्
१० हे गोठालाहरु हो यहूवेको यो बचन् सुन प्रभु यहूवेले येसो भन्द छ .
सुन मं गोठालाहरुको बिरुद्ध छु अनि मं तिनिहरु सित आफ्ना
भेंड़ाबाख्राहरुको लेखा लिंछु अनि मं तिनिहरुलाइ फेरि भेंड़ाबाख्राहरु
चराउंनु दिन्न त गोठालाहरुले फेरि तिनिहरु देखि आफ्नु पेट् भर्नु
पाउंदैनन् कसोगरिभन्ये मं आफ्ना भेंड़ाबाख्राहरु तिनिहरुको मुख् देखि
छोड़ाउंछु र तिनिहरु अब देखि येसो तिनिहरुका आहारा न होउन् ।
११ कसोगरिभन्ये प्रभु यहूवेले येसो भन्द छ . सुन मं आफै आफ्ना भेंड़ाबाख्राको
१२ हेर्चाहा गर्छु अनि खोजि ल्याउंछु । गोठालाले आफ्ना छरपुट्ठ भयेका
भेंड़ाबाख्राहरुलाइ खोजि ल्यायेको भैं मं आफ्ना भेंड़ाबाख्राहरुलाइ
तिनिहरु बादल् र बतास् पानी भयेको दिनमां छरपुट्ठ पारीयेका सबै
१३ ठाउंहरु देखि बचाउंछु । अनि मं तिनिहरुलाइ लोग् लोग् देखि निकालि
ल्याउंछु अनि देस् देस् देखि बटुल्छु अहांदेखि तिनिहरुकै निज देसमां
ल्याएर इस्राएलका डांड़ा डांड़ाहुंदो र खोल्चाखालचौहुंदो र सब देसका
१४ सबै बस्ने मानिसका ठांउहुंदो बसाल्छु । मं तिनिहरुलाइ जाति जाति
खर्कमां चराउंछु अनि इस्राएलका अल्गा अल्गा डांड़ामां तिनिहरुले
गोठ् पाउंछन् . त्यहां तिनिहरु जाति जाति गोठमां बस्ने गर्छन् अनि

इस्राएल्का डांड़ाहुंदो सबै भन्दा अस्सल् अस्सल् खर्कमां चर्कन्। मं १५
आफ्ना भेंड़ाबाख्राहरुलाइ आफै चराउंकु अनि मं आफै तिनिहरुलाइ बसाल्कु
प्रभु यहूवेको येइ बाणी कु। मं हराएकाहरुलाइ खोज्कु अनि बलैले १६
निकालीएकाहरुलाइ फेरि फर्काइ ल्याउंकु अनि घाएल्हरुका घाउ
बांध्कु अनि मधौगाहरुलाइ बल् दिंकु. अनि मोटाताजा र बल्लिया
बल्लियाहरुलाइ नष्ट पार्कु येसोरि मं तिनिहरुलाइ निया सित चराउंकु।
अनि हे मेरा भेंड़ाबाख्राहरु हो प्रभु यहूवेले येसो भन्द कु. सुन मं को १७
गुमा को बाख्रा अलग् अलग् पशुहरुको बीच्मां निया गर्कु। जाति जाति १८
खर्क लिंनु को तिमिहरुलाइ सांनु कुरो लागद कु अनि रहल् खर्क चइं
आफ्ना गोड़ाले दल्नु र उम्त्येको पानी आफ्ना गोड़ाले धमील्याउंनु को
तिमिहरुलाइ यो सांनु कुरो लागद कु। अनि मेरा भेंड़ाबाख्राहरुले चइं १९
तिमिहरुले तिमिहरुका गोड़ाले दल्येका खर्कमां चर्नु र तिमिहरुका
गोड़ाले धमील्यायेको पानी खांनु पर्द कु॥

येस्कारण् प्रभु यहूवेले तिनिहरुलाइ येसो भन्द कु. मं तिमि मोटा २०
मोटा भेंड़ाबाख्राहरु र दुब्लादुब्ला भेंड़ाबाख्राहरुको बीच्मां मं आफै
निया गर्कु। तिमिहरुले सबै दुख्येकालाइ कुम्ले र चाक्ले यहां सम्मगरि २१
धक्का दिंद र सींगले हान्द को तिनिहरु कुरपुट्ट भयेर बाइर निक्लि गयेका
कुन् येस्कारण् मं आफ्ना भेंड़ाबाख्राहरुलाइ कोड़ाउंकु अनि तिनिहरुले २२
फेरि फेरि लूट्नु पाउंदैनन् येसैगरिकन मं भेंड़ाबाख्राहरुको बीच्मां
निया गर्कु। अनि मं तिनिहरु मांथि येउटा येस्तो गोठालोलाइ खटाउंकु २३
जस्ले तिनिहरुलाइ चराउंकु त्यो मेरो दास् दाऊद् हुंकु त्यैसैले तिनिहरुलाइ
चैराउंकु अनि त्येइने तिनिहरुको गोठालो हुंकु। अनि मं यहूवे तिनिहरुको २४
ईश्वर् हुंकु अनि मेरो दास् दाऊद् तिनिहरुको बीच्मां मालिक् हुंकु मं
यहूवेले येसो भन्यें। अनि मं तिनिहरु सित शांति दिंने नियम् बांध्कु अनि २५
दुष्ट जन्तुहरुलाइ तिनिहरुको देश्मां रहंनु दिन्न. त तिनिहरुले बन्मां
निडर् अं जंगल्मां सुति सुति पनि रहंनु पाउंकन्। अनि मं तिनिहरुलाइ २६
र आफ्ना डांड़ाका कैउकाउका ठांउहरुलाइ पनि आशीष्को खानि तुल्याइ
दिंकु अनि बेलामां पानी पार्कु अनि आशीष् झरिनेसरि हुंकु। अनि बन्का २७
रुख्हरुमां फल् फल्ने गर्कन् अनि भूमिले आफ्नु उपजनि उपजाउंने गर्कु
अनि तिनिहरु आफ्नु जग्गामां निडर् रहंकन् अनि जब मं तिनिहरुले
यिनिहरु देखि गराएको तिनिहरुको जूवा भांचि यिनिहरुलाइ कोड़ाउंकु
तब तिनिहरुले उ यहूवे हो रक्ष भनि थाहा पाउंकन्। अनि तिनिहरु २८
फेरि अन्यदेसीहरु देखि लूटीदैनन् अनि न बनपशुले तिनिहरुलाइ खांकन्
तिनिहरु निडर् रहंकन् अनि तिनिहरुलाइ तर्साउंने कोई पनि हुंदैन।
अनि तिनिहरुको नांउ बड़ा गराउंनुलाइ मं येस्ता येस्ता रुख् उपजाउंकु २९
तिनिहरु देश्मां फेरि फेरि भोकले मर्दैनन् अनि तिनिहरुले फेरि फेरि
अन्यदेसीहरु पट्टि बाटो निन्दा सुन्नु पर्दैन। अनि तिनिहरुले उ हांमिहरुको ३०

ईश्वर् यहूवे हांमिहरु सित रक्छ अनि हांमि इस्राएल्का जहान्हरु चइं उस्का प्रजा हो रांकौं भनि थाहा पाउंकुन् प्रभु यहूवेको येइ बाणी क्छ ।
२१ कसोगरिभन्ये तिमिहरु मेरा भेंड़ाबाख्राहरु मेरो खर्कका मान्छेभेंड़ाबाख्राहरु हौ अनि मं चइं तिमिहरुको ईश्वर् हुं प्रभु यहूवेको येइ बाणी क्छ ॥

३५ १ फेरि यहूवेको यो बचन् मं थांइ आयो २ मान्छेको क्रोरो तेरो मोहोंड़ा सेईर् पहाड़् तिर फर्कायेर त्येस्को बिरुद्धमां अगम् कह्
३ अनि त्येस्लाइ भन् प्रभु यहूवेले येसो भन्छ क्छ . ए सेईर् पहाड़् सुन् मं तेरो बिरुद्ध क्छु त मं आफ्नु हात् तं मांथि पसार्येर तंलाइ उजार् उजार् पारि
४ दिंकु । मं तेरा सहर्हरु थोत्रो सहर् पारि दिंकु त तं उजार् होइ जांक्छस्
५ तब तैंले उ यहूवे हो रक्छ भनि थाहा पाउंक्छस् । तैंले इस्राएल्का सन्तान्हरु सित जुगनजुग् देखि सत्तरेइं राख्द थिइस् अनि तिनिहरुको बिपत्तिको बेलामां जब अधर्म्मको अन्तको समय् आयेको थियो तब तिनिहरुलाइ
६ तरवार्ले काटीनुलाइ दिहालिस् . यैस्कारण् प्रभु यहूवेको यो बाणी क्छ मं जीइ रह्येको भैं मं तिनिहरुको रगत् बहाउंकु अनि रगत् तेरो पछि पछि लाग्क्छ . तैंले रगत् बहाउंनु देखि घिन् गरिनस् यैसैकारणले रगत्ले तंलाइ
७ खेद्क्छ । यैसोरि मं सेईर् पहाड़् उजार् र उदेक् पार्कु अनि यैस्तो गराउंकु
८ त्येस्मां कोई आउंने जांने हुंदैन । अनि मं त्येस्का डांड़ाहरु त्येस्का काटीयेकाहरुले भराइ दिंकु . अनि तरवार्ले काटीयेकाहरु तेरा सबै डांड़ा
९ गहीरा र सबै खोल्चाहरुमां लड्कुन् । मं तंलाइ जुगनजुगको लागि उजार् गराउंकु अनि तेरा सहर्हरु फेरि बसालीदैन . तब तैंले उ यहूवे हो रक्छ
१० भनि थाहा पाउंक्छस् । तैंले भनिस् अब ति दुवै लोग् र ति दुवै देश् हांमिहरुको ताब्मां पर्कुन् अनि हांमिहरुनै तिनका धनी हुंकौं भनि अनि
११ तिनमां यहूवे क्छ भनि गुन्दैनस् . यैस्कारण् प्रभु यहूवेको यो बाणी क्छ मं जीइ रह्येको भैं तैंले डाहाको कारणले जस्तो रिस् र बल्दोरिसले थि लोग् सित बैरोरा गरिस् त्येस्ले मं पनि तं सित गर्कु अनि जब मं
१२ तेरो निया गर्कु तबै मं आफ्नुलाइ तिनिहरुकां देखाइ पार्कु । अनि जस्ति गिल्लाका कुरा तैंले इस्राएल्का डांड़ाको बिषयमां तिनिहरु उजागरीये तिमिहरु हांमिहरुलाइनै दिईये हांमिहरुले तिनिहरुलाइ खांनुको लागि भनि भनिकन गर्येको क्छस् ति सब्बै कुरा मं यहूवेले सुन्येको रांकु
१३ भनि तैंले बूझ्क्छस् । तिमिहरुले आफ्नु आफ्नु मुखले मेरो बिरुद्धमां
१४ बड़ाई गर्येका छौ अनि मेरो बिरुद्धमां धेरै कुरा गर्येका छौ . ति मैंले सुन्यें । त प्रभु यहूवेले येसो भन्छ क्छ . जब पृथिबी भरि रमाइट् हुंक्छ तब
१५ मं तंचइंलाइ उजार् पार्कु । अं तं इस्राएल्का जहान्को किपट् उजार् भयेको कारणले खुशि भइस् मं पनि तं सित त्येस्ले बैरोरा गर्कु . ए सेईर् पहाड़् र एदोम्को सबै देश् तिमिहरु उजारीकौनै . तब तिनिहरुले उ यहूवे हो रक्छ भनि थाहा पाउंक्छन् ॥

फेरि ए मान्छेको छोरो तैंले इस्राएलका डांड़ा डांड़ालाइ ३६ १
अगमगरि भन् हे इस्राएलका डांड़ाहरु हो यहूवेको बचन् सुन। प्रभु २
यहूवेले येसो भन्द छ. सत्रूरले तिमिहरुको बिषयमां आहा तादि देखिका
अल्गा ठांउहरु अब ता हांम्रो तावेमां आये भन्येर भन्येको छ येस्कारणले
अगमगरि प्रभु यहूवेले येसो भन्द छ. मान्छेहरुले तिमिहरुलाइ उजाय्ये ३
अनि चारैतिर बाटो चढ़ि तिमिहरुलाइ आफ्नु मुठ्ठिमां पाय्ये तिमिहरु
रहल् अन्यदेसीहरुको अधिकार् भइ जाव भन्ये खातिरले अनि बक्बकेहरुले
तिमिहरुको निन्दा गर्द छन् अनि साधारण् लोगले तिमिहरुको गिल्ला
गर्द छन्. येस्कारण् ए इस्राएलका डांड़ाहरु हो प्रभु यहूवेको बचन् सुन ४
प्रभु यहूवेले येसो भन्द छ डांड़ाहरुलाइ र पहाड़हरु र खोल्चाहरु र ब्यांसिहरु
र उजारीयेका पोत्रा सहरहरु र निर्जन् सहरहरुलाइ र चारै तिरका
बांच्येका अन्यदेसीहरु देखि लूटीयेर तिनिहरुको हांस्ने कारण् भइ गयेका-
हरुलाइ. अं तिनिहरुलाइ प्रभु यहूवेले भन्द छ. सबै एदोमी र अरु अरु ५
बांच्येका अन्यदेसीहरु जुन्हरुले आफ्ना मनका पूरा रमाहट् र अहंकार्ले
मेरो देस् आफ्नु अधिकारमां पाय्ये त्यो परायको भइ लूटीयोस् भनि ति
सबैको बिरुद्धमां अब मं बल्कु रिस्ले बल्दै. येस्कारण् तैंले इस्राएलको ६
देसको बिषयमां अगमगरि डांड़ा पहाड़ खोल्चा र ब्यांसिहरुलाइ भन् प्रभु
यहूवेले येसो भन्द छ. सुन तिमिहरुले अन्यदेसीहरुको निन्दा सुन्नु पय्यो
येस्कारण् मं अब आफ्नु हुलो बल्दोरिस्ले बल्द छु. त प्रभु यहूवेले येसो ७
भन्द छ. मैंले हात् उठायेर [किरिया] खायेको छु तिमिहरुका वरिपरि
भयेका अन्यदेसीहरुले निस्से आफ्नु निन्दा आफैले सुन्नु पर्छ। तर हे ८
इस्राएलका डांड़ाहरु हो तिमिहरुका [वृक्षहरुका] डालाहरु पलाउंछन्
अनि तिनिहरुको फल् मेरो इस्राएली प्रजाको लागि फलछ कसोगरिभन्ये
त्यो तिमिहरुमां फर्कि आउंनु आंट्येको छ। त सुन मं तिमिहरुको पन् ९
पक्षे हुं अनि तिमिहरु तिर दयालु नजर् गर्छु त तिमिहरु जोतींछौ
करींछौ. अनि मं तिमिहरुमां धरै मान्छेलाइ अं इस्राएलका सबै १०
जहान्लाइ बढ़ाउंछु अनि सहर् फेरि बसालींछ अनि पोत्रा सहरहरु
फेरि बनाईंछन्. अनि मं तिमिहरुमां मान्छे र पशु दुवै धेरै पारि दिंछु ११
त तिनिहरु बढ़छन् अनि फुलछन् फलछन्. अनि मं तिमिहरुलाइ तादि
झैं बसालछु तिमिहरुको भलाई तादिको भन्दा बेसि गराउंछु. तब
तिमिहरुले उ यहूवे हो रछ भनि थाहा पाउंछौ। अं मं तिमिहरु मांथि १२
मान्छेहरुलाइ अर्थात् आफ्नु प्रजा इस्राएलका लोगलाइ चलाउंछु अनि
तिनिहरु तिमिहरुका स्वामी हुंछन् अनि तिमिहरु चइं तिनिहरुका निज
भाग् हुंछौ अनि तिनिहरु फेरि फेरि तिमिहरुको कारणले निर्बंश हुंदैनन्।
प्रभु यहूवेले येसो भन्द छ. मान्छेहरुले तिमिहरुलाइ ए देस् तं ता मान्छे १३
खांने होस् अनि तंमां बस्येका लोग् निर्बंश भये भन्येर भन्द छन्
येस्कारण् तैंले फेरि फेरि मान्छेलाइ खांदैनस् अनि तेरां भयेका लोग् १४

१५ फेरि निर्वंश हुंदैनन् प्रभु यहूवेको येइ बाणी छ अनि मं तंलाइ
अन्यदेसीहरुको पट्टि बाटो फेरि फेरि निन्दा सुन्नु दिन्न अनि तैंले फेरि
फेरि लोग् लोग् देखि गिल्ला सहंनु पर्दैन अनि तेरा भयेका लोग् फेरि
निर्वंश हुंदैनन् प्रभु यहूवेको येइ बाणी छ ॥

१६ १७ फेरि यहूवेको यो बचन् मं पांइ आयो ए मान्छेको छोरो
इस्राएल्का जहान्ले आफ्नु देसमां रहंदाखेरि त्यो आफ्नु चाल्चलन् र
आफ्नु कार्य्यले अशुद्ध गर्दै थिये. अं तिनिहरुको चाल्चलन् मंलाइ
१८ ऋतु भयेको आइमाइको जुठो जस्तै लाग्दै थियो। तिनिहरुले त्येस्
देसमां रगत् बहाये अनि आफ्ना मूर्त्ति पूजि पूजिकन त्यो अशुद्ध गराये
१९ येस्कारण् मैंले तिनिहरु मांथि आफ्नु बल्दोरिस् खन्यायें. अनि मैंले
तिनिहरुलाइ लोग् लोगको बीचमां छरपुट्ट पार्यें त तिनिहरु देस् देसमां
छरपुट्ट भये. येसैगरिकन मैंले तिनिहरुको चाल्चलन् र कार्य्य अनुसार्
२० तिनिहरुको निया गर्यें। अनि जब तिनिहरु तिनिहरु पुग्याईयेका
अन्यदेसीहरुमां पुग्ये तब तिनिहरुले मेरो पवित्र नांउ अपवित्र गर्ये
कसोगरिभन्ये मान्छेहरुले तिनिहरुको बिषयमां भन्नु लाग्ये थिनिहरु
यहूवेका लोग् ता हुन् तर अब तिनिहरु उस्को देस् देखि निकालीये भनि।
२१ तर मेरो जुन् पवित्र नांउ इस्राएल्का जहान्ले अन्यदेसीहरुको बीचमां
अपवित्र गर्येका थिये त्येसै नांउको कारणले मैंले तिनिहरु मांथि दया
२२ गर्यें। येस्कारण् तैंले इस्राएल्का जहान्लाइ भन् प्रभु यहूवेले येसो भन्द
छ. हे इस्राएल्का जहान् हो मं जे गर्दै छु त्यो तिमिहरुको लागि
गर्दीन तर आफ्नु त्यो पवित्र नांउको लागि गर्दै छु जुन् नांउ तिमिहरुले
२३ अन्यदेसीहरुको बीचमां अपवित्र गर्येका छौ। त जो नांउ अन्यदेसी-
हरुको बीचमां अपवित्र भयो अर्थात् जो नांउ अन्यदेसीहरुको बीचमां
तिमिहरुले अपवित्र गर्येका छौ त्यो आफ्नु ठुलो नांउ मं पवित्र गर्छु
त जब मं तिनिहरुले देख्नेगरि तिमिहरु देखि पवित्र गराईछु तब
तिनिहरुले उ यहूवे हो रछ भनि थाहा पाउंछन् प्रभु यहूवेको येइ बाणी
२४ छ। कसोगरिभन्ये मं तिमिहरुलाइ अन्यदेसीहरु देखि ल्याउंछु अनि सबै
देस् देखि तिमिहरुलाइ भेला गराएर तिमिहरुको आफ्नै देसमां पुग्याउंछु।
२५ अनि मं तिमिहरु मांथि चोखो पानी छर्कंछु जेले तिमिहरु शुद्ध हुंछौ.
येसोरि मं तिमिहरुलाइ तिमिहरुका सबै अशुद्धैं देखि र सबै मूर्त्तिहरु
२६ देखि शुद्ध गर्छु। अनि मं तिमिहरुको हिर्दय् नया पारि दिंछु अनि
तिमिहरुको भित्र नया आत्मा उप्जाउंछु. अनि मं तिमिहरु देखि
२७ दुंगो हिर्दय निकाल्येर तिमिहरुलाइ मांसुको हिर्दय दिंछु। अं मं
आफ्नु आत्मा तिमिहरुमां पोखायेर येस्तो गराउंछु तिमिहरु मेरा
बिधिहरुमां हिंड्छौ अनि मेरा नियाबचनहरुमां हिंड्दि ति अनुसार् गर्छौ।
२८ अनि तिमिहरु मैंले तिमिहरुका पित्रहरुलाइ दियेको देसमां बस्नेछौ
२९ अनि तिमिहरु मेरा लोग् हुंछौ अनि मं तिमिहरुको ईश्वर् हुंछु। अनि मं

तिमिहरुलाइ तिमिहरुका सबै अशुद्धहरूं देखि छोड़ाउंछु. अनि अन्न
उपजने आज्ञा दि दिकन त्येस्लाइ बढ़ाउंछु अनि तिमिहरुलाइ भोकले मर्नु
दिन्न। अनि मं रुखका फल् र बारीका उपजनी बढ़ाउंछु र अन्यदेसीहरुको ३०
बीच्मां तिमिहरुको अनिकाल्को गिल्ला न हवस्। तब तिमिहरुले ३१
आफ्ना नजाति चाल्चलन् सम्झि सम्झि आफ्ना अधर्म्म र घिन्लाग्दा
कर्म्मको कारणले आफुलाइ आफैले घिनाउंने छौ। प्रभु यहवेको यो ३२
बाणी छ तिमिहरुले थाहा पाइ राख मं येसो गर्द छु त तिमिहरुको
कारणले गर्दीन. हे इस्राएल्का जहान् हो आफ्ना चाल्चलन्को
विषयमां लजावनै अनि तिमिहरुको मुख् कालो हवस्। प्रभु यहवेले ३३
येसो भन्द छ. जब मं तिमिहरुलाइ तिमिहरुका सबै अधर्म्मका कर्म्म देखि
शुद्ध गराउंछु तब त्येस् दिन् मं तिमिहरुका सहर्हरु पनि बसाल्छु अनि
तिमिहरुका थोत्रा सहर्हरु फेरि बनाईंछन्। अनि तिमिहरुको जुन् देस् ३४
अब सबै आउंनेजांनेहरुको सांमु उजार् छ त्यो उजार् हुंनुको साटोमां
जोत्कर् गरींछ। अनि मान्छेहरुले भन्ने गर्छन् यो देस् उजार् थियो अब ३५
ता एदेन् भनींने बारी जस्तो भयो अनि यि थोत्रा र उजार् र पुरीयेका
सहर्हरु घेराभित्ता भयेका भये अनि बसालीये भनि। तब तिमिहरुका ३६
वरिपरि बांचि रह्येका लोग् लोग्ले मं यहवे देखि भत्क्येका ठांउहरु फेरि
बनाईये छन् अनि उजार्मां रुखहरु रोपीये छन् भनि थाहा पाउंछन्. मं
यहवेलेनै येसो भन्यें अनि गर्छु पनि॥

प्रभु यहवेले येसो पनि भन्द छ. मं येस् विषयमां इस्राएल्का ३७
जहान्को बिन्ति सुनि तिनिहरुको लागि येसो गर्छु अर्थात् मं तिनिहरुमां
मान्छेहरुको गन्ति भेंड़ाबाख्राहरु झैं बढ़ाउंछु। जसोरि भेंड़ाबाख्रा अर्थात् ३८
ठहराईयेका चाड़्हरुको बेलामां यरूशलेम्मां आयेका भेंड़ाबाख्राहरु
अलेख् हुंद छन् त्येस्तैगरि जुन् जुन् सहर्हरु अब थोत्रा छन् तिनिहरु
अलेख् भेंड़ाबाख्राहरु झैं मान्छेहरुले भरींछन्. तब तिनिहरुले उ यहवे
हो रछ भनि थाहा पाउंछन्॥

यहवेको हात् मं मांथि पर्‍यो अनि उस्ले मंमां यहवेको आत्मा ३७ १
पोसायेर मंलाइ बाहर लग्यो अनि मंलाइ तरिमां उभ्याइ दियो अनि त्यो
तरि हाड़्हरुले भरीयेको रछ अनि उस्ले मंलाइ तिनको बीच् बीच् २
देखि चारै तिर घुमायो. तब मैंले को देख्यें भन्ने तरिको भूइंमां अलेख्
अलेख् हाड़्हरु राछन् अनि को देख्यें भन्ने ति अरघोर् अरघोर् सुक्येका
थिये। तब उस्ले मंलाइ सोध्यो ए मान्छेको छोरो को यि हाड़्हरु जीउंनु ३
सक्द छन्. तब मैंले भन्यें हे प्रभु यहवे यो तपांइलेनै जान्नु हुंद छ। फेरि ४
उस्ले मंलाइ भन्यो यि हाड़्हरुलाइ अगमुगरि भन् हे सुक्येका हाड़्हरु
हो यहवेको बचन् सुन। प्रभु यहवेले यि हाड़्हरुलाइ येसो भन्द छ. ५
सुन मं आफै तिमिहरुमां आत्मा हाल्छु त तिमिहरु जीउंछौ। अनि मं ६
तिमिहरुका नसा उपजायेर मांसु चढ़ाउंछु अनि तिमिहरुलाइ छालाले

मोहोर्कु अनि तिमिहरूमां आत्मा हाल्कु येसोरि तिमिहरू जीउंकौ अनि
७ तिमिहरूले उ यहूवे हो रक्ष भनि थाहा पाउंकौ भनि। त उस्को यो आज्ञा
अनुसार् मं अगम् कहंनु लाग्यें. अनि मैंले अगम् कहंदे गर्दा शब्द आइ
हाल्यो तब को देख्यें भन्ये भूइंचाल् भयो अनि ति हाड्हरू एका अर्कौको
८ केउ केउ आइ आइ जोरींनु लाग्ये। अनि मं चइं हेरि रहंनु लाग्यें त को
देख्यें भन्ये तिनका नसा उप्ज्ये अनि मांसु पलाये अनि बाइर बाइर
९ क्रालाले पनि मोहोरीये. तर तिनमां आत्मा थियेन। तब उस्ले मंलाइ
भन्यो ए मान्छेको छोरो आत्मालाइ अगम् कह् आत्मालाइ अगम्गरि भन्
ए आत्मा प्रभु यहूवेले भन्द छ. हे आत्मा चारै दिशा देखि आइ आइ यि
१० काटीयेकाहरूमां पस र यिनिहरू जीउन्। उस्को यो आज्ञा अनुसार् मैंले
अगम् कह्यें तब आत्मा तिनमां पस्यो अनि तिनिहरू जाग्येर आफ्ना
११ आफ्ना गोड़ामां उभीये तब अगघोरै ठुलो धुइरो भयो। फेरि उस्ले मंलाइ
भन्यो ए मान्छेको छोरो यि हाड्हरू इस्राएल्का सिंगै जहान् हुन्. हेर्
तिनिहरूले भन्द छन् हांमिहरूका हाड्हरू सबै सुकि गये अनि हांमिहरूको
१२ आस् सबै गइ गयो हांमिहरू स्याट्टै काटियूं भनि। येस्कारण् अगम्गरि
तिनिहरूलाइ भन् प्रभु यहूवेले तिमिहरूलाइ येसो भन्द छ ए मेरा प्रजा हो
सुन मं तिमिहरूका चिहान् उघार्कु अनि ति देखि तिमिहरूलाइ निकाल्कु
१३ अनि इस्राएल्को देसमां पुऱ्याइ दिंकु। त जब मं तिमिहरूका चिहान्
उघार्कु अनि तिमिहरूलाइ ति देखि निकाल्कु तब ए मेरा प्रजा हो
१४ तिमिहरूले उ यहूवे हो रक्ष भनि थाहा पाउंकौ। अनि मं तिमिहरूमां
आफ्नु आत्मा हाल्कु अनि तिमिहरू जीउंकौ अनि तिमिहरूलाइ तिमि-
हरूको निज् देसमां बसाल्कु. तब तिमिहरूले उ यहूवेलेनै येसो भन्येको
रक्ष अनि गर्येको रक्ष भनि थाहा पाउंकौ यहूवेको येइ बाणी छ॥
१५ १६ फेरि यहूवेको यो बचन् मं थांइ आयो ए मान्छेको छोरो येउटा
काठ् ल्यायेर त्येस्मां लेख् यहूदाको लागि र त्येस्का साथीहरू इस्राएल-
बंशीहरूको लागि भनि. अनि फेरि अर्को येउटा काठ् ल्यायेर त्येस्मां लेख
यूसुफ्को अर्थात् एफ्रैम्को काठ् अनि त्येस्का साथीहरू सिंगै इस्राएलबंशीको
१७ लागि भनि. बहांदेखि ति काठहरू जोर्येर येउटै तुल्या र ति तेरो
१८ हातमां येउटै काठ् बनीउन्। अनि जब तेरा दाज्युभाईहरूले तंलाइ
यिनको ज्ये अर्थ छ त्यो को तिमि हांमिहरूलाइ भन्दौन भनि भन्छन्
१९ तब तिनिहरूलाइ भन् प्रभु यहूवेले येसो भन्द छ. सुन मं एफ्रैम्को
हातमां भयेको यूसुफ्को र त्येस्का साथीहरू इस्राएल्का कुलहरूको काठ्
लियेर यहूदाको काठ् सित जोरि त्यो सित येउटै काठ् तुल्याउंकु अनि दुवै
२० मेरो हातमां येउटै काठ् बनौंकुन्। जुन् काठहरूमां तैंले त्येमोरि लेख्कुस्
२१ ति तिनिहरूको सांमु तेरो हातमां रहुन्। अनि तैंले तिनिहरूलाइ भन्
प्रभु यहूवेले येसो भन्द छ. सुन मं इस्राएलबंशीहरूलाइ तिनिहरू गयेका
सबै लोग् लोगको बीच् बीच् देखि भेला गराउंकु अनि तिनिहरूको निज्

देसमां पुऱ्याउंकु . अनि मं तिनिहरुलाइ त्येस् देसमां अर्थात् इस्राएल्का २२
डांड़ा डांड़ाहुंदो येउटै तुल्याउंकु अनि ति सबैको येउटै राजा हुंकु अनि
तिनिहरु फेरि दुइ रहंदैनन् न फेरि कैलेइ दुइ राजमां बांड़ींकन् .
अनि न तिनिहरुले फेरि फेरि आफ्ना मूर्त्तिहरु र घिन्लाग्दा काम् २३
कि आफ्नु कोई रकम्को पाप्को बाटोले आफु आफुलाइ अशुद्ध गर्कन् .
तर मं तिनिहरुलाइ तिनिहरुले पाप् गर्दै रह्येका ठांउहरु देखि निकालि
शुद्ध गर्कु . त तिनिहरु मेरा लोग् हुंकन् अनि मं तिनिहरुको ईश्वर्
हुंकु । अनि मेरो दास् दाऊद् तिनिहरुको राजा हुंकु त तिनिहरु सबैको २४
येउटै गोठालो हुंकु . अनि तिनिहरु मेरा नियाब्चनहरुमां हिंड्कन् अनि
मेरा विधिहरु ति गर्नुलाइ मान्कन् । अनि तिनिहरु मैले आफ्नु दास् २५
याकूब्लाइ दियेको देसमां रहंकन् जहां तिमिहरुका पित्रहरु रह्येका थिये
अनि तिनिहरु र तिनिहरुका क्रोराक्रोरीहरु र नाति नतिनिहरु सदाको
लागि तिहिंने रहंकन् . अनि मेरो दास् दाऊद् सदा सम्म तिनिहरुको
मालिक् रहंकु । अनि मं तिनिहरु सित शान्ति दिईने नियम् बांध्कु २६
जो अटल् नियम् हुंकु . अनि मं तिनिहरुलाइ धेरै ठांउ दियेर गन्तिमां
बढ़ाउंकु अनि तिनिहरुको बीच्मां आफ्नु पवित्रस्थान् सदा बनाइ राख्कु ।
अनि मेरो डेरा तिनिहरु सङ सदा हुंकु अनि मं तिनिहरुको ईश्वर् हुंकु २७
अनि तिनिहरु मेरा लोग् हुंकन् । अनि जब मेरो पवित्रस्थान् तिनिहरुको २८
बीच्मां सदाको लागि रहंकु तब अन्यदेसीहरुले उ इस्राएल्को पवित्र
गर्ने यहूवे हो रकु भनि थाहा पाउंकन् ॥

फेरि यहूवेको यो बचन् मं थांइ आयो ए मान्केको क्रोरो ३८ १
आफ्नु मोहोंड़ा मागोग् देसको गोग् तिर जो रोश् मेशेक् र तूबल्को
मालिक् हो फर्काएर त्येस्को विरुद्धमां अगम् कह् अनि येसो भन् २
प्रभु यहूवेले येसो भन्द कु . ए गोग् ए रोश् मेशेक् र तूबल्को मालिक् सुन्
मं तेरो विरुद्धमां कु . अनि मं तंलाइ घुमाइ घुमाइ त्याएर तेरा बङरामां ४
आङ्कुसे लगाएर तेरा सबै पल्टन् समेत् निकालि त्याउंकु त्येस् पल्टनमां
येस्ता येस्ता घोड़ा र त्रुक्सवार् हुंकन् जुनहरुले पूरो हतियार् भिर्येका
हुंकन् अनि सांना तुला दुवै प्रकारका ढाल् भिर्येका र सबै तरवार् भिर्येका
लोगको तुलो पल्टन् हुंकु . तिनिहरु फारस् कूश् र पूत्का लोग् पनि ५
हुंकन् जुनहरु सबैले ढाल् भिर्येका र टोप् लाएका हुंकन् . अनि सिंगे ६
लस्कर समेत् गोमेर् र सिंगे लस्कर् समेत् उत्तर् दिशा देखि ठाड़ा ठाड़ा
दिशा देखि आएका लोगमाका जहान्काहरु पनि हुंकन् . अं तं सङ
धेरै लोग् लोगका मान्केहरु हुंकन् । त तं आफु सङ भएका ति सबै ७
धुइराहरु समेत् तियार् हुंनु अनि तं चइं तिनिहरुको स्वामी बनौंनु ।
धेर् दिन् बीत्ये पछि तेरो हेरचाहा गरौंकु . अनि अन्तको बर्षमां तं त्येस् ८
देसमां आउंकस् जो तरवार् देखि छोड़ीयेको हुंकु जस्का बासीहरु धेरै

लोग् लोग् देखि भेला हुंछन् अर्थात् तं इस्राएलका डांडामां आउंछस् जुन्
देस् पहिले ता बराबर् उजार् रहंछ . तर पछि त्यो देस् लोग् लोग्को ताबि
९ देखि छोड़ाईयेर त्येस्का बासीहरु सबै निडर् रहंछन् । तं त्येस् देसमां
उजार्ने आंधी झैं चढ़ि जांछस् अनि देसमां सिंगै लस्कर् र धेरै लोग् लोग्
१० समेत्ले छाउंछस् । प्रभु यहूवेले येसो भन्द छ . त्येस् दिन् तेरो मनमां
११ नजाति कुरा आउंछन् अनि तैंले येउटा नजाति जुक्ति गरि भन्छस् . त तैंले
भन्छस् मं घेराभित्ता बिनाका गाउंको देसमां चढ़ि जांछु मं तिनिहरुका
मान्छेहरु थांइ जांछु जुनहरु यहां सम्म निडर् रहंद छन् सब्बै जना घेरा-
१२ भित्ता बिना र बिना ठोका बसि रह्येका छन् . र मं लूट् खोसि खोसिकन
लिउं भनि अनि तेरो हात् फेरि बसालीयेका थोत्रा सहरहरु मांथि र
अन्यदेसीहरु देखि भेला भयेकाहरु मांथि र पृथिवीको बीचमां रहंदा
१३ रहंदा बथान् र सम्पत्ति भयेका हुंनेहरु मांथि पसारु भन्ने खातिर्ले । शबा
र ददान् र तर्शीशका बेपारी आफ्नु देसका जुवान् सिंह जस्ता बीरहरुले
पनि तं सित सोधछन् कि तिमि लूट्नुलाइ आयौ . कि तिमिले परायको
धन् लूट्नु सुन् चांदी उठाइ लांनु बथान् र सम्पत्ति लैजांनु अं ठुलो ठुलो
लूट् आफ्नु पार्नुको लागि आफ्नु धुइरो जमायौ भनि ॥
१४ येस्कारण् ए मान्छेको छोरो अगमगरि गोग्लाइ भन् प्रभु यहूवेले
येसो भन्द छ . जस् बेलामां मेरो इस्राएली प्रजा निडर् बसि रहंछ त्येइ
१५ बेलामां कि तंलाइ येस्को समाचार् मिल्दैन । तब तं घोड़ा मांथि चढ़ेर
धेरै लोगलाइ अं ठुलो धुइरो र बलियो पल्टनलाइ साथ लियेर आफ्नु
१६ उत्तर् दिशामां टाढ़ो टाढ़ो देसमां रह्येको आफ्नु देस् देखि आयेर . मेरो
इस्राएली प्रजाको देसमां येस्तोगरि छापींछस् जसोगरि बादल् भूइंमां
छापींद छ . ए गोग् अन्तका दिनमां येसो हुंछ जब मं आफ्नुलाइ तं देखि
अन्यदेसीहरुको सांमु पवित्र गराउंछु तब तिनिहरुले मंलाइ चिंनुन् भन्ने
१७ खातिर्ले मं तंलाइ आफ्नु देसमां चढ़ाउंछु । प्रभु यहूवेले येसो भन्द छ .
कि तं त्येइ होइनस् जस्को चर्चा मैंले तादि आफ्ना ति इस्राएली
अगमबक्ताहरुको बाटोले गर्येको थियें जुनहरुले कत्ति बर्ष सम्म यहूवेले
गोग्लाइ इस्राएलीहरु मांथि चढ़ाइ ल्याउंछ भनि अगम् कह्येका थिये ।
१८ अनि जस् दिन् गोग् इस्राएलको जरगामां चढ़ि जांछ त्येस् दिन् येसो हुंछ
मेरो बल्दोरिस् मेरो नाथ्रीमां प्रगटो हुंछ प्रभु यहूवेको येइ बाणी छ ।
१९ अनि मं बलदोरिसको र क्रोधित् भइकन भन्द छु निस्से त्येस् दिन्
२० इस्राएलको देसमां ठुलो भूइंचाल हुंछ अनि मेरो डरको कारणले
समुन्द्रका माछाहरु र अकाशका पंछीहरु र बनका पशुहरु र भूमिमां जत्ति
जीवाजन्तुहरु बगिहिंड्ने गर्द छन् अनि भूमिमां जत्ति मान्छे छन् ति सब्बै
कांम्छन् अनि डांड़ा लड्छ अनि उकालो उकाली नष्ट हुंछन् अनि भित्ताहरु
२१ सबै भत्कि भत्किकन माटोमां मिसौंछन् । अनि प्रभु यहूवेको यो बाणी
छ मं [गोग्] मांथि तरवार् चलाउंनुको लागि सबै डांड़ा डांड़ालाइ

हापार्कु. अनि मान्छेहरु एका अर्कालै तरवार् चलाउंकन्। अनि मं २२
त्यो सित रुढि र रगत्को मास्ला लर्कु अनि त्येस् मांथि लस्कर् र धेरै लोग्
लोग् समेत्को झरि बर्साउंकु अनि असीना र आगो र गन्धक् बर्साउंकु।
येसोरि मं धेरै लोग् लोग्को सांमु महा र पवित्र हुंकु अनि आफुलाइ २३
पवित्र गर्कु तब तिनिहरुले उ यहवे हो रह भनि थाहा पाउंकन्॥

फेरि ए मान्छेको छोरो गोग्को बिरुद्धमां अगम्गरि येसो भन् ३९ १
प्रभु यहवेले येसो भन्द छ. सुन् ए गोग् ए रोश् मेशेक् र तूबल्को मालिक्
मं तेरो बिरुद्ध छु. त मं तंलाइ घुमाइ घुमाइ ल्याउंकु अनि उल्क्यायेर २
उत्तर् दिशाको टाढ़ो टाढ़ो देस् देखि चढ़ाइ ल्याउंकु अनि इस्राएल्का
डांड़ा डांड़ामां ल्याइ पुऱ्याउंकु. वहांदेखि मं तेरो धनुमां हिर्क्यायेर तेरो ३
बांउहात् देखि त्यो खसालि दिंकु अनि तेरो दाहीनो हात् देखि तेरा
कांड़हरु पनि खसालि दिंकु। तब तं आफ्ना लस्करै समेत् आफु सङका ४
सबै लोग् लोग् समेत् इस्राएल्का डांड़ा डांड़ामां काटीयेर लड़ुकस्. अनि
मुं तंलाइ भांति भांतिका सिनुभत्तेपंषी र बन्का पशुहरुको आहारा
तुल्याइ दिंकु। तं बन्मां काटीछस्. कसोगरिभन्ये मैंलेनै येसो भन्यें प्रभु ५
यहवेको येइ बाणी छ। वहांदेखि मं मागोग्मां र द्वीप् द्वीप्मां निडर् ६
रहंनेहरुको बीच्मां आगो लगाउंकु. तब तिनिहरुले उ यहवे हो रछ
भनि थाहा पाउंकन्। अनि मं आफ्नु इस्राएली प्रजाको बीच्मां आफ्नु ७
पवित्र नांउ प्रगटो गर्कु अनि आफ्नु पवित्र नांउ अपवित्र हुंनु दिन्न. तब
अन्यदेसीहरुले पनि उ यहवे इस्राएल्को पवित्र जन् हो रछ भनि थाहा
पाउंकन्। येसो हुंनु आंद्यैको छ अनि होइ पनि जांछ जस् दिन्को ८
बिषय्मां मैंले भन्येको छु त्यो येइ हो भन्ये प्रभु यहवेको येइ बाणी छ।
तब इस्राएल्का सहर् सहरमां बस्नेहरुले निस्कोर सांना तुला ढाल्हरु ९
धनु कांड़ भाला खाल्ति सबै हतियार् आगोमां हालि हालि डढ़ाउंकन् अं
मात् बर्ष सम्म ति डढ़ाउंदै रहंकन्. त तिनिहरुले न ता बन्मां दाउरा १०
खोज्नु न पातल्मां काट्नु जांनु पर्छ कसोगरिभन्ये तिनिहरुले हतियारै
बाल्दै रहंकन्. यैसैगरि तिनिहरुले आफुलाइ लूट्नेहरुलाइ लूट्कन् अनि
आफ्ना खोस्नेहरुका खोस्कन् प्रभु यहवेको येइ बाणी छ॥

त्येस् बेला येसो हुंछ मं त्यहां इस्राएल्को देस्मां आंउने जांनेहरुको ११
भनीने गोग्को चिहान् बनाउंकु येसो हुंछ समुन्द्रको पूर्व तिर अनि आउंने
जांनेहरुले त्यहां थुनीनु पर्छ. त त्यहां सबै धूमधाम् समेत् गोग्को
चिहान् हुंछ. अनि त्येस् ठांउको नांउ हमोन् गोग्को[1] गेछ्नी भन्ये
हुंछ। इस्राएल्का जहानले आफ्नु देस् शुद्ध पार्नुको लागि तिनलाइ १२
तिहौं गाड़ुकन् त्येसो सात् महीना सम्म गर्द रहंकन्। अं देसका सबै १३
लोगले तिनलाइ मट्टी दिंकन् अनि मैंले महिमा पायेकोमां लोगको

---

[1] अर्थात् गोग्को लस्कर्।

१४ तुलो नांउ हुंछ प्रभु यहवेको येइ बाणी छ । तब तिनिहरुले सदा येइने
काम्मां लागि रहंनेहरुलाइ अलग् गरि राखछन् अर्थात् जुनहरुले देसमां
डुलि डुलिकन आईजाई गर्नेहरु सङ लागिकन जस् जस्का मुर्दा भूंइमां
लड़ि रह्योकाहुंछन् ति देसको शुद्धहुवाईको लागि गाड़्दै रहंछन् . यो
१५ काम् तिनिहरुले सात् महींना पछि खोजि खोजिकन गर्नु लागछन् । अनि
देसमां आईजाई गर्नेहरुले जब कसै मान्छेको हाड् देखछन् तब त्येस्को
छेउमां येउटा चिंनु उभ्याउंछन् जो गाड्नेहरुले हमोन् गोग्को गैछौमां
१६ गाड़ेको न होउंज्याल् सम्म रहि रहंछ । अनि येउटा सहर्को नांउ
हमोना[1] हुंछ । येसैगरि देस् शुद्ध पारींछ ॥

१७ फेरि ए मान्छेको छोरो प्रभु यहवेले येसो भन्द छ . रकम् रकम्का
पंषीहरु र सबै बन्का जन्तुहरुलाइ आज्ञा दे भेला भयेर आव चारै दिशा
देखि बलुलीयेर मेरो येस् तुलो बलिदान्को भोज्मां आव जो मैंले
इस्राएल्का डांड़ा डांड़ामां चढ़ाउंनु आंटेको छु तिमिहरुले मांसु खाव
१८ अनि रगत् पीव भन्येर । तिमिहरुले महाबीरहरुको मांसु खांछौ अनि
पृथिवीका मालिकहरुको रगत् पीउंछौ जुनहरु सब्बै पुमा पाठा बाखा
१९ गोरु बाशानका पशु जस्ता मोटाताजा छन् । अनि तिमिहरु मैंले
तिमिहरुको लागि गर्नु आंटिको भोज्को बोसो खायेर अघाउंछौ अनि त्येस्
२० भोज्को रगत् पी पीकन मातछौ । तिमिहरु मेरो भोज्को ठांउमां
घोड़ाको र रथहरु र महाबीरहरु र सब् रकम्का लड़ांकीहरु खाइ
२१ खाइकन अघाउंछौ प्रभु यहवेको येइ बाणी छ । येसोरि मं अन्यदेसीहरुको
बीचमां आफ्नु महिमा प्रगटो गर्छु अनि लोग् लोग्का सबै मान्छेहरुले
मैंले गर्येको मेरो नियाकर्म्म र तिनिहरु मांथि पर्येको मेरो हात् देखछन् ।
२२ त त्येस् दिन् देखि इस्राएल्का जहानले उ यहवे हांम्रो ईश्वर् हो रछ भनि
२३ थाहा पाउंछन् । अनि अन्यदेसीहरुले पनि इस्राएल्का जहान् बन्धुवाईमां
गयेका तिनको अधर्म्मके कारणले हो रछ . अनि उस्ले तिनिहरु देखि
आफ्नु मुख् फर्काएको र तिनिहरुलाइ तिनिहरुका सत्रुहरुको हातमां
सुम्पि दियेको अनि तिनिहरु तरवारले काटीयेर लड़ेका तिनिहरुले उ
देखि विश्वासघाती काम् गर्येको कारणले हो रछ भनि थाहा पाउंछन् ।
२४ मैंले तिनिहरुको अशुद्धिहुं र अपाधके अनसार् बेहोरा गरि तिनिहरु देखि
आफ्नु मुख् फर्काएको थियें ॥

२५ त प्रभु यहवेले येसो भन्द छ . अब मं याकूबका बंधुवाहरुलाइ
फर्काइ ल्याउंछु अनि इस्राएल्का सिंगै जहान् मांथि दया गर्छु अनि
२६ आफ्नु पवित्र नांउको लागि मं उधमे हुंछु । अनि जब मं तिनिहरुलाइ
लोग् लोग् देखि फर्काइ ल्याउंछु अनि तिनिहरुका सत्रुहरुका देस् देस्

[1] अर्थात् लस्कर् ।

देखि भेला गराउंकु अनि धेरै लोगले देख्नेगरि तिनिहरु देखि पवित्र गरींकु अनि तिनिहरु आफ्नु जग्गामां निडर् बस्कुन् अनि तिनिहरुलाइ डर् देखाउंने कोई हुंदैन तब तिनिहरु तिनिहरुले मं सित गर्येका २७
सबै विश्वासघात्को कारणले आफै लज्जित् हुंकुन्। अनि मैंले तिनिहरुलाइ २८
अन्यदेसीहरुमां बन्धुवा गर्यें अनि फेरि तिनिहरुकै देसमां भेला गरायें येस्कारण् तिनिहरुले त्येस् बेलामां उ यहूवे हांमिहरुको ईश्वर् हो रक्ष भनि थाहा पाउंकुन्. अनि मं तिनिहरुमांको कसैलाइ फेरि पर्देसमां बांकि छोड्दीन अनि मैंले इस्राएलका जहान् मांथि आफ्नु आत्मा खनायें २९
येस्कारण् तिनिहरु देखि मं आफ्नु मुख् कैले पनि फर्काउंदीन प्रभु यहूवेको येइ बाणी हु॥

हांमिहरुको बन्धुवांईको पचीसौं बर्षमां अर्थात् [यिरूशलेम्] ४० १
सहर् लिईयेको चौधौं बर्षको पहिलो महीनाको दसौं तिथिमां यहूवेको हात् मंमां पर्‍यो अनि त्येस्ले मंलाइ एका ठांउमां पुर्‍यायो। ईश्वर्ले दियेका २
दर्शनहरुमां उस्ले मंलाइ इस्राएलको देसमां पुर्‍यायो अनि मंलाइ येउटा अग्घोर् अल्गो डांड़ा मांथि उभ्यायो जस्मां दक्खिन् तिर येउटा सहर्को जस्तो रूप् थियो। जब त्येस्ले मंलाइ वहां लग्यो तब मैंले को देख्यें मान्छे ३
पीतल्को जस्तो रुप् भयेको हात्मां पाट्को सेप्रि र नाप्ने टांगो लियेको येउटा मान्छे रहु जो ढोकामां उभीइ रहेको रहु। त त्येस् मान्छेले मंलाइ ४
भन्यो ए मान्छेको छोरो तेरा आंखाले हेर् अनि तेरा कानले सुन् अनि जे जे मं तंलाइ देखाउंकु ति सबैमां ध्यान् दे किनभन्ये मैंले तंलाइ यि कुरा देखाउंनु भन्ने खातिर्ले तं यहां पुर्‍याईइस्. त जे जे तैंले देख्कुम् ति इस्राएल्का जहान्लाइ बखान् गर्॥

त हेर महल्को बाहिर बाहिर चारै तिर येउटा भित्ता रहु अनि त्येस् ५
मान्छेको हात्मां येउटा नाप्ने टांगो रहु जो छ हात् लांमो र जो साधारण् हात्ले चार् अंगुल् बेसि थियो. त त्येस्ले त्यो भित्ताको बाक्लो नाप्यो त टांगोभरि भयो अनि त्येको अल्गोई पनि नाप्दा टांगैभरि भयो। तब त्यो देलो पूर्व तिर भयेको ढोका निर आयो वहांदेखि त्येस्का ६
खुड्कीलामां चढेर ढोकाका दुवै सडार्को गज् नाप्यो त टांगोभरि भयो। अनि पहराकोठाहरु टांगोभरि लम्बि र टांगोभरि गज् भये अनि दुवै ७
पहराकोठाको बीच्को ठांउ पांच् हातको थियो अनि ढोकाको जुन् सिकुवा मन्दिर्को सांमु छ त्येको छेउको देलाको सडार्को गज् टांगोभरि भयो। त्येस्ले मन्दिर्को सांमु भयेको ढोकाको सिकुवा नाप्यो त टांगोभरि ८
गज् भयो। तब त्येस्ले ढोकाको सिकुवा नाप्यो आठ् हात् लम्बि भयो अनि ९
त्येका खांब्राहरु दुइ दुइ हात् गज् अनि ढोकाको सिकुवा मन्दिर्को सांमु थियो। अनि त्येस् पूर्वढोकाका दुवै तिर तीन् तीन्वटा पहराकोठा थिये १०
जो सबै एकै नाप्का थिये. अनि दुवै तिरका खांब्राहरु एकै नाप्का थिये।

११ फेरि त्येस्ले ढोकाको दैलाको गज् नाप्येर दस् हात् भेटायो अनि ढोकाको
१२ लम्ति नाप्येर तेरह् हात् भेटायो अनि दुवै तिरका पहराकोठाहरुको
सांमु एक् एक् हात् गजौलो फल्याक्को पटाई भयेको बाटो थियो अनि
१३ दुवै पट्टिका पहराकोठाहरु छ छ हात् लम्तिका थिये। फेरि त्येस्ले ढोकाको
गज् एक् पट्टिको पहराकोठाको छाना देखि अर्को पहराकोठाको छाना
सम्म नाप्यो त पचौस् हात्को भयो अनि दैलाहरु चइं सांमु सांमु थिये।
१४ फेरि त्येस्ले साठी हात्को खांबो बनायो ढोकाको सांमु दलान् खांबो सम्म
१५ पुग्यो। अनि ढोकाको बाइरैदैलाको सांमु देखि त्येस्को भित्रेसिकुवाको
१६ सांमु सम्म पचास् हात्को अन्तर् थियो। अनि पहराकोठामां र ढोकाको
भित्र पट्टिका चारै तिर तिनका कोठा कोठाको बीच्का खांबाहरुको
बीच्मां झिल्मिले खिर्किहरु थिये अनि खांबाहरुको लहर् भयेको
सिकुवामां पनि त्येस्ते थिये. त भित्र पट्टि चारै तिर खिर्किहरु थिये.
अनि खांबै पिच्छे खजूर्का बोट्हरु खोपीयेका थिये॥

१७ फेरि त्येस्ले मंलाइ बाइरेआघन्मां लग्यो तब मैंले को देख्यें भन्ये
त्येस् आघन्का चारै तिर कोठाहरु र येउटा छाप्येको मझेरी बनीयेको रछ.
१८ छाप्येको मझेरीमां तीस् कोठा बनीयेका राछन्। अनि त्यो तल्लो चइं
छाप्येको मझेरी ढोका सित छोईयेको थियो अनि त्येस्को लम्ति अनुसार्
१९ थियो. फेरि त्येस्ले तल्लो चइं ढोका सांमु देखि ल्याएर भित्रेआघन्को
बाइरेआघन् सम्म नाप्यो त सै हात्को भयो त नपाई पूर्व्व र उत्तर् दुवै
२० तिरको थियो। वहांदेखि बाइरेआघन्को जुन् ढोकाको दैला उत्तर्
२१ तिर थियो त्येस्ले त्येस्को लम्ति र गज् नाप्यो। त त्येस्का पहराकोठाहरु
थिये तीन् येता पट्टि तीन् उता पट्टि अनि पहिलो ढोकाका जस्ते येस्का
पनि खांबाहरु र खांबाहरुको लहर् भयेको दलान् थियो नाप् चइं
बराबरैको थियो. त येस् ढोकाको लम्ति पचास् हात्को र गज् पचौस्
२२ हात्को थियो। अनि येस्का खिर्किहरु र खांबाहरुको लहर् भयेको
सिकुवा र खजूर्हरुको नपाई ढोकाको जस्ते थियो जस्को दैलो पूर्व्व तिर
थियो अनि त्यसमां चढ्ने सात् खुड्कौला थिये अनि त्येस्का खांबाहरुको
२३ लहर् भयेको सिकुवा चढ्नेहरुको सांमु थियो। अनि भित्रेआघन्का
ढोकाहरु ति उत्तरे र पूर्वढोकाको सांमु सांमु थिये अनि त्येस्ले ढोका
२४ ढोकाको बीच् नाप्यो त सै हात्को भयो। फेरि त्येस्ले मंलाइ दक्खिन्
तिर लग्यो त को देख्यें भन्ये दक्खिन् तिर पनि येउटा ढोका रछ. अनि
त्येस्ले त्येस्का खांबाहरु र खांबाहरुको लहर्को दलान् नाप्यो त तिनको
२५ नाप् त्येस्ते भयो। अनि मांथि भनीयेका खिर्किहरु जस्ते येस्का पनि अनि
येस्का खांबाहरुको सिकुवाका पनि चारै तिर खिर्किहरु थिये अनि त्येस्को
२६ लम्ति पनि पचास् हात्को थियो अनि गज् पचौस् हात्को। अनि येस्मां
चढ्ने पनि साते खुड्कौला थिये अनि यिनका पनि चढ्नेको सांमु
खांबाहरु लहर् भयेको सिकुवा थियो अनि येस्का पनि दुवै तिरका

खांबाहरुमां खजूरका बोट्हरु खोपीयेका थिये । अनि दक्खिन् तिर पनि २७
भित्रेआघनको एक् ठोका थियो . अनि त्येस्ले दक्खिन् तिर पनि दुवै
ठोकाको बीच् नाप्यो त सै हातको भयो ॥

फेरि त्येस्ले मंलाइ भित्रेआघनको दक्खिनेठोका बाटो आघनमां २८
लग्यो . अनि त्येस्ले त्यो दक्खिनेठोका नाप्येर त्येस्तै पायो अर्थात् २९
त्येस्का पनि पहराकोठाहरु र खांबाहरु र खांबाहरुको लहर् भयेको दलान्
सबै त्येस्तै थिये . अनि येस्को पनि अनि येस्का खांबाहरुको लहर् भयेको
सिकुवाको बीचको चारै तिर पनि खिर्किहरु थिये अनि येस्को लम्बि पनि
पचास् हातको थियो अनि गज् पचीस् हातको । अनि येस्का चारै तिर पनि ३०
खांबाहरुको लहर् भयेको सिकुवा पचीस् हात् लम्बि र पांच् हात् गज्
थियो । अनि येस्का खांबाहरुको लहर् भयेको सिकुवा बाहिरेआघन् तिर ३१
थियो अनि येस्का खांबाहरुमां पनि खजूरका बोट्हरु खोपीयेका थिये .
अनि त्येस्मां चढ्ने खुड्कीलाहरु आठ् थिये । फेरि त्येस्ले मंलाइ ३२
भित्रेआघनमां लग्येर त्येस्को पूर्व तिर लग्यो . अनि त्येस् तिरको ठोका
नाप्येर त्येस्तै पायो अनि येस्को पनि पहराकोठाहरु र खांबाहरु र ३३
खांबाहरुको लहर् भयेको सिकुवा सबै त्येस्तै थिये अनि येस्का पनि अनि
येस्का खांबाहरुको लहर् भयेको सिकुवाका पनि खिर्किहरु थिये अनि येस्को
लम्बि पनि पचास् हातको थियो अनि गज् पचीस् हातको । अनि येस्का ३४
पनि खांबाहरुको लहर् भयेको सिकुवा बाहिरेआघन् तिर थियो अनि
येस्का पनि दुवै तिरका खांबाहरुमां खजूरका बोट्हरु खोपीयेका थिये
अनि येस्मां पनि चढ्ने खुड्कीला आठ् थिये । फेरि त्येस्ले मंलाइ उत्तरे ३५
ठोका ढोउ लग्येर त्यो नाप्यो अनि त्येस्को नाप् त्येस्तै पायो . अनि येस्को ३६
पनि पहराकोठाहरु र खांबाहरु र खांबाहरुको लहर् भयेको सिकुवा थियो
अनि त्येस्का चारै तिर खिर्किहरु थिये . अनि येस्को लम्बि पनि पचास्
हातको थियो अनि गज् पचीस् हातको । अनि येस्का खांबाहरु पनि ३७
बाहिरेआघन् पट्टि थिये अनि तिनमां पनि दुवै पट्टि खजूरका बोट्हरु
खोपीयेका थिये . अनि येस्मां पनि चढ्ने खुड्कीला आठ् थिये ॥

फेरि त्येस् ठोकाका खांबाहरुको ढोउमां त्येस्को देला समेत् कोठा ३८
थियो तिनिहरुले तिहीं होमबलि धुंदा राक्दन् । अनि होमबलि पापबलि ३९
र दोषबलि काट्नुको लागि ठोकाको सिकुवा ढोउ दुवै पट्टि दुवटा
दुवटा मेज् थिये । अनि ठोकाको बाहिर पट्टि उत्तरेठोकाको देलाको ४०
ओकलने निर दुवटा मेज् थिये अनि अर्को पट्टि गल्लिठोकाको आघनको
ढोउमां पनि दुवटा मेज् थिये । ठोकाका दुवै पट्टि चार् चार् मेज् थिये ४१
सबैगरि आठ् मेज् थिये पशुहरु काट्नुको लागि । फेरि होमबलिको लागि ४२
पनि काटेका ढुंगाका चारवटा मेज् थिये तिनिहरु एक् एक् डेढ् डेढ् हात्
लांमो डेढ् डेढ् हात् गज् र हातभरि अल्गो थिये . होमबलि र
मेलबलि काट्ने हतियारहरु राख्नुको लागि थिये । अनि ति मेज्हरुका ४३

बिट् देखि हात्भरि भरिमां भित्र पट्टि चारै तिर आङ्कुशेहरु[1] बनाईयेका
४४ थिये अनि ति मेज्हरु मांथि चढ़ाउंने मांसु राख्येको थियो। अनि भित्रे
आघन्को उत्तरेढोका छेउको बाइर पट्टि गाउंनेहरुका कोठाहरु थिये
जुन्हरुका दैलाहरु दक्खिन् तिर थिये. अनि पूर्बेढोकाको छेउमां पनि
४५ येउटा कोठा थियो जस्को दैला उत्तर् तिर थियो। फेरि त्येस्ले मंलाइ
भन्यो जस् कोठाको दैलाको मुख् दक्खिन् तिर् फर्क्येको छ त्यो पवित्रबास्
४६ रुङ्ने पूजाहारीको लागि हो। अनि उत्तर् तिर दैला फर्क्येको चइं कोठा
बेदिको रुङाई गर्ने सादोक्बंशी पूजाहारीहरुको लागि हो अर्थात् यह्वेको
सेवाटहल् गर्नुको लागि लेवीबंशीहरुमांका जो जो त्येस्को छेउमां जांद छन्
४७ तिनैहरु जांनुको लागि हो भनि। फेरि त्येस्ले आघन् नाप्यो त त्यो
चार्कुंने अर्थात् सै हात् लम्ति अनि सै हात् गज्को भयो अनि घर्को
सांमुमां चइं बेदि थियो॥

४८ फेरि त्येस्ले मंलाइ घर्को दलान् दलान्को छेउ लग्यो अनि दलान्का
दुवै पट्टिका खांबाहरु नाप्यो त पांच् पांच् हात् गज् र दुइ दुइवटा
४९ खांबाहरुको बीच् बीच्मां दुवै तिर तीन् तीन् हात्को अन्तर् थियो। त
दलान्को लम्ति बीस् हात्को र गज् एघार हात्को थियो अनि त्येस्मां
चढ्नुलाइ खुड्कीलाहरु बनीयेका थिये अनि दुवै तिरका थाम्हरुका
थाप्लि थाप्लिमां खांबाहरु थिये॥

४१ १ फेरि त्येस्ले मंलाइ मन्दिर्को छेउमां लग्यो वहांदेखि त्येस्का दुवै
पट्टिका खांबाहरु नाप्यो त छ छ हात् गजीला राछन् अनि त्येस्ले
२ बास्स्थान्को गज् पनि नाप्यो। अनि दैलाको गज् दस् हात्को थियो
अनि त्येस्का दुवै तिरका भित्ताहरु पांच् पांच् हात्का थिये. अनि त्येस्ले
मन्दिर्को लम्ति नाप्यो त चालीस् हात्को भयो अनि त्येस्को गज् बीसे
३ हात्को। अनि त्येस्ले भित्र गयेर दैलाको गोटैपिच्छे खांबा नाप्यो त
दुइ दुइ हात्का भये. अनि दुवैका बीच्को दैला छ हात्को थियो अनि
४ दैलाको गज् सात् हात्को। तब त्येस्ले भित्रको लम्ति र गज् नाप्यो त
बीस् बीस् हात्को भयो त यो गज् मन्दिर्को सांमुको थियो. अनि
५ त्येस्ले मंलाइ भन्यो यो महापवित्रस्थान् हो। फेरि त्येस्ले पवित्रस्थान्को
भित्ता नाप्यो छ हात् बाक्लो रछ अनि पवित्रबास्को छेउ छेउ चार् चार्
६ हात्को बाइरेकोठाहरु थिये। अनि ति बाइरेकोठाहरु तीन् तले थिये
अनि तलैपिच्छे तीस् तीस् कोठा थिये अनि पवित्रबास्को फेरोमां बाइरे-
कोठाको आड़ हुंनुको लागि जुन् भित्ता थियो त्येस्मां कोठाहरुका टेवाहरु
बसालीयेका थिये अनि पवित्रबास्को भित्तामां पोसाईयेका थियेनन्।
७ अनि पवित्रबास्का यि माथिल्ला तलाका बाइरेकोठाहरुमांका जुन् जुन्
माथिल्ला थिये तिनिहरु पनि गजीला थिये अर्थात् पवित्रबास्को घेरोमां

---

[1] अथवा मांसु झुंद्याउंने।

जति जति ऊंभो बढ्दै गयो उति उति गजौलो हुंदै गयेको थियो येसोरि
त्येस् घरको गज् ऊंभो ऊंभो तिर बढ्येको थियो . त येसोरि मान्छेहरु
तल्लो तला देखि मझोले तलामां निस्कि माथिल्लो तलामां चढ्ि जांकुन् ।
फेरि मैंले पवित्रबास्का वरिपरि अलग्गो अलग्गो ठांउ देख्यें अनि यो पनि ८
देख्यें अर्थात् एक् एक् बाइरेकोठाको अलगेइं आफ्नु आफ्नु मझेरी देखि
आफ्नु आफ्नु क्वाना सम्म छ हातेटांगो भरिको रछ । बाइरेकोठाहरुको ९
लागि भयेको भित्ता पांच् हात् बाक्लो रछ अनि पवित्रस्थान्को बाइरे-
कोठाको भित्र भित्र पनि उतिकैको अन्तर् थियो । अनि बाइरेकोठाका १०
बाइर बाइर अर्थात् पवित्रबास्को रिंगै बीस् हात्को अन्तर् थियो । अनि ११
बाइरेकोठाको देलो मांझको ठांउ तिर थियो अर्थात् येउटा देला उत्तर्
तिर अर्को दक्खिन् तिर . अनि मांझको चइं ठांउको गज् तौनै तिर पांच्
पांच् हात्को थियो । फेरि पवित्रबास्को पच्छिउं तिर भयेको अलग् १२
ठाउं सत्तरी हात् गजौलो थियो अनि त्येस्को फेरोको भित्ता पांच् हात्
बाक्लो थियो अनि त्यो ठांउको लम्बि नब्बे हात्को थियो । तब त्येस्ले १३
पवित्रबास्को लम्बि नाप्यो त सै हात्को भयो अनि भित्ता समेत् अलग्
ठांउको पनि लम्बि नाप्यो त सै हात्के भयो अनि पवित्रबास्को १४
सांमु पनि अनि अलग् ठांउको पूर्व कुंना पनि सै सै हात् गज्को भयो ॥

फेरि त्येस्ले पक्काड़िको अलग् ठांउको सांमुको भित्ता जस्का दुवै पट्टि १५
खुड्कौला खुड्कौला पर्येका राछन् त्येस्को भित्ता नाप्यो त सै हात्को भयो
अनि पवित्रबास्को भित्रेबास् र आघन् पट्टिको सिकुवा पनि नाप्यो
अनि देलाहरु र झिल्मिले खिर्किहरु र वरिपरिका तौनै तलाका सांमु १६
सांमु भयेका खुड्कौलाहरु पनि नाप्यो अनि तिनको रिंगै फल्याक् लगाईयेका
थिये अनि भूइं देखि खिर्किहरु सम्म र खिर्किहरुको क्वेउकाउ सम्म जहां
तहां फल्याक् लगाईयेका थिये फेरि देलाको मांथिको ठांउ भित्रेघर् १७
सम्म र त्येस्को बाइर पनि र वरिपरिका सिंगै भित्ताको भित्र र बाइर पनि
नाप्यो त फल्याक् लगाईयेको थियो । अनि काठ्हरुमां करूब्हरु र १८
खजूर्का मुख्हरु दुइ दुइ करूब्हरुको बीच् बीच्मां येउटा येउटा खजूर्को
मुख् अनि करूब्हरुका दुइ दुइवटा मुख् भयेकागरि खोपीयेका थिये
येसोरि एक् एक् खजूर्को एका पट्टिको सांमु मान्छेको मुख् खोपीयेको १९
थियो अनि अर्को पट्टिको सांमु जुवान् सिंहको मुख खोपीयेको थियो
येस्ले घरको बनौरी सब्बे काठ्हरुमां चारै पट्टि बनाईयेका थिये । भूइं २०
देखि देलाको मांथि सम्म करूब्हरु र खजूर्का मुख्हरु खोपीयेका थिये
मन्दिरको भित्ता येस्ले बनौयेको थियो । मन्दिरका देलाहरुका सडार्हरु २१
चार्कुने थिये अनि पवित्रबास्को रूप् जस्ले थियो । बेदि काठको बनौयेको २२
थियो त्येस्को अलगेइं तीन् हात्को र लम्बि दुइ हात्को थियो अनि त्यो
कुइंने पर्येको थियो अनि त्येस्का सबै पटाई र आगला काठैका थिये .
अनि त्येस्ले मलाइ भन्यो यो चइं यहूवेको सांमुको मेज् हो । अनि २३

२४ मन्दिरका र पवित्रस्थानका दुइ दुइवटा देलाहरु थिये । अनि येउटा
येउटा देलोमां दुइ दुइवटा पल्ला थिये जुन्हरु खप्टीयेर उघारीद
२५ थिये । अनि मन्दिरका भित्ताहुंदो जस्ता जस्ता करूब्हरु र खजूरका
रुखहरु खोपीयेका थिये त्येस्ते त्येस्का देलाहरुमां पनि खोपीयेका थिये अनि
२६ दलान्को बाइर पट्टि काठका तुला तुला दलीम्हरु थिये । अनि
सिकुवाको दुवै तिर भिल्मिले खिर्किहरु राकुन् अनि खजूरका रुखहरु
खोपीयेका थिये अनि पवित्रबास्को बाइरेकोठाहरु अनि तुला तुला
दलीम्हरु पनि त्येस्ते बनीयेका थिये ॥

४२ १ तब त्येस्ले मलाइ बाइरेआघन्मां लग्येर उत्तर् तिर हिंड्नु
लाग्यो . अनि मलाइ ति कोठाहरु क्षेउ लग्यो जो अलग् ठांउ थियो अनि
२ घर् दुवैको बाइर तिनको उत्तर् पट्टि थियो । ति कोठाहरुका देला तिनको
उत्तरेकुनामां थिये जो सै हातका लांमा थिये अनि कोठाहरु पचास्
३ हातका गजौला थिये । ति कोठाहरुमां भित्रेआघन् बीस्हाते अन्तर् र
बाइरेआघन्को क्षाप्येको मझेरी दुवैको सांमु सांमु तीनै तलाका खुड्कीला
४ खुड्कीला पर्यका थिये । अनि ति कोठाहरुको सांमु भित्र पट्टि जांने
दस्हाते गजौलो बाटो रछ अनि हातभरिको अर्को पनि येउटा बाटो रछ
५ अनि ति कोठाहरुका देला उत्तर् पट्टि राकुन् । अनि माथिल्ला तलाहरु
ससांना थिये . अर्थात् खुड्कीलाहरुको कारणले तिनिहरु तल्ला र मझौले
६ कोठाहरु भन्दा सांना सांना थिये । कसोगरिभन्ये कोठाहरु तीन्तले थिये
अनि तिनका खांब्राहरु आघन्का जस्ताहरु थियेनन् . येस्कारण माथिल्ला
७ तलाहरु तल्ला र मझौलेकोठाहरु भन्दा ससांना थिये । अनि जुन् बार्
कोठाहरुको बाइर तिनिहरुको क्षेउमां बार्येको थियो अर्थात् कोठाहरुको
८ आघन् पट्टि थियो त्येस्को लम्बि पचास् हातको थियो । कसोगरिभन्ये
बाइरेआघनेकोठा पचास् हात् लांमो रछ . अनि मन्दिरको सांमुको कुंना
९ सै हातको रछ । अनि ति कोठामां जांने पूर्ब पट्टिको चइं बाटो तिनको
मुनि बाटो गयेको रछ अनि त्येह बाटो बाड़ो बाइरेआघन् बाटो हिंड्ने
१० बाटो रछ । आघन्को बार् कोठाहरुको गज्को सांमु अर्थात् तिनिहरुको
पूर्ब तिर थियो अनि कोठाहरु आफै अलग् ठांउ र घर् दुवैको सांमु रछ ।
११ अनि ति कोठाहरुको सांमु पट्टिको बाटो ति उत्तरेकोठाको बाटोको रूप्
जस्तो थियो अर्थात् तिनिहरुको लम्बि र गज् बराबर् थिये . अनि तिनिहरु
देखि निक्लंने सबै ठांउ तिनिहरुका ढंग र तिनिहरुका देला जस्ते थिये ।
१२ त्येस्ते दक्खिनेकोठाका देलाहरु पनि थिये अनि त्येस्ते तिनमां जांने
बारीयेको बाटोको जो पूर्ब तिर थियो त्येस्को क्षेउमां पनि बाटो थियो ।
१३ फेरि त्येस्ले मलाइ भन्यो यि उत्तर् तिर र दक्खिन् तिरका कोठाहरु अलग्
ठांउको सांमु छन् ति पवित्र कोठा हुंछन् जुन्हरुमां यहूवेको क्षेउमां
आउंने पूजाहारीहरुले महापवित्र थोक् खांने गर्छन् तिनिहरुले यहां
महापवित्र थोक् र अन्नबलि र पापबलि र दोषबलि राख्छन् किनभन्ये

त्यो ठांउ पवित्र छ। जब जब पूजाहारीहरु भित्र जांछन् तब तब निक्लंने १४
बेलामां तिनिहरु पवित्रस्थान् देखि बाइरेआंगनमां त्यसै निस्कंदैनन्
अर्थात् तिनिहरुले पहिले आफ्ना सेवाका वस्त्र पवित्रस्थानमां राख्छन्
किनभन्ये ति पवित्र छन्. त्यसपछि तिनिहरु अरु लुगा लायेर साधारण
लोगको ठांउमां जांछन्॥

जब त्येस्ले भित्रेघर् नापि सक्यो तब त्येस्ले मंलाइ पूर्व तिर पर्ने १५
ढोकाको बाइर लग्येर बाइरको ठांउ चारै तिर नाप्नु लाग्यो। त्येस्ले पूर्व १६
पट्टि नाप्ने टांगोले नाप्यो त पांच् सै टांगो भयो। त्येस्ले उत्तर् पट्टि नाप्ने १७
टांगोले नाप्यो त पांच् सै टांगो भयो। त्येस्ले दक्खिन् पट्टि नाप्ने टांगोले १८
नाप्यो त पांच् सै टांगो भयो। त्येस्ले घुमि पच्छिउं पट्टि नाप्ने टांगोले १९
नाप्यो त पांच् सै टांगो भयो। येसैगरि त्येस्ले त्येस्का चारै पट्टि नाप्यो त २०
त्येस्का चारै पट्टि पांच् पांच् सै टांगो लम्बि र पांच् पांच् सै टांगो गज्को
येउटा भित्ता रछ जो पवित्र र अपवित्र अलग् अलग् राख्नुको लागि
बनीयेको रछ॥

त्यस् पछि त्येस्ले मंलाइ पूर्व तिर भयेको ढोका तिर लग्यो. ४३ १
तब मैले को देख्यें भन्ये इस्राएलको ईश्वर्को महिमा पूर्व दिशा पट्टि देखि २
आउंदै रछ. अनि उस्को शब्द धेरै पानीहरुको शब्द जस्तो रछ. अनि
पृथिवीमां उस्को महिमाको ज्योति चम्कंद रछ। अनि यो दर्शन् सहर् ३
नास् गर्नुलाइ आयेको बेलामां मैले पायेको दर्शन् जस्तो थियो फेरि यि
दुवै दर्शन् मैले कबार् महानदीको तीरमां पायेको दर्शन् जस्ता पनि थिये.
त मं घोप्टो पर्यें। तब यहुवेको महिमा पूर्व तिर मुख् हुंने ढोका बाटो ४
पवित्रबासमां पस्यो। अनि आत्माले मंलाइ भित्रिआंगनमां चढाइ लग्यो ५
तब वहां मैले को देख्यें भन्ये यहुवेको महिमा घरभरि भइ रह्येको रछ।
तब मैले घर् भित्र बाटो मं सित बात् मांदै गर्नेको सुन्यें. अनि येउटा ६
पुरुष् मं छेउ उभीयो। अनि त्येस्ले मंलाइ भन्यो ए मान्छेको छोरो मेरो
सिंहासनको ठांउ र मेरो गोड़ाका पैतालो राख्ने ठांउ जहां मं इस्राएल्को
बीचमां सदा बास् गरि रहंछु [त्यो येइ हो]. येस्कारण न ता इस्राएलका
जहान्ले व्यभिचार् गरि गरिकन आफ्ना अलगा अलगा ठांउमां गाड़िका
आफ्ना राजाहरुका मुर्दाहरुको बाटोले मेरो पवित्र नांउ फेरि फेरि अपवित्र
गराउन् अनि न ता तिनका राजाहरुले येसो गरुन् अघि ता तिनिहरुले ८
आफ्नु आफ्नु देला मेरो देला छेउ अनि आफ्नु देलाको सडार् मेरो
देलाको सडार् छेउ बनाउंद थिये अनि मेरो र तिनिहरुको बीचमां खालि
भित्ते मात्रै थियो अनि तिनिहरुले आफ्ना घिन्लाग्दा कामले मेरो
पवित्र नांउ अशुद्ध गर्द थिये. येस्कारण मैले तिनिहरुलाइ क्रोध् गरि
नष्ट पार्यें। त अब तिनिहरुले आफ्नु व्यभिचार् र आफ्ना राजाहरुका ९
मुर्दाहरु मेरो सांमु देखि दूर् गराउन् त्यस् पछि मं तिनिहरुको बीचमां
सदा बास् गर्नेछा॥

१० त ए मान्छेको छोरो तँले इस्राएलका जहान्लाइ यो घर् देखाएर
तिनिहरू खित येस्को बखान् गर् र तिनिहरू आफ्ना अधर्म्मका काम् देखि
११ लजाउन् अनि तिनिहरूले त्यो नपना नाप्नुन्। अनि तिनिहरू आफ्ना सबै
कुकर्म्म देखि लजाये भन्ये देखि तिनिहरूलाइ येस् पवित्रबास्को रूप् र
अनुवार् र येस्को भित्र बाहिर आउने जाने बाटाहरू र येस्को सबै अनुवार्
र बिधि र नियम् प्रगटो गर् अनि तिनिहरूको सांमु लेखि पनि राख्। र
तिनिहरूले येस्का सबै बिधिहरूको सम्झना गरि गरिकन ति अनुसार् काम्
१२ गरून्। पवित्रबास्को नियम् येइ हो। अर्थात् डांड़ाको थाप्लिमां तोक्को
जति जग्गा छ त्यो महापवित्र हुंछ। हेर पवित्रबास्को नियम् येइ हो॥
१३ अनि येस्तो हात्को लेखाले जो साधारण् हातले चचार् अवंल
बेसि होउन् ति अनुसार् बेदिको नाप् हवस्। अर्थात् त्येस्को अल्गेइं
हातभरिको अनि आधार्को गज् पनि त्येस्तै हातभरिको हवस् अनि
त्येस्का चारै तिरको पारि चार् अवंल गजौलो हवस्। बेदिको रूप् येस्तै
१४ हवस्। अनि त्यो भूंइमां राखीयेको आधार् देखि तल्लो चौकिको मांथि
सम्म दुइ हात् अल्गो रहोस् अनि त्येस्को गज् हातभरिको हवस् अनि
सांनु चइं चौकि देखि ठुलो चौकि मांथि सम्म चार् हात् अल्गो
१५ हवस् अनि त्येस्को पनि गज् हातभरिकै हवस्। अनि माथिल्लो चइं बेदि
चार् हात् अल्गो हवस् अनि खरानि झर्ने ठांउ देखि ऊंभो तिर चार्वटा
१६ सींग् निकल्येका होउन्। अनि खरानि झर्ने ठांउ चारकुने अर्थात् बारह्
१७ हात् लांमो बारह् हात् गजौलो हवस्। अनि तल्लो चइं चौकि चौदह्
हात् लांमो चौदह् हात गजौलो हवस् अनि त्येस्का चारै तिरको पटाई
आधा हात् अल्गो हवस् अनि बेदिको आधार् चारै तिर त्यो देखि
हातभरि निकल्येको हवस् अनि बेदिका चढ़ने खुड़कीलाहरू त्येस्को पूर्व
तिर होउन्॥
१८ फेरि त्येस्ले मंलाइ भन्यो ए मान्छेको छोरो प्रभु यहूवेले भन्द छ।
जस् दिन् होमबलि चढ़ाउंनु र रगत् छर्कनुको लागि बेदि बनाइंछ त्येस्
१९ दिन्को लागि यि बिधिहरू होउन्। लेवी पूजाहारीहरू जो सादोकबंशी
छन् अनि मेरो सेवा गर्नुको लागि मं कुछ आउंनेहरू छन् तिनिहरूलाइ तँले
२० पापबलिको लागि येउटा बाच्छा दे प्रभु यहूवेको येइ बाणी छ। तब तँले
त्येस्को रगत्मांको लियेर बेदिका चारै सींगहरू र चौकिका चारै कुना र
चारै तिरका पाटामां लगाइ दे। येमोरि बेदिको लागि प्रायश्चित्त गर्येर
२१ त्येस्लाइ पवित्र गर्नु। तब तँले पापबलिको बाच्छा ल्याएर पवित्रबास्को
पवित्रस्यान्को बाहिर लग्येर येइ कामको लागि खटायेको ठांउमां डढ़ाइ
२२ दिनु। अनि तँले भोलिपल्टो येउटा निष्खोट् बाख्रा पापबलिगरि चढ़ाउंनु
अनि बाच्छाको बाटोले पवित्र गरीयेको झैं बेदि पनि पवित्र गर्नु।
२३ तँले त्यो पवित्र गरि सक्यो पछि येउटा निष्खोट् बाच्छा र येउटा निष्खोट्
२४ भुमा चढ़ा। जब तँले तिनलाइ यहूवेको सांमु ल्याउंछस् तब पूजाहारीहरूले

ति मांथि नुन् हालिकन तिनलाइ यहूवेको लागि होम्बलि गरि चढ़ाउन्।
तैंले पाप्बलिको लागि दिन् दिन् ऐउटा बाख्रा तियार् पार्. अनि २५
निष्खोट् बाच्छा र भेंड़ाबाख्रामांको निष्खोट् थुमा पनि तियार् पारीउन्।
पूजाहारीहरुले सात् दिन् सम्म बेदिको लागि प्रायश्चित्त गर्थेर त्यो पवित्र २६
गर्दै रहुन् थेसैगरि त्यो स्थापित् गर्दै रहंनु। अनि जब ति दिन् पूरा हुंकुन् २७
तब आठौं दिनमां अनि त्येस् पछि पनि पूजाहारीहरुले तिमिहरुका
होम्बलि र मेल्बलि बेदिमां चढ़ाउंने गरुन् तब मं तिमिहरु देखि खुशि
हुंकु प्रभु यहूवेको थेइ बाणी छ॥

फेरि त्येस्ले मंलाइ पवित्रबास्को पूर्व तिर देलो भयेको बाइरे ४४ १
ढोका केउ फर्काइ लग्यो त त्यो थुनीयेको रछ। तब यहूवेले मंलाइ भन्यो २
यो ढोका थुनीइ रहोस् अनि न खोलीओस् र त्येता बाटो कोई भित्र पस्नु
न पावस् किनभन्थे मं इस्राएल्को ईश्वर् यहूवे थेइ बाटो बाड़ो आयें
थेस्कारण् यो थुनीइ रहोस्। अं मालिक् चइं ता मालिक् भयेको कारणले ३
मेरो सांमु खांनुलाइ थेस् ढोका बाटो पस्ने गरोस् त्यो थेस् ढोकाको
सिकुवा बाटो भित्र पसोस् अनि त्येतै बाटो निक्लि पनि जावस् भनि। फेरि ४
त्येस्ले मंलाइ उत्तरेढोकाको केउ बाटो पवित्रबास्को सांमु सम्म लग्यो अनि
हेर्थेर मैंले को देखें भन्थे यहूवेको महिमाले यहूवेको घर् भयेको रछ.
त मं घोप्टो पर्थें। तब यहूवेले मंलाइ भन्यो ए मान्छेको छोरो ध्यान ५
लगायेर आफ्ना आंखाले हेर् अनि मं तंलाइ यहूवेको पवित्रबास्का
सबै बिधि र नियम्हरुको बिषयमां जे जे भन्द छु ति सबै आफ्ना कानले
सुन् अनि पवित्रबास्को गौंड़ा र पवित्रस्थानका सबै निक्लंने ठांउमां पनि
हेर्। अनि तैंले ति झगरे अर्थात् इस्राएल्का जहानलाइ भन् प्रभु ६
यहूवेले थेसो भन्द छ. हे इस्राएल्का जहान् हो तिमिहरुका सबै घिन्लाग्दा
काम्हरु धेरै भये त्यो थेइ हो जब तिमिहरुले मेरो खांने थोक् अर्थात् ७
बोसो र रगत् चढ़ाउंद थियौ तब तिमिहरुले तन् मन् दुवै बिखत्ने भयेका
अन्यदेसीहरुलाइ मेरो पवित्रस्थानमां आउंनु र मेरो पवित्रबास् अपवित्र
गर्नुलाइ ल्याउंद थियौ अनि तिनिहरुले मेरो तिमिहरु सित बांध्येको
बिधि भङ्ग गर्थे जसो गर्थेकोले तिमिहरुका सबै घिन्लाग्दा काम्
बेसि बेसि भये। अनि तिमिहरु आफैले चइं मेरा पवित्र थोक्को रक्षे ८
गर्थोन. तर मेरो पवित्रस्थानमां मेरा थोक्हरुको रक्षे गर्न तिमिहरुको
इच्छे अनुसारको ठहरावट् गर्थो। प्रभु यहूवेले थेसो भन्द छ इस्राएलबंशी- ९
हरुको बीचमां रहंने जत्ति तन् मनका बिखत्ने अन्यदेखि छुन्
तिनिहरुमांको कोई मेरो पवित्रस्थानमां आउंनु न पावस्। फेरि इस्राएल् १०
मंलाइ छोड़ि आफ्ना मूर्त्तिहरु पछि भर्मौंदै जांदा लेव्रीहरु मं देखि पर
सरि गयेका थिये तिनिहरुले आफ्नु अधर्म्म बोक्छन्। तैपनि मेरो ११
पवित्रस्थानमां टहलुवा भइ पवित्रबास्का ढोकाहरुको पहराचौकि र
पवित्रबास्का टहलुवा रहुन्. लोगको लागि होम्बलि र मेल्बलिका पशु

तिनिहरुलेनै मांसुन् अनि तिनको सेवाको लागि तिनिहरुनै तिनिहरुको
१२ सांसु उभीई रहुन्। तिनिहरु इस्राएलका जहानका मूर्त्तिहरुको सांसु
तिनको सेवा गर्दा गर्दा तिनिहरुले ठोकर् खांने कारण् र अधर्म्ममां
फांसीने कारण् भइ गयेका थिये येस्कारण् मैले तिनिहरुको विषयमां
तिनिहरुले आफ्ना अधर्म्म बोकुन् भनि किरिया खायेको थियें प्रभु यहवेको
१३ येइ बाणी छ। त तिनिहरुले मेरो नजिक् आयेर न ता मेरो लागि
पूजाहारीको काम् गरुन् अनि न मेरो कुनै पवित्र थोक् अर्थात् कुनै महा
पवित्र थोक् छुनु पाउन्. येसोरि तिनिहरुले आफ्नु लाज् र तिनिहरुले
१४ गर्यका घिन्लाग्दा कामको भार् बोक्दै रहुन्। तैपनि मं तिनिहरुलाइ
पवित्रवासको रक्षे गर्ने खटाउंछु अनि तिनमां सेवाका जत्ति काम् हुंछन्
अं ज्ये ज्ये गर्नु पर्छ ति गर्ने तिनिहरुनै हुंछन्॥

१५ तर लेवी पूजाहारीमांका सादोक्वंशीहरुले इस्राएलवंशीहरु मं देखि
हराइ गयेको बेलामां पनि मेरो पवित्रवासको रक्षे गर्यं येस्कारण् तिनिहरु
चइं ता मेरो सेवा गर्नुको लागि मेरो नजिक् आउंने गरुन् अनि मेरो
लागि बोसो र रगत चढ्याउंनुको लागि मेरो सांसु उभीई रहुन् प्रभु
१६ यहवेको येइ बाणी छ. मेरो पवित्रस्थानमां तिनिहरुनै आउंने गरुन् अनि
मेरो मेजको कोउमां मेरो सेवा गर्नुको लागि तिनिहरुनै नजिक् आउन्
१७ अनि मेरा थोकको रक्षे तिनिहरुलेनै गरुन्। अनि जब तिनिहरु भित्रे-
आंगनका ढोकाहरु देखि जांनु लागनन् तब येसो हवस् पाटकपराका लुगा
लायेर जाउन् अनि जब तिनिहरु भित्रेआंगनका ढोकामां कि त्यो देखि
१८ भित्र सेवा गर्दा हुंनन् तब कोइ ऊणी लुगा लायेका न होउन्। तिनिहरुले
शिरमां ऊणी राम्रा राम्रा टोपीहरु लाउंने गरुन् अनि कम्मरमां पाटकपराका
जांघीया लगाउन् पसीना आउंने लुगा तिनिहरुले कम्मरमां न बांधुन्।
१९ अनि जब तिनिहरु बाहिरेआंगनमां लोग् थांइ आउंनन् तब तिनिहरुले
सेवा गर्दाखेरि लायेका लुगाहरु काढि पवित्र कोठामां राखि अर्को लुगा
२० लगाउन् र लोग् तिनिहरुका लुगाहरुको कारणले पवित्र न होउन्। अनि
तिनिहरुले न ता केस् मुड्याउन् अनि न केस् लांमा हुंनु दिउन् खालि आफ्ना
२१ केस् मुठामन् मांत्रे। अनि भित्रेआंगनमां जांने बेलामां कुनै पूजाहारीले
२२ दाखमद्य न खायस्। अनि न तिनिहरुले विधुवी कि छोड्यैको आइमाइलाइ
ब्याहा गरुन्. खालि इस्राएलका जहानको कन्यकेटी कि पूजाहारीकी
२३ विधुवी आइमाइलाइ मांत्रे ब्याहा गरुन्। अनि तिनिहरुले मेरो प्रजालाइ
पवित्र अपवित्रको भेद् सिकाउंने गरुन् अनि शुद्ध अशुद्धको अन्तर्
२४ देखाउंने गरुन्। अनि जब जब कोई मान्छे हुंछ तब तब निया गर्नुलाइ
तिनिहरुनै बस्ने गरुन्. अनि मेरा नियाबचन् अनुसार् तिनिहरुले तिनको
निया गरुन्. अनि मेरा सबै ठहराईयेका चाडहरुको विषयमां तिनिहरुले
मेरा व्यवस्थाहरु र विधिहरु मानुन् अनि मेरा विश्राम् दिन् पवित्र मानुन्।
२५ अनि तिनिहरु कोई मान्छेको मुर्दा छेउ गयेर अशुद्ध न होउन्. खालि

आंमा बाधु छोरा छोरी र ब्याहा न भयेकी बैंनीको कारणले मांत्रै तिनिहरु
अशुद्ध हुंनु सक्दैन । अनि जब तिनिहरु फेरि शुद्ध होइ जांछन् २६
तब देखि तिनिहरुको लागि सात् दिन् गनीउन् । अनि जस् दिन् २७
तिनिहरु पवित्रस्थान् अर्थात् भित्रेआंगनमां सेवा गर्नुको लागि भित्र
जानन् त्यस् दिन् तिनिहरुले आफ्नु लागि पेउटा पापबलिदान् चढ़ाउन्
प्रभु यहवेको येइ बाणी छ । अनि तिनिहरु आफैंचइंको एक् निज् २८
भाग् हुंछ अर्थात् तिनिहरुको भाग् मंनै हुं . इस्राएलमां तिमिहरुले
तिनिहरुलाइ तिनिहरुको अधिकार् न दिंनु किनभन्ये तिनिहरुको
अधिकार् मंनै छु । तिनिहरुले अन्नबलि पापबलि र दोषबलि खांने गरुन् २९
अनि इस्राएलमां जे जे भाकल गरीयेका थोक् छन् ति तिनिहरुलेनै
पाउंने गरुन् । अनि सबै प्रकारका अगौटेफलमांको पहिलो फल् र ३०
तिमिहरुका सबै प्रकारका हल्लाईंने भेटि पनि पूजाहारीहरुले पाउंने
गरुन् . अनि खस्रो पीठोको पहिले मुछेका पीठोहरु पनि पूजाहारीलाइ
दिंने गर्नु र तिमिहरुको घरमां आशीष् आउंने गरोस् । पूजाहारीहरुले ३१
पंषीको हवस् कि पशुको हवस् आफै मंर्यको कि फहराइ मारीयेकोको
मांसु न खाउन् ॥ ✓

अनि जब तिमिहरुले चिट्ठा लगायेर देस् बांड़ौला तब त्येस्मां ४५ १
एक् भाग् पवित्र जानिकन निस्से हल्लाईंने भेटिगरि यहवेको लागि
चढ़ाउंनु . त्येस् भागको लम्बि पचीस् हजार् टांगोको अनि गज् दस् हजार्
टांगोको हवस् त्यो चइं भाग् त्येका चारै तिरका सिमाना समेत् पवित्र
हवस् । त्येस्मांको पांच् सै टांगो लम्बि पांच् सै टांगो गज् चारकुंने जग्गा २
पवित्रस्थानको लागि अलग् गर्नु अनि त्येका वरिपरि पचास् पचास् हात्
गजीलो जग्गा त्येसै रहि रहोस् । त तिमिहरुले पचीस् हजार् टांगो लम्बि ३
र दस् हजार् टांगो गजको जग्गा नापनु . अनि त्येसैमां पवित्रस्थान् पनि
हवस् जो महापवित्रस्थान् हुंछ । देस् देखि त्यो चइं पवित्र भाग् हवस् ४
त त्यो भाग् पवित्रस्थानको सेवा गर्ने र यहवेको सेवा गर्नुलाइ नजिक्
आउंने पूजाहारीहरुको हवस् अर्थात् तिमिहरुका घरहरुको लागि ठांउ र
पवित्रस्थानको लागि पवित्रठांउ हवस् । अनि पचीस् हजार् टांगो लम्बि ५
र दस् हजार् टांगो गजको अरु पेउटा भाग् पवित्रबासको सेवा गर्ने
लेवीहरुको लागि हवस् तिनिहरुको अधिकारगरि बीस् कोठाको लागि
पाउन् । फेरि पवित्र गर्यको भागको हल्लाईंने भेटिको छेउमां पांच् हजार् ६
टांगो लम्बिको पेउटा फाल्टु जग्गा सहरको लागि तिमिहरुले अलग्
गर्नु . त्यो इस्राएलका सबै जहानको लागि हवस् । अनि मालिकको चइं ७
भाग् पवित्र हल्लाईंने भेटिको चइं भाग् र सहरको फाल्टु जग्गा यि
दुवैका दुवै पट्टि अर्थात् दुवैको पच्छिउं र पूर्व दिशामां दुवै भागको सांमु
सांमु होउन् . अनि त्येको लम्बि पूर्व देखि पच्छिउं सम्म ति दुइमांको
कुने पेउटाको बराबर् हवस् । इस्राएलको देसमां मालिकको येइ चइं भाग् ८

हवस् र मैंले खटायेका मालिक्हरुले मेरो प्रजा मांथि फेरि फेरि मिचेईं न गरुन् तर तिनिहरुले इस्राएल्का जहान्हरुलाइ तिनका कुल् कुल् अनुसार् देस् दिउन्॥

९ प्रभु यहूवेले येसो भन्द छ. हे इस्राएल्का मालिक्हरु हो धेर् भयो. उपद्रेईं र मिचेईं पर सार अनि निया र धर्म्मको कर्म्म गर्ने गर अनि मेरा प्रजालाइ तिनको किपट् देखि निकालि दिंनु छोड़ि देव प्रभु यहूवेको
१० येइ बाणी छ। तिमिहरुका धर्म्मको तुलो र धर्म्मको एपा र धर्म्मको बत्
११ रहुन्। एपा र बत् दुवै एकै नापका होउन् एपा होमेर्को दसौं अंश हवस् अनि बत् होमेर्को दसौं अंश हवस्. दुवैको नाप् होमेरैको लेखाले
१२ हवस्। अनि शेकेल् चइं बीस् गेराको हवस् तिमिहरुका माने बीस् कि
१३ पचीस् कि पन्द्रह शेकेल्को हवस्। तिमिहरुको हल्लाईंने भेटि येइ हवस्
१४ अर्थात् गहूं र जउको एक एक् होमेर्मांको एपाको छैठो अंश. अनि तेल्को खटन् भयेको अंश एक् एक् कोर्मांको बत्को दसौं अंश हवस्. दस् बत् र एक् होमेर् बराबर् छ कसोगरिभन्ये दस् बत् र होमेर् भरि
१५ एकै बत् हो. अनि इस्राएल्का खर्कका अस्सल् अस्सल् दुइ दुइ से भेंड़ाबाख्राहरुमांको येउटा पाठा दिईओस् अन्नबलि र होमबलि र मिलाप्-बलिहरुको लागि लोगको लागि प्रायश्चित्त गर्नुलाइ प्रभु यहूवेको येइ
१६ बाणी छ। इस्राएल्को मालिक्को लागि देस्का सबै लोगले यो हल्लाईंने
१७ भेटिको लागि दिंउन्। त चाड्हरु र दुतियाका दिन् र विश्रामदिन्हरु अं इस्राएल्का जहान्ले सबै ठहरायेका समयहरुमां होमबलि अन्नबलि र खन्याईबलि दिंने काम् मालिकैको काम् हवस्. इस्राएल्का जहान्को लागि प्रायश्चित्त गर्नुलाइ जो पापबलि अन्नबलि होमबलि र मिलापबलि चढ़ाईनन् ति चढ़ाउंने उइ हवस्॥

१८ प्रभु यहूवेले येसो भन्द छ. पहिलो महींनाको पहिलो तिथिमां
१९ तेंसे येउटा निष्खोट् बाच्छा ल्याएर पवित्रस्थानलाइ पवित्र गर्। अनि पूजाहारीले पापबलिको रगतमांको लिएर पवित्रवासको देलाका सङार् सङारमां र बेदिको चौकिका चारै कुनामां र भित्रेआंगनको ढोकाका
२० सङार् सङारमां लगावस्। फेरि उसै महींनाको सातौं तिथिमां पनि सबै भर्मीयेकाहरु र अजान्हरुको लागि त्येसैले गर्नु. येसैगरि पवित्रवासको
२१ लागि प्रायश्चित्त गर्नु। पहिलो महींनाको चौधौं तिथिमां तिमिहरुको निस्तार् चाड् हुंने गरोस् अनि त्यो सात् दिन् सम्म भइ रहोस् अखमीरे
२२ रोटी खाईओस्। अनि त्येस् दिन् मालिकले आफनु र सिंगे प्रजाको
२३ लागि येउटा बाच्छा पापबलिगरि चढ़ावस्। अनि त्येस् चाड्का सातै दिन् त्येस्ले यहूवेको लागि होमबलि चढ़ाउंने गरोस् अर्थात् दिन् दिन् सात् सातवटा निष्खोट् बाच्छा र सात् सातवटा निष्खोट् भुमा र ति बाहिक् दिन् दिन् येउटा येउटा बाख्रा पनि पापबलिगरि चढ़ावस्।
२४ अनि त्येस्ले बाच्छा र भुमा पिच्छे एपाभरि अन्नबलि र एपा पिच्छे हीन्

भरि तेल् पनि चढ़ावस्। सातौं महीनाको पन्ध्रौं तिथि देखि सात् दिन २५
सम्म अर्थात् चाड़का दिनमां त्येस्ले पापबलि होमबलि अन्नबलि र तेल्
येइ बिधि सित चढ़ाउंने गरोस्॥

प्रभु यहूवेले येसो भन्द छ. भित्रेआघनको ढोकाको पूर्व तिर ४६ १
पर्ने देला काम् चलने छवै दिन् भरि खुलीइ रहोस् तर बिश्रामको चइं
दिनमां उघारो रहोस् अनि दुतियाका दिनमां पनि उघारो रहोस्।
अनि मालिक् बाइर ढोकाको सिकुवाको बाटो बाड़ो आयेर ढोकाको २
एक् सडार् पट्टि उभीओस् अनि पूजाहारीले त्येस्को होमबलि र मिलापबलि
चढ़ावस् अनि त्येस्ले ढोकाको सडार् निर दण्डवत् गरोस् तहांदेखि त्यो
बाइर जावस् अनि ढोका सांझ् पर्नु भन्दा पहिलेइ देखि न खुलीओस्।
अनि देसका लोगले पनि बिश्रामको दिनमां र दुतियाको दिनमां त्येइ ३
ढोकाका देलामां यहूवेको सांमु दण्डवत् गरुन्। अनि जुन् होमबलि ४
मालिकले बिश्रामको दिनमां यहूवेको लागि चढ़ाउंनु ल्याउंछ त्यो छवटा
निषखोट् भेंड़ापाठा र येउटा निषखोट् घुमा हवस् अनि अन्नबलि ५
चइं यि होउन् अर्थात् घुमै पिच्छे एपाभरि अन्न अनि पाठा सित सकदोभरि
अनि एपा पिच्छे होनभरि तेल्। अनि दुतियाका दिनमां त्येस्ले येउटा ६
निषखोट् बाच्छा र छवटा भेंड़ापाठा र येउटा घुमा चढ़ाउंनु लावस् ति
सबै निषखोट् होउन्. अनि बाच्छा र घुमा दुवै सित त्येस्ले एक् एक् एपा ७
अन्नबलिगरि चढ़ाउंनु लावस् अनि पाठा सित सकदोभरि र एपा पिच्छे
होनभरि तेल्। अनि जब जब मालिक् पवित्रबास् भित्र जाला तब तब जुन् ८
ढोकाको सिकुवा बाड़ो त्यो पस्द छ त्येते बाड़ो निस्कि पनि जावस्। तर ९
जब ठहरायेका चाड़मां यहूवेको सांमु दण्डवत् गर्नुलाइ आउंनन् तब जो
उत्तरेढोका बाड़ो दण्डवत् गर्नुलाइ भित्र आउला त त्यो दक्खिनेढोका
बाड़ो बाइर निकलोस्. अनि जो दक्खिनेढोका बाड़ो भित्र आउला
त्यो उत्तरेढोका बाड़ो निकलोस्. अर्थात् जुन् ढोका बाड़ो भित्र
पस्द छ त्येइ बाटो बाड़ो न फर्कोस् आफनु सांमु बाड़ो निकलोस्। अनि १०
जब तिनिहरु भित्र जांनन् तब मालिक् चइं तिनको बीचमां भइकन
जावस् अनि जब तिनिहरु निकलनन् तब तिनिहरु र त्यो मिसीयेर
निकलुन्। अनि चाड़हरु र अरु अरु ठहरायेका समयहरुमांका अन्नबलि ११
बाच्छा पिच्छे एपाभरि र घुमा पिच्छे पनि एपाभरि हवस् अनि भेंड़ाका
पाठाहरु सित सकदोभरि र एपा पिच्छे होनभरि तेल्। फेरि जब १२
मालिकले होमबलि कि मिलापबलि मनमानिगरि यहूवेको लागि चढ़ाउंनु
खोजला तब जुन् ढोकाको देला पूर्व पट्टि छ त्यो त्येस्को लागि उघारीओस्
अनि त्येस्ले आफनु होमबलि कि मिलापबलि त्येसैगरि चढ़ावस् जसोगरि
बिश्रामदिनमां गर्नु पर्द छ. तब त्यो निकलि जावस् अनि त्यो निकलि गये
पछि त्यो ढोका घुनीओस्। अनि तैंले यहूवेको लागि पहिलो बर्षको १३
येउटा निषखोट् पाठा दिन दिन् होमबलिगरि चढ़ाउंने गर्नु. यो बिहान्

१४ बिहान् गरीश्रोस्। अनि बिहान् बिहान् त्यो सित येउटा अन्नबलि पनि
चढ़ाउंनु अर्थात् एपाको छैठो अंश अनि पिठो भिजाउंनुको[1] लागि हीनभरि
तेल्को तिहाई यहवेको लागि येस्ते अन्नबलि चढ़ाउंनु सदाको लागि नित्ये
१५ बिधि हवस्। येसोगरि पाठा अन्नबलि र तैल् नित्येको होमबलिगरि बिहान्
बिहान् चढ़ाईश्रोस्॥

१६ प्रभु यहवेले येसो भन्द छ. मालिक्ले कोइ जग्गा आफ्नु
छोरालाइ दियो भन्ये देखि त्यो त्येस्को हिस्सा भइ त्येस्का नाति पलांतिलाइ
पनि मिलोस् हिस्साको नियम् अनुसार् त्यो तिनिहरुको निज् धन् हवस्।
१७ तर त्येस्ले आफ्नु हिस्सामांको कोइ आफ्नु कसै कर्म्मचारीलाइ दियो
भन्ये देखि त्यो छुट्कारासको बर्ष सम्म त्येस्को रहोस् तर तब देखि चइं त्यो
मालिक्लाइ फर्काइ दिईश्रोस् अनि त्येस्को जो आफ्नु हिस्सा हुंछ त्यो ता
१८ त्येस्का छोराहरुलाइ दिईश्रोस्। अनि मालिक्ले प्रजाको कोई हिस्सा
मिचेईंगरि केलेइ न लेवस् त्येस्ले आफ्ना छोराहरुलाइ आफ्नै हिस्सा
मांको भाग् देवस्. होइनभन्ये ता मेरो लोग् आफ्नु निज् भाग् छोड़ि
छोड़ि छरपुट्ट होइ जांनन्॥

१९ तहांदेखि त्येस्ले मंलाइ ढोकाको एका छेउ पट्टिको देला बाड़ो
पूजाहारीहरुका ति पवित्र कोठाहरुमां लग्यो जस्का देलाहरु उत्तर् तिर
थिये. तब तहां मैले को देख्यें भन्ये पच्छिउं तिरको कुंनामां येउटा
२० ठांउ रछ। तब त्येस्ले मंलाइ भन्यो यो त्येइ ठांउ हो जहां पूजाहारीहरुले
दोषबलि र पापबलिको मांसु उसीन्छन् अनि अन्नबलि पकाउंछन् होइन
भन्ये ता तिनिहरुले ति बाइरेआंगनमां लैजांनु पर्ला र लोग् पवित्र
२१ ठहर्नन्। तब त्येस्ले मंलाइ बाइरेआंगनमां लग्येर त्येस् आंगनको चारै
पट्टि डुलायो तब मैले को देख्यें भन्ये आंगनको एक एक कुंनामां आंगन्
२२ रछ। अर्थात् आंगनका चारै कुंनामां चालीस् हात् लम्बि र तीस् हात्
२३ गज् भयेका आंगनहरु राछन् चार्कुंने आंगनहरुको नाप् एकै थियो। अनि
चारैको भित्र भित्र रिंगे लहरै कोइ बनीयेको थियो अनि चारै तिरका
२४ लहरको मुनि मुनि पकाउंने चुल्हा बनीयेका राछन्। तब त्येस्ले मंलाइ भन्यो
पवित्रबासका टहलुवाहरुले लोगका बलिदानहरु उसीन्ने ठांउ यिनै हुन्॥

४७ १ फेरि त्येस्ले मंलाइ पवित्रबासको देला तिर फर्काइ लग्यो तब मैले
को देख्यें भन्ये पवित्रबासको देलाको सहारको मुनि देखि पानीहरु फुटेर
पूर्व तिर बह जांदै राछन् किनभन्ये पवित्रबासको देला पूर्व दिशा तिर
रछ. अनि पानीहरु पवित्रबासको दाहींनो कुंनाको मुनि बाटो निकलि
२ बेदिको दक्खिन् तिर बाड़ो बहंद राछन्। तब त्येस्ले मंलाइ उत्तरको ढोका
बाड़ो बाइर पट्टि लग्यो तहांदेखि बाइर बाइर बाड़ो घुमायेर मंलाइ पूर्व
तिर भयेको देलाको बाइरेढोकाको छेउमां पुग्यायो. तब मैले तहां को देख्यें

[1] अथवा मुकुयाउंनु।

भन्ये त्येस् ढोकाको दक्खिन् पट्टि देखि पानीहरु उम्रि उम्रि निक्लंदै बहंद
राछन्। जब त्यो पुरुष् हात्मां नाप्ने डोरी लियेर पूर्ब तिर निक्ल्यो तब ३
त्येस्ले [पवित्रबास् देखि] हजार् हात् टाड़ो सम्म नाप्यो वहांदेखि मंलाइ
ति पानीहरु देखि पारि पट्टि लग्यो तब पानी गुलिगांठा गुलिगांठा सम्म
आयो। फेरि त्येस्ले अरु हजार् हात् सम्म नाप्येर मंलाइ पारि पट्टि लग्यो ४
तब पानी घुंड़ा घुंड़ा सम्म आयो। फेरि त्येस्ले अरु हजार् हात् सम्म नाप्येर
मंलाइ पारि पट्टि लग्यो तब पानी कम्मर् सम्म आयो। फेरि त्येस्ले अरु एक् ५
हजार् हात् सम्म नाप्यो तब येस्तो नदी भइ गयेको थियो जस् देखि मं
पारि जांनु सकींन. कसोगरिभन्ये पानी पौरंने माफिक्को गहीरो भइ
गयेको थियो अर्थात् येस्तो नदी भइ गयेको थियो जस्मां कोई जङार् तर्नु
सक्दैन थियो। तब त्येस्ले मंलाइ ए मान्छेको छोरो क्ये तैंले यो देखिस् ६
भनि सोध्यो. वहांदेखि त्येस्ले मंलाइ उठायेर नदीको तीर् सम्म पुऱ्यायो।
तब फर्क्येर मैंले क्ये देख्यें भन्ये नदीका दुवै तीर् तीर्मां धेरै रुख्हरु राछन्। ७
तब त्येस्ले मंलाइ भन्यो यि खोलाहरु पूर्ब देस् तिर बहंदै छन् त तिनिहरु ८
अराबामां जांछन् अनि समुन्द्रमां मिसींछन् वहांदेखि निक्ल्येका पानीहरु
जब समुन्द्रमां मिसींछन् तब यो पानी मीठो होइ जांछ। अनि येसो हुंछ ९
जहां जहां यि महानदीहरु बहंछन् तहां तहां धेर् धेर् फुल् पार्ने जीवात्हरु
जीउंदो होइ जांछन् अनि माच्छाहरु औधि हुंछन्. ति खोलाहरुको पानी
वहां पुग्येको कारण्ले त्येस् समुन्द्रको पानी मीठो होइ जांछ अनि जहां
जहां यो नदी पुग्छ वहां वहांका सबै थोक् जीउंछन्। अनि येसो हुंछ १०
त्येस् समुन्द्रको तीर्मां जलाहारीहरु उभींछन्. एन्गदी देखि ऐनेग्लैम् सम्म
जाल् टांग्ने ठांउ हुंछ फिंजाईंछन् अनि जलाहारीहरुले भांति भांतिका र
महासागर्का अनेक् अनेक् माच्छाहरु बिघ्नै धेरैगरि पाउंछन्। तर ११
छेउछाउका हीलो भयेका र खाड़िखोल्चाका पानीहरु ता मीठा हुंदैनन्
त्येस्ता ठांउहरु ता नुनीलानै रहंछन्। अनि येस् नदीका दुवै तीर् तीर्मां १२
अनेक् रकम्का फल् खांनु हुंनेका रुख्हरु उप्जंछन् जुन्हरुका न ता पात्
ओइल्हींछन् अनि न कैलेइ नफल्ने हुंछन् पवित्रस्थान् देखि निक्ल्येको
पानीको कारण्ले ति रुख्हरु देखि महींना महींना नया नया फल् फल्दै
रहंछन्. तिनका फल् खांने काम्मां अनि पात्हरु चइं बिसेक्को
लागि हुंछन्॥

प्रभु यह्वेले येसो भन्द छ. तिमिहरुले जुन् सिमाना भित्र १३
इस्राएल्का बारह् कुल्मां देस् भाग् भाग् हुंनुलाइ बांड़ौला त्यो येइ हो.
युसूफ्लाइ भाग्हरु पर्छन्। जुन् देस् दिंने किरिया मैंले तिमिहरुका १४
पित्रहरु सित हात् उठायेर खायेको थियें त्यो तिमिहरुले आपस्तमां बराबर्
बराबर्गरि बांड़नु. येसैगरि त्यो देस् तिमिहरुको निज् भाग् हवस्। त १५
देस्को सिमाना यो हवस्. अर्थात् उत्तर् तिरको सिमाना महासमुन्द्र देखि
डेत्लोन्को छेउ देखि सदाद्को पस्ने गौंड़ा सम्म हमात् बेरोता र १६

दमिश्क् र हमात्का सिमानाको बीचमां भयेका सिब्रैम् र हसर्हत्तीकोन् जो
१७ हौरान्को क्षेउमां छ । त त्यो सिमाना समुन्द्र देखि दमिश्कको सिमाना
क्षेउको हसरेनन् सम्म पुगोस् अनि त्येको उत्तर् हमात्को सिमाना रहोस् ।
१८ उत्तरको सिमाना येइ हुवस् । अनि हौरान् दमिश्क् र गिलाद् अनि
इस्राएलको देसको बीचमां यर्दन् पूर्वसिमाना रहोस् उत्तरको सिमाना देखि
१९ पूर्व पट्टि सम्म त्यो नाप्नु । पूर्वको सिमाना येइ हुवस् । अनि दक्खिनको
सिमाना तामार् देखि कादेशमां भयेको मरीबात् भन्ने खोल्चा सम्म
पुगोस् अनि त्यहां देखि [मिस्रको] खोल्चामां निकल्येर महासमुन्द्र सम्म
२० पुगोस् । दक्खिनको सिमाना येइ हुवस् । अनि पच्छिउंको सिमाना
दक्खिनको सिमाना देखि हमात्को पस्ने गौंड़ाको सांमु सम्मको महासमुन्द्र
२१ हुवस् । पच्छिउंको सिमाना येइ हुवस् । येइ देस् इस्राएलका कुल् कुल्
२२ अनुसार् येसोरि बांड्नु । अनि येसो हुंकु तिमिहरुले चिट्ठा हालिकन
आपस्तमां अनि जुन् जुन् पर्देसीहरुका बालबच्चा तिमिहरुमां जन्मनन्
तिनिहरुलाइ पनि बांड़ि दिनु तिनिहरु तिमिहरुको लेखि देसी इस्राएली-
हरु जस्त होउन् अनि तिमिहरुका कुलहरुको बीच् बीचमां भाग् पाउन् ।
२३ अर्थात् येसो हुंकु जुन् जुन् पर्देसी तिमिहरुका कुल् कुलको बीचमां बस्द
कुन् त्येसैको देसमां त्येसलाइ भाग् दिनु यहूवेको येइ बाणी छ ॥ ✓

४८ १ कुल् कुलका नांउ यि हुन् . उत्तरको सिमाना हेत्लोनको बाटो
क्षेउ देखि हमात्को पस्ने गौंड़ा सम्म गयो अनि दमिश्कको चइं हसरेनान्
देखि उत्तर तिर हमात् क्षेउ सम्म पुग्येको छ तिनिहरुका सिमाना पूर्व
२ पच्छिउं हुंकुन् दानलाइ एक् भाग् मिलोस् । अनि दान् देखि क्षोईयेर पूर्व
३ देखि पच्छिउं सम्म आशेरलाइ एक् भाग् मिलोस् । अनि आशेरको
सिमाना सित क्षोईयेर पूर्व देखि पच्छिउं सम्म नप्तालीलाइ एक् भाग्
४ मिलोस् । अनि नप्तालीको सिमाना सित क्षोईयेर पूर्व देखि पच्छिउं सम्म
५ मनश्शेलाइ एक् भाग् मिलोस् । अनि मनश्शेको सिमाना सित क्षोईयेर
६ पूर्व देखि पच्छिउं सम्म एप्रैमलाइ एक् भाग् मिलोस् । अनि एप्रैमको
सिमाना सित क्षोईयेर पूर्व देखि पच्छिउं सम्म रूबेनलाइ एक् भाग्
७ मिलोस् । अनि रूबेनको सिमाना सित क्षोईयेर पूर्व देखि पच्छिउं सम्म
यहूदालाइ एक् भाग् मिलोस् ॥

८ अनि यहूदा सित क्षोईयेर पूर्व देखि पच्छिउं सम्म त्यो तिमिहरुले
चढ़ाउंनु पर्ने हल्लाईंने भेटिगरिको भाग[1] हुवस् त्यो पचीस् हजार् टांगो
गज् र पूर्व देखि पच्छिउं सम्म येउटा [कोई कुलको] भाग् बराबर् लांमो
९ हुवस् अनि त्येको बीचमां पवित्रबास् हुवस् । त्येस् देखि जुन् हल्लाईंने
भेटि तिमिहरुले यहूवेको लागि चढ़ाउंनु पर्छ त्येको लम्बि पचीस् हजार्
१० टांगो र गज् दस् हजार् टांगोको हुवस् । अनि त्यो हल्लाईंने पवित्र भेटि

[1] अध्याय ४५, १-६ हेर ।

गरिको भाग् पूजाहारीहरुले पाउन् उत्तर् तिर पचीस् हजार् टांगो लांमो
पच्छिउं तिर दस् हजार् टांगो गज् र पूर्व तिर दस् हजार् टांगो गज् र
दक्खिन् तिर पचीस् हजार् टांगो लांमो हुन्छ् अनि त्येस्को बीचमां
यहवेको पवित्रस्थान् हुन्छ्। यो भाग् ति मेरा आज्ञा मान्दै रहंने अनि ११
इस्राएलवंशीहरु भर्मीदा पनि लेवीहरु झैं भर्मि न जांने सादोक्वंशी
पवित्र गरीयेका पूजाहारीहरुको भाग् हुन्छ्। त तिनिहरुको यो भाग् १२
देस्को हल्लाईंने भेटिगरिको भागमांको हल्लाईंने चईं भेटिभाग् अर्थात्
महापवित्र भाग् हुन्छ् अनि लेवीहरुको सिमाना सित क्वोईयेको हुन्छ्।
अनि पूजाहारीहरुको सिमाना सित क्वोईयेको लेवीहरुको भाग् हुन्छ् त्यो १३
पचीस् हजार् टांगो लांमो र दस् हजार् टांगो गज् हुन्छ्. त तिनिहरुको
भाग्को लम्ति पचीस् हजार् टांगोको र गज् दस् हजार् टांगाको हुन्छ्।
अनि तिनिहरुले त्येस्मांको न ता बेचुन् न अर्को जगा सित साटुन् अनि १४
न भूमिको अगौटेफल् कसैलाइ दिईग्रोस्. किनभन्ये त्यो यहवेको लागि
पवित्र क्व। अनि गज्को पचीस् हजार् टांगोमांको जुन् पांच् हजार् बांचि १५
रहंक्व त्यो सहर्को साधारण् भाग् भइ बास् र खर्कको काम्को लागि हुन्छ्
अनि सहर् त्येस्को मांझमां हुन्छ्। अनि त्येस्को नाप् यो हुन्छ् अर्थात् १६
उत्तर् तिर साढ़े चार् हजार् टांगो र दक्खिन् तिर साढ़े चार् हजार् टांगो
र पूर्व तिर साढ़े चार् हजार् टांगो र पच्छिउं तिर साढ़े चार् हजार् टांगो।
अनि सहर्का खर्कहरु होउन् त उत्तर् तिर अढ़ाई सै टांगो र दक्खिन् तिर १७
अढ़ाई सै टांगो र पूर्व तिर अढ़ाई सै टांगो र पच्छिउं तिर अढ़ाई सै
टांगोका होउन्। अनि पवित्र हल्लाईयेको भेटिगरिको भाग्को क्वेउको १८
लम्तिमांको जति टांगो क्व अर्थात् पूर्व र पच्छिउं दुवै तिर दस् दस् हजार्
टांगोभरि लम्तिको बांच्येको जगाको उपजनि सहरमां काम् गर्नेहरुले
खानुको लागि हुन्छ्। अनि इस्राएल्का सिंगै कुलमांका सहरमां काम् १९
गर्नेहरुले ति भागमां खेतिपाति गरुन्। येसोरि हल्लाईंने भेटिगरिका सबै २०
भाग् पचीस् हजार् टांगो लांमो र पचीस् हजार् टांगो गज्को हुन्छ्.
येसोरि तिमिहरुले पवित्र हल्लाईंने भेटिगरिको भाग् सहर्को लागि अलग्
गर्येको जगा समेत्गरि चारकुंने हुंक्व॥

अनि रहल् भाग् चईं मालिक्ले पाउन् अर्थात् पवित्र हल्लाईंने २१
भेटिगरिको भाग् र सहर्को लागि अलग् गर्येको जगा दुवैको दुवै तिर
अर्थात् तिनको पूर्व र पच्छिउं क्वेउको पचीस् पचीस् हजार् टांगोको
गज्को क्वेउ र भाग् भाग्को बीचमां पनि जुन् दुइ भाग् बांच्येका हुंक्वन्
ति मालिकका होउन्. अनि हल्लाईंने पवित्र भेटिगरिको भाग् पवित्रस्थान्
समेत् तिनको बीचमां हुन्छ्। अनि मालिक्को चईं भाग्को बीचमां २२
लेवीहरुको भाग् र सहर्को लागि अलग् गर्येको जगा होउन् अनि
मालिक्को भाग् यहूदा र बिन्यामीन्को सिमानामां हुन्छ्॥

अब रहल् कुलका भाग् कहींद क्वन्. पूर्व देखि पच्छिउं सम्म २३

२४ बिन्यामीन्लाइ एक् भाग् मिलोस्। अनि बिन्यामीन्को सिमाना सित
२५ छोईयेर पूर्ब देखि पच्छिउं सम्म शिमोन्लाइ एक् भाग् मिलोस्। अनि
शिमोन्को भाग् सित छोईयेर पूर्ब देखि पच्छिउं सम्म इस्साकार्लाइ एक्
२६ भाग् मिलोस्। अनि इस्साकार्को सिमाना सित छोईयेर पूर्ब देखि पच्छिउं
२७ सम्म जबूलून्लाइ एक् भाग् मिलोस्। अनि जबूलून्को सिमाना सित
२८ छोईयेर पूर्ब देखि पच्छिउं सम्म गाद्लाइ एक् भाग् मिलोस्। अनि गाद्को
सिमाना अर्थात् देस्को दक्खिन् सिमाना तामार् देखि कादेश्मां भयेको
मरीबात् भन्ये खोल्चा सम्म पुगोस् अनि त्यहां देखि [मिस्रको]
२९ खोल्चामां निक्ल्येर महासमुन्द्र सम्म पुगोस्। तिमिहरुले इस्राएलीहरुका
कुल्हरुलाइ चिट्ठा हालि हालिकन बांड़ि दिंनु पर्ने देस् येइ हो अनि एक्
एक् कुल्को भाग् यिनै हुन् प्रभु यह्वेको येइ बाणी छ॥
३० फेरि सहर्का गौंड़ा यि होउन् अर्थात् उत्तर् पट्टि त्येस्को लम्ति साढ़े
३१ चार् हजार् टांगोको हवस्. अनि सहर्का ढोकाहरुको नांउ इस्राएल्का
कुल् कुल्को नांउ राख्नु पर्छ उत्तर् तिरका तीन् ढोका होउन्. अर्थात्
३२ रूबेन्को ढोका यहूदाको ढोका र लेवीको ढोका. अनि पूर्ब तिर
साढ़े चार् हजार् टांगो लांमो होवस् अनि त्येस्मां पनि तीन् ढोका होउन्.
३३ यूसुफ्को ढोका बिन्यामीन्को ढोका र दान्को ढोका. अनि दक्खिन् पट्टि
पनि साढ़े चार् हजार् टांगो लांमो हवस् अनि त्येस्मां पनि तीन् ढोका
३४ होउन्. शिमोन्को ढोका इस्साकार्को ढोका र जबूलून्को ढोका. अनि
पच्छिउं पट्टि साढ़े चार् हजार् टांगो लांमो हवस् अनि त्येस्मां पनि तीन्
ढोका होउन्. गाद्को ढोका आशेर्को ढोका र नप्तालीको ढोका।
३५ सहर्का चारै पट्टिको घेरा अठारह् हजार् टांगो हवस्. अनि त्येस् दिन्
देखि सहर्को यो नांउ हवस् अर्थात् यह्वे त्यहां छ॥

दानिय्येल्को पोस्तक्॥

१ १ यहूदाको राजा यहोयाकीम्को राज्को तीस्रो बर्षमां बाबेल्को
राजा नबूकद्नेस्सर्ले यरूशलेम् मांथि आइ लाग्येर त्येस्लाइ घेर्‍यो।
२ तब प्रभुले यहूदाको राजा यहोयाकीम्लाइ र ईश्वर्को घर्का कत्ति
भांड़ाबर्तन्हरु त्येस्का हातमां पारि दियो. त त्येस्ले ति शिनार् देस्मां
आफ्नु देव्ताको मन्दिर्मां लग्यो. अनि त्येस्ले भांड़ाहरु आफ्नु
३ देव्ताको मन्दिर्को भंडार्मां राख्यो। अनि त्येस् राजाले आफ्नु
मेहेरीहरुको मालिक् अश्पनज्लाइ इस्राएल्बंशीहमांका राज्पुत्रहरु र

भारादार्हरुमांका कत्ति केटाहरुलाइ अर्थात् जुन जुन केटाहरु बिना ४
षोटका र राम्रा राम्रा र सबै प्रकारका बुद्धिमां सिपालु र ज्ञानमां पन्छा र
बिद्यमान् र राजमहलमां रहंने मार्फिकका हुंनन् अनि तिनिहरुलाइ
कसदीहरुको शास्त्र र भाषा सिकाइ दे भनि आज्ञा दियो। अनि राजाले ५
यो आज्ञा पनि दियो अर्थात् तिनिहरुलाइ मेरै भोजन् र मेरै पिउंने
दाखमद्यमांको दिन् दिन् खांनु पिउंनु दे. येसोरि तीन् बर्ष सम्म तिनको
पालनपोषण हुवस् त्येस् पछि तिनिहरु मेरो सांमु सामेल् गराईउन् भनि।
त त्येस्ता जुवान्हरुमां दानिय्येल् हनन्याह् मीशाएल् र अजर्याह् नांउ भयेका ६
यहूदाबंशीहरु पनि थिये। अनि मेहेरीहरुको मालिकले तिनिहरुको नांउ ७
फेरि दियो. अर्थात् त्येस्ले दानिय्येलको नांउ बेलतशस्सर् र हनन्याहको
शद्रक र मीशाएलको मेशेक् र अजर्याहको अबेदनगो राखि दियो। तर ८
दानिय्येलले आफ्नु मनमां बिचार् गर्यो मं राजाको भोजन् खाइकन र
त्येस्को पिउंने दाखमद्य पीइकन अपबित्र हुंदीन भनि. त त्येस्ले मेहेरीहरुको
मालिक् सित बिन्ति गर्यो मंलाइ अपबित्र हुंनु न दिंनु हुवस् भनि। अब ९
ईश्वरले मेहेरीहरुको मालिकको मनमां दानिय्येल मांथि अनुग्रह् र दया
उपजायेको थियो। तब मेहेरीहरुको मालिकले दानिय्यलले भन्यो मं १०
आफ्नु प्रभु राजा देखि डराउंद छु किनभन्ये तिमिहरुका खानापीनाको
खटन् तिनि आफैले खटाइ दियेका छन्. त तिनले तिमिहरुको मोहोंड़ा
तिमिहरुका साथीहरुको भन्दा ओरल्लेको देख्ने भन्ये देखि ता तिमिहरुको
कारणले राजाको पट्टि बाटो मेरो कपाल् काटौंने डर् हुंछ। तब दानिय्यलले ११
त्येस् मेहेरीहरुको मालिकले दानिय्येल् हनन्याह् मीशाएल् र अजर्याह्
मांथि खटायेको कारन्दारीलाइ फेरि भन्यो कृपागरि हांमि आफुका १२
दासहरुलाइ दस् दिन् सम्म खांनुको लागि साकपात् र पिउंने पानी
दिईउन् अनि येसोरि हांमिहरुको जांच् गरीओस्। अनि दस् दिन् पछि १३
हांमिहरुका मोहोंड़ा र राजाको भोजन् खांने जुवान्हरुका मोहोंड़ा
हेर्नु हुवस् वहांदेखि जस्तो आफुलाइ देखाहा पर्ई छ त्येस्ते बेहोरा आफ्ना
दासहरु सित गर्नु हुवस् भनि। तिनिहरुको यो बिन्ति त्येस्ले मान्यो १४
अनि दस् दिन् सम्म तिनिहरुको जांच् गर्दै रह्यो। त दस् दिन् पछि १५
तिनिहरुको मोहोंड़ा राजाको भोजन् खांने जुवान्हरुका मोहोंड़ा भन्दा
बेसि जाति र चिल्ला देखाहा पर्ये। येस्तो देख्दा त्येस् कारन्दारीले १६
तिनिहरुको लागि खटन् भयेको खांने पोक् र तिनिहरुको लागि खटन्
भयेको दाखमद्य दुवै उठायेर तिनिहरुलाइ साकपातने दिंनु लाग्यो। ईश्वरले १७
ति चार् जुवान्हरुलाइ सबै शास्त्र र सबै प्रकारका बिद्यमां बुद्धि र
सिपालुहुवाई दियो. अनि दानिय्येल चइं सबै प्रकारको दर्शन र सपनाको
अर्थ जान्ने पनि भयो। त जब जति दिनमां ति जुवान्हरुलाइ भित्र १८
ल्याउंनु भन्येर नबूकदनेस्सर् राजाले आज्ञा गर्यको थियो त्येति दिन्
बीत्ये पछि मेहेरीहरुको मालिकले तिनिहरुलाइ त्येस्को सांमु लग्यो।

१९ अनि राजाले तिनिहरु सित बातचीत् गर्नु लाग्यो अनि दानिय्येल् हनन्याह्
मीशाएल् र अजर्याह् बराबर् ति सबैहरुमांको कोई पनि पुग्येन. त
२० तिनिहरु राजाको सामेलमां रहंनु लाग्ये। अनि बुद्धि र चतुरेईंका जे जे
बिषयमां राजाले तिनिहरु सित सोधुद् थियो त्येस्ता बिषयमां तिनिहरु
राज्भरिका सबै जैसिहरु र मन्तर् गर्नेहरु भन्दा दसगुणा बेसि सिपालु
२१ ठहरौंद थिये। अनि दानिय्येल् चह्रं कुरू राजाको राज्को पहिलो बर्ष
सम्म जीइ रह्यो॥

२ १ नबूकदनेस्सर्ले आफ्नु राज्को दोस्रो बर्षमां सपना देख्यो जस्को
२ कारणले त्येस्को मन् ब्याकुल् भयो अं त्येस्लाइ फेरि नींद् आयेन। तब
राजाले जैसिहरुलाइ मन्तर् गर्नेहरुलाइ झांक्रिहरुलाइ र कसदीहरुलाइ
डाक र तिनिहरुले मेरो सपना कहि दिउन् भन्ये आज्ञा दियो। त
३ तिनिहरु आयेर राजाको सांमु सामेल् भये। तब राजाले तिनिहरुलाइ
भन्यो मैंले येउटा सपना देख्यें त मेरो मन् ब्याकुल् भयेको छ सपना
४ कसोगरि सम्झुं भनि। त कसदीहरुले राजालाइ अरामी भाषामां भन्ये हे
राजा आफु सदा जीइ रहंनु हुवस्. आफुका दासहरुलाइ सपना कहंनु
५ हुवस् त हांमिहरु त्येस्को अर्थ खोल्कौं। राजाले कसदीहरुलाइ उत्तर्
दिइ भन्यो यो कुरो मं देखि निकल्येको छ. त यो याहा पाइ राख
तिमिहरुले मंलाइ सपना त्येस्को अर्थ समेत कहि दियौन भन्ये देखि
तिमिहरु टुकरे टुकरा पारींछौ अनि तिमिहरुका घरहरु घुय्यान् तुल्याईंछन्।
६ तर तिमिहरुले सपना त्येस्को अर्थ समेत् कहि दियौ भन्ये देखि मं देखि
रकम् रकमका दान् र ठुलो ठुलो इनाम पाउंछौ. येस्कारण मंलाइ सपना
७ त्येस्को अर्थ समेत् कहि देउ भनि। तिनिहरुले दोस्रो खेप् भन्ये राजाले
आफुका दासहरुलाइ सपना कहंनु हुवस् त हांमिहरु त्येस्को अर्थ खोल्कौं।
८ राजाले उत्तर् दिइ भन्यो मं ठीकठिक् जान्द छु राजाको मुख् देखि आज्ञा
९ निकल्यो भन्येर तिमिहरु बेला लम्याउंनु खोजद छौ। तर तिमिहरुले मंलाइ
सपना कह्यौन भन्ये देखि तिमिहरुको लागि येउटा मांत्रे आज्ञा छ. किनभन्ये
तिमिहरुले बेला न फेरीउंज्याल् सम्मको लागि मेरो सांमु झूठो र खराब्
कुरा गर्ने रहंछौं भन्ये एक् मत् बांध्येका छौ होला. तर तिमिहरुले मंलाइ
पहिले मेरो सपना भनि देउ तब मं याहा पाउंला तिमिहरुले त्येस्को अर्थ
१० पनि बूझ्ने राछो भनि। कसदीहरुले राजालाइ भन्ये पृथिवीभरि येस्तो
कोई मान्छे छैन जस्ले महाराजाको मनको कुरो भन्न सकला अनि न येस्तो
राजा कि मालिक् कोलेइ भयो जस्ले येसोरि कसै जैसि कि मन्तर् गर्ने कि
११ कसदी मित येस्तो कुरो सोध्यो। अनि राजाले सोध्येको कुरो भारी कुरो छ
अनि जीवधारीहरु सङ्ग बास् न गर्ने देवताहरु बाहिक् अरु कोई छैन जस्ले
१२ महाराजालाइ यो कहि दिंनु सकला। यो सुन्येर राजाले झोंकीयेर र
अत्यधोर् क्रोधित् भयेर बाबेलका सबै पण्डितहरुलाइ नास् पार्ने आज्ञा
१३ दियो। जब यो आज्ञा निकल्यो अनि पण्डितहरु काटेनु आटेका थिये.

अनि मान्छेहरुले दानिय्येल र त्येका साथीहरु तिनिहरु पनि काटीउन् भन्येर खोजद थिये। येतिमां दानिय्यलले राजाका अठ्पहरीयाहरुको १४
मालिक् अर्योकलाइ जो बाबेलका पण्डितहरुलाइ काट्नुको लागि निस्केको थियो त्येलाइ विचार् गरिकन बुद्धि सित बिन्ति गऱ्यो अर्थात् त्यो १५
राजाले खटायेको मालिक् अर्योक्लाइ यो आज्ञा राजाको पट्टि बाटो येत्ति किटो किन निकल्यो भनि सोध्यो। जब अर्योक्ले येको भेद् दानिय्येललाइ भनि दियो। तब दानिय्येलले भित्र गयेर राजा सित बिन्ति गऱ्यो मेरो १६
लागि कोई समय् ठहराइ दिनु भयो भन्ये देखि ता मं महाराजाकन सपनाको अर्थ कहि दिने थियें भनि॥

तब दानिय्येलले आफ्नु घरमां गयेर आफ्ना साथी हनन्याह् मीशाएल् १७
र अजर्याहलाइ सब्बै समाचार् जनाइ भन्यो. येस् भेदका बिषयमां १८
स्वर्गको ईश्वरको दयाको लागि येसो भनिकन प्रार्थना गर हे ईश्वर् बाबेल् र सब्बै पण्डितहरु सङ दानिय्येल र त्येका साथीहरु पनि नऽ न पारोउन् भनि। त राति त्यो भेद् दानिय्येललाइ दर्शनको बाटोले खोलि दिईयो। १९
येस्मां दानिय्यलले स्वर्गको ईश्वरलाइ धन्यवाद् दियो। अं दानिय्येलले २०
येसो भनिकन भन्यो ईश्वरको नांउ सदा देखि सदा सम्म धन्यको हवस्. कसोगरिभन्ये बुद्धि र पराक्रम उसैके हुन्. अनि समय् र बेलाहरु उसैलेनै २१
फेर्फार् पार्ई छ अनि राजा राजाहरुलाइ अस्ताउंने र उठाउंने पनि उसैले गराउंद छ. बुद्धिमान्हरुलाइ बुद्धि र बूझकीहरुलाइ बूझ् पनि उसैले दिंद छ. उसैले गहीरा र गुप्ति कुराहरु पनि प्रगटो गर्द छ उसैले जान्द छ २२
अंधारोमां को को छ अनि उस्कां सदा उज्यालानै भइ रहंद छ। हे मेरा २३
पित्रहरुको ईश्वर् मं तपांइको धन्य मान्द छु अनि स्तुति गर्द छु किनभन्ये तपांइले मंलाइ बुद्धि र शक्ति दिनु भयो अनि जुन् भेद् खोलौनुको लागि हांमिहरुज तपांइ सित मांग्यका थियूं तपांइले मंलाइ ऐलेनै प्रगटो गरि दिनु भयो. अर्थात् तपांइले हांमिहरुलाइ राजाको कुरा जनाइ दिनु भयो भन्दै। त्येस पछि दानिय्येल राजाले बाबेलका पण्डितहरुलाइ नास् पार्नुलाइ २४
खटायेको अर्योक् पांइ भित्र गयो अं भित्र गयेर त्यस्ले त्यस्लाइ भन्यो बाबेलका पण्डितहरुलाइ नास् न पार्नु हवस्. मंलाइ राजाको सांमु भित्र लैजानु हवस् मं तिनको सपनाको अर्थ खोलि दिंछु॥

तब अर्योकले छिट्टो गरि दानिय्येललाइ भित्र राजाको सांमु लग्येर २५
रांजालाइ भन्यो मैंले यहूदी बन्धुवामांका येउटा पुरुषलाइ भेटायें जस्ले महाराजाकन सपनाको अर्थ कहि दिंछ भनि। राजाले दानिय्येललाइ जस्को २६
नांउ बेल्तशस्सर् पनि हो सोध्यो कि तंमां मैंले देख्येको सपना त्येको अर्थ समेत मंलाइ कहि दिने सामर्थ छ भनि। दानिय्येलले राजालाइ उत्तर् २७
दिइ भन्यो जुन् भेद् महाराजाले सोधनु हुंद छ महाराजाकन त्यो न ता पण्डितहरुले कहंनु सक्द छन् न मन्तर् गर्नेहरुले न जैसहरुले न अरु कुनै भाकिहरुले तर भेद् खोल्ने स्वर्गमा येउटा ईश्वर् छ त उसैले अन्तको २८

ग्निमां को को हुंछ भनि नबूकदनेस्सर् महाराजाकन जनाइ दिये छ। आफुको
२९ सपना र आफुले खाट्मां ढलकि ढलकि जे देखनु भयो त्यो येइ हो. हे राजा
खाट्मां ढलकि ढलकि पछि को को हुंछ होला भन्ने जे जे विचार् तपाईलाइ
आयेका थिये तब भेद् खोल्नेले आफुलाइ को को हुंछ भनि देखाइ दिये छ।
३० अं यो भेद् मंमां मं चइं अरु अरु सबै प्राणीहरु भन्दा बेसि बुद्धिमान् छु
भनि खोलीयो त्येसो होइन तर सपनाको अर्थ महाराजाकन देखाईओस्
अनि आफुले आफ्नु मनको विचार् बूझनु सकनु हुवस् भन्ने खातिर्ले
३१ खोलीयो। हे राजा जब आफुले हेर रहंनु भयेको थियो तब आफुले येउटा
ठुलो मूर्त्ति देखनु भयो। त्यो आफुको सांमु उभीइ रह्येको मूर्त्ति अल्गो र
ठुलो थियो अनि त्येको चमक् औधिको थियो अनि रूप् डरलाग्दो
३२ थियो। अनि त्येस् मूर्त्तिको सिर् चइं निखरा सुनको थियो त्येका छाती र
३३ बाहांहरु चांदीका त्येका पेट् र जाङ्घ पीतलका त्येका खुट्टा फलमका
३४ अनि त्येका गोड़ा अलि अलि फलमका अलि अलि मांटाका थिये। फेरि
हेर्दा हेर्दा आफुले को देखनु भयो भन्ने येउटा ढुंगाले कसैले न उप्काइकन
आफै लड़ि आयेर त्येस् फलम् र मांटोको गोड़ामां लाग्येर तिनलाइ चूर्
३५ चूर् पारि दियो। तब फलम् मांटो पीतल् चांदी र सुन् सबै चूर् चूर् भइ
गये अनि ग्रीष्मको फेरफार् हुंने बेलामां खला देखि उड़ने भूस् झैं
येस्तोगरि उड़ि गये तिनको कहीं पता रह्येन. तहांदखि त्यो मूर्त्तिमां
३६ लाग्ने ढुंगो ठुलो पहाड़ बनीयेर सिंगै पृथिवीमां भरीयो। सपना येस्तै
थियो अब हांमिहरु त्येको अर्थ महाराजाकन बुझाइ दिंद छौं।
३७ हे महाराजा आफु चइं ता महाराजाधिराज् हुंनु हुंद छ कसोगरिभन्ने
स्वर्गको ईश्वरले आफुलाइ राज् सामर्थ शक्ति र महिमा दियेको छ
३८ अनि जहां जहां मान्छेका सन्तान् पाईंद छन् त्यहां उस्ले आफुलाइ ति
सबैका प्रभु नियायेका छ अं बनका जीवाजन्तु र आकाशका पंछीहरु पनि
३९ आफुका ताबिमां पारि दियो. त्यो सुनको सिर् आफुने हुंनु हुंद छ। अनि
आफु पछि अलिक् घटिको अर्को येउटा राज् उदाउंछ फेरि अर्को येउटा
तेस्रो राज् पीतलको जस्तो राज हुंछ जस्ले सिंगै पृथिवी मांथि प्रभुतेई
४० गर्छ। अनि चौथो राज् फलम् जस्तो बलियो हुंछ. फलमले सबै थोक्
चूर् चूर् पार्ई छ अनि फलमले ति सबै पीन्द छ त्यसैगरि त्येले सबै थोक्
४१ चूर् चूर् पारि पीनछ। अनि आफुले मूर्त्तिका गोड़ा र तिनका औंला कोई
कोई कुमालेको लिस्याईलो मांटोका कोई कोई फलमका भयेका देखनु
भयो त्यो बांड़ीयेको राज् हुंछ. तैपनि त्यो फलम् जस्तो बलियो हुंछ
४२ आफुले मांटो सित फलम् मिसीयेको देख्येको झैं। अनि गोड़ाका
औंलाहरु कोई कोई फलमका कोई कोई मांटोका थिये यसोरि त्यो राज्
४३ कोई कोई ता बलियो कोई कोई छिनमां फुटि जांने जस्तो हुंछ। अनि
आफुले फलम् कुमालेको लिस्याईलो मांटो सित मिसीयेको देखनु भयो त्येस्
४४ राजका लोग् रहंनु ता मान्छेको बंश बड़ रहंछन्. तर फलम् लिस्याईलो

मांटो सित न मिसीयेर एक् न भयेको भैं ति दुइ पनि एक् मन्का हुंदैनन्
फेरि ति राजाहरुका दिनमां स्वर्गको ईश्वर्ले येउटा येस्तो राज् उदाउंछ
जस्को नास् कैले पनि हुंदैन अनि न त्यो कसै दोस्रो लोग्को हात्मां पारि
दिईंछ तर त्येस्ले ति सबै राजहरुलाइ चूर् चूर् पार्छ अनि तिनलाइ खाइ
हाल्छ अनि त्यो आफु चहुं जुगजुग सम्म रहंछ। येउटा कसैले न बनायेको ४५
अनि डांड़ा देखि उप्कि आयेको ढुंगा आफुले देखनु भयो अनि फलम्
पीतल् मांटो चांदी र सुन् चूर् चूर् पार्येको थियो. त्येसैगरि यहां ईश्वर्ले
महाराजाकन येस् पछि के के हुंछ भनि जनायेछ. त यो सपना सांचो छ
अनि त्येस्को अर्थमां कोइ सन्देह छैन। येति सुन्येर नबूकदनेस्सर् राजाले ४६
घोप्रो परि दानिय्येललाइ दण्डवत गर्यो वहांदेखि आज्ञा गर्यो येस्को लागि
भेटि चढ़ाव अनि येस्को सांमु धूप् पोल। अनि राजाले दानिय्येललाइ ४७
भन्यो साँचि साँचिनै तिमिहरुको ईश्वर् ईश्वरहरुको ईश्वर् अनि राजाहरुको
प्रभु र भेद् भेद् खोल्ने ईश्वर् रछ मैले यो कुरो तैंले यो कुरोको भेद् खोलनु
पायेकोले थाहा पायौ भनि। वहांदेखि राजाले दानिय्येल्को मान् बढ़ायो ४८
अनि त्येस्लाइ ठुलो ठुलो दान् दियो अनि यो सिंगै बाबेल् राज्मां मालिक्
र बाबेलका सब्बै पण्डितहरु मांथि मुखिया मालिक् हुंछ भन्ये आज्ञा
गर्यो। अनि दानिय्येल्ले बिन्ति गर्यमां राजाले शद्रक् मेशक् र ४९
अबेदनगोलाइ बाबेल् राज्का काम् काम् मांथिका कारन्दागीहरु खटाइ
दियो. तर दानिय्येल् आफु चहुं राजाको दरबारमां रहंने गर्‍यो थियो ॥

नबूकदनेस्सर् राजाले येउटा सुन्को मूर्त्ति बनायो जस्को अलगेइं ३ १
साठी हात्को र गज् छ हात्को थियो. अनि त्येस्ले त्यो बाबेलको दूरा
भन्ये मैदानमां उभ्यायो। वहांदेखि नबूकदनेस्सर् राजाले सेनापतिहरु र २
मालिकहरु र अधिपतिहरु र बिचारीहरु र भंडारिहरु र मंत्रीहरु र
शास्त्रीहरुलाइ र खुवा खुवाका सबै हुंकुमदारीहरुलाइ नबूकदनेस्सर् राजाले
उभ्यायेको मूर्त्तिको महिमागराईंको लागि निम्तो गर्यो। यो आज्ञा पायेर ३
सेनापतिहरु र मालिकहरु र अधिपतिहरु र बिचारीहरु र भंडारिहरु र
मंत्रिहरु र शास्त्रीहरु र खुवा खुवाका सबै हुंकुमदारीहरु नबूकदनेस्सर् राजाले
उभ्यायेको मूर्त्तिको महिमागराईंको लागि भेला भये अनि तिनिहरु
नबूकदनेस्सर्ले उभ्यायेको मूर्त्तिको सांमु उभीये। तब झ्यालो पीट्नेले ४
सारोगरि कराइ कराइकन भन्यो हे देसहरु र लोगहरु र भाषाहरु हो
जसै तिमिहरुले नर्सींगा बांसुली बीणा सारंगी सितार् ढोलकिहरु र सबै ५
प्रकारका बाजाहरुको सोर् सुन्छौ तब त्येत्तिनेखेर नबूकदनेस्सर् राजाले
उभ्यायेको सुन्को मूर्त्तिलाइ दण्डवत् गर. अनि जस्ले निउंयेर दण्डवत् ६
गरीईन त्यो त्यत्तिनेखेर दन्कोको आगोको भट्टीको बीचमां हालि दिईंछ
भनि। यो आज्ञा सुन्येको कारणले जसै सबै लोगले नर्सींगा बांसुली बीणा ७
सारंगी सितार् र सब् प्रकारका बाजाहरुको सोर् सुन्ये तब सबै लोग् र
देस् र भाषाहरुले निउंयेर नबूकदनेस्सर् राजाले उभ्यायेको सुन्को मूर्त्तिलाइ

८ दण्डवत् गर्‍ये। त्येस् बेला कत्ति जना कस्दीहरुले राजा कहाँ गयेर
९ यहूदीहरुको विषयमां चुकुलि लगाये। तिनिहरुले नबूकदनेस्सर् राजालाइ
१० भन्ये हे राजा आफु सदा जीइ रहंनु हवस्। हे राजा आफुले आज्ञा दिंनु भयेको छ मान्छेहरुले जब नर्सींगा बांसुली बीणा सारंगी सितार् ढोलकिहरु र सब् प्रकारका बाजाहरुको सोर् सुनछन् तब निउंर्‍यर येस्
११ सुनको मूर्त्तिलाइ दण्डवत् गरुन्. अनि जस्ले निउंरि दण्डवत् गरोईन त्यो दन्कोको आगोको भट्टीको बीचमां हालि दिईंछ भनि।
१२ त शद्रक् मेशक् र अबेदनगो नांउ भयेका कत्ति यहूदीहरु छन् जुन्हरुलाइ आफुले बाबेल् राज् मांथि कारन्दारीहरु खटाइ दिंनु भयेको छ ति पुरुषहरुले हे राजा आफुको आज्ञाको विषयमां केइ पनि धन्दा मान्दैनन्. तिनिहरुले आफुका देवताहरुको सेवा गर्दैनन् अनि आफुले उभ्याउंनु
१३ भयेको सुनको मूर्त्तिलाइ दण्डवत् गर्दैनन् भनि। यो सुन्दा नबूकदनेस्सर्ले रिसले बल्दै आज्ञा गर्‍यो शद्रक् मेशक् र अबेदनगोलाइ यहां ल्याव
१४ भनि। तब ति पुरुषहरु राजाको सांमु सामेल् गराईये। नबूकदनेस्सर्ले तिनिहरुलाइ सोध्यो ए शद्रक् मेशक् र अबेदनगो को तिमिहरुले मेरो देवताको सेवा गर्दैन अनि मैंले उभ्यायेको सुनको मूर्त्तिलाइ दण्डवत्
१५ गर्दैन को तिमिहरु जानि जानिकन यो गर्द छौ। तिमिहरु अब तियार् भइ नर्सींगा बांसुली बीणा सारंगी सितार् ढोलकिहरु सबै प्रकारका बाजाहरुका सोर् सुन्दा निउंर्‍यर मैंले बनायेको सुनको मूर्त्तिलाइ दण्डवत् गर्‍यौ भन्ये देखि बांच्छौ. तर दण्डवत् गर्‍यौन भन्ये देखि त्यौत्तिनैखेर दन्कोको आगोको भट्टीको बीचमां हालि दिईंछौ त कुन् येस्तो देवता छ
१६ जस्ले तिमिहरुलाइ मेरो हात् देखि बचाउंनु सक्ला भनि। तब शद्रक् मेशक् र अबेदनगोले राजालाइ उत्तर् दिइ भन्ये हे नबूकदनेस्सर् येस् विषयमां
१७ आफुलाइ उत्तर् दिंनु हांमिहरुलाइ केइ खांचो छैन। हांमिहरुको ईश्वर् जस्को सेवा हांमिहरु गर्द छौं उस्को इच्छ भयो भन्ये देखि हांमिहरुलाइ येस् दन्कोको आगोको भट्टी देखि बचाउंनु सक्छ अनि
१८ हे राजा उस्ले हांमिहरुलाइ आफुको हात् देखि पनि बचाउंछ। उस्को येस्तो इच्छे भयेन भन्ये पनि हे राजा हांमिहरु ता आफुका देवताको सेवा गर्दैन अनि न आफुले उभ्यायेको सुनको मूर्त्तिलाइ दण्डवत् गर्छौं। यो सुन्दा नबूकदनेस्सर् बलि उठ्यो अनि त्येस्को मोहोंड़ा शद्रक् मेशक् र अबेदनगो तिर फेरीयो. तहांदेखि त्येस्ले भट्टी सदाको बिधि भन्दा सात्
१९ गुणा बेसि दन्काउंनु भन्ये आज्ञा दियो। तहांदेखि आफ्ना पल्टनमांका कत्ति बल्लिया बल्लिया पुरुषहरुलाइ शद्रक् मेशक् र अबेदनगोलाइ बांधेर
२१ येस् दन्कोको आगोको भट्टीमां हालि देउ भनि अह्रायो। त ति पुरुषहरु तिनका दौरा सुरुवाल् पगरि र तिनका अरु अरु वस्त्रे समेत्
२२ बांधीयेर त्येस् दन्कोको आगोको भट्टीको बीचमां हालीये। त्यो भट्टी राजाको बल्लियो आज्ञा भयेको कारणले अघोरै दन्काईयेको थियो

येस्कारण् ति शद्रक् मेशक् र अबेदनगोलाइ बोकि लैजांनेहरु आगोको
जुवालाले भेटेकोले डढ़ि मर्ये। त शद्रक् मेशक् र अबेदनगो ति तीनै २३
जना येस् दन्कोको आगोको भट्टीको बीचमां बांधीयेका भइ पर्ये। येस् २४
पछि नबूकद्नेस्सर् राजाले उदेक् मान्यो अनि तसँदै उठि उभीयो.
वहांदेखि आफ्ना मंत्रिहरुलाइ सोध्नु लाग्यो के हांमिहरुले येस् आगोको
बीचमां खालि तीनै जनालाइ मांत्रै बांधेर हाल्यूंन। तिनिहरुले उत्तर् दिये
ज्यु महाराज्। त्येस्ले भन्यो मं चार् जनालाइ आगोको बीचमां फुक्योका २५
डुलि हिंड़िरका देखद् छु अनि तिनको कोइ पनि हानि न भयेको देखद्
छु अनि चौथो चइं पुरुषको रूप् कोई ईश्वर्को पुत्रको रूप् जस्तो छु।
तब नबूकद्नेस्सर्ले येस् दन्कोको आगोको भट्टीको देला छेउ गयेर २६
भन्यो हे शद्रक् मेशक् र अबेदनगो हे परम् ईश्वर्का सेवकहरु हो यहां
निस्कि आउ भनि। यो सुन्येर शद्रक् मेशक् र अबेदनगो आगोको
बीच् देखि निस्कि आये। जसै भेला भयेका सेनापतिहरुले र मालिक्हरु र २७
अधिपतिहरु र राजाका मंत्रीहरुले तिनिहरुलाइ हेर्ये त हेर तिनिहरुको
जीउमां आगोको चोट् पनि रैनछ अनि तिनको सिर्को येउटा केस् पनि
गुंग्रीयेको रैनछ न तिनका दौरा सुरुवाल्मां आगोको गन्ध पाईयो।
येस्तो देख्येर नबूकद्नेस्सर्ले भन्यो धन्नको हवस् शद्रक् मेशक् र २८
अबेदनगोको ईश्वर् जस्ले आफ्नु दूत् पठायेर आफ्ना यि सेवक्हरुलाइ
बचायो किनभन्ये तिनिहरुले राजाको आज्ञाको धन्दा न मानि उसै मांथि
भरोसा राख्ये अं हांमिहरु आफ्नु ईश्वर्लाइ कोंड़ कसै देव्ताको सेवा
गर्दैन न दण्डवत् गर्छौं भनि आफ्नु जीउ समेत् तर्पि दिये। त मं यो २९
आज्ञा दिंद छु लोग् देस् र भाषा जस्ले शद्रक् मेशक् र अबेदनगोको
ईश्वर्को कोइ पनि निन्दा गर्ला त्यो टुक्रै टुक्रा पारींछ अनि त्येस्को
घर् घुय्रान् तुल्याईंछ. किनभन्ये येसोरि बचाउंनु सक्ने अरु कुनै देव्ता
छैन भनि। वहांदेखि राजाले शद्रक् मेशक् र अबेदनगोलाइ बाबेल् ३०
राज्को कारन्दारीमां मान् बढ़ाइ दियो॥

सिंगै पृथिव्रीमां रहंने सबै लोग् र देस् र भाषालाइ नबूकद्नेस्सर् ४ १
राजाको सलाम् तिमिहरुलाइ मिलाप् बढ़ाइ दिईओस् परम् ईश्वर्ले २
मलाइ ज्ये ज्ये चिंनु र उदेक्का काम् देखायो ति सुनाउंनु मंजाइ जाति
लाग्यो। उस्ले देखायेका चिंनुहरु कत्ति ठुला अनि उस्ले देखायेका ३
उदेक्का काम् कत्ति शक्तिमान्. उस्को राज् सदाको राज् अनि उस्को
प्रभुत्वैं पुस्ता देखि पुस्ता सम्म बनीइ रहंद छ्न्॥

मं नबूकद्नेस्सर् आफ्नु महलमां चैन् सित र मगन् भइ रहंद ४
थियें। त मैंले येस्तो सपना देख्यें जस्को कारणले मं डरायें अनि खाट्मां
ढल्कि ढल्कि मेरो मनमां आयेको विचार् र मैंले देख्येका कुराको कारणले
मं व्याकुल् भयें। येस्कारण् मैंले बाबेलका सबै पण्डित्हरुलाइ मेरो ६
सपनाको अर्थ कहि दिनुको लागि मेरो सांमु गराईंने आज्ञा दियें। तब ७

जैसिहरु मन्तरतन्तर् गर्नेहरु र कसदीहरु र अरु अरु झांक्रिहरु भित्र आये. त मैले तिनलाइ आफ्नु सपना कह्यें तर तिनिहरुले त्येस्को अर्थ मलाइ
८ कहंनु सक्येनन् । तर अन्तमां दानिय्येल् मेरो सांमु आयो जस्को नांउ मेरो देवताको जस्तो बेल्तशस्सर् राखीयेको थियो अनि जस्मां पवित्र देवहरुको आत्मा रहंद छ. अनि मैले त्येस्लाइ येसो भनिकन आफ्नु सपना कह्यें
९ ए बेल्तशस्सर् तं सबै जैसिहरुको मालिक् होस् तंमां पवित्र देवहरुको आत्मा छ भनि मलाइ थाहा छ अनि तं कुनै भेदको कारणले घब्राउंदैनस् त जुन् सपना मैले देख्येको छु त्यो सपना त्येस्को अर्थ समेत् मलाइ कहि दे
१० भनि । त मैले खाट्मां ढल्कि ढल्कि देख्येका दर्शनहरु यि थिये. अर्थात् मैले को देख्यें भन्ये पृथिवीको बीचमां येउटा वृक्ष रछ जस्को अलगेइं औधिने
११ अलगो थियो । त्यो वृक्ष बढ्यो अनि बल्लियो भयो त्येस्को अलगेइं स्वर्ग सम्म
१२ पुग्यो अनि त्यो सिंगे पृथिवीको छेउ छेउ देखि पनि देखीयो । त्येस्का पात् राम्रा राम्रा थिये अनि त्येस्मां फल् बिन्ने औधि थिये यहां सम्म थिये त्येस्मां सबैको लागि आहारा थियो. त्येस्को छाहारीमां सबै पशुहरुले छाहारी पाउंद थिये अनि त्येस्का डालाहरुमां अकाशका पंषीहरु बास् बस्ने
१३ गर्द थिये अनि सबै जीवधारीहरुले त्यो देखि आहारा पाउंद थिये । मैले खाट्मां ढल्कि ढल्कि दर्शन् पायेको बेलामां को देख्यें भन्ये येउटा चियाइ
१४ हेर्ने र येउटा पवित्र जन् स्वर्गा देखि उत्रि आयो । त्येस्ले सारोगार करायेर येसो भन्यो त्यो वृक्ष ढाल् त्येस्का डालाहरु छांट् त्येस्का पातहरु झार् अनि त्येस्का फलहरु छरि दे. पशुहरु त्येस् मुनि देखि हटि जाउन् अनि पंषीहरु
१५ त्येस्का डालाहरु देखि । तैपनि त्येस्को टुटाचइंलाइ त्येस्को जरै समेत् भुंइमां छोड् अनि त्येस्लाइ फलम् र पीतलको बन्धनले बांधेर बनको हरीयो घांसको बीचमां रहंनु दे. त्यो अकाशको शीतले भिजोस् अनि भूइंको
१६ घांस् खानुमां बनका पशुहरु सह भागी हवस्. त्येस्को मन फेरीयोस् अनि मान्छेको मन न रहोस् पशुको जस्तोने होइ जावस. अनि त्येस् मांथि सात् समय् बिति जाउन् । यो नियाबचन् चियाइ हेर्नेहरुको बिचारले र यो कुरो पवित्र जनहरुको बचनले निकल्यो. अनि जीउंनेहरुले चइं परम्
१७ ईश्वरले मान्छेहरुमां प्रभुतेइं गर्द रछ अनि त्यो जस्लाइ मन पर्छ त्येस्लाइ दिहाल्द रछ अनि उस्लाइ मन पर्यो भन्ये त्यो आफालमींगे मान्छेलाइ
१८ पनि दिहाल्द रछ भनि थाहा पाउन् भन्ये उस्को मन छ । मं नबूकदनेस्सर् राजाले येइ सपना देख्यें. त ए बेल्तशस्सर् तैंले त्येस्को अर्थ कहि किनभन्ये मेरो राज्यमांको कसै पण्डितले भलाइ त्येस्को अर्थ कहंनु सक्देन तर तंचइमां ता पवित्र देवहरुको आत्मा रहंद छ उसैको बाटोले तैंले त्यो बूझाउंनु सक्छ छस् ॥

१९ यो सुन्येर दानिय्येल् जस्को नांउ बेल्तशस्सर् पनि हो त्यो कत्ति बेला सम्म उदास् भइ रह्यो अनि गुन्दा गुन्दा व्याकुल् भयो । यो देख्येर राजाले भन्न लाग्यो ए बेल्तशस्सर् यो सपनाको कारणले कि त्येस्को अर्थको

कारणले तं व्याकुल् न हो । बेलतशस्सर्‌ले उत्तर् दिइ भन्यो हे मेरा प्रभु
यो सपना आफुका बैरीहरु मांथि र येस्को अर्थ आफुका द्रोहीहरु मांथि
परोस् । जुन् वृक्ष आफुले देख्नु भयो जो बढ्यो अनि बल्लियो भयो अनि २०
त्येस्को अग्लगेइँ स्वर्ग सम्म पुग्यो अनि जो सिंगै पृथिवीको छेउ छेउ देखि
पनि देखीयो जस्का पात्हरु राम्रा राम्रा र फल् बिघ्न औधि थिये २१
जस्मां सबैको लागि आहारा थियो जस् मुनि बन्का पशुहरु रहंद थिये
अनि जस्का डालाहरुमां आकाशका पंछीहरुले बास् बस्ने गर्द थिये . हे राजा २२
त्येस्को अर्थ आफुने हो आफु बढ्नु भयो अनि बल्लियो हुंनु भयो . आफुको
महिमा बढ्यो अनि स्वर्ग सम्म पुग्यो अनि आफुको प्रभुतेइँ पृथिवीको छेउ
सम्म फिंजीदै गयो । अनि हे राजा आफुले येउटा चियाइ हेर्ने र येउटा २३
पवित्र जन् स्वर्ग देखि उत्रंदै र वृक्षेलाइ टाल् अनि त्येस्लाइ नास् पार् तेपनि
त्येस्को टुटाचइंलाइ जरै समेत् भूंइमां छोड्नू अनि त्येस्लाइ फलम् र पीतलको
बन्धनले बांध बन्को हरीयो घांसको बीचमां रहंनु दे त्यो आकाशको
शीतले भिजोस् अनि त्यो बन्का पशुहरु सङ भागि हवस् अनि सात्
समय् न बितुंञ्जाल सम्म त्येस्को गत् येस्तैने रहोस् भन्दै गर्‌येको देख्नु भयो .
हे राजा त्येस्को अर्थ परम् ईश्वरले प्रभु महाराजामां पूरो हवस् भनि जे २४
ठान्येको छ त्यो येइनै हो . आफु मान्छेहरुको बीच् देखि निकालि दिईंनु २५
हुंछ अनि बन्का पशुहरु सङ बास् बस्ने गर्नु हुंछ अनि गोरुले झैं घांस्
खांनु हुंछ अनि आकाशको शीतले भिजनु हुंछ येसै गरी आफूमां सात् समय्
बीतुंछन् अनि जैले सम्म आफुले मान्छेहरुको राजमां परम् ईश्वरलेनै प्रभुतेइँ
गर्द रछ त्यो जस्लाइ मन् पर्द रछ त्येस्लाइ दिहाल्द रछ भनि जान् हुन्न तैले
सम्म आफुको गत् येस्तै भइ रहंछ । अनि त्येस् वृक्षको टुटाचइंलाइ जरै २६
समेत् छोड्ने आज्ञा भयेको थियो [त्येस्को अर्थ यो हो] आफुको राज्
चइं आफुकै लागि रहि रह्येको हुंछ अनि जब आफुले पाहा पाउंनु हुंछ
स्वर्गले राज् गर्द रछ भनि तब आफुले फेरि राज् गर्नु पाउंनु हुंछ । येस्कारण् २७
हे राजा मेरो यो सल्लाह आफुलाइ मान्ने माफिक्को लागोस् अर्थात्
आफुले आफ्ना पाप् छोड्दिन धर्म्म गर्नु लागनु हवस् अनि आफ्नु अधर्म्म
छोड्दिन दीनहरु मांथि दया गर्नु लागनु हवस् कोनि येसो गर्‌येकोले
आफुको सुकव रहिने रहंछ कि भनि । त ति सबै नबूकदनेस्सर् राजामां पूरा २८
भये । बाह्र महीना बीत्ये पछि त्यो बाबेलको राजमहलमां हिंड्दै थियो । २९
तब राजाले भन्यो के यो त्यो ठुलो बाबेल् होइन जो मैलेनै आफ्नु बल् ३०
र सामर्थले राजबास् हुंनुलाइ आफ्नु प्रतापको बड़ाईको लागि बसाल्यें ।
यो बचन् राजाको मुख् देखि निस्कि सक्कोयेकै थियेन यो आकाशबाणी ३१
भयो ए नबूकदनेस्सर् राजा तेरो विषयमां यो आज्ञा निकल्यको छ . राज्
तेरो हात् देखि छोड़ाईयो । अनि तं मान्छेहरुको बीच् देखि निकालीँछस् ३२
अनि बन्को पशुहरु सित बास् बस्ने गर्छस् अनि गोरुले झैं घांस् खांने
गर्छस् अनि येसोरि तंमां सात् समय् बीतुंछन् अनि जैले सम्म तैंले परम्

ईश्वरले मान्छेहरुको राज्यमां प्रभुतेइँ गर्द रहछ अनि त्यो जसलाइ मन पर्द रहछ त्येसलाइ दिहाल्द रहछ भनि जान्दैनस् तैले सम्म तेरो गत् ऐस्तै भइ रहंछ भन्ये ॥
३२ त त्येतिनैखेर यो बचन् नबूकदनेस्सरको बिषयमां पूरो भइ गयो . अं त्यो
मान्छेहरुको बीच् देखि निकालीयो अनि गोरुले झैं घांस् खांने गर्यो
अनि त्येस्को जीउ अकाशको सीतले भीजद थियो यहां सम्म भयो त्येस्का
केस्हरु उकाब् पंषीका भुत्ला जस्ता भये अनि त्येस्का नङ्हरु पंषीहरुका
३४ नंग्रा जस्ता बढ़ि गये । ति दिन् बीत्ये पछि मं नबूकदनेस्सरले आफ्ना
आंखा स्वर्ग तिर उठायें अनि मेरो बुद्धि फेरि जस्ताको तस्तो हुनु लाग्यो
तब मैंले परम ईश्वरलाइ धन्य भन्यें अनि जो सदा सर्बदा सम्म जीइ रहंद
छ उस्को स्तुति महिमा ऐसोगरि गर्नु लाग्यें उस्को प्रभुतेइँ सदाको प्रभुतेइँ
३५ रहछ अनि उस्को राज् पुस्ता देखि पुस्ता सम्म . अनि पृथिवीमां रहंनेहरु
सबै जना उस्को लेखिमां खालि तुच्छ मांत्रे राछन् . अनि उस्ले स्वर्गका
सेना र पृथिवीमां रहंनेहरुको बीचमां आफ्नु इच्छे अनुसार् गर्द रहछ अनि
३६ उस्लाइ कसैले तपांइले ऐसो किन गर्नु हुंद छ भनि भन्नु सक्दैन रहछ । त्येसै
बेला मेरो बुद्धि फेरि जस्ताको तस्तो भइ गयो अनि मेरो राज्को महिमाको
लागि मेरो प्रताप् र तेज् मंमां फेरि आयो अनि मेरा मंत्रीहरु र अरु
मालिकहरु मंलाइ भेट्नुलाइ आउंनु लाग्ये तब मं फेरि आफ्नु राज्यमां
३७ बसालीयें अनि मेरो अस्सल् बड़ाई हुंनु लाग्यो । त अब मं नबूकदनेस्सर
स्वर्गको महा राजालाइ सर्काउंद छु अनि उस्को स्तुति र महिमा गर्द छु
किनभन्ये उस्का सबै काम् सांचा र उस्का सबै बेहोरा नियां सितका राछन् .
अनि शेषी सित हिंड्नेहरुलाइ उस्ले ऊंधो गराउंनु सक्द रहछ ॥

५ १ बेल्शस्सर् भन्ये राजाले आफ्ना हजार् मालिकहरुको लागि
२ ठुलो भोज लायो अनि ति हजारहरुको सांमु दाखमद्य खायो । दाखमद्य
खांदै खांदै बेल्शस्सरले आज्ञा गर्यो मेरो बाबु नबूकदनेस्सरले यरूशलेम्मां
भयेको मन्दिर् देखि ल्याथेका सुन् चांदीका भांड़ाबर्तनहरु ल्याव र मं र
३ मेरा मालिकहरु र रानीहरु र रखेलीहरु समेतले तिनमां खाऊं । तब
ईश्वरको यरूशलेमको मन्दिर् देखि ल्याईयेका सुन् चांदीका भांड़ाबर्तनहरु
ल्याईये तब राजाले आफ्ना मालिकहरु र रानीहरु र रखेलीहरु समेतले
४ तिनमां खाये । तिनिहरुले दाखमद्य खांदै सुन् चांदी पीतल् फलम्
५ काठ् र ढुंगाका देवताहरुको स्तुति गर्य । त्येतिनैखेर मान्छेको हातका
औंलाहरुले निकल्येर राजमहलको भित्ताको लिपाईमां बत्तीको सांमु
६ केइ लेख्नु लाग्य अनि लेख्दै गर्ने हातलाइ राजाले देख्यो । त्यो देख्दा
राजाको हंसले ठांउ छाड़्यो तब त्यो गुन्दे गुन्दे कांम्नु लाग्यो तब त्येस्को
कम्मरका जोड़ूतिहरु सब खुकुला भइ गये अनि त्येस्का घुड़ाहरुले टक्कर्
७ खांनु लाग्ये । तब राजाले सारोगरि कराथेर मन्तर्तन्तर् गर्नेहरुलाइ र
कसड़ीहरुलाइ र झांक्रिहरुलाइ सामेल् आउंने आज्ञा गर्यो । तब राजाले
बाबेलका पण्डितहरुलाइ भन्यो जस्ले यो लेखीयेको पर्छ अनि त्येस्को

अर्थ मंलाइ कहि दिंछ त्येस्लाइ बैगुने रंगको पोशाक् पहिऱ्याईंछ अनि त्येस्को गलामां सुन्को सिक्रि लगाइ दिईंछ अनि राज्मां तीस्रो प्रभुतेईं गर्ने हुंछ। तब राजाका सबै पण्डितहरु भित्र आये. तर त्यो लेखत् ८
पर्नु सक्येनन् अनि न राजालाइ त्येस्को अर्थ कहि दिंनु सक्ये। तब ९
बेल्शस्सर् राजा अोधिनै घब्रायो अनि त्येस्को हंसले ठांउ क्वाड्यो अनि
त्येस्का मालिकहरु पनि अोधि घब्राये। अब राजा र मालिकहरुको १०
बचन् सुन्येर रानी भोज्दर्वार्मां आई. वहांदेखि रानीले येसो भनी हे
महाराजा आफु सदा जीइ रहंनु हवस् मनमां न घब्राउंनु हवस्
अनि न आफुको हंसले ठांउ क्वाड़ास्. किनभन्ये आफुको राज्मां येउटा ११
पुरुष् छ जस्मां पवित्र देव्हरुको आत्मा रहंद छ अनि आफुको बाबुका
दिनमां त्येस्मां प्रकाश् र बुद्धि र देव्हरुमां झैं ज्ञान् पाईये. अनि
आफुको बाबु नबूकद्नेस्सर् राजाले अं आफुको बाबुले त्येस्लाइ सबै
जैसीहरु र मन्तर्तन्तर् गर्ने र कसदीहरु र भांक्रिहरु मांथिको मालिक्
ठहरायेको थियो किनभन्ये अस्सल् आत्मा ज्ञान् र बुद्धि र १२
सपनाको अर्थ कहंने र अड्को फुकाउंने र धुक्चुक् मेट्ने शक्ति त्येस्
दानिय्येल्मां पाईयो जस्को नांउ राजाले बेल्तशस्सर् राख्येको थियो।
त अब त्यो दानिय्येल् डाकीअोस् त त्येस्ले येस्को अर्थ खोल्छ॥

तब दानिय्येल् राजाको सांमु सामेल् गराईयो। वहांदेखि राजाले १३
दानिय्येल्लाइ सोध्यो के तं त्येइ दानिय्येल् होस् जस्लाइ मेरो बाबु
राजाले यहूदा देस् देखि बन्धुवाहरुको खाल्मां ल्याऐको थियो। मैंले १४
तेरो बिषयमां सुन्यें तंमां देव्हरुको आत्मा छ अरे अनि प्रकाश् बुद्धि र
अस्सल् ज्ञान् तंमां पाईंद छ्न् अरे। ऐले पण्डित् मन्तर्तन्तर् गर्नेहरु १५
मेरो सांमु ल्याईये यो लेख्येको पढ्न् अनि त्येस्को अर्थ मंलाइ कहि दिउन्
भनि. तर तिनिहरुले मंलाइ येस्को अर्थ कहि दिंनु सक्येनन्। तर मैंले १६
तेरो बिषयमां तैंले भेद् खोल्नु सक्द छस् अनि धुक्चुक् मेट्नु सक्द
छस् भन्येको सुन्यें. त अब तैंले यो लेखत् पर्नु सकिस् अनि त्येस्को
अर्थ पनि मंलाइ भन्नु सकिस् भन्ये देखि तंलाइ बैगुने रंगको पोशाक
पहिऱ्याईंछ अनि तेरो गलामां सुन्को सिक्रि लगाइ दिईंछ अनि राज्मां
तं तीस्रो प्रभुतेईं गर्ने हुंछस् भनि। तब दानिय्येलले राजालाइ भन्यो १७
आफ्नु दान् आफु सङै राख्नु हवस् अनि आफुका प्रतिफलहरु अरुलाइ
दिंनु हवस् मं त्येसै यो लेखत् महाराजाकन पर्ि सुनाउंछु अनि त्येस्को
अर्थ पनि तिन्लाइ कहि दिंछु। हे राजा परम् ईश्वरले आफुका बाबु १८
नबूकद्नेस्सरलाइ राज् बड़ाई महिमा र प्रताप् दियेको थियो अनि १९
उस्ले त्येस्लाइ दियेको बड़ाईको कारणले सबै देसहरु र लोगहरु र
भाषाहरु त्येस्को सांमु कांप्द र थरथराउंद थिये. त्येस्ले जस्लाइ मन् पर्ं
थियो त्येस्लाइ काट्द थियो अनि जस्लाइ मन् पर्ं थियो त्येस्लाइ
जीउंदो राख्द थियो जस्लाइ मन् पर्ं थियो त्येस्लाइ अल्ग्याउंद

थियो अनि जसलाइ मन् पर्ई थियो त्येसलाइ खसालि दिंद थियो।
२० तर जब त्येस्को मन् फुलीयो अनि त्येस्को आत्मा कठोर् भयो यहां सम्म
भयो त्येस्ले अहंकार् गर्नु लाग्यो तब त्यो आफ्नु राजसिंहासन् देखि
२१ खसालीयो अनि त्येस्को महिमा भङ्ग गरीयो. अनि त्यो मान्छेहरुको
सन्तान् देखि निकालीयो अनि त्येस्को मन् पशुको जस्तो र त्येस्को बास्
बनगदाहाहरुको बीचमां भयो त्येस्ले गोरुले झैं घांस् खांने गर्ई थियो अनि
त्येस्को जीउ आकाशको शीतले भीजद थियो. अनि जैले सम्म त्येस्ले परम्
ईश्वरले मान्छेहरुमां राज् गर्ई रक्ष अनि जसलाइ मन् पर्ई रक्ष त्येसैलाइ त्येस्
मांथि अधिकारे ठहराउंद रक्ष भनि सिक्यौ तैले सम्म त्येस्को गत् त्येस्तै
२२ रह्यो। त हे बेलशस्सर् आफु त्येस्को कोरो भइकन ति सबै कुरा जान्नु हुंद
२३ थियो र पनि आफुको मन् नरम् भयेन तर आफुले स्वर्गको ईश्वरको
बिरुद्धमां सिर् उठाउंनु भयो उस्को मन्दिरका भांड़ाबर्तनहरु आफ्नु सांमु
झिकायेर आफुले र आफ्ना मालिकहरु र रानीहरु र रखैलीहरु समेतले
तिनमां दाखमद्य खांनु भयो अनि तांदेखि चांदी सुन् पीतल् फलम् काठ् र
ढुंगाका देवताहरुको स्तुति गर्नु भयो जुनहरुले न देख्द कुन् न सुन्द कुन्
२४ न कोइ जांद कुन्. तर ईश्वर् जस्को हातमां आफुको प्राण् छ अनि जस्को
तांबिमां आफुका सबै हिंड़ाई डुलाई कुन उस्को चइं मानमहिमा गर्नु
भयेन. येस्कारण् यो हात् उइ ईश्वरको पट्टि बाटो देखाईयो अनि
२५ यि कुरा लेखीयेका कुन। अनि लेखीयेका शब्द यि कुन् अर्थात् **मने**
२६ **मने तकेल् ऊपर्सीन्** यि शब्दका अर्थ यि हुन्. **मने** ईश्वरले
२७ आफुको राज् गर्ने दिन् गन्येर त्येस्को अन्त गर्यो। **तकेल्** आफु तुलोमां
२८ तौलीईनु भयो अनि हलुङ् ठहरीईनु भयो **परेस्** आफुको राज्
२९ बांड़ीयो अनि मादीहरु र फारसीहरुलाइ दिईयो भनि। यो सुन्येर
बेलशस्सरले आज्ञा दियो. तब दानिय्येललाइ बैगुने रंगको पोशाक्
पहिन्याईयो अनि त्येस्को गलामां सुनको सिक्रि लगाइ दिईयो तांदेखि
झ्यालि पौटनेले त्येस्को बिषयमां करायेर भन्यो राजमां तेस्रो प्रभुतैं गर्ने
३० चइं दानिय्येल हो भनि। त्यसै रात् कल्दीहरुको राजा बेलशस्सर् मारीयो।
३१ तब देखि मादी दारा जो बासठ् बर्षको थियो राजसिंहासनमां चढ्यो॥

६ १ दारा राजाको आफ्नु राजमां सिंगै राजमां हुंनुलाइ एक सै र
२ बीस् सेनापतिहरुलाइ ठहराउंने मन् भयो अनि तिनिहरु मांथि
त्येस्ले तीन् मालिकहरुलाइ ठहरायो जुनहरुमां एक दानिय्येल् थियो
यिनिहरुले ति अरु सेनापतिहरु देखि लेखा लिंने गरुन् र राजाको कोइ
३ हानि न हुनम् भन्येर। जब त्येस् दानिय्येलमां अस्खल् आत्मा भयेको
देखीयो तब त्येस्लाइ अरु मालिकहरु र सेनापतिहरु भन्दा बेसि मान्
मिल्यो अं राजाले त्येस्लाइ सबै राज् मांथि खटाउंछु भन्ने मन् गर्यो।
४ यो थाहा पाएर मालिकहरु र सेनापतिहरुले दानिय्येलको बिरुद्धमां

राज्काज्को विषय्मां निउं खोजि हिंड्नु लाग्ये तर त्यो विश्वासी थियो
अनि त्येस्को कुनै काम्मां कोइ भूल् कि दोष् निकल्येन त तिनिहरुले
कोइ निउं पाउंनु सकेनन्। तब तिनिहरुले भन्न लाग्ये हांमिहरु ५
दानिय्येल्को ईश्वर्का व्यवस्थाको विषय्मां बाहिक् अरु कुनै विषय्मां त्येस्
मांथि दोष् लाउंनु सक्दौंन भनि। यो विचार् गरि ति मालिकहरु र ६
सेनापतिहरुले छिटो छिटोगरि राजाकां आयेर भन्ये हे महाराजा दारा सदा
जीइ रहंनु हवस्। राज्का सबै मालिकहरु र हुकुम्दारीहरु र सेनापतिहरु ७
र मंत्रीहरु र अधिपतिहरुले सल्लाह् गर्येका छन् अर्थात् येउटा येस्तो
राज्आज्ञा दिई्आस् अनि मनाही गरीआस् अर्थात् हे राजा तास् दिन् सम्म
आफु सित बाहिक् अरु कसै ईश्वर् सित कि मान्छे सित जस्ले बिन्ति गर्ला
त्यो सिंहहरुको खोरमां हालि दिईछ भन्ये। त अब हे राजा येस्तो मनाही ८
गरि दिनु हवस् अनि येस् पत्रमां सही हालि दिनु हवस् र यो कुरो
मादीहरु र फारसीहरुको अचल् व्यवस्था अनुसार् फेर्फार् न हवस्।
यो सुन्येर राजाले त्येस् मनाहीको लागिको पत्रमां सही गरि दियो। जब १०
दानिय्येल्ले त्येस् पत्रमां सही गरीयेको रछ भनि थाहा पायो तब आफ्नु
घरमां गयो। (अनि) जस्को माथिल्लो तलाका खिर्किहरु यरूशलेम् पट्टिका
खोलीयेका (रहंथ्य) त त्येस्ले आफ्नु पहिलेको रीत् अनुसार् दिनमां तीन्
खेप् आफ्नु ईश्वर्को सांमु घुड्रा टेकेर प्रार्थना र धन्यवाद् गर्न गर्दै रह्यो। त ११
ति पुरुषहरुले छिट्टो छिट्टो आयेर दानिय्येल्लाइ त्यस्को ईश्वर्को सांमु बिन्ति
गर्दै र ढिपि गर्दै गर्येको भेट्ये। यो देख्यर तिनिहरुले राजाकां आयेर त्यस्ले १२
मनाही गर्येको विषय्मां त्येस्लाइ भन्नु लाग्ये हे राजा के महाराजाले तीस्
दिन् सम्म मं सित बाहिक् अरु कसै ईश्वर् कि मान्छे सित जस्ले बिन्ति गर्ला
त्यो सिंहहरुको खोरमां हालि दिईछ भन्ये मनाही गर्येका पत्रमां आफुले
सही गर्नु भयेको होइन भनि। तब राजाले उत्तर् दियो मादीहरुको र
फारसीहरुको अचल् व्यवस्था अनुसार् यो कुरो स्थिर् छ भनि। तब तिनिहरुले १३
राजालाइ उत्तर् दिइ भन्ये यहूदा बन्धुवाहरुमांको त्यो दानिय्येल् भन्येले ता
हे महाराजा न आफु तिर न आफुले मनाही गर्येको सही गर्येको पत्र तिर
कोइ पनि ध्यान् दिंइ छ नर त्यस्ले ता दिनमां तीन् खेप् बिन्ति गर्दै छ।
यो बचन् सुन्येर राजा बिग्ने उदास् भयो यहांदेखि दानिय्येल्लाइ बचाउंने १४
उपाय् गुन्न लाग्यो, अनि घाम् अस्ताउंने बेला सम्म त्येस्लाइ बचाउंने
फिक्रि गर्दै रह्यो। तब ति पुरुषहरु छिट्टो छिटोगरि राजाकां आयेर भन्नु १५
लाग्ये हे महाराजा मादीहरु र फारसीहरुमां ज्ये ज्ये मनाही र आज्ञा
राजाले ठहराउंछ त्यो मादी र फारसीहरुमां व्यवस्था ठहराईयेको छ त्यो
फेरौंनु सक्दैन भनि जानि राख्नु पर्छ। तब राजाले आज्ञा दियो अनि १६
दानिय्येल्लाइ ल्याएर सिंहको खोरमां हालि दिईयो। त्येस् बेलामां राजाले
दानिय्येल्लाइ भन्यो तेंले सदा सेवा गर्येको ईश्वर्ले तंलाइ बचावस् भनि।
तब येउटा ढुंगो ल्याएर त्यस् खोर्को मुखमां राखोयो अनि राजाले आफ्नु १७

लालमोहरले अनि मन्त्रीहरुले आफ्ना आँठीले छाप् दिये दानियेलको
१८ विषयमां कोइ फेरफार् न हवस् भन्ये खातिरले। येस् पछि राजाले आफ्नु
महलमां गयेर येस् रात् बिना खानापीना बितायो. अनि न येस्कां कोइ
१९ सुखको थोक् पुऱ्याईयो. अनि न येस्लाइ कोइ नींद् आयो। बिहान्
भूकभूक् उज्यालो हुंदै राजा उठेर सिंहहरुको खोर् तिर दुगुरि गयो।
२० त खोर् निर आयेर शोकित्सोरले कराइ भन्यो ए दानियेल् ए जीउंदो
ईश्वरको दास् को तेरो ईश्वरले जस्को सेवा तं नित्ये गर्दै थिइस् तंलाइ
२१ सिंहहरु देखि बचाउनु सक्यो भनि। तब दानियेलले राजालाइ भन्यो
२२ हे महाराजा आफु सदा जीई रहंनु हवस्। मेरो ईश्वरले आफ्नु दूत् पठायेर
सिंहहरुको मुख् थुनि दियो र तिनिहरुले मेरो कोइ हानि गर्येनन्.
किनभन्ये मं उस्का सांमु निर्दोष् पाईयें अनि न हे महाराजा मैंले आफुको
२३ कोइ हानि गर्येको थियें। तब राजाले अगघोर् खुशि भइकन दानियेललाइ
खोर् देखि निकाल्ने आज्ञा दियो। त दानियेल् खोर् देखि निकालीयो
अनि येस्मां हानिको कोइ चिंनु पाईयेन कसोगरिभन्ये येस्ले आफ्नु ईश्वर्
२४ मांथि विश्वास् गर्द थियो। अनि राजाले आज्ञा दियो तब दानियेलको
विषयमां चुक्लि लाउंने मान्छेहरुलाइ तिनिहरुका छोराछोरीहरु
स्वास्नीहरु समेत सिंहहरुका खोरमां हालि दिईये त तिनिहरु खोर् भित्र
पुग्दा न पुग्दानै सिंहहरुले फ्हरायेर तिनका हाडखोडहरु समेत
करापकुरुप् पारि खायेहाल्ये॥

२५ तब दारा राजाले सिंगै पृथिवीमां रहंने सबै लोग् देस् र भाषालाइ
२६ लेख्यो तिमिहरुलाइ मिलाप् बढाइ दिईयोस्। मं यो आज्ञा दिंद छु मेरो
राजको जहां सम्म अधिकार् छ वहां सम्मका मान्छेहरु दानियेलको
ईश्वरको सांमु कांम्दै र थरथराउंदै रहुन् किनभन्ये जीउंदो र जुगानजुग
स्थिर् रहंने ईश्वर् उइ हो अनि उस्को राज् अविनासी अनि उस्को प्रभुतेई
२७ अन्त सम्म स्थिर् रहंछ. जस्ले दानियेललाइ सिंहहरु देखि बचायो उ
बचाउंने र छोड़ाउंने अनि स्वर्गमां र पृथिवीमां चिंनुहरु र उदेकका काम्हरु
२८ गर्ने हो भनि। येसोरि दानियेल् दारा र कुस्रू फारसी दुवैको राजका
दिनमां भाग्येमान् रह्यो॥

७ १ बाबेलको राजा बेल्शस्सरको पहिलो वर्षमां दानियेलले खाटमां
सुत्येको बेलामां सपना देख्यो. तब येस्ले त्यो सपना लेख्यो अनि येस्को
२ अर्थको सारको बखान् गर्यो। दानियेलले येसो भन्द छ मैंले रातिं सपना
देख्यें त को देख्यें भन्ये महासमुन्द्रमां आकाश् देखि चार्मुखे बताम् चल्नु
३ लाग्यो। तब समुन्द्र देखि भिन्दो भिन्दो चार् तुला तुला जन्तुहरु निस्कि
४ आये। पहिलो चइं जन्तु सिंह जस्तो थियो अनि येस्का उकाबका जस्ता
पखेटा थिये. अनि मैंले हेर्दाहेर्दै येस्का पखेटाका पोखहरु उखेलीये अनि
त्यो भूइं देखि उठाईयेर मान्छे झैं गोड़ामां उभ्याईयो अनि येस्का मान्छेको
५ जस्तो हिर्दय पनि उपजाईयो। फेरि मैंले भालू जस्तो अर्को येउटा जन्तु

देखें अनि त्यो पेउटा गोड़ामां उभीयेको थियो अनि त्येका दांत्हरुको बीचमां तीन्वटा कारुङ् थिये अनि लोगले त्येलाइ भन्द थिये उठेर धेरै मांसु खा भनि। येस् पछि मैंले हेर्यर को देखें भन्ये चितुवा जस्तो अरु पेउटा जन्तु देखें जस्को पिठिउंमां पंषीका जस्ता चार्वटा पखेटा थिये अनि त्येस् जन्तुका पनि सिर् चार्वटा थिये अनि त्येलाइ अधिकार् दिईयो। येस् पछि मैंले फेरि सपनामां चौथो पेउटा डरलाग्दो तुलो र अरघोर् बलियो जन्तु देखें अनि त्येका फलमका तुला तुला दांत् थिये. त्येले सब्बै थोक् खाइहाल्द र चूर् चूर् पार्द थियो अनि उब्येको चइंलाइ आफ्ना गोड़ाले दल्द थियो. अनि त्यो चइं जन्तु पहिलो जन्तु भन्दा बेग्लै थियो अनि त्येका दसवटा सींग् थिये। मं ति सींगहरु ध्यान् दिकन हेर्दै थियें त को देखें भन्ये तिनको बीच् देखि अरु पेउटा सांनु सींग् उम्र्यो त्येको बलले ति पहिला सींगहरुमांका तीन्वटा जरै समेत् उखेलीये. फेरि मैंले देखें येस् चइं सींगमां मान्छेका जस्ता आंखा र औधि बोल्ने मुख् पनि रहु। हेर्दा हेर्दा मैंले फेरि को देखें भन्ये सिंहासनहरु बसालीये अनि पेउटा कोई धेरै दिन् खायेको अरघोर् बूढो मान्छे त्येमां बस्यो. जस्को लुगा हिंउ जस्तो सेतो थियो अनि कपालका केस् चोखो सेतो ऊण् जस्ता थिये उस्को सिंहासन् आगो जस्तो अनि सिंहासनका पाड्ग्रा बल्येको आगोका देखीद थिये। त्येस् बूढा मान्छेको सांमु देखि आगो जस्तो नदी निकल्यर बहंदै रह्यो. फेरि हजारौं हजार लोगले उस्को सेवा गर्ये अनि लाखौं लाख् लोग् उस्को सांमु थिये. फेरि बिचारी आयो अनि पत्रहरु फुकाईये। त्येस् बेला त्येस् सींग्का तुला तुला कुरा सुनि मं हेरि रह्येको थियें को को हुंछ भनि त अन्तमां त्यो जन्तु मारीयो अनि त्येको सुर्रा बल्येको आगोमां भस्म पारीयो। अनि रह्येका जन्तुहरु-चइंको अधिकार् लिहालीयो. तर तिनिहरुका प्राण् अलिक् समयको लागि बचाईये। मैंले सपनामां हेर्यर को देखें भन्ये मान्छेको कोरो जस्तो कोई अकाशका बादलहरु समेत् आउंदै रहु अनि उ त्येस् धेरै दिन् खायेको अरघोर् बूढो मान्छे भयेठांउ पुग्यो अनि त्येको नजिक् र सांमु गराईयो। अनि त्येलाइ प्रभुतेईं र महिमा र राज् दिईये सब्बै लोग् र देस् र भाषा उस्को तावेमां दिईउन् भन्यर. उस्को प्रभुतेईं सनातन् र अटल् छ अनि उस्को राज्को नास् कैले पनि हुंदैन॥

यि सब्बै देख्यर मं दानियेल्को मन् घब्रायो अनि मैंले जे जे सपना देखें त्येको कारणले मेरो आड् जर्यो। तब कुउकाउ उभीइ रहंनेहरुमांको पेउटाकां गयेर मैंले ति सब्बै कुराको भेद् सोधें। तब त्येले मलाइ येसो भन्यर ति सब्बै कुराको अर्थ कहि दियो। अर्थात् ति चार तुला तुला जन्तुहरुको अर्थ चार राजाहरु हुन् जो पृथिवीमां उदाउंछन्। तर राज् चइं परम् ईश्वरका पवित्र लोगहरुले पाउंछन् अनि जुगनजुग अं सनातन् सम्म त्येको अधिकारी भइ रहंछन्। तब मेरो यो इच्छे भयो त्येस् तीनै भन्दा

बेग्लै र अग्घोर् डर्लाग्दो र फलम्का दांत् र पीतल्का नंग्रा हुंने चौथो
जन्तुको भेद् पनि जाचुं भन्ये त्येस् जन्तुले सबै थोक्लाइ खांद छ अनि
२० चक्नाचूर् पार्द छ अनि उब्र्येकाहरुलाइ गोड़ाले दल्द छ अनि त्येस्को
कपाल्का दस् सींग्को भेद् अनि ति बाहिक् जुन् येउटा सींग् उम्र्येकोमां
अरु तीन्वटा सींग् भांचीये अर्थात् जस् सींग्का आंखा थिये अनि औधि
बोल्ने मुख् थियो अनि अरु सबै सींगहरु भन्दा बेसि बल्लियो जस्तो
२१ थियो त्येस्को भेद् जान्ने इच्छे भयो। अनि मैंले हेर्येर देख्यें त्यो सींग्
२२ पवित्र लोग्हरु सित लड़ाइँ गरि जिताहा भयो अनि पछाड़ि त्यो
धेरै दिन् खायेको अग्घोर् बूढ़ो मान्छे आयो त परम् ईश्वर्का पवित्र लोग्
बिचारी भइ गये अनि ति पवित्र लोगको राज् अधिकारी हुंने बेला आइ
२३ न पुगुंज्याल् सम्म रह्यो। त त्येस्ले भन्यो त्येस् चौथो जन्तुको अर्थ येउटा
चौथो राज् हो जो पृथिवीमांनै भइकन पनि सबै राज्हरु भन्दा बेग्लै हुंछ
अनि त्येस्ले सिंगै पृथिवी नष्ट पार्छ अनि दांदे लगायेर चक्नाचूर् पार्छ।
२४ अनि ति दस् सींग्को अर्थ यो हो त्येस् राज् देखि दस्वटा राजा उदाउंछन्.
वहांदेखि ति पहिलेकाहरु भन्दा बेग्लै येउटा अरु राजा उदाउंछ जस्ले
२५ ति तीनै राजाहरुलाइ लड़ाउंछ। अनि त्येस्ले परम् ईश्वर्को बिरुद्धमां
बात् गर्छ अनि परम् ईश्वरका पवित्र लोगलाइ पीन्छ. अनि समय्हरु र
व्यवस्था फेर्ने आशा गर्छ अं एक् समय् र दुइ समय् र आधा समय् सम्म
२६ त्येस्को ताबिमां पारि पनि दिइँछन्। त्येस् पछि बिचारीहरुले राज् गर्छन्
२७ वहांदेखि त्येस्को प्रभुतेइँ खोसीयेर अन्त सम्म नष्ट पारींछ। तब राज् र
प्रभुतेइँ र पृथिवीभरिका राज्हरुको महिमा परम् ईश्वर्का पवित्र
लोग्हरुलाइ दिइँछ. उस्को चइं राज् सनातन्को राज् छ अनि सबै प्रभुतेइँ
गर्नेहरु उस्को ताबिमां हुंछन् अनि उस्को आज्ञा मान्छन्। येस् कुरोको
२८ बखान् येत्ति हो। यो सुन्दा मं दानिय्येल्को मन्मां घब्राहट् पसि रह्यो
अनि मेरो हंसले ठाउ छाड़्यो तरैपनि मैंले यो कुरो आफ्नु मन्मां
जोगाइ राख्यें॥

८ १ बेल्शस्सर् राजाको राज्को तीस्रो बर्षमां येउटा कुरो दर्शन्को
२ बाटोले मं दानिय्येल्लाइ अगाड़ि देखाईयेको दर्शन् पछि देखाईयो। अर्थात्
मैंले दर्शन्को बाटोले देख्यें जब मं एलाम् भन्ये जग्गाको शूशन् नांउ भयेको
किल्लामां रहंद थियें तब मैंले दर्शन्मां क्यो देख्यें भन्ये मं ऊलै भनींने नदी
३ छेउ रांछु। फेरि मैंले आफ्ना आंखा उचाल्येर क्यो देख्यें भन्ये त्येस् नदीको
सांमु दुवटा सींग् भयेको सांड्भेंड़ा उभोइ रह्येको रछ अनि सींग्हरु दुवै
ठुलै ठुला राछन् तर तिनमां येउटा चइं बेसि ठुलो रछ अनि ठुलो चइं पछि
४ उम्र्येको रछ। अनि मैंलै त्येस् सांड्भेंड़ालाइ पच्छिउं उत्तर् र दक्खिन्
तिर हान्दै रह्येको देख्यें अनि न कुनै जन्तु त्येस्को सांमु ठहर्नु सक्द रछ
अनि न कसैले कसैलाइ त्येस्को हात् देखि छोड़ाउंनु सक्द रछ. अनि त्यो
५ आफ्नु इच्छे अन्सार् काम् गर्दै गर्दै बढ्दै जांद रछ। मं यो कुरो गुन्दै थियें

तब फेरि मैले देख्यें भन्ये येउटा बाख्राबोका पच्छिउं पट्टि बाटो निस्कि आयो
अनि सिंगै पृथिवी मांथि डुल्दै आयो अनि हिंडूदाखेरि भूंइमां गोड़ा
कुवायेन अनि त्येस् बाख्राबोकाका आंखाको बीचमां येउटा हेर्न माफिक्को
सींग् रछ। अनि त्यो त्येस् मैले नदीको सांमु देख्येको दुवटा सींग् हुंने ६
सांड्भेंड़ाको छेउमां आयेर त्यो देखि रिसलेबल्दै आफ्नु पूरो बलले जाइ
लाग्यो। अनि मैंले देख्यें त्यो सांड्भेंड़ाको छेउमां गयेर त्यो सित जूझ्नु ७
लाग्यो अनि सांड्भेंड़ालाइ मांथेर त्येका दुवै सींग् भांचि दियो अनि
सांड्भेंड़ाको चइं त्यो सित जूझ्नुलाइ कोइ बल् चल्येन. त बाख्राबोकाले
त्येलाइ भूंइमां लड़ायेर गोड़ाले दल्यो अनि सांड्भेंड़ालाइ त्येको हात् देखि
छोड़ाउंने कोई पनि थियेन। तब बाख्राबोकाले औंधि बड़ाई गर्नु लाग्यो. ८
अनि जब बलिस्ठ भयो तब त्येको ठुलो चइं सींग् भांचीयो अनि त्येस्पछि
त्येको ठांउमां हेर्न माफिक्का चारवटा सींग् उमथेर आकाशका चारै
दिशा तिर बढ्नु लाग्ये। फेरि तिनिहरुमांको येउटा सींग्को फेद् देखि अरु ९
येउटा सांनु सींग् उमथ्यो जो दक्खिन् पूर्व र मूल् देस् तिर औधिगरि
बढ़्यो। अं त्यो स्वर्गको सेनाको बराबर् हुंने सम्मगरि बढ़ि गयो अनि १०
त्येसले सेनामांका र ताराहरुमांका पनि कत्तिलाइ भूंइमां खसाल्येर गोड़ाले
कुल्च्यो। अं त्यो सेनाको मालिक्को बराबरि हुंने सम्म पनि बढ़ि गयो ११
अनि उस् मालिक्को नित्येको होम्बलि थुनि दिईयो अनि उस्को पवित्र
बासस्थान भत्काइ दिईयो। अनि पापको कारणले नित्येको होम्बलिदान् १२
सड्सडै सेना पनि त्येको हातमां पारि दिईयो अनि त्येस् सींग्ले सच्चैं
मांटोमां मिसाइ दियो अनि त्यो चइं आफ्नु इच्छे अनुसार् काम् गरि
गरिकन जिताहा भइगयो। तब मैंले येउटा पवित्र जनलाइ बोल्दै गर्येको १३
सुन्यें फेरि अर्को येउटा पवित्र जनले उस् अघिल्लो बोल्नेलाइ सोध्यो
नित्येको होम्बलि र उजाड़ु लाउंने अपराधको विषयमां जे जे दर्शनमां
देखीये ति सबै कैले सम्म फलवन्त भइ रहंकन् अर्थात् पवित्रस्थान् र
सेना दुवै दलौंनु कैले सम्म होइ रहंछ भनि। उस्ले भनलाइ भन्यो दुइ १४
हजार र तीन् सै बिहान् र बेलुका न होउंन्जाल् सम्म त्येस् पछि पवित्रस्थान्
शुद्ध गरींछु॥

अनि येसो भयो यो कुरो दर्शनमां देख्येर मं दानिय्येल् यो बूझ्ने १५
फिकि गर्नु लाग्यें त्येस् बेला पुरुषको रूप् लियेको जस्तो एक् जना मेरो सांमु
उभीयेको देखाहा पर्यो। तब मैंले ऊलै नदीको दुवै तीरको बीच् देखि १६
मान्छेको जस्तो शब्द सुन्यें जस्ले कराइ कराइकन भन्द थियो हे गब्रिएल
त्येस मान्छेलाइ त्यस्ले देख्येका कुराको अर्थ बुझाइ दिनु भनि। तब त्यो मं १७
उभीइ रछेको ठांउमां आयो त त्यो आउंदा मं घबराये र घोप्टो पर्यें.
तब त्येस्ले भनलाइ भन्यो ए मान्छेको छोरो ति देख्येका कुरा बूझ् किनभन्ये
तिनको अर्थ अन्तको समयमां फल्छ। त्येस्ले मं सित बात् गर्दै गर्दा मं १८
भूंइ तिर मोहोंड़ा गरि निधाइ गयें. तर त्येस्ले भनलाइ छुयेर सोझो

१९ उभ्यायो । वहांदेखि मंलाइ भन्यो रिस् उठ्ने अन्तको दिनमां जे हुंछ त्यो
मं तंलाइ भनि दिंछु . किनभन्ये अन्तको ठहरायेकै दिनमां ति सबै पूरा
२० हुंछन् । तैंले देख्येका दुइ सींगेसांढ्भेंड़ा मादी र फार्सीहरुका राजाहरु
२१ हुन् । अनि त्यो रऊं भयेको बाख्राको पूनानको राजा हो . अनि त्येस्का
आंखाहरुको बीच् देखि तुलो सींग् उम्र्येको थियो त्यो चइं त्येस् राजको
२२ पहिलो चइं राजा हो । अनि त्यो भांचीयेको सींगको साटोमां जुन्
चारवटा सींग् उम्र्येका थिये [पूनानी] लोग् देखि चार् राजहरु ता
२३ निस्कंछन् तर त्येस्को नीज् बलले होइन । अनि ति राजहरु दुष्टैंने
बेलामां जब अपराधीहरु पूरै हुंछन् तब कठोर् नजर् भयेको र अड्कोथ-
२४ पाईको अर्थ बूझ्ने येउटा राजा उठ्छ । अनि त्येस्को बल् तुलो ता हुंछ
तर त्येस्को निज् बलले होइन अनि त्येस्ले उदेक् रकम् गरि माथ्केहरुलाइ
नास् पार्छ अनि जिताहा भइ भइकन आफ्नु इच्छे पूरो गर्दै जांछ अनि
सामर्थी सामर्थी लोगलाइ र पवित्र पवित्र लोग्हरुलाइ नष्ट पार्छ ।
२५ अनि त्येस्को चतुरैंको कारणले त्येस्को छल् सुफल् हुंछ अनि मनमां फुलीइ
रहंदे निडर् रहि धेरै लोगलाइ नष्ट पार्छ . अं त्यो मालिकहरुको पनि
मालिकको बिरुद्धमां पनि उभींछ तर कोई देखि हिर्काई न खाइकन
२६ पनि ओर्ल्हंछ । अनि बिहान् र बेलुकाको बिषयका सुन्येको दर्शन्
सांचै कुरो ता हो . तर तैंले दर्शन् थुनि राख् किनभन्ये त्यो धेरै दिन्
२७ पछि फलछ । येति सुन्दा मं दानिय्येलको बल् गइ गयो अनि अलिक्
दिन् सम्म दुखि रह्यें तब उठेर फेरि राजाको कामकार्ज्य गर्नु लाग्यें . अनि
दर्शनको बिषयमां मं छक्क पर्दै रह्यें तर त्यो बूझाउने कोई थिएन ॥

९ १ मादी बंशको क्षयर्षको छोरो दारा जो कल्दीहरुको देस् मांथि
२ राजा ठहराईयो त्येस्को पहिलो बर्षमां अं त्येस्को राजको पहिलो
बर्षमां मं दानिय्येलले शास्त्रको बाटोले यरूशलेमको उजारीयेको गत्
यर्मयाह् अगमबक्ता यांइ आयेको यहूवेको बचन् अनुसार कति बर्ष
बीत्ये पछि पूरो हुंछ अर्थात् सत्तरी बर्ष पछि त्यो गतको अन्त हुंछ भन्ये
३ कुरो बूझें । त मं आफ्नु मोंहोंड़ा प्रभु ईश्वर तिर गरि उपास बसि
४ भाड्रा र खरानि लगाइ प्रार्थना र अर्जबिन्ति गर्नु लाग्यें । अं मैंले आफ्नु
ईश्वर यहूवे सित पापको काएल् हुंदै येसोरि प्रार्थना गर्यें हे प्रभु महा र
डरलाग्दो ईश्वर जस्ले तपांइ मङ प्रेम् गर्ने र तपांइका आज्ञा मान्नेहरु
५ सङ नियम् र दया राख्नु हुंदछ हांमिहरुले पाप् गर्यूं अठ्ठेरैं
गर्यूं दुष्टैं गर्यूं अनि झगरा गर्यूं अनि तपांइका अर्णीहरु र नियाबचनहरु
६ देखि तर्कि गर्यूं . अनि हांमिहरुले तपांइका दास् अगमबक्ताहरुले
हांमिहरुका राजाहरु मालिकहरु पित्रहरु र देसका सबै लोग्हरु सित
७ तपांइको नांउले गर्येका कुरा सुन्यूंन । हे प्रभु तपांइ धर्मी हुंनु हुंदछ तर
आजुको दिन् हांमिहरुको मोंहोंड़ालाइ लाज् लाग्दछ अर्थात् तपांइले
तिनिहरुले तपांइ सित गर्येको त्येस् बिश्वासघातको कारणले यहूदाका

मान्छेहरु र यरूशलेमका बासीहरु भ्रं को नजिक् बस्ने को टाढो बस्ने
तपाईले तिनिहरुका अपराधको कारणले बलैले निकालि दियेका सबै
इस्राएलीहरुले लजाउंनुनै पर्यको छ । हे यहूवे हांमिहरुले आफ्ना ८
राजाहरु मालिकहरु र पितृहरु समेतले तपाईको बिरुद्धमां पाप् गर्यूं
येस्कारण् हांमिहरुको मोहोंड़ालाइ लाज् लाग्द छ । हांमिहरु तपाईं ९
हांमिहरुको ईश्वर् प्रभु देखि फर्कि गयेको भये पनि तपाईं दया र क्षमा
गर्ने हुंनु हुंद छ तपाईं हांमिहरुको ईश्वर् यहूवेका दास् अगमवक्ता- १०
हरुको बाटोले हांमिहरुलाइ सुनाउंनु भयेको तपाईंका व्यवस्थामां
हांमिहरु हिंड्दैन । भ्रं सबै इस्राएलले पनि तपाईंको व्यवस्था भङ्ग ११
गर्ये अनि तपाईंका कुरा न सुनि पर सरि गये . येसैकारणले तपाईं
ईश्वरको दास् मूसाको व्यवस्थामां लेखीयेको स्राप् हांमिहरु मांथि
पर्यो किनभन्ये हांमिहरुले तपाईंको बिरुद्धमां पाप् गर्यूं । त तपाईंले १२
हांमिहरुको र हांमिहरुका बिचारीहरुको बिषयमां जे जे बचन् भनु
भयेको थियो ति बचन् हांमिहरु मांथि यि बिपत्ति हालि पूरा गर्नु भयो
यहां सम्म गर्नु भयो जस्तो बिपत्ति यरूशलेम् मांथि पर्यो त्येस्तो सिंगै
स्वर्ग मुनि कहीं पर्येन । जस्तो मूसाको व्यवस्थामां लेख्येको छ त्येस्तै यि १३
सबै बिपत्ति हांमिहरु मांथि पर्ये . रपनि हांमिहरु हांमिहरुको ईश्वर्
यहूवेलाइ मनाउंनुलाइ न ता आफ्ना अधर्म्म देखि फर्क्यूं अनि न
तपाईंका सचेईंका जानपा भयूं । येस्कारण् यहूवेले बिचार्गरि गरिकन १४
हांमिहरु मांथि बिपत्ति हालनु भयो . कसोगरिभन्ये हांमिहरुको ईश्वर्
यहूवेले जति काम् गर्द छ तिनमां धर्म्मी हुंद छ तर हांमिहरुले उस्का
कुरा सुन्यूंन । अनि अब हे हांमिहरुको ईश्वर् हे प्रभु तपाईंले आफ्नु १५
लोगलाइ मिस्र देस् देखि बल्लियो हातले निकालि ल्याइ आफ्नु येति
ठुलो नांउ गर्नु भयो त्यो आजु सम्म प्रसिद्ध छ तर हांमिहरुले ता पाप्
र दुष्टैं गर्येका छौं । हे प्रभु हांमिहरुका पाप् र हांमिहरुका पितृ १६
पुर्खाहरुको अधर्म्मको कारणले यरूशलेमको र तपाईंका लोगको हांम्रा
वरिपरिका सबै लोग् देखि गिल्ला हुंदै छ तैपनि तपाईं आफ्ना सबै
धर्म्मकार्य्यहरुको कारणमां कृपागरि आफ्नु रिस् र बल्दोरिस् तपाईंको
पवित्र पहाड़ तपाईंको यरूशलेम् सहर् देखि उतार्नु हवस् । हे हांमिहरुको १७
ईश्वर् आफ्नु दासको प्रार्थना र अर्जबिन्ति सुनि आफ्नु उजारीयेको
पवित्रस्थान् मांथि आफ्नु रूप चम्काउंनु हवस् प्रभुको लागिले येसो
गर्नु हवस् । हे मेरो ईश्वर् आफ्ना कान् लगायेर सुन्नु हवस् अनि आंखा १८
उघार्येर हांमिहरुको उजारीयेको गत् र तपाईंको नांउले भनींने सहर् पनि
हेर्नु हवस् . किनभन्य हांमिहरु तपाईंको सांमु आफ्ना अर्जबिन्ति गर्द छौं
न हांमिहरुका धर्म्मकार्य्यहरु मांथि भरोसा राखिकन होइन तर तपाईंको
बड़ो दया मांथि भरोसा राखिकन गर्द छौं । हे प्रभु सुन्नु हवस् हे प्रभु १९
क्षमा गर्नु हवस् . हे प्रभु ध्यान् दियेर जे गर्नु हुंछ त्यो गर्नु हवस् ढीलो न

गर्नु हवस् हे मेरो ईश्वर् तपांइको सहर् र तपांइको लोग् तपांइको
नांउले भनीयेका कुन् येस्कारणले आफ्नै लागि येसो गर्नु हवस् ॥
२० येसोरि मं कुरा गर्दै र प्रार्थना गर्दै अनि आफ्ना र आफ्ना इस्राएली
भाईबन्दका पापको काएल् हुंदै अनि आफ्नु ईश्वर् यहूवेको सांमु आफ्नु
२१ ईश्वरको पवित्र पहाडको लागि अर्जबिन्ति गर्दैने थियें अं मं प्रार्थनामां
कुरा गर्दाखेरिनै त्यो मैंले पहिले दर्शन् मां देख्येको पुरुष गब्रिएलले
छिट्टो उड्ने आज्ञा पायेर सांझको बलिदान् चढाउंने बेलामां मंलाइ
२२ छोयो । अनि मंलाइ जनायेर मं सित बात् गर्नु लाग्यो अनि भन्यो हे
२३ दानिय्येल् मं ऐले तंलाइ बूझ्नमां चंख गराउंनुलाइ आयेको छु । जब
तैंले अर्जबिन्ति गरिस् तब आज्ञा निकल्यो र मं तंलाइ जनाउंनुलाइ
आयेको छु किनभन्ये तं अरघोरको प्रिय भइस् . त तैंले त्यो कुरो बूझ्
२४ अनि दर्शनको अर्थ बूझि ले । तेरा लोग् र तेरो पवित्र सहरको लागि
सत्तरी साता ठहराईयेका छन् अपराध् पुनीओस् अनि पापको अन्त हवस्
अनि अधर्म्मको प्रायश्चित्त गरीओस् अनि जुगजुगको धर्म्मीहुवाई प्रगटो
हवस् अनि दर्शनका कुरामां र अगमका कुरामां छाप् मारीओस् अनि
२५ अतिपवित्रको अभिषिक्त गरीओस् भन्ये खातिरले । त यो थाहा पा अनि
बूझि ले यरूशलेम् बसालौंने आज्ञा निकलंने बेला देखि अभिषिक्तको[1]
मालिकको बेला सम्ममां सात् साता बीतछन् . फेरि बासठ् साता बीतदा
२६ चोक र नालि समेत् त्यो सहर् कष्टको बेलामां फेरि बसालींछ । अनि ति
बासठ् साता बीत्ये पछि अभिषिक्त[2] नष्ट पारींछ अनि त्येस्को हातमां केइ
आउंदैन . अनि आउंने मालिकको प्रजा सहर् र पवित्रस्थान् नष्ट गरौंदा
त्येस् मालिकको अन्त येसोरि हुंछ जसोरि नदी बाढिले हुंद छ तैपनि
त्येसको अन्त समय् सम्म लड़ाईं होइ रहंछ किनभन्ये उजारींनु निस्चइ
२७ ठानीयो । अनि त्येस् मालिकले एक साताको लागि धेरै लोग् सित बाचा
ता बांधछ . तर आधा साता त्येस्ले मिलापबलि र अन्नबलि पुन्छ अनि
घिनलाग्दो थोकको थाप्नामां उजार्ने देखाहा पर्छ अनि निस्से
ठानीयेकोको मृत्यनाम हुंने बेला सम्म रिस् उजार्ने मांथि रहि रहंछ ॥
१० १ फारसको राजा कुस्रूको तीस्रो बर्षमां बेल्तशस्सर् भनींने
दानिय्येललाइ येउटा कुरो देखाईयो अनि त्यो कुरो सांचो छ अर्थात्
बड़ा लड़ाईं हुंछ भन्ये . त त्यो कुरो त्येस्ले बूझ्यो अनि त्यो देख्येको
२ दर्शनको बूझ् पायो । ति दिनमां मं दानिय्येल् पूरे तीन् साता सम्म शोक
३ गर्दै रह्यें । ति तीन् साता पूरा न होउंज्याल् सम्म मैंले न ता मीठो
भान्सा गर्यें अनि न मांसू कि दाखमद्य मेरो मुखमां आयो अनि न
४ आफ्नु जीउमां केइ तेल् लगायें । अनि पहिलो महींनाको चौबीसौं
५ तिथिमां मं हिद्देकेल् भनींने महानदीको तीरमां थियें तब मैंले

[1] अर्थात् मसीह ।

आंखा उचाल्येर के देख्यें भन्ये पाट्‌वस्त्र लायेको ऊपज् भन्ये देस्‌को
निखरा सुन्‌को पटुका बांध्येको येउटा मान्छे रछ. त्येस्‌को शरीर फीरोजा ६
जस्तो त्येस्‌को मोहोंड़ा बिजुलि जस्तो त्येस्‌का आंखा बल्येको बत्ती जस्तो
त्येस्‌का बांहां र गोड़ा चम्काये‌को पीतल् जस्तो अनि त्येस्‌को बोलीको सोर्
धुइरोको जस्तो थियो। त्येस्‌लाइ खालि मं दानिय्येल्‌ले मांत्रै देख्यें अनि ७
मेरा साथीहरुलाइ त्येस्‌को दर्शन् मिल्येन अं तिनिहरु थर्‌थराये अनि लुकन्
लाइ भागि भागि हिंड़े। त मं एक्ले रहिकन यो तुलो दर्शन् पाउंदै रह्यें ८
अनि मेरो हंसले ठांउ छाड़्यो. अं मेरो राम्रोहुवाई नास् भइ गयो अनि
मंमां कोइ बल् रह्येन। तैपनि मैंले त्येस् पुरुष्‌को बचन्‌को शब्द ता सुन्यें ९
अनि जब मैंले त्येस्‌को बचन्‌को शब्द सुन्यें तब मं भुइंमां लड़ि अरघोर्
नौंदमां परि भुइंमां घोप्टो पर्यें। अनि हेर कसैको हातले मंलाइ छोयो १०
अनि मंलाइ उठायेर घुड़ा र हत्केलामां बसाल्यो। वहांदेखि त्येस्ले ११
मंलाइ भन्यो ए दानिय्येल् ए अति प्रिय पुरुष् ज्ये ज्ये बचन् मं तंलाइ भन्द
छु ति बूझ् अनि सोजो उभी किनभन्ये मं ऐले तं थांइ पठाईयें. जब त्येस्ले
मंलाइ यो बचन् कह्यो तब मं उभींनु ता उभीयें तर कांम्दै रह्यें। फेरि १२
त्येस्ले मंलाइ भन्यो ए दानिय्येल् न डरा किनभन्ये जस् दिन् तैंले बिचार्
गर्नु र आफनु ईश्वरको सांमु आफुलाइ दीन तुल्याउंनु तिर मन् लगाइस्
त्येसै दिन् तेरा कुरा सुनीये. अनि मं तेरो कुराको कारणले आयेको छु। तर १३
फारस् राज्‌को मालिक् एकाइस् दिन् सम्म मं सङ लड़ाईं गर्दै रह्यो तर
मूल मालिकहरुमांको मीखायेल् मेरो गोहार्‌को लागि आयो. येसो
भयेको कारणले फारस्‌का राजाहरुकां रहंने मेरो खांचो भयेन। अब मं १४
तंलाइ जनाउंनु आयेको छु अर्थात् अन्तका दिनमां तेरा लोगको गत् कस्तो
हुंछ भन्ये. किनभन्ये त्यो दर्शन् धेरै दिन् पछि पूरा हुंछ। त्येस् मान्छेले १५
येति कुरा भनि सक्दा मं घोप्टो पर्येर चुप् रह्यें। तब मान्छेका १६
छोराहरुमांको जस्तो कोई मान्छेले मेरो ओंठ् छोयो. त मं मुख् उघार्येर
बोलन् लाग्यें अनि मेरो सांमु उभीइ रहंनेलाइ भन्यें हे मेरा प्रभु दर्शन्‌को
कारणले मंलाइ पीरा जस्तो उटेरको छ अनि मंमां कोइ पनि बल् छैन।
त मं तपांइ मेरो प्रभुको दास्‌ले तपांइ मेरा प्रभु सित कसोगरि कुरा गर्नु १७
सकुं. तब देखि न ता मेरो जीउमां बल् छ अनि न कोइ सास्। तब मान्छे १८
जस्तो कसैले मंलाइ छोयेर मेरो साहस् बढ़ायो। अनि मंलाइ भन्यो ए १९
अति प्रिय पुरुष् न डरा. तंलाइ शान्ति मिलोस् तं आंटीलो हो अनि
हूप बान्ध्। जब त्येस्ले येसो भन्यो तब मैंले हूप् बांधिकन भन्यें हे मेरा
प्रभु अब भन् हवस् किनभन्ये तपांइले मंलाइ आंट् दिनु भयो। त्येस्ले २०
भन्यो मं किन तं थांइ आयें त्यो को तं जान्द छस् अब मं फारस्‌को
मालिक् सित लड़ाईं गर्नुलाइ फर्कंछु अनि जब मं निस्कंछु तब यूनान्‌को
मालिक् आउंछ। तैपनि सांचा कुराले भरीयेको पोस्तकमां ज्ये ज्ये कुरा २१
लेखीयेका छन् ति मं तंलाइ कहंछु. अनि ति मालिकहरुको बिरुद्धमां

तिमिहरुको मालिक् मीखायेल् छाड़ि मं सङ स्थिर् रहंने कोई पनि छैन।
११ १ अनि दारा भनींने मादीराजाको पहिलो वर्षमां यैलाइ हूप्
बंधाउंनुको लागि र बल् दिंनुको लागि मंनै उभीयेको थियें॥
२ अनि अब मं तंलाइ सांचो कुरो देखाउंछु। फारस्को राजमां अब
अरु तीन् राजाहरु उदय् हुंछन् अनि चौथो राजा तिनिहरु सबै भन्दा
बेसि धनाढ्य हुंछ अनि जब त्यो धन्को कारणले सामर्थी हुंछ तब
३ सबैलाइ यूनान्को राज्को विरुद्धमां उचाल्छ। त्यस् पछि येउटा पराक्रमी
राजाले उदायेर आफ्नु राज् धेरै बढ़ाउंछ अनि आफ्नु इच्छे अनुसार्
४ गर्छ। जब त्यो बड़ा हुंछ तब त्यैको राज् टूटछ अनि चारै तिर बांड़ीयेर
अलग् अलग् हुंछ अनि न ता त्यैको राजलाइ अगाड़िको जस्तो शक्ति
रहंछ न त्यैको बंशलाइ कोइ मिलछ कसोगरिभन्ये त्यैको राज् उखेलीयेर
५ तिनलाइ छोड़ेर अरु लोगको हातमां पर्छ। तब दक्खिन् देस्को राजले
येउटा आफ्नु खटायेको मालिक् समेतले बल् समातछ अं त्यो त्यस् देखि
६ बल् पाइ प्रभुतेइं गर्छ अं त्यैको प्रभुतेइं ठुलो हुंछ। अनि कत्ति वर्ष बीत्ये
पछि ति दुवै आपस्तमां मिलछन् अनि दक्खिन् देस्को राजाकी छोरी उत्तर्
देस्को राजा सित सांचो बाचा बांधुनुलाइ ता आउंछे. तर न ता त्यैको
पाखुराको बल् ठहर्छ अनि न त्यो न त्यैको पाखुरा ठहर्छ तर त्यो
आइमाइ त्यैलाइ पुऱ्याउंने र जन्माउंने र ति दिनमां त्यैलाइ संभालने
७ समेत् मांथि बलजबत् गरींछ। फेरि त्यैको कुलमां कोई जन्मंछ अनि
त्यैको ठांउमां विराजमान् भइकन पल्टन् समेत् उत्तर्को राजाको
किल्लामां पस्छ अनि त्यहांका लोग् सित लड़ाईं गरि जिताइ हुंछ.
८ वहांदेखि त्यैले तिनिहरुका देवताहरुका ढाल्येका मूर्त्तिहरु र सुन्
चांदीका मनपर्दा मनपर्दा भांड़ाबर्तनहरु खोस्येर मिस्रमां लैजांछ त्यस्
पछि त्यो अलिक् वर्ष सम्म उत्तर् देस्को राजालाइ सताउंनु देखि हात्
९ थामि बस्छ। तब त्यो दक्खिन् देस्को राजाको राजमां आउंनु ता आउंछ
१० तर फेरि आफ्नै देसमां फर्कि जांछ। तब त्यैका छोराहरुले झगरा निकालि
ठुला ठुला दल् जमाउंछन् तब त्यो उस्लाने महानदी झैं आइ देस्को
बीच् देखि छिरि जांछ अनि फेरि फर्कंदै आफ्नु किल्ला सम्म झगरा उठाउंदै
११ जांछ। त दक्खिन् देस्को राजा रिस्ले मर्छ त्यैकारण् निस्केर त्यस् उत्तर्
देस्को राजा सित लड़ाईं गर्छ. अनि त्यस् चइं राजाले लड्नुको लागि
ठुलो धुइरो जमाउंनु ता जमाउंछ तर त्यो धुइरो त्यैका (सत्रुको)
१२ हातमां पारि दिईंछ। त्यस् धुइरोलाइ पर सार्ये पछि त्यैको मन् फुलींछ.
वहांदेखि त्यैले लड़ाउंनु ता लाखौंलाइ लड़ाउंछ तेपनि जिताइ हुंदैन।
१३ कसोगरिभन्ये उत्तर् देस्को राजाले फर्केर अघिल्लो भन्दा पनि ठुलो धुइरो
जमाउंछ अनि कत्ति दिन् अं वर्ष वर्ष बीत्ये पछि त्यो अवश्से ठुलो पल्टन्
१४ र धन् लियेर आउंछ। अनि ति दिनमां धेरै मान्छेहरु दक्खिन् देस्को
राजाको विरुद्धमां उठछन्. अं तेरा लोग्मांका बल्लिया बल्लियाहरु उठि

उभौंकुन् त्यो दर्शनको कुरो पूरो हुंनुको लागि तर तिनिहरु ठोकर् खायेर
लड्कुन्। त उत्तर् देसको राजाले गढ़ि बनाउंछ अनि बस्तियो बस्तियो १५
सहर् लिहालछ. अनि दक्खिन् देसका न ता मालिकहरु उभीइ रहंनु सक्द
कुन् अनि न तुला तुला बीरको न कसैको उभीइ रहंने बल् हुंछ। तर जो १६
तिनिहरुको बिरुद्धमां आउंछ त्येस्ले आफ्नु इच्छे पुरो गर्छ अनि त्यो सङ्
लड़ाईं गर्नु सक्ने कोई रहंदैन. अं त्यो प्रसिद्ध नासक् भइ मूल् देसमां
पनि उभौंनु सक्छ। तब त्यो आफ्नु राजको पूरो बल् समेत् कत्ति कति १७
सीधासाधा लोगलाइ साथ लिइ आउंनु तियार् हुंछ अनि आफ्नु इच्छे
अनुसार् काम् गर्नुलाइ तियार् हुंछ. अनि त्येस्लाइ येउटी स्त्री दिईंछ त्यो
बिगारौंनुलाइ तर त्यो स्थिर् रहंदैन अनि न त्येस्की हुंछे। येस् पछि त्येस्ले १८
द्वीप तिर मोहोंड़ा फर्कायेर धेरैलाइ लिंछ. तर त्येस्ले गर्योको गिल्ला येउटा
मालिकले धुन्छ अं उल्टायेर त्येसैको सिर् मांथि लगाइ दिंछ। तब त्येस्ले १९
आफ्नु देसका किल्लाहरु तिर आफ्नु मोहोंड़ा फर्काउंछ. तर त्यो त्यहां
ठोकर् खायेर लड्छ अनि त्येस्को चिंनु पनि कहीं रहंदैन। तब त्येस्को ठांउमां २०
येउटा येस्तो कोई उठ्छ जस्ले मूल् राजलाइ बलैले फर्काइ पठाउंछ. तर
अलिक् दिन् बित्ये पछि त्यो रिसै न गरिकन कि लड़ाईंनै न गरिकन नष्ट
हुंछ। फेरि त्येस्को ठांउमां येउटा तुच्छ मान्छे उठ्छ जस्को राजमान् पहिले २१
भयेन. तरैपनि त्येस्ले कुशलको बेलामां आयेर चिप्राचाप्रा कुराले राज्
प्राप्त गर्छ। तब त्येस्का पाखुरेबलले त्येस्को सांमु देखि बाढ़ी बहि गयेका २२
जस्ता हुंकुन् तर बाचाको मालिक् पनि नष्ट हुंछ। कसोगरिभन्ये त्येस्ले त्यो २३
सङ् बाचा बांधछ र पनि कुल् गर्छ. अनि थोरै लोगलाइ साथ लिइ जाइ
लागि जिताहा हुंछ। कुशल् भयेको बेलामां खाका सबै भन्दा अस्सल् २४
अस्सल् ठांउहुंदो जाइ लागछ वहांदेखि त्येस्ले त्यो काम् गर्छ जो न
त्येस्को बाबुले न त्येस्को बराजुले गर्योको थियो अनि लूटेका खोस्येका
धनसम्पत्ति आफ्ना लोगमां बांड्ने गर्छ. अनि कत्ति बेला सम्म बस्तिया
सहरहरु लिंने इच्छे गर्छ। तब त्येस्ले दक्खिन् देसको राजाको बिरुद्धमां २५
बल् गर्छ अनि हूप् बांधछ तब दक्खिन् देसको राजाले अरघोर् तुलो
पल्टन् लियेर लड़ाईं गर्छ. तर ठहंदैन कसोगरिभन्ये तिनिहरुले त्येस्को
बिरुद्धमां जुक्ति गर्छन्। अं त्येसैको थालमां खानेहरुले त्येस्लाइ हार्नु २६
लाउंछन् अनि त्येस्को पल्टन् बाढ़ि भैं जाइ लागछन् र पनि त्येस्का धेरै
लोग् लड्छन्। तब ति दुवै राजाहरुको मन् बुराई गर्नुमां लागछ यहां २७
सम्म लागछ तिनिहरु एकै थालमां खांनु बस्छन् र पनि आपसमां
झुठ् बोलछन्. अनि त्येस्को कारणले केहि बनौंदैन कसोगरिभन्ये यि सबै
कुराको अन्त खटन् भयेकै बेलामां हुंछ। तब तुलो लूट् लियेर त्यो आफ्नु २८
देसमां फर्कंछ अनि पवित्र बाचाको बिरुद्धमां उठ्छ येसोरि आफ्नु इच्छे
पूरो गरि आफ्नु देसमां फर्कि जांछ। ठहराईयेको बेलामां त्यो फेरि २९
दक्खिन् देस तिर जांछ तर अगाड़ि भैं येस् पल्टिस्लो खेपमां हुंदैन।

३० कसोगरिभन्ये किर्त्तीमका जहाजहरु त्येस्को विरुद्धमां आउंछन् येस्कारण त्यो उदास् भइ फर्कंछ अनि त्येस् पवित्र बाचा देखि फर्कि आफ्नु इच्छे पूरो गर्छ. अं त्येस्ले फर्केर पवित्र बाचा छिनाल्नेहरुको हेरचाहा गर्छ।
३१ तब त्येस्का हतियार् भियेका गोहारेहरुले उठेर पवित्रस्थान् अं किल्ला पनि अपवित्र गर्छन् अनि नित्येको [बलिदान्] पुनछन् अनि उजाड़ घिनलाग्दो
३२ योक् उभ्याउंछन्। अनि दुष्ट भइकन त्यो बाचा छिनाल्नेहरुलाइ त्येस्ले चिप्लाचाप्ला कुरा गरिकन भक्तिहीन् गराउंछ. तर ईश्वरको ज्ञान राख्नेहरुले
३३ चइं ता हूप् बांधि बांधिकन ठुला ठुला काम् गर्छन्। अनि मान्छेहरुलाइ सिकाउंनेहरुले धेरैलाइ चेताउंछन्. तर धेरै दिन् सम्म दुक्ख पाइ रहंछन् तरवार्ले छेड़ीदै र आगोमां डड़ाईदै र बन्धुवा हुंदै र लूटीदै।
३४ जब तिनिहरु पर्छन् तब अलि अलि थामींछन् तर धेरै जना चिप्लाचाप्ला
३५ कुरा गरि गरिकन तिनिहरु सित मिसींछन्। अनि सिकाउंनेहरुमांको कत्ति ता जांचीनुको लागि लड़छन् चोक्खो र पवित्र होउन् भन्येर येस्तो गत् अन्तको दिन् सम्म रहि रहंछ. कसोगरिभन्ये यि सबैको अन्त
३६ ठहराईयेको बेलामांनै हुंछ। त त्यो राजाले आफ्नु इच्छे अनुसार् काम् गर्छ अनि सबै देवताहरु मांथि अल्गो र बड़ा हुंछ अं सबै देवताहरुको जुन ईश्वर छ उस्को विरुद्धमां उदेक उदेकका कुरा गर्छ. अनि जब सम्म रिस् शान्त हुंदैन तब सम्म त्येस् [राजा] को काम् सुफल् हुंछ कसोगरिभन्ये
३७ जे जे सांचि सांचि ठानीयेको छ तब सम्म सांचि सांचिनै हुंछ। फेरि त्येस्ले आफ्ना पुर्खहरुका देवताहरुको पनि फिक्रि गर्दैन अनि न ता स्त्रीहरुको प्रितिको फिक्रि गर्छ न कसै देवताको. तर त्यो आफै सब्बै
३८ मांथि बड़ा हुंछ। तर त्यो आफ्नु राजको मान्मां स्थिर रहिकन बल्लिया किल्लाहरुको देवताको मान् गर्छ. अर्थात् त्येस्का पितापुर्खहरुले न चिन्येको एक् देवतालाइ सुन् चांदी मणि र अरु अरु मनपर्दा योक्
३९ चढ़ाइकन मान् गर्छ। अनि त्येस्ले त्येस् विरांनु देवताको गोहार्ले अरघोर् बल्लिया बल्लिया किल्लाहरु सित लड़ाई गर्छ अनि त्येस्ले त्येस्लाइ मान्नेलाइ ठुलो मान् दिंछ अनि त्येस्लाहरुलाइ धेरै मांथिको मालिकेई दिंछ
४० अनि आफ्नु नाफाको लागि आफ्नु देसको जग्गा बांड़ि दिंछ। अन्तका दिनमां दक्खिन् देसको राजाले त्येस्लाइ सींगले हान्छ तर उत्तर् देसको राजा त्येस् मांथि आंधी झैं अर्थात् धेरै धेरै रथ् सवार् र जहाज् साथ लिइ आइ लागछ अनि त्यो धेरै देसमां फिजींछ अनि येसोरि निकलि
४१ जांछ। अं त्यो मूल् देसमां पनि आउंछ अनि धेरै देस् उजार् हुंछ. तर यि लोगका मान्छेहरु अर्थात् एदोमी मोआबी र मूल् मूल् अम्मोन्वंशीहरु
४२ पनि त्येस्को हात् देखि बांचछन्। येसोरि त्येस्ले कत्ति देसमां हात् पसार्छ.
४३ अनि मिस्र देस् चइं बांचदैन। तर त्यो मिस्रमांका सुन् चांदीका भंड़ार् र सबै मनपर्दा मनपर्दा योकको धनी होइ जांछ. अनि लुबी र कुशीहरु पनि
४४ त्येस्को पछि पछि लागछन्। तर त्येस् समयमां त्यो पूर्व र उत्तर् दिशा देखि

समाचार् सुन्येर डराउंछ. वहांदेखि विघ्न रिस्ले भरीयेर धेरैलाइ स्थापित्
ठान्येर भाकल् गर्‍येको थोक् जानि नास् पार्नुलाइ निक्लंछ। अनि त्येस्ले ४५
समुन्द्र र मूल् पवित्र पर्वत्को बीच्मां आफ्नु राजावलि पाल् टांग्छ तर
त्येसो गर्‍येकैमां त्येस्को अन्त आइ हाल्छ अनि त्येस्को गोहारे कोई हुंदैन।
त्येस् बेलामां तेरा लोगको पन् पस्नुलाइ उभींने मूल् मालिक् मीखायेल् १२ १
उभींछ. तब येस्तो संकट्को बेला हुंछ त्येस्तो ता कुनै लोग् उत्पन्न भयेको
बेला देखि अब सम्म भयेको छैन होला. तर त्येस् बेलामां तेरा लोग्
अर्थात् जत्तिको नांउ पोस्तकमां लेखीयेका छन् तिनिहरु चइं बांचछन्। २
अनि भूमिको धूलोमां सुत्येकाहरुमांका धेरै लोग् जागि उठ्छन् कत्ति चइं
अनन्त जीवन्को लागि अनि कत्ति चइं निन्दा र अनन्त अरघोर्
घिन्लाग्दा ठहरींनुको लागि बौरि उठ्छन्। तब सिकाउंनेहरुको चमक् ३
अकाश्मण्डल्को जस्तो हुंछ अनि धेरैलाइ धर्म्मी तुल्याउंनेहरु सदा सर्वदा
ताराहरु झैं चम्कि रहंछन्। अनि ए दानिय्येल् यि बचन् तैंले अन्त ४
समय् सम्म थुनि राख् अनि येस् पोस्तकमां छाप् लगाइ राख्. अं धेरै
जनाले ढूंढ़लाई गर्छन् अनि ज्ञान् पनि बढ्छ॥

तब मं दानिय्येल्ले हेरि क्ये देख्यें भन्ये अरु दुइ जना मान्छे उभीइ ५
रह्येका राछन् एक् जना महानदीको येस् तीर्मां अनि अर्को चइं
महानदीको उस् तीर्मां। तब पाट्कपराको लुगा लगाइ महानदीको ६
पानी मांथि उभीइ रहंनेलाइ [ति दुइ पुंरुष्मांको] येउटाले सोध्यो यि
आश्चर्य्यकर्म्महरुको अन्त कैले सम्ममां हुंछ। तब पाट्कपरा लगाइ ७
महानदीको पानी मांथि उभीइ रहंनेले मैंले सुन्नेगरि दाहींनो बाउं दुवै
हात् स्वर्ग तिर उठाइ सदा जीइ रहंनेको किरिया खाइकन भन्यो यो गत
एक् समय् दुइ समय् र आधा समय् सम्म रहंछ अनि जब पवित्र प्रजाको
शक्ति छिनालींदै छिनि सक्छ तब यि सबै कुरा पूरा हुंछन्। यि कुरा मं सुन्नु ८
ता मुन्द थियें तर क्येइ पनि बुझींन. तब मैंले भन्यें हे मेरा प्रभु यि कुराको
अन्तफल् क्ये हुंछ। त्येस्ले भन्यो ए दानिय्येल् आफ्नु बाटो समात्. ९
किनभन्ये यि कुरा अन्तसमय्को लागि थुनीयेका छन् अनि यिनमां छाप्
लगाईयेको छ। धेरै लोगले आफु आफुलाइ चोखो र उज्याला तुल्याउंछन् १०
अनि चोक्खो होइ जांछन् तर दुष्टहरु दुष्टेईंनै गर्दै रहंछन् अनि दुष्टमांका
कत्तिले ता यि कुरा बूझ्दैनन्. तर सिकाउंनेहरुले बूझ्छन्। अनि जब ११
देखि नित्यको बलिदान् उठाईंछ अनि उजार्न घिन्लाग्दो थोक् स्थापित्
गरींछ तब देखि बारह् सै नब्बे दिन् बीत्छन्। त्यो क्ये धन्नको हुंछ जो १२
धीरज् धरि धरिकन तेरह् सै र पैंतीस् दिन्को अन्त सम्म पनि पुग्छ।
त तं गयेर अन्त सम्म बसि रह. किनभन्ये तं बिश्राम् गर्दै रहंछस् अनि १३
ति दिनको अन्तमां आफ्नु निज् भाग्मां उभींछस॥

होशेअ ।

१ १ यहूदाका राजाहरु उज्जियाह् योताम् आहाज् र हिज्कियाह्
अनि इस्राएलको राजा योआशको छोरो यारोबामका दिनमां यहूवेको
वचन् बेरीको छोरो होशेअकां आयो ॥
२ जब यहूवेले पहिले होशेअको बाटोले बात् गर्यो तब यहूवेले
होशेअलाइ भन्यो गयेर येउटी वेश्ये हुंने स्वास्नी र वेश्येगमनको सन्तान
लाइ ले . किनभन्ये येस् देसले यहूवेलाइ पक्याउंनु छोड़ि वेश्येको जस्तो
३ काम् गर्नु लाग्यो । त त्येस्ले गयेर दिब्लैमको छोरी गोमेरलाइ ल्यायो त
४ त्येस्ले गर्भिणी भयेर येउठा छोरो जन्माई । तब यहूवेले त्येस्लाइ भन्यो त्येस्को
नांउ यिज्रेल् राख् किनभन्ये थोरै समयमां मं येहूको जहानलाइ यिज्रेलको
रगत् बहायेकोको दण्ड दिंछु अनि इस्राएलको जहानको राजको अन्त
५ गराइ दिंछु । अनि त्येस् बेलामां येसो हुंछ मं यिज्रेलको तरिमां
६ इस्राएलको धनु भांचि दिंछु । येस् पछि त्येस् आइमाइले फेरि गर्भिणी
भयेर येउटी छोरी जन्माई । तब [यहूवेले] त्येस्लाइ भन्यो त्येस्को नांउ
लोरुहामा[१] राख् . किनभन्ये मं इस्राएलका जहान् मांथि फेरि फेरि दया
७ गरि तिनिहरुको अपराध् कोईपरिले पनि क्षमा गर्दीन । तर मं यहूदाको
जहान् मांथि ता दया गर्छु अनि तिनको उद्धार् गर्छु . अनि मं
तिनिहरुलाइ धनु कि तरवार् कि लड़ाईं कि घोड़ा कि घुकसवारको
बाटोले होइन तर मं तिनिहरुको ईश्वर् यहूवे हुंनाले आफ्नै पट्टि बाटो
८ तिनको उद्धार् गर्छु । जब त्येस् आइमाइले लोरुहामाको दुद् छोड़ाई तब
९ त्येस्ले फेरि गर्भिणी भयेर अरु येउटा छोरो जन्माई । तब यहूवेले भन्यो
त्येस्को नांउ लोअम्मी[२] राख् . किनभन्ये तिमिहरु मेरा लोग् होन अनि
न मं तिमिहरुको [ईश्वर्] हुंछु ॥
१० तैपनि इस्राएलबंशीहरुको गन्ति समुन्द्रको बालुवाका कनिका सरि
होइ जांछ जो गन्नु जोख्नु सकीदैन अनि येसो हुंछ तिमिहरु मेरा लोग्
११ होन भन्येको ठांउमां तिमिहरु जीउंदो ईश्वरका पुत्रहरु भनीछौ । तब
यहूदाबंशी र इस्राएलबंशी दुवै भेला भयेर आफ्नु येउटा मालिक्
खटायेर देस् देखि जाइ जांछन् . कसोगरिभन्ये यिज्रेलको दिन् अघोर्
२ १ प्रसिद्ध दिन् हुंछ । त तिमिहरुले आफ्ना भाईहरुलाइ अम्मी[३] र
आफ्नी बैंनीहरुलाइ रुहामा[४] भन्न लाग ॥ ✓

---

[१] अर्थात् दया न भयेको ।
[२] अर्थात् मेरो लोग् होइन ।
[३] अर्थात् मेरो लोग् ।
[४] दया पायेकी ।

आफ्नी आंमा सित बिबाद् गर् बिबाद् गर् किनभन्ये त्यो मेरी २
स्वास्नी होइन अनि न मं त्येस्की लोग्ने हुं . त्येस्ले आफ्नु मुख् आफ्ना
बेसनी देखि र व्यभिचार्हरु आफ्ना दुत्हरुको बीच् देखि अलग् गरोस्
नहीं ता मं त्येस्का लुगाहरु काढ़ेर त्येस्लाइ त्यो जन्म्येको दिन् जस्तो नांगो ३
पार्छु अनि त्येस्लाइ बन् अं बिना पांनीको देस् जस्तो पार्छु अनि त्येस्लाइ
तिर्षाले मांछु अं त्येस्का छोराछोरी मांथि पनि कोइ दया गर्दीन ४
किनभन्ये तिनिहरु बेश्येगमन्का सन्तान् हुन्। किनभन्ये तिनिहरुकी ५
आंमाले लकुवारेईं गरी . जस्को गर्भमां तिनिहरु पर्ये त्येस्ले लाज्छ्यो काम्
गरी . अनि त्येस्ले भनी मं आफ्ना नाठाहरुलाइ पछ्याउंछु जस्ले मंलाइ मेरा
खांने अन्न पीउंने पानी र ऊण् कपास् तेल् र मद्य दिंद छन्। येस्कारण् ६
हेर मं त्येस्को बाटो कांड़ाले थुन्छु त येसोरि त्येस्ले बाटो पाउंदीन। अनि ७
त्येस्ले आफ्ना नाठाहरुलाइ खेद्छे तर भेट्दीन अनि तिनिहरुलाइ खोज्छे
र पनि पाउंदीन . तब त्येस्ले भन्छे मं आफ्नै पहिलो लोग्नेकां जांछु
किनभन्ये उस् बेला मेरो गत आजकालको भन्दा जाति थियो। अन्न ८
दाख्मह र तेल् दिंने उइ थियो भनि त्येस्ले जान्दीन अनि बाल् देव्ताको
काम्मां लगायेका सुन् चांदी उसैले बढ़ाइ दियेको थियो भनि पनि।
येस्कारण् मं अन्नको ऋतुमां आफ्नु अन्न र दाख्मह हुंने बेलामां आफ्नु ९
दाख्मह फेरि लांछु अनि आफ्नु ऊण् र कपास् पनि खोसि लैजांछु
ज्येले त्येस्ले आफ्नु जीउ ढाक्द छे। अनि अब मं त्येस्का नाठाहरुको सांमु १०
त्येस्को लाज् उघार्छु अनि त्येस्लाइ मेरो हात् देखि कसैले छोड़ाउंदैन।
अनि मं त्येस्का चाड़ दुतिया र बिश्राम्का दिन् सबै ठहरायेका बेलाहरुका ११
रमाहट्हरु उठाइ दिंछु। अनि मेरा नाठाहरु र मेरो प्राप्तीमां दियेकाहरु १२
थि हुन् भन्येका त्येस्का दाख्का बोट्हरु र नेभाराका रुख्हरु बिगारि
दिंछु . मं ति बनै बन् पार्छु अनि बनजन्तुले ति खांछन्। अनि त्येस्ले १३
बाल् देव्ताहरुको लागि धूप् हाल्येको दिन् जब त्यो नत्थ र हारि लगायेर
आफ्ना नाठाहरु पछि पछि गइ मंलाइ बिर्सि रहंद थिई ति दिनको दण्ड
मं त्येस्लाइ दिंछु यहवेको येइ बाणी छ। येस्कारण् हेर् मं त्येस्लाइ फकायेर १४
त्येस्लाइ बन्मां लग्येर वहां त्यो सित हिर्दय्मां पस्ले कुरा गर्छु। वहांदेखि १५
मं त्येस्लाइ दाख्को बोट् उहीं दिंछु अनि आकोर्को[1] ब्यांसिलाइ आशा
उप्जने देलो जस्तो पारि दिंछु . अनि वहां त्येस्ले उत्तर् दिंछे जस्तो आफ्नु
जोभान्मां अर्थात् मिस्र देस् देखि आयेको बेलामां गर्द थिई। त १६
यहवेको यो बाणी छ त्येस् बेलामां तैंले मंलाइ बाली[2] भन्दीनस् ईशीनै[3]
भन्छेस्। कसोगरिभन्ये मं बाल् देव्ताहरुको नांउ त्येस्को मुख् देखि १७

[1] अर्थात् दुख् दिने। [2] अर्थात् मेरो स्वामी।
[3] अर्थात् मेरो लोग्ने।

निकालि दिंकु त तिनिहरुको सम्झना नांउ काड़िकन अब रहंदैन।
१८ अनि त्येस् बेलामां तिनिहरुको लागि मं बनपशुहरु र अकाश्का
पंषीहरु र भूइंमां बगिहिंडूने जन्तुहरु सित बाचा बांधकु. अनि मं
धनु र तरवार् भांचिकन तिनको देस् देखि लड़ाईं दूर् गरि दिंकु अनि
१९ तिनिहरुलाइ बिना डर् सुतने गराउंकु। अनि मं तंलाइ सधैंको लागि
आफ्नी स्वास्नी तुल्याउंनुको लागि मगंनी गर्कु अनि यो मगंनीको करहार्
२० धर्म्म र निया र ठिठाई र दया सित गर्कु। अनि मं सच्चेईं सित तंलाइ
आफ्नी स्वास्नी तुल्याउंने मंगनीको करहार् गर्कु पनि अनि तैंले यहूवेको
२१ ज्ञान पाउंकेस्। अनि यहूवेको यो बाणी कु त्येस् बेलामां येसो हुंकु
मं उत्तर् दिंकु अं अकाश्लाइ उत्तर् दिंकु अनि त्येस्ले पृथिवीलाइ उत्तर्
२२ दिंकु अनि पृथिवीले अन्न नया दाखमद्य र तेल्लाइ उत्तर् दिंकु अनि
२३ तिनिहरुले यिज्रेल्लाइ[1] उत्तर् दिंकुन्। अनि मं त्येस् आइमाइलाइ बिउ
जस्तो त्येसेको देसमां कुर्कु अनि जस् मांथि दया भयेन[2] त्येस् मांथि दया
गर्कु अनि जो लोग् होइन[3] तिनिहरुलाइ भन्कु तं मेरो लोग् होस् भनि
अनि त्येस्ले भन्कु हे मेरो ईश्वर्॥

३ १ फेरि यहूवेले मंलाइ भन्यो अब गयेर येस् आइमाइ सित पिर्ति गर्
जो व्यभिचारीणी कु र पनि त्यो त्येस्का प्याराहरुको प्यारी हुवम्. किनभन्ये
ठीक् त्येइपरिले इस्राएलबंशीहरु पराय् देवताहरु पट्टि फर्कंद कुन् अनि
दाखका भकना सित पिर्ति राखद कुन् तैपनि यहूवेले तिनिहरु सित प्रेम्
२ राखद कु। त मैंले येस् आइमाइलाइ पन्ध्रहवटा टुकरा चांदी र एक र
३ आधि होमेर् जउ दियेर किन्यें. तहांदेखि मैंले त्येस्लाइ भन्यें धेरै दिन्
मम्म तं मेरो लागि रहि रह् अनि न ता लछुवारेईं कर्म्म गर्येस् अनि न
४ कसै लोग्नेको स्वास्नी भयेस्. अनि मं पनि तेरो लागि येस्तै रहंकु भनि।
येसैपरिले इस्राएलबंशीहरु धेरै दिन् मम्म बिना राजा बिना मालिक्
५ बिना बेदि बिना मुढुका र बिना एपोद् कि घरदेव् रहि रहंकुन्. त्येस्
पछि इस्राएलबंशीहरुले तिनिहरुको ईश्वर् यहूवेलाइ र तिनिहरुको राजा
दाऊदलाइ फेरि खोजुनु लागकुन् अनि अन्तका दिनमां यहूवेमां र उस्ले
गर्येको भलाईमां भागी हुंनुलाइ कांम्दै आउंकुन्॥

४ १ हे इस्राएलबंशीहरु हो यहूवेको बचन् सुन. यो न कोइ सच्चेईं अनि
न कोइ कमणा न ईश्वरको ज्ञान् भयेको देस् कु येस्कारण येस्का बासीहरु
२ सित यहूवेको माम्ला कु। [त्येसां] स्राप् दिंनु झूठ् बोलनु हत्या गर्नु चोर्नु
व्यभिचार् गर्नु बाहिक् अरु कोइ हुंदैन तिनिहरु निस्कि गये अनि रगतले

---

[1] अर्थात् ईश्वरले ज्ये कर्द कु।

[2] दब्रानीमां लोरुहामा। १; ६ हेर।

[3] दब्रानीमां लोअम्मी। १; ९ हेर।

रगत् कुंद छ । येस्कारण् येस् देस्ले विलाप् गर्छ अनि वन्का जीवाजन्तु र ३
अकाश्का पंषी समेत् त्येस्का सबै बासीहरु ओइल्हि जांछन् अं समुन्द्रका
माच्छाहरु पनि नष्ट होइ जांछन् । तैपनि कसैले वाद्विवाद् न गरोस् न ४
कसैले दोष् देवस् किनभन्ये तेरा लोग् पूजाहारीहरु सित विवाद् गर्नेहरु
जस्ता छन् । त तैंले दिउंसो ठक्कर् खांछस् अनि राति तं सङ अगम्वक्काले ५
ठोकर् खांछन् अनि मं तेरी आंमालाइ नष्ट पार्छु । मेरो लोग् ज्ञान् ६
न भयेको कारण्ले नष्ट भयो . तैंले ज्ञान् आफालिस् येस्कारण् मं तंलाइ
तं पूजाहारी रहंनु देखि आफाल्छु . अनि तैंले तेरो ईश्वर्को व्यवस्था
बिर्सिस् येस्कारण् मं पनि तेरा छोराछोरीहरुलाइ बिर्सिछु । जति जति ७
तिनिहरु बढ्दै गये त्येति त्येति तिनिहरुले मेरो बिरुद्धमां पाप् पनि गर्दै
गये . मं तिनिहरुको मान् अमान् गराउंछु । तिनिहरु मेरा प्रजाका ८
पाप् खांदै तिनिहरुले दोषी हुंने इच्छ्रा गर्दै छन् । त येसो हुंछ जस्तो ९
प्रजा त्येस्तै पूजाहारी अनि मं तिनिहरुका चाल्चलन्को दण्ड दिंछु अनि
तिनिहरुलाइ तिनिहरुका कर्म्मको साटो दिंछु । त तिनिहरुले खांनु ता १०
खांछन् तर अघाउंदैनन् तिनिहरुले वेश्येगमन् ता गर्छन् तर बढ्दैनन् .
किनभन्ये तिनिहरुले यहूवे तिर मन् लाउंनु छोड़ि दिये । वेश्येगमन् ११
गर्येको अनि पुरानु र नया हुवै दाखमद्य खायेकोले बुद्धि भरष्ट पार्द छ ।
मेरो प्रजाले आफ्ना काठका मूर्त्तिहरु देखि सोधनी गर्द छन् अनि १२
तिनिहरुको लउरीले साइत् हेर्द छन् . किनभन्ये वेश्येगमन् गराउंने
आत्माले तिनिहरुलाइ भर्मायो अनि तिनिहरुले तिनिहरुको ईश्वर्को
ताबिमां हुंनु छोड़िकन व्यभिचार् झैं गर्द छन् । तिनिहरुले डांड़ा डांड़ाका १३
थाम्नि थाम्निमां र पर्वत् हुंदो धूप् हाल्द छन् किनभन्ये बांज्वृक्ष र ज्यामुना र
कठुज्का छाया जाति हुंद छन् . येस्कारण् तिमिहरुकी छोरीहरु व्यभिचारीणी
र तिमिहरुकी बुहारीहरु लकुवारेनी भइ गइन् । तिमिहरुकी छोरीहरु १४
व्यभिचारीणी र तिमिहरुकी बुहारीहरु लकुवारेनी होउन् तैपनि मं
तिनिहरुलाइ दण्ड दिन्न किनभन्ये तिनिहरु आफैंनै एकान्तमां वेश्येहरुकां
जांद छन् अनि देवदासीहरुलाइ साथ्मां लियेर बलिदान् चढ़ाउंद छन् .
त ज्ञान् बिनाका लोग् लड़ाईंछन् । ए इस्राएल् तैंले लकुवारेइं गर्द छस् १५
तैपनि यहूदा दोषी न हवस् अनि तिमिहरु न ता गिल्गाल्मां आव अनि
न बेतावेन्मां चढ़ि जाव अनि न यहूवे जीइ रह्येको झैं भनि किरिया
खाव । किनभन्ये इस्राएलले अट्ठरेइं गर्ने कोरलीले झैं अट्ठरेइं गय्यो . १६
त अब यहूवेले तिनिहरुलाइ फराक् ठांउमां भेंड़ाका पाठा चरायेको झैं
चराउंछ । एप्रेम् चइं ता मूर्त्तिहरुको साथी भइ गयो त त्येस्लाइ रहंनु दे । १७
तिनिहरु जब मद्य खाइ सकद छन् तब वेश्येगमन् गर्नुमां लागि रहंद १८
छन् तिनिहरुका मालिकहरु अमानका हुंनुमां प्यारो सित लागि रह्येका
छन् । आंधीले त्येस्लाइ आफ्ना पखेटामां बांध्यो येस्कारण् बलिदान् १९
चढ़ाउंदाखेरि तिनिहरु लजाउंछन् ॥

५ १ हे पूजाहारीहरु हो यो कुरो सुन अनि हे इस्राएल्को जहान् हो
मन् लगायेर कान् थाप अनि हे राजाका जहान् हो कान् लगाव किनभन्ये
तिमिहरुको निया गर्ने काम् छ किनभन्ये तिमिहरु मिस्पामां पासो अनि
२ ताबोर्मां थापीयेको जाल् भइ गयेका छौ । ति बिग्र्येकाहरुले अरघोर्
३ हत्या गर्ये त मं तिनिहरु सबैलाइ हकार्छु । मं एप्रैम्को भेद् जान्द छु अनि
इस्राएल् मं देखि लुकेको छैन . कसोगरिभन्ये एप्रैम् तैंले व्यभिचार् गरिस्
४ अनि इस्राएल् अशुद्ध भयो । तिनिहरुका कर्म्मले तिनिहरुलाइ तिनिहरुको
ईश्वर् तिर फर्कनु दिंदैन . लकुवारेइँ गराउंने आत्मा तिनिहरुमां रहंद छ
५ अनि यहूवेको चइं ज्ञान् तिनिहरुमां रहंदैन । अनि इस्राएल्को अहंकार्
त्येको मुखमां चम्कंद छ . येकारण् इस्राएल् र एप्रैम्ले आफनु अधर्म्मको
कारणले ठोकर् खांकुन् यहूदाले पनि तिनिहरु सङ सङै ठोकर् खांकु ।
६ तिनिहरु आफ्ना भेंड़ाबाख्रा र गाईगोरु लियेर यहूवेलाइ खोजनु ता
आउंकुन् तर तिनिहरुले उस्लाइ पाउंदैनन् . कसोगरिभन्ये उ तिनिहरु
७ देखि अल्गि गयो । तिनिहरुले व्यभिचार्का जस्ता क्रोराहरु जन्माये येस्मां
यहूवे सित छल् गर्ये . येकारण् अब तिनिहरु दुतिया [को रमाहट्]
को कारणले तिनिहरु आफनु आफनु भाग् समेत् नष्ट हुंकुन् ॥
८ गिब्रामां नरसींगा अनि रामामां तुरही बजाव बेतावेन्मां कराइ
९ कराइकन भन ए बिन्यामीन् तं पछि [हेर्] । एप्रैम् निन्दा भयेको दिनमां
उजार् भइ जांकु . ज्ये कुरो हुंनु भनि ठहराईयेको छ त्येइ मैंले इस्राएल्का
१० सबै कूलमां जनाइ सक्यें । यहूदाका मालिकहरु तिनिहरु जस्ता भये
जुनहरुले सांद् सार् छन् . त तिनिहरु मांथि मं आफनु ब्रल्दोरिस् पानी झैं
११ खन्याउंकु । एप्रैम् मांथि मिचेइँ गरींछ अनि माझामां त्येस्ले हार्छ किनभन्ये
१२ त्यो आज्ञा अनुसार् मन् समेत्ले हिंड्यो । येस्कारण् मं एप्रैम्को लागि
१३ कीरा पर्ने र यहूदाको जहान्को लागि कुहाईको कामको हुंकु । जब
एप्रैम्ले आफनु बेथा देख्यो अनि यहूदाले आफनु घाउ देख्यो तब एप्रैम्
अश्शूर् पांइ गयो अनि यारेब् राजाकां पठायो . तर त्यस्ले तिमिहरुलाइ
निको पार्नु सक्यन अनि न तिमिहरुको घाउ पुरीने गराउंनु सक्यो ।
१४ कसोगरिभन्ये मं एप्रैम्को लागि सिंह र यहूदाको जहान्को लागि जुवान्
सिंह बनींकु . मं आफै तिनिहरुलाइ फहराइ लैजांकु मं उठाइ लैजांकु
१५ अनि छोड़ाउंने कोइं पनि हुंदैन । मं फर्कर आफनु ठांउमां जांकु अनि
जब सम्म तिनिहरुले आफुलाइ अपराधी जानिकन मेरो दर्शनका खोजी
हुंदैनन् तब सम्म मं उहीं रहंकु . जब तिनिहरु कष्टमां पर्कन् तब मन
लगाइकन मलाइ खोजनु लागकुन् ॥

६ १ आव हांमिहरु यहूवे तिर फर्कुं . किनभन्ये उस्ले हांमिहरुलाइ
घायेल गर्यो उसैले हांमिहरुलाइ निको पनि पार्छ उस्ले हांमिहरुलाइ
२ हिर्कायो त उसैले हांमिहरुका घावमां पट्टि पनि बांध्छ । दुइ दिन् पछि
उस्ले हांमिहरुलाइ जगाउंछ . तेस्रो दिन् उस्ले हांमिहरुलाइ उठायेर

उभ्याउंछ तब हांमिहरु उस्को सांसु जोइ रहंछौं। आब हांमिहरु ज्ञान् पाऊं ३
अं यहूवेको ज्ञान् खोज्येर प्राप्त गरूं किनभन्ये उस्को प्रगट्हुवाई निस्से
बिहान् हुंनु जस्तो छ. अनि पानी पार्येको झैं अं भूंइ भिजाउंने
दुङनिझरि झैं उ हांमिहरु थांइ आउंछ॥

ए एप्रैम् मं तंलाइ के गरूं. ए यहूदा मं तंलाइ के गरूं. किनभन्ये ४
तिमिहरुको दया ता बिहान्को कुइरो जस्तो र छिटो अल्पौंने शीत् जस्तो
छ। येस्कारण् मैंले अगमबक्ताहरुको बाटोले तिनिहरु मांथि बंचरो चलायेको ५
झैं गर्यें अनि आफ्नु मुखका बचनले तिनिहरुलाइ हिर्कायें अनि मेरो
न्यायकर्म्म चम्कंने उज्यालो झैं प्रगटो हुंछन्। किनभन्ये मं बलिदान् ६
होइन तर दया मांगद छु अनि ईश्वर्को ज्ञान् होमबलिदान् भन्दा
बेसि इच्छे गर्द छु। तर तिनिहरुले आदम्ले झैं नियम् छिनाल्ये. येसै ७
देस्मां तिनिहरुले मं सित छल् गर्ये। गिलाद् अधर्म्म गर्नेको सहर् छ त्येस्मां ८
रगत्का चिंनुहरु भरि छन्। अनि जसोरि डाकूहरुको गट्ठा कसैलाइ मार्ने
ढुकाईमां रहंद छ त्येसैगरि पूजाहारीहरुको गट्ठाले शकेम्को बाटोमां मार्द
छन्. अं तिनिहरुले महामहा पाप् पनि गर्ये। इस्राएल्को जहान्मां मैंले १०
आंग् जर्कने कारण् देख्येको छु. त्यहां एप्रैम्मां बेश्येगमन् हुंद छ इस्राएल्
अशुद्ध भयो। अनि ए यहूदा जब मं आफ्नु लोगलाइ बन्धुवाई देखि ११
फर्काइ ल्याउंछु तब तेरो लागि पनि कटनी जस्ते साटो खटाईयेको छ॥

जब जब मं इस्राएल्लाइ निको पार्नु खोज्द छु तब तब एप्रैम्को ७ १
अधर्म्म र शोमरोन्का बुराई प्रगटो होइ जांद छन् कसोगरिभन्ये तिनिहरुले
मिथ्येकाम् गर्द छन्. चोर् चइं लुकि लुकिकन भित्र पस्द छ अनि
डाकूहरुको गट्ठाले बाहिर टाप्टिप् पार्द छ। अनि तिनिहरुले यहूवेले २
हांमिहरुको सब्बै बुराईको सम्झना राख्द छ भनि आफ्ना मनमां
बिचार्दैनन्. त अब तिनिहरुका कार्य्यहरुले तिनिहरुलाइ घेर्द छन् ति
मेरा आंखाको सोजि रहंद छन्। तिनिहरुले राजालाइ बुराई गर्येकोले ३
र अरु अरु मालिकहरुलाइ झूठ् बोल्येकोले खुशि पार्द छन्। तिनिहरु ४
सब्बै व्यभिचारी छन् तिनिहरु त्यो तनूर् जस्ता छन् जो पकाउंनेले गरम् ता
गर्द छ तर पिठो न मुकौंउंज्याल् र खमीर् न भौजुंज्याल् त्येस्ले ओजीयेका
अगुल्ठाहरु भित्र घचेट्दैन। हांमिहरुको राजाको दिनमां मालिकहरुले ५
मद्यको तापले आफुलाइ बिसंच पार्ये त त्येस्ले ठट्टा गर्नेहरु सित आफ्नु
हात् मिलायो। तिनिहरु ढुक्का बसुंज्याल् सम्म तिनिहरु तनूर् झैं तियार् ६
भइ रहंद छन्. ति पकाउंने रातभरि ता सुति रहंनु सकद छ तर बिहान्
भये पछि बल्येको आगाले तनूर् रातो हुंद छ। तिनिहरु सब्बै जना तनूर् ७
जस्ते तातींद छन् अनि आफ्ना बिचारीहरुलाइ भस्म पार्द छन् तिनिहरुका
राजाहरु सब्बै मारीये. तिनिहरुमांको कोई पनि मेरो दोहाई गर्ने छैन।
एप्रैम् अरु अरु माझेहरु सित मिलिजुलि रहंद छ एप्रैम् न उल्टाईयेको ८
फुलौरो जस्तो छ। अन्यदेसीहरुले त्येको बल् छिनालि दिये तर त्येस्ले यो ९

जान्दैन. अनि त्येस्को कपालमां कताकति कोस् फुल्येका कुन् तर त्येस्लाइ
१० यो थाहा छैन। अनि इस्राएल्को अहंकार् तिनिहरुको मोहोंड़ामां चम्कंद
छ. तैपनि तिनिहरु तिनिहरुको ईश्वर् यहवे तिर फर्कनन् न उस्लाइ
११ खोज्ये। अनि एप्रैम् अज्ञान् ढुकुर् जस्तो भइ गयो जस्को कोइ बुद्धि छैन.
तिनिहरुले पैता मिस्रको दोहाई दिंद कुन् अनि उता अश्शूरमां जांद कुन्।
१२ तिनिहरु जब जब जांकुन् तब तब मं तिनिहरु मांथि आफ्नु जाल् फिंजाउंछु
मं तिनिहरुलाइ अकाशका चराहरुलाइ झैं तान्छु. मं तिनिहरुलाइ
१३ तिनिहरुको मंडलीले सुन्येको अनुसार् दण्ड दिंछु। तिनिहरु मांथि हाय्
किनभन्ये तिनिहरु मं थांइ देखि भर्मि गये तिनिहरुको सत्यनास् हवस्
किनभन्ये तिनिहरु मं सित बाझेर बिग्रि गये. मैंले तिनिहरुलाइ
१४ छोड़ाउंदैनै ल्यायें तर तिनिहरु मं सित झूठ् बोल्दै आये। अनि जब
तिनिहरु ओछ्यानमां ढल्कि ढल्कि हाय् हाय् मांद कुन् तब तिनिहरुले
मेरो दोहाई दिंद ता कुन् तर मनले दिंदैनन्. अनि खालि अन्न र दाखमद्य
पाउंनुको लागि धुइरो बनौंद कुन् अनि मं देखि बिग्रि मेरो बिरोध् गर्द
१५ कुन्। मंचइंले तिनिहरुलाइ शिक्षा दिंदै र तिनिहरुका बांहांलाइ बलियो
गराउंदै ल्यायें तर तिनिहरु मेरो बिरुद्धमां नजाति बिचार् गर्दै आये।
१६ तिनिहरु फर्कंद ता कुन् तर परम् [ईश्वर्] तिर होइन तिनिहरुले
बिकामे धनुले झैं धोका दिये. तिनिहरुका मालिकहरु रिसले भरीयेका
कुराहरुको कारणले तरवारले लड्छन्. मिस्रमां तिनिहरुका निन्दाको
कारणले येसै हुंछ॥

८ १ मुखमां नरसींगा लगा। [बैरि] उकाब् झैं यहवेको घर् मांथि
आइ लाग्द छ. किनभन्ये तिनिहरुले मं सित बांध्येको नियम् किनाल्ये
२ अनि मेरो व्यवस्था नांघ्ये। तिनिहरुले मलाइ हापारि भन्छन् हे मेरो
३ ईश्वर् हांमि इस्राएलले तपांइलाइ जान्द छौं। जे भला छ त्यो इस्राएलले
४ आफालि दियो. बैरिले त्येस्लाइ खेद्छ। तिनिहरुले राजाहरुलाइ ता
खटाये तर मैंले होइन तिनिहरुले मालिकको खटन् पनि गर्ये तर मलाइ
थाहा छैन. तिनिहरुले आफ्ना सुन् चांदी लियेर मूर्त्तिहरु बनाये आफै नष्ट
५ होऊं भन्ये झैं गरि। ए शोमरोन् उस्ले तेरो बाच्छा [मूर्त्तिको]
निन्दा गर्यो तिनिहरु मांथि मेरो रिस् उठ्यो तिनिहरुले निर्दोष् हुंनुमां
६ कैले सम्म बियांलो गर्छन्। किनभन्ये त्यो [मूर्त्ति] इस्राएल् देखि छ त्यो
कारिगर् देखि बनीयो त त्यो ईश्वर् होइन. अं शोमरोन्को बाच्छो टुक्रै
७ टुक्रा पारींछ। किनभन्ये तिनिहरुले बतासको बिउ छर्दै कुन् तर बेहोरि
आंधीको कटनौ गर्छन्. तिनिहरुको लागि कोइ पीरो अन्न रहंदैन डांक्रा
ता हुंछन् तर अन्न होइन भयेइ पनि अन्यदेसीहरुले त्यो नीलि हाल्छन्।
८ इस्राएल् नीलि हालींछ. अब तिनिहरु अन्यदेसीहरुमां पैस्ता बिकामे
९ ठहर्छन् जस्ले सुख्द न हुंने भांड़ा। किनभने तिनिहरु अश्शूर् मांथि
जाइ लाग्ये जसोरि बनगदाहा एक्लै हराइ हिंड्द छ. एप्रैमले आलामां

आफ्ना नाठाहरुलाइ राख्येकी छ । अं तिनिहरुले अन्यदेसीहरुको बीचमां १०
आलामां राख्येइ पनि मं तिनिहरुलाइ ऐले भेला गराउंछु अनि तिनिहरु
मालिकहरुको राजाधिराजले खटन् गर्येको भारि मुनि चेपीछन् । एप्रैमले ११
पाप् गर्नुलाइ धेरै बेदिहरु बनायो अनि तिनिहरु पापी ठहरीने कारण्
तिनै बेदिहरु भये । मं ता तिनिहरुको लागि आफ्नु व्यवस्थाका लाखौं कुरा १२
लेखदै थियें रपनि तिनिहरुले ति बिरांना जान्द छन् । जब तिनिहरुले मेरो १३
लागि बलिदान् चढ़ाउंद छन् तब पशु बलि गर्द छन् अनि त्येस्को मांसु
ता खांद छन् तर यहूवेले तिनिहरुलाइ ग्रहण् गर्दैन . तर अब उस्ले
तिनिहरुको अधर्म्म सम्झि तिनिहरुका पापको दण्ड येसोरि दिंछ तिनिहरु
मिस्रमां फर्कि पनि जांछन् । किनभन्ये इस्राएल्ले आफ्नु कर्त्तालाइ १४
बिर्स्यैर मन्दिरहरु बनायो अनि यहूदाले चइं धेरै घेरा भयेका सहरहरु
बनायो . त मं तिनका सहरहरुमां आगो लगाउंछु अनि तिनका
महलहरु भस्म हुंछन् ॥

ए इस्राएल् तं अरु अरु लोग् झैं रमाहट्मां खुशि न हो किनभन्ये ६ १
तं तेरो ईश्वरलाइ छोड़ेर बेश्यै भइस् तैंले अन्नका एक् एक् खलामां
कुकर्म्मको प्राप्ति खुशि सित लिइस् । तिनिहरु न ता खलाका अन्नले २
अघाउंछन् अनि न कुण्डको दाखमहले अनि नया दाखमह त्येस्को लागि
घट्छ । तिनिहरु यहूवेको देसमां अरु रहंदैनन् अं एप्रैम् ता मिस्रमां फर्कि ३
जांछ अनि कत्तिले चइं अश्शूरमां अशुद्ध अशुद्ध थोक् खांछन् ।
तिनिहरुले यहूवेको लागि दाखमह खन्याईबलि जांनि दिंदैनन् अनि न ४
तिनिहरुको बलिदान् उस्लाइ मन् पर्छ पनि . तर तिनिहरुका बलिदानहरु
बिलाप्को खांने थोक् जस्तो ठहरीछन् जत्तिले ति खांछन् ति सबै अशुद्ध
होइ जांछन् . तिनिहरुका खांने थोक् खालि तिनिहरुको भोक् मांर्नुको
लागि मांत्रै हुंछ त्यो यहूवेको घरमां आउंदैन । तिमिहरुले पवित्र सभाको ५
बेला र यहूवेको चाडूको दिनमां के गर्छौ । हेर तिनिहरु सत्यनास् देखि ६
भागि ता जांछन् तर मिस्रले तिनिहरुका मुर्दा जम्मा गर्छ अनि मोपका
लोगले तिनलाइ गाडूछन् . तिनिहरुका चांदीका मनपर्दा मनपर्दा थोकहरु
सिसुघारीको तास्मिां पर्छन् . तिनिहरुका पाल् पालमां कांडाहरु उम्रंछन् ।
दण्डका दिन् आये साटो दिईने दिन् आये अनि इस्राएल्ले त्येस्को थाहा ७
पाउंछ . तिनिहरुको धेरै अधर्म्म र ठुलो दोषको कारणले अगमवक्ता चइं
मूर्ख ठहरीछ अनि जस् पुरुष मांथि आत्मा उत्रंद छ त्यो बौलाहा गनींद छ ।
पहरु झैं एप्रैम् मेरो ईश्वर् सङ रहंद ता छ . तर चरामांनेका दांवलि ८
फिंजाईयेका झैं अगमवक्ताका सब्बै चालमां दांवलि फिंजाईयेका छन् अनि
त्येस्को ईश्वरको घरमां डाहा गरींद छ । तादि गिबाबासीहरु औधिगरि ९
बिग्र्येको झैं तिनिहरु बिग्र्येका छन् . त अब उस्ले तिनिहरुको अधर्म्म
सम्झि तिनिहरुका पापको दण्ड दिंछ । मैंले इस्राएल्लाइ कसैले बन्मां १०
दाख् पायेको झैं पायेको ता थियें अनि मैंले तिमिहरुका पुर्खाहरु मांथि

नेभाराका अगौटेफल् मांथि आंखा लगायेको भैं आंखा लगायेको ता थियें.
तर तिनिहरुले बाल्पोर् थांइ गयेर आफुलाइ त्येस् लाज् लाग्दो देवताको
ताब्रिमां दि हाल्ये त तिनिहरु तिनिहरुका प्यारा देवते जस्ता घिन्लाग्दा
११ भइ गये। एप्रैम्को बढ्ति पंषी झैं उड़ि जांछ. न कसैको जन्म हुंछ न
१२ कसैको गर्भमां बास् हुंछ न कोई आइमाइ गर्भिणी हुंछे। तिनिहरुले
आफ्ना छोराछोरीलाइ पाल्थेर तुला तुला पार्ये भन्ये पनि तिनिहरुलाइ
येस्तोगरि निर्बंश तुल्याउंछु कोई पनि रहंदैन. अनि जब मं तिनिहरु देखि
१३ टाढो रहंछु तब तिनिहरु मांथि हाय् हुंछ। जसोरि मैंले सोरका
बासीहरुलाइ मन्पर्दो ठांउमां बस्येको देखें त्येस्ते एप्रैम् पनि देखींद छ.
१४ तैपनि एप्रैमले आफ्ना केटाकेटीहरुलाइ काटींनुको लागि निकालछ। हे
यहवे तिनिहरुलाइ दण्ड दिंनु हवस् तपांइले के दिंनु हुंछ. तिनिहरुलाइ
१५ झरि जांने गर्भ र सुक्येको दुत् दिंनु हवस्। तिनिहरुका सबै बुराई
गिलगालमां छन् येस्कारण् तिहींने मैंले तिनिहरु घित घिन् गर्यें.
तिनिहरुका खुराकर्म्मकै कारणले घिनायेर मं तिनिहरुलाइ आफ्नु
घर् देखि धपाइ दिंछु. अनि तिनिहरु सित फेरि फेरि प्रेम् गर्दीन
१६ तिनिहरुका सबै मालिकहरु मं देखि फर्कि गये। एप्रैम् कुटीयेको छ तिनको
जरा सुकि गयो त्येस्मां फल् फल्दैन. तिनिहरुकी स्वास्नीहरुले जन्माइन्
१७ भन्ये पनि तिनिहरुले जन्मायेका प्याराहरुलाइ मं मारि दिंछु। मेरो ईश्वरले
तिनिहरुलाइ आफालि दिंछ किनभन्ये तिनिहरुले उस्को सुन्येनन् त तिनिहरु
अन्यदेशीहरुको बीचमां डुलि डुलि हिंड्ने हुंछन्॥

१० १ इस्राएल् लहलह भयेको दाखको बोट् ता हो जस्मां लटरम्म
फल् फल्येका छन् जति जति फलहरु फुल्दै फल्दै आये त्येति त्येति तिनिहरु
बेदि बनाउंदै गये अनि जति जति तिनिहरुको जग्गा सुधंदै आये त्येति
२ त्येति तिनिहरुले पूजने राम्रा राम्रा मुढ्का बनाये। तिनिहरुको मन् खण्डित्
भयेको छ त अब तिनिहरु दोषी ठहराईंछन्. अब उसैले तिनिहरुका
बेदिहरु भांचि दिंछ अनि तिनिहरुका मुढ्काहरु टुक्रे टुक्रा पारि दिंछ।
३ अब ता तिनिहरुले भन्छन् हांमिहरुको कोई राजा छैन. कसोगरिभन्ये
हांमिहरुले यहवेको भय् मान्यूंन अनि राजा भयेइ पनि हांमिहरुको
४ लागि के गर्नु सक्छ र। तिनिहरुले किरिया खाइ खाइकन व्यर्थ कुराका
बाचाहरु बांधद छन्. येस्कारण् बारीका डेंगमां धतुरा फुल्येको झैं
५ तिनिहरु मांथि आइ लाग्ने दण्ड फल्छ। शोमरोनका बासीहरु
बेतावेनका बहरको लागि डराउंदै रहंछन्. अनि त्येस् देवताको प्रजाले
त्येस्को लागि बिलाप् गर्छ अनि त्येस्को लागि खुशि हुंने त्येका पूजाहारीहरुले
६ त्येस्को प्रताप् त्येस् देखि उठाईयो भन्दै बिलाप् गर्छन्। त्यो [मूर्त्ति] यारेब्
राजाको भेटि हुंनुलाइ अश्शूरमां पुर्याईंछ. एप्रैम् लाजमां पारींछ अनि
७ इस्राएल् पनि आफ्नु जुक्तिको कारणले लजाउंछ। शोमरोन् आफ्नु राजै
८ समेत् काटींछ पानी मांथिको फोका झैं। आवेनमां इस्राएलको पाप्को

अलग्गा अलग्गा ठांउहरु पनि नष्ट हुंकुन्. तिनिहरुका बेदिहरुमां कांड़ा र
लोहोंड़ेका कांड़ाहरु उभ्रंकुन् त्येस् बेलामां मान्छेहरुले पर्वतहरुलाइ भन्कुन्
हांमिहरुलाइ ढाक अनि डांड़ाहरुलाइ हांमिहरु मांथि भत्क भनि।
ए इस्राएल् गिबाको दिन् देखि तं पाप् गर्दै आइस्. अं तिनिहरु अब सम्म ९
त्येसैमां कुन् येस्कारण् गिबामां बाङ्गा मान्छेहरु सित गर्यको लड़ाईंमां को
तिनिहरु पनि फांसीदैनन्। जब मंलाइ मन् पर्छ तबै मं तिनिहरुलाइ दण्ड १०
दिंकु अनि लोग् लोगहरु तिनिहरुको बिरुद्धमां भेला हुंकुन् जब तिनिहरु
तिनिहरुका दुइ अधर्म्महरु सित जोतीयेका हुंकुन्। अनि एप्रैम् सिकार्इयेको ११
कोरेली कु येस्कारण् दांइ गर्नु देखि खुशि हुंद छे. तर मं त्येस्को राम्रो
घिन्नो परि गयें. मं कोई सवारलाइ एप्रैम् मांथि चढ़ाउंकु यहूदाले हलो
जोत्कु अनि याकूबले डल्लाहरु फोर्छ। धर्म्मको बिउ रोप दया अनुसार १२
कटनी गर आफ्नु बांझो बारी जोत. अब यहवेलाइ खोज्ने समय् कु
उस्ले आयेर तिमिहरुमां धर्म्मको पानी न बर्षाउंज्याल् सम्म। तिमिहरुले १३
दुष्टैंको हलो जोत्यौ अनि अन्यैको अन्नको कटनी गर्यौ अनि धोखाको
फल् भोग्यौ. कसोगरिभन्ये तिमिहरुले आफ्नु बेहोरा मांथि र आफ्ना
धेरै धेरै बीरहरु मांथि भरोसा राख्येका कौ। येस्कारण् तिमिहरुमां १४
खेलाबेला मचौंकु अनि तिमिहरुका सबै किल्ला लड़ाईंको बेलामां बेतबेल्
शल्मन् देखि नष्ट पारीयेको भैं नष्ट पारौंकुन्. आंमा आफ्ना नानीहरु
समेत् टुक्रै टुक्रा पारीई। बेतेल्ले तिमिहरु सित तिमिहरुको अग्घोरको १५
बुराईको कारणले येस्तै बेहोरा गर्छ. बिहान् हुंदा न हुंदा इस्राएल्को
राजा पूरापूरगरि मेटौंकु॥

जब इस्राएल् केटो थियो तब मैंले त्यो सित प्रेम् गरि आफ्नु ११ १
पुत्रलाइ मिस्र बाटो बोलायें। जसै तिनिहरुले थिनिहरुलाइ बोलाये तब २
थिनिहरु तिनिहरु देखि भागि गये. तिनिहरुले बाल् देवताहरुको लागि
बलिदान् चढ़ाउंद थिये अनि खोपीयेका मूर्त्तिहरुको लागि धूप् हाल्द थिये।
तैपनि मंले एप्रैमलाइ गोड़ामां हिंड़ालुद थियें अनि तिनिहरुलाइ काखमां ३
लिहिंडूद थियें तर तिनिहरुले हांमिहरुलाइ निको पार्ने उ हो भनि थाहा
पाउंदैन राकुन्। मं तिनिहरुलाइ मान्छे जानिकन प्रेमको डोरीले तान्द ४
थियें अनि [एप्रैमी]को लागि गोरुको गलाको जोतारो फुकायेर त्येस्को सांमु
आहारा राखि दिंने जस्तो थियें। [एप्रैम्] मिस्र देसमां फर्कि जांदैन तर ५
अश्शूरले त्येस्को राजा हुंकु किनभन्ये त्येस्ले [मं तिर] फर्कनु अस्वीकार् गर्यो।
अनि तरवार् त्येस्का सहरहरुमां चलुकु अनि तिनिहरुका ठोका ठोकाका ६
आगलाहरु नास् पार्कु त्येस्को [दुष्ट] जुक्तिको कारणले। मेरो लोगले मं देखि ७
फर्कि जांने मन् गर्द कुन्. तिनिहरुले तिनिहरुलाइ परम् [ईश्वर] तिर
हाप्यो तपनि तिनिहरुमांको कसैले उस्को बड़ाई गर्दैन। ए एप्रैम् मं तंलाइ ८
कसोगरि छोड़ि दिउं. ए इस्राएल् मं तंलाइ कसोगरि जान् दिउं. मं
तंलाइ आदमा जस्तो कसोगरि तुल्याउंकु. मं तंलाइ सबोयीम् भैं कसोगरि

नष्ट पारुं. मेरो हिर्दय् वल्टयांग्पल्टयांग् भयो मेरो मन् प्रेमको कारणले
९ बिलौयो। मं [तं मांथि] आफ्नु बल्दोरिस् उठ्नु दिन्न अनि न मं एप्रैमलाइ
पूरापूरगरि नष्ट पार्नुलाइ फर्कंछु. किनभन्ये मं मान्छे हुंइन तर ईश्वर् तेरो
१० बीचमां रहंने पवित्र जन्. मं रिसाउंदै तं तिर आउंदीन। तिनिहरु यहूवेको
पछि पछि हिंड्नेछन् उ सिंह झैं गर्जंछ. उ गर्जंछ अनि बालखहरु पच्छिउं
११ दिशा देखि थर्थराउंदै आउंछन्। तिनिहरु मिस्र देखि चरा झैं र
अश्शूरको देस् देखि ढुकुर् झैं थर्थराउंदै आउंछन्. अनि मं तिनिहरुलाइ
तिनिहरुकै घर् घरमां बसाल्छु यहूवेको येइ बाणी छ॥

१२ एप्रैमले ता मित्थे सित अनि इस्राएलका जहानले चइं छल् सित
मंलाइ घेरि राख्येका छन्. तर यहूदा अब सम्म पवित्र जन् र बिश्वासयोग्य
१२ १ ईश्वर् तिर चंचल् बनीइ रहंद छ। एप्रैम बतासमां चढ्द छ अनि पूर्बे
बतासलाइ खेद्द छ. त्येस्ले सधैं ठांट् र व्यर्थ बिषय् बढ़ाउंद छ अनि
तिनिहरुले अश्शूर् सित बाचा बांध्द छन् अनि मिस्रमां तेल् बोकि लैजांद
२ छन्। फेरि यहूदा सित पनि यहूवेको माम्ला छ अनि उस्ले याकूबलाइ त्येस्को
चालचलन् अनुसार् दण्ड दिंछ त्येस्का कार्य्य अनुसार् त्येस्लाइ साटो दिंछ.
३ गर्भैमां त्येस्ले आफ्नु दाजुको कुर्कुचा समात्यो अनि तुलो भयेर त्येस्ले ईश्वर
४ सित लड्याईं गर्यो. अं त्येस्ले दूत् सित लड़ाईं गर्येर जीत्यो पनि।
कसोगरिभन्ये त्यो रोयो अनि उ सित बिन्ति गर्यो. फेरि बेतेलमां पनि
५ उइ सित भेट् भयो अनि फेरि उस्ले हांमिहरु सित बात् गर्यो अर्थात्
६ सेनाहरुको ईश्वर् यहूवेले जस्को सम्झना गरींने [नांउ] यहूवे हो। येस्कारण
आफ्नु ईश्वर् तिर फर्कि. दया र नियाका काम् गर् अनि नित्ये आफ्नु
ईश्वरको बाटो हेर्॥

७ त्यो पैकारी[1] हो त्येस्को हातमां छलको तुलो छ. त्येस्लाइ मिचेईंने गर्नु
८ जाति लागद छ। अनि एप्रैमले भन्द छ निस्से मं धनी भयें मैंले सम्पत्ति प्राप्त
गर्यें. अनि मेरा सब्बै काममांको कुनैमां पाप् लाग्ने अधर्म्म पाईंदैन।
९ तर मिस्र देस् देखि निकाल्येको बेला देखि मं तेरो ईश्वर् यहूवे छु. अनि
१० खटन् भयेका चाड्का दिनमां झैं मं तंलाइ फेरि पालमां बसाल्छु। मैंले
अगमवक्ताहरु सित बात् गर्येको छु अनि तिनिहरुलाइ बार् बार् दर्शन्
११ दियेको छु अनि अगमवक्ताहरुको बाटोले उखान् भन्दै आयें। को गिलाद्
अधर्म्म हो. अं तिनिहरु पक्का दोखा भये. अनि गिल्गालमां गोरु बलि
१२ गरींद छन्. अं तिनका बेदिहरु बारीका डिंगमां ढुप्राहरु जस्ता छन्। याकूब्
ता अरामको मैदानमां भागि गयो अनि इस्राएलले स्वास्नीको लागि
१३ चाकरी गर्यो अं स्वास्नीको लागि त्येस्ले भेड़ाबाख्रा चराउंद थियो। अनि
येउटा अगमवक्ताको बाटोले यहूवेले इस्राएललाइ मिस्र देखि निकालि

[1] अथवा कनानी।

ल्यायो अनि अगम्बक्तैको बाटोले त्येस्को रक्षे गर्‍यो । एप्रैम्ले अग्घोर् रिस् १४
उठायो . येस्कारण् त्येस्ले बहायेको रगत्को दोष् त्येइ मांथि बनीइ रहंछ
अनि त्येस्को प्रभुलेनै त्येस्को नांउको निन्दा त्येस्लाइ फर्काइ दिंछ ॥

जब एप्रैम् बोल्यो त कमांई भयो त्येस्ले इस्राएल्मां आफुलाइ १३ १
अल्ग्यायो . तर जब त्यो बाल्को कारण्ले दोषी भयो तब त्यो मंर्‍यो ।
अनि अब तिनिहरु पाप् मांथि पाप् बढ़ाउंदै जांद छन् अनि आफ्नु चांदी २
ढाल्येर आफ्नु सिप्ले येस्ता मूर्त्तिहरु बनाये जस्ता कारिगर्हरुले बनाउंद
छन् अनि तिनै मूर्त्तिहरुको बिषय्मां लोगले भन्द छन् बलिदान् चढ़ाउंनेहरुले
बाच्छाहरुलाइ चूमुन् । येस्कारण् तिनिहरु बिहान्को कुइरो र बिहान सबेरै ३
सुकि जांने सीत् र बेहेरि आंधीको कारण्ले खला देखि उड़ि जांने भूस् झैं
र झ्याल् बाटो उड़्ने धुवां झैं छिट्टै मेटींछन् । तैपनि तं मिस्र देखि निक्ल्येकै ४
देखि मं यह्वे तेरो ईश्वर् छु अनि मं बाहिक् कोई अर्को ईश्वर्लाइ
न जान्नु अनि मेरो सांमु तेरो अरु कोई उद्धार् गर्ने छैन । मैंले तंलाइ ५
बन्मां अं अग्घोर्को सुक्येको देस्मां जान्यें । तिनिहरुका खर्क अन्सार् ६
तिनिहरु अघाउंदै जांद थिये अनि अघाउंदै तिनिहरुको हिर्दय् पनि
घमण्डी हुंदै गये . येसैकारण् तिनिहरुले मंलाइ बिर्सँदै गये । येस्कारण् मं ७
तिनिहरुको लागि सिंह जस्तो बनींछु . मं चितुवा झैं तिनिहरुको बाटोमां
ढुकि बस्छु . मं तिनिहरु सित छाउरा खोसीयेकी माऊभालू झैं भेट् हुंछु ८
अनि मं तिनिहरुको मुटुको जाला फोर्छु . अनि तिहींनै मं सिंहले झैं
तिनिहरुलाइ खांछु बन्को जन्तुले तिनिहरुलाइ फहराउंछ । हे इस्राएल् मं ९
तेरो गोहारे छु र पनि तं मेरो बिरुद्ध छस् तेरो बिधंसको कारण् येइ हो ।
तेरा सबै सहर् सहर्मां बचाउंने तेरो राजा अब कता हो . अनि तैंले मेरो १०
लागि राजा र मालिक्हरु दिंनु हवस् भन्येको थिइस् ति बिचारीहरु कता
हुन् । मैंले रिसायेर तेरो लागि राजा दियें अनि आफ्नु बल्दोरिस्मां त्येस्लाइ ११
उठाइ पनि दियें । एप्रैम्को अधर्म्म राखीयेकै छ त्येस्को पाप्को जगेरा १२
गरीयैक छ । त्येस् मांथि मुतक्को पीरा लाग्छ . त्यो मूर्ख छोरो छ त्यो १३
गर्भको दैला निर ठहर्ने बेला छैन । मं त्येस्लाइ पत्ताल्को ताबि देखि १४
छोड़ाउंछु मं मृत्यु देखि त्येस्लाइ छुट्कारा दिंछु . ए मृत्यु तेरो हिर्काउंने
शक्ति कता हो . ए पत्ताल् तेरो नास् कता हो . मं फेरि कैले पनि
पछ्ताउंदींन । [एप्रैम्] आफ्ना दाज्युभाईहरु भन्दा बेसि फुल्यो फल्यो भन्ये १५
पनि त्येस्मां पूर्बेबतास् लाग्छ अनि यह्वेको पट्टि बाटो बतास् बन् तिर बाटो
आउंछ तब त्येस्का तलाऊहरु सुक्छन् अनि त्येस्का खोल्चाहरु बिनापानीका
होइ जांछन् . अनि त्येस्का राखीयेका सबै मन्पर्दा मन्पर्दा भांड़ाहरुको
भण्डार् बिगारींछ । शोमरोन् दोषी ठहर्छ किनभन्ये त्यो आफ्नु ईश्वर् देखि १६
बिरोधी भयो . येस्कारण् तिनिहरु तरवार्ले लड्छन् . तिनिहरुका
केटाकेटिहरु पछारि पछारिकन चोक्टालामुटा पारींछन् अनि तिनिहरुकी
गर्भिणीहरुका भूंड़ि फोरींछन् ॥

१४ १ ए इस्राएल् आफ्नु ईश्वर् यहुवे तिर फर्कि आ किनभन्ये तैंले
२ आफ्नु अधर्म्मको कारणले ठोकर् खाइस्। कुरा लियेर यहुवे तिर फर्कि
आ. उहाइ भन् सब्बै अधर्म्म दूर् गरि जे भलो कु त्येइ ग्रहण् गर्नु
हवस्. येसोरि हांमिहरु ओंठको बलि चढ़ाउंछौं बाच्छाहरुको भैं।
३ अश्शूरले हांमिहरुलाइ उद्धार् गर्दैन हांमिहरु घोड़ाहरु मांथि चढ़्दौंन.
अनि हांमिहरु फेरि फेरि आफैले बनायेका थोक्हरुलाइ तं हांम्रो देवता
होस् भन्दौंन. किनभन्ये टुहुरादुहुरी मांथि तपांइनै दयालु कौ भन्दै।
४ तिनिहरु मं देखि फर्कि गयेको पाप् मं माफ् गर्कु मं सित्तैइँमां
५ तिनिहरु सित प्रेम् गर्कु. किनभन्ये तिनिहरु देखि मेरो रिस् मंथ्यो। मं
इस्राएलको लागि सीतको काम् दिंकु त त्यो हाड़ेलसुन् भैं फुल्कु अनि त्येको
६ जरा लब्रानोन्को भैं फिंजौंकु। त्येका हांगाहरु फुटि निस्कंकु अनि त्येको
७ शोभा भद्रात्तेको जस्तो अनि त्येको बास्ना लब्रानोन्को जस्तो हुंकु। त्येको
काहारिमां बस्नेहरु फर्कंकन् तिनिहरु अन्न भैं बढ़्कन् अनि दाख्को बोट्
भैं फुलकन् फलकन् अनि त्येको बास्ना लब्रानोन्को दाख्मह जस्तै हुंकु।
८ एप्रैमले भन्कु अब मूर्त्तिहरु सित मेरो को काम् कु भनि. मैंले त्येलाइ उत्तर्
दियें अनि त्यो तिर हेरि रहंकु. मं हरीयो सल्लाको वृक्षे जस्तो कु त तैंले
९ मैं देखि फल् पाउंने गर्कुस्। ज्ञानी को कु जस्ले यि कुरा बूझ्कु.
बूझकि को कु जस्ले यि कुरा जान् सक्कु. कसोगरिभन्ये यहुवेका बाटा
सोजा कुन् अनि धर्म्मीहरु तिनमां हिंड़्दै रहंकन् तर अपराधीहरु तिनमां
टक्कर् खायेर लड़्कन्॥ ✓

योएल्।

१ १ पतूएल्को छोरो योएल्कां आयेको यहुवेको बचन् येइ हो
२ हे बूढ़ाहरु हो यो सुन अं हे येस् देसका सबै बासीहरु हो कान्
लगाउ। को येस्तो कुरो तिमिहरुका दिनमां कि तिमिहरुका पितापूर्खहरुका
३ दिनमां कैलेइ भयेको थियो। आफ्ना छोराछोरीहरु सित येस्को बखान् गर
अनि तिनिहरुले आफ्ना छोराछोरी सित फेरि तिनिहरुका छोराछोरीले अर्को
४ पुस्ता सित येस्को बखान् गर्दै जाउ। जे जे काट्ने सलह देखि बांच्येको
थियो त्यो ओंधि धेरै हुंने सलहले खायो अनि जे जे ओंधि धेरै हुंने सलह
देखि बांच्येको कु खांने सलहले खायो अनि जे जे खांने सलह देखि बांच्येको
५ कु कोरासलहले खायो। ए मताहाहरु हो जागि उठेर रोउ अनि ए सबै
दाख्मह खांनेहरु हो नया दाख्महको कारणले हाय् हाय् गर किनभन्ये
६ अब देखि त्यो तिमिहरुको मुख् देखि काटींकु। हेर मेरो देसमां एक् लोग्

चढ़ि आयो जो सामर्थी छ अनि बिहिसाप् तिनिहरुका दांत् सिंहका
जस्ता छन् अनि दारा सिंहनीका जस्ता। तिनिहरुले मेरा दाखका बोट्हरु ७
उजारि दिये अनि मेरा नेभाराका रुख्हरु ढालि दिये अनि तिनिहरुका सबै
बोक्राहरु ताछि ताछिकन ति आफालि दिये तिनका हांगाहरु सेता सेता
पारि दिये। तरुणिले आफ्नु जोभान्को लोग्नेको लागि कम्मरमां भाङ्रा ८
बेह्रेर बिलाप् गर्ने कन्येकेटीले झैं तिमिहरुले बिलाप् गर। यहूवेको घरमां ९
अन्नबलि र खन्याईबलि काटीये यहूवेको सेवा गर्ने पूजाहारीहरुले बिलाप्
गर्द छन्। खेत्बारी मांरीयो भूमिले बिलाप् गर्द छ किनभन्ये अन्न नष्ट भयो १०
नया दाख्मह पनि सुकिगयो भद्रात्ते पनि मांरीयो। हे किसानीहरु हो ११
लजाव हे दाख्बारीका मालीहरु हो गहूं र जउको लागि हाय् हाय् गर
किनभन्ये खेत्बारी मांरीयो। दाख्को बोट् सुकि गयो अनि नेभाराको १२
रुख् ओइल्हीयो दारिम् खजूर् शेव् अं बारीका सबै रुख्बोट्हरु सुकि गये.
किनभन्ये मान्छेहरुको सन्तानको हर्षबढ़ाई गइ गयो। हे पूजाहारीहरु हो १३
कम्मरमां [भाङ्रा] बेह्रेर छाति ठोकि ठोकि रोव हे बेदि सेवाहरु हो
हाय् हाय् गर हे मेरो ईश्वरका सेवा गर्नेहरु हो आव भाङ्रा ओढ़ेर रात्
बिताव. किनभन्ये तिमिहरुको ईश्वरको घरमां अन्नबलि र खन्याईबलि
काटीये। त उपासको लागि शुद्ध हव पवित्र सभाको प्रचार गर बूढ़ाहरुलाइ १४
अं देसका सबै बासीहरुलाइ पनि आफ्नु ईश्वर यहूवेको घरमां जमाएर
यहूवेको दोहाई देव। हाय् हाय् त्यो दिन्. किनभन्ये यहूवेको दिन् नजिक् १५
आयो त्यो सर्वशक्तिमान्को पट्टि बाटो सत्यनास् भएर आयो। के खांने १६
थोक्हरु हांमिहरुले हेर्दा हेर्दै नष्ट भयेनन् के हांमिहरुको ईश्वरको घरको
रमाहट् र खुशिहुवाई गइ गयेन। बिउहरु मांटोका डल्ला मुनि भुटीये १७
ढुकुटिहरु खालि खालि भइ रह्ये खोल्माहरु ढालि गये कसोगरिभन्ये अन्न
ओइल्हीये। पशुहरु कसोगरि कराउंद छन्. बथान्को बथान् गाईगोरु
घबराइ रह्येका छन् किनभन्ये तिनिहरुको लागि खर्क छैन अनि बगाल्को
बगाल् भेंड़ाबाख्राहरुले पाप्को फल् भोग्दै छन्। हे यहूवे मं तपांइको १९
दोहाई गर्द छु. किनभन्ये बन्का खर्कहरु आगोका गांस् भइ गये अनि
बन्का सबै रुख् वृक्षहरु राप्ले डढ़ि गये। अं बनपशु पनि तपांइ तिर २०
हांप्द छन् किनभन्ये पानीका मूलहरु सुकि गये अनि बन्का खर्कहरु
आगोका गांस् भइ गये॥

सिय्योन्मां नरसींगा बजाव अनि मेरो पवित्र पर्वतमां सास् फुल्याइ २ १
फुल्याइकन बजाव देसका बासीहरु सबै कांमि उठुन्. किनभन्ये यहूवेको
दिन् आउंद छ अं त्यो नजिक् आयो अग्घोरको अंध्यारो र २
तिरिमिरिको दिन् बादल् र बाक्लो अंधकारको दिन् जसोरि बिहान्को
उज्यालो डांड़ा डांड़ामां फैलींद छ. येउटा येस्तो ठुलो र बल्लियो लोग्
आउंछ त्येस्तो ता तादि देखि कैले पनि भयेको थियेन अनि न त्येस् पछि
पुस्ता पुस्तामां कैलेइ हुंछ। त्येको अघि अघि आगोले भस्म पार्द छ ३

त्येल्को पछि पछि चइं जुवालाले डढ़ाउंछ. त्येल्को सांमुको भूंइ एदेन्को
बारी जस्तो तर त्येल्को पछिको भूंइ उजार्को बन् हुंछ अनि त्येस् देखि
४ कोई बांच्दैन। अनि त्येस् लोग्को रूप् घोड़ाको जस्तो हुंछ अनि तिनिहरु
५ सवार्का घोड़ाहरु झैं दुगुर्दै छन्। तिनिहरुको कूदाईको शब्द डांड़ाको
थाप्नि थाप्निमां रथ् हिंड़ेझैको कि तुटा नास् पार्दै जांने आगोको जुवालाको
शब्द कि पाङ्ति पाङ्ति बांध्येको बल्लिया बल्लिया सिपांइहरुको शब्द जस्तो
६ हुंछ। तिनिहरुको सांमु लोग् लोग्लाइ बेथा लाग्येको छ. सबैको मोहोंड़ा
७ पहेंला-पहेंला हुंछन्। तिनिहरु सूरा सूरा बीरहरु झैं दुगुर्दै छन् सिपांइहरु
झैं घेराभित्ता मांथि चढ़्द छन् अनि आफ्नु आफ्नु बाटोमां आउंद छन्
८ कोई पनि आफ्नु पाङ्ति देखि कुट्टीयेर हिंड़्दैन। अनि येउटाले अर्कोलाइ
कैले पनि धक्का दिंदैन तिनिहरु आफ्नु आफ्नु बाटो समात्येर हिंड़ि
आउंद छन्. अनि हतियारहरुले लड़ाईं गर्दाखेरि पनि तिनिहरुको
९ बाटो कुट्टीदैन। तिनिहरु सहर् मांथि कूद्द छन् घेराभित्ता हुंदो दुगुर्द
छन् अनि चकेर घर् घरमां येसोगरि पस्छन् जसोरि चोरहरु खिर्की खिर्की
१० देखि पस्द छन्। तिनिहरुको सांमु पृथिवी कांम्द छ अनि अकाश्
थर्थराउंद छ. न घाम् अनि न जुनले आफ्नु आफ्नु उज्यालो दिंछन् अनि
११ न ताराहरु झलकंछन्. अनि यहवेले आफ्नु त्येस् दलको सांमु उभीयेर
तुलो सोरले आज्ञा दिंद छ कसोगरिभन्ये सेना बिघ्नै तुलो छ अनि आफ्नु
बचन् पूरो गर्ने चइं सामर्थी पनि छ. कसोगरिभन्ये यहवेको दिन् बड़ा र
१२ अरघोरै डरलाग्दो छ त्येसमां को बांच्नु सक्छ। यहवेको यो बचन् छ
ऐले पनि उपास् सित रुंदै कराउंदै आफ्नु पूरो मनले मं तिर फर्क मं यांइ
१३ आव. अनि आफ्नु लुगा होइन आफ्नु मन् फटायेर आफ्नु ईश्वर यहवे
तिर फिर किनभन्ये उ अनुग्रही र दयालु रिस् गर्नुमां धीरजी अनि
१४ ठिठाईमां भरपूर दुक्ख दिंनुमां पछ्ताउंने छ। कोनि कनै उस्ले फर्काए
पछ्ताउला अनि येस्तो आशीष् देला ज्येको बाटोले तिमिहरुको ईश्वर्
यहवेलाइ अन्नबलि र खन्याईबलि दिईयेला॥

१५ सिय्योनमां नरसींगा बजाव उपासको लागि शुद्ध हुव पवित्रसभाको
१६ प्रचार गर. लोगलाइ जमाव सभालाइ पवित्र गर बूढ़ा बूढ़ाहरुलाइ डाक
केटाकेटीहरु र दुत चुस्नेहरुलाइ पनि बटुल. ब्याउला आफ्नु कोठा देखि
१७ अनि ब्याउली पनि आफ्नु कोठा देखि निकलि आउन्। यहवेका सेवा गर्ने
पूजाहारीहरुले सिकुवा र बेदीको बीचको ठांउमां रुइ रुइकन भनुन् हे
यहवे आफ्नु प्रजा देखि तर्सनु हुवस् अनि आफ्नु निज् भागको
गिल्ला हुंनु न दिनु हुवस् अनि न अन्यदेसीहरुले त्येको उखान् दिनु
पाउन् लोग् लोगले हांसिहरुको बिषयमां तिनिहरुको ईश्वर् कता हो
भनि किन भन्नु पाउन्॥

१८ तब यहवे आफ्नु देसको बिषयमां रापीलो भयो अनि आफ्ना प्रजा
१९ मांथि दिठायो। अनि यहवेले आफ्नु प्रजालाइ येस्तो उत्तर दियो सुन

मं अन्न र दाखमह र तेल् तिमिहरुलाइ दिंकु त तिमिहरु ति खाइ पीइ
अघाउंकौ. अनि अब देखि मं अन्यदेसीहरु देखि तिमिहरुको निन्दा हुंनु
दिन्न. तर मं उत्तर् तिर बाटो आयेको सेनालाइ तिमिहरु थांइ देखि २०
टाढ़ो हटाउंकु अनि येउटा निपाने र उजार् देसमां धपाइ दिंकु त्येस्को
अघिल्तिर पूर्वसमुद्रमां अनि त्येस्को पछिल्तिर पच्छिउं समुद्रमां
धपाइ दिंकु अनि त्येस्को कुह्येको गन्ध फिजौंक किनभन्ये त्येस्ले तुलो
तुलो काम् गर्क्क। ए देस् तं न डरा खुशि भयेर रमाहट् गर् किनभन्ये २१
यहूवेले तुलो तुलो काम् गर्येको क्क। हे बनका पशुहरु हो न डराव २२
किनभन्ये बनका खर्कहरु उम्रंद क्कन् अनि रुखहरु फलनु लाग्द क्कन् अब
नेभाराको रुख् र दाखको बोट्ले आफ्नु आफ्नु बल् देखाउंद क्कन्। अनि २३
ए सिय्योन्बासीहरु हो रमाव अनि आफ्नु ईश्वर् यहूवेको कारणले खुशि
हव. किनभन्ये उस्ले तिमिहरुको लागि थाल्निभरि जति चाहिन्क उति
दिंक्क अनि तिमिहरुको लागि उस्ले थाल्नि र टङ्निभरि अं पहिलो
महीनाको झरि पनि पारि दिंक्क। त खला अन्नले भरींक्क अनि रसकुण्ड २४
दाखमह र तेल्ले उम्लंक्क। अनि जुन् जुन् वर्षको उप्जनि धेरै हुंने सलह र २५
खांने सलह र कीरासलह र काट्ने सलह अर्थात् मैंले तिमिहरुका
बीचमां पठायेको मेरो तुलो दलूले खाइ हाल्क्कन् ति हानिका वर्ष मं
तिमिहरुलाइ भरि दिंकु। तब तिमिहरुले पेट् भरि भरि खांकौ अनि २६
अघाउंकौ अनि आफ्नु ईश्वर् यहूवे तिमिहरुको लागि आश्चर्य्यकर्म्म गर्नको
नांउको स्तुति गर्कौ. अनि मेरो प्रजाको आशा कैले पनि टूट्दैन। तब २७
तिमिहरुले थाहा पाउंकौ यहूवे इस्राएल्को बीचमां रक्क भनि अनि उइ
यहूवे हांमिहरुको ईश्वर् हो रक्क उ बाहिक् कोई ईश्वर् रैन क्क भनि. मेरो
प्रजाको आशा कैले पनि टूट्दैन॥

ति कुरा पछि येसो हुंक्क मं सबै शरीर् मांथि आफ्नु आत्मा खन्याइ २८
दिंकु अनि तिमिहरुका क्कोराहरु अनि तिमिहरुकी क्कोरीहरुले अगम् बचन्
कहक्कन् अनि तिमिहरुका बृद्धहरु स्वप्नदर्शी हुंक्कन् अनि तिमिहरुका
तर्हेरिहरुले दर्शन् देख्क्कन्. अं अनि दासहरु मांथि अनि दासीहरु मांथि २९
पनि मं ति दिनमां आफ्नु आत्मा खन्याइ दिंकु। तब मं स्वर्गमां र ३०
पृथिवीमां उदेक्कका काम् देखाइ दिंकु अर्थात् रगत् र आगो र धुंवाका
मुड्काहरु। सूर्ज अंधारोमां फेरींक्क अनि चन्द्र रगतमां यहूवेको त्येस् बड़ो र ३१
डरलाग्दो दिन् आउंनु भन्दा पहिले। अनि येसो हुंक्क जुनसुकैले यहूवेको ३२
नांउ लेवस् त्यो बचाईंक्क. कसोगरिभन्ये यहूवेले भन्येको अनुसार सिय्योन्
डांड़ामां र यरूशलेममां भाग्नेहरुमांको जस जस्लाइ यहूवेले बोलाउंक्क
तिनिहरुले उद्धार् पाउंक्कन्। किनभन्ये सुन ति दिनमां र त्येस् बेलामां ३ १
जब मं यहूदा र यरूशलेमबासीहरुलाइ बंधुवाई देखि ल्याउंकु तब २
सबै लोग् लाग्लाइ भेला गराएर यहोशापातको भनीने तरिमां लग्येर वहां
तिनिहरु सित तिनिहरुले अन्यदेसीहरुमां कुरापुट् पारि मेरो देस् बांड़ेको

३ मेरो निज् भाग् इस्राएल्को विषयमां माल्ला लर्कु । अनि तिनिहरुले
मेरो प्रजामां चिट्ठा हालि येउटा केटोलाइ वेश्येकां जांनुको लागि दिहाल्ये
४ अनि येउटी केटोलाइ वेच्येर दाख्मह खाये । अनि ए सोर् र सीदोन् र
पलिश्तीको सिंगै देस्का मान्छेहरु हो तिमिहरुको मं सित के काम् छ .
के तिमिहरुले मं सित साटो फर्काउंछौ . तिमिहरुले मंलाइ साटो फर्काइ
दिंछौ भन्ये देखि त्यो तिमिहरुले दियेको साटो मं हत्तरपत्त तिमिहरुकै
५ याप्नो मांथि फर्काइ दिंकु । किनभन्ये तिमिहरुले मेरा सुन् चांदी
लिहाल्यौ अनि मेरा राम्रा राम्रा र मन्पर्दा मन्पर्दा थोक् लग्येर आफ्ना
६ मन्दिर् मन्दिर्मां राख्यौ अनि तिमिहरुले यहूदाबंशीहरु र यरूशलेम्का
बासीहरुलाइ यिनिहरु यिनिहरुको सिमाना देखि दूर् होउन् भनि यूनानी-
७ हरुको हात्मां बेचि दियौ . सुन मं तिनिहरुलाइ तिमिहरुले तिनिहरुलाइ
जहां जान्येहरुको हात्मां बेच्येका छौ त्यहां बाटो बोलाउंकु अनि
तिमिहरुले दियेको साटो चइं मं तिमिहरुकै याप्नो मांथि फर्काइ दिंकु
८ अनि मं तिमिहरुका छोराछोरीलाइ यहूदाबंशीहरुको हात्मां बेचि दिंकु
अनि तिनिहरुले तिनिहरुलाइ टाढ़ो टाढ़ो बस्ने शबाबंशीहरुको हात्मां
बेचि दिंकुन् किनभन्ये यो यहूवेलेनै भन्येको छ ॥

९ लोग् लोग्को बीच्मां यो प्रचार् गर लड़ाईंको लागि तियार्
हव . बीरहरुलाइ चम्काव सबै सिपांइहरु कुउ आयेर लड़ाईं गर्नुलाइ
१० चढ़ुन् । आफ्नु आफ्नु हलोका फालिहरु पीटेर तरवार् बनाव अनि
आफ्ना हंसीयाहरु पीटेर भाला बनाव . निर्धोले पनि मं बीर् हुं
११ भनोस् । हे चारै तिरका लोग् लोग्हरु हो छिट्टोगरि आव अनि भेला
हव . हे यहूवे तपांइले आफ्ना बीरहरुलाइ वहां उतारि दिनु हवस् ।
१२ लोग् लोग्हरु चम्कंदै चढ़ि गयेर यहोशापात्को तरिमां उत्रि जाउन् .
किनभन्ये मं वहां चारै तिरका लोग् लोग्को निया गर्नुलाइ बस्कु ।
१३ हंसिया लगाव किनभन्ये खेत् पाक्यो . आव दाख् कुल्च किनभन्ये
कोल् भरीयो रसकुण्डहरु उम्ल्ये किनभन्ये तिनिहरुको पाप् ठुलो छ ।
१४ थुइरोको थुइरो नियाको तरिमां . किनभन्ये नियाको तरिमां यहूवेको
१५ दिन् नजिकै छ । न ता घाम् र जूनले आफ्नु आफ्नु उज्यालो दिंकुन् अनि
१६ न ताराहरु झलकंकुन् । अनि यहूवे सिय्योन् देखि गर्जंकु अनि यरूशलेम्
देखि ठुलो सोर् सुनाउंकु तब स्वर्ग र पृथिवी थरथराउंकुन् . तर यहूवे
१७ आफ्नु प्रजाको शरणस्थान् अनि इस्राएलबंशीको किल्ला रहंकु । येसोरि
तिमिहरुले उस्को पवित्र पर्वत् सिय्योन्मां बास् गरि रहंने यहूवे जो छ उइ
हांमिहरुको ईश्वर् हो रकु भनि थाहा पाउंकौ . अनि यरूशलेम् पवित्र
१८ ठहरौंकु अनि फेरि फेरि पर्देसीहरुले त्येता बाटो जांनु पाउंदैनन् । अनि
त्येस् बेलामां येसो हुंकु पर्वत् पर्वत् देखि मीठो दाख्मह चुहुंनु र डांड़ा
डांड़ा देखि दुद् बहंनु लागकु अनि यहूदा देस्का सबै खोल्चाहरु पानीले
भरीकुन् अनि यहूवेको घर् देखि येउटा मूल फुटि निस्कंकु जुन् देखि

शित्तीम् भन्ये तरि भिजाईंछु । मिस्र र एदोम्ले यहूदाबंशीहरु मांथि १९
उपद्रेई गरि गरिकन निर्दोष् लोहू तिनिहरुकै देस्मां बहायेका थिये
येस्कारण् तिनिहरुको देस् उजार् भइ भइकन बन् भइ जांछ । तर २०
यहूदा चुइं सदा सम्म अनि यरूशलेम् पुस्ता देखि पुस्ता सम्म बनीइनै
रहंछ । अनि ऐले सम्म मैंले निर्दोषी न ठहरायेको लोहू अब निर्दोषी २१
ठहराउंछु . किनभन्ये यहूवे सिय्योन्मां बास् गरि रहंद छ ॥

आमोस् ।

तकोमां बस्ने गोठालाहरुमांको आमोस्ले यहूदाको राजा उज्जियाहको १ १
र इस्राएलको राजा योआशको छोरो यारोबामका दिन्मां भूइंचालको दुइ
बर्ष पहिले इस्राएलको बिषय्मां दर्शन् पाइ भन्येका कुरा थिने हुन् ॥

अनि त्येस्ले भन्यो यहूवे सिय्योन् देखि गर्जंछ अनि यरूशलेम् देखि २
ठुलो सोर् सुनाउंछ तब गोठालाहरुका खर्कहरुले बिलाप् गर्छन् अनि
कर्म्मेलको थाप्नि ओइल्हींछ ॥

यहूवेले येसो भन्द छ . दमिश्कका तीन् अं चार् अप्राधहरुको ३
कारणले मं तिनिहरुको दण्ड फर्काउंदीन किनभन्ये तिनिहरुले गिलादलाइ
फलम्को दांदेले पीठो पार्ये . तर मं हजाएलको घर्मां आगो सल्काउंछु ४
अनि त्येस्ले बेन्हदद्का राज्महलहरु पनि भस्म पार्छ । अनि मं दमिश्क[का
ठोकाहरु]का आगलाहरु भांचि दिंछु अनि आवेन्को तरिमां बस्नेहरुलाइ र
एदेन्को घर्मां बस्ने राजदण्डधारीलाइ नष्ट पार्छु . अनि अरामका लोग् ५
बन्धुवा भयेर कीर्मां जांछन् यहूवेको येइ बचन् छ ॥

यहूवेले येसो भन्द छ . अज्जाका तीन् अं चार् अप्राधहरुको कारणले ६
मं तिनिहरुको दण्ड फर्काउंदीन किनभन्ये तिनिहरुले सिंगै लोगलाइ
एदोम्को तावामां पारि दिंनुको लागि तिनिहरुलाइ न छोड़िकन बन्धुवा
गरि लग्ये . तर मं अज्जाको घेराभित्तामां आगो सल्काउंछु त्येस्ले त्येस्का ७
सबै राज्महलहरु पनि भस्म पार्छु . अनि मं अश्दोद्मां बस्नेहरुलाइ र ८
अस्कलोन्को राजदण्डधारीलाइ नष्ट पार्छु वहांदेखि मं आफ्नु हात् एक्तीन्
मांथि पनि चलाउंछु अनि रहल् पलिश्तीहरु नष्ट हुंछन् प्रभु यहूवेको येइ
बचन् छ ॥

यहूवेले येसो भन्द छ . सोरका तीन् अं चार् अप्राधहरुको कारणले ९
मं तिनिहरुको दण्ड फर्काउंदीन किनभन्ये तिनिहरुले सिंगै लोगलाइ
बन्धुवा गरि लग्येर एदोम्को तावामां पारि दिये अनि दाज्भाईहरुले

१० आपस्तमां बांध्येको बाचाको समझना गर्‍येनन्. तर मं सोर्‌को घेराभित्तामां
आगो सल्‌काउंछु अनि त्येस्ले त्येस्का राज्‌महल्‌हरु पनि भस्म पार्छ ॥
११ यह्‌वेले येसो भन्द छ. एदोम्‌का तीन् अं चार् अप्राध्‌हरुको
कारण्‌ले मं तिनिहरुको दण्ड फर्काउंदींन किनभन्ये तिनिहरुले तरवार्
लियेर आफ्‌ना दाज्युभाईहरुलाइ लगार्‍ये अनि क्येइ पनि दया गर्‍येनन् तर
रिस्‌ले तिनिहरुलाइ बार्‌बार् फहराउंदै रह्ये अनि आफ्‌नु इष् सनातन्
१२ सम्मको लागि झैं राखि छोड्ये. तर मं तेमान्‌मां आगो सल्‌काउंछु त
त्येस्ले बोस्नाका राज्‌महल्‌हरु समेत् भस्म पार्छ ॥
१३ यह्‌वेले येसो भन्द छ. अम्मोन्‌बंशीहरुका तीन् अं चार् अप्राध्‌हरुको
कारण्‌ले मं तिनिहरुको दण्ड फर्काउंदींन किनभन्ये तिनिहरुले आफ्‌ना
१४ सांद् बढ़ाउंनुको लागि गिलाद्‌की गर्भिणीहरुको भुंड़ि फोरि दिये. तर मं
रब्बाको घेराभित्तामां आंगो सल्‌काउंछु अनि त्येस्ले त्येस्का राज्‌महल्‌हरु
पनि भस्म पार्छ त्येस् लड़ाईंको दिन्‌मां चिच्याई हुंछ त्यो आंधीको अं
१५ आंधीबेहेरिको दिन् हुंछ. अनि तिनिहरुको राजा आफ्‌ना मालिक्‌हरु
समेत् बंधुवाईमां जांछ यह्‌वेको येइ बचन् छ ॥

२ १ यह्‌वेले येसो भन्द छ. मोआब्‌का तीन् अं चार् अप्राध्‌हरुको
कारण्‌ले मं तिनिहरुको दण्ड फर्काउंदींन किनभन्ये त्येस्ले एदोम्‌को राजाका
२ हाड्‌हरु डड़ायेर चूर् पारि दियो. तर मं मोआब्‌मां आगो सल्‌काउंछु अनि
त्येस्ले करिय्योत्‌का राज्‌महल्‌हरु भस्म पार्छ अनि मोआब् खल्याङ्‌मल्याङ् र
३ चिच्याई र नर्‌सींगाको सोर्‌को बीच्‌मां मर्छ. अनि मं तिनिहरुको
मांझ देखि बिचारीहरुलाइ नष्ट पार्छु अनि सङ् सङै तिनिहरुका सबै
मालिक्‌हरुलाइ पनि काट्‌छु यह्‌वेको येइ बचन् छ ॥
४ यह्‌वेले येसो भन्द छ. यहूदाका तीन् अं चार् अप्राध्‌हरुको कारण्‌ले
मं तिनिहरुको दण्ड फर्काउंदींन किनभन्ये तिनिहरुले यह्‌वेको व्यवस्था
बिकामे जान्ये अनि उस्का बिधिहरु मान्येनन् अनि तिनिहरुका पित्रहरुले
५ पछ्यायेका तिनिहरुका झूठाहरुले तिनिहरुलाइ भर्माये. तर मं यहूदा
मांथि आगो सल्‌काउंछु अनि त्येस्ले यरूशलेम्‌का राज्‌महल्‌हरु भस्म पार्छ ॥
६ यह्‌वेले येसो भन्द छ. इस्राएल्‌का तीन् अं चार् अप्राध्‌हरुको
कारण्‌ले मं तिनिहरुको दण्ड फर्काउंदींन किनभन्ये तिनिहरुले निर्दोषीलाइ
७ रुपियामां र कंगालिलाइ एक् जोर् जुत्ताको लागि बेच्ये. तिनिहरुले
कंगालिहरुको सिर्‌मां लाग्येको धूलो पनि लिंनुलाइ औधि इच्छे गर्द छन्
अनि दरिद्रहरुको निया बिगारि दिंद छन्. अनि बाबु छोरा येउटै केटीकां
८ जांद छन् मेरो पवित्र नांउ अपवित्र गर्नुको लागि. अनि तिनिहरु जनंगे
बेदि छेउ बन्धक्‌को लुगामां सुत्‌द छन् अनि तिनिहरुले मान्छेलाइ डांड़ि
डांड़िकन हात् पार्‍येका दाख्‌महहरु आफ्‌ना देव्‌ताको घर्‌मां लग्येर खांने
९ गर्द छन्। तैपनि मैंले ता तिनिहरुको सांमु देखि एमोरीहरुलाइ नास् पारि
दियें जुन्‌हरुको अल्‌गेईं देव्‌दारुहरु जस्तो अनि बल्लियोमां बांझ्‌वृक्षे जस्ता

थिये तैपनि मैले त्येस्का फल् ऊंभो देखि झारि दियें अनि त्येस्का जरा ऊंधो
देखि उखेलि दियें। अनि मैले तिमिहरुलाइ मिस्र देस् देखि निकालि ल्यायें १०
अनि बन्मां चालीस् बर्ष सम्म लिइ हिंड्यें तिमिहरु एमोरीहरुको देस्को
अधिकारी हव भन्येर। अनि मैले तिमिहरुका केराहरुमांकालाइ अगम्वक्ता ११
हुंनु र तिमिहरुका तन्हेरिहरुमांकालाइ नाजीर्[1] हुंनुलाइ ठहरावट् गर्यें।
हे इस्राएल्वंशीहरु हो के यि सबै सांचा हुंन् कि होइनन्. यहवेको
येइ बाणी छ। तर तिमिहरुचइंले नाजीर्[1]हरुलाइ दाख्मह खुवायौ १२
अनि अगम्वक्ताहरुचइंलाइ अगम् न कह भन्ये आज्ञा दियौ। सुन मं १३
तिमिहरुलाइ चिटाहरुले भरीयेको गाड़ी खांदीयेको झैं खांद्छु। त छिटो १४
दुगुर्नेले भाग्ने ठांउ पाउंदैन अनि बल्लियोको बल्ले केइ काम् दिंदैन
अनि पराक्रमीले आफ्नु प्राण् बचाउंनु सक्दैन. अनि धनु खेलाउंने उभीइ १५
रहंनु सक्दैन अनि फुर्त्तीं सित दुगुर्न बांच्दैन अनि न त्रुक्सवार्ले पनि
आफ्नु प्राण् बचाउंछ. अनि सूरा सूरा सूरबीरहरु पनि त्येस् दिन्मां १६
नांगो भयेर भागि जांछन् यहवेको येइ बाणी छ॥

हे इस्राएल्वंशीहरु हो हे मैंले मिस्र देस् देखि ल्यायेका सबै ३ १
कुल्का मान्छेहरु हो यो बचन् सुन जे यहवेले तिमिहरुको विरुद्धमां
भन्द छ अर्थात् पृथिवीका सबै कुल्हरु मद्धेमां मैंले खालि तिमिहरुइ २
मांथि मन् लगायें. येस्कारण् मं तिमिहरुका सबै अधर्म्मको दण्ड दिंछु।
दुइ जना मान्छेले सङ्ै हिंड्ने सल्लाह् गर्येनन् भन्ये देखि के एक् सङ् ३
हिंड्ाई हुंछ। के सिंह बन्मां आहारा बिना पाइकन गर्जंछ. के जुवान् ४
सिंह बिना केइ पक्रिकन आफ्नु कुरिमां डुरुरु गर्छ। के चरा भूइमां बिना ५
पासो थापिकन पर्छ. के फड्के बिना केइ परिकन भूंइ बाटो उछिटींछ।
के कसै सहरमां नसिंगा लाग्ये पछि मान्छेहरु थर्थराउंदैनन्. के यहवेले ६
न हालिकन कसै सहरमां बिपत्ति आइ लाग्छ। येइ परिले प्रभु यहवेले ७
निस्से आफ्ना दास् अगम्वक्ताहरुकां आफ्नु भेदिकुरा प्रगटो न गरिकन
केइ पनि गर्दैन। सिंह गर्ज्यो त को डराउंदैन. प्रभु यहवे बोल्यो त कस्ले ८
अगम् कहंदैन॥

अश्दोद्का महल्हरु र मिस्र देस्का महल्हरुमां प्रचार् गरि भन ९
शोमरोन्का डांड़ा डांड़ाहुंदो भेला भइ हेर त्येस्मां के औधिको खेलाबेला
र त्येस्को मांझमां के औधिको मिचेईंको काम् हुंदै छ। अनि यहवेको यो १०
बाणी छ आफ्नु आफ्नु महलमां उपद्रेईंका र डकैतीका धन् बटुलि
राख्नेहरुले सोजो काम् गर्नु जान्दै जान्दैनन्। येस्कारण् प्रभु यहवेले येसो ११
भन्द छ. देस् घेर्ने येउटा सत्रु हुंछ. अनि त्येस्ले तेरो बल् छिनालि दिंछ
अनि तेरा महल् लुटींछन्। यहवेले येसो भन्द छ. जसोरि गोठालाले १२
सिंहको मुख् देखि दुवटा खुट्टा कि कान्को एक् टुकरा छोड़ाउला त्येस्तैगरि

[1] गन्ति ६; २ हेर।

शोमरोन्मां मान्को बैठक्मां कि रेशमे बालिस्टमां बस्नेहरु इस्राएल्बंशीहरु
१३ छोड़ाईंछन्। सेनाहरुको ईश्वर् प्रभु यह्वेको यो बाणी छ सुन याकूब्को
१४ जहान्लाइ यो कुरो चेताइ चेताइ भन। किनभन्ये मं इस्राएलीहरुका
अप्राध्हरुको दण्ड दियेको बेलामां बेतेल्का बेदिहरुलाइ पनि दण्ड दिंछु
१५ तब बेदिका सींग्हरु भांचीयेर भूंइमां खस्छन्। अनि मं हिउंदेमहल् र
बर्षेमहल् दुवै भत्काइ दिंछु अनि हात्तिदांत्का बनीयेका महल्हरु पनि नष्ट
हुंछन् अनि टुला टुला महल्हरु सबै नष्ट हुंछन् यह्वेको येइ बाणी छ॥

४ १ हे शोमरोन्को डांड़ा डांड़ाहुंदो बस्ने आइमाइ बाशान्की गाईहरु
हो हे कंगालिहरु मांथि मिचेईं गर्ने र दरिद्रहरुलाइ कुल्चने हे आफ्नु
आफ्नु लोग्नेलाइ मद्य ल्याइ देव हांमि खांछौ भन्येहरु हो तिमिहरुले यो
२ बचन् सुन। प्रभु यह्वेले आफ्नु पवित्रेईंको किरिया खायेर तिमिहरुलाइ
येसो भन्द छ सुन तिमिहरु मांथि येस्ता दिन् आउंछन् तिनिहरुले आङ्कुसेले
३ र तिमिहरुका बच्तिभाग् माच्छा समात्ने बल्छिले तान्छन्। अनि
तिमिहरु [गाईहरु झैं] तगाराको छेउ बाटो सोजै निक्लि जांछौ अनि
हर्म्मोन्मां हालींछौ यह्वेको येइ बाणी छ॥

४ बेतेल्मां आयेर अप्राध् ता गर गिल्गाल्मां आयेर धेरै अप्राध् ता
गर्ने गर अनि तिमिहरुका चढ़ाउंने थोक् बिहान् बिहान् र तिमिहरुका दसौं
५ अंश तीस्रो तीस्रो दिन्मां बराबर् ल्याउंने ता गर अनि धन्नबाद् बलि
खमीर् हाल्येर चढ़ाउंने ता गर अनि आफ्नु मनमानीभेटिहरुको बखान्
चलायेर तिनको प्रचार् ता गर. किनभन्ये येसो गर्नु तिमि इस्राएल्बंशि-
६ हरुलाइ मन् पर्द छ प्रभु यह्वेको येइ बाणी छ। अनि मैंले तिमिहरुका
सबै सहर्हरुमां दांत्को चोखेईं र तिमिहरुका सबै ठांउमां रोटीको घटि
७ दियें तैपनि तिमिहरु फर्क्येर मं तिर आयौन यह्वेको येइ बाणी छ। अनि
जब कटनीका तीन् महींना रह्येका थिये तब तिमिहरुको लागि मैंलेनै
वृष्टि बर्षाईंन. अनि मैंले एक् सहर्मां पानी पार्‍यें अनि अर्को सहर्मां
पारींन. कि एक् खेत्मां ता पानी पार्‍यें अनि अर्कोमां पारींन येस्कारण्
८ पानी न पार्‍येको चइं खेत् सुकि रह्यो। त दुइ तीन् सहर्का लोग् पानी
खांनु पाउंनुलाइ डुलि डुलि हिंड्दै हिंड्दै येउटै सहर्मां आउंनु ता आये
तर अघायेनन्. तैपनि तिमिहरु फर्क्येर मं तिर आयौन यह्वेको येइ
९ बाणी छ। अनि मैंले तिमिहरु[का खेत्] ओइल्ह्याई र मक्काईले मांर्‍ये.
अनि तिमिहरुका बगैंचा र तिमिहरुका दाख्का बारीहरु र तिमिहरुका
नेभारा र भद्राक्षेका रुख्हरु धेरै भये पनि काट्ने सलहहरुले ति खाइ
हाल्ये. तैपनि तिमिहरु फर्क्येर मं तिर आयौन यह्वेको येइ बाणी छ।
१० मैंले तिमिहरुको बीच्मां मिस्र देस्को जस्तो रूढ़ि फिंजायें. मैंले
तिमिहरुका जुवान्हरुलाइ तरवार्ले कटाइ दियें अनि तिमिहरुका घोड़ाहरु
खोसि लैजांनु लगायें अनि तिमिहरुका छाउंनीका कुगन्धहरु तिमिहरुका
नाख् सम्म पुर्‍याइ दियें. तैपनि तिमिहरु फर्क्येर मं तिर आयौन

यहवेको येइ बाणी कु। फेरि मैंले तिमिहरुका कत्तिलाइ येरुशोगरि उल्टाइ ११
दियें जसोरि ईश्वरले सदोम् र अमोरा उल्टाइ दियेको थियो अनि
तिमिहरु चइं बल्दे गयेको अगुल्ठो जस्ता भयौ. तैपनि तिमिहरु फर्कर
मं तिर आयौन यहवेको येइ बाणी कु। येकारण् ए इस्राएल् मं तं सित १२
यो गर्कु. अनि मैंले तं सित यो गर्नु आद्योंको कारणले ए इस्राएल् तं तेरो
ईश्वरको सांमु आउंनुको लागि तियार् भइ रह्। हेर् पर्वतहरु बनाउंने १३
अनि बतास् सिर्जने अनि मान्छेलाइ त्येस्को मनको विचार् कहि दिंने अनि
बिहानको उज्यालो धूर् गरि अंध्यारो पार्ने अनि पृथिवीका अलगा अलगा
ठांउहरु मांथि हिंड्ने उस् सेनाहरुको ईश्वरको नांउ यहवे हो॥

हे इस्राएलका जहान् हो मं तिमिहरुको विषयको जुन् विलापी ५ १
गीत् भन्द कु त्येस्को वचन् सुन। इस्राएलकी कन्येकेटी लड़ी अनि फेरि २
उठ्दीन त्यो आफ्नै जग्गामां पछीई अनि त्येस्लाइ उठाउंने कोई छैन।
किनभन्ये प्रभु यहवेले येसो भन्द कु. जस् सहर् देखि हजार् निकलंद कुन् ३
त्येस्मां से सांत्रै बांचकुन् अनि जस् देखि से निकलंद कुन् त्येस्मां दसै
सांत्रै बांचकुन् इस्राएलको जहानको येस्तै गत् हुंकु। किनभन्ये यहवेले ४
इस्राएलका जहानलाइ येसो भन्द कु मंलाइ खोजनुलाइ जीइ रहौला.
तू बेतेलमां न खोज न गिलगालमां पस न बेर्शेबामां जाव. किनभन्ये ५
गिलगाल् निस्से बन्धुवाईमां जांकु अनि बेतेल् सुन्ने हुंकु। त तिमिहरुले ६
यहवेलाइ खोज तब जीइ रहौला होइन भन्ये ता उस्को रिस् यूसुफको
घरमां भयेको आगो झैं उठकु अनि त्येस्ले भस्म हुंकु अनि बेतेलमां त्यो
निभाउंने कोई हुंदैन. ए निया ऐरेलु पार्ने अनि धर्म्म चइं मांटोमां आफालि ७
दिंने किर्किटि र मृगशिरा[ताराहरु]लाइ बनाउंने अनि मृत्युको जस्तो ८
कायालाइ हटाइ बिहानको उज्यालो गराउंने अनि फेरि दिनलाइ रात्
बराबर् अंध्यारो पारि दिंने अनि समुन्द्रको पानी डाकेर तिनलाइ भूमि
मांथि बहाइ दिंने उस्को नांउ यहवे हो बलियो मांथि उपट्टेई त्याइ ९
त्येस्को किल्ला समेत् सत्यनास् पारि दिंने जो कु [उस्लाइ खोज]। ठोकामां १०
हकारपकार् गर्ने सित तिनिहरुले डाहा राखद कुन् अनि अस्सल् कुरा गर्नेलाइ
घिनाउंद कुन्। तिमिहरुले कंगालिहरुलाइ लतार्दै को अनि तिनिहरुका ११
अन्नहरु हरि लांद को. तिमिहरुले कुंदेका ढुंगाहरुका घरहरु ता बनायौ
तर तिनमां बस्दौन तिमिहरुले मनपर्दा मनपर्दा दाखका बारीहरु ता
लगायौ तर तिमिहरुले त्येस्को दाखमद्य खांदौन। कसोगरिभन्ये मं जान्द १२
कु तिमिहरुका अपराधहरु कति विघ्न कुन् अनि तिमिहरुका पाप् कति
गह्रुङ् गह्रुङ् कुन् तिमिहरुले धर्म्मीहरुलाइ सताउंद को अनि घूस् लिंद
को अनि ठोकामां दरिद्रहरुको निया बिगार्द को। आजकालको बेला १३
नजाति कु येकारण् बुद्धिमान् चइं चुप लागि रहोस्। बुराईको होइन १४
भलाईकै फिक्रिमां लागि रह र तिमिहरु जीइ रह. अनि सेनाहरुको
यहवे हांमिहरु सङ कु भनि भन्येको तिमिहरुको कुरो सांचो ठहरीओस्।

१५ बुराई देखि डाहा र भलाई देखि प्रेम् राख अनि ठोकामां नियाले जीत
कोनि कते सेनाहरुको ईश्वर् यहूवेले बांच्येका यूसुफ्वंशीहरुको बचती-
१६ भाग् मांथि अनुग्रह् गर्नुकि। येस्कारण् यहूवे सेनाहरुको ईश्वर् प्रभुले
येसो भन्द छ. सबै चोक् चोकमां रुवाबासी पर्छ अनि बाटो बाटोमां
लोगले हाय् हाय् गर्नुन् अनि तिनिहरुले किसानीहरुलाइ विलाप्
गर्नुलाइ अनि विलाप् गर्नुमां अरु सिपालु सिपालुहरुलाइ पनि रुनु छाति
१७ ठोक्नुलाइ डाक्नुन्। अनि सबै दाखका बारीहुंदो पनि विलाप्गराई
हुंछ., किनभन्ये यहूवेले येसो भन्द छ मं तिमिहरुको बीच् बाहो छिरि
१८ जांकु भनि। हे यहूवेको दिन्को इच्छे गर्नेहरु हो तिमिहरु मांथि हाय्.
यहूवेको दिन्ले तिमिहरुको के नाफा हिंछ. त्यो ता उज्यालो हुंदैन
१९ अंध्यारो पो हुंछ। कसोगरिभन्ये जसोरि कोई मान्छे सिंह देखि भाग्ला
त भालू सित भेट् होला कि घरमां आयेर घरको भित्तामां हातको अड्सि
२० लागि सर्प्पा त सापले डस्ला। तब के यहूवेको दिन् उज्यालोको होइन
तर अंध्यारोको पो हुंछ दिन् भन्येको कुरो सांचो हुंदैन. अं येस्तो अंध्यारो
२१ हुंछ जस्मां केइ पनि उज्यालो हुंदैन। मं तिमिहरुका चाडुहरु देखि डाहा
राखद छु अनि तिनलाइ विकामे जान्द छु अनि तिमिहरुका पवित्रसभाहरु
२२ देखि खुशि हुन्न। अं तिमिहरुले मेरो लागि होम्बलि र अन्नबलि चढ़ायौ
भन्ये पनि मं ति ग्रहण् गर्दीन. अनि न तिमिहरुका पलुवा पशुहरुको
२३ मिलाप्बलि तिर हेर्छु। तिमिहरुका गीत्को खेलाबेला मं देखि टाढो
२४ राख तिमिहरुका सारंगीहरुका भाषा सुन्दीन। तर नियां खोला झैं र
२५ धर्म्मगराई ठुलो नदी झैं बहि रहुन्। हे इस्राएल्का जहान्हरु हो के
तिमिहरुले बनमां चालीस् वर्ष सम्म पशुबलि र अन्नबलि मेरे लागि
२६ चढ़ाउंद थियौ। अं तिमिहरु ता आफ्नु राजाको पाल्[१] र आफ्ना
मूर्त्तिहरुका खराऊ[२] र आफुले बनायेका मूर्त्तिहरुका ताराहरु लिइ हिंड्द
२७ थियौ। येस्कारण् मं तिमिहरुलाइ दमिश्क् देखि उता बन्धवाईमां पारि
हिंकु यहूवेको येइ बचन् छ जस्को नांउ सेनाहरुको ईश्वर् हो॥

६ १ हाय् ति सिय्योन्मां सुख सित रहनेहरु मांथि र शोमरोन्का डांड़ा
डांड़ा मांथि भरोसा राख्नेहरु मांथि श्रेष्ठ लोग् लोगमां मूलगरि प्रसिद्ध
२ जुनहरु यांइ इस्राएल्का जहान् आउंने गर्द छन्। कल्ने सहरमां गयेर हेर
अनि त्यहां बाटो हमात् भन्ये ठुलो सहरमां जाव फेरि पलिश्तीहरुको गत्
सहरमां जाव. के ति राजहरु तिमिहरुका राजहरु भन्दा जाति छन्. कि
३ के तिनिहरुको देस् तिमिहरुको देस् भन्दा ठुलो छ। तिमिहरुले बुरा दिन्को
चिन्ता मन् समेत्ले टाढ़ो गर्द छौ अनि नियाको बैठकमां बसिकन पनि
४ उपद्रेइं गर्द छौ तिमिहरु हात्तिदांत्का खाट् मांथि सुत्द छौ अनि

---

[१] अथवा आफ्नु राजा सिक्कुन्।

[२] अथवा आफ्ना कीयून् भनींने मूर्त्ति।

आफ्नु आफ्नु बालिस्तमां गोड़ा पसार्येर सुत्द छौ अनि भेंड़ाबाख्रामांका
पाठा पाठाहरु र गोठका बाच्छाहरु खांद छौ अनि बीना बीनाको ५
पारामां र दाऊद्ले भैं भांति भांतिका बाजा बुद्धि खोयाइ खोयाङ्कन
निकाल्द छौ अनि कटोरामां दाखमद्य खांद छौ अनि बड़ा अस्सल ६
अस्सल तेल् लगाउंद छौ अनि यूसुफ्बंशीहरुको विपत्तिको कारणले कोइ
पनि सुतांउंदैन । येस्कारण् तिमिहरु अब बन्धुवाईमां पहिलेनै जांकौ अनि ७
तिमि गोड़ा पसार्येर सुत्नेहरुको धूमधाम् जाइ जांकु । सेनाहरुको ईश्वर् ८
यह्वेको यो बाणी कु मं प्रभु यह्वेले आफ्नै किरिया खायेर भन्येको कु
जेमां याकूबले अहंकार् गर्द कु त्यो देखि मं घिनाउंद कु अनि त्येस्का
महल्हरु देखि डाहा राख्द कु अनि मं येस् सहरलाइ त्येस्मां भयेका
सब्बैलाइ समेत् ताबिमां पारि दिंकु । अनि येसो हुंकु कोई घर्मां दस् ९
लोग्नमान्छे बांचि रह्ये भन्ये पनि तिनिहरु मरि जांकुन् । अनि जब कसैको १०
काम्काबाबुले त्येस्लाइ पोल्नुको लागि त्येस्का हाड्हरु घर् बाटो निकाल्नु
लाउंकु तब त्येस्ले जब घर्को कुनामां हुंनेलाइ भन्कु को तेरां अरु कोई कु
भनि अनि त्येस्ले भन्कु कोई छैन भनि तब काम्काबाबुचइंले भन्कु चुप
लाग् किनभन्ये यह्वेको नांउ लिंनु पर्दैन । किनभन्ये यह्वेको आज्ञाले ११
दुलो घर्मां ढेंड्रू हुंकुन् अनि सांनु घर्मां पनि दुलो हुंकुन् । को कसैले १२
घोड़ाहरुलाइ भल्खांड़ामां दुगुराउंकु . को कसैले [त्येस्तो ठांउमां] गोरु
जोत्कु . तर तिमिहरुले ता नियां बिष् सित अनि धर्म्मको फल ऐरेलु १३
सित साट्यौ . तिमिहरुले ता त्यो थोक् सित प्रेम् गर्द छौ जो कोइ पनि
होइन अनि भन्ये गर्द छौ को हांमिहरु आफ्नै फिक्रिले सामर्थी भयौं
भनि । येस्कारण् सेनाहरुको ईश्वर्को यो बाणी कु हे इस्राएल्का १४
जहान् हो मं तिमिहरुको बिरुद्धमां येउटा येस्तो लोग्लाइ उभ्याउंकु
जस्ले तिमिहरुलाइ हमातको पस्ने गौंड़ा देखि अराब्राको खोल्चा सम्म
संकट्मां हाल्कु ॥

प्रभु यह्वेले मंलाइ यो दर्शन देखायो . त को देख्यें भन्ये नया ७ १
घांस् पलायेको पहिलो बेलामां उस्ले सलहहरु बनायो त हेर राजाले लगि
हाल्येको पछिको नया घांस् रह्यो । तब येसो भयो जब तिनिहरुले देस्को २
घांस् खाइ सक्यो तब मैंले भन्यें हे प्रभु यह्वे कृपा गरि क्षमा गर्नु हवस् .
याकूब कसोगरि ठहर्कु . त्यो ता निर्बल्लियो कु भनि । यह्वे येस्को बिषयमां ३
पछुतायो . अनि येसो हुंदैन भनि यह्वेले भन्यो ॥

प्रभु यह्वेले मंलाइ यो दर्शन पनि देखायो . त को देख्यें भन्ये प्रभु ४
यह्वेले आगोले माल्ला लड्नु भनि आज्ञा दियो त आगोले महासागर् सुकि
गयो अनि निज् देस् पनि भस्म हुंनु आंटयो । यो देख्येर मैंले भन्यें हे ५
प्रभु यह्वे कृपा गरि थामौंनु हवस् . याकूब् कसोगरि ठहर्कु . त्यो ता
निर्बल्लियो कु भनि । [illegible] बिषयमां पनि पछुतायो . अनि येसो ६

[illegible]

७ उस्ले मंलाइ यो दर्शन् पनि देखायो. त क्ये देख्यें भन्ये साहुल्
लगायेर बनाईयेको येउटा भित्तामां प्रभु उभीइ रह्येको रछ अनि उस्को
८ हात्मां साहुल् रछ। अनि यह्वेले मंलाइ भन्यो ए आमोस् तं क्ये देख्द
छस्. त मैंले भन्यें येउटा साहुल्। तब प्रभुले भन्यो सुन् मं आफ्नु
इस्राएली प्रजाको मांझमां साहुल् लगाउंछु अब मं तिनिहरुलाइ फेरि
९ छोड्दींन. अनि इस्हाक्का अल्गा ठांउहरु उजार् अनि इस्राएल्का
पवित्रस्थान् सुन्ने होइ जांछन् अनि मं तरवार् झिक्येर यारोबाम्को जहान्
मांथि जाइ लाग्छु॥

१० तब बेतेल्को पूजाहारी अमस्याह्ले इस्राएल्को राजा यारोबाम्
थांइ भनि पठायो आमोस्ले इस्राएल्को जहान्को मांझमां आफुको
बिरुद्धमां राज्द्रोह्को गट्ठा बांध्येको छ. येस् देस्ले त्येस्का सबै बचन्
११ सुनि सहंनु सक्दैन। कसोगरिभन्ये आमोस्ले येसो भन्द छ यारोबाम्
तरवार्ले काटींछ अनि इस्राएल् आफ्नु आफ्नु जग्गा देखि निस्से
१२ बन्धुवाईमां जांछ। फेरि अमस्याह्ले आमोस्लाइ भन्यो हे दर्शी यहां
बाटो निक्ल्येर यहूदा देस्मां भागि जाउ अनि उतै रोटी खाउ उतै
१३ अगम् भन. तर बेतेल्मां फेरि कैले पनि अगम् न भन. किनभन्ये यो
१४ राजाको पवित्रस्थान् हो अनि राज्महल् पनि हो। यो सुन्येर आमोस्ले
अमस्याह्लाइ उत्तर् दिइ भन्यो मं न ता अगम्बक्ता थियें अनि न
अगम्बक्ताको खाल्मांको छोरा थियें मं गाईगोरु चराउंने र किम्बुको
१५ रुख्हरु छांट्छुट् गर्ने थियें. अनि यह्वेले मंलाइ भेंड़ाबाख्राको पछि पछि
लाग्नु देखि डाक्येर भन्यो इस्राएली प्रजा थांइ गयेर अगम् कह् भनि।
१६ त अब तिमिले यह्वेको बचन् सुन. तिमिले भन्द छौ इस्राएल्को
बिरुद्धमां अगम् न भन अनि इस्हाक्को जहान्को बिरुद्धमां घरि घरि
१७ बचन् न सुनाउ भनि येस्कारण् यह्वेले येसो भन्द छ. तेरी स्वास्नी
येसै सहर्मां बेश्ये हुंछे अनि तेरा छोराछोरीहरु तरवार्ले काटींछन् अनि
तेरा जग्गाहरु डोरीले नापि नापिकन बांड़ींछन् अनि तं चइं अशुद्ध देसमां
मंर्छस् अनि इस्राएल् आफ्नु जग्गा देखि निस्से बंधवाईमां जांछ॥

८ १ प्रभु यह्वेले मंलाइ यो दर्शन् देखायो. त क्ये देख्यें भन्ये ऋतुफल्ले
२ भरीयेको येउटा डालो राखीयेको रछ। तब उस्ले भन्यो ए आमोस् तं क्ये
देख्द छस्। त मैंले भन्यें ऋतुफल्ले भरीयेको येउटा डालो। तब यह्वेले
मंलाइ भन्यो मेरो प्रजा इस्राएल्को अन्त आइ पुग्यो मं अब तिनिहरुलाइ
३ छोड्दींन। अनि प्रभु यह्वेको यो बाणी छ त्येस् दिन् मन्दीर्को गीत्
हाहाकार्मां फेरींछन्. अनि धेरै मुर्दाहरु हुंछन् अनि ति जतातते चुपे
४ लागिकन आफालींछन्। ए कंगालिहरुलाइ नील्ने अनि देस्का दीन्
लोग्लाइ नास् पार्नुको लागि मुख् बाइ रहंनेहरु हो यो सुन तिमिहरुले
५ भन्द छौ बुतिया कैले बीत्छ र [illegible] — [illegible] अनि
बिश्राम्बार् कैले जांछ र हांमिहरु अ[illegible]

पारि दिऊंला अनि कुलको तुलोको डांठ् घुमाऊंला अनि दरिद्रहरुलाइ ६
रुपियामां र कंगालिहरुलाइ एक् जोर् जुत्ता दियेर किनि लिऊंला अनि
खेरो गयेका अन्नहरु बेचूंला भनि। ज्येमां याकूबले अहंकार् गर्द छ त्यो ७
मांथि यहवेले किरिया खायेर भन्द छ मं तिनिहरुको कुनै काम् निस्से
बिसँदौंन। के येस्कारण् भूंइ काम्देन अनि के त्येमां बस्ने सबैले बिलाप् ८
गर्दैनन्. अं यो सिंगै देस् महानदी झैं बढ्छ अनि फेरि उहलंने अनि
भरे घटि जांने गर्छ मिस्रको महानदी झैं। प्रभु यहवेको यो बाणी छ ९
त्येस् बेलामां येसो हुंछ मं घाम् दोपहरिमांने अस्ताइ दिंछु अनि येस्
देसलाइ दोपहरि दिउंसोमां अंध्यारो पार्छु। अनि मं तिमिहरुका चाडुहरुका १०
हर्षबढ़ाईहरु हटाइ बिलाप् गराइ दिंछु अनि तिमिहरुका सबै गीतहरु
हटाइ बिलापी गीत् पारि दिंछु अनि मं तिमिहरुको कम्मरमां भाड्रा
बांधनु लाउंछु अनि तिमिहरु सबैका केस् मुड़ाउंछु अनि येस्तो बिलाप्
गराउंछु जस्तो कसैले एकले छोरोको मंरणमां गर्न गर्द छ अनि त्येको
अन्त तीतो दिन् जस्तो लाग्छ। प्रभु यहवेको यो बाणी छ सुन् येस्ता दिन् ११
आउंने छन् अर्थात् येस् देसमां अनिकाल् पार्छु येस्मां न ता अन्नको थोक्
अनि न पानीको तिर्खा हुंछ खालि यहवेका बचनहरु सुन्नेतिर्खा मांत्रै
लागछ। अनि लोगले यहवेको बचनको खोजमां समुन्द्र देखि समुन्द्र सम्म १२
र उत्तर् देखि पूर्व सम्म हांपरभांप् गरि हिंड्छन् तर त्यो पाउंदैनन्। त्येस् १३
बेलामां राम्री राम्री तरुणिहरु र जुवान् तन्हेरिहरु दुवै तिर्खाको कारणले १४
मुर्छा पर्छन्। जस् जस्ले शोमरोनको पापको किरिया खांद छन् अनि जस्
जस्ले दानको देवताको जीवनको किरिया र बेर्शेबाको धर्म्मपन्थको किरिया
भन्येर भन्द छन् तिनिहरु सबै लड्छन् अनि फेरि कैले पनि उठ्दैनन्॥

मैले प्रभुलाइ बेदि छेउ उभीइ रह्येको देखें अनि उस्ले भन्यो ९ १
थाम्का सिर् सिरमां हिर्का र सडारहरु हल्लीउन्. वहांदेखि ति लड़ायेर
तिनिहरुको थाप्नि थाप्नि चइं चकनाचूर् पार् अनि येसोरि नाम् हुंनु
देखि जो जो बांच्छन् तिनिहरुलाइ मं तरवार्ले काट्छु. यहां सम्मगरि
काट्छु तिनिहरुमांको भागनु खोज्ने भागि निकलंनु पाउंदैन अनि बांचनु
खोज्ने बांचदैन। कसोगरिभन्ये तिनिहरु पत्तालमां कुंडियर उत्ये भन्ये २
देखि मं हात् पसार्येर ऊंभो तानि ल्याउंछु अनि तिनिहरु स्वर्गमां चढ़ि गये
भन्ये पनि मं तिनिहरुलाइ तान्येर ऊंधो तानि ल्याउंछु। अनि तिनिहरु ३
कर्म्मेल् पर्वतका थाप्निमां लुको भन्ये पनि मं तिनिहरुलाइ त्यहां बाटो
पनि खोजि खोजिकन पक्रंछु अनि तिनिहरु समुन्द्रको थाहमां भइ मेरो
नजर् देखि ढ्लीये भन्ये पनि मं तिनिहरुलाइ सापलाइ आज्ञा दियेर डस्नु
लाउंछु। अनि सत्रुहरुले तिनिहरुलाइ धपाउंदै लग्ये भन्ये पनि उहीं पनि ४
मं आज्ञा दियेर तिनिहरुलाइ कटाउंछु. अं मं तिनिहरु मांथि भलाईको
लागि होइन बुराईको लागि मात्रै नजर् राख्छु। जस्ले कुंदाने पृथिवी ५
पगलौंद छ अनि त्येमां रहनहरु सबैले बिलाप् गर्छन् सेनाहरुको प्रभु

यहूवे उह हो यो सिंगे देस् महानदी झैं बढ्छ अनि फेरि उह्लंने अनि
६ भरे घटि जाने गर्छ मिस्रको महानदी झैं. उह हो जस्ले आकाश्मां आफ्नु
लागि कोठाहरु बनाउंद छ अनि आफ्नु आकाश्मण्डल्को जग् पृथिवीमां
बसाल्या अनि समुन्द्रको पानीलाइ डाकेर तिनलाइ भूमि मांथि बहाइ दिंद
७ छ उस्को नांउ यहूवे हो। हे इस्राएल्वंशीहरु हो यहूवेको यो बाणी छ
के तिमिहरु मेरो लेखिमां कूश्वंशीहरु जस्ते छौन. जसोरि मैंले
पलिश्तिहरुलाइ कप्तोर् देखि र अरामीहरुलाइ कीर् देखि निकालि ल्याये
को त्येसैगरि मैंले इस्राएल्लाइ पनि मिस्र देस् देखि निकालि ल्याइँन।
८ सुन प्रभु यहूवेले येस् बुरो राज् मांथि नजर् लगायेको छ त मं त्येस्लाइ
पृथिवी मांथि देखि नास् पार्छु अं तर पूरापूर् गरिकन ता मं याकूब्को
९ जहान्लाइ नास् पार्दीन यहूवेको येइ बाणी छ। सुन् मं आज्ञा गर्छु त सबै
लोग् लोग्को बीच्मां इस्राएल्को जहान्लाइ अन्न नांग्लोमां निफन्येको
१० झैं निफन्छु तर तिनमांको येउटा पनि भरीलो दाना भूइंमां झर्दैन। अं
त्यो विपत्ति हांमिहरु मांथि आइ लाग्दैन अनि न हांमिहरुलाइ घेर्छ
भन्ने मेरो प्रजामांका सबै पापीहरु चइं तरवार्ले काटींछन्॥

११ त्येस् दिन्मां मं दाऊद्को भत्क्येको डेरा फेरि बनाउंछु अनि त्येस्को
बार्को तगारा सुधार्छु अनि त्येस्का भत्काईयेका सादाम् मं फेरि बनाउंछु
१२ अनि त्यो तादि जस्तो थियो त्येस्ते त्येस्लाइ फेरि बनाउंछु र त्येस् बंशका
लोगले रह्याका एदोमीहरुलाइ अं सबै अन्यदेसीहरुलाइ जो जो मांथि मेरो
नांउ राखीयेको छ तिनिहरुले तिनिहरुलाइ आफ्नु अधिकार्मां लिउन्
१३ मं येस्ता येस्ता काम् गर्ने यहूवेको बाणी येइ छ। यहूवेको यो बाणी छ
सुन येस्ता दिन आउंछन् हलो जोत्दा जोत्दै कटनीको पार्लान् होइ जांछ
अनि दाख् पेल्दा पेल्दै बिउ रोप्नु पार्लि हालींछ अनि पर्वत् पर्वत् देखि
गोठो दाख्मह चुहुंन् लाग्छ अनि सबै डांडा डांडा गलि गलिकन बहि
१४ जांछन्। अनि मं आफ्नु इस्राएली प्रजाका बन्धुवाहरुलाइ फेरि फर्काइ
ल्याउंछु अनि तिनिहरुले थोत्रा सहरहरु फेरि बसाल्छन् अनि तिनमां
बस्छन् अनि दाख्को बारी लगायेर दाख्मह खांछन् अनि बगैंचा लगायेर
१५ फल् खाने गर्छन्। अनि मं तिनिहरुलाइ तिनिहरुकै जग्गामां रोप्छु अनि
तिनिहरु मैंले तिनिहरुलाइ दियेको तिनिहरुको जग्गा देखि फेरि फेरि
उखेलीदैनन् तेरो ईस्वर् यहूवेको येइ बाणी छ॥

ओबद्याह् ।

ओबद्याहले देख्येको दर्शन् ॥ १ १

प्रभु यहूवेले एदोम्को विषयमां येसो भन्द छ . 'हांमिहरुले यहूवेको पट्टि बाटो यो समाचार् सुन्यूं अनि येउटा दूत् पनि लोग् लोगको बीचमां पठाईयो उठि आव हांमिहरु एदोम् सित लड़ाईं गर्नु जाऊं भनि भन्नुलाइ । हेर् मैंले तंलाइ लोग् लोगको बीचमां छोटा तुल्यायें . तं विल्कै २ तुच्छ हुंद छस् । ए ओढ़ारको दुलो दुलोमां बस्ने र अलगा अलगा ठांउ ३ हुंदो रहंने तेरो मनको अहंकारले तंलाइ धोका दियो . तैंले आफनु मनमां भन्द छस् कस्ले मंलाइ भूंइमां उतार्छ भनि । तं उकाब् झैं अलगो ४ उड़िस् अं तैंले ताराहरुको बीचमां आफनु गुंडू बनायेको छस् भन्ये पनि मं तंलाइ त्यहां बाटो पनि उतारि दिंछु यहूवेको येइ बाणी छ । चोर् कि ५ डाकूहरु राति तं थांइ आये भन्ये देखि को जत्ति सक्ये त्येति धन् लूटेर लैजांदैनन् . तर तेरो चइं ता कोइ पनि छोड़ीदैन . अनि दाख् टिप्ने तं थांइ आये भन्ये देखि को तिनिहरुले कताकति दाखको सीला छोड़ीदैनन् । हाय् हाय् एसावका थोक् को ओधिगरि खोजछन् . त्येका ६ गुप्त धनहरु को ओधिगरि पता लगाइ लगाइकन निकालींछन् । जत्तिले बाचा बांध्येका छन् ति सबैले तंलाइ सांद् सम्म पुयाइ दिये . तं ७ सित मिलाप् राख्नेहरुले तंलाइ धोखा दिइ तं मांथि जिताहा भये . अनि तेरो रोटी खांनेहरुले तेरो लागि पासो थाप्ये त्येसमां कोइ बूझ् हैन । यहूवेको यो बाणी छ को त्येस् बेलामां मं तं एदोम् देखि ८ बुद्धिमानहरुलाइ र एसावको डांड़ा देखि बूझ् नष्ट न गर्ने । अनि ए ९ तेमान् तेरा बीरहरु घरघराउंछन् त येसोरि एसावको डांड़ाको एक एक मान्छे काटीयेकोले सबैको नास् हुंछ । तेरो भाई याकूब् मांथि गर्येको १० उपद्रैंको कारणले तं लाजले ढाकीछस् अनि सदाको लागि नष्ट हुंछस् । जस् दिन् पर्देसीहरुले त्येका धनसम्पत्ति खोसि खोसिकन लग्ये अनि ११ बिराना लोगले ढोकाहरु देखि पख्नेर यरुशलेम्मां चिट्ठा लगाये अनि तं चइं छेवैमां उभौइ रह्येको थिइस् त्येस् दिन् तं पनि तिनिहरुमांको येउटा जस्तो थिइस् । तर तेरो भाई पर्देसी भयेको दिनमां त्यो तिर हेर्दै न रह् १२ अनि यहूदाबंशीहरु नास् भयेको दिनमां तिनिहरु मांथि रमाइट् न गर् . अनि तिनिहरुको संकटको दिनमां ठुलो ठुलो कुरा न गर् । तेरो प्रजाको १३ विपत्तिको दिनमां तं त्येको ढोका बाटो न पस् अनि तिनिहरुको विपत्तिको दिनमां तिनिहरुको कुगत् हेरि न रह् अनि तिनिहरुको विपत्तिको

१४ दिनमां त्यका धनसम्पत्तिमां हात् न हाल्। अनि दोबाटा दोबाटामां
त्येका भागनेहरुलाइ मानुंको लागि न उभीइ अनि त्येको संकटको
१५ दिनमां त्येका बांधीकाहरुलाइ पकराई न दे। किनभन्ये यहूवेको दिन
सब्बै लोग् लोग् मांथि आउंनु नजिक् छ. तैंले जसो गर्येको होलास्
त्येसै तं सित पनि गरीछ तेरो बेहोरा फर्क्यर तेरै सिर् मांथि पर्छ।
१६ जसोरि तैंले मेरो पवित्र पर्वतमां पीयेको छस् त्येसैगरि सिंगै अन्यदेसीहरुले
पनि बराबर् पीउंछन् अं चुसि चूसिकन पनि पीउंछन् अनि येस्तो हुंछ
१७ येस्तो ता कैलेइ भयेकै थियेन। तर बांच्येका लोग् सिय्योन् पर्वतमां
रहंछन् अनि त्यो पवित्रस्थान् ठहर्छ अनि याकूबका जहान् आफ्ना निज्
१८ क्षिपटका अधिकारी हुंछन्। अनि याकूबको जहान् आगो बनींछ अनि
यूसुफको जहान् आगोको जुवाला बनींछ अनि एसावको जहान् तुटा
बनींछ वहांदेखि तिनिहरुले तिनिहरुलाइ भस्म पार्येर नीलि हाल्छन्.
अनि एसावको जहानको कोई पनि बांचदैन कसोगरिभन्ये यहूवेलेनै येसो
१९ भन्येको छ। अनि दक्खिन् देसका बासीहरु एसावको डांड़ाको अधिकारी
हुंछन् अनि तर्इ देसका बासीहरु चइं पलिश्तीहरुको देसका अधिकारी
हुंछन् अनि तिनिहरु एप्रैमको जग्गा र शोमरोन्को जग्गाका अधिकारी
२० हुंछन्. अनि बिन्यामीनबंशी गिलादका अधिकारी हुंछन्। अनि
इस्राएलबंशीहरुका बन्धुवाईको गठ्ठामां गयेर कनानीहरुको बीचमां
सारपत् सम्म रहंछन् अनि यरूशलेममांका बन्धुवाईमां गयेर सपारादमां
२१ रहंछन् यि सबै दक्खिन् देसका अधिकारी हुंछन्। अनि उद्धार गर्नेहरु
एसावका डांड़ाको निया गर्नुको लागि सिय्योन् पर्वत् मांथि चढ़्छन् अनि
राज् चइं यहूवेकोनै होइ जांछ॥ ✓

योना।

१ १ अनि यहूवेको यो बचन् अमित्तैको छोरो योना पांइ येसो भनि
२ आयो उठेर त्यस् तुलो सहर् नीनवेमां जा अनि त्येको बिरुद्धमां
३ प्रचार् किनभन्ये त्येको बुराई मेरो सांमु बढ़ि गयेको छ। तर योना यहूवेको
सांमु देखि तर्शीश् तिर भागि जांनुलाइ उठेर यापो सहरमां गयेर
तर्शीशमां जांने येउटा जहाज् भेट्यो. त त्येको भाला दिइ त्यसमां चढ़ि
तल ओह्ल्यो यहूवेको सांमु देखि तिनिहरु सङ्ग तर्शीशमां जांनुलाइ।
४ तर यहूवेले समुन्द्रमां तुलो बतास् चलाइ दियो तब समुन्द्रमां येति तुलो
५ आंधी उट्यो जहाज् फुट्नु लाग्यो। तब मलाहाहरुले डरायेर आफ्ना
आफ्ना देवताको दोहाई गर्ये वहांदेखि जहाजमां भयेका बेपारका

थोकहरु समुन्द्रमां आफालनु लाग्ये जहाज् हलुङ् गराउंनुलाइ । तर योना
चुइं नाउंको तल्लो तलामां उत्येर सुति गयो अनि मस्त निन्द्रामां पर्येको
थियो । तब मुलमांझिले त्यो केउ आयेर भन्यो हे निन्द्रामां सुति रहंने ६
तिमि के गर्दछौ. उठ आफनु देवताको दोहाई गर कोनि त्यो ईश्वरले
हांम्रो हैरचाहा गर्दकि र हांमिहरुको नास् न हवस् । येतिमां मांझिहरुले ७
आपस्तमां भन्नु लाग्ये लु हांमिहरु चिट्ठा हाल्येर हेरुं कस्को कारणले यो
बिपत्ति हांमिहरु मांथि पर्येछ भनि । येसो भन्येर तिनिहरुले चिट्ठा हाल्ये
तब चिट्ठा योनाको नांउमां निकल्यो । तब तिनिहरुले त्येस्लाइ भन्ये ८
कृपागरि हांमिहरुलाइ भन कस्को कारणले यो बिपत्ति हांमिहरु मांथि
पर्यो तिम्रो काम् क्या हो. अनि तिमि कहां बाटो आयौ. तिमि कुन्
देसको अनि के लोगको मान्छे हौ । त्येस्ले तिनिहरुलाइ भन्यो मं इब्री हुं ९
अनि जल् थल् दुवै बनाउंने स्वर्गको ईश्वर् यहुवेको भय् मान्द छु । तब १०
तिनिहरुले औधि डरायेर भन्ये यो तिम्मिले के गर्यो भनि । कसोगरिभन्ये
योनाले तिनिहरुलाइ मं यहुवेको सांमु देखि भागि आयेको हुं पनि भन्यो
तब तिनिहरुले यो थाहा पाये । तब तिनिहरुले त्येस्लाइ भन्ये हांमिहरु ११
तिमिलाइ के गरुं र समुन्द्र चुप् लागोस् भनि. किनभन्ये समुन्द्रका क्रालहरु
बढ्दै जांद थिये । त त्येस्ले तिनिहरुलाइ भन्यो मंलाइ उठायेर समुन्द्रमां १२
आफालि देव तब समुन्द्र चुप लाग्छ. किनभन्ये मैले थाहा पायें तिम्मिहरु
मांथि यो ठुलो आंधी मेरै कारणले आयेको हो रछ भनि । तैपनि ति १३
मान्छेहरुले जहाज् घुमायेर अघोर् फिक्रि गरि गरि खीयाये त्येस्लाइ तीरमां
लगाऊं भन्येर तर सक्येनन्, कसोगरिभन्ये समुन्द्रका क्रालहरु तिनिहरुको
सांमु पर्दछ बढ्दै आउंद थिये । येकारण् तिनिहरुले हे यहुवे हांमिहरु १४
बिन्ति गर्द छौं कृपागरि येस् मान्छेको प्राणको साटा हांमिहरुलाइ नास् न
पार्नु हवस् अनि न निर्दोषीको लोहू हांमिहरु मांथि लगाउंनु हवस्
किनभन्ये हे यहुवे जे तपांइको इच्छा थियो त्यह तपांइले गर्नु भयो भनि
यहुवेलाइ हापानुं लाग्ये । यहांदेखि तिनिहरुले योनालाइ उठायेर १५
समुन्द्रमां आफालि दिये. तब समुन्द्रमां क्राल् उठ्नु थामि गयो । तब ति १६
मान्छेहरुले यहुवेको अघोरै भय् मान्ये अनि यहुवेको लागि बलिदान्
चढ़ाये अनि भाकलहरु गर्ये । तब यहुवेले योनालाइ नील्नुलाइ ठेउटा १७
महामाच्छालाइ खटायो त योना त्येस् माच्छाको पेटमां तीन् दिन् र तीन्
रात् रह्यो ।[1] तब योनाले त्येस् माच्छाको पेट् देखि ईश्वर् यहुवे मित २ १
प्रार्थना गर्यो ।[2]

अनि त्येस्ले भन्यो २

मैले आफनु दुक्खको कारणले प्रभुको दोहाई दियें
अनि उस्ले मंलाइ जत्तर् दियो
पत्तालको पेट् देखि कराये
अनि तपांइले मेरो शब्द सुन्नु भयो ।

३ किनभन्ये तपांइले मंलाइ समुन्द्रहरुको गहीरेईंको मुटुमां आफालि
दिनु भयो
अनि भल् मेरा वरिपरि थियो
तपांइका सबै कालहरु सांना तुला डुबेले मंलाइ डुबाये ।
४ अनि मैंले भन्यें मं तपांइका आंखाको सोजि देखि काटीयेको कु भनि
तैपनि मं फेरि तपांइको पवित्र मन्दिर तिर हेर्कु ।
५ पानीहरुले मंलाइ घेर्‌ये अं मेरो प्राण् सम्म .
गहीरेईं मेरा वरिपरि थियो
सिवांलि मेरो कपालमां बेहेरीयेका थिये ।
६ मं पर्वतहरुको जगको टुप्पा सम्म पुग्येको थियें
मं पृथिवीका आगलाहरुले सदाको लागि थुनीयें .
तैपनि हे मेरो ईश्वर् यहुवे तपांइले मेरो प्राणलाइ पत्ताल् देखि
उठाइ ल्याउंनु भयो ।
७ जब मेरो प्राण् मंमां हरान् पर्‌यो तब मैंले यहुवेलाइ सम्झें .
अनि मेरो बिन्ति तपांइ थांइ सम्म चढि गयो अं तपांइको पवित्र
मन्दिर भित्र ।
८ झूठको व्यर्थ मांथि भरोसा गर्नेहरुले
आफ्नै टिठाई हराउंदा राक्नन् ।
९ तर मं धन्यवाद् सहित् तपांइको लागि बलिदान् चढ़ाउंकु
मैंले थ्येको भाकल् गर्‌येको कु त्यो पूरो गर्कु ।
उद्धार् यहुवे देखिनै कु ॥
१० तब यहुवेले माछालाइ आज्ञा गर्‌यो त यस्ले योनालाइ पाखामां उगेलि
दियो ॥

३ १ फेरि यहुवेको यो बचन् दोस्रो खेप् योनाकां येसो भनि आयो
२ उठेर त्येस् ठुलो सहर् नीनवेमां जा अनि ज्ये कुरा मं तंलाइ भन्कु त्यो
३ त्येमां प्रचार् गर् । त योना उठेर यहुवेले भन्येको अनुसार् नीनवेमां
गयो । नीनवे ता येउटा आघोरै ठुलो सहर् थियो त्यो किचलि जांनु तीन्
४ दिन् लाग्द थियो । त योना सहरमां एक् दिनको बाटो भित्र पसि गयो
यहांदेखि येसो भनिकन प्रचार् गर्‌यो अबको चालीस् दिनमां नीनवे उल्टाइ
५ दिईंछ भनि । यो सुन्येर नीनवेका बासीहरुले ईश्वरको बिश्वास् गर्‌ये
यहांदेखि उपासको उर्दी फिंजाये अनि साना ठुला सबैले भाङ्रा लाये ।
६ अनि यो खबर् नीनवेको राजाका कानमां पनि पुग्यो तब त्यो सिंहासन्
देखि उत्रेर आफनु राजपोशाक् उतार्‌येर भाङ्रा लगाइ खरानिमां
७ बस्यो । यहांदेखि राजाले मालिकहरु सित सल्लाह् लिइ नीनवेमां यो
आज्ञाको झ्यालि पीटायो अर्थात् को मान्छे को पशु को गाईगोरु को
८ भेंडाबाख्राहरु कस्सैले केहि खांनु न पाउन् न पानी पीउन् . तर मान्छे
र पशु हुवैले भाङ्रा लाएर कराइ कराइकन अधि गरि ईश्वरको दोहाई

गरुन्. अं आफ्ना आफ्ना कुमार्ग देखि फर्कुन् अं तिनिहरुले गर्ने उपद्रेईं
त्यागि दिउन्। कोनि कतै ईश्वर्ले फर्क्येर पछ्ताउला अनि उस्को उठ्येको ९
रिस् थामींछकि र हांमिहरु नष्ट न होऊं भनि। तब ईश्वर्ले तिनिहरुको १०
कुकर्म्म देखि पछ्ताउंदै गयेको काम् देख्यो त ईश्वर्ले पछ्तायेर तिनिहरुको
हानि गर्नुलाइ भन्येको कुरो देखि थामीयो अं उस्ले त्येसो गर्‍येन। तर ४ १
योनालाइ यो कुरो बिघ्नै नजाति लाग्यो अनि त्येस्को रिस् उठ्यो। तब २
त्येस्ले यह्वे सित प्रार्थना गर्‍येर भन्यो कृपागरि हे यह्वे जब मं आफ्नु
देस्मां थियें तब क्ये मेरो कुरो येइ थियेन। येस्कारण्ले मं तर्शीश् तिर
भाग्नु आंटें. किनभन्ये मं जान्द थियें तपांइ दयालु र अनुग्रही ईश्वर्
अनि रिस् गर्नुमां धीरजी र दुक्ख दिंनुमां पछ्ताउंने हुंनु हुंद छ भनिकन।
त अब हे यह्वे कृपागरि मेरो प्राण् लिहाल्नु हवस् किनभन्ये मेरो लागि ३
जीउंनु भन्दा मंर्नु जाति छ। अनि यह्वेले भन्यो तेरो रिस् उठ्यो यो क्ये ४
जाति हो। तब योना त्येस् सहर् देखि निस्क्येर नगर्को पूर्व तिर गइ ५
बस्यो वहांदेखि त्यहां येउटा झाप्रा हाल्येर त्येस्को छायामां बस्येर सहर्लाइ
क्ये हुंछ भनि हेर्नु लाग्यो। तब यह्वे ईश्वर्ले येउटा कांक्राको बोट् उमार्‍येर ६
बढ़ायो अनि त्येस्ले योनाको सिर्मां छाया पारि दियो त्येस्को दुक्ख हरन्
हवस् भन्येर। त योना त्येस् कांक्राको बोट्को कारण्ले बिघ्नै खुशि भयो।
भोलि पल्टो बिहान् भूक्भूक् उज्यालो हुंने बेलामां ईश्वर्ले येउटा कीरालाइ ७
खटन् गर्‍यो र त्येस्ले त्यो कांक्राको बोट् खाइ दियो त त्यो ओइह्लि गयो।
अनि येसो भयो घाम् झुल्के पछि ईश्वर्ले पूर्वेबतास् चलाइ दियो ज्येले ८
घाम्को तातो ल्यायो अनि घाम् योनाको सिर्मां लाग्येर त्यो हरान् पर्‍यो
तब त्येस्ले मेरो लागि जीउंनु भन्दा मंर्नै जाति छ भनि ईश्वर् सित मृत्यु
मांग्नु लाग्यो। तब ईश्वर्ले योनालाइ भन्यो कांक्राको बोट्को कारण्ले ९
तेरो रिस् उठ्यो यो क्ये जाति हो। त्येस्ले भन्यो मेरो रिस् उठ्येको अं
मंरण् सम्म उठ्येको ठीकैनै हो भनि। तब यह्वेले भन्यो जस् कांक्राको १०
लागि तैंले न ता क्येइ दास्ति गरिस् न त्येस्लाइ बढ़ाइस् त्यो एकै रात्मां
भयो फेरि एकै रात्मां नष्ट पनि भयो त्येस्को लागि तैंले येत्ति टिठाइस्.
त येस् ठुलो सहर् नीनवे जस्मां एक् लाख् बीस् हजार् जना भन्दा बेसि ११
मान्छे छन् जुन्हरुले दाहींनो र बांउ हात्को भेद् जान्दैनन् अनि औधि
औधि बस्तुहरु पनि छन् तिनिहरु मांथि क्ये मं टिठाउंदीन॥

मीका ।

१ १ यहूदाका राजाहरु योताम् आहाज् र हिजकिय्याहका दिनमां
मोरेशेतमां बस्ने मीकाथांइ शोमरोन् र यरूशलेमको विषयमां आयेको
यहवेको बचन् येइ हो ॥
२ हे लोग् लोगका सबै मान्छेहरु हो सुन ए पृथिवी तंमां भयेका
सबैले समेत् चेत् लगा . प्रभु यहवे तिमिहरुको विरुद्धमां आफ्नु पवित्र
३ मन्दिर् देखि साक्षी हवस् । सुन यहवे आफ्नु ठांउ देखि निकलंछ् अनि
४ उत्रेर पृथिवीका अलगा ठांउहरुलाइ गोड़ाले कुल्चंछ् । अनि
पर्वतहरु उस्को कुवाईले विलौंछन् अनि खोल्चाहरु चौरौंछन् मयेन्
५ आगोले विलोयेको भैं अनि उकालो देखि पानी बह्योको भैंगरि । यो सबै
हुंने कारण् याकूबको अपराध् र इस्राएलको जहानको पापने हो । याकूबको
अपराध् कहां पाईन्छ के शोमरोनमां होइन . अनि यहूदाको अलगा
६ ठांउहरु कहां छन् के यरूशलेमैंमां होइन । येस्कारण् मं शोमरोन् बनको
याकसा तुल्याउंछु येस् ठांउमां दाखको बारी मांत्रै हुंछ . मं त्येस्का ढुंगा-
हरु भल्खांड़ाहुंदो लड़ाइ पठाउंछु अनि त्येस्का घरहरु भत्कायेर जगै समेत्
७ उधौंछु । तब त्येस्का सबै खोपोयेका मूर्त्तिहरु टुक्रे टुक्रा पारौंछन् अनि
त्येस्का लोगले बेश्येईं भैं गरि कमायेकाहरु आगोले नष्ट पारौंछन् अनि
त्येस्का सबै अंसहरु मं चकनाचूर् पारि दिंछु . किनभन्ये तिनिहरुले ति
बेश्येईंको कमाईले जमा गरि राख्योका छन् अनि ति फेरि बेश्येईंके कमाई
८ होइ जांछन् । येस्कारण् मं छाति ठोकदै हाय् हाय् गर्छु मं लूटीयेको
भैं र नांगे हिंड्छु . मं स्यालहरु भैं कराउंछु अनि शुतर्मुर्गहरु भैं
९ रुंछु । किनभन्ये त्येस्का घाउहरु असाध्ये छन् . अनि त्येइने यहूदामां पनि
आयेछ अं त्यो मेरो लोग् मांपि यरूशलेमका ढोका ढोका सम्म पुग्यो ।
१० गातमां त्यो न सुना अनि न कोइ पनि रोव . बेत्लाप्रामां[1] धूलोमां
११ लड़िबड़ि खेलायें । हे शाफिरका बासी हो नांगो र लज्जित् भयेर निक्लि
जाव . मानानका बासीहरु निकल्येका छैनन् बेतेसेलको मत्ताबासीले
१२ तिमिहरु देखि टेक्ने ठांउ लैजांछ् । कसोगरिभन्ये मारोतका बासीहरुले
कुशलको बाटो हेर्ने छन् . किनभन्ये यहवेको पट्टि बाटो विपत्ति
१३ यरूशलेमको ढोका सम्म उत्रि आयो । हे लाकीशका बासीहरु हो छिट्टो
छिटो हिंड्ने घोड़ा रथमां नार . सिय्योनका बासीहरुको पाप् त्येस् देखि

१ अर्थात् धूलोको घर ।

थालीयो अनि इस्राएल्को अप्राध् तैंमां पाईये । अब तैंले मोरेशेत्गात्लाइ १४
दान् दिकन पर सार् . इस्राएल्का राजाहरुले अक्जीब्का घर्हरु सङ
धोखानै खांछन् । हे मारेशाका बासी हो मं तिमिहरु मांथि येउटा १५
अधिकारी खटाउंछु . इस्राएल्को मान् अदुल्लाम् सम्म आउंछ । आफ्ना १६
प्यारा बाल्बच्चाहरुको लागि आफ्नु आफ्नु कपाल्का केस् कत्राओ . अं
तिनिहरुका सिंगै कपाल् मुड़ायेर मुड्डुले गिद्ध जस्ता पारि देव किनभन्ये
तिनिहरु बन्धुवा भयेर तिमिहरु थांइ देखि गइ गये ॥

हाय् तिनिहरु मांथि जुन्हरुले ओछ्यान् ओछ्यान्मां ढल्कि ढल्कि २ १
अधर्म्मको जुक्ति निकाल्द छन् अनि बुराई बिचार्द छन् . बिहान
उज्यालो हुंनु बित्तिकै देखि यो गर्नु हांम्रै अक्तियार्मां रछ भनि
देख्येर त्येस् काम्मां लागि हाल्द छन् । अनि तिनिहरुले जग्गाजिमीन् २
र घर्हरुको लालच् गर्न्येर लिहाल्द छन् . अनि कत्तिलाइ ता जहानै
समेत् मांथि अनि कत्तिलाइ भागै समेत् मांथि मिचेईं गर्द छन् । येस्कारण् ३
यह्वेले येसो भन्द छ . मं येस् जहान्को बिरुद्धमां येस्तो बुराईको
जुक्ति निकाल्द छु जस् मुनि देखि तिमिहरुले आफ्नु कांध् खुस्काइ लांनु
सक्दौन अनि न आफ्नु मन्टो अल्ग्यायेर हिंड्नु सक्छौ कसोगरिभन्ये
आज्काल्को बेला नजाति छ । त्येस् दिन्मां अग्घोर् सुर्ताको गीत् ४
उखान्को रीत्मां गाईंछ हांमिहरु नष्ट भयूं . उस्ले हांमिहरुको भाग्
बिगार्द छ . हाय् उस्ले त्यो हांमिहरु देखि कत्ति टाड़ो तुल्याउंद छ .
उस्ले हांमिहरुको जग्गाजिमीन् झगरेहरुलाइ दिहाल्द छ भन्दै । येस्कारण् ५
यह्वेको मण्डलीमां तिमिहरुको चिट्ठा हाल्येर डोरी लाउंने कोई पनि
रहंदैन । अगम् न भन [भनींद छ] तैपनि तिनिहरुले अगम् भन्द छन् ।
तिनिहरुले यिनिहरुलाइ अगम् भन्दैनन् . अमान् चइं रहिनै रहंछ । ६
हे याकूब्को जहान् हो क्ये तिमिहरुमां यह्वेको आत्मा अधीरजी भयो ७
भन्येर भनीओस् भनि क्ये यि उसैका कार्ज्य होइनन् . क्ये मेरो बचन्ले
सोजेईं सित हिंड्नेको भलाईनै गर्दैन । तर मेरो प्रजा आज्काल् सत्तुर् ८
झैं उठ्येका छन् . अं तिमिहरुले ति बिना रोक्टोक् हिंड्ने अनि लड़ाईंको
क्येइ बिचार् न गर्नेहरुको जीउ देखि खाष्टो खोसि लैजांद छौ । मेरो ९
प्रजामांकी स्त्रीहरुलाइ तिमिहरुले तिनिहरुको सुक्खका घर्हरु देखि
निकालि दिंद छौ तिनिहरुका नानीहरु देखि तिमिहरुले मेरो मान् सधैंको
लागि खोसि लैजांद छौ । उठ हिंड़ि जाव किनभन्ये यो तिमिहरुको १०
बिश्राम्को ठांउ होइन . तिमिहरुको अशुद्धेईंको फल् निस्से कठिन् दुक्ख
सित सत्येनास् हुंछ । कसैले मं तिमिहरुलाइ दाख्मह र अरु अरु मद्य ११
पाईंने बिषय्मां अगम् कहंछु भनि हावा र ढांट्को कुरा भन्यो भन्ये
देखि येस् लोगको अगम्बक्ता त्येइनै हुंछ ॥

ए याकूब् मं निस्से तिमिहरु सबैलाइ भेला गर्छु इस्राएल्का बांच्येका- १२
हरुलाइ निस्से बटुल्छु अनि बोस्राका भेंड़ाबाखाहरु झैं एका ठांउमां

राख्कु . खर्कको बीचमां भेंड़ाबाख्रा कराथेको झैं ति मान्छेहरुले पनि
१३ धेर् हुनाको कारणले खल्याङ्मल्याङ् गर्छन् । भित्ता भत्काउने तिनिहरुको
अघि अघि निस्कि गयो . तिनिहरुले पनि त्यो भांच्दै कुन् अनि ढोका
बाटो निस्केर जांदै पनि कुन् . अनि तिनिहरुको राजा तिनिहरुको अघि
अघि हिंड़ि जांदै कु अनि तिनिहरुको सिर्मां यहूवेने कु ॥

३ १ फेरि मैंले भन्यें हे याकूबवंशीहरुका मूलहरु हो हे इस्राएलको
२ जहानका विचारीहरु हो सुन . के नियाजान् तिमिहरुको काम् होइन
तिमिहरुले ता भलाई देखि डाहा र बुराई देखि पिर्ति राख्द कौ
तिमिहरुले तिनिहरुको काला अनि तिनिहरुका हाड़हरु देखि मांसु
३ काढ्यौ अं मेरा प्रजाहरुको मांसु खांद कौ पनि अनि तिनिहरुको
काला काढ़ेर तिनिहरुका हाड़हरु भांच्द कौ अं तिनलाइ भांड़ामां
पकाउंनुको लागि र तिनिहरुको मांसु टुक्रा टुक्रा पार्द कौ खड़ुकुंड़ामां
४ पकाउंनुको लागि । त तिनिहरुले यहूवेलाइ दोहाई दियेको बेलामां
उस्ले सुन्दैन . अं त्येस् बेलामां उस्ले तिनिहरुका बुरा कर्म्मको कारणले बम
५ तिनिहरु देखि आफ्नु मुख् फर्काउंछ यो । मेरो प्रजालाइ भर्माइ दिने
अगम्वक्ताहरुको विषयमां यहूवेको यो बचन् पनि कु जुन् जुन् अगम-
वक्ताहरुले कराइ कराइकन भन्द कुन् शान्ति कु भनि तर दांतले टोकद कुन्
अनि जुनहरुको पेट् भराइ न दिंने सित लड़ाईं गर्नुलाइ तियार् हुंद कुन् ।
६ येस्कारण् तिमिहरु मांथि रात् पर्छ तिमिहरुले दर्शन् देख्दैन अनि
तिमिहरु मांथि अंधकार् छाईंछ तिमिहरुले मन्तरतन्तर् गर्दैन अनि
अगम्वक्ताहरु मांथि सूर्ज अस्ताउंछ अनि दिन् तिनिहरु मांथि कालो
७ होइ जांछ । अनि दर्शन् देख्नेहरु लज्जित् हुंछन् अनि अगम् कहनेहरुको
मुख् कालो हुंछ अं तिनिहरु सबै जनाले आफ्ना आफ्ना आंठ् कोप्छन् .
८ किनभन्ये ईश्वरको पट्टि बाटो उत्तर् पाईंदैन । तर मं ता यहूवेको आत्माले
शक्ति र निया र पराक्रम् पायेर पूर्ण कु मैंले याकूबलाइ तिनिहरुको
अपाध् र इस्राएललाइ तिनिहरुको पाप् जनाइ दिनु सक्नुको लागि ।
९ हे याकूबको जहानका मूलहरु हो हे इस्राएलको जहानका विचारीहरु
हो निया घिनाउंने र सबै सोजा बाटाहरु बाङ्गोटेढ़ो पार्नेहरु हो यो कुरो
१० सुन । तिनिहरुले सिय्योनलाइ रगत् बगाइ बगाइकन र यरूशलेमलाइ
११ अधर्म्म गरि गरिकन बल्लियो गराउंद कुन् । त्येका मूलहरुले घूस् खाइ
खाइकन विचार् गर्दै कुन् अनि त्येका पूजाहारीहरुले दाम् लिलिकन
व्यवस्था दिंद कुन् अनि त्येका अगम्वक्ताहरुले चांदीको लागि अगम्
कहंद कुन् तैपनि तिनिहरुले येसो भनिकन यहूवेको आड़ लिंद कुन् के
हांमिहरुको बीचमां यहूवे कैन हांमिहरु मांथि कोइ विपत्ति आउंदैन
१२ भनि । तर तिमिहरुको कारणले सिय्योन् जोत्येर खेत् बनाईंछ अनि
यरूशलेम् चइं भग्नावशेषको होइ जांछ अनि घरको डांड़ा जंगलको
अलगा ठांउहरु होइ जांछन् ॥

तर अन्तका दिनमां येसो होइ जांकु यह्वेको घर्को पहाड् चइं ४ १
पहाड्हरुको थाप्नि मांथि स्थिर् गराईंकु अनि डांड़ाहरु मांथि अल्ग्याईंकु
अनि अन्यदेसोहरु त्यो तिर बहंकुन्। अनि धेरै लोग्ले हिंड़ि आउंदै २
भन्कुन् आउ हांमिहरु यह्वेको पहाड्मां चढ़ेर याकूब्को ईश्वर्को घर्मां
जाऊं त उस्ले हांमिहरुलाइ आफ्नु बाटो देखाउंकु अनि हांमिहरु उस्का
मार्गमां हिंड्कौं भनि. किनभन्ये शिक्षा चइं सिय्योनै देखि र यह्वेको
बचन् यरूशलमै देखि निकलंकुन्। अनि उसैले धेरै लोग्हरुको बीच्मां ३
निया गर्कु अनि टाढ़ो टांढ़ो सम्मका सामर्थी सामर्थी लोग् लोग्को बिचार्
गर्कु. त तिनिहरुले आफ्नु आफ्नु तरवार् चइं हलोका फाल र आफ्नु
आफ्नु भाला चइं पोटेर हंसीया बनाउंकुन्. अन्यलोग्ले अर्को अन्यलोग्
मांथि तरवार् उठ्जाउंदैन अनि न अब देखि उसो लड़ाईं सिक्कुन्।
तर तिनिहरुले आफ्नु आफ्नु दाख्को बोट् मुनि र आफ्नु आफ्नु ४
नेभाराको बोट् मुनि बस्ने गर्कुन् अनि तिनिहरुलाइ कसैले डर् देखाउंदैन.
किनभन्ये सेनाहरुको यह्वेलेनै येस्तो बचन् भन्येको छ। कसोगरिभन्ये ५
सबै लोग् लोग् आफ्नु आफ्नु देवताको नांउले हिंड्दै कुन् तर हांमिहरु
चइं ता सदा सर्बदा आफ्नु ईश्वर् यह्वेको नांउले हिंड्कौं॥

यह्वेको यो बाणी छ त्येस् दिनमां मं खोच्याउंनेहरु र बल् ६
जत्रत्गरि निकालीयेकाहरुलाइ र मैले दुक्ख दियेकाहरुलाइ भेला गराउंकु
अनि मं खोच्याउंनेहरुलाइ बचाइ राख्कु अनि आफालीयेकाहरुलाइ ७
येउटा सामर्थी लोग् तुल्याउंकु. अनि यह्वेले तिनिहरु मांथि सिय्योन्मां
अब देखि सदा सर्बदा सम्म राज् गर्कु। अनि ए एदेर्को[1] धरारा ए ८
सिय्योन्का डांड़ा अघिल्लो प्रभुतेइं अर्थात् यरूशलेम्को राज् फेरि जस्ताको
तस्तो तं मांथि स्थिर् हुंकु। अब तं किन चिच्याउंद छस्. को तंमां कोई ९
राजा छैन को तेरो मंत्री नष्ट भयो र तंलाइ सुत्केरे पीरा लाग्येको छ। ए १०
सिय्योन् अं तंलाइ सुत्केरे पीरा लागोइ रहोस्. किनभन्ये अब तं सहर्
देखि निस्क्येर मैदान्मां बस्कुस् अं बाबेल् सम्म जांकुस् उहां तं छोड़ाईंकुस्
उहीं यह्वेले तंलाइ तेरा सत्रुहरुको ताबि देखि छोड़ाउंकु। अनि अब ११
धेरै धेरै लोगले तेरो बिरुद्धमां भेला भयेर तेरो बिषय्मां [सिय्योन्]
अपबित्र गरीओस् अनि हांमिहरु त्येलाइ हेर्येर सन्तोष् गर्नु पाऊं भन्येर
भन्छ कुन्। तर तिनिहरुले यह्वेका जुक्ति जान्दैनन् न उस्को मन् बूझ्कुन्. १२
उस्ले तिनिहरुलाइ बिटा खलामां जमायेको भैं भेला गर्यो। ए सिय्योन्की
छोरी उठ् दांइ गर्. किनभन्ये मं तेरा सींग् फलम्का र तेरा खुर् १३
पीतल्का बनाइ दिंकु. अनि तैंले धेरै लोगलाइ चूर् चूर् पार्कुस्. अनि
तैंले तिनिहरुको कमाई यह्वेको लागि अनि तिनिहरुको धन्सम्पत्ति
सिंगै पृथिबीको प्रभुको लागि भाकल् गर्कुस्। अब ए गट्टाकी स्वामीनी ५ १

[1] अथवा भेड़ाबाक्रा।

गट्ठा गट्ठा भयेर निकाल. किनभन्ये त्येस्ले हांमिहरुलाइ घेर्यो. तिनिहरुले इस्राएलको बिचारीको गालामां लाठाले हिकाँउंछन् ॥

२ तर ए बेत्लेहेम् एप्राता तं यहूदाका हजार् हजारको बीचमां सांनु भये पनि तं देखि मेरो लागि इस्राएलमां येउटा मालिक् हुंने निकलंछ ३ जो अघि देखि अं सदा देखि आउंदै छ। येस्कारण् जब सम्म जन्माउंनेले जन्माउदैन तब सम्म उस्ले तिनिहरुलाइ त्यागि दिंछ. तर त्येस् बेला त्येका ४ बांच्येका दाज्युभाईहरु इस्राएलवंशीहरु थांइ फर्कि आउंछन्। अनि त्येस्ले उभीयेर यहवेको शक्तिले अं त्येस्को ईश्वर् यहवेको नांउको प्रतापले आफ्ना प्रजाभेंड़ाहरुलाइ चराउंछ. अनि तिनिहरु सुक्ख सित बस्छन् कसोगरिभन्ये ५ त्यो पृथिवीको छेउ सम्म महा हुंछ। अनि त्यो हांमिहरुको मिलाप् हुंछ. जब अश्शूरीहरु हांमिहरुको देसमां आइ लाग्छन् अनि हांमिहरुका महलहरुमां गोड़ा हाल्छन् तब हांमिहरु तिनिहरु मांथि सात् ६ गोठालाहरुलाइ अं आठ् मूलमान्छेहरुलाइ उभ्याउंछौं। अनि तिनिहरुले अश्शूरको देसलाइ अनि पस्ने गौंड़ा सम्म निम्रोदको देसलाइ तरवारले मांर्छन्. येसोरि जब अश्शूरीहरु हांमिहरुको देसमां आउंछन् अनि येस्को सिमाना भित्र गोड़ा हाल्छन् तब त्येस्ले हांमिहरुलाइ तिनिहरुको हात् ७ देखि बचाउंछ। अनि याकूबका बांच्येका लोग् धेरै लोग् लोगको बीचमां यहवे पठाइ बाटो परने सीत् कि घांस् मांथि हुंने वृष्टि जस्ते हुंछ त्येस्ले ८ कसैको लागि पर्खंदैन अनि मान्छेको सन्तानको लागि पर्खंदैन। अनि याकूबका बांच्येका लोग् अन्यदेसीहरुको बीचमां येस्ता हुंछन् जस्तो बनपशुहरुको बीचमां सिंह कि भेंड़ाबाख्राको बगालको बीचमां जुवान् सिंह हुंद छ. त्यो तिनिहरुको बीच् देखि गयो भन्ये देखि तिनिहरुलाइ ९ लताड़ै र फहराउंदै जांछ अनि बचाउंने कोई पनि छैन। तपांइको हात् तपांइका द्रोहीहरु मांथि परोस् अनि तपांइका सबै सत्रुहरु नष्ट होउन् ॥

१० यहवेको यो बाणी छ येस् दिनमां येसो हुंछ मं तेरा घोड़ाहरु तेरो ११ बीच् देखि नष्ट पार्छु अनि तेरा रथहरु बिनास् पार्छु. अनि मं तेरो देसका १२ सहरहरु पनि नास् पार्छु अनि तेरा गढ़िहरु भत्काइ दिंछु. अनि मं तेरा जन्तरमन्तर तेरो हात् देखि नष्ट पार्छु अनि तंमां झांकिबिजुवाहरु अब १३ रहंदैनन्. अनि मं तेरा खोपीयेका मूर्त्तिहरु र तेरा सुड़्काहरु नष्ट पार्छु १४ अनि तैंले फेरि फेरि आफनु हातले बनायेका थोकलाइ पूजने छैनस्। अनि मं तेरो अशेरा भनौंने मूर्त्तिहरुलाइ तेरो जग्गा देखि उखेलि दिंछु. १५ अनि तेरा सहरहरुलाइ बिध्वंस पार्छु। तस् पछि मं मेरो आज्ञा न सुन्ने अन्यदेसीहरुलाइ क्रोध् र बल्दोरिस् सित साटो दिंछु ॥

६ १ जुन् कुरो यहवेले भन्छ त्यो सुन. उठेर पर्वत् पर्वत् सित बिबाद् २ गर् र डांड़ाहरुले तेरो सोर् सुनुन्। हे पर्वतहरु हो हे पृथिवीको अटल जग् हो यहवेको बिबाद् सुन. किनभन्ये यहवेले आफनु प्रजा सित झगरा

गर्न कु उस्ले इस्राएल् सित बिन्ति गर्कु। ए मेरो प्रजा मैंले तेरो लागि को ३
गर्येको कु अनि को गरिकन तंलाइ थकायेको कु. मेरो बिरुद्धमां साक्षी
दे। कसोगरिभन्ये मैंले तंलाइ मिस्र देस् देखि निकालि ल्यायें अनि ४
बन्धुवाईको घर् देखि तंलाइ छोड़ायें अनि तेरो अघि मूसा हारून् र
मरियम्लाइ पठाइ दियें। ए मेरो प्रजा सम्झि मोआबको राजा बालाकले ५
तेरो बिरुद्धमां कस्तो जुक्ति गर्येको थियो अनि बओरको छोरो बिलाम्ले
तेस्लाइ कस्तो उत्तर् दियेको थियो अनि शित्तीम् देखि गिल्गाल् सम्म जे
जे भयो त्यो पनि सम्झि र तिमिहरुले यहूवेको धर्म्म कर्म्म बूझ्नु सक।
मं को लियेर यहूवेको सांमु आउं अनि उस् परम् ईश्वरको सांमु निउंरुं. ६
को मं होम्बलिको लागि एक् एक् बर्षको बाच्छा लियेर उस्को सांमु आउं.
को यहूवे हजार् हजार् भुमाहरु अनि बहायेको तेल्का लाख् लाख् ७
नदीहरुले खुशि हुंकु. को मं आफ्ना अपाधको प्रायचित्त गरि आफ्नु
जेठो छोरोलाइ कि आफ्नु पाप्को खाटोमां आफैले जन्मायेको कसैलाइ
दिउं। ए मान्छे उस्ले तंलाइ जाति को कु भनि देखायेको कु अनि यहूवेले ८
तं देखि खालि येति मांग्दै मांगद कु अर्थात् तैंले निया सित काम् गर्
अनि कृपा गर्न गर् अनि दीन् मन्ले तेरो ईश्वर् सङ् सङ् हिंड्नु॥

यहूवेले येस् सहरलाइ हापार्दै कु अनि बुद्धि हुंनेले तपांइको नांउको ९
भय् मान्कु. लउरोको सुन अनि त्येस्लाइ खटाउंनेको पनि। को दुष्टको १०
घरमां अझ सम्म दुष्टैंको धन् र घटायेको घिण्लाग्दो एपा पनि कुन्।
को मं कपट्को तुलो र कुल्को ढक्को थैलो काम्मां लगाउंदै पनि पवित्र ११
ठहरौंकु। थैस्का धनीहरु उपद्रैंको काम्ले भर्पूर् कुन् अनि थैस्का १२
बासीहरु झूठ् बोल्द कुन् अनि तिनिहरुको मुख्मां तिनिहरुको जिब्रोले
कुल् गर्द कु। थैस्कारण् मैंले तंलाइ मारो घाउले हिर्कायें तेरा पापको १३
कारण्ले मैंले तंलाइ सुन्ने तुल्यायें। तैंले खांनु ता खांकुस् तर अघाउंदैनस् १४
अनि तंमां रित्तैं रहंकु. अनि तैंले सार्फेर् ता गर्कुस् तर बचाउंनु
सक्दैनस् अनि तैंले बचाइस्ने भन्ये पनि त्यो मं तरवार्लाइ हिंडाल्कु।
तैंले कुर्नु ता कुर्कुस् तर कटनी गर्दैनस्. तैंले भट्राक्षको फल् देखि तेल् १५
ता निकाल्कुस् तर आफ्नु जीउमां लगाउंनु पाउंदैनस् अनि दाख् पेल्नु
ता पेल्कुस् तर दाख्मद्य खांनु पाउंदैनस्। किनभन्ये ओम्रीका बिधीहरु १६
मानौंद कुन् अनि अहाब्को जहान्का सबै काम् मन् लगाइकन गरौंद
कुन् अनि तिमिहरु तिनको सल्लाह् अनुसार् हिंड्द को. त मं तंलाइ
उजार्कु अनि येस् सहरका बासीहरुलाइ जिल्लगाईंने कारण् तुल्याउंकु.
येमोरि तैंले मेरो प्रजाको गिल्ला सहंनु पर्कु॥

हाय् मं मांथि किनभन्ये मं ऋतुफल् टिपने कि दाख्को सीला ७ १
टिपने बेलाको अन्तमां आउंने मान्छे जस्तो कु. मंलाइ ता नेभागेको
अगौटेफलको लालसा थियो तर खांनुको लागि येउटा झुप्पा पनि रहेन
कु। भक्त मान्छे पृथिब्बी देखि नष्ट भइ गयो अनि मान्छेहरुको बीच्मां २

सोजो भन्येको येउटा पनि रह्येको छैन. तिनिहरु सब्बै रगत् बहाउंनुको
लागि ढुक्द छन् अनि जाल् थाप्येर आफ्नै दाज्युभाईहरुको सिकार् गर्द
३ छन्। तिनिहरु आफ्ना आफ्ना हातले बुराई राम्रोगरि गर्द छन्
मालिक्ले घूस् मांग्द छ अनि बिचारीले पनि. अनि तुलो मान्छेचइंले
आफ्नु दुष्टेईं निर्लज्ज भइ बखान् गर्द छ येसैगरिकन तिनिहरु सबैले जाल्
४ बुन्द छन्। तिनिहरुमांको सब्बै भन्दा अस्सल् हुंने पनि कांड़ाको झोर्
जस्तै छ. खूब् सोजो हुंने चइं कांड़ाको बार् जस्तै दुक्ख दिंने छ.
तिमिहरुका पहरुहरुले भन्येको दण्डको दिन् आयेको छ अब तिनिहरु
५ मांथि सकस् पर्छ। मित्र मांथि बिश्वास् न गर हिल्मिल्को साथी मांथि
पनि भरोसा न राख. अं तेरो काखमां सुत्ने स्वास्नी देखि पनि तेरो
६ मुखको दैलोको रक्षे गर्। किनभन्ये छोराले आफ्नु बाबुको अमान् गर्द
छ अनि छोरी आफ्नी आंमाको अनि बुहारी आफ्नी सासुको बिरुद्धमां
उठ्छिन् अनि मान्छेका सत्तुर्हरु त्येस्कै घर्का लोग् हुंछन्॥

७ तर मंचइं ता यह्वे तिर हेर्छु मं आफ्नु उद्धार् गर्ने ईश्वर्को
८ बाटो हेर्छु. मेरो ईश्वर्ले मेरो सुन्छ। ए मेरो बैरी मं देखि न रमा.
मं लड्नु बित्तिकै फेरि उठ्छु मं अंधकार्मां पर्नु बित्तिकै मेरो लागि यह्वे
९ ज्योति हुंछ। मैंले यह्वेको सांमु पाप् गर्येको छु येस्कारण् मं उस्को रिस्
सहंछु उस्ले मेरो माम्ला गरि मेरो निया न गरुंज्याल् सम्म वहांदेखि उस्ले
१० मंलाइ उज्यालोमां निकालि ल्याउंछ त मं उस्को धर्म्मीहुवाई देख्छु। तब
तेरो ईश्वर् यह्वे कहां छ भन्ये मेरो बैरिले पनि त्यो देख्छ अनि लाज्ले
११ मर्छ अनि त्यो गल्लिको हीलो झैं कुल्चीईंछ अनि मं त्यो देख्छु। तेरो
१२ बार् बार्ने बेला भयो त्येस् दिन् तं देखि आज्ञा सारींछ। त्येस् दिन् अश्शूर्
देखि र मिस्रका सहर्हरु देखि र मिस्र देखि अं महानदी सम्म र समुद्र
देखि समुन्द्र सम्म र पर्वत् देखि पर्वत् सम्म तं थांइ मान्छेहरु आउंछन्।
१३ तैपनि यो देस् येस्मां रहंनेहरुका नजाति कर्म्मको कारण्ले उजार् भइ
रहंछ॥

१४ तपांइले आफ्नु कर्मेल्को बन्मां अलग् रहंने प्रजा भेंड़ाबाख्राहरुलाइ
लउरो लियेर चराउंनु हवस्. तिनिहरु तादिका दिनमां झैं बाशान् र
१५ गिलाद्मां चर्ने गरुन्। जसोरि मैंले तं मिस्र देस् देखि निक्ल्येका दिनमां
१६ तंलाइ आश्चर्य्य कर्म्म देखायेको थियें त्येसैगरि तंलाइ फेरि देखाउंछु। यो
देख्येर अन्यदेसीहरु आफ्ना सबै पराक्रम्को बिषय्मां लज्जित् हुंछन्. तिनि-
हरुले आफ्ना हातले मुख् थुन्छन् अनि तिनिहरुका कान् झन्झनाउंछन्।
१७ तिनिहरुले साप्ले झैं मांटो चाट्छन् अनि भूइंमां बगि हिंड्ने जन्तुहरु झैं
आफ्नु आफ्नु कुरि देखि निक्लंछन्. तिनिहरु थर्थराउंदै हांमिहरुको
१८ ईश्वर् यह्वे थांइ आउंछन् अनि तं देखि डराउंछन्। तपांइ जस्तो ईश्वर्
को छ जस्ले अधर्म्म क्षमा गर्छ अनि आफ्नु निज् भाग्का बांच्येकाहरुको
अप्राध् आनेकाने गर्छ. अनि न आफ्नु रिस् सदा सम्म राखि छोड्छ

कषोगरिभन्ये उस्ले करुणा सित प्रेम् राख्द छ । उस्ले हांमिहरु तिर फर्कार १०
हांमिहरु मांथि दया गर्छ उस्ले हांमिहरुका अधर्म्महरु लतारि दिंछ . अं
तपांइले तिनिहरुका सबै पाप् औधि गहीरो समुन्द्रमां आफालि दिनु
हुंछ । तपांइले हांमिहरुका पित्रहरु सङ तादि देखि खायेको किरिया ८
अनुसार् याकूबलाइ सत्ये र अब्राहाम्लाइ करुणा देखाउनु हुंछ ॥

नहूम् ।

नीन्वेको भारी दण्डको वचन् । एल्कोशी नहूमले देख्येको दर्शनको १
पोस्तक् ॥

यहूवे रापीलो र साटो लिने ईश्वर् छ यहूवे साटो लिने र वल्दोरिसले भर्पूर् छ यहूवेले आफ्ना द्रोहीहरु देखि साटो लिंद छ अनि आफ्ना सत्रुहरुको लागि कोप् राख्द छ । यहूवे रिस् गर्नुमां धीरजी अनि सामर्थमां बल्लियो छ अनि दोषीलाइ कोईपरिले निर्दोषी न ठहाउंने . यहूवे बेहेरिआंधीमां र बतासमां हिंड्द छ अनि उ हिंड्दा धूलो बादलैसरि उड्द छ । उस्ले हकार्दा समुन्द्र बिना पानीको होइ जांद छ अनि सबै नदीहरु सुक्द छन् . बाशान् र कर्म्मल् ओइल्हौंद छन् अनि लबानोनका फल्हरु ओइल्हौंद छन् । उस्को कुवाईले पर्वतहरु कांम्द छन् अनि डांड़ाहरु गलि जांद छन् उस्को प्रतापले पृथिवी अं जगत्भरिका रहंनेहरु घुमौंद छन् । जब उस्को रिस् उठ्द छ तब उस्को सांमु को उभौंनु सक्छ . अनि जब उ क्रोधित् हुंद छ तब को ठहर्नु सक्छ . उस्को वल्दोरिस् आगो झैं खन्याईंद छ अनि उस्को शक्तिले पहराहरु फुट्दै खस्द छन् । यहूवे भलो छ संकट्को दिनमां बल्लियो गढ़ उइ छ अनि उस्ले आफ्नुमां ७
शरण् लिनेहरुको हेर्चाहा गर्द छ । तर उस्ले त्येसचइंको ठांउ उर्ल्हने ८
खोलाले काटेर बहाइ पठाउंछ अनि आफ्ना सत्रुहरुलाइ अंध्यारोमां खेदि पठाउंछ । यहूवेको विरुद्धमां तिमिहरुले के विचार् गर्दै छौ . उस्ले ९
ता तिमिहरुलाइ खांट्टै मेट्छ . अनि फेरि फेरि येस्तो विपत्ति पर्नु अब रहंदैन । तिनिहरु झोर्का कांड़ा झैं एका अर्का सित जोल्ठीइ मिलि १०
रह्यका भये पनि अनि मद्यको मताईमां लठ्ठ भइ रह्ये पनि सुक्येको तुटा झैं भस्म पारौंछन् । यहूवेको विरुद्धमां कुविचार्को र बुराईको ११
जुक्ति बांध्ने येउटा तं देखि निस्कंदै छ । यहूवेले येसो भन्द छ . १२
तिनिहरु सबै तिर बाटो सामर्थी र धेरै भये पनि काटौंछन् अनि त्यो बिलिइ जांछ । मैंले तंलाइ विपत्ति दियें तै अब फेरि विपत्ति दिन्न ।

२ कसोगरिभन्ये अब मं त्येल्को जूवा तेरो कांध् देखि भांचि तेरा बन्धनहरु
टुक्रे टुक्रा पारि दिंछु। अनि यहवेले तेरो विषयमां यो आज्ञा दियेको छ
३ अब देखि तेरा सन्तानको नाउं न चलोस् भन्ये अनि मं तेरा देवताहरुको
मन्दिर् देखि खोपीयेका कि ढालीयेका मूर्त्तिहरु मेटि दिंछु. मं तंलाइ
चिहान्मां गाड़ि दिंछु किनभन्ये तं तुच्छ छस्। हेर् सुसमाचार् सुनाउंने
र मिलापका कुरा प्रचार्नेका पाउ डांड़ाडांड़ाहुंदो आउंद छन्। अब ए
यहूदा आफ्नु चाड़ु मान् अनि आफ्ना भाकलहरु पूरा गर्. किनभन्ये त्यो
१५ विकामे पुरुष् तेरो देस् बाटो हिंड्दैन त्यो पूरापूरगरि नष्ट भयो॥

१ तेरो विरुद्धमां टुक्रे टुक्रा पार्ने चढ़ि आउंदै छ. त किल्ला अरु
बस्तियो गरा बाटो हेर्दै चंख रह् कम्मर् कस्नेर आफ्नु पूरो बल्ले तियार्
२ रह्। किनभन्ये यहवेले याकूबले गर्येको अहंकार् इस्राएलले गर्येको
अहंकार् फेरि पारि दिंद छ. अं उजार्नेले त्यो खूब् उजाऱ्यो अनि दाखको
३ बोट्को कोपीला बिगाऱ्यो। त्येका बीरहरुका ढालहरु रातो रंगाईयेे अनि
त्येका तिलङ्गाहरुले सिंदुरे रंगका लुगा लगाये. लड़ाईंको लागि तियार्
हुंने दिनमां रथहरुका फलम्हरु आगो झैं चम्कंद छन् अनि भालाहरु
४ हल्लाईंदै देखाईंद छन्। अनि रथहरु सटक्हुंदो अरथोर् किटोगरि
धपाईंद छन् अनि चोक्हुंदो येताउति चलाईंद छन्. ति रांको जस्ता
५ देखाउ पर्द छन् अनि तिनको हिंड़ाई बिजुलिको जस्तो छ। अब त्येले
आफ्ना बीरहरुलाइ सम्झंद छ. तिनिहरु ठोकर् खांदै हिंड्द छन्
किल्ला तिर धावाधावा दुगुर्द छन् अनि गड़ि तियार् पार्येका छन्।
६ नदीका ढेलाहरु उघारींद छन् अनि राजमहल् बिलीइ जांद छ। येसो
ठहराईयो अर्थात् त्येलाइ नंग्याएर बन्धुवाईमां लैजांछन् अनि त्येकी
दासीहरुले छाती ठोकि ठोकि ढुकुर्ले झैं बिलाप् गर्छिन्। तर नीनवे
७ तादि देखि पोखरी झैं भयेको थियो. तरेपनि तिनिहरु भागि जांद छन्
अनि कसैले पर्ख पर्ख भन्दा पनि कसैले मुख् फर्काउंदैन। चांदी लूट
सुन् लूट. त्येको धनकाईयेको धनको र सबै मनपर्दा मनपर्दा थोकको
१० महिमाको कोइ नाप् छैन। त्यो खाली र रित्तो र सुन्ने भयेको छ. अनि
मन् बिल्लौंद छ. अनि खुट्टा कांम्द छन् अनि सबै कम्मरमां दुकव भयेको
११ छ अनि सबैका मोहोंड़ा पहेंला पहेंला भये। सिंहको कुरि र जुवान्
सिंहको चर्ने ठांउ कता हो जहां सिंह र सिंहनी डमरुहरु समेत् हिंड्ने
१२ गर्द थिये अनि तिनलाइ डर् देखाउंने कोई पनि थियेन। सिंहले ता
आफ्ना डमरुहरुको लागि पूरोगरि फहराउंद थियो अनि आफ्नी
सिंहनीको लागि मर्छो भांच्नेर आफ्ना ओढ़ारहरु र आफ्ना कुरिहरु
१३ शिकारका पशुहरुले भराउंद थियो। सेनाहरुको यहवेको यो बाणी छ हेर्
मं तेरो बिरुद्ध छु अनि त्येका रथहरु धुवांमां उड़ाइ दिंछु अनि तेरा
जुवान् सिंहहरु तरवार्ले काटीछन्. अनि मं पृथिवी देखि तेरो शिकार्
छोड़ाउंछु अनि तेरा दूतहरुको बोली फेरि फेरि सुनीदैन॥

त्येस् रगत्पच्छे सहर् मांथि हाय्. त्यो छल् र लूट्ले स्यांट्ठै ३ १
भरीयेको छ सिकार् चइं गयेन। कोर्राको स्यांक्क स्यांक्कगराई र गाड़ीका २
पाङ्ग्राको खड़्यांग्खुङ्ग्यग् अनि फर्दवाल् जांने घोड़ाहरु अनि कूद्ने रथ्हरु.
चढ़्ने त्रुक्सवार्हरु र झल्कंने तरवार् र चम्कंने भाला हुंने मांरीयेकाहरुको ३
धेरेईं मुर्दाको ठुलो थुप्रो. लोथ्हरुको क्येइ लेखा हुंदैन अं तिनिहरु
लोथ्हरुलाइ कुल्चंदै हिंडूद छन्. यि सबैको कारण् त्येस् राम्री बेश्ये र ४
सिपालु झंक्रेनी सहर्को धेर् बेश्येईंको हो जस्ले बेश्येईंको कारण्ले
अन्यदेसीहरुलाइ र झांक्रिकाम्हरुको बाटोले कुल् कुल्हरुलाइ बेचिकन
ताबिमां पार्द छे। सेनाहरुको यह्वेको यो बाणी छ हेर् मं तेरो बिरुद्ध ५
छु अनि तेरो लुगा तेरो मुख् सम्म उचाल्येर तंलाइ लोग् लोग्को सांमु
नांगो पार्छु अनि राज् राज्लाइ तेरो लाज् देखाउंछु। अनि मं तं मांथि ६
घिन्लाग्दो थोक् आफालि तंलाइ तुच्छ गराउंछु अनि तंलाइ ठट्टा गराउंछु।
अनि येसो हुंछ तंलाइ देख्ने सब्बैले तं थांइ देखि भाग्येर भन्छन् नीनवे ७
नष्ट भयो. त त्येस्को लागि कस्ले बिलाप् गर्छ. हांमिहरु त्येस्को लागि
शान्ति दिंने कहां देखि खोजि ल्याऊं। क्ये तं आमोन्को नो भन्ये सहर् ८
भन्दा बड़ा होस् जो नदीहरुको बीच्मां बसालीयेको थियो अनि त्येस्का
चारै पट्टि पानी थियो अनि समुन्द्र[1] त्येस्को गड़ि थियो अनि त्येस्को
घेराभित्ता समुन्द्र पनि थियो। कूश् र मिस्र त्येस्को सामर्थ थियो जो ९
औधिको भयो पूत् र लूबीम् तेरा गोहारेहरु भये। रपनि त्यो जीतीयो १०
अनि बन्धुवाईमां गयो. अनि त्येस्का ससांना नानीहरु गल्लिका सिरान्
सिरान्मां पछारि दिईंछन् अनि त्येस्का भारादार्हरु मांथि चिट्ठा हालि
हालिकन बल्मिचेईं गरीये अनि त्येस्का सबै बड़ाद्मीहरु सांग्लाले बांधीये।
तं पनि मतहो हुंछेस् तं पनि लुकाईंछेस् सत्तुर्को डर्को कारण्ले तैंले पनि ११
शरण्को ठांउ खोज्छेस्। तेरा सबै किल्लाहरु अघि पाक्येका नेभारा जस्तै १२
हुंछन्. रुख् हल्लाईयो भन्ये फल् खांनेको मुख्मां झर्छन्। हेर् तंमां १३
भयेका लोग् आइमाइहरु मांत्रै छन् देस्मां पस्ने बाटाहरु तेरा सत्तुर्हरुको
लागि व्हाङ्गै उघारो राख्येका छन्. तेरा ढोकाका आग्लाहरु आगोले
खायेका छन्। घेरींने दिन्को लागि पानी भरि राख् अनि तेरा किल्लाहरु १४
बल्लिया तुल्या. गोड़ाले हीलो मसीन्याइकन ईंट् बना अनि भट्टि लगा।
वहां आगोले तंलाइ खान्छ खांने सलहले झैं तरवार्ले तं नष्ट होइ १५
जांछस्. त खांने सलह्हरु र औधि धेरै हुंने सलहहरु जस्तै बिहिसाप्
छस्। तेरा बेपारीहरु अकाश्का ताराहरु जत्तिकै बिहिसाप् भये तर खांने १६
सलहहरु फैलीये अनि उड़ि जांछन्। तेरा मुकुट्धारीहरु औधि धेरै हुंने १७
सलहहरु जस्ता अनि तेरा सेनापतिहरु सलहहरुका दल् जत्तिकै छन् जो
जाड़ो बेलामां ता बार्बार्मां बस्द छन् तर जब घाम् लाग्द छ तब भागि

[1] अर्थात् नील् नदी।

१८ जांद कुन् अनि ति कता गये कसैले जान्दैन । ए अश्शूरको राजा तेरा गोठालाहरु नींधाये, तेरा बीरहरु तुलो नीन्द्रामां पर्‍ये, तेरा प्रजा डांड़ा डांड़ाहुंदो कारपुट्ट भये अनि तिनिहरुलाइ भेला गर्ने कोई पनि छैन ।
१९ तेरो घाउ निको हुंदैन तेरो बेथा असाध्ये भयो, जत्तिले तेरो कुरा सुन्कुन् त्येत्तिले तं मांथि तालि बजाउंकुन्, किनभन्ये तेरो दुष्टेइं सधैं सधैं को मांथि पर्‍येको छैन र ॥

हबक्कूक् ।

१ १ हबक्कूक् अगमवक्ताले देख्येको दर्शनको भारी दख्खका वचन् यिनै हुन् ॥
२ हे यहवे तपांइले कैले सम्म मेरो दोहाई सुन्नु हुन्न, मं उपद्रेइं भयेको
३ कारणले कराउंद कु रपनि तपांइले मेरो उद्धार् गर्नु हुन्न । तपांइले मलाइ किन अधर्म्म देखाउंनु हुंद कु अनि किन मिचेइं भयेको हेरि रहंनु हुंद कु, किनभन्ये मेरो सांमु लूट् र उपद्रेइंने मांत्रै हुंदै रहंद कु, अनि
४ झगरा र बिवाद् बढ्दै जांद कुन् । येकारणले व्यवस्था भङ्ग हुंदै जांद कु अनि धर्म्मको जय् हुंदैन झन् दुष्ट लोगले पो धर्म्मीहरुलाइ मींच्द कुन् अनि
५ नियाको साटोमां अन्ये हुंद कु । अन्यदेसीहरु तिर मन् लगाइकन हेर अनि देख्येर कुरु पर, किनभन्ये मं तिमिहरुका दिनमां येउटा काम् गर्द कु जुन् काम्लाइ तिमिहरुले पत्याउंदौन कसैले तिमिहरुलाइ बखान् गरि
६ दियो भन्ये पनि । को भन्ये कल्दीहरुलाइ उठाउंद कु जो लोग् निष्ठुरेइं र उताउलेइं गर्ने लोग् कुन् जुनहरु अर्काका बास् गर्ने ठांउको अधिकारी
७ हुंनुको लागि पृथिवीभरि सम्म फिंजौंने कु । तिनिहरु अरघोर् डरलाग्दा डरलाग्दा कुन्, तिनिहरुको नियायगराई र तिनिहरुको मान् तिनिहरुइ
८ देखि हुंद कुन् । तिनिहरुका घोड़ाहरु चितुवाहरु भन्दा छिटो हिंड्ने र सम्झांजे बुवांसाहरु भन्दा पनि निष्ठुर कुन् अनि तिनिहरुका घुकसवारहरु फिंजौंद कुन् अं तिनिहरुका घुकसवारहरु टाढ़ो टाढ़ो देखि आउंद कुन्, अं
९ सिकार् मांथि बेग् हान्ने गिद्धले झैं बेग् हान्द कुन् । तिनिहरु सबै उपद्रेइं गर्नुलाइ आउंद कुन् अनि पूर्ब्बतामले झैं तिनिहरुका मुखले सबै थोक् उजारि दिंद कुन् अनि तिनिहरुले बालुवा जत्तिकै बन्धुवाहरुलाइ भेला
१० गराउंद कुन् । अं त्येस्ले महाराजाहरुलाइ ठट्टामां उड़ाउंद कु अनि मालिकहरु मांथि ठट्टा गर्द कु, त्यो सबै बल्लिया बल्लिया किल्लाहरु हेरि हांस्द कु
११ किनभन्ये त्येस्ले ति मांथो उठाइ उठाइकन लिहाल्द कु । अन्तमां त्यो बताम्

भैं आइ हाल्छ अनि दोषी ठहरौंछ. कसोगरिभन्ये त्येस्को सामर्थी त्येस्को
देवता छ। हे मेरो ईश्वर् यहवे हे मेरो पवित्र ईश्वर् को तपांइ सनातन् १२
देखि हुनु हुंदै छैन. हामिहरु मर्दैनौं। हे यहवे तपांइले त्येस्लाइ नियाको
लागि खटाउंनु भयो हे पहरा तपांइले त्येस्लाइ चेतन्ने दिनेनै खटाउंनु
भयो। तपांइ शुद्ध हुंनु हुंदछ बुराई हेर्नु सक्नु हुन्न अनि मिचेइं १३
देख्नेर चुप् रहंनु सक्नु हुन्न तपांनि तपांइले छल् सित काम् गर्नेलाइ किन
हेरि रहंनु हुंदछ अनि जब दुष्टले त्यो भन्दा बेसि धर्म्मीलाइ नीलिहाल्द छ
तब तपांइ किन चुप लागि रहंनु हुंदछ. अनि तपांइले किन मान्छेहरुलाइ १४
समुन्द्रका माच्छाहरु भैं अनि ति राजा न हुंने बगिहिंड्ने जन्तुहरु भैं पारि
दिंनु हुंदछ। त्येस्ले ति सबैलाइ बल्छिले उठाइ लांदछ अनि जाल्मां १५
पार्नेर तान्दै महाजाल्मां फंसाउंदछ. यैसैकारण् त्यो खुशि र मग्न रहंदछ।
यैसैकारण् त्येस्ले आफ्नु जाल्को लागि बलिदान् चढ़ाउंदछ अनि १६
आफ्नु महाजाल्को सांमु धूप् हाल्दछ किनभन्ये तिनैको बाटोले त्येस्को
भाग् मोटो छ अनि त्येस्को मांसु बोसीलो हुंदछ। को त्येस्ले यैकारण् १७
आफ्नु जाल् देखि माच्छा निकाल्नु पाउंछ अनि लोग् लोग्लाइ घरी
घरी काट्दै रहंनु पाउंछ॥

मं पहरा भैं उभौंछु अनि किल्लामां बसि रहंछु अनि हेर्दै २ १
रहंछु उस्ले मंलाइ को भन्छ अनि मैंले आफ्नु बिन्तिको बिषयमां को भन्नु
पर्ने रछ बाटो हेर्छु। त यहवेले मंलाइ उत्तर् दिइ भन्यो तैंले दर्शन् २
पाटिमां पनि प्रगटोगरि लेख् र त्यो छर्लङ्ग परीवस्। किनभन्ये त्यो दर्शन ३
खटन् भयेको बेलामां पूरो हुंछ अं त्यो पुरो हुंने बेला छिटो छिटो आउंदै
छ अनि त्येस्मां धोखा हुंदैन. त्यो पूरो हुंनु ढीलो जस्तो भयो भन्ये पनि
त्येस्को बाटो हेर्दै रह् किनभन्ये त्यो निस्सेइ पूरो हुंछ अनि अबेर् हुंदैन।
हेर् त्येस्को मन् फुलीयेको छ त्यो सोजो छैन अनि धर्म्मी चइं आफ्नु ४
बिश्वास् देखि जीउंछ। अनि त्येस् अहंकारी पुरुषले मात्को झोंक्मां ५
बिश्वासघात् गर्दछ अनि घरमां रहंदैन अनि त्येस्को लालसा चइं पत्ताल्
झैं कैलेपनि अघाउंदैन अनि कालको झैं त्येस्को पेट् कैलेपनि भर्दैन तर
त्येस्ले सबै लोग लोग्लाइ आफु थांइ तान्द छ अनि सबै मान्छेहरुलाइ
आफु थांइ भेला गराउंद छ। को तिनिहरु सबैले त्येस्को उखान् बनायेर ६
अनि त्येस्को बिरुद्धमां अड्को थाप्नेर भन्ने गर्दैनन् अर्काको धन् खोसि
खोसिकन धनी हुंने मांथि हाय् त्येस्ले कैले सम्म यैसो गर्नु पाउंद छ.
आफ्नु घर् बन्धकका पोकले भराउंने मांथि हाय् भन्दै भन्दै। को ७
तिनिहरुले एक्कासी उठेर तंलाइ खांदैनन् अनि जाग्नेर तंलाइ संकट्मां
हाल्दैनन् अनि को तं लूटीदैनस्। तैंले धेरै लोग् लोग्लाइ लूटेकाको कुस् ८
यैकारण् बांच्येका लोगले तंलाइ पनि लूट्कन् मान्छेहरुको रगत्को
कारणले र यैस् देस् मांथि र यैइ सहर् र यैस्मां रहंनेहरु सबै मांथि
गर्येका उपद्रवैंको कारणले॥

९ हाय् त्येस् मांथि जस्ले आफ्नु घर् बढ़ाउंनुको लागि अनि बिपत्ति
देखि बांचनुको लागि आफ्नु गुंडू अलगोमां बनाउं भन्येर अन्येको नाफाको
१० लोभ् गर्ने छ । तैंले धेरै लोग्लाइ नष्ट पारिस् त्येसो गर्येकोमां तैंले आफ्नै
घर् लाज्मां डुबाउंनुको लागि जुक्ति बांधिस् अनि आफ्नै प्राणको
११ बिरुद्धमां पाप् गरिस् । किनभन्ये भित्ता देखि ढुंगाले दोहाई दिंछ अनि
काना देखि दलीम्ले खिर्किहरुलाइ उत्तर् दिंछ ॥
१२ हाय् त्येस् मांथि जस्ले रगतपच्छे सहर् बढ़ाउंद छ अनि नगर् टेढ़ैं
१३ गरि गरिकन बस्तियो गराउंद छ । हेर लोग् लोग्ले हास्ति गरि गरिकन
जे जे बनाउंद छन् ति आगोका गांस् हुंद छन् अनि अन्यदेशीहरु
बर्षैंको लागि हास्ति गरि गरिकन थाकि जांद छन् के यो सबै यहूवेको
१४ पट्टि बाटो होइन । किनभन्ये पृथिवी चइं यहूवेको महिमाको ज्ञानले
भरींछ समुन्द्र पानीले ढाकीयेको झैं ॥
१५ जस्ले आफ्नु छिमेकिलाइ मद्य खुवाउंद छ अनि त्येसां बिष्
मिसायेर तिनिहरुलाइ बिचेत् गराउंद छ त्येस्लाइ नंग्यायेर त्येस्को जीउ
१६ हेर्नुको लागि येस्कारण् त्यो मांथि हाय् । तं बड़ाईको साटो निन्दाले
भरींछस् . तैंले पनि खा अनि बिखत्ने जस्तो हो . यहूवेको दाहीनो
हात्मां भयेको रिस्को मद्य घुमि घुमि तैं तिर आउंछ तेरा महिमाका
१७ थोक् तेरो काद्ले अशुद्ध होइ जांछन् । किनभन्ये लबानोन्मां गर्येको
उपद्रेईं अनि नाम् पशुहरुलाइ गर्येको जे देखि डर् देखाईयो त्यो पनि
फर्क्यर तैं मांथि पर्छ मान्छेहरुको रगत्को कारणले र येस् देस् मांथि
र येइ सहर् र येस्मां रहंनेहरु सबै मांथि गर्येको उपद्रेईंको कारणले ॥
१८ खोप्येको मूर्त्तिभां के नाफा देख्येर बनाउंनेले त्यो बनायो फेरि
झूठ् सिकाउंने ढालीयेको मूर्त्तिमां के नाफा देख्येर ढाल्नेले त्येस् मांथि
१९ येति बिश्वास् राख्यो अनि बोलनु न सक्ने मूर्त्तिलाइ बनाउंद छ । हाय्
त्येस् मांथि जस्ले काठ्लाइ भन्द छ जाग् कि बोलनु न सक्ने ढुंगालाइ उठ्
भनि के त्येस् ढुंगोले सिकाउंछ । हेर त्यो सुन् चांदीले मोहोंर्येको ता छ
२० तर त्येस्मां हंम छंदै छैन । यहूवे आफ्नु पवित्र मन्दिरमां छ त सिंगै
पृथिवी तस्को मांमु चुप् लागि रहोस् ॥

३ १ हबक्कूक् अगमवक्ताको प्रार्थना गानको हिसाबमां लेख्येको ।
२ हे यहूवे मं तपांइको कीर्त्ति सुनिकन डरायें .
हे यहूवे बर्ष बर्षको बेलामां आफ्नु काममां फेरि हात् लगाउंनु
हवस्
बर्ष बर्षको बेलामां त्यो प्रगटो गर्नु हवस्
रिसको बेलामां दया पनि सम्झंनु हवस् ॥
३ ईश्वर् तेमान् देखि आउंद छ
अनि पवित्र ईश्वर् पारान् पर्वत् देखि । सेला ।

उस्को महिमाले स्वर्ग ढाक्दै छ
अनि पृथिवी उस्को स्तुतिले पूर्ण छ ॥
अनि उस्को चम्काई घाम्को ज्योति जस्तो छ ४
उस्को हात् देखि किर्णो निस्कंद छ
अनि उस्को शक्ति लुक्येको छ ।
उस्को अघि अघि देवान् फिंजीयेको छ ५
अनि उस्को गोड़ा मुनि बजर् बलि रह्येका छन् ।
उस्ले उभीयेर पृथिवीलाइ नाप्दछ ६
उस्ले आंखाले हेर्येर लोग् लोग्लाइ धपाउंदछ ।
अनि सनातन्को पर्वत् छरपुष्ट भइ रह्येका छन्
सनातन्का डांड़ाहरु नुहि रह्येका छन्
उस्को चइं ता चाल् सदा एकैनासे छ ।
मैले कुशान्का पाल्हरुलाइ दुक्खमां भयेको देख्यें । ७
अनि डेरा डेरामां रहंने मिद्यान्लाइ कांम्दै गयेको देख्यें ।
के यहुवे महानदीहरु देखि रिसाउंनु भयो ८
के तपांइको रिस् नदीहरुको विरुद्ध उठेयको छ
कि के तपांइको कोप् समुन्द्रको विरुद्ध छ
किनभन्ये तपांइ आफ्ना घोड़ाहरु मांथि सवार् हुंनु भयेको छ
अं आफ्नु मुक्तिका रथ्हरु मांथि ।
तपांइको धनु निकालीयेको छ ९
कुल्हरुलाइ किरिया खायेको बचन् स्थिर् छ । सेला ।
तपांइले पृथिवी चीर्येर नदीहरु निकाल्दै रहंनु भयेको छ ।
पर्वत्हरु तपांइलाइ देख्येर डराये १०
बताम्पानी चलि आये ।
गहीरेइंले आफ्नु सोर् उचाल्यो
अनि आफ्ना हात् ऊंभो तिर उठायो ।
सूर्ज चन्द्र आफ्नु आफ्नु ठांउमां उभीयेका छन् ११
तपांइको कांड्ड निस्कंदा ज्योति निस्कंद छ
अनि तपांइको चम्कंने भाला निस्कंद छ ।
तपांइ कोपमां भइ देसमां हिंड्नु भयो १२
तपांइले रिस् गर्येर लोग् लोग्लाइ दांइ गर्नु भयो ।
तपांइ आफ्ना लोगको मुक्तिको लागि निस्कंनु भयो १३
तपांइको अभिषिक्तको मुक्तिको लागि
तपांइले दुष्ट जहान्को सिर्चइंलाइ घायेल् गराउंनु हुंद छ
अनि त्येस्को घर् गला सम्म निर्वंश तुल्याउंनु हुंद छ । सेला
तपांइले त्येस्का दलको मुलुलाइ त्येस्के भालाले छेंड्नु हुंद छ १४
तिनिहरु मंलाइ छरपुष्ट पार्नुको लागि बेहेरि झैं आये ।

अनि दरिद्रहरूलाइ लूटूंला भनि दुम्कि दुम्कि चम्कंदै आयेका थिये ।
१५ तपांइ घोड़ामां सवार् भइ समुन्द्र मांथि मांथि हिंड्नु भयो
अनि शक्तिमान् पानी थुप्रो लागि रह्यो ।

१६ मैंले सुन्यें अनि मेरो सुदु कांम्नु लाग्यो
अनि शब्दले मेरा ओंठ् लिप् लिप् गर्नु लाग्ये
मेरा हाड़मां कुहाई पस्यो त मं तिहीं कांम्यें
विपत्तिको दिनमां विश्राम् पाउं भन्ये खातिरले
जब त्यो पाङ्ति पाङ्ति भइकन लोग्हरू मांथि आइ लाग्द छ ।
१७ किनभन्ये नेभाराको रूखमां फूल् फुल्येन
न दाखको बोटमां फल् फल्यो
किसानीले भद्रातेको रूखमां फल् पायेन
अनि खेत्बारीमां अन्न फल्येन
अं खोरमां भेंड़ाबाख्राहरू रहेनन्
अनि गोठमां बस्तुहरू रहेनन् भन्ये पनि ।
१८ तैपनि मं यहूवेको कारणले उल्हींकु
मेरो उद्धार् गर्ने ईश्वरको कारणले मं खुशि हुंकु ।
१९ प्रभु यहूवे मेरो बल छ
अनि उसले मेरा गोड़ा हरिणका जस्ता तुल्याइ दिंछ
अनि उसले मलाइ मेरा अलगा अलगा ठांउहरूमां हिंड़ालछ ॥

मूलबजाउनेका लागि मेरा तारबाजामां बजाईने ।

सपन्याह् ।

१ १ आमोन्को छोरो यहूदाको राजा योशिय्याहूको पालामां हिज-
कियाहूको छोरो अमर्याहूको छोरो गदल्याहूको छोरो कूशीको छोरो
सपन्याह् यांइ यहूवेको यो बचन् आयो ॥
२ मं सबै थोक पृथिवी मांथि देखि मेटि दिंकु यहूवेको येइ बाणी
३ छ । मं मान्छे र पशु दुवैलाइ मेटि दिंकु आकाशका पंछी र समुन्द्रका
माछाहरूलाइ मेटि दिंकु अनि दुष्टलाइ तिनिहरूले राख्नेका ठोकर-
हरूलाइ समेत् मेटि दिंकु अं मं मान्छेजातलाइ पृथिवी मांथि देखि नष्ट
४ पार्कु यहूवेको येइ बाणी छ । अनि मं यहूदा र यरूशलेमका सबै बासीहरू
मांथि आफ्नु हात् पसार्कु अनि मं त्यस देस देखि बाल् देवताका बांच्नेका-
हरूलाइ अनि पूजाहारीहरू समेत् देवहरूका कमारीम भन्ने पूजाहारीहरूको

नांउ पनि नष्ट पार्छु अनि जस् जस्ले आफ्नु आफ्नु छाना मांथि ५
अकाश्को सेनालाइ दण्डवत् गर्द छन् अनि यह्वे [को सेता गर्छौं] भन्दै
किरिया खांने पूज्नेहरु अनि जस् जस्ले मल्काम्को[1] पनि किरिया खांद
छन् अनि जो जो यह्वेलाइ छोड़ि फर्कि गयेका छन् अनि जस् जस्ले ६
यह्वेलाइ न खोज्ये न उ थांइ आये ति सबैलाइ मं नष्ट पार्छु ॥

प्रभु यह्वेको सांमु चुप लागि रह. किनभन्ये यह्वेको दिन् नजिक् ७
आयो. कसोगरिभन्ये यह्वेले बलिदान् तियार् पार्‍येको छ अनि आफ्ना
निम्त्याराहरुलाइ शुद्ध पारि दियेको छ। अनि यह्वेको त्येस् बलिदान्को ८
दिन्मां येसो हुंछ मं मालिक्हरुलाइ र राज्कुंवर्हरुलाइ र पर्देस्का
पोशाक लाउंनेहरु सबैलाइ समेत् दण्ड दिंछु। अनि त्येस् दिन्मां मं सङार् ९
नांघ्नेहरुलाइ र उपद्रेईं र छल्ले आफ्ना स्वामीहरुका घर् भराउंनेहरुलाइ
दण्ड दिंछु। अनि यह्वेको यो बाणी छ त्येस् दिन्मां माच्छेटोकाको छेउमां १०
चिच्याईको सोर् अनि दोस्रोटोल्मां हाहाहूहूको सोर् अनि डांड़ा डांड़ामां
ठुलो खल्याङ्मल्याङ्को सोर् हुंछ। हे मक्तेश्मां रहंनेहरु हो हाय् हाय् ११
गर किनभन्ये सबै बेपारीहरु[2] मेटीये. चांदी बोकायेकाहरु सबै मेटीये।
त्येस् बेलामां येसो हुंछ मं यरूशलेम्मां बत्तीले खोज्खाज् गर्छु अनि थेक्रीनु- १२
लाइ राख्येको दाख्मह झैं बसि रहंने र मन्मां यह्वेले न ता क्येइ भलो
गर्छ न क्येइ बुरो गर्छ भन्येहरुलाइ मं दण्ड दिंछु। त तिनहरुका धन्सम्पत्ति १३
लूटौंछन् अनि तिनिहरुका घर् उजार् हुंछन्. अनि तिनिहरुले घर् ता
बनाउंछन् तर तिनमां बस्तु पाउंदैनन् अनि तिनिहरुले दाख्का बारो
ता लगाउंदछन् तर तिनको दाख्मह खांनु पाउंदैनन्। यह्वेको ठुलो १४
दिन् नजिक् आयो त्यो अग्घोर् छिटोगरि नजिक् आउंदै छ अं यह्वेको
दिन्को शब्द. त्यहां बीर् मान्छे पनि सारोगरि चिच्याउंद छ। त्यो दिन् १५
रिस्को दिन् छ संकट् र सकस्को दिन् उजार् र उखेलाईको दिन्
अंध्यारो र धमीलेईंको दिन् बादल्को र बाक्लो अंध्यारोको दिन् त्यो १६
किल्ला भयेका सहर्हरु र कुंना कुंनामां धरारा भयेका सहर्हरुको बिरुद्धमां
नर्सींगा बजाउंने र गला फुल्याइकन बजाउंने दिन् छ। अनि मान्छेहरुले १७
यह्वेको बिरुद्धमां गर्‍येका पापको कारण्ले मं तिनिहरुलाइ संकट्मां
हाल्छु अं तिनिहरुले अंधाहरुले झैं छामि हिंड्छन्. अनि तिनिहरुको
रगत् धूलो सरि र तिनिहरुको मांसु बिष्टसरि आफालि दिईंछन्। अनि १८
यह्वेको रिस्को दिन्मां तिनिहरुको बचाऊ न चान्दीले हुंछ अनि न
सुन्ले कसोगरिभन्ये उस्को डड़ाउंने आगोले सिंगै देस् भस्म होइ जांछ.
अनि उस्ले देस्मां रहंने सब्बैलाइ कंमाउंदै ठुड्याइ दिंछ ॥

हे बिशर्मका लोग्हरु हो आफु आफुलाइ भेला गराव भेला २ १
गराव तिमिहरुलाइ दण्डको आज्ञा न होउंज्याल् सम्म र तिमिहरुको

[1] अथवा तिनिहरुको राजा। [2] अथवा कनान्का बासीहरु।

बेला भूस् भैं जाइ न जाउंज्याल् सम्म र यहूवेको बलदोरिस् तिमिहरु मांथि आइ न पुगुंज्याल् सम्म र यहूवेको त्यो रिसको दिन् तिमिहरु मांथि न खनीउंज्याल् सम्म। हे पृथिवीमां रहंने सबै नरम् लोग्हरु हो यहूवेका नियाबचन मान्नेहरु हो उखाइ खोजदै रह धर्म्म खोजदै रह नरमेईं पनि खोजदै रह. कोनि कते यहूवेको रिसको दिनमां शरण् पाउंछौकि। अज्जा चइं निर्जन् अनि अश्कलोन् उजार् होइ जांछ. तिनिहरुले अश्दोदलाइ दोपहरिदिनमां निकालि दिंछन् अनि एक्रोन् उखेलींछ। हाय् समुन्द्रको तीरमां रहंनेहरु मांथि हाय् करेती लोग् मांथि. ए कनान् ए पलिश्तीहरुको देस् यहूवेको बचन् तेरो बिरुद्धमां छ मं तंलाइ तंमां रहंने कोई न बांचुंज्याल् सम्मगरि नास् पार्छु। अनि त्येस् समुन्द्रको तीर् सम्म गोठालाहरुका गोटैगोट् र खर्क खर्क मांत्रै हुंछन्। अर्थात् त्यो समुन्द्र तीर् यहूदाको जहान्को बांच्येकाहरुको लागि खर्क बनींछ त तिनिहरुले आफ्नु पशु वहां चराउंछन्. बेलुका अश्कलोन्का घरहरुमां राखींछन् कसोगरिभन्ये तिनिहरुको ईश्वर् यहूवेले तिनिहरुको हेरचाहा गरि तिनिहरुका बन्धुवाहरुलाइ फर्काइ ल्याउंछ। मैंले मोआबले गर्येको गिल्ला सुन्यें अनि मेरा प्रजाको गिल्ला अनि यिनिहरुको देस् मांथि अहंकार् सङ आइ लाग्येका अम्मोनबंशीहरुको निन्दा मैंले सुन्यें। येस्कारण् इस्राएलको ईश्वर् सेनाहरुको यहूवेको यो बाणी छ मं जीइ रह्येको भैं निस्से मोआब् सदोम् जस्तो अनि अम्मोनबंशीहरु अमोरा जस्तो सिस्नुघारि होइ जांछ अनि नुनको खानि र सदासर्बदाको उजार्. मेरा प्रजामांका बांच्येकाहरुले तिनिहरुलाइ लुटछन् अनि मेरा लोग्मांका रह्येकाहरुले ति आफ्नु भाग्मां पाउंछन्। यो तिनिहरुको शेषीको साटो हुंछ किनभन्ये तिनिहरुले सेनाहरुको यहूवेका प्रजाको गिल्ला गर्ये अनि त्यो सित अहंकार् सङ लड़ाईं गर्ये। यहूवे तिनिहरुलाइ डरलाग्दो देखाहा पर्छ. उस्ले पृथिवीभरिका सबै देवताहरुलाइ भोकले मार्छ अनि अन्यदेसीहरुका सबै द्वीप् द्वीपका बासीहरुले आफ्नु आफ्नु ठांउ देखि उखाइ दण्डवत् गर्छन्। हे कुशीहरु हो तिमिहरु पनि मेरो तरवारले काटींछौ। फेरि उस्ले आफ्नु हात् उत्तर् दिशा तिर पसार्येर अश्शूरलाइ नष्ट पार्छ अनि नीनवेलाइ उजार् अं बगर् जस्तै सुक्कोको गराउंछ। अनि त्येस्को बीचमां जात् जातका बनपशुहरु बगालको बगाल् बस्छन्. अनि त्येस्का भत्कोका घाराहुंदो धनेस् र हुमसीहरु बास् बस्छन्. तिनिहरु त्येस्का खिर्किहुंदो कराउंछन् त्येस्का देलाहरु सुन्ने हुंछन्. किनभन्ये उस्ले देवदारु काठको काम् नांग्यायो। यो त्येइ सहर् हो जस्का बासीहरु उरल्हन्द थिये अनि बिना डर् बसि रहंद थिये अनि भन्द थिये हांमिहरुइ हौं हांमिहरु बाहिक् अरु कोई छंदै छैन भनि. तर अब त्यो उजार् र बनपशुहरुको बस्ने ठांउ हुंछ. त्यस्को छेउ बाटो जानेहरुले हत्केला मार्छन् अनि हात् हल्लाउंछन्॥

हाय् येस् झगरे र अशुद्ध सहर् मांथि हाय् येस् मिचेइँ गर्न सहर् ३ १
मांथि । येस्का बासीहरुले [मेरो] कुरा मान्येनन् तिनिहरुले शिक्षादण्ड २
मान्येनन् । तिनिहरुले यहूवे मांथि भरोसा राख्येनन् तिनिहरु तिनिहरुको
ईश्वरको कोठमां आयेनन् । येस्मांका मालिकहरु गर्जने सिंहने भइ गये ३
येस्का विचारीहरु बेलुका सिकार् मांने अनि बिहानलाइ केइ न राख्ने
बुवांसाहरु भइ गये । येस्का अगमवक्ताहरु फोहर् बक्ने र कुलीहरु छन् ४
येस्का पूजाहारीहरुले पवित्रस्थान् अशुद्ध गर्थे अनि व्यवस्थामां तान्तुन्
गर्थे । येस्को बीचमां हुंने यहूवे धर्म्मी छ उचइंले ता अधर्म्म गर्दैन अ ५
उस्ले बरु बिहान् बिहान् आफ्नु निया पो प्रगटो गर्छ अनि आफ्नु बाचा
तोड्दैन तर टेढ़ो मान्छेलाइ चइं लाज् लाग्दैन । मैंले अन्यदेशीहरु ६
लाइ नष्ट पार्थें तिनिहरुका कुंना कुंनाका धराराहरु समेत् नष्ट भये मैंले
तिनिहरुका सटकहरुमां हिंड्ने कोई न होउंज्याल् सम्मगरि सुन्ने पारि
दियें. मैंले तिनिहरुका सहरहरु नष्ट पारि दियें तिनमां कोई प्राणी
रहेन । मैंले भन्यें अब ता तैंले मेरो भय् निस्से मान्छस् होला अनि मेरो ७
शिक्षादण्ड मान्छस् होला र येस्को बस्ने ठांउ मैंले ठांन्येको अनुसार् नष्ट न
हवस् भनि . तर तिनिहरुले सबै प्रकारका दुष्ट कर्म्म फिक्रि गरि गरिकन
गये । येस्कारण् यहूवेको यो बाणी छ मं नास् गर्नुलाइ तियार् न होउंज्याल् ८
सम्म तिमिहरु मेरो बाटो हेर्दै रह . मैंले ठान्येको कुल लोग् लोग्लाइ र
राज् राज्हरुलाइ भेला गराउंकु आफ्नु बलदोरिस् अं आफ्नु कोप् पूरागरि
खन्याउं किनभन्ये सिंगै पृथिवी मेरो रापको आगोले भस्म होइ जांछ
भनि । अनि त्येस् बेलामां मं लोग् लोग् देखि फेरि येउटा शुद्ध भाषा ९
बोल्नु लाउंकु र तिनिहरु सबैले यहूवेको नांउ हापार्थेर एक् मत् भइ
उस्को सेवा गरुन् । मेरा कुरपुठु भयेका प्रजा कूशका महानदीहरु पारि १०
देखि पनि मं सित बिन्ति गर्दै मेरो भेटि जस्तो भइ आउंकुन् । त्येस् दिन् ११
तं तैंले मं देखि फर्कि गइ गर्थेका बड़ा बड़ा दुष्टकर्म्म देखि लजाउंदैनस् .
किनभन्ये त्येस् बेलामां मं तेरो बीच् देखि सबै फुलीयेका घमण्डीहरुलाइ
निकालकु अनि तैंले मेरो पवित्र पर्वत् मांथि फेरि फेरि कैले पनि
अहंकार् गर्दैनस् । तर मं तेरो मांझमां येउटा दीन् र कंगालि लोग् बचाइ १२
राख्कु अनि तिनिहरुले यहूवेको नांउको शरण् लिंकुन् । इस्राएलका १३
बांच्येका लोगले न ता अधर्म्म गर्कुन् न झूठ् बोल्कुन् अनि न तिनिहरुको
मुख् देखि कुलका कुरा निकलंकुन् . कसोगरिभन्ये तिनिहरु बिना डर् बस
पर्कुन् अनि खर्कि रहंकुन् । ए सिय्योनमां रहंने लोग् चर्को सोर्ले गा ए १४
इस्राएल् जयजयकार् गर् ए यरुशलेममां रहंने लोग् आफ्नु पूरो मनले
रमाइट् गर् अनि आनन्दित् हो । यहूवेले तेरो शिक्षादण्ड पुन्यो अनि १५
तेरा शत्रुहरुलाइ धपायो . इस्राएलको राजा यहूवे तेरो बीचमां छ . त
तंले फेरि फेरि बिपत्ति भोग्दैनस् । त्येस् बेला यरुशलेमलाइ येसो भनींकु १६
न डरा . ए सिय्योन् तेरा हात् लूला हुंदैनन् भनि भनींकु । कसोगरि- १७

भन्थे तेरो ईश्वर् यहूवे तेरो बीच्मां छ उ कुट्कारा गराउंनुमां सामर्थी छ. उ तेरो कारणमां खुशि हुंछ उल्को प्रेम्को कारणले त्यो चैन्मां रहंछ
१८ उ तेरो कारणले गाउंदे खुशि हुंछ। पवित्र सभामनाई न भयेको कारणले उदास् रहंने लोगलाइ मं भेला गर्छु किनभन्थे ति तेरा हुन्.
१९ अनि तेरो गिल्लागराई तिनिहरुलाइ भारि हुंदै छ। सुन् त्येस् बेलामां तंलाइ दुक्ख दिंनेहरु सबैलाइ मं दुक्ख दिंछु. अनि तंमां खोच्याउंने-हरुलाइ निको पार्छु अनि तेरो बीच् देखि आफालीयेकाहरुलाइ जमाउंछु गुन्हरुको लाज्को चर्चा सिंगे पृथिवीमां फिंजीयेको छ तिनिहरुको
